1609

सत्यं शिवं सुन्दरम्

॥ श्रीराम ॥

श्रीमद्गोस्वामी तुलसीदासजीविरचित

# श्रीरामचरितमानस

[ सचित्र, सटीक, ठूलो टाइप ] ( नेपाली )



श्री सहित दिनकर बंस भूषन काम बहु छबि सोहई।
नव अंबुधर बर गात अंबर पीत सुर मन मोहई॥
मुकुटांगदादि बिचित्र भूषन अंग अंगन्हि प्रति सजे।
अंभोज नयन बिसाल उर भुज धन्य नर निरखंति जे॥

टीकाकार—हनुमानप्रसाद पोद्दार

नेपाली अनुवादक—केदारनाथदास

प्रकाशक एवं मुद्रक—**गीताप्रेस, गोरखपुर—२७३००५**
**गोबिन्दभवन-कार्यालय, कोलकाता का संस्थान**
फोन : ( ०५५१ ) २३३४७२१; फैक्स २३३६९९७
website : **www.gitapress.org** | e-mail : **booksales@gitapress.org**

॥ श्रीहरिः ॥

# निवेदन

श्रीरामचरितमानसको स्थान हिन्दी–साहित्यमा मात्र होइन, जगत्‌का साहित्यमा निराला छ। यसको जस्तो यस्तै सर्वाङ्गसुन्दर, उत्तम काव्यका लक्षणबाट युक्त, साहित्यका सबै रसहरूको आस्वादन गराउनेवाला, काव्यकलाको दृष्टिले पनि सर्वोच्च कोटिको तथा आदर्श ग्रार्हस्थ्य–जीवन, आदर्श राजधर्म, आदर्श पारिवारिक जीवन, आदर्श पतिव्रताधर्म, आदर्श भ्रातृधर्मका साथसाथै सर्वोच्च भक्ति, ज्ञान, त्याग, वैराग्य तथा सदाचारको शिक्षा दिनेवाला, स्त्री–पुरुष, बालक–वृद्ध र युवा—सबैका लागि समान उपयोगी एवं सर्वोपरि सगुण–साकार भगवान्‌को आदर्श मानवलीला तथा त्यसको गुण, प्रभाव, रहस्य र प्रेमको गहन तत्त्वलाई अत्यन्त सरल, रोचक एवं ओजस्वी शब्दहरूमा व्यक्त गर्नेवाला कुनै अर्को ग्रन्थ हिन्दी–भाषामा मात्र होइन, कदाचित् संसारको कुनै पनि भाषामा आजसम्म लेखिएको छैन। यसैले जति रुचिपूर्वक धनी–गरीब, शिक्षित–अशिक्षित, गृहस्थ–सन्न्यासी, स्त्री–पुरुष, बालक–वृद्ध—सबै श्रेणीका मानिसले यो ग्रन्थरत्नलाई पढ्‌दछन्, त्यति रुचिपूर्वक अरू कुनै ग्रन्थ पढ्‌दैनन्; तथा भक्ति, ज्ञान, नीति, सदाचारको जति प्रचार जनतामा यस ग्रन्थले गरेको छ, त्यति कदाचित् अरू कुनै ग्रन्थबाट भएको छैन।

जुन ग्रन्थको जगत्‌मा यति सम्मान छ, त्यसका अनेकौं संस्करणहरू प्रकाशित हुनु र अनेकौं भाषामा अनुवाद हुनु स्वाभाविक नै हो। यसै नियमअनुसार आजसम्म रामचरितमानसका पनि सयौं संस्करण छापिइसकेका छन् र सयौं भाषामा अनुवाद भइसकेको छ। गीता–पुस्तकालयमा रामायण–सम्बन्धी सयौं ग्रन्थ भिन्न–भिन्न भाषाहरूमा आइसकेका छन्। आजसम्म अनुमानतः लाखौं प्रतिहरू छापिसकिएका छन्। आउने दिनमा यसको कुनै न कुनै नयाँ संस्करण देख्न पाइन्छ र त्यसमा अन्य संस्करणभन्दा केही न केही विशेषता अवश्य रहन्छ। यसको पाठको सम्बन्धमा पनि रामायणी विद्वान्‌हरूमा धेरै मतभेद छ, यहाँसम्म कि कुनै ठाउँमा त प्रत्येक चौपाईको कुनै न कुनै पाठभेद भिन्न–भिन्न संस्करणहरूमा मिल्दछ। जति पाठभेद यस ग्रन्थमा मिल्दछन्, त्यति कदाचित् अरू कुनै प्राचीन ग्रन्थमा मिल्दैनन्। यसैले पनि यसको सर्वोपरि लोकप्रियता सिद्ध हुन्छ।

यसका अतिरिक्त रामचरितमानस एक आशीर्वादात्मक ग्रन्थ हो। यसका प्रत्येक पद्यलाई श्रद्धालु मानिसले मन्त्रवत् आदर गर्दछन् र यसको पाठबाट लौकिक एवं पारमार्थिक अनेक कार्य सिद्ध गर्दछन्। यति मात्र होइन, यसलाई श्रद्धापूर्वक पाठ गर्ने तथा यसमा वर्णित भगवान्‌का मधुर लीलाहरूको चिन्तन एवं कीर्तन गर्नाले मोक्षरूप परम पुरुषार्थ र त्यसभन्दा पनि धेरै भगवत्प्रेमलाई प्राप्त गर्न सजिलैसँग सकिन्छ। किन नहोस्, जुन ग्रन्थको रचना गोस्वामी तुलसीदासजीजस्ता अनन्य भगवद्भक्तद्वारा, जसले भगवान् श्रीसीतारामजीको कृपाले उहाँका दिव्य लीलाहरूलाई प्रत्यक्ष अनुभव गरेर यथार्थ रूपमा वर्णन गर्नुभएको छ, साक्षात् भगवान् श्रीगौरीशङ्करजीको आज्ञाद्वारा भयो र जसमा उनै भगवान्‌ले 'सत्यं शिवं सुन्दरम्' लेखेर आफ्ना हातबाट सही गर्नुभयो, त्यसको यस्तो अलौकिक प्रभाव कुनै आश्चर्यको कुरा नै होइन। यस्तो स्थितिमा यस अलौकिक ग्रन्थको जति पनि प्रचार गरियो, त्यसभन्दा अधिक पठन–पाठन एवं मनन–अनुशीलन हुनेछ, त्यति नै जगत्‌लाई मङ्गल हुनेछ—यसमा कत्ति पनि सन्देह छैन। वर्तमान समयमा जब सर्वत्र कोलाहल मच्चिइरहेको छ, सारा संसार दुःख एवं

अशान्तिको भीषण ज्वालाले बलिरहेको छ, जगत्‌का कुना-कुनामा मार-काट मच्चिइरहेको छ र प्रतिदिन हजारौं मानिसहरूको विनाश भइरहेको छ, करोडौं-अरबौंको सम्पत्ति एकले अर्काको विनाशका लागि खर्च गरिरहेका छन्, विज्ञानको सारा शक्ति पृथ्वीलाई श्मशानको रूपमा परिणत गर्न लागिरहेको छ। संसारका ठूलठूला मस्तिष्क विनाशका नयाँ-नयाँ साधनहरूको अनुसन्धान गर्नमा व्यस्त छन्, जगत्‌मा सुख-शान्ति एवं प्रेमको प्रसार गर्न र जीवनमा भगवत्कृपाको अनुभव गर्नका लागि रामचरितमानसको पाठ एवं अनुशीलन परम आवश्यक छ।

सन्त शिरोमणि गोस्वामी श्रीतुलसीदासजी महाराजको अनौठो कृति श्रीरामचरितमानस लोक-मङ्गलको पावन इतिहास र दर्शन दुवै हो। यसमा मानव-मनमा उठ्ने समस्त जिज्ञासा र समस्याहरूको अद्भुत समाधान छ। यसै कारणले आज यस पवित्र ग्रन्थको प्रत्येक सन्देश देश, जाति, भाषा, सम्प्रदाय आदिको सङ्कीर्णताका सीमाहरूलाई नमानेर मनुष्य मात्रको कल्याणका लागि अनुपम पथको पाथेय बनिसकेको छ। कुनै पनि देश, काल, सम्प्रदाय, भाषा र व्यवहारसँग सम्बन्धित मनुष्य यसको स्वाध्याय र मननद्वारा बाँच्ने कला र जीवनको सिद्धान्तसँग परिचित भएर मानव-जीवनको परम उद्देश्य आत्मकल्याणको भाजन बन्न सक्छ।

रामचरितमानसको नेपाली-अनुवादको कठिन दायित्वलाई पूरा गरिदिनुभएकाले हामी श्रीकेदारनाथदासजीसँग हृदयबाटै आभारी छौं। साथै यस अनुवादलाई 'नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा' प्रमाणित पनि गराइएको छ, अतः भाषागत परिमार्जनमा योगदान दिने भाषाविज्ञहरू तथा प्रतिष्ठानसमेतलाई धन्यवाद नदिइरहन सक्तैनौं। आशा छ, नेपाली भाषा-भाषी श्रद्धालु जनसमुदायहरूले यस ग्रन्थको स्वाध्याय र मननद्वारा आफ्नो आत्मकल्याणको मार्ग प्रशस्त रूपमा फराकिलो गराउनेछन्।

—प्रकाशक



डा. वासुदेव त्रिपाठी
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

कमलादी, काठमाडौं, नेपाल ।
४-२२३०६९ कार्यालय
४-४७०७५३ निवास
फ्याक्स : ९७७-१-४२२११७५

सम्मति

श्रीगोस्वामी तुलसीदासजीकृत अजर-अमर "श्रीरामचरितमानस" महाकाव्यलाई नेपालको पर्वत जिल्ला खुर्कोट गा.वि.स. वडा नं. ३ पाङ्गौंडानिवासी श्री केदारनाथदासजीले नेपाली भाषामा गद्यात्मक अनुवाद गर्नुभएको र सुप्रसिद्ध गीताप्रेस, गोरखपुरले त्यसको प्रकाशन गर्न लागेकोमा म नेपाली प्रज्ञाजगत्का तर्फबाट हार्दिक प्रसन्नता व्यक्त गर्दछु । यस महत्त्वपूर्ण कार्यले नेपाली वाङ्मयको श्रीवृद्धि एवं धार्मिक नेपाली समाजको सांस्कृतिक अपेक्षालाई पूरा गर्न विशिष्ट भूमिका खेल्ने विश्वास मैले लिएको छु । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको सम्मतिका निम्ति गीताप्रेसको पत्रसहित अनुवादक स्वयं उपस्थित भई यस प्रतिष्ठानलाई अनुरोध गर्नुभएको थियो र प्रतिष्ठानका तर्फबाट पनि पाण्डुलिपिको सरसरती अवलोकन गरी उहाँलाई आवश्यक सल्लाह एवं सुझाउहरू दिइएको थियो । यस महान् नेपाली रूपान्तर कार्यका भाषागत परिमार्जनमा विभिन्न विशिष्ट विद्वान्हरूको सहयोग उपलब्ध गर्ने क्रममा यस प्रतिष्ठानका भाषातर्फका प्राज्ञ सदस्य श्री जीवेन्द्रदेव गिरी तथा मूर्द्धन्य विद्वान् नायब बडागुरुज्यू प्रा. डा. माधवप्रसाद भट्टराईले गर्नुभएको उल्लेख्य योगदान सराहनीय रहेको छ ।

अनुवादक श्री केदारनाथदासजीको अथक परिश्रम, लगनशीलता एवं तत्परताको फलस्वरूप "श्रीरामचरितमानस" जस्तो चर्चित महान् कृति नेपाली भाषाका पाठकहरूका पोल्टामा आइपुगेको छ । सरलता र स्तरीयताको दोभान-स्वरूप यस ग्रन्थले एकसाथ जनमानसलाई रामकथामय भक्तिरसले र साहित्यरसले भिजाउने अभीष्ट पूरा गर्ने प्रयत्न गरेको छ । यस पुनीत कार्यका निम्ति अनुवादक केदारनाथदासजी नेपाली प्राज्ञ समुदायका विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

गीताप्रेसजस्तो प्रतिष्ठित प्रेसले यसको प्रकाशनको अभिभारा लिएको छ । अतः छपाइका दृष्टिले पनि प्रस्तुत कृतिको स्तर उच्च नै रहने विश्वास मैले लिएको छु । यस्तो कार्यमा अग्रसरता लिने गीताप्रेस परिवारप्रति नेपाली वाङ्मयजगत् अनुगृहीत हुनु स्वाभाविक हो । "श्रीरामचरितमानस" नेपाली गाउँबस्तीमा फिँजिँदै जनमनमा रिभ्नभिज्न सकोस् भन्ने मेरो हार्दिक शुभकामना छ ।

२०६१ माघ २१
(तदनुसार सन् २००५ फरवरी ३)

(प्रा. डा. वासुदेव त्रिपाठी)
उपकुलपति

रामजी झुलना ( कोक्रो ) मा



एक बार जननीं अन्हवाए । करि सिंगार पालनाँ पौढ़ाए ॥

॥ श्रीहरिः ॥

# श्रीरामचरितमानसको

## विषय-सूची


| विषय | पृष्ठ-सङ्ख्या |
|---|---|
| १- नवाहपारायणको विश्राम-स्थान......... | ११ |
| २- मासपारायणको विश्राम-स्थान .......... | ११ |
| ३- पारायण-विधि .............................. | १२ |
| **बालकाण्ड** | |
| ४- मङ्गलाचरण .................................. | १ |
| ५- गुरु-वन्दना ................................... | ३ |
| ६- ब्राह्मण-सन्त-वन्दना ........................ | ४ |
| ७- खल-वन्दना .................................. | ७ |
| ८- सन्त-असन्त-वन्दना......................... | ८ |
| ९- रामरूपद्वारा जीव मात्रको वन्दना....... | ११ |
| १०- तुलसीदासजीको दीनता र रामभक्तिमयी कविताको महिमा.......................... | ११ |
| ११- कवि-वन्दना ................................ | १८ |
| १२- वाल्मीकि, वेद, ब्रह्मा, देवता, शिव, पार्वती आदिको वन्दना.................. | १९ |
| १३- श्रीसीताराम-धाम-परिकर-वन्दना....... | २१ |
| १४- श्रीनाम-वन्दना र नाम महिमा .......... | २४ |
| १५- श्रीरामगुण र श्रीरामचरितको महिमा... | ३१ |
| १६- मानसनिर्माणको तिथि ..................... | ३८ |
| १७- मानसको रूप र माहात्म्य .............. | ४० |
| १८- याज्ञवल्क्य-भरद्वाज-संवाद तथा प्रयाग-माहात्म्य ............................ | ४८ |
| १९- सतीजीलाई भ्रम, श्रीरामजीको ऐश्वर्य र सतीलाई खेद .................................. | ५१ |
| २०- शिवजीद्वारा सतीजीको त्याग, शिवजीको समाधि .......................................... | ५८ |
| २१- सतीजी दक्ष-यज्ञमा जानु................ | ६३ |
| २२- पतिको अपमानबाट दुःखी भएर सतीजी योगाग्निद्वारा जल्नु, दक्ष-यज्ञ-विध्वंस. | ६४ |
| २३- पार्वतीजीको जन्म र तपस्या ............ | ६५ |
| २४- श्रीरामले शिवजीसँग विवाहको लागि अनुरोध गर्नु.................................. | ७३ |
| २५- सप्तर्षिहरूको परीक्षामा पार्वतीजीको महत्त्व | ७४ |
| २६- कामदेव देवकार्यका लागि जानु र भस्म हुनु.. | ७९ |
| २७- रतिलाई वरदान............................ | ८३ |
| २८- देवताहरूले शिवजीसँग विवाहको लागि प्रार्थना गर्नु, सप्तर्षिहरू पार्वतीजीसँग जानु... | ८३ |
| २९- शिवजीको विचित्र बरियाँत र विवाहको तयारी | ८६ |
| ३०- शिवजीको विवाह ......................... | ९५ |
| ३१- शिव-पार्वती-संवाद........................ | १०० |
| ३२- अवतार हुनाका कारणहरू.............. | ११२ |
| ३३- नारदजीको अभिमान र मायाको प्रभाव | ११७ |
| ३४- विश्वमोहिनीको स्वयंवर शिवगण तथा भगवान्लाई शाप र नारदजीको मोहभङ्ग ... | ११९ |
| ३५- मनु-शतरूपा-तप एवं वरदान.......... | १२८ |
| ३६- प्रतापभानुको कथा......................... | १३७ |
| ३७- रावण आदिको जन्म, तपस्या र उनीहरूको ऐश्वर्य तथा अत्याचार.......................... | १५४ |
| ३८- पृथ्वी र देवतादिको करुण पुकार ...... | १६१ |
| ३९- भगवान्बाट वरदान ....................... | १६४ |
| ४०- महाराजा दशरथजीले पुत्रेष्टि-यज्ञ गर्नु, महारानीहरू गर्भवती हुनु ................ | १६६ |
| ४१- भगवान् प्रकट हुनु र बाललीलाको आनन्द .. | १६८ |
| ४२- विश्वामित्रजीले राजा दशरथजीसँग राम-लक्ष्मण माग्नु ................................ | १८१ |
| ४३- विश्वामित्रजीको यज्ञको रक्षा............ | १८४ |
| ४४- अहल्याको उद्धार.......................... | १८५ |
| ४५- श्रीराम-लक्ष्मणसहित श्रीविश्वामित्रजीको जनकपुरमा प्रवेश .......................... | १८७ |
| ४६- श्रीराम-लक्ष्मणजीलाई देखेर जनकजीको प्रेम-मुग्धता ................................. | १८९ |
| ४७- श्रीराम-लक्ष्मणजीद्वारा जनकपुरको निरीक्षण | १९१ |
| ४८- पुष्पवाटिका-निरीक्षण, सीताजीको प्रथम दर्शन, सीतारामजीको परस्पर दर्शन.... | १९९ |

| विषय | पृष्ठ-सङ्ख्या |
|---|---|
| ४९- सीताजीले पार्वती-पूजन गर्नु र वरदान प्राप्ति तथा राम-लक्ष्मण-संवाद | २०५ |
| ५०- श्रीराम-लक्ष्मणसहित विश्वामित्रको यज्ञशालामा प्रवेश | २१० |
| ५१- श्रीसीताजीको यज्ञशालामा प्रवेश | २१७ |
| ५२- बन्दीजनद्वारा जनकको प्रतिज्ञा घोषणा गर्नु | २१८ |
| ५३- राजाहरूले धनुषलाई उठाउन नसक्नु, जनकजीको निराशाजनक वाणी | २१९ |
| ५४- श्रीलक्ष्मणजीको क्रोध | २२१ |
| ५५- धनुषभङ्ग | २२७ |
| ५६- जयमाला लगाउनु | २२९ |
| ५७- श्रीराम-लक्ष्मण र परशुराम संवाद | २३५ |
| ५८- दशरथजीकहाँ जनकजीले दूत पठाउनु, अयोध्याबाट बरियाँत प्रस्थान | २४७ |
| ५९- बरियाँत जनकपुरमा आउनु र स्वगतादि | २६१ |
| ६०- श्रीसीता-राम-विवाह | २७६ |
| ६१- बरियाँत अयोध्यामा फर्कनु र अयोध्यामा आनन्द | २९८ |
| ६२- श्रीरामचरित्र सुन्ने र गाउनेको महिमा | ३१३ |


## अयोध्याकाण्ड


| विषय | पृष्ठ-सङ्ख्या |
|---|---|
| ६३- मङ्गलाचरण | ३१५ |
| ६४- रामराज्याभिषेकको तयारी, देवताहरूको व्याकुलता तथा सरस्वतीसँग उनीहरूको प्रार्थना | ३१८ |
| ६५- सरस्वतीले मन्थराको बुद्धि बदल्नु, कैकयी-मन्थरा-संवाद | ३२५ |
| ६६- कैकेयी कोपभवनमा जानु | ३३३ |
| ६७- दशरथ-कैकेयी-संवाद र दशरथलाई शोक, सुमन्त्र महलमा जानु र त्यहाँबाट फर्केर श्रीरामलाई महलमा पठाउनु | ३३५ |
| ६८- श्रीराम-कैकयी-संवाद | ३४७ |
| ६९- श्रीराम-दशरथ-संवाद, अयोध्यावासीलाई विषाद, कैकेयीलाई सम्झाउनु | ३५१ |
| ७०- श्रीराम-कौसल्या-संवाद | ३५६ |
| ७१- श्रीसीता-राम-संवाद | ३६३ |
| ७२- श्रीराम-कौसल्या-सीता-संवाद | ३६९ |
| ७३- श्रीराम-लक्ष्मण-संवाद | ३७० |
| ७४- श्रीलक्ष्मण-सुमित्रा-संवाद | ३७२ |
| ७५- श्रीराम, लक्ष्मणजी तथा सीताजी महाराज दशरथसँग बिदा माग्न जानु, दशरथजीले सीताजीलाई सम्झाउनु | ३७५ |
| ७६- श्रीराम-सीता-लक्ष्मणको वनगमन र नगरनिवासीहरूलाई सुतेको अवस्थामा छोडेर अगाडि बढनु | ३७८ |
| ७७- श्रीरामसहित शृङ्गवेरपुर पुग्नु, निषादको सेवा | ३८३ |
| ७८- लक्ष्मण-निषाद-संवाद, श्रीराम-सीतासँग सुमन्त्रको संवाद, सुमन्त्र फर्कनु | ३८७ |
| ७९- केवटको प्रेम र गङ्गा-पारि जानु | ३९३ |
| ८०- प्रयाग पुग्नु, श्रीराम-भरद्वाज-संवाद, यमुनातीर-निवासीहरूको प्रेम | ३९७ |
| ८१- तापस-प्रकरण | ४०२ |
| ८२- यमुनालाई प्रणाम, वनवासीहरूको प्रेम | ४०३ |
| ८३- श्रीराम-वल्मीकि-संवाद | ४१३ |
| ८४- चित्रकूटमा निवास, कोल-भिल्लद्वारा सेवा | ४१९ |
| ८५- सुमन्त्र अयोध्या फर्कनु र सर्वत्र शोक देख्नु | ४२७ |
| ८६- दशरथ-सुमन्त्र-संवाद, दशरथ-मरण | ४३२ |
| ८७- मुनि वशिष्ठले भरतजीलाई बोलाउनको लागि दूत पठाउनु | ४३८ |
| ८८- श्रीभरत-शत्रुघ्नको आगमन र शोक | ४३९ |
| ८९- भरत-कौसल्या-संवाद र दशरथजीको अन्त्येष्टि-क्रिया | ४४३ |
| ९०- वशिष्ठ-भरत-संवाद, श्रीरामलाई लिनको लागि चित्रकूट जाने तयारी | ४४९ |
| ९१- अयोध्यावासीसहित श्रीभरत-शत्रुघ्न आदिको वन-गमन | ४५९ |
| ९२- निषादको शङ्का र सावधानी | ४६२ |
| ९३- भरत-निषाद-मिलन र संवाद तथा भरतजीको र नगरनिवासीको प्रेम | ४६६ |
| ९४- भरतजी प्रयाग जानु र भरत-भरद्वाज-संवाद | ४७४ |
| ९५- भरद्वाजद्वारा भरतजीको सत्कार | ४८१ |
| ९६- इन्द्र-बृहस्पति-संवाद | ४८५ |
| ९७- भरतजी चित्रकूटको मार्गमा | ४८७ |

| विषय | पृष्ठ-सङ्ख्या |
|---|---|
| ९८- श्रीसीताजीको सपना, श्रीरामलाई कोल-किरातद्वारा भरतजीको आगमनको सूचना, रामजीको शोक, लक्ष्मणजीको क्रोध | ४९२ |
| ९९- श्रीरामले लक्ष्मणजीलाई सम्झाउनु एवं भरतजीको महिमा भन्नु ................ | ४९६ |
| १००- भरतजीले मन्दाकिनीस्नान, चित्रकूटमा पुग्नु, भरतादि सबैको परस्पर मिलाप, पिताको शोक र श्राद्ध................. | ४९७ |
| १०१- वनवासीद्वारा भरतजीको मण्डलीलाई सत्कार, कैकेयीलाई पश्चात्ताप ......... | ५११ |
| १०२- श्रीवशिष्ठजीको भाषण ................. | ५१४ |
| १०३- श्रीराम-भरतादिको संवाद .............. | ५१९ |
| १०४- जनकजी पुग्नु, कोलकिरातादिसँग भेट, सबैको परस्पर मिलाप ................. | ५३१ |
| १०५- कौसल्या-सुनयना-संवाद, सीताजीको शील | ५३५ |
| १०६- जनक-सुनयना-संवाद, भरतजीको महिमा... | ५४१ |
| १०७- जनक-वशिष्ठादि-संवाद, इन्द्रलाई चिन्ता, सरस्वतीले इन्द्रलाई सम्झाउनु ......... | ५४४ |
| १०८- श्रीराम-भरत-संवाद .................. | ५४८ |
| १०९- भरतजीले तीर्थ-जल स्थापना गर्नु र चित्रकूट भ्रमण ........................... | ५५८ |
| ११०- श्रीराम-भरत-संवाद, पादुका-प्रदान, भरतजीको बिदाइ ....................... | ५६१ |
| १११- भरतजी अयोध्या फर्कनु, भरतजीद्वारा चरणपादुका स्थापना, नन्दीग्राममा निवास र श्रीभरत चरित्रश्रवणको महिमा..... | ५६६ |


## अरण्यकाण्ड


| | |
|---|---|
| ११२- मङ्गलाचरण ............................... | ५७३ |
| ११३- जयन्तको कुटिलता र फलप्राप्ति ..... | ५७४ |
| ११४- अत्रि-मिलन एवं स्तुति................ | ५७६ |
| ११५- श्रीसीता-अनसूया-मिलन र सीताजीलाई अनसुयाजीले पतिव्रतधर्म भन्नु ......... | ५७८ |
| ११६- श्रीराम अगाडि प्रस्थान, विराध-वध र शरभङ्ग प्रसङ्ग .......................... | ५८२ |
| ११७- राक्षस-वधको प्रतिज्ञा गर्नु............ | ५८४ |
| ११८- सुतीक्ष्णजीको प्रेम, अगस्त्य-मिलन, अगस्त्य-संवाद, श्रीरामको दण्डक-वन-प्रवेश र जटायु-मिलन ............ | ५८५ |
| ११९- पञ्चवटी-निवास र श्रीराम-लक्ष्मण-संवाद ... | ५९१ |
| १२०- शूर्पणखाको कथा, शूर्पणखा-खर-दूषणसँग जानु र खर-दूषणादिको वध.... | ९४४ |
| १२१- शूर्पणखा रावणसँग जानु, श्रीसीताको अग्नि प्रवेश र माया-सीता ........... | ६०१ |
| १२२- मारीच प्रसङ्ग र स्वर्णमृगरूपमा मारीचलाई मार्नु | ६०५ |
| १२३- श्रीसीताहरण र सीताजीको विलाप... | ६०९ |
| १२४- जटायु-रावण-युद्ध .................. | ६१० |
| १२५- श्रीरामको विलाप, जटायुको प्रसङ्ग .. | ६१२ |
| १२६- कबन्ध-उद्धार.......................... | ६१६ |
| १२७- शबरीलाई कृपा, नवधा भक्तिको उपदेश र पम्पासरतर्फ प्रस्थान.................. | ६१७ |
| १२८- नारद-राम-संवाद .................... | ६२४ |
| १२९- सन्तहरूका लक्षण र सत्सङ्ग-भजनको लागि प्रेरणा ............................ | ६२७ |


## किष्किन्धाकाण्ड


| | |
|---|---|
| १३०- मङ्गलाचरण ............................ | ६३१ |
| १३१- श्रीरामसँग हनुमान्जी भेट हुनु र श्रीराम-सुग्रीवको मित्रता ....................... | ६३२ |
| १३२- सुग्रीवको दुःख सुन्नु, बालिवधको प्रतिज्ञा-श्रीरामले मित्र-लक्षण-वर्णन गर्नु ..... | ६३५ |
| १३३- सुग्रीवको वैराग्य......................... | ६३९ |
| १३४- बालि-सुग्रीव युद्ध, बालि उद्धार...... | ६३९ |
| १३५- ताराको विलाप, तारालाई श्रीरामद्वारा उपदेश र सुग्रीवलाई राज्याभिषेक तथा अङ्गदलाई युवराजपद .................. | ६४३ |
| १३६- वर्षा-ऋतु-वर्णन........................ | ६४५ |
| १३७- शरद्-ऋतु-वर्णन ....................... | ६४७ |
| १३८- श्रीराम सुग्रीवप्रति रिसाउनु, लक्ष्मणजीको क्रोध ................................ | ६४९ |
| १३९- सुग्रीव-राम-संवाद र सीताजीको खोजीको लागि बाँदरहरू प्रस्थान .... | ६५१ |
| १४०- गुफामा तपस्विनीको दर्शन............ | ६५४ |
| १४१- बाँदरहरू समुद्रतटमा आउनु, सम्पातीसँग भेट र कुराकानी .................. | ६५५ |
| १४२- समुद्र नाघ्नको लागि परामर्श, जाम्बवन्तले हनुमान्जीलाई बल याद गराएर उत्साहित गर्नु | ६५८ |
| १४३- श्रीरामगुणको माहात्म्य................. | ६६१ |

विषय पृष्ठ-सङ्ख्या

## सुन्दरकाण्ड

१४४- मङ्गलाचरण ............................ ६६३
१४५- हनुमानजी लङ्कामा प्रस्थान, सुरसासँग भेट, छाया समात्ने राक्षसीको वध ... ६६४
१४६- लङ्कावर्णन, लङ्किनीलाई प्रहार, लङ्कामा प्रवेश............................ ६६६
१४७- हनुमान्-विभीषण-संवाद ............... ६६९
१४८- हनुमान्जीले अशोकवाटिकामा सीताजीलाई देखेर दुःखी हुनु र रावणले सीताजीलाई भय देखाउनु ............. ६७१
१४९- श्रीसीता-त्रिजटा-संवाद ................ ६७४
१५०- श्रीसीता-हनुमान्-संवाद................ ६७५
१५१- हनुमान्जीद्वारा अशोकवाटिका-विध्वंस, अक्षयकुमारको वध र मेघनादले हनुमान्-जीलाई नागपाशले बाँधेर सभामा लैजानु ६७९
१५२- हनुमान्-रावण-संवाद ................. ६८२
१५३- लङ्का-दहन ............................ ६८५
१५४- लङ्का जलाएपछि हनुमान्जीले सीताजीसँग बिदा माग्नु र चूडामणि पाउनु........ ६८७
१५५- समुद्रको वारिपट्टि आउनु, सबैलाई फर्काउनु, मधुवन-प्रवेश, सुग्रीव-मिलन, श्रीराम-हनुमान्-संवाद ................ ६८८
१५६- श्रीराम बाँदरहरूका सेनाका साथ हिँडेर समुद्र तटमा पुग्नु........................ ६९३
१५७- मन्दोदरी-रावण-संवाद................ ६९५
१५८- रावणलाई विभीषणले सम्झाउनु र विभीषणको अपमान ................... ६९६
१५९- विभीषण भगवान् श्रीरामसँग शरणको लागि प्रस्थान र शरणप्राप्ति ........... ६९९
१६०- समुद्रपारि जानको लागि विचार, रावणको दूत शुक आउनु र लक्ष्मणजीको पत्र लिएर फर्कनु............................ ७०६
१६१- दूतले रावणलाई सम्झाउनु र लक्ष्मणजीको पत्र दिनु ................. ७०८
१६२- समुद्रप्रति श्रीरामको क्रोध र समुद्रको बिन्ती ................................. ७१३
१६३- श्रीराम-गुणगानको माहात्म्य........... ७१५

विषय पृष्ठ-सङ्ख्या

## लङ्काकाण्ड

१६४- मङ्गलाचरण ............................ ७१७
१६५- नल-नीलद्वारा पुल बनाउनु, श्रीरामले रामेश्वरको स्थापना गर्नु ............... ७१९
१६६- श्रीराम सेनासहित समुद्रपारि उत्रनु, सुबेल पहाडमा निवास, रावणको व्याकुलता ७२१
१६७- रावणलाई मन्दोदरीले सम्झाउनु, रावण-प्रहस्त-संवाद ............................ ७२२
१६८- सुबेलमा श्रीरामको झाँकी र चन्द्रोदय-वर्णन ..................................... ७२७
१६९- श्रीरामको बाणले रावणका मुकुट-छत्रादिहरू खस्नु....................... ७३०
१७०- मन्दोदरीले फेरि रावणलाई समझाउनु र श्रीरामको महिमा भन्नु................. ७३०
१७१- अङ्गदजी लङ्का जानु र रावणको सभामा अङ्गद-रावण-संवाद.................... ७३३
१७२- रावणलाई पुनः मन्दोदरीले सम्झाउनु ७५१
१७३- अङ्गद-राम-संवाद ...................... ७५३
१७४- युद्धारम्भ ................................ ७५६
१७५- माल्यवान्ले रावणलाई सम्झाउनु ..... ७६३
१७६- लक्ष्मण-मेघनाद-युद्ध, लक्ष्मणजीलाई शक्ति लाग्नु .............................. ७६५
१७७- हनुमानजीले सुषेण वैद्यलाई लिएर आउनु एवं सञ्जीवनीको लागि जानु, कालनेमि-रावण-संवाद, गोहिनी-उद्धार, कालनेमि-उद्धार........................ ७६९
१७८- भरतजीको बाणले हनुमान् मूर्च्छित हुनु, भरत-हनुमान्-संवाद............. ७७२
१७९- श्रीरामको प्रतापलीला, हनुमान्जी आउनु, लक्ष्मणजी उठेर बस्नु .................. ७७४
१८०- रावणले कुम्भकर्णलाई बिउँझाउनु, कुम्भकर्णले रावणलाई उपदेश र विभीषण-कुम्भकर्ण-संवाद ............ ७७६
१८१- कुम्मभकर्ण-युद्ध र उसको परमगति ... ७७८
१८२- मेघनाद-युद्ध, श्रीराम लीलाबाट नागपाशमा बाँधिनु....................... ७८६
१८३- मेघनाद-यज्ञ-विध्वंस, युद्ध र मेघनाद-उद्धार ७८९

| विषय | पृष्ठ-सङ्ख्या |
|---|---|
| १८४- रावण युद्धको लागि प्रस्थान र श्रीरामको विजय-रथ तथा बाँदर-राक्षसहरूको युद्ध | ७९३ |
| १८५- लक्ष्मण-रावण-युद्ध | ७९८ |
| १८६- रावण-मूर्च्छा, रावण-यज्ञ-विध्वंस, राम-रावण-युद्ध | ७९९ |
| १८७- इन्द्रले श्रीरामलाई रथ पठाउनु, राम-रावण-युद्ध | ८०५ |
| १८८- रावणले विभीषणलाई शक्ति छोड्नु, रामजीले त्यो शक्तिलाई आफूमाथि लिनु, विभीषण-रावण-युद्ध | ८१० |
| १८९- रावण-हनुमान्-युद्ध, रावणको माया रचना, रामजीले माया-नाश गर्नु | ८१२ |
| १९०- घोर युद्ध, रावण मूर्च्छामा पर्नु | ८१५ |
| १९१- त्रिजटा-सीता-संवाद | ८१७ |
| १९२- राम-रावण-युद्ध, रावणवध, सर्वत्र जयध्वनि | ८१८ |
| १९३- मन्दोदरी-विलाप, रावणको अन्त्येष्टि-क्रिया | ८२४ |
| १९४- विभीषणको राज्याभिषेक | ८२७ |
| १९५- हनुमान्जीले सीताजीलाई कुशल सुनाउनु, सीताजीको आगमन र अग्निपरीक्षा | ८२८ |
| १९६- देवताहरूको स्तुति, इन्द्रले अमृत बर्साउनु | ८३१ |
| १९७- विभीषणको प्रार्थना, श्रीरामद्वारा भरतजीको प्रेमदशाको वर्णन, शीघ्र अयोध्या पुग्न अनुरोध | ८३९ |
| १९८- विभीषणले वस्त्राभूषण बर्साउनु र बाँदर-भालुहरूले लगाउनु | ८४१ |
| १९९- पुष्पक विमानमा चढेर श्रीसीता-रामजी अयोध्याको लागि प्रस्थान | ८४३ |
| २००- श्रीरामचरितको महिमा | ८४६ |
| **उत्तरकाण्ड** | |
| २०१- मङ्गलाचरण | ८४९ |
| २०२- भरत-विरह तथा भरत-हनुमान्-मिलन, अयोध्यामा आनन्द | ८५० |
| २०३- श्रीरामको स्वागत, भरतमिलाप, सबैको मिलनानन्द | ८५५ |
| २०४- राम-राज्याभिषेक, वेदस्तुति, शिवस्तुति | ८६३ |
| २०५- बाँदरहरू र निषादको बिदाइ | ८७० |
| २०६- रामराज्यको वर्णन | ८७४ |
| २०७- पुत्रोत्पत्ति, अयोध्याजीको रमणीयता, सनकादिको आगमन र संवाद | ८७८ |
| २०८- हनुमानजीद्वारा भरतजीको प्रश्न र श्रीरामको उपदेश | ८८९ |
| २०९- श्रीरामले प्रजालाई उपदेश (श्रीरामगीता), पुरवासीहरूको कृतज्ञता | ८९५ |
| २१०- श्रीराम-वशिष्ठ-संवाद, श्रीराम भाइहरू-सहित आँपको बगैंचामा जानु | ८९९ |
| २११- नारदजी आउनु र स्तुति गरेर ब्रह्मलोकमा फर्केर जानु | ९०१ |
| २१२- शिव-पार्वती-संवाद, गरुड-मोह, गरुडजीले कागभुशुण्डिजीसँग रामकथा र राम-महिमा सुन्नु | ९०२ |
| २१३- कागभुशुण्डिजीले आपनो पूर्वजन्मकथा र कलिमहिमा भन्नु | ९४२ |
| २१४- गुरुजीको अपमान एवं शिवजीको श्रापको कुरा सुनाउनु | ९५१ |
| २१५- रुद्राष्टक | ९५४ |
| २१६- गुरुजीलाई शिवजीले अपराध-क्षमापान, शापानुग्रह र कागभुशुण्डिजीको अगाडिको कथा | ९५६ |
| २१७- कागभुशुण्डिजी लोमशजीसँग जानु र श्राप तथा अनुग्रह पाउनु | ९५९ |
| २१८- ज्ञान-भक्ति-निरूपण, ज्ञानदीपक र भक्तिको महान् महिमा | ९६७ |
| २१९- गरुडजीका सात प्रश्न र कागभुशुण्डिजीको उत्तर | ९७५ |
| २२०- भजन-महिमा | ९७९ |
| २२१- रामायण-माहात्म्य, तुलसीविनय र फलश्रुति | ९८० |
| २२२- रामायणजीकी आरती | ९८९ |
| २२३- गोस्वामी तुलसीदासजीको संक्षिप्त जीवनी | ९९० |
| २२४- श्रीरामशलाका प्रश्नावली | ९९३ |

# नवाहपारायणको विश्राम-स्थान


| | | पृष्ठ-सङ्ख्या |
|---|---|---|
| पहिलो | विश्राम | १११ |
| दोस्रो | ,, | २१० |
| तेस्रो | ,, | ३१० |
| चौथो | ,, | ४०७ |
| पाँचौं | ,, | ५०० |
| छटौं | ,, | ६११ |
| सातौं | ,, | ७२९ |
| आठौं | ,, | ८६२ |
| नवौं | ,, | ९८९ |


# मासपारायणको विश्राम-स्थान


| | | पृष्ठ-सङ्ख्या |
|---|---|---|
| पहिलो | विश्राम | ३० |
| दोस्रो | ,, | ५७ |
| तेस्रो | ,, | ८४ |
| चौथो | ,, | १११ |
| पाँचौं | ,, | १३७ |
| छैटौं | ,, | १६१ |
| सातौं | ,, | १८६ |
| आठौं | ,, | २१० |
| नवौं | ,, | २३५ |
| दसौं | ,, | २६१ |
| एघारौं | ,, | २८४ |
| बाह्रौं | ,, | ३१३ |
| तेह्रौं | ,, | ३३८ |
| चौधौं | ,, | ३६३ |
| पन्ध्रौं | ,, | ३८८ |
| सोह्रौं | विश्राम | ४०७ |
| सत्रौं | ,, | ४२० |
| अठारौं | ,, | ४५३ |
| उन्नाइसौं | ,, | ४८४ |
| बीसौं | ,, | ५०० |
| एक्काइसौं | ,, | ५७१ |
| बाइसौं | ,, | ६२९ |
| तेइसौं | ,, | ६६१ |
| चौबीसौं | ,, | ७१५ |
| पच्चीसौं | ,, | ७६३ |
| छब्बीसौं | ,, | ८१६ |
| सत्ताइसौं | ,, | ८४७ |
| अट्ठाइसौं | ,, | ९११ |
| उनन्तीसौं | ,, | ९६६ |
| तीसौं | ,, | ९८९ |

॥ श्रीहरिः ॥

# पारायण–विधि

श्रीरामचरितमानसको विधिपूर्वक पाठ गर्ने महानुभावहरूले पाठारम्भभन्दा पूर्व श्रीतुलसीदासजी, श्रीवाल्मीकिजी, श्रीशिवजी तथा श्रीहनुमान्‌जीको आवाहन, पूजन गरेर पछि तीनै भाइहरूसहित श्रीसीतारामजीको आवाहन, षोडशोपचार पूजन र ध्यान गर्नुपर्छ। त्यसपछि पाठ आरम्भ गर्नुपर्छ। सबैको आवाहन, पूजन र ध्यानका मन्त्रहरू क्रमशः तल लेखिएको छ—

## अथ आवाहनमन्त्र

**तुलसीक नमस्तुभ्यमिहागच्छ शुचिव्रत।**
**नैर्ऋत्य उपविश्येदं पूजनं प्रतिगृह्यताम्॥ १॥**

ॐ तुलसीदासाय नमः

**श्रीवाल्मीक नमस्तुभ्यमिहागच्छ शुभप्रद।**
**उत्तरपूर्वयोर्मध्ये तिष्ठ गृह्णीष्व मेऽर्चनम्॥ २॥**

ॐ वाल्मीकाय नमः

**गौरीपते नमस्तुभ्यमिहागच्छ महेश्वर।**
**पूर्वदक्षिणयोर्मध्ये तिष्ठ पूजां गृहाण मे॥ ३॥**

ॐ गौरीपतये नमः

**श्रीलक्ष्मण नमस्तुभ्यमिहागच्छ सहप्रियः।**
**याम्यभागे समातिष्ठ पूजनं संगृहाण मे॥ ४॥**

ॐ श्रीसपत्नीकाय लक्ष्मणाय नमः

**श्रीशत्रुघ्न नमस्तुभ्यमिहागच्छ सहप्रियः।**
**पीठस्य पश्चिमे भागे पूजनं स्वीकुरुष्व मे॥ ५॥**

ॐ श्रीसपत्नीकाय शत्रुघ्नाय नमः

**श्रीभरत नमस्तुभ्यमिहागच्छ सहप्रियः।**
**पीठकस्योत्तरे भागे तिष्ठ पूजां गृहाण मे॥ ६॥**

ॐ श्रीसपत्नीकाय भरताय नमः

**श्रीहनुमन्नमस्तुभ्यमिहागच्छ कृपानिधे।**
**पूर्वभागे समातिष्ठ पूजनं स्वीकुरु प्रभो॥ ७॥**

ॐ हनुमते नमः

**अथ प्रधानपूजा च कर्तव्या विधिपूर्वकम्।**
**पुष्पाञ्जलिं गृहीत्वा तु ध्यानं कुर्यात्परस्य च॥ ८॥**

**रक्ताम्भोजदलाभिरामनयनं पीताम्बरालङ्कृतं**
**श्यामाङ्गं द्विभुजं प्रसन्नवदनं श्रीसीताया शोभितम्।**
**कारुण्यामृतसागरं प्रियगणैर्भ्रात्रादिभिर्भावितं**
**वन्दे विष्णुशिवादिसेव्यमनिशं भक्तेष्टसिद्धिप्रदम्॥ ९॥**

**आगच्छ जानकीनाथ जानक्या सह राघव।**
**गृहाण मम पूजां च वायुपुत्रादिभिर्युतः॥ १०॥**

इत्यावाहनम्

**सुवर्णरचितं राम दिव्यास्तरणशोभितम्।**
**आसनं हि मया दत्तं गृहाण मणिचित्रितम्॥ ११॥**

इति षोडशोपचारैः पूजयेत्

**ॐ अस्य श्रीमन्मानसरामायणश्रीरामचरितस्य श्रीशिवकाकभुशुण्डियाज्ञवल्क्यगोस्वामितुलसीदासा ऋषयः श्रीसीतारामो देवता श्रीरामनाम बीजं भवरोगहरी भक्तिः शक्तिः मम नियन्त्रिताशेषविघ्नतया श्रीसीताराम–प्रीतिपूर्वकसकलमनोरथसिद्ध्यर्थं पाठे विनियोगः।**

## अथ आचमनम्

**श्रीसीतारामाभ्यां नमः। श्रीरामचन्द्राय नमः। श्रीरामभद्राय नमः।**

**इति मन्त्रत्रितयेन आचमनं कुर्यात्। श्रीयुगलबीजमन्त्रेण प्राणायामं कुर्यात्॥**

## अथ करन्यासः

**जग मंगल गुन ग्राम राम के। दानि मुकुति धन धरम धाम के॥**

अङ्गुष्ठाभ्यां नमः।

**राम राम कहि जे जमुहाहीं। तिन्हहि न पापपुंज समुहाहीं॥**

तर्जनीभ्यां नमः।

**राम सकल नामन्ह ते अधिका। होउ नाथ अघ खग गन बधिका॥**

मध्यमाभ्यां नमः।

**उमा दारु जोषित की नाईं। सबहि नचावत रामु गोसाईं॥**

अनामिकाभ्यां नमः।

**सनमुख होइ जीव मोहि जबहीं। जन्म कोटि अघ नासहिं तबहीं॥**

कनिष्ठिकाभ्यां नमः।

**मामभिरक्षय रघुकुलनायक। धृत बर चाप रुचिर कर सायक॥**

करतलकरपृष्ठाभ्यां नमः।

इति करन्यासः

## अथ हृदयादिन्यासः

**जग मंगल गुन ग्राम राम के। दानि मुकुति धन धरम धाम के॥**

हृदयाय नमः।

**राम राम कहि जे जमुहाहीं। तिन्हहि न पापपुंज समुहाहीं॥**

शिरसे स्वाहा:।

**राम सकल नामन्ह ते अधिका। होउ नाथ अघ खग गन बधिका॥**

शिखायै वषट्।

**उमा दारु जोषित की नाईं। सबहि नचावत रामु गोसाईं॥**

कवचाय हुम्।

**सनमुख होइ जीव मोहि जबहीं। जन्म कोटि अघ नासहिं तबहीं॥**

नेत्राभ्यां वौषट्।

**मामभिरक्षय रघुकुलनायक। धृत बर चाप रुचिर कर सायक॥**

अस्त्राय फट्।

*इति हृदयादिन्यासः*

## अथ ध्यानम्

**मामवलोकय पंकजलोचन। कृपा बिलोकनि सोच बिमोचन॥**
**नील तामरस स्याम काम अरि। हृदय कंज मकरंद मधुप हरि॥**
**जातुधान बरूथ बल भंजन। मुनि सज्जन रंजन अघ गंजन॥**
**भूसुर ससि नव बृंद बलाहक। असरन सरन दीन जन गाहक॥**
**भुजबल बिपुल भार महि खंडित। खर दूषन बिराध बध पंडित॥**
**रावनारि सुखरूप भूपबर। जय दशरथ कुल कुमुद सुधाकर॥**
**सुजस पुरान बिदित निगमागम। गावत सुर मुनि संत समागम॥**
**कारुनीक ब्यलीक मद खंडन। सब बिधि कुसल कोसला मंडन॥**
**कलि मल मथन नाम ममताहन। तुलसीदास प्रभु पाहि प्रनत जन॥**

*इति ध्यानम्।*



॥ श्रीगणेशाय नमः॥

श्रीजानकीवल्लभो विजयते

# श्रीरामचरितमानस

## प्रथम सोपान

## बालकाण्ड

### श्लोक

**वर्णानामर्थसंघानां रसानां छन्दसामपि।**
**मङ्गलानां च कर्त्तारौ वन्दे वाणीविनायकौ॥ १॥**

अक्षरहरू, अर्थहरू, रसहरू, छन्दहरू र मङ्गलैमङ्गलका खानी (कर्ता) सरस्वतीजी र गणेशजीको म वन्दना गर्दछु॥ १॥

**भवानीशङ्करौ वन्दे श्रद्धाविश्वासरूपिणौ।**
**याभ्यां विना न पश्यन्ति सिद्धाः स्वान्तःस्थमीश्वरम्॥ २॥**

श्रद्धा र विश्वासका स्वरूप श्रीपार्वती र शङ्करजीको म प्रार्थना गर्दछु, जसको कृपाविना सिद्धजनले आफ्नो अन्तःकरणमा स्थित (रहेको) ईश्वरलाई देख्न सक्दैनन्॥ २॥

**वन्दे बोधमयं नित्यं गुरुं शङ्कररूपिणम्।**
**यमाश्रितो हि वक्रोऽपि चन्द्रः सर्वत्र वन्द्यते॥ ३॥**

ज्ञानमय, नित्य, शङ्कररूपी गुरुको म प्रार्थना गर्दछु, जसमा आश्रित हुनाले टेढा चन्द्रमा पनि सर्वत्र पूजनीय हुन्छन्॥ ३॥

**सीतारामगुणग्रामपुण्यारण्यविहारिणौ।**
**वन्दे विशुद्धविज्ञानौ कवीश्वरकपीश्वरौ॥ ४॥**

श्रीसीतारामको गुणसमूहरूपी पवित्र वनमा रमण (विहार) गर्ने, विशुद्ध विज्ञानसम्पन्न कविवर श्रीवाल्मीकि र कपीश्वर श्रीहनुमान्जीको म वन्दना गर्दछु॥ ४॥

**उद्भवस्थितिसंहारकारिणीं क्लेशहारिणीम्।**
**सर्वश्रेयस्करीं सीतां नतोऽहं रामवल्लभाम्॥ ५॥**

उत्पत्ति, स्थिति (पालन) र संहार गर्ने, क्लेशहरूलाई हरण गर्ने तथा सम्पूर्ण कार्यमा कल्याण गर्ने श्रीरामचन्द्रकी प्रियतमा श्रीसीताजीलाई म नमस्कार गर्दछु॥ ५॥

**यन्मायावशवर्त्ति विश्वमखिलं ब्रह्मादिदेवासुरा**
**यत्सत्त्वादमृषैव भाति सकलं रज्जौ यथाहेर्भ्रमः।**
**यत्पादप्लवमेकमेव हि भवाम्भोधेस्तितीर्षावतां**
**वन्देऽहं तमशेषकारणपरं रामाख्यमीशं हरिम्॥ ६॥**

जसको मायामा वशीभूत सम्पूर्ण विश्व, ब्रह्मादि देवता र असुर छन्, जसको सत्ताद्वारा डोरीमा सर्पको भ्रान्ति (भ्रम) झैं यो सारा दृश्य–जगत् सत्यझैं प्रतीत हुन्छ र जसको केवल चरण नै भवसागर तर्ने इच्छा राख्नेहरूको लागि एक मात्र डुङ्गाको रूपमा परिचित हुन्छ, उनै समस्त कारणदेखि पर (सबै कारणका पनि कारण र सबैभन्दा श्रेष्ठ) राम भनिने श्रीहरिको म वन्दना गर्दछु॥ ६॥

**नानापुराणनिगमागमसम्मतं यद्**
**रामायणे निगदितं क्वचिदन्यतोऽपि।**
**स्वान्तःसुखाय तुलसी रघुनाथगाथा–**
**भाषानिबन्धमतिमञ्जुलमातनोति ॥ ७॥**

अनेक पुराण, वेद र [तन्त्र] शास्त्रद्वारा सम्मत तथा जो रामायणमा वर्णन गरिएको छ र केही अन्यत्रबाट पनि उपलब्ध छ। त्यस्तो श्रीरघुनाथको कथालाई यो तुलसीदासले आफ्नो अन्तःकरणको सुखका लागि अत्यन्त मनोहर भाषारचनामा विस्तृत रूपमा वर्णन गर्दछ॥ ७॥

**सो०— जो सुमिरत सिधि होइ गन नायक करिबर बदन।**
**करउ अनुग्रह सोइ बुद्धि रासि सुभ गुन सदन॥ १॥**

जसलाई स्मरण गर्नाले सबै कार्य सिद्ध हुन्छन्, जो गणहरूका स्वामी र सुन्दर हात्तीको जस्तो मुख भएका छन्, उनै बुद्धिका राशि र शुभ गुणहरूका धाम (श्रीगणेश) ले मप्रति कृपा गरून्॥ १॥

**मूक होइ बाचाल पंगु चढ़इ गिरिबर गहन।**
**जासु कृपाँ सो दयाल द्रवउ सकल कलि मल दहन॥ २॥**

जसको कृपाद्वारा लाटो धेरै सुन्दर वचन बोल्ने हुन्छ र लुला–लङ्गडा दुर्गम पहाडमा चढ्न सक्दछन्, उनै कलियुगका सबै पापहरूलाई डढाइदिने (जलाइदिने) दयालु (भगवान्) मप्रति द्रवित हुनुहोस् (दया गर्नुहोस्)॥ २॥

**नील सरोरुह स्याम तरुन अरुन बारिज नयन।**
**करउ सो मम उर धाम सदा छीरसागर सयन॥ ३॥**

जो नीलकमलको जस्तो श्यामवर्ण हुनुहुन्छ, पूर्णरूपमा फुलेको रातो कमलझैं जसका नेत्र छन् र जो सधैं क्षीरसागरमा शयन गर्नुहुन्छ, उनै भगवान् (नारायण) मेरो हृदयमा निवास गरून्॥ ३॥

**कुंद इंदु सम देह उमा रमन करुना अयन।**
**जाहि दीन पर नेह करउ कृपा मर्दन मयन॥ ४॥**

जसको कुन्दको पुष्प र चन्द्रमाका समान (गोरो) शरीर छ, जो पार्वतीजीका प्रियतम र दयाका धाम हुनुहुन्छ र जसको दुःखीमाथि स्नेह छ, उनै कामदेवलाई पराजित गर्ने शङ्कर भगवान्ले म प्रति कृपा गरून्॥ ४॥

## ✹ गुरु–वन्दना ✹

**बंदउँ गुरु पद कंज कृपा सिंधु नररूप हरि।**
**महामोह तम पुंज जासु बचन रबि कर निकर॥ ५॥**

म उनै गुरुमहाराजजीका चरण–कमलहरूको वन्दना गर्दछु, जो कृपाका समुद्र र नररूपमा श्रीहरि नै हुनुहुन्छ र जसका वचन महामोहरूपी बाक्लो (घना) अन्धकारलाई नाश–गर्नको लागि सूर्य–किरणहरूजस्तै छन्॥ ५॥

**बंदउँ गुरु पद पदुम परागा। सुरुचि सुबास सरस अनुरागा॥**
**अमिअ मूरिमय चूरन चारू। समन सकल भव रुज परिवारू॥**

म गुरुमहाराजजीका चरण–कमलहरूका रज (धूलो)को वन्दना गर्दछु, जुन सुरुचि (सुन्दर स्वाद), सुगन्ध तथा अनुरागरूपी रसबाट परिपूर्ण छ। त्यो अमर मूल (सञ्जीवनी बुटी) को सुन्दर चूर्णजस्तो छ जसले सम्पूर्ण भवरोगहरूका परिवारलाई नाश गरिदिन्छ॥ १॥

**सुकृति संभु तन बिमल बिभूती। मंजुल मंगल मोद प्रसूती॥**
**जन मन मंजु मुकुर मल हरनी। किएँ तिलक गुन गन बस करनी॥**

त्यही रज सुकृती (पुण्यवान् पुरुष) रूपी शिवजीको शरीरमा सुशोभित निर्मल विभूति (भस्म, खरानी) हो र सुन्दर कल्याण र आनन्दको जननी हो, भक्तको मनरूपी ऐना (दर्पण) को धूलो सफा गर्नेवाला छ र तिलक लगाउनाले गुणसमूहहरूलाई वशमा गर्न सक्षम छ॥ २॥

**श्रीगुर पद नख मनि गन जोती। सुमिरत दिब्य दृष्टि हियँ होती॥**
**दलन मोह तम सो सप्रकासू। बड़े भाग उर आवइ जासू॥**

श्रीगुरुमहाराजजीका चरणका नङको ज्योति मणिहरूको प्रकाशसमान छ, जसलाई स्मरण गर्दाखेरि नै हृदयमा दिव्य दृष्टि उत्पन्न हुन्छ। त्यो प्रकाशले अज्ञानरूपी अन्धकारलाई नाश गर्नेछ, त्यो जसको हृदयमा आउँदछ, उही ठूलो भाग्यमानी पुरुष हुन्छ॥ ३॥

**उघरहिं बिमल बिलोचन ही के। मिटहिं दोष दुख भव रजनी के॥**
**सूझहिं राम चरित मनि मानिक। गुपुत प्रगट जहँ जो जेहि खानिक॥**

त्यो हृदयमा आउँनेबित्तिकै हृदयका निर्मल नेत्र खुलिहाल्दछन् र संसाररूपी रातका दोष–दुःख

मेटिन्छन् एवं श्रीरामचरित्ररूपी मणि र माणिक्य, गुप्त र प्रकट जहाँ जेजुन भण्डार (खानी) मा छन्, सबै देखिन लाग्दछन्— ॥ ४॥

**दो०— जथा सुअंजन अंजि दृग साधक सिद्ध सुजान।**
**कौतुक देखत सैल बन भूतल भूरि निधान॥ १॥**

जस्तै सिद्धाञ्जन नेत्रमा लगाएर साधक, सिद्ध र सुजानले पर्वतहरू, वनहरू र पृथ्वीभित्र कौतुकद्वारा धेरै नै खानीहरू देख्दछन्॥ १॥

**गुरु पद रज मृदु मंजुल अंजन। नयन अमिअ दृग दोष बिभंजन॥**
**तेहिं करि बिमल बिबेक बिलोचन। बरनउँ राम चरित भव मोचन॥**

श्रीगुरुमहाराजजीका चरणहरूको रज कोमल र सुन्दर नयनामृत-अञ्जन (आँखाको अमृतरूप गाजल) हो, जो आँखाका दोषहरूलाई नाश गर्ने गर्दछ। त्यही अञ्जनद्वारा विवेकरूपी आँखाहरूलाई निर्मल पारेर मैले संसाररूपी बन्धनबाट छुटाउने श्रीरामचरित्रको वर्णन गर्दछु॥ १॥

## * ब्राह्मण-सन्त-वन्दना *

**बंदउँ प्रथम महीसुर चरना। मोह जनित संसय सब हरना॥**
**सुजन समाज सकल गुन खानी। करउँ प्रनाम सप्रेम सुबानी॥**

पहिले पृथ्वीका देवता ब्राह्मणहरूका चरणको वन्दना गर्दछु, जसले अज्ञानबाट उत्पन्न सबै सन्देहहरूलाई हरण गर्दछन्। फेरि सबै गुणहरूका खानी सन्त-समाजलाई प्रेमसहित सुन्दर वाणीद्वारा प्रणाम गर्दछु॥ २॥

**साधु चरित सुभ चरित कपासू। निरस बिसद गुनमय फल जासू॥**
**जो सहि दुख परछिद्र दुरावा। बंदनीय जेहिं जग जस पावा॥**

सन्तहरूको चरित्र कपासको चरित्र (जीवन) को समान शुभ हुन्छ, जसको फल नीरस, विशद र गुणमय हुन्छ। (कपासको डाँठ नीरस हुन्छ, सन्त चरित्रमा पनि विषयासक्ति हुँदैन, त्यसैले त्यो पनि नीरस हुन्छ, कपास उज्ज्वल हुन्छ, सन्तको हृदय पनि अज्ञान र पापरूपी अन्धकारले रहित हुन्छ, यसकारण ऊ विशद (सफा, पवित्र) छ, र कपासमा गुण (तन्तु, धागा) हुन्छन्, यस्तै प्रकारले सन्तको चरित्र पनि सद्गुणहरूको भण्डार हुन्छ। यसकारण ऊ गुणमय हुन्छ।) [जस्तै कपासको धागोले सियोमा बनाइएको प्वालमा आफ्नो शरीर दिएर ढाकिदिन्छ, अथवा कपासजस्तै बटार्ने (बाट्ने) कात्ने र कपडा बुनाइ गर्ने कष्ट सहेर पनि वस्त्रको रूपमा परिणत भएर अर्काका गोपनीय अङ्गहरूलाई ढाकिदिन्छ, उस्तै प्रकारले] सन्तले स्वयं दुःख सहन गरेर अर्काका छिद्रहरू (दोषहरू) लाई ढाकिदिन्छन्, जसको कारण सन्तले जगत्मा वन्दनीय यश (सम्मान) प्राप्त गर्दछन्॥ ३॥

**मुद मंगलमय संत समाजू। जो जग जंगम तीरथराजू॥**
**राम भक्ति जहँ सुरसरि धारा। सरसइ ब्रह्म बिचार प्रचारा॥**

सन्तहरूको समाज आनन्द र कल्याणमय हुन्छ, जो जगत्मा हिंड्ने-डुल्ने तीर्थराज (प्रयाग)

हो। जहाँ (उही सन्तसमाजरूपी प्रयागराजमा) रामभक्तिरूपी गङ्गाजीको धारा छ र ब्रह्मविचारका प्रचारक सरस्वतीजी हुनुहुन्छ॥ ४॥

**बिधि निषेधमय कलिमल हरनी। करम कथा रबिनंदनि बरनी॥**
**हरि हर कथा बिराजति बेनी। सुनत सकल मुद मंगल देनी॥**

विधि र निषेध (यो गर र यो नगर) रूपी कर्महरूको कथा कलियुगका पापहरूलाई नष्ट गर्ने सूर्यतनया (सूर्यकी छोरी, यमुना) हुन् र भगवान् विष्णु र शङ्करजीका कथाहरू त्रिवेणीरूपमा सुशोभित छन्, जसले सुन्दा नै सबै आनन्द र कल्याणहरू दिन्छन्॥ ५॥

**बटु बिस्वास अचल निज धरमा। तीरथराज समाज सुकरमा॥**
**सबहि सुलभ सब दिन सब देसा। सेवत सादर समन कलेसा॥**

[त्यही सन्तसमाजरूपी प्रयागराजमा] आफ्नो धर्ममा जुन अटल विश्वास छ त्यही अक्षयवट (कहिल्यै नमर्ने वृक्ष) हो र शुभकर्म नै त्यस तीर्थराजको समाज हो। त्यो (सन्तसमाजरूपी प्रयागराज) सबै देशहरूमा सबै समय सबैको लागि सजिलैसँग प्राप्त हुन सक्दछ र आदरपूर्वक सेवन गर्नाले क्लेशहरूलाई नष्ट गरिदिन्छ॥ ६॥

**अकथ अलौकिक तीरथराऊ। देइ सद्य फल प्रगट प्रभाऊ॥**

त्यो तीर्थराज अलौकिक र अकथनीय (भन्न नसकिने) छ एवं तत्काल फल दिन सक्षम छ, त्यसको प्रभाव प्रत्यक्ष छ॥ ७॥

दो०— **सुनि समुझहिं जन मुदित मन मज्जहिं अति अनुराग।**
**लहहिं चारि फल अछत तनु साधु समाज प्रयाग॥ २॥**

जुन मनुष्यले यो सन्त-समाजरूपी तीर्थराजको प्रभावलाई प्रसन्न मनद्वारा सुन्दछन्, स्मरण गर्दछन् र फेरि अत्यन्त प्रेमपूर्वक यसको गहिराइमा पुग्दछन्, उनीहरूले आफ्नो शरीर रहँदा नै धर्म, अर्थ, काम, मोक्ष चारै फल प्राप्त गर्दछन्॥ २॥

**मज्जन फल पेखिअ ततकाला। काक होहिं पिक बकउ मराला॥**
**सुनि आचरज करै जनि कोई। सतसंगति महिमा नहिं गोई॥**

यस तीर्थराजमा स्नानको फल तत्कालै यस्तो देखिन आउँदछ कि कौवा कोइली बन्दछन् र बकुल्ला हाँस। यस्तो सुनेर कोही पनि आश्चर्यमा नपर्नू, किन भने सत्सङ्गको महिमा लुक्न सक्दैन॥ १॥

**बालमीक नारद घटजोनी। निज निज मुखनि कही निज होनी॥**
**जलचर थलचर नभचर नाना। जे जड़ चेतन जीव जहाना॥**

वाल्मीकि, नारद र अगस्त्यजीले आ-आफ्नो मुखद्वारा आफ्नो जीवनको वृत्तान्त वर्णन गरिसक्नुभएको छ। जलमा रहने, जमिनमा रहने र आकाशमा उड्ने नाना प्रकारका जड-चेतन जति पनि जीव यस जगत्मा छन्— ॥ २॥

**मति कीरति गति भूति भलाई। जब जेहिं जतन जहाँ जेहिं पाई॥**
**सो जानब सतसंग प्रभाऊ। लोकहुँ बेद न आन उपाऊ॥**

उनीहरूमध्ये जसले जुन समयमा जहाँकहीं पनि कुनै प्रयत्नद्वारा बुद्धि, कीर्ति, सद्‌गति, विभूति (ऐश्वर्य) र भलाइ पाएका छन्, ती सबै सत्सङ्गको नै प्रभाव सम्झनु पर्दछ। वेदहरूमा र लोकमा यिनीहरूलाई प्राप्त गर्नका लागि अरू कुनै उपाय छैन॥ ३॥

**बिनु सतसंग बिबेक न होई। राम कृपा बिनु सुलभ न सोई॥**
**सतसंगत मुद मंगल मूला। सोइ फल सिधि सब साधन फूला॥**

सत्सङ्गविना विवेक हुँदैन र श्रीरामको कृपाविना यो सत्सङ्ग सजिलैसँग मिल्न सक्दैन। सत्सङ्गति आनन्द र कल्याणको मूल हो। सत्सङ्गको सिद्धि (प्राप्ति) नै फल हो र अरू सबै साधन त फूलहरू हुन्॥ ४॥

**सठ सुधरहिं सतसंगति पाई। पारस परस कुधात सुहाई॥**
**बिधि बस सुजन कुसंगत परहीं। फनि मनि सम निज गुन अनुसरहीं॥**

दुष्ट पनि सत्सङ्गत पाएर सुध्रन्छन्, जस्तै पारसको स्पर्शले फलाम सुहाउँदो हुन्छ (सुन्दर सुन बन्दछ)। किन्तु दैवयोगबाट यदि सज्जन कुसङ्गतिमा पर्न सक्दछन्, तर पनि उनीहरू उहाँ पनि सर्पका मणिझैं आफ्ना गुणहरूको नै अनुसरण गर्दछन् (अर्थात् जसरी सर्पको संसर्गमा भएर पनि मणिले उसको विषलाई ग्रहण गर्दैन र आफ्नो सहज गुण प्रकाशलाई छोड्दैन, उस्तै प्रकारबाट साधु पुरुष दुष्टका सङ्गतमा रहेर पनि अरूलाई प्रकाश नै दिँदै रहन्छन्, दुष्टहरूको उनीहरूप्रति कुनै खराब प्रभाव पर्दैन)॥ ५॥

**बिधि हरि हर कबि कोबिद बानी। कहत साधु महिमा सकुचानी॥**
**सो मो सन कहि जात न कैसें। साक बनिक मनि गुन गन जैसें॥**

ब्रह्मा, विष्णु, शिव, कवि र पण्डितहरूका वाणी पनि सन्त-महिमाको वर्णन गर्न लाज मान्दछन्, त्यही (वर्णन) मैले कसरी गर्न सक्दिन, जसरी साग-तरकारी बिक्री गर्ने व्यापारीले मणिहरूको गुणसमूहलाई मूल्याङ्कन गर्न सक्दैन॥ ६॥

दो०— **बंदउँ संत समान चित हित अनहित नहिं कोइ।**
**अंजलि गत सुभ सुमन जिमि सम सुगंध कर दोइ॥ ३ (क)॥**

म सन्तहरूलाई प्रणाम गर्दछु, जसको चित्तमा समता छ, जसको न कुनै मित्र छन् र न शत्रु! जस्तै अञ्जलि (हत्केला) मा राखिएको सुन्दर फूल [जुन हातले फूललाई टिप्यो र जसले त्यही फूललाई अञ्जलिमा राख्यो] दुवै हातहरूलाई समान रूपले सुगन्धित गर्दछ [यस्तै प्रकारले सन्तले शत्रु र मित्र दुवै पक्षको समान रूपले कल्याण गर्दछन्।]॥ ३ (क)॥

**संत सरल चित जगत हित जानि सुभाउ सनेहु।**
**बालबिनय सुनि करि कृपा राम चरन रति देहु॥ ३ (ख)॥**

सन्त सरलहृदय र जगत्‌का हितकारी हुन्छन्, उनीहरूको यस्तो स्वभाव र स्नेहलाई जानेर नै मैले बिन्ती गर्दछु, मेरो यस बाल–विनम्रतालाई सुनेर कृपा गरी श्रीरामजीका चरणहरूमा मलाई प्रीति दिनुहोस्॥ ३ (ख)॥

## ❋ खल-वन्दना ❋

**बहुरि बंदि खल गन सतिभाएँ। जे बिनु काज दाहिनेहु बाएँ॥**
**पर हित हानि लाभ जिन्ह केरें। उजरें हरष बिषाद बसेरें॥**

अब म सच्चा भावद्वारा दुष्टहरूलाई प्रणाम गर्दछु, जसले प्रयोजनविना नै आफ्नो हित गर्ने मानिससँग पनि प्रतिकूल आचरण गर्दछन्। अर्का व्यक्तिको हानि नै जसको दृष्टिमा लाभ हुन्छ, जसलाई अर्काको हानि हुनाले हर्ष र राम्रो हुनाले विषाद (दुःख) हुन्छ॥ १॥

**हरि हर जस राकेस राहु से। पर अकाज भट सहसबाहु से॥**
**जे पर दोष लखहिं सहसाखी। पर हित घृत जिन्ह के मन माखी॥**

जो हरि र हरको यशरूपी पूर्णिमाका चन्द्रमाको लागि राहुको समान हुन्छन् (अर्थात् जुन ठाउँमा भगवान् विष्णु या शिवजीको यशको वर्णन हुन्छ, त्यसैमा उनीहरूले बाधा दिन्छन्) र अर्का व्यक्तिहरूको निन्दा गर्न सहस्रबाहु समान वीर हुन्छन्। जसले अर्काका दोषहरूलाई हजार आँखाहरूबाट हेर्दछन् र अर्काको हितरूपी घ्यूका लागि जसको मन झिङ्गाझैं छ (अर्थात् जस प्रकार झिङ्गा घ्यूमा टाँसिएर त्यो घ्यूलाई खराब गरिदिन्छ र स्वयं मरेर जान्छ, उस्तै प्रकारले दुष्ट मानिसले अर्कांले बनाएको कामलाई आफ्नो हानि गरेर भए पनि बिगारिदिन्छन्)॥ २॥

**तेज कृसानु रोष महिषेसा। अघ अवगुन धन धनी धनेसा॥**
**उदय केत सम हित सबही के। कुंभकरन सम सोवत नीके॥**

जो तेज (अरूलाई जलाउने ताप) मा अग्नि र क्रोधमा यमराजका समान छन्, पाप र अवगुणरूपी धनमा कुबेरसमान धनी छन्, जो बढ्दो सबैको हितलाई नाश गर्नाका लागि केतु (पुच्छ्रेतारा) समान छ र जसले कुम्भकर्णका झैं सुतिरहनुलाई नै कल्याण सम्झन्छन्॥ ३॥

**पर अकाजु लगि तनु परिहरहीं। जिमि हिम उपल कृषी दलि गरहीं॥**
**बंदउँ खल जस सेष सरोषा। सहस बदन बरनइ पर दोषा॥**

जस्तै असिनाले खेतीलाई नाश गरेर आफू पनि पग्लेर नष्ट हुन्छ, उस्तै प्रकारले उनीहरूले अर्काको काम बिगार्नाका लागि आफ्नो शरीर पनि नष्ट गर्दछन्। मैले दुष्टहरूलाई [हजार मुख भएका] शेषनागजीसमान सम्झेर प्रणाम गर्दछु, जसले अर्काका दोषहरूलाई हजार मुखद्वारा ठूलो स्वरका साथ वर्णन गर्ने गर्दछन्॥ ४॥

**पुनि प्रनवउँ पृथुराज समाना। पर अघ सुनइ सहस दस काना॥**
**बहुरि सक्र सम बिनवउँ तेही। संतत सुरानीक हित जेही॥**

पुनः उनलाई राजा पृथु (जसले भगवान्‌को यश सुन्नाका लागि दश हजार कानको वरदान

मागेका थिए) समान जानेर प्रणाम गर्दछु, जसले दश हजार कानहरूबाट अर्काका पापहरू सुन्ने गर्दछन्। फेरि इन्द्रसमान मानेर उनीहरूको बिन्ती गर्दछु, जसलाई सुरा (मदिरा) राम्रो र लाभदायक लाग्दछ [इन्द्रको लागि पनि सुरानीक अर्थात् देवताहरूका सेना लाभदायक छन्]॥ ५॥

**बचन बज्र जेहि सदा पिआरा। सहस नयन पर दोष निहारा॥**

जसलाई कठोर वचनरूपी वज्र सधैं प्यारो लाग्दछ र जसले हजार आँखाहरूबाट अर्काको दोषहरूलाई हेर्दछन्॥ ६॥

दो०— **उदासीन अरि मीत हित सुनत जरहिं खल रीति।**
**जानि पानि जुग जोरि जन बिनती करइ सप्रीति॥ ४॥**

दुष्टहरूको यही रीति हुन्छ कि उनीहरू उदासीन, शत्रु अथवा मित्र, कसैको पनि हित सुन्दा जल्दछन्। यस्तो जानेर दुवै हात जोडेर म उनीहरूसँग प्रेमपूर्वक बिन्ती गर्दछु॥ ४॥

**मैं अपनी दिसि कीन्ह निहोरा। तिन्ह निज ओर न लाउब भोरा॥**
**बायस पलिअहिं अति अनुरागा। होहिं निरामिष कबहुँ कि कागा॥**

मैले आफ्ना तर्फबाट बिन्ती गरें, परन्तु उनीहरूले आफ्ना तर्फबाट गल्ती सच्याउँदैनन्। कौवालाई अति प्रेमपूर्वक पाल्नुहोस्, परन्तु उनीहरूले के कहिल्यै मासुलाई त्याग्न सक्दछन्?॥ १॥

## * सन्त-असन्त-वन्दना *

**बंदउँ संत असज्जन चरना। दुखप्रद उभय बीच कछु बरना॥**
**बिछुरत एक प्रान हरि लेहीं। मिलत एक दुख दारुन देहीं॥**

अब म सन्त र असन्त दुवैका चरणहरूको वन्दना गर्दछु; दुवैले नै दुःख दिने गर्दछन्; परन्तु त्यसमा केही अन्तर छ। त्यो अन्तर के हो भने एक (सन्त) ले त बिछोडको समयमा प्राण हरण गर्दछन् र अर्को (असन्त) भेट हुँदा दारुण दुःख दिन्छन् (अर्थात् सन्तहरूसँग बिछोडको समयमा मृत्युको समान दुःखदायी हुन्छ र असन्तसँग भेट हुने समयमा दुःख हुन्छ)॥ २॥

**उपजहिं एक संग जग माहीं। जलज जोंक जिमि गुन बिलगाहीं॥**
**सुधा सुरा सम साधु असाधू। जनक एक जग जलधि अगाधू॥**

दुवै थरी (सन्त र असन्त) जगत्मा एकै साथ उत्पन्न हुन्छन्; तर [एकै साथ पैदा हुनेवाला] कमल र जुकाझैं उनीहरूका गुण अलग-अलग हुन्छन्। (कमलले दर्शन र स्पर्शबाट नै सुख दिन्छ, तर जुकाले शरीरको स्पर्श पाउनेबित्तिकै रगत चुस्न लाग्दछ।) साधु अमृतसमान (मृत्युरूपी संसारबाट उतार्ने) र असाधु मदिरासमान (मोह, प्रमाद र जडता उत्पन्न गर्ने) हुन्छन्, दुवैलाई उत्पन्न गर्ने जगत्रूपी अगाध समुद्र एउटै नै हो। [शास्त्रहरूमा समुद्रमन्थनबाट नै अमृत र मदिरा दुवैको उत्पत्ति भएको बताइएको छ]॥ ३॥

**भल अनभल निज निज करतूती। लहत सुजस अपलोक बिभूती॥**
**सुधा सुधाकर सुरसरि साधू। गरल अनल कलिमल सरि ब्याधू॥**

**गुन अवगुन जानत सब कोई। जो जेहि भाव नीक तेहि सोई॥**

असल र खराबले आ–आफ्नो कर्मअनुसार नै सुन्दर यश र अपयशको सम्पत्ति पाउँदछन्। अमृत, चन्द्रमा, गङ्गा र साधु एवं विष, अग्नि, कलियुगका पापहरूकी नदी अर्थात् कर्मनाशा र हिंसा गर्ने व्याधा, यिनीहरूका गुण–अवगुणलाई सबै जनाले जान्दछन्; किन्तु जसलाई जुन मन पर्दछ, त्यसलाई त्यही नै अति राम्रो लाग्दछ॥ ४–५॥

दो०— **भलो भलाइहि पै लहइ लहइ निचाइहि नीचु।**
**सुधा सराहिअ अमरताँ गरल सराहिअ मीचु॥ ५॥**

असलले असलपन नै ग्रहण गर्दछ र खराबले खराबी नै ग्रहण गर्दछ। अमृतको प्रशंसा अमर गर्नाले नै हुन्छ र विषको मार्नाले॥ ५॥

**खल अघ अगुन साधु गुन गाहा। उभय अपार उदधि अवगाहा॥**
**तेहि तें कछु गुन दोष बखाने। संग्रह त्याग न बिनु पहिचाने॥**

दुष्टहरूका पाप र अवगुणहरू एवं साधुहरूका गुणहरूको कथा दुवै नै अपार र अथाह समुद्र छन्। यसमा केही गुण र दोषहरूको वर्णन गरिएको छ, किनकि पहिचान नगरी उसलाई ग्रहण तथा त्याग गर्न मुस्किल पर्दछ॥ १॥

**भलेउ पोच सब बिधि उपजाए। गनि गुन दोष बेद बिलगाए॥**
**कहहिं बेद इतिहास पुराना। बिधि प्रपंचु गुन अवगुन साना॥**

राम्रा र नराम्रा सबै ब्रह्माले नै पैदा गरेका हुन्, तर गुण र दोषहरूलाई विचार गरेर वेदले उनीहरूलाई अलग–अलग गरिदिएका छन्। वेद, इतिहास र पुराण के भन्दछन् भने ब्रह्माको यो सृष्टि गुण–अवगुणहरूबाट भरिएको छ॥ २॥

**दुख सुख पाप पुन्य दिन राती। साधु असाधु सुजाति कुजाती॥**
**दानव देव ऊँच अरु नीचू। अमिअ सुजीवनु माहुरु मीचू॥**
**माया ब्रह्म जीव जगदीसा। लच्छि अलच्छि रंक अवनीसा॥**
**कासी मग सुरसरि क्रमनासा। मरु मारव महिदेव गवासा॥**
**सरग नरक अनुराग बिरागा। निगमागम गुन दोष बिभागा॥**

दु:ख–सुख, पाप–पुण्य, दिन–रात, साधु–असाधु, सुजाति–कुजाति, दानव–देवता, उचो–नीचो, अमृत–विष, सुजीवन (सुन्दर जीवन)–मृत्यु, माया–ब्रह्म, जीव–ईश्वर, सम्पत्ति–दरिद्रता, रङ्क–राजा, काशी–मगध, गङ्गा–कर्मनाशा, मारबाड–मालवा, ब्राह्मण–कसाई, स्वर्ग–नरक, अनुराग–वैराग्य, [यी सबै पदार्थ ब्रह्माजीका सृष्टिबाटै भएका छन्।] वेदशास्त्रहरूले उनीहरूका गुण–दोषहरूको विभाग गरिदिएका छन्॥ ३—५॥

दो०— **जड़ चेतन गुन दोषमय बिस्व कीन्ह करतार।**
**संत हंस गुन गहहिं पय परिहरि बारि बिकार॥ ६॥**

विधाताले यस जड-चेतन विश्वलाई गुण-दोषमय रचेका छन्, किन्तु सन्तरूपी हाँसले दोषरूपी जललाई छोडेर गुणरूपी दूधलाई नै ग्रहण गर्दछन्॥ ६॥

**अस बिबेक जब देइ बिधाता। तब तजि दोष गुनहिं मनु राता॥**
**काल सुभाउ करम बरिआईं। भलेउ प्रकृति बस चुकइ भलाईं॥**

विधाताले जब यस्तो प्रकारको (हाँसको जस्तो) विवेक दिन्छन्, तब दोषहरूलाई छोडेर मन गुणहरूमा अनुरक्त हुन्छ। काल, स्वभाव र कर्मको प्रबलताद्वारा असल व्यक्ति (साधु) पनि मायाको वशमा परेर कहिले-काहीं भूलमा पर्दछन्॥ १॥

**सो सुधारि हरिजन जिमि लेहीं। दलि दुख दोष बिमल जसु देहीं॥**
**खलउ करहिं भल पाइ सुसंगू। मिटइ न मलिन सुभाउ अभंगू॥**

भगवान्का भक्तहरूले जसरी त्यस गल्तीलाई सुधार गर्दछन् र दुःख-दोषहरूलाई मेटाएर निर्मल यश दिन्छन्, त्यसरी नै दुष्ट व्यक्ति पनि कहिलेकाहीं उत्तम सङ्गत पाएर राम्रो गर्दछन्; परन्तु उनीहरूको कहिल्यै भङ्ग नहुने मलिन स्वभाव मेटिँदैन॥ २॥

**लखि सुबेष जग बंचक जेऊ। बेष प्रताप पूजिअहिं तेऊ॥**
**उघरहिं अंत न होइ निबाहू। कालनेमि जिमि रावन राहू॥**

जो [वेषधारी] ठग छन्, उसलाई पनि असल (साधुको जस्तो) वेष बनाएको देखेर वेषको प्रतापबाट जगत्ले पूजा गर्दछन्; परन्तु कुनै न कुनै दिन बाहिर अर्थात् वेषधारी ठग हो भन्ने कुरा समाजमा खुल्दछ, अन्तिम समयसम्म उसको कपट छिप्न सक्दैन, जस्तै कालनेमि, रावण र राहुको हाल भयो॥ ३॥

**किएहुँ कुबेषु साधु सनमानू। जिमि जग जामवंत हनुमानू॥**
**हानि कुसंग सुसंगति लाहू। लोकहुँ बेद बिदित सब काहू॥**

नराम्रो वेष बनाउनाले पनि साधुहरूको सम्मान नै हुन्छ, जस्तै जगत्मा जाम्बवान् र हनुमान्जीको सम्मान भयो। खराब सङ्गतद्वारा हानि र असल स्वभावद्वारा लाभ नै प्राप्त हुन्छ। यो कुरा लोक र वेदमा प्रसिद्ध छ र सबैले यो कुरा जानेका छन्॥ ४॥

**गगन चढ़इ रज पवन प्रसंगा। कीचहिं मिलइ नीच जल संगा॥**
**साधु असाधु सदन सुक सारीं। सुमिरहिं राम देहिं गनि गारीं॥**

हावाको सङ्गतले धूलो आकाशमाथि जान्छ र उही धूलो (तलतर्फ बग्ने) जलको सङ्गतद्वारा हिलोमा मिसिन्छ। साधुको घरका सुगा र मैनाले राम-राम भन्दछन् र असाधुका घरका सुगा र मैनाले बारम्बार गाली गरिरहन्छन्॥ ५॥

**धूम कुसंगति कारिख होई। लिखिअ पुरान मंजु मसि सोई॥**
**सोइ जल अनल अनिल संघाता। होइ जलद जग जीवन दाता॥**

कुसङ्गतको कारणले धुवाँलाई कालो भनिन्छ, उही धुवाँ [सुसङ्गतले] सुन्दर मसी तयार भएर

पुराण लेख्ने काममा आउँदछ र त्यही धुवाँ जल, अग्नि र हावाको सङ्गतले बादल भएर जगत्‌लाई जीवनदान दिने बन्दछ॥ ६॥

**दो०— ग्रह भेषज जल पवन पट पाइ कुजोग सुजोग।**
**होहिं कुबस्तु सुबस्तु जग लखहिं सुलच्छन लोग॥ ७ ( क )॥**

ग्रह, औषधि, जल, वायु र वस्त्र यी सबै कुसङ्गत र सुसङ्गत पाएर संसारमा खराब र असल पदार्थ बन्दछन्। चतुर एवं विचारशील पुरुषले नै यस कुरालाई जान्दछन्॥ ७ (क)॥

**सम प्रकास तम पाख दुहुँ नाम भेद बिधि कीन्ह।**
**ससि सोषक पोषक समुझि जग जस अपजस दीन्ह॥ ७ ( ख )॥**

महिनाका दुई पक्षमा उज्यालो र अँध्यारो समान नै रहन्छ, परन्तु विधाताले यिनीहरूको नामलाई भेद (विभाजन) गरिदियो। (एउटाको नाम शुक्ल र अर्काको नाम कृष्ण राखिदियो) एक पक्षले चन्द्रमालाई बढाउने र अर्को पक्षले चन्द्रमालाई घटाउने जानेर जगत्‌मा एकलाई सुयश र अर्कोलाई अपयश दिने गर्दछन्॥ ७ (ख)॥

## ❋ रामरूपद्वारा जीव मात्रको वन्दना ❋

**जड़ चेतन जग जीव जत सकल राममय जानि।**
**बंदउँ सब के पद कमल सदा जोरि जुग पानि॥ ७ ( ग )॥**

जगत्‌मा जति पनि जड र चेतन जीवहरू छन्, तिनीहरू सबैलाई राममय जानेर मैले उनी सबैका चरणकमलहरूमा सधैं दुवै हात जोडेर प्रार्थना गर्दछु॥ ७ (ग)॥

**देव दनुज नर नाग खग प्रेत पितर गंधर्ब।**
**बंदउँ किंनर रजनिचर कृपा करहु अब सर्ब॥ ७ ( घ )॥**

देवता, दैत्य, मनुष्य, नाग, पक्षी, प्रेत, पितृ, गन्धर्व, किन्नर र निशाचर सबैलाई म प्रणाम गर्दछु। अब सबैले मलाई कृपा गर्नुहोस्॥ ७ (घ)॥

## ❋ तुलसीदासजीको दीनता र रामभक्तिमयी कविताको महिमा ❋

**आकर चारि लाख चौरासी। जाति जीव जल थल नभ बासी॥**
**सीय राममय सब जग जानी। करउँ प्रनाम जोरि जुग पानी॥**

चौरासी लाख योनिहरूमा चार प्रकारका (स्वेदज, अण्डज, उद्भिज्ज, जरायुज) जीव जल, पृथ्वी र आकाशमा रहन्छन्, उनीहरू सबैद्वारा भरिएको यस सारा जगत्‌लाई श्रीसीताराममय जानेर मैले दुवै हात जोडेर प्रणाम गर्दछु॥ १॥

**जानि कृपाकर किंकर मोहू। सब मिलि करहु छाड़ि छल छोहू॥**
**निज बुधि बल भरोस मोहि नाहीं। तातें बिनय करउँ सब पाहीं॥**

मलाई आफ्नो सेवक जानेर कृपाका खानी तपाईंहरू सबै मिलेर छलकपट छोडी कृपा गर्नुहोस्। मलाई आफ्नो बुद्धि-बलको भरोसा छैन, यसकारण म सबैलाई आदरपूर्वक बिन्ती गर्दछु॥ २॥

**करन चहउँ रघुपति गुन गाहा। लघु मति मोरि चरित अवगाहा॥**
**सूझ न एकउ अंग उपाऊ। मन मति रंक मनोरथ राऊ॥**

म श्रीरघुनाथका गुणहरूलाई वर्णन गर्न चाहन्छु, परन्तु मेरो बुद्धि सानो छ र श्रीरामका चरित्र अथाह छन्। यसका लागि मलाई उपायको एउटा पनि अङ्ग अर्थात् केही (लेशमात्र) पनि उपाय सम्झनामा आउँदैन। मेरो मन र बुद्धि कङ्गाल छ, किन्तु मनोरथ राजा बराबरको छ॥ ३॥

**मति अति नीच ऊँचि रुचि आछी। चहिअ अमिअ जग जुरइ न छाछी॥**
**छमिहहिं सज्जन मोरि ढिठाई। सुनिहहिं बालबचन मन लाई॥**

मेरो बुद्धि त अत्यन्तै नीच छ तर इच्छा ठूलो पहाडजस्तो अग्लो छ; इच्छा त अमृत प्राप्त गर्ने छ, तर जगत्मा मोही माग्दा पानी नपाउनु भनेझैं भएको छ। सज्जनले मेरो मूर्खतालाई क्षमा गरिदिनुहुनेछ र मेरो बालवचनलाई मन लगाएर (प्रेमपूर्वक) सुनिदिनुहुनेछ॥ ४॥

**जौं बालक कह तोतरि बाता। सुनहिं मुदित मन पितु अरु माता॥**
**हँसिहहिं कूर कुटिल कुबिचारी। जे पर दूषन भूषनधारी॥**

जस्तै बालक जब तोते वचन बोल्दछ, त्यस समय उसका आमाबाबुले उसलाई प्रसन्न मनद्वारा सुन्दछन्। किन्तु क्रूर, कुटिल र खराब विचार भएका दुष्टहरू जसले अर्काका दोषहरूलाई नै भूषण रूपमा धारण गर्दछन् (अर्थात् जसलाई अर्काका दोषहरू नै प्यारो लाग्दछ), उनीहरू अवश्य हाँस्नेछन्॥ ५॥

**निज कबित्त केहि लाग न नीका। सरस होउ अथवा अति फीका॥**
**जे पर भनिति सुनत हरषाहीं। ते बर पुरुष बहुत जग नाहीं॥**

रसिलो होस् या अत्यन्त खल्लो, आफ्नो कविता कसलाई राम्रो लाग्दैन? किन्तु जुन व्यक्ति अर्काका रचनालाई सुनेर हर्षित हुन्छन्, यस्ता उत्तम पुरुष जगत्मा धेरै छैनन्, ॥ ६॥

**जग बहु नर सर सरि सम भाई। जे निज बाढ़ि बढ़हिं जल पाई॥**
**सज्जन सकृत सिंधु सम कोई। देखि पूर बिधु बाढ़इ जोई॥**

हे भाइ! जगत्मा ताल र नदीहरूसमान मनुष्य नै धेरै छन्, जुन जल प्राप्त गरेर आफ्नै बाढीद्वारा बढ्दछन् (अर्थात् आफ्नै उन्नतिबाट प्रसन्न हुन्छन्)। समुद्रजस्ता त कुनै अत्यन्तै थोरै नै सज्जन हुन्छन् जसले चन्द्रमालाई पूर्ण देखेर (अर्काको उन्नति देखेर) खुसीले उर्लेर आउँदछन्॥ ७॥

दो०— **भाग छोट अभिलाषु बड़ करउँ एक बिस्वास।**
**पैहहिं सुख सुनि सुजन सब खल करिहहिं उपहास॥ ८॥**

मेरो भाग्य सानो छ र इच्छा अत्यन्तै ठूलो छ, परन्तु मलाई एउटा विश्वास छ कि यसलाई सुनेर सज्जन सबैले सुख पाउनेछन् र दुष्टहरूले हाँसो उडाउनेछन्॥ ८॥

**खल परिहास होइ हित मोरा। काक कहहिं कलकंठ कठोरा॥**
**हंसहिं बक दादुर चातकही। हँसहिं मलिन खल बिमल बतकही॥**

तर पनि दुष्टहरू हाँस्नाले मेरो हित नै हुनेछ। मधुर कण्ठ भएको कोइलीलाई कौवाले त कठोर

नै भन्दछ। जस्तै बकुल्लाले हाँसलाई र भ्यागुताले काकाकुललाई देखेर हाँस्दछन्, उस्तै प्रकारले मलिन मन भएका दुष्टहरू निर्मल वाणीलाई सुनेर हाँस्दछन्॥ १॥

**कबित रसिक न राम पद नेहू। तिन्ह कहँ सुखद हास रस एहू॥**
**भाषा भनिति भोरि मति मोरी। हँसिबे जोग हँसें नहिं खोरी॥**

जसको न त यस कविताप्रति रसिक छ र श्रीरामचन्द्रजीका चरणमा प्रेम छ, उसका लागि पनि यो कविताले सुखद हास्यरसको काम दिनेछ। पहिला त यो भाषाको रचना हो, दोस्रो मेरो बुद्धि सीधा-साधा छ; यसैले यो हाँस्नाका लागि योग्य नै छ, हाँस्दाखेरि उनीहरूको कुनै पनि दोष छैन॥ २॥

**प्रभु पद प्रीति न सामुझि नीकी। तिन्हहि कथा सुनि लागिहि फीकी॥**
**हरि हर पद रति मति न कुतरकी। तिन्ह कहुँ मधुर कथा रघुबर की॥**

जसको न त प्रभुका चरणहरूमा प्रेम छ र न राम्रो विवेक (ज्ञान) नै छ, उसलाई यो कथा सुन्दाखेरि फिका लाग्नेछ। जसको श्रीहरि (भगवान् विष्णु) र श्रीहर (भगवान् शिव) का चरणमा प्रीति छ र जसको बुद्धि कुतर्क गर्ने खालको छैन (जसले श्रीहरि-हरमा भेदभाव या ठूलोसानोको कल्पना गर्दैन), उसलाई श्रीरघुनाथको यो कथा मीठो लाग्नेछ॥ ३॥

**राम भगति भूषित जियँ जानी। सुनिहहिं सुजन सराहि सुबानी॥**
**कबि न होउँ नहिं बचन प्रबीनू। सकल कला सब बिद्या हीनू॥**

सज्जनगण यस कथालाई आफ्नो शरीरमा श्रीरामको भक्तिद्वारा भूषित जानेर सुन्दर वाणीद्वारा प्रशंसा गर्दै सुन्नेछन्। म न त कवि हुँ, न वाक्यरचनामा नै कुशल छु, म त सबै कला (चौसट्ठी कला, सीप) हरू र सबै विद्याहरूबाट* रहित (अनभिज्ञ) छु॥ ४॥

**आखर अरथ अलंकृति नाना। छंद प्रबंध अनेक बिधाना॥**
**भाव भेद रस भेद अपारा। कबित दोष गुन बिबिध प्रकारा॥**

नाना प्रकारका अक्षर, अर्थ र अलङ्कार, अनेक प्रकारका छन्दरचना, भावहरू र रसहरूका अपार भेद र कविताका भाँति-भाँतिका गुण-दोषहरू हुन्छन् नै॥ ५॥

**कबित बिबेक एक नहिं मोरें। सत्य कहउँ लिखि कागद कोरें॥**

यिनीहरूमध्ये काव्यसम्बन्धी यौटा कुराको पनि मलाई ज्ञान छैन, यो कोरा कागजमा लेखेर (शपथपूर्वक) सत्य-सत्य भन्दछु॥ ६॥

दो०— **भनिति मोरि सब गुन रहित बिस्व बिदित गुन एक।**
**सो बिचारि सुनिहहिं सुमति जिन्ह कें बिमल बिबेक॥ ९॥**

मेरो रचना सबै गुणहरूले रहित छ; तर यसमा जगत्प्रसिद्ध एक गुण छ। यसलाई विचार गरेर राम्रो बुद्धि भएका पुरुषले, जसको निर्मल ज्ञान छ, यसलाई श्रवण गर्नेछन्॥ ९॥

* विद्याहरू प्रायः चौध मानिएका छन्। यथा— **'पुराणन्यायमीमांसाधर्मशास्त्राङ्गमिश्रिताः। वेदाः स्थानानि विद्यानां धर्मस्य च चतुर्दश॥'** (३), (याज्ञवल्क्यस्मृति उपोद्घात प्रकरण १) अर्थात् ब्रह्म आदि अठार पुराण, तर्कविद्यारूप न्याय, मीमांसा (वेदवाक्यको विचार), धर्मशास्त्र (मनुस्मृति आदि), वेदका छ अङ्ग (शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष र छन्द) र चार वेदहरू मिलेर १४ विद्याहरू हुन्छन्। (मानस-पीयूषबाट उद्धृत)

**एहि महँ रघुपति नाम उदारा। अति पावन पुरान श्रुति सारा॥**
**मंगल भवन अमंगल हारी। उमा सहित जेहि जपत पुरारी॥**

यसमा श्रीरघुनाथको उदार नाम छ, जो अत्यन्त पवित्र छ, वेद–पुराणहरूको सार छ, कल्याणको भवन छ र अमङ्गलहरूलाई हरण गर्दछ, जसलाई पार्वतीजीसहित भगवान् शिवजीले सधैं जप गर्ने गर्नुहुन्छ॥ १॥

**भनिति बिचित्र सुकबि कृत जोऊ। राम नाम बिनु सोह न सोऊ॥**
**बिधुबदनी सब भाँति सँवारी। सोह न बसन बिना बर नारी॥**

जुन असल कविद्वारा रचिएको ठूलो अनौठो कविता हुन्छ, त्यो पनि राम नाम नभएमा शोभाहीन हुन्छ। जसरी चन्द्रमाजस्तै सुन्दर मुख भएकी स्त्री सबै प्रकारले सुसज्जित हुँदा पनि वस्त्रविना शोभाहीन नै देखिन्छे॥ २॥

**सब गुन रहित कुकबि कृत बानी। राम नाम जस अंकित जानी॥**
**सादर कहहिं सुनहिं बुध ताही। मधुकर सरिस संत गुनग्राही॥**

यसको विपरीत हीन कविद्वारा रचिएका सबै गुणहरूद्वारा रहित कविता पनि, रामको नाम र यशबाट अङ्कित जानेर, बुद्धिमान् मानिसहरूले आदरपूर्वक गाउँदछन् र सुन्दछन्, किनकि सन्तहरूले भमराले झैं गुणलाई नै ग्रहण गर्ने गर्दछन्॥ ३॥

**जदपि कबित रस एकउ नाहीं। राम प्रताप प्रगट एहि माहीं॥**
**सोइ भरोस मोरें मन आवा। केहिं न सुसंग बड़प्पनु पावा॥**

यद्यपि मेरो यस रचनामा कविताको एउटा पनि रस छैन, तथापि यसमा श्रीरामको प्रताप प्रकट छ। मेरो मनमा त्यही एक भरोसा छ। राम्रो सङ्गतले राम्रो कसलाई भएन र? अर्थात् राम्रो सङ्गतद्वारा प्रशंसा कसले पाएको छैन र?॥ ४॥

**धूमउ तजइ सहज करुआई। अगरु प्रसंग सुगंध बसाई॥**
**भनिति भदेस बस्तु भलि बरनी। राम कथा जग मंगल करनी॥**

धुवाँ पनि अगर (धूप, धूपी) को सङ्गतद्वारा सुगन्धित भएर आफ्नो स्वाभाविक पिरोपना छोडिदिन्छ। मेरो कविता अवश्य भद्दा छ, परन्तु यसमा जगत्लाई कल्याण गर्ने रामकथारूपी उत्तम वस्तुको वर्णन गरिएको छ [यसैले यसलाई राम्रो नै सम्झनुपर्दछ]॥ ५॥

छं०— **मंगल करनि कलिमल हरनि तुलसी कथा रघुनाथ की।**
**गति कूर कबिता सरित की ज्यों सरित पावन पाथ की॥**
**प्रभु सुजस संगति भनिति भलि होइहि सुजन मन भावनी।**
**भव अंग भूति मसान की सुमिरत सुहावनि पावनी॥**

तुलसीदासजीले भन्नुहुन्छ कि श्रीरघुनाथको कथा कल्याण गर्ने र कलियुगका पापहरूलाई हरण गर्नेवाला छ। मेरो यो भद्दा कवितारूपी नदीको चाल पवित्र जल भएकी नदी (गङ्गाजी) को चालझैं

टेढो छ। प्रभु श्रीरघुनाथजीका सुन्दर यशको सङ्गतद्वारा यो कविता सुन्दर तथा सज्जनहरूका मनमा मन पर्ने हुनेछ। मसानघाटको अपवित्र भस्म पनि श्रीमहादेवका शरीरको सङ्गतले सुन्दर लाग्दछ र स्मरण गर्दा नै पवित्र गर्नेवाला हुन्छ।

दो०— **प्रिय लागिहि अति सबहि मम भनिति राम जस संग।**
**दारु बिचारु कि करइ कोउ बंदिअ मलय प्रसंग॥ १० ( क )॥**

श्रीरामका यशको सङ्गतले मेरो कविता सबैलाई अत्यन्त प्रिय लाग्नेछ। जस्तै मलयपर्वतको सङ्गतबाट काठ मात्र पनि [चन्दन बनेर] वन्दनीय हुन्छ, फेरि के कसैले काठ [को तुच्छता] लाई विचार गर्दछन्?॥ १० (क)॥

**स्याम सुरभि पय बिसद अति गुनद करहिं सब पान।**
**गिरा ग्राम्य सिय राम जस गावहिं सुनहिं सुजान॥ १० ( ख )॥**

श्यामा गाई काली भए पनि उनको दूध उज्ज्वल र धेरै गुणकारी हुन्छ। यही सम्झेर सबै जनाले उसलाई पिउँदछन्। यस्तै प्रकारले ग्रामीण मूर्ख भाषामा हुँदा पनि श्रीसीतारामको यशलाई बुद्धिमान् मानिसले धेरै नै रुचिपूर्वक गाउँदछन् र सुन्दछन्॥ १० (ख)॥

**मनि मानिक मुकुता छबि जैसी। अहि गिरि गज सिर सोह न तैसी॥**
**नृप किरीट तरुनी तनु पाई। लहहिं सकल सोभा अधिकाई॥**

मणि, माणिक र मोतीको जस्तो सुन्दर कान्ति (प्रकाश) छ, यी वस्तुले सर्प, पर्वत र हात्तीको शिरमा त्यस्तो शोभा दिन सक्दैनन्। राजाको मुकुट र नवयुवती (तरुनी) स्त्रीको शरीर पाएर नै यी सबै वस्तु (शोभाद्वारा) सुशोभित हुन्छन्॥ १॥

**तैसेहिं सुकबि कबित बुध कहहीं। उपजहिं अनत अनत छबि लहहीं॥**
**भगति हेतु बिधि भवन बिहाई। सुमिरत सारद आवति धाई॥**

यस्तै प्रकारले, बुद्धिमान् मानिसले भन्दछन् कि सुकविको कविता पनि उत्पन्न एक ठाउँमा हुन्छ र शोभा (प्रशंसा) अन्य ठाउँमा पाउँदछ। (अर्थात् कविको वाणीद्वारा उत्पन्न भएको कविता त्यहीं शोभा पाउँदछ जहाँ उसको विचार, प्रचार तथा उसमा वर्णन गरिएका आदर्शको ग्रहण तथा अनुसरण हुन्छ)। कविले स्मरण गर्नेबित्तिकै उसको भक्तिको कारण सरस्वतीजी ब्रह्मलोकलाई छोडेर आउनुहुन्छ॥ २॥

**राम चरित सर बिनु अन्हवाएँ। सो श्रम जाइ न कोटि उपाएँ॥**
**कबि कोबिद अस हृदयँ बिचारी। गावहिं हरि जस कलि मल हारी॥**

सरस्वतीजी दौडेर आएको त्यो थकाइ रामचरितरूपी सरोवरमा ननुहाएसम्म अन्य करोडौं उपायद्वारा पनि मेटिन सक्दैन। कवि र पण्डितले आफ्नो हृदयमा यस्तो विचार गरेर कलियुगका पापहरूलाई हरणगर्ने श्रीहरिको यशलाई नै गाउँदछन्॥ ३॥

**कीन्हें प्राकृत जन गुन गाना। सिर धुनि गिरा लगत पछिताना॥**
**हृदय सिंधु मति सीप समाना। स्वाति सारदा कहहिं सुजाना॥**

संसारी मनुष्यहरूको गुणगान गर्नाले सरस्वतीजी टाउको ठोकेर पश्चात्ताप गर्न लाग्नुहुन्छ [म किन यसले बोलाएर आएँ भनेर]। बुद्धिमान् व्यक्ति हृदयलाई समुद्र, बुद्धिलाई सीप र सरस्वतीलाई स्वाति नक्षत्रसमान भन्दछन्॥ ४॥

**जौं बरषइ बर बारि बिचारू। होह कबित मुकुतामनि चारू॥**

यसमा यदि श्रेष्ठ विचाररूपी जलको वर्षा भयो भने त मुक्तामणिजस्तै सुन्दर कविता हुन्छ॥ ५॥

**दो०— जुगुति बेधि पुनि पोहिअहिं रामचरित बर ताग।**
**पहिरहिं सज्जन बिमल उर सोभा अति अनुराग॥ ११॥**

उनै कवितारूपी मुक्तामणिहरूलाई युक्ति (बुद्धि) द्वारा छेडेर फेरि रामचरित्ररूपी सुन्दर धागोमा उनेर सज्जन व्यक्तिहरूले आफ्नो निर्मल हृदयमा धारण गर्ने गर्दछन्, जसद्वारा अत्यन्त अनुरागरूपी शोभा हुन्छ (उनीहरूले अत्यन्त प्रेमलाई प्राप्त गर्दछन्)॥ ११॥

**जे जनमे कलिकाल कराला। करतब बायस बेष मराला॥**
**चलत कुपंथ बेद मग छाँड़े। कपट कलेवर कलि मल भाँड़े॥**

जुन कराल कलियुग (भयङ्कर कलियुग) मा जन्मेका छन्, जसको व्यवहार कागको समान छ र वेष हाँसको जस्तो छ, जो वेदमार्गलाई छोडेर कुमार्गमा हिंड्दछन्, जो कपटका मूर्ति र कलियुगका पापका भाँडाहरू छन्॥ १॥

**बंचक भगत कहाइ राम के। किंकर कंचन कोह काम के॥**
**तिन्ह महँ प्रथम रेख जग मोरी। धींग धरमध्वज धंधक धोरी॥**

जसले श्रीरामजीको भक्त भएर (कहलाएर) व्यक्तिहरूलाई ठग्दछन्, जुन धन (लोभ), क्रोध र कामको गुलाम (दास) छन् र आडम्बर गर्ने, धर्मध्वजी (धर्मको झूटो ध्वजा फहराउने— दम्भी) र कपटका धन्दाहरूका भारी बोक्नेवाला छन्, संसारमा यस्ता व्यक्तिहरूमध्ये सबैभन्दा पहिला मेरो स्थान (गणना) छ॥ २॥

**जौं अपने अवगुन सब कहऊँ। बाढ़इ कथा पार नहिं लहऊँ॥**
**ताते मैं अति अलप बखाने। थोरे महुँ जानिहहिं सयाने॥**

यदि मैले आफ्ना सबै अवगुणहरूलाई वर्णन गर्न थालें भने कथा अत्यन्तै लामो (भद्दा) हुनेछ र मैले कथा पूरा गर्न सक्नेछैन। त्यसैले मैले अति थोरै अवगुणहरू मात्र वर्णन गरेको छु। बुद्धिमान् व्यक्तिहरूले थोरैमा नै (सबै रहस्य) सम्झनेछन्॥ ३॥

**समुझि बिबिधि बिधि बिनती मोरी। कोउ न कथा सुनि देइहि खोरी॥**
**एतेहु पर करिहहिं जे असंका। मोहि ते अधिक ते जड़ मति रंका॥**

मेरा अनेकौं प्रकारका बिन्तीलाई सम्झेर, कसैले पनि यस कथालाई सुनेर दोष दिने छैनन्। यति भन्दा पनि जसले शङ्का गर्लान्, उनीहरू त मभन्दा पनि धेरै मूर्ख र बुद्धिका कङ्गाल हुन्॥ ४॥

**कबि न होउँ नहिं चतुर कहावउँ। मति अनुरूप राम गुन गावउँ॥**
**कहँ रघुपति के चरित अपारा। कहँ मति मोरि निरत संसारा॥**

म न त कवि हुँ, न चलाखमा गनिएको (प्रचारित भएको) छु; आफ्नो बुद्धिअनुसार श्रीरामजीको गुण गाउँदछु। कहाँ यस्तो श्रीरामचन्द्रजीको अपार चरित्र, कहाँ संसारमा आसक्त मेरो बुद्धि!॥ ५॥

**जेहिं मारुत गिरि मेरु उड़ाहीं। कहहु तूल केहि लेखे माहीं॥**
**समुझत अमित राम प्रभुताई। करत कथा मन अति कदराई॥**

जुन हावाद्वारा सुमेरु–जस्तो पहाड उड्दछ, भन्नुहोस त, उसको अघिल्तिर कपासको के गणना हुन्छ। श्रीरामजीको असीम प्रभुतालाई सम्झेर कथा रचना गर्न मेरो मनले अत्यन्तै लाज मान्दछ— ॥ ६॥

दो०— **सारद सेस महेस बिधि आगम निगम पुरान।**
**नेति नेति कहि जासु गुन करहिं निरंतर गान॥ १२॥**

सरस्वतीजी, शेषजी, शिवजी, ब्रह्माजी, शास्त्र, वेद र पुराण— यिनीहरू सबैले 'नेति–नेति' ('यति मात्र होइन', 'यस्तो मात्र होइन, छन त छ, तर बताउँन सकिंदैन') भनेर सधैं जसको गुणगान गाउने गर्दछन्॥ १२॥

**सब जानत प्रभु प्रभुता सोई। तदपि कहें बिनु रहा न कोई॥**
**तहाँ बेद अस कारन राखा। भजन प्रभाउ भाँति बहु भाषा॥**

यद्यपि प्रभु श्रीरामचन्द्रको प्रभुतालाई सबैले यस्तो (अकथनीय) नै जान्दछन् तथापि नभनी कोही बस्न सकेनन्। यसमा वेदले यस्तो कारण बताएका छन् कि भजनको प्रभाव धेरै तरिकाबाट वर्णन गरिएको छ। (अर्थात् भगवान्‌को महिमाको पूरा वर्णन त कसैले पनि गर्न सक्दैनन्; परन्तु जसद्वारा जति हुन सक्यो उति नै भगवान्‌को गुणगान गर्नुपर्दछ। किनकि भगवान्‌को गुणगानरूपी भजनको प्रभाव धेरै नै अनुपम छ, उसलाई नाना प्रकारद्वारा शास्त्रहरूमा वर्णन गरिएको छ। थोरै भए पनि भगवान्‌को भजनले मनुष्यलाई सजिलैसँग भवसागरबाट तारिदिन्छ)॥ १॥

**एक अनीह अरूप अनामा। अज सच्चिदानंद पर धामा॥**
**ब्यापक बिस्वरूप भगवाना। तेहिं धरि देह चरित कृत नाना॥**

जो परमेश्वर एक हुनुहुन्छ, जसको कुनै इच्छा नै छैन, जसको कुनै रूप र नाम छैन, जुन अजन्मा, सच्चिदानन्द र परमधाम हुनुहुन्छ र जुन सबैमा व्यापक एवं विश्वरूप हुनुहुन्छ, उनै भगवान्‌ले दिव्य शरीर धारण गरेर नाना प्रकारका लीला गर्नुभएको छ॥ २॥

**सो केवल भगतन हित लागी। परम कृपाल प्रनत अनुरागी॥**
**जेहि जन पर ममता अति छोहू। जेहिं करुना करि कीन्ह न कोहू॥**

यस्ता लीला केवल भक्तहरूको हितको लागि नै हुन्; किनकि भगवान् परम कृपालु हुनुहुन्छ र शरणागतका अति नै प्रेमी हुनुहुन्छ। जसको भक्तहरूप्रति धेरै ममता र कृपा छ, जसले एकपल्ट जुन व्यक्तिलाई कृपा गरिदिनुहुन्छ, उसप्रति फेरि कहिल्यै क्रोध गर्नुहुन्न॥ ३॥

**गई बहोर गरीब नेवाजू। सरल सबल साहिब रघुराजू॥**
**बुध बरनहिं हरि जस अस जानी। करहिं पुनीत सुफल निज बानी॥**

उनै प्रभु श्रीरघुनाथजी गुमेको (सर्वस्व भएको) वस्तुलाई फेरि प्राप्त गराउनेवाला, गरिबनिवाज (दीनबन्धु), सरल स्वभाव, सर्वशक्तिमान् र सबैका स्वामी हुनुहुन्छ। यस्तो सम्झेर बुद्धिमान् व्यक्तिहरूले उनै श्रीहरिको यशलाई वर्णन गरेर आफ्नो वाणीलाई पवित्र र उत्तम फल (मोक्ष र दुर्लभ भगवत्प्रेम) दिन समर्थ बनाउँदछन्॥ ४॥

## * कवि-वन्दना *

**तेहिं बल मैं रघुपति गुन गाथा। कहिहउँ नाइ राम पद माथा॥**
**मुनिन्ह प्रथम हरि कीरति गाई। तेहिं मग चलत सुगम मोहि भाई॥**

त्यही बलद्वारा (महिमाको यथार्थ वर्णन हैन, परन्तु महान् फल दिने भजन सम्झेर भगवत्कृपाको बलद्वारा नै) मैले श्रीरामचन्द्रका चरणहरूमा शिर निहुराएर श्रीरघुनाथका गुणहरूको कथा भन्नेछु। यही विचारबाट [वाल्मीकि, व्यास आदि] मुनिहरूले पहिला हरिकै कीर्ति गाएका थिए। भाइ! उही मार्गमा हिंड्नाले मेरा लागि सुगम हुनेछ॥ ५॥

दो०— **अति अपार जे सरित बर जौं नृप सेतु कराहिं।**
**चढ़ि पिपीलिकउ परम लघु बिनु श्रम पारहि जाहिं॥ १३॥**

जो अत्यन्त ठूलो श्रेष्ठ नदी छ, यदि राजाले त्यही नदीमा पुल बनाइदिए भने त अत्यन्तै सानो कमिला पनि त्यसमा हिंडेर परिश्रमविना नै पारि जान सक्दछ [यस्तै प्रकार मुनिहरूका वर्णनको सहारामा मैले पनि श्रीरामचरित्रको वर्णन सजिलैसँग गर्न सक्नेछु]॥ १३॥

**एहि प्रकार बल मनहि देखाई। करिहउँ रघुपति कथा सुहाई॥**
**ब्यास आदि कबि पुंगव नाना। जिन्ह सादर हरि सुजस बखाना॥**

यस्तो प्रकारले मनलाई बल देखाएर मैले श्रीरघुनाथजीका सुन्दर कथाको रचना गर्नेछु। व्यास आदि जो अनेकौं श्रेष्ठ कवि भएका छन्, जसले ठूलो आदरका साथ श्रीहरिको सुयशलाई वर्णन गरिसकेका छन्॥ १॥

**चरन कमल बंदउँ तिन्ह केरे। पुरवहुँ सकल मनोरथ मेरे॥**
**कलि के कबिन्ह करउँ परनामा। जिन्ह बरने रघुपति गुन ग्रामा॥**

मैले उनै सबै (श्रेष्ठ कविहरू) का चरणकमलहरूमा प्रणाम गर्दछु, उनीहरूले मेरो सबै मनोरथलाई पूरा गरिदिऊन्। कलियुगका पनि उनै कविहरूलाई प्रणाम गर्दछु, जसले श्रीरघुनाथका गुणसमूहहरूलाई वर्णन गरेका छन्॥ २॥

**जे प्राकृत कबि परम सयाने। भाषाँ जिन्ह हरि चरित बखाने॥**
**भए जे अहहिं जे होइहहिं आगें। प्रनवउँ सबहि कपट सब त्यागें॥**

जो ठूला बुद्धिमान् प्राकृत कवि छन्, जसले भाषाहरूमा हरिचरित्रलाई वर्णन गरेका छन्, जो

यस्ता कवि पहिले नै भइसकेका छन्, जो अहिले वर्तमान छन् र जो भविष्यमा हुनेछन्, उनी सबैलाई मैले सारा कपट त्यागेर प्रणाम गर्दछु॥ ३॥

**होहु प्रसन्न देहु बरदानू। साधु समाज भनिति सनमानू॥**
**जो प्रबंध बुध नहिं आदरहीं। सो श्रम बादि बाल कबि करहीं॥**

तपाईंहरू सबैले प्रसन्न भएर यस्तो वरदान दिनुहोस् कि साधु-समाजमा मेरो कविताको सम्मान होस्; किनकि बुद्धिमान् व्यक्तिले जुन कवितालाई आदर गर्दैनन्, मूर्ख कवि नै उसको रचनामा व्यर्थ परिश्रम गर्दछन्॥ ४॥

**कीरति भनिति भूति भलि सोई। सुरसरि सम सब कहँ हित होई॥**
**राम सुकीरति भनिति भदेसा। असमंजस अस मोहि अँदेसा॥**

कीर्ति, कविता र सम्पत्ति त्यही उत्तम हुन्छ जो गङ्गाजीले झैं सबैको हित गर्ने होस्। श्रीरामचन्द्रजीको कीर्ति त धेरै सुन्दर (सबैलाई अनन्त कल्याण गर्ने नै) छ, परन्तु मेरो कविता भद्दा छ। यही असामञ्जस्य छ (अर्थात् यी दुवैको मेल हुँदैन), यसैको मलाई चिन्ता छ॥ ५॥

**तुम्हरी कृपाँ सुलभ सोउ मोरे। सिअनि सुहावनि टाट पटोरे॥**

परन्तु हे कविहरू! हजुरहरूको कृपाबाट यो कुरा पनि मेरो लागि सुलभ हुन सक्दछ। रेसमको सिलाइ टाटमा पनि सुन्दर लाग्दछ॥ ६॥

दो०— **सरल कबित कीरति बिमल सोइ आदरहिं सुजान।**
**सहज बयर बिसराइ रिपु जो सुनि करहिं बखान॥ १४ (क)॥**

चतुर पुरुषहरूले त्यही कवितालाई आदर गर्दछन्, जो सरल होस् र जसमा निर्मल चरित्रको वर्णन होस् तथा जसलाई सुनेर शत्रुले पनि स्वाभाविक वैरलाई भुलेर प्रशंसा गर्न लागून्॥ १४ (क)॥

**सो न होइ बिनु बिमल मति मोहि मति बल अति थोर।**
**करहु कृपा हरि जस कहउँ पुनि पुनि करउँ निहोर॥ १४ (ख)॥**

यस्तो कविता निर्मल बुद्धिविना हुन सक्दैन र मेरो बुद्धिको बल अत्यन्तै थोरै छ। यस कारणले बारम्बार के अनुरोध गर्दछु भने हे कविहरू! हजुरहरूले कृपा गर्नुहोस्, जसबाट मैले हरियशलाई वर्णन गर्न सकूँ॥ १४ (ख)॥

**कबि कोबिद रघुबर चरित मानस मंजु मराल।**
**बालबिनय सुनि सुरुचि लखि मो पर होहु कृपाल॥ १४ (ग)॥**

कवि र पण्डितगण! हजुरहरू जुन रामचरित्ररूपी मानसरोवरका सुन्दर हाँस हुनुहुन्छ, म बालकको बिन्ती सुनेर र सुन्दर रुचि देखेर ममाथि कृपा गर्नुहोस्॥ १४ (ग)॥

## ✹ वाल्मीकि, वेद, ब्रह्मा, देवता, शिव, पार्वती आदिको वन्दना ✹

सो०— **बंदउँ मुनि पद कंजु रामायन जेहिं निरमयउ।**
**सखर सुकोमल मंजु दोष रहित दूषन सहित॥ १४ (घ)॥**

म उनै वाल्मीकि मुनिका चरणकमलहरूको वन्दना गर्दछु, जसले रामायणको रचना गर्नुभयो, जुन खर (राक्षस) सहित हुँदा पनि खर (कठोर) भन्दा विपरीत धेरै कोमल र सुन्दर छ तथा जुन दूषण (राक्षस) सहित हुँदा पनि दूषण अर्थात् दोषबाट रहित छ॥ १४ (घ)॥

**बंदउँ चारिउ बेद भव बारिधि बोहित सरिस।**
**जिन्हहि न सपनेहुँ खेद बरनत रघुबर बिसद जसु॥ १४ ( ङ)॥**

म चारै वेदहरूको वन्दना गर्दछु, जो संसारसमुद्र पारि तर्नका लागि जहाजका समान छन् तथा जसलाई श्रीरघुनाथजीको निर्मल यश वर्णन गर्नमा सपनामा पनि खेद (थकाइ) हुँदैन॥ १४ (ङ)॥

**बंदउँ बिधि पद रेनु भव सागर जेहिं कीन्ह जहँ।**
**संत सुधा ससि धेनु प्रगटे खल बिष बारुनी॥ १४ ( च )॥**

म ब्रह्माजीका चरण-रजको वन्दना गर्दछु, जसले भवसागर बनाउनुभएको छ, जहाँबाट एकतर्फ सन्तरूपी अमृत, चन्द्रमा र कामधेनु निस्के र अर्को तर्फबाट दुष्ट मनुष्यरूपी विष र मदिरा उत्पन्न भए॥ १४ (च)॥

दो०— **बिबुध बिप्र बुध ग्रह चरन बंदि कहउँ कर जोरि।**
**होइ प्रसन्न पुरवहु सकल मंजु मनोरथ मोरि॥ १४ ( छ )॥**

देवता, ब्राह्मण, पण्डित, ग्रह—यी सबैका चरणहरूको वन्दना गर्दै हात जोडेर भन्दछु कि मेरा सम्पूर्ण मनोरथहरूलाई पूरा गरिदिनुहोस्॥ १४ (छ)॥

**पुनि बंदउँ सारद सुरसरिता। जुगल पुनीत मनोहर चरिता॥**
**मज्जन पान पाप हर एका। कहत सुनत एक हर अबिबेका॥**

फेरि मैले सरस्वतीजी र देवनदी गङ्गाजीको वन्दना गर्दछु। दुवै पवित्र र मनोहर चरित्र भएका हुनुहुन्छ। एउटी (गङ्गाजी)ले स्नान गर्दा र जल पिउनाले पापहरूलाई हरण गर्नुहुन्छ र अर्की (सरस्वतीजी) ले गुण र यशलाई वर्णन गर्दा र सुन्दा अज्ञानलाई नाश गरिदिनुहुन्छ॥ १॥

**गुर पितु मातु महेस भवानी। प्रनवउँ दीनबंधु दिन दानी॥**
**सेवक स्वामि सखा सिय पी के। हित निरुपधि सब बिधि तुलसी के॥**

श्रीमहेश र पार्वतीजीलाई म प्रणाम गर्दछु, जो मेरा गुरु र आमा-बाबु हुनुहुन्छ, जुन दीनबन्धु र दिनहुँ दान गर्ने हुनुहुन्छ, जो सीतापति श्रीरामचन्द्रका सेवक, स्वामी र साथी हुनुहुन्छ तथा म तुलसीदासलाई सबै प्रकारले कपटरहित (सच्चा) हित गर्ने गर्नुहुन्छ॥ २॥

**कलि बिलोकि जग हित हर गिरिजा। साबर मंत्र जाल जिन्ह सिरिजा॥**
**अनमिल आखर अरथ न जापू। प्रगट प्रभाउ महेस प्रतापू॥**

जुन शिव-पार्वतीजीले कलियुगलाई देखेर, जगत्को हितको लागि, शावर मन्त्रसमूहको रचना गर्नुभयो, जुन मन्त्रहरूका अक्षर बेमेल (छन्द-विहीन) छन्, जसको न कुनै ठीक अर्थ हुन्छ र न जप नै हुन्छ, तथापि श्रीशिवको प्रतापद्वारा यसको प्रभाव प्रत्यक्ष छ॥ ३॥

**सो उमेस मोहि पर अनुकूला। करिहिं कथा मुद मंगल मूला॥**
**सुमिरि सिवा सिव पाइ पसाऊ। बरनउँ रामचरित चित चाऊ॥**

उनै उमापति शिवजीले मसँग प्रसन्न भएर [श्रीरामजीको] यस कथालाई आनन्द र मङ्गलको मूल (उत्पन्न गर्ने) बनाइदिनुहुनेछ। यस प्रकार पार्वतीजी र शिवजी दुवैलाई स्मरण गरेर तथा उहाहरूको प्रसाद पाएर मैले रुचिसहित चित्तद्वारा श्रीरामचरित्रको वर्णन गर्दछु॥ ४॥

**भनिति मोरि सिव कृपाँ बिभाती। ससि समाज मिलि मनहुँ सुराती॥**
**जे एहि कथहि सनेह समेता। कहिहहिं सुनिहहिं समुझि सचेता॥**
**होइहहिं राम चरन अनुरागी। कलि मल रहित सुमंगल भागी॥**

मेरो कविता शिवजीको कृपाबाट यस्तो सुशोभित हुनेछ, जस्तै तारागणहरूसहित चन्द्रमाका साथ रात्रि शोभायमान (सुशोभित) हुन्छ। जसले यस कथालाई प्रेमसहित एवं सावधानीका साथ सम्झेर-बुझेर भन्नेछन्—सुन्नेछन्, उनीहरू कलियुगका पापहरूबाट रहित र सुन्दर कल्याणका भागी भएर श्रीरामचन्द्रका चरणका प्रेमी बन्नेछन्॥ ५-६॥

दो०— **सपनेहुँ साचेहुँ मोहि पर जौं हर गौरि पसाउ।**
**तौ फुर होउ जो कहेउँ सब भाषा भनिति प्रभाउ॥ १५॥**

यदि मसँग शिवजी र पार्वतीजी स्वप्नमा पनि साँच्चै नै प्रसन्न हुनुहुन्छ भने, मैले यस भाषाकविताको जुन प्रभाव भनेको छु, त्यो सबै सत्य होस्॥ १५॥

## * श्रीसीताराम-धाम-परिकर-वन्दना *

**बंदउँ अवध पुरी अति पावनि। सरजू सरि कलि कलुष नसावनि॥**
**प्रनवउँ पुर नर नारि बहोरी। ममता जिन्ह पर प्रभुहि न थोरी॥**

मैले अति पवित्र श्रीअयोध्यापुरी र कलियुगका पापहरूलाई नाश गर्ने श्रीसरयूनदीको वन्दना गर्दछु। फेरि अवधपुरीका उनै नर-नारीहरूलाई प्रणाम गर्दछु, जसमाथि प्रभु श्रीरामचन्द्रको ममता थोरै छैन (अर्थात् अति नै धेरै छ)॥ १॥

**सिय निंदक अघ ओघ नसाए। लोक बिसोक बनाइ बसाए॥**
**बंदउँ कौसल्या दिसि प्राची। कीरति जासु सकल जग माची॥**

उहाले [आफ्नो पुरीमा वस्नेहरू] सीताजीको निन्दा गर्ने (धोबी र उसका समर्थक पुर-नर-नारीहरू) का पापसमूहहरूलाई नाश गरी उनीहरूलाई शोकरहित बनाएर आफ्नो लोक (धाम) मा राखिदिनुभयो। मैले कौसल्यारूपी पूर्व दिशालाई वन्दना गर्दछु, जसको कीर्ति समस्त संसारमा फैलिएको छ॥ २॥

**प्रगटेउ जहँ रघुपति ससि चारू। बिस्व सुखद खल कमल तुसारू॥**
**दसरथ राउ सहित सब रानी। सुकृत सुमंगल मूरति मानी॥**

**करउँ प्रनाम करम मन बानी। करहु कृपा सुत सेवक जानी॥**
**जिन्हहि बिरचि बड़ भयउ बिधाता। महिमा अवधि राम पितु माता॥**

जहाँ (कौसल्यारूपी पूर्व दिशा) बाट विश्वलाई सुखदिने र दुष्टरूपी कमलहरूका लागि तुषारो— जस्तो श्रीरामचन्द्ररूपी सुन्दर चन्द्रमा प्रकट हुनुभयो। सबै रानीहरूसहित राजा दशरथजीलाई पुण्य र सुन्दर कल्याणका मूर्ति मानेर मैले मन, वचन र कर्मले प्रणाम गर्दछु। आफ्ना छोराको सेवक जानेर हजुरहरूले मलाई कृपा गर्नुहोस्, जसलाई रचेर ब्रह्माजीले पनि धेरै प्रशंसा पाउनुभयो तथा श्रीरामजीका आमा र बाबु हुनाको कारणले महिमाको सीमा हुनुभएको छ॥ ३-४॥

**सो०— बंदउँ अवध भुआल सत्य प्रेम जेहि राम पद।**
**बिछुरत दीनदयाल प्रिय तनु तृन इव परिहरेउ॥ १६॥**

मैले अयोध्याका राजा दशरथजीको वन्दना गर्दछु, जसको श्रीरामका चरणहरूमा सच्चा प्रेम थियो, जसले दीनदयालु, प्रभुसँग बिछोड हुँदा नै आफ्नो प्यारो शरीरलाई सामान्य तृण (तान्द्रो) को झैं त्याग गर्नुभयो॥ १६॥

**प्रनवउँ परिजन सहित बिदेहू। जाहि राम पद गूढ़ सनेहू॥**
**जोग भोग महँ राखेउ गोई। राम बिलोकत प्रगटेउ सोई॥**

म परिवारसहित राजा जनकजीलाई प्रणाम गर्दछु, जसको श्रीरामजीको चरणहरूमा गूढ (गुप्त) प्रेम थियो, जसलाई उहाँले योग र भोगमा लुकाएर राख्नुभएको थियो, परन्तु श्रीरामचन्द्रजीलाई देख्नेबित्तिकै त्यो प्रकट भयो॥ १॥

**प्रनवउँ प्रथम भरत के चरना। जासु नेम ब्रत जाइ न बरना॥**
**राम चरन पंकज मन जासू। लुबुध मधुप इव तजइ न पासू॥**

[भाइहरूमा] सबैभन्दा पहिला मैले श्रीभरतजीका चरणहरूमा प्रणाम गर्दछु, जसको नियम र व्रत वर्णन गर्न नै सकिंदैन तथा जसको मन श्रीरामजीका चरण-कमलहरूमा भँवरोका समान लोभिइरहन्छ, कहिल्यै उनको साथ छोड्दैन॥ २॥

**बंदउँ लछिमन पद जल जाता। सीतल सुभग भगत सुख दाता॥**
**रघुपति कीरति बिमल पताका। दंड समान भयउ जस जाका॥**

म श्रीलक्ष्मणका चरणकमलमा प्रणाम गर्दछु, जो शीतल, सुन्दर र भक्तहरूलाई सुख दिनेवाला हुनुहुन्छ। श्रीरघुनाथको कीर्तिरूपी विमल पताकामा (निर्मल झन्डा) जसको (लक्ष्मणजीको) यश [झन्डालाई अग्लो बनाएर फहराउने] लौरोझैं भयो॥ ३॥

**सेष सहस्रसीस जग कारन। जो अवतरेउ भूमि भय टारन॥**
**सदा सो सानुकूल रह मो पर। कृपासिंधु सौमित्रि गुनाकर॥**

जो हजार शिर भएका, जगत्‌का कारण (हजार शिरहरूमा जगत्‌लाई धारण गर्ने) शेषनागजी हुनुहुन्छ, जसले पृथ्वीको भयलाई हटाउनका लागि अवतार लिनुभयो, उनै गुणहरूका खानी कृपासिन्धु सुमित्रानन्दन श्रीलक्ष्मण मसँग सधैं प्रसन्न हुनुहोस्॥ ४॥

**रिपुसूदन पद कमल नमामी। सूर सुसील भरत अनुगामी॥**
**महाबीर बिनवउँ हनुमाना। राम जासु जस आप बखाना॥**

म श्रीशत्रुघ्नजीका चरणकमलहरूमा प्रणाम गर्दछु, जो ठूला वीर, सुशील र श्रीभरतका पछाडि हिंड्ने (सेवक) हुनुहुन्छ। मैले महावीर श्रीहनुमान्‌जीलाई बिन्ती गर्दछु, जसको यशलाई श्रीरामचन्द्रजीले स्वयं (आफ्नो श्रीमुखबाट) वर्णन गर्नुभएको छ॥ ५॥

**सो०— प्रनवउँ पवनकुमार खल बन पावक ग्यान घन।**
**जासु हृदय आगार बसहिं राम सर चाप धर॥ १७॥**

म पवनकुमार श्रीहनुमान्‌जीलाई प्रणाम गर्दछु, जो दुष्टरूपी बनलाई भस्म गर्नका लागि अग्निरूप हुनुहुन्छ, जो ज्ञानका घनमूर्ति हुनुहुन्छ र जसको हृदयरूपी भवनमा धनुष-बाण धारण गरेर श्रीरामजी निवास गर्नुहुन्छ॥ १७॥

**कपिपति रीछ निसाचर राजा। अंगदादि जे कीस समाजा॥**
**बंदउँ सब के चरन सुहाए। अधम सरीर राम जिन्ह पाए॥**

बाँदरहरूका राजा सुग्रीवजी, भालुहरूका राजा जाम्बवान्‌जी, राक्षसहरूका राजा विभीषणजी र अङ्गदजी आदि जति बाँदरहरूका समाज छन्, सबैका सुन्दर चरणहरूको म वन्दना गर्दछु, जसले अधम (पशु र राक्षस आदि) शरीरमा पनि श्रीरामचन्द्रलाई प्राप्त गरे॥ १॥

**रघुपति चरन उपासक जेते। खग मृग सुर नर असुर समेते॥**
**बंदउँ पद सरोज सब केरे। जे बिनु काम राम के चेरे॥**

पशु, पक्षी, देवता, मनुष्य, असुरसमेत जति श्रीरामजीका चरणका उपासक छन्, म उनीहरू सबैका चरणकमलहरूको वन्दना गर्दछु, जो श्रीरामजीका निष्काम सेवक छन्॥ २॥

**सुक सनकादि भगत मुनि नारद। जे मुनिबर बिग्यान बिसारद॥**
**प्रनवउँ सबहि धरनि धरि सीसा। करहु कृपा जन जानि मुनीसा॥**

शुकदेवजी, सनकादि, नारदमुनि आदि जति भक्त र परमज्ञानी श्रेष्ठ मुनि छन्, म पृथ्वीमा शिरले टेकेर उनी सबैलाई प्रणाम गर्दछु; हे मुनीश्वरहरू! हजुरहरू सबैले मलाई आफ्नो दास जानेर कृपा गर्नुहोस्॥ ३॥

**जनकसुता जग जननि जानकी। अतिसय प्रिय करुनानिधान की॥**
**ताके जुग पद कमल मनावउँ। जासु कृपाँ निरमल मति पावउँ॥**

राजा जनकजीकी छोरी, जगत्‌की आमा र करुणानिधान श्रीरामचन्द्रजीकी प्रियतमा श्रीजानकीजीका दुवै चरणकमलहरूलाई मैले मनाउँदछु, जसको कृपाद्वारा निर्मल बुद्धि पाउन सकूँ॥ ४॥

**पुनि मन बचन कर्म रघुनायक। चरन कमल बंदउँ सब लायक॥**
**राजिवनयन धरें धनु सायक। भगत बिपति भंजन सुखदायक॥**

फेरि मैले कमलनयन, धनुष-बाणधारी, भक्तहरूका विपत्तिलाई नाश गर्ने र उनीहरूलाई सुख दिने भगवान् श्रीरघुनाथजीका सर्वसमर्थ चरणकमलहरूको मन, वचन र कर्मबाट वन्दना गर्दछु॥ ५॥

**दो०— गिरा अरथ जल बीचि सम कहिअत भिन्न न भिन्न।**
**बंदउँ सीता राम पद जिन्हहि परम प्रिय खिन्न॥ १८॥**

जो वाणी र त्यसको अर्थ तथा जल र जलका लहरका समान भन्दाखेरि अलग-अलग छन्, परन्तु वास्तवमा अभिन्न (एक) हुन्, उनै श्रीसीतारामजीका चरणहरूमा मैले वन्दना गर्दछु, जसलाई दीन-दुःखी धेरै नै प्रिय हुन्छन्॥ १८॥

## * श्रीनाम-वन्दना र नाम महिमा *

**बंदउँ नाम राम रघुबर को। हेतु कृसानु भानु हिमकर को॥**
**बिधि हरि हरमय बेद प्रान सो। अगुन अनूपम गुन निधान सो॥**

मैले श्रीरघुनाथजीको नाम 'राम' को प्रार्थना गर्दछु, जो कृशानु (अग्नि), भानु (सूर्य) र हिमकर (चन्द्रमा) को कारण अर्थात् 'र' 'आ' र 'म' रूपद्वारा बीज छन्। ती 'राम' नाम ब्रह्मा, विष्णु र शिवरूप हुन्। तिनी वेदका प्राण हुन्; निर्गुण, उपमारहित र गुणका भण्डार हुन्॥ १॥

**महामंत्र जोइ जपत महेसू। कासीं मुकुति हेतु उपदेसू॥**
**महिमा जासु जान गनराऊ। प्रथम पूजिअत नाम प्रभाऊ॥**

जो महामन्त्र छ, जसलाई महेश्वर शिवजीले जप्नुहुन्छ र उहाँद्वारा जसको उपदेश काशीमा मुक्तिको कारण भएको छ, तथा जसको महिमालाई श्रीगणेशजीले जान्नुहुन्छ, जो यस 'राम' नामको प्रभावबाट नै सबैभन्दा पहिला पूजित हुनुहुन्छ॥ २॥

**जान आदिकबि नाम प्रतापू। भयउ सुद्ध करि उलटा जापू॥**
**सहस नाम सम सुनि सिव बानी। जपि जेईं पिय संग भवानी॥**

आदिकवि वाल्मीकिजीले रामनामको प्रतापलाई जान्नुहुन्छ, जो उल्टो नाम ('मरा', 'मरा') जपेर नै पवित्र हुनुभयो। शिवजीको यस वचनलाई सुनेर कि एक राम-नाम सहस्र नामसमान हुन्छ, पार्वतीजीले सधैं आफ्ना पति (शिवजी) का साथ राम-नामको जप गरिरहनुहुन्छ॥ ३॥

**हरषे हेतु हेरि हर ही को। किय भूषन तिय भूषन ती को॥**
**नाम प्रभाउ जान सिव नीको। कालकूट फलु दीन्ह अमी को॥**

(राम) नामप्रति पार्वतीजीको हृदयको यस्तो प्रीति देखेर शिवजी हर्षित हुनुभयो र उहाँले स्त्रीहरूमा भूषणरूप (पतिव्रतहरूमा शिरोमणि) पार्वतीजीलाई आफ्नो भूषण बनाउनुभयो (अर्थात् उहाँलाई आफ्नो अङ्गमा धारण गरेर अर्धाङ्गिनी बनाउनुभयो)। नामको प्रभावलाई शिवजीले राम्रो किसिमबाट जान्नुहुन्छ, जुन (प्रभावको) कारणले कालकूट जहरले उहाँलाई अमृतको फल दियो॥ ४॥

दो०— **बरषा रितु रघुपति भगति तुलसी सालि सुदास।**
**राम नाम बर बरन जुग सावन भादव मास॥ १९॥**

श्रीरघुनाथजीको भक्ति वर्षा-ऋतु हो, तुलसीदासजी भन्नुहुन्छ कि उत्तम सेवकगण धान (धानको खेती) हुन् र 'राम' नामका दुई सुन्दर अक्षर श्रावण-भाद्रका महिना हुन्॥ १९॥

**आखर मधुर मनोहर दोऊ। बरन बिलोचन जन जिय जोऊ॥**
**सुमिरत सुलभ सुखद सब काहू। लोक लाहु परलोक निबाहू॥**

दुवै अक्षर मधुर र मनोहर छन्, जो वर्णमालारूपी शरीरका आँखा हुन्, भक्तहरूका जीवन हुन् तथा स्मरण गर्न सबैका लागि सुलभ र सुख दिनेवाला छन् र जुन यस लोकमा लाभ र परलोकमा निर्वाह गराउँदछन् (अर्थात् भगवान्को दिव्यधाममा दिव्य शरीरबाट सधैं भगवत्सेवामा नियुक्त गर्दछन्)॥ १॥

**कहत सुनत सुमिरत सुठि नीके। राम लखन सम प्रिय तुलसी के॥**
**बरनत बरन प्रीति बिलगाती। ब्रह्म जीव सम सहज सँघाती॥**

यी भन्दा, सुन्दा र स्मरण गर्दा धेरै नै राम्रा (सुन्दर र मधुर) छन्; तुलसीदासका लागि त श्रीराम-लक्ष्मण समान प्यारा छन्। यिनलाई ('र' र 'म' लाई) अलग-अलग वर्ण मानेर वर्णन गर्दा दुवै वर्णहरूको प्रीतिमा पृथक्ता जानिन्छ (अर्थात् बीजमन्त्रको दृष्टिबाट यिनीहरूको उच्चारण, अर्थ र फलमा भिन्नता देखिन्छ) परन्तु यी वर्ण हुन् जीव र ब्रह्मको समान स्वभावबाटै साथमा नै रहनेवाला (सधैं एकरूप र एकरस) छन्॥ २॥

**नर नारायन सरिस सुभ्राता। जग पालक बिसेषि जन त्राता॥**
**भगति सुतिय कल करन बिभूषन। जग हित हेतु बिमल बिधु पूषन॥**

यी दुवै अक्षर नर-नारायणका समान सुन्दर भाइ हुन्, यी जगत्लाई पालन र विशेष रूपमा भक्तहरूको रक्षा गर्नेवाला छन्। यी भक्तिरूपिणी सुन्दर स्त्रीका कानहरूका सुन्दर आभूषण (कर्णफूल) हुन् र जगत्को हितका लागि त निर्मल चन्द्रमा र सूर्य हुन्॥ ३॥

**स्वाद तोष सम सुगति सुधा के। कमठ सेष सम धर बसुधा के॥**
**जन मन मंजु कंज मधुकर से। जीह जसोमति हरि हलधर से॥**

यी सुन्दर गति (मोक्ष) रूपी अमृतको स्वाद र तृप्तिजस्ता छन्, कछुवा (कच्छप) र शेषजीका समान पृथ्वीलाई धारण गर्नेवाला हुन्, भक्तहरूका मनरूपी सुन्दर कमलमा भ्रमण गर्ने भमराका समान छन् र जिभ्रोरूपी यशोदाजीका लागि श्रीकृष्ण र बलरामजीसमान (आनन्द दिने) हुन्॥ ४॥

दो०— **एकु छत्रु एकु मुकुटमनि सब बरननि पर जोउ।**
**तुलसी रघुबर नाम के बरन बिराजत दोउ॥ २०॥**

तुलसीदासजी भन्नुहुन्छ—श्रीरघुनाथजीका नामका दुई अक्षरले धेरै ठूलो शोभा दिन्छन्, जसमध्ये एक (रकार) छत्ररूप (रेफ ॅ) र अर्को (मकार) मुकुटमणि (अनुस्वार) रूपमा सबै अक्षरभन्दा माथि छन्॥ २० ॥

**समुझत सरिस नाम अरु नामी। प्रीति परसपर प्रभु अनुगामी॥**
**नाम रूप दुइ ईस उपाधी। अकथ अनादि सुसामुझि साधी॥**

सम्झँदामा नाम र नामी (नामवाला व्यक्ति) दुवै एकजस्तै छन्, किन्तु दुवैमा परस्पर स्वामी र सेवकको जस्तो प्रीति छ (अर्थात् नाम र नामीमा पूर्ण एकता हुँदाहुँदै पनि जस्तै स्वामीको पछाडि सेवक हिंड्दछ, उस्तै प्रकार नामको पछाडि नामी हिंड्दछ। प्रभु श्रीरामजीले आफ्नो 'राम' नामको नै अनुगमन गर्नुहुन्छ, नाम लिंदा नै उहाँ आइहाल्नुहुन्छ)। नाम र रूप दुवै ईश्वरका उपाधि हुन्; यी (भगवान्को नाम र रूप) दुवै अनिर्वचनीय छन्, अनादि छन् र सुन्दर (शुद्ध भक्तियुक्त) बुद्धिबाट नै यिनको [दिव्य अविनाशी] स्वरूपलाई जान्न सकिन्छ॥ १ ॥

**को बड़ छोट कहत अपराधू। सुनि गुन भेदु समुझिहहिं साधू॥**
**देखिअहिं रूप नाम आधीना। रूप ग्यान नहिं नाम बिहीना॥**

यिनै (नाम र रूप) मा कुन ठूलो छ, कुन सानो छ, यसो भन्दा अपराध हुन्छ। यिनै गुणहरूको तारतम्य (कमी-बेसी) सुनेर साधु पुरुषले स्वयं नै सम्झनेछन्। रूप नामको अधीनमा देखिन आउँदछ, नामविना रूपको ज्ञान हुन सक्दैन॥ २ ॥

**रूप बिसेष नाम बिनु जानें। करतल गत न परहिं पहिचानें॥**
**सुमिरिअ नाम रूप बिनु देखें। आवत हृदयँ सनेह बिसेषें॥**

कुनै यस्तो विशेष रूपविना उसको नाम जान्न हत्केलामा राखिएको भए पनि पहिचान गर्न मुस्किल पर्दछ र रूपलाई नदेखीकन पनि नामलाई स्मरण गरियो भने त विशेष प्रेमका साथ त्यो रूप हृदयमा आउँदछ॥ ३ ॥

**नाम रूप गति अकथ कहानी। समुझत सुखद न परति बखानी॥**
**अगुन सगुन बिच नाम सुसाखी। उभय प्रबोधक चतुर दुभाषी॥**

नाम र रूपको गतिको कहानी (विशेषताको कथा) अकथनीय छ। त्यो सम्झँदा सुखदायक छ, परन्तु उसको वर्णन गर्न सकिंदैन। निर्गुण र सगुणको बीचमा नाम सुन्दर साक्षी हुन्, दुवैको यथार्थ ज्ञान गराउने चतुर दोभाषे हुन्॥ ४ ॥

दो०— **राम नाम मनिदीप धरु जीह देहरीं द्वार।**
**तुलसी भीतर बाहेरहुँ जौं चाहसि उजिआर॥ २१ ॥**

तुलसीदासजी भन्नुहुन्छ, यदि तैंले भित्र र बाहिर दुवैतिर उज्यालो खोज्दछस् भने मुखरूपी द्वारको जिभ्रोरूपी दहिलोमा रामनामरूपी मणि-दीपकलाई राख्॥ २१ ॥

**नाम जीहँ जपि जागहिं जोगी। बिरति बिरंचि प्रपंच बियोगी॥**
**ब्रह्मसुखहि अनुभवहिं अनूपा। अकथ अनामय नाम न रूपा॥**

ब्रह्माजीले बनाएको यस प्रपञ्च (दृश्य-जगत्) बाट भलीभाँति छुटेका वैराग्यवान् मुक्त योगी पुरुष यस नामलाई नै जिभ्रोद्वारा जप्दा-जप्दै [तत्त्व-ज्ञानरूपी दिनमा] जाग्दछन् र नाम तथा रूपबाट रहित अनुपम, अनिवर्चनीय, अनामय ब्रह्मसुखलाई अनुभव गर्दछन्॥ १॥

**जाना चहहिं गूढ़ गति जेऊ। नाम जीहँ जपि जानहिं तेऊ॥**
**साधक नाम जपहिं लय लाएँ। होहिं सिद्ध अनिमादिक पाएँ॥**

जसले परमात्माको गूढ रहस्यलाई जान्न चाहन्छन्, ती (जिज्ञासु) व्यक्तिले पनि नामलाई जिभ्रोले जपेर उसलाई जान्दछन्। [लौकिक सिद्धिहरूलाई खोज्ने अर्थार्थी] साधकले ध्यान लगाएर नामको जप गर्दछन् र अणिमादि [आठवटै] सिद्धिहरूलाई पाएर सिद्ध हुन्छन्॥ २॥

**जपहिं नामु जन आरत भारी। मिटहिं कुसंकट होहिं सुखारी॥**
**राम भगत जग चारि प्रकारा। सुकृती चारिउ अनघ उदारा॥**

[सङ्कटमा डराएको समयमा] आर्तभक्तले नाम जप गर्दछन् र उनीहरूका धेरै ठूला खराबभन्दा खराब सङ्कट मेटिन्छन् र सुखी हुन्छन्। जगत्मा चार प्रकारका (१-अर्थार्थी— धनादिको इच्छाबाट भजन गर्ने, २-आर्त— सङ्कटबाट निवृत्त हुनका लागि भजन गर्ने, ३-जिज्ञासु— भगवान्लाई जान्ने इच्छाबाट भजन गर्ने, ४-ज्ञानी— भगवान्का तत्त्वलाई जानेर स्वाभाविक रूपबाट नै भजन गर्ने) रामभक्त छन् र चारै नै पुण्यात्मा, पापरहित र उदार छन्॥ ३॥

**चहू चतुर कहुँ नाम अधारा। ग्यानी प्रभुहि बिसेषि पिआरा॥**
**चहुँ जुग चहुँ श्रुति नाम प्रभाऊ। कलि बिसेषि नहिं आन उपाऊ॥**

चारवटै चतुर भक्तहरूलाई नाम नै आधार हो; यिनीहरूमध्ये ज्ञानीभक्त प्रभुलाई विशेष रूपमा प्रिय छ। हुन त चारै युगमा र चारै वेदमा नामको नै प्रभाव छ, परन्तु कलियुगमा विशेष रूपमा छ। यस युगमा त [नामलाई छोडेर] अर्को कुनै उपाय नै छैन॥ ४॥

दो०— **सकल कामना हीन जे राम भगति रस लीन।**
**नाम सुप्रेम पियूष ह्रद तिन्हहुँ किए मन मीन॥ २२॥**

जो सबै प्रकारका (भोग र मोक्षको पनि) कामनाबाट रहित र श्रीरामभक्तिको रसमा तल्लीन छन्, उनीहरूले पनि नामका सुन्दर प्रेमरूपी अमृतको सरोवरमा आफ्नो मनलाई माछा बनाइराखेका छन् (अर्थात् उनीहरूले नामरूपी सुधा (अमृत) लाई निरन्तर आस्वादन गरिरहन्छन्, क्षणभर पनि उसबाट अलग हुन खोज्दैनन्)॥ २२॥

**अगुन सगुन दुइ ब्रह्म सरूपा। अकथ अगाध अनादि अनूपा॥**
**मोरें मत बड़ नामु दुहू तें। किए जेहिं जुग निज बस निज बूतें॥**

निर्गुण र सगुण— ब्रह्मका दुई स्वरूप हुन्। यी दुवै अकथनीय, अथाह, अनादि र अनुपम छन्। मेरा सम्मतिमा यी दुईमध्ये नाम ठूलो (महत्त्वपूर्ण) छ, जसले आफ्नो बलले दुवैलाई आफ्नो वशमा राखेको छ॥ १॥

**प्रौढ़ि सुजन जनि जानहिं जन की। कहउँ प्रतीति प्रीति रुचि मन की॥**
**एकु दारुगत देखिअ एकू। पावक सम जुग ब्रह्म बिबेकू॥**
**उभय अगम जुग सुगम नाम तें। कहेउँ नामु बड़ ब्रह्म राम तें॥**
**ब्यापकु एकु ब्रह्म अबिनासी। सत चेतन घन आनँद रासी॥**

सज्जनगणले यस कुरामा म दासको मूर्खता या केवल काव्योक्ति (बढाएर भनेको) नसम्झनू। मैले आफ्नो मनको विश्वास, प्रेम र रुचिको कुरा भन्दछु। [निर्गुण र सगुण] दुवै प्रकारका ब्रह्मको ज्ञान अग्निजस्तो छ। निर्गुण त्यो अप्रकट अग्निजस्तो हो जो काठभित्र छ, परन्तु देखिंदैन; सगुण त्यस्तो प्रकट अग्निझैं छ जो प्रत्यक्ष देख्न सकिन्छ [तत्त्वतः दुवै एक नै हुन्; केवल प्रकट-अप्रकटको भेदद्वारा अलग भएको ज्ञान हुन्छ। यस्तै प्रकारले निर्गुण र सगुण तत्त्वतः एकै हुन्। यति हुँदा पनि] दुवै जान्नलाई कठिन छन्, परन्तु नामद्वारा दुवै नै सुगम हुन्छन्। यसैले मैले नामलाई [निर्गुण] ब्रह्मभन्दा र [सगुण] रामभन्दा ठूलो भनेको छु, ब्रह्म व्यापक छ, एक छ, अविनाशी छ; सत्ता, चैतन्य र आनन्दको घन राशि हो॥ २-३॥

**अस प्रभु हृदयँ अछत अबिकारी। सकल जीव जग दीन दुखारी॥**
**नाम निरूपन नाम जतन तें। सोउ प्रगटत जिमि मोल रतन तें॥**

यस्ता विकाररहित प्रभुजी हृदयमा रहँदा-रहँदै पनि जगत्का सबै जीव दीन र दुःखी छन्। नामको निरूपण गरेर (नामको यथार्थ स्वरूप, महिमा, रहस्य र प्रभावलाई जानेर) नामलाई जतन गर्नाले (श्रद्धापूर्वक नामजपरूपी साधन गर्नाले) उनै ब्रह्म यसरी प्रकट भइहाल्दछन् जसरी रत्नलाई जान्नाले त्यसको मूल्य॥ ४॥

**दो०— निरगुन तें एहि भाँति बड़ नाम प्रभाउ अपार।**
**कहउँ नामु बड़ राम तें निज बिचार अनुसार॥ २३॥**

यस प्रकार निर्गुणभन्दा नामको प्रभाव अत्यन्त ठूलो छ। अब आफ्नो विचारअनुसार के भन्दछु भने नाम [सगुण] रामभन्दा पनि ठूलो छ॥ २३॥

**राम भगत हित नर तनु धारी। सहि संकट किए साधु सुखारी॥**
**नामु सप्रेम जपत अनयासा। भगत होहिं मुद मंगल बासा॥**

श्रीरामचन्द्रजीले भक्तहरूको हितका लागि मनुष्य-शरीर धारण गरेर स्वयं कष्ट सहेर साधुहरूलाई सुखी बनाउनुभयो; परन्तु भक्तगण प्रेमपूर्वक नामलाई जप गर्दा-गर्दै सजिलैसँग आनन्द र कल्याणका घर भइहाल्दछन्॥ १॥

**राम एक तापस तिय तारी। नाम कोटि खल कुमति सुधारी॥**
**रिषि हित राम सुकेतुसुता की। सहित सेन सुत कीन्हि बिबाकी॥**

**सहित दोष दुख दास दुरासा। दलइ नामु जिमि रबि निसि नासा॥**
**भंजेउ राम आपु भव चापू। भव भय भंजन नाम प्रतापू॥**

श्रीरामचन्द्रजीले एक तपस्वीकी स्त्री (अहल्या) लाई नै तार्नुभयो, परन्तु नामले करोडौं दुष्टहरूको बिग्रेको बुद्धिलाई सुधार्‍यो। श्रीरामजीले ऋषि विश्वामित्रजीको हितका लागि एक सुकेतु यक्षकी कन्या ताडकालाई सेना र पुत्र (सुबाहु) सहित समाप्त गर्नुभयो; परन्तु नामले आफ्ना भक्तहरूका दोष, दुःख र दुराशाहरूलाई यसरी नाश गरिदिन्छ, जसरी सूर्यले रात्रिलाई। श्रीरामजीले त स्वयं शिवजीको धनुषलाई भाँच्नुभयो, परन्तु नामको प्रताप संसारका सबै भयहरूलाई नाश गर्नेवाला छ॥ २-३॥

**दंडक बनु प्रभु कीन्ह सुहावन। जन मन अमित नाम किए पावन॥**
**निसिचर निकर दले रघुनंदन। नामु सकल कलि कलुष निकंदन॥**

प्रभु श्रीरामजीले [भयानक] दण्डक वनलाई सुन्दर बनाउनुभयो, परन्तु नामले असङ्ख्य मनुष्यका मनहरूलाई पवित्र बनायो। श्रीरघुनाथजीले राक्षसहरूका समूहलाई मार्नुभयो, परन्तु नाम त कलियुगका सबै पापहरूका जड (जरा) लाई उखेल्न समर्थवान् छ॥ ४॥

दो०— **सबरी गीध सुसेवकनि सुगति दीन्हि रघुनाथ।**
**नाम उधारे अमित खल बेद बिदित गुन गाथ॥ २४॥**

श्रीरघुनाथजीले त शबरी, जटायु आदि उत्तम सेवकहरूलाई नै मुक्ति दिनुभयो; परन्तु नामले अगणित दुष्टहरूको उद्धार गर्‍यो। नामका गुणहरूको कथा वेदमा प्रसिद्ध छ॥ २४॥

**राम सुकंठ बिभीषन दोऊ। राखे सरन जान सबु कोऊ॥**
**नाम गरीब अनेक नेवाजे। लोक बेद बर बिरिद बिराजे॥**

श्रीरामजीले सुग्रीव र विभीषण दुवैलाई नै आफ्नो शरणमा राख्नुभयो, यो कुरा सबै जनाले जान्दछन्; परन्तु नामले अनेकौं गरिबहरूलाई कृपा गरेको छ। नामको यस्तो सुन्दर यश लोक र वेदहरूमा विशेष रूपबाट प्रकाशित छ॥ १॥

**राम भालु कपि कटकु बटोरा। सेतु हेतु श्रमु कीन्ह न थोरा॥**
**नामु लेत भवसिंधु सुखाहीं। करहु बिचारु सुजन मन माहीं॥**

श्रीरामजीले त भालु र बाँदरहरूका सेना बटुलेर तथा समुद्रमा पुल बनाउनाका लागि थोरै परिश्रम गर्नुभएन; परन्तु नाम लिनेबित्तिकै संसार-समुद्र सुकिहाल्दछ। सज्जनगण! मनमा विचार गर्नुहोस् [कि यी दुईमा कुन ठूलो छ]॥ २॥

**राम सकुल रन रावनु मारा। सीय सहित निज पुर पगु धारा॥**
**राजा रामु अवध रजधानी। गावत गुन सुर मुनि बर बानी॥**
**सेवक सुमिरत नामु सप्रीती। बिनु श्रम प्रबल मोह दलु जीती॥**
**फिरत सनेहँ मगन सुख अपनें। नाम प्रसाद सोच नहिं सपनें॥**

श्रीरामजीले कुटुम्बसहित रावणलाई युद्धमा मार्नुभयो, त्यसपछि सीताजीसहित उहाँले आफ्नो नगर (अयोध्या) मा प्रवेश गर्नुभयो। राम राजा हुनुभयो, अयोध्या उहाँको राजधानी भयो, देवता र मुनिले सुन्दर वाणीद्वारा जसको गुणगान गाउँदछन्। परन्तु सेवक (भक्त) प्रेमपूर्वक नामको नै स्मरणमात्रले विनापरिश्रम मोहको प्रबल सेनालाई जितेर प्रेममा मग्न हुँदै आफ्नै सुखमा (नाम र लीलामा) भ्रमण गर्दछन्, नामको प्रसादले नै उनीहरूलाई स्वप्नमा पनि कुनै चिन्ताले सताउँदैन॥ ३-४॥

**दो०— ब्रह्म राम तें नामु बड़ बर दायक बर दानि।**
**रामचरित सत कोटि महँ लिय महेस जियँ जानि॥ २५॥**

यस प्रकार नाम [निर्गुण] ब्रह्म र [सगुण] राम दुवैभन्दा ठूलो छ। यसले वरदान दिनसक्नेलाई पनि वरदान दिन्छ। शिवजीले आफ्नो हृदयमा यस्तो जानेर नै सय करोड रामचरित्र मध्ये यस 'राम' नामलाई [साररूपबाट छानेर] ग्रहण गर्नुभयो॥ २५॥

*** मासपारायण, पहिलो विश्राम ***

**नाम प्रसाद संभु अबिनासी। साजु अमंगल मंगल रासी॥**
**सुक सनकादि सिद्ध मुनि जोगी। नाम प्रसाद ब्रह्मसुख भोगी॥**

नामको नै प्रसादबाट शिवजी अविनाशी हुनुहुन्छ र अमङ्गल वेष हुँदा पनि मङ्गलको राशि हुनुहुन्छ। शुकदेवजी र सनकादि सिद्ध, मुनि योगीगणले नामको प्रसादद्वारा नै ब्रह्मानन्दलाई भोग्दछन्॥ १॥

**नारद जानेउ नाम प्रतापू। जग प्रिय हरि हरि हर प्रिय आपू॥**
**नामु जपत प्रभु कीन्ह प्रसादू। भगत सिरोमनि भे प्रहलादू॥**

नारदजीले नामको प्रतापलाई जान्नुभयो। हरि सम्पूर्ण संसारका लागि प्यारा हुनुहुन्छ, [हरिलाई हर प्यारो हुनुहुन्छ] र हजुर (श्रीनारदजी) हरि र हर दुवैका प्रिय हुनुहुन्छ। नामलाई जप्नाले प्रभुले कृपा गर्नुभयो, जसबाट प्रह्लाद भक्तशिरोमणि हुनुभयो॥ २॥

**ध्रुवँ सगलानि जपेउ हरि नाऊँ। पायउ अचल अनूपम ठाऊँ॥**
**सुमिरि पवनसुत पावन नामू। अपने बस करि राखे रामू॥**

ध्रुवजीले ग्लानिबाट (सौतेनी आमाका वचनहरूबाट दुःखी भएर सकामभावद्वारा) हरिनामलाई जप्नुभयो र उसको प्रतापबाट अचल अनुपम स्थान (ध्रुवलोक) प्राप्त गर्नुभयो। हनुमान्जीले पवित्र नामलाई स्मरण गरेर श्रीरामजीलाई आफ्नो अधीनमा बनाइराख्नुभएको छ॥ ३॥

**अपतु अजामिलु गजु गनिकाऊ। भए मुकुत हरि नाम प्रभाऊ॥**
**कहौं कहाँ लगि नाम बड़ाई। रामु न सकहिं नाम गुन गाई॥**

नीच अजामिल, गज (हात्ती) र गणिका (वेश्या) पनि श्रीहरिका नामको प्रभावद्वारा मुक्त भए। मैले नामको प्रशंसा कहाँसम्म गरूँ, श्रीरामजीले पनि नामको गुणलाई वर्णन गर्न सक्नुहुन्न॥ ४॥

दो०— **नामु राम को कलपतरु कलि कल्यान निवासु।**
**जो सुमिरत भयो भाँग तें तुलसी तुलसीदासु॥ २६॥**

कलियुगमा रामको नाम कल्पतरु (मनले खोजेको पदार्थ दिने) र कल्याणको निवास (मुक्तिको घर) हो, जसलाई स्मरण गर्नाले भाँङजस्तो (निकृष्ट) तुलसीदास तुलसीसमान [पवित्र] भइहाल्यो॥ २६॥

**चहुँ जुग तीनि काल तिहुँ लोका। भए नाम जपि जीव बिसोका॥**
**बेद पुरान संत मत एहू। सकल सुकृत फल राम सनेहू॥**

[केवल कलियुगको मात्र कुरा हैन,] चारै युगमा, तीनै कालमा र तीनै लोकमा नामलाई जपेर जीव शोकरहित भएका छन्। वेद, पुराण र सन्तहरूको मत यही छ कि समस्त पुण्यहरूको फल श्रीरामजीमा [या रामनाममा] प्रेम हुनु हो॥ १॥

**ध्यानु प्रथम जुग मख बिधि दूजें। द्वापर परितोषत प्रभु पूजें॥**
**कलि केवल मल मूल मलीना। पाप पयोनिधि जन मन मीना॥**

पहिलो (सत्य) युगमा ध्यानबाट, दोस्रो (त्रेता) युगमा यज्ञबाट र द्वापरमा पूजनबाट भगवान् प्रसन्न हुनुहुन्छ; परन्तु कलियुग केवल पापको मूल र मलिन छ, यसमा मनुष्यहरूको मन पापरूपी समुद्रमा माछा भइरहेको छ (अर्थात् पापबाट कहिल्यै अलग हुन नै खोज्दैन; यसैले ध्यान, यज्ञ र पूजन हुन सक्दैन)॥ २॥

**नाम कामतरु काल कराला। सुमिरत समन सकल जग जाला॥**
**राम नाम कलि अभिमत दाता। हित परलोक लोक पितु माता॥**

यस्तो कराल (कलियुगको) समयमा त नाम नै कल्पवृक्ष हो, जसले स्मरण गर्दा नै संसारका सबै जञ्जालहरूलाई नाश गरिदिन्छ। कलियुगमा यो रामनामले मनोवाञ्छित फल दिन्छ, परलोकको परम हितैषी र यस लोकको आमा-बाबु हो (अर्थात् परलोकमा भगवान्‌को परमधाम दिन्छ र यस लोकमा आमा-बाबुझैं सबै प्रकारबाट पालन र रक्षा गर्दछ)॥ ३॥

**नहिं कलि करम न भगति बिबेकू। राम नाम अवलंबन एकू॥**
**कालनेमि कलि कपट निधानू। नाम सुमति समरथ हनुमानू॥**

कलियुगमा न कर्म छ, न भक्ति छ र न ज्ञान नै छ; रामनाम नै एक आधार हो। कपटको खानी कलियुगरूपी कालनेमिलाई [मार्नको लागि] रामनाम नै बुद्धिमान् र समर्थ हनुमान् हुनुहुन्छ॥ ४॥

## ✵ श्रीरामगुण र श्रीरामचरितको महिमा ✵

दो०— **राम नाम नरकेसरी कनककसिपु कलिकाल।**
**जापक जन प्रहलाद जिमि पालिहि दलि सुरसाल॥ २७॥**

रामनाम श्रीनृसिंह भगवान् हुनुहुन्छ, कलियुग हिरण्यकशिपु हो र जप गर्ने व्यक्ति प्रह्लाद समान हुन्; यो रामनामले देवताहरूका शत्रु (कलियुगरूपी दैत्य) लाई मारेर जप गर्ने व्यक्तिको रक्षा गर्नेछ॥ २७॥

**भायँ कुभायँ अनख आलसहूँ। नाम जपत मंगल दिसि दसहूँ॥**
**सुमिरि सो नाम राम गुन गाथा। करउँ नाइ रघुनाथहि माथा॥**

राम्रो भाव (प्रेम) बाट, खराब भाव (वैर) बाट, क्रोधपूर्वक या आलस्यद्वारा, कुनै तरिकाले पनि नाम जप्नाले दशै दिशाहरूमा कल्याण हुन्छ। उही (परम कल्याणकारी) रामनामलाई स्मरण गरेर र श्रीरघुनाथजीलाई शिर नुहाएर मैले श्रीरामजीका गुणहरूको वर्णन गर्दछु॥ १॥

**मोरि सुधारिहि सो सब भाँती। जासु कृपा नहिं कृपाँ अघाती॥**
**राम सुस्वामि कुसेवकु मोसो। निज दिसि देखि दयानिधि पोसो॥**

उनै (श्रीरामजीले) मेरो [बिग्रेको] सबै प्रकारबाट सुधारिदिनुहुनेछ; जो कृपा गर्दा-गर्दै अघाउनुहुन्न। रामजस्ता उत्तम स्वामी र मजस्तो खराब (नीच) सेवक! यति हुँदा पनि उनै दयानिधिले आफूतर्फ हेरेर मेरो पालन गर्नुभयो॥ २॥

**लोकहुँ बेद सुसाहिब रीती। बिनय सुनत पहिचानत प्रीती॥**
**गनी गरीब ग्राम नर नागर। पंडित मूढ़ मलीन उजागर॥**

लोक र वेदमा पनि असल स्वामीको यस्तै चलन प्रसिद्ध छ कि उहाँले नम्रतालाई सुनेर नै प्रेमलाई चिन्नुहुन्छ। धनी-गरीब, गाउँले (पाखे)—नगरनिवासी, पण्डित-मूर्ख, वदनाम-यशस्वी, ॥ ३॥

**सुकबि कुकबि निज मति अनुहारी। नृपहि सराहत सब नर नारी॥**
**साधु सुजान सुसील नृपाला। ईस अंस भव परम कृपाला॥**

सुकवि-कुकवि, सबै नर-नारीले आ-आफ्नो बुद्धि अनुसार राजाको प्रशंसा गर्दछन् र साधु, बुद्धिमान्, सुशील, ईश्वरको अंशबाट उत्पन्न कृपालु राजाले— ॥ ४॥

**सुनि सनमानहिं सबहि सुबानी। भनिति भगति नति गति पहिचानी॥**
**यह प्राकृत महिपाल सुभाऊ। जान सिरोमनि कोसलराऊ॥**

सबैको (प्रशंसा) सुनेर र उनीहरूको वाणी, भक्ति, विनम्रता र चाललाई चिनेर सुन्दर (मीठो) वाणीद्वारा सबैलाई यथायोग्य सम्मान गर्दछन्। यस्तो स्वभाव त संसारी राजाहरूको हुन्छ, कोसलनाथ श्रीरामचन्द्रजी त चतुरशिरोमणि हुनुहुन्छ॥ ५॥

**रीझत राम सनेह निसोतें। को जग मंद मलिनमति मोतें॥**

श्रीरामजी त विशुद्ध प्रेमबाट नै प्रसन्न हुनुहुन्छ, तर जगत्मा मभन्दा ठूलो मूर्ख र मलिनबुद्धि भएको अर्को को होला?॥ ६॥

दो०— **सठ सेवक की प्रीति रुचि रखिहहिं राम कृपालु।**
**उपल किए जलजान जेहिं सचिव सुमति कपि भालु॥ २८ (क)॥**

तथापि कृपालु श्रीरामचन्द्रजीले म दुष्ट सेवकको प्रीति र रुचिलाई अवश्य राख्नुहुनेछ, जसले ढुङ्गालाई जहाज र बाँदर-भालुहरूलाई बुद्धिमान् मन्त्री बनाउनुभयो॥ २८ (क)॥

**हौंहु कहावत सबु कहत राम सहत उपहास।**
**साहिब सीतानाथ सो सेवक तुलसीदास॥ २८ ( ख )॥**

सबै जनाले मलाई श्रीरामजीको सेवक भन्दछन् र म पनि [विनालज्जा-संकोच] भनाउँदछु (भन्नेहरूको विरोध गर्दिन); कृपालु श्रीरामजीले यो निन्दालाई सहनुहुन्छ; किनकि श्रीसीतानाथजीजस्ता स्वामीको तुलसीदास-जस्तो सेवक छ॥ २८ (ख)॥

**अति बड़ि मोरि ढिठाई खोरी। सुनि अघ नरकहुँ नाक सकोरी॥**
**समुझि सहम मोहि अपडर अपनें। सो सुधि राम कीन्हि नहिं सपनें॥**

यही मेरो धेरै ठूलो मूर्खता र दोष हो, मेरा पापलाई सुनेर नरकले पनि नाक खुम्च्याउँदछ (अर्थात् नरकमा पनि मेरो बस्ने ठाउँ छैन)। यस्तो सम्झेर मलाई आफ्नै कल्पित डरबाट डर भइरहेको छ, किन्तु भगवान् श्रीरामचन्द्रजीले त स्वप्नमा पनि यसप्रति (मेरो यस्तो मूर्खता र दोषप्रति) ध्यान दिनुभएन॥ १॥

**सुनि अवलोकि सुचित चख चाही। भगति मोरि मति स्वामि सराही॥**
**कहत नसाइ होइ हियँ नीकी। रीझत राम जानि जन जी की॥**

किन्तु मेरा प्रभु श्रीरामचन्द्रजीले त यस कुरालाई सुनेर, देखेर र आफ्नो सुचित्तरूपी चक्षुद्वारा निरीक्षण गरेर मेरो भक्ति र बुद्धिलाई [उल्टै] सराहना गर्नुभयो। किनकि भन्दाखेरि बिग्रे-बिग्रोस् (अर्थात् मैले आफूलाई भगवान्‌को सेवक (मपाईं) भन्दछु र भनाउँदै रहन्छु), परन्तु हृदयमा राम्रोपन हुनु पर्दछ। (हृदयमा त आफूलाई उहाँको सेवक बन्न योग्य नमानेर पापी र दीन नै मान्दछु, यो राम्रो विचार हो।) श्रीरामचन्द्रजी पनि दासका हृदयको [राम्रो] स्थिति जानेर नै प्रसन्न हुनुहुन्छ॥ २॥

**रहति न प्रभु चित चूक किए की। करत सुरति सय बार हिए की॥**
**जेहिं अघ बधेउ ब्याध जिमि बाली। फिरि सुकंठ सोइ कीन्हि कुचाली॥**

प्रभुको मनमा आफ्ना भक्तहरूले गरेका भूल-चूकको याद हुँदेन (उहाँले त्यसलाई भुल्नुहुन्छ) र उनीहरूका हृदय [को राम्रो स्वभाव] लाई सयौं पटक याद गर्नुहुन्छ। जुन पापका कारणले उहाँले बालिलाई व्याधाले झैं मार्नुभएको थियो, उस्तै नै कुचाल फेरि सुग्रीवले गरे॥ ३॥

**सोइ करतूति बिभीषन केरी। सपनेहुँ सो न राम हियँ हेरी॥**
**ते भरतहि भेंटत सनमाने। राजसभाँ रघुबीर बखाने॥**

उही व्यवहार विभीषणको थियो, परन्तु श्रीरामजीले त स्वप्नमा पनि त्यसलाई मनमा विचार गर्नुभएन। उल्टै भरतजीसँग भेट भएको समयमा श्रीरघुनाथजीले उनीहरूलाई सम्मान गर्नुभयो र राजसभामा पनि उनीहरूका गुणहरूको नै वर्णन गर्नुभयो॥ ४॥

दो०— **प्रभु तरु तर कपि डार पर ते किए आपु समान।**
**तुलसी कहूँ न राम से साहिब सीलनिधान॥ २९ ( क )॥**

प्रभु (श्रीरामचन्द्रजी) त वृक्षमुनि र बाँदर हाँगामा (अर्थात् कहाँ मर्यादापुरुषोत्तम सच्चिदानन्दघन

परमात्मा श्रीरामजी र कहाँ रूखको हाँगामा दगुर्ने बाँदर)। परन्तु यस्ता बाँदरहरूलाई पनि उहाँले आफूसमान पूजित बनाउनुभयो। तुलसीदासजी भन्नुहुन्छ कि श्रीरामचन्द्रजी बराबरका शीलनिधान स्वामी कहीं पनि छैनन्॥ २९ (क)॥

**राम निकाईं रावरी है सबही को नीक।**
**जौं यह साँची है सदा तौ नीको तुलसीक॥ २९ ( ख )॥**

हे श्रीरामजी! हजुरको सुन्दर स्वभावमा सबैको हित छ (अर्थात् हजुरको कल्याणमय स्वभावले सबैलाई कल्याण गरिरहन्छ)। यदि यो कुरा सत्य हो भने तुलसीदासको पनि सधैं कल्याण नै हुनेछ॥ २९ (ख)॥

**एहि बिधि निज गुन दोष कहि सबहि बहुरि सिरु नाइ।**
**बरनउँ रघुबर बिसद जसु सुनि कलि कलुष नसाइ॥ २९ ( ग )॥**

यस प्रकार आफ्ना गुण-दोषहरूलाई भनेर र सबैमा फेरि शिर नुहाएर मैले श्रीरघुनाथजीका निर्मल यशको वर्णन गर्दछु, जसलाई सुन्दाखेरि कलियुगका पाप नष्ट भइहाल्दछन्॥ २९ (ग)॥

**जागबलिक जो कथा सुहाई। भरद्वाज मुनिबरहि सुनाई॥**
**कहिहउँ सोइ संबाद बखानी। सुनहुँ सकल सज्जन सुखु मानी॥**

मुनि याज्ञवल्क्यजीले जुन सुन्दर कथा मुनिश्रेष्ठ भरद्वाजजीलाई सुनाउनुभएको थियो, त्यही संवादलाई मैले वर्णन गरेर भन्नेछु; सबै सज्जनले आनन्दको अनुभव गर्दै त्यसलाई सुन्नुहोला॥ १॥

**संभु कीन्ह यह चरित सुहावा। बहुरि कृपा करि उमहि सुनावा॥**
**सोइ सिव कागभुसुंडिहि दीन्हा। राम भगत अधिकारी चीन्हा॥**

शिवजीले पहिला यस सुन्दर चरित्रको रचना गर्नुभयो, फेरि कृपा गरेर पार्वतीजीलाई सुनाउनुभयो। उही चरित्र शिवजीले कागभुशुण्डिजीलाई रामभक्त र अधिकारी जानेर दिनुभयो॥ २॥

**तेहि सन जागबलिक पुनि पावा। तिन्ह पुनि भरद्वाज प्रति गावा॥**
**ते श्रोता बकता समसीला। सवँदरसी जानहिं हरिलीला॥**

उनै कागभुशुण्डिजीबाट फेरि याज्ञवल्क्यजीले पाउनुभयो र उहाँले फेरि भरद्वाजजीलाई वर्णन गरेर सुनाउनुभयो। उहाँ दुवै वक्ता र श्रोता (याज्ञवल्क्यजी र भरद्वाजजी) समान शील भएका र समदर्शी हुनुहुन्छ र श्रीहरिको लीलालाई जान्नुहुन्छ॥ ३॥

**जानहिं तीनि काल निज ग्याना। करतल गत आमलक समाना॥**
**औरउ जे हरिभगत सुजाना। कहहिं सुनहिं समुझहिं बिधि नाना॥**

उहाँहरूले आफ्नो ज्ञानद्वारा तीनै कालका कुराहरूलाई हत्केलोमा राखेको अमलाको समान (प्रत्यक्ष) जान्नुहुन्छ। अरू पनि जो सुजान (भगवान्का लीलाहरूलाई जान्ने) हरिभक्तहरू छन्, उनीहरूले यस चरित्रलाई विभिन्न प्रकारबाट भन्दछन्, सुन्दछन् र सम्झन्छन्॥ ४॥

दो०— **मैं पुनि निज गुर सन सुनी कथा सो सूकरखेत।**
**समुझी नहिं तसि बालपन तब अति रहेउँ अचेत॥ ३० ( क )॥**

फेरि त्यही कथा मैले वराह–क्षेत्रमा आफ्ना गुरुजीबाट सुनें; परन्तु त्यतिखेर मैले बालकपनको कारण धेरै अल्पज्ञ हुनाले उसलाई उस्तो प्रकारबाट (राम्रो तरिकाले) सम्झिनँ॥ ३० (क)॥

**श्रोता बकता ग्याननिधि कथा राम कै गूढ़।**
**किमि समुझौं मैं जीव जड़ कलि मल ग्रसित बिमूढ़॥ ३० ( ख )॥**

श्रीरामजीको गूढ (गुप्त) कथाका वक्ता र श्रोता दुवै ज्ञानका खजाना (पूरा ज्ञानी) हुन्छन्। म कलियुगका पापहरूले निलिएको महामूढ जड जीवले राम्ररी उसलाई कसरी सम्झन सक्दथें?॥ ३० (ख)॥

**तदपि कही गुर बारहिं बारा। समुझि परी कछु मति अनुसारा॥**
**भाषाबद्ध करबि मैं सोई। मोरें मन प्रबोध जेहिं होई॥**

तर पनि गुरुजीले पटक–पटक कथा भन्नुभयो, त्यसपछि बुद्धि अनुसार केही सम्झना भयो। उही अब मैले भाषामा रचना गर्नेछु, जसबाट मेरो मनलाई सन्तोष हुनेछ॥ १॥

**जस कछु बुधि बिबेक बल मोरें। तस कहिहउँ हियँ हरि के प्रेरें॥**
**निज संदेह मोह भ्रम हरनी। करउँ कथा भव सरिता तरनी॥**

जस्तो केही मसँग बुद्धि र विवेकको बल छ, मैले हृदयमा हरिको प्रेरणाबाट उस्तै अनुसार भन्नेछु। मैले आफ्नो सन्देह, अज्ञान र भ्रमलाई नष्ट गर्ने कथाको रचना गर्दछु, जो संसाररूपी नदी पार गर्नका लागि डुङ्गा हुनेछ॥ २॥

**बुध बिश्राम सकल जन रंजनि। रामकथा कलि कलुष बिभंजनि॥**
**रामकथा कलि पंनग भरनी। पुनि बिबेक पावक कहुँ अरनी॥**

रामकथाले पण्डितहरूलाई विश्राम दिन्छ, सबै मनुष्यहरूलाई प्रसन्न पार्दछ र कलियुगका पापहरूलाई नाश गर्दछ। रामकथा कलियुगरूपी सर्पका लागि मुजुर्नी हो र विवेकरूपी अग्निलाई प्रकट गर्नका लागि अरणि (मन्थन गरिने काठ) हो, (अर्थात् यस कथाबाट ज्ञान प्राप्ति हुन्छ)॥ ३॥

**रामकथा कलि कामद गाई। सुजन सजीवनि मूरि सुहाई॥**
**सोइ बसुधातल सुधा तरंगिनि। भय भंजनि भ्रम भेक भुअंगिनि॥**

रामकथा कलियुगमा सबै मनोरथहरूलाई पूर्ण गर्ने कामधेनु गाई हो र सज्जनहरूका लागि सञ्जीवनी बुटी हो। पृथ्वीमा यो अमृतको नदी हो, जन्म–मरणरूपी भयलाई नाश गर्ने र भ्रमरूपी भ्यागुताहरूलाई खानका लागि सर्पिणी हो॥ ४॥

**असुर सेन सम नरक निकंदिनि। साधु बिबुध कुल हित गिरिनंदिनि॥**
**संत समाज पयोधि रमा सी। बिस्व भार भर अचल छमा सी॥**

यो रामकथा असुरहरूका सेनाजस्ता नरकहरूलाई नाश गर्ने र साधुरूप देवताहरूका कुलको हितका लागि पार्वती (दुर्गा) हुन्। यो सन्त-समाजरूपी क्षीरसमुद्रका लागि लक्ष्मीजीजस्तो छ र सम्पूर्ण विश्वको भार उठाउनमा अचल पृथ्वी समान छ॥ ५॥

**जम गन मुहँ मसि जग जमुना सी। जीवन मुकुति हेतु जनु कासी॥**
**रामहि प्रिय पावनि तुलसी सी। तुलसिदास हित हियँ हुलसी सी॥**

यमदूतहरूको मुखमा कालो मसी लगाउनका लागि यो जगत्मा यमुनाजी समान छ र जीवहरूलाई मुक्ति दिनको लागि मानौं काशी नै हो। यो श्रीरामजीलाई पवित्र तुलसीझैं प्रिय छ र तुलसीदासका लागि हुलसी (तुलसीदासजीकी आमा) का समान हृदयमा हित गर्नेवाला छ॥ ६॥

**सिवप्रिय मेकल सैल सुता सी। सकल सिद्धि सुख संपति रासी॥**
**सदगुन सुरगन अंब अदिति सी। रघुबर भगति प्रेम परमिति सी॥**

यो रामकथा शिवजीलाई नर्मदाजीजस्तै प्यारो छ, यो सबै सिद्धि तथा सुख-सम्पत्तिको राशि हो। सद्गुणरूपी देवताहरूलाई उत्पन्न र पालन-पोषण गर्नका लागि आमा अदितिसमान छन्। श्रीरघुनाथजीको भक्ति र प्रेमको परम सीमाजस्तै छ॥ ७॥

दो०— **रामकथा मंदाकिनी चित्रकूट चित चारु।**
**तुलसी सुभग सनेह बन सिय रघुबीर बिहारु॥ ३१॥**

तुलसीदासजी भन्नुहुन्छ कि रामकथा मन्दाकिनी नदी हो, सुन्दर (निर्मल) चित्त चित्रकूट हो, र सुन्दर स्नेह नै वन हो, जसमा श्रीसीताराम भ्रमण (विहार) गर्नुहुन्छ॥ ३१॥

**रामचरित चिंतामनि चारू। संत सुमति तिय सुभग सिंगारू॥**
**जग मंगल गुनग्राम राम के। दानि मुकुति धन धरम धाम के॥**

श्रीरामचन्द्रजीको चरित्र सुन्दर चिन्तामणि हो र सन्तहरूको सुबुद्धिरूपी स्त्रीको सुन्दर शृंगार हो। श्रीरामचन्द्रजीका गुण-समूहले जगत्को कल्याण गर्दछ र मुक्ति, धन, धर्म र परमधाम दिन्छ॥ १॥

**सदगुर ग्यान बिराग जोग के। बिबुध बैद भव भीम रोग के॥**
**जननि जनक सिय राम प्रेम के। बीज सकल ब्रत धरम नेम के॥**

ज्ञान, वैराग्य र योगका लागि सद्गुरु हो र संसाररूपी भयङ्कर रोगलाई नाश गर्नका लागि देवताहरूका वैद्य (अश्विनीकुमार) समान छ। यी श्रीसीतारामजीसँग प्रेम उत्पन्न गर्नका लागि आमा-बाबु हुन् र सम्पूर्ण व्रत, धर्म र नियमहरूका बीज (बिऊ) हुन्॥ २॥

**समन पाप संताप सोक के। प्रिय पालक परलोक लोक के॥**
**सचिव सुभट भूपति बिचार के। कुंभज लोभ उदधि अपार के॥**

पाप, सन्ताप र शोकलाई नाश गर्ने तथा यस लोक र परलोकमा प्रियरूपले पालन गर्नेवाला हुन्। विचार (ज्ञान) रूपी राजाका लागि शूरवीर मन्त्री र लोभरूपी अपार समुद्रलाई सुकाउनका लागि अगस्त्य मुनि हुन्॥ ३॥

**काम कोह कलिमल करिगन के। केहरि सावक जन मन बन के॥**
**अतिथि पूज्य प्रियतम पुरारि के। कामद घन दारिद दवारि के॥**

भक्तहरूका मनरूपी वनमा बस्ने काम, क्रोध र कलियुगका पापरूपी हात्तीहरूलाई मार्नका लागि सिंहका बच्चा हुन्। शिवजीका पूज्य र प्रियतम अतिथि हुन् र दरिद्रतारूपी डढेलोलाई निभाउनका लागि कामना पूर्ण गर्ने मेघ हुन्॥ ४॥

**मंत्र महामनि बिषय ब्याल के। मेटत कठिन कुअंक भाल के॥**
**हरन मोह तम दिनकर कर से। सेवक सालि पाल जलधर से॥**

विषयरूपी सर्पको जहर उतार्नका लागि मन्त्र र महामणि हो। यिनीहरूले निधारमा लेखिएको कठिनतापूर्वक मेटिन सक्ने खराब लेखहरू (मन्द प्रारब्ध) लाई मेटाइदिन्छन्। अज्ञानरूपी अन्धकारलाई हरण गर्नका लागि सूर्यकिरणसमान र सेवकरूपी धानलाई पालन गर्नका लागि मेघसमान छन्॥ ५॥

**अभिमत दानि देवतरु बर से। सेवत सुलभ सुखद हरि हर से॥**
**सुकबि सरद नभ मन उडगन से। रामभगत जन जीवन धन से॥**

यी मनोवाञ्छित वस्तु दिनलाई श्रेष्ठ कल्पवृक्षसमान छन् र सेवा गर्दाखेरि हरि-हरकासमान सुलभ र सुख दिन्छन्। सुकविरूपी शरद् ऋतुको मनरूपी आकाशलाई सुशोभित गर्नका लागि तारागणझैं र श्रीरामजीका भक्तहरूका लागि त जीवनधन नै हुन्॥ ६॥

**सकल सुकृत फल भूरि भोग से। जग हित निरुपधि साधु लोग से॥**
**सेवक मन मानस मराल से। पावन गंग तरंग माल से॥**

यही रामकथा सम्पूर्ण पुण्यहरूको फल भोगहरूसमान छन्। जगत्लाई छलरहित (यथार्थ) हित गर्नलाई साधु-सन्तहरूसमान छन्। सेवकहरूको मनरूपी मानसरोवरका लागि हाँससमान छन् र पवित्र गर्नलाई गङ्गाजीका तरङ्गमालाहरूजस्तै छन्॥ ७॥

दो०— **कुपथ कुतरक कुचालि कलि कपट दंभ पाषंड।**
**दहन राम गुन ग्राम जिमि इंधन अनल प्रचंड॥ ३२ (क)॥**

श्रीरामजीका गुणहरूका समूह कुमार्ग, कुतर्क, कुचाल, र कलियुगका कपट, दम्भ र पाखण्डहरूलाई डढाउन (जलाउन) को लागि उस्तै प्रकारको छ जस्तै दाउरा जलाउनका लागि प्रचण्ड अग्नि॥ ३२ (क)॥

**रामचरित राकेस कर सरिस सुखद सब काहु।**
**सज्जन कुमुद चकोर चित हित बिसेषि बड़ लाहु॥ ३२ (ख)॥**

रामचरित्रले पूर्णिमाको चन्द्रमाका किरणहरूजस्तै सबैलाई सुख दिन्छ, परन्तु सज्जनरूपी कमलिनी र च्याखुराको चित्तका लागि त विशेष हितकारी र महान् लाभदायक छ॥ ३२ (ख)॥

**कीन्हि प्रस्न जेहि भाँति भवानी। जेहि बिधि संकर कहा बखानी॥**
**सो सब हेतु कहब मैं गाई। कथा प्रबंध बिचित्र बनाई॥**

जसरी श्रीपार्वतीजीले शिवजीसँग प्रश्न गर्नुभएको थियो र जसरी शिवजीले विस्तारपूर्वक त्यसको उत्तर भन्नुभएको थियो, त्यो सबै कारण मैले विचित्र कथाको रचना गरेर गाएर भन्नेछु॥ १॥

**जेहिं यह कथा सुनी नहिं होई। जनि आचरजु करै सुनि सोई॥**
**कथा अलौकिक सुनहिं जे ग्यानी। नहिं आचरजु करहिं अस जानी॥**
**रामकथा कै मिति जग नाहीं। असि प्रतीति तिन्ह के मन माहीं॥**
**नाना भाँति राम अवतारा। रामायन सत कोटि अपारा॥**

जसले यस कथालाई पहिले सुनेका छैनन्, उनीहरू यसलाई सुनेर आश्चर्यमा नपर्नू। जुन ज्ञानीले यस विचित्र कथालाई सुन्दछन्, उनीहरू यस्तो जानेर आश्चर्य गर्दैनन् कि संसारमा रामकथाको सीमा नै छैन (रामकथा अनन्त छ)। उनीहरूको मनमा यस्तो विश्वास रहन्छ। हरेक प्रकारबाट श्रीरामचन्द्रजीले अवतार लिनुहुन्छ र सय करोड तथा अपार रामायण छन्॥ २-३॥

**कलपभेद हरिचरित सुहाए। भाँति अनेक मुनीसन्ह गाए॥**
**करिअ न संसय अस उर आनी। सुनिअ कथा सादर रति मानी॥**

कल्पभेदअनुसार श्रीहरिका सुन्दर चरित्रहरूलाई मुनीश्वरहरूले अनेकौं प्रकारबाट वर्णन गरेका छन्। हृदयमा यस्तो विचार गरेर सन्देह नगर्नुहोला र आदरसहित प्रेमपूर्वक यस कथालाई सुन्नुहोला॥ ४॥

दो०— **राम अनंत अनंत गुन अमित कथा बिस्तार।**
**सुनि आचरजु न मानिहहिं जिन्ह कें बिमल बिचार॥ ३३॥**

श्रीरामचन्द्रजी अनन्त हुनुहुन्छ, उहाँका गुण पनि अनन्त छन् र उहाँका कथाहरूको विस्तार पनि असीम छ। अतएव जसको विचार निर्मल छ, उनीहरूले यसकथालाई सुनेर आश्चर्य मान्दैनन्॥ ३३॥

**एहि बिधि सब संसय करि दूरी। सिर धरि गुर पद पंकज धूरी॥**
**पुनि सबही बिनवउँ कर जोरी। करत कथा जेहिं लाग न खोरी॥**

यसरी सबै सन्देहहरूलाई हटाएर र गुरुजीका चरणकमलका रजलाई शिरमा धारण गरेर मैले पुनः हात जोडेर सबैसँग बिन्ती गर्दछु, जसबाट कथाको रचनामा कुनै दोषले स्पर्श गर्न नसकोस्॥ १॥

## * मानसनिर्माणको तिथि *

**सादर सिवहि नाइ अब माथा। बरनउँ बिसद राम गुन गाथा॥**
**संबत सोरह सै एकतीसा। करउँ कथा हरि पद धरि सीसा॥**

अब मैले आदरपूर्वक शिवजीमा शिर नुहाएर श्रीरामचन्द्रजीका गुणहरूको निर्मल कथा भन्नेछु। श्रीहरिका चरणमा शिर राखेर वि०सं० १६३१ मा यस कथालाई आरम्भ गर्दछु॥ २॥

**नौमी भौम बार मधुमासा। अवधपुरीं यह चरित प्रकासा॥**
**जेहि दिन राम जनम श्रुति गावहिं। तीरथ सकल तहाँ चलि आवहिं॥**

चैत्र महिनाको नवमी तिथि मंगलवारको दिन श्रीअयोध्याजीमा यो चरित्र प्रकाशित भयो। जुन दिन श्रीरामजीको जन्म हुन्छ, वेदले भन्दछन् कि त्यस दिन सम्पूर्ण तीर्थ वहाँ (श्रीअयोध्याजीमा) आउने गर्दछन्॥ ३॥

**असुर नाग खग नर मुनि देवा। आइ करहिं रघुनायक सेवा॥**
**जन्म महोत्सव रचहिं सुजाना। करहिं राम कल कीरति गाना॥**

असुर, नाग, पक्षी, मनुष्य, मुनि र देवता सबै अयोध्यामा आएर श्रीरघुनाथजीको सेवा गर्दछन्। बुद्धिमान् व्यक्ति जन्मको महोत्सव मनाउदँछन् र श्रीरामजीका सुन्दर कीर्तिलाई गाउने गर्दछन्॥ ४॥

दो०— **मज्जहिं सज्जन बृंद बहु पावन सरजू नीर।**
**जपहिं राम धरि ध्यान उर सुंदर स्याम सरीर॥ ३४॥**

सज्जनहरूका धेरै समूह त्यसदिन श्रीसरयूजीको पवित्र जलमा स्नान गर्दछन् र हृदयमा सुन्दर श्यामशरीर श्रीरघुनाथजीलाई ध्यान गरेर उहाँको नामलाई जप्दछन्॥ ३४॥

**दरस परस मज्जन अरु पाना। हरइ पाप कह बेद पुराना॥**
**नदी पुनीत अमित महिमा अति। कहि न सकइ सारदा बिमल मति॥**

वेद, पुराणले भन्दछन् कि श्रीसरयूजीको दर्शन, स्पर्श, स्नान र जलपानले पापहरूलाई हरण गर्दछ। यो नदी धेरै नै पवित्र छ, यसको महिमा अनन्त छ, जसलाई निर्मल बुद्धि भएकी सरस्वतीजीले पनि वर्णन गर्न सक्नुहुन्न॥ १॥

**राम धामदा पुरी सुहावनि। लोक समस्त बिदित अति पावनि॥**
**चारि खानि जग जीव अपारा। अवध तजें तनु नहिं संसारा॥**

यो शोभायमान अयोध्यापुरीले श्रीरामचन्द्रजीको परमधाम दिन्छ, सबै लोकहरूमा प्रसिद्ध छ र अत्यन्त पवित्र छ। जगत्मा [अण्डज, स्वेदज, उद्भिज्ज र जरायुज] चार प्रकारका अनन्त जीव छन्, यिनीहरू मध्ये जुनसुकै प्राणीले पनि अयोध्याजीमा मृत्यु प्राप्त गर्दछन् भने उनीहरू फेरि संसारमा आउँदैनन् (जन्म-मृत्युको चक्करबाट छुटेर भगवान्को परमधाममा निवास गर्दछन्)॥ २॥

**सब बिधि पुरी मनोहर जानी। सकल सिद्धिप्रद मंगल खानी॥**
**बिमल कथा कर कीन्ह अरंभा। सुनत नसाहिं काम मद दंभा॥**

यस अयोध्यापुरीलाई सबै प्रकारबाट मनोहर, सबै सिद्धिहरू दिने र कल्याणको खानी सम्झेर मैले यस निर्मल कथालाई आरम्भ गरें, जसलाई सुन्दाखेरि काम, मद र दम्भ नष्ट भइहाल्दछन्॥ ३॥

**रामचरितमानस एहि नामा। सुनत श्रवन पाइअ बिश्रामा॥**
**मन करि बिषय अनल बन जरई। होइ सुखी जौं एहिं सर परई॥**

यसको नाम रामचरितमानस हो, जसलाई कानहरूद्वारा सुन्दाबिन्तिकै शान्ति मिल्दछ। मनरूपी हात्ती विषयरूपी डढेलोमा बलिरहेको छ, ऊ यदि यस रामचरितरूपी सरोवरमा आउँदछ भने सुखी भइहाल्छ॥ ४॥

## * मानसको रूप र माहात्म्य *

**रामचरितमानस मुनि भावन। बिरचेउ संभु सुहावन पावन॥**
**त्रिबिध दोष दुख दारिद दावन। कलि कुचालि कुलि कलुष नसावन॥**

यो रामचरितमानस मुनिहरूका लागि प्रिय छ, यस सुन्दर र निर्मल मानसलाई शिवजीले रचना गर्नुभयो। यसले तीनै प्रकारका दोषहरू, दुःखहरू र दरिद्रता तथा कुचालहरू र सबै पापहरूलाई नाश गर्दछ॥ ५॥

**रचि महेस निज मानस राखा। पाइ सुसमउ सिवा सन भाषा॥**
**तातें रामचरितमानस बर। धरेउ नाम हियँ हेरि हरषि हर॥**

श्रीमहादेवजीले यसलाई रचना गरेर आफ्नो मनमा राख्नुभएको थियो र सुअवसर पाएर पार्वतीजीसँग भन्नुभयो। यसैले शिवजीले यसलाई आफ्नो हृदयमा हेरेर र परम प्रसन्न भएर यसलाई सुन्दर 'रामचरितमानस' नाम राख्नुभयो॥ ६॥

**कहउँ कथा सोइ सुखद सुहाई। सादर सुनहु सुजन मन लाई॥**

म त्यही सुख दिने सुन्दर रामकथालाई भन्दछु, हे सज्जनहरू! आदरपूर्वक मन लगाएर यसलाई सुन्नुहोला॥ ७॥

दो०— **जस मानस जेहि बिधि भयउ जग प्रचार जेहि हेतु।**
**अब सोइ कहउँ प्रसंग सब सुमिरि उमा बृषकेतु॥ ३५॥**

यो रामचरितमानस जस्तो छ, जुन प्रकारले बन्यो र जुन उद्देश्यले जगत्‌मा यसको प्रचार भयो, अब त्यो सबै कथा म श्रीउमा-महेश्वरलाई स्मरण गरेर भन्दछु॥ ३५॥

**संभु प्रसाद सुमति हियँ हुलसी। रामचरितमानस कबि तुलसी॥**
**करइ मनोहर मति अनुहारी। सुजन सुचित सुनि लेहु सुधारी॥**

शिवजीको कृपाद्वारा त्यसका हृदयभित्र सुन्दर बुद्धिको विकास भयो, जसले गर्दा यो तुलसीदास श्रीरामचरितमानसको कवि भयो। आफ्नो बुद्धिअनुसार त उसले यसलाई मनोहर नै बनाउँदछ। किन्तु फेरि पनि सज्जनहरू! सुन्दर चित्तद्वारा सुनेर यसलाई हजुरहरूले सुधार्नुहोला॥ १॥

**सुमति भूमि थल हृदय अगाधू। बेद पुरान उदधि घन साधू॥**
**बरषहिं राम सुजस बर बारी। मधुर मनोहर मंगलकारी॥**

सुन्दर (सात्त्विक) बुद्धि भूमि हो, हृदय नै त्यसको गहिरो स्थान हो, वेद-पुराण समुद्र हुन् र साधु-सन्त मेघ हुन्। उनै (साधुरूपी मेघ) ले श्रीरामजीका सुयशरूपी सुन्दर, मधुर, मनोहर र मङ्गलकारी जलको वर्षा गराउँदछन्॥ २॥

**लीला सगुन जो कहहिं बखानी। सोइ स्वच्छता करइ मल हानी॥**
**प्रेम भगति जो बरनि न जाई। सोइ मधुरता सुसीतलताई॥**

सगुण लीलाको जुन विस्तारपूर्वक वर्णन गरिन्छ, त्यही रामसुयशरूपी जलको निर्मलता हो, जसले मललाई नाश गर्दछ र जुन प्रेमभक्तिको वर्णन गर्न सकिंदैन, त्यही यस जलको मधुरता र शीतलता हो॥ ३॥

**सो जल सुकृत सालि हित होई। राम भगत जन जीवन सोई॥**
**मेधा महि गत सो जल पावन। सकिलि श्रवन मग चलेउ सुहावन॥**
**भरेउ सुमानस सुथल थिराना। सुखद सीत रुचि चारु चिराना॥**

जुन (राम-सुयशरूपी) जल सत्कर्मरूपी धान (खेती) का लागि हितकर छ र श्रीरामजीका भक्तहरूका लागि त जीवन नै हो। त्यो पवित्र जल बुद्धिरूपी पृथ्वीमा पऱ्यो, खुम्चिएर सुन्दर कानरूपी मार्गबाट हिंड्यो र मानस (हृदय) रूपी श्रेष्ठ स्थानमा भरिएर त्यहाँ नै स्थिर भयो। त्यही पुरानो भएर सुन्दर, रुचिकर, शीतल र सुखदायी भयो॥ ४-५॥

दो०— **सुठि सुंदर संबाद बर बिरचे बुद्धि बिचारि।**
**तेइ एहि पावन सुभग सर घाट मनोहर चारि॥ ३६॥**

यस कथामा बुद्धिद्वारा विचार गरी जुन चार अत्यन्त सुन्दर र उत्तम संवाद (भुशुण्डि-गरुड, शिव-पार्वती, याज्ञवल्क्य-भरद्वाज र तुलसीदास-सन्त) रचिएका छन्, तिनीहरू नै यस पवित्र र सुन्दर सरोवरका चार मनोहर घाटहरू हुन्॥ ३६॥

**सप्त प्रबंध सुभग सोपाना। ग्यान नयन निरखत मन माना॥**
**रघुपति महिमा अगुन अबाधा। बरनब सोइ बर बारि अगाधा॥**

सात काण्ड नै यस मानस-सरोवरका सुन्दर सात सिँढी (भऱ्याङ्ग) हरू हुन्, जसलाई ज्ञानरूपी आँखाहरूबाट हेर्दा नै मन प्रसन्न भइहाल्दछ। श्रीरघुनाथजीको निर्गुण (प्राकृतिक गुणहरूबाट अतीत) र निर्बाध (एकरस) महिमालाई जसरी वर्णन गरिनेछ, त्यही यस सुन्दर जलको अथाह गहिराइ हो॥ १॥

**राम सीय जस सलिल सुधासम। उपमा बीचि बिलास मनोरम॥**
**पुरइनि सघन चारु चौपाई। जुगुति मंजु मनि सीप सुहाई॥**

श्रीरामचन्द्रजी र सीताजीको यश अमृत समान जल हो। यसमा जति उपमा दिइएका छन्, त्यही त्यस तरङ्गहरूका मनोहर विलास हुन्। सुन्दर चौपाईहरू नै यसमा बाक्लो किसिमबाट फैलिएका कमलिनी हुन् र कविताका युक्तिहरू सुन्दर मणि (मोती) उत्पन्न गर्ने सुन्दर सिपीहरू हुन्॥ २॥

**छंद सोरठा सुंदर दोहा। सोइ बहुरंग कमल कुल सोहा॥**
**अरथ अनूप सुभाव सुभासा। सोइ पराग मकरंद सुबासा॥**

जुन सुन्दर छन्द, सोरठा र दोहा छन्, तिनीहरू यसमा धेरै रङ्गका कमलहरूका समूह भएर सुशोभित भएका छन्। अनुपम अर्थ, उच्च भाव र सुन्दर भाषा नै पराग (पुष्परज), मकरन्द (पुष्परस) र सुगन्ध हुन्॥ ३॥

**सुकृत पुंज मंजुल अलि माला। ग्यान बिराग बिचार मराला॥**
**धुनि अवरेब कबित गुन जाती। मीन मनोहर ते बहुभाँती॥**

सत्कर्महरू (पुण्यहरू) का पुञ्ज भमराका सुन्दर पङ्क्तिहरू हुन्। ज्ञान, वैराग्य र विचार हाँस हुन्। कविताका ध्वनि, वक्रोक्ति (श्लिष्ट शब्दद्वारा गरिने उपहास वा व्यङ्ग्य), गुण र जाति नै अनेकौं प्रकारका मनोहर माछाहरू हुन्।॥ ४॥

**अरथ धरम कामादिक चारी। कहब ग्यान बिग्यान बिचारी॥**
**नव रस जप तप जोग बिरागा। ते सब जलचर चारु तड़ागा॥**

अर्थ, धर्म, काम, मोक्ष—यी चारै, ज्ञान-विज्ञानलाई विचार गरेर भन्नु, काव्यका नौ रस, जप, तप, योग र वैराग्यका प्रसङ्ग—यी सबै यस सरोवरका सुन्दर जलचर जीव हुन्॥ ५॥

**सुकृती साधु नाम गुन गाना। ते बिचित्र जलबिहग समाना॥**
**संतसभा चहुँ दिसि अवँराई। श्रद्धा रितु बसंत सम गाई॥**

सुकृती (पुण्यात्मा) हरूको, साधुहरूको र श्रीरामनामका गुणहरूको वर्णन नै विचित्र जलपक्षीहरूसमान छन्। सन्तहरूको सभा नै यस सरोवरका चारै दिशातर्फका आँपका बगैंचा हुन् र श्रद्धालाई वसन्त ऋतुजस्तो भनिएको छ॥ ६॥

**भगति निरूपन बिबिध बिधाना। छमा दया दम लता बिताना॥**
**सम जम नियम फूल फल ग्याना। हरि पद रति रस बेद बखाना॥**

विभिन्न प्रकारबाट भक्तिको निरूपण र क्षमा, दया तथा दम (इन्द्रियनिग्रह) लहराहरूका झाङ वा झाडी, मण्डप हुन्। मनको निग्रह, यम (अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह), नियम (शौच, सन्तोष, तप, स्वाध्याय र ईश्वरप्रणिधान) नै उसका फूल हुन्, ज्ञान फल हो र श्रीहरिका चरणमा प्रेम हुनु नै यस ज्ञानरूपी फलको रस हो। यस्तो वेदहरूले भनेका छन्॥ ७॥

**औरउ कथा अनेक प्रसंगा। तेइ सुक पिक बहुबरन बिहंगा॥**

यस (रामचरितमानस) मा अरू पनि जो अनेक प्रकारका प्रसङ्गका कथाहरू छन्, उनीहरू नै यसका सुगा, कोइली आदि रङ्ग-विरङ्गका पक्षी हुन्॥ ८॥

दो०—**पुलक बाटिका बाग बन सुख सुबिहंग बिहारु।**
**माली सुमन सनेह जल सींचत लोचन चारु॥ ३७॥**

कथामा जो रोमाञ्च हुन्छ त्यही उद्यान, बगैंचा र वन हुन्; जुन सुख हुन्छ, त्यही सुन्दर पक्षीहरूको भ्रमण (विहार) हो। निर्मल मन नै माली हो जसले प्रेमरूपी जलद्वारा सुन्दर आँखाहरूबाट उसलाई सिंचाइ गर्दछ॥ ३७॥

**जे गावहिं यह चरित सँभारे। तेइ एहि ताल चतुर रखवारे॥**
**सदा सुनहिं सादर नर नारी। तेइ सुरबर मानस अधिकारी॥**

जुन मानिसहरूले यस चरित्रलाई सावधानीपूर्वक गाउँदछन्, उनीहरू नै यस पोखरीका चतुर रक्षक हुन् र जुन स्त्री–पुरुषले यसलाई आदरपूर्वक सुन्दछन्, उनीहरूनै यस सुन्दर मानसका अधिकारी उत्तम देवता हुन्॥ १॥

**अति खल जे बिषई बग कागा। एहि सर निकट न जाहिं अभागा॥**
**संबुक भेक सेवार समाना। इहाँ न बिषय कथा रस नाना॥**

जो अति दुष्ट र विषयी छन् ती अभागी बकुल्ला र काग हुन्, जुन यस सरोवरको नजिक जाँदैनन्। किनकि यहाँ (यस मानस–सरोवरमा) क्षुद्र शङ्खे कीरा, भ्यागुता र झ्याउ (पानीमा हरियो भएर लट्टा परेर रहने वस्तु जहाँ साना जीव–जन्तु अल्झिन्छन्, त्यही) जस्ता विषय–रसका अनेक प्रकारका कथाहरू छैनन्॥ २॥

**तेहि कारन आवत हियँ हारे। कामी काक बलाक बिचारे॥**
**आवत एहिं सर अति कठिनाई। राम कृपा बिनु आइ न जाई॥**

यसै कारणले बिचरा कौवा र बकुल्लारूपी विषयी व्यक्ति यहाँ आउँदा–आउँदै हृदयमा हार मान्दछन्, किन भने यस सरोवरसम्म आउँदा कठिनाइहरू धेरै छन्। श्रीरामजीको कृपाविना यहाँ आउँनै सकिंदैन।॥ ३॥

**कठिन कुसंग कुपंथ कराला। तिन्ह के बचन बाघ हरि ब्याला॥**
**गृह कारज नाना जंजाला। ते अति दुर्गम सैल बिसाला॥**

घोर कुसङ्गत नै भयानक खराब बाटो हो; ती कुसङ्गतवालाका वचन नै बाघ, सिंह र सर्प हुन्। घरका काम–काज र गृहस्थहरूका अनेक प्रकारका जन्जाल नै अत्यन्त दुर्गम ठूल–ठूला पहाड हुन्॥ ४॥

**बन बहु बिषम मोह मद माना। नदीं कुतर्क भयंकर नाना॥**

मोह, मद र मान नै धेरै नै विकट वन हुन् र अनेकौं प्रकारका कुतर्क नै भयानक नदीहरू हुन्॥ ५॥

दो०— **जे श्रद्धा संबल रहित नहिं संतन्ह कर साथ।**
**तिन्ह कहुँ मानस अगम अति जिन्हहि न प्रिय रघुनाथ॥ ३८॥**

जसका साथ श्रद्धारूपी बाटो–खर्च छैन, सन्तहरू साथमा छैनन् र जसलाई श्रीरघुनाथजी प्रिय हुनुहुन्न, उनीहरूका लागि यो मानस अत्यन्त नै अगम छ (अर्थात् श्रद्धा, सत्सङ्ग र भगवत्प्रेमविना कसैले यसलाई प्राप्त गर्न सक्दैनन्)॥ ३८॥

**जौं करि कष्ट जाइ पुनि कोई। जातहिं नीद जुड़ाई होई॥**
**जड़ता जाड़ बिषम उर लागा। गएहुँ न मज्जन पाव अभागा॥**

यदि कुनै मनुष्य कष्ट गरेर यहाँसम्म पुग्यो भने पनि, यहाँ पुग्दाबित्तिकै उसलाई नीदरूपी शीतज्वर आउँदछ। हृदयमा मूर्खतारूपी अति ठूलो कडा जाडो हुन्छ, जसले गर्दा यहाँ पुगेर पनि त्यस अभागीले स्नान गर्न पाउँदैन॥ १॥

**करि न जाइ सर मज्जन पाना। फिरि आवइ समेत अभिमाना॥**
**जौं बहोरि कोउ पूछन आवा। सर निंदा करि ताहि बुझावा॥**

त्यसले त्यस सरोवरमा स्नान र त्यहाँको जलपान त गर्न नै सक्दैन, त्यो अभागी अभिमानसहित फर्केर आउँदछ। फेरि यदि कसैले उससँग (सरोवरको हाल) सोध्न आउँदछन्, त उसले [आफ्नो अभाग्यको कुरा नभनेर] सरोवरको निन्दा गर्दै उसलाई सम्झाउँदछ॥ २॥

**सकल बिघ्न ब्यापहिं नहिं तेही। राम सुकृपाँ बिलोकहिं जेही॥**
**सोइ सादर सर मज्जनु करई। महा घोर त्रयताप न जरई॥**

यी सबै विघ्नले उसलाई बाधा दिदैंनन्, जसलाई श्रीरामचन्द्रजीले सुन्दर कृपा दृष्टिबाट हेर्नुहुन्छ। उसैले आदरपूर्वक यस सरोवरमा स्नान गर्दछ र महान् भयानक त्रितापबाट (आध्यात्मिक, आधिदैविक, आधिभौतिक तापहरूबाट) जल्दैन॥ ३॥

**ते नर यह सर तजहिं न काऊ। जिन्ह कें राम चरन भल भाऊ॥**
**जो नहाइ चह एहिं सर भाई। सो सतसंग करउ मन लाई॥**

जसको मनमा श्रीरामचन्द्रजीका चरणहरूमा सुन्दर प्रेम छ, उनीहरूले यस सरोवरलाई कहिल्यै छाड्दैनन्। हे भाइ! जो यस सरोवरमा स्नान गर्न चाहन्छ उसले मन लगाएर सत्सङ्ग गरोस्॥ ४॥

**अस मानस मानस चख चाही। भइ कबि बुद्धि बिमल अवगाही॥**
**भयउ हृदयँ आनंद उछाहू। उमगेउ प्रेम प्रमोद प्रबाहू॥**

यस्तो मानस-सरोवरलाई हृदयका आँखाहरूबाट हेरेर र उसको गहिराइमा पुगेर (डुब्की, गोता लगाएर) कविको बुद्धि निर्मल भयो, हृदयमा आनन्द र उत्साह भरियो र प्रेम तथा आनन्दको प्रवाह आयो॥ ५॥

**चली सुभग कबिता सरिता सो। राम बिमल जस जल भरिता सो॥**
**सरजू नाम सुमंगल मूला। लोक बेद मत मंजुल कूला॥**

उसबाट यो सुन्दर कवितारूपी नदी बगेर निस्क्यो, जसमा श्रीरामजीको निर्मल यशरूपी जल भरिएको छ। यस (कवितारूपिणी नदी) को नाम सरयू हो, जुन सम्पूर्ण मङ्गलहरूको मूल हो। लोकमत र वेदमत यसका दुई सुन्दर किनारा हुन्॥ ६॥

**नदी पुनीत सुमानस नंदिनि। कलिमल तृन तरु मूल निकंदिनि॥**

यस सुन्दर मानस-सरोवरकी कन्या सरयू नदी धेरै नै पवित्र छिन् र कलियुगका [साना-ठूला] पापरूपी त्यान्द्राहरू र वृक्षहरूलाई जरादेखि नै उखेलेर फाल्दछिन्॥ ७॥

दो०— **श्रोता त्रिबिध समाज पुर ग्राम नगर दुहुँ कूल।**
**संतसभा अनुपम अवध सकल सुमंगल मूल॥ ३९॥**

तीनै प्रकारका श्रोताहरूको समाज नै यस नदीका दुवै किनाराहरूका टोल, गाउँ र नगर हुन् र सन्तहरूको समाज नै सबै सुन्दर मङ्गलहरूको जड अनुपम अयोध्या हो॥ ३९॥

**रामभगति सुरसरितहि जाई। मिली सुकीरति सरजु सुहाई॥**
**सानुज राम समर जसु पावन। मिलेउ महानदु सोन सुहावन॥**

सुन्दर कीर्तिरूपी सुन्दर सरयूजी रामभक्तिरूपी गङ्गाजीमा गएर मिसिइन्। भाइ लक्ष्मणजीसहित श्रीरामजीको युद्धको पवित्र यशरूपी सुन्दर महानद सोन (शोण), त्यसैमा आएर मिल्यो॥ १॥

**जुग बिच भगति देवधुनि धारा। सोहति सहित सुबिरति बिचारा॥**
**त्रिबिध ताप त्रासक तिमुहानी। राम सरूप सिंधु समुहानी॥**

दुवैका बीचमा भक्तिरूपी गङ्गाजीको धारा ज्ञान र वैराग्य सहित सुहाइरहेको छ। यस्ती तीनै तापहरूलाई भयभीत गराउने यी तिमुहानी (तीन मुख भएकी) नदी रामस्वरूपरूपी समुद्रतर्फ गइरहेकी छिन्॥ २॥

**मानस मूल मिली सुरसरिही। सुनत सुजन मन पावन करिही॥**
**बिच बिच कथा बिचित्र बिभागा। जनु सरि तीर तीर बन बागा॥**

यस (कीर्तिरूपी सरयू) को मूल मानस (श्रीरामचरित) हो र यी [रामभक्तिरूपी] गङ्गाजीमा मिसिएकी छिन्, त्यसैले यसलाई सुन्ने सज्जनहरूको मनलाई पवित्र गरिदिन्छिन्। यसको बीच-बीचमा जुन भिन्न-भिन्न प्रकारका विचित्र कथाहरू छन्, उनीहरू नै मानौं नदी किनाराका छेउ-छाउका वन र बगैंचा हुन्॥ ३॥

**उमा महेस बिबाह बराती। ते जलचर अगनित बहुभाँती॥**
**रघुबर जनम अनंद बधाई। भवँर तरंग मनोहरताई॥**

श्रीपार्वतीजी र शिवजीको विवाहका जन्ती नै यस नदीका धेरै प्रकारका असङ्ख्य जलचर जीव हुन। श्रीरघुनाथजीको जन्मको आनन्द-बधाई नै यस नदीको भुँमरी र तरङ्ग (लहर) को मनोहरता हो॥ ४॥

दो०— **बालचरित चहु बंधु के बनज बिपुल बहुरंग।**
**नृप रानी परिजन सुकृत मधुकर बारि बिहंग॥ ४०॥**

चारै भाइहरूका जुन बालचरित्र छन्, ती नै यसमा फुलिरहेका रङ्ग-विरङ्गका धेरै कमल हुन्। महाराज दशरथजी तथा उहाँका रानीहरू र कुटुम्बहरूका सत्कर्म (पुण्य) नै भमरा र जल-पक्षी हुन्॥ ४०॥

**सीय स्वयंबर कथा सुहाई। सरित सुहावनि सो छबि छाई॥**
**नदी नाव पटु प्रस्न अनेका। केवट कुसल उतर सबिबेका॥**

श्रीसीताजीको स्वयंवरको जुन सुन्दर कथा छ, त्यही यस नदीमा सुन्दर रूपमा भरिएको छ। अनेकौं सुन्दर विचारपूर्ण प्रश्न नै यस नदीका डुङ्गा हुन् र उनीहरूको विवेकयुक्त उत्तर नै चतुर माझी (बोटे) हुन्॥ १॥

**सुनि अनुकथन परस्पर होई। पथिक समाज सोह सरि सोई॥**
**घोर धार भृगुनाथ रिसानी। घाट सुबद्ध राम बर बानी॥**

यस कथालाई सुनेर जसरी पछि आपसमा चर्चा हुन्छ, त्यही यस नदीमा साथ-साथै हिंड्ने यात्रीहरूका समाजले शोभा पाइरहेको छ। परशुरामजीको क्रोध यस नदीको भयानक धारा (बाढी) हो र श्रीरामचन्द्रजीका श्रेष्ठ वचन नै सुन्दर रूपमा बनाइएका घाट हुन्॥ २॥

**सानुज राम बिबाह उछाहू। सो सुभ उमग सुखद सब काहू॥**
**कहत सुनत हरषहिं पुलकाहीं। ते सुकृती मन मुदित नहाहीं॥**

भाइहरूसहित श्रीरामचन्द्रजीको विवाहको उत्साह नै यस कथा-नदीको कल्याणकारी बाढी हो, जसले सबै जनालाई सुख दिएको छ। यसलाई भन्दा र सुन्दाखेरि जो हर्षित र रोमाञ्चित हुन्छन्, उनीहरू नै पुण्यात्मा पुरुष हुन्, जसले प्रसन्न मनद्वारा यस नदीमा स्नान गर्दछन्॥ ३॥

**राम तिलक हित मंगल साजा। परब जोग जनु जुरे समाजा॥**
**काई कुमति केकई केरी। परी जासु फल बिपति घनेरी॥**

श्रीरामचन्द्रजीको राजतिलकका लागि जसरी मङ्गल-सामान सजाइयो, उही मानौं पर्वका समयमा यस नदीमा यात्रीहरूका समूह जम्मा भएका हुन्। कैकेयीको कुबुद्धि नै यस नदीको चिप्लोपना (लेउ) हो, जसको फलस्वरूप धेरै ठूलो विपत्ति आयो॥ ४॥

दो०— **समन अमित उतपात सब भरत चरित जपजाग।**
**कलि अघ खल अवगुन कथन ते जलमल बग काग॥ ४१॥**

सम्पूर्ण अनगिन्ती उत्पातहरूलाई शान्त गर्ने भरतजीको चरित्र नै नदी-तटमा गरिने जप-यज्ञ हो। कलियुगका पापहरू र दुष्टका अवगुणहरूको जुन वर्णन गरिएको छ, त्यही नै यस नदीका जलको हिलो र बकुल्ला-कौवा हुन्॥ ४१॥

**कीरति सरित छहूँ रितु रूरी। समय सुहावनि पावनि भूरी॥**
**हिम हिमसैलसुता सिव ब्याहू। सिसिर सुखद प्रभु जनम उछाहू॥**

यो कीर्तिरूपी नदी छवटै ऋतुहरूमा नै सुन्दर हुन्छ। सबै समयमा यो परम सुन्दर र अत्यन्त पवित्र छ। यसमा शिव-पार्वतीजीको विवाह हेमन्त ऋतु हो। श्रीरामचन्द्रजीको जन्मको उत्सव सुखदायी शिशिर-ऋतु हो॥ १॥

**बरनब राम बिबाह समाजू। सो मुद मंगलमय रितुराजू॥**
**ग्रीषम दुसह राम बनगवनू। पंथकथा खर आतप पवनू॥**

श्रीरामचन्द्रजीको विवाह-समाजको वर्णन नै आनन्द-मङ्गलमय ऋतुराज वसन्त हो। श्रीरामचन्द्रजीको वनगमन दुःसह गृष्म ऋतु हो र मार्गको कथा नै कडा गर्मी र लू हो॥ २॥

**बरषा घोर निसाचर रारी। सुरकुल सालि सुमंगलकारी॥**
**राम राज सुख बिनय बड़ाई। बिसद सुखद सोइ सरद सुहाई॥**

राक्षसहरूका साथ घोर युद्ध नै वर्षा ऋतु हो, जसले देवकुलरूपी धानको (खेती) का लागि सुन्दर रूपमा कल्याण गर्दछ। श्रीरामचन्द्रजीको राज्यकालको सुख, विनम्रता र बढाई नै त्यही निर्मल सुख दिने सुन्दर शरद्ऋतु हो॥ ३॥

**सती सिरोमनि सिय गुन गाथा। सोइ गुन अमल अनूपम पाथा॥**
**भरत सुभाउ सुसीतलताई। सदा एकरस बरनि न जाई॥**

सती-शिरोमणि सीताजीका गुणहरूका जो कथाहरू छन्, तिनै यस जलका निर्मल र अनुपम गुण हुन्। भरतजीको स्वभाव यस नदीको सुन्दर शीतलता हो, जो सधैंभरी समान नै रहन्छ र जसको वर्णन गर्नै सकिंदैन॥ ४॥

दो०— **अवलोकनि बोलनि मिलनि प्रीति परसपर हास।**
**भायप भलि चहु बंधु की जल माधुरी सुबास॥ ४२॥**

चारै भाइहरूले परस्परमा हेर्नु, बोल्नु, भेट हुनु, एक-अर्कोसँग प्रेम गर्नु, हाँस्नु र सुन्दर भाइचारा यस जलको मधुरता र सुगन्ध हो॥ ४२॥

**आरति बिनय दीनता मोरी। लघुता ललित सुबारि न थोरी॥**
**अदभुत सलिल सुनत गुनकारी। आस पिआस मनोमल हारी॥**

मेरो आर्तभाव, विनम्रता र दीनता यस सुन्दर र निर्मल जलको अत्यन्त हलुङ्गोपना हो। यो जल ज्यादै अनौठो छ, जसलाई सुन्दा नै गुण (फाइदा) गर्दछ र आशारूपी तिर्खालाई र मनको मैलोलाई नष्ट गर्दछ॥ १॥

**राम सुप्रेमहि पोषत पानी। हरत सकल कलि कलुष गलानी॥**
**भव श्रम सोषक तोषक तोषा। समन दुरित दुख दारिद दोषा॥**

यो जलले श्रीरामचन्द्रजीको सुन्दर प्रेमलाई पुष्ट गर्दछ, कलियुगका समस्त पापहरू र उनीहरूबाट हुनेवाला ग्लानिलाई हरण गर्दछ। (संसारको जन्म-मृत्युरूप) श्रमलाई सुकाइदिन्छ, सन्तोषलाई पनि सन्तुष्ट गर्दछ र पाप, ताप, दरिद्रता र दोषहरूलाई नष्ट गरिदिन्छ॥ २॥

**काम कोह मद मोह नसावन। बिमल बिबेक बिराग बढ़ावन॥**
**सादर मज्जन पान किए तें। मिटहिं पाप परिताप हिए तें॥**

यस जलले काम, क्रोध, मद र मोहलाई नाश गर्दछ र निर्मल ज्ञान र वैराग्यलाई बढाउँछ। यसमा आदरपूर्वक स्नान गर्नाले र यसलाई पिउनाले हृदयमा रहने सबै पाप-ताप मेटिन्छन्॥ ३॥

**जिन्ह एहिं बारि न मानस धोए। ते कायर कलिकाल बिगोए॥**
**तृषित निरखि रबि कर भव बारी। फिरिहहिं मृग जिमि जीव दुखारी॥**

जसले यस (राम-सुयशरूपी) जलले आफ्नो हृदयलाई धोएका छैनन्, उनी कायर कलिकालद्वारा ठगिएका छन्। जस्तै तिर्खाएको हरिण सूर्यका किरणहरू बालुवामा पर्दा उत्पन्न हुने जलको भ्रमलाई वास्तविक जल सम्झेर पिउन दौडन्छ र जल नपाएर दु:खी हुन्छ, उस्तै नै ती (कलियुगबाट ठगिएका) जीव पनि [विषयहरूका पछि लागेर] दु:खी हुन्छन्॥ ४॥

दो०— मति अनुहारि सुबारि गुन गन गनि मन अन्हवाइ।
सुमिरि भवानी संकरहि कह कबि कथा सुहाइ॥ ४३ (क)॥

आफ्नो बुद्धिअनुसार यस सुन्दर जलका गुणहरूलाई विचार गरेर उसबाट आफ्नो मनलाई स्नान गराएर र श्रीभवानी–शङ्करजीलाई स्मरण गरेर कवि (तुलसीदास) सुन्दर कथा भन्दछ॥ ४३ (क)॥

## * याज्ञवल्क्य-भरद्वाज-संवाद तथा प्रयाग-माहात्म्य *

अब रघुपति पद पंकरुह हियँ धरि पाइ प्रसाद।
कहउँ जुगल मुनिबर्य कर मिलन सुभग संबाद॥ ४३ (ख)॥

म अब श्रीरघुनाथजीका चरणकमलहरूलाई हृदयमा धारण गरेर र उहाँको प्रसाद पाएर दुवै श्रेष्ठ मुनिहरूको मिलनको सुन्दर संवाद वर्णन गर्दछु॥ ४३ (ख)॥

भरद्वाज मुनि बसहिं प्रयागा। तिन्हहि राम पद अति अनुरागा॥
तापस सम दम दया निधाना। परमारथ पथ परम सुजाना॥

भरद्वाज मुनि प्रयागमा बस्नुहुन्छ, उहाँको श्रीरामजीका चरणहरूमा अत्यन्त प्रेम छ। उहाँ तपस्वी, निगृहीतचित्त, जितेन्द्रिय, दयाका निधान र परमार्थको बाटोमा धेरै नै चतुर हुनुहुन्छ॥ १॥

माघ मकरगत रबि जब होई। तीरथपतिहिं आव सब कोई॥
देव दनुज किंनर नर श्रेनीं। सादर मज्जहिं सकल त्रिबेनीं॥

माघ महिनामा जब सूर्य मकर राशिमा जान्छन्, त्यतिखेर सबै जना तीर्थराज प्रयागमा आउँदछन्। देवता, दैत्य, किन्नर र मनुष्यहरूका समूह सबैले आदरपूर्वक त्रिवेणीमा स्नान गर्दछन्॥ २॥

पूजहिं माधव पद जलजाता। परसि अखय बटु हरषहिं गाता॥
भरद्वाज आश्रम अति पावन। परम रम्य मुनिबर मन भावन॥

श्रीवेणीमाधवजीका चरणकमलहरूलाई पूजा गर्दछन् र अक्षयवटका (कहिल्यै नमर्ने बरको रूख) लाई स्पर्श गरेर उनीहरूको शरीर रोमाञ्चित हुन्छ। भरद्वाजजीको आश्रम धेरै नै पवित्र, परम रमणीय र श्रेष्ठ मुनिहरूको मनलाई मनपर्ने छ॥ ३॥

तहाँ होइ मुनि रिषय समाजा। जाहिं जे मज्जन तीरथ राजा॥
मज्जहिं प्रात समेत उछाहा। कहहिं परसपर हरि गुन गाहा॥

तीर्थराज प्रयागमा जति पनि स्नान गर्न जान्छन् ती ऋषि–मुनिहरूको समाज उहाँ (भरद्वाजजीको आश्रममा) भेला हुन्छ। प्रातःकाल सबैले उत्साहपूर्वक स्नान गर्दछन् र फेरि परस्परमा भगवान्‌का गुणका कथाहरू भन्दछन्॥ ४॥

दो०— ब्रह्म निरूपन धरम बिधि बरनहिं तत्त्व बिभाग।
कहहिं भगति भगवंत कै संजुत ग्यान बिराग॥ ४४॥

ब्रह्मको निरूपण, धर्मको विधान र तत्त्वका विभागलाई वर्णन गर्दछन् तथा ज्ञान–वैराग्यबाट युक्त भगवान्‌का भक्तिको कथन (कथा) गर्दछन्॥ ४४॥

**एहि प्रकार भरि माघ नहाहीं। पुनि सब निज निज आश्रम जाहीं॥**
**प्रति संबत अति होइ अनंदा। मकर मज्जि गवनहिं मुनिबृंदा॥**

यस प्रकार माघ महिनाभरि स्नान गर्दछन् र फेरि सबै आ-आफ्नो आश्रममा जान्छन्। प्रत्येक वर्ष वहाँ यस्तै प्रकारको ठूलो आनन्द हुन्छ। मकरमा स्नान गरेर मुनिगण गइहाल्छन्॥ १॥

**एक बार भरि मकर नहाए। सब मुनीस आश्रमन्ह सिधाए॥**
**जागबलिक मुनि परम बिबेकी। भरद्वाज राखे पद टेकी॥**

एकपल्ट पूरा मकर भरी स्नान गरेर सबै मुनीश्वर आ-आफ्नो आश्रममा फर्केर गए। परम ज्ञानी याज्ञवल्क्य मुनिलाई चरण समातेर भरद्वाजजीले राख्नुभयो॥ २॥

**सादर चरन सरोज पखारे। अति पुनीत आसन बैठारे॥**
**करि पूजा मुनि सुजसु बखानी। बोले अति पुनीत मृदु बानी॥**

आदरपूर्वक उहाँका चरणकमल धुनुभयो र अति पवित्र आसनमा उहाँलाई बसाल्नुभयो। पूजा गरेर मुनि याज्ञवल्क्यजीको सुयशको वर्णन गर्नुभयो र अनि अत्यन्त पवित्र र कोमल वाणीद्वारा भन्नुभयो— ॥ ३॥

**नाथ एक संसउ बड़ मोरें। करगत बेदतत्त्व सबु तोरें॥**
**कहत सो मोहि लागत भय लाजा। जौं न कहउँ बड़ होइ अकाजा॥**

हे नाथ! मेरो मनमा एक ठूलो सन्देह छ; वेदको तत्त्व सबै हजुरका मुठीमा छ (अर्थात् हजुरले नै वेदको तत्त्वलाई जान्नुहुने भएकाले मेरो सन्देह निवारण गर्न सक्नुहुन्छ), तर त्यस सन्देहलाई भन्न मलाई भय र लाज भएको छ [भय यस कारणले कि कहीं हजुरले नसम्झनुहोला कि मेरो परीक्षा लिएको छ, लाज यस कारणबाट कि यति आयु बित्यो, अझैंसम्म ज्ञान भएन] र यदि भनिन भने धेरै ठूलो हानि हुनेछ [किनकि अज्ञानी भइरहनेछु]॥ ४॥

दो०— **संत कहहिं असि नीति प्रभु श्रुति पुरान मुनि गाव।**
**होइ न बिमल बिबेक उर गुर सन किएँ दुराव॥ ४५॥**

हे प्रभु! सन्तहरूले यस्तो नीति भन्दछन् र वेद, पुराण तथा मुनिजनले पनि यही बताउँदछन् कि गुरुजीका साथ अज्ञानलाई लुकाउनाले हृदयमा निर्मल ज्ञान हुँदैन॥ ४५॥

**अस बिचारि प्रगटउँ निज मोहू। हरहु नाथ करि जन पर छोहू॥**
**राम नाम कर अमित प्रभावा। संत पुरान उपनिषद गावा॥**

यही सोचेर मैले आफ्नो अज्ञानलाई प्रकट गर्दछु। हे नाथ! सेवकमाथि कृपा गरेर यस अज्ञानलाई नाश गरिबक्सियोस्। सन्त, पुराण र उपनिषद्हरूले रामनामको असीम प्रभावलाई गाएका छन्॥ १॥

**संतत जपत संभु अबिनासी। सिव भगवान ग्यान गुन रासी॥**
**आकर चारि जीव जग अहहीं। कासीं मरत परम पद लहहीं॥**

कल्याणस्वरूप, ज्ञान र गुणहरूका राशि, अविनाशी भगवान् शम्भुले निरन्तर रामनामलाई नै जप्ने गर्नुहुन्छ। संसारमा चार जातिका जीव छन्, काशीमा मृत्यु हुनाले सबैले परमपदलाई प्राप्त गर्दछन्॥ २॥

**सोपि राम महिमा मुनिराया। सिव उपदेसु करत करि दाया॥**
**रामु कवन प्रभु पूछउँ तोही। कहिअ बुझाइ कृपानिधि मोही॥**

हे मुनिराज! त्यो पनि राम [नाम] को नै महिमा हो, किन भने शिवजी महाराजले दया गरेर [काशीमा मृत्युहुनेहरूलाई] रामनामको नै उपदेश गर्नुहुन्छ [यसैले उनीहरूलाई परमपद मिल्दछ]। हे प्रभु! मैले हजुरसँग सोद्धछु कि ती राम को हुन्? हे कृपानिधान! मलाई सम्झाएर भनिबक्सियोस्॥ ३॥

**एक राम अवधेस कुमारा। तिन्ह कर चरित बिदित संसारा॥**
**नारि बिरहँ दुखु लहेउ अपारा। भयउ रोषु रन रावनु मारा॥**

एक राम त अयोध्याका राजा दशरथजीका कुमार हुनुहुन्छ, उहाँको चरित्रलाई सम्पूर्ण संसारले जान्दछ। उहाँले स्त्रीको विरहमा अपार दुःख पाउनुभयो र क्रोध भएपछि युद्धमा रावणलाई मार्नुभयो ४॥

दो०— **प्रभु सोइ राम कि अपर कोउ जाहि जपत त्रिपुरारि।**
**सत्यधाम सर्बग्य तुम्ह कहहु बिबेकु बिचारि॥ ४६॥**

हे प्रभु! उनै राम हुन् या अर्कै कुनै छन्, जसलाई शिवजीले जप्नुहुन्छ? हजुर सत्यको धाम होइबक्सिन्छ र सबै चीज जानिबक्सिन्छ, विवेक-विचार गरेर भनिबक्सियोस्॥ ४६॥

**जैसें मिटै मोर भ्रम भारी। कहहु सो कथा नाथ बिस्तारी॥**
**जागबलिक बोले मुसुकाई। तुम्हहि बिदित रघुपति प्रभुताई॥**

हे नाथ! जुन प्रकारबाट मेरो यो ज्यादै ठूलो भ्रम मेटिन्छ, हजुरले त्यही कथा विस्तारपूर्वक भनिबक्सियोस्। यस्तो सुनेर याज्ञवल्क्यजी मुस्कुराएर बोल्नुभयो, श्रीरघुनाथजीको प्रतापलाई तिमीले जानेका छौ॥ १॥

**रामभगत तुम्ह मन क्रम बानी। चतुराई तुम्हारि मैं जानी॥**
**चाहहु सुनै राम गुन गूढ़ा। कीन्हिहु प्रस्न मनहुँ अति मूढ़ा॥**

तिमी मन, वचन र कर्मबाट श्रीरामजीका भक्त हौ। तिम्रो चतुर्‍याइँलाई मैले जाने। तिमी श्रीरामजीका रहस्यमय गुणहरूलाई जान्न चाहन्छौ; यसैले तिमीले यस्तो प्रश्न गरेका छौ, मानौं धेरै नै मूर्ख (भएका) छौ॥ २॥

**तात सुनहु सादर मनु लाई। कहउँ राम कै कथा सुहाई॥**
**महामोहु महिषेसु बिसाला। रामकथा कालिका कराला॥**

हे प्रिय भरद्वाज! तिमीले आदरपूर्वक मन लगाएर सुन; मैले श्रीरामजीको सुन्दर कथा भन्दछु। ठूलो अज्ञान विशाल महिषासुर हो र श्रीरामजीको कथा [उसलाई नष्ट गर्ने] भयङ्कर काली हुन्॥ ३॥

**रामकथा ससि किरन समाना। संत चकोर करहिं जेहि पाना॥**
**ऐसेइ संसय कीन्ह भवानी। महादेव तब कहा बखानी॥**

श्रीरामजीको कथा चन्द्रमाको किरणहरूजस्तो छ, जसलाई सन्तरूपी च्याखुराले सधैं पान गरिरहन्छन्। यस्तै सन्देह पार्वतीजीले गर्नुभएको थियो, त्यसपछि महादेवजीले विस्तारपूर्वक त्यसको उत्तर दिएर संशय-निवारण गर्नुभएको थियो॥ ४॥

## * सतीजीलाई भ्रम, श्रीरामको ऐश्वर्य र सतीलाई खेद *

दो०— **कहउँ सो मति अनुहारि अब उमा संभु संबाद।**
**भयउ समय जेहि हेतु जेहि सुनु मुनि मिटिहि बिषाद॥ ४७॥**

अब मैले आफ्नो बुद्धिअनुसार त्यही उमा र शिवजीको संवाद भन्दछु। त्यो जुन समय र जुन उद्देश्यबाट भयो, त्यसलाई हे मुनि! तिमी सुन, तिम्रो विषाद मेटिएर जानेछ॥ ४७॥

**एक बार त्रेता जुग माहीं। संभु गए कुंभज रिषि पाहीं॥**
**संग सती जगजननि भवानी। पूजे रिषि अखिलेस्वर जानी॥**

एक पालि त्रेतायुगमा शिवजी अगस्त्य ऋषिका समीप जानुभयो। उहाँका साथमा जगज्जननी भवानी सतीजी पनि हुनुहुन्थ्यो। ऋषिले सम्पूर्ण जगत्का ईश्वर मानेर उहाँको पूजा गर्नुभयो॥ १॥

**रामकथा मुनिबर्ज बखानी। सुनी महेस परम सुखु मानी॥**
**रिषि पूछी हरिभगति सुहाई। कही संभु अधिकारी पाई॥**

मुनिवर अगस्त्यजीले रामकथा विस्तारपूर्वक भन्नुभयो, जसलाई महेश्वरले ज्यादै सुख मानेर सुन्नुभयो। फेरि ऋषिले शिवजीसँग सुन्दर हरिभक्ति सोध्नुभयो र शिवजीले उहाँलाई अधिकारी पाएर [रहस्यसहित] भक्तिको निरूपण गर्नुभयो॥ २॥

**कहत सुनत रघुपति गुन गाथा। कछु दिन तहाँ रहे गिरिनाथा॥**
**मुनि सन बिदा मागि त्रिपुरारी। चले भवन सँग दच्छकुमारी॥**

श्रीरघुनाथजीका गुणका कथाहरू भन्दै र सुन्दै केही दिनसम्म शिवजी वहाँ बस्नुभयो। फेरि मुनिसँग बिदा मागेर शिवजी दक्षकुमारी सतीजीका साथ घर (कैलाश) जान हिंड्नुभयो॥ ३॥

**तेहि अवसर भंजन महिभारा। हरि रघुबंस लीन्ह अवतारा॥**
**पिता बचन तजि राजु उदासी। दंडक बन बिचरत अबिनासी॥**

त्यसै अवसरमा पृथ्वीको भार हरण गर्नका लागि श्रीहरिले रघुवंशमा अवतार लिनुभएको थियो। उनै अविनाशी भगवान् त्यस समयमा पिताजीका वचनबाट राज्यलाई त्याग गरेर तपस्वी या साधुवेषमा दण्डकवनमा घुमिरहनुभएको थियो॥ ४॥

दो०— **हृदयँ बिचारत जात हर केहि बिधि दरसनु होइ।**
**गुप्त रूप अवतरेउ प्रभु गएँ जान सबु कोइ॥ ४८ (क)॥**

शिवजी हृदयमा विचार गर्दै गइरहनुभएको थियो कि भगवान्‌को दर्शन मलाई कसरी हुन सक्दछ। प्रभुले गुप्तरूपमा अवतार लिनुभएको छ, म जाँदा सबैले जान्नेछन्॥ ४८ (क)॥

सो०— **संकर उर अति छोभु सती न जानहिं मरमु सोइ।**
**तुलसी दरसन लोभु मन डरु लोचन लालची॥ ४८ ( ख )॥**

शङ्करजीका हृदयमा यस कुरालाई लिएर ठूलो खलबल उत्पन्न भयो, परन्तु सतीजीले यस भेदलाई जान्नुभएको थिएन। तुलसीदासजी भन्नुहुन्छ कि शिवजीको मनमा [भेद खुल्न सक्ने] डर थियो, परन्तु दर्शनको लोभबाट उहाँका आँखा लोभिएका थिए॥ ४८ (ख)॥

**रावन मरन मनुज कर जाचा। प्रभु बिधि बचनु कीन्ह चह साचा॥**
**जौं नहिं जाउँ रहइ पछितावा। करत बिचारु न बनत बनावा॥**

रावणले [ब्रह्माजीसँग] आफ्नो मृत्यु मनुष्यको हातबाट मागेको थियो। ब्रह्माजीका वचनहरूलाई प्रभु सत्य गराउन चाहनुहुन्छ। म त्यहाँ नजिक गइन भने ठूलो पश्चात्ताप हुनेछ। यस प्रकार शिवजीले विचार गरिरहनुभएको थियो, परन्तु कुनै पनि युक्ति ठीक जँचेको थिएन॥ १॥

**एहि बिधि भए सोचबस ईसा। तेही समय जाइ दससीसा॥**
**लीन्ह नीच मारीचहि संगा। भयउ तुरत सोइ कपट कुरंगा॥**

यसरी महादेवजी चिन्ताको वशमा हुनुभयो। त्यसै समयमा नीच रावणले गएर मारीचलाई साथमा लिएर आयो र त्यो (मारीच) तुरुन्त कपटमृग भइहाल्यो।॥ २॥

**करि छलु मूढ़ हरी बैदेही। प्रभु प्रभाउ तस बिदित न तेही॥**
**मृग बधि बंधु सहित हरि आए। आश्रमु देखि नयन जल छाए॥**

मूर्ख (रावण) ले छल गरेर सीताजीलाई हरण गर्‍यो। उसलाई श्रीरामचन्द्रजीको वास्तविक प्रभाव केही पनि थाहा थिएन। मृगलाई मारेर भाइ लक्ष्मणसहित श्रीहरि आश्रममा आउनुभयो र आश्रम खाली देखेर (अर्थात् वहाँ सीताजीलाई नदेखेर) उहाँका आँखाहरूमा आँसु भरिए॥ ३॥

**बिरह बिकल नर इव रघुराई। खोजत बिपिन फिरत दोउ भाई॥**
**कबहूँ जोग बियोग न जाकें। देखा प्रगट बिरह दुखु ताकें॥**

श्रीरघुनाथजी मनुष्यहरूझैं विरहबाट व्याकुल हुनुभएको छ र दुवै भाइ वनमा सीताजीलाई खोज्दै घुमिरहनुभएको छ। जसलाई कहिल्यै कुनै प्रकारको संयोग-वियोग छैन, त्यस्ता उहाँमा प्रत्यक्ष विरहको दु:ख देखियो॥ ४॥

दो०— **अति बिचित्र रघुपति चरित जानहिं परम सुजान।**
**जे मतिमंद बिमोह बस हृदयँ धरहिं कछु आन॥ ४९॥**

श्रीरघुनाथजीको चरित्र ज्यादै नै विचित्र छ, जसलाई सिद्ध ज्ञानी जनले मात्रै जान्दछन्। जो मन्दबुद्धि छन्, उनीहरू त विशेष रूपमा मोहको वशमा भएर हृदयमा अन्य (अरू) नै कुरा सम्झेर बस्दछन्॥ ४९॥

**संभु समय तेहि रामहि देखा। उपजा हियँ अति हरषु बिसेषा॥**
**भरि लोचन छबिसिंधु निहारी। कुसमय जानि न कीन्हि चिन्हारी॥**

शिवजीले त्यही अवसरमा श्रीरामजीलाई देख्नुभयो र उहाँका हृदयमा अत्यन्त धेरै आनन्द उत्पन्न भयो। उनै शोभाका समुद्र (श्रीरामचन्द्रजी) लाई शिवजीले आँखाले हेर्न खोजेसम्म हेर्नुभयो, परन्तु अवसर ठीक नभएकोले परिचय गर्नुभएन॥ १॥

**जय सच्चिदानंद जग पावन। अस कहि चलेउ मनोज नसावन॥**
**चले जात सिव सती समेता। पुनि पुनि पुलकत कृपानिकेता॥**

जगत्‌लाई पवित्र गर्ने सच्चिदानन्दको जय होस्, यसो भनेर कामदेवलाई नाश गर्नुभएका शिवजी हिंडिहाल्नुभयो। कृपानिधान शिवजी बार-बार आनन्दबाट रोमाञ्चित हुँदै सतीजीका साथ हिंडिरहनुभएको थियो॥ २॥

**सतीं सो दसा संभु कै देखी। उर उपजा संदेहु बिसेषी॥**
**संकरु जगतबंद्य जगदीसा। सुर नर मुनि सब नावत सीसा॥**

सतीजीले शङ्करजीको त्यस्तो अवस्था देख्नुभयो, त्यसपछि उहाँको मनमा ठूलो सन्देह उत्पन्न भयो। [उहाँले मन-मनै भन्न लाग्नुभयो कि] शङ्करजीलाई सारा जगत्‌ले वन्दना गर्दछन्, उहाँ जगत्‌का ईश्वर होइबक्सिन्छ, देवता, मनुष्य, मुनि सबैले उहाँप्रति शिर नुहाउँदछन्॥ ३॥

**तिन्ह नृपसुतहि कीन्ह परनामा। कहि सच्चिदानंद परधामा॥**
**भए मगन छबि तासु बिलोकी। अजहुँ प्रीति उर रहति न रोकी॥**

उहाँले एक राजपुत्रलाई सच्चिदानन्द परमधाम भनेर प्रणाम गर्नुभयो र उनको शोभालाई देखेर उहाँ यति प्रेममग्न हुनुभयो कि अझैसम्म उहाँको हृदय प्रीति रोक्न खोजे पनि रोकिन्न॥ ४॥

दो०— **ब्रह्म जो ब्यापक बिरज अज अकल अनीह अभेद।**
**सो कि देह धरि होइ नर जाहि न जानत बेद॥ ५०॥**

जो ब्रह्म सर्वव्यापक, मायारहित, अजन्मा, अगोचर, इच्छारहित र भेदरहित छ र जसलाई वेदले पनि जान्दैनन्, के ऊ शरीर धारण गरेर मनुष्य हुन सक्दछ?॥ ५०॥

**बिष्नु जो सुर हित नरतनु धारी। सोउ सर्बग्य जथा त्रिपुरारी॥**
**खोजइ सो कि अग्य इव नारी। ग्यानधाम श्रीपति असुरारी॥**

देवताहरूको हितका लागि मनुष्यशरीर धारण गर्नुहुने जुन विष्णु भगवान् हुनुहुन्छ, उहाँ पनि शिवजीजस्तै सर्वज्ञ हुनुहुन्छ। उनै ज्ञानका भण्डार, लक्ष्मीपति र असुरहरूका शत्रु भगवान् विष्णुले के अज्ञानीझैं स्त्रीलाई खोज्नुहुन्छ?॥ १॥

**संभुगिरा पुनि मृषा न होई। सिव सर्बग्य जान सबु कोई॥**
**अस संसय मन भयउ अपारा। होइ न हृदयँ प्रबोध प्रचारा॥**

फेरि शिवजीको वचन पनि झूटो हुन सक्दैन। सबै जनाले जान्दछन् कि शिवजी सर्वज्ञ हुनुहुन्छ। सतीजीका मनमा यस प्रकारका अपार सन्देहहरू उठे, कुनै तरिकाबाट उहाँको हृदयमा ज्ञानको प्रादुर्भाव भएको थिएन॥ २॥

**जद्यपि प्रगट न कहेउ भवानी। हर अंतरजामी सब जानी॥**
**सुनहि सती तव नारि सुभाऊ। संसय अस न धरिअ उर काऊ॥**

यद्यपि भवानीजीले प्रकट रूपमा केही पनि भन्नुभएन, तर अन्तर्यामी शिवजीले सबै जान्नुभयो। उहाँले भन्नुभयो—हे सती! सुन, तिम्रो स्त्रीस्वभाव छ। यस्तो सन्देह मनमा कहिल्यै पनि राख्नुहुँदैन॥ ३॥

**जासु कथा कुंभज रिषि गाई। भगति जासु मैं मुनिहि सुनाई॥**
**सोइ मम इष्टदेव रघुबीरा। सेवत जाहि सदा मुनि धीरा॥**

जसको कथालाई अगस्त्य ऋषिले वर्णन गर्नुभयो तथा जसको भक्ति मैले मुनिलाई सुनाएँ, उहाँ उनै मेरा इष्टदेव श्रीरघुवीर हुनुहुन्छ, जसको सेवा ज्ञानी मुनिजनले सधैं गर्ने गर्दछन्॥ ४॥

छं०— **मुनि धीर जोगी सिद्ध संतत बिमल मन जेहि ध्यावहीं।**
**कहि नेति निगम पुरान आगम जासु कीरति गावहीं॥**
**सोइ रामु ब्यापक ब्रह्म भुवन निकाय पति माया धनी।**
**अवतरेउ अपने भगत हित निजतंत्र नित रघुकुलमनी॥**

ज्ञानी, मुनि, योगी र सिद्धहरू निरन्तर निर्मल चित्तद्वारा जसको ध्यान गर्दछन् तथा वेद, पुराण र शास्त्रले 'नेति-नेति' भनेर जसको कीर्तिलाई गाउँदछन्, उनै सर्वव्यापक, समस्त ब्रह्माण्डका स्वामी, मायापति, नित्य परम स्वतन्त्र, ब्रह्मरूप भगवान् श्रीरामजीले आफ्ना भक्तहरूका हितका लागि [आफ्नै इच्छाबाट] रघुकुलको मणिरूपमा अवतार लिनुभएको छ।

सो०— **लाग न उर उपदेसु जदपि कहेउ सिवँ बार बहु।**
**बोले बिहसि महेसु हरिमाया बलु जानि जियँ॥ ५१॥**

यद्यपि शिवजीले धेरै पटक सम्झाउनुभयो, तर पनि सतीजीको हृदयमा उहाँको उपदेश बस्न सकेन। त्यसपछि महादेवजीले मनमा भगवान्‌को मायाको बल जानेर मुस्कुराउँदै भन्नुभयो— ॥ ५१॥

**जौं तुम्हरें मन अति संदेहू। तौ किन जाइ परीछा लेहू॥**
**तब लगि बैठ अहउँ बटछाहीं। जब लगि तुम्ह ऐहहु मोहि पाहीं॥**

जुन तिम्रो मनमा धेरै सन्देह छ भने तिमी गएर परीक्षा किन लिन्नौ? जबसम्म तिमी मेरो साथ फर्केर आउने छैनौ त्यस समयसम्म म यहीं बरको छायामा बस्नेछु॥ १॥

**जैसें जाइ मोह भ्रम भारी। करेहु सो जतनु बिबेक बिचारी॥**
**चलीं सती सिव आयसु पाई। करहिं बिचारु करौं का भाई॥**

जसरी तिम्रो यो अज्ञानजनित ठूलो भ्रम अन्त्य हुन्छ, [राम्रोसँग] विवेकद्वारा सोचेर-सम्झेर तिमीले त्यस्तै गर्नू। शिवजीको आज्ञा पाएर सतीजी हिंड्नुभयो र मनमा सोच्न लाग्नुभयो कि भाइ! के गरौं (कसरी परीक्षा लिऊँ)?॥ २॥

**इहाँ संभु अस मन अनुमाना। दच्छसुता कहुँ नहिं कल्याना॥**
**मोरेहु कहें न संसय जाहीं। बिधि बिपरीत भलाई नाहीं॥**

यता शिवजीले यस्तो अनुमान गर्नुभयो कि दक्षकन्या सतीको कल्याण छैन। जब मैले सम्झाउँदा पनि सन्देह मेटिएर जान्न तब [थाहा हुन्छ कि] विधाता नै उल्टो भएको छ, अब सतीको मङ्गल हुनेछैन॥ ३॥

**होइहि सोइ जो राम रचि राखा। को करि तर्क बढ़ावै साखा॥**
**अस कहि लगे जपन हरिनामा। गईं सती जहँ प्रभु सुखधामा॥**

जे जस्तो रामले रचेर राख्नुभएको छ, उही हुनेछ। तर्क गरेर कसले शाखा (विस्तार) बढाउने। [मनमा] यसो भनेर श्रीशिवजीले श्रीहरिको नाम जप्न लाग्नुभयो र सतीजी उहाँ जानुभयो जहाँ सुखका धाम प्रभु श्रीरामचन्द्रजी हुनुहुन्थ्यो॥ ४॥

दो०— **पुनि पुनि हृदयँ बिचारु करि धरि सीता कर रूप।**
**आगें होइ चलि पंथ तेहिं जेहिं आवत नरभूप॥ ५२॥**

सतीजी बारम्बार मनमा विचार गरेर सीताजीको रूप धारण गरेर त्यही बाटोतर्फ अगाडि भएर हिंड्नुभयो, जहाँबाट [सतीजीको विचारअनुसार] मनुष्यहरूका राजा रामचन्द्रजी आइरहनुभएको थियो॥ ५२॥

**लछिमन दीख उमाकृत बेषा। चकित भए भ्रम हृदयँ बिसेषा॥**
**कहि न सकत कछु अति गंभीरा। प्रभु प्रभाउ जानत मतिधीरा॥**

सतीजीको बनावटी वेषलाई देखेर लक्ष्मणजी चकित हुनुभयो र उहाँको हृदयमा ठूलो भ्रम भयो। उहाँ धेरै नै गम्भीर हुनुभयो, केही भन्न सक्नुभएन। धीरबुद्धि लक्ष्मणजी प्रभु रघुनाथजीको प्रभावलाई जान्नुहुन्थ्यो॥ १॥

**सती कपटु जानेउ सुरस्वामी। सबदरसी सब अंतरजामी॥**
**सुमिरत जाहि मिटइ अग्याना। सोइ सरबग्य रामु भगवाना॥**

सबै कुरा देख्नेवाला र सबैका हृदयको विचारलाई जान्नुहुने देवताहरूका स्वामी श्रीरामचन्द्रजीले सतीजीको कपटलाई जान्नुभयो; जसको स्मरणले नै अज्ञानलाई नाश गरिदिन्छ, उनै सर्वज्ञ भगवान् श्रीरामचन्द्रजी हुनुहुन्छ॥ २॥

**सती कीन्ह चह तहँहुँ दुराऊ। देखहु नारि सुभाव प्रभाऊ॥**
**निज माया बलु हृदयँ बखानी। बोले बिहसि रामु मृदु बानी॥**

स्त्रीस्वभावको असर (प्रभाव) त हेर कि त्यहाँ (उनै सर्वज्ञ भगवान्‌का सम्मुख) पनि सतीजीले

लुकाउन (ढाँट्न) चाहनुहुन्छ। आफ्नो मायाको बललाई हृदयमा वर्णन गरेर, श्रीरामचन्द्रजी हाँस्दै कोमलवाणीद्वारा भन्न लाग्नुभयो॥ ३॥

**जोरि पानि प्रभु कीन्ह प्रनामू। पिता समेत लीन्ह निज नामू॥**
**कहेउ बहोरि कहाँ बृषकेतू। बिपिन अकेलि फिरहु केहि हेतू॥**

पहिला प्रभुले हात जोडेर सतीजीलाई प्रणाम गर्नुभयो र पितासहित आफ्नो नाम बताउनुभयो। फेरि भन्नुभयो—वृषकेतु शिवजी कहाँ होइबक्सिन्छ? हजुर यहाँ वनमा एक्लै के कारणले घुमिबक्सिएको छ?॥ ४॥

दो०— **राम बचन मृदु गूढ़ सुनि उपजा अति संकोचु।**
**सती सभीत महेस पहिं चलीं हृदयँ बड़ सोचु॥ ५३॥**

श्रीरामचन्द्रजीका कोमल र रहस्यले भरिएका वचन सुनेर सतीजीलाई ठूलो सङ्कोच भयो। उहाँ डराउदै (चुपचाप) शिवजीका साथ जानुभयो; उहाँको हृदयमा ठूलो चिन्ता भयो— ॥ ५३॥

**मैं संकर कर कहा न माना। निज अग्यानु राम पर आना॥**
**जाइ उतरु अब देहउँ काहा। उर उपजा अति दारुन दाहा॥**

—कि मैले शङ्करजीले भनेको मानिनँ र आफ्नो अज्ञानलाई श्रीरामचन्द्रजी प्रति आरोप लगाएँ। अब गएर मैले शिवजीलाई के उत्तर दिने? [यस्तो सोच्दा-सोच्दै] सतीजीको हृदयमा अत्यन्त भयानक ज्वाला पैदा भयो॥ १॥

**जाना राम सतीं दुखु पावा। निज प्रभाउ कछु प्रगटि जनावा॥**
**सतीं दीख कौतुकु मग जाता। आगें रामु सहित श्री भ्राता॥**

श्रीरामचन्द्रजीले जान्नुभयो कि सतीजीलाई दु:ख भयो; त्यसपछि आफ्नो केही प्रभावलाई प्रकट गरेर उहाँलाई देखाउनुभयो। सतीजीले बाटोमा जादै गर्दा यस्तो कौतुक देख्नुभयो कि श्रीरामचन्द्रजी, सीताजी र लक्ष्मणजीसहित अगाडि हिंडिरहनुभएको छ। [यस अवसरमा सीताजीलाई यस कारणले देखाउनुभयो कि सतीजीले श्रीरामको सच्चिदानन्दमय रूपलाई हेर्ने अवसर मिलोस्, वियोग र दु:खको कल्पना जुन उहाँलाई भएको थियो त्यो मेटियोस् र प्रकृतिस्थ (स्वस्थ) होऊन्]॥ २॥

**फिरि चितवा पाछें प्रभु देखा। सहित बंधु सिय सुंदर बेषा॥**
**जहँ चितवहिं तहँ प्रभु आसीना। सेवहिं सिद्ध मुनीस प्रबीना॥**

[त्यसपछि उहाँले] पछाडि फर्केर हेर्नुभयो, त त्यहाँ पनि भाइ लक्ष्मणजी र सीताजीका साथ श्रीरामचन्द्रजी सुन्दर वेषमा देखिनुभयो। उहाँले जता हेर्नुहुन्छ, उता नै प्रभु श्रीरामचन्द्रजी विराजमान हुनुहुन्छ र सुचतुर सिद्ध मुनीश्वरले उहाँको सेवा गरिरहेका छन्॥ ३॥

**देखे सिव बिधि बिष्नु अनेका। अमित प्रभाउ एक तें एका॥**
**बंदत चरन करत प्रभु सेवा। बिबिध बेष देखे सब देवा॥**

सतीजीले अनेक शिव, ब्रह्मा र विष्णुलाई देख्नुभयो, एकभन्दा अर्का बढी असीम प्रभाव भएका

थिए। [उहाँले देख्नुभयो कि] विभिन्न थरीका वेष धारण गरेर सबै देवताले श्रीरामचन्द्रजीका चरणको वन्दना र सेवा गरिरहेका छन्॥ ४॥

**दो०— सती बिधात्री इंदिरा देखीं अमित अनूप।**
**जेहिं जेहिं बेष अजादि सुर तेहि तेहि तन अनुरूप॥ ५४॥**

उहाँले अनगिन्ती अनुपम सती, ब्रह्माणी र लक्ष्मी देख्नुभयो। जुन-जुन रूपमा ब्रह्मा आदि देवता थिए, उसैका अनुकूलरूपमा [उनीहरूका] यी सबै [शक्तिहरू] पनि थिए॥ ५४॥

**देखे जहँ तहँ रघुपति जेते। सक्तिन्ह सहित सकल सुर तेते॥**
**जीव चराचर जो संसारा। देखे सकल अनेक प्रकारा॥**

सतीजीले जता-ततै जति पनि रघुनाथजी देख्नुभयो, शक्तिसहित त्यहाँ त्यति नै सम्पूर्ण देवताहरूलाई पनि देख्नुभयो। संसारमा जे जति चराचर जीव छन्, अनेक प्रकारका उनीहरू सबैलाई पनि देख्नुभयो॥ १ ॥

**पूजहिं प्रभुहि देव बहु बेषा। राम रूप दूसर नहिं देखा॥**
**अवलोके रघुपति बहुतेरे। सीता सहित न बेष घनेरे॥**

[उहाँले देख्नुभयो कि] अनेकौं वेष धारण गरेर देवताले प्रभु रामचन्द्रजीलाई पूजा गरिरहेका छन्। परन्तु रामचन्द्रजीको अर्को रूप देख्नुभएन। सीतासहित श्रीरघुनाथजी धेरै नै देखिनुभयो, परन्तु उहाँका वेष (पहिरन) अनेक थिएनन्॥ २ ॥

**सोइ रघुबर सोइ लछिमनु सीता। देखि सती अति भईं सभीता॥**
**हृदय कंप तन सुधि कछु नाहीं। नयन मूदि बैठीं मग माहीं॥**

[सबै ठाउँमा] उनै रघुनाथजी, उनै लक्ष्मण र उनै सीताजी— सतीजीले यस्तो देखेर ज्यादै नै डराउनुभयो। उहाँको हृदय काम्न लाग्यो र शरीरको हालखबर (हालत) बिर्सिनुभयो। उहाँ आँखा चिम्लेर बाटोमा बस्नुभयो॥ ३ ॥

**बहुरि बिलोकेउ नयन उघारी। कछु न दीख तहँ दच्छकुमारी॥**
**पुनि पुनि नाइ राम पद सीसा। चलीं तहाँ जहँ रहे गिरीसा॥**

फेरि आँखा खोलेर हेर्दा त उहाँ दक्षकुमारीले केही पनि देख्नुभएन। त्यसपछि उहाँले बार-बार रामचन्द्रजीका चरणहरूमा शिर निहुराएर उहाँ जानुभयो जहाँ शिवजी हुनुहुन्थ्यो॥ ४॥

**दो०— गईं समीप महेस तब हँसि पूछी कुसलात।**
**लीन्हि परीछा कवन बिधि कहहु सत्य सब बात॥ ५५॥**

जब शिवजीका समीप पुग्नुभयो, त्यसपछि शिवजीले हाँसेर कुशल-प्रश्न गरेर भन्नुभयो कि तिमीले रामजीको कसरी परीक्षा लियौ, सबै कुरा साँचो-साँचो भन॥ ५५॥

**मासपारायण, दोस्रो विश्राम**

**सतीं समुझि रघुबीर प्रभाऊ। भय बस सिव सन कीन्ह दुराऊ॥**
**कछु न परीछा लीन्हि गोसाईं। कीन्ह प्रनामु तुम्हारिहि नाईं॥**

सतीजीले श्रीरघुनाथजीको प्रभावलाई सम्झेर डरले ढाँट्नुभयो र भन्नुभयो—हे स्वामिन्! मैले कुनै पनि परीक्षा लिइन, (त्यहाँ गएर) हजुरले झैं प्रणाम गरें॥ १॥

**जो तुम्ह कहा सो मृषा न होई। मोरें मन प्रतीति अति सोई॥**
**तब संकर देखेउ धरि ध्याना। सतीं जो कीन्ह चरित सबु जाना॥**

हजुरले जे भनिबक्सिन्छ त्यो झूटो हुन सक्तैन, मेरो मनमा यस्तो ठूलो (पूरा) विश्वास छ। अनि शिवजीले ध्यान गरेर हेर्नुभयो र सतीजीले जो चरित्र गर्नुभएको थियो, सबै जान्नुभयो॥ २॥

**बहुरि राममायहि सिरु नावा। प्रेरि सतिहि जेहिं झूँठ कहावा॥**
**हरि इच्छा भावी बलवाना। हृदयँ बिचारत संभु सुजाना॥**

फेरि श्रीरामचन्द्रजीको मायालाई शिर निहुराउनुभयो, जसले प्रेरणा गरेर सतीजीको मुखबाट पनि झूटो वचन निस्क्यो। सुजान शिवजीले मनमा विचार गर्नुभयो कि हरिको इच्छारूपी भावी प्रबल (बलवान्) छ॥ ३॥

**सतीं कीन्ह सीता कर बेषा। सिव उर भयउ बिषाद बिसेषा॥**
**जौं अब करउँ सती सन प्रीती। मिटइ भगति पथु होइ अनीती॥**

सतीजीले सीताजीको वेष (पहिरन) धारण गर्नुभयो, यस्तो जानेर शिवजीको हृदयमा ठूलो विषाद भयो। उहाँले सोच्नुभयो कि यदि मैले अब सतीसँग प्रीति गरें भने भक्तिमार्ग लुप्त हुनेछ र ठूलो अन्याय हुनेछ॥ ४॥

दो०— **परम पुनीत न जाइ तजि किएँ प्रेम बड़ पापु।**
**प्रगटि न कहत महेसु कछु हृदयँ अधिक संतापु॥ ५६॥**

सती परम पवित्र छिन्, यसकारण यिनीलाई त्याग गर्न पनि हुँदैन र प्रेम गर्नाले ठूलो पाप हुनेछ। प्रकट गरेर महादेवजीले केही पनि भन्नुभएन, तर उहाँको हृदयमा ठूलो सन्ताप भयो॥ ५६॥

## * शिवजीद्वारा सतीजीको त्याग, शिवजीको समाधि *

**तब संकर प्रभु पद सिरु नावा। सुमिरत रामु हृदयँ अस आवा॥**
**एहिं तन सतिहि भेट मोहि नाहीं। सिव संकल्पु कीन्ह मन माहीं॥**

त्यसपछि शिवजीले प्रभु श्रीरामचन्द्रजीका चरणकमलहरूमा शिर नुहाउनुभयो र श्रीरामजीको स्मरण गर्दा नै उहाँको मनमा यस्तो विचार भयो कि सतीको यस शरीरसँग मेरो [पति-पत्नीरूपमा] भेट हुन सक्दैन, अनि शिवजीले आफ्नो मनमा यो सङ्कल्प गर्नुभयो— ॥ १॥

**अस बिचारि संकरु मतिधीरा। चले भवन सुमिरत रघुबीरा॥**
**चलत गगन भै गिरा सुहाई। जय महेस भलि भगति दृढ़ाई॥**

स्थिरबुद्धि शङ्करजीले यस्तो विचार गरेर श्रीरघुनाथजीलाई स्मरण गर्दा-गर्दै आफ्नो घर (कैलाश) मा जानुभयो। हिंड्दै गर्दा सुन्दर आकाशवाणी भयो कि हे महेश? हजुरको जय होस्! हजुरले भक्तिलाई राम्रोसँग दृढता प्रदान गर्नुभयो॥ २॥

**अस पन तुम्ह बिनु करइ को आना। रामभगत समरथ भगवाना॥**
**सुनि नभगिरा सती उर सोचा। पूछा सिवहि समेत सकोचा॥**

हजुर बाहेक अन्य कसले यस्तो प्रतिज्ञा गर्न सक्दछ। हजुर श्रीरामचन्द्रजीका भक्त हुनुहुन्छ, समर्थ र भगवान् हुनुहुन्छ। यस आकाशवाणीलाई सुनेर सतीजीको मनमा चिन्ता भयो र उहाँले लाज मान्दै शिवजीसँग सोध्नुभयो— ॥ ३॥

**कीन्ह कवन पन कहहु कृपाला। सत्यधाम प्रभु दीनदयाला॥**
**जदपि सतीं पूछा बहु भाँती। तदपि न कहेउ त्रिपुर आराती॥**

हे कृपालु! भनिबक्सियोस्, हजुरले कस्तो प्रकारको प्रतिज्ञा गरिबक्सियो? हे प्रभु! हजुर सत्यका धाम र दीनदयालु होइबक्सिन्छ। यद्यपि सतीजीले धेरै प्रकारबाट सोध्नुभयो, परन्तु त्रिपुरारि शिवजीले केही पनि भन्नुभएन॥ ४॥

दो०— **सतीं हृदयँ अनुमान किय सबु जानेउ सर्बग्य।**
**कीन्ह कपटु मैं संभु सन नारि सहज जड़ अग्य॥ ५७ ( क )॥**

सतीजीले हृदयमा विचार गर्नुभयो कि सर्वज्ञ शिवजीले सबै जान्नुभयो। मैले शिवजीसँग कपट गरें, स्त्री स्वभावबाट नै मूर्ख र अल्पज्ञ भएँ॥ ५७ (क)॥

सो०— **जलु पय सरिस बिकाइ देखहु प्रीति कि रीति भलि।**
**बिलग होइ रसु जाइ कपट खटाई परत पुनि॥ ५७ ( ख )॥**

प्रीतिको सुन्दर रीति हेर्नुहोस् कि जल पनि [दूधको साथमा मिलेर] दूधको समान मूल्यमा नै बिक्री हुन्छ; परन्तु फेरि कपटरूपी अमिलो मिसिनेबित्तिकै पानी अलग हुन्छ (दूध फाट्दछ) र स्वाद (प्रेम) गइहाल्दछ॥ ५७ (ख)॥

**हृदयँ सोचु समुझत निज करनी। चिंता अमित जाइ नहिं बरनी॥**
**कृपासिंधु सिव परम अगाधा। प्रगट न कहेउ मोर अपराधा॥**

आफूले गरेको व्यवहारलाई याद गरेर सतीजीको हृदयमा यति सोचाइ भयो र यति अपार चिन्ता भयो कि जसको वर्णन गर्नै सकिंदैन [उहाँले सम्झनुभयो कि] शिवजी कृपाका परम अथाह सागर हुनुहुन्छ। यसैले प्रकट गरेर मेरो अपराधलाई भन्नुभएन॥ १॥

**संकर रुख अवलोकि भवानी। प्रभु मोहि तजेउ हृदयँ अकुलानी॥**
**निज अघ समुझि न कछु कहि जाई। तपइ अवाँ इव उर अधिकाई॥**

शिवजीको भाव देखेर सतीजीले जान्नुभयो कि स्वामीले मलाई त्याग गर्नुभयो र उहाँ हृदयबाटै व्याकुल हुनुभयो। आफ्नो पाप सम्झेर केही भन्न नै मिल्दैन, परन्तु हृदय [भित्र-भित्रै] कुमालेको आगाको भट्टीझैं अत्यन्त दन्किन लाग्यो॥ २॥

**सतिहि ससोच जानि बृषकेतू। कहीं कथा सुंदर सुख हेतू॥**
**बरनत पंथ बिबिध इतिहासा। बिस्वनाथ पहुँचे कैलासा॥**

वृषकेतु शिवजीले सतीजीलाई चिन्तायुक्त जानेर उहाँलाई सुख दिनका लागि सुन्दर कथा भन्नुभयो। यस प्रकार बाटोमा विविध प्रकारका इतिहासहरू भन्दै विश्वनाथ कैलाश पुग्नुभयो॥ ३॥

**तहँ पुनि संभु समुझि पन आपन। बैठे बट तर करि कमलासन॥**
**संकर सहज सरूपु सम्हारा। लागि समाधि अखंड अपारा॥**

त्यहाँ फेरि शिवजीले आफ्नो प्रतिज्ञालाई याद गरेर बरको रूखमुनि पद्मासन लगाएर बस्नुभयो। आफ्नो स्वाभाविक रूप सँभाल्नुभयो। उहाँको अखण्ड र अपार समाधि लाग्यो॥ ४॥

दो०—**सती बसहिं कैलास तब अधिक सोचु मन माहिं।**
**मरमु न कोऊ जान कछु जुग सम दिवस सिराहिं॥ ५८॥**

त्यसपछि सतीजी कैलाशमा नै बस्न लाग्नुभयो। उहाँको मनमा ठूलो दुःख थियो। यस रहस्यलाई कसैले केही पनि जानेका थिएनन्। उहाँलाई एक-एक दिन युगका समान बितिरहेका थिए॥ ५८॥

**नित नव सोचु सती उर भारा। कब जैहउँ दुख सागर पारा॥**
**मैं जो कीन्ह रघुपति अपमाना। पुनि पतिबचनु मृषा करि जाना॥**

सतीजीको हृदयमा दिनहुँ नयाँ र धेरै चिन्ता भइरहेको थियो कि म यस दुःख-समुद्रबाट मुक्त कहिले हुनेछु। मैले जो श्रीरघुनाथको अपमान गरेर फेरि पतिका वचनहरूलाई झूटो मानें॥ १॥

**सो फलु मोहि बिधाताँ दीन्हा। जो कछु उचित रहा सोइ कीन्हा॥**
**अब बिधि अस बूझिअ नहिं तोही। संकर बिमुख जिआवसि मोही॥**

त्यसको फल विधाताले मलाई दियो, जो उचित थियो त्यही भयो; परन्तु हे विधाता! अब तैंले उचित गरिनस् कि शङ्करजीसँग विमुख हुँदा पनि मलाई बचाइराखेको छस्॥ २॥

**कहि न जाइ कछु हृदय गलानी। मन महुँ रामहि सुमिर सयानी॥**
**जौं प्रभु दीनदयालु कहावा। आरति हरन बेद जसु गावा॥**

सतीजीको हृदयको ग्लानि कत्ति भनेर सम्भव छैन। बुद्धिमती सतीजीले मनमा श्रीरामचन्द्रको स्मरण गर्नुभयो र भन्नुभयो—हे प्रभु! यदि हजुर दीनदयालु हुनुहुन्छ र वेदहरूले हजुरको यश गाएका छन् कि हजुरले दुःखलाई हरण गर्नुहुन्छ,॥ ३॥

**तौ मैं बिनय करउँ कर जोरी। छूटउ बेगि देह यह मोरी॥**
**जौं मोरें सिव चरन सनेहू। मन क्रम बचन सत्य ब्रतु एहू॥**

भने म हात जोडेर बिन्ती गर्दछु कि मेरो यो शरीरबाट छिटै प्राण निस्कोस्। यदि मेरो शिवजीका चरणहरूमा प्रेम छ र मेरो यो [प्रेमको] व्रत मन, वचन र कर्म (आचरण) बाट सत्य छ भने,॥ ४॥

दो०— **तौ सबदरसी सुनिअ प्रभु करउ सो बेगि उपाइ।**
**होइ मरनु जेहिं बिनहिं श्रम दुसह बिपत्ति बिहाइ॥ ५९॥**

हे सर्वदर्शी प्रभु! सुन्नुहोस् र शीघ्र त्यही उपाय गर्नुहोस् जसबाट मेरो मृत्यु होस् र विनापरिश्रम नै यो [पति-परित्यागरूपी] असह्य विपत्तिको अन्त्य होस्॥ ५९॥

**एहि बिधि दुखित प्रजेसकुमारी। अकथनीय दारुन दुखु भारी॥**
**बीतें संबत सहस सतासी। तजी समाधि संभु अबिनासी॥**

दक्षसुता सतीजी यस प्रकार धेरै दुःखित हुनुहुन्थ्यो। उहाँलाई यति भयङ्कर दुःख थियो कि जसको वर्णन गर्नै सकिंदैन। सत्तासी हजार वर्ष बितेपछि अविनाशी शिवजीले समाधि खोल्नुभयो॥ १॥

**राम नाम सिव सुमिरन लागे। जानेउ सतीं जगतपति जागे॥**
**जाइ संभु पद बंदनु कीन्हा। सनमुख संकर आसनु दीन्हा॥**

शिवजीले रामनामलाई स्मरण गर्न लाग्नुभयो, त्यसपछि सतीजीले जान्नुभयो कि जगत्का स्वामी (शिवजी) बिउँझनुभयो। उहाँले गएर शिवजीका चरणहरूमा प्रणाम गर्नुभयो। शिवजीले उहाँलाई बस्नका लागि अगाडि आसन दिनुभयो॥ २॥

**लगे कहन हरि कथा रसाला। दच्छ प्रजेस भए तेहि काला॥**
**देखा बिधि बिचारि सब लायक। दच्छहि कीन्ह प्रजापति नायक॥**

शिवजीले भगवान् श्रीहरिका रसमयी कथाहरू भन्न लाग्नुभयो। त्यस समयमा दक्ष प्रजापति भए। ब्रह्माजीले सबै प्रकारबाट योग्य देखेर प्रजापतिहरूका नायक बनाइदिनुभयो॥ ३॥

**बड़ अधिकार दच्छ जब पावा। अति अभिमानु हृदयँ तब आवा॥**
**नहिं कोउ अस जनमा जग माहीं। प्रभुता पाइ जाहि मद नाहीं॥**

जब दक्षले यति ठूलो अधिकार पाए, त्यसपछि उनको हृदयमा अत्यन्त अभिमान भयो। जगत्मा यस्तो कोही पैदा भएको छैन, जसलाई प्रभुता पाएर मद (घमण्ड) नभएको होस्॥ ४॥

दो०— **दच्छ लिए मुनि बोलि सब करन लगे बड़ जाग।**
**नेवते सादर सकल सुर जे पावत मख भाग॥ ६०॥**

दक्षले सबै मुनिहरूलाई बोलाएर ठूलो यज्ञ गर्न लागे। जुन देवताले यज्ञको भाग पाउँदथे, ती सबैलाई दक्षले आदरसहित निमन्त्रित गरे॥ ६०॥

**किंनर नाग सिद्ध गंधर्बा। बधुन्ह समेत चले सुर सर्बा॥**
**बिष्नु बिरंचि महेसु बिहाई। चले सकल सुर जान बनाई॥**

[दक्षको निमन्त्रणा पाएर] किन्नर, नाग, सिद्ध, गन्धर्व र सबै देवता आ-आफ्ना स्त्रीहरूसहित हिंडे। विष्णु, ब्रह्मा र महादेवजी बाहेक सबै देवता आ-आफ्ना विमान सजाएर हिंडे॥ १॥

**सतीं बिलोके ब्योम बिमाना। जात चले सुंदर बिधि नाना॥**
**सुर सुंदरी करहिं कल गाना। सुनत श्रवन छूटहिं मुनि ध्याना॥**

सतीजीले देख्नुभयो, अनेकौं प्रकारका सुन्दर विमान आकाशमा उडिरहेका छन्, देव–सुन्दरीहरूले मधुर गीत गाइरहेका छन्, जसलाई सुनेर मुनिहरूको ध्यान छुट्‌दछ॥ २॥

**पूछेउ तब सिवँ कहेउ बखानी। पिता जग्य सुनि कछु हरषानी॥**
**जौं महेसु मोहि आयसु देहीं। कछु दिन जाइ रहौं मिस एहीं॥**

सतीजीले [विमानमा देवताहरू जानुको कारण] सोध्नुभयो, त्यसपछि शिवजीले सबै कुरा बताउनुभयो। पिताले यज्ञ गर्न लागेको कुरा सुनेर सतीजी केही प्रसन्न हुनुभयो र सोच्न लाग्नुभयो कि यदि महादेवजीले मलाई आज्ञा दिएमा, यसै निहुँले केही दिन पिताको घरमा गएर रहने थिएँ॥ ३॥

**पति परित्याग हृदयँ दुखु भारी। कहइ न निज अपराध बिचारी॥**
**बोली सती मनोहर बानी। भय संकोच प्रेम रस सानी॥**

किनकि उहाँको हृदयमा पतिले त्याग्नु भएकाले धेरै ठूलो दु:ख भएको थियो, तर आफ्नो अपराध सम्झेर केही भन्नुभएको थिएन। आखिरमा सतीजीले भय, सङ्कोच र प्रेमरसमा मुछिएका मनोहर वाणीद्वारा भन्नुभयो— ॥ ४॥

दो०— **पिता भवन उत्सव परम जौं प्रभु आयसु होइ।**
**तौ मैं जाउँ कृपायतन सादर देखन सोइ॥ ६१॥**

हे प्रभु! मेरा पिताजीका घरमा धेरै ठूलो उत्सव छ। यदि हजुरले आज्ञा दिइबक्सिन्छ भने हे कृपाधाम! म आदरसहित उत्सव हेर्न जान्छु॥ ६१॥

**कहेहु नीक मोरेहुँ मन भावा। यह अनुचित नहिं नेवत पठावा॥**
**दच्छ सकल निज सुता बोलाईं। हमरें बयर तुम्हउ बिसराईं॥**

शिवजीले भन्नुभयो—तिमीले कुरा त राम्रो भन्यौ, यो कुरा मलाई पनि मन पर्‍यो। तर उनले निमन्त्रणा पठाएनन्, यो अनुचित भयो। दक्षले आफ्ना सबै छोरीहरूलाई बोलाएका छन्; किन्तु मसँगको वैरको कारण उनले तिमीलाई पनि बिर्से॥ १॥

**ब्रह्मसभाँ हम सन दुखु माना। तेहि तें अजहुँ करहिं अपमाना॥**
**जौं बिनु बोलें जाहु भवानी। रहइ न सीलु सनेहु न कानी॥**

एक चोटि ब्रह्माको सभामा मसँग अप्रसन्न भएका थिए, त्यसै कारणले उनले आजसम्म पनि हाम्रो अपमान गर्दछन्। हे भवानी! तिमी नबोलाइकन गयौ भने न शील–स्नेह नै रहला र न मान–मर्यादा नै रहला॥ २॥

**जदपि मित्र प्रभु पितु गुर गेहा। जाइअ बिनु बोलेहुँ न सँदेहा॥**
**तदपि बिरोध मान जहँ कोई। तहाँ गएँ कल्यानु न होई॥**

यद्यपि यसमा सन्देह छैन कि मित्र, स्वामी, पिता र गुरुको घरमा नबोलाए पनि जानुपर्छ, तर पनि जहाँ कसैले विरोध गर्दछ भने, उसका घरमा जानाले कल्याण हुँदैन ३॥

**भाँति अनेक संभु समुझावा। भावी बस न ग्यानु उर आवा॥**
**कह प्रभु जाहु जो बिनहिं बोलाएँ। नहिं भलि बात हमारे भाएँ॥**

शिवजीले धेरै प्रकारबाट सम्झाउनुभयो, तर दैववश सतीजीको हृदयमा बोध (ज्ञान) भएन। फेरि शिवजीले भन्नुभयो कि यदि विनानिमन्त्रण नै गयौ भने, मेरो सोचाइमा राम्रो कुरा हुनेछैन॥ ४॥

## * सतीजी दक्ष-यज्ञमा जानु *

दो०— **कहि देखा हर जतन बहु रहइ न दच्छकुमारि।**
**दिए मुख्य गन संग तब बिदा कीन्ह त्रिपुरारि॥ ६२॥**

शिवजीले धेरै प्रकारबाट भनेर हेर्नुभयो, किन्तु जब सतीजी कुनै प्रकारबाट पनि रोकिनुभएन, त्यसपछि त्रिपुरारि शिवजीले आफ्ना मुख्य गणहरूलाई साथ (साथी) दिएर बिदा गर्नुभयो॥ ६२॥

**पिता भवन जब गईं भवानी। दच्छ त्रास काहुँ न सनमानी॥**
**सादर भलेहिं मिली एक माता। भगिनीं मिलीं बहुत मुसुकाता॥**

भवानी जब पिता (दक्ष) को घरमा पुग्नुभयो, त्यसपछि दक्षको डरले गर्दा कसैले पनि स्वागत-सत्कार गरेनन्, केवल एक आमा मात्र राम्रो आदरका साथ भेट भइन्। दिदी-बहिनीहरू धेरै नै मुस्कुराउँदै भेट भए॥ १॥

**दच्छ न कछु पूछी कुसलाता। सतिहि बिलोकि जरे सब गाता॥**
**सतीं जाइ देखेउ तब जागा। कतहुँ न दीख संभु कर भागा॥**

दक्षले त कुशल-मङ्गलसम्म पनि सोधेनन्, सतीजीलाई देखेर उल्टै उनका सारा अङ्ग जले। त्यसपछि सतीजीले गएर यज्ञ हेर्नुभयो, अनि त्यहाँ शिवजीको भाग देख्नुभएन॥ २॥

**तब चित चढ़ेउ जो संकर कहेऊ। प्रभु अपमानु समुझि उर दहेऊ॥**
**पाछिल दुखु न हृदयँ अस ब्यापा। जस यह भयउ महा परितापा॥**

त्यसपछि शिवजीले जे कुरा भन्नुभएको थियो ती सबै सम्झनुभयो। स्वामीको अपमान भएको सम्झेर (देखेर) सतीजीको हृदय जल्यो। पहिलाको (पतिपरित्यागको) दुःखले उहाँको हृदयमा त्यत्ति सताएको थिएन, जति महान् दुःख यस समयमा (पति-अपमानको कारण) भयो॥ ३॥

**जद्यपि जग दारुन दुख नाना। सब तें कठिन जाति अवमाना॥**
**समुझि सो सतिहि भयउ अति क्रोधा। बहु बिधि जननीं कीन्ह प्रबोधा॥**

यद्यपि जगत्मा अनेक प्रकारका भयानक दुःख छन्, तथापि जाति-अपमान (आफन्तले गरेको अपमान) सबै भन्दा बढी कठिन हुन्छ। यस्तो सम्झेर सतीजीलाई ठूलो क्रोध भयो। आमाले उहाँलाई धेरै प्रकारबाट सम्झाउनु-बुझाउनुभयो ४॥

## * पतिको अपमानबाट दुःखी भएर सतीजी योगाग्निद्वारा जल्नु, दक्ष-यज्ञ-विध्वंस *

दो०— **सिव अपमानु न जाइ सहि हृदयँ न होइ प्रबोध।**
**सकल सभहि हठि हटकि तब बोलीं बचन सक्रोध॥ ६३॥**

परन्तु उहाँले शिवजीको अपमान सहन गर्न सक्नुभएन यसैले हृदयमा केही पनि प्रबोध (ज्ञान) भएन। अनि सम्पूर्ण सभालाई हठपूर्वक गाली गर्दै क्रोधपूर्वक बचन बोल्नुभयो— ॥ ६३॥

**सुनहु सभासद सकल मुनिंदा। कही सुनी जिन्ह संकर निंदा॥**
**सो फलु तुरत लहब सब काहूँ। भली भाँति पछिताब पिताहूँ॥**

हे सभासद् र मुनीश्वरहरू! सुन। जुन व्यक्तिहरूले यहाँ शिवजीको निन्दा गरेका तथा सुनेका छन्, उनी सबैलाई त्यसको फल तुरुन्तै मिल्नेछ र मेरा पिता दक्ष पनि राम्रैसँग पछुताउँनेछन्॥ १॥

**संत संभु श्रीपति अपबादा। सुनिअ जहाँ तहँ असि मरजादा॥**
**काटिअ तासु जीभ जो बसाई। श्रवन मूदि न त चलिअ पराई॥**

जहाँ सन्त, शिवजी र लक्ष्मीपति श्रीविष्णुभगवान्‌को निन्दा सुनिन्छ, त्यहाँ यस्तो मर्यादा (धार्मिक नीति) छ कि यदि आफूले सकिन्छ भने त त्यस (निन्दक) को जिब्रो काट्नु र सकिन्न भने कान बन्द गरेर त्यहाँबाट भाग्नुपर्छ॥ २॥

**जगदातमा महेसु पुरारी। जगत जनक सब के हितकारी॥**
**पिता मंदमति निंदत तेही। दच्छ सुक्र संभव यह देही॥**

त्रिपुर दैत्यलाई मार्ने भगवान् महेश्वर सम्पूर्ण जगत्‌का आत्मा हुनुहुन्छ, उहाँ जगत्पिता र सबैका लागि हितकारी हुनुहुन्छ। मेरा मन्दबुद्धि भएका पिताले उहाँलाई निन्दा गर्दछन् र मेरो यो शरीर दक्षकै वीर्यबाट उत्पन्न भएको हो॥ ३॥

**तजिहउँ तुरत देह तेहि हेतू। उर धरि चंद्रमौलि बृषकेतू॥**
**अस कहि जोग अगिनि तनु जारा। भयउ सकल मख हाहाकारा॥**

यसकारण चन्द्रमालाई निधारमा धारण गर्ने वृषकेतु शिवजीलाई हृदयमा धारण गरेर मैले यो शरीरलाई तुरुन्तै त्याग्नेछु। यसो भनेर सतीजीले योगाग्नि (योग शक्तिबाट प्रकट गरिएको आगो) बाट आफ्नो शरीरलाई भस्म गर्नुभयो। सम्पूर्ण यज्ञशालामा हाहाकार मच्चियो॥ ४॥

दो०— **सती मरनु सुनि संभु गन लगे करन मख खीस।**
**जग्य बिधंस बिलोकि भृगु रच्छा कीन्हि मुनीस॥ ६४॥**

सतीजीको मृत्यु भएको सुनेर शिवजीका गणहरूले यज्ञ विध्वंस गर्न लागे। यज्ञ विध्वंस हुन लागेको देखेर मुनीश्वर भृगुजीले उसको रक्षा गर्नुभयो॥ ६४॥

**समाचार सब संकर पाए। बीरभद्रु करि कोप पठाए॥**
**जग्य बिधंस जाइ तिन्ह कीन्हा। सकल सुरन्ह बिधिवत फलु दीन्हा॥**

यो सबै समाचार शिवजीले थाहा पाउनुभयो, त्यसपछि उहाँले क्रोध गरेर वीरभद्रलाई पठाउनुभयो। उनले त्यहाँ गएर यज्ञ विध्वंस गरेर सबै देवताहरूलाई यथोचित फल (दण्ड) दिए॥ १ ॥

**भै जगबिदित दच्छ गति सोई। जसि कछु संभु बिमुख कै होई॥**
**यह इतिहास सकल जग जानी। ताते मैं संछेप बखानी॥**

दक्षको जगत्प्रसिद्ध त्यही गति भयो, जो शिवद्रोहीलाई हुने गर्दछ। यो इतिहास सारा संसारले जानेका छन्, यसकारण मैले संक्षेपमा वर्णन गरे॥ २ ॥

## पार्वतीजीको जन्म र तपस्या

**सतीं मरत हरि सन बरु मागा। जनम जनम सिव पद अनुरागा॥**
**तेहि कारन हिमगिरि गृह जाई। जनमीं पारबती तनु पाई॥**

सतीजीले मृत्यु हुने समयमा भगवान् हरिसँग यस्तो वरदान माग्नुभएको थियो कि मेरो जन्म-जन्ममा शिवजीका चरणहरूमा अनुराग (प्रेम) होस्। यही कारणले उहाँले हिमाचलको घरमा गएर पार्वतीको शरीरबाट जन्मिनुभयो॥ ३ ॥

**जब तें उमा सैल गृह जाईं। सकल सिद्धि संपति तहँ छाईं॥**
**जहँ तहँ मुनिन्ह सुआश्रम कीन्हे। उचित बास हिम भूधर दीन्हे॥**

जहिलेदेखि उमाजीले हिमाचलको घरमा जन्म लिनुभयो, त्यस समयदेखि त्यहाँ सम्पूर्ण सिद्धिहरू र सम्पत्तिहरू छाइए। मुनिहरूले जताँ-तहाँ सुन्दर आश्रम बनाए र हिमाचलले उनीहरूलाई उचित स्थान दिए॥ ४ ॥

दो०— **सदा सुमन फल सहित सब द्रुम नव नाना जाति।**
**प्रगटीं सुंदर सैल पर मनि आकर बहु भाँति॥ ६५॥**

त्यस सुन्दर पर्वतमा धेरै प्रकारका सबै नयाँ-नयाँ वृक्ष सधैं पुष्प-फलयुक्त भए र त्यहीं धेरै थरि मणिका खानी प्रकट भए॥ ६५ ॥

**सरिता सब पुनीत जलु बहहीं। खग मृग मधुप सुखी सब रहहीं॥**
**सहज बयरु सब जीवन्ह त्यागा। गिरि पर सकल करहिं अनुरागा॥**

सबै नदीहरूमा पवित्र जल बग्न लाग्यो र पक्षी, पशु, भमरा सबै सुखी रहे। सबै जीवहरूले आफ्नो स्वाभाविक वैरलाई छोडेर पर्वतसँग सबैले परस्पर प्रेम गर्न लागे॥ १ ॥

**सोह सैल गिरिजा गृह आएँ। जिमि जनु रामभगति के पाएँ॥**
**नित नूतन मंगल गृह तासू। ब्रह्मादिक गावहिं जसु जासू॥**

पार्वतीजी घरमा आउनाले पर्वत यस्तो शोभायमान भइरहेको छ, जस्तै रामभक्तिलाई पाएर भक्त शोभायमान हुन्छन्। उनका (पर्वतराजका) घरमा दिनहुँ नयाँ-नयाँ मङ्गलोत्सव भइरहेको छ, जसको यश ब्रह्मादिले गाउनुहुन्छ॥ २ ॥

**नारद समाचार सब पाए। कौतुकहीं गिरि गेह सिधाए॥**
**सैलराज बड़ आदर कीन्हा। पद पखारि बर आसनु दीन्हा॥**

जब नारदजीले यो समाचार सुन्नुभयो, अनि उहाँ उत्सुकतापूर्वक हिमाचलका घरमा आउनुभयो। पर्वतराजले ठूलो आदर गरेर तथा चरण धोएर उहाँलाई उत्तम आसन दिनुभयो॥ ३॥

**नारि सहित मुनि पद सिरु नावा। चरन सलिल सबु भवनु सिंचावा॥**
**निज सौभाग्य बहुत गिरि बरना। सुता बोलि मेली मुनि चरना॥**

फेरि आफ्नी स्त्रीसहित मुनिका चरणहरूमा शिर निहुराएर उहाँको चरणोदकलाई सम्पूर्ण घरमा छर्के। हिमाचलले आफ्नो सौभाग्यलाई धेरै नै वर्णन गरे, त्यसपछि छोरीलाई बोलाएर मुनिका चरणहरूमा राखे॥ ४॥

दो०—**त्रिकालग्य सर्बग्य तुम्ह गति सर्बत्र तुम्हारि।**
**कहहु सुता के दोष गुन मुनिबर हृदयँ बिचारि॥ ६६॥**

[र भने—] हे मुनिवर! हजुर त्रिकालज्ञ र सर्वज्ञ हुनुहुन्छ, हजुरको पहुँच सर्वत्र छ। अतः हजुरले हृदयमा विचार गरेर कन्याको दोष-गुणलाई भन्नुहोस्॥ ६६॥

**कह मुनि बिहसि गूढ़ मृदु बानी। सुता तुम्हारि सकल गुन खानी॥**
**सुंदर सहज सुसील सयानी। नाम उमा अंबिका भवानी॥**

नारद मुनिले हाँसेर रहस्ययुक्त कोमल वाणीबाट भन्नुभयो—तपाईंकी कन्या सबै गुणहरूकी खानी छिन्। यिनी स्वभावबाट नै सुन्दर, सुशील र समझदार छिन्। उमा, अम्बिका र भवानी यिनका नाम हुन्॥ १॥

**सब लच्छन संपन्न कुमारी। होइहि संतत पियहि पिआरी॥**
**सदा अचल एहि कर अहिवाता। एहि तें जसु पैहहिं पितु माता॥**

कन्या सबै सुलक्षणबाट सम्पन्न छिन्, यिनी आफ्ना पतिलाई सधैं प्यारी हुनेछिन्। यिनको सिन्दूर सधैं अचल रहनेछ र यिनीबाट यिनका आमा-बाबुले यश पाउनेछन्॥ २॥

**होइहि पूज्य सकल जग माहीं। एहि सेवत कछु दुर्लभ नाहीं॥**
**एहि कर नामु सुमिरि संसारा। त्रिय चढ़िहहिं पतिब्रत असिधारा॥**

यिनी सारा जगत्मा पूज्य हुनेछिन् र यिनको सेवा गर्नाले केही पनि दुर्लभ हुनेछैन। संसारमा स्त्रीहरू यिनको नाम स्मरण गरेर पतिव्रतरूपी तरबारको धारमा चढ्नेछन्॥ ३॥

**सैल सुलच्छन सुता तुम्हारी। सुनहु जे अब अवगुन दुइ चारी॥**
**अगुन अमान मातु पितु हीना। उदासीन सब संसय छीना॥**

हे पर्वतराज! तपाईंकी कन्या सुलच्छिनी छिन्। अब यिनका दुई-चार अवगुण छन्, उनलाई पनि सुन्नुहोस्। गुणहीन, मानहीन, आमा-बाबुविहीन, उदासीन, संशयहीन (लापरवाही),॥ ४॥

दो०— **जोगी जटिल अकाम मन नगन अमंगल बेष।**
**अस स्वामी एहि कहँ मिलिहि परी हस्त असि रेख॥ ६७॥**

योगी, जटाधारी, निष्कामहृदय, नाङ्गो र अमङ्गल वेष (पहिरन) भएका, यस्ता पति यिनलाई मिल्नेछन्। यिनको हातमा यस्तै रेखा (हस्तरेखा) छन्॥ ६७॥

**सुनि मुनि गिरा सत्य जियँ जानी। दुख दंपतिहि उमा हरषानी॥**
**नारदहूँ यह भेदु न जाना। दसा एक समुझब बिलगाना॥**

नारद मुनिका वाणी सुनेर र त्यस (वाणी) लाई सत्य जानेर पति-पत्नी (हिमवान् र मैना) दुवैलाई दुःख भयो र पार्वतीजी प्रसन्न हुनुभयो। नारदजीले पनि यस रहस्यलाई जान्नुभएन; किनकि सबैको बाहिरी दशा एउटै भए पनि भित्री सोचाइ भिन्दा-भिन्दै थियो॥ १॥

**सकल सखीं गिरिजा गिरि मैना। पुलक सरीर भरे जल नैना॥**
**होइ न मृषा देवरिषि भाषा। उमा सो बचनु हृदयँ धरि राखा॥**

सम्पूर्ण सखीहरू, पार्वती, पर्वतराज हिमवान् र मैना सबैको शरीर रोमाञ्चित थियो र सबैका नेत्रहरू टलपलाइरहेका थिए। देवर्षि नारदका वचन असत्य हुँदैनन्, [यस्तो विचार गरेर] पार्वतीले ती वचनहरूलाई हृदयमा धारण गरिन्॥ २॥

**उपजेउ सिव पद कमल सनेहू। मिलन कठिन मन भा संदेहू॥**
**जानि कुअवसरु प्रीति दुराई। सखी उछँग बैठी पुनि जाई॥**

उनलाई शिवजीका चरणहरूमा स्नेह उत्पन्न भयो, परन्तु मनमा यस्तो सन्देह भयो कि उहाँ मिल्न कठिन छ। अवसर ठीक नभएकाले उमाले आफ्नो प्रेमलाई लुकाइन् र फेरि उनी सखीको काखमा गएर बसिन्॥ ३॥

**झूठि न होइ देवरिषि बानी। सोचहिं दंपति सखीं सयानी॥**
**उर धरि धीर कहइ गिरिराऊ। कहहु नाथ का करिअ उपाऊ॥**

देवर्षिका वचन झूटा हुँदैनन्, यस्तो विचार गरेर हिमवान्, मैना र सम्पूर्ण चतुर सखीहरू चिन्ता गर्न लागे। फेरि हृदयमा धैर्य धारण गरेर पर्वतराजले भने—हे नाथ! भन्नुहोस्, अब के उपाय गर्ने?॥ ४॥

दो०— **कह मुनीस हिमवंत सुनु जो बिधि लिखा लिलार।**
**देव दनुज नर नाग मुनि कोउ न मेटनिहार॥ ६८॥**

मुनीश्वरले भन्नुभयो—हे हिमवान्! सुन्नुहोस्, विधाताले निधारमा जे जस्तो लेखिदिन्छ, उसलाई देवता, दानव, मनुष्य, नाग र मुनि कसैले पनि मेटाउन सक्दैनन्॥ ६८॥

**तदपि एक मैं कहउँ उपाई। होइ करै जौं दैउ सहाई॥**
**जस बरु मैं बरनेउँ तुम्ह पाहीं। मिलिहि उमहि तस संसय नाहीं॥**

तर पनि म एउटा उपाय बताउँदछु। यदि दैवले सहायता गर्‍यो भने त त्यो सिद्ध हुन सक्दछ। उमालाई वर त निःसन्देह उस्तै नै मिल्नेछ, जस्तो मैले तपाईंका अगाडि वर्णन गरिसकें॥ १॥

**जे जे बर के दोष बखाने। ते सब सिव पहिं मैं अनुमाने॥**
**जौं बिबाहु संकर सन होई। दोषउ गुन सम कह सबु कोई॥**

परन्तु मैले दुलाहाका जुन–जुन दोष बताएको छु, मेरो अनुमानमा ती सबै शिवजीमा छन्। यदि शिवजीका साथ विवाह भयो भने ती दोषहरूलाई पनि सबै जनाले गुण समान नै भन्नेछन्॥ २॥

**जौं अहि सेज सयन हरि करहीं। बुध कछु तिन्ह कर दोषु न धरहीं॥**
**भानु कृसानु सर्ब रस खाहीं। तिन्ह कहँ मंद कहत कोउ नाहीं॥**

जस्तै विष्णुभगवान् शेषनागको शैयामा शयन गर्नुहुन्छ, तर पनि पण्डितहरूले उहाँलाई कुनै दोष लगाउँदैनन्। सूर्य र अग्निदेवले राम्रा नराम्रा (पवित्र–अपवित्र) सबै रसहरूलाई भक्षण गर्दछन्, परन्तु उनीहरूलाई कसैले नराम्रो भन्दैनन्॥ ३॥

**सुभ अरु असुभ सलिल सब बहई। सुरसरि कोउ अपुनीत न कहई॥**
**समरथ कहुँ नहिं दोषु गोसाईं। रबि पावक सुरसरि की नाईं॥**

गङ्गाजीमा शुभ र अशुभ सबै जल बग्दछ, तर कसैले उनलाई अपवित्र भन्दैनन्। सूर्य, अग्नि र गङ्गाजीझैं समर्थलाई कुनै दोष लाग्दैन॥ ४॥

दो०— **जौं अस हिसिषा करहिं नर जड़ बिबेक अभिमान।**
**परहिं कलप भरि नरक महुँ जीव कि ईस समान॥ ६९॥**

यदि मूर्ख मानिस ज्ञानको अभिमानबाट यस प्रकार होडबाजी गर्दछ भने कल्पभरका लागि नरकमा पर्दछ। भन्नुहोस्, कहीं जीव पनि ईश्वरसमान (सर्वथा स्वतन्त्र) हुन सक्दछ?॥ ६९॥

**सुरसरि जल कृत बारुनि जाना। कबहुँ न संत करहिं तेहि पाना॥**
**सुरसरि मिलें सो पावन जैसें। ईस अनीसहि अंतरु तैसें॥**

गङ्गाजलबाट बनाइएको मदिरालाई जानेर पनि सन्तहरूले कहिल्यै पान गर्दैनन्। तर त्यही (मदिरा) गङ्गाजीमा मिसिएपछि जसरी पवित्र हुन्छ, ईश्वर र जीवमा पनि उस्तै भेद छ॥ १॥

**संभु सहज समरथ भगवाना। एहि बिबाहँ सब बिधि कल्याना॥**
**दुराराध्य पै अहहिं महेसू। आसुतोष पुनि किएँ कलेसू॥**

शिवजी सहजरूपमा नै समर्थ हुनुहुन्छ, किनकि उहाँ भगवान् हुनुहुन्छ। यसैले यस विवाहमा सबै प्रकारको कल्याण हुन्छ। परन्तु महादेवजीको आराधना धेरै कठिन छ, फेरि पनि क्लेश (तप) गर्नाले उहाँ धेरै छिटो सन्तुष्ट हुनुहुन्छ॥ २॥

**जौं तपु करै कुमारि तुम्हारी। भाविउ मेटि सकहिं त्रिपुरारी॥**
**जद्यपि बर अनेक जग माहीं। एहि कहँ सिव तजि दूसर नाहीं॥**

यदि तपाईंकी कन्याले तप गरेमा त्रिपुरारि महादेवजीले भावीको लेखलाई मेटाउन सक्नुहुन्छ। यद्यपि संसारमा बेहुला (दुलाहा) अनेक छन्, तर यिनका लागि शिवजी बाहेक अर्को वर छैन॥ ३॥

**बर दायक प्रनतारति भंजन। कृपासिंधु सेवक मन रंजन॥**
**इच्छित फल बिनु सिव अवराधें। लहिअ न कोटि जोग जप साधें॥**

शिवजी वर दिने, शरणागतका दु:खलाई नाश गर्ने, कृपाका समुद्र र सेवकहरूका मनलाई प्रसन्न गर्नेवाला हुनुहुन्छ। शिवजीको आराधना नगरी करोडौं योग र जप गरे पनि वाञ्छित फल मिल्दैन॥ ४॥

दो०— **अस कहि नारद सुमिरि हरि गिरिजहि दीन्हि असीस।**
**होइहि यह कल्यान अब संसय तजहु गिरीस॥ ७०॥**

यसो भनेर भगवान्‌लाई स्मरण गर्दै नारदजीले पार्वतीजीलाई आशीर्वाद दिनुभयो [र भन्नुभयो कि— ] हे पर्वतराज! तपाईं सन्देह त्याग गर्नुहोस्, अब यो (विवाहको कार्य) कल्याणमय नै हुनेछ॥ ७०॥

**कहि अस ब्रह्मभवन मुनि गयऊ। आगिल चरित सुनहु जस भयऊ॥**
**पतिहि एकांत पाइ कह मैना। नाथ न मैं समुझे मुनि बैना॥**

यसो भनेर नारदमुनि ब्रह्मलोक जानुभयो। अब अगाडि जो चरित्र भयो त्यसलाई सुन्नुहोस्। पतिलाई एकान्तमा पाएर मैनाले भनिन्—हे नाथ! मैले मुनिका वचनहरूको अर्थ सम्झिनँ॥ १॥

**जौं घरु बरु कुलु होइ अनूपा। करिअ बिबाहु सुता अनुरूपा॥**
**न त कन्या बरु रहउ कुआरी। कंत उमा मम प्रानपिआरी॥**

जुन हाम्री कन्याको अनुकूल घर, वर र उत्तम कुल छ भने विवाह गराइबक्सियोस्। हैन (नत्र) भने छोरी बरु, कुमारी नै रहोस् (मैले अयोग्य वरका साथ उनको विवाह गर्न चाहन्न); किनकि हे स्वामिन्! पार्वती मलाई प्राणसमान प्यारी छिन्॥ २॥

**जौं न मिलिहि बरु गिरिजहि जोगू। गिरि जड़ सहज कहिहि सबु लोगू॥**
**सोइ बिचारि पति करेहु बिबाहू। जेहिं न बहोरि होइ उर दाहू॥**

यदि पार्वतीलाई योग्य वर नमिलेमा सबै जनाले भन्नेछन् कि पर्वत स्वभावबाट नै जड (मूर्ख) हुन्छ। हे स्वामी! यस कुरालाई विचार गरेर नै विवाह गराइबक्सिएला, जसबाट फेरि भविष्यमा पछुताउन नपरोस्॥ ३॥

**अस कहि परी चरन धरि सीसा। बोले सहित सनेह गिरीसा॥**
**बरु पावक प्रगटै ससि माहीं। नारद बचनु अन्यथा नाहीं॥**

यसो भनेर मैना पतिका चरणमा शिर राखेर पल्टिन्। त्यसपछि हिमवान्‌ले प्रेमपूर्वक भने— बरु, चन्द्रमामा अग्नि प्रकट होला, तर नारदजीका वचन झूटा हुन सक्दैनन्॥ ४॥

दो०— **प्रिया सोचु परिहरहु सबु सुमिरहु श्रीभगवान।**
**पारबतिहि निरमयउ जेहिं सोइ करिहि कल्यान॥ ७१॥**

हे प्रिये! सबै चिन्ता छोडेर श्रीभगवान्‌लाई स्मरण गर। जसले पार्वतीलाई रच्नुभएको छ, उहाँले नै कल्याण गर्नुहुनेछ॥ ७१॥

**अब जौं तुम्हहि सुता पर नेहू। तौ अस जाइ सिखावनु देहू॥**
**करै सो तपु जेहिं मिलहिं महेसू। आन उपायँ न मिटिहि कलेसू॥**

अब यदि तिम्रो कन्याप्रति प्रेम छ भने गएर उनलाई यो शिक्षा देऊ कि उनले यस्तो तप गरून्, जसबाट शिवजी मिल्न सकून् (विवाह गर्न मन्जुर गराउन सकियोस्)। अर्को उपायबाट यो क्लेश मेटिनेछैन॥ १॥

**नारद बचन सगर्भ सहेतू। सुंदर सब गुन निधि बृषकेतू॥**
**अस बिचारि तुम्ह तजहु असंका। सबहि भाँति संकरु अकलंका॥**

नारदजीका वचन रहस्ययुक्त र सकारण (सार्थक) छन् र शिवजी समस्त सुन्दर गुणहरूका भण्डार हुनुहुन्छ। यस्तो विचार गरेर तिमीले [मिथ्या] सन्देहलाई छोड। शिवजी सबै प्रकारबाट निष्कलङ्क हुनुहुन्छ॥ २॥

**सुनि पति बचन हरषि मन माहीं। गई तुरत उठि गिरिजा पाहीं॥**
**उमहि बिलोकि नयन भरे बारी। सहित सनेह गोद बैठारी॥**

पतिका वचन सुनेर मनमा प्रसन्न भई मैना उठेर तुरुन्तै पार्वतीका साथ गइन्। पार्वतीलाई देखेर उनका आँखामा आँसु भरिए। उनलाई स्नेहका साथ काखमा बसालिन्॥ ३॥

**बारहिं बार लेति उर लाई। गदगद कंठ न कछु कहि जाई॥**
**जगत मातु सर्बग्य भवानी। मातु सुखद बोलीं मृदु बानी॥**

फेरि बारम्बार उनलाई हृदयमा लगाइन्। प्रेमबाट मैनाको कण्ठ भरियो, केही भन्न सकिनन्। जगज्जननी भवानीजी त सर्वज्ञ नै हुनुहुन्छ। [आमाको मनको दशालाई जानेर] उहाँले आमालाई सुख दिने कोमल वाणीद्वारा भन्नुभयो— ॥ ४॥

दो०— **सुनहि मातु मैं दीख अस सपन सुनावउँ तोहि।**
**सुंदर गौर सुबिप्रबर अस उपदेसेउ मोहि॥ ७२॥**

आमा! सुन्नुहोस्, म हजुरलाई सुनाउँदछु; मैले यस्तो सपना देखें कि मलाई एक सुन्दर गोरो वर्ण भएका श्रेष्ठ ब्राह्मणले यस्तो उपदेश दिएका छन्— ॥ ७२॥

**करहि जाइ तपु सैलकुमारी। नारद कहा सो सत्य बिचारी॥**
**मातु पितहि पुनि यह मत भावा। तपु सुखप्रद दुख दोष नसावा॥**

हे पार्वती! नारदजीले जे जति भन्नुभएको छ, त्यसलाई सत्य सम्झेर तिमी गएर तप गर। फेरि यो कुरा तिम्रा आमा–बाबुलाई पनि राम्रो लाग्नेछ। तपले सुख दिन्छ र दुःख–दोषहरूलाई नाश गर्दछ॥ १॥

**तपबल रचइ प्रपंचु बिधाता। तपबल बिष्नु सकल जग त्राता॥**
**तपबल संभु करहिं संघारा। तपबल सेषु धरइ महिभारा॥**

तपको बलद्वारा नै ब्रह्माजीले संसारलाई रच्नुहुन्छ र तपको बलद्वारा नै विष्णुले सारा जगत्लाई पालन गर्नुहुन्छ। तपको बलद्वारा नै शम्भु [रुद्ररूपले] जगत्लाई संहार गर्नुहुन्छ र तपको बलद्वारा नै शेषजीले पृथ्वीको भारलाई धारण गर्नुहुन्छ॥ २॥

**तप अधार सब सृष्टि भवानी। करहि जाइ तपु अस जियँ जानी॥**
**सुनत बचन बिसमित महतारी। सपन सुनायउ गिरिहि हँकारी॥**

हे भवानी! सम्पूर्ण सृष्टि तपको नै आधारमा छ। यस्तो मनमा जानेर तिमी गएर तप गर। यस्तो कुरा सुनेर आमालाई ठूलो आश्चर्य भयो र उनले हिमवान्लाई बोलाएर यो सपना सुनाइन्॥ ३॥

**मातु पितहि बहुबिधि समुझाई। चलीं उमा तप हित हरषाई॥**
**प्रिय परिवार पिता अरु माता। भए बिकल मुख आव न बाता॥**

आमा-बाबुलाई धेरै तरिकाबाट सम्झाएर ठूलो हर्षका साथ पार्वतीजी तपस्या गर्नका लागि जानुभयो। प्यारा कुटुम्बी, आमा-बाबु सबै जना व्याकुल भए। कसैको मुखबाट वचन निस्केन॥ ४॥

**दो०— बेदसिरा मुनि आइ तब सबहि कहा समुझाइ।**
**पारबती महिमा सुनत रहे प्रबोधहि पाइ॥ ७३॥**

त्यसपछि वेदशिरा मुनि आएर सबैलाई सम्झाएर भने। पार्वतीजीको महिमा सुनेर सबैको (चिन्ता) समाधान भयो॥ ७३॥

**उर धरि उमा प्रानपति चरना। जाइ बिपिन लागीं तपु करना॥**
**अति सुकुमार न तनु तप जोगू। पति पद सुमिरि तजेउ सबु भोगू॥**

प्राणपति (शिवजी) का चरणलाई हृदयमा धारण गरेर पार्वतीजीले वनमा गएर तपस्या गर्न लाग्नुभयो। पार्वतीजीको अत्यन्त सुकुमार शरीर तप गर्न योग्य थिएन, तर पनि पतिका चरणहरूलाई स्मरण गरेर उहाँले सबै भोगहरूलाई त्याग गर्नुभयो॥ १॥

**नित नव चरन उपज अनुरागा। बिसरी देह तपहिं मनु लागा॥**
**संबत सहस मूल फल खाए। सागु खाइ सत बरष गवाँए॥**

स्वामीका चरणहरूमा दिनहुँ नयाँ प्रेम उत्पन्न हुन लाग्यो र तपमा यस्तो मन लाग्यो कि शरीरको सबै हालखबर (हालत) बिर्सनुभयो। एक हजार वर्षसम्म उहाँले मूल र फल खानुभयो, फेरि सय वर्ष साग खाएर बिताउनुभयो॥ २॥

**कछु दिन भोजनु बारि बतासा। किए कठिन कछु दिन उपबासा॥**
**बेल पाती महि परइ सुखाई। तीनि सहस संबत सोइ खाई॥**

केही दिन (वर्ष) जल र वायुको भोजन गर्नुभयो र केही दिन कठोर उपवास गर्नुभयो। जुन बेलपत्र सुकेर पृथ्वीमा खस्दथे, तीन हजार वर्षसम्म उनैलाई खानुभयो॥ ३॥

**पुनि परिहरे सुखानेउ परना। उमहि नामु तब भयउ अपरना॥**
**देखि उमहि तप खीन सरीरा। ब्रह्मगिरा भै गगन गभीरा॥**

अनि सुकेका पात पनि (खान) छोड्नुभयो, त्यसपछि पार्वतीजीको नाम 'अपर्णा' भयो। तपस्याबाट उमाको शरीर क्षीण भएको देखेर आकाशबाट गम्भीर वाणी भयो— ॥ ४॥

दो०— **भयउ मनोरथ सुफल तव सुनु गिरिराजकुमारि।**
**परिहरु दुसह कलेस सब अब मिलिहहिं त्रिपुरारि॥ ७४॥**

हे पर्वतराजकी कुमारी! सुन, तिम्रो मनोरथ सफल भयो। तिमी अब सम्पूर्ण असह्य क्लेशहरूलाई (कठिन तपलाई) त्याग गर। अब तिमीलाई शिवजी मिल्नुहुनेछ॥ ७४॥

**अस तपु काहुँ न कीन्ह भवानी। भए अनेक धीर मुनि ग्यानी॥**
**अब उर धरहु ब्रह्म बर बानी। सत्य सदा संतत सुचि जानी॥**

हे भवानी! धीर, मुनि र ज्ञानी धेरै नै भए, तर यस्तो (कठोर) तपस्या कसैले गरेनन्। अब तिमीले यस श्रेष्ठ ब्रह्माको वाणीलाई सधैं सत्य र निरन्तर पवित्र जानेर आफ्नो हृदयमा धारण गर॥ १॥

**आवै पिता बोलावन जबहीं। हठ परिहरि घर जाएहु तबहीं॥**
**मिलहिं तुम्हहि जब सप्त रिषीसा। जानेहु तब प्रमान बागीसा॥**

जब तिम्रा बुबा बोलाउन आउँनेछन्, त्यस समयमा हठ (जिद्दी) छोडेर घरमा गइहाल्नू र जब तिमीसँग सप्तर्षि भेट हुनेछन् त्यस समयमा यस वाणीलाई ठीक सम्झनू॥ २॥

**सुनत गिरा बिधि गगन बखानी। पुलक गात गिरिजा हरषानी॥**
**उमा चरित सुंदर मैं गावा। सुनहु संभु कर चरित सुहावा॥**

[यस प्रकार] आकाशबाट भनिएको ब्रह्माको वाणी सुन्दाबित्तिकै पार्वतीजी प्रसन्न हुनुभयो र [हर्षले गर्दा] उहाँको शरीर रोमाञ्चित भयो। [याज्ञवल्क्यजीले भरद्वाजजीसँग भन्नुभयो कि] मैले पार्वतीको सुन्दर चरित्र सुनाएँ, अब शिवजीको सुन्दर चरित्र सुन्नुहोस्॥ ३॥

**जब तें सतीं जाइ तनु त्यागा। तब तें सिव मन भयउ बिरागा॥**
**जपहिं सदा रघुनायक नामा। जहँ तहँ सुनहिं राम गुन ग्रामा॥**

जहिलेदेखि सतीले गएर शरीर त्याग गर्नुभयो, त्यस समयदेखि शिवजीको मनमा वैराग्य भयो। उहाँले सधैं श्रीरघुनाथजीको नाम जप्न लाग्नुभयो र जता-सुकै रामचन्द्रजीका गुणहरूका कथा सुन्न लाग्नुभयो॥ ४॥

दो०— **चिदानंद सुखधाम सिव बिगत मोह मद काम।**
**बिचरहिं महि धरि हृदयँ हरि सकल लोक अभिराम॥ ७५॥**

चिदानन्द, सुखका धाम, मोह, मद र कामबाट रहित शिवजी सम्पूर्ण लोकहरूलाई आनन्द दिने भगवान् श्रीहरि (श्रीरामचन्द्रजी) लाई हृदयमा धारण गरेर (भगवान्‌को ध्यानमा तल्लीन हुँदै) पृथ्वीमा भ्रमण गर्न लाग्नुभयो॥ ७५॥

**कतहुँ मुनिन्ह उपदेसहिं ग्याना। कतहुँ राम गुन करहिं बखाना॥**
**जदपि अकाम तदपि भगवाना। भगत बिरह दुख दुखित सुजाना॥**

उहाँले कुनै ठाउँमा मुनिहरूलाई ज्ञानको उपदेश गर्नुहुन्थ्यो र कुनै ठाउँमा रामचन्द्रजीका गुणहरूको वर्णन गर्नुहुन्थ्यो। यद्यपि सुजान शिवजी निष्काम हुनुहुन्छ, तर पनि उनै भगवान् आफ्नो भक्त (सती) सँगको बिछोडको दुःखले दुःखी हुनुहुन्छ॥ १॥

**एहि बिधि गयउ कालु बहु बीती। नित नै होइ राम पद प्रीती॥**
**नेमु प्रेमु संकर कर देखा। अबिचल हृदयँ भगति कै रेखा॥**

यस प्रकार धेरै समय (वर्ष) बित्यो। रामचन्द्रजीका चरणहरूमा दिनहुँ नयाँ प्रीति भइरहेको छ। शिवजीको [कठोर] नियम, [अनन्य] प्रेम र उहाँको हृदयमा भक्तिको अटल भावना [जब श्रीरामचन्द्रजीले] देख्नुभयो,॥ २॥

**प्रगटे रामु कृतग्य कृपाला। रूप सील निधि तेज बिसाला॥**
**बहु प्रकार संकरहि सराहा। तुम्ह बिनु अस ब्रतु को निरबाहा॥**

त्यसपछि कृतज्ञ (उपकार मान्ने), कृपालु, रूप र शीलका भण्डार, महान् तेजपुञ्ज भगवान् श्रीरामचन्द्रजी प्रकट हुनुभयो। उहाँले धेरै प्रकारबाट शिवजीको प्रशंसा गर्नुभयो र भन्नुभयो कि हजुर बाहेक यस्तो (कठिन) व्रत कसले गर्न सक्दछ॥ ३॥

**बहुबिधि राम सिवहि समुझावा। पारबती कर जन्मु सुनावा॥**
**अति पुनीत गिरिजा कै करनी। बिस्तर सहित कृपानिधि बरनी॥**

श्रीरामचन्द्रजीले धेरै प्रकारबाट शिवजीलाई सम्झाउनुभयो र पार्वतीजीको जन्म भएको कुरा सुनाउनुभयो। कृपानिधान श्रीरामचन्द्रजीले विस्तारपूर्वक पार्वतीजीको अत्यन्त पवित्र व्यवहार (तपस्यालाई) वर्णन गर्नुभयो॥ ४॥

## * श्रीरामले शिवजीसँग विवाहको लागि अनुरोध गर्नु *

दो०— **अब बिनती मम सुनहु सिव जौं मो पर निज नेहु।**
**जाइ बिबाहहु सैलजहि यह मोहि मागें देहु॥ ७६॥**

[फेरि उहाँले शिवजीसँग भन्नुभयो— ] हे शिवजी! यदि मसँग हजुरले प्रेम गरिबक्सिन्छ भने (या स्नेह छ भने), अब हजुरले मेरो कुरा सुनिबक्सियोस्। मलाई यो इच्छा पूरा गरिबक्सियोस् कि हजुर गएर पार्वतीका साथ विवाह गरिबक्सियोस्॥ ७६॥

**कह सिव जदपि उचित अस नाहीं। नाथ बचन पुनि मेटि न जाहीं॥**
**सिर धरि आयसु करिअ तुम्हारा। परम धरमु यह नाथ हमारा॥**

शिवजीले भन्नुभयो—यद्यपि यस्तो उचित हुँदैन, परन्तु स्वामीजीको कुरालाई पनि उलङ्घन गर्न हुँदैन। हे नाथ! मेरो यही परम धर्म हो कि मैले हजुरको आज्ञालाई शिरमा राखेर पालन गर्नेछु॥ १॥

**मातु पिता गुर प्रभु कै बानी। बिनहिं बिचार करिअ सुभ जानी॥**
**तुम्ह सब भाँति परम हितकारी। अग्या सिर पर नाथ तुम्हारी॥**

आमा, बाबु, गुरु र स्वामीको कुरालाई विनाविचार नै शुभ सम्झेर गर्नु (मान्नु) पर्दछ। फेरि हजुर त सबै प्रकारले मेरो परम हितकारी होइबक्सिन्छ। हे नाथ! हजुरको आज्ञा मेरो शिरमा छ॥ २॥

**प्रभु तोषेउ सुनि संकर बचना। भक्ति बिबेक धर्म जुत रचना॥**
**कह प्रभु हर तुम्हार पन रहेऊ। अब उर राखेहु जो हम कहेऊ॥**

शिवजीका भक्ति, ज्ञान र धर्मबाट युक्त वचनरचना सुनेर प्रभु श्रीरामचन्द्रजी सन्तुष्ट हुनुभयो। प्रभुले भन्नुभयो—हे हर! हजुरको प्रतिज्ञा पूरा भयो। अब मैले जुन कुरा भनेको छु, त्यसलाई हृदयमा राखिबक्सिएला॥ ३॥

**अंतरधान भए अस भाषी। संकर सोइ मूरति उर राखी॥**
**तबहिं सप्तरिषि सिव पहिं आए। बोले प्रभु अति बचन सुहाए॥**

यसो भनेर श्रीरामचन्द्रजी अन्तर्ध्यान हुनुभयो। शिवजीले उहाँको त्यही मूर्तिलाई (दर्शन प्राप्त हुँदाको स्वरूपलाई) आफ्नो हृदयमा राख्नुभयो। त्यसै समयमा सप्तर्षि शिवजीका साथमा आए। प्रभु महादेवजीले उहाँहरूलाई अत्यन्त सुन्दर वचन भन्नुभयो— ॥ ४॥

दो०—**पारबती पहिं जाइ तुम्ह प्रेम परिच्छा लेहु।**
**गिरिहि प्रेरि पठएहु भवन दूरि करेहु संदेहु॥ ७७॥**

तपाईंहरू पार्वतीसँग गएर उनको प्रेमको परीक्षा गर्नुहोस् र हिमाचललाई भनेर [उनलाई पार्वती ल्याउनका लागि पठाउनुहोस् तथा] पार्वतीलाई घरमा पठाउनुहोस् र उनको सन्देहलाई हटाइदिनुहोस्॥ ७७॥

## * सप्तर्षिहरूको परीक्षामा पार्वतीजीको महत्त्व *

**रिषिन्ह गौरि देखी तहँ कैसी। मूरतिमंत तपस्या जैसी॥**
**बोले मुनि सुनु सैलकुमारी। करहु कवन कारन तपु भारी॥**

ऋषिहरूले [त्यहाँ गएर] पार्वतीलाई कस्तो देखे भने मानौं मूर्तिमान् तपस्या नै हो। मुनिहरूले भने—हे शैलकुमारी! सुन, तिमीले के कारणले यस्तो कठोर तपस्या गरिरहेकी छौ?॥ १॥

**केहि अवराधहु का तुम्ह चहहू। हम सन सत्य मरमु किन कहहू॥**
**कहत बचन मनु अति सकुचाई। हँसिहहु सुनि हमारि जड़ताई॥**

तिमीले कसको आराधना गरेकी हौ र के खोजेकी छौ? हामीसँग आफ्नो सच्चा भेद (भित्री कुरा) किन भन्दिनौ? [पार्वतीजीले भन्नुभयो— ] कुरा भन्नलाई मनले धेरै लाज मान्दछ। तपाईंहरू मेरो मूर्खता सुनेर हाँस्नुहुनेछ॥ २॥

**मनु हठ परा न सुनइ सिखावा। चहत बारि पर भीति उठावा॥**
**नारद कहा सत्य सोइ जाना। बिनु पंखन्ह हम चहहिं उड़ाना॥**

मनले हठ (जिद्दी) लाई पक्डेको छ, यसले कसैको उपदेश सुन्दैन र जलमा पर्खाल बनाउन (उठाउन) खोजेको छ। नारदजीले जुन कुरा बताउनुभयो उसलाई सत्य जानेर म विनापखेटा नै उड्न खोजेकी छु॥ ३॥

**देखहु मुनि अबिबेकु हमारा। चाहिअ सदा सिवहि भरतारा॥**

हे मुनिहरू! हजुरहरूले मेरो अज्ञानलाई हेर्नुहोस् कि मैले सधैं शिवजीलाई नै पति बनाउन खोजेकी छु॥ ४॥

दो०— **सुनत बचन बिहसे रिषय गिरिसंभव तव देह।**
**नारद कर उपदेसु सुनि कहहु बसेउ किसु गेह॥ ७८॥**

पार्वतीजीका कुरा सुन्दा ऋषिहरू हाँसे र भने—तिम्रो शरीर पर्वतबाटै त उत्पन्न भएको हो! तिमीले नै भन त, नारदको उपदेश सुनेर आजसम्म कसको घर बसेको छ (अर्थात् दाम्पत्य जीवन कसको सफल भएको छ)?॥ ७८॥

**दच्छसुतन्ह उपदेसेन्हि जाई। तिन्ह फिरि भवनु न देखा आई॥**
**चित्रकेतु कर घरु उन घाला। कनककसिपु कर पुनि अस हाला॥**

दक्षको पुत्रलाई उनैले गएर उपदेश दिएका थिए, जसले गर्दा उनले फर्केर घरको मुख पनि देखेनन्। चित्रकेतुको घरलाई नारदले नै चौपट बनाए। फेरि यही हाल हिरण्यकशिपुको भयो॥ १॥

**नारद सिख जे सुनहिं नर नारी। अवसि होहिं तजि भवनु भिखारी॥**
**मन कपटी तन सज्जन चीन्हा। आपु सरिस सबही चह कीन्हा॥**

जुन स्त्री–पुरुषले नारदको शिक्षा सुन्दछन्, उनीहरू घर–बार छोडेर अवश्य भिखारी हुन्छन्। उनको मन त कपटी छ, शरीरमा सज्जनहरूका चिह्न छन्। उनले सबैलाई आफूसमान बनाउन खोज्दछन्॥ २॥

**तेहि कें बचन मानि बिस्वासा। तुम्ह चाहहु पति सहज उदासा॥**
**निर्गुन निलज कुबेष कपाली। अकुल अगेह दिगंबर ब्याली॥**

उनैका वचनहरूलाई विश्वास मानेर तिमीले यस्तो पति खोजेकी छौ जो स्वभावले नै उदासीन, गुणहीन, निर्लज्ज, नराम्रो वेष भएका, नर–कपालहरूका माला लगाउने, कुलहीन, विनाघर–बारका, नाङ्गा (दिगम्बर) र शरीरमा सर्पहरूलाई लपेटेर राखिरहन्छन्॥ ३॥

**कहहु कवन सुखु अस बरु पाएँ। भल भूलिहु ठग के बौराएँ॥**
**पंच कहें सिवँ सती बिबाही। पुनि अवडेरि मराएन्हि ताही॥**

यस्तो वर मिल्दाले भन, तिमीलाई के सुख हुन्छ? तिमी उही ठग (नारद) को होहो (लहैलहै) मा लाएर खुब भुल्यौ। पहिला पञ्चहरू (समाज) ले भनेर शिवले सतीसँग विवाह गरेका थिए, परन्तु फेरि उनलाई त्यागेर मारे अर्थात् त्यागेकोले उनी मरिन्॥ ४॥

दो०— **अब सुख सोवत सोचु नहिं भीख मागि भव खाहिं।**
**सहज एकाकिन्ह के भवन कबहुँ कि नारि खटाहिं॥ ७९॥**

अब शिवलाई कुनै चिन्ता छैन, भिख मागेर खान्छन् र सुखपूर्वक सुत्दछन्। यस्तो स्वभावबाट एक्लै रहनेको घरमा पनि तिमीले नै भन, के कहिल्यै कुनै स्त्री रहन सक्दछे?॥ ७९॥

**अजहूँ मानहु कहा हमारा। हम तुम्ह कहुँ बरु नीक बिचारा॥**
**अति सुंदर सुचि सुखद सुसीला। गावहिं बेद जासु जस लीला॥**

अहिल्यै भए पनि हाम्रो भनाइलाई मान, तिम्रा लागि असल वर विचार गरेका छौं। उनी धेरै नै सुन्दर, पवित्र, सुखदायक र सुशील छन्, जसको यश र लीलालाई वेदले गाउँदछन्॥ १॥

**दूषन रहित सकल गुन रासी। श्रीपति पुर बैकुंठ निवासी॥**
**अस बरु तुम्हहि मिलाउब आनी। सुनत बिहसि कह बचन भवानी॥**

उनी दोषहरूबाट रहित, सम्पूर्ण सद्‌गुणहरूका राशि, लक्ष्मीका स्वामी र वैकुण्ठपुरीमा बस्नेवाला हुन्। हामीले यस्तो वरलाई ल्याएर तिमीसँग भेट गराइदिनेछौं। यस्तो सुनेर पार्वतीजी हाँस्दै बोल्नुभयो— ॥ २॥

**सत्य कहेहु गिरिभव तनु एहा। हठ न छूट छूटै बरु देहा॥**
**कनकउ पुनि पषान तें होई। जारेहुँ सहजु न परिहर सोई॥**

तपाईंहरूले यो सत्य नै भन्नुभयो कि मेरो यो शरीर पर्वतबाट उत्पन्न भएको हो। यसकारण हठ छुट्ने छैन, शरीर छुटे छुटोस् (प्राणविहीन होस्)। सुन पनि पत्थरबाट नै उत्पन्न हुन्छ, उसले आफूलाई जलाउँदा पनि आफ्नो स्वभाव (सुवर्णत्व) लाई छोड्दैन॥ ३॥

**नारद बचन न मैं परिहरऊँ। बसउ भवनु उजरउ नहिं डरऊँ॥**
**गुर कें बचन प्रतीति न जेही। सपनेहुँ सुगम न सुख सिधि तेही॥**

अतः मैले नारदजीका वचनहरूलाई छोड्नेछैन; किनकि, घर राम्रो होस् या लथालिङ्ग होस्, यसबाट म डराउदिनँ। जसलाई गुरुका वचनहरूमा विश्वास हुँदैन, उसलाई सुख र सिद्धि स्वप्नमा पनि सुगम हुँदैन॥ ४॥

दो०— **महादेव अवगुन भवन बिष्नु सकल गुन धाम।**
**जेहि कर मनु रम जाहि सन तेहि तेही सन काम॥ ८०॥**

मैले विश्वास मानें कि महादेवजी अवगुणहरूका भवन हुनहुन्छ र विष्णु समस्त सद्‌गुणहरूका धाम हुनुहुन्छ; तर जसको मन जसमा रम्यो, उसलाई त उसैसँग काम हुन्छ॥ ८०॥

**जौं तुम्ह मिलतेहु प्रथम मुनीसा। सुनतिउँ सिख तुम्हारि धरि सीसा॥**
**अब मैं जन्मु संभु हित हारा। को गुन दूषन करै बिचारा॥**

हे मुनीश्वरहरू! यदि तपाईंहरू पहिला भेट हुनुभएको भए, मैले तपाईंहरूका उपदेशलाई

शिरमाथि राखेर सुन्दथें। परन्तु अब त आफ्नो जन्म शिवजीको लागि समर्पित गरिसकें! फेरि गुण-दोषहरूलाई विचार कसले गर्ने?॥ १॥

**जौं तुम्हरे हठ हृदयँ बिसेषी। रहि न जाइ बिनु किएँ बरेषी॥**
**तौ कौतुकिअन्ह आलसु नाहीं। बर कन्या अनेक जग माहीं॥**

यदि तपाईंहरूको हृदयमा धेरै नै हठ छ र विवाहको कुराकानी (बरौनी) नगरीकन तपाईंहरू बस्न सक्नुहुन्न भने, संसारमा वर-कन्या धेरै नै छन्। हाँसोठट्टा गर्नेहरूलाई आलस्य त हुँदैन [र कहीं गएर गर्नुहोस्]॥ २॥

**जन्म कोटि लगि रगर हमारी। बरउँ संभु न त रहउँ कुआरी॥**
**तजउँ न नारद कर उपदेसू। आपु कहहिं सत बार महेसू॥**

मेरो त करोड जन्मसम्म यही हठ रहनेछ कि या त शिवजीलाई वरण गर्नेछु, नत्र भने कुमारी नै रहनेछु। स्वयं शिवजीले सय पटक भनेमा पनि नारदजीको उपदेशलाई छोड्नेछैन॥ ३॥

**मैं पा परउँ कहइ जगदंबा। तुम्ह गृह गवनहु भयउ बिलंबा॥**
**देखि प्रेमु बोले मुनि ग्यानी। जय जय जगदंबिके भवानी॥**

जगज्जननी पार्वतीजीले फेरि भन्नुभयो—म तपाईंहरूका चरणहरूमा पर्दछु (प्रणाम गर्दछु)। तपाईंहरू आफ्नो घरमा जानुहोस्, धेरै नै अबेर भयो। [शिवजीमा पार्वतीजीको यस्तो] प्रेम देखेर ज्ञानी मुनिहरूले भने—हे जगज्जननी! हे भवानी! हजुरको जय होस्! जय होस्!!॥ ४॥

**दो०— तुम्ह माया भगवान सिव सकल जगत पितु मातु।**
**नाइ चरन सिर मुनि चले पुनि पुनि हरषत गातु॥ ८१॥**

हजुर माया र शिवजी मायापति भगवान् हुनुहुन्छ। हजुर दुवै समस्त जगत्का आमा-बाबु हुनुहुन्छ। [यस्तो भनेर] मुनिहरू पार्वतीजीका चरणहरूमा शिर नुहाएर हिंडिहाले। उनीहरूको शरीर बारम्बार रोमाञ्चित भइरहेको थियो॥ ८१॥

**जाइ मुनिन्ह हिमवंतु पठाए। करि बिनती गिरजहिं गृह ल्याए॥**
**बहुरि सप्तरिषि सिव पहिं जाई। कथा उमा कै सकल सुनाई॥**

मुनिहरूले गएर हिमवान्लाई पार्वतीजी भएको ठाउँमा पठाई बिन्ती गरेर उहाँलाई घरमा लिएर आए, फेरि सप्तर्षिहरूले शिवजीसँग गएर उहाँलाई पार्वतीजीको सम्पूर्ण कथा सुनाए॥ १॥

**भए मगन सिव सुनत सनेहा। हरषि सप्तरिषि गवने गेहा॥**
**मनु थिर करि तब संभु सुजाना। लगे करन रघुनायक ध्याना॥**

पार्वतीजीको प्रेम सुन्दा नै शिवजी आनन्दमग्न हुनुभयो। सप्तर्षि प्रसन्न भएर आफ्नो घरमा (ब्रह्मलोक) गइहाले। अनि सुजान शिवजीले मनलाई स्थिर गरेर श्रीरघुनाथजीको ध्यान गर्न लाग्नुभयो॥ २॥

**तारकु असुर भयउ तेहि काला। भुज प्रताप बल तेज बिसाला॥**
**तेहिं सब लोक लोकपति जीते। भए देव सुख संपति रीते॥**

त्यस समयमा तारक नामको असुर थियो, जसका भुजाहरूको बल, प्रताप र तेज धेरै ठूलो थियो। उसले सबै लोक र लोकपालहरूलाई समेत जितेको थियो, सबै देवताहरू सुख र सम्पत्तिबाट रहित भएका थिए॥ ३॥

**अजर अमर सो जीति न जाई। हारे सुर करि बिबिध लराई॥**
**तब बिरंचि सन जाइ पुकारे। देखे बिधि सब देव दुखारे॥**

त्यो अजर-अमर थियो, यसकारण कसैले जित्न सकेनन्। देवताहरूले उसका साथ धेरै प्रकारका लडाइँहरू लडेर हारे। त्यसपछि उनीहरूले ब्रह्माजीसँग गएर गुहार मागे। ब्रह्माजीले सबै देवताहरूलाई दुःखी देख्नुभयो॥ ४॥

दो०— **सब सन कहा बुझाइ बिधि दनुज निधन तब होइ।**
**संभु सुक्र संभूत सुत एहि जीतइ रन सोइ॥ ८२॥**

ब्रह्माजीले सबैलाई सम्झाएर भन्नुभयो—यस दैत्यको मृत्यु त्यतिखेर हुनेछ जब शिवजीका वीर्यबाट पुत्र उत्पन्न होलान्, यसलाई युद्धमा उनैले जित्नेछन्॥ ८२॥

**मोर कहा सुनि करहु उपाई। होइहि ईस्वर करिहि सहाई॥**
**सतीं जो तजी दच्छ मख देहा। जनमी जाइ हिमाचल गेहा॥**

मेरो कुरा सुनेर उपाय गर। ईश्वरले सहायता गरेमा काम हुनेछ। सतीजीले जुन दक्षको यज्ञमा शरीरलाई त्याग गर्नुभएको थियो, उहाँले यतिखेर हिमाचलको घरमा गएर जन्म लिनुभएको छ॥ १॥

**तेहिं तपु कीन्ह संभु पति लागी। सिव समाधि बैठे सबु त्यागी॥**
**जदपि अहइ असमंजस भारी। तदपि बात एक सुनहु हमारी॥**

उहाँले शिवजीलाई पति बनाउनको लागि तप गर्नुभएको छ; यता शिवजी सबै चीज चटक्कै छोडेर समाधि लगाएर बस्नुभएको छ। यद्यपि छ त ठूलो असमञ्जस (कठिन) को कुरा, तथापि मेरो एउटा कुरालाई सुन॥ २॥

**पठवहु कामु जाइ सिव पाहीं। करै छोभु संकर मन माहीं॥**
**तब हम जाइ सिवहि सिर नाई। करवाउब बिबाहु बरिआई॥**

तिमीहरू गएर कामदेवलाई शिवजीसँग पठाऊ, उनले शिवजीको मनमा क्षोभ उत्पन्न गरून् (उहाँको समाधि भङ्ग गरून्)। त्यसपछि हामीहरू गएर शिवजीका चरणहरूमा शिर राख्नेछौं र जबरजस्ती (उहाँलाई मन्जुर गराएर) विवाह गराउनेछौं॥ ३॥

**एहि बिधि भलेहिं देवहित होई। मत अति नीक कहइ सबु कोई॥**
**अस्तुति सुरन्ह कीन्हि अति हेतू। प्रगटेउ बिषमबान झषकेतू॥**

यसरी नै राम्ररी देवताहरूको हित हुन्छ [अर्को त कुनै उपाय छैन] सबैले भने—यो सम्मति धेरै राम्रो छ। फेरि देवताहरूले ठूलो प्रेमका साथ स्तुति गरे। त्यसपछि विषम (पाँच) बाण धारण गर्ने र माछाको चिह्नयुक्त ध्वजा भएको कामदेव प्रकट भयो॥ ४॥

दो०— **सुरन्ह कही निज बिपति सब सुनि मन कीन्ह बिचार।**
**संभु बिरोध न कुसल मोहि बिहसि कहेउ अस मार॥ ८३॥**

देवताहरूले कामदेवलाई आफ्नो सम्पूर्ण विपत्ति सुनाए। सुनेर कामदेवले मनमा विचार गर्‍यो र हाँस्दै देवताहरूसँग भन्यो कि शिवजीसँग विरोध गर्नाले मलाई कुशल (मङ्गल) हुनेछैन॥ ८३॥

**तदपि करब मैं काजु तुम्हारा। श्रुति कह परम धरम उपकारा॥**
**पर हित लागि तजइ जो देही। संतत संत प्रसंसहिं तेही॥**

तथापि मैले तपाईंहरूको काम त गर्नेछु, किनभने वेदले अर्काको उपकारलाई परमधर्म भनेका छन्। जसले अर्काको हितका लागि शरीरलाई त्याग गर्दछ, सन्तले सधैं त्यसको प्रशंसा गर्दछन्॥ १॥

### * कामदेव देवकार्यका लागि जानु र भस्म हुनु *

**अस कहि चलेउ सबहि सिरु नाई। सुमन धनुष कर सहित सहाई॥**
**चलत मार अस हृदयँ बिचारा। सिव बिरोध ध्रुव मरनु हमारा॥**

यसो भनी सबैलाई शिर निहुराएर कामदेव आफ्नो पुष्पको धनुषलाई हातमा लिएर [वसन्तादि] सहायकहरूका साथ हिंड्यो। हिंड्ने समयमा कामदेवले हृदयमा यस्तो विचार गर्‍यो कि शिवजीसँग विरोध गर्दा मेरो मरण निश्चित छ॥ २॥

**तब आपन प्रभाउ बिस्तारा। निज बस कीन्ह सकल संसारा॥**
**कोपेउ जबहिं बारिचरकेतू। छन महुँ मिटे सकल श्रुति सेतू॥**

त्यसपछि उसले आफ्नो माया फैलायो र समस्त संसारलाई आफ्नो अधीनमा बनायो। जतिखेर त्यही माछाको चिह्नको ध्वजा भएको कामदेवले क्रोध (कोप) गर्‍यो, त्यतिखेर क्षणभरमा नै वेदका सम्पूर्ण मर्यादा मेटिए॥ ३॥

**ब्रह्मचर्ज ब्रत संजम नाना। धीरज धरम ग्यान बिग्याना॥**
**सदाचार जप जोग बिरागा। सभय बिबेक कटकु सबु भागा॥**

ब्रह्मचर्य, नियम, विभिन्न प्रकारका संयम, धैर्य, धर्म, ज्ञान, विज्ञान, सदाचार, जप, योग, वैराग्य आदि विवेकका सम्पूर्ण सेना डराएर भागिहाले॥ ४॥

छं०— **भागेउ बिबेकु सहाय सहित सो सुभट संजुग महि मुरे।**
**सदग्रंथ पर्बत कंदरन्हि महुँ जाइ तेहि अवसर दुरे॥**
**होनिहार का करतार को रखवार जग खरभरु परा।**
**दुइ माथ केहि रतिनाथ जेहि कहुँ कोपि कर धनु सरु धरा॥**

विवेक आफ्ना सहायकहरूसहित भाग्यो, उसका योद्धाले रण-भूमिबाट पीठ देखाए। त्यस समय उनीहरू सबै सद्‌ग्रन्थरूपी पर्वतका कन्दराहरूमा (गुफाहरूमा) गएर लुके (अर्थात् ज्ञान, वैराग्य, संयम, नियम, सदाचारादि ग्रन्थहरूमा नै लेखिएर रहे; उनको आचरण छुट्‌यो)। सम्पूर्ण

जगत्‌मा खलबल मच्चियो [र सबैले भन्न लागे— ] हे विधाता! अब के होला? हाम्रो रक्षा कसले गर्ला? यस्तो दुई शिर भएको को हो, जसका लागि रतिको पति कामदेवले कोप (क्रोध) गरेर हातमा धनुष–बाण उठाएको छ?

**दो०— जे सजीव जग अचर चर नारि पुरुष अस नाम।**
**ते निज निज मरजाद तजि भए सकल बस काम॥ ८४॥**

जगत्‌मा स्त्री–पुरुष नाम भएका जती पनि चर–अचर प्राणी थिए, उनीहरू सबै आ–आफ्नो मर्यादालाई छोडेर कामको वशमा भए॥ ८४॥

**सब के हृदयँ मदन अभिलाषा। लता निहारि नवहिं तरु साखा॥**
**नदीं उमगि अंबुधि कहुँ धाई। संगम करहिं तलाव तलाई॥**

सबैको हृदयमा कामको इच्छा भयो। लहराहरू (लताहरू) लाई देखेर रूखहरूका हाँगा झुक्न लागे। नदीहरू उर्लंदै–उर्लंदै समुद्रतर्फ दौडे र ताल–तलैयाले पनि आपसमा सङ्गम गर्न (मिल्न–जुल्न) लागे॥ १॥

**जहँ असि दसा जड़न्ह कै बरनी। को कहि सकइ सचेतन करनी॥**
**पसु पच्छी नभ जल थल चारी। भए काम बस समय बिसारी॥**

जब जड (वृक्ष, नदी आदि) को यस्तो अवस्था भनियो, तब चेतन जीवहरूको व्यवहारलाई कसले भन्न (वर्णन गर्न) सक्ला? आकाश, जल र पृथ्वीमा घुम्ने सम्पूर्ण पशु–पक्षी [आफ्नो संयोगको] समय भुलेर कामको अधीनमा भए॥ २॥

**मदन अंध ब्याकुल सब लोका। निसि दिनु नहिं अवलोकहिं कोका॥**
**देव दनुज नर किंनर ब्याला। प्रेत पिसाच भूत बेताला॥**

सबै जना कामान्ध भएर व्याकुल भए। चखेवा–चखेवीले रात–दिन दैख्दैनथे। देव, दैत्य, मनुष्य, किन्नर, सर्प, प्रेत, पिशाच, भूत, बेताल— ॥ ३॥

**इन्ह कै दसा न कहेउँ बखानी। सदा काम के चेरे जानी॥**
**सिद्ध बिरक्त महामुनि जोगी। तेपि कामबस भए बियोगी॥**

यी त सधैंका लागि कामका दास छन्, यस्तो सम्झेर मैले यिनीहरूको दशालाई वर्णन गरेको छैन। सिद्ध, विरक्त, महामुनि र योगी पनि कामको वश भएर योगरहित या स्त्रीका विरही भए॥ ४॥

**छं०— भए कामबस जोगीस तापस पावँरन्हि की को कहै।**
**देखहिं चराचर नारिमय जे ब्रह्ममय देखत रहे॥**
**अबला बिलोकहिं पुरुषमय जगु पुरुष सब अबलामयं।**
**दुइ दंड भरि ब्रह्मांड भीतर कामकृत कौतुक अयं॥**

जब योगीश्वर र तपस्वी पनि कामको अधीनमा भए, तब पामर मनुष्यहरूको कुरा कसले भन्ने?

जसले समस्त चराचर जगत्‌लाई ब्रह्ममय देख्दथे, उनीहरूले अब उसलाई (चराचर जगत्‌लाई) स्त्रीमय देख्न लागे। दुई घडी (४८ मिनट) सम्म सम्पूर्ण ब्रह्माण्ड-भित्र कामदेवले रचेको यो कौतुक (तमासा) रह्यो।

**सो०— धरी न काहूँ धीर सब के मन मनसिज हरे।**
**जे राखे रघुबीर ते उबरे तेहि काल महुँ॥ ८५॥**

कसैले पनि हृदयमा धैर्य धारण गरेनन्, कामदेवले सबैको मन हर्‍यो। श्रीरघुनाथजीले त्यस समयमा जसलाई रक्षा गर्नुभयो, केवल उनीहरू नै त्यस समयमा बचे॥ ८५॥

**उभय घरी अस कौतुक भयऊ। जौ लगि कामु संभु पहिं गयऊ॥**
**सिवहि बिलोकि ससंकेउ मारू। भयउ जथाथिति सबु संसारू॥**

दुई घडीसम्म यस्तो तमासा भयो, जतिखेर कामदेव शिवजीका साथमा पुग्यो। शिवजीलाई देखेर कामदेव डरायो, त्यसपछि सारा संसार जस्ताको तस्तै स्थिर भयो॥ १॥

**भए तुरत सब जीव सुखारे। जिमि मद उतरि गएँ मतवारे॥**
**रुद्रहि देखि मदन भय माना। दुराधरष दुर्गम भगवाना॥**

तुरुन्तै सबै जीव त्यसरी नै सुखी भए, जसरी नशा पिएका मानिस मद (नशा) ले छोडेपछि सुखी हुन्छन्। दुराधर्ष (जसलाई पराजित गर्न अत्यन्तै कठिन हुन्छ) र दुर्गम (जसको पार पाउन कठिन छ) भगवान् (सम्पूर्ण ऐश्वर्य, धर्म, यश, श्री, ज्ञान र वैराग्यरूप छ ईश्वरीय गुणहरूबाट युक्त) रुद्र (महाभयङ्कर) शिवजीलाई देखेर कामदेव भयभीत भयो॥ २॥

**फिरत लाज कछु करि नहिं जाई। मरनु ठानि मन रचेसि उपाई॥**
**प्रगटेसि तुरत रुचिर रितुराजा। कुसुमित नव तरु राजि बिराजा॥**

फर्केर जाँदाखेरि लाज लागेजस्तो हुन्छ र गर्न खोज्दा केही हुँदैन। आखिरमा मनमा मर्ने निश्चय गरेर त्यसले उपाय रच्यो। तुरुन्तै ऋतुराज वसन्तलाई प्रकट गर्‍यो। फुलिरहेका नयाँ-नयाँ वृक्षहरूका पङ्क्तिहरू सुशोभित भए॥ ३॥

**बन उपबन बापिका तड़ागा। परम सुभग सब दिसा बिभागा॥**
**जहँ तहँ जनु उमगत अनुरागा। देखि मुएहुँ मन मनसिज जागा॥**

वन-उद्यान, इनार-तलाउ र सबै दिशाहरूको विभाग ज्यादै सुन्दर भयो। जता-सुकै मानौं प्रेम उर्लिरहेको छ, जसलाई देखेर मेरो मनमा पनि कामदेव जाग्यो॥ ४॥

**छं०— जागइ मनोभव मुएहुँ मन बन सुभगता न परै कही।**
**सीतल सुगंध सुमंद मारुत मदन अनल सखा सही।**
**बिकसे सरन्हि बहु कंज गुंजत पुंज मंजुल मधुकरा।**
**कलहंस पिक सुक सरस रव करि गान नाचहिं अपछरा॥**

मरेको मनमा पनि कामदेव जाग्न लाग्यो, वनको सुन्दरतालाई भन्नै सकिएन। कामरूपी अग्निको सच्चा मित्र शीतल–मन्द–सुगन्धित हावा चल्न लाग्यो। पोखरी (ताल) हरूमा अनेकौं प्रकारका कमल फुले, जसमा सुन्दर भमराका समूहले भूँ–भूँ गर्न लागे। राजहाँस, कोइली र सुगाले रसिलो बोली बोल्न लागे र अप्सराहरू गीत गाउँदै नाच्न लागे।

दो०— **सकल कला करि कोटि बिधि हारेउ सेन समेत।**
**चली न अचल समाधि सिव कोपेउ हृदयनिकेत॥ ८६॥**

आफ्ना सेनासमेत कामदेवले करोडौं प्रकारका कला (उपाय) हरू गरेर हाऱ्यो, तर शिवजीको अचल समाधि भङ्ग भएन। त्यसपछि कामदेव क्रोधित भएर उठ्यो॥ ८६॥

**देखि रसाल बिटप बर साखा। तेहि पर चढ़ेउ मदनु मन माखा॥**
**सुमन चाप निज सर संधाने। अति रिस ताकि श्रवन लगि ताने॥**

आँपको वृक्षको एक सुन्दर हाँगा देखेर मनमा क्रोधले भरिएको कामदेव त्यसमाथि चढ्यो। त्यसले पुष्प–धनुषमा आफ्ना [पाँच] बाण चढायो र अत्यन्त क्रोधबाट [लक्ष्य तर्फ] ताकेर उसलाई कानसम्म तान्यो॥ १॥

**छाड़े बिषम बिसिख उर लागे। छूटि समाधि संभु तब जागे॥**
**भयउ ईस मन छोभु बिसेषी। नयन उघारि सकल दिसि देखी॥**

कामदेवले तीखा पाँच बाण छोड्यो, जो शिवजीका हृदयमा लागे। त्यसपछि उहाँको समाधि छुट्यो र उहाँ जाग्नुभयो। ईश्वर (शिवजी) को मनमा ज्यादै नै क्षोभ (क्रोध) भयो। उहाँले आँखा खोलेर सबै दिशातर्फ हेर्नुभयो॥ २॥

**सौरभ पल्लव मदनु बिलोका। भयउ कोपु कंपेउ त्रैलोका॥**
**तब सिवँ तीसर नयन उघारा। चितवत कामु भयउ जरि छारा॥**

जब आँपका पातहरूमा [लुकेको] कामदेवलाई देख्नुभयो, त्यसपछि ज्यादै रिसाउनुभयो, जसले गर्दा तीनै लोक काम्न लागे। त्यसपछि शिवजीले तेस्रो नेत्र खोल्नुभयो, उहाँले हेर्दाबित्तिकै कामदेव जलेर भस्म भयो॥ ३॥

**हाहाकार भयउ जग भारी। डरपे सुर भए असुर सुखारी॥**
**समुझि कामसुख सोचहिं भोगी। भए अकंटक साधक जोगी॥**

जगत्मा ठूलो हाहाकार मच्चियो। देवता डराए, दैत्य सुखी भए। भोगीहरू काम–सुखलाई याद गरेर चिन्ता गर्न लागे र साधक योगी निष्कण्टक (ढुक्क) भए॥ ४॥

छं०— **जोगी अकंटक भए पति गति सुनत रति मुरुछित भई।**
**रोदति बदति बहु भाँति करुना करति संकर पहिं गई॥**
**अति प्रेम करि बिनती बिबिध बिधि जोरि कर सन्मुख रही।**
**प्रभु आसुतोष कृपाल सिव अबला निरखि बोले सही॥**

योगी निष्कण्टक भए, कामदेवकी स्त्री रति आफ्ना पतिको यो अवस्था सुन्नेबित्तिकै मूर्च्छित भई। रुँदै-चिच्च्याउँदै विभिन्न प्रकारले विलाप गर्दै ऊ शिवजीसँग गई। अत्यन्त प्रेमका साथ अनेकौं प्रकारबाट बिन्ती गरेर हात जोडेर अघिल्तिर उभिई। शीघ्र प्रसन्न हुने कृपालु शिवजीले अबला (असहाय स्त्री) लाई देखेर सुन्दर (उसलाई सान्त्वना हुने) वचन भन्नुभयो—

## ● रतिलाई वरदान ●

**दो०— अब तें रति तव नाथ कर होइहि नामु अनंगु।**
**बिनु बपु ब्यापिहि सबहि पुनि सुनु निज मिलन प्रसंगु॥ ८७॥**

हे रति! अबदेखि तिम्रो स्वामीको नाम अनङ्ग हुनेछ। अब उनले विनाशरीर नै सबैलाई व्याप्त गर्नेछन्। अब तिमीले आफ्ना पतिसँग भेटहुने कुरा सुन॥ ८७॥

**जब जदुबंस कृष्न अवतारा। होइहि हरन महा महिभारा॥**
**कृष्न तनय होइहि पति तोरा। बचनु अन्यथा होइ न मोरा॥**

जब पृथ्वीको ठूलो भारलाई उतार्नका लागि यदुवंशमा श्रीकृष्णको अवतार हुनेछ, त्यस समयमा तिम्रा पति उनका पुत्र (प्रद्युम्न) को रूपमा हुनेछन्। मेरो यो वचन अन्यथा हुनेछैन॥ १॥

**रति गवनी सुनि संकर बानी। कथा अपर अब कहउँ बखानी॥**
**देवन्ह समाचार सब पाए। ब्रह्मादिक बैकुंठ सिधाए॥**

शिवजीका वचन सुनेर रति गइहालिन्। अब दोस्रो कथा वर्णन गरेर भन्दछु। ब्रह्मादि देवताहरूले यी सबै समाचार सुने र उनीहरू वैकुण्ठमा गए॥ २॥

**सब सुर बिष्नु बिरंचि समेता। गए जहाँ सिव कृपानिकेता॥**
**पृथक पृथक तिन्ह कीन्हि प्रसंसा। भए प्रसन्न चंद्र अवतंसा॥**

फेरि त्यहाँबाट विष्णु र ब्रह्मासहित सबै देवता उहाँ गए, जहाँ कृपा-धाम शिवजी हुनुहुन्थ्यो। उनीहरू सबैले शिवजीको अलग-अलग स्तुति गरे, अनि शशिभूषण शिवजी प्रसन्न हुनुभयो॥ ३॥

**बोले कृपासिंधु बृषकेतू। कहहु अमर आए केहि हेतू॥**
**कह बिधि तुम्ह प्रभु अंतरजामी। तदपि भगति बस बिनवउँ स्वामी॥**

कृपाका समुद्र शिवजीले भन्नुभयो—हे देवताहरू हो! भन्नुहोस्, तपाईंहरू के कारणले आउनुभएको हो? ब्रह्माजीले भन्नुभयो—हे प्रभु! हजुर अन्तर्यामी होइबक्सिन्छ, तथापि हे स्वामी! भक्तिवश मैले हजुरसँग बिन्ती गर्दछु॥ ४॥

## ● देवताहरूले शिवजीसँग विवाहका लागि प्रार्थना गर्नु, सप्तर्षिहरू पार्वतीजीसँग जानु ●

**दो०— सकल सुरन्ह के हृदयँ अस संकर परम उछाहु।**
**निज नयनन्हि देखा चहहिं नाथ तुम्हार बिबाहु॥ ८८॥**

हे शङ्कर! सबै देवताहरूका मनमा यस्तो ठूलो उत्साह छ कि हे नाथ! उनीहरू आफ्ना आँखाले हजुरको विवाह हेर्न चाहन्छन्॥ ८८॥

**यह उत्सव देखिअ भरि लोचन। सोइ कछु करहु मदन मद मोचन॥**
**कामु जारि रति कहुँ बरु दीन्हा। कृपासिंधु यह अति भल कीन्हा॥**

हे कामदेवको मद (घमण्ड) लाई नष्ट गर्ने प्रभु! हजुरले यस्तो केही गरिबक्सियोस्, जसबाट सबै जनाले यस उत्सवलाई आँखाभरि हेर्न सकून्। हे कृपाका सागर! कामदेवलाई भस्म गरेर हजुरले रतिलाई जुन वरदान दिइबक्सियो, त्यो धेरै नै राम्रो गरिबक्सियो॥ १॥

**सासति करि पुनि करहिं पसाऊ। नाथ प्रभुन्ह कर सहज सुभाऊ॥**
**पारबतीं तपु कीन्ह अपारा। करहु तासु अब अंगीकारा॥**

हे नाथ! श्रेष्ठ स्वामीहरूको यस्तो सहज स्वभाव नै हुन्छ कि उनीहरूले पहिला दण्ड दिएर फेरि कृपा गर्दछन्। पार्वतीले अपार तप गर्नुभएको छ, अब उहाँलाई अङ्गीकार गरिबक्सियोस्॥ २॥

**सुनि बिधि बिनय समुझि प्रभु बानी। ऐसेइ होउ कहा सुखु मानी॥**
**तब देवन्ह दुंदुभीं बजाईं। बरषि सुमन जय जय सुर साईं॥**

ब्रह्माजीको प्रार्थना सुनेर र प्रभु रामचन्द्रजीका वचनलाई सम्झेर शिवजीले प्रसन्नतापूर्वक भन्नुभयो—'यस्तो नै हुनेछ।' त्यसपछि देवताहरूले हर्षसूचक दुन्दुभि अथवा नगराहरू बजाउन लागे र फूलहरूको वर्षा गरेर 'जय होस्! देवताहरूका स्वामीको जय होस्' भन्न लागे॥ ३॥

**अवसरु जानि सप्तरिषि आए। तुरतहिं बिधि गिरिभवन पठाए॥**
**प्रथम गए जहँ रहीं भवानी। बोले मधुर बचन छल सानी॥**

उचित अवसर जानेर सप्तर्षिहरू आए र ब्रह्माजीले तुरुन्तै उनीहरूलाई हिमाचलको घरमा पठाउनुभयो। उनीहरू पहिला उहाँ गए जहाँ पार्वतीजी हुनुहुन्थ्यो र उहाँसँग छलबाट भरिएका मीठा (विनोदयुक्त, आनन्द दिने) वचन भन्न लागे— ॥ ४॥

दो०— **कहा हमार न सुनेहु तब नारद कें उपदेस।**
**अब भा झूठ तुम्हार पन जारेउ कामु महेस॥ ८९॥**

नारदजीको उपदेशबाट तिमीले त्यस समयमा हामीहरूको कुरालाई सुनिनौ। अब त तिम्रो प्रण (प्रतिज्ञा) झूटो भयो, किन भने महादेवजीले कामलाई नै भस्म गर्नुभयो॥ ८९॥

**✹ मासपारायण, तेस्रो विश्राम ✹**

**सुनि बोलीं मुसुकाइ भवानी। उचित कहेहु मुनिबर बिग्यानी॥**
**तुम्हरें जान कामु अब जारा। अब लगि संभु रहे सबिकारा॥**

यस्तो सुनेर पार्वतीजीले मुस्कुराउँदै भन्नुभयो—हे विज्ञानी मुनिवरहरू! तपाईंहरूले उचित नै भन्नुभयो। तपाईंहरूको सोचाइमा शिवजीले कामदेवलाई अब जलाउनुभयो, अब उहाँ विकारयुक्त (कामी) नै हुनुभयो!॥ १॥

**हमरें जान सदा सिव जोगी। अज अनवद्य अकाम अभोगी॥**
**जौं मैं सिव सेये अस जानी। प्रीति समेत कर्म मन बानी॥**

किन्तु मेरो विचारमा त शिवजी सधैंभरि योगी, अजन्मा, अनिन्द्य, कामरहित र भोगहीन हुनुहुन्छ र मैले शिवजीलाई यस्तो जानेर नै मन, वचन र कर्मबाट प्रेमपूर्वक उहाँको सेवा गरेकी छु॥ २॥

**तौ हमार पन सुनहु मुनीसा। करिहहिं सत्य कृपानिधि ईसा॥**
**तुम्ह जो कहा हर जारेउ मारा। सोइ अति बड़ अबिबेकु तुम्हारा॥**

यसो भएर हे मुनीश्वरहरू! सुन्नुहोस्, उनै कृपानिधान भगवान्ले मेरो प्रतिज्ञालाई सत्य गर्नुहुनेछ। तपाईंहरूले जो यस्तो भन्नुभयो कि शिवजीले कामदेवलाई भस्म गर्नुभयो, यही तपाईंहरूको ठूलो अविवेक हो॥ ३॥

**तात अनल कर सहज सुभाऊ। हिम तेहि निकट जाइ नहिं काऊ॥**
**गएँ समीप सो अवसि नसाई। असि मन्मथ महेस की नाई॥**

हे प्रिय मुनीश्वरहरू हो! अग्निको यो सहज स्वभाव नै हो कि तुषारो उसको नजिक कहिल्यै जानै सक्दैन र गयो भने ऊ अवश्य नष्ट हुन्छ। महादेवजी र कामदेवको सम्बन्धमा पनि यही न्याय (कुरा) सम्झनुपर्दछ॥ ४॥

दो०— **हियँ हरषे मुनि बचन सुनि देखि प्रीति बिस्वास।**
**चले भवानिहि नाइ सिर गए हिमाचल पास॥ ९०॥**

पार्वतीजीका वचन सुनेर र उहाँको प्रेम तथा विश्वास देखेर मुनिहरू हृदयमा धेरै प्रसन्न भए। उनीहरू भवानीलाई शिर नुहाएर हिंडिहाले र हिमाचलका समीपका पुगे॥ ९०॥

**सबु प्रसंगु गिरिपतिहि सुनावा। मदन दहन सुनि अति दुखु पावा॥**
**बहुरि कहेउ रति कर बरदाना। सुनि हिमवंत बहुत सुखु माना॥**

उनीहरूले पर्वतराज हिमाचललाई सबै हालखबर सुनाए। कामदेव भस्म भएको सुनेर हिमाचल धेरै दुःखी भए। फेरि मुनिहरूले रतिको वरदानको कुरा सुनाए, यी सबै कुरा सुनेर हिमाचलले ज्यादै सुख माने॥ १॥

**हृदयँ बिचारि संभु प्रभुताई। सादर मुनिबर लिए बोलाई॥**
**सुदिनु सुनखतु सुघरी सोचाई। बेगि बेदबिधि लगन धराई॥**

शिवजीको प्रभावलाई मनमा विचार गरेर हिमाचलले श्रेष्ठ मुनिहरूलाई आदरपूर्वक बोलाए, अनि उनीहरूसँग शुभ दिन, शुभ नक्षत्र र शुभ घडी सोधेर (हेराएर) वेदको विधि अनुसार तुरुन्तै लग्न निश्चय गरेर (लग्नपत्रिका) लेखाए॥ २॥

**पत्री सप्तरिषिन्ह सोइ दीन्ही। गहि पद बिनय हिमाचल कीन्ही॥**
**जाइ बिधिहि तिन्ह दीन्हि सो पाती। बाचत प्रीति न हृदयँ समाती॥**

फेरि हिमाचलले त्यो लग्नपत्रिका सप्तर्षिहरूलाई दिए, अनि चरण समातेर उनीहरूसँग बिन्ती गरे। उनीहरूले गएर त्यो लग्नपत्रिका ब्रह्माजीलाई दिए। लग्नपत्रिका पढ्ने समयमा उनको प्रेम अटाएको थिएन (अर्थात् धेरै थियो)॥ ३॥

**लगन बाचि अज सबहि सुनाई। हरषे मुनि सब सुर समुदाई॥**
**सुमन बृष्टि नभ बाजन बाजे। मंगल कलस दसहुँ दिसि साजे॥**

ब्रह्माजीले लग्नपत्रिका पढेर सबैलाई सुनाउनुभयो, त्यसलाई सुनेर सबै मुनि र देवताहरूका सारा समाज हर्षित भए। आकाशबाट फूलहरूको वर्षा हुन लाग्यो, बाजा बज्न लागे र दशै दिशाहरूमा मङ्गल-कलश सजाए॥ ४॥

## * शिवजीको विचित्र बरियाँत र विवाहको तयारी *

दो०— **लगे सँवारन सकल सुर बाहन बिबिध बिमान।**
**होहिं सगुन मंगल सुभद करहिं अपछरा गान॥ ९१॥**

सबै देवताले आ-आफ्ना विभिन्न प्रकारका वाहन र विमानहरू सजाउन लागे, कल्याणप्रद मङ्गल लक्षण हुन लागे र अप्सराहरूले गाउँन लागे॥ ९१॥

**सिवहि संभु गन करहिं सिंगारा। जटा मुकुट अहि मौरु सँवारा॥**
**कुंडल कंकन पहिरे ब्याला। तन बिभूति पट केहरि छाला॥**

शिवजीका गणहरूले शिवजीको शृङ्गार गर्न लागे। जटाहरूका मुकुट बनाएर त्यसमा सर्पहरूले ताज सजाए। शिवजीले सर्पहरूकै कुण्डल (कानमा लगाउने गहना) र कङ्कण (बाला) लगाउनुभयो। शरीरमा विभूति घसियो र वस्त्रको बदलामा बाघम्बर लपेट्नुभयो॥ १॥

**ससि ललाट सुंदर सिर गंगा। नयन तीनि उपबीत भुजंगा॥**
**गरल कंठ उर नर सिर माला। असिव बेष सिवधाम कृपाला॥**

शिवजीको सुन्दर निधारमा चन्द्रमा, शिरमा गङ्गाजी, तीन आँखा, सर्पहरूको जनै, गलामा विष र छातीमा नरमुण्डहरूका माला थिए। यस्तो प्रकारको उहाँको वेष अशुभ हुँदा पनि उहाँ कल्याणका धाम र कृपालु हुनुहुन्छ॥ २॥

**कर त्रिसूल अरु डमरु बिराजा। चले बसहँ चढ़ि बाजहिं बाजा॥**
**देखि सिवहि सुरत्रिय मुसुकाहीं। बर लायक दुलहिनि जग नाहीं॥**

एक हातमा त्रिशूल र अर्कोमा डमरु सुशोभित छ। शिवजी बसाहामा चढेर हिंड्नुभयो। बाजा बजिरहेका छन्। शिवजीलाई देखेर देवाङ्गनाहरू मुस्कुराइरहेका छन् [र भन्दछन् कि] यस दुलाहाका लागि दुलही संसारमा मिल्नेछैन॥ ३॥

**बिष्नु बिरंचि आदि सुरब्राता। चढ़ि चढ़ि बाहन चले बराता॥**
**सुर समाज सब भाँति अनूपा। नहिं बरात दूलह अनुरूपा॥**

विष्णु र ब्रह्मा आदि देवताहरूका समूह आ-आफ्ना वाहनहरू (सवारीहरू) मा चढेर

बरियाँतमा हिंडे। देवताहरूको समाज सबै प्रकारबाट अनुपम (परम सुन्दर) थियो, तर दुलाहाको योग्य बरियाँत थिएन॥ ४॥

**दो०— बिष्नु कहा अस बिहसि तब बोलि सकल दिसिराज।**
**बिलग बिलग होइ चलहु सब निज निज सहित समाज॥ ९२॥**

त्यसपछि विष्णु भगवान्‌ले सबै दिक्पालहरूलाई बोलाएर हाँस्दै भन्नुभयो—सबै जना आ-आफ्नो दलसमेत अलग-अलग भएर हिंड॥ ९२॥

**बर अनुहारि बरात न भाई। हँसी करैहहु पर पुर जाई॥**
**बिष्नु बचन सुनि सुर मुसुकाने। निज निज सेन सहित बिलगाने॥**

हे भाइ! हामीहरूका लागि यो बरियाँत वरको योग्य छैन। के अर्काको (पराईको) गाउँमा गएर हाँसो गराउनेछौ? विष्णु भगवान्‌का कुरा सुनेर देवताहरू मुस्कुराए र उनीहरू आ-आफ्नो सेनासहित अलग भए॥ १॥

**मनहीं मन महेसु मुसुकाहीं। हरि के बिंग्य बचन नहिं जाहीं॥**
**अति प्रिय बचन सुनत प्रिय केरे। भृंगिहि प्रेरि सकल गन टेरे॥**

महादेवजी [यस्तो देखेर] मन-मनै मुस्कुराउनुभयो कि विष्णु भगवान्‌को व्यङ्ग्य-वचन (हाँसो-ठट्टा) गर्ने बानी छुट्‌दैन। आफ्ना प्यारा (विष्णु भगवान्) का यी अति प्रिय वचनहरूलाई सुनेर शिवजीले पनि भृङ्गीलाई पठाई आफ्ना सबै गणहरूलाई बोलाउनुभयो॥ २॥

**सिव अनुसासन सुनि सब आए। प्रभु पद जलज सीस तिन्ह नाए॥**
**नाना बाहन नाना बेषा। बिहसे सिव समाज निज देखा॥**

शिवजीको आज्ञा सुन्नेबित्तिकै सबै आइहाले र उनीहरूले स्वामीका चरणकमलमा शिर निहुराए। विभिन्न किसिमका सवारीहरू र विभिन्न प्रकारका वेष भएका आफ्नो समाजलाई देखेर शिवजी हाँस्नुभयो ३॥

**कोउ मुख हीन बिपुल मुख काहू। बिनु पद कर कोउ बहु पद बाहू॥**
**बिपुल नयन कोउ नयन बिहीना। रिष्टपुष्ट कोउ अति तनखीना॥**

कुनै मुख नभएका छन्, कुनैका धेरै मुख छन्, कुनै विनाहात-खुट्टाका छन् भने कुनैका कैयौं हात-खुट्टा छन्। कुनैका धेरै आँखा छन् भने कुनैका एउटा पनि आँखा छैनन्। कोही धेरै मोटा-घाटा छन् भने कुनै धेरै नै दुब्ला-पातला छन्॥ ४॥

**छं०— तन खीन कोउ अति पीन पावन कोउ अपावन गति धरें।**
**भूषन कराल कपाल कर सब सद्य सोनित तन भरें॥**
**खर स्वान सुअर सृकाल मुख गन बेष अगनित को गनै।**
**बहु जिनस प्रेत पिसाच जोगि जमात बरनत नहिं बनै॥**

कुनै धेरै नै दुब्ला, कुनै धेरै मोटा, कुनै पवित्र र कुनै अपवित्र वेष धारण गरेका छन्। भयङ्कर

गहना लगाएर हातमा कपाल लिएका छन् र सबै जनाले शरीरमा ताजा रगत घसेका छन्। गधा, कुकुर, सुँगुर र स्यालका जस्ता उनीहरूका मुख छन्। गणहरूका अनगिन्ती भेषहरूलाई कसले गणना गर्ने? धेरै प्रकारका प्रेत, पिशाच र योगिनीहरूका जमात (हूल) छन्। उनीहरूको वर्णन गर्नै जानिन्न।

**सो०— नाचहिं गावहिं गीत परम तरंगी भूत सब।**
**देखत अति बिपरीत बोलहिं बचन बिचित्र बिधि॥ ९३॥**

भूत-प्रेत नाच्दछन् र गाउँदछन्, उनीहरू सबै मोज-मज्जा गर्दछन् (वा मोज-मज्जा गर्नेवाला छन्)। हेर्दाखेरि कत्ति पनि ढङ्ग नभएकाजस्ता छन् र धेरै विचित्र ढङ्गबाट बोल्दछन्॥ ९३॥

**जस दूलहु तसि बनी बराता। कौतुक बिबिध होहिं मग जाता॥**
**इहाँ हिमाचल रचेउ बिताना। अति बिचित्र नहिं जाइ बखाना॥**

जस्ता दुलाहा छन्, उस्तै बरियाँत (जन्तीहरू) भए। बाटोमा हिंड्दै गर्दा अनेक प्रकारका कौतुक (तमासा) भइरहेका छन्। यता हिमाचलले यस्तो विचित्र मण्डप बनाए जसको वर्णन गर्नै सकिंदैन॥ १॥

**सैल सकल जहँ लगि जग माहीं। लघु बिसाल नहिं बरनि सिराहीं॥**
**बन सागर सब नदीं तलावा। हिमगिरि सब कहुँ नेवत पठावा॥**

जगत्मा जति पनि साना-ठूला पर्वत थिए, जसको वर्णन गरेर पार पाउन सकिन्न तथा जति पनि वन, समुद्र, नदी र तालहरू थिए, हिमाचलले सबैलाई निमन्त्रणा पठाए॥ २॥

**कामरूप सुंदर तन धारी। सहित समाज सहित बर नारी॥**
**गए सकल तुहिनाचल गेहा। गावहिं मंगल सहित सनेहा॥**

उनीहरू सबै आ-आफ्नो इच्छानुसार रूप धारण गर्न सक्नेवाला थिए। सुन्दर शरीर धारण गरेर सुन्दरी स्त्रीहरू र समाजहरूका साथ हिमाचलका घर आए। सबैले स्नेहपूर्वक मङ्गलगीत गाए॥ ३॥

**प्रथमहिं गिरि बहु गृह सँवराए। जथाजोगु तहँ तहँ सब छाए॥**
**पुर सोभा अवलोकि सुहाई। लागइ लघु बिरंचि निपुनाई॥**

हिमाचलले पहिल्यैदेखि नै धेरै घर सजाएर राखेका थिए। यथायोग्य ती-ती ठाँउमा सबै जना बसे। नगरको सुन्दर शोभालाई देखेर ब्रह्माको रचना-चतुर्‍याँइ पनि तुच्छ लाग्दथ्यो॥ ४॥

**छं०— लघु लाग बिधि की निपुनता अवलोकि पुर सोभा सही।**
**बन बाग कूप तड़ाग सरिता सुभग सब सक को कही॥**
**मंगल बिपुल तोरन पताका केतु गृह गृह सोहहीं।**
**बनिता पुरुष सुंदर चतुर छबि देखि मुनि मन मोहहीं॥**

नगरको शोभा देखेर ब्रह्माको निपुणता साँच्चै नै तुच्छ लाग्दथ्यो। वन, बगैंचा, कुवा, तलाउ,

नदीहरू सबै सुन्दर छन्; त्यसको वर्णन कसले गर्न सक्दछ र? घर-घरमा धेरै नै मङ्गलसूचक तोरण र ध्वजा पताकाहरू सुशोभित भइरहेका छन्? त्यहाँका सुन्दर र चतुर स्त्री-पुरुषहरूको रूप देखेर मुनिहरूको पनि मन मोहित हुन्छ।

**दो०— जगदंबा जहँ अवतरी सो पुरु बरनि कि जाइ।**
**रिद्धि सिद्धि संपत्ति सुख नित नूतन अधिकाइ॥ ९४॥**

जुन नगरमा स्वयं जगदम्बाले अवतार लिनुभएको छ, के त्यसको वर्णन हुन सक्दछ? त्यहाँ ऋद्धि, सिद्धि, सम्पत्ति र सुख दिनहुँ नयाँ बढ्दै गर्दछन्॥ ९४॥

**नगर निकट बरात सुनि आई। पुर खरभरु सोभा अधिकाई॥**
**करि बनाव सजि बाहन नाना। चले लेन सादर अगवाना॥**

बरियाँतलाई नजिक आएको सुनेर नगरमा चहल-पहल मच्चियो, जसले गर्दा त्यसको शोभा बढ्यो। स्वागत गर्ने मानिसहरूले राम्ररी शृङ्गार गरेर तथा विभिन्न प्रकारका सवारीहरू सजाएर आदरसहित बरियाँतलाई लिन हिंडे॥ १॥

**हियँ हरषे सुर सेन निहारी। हरिहि देखि अति भए सुखारी॥**
**सिव समाज जब देखन लागे। बिडरि चले बाहन सब भागे॥**

देवताहरूका समाजलाई देखेर सबै जना मनमा प्रसन्न भए। विष्णुभगवान्‌लाई देखेर त धेरै नै सुखी भए। किन्तु जब शिवजीका दललाई देख्न थाले, त्यसपछि त उनीहरूका सबै वाहन (सवारीहरूका हात्ती, घोडा, रथका गोरु आदि) डराएर भागिहाले॥ २॥

**धरि धीरजु तहँ रहे सयाने। बालक सब लै जीव पराने॥**
**गएँ भवन पूछहिं पितु माता। कहहिं बचन भय कंपित गाता॥**

केही धेरै उमेरका समझदार मानिस धैर्य धारण गरेर त्यहीं डटेर बसे। केटा-केटीहरू त आ-आफ्नो प्राणसम्म लिएर भागे। घरमा पुगेपछि जब आमा-बाबुले सोधे, त्यसपछि उनीहरू भयबाट काम्दै शरीर (मुख) बाट यस्तो वचन भन्दछन्— ॥ ३॥

**कहिअ काह कहि जाइ न बाता। जम कर धार किधौं बरिआता॥**
**बरु बौराह बसहँ असवारा। ब्याल कपाल बिभूषन छारा॥**

के भन्ने, केही कुरा भन्न सकिंदैन। यो बरियाँत हो या यमराजको सेना? दुलाहा बौलाहा छ र गोरु (बसाहा) माथि चढेको छ। सर्प, कपाल र भस्म नै उसका गहना छन्॥ ४॥

**छं०— तन छार ब्याल कपाल भूषन नगन जटिल भयंकरा।**
**सँग भूत प्रेत पिसाच जोगिनि बिकट मुख रजनीचरा॥**
**जो जिअत रहिहि बरात देखत पुन्य बड़ तेहि कर सही।**
**देखिहि सो उमा बिबाहु घर घर बात असि लरिकन्ह कही॥**

बेहुलाको शरीरमा खरानी लगाइएको छ, सर्प र कपालका गहना छन्; ऊ नाङ्गै छ, जटाधारी र भयङ्कर छ। उसका साथ भयानक डर लाग्दो मुख भएका भूत, प्रेत, पिशाच, योगिनी र राक्षसहरू छन्। जो यी बरियाँतलाई देखेर जीवित रहन्छ, साच्चै नै उसको ठूलै पुण्य छ र उसैले पार्वतीको विवाह देख्नेछ। केटा-केटीहरूले घर-घरमा यही कुरा भने।

दो०— **समुझि महेस समाज सब जननि जनक मुसुकाहिं।**
**बाल बुझाए बिबिध बिधि निडर होहु डरु नाहिं॥ ९५॥**

महेश्वर (शिवजी) को समाजलाई सम्झेर सबै केटा-केटीहरूका आमा-बाबु मुस्कुराए। उनीहरूले धेरै तरिकाबाट छोरा-छोरीहरूलाई सम्झाए कि निडर होऊ, डराउने कुनै कारण छैन॥ ९५॥

**लै अगवान बरातहि आए। दिए सबहि जनवास सुहाए॥**
**मैनाँ सुभ आरती सँवारी। संग सुमंगल गावहिं नारी॥**

स्वागत गर्ने व्यक्तिहरूले जन्तीहरूलाई लिएर आए, उनीहरूले सबैलाई सुन्दर स्थान (ठाँउ) बस्नका लागि दिए। मैना (पार्वतीजीकी आमा) ले शुभ आरती सजाइन् र उनका साथका स्त्रीहरूले उत्तम मङ्गलगीत गाउन लागे॥ १॥

**कंचन थार सोह बर पानी। परिछन चली हरहि हरषानी॥**
**बिकट बेष रुद्रहि जब देखा। अबलन्ह उर भय भयउ बिसेषा॥**

सुन्दर हातहरूमा सुनका थाल सुशोभित थिए, यस प्रकार मैना हर्षका साथ शिवजीलाई पर्छन हिंडिन्। जब महादेवजीलाई भयानक वेषमा देखिन्, त्यसपछि स्त्रीहरूको मनमा धेरै ठूलो भय उत्पन्न भयो॥ २॥

**भागि भवन पैठीं अति त्रासा। गए महेसु जहाँ जनवासा॥**
**मैना हृदयँ भयउ दुखु भारी। लीन्ही बोलि गिरीसकुमारी॥**

धेरै डरले गर्दा भागेर उनीहरू घरहरूमा पसे र शिवजी जहाँ जन्ती बस्ने ठाँउ थियो, त्यहीं जानुभयो। मैनाको हृदयमा ठूलो दुःख भयो, उनले पार्वतीजीलाई आफ्नो साथमा बोलाइन्॥ ३॥

**अधिक सनेहँ गोद बैठारी। स्याम सरोज नयन भरे बारी॥**
**जेहिं बिधि तुम्हहि रूपु अस दीन्हा। तेहिं जड़ बरु बाउर कस कीन्हा॥**

र अत्यन्त स्नेहबाट काखमा बसालेर आफ्ना नीलकमलजस्ता आँखाहरूमा आँसु भरेर भनिन्—जुन विधाताले तिमीलाई यस्तो सुन्दर रूप दियो, त्यस मूर्खले तिम्रो दुलाहालाई बौलाहा कसरी बनायो?॥ ४॥

छं०— **कस कीन्ह बरु बौराह बिधि जेहिं तुम्हहि सुंदरता दई।**
**जो फलु चहिअ सुरतरुहिं सो बरबस बबूरहिं लागई॥**
**तुम्ह सहित गिरि तें गिरौं पावक जरौं जलनिधि महुँ परौं।**
**घरु जाउ अपजसु होउ जग जीवत बिबाहु न हौं करौं॥**

जुन विधाताले तिमीलाई सुन्दरता दियो, उसले तिम्रा लागि वर बौलाहा कसरी (किन) बनायो? जुन फल कल्पवृक्षमा लाग्नुपर्दथ्यो, त्यो (फल) जबरजस्ती बबुलको (काँडैकाँडा भएको) वृक्षमा फलेको छ। म तिमीलाई लिएर पहाडबाट खस्नेछु, आगोमा जल्नेछु या समुद्रमा बग्नेछु। बरु घर लथालिङ्ग होस् र संसारभरी अपकीर्ति फैलियोस्, तर जीवित छँदै मैले यस बौलाहा दुलाहासँग तिम्रो विवाह गराउनेछैन।

दो०— **भईं बिकल अबला सकल दुखित देखि गिरिनारि।**
**करि बिलापु रोदति बदति सुता सनेहु सँभारि॥ ९६॥**

हिमाचलकी स्त्री (मैना) लाई दुःखी देखेर सबै स्त्रीहरू व्याकुल भए। मैना आफ्नी छोरीको स्नेहलाई याद गरेर विलाप गर्दै, धुरुधुरु रुँदै भन्दै थिइन्— ॥ ९६॥

**नारद कर मैं काह बिगारा। भवनु मोर जिन्ह बसत उजारा॥**
**अस उपदेसु उमहि जिन्ह दीन्हा। बौरे बरहि लागि तपु कीन्हा॥**

मैले नारदको के बिगारेकी थिएँ, जसले मेरो बन्न लागेको घर उजाड पारिदिए र जसले पार्वतीलाई यस्तो उपदेश दिए कि जसले गर्दा उनले बौलाहा वरका लागि तप गरिन्॥ १॥

**साचेहुँ उन्ह कें मोह न माया। उदासीन धनु धामु न जाया॥**
**पर घर घालक लाज न भीरा। बाँझ कि जान प्रसव कै पीरा॥**

साँच्चै नै उनको न कोहीप्रति मोह छ, न माया; न उनको धन छ, न घर नै र न स्त्री नै छ; उनी सबै चीजबाट उदासीन छन्। यसकारण उनले अर्काको घर बिगार्ने गर्दछन्। उनले न कसैसँग लाज मान्दछन् न डराउँछन् नै। ठीकै हो, बाँझी स्त्रीले प्रसव (सुत्केरी) को पीडालाई के (कसरी) जान्ने?॥ २॥

**जननिहि बिकल बिलोकि भवानी। बोली जुत बिबेक मृदु बानी॥**
**अस बिचारि सोचहि मति माता। सो न टरइ जो रचइ बिधाता॥**

आमालाई आत्तिएको देखेर पार्वतीजीले विवेकयुक्त कोमल वाणी बोल्नुभयो। हे आमा! जे जस्तो विधाताले रच्दछ, त्यसलाई बदल्न सकिन्न; यस्तो सोचेर हजुरले चिन्ता नगर्नुहोस्!॥ ३॥

**करम लिखा जौं बाउर नाहू। तौ कत दोसु लगाइअ काहू॥**
**तुम्ह सन मिटहिं कि बिधि के अंका। मातु ब्यर्थ जनि लेहु कलंका॥**

जुन मेरो भाग्यमा बौलाहा नै पति लेखेको छ भने कसैलाई किन दोष लगाउने? हे आमा! के विधाताले लेखेको अङ्क (अक्षर) लाई हजुरले मेटाउन (बदल्न) सक्नुहुन्छ? बेकार कलङ्कको टीका (चिह्न) नलिनुहोस्॥ ४॥

छं०— **जनि लेहु मातु कलंकु करुना परिहरहु अवसर नहीं।**
**दुखु सुखु जो लिखा लिलार हमरें जाब जहँ पाउब तहीं॥**
**सुनि उमा बचन बिनीत कोमल सकल अबला सोचहीं।**
**बहु भाँति बिधिहि लगाइ दूषन नयन बारि बिमोचहीं॥**

हे आमा! कलङ्क नलिनुहोस्, रुन छोड्नुहोस्, यो अवसर विषाद गर्ने होइन। मेरो भाग्यमा जुन दु:ख-सुख लेखिएको छ, त्यसलाई म जहाँ जान्छु, उहीं पाउनेछु। पार्वतीजीका यस्ता विनम्रताले भरिएका वचन सुनेर सम्पूर्ण स्त्रीहरू चिन्ता गर्न लागे र अनेक प्रकारले विधातालाई दोष दिएर आँखाहरूबाट आँसु बगाउन लागे।

दो०— **तेहि अवसर नारद सहित अरु रिषि सप्त समेत।**
**समाचार सुनि तुहिनगिरि गवने तुरत निकेत॥ ९७॥**

त्यस समयमा समाचार सुन्नेबित्तिकै हिमाचलले नारदजी र सप्तर्षिहरूलाई साथमै लिएर आफ्नो घरमा गए॥ ९७॥

**तब नारद सबही समुझावा। पूरुब कथाप्रसंगु सुनावा॥**
**मयना सत्य सुनहु मम बानी। जगदंबा तव सुता भवानी॥**

त्यसपछि नारदजीले पूर्वजन्मको कथा सुनाएर सबैलाई सम्झाउनुभयो [र भन्नुभयो] कि हे मैना! तिमीले मेरो सत्य कुरा सुन, तिम्री यी छोरी साक्षात् जगज्जननी भवानी हुन्॥ १॥

**अजा अनादि सक्ति अबिनासिनि। सदा संभु अरधंग निवासिनि॥**
**जग संभव पालन लय कारिनि। निज इच्छा लीला बपु धारिनि॥**

यी अजन्मा, अनादि र अविनाशिनी शक्ति हुन्। सधैं शिवजीको अर्धाङ्गमा रहन्छिन्। यिनले जगत्को उत्पत्ति, पालन र संहार गर्दछिन्, आफ्नो इच्छाबाट नै लीला-शरीर धारण गर्दछिन्॥ २॥

**जनमीं प्रथम दच्छ गृह जाई। नामु सती सुंदर तनु पाई॥**
**तहँहुँ सती संकरहि बिबाहीं। कथा प्रसिद्ध सकल जग माहीं॥**

पहिला यिनी दक्षको घर गएर जन्मेकी थिइन्, त्यतिखेर यिनको नाम सती थियो। धेरै नै सुन्दर शरीर पाएकी (भएकी) थिइन्। उहाँ पनि सतीले शङ्करजीसँग नै विवाह गरेकी थिइन्। यो कथा सारा जगत्मा प्रसिद्ध छ॥ ३॥

**एक बार आवत सिव संगा। देखेउ रघुकुल कमल पतंगा॥**
**भयउ मोहु सिव कहा न कीन्हा। भ्रम बस बेषु सीय कर लीन्हा॥**

एक बार यिनले शिवजीसँग आउँदै गर्दा [बाटोमा] रघुकुलरूपी कमलका सूर्य श्रीरामचन्द्रजीलाई देखिन्, त्यसपछि यिनलाई मोह भयो र यिनले शिवजीले भनेको नमानेर भ्रमवश सीताजीको भेष धारण गरिन्॥ ४॥

छं०— **सिय बेषु सतीं जो कीन्ह तेहिं अपराध संकर परिहरीं।**
**हर बिरहँ जाइ बहोरि पितु कें जग्य जोगानल जरीं॥**
**अब जनमि तुम्हरे भवन निज पति लागि दारुन तपु किया।**
**अस जानि संसय तजहु गिरिजा सर्बदा संकरप्रिया॥**

सतीजीले जुन सीताको भेष धारण गरिन्, त्यही अपराधको कारणले शङ्करजीले यिनीलाई त्याग गर्नुभयो। फेरि शिवजीको वियोगमा यिनी आफ्ना पिताको यज्ञमा गएर त्यही योगाग्निबाट भस्म भइन्। अहिले यिनले तिम्रो घर जन्म लिएर आफ्ना पतिका लागि कठिन तपस्या गरिन् यस्तो जानेर सन्देह छोडिदेऊ, पार्वतीजी त सधैं नै शिवजीकी प्रिया (अर्द्धाङ्गिनी) हुनुहुन्छ।

दो०— **सुनि नारद के बचन तब सब कर मिटा बिषाद।**
**छन महुँ ब्यापेउ सकल पुर घर घर यह संबाद॥ ९८॥**

त्यसपछि नारदजीका वचन सुनेर सबैको चिन्ता मेटियो र क्षणभरमा यो समाचार सारा नगरवासीको घर-घरमा फैलियो॥ ९८॥

**तब मयना हिमवंतु अनंदे। पुनि पुनि पारबती पद बंदे॥**
**नारि पुरुष सिसु जुबा सयाने। नगर लोग सब अति हरषाने॥**

त्यसपछि मैना र हिमवान् आनन्दमा मग्न भए र उनीहरूले बारम्बार पार्वतीका चरणको प्रार्थना गरे। स्त्री, पुरुष, बालक, युवा र वृद्ध नगरका सबै जना धेरै प्रसन्न भए॥ १॥

**लगे होन पुर मंगल गाना। सजे सबहिं हाटक घट नाना॥**
**भाँति अनेक भई जेवनारा। सूपसास्त्र जस कछु ब्यवहारा॥**

नगरमा मङ्गलगीत गाउन लागे र सबैले अनेक किसिमका सुनका कलशहरू सजाए। पाक-शास्त्रमा जस्तो रीति छ, त्यसैअनुसार अनेक थरिका भोजनका सामग्रीहरू तयार भए॥ २॥

**सो जेवनार कि जाइ बखानी। बसहिं भवन जेहिं मातु भवानी॥**
**सादर बोले सकल बराती। बिष्नु बिरंचि देव सब जाती॥**

जुन घरमा स्वयं माता भवानी रहनुभएको छ, त्यहाँको भोजन-सामग्रीको वर्णन कसरी गर्न सकिन्छ? हिमाचलले आदरपूर्वक सबै बरियाँतहरूलाई— विष्णु, ब्रह्मा र सबै जातिका देवताहरूलाई बोलाए॥ ३॥

**बिबिधि पाँति बैठी जेवनारा। लागे परुसन निपुन सुआरा॥**
**नारिबृंद सुर जेवँत जानी। लगीं देन गारीं मृदु बानी॥**

भोजन गर्नका लागि धेरै नै पङ्क्ति बसे। चतुर भान्सेले पस्कन लागे। स्त्रीका समूहहरूले देवताहरूलाई भोजन गर्न लागेको जानेर कोमल-वाणीबाट (व्यङ्ग्यात्मक) गाली गर्न लागे॥ ४॥

छं०— **गारीं मधुर स्वर देहिं सुंदरि बिंग्य बचन सुनावहीं।**
**भोजनु करहिं सुर अति बिलंबु बिनोदु सुनि सचु पावहीं॥**
**जेवँत जो बढ़्यो अनंदु सो मुख कोटिहूँ न परै कह्यो।**
**अचवाँइ दीन्हें पान गवने बास जहँ जाको रह्यो॥**

सबै सुन्दर स्त्रीहरूले मीठो स्वरमा गाली गर्न लागे र व्यङ्ग्यले भरिएका वचन सुनाउन लागे।

देवगण आनन्दमय वचन सुनेर धेरै नै सुखको अनुभव गरिरहेका थिए, यसैले भोजन गर्न धेरै समय लाग्यो। भोजन गर्ने समयमा जुन आनन्द बढ्यो, त्यो करोडौं मुखबाट पनि भनेर सकिन्न। [भोजन गरिसकेर] सबैले हात-मुख धोएपछि पान दिइयो। फेरि सबै जना, जो जहाँ बसेका थिए, त्यहीं गइहाले।

दो०— **बहुरि मुनिन्ह हिमवंत कहुँ लगन सुनाई आइ।**
**समय बिलोकि बिबाह कर पठए देव बोलाइ॥ ९९॥**

फेरि मुनिहरू फर्की आएर हिमवान्‌लाई लगन (लग्नपत्रिका) सुनाए, अनि विवाहको समय भएको जानेर देवताहरूलाई बोलाउन पठाइयो॥ ९९॥

**बोलि सकल सुर सादर लीन्हे। सबहि जथोचित आसन दीन्हे॥**
**बेदी बेद बिधान सँवारी। सुभग सुमंगल गावहिं नारी॥**

सबै देवताहरूलाई आदरसहित बोलाइयो र सबैलाई यथायोग्य आसन दिइयो। वेदको विधि अनुसार वेदी (विवाह मण्डप) सजाइयो र स्त्रीहरू सुन्दर श्रेष्ठ मङ्गलगीत गाउन लागे॥ १॥

**सिंघासनु अति दिब्य सुहावा। जाइ न बरनि बिरंचि बनावा॥**
**बैठे सिव बिप्रन्ह सिरु नाई। हृदयँ सुमिरि निज प्रभु रघुराई॥**

वेदिकामा एउटा अत्यन्त सुन्दर दिव्य सिंहासन थियो, जसको [सुन्दरताको] वर्णन गर्न सकिंदैन; किनभने त्यसलाई स्वयं ब्रह्माजीले बनाउनुभएको थियो। ब्राह्मणहरूलाई शिर निहुराएर र हृदयमा आफ्ना स्वामी श्रीरघुनाथलाई सम्झेर शिवजी त्यस सिंहासनमा बस्नुभयो॥ २॥

**बहुरि मुनीसन्ह उमा बोलाईं। करि सिंगारु सखीं लै आईं॥**
**देखत रूपु सकल सुर मोहे। बरनै छबि अस जग कबि को है॥**

फेरि मुनिहरूले पार्वतीजीलाई बोलाए। सखीहरूले शृङ्गार गरी उहाँलाई लिएर आए। पार्वतीजीको रूपलाई देख्दा सबै देवता मोहित भए। संसारमा यस्तो कवि को होला जसले त्यस सुन्दरताको वर्णन गर्न सक्छ?॥ ३॥

**जगदंबिका जानि भव भामा। सुरन्ह मनहिं मन कीन्ह प्रनामा॥**
**सुंदरता मरजाद भवानी। जाइ न कोटिहुँ बदन बखानी॥**

पार्वतीजीलाई जगदम्बा र शिवजीकी पत्नी सम्झेर देवताहरूले मन-मनै प्रणाम गरे। भवानीजी सुन्दरताको सीमा हुनुहुन्छ। करोडौं मुखद्वारा पनि उहाँको शोभालाई वर्णन गर्न सकिंदैन॥ ४॥

छं०— **कोटिहुँ बदन नहिं बनै बरनत जग जननि सोभा महा।**
**सकुचहिं कहत श्रुति सेष सारद मंदमति तुलसी कहा॥**
**छबिखानि मातु भवानि गवनीं मध्य मंडप सिव जहाँ।**
**अवलोकि सकहिं न सकुच पति पद कमल मनु मधुकरु तहाँ॥**

जगज्जननी पार्वतीजीको महान् शोभाको वर्णन करोडौं मुखबाट पनि गर्न सकिन्न। जब वेद, शेष र सरस्वतीले पनि त्यसको वर्णन गर्दा-गर्दै लाज मान्दछन् भने मन्दबुद्धि तुलसीदास कुन गणनामा आउँछ? सुन्दरता र शोभाकी खानी आमा भवानी मण्डपको बीचमा, जहाँ शिवजी हुनुहुन्थ्यो, त्यहाँ जानुभयो। उहाँले लाजले गर्दा पति (शिवजी) का चरणकमलहरूलाई हेर्न सक्नुभएन, परन्तु उहाँको मनरूपी भमरा भने त्यहीं [रस-पान गरिरहेको] थियो।

## ❁ शिवजीको विवाह ❁

दो०— **मुनि अनुसासन गनपतिहि पूजेउ संभु भवानि।**
**कोउ सुनि संसय करै जनि सुर अनादि जियँ जानि॥ १००॥**

मुनिहरूको आज्ञाबाट शिवजी र पार्वतीजीले गणेशजीको पूजा गर्नुभयो। मनमा देवताहरूलाई अनादि सम्झेर कसैले यो कुरालाई सुनेर शङ्का नगर्नुहोला [किनकि गणेशजी त शिव-पार्वतीजीका सन्तान हुनुहुन्छ, अहिले विवाहभन्दा पूर्व नै उहाँ कहाँबाट आउनुभयो?]

**जसि बिबाह कै बिधि श्रुति गाई। महामुनिन्ह सो सब करवाई॥**
**गहि गिरीस कुस कन्या पानी। भवहि समरपीं जानि भवानी॥**

वेदहरूमा विवाहको जस्तो विधि भनिएको छ, महामुनिहरूले त्यो सबै विधि गराए। पर्वतराज हिमाचलले हातमा कुश लिएर तथा कन्याको हात समातेर उहाँलाई भवानी (शिव-पत्नी) सम्झी शिवजीलाई समर्पण गरे॥ १॥

**पानिग्रहन जब कीन्ह महेसा। हियँ हरषे तब सकल सुरेसा॥**
**बेदमंत्र मुनिबर उच्चरहीं। जय जय जय संकर सुर करहीं॥**

जब महेश्वर (शिवजी) ले पार्वतीजीको पाणिग्रहण गर्नुभयो, त्यसपछि [इन्द्रादि] सबै देवताहरू हृदयमा ज्यादै नै हर्षित भए। श्रेष्ठ मुनिगणले वेदमन्त्र उच्चारण गर्न लागे तथा देवगणले शिवजीको जय-जयकार गर्न लागे॥ २॥

**बाजहिं बाजन बिबिध बिधाना। सुमनबृष्टि नभ भै बिधि नाना॥**
**हर गिरिजा कर भयउ बिबाहू। सकल भुवन भरि रहा उछाहू॥**

अनेकौं प्रकारका बाजा बज्न लागे। आकाशबाट विभिन्न प्रकारका फूलहरूको वर्षा भयो। शिव-पार्वतीजीको विवाह सम्पन्न भयो। सम्पूर्ण ब्रह्माण्डमा आनन्द भरियो॥ ३॥

**दासीं दास तुरग रथ नागा। धेनु बसन मनि बस्तु बिभागा॥**
**अन्न कनकभाजन भरि जाना। दाइज दीन्ह न जाइ बखाना॥**

दासी, दास, रथ, घोडा, हात्ती, गाई, वस्त्र र मणि आदि अनेक प्रकारका चीजहरू, अन्न तथा सुनका भाँडाहरू गाडीहरूमा भरेर गोडधुवा (दाइजो) दिए, जसको वर्णन गर्नै सकिंदैन॥ ४॥

छं०— **दाइज दियो बहु भाँति पुनि कर जोरि हिमभूधर कह्यो।**
**का देउँ पूरनकाम संकर चरन पंकज गहि रह्यो॥**

**सिवँ कृपासागर ससुर कर संतोषु सब भाँतिहिं कियो।**
**पुनि गहे पद पाथोज मयनाँ प्रेम परिपूरन हियो॥**

धेरै प्रकारका दाइजो दिएर, फेरि हात जोडेर हिमाचलले भने—हे शङ्कर! हजुर पूर्णकाम होइबक्सिन्छ, मैले हजुरलाई के दिन सक्दछु र? [यतिमात्र भनेर] उनले शिवजीका चरणकमल समाए। त्यसपछि कृपाका सागर शिवजीले आफ्ना ससुराजीलाई सबै प्रकारबाट सम्झाउनुभयो। फेरि प्रेमबाट परिपूर्ण हृदय भएकी मैनाले शिवजीका चरणकमल छोएर [भनिन्—]

दो०—**नाथ उमा मम प्रान सम गृहकिंकरी करेहु।**
**छमेहु सकल अपराध अब होइ प्रसन्न बरु देहु॥ १०१॥**

हे नाथ! यी उमा मलाई मेरा प्राण समान [प्यारी] छिन्। हजुरले यिनलाई हजुरको घरकी सेविका (दासी) बनाइबक्सिएला र यिनका सबै अपराधहरूलाई क्षमा गरिबक्सिएला। अब प्रसन्न भएर मलाई यही वरदान दिइबक्सियोस्॥ १०१॥

**बहु बिधि संभु सासु समुझाई। गवनी भवन चरन सिरु नाई॥**
**जननीं उमा बोलि तब लीन्ही। लै उछंग सुंदर सिख दीन्ही॥**

शिवजीले धेरै तरिकाबाट आफ्नी सासूलाई सम्झाउनुभयो। त्यसपछि उनी शिवजीका चरणहरूमा शिर नुहाएर घर गइन्। फेरि आमाले पार्वतीजीलाई बोलाउनुभयो र काखमा राखेर यसरी सुन्दर शिक्षा दिनुभयो— ॥ १॥

**करेहु सदा संकर पद पूजा। नारिधरमु पति देउ न दूजा॥**
**बचन कहत भरे लोचन बारी। बहुरि लाइ उर लीन्हि कुमारी॥**

हे पार्वती! तिमीले सधैं शिवजीका चरणहरूको पूजा गर्नू, नारीहरूको यही धर्म हो। उनीहरूका लागि पति नै देवता हुन् र अन्य कुनै देवता छैनन्। यस प्रकारका कुरा भन्दा-भन्दै उनका आँखामा आँसु भरिए र उनले कन्यालाई छातीमा लगाइन्॥ २॥

**कत बिधि सृजीं नारि जग माहीं। पराधीन सपनेहुँ सुखु नाहीं॥**
**भै अति प्रेम बिकल महतारी। धीरजु कीन्ह कुसमय बिचारी॥**

[फेरि भनिन्] विधाताले जगत्मा स्त्री जातिलाई किन पैदा गर्‍यो होला? पराधीनलाई सपनामा पनि सुख मिल्दैन। यसो भन्दै आमा अत्यन्तै आत्तिनुभयो, परन्तु कुसमय जानेर (दु:ख व्यक्त गर्ने समय नभएकाले) उहाँले धैर्य धारण गर्नुभयो॥ ३॥

**पुनि पुनि मिलति परति गहि चरना। परम प्रेमु कछु जाइ न बरना॥**
**सब नारिन्ह मिलि भेटि भवानी। जाइ जननि उर पुनि लपटानी॥**

मैना बारम्बार भेट हुनुहुन्छ र [पार्वतीजीका] चरणहरू समातेर पल्टिनुहुन्छ। धेरै नै प्रेम थियो, जसको वर्णन गर्नै सकिंदैन। भवानीजी सबै स्त्रीहरूसँग भेट भएर फेरि आफ्नी आमाका हृदयमा गएर टाँसिनुभयो॥ ४॥

छं०— **जननिहि बहुरि मिलि चली उचित असीस सब काहूँ दईं।**
**फिरि फिरि बिलोकति मातु तन तब सखीं लै सिव पहिं गईं॥**
**जाचक सकल संतोषि संकरु उमा सहित भवन चले।**
**सब अमर हरषे सुमन बरषि निसान नभ बाजे भले॥**

पार्वतीजी आमासँग फेरि भेट भएर हिंड्नुभयो, सबै जनाले उहाँलाई योग्य आशीर्वाद दिए। पार्वतीजी फर्की-फर्की आमातर्फ हेर्दै जानुहुन्थ्यो। त्यसपछि सखीहरूले उहाँलाई शिवजीका साथ लिएर गए। महादेवजीले सबै याचकहरूलाई सन्तुष्ट गरेर पार्वतीजीका साथ घर (कैलाश) मा जानुभयो। सबै देवता प्रसन्न भएर फूलहरूको वर्षा गर्न लागे, आकाशमा सुन्दर नगरा बजाउन लागे।

दो०— **चले संग हिमवंतु तब पहुँचावन अति हेतु।**
**बिबिध भाँति परितोषु करि बिदा कीन्ह बृषकेतु॥ १०२॥**

त्यसपछि हिमवान् अत्यन्त प्रेमबाट शिवजीलाई पुर्‍याउन साथै हिंडे। वृषकेतु (शिवजी) ले धेरै तरिकाले उनलाई सन्तोष गराएर (सम्झाएर) बिदा गर्नुभयो॥ १०२॥

**तुरत भवन आए गिरिराई। सकल सैल सर लिए बोलाई॥**
**आदर दान बिनय बहुमाना। सब कर बिदा कीन्ह हिमवाना॥**

पर्वतराज हिमाचल तुरुन्तै घरमा आए र उनले सबै पर्वतहरू र सरोवरहरूलाई बोलाए। हिमवान्‌ले आदर, दान, विनम्रता र धेरै सम्मानपूर्वक सबैलाई बिदाइ गरे॥ १॥

**जबहिं संभु कैलासहिं आए। सुर सब निज निज लोक सिधाए॥**
**जगत मातु पितु संभु भवानी। तेहिं सिंगारु न कहउँ बखानी॥**

जब शिवजी कैलाशपर्वतमा पुग्नुभयो, त्यसपछि सबै देवता आ-आफ्नो लोकमा गए। [तुलसीदासजी भन्नुहुन्छ कि] पार्वतीजी र शिवजी जगत्‌का आमा-बाबु हुनुहुन्छ; यसकारण मैले उहाँहरूका शृङ्गारको वर्णन गर्दिन॥ २॥

**करहिं बिबिध बिधि भोग बिलासा। गनन्ह समेत बसहिं कैलासा॥**
**हर गिरिजा बिहार नित नयऊ। एहि बिधि बिपुल काल चलि गयऊ॥**

शिव-पार्वतीजीले विविध प्रकारका भोग-विलास गर्दै आफ्ना गणहरूसहित कैलाशमा रहन लाग्नुभयो। उहाँहरू दिनहुँ नयाँ विहार गर्नुहुन्थ्यो। यसरी धेरै समय बित्यो॥ ३॥

**तब जनमेउ षटबदन कुमारा। तारकु असुरु समर जेहिं मारा॥**
**आगम निगम प्रसिद्ध पुराना। षन्मुख जन्मु सकल जग जाना॥**

त्यसपछि छ मुख भएका पुत्र (स्वामिकार्तिक) को जन्म भयो, जसले [ठूलो भएपछि] युद्धमा तारकासुरलाई मारे। वेद, शास्त्र र पुराणहरूमा स्वामिकार्तिकको जन्मको कथा प्रसिद्ध छ र सारा जगत्‌ले यस कुरालाई जानेका छन्॥ ४॥

छं०— **जगु जान षन्मुख जन्मु कर्मु प्रतापु पुरुषारथु महा।**
**तेहि हेतु मैं बृषकेतु सुत कर चरित संछेपहिं कहा॥**
**यह उमा संभु बिबाहु जे नर नारि कहहिं जे गावहीं।**
**कल्यान काज बिबाह मंगल सर्बदा सुखु पावहीं॥**

षडानन (स्वामिकार्तिक) को जन्म, कर्म, प्रताप र महान् पुरुषार्थलाई सारा जगत्ले जानेको छ। यसकारण मैले वृषकेतु (शिवजी) का पुत्रको चरित्र संक्षेपमा नै भनेको छु। शिव-पार्वतीजीको विवाहको यस कथालाई जुन स्त्री-पुरुषले भन्नेछन्, गाउनेछन् र सुन्नेछन्, उनीहरूले कल्याणको कार्यमा र विवाहादि मङ्गलहरूमा सधैं सुख पाउनेछन्।

दो०— **चरित सिंधु गिरिजा रमन बेद न पावहिं पारु।**
**बरनै तुलसीदासु किमि अति मतिमंद गवाँरु॥ १०३॥**

गिरिजापति महादेवजीको चरित्र समुद्रसमान (अपार) छ, जसको पार (टुङ्गो) वेदले पनि पाउँदैनन्। त्यसो भएर मन्दबुद्धि र पाखे (ग्रामीण मूर्ख) तुलसीदासले त्यसलाई वर्णन कसरी गर्न सक्दछ?!॥ १०३॥

**संभु चरित सुनि सरस सुहावा। भरद्वाज मुनि अति सुखु पावा॥**
**बहु लालसा कथा पर बाढ़ी। नयनन्हि नीरु रोमावलि ठाढ़ी॥**

शिवजीका रसिला र सुन्दर चरित्रलाई सुनेर मुनि भरद्वाजजीले धेरै नै सुख पाउनुभयो। कथा सुन्ने उहाँको लालचा धेरै नै बढ्यो। आँखाहरूमा जल भरिए तथा रोमावली ठाडा भए॥ १॥

**प्रेम बिबस मुख आव न बानी। दसा देखि हरषे मुनि ग्यानी॥**
**अहो धन्य तव जन्मु मुनीसा। तुम्हहि प्रान सम प्रिय गौरीसा॥**

उहाँ प्रेममा मुग्ध हुनुभयो, मुखबाट वाणी निस्केन। उहाँको यस्तो अवस्था देखेर ज्ञानी मुनि याज्ञवल्क्यजी धेरै प्रसन्न हुनुभयो [र भन्नुभयो— ] हे मुनीश! अहो! तिम्रो जन्म धन्य छ; तिमीलाई गौरीपति शिवजी प्राणसमान प्रिय हुनुहुन्छ॥ २॥

**सिव पद कमल जिन्हहि रति नाहीं। रामहि ते सपनेहुँ न सोहाहीं॥**
**बिनु छल बिस्वनाथ पद नेहू। राम भगत कर लच्छन एहू॥**

शिवजीका चरणकमलमा जसको प्रीति छैन, त्यो श्रीरामचन्द्रजीलाई सपनामा पनि राम्रो लाग्दैन। विश्वनाथ शिवजीका चरणहरूमा निष्कपट (विशुद्ध) प्रेम हुनु नै रामभक्तको लक्षण हो॥ ३॥

**सिव सम को रघुपति ब्रतधारी। बिनु अघ तजी सती असि नारी॥**
**पनु करि रघुपति भगति देखाई। को सिव सम रामहि प्रिय भाई॥**

शिवजीजस्तो रघुनाथजी [को भक्ति] को व्रत धारण गर्ने को छ? जसले पाप नै नगरेकी सती-जस्ती स्त्रीलाई त्याग गर्नुभयो र प्रतिज्ञा गरेर श्रीरघुनाथको भक्तिलाई देखाउनुभयो। हे भाइ! श्रीरामचन्द्रलाई शिवजी समान अन्य (अरू) को प्यारो छ?॥ ४॥

दो०— प्रथमहिं मैं कहि सिव चरित बूझा मरमु तुम्हार।
सुचि सेवक तुम्ह राम के रहित समस्त बिकार॥ १०४॥

मैले पहिले नै शिवजीको चरित्र भनेर तिम्रो भेद सम्झें। तिमी श्रीरामचन्द्रजीका पवित्र सेवक हौ र समस्त दोषहरूबाट रहित छौ॥ १०४॥

मैं जाना तुम्हार गुन सीला। कहउँ सुनहु अब रघुपति लीला॥
सुनु मुनि आजु समागम तोरें। कहि न जाइ जस सुखु मन मोरें॥

मैले तिम्रो गुण र शील जानीसकें। अब म श्रीरघुनाथजीको लीला भन्दछु, हे मुनि! सुन। आज तिमीसँग भेट हुनाले मेरो मनमा जुन आनन्द भएको छ, त्यसलाई भन्नै सकिंदैन॥ १॥

राम चरित अति अमित मुनीसा। कहि न सकहिं सत कोटि अहीसा॥
तदपि जथाश्रुत कहउँ बखानी। सुमिरि गिरापति प्रभु धनुपानी॥

हे मुनीश्वर! रामचरित्र अत्यन्त अपार छ। सय करोड शेषजीले पनि उसलाई भन्न सक्नुहुन्न। तथापि जस्तो मैले सुनेको छु, त्यस्तै वाणीका स्वामी (प्रेरक) र हातमा धनुष लिनुभएका प्रभु श्रीरामचन्द्रलाई स्मरण गरेर भन्दछु॥ २॥

सारद दारुनारि सम स्वामी। रामु सूत्रधर अंतरजामी॥
जेहि पर कृपा करहिं जनु जानी। कबि उर अजिर नचावहिं बानी॥

सरस्वतीजी कठपुतली समान हुनुहुन्छ र अन्तर्यामी स्वामी श्रीरामचन्द्रजी [धागोलाई समातेर कठपुतलीलाई नचाउने] सूत्रधार हुनुहुन्छ। आफ्नो भक्त जानेर जुन कविलाई उहाँले कृपा गर्नुहुन्छ, उसका हृदयरूपी आँगनमा सरस्वतीलाई उहाँले नचाउने गर्नुहुन्छ॥ ३॥

प्रनवउँ सोइ कृपाल रघुनाथा। बरनउँ बिसद तासु गुन गाथा॥
परम रम्य गिरिबरु कैलासू। सदा जहाँ सिव उमा निवासू॥

उनै कृपालु श्रीरघुनाथलाई म प्रणाम गर्दछु र उहाँका निर्मल गुणहरूको कथा भन्दछु। कैलाश पर्वतहरूमा श्रेष्ठ र धेरै रमणीय छ, जहाँ शिव-पार्वतीजी सधैं निवास गर्नुहुन्छ॥ ४॥

दो०— सिद्ध तपोधन जोगिजन सुर किंनर मुनिबृंद।
बसहिं तहाँ सुकृती सकल सेवहिं सिव सुखकंद॥ १०५॥

सिद्ध, तपस्वी, योगीगण, देवता, किन्नर र मुनिहरूका समूह त्यस पर्वतमा रहन्छन्। उनीहरू ठूला पुण्यात्मा छन् र आनन्दकन्द श्रीमहादेवजीको सेवा गर्दछन्॥ १०५॥

हरि हर बिमुख धर्म रति नाहीं। ते नर तहँ सपनेहुँ नहिं जाहीं॥
तेहि गिरि पर बट बिटप बिसाला। नित नूतन सुंदर सब काला॥

जो भगवान् विष्णु र महादेवजीसँग विमुख छ र जसको धर्ममा प्रीति छैन, त्यो व्यक्ति सपनामा

पनि त्यहाँ जान सक्दैन। त्यस पर्वतमा एक विशाल बरको रूख छ, जो दिनहुँ नयाँ र सबै काल (छ ऋतु) मा सुन्दर रहन्छ॥ १॥

**त्रिबिध समीर सुसीतलि छाया। सिव बिश्राम बिटप श्रुति गाया॥**
**एक बार तेहि तर प्रभु गयऊ। तरु बिलोकि उर अति सुखु भयऊ॥**

त्यहाँ तीन प्रकारको (शीतल, मन्द र सुगन्ध) हावा चलिरहन्छ र त्यसको छाया धेरै चिसो रहन्छ। त्यो शिवजीले विश्राम गर्ने वृक्ष हो, जसलाई वेदहरूले पनि गाएका छन्। एकपल्ट प्रभु शिवजी त्यस वृक्षमुनि जानुभयो र त्यसलाई देखेर उहाँको हृदयमा धेरै आनन्द भयो॥ २॥

**निज कर डासि नागरिपु छाला। बैठे सहजहिं संभु कृपाला॥**
**कुंद इंदु दर गौर सरीरा। भुज प्रलंब परिधन मुनिचीरा॥**

आफ्नो हातले बाघम्बर बिछ्याएर कृपालु शिवजी स्वभावैले (कुनै खास प्रयोजनविना नै) त्यहाँ बस्नुभयो। कुन्दको पुष्प, चन्द्रमा र शङ्खजस्तो उहाँको गोरो शरीर थियो। धेरै लामा हातहरू थिए र उहाँले मुनिहरूको जस्तो (वल्कल) वस्त्र धारण गर्नुभएको थियो॥ ३॥

**तरुन अरुन अंबुज सम चरना। नख दुति भगत हृदय तम हरना॥**
**भुजग भूति भूषन त्रिपुरारी। आननु सरद चंद छबि हारी॥**

उहाँका चरण नयाँ (पूर्णरूपमा फुलेका) राता कमलका समान थिए, नङ्को ज्योतिले भक्तहरूका हृदयको अन्धकारलाई हरण गर्दथ्यो। सर्प र भस्म नै उहाँका विभूषण थिए र उनै त्रिपुरासुरका शत्रु शिवजीको मुख शरद् (पूर्णिमाको) चन्द्रमाको शोभालाई हर्नेवाला थियो॥ ४॥

दो०— **जटा मुकुट सुरसरित सिर लोचन नलिन बिसाल।**
**नीलकंठ लावन्यनिधि सोह बालबिधु भाल॥ १०६॥**

उहाँका शिरमा जटाहरूको मुकुट र गङ्गाजी (शोभायमान) हुनुहुन्थ्यो। कमलजस्ता ठूला–ठूला आँखा थिए। उहाँको नीलो कण्ठ (घाँटी) थियो र उहाँ सुन्दरताका भण्डार हुनुहुन्थ्यो। उहाँका निधारमा द्वितीयाका चन्द्रमा सुशोभित थिए॥ १०६॥

## ● शिव-पार्वती-संवाद ●

**बैठे सोह कामरिपु कैसें। धरें सरीरु सांतरसु जैसें॥**
**पारबती भल अवसरु जानी। गईं संभु पहिं मातु भवानी॥**

कामदेवका शत्रु शिवजी त्यहाँ बस्दा यस्तो शोभायमान (सुशोभित) हुनुभएको थियो, मानौं शान्तरसले नै शरीर धारण गरेर बसेको छ। राम्रो मौका जानेर शिवपत्नी माता पार्वतीजी उहाँका समीपमा जानुभयो॥ १॥

**जानि प्रिया आदरु अति कीन्हा। बाम भाग आसनु हर दीन्हा॥**
**बैठीं सिव समीप हरषाई। पूरुब जन्म कथा चित आई॥**

आफ्नी प्यारी पत्नी जानेर शिवजीले उहाँलाई धेरै आदर–सत्कार गर्नुभयो र आफ्नो बायाँतर्फ बस्नका लागि आसन दिनुभयो। पार्वतीजी प्रसन्न भएर शिवजीका साथ बस्नुभयो। उहाँलाई पहिला जन्मको कथाको सम्झना भयो॥ २॥

**पति हियँ हेतु अधिक अनुमानी। बिहसि उमा बोलीं प्रिय बानी॥**
**कथा जो सकल लोक हितकारी। सोइ पूछन चह सैलकुमारी॥**

स्वामीको हृदयमा [आफूप्रति पहिलाको भन्दा] अधिक प्रेम देखेर पार्वतीजी हाँस्दै प्रिय वचन बोल्नुभयो। [याज्ञवल्क्यजी भन्नुहुन्छ कि] जुन कथाले सबै जनालाई हित गर्दछ, उसलाई नै पार्वतीजीले सोध्न चाहनुहुन्छ॥ ३॥

**बिस्वनाथ मम नाथ पुरारी। त्रिभुवन महिमा बिदित तुम्हारी॥**
**चर अरु अचर नाग नर देवा। सकल करहिं पद पंकज सेवा॥**

[पार्वतीजीले भन्नुभयो—] हे संसारका स्वामी! हे मेरा नाथ! हे त्रिपुरासुरलाई वध गर्ने भगवान्! हजुरको महिमा तीनै लोकमा प्रसिद्ध छ। चर, अचर, नाग, मनुष्य र देवता सबैले हजुरका चरणकमलको सेवा गर्दछन्॥ ४॥

दो०— **प्रभु समरथ सर्बग्य सिव सकल कला गुन धाम।**
**जोग ग्यान बैराग्य निधि प्रनत कलपतरु नाम॥ १०७॥**

हे प्रभु! हजुर समर्थ, सर्वज्ञ र कल्याणस्वरूप होइबक्सिन्छ। सबै कलाहरू र गुणहरूका निधान होइवक्सिन्छ र योग, ज्ञान तथा वैराग्यका भण्डार होइबक्सिन्छ। हजुरको नाम शरणागतका लागि कल्पवृक्ष हो॥ १०७॥

**जौं मो पर प्रसन्न सुखरासी। जानिअ सत्य मोहि निज दासी॥**
**तौ प्रभु हरहु मोर अग्याना। कहि रघुनाथ कथा बिधि नाना॥**

हे सुखका राशि! यदि हजुर मसँग प्रसन्न होइवक्सिन्छ र साँच्चै नै मलाई आफ्नो दासी [या आफ्नी सच्चा दासी] जानिवक्सिन्छ भने हे प्रभु! हजुरले श्रीरघुनाथजीका नाना प्रकारका कथा भनेर मेरो अज्ञानलाई हटाइदिइबक्सियोस्॥ १॥

**जासु भवनु सुरतरु तर होई। सहि कि दरिद्र जनित दुखु सोई॥**
**ससिभूषन अस हृदयँ बिचारी। हरहु नाथ मम मति भ्रम भारी॥**

जसको घर कल्पवृक्षमुनि छ, त्यसले हजुरले नै भनिबक्सियोस्, दरिद्रताबाट उत्पन्न दुःखलाई किन सहला? हे शशिभूषण! हे नाथ! हृदयमा यस्तो विचार गरेर मेरो बुद्धिको ठूलो भ्रमलाई नष्ट गरिदिइबक्सियोस्॥ २॥

**प्रभु जे मुनि परमारथबादी। कहहिं राम कहुँ ब्रह्म अनादी॥**
**सेस सारदा बेद पुराना। सकल करहिं रघुपति गुन गाना॥**

हे प्रभु! जो परमार्थतत्त्व (ब्रह्म) का ज्ञाता र मुनि छन्, उनीहरूले श्रीरामचन्द्रजीलाई अनादि ब्रह्म भन्दछन् र शेष, सरस्वती, वेद र पुराण सबैले श्रीरघुनाथजीको गुण गाउँदछन्॥ ३॥

**तुम्ह पुनि राम राम दिन राती। सादर जपहु अनँग आराती॥**
**रामु सो अवध नृपति सुत सोई। की अज अगुन अलखगति कोई॥**

र हे कामदेवका शत्रु! हजुरले पनि दिन-रात आदरपूर्वक राम-राम जप गरिबक्सिन्छ—यिनै राम अयोध्याका राजाका पुत्र हुन्? या अजन्मा, निर्गुण र अगोचर कुनै अर्कै राम छन्?॥ ४॥

**दो०— जौं नृप तनय त ब्रह्म किमि नारि बिरहँ मति भोरि।**
**देखि चरित महिमा सुनत भ्रमति बुद्धि अति मोरि॥ १०८॥**

यदि उनी राजपुत्र हुन् भने ब्रह्म कसरी? [र यदि ब्रह्म हुन् भने] स्त्रीको विरहमा उनको मति (बुद्धि) बौलाहा कसरी भयो? यता उनको यस्तो चरित्र देखेर र उता उनको महिमा सुनेर मेरो बुद्धि ज्यादै भ्रममा परेको छ॥ १०८॥

**जौं अनीह ब्यापक बिभु कोऊ। कहहु बुझाइ नाथ मोहि सोऊ॥**
**अग्य जानि रिस उर जनि धरहू। जेहि बिधि मोह मिटै सोइ करहू॥**

यदि इच्छारहित, व्यापक, समर्थ ब्रह्म कुनै अर्कै छन् भने, हे नाथ! मलाई त्यो कुरा सम्झाएर भनिबक्सियोस्। मलाई नादान (मूर्ख) सम्झेर मनमा क्रोध नगरिबक्सियोस्। जुन तरिकाले मेरो मोह नष्ट हुन्छ, उही गरिबक्सियोस्॥ १॥

**मैं बन दीखि राम प्रभुताई। अति भय बिकल न तुम्हहि सुनाई॥**
**तदपि मलिन मन बोधु न आवा। सो फलु भली भाँति हम पावा॥**

मैले [पहिलो जन्ममा] वनमा श्रीरामचन्द्रजीको प्रभुता देखेकी थिएँ, परन्तु अत्यन्त भयातुर हुनाका कारणले मैले त्यही कुरा हजुरलाई सुनाइन। तर पनि मेरो मलिन मनलाई बोध (ज्ञान) भएन। त्यसको फल पनि मैले राम्रै किसिमबाट पाएँ॥ २॥

**अजहूँ कछु संसउ मन मोरें। करहु कृपा बिनवउँ कर जोरें॥**
**प्रभु तब मोहि बहु भाँति प्रबोधा। नाथ सो समुझि करहु जनि क्रोधा॥**

आज (अझै) सम्म पनि मेरो मनमा केही सन्देह छ। हजुरले कृपा गरिबक्सियोस्, मैले हात जोडेर बिन्ती गर्दछु। हे प्रभु! हजुरले त्यस समय मलाई धेरै तरिकाबाट सम्झाइबक्सिएको थियो [फेरि पनि मेरो सन्देह गएन], हे नाथ! यस्तो सोचेर मप्रति क्रोध नगरिबक्सियोस्॥ ३॥

**तब कर अस बिमोह अब नाहीं। रामकथा पर रुचि मन माहीं॥**
**कहहु पुनीत राम गुन गाथा। भुजगराज भूषन सुरनाथा॥**

मलाई अब पहिलाको जस्तो मोह छैन, अब त मेरो मनमा रामकथा सुन्ने रुचि छ। हे शेषनागलाई अलङ्कारको रूपमा धारण गर्ने देवताहरूका नाथ! हजुरले श्रीरामचन्द्रजीका गुणहरूका पवित्र कथालाई भनिबक्सियोस्॥ ४॥

**दो०— बंदउँ पद धरि धरनि सिरु बिनय करउँ कर जोरि।**
**बरनहु रघुबर बिसद जसु श्रुति सिद्धांत निचोरि॥ १०९॥**

मैले पृथ्वीमा शिरले टेकेर हजुरका चरणहरूको प्रार्थना गर्दछु र हात जोडेर बिन्ती गर्दछु। हजुरले वेदका सिद्धान्तको निचोडस्वरूप श्रीरघुनाथजीको निर्मल यशलाई वर्णन गरिबक्सियोस्॥ १०९॥

**जदपि जोषिता नहिं अधिकारी। दासी मन क्रम बचन तुम्हारी॥**
**गूढ़उ तत्त्व न साधु दुरावहिं। आरत अधिकारी जहँ पावहिं॥**

यद्यपि स्त्री हुनाका कारणले म त्यसलाई सुन्ने अधिकारिणी छैन, तथापि म मन, वचन र कर्मबाट हजुरकी दासी हुँ। सन्तले जहाँ आर्त अधिकारी पाउँदछन्, त्यहाँ गूढ तत्त्व पनि त्यससँग लुकाउँदैनन्॥ १॥

**अति आरति पूछउँ सुरराया। रघुपति कथा कहहु करि दाया॥**
**प्रथम सो कारन कहहु बिचारी। निर्गुन ब्रह्म सगुन बपु धारी॥**

हे देवताहरूका स्वामी! मैले धेरै नै आर्तभाव (दीनता) ले सोध्दछु, हजुरले मलाई कृपा गरेर श्रीरघुनाथजीको कथा भनिबक्सियोस्। पहिला त्यो कारण विचार गरेर बताइबक्सियोस् जसबाट निर्गुण ब्रह्मले सगुणरूप धारण गर्नुहुन्छ॥ २॥

**पुनि प्रभ कहहु राम अवतारा। बालचरित पुनि कहहु उदारा॥**
**कहहु जथा जानकी बिबाहीं। राज तजा सो दूषन काहीं॥**

फेरि हे प्रभु! रामचन्द्रजीको अवतार (जन्म) को कथा भनिबक्सियोस् तथा उहाँको उदार बालचरित्र भनिबक्सियोस्। अनि जुन प्रकारले उहाँले श्रीजानकीजीसँग विवाह गर्नुभयो, त्यही कथा भनिबक्सियोस् र फेरि यो बताइबक्सियोस् कि उहाँले कुन दोषले राज्य छोड्नुभयो?॥ ३॥

**बन बसि कीन्हे चरित अपारा। कहहु नाथ जिमि रावन मारा॥**
**राज बैठि कीन्हीं बहु लीला। सकल कहहु संकर सुखसीला॥**

हे नाथ! फेरि उहाँले वनमा रहेर जुन अपार चरित्र गर्नुभयो तथा जुन तरिकाले रावणलाई मार्नुभयो, त्यो भनिबक्सियोस्। हे सुखस्वरूप शङ्कर! अनि हजुरले ती सारा लीलाहरूलाई भनिबक्सियोस् जुन उहाँले राज्य [सिंहासन] मा बसेर गर्नुभयो॥ ४॥

दो०— **बहुरि कहहु करुनायतन कीन्ह जो अचरज राम।**
**प्रजा सहित रघुबंसमनि किमि गवने निज धाम॥ ११०॥**

हे कृपाधाम! फेरि ती अद्भुत चरित्र भनिबक्सियोस् जुन श्रीरामचन्द्रजीले गर्नुभयो—उनै रघुकुलशिरोमणि प्रजासहित कसरी आफ्नो धाममा जानुभयो?॥ ११०॥

**पुनि प्रभु कहहु सो तत्त्व बखानी। जेहिं बिग्यान मगन मुनि ग्यानी॥**
**भगति ग्यान बिग्यान बिरागा। पुनि सब बरनहु सहित बिभागा॥**

हे प्रभु! फेरि हजुरले त्यस तत्त्वलाई सम्झाएर भनिबक्सियोस्, जसको अनुभूतिमा ज्ञानी मुनिगण सदा मगन रहन्छन्; फेरि भक्ति, ज्ञान, विज्ञान र वैराग्यलाई विभागसहित वर्णन गरिबक्सियोस्॥ १॥

**औरउ राम रहस्य अनेका। कहहु नाथ अति बिमल बिबेका॥**
**जो प्रभु मैं पूछा नहिं होई। सोउ दयाल राखहु जनि गोई॥**

[यसका साथै] श्रीरामचन्द्रजीका अरू पनि जो अनेक रहस्य (गुप्तभाव तथा चरित्र) छन्, उनीहरूलाई भनिबक्सियोस्। हे नाथ! हजुरको ज्ञान अत्यन्त निर्मल छ। हे प्रभु! जुन कुरा मैले सोधेकी छैन, हे दयालु! त्यसलाई पनि हजुरले नलुकाइबक्सियोस्॥ २॥

**तुम्ह त्रिभुवन गुर बेद बखाना। आन जीव पाँवर का जाना॥**
**प्रस्न उमा कै सहज सुहाई। छल बिहीन सुनि सिव मन भाई॥**

वेदहरूले हजुरलाई तीनै लोकका गुरु भनेका छन्। अन्य पामर जीवले यस रहस्यलाई कसरी जान्नु। यस्ता पार्वतीजीका सहज सुन्दर र छलरहित (सरल) प्रश्न सुनेर शिवजीको मनमा धेरै राम्रो लाग्यो॥ ३॥

**हर हियँ रामचरित सब आए। प्रेम पुलक लोचन जल छाए॥**
**श्रीरघुनाथ रूप उर आवा। परमानंद अमित सुख पावा॥**

श्रीमहादेवजीको हृदयमा सम्पूर्ण रामचरित्रमानस आयो। प्रेमले गर्दा उहाँको शरीर पुलकित भयो र नेत्र आँसुले टलपलाए। श्रीरघुनाथजीको रूप उहाँका हृदयमा आयो, जसबाट स्वयं परमानन्दस्वरूप शिवजीले पनि अपार सुख पाउनुभयो॥ ४॥

दो०— **मगन ध्यान रस दंड जुग पुनि मन बाहेर कीन्ह।**
**रघुपति चरित महेस तब हरषित बरनै लीन्ह॥ १११॥**

शिवजी दुई घडीसम्म ध्यानको रस (आनन्द) मा डुबिरहनुभयो; फेरि उहाँले मनलाई बाहिर ल्याउनुभयो र अनि उहाँले प्रसन्न भएर रघुनाथजीका चरित्र वर्णन गर्न लाग्नुभयो॥ १११॥

**झूठेउ सत्य जाहि बिनु जानें। जिमि भुजंग बिनु रजु पहिचानें॥**
**जेहि जानें जग जाइ हेराई। जागें जथा सपन भ्रम जाई॥**

जसलाई नजान्दा झूटो पनि सत्यझैं लाग्छ, जसरी नजानिदासम्म डोरीमा सर्पको भ्रम हुन्छ; त्यसरी नै बिउँझेपछि सपनाको भ्रम जान्छ॥ १॥

**बंदउँ बालरूप सोइ रामू। सब सिधि सुलभ जपत जिसु नामू॥**
**मंगल भवन अमंगल हारी। द्रवउ सो दसरथ अजिर बिहारी॥**

मैले उनै श्रीरामचन्द्रजीको बालरूपको वन्दना गर्दछु, जसको नाम जप्नाले सबै सिद्धिहरू सजिलैसँग प्राप्त हुन्छन्। मङ्गलका धाम, अमङ्गल हरण गर्ने र श्रीदशरथजीका आँगनमा खेल्नुहुने (बालरूप) श्रीरामचन्द्रजीले ममाथि कृपा गरिबक्सियोस्॥ २॥

**करि प्रनाम रामहि त्रिपुरारी। हरषि सुधा सम गिरा उचारी॥**
**धन्य धन्य गिरिराजकुमारी। तुम्ह समान नहिं कोउ उपकारी॥**

त्रिपुरासुरको वध गर्नुभएका शिवजीले श्रीरामचन्द्रजीलाई प्रणाम गरेर आनन्दमा भरिएर अमृतसमान वाणी बोल्नुभयो—हे गिरिराजकुमारी पार्वती! तिमी धन्य छौ!! तिमी समान कुनै उपकारी छैनन्॥ ३॥

**पूँछेहु रघुपति कथा प्रसंगा। सकल लोक जग पावनि गंगा॥**
**तुम्ह रघुबीर चरन अनुरागी। कीन्हिहु प्रस्न जगत हित लागी॥**

जुन तिमीले श्रीरघुनाथजीको कथाको प्रसङ्ग सोध्यौ, जुन कथा समस्त लोकहरूका लागि जगत्लाई पवित्र गर्न गङ्गाजीसमान छ। तिमीले जगत्को कल्याणका लागि नै प्रश्न सोधेकी हौ। तिमीले रघुनाथजीका चरणमा प्रेम गर्ने गर्दछ्यौ॥ ४॥

दो०— **राम कृपा तें पारबति सपनेहुँ तव मन माहिं।**
**सोक मोह संदेह भ्रम मम बिचार कछु नाहिं॥ ११२॥**

हे पार्वती! मेरो विचारमा त श्रीरामजीको कृपाबाट तिम्रो मनमा सपनामा पनि शोक, मोह, सन्देह र भ्रम केही पनि छैन॥ ११२॥

**तदपि असंका कीन्हिहु सोई। कहत सुनत सब कर हित होई॥**
**जिन्ह हरि कथा सुनी नहिं काना। श्रवन रंध्र अहिभवन समाना॥**

फेरि पनि तिमीले यसकारण उही (पुरानो) शङ्का गर्‍यौ कि यस प्रसङ्गलाई भन्दा र सुन्दा सबैको कल्याण हुनेछ। जसले आफ्ना कानहरूबाट भगवान्का कथा सुनेका छैनन्, उनीहरूका कानका छिद्र सर्पका दुला समान हुन्॥ १॥

**नयनन्हि सन्त दरस नहिं देखा। लोचन मोरपंख कर लेखा॥**
**ते सिर कटु तुंबरि समतूला। जे न नमत हरि गुर पद मूला॥**

जसले आफ्ना आँखाहरूबाट सन्तहरूको दर्शन गरेका छैनन्, उनीहरूका आँखा मुजुरका प्वाँखमा देखिने नक्कली आँखाहरू जस्तै हुन्। त्यो शिर तितो तथा लामो लौका (तुम्बा) जस्तो छ (किनकि तरकारी खान र कमण्डलु बनाउन कुनै पनि काममा आउँदैन,) जो श्रीहरि र गुरुका चरणतलमा झुक्न सक्दैन॥ २॥

**जिन्ह हरिभगति हृदय नहिं आनी। जीवत सव समान तेइ प्रानी॥**
**जो नहिं करइ राम गुन गाना। जीह सो दादुर जीह समाना॥**

जसले भगवान्को भक्तिलाई आफ्नो हृदया स्थान दिंदैन, त्यो प्राणी जीवित हुँदा पनि मुर्दाजस्तो हुन्छ। जुन जिभ्रोले रामचन्द्रजीका गुणगान गर्दैन, त्यो जिभ्रो भ्यागुताको बराबर हो॥ ३॥

**कुलिस कठोर निठुर सोइ छाती। सुनि हरिचरित न जो हरषाती॥**
**गिरिजा सुनहु राम कै लीला। सुर हित दनुज बिमोहनसीला॥**

त्यो हृदय वज्र समान कडा र निठुरी छ, जो भगवान्को चरित्र सुनेर हर्षित हुँदैन। हे पार्वती! श्रीरामचन्द्रजीका लीला सुन, यसले देवताहरूको कल्याण गर्दछ र दैत्यहरूलाई विशेष रूपबाट मोहित गर्दछ॥ ४॥

**दो०— रामकथा सुरधेनु सम सेवत सब सुख दानि।**
**सतसमाज सुरलोक सब को न सुनै अस जानि॥ ११३॥**

श्रीरामचन्द्रजीका कथा सेवा गर्नाले कामधेनुसमान सुखहरू दिन्छ र सत्पुरुषहरूको समाज नै सबै देवताहरूको लोक हो, यस्तो जानेर यसलाई कसले नसुन्ला र!॥ ११३॥

**रामकथा सुंदर कर तारी। संसय बिहग उड़ावनिहारी॥**
**रामकथा कलि बिटप कुठारी। सादर सुनु गिरिराजकुमारी॥**

श्रीरामचन्द्रजीको कथा हातको सुन्दर ताली हो, जसले सन्देहरूपी पक्षीहरूलाई उडाइदिन्छ। फेरि रामकथा कलियुगरूपी वृक्षलाई काट्नका लागि बन्चरो हो। हे गिरिराजकुमारी! तिमीले यसलाई आदरपूर्वक सुन॥ १॥

**राम नाम गुन चरित सुहाए। जनम करम अगनित श्रुति गाए॥**
**जथा अनंत राम भगवाना। तथा कथा कीरति गुन नाना॥**

वेदहरूले रामचन्द्रजीका सुन्दर नाम, गुण, चरित्र, जन्म र कर्म सबै अनगिन्ती बताएका छन्। जस्ता प्रकारले भगवान् श्रीरामचन्द्रजी अनन्त हुनुहुन्छ, उस्तै प्रकारले उहाँका कथा, कीर्ति र गुण पनि अनन्त नै छन्॥ २॥

**तदपि जथा श्रुत जसि मति मोरी। कहिहउँ देखि प्रीति अति तोरी॥**
**उमा प्रस्न तव सहज सुहाई। सुखद सन्तसंमत मोहि भाई॥**

तर पनि तिम्रो अत्यन्त प्रीति देखेर, जस्तो मैले केही सुनेको छु र जस्तो मेरो बुद्धि छ, त्यस्तै म भन्नेछु। हे पार्वती! तिम्रा प्रश्न स्वाभाविक रूपमा सुन्दर, सुखदायक र सन्तसम्मत छन् र मलाई त धेरै नै राम्रा लागेका छन्॥ ३॥

**एक बात नहिं मोहि सोहानी। जदपि मोह बस कहेहु भवानी॥**
**तुम्ह जो कहा राम कोउ आना। जेहि श्रुति गाव धरहिं मुनि ध्याना॥**

परन्तु हे पार्वती! एउटा कुरा मलाई राम्रो लागेको छैन, यद्यपि त्यो पनि तिमीले मोहका वशमा परेर नै भनेकी हौ। तिमीले जुन यस्तो भन्यौ कि ती राम कुनै अरू नै हुन्, जसलाई वेदले गाउँदछन् र मुनिजनले जसको ध्यान गर्दछन्— ॥ ४॥

**दो०— कहहिं सुनहिं अस अधम नर ग्रसे जे मोह पिसाच।**
**पाषंडी हरि पद बिमुख जानहिं झूठ न साच॥ ११४॥**

जो मोहरूपी पिशाचबाट ग्रस्त छ, पाखण्डी छ, भगवान्का चरणहरूबाट विमुख छ र जसले झूटो-सत्य केही पनि जान्दैन, यस्ता अधम मनुष्यले नै यस प्रकार भन्दछन्-सुन्दछन्॥ ११४ ॥

**अग्य अकोबिद अंध अभागी। काई बिषय मुकुर मन लागी॥**
**लंपट कपटी कुटिल बिसेषी। सपनेहुँ संतसभा नहिं देखी॥**

जुन अज्ञानी, मूर्ख, अन्धो र भाग्यहीन छ तथा जसको मनरूपी ऐनामा विषयरूपी लेउ (काई, मयल) जमेको छ; जो व्यभिचारी, छली र अति नै कुटिल छ र जसले सपनामा पनि सन्त-समाजको दर्शन गरेको छैन;॥ १ ॥

**कहहिं ते बेद असंमत बानी। जिन्ह कें सूझ लाभु नहिं हानी॥**
**मुकुर मलिन अरु नयन बिहीना। राम रूप देखहिं किमि दीना॥**

र जसलाई आफ्नो लाभ-हानि मन पर्दैन (जान्दैन), उसले नै यस्ता वेदविरुद्ध कुरा भन्ने गर्दछ। जसको हृदयरूपी ऐना मैलो छ र जो नेत्रहीन छ, कठै! उसले श्रीरामचन्द्रजीको रूप कसरी देख्ने?॥ २ ॥

**जिन्ह कें अगुन न सगुन बिबेका। जल्पहिं कल्पित बचन अनेका॥**
**हरिमाया बस जगत भ्रमाहीं। तिन्हहि कहत कछु अघटित नाहीं॥**

जसलाई निर्गुण-सगुणको कत्ति पनि विवेक छैन, जसले अनेकौं मनगढन्ते कुरा भन्ने गर्दछ, जो श्रीहरिको मायाको वशमा भएर जगत्मा (जन्म-मृत्युको चक्करमा) घुम्दै-फिर्दै गर्दछ, उसका लागि केही पनि भन्न असम्भव हुँदैन॥ ३ ॥

**बातुल भूत बिबस मतवारे। ते नहिं बोलहिं बचन बिचारे॥**
**जिन्ह कृत महामोह मद पाना। तिन्ह कर कहा करिअ नहिं काना॥**

जसलाई वायुको रोग (सन्निपात, उन्माद आदि) भएको छ, जो भूतका वशमा भएका छन् र जो नशामा चूर छन्, यस्ता मानिसहरू विचार गरेर बोल्दैनन्। जसले महामोहरूपी मदिरालाई पिएका छन्, उनीहरूको भनाइमा ध्यान दिनुहुँदैन॥ ४ ॥

सो०— **अस निज हृदयँ बिचारि तजु संसय भजु राम पद।**
**सुनु गिरिराज कुमारि भ्रम तम रबि कर बचन मम॥ ११५॥**

आफ्नो हृदयमा यस्तो विचार गरेर सन्देह छोडिदेऊ र श्रीरामचन्द्रजीका चरणमा प्रेम गर। हे पार्वती! भ्रमरूपी अन्धकारलाई नाश गर्नका लागि सूर्यका किरणसमान मेरा वचनहरूलाई सुन!॥ ११५ ॥

**सगुनहि अगनहि नहिं कछु भेदा। गावहिं मुनि पुरान बुध बेदा॥**
**अगुन अरूप अलख अज जोई। भगत प्रेम बस सगुन सो होई॥**

सगुण र निर्गुणमा कत्ति पनि भेद छैन—मुनि, पुराण, पण्डित र वेद सबैले यसो भन्दछन्। जो निर्गुण, अरूप (निराकार), अलख (अव्यक्त) र अजन्मा छ उही भक्तहरूको प्रेमवश सगुण हुन्छ॥ १ ॥

**जो गुन रहित सगुन सोइ कैसें। जलु हिम उपल बिलग नहिं जैसें॥**
**जासु नाम भ्रम तिमिर पतंगा। तेहि किमि कहिअ बिमोह प्रसंगा॥**

जो निर्गुण हो उही सगुण कसरी? जस्तै जल र असिनामा भेद छैन (दुवै जल हुन्, यस्तै

प्रकारले निर्गुण र सगुण एक नै हुन्।) जसको नाम भ्रमरूपी अन्धकारलाई मेटाउनका लागि सूर्य हो, उसका लागि मोहको प्रसङ्ग कसरी भन्न सकिन्छ?॥ २॥

**राम सच्चिदानंद दिनेसा। नहिं तहँ मोह निसा लवलेसा॥**
**सहज प्रकासरूप भगवाना। नहिं तहँ पुनि बिग्यान बिहाना॥**

श्रीरामचन्द्रजी सच्चिदानन्दस्वरूप सूर्य हुनुहुन्छ। उहाँमा मोहरूपी रात्रिको लवलेश पनि छैन। उहाँ स्वभावले नै प्रकाशरूप र [षडैश्वर्ययुक्त] भगवान् हुनुहुन्छ, उहाँमा त विज्ञानरूपी प्रातःकाल पनि हुँदैन (अज्ञानरूपी रात्रि भए पो विज्ञानरूपी प्रातःकाल हुन्छ; भगवान् त नित्य ज्ञानस्वरूप हुनुहुन्छ)॥ ३॥

**हरष बिषाद ग्यान अग्याना। जीव धर्म अहमिति अभिमाना॥**
**राम ब्रह्म ब्यापक जग जाना। परमानंद परेस पुराना॥**

हर्ष, शोक, ज्ञान, अज्ञान, अहन्ता र अभिमान— यी सबै जीवका धर्म हुन्। श्रीरामचन्द्रजी त व्यापक ब्रह्म, परमानन्दस्वरूप परात्पर प्रभु र पुराणपुरुष हुनुहुन्छ। यो कुरा सारा जगत्ले जान्दछ॥ ४॥

दो०— **पुरुष प्रसिद्ध प्रकास निधि प्रगट परावर नाथ।**
**रघुकुलमनि मम स्वामि सोइ कहि सिवँ नायउ माथ॥ ११६॥**

जो [पुराण] प्रसिद्ध पुरुष हुनुहुन्छ, प्रकाशका भण्डार हुनुहुन्छ, सबै रूपहरूमा प्रकट हुनुहुन्छ, जीव, माया र जगत् सबैका स्वामी हुनुहुन्छ, उनै रघुकुलमणि श्रीरामचन्द्रजी मेरा स्वामी हुनुहुन्छ— यसो भनेर शिवजीले उहाँलाई शिर निहुराउनुभयो॥ ११६॥

**निज भ्रम नहिं समुझहिं अग्यानी। प्रभु पर मोह धरहिं जड़ प्रानी॥**
**जथा गगन घन पटल निहारी। झाँपेउ भानु कहहिं कुबिचारी॥**

अज्ञानी मनुष्यले आफ्नो भ्रमलाई सम्झँदैन र त्यो मूर्खले श्रीरामचन्द्रजीलाई उल्टै आरोप लगाउँदछ। जस्तै आकाशमा बादलहरूको छायालाई देखेर कुविचारी (अज्ञानी) व्यक्तिहरू भन्दछन् कि बादलले सूर्यलाई ढाकेको छ॥ १॥

**चितव जो लोचन अंगुलि लाएँ। प्रगट जुगल ससि तेहि के भाएँ॥**
**उमा राम बिषइक अस मोहा। नभ तम धूम धूरि जिमि सोहा॥**

जुन मानिसले आँखाको छेउमा औंला राखेर हेर्दछ, उसका लागि दुई चन्द्रमा प्रकट (प्रत्यक्ष) हुन्छन् नै। हे पार्वती! श्रीरामचन्द्रजीको विषयमा यस्तो मोहको कल्पना गर्नु त्यस्तै हो, जस्तै आकाशमा अन्धकार, धुवाँ र धूलो देख्नु। [आकाश जस्तो निर्मल र निर्लेप छ, उसलाई कुनै वस्तुले मलिन या स्पर्श गर्न सक्दैन, यस्तै प्रकारले भगवान् श्रीरामचन्द्रजी नित्य निर्मल र निर्लेप हुनुहुन्छ]॥ २॥

**बिषय करन सुर जीव समेता। सकल एक तें एक सचेता॥**
**सब कर परम प्रकासक जोई। राम अनादि अवधपति सोई॥**

विषय, इन्द्रियहरू, इन्द्रियका देवता र जीवात्मा—यी सबै एउटैको सहायताबाट एक चेतन हुन्छन्। (अर्थात् विषयहरूलाई प्रकाश इन्द्रियहरूबाट, इन्द्रियलाई इन्द्रियका देवताहरूबाट र इन्द्रिय-देवताहरूलाई चेतन जीवात्माबाट प्रकाश प्राप्त हुन्छ।) यी सबैको जो परम प्रकाशक छ (अर्थात् जसबाट यी सबैलाई प्रकाश हुन्छ), उही अनादि ब्रह्म अयोध्याका राजा श्रीरामचन्द्रजी हुनुहुन्छ॥ ३॥

**जगत प्रकास्य प्रकासक रामू। मायाधीस ग्यान गुन धामू॥**
**जासु सत्यता तें जड़ माया। भास सत्य इव मोह सहाया॥**

यो जगत् प्रकाश्य छ र श्रीरामचन्द्रजी यसका प्रकाशक हुनुहुन्छ। उहाँ मायाका स्वामी र ज्ञान तथा गुणहरूका धाम हुनुहुन्छ। जसको सत्ताबाट मोहको सहायता पाएर जड माया पनि सत्यजस्तै प्रतीत हुन्छ (देखिन्छ)॥ ४॥

दो०—**रजत सीप महुँ भास जिमि जथा भानु कर बारि।**
**जदपि मृषा तिहुँ काल सोइ भ्रम न सकइ कोउ टारि॥ ११७॥**

जस्तै सिपीमा चाँदी र सूर्यका किरणहरूमा पानी नभए पनि प्रतीत हुन्छ। यद्यपि यस्तो प्रतीति (भ्रमलाई देख्नु) तीनै कालमा झूटो हो, तथापि यस भ्रमलाई कसैले हटाउन सक्दैन॥ ११७॥

**एहि बिधि जग हरि आश्रित रहई। जदपि असत्य देत दुख अहई॥**
**जौं सपनें सिर काटै कोई। बिनु जागें न दूरि दुख होई॥**

यस्तै प्रकारले यो संसार भगवान्मा आश्रित रहेको छ। यद्यपि यो असत्य हो, तर पनि दुःख त दिन्छ नै; जसरी सपनामा कसैले शिर काटिदियो भने नबिउँझिदै त्यो दुःखबाट छुट्न सकिंदैन॥ १॥

**जासु कृपाँ अस भ्रम मिटि जाई। गिरिजा सोइ कृपाल रघुराई॥**
**आदि अंत कोउ जासु न पावा। मति अनुमानि निगम अस गावा॥**

हे पार्वती! जसको कृपाबाट यस्ता प्रकारका भ्रम मेटिन्छन्, उहीं कृपालु श्रीरघुनाथजी हुनुहुन्छ। जसलाई आदि र अन्त्य कसैले जान्न सक्दैनन्। वेदहरूले आफ्नो बुद्धिअनुसार अनुमान गरेर यस प्रकार [तल लेखिए बमोजिम] गाएका छन्— ॥ २॥

**बिनु पद चलइ सुनइ बिनु काना। कर बिनु करम करइ बिधि नाना॥**
**आनन रहित सकल रस भोगी। बिनु बानी बकता बड़ जोगी॥**

त्यो (ब्रह्म) विनाखुट्टा नै हिंड्दछ, विनाकान नै सुन्दछ, विनाहात नै अनेक प्रकारका काम गर्दछ, मुख (जिब्रो) विना नै सम्पूर्ण (छ) रसहरूको आनन्द लिन्छ र विनावाणी नै धेरै नै योग्य वक्ता हुन्छ॥ ३॥

**तन बिनु परस नयन बिनु देखा। ग्रहइ घ्रान बिनु बास असेषा॥**
**असि सब भाँति अलौकिक करनी। महिमा जासु जाइ नहिं बरनी॥**

उसले विनाशरीर नै (त्वचा) लाई स्पर्श गर्दछ र विनाआँखाहरू नै देख्दछ र नाक नभईकन सबै गन्धहरूलाई ग्रहण गर्दछ। उही ब्रह्मको क्रियाकलाप सबै प्रकारबाट यस्तो अलौकिक छ कि जसको महिमालाई भन्नै सकिंदैन॥ ४॥

**दो०— जेहि इमि गावहिं बेद बुध जाहि धरहिं मुनि ध्यान।**
**सोइ दसरथ सुत भगत हित कोसलपति भगवान॥ ११८॥**

जसलाई वेद र पण्डितले यसरी वर्णन गर्दछन् र मुनिले जसको ध्यान गरिरहन्छन्, उनै दशरथनन्दन, भक्तहरूका हितकारी अयोध्याका स्वामी भगवान् श्रीरामचन्द्रजी हुनुहुन्छ॥ ११८॥

**कासीं मरत जंतु अवलोकी। जासु नाम बल करउँ बिसोकी॥**
**सोइ प्रभु मोर चराचर स्वामी। रघुबर सब उर अंतरजामी॥**

[हे पार्वती!] जसको नामको बलद्वारा काशीमा मृत्यु हुन लागेका प्राणीलाई देखेर मैले उसलाई [राममन्त्र दिएर] शोकरहित बनाइदिन्छु (मुक्त गरिदिन्छु), उही मेरा प्रभु रघुश्रेष्ठ श्रीरामचन्द्रजी जड-चेतनका स्वामी र सबैको हृदयभित्रको जान्नेवाला हुनुहुन्छ॥ १॥

**बिबसहुँ जासु नाम नर कहहीं। जनम अनेक रचित अघ दहहीं॥**
**सादर सुमिरन जे नर करहीं। भव बारिधि गोपद इव तरहीं॥**

विवश भएर पनि जसको नाम लिनाले मानिसहरूका अनेक जन्ममा गरेका पाप जलेर जान्छन्। फेरि जुन मानिसले आदरपूर्वक उनको (नाम) स्मरण गर्दछन् भने संसाररूपी [दुस्तर] समुद्रलाई गाईको खुरबाट बनेको खाल्टोझैं (अर्थात् परिश्रम नगरी) पार गर्न सक्दछन्॥ २॥

**राम सो परमातमा भवानी। तहँ भ्रम अति अबिहित तव बानी॥**
**अस संसय आनत उर माहीं। ग्यान बिराग सकल गुन जाहीं॥**

हे पार्वती! उनै परमात्मा श्रीरामचन्द्रजी हुनुहुन्छ। उहाँमा भ्रम छ [देखिन्छ], तिम्रो यस्तो भनाइ अत्यन्तै अनुचित छ। यस्ता प्रकारका सन्देह मनमा गर्दाबित्तिकै मानिसका ज्ञान, वैराग्य आदि सम्पूर्ण सद्गुण नष्ट भइहाल्दछन्॥ ३॥

**सुनि सिव के भ्रम भंजन बचना। मिटि गै सब कुतरक कै रचना॥**
**भइ रघुपति पद प्रीति प्रतीती। दारुन असंभावना बीती॥**

शिवजीका भ्रमनाशक वचनहरूलाई सुनेर पार्वतीजीका सबै कुतर्कहरूका रचना (जञ्जाल) मेटिए। श्रीरघुनाथजीका चरणमा उहाँको प्रेम र विश्वास भयो र कठिन असम्भावना (जुन हुन सम्भव छैन, यस्तो मिथ्या कल्पना) मेटियो॥ ४॥

**दो०— पुनि पुनि प्रभु पद कमल गहि जोरि पंकरुह पानि।**
**बोलीं गिरिजा बचन बर मनहुँ प्रेम रस सानि॥ ११९॥**

पटक-पटक स्वामी (शिवजी) का चरणकमललाई छोएर र आफ्ना कमलजस्ता हातहरू जोड्दै पार्वतीजीले मानौं प्रेमरसमा मिसिएका सुन्दर वचन भन्न लागनुभयो॥ ११९॥

**ससि कर सम सुनि गिरा तुम्हारी। मिटा मोह सरदातप भारी॥**
**तुम्ह कृपाल सबु संसउ हरेऊ। राम स्वरूप जानि मोहि परेऊ॥**

चन्द्रमाका किरणसमान शीतल हजुरका वाणी सुनेर मेरो अज्ञानरूपी शरद्ऋतु (असोज) को गर्मीको धेरै ताप मेटियो। हे कृपालु! हजुरले मेरा सबै सन्देहलाई हरण गरिबक्सियो, अब श्रीरामचन्द्रजीको यथार्थ स्वरूप मेरो सम्झनामा (मनमा) आयो॥ १॥

**नाथ कृपाँ अब गयउ बिषादा। सुखी भयउँ प्रभु चरन प्रसादा॥**
**अब मोहि आपनि किंकरि जानी। जदपि सहज जड़ नारि अयानी॥**

हे नाथ! हजुरको कृपाद्वारा अब मेरो मानसिक दुःख (विषाद) नष्ट भयो र हजुरका चरणहरूका अनुग्रहबाट म सुखी भएँ। यद्यपि म स्त्री हुनाले स्वभावबाटै मूर्ख र ज्ञानहीन छु, तर पनि अब हजुरले मलाई दासी (सेविका) जानेर— ॥ २॥

**प्रथम जो मैं पूछा सोइ कहहू। जौं मो पर प्रसन्न प्रभु अहहू॥**
**राम ब्रह्म चिनमय अबिनासी। सर्ब रहित सब उर पुर बासी॥**

हे प्रभु! यदि मसँग हजुर प्रसन्न होइवक्सिन्छ भने जुन कुरा मैले पहिले नै हजुरसँग सोधेकी थिएँ, त्यही भनिबक्सियोस्। [यो सत्य हो कि] श्रीरामचन्द्रजी ब्रह्म, चिन्मय, अविनाशी हुनुहुन्छ, सबैबाट रहित र सबैको हृदयरूपी नगरीमा निवास गर्ने हुनुहुन्छ॥ ३॥

**नाथ धरेउ नरतनु केहि हेतू। मोहि समुझाइ कहहु बृषकेतू॥**
**उमा बचन सुनि परम बिनीता। रामकथा पर प्रीति पुनीता॥**

फेरि हे नाथ! उहाँले मनुष्यको शरीर किन धारण गर्नुभयो? हे धर्मको ध्वजालाई धारण गर्ने प्रभु! यो मलाई सम्झाएर बताइबक्सियोस्। पार्वतीजीका अत्यन्त नम्र वचन सुनेर र श्रीरामचन्द्रजीको कथामा उहाँको विशुद्ध प्रेम देखेर— ॥ ४॥

दो०— **हियँ हरषे कामारि तब संकर सहज सुजान।**
**बहु बिधि उमहि प्रसंसि पुनि बोले कृपानिधान॥ १२० (क)॥**

त्यसपछि कामदेवका शत्रु, स्वभावैले सुजान, कृपानिधान शिवजी मनमा धेरै नै हर्षित हुनुभयो र धेरै तरिकाले पार्वतीजीलाई प्रशंसा गर्दै भन्नुभयो— ॥ १२० (क)॥

**मासपारायण, चौथो विश्राम**

**नवाहपारायण, पहिलो विश्राम**

सो०— **सुनु सुभ कथा भवानि रामचरितमानस बिमल।**
**कहा भुसुंडि बखानि सुना बिहग नायक गरुड़॥ १२० (ख)॥**

हे पार्वती! निर्मल रामचरितमानसको त्यही मङ्गलमय कथा सुन, जसलाई कागभुशुण्डिले विस्तारपूर्वक भनेका र पक्षीहरूका राजा गरुडले सुनेका थिए॥ १२० (ख)॥

**सो संबाद उदार जेहि बिधि भा आगें कहब।**
**सुनहु राम अवतार चरित परम सुंदर अनघ॥ १२० (ग)॥**

त्यो श्रेष्ठ संवाद जुन प्रकारले भयो, त्यसलाई म पछि भन्नेछु। अहिले तिमी श्रीरामचन्द्रजीको अवतारको परम सुन्दर र पवित्र (पापनाशक) चरित्र सुन॥ १२० (ग)॥

**हरि गुन नाम अपार कथा रूप अगनित अमित।**
**मैं निज मति अनुसार कहउँ उमा सादर सुनहु॥ १२० (घ)॥**

श्रीहरिका गुण, नाम, कथा र रूप सबै अपार, अगणित र असीम छन्। फेरि पनि हे पार्वती! मैले आफ्नो बुद्धिको अनुसार भन्दछु, तिमीले आदरपूर्वक सुन॥ १२० (घ)॥

### ❋ अवतार हुनाका कारणहरू ❋

**सुनु गिरिजा हरिचरित सुहाए। बिपुल बिसद निगमागम गाए॥**
**हरि अवतार हेतु जेहि होई। इदमित्थं कहि जाइ न सोई॥**

हे पार्वती! सुन, वेद-शास्त्रहरूले श्रीहरिका सुन्दर, विस्तृत र निर्मल चरित्रहरू गाएका छन्। हरिको अवतार जुन कारणले हुन्छ, त्यो कारण 'यस्तो वा यही' भन्न सकिंदैन (अनेकौं कारण हुन सक्दछन् र यत्तिकै पनि हुन सक्दछ, जसलाई कसैले जान्नै सक्दैनन्)॥ १॥

**राम अतर्क्य बुद्धि मन बानी। मत हमार अस सुनहि सयानी॥**
**तदपि संत मुनि बेद पुराना। जस कछु कहहिं स्वमति अनुमाना॥**

हे समझदार! सुन, मेरो मत त यस्तो छ कि बुद्धि, मन र वाणीद्वारा श्रीरामचन्द्रजीलाई अनुमान गरेर भन्न सकिंदैन। तथापि सन्त, मुनि, वेद र पुराणले आ-आफ्नो बुद्धिको अनुसार जे जस्तो भन्दछन्॥ २॥

**तस मैं सुमुखि सुनावउँ तोही। समुझि परइ जस कारन मोही॥**
**जब जब होइ धरम कै हानी। बाढ़हिं असुर अधम अभिमानी॥**

र जस्तो मेरो सोचाइमा आउँदछ, हे सुमुखि! त्यही कारण म तिमीलाई सुनाउँदछु। जब-जब धर्मको ह्रास हुन्छ र नीच अभिमानी राक्षस बढ्दछन्,॥ ३॥

**करहिं अनीति जाइ नहिं बरनी। सीदहिं बिप्र धेनु सुर धरनी॥**
**तब तब प्रभु धरि बिबिध सरीरा। हरहिं कृपानिधि सज्जन पीरा॥**

र उनीहरूले यस्तो अन्याय गर्दछन् कि जसलाई वर्णन गरेर नै सकिंदैन तथा ब्राह्मण, गाई, देवता र पृथ्वीले कष्ट पाउँदछन्, त्यस अवस्थामा उनै कृपानिधान प्रभुले थरि-थरिका [दिव्य] शरीर धारण गरेर सज्जनहरूका पीडालाई हरण गर्नुहुन्छ॥ ४॥

दो०— **असुर मारि थापहिं सुरन्ह राखहिं निज श्रुति सेतु।**
**जग बिस्तारहिं बिसद जस राम जन्म कर हेतु॥ १२१॥**

उहाँले असुरहरूलाई मारेर देवताहरूलाई स्थापित गर्नुहुन्छ, आफ्ना [श्वासरूप] वेदहरूको मर्यादालाई रक्षा गर्नुहुन्छ र जगत्मा आफ्नो निर्मल यश फैलाउनु हुन्छ। श्रीरामचन्द्रजीको अवतारको कारण यो हो॥ १२१ ॥

**सोइ जस गाइ भगत भव तरहीं। कृपासिंधु जन हित तनु धरहीं॥**
**राम जनम के हेतु अनेका। परम बिचित्र एक तें एका॥**

त्यही यशलाई बारम्बार गाएर भक्तजन भवसागरबाट तर्दछन्। कृपासागर भगवान्ले भक्तहरूको हितका लागि शरीर धारण गर्नुहुन्छ। श्रीरामचन्द्रजीले जन्म लिनुमा अनेक कारण छन्, जुन एक भन्दा अर्को अत्यन्तै विचित्र छन्॥ १ ॥

**जनम एक दुइ कहउँ बखानी। सावधान सुनु सुमति भवानी॥**
**द्वारपाल हरि के प्रिय दोऊ। जय अरु बिजय जान सब कोऊ॥**

हे सुन्दर बुद्धि भएकी भवानी! मैले त्यही घटना (अवतार) को दुई-चार जन्मलाई विस्तारपूर्वक वर्णन गर्दछु, तिमी सावधान भएर सुन। श्रीहरिका जय र विजय दुई प्यारा द्वारपाल थिए, जसलाई सबै जना जान्दछन्॥ २ ॥

**बिप्र श्राप तें दूनउ भाई। तामस असुर देह तिन्ह पाई॥**
**कनककसिपु अरु हाटकलोचन। जगत बिदित सुरपति मद मोचन॥**

उनै दुई भाइहरूले ब्राह्मण (सनकादि) को श्रापबाट असुरहरूको तामसी शरीर पाए। एउटाको नाम थियो हिरण्यकशिपु र अर्काको हिरण्याक्ष। यी देवराज इन्द्रको गर्व (घमण्ड) लाई नष्ट गर्नका लागि सम्पूर्ण जगत्मा प्रसिद्ध भए॥ ३ ॥

**बिजई समर बीर बिख्याता। धरि बराह बपु एक निपाता॥**
**होइ नरहरि दूसर पुनि मारा। जन प्रहलाद सुजस बिस्तारा॥**

उनीहरू युद्धमा विजय प्राप्त गर्नका लागि विख्यात वीर थिए। यिनीहरू मध्ये एउटा (हिरण्याक्ष) लाई भगवान्ले वराहको शरीर धारण गरेर मार्नुभयो; फेरि अर्को (हिरण्यकशिपु) लाई नरसिंहरूप धारण गरेर वध गर्नुभयो र आफ्ना भक्त प्रह्लादको सुन्दर यशलाई फैलाउनुभयो॥ ४ ॥

दो०— **भए निसाचर जाइ तेइ महाबीर बलवान।**
**कुंभकरन रावन सुभट सुर बिजई जग जान॥ १२२॥**

उनीहरू नै [दुवै] गएर देवताहरूलाई जित्ने, ठूला योद्धा, रावण र कुम्भकर्ण नाम गरेका ज्यादै बलवान् र महावीर राक्षस भए, जसलाई सारा जगत्ले जानेको छ॥ १२२ ॥

**मुकुत न भए हते भगवाना। तीनि जनम द्विज बचन प्रवाना॥**
**एक बार तिन्ह के हित लागी। धरेउ सरीर भगत अनुरागी॥**

भगवान्द्वारा मारिंदा पनि उनीहरू (हिरण्याक्ष र हिरण्यकशिपु) यस कारणले मुक्त भएनन् कि ब्राह्मणको श्रापको प्रमाण तीन जन्मका लागि थियो। अतः एक पटक उनीहरूको कल्याणका लागि भक्तप्रेमी भगवान्ले फेरि अवतार लिनुभयो॥ १ ॥

**कस्यप अदिति तहाँ पितु माता। दसरथ कौसल्या बिख्याता॥**
**एक कलप एहि बिधि अवतारा। चरित पवित्र किए संसारा॥**

वहाँ (त्यस अवतारमा) कश्यप र अदिति उनीहरूका आमा-बाबु भए, जो पछि दशरथ र कौसल्याको नामबाट प्रसिद्ध भए। एक कल्पमा यस प्रकार अवतार लिएर उहाँले संसारमा पवित्र लीलाहरू गर्नुभयो॥ २॥

**एक कलप सुर देखि दुखारे। समर जलंधर सन सब हारे॥**
**संभु कीन्ह संग्राम अपारा। दनुज महाबल मरइ न मारा॥**

एक कल्पमा सबै देवताहरूलाई जालन्धर दैत्यसँग युद्धमा हारेको कारणले दुःख देखेर शिवजीले त्यसका साथ ठूलो घोर युद्ध गर्नुभयो; तर त्यो महाबली दैत्य मार्दा पनि मर्दैनथ्यो॥ ३॥

**परम सती असुराधिप नारी। तेहिं बल ताहि न जितहिं पुरारी॥**

त्यस दैत्यराजकी पत्नी (वृन्दा) परम सती (धेरै नै पतिव्रता) थिई। उसैको प्रतापबाट त्रिपुरासुर [जस्तो अजेय शत्रु] लाई विनाश गर्ने शिवजीले पनि त्यस दैत्यलाई जित्न सक्नुभएन॥ ४॥

दो०— **छल करि टारेउ तासु ब्रत प्रभु सुर कारज कीन्ह।**
**जब तेहिं जानेउ मरम तब श्राप कोप करि दीन्ह॥ १२३॥**

प्रभुले छलपूर्वक त्यस स्त्रीको व्रत भङ्ग गरेर देवताहरूको कार्यलाई सफल गर्नुभयो। जब त्यस स्त्रीले यो भेद जानी, त्यसपछि उसले रिसाएर भगवान्‌लाई श्राप दिई॥ १२३॥

**तासु श्राप हरि दीन्ह प्रमाना। कौतुकनिधि कृपाल भगवाना॥**
**तहाँ जलंधर रावन भयऊ। रन हति राम परम पद दयऊ॥**

लीलाहरूका भण्डार कृपालु हरिले त्यस स्त्रीको श्रापलाई स्वीकार गर्नुभयो। त्यही जालन्धर त्यस कल्पमा रावण भयो, जसलाई श्रीरामचन्द्रजीले युद्धमा मारेर परमपद दिनुभयो॥ १॥

**एक जनम कर कारन एहा। जेहि लगि राम धरी नरदेहा॥**
**प्रति अवतार कथा प्रभु केरी। सुनु मुनि बरनी कबिन्ह घनेरी॥**

एक जन्मको कारण यो थियो, जसले गर्दा श्रीरामचन्द्रजीले मनुष्य शरीर धारण गर्नुभयो। हे भरद्वाज मुनि! सुन्नुहोस्, प्रभुका प्रत्येक अवतारको कथालाई कविहरूले विभिन्न प्रकारले वर्णन गरेका छन्॥ २॥

**नारद श्राप दीन्ह एक बारा। कलप एक तेहि लगि अवतारा॥**
**गिरिजा चकित भईं सुनि बानी। नारद बिष्नुभगत पुनि ग्यानी॥**

एक चोटि नारदजीले श्राप दिनुभयो, अतः एक कल्पमा उसका लागि अवतार भयो। यो कुरा सुनेर पार्वतीजी धेरै नै चकित हुनुभयो [र भन्नुभयो कि] नारदजी त विष्णुभक्त र ज्ञानी हुनुहुन्छ॥ ३॥

**कारन कवन श्राप मुनि दीन्हा। का अपराध रमापति कीन्हा॥**
**यह प्रसंग मोहि कहहु पुरारी। मुनि मन मोह आचरज भारी॥**

मुनिले भगवान्‌लाई कुन कारणले श्राप दिनुभयो? लक्ष्मीपति भगवान्‌ले उहाँको के अपराध गर्नु भएको थियो? हे पुरारि (शङ्करजी)! यो कथा मलाई सुनाइबक्सियोस्। मुनि नारदको मनमा मोह हुनु ठूलो आश्चर्यको कुरा हो॥ ४॥

दो०— **बोले बिहसि महेस तब ग्यानी मूढ़ न कोइ।**
**जेहि जस रघुपति करहिं जब सो तस तेहि छन होइ॥ १२४ ( क )॥**

त्यसपछि महादेवजीले हाँसेर भन्नुभयो— न कोही ज्ञानी छन् न मूर्ख। श्रीरामचन्द्रजीले जतिखेर जसलाई जस्तो गराउनुहुन्छ, ऊ त्यही क्षण त्यस्तै भइहाल्छ॥ १२४ (क)॥

सो०— **कहउँ राम गुन गाथ भरद्वाज सादर सुनहु।**
**भव भंजन रघुनाथ भजु तुलसी तजि मान मद॥ १२४ ( ख )॥**

[याज्ञवल्क्यजी भन्नुहुन्छ— ] हे भरद्वाज! म श्रीरामचन्द्रजीका गुणका कथालाई भन्दछु, तपाईं आदरपूर्वक सुन्नुहोस्। तुलसीदासजी भन्नुहुन्छ— मान र मदलाई छोडेर आवागमनलाई नाश गर्ने रघुनाथजीलाई भज॥ १२४ (ख)॥

**हिमगिरि गुहा एक अति पावनि। बह समीप सुरसरी सुहावनि॥**
**आश्रम परम पुनीत सुहावा। देखि देवरिषि मन अति भावा॥**

हिमालय पर्वतमा एक अति पवित्र गुफा थियो। उसको नजिकै सुन्दर गङ्गाजी बग्दथिन्। त्यही परम पवित्र सुन्दर आश्रम देखेपछि नारदजीको मनमा धेरै नै खुसी लाग्यो॥ १॥

**निरखि सैल सरि बिपिन बिभागा। भयउ रमापति पद अनुरागा॥**
**सुमिरत हरिहि श्राप गति बाधी। सहज बिमल मन लागि समाधी॥**

पर्वत, नदी र वनको [सुन्दर] विभागलाई देखेर नारदजीलाई लक्ष्मीकान्त भगवान्‌का चरणमा प्रेम भयो। भगवान्‌लाई स्मरण गर्दाबित्तिकै उहाँ (नारदमुनि) को श्रापको (जुन श्राप उहाँलाई दक्ष प्रजापतिले दिएका थिए र जसले गर्दा उहाँ एक ठाउँमा बस्न सक्नुहुँदैनथ्यो) गति रोकियो र मन स्वभावैले निर्मल हुनाले उहाँलाई समाधि लाग्यो॥ २॥

**मुनि गति देखि सुरेस डेराना। कामहि बोलि कीन्ह सनमाना॥**
**सहित सहाय जाहु मम हेतू। चलेउ हरषि हियँ जलचरकेतू॥**

नारद मुनिको [यस्तो तपोमयी] स्थितिलाई देखेर देवराज इन्द्र डराए। उनले कामदेवलाई बोलाई उनको आदर-सत्कार गरे [र भने कि] मेरो [हितका] लागि तिमी आफ्ना सहायकहरूसहित [नारदको समाधि भङ्ग गर्न] जाऊ। [यस्तो सुनी] मीनध्वज कामदेव मनमा प्रसन्न भएर हिंड्यो॥ ३॥

**सुनासीर मन महुँ असि त्रासा। चहत देवरिषि मम पुर बासा॥**
**जे कामी लोलुप जग माहीं। कुटिल काक इव सबहि डेराहीं॥**

इन्द्रको मनमा यस्तो डर भयो कि देवर्षि नारदले मेरो पुरी (अमरावती) मा निवास (राज्य) गर्न खोजेका छन्। जगत्‌मा जुन पुरुष कामी र लोभी हुन्छन्, उनीहरू कागझैं सबैसँग डराउँदछन्॥ ४॥

**दो०— सूख हाड़ लै भाग सठ स्वान निरखि मृगराज।**
**छीनि लेइ जनि जान जड़ तिमि सुरपतिहि न लाज॥ १२५॥**

जस्तै मूर्ख कुकुरले सिंहलाई देखेर सुकेको हाड लिएर भाग्दछ। त्यो मूर्खले यस्तो सोच्दछ कि कहीं यस हाडलाई सिंहले खोस्ने त होइन, उस्तै नै इन्द्रलाई [नादजीले मेरो राज्य खोस्नेछन्, यस्तो सोच्न] लाज भएन॥ १२५॥

**तेहि आश्रमहिं मदन जब गयऊ। निज मायाँ बसंत निरमयऊ॥**
**कुसुमित बिबिध बिटप बहुरंगा। कूजहिं कोकिल गुंजहिं भृंगा॥**

जब कामदेव त्यस आश्रममा गयो, त्यसपछि उसले आफ्नो मायाबाट त्यहाँ वसन्त ऋतुलाई उत्पन्न गर्‍यो। विभिन्न प्रकारका वृक्षहरूमा रङ्ग-बिरङ्गका फूल फुले, उनै वृक्षहरूमा कोइली कराउन (को हो? को हो? भन्न) लागे र भमरा भूँ-भूँ गर्न लागे॥ १॥

**चली सुहावनि त्रिबिध बयारी। काम कृसानु बढ़ावनिहारी॥**
**रंभादिक सुर नारि नबीना। सकल असमसर कला प्रबीना॥**

कामाग्निलाई भड्‌काउने तीन प्रकारको (शीतल, मन्द र सुगन्ध) सुन्दर हावा चल्न लाग्यो। रम्भा आदि नवयुवति देवाङ्गनाहरू, जो सबै जना कामकलामा निपुण थिए,॥ २॥

**करहिं गान बहु तान तरंगा। बहुबिधि क्रीड़हिं पानि पतंगा॥**
**देखि सहाय मदन हरषाना। कीन्हेसि पुनि प्रपंच बिधि नाना॥**

उनीहरू धेरै प्रकारका राग (स्वर) को तरङ्गमा गाउन लागे र हातमा भकुण्डो लिएर नाना प्रकारका खेल खेल्न लागे। कामदेव यी सहायकहरूलाई देखेर धेरै प्रसन्न भयो र फेरि उसले नाना प्रकारका मायाजाल गर्‍यो॥ ३॥

**काम कला कछु मुनिहि न ब्यापी। निज भयँ डरेउ मनोभव पापी॥**
**सीम कि चाँपि सकइ कोउ तासू। बड़ रखवार रमापति जासू॥**

परन्तु कामदेवको कुनै पनि कलाले मुनिलाई असर गर्न सकेन। त्यसपछि पापी कामदेव आफ्नै [नाशको] भयबाट डरायो। लक्ष्मीपति भगवान् जसका ठूला रक्षक हुनुहुन्छ, भन्नुहोस्, उसको सीमा (मर्यादा) लाई कसैले दबाउन सक्दछ र!॥ ४॥

**दो०— सहित सहाय सभीत अति मानि हारि मन मैन।**
**गहेसि जाइ मुनि चरन तब कहि सुठि आरत बैन॥ १२६॥**

त्यसपछि आफ्ना सहायकहरूसमेत कामदेवले ज्यादै डराएर र आफ्नो मनमा हार मान्यो र धेरै नै आर्त (दीन) वचन भन्दै गएर मुनिका चरणहरूलाई समात्यो॥ १२६॥

**भयउ न नारद मन कछु रोषा। कहि प्रिय बचन काम परितोषा॥**
**नाइ चरन सिरु आयसु पाई। गयउ मदन तब सहित सहाई॥**

नारदजीको मनमा कत्ति पनि क्रोध आएन। उहाँले प्रिय वचन भनी कामदेवलाई खुसी पारेर समाधान गर्नुभयो। त्यसपछि मुनिका चरणमा शिर निहुराएर तथा उहाँको आज्ञा पाएर कामदेव आफ्ना सहायकहरूसहित फर्केर आयो॥ १॥

**मुनि सुसीलता आपनि करनी। सुरपति सभाँ जाइ सब बरनी॥**
**सुनि सब कें मन अचरजु आवा। मुनिहि प्रसंसि हरिहि सिरु नावा॥**

देवराज इन्द्रको सभामा गएर उसले मुनिको सुशीलता र आफ्नो कार्य सबै बतायो, जसलाई सुनेर सबैको मनमा आश्चर्य भयो र उसले मुनिलाई प्रशंसा गर्दै श्रीहरिलाई शिर निहुरायो॥ २॥

## * नारदजीको अभिमान र मायाको प्रभाव *

**तब नारद गवने सिव पाहीं। जिता काम अहमिति मन माहीं॥**
**मार चरित संकरहि सुनाए। अतिप्रिय जानि महेस सिखाए॥**

त्यसपछि नारदजी शिवजीसँग जानुभयो। उहाँको मनमा यस कुराको अहङ्कार भयो कि मैले कामदेवलाई जितें। उहाँले कामदेवको चरित्र शिवजीलाई सुनाउनुभयो र महादेवजीले उहाँ (नारदजी) लाई अत्यन्त प्रिय जानेर [यस्तो] शिक्षा दिनुभयो— ॥ ३॥

**बार बार बिनवउँ मुनि तोही। जिमि यह कथा सुनायहु मोही॥**
**तिमि जनि हरिहि सुनावहु कबहूँ। चलेहुँ प्रसंग दुराएहु तबहूँ॥**

हे मुनि! म तिमीसँग बारम्बार बिन्ती गर्दछु कि जसरी यो कथा तिमीले मलाई सुनायौ, उस्तै प्रकारले भगवान् श्रीहरिलाई कहिल्यै नसुनाउनू। चर्चा भयो भने पनि यसलाई लुकाउनू॥ ४॥

दो०— **संभु दीन्ह उपदेस हित नहिं नारदहि सोहान।**
**भरद्वाज कौतुक सुनहु हरि इच्छा बलवान॥ १२७॥**

यद्यपि शिवजीले हितको शिक्षा दिनुभयो, तर नारदजीलाई त्यो (शिक्षा) राम्रो लागेन। हे भरद्वाज! अब कौतुक (तमासा) सुन्नुहोस्। हरिको इच्छा धेरै बलवान् छ॥ १२७॥

**राम कीन्ह चाहहिं सोइ होई। करै अन्यथा अस नहिं कोई॥**
**संभु बचन मुनि मन नहिं भाए। तब बिरंचि के लोक सिधाए॥**

श्रीरामचन्द्रजीले जे गर्न चाहनुहुन्छ, उही हुने गर्दछ, यस्तो कोही छैन जसले उसको विरुद्ध गर्न सकोस्। शिवजीको वचन नारदजीको मनमा राम्रो लागेन, त्यसपछि उहाँ त्यहाँबाट ब्रह्मलोकमा जानुभयो॥ १॥

**एक बार करतल बर बीना। गावत हरि गुन गान प्रबीना॥**
**छीरसिंधु गवने मुनिनाथा। जहँ बस श्रीनिवास श्रुतिमाथा॥**

एक चोटि गानविद्यामा निपुण मुनिनाथ नारदजी हातमा सुन्दर वीणा लिएर, हरिगुण गाउँदै क्षीरसागरमा जानुभयो, जहाँ वेदहरूका मस्तकस्वरूप (मूर्तिमान् वेदान्ततत्त्व) लक्ष्मीनिवास भगवान् नारायण रहनुहुन्छ॥ २॥

**हरषि मिले उठि रमानिकेता। बैठे आसन रिषिहि समेता॥**
**बोले बिहसि चराचर राया। बहुते दिनन कीन्हि मुनि दाया॥**

रमानिवास भगवान् उठेर धेरै आनन्दका साथ उहाँसँग भेट हुनुभयो र ऋषि (नारदजी) का साथ आसनमा बस्नुभयो। चराचरका स्वामी भगवान् हाँसेर बोल्नुभयो— हे मुनि! आज तपाईंले धेरै दिनपछि दया गर्नुभयो॥ ३॥

**काम चरित नारद सब भाषे। जद्यपि प्रथम बरजि सिवँ राखे॥**
**अति प्रचंड रघुपति कै माया। जेहि न मोह अस को जग जाया॥**

यद्यपि शिवजीले उहाँलाई पहिले नै रोक्नुभएको थियो, तर पनि नारदजीले कामदेवको सम्पूर्ण चरित्र भगवान्लाई सुनाउनुभयो। श्रीरघुनाथजीको माया धेरै प्रबल (बलवान्) छ। जगत्मा यस्तो को जन्मेको होला? जसलाई उसले (मायाले) मोहित गर्न नसकोस्॥ ४॥

दो०— **रूख बदन करि बचन मृदु बोले श्रीभगवान।**
**तुम्हरे सुमिरन तें मिटहिं मोह मार मद मान॥ १२८॥**

भगवान्ले मुस्कानरहित (उदासीन) भावले मधुर वचन बोल्नुभयो— हे मुनिराज! तपाईंको स्मरण गर्नाले अन्य व्यक्तिका मोह, काम, मद र अभिमान मेटिन्छन् [फेरि तपाईंका लागि त भन्न नै किन पर्‍यो र?]॥ १२८॥

**सुनु मुनि मोह होइ मन ताकें। ग्यान बिराग हृदय नहिं जाकें॥**
**ब्रह्मचरज ब्रत रत मतिधीरा। तुम्हहि कि करइ मनोभव पीरा॥**

हे मुनि! सुन्नुहोस्, मोह त त्यसको मनमा हुन्छ, जसको हृदयमा ज्ञान-वैराग्य छैन। तपाईं त ब्रह्मचर्यव्रतमा रहने धेरै (ठूला) धीरबुद्धि भएका हुनुहुन्छ। तपाईं नै भन्नुहोस् त, कहीं तपाईंलाई पनि कामदेवले सताउन सक्दछ?॥ १॥

**नारद कहेउ सहित अभिमाना। कृपा तुम्हारि सकल भगवाना॥**
**करुनानिधि मन दीख बिचारी। उर अंकुरेउ गरब तरु भारी॥**

नारदजीले अभिमानपूर्वक भन्नुभयो— भगवान्! यो सबै हजुरको कृपा हो। करुणानिधान भगवान्ले मनमा विचार गरेर हेर्नुभयो कि मनमा गर्व (घमण्ड) रूप ठूलो वृक्षको अङ्कुर पैदा भएको छ॥ २॥

**बेगि सो मैं डारिहउँ उखारी। पन हमार सेवक हितकारी॥**
**मुनि कर हित मम कौतुक होई। अवसि उपाय करबि मैं सोई॥**

मैले त्यसलाई तुरुन्तै उखेलेर फाल्नेछु, किनकि सेवकहरूको हित गर्नु मेरो कर्तव्य हो। मैले अवश्य त्यही उपाय गर्नेछु, जसले मुनिको कल्याण र मेरो खेल (लीला) हुनेछ॥ ३॥

**तब नारद हरि पद सिर नाई। चले हृदयँ अहमिति अधिकाई॥**
**श्रीपति निज माया तब प्रेरी। सुनहु कठिन करनी तेहि केरी॥**

त्यसपछि नारदजीले भगवान्का चरणमा शिर निहुराएर जानुभयो। उहाँको हृदयमा अभिमान झन् धेरै बढ्यो। अनि लक्ष्मीपति भगवान्ले आफ्नी मायालाई प्रेरित गर्नुभयो। अब त्यही कठिन कार्य सुन्नुहोस्॥ ४॥

**दो०— बिरचेउ मग महुँ नगर तेहिं सत जोजन बिस्तार।**
**श्रीनिवासपुर तें अधिक रचना बिबिध प्रकार॥ १२९॥**

त्यस (हरिमाया) द्वारा बाटोमा सय योजन (चार सय कोस) को एक नगर रचियो। त्यस नगरका विभिन्न किसिमका रचनाहरू लक्ष्मीनिवास भगवान् विष्णुको नगर (वैकुण्ठ) भन्दा पनि धेरै सुन्दर थिए॥ १२९॥

**बसहिं नगर सुंदर नर नारी। जनु बहु मनसिज रति तनुधारी॥**
**तेहिं पुर बसइ सीलनिधि राजा। अगनित हय गय सेन समाजा॥**

त्यस नगरमा यस्ता सुन्दर नर-नारी बस्दथे, मानौं धेरै कामदेव र [उसकी स्त्री] रतिले नै मनुष्य-शरीर धारण गरेका छन्। त्यस नगरमा शीलनिधि नामका राजा रहन्थे, जससँग त्यहाँ अनगिन्ती घोडा, हात्ती र सेनाका समूह थिए॥ १॥

**सत सुरेस सम बिभव बिलासा। रूप तेज बल नीति निवासा॥**
**बिस्वमोहनी तासु कुमारी। श्री बिमोह जिसु रूपु निहारी॥**

उसको वैभव र विलास सयौं इन्द्रका समान थियो। त्यो रूप, तेज, बल र नीतिको घर थियो। उसकी विश्वमोहिनी नामकी एक [यस्ती रूपवती] कन्या थिई, जसको रूपलाई देखेर लक्ष्मीजी पनि मोहित हुनुहुन्थ्यो॥ २॥

**सोइ हरिमाया सब गुन खानी। सोभा तासु कि जाइ बखानी॥**
**करइ स्वयंबर सो नृपबाला। आए तहँ अगनित महिपाला॥**

त्यो सबै गुणहरूका खानी भगवान्को माया नै थियो। उसको शोभालाई कसरी भन्न सकिन्छ र? उनै राजकुमारीले स्वयंवर गर्न खोजेकी थिइन्, यसैले त्यहाँ असङ्ख्य राजा आएका थिए॥ ३॥

**मुनि कौतुकी नगर तेहिं गयऊ। पुरबासिन्ह सब पूछत भयऊ॥**
**सुनि सब चरित भूपगृहँ आए। करि पूजा नृप मुनि बैठाए॥**

कौतुकी मुनि नारदजी त्यस (कौतुकमय) नगरमा जानुभयो र नगरवासीहरूसँग उहाँले सबै हालखबर सोध्नुभयो। सबै समाचार सुनेर उहाँ राजाको महलमा आउनुभयो। राजाले पूजा गरेर मुनिलाई [आसनमा] बसाले॥ ४॥

### ❋ विश्वमोहिनीको स्वयंवर, शिवगण तथा भगवान्लाई शाप र नारदजीको मोहभङ्ग ❋

**दो०— आनि देखाई नारदहि भूपति राजकुमारि।**
**कहहु नाथ गुन दोष सब एहि के हृदयँ बिचारि॥ १३०॥**

[फेरि] राजाले राजकुमारीलाई ल्याएर नारदजीलाई देखाएर [सोधे— ] हे नाथ! हजुरले आफ्नो हृदयमा विचार गरेर यी कन्याका सबै गुण-दोष भन्नुहोस्॥ १३०॥

**देखि रूप मुनि बिरति बिसारी। बड़ी बार लगि रहे निहारी॥**
**लच्छन तासु बिलोकि भुलाने। हृदयँ हरष नहिं प्रगट बखाने॥**

उनको रूपलाई देखेर मुनिले वैराग्य भुल्नुभयो र धेरै समयसम्म ती कन्यातर्फ हेरिरहनुभयो। उनको लक्षणलाई देखेर मुनिले आफूले-आफैंलाई पनि भुल्नुभयो र हृदयमा हर्षित हुनुभयो तर प्रकटरूपमा ती लक्षणहरूलाई भन्नुभएन॥ १॥

**जो एहि बरइ अमर सोइ होई। समरभूमि तेहि जीत न कोई॥**
**सेवहिं सकल चराचर ताही। बरइ सीलनिधि कन्या जाही॥**

[लक्षणहरूलाई सोचेर उहाँले मनमा विचार गर्न लाग्नुभयो कि] जसले यसलाई विवाह गर्नेछ, ऊ अमर हुनेछ र रणभूमिमा कसैले उसलाई जित्न सक्नेछैन। यी शीलनिधिकी कन्याले जसलाई माला लगाउनेछिन्, सबै चर-अचर जीवले उनको सेवा गर्नेछन्॥ २॥

**लच्छन सब बिचारि उर राखे। कछुक बनाइ भूप सन भाषे॥**
**सुता सुलच्छन कहि नृप पाहीं। नारद चले सोच मन माहीं॥**

सबै लक्षणहरूलाई विचार गरी मुनिले आफ्नो हृदयमा राख्नुभयो र राजासँग केही आफ्नो तर्फबाट कुरा बनाएर भन्नुभयो। राजासँग राजकुमारीको सुलक्षण भनेर नारदजी हिंडिहाल्नुभयो। तर उहाँको मनमा यो चिन्ता थियो कि— ॥ ३॥

**करौं जाइ सोइ जतन बिचारी। जेहि प्रकार मोहि बरै कुमारी॥**
**जप तप कछु न होइ तेहि काला। हे बिधि मिलइ कवन बिधि बाला॥**

म गएर सोच-विचार गरेर अब त्यही उपाय गर्नेछु, जसले यी कन्याले मलाई नै वरण गरून्। यस समय जप-तपबाट त केही हुन सक्दैन। हे विधाता! मलाई यी कन्या कुन तरिकाले मिल्नेछिन्?॥ ४॥

दो०— **एहि अवसर चाहिअ परम सोभा रूप बिसाल।**
**जो बिलोकि रीझै कुअँरि तब मेलै जयमाल॥ १३१॥**

यतिखेर त धेरै ठूलो शोभा र विशाल (सुन्दर) रूप चाहियो, जसलाई देखेर राजकुमारी मसँग प्रसन्न हुनेछिन्, अनि जयमाला [मेरो गलामा] पहिराउनेछिन्॥ १३१॥

**हरि सन मागौं सुंदरताई। होइहि जात गहर अति भाई॥**
**मोरें हित हरि सम नहिं कोऊ। एहि अवसर सहाय सोइ होऊ॥**

[एउटा काम गर्छु] भगवान्सँग सुन्दरता माग्छु; तर भाइ! उहाँसँग जान त धेरै ढिलो हुनेछ। तर श्रीहरिसमान मेरो हितकारी कोही छैनन्, यसैले यतिखेर उहाँ नै मेरो सहायक हुनुहुनेछ॥ १॥

**बहुबिधि बिनय कीन्हि तेहि काला। प्रगटेउ प्रभु कौतुकी कृपाला॥**
**प्रभु बिलोकि मुनि नयन जुड़ाने। होइहि काजु हिएँ हरषाने॥**

त्यतिखेर नारदजीले भगवान्‌लाई धेरै बिन्ती गर्नुभयो। त्यसपछि लीलामय कृपालु प्रभु [त्यहीं] प्रकट हुनुभयो। स्वामीलाई देखेर नारदजीका नेत्र शीतल भए र उहाँ मनमा धेरै नै हर्षित हुनुभयो कि अब त मेरो काम बन्ने नै छ॥ २॥

**अति आरति कहि कथा सुनाई। करहु कृपा करि होहु सहाई॥**
**आपन रूप देहु प्रभु मोही। आन भाँति नहिं पावौं ओही॥**

नारदजीले धेरै आर्त (दीन) भएर सबै कथा सुनाउनुभयो [र प्रार्थना गर्नुभयो कि] कृपा गरिबक्सियोस् र कृपा गरेर मेरो सहायक बनिबक्सियोस्। हे प्रभु! हजुरले आफ्नो रूप मलाई दिइबक्सियोस्, अरू कुनै तरिकाले त्यस (राजकन्या) लाई प्राप्त गर्न सक्दिन॥ ३॥

**जेहि बिधि नाथ होइ हित मोरा। करहु सो बेगि दास मैं तोरा॥**
**निज माया बल देखि बिसाला। हियँ हँसि बोले दीनदयाला॥**

हे नाथ! जसरी मेरो हित हुन्छ, हजुरले शीघ्र त्यही गरिबक्सियोस्। म हजुरको दास हुँ। आफ्नो मायाको विशाल बल देखेर दीनदयालु भगवान्‌ले मुसुक्क हाँसेर भन्नुभयो— ॥ ४॥

दो०— **जेहि बिधि होइहि परम हित नारद सुनहु तुम्हार।**
**सोइ हम करब न आन कछु बचन न मृषा हमार॥ १३२॥**

हे नारदजी! सुन्नुहोस्, जुन प्रकारले तपाईंलाई परम हित हुनेछ, म त्यही गर्नेछु, अन्यथा गर्ने छैन। मेरो वचन झूटो हुनेछैन॥ १३२॥

**कुपथ माग रुज ब्याकुल रोगी। बैद न देइ सुनहु मुनि जोगी॥**
**एहि बिधि हित तुम्हार मैं ठयऊ। कहि अस अंतरहित प्रभु भयऊ॥**

हे योगी मुनि! सुन्नुहोस्, रोगले व्याकुल भएको रोगीले कुपथ्य माग्यो भने वैद्यले उसलाई दिंदैन। यस्तै प्रकार मैले पनि तपाईंलाई हित गर्ने नै सोचेको छु। यसो भनेर भगवान् अन्तर्धान हुनुभयो॥ १॥

**माया बिबस भए मुनि मूढ़ा। समुझी नहिं हरि गिरा निगूढ़ा॥**
**गवने तुरत तहाँ रिषिराई। जहाँ स्वयंबर भूमि बनाई॥**

[भगवान्‌को] मायामा वशीभूत भएर मुनि यति मूढ हुनुभयो कि उहाँले भगवान्‌का अगूढ (स्पष्ट) वाणीलाई पनि सम्झन सक्नुभएन। ऋषिराज नारदजी तुरुन्तै त्यहाँ जानुभयो जहाँ स्वयंवरको भूमि बनाइएको थियो॥ २॥

**निज निज आसन बैठे राजा। बहु बनाव करि सहित समाजा॥**
**मुनि मन हरष रूप अति मोरें। मोहि तजि आनहि बरिहि न भोरें॥**

राजाहरू अत्यन्त सजि-सजाउ भएर समाजसहित आ-आफ्नो आसनमा बसेका थिए। मुनि (नारदजी) मन-मनै प्रसन्न हुनुभएको थियो कि मेरो रूप धेरै सुन्दर छ, मलाई छोडेर कन्याले भुलेर पनि अर्को व्यक्तिलाई वरण गर्नेछैन॥ ३॥

**मुनि हित कारन कृपानिधाना। दीन्ह कुरूप न जाइ बखाना॥**
**सो चरित्र लखि काहुँ न पावा। नारद जानि सबहिं सिर नावा॥**

कृपानिधान भगवान्ले मुनिको कल्याणका लागि उहाँलाई यस्तो कुरूप बनाइदिनुभएको थियो कि जसको वर्णन हुनै सक्दैन; तर यस्तो चरित्र कसैले पनि जान्न सकेनन्। सबैले उहाँलाई नारद नै भनेर प्रणाम गरे॥ ४॥

दो०— **रहे तहाँ दुइ रुद्र गन ते जानहिं सब भेउ।**
**बिप्रबेष देखत फिरहिं परम कौतुकी तेउ॥ १३३॥**

त्यहाँ दुई जना शिवजीका गण पनि थिए। उनीहरू सबै भेद जान्दथे र ब्राह्मणको भेष बनाएर सारा लीला हेर्दै घुमेका थिए। उनीहरू पनि धेरै आनन्द गर्ने (महान् कौतुकी) थिए॥ १३३॥

**जेहिं समाज बैठे मुनि जाई। हृदयँ रूप अहमिति अधिकाई॥**
**तहँ बैठे महेस गन दोऊ। बिप्रबेष गति लखइ न कोऊ॥**

नारदजी आफ्नो हृदयमा रूपको ठूलो अभिमान लिएर जुन समाज (पङ्क्ति) मा गएर बस्नुभएको थियो, ती शिवजीका गण पनि त्यहीं बसे। ब्राह्मणको वेषमा भएका हुनाले उनीहरूको यस चाललाई कसैले जान्न सकेनन्॥ १॥

**करहिं कूटि नारदहि सुनाई। नीकि दीन्हि हरि सुंदरताई॥**
**रीझिहि राजकुअँरि छबि देखी। इन्हहि बरिहि हरि जानि बिसेषी॥**

उनीहरूले पटक-पटक नारदजीलाई सुनाउँदै व्यङ्ग्य वचन भनेका थिए— भगवान्ले यिनलाई राम्रो 'सुन्दरता' दिनुभएको छ। यिनको शोभालाई देखेर राजकुमारी प्रसन्न हुनेछिन् र 'हरि' (बाँदर) जानेर यिनैलाई विशेष रूपमा वरण गर्नेछिन्॥ २॥

**मुनिहि मोह मन हाथ पराएँ। हँसहिं संभु गन अति सचु पाएँ॥**
**जदपि सुनहिं मुनि अटपटि बानी। समुझि न परइ बुद्धि भ्रम सानी॥**

नारदमुनिलाई मोह भइरहेको थियो, किन भने उहाँको मन अर्काको हात (मायाको वश) मा थियो। शिवजीका गण धेरै नै प्रसन्न भएर हाँसिरहेका थिए। यद्यपि मुनिले उनीहरूका व्यङ्ग्यात्मक कुराहरू सुनिरहनुभएको थियो। तर बुद्धि भ्रममा परेकोले ती कुराहरू उहाँले सम्झन सक्नुभएन (उनीहरूका कुरालाई आफ्नै प्रशंसा सम्झिरहनुभएको थियो)॥ ३॥

**काहुँ न लखा सो चरित बिसेषा। सो सरूप नृपकन्याँ देखा॥**
**मर्कट बदन भयंकर देही। देखत हृदयँ क्रोध भा तेही॥**

यस विशेष चरित्रलाई अरू कसैले जानेनन्, केवल राजकन्याले [नारदजीको] त्यही रूपलाई देखिन्। उहाँको बाँदरको जस्तो मुख र भयङ्कर शरीर देख्दा राजकुमारीको हृदयमा क्रोध उत्पन्न भयो॥ ४॥

**दो०— सखीं संग लै कुअँरि तब चलि जनु राजमराल।**
**देखत फिरइ महीप सब कर सरोज जयमाल॥ १३४॥**

अनि राजकुमारी सखीहरूलाई साथमा लिएर यसरी हिंडिन् मानौं राजहंसिनी हिंडिरहेका छन्। उनले आफ्ना कमलजस्ता हातमा जयमाला लिएर सबै राजातर्फ हेर्दै घुम्न लागिन्॥ १३४॥

**जेहि दिसि बैठे नारद फूली। सो दिसि तेहिं न बिलोकी भूली॥**
**पुनि पुनि मुनि उकसहिं अकुलाहीं। देखि दसा हर गन मुसुकाहीं॥**

जता नारदजी [रूपको गर्वमा] फुलेर बस्नुभएको थियो, त्यता उनले भुलेर पनि हेरिनन्। नारद मुनि बारम्बार उफ्रँदै र छट्पटाउँदै गर्नुहुन्थ्यो। उहाँको अवस्था देखेर शिवजीका गण मुस्कुराएका थिए॥ १॥

**धरि नृपतनु तहँ गयउ कृपाला। कुअँरि हरषि मेलेउ जयमाला॥**
**दुलहिनि लै गे लच्छिनिवासा। नृपसमाज सब भयउ निरासा॥**

कृपालु भगवान् पनि राजाको शरीर धारण गरी त्यहाँ पुग्नुभयो। राजकुमारीले हर्षित भएर उहाँको गलामा जयमाला लगाइदिइन्। लक्ष्मीनिवास भगवान्ले दुलहीलाई लिएर जानुभयो। सारा राजमण्डली निराश भए॥ २॥

**मुनि अति बिकल मोहँ मति नाठी। मनि गिरि गई छूटि जनु गाँठी॥**
**तब हर गन बोले मसुकाई। निज मुख मुकुर बिलोकहु जाई॥**

मोहका कारणले मुनिको बुद्धि नष्ट भएको थियो। यसैले उहाँ [राजकुमारीलाई गएको देखेर] धेरै नै आत्तिनुभयो। मानौं गाँठोबाट खसेर मणि हरायो। त्यसपछि शिवजीका गणहरूले मुस्कुराउँदै भने—गएर ऐनामा आफ्नो मुख त हेर्नुहोस्!॥ ३॥

**अस कहि दोउ भागे भयँ भारी। बदन दीख मुनि बारि निहारी॥**
**बेष बिलोकि क्रोध अति बाढ़ा। तिन्हहि सराप दीन्ह अति गाढ़ा॥**

यसो भनेर उनी दुवै धेरै भयभीत भएर भागे। मुनिले जलको प्रतिविम्बमा आफ्नो मुख हेर्नुभयो। आफ्नो रूपलाई देखेर उहाँलाई धेरै क्रोध भयो। उहाँले शिवजीका ती गणहरूलाई ज्यादै कठोर श्राप दिनुभयो॥ ४॥

**दो०— होहु निसाचर जाइ तुम्ह कपटी पापी दोउ।**
**हँसेहु हमहि सो लेहु फल बहुरि हँसेहु मुनि कोउ॥ १३५॥**

तिमी दुवै कपटी र पापी गएर राक्षस होऊ। तिमीहरूले मेरो हाँसो गऱ्यौ (बेइज्जत गऱ्यौ), त्यसको फल चाख। अब फेरि कुन मुनिको हाँसो गरौला?॥ १३५॥

**पुनि जल दीख रूप निज पावा। तदपि हृदयँ सन्तोष न आवा॥**
**फरकत अधर कोप मन माहीं। सपदि चले कमलापति पाहीं॥**

मुनिले फेरि जलमा हेर्नुभयो, त्यहाँ आफ्नो (असली) रूप प्राप्त भयो; त्यसपछि पनि उहाँलाई सन्तोष भएन। उहाँका ओठ फर्फराइरहेका थिए र मनमा क्रोध [भरिएको] थियो। तुरुन्तै उहाँ भगवान् कमलापतिका समीपमा जानुभयो॥ १॥

**देहउँ श्राप कि मरिहउँ जाई। जगत मोरि उपहास कराई॥**
**बीचहिं पंथ मिले दनुजारी। संग रमा सोइ राजकुमारी॥**

[मनमा सोच्दै जानुभएको थियो— ] गएर या त श्राप दिनेछु या प्राण दिनेछु। उनले जगत्मा मेरो बेइज्जती गरे। दैत्यहरूका शत्रु भगवान् हरि उहाँसँग बीच बाटोमै भेटिनुभयो। साथमा लक्ष्मीजी र उनै राजकुमारी थिइन्॥ २॥

**बोले मधुर बचन सुरसाईं। मुनि कहँ चले बिकल की नाईं॥**
**सुनत बचन उपजा अति क्रोधा। माया बस न रहा मन बोधा॥**

देवताहरूका स्वामी भगवान्ले मीठो वाणीमा भन्नुभयो—हे मुनि! अत्तालिएझैं कहाँ हिंड्नुभएको छ? यी शब्द सुन्दा नै नारदजीलाई ठूलो रिस उठ्यो। मायामा वशीभूत हुनाका कारणले मनमा चेत (होस) थिएन॥ ३॥

**पर संपदा सकहु नहिं देखी। तुम्हरें इरिषा कपट बिसेषी॥**
**मथत सिंधु रुद्रहि बौरायहु। सुरन्ह प्रेरि बिष पान करायहु॥**

[मुनिले भन्नुभयो— ] तिमी अर्काको सम्पदालाई देख्न सक्दैनौ, तिमीसँग ईर्ष्या र कपट धेरै छ। समुद्र मन्थन गर्ने समयमा तिमीले शिवजीलाई बौलाहा बनायौ र देवताहरूलाई प्रेरित गरेर उनीहरूलाई विषपान गरायौ॥ ४॥

दो०— **असुर सुरा बिष संकरहि आपु रमा मनि चारु।**
**स्वारथ साधक कुटिल तुम्ह सदा कपट ब्यवहारु॥ १३६॥**

असुरहरूलाई मदिरा र शिवजीलाई विष दिएर तिमीले स्वयं लक्ष्मी र सुन्दर [कौस्तुभ] मणि लियौ। तिमी ठूला धोकेबाज र मतलबी छौ। सधैं कपटको व्यवहार गर्दछौ॥ १३६॥

**परम स्वतंत्र न सिर पर कोई। भावइ मनहि करहु तुम्ह सोई॥**
**भलेहि मंद मंदेहि भल करहू। बिसमय हरष न हियँ कछु धरहू॥**

तिमी परम स्वतत्र छौ, तिम्रो शिरमाथि त कोही छँदै-छैन, त्यसैले जतिखेर जे गर्न मन लाग्दछ, [स्वच्छन्दतापूर्वक] त्यही गर्ने गर्दछौ। राम्रोलाई नराम्रो र नराम्रोलाई राम्रो बनाइदिन्छौ। हृदयमा हर्ष-विषाद केही पनि सोच्दैनौ॥ १॥

**डहकि डहकि परिचेहु सब काहू। अति असंक मन सदा उछाहू॥**
**करम सुभासुभ तुम्हहि न बाधा। अब लगि तुम्हहि न काहूँ साधा॥**

सबैलाई ठगी-ठगी पल्केका छौ र अत्यन्त निडर भएका छौ; यसैले [ठग्ने काममा] मनमा सधैं उत्साह रहन्छ। शुभ-अशुभ कर्मले तिमीलाई बाधा नै दिंदैन। आजसम्म तिमीले कसैलाई पनि ठीक (हित) गरेका छैनौ॥ २॥

**भले भवन अब बायन दीन्हा। पावहुगे फल आपन कीन्हा॥**
**बंचेहु मोहि जवनि धरि देहा। सोइ तनु धरहु श्राप मम एहा॥**

यसपटक तिमीले राम्रो घर बनाइदियौ (मजस्तो सज्ज्न व्यक्तिसँग शत्रुता गर्‍यौ)। अतः आफूले गरेको फल अवश्य पाउनेछौ। जुन शरीरलाई धारण गरेर तिमीले मलाई ठगेका छौ, तिमी पनि त्यही शरीर धारण गर, यो मेरो श्राप भयो॥ ३॥

**कपि आकृति तुम्ह कीन्हि हमारी। करिहहिं कीस सहाय तुम्हारी॥**
**मम अपकार कीन्ह तुम्ह भारी। नारि बिरहँ तुम्ह होब दुखारी॥**

तिमीले मेरो शरीर बाँदरको जस्तो बनाइदिएका थियौ, यसैले बाँदरले नै तिम्रो सहायता गर्नेछन्। [मैले जुन स्त्रीलाई खोजेको थिएँ उससँग मलाई वियोग गराएर] तिमीले मलाई ठूलो अहित गरेका छौ, यसैले तिमी पनि स्त्रीको वियोगमा दुःखी हुनेछौ॥ ४॥

दो०— **श्राप सीस धरि हरषि हियँ प्रभु बहु बिनती कीन्हि।**
**निज माया कै प्रबलता करषि कृपानिधि लीन्हि॥ १३७॥**

श्रापलाई शिरमा लिएर, हृदयमा हर्षित हुँदै प्रभुले नारदजीसँग धेरै बिन्ती गर्नुभयो र कृपानिधान भगवान्‌ले आफ्नो मायाको प्रबलता हटाउनुभयो॥ १३७॥

**जब हरि माया दूरि निवारी। नहिं तहँ रमा न राजकुमारी॥**
**तब मुनि अति सभीत हरि चरना। गहे पाहि प्रनतारति हरना॥**

जब भगवान्‌ले आफ्नो मायालाई हटाउनुभयो, त्यसपछि त्यहाँ न लक्ष्मी नै रहनुभयो, न त राजकुमारी नै। त्यसपछि मुनिले अत्यन्तै भयभीत भएर श्रीहरिका चरण समात्नुभयो र भन्नुभयो— हे शरणागतका दुःखहरूलाई हरण गर्ने! मेरो रक्षा गरिबक्सियोस्॥ १॥

**मृषा होउ मम श्राप कृपाला। मम इच्छा कह दीनदयाला॥**
**मैं दुर्बचन कहे बहुतेरे। कह मुनि पाप मिटिहिं किमि मेरे॥**

हे कृपालु! मेरो श्राप मिथ्या होस्। त्यसपछि दीनहरूप्रति दया गर्ने भगवान्‌ले भन्नुभयो कि यस्तो सबै मेरै इच्छा (बाट भएको) हो। मुनिले भन्नुभयो—मैले हजुरलाई अनेकौं खोटा (रूखा, कडा) वचन भनें। मेरो पाप कसरी मेटिन्छ?॥ २॥

**जपहु जाइ संकर सत नामा। होइहि हृदयँ तुरत बिश्रामा॥**
**कोउ नहिं सिव समान प्रिय मोरें। असि परतीति तजहु जनि भोरें॥**

[भगवान्‌ले भन्नुभयो— ] गएर शङ्करजीको शतनाम पाठ गर, यसबाट हृदयमा तुरुन्तै शान्ति हुनेछ। शिवजीसमान मलाई कोही पनि प्रिय छैनन्। यस विश्वासलाई भुलेर पनि नछोड्नु॥ ३॥

**जेहि पर कृपा न करहिं पुरारी। सो न पाव मुनि भगति हमारी॥**
**अस उर धरि महि बिचरहु जाई। अब न तुम्हहि माया निअराई॥**

हे मुनि! पुरारि (शिवजी) ले जसलाई कृपा गर्नुहुन्न, उसले मेरो भक्ति पाउँदैन। हृदयमा यस्तो निश्चय गरेर गएर पृथ्वीमा भ्रमण गर। अब मेरो माया तिम्रो नजिक आउनेछैन॥ ४॥

दो०— **बहुबिधि मुनिहि प्रबोधि प्रभु तब भए अंतरधान।**
**सत्यलोक नारद चले करत राम गुन गान॥ १३८॥**

धेरै प्रकारले मुनिलाई सम्झाइ-बुझाइ गरेर त्यसपछि प्रभु अन्तर्धान हुनुभयो र नारदजी श्रीरामचन्द्रजीका गुणहरूलाई वर्णन गर्दै सत्यलोक (ब्रह्मलोक) मा जानुभयो॥ १३८॥

**हर गन मुनिहि जात पथ देखी। बिगत मोह मन हरष बिसेषी॥**
**अति सभीत नारद पहिं आए। गहि पद आरत बचन सुनाए॥**

शिवजीका गणहरूले जब मुनिलाई मोहरहित र मनमा प्रसन्न भएर बाटोमा जाँदै गरेको देखे, त्यसपछि उनीहरू अत्यन्त भयभीत भएर नारदजीसँग आए र उहाँका चरण समाती दीन वचन बोले— ॥ १॥

**हर गन हम न बिप्र मुनिराया। बड़ अपराध कीन्ह फल पाया॥**
**श्राप अनुग्रह करहु कृपाला। बोले नारद दीनदयाला॥**

हे मुनिराज! हामी ब्राह्मण होइनौं, शिवजीका गण हौं। हामीले ठूलो अपराध गर्‍यौं, जसको फल हामीले पायौं। हे कृपालु! अब श्राप मेटाउनका लागि कृपा गरिबक्सियोस्। दीनहरूलाई दया गर्ने नारदजीले भन्नुभयो— ॥ २॥

**निसिचर जाइ होहु तुम्ह दोऊ। बैभव बिपुल तेज बल होऊ॥**
**भुजबल बिस्व जितब तुम्ह जहिआ। धरिहहिं बिष्नु मनुज तनु तहिआ॥**

तिमी दुवै गएर राक्षस होऊ; तिमीहरूलाई महान् ऐश्वर्य, तेज र बल प्राप्त हुनेछ। तिमीहरूले आफ्नो भुजाको बलद्वारा जब सम्पूर्ण विश्वलाई जित्नेछौ, त्यसपछि भगवान् विष्णुले मनुष्यको शरीर धारण गर्नुहुनेछ॥ ३॥

**समर मरन हरि हाथ तुम्हारा। होइहहु मुकुत न पुनि संसारा॥**
**चले जुगल मुनि पद सिर नाई। भए निसाचर कालहि पाई॥**

युद्धमा श्रीहरिको हातबाट तिमीहरूको मृत्यु हुनेछ, जसबाट तिमीहरू मुक्त हुनेछौ र फेरि संसारमा जन्म लिनेछैनौ। उनी दुवै मुनिका चरणहरूमा शिर निहुराएर गए, अनि समय भएपछि राक्षस भए॥ ४॥

दो०— **एक कलप एहि हेतु प्रभु लीन्ह मनुज अवतार।**
**सुर रंजन सज्जन सुखद हरि भंजन भुबि भार॥ १३९॥**

देवताहरूलाई प्रसन्न गर्ने, सज्जनहरूलाई सुख दिने र पृथ्वीको भारलाई हरण गर्ने भगवान्‌ले एक कल्पमा यही कारणले मनुष्यको अवतार लिनुभएको थियो॥ १३९॥

**एहि बिधि जनम करम हरि केरे। सुंदर सुखद बिचित्र घनेरे॥**
**कलप कलप प्रति प्रभु अवतरहीं। चारु चरित नानाबिधि करहीं॥**

यस प्रकार भगवान्‌का अनेकौं सुन्दर, सुखदायक र अलौकिक जन्म र कर्म छन्। प्रत्येक कल्पमा जब-जब भगवान्‌ले अवतार लिनुहुन्छ र नाना प्रकारका सुन्दर लीलाहरू गर्नुहुन्छ, ॥ १ ॥

**तब तब कथा मुनीसन्ह गाई। परम पुनीत प्रबंध बनाई॥**
**बिबिध प्रसंग अनूप बखाने। करहिं न सुनि आचरजु सयाने॥**

तब-तब मुनीश्वरहरूले परम पवित्र काव्यरचना गरेर उहाँका कथाहरूलाई गाउने गर्दछन् र अनेक प्रकारका अनुपम प्रसङ्गहरूको वर्णन गरेका छन्, जसलाई सुनेर समझदार (विवेकी) व्यक्तिहरू आश्चर्य गर्दैनन्॥ २॥

**हरि अनंत हरि कथा अनंता। कहहिं सुनहिं बहुबिधि सब संता॥**
**रामचंद्र के चरित सुहाए। कलप कोटि लगि जाहिं न गाए॥**

श्रीहरि अनन्त (उहाँ यस्तै र यतिमात्रै हुनुहुन्छ भनेर भन्न नसकिने) हुनुहुन्छ र उहाँका कथा पनि अनन्त छन्; सबै सन्तहरूले उसलाई धेरै प्रकारबाट भन्दछन् र सुन्दछन्। श्रीरामचन्द्रजीका सुन्दर चरित्र करोड कल्पहरूमा पनि गाएर सकिंदैनन्॥ ३॥

**यह प्रसंग मैं कहा भवानी। हरिमायाँ मोहहिं मुनि ग्यानी॥**
**प्रभु कौतुकी प्रनत हितकारी। सेवत सुलभ सकल दुखहारी॥**

[शिवजी भन्नुहुन्छ कि] हे पार्वती! मैले यो बताउनका लागि यस प्रसङ्गलाई भनेको हुँ कि ज्ञानी मुनि पनि भगवान्‌को मायाबाट मोहित भइहाल्दछन्। प्रभु कौतुकी (लीलामय) र शरणागतका हितकारी हुनुहुन्छ। उहाँ सेवा गर्नाले धेरै सुलभ र सबै दु:खहरूलाई हरण गर्नेवाला हुनुहुन्छ॥ ४॥

सो०— **सुर नर मुनि कोउ नाहिं जेहि न मोह माया प्रबल।**
**अस बिचारि मन माहिं भजिअ महामाया पतिहि॥ १४०॥**

देवता, मनुष्य र मुनिहरूमध्ये यस्तो कोही पनि छैन, जसलाई भगवान्‌को प्रबल मायाले मोहित गर्न नसकोस्। मनमा यस्तो विचार गरेर उनै महामायाका स्वामी (प्रेरक) श्रीभगवान्‌को भजन गर्नुपर्दछ॥ १४०॥

**अपर हेतु सुनु सैलकुमारी। कहउँ बिचित्र कथा बिस्तारी॥**
**जेहि कारन अज अगुन अरूपा। ब्रह्म भयउ कोसलपुर भूपा॥**

हे गिरिराजकुमारी! अब भगवान्‌को अवतारको त्यो दोस्रो कारण सुन—मैले त्यसको विचित्र कथा विस्तारपूर्वक भन्दछु—जुन कारणले जन्मरहित, निर्गुण र रूप-रहित (अव्यक्त सच्चिदानन्दघन) ब्रह्म अयोध्यापुरीका राजा हुनुभयो॥ १॥

**जो प्रभु बिपिन फिरत तुम्ह देखा। बंधु समेत धरें मुनिबेषा॥**
**जासु चरित अवलोकि भवानी। सती सरीर रहिहु बौरानी॥**

जुन प्रभु श्रीरामचन्द्रजीलाई तिमीले भाइ लक्ष्मणजीका साथ मुनिहरूको जस्तो वेष धारण गरेर वनमा घुमेको देखेकी थियौ र हे भवानी! जसको चरित्रलाई देखेर सतीको शरीर हुँदा तिमी यस्ती बौलाहीजस्ती भएकी थियौ कि—॥ २॥

**अजहुँ न छाय मिटति तुम्हारी। तासु चरित सुनु भ्रम रुज हारी॥**
**लीला कीन्हि जो तेहिं अवतारा। सो सब कहिहउँ मति अनुसारा॥**

अझैसम्म पनि तिम्रो उही बौलाहीपनाको छाया मेटिएको छैन, उही भ्रमरूपी रोगलाई हरण गर्ने चरित्र सुन। त्यस अवतारमा भगवान्‌ले जो-जो लीला गर्नुभयो, ती सबै मैले आफ्नो बुद्धि-अनुसार तिमीलाई भन्नेछु॥ ३॥

**भरद्वाज सुनि संकर बानी। सकुचि सप्रेम उमा मुसुकानी॥**
**लगे बहुरि बरन बृषकेतू। सो अवतार भयउ जेहि हेतू॥**

[याज्ञवल्क्यजीले भन्नुभयो—] हे भरद्वाज! शङ्करजीको भनाइ सुनेर पार्वतीजी लाज मान्दै प्रेमसहित मुस्कुराउनुभयो। फेरि वृषकेतु शिवजीले जुन कारणले भगवान्‌को त्यो अवतार भएको थियो, त्यसलाई वर्णन गर्न लाग्नुभयो॥ ४॥

दो०—**सो मैं तुम्ह सन कहउँ सबु सुनु मुनीस मन लाइ।**
**राम कथा कलि मल हरनि मंगल करनि सुहाइ॥ १४१॥**

हे मुनीश्वर भरद्वाज! अब म सबै तिमीसँग भन्दछु, मन लगाएर सुन। श्रीरामचन्द्रजीको कथाले कलियुगका पापहरूलाई हरण गर्दछ तथा कल्याणकारी र धेरै सुन्दर छ॥ १४१॥

### * मनु-शतरूपा-तप एवं वरदान *

**स्वायंभू मनु अरु सतरूपा। जिन्ह तें भै नरसृष्टि अनूपा॥**
**दंपति धरम आचरन नीका। अजहुँ गाव श्रुति जिन्ह कै लीका॥**

स्वायम्भुव मनु र [उनकी पत्नी] शतरूपा, जसबाट मनुष्यहरूको यस्तो अनुपम सृष्टि भयो, यी दुवै पति र पत्नीको धर्म र आचरण धेरै नै असल थियो। आज पनि वेदले जसको मर्यादालाई गाएका छन्॥ १॥

**नृप उत्तानपाद सुत तासू। ध्रुव हरिभगत भयउ सुत जासू॥**
**लघु सुत नाम प्रियब्रत ताही। बेद पुरान प्रसंसहिं जाही॥**

राजा उत्तानपाद उनका पुत्र थिए, जसका पुत्र [प्रसिद्ध] हरिभक्त ध्रुवजी हुनुभयो। उनै (मनुजी) का कान्छा छोराको नाम प्रियव्रत थियो, जसको प्रशंसा वेद र पुराणले गरेका छन्॥ २॥

**देवहूति पुनि तासु कुमारी। जो मुनि कर्दम कै प्रिय नारी॥**
**आदिदेव प्रभु दीनदयाला। जठर धरेउ जेहिं कपिल कृपाला॥**

पुनः देवहूति उनकी छोरी थिइन्, जुन कर्दम मुनिकी प्यारी पत्नी भइन् र जसले आदिदेव, दीनहरूलाई दया गर्न समर्थ एवं कृपालु भगवान् कपिललाई गर्भमा धारण गरिन्॥ ३॥

**सांख्य सास्त्र जिन्ह प्रगट बखाना। तत्त्व बिचार निपुन भगवाना॥**
**तेहिं मनु राज कीन्ह बहु काला। प्रभु आयसु सब बिधि प्रतिपाला॥**

तत्त्वलाई विचार गर्नमा अत्यन्त निपुण जुन (कपिल) भगवान्ले साङ्ख्यशास्त्रलाई प्रकट रूपमा वर्णन गर्नुभयो, उनै (स्वायम्भुव) मनुजीले धेरै समयसम्म राज्य गर्नुभयो र सबै प्रकारबाट भगवान्को आज्ञा [रूप शास्त्रहरूको मर्यादा] लाई पालन गर्नुभयो॥ ४॥

सो०— **होइ न बिषय बिराग भवन बसत भा चौथपन।**
**हृदयँ बहुत दुख लाग जनम गयउ हरिभगति बिनु॥ १४२॥**

घरमा रहदा-रहदै वृद्धावस्था आयो, परन्तु विषयहरूबाट वैराग्य भएन; [यस कुरालाई सोचेर] उहाँको मनमा ठूलो दुःख भयो कि श्रीहरिको भक्तिविना यो जन्म त्यत्तिकै गइसक्यो॥ १४२॥

**बरबस राज सुतहि तब दीन्हा। नारि समेत गवन बन कीन्हा॥**
**तीरथ बर नैमिष बिख्याता। अति पुनीत साधक सिधि दाता॥**

त्यसपछि मनुजीले आफ्ना पुत्रलाई जबरजस्ती राज्य दिएर स्वयं स्त्रीसहित वनमा जानुभयो। अत्यन्त पवित्र र साधकहरूलाई सिद्धि दिने तीर्थहरूमा श्रेष्ठ नैमिषारण्य प्रसिद्ध छ॥ १॥

**बसहिं तहाँ मुनि सिद्ध समाजा। तहँ हियँ हरषि चलेउ मनु राजा॥**
**पंथ जात सोहहिं मतिधीरा। ग्यान भगति जनु धरें सरीरा॥**

त्यहाँ मुनि र सिद्धहरूको समूह बस्दछ। राजा मनु हृदयमा हर्षित भएर त्यहीं जानुभयो। ती धीर बुद्धि भएका राजा-रानी बाटोमा जाँदै गर्दा यसरी सुशोभित हुनुभएको थियो, मानौं ज्ञान र भक्तिले नै शरीर धारण गरेर गइरहेका हुन्॥ २॥

**पहुँचे जाइ धेनुमति तीरा। हरषि नहाने निरमल नीरा॥**
**आए मिलन सिद्ध मुनि ग्यानी। धरम धुरंधर नृपरिषि जानी॥**

[हिंड्दा-हिंड्दै] उहाँहरू गोमती (नदी) को किनारामा पुग्नुभयो। हर्षित भएर उहाँहरूले निर्मल जलमा स्नान गर्नुभयो। उहाँलाई धर्मधुरन्धर राजर्षि जानेर सिद्ध र ज्ञानी मुनिहरू भेट गर्न आए॥ ३॥

**जहँ जहँ तीरथ रहे सुहाए। मुनिन्ह सकल सादर करवाए॥**
**कृस सरीर मुनिपट परिधाना। सत समाज नित सुनहिं पुराना॥**

जहाँ-जहाँ सुन्दर तीर्थ (मन्दिर) थिए, मुनिहरूले आदरपूर्वक सबै तीर्थ (को दर्शन) उहाँलाई गराए। उहाँको शरीर दुर्बल भएको थियो, उहाँ मुनिहरूको जस्तो (वल्कल) वस्त्र धारण गर्नुहुन्थ्यो र सन्तहरूको समाजमा दिनहुँ पुराण सुन्नुहुन्थ्यो॥ ४॥

**दो०— द्वादस अच्छर मंत्र पुनि जपहिं सहित अनुराग।**
**बासुदेव पद पंकरुह दंपति मन अति लाग॥ १४३॥**

द्वादशाक्षर मन्त्र (ॐ नमो भगवते वासुदेवाय) को प्रेमपूर्वक जप गर्नुहुन्थ्यो। भगवान् वासुदेवका चरणकमलमा ती राजा-रानीको मन अत्यन्तै लागेको थियो॥ १४३॥

**करहिं अहार साक फल कंदा। सुमिरहिं ब्रह्म सच्चिदानंदा॥**
**पुनि हरि हेतु करन तप लागे। बारि अधार मूल फल त्यागे॥**

उहाँहरूले साग, फल र कन्दको आहार गर्नुहुन्थ्यो र सच्चिदानन्द ब्रह्मको स्मरण गर्नुहुन्थ्यो। फेरि उहाँले श्रीहरिको प्राप्तिका लागि तप गर्न लाग्नुभयो र मूल-फललाई पनि त्यागेर केवल जलको आधारमा रहन लाग्नुभयो॥ १॥

**उर अभिलाष निरंतर होई। देखिअ नयन परम प्रभु सोई॥**
**अगुन अखंड अनंत अनादी। जेहि चिंतहिं परमारथबादी॥**

हृदयमा निरन्तर यही अभिलाषा हुन्थ्यो कि मैले (कसरी) ती परम प्रभुलाई आँखाबाट प्रत्यक्ष देख्न सकुँला, जो निर्गुण, अखण्ड, अनन्त र अनादि हुनुहुन्छ र परमार्थवादी (ब्रह्मज्ञानी, तत्त्ववेत्ता) व्यक्तिले जसको चिन्तन गर्ने गर्दछन्॥ २॥

**नेति नेति जेहि बेद निरूपा। निजानंद निरुपाधि अनूपा॥**
**संभु बिरंचि बिष्नु भगवाना। उपजहिं जासु अंस तें नाना॥**

जसलाई वेदले 'नेति-नेति' भनेर निरूपण गर्दछन्। जो आनन्दस्वरूप, उपाधिरहित र अनुपम हुनुहुन्छ, एवं जसको अंशबाट अनेकौं शिव, ब्रह्मा र विष्णु भगवान् प्रकट हुन्छन्॥ ३॥

**ऐसेउ प्रभु सेवक बस अहई। भगत हेतु लीलातनु गहई॥**
**जौं यह बचन सत्य श्रुति भाषा। तौ हमार पूजिहि अभिलाषा॥**

यस्ता [महान्] प्रभु पनि सेवकका वशमा हुनुहुन्छ र भक्तहरूका लागि [दिव्य] लीला-विग्रह धारण गर्नुहुन्छ। यदि वेदहरूमा यी वचन सत्य भनिएका हुन् भने हामीहरूको अभिलाषा पनि अवश्य पूरा हुनेछ॥ ४॥

**दो०— एहि बिधि बीते बरष षट सहस बारि आहार।**
**संबत सप्त सहस्र पुनि रहे समीर अधार॥ १४४॥**

यस प्रकार जलको आहारा (गरेर तप) गर्दा छ हजार वर्ष बिते। फेरि उहाँ सात हजार वर्ष वायुको आधारमा रहनुभयो॥ १४४॥

**बरष सहस दस त्यागेउ सोऊ। ठाढ़े रहे एक पद दोऊ॥**
**बिधि हरि हर तप देखि अपारा। मनु समीप आए बहु बारा॥**

दश हजार वर्षसम्म उहाँले वायुको आधार पनि छोड्नुभयो। दुवै जना एक खुट्टाले उभिनुहुन्थ्यो। उहाँहरूको अपार तपस्या देखेर ब्रह्मा, विष्णु र शिवजी कैयौं पटक मनुजीका साथ आउनुभयो॥ १॥

**मागहु बर बहु भाँति लोभाए। परम धीर नहिं चलहिं चलाए॥**
**अस्थिमात्र होइ रहे सरीरा। तदपि मनाग मनहिं नहिं पीरा॥**

उहाँहरूले राजा-रानीलाई अनेक प्रकारले लोभ्याउनुभयो र भन्नुभयो कि केही वरदान माग। तर यी परम धैर्यवान् [राजा-रानी आफ्नो तपबाट कसैगरी] विचलित भएनन्। यद्यपि उनीहरूको शरीर हाडहरूको ढाँचामात्र रहेको थियो, तर पनि उहाँहरूको मनमा कत्ति पनि पीडा थिएन॥ २॥

**प्रभु सर्बग्य दास निज जानी। गति अनन्य तापस नृप रानी॥**
**मागु मागु बरु भै नभ बानी। परम गभीर कृपामृत सानी॥**

सर्वज्ञ प्रभुले अनन्य गति (आश्रय) भएका तपस्वी राजा-रानीलाई 'आफ्ना सेवक' सम्झिनुभयो। त्यसपछि परम गम्भीर र कृपारूप अमृतमा मिसिएको यस्तो आकाशवाणी भयो कि 'वर माग'॥ ३॥

**मृतक जिआवनि गिरा सुहाई। श्रवन रंध्र होइ उर जब आई॥**
**हृष्ट पुष्ट तन भए सुहाए। मानहुँ अबहिं भवन ते आए॥**

यस्तो सुन्दर मृतसञ्जीवनी (मुर्दालाई पनि बचाउने) वाणी कानका प्वाँलबाट जब हृदयमा आयो, त्यसपछि राजा-रानीका शरीर यस्ता सुन्दर र हृष्ट-पुष्ट भए कि मानौं अहिले नै दरबारबाट आएका हुन्॥ ४॥

**दो०— श्रवन सुधा सम बचन सुनि पुलक प्रफुल्लित गात।**
**बोले मनु करि दंडवत प्रेम न हृदयँ समात॥ १४५॥**

कानमा अमृत समान लाग्ने वचन सुन्दा नै उहाँहरूको शरीर रोमाञ्चले प्रफुल्लित भयो। त्यसपछि मनुजीले दण्डवत् गरेर बोल्नुभयो, हृदयमा प्रेम अटाएको थिएन— ॥ १४५॥

**सुनु सेवक सुरतरु सुरधेनू। बिधि हरि हर बंदित पद रेनू॥**
**सेवत सुलभ सकल सुखदायक। प्रनतपाल सचराचर नायक॥**

हे प्रभु! सुनिबक्सियोस्, हजुर सेवकका लागि कल्पवृक्ष र कामधेनु होइबक्सिन्छ। हजुरका चरण-रजलाई ब्रह्मा, विष्णु र शिवजीले पनि वन्दना गर्नुहुन्छ। हजुर सेवाबाट सुलभ होइबक्सिन्छ र सबै सुख दिइबक्सिन्छ। हजुर शरणागतका रक्षक र जड-चेतनका स्वामी होइबक्सिन्छ॥ १॥

**जौं अनाथ हित हम पर नेहू। तौ प्रसन्न होइ यह बर देहू॥**
**जो सरूप बस सिव मन माहीं। जेहिं कारन मुनि जतन कराहीं॥**

हे अनाथहरूको कल्याण गर्ने! यदि हामीहरूप्रति हजुरको स्नेह छ भने प्रसन्न भएर यस्तो वरदान दिइबक्सियोस् कि हजुरको जुन स्वरूप शिवजीको मनमा बस्दछ र जस (को प्राप्ति) का लागि मुनिहरू प्रयत्न गर्दछन्॥ २॥

**जो भुसुंडि मन मानस हंसा। सगुन अगुन जेहि निगम प्रसंसा॥**
**देखहिं हम सो रूप भरि लोचन। कृपा करहु प्रनतारति मोचन॥**

जो कागभुशुण्डिको मनरूपी मानसरोवरमा विहार गर्ने हाँस होइबक्सिन्छ, सगुण र निर्गुण भनेर वेदले जसको प्रशंसा गर्दछन्, हे शरणागतको दुःख मेटाउने प्रभु! यस्तो कृपा गरिबक्सियोस् कि हामीले त्यही रूपलाई आँखाभरि हेर्न सकौं॥ ३॥

**दंपति बचन परम प्रिय लागे। मृदुल बिनीत प्रेम रस पागे॥**
**भगत बछल प्रभु कृपानिधाना। बिस्वबास प्रगटे भगवाना॥**

राजा-रानीका कोमल, विनययुक्त र प्रेमरसमा मुछिएका वचन भगवान्‌लाई धेरै नै प्रिय लागे। भक्तवत्सल, कृपानिधान, सम्पूर्ण विश्वका निवासस्थान (या समस्त विश्वमा व्यापक), सर्वसमर्थ भगवान् प्रकट हुनुभयो॥ ४॥

दो०— **नील सरोरुह नील मनि नील नीरधर स्याम।**
**लाजहिं तन सोभा निरखि कोटि कोटि सत काम॥ १४६॥**

भगवान्‌को नीलो कमल, नीलमणि र नीलो [जलयुक्त] मेघ समान [कोमल, प्रकाशमय र सरस] श्यामवर्ण [चिन्मय] शरीरको शोभालाई देखेर करोडौं कामदेव पनि लाज मान्दछन्॥ १४६॥

**सरद मयंक बदन छबि सींवा। चारु कपोल चिबुक दर ग्रीवा॥**
**अधर अरुन रद सुंदर नासा। बिधु कर निकर बिनिंदक हासा॥**

उहाँको मुख शरद् [पूर्णिमा] को चन्द्रमा समान छविको सीमास्वरूप थियो। गाला र चिउँडो ज्यादै सुन्दर थिए, गला (घाँटी) शङ्खसमान (त्रिरेखायुक्त) थियो। राता ओठ, दाँत र नाक अत्यन्त सुन्दर थिए। हाँसो चन्द्रमाको किरणावलीलाई निम्नस्तरको देखाउने किसिमको थियो॥ १॥

**नव अंबुज अंबक छबि नीकी। चितवनि ललित भावँती जी की॥**
**भृकुटि मनोज चाप छबि हारी। तिलक ललाट पटल दुतिकारी॥**

नेत्रहरूको छवि (शोभा) नयाँ [फुलेका] कमलसमान धेरै सुन्दर थियो। मनोहर दृष्टि मनलाई अत्यन्तै प्यारो लाग्दथ्यो। टेढा आँखीभौं कामदेवको धनुषको शोभालाई हरण गर्नेवाला थिए। ललाटपटल [निधार] मा प्रकाशमय तिलक थियो॥ २॥

**कुंडल मकर मुकुट सिर भ्राजा। कुटिल केस जनु मधुप समाजा॥**
**उर श्रीबत्स रुचिर बनमाला। पदिक हार भूषन मनि जाला॥**

कानहरूमा मकराकृत (माछाका आकारका) कुण्डल र शिरमा मुकुट सुशोभित थिए। टेढा

(घुम्रे) काला केश यति बाक्ला थिए, मानौं भमराहरूका समूह हुन्। हृदयमा श्रीवत्स, सुन्दर वनमाला, रत्नजडित हार र मणिहरूका आभूषण सुशोभित थिए॥ ३॥

**केहरि कंधर चारु जनेऊ। बाहु बिभूषन सुंदर तेऊ॥**
**करि कर सरिस सुभग भुजदंडा। कटि निषंग कर सर कोदंडा॥**

सिंहको जस्तो गर्दन थियो, सुन्दर जनै थियो। भुजाहरूमा जुन गहना थिए, ती पनि सुन्दर थिए। हात्तीको सुँडसमान सुन्दर भुजदण्ड थिए। कम्मरमा तरकस (ठोक्रो) र हातमा बाण र धनुष [शोभा पाइरहेका] थिए॥ ४॥

**दो०— तड़ित बिनिंदक पीत पट उदर रेख बर तीनि।**
**नाभि मनोहर लेति जनु जमुन भवँर छबि छीनि॥ १४७॥**

[सुनौलो वर्णको प्रकाशमय] पीताम्बर बिजुलीलाई लज्जित गर्ने किसिमको थियो। पेटमा सुन्दर तीन रेखाहरू (त्रिबली) थिए। नाइटो यस्तो मनोहर थियो, मानौं यमुनाजीका भुँमरीहरूका छविलाई खोसेर लिएकोजस्तो॥ १४७॥

**पद राजीव बरनि नहिं जाहीं। मुनि मन मधुप बसहिं जेन्ह माहीं॥**
**बाम भाग सोभति अनुकूला। आदिसक्ति छबिनिधि जगमूला॥**

जसमा मुनिहरूका मनरूपी भमरा बस्दछन्, भगवान्‌का ती चरणकमलको त वर्णनै गर्न सकिंदैन। भगवान्‌का बायाँ भागमा सधैं अनुकूल रहने शोभाकी राशि, जगत्‌की मूलकारणरूपा आदिशक्ति श्रीजानकीजी सुशोभित हुनुहुन्थ्यो॥ १॥

**जासु अंस उपजहिं गुनखानी। अगनित लच्छि उमा ब्रह्मानी॥**
**भृकुटि बिलास जासु जग होई। राम बाम दिसि सीता सोई॥**

जसको अंशबाट गुणहरूका खानी अनगिन्ती लक्ष्मी, पार्वती र ब्रह्माणी (त्रिदेवका शक्तिहरू) उत्पन्न हुन्छन् तथा जसको आँखीभौंको इशाराबाट नै जगत्‌को रचना हुने गर्दछ, उनै [भगवान्‌की स्वरूपा-शक्ति] श्रीसीताजी श्रीरामचन्द्रजीको बायाँतर्फ रहनुभएको छ॥ २॥

**छबिसमुद्र हरि रूप बिलोकी। एकटक रहे नयन पट रोकी॥**
**चितवहिं सादर रूप अनूपा। तृप्ति न मानहिं मनु सतरूपा॥**

शोभाका समुद्र श्रीहरिको रूपलाई देखेर मनु-शतरूपाले नेत्रपट (पलकहरू) रोकेर एकटक (स्तब्ध) हुनुभयो। त्यो अनुपम रूपलाई उहाँहरूले आदरपूर्वक हेरिरहनुभएको थियो र हेर्दा-हेर्दै तृप्त नै हुनुहुँदैनथ्यो॥ ३॥

**हरष बिबस तन दसा भुलानी। परे दंड इव गहि पद पानी॥**
**सिर परसे प्रभु निज कर कंजा। तुरत उठाए करुनापुंजा॥**

अधिक आनन्दको वशमा हुनाले उहाँहरूले आफ्नो शरीरको हाल-खबर भुल्नुभयो। उहाँले हातद्वारा भगवान्‌का चरणकमललाई समातेर दण्डझैं (सीधा) जमिनमा पल्टिनुभयो।

कृपाका राशि प्रभुले आफ्ना करकमलद्वारा उहाँका शिरमा स्पर्श गर्नुभयो र उहाँलाई तुरुन्तै उठाउनुभयो॥ ४॥

दो०— **बोले कृपानिधान पुनि अति प्रसन्न मोहि जानि।**
**मागहु बर जोइ भाव मन महादानि अनुमानि॥ १४८॥**

फेरि कृपानिधान भगवान्ले भन्नुभयो— मलाई ज्यादै प्रसन्न जानेर र धेरै ठूलो दानी मानेर, जो मन पर्दछ उही वरदान मागिहाल॥ १४८॥

**सुनि प्रभु बचन जोरि जुग पानी। धरि धीरजु बोली मृदु बानी॥**
**नाथ देखि पद कमल तुम्हारे। अब पूरे सब काम हमारे॥**

प्रभुका वचन सुनेर, दुवै हात जोडी र धैर्य धारण गर्दै राजाले कोमल वाणी भन्नुभयो— हे नाथ! हजुरका चरणकमललाई देखेर अब हाम्रा सबै मनका कामनाहरू पूरा भए॥ १॥

**एक लालसा बड़ि उर माहीं। सुगम अगम कहि जाति सो नाहीं॥**
**तुम्हहि देत अति सुगम गोसाईं। अगम लाग मोहि निज कृपनाईं॥**

फेरि पनि मनमा एउटा ठूलो इच्छा छ। त्यसलाई प्राप्त गर्न सजिलो पनि छ र अत्यन्त कठिन पनि, त्यसैले त्यो भन्नै सकेको छैन। हे स्वामी! हजुरका लागि त त्यो पूरा गर्न धेरै नै सजिलो छ, तर मलाई आफ्नो कृपणता (दीनता) का कारणले अत्यन्त कठिन हुने मानेको छु॥ २॥

**जथा दरिद्र बिबुधतरु पाई। बहु संपति मागत सकुचाई॥**
**तासु प्रभाउ जान नहिं सोई। तथा हृदयँ मम संसय होई॥**

जस्तै कुनै दरिद्रले कल्पवृक्षलाई पाएर पनि अधिक द्रव्य माग्न सङ्कोच गर्दछ, किनकि उसले त्यसको प्रभावलाई जानेको हुँदैन, त्यस्तै मेरो हृदयमा संशय भइरहेको छ॥ ३॥

**सो तुम्ह जानहु अंतरजामी। पुरवहु मोर मनोरथ स्वामी॥**
**सकुच बिहाइ मागु नृप मोही। मोरें नहिं अदेय कछु तोही॥**

हे स्वामी! हजुर अन्तर्यामी होइबक्सिन्छ, यसकारण त्यसलाई जानिबक्सिएकै छ। मेरो उही मनोरथलाई पूरा गरिबक्सियोस्। [भगवान्ले भन्नुभयो— ] हे राजन्! सङ्कोच छोडेर मसँग माग। तिमीलाई दिन नसक्ने त्यस्तो मसँग केही पनि छैन॥ ४॥

दो०— **दानि सिरोमनि कृपानिधि नाथ कहउँ सतिभाउ।**
**चाहउँ तुम्हहि समान सुत प्रभु सन कवन दुराउ॥ १४९॥**

[राजाले भन्नुभयो— ] हे दानीहरूमध्ये शिरोमणि! हे कृपानिधान! हे नाथ! म आफ्नो मनको सच्चा भाव भन्दछु कि म हजुर समानको पुत्र चाहन्छु। प्रभुसँग मैले के लुकाउनु!॥ १४९॥

**देखि प्रीति सुनि बचन अमोले। एवमस्तु करुनानिधि बोले॥**
**आपु सरिस खोजौं कहँ जाई। नृप तव तनय होब मैं आई॥**

राजाको प्रीति देखेर र उहाँका अमूल्य वचन सुनेर करुणानिधान भगवान्‌ले भन्नुभयो—यस्तो नै हुनेछ। हे राजन्! मैले आफूसमान (अर्को) कहाँ गएर खोजूँ! अतः स्वयं नै आएर तिम्रो पुत्र बन्नेछु॥ १॥

**सतरूपहि बिलोकि कर जोरें। देबि मागु बरु जो रुचि तोरें॥**
**जो बरु नाथ चतुर नृप मागा। सोइ कृपाल मोहि अति प्रिय लागा॥**

शतरूपाजीलाई हात जोडेको देखेर भगवान्‌ले भन्नुभयो—हे देवी! तिम्रो जे इच्छा छ, सो वरदान माग। [शतरूपाले भन्नुभयो—] हे नाथ! चतुर राजाले जुन वरदान मागिबक्सियो, हे कृपालु! त्यही (वरदान) मलाई धेरै प्रिय लाग्यो॥ २॥

**प्रभु परंतु सुठि होति ढिठाई। जदपि भगत हित तुम्हहि सोहाई॥**
**तुम्ह ब्रह्मादि जनक जग स्वामी। ब्रह्म सकल उर अंतरजामी॥**

परन्तु हे प्रभु! मेरो मन धेरै नै ढिठो भइरहेको छ, यद्यपि हे भक्तहरूलाई हित गर्ने भगवन्! त्यही ढिँढ्याहा बानी पनि हजुरलाई राम्रै लाग्ने गर्दछ। हजुर ब्रह्मा आदिका पनि पिता (उत्पन्न गर्नेवाला), जगत्‌का स्वामी र सबैका हृदयभित्रको (रहस्य) जान्ने ब्रह्म होइबक्सिन्छ॥ ३॥

**अस समुझत मन संसय होई। कहा जो प्रभु प्रवान पुनि सोई॥**
**जे निज भगत नाथ तव अहहीं। जो सुख पावहिं जो गति लहहीं॥**

यस्तो सम्झँदाखेरि मनमा सन्देह हुन्छ, फेरि पनि प्रभुले जे भनिबक्सियो त्यही प्रमाण (सत्य) छ। [म त यही माग्दछु कि] हे नाथ! हजुरका जो निजजन (आफन्त) छन्, उनीहरूले जुन (अलौकिक, अखण्ड) सुख पाउँदछन् र जुन परम गतिलाई प्राप्त गर्ने गर्दछन्॥ ४॥

दो०— **सोइ सुख सोइ गति सोइ भगति सोइ निज चरन सनेहु।**
**सोइ बिबेक सोइ रहनि प्रभु हमहि कृपा करि देहु॥ १५०॥**

हे प्रभु! त्यही सुख, त्यही गति, त्यही भक्ति, त्यही हजुरका चरणहरूको प्रेम, त्यही ज्ञान र त्यही रहन-सहन कृपा गरेर हामीलाई दिइबक्सियोस्॥ १५०॥

**सुनि मृदु गूढ़ रुचिर बर रचना। कृपासिंधु बोले मृदु बचना॥**
**जो कछु रुचि तुम्हरे मन माहीं। मैं सो दीन्ह सब संसय नाहीं॥**

[रानीका] कोमल, गूढ र मनोहर श्रेष्ठ वाक्यरचनालाई सुनेर कृपाका समुद्र भगवान्‌ले कोमल वचनद्वारा भन्नुभयो—तिम्रो मनमा जे जस्तो इच्छा छ, त्यो सबै मैले तिमीलाई दिएँ, यसमा कुनै सन्देह नगर्नू॥ १॥

**मातु बिबेक अलौकिक तोरें। कबहुँ न मिटिहि अनुग्रह मोरें॥**
**बंदि चरन मनु कहेउ बहोरी। अवर एक बिनती प्रभु मोरी॥**

हे आमा! मेरो कृपाबाट तपाईंको अलौकिक ज्ञान कहिल्यै नष्ट हुनेछैन। अनि मनुले भगवान्‌का चरणलाई वन्दना गरेर फेरि भन्नुभयो—हे प्रभु! मेरो एउटा अर्को बिन्ती छ॥ २॥

**सुत बिषइक तव पद रति होऊ। मोहि बड़ मूढ़ कहै किन कोऊ॥**
**मनि बिनु फनि जिमि जल बिनु मीना। मम जीवन तिमि तुम्हहि अधीना॥**

हजुरका चरणहरूमा मेरो त्यस्तै प्रीति होस्, जस्तै पुत्रको लागि पिताको हुने गर्छ, बरु, मलाई कसैले धेरै ठूलो मूर्ख नै किन नभनून्। जस्तै मणिविना सर्प र जलविना माछा [रहन सक्दैन], उस्तै प्रकारले मेरो जीवन हजुरको अधीनमा होस् (हजुरविना म रहन नसकूँ)॥ ३॥

**अस बरु मागि चरन गहि रहेऊ। एवमस्तु करुनानिधि कहेऊ॥**
**अब तुम्ह मम अनुसासन मानी। बसहु जाइ सुरपति रजधानी॥**

यस्तो वरदान मागेर राजाले भगवान्‌का चरण समातिरहनुभयो। त्यसपछि दयाका निधान भगवान्‌ले भन्नुभयो—यस्तै हुनेछ। अब तपाईं मेरो आज्ञा मानेर देवराज इन्द्रको राजधानी (अमरावती) मा गएर निवास गर्नुहोस्॥ ४॥

सो०— **तहँ करि भोग बिसाल तात गएँ कछु काल पुनि।**
**होइहहु अवध भुआल तब मैं होब तुम्हार सुत॥ १५१॥**

हे पिताजी! वहाँ [स्वर्गमा] धेरै नै भोग भोगेर, केही समय बितिसकेपछि, तपाईं अयोध्याका राजा हुनुहुनेछ। त्यतिखेर म तपाईंको पुत्र हुनेछु॥ १५१॥

**इच्छामय नरबेष सँवारें। होइहउँ प्रगट निकेत तुम्हारें॥**
**अंसन्ह सहित देह धरि ताता। करिहउँ चरित भगत सुखदाता॥**

इच्छानिर्मित मनुष्यरूप सजाएर म तपाईंको घरमा प्रकट हुनेछु। हे पिताजी! मैले आफ्ना अंशहरूसहित शरीर धारण गरेर भक्तहरूलाई सुख दिने चरित्र गर्नेछु॥ १॥

**जे सुनि सादर नर बड़भागी। भव तरिहहिं ममता मद त्यागी॥**
**आदिसक्ति जेहिं जग उपजाया। सोउ अवतरिहि मोरि यह माया॥**

जुन (चरित्रहरू) लाई ठूला भाग्यशाली मानिसहरूले आदरसहित सुनेर, ममता र मदलाई त्यागी, भवसागरबाट तर्नेछन्। आदिशक्ति यी मेरी [स्वरूपभूता] माया पनि, जसले जगत्‌लाई उत्पन्न गरेकी छिन्, अवतार लिनेछिन्॥ २॥

**पुरउब मैं अभिलाष तुम्हारा। सत्य सत्य पन सत्य हमारा॥**
**पुनि पुनि अस कहि कृपानिधाना। अंतरधान भए भगवाना॥**

यस प्रकार मैले तपाईंका अभिलाषा पूरा गर्नेछु। मेरा प्रण (वचन) सत्य छन्, सत्य छन्, सत्य छन्। कृपानिधान भगवान्‌ले बारम्बार यस्तो भनेर अन्तर्धान हुनुभयो॥ ३॥

**दंपति उर धरि भगत कृपाला। तेहिं आश्रम निवसे कछु काला॥**
**समय पाइ तनु तजि अनयासा। जाइ कीन्ह अमरावति बासा॥**

उनै स्त्री-पुरुष (राजा-रानी) भक्तहरूमाथि कृपा गर्ने भगवान्‌लाई हृदयमा धारण गरेर केही

कालसम्म त्यही आश्रममा रहनुभयो। फेरि उहाँहरूले समय पाएर सजिलैसँग (कष्टविना नै) शरीरलाई त्यागी, अमरावती (इन्द्रको पुरी) मा गएर वास गर्नुभयो॥ ४॥

## ✸ प्रतापभानुको कथा ✸

दो०— **यह इतिहास पुनीत अति उमहि कही बृषकेतु।**
**भरद्वाज सुनु अपर पुनि राम जनम कर हेतु॥ १५२॥**

[याज्ञवल्क्यजी भन्नुहुन्छ— ] हे भरद्वाज! यो अत्यन्त पवित्र इतिहास शिवजीले पार्वतीलाई भन्नुभएको थियो। अब श्रीरामजीले अवतार लिनुको दोस्रो कारण सुन्नुहोस्॥ १५२॥

### मासपारायण, पाँचौं विश्राम

**सुनु मुनि कथा पुनीत पुरानी। जो गिरिजा प्रति संभु बखानी॥**
**बिस्व बिदित एक कैकय देसू। सत्यकेतु तहँ बसइ नरेसू॥**

हे मुनि! उही पवित्र र प्राचीन कथा सुन्नुहोस्, जसलाई शिवजीले पार्वतीसँग भन्नुभएको थियो। संसारमा प्रसिद्ध एक कैकय देश छ। त्यहाँ सत्यकेतु नामका राजा रहन्थे (राजाले राज्य गर्दथे) ॥ १ ॥

**धरम धुरंधर नीति निधाना। तेज प्रताप सील बलवाना॥**
**तेहि कें भए जुगल सुत बीरा। सब गुन धाम महा रनधीरा॥**

उनी धर्मको धुरीलाई धारण गर्ने, नीतिका खानी, तेजस्वी, प्रतापी, सुशील र बलवान् थिए, उनका दुई वीर पुत्र थिए, उनीहरू सबै गुणका भण्डार र अत्यन्तै रणधीर थिए॥ २॥

**राज धनी जो जेठ सुत आही। नाम प्रतापभानु अस ताही॥**
**अपर सुतहि अरिमर्दन नामा। भुजबल अतुल अचल संग्रामा॥**

राज्यका उत्तराधिकारी जो जेठा छोरा थिए, उनको नाम प्रतापभानु थियो। कान्छा छोराको नाम अरिमर्दन थियो, जसका भुजामा अपार बल थियो र जो युद्धमा [पर्वतसमान] अटल रहन्थे॥ ३ ॥

**भाइहि भाइहि परम समीती। सकल दोष छल बरजित प्रीती॥**
**जेठे सुतहि राज नृप दीन्हा। हरि हित आपु गवन बन कीन्हा॥**

भाइ-भाइमा धेरै मेल र सबै प्रकारका दोष र छलरहित [सत्य] प्रीति थियो। राजाले जेठा पुत्रलाई राज्य दिइहाले र आफू भगवान् [को भजन] का लागि वनमा गए॥ ४॥

दो०— **जब प्रतापरबि भयउ नृप फिरी दोहाई देस।**
**प्रजा पाल अति बेदबिधि कतहुँ नहीं अघ लेस॥ १५३॥**

जब प्रतापभानु राजा भए, देशमा उनको जय-जयकार हुन लाग्यो। उनले वेदमा बताइएको विधिअनुसार उत्तम रीतिबाट प्रजाको पालन गर्न लागे। उनका राज्यमा पापको कहीं लेश पनि बाँकी थिएन॥ १५३ ॥

**नृप हितकारक सचिव सयाना। नाम धरमरुचि सुक्र समाना॥**
**सचिव सयान बंधु बलबीरा। आपु प्रतापपुंज रनधीरा॥**

राजाको हित गर्ने र शुक्राचार्यसमान बुद्धिमान् धर्मरुचि नामका उनका मन्त्री थिए। यसरी बुद्धिमान् मन्त्री र बलवान् तथा वीर भाइका साथै स्वयं राजा पनि धेरै प्रतापी र रणधीर थिए॥ १॥

**सेन संग चतुरंग अपारा। अमित सुभट सब समर जुझारा॥**
**सेन बिलोकि राउ हरषाना। अरु बाजे गहगहे निसाना॥**

साथमा अपार चतुरङ्गिणी सेना थिए, जसमा असङ्ख्य योद्धा थिए, जुन सबै जना युद्धमा डटेर लड्नेवाला थिए (अर्थात् लडाइँमा डराउँदैनथे)। आफ्ना सेनालाई देखेर राजा धेरै प्रसन्न भए र धमाधम युद्धको यात्राका लागि निशान (डङ्का)हरू बज्न लागे॥ २॥

**बिजय हेतु कटकई बनाई। सुदिन साधि नृप चलेउ बजाई॥**
**जहँ तहँ परीं अनेक लराईं। जीते सकल भूप बरिआईं॥**

दिग्विजयका लागि सेना सजाएर ती राजाले शुभ दिन (मुहूर्त) निकाली डङ्का बजाएर अथवा झ्याली पिटेर हिंडे। जताँ-ततै धेरै नै लडाइँहरू भए। उनले सबै राजाहरूलाई बलपूर्वक जिते॥ ३॥

**सप्त दीप भुजबल बस कीन्हे। लै लै दंड छाड़ि नृप दीन्हे॥**
**सकल अवनि मंडल तेहि काला। एक प्रतापभानु महिपाला॥**

आफ्ना भुजाहरूको बलबाट उनले सातै द्वीप (भूमिखण्ड) हरू लाई वशमा गरिसके र राजाहरूसँग दण्ड (कर) लिएर उनीहरूलाई छोडिदिए। सम्पूर्ण पृथ्वीमण्डलमा त्यस समयमा प्रतापभानु नै एकमात्र (चक्रवर्ती) राजा थिए।॥ ४॥

दो०— **स्वबस बिस्व करि बाहुबल निज पुर कीन्ह प्रबेसु।**
**अरथ धरम कामादि सुख सेवइ समयँ नरेसु॥ १५४॥**

संसारभरलाई आफ्ना भुजाको बलद्वारा वशमा गरेर राजाले आफ्नो नगर (राजधानी) मा प्रवेश गरे। राजाले अर्थ, धर्म र काम आदि सुखहरूलाई समयानुसार सेवन गर्दथे॥ १५४॥

**भूप प्रतापभानु बल पाई। कामधेनु भै भूमि सुहाई॥**
**सब दुख बरजित प्रजा सुखारी। धरमसील सुंदर नर नारी॥**

राजा प्रतापभानुको बल पाएर भूमि सुन्दर कामधेनु (मनले खोजेको वस्तु दिन सक्ने) भइन्। [उनको राज्यमा] प्रजा सबै [प्रकारका] दुःखहरूबाट रहित र सुखी थिए र सबै स्त्री-पुरुष सुन्दर र धर्मात्मा थिए॥ १॥

**सचिव धरमरुचि हरि पद प्रीती। नृप हित हेतु सिखव नित नीती॥**
**गुर सुर संत पितर महिदेवा। करइ सदा नृप सब कै सेवा॥**

मन्त्री धर्मरुचिको श्रीहरिका चरणमा प्रेम थियो। उनले राजाको हितका लागि उनलाई सधैं नीति सिकाइरहन्थे। राजाले गुरु, देवता, सन्त, पितृदेव र ब्राह्मण यी सबैलाई सधैं सेवा गरिरहन्थे॥ २॥

**भूप धरम जे बेद बखाने। सकल करइ सादर सुख माने॥**
**दिन प्रति देइ बिबिध बिधि दाना। सुनइ सास्त्र बर बेद पुराना॥**

वेदहरूमा राजाका लागि जुन धर्म बताइएको छ, राजाले सधैं आदरपूर्वक, सुख मानेर ती सबैलाई पालन गर्दथे। प्रतिदिन अनेक प्रकारका दान गर्दथे र उत्तम शास्त्र, वेद र पुराण सुन्ने गर्दथे॥ ३॥

**नाना बापीं कूप तड़ागा। सुमन बाटिका सुंदर बागा॥**
**बिप्रभवन सुरभवन सुहाए। सब तीरथन्ह बिचित्र बनाए॥**

उनले धेरै नै इनार (सिँढी भएका कुवा), कुवा (पनेरो), पोखरी, फूलबारी, सुन्दर बगैंचा, ब्राह्मणहरूका लागि घर र देवताहरूका सुन्दर विचित्र मन्दिर सबै तीर्थहरूमा बनाए॥ ४॥

दो०— **जहँ लगि कहे पुरान श्रुति एक एक सब जाग।**
**बार सहस्त्र सहस्त्र नृप किए सहित अनुराग॥ १५५॥**

वेद र पुराणहरूमा जति प्रकारका यज्ञ बताइएका छन्, राजाले एक-एक गरेर ती सबै यज्ञहरूलाई प्रेमसहित हजार-हजार बार गरे॥ १५५॥

**हृदयँ न कछु फल अनुसंधाना। भूप बिबेकी परम सुजाना॥**
**करइ जे धरम करम मन बानी। बासुदेव अर्पित नृप ग्यानी॥**

[राजाको] हृदयमा कुनै फलको कामना थिएन। राजा धेरै नै बुद्धिमान् र ज्ञानी थिए। ती ज्ञानी राजाले कर्म, मन र वाणीद्वारा जुन-सुकै पनि धर्म गर्दथे, सबै भगवान् वासुदेवलाई अर्पण गरेर गर्दथे॥ १॥

**चढ़ि बर बाजि बार एक राजा। मृगया कर सब साजि समाजा॥**
**बिंध्याचल गभीर बन गयऊ। मृग पुनीत बहु मारत भयऊ॥**

एक पटक ती राजा एक सुन्दर घोडामा सवारी भएर सिकारको सबै सामान सजाएर विन्ध्याचलको बाक्लो जङ्गलमा गए तथा त्यहाँ उनले धेरै नै उत्तम मृग मारे॥ २॥

**फिरत बिपिन नृप दीख बराहू। जनु बन दुरेउ ससिहि ग्रसि राहू॥**
**बड़ बिधु नहिं समात मुख माहीं। मनहुँ क्रोध बस उगिलत नाहीं॥**

राजाले वनमा घुम्दै गर्दा एक सुँगुरलाई देखे। [दाँतहरूका कारण ऊ यस्तो देखिन्थ्यो] मानौं चन्द्रमालाई निलेर राहु वनमा आएर लुकेको छ। चन्द्रमा ठूलो हुनाले उसको मुखमा अटाउन सक्दैनथ्यो र मानौं क्रोधले गर्दा उसले पनि उनलाई ओकल्दैनथ्यो॥ ३॥

**कोल कराल दसन छबि गाई। तनु बिसाल पीवर अधिकाई॥**
**घुरुघुरात हय आरौ पाएँ। चकित बिलोकत कान उठाएँ॥**

यो त सुँगुरका भयानक दाँतहरूको शोभालाई भनियो। [उता] उसको शरीर पनि धेरै नै विशाल र मोटो थियो। उसले घोडाको शब्द सुनेर ठूलो स्वरले कराउँदै कान ठाडो बनाएर सबै दिशातर्फ हेरिरहेको थियो॥ ४॥

**दो०— नील महीधर सिखर सम देखि बिसाल बराहु।**
**चपरि चलेउ हय सुटुकि नृप हाँकि न होइ निबाहु॥ १५६॥**

नील पर्वतको शिखर समान विशाल [शरीर भएको] त्यस सुँगुरलाई देखेर राजाले घोडालाई कोर्रा लगाएर छिटो दौडाउँदै उनले सुँगुरलाई धम्काए कि अब तँ बाँच्न सक्नेछैनस्॥ १५६॥

**आवत देखि अधिक रव बाजी। चलेउ बराह मरुत गति भाजी॥**
**तुरत कीन्ह नृप सर संधाना। महि मिलि गयउ बिलोकत बाना॥**

धेरै शब्द गर्दै गरेको घोडालाई [आफूतर्फ] आउँदै गरेको देखेर सुँगुर पवनवेगबाट भाग्यो। राजाले तुरुन्तै बाणमा धनुष चढाए। सुँगुर बाणलाई देख्नासाथ जमिनमा लुक्यो॥ १॥

**तकि तकि तीर महीस चलावा। करि छल सुअर सरीर बचावा॥**
**प्रगटत दुरत जाइ मृग भागा। रिस बस भूप चलेउ सँग लागा॥**

राजाले बारम्बार ताकेर तीर चलाए, परन्तु सुँगुरले छल गरेर शरीरलाई बचाइराखेको थियो। त्यो पशु कतिखेर प्रकट हुन्थ्यो र कतिखेर लुक्दै भागेर जान्थ्यो; राजा पनि क्रोधले उसका साथ (पछि) लागेर गइरहेका थिए॥ २॥

**गयउ दूरि घन गहन बराहू। जहँ नाहिन गज बाजि निबाहू॥**
**अति अकेल बन बिपुल कलेसू। तदपि न मृग मग तजइ नरेसू॥**

सुँगुर धेरै टाढा यस्तो बाक्लो जङ्गलमा गयो, जहाँ हात्ती-घोडालाई गम (थाहा) थिएन। राजा बिलकुल एक्लै थिए, फेरि पनि राजाले त्यस पशुको पीछा गर्न छोडेनन्॥ ३॥

**कोल बिलोकि भूप बड़ धीरा। भागि पैठ गिरिगुहाँ गभीरा॥**
**अगम देखि नृप अति पछिताई। फिरेउ महाबन परेउ भुलाई॥**

राजालाई ठूलो धैर्यवान् देखेर, सुँगुर भाग्दै पछाडिको एउटा गहिरो गुफामा गएर घुस्यो। त्यसमा जान कठिन देखेर राजालाई धेरै नै चुकचुकाउँदै फर्कन पऱ्यो, अनि त्यस घोर वनमा बाटो बिर्सिए॥ ४॥

**दो०— खेद खिन्न छुद्धित तृषित राजा बाजि समेत।**
**खोजत ब्याकुल सरित सर जल बिनु भयउ अचेत॥ १५७॥**

धेरै परिश्रम गरेकाले थाकेका र घोडासमेत भोक-तिर्खाबाट व्याकुल भएका राजा नदी-तलाउ खोज्दा-खोज्दै पानी नपाएर बेहाल (अस्तव्यस्त) भए॥ १५७॥

**फिरत बिपिन आश्रम एक देखा। तहँ बस नृपति कपट मुनिबेषा॥**
**जासु देस नृप लीन्ह छड़ाई। समर सेन तजि गयउ पराई॥**

वनमा घुम्दा–घुम्दै उनले एउटा आश्रम देखे; त्यहाँ कपटबाट मुनिको वेष बनाएको एउटा राजा रहन्थ्यो। जसको देशलाई प्रतापभानुले खोसेका थिए र सेनालाई छोडी युद्धबाट भागेर गएको थियो॥ १॥

**समय प्रतापभानु कर जानी। आपन अति असमय अनुमानी॥**
**गयउ न गृह मन बहुत गलानी। मिला न राजहि नृप अभिमानी॥**

प्रतापभानुको समय (शुभ दिन) र आफ्नो कुसमय (खराब दिन) अनुमान गरेर उसको मनमा ठूलो ग्लानि भएको थियो। यसैले ऊ न त घरमा गयो र न अभिमानी हुनाका कारणले राजा प्रतापभानुसँग नै मेलमिलाप गऱ्यो॥ २॥

**रिस उर मारि रंक जिमि राजा। बिपिन बसइ तापस कें साजा॥**
**तासु समीप गवन नृप कीन्हा। यह प्रतापरबि तेहिं तब चीन्हा॥**

दरिद्रले झैं मनमा नै क्रोधलाई मारेर त्यो राजा तपस्वीको वेषमा वनमा रहन्थ्यो। राजा (प्रतापभानु) उसैका नजीकमा गए। उसले तुरुन्त चिन्यो कि यो प्रतापभानु हो॥ ३॥

**राउ तृषित नहिं सो पहिचाना। देखि सुबेष महामुनि जाना॥**
**उतरि तुरग तें कीन्ह प्रनामा। परम चतुर न कहेउ निज नामा॥**

राजाले तिर्खाएका कारण [व्याकुलताले] उसलाई चिन्न सकेनन्। सुन्दर वेषलाई देखेर राजाले उसलाई महामुनि सम्झे र घोडाबाट ओर्लेर उसलाई प्रणाम गरे। परन्तु धेरै चतुर हुनाले राजाले आफ्नो नाम उसलाई बताएनन्॥ ४॥

दो०— **भूपति तृषित बिलोकि तेहिं सरबरु दीन्ह देखाइ।**
**मज्जन पान समेत हय कीन्ह नृपति हरषाइ॥ १५८॥**

राजालाई तिर्खाएको देखेर उसले सरोवर (पोखरी) देखाइदियो। हर्षित भएर राजाले घोडासहित त्यस (सरोवर) मा स्नान र जलपान गरे॥ १५८॥

**गै श्रम सकल सुखी नृप भयऊ। निज आश्रम तापस लै गयऊ॥**
**आसन दीन्ह अस्त रबि जानी। पुनि तापस बोलेउ मृदु बानी॥**

सारा थकाइ मेटियो, राजा सुखी भए। त्यसपछि तपस्वीले उनलाई आफ्नो आश्रममा लिएर गयो र सूर्यास्तको समय जानेर उसले [राजालाई बस्नका लागि] आसन दियो। फेरि त्यो तपस्वीले कोमल वाणीद्वारा भन्यो— ॥ १॥

**को तुम्ह कस बन फिरहु अकेलें। सुंदर जुबा जीव परहेलें॥**
**चक्रबर्ति के लच्छन तोरें। देखत दया लागि अति मोरें॥**

तिमी को हौ? सुन्दर युवक भएर जीवनलाई पर्वाह (मतलब) नगरी, वनमा किन घुमिरहेका छौ? तिम्रा चक्रवर्ती राजाका जस्ता लक्षणलाई देखेर मलाई ठूलो दया लागेको छ॥ २॥

**नाम प्रतापभानु अवनीसा। तासु सचिव मैं सुनहु मुनीसा॥**
**फिरत अहेरें परेउँ भुलाई। बड़ें भाग देखेउँ पद आई॥**

[राजाले भने— ] हे मुनीश्वर! सुन्नुहोस्, प्रतापभानु नामका एउटा राजा छन्, म उनैको मन्त्री हुँ। सिकारका लागि घुम्दै गर्दा बाटो बिर्सिएँ। ठूलो भाग्यबाट यहाँ आएर मैले हजुरका चरणको दर्शन पाएको छु॥ ३॥

**हम कहँ दुर्लभ दरस तुम्हारा। जानत हौं कछु भल होनिहारा॥**
**कह मुनि तात भयउ अँधिआरा। जोजन सत्तरि नगरु तुम्हारा॥**

मलाई हजुरको दर्शन दुर्लभ थियो, यसैले थाहा हुन्छ कि केही कल्याण हुने सम्भावना छ। मुनिले भन्यो—हे तात! अँध्यारो भइसक्यो। तिम्रो नगर यहाँबाट सत्तरी योजन टाढा छ॥ ४॥

दो०— **निसा घोर गंभीर बन पंथ न सुनहु सुजान।**
**बसहु आजु अस जानि तुम्ह जाएहु होत बिहान॥ १५९ (क)॥**

हे सुजान! सुन, घोर अँध्यारो रात छ, घना जङ्गल छ, बाटो छैन, यस्तो सम्झेर तिमी आज यहीं बस, उज्यालो हुँदा नै गइहाल्नू॥ १५९ (क)॥

**तुलसी जसि भवतब्यता तैसी मिलइ सहाइ।**
**आपुनु आवइ ताहि पहिं ताहि तहाँ लै जाइ॥ १५९ (ख)॥**

तुलसीदासजी भन्नुहुन्छ—जस्तो भवितव्यता (हुने-हुनामी) हुन्छ, उस्तै नै सहायता मिल्ने गर्दछ। या त ऊ आफैं नै उसका साथ आउँदछ, या उसलाई वहीं लिएर जान्छ॥ १५९ (ख)॥

**भलेहिं नाथ आयसु धरि सीसा। बाँधि तुरग तरु बैठ महीसा॥**
**नृप बहु भाँति प्रसंसेउ ताही। चरन बंदि निज भाग्य सराही॥**

हे नाथ! धेरै राम्रो, यसो भनेर र उसको आज्ञालाई शिरमा लिएर घोडालाई रूखमा बाँधे र राजा बसिहाले। राजाले उसलाई धेरै प्रकारले प्रशंसा गरेर उसका चरणको प्रार्थना गर्दै आफ्नो भाग्यको सराहना गरे॥ १॥

**पुनि बोलेउ मृदु गिरा सुहाई। जानि पिता प्रभु करउँ ढिठाई॥**
**मोहि मुनीस सुत सेवक जानी। नाथ नाम निज कहहु बखानी॥**

फेरि सुन्दर कोमल वाणीद्वारा भने—हे प्रभु! हजुरलाई पिता जानेर म जिद्दी गर्दछु। हे मुनीश्वर! मलाई आफ्नो पुत्र र सेवक जानी आफ्नो नाम [धाम] विस्तारपूर्वक बताउनुहोस्॥ २॥

**तेहि न जान नृप नृपहि सो जाना। भूप सुहृद सो कपट सयाना॥**
**बैरी पुनि छत्री पुनि राजा। छल बल कीन्ह चहइ निज काजा॥**

राजाले उसलाई चिन्न सकेनन्, तर उसले राजालाई चिनिसकेको थियो। राजा त शुद्ध हृदयका थिए, तर ऊ कपट गर्न चतुर थियो। एक त वैरी, फेरि क्षत्रिय जातिको, त्यसपछि राजा। ऊ छल-बलबाट आफ्नो काम बनाउन चाहन्थ्यो॥ ३॥

**समुझि राजसुख दुखित अराती। अवाँ अनल इव सुलगइ छाती॥**
**सरल बचन नृप के सुनि काना। बयर सँभारि हृदयँ हरषाना॥**

त्यो शत्रु आफ्नो राज्य-सुखलाई सम्झेर दुःखी थियो। उसको छाती [कुमालेको] भट्टीको आगोझैं [भित्र-भित्रै] सल्किरहेको थियो। राजाका सरल वचन कानबाट सुनेर आफ्नो वैरलाई याद गरी ऊ हृदयमा हर्षित भयो॥ ४॥

**दो०— कपट बोरि बानी मृदुल बोलेउ जुगुति समेत।**
**नाम हमार भिखारि अब निर्धन रहित निकेत॥ १६०॥**

उसले कपटमा डुबाउँदै धेरै युक्तिका साथ कोमल वाणी बोल्यो— अब मेरो नाम भिखारी हो, किनकि म निर्धन र अनिकेत (घर-द्वारहीन) हुँ॥ १६०॥

**कह नृप जे बिग्यान निधाना। तुम्ह सारिखे गलित अभिमाना॥**
**सदा रहहिं अपनपौ दुराएँ। सब बिधि कुसल कुबेष बनाएँ॥**

राजाले भने— जो हजुर जस्तै विज्ञानका निधान र सर्वथा अभिमानरहित हुन्छन्, उनीहरूले आफ्नो स्वरूपलाई सधैं लुकाइरहन्छन्। किनकि कुवेश बनाएर रहनाले नै सबै प्रकारको कल्याण हुन्छ (प्रकट सन्त-वेशमा मान हुने सम्भावना हुन्छ र मानबाट पतन हुन्छ)॥ १॥

**तेहि तें कहहिं संत श्रुति टेरें। परम अकिंचन प्रिय हरि केरें॥**
**तुम्ह सम अधन भिखारि अगेहा। होत बिरंचि सिवहि संदेहा॥**

यसैले त सन्त र वेदले भनिरहन्छन् कि परम अकिञ्चन (सर्वथा अहङ्कार, ममता र मानलेरहित) नै भगवान्‌लाई प्रिय हुने गर्दछन्। हजुर-समानका निर्धन, भिखारी र गृहहीनहरूलाई देखेर ब्रह्मा र शिवजीलाई पनि सन्देह हुने गर्दछ [कि यी वास्तविक सन्त हुन् या भिखारी]॥ २॥

**जोसि सोसि तव चरन नमामी। मो पर कृपा करिअ अब स्वामी॥**
**सहज प्रीति भूपति कै देखी। आपु बिषय बिस्वास बिसेषी॥**

हजुर जो हुनुहुन्छ उही हुनुहुन्छ (अर्थात् जोसुकै पनि किन नहुनुहोस्), म हजुरका चरणमा नमस्कार गर्दछु। हे स्वामी! अब मलाई कृपा गरिबक्सियोस्। आफूप्रति राजाको स्वाभाविक प्रीति देखेर र आफ्नो विषयमा उनको ठूलो विश्वासलाई देखेर— ॥ ३॥

**सब प्रकार राजहि अपनाई। बोलेउ अधिक सनेह जनाई॥**
**सुनु सतिभाउ कहउँ महिपाला। इहाँ बसत बीते बहु काला॥**

सबै प्रकारबाट राजालाई आफ्नो वशमा गरी, धेरै स्नेह देखाउँदै त्यो (कपटी तपस्वी) बोल्यो— हे राजन्! सुन, म तिमीसँग सत्य भन्दछु, म यहाँ बस्दै गरेको धेरै समय बितिसक्यो॥ ४॥

**दो०— अब लगि मोहि न मिलेउ कोउ मैं न जनावउँ काहु।**
**लोकमान्यता अनल सम कर तप कानन दाहु॥ १६१ (क)॥**

आजसम्म न कोही मसँग भेट भएका छन् र न मैले कसैसँग प्रकट गरेको छु; किनकि लोकमा प्रतिष्ठा अग्नि समान हुन्छ, जसले तपरूपी वनलाई भस्म गरेर छोड्दछ॥ १६१ (क)॥

सो०— **तुलसी देखि सुबेषु भूलहिं मूढ़ न चतुर नर।**
**सुंदर केकिहि पेखु बचन सुधा सम असन अहि॥ १६१ ( ख )॥**

तुलसीदासजी भन्नुहुन्छ—सुन्दर वेश देखेर मूढ मात्र होइन, [मूढ त मूढ नै भयो,] चतुर मनुष्य पनि धोका (धोखा) खाने गर्दछन्। सुन्दर मुजुरलाई हेर, उसका वचन त अमृत समान छन् तर आहारा सर्पको छ॥ १६१ (ख)॥

**तातें गुपुत रहउँ जग माहीं। हरि तजि किमपि प्रयोजन नाहीं॥**
**प्रभु जानत सब बिनहिं जनाएँ। कहहु कवनि सिधि लोक रिझाएँ॥**

[कपट-तपस्वीले भन्यो— ] यसैले म जगत्मा लुकेर रहने गर्दछु। श्रीहरिलाई छोडेर कसैसँग कुनै पनि प्रयोजन राख्ने गर्दिन। प्रभु त जानकारी नगराइकन नै सबै जान्नुहुन्छ। फेरि भन, संसारलाई प्रसन्न गराउनाले के सिद्धि मिल्ला॥ १॥

**तुम्ह सुचि सुमति परम प्रिय मोरें। प्रीति प्रतीति मोहि पर तोरें॥**
**अब जौं तात दुरावउँ तोही। दारुन दोष घटइ अति मोही॥**

तिमी पवित्र र सुन्दर बुद्धि भएका छौ, त्यसैले मेरा लागि धेरै नै प्रिय छौ। तिम्रो पनि मप्रति प्रीति र विश्वास छ। हे तात! यदि मैले तिमीसँग केही लुकाएँ भने मलाई धेरै भयानक दोष लाग्नेछ॥ २॥

**जिमि जिमि तापसु कथइ उदासा। तिमि तिमि नृपहि उपज बिस्वासा॥**
**देखा स्वबस कर्म मन बानी। तब बोला तापस बगध्यानी॥**

जे-जति त्यो तपस्वीले उदासीनताका (वैराग्यपूर्ण) कुरा भन्ने गर्दथ्यो, ती सबै कुराबाट राजालाई विश्वास उत्पन्न हुँदै गरेको थियो। जब त्यस बकुल्लाझैं ध्यान गर्ने (कपटी) मुनिले राजालाई कर्म, मन र वचनबाट आफ्नो वशमा जान्यो, त्यसपछि उसले भन्यो— ॥ ३॥

**नाम हमार एकतनु भाई। सुनि नृप बोलेउ पुनि सिरु नाई॥**
**कहहु नाम कर अरथ बखानी। मोहि सेवक अति आपन जानी॥**

हे भाइ! मेरो नाम एकतनु हो। यस्तो सुनेर राजाले फेरि शिर निहुराएर भने—मलाई आफ्नो अत्यन्त [अनुरागी] सेवक जानी हजुरको नामको अर्थ सम्झाएर भन्नुहोस्॥ ४॥

दो०— **आदिसृष्टि उपजी जबहिं तब उतपति भै मोरि।**
**नाम एकतनु हेतु तेहि देह न धरी बहोरि॥ १६२॥**

[कपटी मुनिले भन्यो— ] जब सबैभन्दा पहिले सृष्टि उत्पन्न भएको थियो, त्यतिखेर मेरो उत्पत्ति भएको थियो। त्यस समयदेखि मैले फेरि अर्को शरीर धारण गरिनँ, यसैले मेरो नाम एकतनु रहेको हो॥ १६२॥

**जनि आचरजु करहु मन माहीं। सुत तप तें दुर्लभ कछु नाहीं॥**
**तपबल तें जग सृजइ बिधाता। तपबल बिष्नु भए परित्राता॥**

हे पुत्र! मनमा आश्चर्य बिलकुल नगर, तपबाट कुनै चीज पनि दुर्लभ हुदैन, तपको बलबाट ब्रह्माले जगत्‌लाई रच्दछन्। तपको बलबाट नै विष्णु संसारलाई पालन गर्ने बन्नुभएको छ॥ १॥

**तपबल संभु करहिं संघारा। तप तें अगम न कछु संसारा॥**
**भयउ नृपहि सुनि अति अनुरागा। कथा पुरातन कहै सो लागा॥**

तपको बलबाट नै रुद्रले संहार गर्नुहुन्छ। संसारमा यस्तो कुनै वस्तु छैन जो तपबाट मिल्न नसकोस्। यस्तो सुनेर राजालाई (तपस्वीप्रति) ठूलो अनुराग (आसक्ति) भयो। त्यसपछि उसले (तपस्वीले) पुराना कथाहरू भन्न लाग्यो॥ २॥

**करम धरम इतिहास अनेका। करइ निरूपन बिरति बिबेका॥**
**उदभव पालन प्रलय कहानी। कहेसि अमित आचरज बखानी॥**

कर्म, धर्म र अनेकौं प्रकारका इतिहास भनेर उसले वैराग्य र ज्ञानको निरूपण गर्न लाग्यो। सृष्टिको उत्पत्ति, पालन (स्थिति) र संहार (प्रलय) का अपार आश्चर्यमय कथाहरू उसले विस्तारपूर्वक भन्यो॥ ३॥

**सुनि महीप तापस बस भयऊ। आपन नाम कहन तब लयऊ॥**
**कह तापस नृप जानउँ तोही। कीन्हेहु कपट लाग भल मोही॥**

राजा यस्ता कुराहरू सुनेर त्यस तपस्वीको वशमा भइहाले र त्यसपछि उनले उसलाई (तपस्वीलाई) आफ्नो नाम बताउन लागे। तपस्वीले भन्यो—राजन्! मैले तिमीलाई जानेको छु, तिमीले कपट गऱ्यौ, यो मलाई राम्रो लाग्यो॥ ४॥

सो०— **सुनु महीस असि नीति जहँ तहँ नाम न कहहिं नृप।**
**मोहि तोहि पर अति प्रीति सोइ चतुरता बिचारि तव॥ १६३॥**

हे राजन्! सुन, यस्तो नीति छ कि राजाहरूले जहाँ-सुकै आफ्नो नाम बताउनुहुँदैन। तिम्रो त्यही चतुऱ्याइँलाई सम्झेर तिमीप्रति मेरो ठूलो प्रेम भएको छ॥ १६३॥

**नाम तुम्हार प्रताप दिनेसा। सत्यकेतु तव पिता नरेसा॥**
**गुर प्रसाद सब जानिअ राजा। कहिअ न आपन जानि अकाजा॥**

तिम्रो नाम प्रतापभानु हो, महाराज सत्यकेतु तिम्रा पिता थिए। हे राजन्! गुरुको कृपाबाट म सबै जान्दछु, तर आफ्नो हानि सम्झेर भन्ने गर्दिन॥ १॥

**देखि तात तव सहज सुधाई। प्रीति प्रतीति नीति निपुनाई॥**
**उपजि परी ममता मन मोरें। कहउँ कथा निज पूछे तोरें॥**

हे तात! तिम्रो स्वाभाविक सीधापन (सरलता), प्रेम, विश्वास र नीतिमा निपुणता देखेर मेरो मनमा तिमीमाथि धेरै ममता उत्पन्न भइरहेको छ; यसैले मैले तिमीले सोधेकाले आफ्नो कथा (वृत्तान्त) भन्दछु॥ २॥

**अब प्रसन्न मैं संसय नाहीं। मागु जो भूप भाव मन माहीं॥**
**सुनि सुबचन भूपति हरषाना। गहि पद बिनय कीन्हि बिधि नाना॥**

अब म प्रसन्न छु, यसमा सन्देह नगर्नू। हे राजन्! जे मनमा इच्छा छ त्यही मागिहाल। सुन्दर (प्रिय) वचन सुनेर राजा हर्षित भए र [मुनिका] गोडा समाती धेरै प्रकारले बिन्ती गरे॥ ३॥

**कृपासिंधु मुनि दरसन तोरें। चारि पदारथ करतल मोरें॥**
**प्रभुहि तथापि प्रसन्न बिलोकी। मागि अगम बर होउँ असोकी॥**

हे दयासागर मुनि! हजुरको दर्शनबाट नै चारै पदार्थ (अर्थ, धर्म, काम र मोक्ष) मेरो मुठीमा आइहाले। तर पनि स्वामीलाई प्रसन्न देखेर म यस्तो दुर्लभ वरदान मागेर शोकरहित हुन चाहन्छु॥ ४॥

दो०— **जरा मरन दुख रहित तनु समर जितै जनि कोउ।**
**एकछत्र रिपुहीन महि राज कलप सत होउ॥ १६४॥**

मेरो शरीर वृद्धावस्था, मृत्यु र दुःखबाट रहित होस्; मलाई युद्धमा कसैले जित्न नसकून् र पृथ्वीमा मेरो सय कल्पसम्म अकण्टक राज्य होस्॥ १६४॥

**कह तापस नृप ऐसेइ होऊ। कारन एक कठिन सुनु सोऊ॥**
**कालउ तुअ पद नाइहि सीसा। एक बिप्रकुल छाड़ि महीसा॥**

तपस्वीले भन्यो—हे राजन्! यस्तो नै हुनेछ, तर एउटा कुरा (काम) कठिन छ, त्यो पनि सुनिहाल। हे पृथ्वीका स्वामी! केवल ब्राह्मणकुल छोडेर कालले पनि तिम्रा चरणमा शिर निहुराउनेछ॥ १॥

**तपबल बिप्र सदा बरिआरा। तिन्ह के कोप न कोउ रखवारा॥**
**जौं बिप्रन्ह बस करहु नरेसा। तौ तुअ बस बिधि बिष्नु महेसा॥**

तपको बलबाट ब्राह्मण सधैं बलवान् रहन्छन्। उनीहरूको क्रोधबाट रक्षा गर्न सक्ने कोही छैन। हे नरपति! यदि तिमीले ब्राह्मणहरूलाई वशमा (अधीनमा) गर्‍यौ भने, ब्रह्मा, विष्णु र महेशजी पनि तिम्रो अधीनमा हुनेछन्॥ २॥

**चल न ब्रह्मकुल सन बरिआई। सत्य कहउँ दोउ भुजा उठाई॥**
**बिप्र श्राप बिनु सुनु महिपाला। तोर नास नहिं कवनेहुँ काला॥**

ब्राह्मणकुलसँग (क्षत्रियबल भन्दा ब्रह्मबल ठूलो छ त्यसैले) जबरजस्ती चल्दैन। म दुवै भुजा उठाएर सत्य भन्दछु। हे राजन्! सुन, ब्राह्मणहरूको श्रापविना तिम्रो नाश कुनै काल (समय) मा हुनेछैन॥ ३॥

**हरषेउ राउ बचन सुनि तासू। नाथ न होइ मोर अब नासू॥**
**तव प्रसाद प्रभु कृपानिधाना। मो कहुँ सर्ब काल कल्याना॥**

राजा त्यसका वचन सुनेर धेरै प्रसन्न भए र भन्न लागे—हे स्वामी! मेरो नाश अब हुनेछैन। हे कृपानिधान प्रभु! हजुरको कृपाबाट मेरा लागि सबै समय कल्याण हुनेछ॥ ४॥

**दो०— एवमस्तु कहि कपट मुनि बोला कुटिल बहोरि।**
**मिलब हमार भुलाब निज कहहु त हमहि न खोरि॥ १६५॥**

'तथास्तु' (यस्तो नै हुनेछ) भनेर त्यो कुटिल कपटी मुनि फेरि बोल्यो—[किन्तु] तिमीले मसँग भेट भएको तथा बाटो भुलेको कुरा कसैसँग [नभन्नू नि, यदि] भन्यौ भने, त मेरो दोष छैन॥ १६५॥

**तातें मैं तोहि बरजउँ राजा। कहें कथा तव परम अकाजा॥**
**छठें श्रवन यह परत कहानी। नास तुम्हार सत्य मम बानी॥**

हे राजन्! मैले तिमीसँग यसकारण भन्न रोकेको छु कि यस प्रसङ्गलाई भन्नाले तिमीलाई नै धेरै हानि हुनेछ। तिम्रा र मेरा चारवटा कानले यो कुरा सुनेका छन् अरूले सुने भने अर्थात् एक कान दुई कान मैदान भयो भने तिम्रो नाश भइहाल्नेछ, मेरो यो वचनलाई सत्य जान्नू॥ १॥

**यह प्रगटें अथवा द्विजश्रापा। नास तोर सुनु भानुप्रतापा॥**
**आन उपायँ निधन तव नाहीं। जौं हरि हर कोपहिं मन माहीं॥**

हे प्रतापभानु! सुन, यस कुरालाई प्रकट गर्नाले अथवा ब्राह्मणहरूको श्रापबाट तिम्रो नाश हुनेछ र अन्य कुनै उपायबाट, चाहे ब्रह्मा र शङ्करले पनि क्रोध गरून्, तिम्रो मृत्यु हुनेछैन॥ २॥

**सत्य नाथ पद गहि नृप भाषा। द्विज गुर कोप कहहु को राखा॥**
**राखइ गुर जौं कोप बिधाता। गुर बिरोध नहिं कोउ जग त्राता॥**

राजाले मुनिका चरण समातेर भने—हे स्वामी! सत्य हो। ब्राह्मण र गुरुको क्रोधबाट भन्नुहोस्, कसले रक्षा गर्न सक्दछ? यदि ब्रह्माले क्रोध गरे भने, त गुरुले बचाउन सक्दछन्; तर गुरुसँग विरोध गर्नाले जगत्मा कसैले पनि बचाउन सक्नेछैनन्॥ ३॥

**जौं न चलब हम कहे तुम्हारें। होउ नास नहिं सोच हमारें॥**
**एकहिं डर डरपत मन मोरा। प्रभु महिदेव श्राप अति घोरा॥**

यदि म हजुरका भनाइअनुसार चलिनँ भने [बरु] मेरो नाश होस्। मलाई यसको चिन्ता छैन। मेरो मन त हे प्रभु! [केवल] एउटै डरबाट डराइरहेको छ कि ब्राह्मणहरूको श्राप धेरै भयानक हुन्छ॥ ४॥

**दो०— होहिं बिप्र बस कवन बिधि कहहु कृपा करि सोउ।**
**तुम्ह तजि दीनदयाल निज हितू न देखउँ कोउ॥ १६६॥**

ती ब्राह्मणहरू कसरी वशमा हुन सक्दछन्, कृपा गरेर त्यो पनि बताउनुहोस्। हे दीनदयालु! हजुरलाई छोडेर अन्य कसैलाई मैले आफ्नो हित गर्ने देख्दिन॥ १६६॥

**सुनु नृप बिबिध जतन जग माहीं। कष्टसाध्य पुनि होहिं कि नाहीं॥**
**अहइ एक अति सुगम उपाई। तहाँ परंतु एक कठिनाई॥**

[तपस्वीले भन्यो— ] हे राजन्! सुन, संसारमा उपाय त धेरै छन्; तर ती कष्टसाध्य छन् (ठूलो कठिनतापूर्वक सफल हुन सक्दछन्) र यसमा पनि सिद्ध हुने या नहुने (उसको सफलता निश्चित) छैन। अँ, एउटा उपाय धेरै सजिलो छ; परन्तु त्यसमा पनि कठिनता छ॥ १॥

**मम आधीन जुगुति नृप सोई। मोर जाब तव नगर न होई॥**
**आजु लगें अरु जब तें भयऊँ। काहू के गृह ग्राम न गयऊँ॥**

हे राजन्! त्यो युक्ति त मेरो हातमा छ, तर म तिम्रो नगरमा जानै सक्दिन। जहिलेदेखि पैदा भएको हुँ, त्यस समयदेखि आजसम्म म कसैको घर अथवा गाउँमा गएको छैन॥ २॥

**जौं न जाउँ तव होइ अकाजू। बना आइ असमंजस आजू॥**
**सुनि महीस बोलेउ मृदु बानी। नाथ निगम असि नीति बखानी॥**

परन्तु यदि नजाऊँ भने तिम्रो काम बिग्रनेछ। आज यस्तो असमञ्जस (कठिन परिस्थिति) को स्थिति आयो। यस्तो सुनेर राजा कोमल वाणीद्वारा भन्न थाले—हे नाथ! वेदहरूमा यस्तो नीति भनिएको छ कि— ॥ ३॥

**बड़े सनेह लघुन्ह पर करहीं। गिरि निज सिरनि सदा तृन धरहीं॥**
**जलधि अगाध मौलि बह फेनू। संतत धरनि धरत सिर रेनू॥**

ठूला मानिसले साना मानिसलाई स्नेह गर्ने गर्दछन्। पर्वतले आफ्नो शिरमा सधैं तृण (घाँस, छेस्को) लाई धारण गरिरहन्छन्। अगाध समुद्रले आफ्नो शिरमा फिँजलाई धारण गर्दछ र धर्तीले आफ्नो शिरमा सधैं धूलोलाई धारण गरिरहन्छिन्॥ ४॥

दो०— **अस कहि गहे नरेस पद स्वामी होहु कृपाल।**
**मोहि लागि दुख सहिअ प्रभु सज्जन दीनदयाल॥ १६७॥**

यसो भनेर राजाले मुनिका चरण समाते [र भने— ] हे स्वामी! कृपा गर्नहोस्। हजुर सन्त हुनुहुन्छ। दीनदयालु हुनुहुछ। [अतः] हे प्रभु! मेरा लागि यति कष्ट [अवश्य] सहनुहोस्॥ १६७॥

**जानि नृपहि आपन आधीना। बोला तापस कपट प्रबीना॥**
**सत्य कहउँ भूपति सुनु तोही। जग नाहिन दुर्लभ कछु मोही॥**

राजालाई आफ्नो अधीनमा जानेर कपटमा प्रवीण तपस्वीले भन्यो—हे राजन्! सुन, म तिमीसँग सत्य भन्दछु, जगत्मा मलाई केही पनि दुर्लभ छैन॥ १॥

**अवसि काज मैं करिहउँ तोरा। मन तन बचन भगत तैं मोरा॥**
**जोग जुगुति तप मंत्र प्रभाऊ। फलइ तबहिं जब करिअ दुराऊ॥**

म तिम्रो काम अवश्य गर्नेछु; [किनकि] तिमी मन, वाणी र शरीर [तिनै] बाट मेरा भक्त (भएका) छौ। तर योग, युक्ति, तप र मन्त्रहरूको प्रभाव तब फलीभूत (सफल) हुने गर्दछ जब उसलाई गुप्त रूपमा प्रयोग गर्ने गरिन्छ॥ २॥

**जौं नरेस मैं करौं रसोई। तुम्ह परुसहु मोहि जान न कोई॥**
**अन्न सो जोइ जोइ भोजन करई। सोइ सोइ तव आयसु अनुसरई॥**

हे नरपति! मैले यदि भोजन बनाएँ र तिमीले पस्क्यौ भने र मलाई कसैले जान्न सकेनन् भने, त्यस अन्नलाई ज-जसले खानेछन्, ती-ती तिम्रो आज्ञाकारी बनिहाल्नेछन्॥ ३॥

**पुनि तिन्ह के गृह जेवँइ जोऊ। तव बस होइ भूप सुनु सोऊ॥**
**जाइ उपाय रचहु नृप एहू। संबत भरि संकलप करेहू॥**

यति मात्र होइन, उनीहरू (भोजन गर्नेहरू) का घरमा पनि जुनसुकैले भोजन गर्नेछन्, हे राजन्! सुन, ती पनि तिम्रो अधीनमा हुनेछन्। हे राजन्! गएर यही उपाय गर र वर्षभरी [भोजन गराउन] को सङ्कल्प गरिहाल॥ ४॥

दो०— **नित नूतन द्विज सहस सत बरेहु सहित परिवार।**
**मैं तुम्हरे संकलप लगि दिनहिं करबि जेवनार॥ १६८॥**

दिनहुँ नयाँ एक लाख ब्राह्मणहरूलाई कुटुम्बसहित (परिवारसहित) निमन्त्रित गर्नू। मैले तिम्रो सङ्कल्प [को काल अर्थात् एक वर्ष] सम्म प्रतिदिन भोजन बनाउने गर्नेछु॥ १६८॥

**एहि बिधि भूप कष्ट अति थोरें। होइहहिं सकल बिप्र बस तोरें॥**
**करिहहिं बिप्र होम मख सेवा। तेहिं प्रसंग सहजेहिं बस देवा॥**

हे राजन्! यस प्रकार अति थोरै परिश्रमबाट सबै ब्राह्मण तिम्रो वशमा भइहाल्नेछन्। ब्राह्मणले हवन, यज्ञ र सेवा-पूजा गर्नेछन्, त्यही प्रसङ्ग (सम्बन्ध) बाट देवता पनि सजिलैसँग वशमा हुनेछन्॥ १॥

**और एक तोहि कहउँ लखाऊ। मैं एहिं बेष न आउब काऊ॥**
**तुम्हरे उपरोहित कहुँ राया। हरि आनब मैं करि निज माया॥**

मैले एक अर्को चिह्न (पहिचान) तिमीलाई बताइहाल्दछु कि म यस वेशमा कहिल्यै आउनेछैन। हे राजन्! मैले आफ्नो मायाबाट तिम्रो पुरोहितलाई हरण गरेर ल्याउनेछु॥ २॥

**तपबल तेहि करि आपु समाना। रखिहउँ इहाँ बरष परवाना॥**
**मैं धरि तासु बेषु सुनु राजा। सब बिधि तोर सँवारब काजा॥**

तपको बलबाट उसलाई आफूसमान बनाएर एक वर्षसम्म यहीं राख्नेछु र हे राजन्! सुन, मैले उसको रूप बनाएर सबै प्रकारबाट तिम्रो काम सिद्ध गर्नेछु॥ ३॥

**गै निसि बहुत सयन अब कीजे। मोहि तोहि भूप भेंट दिन तीजे॥**
**मैं तपबल तोहि तुरग समेता। पहुँचैहउँ सोवतहि निकेता॥**

हे राजन्! रात धेरै बितिसक्यो, अब सुतिहाल। आजको तेश्रो दिन (पर्सि) मसँग तिम्रो भेट हुनेछ। तपको बलबाट मैले घोडासहित तिमीलाई सुतेको अवस्थामा नै घरमा पुऱ्याइदिनेछु॥ ४॥

दो०— **मैं आउब सोइ बेषु धरि पहिचानेहु तब मोहि।**
**जब एकांत बोलाइ सब कथा सुनावौं तोहि॥ १६९॥**

म उही (पुरोहितको) वेश धारण गरेर आउनेछु। जब एकान्तमा बोलाएर सबै कथा सुनाउनेछु, तब तिमीले मलाई चिन्नू॥ १६९॥

**सयन कीन्ह नृप आयसु मानी। आसन जाइ बैठ छलग्यानी॥**
**श्रमित भूप निद्रा अति आई। सो किमि सोव सोच अधिकाई॥**

राजाले उसको आज्ञा मानेर शयन गरे। त्यो कपटी-ज्ञानी आसनमा गएर बस्यो। राजा थाकेका थिए, (उनलाई) खुब (गहिरो) निद्रा आयो। तर त्यो कपटी किन सुत्दथ्यो। उसलाई त धेरै नै चिन्ता भइरहेको थियो॥ १॥

**कालकेतु निसिचर तहँ आवा। जेहिं सूकर होइ नृपहि भुलावा॥**
**परम मित्र तापस नृप केरा। जानइ सो अति कपट घनेरा॥**

[त्यही समय] त्यहाँ कालकेतु राक्षस आयो, जसले सुँगुर बनेर राजालाई भट्काएको थियो। त्यो तपस्वी राजाको ठूलो मित्र थियो र खुब छल-प्रपञ्च जान्दथ्यो॥ २॥

**तेहि के सत सुत अरु दस भाई। खल अति अजय देव दुखदाई॥**
**प्रथमहिं भूप समर सब मारे। बिप्र संत सुर देखि दुखारे॥**

त्यसका सय छोरा र दश भाइ थिए, जो धेरै नै दुष्ट, कसैले जित्न नसक्ने र देवताहरूलाई दु:ख दिने गर्दथे। ब्राह्मण, सन्त र देवताहरूलाई दु:खी बनाएको देखेर राजाले उनी सबैलाई पहिले नै युद्धमा मारिसकेका थिए॥ ३॥

**तेहिं खल पाछिल बयरु सँभारा। तापस नृप मिलि मंत्र बिचारा॥**
**जेहिं रिपु छय सोइ रचेन्हि उपाऊ। भावी बस न जान कछु राऊ॥**

त्यस दुष्टले पहिलाको वैरलाई याद गरेर तपस्वी राजासँग मिलेर सल्लाह गऱ्यो (षड्यन्त्र गऱ्यो) र जुन प्रकारले शत्रुको नाश हुनेछ, त्यही उपाय रच्यो। भावीवश राजा (प्रतापभानु) ले केही पनि सम्झन सकेनन्॥ ४॥

दो०— **रिपु तेजसी अकेल अपि लघु करि गनिअ न ताहु।**
**अजहुँ देत दुख रबि ससिहि सिर अवसेषित राहु॥ १७०॥**

तेजस्वी शत्रु एक्लै भए पनि उसलाई सानो सम्झनुहुँदैन। जसको शिरमात्र बाँकी रहेको थियो, त्यही राहुले आजसम्म सूर्य-चन्द्रमालाई दु:ख दिइरहेको छ॥ १७०॥

**तापस नृप निज सखहि निहारी। हरषि मिलेउ उठि भयउ सुखारी॥**
**मित्रहि कहि सब कथा सुनाई। जातुधान बोला सुख पाई॥**

तपस्वी राजाले आफ्नो मित्रलाई देख्यो र प्रसन्न हुँदै उठेर भेट भयो र सुखी भयो। उसले मित्रलाई सबै कथा भनेर सुनायो, त्यसपछि राक्षस आनन्दित भएर भन्न थाल्यो॥ १॥

**अब साधेउँ रिपु सुनहु नरेसा। जौं तुम्ह कीन्ह मोर उपदेसा॥**
**परिहरि सोच रहहु तुम्ह सोई। बिनु औषध बिआधि बिधि खोई॥**

हे राजन्! सुन, जब तिमीले मैले भने बमोजिम [यति] काम गरिसक्यौ, भने अब मैले शत्रुलाई काबूमा (वशमा) गरिसकें [सम्झ]। तिमी अब चिन्ता त्यागेर सुत। विधाताले औषधिविना नै रोगलाई भगाइदियो॥ २॥

**कुल समेत रिपु मूल बहाई। चौथें दिवस मिलब मैं आई॥**
**तापस नृपहि बहुत परितोषी। चला महाकपटी अतिरोषी॥**

कुलसहित शत्रुलाई मूलबाट उखेलेर–बगाएर [आजको] चौथो दिन म तिमीसँग आएर भेट हुनेछु। [यस प्रकार] तपस्वी राजालाई धेरै विश्वास दिएर त्यो महामायावी र अत्यन्त क्रोधी राक्षस गयो॥ ३॥

**भानुप्रतापहि बाजि समेता। पहुँचाएसि छन माझ निकेता॥**
**नृपहि नारि पहिं सयन कराई। हय गृहँ बाँधेसि बाजि बनाई॥**

उसले प्रतापभानु राजालाई घोडासहित क्षणभरमा घरमा पुर्‍याइदियो। राजालाई रानीका साथ सुताएर घोडालाई राम्रो किसिमले तबेलामा बाँधिदियो॥ ४॥

दो०— **राजा के उपरोहितहि हरि लै गयउ बहोरि।**
**लै राखेसि गिरि खोह महुँ मायाँ करि मति भोरि॥ १७१॥**

फेरि उसले राजाको पुरोहितलाई उठाएर लिएर गयो र मायाबाट उसको बुद्धिलाई भ्रममा पारी उसलाई उसले पहाडको ओडार (गुफा) मा ल्याएर राख्यो॥ १७१॥

**आपु बिरचि उपरोहित रूपा। परेउ जाइ तेहि सेज अनूपा॥**
**जागेउ नृप अनभएँ बिहाना। देखि भवन अति अचरजु माना॥**

उसले आफूलाई पुरोहितको रूप बनाएर, उनको सुन्दर बिछ्यौनामा गएर सुत्यो। राजा उज्यालो हुनुभन्दा पहिले नै बिउँझे र आफूलाई आफ्नो घर देखेर धेरै नै आश्चर्य माने॥ १॥

**मुनि महिमा मन महुँ अनुमानी। उठेउ गवँहिं जेहिं जान न रानी॥**
**कानन गयउ बाजि चढ़ि तेहीं। पुर नर नारि न जानेउ केहीं॥**

मनमा मुनिको महिमालाई अनुमान गरेर उनी बिस्तारै उठे, जसबाट रानीले थाहा पाउन नसकून्। फेरि त्यही घोडामा चढेर वनमा गइहाले। नगरका कुनै पनि स्त्री–पुरुषले थाहा पाएनन्॥ २॥

**गएँ जाम जुग भूपति आवा। घर घर उत्सव बाज बधावा॥**
**उपरोहितहि देख जब राजा। चकित बिलोक सुमिरि सोइ काजा॥**

दुई प्रहर समय बितेपछि राजा आए। घर–घरमा उत्सव हुन लाग्यो र बाजाहरू बज्न लागे। जब राजाले पुरोहितलाई देखे, त्यसपछि उनले [आफ्नो] त्यही कार्यलाई स्मरण गरेर उसलाई आश्चर्यपूर्वक हेर्न लागे॥ ३॥

**जुग सम नृपहि गए दिन तीनी। कपटी मुनि पद रह मति लीनी॥**
**समय जानि उपरोहित आवा। नृपहि मते सब कहि समुझावा॥**

राजालाई तीन दिन युगका समान बिते। उनको बुद्धि कपटी मुनिका चरणहरूमा लागिरहेको थियो। निश्चित समय जानेर पुरोहित [बनेको राक्षस] आयो र राजाको साथ गरिएको गुप्त सल्लाहअनुसार [उसले आफ्नो] सबै विचार उनलाई सम्झाएर भन्यो॥ ४॥

दो०— **नृप हरषेउ पहिचानि गुरु भ्रम बस रहा न चेत।**
**बरे तुरत सत सहस बर बिप्र कुटुंब समेत॥ १७२॥**

[सङ्केत अनुसार] गुरुलाई [त्यस रूपमा] चिनेर राजा प्रसन्न भए। भ्रमवश उनको होस थिएन [कि यो तापस मुनि हो या कालकेतु राक्षस]। उनले तुरुन्तै एक लाख उत्तम ब्राह्मणहरूलाई कुटुम्बसहित निमन्त्रणा दिइहाले॥ १७२॥

**उपरोहित जेवनार बनाई। छरस चारि बिधि जसि श्रुति गाई॥**
**मायामय तेहिं कीन्हि रसोई। बिंजन बहु गनि सकइ न कोई॥**

पुरोहितले छ रस र चार प्रकारका भोजन, जस्तो कि वेदहरूमा वर्णन गरिएको छ, बनायो। उसले मायामय भोजन तयार गर्‍यो र यति व्यञ्जन बनायो जसलाई कसैले गन्न नै सक्दैनन्॥ १॥

**बिबिध मृगन्ह कर आमिष राँधा। तेहि महुँ बिप्र माँसु खल साँधा॥**
**भोजन कहुँ सब बिप्र बोलाए। पद पखारि सादर बैठाए॥**

अनेक प्रकारका पशुहरूको मासु पकायो र त्यसमा त्यस दुष्टले ब्राह्मणहरूको मासु मिसायो। सबै ब्राह्मणहरूलाई भोजन गर्नका लागि बोलायो र चरण धोएर आदरसहित बसाल्यो॥ २॥

**परुसन जबहिं लाग महिपाला। भै अकासबानी तेहि काला॥**
**बिप्रबृंद उठि उठि गृह जाहू। है बड़ि हानि अन्न जनि खाहू॥**

जतिखेर राजाले पस्कन लागे, त्यसै समयमा [कालकेतुकृत] आकाशवाणी भयो— हे ब्राह्मणहरू! तुरुन्तै उठेर आफ्नो घरमा जाओ; यो भोजन बिलकुल नखाओ। यस अन्न [लाई खाँदाखेरि] मा धेरै हानि हुन्छ॥ ३॥

**भयउ रसोईं भूसुर माँसू। सब द्विज उठे मानि बिस्वासू॥**
**भूप बिकल मति मोहँ भुलानी। भावी बस न आव मुख बानी॥**

भोजनमा ब्राह्मणहरूको मासु बनाइएको छ। [आकाशवाणीको] विश्वास मानेर सबै ब्राह्मण उठेर उभिए। राजा व्याकुल भए। [परन्तु] उनको बुद्धि मोहमा भुलिरहेको थियो। दैववश उनका मुखबाट [एउटा] कुरा [पनि] निक्लेन॥ ४॥

दो०— **बोले बिप्र सकोप तब नहिं कछु कीन्ह बिचार।**
**जाइ निसाचर होहु नृप मूढ़ सहित परिवार॥ १७३॥**

त्यसपछि ब्राह्मण क्रोधसहित भन्दै उठे—उनीहरूले कत्ति पनि विचार गरेनन्—हे मूर्ख राजा! तँ गएर परिवारसहित राक्षस भइहाल्॥ १७३॥

**छत्रबंधु तैं बिप्र बोलाई। घालै लिए सहित समुदाई॥**
**ईस्वर राखा धरम हमारा। जैहसि तैं समेत परिवारा॥**

हे नीच क्षत्रिय! तैंले त परिवारसहित ब्राह्मणहरूलाई बोलाएर उनीहरूलाई नष्ट गर्न खोजेको थिइस्, ईश्वरले हामीहरूको धर्मलाई रक्षा गर्नुभयो। अब तँ परिवारसहित नष्ट हुनेछस्॥ १॥

**संबत मध्य नास तव होऊ। जलदाता न रहिहि कुल कोऊ॥**
**नृप सुनि श्राप बिकल अति त्रासा। भै बहोरि बर गिरा अकासा॥**

एक वर्ष भित्र तेरो नाश हुनेछ, तेरो कुलमा कुनै पानी दिनेसम्म रहनेछैन। श्राप सुनेर राजा भयले गर्दा अत्यन्तै व्याकुल भए। फेरि सुन्दर आकाशवाणी भयो— ॥ २॥

**बिप्रहु श्राप बिचारि न दीन्हा। नहिं अपराध भूप कछु कीन्हा॥**
**चकित बिप्र सब सुनि नभबानी। भूप गयउ जहँ भोजन खानी॥**

हे ब्राह्मणहरू! तिमीहरूले विचार गरेर श्राप दिएनौ। राजाले केही पनि अपराध गरेका छैनन्। आकाशवाणी सुनेर सबै ब्राह्मण चकित भए। अनि राजा त्यहाँ गए, जहाँ भोजन बनेको थियो॥ ३॥

**तहँ न असन नहिं बिप्र सुआरा। फिरेउ राउ मन सोच अपारा॥**
**सब प्रसंग महिसुरन्ह सुनाई। त्रसित परेउ अवनीं अकुलाई॥**

[हेर्दा खेरि] त्यहाँ न भोजन थियो, न भान्छे ब्राह्मण नै थियो। त्यसपछि राजा मनमा अपार चिन्ता गर्दै फर्के। उनले ब्राह्मणहरूलाई सबै वृत्तान्त सुनाए र [धेरै नै] भयभीत र व्याकुल भई पृथ्वीमा पल्टिए॥ ४॥

**दो०— भूपति भावी मिटइ नहिं जदपि न दूषन तोर।**
**किएँ अन्यथा होइ नहिं बिप्रश्राप अति घोर॥ १७४॥**

हे राजन्! यद्यपि तिम्रो दोष छैन, तर पनि हुने-हुनामी मेट्न सकिंदैन। ब्राह्मणहरूको श्राप धेरै नै भयानक हुन्छ, यसलाई कसैले कुनै तरिकाले पनि टारेर टार्न सक्दैन॥ १७४॥

**अस कहि सब महिदेव सिधाए। समाचार पुरलोगन्ह पाए॥**
**सोचहिं दूषन दैवहि देहीं। बिरचत हंस काग किय जेहीं॥**

यसो भनेर सबै ब्राह्मण गइहाले। नगरनिवासीहरूले [जब] यो समाचार पाए, त्यसपछि उनीहरूले चिन्ता गर्न लागे र विधातालाई दोष दिन लागे, जसले हाँस बनाउँदा-बनाउँदै कौवा बनाइदियो (यस्ता पुण्यात्मा राजालाई देवता बनाउनुपर्दथ्यो, उल्टै राक्षस बनाइदियो)॥ १॥

**उपरोहितहि भवन पहुँचाई। असुर तापसहि खबरि जनाई॥**
**तेहिं खल जहँ तहँ पत्र पठाए। सजि सजि सेन भूप सब धाए॥**

पुरोहितलाई उसको घरमा पुऱ्याएर असुर (कालकेतु) ले [कपटी] तपस्वीलाई खबर दियो। त्यस दुष्टले जहाँ–सुकै पत्र पठायो, जसले गर्दा सबै [वैरी] राजा सेना सजाएर युद्धका लागि दौडिहाले॥ २॥

**घेरेन्हि नगर निसान बजाई। बिबिध भाँति नित होइ लराई॥**
**जूझे सकल सुभट करि करनी। बंधु समेत परेउ नृप धरनी॥**

र उनीहरूले डङ्का (निसान) बजाएर नगरलाई घेरिहाले। दिन–दिनै अनेक प्रकारबाट लडाइँ हुन लाग्यो। [प्रतापभानुका] सबै योद्धा [शूरवीरहरूको] लडाइँ गर्दा रणमा जुझेर मरे। राजा पनि भाइसहित मरे॥ ३॥

**सत्यकेतु कुल कोउ नहिं बाँचा। बिप्रश्राप किमि होइ असाँचा॥**
**रिपु जिति सब नृप नगर बसाई। निज पुर गवने जय जसु पाई॥**

सत्यकेतुको कुलमा कोही पनि बचेन। ब्राह्मणहरूको श्राप झूटो कसरी हुन सक्दथ्यो। शत्रुलाई जितेर नगरलाई [पहिलाको जस्तो बनाएर] बसालेर सबै राजा विजय यश पाएर आ–आफ्नो नगरमा गए॥ ४॥

## * रावण आदिको जन्म, तपस्या र उनीहरूको ऐश्वर्य तथा अत्याचार *

**दो०— भरद्वाज सुनु जाहि जब होइ बिधाता बाम।**
**धूरि मेरुसम जनक जम ताहि ब्यालसम दाम॥ १७५॥**

[याज्ञवल्क्यजीले भन्नुहुन्छ— ] हे भरद्वाज! सुन्नुहोस्, विधाता जब जससँग विपरीत हुन्छ, त्यसपछि उसका लागि धूलो सुमेरुपर्वतसमान (गह्रुङ्गो र अठ्याउँने), पिता यमसमान (कालरूप) र डोरी सर्पसमान (टोक्ने) भइहाल्दछ॥ १७५॥

**काल पाइ मुनि सुनु सोइ राजा। भयउ निसाचर सहित समाजा॥**
**दस सिर ताहि बीस भुजदंडा। रावन नाम बीर बरिबंडा॥**

हे मुनि! सुन्नुहोस्, समय भएपछि त्यही राजा परिवारसहित रावण नामको राक्षस भयो। उसका दश शिर र बीस हातहरू थिए। ऊ धेरै नै प्रचण्ड शूरवीर थियो॥ १॥

**भूप अनुज अरिमर्दन नामा। भयउ सो कुंभकरन बलधामा॥**
**सचिव जो रहा धरमरुचि जासू। भयउ बिमात्र बंधु लघु तासू॥**

अरिमर्दन नामको जुन राजाको भाइ थियो, त्यो बलको धाम कुम्भकर्ण भयो। उसका जो मन्त्री थिए, उनी रावणका सौतेनी कान्छा भाइ भए॥ २॥

**नाम बिभीषन जेहि जग जाना। बिष्णुभगत बिग्यान निधाना॥**
**रहे जे सुत सेवक नृप केरे। भए निसाचर घोर घनेरे॥**

उनको नाम विभीषण थियो, जसलाई सम्पूर्ण जगत्‌ले जानेको छ। उनी विष्णुभक्त र

ज्ञान-विज्ञानका भण्डार थिए। अन्य जो राजाका पुत्र र सेवक थिए, उनीहरू सबै धेरै भयानक राक्षस भए॥ ३॥

**कामरूप खल जिनस अनेका। कुटिल भयंकर बिगत बिबेका॥**
**कृपा रहित हिंसक सब पापी। बरनि न जाहिं बिस्व परितापी॥**

उनीहरू सबै अनेकौं जातिका, आफ्नो इच्छानुसार रूप धारण गर्ने, दुष्ट, कुटिल, भयङ्कर, विवेकरहित, निर्दयी, हिंसक, पापी र संसारभरीलाई दुःख दिने भए; उसको वर्णन गर्न नै सकिंदैन॥ ४॥

दो०— **उपजे जदपि पुलस्त्यकुल पावन अमल अनूप।**
**तदपि महीसुर श्राप बस भए सकल अघरूप॥ १७६॥**

यद्यपि उनीहरू पुलस्त्य ऋषिको पवित्र, निर्मल र अनुपम कुलमा उत्पन्न भए, तथापि ब्राह्मणहरूको श्रापका कारणले उनीहरू सबै पापरूप भए॥ १७६॥

**कीन्ह बिबिध तप तीनिहुँ भाई। परम उग्र नहिं बरनि सो जाई॥**
**गयउ निकट तप देखि बिधाता। मागहु बर प्रसन्न मैं ताता॥**

तीनै भाइहरूले अनेकौं प्रकारका धेरै नै कठिन तपस्या गरे, जसलाई वर्णन गर्न नै सकिंदैन। [उनीहरूको उग्र] तपस्या देखेर ब्रह्माजी उनीहरूका समीपमा जानुभयो र भन्नुभयो—हे तात! म प्रसन्न छु, वरदान माग॥ १॥

**करि बिनती पद गहि दससीसा। बोलेउ बचन सुनहु जगदीसा॥**
**हम काहू के मरहिं न मारें। बानर मनुज जाति दुइ बारें॥**

रावणले बिन्ती गरेर चरण समाउँदै भन्यो—हे जगदीश्वर! सुन्नुहोस्, बाँदर र मानिस यी दुई जातिहरू बाहेक म अन्य कसैले मारे पनि नमरूँ [यो वरदान दिनुहोस्]॥ २॥

**एवमस्तु तुम्ह बड़ तप कीन्हा। मैं ब्रह्माँ मिलि तेहि बर दीन्हा॥**
**पुनि प्रभु कुंभकरन पहिं गयऊ। तेहि बिलोकि मन बिसमय भयऊ॥**

[शिवजी भन्नुहुन्छ—] मैले र ब्रह्माले मिलेर उसलाई वरदान दियौं कि यस्तो नै हुनेछ, तिमीले ठूलो तपस्या गरेका छौ। फेरि ब्रह्माजी कुम्भकर्णका समीपमा जानुभयो। उसलाई देखेर मनमा ठूलो आश्चर्य भयो॥ ३॥

**जौं एहिं खल नित करब अहारू। होइहि सब उजारि संसारू॥**
**सारद प्रेरि तासु मति फेरी। मागेसि नीद मास षट केरी॥**

जब यस दुष्टले दिनहुँ भोजन गर्नेछ, तब सारा संसार नै उजाड (खाली) हुनेछ। [यस्तो विचार गरेर] ब्रह्माजीले सरस्वतीलाई प्रेरणा गरी उसको बुद्धिलाई बदल्नुभयो। [जसबाट] उसले छ महिनाको नीद (निद्रा) माग्यो॥ ४॥

दो०— **गए बिभीषन पास पुनि कहेउ पुत्र बर मागु।**
**तेहिं मागेउ भगवंत पद कमल अमल अनुरागु॥ १७७॥**

फेरि ब्रह्मा विभीषणसँग जानुभयो र भन्नुभयो—हे पुत्र! वरदान माग। उनले भगवान्‌का चरणकमलमा निर्मल (निष्काम र अनन्य) प्रेम मागे॥ १७७॥

**तिन्हहि देइ बर ब्रह्म सिधाए। हरषित ते अपने गृह आए॥**
**मय तनुजा मंदोदरि नामा। परम सुंदरी नारि ललामा॥**

उनीहरूलाई वरदान दिएर ब्रह्माजी गइहाल्नुभयो र उनीहरू (तीनै भाइ) हर्षित भएर आफ्नो घरमा फर्केर आए। मय दानवकी मन्दोदरी नामकी कन्या परम सुन्दरी र स्त्रीहरूमा शिरोमणि थिई॥ १॥

**सोइ मयँ दीन्हि रावनहि आनी। होइहि जातुधानपति जानी॥**
**हरषित भयउ नारि भलि पाई। पुनि दोउ बंधु बिआहेसि जाई॥**

मयले त्यसलाई ल्याएर रावणलाई दियो। उसले जानेको थियो कि यो राक्षसहरूको राजा हुनेछ। असल पत्नी पाएर रावण प्रसन्न भयो र फेरि उसले गएर दुवै भाइको विवाह गरिदियो॥ २॥

**गिरि त्रिकूट एक सिंधु मझारी। बिधि निर्मित दुर्गम अति भारी॥**
**सोइ मय दानवँ बहुरि सँवारा। कनक रचित मनिभवन अपारा॥**

समुद्रको बीचमा त्रिकूट नामको पर्वतमा ब्रह्माले बनाएको एक धेरै ठूलो किल्ला थियो। [महान् मायावी र निपुण कालिगड] मय दानवले त्यसलाई फेरि सजायो। त्यसमा मणिहरू जडिएका सुनका अनगिन्ती महल थिए॥ ३॥

**भोगावति जसि अहिकुल बासा। अमरावति जसि सक्रनिवासा॥**
**तिन्ह तें अधिक रम्य अति बंका। जग बिख्यात नाम तेहि लंका॥**

जस्तै नागकुललाई बस्नका लागि [पाताललोकमा] भोगावती पुरी छ र इन्द्रलाई बस्नका लागि [स्वर्गलोकमा] अमरावती पुरी छ, उनीहरूभन्दा पनि धेरै सुन्दर र कठिन (टाकुरामा अवस्थित जान सकिने बाटो छैन र त्यो देवताहरूको दुर्ग समान नितान्त दुर्गम छ। त्यसमा नदीदुर्ग, गिरिदुर्ग, वनदुर्ग र कृत्रिमदुर्ग छन्) दुर्ग (किल्ला) थियो। जगत्‌मा त्यसको नाम लङ्का प्रसिद्ध भयो॥ ४॥

दो०— **खाईं सिंधु गभीर अति चारिहुँ दिसि फिरि आव।**
**कनक कोट मनि खचित दृढ़ बरनि न जाइ बनाव॥ १७८ (क)॥**

उसलाई चारैतर्फबाट समुद्रको अत्यन्तै गहिरो खोल्साले घेरेको छ। त्यस (किल्ला) मा मणिहरू जडिएका सुनका मजबुत भित्ता छन्, जुन कालिगडको (सीपलाई) वर्णन गर्न नै सकिंदैन॥ १७८ (क)॥

**हरि प्रेरित जेहिं कलप जोइ जातुधानपति होइ।**
**सूर प्रतापी अतुलबल दल समेत बस सोइ॥ १७८ (ख)॥**

भगवान्‌को प्रेरणाबाट जुन कल्पमा जो राक्षसहरूको राजा (रावण) हुन्छ, त्यही शूर, प्रतापी, अतुलित बलवान् भएर आफ्नो सेनासहित त्यस पुरीमा बस्दछ॥ १७८ (ख)॥

**रहे तहाँ निसिचर भट भारे। ते सब सुरन्ह समर संघारे॥**
**अब तहँ रहहिं सक्र के प्रेरे। रच्छक कोटि जच्छपति केरे॥**

[पहिला] त्यहाँ ठूला-ठूला योद्धा राक्षस बस्ने गर्दथे। देवताहरूले ती सबैलाई युद्धमा मारे। अब इन्द्रको प्रेरणाबाट त्यहाँ कुबेरका एक करोड रक्षक (यक्ष) हरू रहन्छन्॥ १॥

**दसमुख कतहुँ खबरि असि पाई। सेन साजि गढ़ घेरेसि जाई॥**
**देखि बिकट भट बड़ि कटकाई। जच्छ जीव लै गए पराई॥**

रावणले कहीं यस्तो खबर पायो, त्यसपछि उसले सेना सजाएर किल्लालाई घेर्‍यो। त्यो ठूलो विकट योद्धा र त्यसका धेरै सेनालाई देखेर यक्षले आफ्नो प्राण लिएर भागिहाले॥ २॥

**फिरि सब नगर दसानन देखा। गयउ सोच सुख भयउ बिसेषा॥**
**सुंदर सहज अगम अनुमानी। कीन्हि तहाँ रावन रजधानी॥**

त्यसपछि रावणले घुम्दै-फिर्दै सारा नगर हेर्‍यो। त्यसलाई [स्थानसम्बन्धी] चिन्ता मेटियो र उसलाई धेरै नै सुख भयो। त्यस पुरीलाई स्वाभाविक नै सुन्दर र [बाहिरी व्यक्तिका लागि] दुर्गम अनुमान गरेर रावणले त्यहाँ आफ्नो राजधानी कायम गर्‍यो॥ ३॥

**जेहि जस जोग बाँटि गृह दीन्हे। सुखी सकल रजनीचर कीन्हे॥**
**एक बार कुबेर पर धावा। पुष्पक जान जीति लै आवा॥**

योग्यताअनुसार घरहरूलाई बाँडेर रावणले सबै राक्षसहरूलाई सुखी बनायो। एक पटक उसले कुवेरमाथि लडाइँ गर्‍यो र उनीसँगबाट पुष्पकविमानलाई जितेर ल्यायो॥ ४॥

दो०— **कौतुकहीं कैलास पुनि लीन्हेसि जाइ उठाइ।**
**मनहुँ तौलि निज बाहुबल चला बहुत सुख पाइ॥ १७९॥**

फेरि उसले गएर [एकपल्ट] ख्याल-ख्यालमा नै कैलाश पर्वतलाई उठायो र मानौं आफ्ना भुजाहरूको बललाई तौलेर, धेरै सुख पाई ऊ त्यहाँबाट आइहाल्यो॥ १७९॥

**सुख संपति सुत सेन सहाई। जय प्रताप बल बुद्धि बड़ाई॥**
**नित नूतन सब बाढ़त जाई। जिमि प्रतिलाभ लोभ अधिकाई॥**

सुख, सम्पत्ति, पुत्र, सेना, सहायक, जप, प्रताप, बल, बुद्धि र बडप्पन— यी सबै उसका लागि नयाँ (त्यसरी नै) बढ्दै गरेका थिए, जस्तै प्रत्येक लाभमा लोभ बढ्दछ॥ १॥

**अतिबल कुंभकरन अस भ्राता। जेहि कहुँ नहिं प्रतिभट जग जाता॥**
**करइ पान सोवइ षट मासा। जागत होइ तिहूँ पुर त्रासा॥**

अत्यन्त बलवान् कुम्भकर्ण त उसको भाइ थियो, जसको जोडाको योद्धा जगत्‌मा पैदा नै भएको

थिएन। ऊ रक्सी पिएर छ महिना सुत्ने गर्दथ्यो। त्यो ब्युँझदाबित्तिकै तीनै लोकमा खलबल मच्चिन्थ्यो॥ २॥

**जौं दिन प्रति अहार कर सोई। बिस्व बेगि सब चौपट होई॥**
**समर धीर नहिं जाइ बखाना। तेहि सम अमित बीर बलवाना॥**

यदि त्यसले प्रतिदिन भोजन गर्ने भएको भए सम्पूर्ण विश्व शीघ्र नै चौपट (खाली) भइहाल्दथ्यो। रणधीर यस्तो थियो कि जसलाई वर्णन गर्न नै सकिंदैन। [लङ्कामा] उसका यस्ता अनगिन्ती बलवान् वीर (सैनिक) थिए॥ ३॥

**बारिदनाद जेठ सुत तासू। भट महुँ प्रथम लीक जग जासू॥**
**जेहि न होइ रन सनमुख कोई। सुरपुर नितहिं परावन होई॥**

मेघनाद रावणको ठूलो छोरा थियो, जो जगत्‌का योद्धाहरूमध्ये पहिला नम्बर थियो। रणमा कसैले पनि उससँग सामना गर्न सक्दैनथ्यो। स्वर्गमा त [उसको भयबाट] दिनहुँ भागदौड मच्चिइरहन्थ्यो॥ ४॥

दो०— **कुमुख अकंपन कुलिसरद धूमकेतु अतिकाय।**
**एक एक जग जीति सक ऐसे सुभट निकाय॥ १८०॥**

[यसका अतिरिक्त] दुर्मुख, अकम्पन, वज्रदन्त, धूमकेतु र अतिकाय आदि यस्ता अनेकौं योद्धा थिए, जसले एक्लै नै सारा जगत्‌लाई जित्न सक्दथे॥ १८०॥

**कामरूप जानहिं सब माया। सपनेहुँ जिन्ह कें धरम न दाया॥**
**दसमुख बैठ सभाँ एक बारा। देखि अमित आपन परिवारा॥**

सबै राक्षसले आफूले इच्छा गरे अनुसारको रूप बनाउन सक्दथे र [आसुरी] माया जान्दथे। उनीहरूमा दया धर्म सपनामा पनि थिएन। एक पालि सभामा बसिरहेको रावणले आफ्ना अगणित परिवारलाई देख्यो॥ १॥

**सुत समूह जन परिजन नाती। गनै को पार निसाचर जाती॥**
**सेन बिलोकि सहज अभिमानी। बोला बचन क्रोध मद सानी॥**

छोरा-नाति, कुटुम्बी र सेवक थुप्रा-का थुप्रा थिए। [सारा] राक्षसहरूलाई त गन्न नै कसले सक्दथ्यो। आफ्ना सेनालाई देखेर स्वभावबाट नै अभिमानी रावण क्रोध र गर्वद्वारा भरिएको वचन बोल्यो— ॥ २॥

**सुनहु सकल रजनीचर जूथा। हमरे बैरी बिबुध बरूथा॥**
**ते सनमुख नहिं करहिं लराई। देखि सबल रिपु जाहिं पराई॥**

हे समस्त राक्षसका दलहरू हो! सुन, देवतागण हामीहरूका शत्रु हुन्। उनीहरू अघिल्तिर आएर युद्ध गर्दैनन्। बलवान् शत्रुलाई देखेर भागिहाल्दछन्॥ ३॥

**तेन्ह कर मरन एक बिधि होई। कहउँ बुझाइ सुनहु अब सोई॥**
**द्विजभोजन मख होम सराधा। सब कै जाइ करहु तुम्ह बाधा॥**

उनीहरूको मृत्यु एउटै उपायबाट हुन सक्दछ, म सम्झाएर भन्दछु। अब त्यो उपाय सुन। [उनीहरूको बललाई बढाउने] ब्राह्मणभोजन, यज्ञ, हवन र श्राद्ध—यी सबैमा गएर तिमीहरूले बाधा गरेर छोड॥ ४॥

दो०— **छुधा छीन बलहीन सुर सहजेहिं मिलिहहिं आइ।**
**तब मारिहउँ कि छाड़िहउँ भली भाँति अपनाइ॥ १८१॥**

भोकबाट दुर्बल र बलहीन भएका देवता सजिलै हामीसँग आएर मिल्नेछन्। अनि उनीहरूलाई मैले मार्नेछु अथवा भलीभाँति आफ्नो अधीनमा बनाएर [सर्वथा पराधीन गरेर] छोड्नेछु॥ १८१॥

**मेघनाद कहुँ पुनि हँकरावा। दीन्हीं सिख बलु बयरु बढ़ावा॥**
**जे सुर समर धीर बलवाना। जिन्ह कें लरिबे कर अभिमाना॥**

फेरि उसले मेघनादलाई बोलायो र सिकाए-पढाएर उसलाई बल र [देवताहरूप्रति] वैरभावको उत्तेजना दियो। [फेरि भन्यो— ] हे पुत्र! जुन देवता रणमा धीर र बलवान् छन् र जसलाई लड्ने अभिमान छ॥ १॥

**तिन्हहि जीति रन आनेसु बाँधी। उठि सुत पितु अनुसासन काँधी॥**
**एहि बिधि सबही अग्या दीन्ही। आपुनु चलेउ गदा कर लीन्ही॥**

उनीहरूलाई युद्धमा जितेर बाँधेर ल्याउनू। छोराले उठेर बाबुको आज्ञालाई शिरोधार्य गऱ्यो। यस्तै तरिकाले उसले सबैलाई आज्ञा दियो र आफू पनि हातमा गदा लिएर हिँडिहाल्यो॥ २॥

**चलत दसानन डोलति अवनी। गर्जत गर्भ स्त्रवहिं सुर रवनी॥**
**रावन आवत सुनेउ सकोहा। देवन्ह तके मेरु गिरि खोहा॥**

रावण हिंड्नाले पृथ्वी हल्लिन लागिन् र उसको आवाजबाट देवताका स्त्रीहरूका गर्भ खस्न लागे। रावणलाई क्रोधपूर्वक आउँदै गरेको सुनेर देवताहरूले सुमेरुपर्वतका गुफाहरू ताके (भागेर सुमेरुका गुफाहरूमा आश्रय लिए)॥ ३॥

**दिगपालन्ह के लोक सुहाए। सूने सकल दसानन पाए॥**
**पुनि पुनि सिंघनाद करि भारी। देइ देवतन्ह गारि पचारी॥**

दिक्पालहरूका सबै सुन्दर लोकहरूलाई रावणले सुनसान (एकान्त) पायो। उसले पटक-पटक ठूलो सिंहगर्जना गरेर देवताहरूलाई बारम्बार चुनौती दिंदै गाली गर्दथ्यो॥ ४॥

**रन मद मत्त फिरइ जग धावा। प्रतिभट खोजत कतहुँ न पावा॥**
**रबि ससि पवन बरुन धनधारी। अगिनि काल जम सब अधिकारी॥**

रणको मदमा मत्त (चूर) भएर उसले आफ्नो जोडीको योद्धालाई खोज्दै जगत्भर दौडदै घुम्यो,

परन्तु उसलाई यस्तो योद्धा कहीं पनि भेटिएन। सूर्य, चन्द्रमा, वायु, वरुण, कुबेर अग्नि, काल र यम आदि सबै अधिकारी, ॥ ५ ॥

**किंनर सिद्ध मनुज सुर नागा। हठि सबही के पंथहिं लागा॥**
**ब्रह्मसृष्टि जहँ लगि तनुधारी। दसमुख बसबर्ती नर नारी॥**

किन्नर, सिद्ध, मनुष्य, देवता र नाग—सबैका पछि ऊ हठपूर्वक लागिरह्यो (कसैलाई पनि उसले शान्तिपूर्वक बस्न दिएन)। ब्रह्माजीको सृष्टिमा जति पनि शरीरधारी स्त्री-पुरुष थिए, सबै रावणको अधीनमा भए॥ ६ ॥

**आयसु करहिं सकल भयभीता। नवहिं आइ नित चरन बिनीता॥**

डरले गर्दा सबैले उसको आज्ञालाई पालन गर्दथे र दिनहुँ आएर नम्रतापूर्वक उसका चरणमा शिर निहुराउँदथे॥ ७ ॥

**दो०— भुजबल बिस्व बस्य करि राखेसि कोउ न सुतंत्र।**
**मंडलीक मनि रावन राज करइ निज मंत्र॥ १८२ (क)॥**

उसले आफ्ना भुजाको बलबाट सम्पूर्ण विश्वलाई वशमा (अधीनमा) गरायो, कसैलाई स्वतन्त्र रहन दिएन। [यस प्रकार] मण्डलीका राजाहरूको शिरोमणि (सार्वभौम सम्राट्) रावणले आफ्नो इच्छानुसार राज्य गर्न लाग्यो॥ १८२ (क)॥

**देव जच्छ गंधर्ब नर किंनर नाग कुमारि।**
**जीति बरीं निज बाहु बल बहु सुंदर बर नारि॥ १८२ (ख)॥**

देवता, यक्ष, गन्धर्व, मनुष्य, किन्नर र नागका कन्याहरू तथा धेरै अन्य सुन्दरी र उत्तम स्त्रीहरूलाई उसले आफ्ना भुजाको बलबाट जितेर विवाह गर्‍यो॥ १८२ (ख)॥

**इंद्रजीत सन जो कछु कहेऊ। सो सब जनु पहिलेहिं करि रहेऊ॥**
**प्रथमहिं जिन्ह कहुँ आयसु दीन्हा। तिन्ह कर चरित सुनहु जो कीन्हा॥**

मेघनादसँग उसले जे जस्तो भन्दथ्यो, त्यसलाई उसले (मेघनादले) मानौं पहिलेदेखि नै गरेर राखेको हुन्थ्यो (अर्थात् रावणले भन्न समय लाग्दथ्यो, उसले आज्ञापालनमा कत्ति पनि विलम्ब गर्दैनथ्यो)। जुन काम गर्न [रावणले मेघनादलाई] पहिले नै आज्ञा दिइसकेको थियो, उसले जुन कार्य गर्‍यो, त्यो सुन— ॥ १ ॥

**देखत भीमरूप सब पापी। निसिचर निकर देव परितापी॥**
**करहिं उपद्रव असुर निकाया। नाना रूप धरहिं करि माया॥**

सबै राक्षसहरूका समूह हेर्दैखेरि ठूला भयानक, पापी र देवताहरूलाई दुःख दिनेवाला थिए। ती असुरहरूका समूहले उपद्रव गर्दथे र मायाबाट अनेकौं प्रकारका रूप बनाउँदथे॥ २ ॥

**जेहि बिधि होइ धर्म निर्मूला। सो सब करहिं बेद प्रतिकूला॥**
**जेहिं जेहिं देस धेनु द्विज पावहिं। नगर गाउँ पुर आगि लगावहिं॥**

जुन प्रकारले धर्मको जरा (जड) काटिन्थ्यो, उनीहरूले त्यही वेदविरुद्ध काम गर्ने गर्दथे। जुन-जुन ठाउँमा गाई र ब्राह्मणलाई भेट्टाउँदथे, त्यही नगर, गाउँ र टोलमा आगो लगाउने गर्दथे॥ ३॥

**सुभ आचरन कतहुँ नहिं होई। देव बिप्र गुरु मान न कोई॥**
**नहिं हरिभगति जग्य तप ग्याना। सपनेहुँ सुनिअ न बेद पुराना॥**

[उनीहरूको डरबाट] कहीं पनि शुभ आचरण (ब्राह्मण-भोजन, यज्ञ, श्राद्ध आदि) हुँदैनथे। देवता, ब्राह्मण र गुरुलाई कसैले मान्दैनथे। न हरिभक्ति थियो, न यज्ञ, तप र ज्ञान थियो। वेद र पुराण त स्वप्नमा पनि सुन्न मिल्दैनथो॥ ४॥

छं०— **जप जोग बिरागा तप मख भागा श्रवन सुनइ दससीसा।**
**आपुनु उठि धावइ रहै न पावइ धरि सब घालइ खीसा॥**
**अस भ्रष्ट अचारा भा संसारा धर्म सुनिअ नहिं काना।**
**तेहि बहुबिधि त्रासइ देस निकासइ जो कह बेद पुराना॥**

जप, योग, वैराग्य, तप तथा यज्ञमा [देवताहरूले] भाग पाउने कुरा रावणले कहीं कानहरूले सुन्यो भने, [त्यही समयमा] स्वयं उठेर दौडन्थ्यो। केही पनि रहन दिंदैनथ्यो, उसले सबैलाई समातेर विध्वंस गरेरै छोड्दथ्यो। संसारमा यस्तो भ्रष्ट आचरण फैलियो कि धर्म त कानहरूद्वारा सुन्न पनि पाइँदैनथ्यो; कुनै ठाउँमा कुनै-कुनैले वेद र पुराण भनेमा, उनीहरूलाई धेरै प्रकारबाट त्रास दिन्थ्यो र देशबाट निकालिदिन्थ्यो।

सो०— **बरनि न जाइ अनीति घोर निसाचर जो करहिं।**
**हिंसा पर अति प्रीति तिन्ह के पापहि कवनि मिति॥ १८३॥**

राक्षसहरूले जुन घोर अत्याचार गर्दथे, उसको वर्णन गर्न नै सकिंदैन। हिंसाप्रति नै जसको प्रीति छ, उनीहरूलाई पापको के डर हुन्थ्यो र!॥ १८३॥

**मासपारायण, छैटौं विश्राम**

**बाढ़े खल बहु चोर जुआरा। जे लंपट परधन परदारा॥**
**मानहिं मातु पिता नहिं देवा। साधुन्ह सन करवावहिं सेवा॥**

अर्काको धन र अर्काकी स्त्रीमा मन लगाउने, दुष्ट, चोर र जुवाडे धेरै नै भए। मानिसले आमा-बाबु र देवताहरूलाई मान्दैनथे र साधुहरूको [सेवा गर्नु त टाढा नै रह्यो, उल्टै उनीहरूबाट] सेवा गराउने गर्दथे॥ १॥

## * पृथ्वी र देवतादिको करुण पुकार *

**जिन्ह के यह आचरन भवानी। ते जानेहु निसिचर सब प्रानी॥**
**अतिसय देखि धर्म कै ग्लानी। परम सभीत धरा अकुलानी॥**

[शिवजी भन्नुहुन्छ— ] हे भवानी! जसको यस्तो आचरण छ, ती सबै प्राणीहरूलाई राक्षस नै सम्झनु। यस प्रकार धर्मप्रति [मानिसहरूको] अतिशय ग्लानि [अरुचि, अनास्था] देखेर पृथ्वी अत्यन्त भयभीत एवं व्याकुल भइन्॥ २॥

**गिरि सरि सिंधु भार नहिं मोही। जस मोहि गरुअ एक परद्रोही॥**
**सकल धर्म देखइ बिपरीता। कहि न सकइ रावन भय भीता॥**

[उनले सोच्न लागिन् कि] पर्वतहरू, नदीहरू र समुद्रहरूको बोझलाई त्यति भारी मानेकी छैन, जति भार मलाई एक परद्रोही (अर्काको अनिष्ट गर्ने) लाग्दछ। पृथ्वीले सम्पूर्ण धर्मलाई विपरीत देखिरहेकी छिन्, तर रावणसँग भयभीत भएकी हुँदा उनले केही बोल्न सकिनन्॥ ३॥

**धेनु रूप धरि हृदयँ बिचारी। गई तहाँ जहँ सुर मुनि झारी॥**
**निज संताप सुनाएसि रोई। काहू तें कछु काज न होई॥**

[अन्तिममा] हृदयमा सोच-विचार गरेर, गाईको रूप धारण गरेर पृथ्वी त्यहाँ गइन् जहाँ सबै देवता र मुनि [लुकेका] थिए। पृथ्वीले रोएर उनीहरूलाई आफ्नो दुःख सुनाइन्, तर कसैबाट केही काम भएन॥ ४॥

छं०— **सुर मुनि गंधर्बा मिलि करि सर्बा गे बिरंचि के लोका।**
**सँग गोतनुधारी भूमि बिचारी परम बिकल भय सोका॥**
**ब्रह्माँ सब जाना मन अनुमाना मोर कछू न बसाई।**
**जा करि तैं दासी सो अबिनासी हमरेउ तोर सहाई॥**

त्यसपछि देवता, मुनि र गन्धर्व सबै मिलेर ब्रह्माजीको लोक (सत्यलोक) मा गए। भय र शोकबाट अत्यन्त व्याकुल बिचरा पृथ्वी पनि गाईको शरीर धारण गरेर उनीहरूका साथ गइन्। ब्रह्माजीले सबै जान्नुभयो। उहाँले मनमा अनुमान गर्नुभयो कि यस कार्यमा मेरो कत्ति पनि वश (क्षमता) चल्दैन। [त्यसपछि उहाँले पृथ्वीसँग भन्नुभयो कि— ] जसको तिमी दासी हौ, उनै अविनाशी म र तिमी दुवैका सहायक हुनुहुन्छ।

सो०— **धरनि धरहि मन धीर कह बिरंचि हरिपद सुमिरु।**
**जानत जन की पीर प्रभु भंजिहि दारुन बिपति॥ १८४॥**

ब्रह्माजीले भन्नुभयो—हे पृथ्वी माता! मनमा धैर्य धारण गरेर श्रीहरिका चरणहरूको स्मरण गर। प्रभुले आफ्ना दासहरूको पीडालाई जान्नुभएकै छ, उहाँले तिम्रो कठिन विपत्तिलाई नाश गर्नुहुनेछ॥ १८४॥

**बैठे सुर सब करहिं बिचारा। कहँ पाइअ प्रभु करिअ पुकारा॥**
**पुर बैकुंठ जान कह कोई। कोउ कह पयनिधि बस प्रभु सोई॥**

सबै देवता बसेर विचार गर्न लागे कि प्रभुलाई कहाँ पाउने, जो कि उहाँका अगाडि पुकार गर्न पाइयोस्। कुनैले वैकुण्ठपुरीमा जान भन्दथे र कसैले भन्दथे कि प्रभु क्षीरसागरमा निवास गर्नुहुन्छ॥ १॥

**जाके हृदयँ भगति जसि प्रीती। प्रभु तहँ प्रगट सदा तेहिं रीती॥**
**तेहिं समाज गिरिजा मैं रहेऊँ। अवसर पाइ बचन एक कहेऊँ॥**

जसको हृदयमा जस्तो भक्ति र प्रीति हुन्छ, प्रभु त्यहाँ (उसका लागि) सधैं उस्तै रीतिबाट प्रकट हुनुहुन्छ। हे पार्वती! त्यस समाजमा म पनि थिएँ। अवसर पाएर मैले एउटा कुरा भनें— ॥ २ ॥

**हरि ब्यापक सर्बत्र समाना। प्रेम तें प्रगट होहिं मैं जाना॥**
**देस काल दिसि बिदिसिहु माहीं। कहहु सो कहाँ जहाँ प्रभु नाहीं॥**

म त यस्तो जान्दछु कि भगवान् सबै ठाउँमा समान रूपले व्यापक हुनुहुन्छ, प्रेमबाट उहाँ प्रकट हुनुहुन्छ। देश, काल, दिशा, विदिशामा भन्नुहोस्, यस्तो ठाउँ कहाँ छ, जहाँ प्रभु हुनुहुन्न?॥ ३ ॥

**अग जगमय सब रहित बिरागी। प्रेम तें प्रभु प्रगटइ जिमि आगी॥**
**मोर बचन सब के मन माना। साधु साधु करि ब्रह्म बखाना॥**

उहाँ चराचरमय (चराचरमा व्याप्त) हुँदा-हुँदै पनि सबैबाट रहित र विरक्त हुनुहुन्छ (उहाँको कहीं आसक्ति छैन); उहाँ प्रेमबाट प्रकट हुनुहुन्छ, जस्तै अग्नि। (अग्नि अव्यक्त रूपले सर्वत्र व्याप्त छ, परन्तु जहाँ उसका लागि अरणिमन्थनादि साधन प्रयोग गरिन्छ, त्यहाँ त्यो [आगो] प्रकट हुने गर्दछ। यस्तै प्रकारले सर्वत्र व्याप्त भगवान् पनि प्रेमबाट प्रकट भइहाल्नुहुन्छ।) मेरो कुरा सबैलाई प्रिय लाग्यो। ब्रह्माजीले 'साधु-साधु' (ठीक हो-ठीक हो) भनेर प्रशंसा गर्नुभयो॥ ४॥

**दो०— सुनि बिरंचि मन हरष तन पुलकि नयन बह नीर।**
**अस्तुति करत जोरि कर सावधान मतिधीर॥ १८५॥**

मेरो कुरा सुनेर ब्रह्माजीको मनमा ठूलो हर्ष भयो; उहाँको शरीर रोमाञ्चित भयो र आँखाबाट [प्रेमका] आँसु बग्न लागे। त्यसपछि उनै धीरबुद्धि ब्रह्माजीले सावधान भएर हात जोडेर स्तुति गर्न लाग्नुभयो— ॥ १८५ ॥

**छं०— जय जय सुरनायक जन सुखदायक प्रनतपाल भगवंता।**
**गो द्विज हितकारी जय असुरारी सिंधुसुता प्रिय कंता॥**
**पालन सुर धरनी अद्भुत करनी मरम न जानइ कोई।**
**जो सहज कृपाला दीनदयाला करउ अनुग्रह सोई॥**

हे देवताहरूका स्वामी, सेवकहरूलाई सुख दिनेवाला, शरणागतलाई रक्षा गर्नुहुने भगवान्! हजुरको जय होस्! जय होस्!! हे गाई-ब्राह्मणहरूको हित गर्नुहुने, असुरहरूको विनाश गर्नुहुने, समुद्रकी कन्या (श्रीलक्ष्मी) का प्रिय स्वामी! हजुरको जय होस्! हे देवता र पृथ्वीलाई पालन गर्ने प्रभु! हजुरका लीला अद्भुत छन्, उसको भेदलाई कसैले जान्दैन। यस्ता जो स्वभावबाट नै कृपालु र दीनदयालु होइबक्सिन्छ, त्यस्ता हजुरले नै मलाई कृपा गरिबक्सियोस्॥ १ ॥

**जय जय अबिनासी सब घट बासी ब्यापक परमानंदा।**
**अबिगत गोतीतं चरित पुनीतं मायारहित मुकुंदा॥**
**जेहि लागि बिरागी अति अनुरागी बिगत मोह मुनिबृंदा।**
**निसि बासर ध्यावहिं गुन गन गावहिं जयति सच्चिदानंदा॥**

हे अविनाशी, सबैको हृदयमा निवास गर्ने (अन्तर्यामी), सर्वव्यापक परम आनन्दस्वरूप, अज्ञेय, इन्द्रियहरूदेखि पर, पवित्रचरित्र, मायाबाट रहित मुकुन्द (मोक्षदाता)! हजुरको जय होस्! जय होस्!! [यस लोक र परलोकका सबै भोगहरूबाट] विरक्त तथा मोहबाट सर्वथा छुटेका (ज्ञानी) मुनिवृन्द पनि अत्यन्त अनुरागी (प्रेमी) बनेर जसको रात-दिन ध्यान गर्ने गर्दछन् र जसका गुणका समूहलाई गाउने गर्दछन्, उनै सच्चिदानन्दको जय होस्॥ २॥

**जेहिं सृष्टि उपाई त्रिबिध बनाई संग सहाय न दूजा।**
**सो करउ अघारी चिंत हमारी जानिअ भगति न पूजा॥**
**जो भव भय भंजन मुनि मन रंजन गंजन बिपति बरूथा।**
**मन बच क्रम बानी छाड़ि सयानी सरन सकल सुरजूथा॥**

जसले कुनै अर्को साथीविना अथवा सहायकविना नै एक्लै [या स्वयं आफुलाई त्रिगुणरूप— ब्रह्मा, विष्णु र शिवरूप बनाएर अथवा विनाकुनै उपादान-कारणले अर्थात् स्वयं नै सृष्टिको अभिन्ननिमित्तोपादान (कार्यभन्दा भिन्न नभई उत्पत्तिको कारण, आधार)] बनेर तीन प्रकारको सृष्टि उत्पन्न गरिबक्सियो, उनै पापहरूलाई नाश गर्नेवाला भगवान्‌ले मेरो खबर लिइबक्सियोस्। म न भक्ति जान्दछु, न त पूजा। जो संसारका (जन्म-मृत्युको) भयलाई नाश गर्नेवाला, मुनिहरूको मनलाई आनन्द दिने र विपत्तिहरूका समूहलाई नष्ट गर्नेवाला होइबक्सिन्छ, हामी सबै देवताका समूह मन, वचन र कर्मबाट चतुर्‍याइँ गर्ने बानी छोडेर अर्थात् निर्मल मनबाट हजुर (भगवान्) का शरणमा [आएका] छौँ॥ ३॥

**सारद श्रुति सेषा रिषय असेषा जा कहुँ कोउ नहिं जाना।**
**जेहि दीन पिआरे बेद पुकारे द्रवउ सो श्रीभगवाना॥**
**भव बारिधि मंदर सब बिधि सुंदर गुनमंदिर सुखपुंजा।**
**मुनि सिद्ध सकल सुर परम भयातुर नमत नाथ पद कंजा॥**

सरस्वती, वेद, शेषजी र सम्पूर्ण ऋषि कसैले पनि जसलाई (हजुरलाई) जान्दैनन्, जसलाई दीन (दुःखी) प्रिय छन्, यस्तो वेदले पुकार गरेर (वर्णन गरेर) भन्दछन्, उनै श्रीभगवान्‌ले हामीहरूप्रति दया गरिबक्सियोस्। हे संसाररूपी समुद्रलाई [मन्थन] गर्नका लागि मन्दराचलरूप, सबै प्रकारबाट सुन्दर, गुणहरूका धाम र सुखहरूका राशि नाथ! हजुरका चरणकमलहरूमा मुनि, सिद्ध र सम्पूर्ण देवताहरू भयबाट अत्यन्त व्याकुल भएर नमस्कार गर्दछौँ॥ ४॥

## * भगवान्‌बाट वरदान *

दो०— **जानि सभय सुर भूमि सुनि बचन समेत सनेह।**
**गगनगिरा गंभीर भइ हरनि सोक संदेह॥ १८६॥**

देवता र पृथ्वीलाई भयभीत जानेर र उनीहरूको स्नेहयुक्त वचन सुनी शोक र सन्देहलाई हरण गर्ने गम्भीर आकाशवाणी भयो— ॥ १८६॥

**जनि डरपहु मुनि सिद्ध सुरेसा। तुम्हहि लागि धरिहउँ नर बेसा॥**
**अंसन्ह सहित मनुज अवतारा। लेहउँ दिनकर बंस उदारा॥**

हे मुनि, सिद्ध र देवताहरूका स्वामी! बिलकुल नडराऊ। तिमीहरूका लागि मैले मनुष्यको शरीर (रूप) धारण गर्नेछु र उदार (पवित्र) सूर्यवंशमा अंशहरूसहित मनुष्यको अवतार लिनेछु॥ १॥

**कस्यप अदिति महातप कीन्हा। तिन्ह कहुँ मैं पूरब बर दीन्हा॥**
**ते दसरथ कौसल्या रूपा। कोसलपुरीं प्रगट नर भूपा॥**

कश्यप र अदितिले धेरै ठूलो तपस्या गरेका थिए। मैले पहिला नै उनीहरूलाई वरदान दिइसकेको छु। उनीहरू नै दशरथ र कौसल्याको रूपमा मनुष्यहरूका राजा (र रानी) भएर श्रीअयोध्यापुरीमा प्रकट भएका छन्॥ २॥

**तिन्ह कें गृह अवतरिहउँ जाई। रघुकुल तिलक सो चारिउ भाई॥**
**नारद बचन सत्य सब करिहउँ। परम सक्ति समेत अवतरिहउँ॥**

उनीहरूकै घरमा गएर मैले रघुकुलमा श्रेष्ठ चार भाइहरूका रूपमा अवतार लिनेछु। नारदका सबै वचन मैले सत्य गर्नेछु र आफ्नी पराशक्तिसहित अवतार लिनेछु॥ ३॥

**हरिहउँ सकल भूमि गरुआई। निर्भय होहु देव समुदाई॥**
**गगन ब्रह्मबानी सुनि काना। तुरत फिरे सुर हृदय जुड़ाना॥**

मैले पृथ्वीको सबै भारलाई हरण गर्नेछु। हे देववृन्द! तिमीहरू निर्भय होऊ। आकाशमा ब्रह्म (भगवान्) को वाणीलाई कानबाट सुनेर देवता तुरुन्तै फर्किए। उनीहरूको हृदय शीतल भयो॥ ४॥

**तब ब्रह्माँ धरनिहि समुझावा। अभय भई भरोस जियँ आवा॥**

त्यसपछि ब्रह्माजीले पृथ्वीलाई सम्झाउनुभयो। उनी पनि निर्भय भइन् र उनको शरीर (मन)-मा भरोसा भयो॥ ५॥

दो०— **निज लोकहि बिरंचि गे देवन्ह इहइ सिखाइ।**
**बानर तनु धरि धरि महि हरि पद सेवहु जाइ॥ १८७॥**

देवताहरूलाई यही सिकाउनुभयो कि बाँदरहरूको शरीर धारण गरेर तिमीहरू पृथ्वीमा गएर भगवान्का चरणको सेवा गर, त्यसपछि ब्रह्माजी आफ्नो लोकमा गइहाल्नुभयो॥ १८७॥

**गए देव सब निज निज धामा। भूमि सहित मन कहुँ बिश्रामा॥**
**जो कछु आयसु ब्रह्माँ दीन्हा। हरषे देव बिलंब न कीन्हा॥**

सबै देवता आ-आफ्नो लोकमा गए। पृथ्वीसहित सबैको मनमा शान्ति मिल्यो। ब्रह्माजीले जे-जस्तो आज्ञा दिनुभएको थियो, त्यसबाट देवता धेरै प्रसन्न भए र उनीहरूले [त्यस्तै गर्नलाई] विलम्ब गरेनन्॥ १॥

**बनचर देह धरी छिति माहीं। अतुलित बल प्रताप तिन्ह पाहीं॥**
**गिरि तरु नख आयुध सब बीरा। हरि मारग चितवहिं मतिधीरा॥**

पृथ्वीमा उनीहरूले बाँदरशरीर धारण गरे। उनीहरूमा अपार बल र प्रताप थियो। सबै शूरवीर थिए; पर्वत, रूख र नङ नै उनीहरूका शस्त्र (हात-हतियार) थिए। उनी धीर बुद्धि भएका [बाँदररूप देवता] ले भगवान् आउने बाटो हेर्न लागे॥ २॥

**गिरि कानन जहँ तहँ भरि पूरी। रहे निज निज अनीक रचि रूरी॥**
**यह सब रुचिर चरित मैं भाषा। अब सो सुनहु जो बीचहिं राखा॥**

उनीहरू [बाँदर] पहाड र जङ्गलहरूमा जहाँ-सुकै आ-आफ्ना सुन्दर सेना बनाएर पर्याप्त मात्रामा भरिए। यो सबै चरित्र मैले भनें। अब उही चरित्र सुन जसलाई बीचमा नै छोडिदिएको थिएँ॥ ३॥

### * महाराजा दशरथजीले पुत्रेष्टि-यज्ञ गर्नु, महारानीहरू गर्भवती हुनु *

**अवधपुरीं रघुकुलमनि राऊ। बेद बिदित तेहि दसरथ नाऊँ॥**
**धरम धुरंधर गुननिधि ग्यानी। हृदयँ भगति मति सारँगपानी॥**

अयोध्यापुरीमा रघुकुलशिरोमणि दशरथनामका महाराजा हुनुभयो, जसको नाम वेदहरूमा विख्यात छ। उहाँ धर्मधुरन्धर, गुणहरूका भण्डार र ज्ञानी हुनुहुन्थ्यो। उहाँका हृदयमा शार्ङ्गधनुष धारण गर्नुहुने भगवान्को भक्ति थियो र उहाँको बुद्धि पनि भगवान्मा नै लागिरहन्थ्यो॥ ४॥

दो०— **कौसल्यादि नारि प्रिय सब आचरन पुनीत।**
**पति अनुकूल प्रेम दृढ़ हरि पद कमल बिनीत॥ १८८॥**

उहाँका कौसल्या आदि प्रिय महारानीहरू सबै पवित्र आचरण भएका हुनुहुन्थ्यो। उहाँहरू [धेरै] विनम्र र पतिको अनुकूल [चल्ने] हुनुहुन्थ्यो र श्रीहरिका चरणकमलमा उहाँहरूको दृढ प्रेम थियो॥ १८८॥

**एक बार भूपति मन माहीं। भै गलानि मोरें सुत नाहीं॥**
**गुर गृह गयउ तुरत महिपाला। चरन लागि करि बिनय बिसाला॥**

एक पटक राजाको मनमा ठूलो ग्लानि भयो कि मेरा छोरा छैनन्। राजा तुरुन्तै गुरुजीका घरमा जानुभयो र गुरुका चरणमा प्रणाम गरेर धेरै नै बिन्ती गर्नुभयो॥ १॥

**निज दुख सुख सब गुरहि सुनायउ। कहि बसिष्ठ बहुबिधि समुझायउ॥**
**धरहु धीर होइहहिं सुत चारी। त्रिभुवन बिदित भगत भय हारी॥**

राजाले आफ्ना सारा सुख-दु:ख गुरुलाई सुनाउनुभयो। गुरु वशिष्ठजीले उहाँलाई धेरै प्रकारले सम्झाउनुभयो [र भन्नुभयो—] धैर्य गरिबक्सियोस्, हजुरका चार पुत्र हुनेछन्, जो तीनै लोकमा प्रसिद्ध र भक्तहरूको भयलाई हरण गर्ने हुनेछन्॥ २॥

**सृंगी रिषिहि बसिष्ठ बोलावा। पुत्रकाम सुभ जग्य करावा॥**
**भगति सहित मुनि आहुति दीन्हें। प्रगटे अगिनि चरू कर लीन्हें॥**

वशिष्ठजीले श्रृङ्गी ऋषिलाई बोलाउनुभयो र उहाँबाट शुभ पुत्रकामेष्टि यज्ञ गराउनुभयो। मुनिले भक्तिसहित आहुतिहरू (हवन सामग्री) दिंदाखेरि अग्निदेव हातमा चरु (हविष्यान्न खीर) लिएर प्रकट भए॥ ३॥

**जो बसिष्ठ कछु हृदयँ बिचारा। सकल काजु भा सिद्ध तुम्हारा॥**
**यह हबि बाँटि देहु नृप जाई। जथा जोग जेहि भाग बनाई॥**

[र दशरथजीसँग भने— ] वशिष्ठले हृदयमा जुन कुरा विचार गरेका थिए, तिम्रो त्यो सबै कार्य सिद्ध भइसकेको छ। हे राजन्! [अब] तिमी गएर यस हविष्यान्न (पायस) लाई जसलाई जस्तो उचित हुन्छ, उस्तै भाग बनाएर बाँडेर देऊ॥ ४॥

दो०— **तब अदृस्य भए पावक सकल सभहि समुझाइ।**
**परमानंद मगन नृप हरष न हृदयँ समाइ॥ १८९॥**

तदनन्तर अग्निदेव सम्पूर्ण सभालाई सम्झाएर अन्तर्ध्यान भइहाले। राजा परमानन्दमा मग्न हुनुभयो, उहाँको हृदयमा हर्षको सीमा (अटाएको) थिएन॥ १८९॥

**तबहिं रायँ प्रिय नारि बोलाईं। कौसल्यादि तहाँ चलि आईं॥**
**अर्ध भाग कौसल्यहि दीन्हा। उभय भाग आधे कर कीन्हा॥**

त्यसै समयमा राजाले आफ्ना प्यारी रानीहरूलाई बोलाउनुभयो। कौसल्या आदि सबै [रानीहरू] त्यहाँ आउनुभयो। राजाले [पायसको] आधा भाग कौसल्यालाई दिनुभयो [र बाँकी] आधालाई दुई भाग गर्नुभयो॥ १॥

**कैकेई कहँ नृप सो दयऊ। रह्यो सो उभय भाग पुनि भयऊ॥**
**कौसल्या कैकेई हाथ धरि। दीन्ह सुमित्रहि मन प्रसन्न करि॥**

त्यो (त्यसमध्ये एक भाग) राजाले कैकेयीलाई दिनुभयो। शेष जुन बचेको थियो, त्यसलाई फेरि दुई भाग गरेर राजाले उसलाई कौसल्या र कैकेयीको हातमा राखेर (अर्थात् उहाँहरूको अनुमति लिएर) यसरी उहाँहरूको मन प्रसन्न गरेर सुमित्रालाई दिनुभयो॥ २॥

**एहि बिधि गर्भसहित सब नारी। भईं हृदयँ हरषित सुख भारी॥**
**जा दिन तें हरि गर्भहिं आए। सकल लोक सुख संपति छाए॥**

यस प्रकार सबै महारानीहरू गर्भवती हुनुभयो, उहाँहरू हृदयमा धेरै हर्षित हुनुभयो। उहाँहरूलाई ठूलो सुख मिल्यो। जुन दिनबाट श्रीहरि [लीलाबाट नै] गर्भमा आउनुभयो, सबै लोकमा सुख र सम्पत्ति भरियो॥ ३॥

**मंदिर महँ सब राजहिं रानीं। सोभा सील तेज की खानीं॥**
**सुख जुत कछुक काल चलि गयऊ। जेहिं प्रभु प्रगट सो अवसर भयऊ॥**

शोभा, शील र तेजको खानी [बनेर] सबै रानीहरू महलमा सुशोभित हुनुभएको छ। यस प्रकार केही समय सुखपूर्वक बित्यो र त्यो अवसर आयो जुन समयमा प्रभु प्रकट हुनुथियो॥ ४॥

## श्रीभगवान् प्रकट हुनु र बाललीलाको आनन्द

**दो०— जोग लगन ग्रह बार तिथि सकल भए अनुकूल।**
**चर अरु अचर हर्षजुत राम जनम सुखमूल॥ १९०॥**

योग, लग्न, ग्रह, वार र तिथि सबै अनुकूल भए। जड र चेतन सबै हर्षले भरिए [किनकि] श्रीरामको जन्म सुखको मूल हो॥ १९०॥

**नौमी तिथि मधु मास पुनीता। सुकल पच्छ अभिजित हरिप्रीता॥**
**मध्यदिवस अति सीत न घामा। पावन काल लोक बिश्रामा॥**

पवित्र चैत्रको महिना थियो, नवमी तिथि थियो। शुक्लपक्ष र भगवान्‌को प्रिय अभिजित् मुहूर्त्त थियो। मध्याह्न (१२ बजे) को समय थियो। न धेरै चिसो थियो, न गर्मी थियो। त्यो पवित्र समय सबै लोकलाई शान्ति दिनेवाला थियो॥ १॥

**सीतल मंद सुरभि बह बाऊ। हरषित सुर संतन मन चाऊ॥**
**बन कुसुमित गिरिगन मनिआरा। स्त्रवहिं सकल सरिताऽमृतधारा॥**

शीतल, मन्द र सुगन्धित हावा चलिरहेको थियो। देवता हर्षित थिए र सन्तहरूको मनमा [ठूलो] इच्छा (चाहना) थियो। वनमा (फूल) फुलेका थिए, पर्वतका समूह मणिहरूबाट जगमगाइरहेका थिए र सम्पूर्ण नदीहरूले अमृतको धारा बगाइरहेका थिए॥ २॥

**सो अवसर बिरंचि जब जाना। चले सकल सुर साजि बिमाना॥**
**गगन बिमल संकुल सुर जूथा। गावहिं गुन गंधर्ब बरूथा॥**

जब ब्रह्माजीले त्यही (भगवान् प्रकट हुने) अवसर जान्नुभयो, त्यसपछि [उहाँसमेत] सम्पूर्ण देवता विमानहरू सजाएर हिंडे। निर्मल आकाश देवताहरूको समूहबाट भरियो। गन्धर्वहरूका दलले गुण गाउन लागे॥ ३॥

**बरषहिं सुमन सुअंजुलि साजी। गहगहि गगन दुंदुभी बाजी॥**
**अस्तुति करहिं नाग मुनि देवा। बहुबिधि लावहिं निज निज सेवा॥**

र सुन्दर अञ्जलिहरूमा सजाउँदै पुष्प बर्साउन लागे। आकाशमा धमाधम दुन्दुभि वा नगराहरू बज्न लागे। नाग, मुनि र देवताले स्तुति गर्न लागे र धेरै प्रकारबाट आ-आफ्नो सेवा (उपहार) भेट गर्न लागे॥ ४॥

**दो०— सुर समूह बिनती करि पहुँचे निज निज धाम।**
**जगनिवास प्रभु प्रगटे अखिल लोक बिश्राम॥ १९१॥**

देवताहरूका समूह बिन्ती गरेर आ-आफ्नो लोकमा पुगे। समस्त लोकहरूलाई शान्ति दिनुहुने, जगदाधार प्रभु प्रकट हुनुभयो॥ १९१॥

छं०— भए प्रगट कृपाला दीनदयाला कौसल्या हितकारी।
हरषित महतारी मुनि मन हारी अद्भुत रूप बिचारी॥
लोचन अभिरामा तनु घनस्यामा निज आयुध भुज चारी।
भूषन बनमाला नयन बिसाला सोभासिंधु खरारी॥

दीनहरूप्रति दया गर्नुहुने कौसल्याजीका हितकारी कृपालु प्रभु प्रकट हुनुभयो। मुनिहरूका मनलाई हरण गर्ने उहाँको अद्भुत रूपलाई विचार गरेर आमा हर्षले भरिनुभयो। नेत्रलाई आनन्द दिनुहुने मेघ समान श्याम शरीर थियो; चारै भुजाहरूमा आफ्ना (खास) आयुध [धारण गर्नुभएको] थियो; [दिव्य] आभूषण र वनमाला पहिरनुभएको थियो; ठूला-ठूला नेत्र थिए। यस प्रकार शोभाका समुद्र तथा खर (नाम भएको) राक्षसलाई मार्ने भगवान् प्रकट हुनुभयो॥ १॥

कह दुइ कर जोरी अस्तुति तोरी केहि बिधि करौं अनंता।
माया गुन ग्यानातीत अमाना बेद पुरान भनंता॥
करुना सुख सागर सब गुन आगर जेहि गावहिं श्रुति संता।
सो मम हित लागी जन अनुरागी भयउ प्रगट श्रीकंता॥

दुवै हात जोडेर आमाले भन्न लाग्नुभयो—हे अनन्त! मैले कुन प्रकारले तिम्रो स्तुति गरूँ। वेद र पुराणले तिमीलाई माया, गुण र ज्ञानबाट टाढै र परिमाणरहित बताउँदछन्। श्रुतिहरू र सन्तजनले दया र सुखका समुद्र, सबै गुणहरूका धाम भनेर जसलाई गाउने गर्दछन्, उनै भक्तहरूसँग प्रेम गर्ने लक्ष्मीपति भगवान् मेरो कल्याणका लागि प्रकट हुनुभएको छ॥ २॥

ब्रह्मांड निकाया निर्मित माया रोम रोम प्रति बेद कहै।
मम उर सो बासी यह उपहासी सुनत धीर मति थिर न रहै॥
उपजा जब ग्याना प्रभु मुसुकाना चरित बहुत बिधि कीन्ह चहै।
कहि कथा सुहाई मातु बुझाई जेहि प्रकार सुत प्रेम लहै॥

वेदले भन्दछन् कि तिम्रो प्रत्येक रौंमा मायाबाट रचिएका अनेकौं ब्रह्माण्डका समूहहरू [भरिएका] छन्। उनै तिमी मेरो गर्भमा रह्यौ—यस्तो हाँसो लाग्दो कुरालाई सुन्दाखेरि धीर (विवेकी) पुरुषहरूको बुद्धि पनि स्थिर रहन सक्दैन (विचलित भइहाल्दछ)। जब आमालाई ज्ञान उत्पन्न भयो, त्यसपछि प्रभु मुस्कुराउनुभयो। उहाँले धेरै प्रकारका चरित्र गर्न चाहनुहुन्थ्यो। अत: उहाँले [पूर्वजन्मको] सुन्दर कथा भनेर आमालाई सम्झाउनुभयो, जसबाट उहाँलाई पुत्रको (वात्सल्य) प्रेम प्राप्त होस् (भगवान्प्रति पुत्रभाव होस्)॥ ३॥

माता पुनि बोली सो मति डोली तजहु तात यह रूपा।
कीजै सिसुलीला अति प्रियसीला यह सुख परम अनूपा॥
सुनि बचन सुजाना रोदन ठाना होइ बालक सुरभूपा।
यह चरित जे गावहिं हरिपद पावहिं ते न परहिं भवकूपा॥

आमाको त्यो बुद्धि बदलियो, त्यसपछि उहाँ फेरि बोल्नुभयो—हे बाबु! यो रूपलाई छोडेर अत्यन्त प्रिय बाललीला गर, [मेरो लागि] यो सुख परम अनुपम हुनेछ। [आमाका] यी वचन सुनेर देवताहरूका स्वामी सुजान भगवान्‌ले बालक [रूप] भएर रुन सुरु गर्नुभयो। [तुलसीदासजी भन्नुहुन्छ—] जसले यस चरित्रलाई गाउने गर्दछन्, उनले श्रीहरिको पद पाउँदछन् र [फेरि] संसाररूपी कुवामा खस्ने छैनन्॥ ४॥

दो०— **बिप्र धेनु सुर संत हित लीन्ह मनुज अवतार।**
**निज इच्छा निर्मित तनु माया गुन गो पार॥ १९२॥**

ब्राह्मण, गाई, देवता र सन्तहरूको हितका लागि भगवान्‌ले मनुष्यको अवतार लिनुभयो। उहाँ [अज्ञानमयी, मलिन] माया र त्यसको गुण (सत्व, रज, तम) र [बाहिरी तथा भित्री] इन्द्रियहरूबाट पर (टाढा) हुनुहुन्छ। उहाँको [दिव्य] शरीर आफ्नो इच्छाबाट नै बनेको हो [कुनै कर्मबन्धनबाट परवश भएर त्रिगुणात्मक भौतिक पदार्थहरूद्वारा होइन]॥ १९२॥

**सुनि सिसु रुदन परम प्रिय बानी। संभ्रम चलि आईं सब रानी॥**
**हरषित जहँ तहँ धाईं दासी। आनँद मगन सकल पुरबासी॥**

बालक रोएको धेरै प्यारो ध्वनि सुनेर सबै महारानीहरू झटपट अथवा झट्टै (उत्साह र आनन्दले) दौडेर आउनुभयो। दासीहरू हर्षित भएर, जहा-तहाँ दौडे। सारा पुरवासी आनन्दमा मग्न भइरहेका छन्॥ १॥

**दसरथ पुत्रजन्म सुनि काना। मानहुँ ब्रह्मानंद समाना॥**
**परम प्रेम मन पुलक सरीरा। चाहत उठन करत मति धीरा॥**

महाराज दशरथजी पुत्रको जन्म भएको कानबाट सुनेर मानौं ब्रह्मानन्दमा मिल्नुभयो। मनमा अतिशय प्रेम थियो, शरीर रोमाञ्चित भयो। [आनन्दले आत्तिएकाले] बुद्धिलाई धैर्य दिएर [र प्रेममा शिथिल भएको शरीरलाई सँभालेर] उहाँ उठ्न खोज्नुभयो॥ २॥

**जाकर नाम सुनत सुभ होई। मोरें गृह आवा प्रभु सोई॥**
**परमानंद पूरि मन राजा। कहा बोलाइ बजावहु बाजा॥**

जसको नाम सुन्दा नै कल्याण भइहाल्दछ, उनै प्रभु मेरो घरमा आउनुभएको छ। [यस्तो सोचेर] राजाको मन परम आनन्दबाट पूर्ण भयो। उहाँबाट बाजा बजाउनेहरूलाई बोलाएर हुकुम भयो कि बाजा बजाऊ॥ ३॥

**गुर बसिष्ठ कहँ गयउ हँकारा। आए द्विजन सहित नृपद्वारा॥**
**अनुपम बालक देखेन्हि जाई। रूप रासि गुन कहि न सिराई॥**

गुरु वशिष्ठजीलाई साथमा नै बोलाइयो। उहाँ ब्राह्मणहरूलाई साथ लिएर राजद्वारमा आउनुभयो। उहाँले गएर अनुपम बालकलाई हेर्नुभयो, जो रूपको राशि हुनुहुन्थ्यो र जसको गुणलाई भन्दाखेरि कहिलै समाप्त नै हुँदैनथ्यो॥ ४॥

दो०— **नंदीमुख सराध करि जातकरम सब कीन्ह।**
**हाटक धेनु बसन मनि नृप बिप्रन्ह कहँ दीन्ह॥ १९३॥**

अनि राजाले आभ्युदयिक (नान्दीमुख) श्राद्ध गरेर सबै जातकर्म आदि संस्कार गर्नुभयो र ब्राह्मणहरूलाई सुन, गाई, वस्त्र र मणिहरू दान दिनुभयो॥ १९३॥

**ध्वज पताक तोरन पुर छावा। कहि न जाइ जेहि भाँति बनावा॥**
**सुमनबृष्टि अकास तें होई। ब्रह्मानंद मगन सब लोई॥**

ध्वजा, पताका र तोरणले नगर छाइयो। जुन प्रकारले उसलाई सजाइएको थियो, त्यसलाई त वर्णन गर्न नै सकिंदैन। आकाशबाट फूलहरूको वर्षा भइरहेको थियो, सबै जना ब्रह्मानन्दमा मग्न भए॥ १॥

**बृंद बृंद मिलि चलीं लोगाईं। सहज सिंगार किएँ उठि धाईं॥**
**कनक कलस मंगल भरि थारा। गावत पैठहिं भूप दुआरा॥**

आइमाईहरू समूहका-समूह मिलेर हिंडे। स्वाभाविक शृङ्गार गरी उनीहरू उठेर दौडे। सुनका कलश लिएर र थालहरूमा मङ्गल द्रव्य भरेर गाउँदै राजद्वारमा प्रवेश गरिरहेका छन्॥ २॥

**करि आरति नेवछावरि करहीं। बार बार सिसु चरनन्हि परहीं॥**
**मागध सूत बंदिगन गायक। पावन गुन गावहिं रघुनायक॥**

उनीहरूले आरती गरेर उपहार चढाइरहेका छन् र बारम्बार बालकका चरणमा पल्टिएका छन्। मागध, सूत, वन्दीजन र गायकहरू (गाउँनेहरू) ले रघुकुलका स्वामीका पवित्र गुणहरूको गान गरिरहेका छन्॥ ३॥

**सर्बस दान दीन्ह सब काहू। जेहिं पावा राखा नहिं ताहू॥**
**मृगमद चंदन कुंकुम कीचा। मची सकल बीथिन्ह बिच बीचा॥**

राजाले सबै जनालाई पर्याप्त मात्रामा दान दिनुभयो। जसले दान पाए उनीहरूले पनि राखेनन् (फर्काइदिए)। [नगरका] सबै गल्लीहरूको बीच-बीचमा कस्तूरी, चन्दन र कुङ्कुमको (भिडले कुल्चिएर) हिलो भयो॥ ४॥

दो०— **गृह गृह बाज बधाव सुभ प्रगटे सुषमा कंद।**
**हरषवंत सब जहँ तहँ नगर नारि नर बृंद॥ १९४॥**

घर-घरमा मङ्गलमय बाजाहरू बज्न लागे, किनकि शोभाका मूल भगवान् प्रकट हुनुभएको छ। नगरका स्त्री-पुरुषहरूका समूहका-समूह जतातातै आनन्दमग्न भइरहेका छन्॥ १९४॥

**कैकयसुता सुमित्रा दोऊ। सुंदर सुत जनमत भैं ओऊ॥**
**वह सुख संपति समय समाजा। कहि न सकइ सारद अहिराजा॥**

कैकेयी र सुमित्रा— यी दुवैले पनि सुन्दर पुत्रहरूलाई जन्म दिनुभयो। त्यस सुख, सम्पत्ति, समय र समाजलाई सरस्वती र सर्पहरूका राजा शेषजीले पनि वर्णन गर्न सक्नुहुन्न॥ १॥

**अवधपुरी सोहइ एहि भाँती। प्रभुहि मिलन आई जनु राती॥**
**देखि भानु जनु मन सकुचानी। तदपि बनी संध्या अनुमानी॥**

अयोध्यापुरी यस प्रकारले सुशोभित भइरहेको छ, मानौं रात्रि प्रभुसँग भेट हुन आएको छ र सूर्यलाई देखेर मानौं मनमा लाज मानिरहेकी छ, परन्तु फेरि पनि मनमा विचार गरेर ऊ मानौं सन्ध्या बनेर रहेकी छ॥ २॥

**अगर धूप बहु जनु अँधिआरी। उड़इ अबीर मनहुँ अरुनारी॥**
**मंदिर मनि समूह जनु तारा। नृप गृह कलस सो इंदु उदारा॥**

अगरबत्तीको धूपको धेरै नै धुवाँ मानौं [सन्ध्याको] अन्धकार हो र जो अबीर उडिरहेको छ, त्यो उसको लाली हो। महलहरूमा जुन मणिका समूह छन्, ती नै मानौं तारागण हुन्। राजमहलमा जुन कलश छ, उही मानौं श्रेष्ठ चन्द्रमा हो॥ ३॥

**भवन बेदधुनि अति मृदु बानी। जनु खग मुखर समयँ जनु सानी॥**
**कौतुक देखि पतंग भुलाना। एक मास तेइँ जात न जाना॥**

राजभवनमा जुन अति कोमल वाणीबाट वेदध्वनि भइरहेको छ, उही मानौं समयमा (समयानुकूल) भरिएका पक्षीहरूको बोली (चिरबिर) हो। यस्तो कौतुक (तमासा) देखेर सूर्यले पनि [आफ्नो चाल] बिर्से। एक महिना बितेको उनले जानेनन् (अर्थात् उनले एक महिना त्यहीं बिताए)॥ ४॥

दो०— **मास दिवस कर दिवस भा मरम न जानइ कोइ।**
**रथ समेत रबि थाकेउ निसा कवन बिधि होइ॥ १९५॥**

महीनाभरको दिन भयो। यस रहस्यलाई कसैले जानेनन्। सूर्य आफ्नो रथसहित त्यहीं रोकिए, फेरि रात कुन तरिकाले हुन्थ्यो र!॥ १९५॥

**यह रहस्य काहूँ नहिं जाना। दिनमनि चले करत गुनगाना॥**
**देखि महोत्सव सुर मुनि नागा। चले भवन बरनत निज भागा॥**

यस्तो रहस्य कसैले जानेनन्। सूर्यदेव [भगवान् श्रीरामको] गुणगान गर्दै हिंडे। यस्तो महोत्सव देखेर देवता, मुनि र नागले आफ्नो भाग्यको सराहना गर्दै आ-आफ्नो घरमा गए॥ १॥

**औरउ एक कहउँ निज चोरी। सुनु गिरिजा अति दृढ़ मति तोरी॥**
**काकभुसुंडि संग हम दोऊ। मनुजरूप जानइ नहिं कोऊ॥**

हे पार्वती! तिम्रो बुद्धि [रामजीको चरणहरूमा] धेरै दृढ छ, यसैले मैले अरू पनि एउटा चोरी (गुप्त) कुरा भन्दछु, सुन। कागभुशुण्डि र म दुवै त्यहाँ साथमा नै थियौं, परन्तु मनुष्यको रूपमा भएका कारणले हामीलाई कसैले जान्न सकेनन्॥ २॥

**परमानंद प्रेम सुख फूले। बीथिन्ह फिरहिं मगन मन भूले॥**
**यह सुभ चरित जान पै सोई। कृपा राम कै जापर होई॥**

परम आनन्द र प्रेमको सुखमा फुलेर हामी दुवै मग्न मनबाट (आनन्द हुँदै) गल्लीहरूमा [शरीर-मनको हाल] भुलेर घुम्ने गर्दथ्यौं। परन्तु यस्तो शुभ चरित्र उसले नै जान्न सक्दछ, जसलाई रामजीको कृपा हुन्छ॥ ३॥

**तेहि अवसर जो जेहि बिधि आवा। दीन्ह भूप जो जेहि मन भावा॥**
**गज रथ तुरग हेम गो हीरा। दीन्हे नृप नानाबिधि चीरा॥**

त्यस अवसरमा जो जस्तो प्रकारले आए र जसलाई मनमा जे मन पर्‍यो, राजाले उसलाई त्यही दिनुभयो। राजाले हात्ती, रथ, घोडा, सुन, गाई, हीरा र विभिन्न प्रकारका वस्त्र दिनुभयो॥ ४॥

दो०— **मन संतोषे सबन्हि के जहँ तहँ देहिं असीस।**
**सकल तनय चिर जीवहुँ तुलसिदास के ईस॥ १९६॥**

राजाले सबैको मनलाई सन्तुष्ट गर्नुभयो। [यसैले] सबै जनाले जहाँसुकै आशीर्वाद दिइरहेका थिए कि तुलसीदासका स्वामी सबै पुत्र (चारै राजकुमार) चिरञ्जीवी (दीर्घायु) होऊन्॥ १९६॥

**कछुक दिवस बीते एहि भाँती। जात न जानिअ दिन अरु राती॥**
**नामकरन कर अवसरु जानी। भूप बोलि पठए मुनि ग्यानी॥**

यस्तै प्रकारले केही दिन बिते। दिन र रात गएको थाहा नै हुँदैनथ्यो। त्यसपछि नामकरण-संस्कार (न्वारन) को समय जानेर राजाले ज्ञानी मुनि श्रीवशिष्ठजीलाई बोलाउन पठाउनुभयो॥ १॥

**करि पूजा भूपति अस भाषा। धरिअ नाम जो मुनि गुनि राखा॥**
**इन्ह के नाम अनेक अनूपा। मैं नृप कहब स्वमति अनुरूपा॥**

मुनिलाई पूजा गरेर राजाले भन्नुभयो— हे मुनि! हजुरले मनमा जो विचार गर्नु भएको छ, त्यही नाम राख्नुहोस्। [मुनिले भन्नुभयो— ] हे राजन्! यिनका अनेक अनुपम नाम छन्, फेरि पनि मैले आफ्नो बुद्धिअनुसार भन्नेछु॥ २॥

**जो आनंद सिंधु सुखरासी। सीकर तें त्रैलोक सुपासी॥**
**सो सुखधाम राम अस नामा। अखिल लोक दायक बिश्रामा॥**

जो आनन्दका समुद्र र सुखका राशि हुनुहुन्छ, जस (आनन्दसिन्धु) को एक कणबाट तीनै लोक सुखी हुन्छन्, उनै (हजुरका जेष्ठ पुत्र) को नाम 'राम' हो, जो सुखका भवन र सम्पूर्ण लोकहरूलाई शान्ति दिनेवाला हुनुहुन्छ॥ ३॥

**बिस्व भरन पोषन कर जोई। ताकर नाम भरत अस होई॥**
**जाके सुमिरन तें रिपु नासा। नाम सत्रुहन बेद प्रकासा॥**

जसले संसारलाई भरण-पोषण (पालन-पोषण) गर्नुहुन्छ, उनै (हजुरका द्वितीय पुत्र) को नाम 'भरत' हुनेछ। जसको स्मरणमात्रले शत्रुको नाश हुन्छ, उहाँको वेदहरूमा प्रसिद्ध 'शत्रुघ्न' नाम हुनेछ॥ ४॥

दो०— **लच्छन धाम राम प्रिय सकल जगत आधार।**
**गुरु बसिष्ट तेहि राखा लछिमन नाम उदार॥ १९७॥**

जो शुभ लक्षणहरूका धाम, श्रीरामजीका प्यारा र सारा जगत्का आधार हुनुहुन्छ, गुरु वशिष्ठजीले उहाँको 'लक्ष्मण' यस्तो श्रेष्ठ नाम राख्नुभयो॥ १९७॥

**धरे नाम गुर हृदयँ बिचारी। बेद तत्व नृप तव सुत चारी॥**
**मुनि धन जन सरबस सिव प्राना। बाल केलि रस तेहिं सुख माना॥**

गुरुजीले हृदयमा विचार गरेर यी नाम राख्नुभयो [र भन्नुभयो— ] हे राजन्! हजुरका चारै पुत्र वेदका तत्त्व (साक्षात् परात्पर भगवान्) हुनुहुन्छ। जो मुनिहरूका धन, भक्तहरूका लागि सर्वस्व र शिवजीका प्राण हुनुहुन्छ, उहाँहरूले [यस समय हजुरहरूको प्रेमवश] बाललीलाको रसमा सुख मान्नुभएको छ॥ १॥

**बारेहि ते निज हित पति जानी। लछिमन राम चरन रति मानी॥**
**भरत सत्रुहन दूनउ भाई। प्रभु सेवक जसि प्रीति बड़ाई॥**

बालकपनादेखि नै श्रीरामचन्द्रजीलाई आफ्ना परम हितैषी स्वामी जानेर लक्ष्मणजीले उहाँका चरणमा प्रीति जोड्नुभयो। भरत र शत्रुघ्न दुवै भाइहरूमा स्वामी र सेवकको जस्तो प्रीतिको प्रशंसा हुन्छ उस्तै प्रीति भयो॥ २॥

**स्याम गौर सुंदर दोउ जोरी। निरखहिं छबि जननीं तृन तोरी॥**
**चारिउ सील रूप गुन धामा। तदपि अधिक सुखसागर रामा॥**

श्याम र गोरो शरीर भएका दुवै सुन्दर जोडीहरूको शोभालाई देखेर आमाहरूले तृण भाँच्नुहुन्छ*। हुन त यी चारै पुत्र शील, रूप र गुणहरूका धाम हुनुहुन्छ, तर पनि सुखका समुद्र श्रीरामचन्द्रजी सबैभन्दा अधिक हुनुहुन्छ॥ ३॥

**हृदयँ अनुग्रह इंदु प्रकासा। सूचत किरन मनोहर हासा॥**
**कबहुँ उछंग कबहुँ बर पलना। मातु दुलारइ कहि प्रिय ललना॥**

उहाँको हृदयमा कृपारूपी चन्द्रमा प्रकाशित छ। मनलाई हरण गर्ने (लोभ्याउने) हाँसो त्यस (कृपारूपी चन्द्रमा) को किरणहरूलाई सूचित गर्दछ। कहिले काखमा [लिएर] र कहिले उत्तम कोक्रोमा [सुताएर] आमाले प्यारो बाबु! भनेर माया (प्रेम) गर्नुहुन्छ॥ ४॥

दो०— **ब्यापक ब्रह्म निरंजन निर्गुन बिगत बिनोद।**
**सो अज प्रेम भगति बस कौसल्या कें गोद॥ १९८॥**

जुन सर्वव्यापक, निरञ्जन (मायारहित), निर्गुण, विनोदरहित र अजन्मा ब्रह्म हुनुहुन्छ, उहाँ नै प्रेम र भक्तिको वश भई कौसल्याजीको काखमा हुनुहुन्छ [खेलिरहनुभएको छ]॥ १९८॥

**काम कोटि छबि स्याम सरीरा। नील कंज बारिद गंभीरा॥**
**अरुन चरन पंकज नख जोती। कमल दलन्हि बैठे जनु मोती॥**

* तृण भाँच्नु, चुँडाल्नु लोकोक्ति हो, सुन्दर वस्तुलाई देखेर खराब नजरबाट बचाउन तृण भाँच्ने रीति छ, जुन वस्तुलाई लिएर चुँडालेको अथवा भाँचेको छ नजर त्यहीं परोस्, जसबाट कसैको आँखा बच्चालाई नलागोस्। (मानस पीयूषबाट)

उहाँको नीलो कमल र गम्भीर (जलबाट भरिएको) मेघसमान श्याम शरीरमा करोडौं कामदेवको शोभा छ। राता-राता चरणकमलका नङहरूको ज्योति यस्तो प्रतीत हुन्छ, जस्तै [रातो] कमलका पातहरूमा मोती स्थिर भएर रहेको छ॥ १॥

**रेख कुलिस ध्वज अंकुस सोहे। नूपुर धुनि सुनि मुनि मन मोहे॥**
**कटि किंकिनी उदर त्रय रेखा। नाभि गभीर जान जेहिं देखा॥**

[चरणतलमा] वज्र, ध्वजा र अङ्कुशका चिह्न शोभित छन्। नूपुर (गोडामा लगाउने सिक्री जस्तो गहना अथवा पाउजेब) को ध्वनि सुनेर मुनिहरूको पनि मन मोहित हुने गर्दछ। कम्मरमा कम्मरपेटी (करधनी) र पेटमा तीन रेखाहरू (त्रिबली) छन्। नाइटोको गम्भीरतालाई त उनले नै जानेका छन्, जसले देखेका छन्॥ २॥

**भुज बिसाल भूषन जुत भूरी। हियँ हरि नख अति सोभा रूरी॥**
**उर मनिहार पदिक की सोभा। बिप्र चरन देखत मन लोभा॥**

धेरै आभूषणहरूबाट सुशोभित विशाल भुजाहरू छन्। हृदयमा बाघको नङ (आभूषण) का धेरै नै अनौठा दृश्य छन्। छातीमा रत्नयुक्त मणिहरूको हारको शोभा र ब्राह्मण (भृगुजी) का चरणचिह्नलाई देख्दा नै मन लोभिएर आउँदछ॥ ३॥

**कंबु कंठ अति चिबुक सुहाई। आनन अमित मदन छबि छाई॥**
**दुइ दुइ दसन अधर अरुनारे। नासा तिलक को बरनै पारे॥**

कण्ठ (गला) शङ्खको समान (तीन रेखाबाट सुशोभित) छ र चिउँडो धेरै नै सुन्दर छ। मुखमा अनगिन्ती कामदेवहरूको सुन्दरता छाइएको छ। दुइटा-दुइटा सुन्दर दाँतहरू (तल-माथि) छन्, राता-राता ओठ छन्। नाक र तिलक [को सौन्दर्य] को त वर्णन नै कसले गर्न सक्दछ॥ ४॥

**सुंदर श्रवन सुचारु कपोला। अति प्रिय मधुर तोतरे बोला॥**
**चिक्कन कच कुंचित गभुआरे। बहु प्रकार रचि मातु सँवारे॥**

सुन्दर कान र धेरै नै सुन्दर गाला छन्, मधुर तोते शब्द धेरै नै प्यारो लाग्दछ। जन्मेको समयदेखि नै राखिएका चिप्ला (चिल्ला) र घुमाउरा (घुम्रे) कपाल छन्, जसलाई आमाले धेरै प्रकारले परिश्रम गरेर सजाउनुभएको छ॥ ५॥

**पीत झगुलिआ तनु पहिराई। जानु पानि बिचरनि मोहि भाई॥**
**रूप सकहिं नहिं कहि श्रुति सेषा। सो जानइ सपनेहुँ जेहिं देखा॥**

शरीरमा पहेंलो भोटो लगाइदिएको छ। उहाँको घुँडा र हातहरूको बलबाट चल्नु (हिंड्न खोज्नु) मलाई धेरै नै प्यारो लाग्दछ। उहाँको रूपको वर्णन वेद र शेषजीले पनि गर्न सक्दैनन्। त्यस रूपलाई उनीहरूले नै जान्दछन्, जसले स्वप्नमा पनि देखेका छन्॥ ६॥

दो०— **सुख संदोह मोहपर ग्यान गिरा गोतीत।**
**दंपति परम प्रेम बस कर सिसुचरित पुनीत॥ १९९॥**

जुन सुखका पुञ्ज, मोहबाट टाढा तथा ज्ञान, वाणी र इन्द्रियहरूबाट अतीत हुनुहुन्छ, उनै भगवान् दशरथ–कौसल्याजीको अत्यन्त प्रेमको वशमा भएर पवित्र बाललीला गर्नुहुन्छ॥ १९९॥

**एहि बिधि राम जगत पितु माता। कोसलपुर बासिन्ह सुखदाता॥**
**जिन्ह रघुनाथ चरन रति मानी। तिन्ह की यह गति प्रगट भवानी॥**

यस प्रकार [सम्पूर्ण] जगत्का आमा–बाबु श्रीरामजीले अवधपुरीका निवासीहरूलाई सुख दिनुभएको छ। ज–जसले श्रीरामजीका चरणहरूमा प्रीति जोडेका छन्, हे भवानी! उनीहरूको यो प्रत्यक्ष गति छ [कि भगवान् उनीहरूको प्रेमवश बाललीला गरेर मुनिहरूलाई आनन्द दिइरहनुभएको छ]॥ १॥

**रघुपति बिमुख जतन कर कोरी। कवन सकइ भव बंधन छोरी॥**
**जीव चराचर बस कै राखे। सो माया प्रभु सों भय भाखे॥**

श्रीरघुनाथजीसँग विमुख भएर मनुष्यले चाहे करोडौं उपाय किन नगरून्, परन्तु उसलाई संसार बन्धनबाट कसले छुटाउन सक्दछ। जसले सबै चराचर जीवहरूलाई आफ्नो वशमा गरेर राखेको छ, त्यही माया पनि प्रभुसँग डराउने गर्दछे॥ २॥

**भृकुटि बिलास नचावइ ताही। अस प्रभु छाड़ि भजिअ कहु काही॥**
**मन क्रम बचन छाड़ि चतुराई। भजत कृपा करिहहिं रघुराई॥**

भगवान्ले त्यस मायालाई आँखीभौंको इशारामा नचाउनुहुन्छ। यस्ता प्रभुलाई छोडेर भन, [अरू] कसको भजन गर्ने र! मन, वचन र कर्मबाट चतुर्‍याइँ छोडेर भजन गर्नाले नै श्रीरघुनाथजीले कृपा गर्नुहुनेछ॥ ३॥

**एहि बिधि सिसुबिनोद प्रभु कीन्हा। सकल नगरबासिन्ह सुख दीन्हा॥**
**लै उछंग कबहुँक हलरावै। कबहुँ पालने घालि झुलावै॥**

यस्ता प्रकारले प्रभु श्रीरामचन्द्रजीले बाललीला गर्नुभयो र समस्त नगरनिवासीहरूलाई सुख दिनुभयो। कौसल्याजीले कहिले काखमा लिएर हल्लाउने–डुलाउने र कहिले कोक्रोमा सुताएर मच्चाउनुहुन्थ्यो॥ ४॥

दो०— **प्रेम मगन कौसल्या निसि दिन जात न जान।**
**सुत सनेह बस माता बालचरित कर गान॥ २००॥**

प्रेममा मग्न कौसल्याजीले रात र दिन बितेको जान्नु नै हुँदैनथ्यो। पुत्रको स्नेहले आमाले उहाँका बालचरित्रहरूलाई गाउने गर्नुहुन्थ्यो॥ २००॥

**एक बार जननीं अन्हवाए। करि सिंगार पलनाँ पौढ़ाए॥**
**निज कुल इष्टदेव भगवाना। पूजा हेतु कीन्ह अस्नाना॥**

एकपल्ट आमाले श्रीरामचन्द्रजीलाई स्नान गराउनुभयो र शृङ्गार गरेर कोक्रोमा सुताउनुभयो। फेरि आफ्ना कुलका इष्टदेव भगवान्को पूजाका लागि (आफूले) स्नान गर्नुभयो॥ १॥

**करि पूजा नैबेद्य चढ़ावा। आपु गई जहँ पाक बनावा॥**
**बहुरि मातु तहवाँ चलि आई। भोजन करत देख सुत जाई॥**

पूजा गरेर नैवेद्य चढाउनुभयो र स्वयं त्यहाँ जानुभयो, जहाँ भोजन बनाइएको थियो। फेरि आमा त्यहाँ नै (पूजाको स्थानमा) फर्केर आउनुभयो र त्यहाँ आएपछि छोराले [इष्टदेव भगवान्‌का लागि चढाइएको नैवेद्यलाई] भोजन गर्न लागेको देख्नुभयो॥ २॥

**गै जननी सिसु पहिं भयभीता। देखा बाल तहाँ पुनि सूता॥**
**बहुरि आइ देखा सुत सोई। हृदयँ कंप मन धीर न होई॥**

आमा भयभीत भएर (कोक्रोमा सुतेको थियो, यहाँ कसले ल्याएर राखिदियो, यस कुराले डराएर) छोरासँग जानुभयो, त्यसपछि उहाँ बालकलाई सुतेको देख्नुभयो। फेरि [पूजाको ठाउँमा फर्केर] हेर्नुभयो कि उही पुत्रले त्यहाँ [भोजन गरिराखेको] छ। उहाँको हृदय थरथर काम्न लाग्यो र मनमा धैर्य रहेन॥ ३॥

**इहाँ उहाँ दुइ बालक देखा। मतिभ्रम मोर कि आन बिसेषा॥**
**देखि राम जननी अकुलानी। प्रभु हँसि दीन्ह मधुर मुसुकानी॥**

[उहाँले सोच्न लाग्नुभयो कि—] यहाँ र त्यहाँ मैले दुई बालक देखें। यस्तो मेरो बुद्धिको भ्रम हो या अन्य कुनै विशेष कारण होला? प्रभु श्रीरामचन्द्रजीले आमालाई अत्तालिएको देखेर मधुर मुस्कानबाट हाँस्नुभयो॥ ४॥

दो०— **देखरावा मातहि निज अद्भुत रूप अखंड।**
**रोम रोम प्रति लागे कोटि कोटि ब्रह्मंड॥ २०१॥**

फेरि उहाँले आमालाई आफ्नो अखण्ड अद्भुत रूप देखाउनुभयो, जसको एक-एक रौंमा करोडौं ब्रह्माण्ड लागिरहेका थिए॥ २०१॥

**अगनित रबि ससि सिव चतुरानन। बहु गिरि सरित सिंधु महि कानन॥**
**काल कर्म गुन ग्यान सुभाऊ। सोउ देखा जो सुना न काऊ॥**

अगणित सूर्य, चन्द्रमा, शिव, ब्रह्मा, धेरै नै पर्वत, नदी, समुद्र, पृथ्वी, वन, काल, कर्म, गुण, ज्ञान र स्वभाव देख्नुभयो र ती पदार्थ पनि देख्नुभयो, जो कहिल्यै सुन्नुभएको पनि थिएन॥ १॥

**देखी माया सब बिधि गाढ़ी। अति सभीत जोरें कर ठाढ़ी॥**
**देखा जीव नचावइ जाही। देखी भगति जो छोरइ ताही॥**

सबै प्रकारको प्रबल मायालाई देख्नुभयो कि उसले [भगवान्‌का अघिल्तिर] अत्यन्त भयभीत भई हात जोडेर उभिएकी छ। जीवलाई देख्नुभयो, जसलाई उही मायाले नचाउँदछ, र [फेरि] भक्तिलाई देख्नुभयो, जसले त्यस जीवलाई [मायादेखि] छुटाउँदछ॥ २॥

**तन पुलकित मुख बचन न आवा। नयन मूदि चरननि सिरु नावा॥**
**बिसमयवंत देखि महतारी। भए बहुरि सिसुरूप खरारी॥**

[आमाको] शरीर पुलकित भयो, मुखबाट वचन नै निस्किएन। त्यसपछि आँखा बन्द गरेर उहाँले श्रीरामचन्द्रजीका चरणमा शिर नुहाउनुभयो। आमालाई आश्चर्यचकित देखेर खरका शत्रु श्रीरामजी फेरि बालरूप हुनुभयो॥ ३॥

**अस्तुति करि न जाइ भय माना। जगत पिता मैं सुत करि जाना॥**
**हरि जननी बहुबिधि समुझाई। यह जनि कतहुँ कहसि सुनु माई॥**

[आमाले] स्तुति पनि गर्न सक्नुभएन। उहाँ डराउनुभयो कि मैले जगत्पिता परमात्मालाई पुत्रको रूपमा जानें [मानें]। श्रीहरिले आमालाई धेरै प्रकारबाट सम्झाउनुभयो [र भन्नुभयो—] हे आमा! सुन्नुहोस्, यो कुरा कहीं पनि नभन्नू नि॥ ४॥

दो०— **बार बार कौसल्या बिनय करइ कर जोरि।**
**अब जनि कबहूँ ब्यापै प्रभु मोहि माया तोरि॥ २०२॥**

कौसल्याजीले बारम्बार हात जोडेर बिन्ती गर्नुभयो कि हे प्रभु! मलाई हजुरको मायाले अब कहिल्यै स्पर्श गर्न नसकोस्॥ २०२॥

**बालचरित हरि बहुबिधि कीन्हा। अति अनंद दासन्ह कहँ दीन्हा॥**
**कछुक काल बीतें सब भाई। बड़े भए परिजन सुखदाई॥**

भगवान्ले धेरै प्रकारबाट बाललीलाहरू गर्नुभयो र आफ्ना सेवकहरूलाई अत्यन्त आनन्द दिनुभयो। केही समय बितेपछि चारै भाइ ठूला (युवक) हुनुभयो र कुटुम्बीहरूलाई सुख दिने हुनुभयो॥ १॥

**चूड़ाकरन कीन्ह गुरु जाई। बिप्रन्ह पुनि दछिना बहु पाई॥**
**परम मनोहर चरित अपारा। करत फिरत चारिउ सुकुमारा॥**

त्यसपछि गुरुजीले गएर चूडाकर्म-संस्कार गर्नुभयो। ब्राह्मणहरूले फेरि धेरै दक्षिणा पाए। चारै सुन्दर राजकुमार अति नै मनोहर अपार चरित्र गर्दै घुम्नुहुन्थ्यो॥ २॥

**मन क्रम बचन अगोचर जोई। दसरथ अजिर बिचर प्रभु सोई॥**
**भोजन करत बोल जब राजा। नहिं आवत तजि बाल समाजा॥**

जुन मन, वचन र कर्मबाट अगोचर (जान्न नसकिने) हुनुहुन्छ, उनै प्रभु दशरथजीका आँगनमा घुमिरहनुभएको छ। भोजन गर्ने समयमा जब राजाले बोलाउनुहुन्थ्यो, त्यसपछि उहाँले आफ्ना बालसखाहरूलाई छोडेर आउनुहुँदैनथ्यो॥ ३॥

**कौसल्या जब बोलन जाई। ठुमुकु ठुमुकु प्रभु चलहिं पराई॥**
**निगम नेति सिव अंत न पावा। ताहि धरै जननी हठि धावा॥**

कौसल्याजी जब बोलाउन जानुहुन्थ्यो, त्यसपछि प्रभु ठुमुक-ठुमुक गर्दै भागेर जानुहुन्थ्यो। जसलाई वेदले 'नेति'-'नेति' भनेर निरूपण गर्दछन् र शिवजीले जसको अन्त्य पाउनुभएको छैन, उहाँलाई आमाले हठपूर्वक समात्नका लागि दौडनुभयो॥ ४॥

**धूसर धूरि भरें तनु आए। भूपति बिहसि गोद बैठाए॥**

उहाँ शरीरमा धूलो लटपटाएर आउनुभयो र राजाले हाँसेर उहाँलाई काखमा बसाल्नुभयो॥ ५॥

दो०— **भोजन करत चपल चित इत उत अवसरु पाइ।**
**भाजि चले किलकत मुख दधि ओदन लपटाइ॥ २०३॥**

भोजन गर्नुहुन्छ तर चित्त चञ्चल छ। अवसर पाएर मुखमा दही-भात लत्पताएर खित्-खित् हाँस्दै यता-उति भागिहाल्नुहुन्छ॥ २०३॥

**बालचरित अति सरल सुहाए। सारद सेष संभु श्रुति गाए॥**
**जिन्ह कर मन इन्ह सन नहिं राता। ते जन बंचित किए बिधाता॥**

श्रीरामचन्द्रजीको धेरै नै सरल र सुन्दर (मन पर्ने) बाललीलाहरूलाई सरस्वती, शेष, शिवजी र वेदहरूले वर्णन गरेका छन्। जसको मन यी लीलाहरूमा अनुरक्त (रमाएको) छैन, विधाताले ती मनुष्यहरूलाई वञ्चित गरिदियो (नितान्त भाग्यहीन बनाइदियो)॥ १॥

**भए कुमार जबहिं सब भ्राता। दीन्ह जनेऊ गुरु पितु माता॥**
**गुरगृहँ गए पढ़न रघुराई। अलप काल बिद्या सब आई॥**

जब सबै भाइ कुमारावस्थाका हुनुभयो, त्यत्तिखेर नै गुरु, बाबु र आमाले उहाँहरूको यज्ञोपवीत-संस्कार (व्रतबन्ध) गरिदिनुभयो। श्रीरघुनाथजी [भाइहरूसमेत] गुरुका घरमा विद्या पढ्न जानुभयो र थोरै नै समयमा उहाँलाई सबै विद्या आयो॥ २॥

**जाकी सहज स्वास श्रुति चारी। सो हरि पढ़ यह कौतुक भारी॥**
**बिद्या बिनय निपुन गुन सीला। खेलहिं खेल सकल नृप लीला॥**

चारै वेद जसका स्वाभाविक श्वास छन्, उनै भगवान्ले पढ्नुभयो, यो ठूलो कौतुक (आश्चर्य) हो। चारै भाइ विद्या, विनम्रता, गुण र शीलमा [धेरै] निपुण हुनुभयो र सबैले राजाहरूका लीलाहरूको नै खेल खेल्नुभयो॥ ३॥

**करतल बान धनुष अति सोहा। देखत रूप चराचर मोहा॥**
**जिन्ह बीथिन्ह बिहरहिं सब भाई। थकित होहिं सब लोग लुगाई॥**

हातहरूमा बाण र धनुषले धेरै नै शोभा दिएका छन्। रूपलाई हेर्दा नै चराचर (जड-चेतन) मोहित हुने गर्दछन्। उनै सबै भाइहरू जुन गल्लीहरूमा खेल्दै [निक्लँदै] गर्नुहुन्छ, उनै गल्लीहरूका सबै स्त्री-पुरुष उहाँहरूलाई देखेर स्नेहबाट शिथिल हुने गर्दछन् अथवा दङ्ग परेर हेरिरहन्छन्॥ ४॥

दो०— **कोसलपुर बासी नर नारि बृद्ध अरु बाल।**
**प्रानहु ते प्रिय लागत सब कहुँ राम कृपाल॥ २०४॥**

कोसलपुरमा बस्ने स्त्री, पुरुष, वृद्ध र बालक सबैलाई कृपालु श्रीरामचन्द्रजी प्राणभन्दा पनि धेरै प्रिय लाग्नुहुन्छ॥ २०४॥

**बंधु सखा सँग लेहिं बोलाई। बन मृगया नित खेलहिं जाई॥**
**पावन मृग मारहिं जियँ जानी। दिन प्रति नृपहि देखावहिं आनी॥**

श्रीरामचन्द्रजीले भाइहरू र इष्ट–मित्रहरूलाई बोलाएर साथमा नै लैजानुहुन्छ र दिनहुँ वनमा गएर सिकार खेल्नुहुन्छ। मनमा पवित्र सम्झेर मृगहरूलाई मार्नुहुन्छ र प्रतिदिन ल्याएर राजा (दशरथजी) लाई देखाउनुहुन्छ॥ १॥

**जे मृग राम बान के मारे। ते तनु तजि सुरलोक सिधारे॥**
**अनुज सखा सँग भोजन करहीं। मातु पिता अग्या अनुसरहीं॥**

जुन मृग श्रीरामजीका बाणबाट मारिन्थे, उनीहरू शरीर छोडेर देवलोकमा गइहाल्दथे। श्रीरामचन्द्रजीले भाइहरू र साथीहरूका साथ भोजन गर्नुहुन्छ र आमा–बाबुको आज्ञालाई पालन गर्नुहुन्छ॥ २॥

**जेहि बिधि सुखी होहिं पुर लोगा। करहिं कृपानिधि सोइ संजोगा॥**
**बेद पुरान सुनहिं मन लाई। आपु कहहिं अनुजन्ह समुझाई॥**

जुन प्रकारले नगरका व्यक्ति सुखी हुन्छन्, कृपानिधान श्रीरामचन्द्रजीले उही संयोग (लीला) गर्नुहुन्छ। उहाँले मन लगाएर वेद–पुराण सुन्नुहुन्छ र स्वयं आफूभन्दा साना भाइहरूलाई सम्झाएर बताउनुहुन्छ॥ ३॥

**प्रातकाल उठि कै रघुनाथा। मातु पिता गुरु नावहिं माथा॥**
**आयसु मागि करहिं पुर काजा। देखि चरित हरषइ मन राजा॥**

श्रीरघुनाथजीले प्रातःकाल उठेर आमा, बाबु र गुरुलाई शिर झुकाउनुहुन्छ र आज्ञा लिएर नगरको काम गर्नुहुन्छ। बारम्बार उहाँको चरित्र देखेर राजा मनमा धेरै हर्षित हुनुहुन्छ॥ ४॥

दो०— **ब्यापक अकल अनीह अज निर्गुन नाम न रूप।**
**भगत हेतु नाना बिधि करत चरित्र अनूप॥ २०५॥**

जो व्यापक, अकल (अखण्ड, निरवयव), इच्छारहित, अजन्मा र निर्गुण हुनुहुन्छ; तथा जसको न नाम छ न रूप, उही भगवान्ले भक्तहरूका लागि नाना प्रकारका अनुपम (अलौकिक) चरित्र गर्ने गर्नुहुन्छ॥ २०५॥

**यह सब चरित कहा मैं गाई। आगिलि कथा सुनहु मन लाई॥**
**बिस्वामित्र महामुनि ग्यानी। बसहिं बिपिन सुभ आश्रम जानी॥**

यो सबै चरित्र मैले वर्णन गरेर भनें। अब अगाडिको कथा मन लगाएर सुन। ज्ञानी महामुनि विश्वामित्रजी वनमा शुभ आश्रम (पवित्र स्थान) जानेर बस्नुहुन्थ्यो,॥ १॥

**जहँ जप जग्य जोग मुनि करहीं। अति मारीच सुबाहुहि डरहीं॥**
**देखत जग्य निसाचर धावहिं। करहिं उपद्रव मुनि दुख पावहिं॥**

जहाँ ती मुनिले जप, यज्ञ र योग गर्नुहुन्थ्यो, परन्तु मारीच र सुबाहुसँग धेरै डराउनुहुन्थ्यो। यज्ञ देख्दा नै राक्षस दौडिहाल्दथे र उपद्रव मच्चाउँदथे, जसले गर्दा मुनिले [धेरै] दुःख पाउनुहुन्थ्यो॥ २॥

**गाधितनय मन चिंता ब्यापी। हरि बिनु मरहिं न निसिचर पापी॥**
**तब मुनिबर मन कीन्ह बिचारा। प्रभु अवतरेउ हरन महि भारा॥**

गाधिका पुत्र विश्वामित्रजीको मनमा चिन्ता भरियो कि यी पापी राक्षस भगवान्‌ले नमारी मर्ने छैनन्। त्यसपछि श्रेष्ठ मुनिले मनमा विचार गर्नुभयो कि प्रभुले पृथ्वीको भार हरण गर्नको लागि अवतार लिनुभएको छ॥ ३॥

**एहूँ मिस देखौं पद जाई। करि बिनती आनौं दोउ भाई॥**
**ग्यान बिराग सकल गुन अयना। सो प्रभु मैं देखब भरि नयना॥**

यही बहाना [निहुँ] ले गएर मैले उहाँका चरणहरूको दर्शन गर्नेछु र बिन्ती गरेर दुवै भाइहरूलाई लिएर आउनेछु। [आहा!] जो ज्ञान, वैराग्य र सबै गुणहरूका धाम हुनुहुन्छ, उनै प्रभुलाई मैले आँखाभरि (आँखाले हेर्न खोजेको समयसम्म) हेर्नेछु॥ ४॥

## * विश्वामित्रजीले राजा दशरथजीसँग राम-लक्ष्मणलाई माग्नु *

दो०— **बहुबिधि करत मनोरथ जात लागि नहिं बार।**
**करि मज्जन सरऊ जल गए भूप दरबार॥ २०६॥**

धेरै प्रकारका मनोरथ गर्दै जाँदा पुग्नमा विलम्ब (ढिलो) भएन। सरयूजीको जलमा स्नान गरेर उहाँ राजाको दरबारमा नै पुग्नुभयो॥ २०६॥

**मुनि आगमन सुना जब राजा। मिलन गयउ लै बिप्र समाजा॥**
**करि दंडवत मुनिहि सनमानी। निज आसन बैठारेन्हि आनी॥**

राजाले जब मुनि आएको सुन्नुभयो, त्यसपछि उहाँ ब्राह्मणहरूको समाजलाई साथ लिएर भेट गर्न जानुभयो र दण्डवत् गरेर मुनिलाई सम्मान गर्दै ल्याएर आफ्नो आसनमा बसाल्नुभयो॥ १॥

**चरन पखारि कीन्हि अति पूजा। मो सम आजु धन्य नहिं दूजा॥**
**बिबिध भाँति भोजन करवावा। मुनिबर हृदयँ हरष अति पावा॥**

चरणहरूलाई धोएर धेरै पूजा गर्नुभयो र भन्नुभयो— मसमान धन्य आज अर्को (अन्य व्यक्ति) कोही छैन। फेरि अनेक प्रकारका भोजन गराउनुभयो, जसबाट श्रेष्ठ मुनिले आफ्नो हृदयमा धेरै नै हर्ष प्राप्त गर्नुभयो॥ २॥

**पुनि चरननि मेले सुत चारी। राम देखि मुनि देह बिसारी॥**
**भए मगन देखत मुख सोभा। जनु चकोर पूरन ससि लोभा॥**

अनि राजाले चारै पुत्रहरूलाई मुनिका चरणमा राख्नुभयो (उहाँहरूलाई प्रणाम गर्न भन्नुभयो)।

श्रीरामचन्द्रजीलाई देखेर मुनिले आफ्नो शरीरको खबर भुल्नुभयो। उहाँ श्रीरामचन्द्रजीको मुखको शोभा हेर्दा नै यसरी मग्न हुनुभयो, मानौं च्याखुराले पूर्ण चन्द्रमालाई देखेर लोभिएको हुन्छ॥ ३॥

**तब मन हरषि बचन कह राऊ। मुनि अस कृपा न कीन्हिहु काऊ॥**
**केहि कारन आगमन तुम्हारा। कहहु सो करत न लावउँ बारा॥**

त्यसपछि राजाले मनमा हर्षित भएर यी वचन भन्नुभयो— हे मुनि! यस प्रकार कृपा त हजुरले कहिल्यै गर्नुभएको थिएन। आज कुन कारणले हजुरको शुभागमन भयो? भन्नुहोस्, मैले उसलाई पूरा गर्न अबेर गर्नेछैन॥ ४॥

**असुर समूह सतावहिं मोही। मैं जाचन आयउँ नृप तोही॥**
**अनुज समेत देहु रघुनाथा। निसिचर बध मैं होब सनाथा॥**

[मुनिले भन्नुभयो— ] हे राजन्! राक्षसका समूहले मलाई धेरै सताएका छन्। यसकारण म हजुरसँग केही माग्न आएको छु। भाइ लक्ष्मणसहित श्रीरघुनाथजी मलाई दिनुहोस्। राक्षसहरू मारिएपछि म सनाथ (सुरक्षित) भइहाल्नेछु॥ ५॥

दो०— **देहु भूप मन हरषित तजहु मोह अग्यान।**
**धर्म सुजस प्रभु तुम्ह कौं इन्ह कहँ अति कल्यान॥ २०७॥**

हे राजन्! प्रसन्न मनबाट यिनीहरू मलाई दिनुहोस्, मोह र अज्ञानलाई छोडिदिनुहोस्। हे स्वामी! यसबाट हजुरलाई धर्म र सुयश प्राप्त हुनेछ र यिनीहरूको परम कल्याण हुनेछ॥ २०७॥

**सुनि राजा अति अप्रिय बानी। हृदय कंप मुख दुति कुमुलानी॥**
**चौथेंपन पायउँ सुत चारी। बिप्र बचन नहिं कहेहु बिचारी॥**

यस्तो अत्यन्तै अप्रिय वाणीलाई सुनेर राजाको हृदय काँप्यो (हल्ल्यो) र उहाँको मुखको कान्ति फुस्रो भयो। [उहाँले भन्नुभयो— ] हे ब्राह्मण! मैले चौथोपनमा (वृद्धावस्थामा वा साठी हजार बर्षको उमेरमा) चार पुत्र प्राप्त गरेको छु, हजुरले विचार गरेर कुरा भन्नुभएन।॥ १॥

**मागहु भूमि धेनु धन कोसा। सर्बस देउँ आजु सहरोसा॥**
**देह प्रान तें प्रिय कछु नाहीं। सोउ मुनि देउँ निमिष एक माहीं॥**

हे मुनि! हजुरले पृथ्वी, गाई, धन र खजाना (अन्य सम्पत्ति) माग्नुहोस्, मैले आज ठूलो हर्षका साथ आफ्नो सर्वस्व दिइहाल्नेछु। शरीर र प्राणभन्दा धेरै प्यारो अरू केही पनि हुँदैन, मैले त्यसलाई पनि एक पलमा दिइहाल्नेछु॥ २॥

**सब सुत प्रिय मोहि प्रान कि नाईं। राम देत नहिं बनइ गोसाईं॥**
**कहँ निसिचर अति घोर कठोरा। कहँ सुंदर सुत परम किसोरा॥**

सबै पुत्र मलाई प्राणसमान प्यारा छन्; उनीहरूमध्ये पनि हे प्रभु! रामलाई त [कुनै प्रकारले पनि] दिन नै सकिंदैन। कहाँ अत्यन्त डर लाग्ने र क्रूर राक्षस र कहाँ परम किशोर अवस्थाका (बिलकुल सुकुमार) मेरा सुन्दर पुत्र!॥ ३॥

**सुनि नृप गिरा प्रेम रस सानी। हृदयँ हरष माना मुनि ग्यानी॥**
**तब बसिष्ट बहुबिधि समुझावा। नृप संदेह नास कहँ पावा॥**

प्रेम-रसमा मुछिएका राजाका वचनलाई सुनेर ज्ञानी मुनि विश्वामित्रजीले हृदयमा ठूलो हर्ष मान्नुभयो। त्यसपछि वशिष्ठजीले राजालाई धेरै प्रकारले सम्झाउनुभयो, जसले राजाको सन्देह नाश भयो॥ ४॥

**अति आदर दोउ तनय बोलाए। हृदयँ लाइ बहु भाँति सिखाए॥**
**मेरे प्रान नाथ सुत दोऊ। तुम्ह मुनि पिता आन नहिं कोऊ॥**

राजाले धेरै नै आदरपूर्वक दुवै पुत्रहरूलाई बोलाउनुभयो र हृदयमा लगाएर धेरै प्रकारले उहाँहरूलाई शिक्षा दिनुभयो। [फेरि भन्नुभयो— ] हे नाथ! यी दुवै पुत्र मेरा प्राण हुन्। हे मुनि! [अब] हजुर नै यिनीहरूका पिता हुनुहुन्छ, अरू कोही छैनन्॥ ५॥

दो०— **सौंपे भूप रिषिहि सुत बहुबिधि देइ असीस।**
**जननी भवन गए प्रभु चले नाइ पद सीस॥ २०८ ( क )॥**

राजाले धेरै प्रकारले आशीर्वाद दिएर पुत्रहरू ऋषिलाई सुम्पनुभयो। फेरि प्रभु आमाको महलमा जानुभयो र उहाँका चरणहरूमा शिर निहुराएर हिंड्नुभयो॥ २०८ (क)॥

सो०— **पुरुषसिंह दोउ बीर हरषि चले मुनि भय हरन।**
**कृपासिंधु मतिधीर अखिल बिस्व कारन करन॥ २०८ ( ख )॥**

पुरुषहरूमध्ये सिंहरूप दुवै भाइ (राम-लक्ष्मण) मुनिको भयलाई हरण गर्नका लागि प्रसन्न भएर हिंड्नुभयो। उहाँ कृपाका समुद्र, धीरबुद्धि र सम्पूर्ण विश्वको कारणका पनि कारण हुनुहुन्छ॥ २०८ (ख)॥

**अरुन नयन उर बाहु बिसाला। नील जलज तनु स्याम तमाला॥**
**कटि पट पीत कसें बर भाथा। रुचिर चाप सायक दुहुँ हाथा॥**

भगवान्का राता नेत्र छन्, चौडा (फराकिलो) छाती र विशाल भुजाहरू छन्, नीलो कमल र तमाल वृक्षझैं श्याम शरीर छ, कम्मरमा पीताम्बर र सुन्दर तरकस (ठोक्रो) कस्नुभएको छ। दुवै हातमा [क्रमशः] सुन्दर धनुष र बाण छन्॥ १॥

**स्याम गौर सुंदर दोउ भाई। बिस्वामित्र महानिधि पाई॥**
**प्रभु ब्रह्मन्यदेव मैं जाना। मोहि निति पिता तजेउ भगवाना॥**

श्याम र गोरो वर्णका दुवै भाइ परमसुन्दर हुनुहुन्छ। विश्वामित्रजीलाई महान् निधि प्राप्त भएको छ। (उहाँले सोच्न लाग्नुभयो— ) मैले जानिसकें कि प्रभु ब्रह्मण्यदेव (ब्राह्मणहरूका भक्त) हुनुहुन्छ। मेरो लागि भगवान्ले आफ्ना पितालाई पनि छोड्नुभयो॥ २॥

**चले जात मुनि दीन्हि देखाई। सुनि ताड़का क्रोध करि धाई॥**
**एकहिं बान प्रान हरि लीन्हा। दीन जानि तेहि निज पद दीन्हा॥**

बाटोमा जाँदै गर्दा मुनिले ताडकालाई देखाउनुभयो। शब्द सुन्दा नै ऊ क्रोध गरेर दौडी। श्रीरामजीले एउटै बाणबाट उसको प्राण हरण गर्नुभयो र दुःखी जानेर उसलाई निजपद (आफ्नो दिव्य स्वरूप) दिनुभयो॥ ३॥

**तब रिषि निज नाथहि जियँ चीन्ही। बिद्यानिधि कहुँ बिद्या दीन्ही॥**
**जाते लाग न छुधा पिपासा। अतुलित बल तनु तेज प्रकासा॥**

अनि ऋषि विश्वामित्रले प्रभुलाई मनमा विद्याको भण्डार सम्झेर पनि (लीलालाई पूर्ण गर्नका लागि) यस्तो विद्या दिनुभयो, जसबाट भोक–तिर्खा नलागोस् र शरीरमा अतुलित बल र तेजको प्रकाश होस्॥ ४॥

दो०— **आयुध सर्ब समर्पि कै प्रभु निज आश्रम आनि।**
**कंद मूल फल भोजन दीन्ह भगति हित जानि॥ २०९॥**

सबै अस्त्र–शस्त्र समर्पण गरी मुनिले प्रभु श्रीरामजीलाई आफ्नो आश्रममा लिएर आउनुभयो र उहाँलाई परम मित्र जानेर भक्तिपूर्वक कन्द, मूल र फलको भोजन गराउनुभयो॥ २०९॥

## * विश्वामित्रजीको यज्ञको रक्षा *

**प्रात कहा मुनि सन रघुराई। निर्भय जग्य करहु तुम्ह जाई॥**
**होम करन लागे मुनि झारी। आपु रहे मख कीं रखवारी॥**

सबेरै श्रीरघुनाथजीले मुनिसँग भन्नुभयो—हजुर गएर निडर भएर यज्ञ गरिबक्सियोस्। यस्तो सुनेर सबै मुनिले हवन गर्न लागे। श्रीरामजीले यज्ञलाई रक्षा गर्न लाग्नुभयो॥ १॥

**सुनि मारीच निसाचर क्रोही। लै सहाय धावा मुनिद्रोही॥**
**बिनु फर बान राम तेहि मारा। सत जोजन गा सागर पारा॥**

यो समाचार सुनेर मुनिहरूको शत्रु क्रोधी राक्षस मारीच आफ्ना सहायकहरू लिएर दौड्यो। श्रीरामजीले विनाफलवाला (चुच्चो नभएको) बाणले उसलाई हान्नुभयो, जसले गर्दा ऊ सय योजन विस्तार भएको समुद्रपारि गएर खस्यो॥ २॥

**पावक सर सुबाहु पुनि मारा। अनुज निसाचर कटकु सँघारा॥**
**मारि असुर द्विज निर्भयकारी। अस्तुति करहिं देव मुनि झारी॥**

फेरि सुबाहुलाई अग्निबाणले हान्नुभयो। यता भाइ लक्ष्मणजीले राक्षसहरूका सेनालाई संहार (नष्ट) गर्नुभयो। यस प्रकार श्रीरामजीले राक्षसहरूलाई मारेर ब्राह्मणहरूलाई निर्भय बनाउनुभयो। अनि सम्पूर्ण देवताले स्तुति गर्न लागे॥ ३॥

**तहँ पुनि कछुक दिवस रघुराया। रहे कीन्हि बिप्रन्ह पर दाया॥**
**भगति हेतु बहु कथा पुराना। कहे बिप्र जद्यपि प्रभु जाना॥**

श्रीरघुनाथजीले त्यहाँ केही दिन रहेर ब्राह्मणहरूमाथि दया गर्नुभयो। भक्तिका कारण ब्राह्मणहरूले उहाँलाई पुराणका धेरै नै कथाहरू सुनाए, यद्यपि प्रभुले सबै जान्नुहुन्थ्यो॥ ४॥

**तब मुनि सादर कहा बुझाई। चरित एक प्रभु देखिअ जाई॥**
**धनुषजग्य सुनि रघुकुल नाथा। हरषि चले मुनिबर के साथा॥**

तदनन्तर मुनिले आदरपूर्वक सम्झाएर भन्नुभयो—हे प्रभु! गएर एउटा चरित्र हेर्नुहोस्। रघुकुलका स्वामी श्रीरामचन्द्रजी धनुषयज्ञ [को कुरा] सुनेर मुनिश्रेष्ठ विश्वामित्रजीका साथ प्रसन्न भएर हिंड्नुभयो॥ ५॥

**आश्रम एक दीख मग माहीं। खग मृग जीव जंतु तहँ नाहीं॥**
**पूछा मुनिहि सिला प्रभु देखी। सकल कथा मुनि कहा बिसेषी॥**

बाटोमा एउटा आश्रम देखियो। त्यहाँ कुनै पनि पशु-पक्षी, जीव-जन्तु थिएनन्। एक शिला (ठूलो ढुङ्गा) लाई देखेर प्रभुले सोध्नुभयो, अनि मुनिले विस्तारपूर्वक सबै कथा भन्नुभयो॥ ६॥

## अहल्याको उद्धार

दो०— **गौतम नारि श्राप बस उपल देह धरि धीर।**
**चरन कमल रज चाहति कृपा करहु रघुबीर॥ २१०॥**

गौतम मुनिकी स्त्री अहल्या श्रापका कारण ढुङ्गाको शरीर धारण गरेर धेरै नै धीरतापूर्वक हजुरका चरणकमलहरूको धूलो खोजेकी छिन्। हे रघुवीर! यिनलाई कृपा गरिबक्सियोस्॥ २१०॥

छं०— **परसत पद पावन सोक नसावन प्रगट भई तपपुंज सही।**
**देखत रघुनायक जन सुखदायक सनमुख होइ कर जोरि रही॥**
**अति प्रेम अधीरा पुलक सरीरा मुख नहिं आवइ बचन कही।**
**अतिसय बड़भागी चरनन्हि लागी जुगल नयन जलधार बही॥**

श्रीरामजीका पवित्र र शोकलाई नाश गर्ने चरणहरूको स्पर्श पाउँदा साँच्चै नै ती तपोमूर्ति अहल्या (अहिल्या) प्रकट भइन्। भक्तहरूलाई सुख दिने श्रीरघुनाथजीलाई देखेर उनी हात जोडेर अगाडि उभिइरहिन्। अत्यन्त प्रेमका कारण उनी आत्तिइन्। उनको शरीर रोमाञ्चित भयो; मुखबाट वचन भन्नै आउँदैनथ्यो। ती अत्यन्त भाग्यमानी अहल्या प्रभुका चरणहरूमा टाँसिइन् र उनका दुवै आँखाहरूबाट जल* (प्रेम र आनन्दका आँसुहरूका) का धारा बग्न लागे॥ १॥

**धीरजु मन कीन्हा प्रभु कहुँ चीन्हा रघुपति कृपाँ भगति पाई।**
**अति निर्मल बानी अस्तुति ठानी ग्यानगम्य जय रघुराई॥**
**मैं नारि अपावन प्रभु जग पावन रावन रिपु जन सुखदाई।**
**राजीव बिलोचन भव भय मोचन पाहि पाहि सरनहिं आई॥**

फेरि उनले धैर्य धारण गरेर प्रभुलाई चिनिन् र श्रीरघुनाथजीको कृपाबाट भक्ति प्राप्त गरिन्।

---

* प्रेमको आँसु चिसो र चिन्ताको आँसु तातो हुन्छ यसैले प्रेम-अवस्थामा आँखाबाट जल र चिन्ताको समयमा आँसु भनेर लेख्ने तथा भन्ने परम्परा छ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

अनि अत्यन्तै निर्मल वाणीबाट उनले [यस प्रकार] स्तुति प्रारम्भ गरिन्—हे ज्ञानबाट जान्न योग्य श्रीरघुनाथजी! हजुरको जय होस्! म [सहज नै] अपवित्र स्त्री हुँ; हे प्रभु! हजुर जगत्लाई पवित्र गर्नेवाला, भक्तहरूलाई सुख दिने र रावणका शत्रु होइबक्सिन्छ। हे कमलनयन! हे संसार (जन्म-मृत्यु) को भयबाट छुटाउने प्रभु! म हजुरको शरणमा आएकी छु; [मलाई] रक्षा गरिबक्सियोस्, रक्षा गरिबक्सियोस्॥ २॥

**मुनि श्राप जो दीन्हा अति भल कीन्हा परम अनुग्रह मैं माना।**
**देखेउँ भरि लोचन हरि भव मोचन इहइ लाभ संकर जाना॥**
**बिनती प्रभु मोरी मैं मति भोरी नाथ न मागउँ बर आना।**
**पद कमल परागा रस अनुरागा मम मन मधुप करै पाना॥**

मुनिले जो मलाई श्राप दिनुभएको थियो, त्यो धेरै नै राम्रो (ठीक) गर्नुभयो। मैले त्यसलाई अत्यन्तै अनुग्रह [कृपा गरेको] मान्दछु, किनकि जसको कारणले मैले संसारबाट छुटाउने श्रीहरि (हजुर) लाई आँखाभरि हेर्न पाएँ। यस (हजुरको दर्शन) लाई शङ्करजीले सबैभन्दा ठूलो लाभ सम्झनुहुन्छ। हे प्रभु! म बुद्धिको धेरै नै सीधा (छलकपट नभएकी, लाटी) छु, मेरो एक बिन्ती छ। हे नाथ! म अरू कुनै वरदान माग्दिन, केवल यही चाहन्छु कि मेरो मनरूपी भँवराले हजुरका चरणकमलका रजको प्रेमरूपी रसलाई सधैं पान (सेवन) गरिरहोस्॥ ३॥

**जेहिं पद सुरसरिता परम पुनीता प्रगट भई सिव सीस धरी।**
**सोई पद पंकज जेहि पूजत अज मम सिर धरेउ कृपाल हरी॥**
**एहि भाँति सिधारी गौतम नारी बार बार हरि चरन परी।**
**जो अति मन भावा सो बरु पावा गै पति लोक अनंद भरी॥**

जुन चरणहरूबाट परमपवित्र देवनदी गङ्गाजी प्रकट हुनुभयो, जसलाई शिवजीले शिरमा धारण गर्नुहुन्छ र जुन चरणकमलहरूलाई ब्रह्माजीले पूजन गर्नुहुन्छ, कृपालु हरि (हजुर) ले उनै [चरणहरू] लाई मेरो शिरमा राखिबक्सियो। यस प्रकार [स्तुति गर्दै] बारम्बार भगवान्‌का चरणहरूमा पल्टिइन्, आफ्नो मनलाई धेरै नै राम्रो लागेको वरदान पाएर गौतम मुनिकी स्त्री अहल्या आनन्दमा भरिँदै पतिलोकमा पतिसँग गइहालिन्॥ ४॥

दो०—**अस प्रभु दीनबंधु हरि कारन रहित दयाल।**
**तुलसिदास सठ तेहि भजु छाड़ि कपट जंजाल॥ २११॥**

प्रभु श्रीरामचन्द्रजी यस्ता दीनबन्धु र विनाकारण दया गर्नेवाला हुनुहुन्छ। तुलसीदासजी भन्नुहुन्छ, हे शठ [मूर्ख मन]! तैले कपट-जञ्जाल छोडेर उहाँको नै भजन गर्॥ २११॥

*** मासपारायण, सातौं विश्राम ***

**चले राम लछिमन मुनि संगा। गए जहाँ जग पावनि गंगा॥**
**गाधिसूनु सब कथा सुनाई। जेहि प्रकार सुरसरि महि आई॥**

श्रीराम र लक्ष्मणजी मुनिसँग हिँड्नुभयो। उहाँहरू त्यहाँ जानुभयो, जहाँ जगत्लाई पवित्र गर्नुहुने गङ्गाजी हुनुहुन्थ्यो। महाराज गाधिका पुत्र विश्वामित्रजीले ती सबै कथा भनेर सुनाउनुभयो, जुन प्रकारले देवनदी गङ्गाजी पृथ्वीमा आउनुभएको थियो॥ १॥

## * श्रीराम–लक्ष्मणसहित विश्वामित्रजीको जनकपुरमा प्रवेश *

**तब प्रभु रिषिन्ह समेत नहाए। बिबिध दान महिदेवन्हि पाए॥**
**हरषि चले मुनि बृंद सहाया। बेगि बिदेह नगर निअराया॥**

त्यसपछि प्रभुले ऋषिहरूसहित [गङ्गाजीमा] स्नान गर्नुभयो। ब्राह्मणहरूले विभिन्न प्रकारका (वस्तु) दान पाए। फेरि मुनिवृन्दसँग उहाँ प्रसन्न भएर हिँड्नुभयो र शीघ्र नै जनकपुरनजिक पुग्नुभयो॥ २॥

**पुर रम्यता राम जब देखी। हरषे अनुज समेत बिसेषी॥**
**बापीं कूप सरित सर नाना। सलिल सुधासम मनि सोपाना॥**

श्रीरामजीले जब जनकपुरको शोभा देख्नुभयो, अनि उहाँ भाइ लक्ष्मणसहित अत्यन्त हर्षित हुनुभयो। त्यहाँ अनेकौं इनार (सिँढी भएका कुवा) हरू, नदी र पोखरी थिए, जसमा अमृत–समानको जल छ र मणिहरूका सिँढीहरू [बनाइएका] छन्॥ ३॥

**गुंजत मंजु मत्त रस भृंगा। कूजत कल बहुबरन बिहंगा॥**
**बरन बरन बिकसे बनजाता। त्रिबिध समीर सदा सुखदाता॥**

मकरन्द–रसबाट चूर भएर (मात्तिएर) भमरा सुन्दर आवाज गरिरहेका (कराइरहेका) छन्। रङ्ग–बिरङ्गका (धेरै नै) पक्षीले मधुर शब्द गरिरहेका छन्। रङ्ग–बिरङ्गका (विभिन्न रङ्गका) कमल फुलेका छन्, सधैं (सबै ऋतुहरूमा) सुख दिने शीतल, मन्द, सुगन्ध हावा चलिरहेको छ॥ ४॥

दो०— **सुमन बाटिका बाग बन बिपुल बिहंग निवास।**
**फूलत फलत सुपल्लवत सोहत पुर चहुँ पास॥ २१२॥**

पुष्पवाटिका (फुलवारी), बगैंचा र वन, जसमा धेरै नै पक्षीहरूको निवास छ, फुल्दै–फल्दै र सुन्दर पातहरूबाट भरिभराउ भएर नगरको चारै (दिशा) तर्फ सुशोभित भएको छ॥ २१२॥

**बनइ न बरनत नगर निकाई। जहाँ जाइ मन तहँइँ लोभाई॥**
**चारु बजारु बिचित्र अँबारी। मनिमय बिधि जनु स्वकर सँवारी॥**

नगरको सुन्दरतालाई वर्णन गर्न नै जानिन्न। मन जहाँ जान्छ; उही लोभिन्छ (रमाउँदछ)। सुन्दर बजार छ, मणिहरूबाट बनाइएका विचित्र छाना (छत) छन्, मानौं ब्रह्माले उनीहरूलाई आफ्ना हातबाट नै बनाउनुभएको हो॥ १॥

**धनिक बनिक बर धनद समाना। बैठे सकल बस्तु लै नाना॥**
**चौहट सुंदर गलीं सुहाई। संतत रहहिं सुगंध सिंचाई॥**

कुबेरसमान श्रेष्ठ धनी व्यापारीले सबै प्रकारका अनेक वस्तुहरू लिएर [पसलमा] बसेका छन्। सुन्दर चौराहा र सुन्दर गल्लीहरू सधैं सुगन्धबाट सुगन्धित भइरहेका छन्॥ २॥

**मंगलमय मंदिर सब केरें। चित्रित जनु रतिनाथ चितेरें॥**
**पुर नर नारि सुभग सुचि संता। धरमसील ग्यानी गुनवंता॥**

सबैको घर मङ्गलमय छ र त्यसमा अत्यन्त सुन्दर तरिकाले चित्र बनाइएको छ, जसलाई मानौं कामदेवरूपी चित्रकारले अङ्कित गरेको हो। नगरका [सबै] स्त्री-पुरुष सुन्दर, पवित्र, साधु स्वभावका, धर्मात्मा, ज्ञानी र गुणवान् छन्॥ ३॥

**अति अनूप जहँ जनक निवासू। बिथकहिं बिबुध बिलोकि बिलासू॥**
**होत चकित चित कोट बिलोकी। सकल भुवन सोभा जनु रोकी॥**

जहाँ जनकजीको अत्यन्त अनुपम (सुन्दर) निवासस्थान (महल) छ, त्यहाँको विलास (ऐश्वर्य) लाई देखेर देवता पनि स्तम्भित भइहाल्दछन् [मनुष्यहरूको त कुरा नै के!]। राजमहलको किल्ला (कोट) लाई देखेर चित्त चकित हुन्छ, [यस्तो थाहा हुन्छ कि] मानौं त्यस (किल्ला) ले समस्त लोकहरूको शोभालाई रोकेर (घेरेर) राखेको छ॥ ४॥

दो०— **धवल धाम मनि पुरट पट सुघटित नाना भाँति।**
**सिय निवास सुंदर सदन सोभा किमि कहि जाति॥ २१३॥**

उज्ज्वल महलहरूमा अनेक प्रकारबाट सुन्दर तरिकाले बनाइएका मणिजडित (मणिले जडेको) सुनको जरी (लेश) को पर्दा लगाइएको छ। सीताजी बस्ने सुन्दर महलको शोभालाई वर्णन गर्न नै कसरी सकिन्छ र!॥ २१३॥

**सुभग द्वार सब कुलिस कपाटा। भूप भीर नट मागध भाटा॥**
**बनी बिसाल बाजि गज साला। हय गय रथ संकुल सब काला॥**

राजमहलका सबै ढोका सुन्दर छन्, जसमा वज्रका (बलियो अथवा हीराहरूबाट चम्कँदै गरेका) पलेंटा (खापा) हरू लगाइएका छन्। त्यहाँ (मातहतका) राजाहरू, नटहरू (नाच्ने व्यक्तिहरू), मागधहरू र भाटहरू (राजाको प्रशंसा गर्ने मानिसहरू) को भीड लागिरहन्छ। घोडाहरू र हात्तीहरूका लागि ठूलठूला तबेला र हात्तीसार बनाइएको छ; जहाँ सबै समय घोडा, हात्ती र रथहरूबाट भरिइरहन्छन्॥ १॥

**सूर सचिव सेनप बहुतेरे। नृपगृह सरिस सदन सब केरे॥**
**पुर बाहेर सर सरित समीपा। उतरे जहँ तहँ बिपुल महीपा॥**

धेरै नै शूरवीर, मन्त्री र सेनापति छन्। ती सबैका घर पनि राजमहलसमानका नै छन्। नगरको बाहिर पोखरी र नदीको नजिक जहाँसुकै धेरै नै राजाहरूको सवारी भइरहेको छ॥ २॥

**देखि अनूप एक अँवराई। सब सुपास सब भाँति सुहाई॥**
**कौसिक कहेउ मोर मनु माना। इहाँ रहिअ रघुबीर सुजाना॥**

[त्यहाँ] आँपको एक अनुपम बगैंचा देखेर, जहाँ सबै प्रकारको सुविधा थियो र जो सबै तरिकाले सुन्दर थियो, विश्वामित्रजीले भन्नुभयो—हे सुजान रघुवीर! मेरो मनले भन्दछ कि यहीं बस्नुपर्‍यो॥ ३॥

**भलेहिं नाथ कहि कृपानिकेता। उतरे तहँ मुनिबृंद समेता॥**
**बिस्वामित्र महामुनि आए। समाचार मिथिलापति पाए॥**

कृपाका धाम श्रीरामचन्द्रजीले 'धेरै राम्रो स्वामीजी!' भनेर त्यहीं मुनिहरूका समूहका साथ रोकिनु (बस्नु) भयो। मिथिलापति जनकजीले जब यो समाचार पाउनुभयो कि महामुनि विश्वामित्रजी आउनुभएको छ,॥ ४॥

दो०— **संग सचिव सुचि भूरि भट भूसुर बर गुर ग्याति।**
**चले मिलन मुनिनायकहि मुदित राउ एहि भाँति॥ २१४॥**

त्यसपछि उहाँले पवित्र हृदयका (इमानदार, स्वामीभक्त) मन्त्री, धेरै योद्धा, श्रेष्ठ ब्राह्मण, गुरु (शतानन्दजी) र आफ्ना जातिका श्रेष्ठ व्यक्तिहरू साथै लिएर हिंड्नुभयो। यस प्रकार प्रसन्नताका साथ राजा मुनिहरूका स्वामी विश्वामित्रजीसँग भेट हुन हिंड्नुभयो॥ २१४॥

**कीन्ह प्रनामु चरन धरि माथा। दीन्हि असीस मुदित मुनिनाथा॥**
**बिप्रबृंद सब सादर बंदे। जानि भाग्य बड़ राउ अनंदे॥**

राजाले मुनिका चरणहरूमा शिर राखेर प्रणाम गर्नुभयो। मुनिहरूका स्वामी विश्वामित्रजीले प्रसन्न भएर आशीर्वाद दिनुभयो। फेरि सारा ब्राह्मणमण्डलीलाई आदरसहित प्रणाम गर्नुभयो र आफ्नो ठूलो भाग्य जानेर राजा आनन्दित हुनुभयो॥ १ ॥

## ✹ श्रीराम-लक्ष्मणजीलाई देखेर जनकजीको प्रेम-मुग्धता ✹

**कुसल प्रस्न कहि बारहिं बारा। बिस्वामित्र नृपहि बैठारा॥**
**तेहि अवसर आए दोउ भाई। गए रहे देखन फुलवाई॥**

बारम्बार कुशल प्रश्न गरेर विश्वामित्रजीले राजालाई बसाल्नुभयो। त्यसै समयमा दुवै भाइ आउनुभयो, जहाँ फुलवारी हेर्न जानुभएको थियो॥ २ ॥

**स्याम गौर मृदु बयस किसोरा। लोचन सुखद बिस्व चित चोरा॥**
**उठे सकल जब रघुपति आए। बिस्वामित्र निकट बैठाए॥**

सुकुमार किशोर अवस्थाका, श्याम र गोरो वर्णका दुवै राजकुमार नेत्रहरूलाई सुख दिनेवाला र सम्पूर्ण विश्वको चित्तलाई चोर्ने हुनुहुन्छ। जब रघुनाथजी आउनुभयो, अनि सबै [उहाँको रूप एवं तेजबाट प्रभावित भई] उठेर उभिइरहे। विश्वामित्रजीले उहाँहरूलाई आफ्नो साथमा बसाल्नुभयो॥ ३ ॥

**भए सब सुखी देखि दोउ भ्राता। बारि बिलोचन पुलकित गाता॥**
**मूरति मधुर मनोहर देखी। भयउ बिदेहु बिदेहु बिसेषी॥**

दुवै भाइहरूलाई देखेर सबै सुखी भए। सबैका नेत्रहरूमा जल भरियो (आनन्द र प्रेमका आँसु उर्लेर आए) र शरीर रोमाञ्चित भयो। रामजीको मधुर मनोहर मूर्तिलाई देखेर विदेह (जनकजी) विशेष रूपले विदेह (शरीरको हाल-खबरबाट रहित) हुनुभयो ॥ ४॥

**दो०— प्रेम मगन मनु जानि नृपु करि बिबेकु धरि धीर।**
**बोलेउ मुनि पद नाइ सिरु गदगद गिरा गभीर॥ २१५॥**

मनलाई प्रेममा मग्न भएको जानेर राजा जनकजीले विवेकको आश्रय लिएर धैर्य धारण गर्नुभयो र मुनिका चरणहरूमा शिर निहुराएर गद्गद (प्रेमपूर्ण) गम्भीर वाणीद्वारा भन्नुभयो— ॥ २१५ ॥

**कहहु नाथ सुंदर दोउ बालक। मुनिकुल तिलक कि नृपकुल पालक॥**
**ब्रह्म जो निगम नेति कहि गावा। उभय बेष धरि की सोइ आवा॥**

हे नाथ! भन्नुहोस्, यी दुवै सुन्दर बालक मुनिकुलका आभूषण (गहना) हुन् या कुनै राजवंशका पालक? अथवा जसलाई वेदहरूले 'नेति', 'नेति' भनेर वर्णन गरेका छन्, कहीं ब्रह्मले त युगलरूप (जोडा) धारण गरेर आउनुभएको होइन?॥ १ ॥

**सहज बिरागरूप मनु मोरा। थकित होत जिमि चंद चकोरा॥**
**ताते प्रभु पूछउँ सतिभाऊ। कहहु नाथ जनि करहु दुराऊ॥**

मेरो मन जो स्वभावबाट नै वैराग्यरूप [भएको] छ, [यिनीहरूलाई देखेर] यस प्रकारले मुग्ध भइरहेको छ, जस्तै चन्द्रमालाई देखेर च्याखुरो। हे प्रभु! यस कारणले मैले हजुरसँग सत्य (निश्छल) भावबाट सोध्दछु। हे नाथ! बताउनुहोस्, गुप्त नराख्नुहोस्॥ २ ॥

**इन्हहि बिलोकत अति अनुरागा। बरबस ब्रह्मसुखहि मन त्यागा॥**
**कह मुनि बिहसि कहेहु नृप नीका। बचन तुम्हार न होइ अलीका॥**

यिनीहरूलाई देख्दा नै अत्यन्त प्रेमको अधीन भएर मेरो मनले जबरजस्ती (हठपूर्वक) ब्रह्मसुखलाई त्यागिदिएको छ। मुनिले हाँसेर भन्नुभयो—हे राजन्! हजुरले ठीक (यथार्थ नै) भन्नुभयो। हजुरका वचन मिथ्या हुन सक्दैनन्॥ ३ ॥

**ए प्रिय सबहि जहाँ लगि प्रानी। मन मुसुकाहिं रामु सुनि बानी॥**
**रघुकुल मनि दसरथ के जाए। मम हित लागि नरेस पठाए॥**

जगत्मा जहाँसम्म (जति पनि) प्राणी छन्, यी सबैका प्रिय छन्। मुनिका [रहस्यले भरिएका] वाणी सुनेर श्रीरामजी मन-मनै मुस्कुराउनुहुन्छ (हाँसेर मानौं सङ्केत गर्नुहुन्छ कि रहस्य नखोलिबक्सिएला)। [त्यसपछि मुनिले भन्नुभयो— ] यी रघुकुलमणि महाराज दशरथजीका पुत्र हुन्। मेरो हितका लागि राजाले यिनीहरूलाई मसँग पठाउनुभएको हो॥ ४ ॥

**दो०— रामु लखनु दोउ बंधुबर रूप सील बल धाम।**
**मख राखेउ सबु साखि जगु जिते असुर संग्राम॥ २१६॥**

यी राम र लक्ष्मण दुवै श्रेष्ठ भाइ रूप, शील र बलका धाम छन्। सारा जगत् [यस कुराको] साक्षी छ कि यिनीहरूले युद्धमा असुरहरूलाई जितेर मेरो यज्ञको रक्षा गरेका थिए॥ २१६ ॥

**मुनि तव चरन देखि कह राऊ। कहि न सकउँ निज पुन्य प्रभाऊ॥**
**सुंदर स्याम गौर दोउ भ्राता। आनँदहू के आनँद दाता॥**

राजाले भन्नुभयो—हे मुनि! हजुरका चरणको दर्शन गरेर मैले आफ्नो पुण्य-प्रभावलाई वर्णन गर्न सक्दिन। यी सुन्दर श्याम र गोरो वर्णका दुवै भाइ आनन्दलाई पनि आनन्द दिनेवाला छन्॥ १॥

**इन्ह कै प्रीति परसपर पावनि। कहि न जाइ मन भाव सुहावनि॥**
**सुनहु नाथ कह मुदित बिदेहू। ब्रह्म जीव इव सहज सनेहू॥**

यिनीहरूको आपसको प्रीति धेरै पवित्र र सुन्दर छ, त्यो [प्रीति] सबैलाई धेरै मन पर्दछ, तर [वाणीबाट] भन्न सकिंदैन। विदेह (जनकजी) आनन्दित भएर भन्नुहुन्छ कि—हे नाथ! सुन्नुहोस्, ब्रह्म र जीवको झैं यिनीहरूमा स्वाभाविक प्रेम छ॥ २॥

**पुनि पुनि प्रभुहि चितव नरनाहू। पुलक गात उर अधिक उछाहू॥**
**मुनिहि प्रसंसि नाइ पद सीसू। चलेउ लवाइ नगर अवनीसू॥**

राजाले पटक-पटक प्रभुलाई हेर्नुहुन्छ (दृष्टि उहाँबाट हटाउनै खोज्नुहुन्न)। [प्रेमले] शरीर रोमाञ्चित भइरहेको छ र हृदयमा ठूलो उत्साह छ। [फेरि] मुनिलाई प्रशंसा गरेर र उहाँका चरणमा शिर निहुराएर राजाले उहाँहरूलाई लिएर नगरमा जानुभयो॥ ३॥

**सुंदर सदनु सुखद सब काला। तहाँ बासु लै दीन्ह भुआला॥**
**करि पूजा सब बिधि सेवकाई। गयउ राउ गृह बिदा कराई॥**

एक सुन्दर महल जो सबै समय (सबै ऋतुहरूमा) सुखदायक थियो, त्यहाँ राजाले उहाँहरूलाई लगेर बसाल्नुभयो। तदनन्तर सबै प्रकारले पूजा र सेवा गरेर राजा बिदा मागेर आफ्नो घर (महल) मा जानुभयो॥ ४॥

दो०— **रिषय संग रघुबंस मनि करि भोजनु बिश्रामु।**
**बैठे प्रभु भ्राता सहित दिवसु रहा भरि जामु॥ २१७॥**

रघुकुलका शिरोमणि प्रभु श्रीरामचन्द्र ऋषिहरूका साथ भोजन र विश्राम गरेर भाइ लक्ष्मणजीसमेत बस्नुभयो। त्यस समयमा एक प्रहर दिन बाँकी रहेको थियो॥ २१७॥

### * श्रीराम-लक्ष्मणजीद्वारा जनकपुरको निरीक्षण *

**लखन हृदयँ लालसा बिसेषी। जाइ जनकपुर आइअ देखी॥**
**प्रभु भय बहुरि मुनिहि सकुचाहीं। प्रगट न कहहिं मनहिं मुसुकाहीं॥**

लक्ष्मणजीको हृदयमा विशेष लालसा भयो कि गएर जनकपुर हेरेर आउनपाए हुन्थ्यो। परन्तु प्रभु श्रीरामचन्द्रजीको डर थियो र फेरि मुनिसँग पनि लाज मान्नुहुन्थ्यो। यसकारण प्रकट गरेर (स्पष्ट रूपमा) केही भन्नुहुन्नुथ्यो; मन-मनै मुस्कुराउनुभएको थियो॥ १॥

**राम अनुज मन की गति जानी। भगत बछलता हियँ हुलसानी॥**
**परम बिनीत सकुचि मुसुकाई। बोले गुर अनुसासन पाई॥**

[अन्तर्यामी] रामचन्द्रजीले भाइको मनको अवस्था जान्नुभयो, अनि उहाँको हृदयमा भक्तवत्सलता उर्लेर आयो। त्यसपछि गुरुजीको आज्ञा पाएर धेरै नै विनम्रतापूर्वक लाज मान्दै मुस्कुराएर बोल्नुभयो— ॥ २॥

**नाथ लखनु पुरु देखन चहहीं। प्रभु सकोच डर प्रगट न कहहीं॥**
**जौं राउर आयसु मैं पावौं। नगर देखाइ तुरत लै आवौं॥**

हे नाथ! लक्ष्मणले नगर हेर्न खोजेका छन्, किन्तु प्रभु (हजुर) को डर र सङ्कोचको कारणले स्पष्ट रूपले भन्दैनन्। यदि हजुरबाट आज्ञा भएमा यिनीलाई नगर देखाएर तुरुन्तै [फर्काएर] लिएर आउँनेछु॥ ३॥

**सुनि मुनीसु कह बचन सप्रीती। कस न राम तुम्ह राखहु नीती॥**
**धरम सेतु पालक तुम्ह ताता। प्रेम बिबस सेवक सुखदाता॥**

यस्तो सुनेर मुनीश्वर विश्वामित्रजीले प्रेमसहित वचन भन्नुभयो—हे राम! तिमीले नीतिलाई रक्षा किन नगर्ने; हे प्रिय! तिमी धर्मको मर्यादालाई पालन गर्नेवाला र प्रेममा वशीभूत भएर सेवकहरूलाई सुख दिनेवाला छौ॥ ४॥

दो०— **जाइ देखि आवहु नगरु सुख निधान दोउ भाइ।**
**करहु सुफल सब के नयन सुंदर बदन देखाइ॥ २१८॥**

सुखका निधान दुवै भाइ गएर नगर हेरेर आऊ। आफ्ना सुन्दर मुख (अनुहार) देखाएर सबै [नगरनिवासीहरू] का नेत्रहरूलाई सफल गर॥ २१८॥

**मुनि पद कमल बंदि दोउ भ्राता। चले लोक लोचन सुख दाता॥**
**बालक बृंद देखि अति सोभा। लगे संग लोचन मनु लोभा॥**

सबै लोकहरूका नेत्रलाई सुख दिने दुवै भाइ मुनिका चरणकमललाई प्रार्थना गरेर हिँड्नुभयो। बालकहरूका ताँति (पङ्क्ति) उहाँहरूका [सौन्दर्यको] अत्यन्त शोभा देखेर साथमा नै लागे (हिँडे)। उनीहरूका नेत्र र मन [उहाँहरूको माधुरीमा] लोभियो॥ १॥

**पीत बसन परिकर कटि भाथा। चारु चाप सर सोहत हाथा॥**
**तन अनुहरत सुचंदन खोरी। स्यामल गौर मनोहर जोरी॥**

[दुवै भाइहरूका] पहेंला रङ्गका वस्त्र (पोशाक) छन्, कम्मरमा [पहेंलो] पटुकामा तरकस बाँध्नुभएको छ। हातहरूमा सुन्दर धनुषबाण सुशोभित छन्। [श्याम र गोरो वर्णका] शरीरमा अनुकूल (अर्थात् जहाँ जुन रङ्गको चन्दन धेरै सुहाउँदछ उसमा उही रङ्गको) सुन्दर चन्दनको बुकुवा लगाइएको छ। श्याम र गोरो [रङ्गका] मनोहर जोडी छन्॥ २॥

**केहरि कंधर बाहु बिसाला। उर अति रुचिर नागमनि माला॥**
**सुभग सोन सरसीरुह लोचन। बदन मयंक तापत्रय मोचन॥**

सिंहको जस्तो (पुष्ट) गर्दन (गलाको पछाडिको भाग) छ; विशाल भुजाहरू छन्। [फराकिलो] छातीमा अत्यन्त सुन्दर गजमुक्ता [हात्तीका दाँत] का माला छन्। सुन्दर राता कमलका समान नेत्र छन्। तीनै तापहरूबाट छुटाउने चन्द्रमाका समान मुख छन्॥ ३॥

**कानन्हि कनक फूल छबि देहीं। चितवत चितहि चोरि जनु लेहीं॥**
**चितवनि चारु भृकुटि बर बाँकी। तिलक रेख सोभा जनु चाँकी॥**

कानहरूमा सुनका कर्णफूलले [अत्यन्त] शोभा दिइरहेका छन् र हेर्दा नै [दर्शकको] चित्तलाई मानौं चोराउँदछन्। उहाँहरूको दृष्टि (हेर्ने तरिका) धेरै मनोहर छ र आँखीभौं कर्के (छड्के) एवं सुन्दर छन् [निधारमा] तिलकका रेखाहरू यस्ता सुन्दर छन्, मानौं [मूर्तिमती] शोभामा छाप लगाइएको छ॥ ४॥

दो०—**रुचिर चौतनीं सुभग सिर मेचक कुंचित केस।**
**नख सिख सुंदर बंधु दोउ सोभा सकल सुदेस॥ २१९॥**

शिरमा सुन्दर चारकुने टोपीहरू [लगाइएका] छन्, काला र घुमाउरा (घुम्रे) केश छन्। दुवै भाइ नङबाट लिएर शिखासम्म (अर्थात् पैतालादेखि शिरसम्म) सुन्दर हुनुहुन्छ र सम्पूर्ण शोभा जहाँ जस्तो हुनुपर्ने थियो, उस्तै नै छ॥ २१९॥

**देखन नगरु भूपसुत आए। समाचार पुरबासिन्ह पाए॥**
**धाए धाम काम सब त्यागी। मनहुँ रंक निधि लूटन लागी॥**

जब पुरवासीहरूले यो समाचार पाए कि दुवै राजकुमार नगर हेर्नका लागि आउनुभएको छ, त्यसपछि उनीहरूले सबै घर-बार र काम-काज छोडेर यसरी दौडे मानौं दरिद्र [धनको] खजाना लुट्न दौडिरहेका छन्॥ १॥

**निरखि सहज सुंदर दोउ भाई। होहिं सुखी लोचन फल पाई॥**
**जुबतीं भवन झरोखन्हि लागीं। निरखहिं राम रूप अनुरागीं॥**

स्वभावबाट नै सुन्दर दुवै भाइहरूलाई देखेर उनीहरू नेत्रहरूका फल पाएर सुखी भइरहेका छन्। युवती (तरुनी) आइमाईहरूले घरका झ्यालहरूबाट प्रेमसहित श्रीरामचन्द्रजीको रूपलाई हेरिरहेका छन्॥ २॥

**कहहिं परसपर बचन सप्रीती। सखि इन्ह कोटि काम छबि जीती॥**
**सुर नर असुर नाग मुनि माहीं। सोभा असि कहुँ सुनिअति नाहीं॥**

उनीहरूले आपसमा धेरै प्रेमपूर्वक कुरा गरिरहेका छन्—हे सखी! यिनीहरूले करोडौं कामदेवहरूको रूपलाई जितेका छन्। देवता, मनुष्य, असुर, नाग र मुनिहरूमध्ये यस्तो शोभा त कहीं सुन्न पनि पाइएको छैन॥ ३॥

**बिष्नु चारि भुज बिधि मुख चारी। बिकट बेष मुख पंच पुरारी॥**
**अपर देउ अस कोउ न आही। यह छबि सखी पटतरिअ जाही॥**

भगवान् विष्णुका चार हातहरू छन्, ब्रह्माजीका चार मुख छन्, शिवजीको विकट (भयानक) भेष छ र उहाँका पाँच मुख छन्। हे सखी! अरू देवता पनि कुनै यस्ता छैनन्, जसको साथ यस रूपलाई उपमा दिन सकियोस्॥ ४॥

दो०— **बय किसोर सुषमा सदन स्याम गौर सुख धाम।**
**अंग अंग पर वारिअहिं कोटि कोटि सत काम॥ २२०॥**

यिनीहरूको किशोर अवस्था छ, यी सुन्दरताका घर, श्याम र गोरा रङ्गका तथा सुखका धाम छन्। यिनीहरूको अङ्ग-अङ्गमा करोडौं-अरबौं कामदेवहरूलाई अर्पण गर्नुपर्दछ॥ २२०॥

**कहहु सखी अस को तनुधारी। जो न मोह यह रूप निहारी॥**
**कोउ सप्रेम बोली मृदु बानी। जो मैं सुना सो सुनहु सयानी॥**

हे सखी! [तिमीले नै] भन त यस्तो कुन शरीरधारी होला जो यस रूपलाई देखेर मोहित हुनेछैन (अर्थात् यो रूप जड-चेतन सबैलाई मोहित गर्नेवाला छ)। [त्यसपछि] कुनै अर्की सखीले प्रेमसहित कोमल वाणीद्वारा बोलिन्, हे सयानी (समझदार)! मैले जे सुनेकी छु, उसलाई सुन— ॥ १॥

**ए दोऊ दसरथ के ढोटा। बाल मरालन्हि के कल जोटा॥**
**मुनि कौसिक मख के रखवारे। जिन्ह रन अजिर निसाचर मारे॥**

यी दुवै [राजकुमार] महाराज दशरथजीका पुत्र हुन्। बाल राजहाँसको जस्तो सुन्दर जोडी छ। यिनीहरूले मुनि विश्वामित्रजीको यज्ञको रक्षा गरेका थिए, यिनीहरूले युद्धको मैदानमा राक्षसहरूलाई मारेका हुन्॥ २॥

**स्याम गात कल कंज बिलोचन। जो मारीच सुभुज मदु मोचन॥**
**कौसल्या सुत सो सुख खानी। नामु रामु धनु सायक पानी॥**

जसका साँवलो र सुन्दर कमलजस्ता नेत्र छन्, जो मारीच, सुबाहुको मदलाई चूर (नष्ट) गर्नेवाला र सुखका खानी छन् र जसले हातमा धनुष-बाण लिएका छन्, उनी कौसल्याजीका पुत्र हुन्; उनको नाम राम हो॥ ३॥

**गौर किसोर बेषु बर काछें। कर सर चाप राम के पाछें॥**
**लछिमनु नामु राम लघु भ्राता। सुनु सखि तासु सुमित्रा माता॥**

जसको रङ्ग गोरो र अवस्था किशोर छ र जुन सुन्दर वेष (पहिरन) बनाएर र हातहरूमा धनुष-बाण लिएर श्रीरामजीको पछिपछि हिँडिरहेका छन्, उनी यिनका भाइ हुन्, उनको नाम लक्ष्मण हो। हे सखी! सुन, उनकी आमा सुमित्रा हुन्।॥ ४॥

दो०— **बिप्रकाजु करि बंधु दोउ मग मुनिबधू उधारि।**
**आए देखन चापमख सुनि हरषीं सब नारि॥ २२१॥**

दुवै भाइले ब्राह्मण विश्वामित्रजीको काम गरी बाटोमा मुनि गौतमकी स्त्री अहल्यालाई उद्धार गरेर यहाँ धनुषयज्ञ हेर्न आएका हुन्। यस्तो सुनेर सबै आइमाईहरू प्रसन्न भए॥ २२१ ॥

**देखि राम छबि कोउ एक कहई। जोगु जानकिहि यह बरु अहई॥**
**जौं सखि इन्हहि देख नरनाहू। पन परिहरि हठि करइ बिबाहू॥**

श्रीरामचन्द्रजीको रूप देखेर कुनै एक (अर्की सखी) ले भन्न लागिन्—यी वर जानकीलाई योग्य छन्। हे सखी! यदि राजाले कहीं यिनलाई देख्नुभयो भने त प्रतिज्ञा छोडेर हठपूर्वक यिनैसँग विवाह गरिदिनुहुनेछ॥ १ ॥

**कोउ कह ए भूपति पहिचाने। मुनि समेत सादर सनमाने॥**
**सखि परंतु पनु राउ न तजई। बिधि बस हठि अबिबेकहि भजई॥**

कसैले भने—राजाले यिनलाई चिनिसक्नुभएको छ र मुनिसहित यिनलाई आदरपूर्वक सम्मान गर्नुभएको छ। परन्तु हे सखी! राजाले आफ्नो प्रण (प्रतिज्ञा) छोड्नुहुन्न। उहाँले हुने-हुनामीको वशीभूत भएर हठपूर्वक अविवेकको नै आश्रय लिनुभएको छ (प्रतिज्ञामा नै रहने मूर्खता छोड्नुहुन्न)॥ २ ॥

**कोउ कह जौं भल अहइ बिधाता। सब कहँ सुनिअ उचित फलदाता॥**
**तौ जानकिहि मिलिहि बरु एहू। नाहिन आलि इहाँ संदेहू॥**

कुनैले भन्दछन्—यदि विधाता सीधा (सरल, सज्जन) छ र सुनिएको छ कि उसले सबैलाई उचित फल दिने गर्दछ, भने यसकारण जानकीजीलाई यिनै वर मिल्नेछन्। हे सखी! यसमा सन्देह छैन॥ ३ ॥

**जौं बिधि बस अस बनै सँजोगू। तौ कृतकृत्य होइ सब लोगू॥**
**सखि हमरें आरति अति तातें। कबहुँक ए आवहिं एहि नातें॥**

यदि दैव संयोगबाट यस्तो संयोग बन्यो (भयो), भने त्यस अवस्थामा हामी सबै कृतार्थ हुनेछौं। हे सखी! मेरो त यसैमा यति अधिक आतुरता भइरहेको छ कि यही नाताले (सम्बन्धले) कहिले-काहीं यिनी यहाँ आउनेछन्॥ ४ ॥

दो०— **नाहिं त हम कहुँ सुनहु सखि इन्ह कर दरसनु दूरि।**
**यह संघटु तब होइ जब पुन्य पुराकृत भूरि॥ २२२॥**

नत्र (विवाह भएन) भने, हे सखी! सुन, हामीहरूलाई यिनको दर्शन दुर्लभ हुनेछ। यो संयोग (मौका, अवसर) तब हुन सक्दछ, जब हामीहरूको पूर्वजन्मको धेरै पुण्य होस्॥ २२२ ॥

**बोली अपर कहेहु सखि नीका। एहिं बिआह अति हित सबही का॥**
**कोउ कह संकर चाप कठोरा। ए स्यामल मृदु गात किसोरा॥**

अर्कीले भनिन्—हे सखी! तिमीले धेरै राम्रो भन्यौ। यस विवाहबाट सबैको परम हित छ। कुनैले भने—शङ्करजीको धनुष कठोर (धेरै गह्रुङ्गो) छ र यी राजकुमार कोमल शरीरका बालक छन्॥ १ ॥

**सबु असमंजस अहइ सयानी। यह सुनि अपर कहइ मृदु बानी॥**
**सखि इन्ह कहँ कोउ कोउ अस कहहीं। बड़ प्रभाउ देखत लघु अहहीं॥**

हे सयानी (समझदार)! सबै कुरामा सन्देह नै छ। यस्तो सुनेर अर्की सखीले कोमल वाणीद्वारा भन्न लागिन्—हे सखी! यिनका सम्बन्धमा कुनै-कुनैले यसो भन्दछन् कि यी हेर्दाखेरि त साना छन्, तर यिनको प्रभाव धेरै ठूलो छ॥ २॥

**परसि जासु पद पंकज धूरी। तरी अहल्या कृत अघ भूरी॥**
**सो कि रहिहि बिनु सिवधनु तोरें। यह प्रतीति परिहरिअ न भोरें॥**

जसका चरणकमलको धूलोको स्पर्श पाएर अहल्या तरिन् (मुक्त भइन्), जसले धेरै ठूलो पाप गरेकी थिइन्, उनले के शिवजीको धनुषलाई भाँच्न सक्दैनन्? यस विश्वासलाई भुलेर पनि छोड्नुहुँदैन॥ ३॥

**जेहिं बिरंचि रचि सीय सँवारी। तेहिं स्यामल बरु रचेउ बिचारी॥**
**तासु बचन सुनि सब हरषानीं। ऐसेइ होउ कहहिं मृदु बानीं॥**

जुन ब्रह्माले सीतालाई सजाएर (ठूलो चतुर्‍याइँबाट) रचेको छ, उसले नै विचार गरी श्याम रङ्गको वर पनि रचेर राखेको छ। उनका यी वचन सुनेर सबै हर्षित भए र कोमल वाणीबाट भन्नलागे—यस्तै नै हुनेछ॥ ४॥

दो०— **हियँ हरषहिं बरषहिं सुमन सुमुखि सुलोचनि बृंद।**
**जाहिं जहाँ जहँ बंधु दोउ तहँ तहँ परमानंद॥ २२३॥**

सुन्दर मुख (अनुहार) र सुन्दर नेत्रहरू भएका आइमाईहरू समूहका-समूह (ताँतिका-ताँति) भई हृदयमा हर्षित भएर फूल बर्साइरहेका छन्। जहाँ-जहाँ दुवै भाइ जानुहुन्छ, उहाँ-उहाँ परम आनन्द छाएको (भरिएको) हुन्छ॥ २२३॥

**पुर पूरब दिसि गे दोउ भाई। जहँ धनुमख हित भूमि बनाई॥**
**अति बिस्तार चारु गच ढारी। बिमल बेदिका रुचिर सँवारी॥**

दुवै भाइ नगरको पूर्व दिशातर्फ जानुभयो; जहाँ धनुषयज्ञका लागि [रङ्ग] भूमि बनाइएको थियो। धेरै लामो-चौडा सुन्दर ढलान गरिएको पक्की आँगन थियो, जसमा सुन्दर र निर्मल वेदी (मण्डप, चौको) सजाइएको थियो॥ १॥

**चहुँ दिसि कंचन मंच बिसाला। रचे जहाँ बैठहिं महिपाला॥**
**तेहि पाछें समीप चहुँ पासा। अपर मंच मंडली बिलासा॥**

चारै (दिशा) तर्फ सुनका ठूला-ठूला मञ्च बनाएका छन्, जसमा राजाहरू बस्नेछन्। त्यसका पछाडि नजिकै चारैतर्फ अन्य मचानहरू (काठबाट मात्र बनाइएका घर) को अग्लो मण्डलाकार घेरा सुशोभित छ॥ २॥

**कछुक ऊँचि सब भाँति सुहाई। बैठहिं नगर लोग जहँ जाई॥**
**तिन्ह के निकट बिसाल सुहाए। धवल धाम बहुबरन बनाए॥**

त्यो केही अग्लो छ र सबै प्रकारबाट सुन्दर छ, जहाँ गएर नगरका व्यक्ति बस्नेछन्। त्यसैका साथ विशाल एवं सुन्दर सेता घर अनेक रङ्गबाट बनाइएका छन्,॥ ३॥

**जहँ बैठें देखहिं सब नारी। जथाजोगु निज कुल अनुहारी॥**
**पुर बालक कहि कहि मृदु बचना। सादर प्रभुहि देखावहिं रचना॥**

जहाँ आ–आफ्नो कुल [जाति–वर्णाश्रम] अनुसार सबै स्त्रीहरू यथायोग्य (जसलाई जहाँ बस्न उचित हुन्छ) बसेर हेर्नेछन्। नगरका बालकले कोमल वचन बारम्बार भनेर आदरपूर्वक प्रभु श्रीरामचन्द्रजीलाई [यज्ञशालाको] रचना देखाइरहेका छन्॥ ४॥

दो०— **सब सिसु एहि मिस प्रेमबस परसि मनोहर गात।**
**तन पुलकहिं अति हरषु हियँ देखि देखि दोउ भ्रात॥ २२४॥**

सबै बालक यही बहाना (निहुँ) ले प्रेमको अधीन भएर श्रीरामजीका मनोहर अङ्गहरूलाई छुँदै शरीरबाट रोमाञ्चित भइरहेका छन् र दुवै भाइहरूलाई बारम्बार हेर्दा उनीहरूको हृदयमा अत्यन्त हर्ष भइरहको छ॥ २२४॥

**सिसु सब राम प्रेमबस जाने। प्रीति समेत निकेत बखाने॥**
**निज निज रुचि सब लेहिं बोलाई। सहित सनेह जाहिं दोउ भाई॥**

श्रीरामचन्द्रजीले सबै बच्चाहरूलाई प्रेमको वशमा (अधीनमा) भएको जानेर [यज्ञभूमिका] स्थानहरूलाई प्रेमपूर्वक प्रशंसा गर्नुभयो। [यसैले बच्चाहरूलाई उत्साह, आनन्द र प्रेम अझै धेरै बढ्यो, जसले गर्दा] उनीहरूले आ–आफ्ना रुचि अनुसार बोलाउने गर्दथे र [प्रत्येकले बोलाउँदा] दुवै भाइ प्रेमसहित उनीहरूसँग जानुहुन्थ्यो॥ १॥

**राम देखावहिं अनुजहि रचना। कहि मृदु मधुर मनोहर बचना॥**
**लव निमेष महुँ भुवन निकाया। रचइ जासु अनुसासन माया॥**

कोमल, मधुर र मनोहर वचन भनेर श्रीरामजीले आफ्ना भाइ लक्ष्मणजीलाई [यज्ञभूमिको] रचना देखाउनुहुन्छ। जसको आज्ञा पाएर मायाले लव निमेष (परेला बन्द हुने चौथाई समय) मा ब्रह्माण्डहरूका समूहको रचना गर्दछिन्,॥ २॥

**भगति हेतु सोइ दीनदयाला। चितवत चकित धनुष मखसाला॥**
**कौतुक देखि चले गुरु पाहीं। जानि बिलंबु त्रास मन माहीं॥**

उनै दीनहरूप्रति दया गर्नुहुने श्रीरामजीले भक्तिका कारण धनुषयज्ञशालालाई चकित भएर [छक्क परेर] हेरिरहनुभएको छ। यस प्रकार सबै कौतुक (विचित्र रचना) हेरेर उहाँ गुरुजीसँग जानुभयो। अबेर भएको जानेर उहाँ मनमा डराउनुभएको छ॥ ३॥

**जासु त्रास डर कहुँ डर होई। भजन प्रभाउ देखावत सोई॥**
**कहि बातें मृदु मधुर सुहाईं। किए बिदा बालक बरिआईं॥**

जसको भयबाट डरलाई पनि डर लाग्दछ, उनै प्रभुले भजनको प्रभाव [जसले गर्दा यस्ता महान् प्रभु पनि डराएको नाट्य गर्नुहुन्छ] देखाइरहनुभएको छ। उहाँले कोमल, मधुर र सुन्दर कुराहरू भनेर बालकहरूलाई जबरजस्ती बिदा गर्नुभयो॥ ४॥

दो०— **सभय सप्रेम बिनीत अति सकुच सहित दोउ भाइ।**
**गुर पद पंकज नाइ सिर बैठे आयसु पाइ॥ २२५॥**

अनि भय, प्रेम, विनम्रता र ठूलो सङ्कोचपूर्वक दुवै भाइले गुरुजीका चरणकमलमा शिर निहुराएर, आज्ञा पाएर बस्नुभयो॥ २२५॥

**निसि प्रबेस मुनि आयसु दीन्हा। सबहीं संध्याबंदनु कीन्हा॥**
**कहत कथा इतिहास पुरानी। रुचिर रजनि जुग जाम सिरानी॥**

रात्रिको प्रवेश हुँदा नै (सन्ध्याको समय) मुनिले आज्ञा दिनुभयो, त्यसपछि सबैले सन्ध्यावन्दन गर्नुभयो। फेरि प्राचीन कथा तथा इतिहासहरू भन्दा-भन्दै सुन्दर रात्रिको दुई प्रहर (मध्य रातको) समय बित्यो॥ १॥

**मुनिबर सयन कीन्हि तब जाई। लगे चरन चापन दोउ भाई॥**
**जिन्ह के चरन सरोरुह लागी। करत बिबिध जप जोग बिरागी॥**

अनि श्रेष्ठ मुनिले गएर शयन गर्नुभयो। दुवै भाइले उहाँका चरणको सेवा गर्न लाग्नुभयो। जसका चरणकमलको [दर्शन एवं स्पर्शका] लागि वैराग्यवान् पुरुष पनि विभिन्न प्रकारका जप र योग गर्दछन्॥ २॥

**तेइ दोउ बंधु प्रेम जनु जीते। गुर पद कमल पलोटत प्रीते॥**
**बार बार मुनि अग्या दीन्ही। रघुबर जाइ सयन तब कीन्ही॥**

उनै दुवै भाइले मानौं प्रेममा वशीभूत भएर प्रेमपूर्वक गुरुजीका चरणकमलहरूको सेवा गरिरहनुभएको छ। मुनिले पटक-पटक आज्ञा दिनुभयो, त्यसपछि श्रीरघुनाथजी गएर शयन गर्नुभयो॥ ३॥

**चापत चरन लखनु उर लाएँ। सभय सप्रेम परम सचु पाएँ॥**
**पुनि पुनि प्रभु कह सोवहु ताता। पौढ़े धरि उर पद जलजाता॥**

श्रीरामजीका चरणलाई हृदयमा लगाएर भय र प्रेमसहित परम सुखलाई अनुभव गर्दै लक्ष्मणजीले उहाँका (श्रीरामजीका) चरणको सेवा गरिरहनुभएको छ। प्रभु श्रीरामचन्द्रजीले पटक-पटक भन्नुभयो—हे प्रिय भाइ! [अब] शयन गरन। त्यसपछि उनै चरणकमललाई हृदयमा राखेर लक्ष्मणजी पनि शयन गर्नुभयो॥ ४॥

दो०— **उठे लखनु निसि बिगत सुनि अरुनसिखा धुनि कान।**
**गुर तें पहिलेहिं जगतपति जागे रामु सुजान॥ २२६॥**

रात बितेपछि, कुखुराको भाले बासेको शब्द कानद्वारा सुनेर लक्ष्मणजी उठ्नुभयो। जगत्का स्वामी सुजान श्रीरामचन्द्रजी पनि गुरुभन्दा पहिला नै ब्युँझनुभयो॥ २२६॥

## ✹ पुष्पवाटिका-निरीक्षण, सीताजीको प्रथम दर्शन, सीतारामजीको परस्पर दर्शन ✹

**सकल सौच करि जाइ नहाए। नित्य निबाहि मुनिहि सिर नाए॥**
**समय जानि गुर आयस पाई। लेन प्रसून चले दोउ भाई॥**

सबै शौचक्रिया गरेर उहाँले गएर नुहाउनुभयो। फेरि [संध्या अग्निहोत्रादि] नित्यकर्म समाप्त गरेर उहाँले मुनिलाई शिर नुगाउनुभयो। [पूजाको] समय जानेर, गुरुजीको आज्ञा पाई दुवै भाइ फूल लिनको लागि जानुभयो॥ १॥

**भूप बागु बर देखेउ जाई। जहँ बसन्त रितु रही लोभाई॥**
**लागे बिटप मनोहर नाना। बरन बरन बर बेलि बिताना॥**

उहाँहरूले गएर राजाको सुन्दर बगैंचा देख्नुभयो, जहाँ वसन्त ऋतु लोभिएर रहेको (बसेको) थियो। मनलाई लोभ लाग्ने अनेक वृक्ष लगाइएका थिए। रङ्ग-बिरङ्गका उत्तम लहराहरू (लताहरू) का मण्डप (झाङ) बनेका थिए॥ २॥

**नव पल्लव फल सुमन सुहाए। निज संपति सुर रूख लजाए॥**
**चातक कोकिल कीर चकोरा। कूजत बिहग नटत कल मोरा॥**

नयाँ पात, फल र फूलहरूबाट युक्त सुन्दर वृक्षले आफ्नो सम्पत्तिद्वारा कल्पवृक्षलाई पनि लाज लाग्ने बनाएका छन्। काकाकुल, कोइली, सुगा, च्याखुरा आदि पक्षीले मीठो वचन बोलिरहेका छन् र मुजुरले सुन्दर नृत्य गरिरहेका छन्॥ ३॥

**मध्य बाग सरु सोह सुहावा। मनि सोपान बिचित्र बनावा॥**
**बिमल सलिलु सरसिज बहुरंगा। जलखग कूजत गुंजत भृंगा॥**

बगैंचाका बीच-बीचमा सुन्दर पोखरी सुशोभित छन् जसमा मणिहरूबाट विचित्र सिँढीहरू बनाइएका छन्। त्यसमा जल निर्मल छ, जलमा अनेक रङ्गका कमल फुलेका छन्, जलका पक्षी आ-आफ्नो भाषानुसार चिरबिर गरिहेका छन् र भमरा गुञ्जन (भूँ-भूँ) गरिरहेका छन्॥ ४॥

दो०— **बागु तड़ागु बिलोकि प्रभु हरषे बंधु समेत।**
**परम रम्य आरामु यहु जो रामहि सुख देत॥ २२७॥**

बगैंचा र पोखरीलाई देखेर भाइ लक्ष्मणजीसहित प्रभु श्रीरामचन्द्रजी हर्षित हुनुभयो। यो बगैंचा [वास्तवमा] परम रमणीय छ, जसले [जगत्लाई सुख दिने] श्रीरामचन्द्रजीलाई सुख दिइरहेको छ॥ २२७॥

**चहुँ दिसि चितइ पूँछि मालीगन। लगे लेन दल फूल मुदित मन॥**
**तेहि अवसर सीता तहँ आई। गिरिजा पूजन जननि पठाई॥**

चारै दिशातर्फ दृष्टि घुमाएर र मालीहरूसँग सोधेर उहाँले प्रसन्न मनबाट पत्र-पुष्प लिन (टिप्न) लाग्नुभयो। त्यसै समयमा सीताजी त्यहाँ आउनुभयो। आमा (सुनयनाजी) ले उहाँलाई गिरिजा (पार्वती) जीको पूजा गर्नका लागि (फूल लिन) पठाउनुभएको थियो॥ १॥

**संग सखीं सब सुभग सयानीं। गावहिं गीत मनोहर बानीं॥**
**सर समीप गिरिजा गृह सोहा। बरनि न जाइ देखि मनु मोहा॥**

साथमा सबै सुन्दरी र ज्ञानी (बुद्धिमती) [क्रमशः श्रीचारुशीला, श्रीलक्ष्मणा, श्रीहेमा, श्रीक्षेमा, श्रीवरारोहा, श्रीपद्मगन्धा, श्रीसुलोचना र श्रीसुभगा—यी अष्ट] सखीहरू छन्, जसले मनोहर वाणीबाट गीत गाइरहेका छन्। पोखरीनजिकै गिरिजाजीको मन्दिर सुशोभित छ, जसलाई वर्णन गर्न नै सकिंदैन; देखेर मन मोहित भइहाल्दछ॥ २॥

**मज्जनु करि सर सखिन्ह समेता। गई मुदित मन गौरि निकेता॥**
**पूजा कीन्हि अधिक अनुरागा। निज अनुरूप सुभग बरु मागा॥**

सखीहरूसहित पोखरी (ताल) मा स्नान गरेर सीताजी प्रसन्न मनबाट गिरिजाजीको मन्दिरमा जानुभयो। उहाँले अत्यन्त प्रेमपूर्वक पूजा गर्नुभयो र आफ्नो योग्य वर (दुलाहा) माग्नुभयो॥ ३॥

**एक सखी सिय संग बिहाई। गई रही देखन फुलवाई॥**
**तेहिं दोउ बंधु बिलोके जाई। प्रेम बिबस सीता पहिं आई॥**

एउटी सखी सीताजीको साथ छोडेर फूलबारी हेर्नलाई गएकी थिइन्। उनले गएर दुवै भाइहरूलाई देखिन् र प्रेममा विह्वल भएर उनी सीताजीका समीपमा आइन्॥ ४॥

दो०— **तासु दसा देखी सखिन्ह पुलक गात जलु नैन।**
**कहु कारनु निज हरष कर पूछहिं सब मृदु बैन॥ २२८॥**

सखीहरूले उनको अवस्था देखे कि उनको शरीर पुलकित भएको छ र नेत्रहरूमा जल भरिएको छ। सबैले कोमल वाणीबाट सोध्न लागे कि आफ्नो प्रसन्नताको कारण भन॥ २२८॥

**देखन बागु कुअँर दुइ आए। बय किसोर सब भाँति सुहाए॥**
**स्याम गौर किमि कहौं बखानी। गिरा अनयन नयन बिनु बानी॥**

[उनले भनिन्—] दुई राजकुमार बगैंचा हेर्न आएका छन्। किशोर अवस्थाका छन् र सबै प्रकारले सुन्दर छन्। उनी श्याम र गोरो [रङ्ग] का छन्; उनीहरूको सौन्दर्यलाई मैले कसरी वर्णन गरेर भनूँ। [किनकि] वाणीका नेत्र छैनन् र नेत्रको वाणी छैन॥ १॥

**सुनि हरषीं सब सखीं सयानी। सिय हियँ अति उतकंठा जानी॥**
**एक कहइ नृपसुत तेइ आली। सुने जे मुनि सँग आए काली॥**

यस्तो सुनेर सीताजीको हृदयमा धेरै उत्कण्ठा (इच्छा) भएको जानेर सबै समझदार (चतुर) सखीहरू प्रसन्न भए। अनि एक सखीले भन्न लागिन्—हे सखी! यी उनै राजकुमार हुन्, जो सुनेकी छु कि हिजो विश्वामित्र मुनिका साथ आएका थिए॥ २॥

**जिन्ह निज रूप मोहनी डारी। कीन्हे स्वबस नगर नर नारी॥**
**बरनत छबि जहँ तहँ सब लोगू। अवसि देखिअहिं देखन जोगू॥**

र जसले आफ्नो रूपलाई मोहिनी लगाएर नगरका स्त्री-पुरुषहरूलाई आफ्नो वशमा (अधीनमा) पारेका छन्। जहाँसुकै सबै व्यक्तिले उनैको रूपलाई वर्णन गरिरहेका छन्। अवश्य [गएर] उनीहरूलाई हेर्नुपर्छ, उनीहरू हेर्न नै योग्य छन्॥ ३॥

**तासु बचन अति सियहि सोहाने। दरस लागि लोचन अकुलाने॥**
**चली अग्र करि प्रिय सखि सोई। प्रीति पुरातन लखइ न कोई॥**

उनका वचन सीताजीलाई अत्यन्तै प्रिय लागे तथा दर्शनका लागि उहाँका नेत्र आत्तिए। उनै प्यारी सखीलाई अगाडि लगाएर सीताजी जानुभयो। पुरानो प्रीति (प्रेम) लाई कसैले बुझ्न सकेनन्॥ ४॥

दो०— **सुमिरि सीय नारद बचन उपजी प्रीति पुनीत।**
**चकित बिलोकति सकल दिसि जनु सिसु मृगी सभीत॥ २२९॥**

नारदजीका वचनलाई स्मरण गरेर सीताजीको मनमा पवित्र प्रीति उत्पन्न भयो। उहाँ चकित भएर सबै दिशातर्फ यस प्रकारले हेरिरहनुभएको थियो, मानौं डराएकी मृग बालिकाले यताउता हेरिरहेकी छ॥ २२९॥

**कंकन किंकिनि नूपुर धुनि सुनि। कहत लखन सन रामु हृदयँ गुनि॥**
**मानहुँ मदन दुंदुभी दीन्ही। मनसा बिस्व बिजय कहँ कीन्ही॥**

कङ्कण (हातका बाला), करधनी (कम्मरपेटी) र पाउजेबको शब्द सुनेर श्रीरामचन्द्रजीले हृदयमा विचार गरी लक्ष्मणसँग भन्नुहुन्छ— [यो ध्वनि यसरी आएको छ] मानौं कामदेवले विश्वलाई जित्नका लागि सङ्कल्प गरेर डङ्का वा दुन्दुभि बजाएको छ॥ १॥

**अस कहि फिरि चितए तेहि ओरा। सिय मुख ससि भए नयन चकोरा॥**
**भए बिलोचन चारु अचंचल। मनहुँ सकुचि निमि तजे दिगंचल॥**

यसो भनेर श्रीरामजीले फर्केर उतातर्फ हेर्नुभयो। सीताजीको मुखरूपी चन्द्रमा [लाई हेर्न] का लागि उहाँका नेत्र च्याखुरा (चकोर) भए। सुन्दर नेत्र स्थिर भए। मानौं निमि (जनकजीका पूर्वज) ले [जसको निवास सबैको पलकमा मानिएको छ, छोरी-जुवाइँको मिलन-प्रसङ्गलाई हेर्न उचित हुँदैन, यही भावबाट] लाज मानेर परेला छोडिदिए, (पलकमा निमि नरहनाले आँखा झिम-झिम गर्न वा पटक-पटक चिम्लिन बन्द भयो)॥ २॥

**देखि सीय सोभा सुखु पावा। हृदयँ सराहत बचनु न आवा॥**
**जनु बिरंचि सब निज निपुनाई। बिरचि बिस्व कहँ प्रगटि देखाई॥**

सीताजीको शोभा देखेर श्रीरामजीले धेरै (ठूलो) सुख पाउनुभयो। हृदयमा उहाँले उसलाई (रूपलाई) सराहना गर्नुहुन्छ, किन्तु मुखबाट वचन निस्कँदैन [त्यो शोभा यस्तो अनुपम छ] मानौं ब्रह्माले आफ्नो सम्पूर्ण निपुणतालाई मूर्तिमान् बनाएर संसारमा प्रकट गरेर देखाइरहेका छन्॥ ३॥

**सुंदरता कहुँ सुंदर करई। छबिगृहँ दीपसिखा जनु बरई॥**
**सब उपमा कबि रहे जुठारी। केहि पटतरौं बिदेहकुमारी॥**

त्यस (सीताजीको शोभा) ले सुन्दरतालाई पनि सुन्दर गराइरहेको छ। [त्यो यस्तो लाग्दछ] मानौं सुन्दरतारूपी घरमा दीपकको राँको बलिरहेको छ। (आजसम्म सुन्दरतारूपी भवनमा अँध्यारो थियो, त्यो भवन मानौं सीताजीको सुन्दरतारूपी दीपशिखालाई पाएर जगमगाउँदै उठेको छ, पहिलाभन्दा, अधिक सुन्दर भइरहेको छ।) सम्पूर्ण उपमाहरूलाई त कविहरूले जूठो बनाएर राखेका छन्। मैले जनकनन्दिनी श्रीसीताजीलाई कोसँग उपमा दिऊँ॥ ४॥

**दो०— सिय सोभा हियँ बरनि प्रभु आपनि दसा बिचारि।**
**बोले सुचि मन अनुज सन बचन समय अनुहारि॥ २३०॥**

[यस प्रकार] हृदयमा सीताजीको शोभालाई वर्णन गरेर र आफ्नो दशा (परिस्थिति) लाई विचार गरेर प्रभु श्रीरामचन्द्रजी पवित्र मनले आफ्ना भाइ लक्ष्मणसँग समयानुकूल वचन भन्नुभयो॥ २३०॥

**तात जनकतनया यह सोई। धनुषजग्य जेहि कारन होई॥**
**पूजन गौरि सखीं लै आईं। करत प्रकासु फिरइ फुलवाईं॥**

हे प्रिय लक्ष्मण! यिनी उनै जनकजीकी छोरी हुन्, जसको (विवाहका) लागि धनुषयज्ञ भइरहेको छ। सखीहरूले यिनीलाई गौरी-पूजनका लागि लिएर आएका छन्। यिनी फूलबारीमा प्रकाश छर्दै घुमिरहेकी छिन्॥ १॥

**जासु बिलोकि अलौकिक सोभा। सहज पुनीत मोर मनु छोभा॥**
**सो सबु कारन जान बिधाता। फरकहिं सुभद अंग सुनु भ्राता॥**

जसको अलौकिक सुन्दरता देखेर स्वभावबाट नै मेरो पवित्र मन क्षुब्ध (चञ्चल) भएको छ। त्यो सबै कारण (अथवा उसको सबै कारण) त विधाताले नै जानेको छ। किन्तु हे भाइ! सुन, मेरा मङ्गलदायक (दाहिने) अङ्ग फर्फराएका छन्॥ २॥

**रघुबंसिन्ह कर सहज सुभाऊ। मनु कुपंथ पगु धरइ न काऊ॥**
**मोहि अतिसय प्रतीति मन केरी। जेहिं सपनेहुँ परनारि न हेरी॥**

रघुवंशहरूको यो सहज (जन्मगत) स्वभाव छ कि उनीहरूको (हामीहरूको) मनले कहिल्यै कुमार्गमा पाइलो राख्दैन। मलाई त आफ्नो मनमा अत्यन्त नै विश्वास छ कि जसले [जागृत्‌मा कसरी भन्ने] स्वप्नमा पनि अर्काकी स्त्रीलाई हेर्दैनन्॥ ३॥

**जिन्ह कै लहहिं न रिपु रन पीठी। नहिं पावहिं परतिय मनु डीठी॥**
**मंगन लहहिं न जिन्ह कै नाहीं। ते नरबर थोरे जग माहीं॥**

रणमा शत्रुले जसको पीठ देख्न पाउँदैनन् (अर्थात् जो लडाइँको मैदानबाट भाग्दैनन्), अर्काका स्त्रीहरूले जसको मन र दृष्टिलाई आकर्षित गर्न सक्दैनन् र भिखारीलाई जसको मुखबाट हुन्न भनिन्न तथा (घरबाट खाली हात जाँदैनन्), यस्ता श्रेष्ठ पुरुष संसारमा थोरै छन्॥ ४॥

**दो०— करत बतकही अनुज सन मन सिय रूप लोभान।**
**मुख सरोज मकरंद छबि करइ मधुप इव पान॥ २३१॥**

यस्ता कुरा श्रीरामजीले भाइ लक्ष्मणजीसँग भनिरहनुभएको थियो, तर मन सीताजीको रूपमा लोभिएर उहाँको मुखरूपी कमलको छविरूप मकरन्द–रसलाई भँवरोले झैं पिउनु (चुस्नु) भएको थियो॥ २३१॥

**चितवति चकित चहूँ दिसि सीता। कहँ गए नृपकिसोर मनु चिंता॥**
**जहँ बिलोक मृग सावक नैनी। जनु तहँ बरिस कमल सित श्रेनी॥**

सीताजीले चकित (छक्क) परेर चारैतर्फ हेरिरहनुभएको थियो। मनले यस कुराको चिन्ता गरिरहेको थियो कि राजकुमार कहाँ गए होलान्। बालमृगनयनी (मृगको बच्चाका जस्ता सुन्दर आँखा भएकी) सीताजीले जहाँ दृष्टि राख्नुहुन्छ, त्यहाँ मानौं श्वेत (सेतो) कमलहरूका पङ्क्ति (ताँति) बर्सिरहेका छन्॥ १॥

**लता ओट तब सखिन्ह लखाए। स्यामल गौर किसोर सुहाए॥**
**देखि रूप लोचन ललचाने। हरषे जनु निज निधि पहिचाने॥**

त्यसपछि सखीहरूले कुञ्ज (झाँङ्, झाडी) को आडमा (बीचमा) सुन्दर श्याम र गोरो (वर्णका) कुमारहरूलाई देखाए। उहाँको रूपलाई देखेर नेत्र लोभिएर उठे; उहाँ यसरी प्रसन्न हुनुभयो मानौं उहाँले आफ्नो खजाना (सम्पत्ति) लाई चिन्नुभयो॥ २॥

**थके नयन रघुपति छबि देखें। पलकन्हिहूँ परिहरीं निमेषें॥**
**अधिक सनेहँ देह भै भोरी। सरद ससिहि जनु चितव चकोरी॥**

श्रीरघुनाथजीको रूपलाई देखेर नेत्र चकित (निश्चल) भए। आँखीभौं बन्द हुन (झिम्कन) छोडे। अधिक स्नेहका कारण शरीर विह्वल भयो, मानौं शरद् ऋतुको चन्द्रमालाई च्याखुरी (चरी) ले [बेहोस भएर] हेरिरहेकी छ॥ ३॥

**लोचन मग रामहि उर आनी। दीन्हे पलक कपाट सयानी॥**
**जब सिय सखिन्ह प्रेमबस जानी। कहि न सकहिं कछु मन सकुचानी॥**

आँखाका द्वार (बाटो) बाट श्रीरामजीलाई हृदयमा ल्याएर चतुरशिरोमणि जानकीजीले पलकहरू (आँखाका परेला) ले ढोका लगाउनुभयो (अर्थात् आँखा बन्द गरेर उहाँको ध्यान गर्न लाग्नुभयो)। जब सखीहरूले सीताजीलाई प्रेमको वश भएको थाहा पाए, अनि उहाँले मनमा लाज मान्नुभयो; केही भन्न सक्नुभएन॥ ४॥

**दो०— लताभवन तें प्रगट भे तेहि अवसर दोउ भाइ।**
**निकसे जनु जुग बिमल बिधु जलद पटल बिलगाइ॥ २३२॥**

त्यही समयमा दुवै भाइ पुष्प कुञ्ज (झाङ्, झाडी) बाट प्रकट हुनुभयो, मानौं दुई निर्मल चन्द्रमा बादलहरूका पर्दा (छाया) लाई हटाएर निस्केका छन्॥ २३२॥

**सोभा सीवँ सुभग दोउ बीरा। नील पीत जलजाभ सरीरा॥**
**मोर पंख सिर सोहत नीके। गुच्छ बीच बिच कुसुम कली के॥**

दुवै सुन्दर भाइ शोभाका सीमा हुनुहुन्छ। उहाँहरूको शरीरको शोभा नीलो र पहेंलो कमलजस्तो छ। शिरमा सुन्दर मुजुरका प्वाँख सुशोभित छन्। त्यसको बीच-बीचमा फूलहरूका कोपिलाका गुच्छा (झुप्पा) लगाइएका छन्॥ १॥

**भाल तिलक श्रमबिंदु सुहाए। श्रवन सुभग भूषन छबि छाए॥**
**बिकट भृकुटि कच घूघरवारे। नव सरोज लोचन रतनारे॥**

निधारमा तिलक र पसिनाका बूँद (थोपा) ले शोभा पाएको छ। कानहरूमा सुन्दर भूषणहरूको शोभा भरिएको (छाइएको) छ। आँखीभौं टेढा र घुम्रे (घुमाउरा) केश छन्। नयाँ राता कमलका समान राता (लाल) नेत्र छन्॥ २॥

**चारु चिबुक नासिका कपोला। हास बिलास लेत मनु मोला॥**
**मुखछबि कहि न जाइ मोहि पाहीं। जो बिलोकि बहु काम लजाहीं॥**

चिउँडो, नाक र गाला धेरै सुन्दर छन् र हाँसोको शोभाले मनलाई मोहित गर्दछ। मुखको छविलाई त म भन्न नै सक्दिन, जसलाई देखेर कामदेव धेरै नै लाज मान्दछन्॥ ३॥

**उर मनि माल कंबु कल गीवा। काम कलभ कर भुज बलसींवा॥**
**सुमन समेत बाम कर दोना। सावँर कुअँर सखी सुठि लोना॥**

वक्षःस्थलमा मणिहरूका माला छन्। शङ्खको सदृश (जस्तै) सुन्दर गला (घाँटी) छ। कामदेवका हात्तीका बच्चा (छावा) को सुँड समान (उतार-चढाववाला एवं कोमल) पाखुराहरू छन्, जो बलका सीमा छन्। जसका बायाँ हातमा फूलसहित दुना छन्, हे सखी! उनी (श्याम) कुमार त धेरै नै सुन्दर छन्॥ ४॥

दो०— **केहरि कटि पट पीत धर सुषमा सील निधान।**
**देखि भानुकुलभूषनहि बिसरा सखिन्ह अपान॥ २३३॥**

सिंहको जस्तो (पातलो, लचिलो) कम्मर भएका, पीताम्बर धारण गरेका, शोभा र शीलका भण्डार सूर्यकुलका भूषण श्रीरामचन्द्रलाई देखेर सखीहरूले आफैंले-आफूलाई भुले॥ २३३॥

**धरि धीरजु एक आलि सयानी। सीता सन बोली गहि पानी॥**
**बहुरि गौरि कर ध्यान करेहू। भूपकिसोर देखि किन लेहू॥**

एक चतुर सखीले धैर्य-धारण गरेर, हात समातेर सीताजीसँग बोलिन्— गिरिजाजीको ध्यान फेरि पछि गरौली, अहिले राजकुमारलाई किन हेर्दिनौ॥ १॥

**सकुचि सीयँ तब नयन उघारे। सनमुख दोउ रघुसिंघ निहारे॥**
**नख सिख देखि राम कै सोभा। सुमिरि पिता पनु मनु अति छोभा॥**

अनि सीताजीले लाज मान्दै आँखा उघार्नु (खोल्नु) भयो र रघुकुलका दुवै सिंहहरूलाई आफ्नो अघिल्तिर [उभिएको] देख्नुभयो। नङदेखि शिखासम्म श्रीरामजीको रूपलाई हेरेर र फेरि बुबाको प्रण (प्रतिज्ञा) लाई याद गरेर उहाँको मन धेरै क्षुब्ध (चिन्तित) भयो॥ २॥

**परबस सखिन्ह लखी जब सीता। भयउ गहरु सब कहहिं सभीता॥**
**पुनि आउब एहि बेरिआँ काली। अस कहि मन बिहसी एक आली॥**

जब सखीहरूले सीताजीलाई परवश (प्रेमको वश) देखे, त्यसपछि सबैले भयभीत भएर भन्न लागे— धेरै अबेर भइसक्यो [अब जानुपर्छ]। भोलि यही समयमा फेरि आउनुपर्ला, यसो भनेर एउटी सखी मनमनै हाँसिन्॥ ३॥

**गूढ़ गिरा सुनि सिय सकुचानी। भयउ बिलंबु मातु भय मानी॥**
**धरि बड़ि धीर रामु उर आने। फिरी अपनपउ पितुबस जाने॥**

सखीको यो रहस्यमय वाणी सुनेर सीताजीले लाज मान्नुभयो। धेरै अबेर भएको जानेर उहाँलाई आमाको भय (डर) लाग्यो। धेरै धैर्य गरेर उहाँले श्रीरामचन्द्रजीलाई हृदयमा ल्याउनुभयो र [उहाँको ध्यान गर्दै] आफू पिताको अधीनमा भएको जानेर फर्कनुभयो॥ ४॥

**दो०— देखन मिस मृग बिहग तरु फिरइ बहोरि बहोरि।**
**निरखि निरखि रघुबीर छबि बाढ़इ प्रीति न थोरि॥ २३४॥**

मृग, पक्षी र वृक्षहरूलाई हेर्ने बहानाले सीताजी घरीघरी फर्कनुहुन्थ्यो र श्रीरामजीको सुन्दरतालाई हेर्दा–हेर्दै उहाँको प्रेम बढ्दै जान्थ्यो॥ २३४॥

## ✹ सीताजीले पार्वती-पूजन गर्नु र वरदान प्राप्ति तथा राम-लक्ष्मण-संवाद ✹

**जानि कठिन सिवचाप बिसूरति। चली राखि उर स्यामल मूरति॥**
**प्रभु जब जात जानकी जानी। सुख सनेह सोभा गुन खानी॥**

शिवजीको धनुषलाई कठोर जानेर उहाँ मनमा चिन्ता गर्दै हृदयमा श्रीरामजीको श्याम मूर्तिलाई राखेर हिँड्नुभयो। (शिवजीको धनुषको कठोरतालाई सम्झिदा उहाँलाई चिन्ता हुन्थ्यो कि यी सुकुमार रघुनाथजीले कसरी भाँच्नुहोला, पिताजीको प्रतिज्ञाको स्मृतिबाट उहाँको हृदयमा क्षोभ चिन्ता थियो नै, यसकारण मनमा विलाप गर्न लाग्नुभयो। प्रेमवश ऐश्वर्यको विस्मृति भएको हुनाले नै यस्तो भएको थियो; फेरि भगवान्‌को बललाई सम्झिदाबित्तिकै उहाँ हर्षित हुनुभयो र श्याम छविलाई हृदयमा धारण गरेर जानुभयो।) प्रभु श्रीरामजीले जब सुख, स्नेह, शोभा र गुणहरूकी खानी श्रीजानकीजीलाई जाँदै गरेको जान्नुभयो॥ १॥

**परम प्रेममय मृदु मसि कीन्ही। चारु चित्त भीतीं लिखि लीन्ही॥**
**गई भवानी भवन बहोरी। बंदि चरन बोली कर जोरी॥**

अनि परम प्रेमको मसी बनाएर उहाँको स्वरूपलाई आफ्नो सुन्दर चित्तरूपी भित्तामा चित्रित

गर्नुभयो। सीताजी पुनः भवानीजीको मन्दिरमा जानुभयो र उहाँका चरणहरूको वन्दना गरी हात जोडेर भन्नुभयो— ॥ २ ॥

**जय जय गिरिबरराज किसोरी। जय महेस मुख चंद चकोरी॥**
**जय गजबदन षडानन माता। जगत जननि दामिनि दुति गाता॥**

हे श्रेष्ठ पर्वतराज हिमाचलकी छोरी पार्वती! हजुरको जय होस्, जय होस्; हे महादेवजीका मुखरूपी चन्द्रमाकी [चन्द्रमातर्फ एकोहोरो रूपमा हेर्ने] च्याखुरी पक्षी! हजुरको जय होस्; हे हात्तीको मुखभएका गणेशजी र छ मुख भएका स्वामीकार्तिकजीकी आमा! हे जगज्जननी! हे विजुलीको जस्तो कान्तियुक्त शरीर भएकी! हजुरको जय होस्!॥ ३ ॥

**नहिं तव आदि मध्य अवसाना। अमित प्रभाउ बेदु नहिं जाना॥**
**भव भव बिभव पराभव कारिनि। बिस्व बिमोहनि स्वबस बिहारिनि॥**

हजुरको न आदि छ, न मध्य नै छ र न अन्त्य। हजुरको असीम प्रभावलाई वेदले पनि जान्दैनन्। हजुर संसारलाई उत्पन्न, पालन र नाश गर्नेवाला हुनुहुन्छ। विश्वलाई मोहित गर्ने र स्वतन्त्ररूपबाट भ्रमण गर्नेवाला हुनुहुन्छ॥ ४ ॥

दो०— **पतिदेवता सुतीय महुँ मातु प्रथम तव रेख।**
**महिमा अमित न सकहिं कहि सहस सारदा सेष॥ २३५॥**

पतिलाई इष्टदेव मान्नेमध्येमा श्रेष्ठ हे माता! नारीहरूमा हजुरको प्रथम गणना (स्थान) छ। हजुरको अपार महिमालाई हजारौं सरस्वतीजी र शेषजीले पनि वर्णन गर्न सक्दैनन्॥ २३५॥

**सेवत तोहि सुलभ फल चारी। बरदायनी पुरारि पिआरी॥**
**देबि पूजि पद कमल तुम्हारे। सुर नर मुनि सब होहिं सुखारे॥**

हे [भक्तहरूले मागेको] वरदान दिनेवाली! हे त्रिपुरका शत्रु शिवजीकी प्रिय पत्नी! हजुरको सेवा गर्नाले चारै फल (अर्थ, धर्म, काम र मोक्ष) सुलभ भइहाल्दछन्। हे देवी! हजुरका चरणकमललाई पूजा गरेर देवता, मनुष्य र मुनि सबै सुखी भइहाल्दछन्॥ १ ॥

**मोर मनोरथु जानहु नीकें। बसहु सदा उर पुर सबही कें॥**
**कीन्हेउँ प्रगट न कारन तेहीं। अस कहि चरन गहे बैदेहीं॥**

मेरो मनोरथलाई हजुरले राम्रैसँग जान्नुभएको छ; किनकि हजुर सधैं सबैको हृदयरूपी नगरीमा बस्नुहुन्छ। यसै कारणले मैले उसलाई प्रकट गरेकी छैन। यसो भनेर जानकीजीले उहाँका चरण समात्नुभयो॥ २ ॥

**बिनय प्रेम बस भई भवानी। खसी माल मूरति मुसुकानी॥**
**सादर सियँ प्रसादु सिर धरेऊ। बोली गौरि हरषु हियँ भरेऊ॥**

गिरिजाजी सीताजीको बिन्ती र प्रेमको वशमा हुनुभयो। उहाँको (गला) को माला खस्यो र

मूर्ति मुस्कुरायो। सीताजीले आदरपूर्वक त्यस प्रसादलाई शिरमा धारण गर्नुभयो। गौरीजीको हृदय भरिएर आयो र उहाँले भन्नुभयो— ॥ ३ ॥

**सुनु सिय सत्य असीस हमारी। पूजिहि मनकामना तुम्हारी॥**
**नारद बचन सदा सुचि साचा। सो बरु मिलिहि जाहिं मनु राचा॥**

हे सीता! मेरो सत्य आशीर्वाद सुन, तिम्रो मनःकामना पूरा हुनेछ। नारदजीका वचन सधैं पवित्र (संशय, भ्रम आदि दोषहरूबाट रहित) र सत्य छन्। जोसँग तिम्रो मन अनुरक्त (आसक्त) भएको छ, उनै वर (दुलाहा) तिमीलाई मिल्नेछन्॥ ४॥

**छं०— मनु जाहिं राचेउ मिलिहि सो बरु सहज सुंदर साँवरो।**
**करुना निधान सुजान सीलु सनेहु जानत रावरो॥**
**एहि भाँति गौरि असीस सुनि सिय सहित हियँ हरषीं अली।**
**तुलसी भवानिहि पूजि पुनि पुनि मुदित मन मंदिर चली॥**

जोसँग तिम्रो मन अनुरक्त भएको छ, उनै स्वभावबाट नै सुन्दर श्याम वर (श्रीरामचन्द्र) तिमीलाई मिल्नेछन्। उनी दयाका खजाना र सुजान (सर्वज्ञ) छन्, तिम्रो शील र स्नेहलाई जान्दछन्। यस प्रकार श्रीगौरीजीको आशीर्वाद सुनेर जानकीजीसमेत सबै सखीहरू हृदयमा हर्षित भए। तुलसीदासजी भन्नुहुन्छ—भवानीजीलाई बारम्बार पूजा गरेर सीताजी प्रसन्न मनबाट राजमहलमा फर्कनुभयो।

**सो०— जानि गौरि अनुकूल सिय हिय हरषु न जाइ कहि।**
**मंजुल मंगल मूल बाम अंग फरकन लगे॥ २३६॥**

गौरीजीलाई अनुकूल जानेर सीताजीको हृदयमा जुन हर्ष भएको थियो, त्यसलाई भन्न नै सकिंदैन। सुन्दर मङ्गलहरूका मूल उहाँका बायाँ अङ्ग फर्फराउन लागे॥ २३६॥

**हृदयँ सराहत सीय लोनाई। गुर समीप गवने दोउ भाई॥**
**राम कहा सबु कौसिक पाहीं। सरल सुभाउ छुअत छल नाहीं॥**

हृदयमा सीताजीको सौन्दर्यलाई प्रशंसा गर्दै दुवै भाइ गुरुजीसँग जानुभयो। श्रीरामचन्द्रजीले विश्वामित्रजीलाई सबै वृतान्त (घटना) सुनाउनुभयो। किनकि उहाँको सरल स्वभाव छ, छलले त उहाँलाई छुन नै सक्दैन॥ १॥

**सुमन पाइ मुनि पूजा कीन्ही। पुनि असीस दुहु भाइन्ह दीन्ही॥**
**सुफल मनोरथ होहुँ तुम्हारे। रामु लखनु सुनि भए सुखारे॥**

फूल पाएर मुनिले पूजा गर्नुभयो। फेरि दुवै भाइहरूलाई आशीर्वाद दिनुभयो कि तिमीहरूको मनोरथ सफल होस्। यस्तो सुनेर श्रीराम-लक्ष्मणजी सुखी हुनुभयो॥ २॥

**करि भोजनु मुनिबर बिग्यानी। लगे कहन कछु कथा पुरानी॥**
**बिगत दिवसु गुरु आयस पाई। संध्या करन चले दोउ भाई॥**

श्रेष्ठ विज्ञानी मुनि विश्वामित्रजीले भोजन गरेर केही प्राचीन कथाहरू भन्न लाग्नुभयो। [यत्तिकैमा] दिन बित्यो र गुरुजीको आज्ञा पाएर दुवै भाइ सन्ध्या गर्न जानुभयो॥ ३॥

**प्राची दिसि ससि उयउ सुहावा। सिय मुख सरिस देखि सुखु पावा॥**
**बहुरि बिचारु कीन्ह मन माहीं। सीय बदन सम हिमकर नाहीं॥**

[उता] पूर्व दिशामा सुन्दर चन्द्रमाको उदय भयो। श्रीरामचन्द्रजीले उसलाई सीताजीको मुख समान (सुन्दर) देखेर सुख पाउनुभयो। फेरि मनमा विचार गर्नुभयो कि यो चन्द्रमा सीताजीको मुखसमान छैन॥ ४॥

दो०— **जनमु सिंधु पुनि बंधु बिषु दिन मलीन सकलंक।**
**सिय मुख समता पाव किमि चंदु बापुरो रंक॥ २३७॥**

नुनिलो समुद्रमा त यसको जन्म, फेरि [त्यही समुद्रबाट उत्पन्न भएको कारण] विष यसको भाइ; दिनमा यो मलिन (शोभाहीन, निस्तेज) रहन्छ र कलङ्की (कालो दागबाट युक्त) छ। बिचरा गरीब चन्द्रमाले सीताजीको मुखको बराबरी कसरी पाउन सक्दछ?॥ २३७॥

**घटइ बढ़इ बिरहिनि दुखदाई। ग्रसइ राहु निज संधिहिं पाई॥**
**कोक सोकप्रद पंकज द्रोही। अवगुन बहुत चंद्रमा तोही॥**

फेरि यो घट्दछ–बढ्दछ र विरहिणी स्त्रीहरूलाई दुःख दिइरहन्छ; राहुले आफ्नो सन्धिमा पाएर यसलाई निल्न खोज्दछ। चखेवीलाई [चखेवाको वियोगको] शोक दिनेवाला छ र कमलको वैरी (उसलाई ओइलाइदिने, खुम्चाइदिने) छ। हे चन्द्रमा! तँसँग धेरै नै अवगुण छन् [जुन सीताजीमा छैनन्]॥ १॥

**बैदेही मुख पटतर दीन्हे। होइ दोषु बड़ अनुचित कीन्हे॥**
**सिय मुख छबि बिधु ब्याज बखानी। गुर पहिं चले निसा बड़ि जानी॥**

अतः जानकीजीको मुखलाई तँसँग उपमा दिनाले ठूलो अनुचित कर्म गरेको दोष लाग्नेछ। यस प्रकार चन्द्रमाको निहुँले सीताजीको मुखको छवि (रूप) को वर्णन गर्दा धेरै रात भएको जानेर, उहाँ गुरुजीसँग जानुभयो २॥

**करि मुनि चरन सरोज प्रनामा। आयसु पाइ कीन्ह बिश्रामा॥**
**बिगत निसा रघुनायक जागे। बंधु बिलोकि कहन अस लागे॥**

मुनिका चरणकमलमा प्रणाम गरेर, आज्ञा पाएर उहाँहरूले विश्राम गर्नुभयो। रात बितेपछि श्रीरघुनाथजी ब्युँझनुभयो र भाइलाई हेरेर यसो भन्न लाग्नुभयो— ॥ ३॥

**उयउ अरुन अवलोकहु ताता। पंकज कोक लोक सुखदाता॥**
**बोले लखनु जोरि जुग पानी। प्रभु प्रभाउ सूचक मृदु बानी॥**

हे प्रिय भाइ! हेर, कमल, चखेवा र समस्त संसारलाई सुख दिनेवाला अरुणोदय भएको छ। लक्ष्मणजीले दुवै हात जोडेर प्रभुको प्रभावलाई सूचित गर्ने कोमल वाणी बोल्नुभयो— ॥ ४॥

दो०— **अरुनोदयँ सकुचे कुमुद उडगन जोति मलीन।**
**जिमि तुम्हार आगमन सुनि भए नृपति बलहीन॥ २३८॥**

अरुणोदय हुनाले कमलिनी खुम्चियो (ओइलायो) र तारागणहरूका प्रकाश फिक्का भए, जुन प्रकारले हजुर यहाँ आएको सुनेर सबै राजा बलहीन भइसकेका छन्॥ २३८॥

**नृप सब नखत करहिं उजिआरी। टारि न सकहिं चाप तम भारी॥**
**कमल कोक मधुकर खग नाना। हरषे सकल निसा अवसाना॥**

सबै राजारूपी ताराले उज्यालो (मन्द प्रकाश) गराएका छन्, तर उनीहरूले धनुषरूपी महान् अन्धकारलाई हटाउन सकेनन्। रात्रि अन्त्य भएपछि जसरी कमल, चखेवी, भमराहरू र नाना प्रकारका पक्षी हर्षित हुने गर्दछन्॥ १॥

**ऐसेहिं प्रभु सब भगत तुम्हारे। होइहहिं टूटें धनुष सुखारे॥**
**उयउ भानु बिनु श्रम तम नासा। दुरे नखत जग तेजु प्रकासा॥**

उस्तै प्रकारले हे प्रभु! हजुरका सबै भक्त धनुष भाँचिएपछि सुखी हुनेछन्। सूर्य उदय भयो, परिश्रमविना नै अन्धकार नष्ट भयो। तारा लुके, संसारमा तेजको प्रकाश भइहाल्यो॥ २॥

**रबि निज उदय ब्याज रघुराया। प्रभु प्रतापु सब नृपन्ह दिखाया॥**
**तव भुज बल महिमा उदघाटी। प्रगटी धनु बिघटन परिपाटी॥**

हे रघुनाथजी! सूर्यले आफू झुल्केको निहुँले सबै राजाहरूलाई प्रभु (हजुर) को प्रताप देखाएको छ। हजुरका भुजाहरूका बलको महिमालाई उद्घाटित गर्न (खोलेर देखाउन) का लागि नै धनुष भाँच्ने यस्तो पद्धति प्रकट भएको छ ॥ ३॥

**बंधु बचन सुनि प्रभु मुसुकाने। होइ सुचि सहज पुनीत नहाने॥**
**नित्यक्रिया करि गुरु पहिं आए। चरन सरोज सुभग सिर नाए॥**

भाइका वचन सुनेर प्रभु मुस्कुराउनुभयो। फेरि स्वभावबाट नै पवित्र श्रीरामजीले शौचबाट निवृत्त भएर स्नान गर्नुभयो र नित्यकर्म गरेर उहाँ गुरुजीसँग आउनुभयो। आएर उहाँले गुरुजीका सुन्दर चरणकमलमा शिर निहुराउनुभयो॥ ४॥

**सतानंदु तब जनक बोलाए। कौसिक मुनि पहिं तुरत पठाए॥**
**जनक बिनय तिन्ह आइ सुनाई। हरषे बोलि लिए दोउ भाई॥**

त्यसपछि जनकजीले शतानन्दजीलाई बोलाउनुभयो र उहाँलाई तुरुन्तै विश्वामित्र मुनिसँग पठाउनुभयो। उहाँ आएर जनकजीलाई बिन्ती सुनाउनुभयो। विश्वामित्रजीले हर्षित भएर दुवै भाइहरूलाई बोलाउनुभयो॥ ५॥

दो०— **सतानंद पद बंदि प्रभु बैठे गुर पहिं जाइ।**
**चलहु तात मुनि कहेउ तब पठवा जनक बोलाई॥ २३९॥**

शतानन्दजीका चरणहरूको प्रार्थना गरेर प्रभु श्रीरामचन्द्र गुरुजीका समीपमा गई बस्नुभयो। त्यसपछि मुनिले भन्नुभयो—हे राम! हिंड, जनकजीले बोलाउनुभएको छ॥ २३९॥

## मासपारायण, आठौं विश्राम

## नवाहपारायण, दोस्रो विश्राम

## ❋ श्रीराम-लक्ष्मणसहित विश्वामित्रको यज्ञशालामा प्रवेश ❋

**सीय स्वयंबरु देखिअ जाई। ईसु काहि धौं देइ बड़ाई॥**
**लखन कहा जस भाजनु सोई। नाथ कृपा तव जापर होई॥**

गएर सीताजीको स्वयंवर हेर्नुपर्दछ। हेरौं, ईश्वरले कसलाई विजयी बनाउनुहुन्छ। लक्ष्मणजीले भन्नुभयो—हे नाथ! जसलाई हजुरले कृपा गरिबक्सिनेछ, उही विजयको पात्र (भागी) हुनेछ (धनुष तोड्ने श्रेय उसलाई नै प्राप्त हुनेछ)॥ १॥

**हरषे मुनि सब सुनि बर बानी। दीन्हि असीस सबहिं सुखु मानी॥**
**पुनि मुनिबृंद समेत कृपाला। देखन चले धनुषमख साला॥**

यस श्रेष्ठ वाणीलाई सुनेर सबै मुनि प्रसन्न भए। सबैले सुख मानेर आशीर्वाद दिए। फेरि मुनिहरूका समूहसहित कृपालु श्रीरामचन्द्रजी धनुषयज्ञशाला हेर्न जानुभयो॥ २॥

**रंगभूमि आए दोउ भाई। असि सुधि सब पुरबासिन्ह पाई॥**
**चले सकल गृह काज बिसारी। बाल जुबान जरठ नर नारी॥**

दुवै भाइ रङ्गभूमिमा आउनुभएको छ, यस्तो खबर जब सबै नगरनिवासीहरूले पाए, तब बालक, युवक, वृद्ध, स्त्री, पुरुष—सबै जना घर र काम-काजलाई भुलेर हिंडिहाले॥ ३॥

**देखी जनक भीर भै भारी। सुचि सेवक सब लिए हँकारी॥**
**तुरत सकल लोगन्ह पहिं जाहू। आसन उचित देहु सब काहू॥**

जब जनकजीले देख्नुभयो कि धेरै भीड भयो, त्यसपछि उहाँले सबै विश्वासपात्र सेवकहरूलाई बोलाउनुभयो र भन्नुभयो—तिमीहरू तुरुन्तै सबै जना साथै जाओ र सबै जनालाई यथायोग्य आसन देओ॥ ४॥

दो०— **कहि मृदु बचन बिनीत तिन्ह बैठारे नर नारि।**
**उत्तम मध्यम नीच लघु निज निज थल अनुहारि॥ २४०॥**

तिनै सेवकहरूले कोमल र नम्र वचन भनेर उत्तम, मध्यम, निम्नस्तरका र लघु (सबै श्रेणीका) स्त्री-पुरुषहरूलाई आ-आफ्नो योग्य ठाउँमा बसाले॥ २४०॥

**राजकुअँर तेहि अवसर आए। मनहुँ मनोहरता तन छाए॥**
**गुन सागर नागर बर बीरा। सुंदर स्यामल गौर सरीरा॥**

त्यसै समयमा राजकुमार (राम र लक्ष्मणजी) त्यहाँ आउनुभयो। [उहाँ यस्ता सुन्दर हुनुहुन्थ्यो]

मानौं साक्षात् मनोहरता नै उहाँहरूको शरीरहरूमा भरिएको छ। सुन्दर श्याम र गोरो वर्णको उहाँहरूको शरीर छ। उहाँहरू गुणका समुद्र, चतुर र उत्तम वीर हुनुहुन्छ॥ १॥

**राज समाज बिराजत रूरे। उडगन महुँ जनु जुग बिधु पूरे॥**
**जिन्ह कें रही भावना जैसी। प्रभु मूरति तिन्ह देखी तैसी॥**

उहाँहरू राजाका समाजमा यसरी सुशोभित भइरहनुभएको छ, मानौं तारागणहरूका बीच दुई पूर्ण चन्द्रमा हुन्। जसको जस्तो भावना थियो, प्रभुको मूर्ति उनीहरूले उस्तै नै देखे॥ २॥

**देखहिं रूप महा रनधीरा। मनहुँ बीर रसु धरें सरीरा॥**
**डरे कुटिल नृप प्रभुहि निहारी। मनहुँ भयानक मूरति भारी॥**

महान् रणधीर (राजाहरू) ले श्रीरामचन्द्रजीको रूपलाई यस्तो देखिरहेका छन्, मानौं स्वयं वीर-रसले शरीर धारण गरेको छ। कुटिल राजा प्रभुलाई देखेर डराए, मानौं ठूलो भयानक मूर्ति हो॥ ३॥

**रहे असुर छल छोनिप बेषा। तिन्ह प्रभु प्रगट कालसम देखा॥**
**पुरबासिन्ह देखे दोउ भाई। नरभूषन लोचन सुखदाई॥**

छलबाट जो राक्षस त्यहाँ राजाहरूको वेषमा [बसेका] थिए, उनीहरूले प्रभुलाई प्रत्यक्ष काल समान देखे। नगरनिवासीहरूले दुवै भाइहरूलाई मनुष्यहरूका भूषणरूप र नेत्रहरूलाई सुख दिने देखे॥ ४॥

दो०— **नारि बिलोकहिं हरषि हियँ निज निज रुचि अनुरूप।**
**जनु सोहत सिंगार धरि मूरति परम अनूप॥ २४१॥**

नारीहरू हृदयमा हर्षित भएर आ-आफ्नो रुचि अनुसार उहाँलाई हेरिरहेका छन्, मानौं शृङ्गार-रस नै परम अनुपम मूर्ति धारण गरेर सुशोभित भइरहेको छ॥ २४१॥

**बिदुषन्ह प्रभु बिराटमय दीसा। बहु मुख कर पग लोचन सीसा॥**
**जनक जाति अवलोकहिं कैसें। सजन सगे प्रिय लागहिं जैसें॥**

विद्वान्हरूलाई प्रभु विराट्रूपमा देखिनुभयो, जसका धेरै नै मुख, हात, गोडा, नेत्र र शिर छन्। जनकजीका सजातीय (कुटुम्बी) ले प्रभुलाई कस्तो रूपमा देख्नुभयो? जस्तै साथी-भाइ (सम्बन्धी) प्रिय लाग्ने गर्दछन्॥ १॥

**सहित बिदेह बिलोकहिं रानी। सिसु सम प्रीति न जाति बखानी॥**
**जोगिन्ह परम तत्त्वमय भासा। सांत सुद्ध सम सहज प्रकासा॥**

जनकसमेत सबै रानीहरूले उहाँलाई आफ्नै बच्चाका समान देख्नुभएको छ, उहाँहरूको प्रीतिको वर्णन गर्नै सकिंदैन। योगीहरूलाई उहाँ शान्त, शुद्ध, सम र स्वतः प्रकाश परम तत्त्वको रूपमा देखिनुभयो॥ २॥

**हरिभगतन्ह देखे दोउ भ्राता। इष्टदेव इव सब सुख दाता॥**
**रामहि चितव भायँ जेहि सीया। सो सनेहु सुखु नहिं कथनीया॥**

हरिभक्तहरूले दुवै भाइहरूलाई सबै सुखहरू दिने इष्टदेवसमान देखे। सीताजीले जुन भावबाट श्रीरामचन्द्रजीलाई देखिरहनुभएको छ, त्यो स्नेह र सुखलाई त भन्नै आउँदैन (जानिन्न)॥ ३॥

**उर अनुभवति न कहि सक सोऊ। कवन प्रकार कहै कबि कोऊ॥**
**एहि बिधि रहा जाहि जस भाऊ। तेहिं तस देखेउ कोसलराऊ॥**

त्यस (स्नेह र सुख) लाई उहाँले (सीताजीले) हृदयमा अनुभव गरिरहनुभएको छ, तर उहाँले पनि त्यसलाई भन्न सक्नुहुन्न। फेरि कुन कविले उसलाई कुन प्रकारले वर्णन गर्न सक्दछ। यस प्रकार जसको जस्तो भावमा थियो, उसले कोसलाधीश श्रीरामचन्द्रजीलाई उस्तै नै देख्यो॥ ४॥

**दो०— राजत राज समाज महुँ कोसलराज किसोर।**
**सुंदर स्यामल गौर तन बिस्व बिलोचन चोर॥ २४२॥**

सुन्दर श्याम र गोरो शरीर भएका तथा विश्वभरिको नेत्रहरूलाई चोराउने (लोभ्याउने) कोसलाधीशका कुमार राजसमाजमा [यस प्रकार] सुशोभित भइरहनुभएको छ॥ २४२॥

**सहज मनोहर मूरति दोऊ। कोटि काम उपमा लघु सोऊ॥**
**सरद चंद निंदक मुख नीके। नीरज नयन भावते जी के॥**

दुवै मूर्तिहरू स्वभावबाट नै (कुनै पनि बनावटी शृङ्गार नगरी) मनलाई हरण गर्नेवाला छन्। करोडौं कामदेवहरूको उदाहरण पनि उहाँहरूका लागि तुच्छ छ। उहाँहरूको सुन्दर मुख शरद् [पूर्णिमा] को चन्द्रमालाई पनि निन्दा गर्ने (उसलाई तुच्छ देखाउने) छ र कमलनेत्र मनमा धेरै नै मन पर्दछ॥ १॥

**चितवनि चारु मार मनु हरनी। भावति हृदय जाति नहिं बरनी॥**
**कल कपोल श्रुति कुंडल लोला। चिबुक अधर सुंदर मृदु बोला॥**

सुन्दर दृष्टि [सम्पूर्ण संसारको मनलाई हरण गर्ने] कामदेवको पनि मनलाई हरण गर्नेवाला छन्। त्यो हृदयमा धेरै नै प्यारो लाग्दछ, तर त्यसलाई वर्णन गर्न नै सकिंदैन। सुन्दर गाला छन्, कानहरूमा चञ्चल (हल्लिरहेका) कुण्डल छन्। चिउँडो र ओठ सुन्दर छन्, कोमल वाणी छ॥ २॥

**कुमुदबंधु कर निंदक हाँसा। भृकुटी बिकट मनोहर नासा॥**
**भाल बिसाल तिलक झलकाहीं। कच बिलोकि अलि अवलि लजाहीं॥**

हाँसो चन्द्रमाका किरणहरूलाई तिरस्कार गर्नेवाला छ। आँखीभौं टेढा र नासिका मनोहर छन्। [पुष्ट] चौडा निधारमा तिलक झल्किरहेको छ। [काला घुम्रे] केशहरूलाई देखेर भमराका समूहले पनि लाज मान्दछन्॥ ३॥

**पीत चौतनीं सिरन्हि सुहाईं। कुसुम कलीं बिच बीच बनाईं॥**
**रेखें रुचिर कंबु कल गीवाँ। जनु त्रिभुवन सुषमा की सीवाँ॥**

पहेंलो चारकुने टोपी शिरमा सुशोभित छन्, जसका बीच-बीचमा फूलहरूका कोपिला बनाइएका छन्। शङ्खका समान सुन्दर (गोल) गलामा मनोहर तीन रेखाहरू छन्, जो मानौं तीनै लोकका सुन्दरताको सीमा [लाई बताइरहेको] छ॥ ४॥

दो०— कुंजर मनि कंठा कलित उरन्हि तुलसिका माल।
बृषभ कंध केहरि ठवनि बल निधि बाहु बिसाल॥ २४३॥

(गला) हृदयमा गजमुक्ताहरूका (हात्तीका मोतीका) सुन्दर कण्ठहार र तुलसीका माला सुशोभित छन्। उहाँहरूको काँध बसाहाको काँध समान [अग्ला तथा पुष्ट] छन्, उभिने तरिका सिंहको जस्तो छ र पाखुराहरू विशाल एवं बलका भण्डार छन्॥ २४३॥

कटि तूनीर पीत पट बाँधें। कर सर धनुष बाम बर काँधें॥
पीत जग्य उपबीत सुहाए। नख सिख मंजु महाछबि छाए॥

कम्मरमा तरकस (ठोक्रो) र पीताम्बर बाँध्नुभएको छ। [दाहिने] हातमा बाण र बायाँ सुन्दर काँधमा धनुष तथा पहेंलो यज्ञोपवीत (जनै) सुशोभित छन्। नङदेखि लिएर शिखासम्म सबै अङ्ग सुन्दर छन्, [ती अङ्गहरूमा] महान् शोभा छाएको छ॥ १॥

देखि लोग सब भए सुखारे। एकटक लोचन चलत न तारे॥
हरषे जनकु देखि दोउ भाई। मुनि पद कमल गहे तब जाई॥

उहाँहरूलाई देखेर सबै जना सुखी भए। नेत्र एकटक (निमेषशून्य) भए र आँखाका नानी पनि हल्लिएनन्। जनकजी दुवै भाइहरूलाई देखेर हर्षित हुनुभयो। त्यसपछि उहाँले गएर मुनिका चरणकमल समात्नुभयो॥ २॥

करि बिनती निज कथा सुनाई। रंग अवनि सब मुनिहि देखाई॥
जहँ जहँ जाहिं कुअँर बर दोऊ। तहँ तहँ चकित चितव सबु कोऊ॥

बिन्ती गरेर आफ्नो सम्पूर्ण कथा सुनाउनुभयो र मुनिलाई सम्पूर्ण रङ्गभूमि (यज्ञशाला) देखाउनुभयो। [मुनिका साथ] दुवै श्रेष्ठ राजकुमार जहाँ-जहाँ जानुहुन्थ्यो, उहाँ-उहाँ सबै जनाले आश्चर्यचकित भएर हेर्न लाग्दथे॥ ३॥

निज निज रुख रामहि सबु देखा। कोउ न जान कछु मरमु बिसेषा॥
भलि रचना मुनि नृप सन कहेऊ। राजाँ मुदित महासुख लहेऊ॥

सबैले श्रीरामजीलाई आ-आफूतर्फ नै अभिमुख भएको देखे; परन्तु यसको कत्ति पनि विशेष रहस्य कसैले जान्न सकेनन्। मुनिले राजासँग भन्नुभयो— रङ्गभूमिको रचना धेरै सुन्दर छ। [विश्वामित्र-जस्ता निःस्पृह, विरक्त र ज्ञानी मुनिद्वारा रचनाको प्रशंसा सुनेर] राजा प्रसन्न हुनुभयो र उहाँलाई ठूलो (धेरै) सुख भयो॥ ४॥

दो०— सब मंचन्ह तें मंचु एक सुंदर बिसद बिसाल।
मुनि समेत दोउ बंधु तहँ बैठारे महिपाल॥ २४४॥

सबै मञ्चहरूमध्ये एक मञ्च अधिक सुन्दर, उज्ज्वल र विशाल थियो। [स्वयं] राजाले मुनिसहित दुवै भाइहरूलाई त्यसमा बसाल्नुभयो॥ २४४॥

प्रभुहि देखि सब नृप हियँ हारे। जनु राकेस उदय भएँ तारे॥
असि प्रतीति सब के मन माहीं। राम चाप तोरब सक नाहीं॥

प्रभुलाई देखेर सबै राजा हृदयमा यसरी पराजीत भए (निराश एवं उत्साहहीन भए), जस्तै पूर्ण चन्द्रमा उदय भएपछि तारा प्रकाशहीन भइहाल्दछन्। [उहाँको तेजलाई देखेर] सबैको मनमा यस्तो विश्वास भयो कि श्रीरामचन्द्रजीले नै धनुषलाई भाँच्नुहुनेछ, यसमा सन्देह छैन॥ १॥

**बिनु भंजेहुँ भव धनुषु बिसाला। मेलिहि सीय राम उर माला॥**
**अस बिचारि गवनहु घर भाई। जसु प्रतापु बलु तेजु गवाँई॥**

[यता उहाँको रूपलाई देखेर सबैको मनमा यो निश्चय भइहाल्यो कि] शिवजीको विशाल धनुषलाई [भाँच्नु असम्भव छ, भाँचिन्न] भाँच्न नसकेमा पनि सीताजीले श्रीरामचन्द्रजीको नै गलामा जयमाला लगाउनुहुनेछ (अर्थात् दुवै तरीकाले नै हामीहरूको हार हुनेछ र विजय रामचन्द्रजीको हातमा रहनेछ)। [यस्तो सोच्दै उनीहरूले भन्न लागे—] हे भाइ! यस्तो विचार गरेर यश, प्रताप, बल र तेजलाई गुमाएर आ-आफ्नो घर (राज्य) मा हिंड॥ २॥

**बिहसे अपर भूप सुनि बानी। जे अबिबेक अंध अभिमानी॥**
**तोरेहुँ धनुषु ब्याहु अवगाहा। बिनु तोरें को कुअँरि बिआहा॥**

अन्य राजा, जो अविवेकबाट अन्धा भइरहेका थिए र अभिमानी थिए, यस्तो कुरा सुनेर धेरै हाँसे। [उनीहरूले भने—] धनुष तोड्दैमा पनि विवाह हुन कठिन छ (अर्थात् सजिलैसँग हामीले जानकीलाई हातबाट जान दिंदैनौं); फेरि नभाँचेमा त राजकुमारीलाई विवाह नै कसले गर्न सक्दछ॥ ३॥

**एक बार कालउ किन होऊ। सिय हित समर जितब हम सोऊ॥**
**यह सुनि अवर महिप मुसुकाने। धरमसील हरिभगत सयाने॥**

काल नै किन नहोस्, एक पटक त सीताका लागि उसलाई हामीले युद्धमा जित्नेछौं। यस्तो घमण्डको कुरा सुनेर अरू राजा, जो धर्मात्मा, हरिभक्त र समझदार थिए, मुस्कुराए॥ ४॥

सो०— **सीय बिआहबि राम गरब दूरि करि नृपन्ह के।**
**जीति को सक संग्राम दसरथ के रन बाँकुरे॥ २४५॥**

[उनीहरूले भने—] राजाहरूको गर्वलाई नष्ट गरेर (जुन धनुषलाई कसैले भाँच्न सक्नेछैनन् उसलाई भाँचेर) श्रीरामचन्द्रजीले सीताजीलाई विवाह गर्नुहुनेछ। [रह्यो युद्धको कुरा, सो] महाराज दशरथजीका रणमा रणधीर (अति नै कुशल बलवान्) पुत्रहरूलाई युद्धमा जित्न कसले सक्दछ र?॥ २४५॥

**ब्यर्थ मरहु जनि गाल बजाई। मन मोदकन्हि कि भूख बुताई॥**
**सिख हमारि सुनि परम पुनीता। जगदंबा जानहु जियँ सीता॥**

सेखी गरेर व्यर्थै नमर। मनको लड्डुबाट पनि कहीं भोक मेटिन्छ? हाम्रो परम पवित्र (निष्कपट) शिक्षालाई सुनेर सीताजीलाई आफ्नो मनमा साक्षात् जगज्जननी सम्झ (उहाँलाई पत्नीरूपमा पाउने आशा एवं लोभ छोडिदेऊ)॥ १॥

**जगत पिता रघुपतिहि बिचारी। भरि लोचन छबि लेहु निहारी॥**
**सुंदर सुखद सकल गुन रासी। ए दोउ बंधु संभु उर बासी॥**

र रघुनाथजीलाई जगत्‌का पिता (परमेश्वर) विचार गरेर नेत्रभरि उहाँको रूपलाई हेर [यस्तो अवसर फेरि–फेरि मिल्नेछैन]। सुन्दर, सुख दिने र समस्त गुणहरूका राशि यी दुवै भाइ शिवजीका हृदयमा बस्नुहुन्छ (स्वयं शिवजीले पनि जसलाई सधैं हृदयमा लुकाइरहनुहुन्छ, उहाँहरू नै तिम्रा नेत्रहरूका अघिल्तिर आउनुभएको छ)॥ २॥

**सुधा समुद्र समीप बिहाई। मृगजलु निरखि मरहु कत धाई॥**
**करहु जाइ जा कहुँ जोइ भावा। हम तौ आजु जनम फलु पावा॥**

नजिक आएको (भगवद्दर्शनरूप) अमृतलाई छोडेर तिमीहरू [जगज्जननी जानकीलाई पत्नीरूपमा प्राप्त गर्ने दुराशयरूप मिथ्या] मृगजललाई देखेर दौडेर किन मर्दछौ? फेरि [भाइ] जसलाई जे ठीक लाग्दछ, उस्तै गएर गर। हामीले त [श्रीरामचन्द्रजीको दर्शन गरेर] आज जन्म लिएको फल प्राप्त गर्‍यौं (जीवन र जन्मलाई सफल गरायौं)॥ ३॥

**अस कहि भले भूप अनुरागे। रूप अनूप बिलोकन लागे॥**
**देखहिं सुर नभ चढ़े बिमाना। बरषहिं सुमन करहिं कल गाना॥**

यसो भनेर सज्जन राजा प्रेममग्न भएर श्रीरामजीको अनुपम रूपलाई हेर्न लागे। [मनुष्यहरूको त कुरा नै के गर्ने] देवताहरू पनि आकाशमा विमानमा चढेर दर्शन गरिरहेका छन् र सुन्दर गीत गाउँदै फूल बर्साइरहेका छन्॥ ४॥

दो०— **जानि सुअवसरु सीय तब पठई जनक बोलाइ।**
**चतुर सखीं सुंदर सकल सादर चलीं लवाइ॥ २४६॥**

अनि सुअवसर जानेर जनकजीले सीताजीलाई बोलाउन (सेवकलाई) पठाउनुभयो। सबै चतुर र सुन्दरी सखीहरूले आदरपूर्वक उहाँलाई लिएर आए॥ २४६॥

**सिय सोभा नहिं जाइ बखानी। जगदंबिका रूप गुन खानी॥**
**उपमा सकल मोहि लघु लागीं। प्राकृत नारि अंग अनुरागीं॥**

रूप र गुणहरूकी खानी जगज्जननी जानकीजीको शोभाको वर्णन हुन सक्दैन। उहाँका लागि मलाई [काव्यका] सबै उदाहरणहरू तुच्छ लाग्दछन्; किनकि ती (उपमा) लौकिक स्त्रीहरूका अङ्गहरूसँग अनुराग राख्नेवाला छन् (अर्थात् ती उपमाहरू जगत्‌का स्त्रीहरूका अङ्गहरूलाई दिइन्छ)। [काव्यका उपमाहरू सबै त्रिगुणात्मक, मायिक जगत्‌बाट लिइएका छन्, उनै भगवान्‌की स्वरूपाशक्ति श्रीजानकीजीका अप्राकृत, चिन्मय अङ्गहरूको लागि प्रयुक्त (प्रयोग) गर्नु उहाँको अपमान गर्नु र आफुलाई उपहासास्पद (हास्यको पात्र) बनाउनुमात्र हुनेछ]॥ १॥

**सिय बरनिअ तेइ उपमा देई। कुकबि कहाइ अजसु को लेई॥**
**जौं पटतरिअ तीय सम सीया। जग असि जुबति कहाँ कमनीया॥**

सीताजीको वर्णनमा तिनै उपमाहरू दिएर कुन कुकवि कहलाउन र अपयशको भागी बन्न चाहन्छ र! (अर्थात् सीताजीका लागि उनै उपमाहरू प्रयोग गर्नु सुकविको पदबाट च्युत हुनु र

अपकीर्ति लिनु नै पर्नेछ, कुनै पनि सुकविले यस्तो नालायक एवं अनुचित कार्य गर्नेछैन)। यदि कुनै स्त्रीका साथ सीताजीलाई तुलना गर्ने हो भने त जगत्मा यस्ती सुन्दर युवती छन् नै कहाँ [जसको उपमा उहाँलाई दिन पाइयोस्]॥ २॥

**गिरा मुखर तन अरध भवानी। रति अति दुखित अतनु पति जानी॥**
**बिष बारुनी बंधु प्रिय जेही। कहिअ रमासम किमि बैदेही॥**

[पृथ्वीका स्त्रीहरूको त कुरा नै के गर्ने, देवताहरूका स्त्रीमध्ये पनि यदि कसैलाई देखिन्छ भने हाम्रो अपेक्षा कैयौं अधिक दिव्य र सुन्दर हुन्छन्, अतः उनीहरूमध्ये] सरस्वती त धेरै बोल्नेवाली छिन्; पार्वती अर्द्धाङ्गिनी छिन् (अर्थात् अर्द्धनारीनटेश्वरको रूपमा उहाँको आधामात्र नै अङ्ग स्त्रीको छ, शेष आधा अङ्ग पुरुष—शिवजीको छ), कामदेवकी स्त्री रति पतिविना शरीरलाई (अनङ्ग) जानेर धेरै नै दुःखित भइरहन्छे र जसको विष र मद्य-जस्तो [समुद्रबाट उत्पन्न भएको नाताले] प्रिय भाइ छ, उनै लक्ष्मीसमान जानकीजीलाई भन्न नै कसरी सकिन्छ॥ ३॥

**जौं छबि सुधा पयोनिधि होई। परम रूपमय कच्छपु सोई॥**
**सोभा रजु मंदरु सिंगारू। मथै पानि पंकज निज मारू॥**

[जुन लक्ष्मीजीको कुरा माथि भनिएको छ उनी निस्केकी थिइन् नुनिलो समुद्रबाट, जसलाई मन्थन गर्नका लागि भगवान्ले अति कडा पीठ भएको कछुवाको रूप धारण गर्नुभयो, नेती बनाउनुभयो महान् विषधर वासुकि नागको, मधानीको कार्य गरे अतिशय कठोर मन्दराचल पर्वतले र उसलाई मन्थन गरे सम्पूर्ण देवता र दैत्यहरूले मिलेर। जुन लक्ष्मीलाई अतिशय शोभाकी खानी र अनुपम सुन्दरी भनिन्छ, उनलाई प्रकट गर्ने उद्देश्यले बनेका यी सबै असुन्दर एवं स्वाभाविक कठोर उपकरण छन्। यस्ता उपकरणहरूको सहायताबाट प्रकट भएकी लक्ष्मी श्रीजानकीजीको समतामा कसरी हुन सक्दछिन्। अँ, यसको विपरीत] यदि छविरूपी अमृतको समुद्र होस्, परम रूपमय कछुवा होस्, शोभारूप नेती, शृङ्गार [रस] पर्वत होस् र [त्यस छविको समुद्रलाई] स्वयं कामदेवले आफ्ना नै कर-कमलबाट मन्थन (मथ्ने कार्य) गरून्,॥ ४॥

दो०—**एहि बिधि उपजै लच्छि जब सुंदरता सुख मूल।**
**तदपि सकोच समेत कबि कहहिं सीय समतूल॥ २४७॥**

यस्तो प्रकारको (संयोग हुनाले) जब सुन्दरता र सुखकी मूल लक्ष्मी उत्पन्न भइन् भने, तर पनि कविहरू उनलाई (धेरै) सङ्कोचका साथ सीताजीसमान भन्नेछन्॥ २४७॥

[जुन सुन्दरतालाई समुद्रको कामदेवले मथ्नेछ त्यो सुन्दरता पनि प्राकृत, लौकिक सुन्दरता नै हुनेछ; किनकि कामदेव स्वयं पनि त्रिगुणमयी प्रकृतिको नै विकार हो। अतः त्यस सुन्दरतालाई मन्थन गरेर प्रकट भएकी लक्ष्मी पनि उपर्युक्त लक्ष्मीभन्दा कैयौं अधिक सुन्दर र दिव्य हुँदा पनि प्राकृत नै हुनेछिन्, अतः उनका साथ पनि जानकीजीलाई तुलना गर्नु कविका लागि ठूलो सङ्कोचको कुरा हुनेछ। जुन सुन्दरतासँग जानकीजीलाई दिव्यातिदिव्य परम दिव्य विग्रह बनेको छ, त्यो सुन्दरता उपर्युक्त सुन्दरतासँग भिन्न अप्राकृत छ— वस्तुतः लक्ष्मीजीको अप्राकृत रूप पनि यही हो।

त्यो कामदेवले मन्थन गर्नाले आउँन (हुन) सक्दैन र त्यो जानकीजीको स्वरूप नै हो, अतः त्यसबाट भिन्न छैन र उपमा दिइन्छ भिन्न वस्तुका साथ। यसका अतिरिक्त जानकीजी प्रकट हुनुभएको छ स्वयं आफ्नो महिमाबाट, उहाँलाई प्रकट गराउनका लागि कुनै भिन्न उपकरणहरूको अपेक्षा (आवश्यकता) छैन। अर्थात् शक्ति शक्तिमान्‌देखि अभिन्न, अद्वैत-तत्त्व हो, अतएव अनुपमेय छ, यही गूढ दार्शनिक तत्त्वलाई भक्तशिरोमणि कविले यस अभूतोपमालङ्कारको (जसको उपमा नै छैन) माध्यमद्वारा धेरै सुन्दर तरिकाबाट व्यक्त गर्नुभएको छ]

## * श्रीसीताजीको यज्ञशालामा प्रवेश *

**चलीं संग लै सखीं सयानी। गावत गीत मनोहर बानी॥**
**सोह नवल तनु सुंदर सारी। जगत जननि अतुलित छबि भारी॥**

चतुर सखीहरूले सीताजीलाई साथै लिएर मनोहर वाणीबाट गीत गाउँदै हिँडे। सीताजीको नव्य शरीरमा सुन्दर साडी अति धेरै सुहाएको छ। जगज्जननीको महान् रूप अतुलनीय छ॥ १॥

**भूषन सकल सुदेस सुहाए। अंग अंग रचि सखिन्ह बनाए॥**
**रंगभूमि जब सिय पगु धारी। देखि रूप मोहे नर नारी॥**

सबै आभूषण आ-आफ्नो स्थानमा मनमोहक देखिएका छन्, जसलाई सखीहरूले अङ्ग-अङ्गमा धेरै परिश्रम गरी सजाएर लगाइदिएका थिए। जब सीताजीले रङ्गभूमिमा पाइला राख्नुभयो, त्यसपछि उहाँको [दिव्य] रूपलाई देखेर स्त्री-पुरुष सबै मोहित भए॥ २॥

**हरषि सुरन्ह दुंदुभीं बजाईं। बरषि प्रसून अपछरा गाईं॥**
**पानि सरोज सोह जयमाला। अवचट चितए सकल भुआला॥**

देवताहरूले हर्षित भएर दुन्दुभि (नगरा) हरू बजाए तथा फूल बर्साएर अप्सराहरूले गाउन लागे। सीताजीको करकमल (बाहुली) मा जयमाला सुशोभित थियो। सबै राजा दङदास (चकित) परेर अचानक उहाँलाई हेर्न लागे॥ ३॥

**सीय चकित चित रामहि चाहा। भए मोहबस सब नरनाहा॥**
**मुनि समीप देखे दोउ भाई। लगे ललकि लोचन निधि पाई॥**

सीताजीले चकित चित्तद्वारा श्रीरामजीलाई हेर्न लाग्नुभयो, त्यसपछि सबै राजाहरू मोहको वशमा भए। सीताजीले मुनिसँग [बसेका] दुवै भाइहरूलाई देख्नुभयो, अनि उहाँका नेत्र आफ्नो खजाना पाएझैं लोभिएर उहाँमा नै (श्रीरामजीमा) गएर लागे (स्थिर भए)॥ ४॥

दो०— **गुरजन लाज समाजु बड़ देखि सीय सकुचानि।**
**लागि बिलोकन सखिन्ह तन रघुबीरहि उर आनि॥ २४८॥**

परन्तु गुरुजनहरूको लाजले तथा धेरै ठूलो समाजलाई देखेर सीताजीले (मनमनै) सङ्कोच मान्नुभयो। उहाँले श्रीरामचन्द्रजीलाई हृदयमा ल्याएर सखीहरूतर्फ हेर्न लाग्नुभयो॥ २४८॥

**राम रूप अरु सिय छबि देखें। नर नारिन्ह परिहरीं निमेषें॥**
**सोचहिं सकल कहत सकुचाहीं। बिधि सन बिनय करहिं मन माहीं॥**

श्रीरामचन्द्रजीको रूप र सीताजीको शोभालाई देखेर स्त्री–पुरुषहरूले आँखा झिम्काउन छोडे (सबैले ट्वाल्ल परेर उहाँहरूलाई नै हेर्न लागे)। सबैले आफ्नो मनमा सोचेका थिए, तर भन्नलाई लाज मान्दथे। मनमनै उनीहरूले विधातासँग बिन्ती गरेका थिए॥ १॥

**हरु बिधि बेगि जनक जड़ताई। मति हमारि असि देहि सुहाई॥**
**बिनु बिचार पनु तजि नरनाहू। सीय राम कर करै बिबाहू॥**

हे विधाता! जनकजीको मूढतालाई शीघ्र हरण गर्नुहोस् र हामीहरूको जस्तै यस्तो सुन्दर बुद्धि उहाँलाई दिनुहोस् कि जसबाट विचार नगरीकिन राजाले आफ्नो प्रतिज्ञा छोडेर सीताजीलाई रामजीसँग विवाह गरिदिऊन्॥ २॥

**जगु भल कहिहि भाव सब काहू। हठ कीन्हें अंतहुँ उर दाहू॥**
**एहिं लालसाँ मगन सब लोगू। बरु साँवरो जानकी जोगू॥**

संसारले उहाँलाई राम्रो भन्नेछ, किनकि यो कुरा सबै जनालाई राम्रो लाग्छ। हठ गर्नाले अन्तिमसम्म पनि हृदय जल्नेछ। सबै जना यही इच्छा (लोभ) मा मग्न भइरहेका छन् कि जानकीजीका लागि योग्य दुलाहा त यी साँवलो रङ्गका नै छन्॥ ३॥

**तब बंदीजन जनक बोलाए। बिरिदावली कहत चलि आए॥**
**कह नृपु जाइ कहहु पन मोरा। चले भाट हियँ हरषु न थोरा॥**

त्यसपछि राजा जनकजीले वन्दीजनहरू (भाटहरू) लाई बोलाउनुभयो। उनीहरू विरुदावली (वंशको कीर्ति, गुण, प्रताप, यश, पराक्रम) गाउँदै आइपुगे। राजाले हुकुम दिनुभयो— गएर मेरो प्रतिज्ञा सबैसँग भन। भाट हिंडे, उनीहरूको हृदयमा कम्ती आनन्द थिएन (अर्थात् धेरै आनन्द थियो)॥ ४॥

## * बन्दीजनद्वारा जनकको प्रतिज्ञा घोषणा गर्नु *

दो०— **बोले बंदी बचन बर सुनहु सकल महिपाल।**
**पन बिदेह कर कहहिं हम भुजा उठाइ बिसाल॥ २४९॥**

भाटहरूले श्रेष्ठ वचन भने— हे पृथ्वीलाई पालन गर्ने सबै राजागण! सुन्नुहोस्। हामी आफ्ना भुजा उठाएर जनक महाराजजीको विशाल प्रतिज्ञालाई भन्दछौं॥ २४९॥

**नृप भुजबलु बिधु सिवधनु राहू। गरुअ कठोर बिदित सब काहू॥**
**रावनु बानु महाभट भारे। देखि सरासन गवँहिं सिधारे॥**

राजाहरूका भुजाको बल चन्द्रमा हो; शिवजीको धनुष राहु हो। त्यो गह्रुङ्गो छ, कठोर छ, यो सबैलाई विदित नै छ। धेरै ठूला योद्धा रावण र बाणासुर पनि यस धनुषलाई देखेर (खुसुक्क, चुपचाप) हिँडिहाले (यसलाई उठाउन त टाढा नै रह्यो, छुनसम्म हिम्मत भएन)॥ १॥

**सोइ पुरारि कोदंडु कठोरा। राज समाज आजु जोइ तोरा॥**
**त्रिभुवन जय समेत बैदेही। बिनहिं बिचार बरइ हठि तेही॥**

त्यहीं शिवजीको कठोर धनुषलाई आज यस राजसभामा जुनसुकैले पनि भाँच्नेछ, तीनै लोकमा विजयका साथ–साथै त्यससँग जानकीजीले कुनै विचार नगरी हठपूर्वक वरण गर्नुहुनेछ॥ २॥

**सुनि पन सकल भूप अभिलाषे। भटमानी अतिसय मन माखे॥**
**परिकर बाँधि उठे अकुलाई। चले इष्टदेवन्ह सिर नाई॥**

प्रतिज्ञा सुनेर सबै राजा लोभिएर उठे। जो वीरताका अभिमानी थिए, उनीहरू मनमा धेरै नै रिसाएर राताराता भए। कम्मर कसेर, आत्तिएर उठे र आफ्ना इष्टदेवलाई शिर नुगाएर (धनुषलाई उठाउन) हिँडे॥ ३॥

**तमकि ताकि तकि सिवधनु धरहीं। उठइ न कोटि भाँति बलु करहीं॥**
**जिन्ह के कछु बिचारु मन माहीं। चाप समीप महीप न जाहीं॥**

उनीहरू धेरै उत्साहपूर्वक घरीघरी ताकेर क्रोधपूर्वक शिवजीको धनुषतर्फ हेर्दछन् र फेरि आँखा गाडेर त्यसलाई समात्दछन्; करोडौं तरिकाबाट बल लगाउँदछन्, तर ऊ उठ्दै–उठ्दैन। जुन राजाहरूका मनमा केही विवेक थियो, उनीहरू त धनुषनजिक नै गएनन्॥ ४॥

## ✹ राजाहरूले धनुषलाई उठाउन नसक्नु, जनकजीको निराशाजनक वाणी ✹

दो०— **तमकि धरहिं धनु मूढ़ नृप उठइ न चलहिं लजाइ।**
**मनहुँ पाइ भट बाहुबलु अधिकु अधिकु गरुआइ॥ २५०॥**

ती मूर्ख राजाहरूले कटकटाउँदै (दाह्रा टोकेर) धनुषलाई समाते, परन्तु जब उठेन त्यसपछि लाज मानेर गइहाले। मानौं वीरहरूका भुजाको बल पाएर त्यो धनुष अधिकभन्दा अधिक गह्रुङ्गो हुँदै गएको छ॥ २५०॥

**भूप सहस दस एकहि बारा। लगे उठावन टरइ न टारा॥**
**डगइ न संभु सरासनु कैसें। कामी बचन सती मनु जैसें॥**

अनि दश हजार राजाले एकैपल्ट धनुषलाई उठाउन लागे, तर पनि त्यो विचलित भएन। शिवजीको त्यो धनुष कसरी अटल हुन्छ (विचलित हुँदैन), जस्तै कामी पुरुषको वचनबाट सती (पतिव्रता नारी) को मन (कहिल्यै) चञ्चल नभई अटल रहन्छ॥ १॥

**सब नृप भए जोगु उपहासी। जैसें बिनु बिराग संन्यासी॥**
**कीरति बिजय बीरता भारी। चले चाप कर बरबस हारी॥**

सबै राजा हास्यका पात्र (उपहास योग्य) भए। जस्तै वैराग्यविना सन्न्यासी उपहासयोग्य हुन्छ। कीर्ति, विजय, ठूलो वीरता—यी सबैलाई उनीहरूले धनुषका हातहरूसँगै जबरजस्ती हारेर गइहाले॥ २॥

**श्रीहत भए हारि हियँ राजा। बैठे निज निज जाइ समाजा॥**
**नृपन्ह बिलोकि जनकु अकुलाने। बोले बचन रोष जनु साने॥**

राजाहरू हृदयमा हारेर श्रीहीन (हतप्रभ) भइहाले र आ-आफ्नो समाजमा गएर बसे। राजाहरूलाई (असफल) देखेर जनकजी अत्तालिएर उठ्नुभयो र यस्ता वचन भन्नुभयो, जो मानौं क्रोधमा मुछिएका थिए॥ ३॥

**दीप दीप के भूपति नाना। आए सुनि हम जो पनु ठाना॥**
**देव दनुज धरि मनुज सरीरा। बिपुल बीर आए रनधीरा॥**

मैले जुन प्रतिज्ञा सोचेको थिएँ, जसलाई सुनेर द्वीप-द्वीपका अनेकौं (राज्यका) राजा आए। देवता र दैत्य पनि मनुष्यको शरीर धारण गरेर आए तथा अरू पनि धेरै रणधीर वीर आए॥ ४॥

**दो०— कुअँरि मनोहर बिजय बड़ि कीरति अति कमनीय।**
**पावनिहार बिरंचि जनु रचेउ न धनु दमनीय॥ २५१॥**

परन्तु धनुषलाई भाँचेर मनोहर कन्या, ठूलो विजय र अत्यन्तै सुन्दर कीर्तिलाई प्राप्त गर्नेवाला मानौं ब्रह्माजीले कसैलाई रच्नुभएको नै रहेनछ॥ २५१॥

**कहहु काहि यहु लाभु न भावा। काहुँ न संकर चाप चढ़ावा॥**
**रहउ चढ़ाउब तोरब भाई। तिलु भरि भूमि न सके छड़ाई॥**

भन्नुहोस्, यस्तो लाभ कसलाई राम्रो लाग्दैन होला? परन्तु कसैले पनि शङ्करजीको धनुष उठाउन (तथा भाँच्न) सकेनन्। हे भाइ! उठाउनु र भाँच्नु त टाढा नै रह्यो, कसैले तिल (तिलको गेडा अट्न सक्ने ठाउँ) जति भूमि पनि छुटाउन (हटाउन) सकेनन्॥ १॥

**अब जनि कोउ माखै भट मानी। बीर बिहीन मही मैं जानी॥**
**तजहु आस निज निज गृह जाहू। लिखा न बिधि बैदेहि बिबाहू॥**

अब कुनै वीरताको अभिमानबाट अप्रसन्न नहोऊ। मैले जानिसकें, पृथ्वी वीरहरूबाट खाली भएको छ। अब आशा छोडेर आ-आफ्नो घर (राजधानी) मा जाओ; ब्रह्माले सीताको विवाह लेखेका रहेनछन्॥ २॥

**सुकृतु जाइ जौं पनु परिहरऊँ। कुअँरि कुआरि रहउ का करऊँ॥**
**जौं जनतेउँ बिनु भट भुबि भाई। तौ पनु करि होतेउँ न हँसाई॥**

यदि प्रतिज्ञा छोडौं भने पुण्य नष्ट हुन्छ; यसकारण के गरौं, कन्या कुमारी नै रहून्। यदि मैले जानेको भए पृथ्वी वीरहरूबाट शून्य छ, त्यस अवस्थामा प्रतिज्ञा गरेर हास्यको पात्र बन्ने थिइनँ॥ ३॥

**जनक बचन सुनि सब नर नारी। देखि जानकिहि भए दुखारी॥**
**माखे लखनु कुटिल भइँ भौंहें। रदपट फरकत नयन रिसौंहें॥**

जनकजीका वचन सुनेर सबै स्त्री-पुरुष जानकीजीतर्फ हेर्दै दुःखी भए, परन्तु लक्ष्मणजी

क्रोधित भएर उठ्नुभयो, उहाँका आँखीभौं टेढा भए। ओठ काम्न लागे र नेत्र क्रोधले राता भए॥ ४॥

### * श्रीलक्ष्मणजीको क्रोध *

दो०— **कहि न सकत रघुबीर डर लगे बचन जनु बान।**
**नाइ राम पद कमल सिरु बोले गिरा प्रमान॥ २५२॥**

श्रीरघुवीरजीसँग डराएर केही भन्न त सक्नुहुँदैनथ्यो, तर जनकजीका वचन उहाँलाई बाण-जस्तै लागे। [जब त्यत्तिकै बस्न सक्नुभएन] श्रीरामचन्द्रजीका चरणकमलहरूमा शिर निहुराएर उहाँले यथार्थ वचन भन्नुभयो— ॥ २५२॥

**रघुबंसिन्ह महुँ जहँ कोउ होई। तेहिं समाज अस कहइ न कोई॥**
**कही जनक जसि अनुचित बानी। बिद्यमान रघुकुलमनि जानी॥**

रघुवंशीहरूमा कोही पनि जहाँ हुन्छन्, त्यस समाजमा यस्ता वचन कसैले पनि भन्दैनन्, जस्तो अनुचित वचन श्रीरघुकुलशिरोमणि श्रीरामजीलाई उपस्थित भएको जान्दा-जान्दै पनि जनकजीले भन्नुभएको छ॥ १॥

**सुनहु भानुकुल पंकज भानू। कहउँ सुभाउ न कछु अभिमानू॥**
**जौं तुम्हारि अनुसासन पावौं। कंदुक इव ब्रह्मांड उठावौं॥**

हे सूर्यकुलरूपी कमलका सूर्य! सुनिबक्सियोस्, म स्वभावबाट नै भन्दछु, केही अभिमान गरेर हैन, यदि हजुरको आज्ञा पाएँ भने मैले ब्रह्माण्डलाई भकुण्डोझैं उठाउन सक्दछु॥ २॥

**काचे घट जिमि डारौं फोरी। सकउँ मेरु मूलक जिमि तोरी॥**
**तव प्रताप महिमा भगवाना। को बापुरो पिनाक पुराना॥**

र उसलाई काँचो घैंटोझैं फोर्न सक्दछु। मैले सुमेरु पर्वतलाई मूलाझैं भाँच्न सक्दछु, हे भगवान्! हजुरको प्रतापको महिमाबाट यो बिचरा पुरानो धनुष त के (कत्रो) चीज हो॥ ३॥

**नाथ जानि अस आयसु होऊ। कौतुक करौं बिलोकिअ सोऊ॥**
**कमल नाल जिमि चाप चढ़ावौं। जोजन सत प्रमान लै धावौं॥**

यस्तो जानेर हे नाथ! आज्ञा हुन्छ भने केही खेल गर्नेछु, त्यसलाई पनि हेरिबक्सियोस्। धनुषलाई कमलको डाँठझैं उठाएर उसलाई सय योजनसम्म लिएर दौडी गइहाल्नेछु॥ ४॥

दो०— **तोरौं छत्रक दंड जिमि तव प्रताप बल नाथ।**
**जौं न करौं प्रभु पद सपथ कर न धरौं धनु भाथ॥ २५३॥**

हे नाथ! हजुरको प्रतापको बलबाट धनुषलाई च्याउको छाताझैं भाँच्नेछु। यदि यस्तो गर्न सकिन भने प्रभुका चरणहरूको शपथ गर्छु, फेरि मैले कहिल्यै धनुष र तरकस (ठोक्रो) लाई हातमा पनि लिने छैन॥ २५३॥

**लखन सकोप बचन जे बोले। डगमगानि महि दिग्गज डोले॥**
**सकल लोग सब भूप डेराने। सिय हियँ हरषु जनकु सकुचाने॥**

जब लक्ष्मणजीले झोक्किएर कडा वचन बोल्नुभयो, त्यतिखेर पृथ्वी हल्लियो र दिशाहरूका हात्ती छटपटाउन लागे (डाँवाडोल भए), सबै जना र सबै राजा डराए। सीताजीको हृदयमा हर्ष भयो र जनकजीले लाज मान्नुभयो॥ १॥

**गुर रघुपति सब मुनि मन माहीं। मुदित भए पुनि पुनि पुलकाहीं॥**
**सयनहिं रघुपति लखनु नेवारे। प्रेम समेत निकट बैठारे॥**

गुरु विश्वामित्रजी, श्रीरघुनाथजी र सबै मुनि मनमा प्रसन्न भए र बारम्बार रोमाञ्चित हुन लागे। श्रीरामचन्द्रजीले इशाराबाट लक्ष्मणजीलाई बोल्न रोक्नुभयो र प्रेमसहित आफूसँग बसाल्नुभयो॥ २॥

**बिस्वामित्र समय सुभ जानी। बोले अति सनेहमय बानी॥**
**उठहु राम भंजहु भवचापा। मेटहु तात जनक परितापा॥**

विश्वामित्रजीले शुभ समय जानेर अत्यन्तै प्रेमले भरिएका वाणी भन्नुभयो—हे राम! उठ, शिवजीको धनुषलाई तोड (भाँच) र हे राम! जनकजीको सन्तापलाई मेटाऊ॥ ३॥

**सुनि गुरु बचन चरन सिरु नावा। हरषु बिषादु न कछु उर आवा॥**
**ठाढ़े भए उठि सहज सुभाएँ। ठवनि जुबा मृगराजु लजाएँ॥**

गुरुजीका वचन सुनेर श्रीरामजीले गुरुका चरणमा शिर निहुराउनुभयो। उहाँको मनमा न हर्ष थियो, न विषाद र उहाँ आफ्नो उभिने तरिकाले युवक सिंहलाई पनि लाज मान्नुपर्ने स्थितिले बनाउँदै सहज स्वभावबाट नै उठेर उभिनुभयो॥ ४॥

दो०— **उदित उदयगिरि मंच पर रघुबर बालपतंग।**
**बिकसे संत सरोज सब हरषे लोचन भृंग॥ २५४॥**

मञ्चरूपी उदयाचलमा रघुनाथजीरूपी बालसूर्यको उदय हुँदाबित्तिकै सबै सन्तरूपी कमल फुले र नेत्ररूपी भमरा हर्षित भए॥ २५४॥

**नृपन्ह केरि आसा निसि नासी। बचन नखत अवली न प्रकासी॥**
**मानी महिप कुमुद सकुचाने। कपटी भूप उलूक लुकाने॥**

राजाहरूको आशारूपी रात्रि नष्ट भइहाल्यो। उनीहरूका वचनरूपी ताराहरूका समूह चम्कन बन्द भए (मौन भए)। अभिमानी राजारूपी कमलिनी सङ्कुचित भए र कपटी राजारूपी उल्लूहरू लुकिहाले॥ १॥

**भए बिसोक कोक मुनि देवा। बरिसहिं सुमन जनावहिं सेवा॥**
**गुर पद बंदि सहित अनुरागा। राम मुनिन्ह सन आयसु मागा॥**

मुनि र देवतारूपी चखेवीहरू शोकरहित भए। उनीहरूले फूल बर्साएर आफ्नो सेवा (स्वागत) प्रकट गरिरहेका थिए। प्रेमसहित गुरुजीका चरणलाई वन्दना गरेर श्रीरामचन्द्रजीले मुनिहरूसँग आज्ञा माग्नुभयो॥ २॥

**सहजहिं चले सकल जग स्वामी। मत्त मंजु बर कुंजर गामी॥**
**चलत राम सब पुर नर नारी। पुलक पूरि तन भए सुखारी॥**

समस्त जगत्‌का स्वामी श्रीरामजी सुन्दर मत्ता (भाले) हात्तीको जस्तो चालबाट स्वाभाविक रूपमा हिंड्नुभयो। श्रीरामचन्द्रजी हिंड्दाबित्तिकै सबै स्त्री–पुरुष सुखी भए र उनीहरूको शरीर रोमाञ्चले भरियो॥ ३॥

**बंदि पितर सुर सुकृत सँभारे। जौं कछु पुन्य प्रभाउ हमारे॥**
**तौ सिवधनु मृनाल की नाईं। तोरहुँ रामु गनेस गोसाईं॥**

उनीहरूले पितृ र देवताहरूको प्रार्थना गरेर आफ्नो पुण्यलाई स्मरण गरे कि यदि हामीहरूको पुण्यको अलिकति पनि प्रभाव (बाँकी) छ, भने हे गणेश भगवान्! श्रीरामचन्द्रजीले शिवजीको धनुषलाई कमलको डाँठझैं भाँच्न सकून्॥ ४॥

दो०— **रामहि प्रेम समेत लखि सखिन्ह समीप बोलाइ।**
**सीता मातु सनेह बस बचन कहइ बिलखाइ॥ २५५॥**

श्रीरामचन्द्रजीलाई [वात्सल्य] प्रेमका साथ देखेर सखीहरूलाई नजिकै बोलाई सीताजीकी आमा (सुनयनाजी) ले स्नेहवश विलाप गर्दै यस्ता वचन भन्नुभयो— ॥ २५५॥

**सखि सब कौतुकु देखनिहारे। जेउ कहावत हितू हमारे॥**
**कोउ न बुझाइ कहइ गुर पाहीं। ए बालक असि हठ भलि नाहीं॥**

हे सखी! यी जुन हाम्रा हितैषी भनिनेहरू छन्, उनीहरू पनि सबै तमासा हेर्नेमात्र गर्दछन्। कुनैले पनि [यिनका] गुरु विश्वामित्रलाई सम्झाएर भन्दैनन् कि यिनी (रामजी) बालक छन्, यिनका लागि यस्तो हठ ठीक हुँदैन। [जुन धनुषलाई रावण र बाणासुरजस्ता जगद्‌विजयी वीरहरूले हल्लाउन नै सकेनन्, त्यही धनुषलाई भाँच्नको लागि मुनि विश्वामित्रजीले रामजीलाई आज्ञा दिनु र रामजीले उसलाई भाँच्नका लागि अघि बढ्नुलाई रानीले हठ गरेको ठान्नुभयो, यसकारण उहाँले भन्न लाग्नुभयो कि विश्वामित्रजीलाई कसैले पनि सम्झाउँदैनन्।]॥ १॥

**रावन बान छुआ नहिं चापा। हारे सकल भूप करि दापा॥**
**सो धनु राजकुअँर कर देहीं। बाल मराल कि मंदर लेहीं॥**

रावण र बाणासुरले जुन धनुषलाई छुनसम्म सकेनन् र सबै राजाले घमण्ड गर्दा पनि हारे, त्यही धनुष यस्ता सुकुमारको (कलिला, कम उमेरका) हातमा दिइरहेका छन्। हाँसको बच्चाले पनि कहीं मन्दराचल पहाडलाई उठाउन सक्दछ?॥ २॥

**भूप सयानप सकल सिरानी। सखि बिधि गति कछु जाति न जानी॥**
**बोली चतुर सखी मृदु बानी। तेजवंत लघु गनिअ न रानी॥**

[अरू कुनैले केही सम्झाएर भनून् या नभनून्, राजा त धेरै समझदार र ज्ञानी हुनुहुन्छ, उहाँले त गुरुलाई सम्झाउने प्रयास गर्नुपर्दथ्यो, परन्तु जानकारी हुन्छ] राजाको पनि सारा समझदारीपन

समाप्त भएको छ। हे सखी! विधाताको गतिलाई केही जान्न नै सकिन्न [यसो भनेर रानी चुप हुनुभयो]। त्यसपछि एक चतुर (रामजीको महत्त्वलाई जानेकी) सखीले कोमल वाणीबाट भनिन्—हे महारानी! तेजवान्‌लाई [देख्दाखेरि सानो भए तापनि] सानो मान्नुहुँदैन॥ ३॥

**कहँ कुंभज कहँ सिंधु अपारा। सोषेउ सुजसु सकल संसारा॥**
**रबि मंडल देखत लघु लागा। उदयँ तासु तिभुवन तम भागा॥**

कहाँ घैंटो (घडा) बाट उत्पन्न भएका [सानो जस्ता] मुनि अगस्त्य र कहाँ अपार समुद्र? किन्तु उहाँले उसलाई सुकाउनुभयो, जसको सुयश सारा संसारमा भरिएको छ। सूर्यमण्डल हेर्दाखेरि साना देखिन्छन्, तर उनको उदय हुँदाबित्तिकै तीनै लोकहरूको अन्धकार भागेर गइहाल्दछ॥ ४॥

दो०— **मंत्र परम लघु जासु बस बिधि हरि हर सुर सर्ब।**
**महामत्त गजराज कहुँ बस कर अंकुस खर्ब॥ २५६॥**

जसको वशमा ब्रह्मा, विष्णु, शिव र सबै देवता छन्, त्यो मन्त्र सानो हुन्छ नै। महान् मत्त गजराज (हात्तीको राजा) लाई सानो अङ्कुशले वशमा गरिहाल्दछ॥ २५६॥

**काम कुसुम धनु सायक लीन्हे। सकल भुवन अपने बस कीन्हे॥**
**देबि तजिअ संसउ अस जानी। भंजब धनुषु राम सुनु रानी॥**

कामदेवले फूलहरूको धनुष-बाण लिएर समस्त लोकलाई वशमा गरेर (पारेर) राखेको छ। हे देवी! यस्तो जानेर सन्देह त्याग गरिबक्सियोस्। हे महारानी! सुनिबक्सियोस्, रामचन्द्रजीले धनुषलाई अवश्य नै भाँच्नुहुनेछ॥ १॥

**सखी बचन सुनि भै परतीती। मिटा बिषादु बढ़ी अति प्रीती॥**
**तब रामहि बिलोकि बैदेही। सभय हृदयँ बिनवति जेहि तेही॥**

सखीका वचन सुनेर रानीलाई [श्रीरामजीको सामर्थ्यको सम्बन्धमा] विश्वास भयो। उहाँको उदासपना मेटियो र श्रीरामजीप्रति उहाँको प्रेम अत्यन्तै धेरै भयो। त्यस समयमा श्रीरामचन्द्रजीलाई देखेर सीताजी भयभीत हृदयबाट जसरी-तसरी [देवतासँग] बिन्ती गरिरहनुभएको छ॥ २॥

**मनहीं मन मनाव अकुलानी। होहु प्रसन्न महेस भवानी॥**
**करहु सफल आपनि सेवकाई। करि हितु हरहु चाप गरुआई॥**

उहाँले व्याकुल भएर मन-मनै मनाइरहनु भएको छ—हे महेश-भवानी! मसँग प्रसन्न होइबक्सियोस्, मैले हजुरहरूको जुन सेवा (पूजा) गरेकी छु, त्यसलाई सफल गरिबक्सियोस् र मलाई स्नेह गरेर धनुषको गह्रुङ्गोपना हरण गरिबक्सियोस्॥ ३॥

**गननायक बर दायक देवा। आजु लगें कीन्हिउँ तुअ सेवा॥**
**बार बार बिनती सुनि मोरी। करहु चाप गुरुता अति थोरी॥**

हे गणहरूका नायक, वर दिने देवता गणेशजी! मैले आजका लागि नै हजुरको सेवा गरेकी थिएँ। बारम्बार मेरो बिन्ती सुनेर धनुषको गह्रुङ्गोपनामा धेरै नै कम्ती गराइदिनुहोस्॥ ४॥

दो०— **देखि देखि रघुबीर तन सुर मनाव धरि धीर।**
**भरे बिलोचन प्रेम जल पुलकावली सरीर॥ २५७॥**

श्रीरघुनाथजीतर्फ घरी-घरी हेर्दै सीताजीले धैर्य धारण गर्दै देवताहरूलाई मनाइरहनु (फकाइरहनु)- भएको छ। उहाँका नेत्रहरूमा प्रेमका जल भरिएका छन् र शरीरमा रोमाञ्च भइरहेको छ॥ २५७॥

**नीकें निरखि नयन भरि सोभा। पितु पनु सुमिरि बहुरि मनु छोभा॥**
**अहह तात दारुनि हठ ठानी। समुझत नहिं कछु लाभु न हानी॥**

राम्रो किसिमबाट नेत्रभरि श्रीरामजीको रूपलाई हेरेर, फेरि पिताजीको प्रणलाई स्मरण गरी सीताजीको मन क्षुब्ध भयो। [उहाँले मन-मनै भन्न लाग्नुभयो— ] अहो! पिताजीले अत्यन्तै कठिन हठ ठान्नु (गर्नु) भएको छ, उहाँले लाभ-हानि केही पनि सम्झनुभएको छैन॥ १॥

**सचिव सभय सिख देइ न कोई। बुध समाज बड़ अनुचित होई॥**
**कहँ धनु कुलिसहु चाहि कठोरा। कहँ स्यामल मृदुगात किसोरा॥**

मन्त्री डराइरहेका छन्, यसकारण कुनैले पनि उहाँलाई शिक्षा दिंदैनन्, पण्डितहरूको सभामा यस्तो ठूलो अनुचित कार्य भइरहेको छ। कहाँ त्यस बज्रभन्दा पनि धेरै कठोर धनुष र कहाँ यिनी कोमल शरीर भएका किशोर श्यामसुन्दर!॥ २॥

**बिधि केहि भाँति धरौं उर धीरा। सिरस सुमन कन बेधिअ हीरा॥**
**सकल सभा कै मति भै भोरी। अब मोहि संभुचाप गति तोरी॥**

हे विधाता! मैले हृदयमा कुन तरिकाले धैर्य धारण गरूँ, शिरीषको फूलका कणबाट कहीं हीरामा प्वाँल पार्न सकिन्छ। सम्पूर्ण सभाको बुद्धि लाटो भएको छ, अतः हे शिवजीको धनुष! अब त मलाई तिम्रो नै सहारा छ॥ ३॥

**निज जड़ता लोगन्ह पर डारी। होहि हरुअ रघुपतिहि निहारी॥**
**अति परिताप सीय मन माहीं। लव निमेष जुग सय सम जाहीं॥**

तिमीले आफ्नो जडता (गह्रुङ्गोपना) लाई व्यक्तिहरूमा थुपारेर, श्रीरघुनाथजी [को सुकुमार शरीर] लाई देखेर [उत्तिकै] हलुङ्गो भइहाल। यस प्रकार सीताजीको मनमा धेरै नै सन्ताप भइरहेको छ। निमेषको एक पल (अंश) पनि सय युगहरूका समान बितिरहेको छ॥ ४॥

दो०— **प्रभुहि चितइ पुनि चितव महि राजत लोचन लोल।**
**खेलत मनसिज मीन जुग जनु बिधु मंडल डोल॥ २५८॥**

प्रभु श्रीरामचन्द्रजीलाई हेरेर फेरि जमिनतर्फ हेर्दै सीताजीका चञ्चल नेत्र यस प्रकार शोभित भएका छन्, मानौं चन्द्रमण्डलरूपी पोखरीमा कामदेवका दुई माछाहरू खेलिरहेका छन्॥ २५८॥

**गिरा अलिनि मुख पंकज रोकी। प्रगट न लाज निसा अवलोकी॥**
**लोचन जलु रह लोचन कोना। जैसें परम कृपन कर सोना॥**

सीताजीका वाणीरूपी भमरीहरूलाई उहाँका मुखरूपी कमलले रोकेर राखेका छन्। लाजरूपी रात्रिलाई देखेर त्यो प्रकट हुन सकिरहेको छैन। नेत्रका जल नेत्रकै कुनामा नै रहेका छन्। जसरी धेरै कन्जुसको सुन कुनामा नै गाडिएर रहेको हुन्छ॥ १॥

**सकुची ब्याकुलता बड़ि जानी। धरि धीरजु प्रतीति उर आनी॥**
**तन मन बचन मोर पनु साचा। रघुपति पद सरोज चितु राचा॥**

आफ्नो बढ्दै गरेको व्याकुलता जानेर सीताजीले लाज मान्नुभयो र धैर्य धारण गरेर हृदयमा विश्वास गर्नुभयो कि यदि तन, मन र वचनबाट मेरो प्रण (प्रतिज्ञा) सच्चा छ र श्रीरघुनाथजीका चरण-कमलमा मेरो चित्त वास्तवमा अनुरक्त (आसक्ति, प्रेम) छ,॥ २॥

**तौ भगवानु सकल उर बासी। करिहि मोहि रघुबर कै दासी॥**
**जेहि कें जेहि पर सत्य सनेहू। सो तेहि मिलइ न कछु संदेहू॥**

भने सबैको हृदयमा निवास गर्नुहुने भगवान्‌ले मलाई रघुश्रेष्ठ श्रीरामचन्द्रजीकी दासी (सेविका) अवश्य बनाउनुहुनेछ। जसको जोसँग सच्चा प्रेम हुन्छ, त्यो उसलाई मिल्ने नै गरेको छ, यसमा केही पनि सन्देह छैन॥ ३॥

**प्रभु तन चितइ प्रेम तन ठाना। कृपानिधान राम सबु जाना॥**
**सियहि बिलोकि तकेउ धनु कैसें। चितव गरुरु लघु ब्यालहि जैसें॥**

प्रभुतर्फ हेरेर सीताजीले शरीरद्वारा प्रेमलाई सोच्नुभयो (अर्थात् यस्तो निश्चय गर्नुभयो कि यो शरीर उहाँकै भएर रहनेछ या रहनेछैन)। कृपानिधान श्रीरामचन्द्रजीले सबै जान्नुभयो। उहाँले सीताजीलाई हेरेर धनुषतर्फ कसरी ताक्नुभयो, जसरी गरुडले साना-साना सर्पतर्फ हेर्दछ॥ ४॥

दो०— **लखन लखेउ रघुबंसमनि ताकेउ हर कोदंडु।**
**पुलकि गात बोले बचन चरन चापि ब्रह्मांडु॥ २५९॥**

यता जब लक्ष्मणजीले देख्नुभयो कि श्रीरामचन्द्रजीले शिवजीको धनुषतर्फ हेर्नुभएको छ, त्यसपछि उहाँ शरीरमा रोमाञ्चित हुँदै ब्रह्माण्डलाई चरणहरूले अँठ्याएर यस्ता वचन भन्नुभयो— ॥ २५९ ॥

**दिसिकुंजरहु कमठ अहि कोला। धरहु धरनि धरि धीर न डोला॥**
**रामु चहहिं संकर धनु तोरा। होहु सजग सुनि आयसु मोरा॥**

हे दिग्गजहरू (आठ दिशाका हात्तीहरू) हे कच्छप! हे शेष! हे वराह! धैर्य धारण गरेर पृथ्वीलाई थामी (अडाई) राख, जसबाट यो हल्लिन नपाओस्। श्रीरामचन्द्रजीले शिवजीको धनुषलाई भाँच्न चाहनुहुन्छ। मेरो आज्ञा सुनेर सबै सावधान भइहाल॥ १॥

**चाप समीप रामु जब आए। नर नारिन्ह सुर सुकृत मनाए॥**
**सब कर संसउ अरु अग्यानू। मंद महीपन्ह कर अभिमानू॥**

श्रीरामचन्द्रजी जब धनुषको नजिक आउनुभयो, त्यसपछि सबै स्त्री-पुरुषले देवता र पुण्यहरूलाई मनाए (फकाए)। सबैको सन्देह र अज्ञान, नीच राजाहरूको अभिमान,॥ २॥

**भृगुपति केरि गरब गरुआई। सुर मुनिबरन्ह केरि कदराई॥**
**सिय कर सोचु जनक पछितावा। रानिन्ह कर दारुन दुख दावा॥**

परशुरामजीको गर्वको गुरुता (गह्रुङ्गोपना), देवता र श्रेष्ठ मुनिहरूको कातरता (भय), सीताजीको चिन्ता, जनकजीको पश्चात्ताप, रानीहरूको दारुण दुःखको डढेलो,॥ ३॥

**संभुचाप बड़ बोहितु पाई। चढ़े जाइ सब संगु बनाई॥**
**राम बाहुबल सिंधु अपारू। चहत पारु नहिं कोउ कड़हारू॥**

यी सबै शिवजीका धनुषरूपी ठूलो जहाजलाई पाएर, समाज बनाई त्यसमा गएर चढे। यिनीहरू श्रीरामचन्द्रजीका भुजाका बलरूपी अपार समुद्रपारि जान चाहन्छन्, परन्तु कुनै माझी (बोटे) छैन॥ ४॥

दो०— **राम बिलोके लोग सब चित्र लिखे से देखि।**
**चितई सीय कृपायतन जानी बिकल बिसेषि॥ २६०॥**

श्रीरामजीले सबै जनातर्फ हेरिरहनुभएको थियो, उनीहरूलाई चित्रमा लेखिएको झैं देखेर फेरि कृपाधाम श्रीरामजीले सीताजीतर्फ हेर्नुभयो र उहाँलाई विशेष व्याकुल जान्नुभयो॥ २६०॥

**देखी बिपुल बिकल बैदेही। निमिष बिहात कलप सम तेही॥**
**तृषित बारि बिनु जो तनु त्यागा। मुएँ करइ का सुधा तड़ागा॥**

उहाँले जानकीजीलाई धेरै नै आत्तिएको देख्नुभयो। उहाँका (सीताजीका) लागि एक-एक क्षण कल्प समान बितिरहेको थियो। यदि तिर्खाएको मानिसले पानीविना शरीर त्याग गर्‍यो भने त्यसपछि ऊ मरिसकेपछि अमृतको पोखरीले पनि के गर्नेछ र?॥ १॥

**का बरषा सब कृषी सुखानें। समय चुकें पुनि का पछितानें॥**
**अस जियँ जानि जानकी देखी। प्रभु पुलके लखि प्रीति बिसेषी॥**

सम्पूर्ण खेती सुकिसकेपछि वर्षाको के प्रयोजन? समय बितिसकेपछि पश्चात्ताप गर्नाले के लाभ? मनमा यस्तो सम्झेर श्रीरामजीले जानकीजीतर्फ हेर्नुभयो र उहाँको विशेष प्रेमलाई सम्झेर रोमाञ्चित हुनुभयो॥ २॥

## * धनुषभङ्ग *

**गुरहि प्रनामु मनहिं मन कीन्हा। अति लाघवँ उठाइ धनु लीन्हा॥**
**दमकेउ दामिनि जिमि जब लयऊ। पुनि नभ धनु मंडल सम भयऊ॥**

मन-मनै उहाँले गुरुलाई प्रणाम गर्नुभयो र ठूलो फुर्तीले धनुषलाई उठाउनुभयो। जब उसलाई [हातमा] लिनुभयो, त्यसपछि त्यो धनुष बिजुलीझैं चम्क्यो र फेरि आकाशमा मण्डल-जस्तो (मण्डलाकार) भयो॥ ३॥

**लेत चढ़ावत खैंचत गाढ़ें। काहुँ न लखा देख सबु ठाढ़ें॥**
**तेहि छन राम मध्य धनु तोरा। भरे भुवन धुनि घोर कठोरा॥**

लिंदा (समाउँदा), उठाउँदा र बलपूर्वक तान्दा कसैले सोच्न सकेनन् (अर्थात् यी तीनै काम यति फुर्तीबाट भए कि धनुषलाई कतिखेर समात्नुभयो, कतिखेर उठाउनुभयो र कतिखेर तान्नुभयो, यो कसैले थाहा नै पाएनन्); सबैले श्रीरामलाई [धनुष तानेर] उभिएको देखे। त्यही क्षण श्रीरामजीले धनुषलाई बीचबाट भाँच्नुभयो। भयङ्कर कठोर ध्वनिद्वारा [सबै] लोक भरिए॥ ४॥

छं०— **भरे भुवन घोर कठोर रव रबि बाजि तजि मारगु चले।**
**चिक्करहिं दिग्गज डोल महि अहि कोल कूरुम कलमले॥**
**सुर असुर मुनि कर कान दीन्हें सकल बिकल बिचारहीं।**
**कोदंड खंडेउ राम तुलसी जयति बचन उचारहीं॥**

घोर, कठोर शब्दबाट [सबै] लोक भरिए, सूर्यका घोडा बाटो छोडेर हिंड्न लागे। दिग्गज (आठ दिशाका हात्ती) छट्पटाउन (चिच्च्याउन) लागे; पृथ्वी हल्लिन लागिन्; शेष, वराह र कछुवा व्याकुल भए। देवता, राक्षस र मुनि कानमा हात राखेर सबै व्याकुल भई विचार गर्न लागे। तुलसीदासजी भन्नुहुन्छ, जब [सबैलाई निश्चय भयो कि] श्रीरामजीले धनुषलाई भाँच्नुभयो, त्यसपछि सबैले 'श्रीरामचन्द्रजीको जय' भन्न लागे।

सो०— **संकर चापु जहाजु सागरु रघुबर बाहुबलु।**
**बूड़ सो सकल समाजु चढ़ा जो प्रथमहिं मोह बस॥ २६१॥**

शिवजीको धनुष जहाज हो र श्रीरामचन्द्रजीको भुजाहरूको बल समुद्र हो। [धनुष भाँचिनाले] त्यो सम्पूर्ण समाज डुब्यो, जो मोहवश पहिले यस जहाजमा चढेका थिए [जसको वर्णन माथि गरिएको छ]॥ २६१॥

**प्रभु दोउ चापखंड महि डारे। देखि लोग सब भए सुखारे॥**
**कौसिकरूप पयोनिधि पावन। प्रेम बारि अवगाहु सुहावन॥**

प्रभुले धनुषलाई दुई टुक्रा बनाएर पृथ्वीमा राख्नुभयो। यस्तो देखेर सबै जना सुखी भए। विश्वामित्ररूपी पवित्र समुद्रमा, जसमा प्रेमरूपी सुन्दर अथाह जल भरिएको छ,॥ १॥

**रामरूप राकेसु निहारी। बढ़त बीचि पुलकावलि भारी॥**
**बाजे नभ गहगहे निसाना। देवबधू नाचहिं करि गाना॥**

रामरूपी पूर्णचन्द्रलाई देखेर रोमाञ्चरूपी धेरै ज्वारभाटा (हल्का) बढ्न लागे। आकाशमा ठूलो आवाजले निसान (नगरा) बज्न लागे र देवाङ्गनाहरूले गीत गाएर नाच्न लागे॥ २॥

**ब्रह्मादिक सुर सिद्ध मुनीसा। प्रभुहि प्रसंसहिं देहिं असीसा॥**
**बरिसहिं सुमन रंग बहुमाला। गावहिं किंनर गीत रसाला॥**

ब्रह्मा आदि देवता, सिद्ध र मुनीश्वरहरूले प्रभुको प्रशंसा गरिरहेका छन् र आशीर्वाद दिइरहेका छन्। उनीहरूले रङ्ग-बिरङ्गका फूल र मालाहरू बर्साइरहेका छन्। किन्नरहरूले रसिला गीत गाइरहेका छन्॥ ३॥

**रही भुवन भरि जय जय बानी। धनुष भंग धुनि जात न जानी॥**
**मुदित कहहिं जहँ तहँ नर नारी। भंजेउ राम संभुधनु भारी॥**

सारा ब्रह्माण्डमा जय-जयकारको ध्वनि भरियो, जसले गर्दा धनुष भाँचिएको ध्वनिको जानकारी नै हुँदैनथ्यो। जतासुकै स्त्री-पुरुषले प्रसन्न भएर भनिरहेका छन् कि श्रीरामचन्द्रजीले शिवजीको गह्रुङ्गो धनुषलाई भाँच्नुभयो॥ ४॥

दो०— **बंदी मागध सूतगन बिरुद बदहिं मतिधीर।**
**करहिं निछावरि लोग सब हय गय धन मनि चीर॥ २६२॥**

धीर बुद्धि भएका भाट, मागध र सूतहरूले विरुदावली (कीर्ति) को वर्णन गरिरहेका छन्। सबै जनाले घोडा, हात्ती, धन, मणि र वस्त्र उपहार (बक्सिस) दिइरहेका छन्॥ २६२॥

**झाँझि मृदंग संख सहनाई। भेरि ढोल दुंदुभी सुहाई॥**
**बाजहिं बहु बाजने सुहाए। जहँ तहँ जुबतिन्ह मंगल गाए॥**

झ्याली, मृदङ्ग, शङ्ख, सहनाई, भेरी, ढोल (सानो नगरा) र सुन्दर नगरा (दमाहा) हरू आदि धेरै प्रकारका सुन्दर बाजा बजिरहेका छन्। जताततै युवतीहरूले मङ्गलगीत गाइरहेका छन्॥ १॥

**सखिन्ह सहित हरषी अति रानी। सूखत धान परा जनु पानी॥**
**जनक लहेउ सुखु सोचु बिहाई। पैरत थकें थाह जनु पाई॥**

सखीहरूसहित रानी अत्यन्त हर्षित हुनुभयो, मानौं सुक्दै गरेको धानको खेतीमा पानी पर्‍यो। जनकजीले शोक त्यागेर सुख प्राप्त गर्नुभयो। मानौं पौडँदा-पौडँदै थाकेको पुरुषले थाहा पायो [टेक्ने जमिन प्राप्त गर्‍यो]॥ २॥

**श्रीहत भए भूप धनु टूटे। जैसें दिवस दीप छबि छूटे॥**
**सीय सुखहि बरनिअ केहि भाँती। जनु चातकी पाइ जलु स्वाती॥**

धनुष भाँचिएपछि राजाहरू यस्ता श्रीहीन (निस्तेज) भइहाले, जस्तै दिनमा दीपकको शोभाको महत्त्व हुँदैन। सीताजीको सुखको कुन प्रकारले वर्णन गर्ने; जस्तै चातकी (पोथी काकाकुल पक्षी) ले स्वाती नक्षत्रको जल पाएकी छ॥ ३॥

**रामहि लखनु बिलोकत कैसें। ससिहि चकोर किसोरकु जैसें॥**
**सतानंद तब आयसु दीन्हा। सीताँ गमनु राम पहिं कीन्हा॥**

श्रीरामजीलाई लक्ष्मणजीले कस्तो प्रकारले हेर्नुभएको छ, जस्तो चन्द्रमालाई चकोर (च्याखुरा) को बच्चाले हेरिरहेको छ। अनि शतानन्दजीले आज्ञा दिनुभयो र सीताजी श्रीरामका साथ जानुभयो॥ ४॥

### * जयमाला लगाउनु *

दो०— **संग सखीं सुंदर चतुर गावहिं मंगलचार।**
**गवनी बाल मराल गति सुषमा अंग अपार॥ २६३॥**

साथमा सुन्दर चतुर सखीहरूले मङ्गलाचारका गीत गाइरहेका छन्; सीताजी बालहंसिनीको चालले हिंड्नुभएको छ। उहाँको अङ्गमा अपार शोभा छ॥ २६३॥

**सखिन्ह मध्य सिय सोहति कैसें। छबिगन मध्य महाछबि जैसें॥**
**कर सरोज जयमाल सुहाई। बिस्व बिजय सोभा जेहिं छाई॥**

सखीहरूका बीचमा सीताजी कसरी शोभित हुनुभएको छ; जसरी धेरै सुन्दरताका बीचमा महाछवि हुन्छ। करकमलमा सुन्दर जयमाला छ, जसमा विश्वविजयको शोभा भरिएको छ॥ १॥

**तन सकोचु मन परम उछाहू। गूढ़ प्रेमु लखि परइ न काहू॥**
**जाइ समीप राम छबि देखी। रहि जनु कुअँरि चित्र अवरेखी॥**

सीताजीको शरीरमा सङ्कोच छ, तर मनमा परम उत्साह छ। उहाँको यो गुप्त प्रेमलाई कसैले जानेका छैनन्। नजिक गएर श्रीरामजीको शोभा देख्दा राजकुमारी सीताजी चित्रमा लेखिएकी झैं हुनुभयो अर्थात् चित्रझैं अटल हुनुभयो॥ २॥

**चतुर सखीं लख कहा बुझाई। पहिरावहु जयमाल सुहाई॥**
**सुनत जुगल कर माल उठाई। प्रेम बिबस पहिराइ न जाई॥**

चतुर सखीले यस्तो अवस्था देखेर सझाउँदै भनिन्—सुन्दर जयमाला पहिराइदेऊ। यस्तो सुनेर सीताजीले दुवै हातले माला उठाउनुभयो, तर प्रेमको विवश हुनाले पहिराउन सक्नुभएन॥ ३॥

**सोहत जनु जुग जलज सनाला। ससिहि सभीत देत जयमाला॥**
**गावहिं छबि अवलोकि सहेली। सियँ जयमाल राम उर मेली॥**

[त्यतिखेर उहाँका बाहुली यस्ता सुशोभित भइरहेका थिए] मानौं डाँठहरूसहित दुई कमलले चन्द्रमालाई डराउँदै जयमाला दिइरहेका छन्। यस छविलाई देखेर सखीहरू गाउन लागे। त्यसपछि सीताजीले श्रीरामको गलामा जयमाला पहिराउनुभयो॥ ४॥

सो०—**रघुबर उर जयमाल देखि देव बरिसहिं सुमन।**
**सकुचे सकल भुआल जनु बिलोकि रबि कुमुदगन॥ २६४॥**

श्रीरघुनाथजीको हृदयमा जयमाला देखेर देवताले फूल बर्साउन लागे। समस्त राजागण यस प्रकारले लाज माने, मानौं सूर्यलाई देखेर कमलका समूह खुम्चिएका छन्॥ २६४॥

**पुर अरु ब्योम बाजने बाजे। खल भए मलिन साधु सब राजे॥**
**सुर किंनर नर नग मुनीसा। जय जय जय कहि देहिं असीसा॥**

नगर र आकाशमा बाजा बज्न लागे। दुष्टहरू उदास भए र सज्जनहरू सबै प्रसन्न भए। देवता, किन्नर, मनुष्य, नाग र मुनीश्वरहरूले जय-जयकार गरी आशीर्वाद दिइरहेका छन्॥ १॥

**नाचहिं गावहिं बिबुध बधूटीं। बार बार कुसुमांजलि छूटीं॥**
**जहँ तहँ बिप्र बेदधुनि करहीं। बंदी बिरिदावलि उच्चरहीं॥**

देवताहरूका स्त्रीहरू नाच–गान गर्न लागे। बार–बार हातबाट पुष्पाञ्जलिहरू अर्पण गरेका थिए। जतासुकै ब्राह्मणहरूले वेदध्वनि गरिरहेका थिए र भाटले बिरुदावली (कुलकीर्ति) को वर्णन गरिरहेका थिए॥ २॥

**महि पाताल नाक जसु ब्यापा। राम बरी सिय भंजेउ चापा॥**
**करहिं आरती पुर नर नारी। देहिं निछावरि बित्त बिसारी॥**

पृथ्वी, पाताल र स्वर्ग तीनै लोकमा यश फैलियो कि श्रीरामचन्द्रजीले धनुष भाँच्नुभयो र सीताजीलाई वरण गर्नुभयो। नगरका नर–नारीले आरती गरिरहेका थिए र आफ्नो पूँजी (हैसियत) लाई भुलेर (सामर्थ्यभन्दा धेरै) उपहार अर्पण गरिरहेका थिए॥ ३॥

**सोहति सीय राम कै जोरी। छबि सिंगारु मनहुँ एक ठोरी॥**
**सखीं कहहिं प्रभु पद गहु सीता। करति न चरन परस अति भीता॥**

श्रीसीता–रामजीको जोडी यसरी सुशोभित भइरहेको छ, मानौं सुन्दरता र शृङ्गाररस एकत्र भएका छन्। सखीहरूले भनिरहेका छन्—सीते! स्वामीका चरण समात; किन्तु सीताजी अत्यन्त भयभीत हुनाका कारणले उहाँका चरण समात्न सक्नुभएन॥ ४॥

दो०— **गौतम तिय गति सुरति करि नहिं परसति पग पानि।**
**मन बिहसे रघुबंसमनि प्रीति अलौकिक जानि॥ २६५॥**

ऋषि गौतमकी पत्नी अहल्याको गतिको स्मरण गरी सीताजीले श्रीरामका चरणलाई हातले स्पर्श गर्न सक्नुभएको छैन। सीताजीको अलौकिक प्रीति जानेर रघुकुलमणि श्रीरामचन्द्रजी हाँस्नुभयो॥ २६५॥

**तब सिय देखि भूप अभिलाषे। कूर कपूत मूढ़ मन माखे॥**
**उठि उठि पहिरि सनाह अभागे। जहँ तहँ गाल बजावन लागे॥**

त्यस समय सीताजीलाई देखेर केही राजाहरू लोभिए। ती दुष्ट, कुपूत र मूढ राजा मनमा धेरै नै झोक्किए। ती अभागी उठी–उठी, कवच लगाएर, जताततै डिङ हाँक्न लागे॥ १॥

**लेहु छड़ाइ सीय कह कोऊ। धरि बाँधहु नृप बालक दोऊ॥**
**तोरें धनुषु चाड़ नहिं सरई। जीवत हमहि कुअँरि को बरई॥**

कुनैले भन्दथे, सीतालाई खोस र दुवै राजकुमारलाई समातेर बाँधिहाल। धनुष भाँच्नाले नै इच्छा पूरा हुनेछैन। हामी जिउँदा छँदै राजकुमारीलाई कसले विवाह गर्न सक्छ?॥ २॥

**जौं बिदेहु कछु करै सहाई। जीतहु समर सहित दोउ भाई॥**
**साधु भूप बोले सुनि बानी। राजसमाजहि लाज लजानी॥**

यदि जनकले केही सहायता गरे भने, त युद्धमा दुवै भाइसहित उनलाई पनि जित्नेछौं। यी वचन सुनेर सज्जन राजाले बोले—यस [निर्लज्ज] राजसमाजलाई देखेर त लाजले पनि लाज मान्यो॥ ३॥

**बलु प्रतापु बीरता बड़ाई। नाक पिनाकहि संग सिधाई॥**
**सोइ सूरता कि अब कहुँ पाई। असि बुधि तौ बिधि मुहँ मसि लाई॥**

हेर! तिम्रो बल, प्रताप, वीरता, बडप्पन र नाक (प्रतिष्ठा) त धनुषका साथ नै गइहाल्यो। त्यही वीरता थियो कि अब कहींबाट मिलेको हो? यस्तो दुष्ट बुद्धि छ, त्यसैले त विधाताले तिमीहरूको मुखमा कलङ्क लगाइदिएको छ॥ ४॥

दो०— **देखहु रामहि नयन भरि तजि इरिषा मदु कोहु।**
**लखन रोषु पावकु प्रबल जानि सलभ जनि होहु॥ २६६॥**

ईर्ष्या, घमण्ड र क्रोध छोडेर नेत्रभरि श्रीरामजी (को छवि) लाई हेर। लक्ष्मणको क्रोधलाई प्रबल अग्नि जानेर त्यसमा पुतली नबन॥ २६६॥

**बैनतेय बलि जिमि चह कागू। जिमि ससु चहै नाग अरि भागू॥**
**जिमि चह कुसल अकारन कोही। सब संपदा चहै सिवद्रोही॥**

जस्तै गरुडको भाग कौवाले खोज्नु, सिंहको भाग खरायोले खोज्नु, विनाकारण नै क्रोध गर्नेले आफ्नो कुशलता खोज्नु, शिवजीसँग विरोध गर्नेले सबै प्रकारको सम्पत्ति खोज्नु,॥ १॥

**लोभी लोलुप कल कीरति चहई। अकलंकता कि कामी लहई॥**
**हरि पद बिमुख परम गति चाहा। तस तुम्हार लालचु नरनाहा॥**

लोभी–लालचीले सुन्दर कीर्ति, कामी मनुष्यले निष्कलङ्कता [खोजेमा] के पाउन सक्दछन्? तथा जस्तै श्रीहरिका चरणबाट विमुख मनुष्यले परमगति (मोक्ष) खोज्नु, हे राजा हो! सीताका लागि तिम्रो लालच पनि त्यस्तै नै व्यर्थ हो॥ २॥

**कोलाहलु सुनि सीय सकानी। सखीं लवाइ गईं जहँ रानी॥**
**रामु सुभायँ चले गुरु पाहीं। सिय सनेहु बरनत मन माहीं॥**

कोलाहल सुनेर सीताजी शङ्कित हुनुभयो। त्यसपछि सखीहरूले उहाँलाई त्यहाँ लिएर गए जहाँ महारानी (सीताजीकी माता) हुनुहुन्थ्यो, श्रीरामचन्द्रजी मनमा सीताजीको प्रेमलाई वर्णन गर्दै स्वाभाविक चालले गुरुजीसँग जानुभयो॥ ३॥

**रानिन्ह सहित सोचबस सीया। अब धौं बिधिहि काह करनीया॥**
**भूप बचन सुनि इत उत तकहीं। लखनु राम डर बोलि न सकहीं॥**

रानीहरूसहित सीताजी [दुष्ट राजाहरूका दुर्वचन सुनेर] शोकको वश हुनुभयो कि जान्न सकिन्न विधाताले अब के गर्ने हो। राजाहरूका वचन सुनेर लक्ष्मणजीले यता–उता हेर्नुभयो; किन्तु श्रीरामचन्द्रजीका डरले केही बोल्न सक्नुभएन॥ ४॥

दो०— **अरुन नयन भृकुटी कुटिल चितवत नृपन्ह सकोप।**
**मनहुँ मत्त गजगन निरखि सिंघकिसोरहि चोप॥ २६७॥**

उहाँका नेत्र राता र आँखीभौं टेढा भए र उहाँले क्रोधले राजाहरूतर्फ हेर्न लाग्नुभयो; मानौं मत्ता हात्तीको बथानलाई देखेर सिंहको बच्चालाई जोस आयो॥ २६७॥

**खरभरु देखि बिकल पुर नारीं। सब मिलि देहिं महीपन्ह गारीं॥**
**तेहिं अवसर सुनि सिवधनु भंगा। आयउ भृगुकुल कमल पतंगा॥**

खलबल देखेर जनकपुरका स्त्रीहरू व्याकुल भए र सबै मिलेर राजाहरूलाई गाली गर्न लागे। त्यसै समयमा शिवजीको धनुष भाँचिएको सुनेर भृगुकुलरूपी कमलका सूर्य परशुरामजी आउनुभयो॥ १॥

**देखि महीप सकल सकुचाने। बाज झपट जनु लवा लुकाने॥**
**गौरि सरीर भूति भल भ्राजा। भाल बिसाल त्रिपुंड बिराजा॥**

उहाँलाई देखेर सबै राजा सङ्कोचमा परे, मानौं बाजले झम्टँदा (झपेट्दा) खेरि ढिकुर (अथवा लाभे, तित्रो वा मालुवा चरा) लुकेको छ। गोरो शरीरमा विभूति धेरै नै सुहाएको छ र विशाल ललाटमा त्रिपुण्ड्रले विशेष शोभा दिइरहेको छ॥ २॥

**सीस जटा ससिबदनु सुहावा। रिसबस कछुक अरुन होइ आवा॥**
**भृकुटी कुटिल नयन रिस राते। सहजहुँ चितवत मनहुँ रिसाते॥**

शिरमा जटा छ, सुन्दर मुखचन्द्र क्रोधका कारण केही राता भएका छन्। आँखीभौं टेढा र आँखा क्रोधले राता छन्। सजिलै हेर्दा पनि यस्तो लाग्छ कि मानौं क्रोध गरिरहेका छन्॥ ३॥

**बृषभ कंध उर बाहु बिसाला। चारु जनेउ माल मृगछाला॥**
**कटि मुनिबसन तून दुइ बाँधें। धनु सर कर कुठारु कल काँधें॥**

बसाहाको समान (अग्लो र पुष्ट) काँध छ; छाती र भुजा विशाल छन्। सुन्दर यज्ञोपवीत धारण गरेका छन्, माला लगाउनुका साथै मृगचर्म लिएका छन्। कम्मरमा मुनिका वस्त्र (वल्कल) र दुई ठोक्रा बाँधेका छन्। हातमा धनुष-बाण र काँधमा सुन्दर फर्सा धारण गरेका छन्॥ ४॥

दो०— **सांत बेषु करनी कठिन बरनि न जाइ सरूप।**
**धरि मुनितनु जनु बीर रसु आयउ जहँ सब भूप॥ २६८॥**

शान्त वेष (भेष) छ, परन्तु चाल (कर्म) धेरै नै कठोर छ; स्वरूपको वर्णन गर्न सकिंदैन। मानौं वीर-रस नै मुनिको शरीर धारण गरेर जहाँ सबै राजाहरू छन् त्यहाँ आएको छ॥ २६८॥

**देखत भृगुपति बेषु कराला। उठे सकल भय बिकल भुआला॥**
**पितु समेत कहि कहि निज नामा। लगे करन सब दंड प्रनामा॥**

परशुरामजीको भयानक वेश देखेर सबै राजा भयले व्याकुल भएर उठे तथा पितासहित आफ्नो नाम भनेर सबैले दण्डवत्-प्रणाम गर्न लागे॥ १॥

**जेहि सुभायँ चितवहिं हितु जानी। सो जानइ जनु आइ खुटानी॥**
**जनक बहोरि आइ सिरु नावा। सीय बोलाई प्रनामु करावा॥**

परशुरामजीले हित सम्झेर सजिलैसँग जसतर्फ हेर्न लाग्नुहुन्छ, उनले सम्झन्थे मानौं मेरो आयु पूरा भयो। फेरि जनकजीले आएर शिर निहुराउनुभयो र सीताजीलाई बोलाएर प्रणाम गराउनुभयो॥ २॥

**आसिष दीन्हि सखीं हरषानीं। निज समाज लै गईं सयानीं॥**
**बिस्वामित्रु मिले पुनि आई। पद सरोज मेले दोउ भाई॥**

परशुरामजीले सीताजीलाई आशीर्वाद दिनुभयो। सखीहरू हर्षित भए र [त्यहाँ धेरै समयसम्म बस्न ठीक नहुने भएर] तिनी समझदार सखीहरूले उनलाई आफ्नो मण्डली (समूह) मा लिएर गए। फेरि विश्वामित्रजी आएर भेट हुनुभयो र उहाँले दुवै भाइलाई उहाँको चरणकमलमा राख्नुभयो॥ ३॥

**रामु लखनु दसरथ के ढोटा। दीन्हि असीस देखि भल जोटा॥**
**रामहि चितइ रहे थकि लोचन। रूप अपार मार मद मोचन॥**

[विश्वामित्रजीले भन्नुभयो— ] यी राम र लक्ष्मण महाराज दशरथजीका पुत्र हुन्। उनको सुन्दर जोडा देखेर परशुरामजीले आशीर्वाद दिनुभयो। कामदेवको मदलाई चूर्ण गर्ने श्रीरामचन्द्रजीको अपार रूपलाई देखेर उहाँका नेत्र स्तम्भित भइरहेका थिए॥ ४॥

दो०— **बहुरि बिलोकि बिदेह सन कहहु काह अति भीर।**
**पूँछत जानि अजान जिमि ब्यापेउ कोपु सरीर॥ २६९॥**

फेरि सबैलाई हेरेर, जान्दा-जान्दै पनि अज्ञानीझैं जनकसँग सोध्नुहुन्छ कि भन, यस्तो धेरै भीड किन भएको हो? उहाँको शरीरमा क्रोध भरियो॥ २६९॥

**समाचार कहि जनक सुनाए। जेहि कारन महीप सब आए॥**
**सुनत बचन फिरि अनत निहारे। देखे चापखंड महि डारे॥**

जुन कारणले सबै राजा आएका थिए, त्यो सबै समाचार महाराज जनकले भन्नुभयो। जनकका वचन सुनेर परशुरामजीले फर्केर अर्कोतर्फ हेर्नुभयो र धनुष दुई टुक्रा भएर पृथ्वीमा रहेको देख्नुभयो॥ १॥

**अति रिस बोले बचन कठोरा। कहु जड़ जनक धनुष कै तोरा॥**
**बेगि देखाउ मूढ़ न त आजू। उलटउँ महि जहँ लहि तव राजू॥**

अत्यन्त क्रोधमा भरिएर उहाँले कठोर वचन बोल्नुभयो—हे मूर्ख जनक! भन्। धनुष कसले भाँच्यो? उसलाई शीघ्र देखा, नत्र भने हे मूढ! आज मैले जहाँसम्म तेरो राज्य छ, त्यहाँसम्मको पृथ्वी उल्टाइदिनेछु॥ २॥

**अति डरु उतरु देत नृपु नाहीं। कुटिल भूप हरषे मन माहीं॥**
**सुर मुनि नाग नगर नर नारी। सोचहिं सकल त्रास उर भारी॥**

राजालाई अत्यन्त डर लाग्यो, जसको कारण उहाँले उत्तर दिनुभएन। यस्तो देखेर कुटिल राजा मनमा धेरै प्रसन्न भए। देवता, मुनि, नाग र नगरका स्त्री-पुरुष सबैले सोच गर्न लागे, सबैको हृदयमा ठूलो भय भयो॥ ३॥

**मन पछिताति सीय महतारी। बिधि अब सँवरी बात बिगारी॥**
**भृगुपति कर सुभाउ सुनि सीता। अरध निमेष कलप सम बीता॥**

सीताजीकी माता मनमा पछुताउनुभयो कि हाय! विधाताले अब बनिसकेको कुरा बिगारिदियो। परशुरामजीको स्वभाव सुनेर सीताजीलाई आधा क्षण पनि कल्पको समान बित्न लाग्यो॥ ४॥

दो०— **सभय बिलोके लोग सब जानि जानकी भीरु।**
**हृदयँ न हरषु बिषादु कछु बोले श्रीरघुबीरु॥ २७०॥**

त्यसपछि श्रीरामचन्द्रजीले सबै मानिसहरू भयभीत भएको देखेर र सीताजीलाई पनि डराएको जानेर भन्नुभयो— उहाँको हृदयमा न केही हर्ष थियो, न विषाद— ॥ २७०॥

**मासपारायण, नवौं विश्राम**

## * श्रीराम-लक्ष्मण र परशुराम-संवाद *

**नाथ संभुधनु भंजनिहारा। होइहि केउ एक दास तुम्हारा॥**
**आयसु काह कहिअ किन मोही। सुनि रिसाइ बोले मुनि कोही॥**

हे नाथ! शिवजीको धनुषलाई भाँच्नेवाला हजुरको कुनै एक दास नै होला। के आज्ञा गर्नुहुन्छ, मलाई किन भन्नुहुन्न? यस्तो सुनेर क्रोधी मुनि रिसाउँदै बोले— ॥ १॥

**सेवकु सो जो करै सेवकाई। अरि करनी करि करिअ लराई॥**
**सुनहु राम जेहिं सिवधनु तोरा। सहसबाहु सम सो रिपु मोरा॥**

सेवक उही हो जसले सेवकको काम गरोस्। शत्रुको काम गरेर त लडाइँ नै गर्नुपर्छ। हे राम! सुन, जसले शिवजीको धनुषलाई भाँच्यो, त्यो सहस्रबाहुजस्तै मेरो शत्रु हो॥ २॥

**सो बिलगाउ बिहाइ समाजा। न त मारे जैहहिं सब राजा॥**
**सुनि मुनि बचन लखन मुसुकाने। बोले परसुधरहि अपमाने॥**

त्यो यस समाजलाई छोडेर अलग होस्, हैन (नत्र) भने सबै राजा मारिनेछन्। मुनिका वचन सुनेर लक्ष्मणजी मुस्कुराउनुभयो र परशुरामजीको अपमान गर्दै बोल्नुभयो— ॥ ३॥

**बहु धनुहीं तोरीं लरिकाईं। कबहुँ न असि रिस कीन्हि गोसाईं॥**
**एहि धनु पर ममता केहि हेतू। सुनि रिसाइ कह भृगुकुलकेतू॥**

हे गोसाईं! बाल-अवस्थामा हामीले धेरै नै धनुही (साना-साना धनुष) भाँच्यौं। किन्तु हजुरले यस्तो क्रोध कहिल्यै गर्नुभएन। यस धनुषमा यति ममता के कारणले भएको होला? यस्तो सुनेर भृगुवंशका ध्वजास्वरूप परशुरामजी क्रुद्ध हुँदै भन्न लाग्नुभयो— ॥ ४॥

दो०— **रे नृप बालक काल बस बोलत तोहि न सँभार।**
**धनुही सम तिपुरारि धनु बिदित सकल संसार॥ २७१॥**

अरे राजपुत्र! कालको वश हुनाले तैंले बोल्नमा कत्ति पनि होस राखिनस्। सम्पूर्ण संसारमा विख्यात शिवजीको यो धनुष के अन्य धनुही अर्थात् साना-साना धनुष समान छ?॥ २७१ ॥

**लखन कहा हँसि हमरें जाना। सुनहु देव सब धनुष समाना॥**
**का छति लाभु जून धनु तोरें। देखा राम नयन के भोरें॥**

लक्ष्मणजीले हाँसेर भन्नुभयो— हे देव! सुन्नुहोस्, हामीले जानेका सबै धनुष एकसमान नै छन्। पुरानो धनुषलाई भाँच्नाले के हानि, के लाभ! श्रीरामले त यसलाई नयाँ नै मानेर देख्नुभएको थियो॥ १ ॥

**छुअत टूट रघपतिहु न दोसू। मुनि बिनु काज करिअ कत रोसू॥**
**बोले चितइ परसु की ओरा। रे सठ सुनेहि सुभाउ न मोरा॥**

फेरि यो त छुँदा नै भाँचियो, यसमा श्रीरघुनाथजीको पनि दोष छैन। मुनि! हजुर विनाकारण नै के को लागि क्रोध गर्नुहुन्छ? परशुरामजीले आफ्नो फर्सातर्फ हेरेर बोल्नुभयो— हे दुष्ट! तैंले मेरो स्वभाव सुनेको छैनस्॥ २ ॥

**बालकु बोलि बधउँ नहिं तोही। केवल मुनि जड़ जानहि मोही॥**
**बाल ब्रह्मचारी अति कोही। बिस्व बिदित छत्रियकुल द्रोही॥**

मैले तँलाई बालक जानेर मार्दिन। हे मूर्ख! के तैंले मलाई साधारण मुनि नै जानेको छस्। म बालब्रह्मचारी र अत्यन्त क्रोधी छु। क्षत्रियकुलको शत्रु भनेर विश्वभरमा विख्यात छु॥ ३ ॥

**भुजबल भूमि भूप बिनु कीन्ही। बिपुल बार महिदेवन्ह दीन्ही॥**
**सहसबाहु भुज छेदनिहारा। परसु बिलोकु महीपकुमारा॥**

आफ्ना भुजाको बलले मैले पृथ्वीलाई राजाहरू रहित गरिदिएँ र कैयौं पटक (एक्काइस पटक) ब्राह्मणहरूलाई दिएँ। हे राजकुमार! सहस्त्रबाहुका भुजाहरूलाई काट्ने मेरो फर्सालाई हेर्!॥ ४ ॥

दो०— **मातु पितहि जनि सोचबस करसि महीसकिसोर।**
**गर्भन्ह के अर्भक दलन परसु मोर अति घोर॥ २७२ ॥**

हे राजाको बालक! तैंले आफ्ना माता-पितालाई शोकमा नपार्। मेरो फर्सा अत्यन्तै भयानक छ, यसले गर्भको बच्चालाई पनि नाश गर्दछ॥ २७२ ॥

**बिहसि लखनु बोले मृदु बानी। अहो मुनीसु महा भटमानी॥**
**पुनि पुनि मोहि देखाव कुठारू। चहत उड़ावन फूँकि पहारू॥**

लक्ष्मणजी हाँसेर कोमल वाणीद्वारा बोल्नुभयो— ओहो, मुनीश्वर तपाईं त आफूलाई अति बलवान् योद्धा सम्झनुहुन्छ। घरी-घरी मलाई बन्चरो देखाउनुहुन्छ। फुकेर पहाड उडाउन खोज्नुहुन्छ॥ १ ॥

**इहाँ कुम्हड़बतिया कोउ नाहीं। जे तरजनी देखि मरि जाहीं॥**
**देखि कुठारु सरासन बाना। मैं कछु कहा सहित अभिमाना॥**

यहाँ कुनै कुभिन्डो (फर्सी) को बतिलो (चिचिलो) छैन, जो तर्जनी (चोर) औंलाले देखाउँदा नै मर्दछ। कुठार र धनुष-बाण देखेर नै मैले केही अभिमानसहित भनेको हुँ॥ २॥

**भृगुसुत समुझि जनेउ बिलोकी। जो कछु कहहु सहउँ रिस रोकी॥**
**सुर महिसुर हरिजन अरु गाई। हमरें कुल इन्ह पर न सुराई॥**

भृगुवंशी सम्झेर र यज्ञोपवीत देखेर नै जुन तपाईंले भन्नुभएको छ, यसैले मैले क्रोधलाई रोकेर सहेको छु। देवता, ब्राह्मण, भगवान्का भक्त र गाई यिनीहरूप्रति हाम्रो कुलमा वीरता देखाइँदैन॥ ३॥

**बधें पापु अपकीरति हारें। मारतहूँ पा परिअ तुम्हारें॥**
**कोटि कुलिस सम बचनु तुम्हारा। ब्यर्थ धरहु धनु बान कुठारा॥**

किनकि यिनीहरूलाई मार्नाले पाप लाग्दछ र यिनीहरूसँग पराजित हुँदा अपकीर्ति हुन्छ। यसकारण हजुरले मारेमा पनि हजुरको शरण नै पर्दा ठीक हुन्छ। हजुरका एक-एक वचन नै करोडौं वज्रका समान छन्। धनुष-बाण र कुठार त हजुरले व्यर्थ नै धारण गर्नुभएको छ॥ ४॥

दो०— **जो बिलोकि अनुचित कहेउँ छमहु महामुनि धीर।**
**सुनि सरोष भृगुबंसमनि बोले गिरा गभीर॥ २७३॥**

यी (धनुष-बाण र कुठार) लाई देखेर मैले केही अनुचित भनेको छु भने उसलाई हे धीर महामुनि! क्षमा गरिबक्सियोस्। यस्तो सुनेर भृगुवंशमणि परशुरामजीले क्रोधका साथ गम्भीर वचन भन्नुभयो— ॥ २७३॥

**कौसिक सुनहु मंद यहु बालकु। कुटिल कालबस निज कुल घालकु॥**
**भानु बंस राकेस कलंकू। निपट निरंकुस अबुध असंकू॥**

हे विश्वामित्र! सुन, यो बालक धेरै कुबुद्धिवाला र कुटिल छ, कालको वशमा परेर यो आफ्नो कुलको घातक बनिरहेको छ। यो सूर्यवंशरूपी पूर्णचन्द्रको कलङ्क हो। यो बिलकुल उद्दण्ड, मूर्ख र निडर छ॥ १॥

**काल कवलु होइहि छन माहीं। कहउँ पुकारि खोरि मोहि नाहीं॥**
**तुम्ह हटकहु जौं चहहु उबारा। कहि प्रतापु बलु रोषु हमारा॥**

अहिल्यै क्षणभरमा यो कालको मुखमा जानेछ। मैले पुकार गरेर भन्दछु, फेरि मलाई दोष नदिनू। यदि तिमीले यसलाई बचाउन चाहन्छौ भने मेरो प्रताप, बल र क्रोध बताएर यसलाई बोल्न रोक॥ २॥

**लखन कहेउ मुनि सजसु तुम्हारा। तुम्हहि अछत को बरनै पारा॥**
**अपने मुँह तुम्ह आपनि करनी। बार अनेक भाँति बहु बरनी॥**

लक्ष्मणजीले भन्नुभयो— हे मुनि! हजुरको सुयश हजुर हुँदाहुँदै अरू कसले वर्णन गर्न सक्दछ। हजुरले आफ्नो मुखबाट नै आफ्नो शूरवीरता अनेकौं पटक धेरै किसिमले वर्णन गरिसक्नुभयो॥ ३॥

**नहिं संतोषु त पुनि कछु कहहू। जनि रिस रोकि दुसह दुख सहहू॥**
**बीरब्रती तुम्ह धीर अछोभा। गारी देत न पावहु सोभा॥**

यति हुँदा पनि सन्तोष भएको छैन भने त फेरि केही भनिहाल्नुहोस्। क्रोध रोकेर असह्य दुःख कत्ति पनि नसहनुहोस्। हजुर वीरताको व्रत धारण गर्ने, धैर्यवान् र क्षोभरहित हुनुहुन्छ। गाली गर्दा शोभा हुँदैन॥ ४॥

**दो०— सूर समर करनी करहिं कहि न जनावहिं आपु।**
**बिद्यमान रन पाइ रिपु कायर कथहिं प्रतापु॥ २७४॥**

शूरवीर त युद्धमा शूरवीरताको कार्य गर्दछन् भनेर आफूलाई चिनाउँदैनन्। शत्रुलाई युद्धमा पाएर कायरले नै आफ्नो प्रतापको गफ हाँक्ने गर्दछन्॥ २७४॥

**तुम्ह तौ कालु हाँक जनु लावा। बार बार मोहि लागि बोलावा॥**
**सुनत लखन के बचन कठोरा। परसु सुधारि धरेउ कर घोरा॥**

हजुरले त मानौं काललाई धाक (हाँक) लगाएर बार–बार उसलाई मेरा लागि बोलाउनुहुन्छ। लक्ष्मणजीका कठोर वचन सुन्दा नै परशुरामजीले आफ्नो भयानक फर्सालाई उजाएर हातमा लिनुभयो॥ १॥

**अब जनि देइ दोसु मोहि लोगू। कटुबादी बालकु बधजोगू॥**
**बाल बिलोकि बहुत मैं बाँचा। अब यहु मरनिहार भा साँचा॥**

[र भन्नुभयो— ] अब मानिसले मलाई दोष नदिनू। यो रूखो वचन बोल्ने बालक मार्न नै योग्य छ। यसलाई बालक देखेर मैले धेरै बचाएँ। तर अब यो साँच्चै नै मर्नको लागि नै आएको छ॥ २॥

**कौसिक कहा छमिअ अपराधू। बाल दोष गुन गनहिं न साधू॥**
**खर कुठार मैं अकरुन कोही। आगें अपराधी गुरुद्रोही॥**

विश्वामित्रजीले भन्नुभयो—अपराध क्षमा गरिबक्सियोस्। बालकहरूका दोष र गुणहरूलाई साधुहरूले वास्ता गर्दैनन्। [परशुरामजीले भन्नुभयो— ] तीखो धारको कुठार, म दयारहित र क्रोधी, यो गुरुद्रोही र अपराधी मेरो अघिल्तिर— ॥ ३॥

**उतर देत छोड़उँ बिनु मारें। केवल कौसिक सील तुम्हारें॥**
**न त एहि काटि कुठार कठोरें। गुरहि उरिन होतेउँ श्रम थोरें॥**

उत्तर दिइरहेको छ। यति हुँदा पनि यसलाई नमारी छोडिरहेको छु, हे विश्वामित्र! केवल तिम्रो शीलले। नत्र भने यसलाई यही कठोर कुठारले काटेर थोरै नै परिश्रमले गुरुको ऋणबाट मुक्त हुने थिएँ॥ ४॥

**दो०— गाधिसूनु कह हृदयँ हँसि मुनिहि हरिअरइ सूझ।**
**अयमय खाँड़ न ऊखमय अजहुँ न बूझ अबूझ॥ २७५॥**

विश्वामित्रजीले हृदयमा हाँस्दै भन्नुभयो—मुनिले सबैतिर हरियो नै हरियो देख्नुभएको छ (अर्थात् सर्वत्र विजयी हुनाको कारणले यिनले श्रीराम-लक्ष्मणलाई पनि साधारण क्षत्रिय नै सम्झिरहेका छन्)। किन्तु यी फलामबाट बनेका [स्पातझैं] बलियो खुँडा-(खड्ग हुन्), उखुको (रसबाट बनेका) खाँड हैनन् [जो मुखमा राख्दा नै पग्लिहाल्दछ। खेद छ,] मुनि अझै पनि अबुझ बन्दै गएका छन्; यिनीहरूको प्रभावलाई सम्झेका छैनन्॥ २७५॥

**कहेउ लखन मुनि सीलु तुम्हारा। को नहिं जान बिदित संसारा॥**
**माता पितहि उरिन भए नीकें। गुर रिनु रहा सोचु बड़ जी कें॥**

लक्ष्मणजीले भन्नुभयो—हे मुनि! हजुरको स्वभावलाई कसले जानेको छैन? त्यो संसारभरमा प्रसिद्ध छ। हजुर माता-पितासँग त राम्रै किसिमले उऋण हुनुभएको छ। अब गुरुको ऋण रह्यो, जसले गर्दा मनमा ठूलो चिन्ता लागेको छ॥ १॥

**सो जनु हमरेहि माथे काढ़ा। दिन चलि गए ब्याज बड़ बाढ़ा॥**
**अब आनिअ ब्यवहरिआ बोली। तुरत देउँ मैं थैली खोली॥**

त्यो मानौं हाम्रो नै टाउकोमा थुपारिदिनुभएको थियो। धेरै दिन बिते, यसैले ब्याज पनि धेरै नै भयो होला। अब कसैलाई हिसाब गर्न बोलाएर ल्याउनुहोस्, त्यस समयमा मैले तुरुन्तै थैली खोलेर दिनेछु॥ २॥

**सुनि कटु बचन कुठार सुधारा। हाय हाय सब सभा पुकारा॥**
**भृगुबर परसु देखावहु मोही। बिप्र बिचारि बचउँ नृपद्रोही॥**

लक्ष्मणजीका कठोर वचन सुनेर परशुरामजीले कुठार सँभाल्नुभयो। सारा समाज हाय! हाय! गरेर चिच्च्याउन लागे। [लक्ष्मणजीले भन्नुभयो— ] हे भृगुश्रेष्ठ! हजुरले मलाई फर्सा देखाइरहनुभएको छ? तर हे राजाहरूका शत्रु! मैले ब्राह्मण सम्झेर बचाइरहेको छु॥ ३॥

**मिले न कबहुँ सुभट रन गाढ़े। द्विज देवता घरहि के बाढ़े॥**
**अनुचित कहि सब लोग पुकारे। रघुपति सयनहिं लखनु नेवारे॥**

हजुरलाई कहिल्यै रणधीर बलवान् वीर मिलेनन्। हे ब्राह्मण देवता! हजुर घरमा मात्र नै ठूलो हुनुहुन्छ। यस्तो सुनेर 'अनुचित भयो, अनुचित भयो' भनेर सबै जना चिच्च्याए। त्यसपछि रघुनाथजीले इसाराले लक्ष्मणजीलाई रोक्नुभयो॥ ४॥

दो०— **लखन उतर आहुति सरिस भृगुबर कोपु कृसानु।**
**बढ़त देखि जल सम बचन बोले रघुकुलभानु॥ २७६॥**

लक्ष्मणजीका उत्तरहरू जो आहुति समान थिए, परशुरामजीको क्रोधरूपी अग्निलाई बढ्दै गरेको देखेर रघुकुलका सूर्य रामचन्द्रजीले जलसमान शान्त गर्ने वचन बोल्नुभयो— ॥ २७६॥

**नाथ करहु बालक पर छोहू। सूध दूधमुख करिअ न कोहू॥**
**जौं पै प्रभु प्रभाउ कछु जाना। तौ कि बराबरि करत अयाना॥**

हे नाथ! बालकलाई कृपा गरिबक्सियोस्। यो सीधा र दुधमुखे बच्चाप्रति क्रोध नगरिबक्सियोस्। यदि यसले प्रभुको केही प्रभाव जानेको भए के यो अनजानले हजुरसँग बाद-विवाद गर्दथ्यो?॥ १॥

**जौं लरिका कछु अचगरि करहीं। गुर पितु मातु मोद मन भरहीं॥**
**करिअ कृपा सिसु सेवक जानी। तुम्ह सम सील धीर मुनि ग्यानी॥**

बालकले यदि केही चञ्चलता गरेमा पनि गुरु, पिता र माता मनमा आनन्दसँग रमाउँदछन्। अतः यसलाई सानो बच्चा र सेवक जानेर कृपा गरिबक्सियोस्। हजुर त समदर्शी, सुशील, धीर र ज्ञानी मुनि होइबक्सिन्छ॥ २॥

**राम बचन सुनि कछुक जुड़ाने। कहि कछु लखनु बहुरि मुसुकाने॥**
**हँसत देखि नख सिख रिस ब्यापी। राम तोर भ्राता बड़ पापी॥**

श्रीरामचन्द्रजीका वचन सुनेर उहाँ केही नरम हुनुभयो। यतिखेर नै लक्ष्मणजीले केही भनेर फेरि मुस्कुराउनुभयो। उहाँ हाँसेको देखेर परशुरामजीको पैतालाका औंलाका नङदेखि लिएर शिखासम्म क्रोध भरियो। उहाँले भन्नुभयो—हे राम! तेरो भाइ अति नै धेरै पापी छ॥ ३॥

**गौर सरीर स्याम मन माहीं। कालकूटमुख पयमुख नाहीं॥**
**सहज टेढ़ अनुहरइ न तोही। नीचु मीचु सम देख न मोही॥**

यसको शरीर गोरो, तर हृदय धेरै कालो छ। यो विषमुखे छ, दुधमुखे हैन। स्वभावले नै टेढो छ, तेरो अनुसरण गर्दैन (तँजस्तो शीलवान् छैन)। यो नीचले मलाई कालको समान देखेको छैन॥ ४॥

दो०— **लखन कहेउ हँसि सुनहु मुनि क्रोधु पाप कर मूल।**
**जेहि बस जन अनुचित करहिं चरहिं बिस्व प्रतिकूल॥ २७७॥**

लक्ष्मणजीले हाँसेर भन्नुभयो—हे मुनि! सुन्नुहोस्, क्रोध पापको मूल हो, जसको वशमा भएर मनुष्यले अनुचित कर्म गर्दछन् र विश्वभरको प्रतिकूल भएर चल्दछन् (सबैको अहित गर्दछन्)॥ २७७॥

**मैं तुम्हार अनुचर मुनिराया। परिहरि कोपु करिअ अब दाया॥**
**टूट चाप नहिं जुरिहि रिसाने। बैठिअ होइहिं पाय पिराने॥**

हे मुनिराज! म हजुरको सेवक हुँ। अब क्रोध त्यागेर दया गरिबक्सियोस्। भाँचिएको धनुष क्रोध गर्नाले जोडिंदैन। उभिइरहँदा खुट्टा दुख्न लागेका होलान्, बसिबक्सियोस्॥ १॥

**जौं अति प्रिय तौ करिअ उपाई। जोरिअ कोउ बड़ गुनी बोलाई॥**
**बोलत लखनहिं जनकु डेराहीं। मष्ट करहु अनुचित भल नाहीं॥**

यदि धनुष अत्यन्तै प्रिय छ भने कुनै उपाय गर्नुपर्‍यो र कुनै दक्ष कालिगडलाई बोलाएर जोड्नुपर्‍यो। लक्ष्मणजी बोल्नाले जनकजी डराएर भन्नुहुन्छ—भयो, मौन रहनुहोस्, अनुचित बोल्न ठीक हुँदैन॥ २॥

**थर थर काँपहिं पुर नर नारी। छोट कुमार खोट बड़ भारी॥**
**भृगुपति सुनि सुनि निरभय बानी। रिस तन जरइ होइ बल हानी॥**

जनकपुरका स्त्री-पुरुष थर्र-थर्र कामिरहेका छन् [र मन-मनै भनिरहेका छन् कि] साना कुमार धेरै नै खोटा छन्। लक्ष्मणजीको निर्भय वाणी सुनेर परशुरामजीको शरीर क्रोधले जलिरहेको छ र उनको बलको हानि भइरहेको छ॥ ३॥

**बोले रामहि देइ निहोरा। बचउँ बिचारि बंधु लघु तोरा॥**
**मनु मलीन तनु सुंदर कैसें। बिष रस भरा कनक घटु जैसें॥**

त्यसपछि रामचन्द्रजीप्रति कृपा गरेर परशुरामजीले भन्नुभयो। तेरो भाइ सम्झेर मैले यसलाई बचाइरहेको छु। यो मनको मैलो र शरीरको सुन्दर छ, जस्तै विषको रसबाट भरिएको सुनको घडा!॥ ४॥

दो०— **सुनि लछिमन बिहसे बहुरि नयन तरेरे राम।**
**गुर समीप गवने सकुचि परिहरि बानी बाम॥ २७८॥**

यस्तो सुनेर लक्ष्मणजी फेरि हाँस्नुभयो। त्यसपछि श्रीरामचन्द्रले कर्के नजरले उहाँतर्फ हेर्नुभयो, जसले लक्ष्मणजी खुम्चिएर, विपरीत बोल्न छोडेर, गुरुजीसँग जानुभयो॥ २७८॥

**अति बिनीत मृदु सीतल बानी। बोले रामु जोरि जुग पानी॥**
**सुनहु नाथ तुम्ह सहज सुजाना। बालक बचनु करिअ नहिं काना॥**

श्रीरामचन्द्रजीले दुवै हात जोडेर अत्यन्त विनम्रताका साथ कोमल र शीतल वाणी भन्नुभयो— हे नाथ! सुन्नुहोस्, हजुर त स्वभावले नै सुजान हुनुहुन्छ। हजुरले बालकको वचनप्रति ध्यान नदिनुहोस्॥ १॥

**बररै बालकु एकु सुभाऊ। इन्हहि न संत बिदूषहिं काऊ॥**
**तेहिं नाहीं कछु काज बिगारा। अपराधी मैं नाथ तुम्हारा॥**

अरिङ्गाल (वा बारुलो) र बालकको एउटै स्वभाव हुन्छ। सन्त जनले यिनीहरूलाई कहिल्यै दोष लगाउँदैनन्। फेरि उस (लक्ष्मण) ले त केही काम पनि बिगारेको छैन, हे नाथ! हजुरको अपराधी त म हुँ॥ २॥

**कृपा कोपु बधु बँधब गोसाईं। मो पर करिअ दास की नाईं॥**
**कहिअ बेगि जेहि बिधि रिस जाई। मुनिनायक सोइ करौं उपाई॥**

अतः हे स्वामी! कृपा, क्रोध, वध र बन्धन, जुनसुकै कार्य गर्ने हो, दासको तरह (अर्थात् सेवक सम्झेर) मलाई गरिबक्सियोस्। जुन प्रकारले शीघ्र हजुरको क्रोध शान्त हुन्छ, हे मुनिराज! भनिबक्सियोस्, मैले त्यही उपाय गर्नेछु॥ ३॥

**कह मुनि राम जाइ रिस कैसें। अजहुँ अनुज तव चितव अनैसें॥**
**एहि कें कंठ कुठारु न दीन्हा। तौ मैं काह कोपु करि कीन्हा॥**

मुनिले भन्नुभयो—हे राम! क्रोध कसरी जान्छ; अझै पनि तेरो सानो भाइ टेडो नै ताकिरहेको छ। यसको गर्दनमा मैले कुठार चलाएको छैन, क्रोध गरेर के पो गरेको छु?॥ ४॥

दो०— **गर्भ स्त्रवहिं अवनिप रवनि सुनि कुठार गति घोर।**
**परसु अछत देखउँ जिअत बैरी भूपकिसोर॥ २७९॥**

मेरो यस कुठारको घोर शूरवीरताको कार्य सुनेर राजाका स्त्रीहरूका गर्भ खस्दछन्, उही फर्सा साथमा हुँदा मैले शत्रु राजपुत्रलाई जीवित देखिरहेको छु॥ २७९॥

**बहइ न हाथु दहइ रिस छाती। भा कुठारु कुंठित नृपघाती॥**
**भयउ बाम बिधि फिरेउ सुभाऊ। मोरे हृदयँ कृपा कसि काऊ॥**

हात चल्दैन, क्रोधले छाती पोलिरहन्छ। [हाय!] राजाहरूको घातक यो कुठार पनि कुण्ठित भयो। विधाता विपरीत भयो, त्यसैले मेरो स्वभाव बदलियो, हैन (नत्र) भने यसप्रति मेरो हृदयमा कुनै समयमा पनि कृपा कसरी?॥ १॥

**आजु दया दुखु दुसह सहावा। सुनि सौमित्रि बिहसि सिरु नावा॥**
**बाउ कृपा मूरति अनुकूला। बोलत बचन झरत जनु फूला॥**

आज दयाले मैले यो दु:सह दु:ख सहिरहेको छु। यस्तो सुनेर लक्ष्मणजीले मुस्कुराएर शिर निहुराउनुभयो [र भन्नुभयो—] हजुरको कृपारूपी वायु पनि हजुरको मूर्तिको अनुकूल नै छ, वचन बोल्दा नै, मानौं फूल झरिरहेका छन्!॥ २॥

**जौं पै कृपाँ जरिहिं मुनि गाता। क्रोध भएँ तनु राख बिधाता॥**
**देखु जनक हठि बालकु एहू। कीन्ह चहत जड़ जमपुर गेहू॥**

हे मुनि! यदि कृपा गर्नाले हजुरको शरीर जल्दछ भने त क्रोध हुँदा पनि त शरीरको रक्षा विधाताले नै गर्नेछ। [परशुरामजीले भन्नुभयो—] हे जनक! हेर, यो मूर्ख बालक हठ गरेर यमपुरीमा घर बनाउन चाहन्छ॥ ३॥

**बेगि करहु किन आँखिन्ह ओटा। देखत छोट खोट नृपु ढोटा॥**
**बिहसे लखनु कहा मन माहीं। मूदें आँखि कतहुँ कोउ नाहीं॥**

यसलाई शीघ्र नै आँखाले नदेख्ने गरी टाढा किन लैजान्नौ? यो राजकुमार देख्दाखेरि सानो छ, तर छ अति नै खोटो। लक्ष्मणजीले हाँसेर मन-मनै भन्नुभयो—आँखा बन्द गरेपछि कहीं (कतै) कोही हुँदैनन्॥ ४॥

दो०— **परसुरामु तब राम प्रति बोले उर अति क्रोधु।**
**संभु सरासनु तोरि सठ करसि हमार प्रबोधु॥ २८०॥**

अनि परशुरामजीले हृदयमा अत्यन्त क्रोध भरेर श्रीरामसँग भन्नुभयो—हे शठ! तैंले शिवजीको धनुष भाँचेर उल्टै मलाई ज्ञान सिकाउँदछस्!॥ २८०॥

**बंधु कहइ कटु संमत तोरें। तू छल बिनय करसि कर जोरें॥**
**करु परितोषु मोर संग्रामा। नाहिं त छाड़ कहाउब रामा॥**

तेरो यो भाइ तेरो नै सम्मतिले कटु वचन बोल्दछ र तैंले छलपूर्वक हात जोडेर बिन्ती गर्दछस्। या त युद्धमा मेरो सन्तोष गर् (अर्थात् मसँग युद्ध गर्), हैन (नत्र) भने राम कहलाउन छोडिदे॥ १॥

**छलु तजि करहि समरु सिवद्रोही। बंधु सहित न त मारउँ तोही॥**
**भृगुपति बकहिं कुठार उठाएँ। मन मुसुकाहिं रामु सिर नाएँ॥**

हे शिवद्रोही! छल त्यागेर मसँग युद्ध गर्। हैन भने भाइसहित तँलाई मार्नेछु। यस्ता प्रकारले परशुरामजीले कुठार उठाएर बोलिरहनुभएको छ र रामचन्द्रजी शिर झुकाई मन-मनै मुस्कुराउनु भएको छ॥ २॥

**गुनह लखन कर हम पर रोषू। कतहुँ सुधाइहु ते बड़ दोषू॥**
**टेढ़ जानि सब बंदइ काहू। बक्र चंद्रमहि ग्रसइ न राहू॥**

[श्रीरामचन्द्रजीले मन-मनै भन्नुभयो— ] दोष त लक्ष्मणको तर क्रोध मसँग गर्दछन्! कहिले काहीं सीधापनको पनि ठूलो दोष हुन्छ। टेढो जानेर सबै जनाले जसको पनि वन्दना गर्दछन्; टेढा चन्द्रमालाई राहुले पनि छुँदैन॥ ३॥

**राम कहेउ रिस तजिअ मुनीसा। कर कुठारु आगें यह सीसा॥**
**जेहिं रिस जाइ करिअ सोइ स्वामी। मोहि जानिअ आपन अनुगामी॥**

श्रीरामचन्द्रजीले [प्रस्ट] भन्नुभयो—हे मुनीश्वर! क्रोध छोडिबक्सियोस्। हजुरको हातमा कुठार छ र यो मेरो शिर अगाडि छ। जुन प्रकारले हजुरको क्रोध जान्छ, हे स्वामी! त्यही गरिबक्सियोस्। मलाई आफ्नो अनुचर (दास) जानिबक्सियोस्॥ ४॥

दो०— **प्रभुहि सेवकहि समरु कस तजहु बिप्रबर रोसु।**
**बेषु बिलोकें कहेसि कछु बालकहू नहिं दोसु॥ २८१॥**

स्वामी र सेवकमा युद्ध कसरी? हे ब्राह्मणश्रेष्ठ! क्रोधलाई त्याग गरिबक्सियोस्। हजुरको [वीरहरूको जस्तो] वेश देखेर नै बालकले केही भनिहाल्यो; वास्तवमा उसको पनि केही दोष छैन॥ २८१॥

**देखि कुठार बान धनु धारी। भै लरिकहि रिस बीरु बिचारी॥**
**नामु जान पै तुम्हहि न चीन्हा। बंस सुभायँ उतरु तेहिं दीन्हा॥**

हजुरले कुठार, बाण र धनुष धारण गरेको देखेर र वीर सम्झेर बालकलाई क्रोध आयो। उसले हजुरको नाम त जानेको थियो, तर हजुरलाई चिन्न सकेन। आफ्नो वंश (रघुवंश) को स्वभाव-अनुसार उसले उत्तर दियो॥ १॥

**जौं तुम्ह औतेहु मुनि की नाईं। पद रज सिर सिसु धरत गोसाईं॥**
**छमहु चूक अनजानत केरी। चहिअ बिप्र उर कृपा घनेरी॥**

यदि हजुर मुनिझैं भएर आउनुहुन्थ्यो भने, हे स्वामी! बालकले हजुरका चरणहरूको धूलोलाई शिरमाथि राख्ने थियो। अनजानको भूललाई क्षमा गरिबक्सियोस्। ब्राह्मणको हृदयमा अधिक दया हुनुपर्छ॥ २॥

**हमहि तुम्हहि सरिबरि कसि नाथा। कहहु न कहाँ चरन कहँ माथा॥**
**राम मात्र लघु नाम हमारा। परसु सहित बड़ नाम तोहारा॥**

हे नाथ! हाम्रो र हजुरको बराबरी कसरी हुन सक्दछ? भन्नुहोस्, कहाँ चरण र कहाँ शिर! कहाँ मेरो राम मात्र सानो नाम कहाँ हजुरको परशुसहित ठूलो नाम॥ ३॥

**देव एकु गुनु धनुष हमारें। नव गुन परम पुनीत तुम्हारें॥**
**सब प्रकार हम तुम्ह सन हारे। छमहु बिप्र अपराध हमारे॥**

हे देव! हामीहरूको त यौटा गुण नै धनुष हो र हजुरका परम पवित्र [शम, दम, तप, शौच, क्षमा, सरलता, ज्ञान, विज्ञान र आस्तिकता— ] यी नौ गुण छन्। हामी त सबै प्रकारले हजुरसँग हारेका छौं। हे विप्र! हामीहरूको अपराधलाई क्षमा गरिबक्सियोस्॥ ४॥

दो०— **बार बार मुनि बिप्रबर कहा राम सन राम।**
**बोले भृगुपति सरुष हसि तहूँ बंधु सम बाम॥ २८२॥**

श्रीरामचन्द्रजीले परशुरामजीलाई पटक-पटक 'मुनि' र 'विप्रवर' भन्नुभयो। त्यसपछि भृगुपति (परशुरामजी) कुपित भएर [अथवा क्रोधको हाँसो हाँसेर] बोल्नुभयो—तँ पनि आफ्नो भाइसमान नै टेढो छस्॥ २८२॥

**निपटहिं द्विज करि जानहि मोही। मैं जस बिप्र सुनावउँ तोही॥**
**चाप स्रुवा सर आहुति जानू। कोपु मोर अति घोर कृसानू॥**

तैंले मलाई सीधा ब्राह्मण नै सम्झेको छस्? म कस्तो ब्राह्मण हुँ, तँलाई सुनाउँदछु। धनुषलाई सुरो (स्रुवा), बाणलाई आहुति र मेरो क्रोधलाई अत्यन्त भयङ्कर अग्नि जान्॥ १॥

**समिधि सेन चतुरंग सुहाई। महा महीप भए पसु आई॥**
**मैं एहिं परसु काटि बलि दीन्हे। समर जग्य जप कोटिन्ह कीन्हे॥**

चतुरङ्गिणी सेना सुन्दर समिधाहरू हुन्। ठूला-ठूला राजा त्यसमा आएर बलिका पशु भएका छन्, जसलाई मैले यही फर्साले काटेर बलि दिएको थिएँ। यस्ता करोडौं जपयुक्त रणयज्ञ मैले गरेको छु (अर्थात् जस्तै मन्त्रोच्चारणपूर्वक 'स्वाहा' शब्दका साथ आहुति दिइन्छ, त्यस्तै प्रकार मैले बोलाई-बोलाईकन राजाहरूको बलि दिएको छु)॥ २॥

**मोर प्रभाउ बिदित नहिं तोरें। बोलसि निदरि बिप्र के भोरें॥**
**भंजेउ चापु दापु बड़ बाढ़ा। अहमिति मनहुँ जीति जगु ठाढ़ा॥**

मेरो प्रभाव तँलाई थाहा छैन, यसैले तैंले ब्राह्मणको धोखामा (साधारण ब्राह्मण मानेर) मेरो निरादर गरेर बोलिरहेको छस्। धनुष भाँचिहालिस्, त्यसैले तेरो घमण्ड धेरै नै बढेको छ। यस्तो अहङ्कार छ, मानौं संसारलाई जितेर उभिएको छस्॥ ३॥

**राम कहा मुनि कहहु बिचारी। रिस अति बड़ि लघु चूक हमारी॥**
**छुअतहिं टूट पिनाक पुराना। मैं केहि हेतु करौं अभिमाना॥**

रामचन्द्रजीले भन्नुभयो— हे मुनि! विचार गरेर बोल्नुहोस्। हजुरको क्रोध धेरै ठूलो छ। मेरो भूल अति नै सानो छ। पुरानो धनुष थियो, छुँदाबित्तिकै भाँचियो। मैले के कारणले अभिमान गरूँ?॥ ४॥

दो०— **जौं हम निदरहिं बिप्र बदि सत्य सुनहु भृगुनाथ।**
**तौ अस को जग सुभटु जेहि भय बस नावहिं माथ॥ २८३॥**

हे भृगुनाथ! यदि हामीले साँच्चिकै ब्राह्मण भनेर निरादर गर्‍यौं भने, यो सत्य सुन्नुहोस्, फेरि संसारमा यस्तो कुन योद्धा छ, जससँग हामीले डराएर शिर झुकाउन परोस्?॥ २८३॥

**देव दनुज भूपति भट नाना। समबल अधिक होउ बलवाना॥**
**जौं रन हमहि पचारै कोऊ। लरहिं सुखेन कालु किन होऊ॥**

देवता, दैत्य, राजा या अरू धेरै नै योद्धा उनीहरू चाहे बलमा हामी बराबर हुन्, चाहे अधिक बलवान् हुन्, यदि रणमा हामीलाई कसैले पनि चुनौती (हाँक) दिन्छ भने हामी उनीहरूसँग सुखपूर्वक लड्नेछौं, चाहे काल नै किन नहोस्॥ १॥

**छत्रिय तनु धरि समर सकाना। कुल कलंकु तेहिं पावँर आना॥**
**कहउँ सुभाउ न कुलहि प्रसंसी। कालहु डरहिं न रन रघुबंसी॥**

क्षत्रियको शरीर धारण गरेर जो युद्धमा डराउँदछ, त्यस नीचले आफ्नो कुलमा कलङ्क लगाउँदछ। मैले स्वभावैले भन्दछु, कुलको प्रशंसा गरेर हैन, कि रघुवंशी रणमा कालसँग पनि डराउँदैनन्॥ २॥

**बिप्रबंस कै असि प्रभुताई। अभय होइ जो तुम्हहि डेराई॥**
**सुनि मृदु गूढ़ बचन रघुपति के। उघरे पटल परसुधर मति के॥**

ब्राह्मणवंशको यस्तो नै प्रभुता (महिमा) छ कि जो हजुरसँग डराउँदछन्, उनी सबैबाट निर्भय हुन्छन् [अथवा जो भयरहित हुन्छन् तिनी पनि हजुरसँग डराउँदछन्]। श्रीरघुनाथका कोमल र रहस्यपूर्ण वचन सुनेर परशुरामजीको बुद्धिको पर्दा खुल्यो॥ ३॥

**राम रमापति कर धनु लेहू। खैंचहु मिटै मोर संदेहू॥**
**देत चापु आपुहिं चलि गयऊ। परसुराम मन बिसमय भयऊ॥**

[परशुरामजीले भन्नुभयो—] हे राम! हे लक्ष्मीपति! धनुषलाई हातमा [अथवा लक्ष्मीपति विष्णुको धनुष] लिनुहोस् र यसलाई तान्नुहोस्, जसबाट मेरो सन्देह मेटिएर जाओस्। परशुरामजीले धनुष दिन लाग्नुभयो, तब ऊ आफैं गयो। अनि परशुरामजीको मनमा ठूलो आश्चर्य भयो॥ ४॥

दो०— **जाना राम प्रभाउ तब पुलक प्रफुल्लित गात।**
**जोरि पानि बोले बचन हृदयँ न प्रेमु अमात॥ २८४॥**

अनि उनले श्रीरामको प्रभाव जाने, [जसका कारण] उनको शरीर रोमाञ्चित भयो र प्रफुल्लित भए। उनले हात जोडेर भने—प्रेम उनको हृदयमा अटाएको थिएन—॥ २८४॥

**जय रघुबंस बनज बन भानू। गहन दनुज कुल दहन कृसानू॥**
**जय सुर बिप्र धेनु हितकारी। जय मद मोह कोह भ्रम हारी॥**

हे रघुकुलरूपी कमलवनका सूर्य! हे राक्षसका कुलरूपी घना जङ्गललाई जलाउने अग्नि!

हजुरको जय होस्! हे देवता, ब्राह्मण र गाईको हित गर्ने भगवान्! हजुरको जय होस्। हे मद, मोह, क्रोध र भ्रमलाई हरण गर्ने प्रभु! हजुरको जय होस्॥ १॥

**बिनय सील करुना गुन सागर। जयति बचन रचना अति नागर॥**
**सेवक सुखद सुभग सब अंगा। जय सरीर छबि कोटि अनंगा॥**

हे विनय, शील, कृपा आदि गुणका समुद्र र वचनहरूका रचनामा अत्यन्त चतुर! हजुरको जय होस्। हे सेवकहरूलाई सुख दिनेवाला, सबै अङ्गले सुन्दर र शरीरमा करोडौं कामदेवहरूको छवि धारण गरिबक्सिने प्रभो! हजुरको जय होस्॥ २॥

**करौं काह मुख एक प्रसंसा। जय महेस मन मानस हंसा॥**
**अनुचित बहुत कहेउँ अग्याता। छमहु छमामंदिर दोउ भ्राता॥**

मैले एक मुखबाट हजुरको कसरी प्रशंसा गरूँ? हे महादेवजीका मनरूपी मानसरोवरका हाँस! हजुरको जय होस्। मैले अनजानमा हजुरलाई धेरै नै अनुचित वचन भनें। हे क्षमाका मन्दिर दुई भाइ! मलाई क्षमा गरिबक्सियोस्॥ ३॥

**कहि जय जय जय रघुकुलकेतू। भृगुपति गए बनहि तप हेतू॥**
**अपभयँ कुटिल महीप डेराने। जहँ तहँ कायर गवँहिं पराने॥**

हे रघुकुलका पताकास्वरूप श्रीरामचन्द्रजी! हजुरको जय होस्, जय होस्, जय होस्। यसो भनेर परशुरामजी तप गर्नका लागि वनमा जानुभयो। [यस्तो देखेर] दुष्ट राजाहरू विनाकारण (मनःकल्पित) डरले (श्रीरामचन्द्रसँग त परशुरामजी पनि हारे, हामीहरूले यिनको अपमान गरेका थियौं, अब कहीं यिनले उसको बदला त लिंनेछैनन्, यस्तो व्यर्थ डरले) डराए, ती कायरहरू खुसुक्क जता-ततै भागे॥ ४॥

दो०— **देवन्ह दीन्हीं दुंदुभीं प्रभु पर बरषहिं फूल।**
**हरषे पुर नर नारि सब मिटी मोहमय सूल॥ २८५॥**

[हर्षले] देवताहरूले दुन्दुभिहरू बजाए। उनीहरूले प्रभुमाथि फूल बर्साउन लागे। जनकपुरका आइमाई-लोग्नेमानिस सबै हर्षित भए, उनीहरूको मोहमय (अज्ञानवाट उत्पन्न) शूल मेटियो॥ २८५॥

**अति गहगहे बाजने बाजे। सबहिं मनोहर मंगल साजे॥**
**जूथ जूथ मिल सुमुखि सुनयनीं। करहिं गान कल कोकिलबयनीं॥**

अति नै ठूलो आवाजले बाजा घन्कन लागे। सबैले मनोहर मङ्गलका समान सजाए। सुन्दर मुख र सुन्दर नेत्र भएका तथा कोइलीजस्तै मधुर वचन बोल्नेवाला आइमाई समूहका समूह (हूलका हूल) मिलेर सुन्दर गान गर्न लागे॥ १॥

**सुखु बिदेह कर बरन न जाई। जन्मदरिद्र मनहुँ निधि पाई॥**
**बिगत त्रास भइ सीय सुखारी। जनु बिधु उदयँ चकोरकुमारी॥**

जनकजीको सुखको वर्णन गर्न सकिंदैन; मानौं जन्मदेखिको दरिद्रले धनको खजाना प्राप्त गरेको छ। सीताजीको भय हरायो; उहाँ यसरी सुखी हुनुभयो, जसरी चन्द्रमा उदय भएपछि चकोर कि कन्या सुखी हुन्छे॥ २॥

**जनक कीन्ह कौसिकहि प्रनामा। प्रभु प्रसाद धनु भंजेउ रामा॥**
**मोहि कृतकृत्य कीन्ह दुहुँ भाईं। अब जो उचित सो कहिअ गोसाईं॥**

जनकजीले विश्वामित्रजीलाई प्रणाम गर्नुभयो [र भन्नुभयो— ] प्रभुको कृपाले नै श्रीरामचन्द्रले धनुष भाँच्नुभएको हो। दुई भाइले मलाई कृतार्थ गरिदिनुभयो। हे स्वामी! अब जे उचित हुन्छ सोही आज्ञा होस्॥ ३॥

**कह मुनि सुनु नरनाथ प्रबीना। रहा बिबाहु चाप आधीना॥**
**टूटतहीं धनु भयउ बिबाहू। सुर नर नाग बिदित सब काहू॥**

मुनिले भन्नुभयो—हे चतुर नरेश! सुनिबक्सियोस्। यो विवाह त धनुषको अधीनमा थियो; धनुष भाँचिदा नै विवाह भइहाल्यो। देवता, मनुष्य र नाग सबैलाई यो थाहा भयो॥ ४॥

दो०— **तदपि जाइ तुम्ह करहु अब जथा बंस ब्यवहारु।**
**बूझि बिप्र कुलबृद्ध गुर बेद बिदित आचारु॥ २८६॥**

तथापि हजुरले गएर आफ्नो कुलको जस्तो व्यवहार छ, ब्राह्मणहरू, कुलका वृद्ध र गुरुहरूसँग सोधेर वेदहरूमा वर्णित जस्तो आचार छ, त्यस्तै गरिबक्सियोस्॥ २८६॥

**✵ दशरथजीकहाँ जनकजीले दूत पठाउनु, अयोध्याबाट बरियाँत प्रस्थान ✵**

**दूत अवधपुर पठवहु जाई। आनहिं नृप दसरथहि बोलाई॥**
**मुदित राउ कहि भलेहिं कृपाला। पठए दूत बोलि तेहि काला॥**

गएर अयोध्यामा दूत पठाइबक्सियोस्, जसले महाराज दशरथजीलाई बोलाएर ल्याउनेछन्। राजाले प्रसन्न भएर भन्नुभयो—हे कृपालु! धेरै राम्रो! त्यसै समयमा दूतहरूलाई बोलाएर पठाउनुभयो॥ १॥

**बहुरि महाजन सकल बोलाए। आइ सबन्हि सादर सिर नाए॥**
**हाट बाट मंदिर सुरबासा। नगरु सँवारहु चारिहुँ पासा॥**

अनि सबै महाजनहरूलाई बोलाउनुभयो र सबै जनाले आएर राजालाई आदरपूर्वक शिर निहुराए [राजाले हुकुम दिनुभयो— ] बजार, बाटो, घर, देवालय र सबै नगरलाई चारैतर्फबाट सजाओ॥ २॥

**हरषि चले निज निज गृह आए। पुनि परिचारक बोलि पठाए॥**
**रचहु बिचित्र बितान बनाई। सिर धरि बचन चले सचु पाई॥**

धनाढ्य (महाजन) प्रसन्न भएर हिंडिहाले र आ-आफ्नो घरमा आए। फेरि राजाले परिचारकलाई बोलाउनुभयो [र आज्ञा दिनुभयो]—विचित्र किसिमको मण्डप सजाएर तयार गर। यस्तो सुनेर उनीहरू सबैले राजाका वचन शिरमा राखेर र सुख प्राप्त गरेर गए॥ ३॥

**पठए बोलि गुनी तिन्ह नाना। जे बितान बिधि कुसल सुजाना॥**
**बिधिहि बंदि तिन्ह कीन्ह अरंभा। बिरचे कनक कदलि के खंभा॥**

उनीहरूले अनेक (कैयौं) कालिगडहरूलाई बोलाउन पठाए, जो मण्डप बनाउनमा कुशल र चतुर थिए। उनीहरूले ब्राह्मणहरूको वन्दना गरी कार्य आरम्भ गरे र [पहिला] सुनका कदली (केराका खम्बा, थाम) बनाए॥ ४॥

दो०— **हरित मनिन्ह के पत्र फल पदुमराग के फूल।**
**रचना देख बिचित्र अति मनु बिरंचि कर भूल॥ २८७॥**

हरियाहरिया मणिहरू (पन्ना) का पात र फल बनाए तथा पद्मराग मणि (माणिक) हरूका फूल बनाए। मण्डपको अत्यन्त विचित्र रचना देखेर ब्रह्माजीको मन पनि भुल्यो॥ २८७॥

**बेनु हरित मनिमय सब कीन्हे। सरल सपरब परहिं नहिं चीन्हे॥**
**कनक कलित अहिबेलि बनाई। लखि नहिं परइ सपरन सुहाई॥**

बाँस सबै हरिया हरिया मणिहरू (पन्ना) का सीधा र आँख्लाबाट युक्त यस्ता बनाए जसलाई चिन्न नै सकिँदैनथ्यो [मणिहरूका हुन् या साधारण]। सुनका सुन्दर नागबेली (पानको लता) बनाइयो, जो पातहरूसहित यति सुन्दर थिए कि चिन्न नै सकिँदैनथ्यो॥ १॥

**तेहि के रचि पचि बंध बनाए। बिच बिच मुकुता दाम सुहाए॥**
**मानिक मरकत कुलिस पिरोजा। चीरि कोरि पचि रचे सरोजा॥**

त्यही नागबेलीलाई (कालिगडबाट) सजाएर र अति नै युक्तिपूर्वक (रसाएर) बन्धन बनाए। बीचबीचमा मोतीहरूका सुन्दर झालर (लेश) थिए। माणिक, पन्ना, हीरा र फिरोजा, (हरियो पाराको नीलो रङ्को एक रत्न, यूँ) यी रत्नहरूलाई चिरेर, कोरेर र कुशल कालिगडबाट सजाएर, यिनीहरूका [रातो, हरियो, सेतो र फिरोजा रङ्का] कमल बनाए॥ २॥

**किए भृंग बहुरंग बिहंगा। गुंजहिं कूजहिं पवन प्रसंगा॥**
**सुर प्रतिमा खंभन गढ़ काढ़ीं। मंगल द्रब्य लिएँ सब ठाढ़ीं॥**

भमरा र धैरै रङ्गका पक्षी (पन्छी) बनाइयो, जो हावाका सहाराले कराउने र दौडने गर्दथे। खम्बामा देवताहरूका मूर्तिहरू कुँदेर (खोपेर) निकालिएको थियो, जसले (सबै मूर्तिले) मङ्गलद्रव्य लिएर उभिएका थिए॥ ३॥

**चौकें भाँति अनेक पुराईं। सिंधुर मनिमय सहज सुहाईं॥**

गजमुक्ताहरूका (हात्तीका मोतीका) स्वाभाविक नै सुन्दर अनेकौं प्रकारका चित्र मण्डल बनाए॥ ४॥

दो०— **सौरभ पल्लव सुभग सुठि किए नीलमनि कोरि।**
**हेम बौर मरकत घवरि लसत पाटमय डोरि॥ २८८॥**

नीलमणिलाई कोरेर अत्यन्त सुन्दर आँपका पात बनाए। सुनका फूल (आँपका फूल) र रेसमी डोरीले बाँधेका पन्नाबाट बनाइएका फलहरूका झुत्ता सुशोभित भए॥ २८८॥

**रचे रुचिर बर बंदनिवारे। मनहुँ मनोभवँ फंद सँवारे॥**
**मंगल कलस अनेक बनाए। ध्वज पताक पट चमर सुहाए॥**

यस्ता सुन्दर र उत्तम बन्धनवार बनाए मानौं कामदेवले फन्दा (जाल, पासो) सजाएको छ। अनेकौं मङ्गल–कलश र सुन्दर ध्वजा, पताका, पर्दा र चमर बनाए॥ १॥

**दीप मनोहर मनिमय नाना। जाइ न बरनि बिचित्र बिताना॥**
**जेहिं मंडप दुलहिनि बैदेही। सो बरनै असि मति कबि केही॥**

जसमा मणिहरूका अनेकौं सुन्दर दीपक छन्, त्यस विचित्र मण्डपको त वर्णन नै गर्न सकिँदैन। जुन मण्डपमा जानकीजी दुलही हुनुहुनेछ, कुन कविको यस्तो बुद्धि छ जसले यसको वर्णन गर्न सक्नेछ॥ २॥

**दूलहु रामु रूप गुन सागर। सो बितानु तिहुँ लोक उजागर॥**
**जनक भवन कै सोभा जैसी। गृह गृह प्रति पुर देखिअ तैसी॥**

जुन मण्डपमा रूप र गुणहरूका समुद्र रामचन्द्रजी दुलाहा हुनुहुनेछ, त्यो मण्डप तीनै लोकमा प्रसिद्ध नै हुनुपर्दछ। जनकजीको महलको जस्तो शोभा छ, त्यस्तै शोभा नगरका प्रत्येक घरको देखिएको छ॥ ३॥

**जेहिं तेरहुति तेहि समय निहारी। तेहि लघु लगहिं भुवन दस चारी॥**
**जो संपदा नीच गृह सोहा। सो बिलोकि सुरनायक मोहा॥**

त्यस समय जसले मिथिलापुरीलाई देखे, उनीहरूलाई चौधै भुवन तुच्छ लागे। जनकपुरमा सामान्य (नीच) व्यक्तिको घरमा पनि त्यस समय जुन सम्पदा सुशोभित थियो, त्यसलाई देखेर इन्द्र पनि मोहित हुने गर्दथे॥ ४॥

दो०— **बसइ नगर जेहिं लच्छि करि कपट नारि बर बेषु।**
**तेहि पुर कै सोभा कहत सकुचहिं सारद सेषु॥ २८९॥**

जुन नगरमा साक्षात् लक्ष्मीजी कपटले स्त्रीको सुन्दर वेश (पहिरन) बनाएर बस्नुहुन्छ, त्यस पुरीको शोभालाई वर्णन गर्न सरस्वती र शेषनागले पनि लाज मान्दछन्॥ २८९॥

**पहुँचे दूत राम पुर पावन। हरषे नगर बिलोकि सुहावन॥**
**भूप द्वार तिन्ह खबरि जनाई। दसरथ नृप सुनि लिए बोलाई॥**

जनकजीका दूत रामचन्द्रजीको पवित्र पुरी अयोध्यामा पुगे। सुन्दर नगर देखेर उनीहरू हर्षित भए। राजद्वारमा गएर उनीहरूले खबर पठाए; राजा दशरथजीले सुनेर उनीहरूलाई बोलाउनुभयो॥ १॥

**करि प्रनामु तिन्ह पातीं दीन्ही। मुदित महीप आपु उठि लीन्ही॥**
**बारि बिलोचन बाँचत पाती। पुलक गात आई भरि छाती॥**

दूतहरूले प्रणाम गरेर चिठी दिए। प्रसन्न भएर राजाले स्वयं उठेर त्यसलाई लिनुभयो। चिठी

बाच्दा उहाँको नेत्रमा जल (प्रेम र आनन्दका आँसु) भरियो, शरीर रोमाञ्चित भयो साथै छाती भरियो (खुसीले गद्‌गद) भयो॥ २॥

**रामु लखनु उर कर बर चीठी। रहि गए कहत न खाटी मीठी॥**
**पुनि धरि धीर पत्रिका बाँची। हरषी सभा बात सुनि साँची॥**

हृदयमा राम र लक्ष्मण छन्, हातमा सुन्दर चिठी छ, राजाले त्यसलाई हातमा लिइरहनुभयो, राम्रो–नराम्रो केही पनि भन्न सक्नुभएन। फेरि धैर्य धारण गरेर उहाँले पत्रिका पढ्नुभयो। सारा सभा साँचो कुरा सुनेर हर्षित भए॥ ३॥

**खेलत रहे तहाँ सुधि पाई। आए भरतु सहित हित भाई॥**
**पूछत अति सनेहँ सकुचाई। तात कहाँ तें पाती आई॥**

भरतजी आफ्ना साथीहरू र भाइ शत्रुघ्नका साथ जहाँ खेल्नुभएको थियो, त्यहीं समाचार पाएर उहाँ आउनुभयो। धेरै नै प्रेमले गर्दा लाज मान्दै सोध्नुहुन्छ— पिताजी! चिठी कहाँबाट आएको हो?॥ ४॥

**दो०— कुसल प्रानप्रिय बंधु दोउ अहहिं कहहु केहिं देस।**
**सुनि सनेह साने बचन बाची बहुरि नरेस॥ २९०॥**

हाम्रा प्राणभन्दा प्यारा दुई दाजु र भाइ, आज्ञाबक्सियोस् सकुशल त हुनुहुन्छ र उहाँहरू कुन देशमा हुनुहुन्छ? स्नेहले भरिएका यी वचन सुनेर फेरि चिठी पढ्नुभयो॥ २९०॥

**सुनि पाती पुलके दोउ भ्राता। अधिक सनेहु समात न गाता॥**
**प्रीति पुनीत भरत कै देखी। सकल सभाँ सुखु लहेउ बिसेषी॥**

चिठी सुनेर दुई भाइ रोमाञ्चित हुनुभयो। स्नेह यति अधिक भयो कि प्रेम शरीरमा अटाएको थिएन। भरतजीको पवित्र प्रेम देखेर सारा सभाले विशेष सुख पायो॥ १॥

**तब नृप दूत निकट बैठारे। मधुर मनोहर बचन उचारे॥**
**भैआ कहहु कुसल दोउ बारे। तुम्ह नीकें निज नयन निहारे॥**

अनि राजाले दूतहरूलाई साथै बसालेर मनलाई हरण गर्ने मीठा वचन भन्नुभयो— भैया! भन, दुई बच्चा कुशल त छन्? तिमीहरूले आफ्नै आँखाले उनीहरूलाई राम्रैसँग देखेका हौ?॥ २॥

**स्यामल गौर धरें धनु भाथा। बय किसोर कौसिक मुनि साथा॥**
**पहिचानहु तुम्ह कहहु सुभाऊ। प्रेम बिबस पुनि पुनि कह राऊ॥**

श्याम र गोरा शरीर भएका उनीहरूले धनुष र तरकस धारण गरिरहन्छन्, किशोर अवस्था छ, विश्वामित्र मुनिका साथ छन्। तिमीहरूले उनीहरूलाई जान्दछौ भने उनीहरूको स्वभाव बताऊ। राजाले प्रेमको विशेष वश हुनाका कारणले बारम्बार यसरी सोधिरहनुभएको छ॥ ३॥

**जा दिन तें मुनि गए लवाई। तब तें आजु साँचि सुधि पाई॥**
**कहहु बिदेह कवन बिधि जाने। सुनि प्रिय बचन दूत मुसुकाने॥**

[भाइ!] जुन दिनदेखि मुनिले उनीहरूलाई लिएर जानुभएको थियो, त्यसपछि हामीले आज नै सत्य खबर पायौं। भन त, महाराज जनकजीले उनीहरूलाई कसरी चिन्नुभयो? यी प्रिय वचन सुनेर दूत मुस्कुराए॥ ४॥

**दो०— सुनहु महीपति मुकुट मनि तुम्ह सम धन्य न कोउ।**
**रामु लखनु जिह के तनय बिस्व बिभूषन दोउ॥ २९१॥**

[दूतहरूले भने— ] हे राजाहरूका मुकुटमणि! सुनिबक्सियोस्, हजुरसमान धन्य अरू कुनै छैन, जसका राम-लक्ष्मणजस्ता पुत्र हुनुहुन्छ, जुन दुवै विश्वका विभूषण हुनुहुन्छ॥ २९१॥

**पूछन जोगु न तनय तुम्हारे। पुरुषसिंघ तिहु पुर उजिआरे॥**
**जिन्ह के जस प्रताप कें आगे। ससि मलीन रबि सीतल लागे॥**

हजुरका पुत्र सोध्न योग्य हुनुहुन्न। उहाँहरू पुरुषसिंह तीनै लोकमा प्रकाशस्वरूप हुनुहुन्छ। जसको यशका अगाडि चन्द्रमा मलिन र प्रतापका अगाडि सूर्य शीतल लाग्दछ॥ १॥

**तिन्ह कहँ कहिअ नाथ किमि चीन्हे। देखिअ रबि कि दीप कर लीन्हे॥**
**सीय स्वयंबर भूप अनेका। समिटे सुभट एक तें एका॥**

हे नाथ! उहाँहरूका लागि हजुरले भनिबक्सिएको छ कि उनीहरूलाई कसरी चिन्न सक्यौ! के सूर्यलाई हातमा दीपक लिएर देखाउने गरिन्छ? सीताजीका स्वयंवरमा अनेकौं राजा र एकभन्दा अर्का वीर योद्धा एकत्र भएका थिए,॥ २॥

**संभु सरासनु काहुँ न टारा। हारे सकल बीर बरिआरा॥**
**तीनि लोक महँ जे भटमानी। सभ कै सकति संभु धनु भानी॥**

परन्तु शिवजीको धनुषलाई कसैले पनि उठाउन सकेनन्। सबै बलवान् वीरले हारे। तीनै लोकमा जो वीरताका अभिमानी थिए, शिवजीको धनुषले सबैको शक्तिलाई चकनाचूर पारिदियो॥ ३॥

**सकइ उठाइ सरासुर मेरू। सोउ हियँ हारि गयउ करि फेरू॥**
**जेहिं कौतुक सिवसैलु उठावा। सोउ तेहि सभाँ पराभउ पावा॥**

बाणासुर, जसले सुमेरु पर्वतलाई पनि उठाउन सक्दथ्यो, ऊ पनि हृदयमा हारेर परिक्रमा गर्दै गइहाल्यो र जसले ख्याल-ख्यालमा नै कैलाश पर्वतलाई उठाएको थियो, त्यो रावण पनि त्यस सभामा पराजित भयो॥ ४॥

**दो०— तहाँ राम रघुबंसमनि सुनिअ महा महिपाल।**
**भंजेउ चाप प्रयास बिनु जिमि गज पंकज नाल॥ २९२॥**

हे महाराज! सुनिबक्सियोस्, वहाँ (जहाँ यस्ता-यस्ता योद्धाले हार स्वीकार गरे) रघुवंशमणि रामचन्द्रजीले विनाप्रयास नै शिवजीको धनुषलाई यसरी भाँच्नुभयो, जसरी हात्तीले कमलको डण्डी (डाँठ) लाई भाँच्दछ!॥ २९२॥

**सुनि सरोष भृगुनायकु आए। बहुत भाँति तिन्ह आँखि देखाए॥**
**देखि राम बलु निज धनु दीन्हा। करि बहु बिनय गवनु बन कीन्हा॥**

धनुष भाँचिएको कुरा सुनेर परशुरामजी क्रोधित भएर आउनुभयो र उहाँले धेरै प्रकारका कटुवचन भन्नुभयो। अन्त्यमा उहाँले पनि श्रीरामचन्द्रजीको बल देखेर उहाँलाई आफ्नो धनुष दिनुभयो र धेरै प्रकारले बिन्ती गर्दै वनमा प्रस्थान गर्नुभयो॥ १॥

**राजन रामु अतुलबल जैसें। तेज निधान लखनु पुनि तैसें॥**
**कंपहिं भूप बिलोकत जाकें। जिमि गज हरि किसोर के ताकें॥**

हे राजन्! जस्तै श्रीरामचन्द्र अतुलनीय बलवान् हुनुहुन्छ, उस्तै नै तेजनिधान लक्ष्मणजी पनि हुनुहुन्छ, जसलाई हेर्दा नै राजाहरू यसरी थर्र-थर्र काम्दै उठ्दथे, जसरी हात्ती सिंहको बच्चाले ताक्नाले काम्दै उठ्दछ॥ २॥

**देव देखि तव बालक दोऊ। अब न आँखि तर आवत कोऊ॥**
**दूत बचन रचना प्रिय लागी। प्रेम प्रताप बीर रस पागी॥**

हे देव! हजुरका दुई बालकलाई देखिसकेपछि अब आँखाको तल कोही आउँदै-आँउदैन (हाम्रो दृष्टिमा कोही चढ्दैन)। प्रेम, प्रताप र वीर-रसमा मुछिएका (भरिएका) दूतका वचनरचना सबैलाई अत्यन्तै प्रिय लागे॥ ३॥

**सभा समेत राउ अनुरागे। दूतन्ह देन निछावरि लागे॥**
**कहि अनीति ते मूदहिं काना। धरमु बिचारि सबहिं सुखु माना॥**

सभासहित राजा प्रेममा मग्न हुनुभयो र दूतहरूलाई उपहार दिन लाग्नुभयो। [उनीहरूले उपहार दिएको देखेर] यो नीतिविरुद्ध छ, यस्तो भनेर दूतले आफ्नो हातले कान बन्द गर्न लागे। धर्मको विचार गरेर [उनीहरूको धर्मयुक्त व्यवहार देखेर] सबैले सुख माने॥ ४॥

दो०— **तब उठि भूप बसिष्ट कहुँ दीन्हि पत्रिका जाइ।**
**कथा सुनाई गुरहि सब सादर दूत बोलाई॥ २९३॥**

अनि राजाले उठेर वशिष्ठजीसँग गएर उहाँलाई पत्रिका (चिठी) दिनुभयो र आदरपूर्वक दूतहरूलाई बोलाएर सबै कथा गुरुजीलाई सुनाउनुभयो॥ २९३॥

**सुनि बोले गुर अति सुखु पाई। पुन्य पुरुष कहुँ महि सुख छाई॥**
**जिमि सरिता सागर महुँ जाहीं। जद्यपि ताहि कामना नाहीं॥**

सबै समाचार सुनेर साथै अत्यन्त सुख मान्दै गुरुजीले भन्नुभयो— पुण्यात्मा पुरुषका लागि पृथ्वी सुखले छाइएको छ। जस्तै नदीहरू समुद्रमा जान्छन्, यद्यपि समुद्रलाई नदीको कामना हुँदैन॥ १॥

**तिमि सुख संपति बिनहिं बोलाएँ। धरमसील पहिं जाहिं सुभाएँ॥**
**तुम्ह गुर बिप्र धेनु सुर सेबी। तसि पुनीत कौसल्या देबी॥**

त्यस्तै सुख र सम्पत्ति नबोलाए पनि स्वाभाविक रूपले नै धर्मात्मा पुरुषसँग आउँदछन्। हजुर जस्तो गुरु, ब्राह्मण, गाई र देवताको सेवा गर्नेवाला हुनुहुन्छ, त्यस्तै नै पवित्र कौसल्या देवी पनि हुनुहुन्छ॥ २॥

**सुकृती तुम्ह समान जग माहीं। भयउ न है कोउ होनेउ नाहीं॥**
**तुम्ह ते अधिक पुन्य बड़ कावें। राजन राम सरिस सुत जाकें॥**

हजुर समान पुण्यात्मा जगत्‌मा न कुनै भए, न छन् र न हुने नै छन्। हे राजन्! हजुरभन्दा अधिक पुण्यात्मा अरू को होला, जसका राम-सरिका पुत्र छन्॥ ३॥

**बीर बिनीत धरम ब्रत धारी। गुन सागर बर बालक चारी॥**
**तुम्ह कहुँ सर्ब काल कल्याना। सजहु बरात बजाइ निसाना॥**

र जसका चारै बालक वीर, विनम्र, धर्मको व्रत धारण गर्नेवाला र गुणका सुन्दर समुद्र छन्। हजुरका लागि सबै कालमा कल्याण छ। अतएव डङ्का बजाएर (घोषणा गरेर) बरियाँत सजाउनुहोस्॥ ४॥

दो०— **चलहु बेगि सुनि गुर बचन भलेहिं नाथ सिरु नाइ।**
**भूपति गवने भवन तब दूतन्ह बासु देवाइ॥ २९४॥**

र छिटो सवारी होस्। गुरुजीका यस्ता वचन सुनेर, 'हे नाथ! धेरै राम्रो' भन्दै शिर झुकाएर तथा दूतहरूलाई बस्ने ठाउँको बन्दोवस्त गरेर राजमहलमा जानुभयो॥ २९४॥

**राजा सबु रनिवास बोलाई। जनक पत्रिका बाचि सुनाई॥**
**सुनि संदेसु सकल हरषानीं। अपर कथा सब भूप बखानीं॥**

राजाले सबै रानीहरूलाई बोलाएर जनकजीको पत्रिका बाचेर सुनाउनुभयो। समाचार सुनेर सबै रानीहरू हर्षले भरिनुभयो। राजाले फेरि सबै कुरा (जुन दूतहरूका मुखबाट सुन्नुभएको थियो) वर्णन गर्नुभयो॥ १॥

**प्रेम प्रफुल्लित राजहिं रानी। मनहुँ सिखिनि सुनि बारिद बानी॥**
**मुदित असीस देहिं गुर नारीं। अति आनंद मगन महतारीं॥**

प्रेममा प्रफुल्लित हुँदै रानीहरू यस्तो सुशोभित भइरहनुभएको छ, जस्तै मुजुर्नी बादलको गर्जना सुनेर प्रफुल्लित हुन्छन्। बूढा-पाका महिलाहरू [अथवा गुरुहरूका स्त्रीहरू] प्रसन्न भएर आशीर्वाद दिइरहेका छन्। आमाहरू अत्यन्त आनन्दमा मगन हुनुहुन्छ॥ २॥

**लेहिं परस्पर अति प्रिय पाती। हृदयँ लगाइ जुड़ावहिं छाती॥**
**राम लखन कै कीरति करनी। बारहिं बार भूपबर बरनी॥**

त्यो अत्यन्तै प्रिय पत्रिकालाई आपसमा लिएर सबैले हृदयमा लगाए र छाती शीतल गरे। राजाहरूमा श्रेष्ठ दशरथजीले श्रीराम-लक्ष्मणको कीर्ति र कार्यचरित्रको बारम्बार वर्णन गर्नुभयो॥ ३॥

**मुनि प्रसादु कहि द्वार सिधाए। रानिन्ह तब महिदेव बोलाए॥**
**दिए दान आनंद समेता। चले बिप्रबर आसिष देता॥**

'यो सबै मुनिको कृपा हो' यसो भनेर उहाँ बाहिर जानुभयो। अनि रानीहरूले ब्राह्मणलाई बोलाउनुभयो र आनन्दपूर्वक दान दिनुभयो। श्रेष्ठ ब्राह्मण आशीर्वाद दिँदै हिँडे॥ ४॥

सो०— **जाचक लिए हँकरि दीन्हि निछावरि कोटि बिधि।**
**चिरु जीवहुँ सुत चारि चक्रबर्ति दसरत्थ के॥ २९५॥**

फेरि भिक्षुकहरूलाई बोलाएर उनीहरूलाई करोडौं (अनेकौं) प्रकारका उपहार (बक्सिस) दिइयो। 'चक्रवर्ती महाराज दशरथका चारै पुत्र चिरञ्जीवी होऊन्'॥ २९५॥

**कहत चले पहिरें पट नाना। हरषि हने गहगहे निसाना॥**
**समाचार सब लोगन्ह पाए। लागे घर घर होन बधाए॥**

यसो भन्दै उनीहरू अनेक प्रकारका सुन्दर वस्त्रहरू लगाएर हिँडे। आनन्दित भएर नगर्चीहरूले घन्काएर निसान (नगरा) हरू बजाउन लागे। सबै मानिसले जब यो समाचार पाए, त्यसपछि घर-घरमा वधाई र मङ्गलगान हुनलाग्यो॥ १॥

**भुवन चारिदस भरा उछाहू। जनकसुता रघुबीर बिआहू॥**
**सुनि सुभ कथा लोग अनुरागे। मग गृह गलीं सँवारन लागे॥**

चौध लोकमा नै उत्साह भरिएर आयो कि जानकीजी र श्रीरघुनाथजीको विवाह हुनेछ। यो शुभ समाचार पाएर मानिसहरू प्रेममग्न भए र बाटो, घर तथा गल्लीहरू सजाउन लागे॥ २॥

**जद्यपि अवध सदैव सुहावनि। राम पुरी मंगलमय पावनि॥**
**तदपि प्रीति कै प्रीति सुहाई। मंगल रचना रची बनाई॥**

यद्यपि अयोध्या सधैं सुन्दर छ, किनकि त्यो श्रीरामको मङ्गलमय पवित्र पुरी हो, तथापि प्रीति-माथि प्रीति हुनाले त्यसलाई सुन्दर रचनाले सजाइयो॥ ३॥

**ध्वज पताक पट चामर चारू। छावा परम बिचित्र बजारू॥**
**कनक कलस तोरन मनि जाला। हरद दूब दधि अच्छत माला॥**

ध्वजा, पताका (ठूलो झन्डा, सानो झन्डा), पर्दा र सुन्दर चमरले सबै बजार धेरै अनौठो किसिमले छाइएको छ। सुनका कलश, तोरण, मणिहरूका लेश, बेसार, दूबो, दही, अक्षता र मालाहरूले— ॥ ४॥

दो०— **मंगलमय निज निज भवन लोगन्ह रचे बनाइ।**
**बथीं सींचीं चतुरसम चौकें चारु पुराइ॥ २९६॥**

मानिसहरूले आ-आफ्ना घरलाई सजाएर मङ्गलमय बनाए। गल्लीहरूलाई चतुरसमले सिंचाइ गरे अर्थात् छर्के र [द्वारहरूमा] सुन्दर चित्रमण्डल बनाए। [चन्दन, केशरी, कस्तूरी, र कपूरले बनेको एक सुगन्धित द्रव (पदार्थ) लाई चतुरसम भनिन्छ]॥ २९६॥

**जहँ तहँ जूथ जूथ मिलि भामिनि। सजि नव सप्त सकल दुति दामिनि॥**
**बिधुबदनीं मृग सावक लोचनि। निज सरूप रति मानु बिमोचनि॥**

बिजुलीको जस्तो कान्तिवाला, चन्द्रमुखी, हरिणका बच्चाको जस्ता नेत्र भएका र आफ्नो सुन्दर रूपले कामदेवकी स्त्री रतिको अभिमानलाई चूर्ण गर्ने ऐभाँती (सधवा) स्त्रीहरू सबै सोह्र शृङ्गारबाट सजिएर जताततै समूहका समूह मिलेर,॥ १॥

**गावहिं मंगल मंजुल बानीं। सुनि कलरव कलकंठि लजानीं॥**
**भूप भवन किमि जाइ बखाना। बिस्व बिमोहन रचेउ बिताना॥**

मनोहर वाणीले मङ्गलगीत गाइरहेका छन्, जसको सुन्दर स्वरलाई सुनेर कोइलीले पनि लाज मानेका छन्। राजमहलको वर्णन कसरी गर्न सकिन्छ, जहाँ विश्वलाई विमोहित गर्ने मण्डप बनाइएको छ॥ २॥

**मंगल द्रब्य मनोहर नाना। राजत बाजत बिपुल निसाना॥**
**कतहुँ बिरिद बंदी उच्चरहीं। कतहुँ बेद धुनि भूसुर करहीं॥**

अनेकौं प्रकारका मनोहर माङ्गलिक पदार्थ सुशोभित भइरहेका छन् र धेरै नै निसान वा नगराहरू बजिरहेका छन्। कतै भाटले विरुदावली (कुलकीर्ति) लाई उच्चारण गरिरहेका छन् र कतै ब्राह्मणले वेदध्वनि गाइरहेका छन्॥ ३॥

**गावहिं सुंदरि मंगल गीता। लै लै नामु रामु अरु सीता॥**
**बहुत उछाहु भवनु अति थोरा। मानहुँ उमगि चला चहु ओरा॥**

सुन्दर स्त्रीहरूले श्रीराम र सीताजीको नाम लिंदै मङ्गलगीत गाइरहेका छन्। उत्साह अत्यन्त धेरै र महल अत्यन्त सानो छ। यसमा (त्यसमा नअटाएर) मानौं त्यो उत्साह (आनन्द) चारैतर्फ उर्लिरहेको छ॥ ४॥

दो०— **सोभ दसरथ भवन कइ को कबि बरनै पार।**
**जहाँ सकल सुर सीस मनि राम लीन्ह अवतार॥ २९७॥**

दशरथजीका महलको शोभाको वर्णन कुन कविले गर्न सक्दछ र! जहाँ समस्त देवताहरूका शिरोमणि रामचन्द्रजीले अवतार लिनुभएको छ॥ २९७॥

**भूप भरत पुनि लिए बोलाई। हय गय स्यंदन साजहु जाई॥**
**चलहु बेगि रघुबीर बराता। सुनत पुलक पूरे दोउ भ्राता॥**

फेरि राजाले भरतजीलाई बोलाउनुभयो र भन्नुभयो कि गएर घोडा, हात्ती र रथ सजाऊ, तुरुन्त श्रीरामचन्द्रको बरियाँतमा हिँड। यस्तो सुन्नेबित्तिकै दुई भाइ (भरत र शत्रुघ्नजी) आनन्दवश रोमाञ्चित हुनुभयो॥ १॥

**भरत सकल साहनी बोलाए। आयसु दीन्ह मुदित उठि धाए॥**
**रचि रुचि जीन तुरग तिन्ह साजे। बरन बरन बर बाजि बिराजे॥**

भरतजीले सबै सइस (अश्वशालाको अध्यक्ष) लाई बोलाउनुभयो र उनीहरूलाई [घोडा सजाउनका लागि] आज्ञा दिनुभयो, उनीहरू प्रसन्न भएर उठेर दौडिहाले। उनीहरूकै रुचि अनुसार (यथायोग्य) काँठी कसेर घोडा सजाए। रङ्ग-रङ्गका उत्तम घोडा सुशोभित भए॥ २॥

**सुभग सकल सुठि चंचल करनी। अय इव जरत धरत पग धरनी॥**
**नाना जाति न जाहिं बखाने। निदरि पवनु जनु चहत उड़ाने॥**

सबै घोडा अति नै सुन्दर र चञ्चल चालका छन्। उनीहरूले धर्तीमा यसरी टाप (पैताला) राख्दथे, जसरी तताएर रातो भइरहेको फलाममा राखेका छन्। अनेकौं जातिका घोडाहरू छन्, जसको वर्णन गर्न नै सकिँदैन। [यस्तो छिटो चालका छन्] मानौं हावालाई निरादर गरेर उड्न खोजेका छन्॥ ३॥

**तिन्ह सब छयल भए असवारा। भरत सरिस बय राजकुमारा॥**
**सब सुंदर सब भूषनधारी। कर सर चाप तून कटि भारी॥**

ती सबै घोडाहरूमा भरतजीका समान अवस्था भएका सबै नवयुवक (तरुण) राजकुमार सवार भएका छन्। उनीहरू सबै सुन्दर छन् र सबैले आभूषण धारण गरेका छन्। उनीहरूका हातमा बाण र धनुष छन् तथा कम्मरमा धेरै तरकस बाँधेका छन्॥ ४॥

दो०— **छरे छबीले छयल सब सूर सुजान नबीन।**
**जुग पदचर असवार प्रति जे असिकला प्रबीन॥ २९८॥**

सबै चुनिएका (छानिएका) र चिटिक्क परेका, शूरवीर, चतुर र नवयुवक छन्। प्रत्येक सवारीका साथ दुई पैदल प्रहरी छन्, जो तलबार चलाउने कलामा अति नै निपुण छन्॥ २९८॥

**बाँधें बिरद बीर रन गाढ़े। निकसि भए पुर बाहेर ठाढ़े॥**
**फेरहिं चतुर तुरग गति नाना। हरषहिं सुनि सुनि पनव निसाना॥**

शूरताको बाना धारण गरेका रणधीर सबै वीर निस्केर नगरको बाहिर आएर उभिए। ती चतुर नवयुवक राजकुमारहरूले आफ्ना घोडाहरूलाई अनेक प्रकारका चालले घुमाइरहेका छन् र भेरी र नगरा (दमाह) को आवाज सुनेर प्रसन्न भइरहेका छन्॥ १॥

**रथ सारथिन्ह बिचित्र बनाए। ध्वज पताक मनि भूषन लाए॥**
**चवँर चारु किंकिनि धुनि करहीं। भानु जान सोभा अपहरहीं॥**

सारथिहरूले ध्वजा, पताका, मणि र आभूषणहरू लगाएर रथहरूलाई अति नै विलक्षण बनाएका छन्। उनीहरूलाई सुन्दर चमर लगाइएको छ र घण्टीहरूको सुन्दर शब्द बजिरहेको छ। ती रथ यति सुन्दर छन्, मानौं सूर्यका रथको शोभालाई खोसेर लिएका छन्॥ २॥

**सावँकरन अगनित हय होते। ते तिन्ह रथन्ह सारथिन्ह जोते॥**
**सुंदर सकल अलंकृत सोहे। जिन्हहि बिलोकत मुनि मन मोहे॥**

अगणित श्यामकर्ण (सबै शरीर सेतो तर एक कान मात्र कालो भएका) घोडाहरू थिए।

तिनीहरूलाई सारथिहरूले उनै रथमा संयोजन गरे (नारे), जुन हेर्दा सुन्दर र गहनाहरूले सजिएर सुशोभित भएका छन् र जसलाई देखेर मुनिहरूको मन पनि मोहित हुन्छ॥ ३॥

**जे जल चलहिं थलहि की नाईं। टाप न बूड़ बेग अधिकाईं॥**
**अस्त्र सस्त्र सबु साजु बनाई। रथी सारथिन्ह लिए बोलाई॥**

जुन जलमा पनि जमिनमा झैं हिँड्दछन्। वेगको अधिकताले उनीहरूको टाप (पैताला) पानीमा डुब्दैनन्। अस्त्र-शस्त्र र सबै सजावटका सामान सजाएर सारथिहरूले रथीहरू (सवारी हुने व्यक्ति) लाई बोलाए॥ ४॥

दो०— **चढ़ि चढ़ि रथ बाहेर नगर लागी जुरन बरात।**
**होत सगुन सुंदर सबहि जो जेहि कारज जात॥ २९९॥**

रथहरूमा चढेर जन्त जानलाई जन्ती बाहिर भेला हुन लागे। जो जे कामका लागि जान्छन्, सबैलाई सुन्दर शकुन (लक्षण) भएका छन्॥ २९९॥

**कलित करिबरन्हि परीं अँबारीं। कहि न जाहिं जेहि भाँति सँवारीं॥**
**चले मत्त गज घंट बिराजी। मनहुँ सुभग सावन घन राजी॥**

श्रेष्ठ हात्तीहरूमा सुन्दर हौदा सजाइएको छ। ती जुन प्रकारले सजाइएका थिए, सोको वर्णन गर्न सकिन्न। मत्ता हात्ती घण्टीहरूले सुशोभित भएर (घण्टी बजाउँदै) हिँडे, मानौं श्रावणको सुन्दर बादलको समूह [गर्जदै] गइरहेको छ॥ १॥

**बाहन अपर अनेक बिधाना। सिबिका सुभग सुखासन जाना॥**
**तिन्ह चढ़ि चले बिप्रबर बृंदा। जनु तनु धरें सकल श्रुति छंदा॥**

सुन्दर पालकीहरू, सुखपूर्वक बस्न योग्य तामदानी र रथ आदि अन्य पनि अनेकौं प्रकारका सवारीहरू छन्। त्यसमा श्रेष्ठ ब्राह्मणहरूका समूह चढेर हिँडे, मानौं सबै वेदहरूका छन्दले नै शरीर धारण गरेका छन्॥ २॥

**मागध सूत बंदि गुनगायक। चले जान चढ़ि जो जेहि लायक॥**
**बेसर ऊँट बृषभ बहु जाती। चले बस्तु भरि अगनित भाँती॥**

मागध, सूत, भाट (पौराणिक, वंशप्रशंसक र यश गाउने) आदि गुण गाउनेहरू सबै, जो जसका योग्य थिए, त्यस्तै सवारीमा चढेर हिँडे। धेरैथरीका खच्चड ऊँट र गोरु असङ्ख्य प्रकारका सामान बोकेर हिँडे॥ ३॥

**कोटिन्ह काँवरि चले कहारा। बिबिध बस्तु को बरनै पारा॥**
**चले सकल सेवक समुदाई। निज निज साजु समाजु बनाई॥**

करोडौं डोलेहरूले डोला लिएर हिँडे। तिनीहरूमा अनेकौं प्रकारका यति वस्तुहरू थिए कि जसको वर्णन गर्न कसले सक्दछ र! सबै सेवकका समूह आ-आफ्नो समान र समाजको टोली बनाएर हिँडे॥ ४॥

दो०— **सब कें उर निर्भर हरषु पूरित पुलक सरीर।**
**कबहिं देखिबे नयन भरि रामु लखनु दोउ बीर॥ ३००॥**

सबैको हृदयमा अपार हर्ष छ र शरीर रोमाञ्चले भरिएको छ। [सबैको एक लालचा छ कि] हामीले श्रीराम-लक्ष्मण दुई भाइलाई आँखाभरि कहिले देख्नेछौं॥ ३००॥

**गरजहिं गज घंटा धुनि घोरा। रथ रव बाजि हिंस चहु ओरा॥**
**निदरि घनहि घुर्म्मरहिं निसाना। निज पराइ कछु सुनिअ न काना॥**

हात्ती गर्जिरहेका छन्, उनको घण्टीबाट भीषण ध्वनि भइरहेको छ। चारैतर्फ रथहरूको घरघराहट (स्वर) र घोडाको हिनहिनाहट भइरहेको छ। बादलहरूलाई निरादर गर्दै नगराहरूले घोर शब्द गरिरहेका छन्। कसैले पनि आफ्नो र अर्काको कुरा सुन्न पाउँदैन॥ १॥

**महा भीर भूपति के द्वारें। रज होइ जाइ पषान पबारें॥**
**चढ़ी अटारिन्ह देखहिं नारीं। लिएँ आरती मंगल थारीं॥**

महाराज दशरथजीका ढोकामा यति ठूलो भीड भइरहेको छ कि वहाँ ढुङ्गा फालियो भने पनि पिसिएर धूलो हुन्छ। कौसी (बार्दली) मा चढेर स्त्रीहरू मङ्गल-थालहरूमा आरती लिएर हेरिरहेका छन्॥ २॥

**गावहिं गीत मनोहर नाना। अति आनंदु न जाइ बखाना॥**
**तब सुमंत्र दुइ स्यंदन साजी। जोते रबि हय निंदक बाजी॥**

र नाना प्रकारका मनोहर गीत गाइरहेका छन्। उनीहरूको अत्यन्त आनन्दलाई वर्णन गर्न सकिँदैन। त्यसपछि सुमन्त्रजीले दुइटा रथ सजाएर त्यसमा सूर्यको घोडालाई पनि लज्जित गर्ने घोडालाई संयोजन गर्नुभयो (नार्नुभयो)॥ ३॥

**दोउ रथ रुचिर भूप पहिं आने। नहिं सारद पहिं जाहिं बखाने॥**
**राज समाजु एक रथ साजा। दूसर तेज पुंज अति भ्राजा॥**

उहाँले दुई सुन्दर रथ राजा दशरथजीका समीपमा लिएर आउनुभयो, जसको सुन्दरताको वर्णन सरस्वतीजीबाट पनि हुन सक्दैन। एक रथमा राजसी सामान सजाइयो र अर्को जुन तेजको पुञ्ज र अत्यन्तै शोभायमान थियो,॥ ४॥

दो०— **तेहिं रथ रुचिर बसिष्ठ कहुँ हरषि चढ़ाइ नरेसु।**
**आपु चढ़ेउ स्यंदन सुमिरि हर गुर गौरि गनेसु॥ ३०१॥**

त्यस सुन्दर रथमा राजाले वशिष्ठजीलाई हर्षपूर्वक चढाएर फेरि स्वयं शिव, गुरु, गौरी र गणेशजीलाई स्मरण गर्दै [दोस्रो] रथमा सवार होइबक्सियो॥ ३०१॥

**सहित बसिष्ठ सोह नृप कैसें। सुर गुर संग पुरंदर जैसें॥**
**करि कुल रीति बेद बिधि राऊ। देखि सबहि सब भाँति बनाऊ॥**

वशिष्ठजीका साथ [जाँदै गर्दा] राजा दशरथजी कसरी शोभित हुनुभएको छ, जसरी देवगुरु बृहस्पतिजीका साथ इन्द्र हुनुहुन्छ। वेदको विधिले र कुलको रीतिअनुसार सबै कार्य गरेर तथा सबैलाई सबै प्रकारले सजिएको देखेर,॥ १ ॥

**सुमिरि रामु गुर आयसु पाई। चले महीपति संख बजाई॥**
**हरषे बिबुध बिलोकि बराता। बरषहिं सुमन सुमंगल दाता॥**

श्रीरामचन्द्रजीलाई स्मरण गर्दै, गुरुजीको आज्ञा पाएर पृथ्वीपति दशरथजी (मङ्गलसूचक) शङ्ख बजाएर सवार होइबक्सियो। जन्ती देखेर देवता हर्षित हुँदै सुन्दर मङ्गलदायक फूलहरूको वर्षा गर्न लागे॥ २ ॥

**भयउ कोलाहल हय गय गाजे। ब्योम बरात बाजने बाजे॥**
**सुर नर नारि सुमंगल गाईं। सरस राग बाजहिं सहनाईं॥**

ठूलो स्वर मच्चियो, घोडा र हात्ती गर्जन लागे। आकाशमा र जन्तीका समूहमा [दुई ठाँउमा नै] बाजा बज्न लागे। देवाङ्गना र मनुष्यका स्त्रीहरूले सुन्दर मङ्गलगान गर्न लागे र रसिलो रागबाट सहनाई बज्न लागे॥ ३ ॥

**घंट घंटि धुनि बरनि न जाहीं। सरव करहिं पाइक फहराहीं॥**
**करहिं बिदूषक कौतुक नाना। हास कुसल कल गान सुजाना॥**

घण्ट र घण्टीहरूको वर्णन हुन नै सक्दैन। पैदल हिँड्नेवाला सेवकगण अथवा पट्टेबाज [बन्दुक, पटाका पड्काउने मानिस] ले कसरतको खेल गरिरहेका छन् र फहराइरहेका छन् (आकाशमा उफ्रँदै गइरहेका छन्)। हाँसो गर्नमा निपुण र सुन्दर गायनमा चतुर विदूषकले थरीथरीका तमासा गरिरहेका छन्॥ ४ ॥

दो०— **तुरग नचावहिं कुअँर बर अकनि मृदंग निसान।**
**नागर नट चितवहिं चकित डगहिं न ताल बँधान॥ ३०२॥**

सुन्दर राजकुमारले मृदङ्ग र नगराहरूको शब्द सुनेर घोडाहरूलाई उसैका अनुसार यस प्रकारले नचाइरहेका छन् कि तालको बन्धन (मर्यादित नियम) बाट अलिकति पनि विचलित नभई हिँडेका छन्। चतुर नट (नाच्ने मानिस) चकित भएर यस्तो देखिरहेका छन्॥ ३०२॥

**बनइ न बरनत बनी बराता। होहिं सगुन सुंदर सुभदाता॥**
**चारा चाषु बाम दिसि लेई। मनहुँ सकल मंगल कहि देई॥**

बरियाँत यस्तो बनेको छ कि उसको वर्णन गर्न नै सकिँदैन। सुन्दर शुभदायक लक्षण भइरहेका छन्। नीलकण्ठ पक्षी बायाँतर्फ चारो लिएर आइरहेको छ, मानौं सम्पूर्ण मङ्गलहरूको सूचना दिइरहेको छ॥ १ ॥

**दाहिन काग सुखेत सुहावा। नकुल दरसु सब काहूँ पावा॥**
**सानुकूल बह त्रिबिध बयारी। सघट सबाल आव बर नारी॥**

दाहिनेतर्फ कौवा सुन्दर खेतमा शोभा पाइरहेको छ। न्याउरी मुसाको दर्शन पनि सबै जनाले

पाए। तीनै प्रकारको (शीतल, मन्द, सुगन्धित) हावा अनुकूल दिशामा चलिरहेको छ। श्रेष्ठ (सधवा) स्त्रीहरू भरिएका घडा र काखमा बालक लिएर आइरहेका छन्॥ २॥

**लोवा फिरि फिरि दरसु देखावा। सुरभी सनमुख सिसुहि पिआवा॥**
**मृगमाला फिरि दाहिनि आई। मंगल गन जनु दीन्हि देखाई॥**

लोखर्के फर्की-फर्की देखिने गर्छ। गाईले अगाडि उभिएको बाच्छालाई दुध खुवाएकी छिन्। हरिणहरूको बथान (बायाँतर्फबाट) घुमेर दाहिने तर्फ आयो, मानौं सबै मङ्गलहरूको समूह देखियो॥ ३॥

**छेमकरी कह छेम बिसेषी। स्यामा बाम सुतरु पर देखी॥**
**सनमुख आयउ दधि अरु मीना। कर पुस्तक दुइ बिप्र प्रबीना॥**

क्षेमकरी (सेतो शिर भएको चील) विशेष रूपले क्षेम (कल्याण) भनिरहेको छ। श्यामा (पन्छी) बायाँतर्फ सुन्दर वृक्षमा देखियो। दही, (पानीमा उफ्रँदै गरेका) माछा र दुई विद्वान् ब्राह्मण हातमा पुस्तक लिँदै अघिल्तिर आए॥ ४॥

दो०— **मंगलमय कल्यानमय अभिमत फल दातार।**
**जनु सब साचे होन हित भए सगुन एक बार॥ ३०३॥**

सबै मङ्गलमय, कल्याणमय र मनोवाञ्छित फल दिने लक्षण, मानौं सत्य हुनका लागि एक साथ नै भए॥ ३०३॥

**मंगल सगुन सुगम सब ताकें। सगुन ब्रह्म सुंदर सुत जाकें॥**
**राम सरिस बरु दुलहिनि सीता। समधी दसरथु जनकु पुनीता॥**

स्वयं सगुण ब्रह्म जसका सुन्दर पुत्र छन्, उहाँका लागि सबै मङ्गल लक्षण सुलभ छन्। जहाँ श्रीरामचन्द्रजस्ता दुलाहा र सीताजीजस्ती दुलही हुनुहुन्छ तथा दशरथजी र जनकजीजस्ता पवित्र सम्धी हुनुहुन्छ॥ १॥

**सुनि अस ब्याहु सगुन सब नाचे। अब कीन्हे बिरंचि हम साँचे॥**
**एहि बिधि कीन्ह बरात पयाना। हय गय गाजहिं हने निसाना॥**

यस्तो विवाह सुनेर मानौं सबै लक्षण नाचे [र भन्न लागे— ] अब ब्रह्माजीले हामीलाई सत्य गरिदिनुभयो। यस्तो तरिकाले बरियाँत प्रस्थान गर्‍यो। घोडा, हात्ती गर्जिरहेका छन् र नगराहरू घन्किरहेका छन्॥ २॥

**आवत जानि भानुकुल केतू। सरितन्हि जनक बँधाए सेतू॥**
**बीच बीच बर बास बनाए। सुरपुर सरिस संपदा छाए॥**

सूर्यवंशका पताकास्वरूप दशरथजी आउँदै गरेको जानेर जनकजीले नदीहरूमा पुल बनाइदिनुभयो। बीच-बीचमा बास बस्नका लागि सुन्दर घर (शिबिर, मुकाम) बनाइदिनुभयो, जसमा देवलोकको जस्तै सम्पदा भरिएको छ॥ ३॥

**असन सयन बर बसन सुहाए। पावहिं सब निज निज मन भाए॥**
**नित नूतन सुख लखि अनुकूले। सकल बरातिन्ह मंदिर भूले॥**

र जहाँ बरियाँतका सबै मानिस आ–आफ्नो मनको रुचिअनुसार सुन्दर उत्तम भोजन, बिस्तरा र वस्त्र पाउँदछन्। मनको अनुकूल नित्य नयाँ सुखहरूलाई देखेर सबै जन्तीहरूले आफ्नो घर भुले॥ ४॥

## ✹ बरियाँत जनकपुरमा आउनु र स्वागतादि ✹

दो०— **आवत जानि बरात बर सुनि गहगहे निसान।**
**सजि गज रथ पदचर तुरग लेन चले अगवान॥ ३०४॥**

ठूलो आवाजले घन्कँदै गरेका नगराहरूको आवाज सुनेर श्रेष्ठ जन्ती आउँदै गरेको जानेर स्वागत गर्ने मानिसहरू झन्डा, हात्ती, रथ, पैदल र घोडा सजाएर (बेहुलीतर्फबाट) जन्ती लिन हिँडे॥ ३०४॥

### मासपारायण, दसौं विश्राम

**कनक कलस भरि कोपर थारा। भाजन ललित अनेक प्रकारा॥**
**भरे सुधा सम सब पकवाने। नाना भाँति न जाहिं बखाने॥**

[दूध, सर्बत, चिसो पदार्थ, जल आदिले] भरेर सुनका कलश तथा जसको वर्णन हुन नै सक्दैन, यस्ता अमृतसमान नाना प्रकारका सबै पक्वान्न भरेर परात (पित्तल वा अन्य धातुको ठूलो आकारको कडा लगाइएको थाल), थाल आदि अनेक प्रकारका बर्तन,॥ १॥

**फल अनेक बर बस्तु सुहाईं। हरषि भेंट हित भूप पठाईं॥**
**भूषन बसन महामनि नाना। खग मृग हय गय बहुबिधि जाना॥**

उत्तम फल तथा अरू पनि अनेकौं सुन्दर वस्तुहरू राजाले हर्षित भएर भेट (उपहार) का लागि पठाउनुभयो। गहना, कपडा, नाना प्रकारका मूल्यवान् मणिहरू (रत्न), पक्षी, पशु, घोडा, हात्ती र धेरै प्रकारका सवारीहरू,॥ २॥

**मंगल सगुन सुगंध सुहाए। बहुत भाँति महिपाल पठाए॥**
**दधि चिउरा उपहार अपारा। भरि भरि काँवरि चले कहारा॥**

तथा धेरै प्रकारका सुगन्धित एवं सुन्दर मङ्गल–द्रव्य र सगुनका पदार्थ राजाले पठाउनुभयो। दही, चिउरा र अगणित उपहारको चीजहरू डोलामा भरेर डोलेहरू हिँडे॥ ३॥

**अगवानन्ह जब दीखि बराता। उर आनंदु पुलक भर गाता॥**
**देखि बनाव सहित अगवाना। मुदित बरातिन्ह हने निसाना॥**

स्वागत गर्न आएका व्यक्तिहरूले जब जन्तीहरूलाई देखे, त्यसपछि उनीहरूको हृदयमा आनन्द भयो र शरीर रोमाञ्चले भरियो। स्वागत गर्नेहरूलाई सजिसजाउका साथ देखेर जन्तीहरूले प्रसन्न भएर नगरा घन्काए॥ ४॥

दो०— **हरषि परसपर मिलन हित कछुक चले बगमेल।**
**जनु आनंद समुद्र दुइ मिलत बिहाइ सुबेल॥ ३०५॥**

[जन्ती तथा स्वागत गर्ने मध्येका] केही मानिस परस्पर भेट हुनका लागि हर्षले गर्दा पङ्क्ति छोडेर दौडिहाले र यसरी भेट भए, मानौं आनन्दका दुई समुद्र मर्यादा छोडेर मिसिएका छन्॥ ३०५॥

**बरषि सुमन सुर सुंदरि गावहिं। मुदित देव दुंदुभीं बजावहिं॥**
**बस्तु सकल राखीं नृप आगें। बिनय कीन्हि तिन्ह अति अनुरागें॥**

देवसुन्दरी (अप्सरा) हरूले फूल बर्साएर गीत गाइरहेका छन् र देवता आनन्दित भएर दुन्दुभिहरू बजाइरहेका छन्। [स्वागतका लागि आएका] ती मानिसहरूले सबै चीजहरू दशरथजीका अघिल्तिर राखे र अत्यन्त प्रेमपूर्वक बिन्ती गरे॥ १॥

**प्रेम समेत रायँ सबु लीन्हा। भै बकसीस जाचकन्हि दीन्हा॥**
**करि पूजा मान्यता बड़ाई। जनवासे कहुँ चले लवाई॥**

महाराज दशरथजीले प्रेमसहित सबै वस्तुहरू लिनुभयो, फेरि त्यही सामानको बक्सिस (उपहार) हुन लाग्यो र ती सामान याचकहरूलाई दिनुभयो। त्यसपछि पूजा, आदर-सत्कार र प्रशंसा गरेर स्वागत गर्ने मानिसहरूले जन्तीहरूलाई जन्ती बस्ने ठाउँतर्फ लिएर हिँडे॥ २॥

**बसन बिचित्र पाँवड़े परहीं। देखि धनदु धन मदु परिहरहीं॥**
**अति सुंदर दीन्हेउ जनवासा। जहँ सब कहुँ सब भाँति सुपासा॥**

[हिंड्ने ठाउँमा] विलक्षण वस्त्रहरू (मखमल आदि) बिछ्याइएका छन्, जसलाई देखेर कुबेरले पनि आफ्नो धनको अभिमान छोडिदिन्छन्। ठूलो सुन्दर जन्ती निवास (कन्यापक्षबाट जन्तीलाई बस्नका लागि बनाइएको ठाउँ) दिइयो, जहाँ सबैलाई सबै प्रकारका सुविधा थिए॥ ३॥

**जानी सियँ बरात पुर आई। कछु निज महिमा प्रगटि जनाई॥**
**हृदयँ सुमिरि सब सिद्धि बोलाईं। भूप पहुनई करन पठाईं॥**

सीताजीले जनकपुरमा जन्ती आएको जानेर आफ्ना केही महिमा प्रकट गरी देखाउनुभयो। हृदयमा स्मरण गरेर सबै सिद्धिहरूलाई बोलाउनुभयो र उनीहरूलाई दशरथजीको सत्कार गर्नका लागि पठाउनुभयो॥ ४॥

दो०— **सिधि सब सिय आयसु अकनि गईं जहाँ जनवास।**
**लिएँ संपदा सकल सुख सुरपुर भोग बिलास॥ ३०६॥**

सीताजीको आज्ञा सुनेर सबै सिद्धिहरूले जहाँ जन्ती निवास थियो, त्यहाँ सबै सम्पदा, सुख र इन्द्रपुरीको भोग-विलास लिएर गए॥ ३०६॥

**निज निज बास बिलोकि बराती। सुरसुख सकल सुलभ सब भाँती॥**
**बिभव भेद कछु कोउ न जाना। सकल जनक कर करहिं बखाना॥**

बरियाँत (जन्ती) हरूले आ-आफ्नो बस्ने ठाउँ देखे, त्यसपछि वहाँ देवताका सबै सुखलाई सबै प्रकारले सुलभ पाए। यस्तो ऐश्वर्यको कुनै पनि भेद कसैले जान्न सकेनन्। सबैले जनकजीको प्रशंसा गरिरहेका थिए॥ १॥

**सिय महिमा रघुनायक जानी। हरषे हृदयँ हेतु पहिचानी॥**
**पितु आगमनु सुनत दोउ भाई। हृदयँ न अति आनंदु अमाई॥**

श्रीरघुनाथले यो सबै सीताजीको महिमा जानेर र उहाँको प्रेमलाई चिनेर हृदयमा हर्षित हुनुभयो। पिता दशरथजी आएको समाचार सुनेर दुई दाजु-भाइको नै हृदयमा आनन्दको सीमा रहेन॥ २॥

**सकुचन्ह कहि न सकत गुरु पाहीं। पितु दरसन लालचु मन माहीं॥**
**बिस्वामित्र बिनय बड़ि देखी। उपजा उर संतोषु बिसेषी॥**

सङ्कोचवश उहाँले गुरु विश्वामित्रजीसँग भन्न सक्नुभएन; परन्तु मनमा पिताजीको दर्शनको लालच थियो। विश्वामित्रजीले उहाँको धेरै नम्रता देख्नुभयो, त्यसपछि उहाँको मनमा धेरै नै सन्तोष उत्पन्न भयो॥ ३॥

**हरषि बंधु दोउ हृदयँ लगाए। पुलक अंग अंबक जल छाए॥**
**चले जहाँ दसरथु जनवासे। मनहुँ सरोबर तकेउ पिआसे॥**

प्रसन्न भएर उहाँले दुई भाइलाई नै हृदयमा लगाउनुभयो। उहाँको शरीर रोमाञ्चित भयो र नेत्रमा (प्रेमाश्रुका) जल भरिए। उहाँ त्यस जन्ती-निवासमा जानुभयो जहाँ दशरथजी हुनुहुन्थ्यो। मानौं सरोवर तिर्खाएको व्यक्तितर्फ लक्ष्य गरेर हिंडेको छ॥ ४॥

**दो०— भूप बिलोके जबहिं मुनि आवत सुतन्ह समेत।**
**उठे हरषि सुखसिंधु महुँ चले थाह सी लेत॥ ३०७॥**

जब राजा दशरथजीले पुत्रहरूसहित मुनिलाई आउँदै गरेको देख्नुभयो, त्यसपछि उहाँ हर्षित हुँदै उठ्नुभयो र सुखको समुद्रमा पसेझैं हिंड्नुभयो॥ ३०७॥

**मुनिहि दंडवत कीन्ह महीसा। बार बार पद रज धरि सीसा॥**
**कौसिक राउ लिए उर लाई। कहि असीस पूछी कुसलाई॥**

पृथ्वीपति दशरथजीले मुनिको चरण-धूलोलाई बारम्बार शिरमा लिएर उहाँलाई दण्डवत्-प्रणाम गर्नुभयो। विश्वामित्रजीले राजालाई उठाएर हृदयमा लगाउनुभयो र आशीर्वाद दिएर कुशल-मङ्गल सोध्नुभयो॥ १॥

**पुनि दंडवत करत दोउ भाई। देखि नृपति उर सुखु न समाई॥**
**सुत हियँ लाई दुसह दुख मेटे। मृतक सरीर प्रान जनु भेंटे॥**

फेरि दुई भाइहरूले दण्डवत्-प्रणाम गरेको देखेर राजाको हृदयमा सुख अटाएन। पुत्रहरूलाई [उठाएर] हृदयमा लगाएर उहाँले आफ्नो [वियोगजनित] दुःसह दुःखलाई मेटाउनुभयो। मानौं मृतक शरीरलाई प्राण मिलेको छ॥ २॥

**पुनि बसिष्ठ पद सिर तिन्ह नाए। प्रेम मुदित मुनिबर उर लाए॥**
**बिप्र बृंद बंदे दुहुँ भाई। मनभावती असीसें पाईं॥**

फेरि उहाँहरूले वशिष्ठजीका चरणमा शिर निहुराउनुभयो। मुनिश्रेष्ठले प्रेमको आनन्दमा उहाँहरूलाई हृदयमा लगाउनुभयो। दुवै भाइले सबै ब्राह्मणहरूको प्रार्थना गर्नुभयो र मनले खोजेको आशीर्वाद पाउनुभयो॥ ३॥

**भरत सहानुज कीन्ह प्रनामा। लिए उठाइ लाइ उर रामा॥**
**हरषे लखन देखि दोउ भ्राता। मिले प्रेम परिपूरित गाता॥**

भरतजीले भाइ शत्रुघ्नसहित श्रीरामचन्द्रजीलाई प्रणाम गर्नुभयो। श्रीरामजीले उहाँहरूलाई उठाएर हृदयमा लगाउनुभयो। लक्ष्मणजी दुई भाइलाई देखेर हर्षित हुँदै तथा प्रेमले परिपूर्ण भएको शरीरद्वारा उनीहरूसँग मिल्नुभयो॥ ४॥

दो०— **पुरजन परिजन जातिजन जाचक मंत्री मीत।**
**मिले जथाबिधि सबहि प्रभु परम कृपाल बिनीत॥ ३०८॥**

तदनन्तर परम कृपालु र विनयी श्रीरामचन्द्रजी अयोध्यावासीहरू, कुटुम्बहरू, विभिन्न जातिका मानिसहरू, याचकहरू, मन्त्रीहरू र मित्रहरू—सबैसँग यथायोग्य भेट हुनुभयो,॥ ३०८॥

**रामहि देखि बरात जुड़ानी। प्रीति कि रीति न जाति बखानी॥**
**नृप समीप सोहहिं सुत चारी। जनु धन धरमादिक तनुधारी॥**

श्रीरामचन्द्रलाई देखेर जन्तीहरूलाई यसरी शीतल भयो (रामको वियोगमा सबैको हृदयमा आगो बलिरहेको थियो, त्यो शान्त भयो)। प्रीतिको रीतिको वर्णन हुनै सक्दैन। राजाका साथ चार पुत्रले यस्तो शोभा पाइरहेका थिए, मानौं अर्थ, धर्म, काम र मोक्षले शरीर धारण गरेका हुन्॥ १॥

**सुतन्ह समेत दसरथहि देखी। मुदित नगर नर नारि बिसेषी॥**
**सुमन बरसि सुर हनहिं निसाना। नाकनटीं नाचहिं करि गाना॥**

पुत्रहरूसहित दशरथजीलाई देखेर नगरका स्त्री-पुरुष अत्यन्तै प्रसन्न भइरहेका छन्। [आकाशमा] देवताले फूलहरूको वर्षा गरेर नगरा बजाइरहेका छन् र सम्पूर्ण अप्सराहरू गीत गाएर नाचिरहेका छन्॥ २॥

**सतानंद अरु बिप्र सचिव गन। मागध सूत बिदुष बंदीजन॥**
**सहित बरात राउ सनमाना। आयसु मागि फिरे अगवाना॥**

स्वागत गर्नका लागि आउनुभएका शतानन्दजी, अन्य ब्राह्मण, मन्त्रीगण, मागध, सूत, विद्वान् र भाटहरूले जन्तीसहित राजा दशरथजीको आदर-सत्कार गरे। फेरि आज्ञा लिई उनीहरू फर्केर गए॥ ३॥

**प्रथम बरात लगन तें आई। तातें पुर प्रमोदु अधिकाई॥**
**ब्रह्मानंदु लोग सब लहहीं। बढ़हुँ दिवस निसि बिधि सन कहहीं॥**

जन्तीहरू लग्नको दिनभन्दा पहिल्यै आएका छन्, त्यसैले जनकपुरमा अधिक आनन्द भरिएको छ। सबैले ब्रह्मानन्द प्राप्त गरिरहेका छन् र विधातालाई मनाएर भन्दछन् कि दिन-रात बढून् (धेरै समयका होऊन्)॥ ४॥

दो०— **रामु सीय सोभा अवधि सुकृत अवधि दोउ राज।**
**जहँ तहँ पुरजन कहहिं अस मिलि नर नारि समाज॥ ३०९॥**

श्रीरामचन्द्र र सीताजी सुन्दरताका सीमा हुनुहुन्छ र दुवै राजा पुण्यका सीमा हुनुहुन्छ, जता–सुकै जनकपुरवासी स्त्री–पुरुषहरूका समूह एकत्रित भएर यही भनिरहेका छन्॥ ३०९॥

**जनक सुकृत मूरति बैदेही। दसरथ सुकृत रामु धरें देही॥**
**इन्ह सम काहुँ न सिव अवराधे। काहुँ न इन्ह समान फल लाधे॥**

जनकजीको सुकृत (पुण्य) को मूर्ति जानकीजी हुनुहुन्छ र दशरथजीको सुकृत शरीर धारण गर्नुभएका श्रीरामजी हुनुहुन्छ। यी [दुई राजाहरू] का समान कसैले शिवजीको आराधना गरेका छैनन् र यिनीहरूका समान न कसैले फल नै पाएका छन्॥ १॥

**इन्ह सम कोउ न भयउ जग माहीं। है नहिं कतहूँ होनेउ नाहीं॥**
**हम सब सकल सुकृत कै रासी। भए जग जनमि जनकपुर बासी॥**

यिनीहरूसमान जगत्मा न कुनै भए, न भएका छन्, न भविष्यमा हुने नै छन्। हामी सबै पनि पुण्यका राशि भएका छौं, जसले जगत्मा जन्म लिएर जनकपुरका निवासी भयौं॥ २॥

**जिन्ह जानकी राम छबि देखी। को सुकृती हम सरिस बिसेषी॥**
**पुनि देखब रघुबीर बिआहू। लेब भली बिधि लोचन लाहू॥**

र जसले जानकीजी र श्रीरामचन्द्रजीको सुन्दरतालाई देखेका छौं। हामी समानको विशेष पुण्यात्मा को होला! अब हामीले श्रीरघुनाथजीको विवाह देख्नेछौं र राम्रैसँग नेत्रको लाभ लिनेछौं॥ ३॥

**कहहिं परसपर कोकिलबयनीं। एहि बिआहँ बड़ लाभु सुनयनीं॥**
**बड़ें भाग बिधि बात बनाई। नयन अतिथि होइहहिं दोउ भाई॥**

कोइलीका समान मधुर वचन बोल्ने स्त्रीहरू आपसमा भन्दछन् कि हे सुन्दर नेत्रवाली! यस विवाहमा ठूलो लाभ छ! ठूलो भाग्यले विधाताले सबै कुरा बनाइदिएको छ, यी दुई भाइ हाम्रा नेत्रहरूका अतिथि भइरहनेछन्॥ ४॥

दो०— **बारहिं बार सनेह बस जनक बोलाउब सीय।**
**लेन आइहहिं बंधु दोउ कोटि काम कमनीय॥ ३१०॥**

जनकजीले स्नेहवश घरीघरी सीताजीलाई बोलाउनुहुनेछ र करोडौं कामदेवजस्ता सुन्दर दुई भाइ सीताजीलाई लिन आइरहनुहुनेछ॥ ३१०॥

**बिबिध भाँति होइहि पहुनाई। प्रिय न काहि अस सासुर माई॥**
**तब तब राम लखनहि निहारी। होइहहिं सब पुर लोग सुखारी॥**

त्यसपछि उहाँहरूको अनेकौं प्रकारले सेवा–सत्कार हुनेछ। सखी! यस्तो ससुराली कसलाई प्यारो हुँदैन! त्यस समयमा सबै नगरनिवासीले श्रीराम–लक्ष्मणलाई देखेर सुखी हुनेछौं॥ १॥

**सखि जस राम लखन कर जोटा। तैसेइ भूप संग दुइ ढोटा॥**
**स्याम गौर सब अंग सुहाए। ते सब कहहिं देखि जे आए॥**

हे सखी! जस्तो श्रीराम–लक्ष्मणको जोडा छ, त्यस्तै दुई कुमार राजाका साथ अरू पनि छन्। उनीहरू पनि एक श्याम र अर्का गौर वर्णका छन्, उनीहरूका पनि सबै अङ्ग अति नै सुन्दर छन्। जुन मानिसहरूले उनीहरूलाई देखेर आएका छन्, उनीहरू सबै यही भन्दछन्॥ २॥

**कहा एक मैं आजु निहारे। जनु बिरंचि निज हाथ सँवारे॥**
**भरतु रामही की अनुहारी। सहसा लखि न सकहिं नर नारी॥**

एउटीले भनिन्—मैले आज नै उनीहरूलाई देखेकी हुँ; यति सुन्दर छन्, मानौं ब्रह्माजीले उनीहरूलाई आफ्नो हातबाट सजाएका छन्। भरत त श्रीरामचन्द्रजस्तै अनुहारका छन्। स्त्री–पुरुषले उनलाई सजिलै चिन्न सक्दैनन्॥ ३॥

**लखनु सत्रुसूदनु एकरूपा। नख सिख ते सब अंग अनूपा॥**
**मन भावहिं मुख बरनि न जाहीं। उपमा कहुँ त्रिभुवन कोउ नाहीं॥**

लक्ष्मण र शत्रुघ्न दुईको एक रूप छ। दुई जनाको नै नङदेखि शिखासम्म सबै अङ्ग अनुपम छन्। मनमा धेरै सुन्दर लाग्दछन्, तर मुखले उनीहरूको वर्णन गर्न सकिंदैन। उनीहरूका उपमाको योग्य तीनै लोकमा कुनै छैनन्॥ ४॥

छं०— **उपमा न कोउ कह दास तुलसी कतहुँ कबि कोबिद कहैं।**
**बल बिनय बिद्या सील सोभा सिंधु इन्ह से एइ अहैं॥**
**पुर नारि सकल पसारि अंचल बिधिहि बचन सुनावहीं।**
**ब्याहिअहुँ चारिउ भाइ एहिं पुर हम सुमंगल गावहीं॥**

तुलसीदास भन्दछ कि कवि र कोविद (विद्वान्) भन्दछन्, यिनीहरूको उपमा कहीं (कतै) छैन। बल, विनय, विद्या, शील र शोभाका समुद्र यिनीहरूका समान यिनी मात्रै छन्। जनकपुरका सबै स्त्रीहरू पछ्यौराको किनारा फैलाएर विधातालाई यी वचन सुनाउँदछन् कि चार भाइको नै विवाह यही नगरमा होस् र हामी सबैले मङ्गल गीत गाउन पाऊँ।

सो०— **कहहिं परस्पर नारि बारि बिलोचन पुलक तन।**
**सखि सबु करब पुरारि पुन्य पयोनिधि भूप दोउ॥ ३११॥**

नेत्रहरूमा [प्रेमाश्रुका] जल भरेर पुलकित शरीरले स्त्रीहरू आपसमा भनिरहेका छन् कि हे सखी! दुई राजकुमार पुण्यका समुद्र हुन्, त्रिपुरारि शिवजीले सबै मनोरथ पूर्ण गर्नुहुनेछ॥ ३११॥

**एहि बिधि सकल मनोरथ करहीं। आनँद उमगि उमगि उर भरहीं॥**
**जे नृप सीय स्वयंबर आए। देखि बंधु सब तिन्ह सुख पाए॥**

सबैले यस प्रकारको मनोरथ गरिरहेका छन् र हृदय उत्साहपूर्वक आनन्दले भरिएको छ। सीताजीको स्वयंवरमा जुन राजा आएका थिए, उनीहरूले पनि चार भाइलाई देखेर सुख पाए॥ १॥

**कहत राम जसु बिसद बिसाला। निज निज भवन गए महिपाला॥**
**गए बीति कछु दिन एहि भाँती। प्रमुदित पुरजन सकल बराती॥**

श्रीरामचन्द्रजीको निर्मल र महान् यशलाई बताउँदै राजाहरू आ-आफ्नो घर (राजधानी) गए। यस प्रकार केही दिन बिते। जनकपुरनिवासी र जन्तीहरू सबै अति आनन्दित भए॥ २॥

**मंगल मूल लगन दिनु आवा। हिम रितु अगहनु मासु सुहावा॥**
**ग्रह तिथि नखतु जोगु बर बारू। लगन सोधि बिधि कीन्ह बिचारू॥**

मङ्गलहरूको मूल लग्नको दिन आयो। हेमन्त ऋतु र सुन्दर मंसिरको महिना थियो। ग्रह, तिथि, नक्षत्र, योग र वार श्रेष्ठ थिए। लग्न (मुहूर्त) गणना गरेर ब्रह्माजीले विचार गर्नुभयो॥ ३॥

**पठै दीन्हि नारद सन सोई। गनी जनक के गनकन्ह जोई॥**
**सुनी सकल लोगन्ह यह बाता। कहहिं जोतिषी आहिं बिधाता॥**

र त्यस (लग्नपत्रिका) लाई नारदजीको हातबाट [जनकजीकहाँ] पठाउनुभयो। जनकजीका ज्योतिषीले पनि त्यही गणना गरेर राखेका थिए। जब सबै जनाले यस्तो कुरा सुने, त्यसपछि उनीहरूले भन्न लागे—यहाँका ज्योतिषी पनि ब्रह्मा नै छन्॥ ४॥

**दो०— धेनुधूरि बेला बिमल सकल सुमंगल मूल।**
**बिप्रन्ह कहेउ बिदेह सन जानि सगुन अनुकूल॥ ३१२॥**

निर्मल र सबै मङ्गलहरूको मूल गोधूलिको पवित्र बेला आयो र अनुकूल लक्षण हुन लागे, यस्तो जानेर ब्राह्मणहरूले जनकजीसँग भने॥ ३१२॥

**उपरोहितहि कहेउ नरनाहा। अब बिलंब कर कारनु काहा॥**
**सतानंद तब सचिव बोलाए। मंगल सकल साजि सब ल्याए॥**

त्यसपछि राजा जनकजीले पुरोहित शतानन्दजीसँग भन्नुभयो कि अब विलम्बको के काम छ। त्यसपछि शतानन्दजीले मन्त्रीहरूलाई बोलाउनुभयो। उनीहरू सबैले मङ्गलको सामान सजाएर लिएर आए॥ १॥

**संख निसान पनव बहु बाजे। मंगल कलस सगुन सुभ साजे॥**
**सुभग सुआसिनि गावहिं गीता। करहिं बेद धुनि बिप्र पुनीता॥**

शङ्ख, निशान (नगरा वा दमाहा), ढोल (ठूलो नगरा) र अरू धेरै बाजा बज्न लागे तथा मङ्गल-कलश र शुभ सगुनका वस्तुहरू (दही, दूबो आदि) सजाइयो। सुन्दर सधवा स्त्रीहरू गीत गाइरहेका छन् र पवित्र ब्राह्मणले वेदको ध्वनि उच्चारण गरिरहेका छन्॥ २॥

**लेन चले सादर एहि भाँती। गए जहाँ जनवास बराती॥**
**कोसलपति कर देखि समाजू। अति लघु लाग तिन्हहि सुरराजू॥**

सबै जना यस प्रकार आदरपूर्वक जन्तीहरूलाई लिन हिंडे र जहाँ जन्तीहरूको निवास थियो,

वहाँ गए। अयोध्यापति दशरथजीको समाज (वैभव) लाई देखेर उनीहरूलाई देवराज इन्द्र पनि अति नै तुच्छ लाग्न थाले॥ ३॥

**भयउ समउ अब धारिअ पाऊ। यह सुनि परा निसानहिं घाऊ॥**
**गुरहि पूछि करि कुल बिधि राजा। चले संग मुनि साधु समाजा॥**

[उनीहरूले गएर बिन्ती गरे—] समय भइसक्यो, अब सवारी होस्। यस्तो सुन्दाबित्तिकै नगराहरूमा चोट हान्न लागे। गुरु वशिष्ठजीसँग सोधेर र कुलका सबै रीतिहरू सम्पन्न गरेर राजा दशरथजी मुनिहरू र साधुहरूको समाजलाई साथमा लिएर सवारी भयो॥ ४॥

दो०— **भाग्य बिभव अवधेस कर देखि देव ब्रह्मादि।**
**लगे सराहन सहस मुख जानि जनम निज बादि॥ ३१३॥**

अवधनरेश दशरथजीको भाग्य र वैभव देखेर र आफ्नो जन्म व्यर्थ सम्झी ब्रह्माजी आदि देवताले हजारौं मुखले उहाँको सराहना गर्न लागे॥ ३१३॥

**सुरन्ह सुमंगल अवसरु जाना। बरषहिं सुमन बजाइ निसाना॥**
**सिव ब्रह्मादिक बिबुध बरूथा। चढ़े बिमानन्हि नाना जूथा॥**

देवगणले सुन्दर मङ्गलको अवसर जानेर, कैयौं नगरा बजाउँदै फूल बर्साएका छन्। शिवजी, ब्रह्माजी आदि देववृन्द समूह (टोली) बनाउँदै विमानहरूमा गएर चढे॥ १॥

**प्रेम पुलक तन हृदयँ उछाहू। चले बिलोकन राम बिआहू॥**
**देखि जनकपुरु सुर अनुरागे। निज निज लोक सबहिं लघु लागे॥**

र प्रेमले रोमाञ्चित-शरीर हुँदै तथा हृदयमा उत्साह भरेर श्रीरामचन्द्रजीको विवाह हेर्न हिंडे। जनकपुरलाई देखेर देवता यति अनुरक्त भएका छन् कि उनीहरू सबैले आ-आफ्नो लोक धेरै नै तुच्छ भएको महसुस गर्न लागे॥ २॥

**चितवहिं चकित बिचित्र बिताना। रचना सकल अलौकिक नाना॥**
**नगर नारि नर रूप निधाना। सुघर सुधरम सुसील सुजाना॥**

विचित्र मण्डप तथा नाना प्रकारका सबै अलौकिक रचनाहरूलाई उनीहरूले चकित भएर हेरिरहेका थिए। नगरका स्त्री-पुरुष रूपका भण्डार, सफा, श्रेष्ठ धर्मात्मा, सुशील र सुजान छन्॥ ३॥

**तिन्हहि देखि सब सुर सुरनारीं। भए नखत जनु बिधु उजिआरीं॥**
**बिधिहि भयउ आचरजु बिसेषी। निज करनी कछु कतहुँ न देखी॥**

उनीहरूलाई देखेर सबै देवता र देवाङ्गनाहरू यसरी प्रभावहीन भएका छन्, जस्तै चन्द्रमाको उज्यालोमा तारागण फिका हुन्छन्। ब्रह्माजीलाई विशेष आश्चर्य भयो; किनकि त्यहाँ उहाँले आफ्नो कुनै रचना कतै देख्नु नै भएन॥ ४॥

दो०— **सिवँ समुझाए देव सब जनि आचरज भुलाहु।**
**हृदयँ बिचारहु धीर धरि सिय रघुबीर बिआहु॥ ३१४॥**

अनि शिवजीले सबै देवताहरूलाई सम्झाउनुभयो कि तिमीहरू आश्चर्यमा बिलकुल नभुल। हृदयमा धैर्य गरेर विचार त गर कि यो [भगवान्‌को महामहिमामयी निजशक्ति] श्रीसीताजीको र [अखिल ब्रह्माण्डका परम ईश्वर साक्षात् भगवान्] श्रीरामचन्द्रजीको विवाह हो॥ ३१४॥

**जिन्ह कर नामु लेत जग माहीं। सकल अमंगल मूल नसाहीं॥**
**करतल होहिं पदारथ चारी। तेइ सिय रामु कहेउ कामारी॥**

जसको नाम लिंदा नै जगत्‌मा सबै अमङ्गलहरूका जरा काटिन्छन् र चारै पदार्थ (अर्थ, धर्म, काम, मोक्ष) मुठीमा आउँछन्, यी उनै [जगत्‌का माता-पिता] श्रीसीतारामजी हुनुहुन्छ; कामका शत्रु शिवजीले यसो भन्नुभयो॥ १॥

**एहि बिधि संभु सुरन्ह समुझावा। पुनि आगें बर बसह चलावा॥**
**देवन्ह देखे दसरथु जाता। महामोद मन पुलकित गाता॥**

यस प्रकार शिवजीले देवताहरूलाई सम्झाउनुभयो र फेरि आफ्नो श्रेष्ठ बसाहा नन्दीश्वरलाई अघि बढाउनुभयो। देवताहरूले देखे कि दशरथजी मनमा अति नै प्रसन्न र शरीरमा रोमाञ्चित हुँदै गइरहनुभएको छ॥ २॥

**साधु समाज संग महिदेवा। जनु तनु धरें करहिं सुख सेवा॥**
**सोहत साथ सुभग सुत चारी। जनु अपबरग सकल तनुधारी॥**

उहाँका साथ [परम हर्षयुक्त] साधुहरू र ब्राह्मणहरूका मण्डलीले यस्तो शोभा दिइरहेका छन्, मानौं समस्त सुखले शरीर धारण गरेर उहाँको सेवा गरिरहेका छन्। चारै सुन्दर पुत्र साथमा यसरी सुशोभित छन्, मानौं सम्पूर्ण मोक्षले (सालोक्य, सामीप्य, सारूप्य, सायुज्य) शरीर धारण गरेका छन्॥ ३॥

**मरकत कनक बरन बर जोरी। देखि सुरन्ह भै प्रीति न थोरी॥**
**पुनि रामहि बिलोकि हियँ हरषे। नृपहि सराहि सुमन तिन्ह बरषे॥**

मरकतमणि र सुवर्णका रङ्गका सुन्दर जोडीहरूलाई देखेर देवताहरूलाई कम प्रीति भएको छैन (अर्थात् अत्यन्त प्रीति छ)। फेरि रामचन्द्रजीलाई देखेर उनीहरू हृदयमा (अत्यन्त) हर्षित भए र राजाको सराहना गर्दै उनीहरूले फूल बर्साए॥ ४॥

दो०—**राम रूपु नख सिख सुभग बारहिं बार निहारि।**
**पुलक गात लोचन सजल उमा समेत पुरारि॥ ३१५॥**

नङबाट शिखासम्म श्रीरामचन्द्रको सुन्दर रूपलाई बारम्बार हेर्दै पार्वतीजीसहित शिवजीको शरीर पुलकित भयो र उहाँहरूका नेत्र [प्रेमाश्रु] जलले भरिए॥ ३१५॥

**केकि कंठ दुति स्यामल अंगा। तड़ित बिनिंदक बसन सुरंगा॥**
**ब्याह बिभूषन बिबिध बनाए। मंगल सब सब भाँति सुहाए॥**

श्रीरामजीको मुजुरको कण्ठको जस्तो कान्तिवाला [हरिताभ] श्याम शरीर छ। बिजुलीलाई

पनि अत्यन्त अनादर गर्ने प्रकाशमय सुन्दर [पहेंला] रङ्गका वस्त्र छन्। सबै मङ्गलरूप र सबै प्रकारले सुन्दर थरीथरीका विवाहका आभूषण शरीरमा सजाइएका छन्॥ १॥

**सरद बिमल बिधु बदनु सुहावन। नयन नवल राजीव लजावन॥**
**सकल अलौकिक सुंदरताई। कहि न जाइ मनहीं मन भाई॥**

उहाँको सुन्दर मुख शरत्पूर्णिमाको निर्मल चन्द्रमा समान छ र [मनोहर] नेत्र नयाँ कमललाई लज्जित गर्नेवाला छन्। सबै सुन्दरता अलौकिक छन्। (मायाले बनेका होइनन्, दिव्य सच्चिदानन्दमय हुन्) जसलाई वर्णन गर्न नै सकिँदैन, मनमनै अत्यन्त धेरै प्रिय लाग्दछन्॥ २॥

**बंधु मनोहर सोहहिं संगा। जात नचावत चपल तुरंगा॥**
**राजकुअँर बर बाजि देखावहिं। बंस प्रसंसक बिरिद सुनावहिं॥**

साथमा मनोहर भाइ सुशोभित (शोभायमान) हुनुहुन्छ, जसले चञ्चल घोडाहरूलाई नचाउँदै हिँडिरहनुभएको छ। राजकुमारले श्रेष्ठ घोडाहरू (उनको चाल) लाई देखाइरहनुभएको छ र वंशको प्रशंसा गर्ने (मागध-भाट) हरूले विरुदावली सुनाइरहेका छन्॥ ३॥

**जेहि तुरंग पर रामु बिराजे। गति बिलोकि खगनायकु लाजे॥**
**कहि न जाइ सब भाँति सुहावा। बाजि बेषु जनु काम बनावा॥**

जुन घोडामा श्रीराम विराजमान हुनुहुन्छ, त्यसको [तेज] चाल देखेर गरुड पनि लज्जित हुन्छन्, त्यसको वर्णन हुन नै सक्दैन, त्यो सबै प्रकारले सुन्दर छ। मानौं कामदेवले नै घोडाको वेश (पहिरन) धारण गरिरहेको छ॥ ४॥

**छं०— जनु बाजि बेषु बनाइ मनसजु राम हित अति सोहई।**
**आपनें बय बल रूप गुन गति सकल भुवन बिमोहई॥**
**जगमगत जीनु जराव जोति सुमोति मनि मानिक लगे।**
**किंकिनि ललाम लगामु ललित बिलोकि सुर नर मुनि ठगे॥**

मानौं श्रीरामचन्द्रका लागि कामदेव घोडाको वेश बनाएर अत्यन्त शोभायमान भइरहेको छ। उसले आफ्नो अवस्था, बल, रूप, गुण र चालले समस्त लोकलाई मोहित गरिरहेको छ। सुन्दर मोती, मणि र माणिक्य लगाइएको हुँदा झकमक्क (झल्झली) रूपले जगमगाइरहेका (झल्केका) छन्। उसको सुन्दर घुँगुरा लगाइएका मनोहर लगामलाई देखेर देवता, मनुष्य र मुनि सबै ठगिएका छन्।

**दो०— प्रभु मनसहिं लयलीन मनु चलत बाजि छबि पाव।**
**भूषित उड़गन तड़ित घनु जनु बर बरहि नचाव॥ ३१६॥**

प्रभुको इच्छामा आफ्नो मनलाई लीन गराई हिँड्दै गरेको त्यो घोडाले अति नै शोभा पाइरहेको छ। मानौं तारागण तथा बिजुलीबाट अलङ्कृत मेघले सुन्दर मुजुरलाई नचाइरहेको छ॥ ३१६॥

**जेहिं बर बाजि रामु असवारा। तेहि सारदउ न बरनै पारा॥**
**संकरु राम रूप अनुरागे। नयन पंचदस अति प्रिय लागे॥**

जुन श्रेष्ठ घोडामा श्रीरामचन्द्रजी सवार हुनुभएको छ, त्यसको वर्णन सरस्वतीजीले पनि गर्न सक्नुहुन्न। शङ्करजी श्रीरामचन्द्रजीको रूपमा यसरी अनुरक्त हुनुभयो कि उहाँलाई आफ्ना पन्ध्रवटा नेत्र यतिखेर अति नै प्यारा लाग्न लागे॥ १॥

**हरि हित सहित रामु जब जोहे। रमा समेत रमापति मोहे॥**
**निरखि राम छबि बिधि हरषाने। आठइ नयन जानि पछिताने॥**

भगवान् विष्णुले जब प्रेमसहित श्रीरामलाई देख्नुभयो, तब उहाँ [रमणीयताका मूर्ति] श्रीलक्ष्मीजीका पति श्रीलक्ष्मीजीसहित मोहित हुनुभयो। श्रीरामचन्द्रजीको शोभालाई देखेर ब्रह्माजी धेरै नै प्रसन्न हुनुभयो, तर आफ्ना आठवटा मात्र नेत्र जानेर पछुताउन लाग्नुभयो॥ २॥

**सुर सेनप उर बहुत उछाहू। बिधि ते डेवढ़ लोचन लाहू॥**
**रामहि चितव सुरेस सुजाना। गौतम श्रापु परम हित माना॥**

देवताहरूका सेनापति स्वामिकार्तिकलाई हृदयमा अत्यन्त उत्साह छ, किनकि उहाँले ब्रह्माजी भन्दा डेढ [$१\frac{१}{२}$] अर्थात् बाह्र नेत्रहरूले रामदर्शनको सुन्दर लाभ उठाइरहेका छन्। सुजान इन्द्रले [आफ्ना हजार नेत्रहरूबाट] श्रीरामचन्द्रजीलाई हेरिरहेका छन् र गौतमजीको श्रापलाई आफ्नो लागि परम हितकर मानिरहेका छन्॥ ३॥

**देव सकल सुरपतिहि सिहाहीं। आजु पुरंदर सम कोउ नाहीं॥**
**मुदित देवगन रामहि देखी। नृपसमाज दुहुँ हरषु बिसेषी॥**

सबै देवताले देवराज इन्द्रको ईर्ष्या गरिरहेका छन् [र भनिरहेका छन्] कि आज इन्द्रसमान भाग्यवान् अरू कुनै छैनन्। श्रीरामचन्द्रलाई देखेर देवगण प्रसन्न छन् र दुवै राजाको समाजमा विशेष हर्ष छाइरहेको छ॥ ४॥

छं०— **अति हरषु राजसमाज दुहु दिसि दुंदुभीं बाजहिं घनी।**
**बरषहिं सुमन सुर हरषि कहि जय जयति जय रघुकुलमनी॥**
**एहि भाँति जानि बरात आवत बाजने बहु बाजहीं।**
**रानी सुआसिनि बोलि परिछनि हेतु मंगल साजहीं॥**

दुवै तर्फबाट राजसमाजमा अत्यन्त हर्ष छ र अत्यन्त ठूलो आवाजले दुन्दुभिहरू बजिरहेका छन्। देवता प्रसन्न भएर 'रघुकुलमणि श्रीरामको जय होस्, जय होस्, जय होस्' भनेर फूल बर्साइरहेका छन्। यस प्रकार जन्तीहरू आउँदै गरेको जानेर धेरै प्रकारका बाजा घन्कन लागे र रानीले सधवा स्त्रीहरूलाई बोलाएर पर्छनका लागि मङ्गलद्रव्य सजाउन लाग्नुभयो।

दो०— **सजि आरती अनेक बिधि मंगल सकल सँवारि।**
**चलीं मुदित परिछनि करन गजगामिनि बर नारि॥ ३१७॥**

अनेक प्रकारका आरती सजाएर र समस्त मङ्गलद्रव्यहरूलाई यथायोग्य सजाएर गजगामिनी (हात्तिनीको जस्तो चालले हिंड्ने) उत्तम स्त्रीहरू आनन्दपूर्वक पर्छनका लागि हिंडे॥ ३१७॥

**बिधुबदनी सब सब मृगलोचनि। सब निज तन छबि रति मदु मोचनि॥**
**पहिरें बरन बरन बर चीरा। सकल बिभूषन सजें सरीरा॥**

सबै स्त्रीहरू चन्द्रमुखी (चन्द्रमासमान मुख भएका) र सबै मृगलोचनी (हरिणको जस्ता आँखा भएका) छन् र सबै आफ्नो शरीरको शोभाले रतिको गर्वलाई च्युत गर्नेवाला छन्। रङ्ग-रङ्गका सुन्दर साडीहरू लगाएका छन् र शरीरमा सबै आभूषण सजाएका छन्॥ १॥

**सकल सुमंगल अंग बनाएँ। करहिं गान कलकंठि लजाएँ॥**
**कंकन किंकिनि नूपुर बाजहिं। चालि बिलोकि काम गज लाजहिं॥**

समस्त अङ्गहरूमा सुन्दर मङ्गल पदार्थबाट सजाएर कोइलीलाई पनि लज्जित गर्दै [मधुर स्वरले] गाइरहेका छन् र कङ्कण (हातको बाला), करधनी (कमरबन्द) र नूपुर (पाउजेब) बजिरहेका छन्। स्त्रीहरूको चाल देखेर कामदेवको हात्ती पनि लज्जित हुन्छ॥ २॥

**बाजहिं बाजने बिबिध प्रकारा। नभ अरु नगर सुमंगलचारा॥**
**सची सारदा रमा भवानी। जे सुरतिय सुचि सहज सयानी॥**

अनेक प्रकारका बाजा बजिरहेका छन्, आकाश र नगर दुवै ठाउँमा सुन्दर मङ्गलाचार भइरहेको छ। शची (इन्द्राणी), सरस्वती, लक्ष्मी, पार्वती र जुन स्वभावैले पवित्र र समझदार देवाङ्गनाहरू थिए,॥ ३॥

**कपट नारि बर बेष बनाई। मिलीं सकल रनिवासहिं जाई॥**
**करहिं गान कल मंगल बानीं। हरष बिबस सब काहुँ न जानीं॥**

उनीहरू सबैले कपटपूर्वक सुन्दर स्त्रीको भेष बनाएर अन्तःपुर (खोपी) मा गएर मनोहर मङ्गलगान गर्न लागे। सबै जना हर्षको विशेष वशमा थिए, अतः कसैले पनि उनीहरूलाई चिनेनन्॥ ४॥

छं०— **को जान केहि आनंद बस सब ब्रह्मु बर परिछन चली।**
**कल गान मधुर निसान बरषहिं सुमन सर सोभा भली॥**
**आनंदकंदु बिलोकि दूलहु सकल हियँ हरषित भई।**
**अंभोज अंबक अंबु उमगि सुअंग पुलकावलि छई॥**

कसले कसलाई जान्ने-चिन्ने! आनन्दको वशमा भएर सबैले बेहुला (दुलाहा) बनेका ब्रह्मलाई पर्छन हिंडे। मनोहर गायन भइरहेको छ। मधुर-मधुर (स्वरमा) नगराहरू बजिरहेका छन्, देवताले फूल बर्साएका छन्, अति नै राम्रो शोभा छ। आनन्दकन्द दुलाहालाई देखेर सबै स्त्रीहरू हृदयमा हर्षित भए। उनीहरूका कमलसमान नेत्रमा प्रेमाश्रुका जलको मूल फुट्यो र सुन्दर अङ्गहरूमा रोमाञ्च भरियो।

दो०— **जो सुखु भा सिय मातु मन देखि राम बर बेषु।**
**सो न सकहिं कह कलप सत सहस सारदा सेषु॥ ३१८॥**

श्रीरामचन्द्रजीको वरवेश देखेर सीताजीकी माता सुनयनाजीको मनमा जुन आनन्द भयो, त्यसलाई हजारौं सरस्वती र शेषजीले सय कल्पमा पनि वर्णन गर्न सक्दैनन् [अथवा लाखौं सरस्वती र शेषले लाखौं कल्पसम्ममा पनि वर्णन गर्न सक्दैनन्]॥ ३१८॥

**नयन नीरु हटि मंगल जानी। परिछनि करहिं मुदित मन रानी॥**
**बेद बिहित अरु कुल आचारू। कीन्ह भली बिधि सब ब्यवहारू॥**

मङ्गल-अवसर जानेर नेत्रका जललाई रोक्दै महारानीले प्रसन्न मनले पर्छिरहनुभएको छ। वेदमा वर्णन गरिएका तथा कुलाचार अनुसारका सबै व्यवहार रानीले विशिष्ट किसिमले गर्नुभयो॥ १॥

**पंच सबद धुनि मंगल गाना। पट पाँवड़े परहिं बिधि नाना॥**
**करि आरती अरघु तिन्ह दीन्हा। राम गमनु मंडप तब कीन्हा॥**

पञ्चशब्द [पञ्चेबाजा], पञ्चध्वनि (वेदध्वनि, बन्दीध्वनि, जयध्वनि, शङ्खध्वनि र हुलूध्वनि) र मङ्गलगान भइरहेको छ। नाना प्रकारका वस्त्रहरू स्वागतको लागि बिछ्याइएको छ। उहाँले (रानीले) आरती गरेर अर्घ्य दिनुभयो, त्यसपछि श्रीराम मण्डपमा जानुभयो॥ २॥

**दसरथु सहित समाज बिराजे। बिभव बिलोकि लोकपति लाजे॥**
**समयँ समयँ सुर बरषहिं फूला। सांति पढ़हिं महिसुर अनुकूला॥**

महाराज दशरथजी आफ्नो मण्डलीसहित विराजमान हुनुभयो। उहाँको वैभवलाई देखेर लोकपाल पनि लज्जित हुन्छन्। समय-समयमा देवताले फूल बर्साउँदछन् र भूदेव ब्राह्मणले समयानुकूल शान्ति-पाठ गरेका छन्॥ ३॥

**नभ अरु नगर कोलाहल होई। आपनि पर कछु सुनइ न कोई॥**
**एहि बिधि रामु मंडपहिं आए। अरघु देइ आसन बैठाए॥**

आकाश र नगरमा स्वर मच्चिइरहेको (कोलाहल भएको) छ। आफ्नो र अर्काको कसैले केही पनि सुन्दैनन्। यसरी श्रीरामचन्द्रजी यज्ञ-मण्डपमा आउनुभयो र अर्घ्य दिई आसनमा बसालियो॥ ४॥

छं०— **बैठारि आसन आरती करि निरखि बरु सुखु पावहीं।**
**मनि बसन भूषन भूरि वारहिं नारि मंगल गावहीं॥**
**ब्रह्मादि सुरबर बिप्र बेष बनाइ कौतुक देखहीं।**
**अवलोकि रघुकुल कमल रबि छबि सुफल जीवन लेखहीं॥**

आसनमा बसालेर, आरती गरी बेहुला (दुलाहा) लाई देखेर स्त्रीहरूले सुख पाइरहेका छन्। उनीहरूले थुप्राको थुप्रा मणि, वस्त्र र गहना अर्पण गरेर मङ्गल गाइरहेका छन्। ब्रह्मा आदि श्रेष्ठ देवता ब्राह्मणको वेश बनाएर कौतुक देखिरहेका छन्। उनीहरूले रघुकुलरूपी कमललाई प्रफुल्लित गर्नेवाला सूर्य श्रीरामचन्द्रजीको छवि (रूप) देखेर आफ्नो जीवन सफल जानिरहेका छन्।

दो०— **नाऊ बारी भाट नट राम निछावरि पाइ।**
**मुदित असीसहिं नाइ सिर हरषु न हृदयँ समाइ॥ ३१९॥**

नाई (हजाम), बारी (दुना, टपरी बनाउने जाति), भाट र नटले श्रीरामचन्द्रजीबाट उपहार पाएर आनन्दित हुँदै शिर झुकाएर आशिष दिएका छन्; उनीहरूको हृदयमा हर्षको सीमा थिएन॥ ३१९ ॥

**मिले जनकु दसरथु अति प्रीतीं। करि बैदिक लौकिक सब रीतीं॥**
**मिलत महा दोउ राज बिराजे। उपमा खोजि खोजि कबि लाजे॥**

वैदिक र लौकिक सबै रीतिहरू गरेर महाराज जनक र महाराज दशरथ अति नै प्रेमपूर्वक भेट हुनुभयो। दुवै महाराज भेट हुँदा अति नै ठूलो शोभा भयो, कवि त्यसका लागि उपमा खोज्दा-खोज्दै लज्जित भए॥ १ ॥

**लही न कतहुँ हारि हियँ मानी। इन्ह सम एइ उपमा उर आनी॥**
**सामध देखि देव अनुरागे। सुमन बरषि जसु गावन लागे॥**

जब कहीं पनि उपमा भेटिएन, त्यसपछि हृदयमा हार मानेर उनीहरूले मनमा यही उपमा निश्चित गरे कि यिनीहरूका समान यिनीहरू नै छन्। सम्धीहरूको मिलाप या परस्पर सम्बन्ध देखेर देवता अनुरक्त भए र फूल बर्साउदै उहाँहरूको यश गाउन लागे॥ २ ॥

**जगु बिरंचि उपजावा जब तें। देखे सुने ब्याह बहु तब तें॥**
**सकल भाँति सम साजु समाजू। सम समधी देखे हम आजू॥**

[उनीहरूले भन्न लागे— ] जहिलेदेखि ब्रह्माजीले जगत्‌लाई उत्पन्न गरे, त्यसपछि हामीले धेरै नै विवाह देख्यौं-सुन्यौं; परन्तु सबै प्रकारले समान साज-समाज (समान र समाज) र बराबरीको (पूर्णसमतायुक्त) सम्धी त आज नै देख्यौं॥ ३ ॥

**देव गिरा सुनि सुंदर साँची। प्रीति अलौकिक दुहु दिसि माची॥**
**देत पाँवड़े अरघु सुहाए। सादर जनकु मंडपहिं ल्याए॥**

देवताहरूका सुन्दर सत्यवाणी सुनेर दुवैतर्फ अलौकिक प्रीति छाइयो। सुन्दर वस्त्र बिछ्याउँदै र अर्घ्य दिँदै जनकजीले दशरथजीलाई आदरपूर्वक मण्डपमा लिएर आउनुभयो॥ ४ ॥

छं०— **मंडपु बिलोकि बिचित्र रचनाँ रुचिरताँ मुनि मन हरे।**
**निज पानि जनक सुजान सब कहुँ आनि सिंघासन धरे॥**
**कुल इष्ट सरिस बसिष्ट पूजे बिनय करि आसिष लही।**
**कौसिकहि पूजत परम प्रीति कि रीति तौ न परै कही॥**

मण्डपलाई देखेर त्यसको विचित्र रचना र सुन्दरताले मुनिहरूको मनले पनि हार्‍यो (मोहित भए)। सुजान (सर्वज्ञ) जनकजीले आफ्ना हातले ल्याएर सबैलाई सिंहासनमा राख्नुभयो। उहाँले आफ्ना कुलका इष्टदेवतासमान वशिष्ठजीको पूजा गर्नुभयो र बिन्ती गरेर आशीर्वाद प्राप्त गर्नुभयो। विश्वामित्रजीलाई पूजा गर्ने समयको परम प्रीतिको तरिका त भन्नै सकिँदैन।

दो०— **बामदेव आदिक रिषय पूजे मुदित महीस।**
**दिए दिब्य आसन सबहि सब सन लही असीस॥ ३२० ॥**

राजाले वामदेव आदि ऋषिहरूको प्रसन्न मनले पूजा गर्नुभयो। सबैलाई दिव्य आसन दिनुभयो र सबैबाट आशीर्वाद प्राप्त गर्नुभयो॥ ३२०॥

**बहुरि कीन्हि कोसलपति पूजा। जानि ईस सम भाउ न दूजा॥**
**कीन्हि जोरि कर बिनय बड़ाई। कहि निज भाग्य बिभव बहुताई॥**

फेरि उहाँले कोसलाधीश राजा दशरथजीलाई ईश [महादेवजी] का समान जानेर पूजा गर्नुभयो, कुनै अर्को भावना थिएन। तदनन्तर [उहाँको सम्बन्धले] आफ्नो भाग्य र वैभवको विस्तारपूर्वक सराहना गरेर हात जोडी बिन्ती र प्रशंसा गर्नुभयो॥ १॥

**पूजे भूपति सकल बराती। समधी सम सादर सब भाँती॥**
**आसन उचित दिए सब काहू। कहौं काह मुख एक उछाहू॥**

राजा जनकजीले सबै जन्तीहरूलाई पनि सम्धी दशरथजीका समान सबै प्रकारले आदरपूर्वक पूजन गर्नुभयो र सबै जनालाई उचित आसन दिनुभयो। मैले एक मुखबाट त्यस उत्साहको कसरी वर्णन गरूँ॥ २॥

**सकल बरात जनक सनमानी। दान मान बिनती बर बानी॥**
**बिधि हरि हरु दिसिपति दिनराऊ। जे जानहिं रघुबीर प्रभाऊ॥**

राजा जनकजीले दान, मान-सम्मान, बिन्ती र उत्तम वाणीले सबै जन्तीहरूको सम्मान गर्नुभयो, ब्रह्मा, विष्णु, शिव, दिक्पाल र सूर्य जसले श्रीरघुनाथजीको प्रभाव जान्दथे,॥ ३॥

**कपट बिप्र बर बेष बनाएँ। कौतुक देखहिं अति सचु पाएँ॥**
**पूजे जनक देव सम जानें। दिए सुआसन बिनु पहिचानें॥**

उनीहरूले कपटपूर्वक ब्राह्मणहरूको वेश बनाएर अति नै सुख मान्दै सबै लीला हेरिरहेका थिए। जनकजीले उनीहरूलाई देवताका समान जानेर पूजन गर्नुभयो र अपरिचित भएता पनि उनीहरूलाई सुन्दर आसन दिनुभयो॥ ४॥

छं०— **पहिचान को केहि जान सबहि अपान सुधि भोरी भई।**
**आनंद कंदु बिलोकि दूलहु उभय दिसि आनँदमई॥**
**सुर लखे राम सुजान पूजे मानसिक आसन दए।**
**अवलोकि सीलु सुभाउ प्रभु को बिबुध मन प्रमुदित भए॥**

कसले कसलाई जान्ने र चिन्ने! सबैले आफूलाई नै बिर्सेका छन् (लाटा-लाटीझैं टोलाएका छन्)। आनन्दकन्द दुलाहालाई देखेर दुवैतर्फ आनन्दमय स्थिति भइरहेको छ। सुजान श्रीरामचन्द्रजीले देवताहरूलाई चिन्नुभयो र उनीहरूको मानसिक पूजा गरेर मानसिक आसन दिनुभयो। प्रभुको शील-स्वभाव देखेर देवगण मनमा अति नै आनन्दित भएका थिए।

दो०— **रामचंद्र मुख चंद्र छबि लोचन चारु चकोर।**
**करत पान सादर सकल प्रेमु प्रमोदु न थोर॥ ३२१॥**

श्रीरामचन्द्रजीको मुखरूपी चन्द्रमाको छविलाई सबैका सुन्दर नेत्ररूपी चकोर [च्याखुरा] ले आनन्दपूर्वक पान गरिरहेका छन्; प्रेम र आनन्द थोरै छैन (अत्यन्तै धेरै छ)॥ ३२१॥

**समउ बिलोकि बसिष्ठ बोलाए। सादर सतानंदु सुनि आए॥**
**बेगि कुअँरि अब आनहु जाई। चले मुदित मुनि आयसु पाई॥**

समय हेरेर वशिष्ठजीले शतानन्दजीलाई आदरपूर्वक बोलाउनुभयो। उहाँ बोलाहट सुनेर आदरका साथ आउनुभयो। वशिष्ठजीले भन्नुभयो—अब गएर राजकुमारीलाई शीघ्र ल्याउनुहोस्। मुनिको आज्ञा पाएर उहाँ प्रसन्न हुँदै हिँड्नुभयो॥ १॥

## * श्रीसीता-राम-विवाह *

**रानी सुनि उपरोहित बानी। प्रमुदित सखिन्ह समेत सयानी॥**
**बिप्र बधू कुलबृद्ध बोलाईं। करि कुलरीति सुमंगल गाईं॥**

बुद्धिमती महारानी पुरोहितका वाणी सुनेर सखीहरूसहित धेरै प्रसन्न हुनुभयो। ब्राह्मणका स्त्रीहरू र कुलका वृद्ध स्त्रीहरूलाई बोलाएर उनीहरूले कुलरीति गरेर सुन्दर मङ्गलगीत गाए॥ २॥

**नारि बेष जे सुर बर बामा। सकल सुभायँ सुंदरी स्यामा॥**
**तिन्हहि देख सुखु पावहिं नारीं। बिनु पहिचानि प्रानहु ते प्यारीं॥**

श्रेष्ठ देवाङ्गनाहरू, जो सुन्दर मनुष्य-स्त्रीहरूको भेषमा छन्, सबै स्वभावैले सुन्दरी र श्यामा (सोह्र वर्षका अवस्थाका) छन्। उनीहरूलाई देखेर अन्तःपुर (खोपी) का स्त्रीहरूले सुख प्राप्त गरेका छन् र अपरिचित भए तापनि उनीहरू सबै प्राणभन्दा पनि प्यारो भइरहेका छन्॥ ३॥

**बार बार सनमानहिं रानी। उमा रमा सारद सम जानी॥**
**सीय सँवरि समाजु बनाई। मुदित मंडपहिं चलीं लवाई॥**

उनीहरूलाई पार्वती, लक्ष्मी र सरस्वतीका समान मानेर रानीले बारम्बार उनीहरूको सम्मान गर्नुहुन्छ। [अन्तःपुरका स्त्री र सखीहरूले] सीताजीलाई शृङ्गार गरेर, मण्डली बनाई प्रसन्न हुँदै मण्डपमा लिएर हिँडे॥ ४॥

छं०— **चलि ल्याइ सीतहि सखीं सादर सजि सुमंगल भामिनीं।**
**नवसप्त साजें सुंदरीं सब मत्त कुंजर गामिनीं॥**
**कल गान सुनि मुनि ध्यान त्यागहिं काम कोकिल लाजहीं।**
**मंजीर नूपुर कलित कंकन ताल गति बर बाजहीं॥**

सुन्दर मङ्गलको सामान सजाएर खोपी [रनिवास] का स्त्री र सखीहरूले आदरसहित सीताजीलाई लिएर हिँडे। सबै सुन्दरीले सोह्र शृङ्गार गरेर हस्तिनीहरूको चालले हिँड्नेवाला छन्। उनको मनोहर गीतलाई सुनेर मुनिले ध्यान छोडिदिन्छन् र कामदेवको कोइली पनि लज्जित हुन्छ। पाउजेब, नूपुर र कङ्कणहरू तालको गतिमा अति नै सुन्दर बजिरहेका छन्।

दो०— **सोहति बनिता बृंद महुँ सहज सुहावनि सीय।**
**छबि ललना गन मध्य जनु सुषमा तिय कमनीय॥ ३२२॥**

स्वाभाविक रूपमा नै सुन्दरी सीताजी स्त्रीहरूको समूहमा यस प्रकार शोभा पाइरहनुभएको छ, मानौं छविरूपी सुन्दर युवतिहरूको समूहका बीच साक्षात् परम मनोहर शोभारूपी स्त्री सुशोभित (शोभायमान) भएकी छन्॥ ३२२॥

**सिय सुंदरता बरनि न जाई। लघु मति बहुत मनोहरताई॥**
**आवत दीखि बरातिन्ह सीता। रूप रासि सब भाँति पुनीता॥**

सीताजीको सुन्दरताको वर्णन हुनै सक्दैन, किनकि बुद्धि अत्यन्त सानो छ र मनोहरता अत्यन्तै ठूलो छ। रूपकी राशि र सबै प्रकारले पवित्र सीताजीलाई जन्तीहरूले आउँदै गरेको देखे॥ १॥

**सबहि मनहिं मन किए प्रनामा। देखि राम भए पूरनकामा॥**
**हरषे दसरथ सुतन्ह समेता। कहि न जाइ उर आनँदु जेता॥**

उहाँलाई सबैले मन-मनै प्रणाम गरे। श्रीरामचन्द्रजीलाई देखेर त सबै पूर्णकाम (कृतकृत्य) भइहाले। राजा दशरथजी पुत्रहरूसहित हर्षित हुनुभयो। उहाँको हृदयमा जति आनन्द थियो, त्यो भनेर नै सकिँदैन॥ २॥

**सुर प्रनामु करि बरिसहिं फूला। मुनि असीस धुनि मंगल मूला॥**
**गान निसान कोलाहलु भारी। प्रेम प्रमोद मगन नर नारी॥**

देवताले प्रणाम गरेर फूल बर्साएका छन्। मङ्गलहरूको मूल मुनिहरूका आशीर्वादको ध्वनि भइरहेको छ। गीत र नगराहरूको शब्दले धेरै ठूलो स्वर मच्चिएको छ। सबै नर-नारी प्रेम र आनन्दमा मग्न छन्॥ ३॥

**एहि बिधि सीय मंडपहिं आई। प्रमुदित सांति पढ़हिं मुनिराई॥**
**तेहि अवसर कर बिधि ब्यवहारू। दुहुँ कुलगुर सब कीन्ह अचारू॥**

यस्ता प्रकारले सीताजी मण्डपमा आउनुभयो। मुनिराज अत्यन्तै आनन्दित भएर शान्तिपाठ पढिरहनुभएको छ। त्यस अवसरमा सबै रीति, व्यवहार र कुलाचार दुवै कुलगुरुहरूले गर्नुभयो॥ ४॥

छं०— **आचारु करि गुर गौरि गनपति मुदित बिप्र पुजावहीं।**
**सुर प्रगटि पूजा लेहिं देहिं असीस अति सुखु पावहीं॥**
**मधुपर्क मंगल द्रब्य जो जेहि समय मुनि मन महुँ चहैं।**
**भरे कनक कोपर कलस सो तब लिएहिं परिचारक रहैं॥**

कुलाचार गरेर गुरुजी प्रसन्न हुँदै गौरीजी, गणेशजी र ब्राह्मणहरूको पूजा गराइरहेका छन् [अथवा ब्राह्मणहरूले गौरी र गणेशको पूजा गराइरहेका छन्]। देवता प्रकट भएर पूजा ग्रहण गरिरहेका छन्, आशीर्वाद दिइरहेका छन् र अत्यन्त सुख पाइरहेका छन्। मधुपर्क आदि जुन कुनै पनि माङ्गलिक पदार्थलाई मुनिले जुन समयमा मनमा इच्छा मात्र गर्नुहुन्छ, सेवकगण त्यही समयमा नै सुनका परात र कलशहरूमा भरेर पदार्थहरू लिँदै तयार रहन्छन्॥ १॥

**कुल रीति प्रीति समेत रबि कहि देत सबु सादर कियो।**
**एहि भाँति देव पुजाइ सीतहि सुभग सिंघासनु दियो॥**

**सिय राम अवलोकनि परसपर प्रेमु कहुँ न लखि परै।**
**मन बुद्धि बर बानी अगोचर प्रगट कबि कैसें करै॥**

स्वयं सूर्यदेवले प्रेमसहित आफ्ना कुलका सबै रीतिहरू बताइरहनुभएको छ र त्यो विधि आदरपूर्वक गरिएको छ। यस प्रकार देवताहरूको पूजा गराएर मुनिहरूले सीताजीलाई सुन्दर सिंहासन दिए। सीताजी र रामजीले आपसमा एक-अर्कोलाई हेर्नु तथा उहाँहरूको परस्पर प्रेम कसैलाई पनि थाहा हुन सक्दैन। जुन कुरा श्रेष्ठ मन, बुद्धि र वाणीभन्दा पनि टाढा छ, उसलाई कविले कसरी प्रकट गर्न सक्दछ?॥ २॥

दो०— **होम समय तनु धरि अनलु अत सुख आहुति लेहिं।**
**बिप्र बेष धरि बेद सब कहि बिबाह बिधि देहिं॥ ३२३॥**

हवनको समयमा अग्निदेवले शरीर धारण गरेर अति आनन्दपूर्वक आहुति ग्रहण गरेका छन् र सबै वेदले ब्राह्मणको वेश बनाएर विवाहका विधिहरू बताइरहेका छन्॥ ३२३॥

**जनक पाटमहिषी जग जानी। सीय मातु किमि जाइ बखानी॥**
**सुजसु सुकृत सुख सुंदरताई। सब समेटि बिधि रची बनाई॥**

जनकजीकी जगद्विख्यात पटरानी* र सीताजीकी मुमाको वर्णन कसरी हुन सक्दछ। सुयश, सुकृत (पुण्य), सुख र सुन्दरता सबैलाई बटुलेर विधाताले उहाँलाई सजाएर तयार गरेको छ॥ १॥

**समउ जानि मुनिबरन्ह बोलाईं। सुनत सुआसिनि सादर ल्याईं॥**
**जनक बाम दिसि सोह सुनयना। हिमगिरि संग बनी जनु मयना॥**

समय जानेर मुनिवरहरूले उहाँलाई बोलाए। यस्तो सुन्दा सधवा (ऐभाँती) स्त्रीहरूले उहाँलाई आदरपूर्वक लिएर आए। सुनयनाजी (जनकजीकी पटरानी) जनकजीको बायाँतर्फ यसरी सुहाउनुभएको छ, मानौं हिमाचलका साथ मैनाजी शोभायमान हुनुभएको छ॥ २॥

**कनक कलस मनि कोपर रूरे। सुचि सुगंध मंगल जल पूरे॥**
**निज कर मुदित रायँ अरु रानी। धरे राम के आगें आनी॥**

पवित्र, सुगन्धित र मङ्गल जलले भरिएका सुनका कलश र मणिहरूका सुन्दर परात राजा र रानीले आनन्दित भएर आफ्नै हातले लिएर श्रीरामचन्द्रजीका अगाडि राख्नुभयो॥ ३॥

**पढ़हिं बेद मुनि मंगल बानी। गगन सुमन झरि अवसरु जानी॥**
**बरु बिलोकि दंपति अनुरागे। पाय पुनीत पखारन लागे॥**

मुनिले मङ्गलवाणीले वेद पढिरहेका थिए। सुअवसर जानेर आकाशबाट फूलहरूको झरी नै पर्‍यो (वर्षा भयो)। दुलाहालाई देखेर राजा-रानी प्रेममग्न हुनुभयो र उहाँका (रामजीका) पवित्र चरणहरू पखाल्न लाग्नुभयो॥ ४॥

---

* **पटरानी**=ती रानी राजाको साथ सिंहासनमा बस्न सक्छिन्, जसको नाममा पट्टा हुन्छ, उनी सबै कार्यमा राजाका साथ रहन्छिन्, अर्की होइन=प्रधान रानी। (मानस-पीयूषबाट उद्धृत गरिएको)

छं०— लागे पखारन पाय पंकज प्रेम तन पुलकावली।
नभ नगर गान निसान जय धुनि उमगि जनु चहुँ दिसि चली॥
जे पद सरोज मनोज अरि उर सर सदैव बिराजहीं।
जे सकृत सुमिरत बिमलता मन सकल कलि मल भाजहीं॥

उहाँले (श्रीजनकजीले) श्रीरामका चरणकमलको गोडधुवा कार्य गर्न लाग्नुभयो (अर्थात् दुलाहाको गोडा धुन लाग्नुभयो), प्रेमले उहाँको शरीर पूरै पुलकित भइरहेको छ। आकाश र नगरमा हुनेवाला (भएका) गीत, निसान वा नगराहरू र जय-जयकारको ध्वनि मानौं चारै दिशाहरूमा उर्लेर आएको छ। जुन चरणकमल कामदेवका शत्रु श्रीशिवजीको हृदयरूपी सरोवरमा सधैं विराजित छन्, जसलाई एक पटक स्मरण गर्नाले पनि मनमा निर्मलता आउँदछ र कलियुगका सबै पाप भाग्दछन्॥ १॥

जे परसि मुनिबनिता लही गति रही जो पातकमई।
मकरंदु जिन्ह को संभु सिर सुचिता अवधि सुर बरनई॥
करि मधुप मन मुनि जोगिजन जे सेइ अभिमत गति लहैं।
ते पद पखारत भाग्यभाजनु जनकु जय जय सब कहैं॥

जसको स्पर्श पाएर गौतम मुनिकी स्त्री अहल्याले, जो पापमयी थिइन्, परमगति पाइन्, जुन चरणकमलको मकरन्दरस (गङ्गाजी) शिवजीको शिरमा विराजमान छिन्, जसलाई देवताले पवित्रताको सीमा बताउँछन्; मुनि र योगीजनले आफ्नो मनलाई भमरा बनाएर जुन चरणकमलको सेवन गरेर मनोवाञ्छित गति प्राप्त गर्दछन्; उनै चरणहरू भाग्यका पात्र (अति भाग्यमानी) जनकजीले धोइरहनुभएको छ, यस्तो देखेर सबैले जय-जयकार गरिरहेका छन्॥ २॥

बर कुअँरि करतल जोर साखोचारु दोउ कुलगुर करैं।
भयो पानिगहनु बिलोकि बिधि सुर मनुज मुनि आनँद भरैं॥
सुखमूल दूलहु देख दंपति पुलक तन हुलस्यो हियो।
करि लोक बेद बिधानु कन्यादानु नृपभूषन कियो॥

दुवै कुलका गुरुहरूले वर र कन्याको हत्केलालाई मिलाएर शाखोच्चार (विवाहको समयमा वर र वधूको वंशावलीको कथन) गर्न लागे। पाणिग्रहण भएको देखेर ब्रह्मादि देवता, मनुष्य र मुनि आनन्दले भरिए। सुखका मूल दुलाहालाई देखेर राजा-रानीको शरीर रोमाञ्चित भयो र हृदय आनन्दले गद्गद भयो। राजाहरूका अलङ्कारस्वरूप महाराज जनकजीले लोक र वेदको रीति-अनुसार कन्यादान गर्नुभयो॥ ३॥

हिमवंत जिमि गिरिजा महेसहि हरिहि श्री सागर दई।
तिमि जनक रामहि सिय समरपी बिस्व कल कीरति नई॥
क्यों करै बिनय बिदेहु कियो बिदेहु मूरति सावँरीं।
करि होमु बिधिवत गाँठि जोरी होन लागीं भावँरीं॥

जस्तै हिमाचलले शिवजीलाई पार्वती र सागरले भगवान् विष्णुलाई लक्ष्मीजी दिनुभएको थियो, उस्तै तरिकाले जनकजीले श्रीरामचन्द्रजीलाई सीताजी समर्पित गर्नुभयो, जसले विश्वमा नयाँ कीर्ति छाइयो। विदेह (जनकजी) ले कसरी बिन्ती गर्ने! त्यस श्यामवर्णको मूर्तिले त उहाँलाई साँच्चै नै विदेह (शरीरको हाल-खबरबाट रहित) नै गराइदिनुभयो। विधिपूर्वक हवन गरेर लगनगाँठो बाँधियो र परिक्रमा हुन लाग्यो अर्थात् माडो (मण्डप) घुम्न लागियो॥ ४॥

**दो०— जय धुनि बंदी बेद धुनि मंगल गान निसान।**
**सुन हरषहिं बरषहिं बिबुध सुरतरु सुमन सुजान॥ ३२४॥**

जयध्वनि, बन्दीध्वनि, वेदध्वनि, मङ्गलगीत र निसान वा नगराको ध्वनि सुनेर चतुर देवगण हर्षित भइरहेका छन् र कल्पवृक्षका फूलहरूको वर्षा गरिरहेका छन्॥ ३२४॥

**कुअँरु कुअँरि कल भावँरि देहीं। नयन लाभु सब सादर लेहीं॥**
**जाइ न बरनि मनोहर जोरी। जो उपमा कछु कहौं सो थोरी॥**

वर र कन्याले सुन्दर रूपले माडो घुमिरहेका छन्। सबै जनाले आदरपूर्वक [त्यसलाई देखेर] नेत्रको परम लाभ लिइरहेका छन्। मनोहर जोडीको वर्णन हुनै सक्दैन, जे जति उपमा भने पनि थोरै हुनेछ॥ १॥

**राम सीय सुंदर प्रतिछाहीं। जगमगात मनि खंभन माहीं॥**
**मनहुँ मदन रति धरि बहु रूपा। देखत राम बिआहु अनूपा॥**

श्रीराम र सीताजीको सुन्दर छाया मणिहरूका खम्बाहरूमा जगमगाइरहेको छ, मानौं कामदेव र रतिले धेरै रूप धारण गरेर श्रीरामजीको अनुपम विवाहलाई हेरिरहेका छन्॥ २॥

**दरस लालसा सकुच न थोरी। प्रगटत दुरत बहोरि बहोरी॥**
**भए मगन सब देखनिहारे। जनक समान अपान बिसारे॥**

उनीहरू (कामदेव र रति) लाई दर्शनको लालचा र सङ्कोच दुवै नै कम छैन (अर्थात् धेरै छ); यसैले उनीहरू मानौं बार-बार प्रकट हुन्छन् र लुक्दछन्। सबै हेर्नेहरू आनन्दमग्न भएका छन् र जनकजीझैं सबैले हाल खबर (हालत) भुलेका छन्॥ ३॥

**प्रमुदित मुनिन्ह भावँरीं फेरीं। नेगसहित सब रीति निबेरीं॥**
**राम सीय सिर सेंदुर देहीं। सोभा कहि न जाति बिधि केहीं॥**

मुनिहरूले आनन्दपूर्वक परिक्रमा गराउनुभयो र नेगसहित सबै रीतिहरूलाई पूरा गराउनुभयो। श्रीरामचन्द्रले सीताजीको शिरमा सिन्दूर राख्नुभयो; यो शोभा कुनै प्रकारले पनि वर्णन गर्न जानिन्न॥ ४॥

**अरुन पराग जलजु भरि नीकें। ससिहि भूष अहि लोभ अमी कें॥**
**बहुरि बसिष्ठ दीन्हि अनुसासन। बरु दुलहिनि बैठे एक आसन॥**

मानौं कमलको रातो परागमा सुन्दर किसिमले भरेर अमृतको लोभले नागले चन्द्रमालाई भूषित गरिरहेको छ। [यहाँ श्रीरामको हातलाई कमल, सिन्दूरलाई परागको, श्रीरामको श्याम भुजालाई सर्प (नाग) को र सीताजीको मुखलाई चन्द्रमाको उपमा दिइएको छ] फेरि वशिष्ठजीले आज्ञा दिनुभयो, त्यसपछि दुलाहा र दुलही एक आसनमा बसे॥ ५॥

छं०— **बैठे बरासन रामु जानकि मुदित मन दसरथु भए।**
**तनु पुलक पुनि पुनि देखि अपनें सुकृत सुरतरु फल नए॥**
**भरि भुवन रहा उछाहु राम बिबाहु भा सबहीं कहा।**
**केहि भाँति बरनि सिरात रसना एक यहु मंगलु महा॥**

श्रीराम र जानकीजी उत्तम आसनमा विराजमान हुनुभयो, उहाँहरूलाई देखेर दशरथजी मनमा अत्यन्तै आनन्दित हुनुभयो। आफ्नो सुकृतरूपी कल्पवृक्षमा नयाँ फल [आएको वा फलेको] देखेर उहाँको शरीर बार-बार रोमाञ्चित भइरहेको थियो। चौधै भुवनमा उत्साह भरियो; सबैले भने कि श्रीरामचन्द्रजीको विवाह भयो। जिब्रो एक छ र यो मङ्गल महान् छ; फेरि भन्नुहोस् त, त्यसलाई कसरी वर्णन गरेर सकिन्छ!॥ १ ॥

**तब जनक पाइ बसिष्ठ आयस ब्याह साज सँवारि कै।**
**मांडवी श्रुतकीरति उरमिला कुअँरि लईं हँकारि कै॥**
**कुसकेतु कन्या प्रथम जो गुन सील सुख सोभामई।**
**सब रीति प्रीति समेत करि सो ब्याहि नृप भरतहि दई॥**

त्यसपछि वशिष्ठजीको आज्ञा पाएर जनकजीले विवाहको सामान सजाएर माण्डवीजी, श्रुतकीर्तिजी र उर्मिलाजी—यी तीनै राजकुमारीहरूलाई बोलाउनुभयो। कुशध्वज (जनकजीका भाइ) की ठूली कन्या माण्डवीजीलाई, जो गुण, शील, सुख र शोभा स्वरूप हुनुहुन्थ्यो, महाराज जनकजीले प्रेमपूर्वक सबै रीतिहरू पूरा गरेर भरतजीसँग विवाह गरिदिनुभयो॥ २ ॥

**जानकी लघु भगिनी सकल सुंदरि सिरोमनि जानि कै।**
**सो तनय दीन्ही ब्याहि लखनहि सकल बिधि सनमानि कै॥**
**जेहि नामु श्रुतकीरति सुलोचनि सुमुखि सब गुन आगरी।**
**सो दई रिपुसूदनहि भूपति रूप सील उजागरी॥**

जानकीजीकी बहिनी उर्मिलाजीलाई सबै सुन्दरीहरूमा शिरोमणि जानेर ती कन्यालाई सबै प्रकारले सम्मान गरेर, लक्ष्मणजीसँग विवाह गरिदिनुभयो र जसको नाम श्रुतकीर्ति थियो र जो सुन्दर नेत्रवाली, सुन्दर मुख भएकी, सबै गुणहरूकी खानी र रूप तथा शीलमा उजागर (विख्यात) हुनुहुन्छ, उहाँलाई राजाले शत्रुघ्नजीसँग विवाह गरिदिनुभयो॥ ३ ॥

**अनुरूप बर दुलहिनि परस्पर लखि सकुच हियँ हरषहीं।**
**सब मुदित सुंदरता सराहहिं सुमन सुर गन बरषहीं॥**
**सुंदरीं सुंदर बरन्ह सह सब एक मंडप राजहीं।**
**जनु जीव उर चारिउ अवस्था बिभुन सहित बिराजहीं॥**

दुलाहा र दुलहीले परस्पर आ-आफ्नो अनुरूप जोडीलाई देखेर (बाहिरी रूपमा) लाज मान्दै हृदयमा हर्षित भइरहेका छन्। सबै जना प्रसन्न भएर उहाँहरूको सुन्दरताको सराहना गरिरहेका

छन् र देवगणले फूल बर्साइरहेका छन्। सबै सुन्दरी दुलहीहरूले सुन्दर दुलाहाहरूका साथ एउटै मण्डपमा यस्तो शोभा पाइरहेका छन्, मानौं जीवका हृदयमा चारै अवस्थाहरू (विश्व, तैजस, प्राज्ञ र ब्रह्म) सहित विराजमान भएका छन्॥ ४॥

**दो०— मुदित अवधपति सकल सुत बधुन्ह समेत निहारि।**
**जनु पाए महिपाल मनि क्रियन्ह सहित फल चारि॥ ३२५॥**

सबै पुत्रहरूलाई बुहारीहरूसहित देखेर अवधनरेश दशरथजी यसरी आनन्दित हुनुभएको छ, मानौं उहाँले राजाहरूका शिरोमणि क्रियाहरू (यज्ञक्रिया, श्रद्धाक्रिया, योगक्रिया र ज्ञानक्रिया) सहित चारै फल (अर्थ, धर्म, काम र मोक्ष) पाउनुभएको छ॥ ३२५॥

**जसि रघुबीर ब्याह बिधि बरनी। सकल कुअँर ब्याहे तेहिं करनी॥**
**कहि न जाइ कछु दाइज भूरी। रहा कनक मनि मंडपु पूरी॥**

श्रीरामचन्द्रजीको विवाहको जस्तो विधि वर्णन गरियो, त्यस्तै रीतिबाट सबै राजकुमारहरूको विवाह भयो, गोडधुवा (दाइजो) को व्यवस्थाको अधिकता भनेर साध्य छैन; सारा मण्डप सुन र मणिहरूबाट भरियो॥ १॥

**कंबल बसन बिचित्र पटोरे। भाँति भाँति बहु मोल न थोरे॥**
**गज रथ तुरग दास अरु दासी। धेनु अलंकृत कामदुहा सी॥**

अति धेरै कम्बल (ऊनीवस्त्र) हरू, वस्त्र र थरीथरीका विचित्र रेसमी कपडा, जो थोरै मूल्यका थिएनन् (अर्थात् बहुमूल्य थिए) तथा हात्ती, रथ, घोडा, दास-दासीहरू र गहनाहरूले सजिएका कामधेनु समानका गाई— ॥ २॥

**बस्तु अनेक करिअ किमि लेखा। कहि न जाइ जानहिं जिन्ह देखा॥**
**लोकपाल अवलोकि सिहाने। लीन्ह अवधपति सबु सुखु माने॥**

[आदि] अनेकौं वस्तुहरू थिए, जसको गणना कसरी गर्न सकिन्छ। उसको वर्णन गर्न सकिँदैन, जसले देखेका छन् उनीहरूले नै जान्दछन्। ती सामानलाई देखेर लोकपालले पनि ईर्ष्या गर्दथे। अयोध्याका राजा दशरथजीले सुख मानेर प्रसन्न चित्तले सबै चीज ग्रहण गर्नुभयो॥ ३॥

**दीन्ह जाचकन्हि जो जेहि भावा। उबरा सो जनवासेहिं आवा॥**
**तब कर जोरि जनकु मृदु बानी। बोले सब बरात सनमानी॥**

उहाँले त्यो गोडधुवा (दाइजो) को सामान याचकहरूलाई, जसलाई जे सामान मन लाग्दछ, दिनुभयो। जति बचत रह्यो, त्यो जन्ती निवासमा ल्याइयो। त्यसपछि जनकजीले हात जोडेर सबै जन्तीहरूलाई सम्मान गरेर कोमल वाणीद्वारा भन्नुभयो॥ ४॥

**छं०— सनमानि सकल बरात आदर दान बिनय बड़ाइ कै।**
**प्रमुदित महामुनि बृंद बंदे पूजि प्रेम लड़ाइ कै॥**
**सिरु नाइ देव मनाइ सब सन कहत कर संपुट किएँ।**
**सुर साधु चाहत भाउ सिंधु कि तोष जल अंजलि दिएँ॥**

आदर, दान, विनय र प्रशंसाद्वारा सबै जन्तीहरूलाई सम्मान गरेर राजा जनकले महान् आनन्दका साथ प्रेमपूर्वक मुनिहरूको समूहलाई पूजा एवं वन्दना गर्नुभयो। शिर नुगाएर, देवताहरूलाई मनाएर, राजा जनकले हात जोड्दै सबैसँग भन्न लाग्नुभयो कि देवता र साधु त भाव नै खोज्दछन् (उनीहरू प्रेमबाट नै प्रसन्न हुन्छन्, त्यस्ता पूर्णकाम महानुभावहरूलाई कसैले कुनै चीज दिएर कसरी सन्तुष्ट गर्न सक्दछ); के एक अँजुली जल दिनाले कहीं समुद्र सन्तुष्ट हुन सक्दछ र?॥ १॥

**कर जोरि जनकु बहोरि बंधु समेत कोसलराय सों।**
**बोले मनोहर बयन सानि सनेह सील सुभाय सों॥**
**संबंध राजन रावरें हम बड़े अब सब बिधि भए।**
**एहि राज साज समेत सेवक जानिबे बिनु गथ लए॥**

फेरि जनकजी भाइसहित हात जोड्दै कोसलाधीश दशरथजीसँग स्नेह, शील र सुन्दर प्रेममा मुछेर मनोहर वचन भन्नुभयो— हे राजन्! हजुरसँग सम्बन्ध हुनाले अब हामी सबै प्रकारले प्रतिष्ठित भयौं। यस राजपाटसहित हामी दुवैलाई हजुरले विनामूल्यको सेवक नै सम्झिबक्सिएला॥ २॥

**ए दारिका परिचारिका करि पालिबीं करुना नई।**
**अपराधु छमिबो बोलि पठए बहुत हौं ढीट्यो कई॥**
**पुनि भानुकुलभूषन सकल सनमान निध समधी किए।**
**कहि जाति नहिं बिनती परस्पर प्रेम परिपूरन हिए॥**

यी छोरीहरूलाई दासी (सेविका) मानेर नयाँ-नयाँ दया गरेर पालन गरिबक्सिएला। मैले ठूलो मूर्खता गरें कि हजुरलाई यहाँ बोलाउन पठाएँ, अपराध क्षमा गरिबक्सिएला। फेरि सूर्यकुलका भूषण दशरथजीले सम्धी जनकजीलाई सम्पूर्ण सम्मानको निधि बनाउनुभयो (यति सम्मान गर्नुभयो कि उहाँ सम्मानको भण्डार नै हुनुभयो)। उहाँहरूको परस्परको बिन्तीलाई वर्णन गर्न नै सकिंदैन, दुवै महाराजजीको हृदय प्रेमले परिपूर्ण भएको छ॥ ३॥

**बृंदारका गन सुमन बरसहिं राउ जनवासेहि चले।**
**दुंदुभी जय धुनि बेद धुनि नभ नगर कौतूहल भले॥**
**तब सखीं मंगल गान करत मुनीस आयसु पाइ कै।**
**दूलह दुलहिनिन्ह सहित सुंदरि चलीं कोहबर ल्याइ कै॥**

देवतागणले फूल बर्साइरहेका थिए; राजा जन्तीनिवासमा जानुभयो। दुन्दुभि (नगरा) हरूको ध्वनि, जय ध्वनि र वेदको ध्वनि भइरहेको थियो; आकाश र नगर दुवैतिर कौतूहल भइरहेको छ (आनन्द छाएको छ), त्यसपछि मुनीश्वरको आज्ञा पाएर सुन्दर सखीहरूले मङ्गलगान गर्दै दुलहीहरूसहित दुलाहाहरूलाई लिएर कुलदेवता स्थापित गरिएको कौतुकालयमा गए॥ ४॥

दो०— **पुनि पुनि रामहि चितव सिय सकुचति मनु सकुचै न।**
**हरत मनोहर मीन छबि प्रेम पिआसे नैन॥ ३२६॥**

सीताजीले घरीघरी श्रीरामलाई हेरिरहनुभएको छ र लाज मान्नुभएको छ; तर उहाँको मनले लाज मानेको छैन। प्रेमको तिर्खाले उहाँका नेत्रले सुन्दर माछाको छविलाई हरण गरिरहेका छन्॥ ३२६॥

**मासपारायण, एघारौं विश्राम**

**स्याम सरीरु सुभायँ सुहावन। सोभा कोटि मनोज लजावन॥**
**जावक जुत पद कमल सुहाए। मुनि मन मधुप रहत जिन्ह छाए॥**

श्रीरामचन्द्रजीको श्याम शरीर स्वभावले नै सुन्दर छ, उसको शोभा करोडौं कामदेवलाई लज्जित गर्नेवाला छ। माहुरले युक्त चरणकमल अति नै सुन्दर लाग्छन्, जसमा मुनिहरूको मनरूपी भमरा सधैं भरिइरहन्छन्॥ १॥

**पीत पुनीत मनोहर धोती। हरति बाल रबि दामिनि जोती॥**
**कल किंकिनि कटि सूत्र मनोहर। बाहु बिसाल बिभूषन सुंदर॥**

पवित्र र मनोहर पहेंलो धोतीले प्रातःकालको सूर्य र बिजुलीको ज्योतिलाई हरण गरेको छ। कम्मरमा सुन्दर किङ्किणी र कटिसूत्र छ। विशाल भुजाहरूमा सुन्दर आभूषण सुशोभित छ॥ २॥

**पीत जनेउ महाछबि देई। कर मुद्रिका चोरि चितु लेई॥**
**सोहत ब्याह साज सब साजे। उर आयत उरभूषन राजे॥**

पहेंलो जनैले महान् शोभा दिइरहेछ। हातको औंठीले चित्तलाई चोराउँदछ। विवाहका सबै सामान पहिरिएर उहाँ अति नै सुशोभित भइरहनुभएको छ। चौडा छातीमा हृदयमा पहिरने सुन्दर आभूषण सुशोभित छ॥ ३॥

**पिअर उपरना काखासोती। दुहुँ आँचरन्हि लगे मनि मोती॥**
**नयन कमल कल कुंडल काना। बदनु सकल सौंदर्ज निधाना॥**

पहेंलो दोपट्टा (जनैजस्तै) शोभित (विराजमान) छ, जसको दुवै किनारामा मणि र मोती लगाइएको छ। कमल समान सुन्दर नेत्र छन्, कानमा सुन्दर कुण्डल छन् र मुख त सबै सुन्दरताको खजाना नै छ॥ ४॥

**सुंदर भृकुटि मनोहर नासा। भाल तिलकु रुचिरता निवासा॥**
**सोहत मौरु मनोहर माथे। मंगलमय मुकुता मनि गाथे॥**

सुन्दर आँखीभौं र मनोहर नाक छ। निधारको तिलक त सुन्दरताको निवास नै हो। जसमा मङ्गलमय मोती र मणि गुथिएका छन्, यस्तो मनोहर मुकुट शिरमा सुहाइरहेको छ॥ ५॥

छं०— **गाथे महामनि मौर मंजुल अंग सब चित चोरहीं।**
**पुर नारि सुर सुंदरीं बरहि बिलोकि सब तिन तोरहीं॥**
**मनि बसन भूषन वारि आरति करहिं मंगल गावहीं।**
**सुर सुमन बरिसहिं सूत मागध बंदि सुजसु सुनावहीं॥**

सुन्दर मुकुटमा बहुमूल्य मणिहरू गुथिएका छन्, सबै अङ्गले चित्तलाई चोर्दछन्। सबै नगरका स्त्रीहरू

र देवसुन्दरीहरू दुलाहालाई देखेर दूबो आदि तृण चुँडालिरहेका छन् (अशुभ नहोस् भनेर उहाँहरूलाई शुभकामना दिइरहेका छन्)। मणि, वस्त्र तथा आभूषण उपहार दिएर आरती गरिरहेका छन् र मङ्गलगीत गाइरहेका छन्। देवता फूल बर्साइरहेका छन् सूत, मागध तथा भाटले सुयश सुनाइरहेका छन्॥ १॥

**कोहबरहिं आने कुअँर कुअँरि सुआसिनिन्ह सुख पाइ कै।**
**अति प्रीति लौकिक रीति लागीं करन मंगल गाइ कै॥**
**लहकौरि गौरि सिखाव रामहि सीय सन सारद कहैं।**
**रनिवासु हास बिलास रस बस जन्म को फलु सब लहैं॥**

सधवा स्त्रीहरूले सुख पाएर दुलाहा र दुलहीहरूलाई कुलदेवताको स्थानमा ल्याएर अत्यन्त प्रेमपूर्वक मङ्गलगीत गाउँदै लौकिक रीति गर्न लागे। पार्वतीजीले श्रीरामचन्द्रजीलाई मधुपर्क [माहुर] खुवाउनका लागि (वर-वधूले परस्पर गाँस दिन) सिकाउनुभएको छ र सरस्वतीजीले सीताजीलाई सिकाउनुभएको छ। अन्तःपुरका सबै स्त्री हास-विलासको आनन्दमा मग्न छन्, [श्रीरामजी र सीताजीलाई देखेर] सबैले जन्मको परम फल प्राप्त गरिरहेका छन्॥ २॥

**निज पानि मनि महुँ देखिअति मूरति सुरूपनिधान की।**
**चालति न भुजबल्ली बिलोकनि बिरह भय बस जानकी॥**
**कौतुक बिनोद प्रमोदु प्रेमु न जाइ कहि जानहिं अलीं।**
**बर कुअँरि सुंदर सकल सखीं लवाइ जनवासेहि चलीं॥**

[सीताजीले] आफ्ना हातका मणिहरूमा सुन्दर रूपका भण्डार श्रीरामचन्द्रजीको छाया देखिरहनुभएको छ। यस्तो देखेर जानकीजीले दर्शनमा वियोग हुने भयले बाहुरूपी लता (लहरा) र दृष्टिलाई हिँडाउने-डुलाउने गर्नुहुन्न। त्यस समयको हाँसो-ठट्टा, विनोदको आनन्द र प्रेम भन्न नै सकिंदैन, त्यसलाई सखीहरूले नै जानेका छन्। त्यसपछि वर र वधूहरूलाई सबै सुन्दर सखीहरूले जन्तीनिवासमा लिएर गए॥ ३॥

**तेहि समय सुनिअ असीस जहँ तहँ नगर नभ आनँदु महा।**
**चिरु जिअहुँ जोरीं चारु चार्‌यो मुदित मन सबहीं कहा॥**
**जोगींद्र सिद्ध मुनीस देव बिलोकि प्रभु दुंदुभि हनी।**
**चले हरषि बरषि प्रसून निज निज लोक जय जय जय भनी॥**

त्यस समय नगर र आकाशमा जता सुन्नुहोस्, उतै आशीर्वादको ध्वनि सुनिइरहेको छ र महान् आनन्द छाएको छ। सबैले प्रसन्न मनबाट भनेका छन् कि सुन्दर चारै जोडीहरू चिरञ्जीवी होऊन्। योगिराज, सिद्ध, मुनीश्वर र देवताले प्रभु श्रीरामचन्द्रजीलाई देखेर दुन्दुभिहरू* बजाएर हर्षित हुँदै फूलहरूको वर्षा गर्दै र 'जय होस्, जय होस्, जय होस्' भन्दै उनीहरू आ-आफ्नो लोकमा गए॥ ४॥

* देवताहरूले बजाउनेलाई दुन्दुभि, देवताको विवाहमा बजाउनेलाई निसान, लोकरीतिको बाजालाई दमाहा वा नगरा र ऊँट र हात्ती आदि माथि बसेर दुवैतर्फ राखेर हर्षको वा विजयको समयमा बजाउने बाजालाई डङ्का भनिन्छ। आकार सानो ठूलो भए पनि समष्टिगतमा बाजाको स्वरूप एउटै हो। (मानस-पीयूषबाट उद्धृत)

दो०— **सहित बधूटिन्ह कुअँर सब तब आए पितु पास।**
**सोभा मंगल मोद भरि उमगेउ जनु जनवास॥ ३२७॥**

त्यसपछि सबै (चारै) कुमार बुहारीसहित पिताजीका समीपमा आए। यस्तो अनुभव हुन्थ्यो कि मानौं शोभा, मङ्गल र आनन्दले भरिएर जन्तीनिवास उर्लिरहेको छ॥ ३२७॥

**पुनि जेवनार भई बहु भाँती। पठए जनक बोलाइ बराती॥**
**परत पाँवड़े बसन अनूपा। सुतन्ह समेत गवन कियो भूपा॥**

फेरि धेरै प्रकारको भोजन तयार भयो। जनकजीले जन्तीहरूलाई बोलाउन पठाउनुभयो। राजा दशरथजी पुत्रहरूसहित प्रस्थान गर्नुभयो। (जन्ती-निवासदेखि भोजन तयार भएको ठाउँसम्म) अनुपम वस्त्रहरू बिछ्याइए॥ १ ॥

**सादर सब के पाय पखारे। जथाजोगु पीढ़न्ह बैठारे॥**
**धोए जनक अवधपति चरना। सीलु सनेहु जाइ नहिं बरना॥**

आदरका साथ सबैका चरण धोएर सबैलाई यथायोग्य पिर्कामा बसाल्नुभयो। त्यसपछि जनकजीले अयोध्यापति दशरथजीका चरण धुनुभयो। उहाँको शील र स्नेहको वर्णन गर्न सकिंदैन॥ २ ॥

**बहुरि राम पद पंकज धोए। जे हर हृदय कमल महुँ गोए॥**
**तीनिउ भाइ राम सम जानी। धोए चरन जनक निज पानी॥**

फेरि रामचन्द्रजीका चरणकमल धुनुभयो, जो शिवजीका हृदय-कमलमा लुकिरहन्छन्। तीनै भाइहरूलाई श्रीरामचन्द्रसमान जानेर जनकजीले उहाँहरूका पनि चरण आफ्नै हातले धुनुभयो॥ ३ ॥

**आसन उचित सबहि नृप दीन्हे। बोलि सूपकारी सब लीन्हे॥**
**सादर लगे परन पनवारे। कनक कील मनि पान सँवारे॥**

राजा जनकजीले सबैलाई उचित आसन दिनुभयो र सबै भान्छेहरूलाई बोलाउनुभयो। आदरका साथ टपरी दिन लागे, जो मणिहरूका पातमा सुनका सिन्का लगाएर बनाइएका थिए॥ ४॥

दो०— **सूपोदन सुरभी सरपि सुंदर स्वादु पुनीत।**
**छन महुँ सब कें परुसि गे चतुर सुआर बिनीत॥ ३२८॥**

चतुर र विनम्र भान्छेहरूले सुन्दर, स्वादिष्ट र पवित्र दाल, भात र गाईको [सुगन्धित] घिउ क्षण भरमा सबैका अगाडि पस्के॥ ३२८॥

**पंच कवल करि जेवन लागे। गारि गान सुनि अति अनुरागे॥**
**भाँति अनेक परे पकवाने। सुधा सरिस नहिं जाहिं बखाने॥**

सबै जनाले पञ्चकवल (अर्थात् 'प्राणाय स्वाहा, अपानाय स्वाहा, व्यानाय स्वाहा, उदानाय स्वाहा र समानाय स्वाहा' यी मन्त्रहरू उच्चारण गर्दै पहिला पाँच गाँस लिएर) भोजन गर्न लागे। गालीको गीत सुनेर उनीहरू अत्यन्त प्रेममग्न* भए। अनेकौं तरहका अमृतसमान (स्वादिष्ट) परिकार पस्किए, जसको वर्णन हुन नै सक्दैन॥ १ ॥

---

* *'गारि गान सुनि अति अनुरागे'* अरू हाँसो-ठट्टा गरिसकेपछि जब स्त्री-पुरुषहरूको नाम घरी-घरी लिएर गाली गर्न लाग्दछन्, तब व्यङ्ग्य सुनेर हाँसो लाग्दछ। केही महानुभाव भन्दछन् कि आइमाईहरूले गाली गर्दा-

**परुसन लगे सुआर सुजाना। बिंजन बिबिध नाम को जाना॥**
**चारि भाँति भोजन बिधि गाई। एक एक बिधि बरनि न जाई॥**

चतुर भान्छेले नाना प्रकारका व्यञ्जन पस्कन लागे, त्यसको नाम कसले जान्ने। चार प्रकारका (चर्ब्य, चोष्य, लेह्य, पेय अर्थात् चबाएर, चुसेर, चाटेर र पिएर खान योग्य) भोजनको विधि वर्णन गरिएको छ, उनीहरूमध्ये एक-एक विधिका यति पदार्थ बनेका थिए, जसको वर्णन गर्न नै सकिँदैन॥ २॥

**छरस रुचिर बिंजन बहु जाती। एक एक रस अगनित भाँती॥**
**जेवँत देहिं मधुर धुनि गारी। लै लै नाम पुरुष अरु नारी॥**

छ रसहरू (अमिलो, गुलियो, नुनिलो, तितो, पिरो र टर्रो) का धेरै प्रकारका सुन्दर (स्वादिष्ट) व्यञ्जन छन्। एक-एक रसका असङ्ख्य प्रकारका (परिकार) बनेका छन्। भोजन गर्ने समय पुरुष र स्त्रीहरूका नाम लिंदै स्त्रीहरूले मधुर ध्वनिबाट गाली गरिरहेका छन्। (गाली गर्ने गीत गाइरहेका छन्)॥ ३॥

**समय सुहावनि गारि बिराजा। हँसत राउ सुनि सहित समाजा॥**
**एहि बिधि सबहीं भोजनु कीन्हा। आदर सहित आचमनु दीन्हा॥**

समय सुहाउँदो गाली सुहाएको छ। त्यो सुनेर समाजसहित राजा दशरथजी हाँस्नुभयो। यसरी सबैले भोजन गरे र त्यसपछि सबैलाई आदरसहित आचमन (हात-मुख धुनका लागि जल) दिइयो॥ ४॥

दो०— **देइ पान पूजे जनक दसरथु सहित समाज।**
**जनवासेहि गवने मुदित सकल भूप सिरताज॥ ३२९॥**

फेरि पान दिएर जनकजीले समाजसहित दशरथजीको पूजन गर्नुभयो। सबै राजाहरूका शिरमुकुट (चक्रवर्ती) दशरथजी प्रसन्न भएर जन्तीनिवासमा जानुभयो॥ ३२९॥

**नित नूतन मंगल पुर माहीं। निमिष सरिस दिन जामिनि जाहीं॥**
**बड़े भोर भूपतिमनि जागे। जाचक गुन गन गावन लागे॥**

जनकपुरमा दैनिक नयाँ मङ्गल भइरहेको थियो। दिन र रात पलझैं बितिरहेका छन्। धेरै सबेरै राजाहरूका मुकुटमणि दशरथजी ब्युँझनुभयो। याचक उहाँको गुणगान गर्न लागे॥ १॥

**देखि कुअँर बर बधुन्ह समेता। किमि कहि जात मोदु मन जेता॥**
**प्रातक्रिया करि गे गुरु पाहीं। महाप्रमोदु प्रेमु मन माहीं॥**

---

गर्दै श्रीरामजीको छवि देखेर बिर्सेर उल्टो गालीको गीत गाए अर्थात् जनकपुरका स्त्रीहरूमध्ये कसैको सम्बन्ध अवधेशजीसँग भयो, यसैमा सबै जना हाँसे अथवा गाउँदा-गाउँदै रोकिए, त्यस समयमा सबै हाँसे कि बल्ल अब बिगारी इत्यादि। मयङ्कार लेख्नुहुन्छ कि अन्तःपुर (खोपी) का सखीहरूले महाराज दशरथजीलाई गाली गर्दछन् कि रामलला श्याम हुनुहुन्छ र हजुर गोरो हुनुहुन्छ, यसैले जानिन्छ कि उहाँ हजुरका पुत्र हुनुहुन्न, अनि महाराजजीले भन्नुभयो कि हामीकहाँ (अयोध्यामा) जमिनमा हलो जोतेर सन्तान पैदा गरिँदैन, यसो भनेर समाजसहित हाँसे। (मानस-पीयूषबाट उद्धृत गरिएको)

चारौ कुमारहरूलाई बुहारीहरूसहित देखेर उहाँको मनमा जति आनन्द भएको छ, त्यसलाई कसरी भन्न सकिन्छ? उहाँले प्रात:क्रिया गरेर गुरु वशिष्ठजीका समीपमा आउनुभयो। उहाँको मनमा महान् आनन्द र प्रेम भरिएको छ॥ २॥

**करि प्रनामु पूजा कर जोरी। बोले गिरा अमिअँ जनु बोरी॥**
**तुम्हरी कृपाँ सुनहु मुनिराजा। भयउँ आजु मैं पूरन काजा॥**

राजाले प्रणाम र पूजन गरेर, फेरि हात जोड्दै मानौं अमृतमा डुबिरहेका वाणी बोल्नुभयो। हे मुनिराज! सुन्नुहोस्, हजुरको कृपाले आज म पूर्णकाम भएँ॥ ३॥

**अब सब बिप्र बोलाइ गोसाईं। देहु धेनु सब भाँति बनाईं॥**
**सुनि गुर करि महिपाल बड़ाई। पुनि पठए मुनिबृंद बोलाई॥**

हे स्वामिन्! अब सबै ब्राह्मणहरूलाई बोलाएर उनीहरूलाई सबै तरहका [गहना-कपडा आदि] सामानले सजाइएका गाई दिनुहोस्। यस्तो सुनेर गुरुजीले राजाको प्रशंसा गरी मुनिगणलाई बोलाउन पठाउनुभयो॥ ४॥

दो०— **बामदेउ अरु देवरिषि बालमीकि जाबालि।**
**आए मुनिबर निकर तब कौसिकादि तपसालि॥ ३३०॥**

त्यसपछि वामदेव, देवर्षि नारद, वाल्मीकि, जाबालि र विश्वामित्र आदि तपस्वी श्रेष्ठ मुनिहरू समूहको समूह भएर आए॥ ३३०॥

**दंड प्रनाम सबहि नृप कीन्हे। पूजि सप्रेम बरासन दीन्हे॥**
**चारि लच्छ बर धेनु मगाईं। काम सुरभि सम सील सुहाईं॥**

राजाले सबैलाई दण्डवत्-प्रणाम गर्नुभयो र प्रेमसहित पूजन गरेर उहाँहरूलाई उत्तम आसन दिनुभयो। चार लाख उत्तम गाई मगाइए, जो कामधेनु समान स्वभाव भएका र सुन्दर थिए॥ १॥

**सब बिधि सकल अलंकृत कीन्हीं। मुदित महिप महिदेवन्ह दीन्हीं॥**
**करत बिनय बहु बिधि नरनाहू। लहेउँ आजु जगजीवन लाहू॥**

ती सबैलाई सबै प्रकार [गहना-कपडा] ले सजाएर राजाले प्रसन्न हुँदै भूदेव (ब्राह्मण) हरूलाई दिनुभयो। राजाले धेरै तरिकाले बिन्ती गरिरहनुभयो कि जगत्मा मैले आज नै बाँचेको लाभ पाएँ॥ २॥

**पाइ असीस महीसु अनंदा। लिए बोलि पुनि जाचक बृंदा॥**
**कनक बसन मनि हय गय स्यंदन। दिए बूझि रुचि रबिकुलनंदन॥**

[ब्राह्मणहरूबाट] आशीर्वाद पाएर राजा आनन्दित हुनुभयो। फेरि सूर्यकुललाई आनन्दित गर्नेवाला दशरथजीले याचकहरू (माग्नेहरू) का समूहलाई बोलाउनुभयो र सबैलाई उनीहरूको रुचि सोधेर सुन, वस्त्र, मणि, घोडा, हात्ती र रथ (जसले जे खोजे सो) दिनुभयो॥ ३॥

**चले पढ़त गावत गुन गाथा। जय जय जय दिनकर कुल नाथा॥**
**एहि बिधि राम बिआह उछाहू। सकइ न बरनि सहस मुख जाहू॥**

उनीहरू सबैले [श्रीरामजीको] गुणानुवाद गाउँदै र 'सूर्यकुलका स्वामीको जय होस्, जय होस्, जय होस्' भन्दै गए। यस प्रकार श्रीरामचन्द्रजीको विवाहको उत्सव सम्पन्न भयो। जसका हजारौं मुख छन् उनै शेषजीले पनि यसलाई वर्णन सक्दैनन्॥ ४॥

**दो०— बार बार कौसिक चरन सीसु नाइ कह राउ।**
**यह सबु सुखु मुनिराज तव कृपा कटाच्छ पसाउ॥ ३३१॥**

बारम्बार विश्वामित्रजीका चरणमा शिर निहुराएर राजाले भन्नुहुन्छ—हे मुनिराज! यो सबै सुख हजुरको नै कृपाकटाक्षको प्रसाद हो॥ ३३१॥

**जनक सनेहु सीलु करतूती। नृपु सब भाँति सराह बिभूती॥**
**दिन उठि बिदा अवधपति मागा। राखहिं जनकु सहित अनुरागा॥**

राजा दशरथजीले जनकजीको स्नेह, शील, कार्य र ऐश्वर्यको सबै प्रकारले सराहना गर्नुभएको छ। प्रतिदिन [सबैरै] उठेर अयोध्यानरेशले बिदा माग्नुहुन्छ, तर जनकजीले उहाँलाई प्रेमले राख्नुहुन्छ॥ १॥

**नित नूतन आदरु अधिकाई। दिन प्रति सहस भाँति पहुनाई॥**
**नित नव नगर अनंद उछाहू। दसरथ गवनु सोहाइ न काहू॥**

दिनहुँ नयाँ आदर बढ्दै गएको छ। प्रतिदिन हजारौं प्रकारले स्वागत-सत्कार भएको छ। नगरमा दिनहुँ नयाँ आनन्द र उत्साह रहेको छ, दशरथजी जाने कुरा कसैलाई पनि राम्रो लाग्दैन॥ २॥

**बहुत दिवस बीते एहि भाँती। जनु सनेह रजु बँधे बराती॥**
**कौसिक सतानंद तब जाई। कहा बिदेह नृपहि समुझाई॥**

यस प्रकार धेरै दिन बिते*। मानौं जन्तीहरू स्नेहको डोरीमा बाँधिएका छन्। त्यसपछि विश्वामित्रजी र शतानन्दजीले गएर राजा जनकजीलाई सम्झाएर भन्नुभयो॥ ३॥

**अब दसरथ कहँ आयसु देहू। जद्यपि छाड़ि न सकहु सनेहू॥**
**भलेहिं नाथ कहि सचिव बोलाए। कहि जय जीव सीस तिन्ह नाए॥**

यद्यपि हजुरले स्नेह [वश उहाँलाई] छोड्न सकिबक्सिन्न, तर पनि अब दशरथजीलाई आज्ञा दिइबक्सियोस्। 'हे नाथ! धेरै राम्रो' भनेर जनकजीले मन्त्रीहरूलाई बोलाउनुभयो। उनीहरू आए र 'जय जीव' (सरकारको जय होस्) भनेर शिर झुकाए॥ ४॥

**दो०— अवधनाथु चाहत चलन भीतर करहु जनाउ।**
**भए प्रेमबस सचिव सुनि बिप्र सभासद राउ॥ ३३२॥**

---

* *'बहुत दिवस बीते एहि भाँती'* विवाह हुनुभन्दा पहिला सवा १ महिना र विवाह भएपछि १ महिना र ५ दिन पूरा हुन लागेको छ, अत: अयोध्या जान आत्तिएकाले धेरै दिन बिते भनियो। प्रेमका कारणले जनकजीले बिदा दिनुहुन्न, बिदा नदिई हिंड्नु शिष्टाचारको प्रतिकूल हुन्छ, चित्त उच्चाटन भएको छ, अयोध्या जानका लागि व्याकुल हुनुहुन्छ आदि। (मानस-पीयूषबाट उद्‌धृत गरिएको)

[जनकजीले भन्नुभयो— ] अयोध्यानाथको सवारी हुने बेला भएको छ, भित्र (रनिवास, खोपीमा) खबर गरिदेऊ। यस्तो सुनेर मन्त्री, ब्राह्मण, सभासद र राजा जनक पनि प्रेमको वशमा हुनुभयो॥ ३३२॥

**पुरबासी सुनि चलिहि बराता। बूझत बिकल परस्पर बाता॥**
**सत्य गवनु सुनि सब बिलखाने। मनहुँ साँझ सरसिज सकुचाने॥**

जनकपुरवासीहरूले सुने कि जन्तीहरू जाँदैछन्, त्यसपछि उनीहरू व्याकुल भएर एकले अर्कोसँग कुरा सोध्न लागे। जाने सत्य हो भन्ने सुनेर सबै जना यसरी उदास भए मानौं सन्ध्याको समय कमल खुम्चिएको (ओइलाएको) जस्ता भए॥ १॥

**जहँ जहँ आवत बसे बराती। तहँ तहँ सिद्ध चला बहु भाँती॥**
**बिबिध भाँति मेवा पकवाना। भोजन साजु न जाइ बखाना॥**

आउने समयमा जहाँ-जहाँ जन्तीहरू* बसेका थिए, त्यहाँ-त्यहाँ धेरै प्रकारका सिधा (चामल, घ्यू, दाल आदि कच्चा सामान) पठाइयो। अनेकौं प्रकारका मेवा, पक्वान्न र भोजनका सामग्री जसलाई वर्णन गर्न नै सकिँदैन॥ २॥

**भरि भरि बसहँ अपार कहारा। पठईं जनक अनेक सुसारा॥**
**तुरग लाख रथ सहस पचीसा। सकल सँवारे नख अरु सीसा॥**

अपार गोरुहरू र डोलाहरूमा भरी-भरी सामान पठाइयो। साथै जनकजीले अनेकौं सुन्दर पलङहरू पठाउनुभयो। एक लाख घोडा र पचीस हजार रथ सबै नङबाट शिरसम्म सजाइएका थिए, ॥ ३॥

**मत्त सहस दस सिंधुर साजे। जिन्हहि देखि दिसिकुंजर लाजे॥**
**कनक बसन मनि भरि भरि जाना। महिषीं धेनु बस्तु बिधि नाना॥**

दश हजार सजाइएका मत्ता हात्ती, जसलाई देखेर दिशाहरूका हात्ती पनि लज्जित हुन्थे, गाडीहरूमा भरी-भरी सुन, वस्त्र र रत्न र भैंसी, गाईहरू तथा अरू पनि नाना प्रकारका चीजहरू दिनुभयो॥ ४॥

दो०— **दाइज अमित न सकिअ कहि दीन्ह बिदेहँ बहोरि।**
**जो अवलोकत लोकपति लोक संपदा थोरि॥ ३३३॥**

[यस्तो प्रकारले] जनकजीले फेरि अपरिमित (अगणित) दाइजो दिनुभयो, जसको वर्णन गर्न सकिँदैन र जसलाई देखेर लोकपालका लोकको सम्पत्ति पनि थोरै नै हुन्थ्यो॥ ३३३॥

**सबु समाजु एहि भाँति बनाई। जनक अवधपुर दीन्ह पठाई॥**
**चलिहि बरात सुनत सब रानीं। बिकल मीनगन जनु लघु पानीं॥**

यसरी सबै सामान सजाएर राजा जनकजीले अयोध्यापुरीमा पठाउनुभयो। जन्ती जानेछन् भन्ने सुन्दा सबै रानीहरू यसरी विकल भए, मानौं थोरै जलमा माछाहरू छटपटाइरहेका छन्॥ १॥

---

* *'जहँ जहँ आवत बसे बराती'* आउने समयमा बरियाँत बाटोमा कैयौं ठाउँमा बसेका थिए, जहाँ-जहाँ जन्तीहरू बास बसेका थिए, ती सबै ठाउँमा सीधा र पक्वान्न एक साथ एकै दिनमा पुऱ्याइयो, किनकि महाराजजी जनकपुरमा विराजमान भएको धेरै दिन भएको छ, यसैले उहाँ अयोध्यामा फर्कनलाई धेरै शीघ्रता गरिबक्सिनेछ, सबै घर (मुकाम) हरूमा बस्ने भरोसा छैन, जान्न सकिन्न, कुन शिबिरमा राज होइबक्सिन्छ, अतः जनकजीले सबै ठाउँमा सिधा-पक्वान्न पठाइबक्सियो, यो उहाँको सावधानी थियो, आदि। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**पुनि पुनि सीय गोद करि लेहीं। देइ असीस सिखावनु देहीं॥**
**होएहु संतत पियहि पिआरी। चिरु अहिबात असीस हमारी॥**

उहाँहरूले घरी–घरी सीताजीलाई काखमा राखेर आशीर्वाद दिंदै शिक्षा दिनुभएको छ कि— तिमी सधैं आफ्नो पतिकी प्यारी होऊ, तिम्रो सिन्दूर अचल होस्; हाम्रो यही आशिष छ॥ २॥

**सासु ससुर गुर सेवा करेहू। पति रुख लखि आयसु अनुसरेहू॥**
**अति सनेह बस सखीं सयानी। नारि धरम सिखवहिं मृदु बानी॥**

सासू, ससुरा र गुरुको सेवा गर्नू। पतिको भाव विचार गरेर उहाँको आज्ञालाई पालन गर्नू। ज्ञानी सखीहरूले अत्यन्त स्नेहको वश भई कोमल वाणीले स्त्रीको धर्म सिकाइरहेका छन्॥ ३॥

**सादर सकल कुअँरि समुझाईं। रानिन्ह बार बार उर लाईं॥**
**बहुरि बहुरि भेटहिं महतारीं। कहहिं बिरंचि रचीं कत नारीं॥**

आदरका साथ सबै राजकुमारीहरूलाई (स्त्री धर्म) सम्झाएर रानीहरूले उहाँहरूलाई बारम्बार हृदयमा लगाउनुभयो। आमाहरूले फर्की–फर्की भेट्नुहुन्छ र भन्नुहुन्छ कि ब्रह्माले स्त्रीजातिलाई किन रचेका होलान्॥ ४॥

दो०— **तेहि अवसर भाइन्ह सहित रामु भानु कुल केतु।**
**चले जनक मंदिर मुदित बिदा करावन हेतु॥ ३३४॥**

त्यसै समयमा सूर्यवंशका पताकास्वरूप श्रीरामचन्द्रजी भाइसहित प्रसन्न भएर बिदा हुनका लागि जनकजीको महलमा जानुभयो॥ ३३४॥

**चारिउ भाइ सुभायँ सुहाए। नगर नारि नर देखन धाए॥**
**कोउ कह चलन चहत हहिं आजू। कीन्ह बिदेह बिदा कर साजू॥**

स्वभावले नै सुन्दर चारै भाइहरूलाई हेर्नका लागि नगरका सबै स्त्री–पुरुष दौडे। कुनैले भन्दछन्— आज यिनीहरू जान चाहन्छन्। विदेहले बिदाइका सबै सामान तयार गरिसक्नुभएको छ॥ १॥

**लेहु नयन भरि रूप निहारी। प्रिय पाहुने भूप सुत चारी॥**
**को जानै केहिं सुकृत सयानी। नयन अतिथि कीन्हे बिधि आनी॥**

यी प्यारा पाहुना राजाका चारै पुत्रको [मनोहर] रूपलाई नेत्रभरि हेर। हे चतुर सखी! कसले जान्ने, कुन पुण्यले विधाताले यिनीहरूलाई यहाँ ल्याएर हाम्रा नेत्रका अतिथि बनाए॥ २॥

**मरनसीलु जिमि पाव पिऊषा। सुरतरु लहै जनम कर भूखा॥**
**पाव नारकी हरिपदु जैसें। इन्ह कर दरसनु हम कहँ तैसें॥**

मृत्यु हुन लागेकाले अमृत पाउँदा, जन्मको भोकोले कल्पवृक्ष पाउँदा र नरकमा रहनेवाला (या नरक योग्य) जीवले भगवान्‌को परमपदलाई पाउँदा जस्तो हुन्छ, हाम्रा लागि यिनीहरूको दर्शन त्यस्तै हो॥ ३॥

**निरखि राम सोभा उर धरहू। निज मन फनि मूरति मनि करहू॥**
**एहि बिधि सबहि नयन फलु देता। गए कुअँर सब राज निकेता॥**

श्रीरामचन्द्रजीको शोभालाई हेरेर हृदयमा राख। आफ्नो मनलाई सर्प र यिनीहरूको मूर्तिलाई मणि बनाइहाल। यसरी सबैका नेत्रलाई फल दिँदै सबै राजकुमार राजमहलमा जानुभयो॥ ४॥

दो०— **रूप सिंधु सब बंधु लखि हरषि उठा रनिवासु।**
**करहिं निछावरि आरती महा मुदित मन सासु॥ ३३५॥**

रूपका समुद्र सबै भाइहरूलाई देखेर सारा खोपीका सबै जना (रानीहरू र अन्य स्त्रीहरू) हर्षित भए। सासूहरूले अति प्रसन्न मनले उपहार दिन र आरती गर्न लाग्नुभयो॥ ३३५॥

**देखि राम छबि अति अनुरागीं। प्रेमबिबस पुनि पुनि पद लागीं॥**
**रही न लाज प्रीति उर छाई। सहज सनेहु बरनि किमि जाई॥**

श्रीरामचन्द्रजीको छविलाई देखेर उहाँहरू प्रेमले अत्यन्त मग्न हुनुभयो र विशेष प्रेमको अधीन भएर बारम्बार प्रणाम गर्नुभयो। हृदयमा प्रीति छाइयो, त्यसैले लाज रहेन। उहाँहरूको स्वाभाविक स्नेहको वर्णन कुन तरिकाले गर्न सकिन्छ॥ १॥

**भाइन्ह सहित उबटि अन्हवाए। छरस असन अति हेतु जेवाँए॥**
**बोले रामु सुअवसरु जानी। सील सनेह सकुचमय बानी॥**

उहाँहरूले भाइहरूसहित श्रीरामजीलाई बुकुवा लगाएर स्नान गराउनुभयो र अति प्रेमले षड्रस भोजन गराउनुभयो। सुअवसर जानेर श्रीरामचन्द्रजीले शील, स्नेह र सङ्कोचयुक्त वाणीद्वारा भन्नुभयो॥ २॥

**राउ अवधपुर चहत सिधाए। बिदा होन हम इहाँ पठाए॥**
**मातु मुदित मन आयसु देहू। बालक जानि करब नित नेहू॥**

महाराज (पिताजी) अयोध्यापुरीमा सवारी हुन चाहिबक्सिएको छ, उहाँले हामीलाई बिदा हुनका लागि यहाँ पठाइबक्सिएको छ। हे माताजी! प्रसन्न मनले आज्ञा दिइबक्सियोस् र हामीलाई आफ्नो बालक सम्झेर सधैं स्नेह गरिबक्सिएला॥ ३॥

**सुनत बचन बिलखेउ रनिवासू। बोलि न सकहिं प्रेमबस सासू॥**
**हृदयँ लगाइ कुअँरि सब लीन्ही। पतिन्ह सौंपि बिनती अति कीन्ही॥**

यी वचनहरू सुन्दा नै खोपीका रानी समेत सबै स्त्रीहरू उदास भए। सासूहरू प्रेमवश बोल्न सक्नुभएन। उहाँहरूले सबै कुमारीहरूलाई हृदयमा लगाउनुभयो र उहाँहरूका पतिहरूलाई सुम्पेर धेरै बिन्ती गर्नुभयो॥ ४॥

छं०— **करि बिनय सिय रामहि समरपी जोरि कर पुनि पुनि कहै।**
**बलि जाउँ तात सुजान तुम्ह कहुँ बिदित गति सब की अहै॥**
**परिवार पुरजन मोहि राजहि प्रानप्रिय सिय जानिबी।**
**तुलसीस सीलु सनेहु लखि निज किंकरी करि मानिबी॥**

बिन्ती गरेर उहाँहरूले सीताजी श्रीरामचन्द्रजीलाई समर्पित गर्नुभयो र हात जोडेर बारम्बार भन्नुभयो—हे तात! हे सुजान (सर्वज्ञ)! म बलि जान्छु (म प्रेमवश समर्पित छु, मेरो हृदय स्नेहवश अत्यन्त कोमल छ) हजुरलाई सबैको गति (हाल) थाहा छ। परिवारलाई, पुरवासीहरूलाई मलाई र राजालाई सीता प्राणकासमान प्रिय छिन्, यस्तो जानिबक्सिएला। हे तुलसीका स्वामी! यिनको शील र स्नेह देखेर यिनलाई आफ्नी सेविका मानिबक्सिएला।

सो०— **तुम्ह परिपूरन काम जान सिरोमनि भावप्रिय।**
**जन गुन गाहक राम दोष दलन करुनायतन॥ ३३६॥**

हजुर पूर्णकाम, सुजानशिरोमणि र भावप्रिय होइबक्सिन्छ। हे राम! हजुर भक्तहरूका गुणलाई ग्रहण गर्नेवाला, दोषलाई नाश गर्नेवाला र दयाका धाम होइबक्सिन्छ॥ ३३६॥

**अस कहि रही चरन गहि रानी। प्रेम पंक जनु गिरा समानी॥**
**सुनि सनेहसानी बर बानी। बहुबिधि राम सासु सनमानी॥**

यसो भनेर रानी चरण समातेर मौन रहनुभयो। मानौं उहाँको वाणी प्रेमरूपी दलदलमा मिसियो। स्नेहले भरिएका श्रेष्ठ वाणी सुनेर श्रीरामचन्द्रजीले सासूलाई धेरै प्रकारले सम्मान गर्नुभयो॥ १॥

**राम बिदा मागत कर जोरी। कीन्ह प्रनामु बहोरि बहोरी॥**
**पाइ असीस बहुरि सिरु नाई। भाइन्ह सहित चले रघुराई॥**

त्यसपछि श्रीरामचन्द्रजीले हात जोडेर बिदा माग्दै बारम्बार प्रणाम (नमस्कार) गर्नुभयो। आशीर्वाद पाएर र फेरि शिर झुकाएर भाइहरूसहित श्रीरघुनाथजी हिंड्नुभयो॥ २॥

**मंजु मधुर मूरति उर आनी। भईं सनेह सिथिल सब रानी॥**
**पुनि धीरजु धरि कुअँरि हँकारीं। बार बार भेटहिं महतारीं॥**

रामचन्द्रजीको सुन्दर मधुर मूर्तिलाई हृदयमा ल्याएर सबै रानीहरू स्नेहले शिथिल हुनुभयो। फेरि धैर्य धारण गरी कुमारीहरूलाई बोलाएर माताजीहरूले बारम्बार उहाँहरूलाई भेट्न लाग्नुभयो॥ ३॥

**पहुँचावहिं फिरि मिलहिं बहोरी। बढ़ी परस्पर प्रीति न थोरी॥**
**पुनि पुनि मिलत सखिन्ह बिलगाई। बाल बच्छ जिमि धेनु लवाई॥**

छोरीहरूलाई पुऱ्याउँदै गर्नुहुन्छ र फेरि फर्केर भेट गर्नुहुन्छ। परस्परमा थोरै प्रीति छैन (अर्थात् अत्यन्तै प्रीति बढेको छ)। घरी-घरी भेट हुँदै गर्दा माताजीहरूलाई सखीहरूले अलग गरिदिए। जस्तै हालै ब्याएको गाईलाई कसैले उसको बालक [या बाच्छी] सँग अलग गरिदिए॥ ४॥

दो०— **प्रेमबिबस नर नारि सब सखिन्ह सहित रनिवासु।**
**मानहुँ कीन्ह बिदेहपुर करुनाँ बिरहँ निवासु॥ ३३७॥**

सबै स्त्री-पुरुष र सखीहरूसहित सारा रनिवास (अन्तःपुर, खोपी) नै प्रेमको विशेष वशमा भइरहेको छ। [यस्तो लाग्दछ] मानौं जनकपुरमा करुणा र विरहले डेरा जमाएको छ॥ ३३७॥

**सुक सारिका जानकी ज्याए। कनक पिंजरन्हि राखि पढ़ाए॥**
**ब्याकुल कहहिं कहाँ बैदेही। सुनि धीरजु परिहरइ न केही॥**

जानकीजीले जुन सुगा र मैनालाई पालेर–पोसेर ठूला बनाउनुभएको थियो र सुनको पिंजडामा राखेर पढाउनुभएको थियो, तिनले व्याकुल भएर भनिरहेका छन्— वैदेही कहाँ हुनुहुन्छ। उनीहरूका यस्ता वचन सुनेर कसले धैर्य त्याग्दैन (अर्थात् धैर्य धारण गर्न कसैले पनि सक्दैनन्)॥ १॥

**भए बिकल खग मृग एहि भाँती। मनुज दसा कैसें कहि जाती॥**
**बंधु समेत जनकु तब आए। प्रेम उमगि लोचन जल छाए॥**

जब पक्षी र पशु यसरी विकल भए, तब मानिसहरूको अवस्था कसरी भन्न सकिन्छ! त्यसपछि भाइ (कुशध्वजजी) सहित जनकजी त्यहाँ आउनुभयो। प्रेमले उर्लेर उहाँका नेत्रमा जल [प्रेमाश्रु] भरिएर आए॥ २॥

**सीय बिलोकि धीरता भागी। रहे कहावत परम बिरागी॥**
**लीन्हि रायँ उर लाई जानकी। मिटी महामरजाद ग्यान की॥**

उहाँ परम वैराग्यवान् कहलाउनु (प्रसिद्ध हुनु) भएको थियो; तर सीताजीलाई देखेर उहाँको पनि धैर्य भाग्यो। राजाले जानकीजीलाई हृदयमा लगाउनुभयो। [प्रेमको प्रभावले] ज्ञानको महान् मर्यादा पनि मेटियो (ज्ञानको बाँध टुट्यो)॥ ३॥

**समुझावत सब सचिव सयाने। कीन्ह बिचारु न अवसर जाने॥**
**बारहिं बार सुता उर लाईं। सजि सुंदर पालकीं मगाईं॥**

सबै बुद्धिमान् मन्त्रीले उहाँलाई सम्झाइरहेका छन्। त्यसपछि राजाले विषाद गर्ने समय नभएको विचार गर्नुभयो। घरी–घरी छोरीहरूलाई हृदयमा लगाएर सजाइएका सुन्दर पालकीहरू मगाउनुभयो॥ ४॥

दो०— **प्रेमबिबस परिवारु सबु जानि सुलगन नरेस।**
**कुअँरि चढ़ाईं पालकिन्ह सुमिरे सिद्धि गनेस॥ ३३८॥**

सारा परिवार प्रेममा विवश भएका छन्। राजाले सुन्दर मुहूर्त जानेर सिद्धिसहित गणेशजीलाई स्मरण गर्दै कन्याहरूलाई पालकीहरूमा चढाउनुभयो॥ ३३८॥

**बहुबिधि भूप सुता समुझाईं। नारिधरम कुलरीति सिखाईं॥**
**दासीं दास दिए बहुतेरे। सुचि सेवक जे प्रिय सिय केरे॥**

राजाले छोरीहरूलाई धेरै प्रकारले सम्झाउनुभयो र उहाँहरूलाई स्त्रीको धर्म र कुलको रीति सिकाउनुभयो। धेरै दासी र दासहरू दिनुभयो, जो सीताजीका प्रिय विश्वासपात्र सेवक थिए॥ १॥

**सीय चलत ब्याकुल पुरबासी। होहिं सगुन सुभ मंगल रासी॥**
**भूसुर सचिव समेत समाजा। संग चले पहुँचावन राजा॥**

सीताजी जाने समयमा जनकपुरवासी व्याकुल भए। मङ्गलको राशि शुभ (लक्षण) भइरहेको थियो। ब्राह्मण र मन्त्रीहरूको समाजसहित राजा जनकजी उहाँलाई पुऱ्याउन साथै सवारी भयो॥ २॥

**समय बिलोकि बाजने बाजे। रथ गज बाजि बरातिन्ह साजे॥**
**दसरथ बिप्र बोलि सब लीन्हे। दान मान परिपूरन कीन्हे॥**

उपयुक्त समय देखेर बाजा बज्न लागे। जन्तीहरूले रथ, हात्ती र घोडाहरू सजाए। दशरथजीले सबै ब्राह्मणहरूलाई बोलाउनुभयो र उनीहरूलाई दान र सम्मानले परिपूर्ण गर्नुभयो॥ ३॥

**चरन सरोज धूरि धरि सीसा। मुदित महीपति पाइ असीसा॥**
**सुमिरि गजाननु कीन्ह पयाना। मंगलमूल सगुन भए नाना॥**

उनीहरूका चरणकमलको धूलो शिरमाथि राखेर र आशीर्वाद पाई राजा आनन्दित हुनुभयो र गणेशजीलाई स्मरण गरी प्रस्थान गर्नुभयो। मङ्गलहरूका मूल अनेकौं लक्षण भए॥ ४॥

दो०— **सुर प्रसून बरषहिं हरषि करहिं अपछरा गान।**
**चले अवधपति अवधपुर मुदित बजाइ निसान॥ ३३९॥**

देवताले हर्षित भएर फूल बर्साइरहेका छन् र अप्सराहरूले गीत गाइरहेका छन्। अयोध्यापति दशरथजी निसान (डङ्का) बजाएर (बजाउन लगाएर) आनन्दपूर्वक अयोध्यापुरीका लागि सवारी भयो॥ ३३९॥

**नृप करि बिनय महाजन फेरे। सादर सकल मागने टेरे॥**
**भूषन बसन बाजि गज दीन्हे। प्रेम पोषि ठाढ़े सब कीन्हे॥**

राजा दशरथजीले बिन्ती गरेर प्रतिष्ठित महानुभावलाई फर्काउनुभयो र आदरका साथ सबै माग्नेहरूलाई बोलाउनुभयो। उनीहरूलाई गहना–कपडा, घोडा–हात्ती दिनुभयो र प्रेमले पुष्ट गरेर सबैलाई सम्पन्न अर्थात् बलयुक्त गरिदिनुभयो॥ १॥

**बार बार बिरिदावलि भाषी। फिरे सकल रामहि उर राखी॥**
**बहुरि बहुरि कोसलपति कहहीं। जनकु प्रेमबस फिरै न चहहीं॥**

उनीहरू सबैले घरी–घरी विरुदावली (कुलकीर्ति) को वर्णन गर्दै र श्रीरामचन्द्रजीलाई हृदयमा राखेर फर्के। कोसलाधीश दशरथजीले बार–बार फिर्ती सवारी हुन भन्नुहुन्छ, परन्तु जनकजी प्रेमवश फर्कन चाहनुहुन्न॥ २॥

**पुनि कह भूपति बचन सुहाए। फिरिअ महीस दूरि बड़ि आए॥**
**राउ बहोरि उतरि भए ठाढ़े। प्रेम प्रबाह बिलोचन बाढ़े॥**

दशरथजीले फेरि सुन्दर वचन भन्नुभयो— हे राजन्! धेरै टाढा सवारी भयो, अब फिर्ती सवारी होस्। फेरि राजा दशरथजी रथबाट ओर्लेर उभिनुभयो। उहाँका नेत्रमा प्रेमको प्रवाह बढ्यो (प्रेमाश्रुका धारा बगेर आए)॥ ३॥

**तब बिदेह बोले कर जोरी। बचन सनेह सुधाँ जनु बोरी॥**
**करौं कवन बिधि बिनय बनाई। महाराज मोहि दीन्हि बड़ाई॥**

त्यसपछि जनकजीले हात जोडेर मानौं स्नेहरूपी अमृतमा डुबेका वचन भन्नुभयो—मैले कुन तरिकाले शब्द बनाएर (कुन शब्दमा) बिन्ती गरूँ। हे महाराज! हजुरले मलाई धेरै सम्मान दिइबक्सियो॥ ४॥

**दो०— कोसलपति समधी सजन सनमाने सब भाँति।**
**मिलनि परसपर बिनय अति प्रीति न हृदयँ समाति॥ ३४०॥**

अयोध्यानाथ दशरथजीले आफ्ना स्वजन सम्धीको सबै प्रकारले सम्मान गर्नुभयो। उहाँहरूको आपसमा अत्यन्त विनम्रता थियो र यति प्रीति थियो जो हृदयमा अटाउन सकेको थिएन॥ ३४०॥

**मुनि मंडलिहि जनक सिरु नावा। आसिरबादु सबहि सन पावा॥**
**सादर पुनि भेंटे जामाता। रूप सील गुन निधि सब भ्राता॥**

जनकजीले मुनिमण्डलीलाई शिर निहुराउनुभयो र सबैबाट आशीर्वाद पाउनुभयो। फेरि आदरका साथ उहाँ रूप, शील र गुणहरूका निधान सबै भाइहरूसँग—आफ्ना जुवाइँहरूसँग भेट हुनुभयो;॥ १॥

**जोरि पंकरुह पानि सुहाए। बोले बचन प्रेम जनु जाए॥**
**राम करौं केहि भाँति प्रसंसा। मुनि महेस मन मानस हंसा॥**

र सुन्दर कमलसमानका हातहरू जोडेर यस्ता वचन बोल्नुभयो, जुन मानौं प्रेमबाट नै जन्मेका हुन्। हे रामजी! मैले कुन प्रकारले हजुरको प्रशंसा गरूँ। हजुर मुनिहरू र महादेवजीका मनरूपी मानसरोवरको हाँस होइबक्सिन्छ॥ २॥

**करहिं जोग जोगी जेहि लागी। कोहु मोहु ममता मदु त्यागी॥**
**ब्यापकु ब्रह्मु अलखु अबिनासी। चिदानंदु निरगुन गुनरासी॥**

योगीहरू जसका लागि क्रोध, मोह, ममता र मदलाई त्यागेर योग साधना गर्ने गर्दछन्; जुन सर्वव्यापक, ब्रह्म, अव्यक्त, अविनाशी, चिदानन्द, निर्गुण र गुणहरूका राशि होइबक्सिन्छ॥ ३॥

**मन समेत जेहि जान न बानी। तरकि न सकहिं सकल अनुमानी॥**
**महिमा निगमु नेति कहि कहई। जो तिहुँ काल एकरस रहई॥**

जसलाई मनसहित वाणीद्वारा जान्न सकिँदैन सबैले जसको अनुमान मात्र गर्दछन्, कुनै तर्क (तर्कना) गर्न सक्दैनन्; जसको महिमालाई वेदले 'नेति', 'नेति' भनेर वर्णन गर्दछन् र जो [सच्चिदानन्द] तीनै कालमा एकरस (सर्वदा र सर्वथा निर्विकार) रहिबक्सिन्छ,॥ ४॥

**दो०— नयन बिषय मो कहुँ भयउ सो समस्त सुख मूल।**
**सबइ लाभु जग जीव कहँ भएँ ईसु अनुकूल॥ ३४१॥**

उहाँ समस्त सुखहरूका मूल [हजुर] मेरा नेत्रका विषय होइबक्सियो। ईश्वर अनुकूल भएपछि जगत्मा जीवलाई सबै लाभ नै लाभ हुन्छ॥ ३४१॥

**सबहि भाँति मोहि दीन्हि बड़ाई। निज जन जानि लीन्ह अपनाई॥**
**होहिं सहस दस सारद सेषा। करहिं कलप कोटिक भरि लेखा॥**

हजुरले मलाई सबै प्रकारले सम्मान दिइबक्सियो र आफ्नो व्यक्ति जानेर आफ्नो बनाइबक्सियो। यदि दश हजार सरस्वती र शेष भए पनि र करोडौं कल्पसम्म गणना गर्दै रहे पनि॥ १॥

**मोर भाग्य राउर गुन गाथा। कहि न सिराहिं सुनहु रघुनाथा॥**
**मैं कछु कहउँ एक बल मोरें। तुम्ह रीझहु सनेह सुठि थोरें॥**

हे रघुनाथजी! सुनिबक्सियोस्, मेरो सौभाग्य र हजुरको गुणहरूको कथा भनेर समाप्त गर्न सकिँदैन। मैले जे जति भनिरहेको छु, त्यो हजुरको यही एउटै बलमा भनेको छु कि हजुर अत्यन्त थोरै प्रेमले पनि सन्तुष्ट होइबक्सिन्छ॥ २॥

**बार बार मागउँ कर जोरें। मनु परिहरै चरन जनि भोरें॥**
**सुनि बर बचन प्रेम जनु पोषे। पूरनकाम रामु परितोषे॥**

मैले बारम्बार हात जोडेर यही माग्दछु कि मेरो मनले भुलेर पनि हजुरका चरणलाई नछोडोस्। जनकजीका श्रेष्ठ वचनलाई सुनेर, जो मानौं प्रेमले पुष्ट भएका थिए, पूर्णकाम रामचन्द्रजी सन्तुष्ट हुनुभयो॥ ३॥

**करि बर बिनय ससुर सनमाने। पितु कौसिक बसिष्ठ सम जाने॥**
**बिनती बहुरि भरत सन कीन्ही। मिलि सप्रेमु पुनि आसिष दीन्ही॥**

उहाँले सुन्दर बिन्ती गरेर पिता दशरथजी, गुरु विश्वामित्रजी र कुलगुरु वशिष्ठजीसमान जानेर ससुरा जनकजीको सम्मान गर्नुभयो। फेरि जनकजीले भरतजीसँग बिन्ती गर्नुभयो र प्रेमसहित भेटेर फेरि उहाँले आशीर्वाद दिनुभयो॥ ४॥

दो०— **मिले लखन रिपुसूदनहि दीन्हि असीस महीस।**
**भए परसपर प्रेमबस फिरि फिरि नावहिं सीस॥ ३४२॥**

फेरि राजा लक्ष्मणजी र शत्रुघ्नजीसँग भेट हुनुभयो र उहाँहरूलाई आशीर्वाद दिनुभयो। उहाँहरू परस्पर प्रेमको अधीन भएर बारम्बार आपसमा शिर निहुराउन लाग्नुभयो॥ ३४२॥

**बार बार करि बिनय बड़ाई। रघुपति चले संग सब भाई॥**
**जनक गहे कौसिक पद जाई। चरन रेनु सिर नयनन्ह लाई॥**

जनकजीको घरी-घरी बिन्ती र प्रशंसा गर्दै श्रीरघुनाथजी सबै भाइहरूका साथ हिँड्नुभयो। जनकजीले गएर विश्वामित्रजीका चरण समात्नुभयो र उहाँका चरणहरूको रज शिर र आँखामा लगाउनुभयो॥ १॥

**सुनु मुनीस बर दरसन तोरें। अगमु न कछु प्रतीति मन मोरें॥**
**जो सुखु सुजसु लोकपति चहहीं। करत मनोरथ सकुचत अहहीं॥**

[उहाँले भन्नुभयो— ] हे मुनीश्वर! सुन्नुहोस्, हजुरको सुन्दर दर्शनबाट दुर्लभ केही पनि छैन,

मेरो मनमा यस्तो विश्वास छ। जुन सुख र सुयश लोकपालहरू चाहन्छन्; परन्तु [असम्भव सम्झेर] जसको मनोरथ गर्न (सोच्न) नै लाज मान्दछन्;॥ २॥

**सो सुखु सुजसु सुलभ मोहि स्वामी। सब सिधि तव दरसन अनुगामी॥**
**कीन्हि बिनय पुनि पुनि सिरु नाई। फिरे महीसु आसिषा पाई॥**

हे स्वामी! त्यही सुख र सुयश मलाई सुलभ भयो; सबै सिद्धिहरू हजुरका दर्शनबाट अनुगामी अर्थात् पछि-पछि हिंड्ने भए। यस प्रकार बारम्बार बिन्ती गरेर र शिर निहुराउँदै तथा उहाँबाट आशीर्वाद पाएर राजा जनकजीको फिर्ती सवारी भयो॥ ३॥

**चली बरात निसान बजाई। मुदित छोट बड़ सब समुदाई॥**
**रामहि निरखि ग्राम नर नारी। पाइ नयन फलु होहिं सुखारी॥**

नगराहरू बजाउँदै बरियाँत (जन्ती) हिंडे। ठूला-साना सबै समुदाय प्रसन्न थिए [बाटोमा] गाउँका स्त्री-पुरुष श्रीरामचन्द्रजीलाई देखेर नेत्रहरूको फल पाएर सुखी भए॥ ४॥

### * बरियाँत अयोध्यामा फर्कनु र अयोध्यामा आनन्द *

**दो०— बीच बीच बर बास करि मग लोगन्ह सुख देत।**
**अवध समीप पुनीत दिन पहुँची आइ जनेत॥ ३४३॥**

बीच-बीचमा सुन्दर मुकाम गर्दै तथा मार्गका मानिसहरूलाई सुख दिँदै जन्तीहरू पवित्र दिनमा अयोध्यापुरीको नजिकै आइपुगे॥ ३४३॥

**हने निसान पनव बर बाजे। भेरि संख धुनि हय गय गाजे॥**
**झाँझि बिरव डिंडिमीं सुहाई। सरस राग बाजहिं सहनाई॥**

निसान* (नगरा)हरूमा चोट हान्न लगाए; सुन्दर ढोलहरू बज्न लागे। ठूलो भेरी (ठूलो ढोल, नगरा) र शङ्खको ठूलो आवाज भइरहेको थियो, हात्ती; घोडा गर्जिरहेका छन्। विशेष शब्द गर्नेवाला झ्यालीहरू र सुन्दर तथा रसिलो रागले सहनाइहरू बजिरहेका छन्॥ १॥

**पुर जन आवत अकनि बराता। मुदित सकल पुलकावलि गाता॥**
**निज निज सुंदर सदन सँवारे। हाट बाट चौहट पुर द्वारे॥**

जन्तीहरू आउँदै गरेको सुनेर नगरनिवासी प्रसन्न भए। सबैको शरीर रोमाञ्चित भयो। सबैले आ-आफ्ना सुन्दर घर, बजार, गल्ली, चौराहा र नगरका द्वारहरूलाई सजाए॥ २॥

**गलीं सकल अरगजाँ सिंचाईं। जहँ तहँ चौकें चारु पुराईं॥**
**बना बजारु न जाइ बखाना। तोरन केतु पताक बिताना॥**

सारा गल्लीहरू अरगजले पोतियो अर्थात् छर्कियो, जताँ-सुकै सुन्दर चित्र मण्डल बनाइयो। तोरण, ध्वजा, पताका र मण्डपहरूबाट बजार यसरी सजाइयो कि जसको वर्णन गर्न नै सकिँदैन॥ ३॥

---

* निसान-भेरी—ठूलो नगरा वा दमाहा, पनव-पणव—सानो नगरा या ढोल वा दमाहा हुन, शहनाई र नफीरी एउटै हो, झाँझे—झ्याली, डिंडिमीं—ठूलो नगराको साथ सानो नगरा हुन्छ, एकचोट ठूलो नगरामा र एक सानो नगरामा, यसरी साथ-साथै एक पछि अर्को चोट पर्छ, यसैलाई डिंडिमी भनिन्छ। (मानस-पीयूषबाट उद्धृत)

**सफल पूगफल कदलि रसाला। रोपे बकुल कदंब तमाला॥**
**लगे सुभग तरु परसत धरनी। मनिमय आलबाल कल करनी॥**

फलसहित सुपारी, केरा, आँप, मौलसिरी, कदम्ब, तमालका वृक्ष लगाए। उनी लगाइएका सुन्दर वृक्षले (फलको भारले) पृथ्वीलाई छोइरहेका थिए। उनका लागि मणिहरूका आलवाल (बिरुवा रोपेपछि त्यसको वरिपरि पानी राख्ने केही मात्रामा गहिरो भाग) अति सुन्दर कालिगडबाट बनाइएको थियो॥ ४॥

दो०— **बिबिध भाँति मंगल कलस गृह गृह रचे सँवारि।**
**सुर ब्रह्मादि सिहाहिं सब रघुबर पुरी निहारि॥ ३४४॥**

अनेक प्रकारका मङ्गल-कलश घर-घरमा सजाएर बनाइएका थिए। श्रीरघुनाथजीको पुरी (अयोध्या) लाई देखेर ब्रह्मा आदि देवताले ईर्ष्या गर्दथे॥ ३४४॥

**भूप भवनु तेहि अवसर सोहा। रचना देखि मदन मनु मोहा॥**
**मंगल सगुन मनोहरताई। रिधि सिधि सुख संपदा सुहाई॥**

त्यस समय राजमहल अत्यन्त सुशोभित भइरहेको थियो। त्यो रचनालाई देखेर कामदेवको पनि मन मोहित भइहाल्थ्यो। मङ्गल लक्षण, मनोहरता, ऋषि-सिद्धि, सुख, सुन्दर सम्पत्ति॥ १॥

**जनु उछाह सब सहज सुहाए। तनु धरि धरि दसरथ गृहँ छाए॥**
**देखन हेतु राम बैदेही। कहहु लालसा होहि न केही॥**

र सबै प्रकारको उत्साह (आनन्द) मानौं सहज सुन्दर शरीर धारण गरेर दशरथजीको घरमा छाइएका छन्। श्रीरामचन्द्र र सीताजीको दर्शनका लागि तपाईंले नै भन्नुहोस् त, कसलाई लोभ लाग्दैन॥ २॥

**जूथ जूथ मिलि चलीं सुआसिनि। निज छबि निदरहिं मदन बिलासिनि॥**
**सकल सुमंगल सजें आरती। गावहिं जनु बहु बेष भारती॥**

सधवा स्त्रीहरू समूहका समूह मिलेर हिंडे, जो आफ्नो छविले कामदेवकी स्त्री रतिको पनि निरादर गरिरहेका थिए। सबैले सुन्दर मङ्गलद्रव्य एवं आरती सजाउँदै गाइरहेका छन्, मानौं सरस्वतीजीले नै धेरै नै भेष धारण गरेर गाइरहनुभएको छ॥ ३॥

**भूपति भवन कोलाहलु होई। जाइ न बरनि समउ सुखु सोई॥**
**कौसल्यादि राम महतारीं। प्रेमबिबस तन दसा बिसारीं॥**

राजमहलमा [आनन्दले] स्वर मच्चिइरहेको छ। त्यस समयको अरू सुखको वर्णन गर्न नै सकिँदैन। कौसल्याजी आदि श्रीरामचन्द्रजीका सबै मुमाज्यूहरूले प्रेमको विशेष वश हुनाले शरीरको हालखबर (हालत) भुल्नुभयो॥ ४॥

दो०— **दिए दान बिप्रन्ह बिपुल पूजि गनेस पुरारि।**
**प्रमुदित परम दरिद्र जनु पाइ पदारथ चारि॥ ३४५॥**

श्रीगणेश र त्रिपुरारि शिवजीको पूजन गरेर उहाँहरूले ब्राह्मणहरूलाई धेरै नै दान दिनुभयो। उहाँहरू यसरी अति प्रसन्न हुनुभयो, मानौं अत्यन्त दरिद्रीले चारै पदार्थ पाएको छ॥ ३४५॥

**मोद प्रमोद बिबस सब माता। चलहिं न चरन सिथिल भए गाता॥**
**राम दरस हित अति अनुरागीं। परिछनि साजु सजन सब लागीं॥**

सुख र महान् आनन्दद्वारा विवश हुनाले सबै आमाहरूको शरीर शिथिल भइरहेको थियो, उहाँहरूका चरण चल्न नै छोडे। श्रीरामचन्द्रको दर्शनका लागि उहाँहरूले अत्यन्त अनुरागमा भरिएर पर्छने सबै सामान सजाउन लाग्नुभयो॥ १॥

**बिबिध बिधान बाजने बाजे। मंगल मुदित सुमित्राँ साजे॥**
**हरद दूब दधि पल्लव फूला। पान पूगफल मंगल मूला॥**

अनेकौं प्रकारका बाजा बजिरहेका थिए। सुमित्राजीले आनन्दपूर्वक मङ्गल साज (सामान) सजाउनुभयो। बेसार, दूबो, दही, पात, फूल, पान र सुपारी आदि मङ्गलका मूल वस्तुहरू,॥ २॥

**अच्छत अंकुर लोचन लाजा। मंजुल मंजरि तुलसि बिराजा॥**
**छुहे पुरट घट सहज सुहाए। मदन सकुन जनु नीड़ बनाए॥**

तथा अक्षता (नभाँचिएको, टुक्रा नपरेको चामल), जमरा, गोरोचन, लावा र तुलसीका सुन्दर मञ्जरीहरू सुशोभित छन्। नाना प्रकारका रङले बनाइएका सुन्दर सुवर्णका कलश यस्तो अनुभव हुन्छन्, मानौं कामदेवका पक्षीहरूले विचित्र किसिमले गुँड (बस्ने ठाउँ) बनाएका छन्॥ ३॥

**सगुन सुगंध न जाहिं बखानी। मंगल सकल सजहिं सब रानी॥**
**रचीं आरतीं बहुत बिधाना। मुदित करहिं कल मंगल गाना॥**

सगुनका सगुन्धित वस्तुहरूको वर्णन नै गर्न सकिँदैन। सबै रानीहरूले सम्पूर्ण मङ्गल सामान सजाइरहनुभएको थियो। अनेक प्रकारका आरती बनाएर उहाँहरू आनन्दित हुँदै सुन्दर मङ्गलगान गरिरहनुभएको थियो॥ ४॥

दो०— **कनक थार भरि मंगलन्हि कमल करन्हि लिएँ मात।**
**चलीं मुदित परिछनि करन पुलक पल्लवित गात॥ ३४६॥**

सुनका थालहरूलाई माङ्गलिक वस्तुहरूले भरेर आफ्ना कमलका समान (कोमल) हातहरूमा लिँदै माताजीहरू आनन्दित भई पर्छनका लागि हिँड्नुभयो। उहाँहरूको शरीर महान् खुसीयालीले गर्दा रोमाञ्चित भएको थियो॥ ३४६॥

**धूप धूम नभु मेचक भयऊ। सावन घन घमंडु जनु ठयऊ॥**
**सुरतरु सुमन माल सुर बरषहिं। मनहुँ बलाक अवलि मनु करषहिं॥**

धूपको धुवाँबाट आकाश यस्तो कालो भएको छ मानौं श्रावणको बादल घुमी-घुमी छाइएको (भरिएको) छ। देवताले कल्पवृक्षको फूलका मालाहरू बर्साइरहेका छन्। यस्तो लाग्दछ मानौं बकुल्लाको बथानले मनलाई [आफूतर्फ] खिचिरहेका छन्॥ १॥

**मंजुल मनिमय बंदनिवारे। मनहुँ पाकरिपु चाप सँवारे॥**
**प्रगटहिं दुरहिं अटन्ह पर भामिनि। चारु चपल जनु दमकहिं दामिनि॥**

सुन्दर मणिहरूबाट बनेका बन्धनवार देख्दा यस्तो अनुभव हुन्छ कि मानौं इन्द्रधनुष (सात प्रकारको रङ) ले सजाइएको छ। कौसीमा सुन्दर र चतुर स्त्रीहरू प्रकट हुन्छन् र लुक्दछन् (आउँदै-जाँदै गर्दछन्); उनीहरू यस्ता लाग्दछन् मानौं बिजुली चम्किरहेको छ॥ २॥

**दुंदुभि धुनि घन गरजनि घोरा। जाचक चातक दादुर मोरा॥**
**सुर सुगंध सुचि बरषहिं बारी। सुखी सकल ससि पुर नर नारी॥**

दुन्दुभि (नगरा) हरूको ध्वनि मानौं बादलको घोर गर्जना हो। याचकगण काकाकुल, भ्यागुता र मुजुर हुन्। देवताले पवित्र सुगन्धरूपी जल बर्साइरहेका छन्, जसले खेतीझैं नगरका सबै स्त्री-पुरुष सुखी भइरहेका छन्॥ ३॥

**समउ जानि गुर आयसु दीन्हा। पुर प्रबेसु रघुकुलमनि कीन्हा॥**
**सुमिरि संभु गिरिजा गनराजा। मुदित महीपति सहित समाजा॥**

[प्रवेशको] समय जानेर गुरु वशिष्ठजीले आज्ञा दिनुभयो। त्यसपछि रघुकुलमणि महाराज दशरथजीले शिवजी, पार्वतीजी र गणेशजीलाई स्मरण गरेर समाजसहित आनन्दित भएर नगरमा प्रवेश गर्नुभयो॥ ४॥

दो०— **होहिं सगुन बरषहिं सुमन सुर दुंदुभीं बजाइ।**
**बिबुध बधू नाचहिं मुदित मंजुल मंगल गाइ॥ ३४७॥**

शकुन (शुभ लक्षण) भइरहेको छ, देवताले दुन्दुभिहरू बजाएर फूल बर्साइरहेका छन्। देवताका स्त्री (अप्सरा) हरू आनन्दित भएर सुन्दर मङ्गलगीत गाँउदै नाचिरहेका छन्॥ ३४७॥

**मागध सूत बंदि नट नागर। गावहिं जसु तिहु लोक उजागर॥**
**जय धुनि बिमल बेद बर बानी। दस दिसि सुनिअ सुमंगल सानी॥**

मागध, सूत, भाट र चतुर नटले तीनै लोक उजागर (सबैलाई प्रकाश दिने, परम प्रकाशस्वरूप) श्रीरामचन्द्रको यश गाइरहेका छन्। जय ध्वनि तथा वेदको निर्मल श्रेष्ठ वाणी सुन्दर मङ्गलमा मुछिएर दशवटै दिशामा नै सुनिइरहेको छ॥ १॥

**बिपुल बाजने बाजन लागे। नभ सुर नगर लोग अनुरागे॥**
**बने बराती बरनि न जाहीं। महा मुदित मन सुख न समाहीं॥**

धेरै नै बाजा बज्न लागे। आकाशमा देवता र नगरमा मानिस सबै प्रेमले मग्न छन्। यसरी चिटिक्क परेका छन् कि जसको वर्णन हुन नै सक्दैन। परम आनन्दित छन्, सुख उनीहरूको मनमा अटाएको छैन॥ २॥

**पुरबासिन्ह सब राय जोहारे। देखत रामहि भए सुखारे॥**
**करहिं निछावरि मनिगन चीरा। बारि बिलोचन पुलक सरीरा॥**

अनि अयोध्यावासीहरूले राजालाई नमस्कार गरे। श्रीरामचन्द्रजीलाई देख्दा नै उनीहरू सुखी भइहाले। सबैले मणि र वस्त्र उपहार दिइरहेका छन्। नेत्रमा [प्रेमाश्रु] जल भरिएको छ र शरीर रोमाञ्चित भएको छ॥ ३॥

**आरति करहिं मुदित पुर नारी। हरषहिं निरखि कुअँर बर चारी॥**
**सिबिका सुभग ओहार उघारी। देखि दुलहिनिन्ह होहिं सुखारी॥**

नगरका स्त्रीहरू आनन्दित भएर आरती गरिरहेका छन् र सुन्दर चारै कुमारहरूलाई देखेर हर्षित भइरहेका छन्। पालकीको सुन्दर पर्दा (केही मात्रामा) हटाएर उनीहरूले बेहुलीहरूलाई हेरेर सुखी (खुसी) भएका छन्॥ ४॥

**दो०— एहि बिधि सबही देत सुखु आए राजदुआर।**
**मुदित मातु परिछनि करहिं बधुन्ह समेत कुमार॥ ३४८॥**

यसरी सबैलाई सुख दिँदै राजद्वारमा आउनुभयो। आमाहरूले आनन्दित भएर बुहारीहरूसहित कुमारहरूलाई पर्छन लाग्नुभएको छ॥ ३४८॥

**करहिं आरती बारहिं बारा। प्रेमु प्रमोदु कहै को पारा॥**
**भूषन मनि पट नाना जाती। करहिं निछावरि अगनित भाँती॥**

उहाँहरूले बारम्बार आरती गरिरहनुभएको छ। त्यो प्रेम र महान् आनन्दलाई कसले भन्न सक्दछ? अनेकौं प्रकारका आभूषण, रत्न र वस्त्र तथा अनगिन्ती प्रकारका अन्य वस्तुहरू उपहार दिइरहनुभएको छ॥ १॥

**बधुन्ह समेत देखि सुत चारी। परमानंद मगन महतारी॥**
**पुनि पुनि सीय राम छबि देखी। मुदित सफल जग जीवन लेखी॥**

बुहारीहरूसमेत चारै पुत्रहरूलाई देखेर माताजीहरू परमानन्दमा मग्न हुनुभएको छ। सीताजी र श्रीरामजीको छविलाई बारम्बार हेरेर उहाँहरू जगत्‌मा आफ्नो जीवन सफल भएको मानेर आनन्दित हुनुभएको छ॥ २॥

**सखीं सीय मुख पुनि पुनि चाही। गान करहिं निज सुकृत सराही॥**
**बरषहिं सुमन छनहिं छन देवा। नाचहिं गावहिं लावहिं सेवा॥**

सखीहरूले सीताजीको मुखलाई बारम्बार हेरेर आफ्नो पुण्यको सराहना गर्दै गान गरिरहेका छन्। देवताले क्षण–क्षणमा फूल बर्साउदै, नाच्दै, गाउँदै आ–आफ्नो सेवा समर्पण गरिरहेका छन्॥ ३॥

**देखि मनोहर चारिउ जोरीं। सारद उपमा सकल ढँढोरीं॥**
**देत न बनहिं निपट लघु लागीं। एकटक रहीं रूप अनुरागीं॥**

चारै मनोहर जोडीहरूलाई देखेर सरस्वतीजीले सारा उपमा खोज्नुभयो; तर कुनै उपमा दिन नै मिलेन, किनकि उहाँलाई सबै बिलकुल तुच्छ लागे। अनि हारेर उहाँ पनि श्रीरामको रूपमा अनुरक्त (आसक्त) भएर टोलाउँदै हेरिरहनुभयो॥ ४॥

दो०— **निगम नीति कुल रीति करि अरघ पाँवड़े देत।**
**बधुन्ह सहित सुत परिछि सब चलीं लवा निकेत॥ ३४९॥**

वेदको विधि र कुलको रीति पूरा गरेर अर्घ्य दिँदै र अनेकौं वस्त्र बिछ्याउँदै बुहारीहरूसमेत सबै पुत्रहरूलाई पर्छेर माताजीहरूले महलमा लिएर जानुभयो॥ ३४९॥

**चारि सिंघासन सहज सुहाए। जनु मनोज निज हाथ बनाए॥**
**तिन्ह पर कुअँरि कुअँर बैठारे। सादर पाय पुनीत पखारे॥**

स्वाभाविक रूपमा नै सुन्दर चार सिंहासन थिए, जुन मानौं कामदेवले नै आफ्नो हातले बनाएको थियो। त्यसमा माताजीहरूले राजकुमारी र राजकुमारहरूलाई बसाल्नुभयो र आदरका साथ उहाँका पवित्र चरण धुनुभयो॥ १॥

**धूप दीप नैबेद बेद बिधि। पूजे बर दुलहिनि मंगलनिधि॥**
**बारहिं बार आरती करहीं। ब्यजन चारु चामर सिर ढरहीं॥**

अनि वेदको विधि अनुसार मङ्गलहरूका निधान दुलाहा र दुलहीहरूलाई धूप, दीप र नैवेद्य आदिद्वारा पूजा गर्नुभयो। माताजीहरूले बारम्बार आरती गरिरहनुभएको छ र वर र वधूहरूका शिरमा सुन्दर पङ्खा तथा चमर घुमाइरहनु (डोलाउनु) भएको छ॥ २॥

**बस्तु अनेक निछावरि होहीं। भरीं प्रमोद मातु सब सोहीं॥**
**पावा परम तत्व जनु जोगीं। अमृतु लहेउ जनु संतत रोगीं॥**

अनेकौं वस्तुहरूको उपहार (अर्पण) भइरहेको छ; सबै माताजीहरू आनन्दमा भरिएर यसरी सुशोभित हुनुभएको छ मानौं योगीले परम तत्त्वलाई प्राप्त गरेको छ। सधैंको रोगीले मानौं अमृत पाएको छ,॥ ३॥

**जनम रंक जनु पारस पावा। अंधहि लोचन लाभु सुहावा॥**
**मूक बदन जनु सारद छाई। मानहुँ समर सूर जय पाई॥**

जन्म दरिद्रीले मानौं पारस पाएको छ। अन्धालाई सुन्दर नेत्रहरूको लाभ भयो। लाटोको मुखमा मानौं सरस्वतीजी आएर विराजमान हुनुभयो र शूरवीरले मानौं युद्धमा विजय प्राप्त गर्‍यो॥ ४॥

दो०— **एहि सुख ते सत कोटि गुन पावहिं मातु अनंदु।**
**भाइन्ह सहित बिआहि घर आए रघुकुलचंदु॥ ३५०(क)॥**

यी सुखभन्दा पनि सय करोड गुणा बढी आनन्द माताजीहरूले पाइरहनुभएको छ, किनकि रघुकुलका चन्द्रमारूप श्रीरामजीले भाइहरूसहित विवाह गरेर घर आउनुभएको छ॥ ३५० (क)॥

**लोक रीति जननीं करहिं बर दुलहिनि सकुचाहिं।**
**मोदु बिनोदु बिलोकि बड़ रामु मनहिं मुसुकाहिं॥ ३५०(ख)॥**

आमाहरूले लोकरीति गरिरहनुभएको छ र दुलाहा-दुलहीहरूले लाज मानिरहनुभएको छ। यस महान् आनन्द र विनम्रतालाई देखेर श्रीरामचन्द्रजी मनमनै मुस्कुराउनुभएको छ॥ ३५० (ख)॥

**देव पितर पूजे बिधि नीकी। पूजीं सकल बासना जी की॥**
**सबहि बंदि मागहिं बरदाना। भाइन्ह सहित राम कल्याना॥**

मनका सबै वासनाहरू पूरा भएको जानेर देवता र पितृहरूको राम्रो किसिमले पूजन गर्नुभयो। सबैलाई प्रार्थना गरेर माताजीहरूले यही वरदान माग्नुभयो कि भाइहरूसहित श्रीरामको कल्याण होस्॥ १॥

**अंतरहित सुर आसिष देहीं। मुदित मातु अंचल भरि लेहीं॥**
**भूपति बोलि बराती लीन्हे। जान बसन मनि भूषन दीन्हे॥**

देवताले लुकेर [अन्तरिक्षबाट] आशीर्वाद दिइरहेका छन् र आमाहरूले आनन्दित भएर आँचल (पछ्यौरा) फैलाएर लिइरहनुभएको छ। तदनन्तर राजाले जन्तीहरूलाई बोलाउनुभयो र उनीहरूलाई सवारीहरू, वस्त्र, मणि (रत्न) र आभूषणादि दिनुभयो॥ २॥

**आयसु पाइ राखि उर रामहि। मुदित गए सब निज निज धामहि॥**
**पुर नर नारि सकल पहिराए। घर घर बाजन लगे बधाए॥**

राजाको आज्ञा पाएर, श्रीरामजीलाई हृदयमा राखेर उनीहरू सबै आनन्दित हुँदै आ-आफ्नो घर गए। नगरका समस्त स्त्री-पुरुषलाई राजाले कपडा र गहना पहिराउनुभयो। घर-घरमा बधाईका बाजा बज्न लागे॥ ३॥

**जाचक जन जाचहिं जोइ जोई। प्रमुदित राउ देहिं सोइ सोई॥**
**सेवक सकल बजनिआ नाना। पूरन किए दान सनमाना॥**

याचकले जसले जे-जे माग्दछन्, विशेष प्रसन्न भएर राजाले उनीहरूलाई त्यही-त्यही दिनुभयो। सम्पूर्ण सेवकहरू र बाजा बजाउनेहरूलाई राजाले नाना प्रकारको दान र सम्मानले सन्तुष्ट गर्नुभयो॥ ४॥

दो०— **देहिं असीस जोहारि सब गावहिं गुन गन गाथ।**
**तब गुर भूसुर सहित गृहँ गवनु कीन्ह नरनाथ॥ ३५१॥**

सबैले नमस्कार गरेर आशीर्वाद दिएका छन् र गुणसमूहको कथा गाएका छन्। त्यसपछि गुरु र ब्राह्मणहरूसहित राजा दशरथजीको महलमा सवारी भयो॥ ३५१॥

**जो बसिष्ट अनुसासन दीन्ही। लोक बेद बिधि सादर कीन्ही॥**
**भूसुर भीर देखि सब रानी। सादर उठीं भाग्य बड़ जानी॥**

वशिष्ठजीले जे आज्ञा दिनुभयो, त्यसलाई लोक र वेदको विधि अनुसार राजाले आदरपूर्वक गर्नुभयो। ब्राह्मणहरूको भीड देखेर आफ्नो ठूलो भाग्य जानेर सबै रानीहरू आदरका साथ उठ्नुभयो॥ १॥

**पाय पखारि सकल अन्हवाए। पूजि भली बिधि भूप जेवाँए॥**
**आदर दान प्रेम परिपोषे। देत असीस चले मन तोषे॥**

(ब्राह्मणहरूको) चरण धोएर उहाँहरूले सबैलाई स्नान गराउनुभयो र राजाले विशिष्ट प्रकारले अर्थात् षोडशोपचार पूजन गरेर उहाँहरूलाई भोजन गराउनुभयो। आदर, दान र प्रेमले पुष्ट हुँदै उहाँहरूले सन्तुष्ट मनले आशीर्वाद दिँदै हिंड्नुभयो॥ २॥

**बहु बिधि कीन्हि गाधिसुत पूजा। नाथ मोहि सम धन्य न दूजा॥**
**कीन्हि प्रसंसा भूपति भूरी। रानिन्ह सहित लीन्हि पग धूरी॥**

राजाले गाधि-पुत्र (गाधि महाराजका पुत्र) विश्वामित्रजीलाई धैरै तरिका अर्थात् षोडशोपचारले पूजा गर्नुभयो र भन्नुभयो—हे नाथ! मसमान धन्य अरू व्यक्ति कोही छैनन्। राजाले उहाँको धैरै प्रशंसा गर्नुभयो र रानीहरू सहितले उहाँको चरण-रजलाई ग्रहण गर्नुभयो॥ ३॥

**भीतर भवन दीन्ह बर बासू। मन जोगवत रह नृपु रनिवासू॥**
**पूजे गुर पद कमल बहोरी। कीन्हि बिनय उर प्रीति न थोरी॥**

उहाँलाई महलभित्र बस्नका लागि उत्तम स्थान दिइयो, जसमा राजा र सबै रनिवासले उहाँलाई प्रसन्न गर्न सकूँन् (अर्थात् जसमा राजा र महलका सबै रानीहरूले स्वयं उहाँको इच्छानुसार उहाँको आरामको तर्फ दृष्टि राख्न सकियोस्), फेरि राजाले गुरु वशिष्ठजीका चरणकमलको पूजा गर्नुभयो। उहाँको हृदयमा प्रीति थोरै थिएन (अर्थात् अत्यन्त धैरै थियो)॥ ४॥

दो०— **बधुन्ह समेत कुमार सब रानिन्ह सहित महीसु।**
**पुनि पुनि बंदत गुर चरन देत असीस मुनीसु॥ ३५२॥**

बुहारीहरूसहित सबै राजकुमार र सबै रानीहरूसहित राजाले बारम्बार गुरुजीका चरणहरूको वन्दना गर्नुहुन्छ र मुनीश्वरले आशीर्वाद दिनुहुन्छ॥ ३५२॥

**बिनय कीन्हि उर अति अनुरागें। सुत संपदा राखि सब आगें॥**
**नेगु मागि मुनिनायक लीन्हा। आसिरबादु बहुत बिधि दीन्हा॥**

राजाले अत्यन्त प्रेमपूर्ण हृदयले पुत्रहरू र सारा सम्पत्ति अगाडि राखेर [त्यसलाई स्वीकार गर्नको लागि] बिन्ती गर्नुभयो। परन्तु मुनिराजले [पुरोहितको नाताले] केवल आफ्नो नेगमात्र* माग्नुभयो र धैरै तरहले आशीर्वाद दिनुभयो॥ १॥

**उर धरि रामहि सीय समेता। हरषि कीन्ह गुर गवनु निकेता॥**
**बिप्रबधू सब भूप बोलाईं। चैल चारु भूषन पहिराईं॥**

---

* **नेग**—विवाह आदि शुभ अवसरमा योग दिनेवालालाई जुन वस्तु वा धन उनीहरूको प्रसन्नताका लागि दिइन्छ त्यही नेग हो। *'नेगु मागि मुनिनायक लीन्हा'''।'* इति (क) 'नेगु' माग्नुभयो अर्थात् जुन 'पद' हो त्यसलाई मागेर लिनुभयो, जुन 'पद' होइन उसलाई दिंदाखेरी पनि लिनुभएन। पुराणहरूमा दानका लागि जुत्ता, छाता, कपडा, कमण्डलु, आसन, भाँडा, मुद्रिका र भोजनको सामग्री जुन दिन बताइएको छ, उसैलाई 'पद' भनिन्छ। सम्भवतः पण्डितजीको केही यस्तो नै अभिप्राय हो 'नेग' को तात्पर्य यो हो कि जुन विवाहको यस अवसरमा पुरोहितलाई मिल्ने दस्तुर (चीज) छ, जुन उहाँको हक हो त्यही लिनुभयो; यसले उहाँको कर्तव्यपरायणता र निःस्पृहता प्रकट हुन्छ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

फेरि सीताजीसहित श्रीरामचन्द्रलाई हृदयमा राखेर गुरु वशिष्ठजी हर्षित हुँदै आफ्नो स्थानमा जानुभयो। राजाले सबै ब्राह्मणीहरूलाई बोलाउनुभयो र सुन्दर वस्त्र तथा आभूषण पहिराउनुभयो॥ २॥

**बहुरि बोलाइ सुआसिनि लीन्हीं। रुचि बिचारि पहिरावनि दीन्हीं॥**
**नेगी नेग जोग सब लेहीं। रुचि अनुरूप भूपमनि देहीं॥**

फेरि सबै नगरभरका सौभाग्यवती (दिदी, बहिनी, छोरी, भान्जी आदि) लाई बोलाउनुभयो र उनको रुचिको अनुसार उनीहरूलाई पोशाक, गहना दिनुभयो। नेगीहरूले सबैले आ-आफ्नो नेग लिए र राजाहरूका शिरोमणि दशरथजीले उनीहरूको इच्छाको अनुसार दिनुभयो॥ ३॥

**प्रिय पाहुने पूज्य जे जाने। भूपति भली भाँति सनमाने॥**
**देव देखि रघुबीर बिबाहू। बरषि प्रसून प्रसंसि उछाहू॥**

जुन अतिथिहरूलाई प्रिय र पूजनीय जान्नुभयो, उनीहरूको राजाले धेरै नै सम्मान गर्नुभयो। देवगणले श्रीरघुनाथको विवाह देखेर, उत्सवको प्रशंसा गरी फूल बर्साउँदै— ॥ ४॥

दो०— **चले निसान बजाइ सुर निज निज पुर सुख पाइ।**
**कहत परसपर राम जसु प्रेम न हृदयँ समाइ॥ ३५३॥**

नगरा (निसान) बजाएर र [परम] सुख प्राप्त गरे र आ-आफ्नो लोकमा गए। उनीहरू एकले अर्कोसँग श्रीरामको यश भनेका थिए। हृदयमा प्रेमको सीमा थिएन॥ ३५३॥

**सब बिधि सबहि समदि नरनाहू। रहा हृदयँ भरि पूरि उछाहू॥**
**जहँ रनिवासु तहाँ पगु धारे। सहित बहूटिन्ह कुअँर निहारे॥**

सबैलाई अति विशिष्ट प्रकारले आदर-सत्कार गरिसके पछि राजा दशरथजीको हृदयमा पूर्ण उत्साह (आनन्द) भरियो। जहाँ अन्तःपुर (रानीहरूको निवास) थियो, त्यही उहाँको सवारी भयो र उहाँले बुहारीहरूसमेत राजकुमारहरूलाई देख्नुभयो॥ १॥

**लिए गोद करि मोद समेता। को कहि सकइ भयउ सुखु जेता॥**
**बधू सप्रेम गोद बैठारीं। बार बार हियँ हरषि दुलारीं॥**

राजाले आनन्दपूर्वक पुत्रहरूलाई काखमा लिनुभयो। त्यस समय राजालाई जति सुख भयो त्यसलाई कसले भन्न सक्दछ? फेरि बुहारीहरूलाई प्रेमसहित काखमा बसालेर बारम्बार हृदयमा हर्षित भई उहाँले उनीहरूको दुलार (प्यार) गर्नुभयो ॥ २॥

**देखि समाजु मुदित रनिवासू। सब कें उर अनंद कियो बासू॥**
**कहेउ भूप जिमि भयउ बिबाहू। सुनि सुनि हरषु होत सब काहू॥**

यो समाज (समारोह) देखेर सबै रानीहरू र खोपीमा उपस्थित अरू सबै जना प्रसन्न भए। सबैको हृदयमा आनन्दले निवास गर्‍यो। त्यसपछि राजाले जुन तरिकाले विवाह भएको थियो त्यो सबै भन्नुभयो। त्यसलाई सुन्दाखेरि सबैलाई हर्ष भइरहेको थियो॥ ३॥

**जनक राज गुन सीलु बड़ाई। प्रीति रीति संपदा सुहाई॥**
**बहुबिधि भूप भाट जिमि बरनी। रानीं सब प्रमुदित सनि करनी॥**

राजा जनकको गुण, शील, महत्त्व, प्रीतिको तरिका र सुन्दर सम्पत्तिको वर्णन राजाले भाटलेझैं धेरै प्रकारले गर्नुभयो। जनकजीको कार्य (व्यवहार) सुनेर सबै रानीहरू धेरै नै प्रसन्न हुनुभयो॥ ४॥

दो०— **सुतन्ह समेत नहाइ नृप बोलि बिप्र गुर ग्याति।**
**भोजन कीन्ह अनेक बिधि घरी पंच गइ राति॥ ३५४॥**

पुत्रहरूसहित स्नान गरेर राजाले ब्राह्मण, गुरु र कुटुम्बहरूलाई बोलाई अनेक प्रकारका भोजन गराउनुभयो। [यस्तो गर्दा-गर्दै] पाँच घडी रात बित्यो॥ ३५४॥

**मंगलगान करहिं बर भामिनि। भै सुखमूल मनोहर जामिनि॥**
**अँचइ पान सब काहूँ पाए। स्त्रग सुगंध भूषित छबि छाए॥**

सुन्दर स्त्रीहरूले मङ्गलगान गरिरहेका थिए। त्यो रात सुखको मूल र मनोहारिणी (मनलाई हरणगर्ने) भयो। सबैले आचमन गरी पान खाए र फूलहरूको माला, सुगन्धित द्रव्य आदिले विभूषित हुँदै सबै शोभाले ढाकिए॥ १॥

**रामहि देखि रजायसु पाई। निज निज भवन चले सिर नाई॥**
**प्रेम प्रमोदु बिनोदु बड़ाई। समउ समाजु मनोहरताई॥**

श्रीरामचन्द्रजीलाई देखेर र आज्ञा पाएर सबैले शिर निहुराएर आ-आफ्नो घरमा गए। त्यहाँको प्रेम, आनन्द, विनोद, महत्त्व, समय, समाज र मनोहरतालाई— ॥ २॥

**कहि न सकहिं सत सारद सेसू। बेद बिरंचि महेस गनेसू॥**
**सो मैं कहौं कवन बिधि बरनी। भूमिनागु सिर धरइ कि धरनी॥**

सयौं सरस्वती, शेष, वेद, ब्रह्मा, महादेवजी र गणेशजीले पनि भन्न सक्दैनन्। फेरि भन्नुहोस् त, मैले कसरी वर्णन गर्न सक्दछु? कहीं गड्यौंलाले पनि पृथ्वीलाई शिरमा राख्न सक्दछ!॥ ३॥

**नृप सब भाँति सबहि सनमानी। कहि मृदु बचन बोलाईं रानी॥**
**बधू लरिकनीं पर घर आईं। राखेहु नयन पलक की नाईं॥**

राजाले सबै प्रकारले सबैको सम्मान गरेर, कोमल वचनद्वारा रानीहरूलाई बोलाउनुभयो र भन्नुभयो—बुहारीहरू आजसम्म बच्चा छन्, अर्काको घरमा आएका छन्। यिनीहरूलाई यसरी राख्नु, जसरी आँखालाई पलक (आँखीभौं) ले राख्दछ (जस्तै पलकले सबै प्रकारले आँखाको रक्षा गर्दछ र त्यसलाई सुख पुऱ्याउँदछ, त्यस्तै प्रकारले यिनीहरूलाई सुख पुऱ्याउनू)॥ ४॥

दो०— **लरिका श्रमित उनीद बस सयन करावहु जाइ।**
**अस कहि गे बिश्रामगृहँ राम चरन चितु लाइ॥ ३५५॥**

पुत्रहरू थाकेर निद्राका वशमा भएका छन्, यिनीहरूलाई लिएर गई शयन गराऊ। यसो भनेर राजा श्रीरामचन्द्रका चरणमा मन लगाउँदै (आफ्नो) विश्रामभवनमा सवारी भयो॥ ३५५॥

**भूप बचन सुनि सहज सुहाए। जरित कनक मनि पलँग डसाए॥**
**सुभग सुरभि पय फेन समाना। कोमल कलित सुपेतीं नाना॥**

राजाका यस्ता स्वभावैले सुन्दर वचन सुनेर [रानीहरूले] मणिबाट जडिएका सुनका पलङ्मा डसना बिछ्याउनुभयो [गद्दामा] गाईको दूधको फिँजसमान सुन्दर एवं कोमल अनेकौं सेता तन्नाहरू बिछ्याउनुभयो॥ १॥

**उपबरहन बर बरनि न जाहीं। स्त्रग सुगंध मनिमंदिर माहीं॥**
**रतनदीप सुठि चारु चँदोवा। कहत न बनइ जान जेहिं जोवा॥**

सुन्दर सिरानी (तकियाहरूको) वर्णन गर्न नै सकिँदैन। मणिहरूका मन्दिरमा फूलहरूका मालाहरू र सुगन्ध द्रव्य सजाइएका छन्। सुन्दर रत्नका दीपकहरूको र चँदुवाको शोभा भन्न नै सकिँदैन। जसले उनीहरूलाई देखेका थिए, उनीहरूले मात्र जान्न सक्दछन्॥ २॥

**सेज रुचिर रचि रामु उठाए। प्रेम समेत पलँग पौढ़ाए॥**
**अग्या पुनि पुनि भाइन्ह दीन्ही। निज निज सेज सयन तिन्ह कीन्ही॥**

यस्ता प्रकारले सुन्दर शैय्या सजाएर [माताजीहरूले] श्रीरामचन्द्रलाई उठाउनुभयो र प्रेमसहित पलङ्मा सुताउनुभयो। श्रीरामचन्द्रजीले बारम्बार भाइहरूलाई आज्ञा दिनुभयो। त्यसपछि उहाँहरू पनि आ-आफ्ना शैय्यामा शयन गर्नुभयो॥ ३॥

**देखि स्याम मृदु मंजुल गाता। कहहिं सप्रेम बचन सब माता॥**
**मारग जात भयावनि भारी। केहि बिधि तात ताड़का मारी॥**

श्रीरामका श्याम सुन्दर कोमल अङ्गहरूलाई देखेर सबै आमाहरूले प्रेमसहित वचन बोलिरहनुभएको छ—हे बाबु! बाटोमा जाँदै गर्दा तिमीले धेरै डरलाग्दी ताडका राक्षसीलाई कस्तो प्रकारले मार्‍यौ?॥ ४॥

दो०— **घोर निसाचर बिकट भट समर गनहिं नहिं काहु।**
**मारे सहित सहाय किमि खल मारीच सुबाहु॥ ३५६॥**

धेरै भयानक राक्षस, जो विकट योद्धा थिए र जसले युद्धमा कसैलाई पनि केही गन्दैनथे। उनै दुष्ट मारीच र सुबाहुलाई सहायकहरूसहित तिमीले कसरी मार्‍यौ?॥ ३५६॥

**मुनि प्रसाद बलि तात तुम्हारी। ईस अनेक करवरें टारी॥**
**मख रखवारी करि दुहुँ भाईं। गुरु प्रसाद सब बिद्या पाईं॥**

हे बाबु! म तिम्रो बलिहारी जान्छु (म पनि शुभकामना तथा आशीर्वाद दिन्छु), मुनिको कृपाले नै ईश्वरले तिम्रा धेरै नै विपत्तिहरू (ताडका, मारीच आदि दुष्ट र उनका सेनाको आतङ्क रूप अरिष्टहरू) टारिदियो। दुवै भाइले यज्ञको रक्षा गरेर गुरुजीको प्रसादले सबै विद्याहरू पायौ॥ १॥

**मुनि तिय तरी लगत पग धूरी। कीरति रही भुवन भरि पूरी॥**
**कमठ पीठि पबि कूट कठोरा। नृप समाज महुँ सिव धनु तोरा॥**

[तिम्रो] चरणहरूको धूलो लाग्दा नै अहल्याले श्रापबाट छुट्करा पाइन्। विश्वभरमा यो कीर्ति पूर्ण रीतिले व्यापक (व्याप्त) भएको छ। कच्छप (कछुवा) को पीठ, वज्र र पर्वतभन्दा पनि कठोर शिवजीको धनुषलाई राजाहरूको समाजमा तिमीले भाँचिदियौ॥ २॥

**बिस्व बिजय जसु जानकि पाई। आए भवन ब्याहि सब भाई॥**
**सकल अमानुष करम तुम्हारे। केवल कौसिक कृपाँ सुधारे॥**

विश्वविजयको यश र जानकीलाई पायौ र सबै भाइहरूको विवाह गरेर घरमा आयौ। तिम्रा सबै कार्य अमानुष (मनुष्यको शक्ति बाहिर) छन्, केवल विश्वामित्रजीको कृपाले सुध्रे (सम्पन्न भए)॥ ३॥

**आजु सुफल जग जनमु हमारा। देखि तात बिधुबदन तुम्हारा॥**
**जे दिन गए तुम्हहि बिनु देखें। ते बिरंचि जनि पारहिं लेखें॥**

हे बाबु! तिम्रो चन्द्रमुख देखेर आज हाम्रो जगत्मा जन्म लिएको सफल भयो। तिमीलाई नदेखीकन जुन दिन व्यतीत भए, उनलाई ब्रह्माले गणनामा नल्याऊन् (हामीहरूको आयुमा समावेश नगरून्)॥ ४॥

दो०— **राम प्रतोषीं मातु सब कहि बिनीत बर बैन।**
**सुमिरि संभु गुर बिप्र पद किए नीदबस नैन॥ ३५७॥**

विनम्रताले भरिएका उत्तम वचन भनेर श्रीरामचन्द्रजीले सबै आमाहरूलाई सन्तुष्ट गर्नुभयो। फेरि शिवजी, गुरु र ब्राह्मणहरूका चरणको स्मरण गर्दै नेत्रलाई निद्राको वशमा पार्नुभयो अर्थात् शयन गर्नुभयो॥ ३५७॥

**नीदउँ बदन सोह सुठि लोना। मनहुँ साँझ सरसीरुह सोना॥**
**घर घर करहिं जागरन नारीं। देहिं परसपर मंगल गारीं॥**

निद्राको समयमा पनि उहाँको लावण्यमय सुन्दर मुख यसरी सुहाइरहेको थियो, मानौं सन्ध्याको समयमा रातो कमल सुतिरहेको छ। स्त्रीहरू घर-घरमा जागरण गरिरहेका छन् र आपसमा मङ्गलमय गालीहरू गरिरहेका छन्॥ १॥

**पुरी बिराजति राजति रजनी। रानीं कहहिं बिलोकहु सजनी॥**
**सुंदर बधुन्ह सासु लै सोईं। फनिकन्ह जनु सिरमनि उर गोईं॥**

रानीहरू भन्नुहुन्छ—हे सजनी (प्रिय सखी)! हेर, [आज] रात्रिको कस्तो शोभा छ, जसले अयोध्यापुरी विशेष रूपमा सुशोभित भइरहेको छ! [यसो भन्दै] सासूहरूले सुन्दरी बुहारीहरूलाई लिएर सुत्नुभयो, मानौं सर्पले आफ्ना शिरको मणिलाई हृदयमा लुकाएको छ॥ २॥

**प्रात पुनीत काल प्रभु जागे। अरुनचूड़ बर बोलन लागे॥**
**बंदि मागधन्हि गुनगन गाए। पुरजन द्वार जोहारन आए॥**

प्रातःकाल पवित्र ब्राह्ममुहूर्तमा प्रभु ब्युँझनुभयो। कुखुरा सुन्दर आवाजले बास्न लागे। भाट र मागधहरूले गुणहरूको गान गरे तथा नगरका मानिसहरू द्वारमा प्रणाम (नमस्कार) गर्न आए॥ ३॥

**बंदि बिप्र सुर गुर पितु माता। पाइ असीस मुदित सब भ्राता॥**
**जननिन्ह सादर बदन निहारे। भूपति संग द्वार पगु धारे॥**

ब्राह्मण, देवता, गुरु, पिता र आमाहरूको प्रार्थना गरेर आशीर्वाद पाई सबै भाइ प्रसन्न हुनुभयो। आमाहरूले आदरका साथ उहाँहरूको मुख हेर्नुभयो। फेरि उहाँहरू राजासँग ढोका बाहिर सवारी भयो॥ ४॥

दो०— **कीन्हि सौच सब सहज सुचि सरित पुनीत नहाइ।**
**प्रातक्रिया करि तात पहिं आए चारिउ भाइ॥ ३५८॥**

स्वभावैले पवित्र चारै भाइहरूले सबै शौचादिबाट निवृत्त भएर पवित्र सरयू नदीमा स्नान गर्नुभयो र प्रातः क्रिया (सन्ध्या-वन्दनादि) गरेर उहाँहरू पिताजीसँग आउनुभयो॥ ३५८॥

**नवाहपारायण, तेस्रो विश्राम**

**भूप बिलोकि लिए उर लाई। बैठे हरषि रजायसु पाई॥**
**देखि रामु सब सभा जुड़ानी। लोचन लाभ अवधि अनुमानी॥**

राजाले उहाँहरूलाई देख्दाबित्तिकै हृदयमा लगाउनुभयो। त्यसपछि उहाँहरू आज्ञा पाएर हर्षित हुँदै बस्नुभयो। श्रीरामचन्द्रको दर्शनको र नेत्रहरूको लाभको सीमा यही नै हो, यस्तो अनुमान गरेर सारा सभा शीतल भयो (अर्थात् सबैका तीनै प्रकारका ताप सधैंका लागि मेटिए)॥ १॥

**पुनि बसिष्टु मुनि कौसिकु आए। सुभग आसनन्हि मुनि बैठाए॥**
**सुतन्ह समेत पूजि पद लागे। निरखि रामु दोउ गुर अनुरागे॥**

फेरि मुनि वशिष्ठजी र विश्वामित्रजी आउनुभयो। राजाले उहाँहरूलाई सुन्दर आसनमा बसाल्नुभयो र पुत्रहरूले समेत पूजन गरेर उहाँहरूको चरण स्पर्श गर्नुभयो। दुवै गुरुजी श्रीरामलाई देखेर प्रेममा मुग्ध हुनुभयो॥ २॥

**कहहिं बसिष्टु धरम इतिहासा। सुनहिं महीसु सहित रनिवासा॥**
**मुनि मन अगम गाधिसुत करनी। मुदित बसिष्ट बिपुल बिधि बरनी॥**

वशिष्ठजीले धर्मको इतिहास भनिरहनुभएको छ र राजा र सबै रानीहरूले सुनिरहनुभएको छ। जुन मुनिहरूको मनलाई पनि अगम्य (कठिन, दुर्गम) छ, यस्तो विश्वामित्रजीको चरित्रलाई वशिष्ठजीले आनन्दित हुँदै धेरै प्रकारले वर्णन गर्नुभयो॥ ३॥

**बोले बामदेउ सब साँची। कीरत कलित लोक तिहुँ माची॥**
**सुनि आनंदु भयउ सब काहू। राम लखन उर अधिक उछाहू॥**

वामदेवजीले भन्नुभयो—यी सबै कुरा सत्य हुन्। विश्वामित्रजीको सुन्दर कीर्ति तीनै लोकमा छाइएको छ। यस्तो सुनेर सबैलाई आनन्द भयो। श्रीराम-लक्ष्मणका हृदयमा अधिक आनन्द (उत्साह) भयो॥ ४॥

**दो०— मंगल मोद उछाह नित जाहिं दिवस एहि भाँति।**
**उमगी अवध अनंद भरि अधिक अधिक अधिकाति॥ ३५९॥**

नित्य मङ्गल, आनन्द र उत्सव भएका छन्; यसरी आनन्दमा दिन बित्दै जाँदै छन्। अयोध्या आनन्दले भरिएर उर्लिरहेको छ, आनन्दको अधिकता अधिक बढ्दै गइरहेको छ॥ ३५९॥

**सुदिन सोधि कल कंकन छोरे। मंगल मोद बिनोद न थोरे॥**
**नित नव सुखु सुर देखि सिहाहीं। अवध जन्म जाचहिं बिधि पाहीं॥**

राम्रो दिन (शुभ मुहूर्त) शोधन गरेर सुन्दर रक्षाबन्धन खोलियो। मङ्गल, आनन्द र विनम्रतामा कत्ति पनि कमी भएन (धेरै भयो)। यस प्रकार दिनहुँ नयाँ सुखलाई देखेर देवताले ईर्ष्या गर्दथे र अयोध्यामा जन्म पाउनका लागि ब्रह्माजीसँग याचना गर्दथे॥ १॥

**बिस्वामित्रु चलन नित चहहीं। राम सप्रेम बिनय बस रहहीं॥**
**दिन दिन सयगुन भूपति भाऊ। देख सराह महामुनिराऊ॥**

विश्वामित्रजी दिनहुँ हिंड्न (आफ्नो आश्रममा जान) चाहनुहुन्छ, तर रामचन्द्रजीको स्नेह र विनम्रताले रोकिनुहुन्छ। दिन-दिनै राजाको सयगुणा बढी भाव (प्रेम) देखेर महामुनिराज विश्वामित्रजीले उहाँको सराहना गर्नुहुन्छ॥ २॥

**मागत बिदा राउ अनुरागे। सुतन्ह समेत ठाढ़ भे आगे॥**
**नाथ सकल संपदा तुम्हारी। मैं सेवकु समेत सुत नारी॥**

अन्त्यमा जब विश्वामित्रजीले बिदा माग्नुभयो, त्यसपछि राजा प्रेममग्न हुनुभयो र पुत्रहरूसहित अगाडि उभिनुभयो। [उहाँले भन्नुभयो—] हे नाथ! यो सारा सम्पदा हजुरको नै हो। म त स्त्री-पुत्रहरूसहित हजुरको सेवक हुँ॥ ३॥

**करब सदा लरिकन्ह पर छोहू। दरसनु देत रहब मुनि मोहू॥**
**अस कहि राउ सहित सुत रानी। परेउ चरन मुख आवन बानी॥**

हे मुनि! यी बच्चाहरूलाई सधैं स्नेह गरिबक्सिएला र मलाई पनि दर्शन दिँदै गरिबक्सिएला। यसो भनेर पुत्र र रानीहरूसहित राजा दशरथजी विश्वामित्रजीको चरणमा पल्टिनुभयो, [प्रेमविह्वल हुनाका कारणले] उहाँको मुखबाट वचन निस्कन सकेन॥ ४॥

**दीन्हि असीस बिप्र बहु भाँती। चले न प्रीति रीति कहि जाती॥**
**रामु सप्रेम संग सब भाई। आयसु पाइ फिरे पहुँचाई॥**

ब्राह्मण विश्वामित्रजीले धेरै प्रकारले आशीर्वाद दिनुभयो र उहाँ हिंडिहाल्नुभयो; प्रीतिको

रीतिलाई भन्न सकिँदैन। सबै भाइहरूलाई साथै लिएर श्रीरामजीले प्रेमका साथ उहाँलाई पुऱ्याएर तथा आज्ञा पाएर फर्कनुभयो॥ ५॥

**दो०— राम रूपु भूपति भगति ब्याहु उछाहु अनंदु।**
**जात सराहत मनहिं मन मुदित गाधिकुलचंदु॥ ३६०॥**

गाधिकुलका चन्द्रमा विश्वामित्रजी ठूलो हर्षका साथ श्रीरामचन्द्रको रूप, राजा दशरथजीको भक्ति, [चारै भाइहरूको] विवाह र [सबैको] उत्साह र आनन्दलाई मनमनै प्रशंसा गर्दै जानुभयो॥ ३६०॥

**बामदेव रघुकुल गुर ग्यानी। बहुरि गाधिसुत कथा बखानी॥**
**सुनि मुनि सुजसु मनहिं मन राऊ। बरनत आपन पुन्य प्रभाऊ॥**

वामदेव र रघुकुलका गुरु ज्ञानी वशिष्ठजीले फेरि विश्वामित्रको कथा (चरित्र) लाई वर्णन गर्दै भन्नुभयो*। मुनिको सुन्दर यश सुनेर राजाले मनमनै आफ्नो पुण्यको प्रभावलाई वर्णन गर्न लाग्नुभयो॥ १॥

**बहुरे लोग रजायसु भयऊ। सुतन्ह समेत नृपति गृहँ गयऊ॥**
**जहँ तहँ राम ब्याहु सबु गावा। सुजसु पुनीत लोक तिहुँ छावा॥**

राजाबाट आज्ञा भयो—त्यसपछि सबै जना [आ-आफ्नो घरमा] फर्के। राजा दशरथजी पनि पुत्रहरूसहित महलमा सवारी भयो। जतासुकै श्रीरामचन्द्रको विवाहको उत्सवलाई गाइरहेका छन्। श्रीरामचन्द्रको पवित्र सुयश तीनै लोकमा छाइयो॥ २॥

**आए ब्याहि रामु घर जब तें। बसइ अनंद अवध सब तब तें॥**
**प्रभु बिबाहँ जस भयउ उछाहू। सकहिं न बरनि गिरा अहिनाहू॥**

जहिलेदेखि श्रीरामचन्द्रजी विवाह गरेर घरमा आउनुभयो, त्यस समयदेखि सबै प्रकारका आनन्द अयोध्यामा आएर बस्न लागे। प्रभुको विवाहमा जस्तो आनन्द भयो, त्यसलाई सरस्वती र सर्पहरूका राजा शेषजीले पनि भन्न सक्नुहुन्न॥ ३॥

**कबिकुल जीवनु पावन जानी। राम सीय जसु मंगल खानी॥**
**तेहि ते मैं कछु कहा बखानी। करन पुनीत हेतु निज बानी॥**

---

* *'बामदेव रघुकुल गुर ज्ञानी।........'* इति (क) वामदेवजीको बढाई देखाउनको लागि उहाँलाई वशिष्ठजीभन्दा पहिला लेखियो र वशिष्ठजीको बढाईको लागि **'रघुकुल गुर ज्ञानी'** विशेषण दिइयो। तात्पर्य यो हो कि वामदेव-वशिष्ठजी यस्ता महामुनिले पनि विश्वामित्रजीको बढाई गर्नुभएको छ, यसैले विश्वामित्रजीको सुयशको अत्यन्त बढाई भयो (वामदेवजीलाई पहिला राख्नाले यो सूचित हुन्छ कि यसपटक वामदेवजीले नै स्वयं विश्वामित्रजीको कथा पहिला भन्नुभयो, पूर्व समर्थन मात्र गर्नुभएको थियो।) वामदेवजी र वशिष्ठजी दुवैको बखान गर्ने यो भाव हो कि पहिला वशिष्ठजीले विश्वामित्रजीको कथा भन्नुभयो, त्यतिखेर वामदेवजीले वशिष्ठजीको समर्थन गर्नुभएको थियो, यसैले अब वशिष्ठजीको वाणीलाई पुनः पुष्ट गर्नुहुन्छ, किनकि यदि पुनः पुष्ट नगरेमा पहिलाको कथन शिथिल (हलुङ्गो) हुन्छ। (ख) *'बहुरि........बखानी'*—विश्वामित्रजीको कथालाई पुनः भन्नुको भाव यो हो कि कसैको बढाई उसको सामुन्ने गर्नाले उसको प्रशंसाको महत्त्व नै हुँदैन, पछिल्तिरबाट बढाई गर्नाले नै उसको विशेषताको महत्त्व हुन्छ। [सम्मुख प्रशंसा गर्नाले उनको प्रसन्नताको लागि बढाई गरियो, वास्तवमा उनी यति प्रशंसाका योग्य छैनन्, उनको यति महिमा छैन अथवा, आनन्दमा दुईपटक भनियो। वा, पहिला संक्षिप्त कथा भनिएको थियो। अब विस्तारपूर्वक भनियो।] (मानस-पीयूषबाट उद्धृत गरिएको)

श्रीसीतारामको यश कविकुलको जीवनलाई पवित्र गर्नेवाला र मङ्गलहरूको खानी जानेर, यसैबाट मैले आफ्नो वाणीलाई पवित्र गर्नका लागि केही (थोरै) मात्र वर्णन गरेर भनेको छु॥ ४॥

## ❋ श्रीरामचरित्र सुन्ने र गाउनेको महिमा ❋

**छं०— निज गिरा पावनि करन कारन राम जसु तुलसीं कह्यो।**
**रघुबीर चरित अपार बारिधि पारु कबि कौनें लह्यो॥**
**उपबीत ब्याह उछाह मंगल सुनि जे सादर गावहीं।**
**बैदेहि राम प्रसाद ते जन सर्बदा सुखु पावहीं॥**

आफ्नो वाणीलाई पवित्र गर्नका लागि तुलसीले रामको यश भनेको हो। [हैन भने] श्रीरघुनाथजीको चरित्र अपार समुद्रसमान छ, कुन कविले त्यसको पार पाएका छन्? जुन मानिसले यज्ञोपवीत र विवाहको मङ्गलमय उत्सवको वर्णन आदरका साथ सुनेर गाउनेछन्, उनीहरूले श्रीजानकी र श्रीरामजीको कृपाद्वारा सधैं सुख पाउनेछन्।

**सो०— सिय रघुबीर बिबाहु जे सप्रेम गावहिं सुनहिं।**
**तिन्ह कहुँ सदा उछाहु मंगलायतन राम जसु॥ ३६१॥**

सीताजी र श्रीरघुनाथको विवाह-प्रसंगलाई जुन मानिसले प्रेमपूर्वक गाउने-सुन्नेछन् उनीहरूका लागि सधैं उत्साह नै उत्साह (आनन्द) हुनेछ; किनकि रामचन्द्रजीको यश मङ्गलको धाम हो॥ ३६१॥

## मासपारायण, बाह्रौं विश्राम

**इति श्रीमद्रामचरितमानसे सकलकलिकलुषविध्वंसने प्रथमः सोपानः समाप्तः।**

कलियुगको सम्पूर्ण पापहरूलाई विध्वंस गर्ने श्रीरामचरितमानसको यो पहिलो सोपान समाप्त भयो।

( बालकाण्ड समाप्त )

# केवटको भाग्य



अति आनंद उमगि अनुरागा। चरन सरोज पखारन लागा॥

॥ श्रीगणेशाय नमः॥

श्रीजानकीवल्लभो विजयते

# श्रीरामचरितमानस

## द्वितीय सोपान

## अयोध्याकाण्ड

श्लोक

**यस्याङ्के च विभाति भूधरसुता देवापगा मस्तके**
**भाले बालविधुर्गले च गरलं यस्योरसि व्यालराट्।**
**सोऽयं भूतिविभूषणः सुरवरः सर्वाधिपः सर्वदा**
**शर्वः सर्वगतः शिवः शशिनिभः श्रीशङ्करः पातु माम्॥ १ ॥**

जसको काखमा हिमाचलसुता पार्वतीजी, शिरमा गङ्गाजी, निधारमा द्वितीयाका चन्द्रमा, कण्ठमा हलाहल विष र वक्षःस्थलमा सर्पराज शेषजी सुशोभित हुनुहुन्छ, उनै भस्मले विभूषित, देवताहरूमा श्रेष्ठ, सर्वेश्वर, संहारकर्ता [या भक्तहरूका पापनाशक], सर्वव्यापक, कल्याणरूप, चन्द्रमाका समान शुभ्रवर्ण (गोरो) श्रीशङ्करजीले मेरो रक्षा गर्नुहोस्॥ १॥

**प्रसन्नतां या न गताभिषेकतस्तथा न मम्ले वनवासदुःखतः।**
**मुखाम्बुजश्री रघुनन्दनस्य मे सदास्तु सा मञ्जुलमङ्गलप्रदा॥ २ ॥**

रघुकुललाई आनन्द दिनेवाला श्रीरामचन्द्रजीको मुखारविन्दको जुन शोभा राज्याभिषेकले (राज्याभिषेकको कुरा सुनेर) न त प्रसन्नता प्राप्त भयो र न वनवासको दुःखले मलिन नै भयो, त्यही (मुखकमलको छवि) मेरो लागि सधैं सुन्दर मङ्गलहरू दिनेवाला होस्॥ २॥

**नीलाम्बुजश्यामलकोमलाङ्गं सीतासमारोपितवामभागम्।**
**पाणौ महासायकचारुचापं नमामि रामं रघुवंशनाथम्॥ ३ ॥**

नीलो कमलकोसमान श्याम र कोमल जसका अङ्ग छन्, सीताजी जसका वाम-भागमा विराजमान हुनुहुन्छ र जसको हातमा [क्रमशः] अमोघ बाण र सुन्दर धनुष छन्, उनै रघुवंशका स्वामी श्रीरामचन्द्रलाई मैले नमस्कार गर्दछु॥ ३॥

**दो०— श्रीगुरु चरन सरोज रज निज मनु मुकुरु सुधारि।**
**बरनउँ रघुबर बिमल जसु जो दायकु फल चारि॥**

श्रीगुरुजीका चरणकमलका रजले आफ्नो मनरूपी ऐनालाई सफा गरेर मैले श्रीरघुनाथको त्यही निर्मल यशलाई वर्णन गर्दछु, जसले चारवटै फल (धर्म, अर्थ, काम, मोक्ष) दिन्छ।

**जब तें रामु ब्याहि घर आए। नित नव मंगल मोद बधाए॥**
**भुवन चारिदस भूधर भारी। सुकृत मेघ बरषहिं सुख बारी॥**

जहिलेदेखि श्रीरामचन्द्रजी विवाह गरेर घरमा आउनुभयो, त्यसै बेलादेखि [अयोध्यामा] दिनहुँ नयाँ मङ्गल भइरहेको छ र आनन्दका बाजा बजिरहेका छन्। चौध लोकरूपी धेरै ठूलो पर्वतमा पुण्यरूपी मेघले सुखरूपी जल बर्साइरहेको छ॥ १॥

**रिधि सिधि संपति नदीं सुहाई। उमगि अवध अंबुधि कहुँ आई॥**
**मनिगन पुर नर नारि सुजाती। सुचि अमोल सुंदर सब भाँती॥**

ऋद्धि-सिद्धि र सम्पत्तिरूपी सुन्दर नदीहरू उर्लंदै अयोध्यारूपी समुद्रमा आएर मिलेका (मिसिएका) छन्। नगरका स्त्री-पुरुष असल जातका मणिहरूका समूह हुन्, जुन सबै प्रकारले पवित्र, अमूल्य र सुन्दर छन्॥ २॥

**कहि न जाइ कछु नगर बिभूती। जनु एतनिअ बिरंचि करतूती॥**
**सब बिधि सब पुर लोग सुखारी। रामचंद मुख चंदु निहारी॥**

नगरको ऐश्वर्यलाई केही भन्न सकिँदैन। यस्तो अनुभव हुन्छ मानौं, ब्रह्माजीको कालिगडी (कला कौशल) यति मात्र हो। सबै नगरनिवासी श्रीरामचन्द्रको मुखलाई हेरेर सबै प्रकारले सुखी छन्॥ ३॥

**मुदित मातु सब सखीं सहेली। फलित बिलोकि मनोरथ बेली॥**
**राम रूपु गुन सील सुभाऊ। प्रमुदित होइ देखि सुनि राऊ॥**

सबै आमाहरू र सखी-सहेलीहरू आफ्नो मनोरथरूपी लता (लहरा) लाई फलेको देखेर आनन्दित छन्। श्रीरामचन्द्रजीको रूप, गुण, शील र स्वभावलाई देखेर-सुनेर राजा दशरथजी धेरै नै आनन्दित हुनुभएको छ॥ ४॥

**दो०— सब कें उर अभिलाषु अस कहहिं मनाइ महेसु।**
**आप अछत जुबराज पद रामहि देउ नरेसु॥ १॥**

सबैको हृदयमा यस्तो अभिलाषा छ र सबैले महादेवजीलाई मनाएर (प्रार्थना गरेर) भनिरहेका छन् कि राजाले आफू जीवित छँदै श्रीरामचन्द्रजीलाई युवराज पदमा अभिषिक्त गरिदिए हुन्थ्यो॥ १॥

**एक समय सब सहित समाजा। राजसभाँ रघुराजु बिराजा॥**
**सकल सुकृत मूरति नरनाहू। राम सुजसु सुनि अतिहि उछाहू॥**

एक समय रघुकुलका राजा दशरथजी आफ्नो सारा समाजसहित राजसभामा विराजमान हुनुहुन्थ्यो। महाराज समस्त पुण्यहरूका मूर्ति हुनुहुन्छ, उहाँलाई श्रीरामचन्द्रजीको सुन्दर यश सुनेर अत्यन्त आनन्द भइरहेको छ॥ १॥

**नृप सब रहहिं कृपा अभिलाषें। लोकप करहिं प्रीति रुख राखें॥**
**तिभुवन तीनि काल जग माहीं। भूरिभाग दसरथ सम नाहीं॥**

सबै राजा उहाँकै कृपा चाहन्छन् र लोकपालगण उहाँको भावनालाई ख्याल राखेर (अनुकूल भएर) प्रीति गर्दछन्। [पृथ्वी, आकाश, पाताल] तीनै भुवनहरूमा र [भूत, भविष्य, वर्तमान] तीनै कालमा दशरथजीभन्दा ठूलो भाग्यमानी [अरू] कोही छैन॥ २॥

**मंगलमूल रामु सुत जासू। जो कछु कहिअ थोर सबु तासू॥**
**रायँ सुभायँ मुकुरु कर लीन्हा। बदनु बिलोकि मुकुटु सम कीन्हा॥**

मङ्गलहरूका मूल श्रीरामचन्द्र जसका पुत्र हुनुहुन्छ, उहाँको लागि जे जति भनिए तापनि सबै थोरै हुन्छ। राजाले स्वाभाविक रूपले नै ऐना लिनुभयो र उसमा आफ्नो मुख हेरेर मुकुट सीधा गर्नुभयो॥ ३॥

**श्रवन समीप भए सित केसा। मनहुँ जरठपनु अस उपदेसा॥**
**नृप जुबराजु राम कहुँ देहू। जीवन जनम लाहु किन लेहू॥**

[देख्नुभयो कि] कानको नजिक रौंहरू सेता भएका छन्, मानौं वृद्धावस्थाले यस्तो उपदेश गरिराखेको छ कि हे राजन्! श्रीरामचन्द्रजीलाई युवराज पद दिएर आफ्नो जीवन र जन्मको लाभ किन लिनुहुन्न॥ ४॥

दो०— **यह बिचारु उर आनि नृप सुदिनु सुअवसरु पाइ।**
**प्रेम पुलकि तन मुदित मन गुरहि सुनायउ जाइ॥ २॥**

हृदयमा यस्तो विचार गरेर (युवराज पद दिन निश्चय गरेर) राजा दशरथजीले शुभ दिन र सुन्दर समय पाएर, प्रेमले पुलकित शरीर हुँदै, आनन्दमग्न मनले सो कुरा गुरु वशिष्ठजीलाई सुनाउनुभयो॥ २॥

**कहइ भुआलु सुनिअ मुनिनायक। भए राम सब बिधि सब लायक॥**
**सेवक सचिव सकल पुरबासी। जे हमारे अरि मित्र उदासी॥**

राजाले भन्नुभयो—हे मुनिराज! [कृपया यो निवेदन] सुन्नुहोस्! श्रीरामचन्द्र अब सबै प्रकारले सबै योग्य भएका छन्। सेवक, मन्त्री, सबै नगरनिवासी र जुन हाम्रा शत्रु, मित्र या उदासीन छन्— ॥ १॥

**सबहि रामु प्रिय जेहि बिधि मोही। प्रभु असीस जनु तनु धरि सोही॥**
**बिप्र सहित परिवार गोसाईं। करहिं छोहु सब रौरिहि नाईं॥**

सबैलाई श्रीरामचन्द्र उस्तै नै प्रिय छन् जस्तै उनी मेरो लागि छन्। [उनको रूपमा] हजुरको आशीर्वाद नै मानौं शरीर धारण गरेर शोभित (विराजमान) भइरहेको छ। हे स्वामी! सारा ब्राह्मण, परिवारसहित हजुरका समान नै उनीप्रति स्नेह गर्दछन्॥ २॥

**जे गुर चरन रेनु सिर धरहीं। ते जनु सकल बिभव बस करहीं॥**
**मोहि सम यहु अनुभयउ न दूजें। सबु पायउँ रज पावनि पूजें॥**

जुन मानिसले गुरुका चरणहरूका रजलाई शिरमा धारण गर्दछन्, उनले मानौं समस्त ऐश्वर्यलाई आफ्नो वशमा गर्दछन्। यसको अनुभव मैलेसमान अरू कसैले गरेको छैन। हजुरका पवित्र चरण-रजको पूजा गरेर मैले सबै चीज पाएँ॥ ३॥

**अब अभिलाषु एकु मन मोरें। पूजिहि नाथ अनुग्रह तोरें॥**
**मुनि प्रसन्न लखि सहज सनेहू। कहेउ नरेस रजायसु देहू॥**

अब मेरो मनमा एउटै नै अभिलाषा छ। हे नाथ! त्यो पनि हजुरको नै अनुग्रहले पूरा हुनेछ। राजाको सहज प्रेम देखेर मुनिले प्रसन्न भएर भन्नुभयो— नरेश! आज्ञा दिइबक्सियोस् (हुकुम होस्, के अभिलाषा छ?)॥ ४॥

## ✹ रामराज्याभिषेकको तयारी, देवताहरूको व्याकुलता तथा सरस्वतीसँग उनीहरूको प्रार्थना ✹

दो०— **राजन राउर नामु जसु सब अभिमत दातार।**
**फल अनुगामी महिप मनि मन अभिलाषु तुम्हार॥ ३॥**

हे राजन्! हजुरका नाम र यश नै सम्पूर्ण मनले खोजेका वस्तुहरू दिनेवाला छन्। हे राजाहरूका मुकुटमणि! हजुरको मनको अभिलाषाले फलको अनुगमन गर्दछ (अर्थात् हजुरले इच्छा गर्नुभन्दा पहिले नै फल उत्पन्न भइहाल्दछ)॥ ३॥

**सब बिधि गुरु प्रसन्न जियँ जानी। बोलेउ राउ रहँसि मृदु बानी॥**
**नाथ रामु करिअहिं जुबराजू। कहिअ कृपा करि करिअ समाजू॥**

आफ्नो मनमा गुरुजी सबै प्रकारले प्रसन्न भएको जानेर, हर्षित हुँदै राजा कोमल वाणीले बोल्नुभयो— हे नाथ! श्रीरामचन्द्रलाई युवराज घोषित गर्नुहोस्। कृपा गरेर भन्नुहोस् (आज्ञा दिनुहुन्छ भने) त तयारी गर्नुपर्‍यो॥ १॥

**मोहि अछत यहु होइ उछाहू। लहहिं लोग सब लोचन लाहू॥**
**प्रभु प्रसाद सिव सबइ निबाहीं। यह लालसा एक मन माहीं॥**

म जीवित छँदै यो आनन्द-उत्सव होस्; [जसबाट] सबै जनाले आफ्नो नेत्रका लाभ प्राप्त गरुन्। प्रभु (हजुर) को प्रसादले शिवजीले सबै चीज पूर्ण गरिदिनुभयो (सबै इच्छाहरू पूर्ण गरिदिनुभयो), केवल यही एउटै (एक) इच्छा मनमा रह्यो॥ २॥

**पुनि न सोच तनु रहउ कि जाऊ। जेहिं न होइ पाछें पछिताऊ॥**
**सुनि मुनि दसरथ बचन सुहाए। मंगल मोद मूल मन भाए॥**

[यो इच्छा पूर्ण भएपछि] फेरि फिक्री (चिन्ता) हुनेछैन, शरीर रहोस् या जाओस्, जसबाट मलाई पछि पश्चात्ताप नहोस्। दशरथजीका मङ्गल र आनन्दका मूल सुन्दर वचन सुनेर मुनि मन–मनै धेरै प्रसन्न हुनुभयो॥ ३॥

**सुनु नृप जासु बिमुख पछिताहीं। जासु भजन बिनु जरनि न जाहीं॥**
**भयउ तुम्हार तनय सोइ स्वामी। रामु पुनीत प्रेम अनुगामी॥**

[वशिष्ठजीले भन्नुभयो— ] हे राजन्! सुनिबक्सियोस्, जसबाट विमुख भएर मानिसले पश्चात्ताप गर्छन् र जसको भजनविना मनको ज्वाला (अशान्ति) जाँदैन, उनै स्वामी (सर्वलोकमहेश्वर) श्रीरामजी हजुरका पुत्र हुनुहुन्छ, जुन पवित्र र प्रेमका अनुगामी हुनुहुन्छ। [श्रीराम पवित्र प्रेमको पछि-पछि हिँड्नेवाला हुनुहुन्छ। यसैले त प्रेमवश हजुरका पुत्र हुनुभयो]॥ ४॥

दो०— **बेगि बिलंबु न करिअ नृप साजिअ सबुइ समाजु।**
**सुदिन सुमंगलु तबहिं जब रामु होहिं जुबराजु॥ ४॥**

हे राजन्! अब विलम्ब नगरिबक्सियोस्; शीघ्र सबै सामान सजाइबक्सियोस्। शुभ दिन र सुन्दर मङ्गल त्यतिखेर नै हुन्छ जब श्रीरामचन्द्रजी युवराज हुनुहुनेछ (अर्थात् उहाँको अभिषेकको लागि सबै दिन शुभ र मङ्गलमय छ)॥ ४॥

**मुदित महीपति मंदिर आए। सेवक सचिव सुमंत्रु बोलाए॥**
**कहि जयजीव सीस तिन्ह नाए। भूप सुमंगल बचन सुनाए॥**

राजा आनन्दित भएर महलमा आउनुभयो र उहाँले सेवकहरू तथा मन्त्री सुमन्त्रलाई बोलाउनुभयो। उनीहरूले ‘जय-जीव’ (सरकारको जय होस्) भनेर शिर निहुराए। त्यसपछि राजाले सुन्दर मङ्गलमय वचन (श्रीरामलाई युवराज-पद दिने वचनको प्रस्ताव) सुनाउनुभयो॥ १॥

**जौं पाचहि मत लागै नीका। करहु हरषि हियँ रामहि टीका॥**

[र भन्नुभयो— ] यदि पञ्चको (तपाईंहरू सबैको) यो विचार राम्रो लागेमा, हृदयमा हर्षित भएर तपाईंहरूले श्रीरामचन्द्रको राजतिलक गर्नुहोस्॥ २॥

**मंत्री मुदित सुनत प्रिय बानी। अभिमत बिरवँ परेउ जनु पानी॥**
**बिनती सचिव करहिं कर जोरी। जिअहु जगतपति बरिस करोरी॥**

यस्तो प्रिय वाणीलाई सुन्दा नै मन्त्री यसरी आनन्दित भए मानौं उनको मनोरथरूपी बिरुवामा पानी पऱ्यो। मन्त्रीले हात जोडेर बिन्ती गरेका छन् कि हे जगत्पति! हजुर करोडौं वर्ष बाँचिबक्सियोस्॥ ३॥

**जग मंगल भल काजु बिचारा। बेगिअ नाथ न लाइअ बारा॥**
**नृपहि मोदु सुनि सचिव सुभाषा। बढ़त बौंड़ जनु लही सुसाखा॥**

हजुरले जगत्‌भरलाई मङ्गल गर्ने कार्य सोचिबक्सियो। हे नाथ! शीघ्रता गरिबक्सियोस्, विलम्ब नगरिबक्सियोस्। मन्त्रीहरूका सुन्दर वाणी सुनेर राजालाई यस्तो आनन्द भयो मानौं बढ्दै गरेको लता (झाल) ले सुन्दर डालीको सहारा (थाँक्रो) पायो॥ ४॥

दो०— **कहेउ भूप मुनिराज कर जोइ जोइ आयसु होइ।**
**राम राज अभिषेक हित बेगि करहु सोइ सोइ॥ ५॥**

राजाले भन्नुभयो— श्रीरामचन्द्रको राज्याभिषेकको लागि मुनिराज वशिष्ठजीले जे-जे आज्ञा दिनुहुन्छ, तपाईंहरू उही सबै तुरुन्त गर्नुहोस्॥ ५॥

**हरषि मुनीस कहेउ मृदुबानी। आनहु सकल सुतीरथ पानी॥**
**औषध मूल फूल फल पाना। कहे नाम गनि मंगल नाना॥**

मुनिराजले हर्षित भएर कोमल वाणीद्वारा भन्नुभयो कि सम्पूर्ण श्रेष्ठ तीर्थहरूको जल लिएर आउनुहोस्। फेरि उहाँले औषधि, मूल, फूल र पत्र आदि अनेकौं माङ्गलिक वस्तुहरूको नाम गनेर बताउनुभयो॥ १॥

**चामर चरम बसन बहु भाँती। रोम पाट पट अगनित जाती॥**
**मनिगन मंगल बस्तु अनेका। जो जग जोगु भूप अभिषेका॥**

चमर, मृगचर्म, धेरै प्रकारका वस्त्र असङ्ख्य जातिका ऊनी र रेसमी कपडा, [नाना प्रकारका] मणिहरू [रत्न] तथा अन्य पनि धेरै नै मङ्गल वस्तुहरू, जुन जगत्‌मा राज्याभिषेकको लागि योग्य हुन्छन् [सबैलाई ल्याउन उहाँले आज्ञा दिनुभयो]॥ २॥

**बेद बिदित कहि सकल बिधाना। कहेउ रचहु पुर बिबिध बिताना॥**
**सफल रसाल पूगफल केरा। रोपहु बीथिन्ह पुर चहुँ फेरा॥**

मुनिले वेदहरूमा भनिएको सबै विधान बताएर भन्नुभयो— नगरमा धेरै नै मण्डप (चदुवाँ) सजाउनुहोस्। फलहरूसमेत आँप, सुपारी र केराका वृक्ष नगरका गल्लीहरूमा चारैतर्फ रोप्नुहोस्॥ ३॥

**रचहु मंजु मनि चौकें चारू। कहहु बनावन बेगि बजारू॥**
**पूजहु गनपति गुर कुलदेवा। सब बिधि करहु भूमिसुर सेवा॥**

[विभिन्न रङका] सुन्दर मणिहरूका मनोहर चित्रमण्डल* बनाउनुहोस् र बजारलाई सजाउनको लागि भनिहाल्नुहोस्। श्रीगणेश, गुरु र कुलदेवताको पूजा र भूदेव (ब्राह्मण) हरूको सबै प्रकारले सेवा गर्नुहोस्॥ ४॥

दो०— **ध्वज पताक तोरन कलस सजहु तुरग रथ नाग।**
**सिर धरि मुनिबर बचन सबु निज निज काजहिं लाग॥ ६॥**

---

* **चित्रमण्डल**—कुनै पनि मङ्गल अवसरमा आँगन, पिँढी या अन्य कुनै समतल भूमिमा पिठो, अबीर, रङ्गिन चामल आदिले रेखाहरू बनाइएको चतुर्भुज (चारकुने) क्षेत्र जसमा केयौं प्रकारका कोठा र चित्र बनाइएको हुन्छ, यसमाथि देवताहरूलाई स्थापना गरी पूजा गरिन्छ अर्थात् रेखी हालिन्छ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

ध्वजा, पताका, तोरण, कलश, घोडा, रथ र हात्ती सबै सजाउनुहोस्! मुनिश्रेष्ठ वशिष्ठजीका वचन शिरोधार्य गरेर सबै जना आ–आफ्नो कार्यमा लागे॥ ६॥

**जो मुनीस जेहि आयसु दीन्हा। सो तेहिं काज प्रथम जनु कीन्हा॥**
**बिप्र साधु सुर पूजत राजा। करत राम हित मंगल काजा॥**

मुनीश्वरले जसलाई जुन कामको लागि आज्ञा दिनुभयो, उनले त्यो काम [यति शीघ्रताले गरे कि] मानौं पहिले नै गरिसकेका थिए। राजाले ब्राह्मण, साधु र देवताहरूलाई पूजिरहनुभएको छ र श्रीरामचन्द्रजीको लागि सबै मङ्गलकार्य गरिरहनुभएको छ॥ १॥

**सुनत राम अभिषेक सुहावा। बाज गहागह अवध बधावा॥**
**राम सीय तन सगुन जनाए। फरकहिं मंगल अंग सुहाए॥**

श्रीरामचन्द्रको राज्याभिषेकको सुन्दर खबर सुन्दा नै अयोध्याभरमा धूम–धामसँग बाजाहरू बज्न लागे। श्रीरामचन्द्र र सीताजीको शरीरमा पनि शुभ लक्षण सूचित भए। उहाँहरूका मङ्गल अङ्ग फर्फराउन लागे॥ २॥

**पुलकि सप्रेम परसपर कहहीं। भरत आगमनु सूचक अहहीं॥**
**भए बहुत दिन अति अबसेरी। सगुन प्रतीति भेंट प्रिय केरी॥**

रोमाञ्चित भएर उहाँहरूले प्रेमसहित परस्परमा भन्नुहुन्छ कि यी सबै लक्षणले भरत आउने सूचना दिएका छन्। [उनी मामा घर गएको] धैरै दिन भए; धैरै नै झल्को (झझल्को) लागिरहेको छ। (बारबार उनलाई भेट्न मन लागेको छ) शकुनले प्रिय (भरत) सँग भेट हुने विश्वास हुन्छ॥ ३॥

**भरत सरिस प्रिय को जग माहीं। इहइ सगुन फलु दूसर नाहीं॥**
**रामहि बंधु सोच दिन राती। अंडन्हि कमठ हृदउ जेहि भाँती॥**

र भरत समान जगत्मा [हामीलाई] को प्यारो छ! शकुनको बस, यही फल हो, अर्को होइन। श्रीरामचन्द्रजी [आफ्ना] भाइ भरतको दिन–रात यस्तो चिन्ता गर्नुहुन्छ, जस्तै कछुवाको हृदय (मन) अण्डा (फुल) मा रहन्छ॥ ४॥

दो०— **एहि अवसर मंगलु परम सुनि रहँसेउ रनिवासु।**
**सोभत लखि बिधु बढ़त जनु बारिधि बीचि बिलासु॥ ७॥**

यही समय यस्तो परम मङ्गल समाचार सुनेर सबै रानीहरू र अरू स्त्रीहरू हर्षित भए। जस्तै चन्द्रमालाई बढ्दो देखेर समुद्रमा लहराहरूको विलास (आनन्द) सुशोभित हुन्छ॥ ७॥

**प्रथम जाइ जिन्ह बचन सुनाए। भूषन बसन भूरि तिन्ह पाए॥**
**प्रेम पुलकि तन मन अनुरागीं। मंगल कलस सजन सब लागीं॥**

सबैभन्दा पहिला [अन्तःपुरमा] गएर जसले यो वचन (समाचार) सुनाए, उनीहरूले धैरै नै आभूषण र वस्त्र पाए। रानीहरूको शरीर प्रेमले रोमाञ्चित भई उठ्यो र मन प्रेममा मग्न भयो। उहाँहरू सबैले मङ्गलकलश सजाउन लाग्नुभयो॥ १॥

**चौकें चारु सुमित्राँ पूरी। मनिमय बिबिध भाँति अति रूरी॥**
**आनँद मगन राम महतारी। दिए दान बहु बिप्र हँकारी॥**

[मङ्गल-रचनाकी आचार्या] सुमित्राजीले मणिहरू (रत्न) का धेरै प्रकारका अत्यन्त मनोहर-चित्रमण्डल बनाउनुभयो। आनन्दमा मग्न हुँदै श्रीरामचन्द्रकी माता कौसल्याजीले ब्राह्मणहरूलाई बोलाएर धेरै दान दिनुभयो॥ २॥

**पूजीं ग्रामदेबि सुर नागा। कहेउ बहोरि देन बलिभागा॥**
**जेहि बिधि होइ राम कल्यानू। देहु दया करि सो बरदानू॥**

उहाँले ग्रामदेवीहरू, देवताहरू र नागहरूको पूजा गर्नुभयो र फेरि बलि दिनलाई भन्नुभयो (अर्थात् कार्य सिद्ध भएपछि फेरि पूजा गर्ने कुरा जाहेर गर्नुभयो) र प्रार्थना गर्नुभयो कि जुन प्रकारले श्रीरामचन्द्रको कल्याण हुन्छ, दया गरेर त्यही वरदान दिनुहोस्॥ ३॥

**गावहिं मंगल कोकिलबयनीं। बिधुबदनीं मृगसावकनयनीं॥**

कोइलीका जस्तो मीठो वाणी भएका, चन्द्रमाको समान सुन्दर मुख भएका र हरिण (मृग) का बच्चाको जस्तो नेत्र भएका स्त्रीहरूले मङ्गलगीत गाउन लागे॥ ४॥

**दो०— राम राज अभिषेकु सुनि हियँ हरषे नर नारि।**
**लगे सुमंगल सजन सब बिधि अनकूल बिचारि॥ ८॥**

श्रीरामचन्द्रजीको राज्याभिषेक सुनेर सबै स्त्री-पुरुष हृदयमा हर्षित हुँदै उठे र विधातालाई आफू अनुकूल सम्झेर सबैले सुन्दर मङ्गल-सामान सजाउन लागे॥ ८॥

**तब नरनाहँ बसिष्ठु बोलाए। रामधाम सिख देन पठाए॥**
**गुर आगमनु सुनत रघुनाथा। द्वार आइ पद नायउ माथा॥**

अनि राजाले वशिष्ठजीलाई बोलाउनुभयो र शिक्षा (समयोचित उपदेश) दिनको लागि श्रीरामचन्द्रको महलमा पठाउनुभयो। गुरुको आगमन सुन्दा नै श्रीरघुनाथ ढोकामा नै आएर उहाँका चरणमा शिर झुकाउनुभयो॥ १॥

**सादर अरघ देइ घर आने। सोरह भाँति पूजि सनमाने॥**
**गहे चरन सिय सहित बहोरी। बोले रामु कमल कर जोरी॥**

आदरपूर्वक अर्घ्य दिएर उहाँलाई घर (आफ्नो निवास) मा ल्याउनुभयो र षोडशोपचारले पूजा गरेर उहाँलाई सम्मान गर्नुभयो। फेरि सीताजीसहित उहाँका चरण स्पर्श गर्नुभयो र कमलका समान दुई हात जोडेर श्रीरामले भन्नुभयो— ॥ २॥

**सेवक सदन स्वामि आगमनू। मंगल मूल अमंगल दमनू॥**
**तदपि उचित जनु बोलि सप्रीती। पठइअ काज नाथ असि नीती॥**

यद्यपि सेवकको घरमा स्वामीको सवारी हुनु मङ्गलहरूको मूल र अमङ्गलहरूलाई नाश

गर्नेवाला हुन्छ, तथापि हे नाथ! उचित त यही थियो कि प्रेमपूर्वक दासलाई नै कार्यको लागि बोलाउन पठाउनुभएको भए राम्रो हुनेथियो, यस्तो नै नीति छ॥ ३॥

**प्रभुता तजि प्रभु कीन्ह सनेहू। भयउ पुनीत आजु यहु गेहू॥**
**आयसु होइ सो करौं गोसाईं। सेवकु लहइ स्वामि सेवकाईं॥**

परन्तु प्रभु (हजुर) ले प्रभुता छोडेर (स्वयं यहाँ सवारी भएर) जुन स्नेह गर्नुभयो, यसैले आज यो घर पवित्र भयो। हे गोसाईं (भगवान्)! [अब] जुन आज्ञा हुन्छ, मैले त्यही गर्नेछु। स्वामीको सेवामा नै सेवकको लाभ (भलाइ) हुन्छ॥ ४॥

दो०— **सुनि सनेह साने बचन मुनि रघुबरहि प्रसंस।**
**राम कस न तुम्ह कहहु अस हंस बंस अवतंस॥ ९॥**

[श्रीरामचन्द्रजीका] प्रेमले भरिएका वचनहरू सुनेर मुनि वशिष्ठजीले श्रीरघुनाथको प्रशंसा गर्दै भन्नुभयो कि हे राम! भन्नुहोस् त, हजुरले यस्तो किन नभन्ने? हजुर त सूर्यवंशका भूषण हुनुहुन्छ॥ ९॥

**बरनि राम गुन सीलु सुभाऊ। बोले प्रेम पुलकि मुनिराऊ॥**
**भूप सजेउ अभिषेक समाजू। चाहत देन तुम्हहि जुबराजू॥**

श्रीरामचन्द्रको गुण, शील र स्वभावलाई वर्णन गरेर, मुनिराज प्रेमले पुलकित (रोमाञ्चित) भएर भन्नुभयो—[हे रामचन्द्रजी!] राजा (दशरथजी) ले राज्याभिषेकको तयारी गर्नुभएको छ। उहाँले हजुरलाई युवराज पद दिन चाहनुहुन्छ॥ १॥

**राम करहु सब संजम आजू। जौं बिधि कुसल निबाहै काजू॥**
**गुरु सिख देइ राय पहिं गयऊ। राम हृदयँ अस बिसमउ भयऊ॥**

[यसैले] हे रामजी! आज हजुरले [उपवास, हवन आदि विधिपूर्वक] सबै संयम गर्नुहोस्, जसबाट विधाताले कुशलतापूर्वक यस कार्यलाई सफल गरिदियोस्। गुरुजी शिक्षा दिएर राजा दशरथजीसँग जानुभयो। श्रीरामचन्द्रको हृदयमा [यस्तो सुनेर] यस कुरामा खेद भयो कि— ॥ २॥

**जनमे एक संग सब भाई। भोजन सयन केलि लरिकाई॥**
**करनबेध उपबीत बिआहा। संग संग सब भए उछाहा॥**

हामी सबै भाइ सँगसँगै जन्मियौं; खानु, सुत्नु, बाल्यावस्थामा खेल्नु दौडनु, कान छेड्नु, यज्ञोपवीत र विवाह आदि उत्सव सबै साथ-साथै भए॥ ३॥

**बिमल बंस यहु अनुचित एकू। बंधु बिहाइ बड़ेहि अभिषेकू॥**
**प्रभु सप्रेम पछितानि सुहाई। हरउ भगत मन कै कुटिलाई॥**

तर यस निर्मल वंशमा यही एक अनुचित कुरा भइरहेको छ कि अन्य सबै भाइहरूलाई छोडेर राज्याभिषेक, एक जेठाको (मेरो नै) हुने भएको छ। [तुलसीदासजीले भन्नुहुन्छ कि] प्रभु श्रीरामचन्द्रजीको यो सुन्दर प्रेमपूर्ण पश्चात्तापले भक्तहरूको मनको कुटिलतालाई हरण गरोस्॥ ४॥

दो०— **तेहि अवसर आए लखन मगन प्रेम आनंद।**
**सनमाने प्रिय बचन कहि रघुकुल कैरव चंद॥ १०॥**

त्यही समय प्रेम र आनन्दमा मग्न लक्ष्मणजी आउनुभयो। रघुकुलरूपी कमललाई फुलाउनेवाला चन्द्रमा श्रीरामचन्द्रले प्रिय वचन भनेर उहाँको सम्मान गर्नुभयो॥ १०॥

**बाजहिं बाजने बिबिध बिधाना। पुर प्रमोदु नहिं जाइ बखाना॥**
**भरत आगमनु सकल मनावहिं। आवहुँ बेगि नयन फलु पावहिं॥**

धेरै प्रकारका बाजा बजिरहेका छन्। नगरको अतिशय आनन्दको वर्णन गर्न नै सकिन्न। सबै जनाले भरतजीको आगमन मनाइरहेका छन् र भनिरहेका छन् कि उहाँ पनि शीघ्र आउनुभए हुन्थ्यो र [राज्याभिषेकको उत्सव देखेर] नेत्रको फल प्राप्त गरे हुन्थ्यो॥ १॥

**हाट बाट घर गलीं अथाईं। कहहिं परसपर लोग लोगाईं॥**
**कालि लगन भलि केतिक बारा। पूजिहि बिधि अभिलाषु हमारा॥**

बजार, बाटो, घर, गल्ली, चौताराहरूमा (जताततै) स्त्री र पुरुषले आपसमा यही भनेका छन् कि भोलि त्यो शुभ लग्न (मुहूर्त) कुन समयमा छ जतिखेर विधाताले हामीहरूको अभिलाषा पूरा गर्नेछ॥ २॥

**कनक सिंघासन सीय समेता। बैठहिं रामु होइ चित चेता॥**
**सकल कहहिं कब होइहि काली। बिघन मनावहिं देव कुचाली॥**

जब सीताजीसहित श्रीरामचन्द्र सुवर्णको सिंहासनमा विराजमान हुनुहुनेछ र हामीहरूको मनले सोचेजस्तो हुनेछ (मनःकामना पूरा हुनेछ)। यता त सबैले यस्तो भनिरहेका छन् कि भोलि कतिखेर होला (अर्थात् उज्यालो कतिखेर होला), उता कुचक्री (षड्यन्त्रकारी) देवताले विघ्न मनाइरहेका छन्॥ ३॥

**तिन्हहि सोहाइ न अवध बधावा। चोरहि चंदिनि राति न भावा॥**
**सारद बोलि बिनय सुर करहीं। बारहिं बार पाय लै परहीं॥**

उनीहरू (देवताहरू) लाई अयोध्यामा मङ्गलबाजा बजेको मन परेको छैन, जस्तै चोरलाई चाँदनी रात मन पर्दैन। सरस्वतीलाई बोलाएर देवताले बिन्ती गरिरहेका छन् र घरी-घरी उहाँका चरण समातेर चरणमा नै पल्टिरहेका छन्॥ ४॥

दो०— **बिपति हमारि बिलोकि बड़ि मातु करिअ सोइ आजु।**
**रामु जाहिं बन राजु तजि होइ सकल सुरकाजु॥ ११॥**

[उनीहरूले भनेका छन्— ] हे माता! हाम्रो ठूलो विपत्ति देखेर आज यही गर्नुहोस्, जसबाट श्रीरामचन्द्रले राज्य त्यागेर गइहाल्ने परिस्थिति होस् र देवताहरूको सबै कार्य सिद्ध होस्॥ ११॥

**सुनि सुर बिनय ठाढ़ि पछिताती। भइउँ सरोज बिपिन हिमराती॥**
**देखि देव पुनि कहहिं निहोरी। मातु तोहि नहिं थोरिउ खोरी॥**

देवताहरूको बिन्ती सुनेर सरस्वतीजी उभिएर पश्चात्ताप गरिरहनुभएको छ कि [हाय!] म

कमलवनको लागि हेमन्त ऋतुको रात भएँ। उहाँले यस्तो प्रकारले पश्चात्ताप गरेकोले देवताले फेरि बिन्ती गरेर भने—हे माता! यसमा हजुरलाई कत्ति पनि दोष लाग्नेछैन॥ १॥

**बिसमय हरष रहित रघुराऊ। तुम्ह जानहु सब राम प्रभाऊ॥**
**जीव करम बस सुख दुख भागी। जाइअ अवध देव हित लागी॥**

श्रीरघुनाथ हर्ष र विषादबाट रहित हुनुहन्छ। हजुरले त श्रीरामको सबै प्रभावलाई जान्नुहुन्छ। जीव आफ्नो कर्मवश नै सुख-दुःखको भागी हुन्छ। अतएव देवताहरूको हितको लागि हजुर अयोध्या जानुहोस्॥ २॥

**बार बार गहि चरन सँकोची। चली बिचारि बिबुध मति पोची॥**
**ऊँच निवासु नीचि करतूती। देख न सकहिं पराइ बिभूती॥**

बार-बार चरण समातेर देवताहरूले सरस्वतीलाई सङ्कोचमा पारिदिए। अनि उहाँले यस्तो विचार गरेर हिँड्नुभयो कि देवताहरूको बुद्धि हलुङ्गो (छोटो) छ। यिनीहरूको निवास त उँचो (अग्लो) छ, तर यिनीहरूको व्यवहार नीच छ। यिनीहरूले अर्काको ऐश्वर्य देख्न सक्दैनन्॥ ३॥

**आगिल काजु बिचारि बहोरी। करिहहिं चाह कुसल कबि मोरी॥**
**हरषि हृदयँ दसरथ पुर आई। जनु ग्रह दसा दुसह दुखदाई॥**

परन्तु अगाडिको कार्यलाई विचार गरेर (श्रीराम वन जानाले राक्षसहरूको वध हुनेछ, जसले सारा जगत् सुखी हुनेछ) चतुर कविले [श्रीरामजीको वनवासको चरित्रलाई वर्णन गर्नको लागि] मेरो इच्छा (कामना) गर्नेछन्। यस्तो विचार गरेर सरस्वती हृदयमा हर्षित भएर दशरथजीको पुरी अयोध्यामा आउनुभयो, मानौं दुःसह दुःख दिनेवाला कुनै ग्रहदशा आएको छ॥ ४॥

## ✹ सरस्वतीले मन्थराको बुद्धि बदल्नु, कैकयी-मन्थरा-संवाद ✹

**दो०— नामु मंथरा मंदमति चेरी कैकइ केरि।**
**अजस पेटारी ताहि करि गई गिरा मति फेरि॥ १२॥**

मन्थरा नामकी कैकेयीकी एक मन्दबुद्धि दासी थिई, उसलाई कुलच्छिनको भाँडो बनाएर सरस्वतीले उसको बुद्धिलाई बदलेर गइहाल्नुभयो॥ १२॥

**दीख मंथरा नगरु बनावा। मंजुल मंगल बाज बधावा॥**
**पूछेसि लोगन्ह काह उछाहू। राम तिलकु सुनि भा उर दाहू॥**

मन्थराले देखी कि नगर सजाइएको छ। सुन्दर मङ्गलमय बाजाहरू बजिरहेका छन्। उसले मानिसहरूसँग सोधी यो के को उत्सव हो? [उनीहरूबाट] श्रीरामचन्द्रजीको राजतिलकको कुरा सुन्दा नै उसको हृदय जल्यो॥ १॥

**करइ बिचारु कुबुद्धि कुजाती। होइ अकाजु कवनि बिधि राती॥**
**देखि लागि मधु कुटिल किराती। जिमि गवँ तकइ लेउँ केहि भाँती॥**

त्यस दुर्बुद्धि नीच जातकी दासीले विचार गर्न लागी कि कुन प्रकारले यो काम रातमा नै असफल बनोस्, जस्तै कुनै कुटिल भिल्लिनी (भिल्ल जातिकी स्त्री) ले मौरीको चाका लागेको देखेर त्यसलाई कुन तरिकाले झारौं भनेर सोच्दछे॥ २॥

**भरत मातु पहिं गइ बिलखानी। का अनमनि हसि कह हँसि रानी॥**
**ऊतरु देइ न लेइ उसासू। नारि चरित करि ढारइ आँसू॥**

त्यो उदास भएर भरतजीकी आमा कैकेयीसँग गई। रानी कैकयीले हाँसेर भन्नुभयो—तँ उदास किन भएकी होस्? मन्थराले कुनै उत्तर दिन्न, केवल लामो सास लिइरहेकी छ र स्त्रीचरित्र गरेर आँसु बगाइरहेकी छ॥ ३॥

**हँसि कह रानि गालु बड़ तोरें। दीन्ह लखन सिख अस मन मोरें॥**
**तबहुँ न बोल चेरि बड़ि पापिनि। छाड़इ स्वास कारि जनु साँपिनि॥**

रानीले हाँसेर भन्न लाग्नुभयो कि तेरो धेरै नै जान्ने भएर बोल्ने बानी छ। मेरो मनले सोचेको छ कि लक्ष्मणले तँलाई केही शिक्षा (दण्ड) दिएका छन्। त्यसपछि पनि त्यो महापापिनी दासी केही पनि बोलिन। यस्तो लामो सास फेरिरहेकी छ, मानौं काली नागिनी [फूँ-फूँ] गरेकी छ॥ ४॥

दो०— **सभय रानि कह कहसि किन कुसल रामु महिपालु।**
**लखनु भरतु रिपुदमनु सुनि भा कुबरी उर सालु॥ १३॥**

अनि रानीले डराएर भन्नुभयो—ए! किन बोल्दिनस्? श्रीरामचन्द्र राजा, लक्ष्मण, भरत र शत्रुघ्न, कुशल त छन्? यस्तो सुनेर कुप्री मन्थराको हृदयमा अति नै पीडा भयो॥ १३॥

**कत सिख देइ हमहि कोउ माई। गालु करब केहि कर बलु पाई॥**
**रामहि छाड़ि कुसल केहि आजू। जेहि जनेसु देइ जुबराजू॥**

[उसले भन्न लागी— ] हे माता! मलाई कसैले किन शिक्षा दिने र मैले कसको बल पाएर जान्ने भएर बोलौं। रामचन्द्रलाई छोडेर आज अरू कसको कुशल (भलो) छ, जसलाई राजाले युवराज-पद दिन लाग्नुभएको छ॥ १॥

**भयउ कौसिलहि बिधि अति दाहिन। देखत गरब रहत उर नाहिन॥**
**देखहु कस न जाइ सब सोभा। जो अवलोकि मोर मनु छोभा॥**

आज कौसल्यालाई विधाता धेरै नै दाहिने (अनुकूल) भएका छन्; यस्तो देखेर उनको मनमा गर्व (घमण्ड) अटाएको छैन। हजुर स्वयं गएर सबै शोभा किन हेर्नुहुन्न, जसलाई देखेर मेरो मनमा क्षोभ (रीस) भएको छ॥ २॥

**पूतु बिदेस न सोचु तुम्हारें। जानति हहु बस नाहु हमारें॥**
**नीद बहुत प्रिय सेज तुराई। लखहु न भूप कपट चतुराई॥**

हजुरका पुत्र परदेशमा छन्, हजुरलाई कुनै सोच छैन। भन्ने गर्नु हुन्थ्यो कि स्वामी मेरो वशमा हुनुहुन्छ। हजुरलाई त (मखमल बिछ्याइएको) पलङ (खाट) मा पल्टी-पल्टी निदाउन नै धेरै प्यारो लाग्दछ, राजाको कपटभरि चतुर्‍याइँ हजुरले देख्नुहुन्न॥ ३॥

**सुनि प्रिय बचन मलिन मनु जानी। झुकी रानि अब रहु अरगानी॥**
**पुनि अस कबहुँ कहसि घरफोरी। तब धरि जीभ कढ़ावउँ तोरी॥**

मन्थराका प्रिय वचन सुनेर किन्तु उसलाई मनको मैलो (कपटी) जानेर रानीले झोक्किएर हपार्दै भन्नुभयो— भयो, अब चुप लाग् घरफोरा (अर्घेली) कहाँकी बजिनी! फेरि कहिल्यै यस्तो भनिस् भने तेरो जिब्रो समातेर निकाल्नेछु॥ ४॥

**दो०— काने खोरे कूबरे कुटिल कुचाली जानि।**
**तिय बिसेषि पुनि चेरि कहि भरतमातु मुसुकानि॥ १४॥**

काना, लँगडा र कुप्रा-कुप्रीलाई कुटिल र कुचाल जान्नुपर्छ। उसमा पनि स्त्री र खास गरेर दासी! यति भनेर भरतजीकी माता मुस्कुराउनुभयो॥ १४॥

**प्रियबादिनि सिख दीन्हिउँ तोही। सपनेहुँ तो पर कोपु न मोही॥**
**सुदिनु सुमंगल दायकु सोई। तोर कहा फुर जेहि दिन होई॥**

[र फेरि बोल्नुभयो— ] हे प्रिय वचन बोल्ने मन्थरा! मैले तिमीलाई यो शिक्षा दिएँ (शिक्षाको लागि यति कुरा भनेकी छु)। मेरो तिमीप्रति स्वप्नमा पनि क्रोध छैन। सुन्दर मङ्गलदायक शुभ दिन उही हुनेछ जुन दिन तिमीले भनेको सत्य हुनेछ (अर्थात् श्रीरामको राज्यतिलक हुनेछ)॥ १॥

**जेठ स्वामि सेवक लघु भाई। यह दिनकर कुल रीति सुहाई॥**
**राम तिलकु जौं साँचेहुँ काली। देउँ मागु मन भावत आली॥**

जेठो दाजु स्वामी र सानो भाइ सेवक हुन्छ। यो सूर्यवंशको सुन्दर रीति नै हो। यदि सचमुच भोलि नै श्रीरामको तिलक हो, भने हे सखी! तिम्रो मनमा लागेको वस्तु मागीहाल, मैले दिनेछु॥ २॥

**कौसल्या सम सब महतारी। रामहि सहज सुभायँ पिआरी॥**
**मो पर करहिं सनेहु बिसेषी। मैं करि प्रीति परीछा देखी॥**

रामको मिजास स्वभावले सबै आमाहरू कौसल्याको समान नै प्यारा छन्। मलाई त उनले विशेष प्रेम गर्छन्। मैले उनको प्रीतिको परीक्षा गरेर हेरिसकेकी छु॥ ३॥

**जौं बिधि जनमु देइ करि छोहू। होहुँ राम सिय पूत पुतोहू॥**
**प्रान तें अधिक रामु प्रिय मोरें। तिन्ह कें तिलक छोभु कस तोरें॥**

जसलाई विधाताले कृपा गरेर जन्म दिन्छन् भने [यो पनि देओस्] श्रीरामचन्द्र पुत्र र सीता बुहारी होऊन्। श्रीराम मलाई प्राणभन्दा पनि अधिक प्रिय छन्। उनको तिलकले (उनको तिलको कुरा सुनेर) तिमीलाई रीस कसरी?॥ ४॥

**दो०— भरत सपथ तोहि सत्य कहु परिहरि कपट दुराउ।**
**हरष समय बिसमउ करसि कारन मोहि सुनाउ॥ १५॥**

तिमीलाई भरतको कसम (किरिया) छ, छल-कपट छोडेर सत्य-सत्य भन। तिमी हर्षको समयमा विषाद गरिरहेकी छौ, मलाई यसको कारण सुनाऊ॥ १५॥

**एकहिं बार आस सब पूजी। अब कछु कहब जीभ करि दूजी॥**
**फोरै जोगु कपारु अभागा। भलेउ कहत दुख रउरेहि लागा॥**

[मन्थराले भनी— ] सबै आशा त एक पटक भन्दा नै पूरा भइसक्यो। अब त अर्को जिब्रोबाट केही भनेमा। मेरो अभागी कपाल (टाउको) त फोर्न योग्य नै छ, जुन असल कुरा सुन्दा पनि हजुरलाई दुःख हुन्छ॥ १॥

**कहहिं झूठि फुरि बात बनाई। ते प्रिय तुम्हहि करुइ मैं माई॥**
**हमहुँ कहबि अब ठकुरसोहाती। नाहिं त मौन रहब दिनु राती॥**

जसले झूटोलाई सत्य कुरा बनाएर भन्ने गर्छन्, हे आमा! उही नै हजुरलाई प्रिय छन् र म रूखी स्वभावकी लाग्दछु! अबदेखि मैले पनि चोचो पारेर (चिप्लो घसेर) भन्ने गर्नेछु। हैन (नत्र) भने दिन-रात चुप रहनेछु॥ २॥

**करि कुरूप बिधि परबस कीन्हा। बवा सो लुनिअ लहिअ जो दीन्हा॥**
**कोउ नृप होउ हमहि का हानी। चेरि छाड़ि अब होब कि रानी॥**

विधाताले कुरूप बनाएर मलाई अर्काको वशमा गराइदियो! [अर्कोलाई के-को दोष] जस्तो रोपें उसैको फल पाएकी छु, जस्तो दिएकी थिएँ उही पाएकी छु। जोसुकै राजा हुन्, मलाई के-को हानि छ? दासी छोडेर के अब म रानी हुनेछु! (अर्थात् रानी त हुन नै सक्तिन)॥ ३॥

**जारै जोगु सुभाउ हमारा। अनभल देखि न जाइ तुम्हारा॥**
**तातें कछुक बात अनुसारी। छमिअ देबि बड़ि चूक हमारी॥**

मेरो स्वभाव त जलाउनको लागि नै योग्य छ। किनकि तपाईंको अहित मैले देख्न सक्तिन। यसैले केही कुरा गरेकी थिएँ। किन्तु हे देवी! मेरो ठूलो भूल भयो, क्षमा गर्नुहोस्॥ ४॥

दो०— **गूढ़ कपट प्रिय बचन सुनि तीय अधरबुधि रानि।**
**सुरमाया बस बैरनिहि सुहृद जानि पतिआनि॥ १६॥**

आधाररहित (अस्थिर) बुद्धिकी स्त्री र देवताहरूको मायाको वशमा हुनाको कारण रहस्ययुक्त कपटपूर्ण प्रिय वचनलाई सुनेर रानी कैकेयीले वैरी मन्थरालाई आफ्नी सुहृद् (अहैतुक हित गर्नेवाला) जानेर उसको विश्वास गरिन्॥ १६॥

**सादर पुनि पुनि पूँछति ओही। सबरी गान मृगी जनु मोही॥**
**तसि मति फिरी अहइ जस भाबी। रहसी चेरि घात जनु फाबी॥**

बारम्बार रानीले उससँग आदरका-साथ सोधिरहेकी छिन्, मानौं भिल्लिनीको गीतबाट हरिण मोहित भएको छ। जस्तो भावी हुनेहुनामी छ, उस्तै नै बुद्धि पनि फेरियो। दासी आफ्नो मौका आएको जानेर हर्षित भई॥ १॥

**तुम्ह पूँछहु मैं कहत डेराऊँ। धरेहु मोर घरफोरी नाऊँ॥**
**सजि प्रतीति बहुबिधि गढ़ि छोली। अवध साढ़साती तब बोली॥**

हजुरले सोध्ने गर्नुहुन्छ, किन्तु म भन्न नै डराउँछु। किनकि हजुरले पहिले नै मेरो नाम घरफोरा (अर्घेली) राखीदिनुभयो। धेरै तरहले बनाएर, खुब विश्वास जमाएर, त्यसपछि त्यो अयोध्याकी साढेसात (शनिको साढे सात वर्षको दशारूपी मन्थरा) बोली— ॥ २ ॥

**प्रिय सिय रामु कहा तुम्ह रानी। रामहि तुम्ह प्रिय सो फुरि बानी॥**
**रहा प्रथम अब ते दिन बीते। समउ फिरें रिपु होहिं पिरीते॥**

हे रानी! हजुरले मलाई सीता–राम प्रिय छन् रामलाई हजुर हुनुहुन्छ भनेर भन्नुभएको कुरा सत्य हो। परन्तु यो कुरा पहिले थियो, ती दिन अब बिते। समय गएपछि मित्र पनि शत्रु हुन्छन्॥ ३ ॥

**भानु कमल कुल पोषनिहारा। बिनु जल जारि करइ सोइ छारा॥**
**जरि तुम्हारि चह सवति उखारी। रूँधहु करि उपाउ बर बारी॥**

सूर्य कमलको फूललाई पालन गर्नेवाला हुन्छ, तर विनाजल त्यही सूर्यले उसलाई डढाएर भस्म गरिदिन्छ। सौता कौसल्याले हजुरको जरा (जड) उखेल्न चाहेकी छिन्। अतः उपायरूपी श्रेष्ठ बार–बन्धन गरेर उसलाई सुरक्षित गर्नुहोस्॥ ४ ॥

**दो०— तुम्हहि न सोचु सोहाग बल निज बस जानहु राउ।**
**मन मलीन मुह मीठ नृपु राउर सरल सुभाउ॥ १७॥**

हजुरलाई आफ्नो सधवा (ऐभाँत) को (झूटो) बलमा कत्ति पनि चिन्ता छैन; राजालाई आफ्नो वशमा भएको मान्नुभएको छ। किन्तु राजा मनको कालो र मुखको मीठो हुनुहुन्छ! हजुरको सीधा स्वभाव छ (हजुरले कपट–चतुऱ्याइँ जान्नुहुन्न)॥ १७॥

**चतुर गँभीर राम महतारी। बीचु पाइ निज बात सँवारी॥**
**पठए भरतु भूप ननिअउरें। राम मातु मत जानब रउरें॥**

रामकी आमा (कौसल्या) धेरै चतुर र गम्भीर छिन् (उनको भित्री कुरा कसैले थाहा पाउँदैनन्)। उनले मौका पाएर आफ्नो कुरा बनाइहालिन्। राजाले भरतलाई मामाको घर पठाए, उसमा हजुरले रामकी आमाको नै सल्लाह सम्झनुहोस्!॥ १ ॥

**सेवहिं सकल सवति मोहि नीकें। गरबित भरत मातु बल पी कें॥**
**सालु तुम्हार कौसिलहि माई। कपट चतुर नहिं होइ जनाई॥**

[कौसल्याको मनमा यस्तो विचार छ कि] अरू सबै सौताले त मेरो राम्रोसँग सेवा गर्छन्, एक भरतकी आमा पतिको बलमा गर्वित रहन्छिन्! यसैले हे आमा (महारानी)! कौसल्याले हजुरलाई धेरै नै वर्षदेखि डाह गर्छिन्। किन्तु उनी कपट गर्नलाई चतुर छिन्; अतः उनको हृदयको भाव जान्न सकिन्न॥ २ ॥

**राजहि तुम्ह पर प्रेमु बिसेषी। सवति सुभाउ सकइ नहिं देखी॥**
**रचि प्रपंचु भूपहि अपनाई। राम तिलक हित लगन धराई॥**

राजाको हजुरप्रति विशेष प्रेम छ, कौसल्याले सौताको स्वभावले उसलाई देख्न सक्तिनन्। यसैले उनले जाल रचेर राजालाई आफ्नो वशमा गरेर, [भरतको अनुपस्थितिमा] रामको राजतिलकको लागि लगन निश्चय गराइन्॥ ३॥

**यह कुल उचित राम कहुँ टीका। सबहि सोहाइ मोहि सुठि नीका॥**
**आगिलि बात समुझि डरु मोही। देउ दैउ फिरि सो फलु ओही॥**

रामको तिलक होस्, यो कुल [रघुकुल] मा उचित नै छ र यो कुरा सबैलाई मनपर्छ र मलाई त धेरै नै राम्रो लाग्दछ। परन्तु मलाई त अगाडिको कुरा विचार गर्दा डर लाग्दछ। दैव फर्केर यसको फल उनैलाई (कौसल्यालाई) देओस्॥ ४॥

दो०— **रचि पचि कोटिक कुटिलपन कीन्हेसि कपट प्रबोधु।**
**कहिसि कथा सत सवति कै जेहि बिधि बाढ़ बिरोधु॥ १८॥**

यस्ता तरहका करोडौं कुटिलपनाका कुरा मिलाएर मन्थराले कैकेयीलाई उल्टा-सीधा सम्झाई र सयौं सौताहरूको कहानी यस्ता प्रकारले (बनाएर) भनी जुन प्रकारले विरोध बढोस्॥ १८॥

**भावी बस प्रतीति उर आई। पूँछ रानि पुनि सपथ देवाई॥**
**का पूँछहु तुम्ह अबहुँ न जाना। निज हित अनहित पसु पहिचाना॥**

दैववश कैकेयीको मनमा विश्वास भयो। रानीले फेरि कसम खाएर सोध्न लागिन्। [मन्थरा बोली— ] के सोध्नुहुन्छ? हेर, तपाईंले अझैसम्म पनि सम्झनुभएन? आफ्नो खराब-असल (अथवा मित्र-शत्रु) त पशुले पनि जान्दछन्॥ १॥

**भयउ पाखु दिन सजत समाजू। तुम्ह पाई सुधि मोहि सन आजू॥**
**खाइअ पहिरिअ राज तुम्हारें। सत्य कहें नहिं दोषु हमारें॥**

पूरा पक्ष (१५ दिन) बित्यो, सामान सजाउँदा-सजाउँदै र हजुरले खबर पाउनुभएको छ आज मबाट! मैले हजुरको राज्यमा खाएकीपिएकी छु, यसैले सत्य भन्दा मलाई कुनै दोष छैन॥ २॥

**जौं असत्य कछु कहब बनाई। तौ बिधि देइहि हमहि सजाई॥**
**रामहि तिलक कालि जौं भयऊ। तुम्ह कहुँ बिपति बीजु बिधि बयऊ॥**

यदि मैले केही बनाएर झूटो भनेकी छु भने विधाताले मलाई दण्ड दिनेछ। यदि भोलि रामको राजतिलक भयो भने [ख्याल गर्नु कि] हजुरको लागि विधाताले विपत्तिको बीज रोपिदियो॥ ३॥

**रेख खँचाइ कहउँ बलु भाषी। भामिनि भइहु दूध कइ माखी॥**
**जौं सुत सहित करहु सेवकाई। तौ घर रहहु न आन उपाई॥**

मैले यो कुरा धर्को तानेर बलपूर्वक (अकाट्य रूपमा) भन्दछु, हे भामिनी (सुन्दरी)! हजुर त अब दूधको झिङ्गा हुनुभयो! (जस्तै दूधमा परेको झिङ्गालाई मानिसले निकालेर फाल्दछन्, उस्तै नै हजुरलाई पनि मानिसले घरबाट निकालेर बाहिर पठाउनेछन्) जुन पुत्रसहित (कौसल्याको) चाकडी गरेमा मात्र घरमा रहन सक्नुहोला; [अन्यथा घरमा रहने] अर्को उपाय छैन॥ ४॥

दो०— **कद्रूँ बिनतहि दीन्ह दुखु तुम्हहि कौसिलाँ देब।**
**भरतु बंदिगृह सेइहहिं लखनु राम के नेब॥ १९॥**

कद्रूले विनतालाई दु:ख दिएकी थिइन्, हजुरलाई कौसल्याले दिनेछिन्। भरतले कारागारको सेवन गर्नेछन् (जेलको हावा खानेछन्) र लक्ष्मण रामको नायब (सहायक) हुनेछन्॥ १९॥

**कैकयसुता सुनत कटु बानी। कहि न सकइ कछु सहमि सुखानी॥**
**तन पसेउ कदली जिमि काँपी। कुबरीं दसन जीभ तब चाँपी॥**

कैकेयी मन्थराको कडा शब्द सुन्दा नै डराएर सुकिन्, केही बोल्न सकिनन्। शिरमा पसिना नै पसिना आयो र उनी केराको (पात) झैं हल्लिन लागिन्। अनि कुप्री (मन्थरा) ले आफ्नो जिब्रो दाँतले अँठ्याई (उसलाई भय भयो कि कहीं भविष्यको अत्यन्त डराउने चित्र सुनेर कैकेयीको हृदयको गति नरोकियोस्; जसले उल्टै सारा काम बिग्रनेछ)॥ १॥

**कहि कहि कोटिक कपट कहानी। धीरजु धरहु प्रबोधिसि रानी॥**
**फिरा करमु प्रिय लागि कुचाली। बकिहि सराहइ मानि मराली॥**

फेरि कपटका करोडौं कथाहरू भनेर उसले रानीलाई खुब सम्झाई कि धैर्य गर्नुहोस्! कैकेयीको बुद्धि (भाग्य) फर्क्यो, उनलाई कुचाल प्यारो लाग्न थाल्यो। उनले बकुल्लीलाई हाँस (पोथी हाँस) मानेर (वैरीलाई आफ्नो मानेर) उसलाई प्रशंसा गर्न लागिन्॥ २॥

**सुनु मंथरा बात फुरि तोरी। दहिनि आँखि नित फरकइ मोरी॥**
**दिन प्रति देखउँ राति कुसपने। कहउँ न तोहि मोह बस अपने॥**

कैकेयीले भनिन्— मन्थरे! सुन, तिम्रो कुरा सत्य हो। मेरो दाहिने आँखा दिनहुँ फर्फराउँदछ। मैले प्रतिदिन खराब स्वप्ना देख्छु; किन्तु आफ्नो अज्ञानवश तिमीसँग भनिनँ॥ ३॥

**काह करौं सखि सूध सुभाऊ। दाहिन बाम न जानउँ काऊ॥**

सखी! के गरौं, मेरो त सीधा स्वभाव छ। मैले त दायाँ-बायाँ केही पनि जान्दिन ॥ ४॥

दो०— **अपनें चलत न आजु लगि अनभल काहुक कीन्ह।**
**केहिं अघ एकहि बार मोहि दैअँ दुसह दुखु दीन्ह॥ २०॥**

आफ्नो तर्फबाट मैले आजसम्म कहिल्यै कसैको पनि अहित गरेकी छैन। फेरि जान्न सकिन्न कुन पापले दैवले मलाई एक साथ नै यो दु:सह दु:ख दियो॥ २०॥

**नैहर जनमु भरब बरु जाई। जिअत न करबि सवति सेवकाई॥**
**अरि बस दैउ जिआवत जाही। मरनु नीक तेहि जीवन चाही॥**

म बरु माइतीघरमा गएर जीवन बिताउनेछु; तर जिउँदो छँदै, सौताको चाकडी गर्नेछैन। दैवले जसलाई शत्रुको वशमा पारेर बचाउँछ, उसको लागि त बाँच्नुभन्दा मर्नु नै राम्रो हुन्छ॥ १॥

**दीन बचन कह बहुबिधि रानी। सुनि कुबरीं तियमाया ठानी॥**
**अस कस कहहु मानि मन ऊना। सुखु सोहागु तुम्ह कहुँ दिन दूना॥**

रानीले धेरै प्रकारका दीन वचन भनिन्। उसलाई सुनेर कुप्रीले स्त्री-चरित्र फैलाई [ऊ बोली— ] हजुरले मनमा ग्लानि मानेर यस्तो किन भन्नुभएको छ, हजुरको सुख-सुहाग दिन-दिनै दोबर हुनेछ॥ २॥

**जेहिं राउर अति अनभल ताका। सोइ पाइहि यहु फलु परिपाका॥**
**जब तें कुमत सुना मैं स्वामिनि। भूख न बासर नींद न जामिनि॥**

जसले हजुरको लागि खराब चाहेकी छन्, उनैले यो (खराब रूप) फल पाउनेछिन्। हे स्वामिनी! मैले जहिलेदेखि यस्तो कुमत (नराम्रो कुरा) सुनेकी छु, त्यही समयदेखि न त दिनमा केही भोक लाग्दछ न त रातमा निद्रा नै आउँदछ॥ ३॥

**पूँछेउँ गुनिन्ह रेख तिन्ह खाँची। भरत भुआल होहिं यह साँची॥**
**भामिनि करहु त कहौं उपाऊ। है तुम्हरीं सेवा बस राऊ॥**

मैले ज्योतिषीहरूसँग सोधें, अनि उनीहरूले रेखा खिँचेर (गणित गरेर अथवा निश्चयपूर्वक) भने कि भरत राजा हुनेछन्, यो सत्य कुरा हो। हे भामिनी! महारानी! हजुरले गर्नुहुन्छ भने उपाय मैले बताउँछु। राजा हजुरको सेवाको वशमा पर्नुभएको छ॥ ४॥

दो०— **परउँ कूप तुअ बचन पर सकउँ पूत पति त्यागि।**
**कहसि मोर दुखु देखि बड़ कस न करब हित लागि॥ २१॥**

[कैकेयीले भनिन्— ] म तिमीले भन्दा कुवामा हामफाल्न सक्दछु, पुत्र र पतिलाई पनि छोड्न सक्दछु, जब तिमीले मेरो ठूलो दुःख देखेर केही भन्दछ्यौ भने, तिमीले नै भन न मैले आफ्नो हितको लागि उसलाई किन नगर्ने?॥ २१॥

**कुबरीं करि कबुली कैकेई। कपट छुरी उर पाहन टेई॥**
**लखइ न रानि निकट दुखु कैसें। चरइ हरित तन बलि पसु जैसें॥**

कुप्रीले कैकेयीलाई [सबै प्रकारले] कबुल गराएर (अर्थात् बलिपशु बनाएर) कपटरूप छुरीलाई आफ्नो [कठोर] हृदयरूपी सिल [ढुङ्गा, सान] मा उध्याई (उसको धारलाई धारीलो बनाई)। रानी कैकेयीले आफ्नो निकट (शीघ्र आउने) दुःखलाई कसै गरी पनि देखिनन्, जस्तै बलिको पशुले हरियो घाँस खान्छ [तर उसले जान्दैन कि मृत्यु मेरो शिरमा नाचिरहेको छ]॥ १॥

**सुनत बात मृदु अंत कठोरी। देति मनहुँ मधु माहुर घोरी॥**
**कहइ चेरि सुधि अहइ कि नाहीं। स्वामिनि कहिहु कथा मोहि पाहीं॥**

मन्थराका कुरा सुन्दा त कोमल छन्, तर परिणाममा कठोर (भयानक) छन्। मानौं उसले महमा घोलेर विष खुवाइरहेकी छ। दासीले भन्छे— हे स्वामिनी! हजुरले मलाई एक कथा भन्नुभएको थियो, त्यसको सम्झना छ कि छैन?॥ २॥

**दुइ बरदान भूप सन थाती। मागहु आजु जुड़ावहु छाती॥**
**सुतहि राजु रामहिं बनबासू। देहु लेहु सब सवत हुलासू॥**

हजुरका दुई वरदान राजाका साथमा धरोहर छन्। आज तिनैलाई मागेर आफ्नो छाती शीतल बनाउनुहोस्। छोरालाई राज्य र रामलाई वनवास दिनुहोस् र सौताको सबै आनन्द हजुरले खोसेर लिनुहोस्॥ ३॥

**भूपति राम सपथ जब करई। तब मागेहु जेहिं बचनु न टरई॥**
**होइ अकाजु आजु निसि बीतें। बचनु मोर प्रिय मानेहु जी तें॥**

जब राजाले रामको कसम खानेछन्, तब वर माग्नू, जसले वचन खेर जान नपाओस्। आजको रात बित्यो भने, त काम बिग्रनेछ। मेरा कुरालाई हृदयमा प्रिय [या प्राणभन्दा पनि प्यारो] सम्झनू॥ ४॥

## कैकेयी कोपभवनमा जानु

दो०— **बड़ कुघातु करि पातकिनि कहेसि कोपगृहँ जाहु।**
**काजु सवारेहु सजग सबु सहसा जनि पतिआहु॥ २२॥**

पापिनी मन्थराले भयानक ठूलो घात गरेर भनी कोपभवन (रिस उठेको समयमा बस्ने भवन) मा जाऊँ। सबै काम ठूलो सावधानीले बनाउनु, राजाप्रति सजिलै (झट्टै) विश्वास नगर्नू (उनका कुरामा सहमत नहुनू)॥ २२॥

**कुबरिहि रानि प्रानप्रिय जानी। बार बार बड़ि बुद्धि बखानी॥**
**तोहि सम हित न मोर संसारा। बहे जात कइ भइसि अधारा॥**

कुप्रीलाई रानीले प्राणको समान प्रिय सम्झेर घरी-घरी उसको धेरै बुद्धिको वर्णन गरिन् र भनिन्— संसारमा मेरो तिमीसमानका हितकारी अरू कोही छैनन्। तिमी मेरो लागि बग्न लागेको अवस्थामा सहारा भयौ॥ १॥

**जौं बिधि पुरब मनोरथु काली। करौं तोहि चख पूतरि आली॥**
**बहुबिधि चेरिहि आदरु देई। कोपभवन गवनी कैकेई॥**

यदि विधाताले भोलि मेरो मनोरथ पूरा गरिदियो भने हे सखी! मैले तिमीलाई आँखाको नानी बनाउनेछु। यस्ता प्रकारले दासीलाई धेरै नै आदर दिएर कैकेयी कोपभवनमा गइहालिन्॥ २॥

**बिपति बीजु बरषा रितु चेरी। भुइँ भइ कुमति कैकई केरी॥**
**पाइ कपट जलु अंकुर जामा। बर दोउ दल दुख फल परिनामा॥**

विपत्ति (कलह) बीज हो, दासी वर्षा-ऋतु हो, कैकेयीको कुबुद्धि [त्यस बीजलाई रोप्नको लागि] जमिन भइहाल्यो। त्यसमा कपटरूपी जल पाएर अङ्कुर फुटेर निस्क्यो। दुवै वरदान त्यस अङ्कुरका दुई पात हुन् र अन्त्यमा यसको दुःखरूपी फल हुनेछ॥ ३॥

**कोप समाजु साजि सबु सोई। राजु करत निज कुमति बिगोई॥**
**राउर नगर कोलाहलु होई। यह कुचालि कछु जान न कोई॥**

कैकेयी कोपको सबै सामान सजाएर [कोपभवनमा] गएर सुतिन्। राज्य गर्दै-गर्दा उनी आफ्नो दुष्ट बुद्धिले नष्ट भइन्। राजमहल र नगरमा धूम-धाम मच्चिइरहेको छ। यस कुचाललाई कसैले केही जानेका छैनन्॥ ४॥

**दो०— प्रमुदित पुर नर नारि सब सजहिं सुमंगलचार।**
**एक प्रबिसहिं एक निर्गमहिं भीर भूप दरबार॥ २३॥**

अत्यन्तै आनन्दित भएर नगरका सबै स्त्री–पुरुष शुभ मङ्गलाचारका सामान सजाइरहेका छन्। कुनै भित्र गएका छन्, कुनै बाहिर निस्केका छन्; राजद्वारमा ठूलो भीड भइरहेको छ॥ २३॥

**बाल सखा सुनि हियँ हरषाहीं। मिलि दस पाँच राम पहिं जाहीं॥**
**प्रभु आदरहिं प्रेमु पहिचानी। पूँछहिं कुसल खेम मृदु बानी॥**

श्रीरामचन्द्रका बालसखा राजतिलकको समाचार सुनेर मनमनै हर्षित भएकाछन्। उनीहरू पाँच–दशजना मिलेर श्रीरामचन्द्रसँग जान्छन्। प्रेमलाई जानेर प्रभु श्रीरामचन्द्रजीले उनीहरूको आदर गर्नुहुन्छ र कोमल वाणीले कुशल–मङ्गल सोध्नुहुन्छ॥ १॥

**फिरहिं भवन प्रिय आयसु पाई। करत परसपर राम बड़ाई॥**
**को रघुबीर सरिस संसारा। सीलु सनेहु निबाहनिहारा॥**

आफ्ना प्यारा साथी श्रीरामचन्द्रको आज्ञा पाएर उनीहरू आपसमा एक–अर्कोसँग श्रीरामचन्द्रको प्रशंसा गर्दै घरमा फर्किन्छन् र भन्दछन्— संसारमा श्रीरघुनाथसमान शील र स्नेहलाई पालन गर्ने को छ?॥ २॥

**जेहिं जेहिं जोनि करम बस भ्रमहीं। तहँ तहँ ईसु देउ यह हमहीं॥**
**सेवक हम स्वामी सियनाहू। होउ नात यह ओर निबाहू॥**

भगवान्‌ले हामीलाई यही दिनुहोस् कि हामी आफ्नो कर्मवश घुम्दै (चक्कर लगाउँदै) जुन–जुन योनिमा जन्मौं, वहाँ–वहाँ हामी सेवक बनौं र सीतापति श्रीरामचन्द्र हाम्रा स्वामी हुनुहोस् र यो नाता जन्म–जन्मान्तरसम्म रहोस्॥ ३॥

**अस अभिलाषु नगर सब काहू। कैकयसुता हृदयँ अति दाहू॥**
**को न कुसंगति पाइ नसाई। रहइ न नीच मतें चतुराई॥**

नगरमा सबैको यस्तो नै अभिलाषा छ। परन्तु कैकेयीको हृदयमा धेरै नै पोलिरहेको छ। कुसङ्गत पाएर को नष्ट हुँदैन। नीचको सल्लाहअनुसार चल्नाले चतुऱ्याइँ रहँदैन॥ ४॥

**दो०— साँझ समय सानंद नृपु गयउ कैकई गेहँ।**
**गवनु निठुरता निकट किय जनु धरि देह सनेहँ॥ २४॥**

सन्ध्याको समय राजा दशरथ आनन्दका साथ कैकेयीको महलमा जानुभयो, मानौं साक्षात् स्नेहले नै शरीर धारण गरेर निष्ठुरताका साथ गएको छ!॥ २४॥

**कोपभवन सुनि सकुचेउ राऊ। भय बस अगहुड़ परइ न पाऊ॥**
**सुरपति बसइ बाहँबल जाकें। नरपति सकल रहहिं रुख ताकें॥**

कोपभवनको नाम सुनेर राजा खुम्चिनुभयो। डरले गर्दा उहाँका चरण अगाडि बढ्दैनन्। स्वयं

देवराज इन्द्र जसका भुजाहरूको बलमा [राक्षसहरूसँग निर्भय भएर] बस्दछन् र सम्पूर्ण राजाहरू जसको भाव हेरिरहन्छन्,॥ १॥

**सो सुनि तिय रिस गयउ सुखाई। देखहु काम प्रताप बड़ाई॥**
**सूल कुलिस असि अँगवनिहारे। ते रतिनाथ सुमन सर मारे॥**

उनै राजा दशरथ स्त्रीको क्रोध सुनेर सुक्नुभयो। कामदेवको प्रताप र महिमालाई त हेर्नुहोस्। जसले त्रिशूल, वज्र र तलबार आदिको चोट आफ्नो अङ्गमा सहन सक्छन्, उनै रतिनाथ कामदेवको पुष्पबाणले आहत हुनुभयो॥ २॥

**सभय नरेसु प्रिया पहिं गयऊ। देखि दसा दुखु दारुन भयऊ॥**
**भूमि सयन पटु मोट पुराना। दिए डारि तन भूषन नाना॥**

राजा डराउँदै-डराउँदै आफ्नी प्यारी कैकेयीसँग जानुभयो। उनको दशा देखेर उहाँलाई अति नै दुःख भयो। कैकेयी जमिनमा पल्टेकी छिन्। पुराना बाक्ला कपडा लगाएकी छिन्। शरीरका नाना प्रकारका आभूषणहरूलाई उतारेर फालेकी छिन्॥ ३॥

## ✹ दशरथ-कैकेयी-संवाद र दशरथलाई शोक, सुमन्त्र महलमा जानु र त्यहाँबाट फर्केर श्रीरामलाई महलमा पठाउनु ✹

**कुमतिहि कसि कुबेषता फाबी। अनअहिवातु सूच जनु भाबी॥**
**जाइ निकट नृपु कह मृदु बानी। प्रनप्रिया केहि हेतु रिसानी॥**

त्यस दुर्बुद्धि कैकेयीको यो कुवेषता (खराब पहिरन) कसरी सुहाएको छ, मानौं भावीले विधवापनको सूचना दिइरहेको छ। राजा उनको नजिक गएर कोमल वाणीले बोल्नुभयो— हे प्राणप्रिये! कुन कारणले रिसाएकी छ्यौ?॥ ४॥

छं०— **केहि हेतु रानि रिसानि परसत पानि पतिहि नेवारई।**
**मानहुँ सरोष भुअंग भामिनि बिषम भाँति निहारई॥**
**दोउ बासना रसना दसन बर मरम ठाहरु देखई।**
**तुलसी नृपति भवतब्यता बस काम कौतुक लेखई॥**

'हे रानी! कुन कारणले रिसाएकी छ्यौ?' यस्तो भनेर राजाले उनलाई हातले स्पर्श गर्नुहुन्छ, तर उनले उहाँका हातलाई [झट्कारेर] हटाउँछिन् र यस्ती देखिएकी छिन्, मानौं क्रोधले भरिएकी नागिनीले क्रूर दृष्टिले हेरिरहेकी छ। दुई (वरदानहरू) वासनाहरू त्यस नागिनीका दुई जिब्रा हुन् र दुई वरदान दाँत हुन्; उसले टोक्नको लागि मर्मस्थान हेरिरहेकी छ। तुलसीदासजी भन्नुहुन्छ कि राजा दशरथले हुनेहुनामीको वशमा भएर यसलाई (यस्तो प्रकारको हात झट्कार्ने र नागिनीको भाँति हेर्ने) कामदेवको क्रीडा नै सम्झनुभएको छ।

सो०— **बार बार कह राउ सुमुखि सुलोचनि पिकबचनि।**
**कारन मोहि सुनाउ गजगामिनि निज कोप कर॥ २५॥**

राजाले बारम्बार भनिरहनुभएको छ—हे सुमुखी! हे सुलोचनी! हे कोकिलबचनी! हे गजगामिनी! मलाई आफ्नो क्रोधको कारण त सुनाऊ॥ २५॥

**अनहित तोर प्रिया केइँ कीन्हा। केहि दुइ सिर केहि जमु चह लीन्हा॥**
**कहु केहि रंकहि करौं नरेसू। कहु केहि नृपहि निकासौं देसू॥**

हे प्रिये! कसले तिम्रो अनिष्ट गर्‍यो? कसका दुई शिर छन्? यमराज कसलाई लिन (आफ्नो लोकमा लैजान) चाहन्छ? भन, कुन कङ्गाललाई राजा बनाइदिऊँ र कुन राजालाई देशबाट निकालिदिऊँ?॥ १॥

**सकउँ तोर अरि अमरउ मारी। काह कीट बपुरे नर नारी॥**
**जानसि मोर सुभाउ बरोरू। मनु तव आनन चंद चकोरू॥**

तिम्रो शत्रु अमर (देवता) भए पनि, मैले उसलाई मार्न सक्दछु। बिचरा कीरा-फट्याङ्ग्रा समानका नर-नारीको त के तुलना। हे सुन्दरी! मेरो स्वभाव तिमीलाई थाहा नै छ मेरो मन सधैं तिम्रो मुखरूपी चन्द्रमाको चकोर (च्याखुरा) हो॥ २॥

**प्रिया प्रान सुत सरबसु मोरें। परिजन प्रजा सकल बस तोरें॥**
**जौं कछु कहौं कपटु करि तोही। भामिनि राम सपथ सत मोही॥**

हे प्रिये! मेरा प्रजा, कुटुम्बी सर्वस्व (सम्पत्ति), पुत्र, यहाँसम्म कि मेरो प्राण पनि यी सबै तिम्रो अधीनमा छन्। यदि मैले तिमीसँग केही कपट गरेर भनेको छु भने हे भामिनी! मलाई सय पटक रामको शपथ छ॥ ३॥

**बिहसि मागु मनभावति बाता। भूषन सजहि मनोहर गाता॥**
**घरी कुघरी समुझि जियँ देखू। बेगि प्रिया परिहरहि कुबेषू॥**

तिमीले हाँसेर (प्रसन्नतापूर्वक) आफ्नो मनले खोजेको कुरा (बस्तु) माग र आफ्ना मनोहर अङ्गहरूलाई आभूषणहरूबाट सजाऊ। मौका-बेमौकामा त मनमा विचार गरेर हेर। हे प्रिय! छिटो यस्तो खराब भेषलाई त्यागिदेऊ॥ ४॥

दो०— **यह सुनि मन गुनि सपथ बड़ि बिहसि उठी मतिमंद।**
**भूषन सजति बिलोकि मृगु मनहुँ किरातिनि फंद॥ २६॥**

यस्तो सुनेर र मनमा रामजीको ठूलो सौगन्ध (कसम) लाई विचार गरेर मन्दबुद्धि कैकेयी हाँस्दै उठिन् र गहना लगाउन लागिन्; मानौं कुनै भिल्लिनीले मृगलाई देखेर पासो तयार गरिरहेकी छ!॥ २६॥

**पुनि कह राउ सुहृद जियँ जानी। प्रेम पुलकि मृदु मंजुल बानी॥**
**भामिनि भयउ तोर मनभावा। घर घर नगर अनंद बधावा॥**

आफ्नो मनमा कैकेयीलाई सुहृद् (मित्र) जानेर राजा दशरथजी प्रेमले रोमाञ्चित भएर कोमल र सुन्दर वाणीले फेरि भन्नुभयो—हे भामिनी! तिमीले सोचेजस्तो भयो। नगरको घर-घरमा आनन्दका बाजा बजिरहेका छन्॥ १॥

**रामहि देउँ कालि जुबराजू। सजहि सुलोचनि मंगल साजू॥**
**दलकि उठेउ सुनि हृदउ कठोरू। जनु छुइ गयउ पाक बरतोरू॥**

मैले भोलि नै रामलाई युवराज-पद दिन लागेकोछु। यसकारण हे सुनयनी (सुन्दर आँखा भएकी)! तिमीले मङ्गल सामान सजाऊ। यस्तो सुन्दा नै उनको कठोर हृदय फाट्‍न लाग्यो। मानौं पाकिरहेको खटिरा (घाउ) लाई छोइयो॥ २॥

**ऐसिउ पीर बिहसि तेहिं गोई। चोर नारि जिमि प्रगटि न रोई॥**
**लखहिं न भूप कपट चतुराई। कोटि कुटिल मनि गुरू पढ़ाई॥**

यस्तो भारी पीडालाई पनि उनले हाँसेर लुकाइन्, जस्तै चोरकी स्त्री प्रकट भएर रुने गर्दिन (जसले उसको लोग्नेले चोरेको कुरा थाहा नहोस्)। राजाले उनको कपट चतुऱ्याइँलाई बुझ्न सक्नुभएको छैन, किनकि उनलाई करोडौं कुटिलहरूकी शिरोमणि मन्थराले पढाएकी छ॥ ३॥

**जद्यपि नीति निपुन नरनाहू। नारिचरित जलनिधि अवगाहू॥**
**कपट सनेहु बढ़ाइ बहोरी। बोली बिहसि नयन मुहु मोरी॥**

यद्यपि राजा नीतिमा निपुण हुनुहुन्छ; परन्तु स्त्रीचरित्र अथाह समुद्र छ। फेरि उनले कपटयुक्त प्रेम बढाउँदै आँखा र मुख घुमाएर हाँस्दै बोलिन्— ॥ ४॥

दो०— **मागु मागु पै कहहु पिय कबहुँ न देहु न लेहु।**
**देन कहेहु बरदान दुइ तेउ पावत संदेहु॥ २७॥**

हे प्रियतम! हजुरले माग-माग त भन्नुहुन्छ, तर दिनु-लिनु कहिल्यै केही पनि छैन। हजुरले दुइटा वरदान दिने भन्नुभएको थियो, उसलाई मिल्न (प्राप्त गर्न) सन्देह छ॥ २७॥

**जानेउँ मरमु राउ हँसि कहई। तुम्हहि कोहाब परम प्रिय अहई॥**
**थाती राखि न मागिहु काऊ। बिसरि गयउ मोहि भोर सुभाऊ॥**

राजाले हाँसेर भन्नुभयो कि अब मैले तिम्रो मर्म (मतलब) सम्झें। सम्मान गर्न तिमीलाई परम प्रिय छ। तिमीले उनै वरहरूलाई धरोहर राखेर फेरि कहिल्यै मागिनौ र मेरो भुल्ने स्वभाव हुनाले मलाई पनि त्यो प्रसङ्ग याद भएन॥ १॥

**झूठेहुँ हमहि दोषु जनि देहू। दुइ कै चारि मागि मकु लेहू॥**
**रघुकुल रीति सदा चलि आई। प्रान जाहुँ बरु बचनु न जाई॥**

मलाई झूटो दोष बिलकुल नदेऊ। बरु दुइटाको बदला चारवटा माग। रघुकुलमा सधैंभरि यस्तो रीति चलिआएको छ कि प्राण बरु जाओस्, तर वचन झूटो नहोस्॥ २॥

**नहिं असत्य सम पातक पुंजा। गिरि सम होहिं कि कोटिक गुंजा॥**
**सत्यमूल सब सुकृत सुहाए। बेद पुरान बिदित मनु गाए॥**

असत्यको समान पापहरूको समूह पनि छैन। के करोडौं (रत्तीभर तौल्ने) रत्ती मिलेर पनि

कहीं पहाड समान हुन सक्दछन्। 'सत्य' नै समस्त उत्तम पुण्यहरूको जड हो। यो कुरा वेद-पुराणहरूमा प्रसिद्ध छ र मनुजीले पनि यही भन्नुभएको छ॥ ३॥

**तेहि पर राम सपथ करि आई। सुकृत सनेह अवधि रघुराई॥**
**बात दृढ़ाइ कुमति हँसि बोली। कुमत कुबिहग कुलह जनु खोली॥**

त्यसमा मैले श्रीरामको शपथ खान्छु (मुखबाट निस्क्यो)। श्रीरघुनाथ मेरा सुकृत (पुण्य) र स्नेहको सीमा छन्। यस्तो प्रकारले कुरा निश्चित गराएर दुर्बुद्धि कैकेयी हाँसेर बोलिन्, मानौं उनले खराब विचाररूपी दुष्ट पक्षी (बाज) [लाई छोड्नको लागि त्यस] को आँखाको टोपी (वस्त्र, पट्टी) खोलिदिइन्॥ ४॥

**दो०— भूप मनोरथ सुभग बनु सुख सुबिहंग समाजु।**
**भिल्लिनि जिमि छाड़न चहति बचनु भयंकरु बाजु॥ २८॥**

राजाको मनोरथ सुन्दर वन हो, सुख सुन्दर पक्षीहरूको समुदाय हो। त्यसमा भिल्लिनीको झैं कैकेयीले आफ्नो वचनरूपी भयङ्कर बाजलाई छोड्न चाहन्छिन्॥ २८॥

**❋ मासपारायण, तेह्रौं विश्राम ❋**

**सुनहु प्रानप्रिय भावत जी का। देहु एक बर भरतहि टीका॥**
**मागउँ दूसर बर कर जोरी। पुरवहु नाथ मनोरथ मोरी॥**

[उनी बोलिन्] हे प्राणप्यारा! सुन्नुहोस्, मेरो मनलाई मन पर्ने एक वरदान दिनुहोस्, भरतलाई राजतिलक र हे नाथ! अर्को वर पनि मैले हात जोडेर माग्दछु कि, मेरो मनोरथ पूरा गर्नुहोस्— ॥ १॥

**तापस बेष बिसेषि उदासी। चौदह बरिस रामु बनबासी॥**
**सुनि मृदु बचन भूप हियँ सोकू। ससि कर छुअत बिकल जिमि कोकू॥**

तपस्वीहरूका भेषमा विशेष उदासीन भावले (राज्य र कुटुम्ब आदिको तर्फबाट राम्रै किसिमले उदासीन भएर विरक्त मुनिहरूका तरह) राम चौध (१४) वर्षसम्म वनमा निवास गरून्। कैकेयीका (कपटले भरिएका) कोमल (विनययुक्त) वचन सुनेर राजाको हृदयमा यस्तो शोक भयो जस्तै चन्द्रमाको किरणहरूका स्पर्शले चखेवा पक्षी (पन्छी) व्याकुल हुन्छ॥ २॥

**गयउ सहमि नहिं कछु कहि आवा। जनु सचान बन झपटेउ लावा॥**
**बिबरन भयउ निपट नरपालू। दामिनि हनेउ मनहुँ तरु तालू॥**

राजा एकदम डराउनुभयो, उहाँले केही भन्न सक्नुभएन, मानौं बाजले वनमा ढुकुर (वा तित्रो भन्दा सानो तर त्यही जातिको पन्छी) लाई झम्टिरहेको छ। राजाको रङ बिलकुलै उड्यो, मानौं ताडको वृक्षलाई बिजुलीले हानेको छ (चट्याङ परेको छ), (जस्तै ताडको वृक्षमा चट्याङ पर्नाले त्यो झुल्सिएर कुरूप रङ्गको हुन्छ, त्यही हाल राजाको भयो)॥ ३॥

**माथें हाथ मूदि दोउ लोचन। तनु धरि सोचु लाग जनु सोचन॥**
**मोर मनोरथु सुरतरु फूला। फरत करिनि जिमि हतेउ समूला॥**

शिरमा हात राखेर, दुई आँखा नै बन्द गरेर राजाले यस्तो चिन्ता गर्न लाग्नुभयो, मानौं साक्षात् चिन्ताले नै शरीर धारण गरेर सोचिरहेको छ। [उहाँले सोच्नु भएको छ—हाय!] मेरो मनोरथरूपी कल्पवृक्ष फुलिसकेको थियो, परन्तु फल्ने समयमा कैकेयीले हात्तिनी (हस्तिनी, ढोई) का तरह उसलाई जरादेखि नै उखेलेर नष्ट गरिदिई॥ ४॥

**अवध उजारि कीन्हि कैकेईं। दीन्हिसि अचल बिपति कै नेईं॥**

कैकेयीले अयोध्यालाई उजाड गरिदिई र विपत्तिको अचल (सुदृढ) जग राखिदिई॥ ५॥

दो०— **कवनें अवसर का भयउ गयउँ नारि बिस्वास।**
**जोग सिद्धि फल समय जिमि जतिहि अबिद्या नास॥ २९॥**

कुन अवसरमा के भयो! स्त्रीको विश्वास गरेर म उस्तै प्रकारले मारिएँ, जस्तै योगको सिद्धिरूपी फल मिल्ने समयमा योगीलाई अविद्या (अज्ञान) ले नष्ट गरिदिन्छ॥ २९॥

**एहि बिधि राउ मनहिं मन झाँखा। देखि कुभाँति कुमति मन माखा॥**
**भरतु कि राउर पूत न होंही। आनेहु मोल बेसाहि कि मोही॥**

यस प्रकार राजा मन-मनै ट्वाल्ल पर्नुभएको छ। राजाको यस्तो नराम्रो हाल देखेर दुर्बुद्धि कैकेयी मनमा नराम्रो किसिमले क्रोधित भइन् [र बोलिन्— ] के भरत हजुरको पुत्र होइन? के मलाई हजुरले दाम (रुपैयाँ) दिएर खरीद गरेर ल्याउनुभएको हो? (के म हजुरकी विवाहिता पत्नी होइन?)॥ १॥

**जो सुनि सरु अस लाग तुम्हारें। काहे न बोलहु बचनु सँभारें॥**
**देहु उतरु अनु करहु कि नाहीं। सत्यसंध तुम्ह रघुकुल माहीं॥**

जुन मेरा वचन सुन्दा नै हजुरलाई बाण-जस्तो लाग्छ भने हजुरले सोचेर-सम्झेर कुरा किन गर्नुहुन्न? उत्तर दिनुहोस्—हुन्छ भन्नुहोस्, होइन भने हुँदैन भन्नुहोस्। हजुर रघुकुलमा सत्य प्रतिज्ञावाला [प्रसिद्ध] हुनुहुन्छ!॥ २॥

**देन कहेहु अब जनि बरु देहू। तजहु सत्य जग अपजसु लेहू॥**
**सत्य सराहि कहेहु बरु देना। जानेहु लेइहि मागि चबेना॥**

हजुरले नै वर दिनेछु भन्नुभएको थियो, अब ठीक छ नदिनुहोस्। सत्यलाई छोड्नुहोस् र जगत्मा अपयश लिनुहोस्। सत्यलाई धेरै प्रशंसा गरेर वरदान दिने भन्नुभएको थियो। सम्झनुभएको होला कि यसले चमेना (खाजा, सानो वस्तु) नै माग्नेछ!॥ ३॥

**सिबि दधीचि बलि जो कछु भाषा। तनु धनु तजेउ बचन पनु राखा॥**
**अति कटु बचन कहति कैकेई। मानहुँ लोन जरे पर देई॥**

राजा शिबि, दधीचि र बलिले जे जति भने, शरीर र धनलाई त्यागेर पनि उनीहरूले आफ्ना वचनको प्रतिज्ञालाई पालन गरे। कैकेयीले अति नै रूखा वचन भनिरहेकी छन्, मानौं पोलेको घाउमा नुन छर्किरहेकी छन्॥ ४॥

दो०— **धरम धुरंधर धीर धरि नयन उघारे रायँ।**
**सिरु धुनि लीन्हि उसास असि मारेसि मोहि कुठायँ॥ ३०॥**

धर्मको धुरीलाई धारण गर्नेवाला राजा दशरथले धैर्य धारण गरेर आँखा खोल्नुभयो र शिर पिटेर तथा लामो सास लिएर यस प्रकार भन्नुभयो कि यसले मलाई ठूलो चोटले कुठाउँमा हानी (यस्तो कठिन परिस्थिति उत्पन्न गराई, जसबाट बचेर निस्कन कठिन भयो)॥ ३०॥

**आगें दीखि जरत रिस भारी। मनहुँ रोष तरवारि उघारी॥**
**मूठि कुबुद्धि धार निठुराई। धरी कूबरीं सान बनाई॥**

प्रचण्ड क्रोधले बलिरहेकी कैकेयी अघिल्तिर यस्ता प्रकारले देखिइन्, मानौं क्रोधरूपी तरबार नाङ्गो (म्यान बाहिर) उभिइरहेको छ। कुबुद्धि त्यस तरबारको बिंड हो, निष्ठुरता धार हो र उनले कुप्री (मन्थरा) रूपी धारमा राखेर उध्याइरहेकी छिन् (धारिलो बनाएकी छिन्)॥ १॥

**लखी महीप कराल कठोरा। सत्य कि जीवनु लेइहि मोरा॥**
**बोले राउ कठिन करि छाती। बानी सबिनय तासु सोहाती॥**

राजाले देख्नुभयो कि यो (तरबार) अति नै भयानक र कठोर छ [र सोच्नुभयो— ] के सत्य नै यसले मेरो जीवन लिनेछ? राजाले आफ्नो छाती कडा (दरो) गरेर, धेरै नै नम्रताका साथ तिनी (कैकेयी) लाई प्रिय लाग्ने वाणी बोल्नुभयो— ॥ २॥

**प्रिया बचन कस कहसि कुभाँती। भीर प्रतीति प्रीति करि हाँती॥**
**मोरें भरतु रामु दुइ आँखी। सत्य कहउँ करि संकरु साखी॥**

हे प्रिये! हे भीरु! विश्वास र प्रेम नष्ट गरेर यस्तो अप्रिय किसिमका वचन कसरी भनिरहेकी छौ? मलाई त भरत र रामचन्द्र दुइवटा आँखा हुन्, यो मैले शङ्करजी साक्षी राखेर सत्य भन्दछु॥ ३॥

**अवसि दूतु मैं पठइब प्राता। ऐहहिं बेगि सुनत दोउ भ्राता॥**
**सुदिन सोधि सबु साजु सजाई। देउँ भरत कहुँ राजु बजाई॥**

मैले अवश्य बिहानै दूत पठाउनेछु। दुई भाइ (भरत-शत्रुघ्न) सुन्दा नै तुरुन्त आउनेछन्। राम्रो दिन (शुभ मुहूर्त) हेराएर, सबै तयारी गरेर धूम-धामसँग मैले भरतलाई राज्य दिनेछु॥ ४॥

दो०— **लोभु न रामहि राजु कर बहुत भरत पर प्रीति।**
**मैं बड़ छोट बिचारि जियँ करत रहेउँ नृपनीति॥ ३१॥**

रामलाई राज्यको लोभ छैन र भरतप्रति उनको धेरै नै प्रेम छ। मैले नै आफ्नो मनमा ठूलो र सानोको विचार गरेर राजनीतिलाई पालन गरेको थिएँ (ठूलोलाई राजतिलक दिन लागेको थिएँ)॥ ३१॥

**राम सपथ सत कहउँ सुभाऊ। राममातु कछु कहेउ न काऊ॥**
**मैं सबु कीन्ह तोहि बिनु पूँछें। तेहि तें परेउ मनोरथु छूछें॥**

रामको सय पटक शपथ (किरिया) खाएर मैले स्वभावले नै भन्दछु कि रामकी माता (कौसल्या) ले [यस विषयमा] मसँग कहिल्यै केही भनेकी छैन। अवश्य नै मैले तिमीसँग नसोधी यो सबै गरें। यसैले मेरो मनोरथ खाली भयो (पूरा भएन)॥ १॥

**रिस परिहरु अब मंगल साजू। कछु दिन गएँ भरत जुबराजू॥**
**एकहि बात मोहि दुखु लागा। बर दूसर असमंजस मागा॥**

अब क्रोध छोडिदेऊ र मङ्गल सामान सजाऊ। केही दिनपछि भरत युवराज हुनेछन्। एउटा कुराको नै मलाई दु:ख लागेको छ कि तिमीले अर्को वरदान अति नै अप्ठ्यारो माग्यौ॥ २॥

**अजहूँ हृदउ जरत तेहि आँचा। रिस परिहास कि साँचेहुँ साँचा॥**
**कहु तजि रोषु राम अपराधू। सबु कोउ कहइ रामु सुठि साधू॥**

त्यसैको राँकोले अझैसम्म पनि मेरो हृदय जलेको छ। यो हाँसो-ठट्टामा, क्रोधमा अथवा साँच्चै नै (वास्तवमा) सच्चा हो? क्रोधलाई त्यागेर रामको अपराध त बताऊ। सबै जनाले भन्दछन् कि राम ठूला साधु छन्॥ ३॥

**तुहूँ सराहसि करसि सनेहू। अब सुनि मोहि भयउ संदेहू॥**
**जासु सुभाउ अरिहि अनुकूला। सो किमि करिहि मातु प्रतिकूला॥**

तिमीले पनि रामको सराहना गर्दथ्यौ र उनीप्रति स्नेह गर्ने गरेकी थियौ। अब यस्तो सुनेर मलाई सन्देह भयो [कि तिम्रो प्रशंसा र स्नेह कहीं झूटो त थिएन?] जसको स्वभाव शत्रुलाई पनि अनुकूल छ, उसले माताप्रति प्रतिकूल आचरण कसरी गर्दछ?॥ ४॥

**दो०— प्रिया हास रिस परिहरहि मागु बिचारि बिबेकु।**
**जेहिं देखौं अब नयन भरि भरत राज अभिषेकु॥ ३२॥**

हे प्रिये! हाँसो र क्रोध छोडिदेऊ र विवेक (उचित-अनुचित) विचार गरेर वरदान माग, जसले मैले अब आँखाभरि भरतको राज्याभिषेक देख्न सकूँ॥ ३२॥

**जिऐ मीन बरु बारि बिहीना। मनि बिनु फनिकु जिऐ दुख दीना॥**
**कहउँ सुभाउ न छलु मन माहीं। जीवनु मोर राम बिनु नाहीं॥**

माछा बरु पानीविना बाँच्नेछ र सर्प पनि बरु मणिविना दीन-दु:खी भएर बाँच्नेछ। परन्तु मैले स्वभावले नै भन्दछु, मनमा [कत्ति पनि] छल गरेर होइन कि मेरो जीवन रामविना रहने छैन॥ १॥

**समुझि देखु जियँ प्रिया प्रबीना। जीवनु राम दरस आधीना॥**
**सुनि मृदु बचन कुमति अति जरई। मनहुँ अनल आहुति घृत परई॥**

हे चतुर प्रिये! मनमा सम्झेर हेर, मेरो जीवन श्रीरामको दर्शनको अधीन छ। राजाका कोमल वचन सुनेर दुर्बुद्धि कैकेयी अत्यन्त जलिरहेकी छन्। मानौं अग्निमा घ्यूको आहुति परेको छ॥ २॥

**कहइ करहु किन कोटि उपाया। इहाँ न लागिहि राउरि माया॥**
**देहु कि लेहु अजसु करि नाहीं। मोहि न बहुत प्रपंच सोहाहीं॥**

[कैकेयी भन्दछिन्—] हजुरले करोडौं उपाय किन नगर्नुहोस्। यहाँ हजुरको माया (चालबाजी) लाग्नेछैन। या त मैले जे मागेकी छु सो दिनुहोस्, होइन भने 'हुँदैन' भनेर अपयश लिनुहोस्। मलाई धेरै प्रपञ्च (छल-कपट) मन पर्दैन॥ ३॥

**रामु साधु तुम्ह साधु सयाने। राममातु भल सब पहिचाने॥**
**जस कौसिलाँ मोर भल ताका। तस फलु उन्हहि देउँ कर साका॥**

राम साधु सज्जन छन्, हजुर समझदार साधु (सिपालु) हुनुहुन्छ र रामकी माता पनि असल स्वभावकी नै छिन्; मैले सबैलाई (राम्ररी नै) चिनिसकेकी छु। कौसल्याले मेरो जस्तो भलो (कल्याण) चाहेकी छन्, मैले पनि (याद राख्न योग्य) उनलाई त्यस्तै नै फल दिनेछु॥ ४॥

दो०— **होत प्रातु मुनिबेष धरि जौं न राम बन जाहिं।**
**मोर मरनु राउर अजस नृप समुझिअ मन माहिं॥ ३३॥**

उज्यालो हुनासाथ मुनिको भेष धारण गरेर यदि राम वनमा गएनन् भने, त हे राजन्! मनमा [निश्चय] सम्झनुहोस् कि मेरो मरण र हजुरको अपयश!॥ ३३॥

**अस कहि कुटिल भई उठि ठाढ़ी। मानहुँ रोष तरंगिनि बाढ़ी॥**
**पाप पहार प्रगट भइ सोई। भरी क्रोध जल जाइ न जोई॥**

यस्तो भनेर कुटिल कैकेयी उठेर उभिइन्, मानौं क्रोधको नदी उर्लेको छ। त्यो नदी पापरूपी पहाडबाट प्रकट भएको छ र क्रोधरूपी जलले भरिएको छ; [यस्तो भयानक छ कि] हेर्न नै सकिँदैन!॥ १॥

**दोउ बर कूल कठिन हठ धारा। भवँर कूबरी बचन प्रचारा॥**
**ढाहत भूपरूप तरु मूला। चली बिपत बारिधि अनुकूला॥**

दुई वरदान नै त्यस नदीका दुई किनारा हुन्, कैकेयीको कठिन हठ नै उसको [तीव्र] धारा हो र कुप्री (मन्थरा) का वचनहरूको प्रेरणा नै भुँवरी हो। [त्यो क्रोधरूपी नदी] राजा दशरथरूपी वृक्षलाई जड-मूलबाट पल्टाउँदै विपत्तिरूपी समुद्रतर्फ [सीधा] बगेको छ॥ २॥

**लखी नरेस बात फुरि साँची। तिय मिस मीचु सीस पर नाची॥**
**गहि पद बिनय कीन्ह बैठारी। जनि दिनकर कुल होसि कुठारी॥**

राजाले सम्झनुभयो कि कुरा वास्तवमा सत्य रहेछ, स्त्रीको बहानामा मेरो मृत्यु नै शिरमा नाचेको छ। [तदनन्तर राजाले कैकेयीका] चरण समातेर उनलाई बसालेर बिन्ती गर्नुभयो कि तँ सूर्यकुल [रूपी वृक्ष] को लागि बन्चरो बिलकुल नबन्॥ ३॥

**मागु माथ अबहीं देउँ तोही। राम बिरहँ जनि मारसि मोही॥**
**राखु राम कहुँ जेहि तेहि भाँती। नाहिं त जरिहि जनम भरि छाती॥**

तैंले मेरो शिर माग्, तँलाई अहिले नै दिन्छु। तर रामको विरहमा मलाई नमार्। जुनसुकै प्रकारले हुन्छ तैंले रामलाई राख्ने काम गर्। होइन (नत्र) भने जीवनभर तेरो छाती जल्नेछ (ठूलो पश्चात्ताप हुनेछ)॥ ४॥

**दो०— देखी ब्याधि असाध नृपु परेउ धरनि धुनि माथ।**
**कहत परम आरत बचन राम राम रघुनाथ॥ ३४॥**

राजाले देख्नुभयो कि रोग असाध्य (ठीक हुन नसक्ने) छ, त्यसपछि उहाँ अत्यन्त आर्तवाणीले 'हे राम! हे राम! हे रघुनाथ!' भन्दै शिर पिटेर जमिनमा पल्टिनुभयो॥ ३४॥

**ब्याकुल राउ सिथिल सब गाता। करिनि कलपतरु मनहुँ निपाता॥**
**कंठु सूख मुख आव न बानी। जनु पाठीनु दीन बिनु पानी॥**

राजा व्याकुल हुनुभयो, उहाँको सबै शरीर शिथिल भयो, मानौं हात्तिनीले कल्पवृक्षलाई उखेलेर फालेकी छ। कण्ठ सुक्यो, मुखबाट शब्द निस्कँदैन, मानौं पानी नभएर पहिना नामको (अरू माछाभन्दा धेरै दीर्घजीवी) माछा तड्पिरहेको छ॥ १॥

**पुनि कह कटु कठोर कैकेई। मनहुँ घाय महुँ माहुर देई॥**
**जौं अंतहुँ अस करतबु रहेऊ। मागु मागु तुम्ह केहिं बल कहेऊ॥**

कैकेयी फेरि कडा र कठोर वचन बोलिन्, मानौं घाउमा जहर भरिरहेकी छन् [भन्दछिन्] जुन अन्त्यमा यस्तो नै गर्नुथियो, भने हजुरले 'माग, माग' कुन कारणद्वारा भन्नुभएको थियो?॥ २॥

**दुइ कि होइ एक समय भुआला। हँसब ठठाइ फुलाउब गाला॥**
**दानि कहाउब अरु कृपनाई। होइ कि खेम कुसल रौताई॥**

हे राजा! बेस्सरी (खित्का छोडेर) हाँस्नु र रिसाउनु के यी दुई एकसाथ नै हुन सक्छन्? दानी पनि भन्ने र कन्जुसी पनि गर्ने। क्षत्रियहरूलाई क्षेम-कुलश पनि रहन सक्छ? (लडाइँमा बहादुरी पनि देखाउने र कहीं चोट पनि नलागोस् भन्ने!)॥ ३॥

**छाड़हु बचनु कि धीरजु धरहू। जनि अबला जिमि करुना करहू॥**
**तनु तिय तनय धामु धनु धरनी। सत्यसंध कहुँ तृन सम बरनी॥**

या त वचन (प्रतिज्ञा) नै छोडिदिनुहोस् या धैर्य धारण गर्नुहोस्। यस्तो असहाय स्त्रीका तरह रुने-कराउने होइन। सत्यव्रतीको लागि त शरीर, स्त्री, पुत्र, घर, धन र पृथ्वी—सबै तृण (सिन्को, त्यान्द्रो) बराबर भनिएको छ॥ ४॥

**दो०— मरम बचन सुनि राउ कह कहु कछु दोषु न तोर।**
**लागेउ तोहि पिसाच जिमि कालु कहावत मोर॥ ३५॥**

कैकेयीका मर्मभेदी वचन सुनेर राजाले भन्नुभयो कि तैंले जे चाहन्छेस् भन्, तेरो केही पनि दोष छैन। मेरो काल तँलाई मानौं पिशाच भएर लागेको छ, उसले तँद्वारा यो सबै भनिरहेको छ॥ ३५॥

**चहत न भरत भूपतहि भोरें। बिधि बस कुमति बसी जिय तोरें॥**
**सो सबु मोर पाप परिनामू। भयउ कुठाहर जेहिं बिधि बामू॥**

भरतले त भुलेर पनि राजपद चाहन्न। भवितव्यवश तेरो नै मनमा कुमति आएर बस्यो। यो सबै मेरो पापको परिणाम हो, जसले गर्दा कुसमयमा (बेमौकामा) विधाता विपरीत भयो॥ १॥

**सुबस बसिहि फिरि अवध सुहाई। सब गुन धाम राम प्रभुताई॥**
**करिहहिं भाइ सकल सेवकाई। होइहि तिहुँ पुर राम बड़ाई॥**

[तैंले भत्काएको] यो सुन्दर अयोध्या फेरि रामैसँग बस्नेछ (बन्नेछ) र समस्त गुणहरूका धाम श्रीरामको प्रभुता पनि हुनेछ। सबै भाइले उनको सेवा गर्नेछन् र तीनै लोकमा श्रीरामको प्रशंसा हुनेछ॥ २॥

**तोर कलंकु मोर पछिताऊ। मुएहुँ न मिटिहि न जाइहि काऊ॥**
**अब तोहि नीक लाग करु सोई। लोचन ओट बैठु मुहु गोई॥**

केवल तेरो कलङ्क र मेरो पश्चात्ताप मृत्यु भएपछि पनि मेटिनेछैन, यो कुनै उपायले जाँदैन। अब तँलाई जे राम्रो लाग्छ त्यही गर। मुख लुकाएर मेरो आँखाको नानीबाट भागिहाल् (अर्थात् मेरो अगाडि नबस्, मलाई मुख नदेखा)॥ ३॥

**जब लगि जिऔं कहउँ कर जोरी। तब लगि जनि कछु कहसि बहोरी॥**
**फिरि पछितैहसि अंत अभागी। मारसि गाइ नहारू लागी॥**

मैले हात जोडेर भन्दछु कि जबसम्म म बाँच्नेछु, त्यस समयसम्म फेरि केही नभन्नू (अर्थात् मसँग नबोल्नू)। हे अभागिनी! फेरि तँ अन्त्यमा पछुताउनेछस् जुन तैंले हल्लुँड (नारा) का लागि गाईलाई मारेकी छस्॥ ४॥

दो०— **परेउ राउ कहि कोटि बिधि काहे करसि निदानु।**
**कपट सयानि न कहति कछु जागति मनहुँ मसानु॥ ३६॥**

राजाले करोडौं प्रकार (धेरै प्रकार)ले सम्झाएर [र यस्तो भनेर] किन तैंले सर्वनाश गरिरहेकी छस्, पृथ्वीमा पल्टिनुभयो। तर कपट गर्नमा चतुर कैकेयी केही बोलिनन्, मानौं [मौन भएर] मसान जगाइरहेकी छन् (श्मशानमा बसेर प्रेततन्त्र सिद्ध गरेकी छन्)॥ ३६॥

**राम राम रट बिकल भुआलू। जनु बिनु पंख बिहंग बेहालू॥**
**हृदयँ मनाव भोरु जनि होई। रामहि जाइ कहै जनि कोई॥**

राजाले 'राम-राम' भनिरहनुभएको छ र यसरी व्याकुल हुनुभएको छ, जस्तै कुनै पक्षी प्वाँखविना बेहाल हुन्छ। उहाँले आफ्नो हृदयमा मनाउनुभएको छ कि उज्यालो नहोस् र कुनै गएर श्रीरामचन्द्रलाई यो कुरा नभनुन्॥ १॥

**उदउ करहु जनि रबि रघुकुल गुर। अवध बिलोक सूल होइहि उर॥**
**भूप प्रीति कैकइ कठिनाई। उभय अवधि बिधि रची बनाई॥**

हे रघुकुलका गुरु (मूलपुरुष) सूर्य भगवान्! हजुरले आफूलाई उदय नगर्नुहोस्। अयोध्याको [बेहाल] देखेर हजुरको हृदयमा ठूलो पीडा हुनेछ। राजाको प्रीति र कैकेयीको निष्ठुरता दुवैलाई ब्रह्माले सीमासम्म रचेर बनाएका छन् (अर्थात् राजा प्रेमको सीमा र कैकेयी निष्ठुरताकी)॥ २॥

**बिलपत नृपहि भयउ भिनुसारा। बीना बेनु संख धुनि द्वारा॥**
**पढ़हिं भाट गुन गावहिं गायक। सुनत नृपहि जनु लागहिं सायक॥**

विलाप गर्दा-गर्दै नै राजालाई उज्यालो भयो। राजद्वारमा वीणा, बाँसुरी र शङ्खको ध्वनि हुन लाग्यो। भाटहरूले विरुदावली पढिरहेका छन् र गायकहरूले गायन गरिरहेका छन्। सुन्दाखेरि राजालाई ती बाण-जस्तै लागेका छन्॥ ३॥

**मंगल सकल सोहाहिं न कैसें। सहगामिनिहि बिभूषन जैसें॥**
**तेहिं निसि नीद परी नहिं काहू। राम दरस लालसा उछाहू॥**

राजालाई यी सबै मङ्गल-सामान कसरी सुहाएका छैनन्, जसरी पतिका साथ सती हुनेवाली स्त्रीका आभूषण! श्रीरामचन्द्रको दर्शनको इच्छा र उत्साहका कारण त्यो रात्रि कुनैलाई पनि निद्रा आएन॥ ४॥

**दो०— द्वार भीर सेवक सचिव कहहिं उदित रबि देखि।**
**जागेउ अजहुँ न अवधपति कारनु कवनु बिसेषि॥ ३७॥**

राजद्वारमा मन्त्रीहरू र सेवकहरूको भीड लागेको छ। उनीहरू सबैले सूर्य उदय भएको देखेर भनेका छन् कि यस्तो के विशेष कारण छ कि अयोध्यापति दशरथजी अहिलेसम्म बिउँझनुभएन?॥ ३७॥

**पछिले पहर भूपु नित जागा। आजु हमहि बड़ अचरजु लागा॥**
**जाहु सुमंत्र जगावहु जाई। कीजिअ काजु रजायसु पाई॥**

राजा दिनहुँ नै रातको पछिल्लो प्रहरमा बिउँझने गर्नुहुन्थ्यो, किन्तु आज हामीलाई ठूलो आश्चर्य भइरहेको छ। हे सुमन्त्र! जानुहोस्, गएर राजालाई बिउँझाउनुहोस्। उहाँको आज्ञा पाएर हामी सबैले काम गरौंला॥ १॥

**गए सुमंत्रु तब राउर माहीं। देखि भयावन जात डेराहीं॥**
**धाइ खाइ जनु जाइ न हेरा। मानहुँ बिपति बिषाद बसेरा॥**

त्यसपछि सुमन्त्र राजमहलमा गए, तर महललाई भयानक देखेर उनी जान नै डराएका छन्। [यस्तो लाग्दछ] मानौं दौडेर टोकेर खाइहाल्नेछ, त्यसतर्फ हेर्न नै सकिंन्न। मानौं विपत्ति र विषादले त्यहाँ डेरा बनाएको छ॥ २॥

**पूछें कोउ न ऊतरु देई। गए जेहिं भवन भूप कैकेई॥**
**कहि जयजीव बैठ सिरु नाई। देखि भूप गति गयउ सुखाई॥**

सोध्दाखेरि कसैले जबाफ दिँदैनन्; उनी त्यस महलमा गए, जहाँ राजा र कैकेयी थिए। 'सरकारको जय होस्' भनेर शिर नुहाएर बसे र राजाको दशा देखेर त उनी सुके (अर्थात् शरीरको रक्तसञ्चार नै बन्द भयो)॥ ३॥

**सोच बिकल बिबरन महि परेऊ। मानहुँ कमल मूलु परिहरेऊ॥**
**सचिउ सभीत सकइ नहिं पूँछी। बोली असुभ भरी सुभ छूँछी॥**

[देखे कि— ] राजा सोचले व्याकुल हुनुहुन्छ, अनुहारको रङ्ग (रूप) उडेको छ। जमिनमा यसरी पल्टिनुभएको छ, मानौं कमल जड (जमिन) छोडेर (जरा उखेलेर) [ओइलाएको] पल्टेको छ। मन्त्रीले डरले गर्दा केही पनि सोध्न सकेनन्। अनि अशुभले भरिएकी कैकेयी बोलिन्— ॥ ४॥

**दो०— परी न राजहि नीद निसि हेतु जान जगदीसु।**
**रामु रामु रटि भोरु किय कहइ न मरमु महीसु॥ ३८॥**

राजालाई रातभर निद्रा आएन, यसको कारण जगदीश्वर नै जानुन्। यिनीले 'राम राम' रटेर उज्यालो बनाए, परन्तु यसको भेद राजाले केही पनि बताउँदैनन्॥ ३८॥

**आनहु रामहि बेगि बोलाई। समाचार तब पूँछेहु आई॥**
**चलेउ सुमंत्रु राय रुख जानी। लखी कुचालि कीन्हि कछु रानी॥**

तिमीले छिटो रामलाई बोलाएर लिएर आऊ। त्यसपछि आएर समाचार सोध्नू। राजाको भाव बुझेर सुमन्त्र गए, सम्झे कि रानीले केही कुचाल गरिन्॥ १॥

**सोच बिकल मग परइ न पाऊ। रामहि बोलि कहिहि का राऊ॥**
**उर धरि धीरजु गयउ दुआरें। पूँछहिं सकल देखि मनु मारें॥**

सुमन्त्र सोचले व्याकुल छन्, बाटोमा गोडा चल्दैनन्, [सोचेका छन्— ] रामजीलाई बोलाएर राजाले के भन्नुहुनेछ? कुनै उपायले हृदयमा धैर्य धारण गरेर उनी द्वारमा गए। सबै जना उनलाई उदास देखेर सोध्न लागे॥ २॥

**समाधानु करि सो सबही का। गयउ जहाँ दिनकर कुल टीका॥**
**राम सुमंत्रहि आवत देखा। आदरु कीन्ह पिता सम लेखा॥**

सबै जनाको समाधान गरेर (कुनै प्रकारले सम्झाएर-बुझाएर) सुमन्त्र वहाँ गए, जहाँ सूर्यकुलका तिलक श्रीरामचन्द्र हुनुहुन्थ्यो। रामचन्द्रजीले सुमन्त्रलाई आउँदै गरेको देख्नुभयो, त्यसपछि पिता समान सम्झेर उनको आदर गर्नुभयो।॥ ३॥

**निरखि बदनु कहि भूप रजाई। रघुकुलदीपहि चलेउ लेवाई॥**
**रामु कुभाँति सचिव सँग जाहीं। देखि लोग जहँ तहँ बिलखाहीं॥**

श्रीरामचन्द्रको मुखलाई देखेर र राजाको आज्ञा सुनेर उनले रघुकुलका दीपक रामचन्द्रजीलाई [आफ्नो साथ] लिएर हिंडे। रामचन्द्रजी मन्त्रीका साथ खराब तरिकाले (आर्त्तिंदै) गइरहनुभएको छ, यस्तो देखेर सबै जनाले जतासुकै विषाद गरिरहेका छन्॥ ४॥

**दो०— जाइ दीख रघुबंसमनि नरपति निपट कुसाजु।**
**सहमि परेउ लखि सिंघिनिहि मनहुँ बृद्ध गजराजु॥ ३९॥**

रघुवंशमणि रामचन्द्रजीले गएर देख्नुभयो कि राजा अत्यन्तै खराब हालतमा पल्टिनुभएको छ, मानौं सिंहिनीलाई देखेर बूढो गजराज डराएर पल्टिइरहेको छ॥ ३९॥

**सूखहिं अधर जरइ सबु अंगू। मनहुँ दीन मनिहीन भुअंगू॥**
**सरुष समीप दीखि कैकेई। मानहुँ मीचु घरीं गनि लेई॥**

राजाका ओठ सुकिरहेका छन् र सबै शरीर जलिरहेको छ, मानौं मणि नभएर सर्प दुःखी भइरहेको छ। नजिकै क्रोधमा भरिएकी कैकेयीलाई देख्नुभयो, मानौं [साक्षात्] मृत्यु नै बसेर [राजाको जीवनको अन्तिम] घडी (समय) गनिरहेको छ॥ १॥

## ● श्रीराम-कैकेयी-संवाद ●

**करुनामय मृदु राम सुभाऊ। प्रथम दीख दुखु सुना न काऊ॥**
**तदपि धीर धरि समउ बिचारी। पूँछी मधुर बचन महतारी॥**

श्रीरामको स्वभाव कोमल र करुणामय छ। उहाँले [आफ्नो जीवनमा] पहिलो पटक यस्तो दुःख देख्नुभयो; यसभन्दा पहिला कहिल्यै पनि उहाँले दुःख सुन्नु नै भएको थिएन। तर पनि समयलाई विचार गरेर हृदयमा धैर्य धारण गरेर उहाँले मीठा वचनबाट माता कैकेयीसँग सोध्नुभयो— ॥ २॥

**मोहि कहु मातु तात दुख कारन। करिअ जतन जेहिं होइ निवारन॥**
**सुनहु राम सबु कारनु एहू। राजहि तुम्ह पर बहुत सनेहू॥**

हे आमा! मलाई पिताजीको दुःखको कारण भन्नुहोस्, जसबाट त्यसको निवारण होस् (दुःख हटोस्) त्यो उपाय गर्नुपर्‍यो। [कैकेयीले भनिन्— ] हे राम! सुन, सारा कारण यही हो कि राजाको तिमीप्रति स्नेह धेरै छ॥ ३॥

**देन कहेन्हि मोहि दुइ बरदाना। मागेउँ जो कछु मोहि सोहाना॥**
**सो सुनि भयउ भूप उर सोचू। छाड़ि न सकहिं तुम्हार सँकोचू॥**

राजाले मलाई दुई वरदान दिनलाई भन्नुभएको थियो। मलाई जे राम्रो लाग्यो, त्यही मैले मागें। उसलाई सुनेर राजाको हृदयमा चिन्ता भयो; किनकि यहाँले तिम्रो साथ छोड्न सक्नुहुन्न॥ ४॥

दो०— **सुत सनेहु इत बचनु उत संकट परेउ नरेसु।**
**सकहु त आयसु धरहु सिर मेटहु कठिन कलेसु॥ ४०॥**

यतातर्फ पुत्रको स्नेह छ र उतातर्फ वचन (प्रतिज्ञा); राजा यही धर्मसङ्कटमा पर्नुभएको छ। यदि तिमीले गर्न सक्दछौ भने राजाको आज्ञालाई शिरोधार्य गर र यहाँको कठिन क्लेशलाई मेटाऊ॥ ४०॥

**निधरक बैठि कहइ कटु बानी। सुनत कठिनता अति अकुलानी॥**
**जीभ कमान बचन सर नाना। मनहुँ महिप मृदु लच्छ समाना॥**

कैकेयीले निर्धक्कसँग बसेर यस्ता कडा वाणी भनिरहेकी छन् जसलाई सुनेर स्वयं कठोरता पनि अत्यन्त व्याकुल भएर उठेको छ। जिब्रो धनुष हो, वचन धेरै तीरहरू हुन् र मानौं राजा नै कोमल निशान समान हुन्॥ १॥

**जनु कठोरपनु धरें सरीरू। सिखइ धनुषबिद्या बर बीरू॥**
**सबु प्रसंगु रघुपतिहि सुनाई। बैठि मनहुँ तनु धरि निठुराई॥**

[यस सारा साज-समानका साथ] मानौं स्वयं कठोरपनले श्रेष्ठ वीरको शरीर धारण गरेर धनुषविद्या सिकिरहेको छ। श्रीरघुनाथलाई सबै हाल सुनाएर उनी यसरी बसेकी छन्, मानौं निष्ठुरताले नै शरीर धारण गरेको छ॥ २॥

**मन मुसुकाइ भानुकुल भानू। रामु सहज आनंद निधानू॥**
**बोले बचन बिगत सब दूषन। मृदु मंजुल जनु बाग बिभूषन॥**

सूर्यकुलका सूर्य, स्वाभाविक नै आनन्दनिधान श्रीरामचन्द्रजी मनमा मुस्कुराएर सबै दूषणहरूबाट रहित यस्ता कोमल र सुन्दर वचन बोल्नुभयो जुन मानौं वाणीका भूषण नै थिए— ॥ ३॥

**सुनु जननी सोइ सुतु बड़भागी। जो पितु मातु बचन अनुरागी॥**
**तनय मातु पितु तोषनिहारा। दुर्लभ जननि सकल संसारा॥**

हे आमा! सुन्नुहोस्, उही पुत्र ठूलो भाग्यमानी हुन्छ, जसले आमा-बाबुका वचनलाई पालन गर्दछ। [आज्ञा पालनद्वारा] माता-पितालाई सन्तुष्ट गर्नेवाला पुत्र, हे जननी! सारा संसारमा दुर्लभ छन्॥ ४॥

**दो०— मुनिगन मिलनु बिसेषि बन सबहि भाँति हित मोर।**
**तेहि महँ पितु आयसु बहुरि संमत जननी तोर॥ ४१॥**

वनमा विशेष रूपले मुनिहरूसँग मिलन (मिलाप) हुन्छ, जसले मेरो सबै प्रकारले कल्याण छ। त्यसमा पनि, फेरि पिताजीको आज्ञा र हे जननी! हजुरको सम्मति छ॥ ४१॥

**भरतु प्रानप्रिय पावहिं राजू। बिधि सब बिधि मोहि सनमुख आजू॥**
**जौं न जाउँ बन ऐसेहु काजा। प्रथम गनिअ मोहि मूढ़ समाजा॥**

र प्राणप्रिय भरतले राज्य पाउनेछन्। [यी सबै कुरालाई देखेर यो प्रतीत हुन्छ कि] आज विधाता सबै प्रकारले मेरो अनुकूल छ। यदि यस्तो कामको लागि पनि म वनमा गइनँ भने त मूर्खहरूको समाजमा सबैभन्दा पहिले मेरो गणना गर्नुपर्छ॥ १॥

**सेवहिं अरँडु कलपतरु त्यागी। परिहरि अमृत लेहिं बिषु मागी॥**
**तेउ न पाइ अस समउ चुकाहीं। देखु बिचारि मातु मन माहीं॥**

जसले कल्पवृक्षलाई छोडेर एरण्ड (अँडिर) को सेवा गर्छन् र अमृतलाई छोडेर विष माग्दछन्, हे आमा! हजुरले मनमा विचार गरेर हेर्नुहोस्, त्यस (महामूर्ख) ले पनि यस्तो मौका पाएर कहिल्यै पछि पर्नेछैन॥ २॥

**अंब एक दुखु मोहि बिसेषी। निपट बिकल नरनायकु देखी॥**
**थोरिहिं बात पितहि दुख भारी। होति प्रतीति न मोहि महतारी॥**

हे आमा! मलाई एउटै नै दुःख विशेष रूपमा भइरहेको छ, त्यो हो महाराजलाई अत्यन्त व्याकुल देखेर यस्तो सानो कुराको लागि नै पिताजीलाई यति ठूलो दुःख भयो, हे आमा! मलाई यस कुरामा विश्वास लाग्दैन॥ ३॥

**राउ धीर गुन उदधि अगाधू। भा मोहि तें कछु बड़ अपराधू॥**
**जातें मोहि न कहत कछु राऊ। मोरि सपथ तोहि कहु सतिभाऊ॥**

किनकि महाराज त अति नै धीर र गुणहरूका अथाह समुद्र होइबक्सिन्छ। अवश्य नै मबाट कुनै ठूलो अपराध भएको छ, जसको कारण महाराजले मसँग केही भनिबक्सिन्न। हजुरलाई मेरो शपथ छ, आमा! हजुरले सत्य-सत्य भन्नुहोस्॥ ४॥

दो०— **सहज सरल रघुबर बचन कुमति कुटिल करि जान।**
**चलइ जोंक जल बक्रगति जद्यपि सलिलु समान॥ ४२॥**

रघुकुलमा श्रेष्ठ श्रीरामचन्द्रका स्वभावले नै सीधा वचनहरूलाई दुर्बुद्धि कैकेयीले टेढो नै गरेर जानिरहेकी छिन्; जस्तै यद्यपि जल समान नै हुन्छ, परन्तु जुका त्यसमा टेढो चालले नै हिंड्दछ॥ ४२॥

**रहसी रानि राम रुख पाई। बोली कपट सनेहु जनाई॥**
**सपथ तुम्हार भरत कै आना। हेतु न दूसर मैं कछु जाना॥**

रानी कैकेयी श्रीरामचन्द्रजीको भाव बुझेर हर्षित भइन् र कपटपूर्ण स्नेह देखाएर बोलिन्— तिम्रो शपथ र भरतको सौगन्ध छ, मलाई राजाको दुःखको अर्को कारण केही पनि विदित छैन॥ १॥

**तुम्ह अपराध जोगु नहिं ताता। जननी जनक बंधु सुखदाता॥**
**राम सत्य सबु जो कछु कहहू। तुम्ह पितु मातु बचन रत अहहू॥**

हे बाबु! तिमी अपराधको योग्य छैनौ (तिमीबाट माता-पिताको अपराध हुन्छ, यो सम्भव छैन)। तिमी त माता-पिता र भाइहरूलाई सुख दिनेवाला छौ। हे राम! तिमीले जे जति भनिरहेका छौ, सबै सत्य हुन्। तिमी माता-पिताका वचन पालन गर्नमा तत्पर छौ॥ २॥

**पितहि बुझाइ कहहु बलि सोई। चौथेंपन जेहिं अजसु न होई॥**
**तुम्ह सम सुअन सुकृत जेहिं दीन्हे। उचित न तासु निरादरु कीन्हे॥**

म तिम्री सौतेनी आमा भए पनि आशीर्वाद दिन्छु, तिमीले पितालाई सम्झाएर त्यही कुरा गर जसबाट चौथोपनमा (वृद्धावस्थामा) राजाको अपयश नहोस्। जुन पुण्यले पितालाई तिमीजस्तो पुत्र दियो उसको निरादर गर्नु उचित हुँदैन॥ ३॥

**लागहिं कुमुख बचन सुभ कैसे। मगहँ गयादिक तीरथ जैसे॥**
**रामहि मातु बचन सब भाए। जिमि सुरसरि गत सलिल सुहाए॥**

कैकेयीको खराब मुखमा यी शुभ वचन कस्तो लागेको छ, जस्तै मगध देशमा गया आदिक तीर्थ! रामचन्द्रजीलाई माता कैकेयीको सबै वचन यसरी राम्रो लागिरहेको छ, जसरी गङ्गाजीमा पुगेपछि [राम्रो-नराम्रो] जल शुभ, सुन्दर हुन्छ॥ ४॥

दो०— **गइ मुरुछा रामहि सुमिरि नृप फिरि करवट लीन्ह।**
**सचिव राम आगमन कहि बिनय समय सम कीन्ह॥ ४३॥**

यत्तिकैमा राजाको मूर्छा हट्यो, उहाँले रामलाई स्मरण गरेर (‘राम-राम’ भनेर) कोल्टो फेर्नुभयो। मन्त्रीले श्रीरामचन्द्र आएको सुनाएर समयानुकूल बिन्ती गरे ॥ ४३ ॥

**अवनिप अकनि रामु पगु धारे। धरि धीरज तब नयन उघारे॥**
**सचिवँ सँभारि राउ बैठारे। चरन परत नृप रामु निहारे॥**

जब राजाले सुन्नुभयो कि श्रीरामचन्द्र आउनुभएको छ, त्यसपछि उहाँले धैर्य गरेर आँखा खोल्नुभयो। राजाले श्रीरामचन्द्रलाई आफ्नो चरणमा परेको (प्रणाम गरेको) देख्नुभयो॥ १॥

**लिए सनेह बिकल उर लाई। गै मनि मनहुँ फनिक फिरि पाई॥**
**रामहि चितइ रहेउ नरनाहू। चला बिलोचन बारि प्रबाहू॥**

स्नेहबाट विकल (अत्तालिनुभएका) राजाले रामजीलाई हृदयमा लगाउनुभयो। मानौं सर्पले आफ्नो हराएको मणि फेरि पायो। राजा दशरथजीले श्रीरामलाई हेरिरहनुभएको छ। उहाँका आँखाबाट आँसुका धारा बगेका छन्॥ २॥

**सोक बिबस कछु कहै न पारा। हृदयँ लगावत बारहिं बारा॥**
**बिधिहि मनाव राउ मन माहीं। जेहिं रघुनाथ न कानन जाहीं॥**

शोकले विशेष वश हुनाको कारण राजाले केही भन्न सक्नुभएन। उहाँले बारम्बार श्रीरामचन्द्रजीलाई हृदयमा लगाउनुहुन्छ र मनमा ब्रह्माजीलाई मनाउनुभएको छ कि श्रीरघुनाथ वनमा नजाऊन्॥ ३॥

**सुमिरि महेसहि कहइ निहोरी। बिनती सुनहु सदासिव मोरी॥**
**आसुतोष तुम्ह अवढर दानी। आरति हरहु दीन जनु जानी॥**

फेरि महादेवजीलाई स्मरण गरेर उहाँसँग बिन्ती गर्नुहुन्छ—हे सदाशिव! हजुरले मेरो बिन्ती सुन्नुहोस्। हजुर आशुतोष (शीघ्र प्रसन्न हुनेवाला) र अवढरदानी (मुखले मागेको दिइहाल्ने) हुनुहुन्छ। अतः मलाई आफ्नो दीन सेवक जानेर मेरा दुःखलाई दूर (नष्ट) गर्नुहोस्।॥ ४॥

दो०— **तुम्ह प्रेरक सब के हृदयँ सो मति रामहि देहु।**
**बचनु मोर तजि रहहिं घर परिहरि सीलु सनेहु॥ ४४॥**

हजुर प्रेरक रूपले (सबैलाई प्रेरणा दिने) सबैको हृदयमा हुनुहुन्छ। हजुरले श्रीरामचन्द्रलाई यस्तो बुद्धि दिनुहोस्, जसबाट उनले मेरा वचनलाई त्यागेर र शील-स्नेहलाई छोडेर घरमा नै रहून्॥ ४४॥

**अजसु होउ जग सुजसु नसाऊ। नरक परौं बरु सुरपुरु जाऊ॥**
**सब दुख दुसह सहावहु मोही। लोचन ओट रामु जनि होंही॥**

जगत्‌मा चाहे अपयश होस् र सुयश नष्ट होस्। चाहे [नयाँ पाप हुनाले] म नरकमा खसौं, अथवा स्वर्ग नहोस् (पूर्व पुण्यहरूको फलस्वरूप मिल्नेवाला स्वर्ग चाहे मलाई नमिलोस्)। अरू

पनि सबै प्रकारका दु:सह दु:ख हजुरले मलाई दिनुहोस्। तर श्रीरामचन्द्र मेरो आँखाको ज्योतिबाट टाढा नजाऊन् अर्थात् ओझेल नहुन्॥ १॥

**अस मन गुनइ राउ नहिं बोला। पीपर पात सरिस मनु डोला॥**
**रघुपति पितहि प्रेमबस जानी। पुनि कछु कहिहि मातु अनुमानी॥**

राजाले मन-मनै यस्तो प्रकारले विचार गरिरहनुभएको छ, बोल्नुहुन्न। उहाँको मन पीपलको पातझैं हल्लिने (फिरफिर) गरेको छ। श्रीरघुनाथले पितालाई प्रेमको वश जानेर, अनि यस्तो अनुमान गर्नुभयो कि माताजीले फेरि केही भनेमा [त पिताजीलाई दु:ख हुनेछ]— ॥ २॥

**✹ श्रीराम-दशरथ-संवाद, अयोध्यावासीलाई विषाद, कैकेयीलाई सम्झाउनु ✹**

**देस काल अवसर अनुसारी। बोले बचन बिनीत बिचारी॥**
**तात कहउँ कछु करउँ ढिठाई। अनुचितु छमब जानि लरिकाई॥**

देश, काल र अवसरलाई अनुकूल विचार गरेर विनम्र वचन भन्नुभयो—हे पिताजी! मैले केही भन्दछु, यस्तो धृष्टता गर्दछु। यस अनौचित्यलाई मेरो बाल्यावस्था सम्झेर क्षमा गरिबक्सिएला॥ ३॥

**अति लघु बात लागि दुखु पावा। काहुँ न मोहि कहि प्रथम जनावा॥**
**देखि गोसाइँहि पूँछिउँ माता। सुनि प्रसंगु भए सीतल गाता॥**

यस्तो अत्यन्त तुच्छ कुराको लागि हजुरले यति दु:ख पाइबक्सियो। मलाई कसैले पहिला भनेर यसलाई सुनाएनन्। स्वामी (हजुर) लाई यस दशामा देखेर मैले माताजीसँग सोधें। उहाँबाट सारा प्रसङ्ग सुनेर मेरा सबै अङ्ग शीतल भए (मलाई धेरै प्रसन्नता भयो)॥ ४॥

दो०— **मंगल समय सनेह बस सोच परिहरिअ तात।**
**आयसु देइअ हरषि हियँ कहि पुलके प्रभु गात॥ ४५॥**

हे पिताजी! यस मङ्गल समयमा स्नेहवश भएर सोच गर्न छोडिबक्सियोस् र हृदयमा प्रसन्न भएर मलाई आज्ञा दिइबक्सियोस्। यस्तो भन्दा-भन्दै प्रभु श्रीरामचन्द्र सर्वाङ्ग पुलकित हुनुभयो॥ ४५॥

**धन्य जनमु जगतीतल तासू। पितहि प्रमोदु चरित सुनि जासू॥**
**चारि पदारथ करतल ताकें। प्रिय पितु मातु प्रान सम जाकें॥**

[उहाँले फेरि भन्नुभयो—] यस पृथ्वीतलमा उसको जन्म धन्य छ जसको चरित्र सुनेर पितालाई परम आनन्द हुन्छ। जसलाई माता-पिता प्राणका समान हुन्छन्, चारै पदार्थ (अर्थ, धर्म, काम, मोक्ष) उसका मुठीमा रहन्छन्॥ १॥

**आयसु पालि जनम फलु पाई। ऐहउँ बेगिहिं होउ रजाई॥**
**बिदा मातु सन आवउँ मागी। चलिहउँ बनहि बहुरि पग लागी॥**

हजुरको आज्ञा पालन गरेर र जन्मको फल पाएर म छिटै नै फर्केर आउनेछु, अत: कृपया आज्ञा दिइबक्सियोस्। माताजीसँग बिदा मागेर आउँछु। फेरि हजुरलाई प्रणाम गरेर वनमा जानेछु॥ २॥

**अस कहि राम गवनु तब कीन्हा। भूप सोक बस उतरु न दीन्हा॥**
**नगर ब्यापि गइ बात सुतीछी। छुअत चढ़ी जनु सब तन बीछी॥**

यस्तो भनेर श्रीरामचन्द्र त्यहाँबाट हिँड्नुभयो। राजाले शोकवश कुनै उत्तर दिनुभएन। त्यो धेरै नै अप्रिय कुरा नगरभरमा यति छिटो फैलियो मानौं टोक्दाबित्तिकै नै बिच्छीको विष सारा शरीरमा फैलियो॥ ३॥

**सुनि भए बिकल सकल नर नारी। बेल बिटप जिमि देखि दवारी॥**
**जो जहँ सुनइ धुनइ सिरु सोई। बड़ बिषादु नहिं धीरजु होई॥**

यस कुरालाई सुनेर सबै स्त्री–पुरुष यसरी व्याकुल भए जसरी डढेलो लागेको देखेर लता (लहरा, हाँगा) र वृक्ष ओइलाउँछन्। जसले जहाँ सुन्दछ, उसले उहीं शिर पिट्न लाग्छ! ठूलो विषाद छ, कसैले धैर्य धारण गर्दैनन्॥ ४॥

दो०— **मुख सुखाहिं लोचन स्त्रवहिं सोकु न हृदयँ समाइ।**
**मनहुँ करुन रस कटकई उतरी अवध बजाइ॥ ४६॥**

सबैका मुख (अनुहार) सुके, आँखाबाट आँसु झारेका छन् शोक हृदयमा अटाएन। मानौं करुणारसको सेना अयोध्यामा डङ्का बजाएर (घोषणा गरेर) आएको छ अर्थात् दुःखले सबैलाई जित्यो (आनन्द परास्त भयो)॥ ४६॥

**मिलेहि माझ बिधि बात बेगारी। जहँ तहँ देहिं कैकइहि गारी॥**
**एहि पापिनिहि बूझि का परेऊ। छाइ भवन पर पावकु धरेऊ॥**

सबै संयोग ठीक भएको थियो, यत्तिकैमा विधाताले कुरा (कार्य) बिगार्‍यो! जतासुकै मानिसले कैकेयीलाई गाली गरिरहेका छन्! यस पापिनीले के विचार गरेकी होली जसले छाएको घरमा आगो लगाई॥ १॥

**निज कर नयन काढ़ि चह दीखा। डारि सुधा बिषु चाहत चीखा॥**
**कुटिल कठोर कुबुद्धि अभागी। भइ रघुबंस बेनु बन आगी॥**

यसले आफ्ना हातले आफ्ना आँखालाई निकालेर (आँखाविना नै) हेर्न चाहन्छे र अमृत फालेर विष चाख्न चाहन्छे! यो कुटिल, कठोर, दुर्बुद्धि र अभागिनी कैकेयी रघुवंशरूपी बाँसको घारीको लागि अग्नि भई!॥ २॥

**पालव बैठि पेडु एहिं काटा। सुख महुँ सोक ठाटु धरि ठाटा॥**
**सदा रामु एहि प्रान समाना। कारन कवन कुटिलपनु ठाना॥**

(पात) पालुवामा बसेर यसले रूखलाई काटी। सुखमा शोकको समान वा समाज रची अथवा गरालो वा तगारो भई! श्रीरामचन्द्र यसलाई सधैं प्राणसमान प्रिय थिए। फेरि पनि जान्न सकिएन कुन कारणले यसले यो कुटिलता ठानी (सोची)॥ ३॥

**सत्य कहहिं कबि नारि सुभाऊ। सब बिधि अगहु अगाध दुराऊ॥**
**निज प्रतिबिंबु बरुकु गहि जाई। जान न जाइ नारि गति भाई॥**

कवि सत्य नै भन्दछन् कि स्त्रीको स्वभाव सबै प्रकारले काबुमा आउन नसक्ने अथाह र भेदले भरिएको हुन्छ। आफ्नो छाया बरु समात्न सकिन्छ, तर भाइ! आइमाईहरूको गति (चाल) जान्न सकिँदैन॥ ४॥

**दो०— काह न पावकु जारि सक का न समुद्र समाइ।**
**का न करै अबला प्रबल केहि जग कालु न खाइ॥ ४७॥**

आगोले के जलाउन सक्तैन! समुद्रमा के अटाउन सक्तैन! अबला भनिने प्रबल स्त्री [जाति] ले के गर्न सक्तिन! जगत्मा कालले कसलाई खाँदैन!॥ ४७॥

**का सुनाइ बिधि काह सुनावा। का देखाइ चह काह देखावा॥**
**एक कहहिं भल भूप न कीन्हा। बरु बिचारि नहिं कुमतिहि दीन्हा॥**

विधाताले के सुनाएर कस्तो सुनाइदियो र के देखाएर अब उसले के देखाउन खोजेको छ! कुनैले भन्छन् कि राजाले ठीक गरेनन्, दुर्बुद्धि कैकेयीलाई विचार गरेर वर दिएनन्॥ १॥

**जो हठि भयउ सकल दुख भाजनु। अबला बिबस ग्यानु गुनु गा जनु॥**
**एक धरम परमिति पहिचाने। नृपहिं दोसु नहिं देहिं सयाने॥**

जुन हठ गरेर (कैकेयीको कुरालाई पूरा गर्नलाई अडान लिएर) स्वयं सबै दुःखहरूका पात्र भए। स्त्रीको विशेष वश हुनाको कारणले मानौं उनको ज्ञान र गुण गयो। अन्य (कुनै) जसले धर्मको मर्यादालाई जानेका छन् र समझदार छन्, उनीहरूले राजालाई दोष दिँदैनन्॥ २॥

**सिबि दधीचि हरिचंद कहानी। एक एक सन कहहिं बखानी॥**
**एक भरत कर संमत कहहीं। एक उदास भायँ सुनि रहहीं॥**

उनीहरूले शिवि, दधीचि र हरिश्चन्द्रको कथा एकले अर्कोसँग वर्णन गरेर भन्दछन्। कुनैले यसमा भरतजीको सम्मति बताउँदछन्। कुनै सुनेर उदासीन भावले रहन्छन् (केही बोल्दैनन्)॥ ३॥

**कान मूदि कर रद गहि जीहा। एक कहहिं यह बात अलीहा॥**
**सुकृत जाहिं अस कहत तुम्हारे। रामु भरत कहुँ प्रानपिआरे॥**

कुनैले हातले कान बन्द गरेर जिब्रोलाई टोकेर भन्दछन् कि यो कुरा झूटो हो, यस्तो कुरा गर्नाले तिमीहरूको पुण्य नष्ट हुनेछ। भरतजीको त श्रीरामचन्द्र प्राणसमान प्यारो हुनुहुन्छ॥ ४॥

**दो०— चंदु चवै बरु अनल कन सुधा होइ बिषतूल।**
**सपनेहुँ कबहुँ न करहिं किछु भरतु राम प्रतिकूल॥ ४८॥**

चन्द्रमाले बरु [शीतल किरणहरूको सट्टा] आगोका फिलिङ्गा बर्साउन लाग्नेछ र अमृत बरु विषसमान हुनेछ, परन्तु भरतजीले सपनामा पनि कहिल्यै श्रीरामचन्द्रको विरुद्ध केही गर्नुहुन्न॥ ४८॥

**एक बिधातहि दूषनु देहीं। सुधा देखाइ दीन्ह बिषु जेहीं॥**
**खरभरु नगर सोचु सब काहू। दुसह दाहु उर मिटा उछाहू॥**

कुनै-कुनैले विधातालाई दोष दिन्छन्, जसले अमृत देखाएर विष दियो। नगरभरमा खलबल मच्चियो, सबै जनालाई चिन्ता भयो। हृदयमा दु:सह पीडा भयो, आनन्द र उत्साह मेटियो॥ १॥

**बिप्रबधू कुलमान्य जठेरी। जे प्रिय परम कैकई केरी॥**
**लगीं देन सिख सीलु सराही। बचन बानसम लागहिं ताही॥**

ब्राह्मणहरूका स्त्रीहरू, कुलका माननीय धेरै वृद्ध र जुन कैकेयीका प्रिय थिए, उनीहरूले उनको शीलको सराहना गरेर उनलाई शिक्षा दिन लागे। तर उनका वचन बाणसमान लाग्दछन्॥ २॥

**भरतु न मोहि प्रिय राम समाना। सदा कहहु यहु सबु जगु जाना॥**
**करहु राम पर सहज सनेहू। केहिं अपराध आजु बनु देहू॥**

[उनीहरू भन्दछन्— ] तिमीले त सधैं भन्ने गर्दथ्यौ कि श्रीरामचन्द्रसमान मलाई भरत पनि प्रिय छैनन्; यस कुरालाई सारा जगत्ले जानेको छ। श्रीरामचन्द्रप्रति तिमीले त स्वाभाविक नै स्नेह गर्ने गर्दथ्यौ। आज कुन अपराधले उनलाई वनवास दिएकी छौ?॥ ३॥

**कबहुँ न कियहु सवति आरेसू। प्रीति प्रतीति जान सबु देसू॥**
**कौसल्याँ अब काह बिगारा। तुम्ह जेहि लागि बज्र पुर पारा॥**

तिमीले कहिल्यै सौताको डाह गरिनौ। सारा देश तिम्रो प्रेम र विश्वासलाई जान्दछ। अहिले कौसल्याले तिम्रो लागि के बिगारिदिइन्, जसको कारण तिमीले सारा नगरमा वज्र खसालिदियौ॥ ४॥

दो०— **सीय कि पिय सँगु परिहरिहि लखनु कि रहिहहिं धाम।**
**राजु कि भूँजब भरत पुर नृपु कि जिइहि बिनु राम॥ ४९॥**

के सीताजीले आफ्ना पति (श्रीरामचन्द्र) को साथ छोड्नुहुन्छ? के लक्ष्मणजी श्रीरामचन्द्रविना घरमा रहन सक्नुहुन्छ? के भरतजीले श्रीरामचन्द्रविना अयोध्यापुरीको राज्य भोग गर्नुहुनेछ? के राजा श्रीरामचन्द्रविना जीवित रहन सक्नुहुन्छ? (अर्थात् न सीताजी यहाँ बस्नुहुन्छ, न लक्ष्मणजी रहनुहुनेछ, न भरतजीले राज्य गर्नुहुन्छ र न राजा नै जीवित रहनुहुन्छ; सबै उजाड हुनेछ)॥ ४९॥

**अस बिचारि उर छाड़हु कोहू। सोक कलंक कोठि जनि होहू॥**
**भरतहि अवसि देहु जुबराजू। कानन काह राम कर काजू॥**

हृदयमा यस्तो विचार गरेर क्रोध छोडिदेऊ, शोक र कलङ्कको चिह्न नबन। भरतलाई अवश्य युवराजपद देऊ, तर रामचन्द्रको वनमा के काम छ!॥ १॥

**नाहिन रामु राज के भूखे। धरम धुरीन बिषय रस रूखे॥**
**गुर गृह बसहुँ रामु तजि गेहू। नृप सन अस बरु दूसर लेहू॥**

श्रीरामचन्द्र राज्यको भोको हुनुहुन्न। उहाँ धर्मको धुरीलाई धारण गर्नेवाला र विषय-रसमा रूखा हुनुहुन्छ (अर्थात् उहाँमा विषयासक्ति नै छैन)। [यसैले तिमीले यस्तो शङ्का नगर कि श्रीराम वनमा नगएमा भरतको राज्यमा विघ्न गर्नेछन्; यतिमा पनि मन नमानेमा] तिमीले राजासँग अर्को यस्तो वर माग कि श्रीराम घर छोडेर गुरुको घरमा जाऊन्॥ २॥

**जौं नहिं लगिहहु कहें हमारे। नहिं लागिहि कछु हाथ तुम्हारे॥**
**जौं परिहास कीन्हि कछु होई। तौ कहि प्रगट जनावहु सोई॥**

जहाँसम्म तिमीले हामीले भनेको मानिनौ भने तिम्रो हातमा केही पनि लाग्नेछैन। यदि तिमीले केही हाँसो गरेकी हौ भने उसलाई प्रकट गरेर भन कि [मैले ख्याल-ठट्टा गरेकी हुँ]॥ ३॥

**राम सरिस सुत कानन जोगू। काह कहिहि सुनि तुम्ह कहुँ लोगू॥**
**उठहु बेगि सोइ करहु उपाई। जेहि बिधि सोकु कलंकु नसाई॥**

राम-समानका पुत्र के वनका योग्य छन्? यस्तो समाचार सुनेर मानिसहरूले तिमीलाई के भन्नेछन्! छिटो उठ र उही उपाय गर जुन उपायले यस शोक र कलङ्कको नाश होस्॥ ४॥

छं०— **जेहि भाँति सोकु कलंकु जाइ उपाय करि कुल पालही।**
**हठि फेरु रामहि जात बन जनि बात दूसरि चालही॥**
**जिमि भानु बिनु दिनु प्रान बिनु तनु चंद बिनु जिमि जामिनी।**
**तिमि अवध तुलसीदास प्रभु बिनु समुझि धौं जियँ भामिनी॥**

जुन प्रकारले [नगरभरिको] शोक र [तिम्रो] कलङ्क मेटिन्छ, सोही उपाय गरेर कुलको रक्षा गर। वन जाँदै गर्दा श्रीरामजीलाई हठ गरेर फर्काऊ, अर्को कुनै कुरा नगर। तुलसीदासजीले भन्नुहुन्छ—जस्तै सूर्यविना दिन, प्राणविना शरीर र चन्द्रमाविना रात [निर्जीव एवं शोभाहीन हुन्छ], त्यस्तै नै श्रीरामचन्द्रविना अयोध्या हुनेछ; हे भामिनी! तिमीले आफ्नो हृदयमा यस कुरालाई सम्झेर (विचार गरेर) त हेर।

सो०— **सखिन्ह सिखावनु दीन्ह सुनत मधुर परिनाम हित।**
**तेइँ कछु कान न कीन्ह कुटिल प्रबोधी कूबरी॥ ५०॥**

यस्तो प्रकारले सखीहरूले यस्तो शिक्षा दिए जुन सुन्दा मीठा र परिणाममा हितकारी थिए। तर कुटिला कुप्रीले सिकाइएकी-पढाइएकी कैकेयीले यसमा कत्ति पनि ध्यान दिइनन्॥ ५०॥

**उतरु न देइ दुसह रिस रूखी। मृगिन्ह चितव जनु बाघिनि भूखी॥**
**ब्याधि असाधि जानि तिन्ह त्यागी। चलीं कहत मतिमंद अभागी॥**

कैकेयीले कुनै उत्तर दिइनन्, उनी दु:सह क्रोधले गर्दा रूखी भइरहेकी छिन्। यस्ती देखिन्छिन् मानौं भोकाएकी बघिनीले हरिणीहरूलाई हेरिरहेकी छ। त्यसपछि सखीहरूले रोगलाई असाध्य सम्झेर उनलाई छोडिदिए। सबैले उनलाई मन्दबुद्धि, अभागिनी भन्दै हिंडे॥ १॥

**राजु करत यह दैअँ बिगोई। कीन्हेसि अस जस करइ न कोई॥**
**एहि बिधि बिलपहिं पुर नर नारीं। देहिं कुचालिहि कोटिक गारीं॥**

राज्य गर्दा-गर्दै यस कैकेयीलाई दैवले नष्ट गरिदियो। यसले जस्तो कार्य गरी, त्यस्तो कसैले पनि गर्ने छैनन्! नगरका सबै स्त्री-पुरुषले यस्तो प्रकारले विलाप गरिरहेका छन् र त्यस कुचाली कैकेयीलाई करोडौं गालीहरू गरिरहेका छन्॥ २॥

**जरहिं बिषम जर लेहिं उसासा। कवनि राम बिनु जीवन आसा॥**
**बिपुल बियोग प्रजा अकुलानी। जनु जलचर गन सूखत पानी॥**

मानिस विषमज्वर (भयानक दुःखको आगो) बाट जलिरहेका छन्। लामो सास लिँदै उनीहरूले भनेका छन् कि श्रीरामचन्द्रविना बाँच्नलाई के आशा छ! महान् वियोग [को आशङ्का] ले प्रजा यसरी व्याकुल भएका छन् मानौं पानी सुक्ने समय जलचर जीवहरूका समुदाय व्याकुल हुन्छन्!॥ ३॥

**अति बिषाद बस लोग लोगाईं। गए मातु पहिं रामु गोसाईं॥**
**मुख प्रसन्न चित चौगुन चाऊ। मिटा सोचु जनि राखै राऊ॥**

सबै स्त्री-पुरुष अत्यन्त विषादको वश भइरहेका छन्। स्वामी श्रीरामचन्द्र आमा कौसल्यासँग जानुभयो। उहाँको मुख प्रसन्न छ र चित्तमा चारगुणा उत्साह छ। यस्तो चिन्ता मेटियो कि राजाले कुनै उपायले राख्नुभयो भने के गर्ने। [श्रीरामलाई राजतिलकको कुरा सुनेर विषाद भएको थियो कि सबै भाइहरूलाई छोडेर जेठो दाजु मेरो नै राजतिलक किन हुन्छ। अब माता कैकेयीको आज्ञा र पिताजीको मौन सम्मति पाएर त्यो चिन्ता मेटियो।]॥ ४॥

दो०— **नव गयंदु रघुबीर मनु राजु अलान समान।**
**छूट जानि बन गवनु सुनि उर अनंदु अधिकान॥ ५१॥**

श्रीरामचन्द्रको मन नयाँ समातिएको हात्तीको समान र राजतिलक त्यस हात्तीलाई बाँध्नको लागि (मौलोमा लगाएको) फलामको काँडेदार साङ्लो ('अलानं गजबन्धनम्') समान हो। 'वनमा जाने हो' यस्तो सुनेर, आफूलाई बन्धनबाट फुकेको जानेर, उहाँको हृदयमा आनन्द बढेको छ॥ ५१॥

## * श्रीराम-कौसल्या-संवाद *

**रघुकुलतिलक जोरि दोउ हाथा। मुदित मातु पद नायउ माथा॥**
**दीन्हि असीस लाइ उर लीन्हे। भूषन बसन निछावर कीन्हे॥**

रघुकुलतिलक श्रीरामचन्द्रले दुवै हात जोडेर आनन्दका साथ माताको चरणमा शिर निहुराउनुभयो। माताले आशीर्वाद दिनुभयो, आफ्नो हृदयमा लगाउनुभयो र उहाँलाई गहना तथा कपडा अर्पण गर्नुभयो॥ १॥

**बार बार मुख चुंबति माता। नयन नेह जलु पुलकित गाता॥**
**गोद राखि पुनि हृदयँ लगाए। स्त्रवत प्रेमरस पयद सुहाए॥**

माताले बारम्बार श्रीरामचन्द्रको मुख चुम्बन गर्नुभएको छ। आँखामा प्रेमका जल भरिएका छन् र सबै अङ्ग रोमाञ्चित भयो। श्रीरामलाई आफ्नो काखमा राखेर फेरि हृदयमा लगाउनुभयो। सुन्दर स्तनले प्रेमरस (दूध) बगाउन लागे॥ २॥

**प्रेमु प्रमोदु न कछु कहि जाई। रंक धनद पदबी जनु पाई॥**
**सादर सुंदर बदनु निहारी। बोली मधुर बचन महतारी॥**

उहाँको प्रेम र महान् आनन्दलाई केही भन्न सकिंदैन। मानौं कङ्गालले कुबेरको पद पायो। धेरै आदरका साथ सुन्दर मुख देखेर माता मधुर वचन बोल्नुभयो— ॥ ३ ॥

**कहहु तात जननी बलिहारी। कबहिं लगन मुद मंगलकारी॥**
**सुकृत सील सुख सीवँ सुहाई। जनम लाभ कइ अवधि अघाई॥**

हे तात! माताले पुत्रको उत्सव हेर्न चाहेकी छु*, भन, त्यो आनन्द-मङ्गलकारी लग्न कतिखेर छ, जुन मेरो पुण्य, शील र सुखको सुन्दर सीमा हो र जन्म लिएको लाभको पूर्णतम अवधि हो;॥ ४ ॥

**दो०— जेहि चाहत नर नारि सब अति आरत एहि भाँति।**
**जिमि चातक चातकि तृषित बृष्टि सरद रितु स्वाति॥ ५२॥**

तथा जुन (लगन) लाई सबै स्त्री-पुरुषले अत्यन्त व्याकुलताले यस प्रकार खोजेका छन् जस्ता प्रकारले प्यासबाट चातक र चातकी (काकाकुलका जोडी) ले शरद्-ऋतुको स्वातिनक्षत्रको वर्षालाई खोजेका हुन्छन्॥ ५२ ॥

**तात जाउँ बलि बेगि नहाहू। जो मन भाव मधुर कछु खाहू॥**
**पितु समीप तब जाएहु भैआ। भइ बड़ि बार जाइ बलि मैआ॥**

हे बाबा! म अति नै प्रसन्न छु, तिमीले छिटो नुहाउ र जे मन पर्छ, त्यही मिठाई खाऊ। बाबा! अनि पिताजीसँग जानू। धेरै नै विलम्ब भयो, माता अति प्रेम गर्ने जाती हुन्छन्॥ १ ॥

**मातु बचन सुनि अति अनुकूला। जनु सनेह सुरतरु के फूला॥**
**सुख मकरंद भरे श्रियमूला। निरखि राम मनु भवँरु न भूला॥**

माताका अत्यन्त अनुकूल वचन सुनेर—जुन मानौं स्नेहरूपी कल्पवृक्षका फूल थिए, जुन सुखरूपी मकरन्द (पुष्परस) ले भरिएका थिए र श्री (राजलक्ष्मी) का मूल थिए—यस्ता वचनरूपी फूलहरूलाई देखेर श्रीरामचन्द्रको मनरूपी भँवरो त्यसप्रति भुलेन॥ २ ॥

**धरम धुरीन धरम गति जानी। कहेउ मातु सन अति मृदु बानी॥**
**पिताँ दीन्ह मोहि कानन राजू। जहँ सब भाँति मोर बड़ काजू॥**

धर्मधुरीण श्रीरामचन्द्रले धर्मको गतिलाई जानेर आमासँग अत्यन्त कोमल वाणीले भन्नुभयो—हे आमा! पिताजीले मलाई वनको राज्य दिनुभएको छ, जहाँ सबै प्रकारले मेरो ठूलो काम बन्नेवाला छ॥ ३ ॥

**आयसु देहि मुदित मन माता। जेहिं मुद मंगल कानन जाता॥**
**जनि सनेह बस डरपसि भोरें। आनँदु अंब अनुग्रह तोरें॥**

हे माताजी! हजुरले प्रसन्न मनले मलाई आज्ञा दिनुहोस्, जसले मेरो वनयात्रामा आनन्द-मङ्गल होस्। मेरो स्नेहवश भुलेर पनि नडराउनू। हे माता! हजुरको कृपाले आनन्द नै हुनेछ॥ ४॥

---

* (बलिहारी जाऊँ, बली जाऊँ, बलैया) आदि शब्द म प्रसन्न छु, मैले आशीर्वाद दिन्छु, तिम्रो सबै दुःख मलाई होस् तर तिमीलाई नहोस् तथा प्रेम, भक्ति, श्रद्धा आदि गर्नु, सामान अर्पण गर्नु, शुभ कामना दिनु आदि भावहरू हुन्। (मानस-पीयूषबाट उद्धृत गरिएको)

दो०— **बरष चारिदस बिपिन बसि करि पितु बचन प्रमान।**
**आइ पाय पुनि देखिहउँ मनु जनि करसि मलान॥ ५३॥**

चौध वर्ष वनमा रहेर, पिताजीका वचनलाई प्रमाणित (सत्य) गरेर, फेरि फर्केर हजुरका चरणको दर्शन गर्नेछु; हजुरले मनलाई दु:खी (मलिन) नबनाउनुहोस्॥ ५३॥

**बचन बिनीत मधुर रघुबर के। सर सम लगे मातु उर करके॥**
**सहमि सूखि सुनि सीतलि बानी। जिमि जवास परें पावस पानी॥**

रघुकुलमा श्रेष्ठ श्रीरामका यी अति नै नम्र र मीठा वचन आमालाई हृदयमा बाणसमान लागे र चस्कन थाले। त्यस शीतल वाणीलाई सुनेर कौसल्या उस्तै प्रकारले डराएर सुक्नुभयो जस्तै वर्षाको समयमा पानी पर्नाले जवासा सुक्दछ, [अन्य बिरुवा वा घाँस-पात वर्षा याममा सप्रन्छन्, तर यो झारका पात झर्दछन्]॥ १॥

**कहि न जाइ कछु हृदय बिषादू। मनहुँ मृगी सुनि केहरि नादू॥**
**नयन सजल तन थर थर काँपी। माजहि खाइ मीन जनु मापी॥**

हृदयमा विषाद केही भन्न नै सकिंदैन। मानौं सिंहको गर्जना सुनेर हरिणी विकल भएकी छ। आँखामा आँसु भरिएर आए शरीर थर्र-थर्र काम्न लाग्यो। मानौं माछाले पहिलो वर्षाको पानी (धमिलो पानी) खाएर वेहोस भएको छ॥ २॥

**धरि धीरजु सुत बदनु निहारी। गदगद बचन कहति महतारी॥**
**तात पितहि तुम्ह प्रान पिआरे। देखि मुदित नित चरित तुम्हारे॥**

धैर्य गरेर, पुत्रलाई हेरेर माताले गद्-गद भएर भन्न लाग्नुभयो—हे बाबु! तिमी त पितालाई प्राणको समान प्रिय थियौ। तिम्रा चरित्र देखेर उहाँ दिनहुँ प्रसन्न हुनुहुन्थ्यो॥ ३॥

**राजु देन कहुँ सुभ दिन साधा। कहेउ जान बन केहिं अपराधा॥**
**तात सुनावहु मोहि निदानू। को दिनकर कुल भयउ कृसानू॥**

राज्य दिनको लागि उहाँले नै शुभ दिन हेराउनुभएको थियो। फेरि अब कुन अपराधले वनमा जानलाई भन्नुभयो? हे तात! मलाई यसको कारण सुनाऊ! सूर्यवंश [रूपी वन] लाई जलाउनको लागि अग्नि को भयो?॥ ४॥

दो०— **निरखि राम रुख सचिवसुत कारनु कहेउ बुझाइ।**
**सुनि प्रसंगु रहि मूक जिमि दसा बरनि नहिं जाइ॥ ५४॥**

त्यसपछि रामचन्द्रजीको भाव बुझेर मन्त्रीका छोराले सबै कारण सम्झाएर भने। त्यस प्रसङ्गलाई सुनेर उहाँ लाटी-जस्तै चुप हुनुभयो, उहाँको दशाको वर्णन गर्न नै सकिन्न॥ ५४॥

**राखि न सकइ न कहि सक जाहू। दुहूँ भाँति उर दारुन दाहू॥**
**लिखत सुधाकर गा लिखि राहू। बिधि गति बाम सदा सब काहू॥**

न राख्न सक्नुहुन्छ, न यस्तो भन्न सक्नुहुन्छ कि वनमा जाऊ। दुवै प्रकारले हृदयमा धेरै ठूलो सन्ताप भइरहेको छ। [मनमा सोच्नुहुन्छ कि हेरौं— ] विधाताको चाल सधैं सबैको लागि टेढो हुन्छ। लेख्न लागे चन्द्रमा र लेखिहाले राहु!॥ १ ॥

**धरम सनेह उभयँ मति घेरी। भइ गति साँप छुछुंदरि केरी॥**
**राखउँ सुतहि करउँ अनुरोधू। धरमु जाइ अरु बंधु बिरोधू॥**

धर्म र स्नेह दुइटैले नै कौसल्याजीको बुद्धिलाई घेरे। उहाँको दशा सर्प र छुचुन्द्रोको जस्तो भयो। उहाँले सोच्न लाग्नुभयो कि यदि मैले अनुरोध (हठ) गरेर पुत्रलाई राखेमा त धर्म जान्छ र भाइहरूमा विरोध हुन्छ॥ २॥

**कहउँ जान बन तौ बड़ि हानी। संकट सोच बिबस भइ रानी॥**
**बहुरि समुझि तिय धरमु सयानी। रामु भरतु दोउ सुत सम जानी॥**

र यदि वनमा जानलाई भनौं भने ठूलो हानि हुन्छ। यस्तो प्रकारको धर्म-सङ्कटमा परेर रानी विशेष रूपले सोचको वशमा हुनुभयो। फेरि बुद्धिमती कौसल्याजीले स्त्रीधर्म (पतिव्रत-धर्म) लाई श्रेष्ठ सम्झेर र राम तथा भरत दुवै पुत्रलाई समान जानेर— ॥ ३॥

**सरल सुभाउ राम महतारी। बोली बचन धीर धरि भारी॥**
**तात जाउँ बलि कीन्हेहु नीका। पितु आयसु सब धरमक टीका॥**

सरल स्वभाव भएकी श्रीरामचन्द्रकी आमाले ठूलो धैर्य धारण गरेर यस्ता वचन बोल्नुभयो— हे बाबु! मैले आशीर्वाद दिन्छु अथवा समर्थन गर्दछु, तिमीले ठीक गर्‍यौ। पिताको आज्ञा पालन गर्नु नै सबै धर्महरूको शिरोमणि धर्म हो॥ ४॥

दो०— **राजु देन कहि दीन्ह बनु मोहि न सो दुख लेसु।**
**तुम्ह बिनु भरतहि भूपतिहि प्रजहि प्रचंड कलेसु॥ ५५॥**

राज्य दिने भनेर वन दिनुभयो, त्यसको मलाई लेशमात्र पनि दुःख छैन। [दुःख त यस कुराको छ कि] तिमीविना भरतलाई, महाराजलाई र प्रजालाई धेरै ठूलो क्लेश हुनेछ॥ ५५॥

**जौं केवल पितु आयसु ताता। तौ जनि जाहु जानि बड़ि माता॥**
**जौं पितु मातु कहेउ बन जाना। तौ कानन सत अवध समाना॥**

हे बाबु! यदि केवल पिताजीको मात्र आज्ञा हो भने मातालाई [पिताभन्दा] ठूलो जानेर वनमा नजाऊ। किन्तु यदि पिता-माता दुवैले वनमा जान भनेका हुन् भने त वन तिम्रो लागि सयौं अयोध्याको समान हुनेछ॥ १॥

**पितु बनदेव मातु बनदेवी। खग मृग चरन सरोरुह सेवी॥**
**अंतहुँ उचित नृपहि बनबासू। बय बिलोकि हियँ होइ हराँसू॥**

वनमा देवता तिम्रा पिता हुनेछन् र वनदेवी माता हुनेछन्। त्यहाँका पशु-पक्षी तिम्रा चरणकमलका सेवक हुनेछन्। राजाको लागि अन्त्यमा त वनवास गर्नु उचित नै हुन्छ। केवल तिम्रो [सुकुमार] अवस्था देखेर हृदयमा दुःख हुन्छ॥ २॥

**बड़भागी बनु अवध अभागी। जो रघुबंसतिलक तुम्ह त्यागी॥**
**जौं सुत कहौं संग मोहि लेहू। तुम्हरे हृदयँ होइ संदेहू॥**

हे रघुवंशका तिलक! वन ठूलो भाग्यमानी छ र यो अयोध्या अभागी छ, जसलाई तिमीले त्यागिदियौ। हे पुत्र! यदि मैले भनौं कि मलाई पनि साथमा नै लिएर जाऊ भनेमा तिम्रो हृदयमा सन्देह हुनेछ [कि आमाले यसै बहानाले मलाई रोक्न चाहनुहुन्छ]॥ ३॥

**पूत परम प्रिय तुम्ह सबही के। प्रान प्रान के जीवन जी के॥**
**ते तुम्ह कहहु मातु बन जाऊँ। मैं सुनि बचन बैठि पछिताऊँ॥**

हे पुत्र! तिमी सबैका परम प्रिय छौ प्राणको प्राण र हृदयको जीवन हौ। उही (प्राणाधार) तिमीले भन्दछौ कि माता! म वनमा जान्छु र मैले तिम्रा वचनहरूलाई सुनेर बसी पछुताउँछु!॥ ४॥

दो०— **यह बिचारि नहिं करउँ हठ झूठ सनेहु बढ़ाइ।**
**मानि मातु कर नात बलि सुरति बिसरि जनि जाइ॥ ५६॥**

यस्तो सोचेर झूटो (ढाँटढुँट) स्नेह बढाएर मैले हठ गर्दिनँ! हे बाबु! मैले आशीर्वाद दिन्छु, माताको नाता मानेर मलाई नभुल्नू॥ ५६॥

**देव पितर सब तुम्हहि गोसाईं। राखहुँ पलक नयन की नाईं॥**
**अवधि अंबु प्रिय परिजन मीना। तुम्ह करुनाकर धरम धुरीना॥**

हे भगवान्! सबै देव र पितृहरूले तिम्रो उस्तै रक्षा गरून्, जस्तै परेलाले आँखा (नानी) को रक्षा गर्दछ। तिम्रो वनवासको अवधि (चौध वर्ष) जल हो, प्रियजन र कुटुम्बी माछा हुन्। तिमी दयाको खानी र धर्मको धुरीलाई धारण गर्नेवाला हौ॥ १॥

**अस बिचारि सोइ करहु उपाई। सबहि जिअत जेहिं भेंटहु आई॥**
**जाहु सुखेन बनहि बलि जाऊँ। करि अनाथ जन परिजन गाऊँ॥**

यस्तो विचार गरेर त्यही उपाय गर्नू जसबाट सबै जीवित छँदै तिमी आएर भेट हुनेछौ। मैले आशीर्वाद दिन्छु, तिमी सेवक, परिवारवाला र नगरभरिलाई अनाथ गरेर सुखपूर्वक वनमा जाऊ॥ २॥

**सब कर आजु सुकृत फल बीता। भयउ कराल कालु बिपरीता॥**
**बहुबिधि बिलपि चरन लपटानी। परम अभागिनि आपुहि जानी॥**

आज सबैको पुण्यहरूको फल पूरा भयो। कठिन काल हाम्रो विपरीत भयो। [यस प्रकार] धैरै विलाप गरेर आफूलाई परम अभागिनी जानेर माता श्रीरामचन्द्रको चरणमा टाँसिनुभयो॥ ३॥

**दारुन दुसह दाहु उर ब्यापा। बरनि न जाहिं बिलाप कलापा॥**
**राम उठाइ मातु उर लाई। कहि मृदु बचन बहुरि समुझाई॥**

हृदयमा भयानक दुःसह सन्ताप छाएको छ। त्यस समयको नाना विधिको विलापलाई वर्णन

गर्न नै सकिँदैन। श्रीरामचन्द्रले आमालाई उठाएर हृदयमा लगाउनुभयो र फेरि कोमल वचन भनेर उहाँलाई सम्झाउनुभयो॥ ४॥

दो०— **समाचार तेहि समय सुनि सीय उठी अकुलाइ।**
**जाइ सासु पद कमल जुग बंदि बैठि सिरु नाइ॥ ५७॥**

त्यही समय यस्तो समाचार सुनेर सीताजी अत्तालिएर उठ्नुभयो र सासूको नजिकै गएर उहाँका दुवै चरणकमलको प्रार्थना गरेर शिर निहुराएर बस्नुभयो॥ ५७॥

**दीन्हि असीस सासु मृदु बानी। अति सुकुमारि देखि अकुलानी॥**
**बैठि नमितमुख सोचति सीता। रूप रासि पति प्रेम पुनीता॥**

सासूले कोमल वाणीले आशीर्वाद दिनुभयो। उहाँ सीताजीलाई अत्यन्त सुकुमारी देखेर अत्तालिएर उठ्नुभयो। रूपकी राशि र पतिका साथ पवित्र प्रेम गर्नेवाली सीताजी अधोमुख गरेर (शिर होच्याएर) बसेर सोचिरहनुभएको छ॥ १॥

**चलन चहत बन जीवन नाथू। केहि सुकृती सन होइहि साथू॥**
**की तनु प्रान कि केवल प्राना। बिधि करतबु कछु जाइ न जाना॥**

जीवननाथ (प्राणनाथ) वनमा जान चाहनुहुन्छ। हेरौं कुन पुण्यले उहाँको साथ हुन्छ—शरीर र प्राण दुवै साथ जानेछ या केवल प्राण मात्र नै यहाँको साथ हुन्छ? विधाताको व्यवहार केही जान्न नै सकिँदैन॥ २॥

**चारु चरन नख लेखति धरनी। नूपुर मुखर मधुर कबि बरनी॥**
**मनहुँ प्रेम बस बिनती करहीं। हमहि सीय पद जनि परिहरहीं॥**

सीताजीले आफ्ना सुन्दर चरणका नङले धर्ती कोर्दैरहनु भएको छ*। यस्तो गर्दाको समयमा नूपुरको जुन मधुर शब्द भइरहेको छ, कविले त्यसलाई यस प्रकारले वर्णन गर्छन् कि मानौं प्रेमको वशमा भएर नूपुरले यस्तो बिन्ती गरिरहेका छन् कि सीताजीका चरणले कहिल्यै हामीलाई त्याग नगरून्॥ ३॥

**मंजु बिलोचन मोचति बारी। बोली देखि राम महतारी॥**
**तात सुनहु सिय अति सुकुमारी। सास ससुर परिजनहि पिआरी॥**

सीताजीले सुन्दर नेत्रबाट जल बगाइरहनुभएको छ। उहाँको दशा देखेर श्रीरामकी माता कौसल्याजी बोल्नुभयो—हे बाबु! सुन, सीता अत्यन्तै (तिमीभन्दा पनि) सुकुमारी छन् तथा सासू, ससुरा र कुटुम्बी सबैकी प्यारी छिन्॥ ४॥

दो०— **पिता जनक भूपाल मनि ससुर भानुकुल भानु।**
**पति रबिकुल कैरव बिपिन बिधु गुन रूप निधानु॥ ५८॥**

यिनका पिता जनकजी राजाहरूका शिरोमणि हुनुहुन्छ; ससुरा सूर्यकुलका सूर्य हुनुहुन्छ र पति सूर्यकुलरूपी कमललाई फुलाउने चन्द्रमा तथा गुण र रूपका भण्डार छौ॥ ५८॥

---

* धर्ती कोर्ने—यो भाव हो कि यो सोचको एक मुद्रा हो। साथै पृथ्वी मातालाई आफ्नो सङ्कट सुनाउन (देखाउन) चाहनुहुन्छ कि राघवजीले साथै लिएर नगएमा म यसैमा प्रवेश गर्नेछु। (मानस-पीयूषबाट उद्धृत)

**मैं पुनि पुत्रबधू प्रिय पाई। रूप रासि गुन सील सुहाई॥**
**नयन पुतरि करि प्रीति बढ़ाई। राखेउँ प्रान जानकिहिं लाई॥**

फेरि मैले रूपकी राशि, सुन्दर गुण र शील भएकी प्यारी पुत्रवधू (बुहारी) पाएकी छु। मैले यिनी (जानकी) लाई आँखाको नानी बनाएर यिनीसँग प्रेमभाव बढाएकी छु र आफ्नो प्राण यिनीसँग लगाइराखेकी छु॥ १॥

**कलपबेलि जिमि बहुबिधि लाली। सींचि सनेह सलिल प्रतिपाली॥**
**फूलत फलत भयउ बिधि बामा। जानि न जाइ काह परिनामा॥**

यिनीलाई कल्पलताका समान मैले धेरै-प्रकारको प्रेमभावका साथ स्नेहरूपी जलले सिंचाई गरेर पालेकी छु। अब यो लता फुल्ने-फल्ने समयमा विधाता विपरीत भयो। केही जान्न सकिन्न कि यसको परिणाम के हुनेछ॥ २॥

**पलँग पीठ तजि गोद हिंडोरा। सियँ न दीन्ह पगु अवनि कठोरा॥**
**जिअनमूरि जिमि जोगवत रहऊँ। दीप बाति नहिं टारन कहऊँ॥**

सीताले पर्यङ्कपृष्ठ [पलङ र सिंहासन], काख र झुला छोडेर पृथ्वीमा कहिल्यै खुट्टा राखेकी छैनन्। मैले सधैं सञ्जीवनी बुटीलाई जस्तै [सावधानीले] यिनको हेरचाह गरिरहेकी छु! कहिल्यै दीपकको बाती (बत्ती) हटाउन पनि भनिनँ॥ ३॥

**सोइ सिय चलन चहति बन साथा। आयसु काह होइ रघुनाथा॥**
**चंद किरन रस रसिक चकोरी। रबि रुख नयन सकइ किमि जोरी॥**

उनै सीता अब तिमीसँग वनमा जान चाहन्छिन्। हे रघुनाथ! उसलाई के आज्ञा हुन्छ? चन्द्रमाको किरणहरूको रस (अमृत) खोज्ने चकोरी (च्याखुरी) पक्षीले सूर्यतर्फ आँखा कुन प्रकारले मिलाउन सक्दछे॥ ४॥

दो०— **करि केहरि निसिचर चरहिं दुष्ट जंतु बन भूरि।**
**बिष बाटिकाँ कि सोह सुत सुभग सजीवनि मूरि॥ ५९॥**

हात्ती, सिंह, राक्षस आदि अनेक दुष्ट जीव-जन्तु वनमा घुमिरहन्छन्। हे पुत्र! के विषको बगैंचामा सुन्दर सञ्जीवनी बुटीले शोभा पाउन सक्दछ?॥ ५९॥

**बन हित कोल किरात किसोरी। रचीं बिरंचि बिषय सुख भोरी॥**
**पाहन कृमि जिमि कठिन सुभाऊ। तिन्हहि कलेसु न कानन काऊ॥**

वनको लागि त ब्रह्माजीले विषयसुखलाई नजान्ने कोल र भिल्लहरूका केटीहरूको लागि रचेका छन्, जसको ढुङ्गाका कीराको जस्तो कठोर स्वभाव हुन्छ। उनीहरूलाई वनमा कहिल्यै क्लेश हुँदैन!॥ १॥

**कै तापस तिय कानन जोगू। जिन्ह तप हेतु तजा सब भोगू॥**
**सिय बन बसिहि तात केहि भाँती। चित्रलिखित कपि देखि डेराती॥**

अथवा तपस्वीहरूका स्त्रीहरू वनमा रहन योग्य हुन्छन्, जसले तपस्याको लागि सबै भोग त्याग गरेका हुन्छन्। हे पुत्र! जो तस्वीरको बाँदरलाई देखेर डराउँदछिन् उनै सीता वनमा कसरी रहन सक्दछिन्?॥ २॥

**सुरसर सुभग बनज बन चारी। डाबर जोगु कि हंसकुमारी॥**
**अस बिचारि जस आयसु होई। मैं सिख देउँ जानकिहि सोई॥**

देवसरोवरको कमलवनमा भ्रमण गर्नेवाला हंसिनी के खाल्टो (जहाँ सुँगुर, भैंसी आहाल बस्ने धमिलो पानी हुन्छ, सङ्लो पानी हुँदैन यस्तो ठाउँ) मा रहन के योग्य छ? यस्तो विचार गरेर जस्तो तिम्रो आज्ञा हुन्छ, मैले जानकीलाई त्यस्तै शिक्षा दिन्छु॥ ३॥

**जौं सिय भवन रहै कह अंबा। मोहि कहँ होइ बहुत अवलंबा॥**
**सुनि रघुबीर मातु प्रिय बानी। सील सनेह सुधाँ जनु सानी॥**

माताजी भन्नुहुन्छ—यदि सीता घरमा बसिन् भने त मलाई धेरै सहारा हुनेथियो। श्रीरामचन्द्रले माताजीका प्रिय वाणी सुनेर, जुन मानौं शील र स्नेहरूपी अमृतमा मुछिएका थिए,॥ ४॥

## * श्रीसीता-राम-संवाद *

दो०—**कहि प्रिय बचन बिबेकमय कीन्हि मातु परितोष।**
**लगे प्रबोधन जानकिहि प्रगटि बिपिन गुन दोष॥ ६०॥**

विवेकमय प्रिय वचन भनेर माताजीलाई सन्तुष्ट गर्नुभयो। फेरि वनको गुण-दोष प्रकट गरेर उहाँले जानकीजीलाई सम्झाउन लाग्नुभयो॥ ६०॥

### मासपारायण, चौथौं विश्राम

**मातु समीप कहत सकुचाहीं। बोले समउ समुझि मन माहीं॥**
**राजकुमारि सिखावनु सुनहू। आन भाँति जियँ जनि कछु गुनहू॥**

आमाका अघिल्तिर सीताजीलाई केही भन्नलाई लाज मान्नुहुन्छ। तर मनमा यस्तो सम्झनुभयो कि यो समय यस्तो नै छ, उहाँ बोल्नुभयो— हे राजकुमारी! मेरो उपदेश सुन। मनमा अर्को कुनै कारण नसम्झनू॥ १॥

**आपन मोर नीक जौं चहहू। बचनु हमार मानि गृह रहहू॥**
**आयसु मोर सासु सेवकाई। सब बिधि भामिनि भवन भलाई॥**

यदि आफ्नो र मेरो कल्याण चाहन्छ्यौ भने मेरो वचन मानेर घरमा नै बस। हे भामिनी! मेरो आज्ञाको पालन हुनेछ, सासूको सेवा गर्न सकिन्छ। घरमा बस्नाले सबै प्रकारले भलाइ छ॥ २॥

**एहि ते अधिक धरमु नहिं दूजा। सादर सासु ससुर पद पूजा॥**
**जब जब मातु करिहि सुधि मोरी। होइहि प्रेम बिकल मति भोरी॥**

आदरपूर्वक सासू-ससुराको चरणको पूजा (सेवा) गर्नुभन्दा ठूलो अर्को कुनै धर्म छैन। जब-जब आमाले मेरो याद गर्नुहुन्छ र प्रेमले व्याकुल हुनाको कारण उहाँको बुद्धि स्थिर (आफूले-आफूलाई बिर्सनु अथवा बौलाहीजस्ती) हुनुहुनेछ॥ ३॥

**तब तब तुम्ह कहि कथा पुरानी। सुंदरि समुझाएहु मृदु बानी॥**
**कहउँ सुभायँ सपथ सत मोही। सुमुखि मातु हित राखउँ तोही॥**

हे सुन्दरी! त्यस समयमा तिमीले कोमल वाणीले पुराना कथाहरू (पौराणिक कहानी) भनेर आमालाई सम्झाउनू। हे सुमुखी! म सयौं पटक शपथ खान्छु, यो स्वभावले नै भन्दछु कि तिमीलाई केवल माताजीको लागि नै घरमा राख्दछु॥ ४॥

**दो०— गुर श्रुति संमत धरम फलु पाइअ बिनहिं कलेस।**
**हठ बस सब संकट सहे गालव नहुष नरेस॥ ६१॥**

[मेरो आज्ञा मानेर घरमा बस्नाले] गुरु र वेदद्वारा सम्मत धर्म [को आचरण] को फल तिमीलाई क्लेशविना नै मिल्दछ। किन्तु हठको वश भएर गालव मुनि र राजा नहुष आदिले सङ्कट नै सहनु पर्‍यो॥ ६१॥

**मैं पुनि करि प्रवान पितु बानी। बेगि फिरब सुनु सुमुखि सयानी॥**
**दिवस जात नहिं लागिहि बारा। सुंदरि सिखवनु सुनहु हमारा॥**

हे सुमुखी! हे सयानी (समझदार)! सुन, म पनि पिताको वचनलाई सत्य गरेर शीघ्र नै फर्कनेछु। दिन जान बेर लाग्दैन। हे सुन्दरी! मेरो यो उपदेश सुन!॥ १॥

**जौं हठ करहु प्रेम बस बामा। तौ तुम्ह दुखु पाउब परिनामा॥**
**काननु कठिन भयंकरु भारी। घोर घामु हिम बारि बयारी॥**

हे वामा! यदि प्रेमवश हठ गर्‍यौ भने तिमीले परिणाममा दुःख पाउनेछौ। वन धेरै नै कठिन (क्लेशदायक) र भयानक हुन्छ। वहाँको गर्मी, जाडो, वर्षा र हावा सबै अति भयानक हुन्छन्॥ २॥

**कुस कंटक मग काँकर नाना। चलब पयादेहिं बिनु पदत्राना॥**
**चरन कमल मृदु मंजु तुम्हारे। मारग अगम भूमिधर भारे॥**

बाटोमा कुश, काँडा र धेरै नै गेगर (गिट्टी) हुन्छन्। त्यसमा जुत्ता नलगाईकन पैदल नै हिँड्नुपर्छ। तिम्रा चरण-कमल कोमल र सुन्दर छन् र बाटोमा ठूला-ठूला दुर्गम पहाड हुन्छन्॥ ३॥

**कंदर खोह नदीं नद नारे। अगम अगाध न जाहिं निहारे॥**
**भालु बाघ बृक केहरि नागा। करहिं नाद सुनि धीरजु भागा॥**

पर्वतका गुफा, खोंच (खोल्सो, गल्छी), नदी र खोला-नाला यस्ता अगम्य (तर्न नसकिने) र गहिरा हुन्छन् कि तिनीहरूतर्फ हेर्न पनि सकिन्न। भालु, बाघ, ब्वाँसो, सिंह र हात्तीले यस्तो [भयानक] शब्द गर्छन् कि त्यसलाई सुनेर धैर्य भाग्दछ॥ ४॥

**दो०— भूमि सयन बलकल बसन असनु कंद फल मूल।**
**ते कि सदा सब दिन मिलहिं सबुइ समय अनुकूल॥ ६२॥**

जमिनमा सुत्नु, रूखका बोक्रा (भोजपत्र आदि) को वस्त्र लगाउनु र कन्द, मूल, फलको

भोजन गर्नुपर्छ। साथै ती पनि के सधैं (सबै दिन) मिल्दछन्? सबै चीज आ-आफ्नो समयको अनुकूल नै मिल्न सक्दछन्॥ ६२॥

**नर अहार रजनीचर चरहीं। कपट बेष बिधि कोटिक करहीं॥**
**लागइ अति पहार कर पानी। बिपिन बिपति नहिं जाइ बखानी॥**

मानिसलाई खानेवाला निशाचर (राक्षस) घुमिरहन्छन्। उनीहरूले करोडौ प्रकारले कपट-रूप धारण गर्छन्। पहाडको पानी अति नै लाग्दछ*। वनको विपत्ति वर्णन गरेर नै सकिँदैन॥ १॥

**ब्याल कराल बिहग बन घोरा। निसिचर निकर नारि नर चोरा॥**
**डरपहिं धीर गहन सुधि आएँ। मृगलोचनि तुम्ह भीरु सुभाएँ॥**

वनमा भीषण सर्प, भयानक पक्षी र स्त्री-पुरुषलाई चोर्ने राक्षसहरूका समूह (हूल) हुन्छन्। वनको [भयङ्करता] याद आउँदाखेरि धीर पुरुष पनि डराउँछन्। फेरि हे मृगलोचनी! तिमी त स्वभावैले नै डरपोक छौ!॥ २॥

**हंसगवनि तुम्ह नहिं बन जोगू। सुनि अपजसु मोहि देइहि लोगू॥**
**मानस सलिल सुधाँ प्रतिपाली। जिअइ कि लवन पयोधि मराली॥**

हे हंसगमनी! तिमी वनको योग्य छैनौ। तिमी वनमा जाने कुरा सुनेर मानिसले मलाई अपयश दिनेछन्। मानसरोवरको अमृतसमानको जलले पालिएकी हंसिनी कहीं नुनिलो समुद्रमा बाँच्न सक्दछे?॥ ३॥

**नव रसाल बन बिहरनसीला। सोह कि कोकिल बिपिन करीला॥**
**रहहु भवन अस हृदयँ बिचारी। चंदबदनि दुखु कानन भारी॥**

नयाँ आँपको वनमा भ्रमण गर्नेवाला कोइलीले के करीलको (विनापातको झिक्रेइलो) वनमा शोभा पाउँछे? हे चन्द्रमुखी! हृदयमा यस्तो विचार गरेर तिमी घरमा नै बस। वनमा ठूलो कष्ट हुन्छ॥ ४॥

दो०— **सहज सुहृद गुर स्वामि सिख जो न करइ सिर मानि।**
**सो पछिताइ अघाइ उर अवसि होइ हित हानि॥ ६३॥**

स्वाभाविक नै हित खोज्नेले गुरु र स्वामीको उपदेशलाई जसले शिरमा चढाएर मान्दैन, ऊ हृदयमा धेरै नै (अपूरणीय रूपमा) पछुताउँछ र उसलाई हितको हानि अवश्य नै हुन्छ॥ ६३॥

**सुनि मृदु बचन मनोहर पिय के। लोचन ललित भरे जल सिय के॥**
**सीतल सिख दाहक भइ कैसें। चकइहि सरद चंद निसि जैसें॥**

प्रियतमका कोमल तथा मनोहर वचन सुनेर सीताजीका सुन्दर नेत्र जलले भरिए। श्रीरामको यो शीतल उपदेश उहाँलाई कसरी जलाउनेवाला भयो, जसरी चखेवीलाई शरद् ऋतुको चाँदनी रात हुन्छ॥ १॥

**उतरु न आव बिकल बैदेही। तजन चहत सुचि स्वामि सनेही॥**
**बरबस रोकि बिलोचन बारी। धरि धीरजु उर अवनिकुमारी॥**

* **पानी लाग्नु**—पानी जम्मा हुनु, दाँत र शरीरलाई असह्य हुनु, अर्थात् शरीरमा रोग उत्पन्न गरिदिन्छ, हानिकारक हुन्छ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

जानकीजीले केही उत्तर दिन नै सक्नुहुन्न, उहाँ यस्तो सोचेर व्याकुल भई उठ्नुभयो कि मेरा पवित्र र प्रेमी स्वामी मलाई छोडेर जान चाहनुहुन्छ। नेत्रका जल (आँसु) लाई जबरजस्ती रोकेर उहाँ पृथ्वीकी कन्या सीताजी हृदयमा धैर्य गरेर,॥ २॥

**लागि सासु पग कह कर जोरी। छमबि देबि बड़ि अबिनय मोरी॥**
**दीन्हि प्रानपति मोहि सिख सोई। जेहि बिधि मोर परम हित होई॥**

सासूलाई प्रणाम गरेर, हात जोडेर भन्न लाग्नुभयो—हे देवी! मेरो यस ठूलो मूर्खतालाई क्षमा गरिबक्सियोस्। मलाई प्राणपतिले त्यही शिक्षा दिइबक्सियो जसबाट मेरो हित हुन्छ॥ ३॥

**मैं पुनि समुझि दीखि मन माहीं। पिय बियोग सम दुखु जग नाहीं॥**

परन्तु मैले मनमा सम्झेर हेरिसकें कि पतिको वियोगसमान जगत्मा अर्को दुःख नै छैन॥ ४॥

दो०— **प्राननाथ करुनायतन सुंदर सुखद सुजान।**
**तुम्ह बिनु रघुकुल कुमुद बिधु सुरपुर नरक समान॥ ६४॥**

हे प्राणनाथ! हे दयाका धाम! हे सुन्दर! हे सुखहरू दिनेवाला! हे सुजान! हे रघुकुलरूपी कमललाई फुलाउने चन्द्रमा! हजुरविना स्वर्ग पनि मेरो लागि नरकसमान नै हुन्छ॥ ६४॥

**मातु पिता भगिनी प्रिय भाई। प्रिय परिवारु सुहृद समुदाई॥**
**सासु ससुर गुर सजन सहाई। सुत सुंदर सुसील सुखदाई॥**

माता-पिता, दिदी-बहिनी, प्यारा दाजु-भाइ, प्यारा परिवार, मित्रका समुदाय, सासू, ससुरा, गुरु, स्वजन (बन्धु-बान्धव), सहायक र सुन्दर, सुशील र सुख दिनेवाला पुत्र— ॥ १॥

**जहँ लगि नाथ नेह अरु नाते। पिय बिनु तियहि तरनिहु ते ताते॥**
**तनु धनु धामु धरनि पुर राजू। पति बिहीन सबु सोक समाजू॥**

हे नाथ! जहाँसम्म स्नेह र नाता छ, पतिविना स्त्रीलाई सबै सूर्यभन्दा पनि धेरै तपाउनेवाला (पोल्ने) हुन्छन्। शरीर, धन, घर, पृथ्वी, नगर र राज्य पतिविना स्त्रीको लागि यी सबै शोकका समाज हुन्॥ २॥

**भोग रोगसम भूषन भारू। जम जातना सरिस संसारू॥**
**प्राननाथ तुम्ह बिनु जग माहीं। मो कहुँ सुखद कतहुँ कछु नाहीं॥**

भोग रोगको समान हो, गहना भाररूप हुन र संसार यमयातना (नरकको पीडा) समान छ। हे प्राणनाथ! हजुरविना जगत्मा मलाई कहीं केही पनि सुखदायी छैन॥ ३॥

**जिय बिनु देह नदी बिनु बारी। तैसिअ नाथ पुरुष बिनु नारी॥**
**नाथ सकल सुख साथ तुम्हारें। सरद बिमल बिधु बदनु निहारें॥**

जस्तै विनाप्राण (जीव) को देह र विनाजलको नदी, उस्तै नै हे नाथ! विनापुरुषकी स्त्री हुन्छे। हे नाथ! हजुरका साथमा रहेर हजुरको शरद् [पूर्णिमा] को निर्मल चन्द्रमाको समान मुख हेर्नाले मलाई समस्त सुख प्राप्त हुन्छ॥ ४॥

दो०— **खग मृग परिजन नगरु बनु बलकल बिमल दुकूल।**
**नाथ साथ सुरसदन सम परनसाल सुख मूल॥ ६५॥**

हे नाथ! हजुरका साथ पक्षी र पशु नै मेरा कुटुम्बी हुनेछन्, वन नै नगर र वृक्षहरूका बोक्रा नै निर्मल वस्त्र हुनेछन् तथा पर्णकुटी (सेउला, पातले बनाएको छाप्रो) नै स्वर्गको समान सुखहरूको मूल हुनेछ॥ ६५॥

**बनदेबीं बनदेव उदारा। करिहहिं सासु ससुर सम सारा॥**
**कुस किसलय साथरी सुहाई। प्रभु सँग मंजु मनोज तुराई॥**

उदार हृदयका वनदेवी र वनदेवता नै सासू-ससुराको समान मेरो स्याहार-सम्भार गर्नेछन् र कुश र पातका सुन्दर साथरी (बिछ्यौना) नै प्रभुका साथ कामदेवको मनोहर तन्नाको समान हुनेछ॥ १॥

**कंद मूल फल अमिअ अहारू। अवध सौध सत सरिस पहारू॥**
**छिनु छिनु प्रभु पद कमल बिलोकी। रहिहउँ मुदित दिवस जिमि कोकी॥**

कन्द, मूल र फल नै अमृतको समान भोजन हुनेछ र [वनको] पहाड नै अयोध्याका सयौं राजमहलको समान हुनेछ। क्षण-क्षणमा प्रभुका चरणकमललाई देखेर म यसरी आनन्दित हुनेछु जसरी दिनमा चखेवी रहन्छे॥ २॥

**बन दुख नाथ कहे बहुतेरे। भय बिषाद परिताप घनेरे॥**
**प्रभु बियोग लवलेस समाना। सब मिलि होहिं न कृपानिधाना॥**

हे नाथ! हजुरले वनका धेरै नै दुःख र धेरै नै भय, विषाद र सन्ताप भनिबक्सियो। परन्तु हे कृपानिधान! ती सबै मिलेर पनि प्रभु (हजुर) को वियोग [बाट हुने दुःख] को लवलेशका समान पनि हुन सक्तैन॥ ३॥

**अस जियँ जानि सुजान सिरोमनि। लेइअ संग मोहि छाड़िअ जनि॥**
**बिनती बहुत करौं का स्वामी। करुनामय उर अंतरजामी॥**

यस्तो मनमा जानेर, हे सुजानशिरोमणि! हजुरले मलाई साथमा नै लिएर गइबक्सियोस्। यहाँ नछोडिबक्सियोस्। हे स्वामी! मैले अधिक के बिन्ती गरौं? हजुर करुणामय होइबक्सिन्छ र सबैको हृदयभित्रको कुरा जानिबक्सिन्छ॥ ४॥

दो०— **राखिअ अवध जो अवधि लगि रहत न जनिअहिं प्रान।**
**दीनबंधु सुंदर सुखद सील सनेह निधान॥ ६६॥**

हे दीनबन्धु! हे सुन्दर! हे सुख दिनेवाला! हे शील र प्रेमका भण्डार! यदि अवधि (चौध वर्ष) सम्म मलाई अयोध्यामा राखिबक्सिन्छ भने जानिबक्सिएला कि मेरो प्राण रहनेछैन॥ ६६॥

**मोहि मग चलत न होइहि हारी। छिनु छिनु चरन सरोज निहारी॥**
**सबहि भाँति पिय सेवा करिहौं। मारग जनित सकल श्रम हरिहौं॥**

क्षण-क्षणमा हजुरका चरणकमललाई हेर्दै रहनाले मलाई बाटो हिँड्दा थकाइ लाग्नेछैन। हे प्रियतम! मैले सबै प्रकारले हजुरको सेवा गर्नेछु र मार्गमा हिँड्दा हुनेवाला सबै थकाइलाई मेटाउनेछु॥ १॥

**पाय पखारि बैठि तरु छाहीं। करिहउँ बाउ मुदित मन माहीं॥**
**श्रम कन सहित स्याम तनु देखें। कहँ दुख समउ प्रानपति पेखें॥**

हजुरका चरण धोएर, रूखको छायामा बसेर, मनमा प्रसन्न भएर हावा दिनेछु (पङ्खा चलाउनेछु)। पसीनाको बुँद (थोप्ला) सहित श्याम शरीरलाई हेरेर—प्राणपतिको दर्शन गर्दा दु:खको लागि मलाई अवकाश (फुर्सदको समय) नै कहाँ रहनेछ॥ २॥

**सम महि तृन तरुपल्लव डासी। पाय पलोटिहि सब निसि दासी॥**
**बार बार मृदु मूरति जोही। लागिहि तात बयारि न मोही॥**

समतल भूमिमा घाँस र वृक्षका पात बिछ्याएर यो दासीले रातभर हजुरका चरणको सेवा गर्नेछु। बारम्बार हजुरको कोमल मूर्तिलाई देखेर मलाई तातो हावा पनि लाग्नेछैन॥ ३॥

**को प्रभु सँग मोहि चितवनिहारा। सिंघबधुहि जिमि ससक सिआरा॥**
**मैं सुकुमारि नाथ बन जोगू। तुम्हहि उचित तप मो कहुँ भोगू॥**

प्रभुका साथ [रहँदा] मलाई [आँखा उघारेर] हेर्नेवाला को हुन्छ (अर्थात् कसैले हेर्दैनन्)! जस्तै सिंहकी स्त्री (सिंहिनी) लाई खरायो र स्यालले हेर्न सक्दैनन्। म सुकुमारी छु र नाथ वनको लागि योग्य होइबक्सिन्छ? हजुरलाई भने तपस्या उचित हुने र मलाई विषय-भोग?॥ ४॥

दो०—**ऐसेउ बचन कठोर सुनि जौं न हृदउ बिलगान।**
**तौ प्रभु बिषम बियोग दुख सहिहहिं पावँर प्रान॥ ६७॥**

यस्तो कठोर वचन सुनेर पनि जब मेरो हृदय फाट्दैन (चिरिन्न), हे प्रभु! [थाहा हुन्छ कि] यो पामर प्राणले हजुरको वियोगको भीषण दु:ख सहनेछ॥ ६७॥

**अस कहि सीय बिकल भइ भारी। बचन बियोगु न सकी सँभारी॥**
**देखि दसा रघुपति जियँ जाना। हठि राखें नहिं राखिहि प्राना॥**

यस्तो भनेर सीताजी धेरै नै व्याकुल हुनुभयो। उहाँले वचनको वियोगलाई पनि सँभाल्न सक्नुभएन। (अर्थात् शरीरको वियोगको कुरा त अलगै रह्यो, वचनले पनि वियोगको कुरा सुनेर उहाँ अत्यन्तै विकल हुनुभयो) उहाँको यस्तो दशा देखेर श्रीरघुनाथले आफ्नो मनमा जान्नुभयो कि हठपूर्वक यिनलाई यहाँ राखेमा यिनीले प्राणलाई राख्नेछैनन्॥ १॥

**कहेउ कृपाल भानुकुलनाथा। परिहरि सोचु चलहु बन साथा॥**
**नहिं बिषाद कर अवसरु आजू। बेगि करहु बन गवन समाजू॥**

अनि कृपालु, सूर्यकुलका स्वामी श्रीरामचन्द्रले भन्नुभयो कि चिन्ता छोडेर मेरो साथ वनमा हिंड। आज विषाद गर्ने अवसर होइन। तुरुन्तै वनगमनको तयारी गर॥ २॥

## * श्रीराम-कौसल्या-सीता-संवाद *

**कहि प्रिय बचन प्रिया समुझाई। लगे मातु पद आसिष पाई॥**
**बेगि प्रजा दुख मेटब आई। जननी निठुर बिसरि जनि जाई॥**

श्रीरामचन्द्रले प्रिय वचन भनेर प्रियतम सीताजीलाई सम्झाउनुभयो। फेरि आमाका चरणमा प्रणाम गरेर आशीर्वाद प्राप्त गर्नुभयो। [आमाले भन्नुभयो— ] बाबु! तुरुन्तै फर्केर प्रजाका दुःखलाई मेटाउनू र यो निठुरी आमालाई तिमीले नबिर्सनू!॥ ३॥

**फिरिहि दसा बिधि बहुरि कि मोरी। देखिहउँ नयन मनोहर जोरी॥**
**सुदिन सुघरी तात कब होइहि। जननी जिअत बदन बिधु जोइहि॥**

हे विधाता! के मेरा दशा (दिन) पनि फेरि फर्कनेछन्? के आफ्ना नेत्रले मैले यी मनोहर जोडीलाई फेरि देख्न पाउनेछु? हे पुत्र! त्यो सुन्दर दिन र शुभ घडी कहिले हुनेछ जब तिम्री जननी जीवित छँदै तिम्रो चन्द्रमा जस्तो अनुहार फेरि देख्नेछु!॥ ४॥

**दो०— बहुरि बच्छ कहि लालु कहि रघुपति रघुबर तात।**
**कबहिं बोलाइ लगाइ हियँ हरषि निरखिहउँ गात॥ ६८॥**

हे बाबु! 'वत्स' भनेर, 'हे लाला' भनेर, 'रघुपति' भनेर, 'रघुवर' भनेर, मैले फेरि कहिले तिमीलाई बोलाएर हृदयमा लगाउँला र हर्षित भएर तिम्रा अङ्गहरूलाई हेरौंला!॥ ६८॥

**लखि सनेह कातरि महतारी। बचनु न आव बिकल भइ भारी॥**
**राम प्रबोधु कीन्ह बिधि नाना। समउ सनेहु न जाइ बखाना॥**

यस्तो देख्नुभयो कि माता स्नेहले गर्दा अत्तालिनुभयो र यति अधिक व्याकुल हुनुभयो कि मुखबाट वचन नै निस्कँदैन, श्रीरामचन्द्रजीले अनेक प्रकारले उहाँलाई सम्झाउनुभयो। त्यस समय र स्नेहको वर्णन गर्न नै सकिंदैन॥ १॥

**तब जानकी सासु पग लागी। सुनिअ माय मैं परम अभागी॥**
**सेवा समय दैअँ बनु दीन्हा। मोर मनोरथु सफल न कीन्हा॥**

त्यसपछि जानकीजीले सासूलाई प्रणाम गर्नुभयो र भन्नुभयो— हे माता! सुनिबक्सियोस्, म धेरै नै अभागिनी छु। हजुरको सेवा गर्ने समयमा दैवले मलाई वनबास दियो। मेरो मनोरथ सफल बनाएन॥ २॥

**तजब छोभु जनि छाड़िअ छोहू। करमु कठिन कछु दोसु न मोहू॥**
**सुनि सिय बचन सासु अकुलानी। दसा कवनि बिधि कहौं बखानी॥**

हजुरले क्षोभ (मनको उद्वेग र दुःख-चिन्ता) लाई त्याग गरिबक्सियोस्, परन्तु कृपा गर्न नछोडिबक्सिएला। कर्मको गति कठिन छ, मेरो पनि केही दोष छैन। सीताजीका वचन सुनेर सासू व्याकुल हुनुभयो। उहाँको दशाको वर्णन मैले कुन प्रकारले गरूँ!॥ ३॥

**बारहिं बार लाइ उर लीन्ही। धरि धीरजु सिख आसिष दीन्ही॥**
**अचल होउ अहिवातु तुम्हारा। जब लगि गंग जमुन जल धारा॥**

उहाँले सीताजीलाई घरी-घरी हृदयमा लगाउनुभयो र धैर्य गरेर शिक्षा दिँदै आशीर्वाद दिनुभयो कि जबसम्म गङ्गाजी र यमुनाजीमा जलको धारा बग्छ, तबसम तिम्रो सौभाग्य (सिन्दूर) अचल रहोस्॥ ४॥

**दो०— सीतहि सासु असीस सिख दीन्हि अनेक प्रकार।**
**चली नाइ पद पदुम सिरु अति हित बारहिं बार॥ ६९॥**

सीताजीलाई सासूले अनेक प्रकारका आशीर्वाद दिनुभयो र उहाँ (सीताजी) ले अति नै प्रेमपूर्वक बारम्बार चरणकमलमा शिर निहुराएर हिँड्नुभयो॥ ६९॥

**समाचार जब लछिमन पाए। ब्याकुल बिलख बदन उठि धाए॥**
**कंप पुलक तन नयन सनीरा। गहे चरन अति प्रेम अधीरा॥**

जब लक्ष्मणजीले यो समाचार पाउनुभयो, अनि उहाँ व्याकुल हुँदै उदास-मुखले उठेर दौडनुभयो। शरीर थरथरी कामिरहेको छ, रोमाञ्च (दुःखको) भइरहेको छ, नेत्र आँसुले भरिएका छन्। प्रेमले अत्यन्त अधीर भएर उहाँले श्रीरामका चरण समात्नुभयो॥ १॥

**कहि न सकत कछु चितवत ठाढ़े। मीनु दीन जनु जल तें काढ़े॥**
**सोचु हृदयँ बिधि का होनिहारा। सबु सुखु सुकृतु सिरान हमारा॥**

उहाँले केही भन्न सक्नुभएन, उभिएरै हेरिरहनुभएको छ [यस्तो दीन हुनुभएको छ] मानौं जलबाट निकालेपछि माछा दीन हुन्छ। हृदयमा यस्तो शोच छ कि हे विधाता! के हुनेवाला छ? के मेरो सबै सुख र पुण्य पूरा भइसक्यो?॥ २॥

**मो कहुँ काह कहब रघुनाथा। रखिहहिं भवन कि लेहहिं साथा॥**
**राम बिलोकि बंधु कर जोरें। देह गेह सब सन तृनु तोरें॥**

मलाई श्रीरघुनाथजीले के भन्नुहुन्छ? घरमा नै राख्नुहुन्छ या साथमा लिएर जानुहुन्छ? श्रीरामचन्द्रले भाइ लक्ष्मणलाई हात जोडेर र शरीर तथा घर सबैबाट नाता तोडेर उभिएको देख्नुभयो॥ ३॥

## * श्रीराम-लक्ष्मण-संवाद *

**बोले बचनु राम नय नागर। सील सनेह सरल सुख सागर॥**
**तात प्रेम बस जनि कदराहू। समुझि हृदयँ परिनाम उछाहू॥**

त्यसपछि नीतिमा निपुण र शील, स्नेह, सरलता र सुखका समुद्र श्रीरामचन्द्रले भन्नुभयो— हे भाइ! परिणाममा हुनेवाला आनन्दलाई हृदयमा सम्झेर तिमी प्रेमवश अधीर नहोऊ॥ ४॥

**दो०— मातु पिता गुरु स्वामि सिख सिर धरि करहिं सुभायँ।**
**लहेउ लाभु तिन्ह जनम कर नतरु जनमु जग जायँ॥ ७०॥**

जुन मानिसले माता-पिता, गुरु र स्वामीको शिक्षालाई स्वाभाविक नै शिरमा चढाएर उसलाई पालन गर्दछन्, उनीहरूले नै जन्म लिएको लाभ पाएका हुन्छन्; नत्र भने जगत्मा जन्म लिनु व्यर्थ हुन्छ॥ ७०॥

**अस जियँ जानि सुनहु सिख भाई। करहु मातु पितु पद सेवकाई॥**
**भवन भरतु रिपुसूदनु नाहीं। राउ बृद्ध मम दुखु मन माहीं॥**

हे भाइ! हृदयमा यस्तो जानेर मेरो उपदेश सुन र माता–पिताका चरणहरूको सेवा गर। भरत र शत्रुघ्न घरमा छैनन्, महाराज वृद्ध होइबक्सिन्छ र उहाँको मनमा मेरो दुःख छ ॥ १ ॥

**मैं बन जाउँ तुम्हहि लेइ साथा। होइ सबहि बिधि अवध अनाथा॥**
**गुरु पितु मातु प्रजा परिवारू। सब कहुँ परइ दुसह दुख भारू॥**

यस्तो अवस्थामा मैले तिमीलाई साथमा नै लिएर गएँ भने त अयोध्या सबै प्रकारले अनाथ हुनेछ। गुरु, पिता, माता, प्रजा र परिवार सबैलाई दुःखको दुःसह भार आउनेछ॥ २ ॥

**रहहु करहु सब कर परितोषू। नतरु तात होइहि बड़ दोषू॥**
**जासु राज प्रिय प्रजा दुखारी। सो नृपु अवसि नरक अधिकारी॥**

अतः तिमी यहीं बस र सबैलाई सन्तोष गर्दै राख। नत्र भने हे भाइ! ठूलो भूल हुनेछ। जुन राज्यमा प्यारा प्रजा दुःखी रहन्छन्, त्यो राजा अवश्य नै नरकको अधिकारी हुन्छ॥ ३ ॥

**रहहु तात असि नीति बिचारी। सुनत लखनु भए ब्याकुल भारी॥**
**सिअरें बचन सूखि गए कैसें। परसत तुहिन तामरसु जैसें॥**

हे लक्ष्मण! यस्तो नीति विचार गरेर तिमी घरमा नै बस। यस्तो सुन्दा नै लक्ष्मणजी धेरै नै अत्तालिनुभयो! यी शीतल वचनहरूबाट उहाँ यसरी सुक्नुभयो, जसरी तुषारोको स्पर्शले कमल सुक्दछ!॥ ४ ॥

दो०— **उतरु न आवत प्रेम बस गहे चरन अकुलाइ।**
**नाथ दासु मैं स्वामि तुम्ह तजहु त काह बसाइ॥ ७१ ॥**

प्रेमवश लक्ष्मणजीले केही उत्तर दिन सक्नुभएन। उहाँले व्याकुल भएर श्रीरामका चरण समात्नुभयो र भन्नुभयो—हे नाथ! म दास हुँ र हजुर स्वामी होइबक्सिन्छ; अतः हजुरले मलाई छोडिबक्सियो भने मेरो के वश (उपाय) हुन्छ?॥ ७१ ॥

**दीन्हि मोहि सिख नीकि गोसाईं। लागि अगम अपनी कदराईं॥**
**नरबर धीर धरम धुर धारी। निगम नीति कहुँ ते अधिकारी॥**

हे स्वामी! हजुरले मलाई उपदेश त धेरै राम्रो दिइबक्सियो, तर मलाई आफ्नो कायरताले त्यो मेरो लागि अगम (पहुँच बाहिर) लाग्यो। शास्त्र र नीतिका त उनै श्रेष्ठ पुरुष अधिकारी छन्, जुन धीर छन् र धर्मको धुरीलाई धारण गर्छन्॥ १ ॥

**मैं सिसु प्रभु सनेहँ प्रतिपाला। मंदरु मेरु कि लेहिं मराला॥**
**गुर पितु मातु न जानउँ काहू। कहउँ सुभाउ नाथ पतिआहू॥**

म त प्रभु (हजुरको) स्नेहले पालिएको (हुर्किएको) सानो बच्चा हुँ। कहीं हाँसले पनि मन्दराचल या सुमेरु पर्वतलाई उठाउन सक्छ! हे नाथ! स्वभावले नै भन्दछु, हजुरले विश्वास गरिबक्सियोस्, मैले हजुरलाई छोडेर गुरु, पिता, माता कसैलाई पनि जान्दिनँ!॥ २ ॥

**जहँ लगि जगत सनेह सगाई। प्रीति प्रतीति निगम निजु गाई॥**
**मोरें सबइ एक तुम्ह स्वामी। दीनबंधु उर अंतरजामी॥**

जगत्मा जहाँसम्म स्नेहको सम्बन्ध, प्रेम र विश्वास छ, जसलाई स्वयं वेदले गाएका छन्— हे स्वामी! हे दीनबन्धु! हे सबैका हृदय भित्रका अन्तर्यामी! मेरो त सबै चीज केवल हजुर नै होइबक्सिन्छ॥ ३॥

**धरम नीति उपदेसिअ ताही। कीरति भूति सुगति प्रिय जाही॥**
**मन क्रम बचन चरन रत होई। कृपासिंधु परिहरिअ कि सोई॥**

धर्म र नीतिको उपदेश त उसलाई गर्नुपर्छ, जसलाई कीर्ति, विभूति (ऐश्वर्य) या सद्गति प्यारो हुन्छ। किन्तु जसले मन, वचन र कर्मले चरणहरूमा नै प्रेम राख्दछ, हे कृपासिन्धु! के त्यसलाई पनि त्याग्न योग्य हुन्छ?॥ ४॥

दो०— **करुनासिंधु सुबंधु के सुनि मृदु बचन बिनीत।**
**समुझाए उर लाई प्रभु जानि सनेहँ सभीत॥ ७२॥**

दयाका समुद्र श्रीरामचन्द्रले सज्जन तथा सुन्दर भाइका कोमल र नम्रतायुक्त वचन सुनेर र उहाँ स्नेहको कारणले डराएको जानेर, हृदयमा लगाएर सम्झाउनुभयो॥ ७२॥

**मागहु बिदा मातु सन जाई। आवहु बेगि चलहु बन भाई॥**
**मुदित भए सुनि रघुबर बानी। भयउ लाभ बड़ गइ बड़ि हानी॥**

[र भन्नुभयो— ] हे भाइ! गएर आमासँग बिदा मागेर आऊ र छिटो वनमा हिँड! रघुकुलमा श्रेष्ठ श्रीरामजीका वाणी सुनेर लक्ष्मणजी आनन्दित हुनुभयो। ठूलो हानिबाट बच्नुभयो र धेरै लाभ भयो॥ १॥

## * श्रीलक्ष्मण-सुमित्रा-संवाद *

**हरषित हृदयँ मातु पहिं आए। मनहुँ अंध फिरि लोचन पाए॥**
**जाइ जननि पग नायउ माथा। मनु रघुनंदन जानकि साथा॥**

उहाँ हर्षित हृदयले आमा सुमित्राजीसँग जानुभयो, मानौं अन्धाले फेरि आँखा पायो। उहाँ गएर आमाका चरणमा शिर निहुराउनुभयो। किन्तु उहाँको मन रघुकुललाई आनन्द दिनेवाला श्रीराम र जानकीजीको साथमा थियो॥ २॥

**पूँछे मातु मलिन मन देखी। लखन कही सब कथा बिसेषी॥**
**गई सहमि सुनि बचन कठोरा। मृगी देखि दव जनु चहु ओरा॥**

आमाले उदास मन देखेर उहाँसँग [कारण] सोध्नुभयो। लक्ष्मणजीले सबै कथा विस्तारपूर्वक भनेर सुनाउनुभयो। सुमित्राजी कठोर वचनहरू सुनेर यसरी डराउनुभयो, जसरी हरिणी चारैतर्फ वनमा डढेलो (आगो) लागेको देखेर डराउँछे॥ ३॥

**लखन लखेउ भा अनरथ आजू। एहिं सनेह बस करब अकाजू॥**
**मागत बिदा सभय सकुचाहीं। जाइ संग बिधि कहिहि कि नाहीं॥**

लक्ष्मणले देख्नुभयो कि आज (अब) अनर्थ भयो। आमाले स्नेहवश काम बिगारीदिनुहुन्छ! यसैले उहाँ बिदा माग्न डरले गर्दा लाज मान्नुहुन्छ [र मन-मनै सोच्नुहुन्छ] कि हे विधाता! माताजीले साथमा जान भन्नुहुन्छ या भन्नुहुन्न!॥ ४॥

**दो०— समुझि सुमित्राँ राम सिय रूपु सुसीलु सुभाउ।**
**नृप सनेहु लखि धुनेउ सिरु पापिनि दीन्ह कुदाउ॥ ७३॥**

सुमित्राजीले श्रीराम र सीताजीको रूप, सुन्दर शील र स्वभावलाई सम्झाएर र उहाँहरूप्रति राजाको प्रेम देखेर आफ्नो शिर पिट्नुभयो र भन्नुभयो कि पापिनी कैकेयीले नराम्ररी घात गरी॥ ७३॥

**धीरजु धरेउ कुअवसर जानी। सहज सुहृद बोली मृदु बानी॥**
**तात तुम्हारि मातु बैदेही। पिता रामु सब भाँति सनेही॥**

परन्तु कुसमय जानेर धैर्य धारण गर्नुभयो र स्वभावले नै हित चाहनेवाली सुमित्राजी कोमल वाणीले बोल्नुभयो—हे बाबु! श्रीजानकी तिम्री माता हुन् र सबै प्रकारले स्नेह गर्नेवाला श्रीरामचन्द्र तिम्रा पिता हुन्!॥ १॥

**अवध तहाँ जहँ राम निवासू। तहँइँ दिवसु जहँ भानु प्रकासू॥**
**जौं पै सीय रामु बन जाहीं। अवध तुम्हार काजु कछु नाहीं॥**

जहाँ श्रीरामको निवास हुन्छ त्यही अयोध्या हो। जहाँ सूर्यको प्रकाश हुन्छ त्यही दिन हो। यदि निश्चय नै सीता-राम वनमा जान्छन् भने अयोध्यामा तिम्रो केही पनि काम छैन॥ २॥

**गुर पितु मातु बंधु सुर साईं। सेइअहिं सकल प्रान की नाईं॥**
**रामु प्रानप्रिय जीवन जी के। स्वारथ रहित सखा सबही के॥**

गुरु, पिता, माता, दाजु-भाइ, देवता र स्वामी यी सबैको सेवा प्राणको समान नै गर्नुपर्छ। फेरि श्रीरामचन्द्र त प्राणको लागि पनि प्रिय छन्, हृदयको पनि जीवन हुन् र सबैका स्वार्थरहित सखा (साथी) हुन्।॥ ३॥

**पूजनीय प्रिय परम जहाँ तें। सब मानिअहिं राम के नातें॥**
**अस जियँ जानि संग बन जाहू। लेहु तात जग जीवन लाहू॥**

जगत्मा जहाँसम्म पूजनीय र परम प्रिय मानिस छन्, उनी सबै श्रीरामको नाताले नै [पूजनीय र परमप्रिय] मान्न योग्य छन् (हुन्छन्)। हृदयमा यस्तो जानेर, हे लक्ष्मण! उनका साथ वनमा जाऊ र जगत्मा बाँचेको लाभ उठाऊ!॥ ४॥

**दो०— भूरि भाग भाजनु भयहु मोहि समेत बलि जाउँ।**
**जौं तुम्हरें मन छाड़ि छलु कीन्ह राम पद ठाउँ॥ ७४॥**

मलाई धेरै भाग्यमानी बनायौ, अतः यो शरीर नै तिमीप्रति अर्पण गर्दछु। [हे पुत्र!] मसमेत तिमी धेरै नै सौभाग्यका पात्र भयौं, जुन तिम्रो चित्तले छल छोडेर श्रीरामका चरणमा स्थान प्राप्त गरेको छ॥ ७४॥

**पुत्रवती जुबती जग सोई। रघुपति भगतु जासु सुतु होई॥**
**नतरु बाँझ भलि बादि बिआनी। राम बिमुख सुत तें हित जानी॥**

संसारमा त्यही युवती स्त्री पुत्रवती हुन्छे जसको पुत्र श्रीरघुनाथको भक्त होस्। नत्र भने जसले रामसँग विमुख पुत्रबाट आफ्नो हित मान्दछे, त्यो त बाँझी नै रहन राम्रो। पशुको जस्तै उसले पुत्र प्रसव गर्नु व्यर्थ नै हुन्छ॥ १॥

**तुम्हरेहिं भाग रामु बन जाहीं। दूसर हेतु तात कछु नाहीं॥**
**सकल सुकृत कर बड़ फलु एहू। राम सीय पद सहज सनेहू॥**

तिम्रो नै भाग्यले रामजी वनमा जाँदैछन्। हे बाबु! अर्को कुनै कारण छैन। सम्पूर्ण पुण्यहरूको सबैभन्दा ठूलो फल यही हो कि श्रीसीतारामका चरणमा स्वभाविक प्रेम हुनु॥ २॥

**रागु रोषु इरिषा मदु मोहू। जनि सपनेहुँ इन्ह के बस होहू॥**
**सकल प्रकार बिकार बिहाई। मन क्रम बचन करेहु सेवकाई॥**

राग, रोष, ईर्ष्या, मद र मोह—यिनको वशमा स्वप्नामा पनि नहुनू। सबै प्रकारका विकारलाई त्याग गरेर मन, वचन र कर्मले श्रीसीतारामको सेवा गर्नू॥ ३॥

**तुम्ह कहुँ बन सब भाँति सुपासू। सँग पितु मातु रामु सिय जासू॥**
**जेहिं न रामु बन लहहिं कलेसू। सुत सोइ करेहु इहइ उपदेसू॥**

तिमीलाई वनमा सबै प्रकारले आराम हुन्छ, जसको साथ श्रीराम र सीताजीरूप माता-पिता छन्। हे पुत्र! तिमीले त्यही गर्नु जसबाट श्रीरामचन्द्रले वनमा क्लेश नपाऊन्, मेरो यही उपदेश छ॥ ४॥

छं०— **उपदेसु यहु जेहिं तात तुम्हरे राम सिय सुख पावहीं।**
**पितु मातु प्रिय परिवार पुर सुख सुरति बन बिसरावहीं॥**
**तुलसी प्रभुहि सिख देइ आयसु दीन्ह पुनि आसिष दई।**
**रति होउ अबिरल अमल सिय रघुबीर पद नित नित नई॥**

हे बाबु! मेरो यही उपदेश छ (अर्थात् तिमीले त्यही गर्नू) जसबाट वनमा तिम्रो कारणले श्रीराम र श्रीसीताले सुख पाऊन् र पिता, माता, प्रिय परिवार तथा नगरका सुखहरूको याद नहोस्। तुलसीदासजी भन्नुहुन्छ कि सुमित्राजीले यस्तो प्रकारले मेरा प्रभु (श्रीलक्ष्मणजी) लाई शिक्षा दिएर [वन जानलाई] आज्ञा दिनुभयो र फेरि आशीर्वाद दिनुभयो कि श्रीसीताजी र श्रीरघुवरका चरणमा तिम्रो निर्मल (निष्काम र अनन्य) एवं प्रगाढ प्रेम दिन-प्रतिदिन नयाँ होस्!

सो०— **मातु चरन सिरु नाइ चले तुरत संकित हृदयँ।**
**बागुर बिषम तोराइ मनहुँ भाग मृगु भाग बस॥ ७५॥**

आमाका चरणमा शिर निहुराएर, हृदयमा डराउँदै [कि अब पनि कुनै विघ्न नआओस्] लक्ष्मणजी तुरुन्तै यस्तो प्रकारले हिँड्नुभयो, जस्तो प्रकारले सौभाग्यवश कुनै मृग कठिन पासो (फन्दा) लाई चुँडालेर भागेर निस्केको हुन्छ॥ ७५॥

**गए लखनु जहँ जानकिनाथू। भे मन मुदित पाइ प्रिय साथू॥**
**बंदि राम सिय चरन सुहाए। चले संग नृपमंदिर आए॥**

लक्ष्मणजी त्यहाँ जानुभयो जहाँ जानकीनाथजी हुनुहुन्थ्यो र प्रियको साथ पाएर मनमा धेरै नै प्रसन्न हुनुभयो। श्रीराम र सीताजीका सुन्दर चरणहरूको प्रार्थना गरेर उहाँ उहाँहरूका साथ हिँड्नुभयो र राजभवनमा आउनुभयो॥ १॥

**कहहिं परसपर पुर नर नारी। भलि बनाइ बिधि बात बिगारी॥**
**तन कृस मन दुखु बदन मलीने। बिकल मनहुँ माखी मधु छीने॥**

नगरका स्त्री-पुरुषले आपसमा भनिरहेका छन् कि विधाताले खुब बनाएर कुरा (कार्य) बिगाऱ्यो! उनीहरूको शरीर दुब्लो, मन दुःखी र मुख उदास भइरहेको छ। उनीहरू यसरी व्याकुल छन्, जसरी मधु (मह) खोसेपछि महका झिङ्गा व्याकुल हुन्छन्॥ २॥

**कर मीजहिं सिरु धुनि पछिताहीं। जनु बिनु पंख बिहग अकुलाहीं॥**
**भइ बड़ि भीर भूप दरबारा। बरनि न जाइ बिषादु अपारा॥**

सबैले हात मिचिरहेका छन् र शिर पिटेर पछुताइरहेका छन्। मानौं विनाप्वाँखका पक्षी व्याकुल भइरहेका छन्। राजद्वारमा ठूलो भीड भइरहेको छ। अपार विषादको वर्णन गर्न नै सकिँदैन॥ ३॥

## * श्रीराम, लक्ष्मणजी तथा सीताजी महाराज दशरथसँग बिदा माग्न जानु, दशरथजीले सीताजीलाई सम्झाउनु *

**सचिवँ उठाइ राउ बैठारे। कहि प्रिय बचन रामु पगु धारे॥**
**सिय समेत दोउ तनय निहारी। ब्याकुल भयउ भूमिपति भारी॥**

'श्रीरामचन्द्रजीको सवारी भएको छ', यी प्रिय वचन भनेर मन्त्रीले राजालाई उठाएर बसाल्नुभयो। सीताजीसहित दुवै पुत्रलाई [वनको लागि तयार] देखेर राजा धेरै नै अत्तालिनुभयो॥ ४॥

दो०— **सीय सहित सुत सुभग दोउ देखि देखि अकुलाइ।**
**बारहिं बार सनेह बस राउ लेइ उर लाइ॥ ७६॥**

सीताजीसहित दुवै सुन्दर पुत्रहरूलाई देखेर राजा अत्तालिनुभयो र स्नेहवश बारम्बार उहाँहरूलाई हृदयमा लगाउनुभयो ॥ ७६॥

**सकइ न बोलि बिकल नरनाहू। सोक जनित उर दारुन दाहू॥**
**नाइ सीसु पद अति अनुरागा। उठि रघुबीर बिदा तब मागा॥**

राजा अत्तालिनुभएको छ, बोल्न सक्नुहुन्न। हृदयमा शोकले उत्पन्न भएको भयानक सन्ताप छ। अनि रघुकुलका वीर श्रीरामचन्द्रले अत्यन्त प्रेमले चरणमा शिर निहुराउनुभयो र उठेर बिदा माग्नुभयो— ॥ १॥

**पितु असीस आयसु मोहि दीजै। हरष समय बिसमउ कत कीजै॥**
**तात किएँ प्रिय प्रेम प्रमादू। जसु जग जाइ होइ अपबादू॥**

हे पिताजी! मलाई आशीर्वाद र आज्ञा दिइबक्सियोस्। हर्षको समय हजुरले शोक किन गरिबक्सिएको छ? हे प्रभु! प्रियलाई प्रेमवश प्रमाद (कर्तव्यकर्ममा त्रुटि) गर्नाले जगत्मा यश जान्छ र निन्दा हुन्छ॥ २॥

**सुनि सनेह बस उठि नरनाहाँ। बैठारे रघुपति गहि बाहाँ॥**
**सुनहु तात तुम्ह कहुँ मुनि कहहीं। रामु चराचर नायक अहहीं॥**

यस्तो सुनेर स्नेहवश राजाले उठेर श्रीरघुनाथका हात समातेर उहाँलाई बसाल्नुभयो र भन्नुभयो— हे तात*, हे बाबु, हे राम! सुन, तिम्रा लागि मुनिहरू भन्छन् कि श्रीराम चराचरका स्वामी हुन्॥ ३॥

**सुभ अरु असुभ करम अनुहारी। ईसु देइ फलु हृदयँ बिचारी॥**
**करइ जो करम पाव फल सोई। निगम नीति असि कह सबु कोई॥**

शुभ र अशुभ कर्महरूका अनुसार नै ईश्वरले हृदयमा विचार गरेर फल दिन्छ। जसले कर्म गर्दछ, उसैले फल पाउँछ। यस्तो वेदको नीति छ, यो सबै जनाले भन्दछन्॥ ४॥

दो०— **औरु करै अपराधु कोउ और पाव फल भोगु।**
**अति बिचित्र भगवंत गति को जग जानै जोगु॥ ७७॥**

[किन्तु यस अवसरमा त यसको विपरीत भइरहेको छ,] अपराध त कुनै अर्कोले नै गर्ने उसको फलको भोग कुनै अर्कोले नै पाउने। भगवान्को लीला धेरै नै विचित्र छ, उसलाई जान्नयोग्य जगत्मा को छ?॥ ७७॥

**रायँ राम राखन हित लागी। बहुत उपाय किए छलु त्यागी॥**
**लखी राम रुख रहत न जाने। धरम धुरंधर धीर सयाने॥**

राजाले यस्तो प्रकारले श्रीरामचन्द्रलाई राख्नको लागि छल छोडेर धेरै नै उपाय गर्नुभयो। तर जब उहाँले धर्मधुरन्धर, धीर र बुद्धिमान् श्रीरामको भाव देख्नुभयो (जान्नुभयो) र उहाँ (रामजी) रहने आशा हरायो,॥ १॥

**तब नृप सीय लाइ उर लीन्ही। अति हित बहुत भाँति सिख दीन्ही॥**
**कहि बन के दुख दुसह सुनाए। सासु ससुर पितु सुख समुझाए॥**

अनि राजाले सीताजीलाई हृदयमा लगाउनुभयो र धेरै प्रेमपूर्वक धेरै प्रकारका शिक्षा (अर्ती उपदेश) दिनुभयो। वनको दु:सह दु:ख भनेर सुनाउनुभयो। फेरि सासू, ससुरा तथा पिता [सँग नजिक रहँदा] हुने सुखहरूलाई सम्झाउनुभयो॥ २॥

**सिय मनु राम चरन अनुरागा। घरु न सुगमु बनु बिषमु न लागा॥**
**औरउ सबहिं सीय समुझाई। कहि कहि बिपिन बिपति अधिकाई॥**

* **'तात'** सम्बोधन हो। यो शब्द माया, प्यार र अत्यन्त घनिष्ठ प्रेमको द्योतक हो। यसको प्रयोग छोरा-छोरी, दाजु-भाइ, आमा, बाबु, गुरुजन, सखा इत्यादि साना, ठूला र बराबरीसँग सबैको सम्बन्धमा प्रयोग हुन्छ र भएको छ। (मानस-पीयूषबाट)

परन्तु सीताजीको मन श्रीरामचन्द्रजीको चरणमा अनुरक्त थियो। यसैले उहाँलाई घर राम्रो लागेन र न वन भयानक लाग्यो। फेरि अन्य व्यक्तिहरूले पनि वनका विपत्तिहरूको अधिकता बताएर सीताजीलाई सम्झाए॥ ३॥

**सचिव नारि गुर नारि सयानी। सहित सनेह कहहिं मृदु बानी॥**
**तुम्ह कहुँ तौ न दीन्ह बनबासू। करहु जो कहहिं ससुर गुर सासू॥**

मन्त्री सुमन्त्रजीकी पत्नी र गुरु वशिष्ठजीकी स्त्री अरुन्धतीजी तथा अन्य पनि चतुर स्त्रीहरूले स्नेहका साथ कोमल वाणीले भन्दछन् कि तपाईंलाई त [राजाले] वनवास दिनुभएको होइन। यसैले जे ससुरा, गुरु र सासूले भन्नुहुन्छ, तपाईंले त त्यही गर्नुहोस्॥ ४॥

दो०— **सिख सीतलि हित मधुर मृदु सुनि सीतहि न सोहानि।**
**सरद चंद चंदिनि लगत जनु चकई अकुलानि॥ ७८॥**

यस्तो शीतल, हितकारी, मधुर र कोमल शिक्षा सुन्दा सीताजीलाई राम्रो लागेन। [उहाँ यसरी व्याकुल हुनुभयो] जसरी शरद् ऋतुको चन्द्रमाको चाँदनी लाग्दा नै चखेबी व्याकुल भई उठ्दछे॥ ७८॥

**सीय सकुच बस उतरु न देई। सो सुनि तमकि उठी कैकेई॥**
**मुनि पट भूषन भाजन आनी। आगें धरि बोली मृदु बानी॥**

सीताजीले सङ्कोचवश उत्तर दिनुभएन। यी कुरालाई सुनेर कैकेयी क्रोधको कारण जङ्गियर उठिन्। उनले मुनिहरूका वस्त्र, आभूषण, (माला, मेखला आदि) र बर्तन (कमण्डलु आदि) ल्याएर रामचन्द्रजीको अघिल्तिर राखिन् र कोमल वाणीले भनिन्— ॥ १॥

**नृपहि प्रानप्रिय तुम्ह रघुबीरा। सील सनेह न छाड़िहि भीरा॥**
**सुकृतु सुजसु परलोकु नसाऊ। तुम्हहि जान बन कहिहि न काऊ॥**

हे रघुवीर! राजालाई तिमी प्राणको समान प्रिय छौ। भीरु (प्रेमवश दुर्बल हृदयका) राजाले शील र स्नेहलाई छोड्न सक्नुहुन्न! पुण्य, सुन्दर, यश र परलोक बरु नष्ट होस्, तर तिमीलाई वन जानलाई उहाँले कहिल्यै भन्नुहुने छैन॥ २॥

**अस बिचारि सोइ करहु जो भावा। राम जननि सिख सुनि सुखु पावा॥**
**भूपहि बचन बानसम लागे। करहिं न प्रान पयान अभागे॥**

यस्तो विचार गरेर जुन तिमीलाई राम्रो लाग्छ, त्यही गर। माताको उपदेश सुनेर श्रीरामचन्द्रले [धेरै] सुख पाउनुभयो। परन्तु राजालाई यी वचन बाणका समान लागे। [उहाँले सोच्न लाग्नुभयो] अब पनि अभागी प्राण [किन] निस्कँदैन!॥ ३॥

**लोग बिकल मुरुछित नरनाहू। काह करिअ कछु सूझ न काहू॥**
**रामु तुरत मुनि बेषु बनाई। चले जनक जननिहि सिरु नाई॥**

राजा मूर्च्छित हुनुभयो, मानिस व्याकुल छन्। कुनैलाई केही कुराको ख्याल भएन कि अब के गर्ने। श्रीरामचन्द्र तुरुन्तै मुनिको भेष बनाएर र आमा-बुबालाई शिर निहुराएर हिँडिहाल्नुभयो॥ ४॥

## * श्रीराम-सीता-लक्ष्मणको वनगमन र नगरनिवासीहरूलाई सुतेको अवस्थामा छोडेर अगाडि बढ्नु *

**दो०— सजि बन साजु समाजु सबु बनिता बंधु समेत।**
**बंदि बिप्र गुर चरन प्रभु चले करि सबहि अचेत॥ ७९॥**

वनको सबै सर-सामान सजाएर (वनको लागि आवश्यक वस्तु खन्ती, बन्चरो, पेटी, खाँची, आफ्ना अस्त्र-शस्त्र, कवच-तरकस साथै लिएर) श्रीरामचन्द्रजी स्त्री (सीताजी) र भाइ (लक्ष्मण) सहित, ब्राह्मण र गुरुका चरणहरूको प्रार्थना गरेर सबैलाई अचेत (मूर्छा) पारेर जानुभयो॥ ७९॥

**निकसि बसिष्ठ द्वार भए ठाढ़े। देखे लोग बिरह दव दाढ़े॥**
**कहि प्रिय बचन सकल समुझाए। बिप्र बृंद रघुबीर बोलाए॥**

राजमहलबाट निस्केर श्रीरामचन्द्रजी वशिष्ठजीको ढोकामा गएर उभिनुभयो र देख्नुभयो कि सबै जना विरहको अग्निमा जलिरहेका छन्। उहाँले प्रिय वचन भनेर सबैलाई सम्झाउनुभयो। फेरि श्रीरामचन्द्रले ब्राह्मणहरूको मण्डलीलाई बोलाउनुभयो॥ १॥

**गुर सन कहि बरषासन दीन्हे। आदर दान बिनय बस कीन्हे॥**
**जाचक दान मान संतोषे। मीत पुनीत प्रेम परितोषे॥**

गुरुजीलाई भनेर उनीहरू सबैलाई वर्षाशन (वर्षभरिको भोजन) दिनुभयो र आदर, दान तथा विनम्रताबाट उनीहरूलाई वशमा पार्नुभयो। फेरि याचकहरूलाई दान र मान दिएर सन्तुष्ट गर्नुभयो तथा मित्रहरूलाई पवित्र प्रेमले प्रसन्न गर्नुभयो॥ २॥

**दासीं दास बोलाइ बहोरी। गुरहि सौंपि बोले कर जोरी॥**
**सब कै सार सँभार गोसाईं। करबि जनक जननी की नाईं॥**

फेरि दास-दासीहरूलाई बोलाएर उनीहरूलाई गुरुजीको जिम्मा लगाएर हात जोडेर भन्नुभयो— हे गोसाईं! यिनीहरू सबैलाई माता-पिताको समान स्याहार-सम्भार (रेख-देख) गर्दै रहनुहोला॥ ३॥

**बारहिं बार जोरि जुग पानी। कहत रामु सब सन मृदु बानी॥**
**सोइ सब भाँति मोर हितकारी। जेहि तें रहै भुआल सुखारी॥**

श्रीरामचन्द्रले बारम्बार दुवै हात जोडेर सबैसँग कोमल वाणीले भन्नुभएको छ कि मेरो सबै प्रकारले हितकारी मित्र उनै हुनेछन् जसको चेष्टाबाट महाराज सुखी होइबक्सिनेछ॥ ४॥

**दो०— मातु सकल मोरे बिरहँ जेहिं न होहिं दुख दीन।**
**सोइ उपाउ तुम्ह करेहु सब पुर जन परम प्रबीन॥ ८०॥**

हे परम चतुर पुरवासी सज्जनहरू! हजुरहरू सबैले त्यही उपाय गर्नुहोला जसबाट मेरा सबै आमाहरू मेरो विरहको दुःखले दुःखी हुन नपरोस्॥ ८०॥

**एहि बिधि राम सबहि समुझावा। गुर पद पदुम हरषि सिरु नावा॥**
**गनपति गौरि गिरीसु मनाई। चले असीस पाइ रघुराई॥**

यस्तो प्रकारले श्रीरामले सबैलाई सम्झाउनुभयो र हर्षित भएर गुरुजीका चरणकमलमा शिर निहुराउनुभयो। फेरि गणेशजी, पार्वतीजी र कैलाशपति महादेवजीलाई मनाएर तथा आशीर्वाद पाएर श्रीरघुनाथ जानुभयो॥ १॥

**राम चलत अति भयउ बिषादू। सुनि न जाइ पुर आरत नादू॥**
**कुसगुन लंक अवध अति सोकू। हरष बिषाद बिबस सुरलोकू॥**

श्रीराम हिँड्दा नै धेरै ठूलो विषाद भयो। नगरको आर्तनाद (हाहाकार) सुन्न नै सकिँदैन। लङ्कामा खराब लक्षण हुन लागे, अयोध्यामा अत्यन्त शोक छायो र देवलोकमा सबै हर्ष र विषाद दुवैको वशमा भए। [हर्ष यस कुराको थियो कि अब राक्षसहरूको नाश हुनेछ र विषाद अयोध्यावासीहरूको शोकको कारण थियो।]॥ २॥

**गइ मुरुछा तब भूपति जागे। बोलि सुमंत्रु कहन अस लागे॥**
**रामु चले बन प्रान न जाहीं। केहि सुख लागि रहत तन माहीं॥**

मूर्छा हट्यो, अनि राजा बिउझँनुभयो र सुमन्त्रलाई बोलाएर यस्तो भन्न लाग्नुभयो— श्रीराम वनमा गइहाले, तर मेरो प्राण गएको छैन। जान्न सकिएन यो (प्राण) कुन सुखको लागि शरीरमा टिकिरहेको छ॥ ३॥

**एहि तें कवन ब्यथा बलवाना। जो दुखु पाइ तजहिं तनु प्राना॥**
**पुनि धरि धीर कहइ नरनाहू। लै रथु संग सखा तुम्ह जाहू॥**

यसभन्दा अधिक बलवान् अन्य कुन व्यथा हुन्छ, जुन दुःखलाई पाएर प्राणले शरीरलाई छोड्दछ। फेरि धैर्य गरेर राजाले भन्नुभयो— हे सखा! तिमी रथ लिएर श्रीरामका साथ जाऊ॥ ४॥

**दो०— सुठि सुकुमार कुमार दोउ जनकसुता सुकुमारि।**
**रथ चढ़ाइ देखराइ बनु फिरेहु गएँ दिन चारि॥ ८१॥**

अत्यन्त सुकुमार दुवै कुमारलाई र सुकुमारी जानकीलाई रथमा चढाएर वन देखाएर चार दिन पछि फर्केर आउनू॥ ८१॥

**जौं नहिं फिरहिं धीर दोउ भाई। सत्यसंध दृढ़ब्रत रघुराई॥**
**तौ तुम्ह बिनय करेहु कर जोरी। फेरिअ प्रभु मिथिलेसकिसोरी॥**

यदि धैर्यवान् दुई भाइ नफर्के— श्रीरघुनाथ प्रणका सच्चा र दृढताको नियम पालन गर्नेवाला छन्— यस्तो हुनाले तिमीले हात जोडेर बिन्ती गर्नु कि हे प्रभु! जनककुमारी सीताजीलाई त फर्काइदिनुहोस्॥ १॥

**जब सिय कानन देखि डेराई। कहेहु मोरि सिख अवसरु पाई॥**
**सासु ससुर अस कहेउ सँदेसू। पुत्रि फिरिअ बन बहुत कलेसू॥**

जब सीता वनलाई देखेर डराउँछिन्, अनि मौका पाएर मेरो यो उपदेश उनीसँग भन्नु कि तिम्रा सासू र ससुराले यस्तो सन्देश भन्नुभएको छ कि हे छोरी! तिमी फर्की हिंड, वनमा धेरै क्लेश हुन्छ॥ २॥

**पितुगृह कबहुँ कबहुँ ससुरारी। रहेहु जहाँ रुचि होइ तुम्हारी॥**
**एहि बिधि करेहु उपाय कदंबा। फिरइ त होइ प्रान अवलंबा॥**

कहिले पिताको घर (माइती घर), कहिले आफ्नो घर, जहाँ तिम्रो इच्छा हुन्छ, उहीं बस्नू। यस प्रकार तिमीले धेरै नै उपाय गर्नू। यदि सीता फर्केर आएमा त मेरो प्राणको सहारा हुनेछ॥ ३॥

**नाहिं त मोर मरनु परिनामा। कछु न बसाइ भएँ बिधि बामा॥**
**अस कहि मुरुछि परा महि राऊ। रामु लखनु सिय आनि देखाऊ॥**

नत्र भने अन्त्यमा मेरो मरण नै हुनेछ। विधाता विपरीत भएपछि केही सीप लाग्दैन। हे राम! लक्ष्मण र सीतालाई ल्याएर देखाओ। यस्तो भनेर राजा मूर्च्छित भएर पृथ्वीमा पल्टिनुभयो॥ ४॥

दो०— **पाइ रजायसु नाइ सिरु रथु अति बेग बनाइ।**
**गयउ जहाँ बाहेर नगर सीय सहित दोउ भाइ॥ ८२॥**

सुमन्त्रजी राजाको आज्ञा पाएर, शिर निहुराएर र अति छिटो रथ संयोजन गरेर (नारेर) वहाँ जानुभयो, जहाँ नगरको बाहिर सीताजीसहित दुई भाइ हुनुहुन्थ्यो॥ ८२॥

**तब सुमंत्र नृप बचन सुनाए। करि बिनती रथ रामु चढ़ाए॥**
**चढ़ि रथ सीय सहित दोउ भाई। चले हृदयँ अवधहि सिरु नाई॥**

त्यसपछि (वहाँ पुगेर) सुमन्त्रले राजाका वचन श्रीरामचन्द्रलाई सुनाउनुभयो र बिन्ती गरेर उहाँलाई रथमा चढाउनुभयो। सीताजीसहित दुई भाइ रथमा चढेर हृदयमा अयोध्यालाई शिर निहुराएर जानुभयो॥ १॥

**चलत रामु लखि अवध अनाथा। बिकल लोग सब लागे साथा॥**
**कृपासिंधु बहुबिधि समुझावहिं। फिरहिं प्रेम बस पुनि फिरि आवहिं॥**

श्रीरामचन्द्रजी जाँदै गरेको र अयोध्यालाई अनाथ [भएको] देखेर सबै जना व्याकुल भएर उहाँका साथमा नै हिँडे। कृपाका समुद्र श्रीरामजीले उनीहरूलाई धेरै प्रकारले सम्झाउनुहुन्छ, त्यसपछि उनीहरू [अयोध्यातर्फ] फर्कन्छन्; परन्तु प्रेमवश फेरि फर्केर जान्छन्॥ २॥

**लागति अवध भयावनि भारी। मानहुँ कालराति अँधिआरी॥**
**घोर जंतु सम पुर नर नारी। डरपहिं एकहि एक निहारी॥**

अयोध्यापुरी धेरै नै डर लाग्ने भएको छ, मानौं अन्धकारमयी कालरात्रि नै हो। नगरका नर-नारी भयानक जन्तुका समान एकले अर्कोलाई हेरिरहेका छन्॥ ३॥

**घर मसान परिजन जनु भूता। सुत हित मीत मनहुँ जमदूता॥**
**बागन्ह बिटप बेलि कुम्हिलाहीं। सरित सरोबर देखि न जाहीं॥**

घर श्मशान, कुटुम्बी भूत-प्रेत र पुत्र, हितैषी र मित्र मानौं यमराजका दूत हुन्। बगैंचामा वृक्ष र लता (लहरा) ओइलाएका छन्। नदी र तलाउ यस्ता भयानक लाग्छन् कि ती भएतिर हेर्न पनि सकिँदैन॥ ४॥

**दो०— हय गय कोटिन्ह केलिमृग पुरपसु चातक मोर।**
**पिक रथांग सुक सारिका सारस हंस चकोर॥ ८३॥**

करोडौं घोडा, हात्ती, खेल्नको लागि पालिएका मृग, नगरका [गाई, गोरु, बाख्रा आदि] पशु, काकाकुल, मयूर, चखेवा, सुगा, मैना, सारस, हाँस र चकोर— ॥ ८३॥

**राम बियोग बिकल सब ठाढ़े। जहँ तहँ मनहुँ चित्र लिखि काढ़े॥**
**नगरु सफल बनु गहबर भारी। खग मृग बिपुल सकल नर नारी॥**

श्रीरामको वियोगमा सबै व्याकुल हुँदै जतासुकै [यसरी चुपचाप भएर] उभिएका छन्, मानौं तस्वीरमा लेखेर बनाइएका हुन्। नगर मानौं फलहरूले परिपूर्ण धेरै ठूलो बाक्लो वन थियो। नगरनिवासी सबै स्त्री–पुरुष धेरै नै पशु–पक्षी थिए। (अर्थात् अयोध्यापुरी अर्थ, धर्म, काम, मोक्ष चारै फललाई दिनेवाला नगरी थियो र सबै स्त्री–पुरुषले सुखपूर्वक ती फललाई प्राप्त गर्दथे।) ॥ १॥

**बिधि कैकई किरातिनि कीन्ही। जेहिं दव दुसह दसहुँ दिसि दीन्ही॥**
**सहि न सके रघुबर बिरहागी। चले लोग सब ब्याकुल भागी॥**

विधाताले कैकेयीलाई भिल्लिनी (भिल्ल, कुसुन्डोकी स्त्री) बनायो, जसले दश दिशामा नै दु:सह भयानक डढेलो लगाइदिई। श्रीरामचन्द्रको विरहलाई यस अग्निका मानिसहरूले सहन सकेनन्। सबै जना व्याकुल भएर भागिहाले॥ २॥

**सबहिं बिचारु कीन्ह मन माहीं। राम लखन सिय बिनु सुखु नाहीं॥**
**जहाँ रामु तहँ सबुइ समाजू। बिनु रघुबीर अवध नहिं काजू॥**

सबैले मनमा विचार गरेका थिए कि श्रीराम, लक्ष्मण र सीताविना सुख छैन। जहाँ श्रीराम रहनुहुन्छ, त्यहीं सारा समाज रहनेछ। श्रीरामचन्द्रविना अयोध्यामा हामीहरूको केही काम छैन॥ ३॥

**चले साथ अस मंत्रु दृढ़ाई। सुर दुर्लभ सुख सदन बिहाई॥**
**राम चरन पंकज प्रिय जिन्हही। बिषय भोग बस करहिं कि तिन्हही॥**

यस्तो विचार दृढ (निश्चय) गरेर देवताहरूका भन्दा पनि दुर्लभ सुखले पूर्ण घरहरूलाई छोडेर सबै श्रीरामचन्द्रका साथ हिंडे। जसलाई श्रीरामको चरणकमल प्यारो छ, उसलाई के कहिल्यै विषयभोगले वशमा गर्न सक्दछ?॥ ४॥

**दो०— बालक बृद्ध बिहाइ गृहँ लगे लोग सब साथ।**
**तमसा तीर निवासु किय प्रथम दिवस रघुनाथ॥ ८४॥**

बच्चा र वृद्धहरूलाई घरमा नै छोडेर सबै जना साथमा नै गए। पहिला दिन रघुनाथजी तमसा नदीको तीरमा निवास गर्नुभयो॥ ८४॥

**रघुपति प्रजा प्रेमबस देखी। सदय हृदयँ दुखु भयउ बिसेषी॥**
**करुनामय रघुनाथ गोसाँई। बेगि पाइअहिं पीर पराई॥**

प्रजालाई प्रेमवश देखेर श्रीरघुनाथजीको दयालु हृदयमा ठूलो दु:ख भयो। प्रभु श्रीरघुनाथ करुणामय हुनुहुन्छ। अर्काको पीडालाई उहाँले तुरुन्तै प्राप्त गर्नुहुन्छ (अर्थात् पराईको दु:ख देखेर उहाँ तुरुन्तै स्वयं दु:खित हुनुहुन्छ)॥ १॥

**कहि सप्रेम मृदु बचन सुहाए। बहुबिधि राम लोग समुझाए॥**
**किए धरम उपदेस घनेरे। लोग प्रेम बस फिरहिं न फेरे॥**

प्रेमयुक्त कोमल र सुन्दर वचन भनेर श्रीरामले धेरै प्रकारले मानिसहरूलाई सम्झाउनुभयो र धेरै नै धर्मसम्बन्धी उपदेश दिनुभयो, परन्तु प्रेमवश मानिसहरू फर्काउँदा फर्कदैनन्॥ २॥

**सीलु सनेहु छाड़ि नहिं जाई। असमंजस बस भे रघुराई॥**
**लोग सोग श्रम बस गए सोई। कछुक देवमायाँ मति मोई॥**

शील र स्नेह छोड्न सक्तैनन्। श्रीरघुनाथ असमञ्जसको अधीनमा हुनुभयो (दोधारमा पर्नुभयो)। शोक र परिश्रम (थकाइ) ले गर्दा मानिसहरू सुते र केही देवताको मायाबाट पनि उनको बुद्धि मोहित भयो॥ ३॥

**जबहिं जाम जुग जामिनि बीती। राम सचिव सन कहेउ सप्रीती॥**
**खोज मारि रथु हाँकहु ताता। आन उपायँ बनिहि नहिं बाता॥**

जब दुई प्रहर रात बित्यो, त्यसपछि श्रीरामचन्द्रले प्रेमपूर्वक मन्त्री सुमन्त्रसँग भन्नुभयो— हे पिताजी! रथको चिह्न लुकाएर (अर्थात् पाङ्ग्राका चिह्नले दिशाको थाहा नहोस् यस्तो प्रकारले) रथलाई हाँक्नुहोस्। अन्य कुनै उपायले काम बन्नेछैन॥ ४॥

दो०— **राम लखन सिय जान चढ़ि संभु चरन सिरु नाइ।**
**सचिवँ चलायउ तुरत रथु इत उत खोज दुराइ॥ ८५॥**

शङ्करजीका चरणमा शिर निहुराएर श्रीराम, लक्ष्मण र सीताजी रथमा सवारी हुनुभयो। मन्त्रीले तुरुन्तै रथलाई यता-उता घुमाएर चिह्न लुकाएर चलाए॥ ८५॥

**जागे सकल लोग भएँ भोरू। गे रघुनाथ भयउ अति सोरू॥**
**रथ कर खोज कतहुँ नहिं पावहिं। राम राम कहि चहुँ दिसि धावहिं॥**

उज्यालो हुँदा नै सबै जना बिउँझे, त्यसपछि ठूलो शोर मच्चियो कि श्रीरघुनाथ गइसक्नुभयो। कतै रथको चिह्न भेटाउँदैनन्। सबै 'हे राम! हे राम!' भन्दै चारैतर्फ दौडिरहे॥ १॥

**मनहुँ बारिनिधि बूड़ जहाजू। भयउ बिकल बड़ बनिक समाजू॥**
**एकहि एक देहिं उपदेसू। तजे राम हम जानि कलेसू॥**

मानौं समुद्रमा जहाज डुब्यो, जसबाट व्यापारीहरूको समुदाय धेरै नै व्याकुल भएर उठेका छन्, उनीहरूले एकले अर्कालाई उपदेश दिन्छन् कि श्रीरामचन्द्रलाई, हामीहरूबाट क्लेश भएको होला, यस्तो जानेर छोड्नुभएको हो॥ २॥

**निंदहिं आपु सराहहिं मीना। धिग जीवनु रघुबीर बिहीना॥**
**जौं पै प्रिय बियोगु बिधि कीन्हा। तौ कस मरनु न मागें दीन्हा॥**

उनीहरू आफ्नो निन्दा गर्छन् र माछाहरूको प्रशंसा गर्छन्। [भन्दछन्— ] श्रीरामचन्द्रविना हामी बाँच्नु धिक्कार छ। विधाताले यदि प्यार (प्रेम) को वियोग नै रचेको हो भने फेरि उसले माग्दाखेरि मृत्यु किन दिंदैन!॥ ३॥

**एहि बिधि करत प्रलाप कलापा। आए अवध भरे परितापा॥**
**बिषम बियोगु न जाइ बखाना। अवधि आस सब राखहिं प्राना॥**

यस्ता प्रकारले धेरै नै प्रलाप गर्दै उनीहरू सन्तापले भरिएर अयोध्यामा आए। उनीहरूको विषम वियोगको वर्णन गर्न नै सकिन्न। [चौध वर्षको] अवधिको आशाले नै उनीहरूले प्राण राखेका छन्॥ ४॥

दो०— **राम दरस हित नेम ब्रत लगे करन नर नारि।**
**मनहुँ कोक कोकी कमल दीन बिहीन तमारि॥ ८६॥**

[सबै] स्त्री-पुरुषले श्रीरामचन्द्रको दर्शनको लागि नियम र व्रत गर्न लागे र यसरी दुःखी भएका छन्, जसरी चखेवा, चखेवी र कमल सूर्यविना दीन हुन्छन्॥ ८६॥

### ❋ श्रीरामसहित शृङ्गवेरपुर पुग्नु, निषादको सेवा ❋

**सीता सचिव सहित दोउ भाई। सृंगबेरपुर पहुँचे जाई॥**
**उतरे राम देवसरि देखी। कीन्ह दंडवत हरषु बिसेषी॥**

सीताजी र मन्त्रीसहित दुई भाइ शृङ्गवेरपुर पुगिसक्नुभयो। वहाँ गङ्गाजीलाई देखेर श्रीराम रथबाट ओर्लनुभयो र ठूलो हर्षका साथ उहाँले दण्डवत् गर्नुभयो॥ १॥

**लखन सचिवँ सियँ किए प्रनामा। सबहि सहित सुखु पायउ रामा॥**
**गंग सकल मुद मंगल मूला। सब सुख करनि हरनि सब सूला॥**

लक्ष्मण, सुमन्त्र र सीताजीले पनि प्रणाम गर्नुभयो। सबैका साथ श्रीरामचन्द्रले सुख पाउनुभयो। गङ्गाजी समस्त आनन्द-मङ्गलका मूल हुन्। उनले सबै सुखहरू दिन्छिन् र सबै पीडाहरूलाई हरण गर्दछिन्॥ २॥

**कहि कहि कोटिक कथा प्रसंगा। रामु बिलोकहिं गंग तरंगा॥**
**सचिवहि अनुजहि प्रियहि सुनाई। बिबुध नदी महिमा अधिकाई॥**

अनेक कथा-प्रसंग भन्दै श्रीरामले गङ्गाजीको तरङ्गलाई हेरिरहनुभएको छ। उहाँले मन्त्री, भाइ लक्ष्मणजी र प्रिया सीताजीलाई देवनदी गङ्गाजीको ठूलो महिमा सुनाउनुभयो॥ ३॥

**मज्जनु कीन्ह पंथ श्रम गयऊ। सुचि जलु पिअत मुदित मन भयऊ॥**
**सुमिरत जाहि मिटइ श्रम भारू। तेहि श्रम यह लौकिक ब्यवहारू॥**

यसपछि सबैले स्नान गर्नुभयो, जसले मार्गको सारा श्रम (थकाइ) मेटियो र पवित्र जल पिउँदा नै मन प्रसन्न भयो। जसको स्मरण मात्रले [बारम्बार जन्मने र मर्ने] महान् श्रम मेटिएर जान्छ, उनैलाई 'श्रम' हुनु—यो केवल लौकिक व्यवहार (नरलीला) हो॥ ४॥

**दो०— सुद्ध सच्चिदानंदमय कंद भानुकुल केतु।**
**चरित करत नर अनुहरत संसृति सागर सेतु॥ ८७॥**

शुद्ध (प्रकृतिजन्य त्रिगुणबाट रहित, मायातीत दिव्य मङ्गलविग्रह) सच्चिदानन्दकन्दस्वरूप सूर्यकुलका ध्वजारूप भगवान् श्रीरामचन्द्रले मनुष्यको सदृश यस्ता चरित्र गर्नुहुन्छ, जुन संसाररूपी समुद्रको पारि पुग्नको लागि पुलको समान छन्॥ ८७॥

**यह सुधि गुहँ निषाद जब पाई। मुदित लिए प्रिय बंधु बोलाई॥**
**लिए फल मूल भेंट भरि भारा। मिलन चलेउ हियँ हरषु अपारा॥**

जब निषादराज गुहले यो खबर पाए, त्यसपछि आनन्दित भएर उनले आफ्ना प्रियजन र भाइ-बन्धुहरूलाई बोलाएर उपहार दिनको लागि फल, मूल (कन्द) लिएर र उनलाई भारी तथा डोलामा भरेर भेट हुनको लागि हिंडे। उनको हृदयमा हर्षको सीमा थिएन॥ १॥

**करि दंडवत भेंट धरि आगें। प्रभुहि बिलोकत अति अनुरागें॥**
**सहज सनेह बिबस रघुराई। पूँछी कुसल निकट बैठाई॥**

दण्डवत् गरेर उपहार अघिल्तिर राखेर उनले अत्यन्त प्रेमले प्रभुलाई हेर्न लागे। श्रीरघुनाथले स्वाभविक स्नेहको वश भएर उनलाई आफ्नो नजिकै बसालेर कुशल सोध्नुभयो॥ २॥

**नाथ कुसल पद पंकज देखें। भयउँ भागभाजन जन लेखें॥**
**देव धरनि धनु धामु तुम्हारा। मैं जनु नीचु सहित परिवारा॥**

निषादराजले उत्तर दिए—हे नाथ! हजुरका चरणकमलका दर्शनले नै कुशल छु [हजुरका चरणारविन्दको दर्शन गरेर] आज म भाग्यवान् पुरुषहरूको गणनामा आएँ। हे देव! यो पृथ्वी, धन र घर सबै हजुरको हो। म त परिवारसहित हजुरको नीच सेवक हुँ॥ ३॥

**कृपा करिअ पुर धारिअ पाऊ। थापिय जनु सबु लोगु सिहाऊ॥**
**कहेहु सत्य सबु सखा सुजाना। मोहि दीन्ह पितु आयसु आना॥**

अब कृपा गरेर पुर (शृङ्गवेरपुर) मा सवारी होस् र यस दासको प्रतिष्ठा बढाइबक्सियोस्, जसले सबै जनाले मेरो भाग्यको प्रशंसा गरून्। श्रीरामचन्द्रले भन्नुभयो—हे सुजान सखा! तिमीले जे-जति भन्यौ सबै सत्य हुन्। परन्तु पिताजीले मलाई अर्कै नै आज्ञा दिनुभएको छ॥ ४॥

**दो०— बरष चारिदस बासु बन मुनि ब्रत बेषु अहारु।**
**ग्राम बासु नहिं उचित सुनि गुहहि भयउ दुखु भारु॥ ८८॥**

[उहाँको आज्ञानुसार—] मलाई चौध वर्षसम्म मुनिहरूको व्रत र भेष धारण गरेर र मुनिहरूको

योग्य आहारा गर्दै वनमा नै बस्नुपर्छ, गाउँमा निवास गर्नु उचित छैन। यस्तो सुनेर गुहलाई ठूलो दु:ख भयो॥ ८८॥

**राम लखन सिय रूप निहारी। कहहिं सप्रेम ग्राम नर नारी॥**
**ते पितु मातु कहहु सखि कैसे। जिन्ह पठए बन बालक ऐसे॥**

श्रीराम, लक्ष्मण र सीताजीको रूपलाई देखेर गाउँका स्त्री-पुरुषले प्रेमका साथ चर्चा गरेका छन् [कुनैले भन्छन्— ] हे सखी! भन त, ती आमा-बाबु कस्ता हुन्, जसले यस्ता [सुन्दर कुमार] बालकहरूलाई वनमा पठाएका छन्!॥ १ ॥

**एक कहहिं भल भूपति कीन्हा। लोयन लाहु हमहि बिधि दीन्हा॥**
**तब निषादपति उर अनुमाना। तरु सिंसुपा मनोहर जाना॥**

अर्की कुनै भन्छिन्—राजाले ठीक नै गर्नुभयो, यही बहानाले हामीलाई पनि ब्रह्माले नेत्रको लागि लाभ दिए। त्यसपछि निषादराजले हृदयमा अनुमान गरे, अनि अशोकको वृक्ष [उहाँ बास बस्न] मनोहर सम्झे॥ २॥

**लै रघुनाथहि ठाउँ देखावा। कहेउ राम सब भाँति सुहावा॥**
**पुरजन करि जोहारु घर आए। रघुबर संध्या करन सिधाए॥**

उनले रघुनाथजीलाई लिएर गई त्यो ठाउँ देखाए। श्रीरामचन्द्रले [देखेर] भन्नुभयो कि यो सबै प्रकारले सुन्दर छ। पुरवासी मानिसहरू नमस्कार गरेर आ-आफ्नो घर फर्के र श्रीरामचन्द्र सन्ध्या गर्न जानुभयो॥ ३॥

**गुहँ सँवारि साँथरी डसाई। कुस किसलयमय मृदुल सुहाई॥**
**सुचि फल मूल मधुर मृदु जानी। दोना भरि भरि राखेसि पानी॥**

गुहले [यही समयमा] कुश र कोमल पातका कोमल र सुन्दर गुन्द्री सजाएर बिछ्याए, अनि पवित्र, मीठा र कोमल छानी-छानी दुनामा भरी-भरी फल-मूल र पानी राखिदिए [अथवा आफ्नो हातले फल-मूल दुनामा भरी-भरी राखिदिए]॥ ४॥

दो०— **सिय सुमंत्र भ्राता सहित कंद मूल फल खाइ।**
**सयन कीन्ह रघुबंसमनि पाय पलोटत भाइ॥ ८९॥**

सीताजी, सुमन्त्रजी र भाइ लक्ष्मणजीसहित कन्द-मूल खाएर रघुकुलमणि श्रीरामचन्द्र शयन गर्नुभयो, भाइ लक्ष्मणजीले उहाँका चरणको सेवा गर्न लाग्नुभयो॥ ८९॥

**उठे लखनु प्रभु सोवत जानी। कहि सचिवहि सोवन मृदु बानी॥**
**कछुक दूरि सजि बान सरासन। जागन लगे बैठि बीरासन॥**

फेरि प्रभु श्रीरामचन्द्र सुतेको जानेर लक्ष्मणजी उठ्नुभयो र कोमल वाणीले मन्त्री सुमन्त्रजीलाई सुत्नको लागि भनेर त्यहाँदेखि केही टाढा धनुष-बाणले सजिएर, वीरासनमा बसेर पहरा दिन लाग्नुभयो॥ १॥

**गुहँ बोलाइ पाहरू प्रतीती। ठावँ ठावँ राखे अति प्रीती॥**
**आपु लखन पहिं बैठेउ जाई। कटि भाथी सर चाप चढ़ाई॥**

गुहले विश्वासपात्र पहरेदारहरूलाई बोलाएर अत्यन्त प्रेमले ठाउँ-ठाउँमा नियुक्त गरेर आफूले कम्मरमा तरकस बाँधेर तथा धनुषमा वाण चढाएर लक्ष्मणजीसँग गएर बसे॥ २॥

**सोवत प्रभुहि निहारि निषादू। भयउ प्रेम बस हृदयँ बिषादू॥**
**तनु पुलकित जलु लोचन बहई। बचन सप्रेम लखन सन कहई॥**

प्रभु जमिनमा सुतेको देखेर प्रेमवश निषादराजको हृदयमा विषाद भयो। उसको शरीर रोमाञ्चित भयो र नेत्रमा [प्रेमाश्रुका] जल बग्न लागे। उनले प्रेमसहित लक्ष्मणजीसँग यस्तो वचन भन्न लागे— ॥ ३॥

**भूपति भवन सुभायँ सुहावा। सुरपति सदनु न पटतर पावा॥**
**मनिमय रचित चारु चौबारे। जनु रतिपति निज हाथ सँवारे॥**

महाराज दशरथजीको महल त स्वभावले नै सुन्दर छ, इन्द्रभवनले पनि जसको समानता पाउन सक्तैन। त्यसमा सुन्दर मणिहरूबाट बनाइएका चारैतर्फ ढोका भएको महल (जसमा चारैतर्फबाट हावा आउन सकोस्) छ, जसलाई मानौं रतिका पति कामदेवले आफ्नो नै हातले सजाएर बनाएका हुन्;॥ ४॥

दो०— **सुचि सुबिचित्र सुभोगमय सुमन सुगंध सुबास।**
**पलँग मंजु मनि दीप जहँ सब बिधि सकल सुपास॥ ९०॥**

जुन पवित्र, अति नै विलक्षण, सुन्दर भोगपदार्थबाट पूर्ण र फूलहरूको सुगन्धले सुवासित छ; जहाँ सुन्दर पलङ र मणिहरूका दीपक छन् तथा सबै प्रकारको पूरा आराम छ;॥ ९०॥

**बिबिध बसन उपधान तुराईं। छीर फेन मृदु बिसद सुहाईं॥**
**तहँ सिय रामु सयन निसि करहीं। निज छबि रति मनोज मदु हरहीं॥**

जहाँ [ओढ्ने-बिछ्याउने] अनेकौं वस्त्र, सिरानी र डसना छन्, जुन दूधको फींज समान कोमल, निर्मल (उज्ज्वल) र सुन्दर छन्; त्यही महलमा सीताजी र रामचन्द्रजी रातमा सुत्ने गर्नुहुन्थ्यो र आफ्नो शोभाले रति र कामदेवको गर्वलाई हरण गर्नुहुन्थ्यो॥ १॥

**ते सिय रामु साथरीं सोए। श्रमित बसन बिनु जाहिं न जोए॥**
**मातु पिता परिजन पुरबासी। सखा सुसील दास अरु दासी॥**

उनै श्रीसीता र रामजी आज घाँस-खरको गुन्द्रीमा थाकेर विनावस्त्र नै सुत्नुभएको छ। यस्तो दशामा उहाँलाई हेर्न नै सक्तैनन्। आमा-बाबु, कुटुम्बी, पुरवासी (प्रजा), मित्र, असल स्वभावका दास र दासीहरू— ॥ २॥

**जोगवहिं जिन्हहि प्रान की नाईं। महि सोवत तेइ राम गोसाईं॥**
**पिता जनक जग बिदित प्रभाऊ। ससुर सुरेस सखा रघुराऊ॥**

सबै जनालाई आफ्नो प्राणको तरह स्याहार-सुसार गर्नुहुन्थ्यो, उनै प्रभु श्रीरामचन्द्र आज पृथ्वीमा सुतिरहनुभएको छ। जसका पिता जनकजी हुनुहुन्छ, जसको प्रभाव जगत्मा प्रसिद्ध छ; जसका ससुरा इन्द्रका मित्र रघुराज दशरथजी हुनुहुन्छ,॥ ३॥

**रामचंदु पति सो बैदेही। सोवत महि बिधि बाम न केही॥**
**सिय रघुबीर कि कानन जोगू। करम प्रधान सत्य कह लोगू॥**

र पति रामचन्द्रजी हुनुहुन्छ, उनै जानकीजी आज जमिनमा सुत्नुभएको छ। विधाता कसलाई प्रतिकूल हुँदैन! सीताजी र श्रीरामचन्द्र के वनका योग्य हुनुहुन्छ? मानिसले सत्य नै भन्छन् कि कर्म (भाग्य) नै प्रधान हो॥ ४॥

दो०— **कैकयनंदिनि मंदमति कठिन कुटिलपनु कीन्ह।**
**जेहिं रघुनंदन जानकिहि सुख अवसर दुखु दीन्ह॥ ९१॥**

कैकयराजकी छोरी नीचबुद्धि कैकेयीले ठूलो नै कुटिलता गरिन्, जसले रघुनन्दन श्रीराम र जानकीजीलाई सुखको समयमा दु:ख दिइन्॥ ९१॥

**भइ दिनकर कुल बिटप कुठारी। कुमति कीन्ह सब बिस्व दुखारी॥**
**भयउ बिषादु निषादहि भारी। राम सीय महि सयन निहारी॥**

उनी सूर्यकुलरूपी वृक्षको लागि बन्चरो भइन्। ती कुबुद्धिले सम्पूर्ण विश्वलाई दु:खी बनाइन्। श्रीराम-सीता जमिनमा सुतेको देखेर निषादलाई ठूलो दु:ख भयो॥ १॥

**✸ लक्ष्मण-निषाद-संवाद, श्रीराम-सीतासँग सुमन्त्रको संवाद, सुमन्त्र फर्कनु ✸**

**बोले लखन मधुर मृदु बानी। ग्यान बिराग भगति रस सानी॥**
**काहु न कोउ सुख दुख कर दाता। निज कृत करम भोग सबु भ्राता॥**

अनि लक्ष्मणजीले ज्ञान, वैराग्य र भक्तिको रसमा मुछिएका मीठा र कोमल वाणी भन्नुभयो— हे भाइ! कसैले कसैलाई सुख-दु:ख (शुभ-अशुभ कर्म) दिंदैनन्। सबै आफैले गरेका कर्मको फल भोग्दछन्॥ २॥

**जोग बियोग भोग भल मंदा। हित अनहित मध्यम भ्रम फंदा॥**
**जनमु मरनु जहँ लगि जग जालू। संपति बिपति करमु अरु कालू॥**

संयोग (मिल्नु), वियोग, राम्रो-नराम्रो, शत्रु, मित्र र उदासीन— यी सबै भ्रमको जालो हुन्। जन्म-मृत्यु, सम्पत्ति-विपत्ति, कर्म र काल— जहाँसम्म जगत्का जञ्जाल छन्;॥ ३॥

**धरनि धामु धनु पुर परिवारू। सरगु नरकु जहँ लगि ब्यवहारू॥**
**देखिअ सुनिअ गुनिअ मन माहीं। मोह मूल परमारथु नाहीं॥**

धर्ती, घर, धन, नगर, परिवार, स्वर्ग र नरक आदि जहाँतक व्यवहार छन् जुन देख्न, सुन्न र मनभित्र विचार गर्दा आउँछन्, यी सबैको मूल मोह (अज्ञान) नै हो। परमार्थत: यी होइनन्॥ ४॥

**दो०— सपनें होइ भिखारि नृपु रंकु नाकपति होइ।**
**जागें लाभु न हानि कछु तिमि प्रपंच जियँ जोइ॥ ९२॥**

जस्तै स्वप्नमा राजा भिखारी हुन् या कङ्गाल स्वर्गको स्वामी इन्द्र नै हुन्छन्, तर बिउँझेपछि लाभ या हानि केही पनि छैन; उस्तै नै यस दृश्य-प्रपञ्चलाई हृदयले हेर्नुपर्छ॥ ९२॥

**अस बिचारि नहिं कीजिअ रोसू। काहुहि बादि न देइअ दोसू॥**
**मोह निसाँ सबु सोवनिहारा। देखिअ सपन अनेक प्रकारा॥**

यस्तो विचार गरेर क्रोध गर्नुहुँदैन र न कसैलाई व्यर्थ दोष नै दिन हुन्छ। सबै जना मोहरूपी रात्रिमा सुत्ने गर्दछन् र सुत्दाखेरि उनीहरूलाई अनेकौं प्रकारका सपना देखिने गर्छन्॥ १॥

**एहिं जग जामिनि जागहिं जोगी। परमारथी प्रपंच बियोगी॥**
**जानिअ तबहिं जीव जग जागा। जब सब बिषय बिलास बिरागा॥**

यस जगत्‌रूपी रात्रिमा योगीहरू बिउँझन्छन्, जुन परमार्थी छन् र प्रपञ्च (मायिक जगत्) बाट छुटेका छन्। जगत्‌मा जीवलाई बिउँझेको त्यस अवस्थामा जान्नुपर्छ, जब सम्पूर्ण भोग-विलासबाट वैराग्य हुनेछ॥ २॥

**होइ बिबेकु मोह भ्रम भागा। तब रघुनाथ चरन अनुरागा॥**
**सखा परम परमारथु एहू। मन क्रम बचन राम पद नेहू॥**

विवेक भएपछि मोहरूपी भ्रम भागेर जान्छ, त्यसपछि (अज्ञान नाश भएपछि) श्रीरघुनाथका चरणमा प्रेम हुन्छ। हे सखा! मन, वचन र कर्मले रामजीका चरणमा प्रेम हुनु, यही सर्वश्रेष्ठ परमार्थ (पुरुषार्थ) हो॥ ३॥

**राम ब्रह्म परमारथ रूपा। अबिगत अलख अनादि अनूपा॥**
**सकल बिकार रहित गतभेदा। कहि नित नेति निरूपहिं बेदा॥**

श्रीराम परमार्थस्वरूप (परमवस्तु) परब्रह्म हुनुहुन्छ। उहाँ अविगत (जान्न नसकिने), अलख (स्थूल दृष्टिले देख्न नसकिने), अनादि (आदिरहित), अनुपम (उपमारहित), सबै विकारहरूबाट रहित र भेदशून्य हुनुहुन्छ, वेदले जसलाई नेति-नेति भनेर निरूपण गर्छन्॥ ४॥

**दो०— भगत भूमि भूसुर सुरभि सुर हित लागि कृपाल।**
**करत चरित धरि मनुज तनु सुनत मिटहिं जग जाल॥ ९३॥**

उनै कृपालु रामचन्द्रजी भक्त, भूमि, ब्राह्मण, गाई र देवताहरूको हितको लागि मनुष्यशरीर धारण गरेर लीलाहरू गर्नुहुन्छ, जसलाई सुन्दाखेरि जगत्‌का जञ्जाल मेटिन्छन्॥ ९३॥

### मासपारायण, पन्ध्रौं विश्राम

**सखा समुझि अस परिहरि मोहू। सिय रघुबीर चरन रत होहू॥**
**कहत राम गुन भा भिनुसारा। जागे जग मंगल सुखदारा॥**

हे सखा! यस्तो सम्झ, मोहलाई त्यागेर श्रीसीतारामका चरणमा प्रेम गर। यस्तो प्रकारले श्रीरामचन्द्रको गुण–गान भन्दा–भन्दै उज्यालो भयो! त्यसपछि जगत्‌लाई मङ्गल गर्नेवाला र उसलाई सुख दिनेवाला श्रीराम बिउँझनुभयो॥ १॥

**सकल सौच करि राम नहावा। सुचि सुजान बट छीर मगावा॥**
**अनुज सहित सिर जटा बनाए। देखि सुमंत्र नयन जल छाए॥**

शौचको सबै कार्य गरेर [नित्य] पवित्र र सुजान श्रीरामचन्द्रले स्नान गर्नुभयो। फेरि बरको दूध (चोप) मगाउनुभयो र भाइ लक्ष्मणजीसहित त्यस दूधले शिरमा जटा बनाउनुभयो। यस्तो देखेर सुमन्त्रजीको नेत्रमा जल भरियो॥ २॥

**हृदयँ दाहु अति बदन मलीना। कह कर जोरि बचन अति दीना॥**
**नाथ कहेउ अस कोसलनाथा। लै रथु जाहु राम कें साथा॥**

उनको हृदय अत्यन्त जल्न लाग्यो, मुख मलिन (उदास) भयो। उनले हात जोडेर अत्यन्त दीन वचन बोले—हे नाथ! मलाई कोसलनाथ दशरथजीले यस्तो आज्ञा दिइबक्सिएको थियो कि तिमी रथ लिएर श्रीरामसँग जाऊ;॥ ३॥

**बनु देखाइ सुरसरि अन्हवाई। आनेहु फेरि बेगि दोउ भाई॥**
**लखनु रामु सिय आनेहु फेरी। संसय सकल सँकोच निबेरी॥**

वन देखाएर गङ्गास्नान गराएर दुई भाइलाई नै तुरुन्तै फर्काएर ल्याउनू। सबै संशय र सङ्कोचलाई निराकरण गरेर लक्ष्मण, राम, सीतालाई घुमाएर (भ्रमण गराएर) ल्याउनू॥ ४॥

दो०— **नृप अस कहेउ गोसाइँ जस कहइ करौं बलि सोइ।**
**करि बिनती पायन्ह परेउ दीन्ह बाल जिमि रोइ॥ ९४॥**

महाराजले यस्तो भनिबक्सिएको थियो, अब प्रभुले जे भनिबक्सिन्छ, मैले त्यही गर्नेछु, म त हजुरको सेवक हुँ। यस प्रकार बिन्ती गरेर उनी रामचन्द्रजीका चरणमा पल्टेर बालकको झैं क्वाँक्वाँ गरेर अथवा डाँको छोडेर रोइरहे॥ ९४॥

**तात कृपा करि कीजिअ सोई। जातें अवध अनाथ न होई॥**
**मंत्रिहि राम उठाइ प्रबोधा। तात धरम मतु तुम्ह सबु सोधा॥**

[र भने—] हे प्रभु! कृपा गरेर उही गरिबक्सियोस् जसले अयोध्या अनाथ नहोस्। रामजीले मन्त्रीलाई उठाएर धैर्य दिंदै सम्झाउनुभयो कि हे पिताजी! हजुरले त धर्मको सबै सिद्धान्तहरूलाई राम्ररी जान्नुभएको छ॥ १॥

**सिबि दधीच हरिचंद नरेसा। सहे धरम हित कोटि कलेसा॥**
**रंतिदेव बलि भूप सुजाना। धरमु धरेउ सहि संकट नाना॥**

शिवि, दधीचि र राजा हरिश्चन्द्रले धर्मको लागि करोडौं (अनेकौं) कष्ट सहेका थिए। बुद्धिमान राजा रन्तिदेव र बलिले धेरै नै सङ्कट सहेर पनि धर्मलाई परित्याग गरेनन्॥ २॥

**धरमु न दूसर सत्य समाना। आगम निगम पुरान बखाना॥**
**मैं सोइ धरमु सुलभ करि पावा। तजें तिहूँ पुर अपजसु छावा॥**

वेद, शास्त्र र पुराणहरूमा भनिएको छ कि सत्यसमान अर्को धर्म छैन। मैले त्यस धर्मलाई सजिलैसँग पाएको छु। यस [सत्यरूपी धर्म] लाई त्याग गर्नाले तीनै लोकमा अपयश छाइने (भरिने) छ॥ ३॥

**संभावित कहुँ अपजस लाहू। मरन कोटि सम दारुन दाहू॥**
**तुम्ह सन तात बहुत का कहऊँ। दिएँ उतरु फिरि पातकु लहऊँ॥**

प्रतिष्ठित पुरुषको लागि अपयश प्राप्ति करोडौं मृत्यु समान भीषण सन्ताप दिनेवाला हुन्छ। हे पिताजी! मैले हजुरसँग अधिक के भनौं! मैले पुनः उत्तर दिनाले पनि पापको भागी हुनेछु॥ ४॥

दो०— **पितु पद गहि कहि कोटि नति बिनय करब कर जोरि।**
**चिंता कवनिहु बात कै तात करिअ जनि मोरि॥ ९५॥**

हजुर गएर पिताजीका चरण समातेर करोडौं नमस्कारका साथै हाथ जोडेर बिन्ती गर्नुहोला कि हे पिताजी! हजुरले मेरो कुनै कुराको चिन्ता नगरिबक्सिएला॥ ९५॥

**तुम्ह पुनि पितु सम अति हित मोरें। बिनती करउँ तात कर जोरें॥**
**सब बिधि सोइ करतब्य तुम्हारें। दुख न पाव पितु सोच हमारें॥**

हजुर पनि पिताजीसमान नै मेरो ठूलो हितैषी हुनुहुन्छ। हे तात! मैले हात जोडेर हजुरसँग बिन्ती गर्दछु कि हजुरको सबै प्रकारले त्यही कर्तव्य हुनेछ जसले पिताजीले हामीहरूको चिन्तामा दुःख पाउनु नपरोस्॥ १॥

**सुनि रघुनाथ सचिव संबादू। भयउ सपरिजन बिकल निषादू॥**
**पुनि कछु लखन कही कटु बानी। प्रभु बरजे बड़ अनुचित जानी॥**

श्रीरघुनाथ र सुमन्त्रको यो संवाद सुनेर निषादराज कुटुम्बीहरूसहित व्याकुल भए। फेरि लक्ष्मणजीले केही कडा (कटु) शब्द भन्नुभयो। प्रभु रामचन्द्रले त्यसलाई धेरै नै अनुचित कुरा जानेर उहाँलाई बोल्न निषेध गर्नुभयो॥ २॥

**सकुचि राम निज सपथ देवाई। लखन सँदेसु कहिअ जनि जाई॥**
**कह सुमंत्रु पुनि भूप सँदेसू। सहि न सकिहि सिय बिपिन कलेसू॥**

श्रीरामचन्द्रले लाज मान्दै (विनयपूर्वक), आफ्नो शपथ दिलाएर सुमन्त्रजीसँग भन्नुभयो कि हजुर गएपछि लक्ष्मणको यो सन्देश नभन्नुहोला। सुमन्त्रले फेरि राजाको सन्देश भने कि सीताले वनको क्लेश सहन गर्न सक्तिनन्॥ ३॥

**जेहि बिधि अवध आव फिरि सीया। सोइ रघुबरहि तुम्हहि करनीया॥**
**नतरु निपट अवलंब बिहीना। मैं न जिअब जिमि जल बिनु मीना॥**

अतएव जुन प्रकारले सीता अयोध्या फर्केर आउनेछिन्, तिमीले र श्रीरामचन्द्रले त्यही उपाय गर्नुपर्छ। नत्र भने म बिलकुल विनासहाराको भएर यस्तो प्रकारले बाँच्न सक्तिन, जस्तो प्रकारले माछा जलविना बाँच्न सक्तैन॥ ४॥

दो०— **मइकें ससुरें सकल सुख जबहिं जहाँ मनु मान।**
**तहँ तब रहिहि सुखेन सिय जब लगि बिपति बिहान॥ ९६ ॥**

सीतालाई माइत र आफ्नो घर सबैमा सुख छ। जबसम्म यो विपत्ति हट्दैन, तबसम्म उनी जब जहाँ बस्न चाहन्छिन्, उही सुखपूर्वक रहनेछिन्॥ ९६ ॥

**बिनती भूप कीन्ह जेहि भाँती। आरति प्रीति न सो कहि जाती॥**
**पितु सँदेसु सुनि कृपानिधाना। सियहि दीन्ह सिख कोटि बिधाना॥**

राजाले जसरी (जुन दीनता र प्रेमले) बिन्ती गर्नुभयो, त्यो दीनता र प्रेम भन्न नै सकिँदैन। कृपानिधान रामचन्द्रजीले पिताका सन्देश सुनेर सीताजीलाई करोडौं (अनेकौं) प्रकारले उपदेश दिनुभयो॥ १ ॥

**सासु ससुर गुर प्रिय परिवारू। फिरहु त सब कर मिटै खभारू॥**
**सुनि पति बचन कहति बैदेही। सुनहु प्रानपति परम सनेही॥**

[उहाँले भन्नुभयो— ] जब तिमी घर फर्केर जान्छ्यौ, तब सासू, ससुरा, गुरु, प्रियजन एवं कुटुम्बी सबैको चिन्ता मेटिनेछ। पतिका वचन सुनेर जानकीजी भन्नुहुन्छ—हे प्राणपति! हे परम स्नेही! सुनिबक्सियोस्॥ २ ॥

**प्रभु करुनामय परम बिबेकी। तनु तजि रहति छाँह किमि छेंकी॥**
**प्रभा जाइ कहँ भानु बिहाई। कहँ चंद्रिका चंदु तजि जाई॥**

हे प्रभु! हजुर करुणामय र परम ज्ञानी होइबक्सिन्छ। [कृपा गरेर विचार त गरिबक्सियोस्] शरीरलाई छोडेर छाया अलग कसरी रोकिन सक्तछ? सूर्यको प्रभा (प्रकाश) सूर्यलाई छोडेर कहाँ जान सक्तछ? अनि चाँदनी चन्द्रमालाई त्यागेर कहाँ जान सक्तछ?॥ ३ ॥

**पतिहि प्रेममय बिनय सुनाई। कहति सचिव सन गिरा सुहाई॥**
**तुम्ह पितु ससुर सरिस हितकारी। उतरु देउँ फिरि अनुचित भारी॥**

यस प्रकार पतिलाई प्रेममय बिन्ती सुनाएर सीताजी मन्त्रीसँग सुन्दर वाणी भन्न लाग्नुभयो— हजुर मेरा पिताजी र ससुराजीसमान मेरो हितकारी हुनुहुन्छ। हजुरलाई मैले बदलामा उत्तर दिएकी छु, यो धेरै नै अनुचित हो॥ ४॥

दो०— **आरति बस सनमुख भइउँ बिलगु न मानब तात।**
**आरजसुत पद कमल बिनु बादि जहाँ लगि नात॥ ९७॥**

किन्तु हे तात (मन्त्रीजी)! म आर्त भएर नै हजुरको अघिल्तिर भएकी हुँ, हजुरले नराम्रो नमान्नुहोला। आर्यपुत्र (श्रेष्ठ दशरथ महाराजजीका पुत्र रामचन्द्रजी) का चरणकमलविना जगत्मा जहाँसम्म नाता छन् सबै मेरो लागि व्यर्थ छन्॥ ९७॥

**पितु बैभव बिलास मैं डीठा। नृप मनि मुकुट मिलित पद पीठा॥**
**सुखनिधान अस पितु गृह मोरें। पिय बिहीन मन भाव न भोरें॥**

मैले पिताजीको ऐश्वर्यको शोभा (छटा) देखेकी छु, जसका चरण राख्ने पादपीठ (खराउ) मा सर्वशिरोमणि राजाहरूका मुकुट मिल्छन् (अर्थात् ठूला-ठूला राजाले जसको चरणमा प्रणाम गर्छन्)। यस्ता पिताको घर पनि, जुन सबै प्रकारका सुखहरूको भण्डार छ, पतिविना मेरो मनलाई भुलेर पनि मन पर्दैन॥ १॥

**ससुर चक्कवइ कोसलराऊ। भुवन चारिदस प्रगट प्रभाऊ॥**
**आगें होइ जेहि सुरपति लेई। अरध सिंघासन आसनु देई॥**

मेरा ससुरा कोसलराज चक्रवर्ती सम्राट् होइबक्सिन्छ, जसको प्रभाव चौध लोकमा नै प्रकट छ; इन्द्र पनि अघिल्तिर आएर जसलाई स्वागत गर्छन् र आफ्नो आधा सिंहासनमा विराजमान हुनको लागि ठाउँ दिन्छन्,॥ २॥

**ससुर एतादृस अवध निवासू। प्रिय परिवारु मातु सम सासू॥**
**बिनु रघुपति पद पदुम परागा। मोहि केउ सपनेहुँ सुखद न लागा॥**

यस्ता [ऐश्वर्य र प्रभावशाली] ससुरा; [उहाँको राजधानी] अयोध्यामा निवास; प्रिय कुटुम्बी र माताका समान सासूहरू— यी कुनै पनि श्रीरघुनाथका चरणकमलको रजविना मलाई स्वप्नमा पनि सुखदायक लाग्दैनन्॥ ३॥

**अगम पंथ बनभूमि पहारा। करि केहरि सर सरित अपारा॥**
**कोल किरात कुरंग बिहंगा। मोहि सब सुखद प्रानपति संगा॥**

दुर्गम बाटो, जङ्गली धर्ती, पहाड, हात्ती, सिंह, अथाह तलाउ एवं नदीहरू; कोल, भिल्ल, मृग र पक्षी— प्राणपति (श्रीरघुनाथ) का साथ रहँदा यी सबै मलाई सुख दिनेवाला हुनेछन्॥ ४॥

दो०— **सासु ससुर सन मोरि हुँति बिनय करबि परि पायँ।**
**मोर सोचु जनि करिअ कछु मैं बन सुखी सुभायँ॥ ९८॥**

अतः सासू र ससुराको चरण समातेर, मेरो तर्फबाट बिन्ती गर्नुहोला कि उहाँहरूले मेरो केही पनि चिन्ता नगरिबक्सिएला; म वनमा स्वभावले नै सुखी हुनेछु॥ ९८॥

**प्राननाथ प्रिय देवर साथा। बीर धुरीन धरें धनु भाथा॥**
**नहिं मग श्रमु भ्रमु दुख मन मोरें। मोहि लगि सोचु करिअ जनि भोरें॥**

वीरहरूमा अग्रगण्य तथा धनुष र [बाणले भरेर] तरकस धारण गरिबक्सिएका मेरा प्राणनाथ र प्यारा देवर साथमा होइबक्सिन्छ। यसैले मलाई न बाटोको थकाइ हुन्छ, न भ्रम नै र न मेरो मनमा कुनै दुःख नै हुनेछ। हजुरले मेरो लागि भुलेर पनि सोच (चिन्ता) नगरिबक्सिएला॥ १॥

**सुनि सुमंत्रु सिय सीतलि बानी। भयउ बिकल जनु फनि मनि हानी॥**
**नयन सूझ नहिं सुनइ न काना। कहि न सकइ कछु अति अकुलाना॥**

सुमन्त्र सीताजीका शीतल वाणी सुनेर यसरी व्याकुल भए, जसरी सर्प मणि हराउँदा व्याकुल हुन्छ। नेत्रले केही देख्दैन, कानले सुन्दैन। उनी धेरै व्याकुल भए, केही भन्न सक्तैनथे॥ २॥

**राम प्रबोधु कीन्ह बहु भाँती। तदपि होति नहिं सीतलि छाती॥**
**जतन अनेक साथ हित कीन्हे। उचित उतर रघुनंदन दीन्हे॥**

श्रीरामचन्द्रले उनलाई धेरै प्रकारले समाधान गर्नुभयो। तर पनि उनको छाती शीतल भएन। साथै जानको लागि मन्त्रीले अनेक यत्न गरे (युक्तिहरू पेश गरे], तर रघुनन्दन श्रीरामले [ती सबै युक्तिहरूको] यथोचित उत्तर दिँदै जानुभयो॥ ३॥

**मेटि जाइ नहिं राम रजाई। कठिन करम गति कछु न बसाई॥**
**राम लखन सिय पद सिरु नाई। फिरेउ बनिक जिमि मूर गवाँई॥**

श्रीरामको आज्ञा उल्लङ्घन गर्न सकिंदैन। कर्मको गति कठिन छ, त्यसमा कत्ति पनि वश चल्दैन। श्रीराम, लक्ष्मण र सीताजीका चरणमा शिर निहुराएर सुमन्त्र यसरी फर्के जसरी कुनै व्यापारीले आफ्नो मूलधन (पूँजी) गुमाएर फर्कन्छ॥ ४॥

**दो०— रथु हाँकेउ हय राम तन हेरि हेरि हिहिनाहिं।**
**देखि निषाद बिषादबस धुनहिं सीस पछिताहिं॥ ९९॥**

सुमन्त्रले रथलाई हाँके, घोडा श्रीरामचन्द्रतर्फ बारम्बार हेरेर हिनहिनाएका (कराएका) छन्। यस्तो देखेर निषादहरू विषादको वशमा परेर शिर पिटी-पिटी पछुताइरहेका छन्॥ ९९॥

**जासु बियोग बिकल पसु ऐसें। प्रजा मातु पितु जिइहहिं कैसें॥**
**बरबस राम सुमंत्रु पठाए। सुरसरि तीर आपु तब आए॥**

जसको वियोगमा पशु यस प्रकार व्याकुल छन्, उहाँहरूको वियोगमा प्रजा, आमा र बाबु कसरी जीवित रहने? श्रीरामचन्द्रले जबरजस्ती सुमन्त्रलाई फर्काउनुभयो। त्यसपछि आफू गङ्गाजीको तीरमा आउनुभयो॥ १॥

## * केवटको प्रेम र गङ्गा-पारि जानु *

**मागी नाव न केवटु आना। कहइ तुम्हार मरमु मैं जाना॥**
**चरन कमल रज कहुँ सबु कहई। मानुष करनि मूरि कछु अहई॥**

श्रीरामले केवटसँग डुङ्गा माग्नुभयो, तर उनले ल्याएनन्। उनी भन्न लागे— मैले हजुरको मर्म (भेद) जानिहालें। हजुरको चरणकमलका धूलोलाई सबैले भन्छन् कि त्यो मनुष्य बनाइदिने कुनै जडी हो,॥ २॥

**छुअत सिला भइ नारि सुहाई। पाहन तें न काठ कठिनाई॥**
**तरनिउ मुनि घरिनी होइ जाई। बाट परइ मोरि नाव उड़ाई॥**

जसलाई छुँदा नै ढुङ्गाको शिला सुन्दर स्त्री भइहालिन् [मेरो डुङ्गा त काठको हो]। काठ डुङ्गाभन्दा कठोर त हुँदैन। मेरो डुङ्गा पनि मुनिकी स्त्री हुनेछ र यस प्रकार मेरो डुङ्गा उड्नेछ,

म लुटिनेछु [अथवा बाटो रोकिनेछ जसले हजुर पारि जान सक्नुहुन्न र मेरो रोजी-रोटी हरण हुनेछ] (मैले कमाएर खाने बाटो पनि बन्द हुनेछ)॥ ३॥

**एहिं प्रतिपालउँ सबु परिवारू। नहिं जानउँ कछु अउर कबारू॥**
**जौं प्रभु पार अवसि गा चहहू। मोहि पद पदुम पखारन कहहू॥**

मैले त यही डुङ्गाबाट सारा परिवारको पालन-पोषण गर्दछु। अर्को कुनै धन्दा छैन। हे प्रभु! यदि हजुर अवश्य नै पारि जान खोजिबक्सिन्छ भने त पहिला मलाई आफ्ना चरण-कमल पखाल्नका लागि आज्ञा दिइबक्सियोस्॥ ४॥

छं०— **पद कमल धोइ चढ़ाइ नाव न नाथ उतराई चहौं।**
**मोहि राम राउरि आन दसरथ सपथ सब साची कहौं॥**
**बरु तीर मारहुँ लखनु पै जब लगि न पाय पखारिहौं।**
**तब लगि न तुलसीदास नाथ कृपाल पारु उतारिहौं॥**

हे नाथ! मैले चरणकमल धोएर हजुरहरूलाई डुङ्गामा चढाउनेछु; मैले हजुरसँग केही भाडा खोज्दिन (माग्दिन)। हे राम! मलाई हजुरको बाचा र दशरथजीको शपथ छ, मैले सत्य-सत्य भन्दछु। लक्ष्मणले बरु मलाई तीर हान्नुहुनेछ, तर जबसम्म मैले चरणहरूलाई पखाल्न पाउँदिन, तबसम्म हे तुलसीदासका नाथ! हे कृपालु! मैले पारि तार्नेछैन।

सो०— **सुनि केवट के बैन प्रेम लपेटे अटपटे।**
**बिहसे करुनाऐन चितइ जानकी लखन तन॥ १००॥**

केवटका प्रेममा लट्पटिएका उल्टा-सीधा (सुन्दाखेरि उट्पट्याङ्ग तर अति नै रहस्यमय) वचन सुनेर करुणाधाम श्रीरामचन्द्र, जानकीजी र लक्ष्मणजीतर्फ हेरेर हाँस्नुभयो॥ १००॥

**कृपासिंधु बोले मुसुकाई। सोइ करु जेहिं तव नाव न जाई॥**
**बेगि आनु जल पाय पखारू। होत बिलंबु उतारहि पारू॥**

कृपाका समुद्र रामचन्द्रजी केवटसँग मुस्कुराएर बोल्नुभयो— भाइ त्यही गर जसले तिम्रो डुङ्गा नजाओस्। छिटो पानी लिएर गोडा धोइहाल। विलम्ब भएको छ, पारि तारिदेऊ॥ १॥

**जासु नाम सुमिरत एक बारा। उतरहिं नर भवसिंधु अपारा॥**
**सोइ कृपालु केवटहि निहोरा। जेहिं जगु किय तिहु पगहु ते थोरा॥**

एक पटक जसको नाम स्मरण गर्दा नै मनुष्य अपार भवसागरबाट पारि तर्दछन् (पार पाउँछन्) र जसले [वामनावतारमा] जगत्लाई तीन पाउ (तीन पाइला) भन्दा पनि सानो गराउनुभएको थियो (दुई पाइलामा नै त्रिलोकलाई नाप्नुभएको थियो), उनै कृपालु श्रीरामचन्द्रले [गङ्गाजीबाट पारि जानको लागि] केवटसँग बिन्ती गरिरहनुभएको छ!॥ २॥

**पद नख निरखि देवसरि हरषी। सुनि प्रभु बचन मोहँ मति करषी॥**
**केवट राम रजायसु पावा। पानि कठवता भरि लेइ आवा॥**

प्रभुका यी वचनहरूलाई सुनेर गङ्गाजीको बुद्धि मोहले सङ्कुचित भएको थियो [कि यी साक्षात् भगवान् भएर पनि पारि जानको लागि केवटसँग बिन्ती कसरी (किन) गरिरहेका छन्]। परन्तु [समीप आएपछि आफ्नो उत्पत्तिको स्थान] भगवान्को चरणकमललाई देख्दा नै [उसलाई चिनेर] देवनदी गङ्गाजी हर्षित भइन्। (उनले सम्झिन् कि भगवान्ले नरलीला गर्नुभएको छ, यसबाट उनको मोह नष्ट भयो र यी चरणहरूको स्पर्श प्राप्त गरेर म धन्य (कृतार्थ) हुनेछु, यस्तो विचार गरेर उनी हर्षित भइन्।) केवटले श्रीरामचन्द्रको आज्ञा पाएर कठौती (काठको आरी) मा भरेर जल लिएर आए॥ ३॥

**अति आनंद उमगि अनुरागा। चरन सरोज पखारन लागा॥**
**बरषि सुमन सुर सकल सिहाहीं। एहि सम पुन्यपुंज कोउ नाहीं॥**

अत्यन्त आनन्द र प्रेममा उर्लेर (उम्लेर) उनले भगवान्का चरणकमल धुन लागे। सबै देवताले फूल बर्साएर ईर्ष्या गर्न लागे कि यो समानको पुण्यको राशि कुनै छैन॥ ४॥

दो०— **पद पखारि जलु पान करि आपु सहित परिवार।**
**पितर पारु करि प्रभुहि पुनि मुदित गयउ लेइ पार॥ १०१॥**

चरणहरू धोएर र सारा परिवारसहित स्वयं त्यस जल (चरणोदक) लाई पिएर पहिला [त्यस महान् पुण्यद्वारा] आफ्ना पितृहरूलाई भवसागरबाट पार गरेर फेरि आनन्दपूर्वक प्रभु श्रीरामचन्द्रलाई गङ्गाजीपारि लिएर गए॥ १०१॥

**उतरि ठाढ़ भए सुरसरि रेता। सीय रामु गुह लखन समेता॥**
**केवट उतरि दंडवत कीन्हा। प्रभुहि सकुच एहि नहिं कछु दीन्हा॥**

निषादराज र लक्ष्मणजीसहित सीताजी र रामचन्द्रजी [डुङ्गाबाट] ओर्लेर गङ्गाजीको बालुवामा उभिइरहनुभयो। त्यसपछि केवटले दण्डवत् गरे। [उनले दण्डवत् गरेको देखेर] प्रभुलाई सङ्कोच भयो कि यसलाई केही दिइएन॥ १॥

**पिय हिय की सिय जाननिहारी। मनि मुदरी मन मुदित उतारी॥**
**कहेउ कृपाल लेहि उतराई। केवट चरन गहे अकुलाई॥**

पतिको हृदयको कुरा जान्नेवाली सीताजीले आनन्दपूर्ण मनले आफ्नो रत्नजडित औंठि [औंलाबाट] निकाल्नुभयो। कृपालु श्रीरामचन्द्रले केवटसँग भन्नुभयो, डुङ्गाको भाडा लेऊ। केवटले व्याकुल भएर चरण समाते॥ २॥

**नाथ आजु मैं काह न पावा। मिटे दोष दुख दारिद दावा॥**
**बहुत काल मैं कीन्हि मजूरी। आजु दीन्ह बिधि बनि भलि भूरी॥**

[उनले भने—] हे नाथ! आज मैले के पाएको छैन! मेरो दोष, दुःख र दरिद्रताको आगो आज निभ्यो। मैले धेरै समयसम्म परिश्रम गरेको थिएँ। विधाताले आज धेरै नै पर्याप्त मात्रामा मजदुरी (ज्याला) दियो॥ ३॥

**अब कछु नाथ न चाहिअ मोरें। दीनदयाल अनुग्रह तोरें॥**
**फिरती बार मोहि जो देबा। सो प्रसादु मैं सिर धरि लेबा॥**

हे नाथ! हे दीनदयालु! हजुरको कृपाले अब मलाई केही चाहिएन। फर्केर आउने समयमा मलाई जे दिनुहुन्छ, त्यही प्रसाद मैले शिरमा चढाएर लिनेछु॥ ४॥

दो०— **बहुत कीन्ह प्रभु लखन सियँ नहिं कछु केवटु लेइ।**
**बिदा कीन्ह करुनायतन भगति बिमल बरु देइ॥ १०२॥**

प्रभु श्रीराम, लक्ष्मण र सीताजीले धेरै आग्रह [या यत्न] गर्नुभयो, तर केवटले केही लिएनन्। त्यसपछि करुणाका धाम भगवान् श्रीरामचन्द्रले निर्मल भक्तिको वरदान दिएर उनलाई बिदा गर्नुभयो॥ १०२॥

**तब मज्जनु करि रघुकुलनाथा। पूजि पारथिव नायउ माथा॥**
**सियँ सुरसरिहि कहेउ कर जोरी। मातु मनोरथ पुरउबि मोरी॥**

फेरि रघुकुलका स्वामी श्रीरामचन्द्रले स्नान गरेर पार्थिव पूजा गर्नुभयो र शिवजीलाई शिर निहुराउनुभयो। सीताजीले हात जोडेर गङ्गाजीसँग भन्नुभयो— हे माता! मेरो मनोरथ पूरा गरिबक्सियोस्॥ १॥

**पति देवर सँग कुसल बहोरी। आइ करौं जेहिं पूजा तोरी॥**
**सुनि सिय बिनय प्रेम रस सानी। भइ तब बिमल बारि बर बानी॥**

जसले म पति र देवरका साथ कुशलपूर्वक फर्केर आएर तपाईंको पूजा गरौं। सीताजीका प्रेमरसमा मुछिएका बिन्ती सुनेर त्यसपछि गङ्गाजीको निर्मल जलमा श्रेष्ठ वाणी भयो— ॥ २॥

**सुनु रघुबीर प्रिया बैदेही। तव प्रभाउ जग बिदित न केही॥**
**लोकप होहिं बिलोकत तोरें। तोहि सेवहिं सब सिधि कर जोरें॥**

हे रघुवीरकी प्रियतमा जानकी! सुन्नुहोस्, हजुरको प्रभाव जगत्मा कसलाई थाहा छैन? हजुरले [कृपा-दृष्टिले] हेर्दा नै मानिस लोकपाल हुन्छन्। सबै सिद्धिहरू हात जोडेर हजुरको सेवा गर्छन्॥ ३॥

**तुम्ह जो हमहि बड़ि बिनय सुनाई। कृपा कीन्हि मोहि दीन्हि बड़ाई॥**
**तदपि देबि मैं देबि असीसा। सफल होन हित निज बागीसा॥**

हजुरले जुन मलाई धेरै बिन्ती सुनाउनुभयो, यो त मलाई कृपा गर्नुभयो र मलाई धन्य बनाउनुभयो, तर पनि हे देवी! म आफ्नो वाणी सफल गर्नको लागि हजुरलाई आशीर्वाद दिन्छु॥ ४॥

दो०— **प्राननाथ देवर सहित कुसल कोसला आइ।**
**पूजिहि सब मनकामना सुजसु रहिहि जग छाइ॥ १०३॥**

हजुर आफ्नो प्राणनाथ र देवरसहित कुशलपूर्वक अयोध्या फर्कनुहुनेछ। हजुरका सारा मन:कामनाहरू पूरा हुनेछन् र हजुरको सुन्दर यश जगत्भरमा फैलिनेछ॥ १०३॥

**गंग बचन सुनि मंगल मूला। मुदित सीय सुरसरि अनुकूला॥**
**तब प्रभु गुहहि कहेउ घर जाहू। सुनत सूख मुखु भा उर दाहू॥**

मङ्गलका मूल गङ्गाजीका वचन सुनेर र देवनदीलाई अनुकूल देखेर सीताजी आनन्दित हुनुभयो। त्यसपछि प्रभु रामचन्द्रजीले निषादराज गुहसँग भन्नुभयो कि भाइ! अब तिमी घर जाऊ। यस्तो सुन्दा नै उनको मुख सुक्यो र हृदयमा अग्नि (जलन) उत्पन्न भयो॥ १॥

**दीन बचन गुह कह कर जोरी। बिनय सुनहु रघुकुलमनि मोरी॥**
**नाथ साथ रहि पंथु देखाई। करि दिन चारि चरन सेवकाई॥**

गुहले हात जोडेर दीन वचन भने—हे रघुकुलशिरोमणि! मेरो बिन्ती सुनिबक्सियोस्। म नाथ (हजुर) का साथ रहेर, बाटो देखाएर, चार (केही) दिन चरणहरूको सेवा गरेर—॥ २॥

**जेहिं बन जाइ रहब रघुराई। परनकुटी मैं करबि सुहाई॥**
**तब मोहि कहँ जसि देब रजाई। सोइ करिहउँ रघुबीर दोहाई॥**

हे रघुराज! जुन वनमा हजुर गएर विराजमान होइबक्सिनेछ, त्यहाँ मैले सुन्दर पर्णकुटी (पातहरूको कुटी) बनाउनेछु। अनि मलाई हजुरले जे आज्ञा दिइबक्सिन्छ, मैले रघुवीर (हजुर) को कसम खान्छु। मैले उस्तै नै गर्नेछु (त्यतिखेर हठ गर्ने छैन)॥ ३॥

**सहज सनेह राम लखि तासू। संग लीन्ह गुह हृदयँ हुलासू॥**
**पुनि गुहँ ग्याति बोलि सब लीन्हे। करि परितोषु बिदा तब कीन्हे॥**

उनको स्वाभाविक प्रेमलाई देखेर रामचन्द्रजीले उनलाई साथमै राख्नुभयो, यसले गुहको हृदयमा ठूलो आनन्द भयो। फेरि गुह (निषादराज) ले आफ्ना जातिका मानिसहरूलाई बोलाएर उनीहरूलाई सन्तुष्ट गरेर त्यसपछि सबैलाई बिदा गरे॥ ४॥

दो०— **तब गनपति सिव सुमिरि प्रभु नाइ सुरसरिहि माथ।**
**सखा अनुज सिय सहित बन गवनु कीन्ह रघुनाथ॥ १०४॥**

त्यसपछि प्रभु श्रीरघुनाथजी, गणेशजी र शिवजीलाई स्मरण गरेर तथा गङ्गाजीलाई शिर निहुराएर सखा निषादराज, भाइ लक्ष्मणजी र सीताजीसहित वनमा हिँड्नुभयो॥ १०४॥

### * प्रयाग पुग्नु, श्रीराम-भरद्वाज-संवाद, यमुनातीर-निवासीहरूको प्रेम *

**तेहि दिन भयउ बिटप तर बासू। लखन सखाँ सब कीन्ह सुपासू॥**
**प्रात प्रातकृत करि रघुराई। तीरथराजु दीख प्रभु जाई॥**

त्यस दिन वृक्षको तल निवास भयो। लक्ष्मणजी र सखा (गुह) बाट [विश्रामको] सबै व्यवस्था गरियो। प्रभु श्रीरामचन्द्रले सबेरै प्रातः कालका सबै क्रियाहरू गरेर गएर तीर्थहरूका राजा प्रयागको दर्शन गर्नुभयो॥ १॥

**सचिव सत्य श्रद्धा प्रिय नारी। माधव सरिस मीतु हितकारी॥**
**चारि पदारथ भरा भँडारू। पुन्य प्रदेस देस अति चारू॥**

ती राजाका सत्य मन्त्री हुन्, श्रद्धा प्यारी स्त्री हुन् र श्रीवेणीमाधवजी–समानका हितकारी मित्र हुन्। चारै पदार्थ (धर्म, अर्थ, काम र मोक्ष) ले भण्डार भरिएको छ र त्यो पुण्यमय प्रान्त (भूभाग) नै त्यस राजाको सुन्दर देश हो॥ २॥

**छेत्रु अगम गढ़ु गाढ़ सुहावा। सपनेहुँ नहिं प्रतिपच्छिन्ह पावा॥**
**सेन सकल तीरथ बर बीरा। कलुष अनीक दलन रनधीरा॥**

प्रयाग क्षेत्र नै दुर्गम, मजबुत र सुन्दर गढ (किल्ला) हो, जसले स्वप्नमा पनि [पापरूपी] शत्रु पाउन सक्तैनन्। सम्पूर्ण तीर्थ नै उसका श्रेष्ठ वीर सैनिक हुन्, जुन पापका सेनालाई पराजित गर्नेवाला र ठूला रणधीर छन्॥ ३॥

**संगमु सिंहासनु सुठि सोहा। छत्रु अखयबटु मुनि मनु मोहा॥**
**चवँर जमुन अरु गंग तरंगा। देखि होहिं दुख दारिद भंगा॥**

[गङ्गा, यमुना र सरस्वतीको] सङ्गम नै उसको अत्यन्त सुशोभित सिंहासन हो, अक्षयवट छत्र (छाता) हो, जसले मुनिहरूको मनलाई पनि मोहित गर्दछ। यमुनाजी र गङ्गाजीका तरङ्ग उसका [श्याम र श्वेत] चमर हुन्, जसलाई देखेर नै दरिद्रता नष्ट हुन्छ॥ ४॥

दो०— **सेवहिं सुकृती साधु सुचि पावहिं सब मनकाम।**
**बंदी बेद पुरान गन कहहिं बिमल गुन ग्राम॥ १०५॥**

पुण्यात्मा, पवित्र साधुले उसको सेवा गर्छन् र सबै मनोरथ पाउँछन्। वेद र पुराणहरूका समूह भाट हुन्, जसले उसको निर्मल गुणगानहरूलाई वर्णन गर्छन्॥ १०५॥

**को कहि सकइ प्रयाग प्रभाऊ। कलुष पुंज कुंजर मृगराऊ॥**
**अस तीरथपति देखि सुहावा। सुख सागर रघुबर सुखु पावा॥**

पापहरूका समूहरूपी हात्तीलाई मार्नको लागि सिंहरूप प्रयागराजको प्रभाव (महत्त्व–माहात्म्य) लाई कसले भन्न सक्तछ। यस्तो सुन्दर तीर्थराजको दर्शन गरेर सुखका समुद्र रघुकुलश्रेष्ठ श्रीरामजीले पनि सुख पाउनुभयो॥ १॥

**कहि सिय लखनहि सखहि सुनाई। श्रीमुख तीरथराज बड़ाई॥**
**करि प्रनामु देखत बन बागा। कहत महातम अति अनुरागा॥**

उहाँले आफ्ना श्रीमुखले सीताजी, लक्ष्मणजी र गुह सखालाई तीर्थराजको महिमा भनेर सुनाउनुभयो। तदनन्तर प्रणाम गरेर, वन बगैंचालाई हेर्दै धेरै नै प्रेमले माहात्म्य भन्दै— ॥ २॥

**एहि बिधि आइ बिलोकी बेनी। सुमिरत सकल सुमंगल देनी॥**
**मुदित नहाइ कीन्हि सिव सेवा। पूजि जथाबिधि तीरथ देवा॥**

यस प्रकार श्रीरामले आएर त्रिवेणीको दर्शन गर्नुभयो, जुन स्मरण गर्नाले नै सबै सुन्दर मङ्गलहरू दिनेवाला छ। फेरि आनन्दपूर्वक [त्रिवेणीमा] स्नान गरेर शिवजीको सेवा (पूजा) गर्नुभयो र विधिपूर्वक तीर्थ देवताहरूको पूजन गर्नुभयो॥ ३॥

**तब प्रभु भरद्वाज पहिं आए। करत दंडवत मुनि उर लाए॥**
**मुनि मन मोद न कछु कहि जाई। ब्रह्मानंद रासि जनु पाई॥**

[स्नान, पूजन आदि सबै गरेर] त्यसपछि प्रभु श्रीराम भरद्वाजजीसँग आउनुभयो। उहाँले दण्डवत् गर्दै गरेको अवस्थामा मुनिले हृदयमा लगाउनुभयो। मुनिको मनको आनन्द केही भन्न सकिन्न। मानौं उहाँलाई ब्रह्मानन्दको राशि मिलेको छ॥ ४॥

दो०— **दीन्हि असीस मुनीस उर अति अनंदु अस जानि।**
**लोचन गोचर सुकृत फल मनहुँ किए बिधि आनि॥ १०६॥**

मुनीश्वर भरद्वाजजीले आशीर्वाद दिनुभयो। उहाँको हृदयमा यस्तो जानेर अत्यन्त आनन्द भयो कि आज विधाताले [श्रीसीताजी र लक्ष्मणजीसहित प्रभु श्रीरामचन्द्रजीको दर्शन गराएर] मानौं मेरो सम्पूर्ण पुण्यहरूको फल ल्याएर आँखाका अघिल्तिर राखिदियो॥ १०६॥

**कुसल प्रस्न करि आसन दीन्हे। पूजि प्रेम परिपूरन कीन्हे॥**
**कंद मूल फल अंकुर नीके। दिए आनि मुनि मनहुँ अमी के॥**

कुशल सोधेर मुनिराजले उहाँहरूलाई आसन दिनुभयो र प्रेमसहित पूजन गरेर उहाँहरूलाई सन्तुष्ट गर्नुभयो। फेरि मानौं अमृतबाट नै बनेका हुन्, यस्ता असल-असल कन्द, मूल, फल र अङ्कुर ल्याएर दिनुभयो॥ १॥

**सीय लखन जन सहित सुहाए। अति रुचि राम मूल फल खाए॥**
**भए बिगतश्रम रामु सुखारे। भरद्वाज मृदु बचन उचारे॥**

सीताजी, लक्ष्मणजी र सेवक गुहसहित श्रीरामचन्द्रले ती सुन्दर मूल-फूललाई धेरै रुचिपूर्वक खानुभयो। थकाइ मेटिएपछि श्रीरामचन्द्रजी सुखी हुनुभयो। अनि भरद्वाजजीले उहाँसँग कोमल वचन भन्नुभयो— ॥ २॥

**आजु सुफल तपु तीरथ त्यागू। आजु सुफल जप जोग बिरागू॥**
**सफल सकल सुभ साधन साजू। राम तुम्हहि अवलोकत आजू॥**

हे राम! हजुरको दर्शन गर्दा नै आज मेरो तप, तीर्थ सेवन र त्याग सफल भयो। आज मेरो जप, योग र वैराग्य सफल भयो र आज मेरा सम्पूर्ण शुभ साधनहरूका समुदाय पनि सफल भए॥ ३॥

**लाभ अवधि सुख अवधि न दूजी। तुम्हरें दरस आस सब पूजी॥**
**अब करि कृपा देहु बर एहू। निज पद सरसिज सहज सनेहू॥**

लाभको सीमा र सुखको सीमा [प्रभुको दर्शनलाई छोडेर] अर्को केही पनि छैन। हजुरको दर्शनले मेरा सबै आशाहरू पूर्ण नै भए। अब कृपा गरेर यस्तो वरदान दिनुहोस् कि हजुरका चरणकमलमा मेरो स्वाभाविक प्रेम होस्॥ ४॥

दो०— **करम बचन मन छाड़ि छलु जब लगि जनु न तुम्हार।**
**तब लगि सुखु सपनेहुँ नहीं किएँ कोटि उपचार॥ १०७॥**

जबसम्म कर्म, वचन र मनले छल छोडेर मनुष्य हजुरको दास हुँदैन, तबसम्म करोडौं उपाय गर्नाले पनि, स्वप्नमा पनि उसले सुख पाउनेछैन॥ १०७॥

**सुनि मुनि बचन रामु सकुचाने। भाव भगति आनंद अघाने॥**
**तब रघुबर मुनि सुजसु सुहावा। कोटि भाँति कहि सबहि सुनावा॥**

मुनिका वचन सुनेर, उनको भाव-भक्तिको कारण आनन्दले तृप्त हुँदै भगवान् श्रीरामचन्द्र [लीलाको दृष्टिले] लाज मान्नुभयो। त्यसपछि श्रीरामचन्द्रले भरद्वाजमुनिको सुन्दर सुयश करोडौं (अनेकौं) प्रकारले भनेर सबैलाई सुनाउनुभयो॥ १॥

**सो बड़ सो सब गुन गन गेहू। जेहि मुनीस तुम्ह आदर देहू॥**
**मुनि रघुबीर परसपर नवहीं। बचन अगोचर सुखु अनुभवहीं॥**

[उहाँले भन्नुभयो—] हे मुनीश्वर! जसलाई हजुरले आदर दिनुहुन्छ, उही ठूलो हुन्छ र उही स्वयं सबै गुणसमूहहरूको घर हुन्छ। यस प्रकार श्रीराम र मुनि भरद्वाजजी दुवै परस्पर विनम्र भइरहनुभएको छ र अनिर्वचनीय (भन्न नसकिने) सुखलाई अनुभव गरिरहनुभएको छ॥ २॥

**यह सुधि पाइ प्रयाग निवासी। बटु तापस मुनि सिद्ध उदासी॥**
**भरद्वाज आश्रम सब आए। देखन दसरथ सुअन सुहाए॥**

यो (श्रीराम, लक्ष्मण र सीताजी आएको) खबर पाएर प्रयागनिवासी ब्रह्मचारी, तपस्वी, मुनि, सिद्ध र उदासी सबै श्रीदशरथजीका सुन्दर पुत्रहरूलाई हेर्नको लागि भरद्वाजजीको आश्रममा आए॥ ३॥

**राम प्रनाम कीन्ह सब काहू। मुदित भए लहि लोयन लाहू॥**
**देहिं असीस परम सुखु पाई। फिरे सराहत सुंदरताई॥**

श्रीरामचन्द्रले सबै जनालाई प्रणाम गर्नुभयो। नेत्रको लाभ पाएर सबै आनन्दित भएका छन् र परम सुख पाएर आशीर्वाद दिन लागे। श्रीरामको सौन्दर्यको सराहना गर्दै उनीहरू फर्के॥ ४॥

**दो०— राम कीन्ह बिश्राम निसि प्रात प्रयाग नहाइ।**
**चले सहित सिय लखन जन मुदित मुनिहि सिरु नाइ॥ १०८॥**

श्रीरामले रातमा त्यहीं विश्राम गर्नुभयो र प्रातःकाल प्रयागराजमा स्नान गरेर र प्रसन्नताका साथ मुनिलाई शिर निहुराएर श्रीसीता, लक्ष्मणजी र सेवक गुहका साथ उहाँ हिंड्नुभयो॥ १०८॥

**राम सप्रेम कहेउ मुनि पाहीं। नाथ कहिअ हम केहि मग जाहीं॥**
**मुनि मन बिहसि राम सन कहहीं। सुगम सकल मग तुम्ह कहुँ अहहीं॥**

[हिंड्ने समयमा] ठूलो प्रेमले श्रीरामजीले मुनिसँग भन्नुभयो—हे नाथ! भन्नुहोस्। हामी कुन मार्गबाट जाऊँ। मुनि मनमा हाँसेर श्रीरामसँग भन्नुहुन्छ कि हजुरको लागि सबै मार्ग सुगम छ॥ १॥

**साथ लागि मुनि सिष्य बोलाए। सुनि मन मुदित पचासक आए॥**
**सबन्हि राम पर प्रेम अपारा। सकल कहहिं मगु दीख हमारा॥**

फेरि उहाँको साथमा जानको लागि मुनिले शिष्यहरूलाई बोलाउनुभयो। [साथै जाने कुरा] सुन्दा नै चित्तमा हर्षित हुँदै अन्य पचास जना* शिष्य आए। उनीहरूको श्रीराम प्रति अपार प्रेम छ। सबैले भन्छन् कि मार्ग मैले देखेको छु॥ २॥

**मुनि बटु चारि संग तब दीन्हे। जिन्ह बहु जनम सुकृत सब कीन्हे॥**
**करि प्रनामु रिषि आयसु पाई। प्रमुदित हृदयँ चले रघुराई॥**

त्यसपछि मुनिले [छानेर] चार ब्रह्मचारी† (वेद) हरूलाई साथमा लगाउनुभयो, जसले धेरै जन्मसम्म सबै सुकृत (पुण्य) गरेका थिए। श्रीरघुनाथजी प्रणाम गरेर र ऋषिको आज्ञा पाएर हृदयमा अति नै आनन्दित भएर हिँड्नुभयो॥ ३॥

**ग्राम निकट जब निकसहिं जाई। देखहिं दरसु नारि नर धाई॥**
**होहिं सनाथ जनम फल पाई। फिरहिं दुखित मनु संग पठाई॥**

जब उहाँ कुनै गाउँको नजिक भएर निक्लनु (निस्कनु) हुन्छ, अनि नर-नारीहरू दौडेर उहाँको रूपलाई हेर्न लाग्छन्। जन्मको फल पाएर उनीहरू [सधैंको अनाथ] सनाथ हुन्छन् र मनलाई नाथका साथ पठाएर [शरीरको साथै नरहने कारण] दुःखी भएर फर्केर आउँछन्॥ ४॥

दो०— **बिदा किए बटु बिनय करि फिरे पाइ मन काम।**
**उतरि नहाए जमुन जल जो सरीर सम स्याम॥ १०९॥**

तदनन्तर श्रीरामजीले बिन्ती गरेर चारवटै ब्रह्मचारीहरूलाई बिदा गर्नुभयो, उनीहरू मनले खोजेको वस्तु (अनन्य भक्ति) पाएर फर्के। यमुनाजीको पारि गएर सबैले यमुना नदीमा स्नान गर्नुभयो, जसको रूप श्रीरामचन्द्रको शरीरसमान नै श्याम रङ्गको थियो॥ १०९॥

**सुनत तीरबासी नर नारी। धाए निज निज काज बिसारी॥**
**लखन राम सिय सुंदरताई। देखि करहिं निज भाग्य बड़ाई॥**

यमुनाजीका किनारामा बस्नेवाला नर-नारी [यो सुनेर कि निषादराजका साथ दुई जना परम सुन्दर नवयुवक र एउटी परम सुन्दरी नारी आइरहेका छन्] सबै आ-आफ्नो काम भुलेर दौडदै लक्ष्मणजी, श्रीरामजी र सीताजीको सौन्दर्य देखेर आफ्नो भाग्यको प्रशंसा गर्न लागे॥ १॥

**अति लालसा बसहिं मन माहीं। नाउँ गाउँ बूझत सकुचाहीं॥**
**जे तिन्ह महुँ बयबिरिध सयाने। तिन्ह करि जुगुति रामु पहिचाने॥**

उनको मनमा [परिचय जान्ने] धेरै नै लालचा भरिएको थियो। तर उनीहरू नाम र गाउँ सोध्न लाज मानेका छन्। उनीहरूमध्ये जो वयोवृद्ध र चतुर थिए; तिनले युक्तिबाट श्रीरामचन्द्रजीलाई चिने॥ २॥

---

* पचास जना आउनुको भाव—१८ पुराण, १८ स्मृति, ६ शास्त्र, ४ उपवेद र ४ वेद—यिनी नै ५० शिष्यरूपले आए; यिनीहरूमध्ये ठूला सुकृति चार वेदलाई साथै लगाइयो।

† (१) चार विद्यार्थी अनेक जन्मबाट तप, तीर्थ, देवाराधन, परोपकार आदि सबै प्रकारका सुकृत थिए, अतएव यी चारवटालाई नै साथ दिए। (२) सम्मानार्थ एकभन्दा अधिक दिए। (३) वनमार्ग छ, फर्कदा यिनीहरूलाई एक्लै असुविधा हुनेछ। (४) राम, लक्ष्मण, सीता र गुह—चार जना छन्। यसैले चार जना साथी दिए। (५) चार शिष्य चार सम्प्रदाय हुन्। (६) ब्रह्मचर्यका चार भेद हुन्। (७) पैदलयात्रामा चार व्यक्तिहरू साथ रहनुपर्छ, यो नियम हो— '**एकस्तपो द्विरध्यायी त्रिभिर्गीतं चतुष्पथः।**' कर्मकाण्डको यस नियमको पालन भरद्वाज गर्नुहुन्छ र गराउनुहुन्छ, किनकि उहाँ कर्मकाण्डी हुनुहुन्छ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**सकल कथा तिन्ह सबहि सुनाई। बनहि चले पितु आयसु पाई॥**
**सुनि सबिषाद सकल पछिताहीं। रानी रायँ कीन्ह भल नाहीं॥**

उनीहरूले सबै कथा सबै जनालाई सुनाए कि पिताको आज्ञा पाएर यिनीहरू वनमा हिँडेका हुन्। यस्तो सुनेर सबै जना दु:खित हुँदै पछुताइरहेका छन् कि रानी र राजाले राम्रो (ठीक) गरेनन्॥ ३॥

## ❋ तापस-प्रकरण ❋

**तेहि अवसर एक तापसु आवा। तेजपुंज लघुबयस सुहावा॥**
**कबि अलखित गति बेष बिरागी। मन क्रम बचन राम अनुरागी॥**

त्यही अवसरमा त्यहाँ एक तपस्वी आए, जुन तेजका पुञ्ज* सानो अवस्थाका र सुन्दर थिए। उनको गतिलाई कविले जान्दैनन् [अथवा उनी कवि थिए जसले आफ्नो परिचय दिन चाहेनन्]। उनी वैरागीको वेषमा थिए र मन, वचन तथा कर्मले श्रीरामचन्द्रका प्रेमी थिए॥ ४॥

दो०— **सजल नयन तन पुलकि निज इष्टदेउ पहिचानि।**
**परेउ दंड जिमि धरनितल दसा न जाइ बखानि॥ ११०॥**

आफ्ना इष्टदेवलाई चिनेर उनको नेत्रमा जल भरियो र शरीर पुलकित भयो। उनी दण्ड (लौरो)झैं पृथ्वीमा पसारिए, उनको [प्रेमविह्वल] दशाको वर्णन गर्न सकिंदैन॥ ११०॥

**राम सप्रेम पुलकि उर लावा। परम रंक जनु पारसु पावा॥**
**मनहुँ प्रेमु परमारथ दोऊ। मिलत धरें तन कह सबु कोऊ॥**

श्रीरामले प्रेमपूर्वक रोमाञ्चित भई ती तपस्वीलाई हृदयमा लगाउनुभयो। [उनलाई यति आनन्द भयो] मानौं कुनै महादरिद्रीले पारस प्राप्त गर्‍यो। सबै जना [देख्नेहरू] ले भन्न लागे कि मानौं प्रेम र परमार्थ (परमतत्त्व) दुवै नै शरीर धारण गरेर अङ्कमाल गरिरहेका छन्॥ १॥

**बहुरि लखन पायन्ह सोइ लागा। लीन्ह उठाइ उमगि अनुरागा॥**
**पुनि सिय चरन धूरि धरि सीसा। जननि जानि सिसु दीन्हि असीसा॥**

फेरि ती तपस्वीले लक्ष्मणजीलाई प्रणाम गरे। उहाँले प्रेमले उर्लेर उनलाई उठाउनुभयो। त्यसपछि उनले सीताजीको चरणधूलोलाई आफ्नो शिरमा धारण गरे। माता सीताजीले पनि उनलाई आफ्नो सानो बच्चा ठानेर आशीर्वाद दिनुभयो॥ २॥

**कीन्ह निषाद दंडवत तेही। मिलेउ मुदित लखि राम सनेही॥**
**पिअत नयन पुट रूपु पियूषा। मुदित सुअसनु पाइ जिमि भूखा॥**

फेरि निषादराजले तिनलाई दण्डवत् गरे। श्रीरामचन्द्रको प्रेमी जानेर तिनी निषादसँग आनन्दित

---

* यस तेज:पुञ्ज तापसको प्रसङ्गलाई केही टीकाकार क्षेपक मान्छन् र केही मानिसको हेराइमा यो अप्रासंगिक र माथिबाट जोडिएको जस्तो भान पनि पर्छ, परन्तु यो सबै प्राचीन प्रतिहरूमा छ। गोसाईंजी अलौकिक अनुभवी महापुरुष हुनुहुन्थ्यो। थाहा छैन, यहाँ यो प्रसङ्ग राख्नुमा के रहस्य छ; परन्तु यो क्षेपक त होइन। यस तापसलाई जब 'कवि अलखित गति' भन्नुहुन्छ, यस्तो भएकोले निश्चयपूर्वक कसले के भन्न सक्तछ। हाम्रो सोचाइमा यी तापस या त हनुमान्जी हुनुहुन्थ्यो अथवा ध्यानस्थ तुलसीदासजी! (रामचरितमानसबाट नै हो)

भएर अङ्कमाल गरे। ती तपस्वी आफ्ना नेत्ररूपी दुनाले श्रीरामको सौन्दर्य-सुधाको पान गर्न लागे र यसरी आनन्दित भए; मानौं कुनै भोकाएको मानिस सुन्दर भोजन पाएर आनन्दित हुन्छ॥ ३॥

**ते पितु मातु कहहु सखि कैसे। जिन्ह पठए बन बालक ऐसे॥**
**राम लखन सिय रूपु निहारी। होहिं सनेह बिकल नर नारी॥**

[यता गाउँका आमामाईहरूले भनिरहेका छन्— ] हे सखी! भन त, ती आमा-बाबु कस्ता हुन् जसले यस्ता (सुन्दर सुकुमार) बालकहरूलाई वनमा पठाएका छन्। श्रीराम, लक्ष्मण र सीताजीको रूपलाई हेरेर सबै नर-नारी स्नेहले व्याकुल भएका छन्॥ ४॥

दो०— **तब रघुबीर अनेक बिधि सखहि सिखावनु दीन्ह।**
**राम रजायसु सीस धरि भवन गवनु तेइँ कीन्ह॥ १११॥**

अनि श्रीरामचन्द्रजीले सखा गुहलाई अनेकौं प्रकारले [घरमा फर्केर जानको लागि] सम्झाउनुभयो। श्रीरामचन्द्रको आज्ञालाई शिरोधार्य गरी उनी आफ्नो घरतर्फ प्रस्थान गरे॥ १११॥

## * यमुनालाई प्रणाम, वनवासीहरूको प्रेम *

**पुनि सियँ राम लखन कर जोरी। जमुनहि कीन्ह प्रनाम बहोरी॥**
**चले ससीय मुदित दोउ भाई। रबितनुजा कइ करत बड़ाई॥**

फेरि सीताजी, श्रीराम र लक्ष्मणजीले हात जोडेर यमुनाजीलाई पुनः प्रणाम गर्नुभयो र सूर्यकन्या यमुनाजीको प्रशंसा गर्दै सीताजीसहित दुवै भाइ प्रसन्नतापूर्वक अगाडि हिंड्नुभयो॥ १॥

**पथिक अनेक मिलहिं मग जाता। कहहिं सप्रेम देखि दोउ भ्राता॥**
**राज लखन सब अंग तुम्हारें। देखि सोचु अति हृदय हमारें॥**

बाटोमा जाँदै गर्दा उहाँहरूसँग अनेकौं यात्री भेटिन्छन्। उनीहरू दुवै भाइलाई देखेर उहाँहरूसँग प्रेमपूर्वक भन्छन् कि हजुरहरूका सबै अङ्गमा राजचिह्न देखेर हाम्रो हृदयमा ठूलो चिन्ता उत्पन्न भएको छ॥ २॥

**मारग चलहु पयादेहि पाएँ। ज्योतिषु झूठ हमारें भाएँ॥**
**अगमु पंथ गिरि कानन भारी। तेहि महँ साथ नारि सुकुमारी॥**

[यस्ता राजचिह्न हुँदा-हुँदै पनि] हजुरहरू बाटोमा पैदल नै हिंडिरहनुभएको छ, यसैले हामी सोच्न बाध्य भयौं कि ज्योतिष-शास्त्र झूटो नै रहेछ। घना जङ्गल र ठूला-ठूला पहाडहरूको दुर्गम बाटो छ। त्यसमा पनि हजुरहरूसँग सुकुमारी सुन्दर स्त्री छिन्॥ ३॥

**करि केहरि बन जाइ न जोई। हम सँग चलहिं जो आयसु होई॥**
**जाब जहाँ लगि तहँ पहुँचाई। फिरब बहोरि तुम्हहि सिरु नाई॥**

हात्ती र सिंहले भरिएको यो भयानक वन हेर्न पनि सकिंदैन। यदि आज्ञा हुन्छ भने त हामी साथमै जान्छौं। हजुरहरू जहाँसम्म जानुहुन्छ, वहाँसम्म पुर्‍याएर, फेरि हजुरहरूलाई प्रणाम गरेर हामी फर्केर आउनेछौं॥ ४॥

दो०— **एहि बिधि पूँछहिं प्रेम बस पुलक गात जलु नैन।**
**कृपासिंधु फेरहिं तिन्हहि कहि बिनीत मृदु बैन॥ ११२॥**

यस्ता प्रकारले ती यात्री प्रेमवश रोमाञ्चित हुँदै र नेत्रमा [प्रेमाश्रु] जल भरेर सोध्दछन्। किन्तु कृपाका समुद्र श्रीरामचन्द्रले कोमल विनययुक्त वचन भनेर उनीहरूलाई फर्काउनुहुन्छ॥ ११२॥

**जे पुर गाँव बसहिं मग माहीं। तिन्हहि नाग सुर नगर सिहाहीं॥**
**केहि सुकृतीं केहि घरीं बसाए। धन्य पुन्यमय परम सुहाए॥**

जुन गाउँ र टोल बाटोमा पर्छन्, नागहरू र देवताहरूका नगरले उनलाई देखेर प्रशंसापूर्वक ईर्ष्या गर्छन् र लोभिएर भन्छन् कि कुन पुण्यवान्ले कुन शुभ घडीमा यिनीहरूलाई यहाँ बसोवास गराएका थिए, जुन आज यी यति धन्य र पुण्यमय तथा परम सुन्दर भइरहेका छन्॥ १॥

**जहँ जहँ राम चरन चलि जाहीं। तिन्ह समान अमरावति नाहीं॥**
**पुन्यपुंज मग निकट निवासी। तिन्हहि सराहहिं सुरपुरबासी॥**

जहाँ-जहाँ श्रीरामचन्द्रका चरण जान्छन्, त्यो समान इन्द्रको पुरी अमरावती पनि छैन। बाटोमा नजिकै बस्नेहरू पनि धेरै पुण्यात्मा छन्— स्वर्गमा रहने देवता पनि उनीहरूको सराहना गर्छन्— ॥ २॥

**जे भरि नयन बिलोकहिं रामहि। सीता लखन सहित घनस्यामहि॥**
**जे सर सरित राम अवगाहहिं। तिन्हहि देव सर सरित सराहहिं॥**

जसले नेत्र भरेर सीताजी र लक्ष्मणजीसहित घनश्याम श्रीरामको दर्शन गरेका छन्, जुन तलाउ र नदीहरूमा श्रीरामले स्नान गर्नुहुन्छ, देवसरोवर र देवनदीहरूले पनि तिनीहरूको प्रशंसा गर्छन्॥ ३॥

**जेहि तरु तर प्रभु बैठहिं जाई। करहिं कलपतरु तासु बड़ाई॥**
**परसि राम पद पदुम परागा। मानति भूमि भूरि निज भागा॥**

जुन वृक्षमुनि प्रभु गएर बस्नुहुन्छ, कल्पवृक्षले पनि उनको प्रशंसा गर्छ। श्रीरामचन्द्रका चरणकमलका रजलाई पाएर पृथ्वी आफूलाई धेरै सौभाग्यशालिनी मान्दछिन्॥ ४॥

दो०— **छाँह करहिं घन बिबुधगन बरषहिं सुमन सिहाहिं।**
**देखत गिरि बन बिहग मृग रामु चले मग जाहिं॥ ११३॥**

बाटोमा बादलले छाया गर्दछ र देवताले फूल बर्साएर ईर्ष्या गरेका छन्। पर्वत, वन र पशु-पन्क्षीहरूलाई हेर्दै श्रीराम बाटोमा हिँडिरहनुभएको छ॥ ११३॥

**सीता लखन सहित रघुराई। गाँव निकट जब निकसहिं जाई॥**
**सुनि सब बाल बृद्ध नर नारी। चलहिं तुरत गृह काजु बिसारी॥**

सीताजी र लक्ष्मणजीसहित श्रीरघुनाथ जब कुनै गाँउको नजिक निस्कनहुन्छ, त्यसपछि उहाँ आएको सुन्दा नै बालक-वृद्ध, स्त्री, पुरुष सबै आफ्नो घर र काम-काजलाई भुलेर तुरुन्तै उहाँहरूलाई हेर्नको लागि हिँडिहाल्छन्॥ १॥

**राम लखन सिय रूप निहारी। पाइ नयन फलु होहिं सुखारी॥**
**सजल बिलोचन पुलक सरीरा। सब भए मगन देखि दोउ बीरा॥**

श्रीराम, लक्ष्मण र सीताजीको रूप देखेर, नेत्रको [परम] फल पाएर उनीहरू सुखी हुन्छन्। दुई भाइलाई देखेर सबै प्रेमानन्दमा मग्न भएका छन्। उनीहरूका नेत्रमा जल भरिएको छ र शरीर रोमाञ्चित भएको छ॥ २॥

**बरनि न जाइ दसा तिन्ह केरी। लहि जनु रंकन्ह सुरमनि ढेरी॥**
**एकन्ह एक बोलि सिख देहीं। लोचन लाहु लेहु छन एहीं॥**

उनको दशा वर्णन गर्न जानिन्न। मानौं दरिद्रीहरूले चिन्तामणिको थुप्रो पाएका छन्। उनीहरूले एकले अर्कोलाई चिच्च्याएर उपदेश दिएका छन्। (किनकि उहाँहरू गइरहनुभएको छ, फेरि दर्शन हुनेछैन, पछुताउन पर्नेछ।) यही समयमा नेत्रको लाभ लिइहाल॥ ३॥

**रामहि देखि एक अनुरागे। चितवत चले जाहिं सँग लागे॥**
**एक नयन मग छबि उर आनी। होहिं सिथिल तन मन बर बानी॥**

कुनै श्रीरामचन्द्रलाई देखेर यसरी अनुरागमा भरिए कि उनीहरू उहाँहरूलाई हेर्दै उहाँको साथ लागेर हिँडिरहेका छन्। कुनैले नेत्रमार्गबाट उहाँको छविलाई हृदयमा ल्याएर शरीर, मन र श्रेष्ठ वाणीले शिथिल हुन्छन् (अर्थात् उनको शरीर, मन र वाणीको व्यवहार बन्द हुन्छ)॥ ४॥

दो०— **एक देखि बट छाँह भलि डासि मृदुल तृन पात।**
**कहहिं गवाँइअ छिनुकु श्रमु गवनब अबहिं कि प्रात॥ ११४॥**

कुनैले बर (वृक्ष) को सुन्दर छाया देखेर, त्यहाँ नरम घाँस र पात बिछ्याएर भन्दछन् कि एकै छिन यहाँ बसेर थकाइ मेटाउनुहोस्। त्यसपछि चाहे अहिले जानुहोला, चाहे बिहानै॥ ११४॥

**एक कलस भरि आनहिं पानी। अँचइअ नाथ कहहिं मृदु बानी॥**
**सुनि प्रिय बचन प्रीति अति देखी। राम कृपाल सुसील बिसेषी॥**

कुनैले घडा (गाग्रो) भरेर पानी लिएर आउँछन् र कोमल वाणीमा भन्छन्— हे नाथ! आचमन त गर्नुहोस्। उनका प्यारा वचन सुनेर र उनको अत्यन्त प्रेम देखेर दयालु र परम सुशील रामचन्द्रजीले— ॥ १॥

**जानी श्रमित सीय मन माहीं। घरिक बिलंबु कीन्ह बट छाहीं॥**
**मुदित नारि नर देखहिं सोभा। रूप अनूप नयन मनु लोभा॥**

मनमा सीताजीलाई थाकेको जानेर घडीभर बरको छायामा विश्राम गर्नुभयो। नर-नारी आनन्दित भएर शोभा हेरिरहेका छन्। अनुपम रूपले उनका नेत्र र मनलाई लोइभ्याराखेको छ॥ २॥

**एकटक सब सोहहिं चहुँ ओरा। रामचंद्र मुख चंद चकोरा॥**
**तरुन तमाल बरन तनु सोहा। देखत कोटि मदन मनु मोहा॥**

सबै जनाले ट्वाल्ल परेर श्रीरामचन्द्रको मुखचन्द्रलाई चकोरले झैं (तन्मय भएर) हेर्दै चारैतर्फ

सुशोभित भइरहेका छन्। श्रीरामको नयाँ तमाल वृक्षको रङ्गको श्याम शरीरले अत्यन्त शोभा दिइरहेको छ, जसलाई देख्दा नै करोडौं कामदेवको मन मोहित भइहाल्छ॥ ३॥

**दामिनि बरन लखन सुठि नीके। नख सिख सुभग भावते जी के॥**
**मुनिपट कटिन्ह कसें तूनीरा। सोहहिं कर कमलनि धनु तीरा॥**

बिजुलीको रङ्गजस्ता लक्ष्मणजी अति नै सुन्दर हुनुहन्छ। उहाँ नङदेखि शिखासम्म सुन्दर हुनुहुन्छ र मनलाई अति नै मोहित गर्ने हुनुहुन्छ। दुवैले मुनिहरूका (वल्कल आदि) वस्त्र लगाउनुभएको छ र कम्मरमा ठोक्रो (तरकस) बाँध्नुभएको छ। कमलका समान हातमा धनुष-बाण शोभायमान भइरहेको छ॥ ४॥

दो०— **जटा मुकुट सीसनि सुभग उर भुज नयन बिसाल।**
**सरद परब बिधु बदन बर लसत स्वेद कन जाल॥ ११५॥**

उहाँहरूको शिरमा सुन्दर जटाहरूको मुकुट, वक्षःस्थल, भुजा र नेत्र विशाल छन् र शरद्पूर्णिमाको चन्द्रमासमान सुन्दर मुखमा पसिनाका थोपाको समूह शोभायमान भइरहेको छ॥ ११५॥

**बरनि न जाइ मनोहर जोरी। सोभा बहुत थोरि मति मोरी॥**
**राम लखन सिय सुंदरताई। सब चितवहिं चित मन मति लाई॥**

त्यस मनोहर जोडीको वर्णन गर्न नै सकिंदैन, किनकि शोभा अति नै धेरै छ र मेरो बुद्धि थोरै छ। श्रीराम, लक्ष्मण र सीताजीको सुन्दरतालाई सबै जना मन, चित्त र बुद्धि तीनवटै लगाएर हेरिरहेका छन्॥ १॥

**थके नारि नर प्रेम पिआसे। मनहुँ मृगी मृग देखि दिआ से॥**
**सीय समीप ग्रामतिय जाहीं। पूँछत अति सनेहँ सकुचाहीं॥**

प्रेमले तिर्खाएका [ती गाउँका] स्त्री-पुरुष [उहाँहरूको सौन्दर्य-माधुर्यको रूपलाई देखेर] यसरी ट्वाल्ल हुन्छन्, जस्तै दीपकलाई देखेर हरिणी र हरिण [निस्तब्ध हुन्छन्]! गाउँका स्त्रीहरू सीताजीनजिक जान्छन्; परन्तु अत्यन्त स्नेहका कारण सोध्न लाज मान्छन्॥ २॥

**बार बार सब लागहिं पाएँ। कहहिं बचन मृदु सरल सुभाएँ॥**
**राजकुमारि बिनय हम करहीं। तिय सुभायँ कछु पूँछत डरहीं॥**

घरी-घरी सबैले उहाँको चरणलाई स्पर्श गर्छन् र सहज नै सीधा-साधा कोमल वचन भन्छन्— हे राजकुमारी! हामी बिन्ती गर्न (केही निवेदन गर्न) चाहन्छौं, परन्तु स्त्री-स्वभावको कारण केही सोध्नलाई डराउछौं॥ ३॥

**स्वामिनि अबिनय छमबि हमारी। बिलगु न मानब जानि गवाँरी॥**
**राजकुअँर दोउ सहज सलोने। इन्ह तें लही दुति मरकत सोने॥**

हे स्वामिनि! हाम्रो मूर्खतालाई क्षमा गरिबक्सिएला र हामीलाई ग्रामीण महिला (मूर्ख, पाखे महिला) जानेर नराम्रो नमानिबक्सिएला। यी दुवै राजकुमार स्वभावैले लावण्यमय (परम सुन्दर)

हुनुहुन्छ। मरकतमणि (पन्ना) र सुवर्णको कान्ति यहाँहरूसँगै पाएको छ (अर्थात् मरकतमणिमा र स्वर्णमा जुन हरित र स्वर्णवर्णको आभा हुन्छ, त्यही यहाँहरूको हरिताभनील र स्वर्णकान्तिको एक कणको बराबर पनि छैन)॥ ४॥

**दो०— स्यामल गौर किसोर बर सुंदर सुषमा ऐन।**
**सरद सर्बरीनाथ मुखु सरद सरोरुह नैन॥ ११६॥**

श्याम र गोरो वर्ण छ, सुन्दर किशोर अवस्था छ; दुवै नै परम सुन्दर र शोभाका धाम हुनुहुन्छ। शरद्पूर्णिमाको चन्द्रमाको समान यहाँहरूको मुख र शरद्-ऋतुको कमलको समान यहाँहरूका नेत्र छन्॥ ११६॥

**मासपारायण, सोह्रौं विश्राम**

**नवाहपारायण, चौथो विश्राम**

**कोटि मनोज लजावनिहारे। सुमुखि कहहु को आहिं तुम्हारे॥**
**सुनि सनेहमय मंजुल बानी। सकुची सिय मन महुँ मुसुकानी॥**

हे सुमुखि! भन्नुहोस् न आफ्नो सुन्दरताले करोडौं कामदेवलाई लज्जित गर्ने यी हजुरका को हुन्? उनीहरूको यस्तो प्रेममय सुन्दर वाणी सुनेर सीताजीले लाज मान्नुभयो र मन-मनै मुस्कुराउनुभयो॥ १॥

**तिन्हहि बिलोकि बिलोकति धरनी। दुहुँ सकोच सकुचति बरबरनी॥**
**सकुचि सप्रेम बाल मृग नयनी। बोली मधुर बचन पिकबयनी॥**

उत्तम (गोरो) वर्ण भएकी सीताजी उनीहरूलाई देखेर [सङ्कोचवश] पृथ्वीतर्फ हेर्नुहुन्छ। उहाँ दुवैतर्फबाट सङ्कोचमा पर्नुभएको छ (अर्थात् नबताउनाले गाउँका स्त्रीहरूलाई दुःख हुने सङ्कोच र बताउनाले लज्जारूप सङ्कोच)। मृगको बच्चाका जस्ता नेत्र भएकी र कोइलीको जस्तो वाणी भएकी सीताजी लाज मान्दै प्रेमपूर्वक मधुर वचन बोल्नुभयो— ॥ २॥

**सहज सुभाय सुभग तन गोरे। नामु लखनु लघु देवर मोरे॥**
**बहुरि बदनु बिधु अंचल ढाँकी। पिय तन चितइ भौंह करि बाँकी॥**

यी जुन सहज स्वभाव, सुन्दर र गोरो रङ्गका हुनुहुन्छ, उहाँको नाम लक्ष्मण हो; यी मेरा देवर हुनुहुन्छ। फेरि सीताजीले [लज्जावश] आफ्नो चन्द्रमुखलाई आँचलले छोपेर र प्रियतम (श्रीराम)-तर्फ हेरेर आँखीभौं टेढो गरेर,॥ ३॥

**खंजन मंजु तिरीछे नयननि। निज पति कहेउ तिन्हहि सियँ सयननि॥**
**भईं मुदित सब ग्रामबधूटीं। रंकन्ह राय रासि जनु लूटीं॥**

खञ्जन पक्षीका जस्ता सुन्दर नेत्र छड्के (कर्के) गरेर सीताजीले इशारामा भन्नुभयो कि यी (श्रीरामचन्द्र) मेरा पति हुनुहुन्छ। यस्तो जानेर गाउँका सबै युवती (तरुनी) आइमाई यस प्रकार आनन्दित भए, मानौं कङ्गालले धनको राशि लुटिरहेका छन्॥ ४॥

दो०— **अति सप्रेम सिय पायँ परि बहुबिधि देहिं असीस।**
**सदा सोहागिनि होहु तुम्ह जब लगि महि अहि सीस॥ ११७॥**

उनीहरूले अत्यन्त प्रेमपूर्वक सीताजीका चरण समातेर धेरै प्रकारले आशिष दिएका (शुभकामना गरिरहेका) छन् कि जबसम्म शेषजीको शिरमा पृथ्वी रहनेछ, तबसम्म हजुर सधैं सौभाग्यवती भइरहनुहोस्॥ ११७॥

**पारबती सम पतिप्रिय होहू। देबि न हम पर छाड़ब छोहू॥**
**पुनि पुनि बिनय करिअ कर जोरी। जौं एहि मारग फिरिअ बहोरी॥**

र पार्वतीझैं आफ्ना पतिकी प्यारी हुनुहोस्। हे देवी! हामीलाई कृपा नछोड्नुहोस्। हामीले बारम्बार हात जोडेर बिन्ती गर्दछौं जसले हजुर फेरि यही बाटो फर्कनुहोला॥ १॥

**दरसनु देब जानि निज दासी। लखीं सीयँ सब प्रेम पिआसी॥**
**मधुर बचन कहि कहि परितोषीं। जनु कुमुदिनीं कौमुदीं पोषीं॥**

र हामीलाई आफ्नो दासी जानेर दर्शन दिनुहोला। सीताजीले ती सबैलाई प्रेमले तिर्खाएको प्यासी देख्नुभयो र मधुर वचन बोलेर उनीहरूलाई परिपूर्ण किसिमले सन्तुष्ट गर्नुभयो। मानौँ चाँदनीले कमलहरूलाई खुवाएर पुष्ट गरिदियो॥ २॥

**तबहिं लखन रघुबर रुख जानी। पूँछेउ मगु लोगन्हि मृदु बानी॥**
**सुनत नारि नर भए दुखारी। पुलकित गात बिलोचन बारी॥**

त्यही समय रामचन्द्रजीको भाव बुझेर लक्ष्मणजीले कोमल वाणीले मानिसहरूसँग बाटो सोध्नुभयो। यस्तो सुन्दा नै स्त्री-पुरुष दुःखी भइहाले। उनको शरीर पुलकित भयो र नेत्रमा [वियोगको सम्भावनाले प्रेमको] जल भरियो॥ ३॥

**मिटा मोदु मन भए मलीने। बिधि निधि दीन्ह लेत जनु छीने॥**
**समुझि करम गति धीरजु कीन्हा। सोधि सुगम मगु तिन्ह कहि दीन्हा॥**

उनीहरूको आनन्द मेटियो र मन यस्तो उदास भयो, मानौं विधाताले दिइसकेको सम्पत्ति खोसेको छ। कर्मको गति सम्झेर उनीहरूले धैर्य धारण गरे तथा राम्रो ढङ्गले निर्णय गरेर सुगम बाटो बताइदिए॥ ४॥

दो०— **लखन जानकी सहित तब गवनु कीन्ह रघुनाथ।**
**फेरे सब प्रिय बचन कहि लिए लाइ मन साथ॥ ११८॥**

त्यसपछि लक्ष्मणजी र जानकीजीसहित श्रीरघुनाथ प्रस्थान गर्नुभयो र सबै जनालाई प्रिय वचन भनेर फर्काउनुभयो, किन्तु उनीहरूको मनलाई आफूसँगै लैजानुभयो॥ ११८॥

**फिरत नारि नर अति पछिताहीं। दैअहिं दोषु देहिं मन माहीं॥**
**सहित बिषाद परसपर कहहीं। बिधि करतब उलटे सब अहहीं॥**

फर्कदै गर्दा ती नर-नारी धेरै नै पछुताएका छन् र मन-मनै दैवलाई दोष दिएका छन्। परस्पर [धेरै नै] विषादका साथ भन्छन् कि विधाताको सबै काम उल्टो छ॥ १॥

**निपट निरंकुस निठुर निसंकू। जेहिं ससि कीन्ह सरुज सकलंकू॥**
**रूख कलपतरु सागरु खारा। तेहिं पठए बन राजकुमारा॥**

त्यो विधाता बिलकुल निरङ्कुश (स्वतन्त्र), निर्दयी र निडर छ, जसले चन्द्रमालाई रोगी (घट्ने-बढ्ने) र कलङ्की बनायो, कल्पवृक्षलाई रूख र समुद्रलाई नुनिलो बनायो। उसैले यी राजकुमारहरूलाई वनमा पठाएको हो॥ २॥

**जौं पै इन्हहि दीन्ह बनबासू। कीन्ह बादि बिधि भोग बिलासू॥**
**ए बिचरहिं मग बिनु पदत्राना। रचे बादि बिधि बाहन नाना॥**

जब विधाताले यिनीहरूलाई वनवास दिएको छ, तब उसले भोग-विलास व्यर्थ नै बनाएको छ। जब यिनीहरू खाली खुट्टाले बाटोमा हिंडेका छन् भने विधाताले अनेकौं वाहन (सवारी) हरू व्यर्थ नै रचेको छ॥ ३॥

**ए महि परहिं डासि कुस पाता। सुभग सेज कत सृजत बिधाता॥**
**तरुबर बास इन्हहि बिधि दीन्हा। धवल धाम रचि रचि श्रमु कीन्हा॥**

जब यिनीहरू कुश र पात बिछ्याएर जमिनमा नै बसिरहन्छन् भने विधाताले सुन्दर खाट र बिछ्यौना कसको लागि (कुन कारणले) बनाएको छ? विधाताले जब यिनीहरूलाई ठूला-ठूला रूखको [तल] निवास दिएको छ, भने उज्ज्वल महलहरू बनाएर उसले व्यर्थ नै परिश्रम गर्‍यो॥ ४॥

दो०— **जौं ए मुनि पट धर जटिल सुंदर सुठि सुकुमार।**
**बिबिध भाँति भूषन बसन बादि किए करतार॥ ११९॥**

जब यिनीहरू सुन्दर र अत्यन्त सुकुमार भएर मुनिहरूका (वल्कल) वस्त्र लगाएका छन् र जटा धारण गर्छन्, भने फेरि विधाताले नाना थरीका गहना र कपडा बेकारमा (बृथा) नै बनायो॥ ११९॥

**जौं ए कंद मूल फल खाहीं। बादि सुधादि असन जग माहीं॥**
**एक कहहिं ए सहज सुहाए। आपु प्रगट भए बिधि न बनाए॥**

जब यिनीहरूले कन्द, मूल, फल खान्छन् भने जगत्मा अमृत आदि (५६ प्रकारका) भोजन व्यर्थ नै छन्। कुनै एक जना भन्छन्— यिनी स्वभावले नै सुन्दर छन् [यिनीहरूको सौन्दर्य-माधुर्य नित्य र स्वाभाविक छ]। यिनी आफैं प्रकट भएका हुन्, ब्रह्माले बनाएका होइनन्॥ १॥

**जहँ लगि बेद कही बिधि करनी। श्रवन नयन मन गोचर बरनी॥**
**देखहु खोजि भुअन दस चारी। कहँ अस पुरुष कहाँ असि नारी॥**

हाम्रा कान, नेत्र र मनद्वारा अनुभवमा आउने विधाताको कार्यलाई जहाँसम्म वेदहरूले वर्णन गरेका छन्, त्यहाँसम्म चौध लोकमा नै खोजेर हेर, यस्ता पुरुष र यस्ती स्त्री कहाँ छन्?

[कहीं पनि छैनन्, यसैले सिद्ध हुन्छ कि यी विधाताका चौध लोकबाट अलग छन् र आफ्नो महिमाले नै आफैं निर्मित भएका हुन्]॥ २॥

**इन्हहि देखि बिधि मनु अनुरागा। पटतर जोग बनावै लागा॥**
**कीन्ह बहुत श्रम ऐक न आए। तेहिं इरिषा बन आनि दुराए॥**

यिनलाई देखेर विधाताको मन अनुरक्त (मुग्ध) भयो, अनि उसले पनि यिनको उपमाको योग्य अर्को स्त्री-पुरुष बनाउन लाग्यो। उसले धेरै परिश्रम गऱ्यो, परन्तु कुनै उसको अड्कल (अन्दाज)-मा नै आएन। यही ईर्ष्याले गर्दा उसले यिनलाई जङ्गलमा ल्याएर लुकाएको हो॥ ३॥

**एक कहहिं हम बहुत न जानहिं। आपुहि परम धन्य करि मानहिं॥**
**ते पुनि पुन्यपुंज हम लेखे। जे देखहिं देखिहहिं जिन्ह देखे॥**

कुनै एक जना भन्छन्—मैले धेरै जान्दिन। अँ, आफूलाई परम धन्य अवश्य मान्छु [जसले यिनीहरूको दर्शन गरेका छन्] र मेरो सोचाइ (विचार) मा उनी पनि धेरै ठूला पुण्यवान् छन्, जसले यिनीहरूलाई देखेका छन्, जसले देखिरहेका छन् र जसले देख्नेछन्॥ ४॥

दो०— **एहि बिधि कहि कहि बचन प्रिय लेहिं नयन भरि नीर।**
**किमि चलिहहिं मारग अगम सुठि सुकुमार सरीर॥ १२०॥**

यस्ता प्रकारका प्रिय वचन बारम्बार भनेर सबैका नेत्रमा [प्रेमाश्रुका] जल भरिरहेका छन् र भनेका छन् कि यी अत्यन्तै सुकुमार शरीर भएका दुर्गम मार्गमा कसरी हिंड्छन्?॥ १२०॥

**नारि सनेह बिकल बस होहीं। चकईं साँझ समय जनु सोहीं॥**
**मृदु पद कमल कठिन मगु जानी। गहबरि हृदयँ कहहिं बर बानी॥**

स्त्रीहरू स्नेहवश भावविह्वल भएका छन्। मानौं सन्ध्याको समय चखेवी [भावी वियोगको पीडाले] सुतिरहेकी छे। (चिन्ताले दुःखी भएकी छे)। यिनीहरूका चरणकमललाई कोमल र मार्गलाई कठोर जानेर उनीहरू गद्गद र व्याकुल हृदयले उत्तम वाणीमा भने— ॥ १॥

**परसत मृदुल चरन अरुनारे। सकुचति महि जिमि हृदय हमारे॥**
**जौं जगदीस इन्हहि बनु दीन्हा। कस न सुमनमय मारगु कीन्हा॥**

यिनका कोमल र राता-राता-चरण (पैताला) ले छुँदा नै पृथ्वी उस्तै प्रकारले लाज मान्छिन्, जस्तो हाम्रो हृदयले लाज मानेको छ। जगदीश्वरले यदि यिनीहरूलाई वनवास नै दिएको हो भने सारा बाटो पुष्पमय किन बनाएन?॥ २॥

**जौं मागा पाइअ बिधि पाहीं। ए रखिअहिं सखि आँखिन्ह माहीं॥**
**जे नर नारि न अवसर आए। तिन्ह सिय रामु न देखन पाए॥**

यदि ब्रह्मासँग माग्दाखेरि प्राप्त भएमा त हे सखी! [हामीले त उनीसँग मागेर] यिनलाई आफ्नै आँखामा नै राख्नेछौं! जो नर-नारी यस अवसरमा आएका छैनन्, उनीहरूले श्रीसीतारामजीलाई देख्न पाएनन्॥ ३॥

**सुनि सुरूपु बूझहिं अकुलाई। अब लगि गए कहाँ लगि भाई॥**
**समरथ धाइ बिलोकहिं जाई। प्रमुदित फिरहिं जनमफलु पाई॥**

उहाँहरूको सौन्दर्य सुनेर उनीहरू भावविह्वल भएर सोध्दछन् कि हे भाइ! यतिखेर उनी कहाँसम्म पुगेका होलान्? अनि जो समर्थ छन् उनीहरू दौडदै गएर उहाँहरूको दर्शन गर्छन् र जन्मको (जीवनको) परम फल पाएर, विशेष रूपमा आनन्दित हुँदै फर्केर आउँछन्॥ ४॥

दो०— **अबला बालक बृद्ध जन कर मीजहिं पछिताहिं।**
**होहिं प्रेमबस लोग इमि रामु जहाँ जहँ जाहिं॥ १२१॥**

[गर्भवती, प्रसूति आदि] अबला स्त्रीहरू, बच्चा र बूढा-बूढी [दर्शन नपाउनाले] हात मिच्दछन् र पछुताउँछन्। यस प्रकार जहाँ-जहाँ रामचन्द्रजी जानुहुन्छ, त्यहाँ-त्यहाँका मानिसहरू प्रेमको वशमा हुन्छन् ॥ १२१॥

**गावँ गावँ अस होइ अनंदू। देखि भानुकुल कैरव चंदू॥**
**जे कछु समाचार सुनि पावहिं। ते नृप रानिहि दोसु लगावहिं॥**

सूर्यकुलरूपी कमल (कमलिनी) लाई प्रफुल्लित गर्नेवाला चन्द्रमास्वरूप श्रीरामचन्द्रको दर्शन गरेर गाउँ-गाउँमा यस्तो आनन्द भइरहेको छ। जुन मानिसले [वनवास दिएको] कुनै पनि समाचार सुन्दथे, उनीहरूले राजा-रानी [दशरथ-कैकेयी] लाई दोष लगाउँदथे॥ १॥

**कहहिं एक अति भल नरनाहू। दीन्ह हमहि जोइ लोचन लाहू॥**
**कहहिं परसपर लोग लोगाईं। बातें सरल सनेह सुहाईं॥**

कुनै एउटीले भन्छिन् कि राजा धेरै नै असल हुनुहुन्छ जसले हामीलाई आफ्नो नेत्रको लाभ दिनुभयो। स्त्री-पुरुष सबै आपसमा सीधा, स्नेहपूर्ण सुन्दर कुरा गरिरहेका छन्॥ २॥

**ते पितु मातु धन्य जिन्ह जाए। धन्य सो नगरु जहाँ तें आए॥**
**धन्य सो देसु सैलु बन गाऊँ। जहँ जहँ जाहिं धन्य सोइ ठाऊँ॥**

[भन्दछन् कि—] ती आमा-बाबु धन्य छन्, जसले यिनीहरूलाई जन्म दिए। त्यो नगर धन्य छ, जहाँबाट आएका छन्। त्यो देश, पर्वत, वन र गाउँ धन्य छ र त्यो ठाउँ धन्य हुनेछ, जहाँ-जहाँ यिनीहरू जानेछन्॥ ३॥

**सुखु पायउ बिरंचि रचि तेही। ए जेहि के सब भाँति सनेही॥**
**राम लखन पथि कथा सुहाई। रही सकल मग कानन छाई॥**

ब्रह्माले यिनैलाई रचेर सुख पाएका छन्, जसका यी (श्रीराम) सबै प्रकारले स्नेही छन्। पथिकरूप (बटुवाको रूप) श्रीराम-लक्ष्मणको यो सुन्दर कथा सबै मार्ग र जङ्गलमा फैलियो॥ ४॥

दो०— **एहि बिधि रघुकुल कमल रबि मग लोगन्ह सुख देत।**
**जाहिं चले देखत बिपिन सिय सौमित्रि समेत॥ १२२॥**

रघुकुलरूपी कमललाई फुलाउने सूर्य श्रीरामचन्द्र यस प्रकार मार्गका मानिसहरूलाई सुख दिंदै सीताजी र लक्ष्मणजीसहित वनलाई हेर्दै हिँडिरहनुभएको छ॥ १२२॥

**आगें रामु लखनु बने पाछें। तापस बेष बिराजत काछें॥**
**उभय बीच सिय सोहति कैसें। ब्रह्म जीव बिच माया जैसें॥**

अगाडि रामजी हुनुहुन्छ, पछाडि लक्ष्मणजी सुशोभित हुनुहुन्छ। तपस्वीको वेष बनाएर दुवैले धेरै नै शोभा पाइरहनुभएको छ। दुवैको बीचमा सीताजी कसरी सुशोभित हुनुभएको छ, जसरी ब्रह्म र जीवको बीचमा माया!॥ १॥

**बहुरि कहउँ छबि जसि मन बसई। जनु मधु मदन मध्य रति लसई॥**
**उपमा बहुरि कहउँ जियँ जोही। जनु बुध बिधु बिच रोहिनि सोही॥**

फेरि जस्तो छवि मेरो मनमा बसिरहेको छ, उसलाई भन्दछु—मानौं वसन्तऋतु र कामदेवको बीचमा रति शोभित भएकी छ। फेरि आफ्नो हृदयमा खोजेर उपमा भन्दछु कि मानौं बुध (चन्द्रमाको पुत्र) र चन्द्रमाको बीचमा रोहिणी (चन्द्रमाकी स्त्री) सुतिरहेकी छिन्॥ २॥

**प्रभु पद रेख बीच बिच सीता। धरति चरन मग चलति सभीता॥**
**सीय राम पद अंक बराएँ। लखन चलहिं मगु दाहिन लाएँ॥**

प्रभु श्रीरामचन्द्रका [जमिनमा अङ्कित हुने दुवै] चरणचिह्नको बीच-बीचमा चरण राख्दै सीताजी [कतै भगवान्‌का चरणचिह्नहरूमा आफ्ना चरण नपरून् भनेर] डराउँदै मार्गमा हिंडिरहनुभएको छ र लक्ष्मणजी [मर्यादा रक्षाको लागि] सीताजी र रामचन्द्रजी दुवैका चरणचिन्हहरूलाई बचाउँदै उनलाई दाहिनेतर्फ पारेर बाटोमा हिंडिरहनुभएको छ॥ ३॥

**राम लखन सिय प्रीति सुहाई। बचन अगोचर किमि कहि जाई॥**
**खग मृग मगन देखि छबि होहीं। लिए चोरि चित राम बटोहीं॥**

श्रीराम, लक्ष्मणजी र सीताजीको सुन्दर प्रीति वाणीको विषय होइन (अर्थात् अनिर्वचनीय छ), अतः उसलाई कसरी भन्न सकिन्छ? पक्षी र पशु पनि त्यस छविलाई देखेर (प्रेमानन्दमा) मग्न हुन्छन्। पथिकरूप श्रीरामचन्द्रले तिनीहरूको पनि चित्तलाई चोर्नुभएको छ॥ ४॥

दो०— **जिन्ह जिन्ह देखे पथिक प्रिय सिय समेत दोउ भाइ।**
**भव मगु अगमु अनंदु तेइ बिनु श्रम रहे सिराइ॥ १२३॥**

प्यारा पथिक सीताजीसहित दुवै भाइलाई ज-जसले देखे, उनीहरूले भवको अगम मार्ग (जन्म-मृत्युरूपी संसारमा भ्रमण गर्ने भयानक मार्ग) परिश्रमविना नै आनन्दका साथ तर्न सके (अर्थात् उनीहरू आवागमनको चक्रबाट सहज नै छुटेर मुक्त भए)॥ १२३॥

**अजहुँ जासु उर सपनेहुँ काऊ। बसहुँ लखनु सिय रामु बटाऊ॥**
**राम धाम पथ पाइहि सोई। जो पथ पाव कबहुँ मुनि कोई॥**

आज पनि जसको हृदयमा सपनामा पनि कहिल्यै लक्ष्मण, सीता, राम तीनै बटुवाहरू आएर

बसेका छन् भने उसले पनि श्रीरामको परमधामको त्यस मार्गलाई पाउनेछ जुन मार्गलाई कहिले–काहीं कुनै विरलै मुनिले मात्र पाउँछन्॥ १॥

**तब रघुबीर श्रमित सिय जानी। देखि निकट बटु सीतल पानी॥**
**तहँ बसि कंद मूल फल खाई। प्रात नहाइ चले रघुराई॥**

अनि श्रीरामचन्द्रजी सीताजीलाई थाकेको जानेर र समीप (नजिक) नै एक बरको वृक्ष तथा चिसो पानी देखेर त्यस दिन त्यहीं बस्नुभयो। कन्द–मूल, फल खाएर [रातभर त्यहाँ रहेर] प्रातःकाल स्नान गरेर श्रीरघुनाथ अघि बढ्नुभयो॥ २॥

## श्रीराम-वाल्मीकि-संवाद

**देखत बन सर सैल सुहाए। बालमीकि आश्रम प्रभु आए॥**
**राम दीख मुनि बासु सुहावन। सुंदर गिरि काननु जलु पावन॥**

सुन्दर वन, पोखरी र पर्वतलाई हेर्दै प्रभु रामचन्द्रजी वाल्मीकिजीको आश्रममा आउनुभयो। श्रीरामचन्द्रले देख्नुभयो कि मुनिको निवासस्थान धेरै नै सुन्दर छ, जहाँ सुन्दर पर्वत, वन र पवित्र जल छ॥ ३॥

**सरनि सरोज बिटप बन फूले। गुंजत मंजु मधुप रस भूले॥**
**खग मृग बिपुल कोलाहल करहीं। बिरहित बैर मुदित मन चरहीं॥**

तलाउमा कमल र वनमा वृक्ष फुलिरहेका छन् तथा मकरन्द–रसमा आनन्दमग्न हुँदै भमराले सुन्दर आवाज (गुञ्जन) गरिरहेका छन्। धेरै नै पक्षी र पशु कोलाहल गरिरहेका छन् र वैरबाट रहित भएर प्रसन्न मनले भ्रमण गरेका छन्॥ ४॥

दो०— **सुचि सुंदर आश्रमु निरखि हरषे राजिवनेन।**
**सुनि रघुबर आगमनु मुनि आगें आयउ लेन॥ १२४॥**

पवित्र र सुन्दर आश्रमलाई देखेर कमलनयन श्रीरामचन्द्र हर्षित हुनुभयो। रघुश्रेष्ठ श्रीरामको आगमन सुनेर मुनि वाल्मीकिजी उहाँलाई लिन (स्वागत गर्न) को लागि आउनुभयो॥ १२४॥

**मुनि कहुँ राम दंडवत कीन्हा। आसिरबादु बिप्रबर दीन्हा॥**
**देखि राम छबि नयन जुड़ाने। करि सनमानु आश्रमहिं आने॥**

श्रीरामचन्द्रले मुनिलाई दण्डवत् गर्नुभयो। विप्रश्रेष्ठ मुनिले उहाँलाई आशीर्वाद दिनुभयो। श्रीरामचन्द्रको रूपलाई देखेर मुनिका नेत्र शीतल भए। सम्मानपूर्वक मुनिले उहाँलाई आश्रममा ल्याउनुभयो॥ १॥

**मुनिबर अतिथि प्रानप्रिय पाए। कंद मूल फल मधुर मगाए॥**
**सिय सौमित्रि राम फल खाए। तब मुनि आश्रम दिए सुहाए॥**

श्रेष्ठ मुनि वाल्मीकिजीले प्राणप्रिय अतिथिहरूलाई पाएर उहाँहरूको लागि मधुर कन्द, मूल र फल झिकाउनुभयो। श्रीसीता, लक्ष्मणजी र रामचन्द्रजीले फलहरू खानुभयो। त्यसपछि मुनिले उहाँहरूलाई [विश्राम गर्नको लागि] सुन्दर स्थान बताउनुभयो॥ २॥

**बालमीकि मन आनँदु भारी। मंगल मूरति नयन निहारी॥**
**तब कर कमल जोरि रघुराई। बोले बचन श्रवन सुखदाई॥**

[मुनि श्रीरामका नजिक बस्नुभयो र उहाँको] मङ्गल-मूर्तिलाई नेत्रले देख्दा वाल्मीकिजीको मनमा अति धेरै आनन्द भइरहेको छ। अनि श्रीरघुनाथले कमलसदृश हातहरू जोडेर, कानलाई सुख दिने मधुर वचन भन्नुभयो— ॥ ३ ॥

**तुम्ह त्रिकाल दरसी मुनिनाथा। बिस्व बदर जिमि तुम्हरें हाथा॥**
**अस कहि प्रभु सब कथा बखानी। जेहि जेहि भाँति दीन्ह बनु रानी॥**

हे मुनिनाथ! हजुर त्रिकालदर्शी हुनुहुन्छ। सम्पूर्ण विश्व हजुरको लागि हत्केलोमा राखेको बयरको समान छ। प्रभु रामचन्द्रजीले यस्तो भनेर फेरि जुन-जुन प्रकारले रानी कैकेयीले वनवास दिइन्, त्यो सबै कथा विस्तारपूर्वक सुनाउनुभयो॥ ४॥

दो०—**तात बचन पुनि मातु हित भाइ भरत अस राउ।**
**मो कहुँ दरस तुम्हार प्रभु सबु मम पुन्य प्रभाउ॥ १२५॥**

[र भन्नुभयो—] हे प्रभु! पिताको आज्ञा [लाई पालन], माताको हित र भरतजस्तो [स्नेही एवं धर्मात्मा] भाइ राजा हुनु र फेरि मलाई हजुरको दर्शन हुनु, यो सबै मेरो पुण्यको प्रभाव हो॥ १२५॥

**देखि पाय मुनिराय तुम्हारे। भए सुकृत सब सुफल हमारे॥**
**अब जहँ राउर आयसु होई। मुनि उदबेगु न पावै कोई॥**

हे मुनिराज! हजुरका चरणको दर्शन गरेर आज हाम्रो सबै पुण्य सफल भयो (हामीलाई सारा पुण्यहरूको फल मिल्यो)। अब जता हजुरको आज्ञा हुन्छ र जहाँ कुनै पनि मुनिलाई उद्वेग (दुःख, अड्चन) नहोस्— ॥ १ ॥

**मुनि तापस जिन्ह तें दुखु लहहीं। ते नरेस बिनु पावक दहहीं॥**
**मंगल मूल बिप्र परितोषू। दहइ कोटि कुल भूसुर रोषू॥**

किनकि जसबाट मुनि र तपस्वीले दुःख पाउँछन्, त्यो राजा अग्निविना नै (आफ्नो दुष्ट कर्मले) जलेर भस्म हुन्छ। ब्राह्मणहरूको सन्तोष सबै मङ्गलहरूको जड हो र भूदेव (ब्राह्मण) हरूको क्रोधले करोडौं कुलहरूलाई भस्म गर्दछ॥ २॥

**अस जियँ जानि कहिअ सोइ ठाऊँ। सिय सौमित्रि सहित जहँ जाऊँ॥**
**तहँ रचि रुचिर परन तृन साला। बासु करौं कछु काल कृपाला॥**

यस्तो हृदयमा सम्झेर—त्यस्तो ठाउँ बताउनुहोस् जहाँ म लक्ष्मण र सीतासहित जाऊँ र त्यहाँ सुन्दर पात र घाँसको कुटी बनाएर, हे दयालु! केही समय निवास गरौं॥ ३॥

**सहज सरल सुनि रघुबर बानी। साधु साधु बोले मुनि ग्यानी॥**
**कस न कहहु अस रघुकुल केतू। तुम्ह पालक संतत श्रुति सेतू॥**

श्रीरामका सहज नै सरल वाणी सुनेर ज्ञानी मुनि वाल्मीकिजीले भन्नुभयो—धन्य! धन्य! हे रघुकुलका ध्वजारूप! हजुरले यस्तो किन भन्नुहुन्नथ्यो? हजुरले सदैव वेदको मर्यादालाई पालन (रक्षण) गर्नुहुन्छ॥ ४॥

छं०— **श्रुति सेतु पालक राम तुम्ह जगदीस माया जानकी।**
**जो सृजति जगु पालति हरति रुख पाइ कृपानिधान की॥**
**जो सहससीसु अहीसु महिधरु लखनु सचराचर धनी।**
**सुर काज धरि नरराज तनु चले दलन खल निसिचर अनी॥**

हे राम! हजुर वेदको मर्यादाका रक्षक जगदीश्वर हुनुहुन्छ र जानकीजी [हजुरकी स्वरूपभूता] माया हुनुहुन्छ, जुन कृपाका भण्डार र हजुरको भाव बुझेर जगत्‌लाई सृजन, पालन र संहार गर्नुहुन्छ। जो हजार शिर भएका सर्पहरूका स्वामी र पृथ्वीलाई आफ्नो शिरमा धारण गर्नुहुन्छ, उनै चराचरका स्वामी शेषजी लक्ष्मण हुनुहुन्छ। देवताहरूको कार्यको लागि हजुरले राजाको शरीर धारण गरेर दुष्ट राक्षसहरूका सेनालाई नाश गर्नको लागि हिंड्नुभएको छ।

सो०— **राम सरूप तुम्हार बचन अगोचर बुद्धिपर।**
**अबिगत अकथ अपार नेति नेति नित निगम कह॥ १२६॥**

हे राम! हजुरको स्वरूप वाणीबाट अगोचर (वाणीले वर्णन गर्न नसकिने), बुद्धिभन्दा पर, अव्यक्त (व्यक्त गर्न नसकिने), अकथनीय (भन्न नसकिने) र अपार छ। वेदले निरन्तर उसलाई 'नेति-नेति' भनेर वर्णन गर्छन्॥ १२६॥

**जगु पेखन तुम्ह देखनिहारे। बिधि हरि संभु नचावनिहारे॥**
**तेउ न जानहिं मरमु तुम्हारा। औरु तुम्हहि को जाननिहारा॥**

हे राम! जगत् दृश्य छ, हजुर त्यसलाई हेर्नेवाला हुनुहुन्छ। हजुर ब्रह्मा, विष्णु र शङ्करलाई पनि नचाउनेवाला हुनुहुन्छ। जब उहाँहरूले पनि हजुरको मर्मलाई जान्नु हुँदैन भने अरू कसले हजुरलाई जान्दछ?॥ १॥

**सोइ जानइ जेहि देहु जनाई। जानत तुम्हहि तुम्हइ होइ जाई॥**
**तुम्हरिहि कृपाँ तुम्हहि रघुनंदन। जानहिं भगत भगत उर चंदन॥**

उसैले हजुरलाई जान्दछ जसलाई हजुरले जान्ने बनाइदिनुहुन्छ र जान्दा नै ऊ पनि हजुरको स्वरूप बन्दछ। हे रघुनन्दन! हे भक्तहरूका हृदयलाई शीतल गरिदिने चन्दन! हजुरको नै कृपाले भक्तले हजुरलाई जान्दछन्॥ २॥

**चिदानंदमय देह तुम्हारी। बिगत बिकार जान अधिकारी॥**
**नर तनु धरेहु संत सुर काजा। कहहु करहु जस प्राकृत राजा॥**

हजुरको शरीर चिदानन्दमय छ (यो प्रकृतिजन्य पञ्चमहाभूतबाट बनेको कर्मबन्धनयुक्त, त्रिदेहविशिष्ट मायिक होइन) र [उत्पत्ति-नाश, वृद्धि-क्षय आदि] सबै विकारबाट रहित छ; यस

रहस्यलाई अधिकारी पुरुष नै जान्दछन्। हजुरले देवता र सन्तको कार्यको लागि [दिव्य] नर-शरीर धारण गर्नुभएको छ र प्राकृत (प्रकृतिको तत्त्वबाट निर्मित शरीर भएका, साधारण) राजाहरूका झैं भन्नुहुन्छ र गर्नुहुन्छ॥ ३॥

**राम देखि सुनि चरित तुम्हारे। जड़ मोहहिं बुध होहिं सुखारे॥**
**तुम्ह जो कहहु करहु सबु साँचा। जस काछिअ तस चाहिअ नाचा॥**

हे राम! हजुरका चरित्रलाई देखेर र सुनेर मूर्खहरू (आसुरी सम्पत्तिवाला) लाई मोह प्राप्त हुन्छ र ज्ञानी जन (बुद्धिमान्, दैवी सम्पत्तिवाला) सुखी हुन्छन्। हजुरले जे जति भन्नुहुन्छ, गर्नुहुन्छ, त्यो सबै सत्य (उचित) नै छ; किनकि जस्तो स्वाङ रचिन्छ उस्तै नाच्न पनि पर्‍यो [यस समय हजुरले मनुष्यरूपको स्वाङ रच्नुभएको छ, अतः मनुष्योचित व्यवहार गर्न ठीक नै छ]॥ ४॥

दो०— **पूँछेहु मोहि कि रहौं कहँ मैं पूँछत सकुचाउँ।**
**जहँ न होहु तहँ देहु कहि तुम्हहि देखावौं ठाउँ॥ १२७॥**

हजुरले मसँग सोध्नुभयो कि म कहाँ रहौं (बसौं)? परन्तु मलाई यो सोध्न सङ्कोच भएको छ कि जहाँ हजुर हुनुहुन्न, त्यो ठाउँ बताउनुहोस्। अनि मैले हजुर रहन (बस्न) को लागि ठाउँ देखाउँछु॥ १२७॥

**सुनि मुनि बचन प्रेम रस साने। सकुचि राम मन महुँ मुसुकाने॥**
**बालमीकि हँसि कहहिं बहोरी। बानी मधुर अमिअ रस बोरी॥**

मुनिका प्रेमरसमा मुछिएका वचन सुनेर श्रीरामचन्द्र [रहस्य खुल्ने डरले] लाज मान्दै मनमा मुस्कुराउनुभयो। वाल्मीकिजीले हाँसेर फेरि अमृत-रसमा डुबाएका मीठा वाणी भन्नुभयो— ॥ १॥

**सुनहु राम अब कहउँ निकेता। जहाँ बसहु सिय लखन समेता॥**
**जिन्ह के श्रवन समुद्र समाना। कथा तुम्हारि सुभग सरि नाना॥**

हे रामजी! सुन्नुहोस्, अब मैले त्यही ठाउँ बताउँछु जहाँ हजुर, सीता र लक्ष्मणजी समेत निवास गर्नुहोस्। जसका कान समुद्रको झैं हजुरको सुन्दर कथारूपी अनेकौं सुन्दर नदीहरूबाट— ॥ २॥

**भरहिं निरंतर होहिं न पूरे। तिन्ह के हिय तुम्ह कहुँ गृह रूरे॥**
**लोचन चातक जिन्ह करि राखे। रहहिं दरस जलधर अभिलाषे॥**

निरन्तर भरिइरहन्छन्, परन्तु कहिल्यै पूरा (तृप्त) हुँदैनन्, उनको हृदय हजुरको लागि सुन्दर घर हो र जसले आफ्ना नेत्रलाई चातक (काकाकुल) बनाएर राखेका छन्, जो हजुरको दर्शनरूपी मेघको लागि सधैं लालायित रहन्छन्;॥ ३॥

**निदरहिं सरित सिंधु सर भारी। रूप बिंदु जल होहिं सुखारी॥**
**तिन्ह कें हृदय सदन सुखदायक। बसहु बंधु सिय सह रघुनायक॥**

तथा जसले ठूला-ठूला नदीहरू, समुद्रहरू र तलाउहरूलाई निरादर गर्छन् र हजुरको सौन्दर्य [रूपी मेघ] को एक थोपा (थोप्ला) जलबाट सुखी हुने गर्छन् (अर्थात् हजुरको दिव्य सच्चिदानन्दमय स्वरूपको कुनै एक अङ्गको अलिकति पनि झाँकीको सामुन्ने स्थूल, सूक्ष्म र कारण तीनै जगत्‌का,

अर्थात् पृथ्वी, स्वर्ग र ब्रह्मलोकसम्मको सौन्दर्यलाई तिरस्कार गर्दछन्), हे रघुनाथजी! उनीहरूका हृदयरूपी सुखदायी भवनहरूमा हजुर भाइ लक्ष्मणजी र सीताजीसहित निवास गर्नुहोस्॥ ४॥

**दो०— जसु तुम्हार मानस बिमल हंसिनि जीहा जासु।**
**मुकताहल गुन गन चुनइ राम बसहु हियँ तासु॥ १२८॥**

हजुरको यशरूपी निर्मल मानसरोवरमा जसको जिब्रोले हंसिनी बनेर हजुरका गुणसमूहरूपी मोतीलाई पक्षीले चारो टिप्दा झैं टिप्दछन्, हे रामजी! हजुर उसको हृदयमा निवास गर्नुहोस्॥ १२८॥

**प्रभु प्रसाद सुचि सुभग सुबासा। सादर जासु लहइ नित नासा॥**
**तुम्हहि निबेदित भोजन करहीं। प्रभु प्रसाद पट भूषन धरहीं॥**

जसको नासिका प्रभु (हजुर) का पवित्र र सुगन्धित [पुष्पादि] सुगन्धित प्रसादलाई नित्य आदरका साथ ग्रहण (सुँघ्ने) गर्ने गर्छन् र जसले हजुरलाई अर्पण गरेर भोजन गर्छन् तथा हजुरको प्रसादरूप नै वस्त्राभूषणको रूपमा धारण गर्छन्;॥ १॥

**सीस नवहिं सुर गुरु द्विज देखी। प्रीति सहित करि बिनय बिसेषी॥**
**कर नित करहिं राम पद पूजा। राम भरोस हृदयँ नहिं दूजा॥**

जसको शिर देवता, गुरु र ब्राह्मणहरूलाई देखेर अति नम्रताका साथ प्रेमसहित निहुरिन्छन्; जसको हातले नित्य रामचन्द्र (हजुर) का चरणहरूको पूजा गर्दछन् र जसको हृदयमा श्रीरामचन्द्र (हजुर) को बाहेक अर्को भरोसा छैन;॥ २॥

**चरन राम तीरथ चलि जाहीं। राम बसहु तिन्ह के मन माहीं॥**
**मंत्रराजु नित जपहिं तुम्हारा। पूजहिं तुम्हहि सहित परिवारा॥**

तथा जसका चरण श्रीरामचन्द्र (हजुर) का तीर्थमा हिंडेर जान्छन्; हे रामजी, हजुर उसैका मनमा निवास गर्नुहोस्। जसले नित्य हजुरको [रामनामरूप] मन्त्रराजलाई जप्दछन् र परिवार-सहित हजुरको पूजा गर्दछन्॥ ३॥

**तरपन होम करहिं बिधि नाना। बिप्र जेवाँइ देहिं बहु दाना॥**
**तुम्ह तें अधिक गुरहि जियँ जानी। सकल भायँ सेवहिं सनमानी॥**

जसले अनेक प्रकारका तर्पण र हवन गर्दछन्, तथा ब्राह्मणहरूलाई भोजन गराएर धेरै दान दिन्छन्; तथा जसले गुरुलाई हृदयमा हजुरभन्दा पनि अधिक (ठूलो) जानेर सर्वभावले सम्मान गरेर उनको सेवा गर्दछन्॥ ४॥

**दो०— सबु करि मगहिं एक फलु राम चरन रति होउ।**
**तिन्ह कें मन मंदिर बसहु सिय रघुनदन दोउ॥ १२९॥**

र यी सबै कर्म गरेर सबैको एउटै मात्र यही फल माग्दछन् कि श्रीरामचन्द्रको चरणमा मेरो (हाम्रो) प्रीति होस्, उनीहरूकै मनरूपी मन्दिरहरूमा सीताजी र रघुकुललाई आनन्दित गर्नेवाला हजुर दुवै (भाइ) बस्नुहोस्॥ १२९॥

**काम कोह मद मान न मोहा। लोभ न छोभ न राग न द्रोहा॥**
**जिन्ह कें कपट दंभ नहिं माया। तिन्ह कें हृदय बसहु रघुराया॥**

जसलाई न काम, क्रोध, मद, अभिमान र मोह नै छ; न लोभ छ, न क्षोभ छ; न राग छ, न द्वेष छ र न कपट, दम्भ र माया नै छ—हे रघुराज! हजुर उनको हृदयमा निवास गर्नुहोस् ॥ १ ॥

**सब के प्रिय सब के हितकारी। दुख सुख सरिस प्रसंसा गारी॥**
**कहहिं सत्य प्रिय बचन बिचारी। जागत सोवत सरन तुम्हारी॥**

जसले सबैको प्रिय र सबैको हित गर्दछन्, जसलाई दुःख र सुख तथा प्रशंसा र गाली समान छ, जसले विचार गरेर सत्य र प्रिय वचन बोल्दछन् तथा बिउँझदा-सुत्दा हजुरको नै शरणमा छन्॥ २ ॥

**तुम्हहि छाड़ि गति दूसरि नाहीं। राम बसहु तिन्ह के मन माहीं॥**
**जननी सम जानहिं परनारी। धनु पराव बिष तें बिष भारी॥**

र हजुरलाई छोडेर जसको अर्को कुनै गति (आश्रय) छैन, हे रामजी! हजुर उसका मनमा बस्नुहोस्। जसले अर्काकी स्त्रीलाई जन्म दिने आमाका समान जान्दछ र अर्का (पराई) को धन जसलाई विषभन्दा पनि भारी विष लाग्दछ;॥ ३ ॥

**जे हरषहिं पर संपति देखी। दुखित होहिं पर बिपति बिसेषी॥**
**जिन्हहि राम तुम्ह प्रानपिआरे। तिन्ह के मन सुभ सदन तुम्हारे॥**

जुन अर्काको सम्पत्ति देखेर हर्षित हुन्छन् र अर्काको विपत्ति देखेर विशेष रूपले दुःखी हुन्छन् र हे रामजी! जसलाई हजुर प्राणका समान प्यारो हुनुहुन्छ, उनको (उनीहरू) को मन हजुर बस्नको लागि शुभ भवन हो॥ ४ ॥

दो०— **स्वामि सखा पितु मातु गुर जिन्ह के सब तुम्ह तात।**
**मन मंदिर तिन्ह कें बसहु सीय सहित दोउ भ्रात॥ १३० ॥**

हे राम! जसका स्वामी, सखा, पिता, माता र गुरु सबै चीज हजुर नै हुनुहुन्छ, उसको मनरूपी मन्दिरमा सीतासहित हजुर दुवै भाइ निवास गर्नुहोस्॥ १३० ॥

**अवगुन तजि सब के गुन गहहीं। बिप्र धेनु हित संकट सहहीं॥**
**नीति निपुन जिन्ह कइ जग लीका। घर तुम्हार तिन्ह कर मनु नीका॥**

जसले अवगुणहरूलाई छोडेर सबै गुणहरूलाई ग्रहण गर्छन्, ब्राह्मण र गाईको लागि सङ्कट सहन्छन्, नीति-निपुणतामा जसको जगत्मा मर्यादा छ, उसको सुन्दर मन हजुरको घर हो॥ १ ॥

**गुन तुम्हार समुझइ निज दोसा। जेहि सब भाँति तुम्हार भरोसा॥**
**राम भगत प्रिय लागहिं जेही। तेहि उर बसहु सहित बैदेही॥**

जसले गुणहरूलाई हजुरको र दोषहरूलाई आफ्नो (कारणले) सम्झन्छ, जसलाई सबै प्रकारले हजुरको नै भरोसा छ र रामभक्त जसलाई प्यारो लाग्दछन्, उसको हृदयमा हजुर सीताजीसहित निवास गर्नुहोस्॥ २ ॥

**जाति पाँति धनु धरमु बड़ाई। प्रिय परिवार सदन सुखदाई॥**
**सब तजि तुम्हहि रहइ उर लाई। तेहि के हृदयँ रहहु रघुराई॥**

जाति, पाति, धन, धर्म, प्रशंसा, प्यारो परिवार र सुख दिने घर— सबैलाई छोडेर जसले केवल हजुरलाई नै हृदयमा धारण गर्दछ, हे रघुनाथजी! हजुर उसको हृदयमा रहनुहोस्॥ ३॥

**सरगु नरकु अपबरगु समाना। जहँ तहँ देख धरें धनु बाना॥**
**करम बचन मन राउर चेरा। राम करहु तेहि कें उर डेरा॥**

स्वर्ग, नरक र मोक्ष जसको दृष्टिमा समान छन्, किनकि उसले जहाँसुकै (सबै ठाउँ) केवल धनुष-बाण धारण गर्नुभएका हजुरलाई नै देख्दछ र जुन कर्म, वचन र मनले हजुरको दास छ, हे रामजी! हजुर उसको हृदयमा डेरा गर्नुहोस्॥ ४॥

दो०— **जाहि न चाहिअ कबहुँ कछु तुम्ह सन सहज सनेहु।**
**बसहु निरंतर तासु मन सो राउर निज गेहु॥ १३१॥**

जसलाई कहिल्यै केही पनि चाहिंदैन र जसको हजुरसँग स्वाभाविक प्रेम छ, हजुर उसको मनमा निरन्तर निवास गर्नुहोस्; त्यो हजुरको आफ्नो घर हो॥ १३१॥

## * चित्रकूटमा निवास, कोल-भिल्लद्वारा सेवा *

**एहि बिधि मुनिबर भवन देखाए। बचन सप्रेम राम मन भाए॥**
**कह मुनि सुनहु भानुकुलनायक। आश्रम कहउँ समय सुखदायक॥**

यस प्रकार मुनिश्रेष्ठ वाल्मीकिजीले श्रीरामचन्द्रलाई घर देखाउनुभयो। उहाँका प्रेमपूर्ण वचन श्रीरामको मनमा राम्रो लाग्यो। फेरि मुनिले भन्नुभयो— हे सूर्यकुलका स्वामी! सुन्नुहोस्, अब मैले यस समयको लागि सुखदायक आश्रम (निवासस्थान) बताउँछु॥ १॥

**चित्रकूट गिरि करहु निवासू। तहँ तुम्हार सब भाँति सुपासू॥**
**सैलु सुहावन कानन चारू। करि केहरि मृग बिहग बिहारू॥**

हजुर चित्रकूट पर्वतमा निवास गर्नुहोस्, त्यहाँ हजुरको लागि सबै प्रकारको सुविधा हुन्छ। सुन्दर (मनोरम) पर्वत तथा सुन्दर वन छ। त्यो ठाउँ हात्ती, सिंह, मृग र पक्षीहरूको विहारस्थल हो॥ २॥

**नदी पुनीत पुरान बखानी। अत्रिप्रिया निज तप बल आनी॥**
**सुरसरि धार नाउँ मंदाकिनि। जो सब पातक पोतक डाकिनि॥**

त्यहाँ पवित्र नदी छन्, जसको पुराणमा प्रशंसा गरिएको छ र जसलाई अत्रि ऋषिकी पत्नी अनसूयाजीले आफ्नो तपोबलद्वारा ल्याउनुभएको थियो। त्यो गङ्गाजीको धारा हो, त्यसलाई मन्दाकिनी भनिन्छ, त्यो सबै पापरूपी बालकलाई खानको लागि डाइनी रूप हो॥ ३॥

**अत्रि आदि मुनिबर बहु बसहीं। करहिं जोग जप तप तन कसहीं॥**
**चलहु सफल श्रम सब कर करहू। राम देहु गौरव गिरिबरहू॥**

अत्रि आदि धेरै नै श्रेष्ठ मुनि त्यहाँ निवास गर्दछन्, जसले योग, जप र तप गर्दै शरीरलाई

कस्दछन् (अधीनमा ल्याउँछन्)। हे रामजी! हिंड्नुहोस्, सबैको परिश्रमलाई सफल गर्नुहोस् र पर्वतश्रेष्ठ चित्रकूटलाई पनि गौरव प्रदान गर्नुहोस्॥ ४॥

**दो०— चित्रकूट महिमा अमित कही महामुनि गाइ।**
**आइ नहाए सरित बर सिय समेत दोउ भाइ॥ १३२॥**

महामुनि वाल्मीकिजीले चित्रकूटको अपरिमित (अत्यन्त धेरै, अथाह) महिमा वर्णन गरेर भन्नुभयो। अनि सीताजीसहित दुवै भाइहरू आएर श्रेष्ठ नदी मन्दाकिनीमा स्नान गर्नुभयो॥ १३२॥

**रघुबर कहेउ लखन भल घाटू। करहु कतहुँ अब ठाहर ठाटू॥**
**लखन दीख पय उतर करारा। चहुँ दिसि फिरेउ धनुष जिमि नारा॥**

श्रीरामचन्द्रले भन्नुभयो—लक्ष्मण! घाट अति धेरै राम्रो रहेछ। अब यहीं कतै बस्ने व्यवस्था गर। त्यसपछि लक्ष्मणजीले पयस्विनी नदीको उत्तरको अग्लो किनारा (टापु) लाई देख्नुभयो [र भन्नुभयो कि—] यसको चारैतर्फ धनुषको आकारको एक नाला (खोला) बगेको छ॥ १॥

**नदी पनच सर सम दम दाना। सकल कलुष कलि साउज नाना॥**
**चित्रकूट जनु अचल अहेरी। चुकइ न घात मार मुठभेरी॥**

नदी (मन्दाकिनी) त्यस धनुषको प्रत्यञ्चा (डोरी) हो र शम, दम, दान बाण हो। कलियुगको समस्त पाप उसका अनेकौं हिंसक पशु [रूप निशाना] हुन्। चित्रकूट नै मानौं अचल शिकारी हो, जसको निशान कहिल्यै असफल हुँदैन र जसले अघिल्तिरबाटै मार्दछ॥ २॥

**अस कहि लखन ठाउँ देखरावा। थलु बिलोकि रघुबर सुखु पावा॥**
**रमेउ राम मनु देवन्ह जाना। चले सहित सुर थपति प्रधाना॥**

यस्तो भनेर लक्ष्मणजीले स्थान देखाउनुभयो। ठाउँलाई देखेर श्रीरामचन्द्रले सुख पाउनुभयो। जब देवताहरूले जाने कि श्रीरामचन्द्रको मन यहाँ रम्यो (मन पऱ्यो), अनि उनीहरूले देवताका प्रधान डकर्मी (घर बनाउने मजदुर) विश्वकर्मालाई सँगै लिएर आए॥ ३॥

**कोल किरात बेष सब आए। रचे परन तृन सदन सुहाए॥**
**बरनि न जाहिं मंजु दुइ साला। एक ललित लघु एक बिसाला॥**

सबै देवता कोल-भिल्लहरूको भेषमा आएर उनीहरूले [दिव्य] पातहरू र घाँसको सुन्दर घर बनाए। दुई यस्ता सुन्दर कुटीहरू बनाए जसको वर्णन हुन नै सक्तैन। त्यसमध्ये एउटा सुन्दर सानो र एउटा ठूलो थियो॥ ४॥

**दो०— लखन जानकी सहित प्रभु राजत रुचिर निकेत।**
**सोह मदनु मुनि बेष जनु रति रितुराज समेत॥ १३३॥**

लक्ष्मणजी र जानकीजीसहित प्रभु श्रीरामचन्द्रजी सुन्दर घाँस-पातको घरमा शोभायमान हुनुहुन्छ। मानौं कामदेव मुनिको वेष धारण गरेर पत्नी रति र वसन्तऋतुका साथ सुशोभित छ॥ १३३॥

**मासपारायण, सत्रौं विश्राम**

**अमर नाग किंनर दिसिपाला। चित्रकूट आए तेहि काला॥**
**राम प्रनामु कीन्ह सब काहू। मुदित देव लहि लोचन लाहू॥**

त्यस समय देवता, नाग, किन्नर र दिक्पाल चित्रकूटमा (पहिला कोल-भिल्लको वेषमा, अहिले प्रत्यक्ष रूपमा) आए, अनि श्रीरामचन्द्रजीले सबै जनालाई प्रणाम गर्नुभयो। देवता नेत्रको लाभ पाएर आनन्दित भए॥ १॥

**बरषि सुमन कह देव समाजू। नाथ सनाथ भए हम आजू॥**
**करि बिनती दुख दुसह सुनाए। हरषित निज निज सदन सिधाए॥**

फूलहरूको वर्षा गरेर देवसमाजले भने—हे नाथ! आज [हजुरको दर्शन गरेर] हामी सनाथ भएका छौं। फेरि बिन्ती गरेर उनीहरूले आफ्नो दुःसह दुःख सुनाए र [दुःखहरूको नाशको आश्वासन पाएर] हर्षित हुँदै आ-आफ्नो स्थानमा गइहाले॥ २॥

**चित्रकूट रघुनंदनु छाए। समाचार सुनि सुनि मुनि आए॥**
**आवत देखि मुदित मुनिबृंदा। कीन्ह दंडवत रघुकुल चंदा॥**

श्रीरघुनाथ चित्रकूटमा आएर बस्नुभएको छ, यो समाचार सुनेर धेरै नै मुनि आए। रघुकुलका चन्द्रमा श्रीरामचन्द्रले प्रसन्न भई मुनिमण्डलीलाई आउँदै गरेको देखेर दण्डवत् गर्नुभयो॥ ३॥

**मुनि रघुबरहि लाइ उर लेहीं। सुफल होन हित आसिष देहीं॥**
**सिय सौमित्रि राम छबि देखहिं। साधन सकल सफल करि लेखहिं॥**

मुनिगणले श्रीरामलाई हृदयमा अङ्कमाल गर्दछन् र सफल हुनको लागि आशीर्वाद दिएका छन्। उनीहरूले सीताजी, लक्ष्मणजी र श्रीरामचन्द्रको छविलाई हेरेका छन् र आफ्ना सारा साधनलाई सफल भएको सम्झेका छन्॥ ४॥

दो०—**जथाजोग सनमानि प्रभु बिदा किए मुनिबृंद।**
**करहिं जोग जप जाग तप निज आश्रमन्हि सुछंद॥ १३४॥**

प्रभु श्रीरामचन्द्रले यथायोग्य सम्मान गरेर मुनिमण्डलीको समाजलाई बिदा गर्नुभयो [श्रीरामचन्द्र आउनाले] तिनीहरू सबै आ-आफ्नो आश्रममा अब स्वतन्त्रताका साथ योग, जप, यज्ञ र तप गर्न लागे॥ १३४॥

**यह सुधि कोल किरातन्ह पाई। हरषे जनु नव निधि घर आई॥**
**कंद मूल फल भरि भरि दोना। चले रंक जनु लूटन सोना॥**

यस्तो (श्रीरामको आगमनको) समाचार जब कोल-भिल्लहरूले पाए, अनि उनीहरू यसरी हर्षित भए मानौं नौ निधिहरू उनीहरूकै घरमा आएका छन्। उनीहरूले दुनामा कन्द, मूल, फल भरी-भरी हिंडे। मानौं दरिद्री सुन लुट्न हिँडेका छन्॥ १॥

**तिन्ह महँ जिन्ह देखे दोउ भ्राता। अपर तिन्हहि पूँछहिं मगु जाता॥**
**कहत सुनत रघुबीर निकाई। आइ सबन्हि देखे रघुराई॥**

उनीहरूमध्ये जसले दुई भाइहरूलाई [पहिला नै] देखिसकेका थिए, उनीहरूसँग बाटोमा जाँदै गर्दा अरू व्यक्तिले सोध्दछन्। यस प्रकार श्रीरामचन्द्रको सुन्दरता वर्णन गर्दागर्दै सबैले आएर श्रीरघुनाथको दर्शन गरे॥ २॥

**करहिं जोहारु भेंट धरि आगे। प्रभुहि बिलोकहिं अति अनुरागे॥**
**चित्र लिखे जनु जहँ तहँ ठाढ़े। पुलक सरीर नयन जल बाढ़े॥**

उपहार अघिल्तिर राखेर उनीहरूले नमस्कार गरेका छन् र अत्यन्त अनुरागका साथ प्रभुलाई हेरिरहेका छन्। उनीहरू मुग्ध हुँदै जहाँ-को त्यहाँ मानौं चित्रको झैं उभिएका छन्। उनीहरूको शरीर रोमाञ्चित भएको छ र प्रेमाश्रुका जलको बाढी आइरहेको छ॥ ३॥

**राम सनेह मगन सब जाने। कहि प्रिय बचन सकल सनमाने॥**
**प्रभुहि जोहारि बहोरि बहोरी। बचन बिनीत कहहिं कर जोरी॥**

श्रीरामले तिनीहरू सबैलाई प्रेममग्न जान्नुभयो र प्रिय वचन भनेर सबैको सम्मान गर्नुभयो। उनीहरूले बारम्बार प्रभु रामचन्द्रजीलाई नमस्कार गर्दै हात जोडेर विनम्र वचन भनेका छन्— ॥ ४॥

दो०— **अब हम नाथ सनाथ सब भए देखि प्रभु पाय।**
**भाग हमारें आगमनु राउर कोसलराय॥ १३५॥**

हे नाथ! प्रभु (हजुर) का चरणका दर्शन पाएर अब हामी सबै सनाथ भयौं। हे कोसलराज! हाम्रो नै भाग्यले हजुरको शुभागमन भएको हो॥ १३५॥

**धन्य भूमि बन पंथ पहारा। जहँ जहँ नाथ पाउ तुम्ह धारा॥**
**धन्य बिहग मृग काननचारी। सफल जनम भए तुम्हहि निहारी॥**

हे नाथ! जहाँ-जहाँ हजुरले आफ्ना चरण राखिबक्सियो, ती पृथ्वी, वन, मार्ग र पहाड धन्य छन्, ती वनमा विचरण गर्ने पक्षी र पशु धन्य छन्, हजुरलाई देखेर जसको जन्म सफल भयो॥ १॥

**हम सब धन्य सहित परिवारा। दीख दरसु भरि नयन तुम्हारा॥**
**कीन्ह बासु भल ठाउँ बिचारी। इहाँ सकल रितु रहब सुखारी॥**

हामी सबै पनि आफ्नो परिवारसहित धन्य भयौं, जसले आँखाभरी हजुरको दर्शन गर्‍यौं। हजुरले धेरै राम्रो ठाउँ विचार गरेर निवास गरिबक्सिएको छ। यहाँ सबै ऋतुमा हजुर सुखी होइबक्सिनेछ॥ २॥

**हम सब भाँति करब सेवकाई। करि केहरि अहि बाघ बराई॥**
**बन बेहड़ गिरि कंदर खोहा। सब हमार प्रभु पग पग जोहा॥**

हामीहरू सबै प्रकारले हात्ती, सिंह, सर्प र बाघहरूबाट बचाएर हजुरको सेवा गर्नेछौं। हे प्रभु! यहाँको घोर जङ्गल, पहाड, गुफा र खोल्सा (गल्छी) सबै पाइला-पाइला हामीहरूले देखेका छौं अर्थात् एक पाइला जमिन पनि बाँकी छैन, जहाँ हामीहरू घुम्न बाँकी रहेको होस्॥ ३॥

**तहँ तहँ तुम्हहि अहेर खेलाउब। सर निरझर जलठाउँ देखाउब॥**
**हम सेवक परिवार समेता। नाथ न सकुचब आयसु देता॥**

हामीले त्यहीं-त्यहीं ठाउँमा हजुरलाई शिकार खेलाउनेछौं र तलाउ, झरना (छहरा) आदि जलाशयहरूलाई देखाउनेछौं। हामी कुटुम्ब (परिवार) समेत हजुरका सेवक हौं। हे नाथ! यसैले हामीलाई आज्ञा दिनमा सङ्कोच नगरिबक्सिएला॥ ४॥

दो०— **बेद बचन मुनि मन अगम ते प्रभु करुना ऐन।**
**बचन किरातन्ह के सुनत जिमि पितु बालक बैन॥ १३६॥**

जो वेदहरूका वचन र मुनिहरूको मनलाई पनि अगम हुनुहुन्छ, उनै करुणाका धाम प्रभुले श्रीरामचन्द्र भिल्लहरूका वचन यस प्रकारले सुनिरहनुभएको छ, जुन प्रकारले पिताले बालकहरूको वचन सुन्दछन्॥ १३६॥

**रामहि केवल प्रेमु पिआरा। जानि लेउ जो जाननिहारा॥**
**राम सकल बनचर तब तोषे। कहि मृदु बचन प्रेम परिपोषे॥**

श्रीरामचन्द्रलाई केवल प्रेम प्यारो छ, जुन जान्नेवाला छ; (जान्न चाहन्छ), उसले जान्दछ। त्यसपछि श्रीरामचन्द्रले प्रेमले परिपुष्ट भएका (प्रेमपूर्ण) कोमल वचन भनेर सबै वनमा विचरण गर्नेहरूलाई सन्तुष्ट गर्नुभयो॥ १॥

**बिदा किए सिर नाइ सिधाए। प्रभु गुन कहत सुनत घर आए॥**
**एहि बिधि सिय समेत दोउ भाई। बसहिं बिपिन सुर मुनि सुखदाई॥**

फेरि उनीहरूलाई बिदा गर्नुभयो। उनीहरू शिर निहुराएर हिंडे तथा प्रभुका गुण गाउँदै-सुन्दै घरमा आए। यस प्रकार देवता र मुनिहरूलाई सुख प्रदान गर्ने दुई भाइ सीताजीसमेत वनमा निवास गर्न लाग्नुभयो॥ २॥

**जब तें आइ रहे रघुनायकु। तब तें भयउ बनु मंगलदायकु॥**
**फूलहिं फलहिं बिटप बिधि नाना। मंजु बलित बर बेलि बिताना॥**

जहिलेदेखि श्रीरघुनाथ वनमा आएर रहनुभयो, त्यस समयदेखि वन मङ्गलदायक भयो। अनेकौं प्रकारका वृक्ष फुल्दछन् र फल्छन् र ती वृक्षमा बेरिएका सुन्दर लहराहरूको मण्डप (कुञ्ज, झाडी) बनेका छन्॥ ३॥

**सुरतरु सरिस सुभायँ सुहाए। मनहुँ बिबुध बन परिहरि आए॥**
**गुंज मंजुतर मधुकर श्रेनी। त्रिबिध बयारि बहइ सुख देनी॥**

ती कल्पवृक्षका समान स्वाभविक नै सुन्दर छन्। मानौं उसले देवताको वन (नन्दनवन) लाई छोडेर आएको छ। भमराका ताँति (समूह) धेरै नै सुन्दर आवाज गरेका छन् र त्यहाँ सुख दिनेवाला शीतल, मन्द, सुगन्धित हावा चलिरहन्छ॥ ४॥

दो०— **नीलकंठ कलकंठ सुक चातक चक्क चकोर।**
**भाँति भाँति बोलहिं बिहग श्रवन सुखद चित चोर॥ १३७॥**

नीलकण्ठ, कोइली, सुगा, काकाकुल, चखेवा र चकोर (च्याखुरा) आदि पक्षी कानलाई सुख प्रदान गर्ने र चित्तलाई चोराउने तरह-तरहका शब्दले च्याउँच्याउँ गरेका छन्॥ १३७॥

**करि केहरि कपि कोल कुरंगा। बिगतबैर बिचरहिं सब संगा॥**
**फिरत अहेर राम छबि देखी। होहिं मुदित मृग बृंद बिसेषी॥**

हात्ती, सिंह, बाँदर, बँदेल (जङ्गली सुँगुर) र मृग—यी सबै वैरभाव छोडेर सँगसँगै भ्रमण गर्दछन्। शिकारको लागि घुम्दै गरेका (शिकारी धनुर्धारी) श्रीरामचन्द्रको छविलाई देखेर पशुहरूका समूह विशेष आनन्दित भएका छन्॥ १॥

**बिबुध बिपिन जहँ लगि जग माहीं। देखि रामबनु सकल सिहाहीं॥**
**सुरसरि सरसइ दिनकर कन्या। मेकलसुता गोदावरि धन्या॥**

जगत्मा जहाँसम्म (जति) देवताहरूका वन छन्, सबै श्रीरामको वनलाई देखेर लोभिदै प्रशंसा गर्छन्। गङ्गा, सरस्वती, सूर्यकुमारी यमुना, नर्मदा, गोदावरी आदि धन्य (पुण्यमयी) नदीहरू,॥ २॥

**सब सर सिंधु नदीं नद नाना। मंदाकिनि कर करहिं बखाना॥**
**उदय अस्त गिरि अरु कैलासू। मंदर मेरु सकल सुरबासू॥**

सारा तलाउ (ताल), समुद्र, नदी र अनेकौं नद (शोणभद्र, ब्रह्मपुत्र, महानद आदि) सबैले मन्दाकिनीको प्रशंसा गरेका छन्। उदयाचल, अस्ताचल, कैलाश, मन्दराचल र सुमेरु आदि सबै, जो देवताहरू बस्ने ठाउँ छन्॥ ३॥

**सैल हिमाचल आदिक जेते। चित्रकूट जसु गावहिं तेते॥**
**बिंधि मुदित मन सुखु न समाई। श्रम बिनु बिपुल बड़ाई पाई॥**

र हिमालय आदि जति पर्वत छन्, सबैले चित्रकूटको यश गाएका छन्। विन्ध्याचल धेरै आनन्दित छ, उसको मनमा सुख अटाएको छैन; किनकि उसले विनापरिश्रम नै धेरै नै ठूलो प्रशंसा पाएको छ॥ ४॥

दो०— **चित्रकूट के बिहग मृग बेलि बिटप तृन जाति।**
**पुन्य पुंज सब धन्य अस कहहिं देव दिन राति॥ १३८॥**

चित्रकूटका पक्षी, पशु, लता लहरा (कुञ्ज, झाङ), वृक्ष, तृण—अङ्कुरादिका सबै जातिहरू पुण्यका राशि छन् र धन्य छन्—देवताहरू दिन-रात यस्तो भन्दछन्॥ १३८॥

**नयनवंत रघुबरहि बिलोकी। पाइ जनम फल होहिं बिसोकी॥**
**परसि चरन रज अचर सुखारी। भए परम पद के अधिकारी॥**

आँखा भएका जीव श्रीरामचन्द्रलाई देखेपछि जन्मको फल पाएर शोकरहित भएका छन् र अचर (पर्वत वृक्ष, भूमि, नदी आदि) भगवान्‌को चरण-रजको स्पर्श पाएर सुखी भएका छन्। यी सबै परमपद (मोक्ष) का अधिकारी भएका छन्॥ १॥

**सो बनु सैलु सुभायँ सुहावन। मंगलमय अति पावन पावन॥**
**महिमा कहिअ कवनि बिधि तासू। सुखसागर जहँ कीन्ह निवासू॥**

त्यो वन र पर्वत स्वाभाविक नै सुन्दर, मङ्गलमय र अत्यन्त पवित्रलाई पनि पवित्र गर्नेवाला छ। त्यसको महिमा कुन प्रकारले बयान गर्ने, जहाँ सुखका समुद्र श्रीरामले निवास गर्नुभएको छ॥ २॥

**पय पयोधि तजि अवध बिहाई। जहँ सिय लखनु रामु रहे आई॥**
**कहि न सकहिं सुषमा जसि कानन। जौं सत सहस होहिं सहसानन॥**

क्षीरसागरलाई त्यागेर र अयोध्यालाई छोडेर जहाँ सीताजी, लक्ष्मणजी र श्रीरामचन्द्र आएर रहनुभएको छ, त्यस वनको जस्तो परम शोभा छ, उसलाई हजार मुख भएका जुन लाख शेषजी भए पनि वर्णन गर्न सक्दैनन्॥ ३॥

**सो मैं बरनि कहौं बिधि केहीं। डाबर कमठ कि मंदर लेहीं॥**
**सेवहिं लखनु करम मन बानी। जाइ न सीलु सनेहु बखानी॥**

उसलाई भन्नुहोस् त, मैले कुन प्रकारले भन्न सक्दछु? कहीं आहाल अथवा दहको [क्षुद्र] कछुवाले पनि मन्दराचल उठाउन सक्तछ? लक्ष्मणजीले मन, वचन र कर्मले श्रीरामचन्द्रको सेवा गर्नुभएको छ। उहाँको शील र स्नेहलाई वर्णन गर्न नै सकिंदैन॥ ४॥

दो०— **छिनु छिनु लखि सिय राम पद जानि आपु पर नेहु।**
**करत न सपनेहुँ लखनु चितु बंधु मातु पितु गेहु॥ १३९॥**

क्षण-क्षणमा श्रीसीतारामका चरणहरूलाई देखेर र आफूमाथि उहाँको स्नेह जानेर लक्ष्मणजीले सपनामा पनि भाइहरू, माता-पिता र घरको याद गर्नुहुन्न॥ १३९॥

**राम संग सिय रहति सुखारी। पुर परिजन गृह सुरति बिसारी॥**
**छिनु छिनु पिय बिधु बदनु निहारी। प्रमुदित मनहुँ चकोरकुमारी॥**

श्रीरामचन्द्रका साथ सीताजी अयोध्यापुरी, कुटुम्बीहरू र घरको याद भुलेर धेरै नै सुखी रहनुभएको छ। क्षण-क्षणमा पति श्रीरामचन्द्रको चन्द्रमाको समान मुख देखेर उहाँ उस्तै प्रकारले प्रसन्न रहनुहुन्छ, जस्तै चकोरकुमारी [चकोरी] चन्द्रमालाई देखेर!॥ १॥

**नाह नेहु नित बढ़त बिलोकी। हरषित रहति दिवस जिमि कोकी॥**
**सिय मनु राम चरन अनुरागा। अवध सहस सम बनु प्रिय लागा॥**

स्वामीको प्रेम आफूप्रति नित्य बढेको देखेर सीताजी यसरी हर्षित रहनुहुन्छ, जसरी दिनमा चखेवी! सीताजीको मन श्रीरामचन्द्रको चरणमा मुग्ध छ, यसैले उहाँलाई वन हजारौं अयोध्याको समान प्रिय लागेको छ॥ २॥

**परनकुटी प्रिय प्रियतम संगा। प्रिय परिवारु कुरंग बिहंगा॥**
**सासु ससुर सम मुनितिय मुनिबर। असनु अमिअ सम कंद मूल फर॥**

प्रियतम (श्रीरामचन्द्र) का साथ पर्णकुटी प्यारो लागेको छ। मृग र पक्षी प्यारा कुटुम्बीहरू समान लाग्छन्। मुनिका स्त्रीहरू सासूका समान, श्रेष्ठ मुनि ससुराका समान र कन्द-मूल-फलहरूको आहारा उहाँलाई अमृतको समान लाग्दछ॥ ३॥

**नाथ साथ साँथरी सुहाई। मयन सयन सय सम सुखदाई॥**
**लोकप होहिं बिलोकत जासू। तेहि कि मोहि सक बिषय बिलासू॥**

स्वामीका साथ सुन्दर गुन्द्री (कुश र पातको बिछ्यौना) सयकडौं कामदेवको बिछ्यौना (डसना) समान सुख दिनेवाला भएको छ। जसलाई [कृपापूर्वक] देख्नाले मात्र जीव लोकपाल हुन्छ, उहाँलाई कहीं भोग-विलासले मोहित गर्न सक्दछ!॥ ४॥

दो०— **सुमिरत रामहि तजहिं जन तृन सम बिषय बिलासु।**
**रामप्रिया जग जननि सिय कछु न आचरजु तासु॥ १४०॥**

जुन श्रीरामचन्द्रलाई स्मरण गर्नाले नै भक्तजन तमाम भोग-विलासलाई तृणसमान त्यागि-दिन्छन्, उनै श्रीरामचन्द्रकी प्रिय पत्नी र जगत्‌की माता सीताजीको लागि यो [भोग-विलासको त्याग] केही पनि आश्चर्य होइन॥ १४०॥

**सीय लखन जेहि बिधि सुखु लहहीं। सोइ रघुनाथ करहिं सोइ कहहीं॥**
**कहहिं पुरातन कथा कहानी। सुनहिं लखनु सिय अति सुखु मानी॥**

सीताजी र लक्ष्मणजीलाई जुन प्रकारले सुख मिल्दछ, श्रीरघुनाथले त्यही गर्नहुन्छ। भगवान्‌ले पुराना-पुराना कथा र कहानीहरू भन्नुहुन्छ र लक्ष्मणजी तथा सीताजीले अत्यन्त सुख मानेर सुन्नुहुन्छ॥ १॥

**जब जब रामु अवध सुधि करहीं। तब तब बारि बिलोचन भरहीं॥**
**सुमिरि मातु पितु परिजन भाई। भरत सनेहु सीलु सेवकाई॥**

जब-जब श्रीरामचन्द्रले अयोध्याको याद गर्नुहुन्छ, तब-तब उहाँका नेत्र आँसुले टलपलाउँदछन्। आमा-बाबु, कुटुम्बीहरू, भाइहरू तथा भरतको प्रेम, शील र सेवाभावलाई याद गरेर— ॥ २॥

**कृपासिंधु प्रभु होहिं दुखारी। धीरजु धरहिं कुसमउ बिचारी॥**
**लखि सिय लखनु बिकल होइ जाहीं। जिमि पुरुषहि अनुसर परिछाहीं॥**

कृपाका समुद्र प्रभु श्रीरामचन्द्र दु:खी हुनुहुन्छ, किन्तु फेरि कुसमय जानेर धैर्य धारण गर्नुहुन्छ। श्रीरामचन्द्रलाई दु:खी देखेर सीताजी र लक्ष्माजी पनि यसरी व्याकुल हुनुहुन्छ, जसरी कुनै मनुष्यको छाया त्यस मनुष्यको समान नै चेष्टा गर्छ॥ ३॥

**प्रिया बंधु गति लखि रघुनंदनु। धीर कृपाल भगत उर चंदनु॥**
**लगे कहन कछु कथा पुनीता। सुनि सुखु लहहिं लखनु अरु सीता॥**

त्यसपछि धीर, कृपालु र भक्तहरूका हृदयलाई शीतल गर्नको लागि चन्दनरूप रघुकुललाई आनन्दित गर्नेवाला श्रीरामचन्द्र प्यारी पत्नी र भाइ लक्ष्मणको दशा देखेर केही पवित्र कथाहरू भन्न लाग्नुहुन्छ, जसलाई श्रवण गरेर लक्ष्मणजी र सीताजी सुख प्राप्त गर्नुहुन्छ॥ ४॥

दो०— **रामु लखन सीता सहित सोहत परन निकेत।**
**जिमि बासव बस अमरपुर सची जयंत समेत॥ १४१॥**

लक्ष्मणजी र सीताजीसहित श्रीरामचन्द्र पर्णकुटीमा यसरी सुशोभित हुनुहुन्छ, जसरी अमरावतीमा इन्द्र आफ्नी पत्नी शची र पुत्र जयन्तसहित बस्दछन्॥ १४१ ॥

**जोगवहिं प्रभु सिय लखनहि कैसें। पलक बिलोचन गोलक जैसें॥**
**सेवहिं लखनु सीय रघुबीरहि। जिमि अबिबेकी पुरुष सरीरहि॥**

प्रभु श्रीरामचन्द्रले सीताजी र लक्ष्मणजीलाई कसरी सँभाल्नु (रेखदेख गर्नु) भएको छ, जसरी परेला (आँखीभौं) ले आँखाका नानीहरूको। यता लक्ष्मणजी श्रीसीता र श्रीरामचन्द्रको [अथवा लक्ष्मणजी र सीताजी श्रीरामचन्द्रको] यसरी सेवा गर्नुभएको छ, जसरी अज्ञानी मनुष्यले शरीरको रक्षा गर्छन्॥ १ ॥

**एहि बिधि प्रभु बन बसहिं सुखारी। खग मृग सुर तापस हितकारी॥**
**कहेउँ राम बन गवनु सुहावा। सुनहु सुमंत्र अवध जिमि आवा॥**

पक्षी, पशु, देवता र तपस्वीहरूका हितकारी प्रभु यस प्रकार सुखपूर्वक वनमा निवास गरिरहनुभएको छ। तुलसीदासजी भन्नुहुन्छ—मैले श्रीरामचन्द्रको सुन्दर वनगमनलाई वर्णन गरें। अब जसरी सुमन्त्र अयोध्यामा आए त्यही [कथा] सुन्नुहोस्॥ २ ॥

**फिरेउ निषादु प्रभुहि पहुँचाई। सचिव सहित रथ देखेसि आई॥**
**मंत्री बिकल बिलोकि निषादू। कहि न जाइ जस भयउ बिषादू॥**

प्रभु श्रीरामचन्द्रजीलाई पुऱ्याएर जब निषादराज फर्के, त्यसपछि आएर उनले रथलाई मन्त्री (सुमन्त्र)-सहित देखे। मन्त्रीलाई देखेर निषादलाई जस्तो दुःख भयो, त्यो कथा भन्न सकिंदैन॥ ३ ॥

**राम राम सिय लखन पुकारी। परेउ धरनितल ब्याकुल भारी॥**
**देखि दखिन दिसि हय हिहिनाहीं। जनु बिनु पंख बिहग अकुलाहीं॥**

[निषादलाई एक्लै आएको देखेर] सुमन्त्र हे राम! हे राम! हे सीता! हे लक्ष्मण! भन्दै, अति नै व्याकुल भएर धर्तीमा पल्टिए। [रथका] घोडा दक्षिण दिशातर्फ [जता श्रीरामचन्द्र जानुभएको थियो] हेरेर हिनहिनाएका छन्। मानौं विनाप्वाँखका पक्षी व्याकुल भइरहेका छन्॥ ४ ॥

दो०— **नहिं तृन चरहिं न पिअहिं जलु मोचहिं लोचन बारि।**
**ब्याकुल भए निषाद सब रघुबर बाजि निहारि॥ १४२ ॥**

उनीहरू न घाँस चर्दथे, न पानी पिउँदथे। केवल आँखाबाट आँसु बगाइरहेका छन्। श्रीरामचन्द्रका घोडालाई यस दशामा देखेर सबै निषाद व्याकुल भए॥ १४२ ॥

## * सुमन्त्र अयोध्या फर्कनु र सर्वत्र शोक देख्नु *

**धरि धीरजु तब कहइ निषादू। अब सुमंत्र परिहरहु बिषादू॥**
**तुम्ह पंडित परमारथ ग्याता। धरहु धीर लखि बिमुख बिधाता॥**

अनि धैर्य धारण गरेर निषादराजले भने—हे सुमन्त्रजी! अब विषादलाई छोड्नुहोस्। हजुर पण्डित र परमार्थलाई जान्ने हुनुहुन्छ। विधातालाई प्रतिकूल जानेर धैर्य धारण गर्नुहोस्॥ १ ॥

**बिबिधि कथा कहि कहि मृदु बानी। रथ बैठारेउ बरबस आनी॥**
**सोक सिथिल रथु सकइ न हाँकी। रघुबर बिरह पीर उर बाँकी॥**

कोमल वाणीले विभिन्न–किसिमका कथाहरू भनेर निषादले जबरजस्ती ल्याएर सुमन्त्रलाई रथमा बसाले। परन्तु शोकले गर्दा उनी यति शिथिल भएका थिए कि रथलाई हाँक्न सक्ने स्थिति नै थिएन। उनको हृदयमा श्रीरामचन्द्रको विरहको ठूलो वेदना थियो॥ २॥

**चरफराहिं मग चलहिं न घोरे। बन मृग मनहुँ आनि रथ जोरे॥**
**अढ़ुकि परहिं फिरि हेरहिं पीछें। राम बियोगि बिकल दुख तीछें॥**

घोडा छटपटाइरहेका छन् र [ठीक] बाटोमा हिँड्दैनन्। मानौं जङ्गली पशु ल्याएर रथमा नारेका छन्। उनी श्रीरामचन्द्रका वियोगी घोडा कतिखेर ठक्कर खाएर (ठेस लागेर) पल्टन्छन्, कतिखेर घुमेर पछिल्तिर हेर्न लाग्दछन्। ती तीक्ष्ण दुःखले व्याकुल छन्॥ ३॥

**जो कह रामु लखनु बैदेही। हिंकरि हिंकरि हित हेरहिं तेही॥**
**बाजि बिरह गति कहि किमि जाती। बिनु मनि फनिक बिकल जेहि भाँती॥**

जब कसैले राम, लक्ष्मण या जानकीको नाम लिन्छन्, घोडा बारम्बार हिनहिनाहट गर्दै (हीही गरेर कराउँदै) प्रेमपूर्वक हेर्न लाग्छन्। घोडाहरूको विरहदशा कसरी भन्न सकिन्छ? उनीहरू यसरी व्याकुल छन्, जसरी मणिविना सर्प व्याकुल हुन्छ॥ ४॥

दो०— **भयउ निषादु बिषाद बस देखत सचिव तुरंग।**
**बोलि सुसेवक चारि तब दिए सारथी संग॥ १४३॥**

मन्त्री र घोडाहरूको यस्तो दशा देखेर निषादराज विषादको वशमा भए। त्यसपछि उनले आफ्ना चार उत्तम सेवक बोलाएर सारथिसँगै पठाइदिए॥ १४३॥

**गुह सारथिहि फिरेउ पहुँचाई। बिरहु बिषादु बरनि नहिं जाई॥**
**चले अवध लेइ रथहि निषादा। होहिं छनहिं छन मगन बिषादा॥**

निषादराज गुह सारथि (सुमन्त्रजी) लाई पुऱ्याएर (बिदा गरी) फर्के। उनको विरह र दुःखको वर्णन गर्न सकिँदैन। ती चारै जना निषाद रथ लिएर अयोध्या हिँडे। [सुमन्त्र र घोडालाई घरीघरी देखेर] उनीहरू पनि क्षण–क्षणमा विषादमा डुब्दथे॥ १॥

**सोच सुमंत्र बिकल दुख दीना। धिग जीवन रघुबीर बिहीना॥**
**रहिहि न अंतहुँ अधम सरीरू। जसु न लहेउ बिछुरत रघुबीरू॥**

व्याकुल र दुःखले दीन भएका सुमन्त्रजी सोच्दछन् कि श्रीरघुवीरविना बाँच्नलाई धिक्कार छ। आखिर यो अधम शरीर रहने त छैन नि। अहिल्यै श्रीरामचन्द्रको बिछोडमा नै छुटेर यसले यश [किन] लिँदैन॥ २॥

**भए अजस अघ भाजन प्राना। कवन हेतु नहिं करत पयाना॥**
**अहह मंद मनु अवसर चूका। अजहुँ न हृदय होत दुइ टूका॥**

यो प्राण अपयश र पापको भाँडो भयो। अब यो किन निस्कँदैन? हाय! नीच मन [धेरै राम्रो] मौका गुम्यो। अझै पनि हृदय दुई टुक्रा हुँदैन!॥ ३॥

**मीजि हाथ सिरु धुनि पछिताई। मनहुँ कृपन धन रासि गवाँई॥**
**बिरिद बाँधि बर बीरु कहाई। चलेउ समर जनु सुभट पराई॥**

सुमन्त्र बारम्बार हात मिचेर र शिर पिट्दै पछुताइरहेका छन्। मानौं कुनै कन्जुस धनको मूल थैली गुमाएर बसेको छ। उनी यस प्रकारले हिँडे मानौं कुनै ठूलो योद्धा वीरको पोशाक लगाएर र उत्तम शूरवीर कहलाएर युद्धबाट भागिरहेको छ!॥ ४॥

दो०— **बिप्र बिबेकी बेदबिद संमत साधु सुजाति।**
**जिमि धोखें मदपान कर सचिव सोच तेहि भाँति॥ १४४॥**

जस्तै कुनै विवेकशील, वेदको ज्ञाता, साधुसम्मत आचरणयुक्त र उत्तम जातिको कुलीन ब्राह्मणले झुक्किएर मदिरा पिउँदछ र पछि पछुताउँछ, ठीक उस्तै प्रकारले मन्त्री सुमन्त्रले सोच गरिरहनुभएको छ॥ १४४॥

**जिमि कुलीन तिय साधु सयानी। पतिदेवता करम मन बानी॥**
**रहै करम बस परिहरि नाहू। सचिव हृदयँ तिमि दारुन दाहू॥**

जस्तै कुनै उत्तम कुलकी, साधु स्वभावकी समझदार र मन, वचन कर्मले पतिलाई नै देवता मान्ने पतिव्रता स्त्रीलाई भाग्यवश पतिलाई छोडेर (पतिबाट वियोगभई) रहन परोस्, त्यस समय उसको हृदयमा जस्तो भयानक सन्ताप हुन्छ, उस्तै नै मन्त्रीको हृदयमा भइरहेको छ॥ १॥

**लोचन सजल डीठि भइ थोरी। सुनइ न श्रवन बिकल मति भोरी॥**
**सूखहिं अधर लागि मुहँ लाटी। जिउ न जाइ उर अवधि कपाटी॥**

नेत्रमा आँसु भरिएको छ, दृष्टि मन्द भएको छ। कानबाट सुनिंदैन, व्याकुल हुँदै बुद्धि बेठेगान भइरहेको छ। ओठ सुकिरहेका छन्। मुखमा थुक सुकेको (प्याकप्याक भएको) छ। किन्तु [यी सबै मृत्युका लक्षण हुँदा पनि] प्राण निस्कँदैन; किनकि हृदयमा अयोध्यारूपी ढोका लागेको छ (अर्थात् चौध वर्ष बितेपछि भगवान् फेरि भेट हुनुहुनेछ, यही आशाले रोकिराखेको छ)॥ २॥

**बिबरन भयउ न जाइ निहारी। मारेसि मनहुँ पिता महतारी॥**
**हानि गलानि बिपुल मन ब्यापी। जमपुर पंथ सोच जिमि पापी॥**

सुमन्त्रजीको मुखको रङ्ग बदलिएको, त्यो हेर्नलायक छैन। यस्तो थाहा हुन्छ कि मानौं यिनले आमा–बाबुलाई मारेका छन्। उनको मनमा रामवियोगरूपी हानिको महान् ग्लानि (पीडा) छाइरहेको छ, जस्तै कुनै पापी मनुष्य नरकमा जाँदै गर्दा चिन्ता गरिरहेको छ॥ ३॥

**बचनु न आव हृदयँ पछिताई। अवध काह मैं देखब जाई॥**
**राम रहित रथ देखिहि जोई। सकुचिहि मोहि बिलोकत सोई॥**

मुखबाट वचन निस्कँदैन। हृदयमा पछुताएका छन् कि म अयोध्या गएर के देख्नेछु? श्रीरामचन्द्रको खाली रथलाई जसले पनि देख्नेछन्, उनीहरूले मलाई हेर्नलाई सङ्कोच गर्नेछन् (अर्थात् मेरो अनुहार हेर्न चाहने छैनन्)॥ ४॥

**दो०— धाइ पूँछिहहिं मोह जब बिकल नगर नर नारि।**
**उतरु देब मैं सबहि तब हृदयँ बज्रु बैठारि॥ १४५॥**

नगरका सबै व्याकुल नर–नारी जब दौडेर मसँग सोध्नेछन्, त्यसपछि मैले हृदयमा वज्र राखेर सबैलाई उत्तर दिनेछु॥ १४५॥

**पुछिहहिं दीन दुखित सब माता। कहब काह मैं तिन्हहि बिधाता॥**
**पूँछिहि जबहिं लखन महतारी। कहिहउँ कवन सँदेस सुखारी॥**

जब दीन–दु:खी सबै आमाहरूले सोध्नुहुनेछ, त्यसपछि हे विधाता! मैले उहाँहरूलाई के भनुँला? जब लक्ष्मणजीकी आमाले सोध्नुहुनेछ, अनि मैले उहाँलाई कस्तो सुखदायी सन्देश बताउँला?॥ १॥

**राम जननि जब आइहि धाई। सुमिरि बच्छु जिमि धेनु लवाई॥**
**पूँछत उतरु देब मैं तेही। गे बनु राम लखनु बैदेही॥**

श्रीरामजीकी आमा जब यस प्रकार दौडेर आउनुहुनेछ, जस्तै लैनो (भर्खरै ब्याएको) गाई बाच्छा–बाच्छीलाई याद गरेर दौडेर आउँछिन्, अनि उहाँले सोधेपछि मैले यही उत्तर दिनेछु कि श्रीराम, लक्ष्मण, सीता वनमा जानुभयो!॥ २॥

**जोइ पूँछिहि तेहि ऊतरु देबा। जाइ अवध अब यहु सुखु लेबा॥**
**पूँछिहि जबहिं राउ दुख दीना। जिवनु जासु रघुनाथ अधीना॥**

जसले सोधेमा पनि यही उत्तर दिनुपर्नेछ! हाय! अयोध्या गएर मैले यही सुख लिने हो! जब दु:खले दीन राजाले जसको जीवन श्रीरघुनाथको [दर्शन] को नै अधीनमा छ, मसँग सोध्नुहुनेछ,॥ ३॥

**देहउँ उतरु कौनु मुहु लाई। आयउँ कुसल कुअँर पहुँचाई॥**
**सुनत लखन सिय राम सँदेसू। तृन जिमि तनु परिहरिहि नरेसू॥**

त्यसपछि मैले यस्तो मुख बनाएर उहाँलाई उत्तर दिनेछु कि मैले राजकुमारहरूलाई कुशलपूर्वक पुऱ्याएर आएँ! लक्ष्मण, सीता र श्रीरामको समाचार सुन्दा नै महाराजले त्यान्द्रो (तृण) का तरह शरीरलाई त्यागिदिनुहुनेछ॥ ४॥

**दो०— हृदय न बिदरेउ पंक जिमि बिछुरत प्रीतमु नीरु।**
**जानत हौं मोहि दीन्ह बिधि यहु जातना सरीरु॥ १४६॥**

प्रियतम (श्रीराम) रूपी जलबाट बिछोड हुँदा नै मेरो हृदय हिलो सुकेर चिरिएझैं चिरिएन (फाटेन, चर्केन), यसैले मैले जान्दछु कि विधाताले मलाई यो 'यातनाशरीर' नै दिएको छ [जुन पापी जीवलाई नरक भोग्नको लागि मिल्दछ]॥ १४६॥

**एहि बिधि करत पंथ पछितावा। तमसा तीर तुरत रथु आवा॥**
**बिदा किए करि बिनय निषादा। फिरे पायँ परि बिकल बिषादा॥**

सुमन्त्र यस प्रकार बाटोमा पछुताइरहेका छन्, यति सोच्दा-सौच्दै रथ तुरुन्तै तमसा नदीको तटमा आइपुग्यो। मन्त्रीले बिन्ती गरेर चार निषादलाई बिदा गरे। उनीहरू विषादले व्याकुल हुँदै सुमन्त्रलाई प्रणाम गरेर फर्के॥ १॥

**पैठत नगर सचिव सकुचाई। जनु मारेसि गुर बाँभन गाई॥**
**बैठि बिटप तर दिवसु गवाँवा। साँझ समय तब अवसरु पावा॥**

नगरमा प्रवेश गर्दा मन्त्री [ग्लानिका कारण] यसरी लज्जित भएका छन्, मानौं गुरु, ब्राह्मण या गाईलाई मारेर आएका छन्। दिनभर एक वृक्षको मुनि बसेर बिताए। जब सन्ध्या भयो, त्यसपछि मौका मिल्यो॥ २॥

**अवध प्रबेसु कीन्ह अँधिआरें। पैठ भवन रथु राखि दुआरें॥**
**जिन्ह जिन्ह समाचार सुनि पाए। भूप द्वार रथु देखन आए॥**

अँध्यारो भएपछि उनी अयोध्यामा प्रवेश गरे, अनि रथलाई ढोकानजिक राखेर उनी [खुसुक्क] महलमा पसे। जुन-जुन मानिसले यो समाचार पाए, ती सबै रथ हेर्नलाई राजद्वारमा आए॥ ३॥

**रथु पहिचानि बिकल लखि घोरे। गरहिं गात जिमि आतप ओरे॥**
**नगर नारि नर ब्याकुल कैसें। निघटत नीर मीनगन जैसें॥**

रथलाई चिनिसकेपछि र घोडालाई व्याकुल देखेर उनको शरीर यसरी क्षीण भइरहेको छ, जसरी घाममा असिना क्षीण हुनेगर्छ। नगरका स्त्री-पुरुष कसरी व्याकुल छन्, जसरी जल घटेपछि माछाहरू [व्याकुल हुन्छन्]॥ ४॥

दो०— **सचिव आगमनु सुनत सबु बिकल भयउ रनिवासु।**
**भवनु भयंकरु लाग तेहि मानहुँ प्रेत निवासु॥ १४७॥**

मन्त्रीलाई [एक्लै नै] आएको सुनेर सारा अन्तःपुर (खोपी) व्याकुल भयो। राजमहल उनीहरूलाई यसरी भयानक लाग्यो मानौं प्रेतको निवासस्थान (श्मशान) हो॥ १४७॥

**अति आरति सब पूँछहिं रानी। उतरु न आव बिकल भइ बानी॥**
**सुनइ न श्रवन नयन नहिं सूझा। कहहु कहाँ नृपु तेहि तेहि बूझा॥**

अत्यन्त आर्त भएर सबै रानीहरूले सोध्दछन्; तर सुमन्त्रलाई केही उत्तर आउँदैन, उनको वाणी रोकियो। न कानमा सुनिन्छ र न आँखाले नै केही देखिन्छ। जो-जो उनका अघिल्तिर आउँछन्, उनलाई सोध्दछन्—"भन्नुहोस्, राजा कहाँ हुनुहुन्छ?"॥ १॥

**दासिन्ह दीख सचिव बिकलाई। कौसल्या गृहँ गईं लवाई॥**
**जाइ सुमंत्र दीख कस राजा। अमिअ रहित जनु चंदु बिराजा॥**

दासीहरूले सुमन्त्रलाई व्याकुल देखेर उनलाई कौसल्याको महलमा लिएर गए। सुमन्त्रले गएर त्यहाँ राजालाई अमृतविनाको चन्द्रमाझैं निस्तेज भई बसेको देखे॥ २॥

**आसन सयन बिभूषन हीना। परेउ भूमितल निपट मलीना॥**
**लेइ उसासु सोच एहि भाँती। सुरपुर तें जनु खँसेउ जजाती॥**

राजा आसन, शैया र आभूषणबाट रहित बिलकुल मलिन (उदास) भएर जमिनमा बस्नुभएको छ। उहाँले लामो सास लिएर यस प्रकार सोच गरिरहनुभएको छ, मानौं ययाति स्वर्गबाट खसेर चिन्ता गरिरहेका छन्॥ ३॥

**लेत सोच भरि छिनु छिनु छाती। जनु जरि पंख परेउ संपाती॥**
**राम राम कह राम सनेही। पुनि कह राम लखन बैदेही॥**

चिन्ताले गर्दा राजाको छाती क्षणक्षणमा जल्दछ। यस्तो बिजोगको दशा छ, मानौं [गृध्रराज जटायुका भाइ] सम्पाती प्वाँख जलेपछि जमिनमा खसेका छन्। राजाले [बार-बार] 'राम, राम', 'हे स्नेही राम!' भन्नुहुन्छ, फेरि 'हे राम, हे लक्ष्मण, हे जानकी' यस्तो भन्न लाग्नुहुन्छ॥ ४॥

## * दशरथ-सुमन्त्र-संवाद, दशरथ-मरण *

दो०— **देखि सचिवँ जय जीव कहि कीन्हेउ दंड प्रनामु।**
**सुनत उठेउ ब्याकुल नृपति कहु सुमंत्र कहँ रामु॥ १४८॥**

मन्त्रीले देखेपछि 'जय जीव'* (सरकारको जय होस्) भनी दण्डवत् प्रणाम गरे। सुन्दा नै राजा व्याकुल भएर उठ्नुभयो र भन्नुभयो— सुमन्त्र! भन, राम कहाँ छन्?॥ १४८॥

**भूप सुमंत्रु लीन्ह उर लाई। बूड़त कछु अधार जनु पाई॥**
**सहित सनेह निकट बैठारी। पूँछत राउ नयन भरि बारी॥**

राजाले सुमन्त्रलाई हृदयमा लगाउनुभयो। मानौं डुब्दै गरेको मानिसलाई केही सहारा मिलेको छ। मन्त्रीलाई स्नेहका साथ बसाल्दै नेत्रमा जल भरेर राजाले सोध्न लाग्नुभयो— ॥ १॥

**राम कुसल कहु सखा सनेही। कहँ रघनाथु लखनु बैदेही॥**
**आने फेरि कि बनहि सिधाए। सुनत सचिव लोचन जल छाए॥**

हे मेरा प्रेमी सखा! श्रीरामको कुशल भन। बताऊ, श्रीराम, लक्ष्मण र जानकी कहाँ छन्? उनीहरूलाई फर्काएर लिएर आएका छौ कि उनी वनमै गए? यस्तो सुन्दा नै मन्त्रीको नेत्रमा आँसु भरियो॥ २॥

**सोक बिकल पुनि पूँछ नरेसू। कहु सिय राम लखन संदेसू॥**
**राम रूप गुन सील सुभाऊ। सुमिरि सुमिरि उर सोचत राऊ॥**

शोकले व्याकुल भएर राजाले फेरि सोध्न लाग्नुभयो— सीता, राम र लक्ष्मणको सन्देश त भन! श्रीरामचन्द्रको रूप, गुण, शील र स्वभावलाई याद गरेर राजाले हृदयमा शोच गरिरहनुभएको छ॥ ३॥

---

* **जय जीव**—यो शब्द केवल पद्यमा प्रयुक्त हुन्छ। यो एक प्रकारको अभिवादन हो जसको अर्थ हो 'जय होस्' र चिरञ्जीवी अर्थात् अमर हुनुहोस्। (मानस-पीयूषबाट उद्‌धृत गरिएको)

**राउ सुनाइ दीन्ह बनबासू। सुनि मन भयउ न हरषु हराँसू॥**
**सो सुत बिछुरत गए न प्राना। को पापी बड़ मोहि समाना॥**

[र भन्नुहुन्छ— ] मैले राजा हुने कुरा सुनाएर वनवास दिएँ, यस्तो सुनेर पनि ती रामको मनमा हर्ष र विषाद भएन, यस्तो छोरासँग बिछोड हुँदा पनि मेरो प्राण गएन, यस्तो भएकोले मजस्तो ठूलो पापी को होला?॥ ४॥

दो०— **सखा रामु सिय लखनु जहँ तहाँ मोहि पहुँचाउ।**
**नाहिं त चाहत चलन अब प्रान कहउँ सतिभाउ॥ १४९॥**

हे सखा! श्रीराम, जानकी र लक्ष्मण जहाँ छन्, मलाई पनि त्यहीं नै पुऱ्याइदेऊ। नत्र भने मैले सत्य भावले भन्दछु कि मेरो प्राण अब जानै चाहन्छ॥ १४९॥

**पुनि पुनि पूँछत मंत्रिहि राऊ। प्रियतम सुअन सँदेस सुनाऊ॥**
**करहि सखा सोइ बेगि उपाऊ। रामु लखनु सिय नयन देखाऊ॥**

राजाले बारम्बार मन्त्रीसँग सोध्नुहुन्छ—मेरा प्रियतम पुत्रहरूको समाचार सुनाऊ। हे सखा! तिमीले तुरुन्तै उही उपाय गर, जसबाट श्रीराम, लक्ष्मण र सीता मेरा आँखालाई देखाऊ॥ १॥

**सचिव धीर धरि कह मृदु बानी। महाराज तुम्ह पंडित ग्यानी॥**
**बीर सुधीर धुरंधर देवा। साधु समाजु सदा तुम्ह सेवा॥**

मन्त्रीले धैर्य गरेर कोमल वाणीमा भने—महाराज! हजुर पण्डित र ज्ञानी होइबक्सिन्छ। हे देव! हजुर शूरवीर तथा उत्तम धैर्यवान् पुरुषहरूमा श्रेष्ठ होइबक्सिन्छ। हजुरले सधैं साधुहरूको समाजको सेवन गरिबक्सिएको छ॥ २॥

**जनम मरन सब दुख सुख भोगा। हानि लाभु प्रिय मिलन बियोगा॥**
**काल करम बस होहिं गोसाईं। बरबस राति दिवस की नाईं॥**

जन्म-मरण, सुख-दुःखजन्य भोग, हानि-लाभ, प्रियसँग भेट हुनु-बिछोड हुनु, यी सबै हे स्वामी! काल र कर्मको अधीन रात र दिन भएझैं स्वाभाविकरूपमा भई नै रहन्छन्॥ ३॥

**सुख हरषहिं जड़ दुख बिलखाहीं। दोउ सम धीर धरहिं मन माहीं॥**
**धीरज धरहु बिबेकु बिचारी। छाड़िअ सोच सकल हितकारी॥**

मूर्खहरू सुखमा हर्षित हुन्छन् भने दुःखमा रुन्छन्, तर धीर पुरुष आफ्नो मनमा दुवैलाई समान सम्झन्छन्। हे सबैका हितकारी (रक्षक)! हजुरले विवेक विचार गरेर धैर्य गरिबक्सियोस् र शोकलाई परित्याग गरिबक्सियोस्॥ ४॥

दो०— **प्रथम बासु तमसा भयउ दूसर सुरसरि तीर।**
**न्हाइ रहे जलपानु करि सिय समेत दोउ बीर॥ १५०॥**

श्रीरामको पहिलो निवास (मुकाम) तमसाको तटमा भयो, दोस्रो गङ्गातीरमा। सीताजीसहित दुवै भाइ त्यस दिन स्नान गरेर जल पिएर नै रहनुभयो॥ १५०॥

**केवट कीन्हि बहुत सेवकाई। सो जामिनि सिंगरौर गवाँई॥**
**होत प्रात बट छीरु मगावा। जटा मुकुट निज सीस बनावा॥**

केवट (निषादराज) ले धेरै नै सेवा गरे। त्यो रात सिंगरौर (शृंगवेरपुर) मा नै बिताउनुभयो। दोस्रो दिन उज्यालो हुनेबित्तिकै बरको दूध (चोप) मगाउनुभयो र त्यसैले श्रीराम र लक्ष्मणले आफ्ना शिरमा जटाहरूको मुकुट बनाउनुभयो॥ १॥

**राम सखाँ तब नाव मगाई। प्रिया चढ़ाइ चढ़े रघुराई॥**
**लखन बान धनु धरे बनाई। आपु चढ़े प्रभु आयसु पाई॥**

अनि श्रीरामचन्द्रका सखा निषादराजले डुङ्गा झिकाए। पहिले प्रिया सीताजीलाई त्यसमा चढाएर फेरि श्रीरघुनाथ चढ्नुभयो। फेरि लक्ष्मणजीले धनुष-बाण सजाएर राख्नुभयो र प्रभु श्रीरामचन्द्रको आज्ञा पाएर स्वयं चढ्नुभयो॥ २॥

**बिकल बिलोकि मोहि रघुबीरा। बोले मधुर बचन धरि धीरा॥**
**तात प्रनामु तात सन कहेहू। बार बार पद पंकज गहेहू॥**

मलाई व्याकुल देखेर श्रीरामचन्द्रले धैर्य धारण गरेर मधुर वचन भन्नुभयो—हे तात! पिताजीसँग मेरो प्रणाम भन्नू र मेरो तर्फबाट बारम्बार उहाँका चरणकमल समात्नू॥ ३॥

**करबि पायँ परि बिनय बहोरी। तात करिअ जनि चिंता मोरी॥**
**बन मग मंगल कुसल हमारें। कृपा अनुग्रह पुन्य तुम्हारें॥**

फेरि चरण समातेर बिन्ती गर्नु कि हे पिताजी! हजुरले मेरो चिन्ता नगरिबक्सिएला। हजुरको कृपा, अनुग्रह र पुण्यबाट वनमा र मार्गमा हामीलाई कुशल-मङ्गल हुनेछ॥ ४॥

छं०— **तुम्हरें अनुग्रह तात कानन जात सब सुखु पाइहौं।**
**प्रतिपालि आयसु कुसल देखन पाय पुनि फिरि आइहौं॥**
**जननीं सकल परितोषि परि परि पायँ करि बिनती घनी।**
**तुलसी करेहु सोइ जतनु जेहिं कुसली रहहिं कोसलधनी॥**

हे पिताजी! हजुरको आज्ञा (कृपा) ले म वनमा जाँदा सबै प्रकारका सुख पाउनेछु। आज्ञालाई राम्रो किसिमले पालन गरेर चरणहरूको दर्शन गर्न कुशलपूर्वक फेरि फर्की आउनेछु। सबै आमाहरूका चरण घरीघरी समातेर उहाँहरूलाई समाधान गरेर र उहाँहरूसँग धेरै बिन्ती गरेर—तुलसीदासजीले भन्नुहुन्छ कि—हजुरहरूले उही प्रयत्न गर्नु कि जसरी कोसलपति पिताजी कुशल रहिबक्सिन्छ।

सो०— **गुर सन कहब सँदेसु बार बार पद पदुम गहि।**
**करब सोइ उपदेसु जेहिं न सोच मोहि अवधपति॥ १५१॥**

बारम्बार चरणकमललाई समातेर गुरु वशिष्ठजीसँग मेरो सन्देश भन्नु कि उहाँले त्यही उपदेश दिनुहुनेछ, जसबाट अवधपति पिताजीले मेरो चिन्ता गर्नुहुनेछैन॥ १५१॥

**पुरजन परिजन सकल निहोरी। तात सुनाएहु बिनती मोरी॥**
**सोइ सब भाँति मोर हितकारी। जातें रह नरनाहु सुखारी॥**

हे तात! सबै पुरवासीलाई र कुटुम्बीसँग अनुरोध गरेर मेरो बिन्ती सुनाउनु कि उही मनुष्य मेरो सबै प्रकारले हितकारी हुनेछन्, जसको चेष्टाले महाराज सुखी होइबक्सिनेछ॥ १॥

**कहब सँदेसु भरत के आएँ। नीति न तजिअ राजपदु पाएँ॥**
**पालेहु प्रजहि करम मन बानी। सेएहु मातु सकल सम जानी॥**

भरत आएपछि उनलाई मेरो सन्देश भन्नु कि राजाको पद पाएपछि नीति नछोड्नु, कर्म, वचन र मनले प्रजाको पालन गर्नू र सबै आमाहरूलाई समान जानेर उहाँहरूको सेवा गर्नू॥ २॥

**ओर निबाहेहु भायप भाई। करि पितु मातु सुजन सेवकाई॥**
**तात भाँति तेहि राखब राऊ। सोच मोर जेहिं करै न काऊ॥**

र हे भाइ! बाबु, आमा र स्वजनहरूको सेवा गरेर भाइचाराको व्यवहार अन्ततक पालना गर्नू। हे भाइ! राजा (पिताजी) लाई त्यस प्रकारले राख्नू जसले उहाँले कहिल्यै (कुनै किसिमले) मेरो चिन्ता गर्ने परिस्थिति नहोस्॥ ३॥

**लखन कहे कछु बचन कठोरा। बरजि राम पुनि मोहि निहोरा॥**
**बार बार निज सपथ देवाई। कहबि न तात लखन लरिकाई॥**

लक्ष्मणजीले केही कठोर वचन भन्नुभयो। किन्तु श्रीरामले ती वचनलाई प्रतिबन्ध लगाएर फेरि मसँग अनुरोध गर्नुभयो र बारम्बार आफ्नो शपथ खुवाएर [भन्नुभयो— ] हे तात! लक्ष्मणको केटाकेटीपन (बाल्यावस्थामा भनेको कुरा) लाई नभन्नू॥ ४॥

दो०— **कहि प्रनामु कछु कहन लिय सिय भइ सिथिल सनेह।**
**थकित बचन लोचन सजल पुलक पल्लवित देह॥ १५२॥**

प्रणाम गरेर सीताजीले पनि केही भन्न लाग्नुभएको थियो, परन्तु स्नेहवश उहाँ शिथिल हुनुभयो। उहाँको वाणी रोकियो, नेत्रमा आँसु भरिएर आए र रोमाञ्चले व्याप्त हुनुभयो॥ १५२॥

**तेहि अवसर रघुबर रुख पाई। केवट पारहि नाव चलाई॥**
**रघुकुल तिलक चले एहि भाँती। देखउँ ठाढ़ कुलिस धरि छाती॥**

त्यसै समयमा श्रीरामचन्द्रको भाव बुझेर केवटले पारि जानको लागि डुङ्गा चलाए। यस प्रकार रघुवंशतिलक श्रीरामचन्द्र गइहाल्नुभयो र म छातीमा वज्र राखेर उभिएर नै हेर्दै रहें॥ १॥

**मैं आपन किमि कहौं कलेसू। जिअत फिरेउँ लेइ राम सँदेसू॥**
**अस कहि सचिव बचन रहि गयऊ। हानि गलानि सोच बस भयऊ॥**

मैले आफ्नो क्लेशलाई कसरी भनौं, जसले श्रीरामको यस्तो सन्देश लिएर जीवित नै फर्केको छु! यस्तो भनेर मन्त्रीको वाणी रोकियो (उनी चुप भए) र उनी हानिको ग्लानि र चिन्ताको वशमा परे॥ २॥

**सूत बचन सुनतहिं नरनाहू। परेउ धरनि उर दारुन दाहू॥**
**तलफत बिषम मोह मन मापा। माजा मनहुँ मीन कहुँ ब्यापा॥**

सारथि सुमन्त्रका वचन सुन्दा नै राजा पृथ्वीमा पल्टिनुभयो, उहाँको हृदयमा भयानक ज्वाला हुन (आगोले पोल्न) लाग्यो। उहाँ छटपटाउन लाग्नुभयो, उहाँको मन भीषण मोहले व्याकुल भयो। मानौं, माछालाई पहिलो वर्षाको जल (धमिलो पानी, बाढी) लाग्यो॥ ३॥

**करि बिलाप सब रोवहिं रानी। महा बिपति किमि जाइ बखानी॥**
**सुनि बिलाप दुखहू दुखु लागा। धीरजहू कर धीरजु भागा॥**

सबै रानीहरू विलाप गरेर रोइरहेका छन्। त्यस महान् विपत्तिलाई कसरी वर्णन गर्न सकिन्छ? त्यस समयको विलाप सुनेर दुःखलाई पनि दुःख लाग्यो र धैर्यको पनि धैर्य भाग्यो!॥ ४॥

**दो०— भयउ कोलाहलु अवध अति सुनि नृप राउर सोरु।**
**बिपुल बिहग बन परेउ निसि मानहुँ कुलिस कठोरु॥ १५३॥**

राजाको रानी निवास (खोपी) मा (रोएको) स्वर सुनेर अयोध्याभरमा धेरै ठूलो स्वर मच्चियो! [यस्तो लाग्दथ्यो] मानौं पक्षीहरूको विशाल वनमा रातको समय कठोर वज्र खसेको छ॥ १५३॥

**प्रान कंठगत भयउ भुआलू। मनि बिहीन जनु ब्याकुल ब्यालू॥**
**इंद्रीं सकल बिकल भइँ भारी। जनु सर सरसिज बनु बिनु बारी॥**

राजाको प्राण कण्ठमा आयो। मानौं मणिविना सर्प मरणासन्न भएको छ। इन्द्रियहरू सबै धेरै नै व्याकुल भएका छन्, मानौं विनाजलको तलाउमा कमलहरूको वन ओइलाएको छ॥ १॥

**कौसल्याँ नृपु दीख मलाना। रबिकुल रबि अँथयउ जियँ जाना॥**
**उर धरि धीर राम महतारी। बोली बचन समय अनुसारी॥**

कौसल्याजीले राजालाई धेरै नै दुःखी देखेर आफ्नो हृदयमा जान्नुभयो कि अब सूर्यकुलका सूर्यको अस्त भइसक्यो। त्यसपछि रामचन्द्रकी आमा कौसल्याले हृदयमा धैर्य धारण गरेर समयानुकूल वचन भन्नुभयो— ॥ २॥

**नाथ समुझि मन करिअ बिचारू। राम बियोग पयोधि अपारू॥**
**करनधार तुम्ह अवध जहाजू। चढ़ेउ सकल प्रिय पथिक समाजू॥**

हे नाथ! हजुरले मनमा सम्झेर विचार गरिबक्सियोस् कि श्रीरामचन्द्रको वियोग अपार समुद्र छ। अयोध्या जहाज हो र हजुर उसको कर्णधार (खियाउनेवाला) होइबक्सिन्छ। सबै प्रियजन (कुटुम्बी र प्रजा) नै यात्रीहरूको समाज हुन्, जो यस जहाजमा चढेका छन्॥ ३॥

**धीरजु धरिअ त पाइअ पारू। नाहिं त बूड़िहि सबु परिवारू॥**
**जौं जियँ धरिअ बिनय पिय मोरी। रामु लखनु सिय मिलहिं बहोरी॥**

हजुरले धैर्य गरेमा त सबै पारि पुगिनेछ। नत्र भने सारा परिवार डुब्नेछन्। हे प्रिय स्वामी! यदि मेरो बिन्ती हृदयमा धारण गरिबक्सियो भने त श्रीराम, लक्ष्मण, सीता फेरि आएर भेट हुनेछन्॥ ४॥

**दो०— प्रिया बचन मृदु सुनत नृपु चितयउ आँखि उघारि।**
**तलफत मीन मलीन जनु सींचत सीतल बारि॥ १५४॥**

प्रिय पत्नी कौसल्याका कोमल वचन सुनेपछि राजाले आँखा खोलेर हेर्नुभयो! मानौं (पानी नभएर) छटपटाइरहेको दीन माछामा कसैले शीतल जल छर्किरहेको छ॥ १५४॥

**धरि धीरजु उठि बैठ भुआलू। कहु सुमंत्र कहँ राम कृपालू॥**
**कहाँ लखनु कहँ रामु सनेही। कहँ प्रिय पुत्रबधू बैदेही॥**

धैर्यपूर्वक राजा उठेर बस्नुभयो र भन्नुभयो— सुमन्त्र! भन, कृपालु श्रीराम कहाँ छन्? लक्ष्मण कहाँ छन्? स्नेही राम कहाँ छन्? र मेरी प्यारी बुहारी जानकी कहाँ छिन्?॥ १॥

**बिलपत राउ बिकल बहु भाँती। भइ जुग सरिस सिराति न राती॥**
**तापस अंध साप सुधि आई। कौसल्यहि सब कथा सुनाई॥**

राजा व्याकुल भएर धेरै प्रकारले विलाप गरिरहनुभएको छ। त्यो रात युगको समान ठूलो (लामो) भयो, समय नै बित्दैन। राजालाई अन्धा तपस्वी (श्रवणकुमारका पिता) को श्रापको याद आयो। उहाँले सबै कथा कौसल्याजीलाई भनेर सुनाउनुभयो॥ २॥

**भयउ बिकल बरनत इतिहासा। राम रहित धिग जीवन आसा॥**
**सो तनु राखि करब मैं काहा। जेहिं न प्रेम पनु मोर निबाहा॥**

त्यस इतिहासलाई वर्णन गर्दा-गर्दै राजा व्याकुल हुनुभयो र भन्न लाग्नुभयो कि श्रीरामविना बाँच्ने आशालाई धिक्कार छ। मैले यस शरीरलाई राखेर के गर्नेछु, जसले मेरो प्रेमको प्रणलाई देखाउन (निभाउन) सकेन?॥ ३॥

**हा रघुनंदन प्रान पिरीते। तुम्ह बिनु जिअत बहुत दिन बीते॥**
**हा जानकी लखन हा रघुबर। हा पितु हित चित चातक जलधर॥**

हे रघुकुललाई आनन्द दिनेवाला मेरा प्राणप्यारा राम! तिमीविना बाँचेको मलाई धेरै दिन बिते! हे जानकी, लक्ष्मण! हे रघुवर! हे पिताको चित्तरूपी चातकलाई हित गर्ने मेघ!॥ ४॥

**दो०— राम राम कहि राम कहि राम राम कहि राम।**
**तनु परिहरि रघुबर बिरहँ राउ गयउ सुरधाम॥ १५५॥**

राम-राम भनेर, फेरि राम भनेर, फेरि राम-राम भनेर र फेरि पनि राम भनेर राजा श्रीरामको विरहमा शरीर त्याग गरी स्वर्गलोकमा जानुभयो॥ १५५॥

**जिअन मरन फलु दसरथ पावा। अंड अनेक अमल जसु छावा॥**
**जिअत राम बिधु बदनु निहारा। राम बिरह करि मरनु सँवारा॥**

जीवित छँदा र मृत्यु हुँदाको फल त दशरथजीले नै पाउनुभयो, जसको निर्मल यश अनेकौं ब्रह्माण्डमा व्याप्त भयो। जीवित छँदा श्रीरामचन्द्रको चन्द्रमाको समान मुख देख्नुभयो र श्रीरामको विरहलाई निमित्त बनाएर आफ्नो मरण सुधार्नुभयो (सफल बनाउनुभयो)॥ १॥

**सोक बिकल सब रोवहिं रानी। रूपु सीलु बलु तेजु बखानी॥**
**करहिं बिलाप अनेक प्रकारा। परहिं भूमितल बारहिं बारा॥**

सबै रानीहरू शोकले गर्दा व्याकुल भएर रोइरहेका छन्। उनीहरू राजाको रूप, शील, बल र तेजलाई वर्णन गरेर अनेकौं प्रकारले विलाप गरिरहेका छन् र बारम्बार धर्तीमा पल्टिरहेका (पछारिएका) छन्॥ २॥

**बिलपहिं बिकल दास अरु दासी। घर घर रुदनु करहिं पुरबासी॥**
**अँथयउ आजु भानुकुल भानू। धरम अवधि गुन रूप निधानू॥**

दास-दासीगण व्याकुल भएर विलाप गरिरहेका छन् र नगरनिवासी घर-घरमा रोइरहेका छन्। भन्दछन् कि आज धर्मको सीमा, गुण र रूपका भण्डार सूर्यकुलका सूर्य अस्ताए!॥ ३॥

**गारीं सकल कैकइहि देहीं। नयन बिहीन कीन्ह जग जेहीं॥**
**एहि बिधि बिलपत रैनि बिहानी। आए सकल महामुनि ग्यानी॥**

सबैले कैकेयीलाई गाली गरिरहेका छन्, जसले संसारभरलाई नेत्रविनाको (अन्धो) गराइदिई! यस प्रकार विलाप गर्दा रात बित्यो। प्रातःकाल सबै ठूला-ठूला ज्ञानी मुनि आए॥ ४॥

दो०— **तब बसिष्ठ मुनि समय सम कहि अनेक इतिहास।**
**सोक नेवारेउ सबहि कर निज बिग्यान प्रकास॥ १५६॥**

त्यसपछि वशिष्ठ मुनिले समयको अनुकूल अनेक इतिहास भनेर आफ्नो विज्ञानको प्रकाशले सबैको शोक मेटाउनुभयो॥ १५६॥

## ✹ मुनि वशिष्ठले भरतजीलाई बोलाउनको लागि दूत पठाउनु ✹

**तेल नावँ भरि नृप तनु राखा। दूत बोलाइ बहुरि अस भाषा॥**
**धावहु बेगि भरत पहिं जाहू। नृप सुधि कतहुँ कहहु जनि काहू॥**

वशिष्ठजीले डुङ्गा (डूँड) मा तेल भरेर राजाको शरीरलाई त्यसमा राख्न लगाउनुभयो। फेरि दूतहरूलाई बोलाएर उनीसँग भन्नुभयो— तिमीहरू छिटो दौडेर भरतसँग जाओ। राजाको मृत्युको समाचार कहीं कसैसँग पनि नभन्नू॥ १॥

**एतनेइ कहेहु भरत सन जाई। गुर बोलाई पठयउ दोउ भाई॥**
**सुनि मुनि आयसु धावन धाए। चले बेग बर बाजि लजाए॥**

गएर भरतसँग यति मात्रै भन्नु कि दुवै भाइलाई गुरुजीले बोलाउन पठाउनुभएको हो। मुनिको आज्ञा सुनेर धावक (दूत) हरू दौडे। उनीहरू आफ्नो वेगले उत्तम घोडाहरूलाई पनि लज्जित गर्दै दौडे॥ २॥

**अनरथु अवध अरंभेउ जब तें। कुसगुन होहिं भरत कहुँ तब तें॥**
**देखहिं राति भयानक सपना। जागि करहिं कटु कोटि कलपना॥**

जहिलेदेखि अयोध्यामा अनर्थ प्रारम्भ भयो, त्यही समयदेखि भरतजीलाई अपशकुन (खराब लक्षण) हुन लागे। उहाँले रातमा भयङ्कर सपना देख्नुहुन्थ्यो र बिउँझेपछि [तिनै सपनाका कारण] करोडौं (अनेकौं) प्रकारका खराब-खराब कल्पनाहरू गर्नुहुन्थ्यो॥ ३॥

**बिप्र जेवाँइ देहिं दिन दाना। सिव अभिषेक करहिं बिधि नाना॥**
**मागहिं हृदयँ महेस मनाई। कुसल मातु पितु परिजन भाई॥**

[अनिष्टशान्तिको लागि] उहाँले प्रतिदिन ब्राह्मणहरूलाई भोजन गराएर दान गर्नुहुन्थ्यो। अनेकौं विधिहरूले रुद्राभिषेक गर्नुहुन्थ्यो। महादेवजीलाई हृदयमा मनाएर उहाँसँग आमा-बाबु, कुटुम्बी र दाजुभाइहरूको मङ्गल-कामना माग्नुहुन्थ्यो॥ ४॥

दो०— **एहि बिधि सोचत भरत मन धावन पहुँचे आइ।**
**गुर अनुसासन श्रवन सुनि चले गनेसु मनाइ॥ १५७॥**

भरतजीले यस्तो प्रकारको चिन्ता गरिरहनुभएको थियो। ठीक यही समयमा दूत आइपुगे। गुरुजीको आज्ञा कानले सुन्दा नै उहाँ गणेशजीलाई मनाएर हिँडिहाल्नुभयो॥ १५७॥

**चले समीर बेग हय हाँके। नाघत सरित सैल बन बाँके॥**
**हृदयँ सोचु बड़ कछु न सोहाई। अस जानहिं जियँ जाउँ उड़ाई॥**

हावाको समान वेग भएका घोडालाई हाँक्दै उहाँ विकट नदी, पहाड तथा जङ्गलहरूलाई नाघ्दै हिँड्नुभयो। उहाँको हृदयमा ठूलो चिन्ता थियो, केही पनि राम्रो लाग्दैनथ्यो। मनमा यस्तो सोच्नुहुन्थ्यो कि तत्काल उडेर पुगौं॥ १॥

## * श्रीभरत-शत्रुघ्नको आगमन र शोक *

**एक निमेष बरष सम जाई। एहि बिधि भरत नगर निअराई॥**
**असगुन होहिं नगर पैठारा। रटहिं कुभाँति कुखेत करारा॥**

एक-एक निमेष पनि वर्षका समान बितिरहेका थिए। यस प्रकार भरतजी नगरको निकट पुग्नुभयो। नगरमा प्रवेश गर्ने समयमा अपशकुन हुन लागे। कौवा खराब ठाउँमा बसेर खराब किसिमले काँ-काँ गरिरहेका छन्॥ २॥

**खर सिआर बोलहिं प्रतिकूला। सुनि सुनि होइ भरत मन सूला॥**
**श्रीहत सर सरिता बन बागा। नगरु बिसेषि भयावनु लागा॥**

गधा र स्याल विपरीत बोलिरहेका छन्। यस्तो सुन्दा-सुन्दै भरतको मनमा ठूलो पीडा भइरहेको छ। तलाउ, नदी, वन, बगैंचा सबै शोभाहीन भइरहेका छन्। नगर अति नै भयानक लागिरहेको छ॥ ३॥

**खग मृग हय गय जाहिं न जोए। राम बियोग कुरोग बिगोए॥**
**नगर नारि नर निपट दुखारी। मनहुँ सबन्हि सब संपति हारी॥**

श्रीरामको वियोगरूपी खराब रोगले सताइएका पशु-पक्षी, घोडा-हात्ती [यसरी दुःखी भइरहेका छन् कि] उनीहरूलाई हेर्न नै सकिन्न। नगरका स्त्री-पुरुष अत्यन्त दुःखी भइरहेका छन् मानौं सबैले आफ्नो सबै सम्पत्ति हारेर बसेका छन्॥ ४॥

दो०— **पुरजन मिलहिं न कहहिं कछु गवँहिं जोहारहिं जाहिं।**
**भरत कुसल पूँछि न सकहिं भय बिषाद मन माहिं॥ १५८॥**

नगरका मानिस भेट हुन्छन्, तर केही भन्दैनन्; खुसुक्क नमस्कार गरेर गइहाल्छन्। भरतजीले पनि कुनैसँग कुशल सोध्न सक्नुहुन्न, किनकि उहाँको मनमा भय र विषाद व्याप्त छ॥ १५८॥

**हाट बाट नहिं जाइ निहारी। जनु पुर दहँ दिसि लागि दवारी॥**
**आवत सुत सुनि कैकयनंदिनि। हरषी रबिकुल जलरुह चंदिनि॥**

बजार र बाटो हेर्न नै सकिंदैन। मानौं नगरमा दशै दिशामा डढेलो लागेको छ! छोरालाई आएको सुनेर सूर्यकुलरूपी कमलका लागि चाँदनीरूपी कैकेयी [धेरै] हर्षित भइन्॥ १॥

**सजि आरती मुदित उठि धाई। द्वारेहिं भेंटि भवन लेइ आई॥**
**भरत दुखित परिवारु निहारा। मानहुँ तुहिन बनज बनु मारा॥**

उनी आरती सजाएर आनन्दले भरिंदै उठेर दौडिन् र ढोका नजिकै भेटेर भरत-शत्रुघ्नलाई महलमा ल्याइन्। भरतले सबै परिवारलाई दु:खी देख्नुभयो। मानौं कमलको वनलाई तुषारोले हानेको छ॥ २॥

**कैकेई हरषित एहि भाँती। मनहुँ मुदित दव लाइ किराती॥**
**सुतहि ससोच देखि मनु मारें। पूँछति नैहर कुसल हमारें॥**

एउटी कैकेयी नै यस तरह हर्षित देखिन्छिन्, मानौं भिलनी जङ्गलमा आगो लगाएर आनन्दमा भरिएकी छ। पुत्रलाई सोचवश र धेरै उदास देखेर उनले सोध्न लागिन्—मेरो माइतमा कुशल त छ?॥ ३॥

**सकल कुसल कहि भरत सुनाई। पूँछी निज कुल कुसल भलाई॥**
**कहु कहँ तात कहाँ सब माता। कहँ सिय राम लखन प्रिय भ्राता॥**

भरतजीले सबै कुशल सुनाउनुभयो। फेरि आफ्नो कुलको कुशल-मङ्गल सोध्नुभयो। [भरतजीले भन्नुभयो—] भन्नुहोस्, पिताजी कहाँ होइबक्सिन्छ? मेरा सबै माताजीहरू कहाँ होइबक्सिन्छ? सीताजी र मेरा प्यारा दाजु-भाइ राम-लक्ष्मण कहाँ हुनुहुन्छ?॥ ४॥

दो०— **सुनि सुत बचन सनेहमय कपट नीर भरि नैन।**
**भरत श्रवन मन सूल सम पापिनि बोली बैन॥ १५९॥**

छोराका स्नेहमय वचन सुनेर नेत्रमा कपटको जल भर्दै पापिनी कैकेयी भरतका कानमा र मनमा शूलका समान घोच्ने वचन बोलिन्— ॥ १५९॥

**तात बात मैं सकल सँवारी। भै मंथरा सहाय बिचारी॥**
**कछुक काज बिधि बीच बिगारेउ। भूपति सुरपति पुर पगु धारेउ॥**

हे भरत! मैले सबै कुरा बनाएकी थिएँ। बिचारी मन्थरा सहायिका भई। तर विधाताले बीचमा अलिकति काम बिगारिदियो। त्यो, यो हो कि राजा देवलोक जानुभयो॥ १॥

**सुनत भरतु भए बिबस बिषादा। जनु सहमेउ करि केहरि नादा॥**
**तात तात हा तात पुकारी। परे भूमितल ब्याकुल भारी॥**

भरत यस्तो सुन्दा नै विषादले गर्दा विवश (बेहाल) हुनुभयो। मानौं सिंहको गर्जना सुनेर हात्ती डराएको छ। उहाँ 'हे पिताजी! हे बुबा! हे बुबा!' भन्दै अत्यन्त व्याकुल भएर जमिनमा पछारिनुभयो (पल्टिनुभयो)॥ २॥

**चलत न देखन पायउँ तोही। तात न रामहि सौंपेहु मोही॥**
**बहुरि धीर धरि उठे सँभारी। कहु पितु मरन हेतु महतारी॥**

[र विलाप गर्न लाग्नुभयो कि] हे पिताजी! मैले हजुरलाई [स्वर्गको लागि] हिँड्ने बेलामा देख्न पनि पाइन। [हाय!] हजुरले मलाई श्रीरामसँग सुम्पेर पनि जानुभएन! फेरि धैर्य धारण गरेर उहाँ सम्हालिएर उठ्नुभयो र भन्नुभयो— आमा! बुबाको मृत्यु हुनाको कारण त बताउनुहोस्॥ ३॥

**सुनि सुत बचन कहति कैकेई। मरमु पाँछि जनु माहुर देई॥**
**आदिहु तें सब आपनि करनी। कुटिल कठोर मुदित मन बरनी॥**

छोराका वचन सुनेर कैकेयीले भन्न लागिन्। मानौं मर्मस्थानलाई चक्कुले चिरेर त्यसमा जहर भरिरहेकी छिन्। कुटिल र कठोर कैकेयीले आफ्नो सबै कर्तुत सुरुदेखि [आखिरसम्म] प्रसन्न मनले सुनाइन्॥ ४॥

दो०— **भरतहि बिसरेउ पितु मरन सुनत राम बन गौनु।**
**हेतु अपनपउ जानि जियँ थकित रहे धरि मौनु॥ १६०॥**

श्रीरामचन्द्र वनमा गएको सुनेर भरतजीले पिताको मरण भुल्नुभयो र हृदयमा यस सबै अनर्थको कारण आफूलाई नै जानेर उहाँ मौन भएर स्तम्भित रहनुभयो (अर्थात् उहाँको बोली बन्द भयो र उहाँ चुप हुनुभयो)॥ १६०॥

**बिकल बिलोकि सुतहि समुझावति। मनहुँ जरे पर लोनु लगावति॥**
**तात राउ नहिं सोचै जोगू। बिढ़इ सुकृत जसु कीन्हेउ भोगू॥**

पुत्रलाई व्याकुल देखेर कैकेयीले सम्झाउन लागिन्, मानौं पोलेको घाउमा नुन छर्किरहेकी छिन्। [उनले भनिन्— ] हे भरत! राजा चिन्ता गर्न योग्य हुनुहुन्न। उहाँले पुण्य र यश कमाएर त्यसको पर्याप्त भोग गर्नुभयो॥ १॥

**जीवत सकल जनम फल पाए। अंत अमरपति सदन सिधाए॥**
**अस अनुमानि सोच परिहरहू। सहित समाज राज पुर करहू॥**

जीवनकालमा नै उहाँले जन्म लिएको सम्पूर्ण फल पाउनुभयो र अन्त्यमा उहाँ इन्द्रलोकमा जानुभयो। यस्तो विचार गरेर चिन्ता छोडिदेऊ र समाजसहित देशको राज्य गर॥ २॥

**सुनि सुठि सहमेउ राजकुमारू। पाकें छत जनु लाग अँगारू॥**
**धीरज धरि भरि लेहिं उसासा। पापिनि सबहि भाँति कुल नासा॥**

राजकुमार भरतजी यस्तो सुनेर धेरै नै डराउनुभयो। मानौं पाकेको घाउमा आगो (फिलिङ्गो) ले पोलेको छ। उहाँले धैर्य गरेर धेरै लामो सास लिंदै भन्नुभयो—पापिनी! तैंले सबै प्रकारले कुललाई नाश गरिस्॥ ३॥

**जौं पै कुरुचि रही अति तोही। जनमत काहे न मारे मोही॥**
**पेड़ काटि तैं पालउ सींचा। मीन जिअन निति बारि उलीचा॥**

हाय! यदि तेरो यस्तो नै दुष्ट इच्छा थियो भने तैंले जन्मदा नै मलाई किन मारिनस्? तैंले रूखलाई काटेर पातलाई सिँचाई गरेकी छस् र माछालाई बचाउनको लागि पानी (पोखरीबाट) बाहिर फालेकी छस्! (अर्थात् मेरो हित गर्न लागेर तैंले उल्टो अहित गरिस्!)॥ ४॥

दो०—**हंसबंसु दसरथु जनकु राम लखन से भाइ।**
**जननी तूँ जननी भई बिधि सन कछु न बसाइ॥ १६१॥**

मलाई सूर्यवंश [जस्तो-वंश], दशरथजी [समानका] पिता र राम-लक्ष्मण-जस्ता दाजु-भाइ (भए) मिले। तर हे जननी! मलाई जन्म दिनेवाला माता तँ भइस्! [के गर्ने र!] विधातासँग केही पनि वश चल्दैन॥ १६१॥

**जब तैं कुमति कुमत जियँ ठयऊ। खंड खंड होइ हृदउ न गयऊ॥**
**बर मागत मन भइ नहिं पीरा। गरि न जीह मुहँ परेउ न कीरा॥**

छि: (धत्) कुमति! जब तैंले हृदयमा यस्तो खराब विचार (निश्चय) गरिस् (ठानिस्), त्यही समय तेरो हृदय टुक्रा-टुक्रा [किन] भएन? वरदान माग्ने समयमा तेरो मनमा केही पनि पीडा भएन? तेरो जिभ्रो झरेन? तेरो मुखमा कीरा किन परेनन्?॥ १॥

**भूपँ प्रतीति तोरि किमि कीन्ही। मरन काल बिधि मति हरि लीन्ही॥**
**बिधिहुँ न नारि हृदय गति जानी। सकल कपट अघ अवगुन खानी॥**

राजाले तेरो विश्वास कसरी गर्नुभयो? [थाहा हुन्छ कि] विधाताले मर्ने बेलामा उहाँको बुद्धि हरण गरेको थियो। स्त्रीको हृदयको गति (चाल) विधाताले पनि जान्न सक्तैन। तँ सम्पूर्ण कपट, पाप र अवगुणहरूको खानी होस्॥ २॥

**सरल सुसील धरम रत राऊ। सो किमि जानै तीय सुभाऊ॥**
**अस को जीव जंतु जग माहीं। जेहि रघुनाथ प्रानप्रिय नाहीं॥**

फेरि राजा त सीधा, सुशील र धर्मपरायण हुनुहुन्थ्यो। उहाँले तेरोजस्तो स्त्री-स्वभावलाई कसरी जान्ने? ओहो! जगत्का जीव-जन्तुहरूमा यस्तो को छ, जसलाई श्रीरघुनाथ प्राणसमान प्यारा हुनुहुन्न॥ ३॥

**भे अति अहित रामु तेउ तोही। को तू अहसि सत्य कहु मोही॥**
**जो हसि सो हसि मुहँ मसि लाई। आँखि ओट उठि बैठहि जाई॥**

उनै रामजी पनि तँलाई अहित (शत्रु) हुनुभयो! तँ को होस्? मलाई सत्य-सत्य भन! तँ जो होस्, त्यही होस्, अब मुखमा मसी पोतेर (मुख कालो गरेर) उठेर मेरा आँखाले नदेख्ने ठाउँमा बस्॥ ४॥

दो०— **राम बिरोधी हृदय तें प्रगट कीन्ह बिधि मोहि।**
**मो समान को पातकी बादि कहउँ कछु तोहि॥ १६२॥**

विधाताले मलाई श्रीरामसँग विरोध गर्ने (तेरो) हृदयबाट उत्पन्न गर्‍यो [अथवा विधाताले मलाई हृदयदेखि नै रामको विरोधी जाहेर गरिदियो]। मबराबरको पापी अर्को को छ? मैले व्यर्थ नै तँलाई केही भनेको छु॥ १६२॥

**सुनि सत्रुघुन मातु कुटिलाई। जरहिं गात रिस कछु न बसाई॥**
**तेहि अवसर कुबरी तहँ आई। बसन बिभूषन बिबिध बनाई॥**

आमाको कुटिलता सुनेर शत्रुघ्नजीका सबै अङ्ग क्रोधले जलिरहेका छन्, तर केही वश चलेको छैन। त्यही समय अनेक प्रकारका कपडा र गहनाले सजिएर कुप्री (कुब्जी) त्यहाँ आई॥ १॥

**लखि रिस भरेउ लखन लघु भाई। बरत अनल घृत आहुति पाई॥**
**हुमगि लात तकि कूबर मारा। परि मुह भर महि करत पुकारा॥**

उसलाई [सजिएको] देखेर लक्ष्मणजीका कान्छा भाइ शत्रुघ्नजी क्रोधमा भरिनुभयो। मानौं बल्दै गरेको आगोमा घ्यूको आहुति मिलेको छ। उहाँले बलपूर्वक ताकेर कुप्रीको पिठ्युँ (फिरपातो) मा एक लात्ती हान्नुभयो। ऊ चिच्चाउदै मुखको भरमा जमिनमा पल्टिई॥ २॥

**कूबर टूटेउ फूट कपारू। दलित दसन मुख रुधिर प्रचारू॥**
**आह दइअ मैं काह नसावा। करत नीक फलु अनइस पावा॥**

उसको पिठ्युँ भाँचियो, टाउको फुट्यो, दाँत झरे तथा मुखबाट रगत बग्न लाग्यो। [ऊ कहराउँदै बोली—] हे दैव! मैले के बिगारे? जुन राम्रो गर्छु भन्दा उल्टो फल पाए॥ ३॥

**सुनि रिपुहन लखि नख सिख खोटी। लगे घसीटन धरि धरि झोंटी॥**
**भरत दयानिधि दीन्हि छड़ाई। कौसल्या पहिं गे दोउ भाई॥**

उसको यस्ता कुरा सुनेर र उसलाई नङदेखि शिखा (शिर) सम्म दुष्ट जानेर शत्रुघ्नजीले चुल्ठो समातेर उसलाई लतार्न लाग्नुभयो। त्यसपछि दयानिधि भरतजीले उसलाई छुटाइदिनुभयो र दुवै भाइ (तुरुन्त) कौसल्याजीसँग जानुभयो॥ ४॥

दो०— **मलिन बसन बिबरन बिकल कृस सरीर दुख भार।**
**कनक कलप बर बेलि बन मानहुँ हनी तुसार॥ १६३॥**

कौसल्याजीले मैला कपडा लगाउनुभएको छ, अनुहारको रङ्ग बदलिएको छ र व्याकुल हुनुभएको छ, दुःखको बोझले शरीर सुकेको छ। यस्ती देखिनुभएको छ मानौं सुनका सुन्दर कल्पलताको वनमा हिउँ परेको छ॥ १६३॥

## ✹ भरत–कौसल्या–संवाद र दशरथजीको अन्त्येष्टि–क्रिया ✹

**भरतहि देखि मातु उठि धाई। मुरुछित अवनि परी झइँ आई॥**
**देखत भरतु बिकल भए भारी। परे चरन तन दसा बिसारी॥**

भरतलाई देख्नेबित्तिकै माता कौसल्याजी उठेर दौडनुभयो। तर चक्कर आउनाले मूर्च्छित भएर पृथ्वीमा पल्टिनुभयो। यस्तो देखेपछि भरतजी धेरै व्याकुल हुनुभयो र शरीरको हाल खबर भुलेर चरणमा पल्टिनुभयो॥ १॥

**मातु तात कहँ देहि देखाई। कहँ सिय रामु लखनु दोउ भाई॥**
**कैकइ कत जनमी जग माझा। जौं जनमि त भइ काहे न बाँझा॥**

[फेरि बोल्नुभयो— ] आमा! बुबा कहाँ हुनुहुन्छ? उहाँलाई देखाउनुहोस्। सीताजी तथा मेरा दुवै दाजु-भाइ श्रीराम-लक्ष्मण कहाँ हुनुहुन्छ? [उहाँलाई देखाउनुहोस्।] कैकेयी जगत्मा किन जन्मी! र यदि जन्मेर पनि फेरि बाँझी किन भइन?— ॥ २॥

**कुल कलंकु जेहिं जनमेउ मोही। अपजस भाजन प्रियजन द्रोही॥**
**को तिभुवन मोहि सरिस अभागी। गति असि तोरि मातु जेहि लागी॥**

जसले कुललाई कलङ्क, अपयशको भाँडो र प्रियजनको द्रोही म-जस्तो पुत्रलाई उत्पन्न गरी। तीनै लोकमा मसमानको अभागी को होला? जसको कारण हे आमा! हजुरको यस्तो दशा भयो!॥ ३॥

**पितु सुरपुर बन रघुबर केतू। मैं केवल सब अनरथ हेतू॥**
**धिग मोहि भयउँ बेनु बन आगी। दुसह दाह दुख दूषन भागी॥**

पिताजी स्वर्गमा हुनुहुन्छ भने श्रीराम वनमा हुनुहुन्छ। केतुको समान केवल म नै यी सबै अनर्थहरूको कारण हुँ। मलाई धिक्कार छ! म बाँसको वन (घारी) मा आगो उत्पन्न भएर कठिन (भयङ्कर) डढेलो, दुःख र दोषको भागी बनें॥ ४॥

दो०— **मातु भरत के बचन मृदु सुनि पुनि उठी सँभारि।**
**लिए उठाइ लगाइ उर लोचन मोचति बारि॥ १६४॥**

भरतजीका कोमल वचन सुनेर आमा कौसल्याजी फेरि सँभालिएर उठ्नुभयो। उहाँले भरतलाई उठाएर छातीमा लगाउनुभयो र नेत्रबाट आँसु बगाउन लाग्नुभयो॥ १६४॥

**सरल सुभाय मायँ हियँ लाए। अति हित मनहुँ राम फिरि आए॥**
**भेंटेउ बहुरि लखन लघु भाई। सोकु सनेहु न हृदयँ समाई॥**

सरल स्वभाव भएकी आमाले अत्यन्त प्रेमपूर्वक भरतजीलाई छातीमा लगाउनुभयो, मानौं श्रीराम नै फर्केर आउनुभएको छ। फेरि लक्ष्मणजीका कान्छा भाइ शत्रुघ्नलाई हृदयमा लगाउनुभयो। शोक र स्नेह हृदयमा अटाएको छैन॥ १॥

**देखि सुभाउ कहत सबु कोई। राम मातु अस काहे न होई॥**
**मातााँ भरतु गोद बैठारे। आँसु पोंछि मृदु बचन उचारे॥**

कौसल्याजीको स्वभाव देखेर सबै जनाले भनिरहेका छन्— श्रीरामकी आमाको यस्तो स्वभाव किन नहोस्। आमाले भरतजीलाई काखमा राख्नुभयो र उहाँको आँसु पुछेर कोमल वचन भन्नुभयो— ॥ २॥

**अजहुँ बच्छ बलि धीरज धरहू। कुसमउ समुझि सोक परिहरहू॥**
**जनि मानहु हियँ हानि गलानी। काल करम गति अघटित जानी॥**

हे वत्स (हे बाबु)! म बलैया लिन्छु (तिम्रो साथमा छु)। तिमी अहिले धैर्य गर। खराब समय जानेर शोक त्याग। काल र कर्मको गति अमिट (कहिल्यै नमेटिने) जानेर हृदयमा हानि र ग्लानि बिलकुल नमान॥ ३॥

**काहुहि दोसु देहु जनि ताता। भा मोहि सब बिधि बाम बिधाता॥**
**जो एतेहुँ दुख मोहि जिआवा। अजहुँ को जानइ का तेहि भावा॥**

हे पुत्र! कसैलाई दोष नदेऊ। विधाता मदेखि सबै प्रकारले उल्टो भएको छ, जुन यति दुःखमा पनि मलाई बचाइराखेको छ। अझै पनि कसले जान्दछ, उसको के भरोसा छ?॥ ४॥

दो०— **पितु आयस भूषन बसन तात तजे रघुबीर।**
**बिसमउ हरषु न हृदयँ कछु पहिरे बलकल चीर॥ १६५॥**

हे बाबु! पिताको आज्ञाले श्रीरघुवीरले भूषण-वस्त्र त्याग गरेर वल्कल-वस्त्र लगाए। उनको हृदयमा न केही विषाद थियो, न हर्ष!॥ १६५॥

**मुख प्रसन्न मन रंग न रोषू। सब कर सब बिधि करि परितोषू॥**
**चले बिपिन सुनि सिय सँग लागी। रहइ न राम चरन अनुरागी॥**

उनको मुख प्रसन्न थियो, मनमा न आसक्ति थियो, न रोष (द्वेष)। सबैलाई सबै प्रकारले सन्तोष गरेर उनी वनमा गए। यो सुनेर सीता पनि उनका साथ लागिन्। श्रीरामका चरणकी अनुरागिणी उनी कुनै प्रकारले पनि यहाँ बस्न चाहिनन्॥ १॥

**सुनतहिं लखनु चले उठि साथा। रहहिं न जतन किए रघुनाथा॥**
**तब रघुपति सबही सिरु नाई। चले संग सिय अरु लघु भाई॥**

सुन्दा नै लक्ष्मण पनि साथमा नै उठेर हिंडे। श्रीरघुनाथले उनलाई रोक्नको लागि धेरै प्रयास गरे, तर उनी रोकिएनन्। त्यसपछि श्रीरघुनाथ सबैलाई शिर निहुराएर सीता र भाइ लक्ष्मणलाई साथै लिएर गइहाले॥ २॥

**रामु लखनु सिय बनहि सिधाए। गइउँ न संग न प्रान पठाए॥**
**यहु सबु भा इन्ह आँखिन्ह आगें। तउ न तजा तनु जीव अभागें॥**

श्रीराम, लक्ष्मण र सीता वनमा गइहाले। म न साथमा नै गएँ र न मैले आफ्नो प्राण नै उनका साथ पठाएँ। यो सबै यिनै आँखाको अघिल्तिर भयो। यस्तो हुँदा पनि शरीरबाट प्राण गएन॥ ३॥

**मोहि न लाज निज नेहु निहारी। राम सरिस सुत मैं महतारी॥**
**जिऐ मरै भल भूपति जाना। मोर हृदय सत कुलिस समाना॥**

आफ्नो स्नेहतर्फ हेरेर मलाई लाज पनि लाग्दैन; राम-जस्तो पुत्रकी म आमा! बाँच्न र मर्न त राजाले खुब जान्नुभयो। मेरो हृदय त सयौं वज्रका समान कठोर छ॥ ४॥

**दो०— कौसल्या के बचन सुनि भरत सहित रनिवासु।**
**ब्याकुल बिलपत राजगृह मानहुँ सोक नेवासु॥ १६६॥**

कौसल्याजीका वचन सुनेर भरतसहित सबै रानी तथा अन्य स्त्रीहरू (सम्पूर्ण रनिवास) व्याकुल भएर विलाप गर्न लागे। राजमहल मानौं शोकको निवास बन्यो॥ १६६॥

**बिलपहिं बिकल भरत दोउ भाई। कौसल्याँ लिए हृदयँ लगाई॥**
**भाँति अनेक भरतु समुझाए। कहि बिबेकमय बचन सुनाए॥**

भरत, शत्रुघ्न दुई भाइ नै अत्तालिएर विलाप गर्न लाग्नुभयो। त्यसपछि कौसल्याजीले उहाँहरूलाई हृदयमा लगाउनुभयो। अनेकौं प्रकारले भरतजीलाई सम्झाउनुभयो र धेरै नै विवेकपूर्ण कुरा उहाँलाई भनेर सुनाउनुभयो॥ १॥

**भरतहुँ मातु सकल समुझाईं। कहि पुरान श्रुति कथा सुहाईं॥**
**छल बिहीन सुचि सरल सुबानी। बोले भरत जोरि जुग पानी॥**

भरतजीले पनि सबै आमाहरूलाई पुराण र वेदका सुन्दर कथाहरू भनेर सम्झाउनुभयो। दुई हात नै जोडेर भरतजी छलरहित, पवित्र र सीधा सुन्दर वाणी बोल्नुभयो— ॥ २॥

**जे अघ मातु पिता सुत मारें। गाइ गोठ महिसुर पुर जारें॥**
**जे अघ तिय बालक बध कीन्हें। मीत महीपति माहुर दीन्हें॥**

जुन पाप आमा-बाबु र छोरालाई मार्नाले हुन्छ र जुन गाईगोठ र ब्राह्मणको नगर जलाउनाले हुन्छ; जुन पाप स्त्री र बालकको हत्या गर्नाले हुन्छ र जुन मित्र र राजालाई विष दिनाले हुन्छ— ॥ ३॥

**जे पातक उपपातक अहहीं। करम बचन मन भव कबि कहहीं॥**
**ते पातक मोहि होहुँ बिधाता। जौं यहु होइ मोर मत माता॥**

कर्म, वचन र मनले हुनेवाला जति पातक एवं उपपातक (ठूला-साना पाप) छन्, जसलाई कविहरू भन्छन्, हे विधाता! यदि यस काममा मेरो मत छ भने, हे आमा! उनी सबै पाप मलाई लागुन्॥ ४॥

**दो०— जे परिहरि हरि हर चरन भजहिं भूतगन घोर।**
**तेहि कइ गति मोहि देउ बिधि जौं जननी मत मोर॥ १६७॥**

जुन मानिस श्रीहरि र श्रीशङ्करको चरणलाई छोडेर भयानक भूत-प्रेतलाई भज्दछन्, हे आमा! यदि यसमा मेरो सहमति छ भने विधाताले मलाई तिनैको गति देओस्॥ १६७॥

**बेचहिं बेदु धरमु दुहि लेहीं। पिसुन पराय पाप कहि देहीं॥**
**कपटी कुटिल कलहप्रिय क्रोधी। बेद बिदूषक बिस्व बिरोधी॥**

जुन मानिसले वेदहरूलाई बेच्दछन्, धर्मको शोषण गर्छन्, चुक्लीखोर छन्, अर्काको पापलाई भन्छन्; जुन कपटी, कुटिल, कलहप्रिय र क्रोधी छन्, तथा जसले वेदको निन्दा गर्छ र विश्वभरको विरोधी छ;॥ १॥

**लोभी लंपट लोलुपचारा। जे ताकहिं परधनु परदारा॥**
**पावौं मैं तिन्ह कै गति घोरा। जौं जननी यहु संमत मोरा॥**

जसमा लोभी, लम्पट र लोभीपनाको आचरण छ; जसले अर्काको धन र अर्काकी स्त्रीलाई ताक्दछ; हे जननी! यदि यस काममा मेरो सम्मति छ भने मैले तिनको भयानक गति पाऊँ॥ २॥

**जे नहिं साधुसंग अनुरागे। परमारथ पथ बिमुख अभागे॥**
**जे न भजहिं हरि नरतनु पाई। जिन्हहि न हरि हर सुजसु सोहाई॥**

जसको सत्सङ्गमा प्रेम छैन; जुन अभागी परमार्थको मार्गबाट विमुख छ; जसले मनुष्य-शरीर पाएर श्रीहरिको भजन गर्दैन; जसलाई हरि-हर (भगवान् विष्णु र शङ्करजी) को सुयश मन पर्दैन;॥ ३॥

**तजि श्रुतिपंथु बाम पथ चलहीं। बंचक बिरचि बेष जगु छलहीं॥**
**तिन्ह कै गति मोहि संकर देऊ। जननी जौं यहु जानौं भेऊ॥**

जो वेदमार्ग छोडेर वाम (वेदप्रतिकूल) मार्गमा चल्दछ; जो ठग छ र भेष बनाएर जगत्‌लाई छल्दछ; हे आमा! यदि मैले यस भेदलाई जानेको छु भने पनि शङ्करजीले मलाई उनीहरूको गति दिऊन्॥ ४॥

दो०— **मातु भरत के बचन सुनि साँचे सरल सुभायँ।**
**कहति राम प्रिय तात तुम्ह सदा बचन मन कायँ॥ १६८॥**

आमा कौसल्याजी भरतजीका स्वाभाविक नै सच्चा र सरल वचनहरू सुनेर भन्न लाग्नुभयो— हे भरत! तिमी त मन, वचन र शरीरले सदा नै श्रीरामचन्द्रका प्यारा छौ॥ १६८॥

**राम प्रानहु तें प्रान तुम्हारे। तुम्ह रघुपतिहि प्रानहु तें प्यारे॥**
**बिधु बिष चवै स्त्रवै हिमु आगी। होइ बारिचर बारि बिरागी॥**

श्रीराम तिम्रो प्राणभन्दा पनि धेरै प्राण (प्रिय छन्) र तिमी पनि श्रीरघुनाथको प्राणभन्दा अधिक प्यारा छौ। चन्द्रमाले बरु विष चुहानेछन् र शीतले आगो बर्साउला; जलचर जीव जलबाट विरक्त हुनेछन्॥ १॥

**भएँ ग्यानु बरु मिटै न मोहू। तुम्ह रामहि प्रतिकूल न होहू॥**
**मत तुम्हार यहु जो जग कहहीं। सो सपनेहुँ सुख सुगति न लहहीं॥**

र ज्ञानी भएपछि पनि बरु मोह नमेटिएला; तर तिमी श्रीरामचन्द्रको प्रतिकूल कहिल्यै हुन सक्तैनौ। यसमा तिम्रो सम्मति छ, जगत्‌मा कुनैले यस्तो भन्छन् भने उनले सपनामा पनि सुख र शुभ गति पाउनेछैनन्॥ २॥

**अस कहि मातु भरतु हियँ लाए। थन पय स्त्रवहिं नयन जल छाए॥**
**करत बिलाप बहुत एहि भाँती। बैठेहिं बीति गई सब राती॥**

यस्तो भनेर आमा कौसल्याले भरतजीलाई हृदयमा लगाउनुभयो। उहाँका स्तनबाट दूध बग्न लाग्यो र नेत्रमा [प्रेमाश्रुका] जल भरिए। यस प्रकार धेरै विलाप गर्दा–गर्दै सारा रात बसेर नै बित्यो॥ ३॥

**बामदेउ बसिष्ठ तब आए। सचिव महाजन सकल बोलाए॥**
**मुनि बहु भाँति भरत उपदेसे। कहि परमारथ बचन सुदेसे॥**

त्यसपछि वामदेवजी र वशिष्ठजी आउनुभयो। उहाँले सबै मन्त्रीलाई तथा धनाढ्य मानिसहरूलाई बोलाउनुभयो। फेरि मुनि वशिष्ठजीले परमार्थका सुन्दर समयानुकूल वचन भनेर धेरै प्रकारले भरतजीलाई उपदेश दिनुभयो॥ ४॥

दो०— **तात हृदयँ धीरजु धरहु करहु जो अवसर आजु।**
**उठे भरत गुर बचन सुनि करन कहेउ सबु साजु॥ १६९॥**

[वशिष्ठजीले भन्नुभयो— ] हे भरत! हृदयमा धैर्य गर र आज जुन कार्य गर्ने अवसर छ, त्यही गर। गुरुजीका वचन सुनेर भरतजी उठ्नुभयो र उहाँले सबै तयारी गर्नलाई भन्नुभयो॥ १६९॥

**नृपतनु बेद बिदित अन्हवावा। परम बिचित्र बिमानु बनावा॥**
**गहि पद भरत मातु सब राखी। रहीं रानि दरसन अभिलाषी॥**

वेदमा बताइएको विधिले देहको स्नान गराइयो र परम विचित्र विमान बनाइयो। भरतजीले सबै आमाहरूका चरण समातेर राख्नुभयो (अर्थात् प्रार्थना गरेर उहाँहरूलाई सती हुनबाट रोक्नुभयो)। उहाँ (रानी) हरू पनि [श्रीरामको] दर्शनको अभिलाषाले रहनुभयो॥ १॥

**चंदन अगर भार बहु आए। अमित अनेक सुगंध सुहाए॥**
**सरजु तीर रचि चिता बनाई। जनु सुरपुर सोपान सुहाई॥**

चन्दन र अगर (धूप, धूपी) तथा अरू पनि अनेकौं प्रकारका अपार [कपूर, गुग्गुल, केसरी आदि] सुगन्धित पदार्थका धेरै नै भारी आए। सरयूको तटमा सुन्दर चिता रचेर बनाइयो, [जुन यस्तो थाहा हुन्थ्यो] मानौं स्वर्गको सुन्दर सिँढी (भऱ्याङ) हो॥ २॥

**एहि बिधि दाह क्रिया सब कीन्ही। बिधिवत न्हाइ तिलांजुलि दीन्ही॥**
**सोधि सुमृति सब बेद पुराना। कीन्ह भरत दसगात बिधाना॥**

यस प्रकार सम्पूर्ण दाहक्रिया गरियो र सबैले विधिपूर्वक स्नान गरेर तिलाञ्जलि दिए। फेरि वेद, स्मृति र पुराण सबैको मत निश्चय गरेर त्यसको अनुसार भरतजीले पिताको दशगात्रविधान (दशदिनको कृत्य) गर्नुभयो॥ ३॥

**जहँ जस मुनिबर आयसु दीन्हा। तहँ तस सहस भाँति सबु कीन्हा॥**
**भए बिसुद्ध दिए सब दाना। धेनु बाजि गज बाहन नाना॥**

मुनिश्रेष्ठ वशिष्ठजीले जहाँ जस्तो आज्ञा दिनुभयो, त्यहाँ भरतजीले सबै उस्तै नै हजारौं प्रकारले गर्नुभयो। शुद्ध भएपछि [विधिपूर्वक] सबै दान दिनुभयो। गाई तथा घोडा, हात्ती आदि अनेक प्रकारका सवारीहरू,॥ ४॥

दो०— **सिंघासन भूषन बसन अन्न धरनि धन धाम।**
**दिए भरत लहि भूमिसुर भे परिपूरन काम॥ १७०॥**

सिंहासन, गहना, कपडा, अन्न, पृथ्वी, धन र घर भरतजीले दिनुभयो; भूदेव ब्राह्मण दान पाएर परिपूर्णकाम भए (अर्थात् उनीहरूका सारा मनोकामना पर्याप्त रूपमा पूरा भए)॥ १७०॥

**❋ वशिष्ठ–भरत–संवाद, श्रीरामलाई लिनको लागि चित्रकूट जाने तयारी ❋**

**पितु हित भरत कीन्हि जसि करनी। सो मुख लाख जाइ नहिं बरनी॥**
**सुदिनु सोधि मुनिबर तब आए। सचिव महाजन सकल बोलाए॥**

पिताजीको लागि भरतजीले जस्तो कर्म गर्नुभयो, त्यसलाई लाखौं मुखले पनि वर्णन गर्न सकिंदैन। त्यसपछि शुभ दिन शोधेर श्रेष्ठ मुनि वशिष्ठजी आउनुभयो र उहाँले मन्त्रीहरू तथा सबै धनाढ्य (महाजन) हरूलाई बोलाउनुभयो॥ १॥

**बैठे राजसभाँ सब जाई। पठए बोलि भरत दोउ भाई॥**
**भरतु बसिष्ठ निकट बैठारे। नीति धरममय बचन उचारे॥**

सबै जना राजसभामा गएर बसे। त्यसपछि मुनिले भरतजी तथा शत्रुघ्नजी दुई भाइलाई नै बोलाउन पठाउनुभयो। भरतजीलाई वशिष्ठजीले आफू नजिक बसाल्नुभयो र नीति तथा धर्मले भरिएका वचन भन्नुभयो॥ २॥

**प्रथम कथा सब मुनिबर बरनी। कैकइ कुटिल कीन्हि जसि करनी॥**
**भूप धरमब्रतु सत्य सराहा। जेहिं तनु परिहरि प्रेमु निबाहा॥**

पहिला त कैकेयीले जस्तो कुटिल व्यवहार गरेकी थिइन्, श्रेष्ठ मुनिले त्यो सारा कथा भन्नुभयो। फेरि राजाको धर्मव्रत र सत्यको सराहना गर्नुभयो, जसले शरीर त्यागेर प्रेमलाई देखाउनुभयो॥ ३॥

**कहत राम गुन सील सुभाऊ। सजल नयन पुलकेउ मुनिराऊ॥**
**बहुरि लखन सिय प्रीति बखानी। सोक सनेह मगन मुनि ग्यानी॥**

श्रीरामचन्द्रको गुण, शील र स्वभावलाई वर्णन गर्दा–गर्दै त मुनिराजका नेत्रमा आँसु भरिएर आए र उहाँ शरीरबाट पुलकित हुनुभयो। फेरि लक्ष्मणजी र सीताजीको प्रेमको प्रशंसा गर्दा–गर्दै ज्ञानी मुनि शोक र स्नेहमा मग्न हुनुभयो॥ ४॥

दो०— **सुनहु भरत भावी प्रबल बिलखि कहेउ मुनिनाथ।**
**हानि लाभु जीवनु मरनु जसु अपजसु बिधि हाथ॥ १७१॥**

मुनिनाथले विलखबन्द (दु:खी भएर) भन्नुभयो—हे भरत! सुन, भावी ठूलो बलवान् छ। हानि–लाभ, जीवन–मरण र यश–अपयश, यी सबै विधाताका हातमा छन्॥ १७१॥

**अस बिचारि केहि देइअ दोसू। ब्यरथ काहि पर कीजिअ रोसू॥**
**तात बिचारु करहु मन माहीं। सोच जोगु दसरथु नृपु नाहीं॥**

यस्तो विचार गरेर कसलाई दोष दिने? र व्यर्थ कुनप्रति क्रोध गर्ने? हे भरत! मनमा विचार गर। राजा दशरथ चिन्ता गर्न योग्य हुनुहुन्न॥ १॥

**सोचिअ बिप्र जो बेद बिहीना। तजि निज धरमु बिषय लयलीना॥**
**सोचिअ नृपति जो नीति न जाना। जेहि न प्रजा प्रिय प्रान समाना॥**

चिन्ता त्यस ब्राह्मणको गर्नुपर्छ, जसले वेद जान्दैन र आफ्नो धर्म छोडेर विषय-भोगमा नै तल्लीन रहन्छ। त्यस्ता राजाको चिन्ता गर्नुपर्छ जसले नीति जान्दैनन् र जसलाई प्रजा प्राणको जस्तो प्यारा छैनन्॥ २॥

**सोचिअ बयसु कृपन धनवानू। जो न अतिथि सिव भगति सुजानू॥**
**सोचिअ सूद्रु बिप्र अवमानी। मुखर मानप्रिय ग्यान गुमानी॥**

त्यस वैश्यको चिन्ता गर्नुपर्छ जुन धनवान् भएर पनि कन्जुस छ र जुन अतिथिसत्कार र शिवजीको भक्ति गर्नमा कुशल छैन। त्यस्ता शूद्रको चिन्ता गर्नुपर्छ जसले ब्राह्मणलाई अपमान गर्छ, धेरै गफाडी छ, मान-प्रतिष्ठा खोज्नेवाला र ज्ञानको घमण्ड गर्नेवाला छ॥ ३॥

**सोचिअ पुनि पति बंचक नारी। कुटिल कलहप्रिय इच्छाचारी॥**
**सोचिअ बटु निज ब्रतु परिहरई। जो नहिं गुर आयसु अनुसरई॥**

पुनः त्यस स्त्रीको चिन्ता गर्नुपर्छ जो पतिलाई ढाँट्नेवाली, कुटिल, कलहप्रिया र स्वेच्छाचारिणी छ। त्यस ब्रह्मचारीको चिन्ता गर्नुपर्छ, जसले आफ्नो ब्रह्मचर्य-व्रतलाई छोड्दछ र गुरुको आज्ञा-अनुसार चल्दैन॥ ४॥

दो०— **सोचिअ गृही जो मोह बस करइ करम पथ त्याग।**
**सोचिअ जती प्रपंच रत बिगत बिबेक बिराग॥ १७२॥**

त्यस गृहस्थीको चिन्ता गर्नुपर्छ, जसले मोहवश कर्ममार्गलाई त्याग गर्छ; त्यस सन्न्यासीको चिन्ता गर्नुपर्छ, जो दुनियाँको प्रपञ्चमा अल्मलिएको छ र ज्ञान-वैराग्यहीन छ॥ १७२॥

**बैखानस सोइ सोचै जोगू। तपु बिहाइ जेहि भावइ भोगू॥**
**सोचिअ पिसुन अकारन क्रोधी। जननि जनक गुर बंधु बिरोधी॥**

वानप्रस्थ त्यही चिन्ता गर्न योग्य छ, जसलाई तपस्या छोडेर भोग असल लाग्छ। चिन्ता उसको गर्नुपर्छ, जुन चुगलखोर (चुक्ली गर्ने) छ, विनाकारण क्रोध गर्नेवाला छ तथा आमा-बाबु, गुरु एवं भाइ-बन्धुहरूसँग विरोध राख्दछ॥ १॥

**सब बिधि सोचिअ पर अपकारी। निज तनु पोषक निरदय भारी॥**
**सोचनीय सबहीं बिधि सोई। जो न छाड़ि छलु हरि जन होई॥**

सबै प्रकारले उसको चिन्ता गर्नुपर्छ, जसले अर्काको अनिष्ट गर्छ, आफ्नो नै शरीरको पोषण गर्छ र धेरै ठूलो निर्दयी छ। अझ उसको त सबै प्रकारले चिन्ता गर्न योग्य छ, जो छल छोडेर हरिको भक्त हुँदैन॥ २॥

**सोचनीय नहिं कोसलराऊ। भुवन चारिदस प्रगट प्रभाऊ॥**
**भयउ न अहइ न अब होनिहारा। भूप भरत जस पिता तुम्हारा॥**

कोसलराज दशरथजी चिन्ता गर्न योग्य हुनुहुन्न, जसको प्रभाव चौधै लोकमा प्रकट छ। हे भरत! तिम्रा पिताजस्ता राजा न त भए, न छन् र न अब हुने नै छन्॥ ३॥

**बिधि हरि हरु सुरपति दिसिनाथा। बरनहिं सब दसरथ गुन गाथा॥**

ब्रह्मा, विष्णु, शिव, इन्द्र र दिक्पाल सबै दशरथजीका गुणहरूको कथा भन्ने गर्छन्॥ ४॥

दो०— **कहहु तात केहि भाँति कोउ करिहि बड़ाई तासु।**
**राम लखन तुम्ह सत्रुहन सरिस सुअन सुच जासु॥ १७३॥**

हे तात! भन, उहाँको प्रशंसा कसैले कुनै प्रकारले गर्न सक्छ, जसका श्रीराम, लक्ष्मण, तिमी र शत्रुघ्न समानका पवित्र पुत्र छौ?॥ १७३॥

**सब प्रकार भूपति बड़भागी। बादि बिषादु करिअ तेहि लागी॥**
**यहु सुनि समुझि सोचु परिहरहू। सिर धरि राज रजायसु करहू॥**

राजा सबै प्रकारले ठूला भाग्यमानी हुनुहुन्थ्यो। उहाँको लागि विषाद गर्नु व्यर्थ छ। यस्तो सुनेर तथा सम्झेर चिन्ता त्याग गर र राजाको आज्ञा शिरमा चढाएर तदनुसार गर॥ १॥

**रायँ राजपदु तुम्ह कहुँ दीन्हा। पिता बचनु फुर चाहिअ कीन्हा॥**
**तजे रामु जेहिं बचनहि लागी। तनु परिहरेउ राम बिरहागी॥**

राजाले राजपद तिमीलाई दिनुभएको हो। पिताको वचन तिमीले सत्य गर्नुपर्छ, जुन वचनको लागि नै श्रीरामचन्द्रलाई त्याग गर्नुभयो र रामविरहको अग्निमा आफ्नो शरीरलाई आहुति दिनुभयो॥ २॥

**नृपहि बचन प्रिय नहिं प्रिय प्राना। करहु तात पितु बचन प्रवाना॥**
**करहु सीस धरि भूप रजाई। हइ तुम्ह कहँ सब भाँति भलाई॥**

राजालाई वचन प्रिय थियो, प्राण प्रिय थिएन। यसकारण हे भरत! पिताको वचनलाई प्रमाण (सत्य) गर! राजाको आज्ञा शिर चढाएर पालन गर, यसमा तिम्रो सबै प्रकारले कल्याण हुन्छ॥ ३॥

**परसुराम पितु अग्या राखी। मारी मातु लोक सब साखी॥**
**तनय जजातिहि जौबनु दयऊ। पितु अग्याँ अघ अजसु न भयऊ॥**

परशुरामजीले बाबुको आज्ञा राख्नुभयो र आमालाई मार्नुभयो; सबै जना यस कुराको साक्षी छन्। राजा ययातिका पुत्रले पितालाई आफ्नो यौवन अवस्था दिए। पिताको आज्ञा पालन गर्नाले उनीहरूलाई पाप र अपयश भएन॥ ४॥

दो०— **अनुचित उचित बिचारु तजि जे पालहिं पितु बैन।**
**ते भाजन सुख सुजस के बसहिं अमरपति ऐन॥ १७४॥**

जसले अनुचित र उचितको विचार छोडेर पिताको वचनलाई पालन गर्छ, ऊ [यहाँ] सुख र सुयशको पात्र भएर अन्त्यमा इन्द्रपुरी (स्वर्ग) मा निवास गर्छ॥ १७४॥

**अवसि नरेस बचन फुर करहू। पालहु प्रजा सोकु परिहरहू॥**
**सुरपुर नृपु पाइहि परितोषू। तुम्ह कहुँ सुकृतु सुजसु नहिं दोषू॥**

राजाका वचन अवश्य सत्य गर। शोक त्याग र प्रजाको पालन गर। यस्तो गर्नाले स्वर्गमा राजाले सन्तोष पाउनुहुनेछ र तिमीलाई पुण्य र सुन्दर यश मिल्नेछ, दोष लाग्नेछैन॥ १ ॥

**बेद बिदित संमत सबही का। जेहि पितु देइ सो पावइ टीका॥**
**करहु राजु परिहरहु गलानी। मानहु मोर बचन हित जानी॥**

यो वेदमा प्रसिद्ध छ र [स्मृति-पुराणादि] सबै शास्त्रद्वारा सम्मत छ कि पिताले जसलाई दिन्छन्, उसैले राजतिलक पाउँछ। यसैले तिमीले राज्य गर, ग्लानि त्याग गर। मेरो वचनलाई हित सम्झेर मान॥ २ ॥

**सुनि सुखु लहब राम बैदेहीं। अनुचित कहब न पंडित केहीं॥**
**कौसल्यादि सकल महतारीं। तेउ प्रजा सुख होहिं सुखारीं॥**

यस कुरालाई सुनेर श्रीरामचन्द्र र जानकीजीले सुख पाउनुहुनेछ र कुनै पण्डितले यसलाई अनुचित भन्नेछैनन्। कौसल्याजी आदि तिम्रा सबै आमाहरू पनि प्रजाको सुखले सुखी हुनुहुनेछ॥ ३ ॥

**परम तुम्हार राम कर जानिहि। सो सब बिधि तुम्ह सन भल मानिहि॥**
**सौंपेहु राजु राम के आएँ। सेवा करेहु सनेह सुहाएँ॥**

जसले तिम्रो र श्रीरामचन्द्रको श्रेष्ठ सम्बन्धलाई जान्दछ, उसले सबै प्रकारले तिमीलाई राम्रो मान्नेछ। श्रीरामचन्द्र फर्केर आएपछि राज्य उनलाई जिम्मा दिनु र पवित्र स्नेहले उनको सेवा गर्नु॥ ४ ॥

दो०— **कीजिअ गुर आयसु अवसि कहहिं सचिव कर जोरि।**
**रघुपति आएँ उचित जस तस तब करब बहोरि॥ १७५॥**

मन्त्रीले हात जोडेर भनिरहेका छन्—गुरुजीको आज्ञा अवश्य नै पालन गरिबक्सियोस्। श्रीरघुनाथ फर्केर आएपछि जस्तो उचित हुन्छ, त्यसपछि फेरि उस्तै नै गरिबक्सिएला॥ १७५॥

**कौसल्या धरि धीरजु कहई। पूत पथ्य गुर आयसु अहई॥**
**सो आदरिअ करिअ हित मानी। तजिअ बिषादु काल गति जानी॥**

कौसल्याजीले पनि धैर्य गरेर भनिरहनुभएको छ—हे पुत्र! गुरुजीको आज्ञा पथ्यरूप (हितकर) छ। उसलाई आदर गर्नुपर्छ र हित मानेर त्यसको पालन गर्नुपर्छ। कालको गतिलाई जानेर विषादलाई त्याग गर्नुपर्छ॥ १ ॥

**बन रघुपति सुरपुर नरनाहू। तुम्ह एहि भाँति तात कदराहू॥**
**परिजन प्रजा सचिव सब अंबा। तुम्हही सुत सब कहँ अवलंबा॥**

श्रीरघुनाथ वनमा छन्, महाराज स्वर्गलोकमा गइहाल्नुभयो र हे बाबु! तिमी यस्तो तरिकाले कातर भइरहेका छौ। हे पुत्र! कुटुम्ब, प्रजा, मन्त्री र सबै आमाहरूका—सबैको एक तिमी नै सहारा छौ॥ २॥

**लखि बिधि बाम कालु कठिनाई। धीरजु धरहु मातु बलि जाई॥**
**सिर धरि गुर आयसु अनुसरहू। प्रजा पालि परिजन दुखु हरहू॥**

विधातालाई प्रतिकूल र काललाई कठोर देखेर धैर्य गर, मैले तिमीलाई आशीर्वाद दिन्छु। गुरुको आज्ञालाई शिर चढाएर उसैको अनुसार कार्य गर र प्रजाको पालन गर। कुटुम्बीहरूको दुःख मेटाऊ॥ ३॥

**गुर के बचन सचिव अभिनंदनु। सुने भरत हिय हित जनु चंदनु॥**
**सुनी बहोरि मातु मृदु बानी। सील सनेह सरल रस सानी॥**

भरतजीले गुरुका वचन र मन्त्रीहरूको अनुमोदनलाई सुन्नुभयो, जुन उहाँको हृदयको लागि मानौं चन्दनसमान [शीतल] थिए। फेरि उहाँले शील, स्नेह र सरलताको रसमा मुछिएका कौसल्याजीका कोमल वाणी सुन्नुभयो॥ ४॥

छं०— **सानी सरल रस मातु बानी सुनि भरतु ब्याकुल भए।**
**लोचन सरोरुह स्त्रवत सींचत बिरह उर अंकुर नए॥**
**सो दसा देखत समय तेहि बिसरी सबहि सुधि देह की।**
**तुलसी सराहत सकल सादर सीवँ सहज सनेह की॥**

सरलताको रसमा मुछिएको (साधिएको) आमाको वाणी सुनेर भरतजी व्याकुल हुनुभयो। उहाँका नेत्र-कमल जल (आँसु) बगाएर हृदयका विरहरूपी नयाँ अङ्कुरलाई सिँचाइ गर्न लागे। (नेत्रका आँसुले उहाँको वियोग-दुःखलाई अत्यन्तै बढाएर उहाँलाई अत्यन्तै व्याकुल गरिदियो।) उहाँको यस्तो दशा देखेर त्यस समय सबैले आफ्नो शरीरको हाल खबर (हालत) बिर्से। तुलसीदासजी भन्नुहुन्छ—स्वाभाविक प्रेमको सीमा श्रीभरतजीलाई सबैले आदरपूर्वक सराहना गर्न लागे।

सो०— **भरतु कमल कर जोरि धीर धुरंधर धीर धरि।**
**बचन अमिअँ जनु बोरि देत उचित उत्तर सबहि॥ १७६॥**

धैर्यको धुरीलाई धारण गर्नेवाला भरतजी धैर्य गरेर, कमलका समान हातलाई जोडेर, वचनहरूलाई मानौं अमृतमा डुबाएर सबैलाई उचित उत्तर दिन लाग्नुभयो— ॥ १७६॥

**मासपारायण, अठारौं विश्राम**

**मोहि उपदेसु दीन्ह गुर नीका। प्रजा सचिव संमत सबही का॥**
**मातु उचित धरि आयसु दीन्हा। अवसि सीस धरि चाहउँ कीन्हा॥**

गुरुजीले मलाई सुन्दर उपदेश दिनुभयो। [फेरि] प्रजा, मन्त्री आदि सबैको यही सम्मत भयो। आमाले पनि उचित सम्झेर नै आज्ञा दिनुभयो र मैले पनि अवश्य उसलाई शिरमा चढाएर उस्तै नै गर्न चाहन्छु॥ १॥

**गुर पितु मातु स्वामि हित बानी। सुनि मन मुदित करिअ भलि जानी॥**
**उचित कि अनुचित किएँ बिचारू। धरमु जाइ सिर पातक भारू॥**

[किनकि] गुरु, पिता, माता, स्वामी र सुहृद (मित्र) को वाणी सुनेर प्रसन्न मनले त्यसलाई राम्रो सम्झेर गर्नुपर्छ। उचित-अनुचितको विचार गर्नाले धर्म जान्छ र शिरमा पापको भार चढ्दछ॥ २॥

**तुम्ह तौ देहु सरल सिख सोई। जो आचरत मोर भल होई॥**
**जद्यपि यह समुझत हउँ नीकें। तदपि होत परतोषु न जी कें॥**

हजुरले त मलाई उही सरल शिक्षा दिइरहनुभएको छ, जसको आचरण गर्नाले मेरो भलो होस्। यद्यपि मैले यस कुरालाई भलीभाँति सम्झेको छु, तथापि मेरो हृदयमा सन्तोष हुँदैन॥ ३॥

**अब तुम्ह बिनय मोरि सुनि लेहू। मोहि अनुहरत सिखावनु देहू॥**
**ऊतरु देउँ छमब अपराधू। दुखित दोष गुन गनहिं न साधू॥**

अब हजुरहरूले मेरो बिन्ती सुन्नुहोस् र मेरो योग्यताअनुसार मलाई शिक्षा दिनुहोस्। मैले उत्तर दिइरहेको छु, यो अपराध क्षमा गर्नुहोस्। साधु पुरुषले मनुष्यको दोष-गुणलाई वास्ता गर्दैनन्॥ ४॥

दो०— **पितु सुरपुर सिय रामु बन करन कहहु मोहि राजु।**
**एहि तें जानहु मोर हित कै आपन बड़ काजु॥ १७७॥**

पिताजी स्वर्गमा हुनुहुन्छ, श्रीसीतारामजी वनमा हुनुहुन्छ र मलाई हजुरले राज्य गर्नको लागि भनिरहनुभएको छ। यसमा हजुरले मेरो कल्याण सम्झनुहुन्छ या आफ्नो कुनै ठूलो काम [हुने आशा राख्नुहुन्छ]?॥ १७७॥

**हित हमार सियपति सेवकाईं। सो हरि लीन्ह मातु कुटिलाईं॥**
**मैं अनुमानि दीख मन माहीं। आन उपायँ मोर हित नाहीं॥**

मेरो कल्याण त सीतापति श्रीरामको सेवामा छ, जुन कुरा माताको कुटिलताले खोसियो। मैले आफ्नो मनमा अनुमान गरेर हेरें कि अर्को कुनै उपायले मेरो कल्याण छैन॥ १॥

**सोक समाजु राजु केहि लेखें। लखन राम सिय बिनु पद देखें॥**
**बादि बसन बिनु भूषन भारू। बादि बिरति बिन ब्रह्म बिचारू॥**

यो शोकको समुदाय राज्य लक्ष्मण, श्रीरामचन्द्र र सीताजीका चरण नदेखी कुन गणनामा (यसको के मूल्य छ)? जस्तै कपडाविना गहनाको भारी व्यर्थ छ। वैराग्यविना ब्रह्मविचार व्यर्थ छ॥ २॥

**सरुज सरीर बादि बहु भोगा। बिनु हरिभगति जायँ जप जोगा॥**
**जायँ जीव बिनु देह सुहाई। बादि मोर सबु बिनु रघुराई॥**

रोगी शरीरको लागि नाना प्रकारका भोग व्यर्थ छन्। श्रीहरिको भक्तिविना जप र योग व्यर्थ छन्। प्राणविना सुन्दर देह व्यर्थ छ। त्यसै गरी नै रघुनाथविना मलाई सबै चीज व्यर्थ छन्॥ ३॥

**जाउँ राम पहिं आयसु देहू। एकहिं आँक मोर हित एहू॥**
**मोहि नृप करि भल आपन चहहू। सोउ सनेह जड़ता बस कहहू॥**

मलाई आज्ञा दिनुहोस्, म श्रीरामसँग जान्छु! एउटै भरोसा मेरो हित यसैमा छ र मलाई राजा बनाएर हजुरले आफूलाई राम्रो गर्न चाहनुहुन्छ, यो पनि हजुरले स्नेहको जडता (मोह) को वशमा भएर नै भनिरहनुभएको छ॥ ४॥

दो०— **कैकेई सुअ कुटिलमति राम बिमुख गतलाज।**
**तुम्ह चाहत सुखु मोहबस मोहि अधम कें राज॥ १७८॥**

कैकेयीको पुत्र, कुटिलबुद्धि, रामविमुख र निर्लज्ज म-जस्तो अधमलाई राज्य दिएर हजुरले मोहको वश भएर नै सुख चाहनुभएको छ॥ १७८॥

**कहउँ साँचु सब सुनि पतिआहू। चाहिअ धरमसील नरनाहू॥**
**मोहि राजु हठि देइहहु जबहीं। रसा रसातल जाइहि तबहीं॥**

मैले सत्य भन्दछु, हजुरले सबै सुनेर विश्वास गर्नुहोस्, धर्मशीललाई नै राजा बनाउनुपर्छ। हजुरले मलाई हठ गरेर जुन राज्य दिनुहुन्छ, त्यही पृथ्वी पातालमा भासिनेछ॥ १॥

**मोहि समान को पाप निवासू। जेहि लगि सीय राम बनबासू॥**
**रायँ राम कहुँ काननु दीन्हा। बिछुरत गमनु अमरपुर कीन्हा॥**

मसमानको पापको घर को होला, जसको कारण सीताजी र श्रीरामको वनवास भयो? राजाले श्रीरामलाई वन दिनुभयो, उहाँसँग बिछोड हुँदाबित्तिकै स्वयं स्वर्गलोकमा जानुभयो॥ २॥

**मैं सठु सब अनरथ कर हेतू। बैठ बात सब सुनउँ सचेतू॥**
**बिनु रघुबीर बिलोकि अबासू। रहे प्रान सहि जग उपहासू॥**

र म दुष्ट, जुन सारा अनर्थहरूको कारण भएको छु, बेहोस भएर सबै कुरा सुनाइरहेको छु! श्रीरघुनाथरहित घरलाई देखेर र जगत्को उपहास सहेर पनि यो प्राण अझै रहिराखेको छ॥ ३॥

**राम पुनीत बिषय रस रूखे। लोलुप भूमि भोग के भूखे॥**
**कहँ लगि कहौं हृदय कठिनाई। निदरि कुलिसु जेहिं लही बड़ाई॥**

[यसको यही कारण हो कि यो प्राण] श्रीरामरूपी पवित्र (प्रेमरूपी) विषय-रसमा आसक्त छैन। यो लोभी भूमि र भोगहरूको नै भोको छ। मैले आफ्नो हृदयको कठोरता कहाँसम्म भनौं? जसले वज्रलाई पनि तिरस्कार गरेर प्रशंसा पाएको छ॥ ४॥

दो०— **कारन तें कारजु कठिन होइ दोस नहिं मोर।**
**कुलिस अस्थि तें उपल तें लोह कराल कठोर॥ १७९॥**

कारणभन्दा कार्य कठिन हुन्छ नै, यसमा मेरो दोष छैन। हाडभन्दा वज्र र ढुङ्गाभन्दा फलाम भयानक तथा कठोर हुन्छ नै॥ १७९॥

**कैकेई भव तनु अनुरागे। पावँर प्रान अघाइ अभागे॥**
**जौं प्रिय बिरहँ प्रान प्रिय लागे। देखब सुनब बहुत अब आगे॥**

कैकेयीबाट उत्पन्न देहमा प्रेम गर्नेवाला यो पामर प्राण पूर्ण रूपले अभागी छ। जब प्रियको वियोगमा पनि मलाई प्राण प्यारो लागेको छ त्यस कारण अझै अगाडि मैले अन्य धेरै चीज पनि देख्नेछु-सुन्नेछु॥ १॥

**लखन राम सिय कहुँ बनु दीन्हा। पठइ अमरपुर पति हित कीन्हा॥**
**लीन्ह बिधवपन अपजसु आपू। दीन्हेउ प्रजहि सोकु संतापू॥**

लक्ष्मण, श्रीराम र सीताजीलाई वन दिइन्; स्वर्गमा पठाएर पतिको कल्याण गरिन्; स्वयं विधवापन र अपयश लिइन्; प्रजालाई शोक र सन्ताप दिइन्॥ २॥

**मोहि दीन्ह सुखु सुजसु सुराजू। कीन्ह कैकईं सब कर काजू॥**
**एहि तें मोर काह अब नीका। तेहि पर देन कहहु तुम्ह टीका॥**

र मलाई सुख, सुन्दर यश र उत्तम राज्य दिइन्। कैकेयीले सबैको काम बनाइन्। योभन्दा श्रेष्ठ अब मेरो लागि अर्को के होला? त्यसमा पनि हजुरहरूले मलाई राजतिलक दिने कुरा भन्नुहुन्छ!॥ ३॥

**कैकइ जठर जनमि जग माहीं। यह मोहि कहँ कछु अनुचित नाहीं॥**
**मोरि बात सब बिधिहिं बनाई। प्रजा पाँच कत करहु सहाई॥**

कैकेयीको पेटबाट जगत्मा जन्म लिएर मेरो लागि केही पनि अनुचित छैन। मेरो सबै कुरा त विधाताले नै बनाइदियो। [फेरि] त्यसमा प्रजा र पञ्च (हजुरहरू) ले किन सहायता गरिरहनुभएको छ?॥ ४॥

दो०— **ग्रह ग्रहीत पुनि बात बस तेहि पुनि बीछी मार।**
**तेहि पिआइअ बारुनी कहहु काह उपचार॥ १८०॥**

जसलाई कुग्रह लागेको छ [अथवा जो पिशाचग्रस्त छ], फेरि जुन वायुरोगले पीडित छ र उसैलाई फेरि बिच्छीले टोक्यो र उसलाई मदिरा पियाइयो भने, भन्नुहोस् यो कस्तो उपचार होला?॥ १८०॥

**कैकइ सुअन जोगु जग जोई। चतुर बिरंचि दीन्ह मोहि सोई॥**
**दसरथ तनय राम लघु भाई। दीन्हि मोहि बिधि बादि बड़ाई॥**

कैकेयीको छोराको लागि संसारमा जे चीज योग्य थियो, चतुर विधाताले मलाई त्यही दियो। तर 'दशरथजीको पुत्र' र 'रामको भाइ' हुने प्रशंसा मलाई विधाताले व्यर्थ नै दियो॥ १॥

**तुम्ह सब कहहु कढ़ावन टीका। राय रजायसु सब कहँ नीका॥**
**उतरु देउँ केहि बिधि केहि केही। कहहु सुखेन जथा रुचि जेही॥**

हजुरहरू सबै जनाले पनि मलाई राज्याभिषेकको लागि भनिरहनुभएको छ! राजाको आज्ञा सबैको लागि राम्रो हुन्छ। मैले कुन-कुनलाई कस्तो-कस्तो प्रकारले उत्तर दिऊँ? जसको जस्तो रुचि छ, तपाईंहरूले सुखपूर्वक त्यही भन्नुहोस्॥ २॥

**मोहि कुमातु समेत बिहाई। कहहु कहिहि के कीन्ह भलाई॥**
**मो बिनु को सचराचर माहीं। जेहि सिय रामु प्रानप्रिय नाहीं॥**

मेरी कुमाता कैकेयी र मलाई छोडेर, भन्नुहोस्, अरू कसले भन्नेछ कि यो काम राम्रो गरियो? जड–चेतन जगत्मा म बाहेक अर्को को छ जसलाई श्रीसीतारामजी प्राणको समान प्रिय हुनुहुन्न?॥ ३॥

**परम हानि सब कहँ बड़ लाहू। अदिनु मोर नहिं दूषन काहू॥**
**संसय सील प्रेम बस अहहू। सबुइ उचित सब जो कछु कहहू॥**

जुन परम हानि छ, त्यसैमा सबैलाई ठूलो लाभ देखिएको छ। मेरा खराब दिन छन् कसैको दोष छैन। तपाईंहरू सबैले जे जति भन्नुभएको छ सो सबै उचित नै छ; किनकि हजुरहरू संशय, शील र प्रेमको वशमा हुनुहुन्छ॥ ४॥

दो०— **राम मातु सुठि सरलचित मो पर प्रेमु बिसेषि।**
**कहइ सुभाय सनेह बस मोरि दीनता देखि॥ १८१॥**

श्रीरामचन्द्रजीकी आमा धेरै नै सरल हृदयकी हुनुहुन्छ र मप्रति उहाँको विशेष प्रेम छ। यसैले मेरो दीनता देखेर उहाँले स्नेहवश नै यस्तो भनिरहनुभएको छ॥ १८१॥

**गुर बिबेक सागर जगु जाना। जिन्हहि बिस्व कर बदर समाना॥**
**मो कहँ तिलक साज सज सोऊ। भएँ बिधि बिमुख बिमुख सबु कोऊ॥**

गुरुजी ज्ञानका भण्डार हुनुहुन्छ, यस कुरालाई सारा जगत्ले जान्दछ, जसको लागि विश्व हत्केलोमा राखेको बयरको समान छ, उहाँले पनि मेरो लागि राजतिलकको सामग्री सजाउनुभएको छ। सत्य हो, विधाता विपरीत भएपछि सबै जना विपरीत हुन्छन्॥ १॥

**परिहरि रामु सीय जग माहीं। कोउ न कहिहि मोर मत नाहीं॥**
**सो मैं सुनब सहब सुखु मानी। अंतहुँ कीच तहाँ जहँ पानी॥**

श्रीरामचन्द्र र सीताजीलाई छोडेर जगत्मा कुनैले यस्तो भन्ने छैन कि यस अनर्थमा मेरो सम्मति छैन। मैले त्यसलाई सुखपूर्वक सुन्नेछु र सहनेछु; किनकि जहाँ पानी हुन्छ, त्यहाँ अन्त्यमा हिलो त हुन्छ नै॥ २॥

**डरु न मोहि जग कहिहि कि पोचू। परलोकहु कर नाहिन सोचू॥**
**एकइ उर बस दुसह दवारी। मोहि लगि भे सिय रामु दुखारी॥**

मलाई यसको डर छैन कि जगत्मा मलाई नराम्रो भन्नेछन् र मलाई परलोकको नै चिन्ता (सोच) छ। मेरो हृदयमा त यही एउटै (एक नै) दु:सह डढेलो दन्किरहेको छ कि मेरो कारण श्रीसीतारामजी दु:खी होइबक्सियो॥ ३॥

**जीवन लाहु लखन भल पावा। सबु तजि राम चरन मनु लावा॥**
**मोर जनम रघुबर बन लागी। झूठ काह पछिताउँ अभागी॥**

जीवनको उत्तम लाभ त लक्ष्मणले पाए, जसले सबै चीज त्यागेर श्रीरामको चरणमा मन लगाए। मेरो जन्म त श्रीरामको वनवासको लागि नै भएको थियो। म अभागी ढाँटेढुँटे (ढाँटेपाटे) तरिकाले के पछुताऊँ?॥ ४॥

**दो०— आपनि दारुन दीनता कहउँ सबहि सिरु नाइ।**
**देखें बिनु रघुनाथ पद जिय कै जरनि न जाइ॥ १८२॥**

सबैलाई शिर झुकाएर मैले आफ्नो दारुण (कठिन) दीनता भन्दछु। श्रीरघुनाथका चरणको दर्शनविना मेरो शरीरको ज्वाला जानेछैन (हट्नेछैन)॥ १८२॥

**आन उपाउ मोहि नहिं सूझा। को जिय कै रघुबर बिनु बूझा॥**
**एकहिं आँक इहइ मन माहीं। प्रातकाल चलिहउँ प्रभु पाहीं॥**

मैले अर्को कुनै उपाय देखेको छैन। श्रीरामविना मेरो हृदयको कुरा कसले जान्न सक्तछ? मनमा एउटै आँट (निश्चित कुरा) यही छ कि प्रात:काल प्रभु श्रीरामसँग गइहाल्नेछु॥ १॥

**जद्यपि मैं अनभल अपराधी। भै मोहि कारन सकल उपाधी॥**
**तदपि सरन सनमुख मोहि देखी। छमि सब करिहहिं कृपा बिसेषी॥**

यद्यपि म खराब तथा अपराधी हुँ र मेरै कारण यो सबै उपद्रव भएको छ, तथापि श्रीरामले मलाई सम्मुख आएको देखेर सबै अपराध क्षमा गर्नुहुनेछ र मलाई विशेष कृपा गर्नुहुनेछ॥ २॥

**सील सकुच सुठि सरल सुभाऊ। कृपा सनेह सदन रघुराऊ॥**
**अरिहुक अनभल कीन्ह न रामा। मैं सिसु सेवक जद्यपि बामा॥**

श्रीरघुनाथ शील, सङ्कोच, अत्यन्त सरल स्वभाव, कृपा र स्नेहका घर हुनुहुन्छ। श्रीरामले कहिल्यै शत्रुको पनि अनिष्ट गर्नुभएन। म यद्यपि टेढो छु तर उहाँको बच्चा र सेवक हुँ॥ ३॥

**तुम्ह पै पाँच मोर भल मानी। आयसु आसिष देहु सुबानी॥**
**जेहिं सुनि बिनय मोहि जनु जानी। आवहिं बहुरि रामु रजधानी॥**

हजुर पञ्च (सबै) ले पनि यसैमा मेरो कल्याण मानेर सुन्दर वाणीले आज्ञा र आशीर्वाद दिनुहोस्, जसले मेरो बिन्ती सुनेर तथा मलाई आफ्नो दास जानेर श्रीरामचन्द्र राजधानीमा फर्केर आउनुहुनेछ॥ ४॥

**दो०— जद्यपि जनमु कुमातु तें मैं सठु सदा सदोस।**
**आपन जानि न त्यागिहहिं मोहि रघुबीर भरोस॥ १८३॥**

यद्यपि मेरो जन्म कुमाताबाट भएको छ र म दुष्ट (बदमास) तथा सधैं दोषयुक्त पनि छु, तर पनि मलाई श्रीरामको भरोसा छ कि उहाँले मलाई आफ्नो जानेर त्याग गर्नुहुन्न॥ १८३॥

**भरत बचन सब कहँ प्रिय लागे। राम सनेह सुधाँ जनु पागे॥**
**लोग बियोग बिषम बिष दागे। मंत्र सबीज सुनत जनु जागे॥**

भरतजीको वचन सबैलाई प्यारो लाग्यो। मानौं ती (वचन) श्रीरामको प्रेमरूपी अमृतमा डुबाएका थिए। श्रीरामवियोगरूपी भीषण विषले सबै जना दग्ध भएका (डढेका) थिए। उनीहरू मानौं बीजसहित मन्त्रलाई सुन्दा नै बिउँझिहाले॥ १॥

**मातु सचिव गुर पुर नर नारी। सकल सनेहँ बिकल भए भारी॥**
**भरतहि कहहिं सराहि सराही। राम प्रेम मूरति तनु आही॥**

माता, मन्त्री, गुरु, नगरका स्त्री–पुरुष सबै स्नेहले गर्दा अति नै व्याकुल भए। सबैले भरतजीको प्रशंसा गर्दै भन्न लागे कि हजुरको शरीर श्रीरामप्रेमको साक्षात् मूर्ति नै हो॥ २॥

**तात भरत अस काहे न कहहू। प्रान समान राम प्रिय अहहू॥**
**जो पावँरु अपनी जड़ताईं। तुम्हहि सुगाइ मातु कुटिलाईं॥**

हे प्रिय भरतजी! हजुरले यस्तो किन नभन्ने। श्रीरामका हजुर प्राणसमान प्यारा हुनुहुन्छ। जुन नीचले आफ्नो मूर्खतावश हजुरकी आमा कैकेयीको कुटिलतालाई लिएर हजुरलाई सन्देह गर्छ॥ ३॥

**सो सठु कोटिक पुरुष समेता। बसिहि कलप सत नरक निकेता॥**
**अहि अघ अवगुन नहिं मनि गहई। हरइ गरल दुख दारिद दहई॥**

त्यो दुष्ट करोडौं पुर्खासहित सय कल्पसम्म नरकको घरमा निवास गर्दछ। सर्पको पाप र अवगुणहरूलाई मणिले ग्रहण गर्दैन। बरु उसले विषलाई हरण गर्दछ र दुःख तथा दरिद्रतालाई भस्म गर्दछ॥ ४॥

## * अयोध्यावासीसहित श्रीभरत–शत्रुघ्न आदिको वन–गमन *

दो०— **अवसि चलिअ बन रामु जहँ भरत मंत्रु भल कीन्ह।**
**सोक सिंधु बूड़त सबहि तुम्ह अवलंबनु दीन्ह॥ १८४॥**

हे भरतजी! वनमा अवश्य सवारी होस्, जहाँ श्रीराम हुनुहुन्छ; हजुरले धेरै राम्रो कुरा सोच्नुभयो। शोकसमुद्रमा डुब्दै गरेका सबै जनालाई हजुरले [ठूलो] सहारा दिनुभयो॥ १८४॥

**भा सब कें मन मोदु न थोरा। जनु घन धुनि सुनि चातक मोरा॥**
**चलत प्रात लखि निरनउ नीके। भरतु प्रानप्रिय भे सबही के॥**

सबैको मनमा कम आनन्द छैन (अर्थात् धेरै नै आनन्द भएको छ)! मानौं मेघको गर्जना सुनेर चातक र मयूर आनन्दित भइरहेका छन्। [भोलिपल्ट] प्रातःकाल हिँड्ने सुन्दर निर्णय सुनेर भरतजी सबैका लागि प्राणप्रिय हुनुभयो॥ १॥

**मुनिहि बंदि भरतहि सिरु नाई। चले सकल घर बिदा कराई॥**
**धन्य भरत जीवनु जग माहीं। सीलु सनेहु सराहत जाहीं॥**

मुनि वशिष्ठजीलाई प्रार्थना गरेर तथा भरतजीलाई शिर निहुराएर, सबै जना बिदा भई आ–आफ्नो घरमा गए। जगत्मा भरतजीको जीवन धन्य छ, यस प्रकार भन्दै उनीहरू उहाँको शील र स्नेहलाई प्रशंसा गर्दै गइरहेका छन्॥ २॥

**कहहिं परसपर भा बड़ काजू। सकल चलै कर साजहिं साजू॥**
**जेहि राखहिं रहु घर रखवारी। सो जानइ जनु गरदनि मारी॥**

आपसमा भन्दछन्, ठूलो काम भयो। सबै हिँड्ने तयारी गर्न लागे। जुनसुकैलाई पनि घरको रेखदेखको लागि बस, यस्तो भनेर राख्दछन्, उसले सम्झन्छ मानौं मेरो गर्दन छिनियो॥ ३॥

**कोउ कह रहन कहिअ नहिं काहू। को न चहइ जग जीवन लाहू॥**

कुनै-कुनैले भन्दछन्—बस्नको लागि कसैलाई पनि नभन, जगत्मा जीवनको लाभ कसले खोज्दैन?॥ ४॥

दो०— **जरउ सो संपति सदन सुखु सुहृद मातु पितु भाइ।**
**सनमुख होत जो राम पद करै न सहस सहाइ॥ १८५॥**

त्यो सम्पत्ति, घर, सुख, मित्र, आमा, बाबु, दाजु-भाइ व्यर्थ (त्याज्य) छन्, जसले श्रीरामको चरणका सम्मुख हुँदा हाँस्दै (प्रसन्नतापूर्वक) सहायता गर्दैन॥ १८५॥

**घर घर साजहिं बाहन नाना। हरषु हृदयँ परभात पयाना॥**
**भरत जाइ घर कीन्ह बिचारू। नगरु बाजि गज भवन भँडारू॥**

घर-घरमा मानिस अनेकौं प्रकारका सवारीहरू सजाइरहेका छन्। हृदयमा [ठूलो] हर्ष छ कि बिहानै जाने हो। भरतजीले घर गएर (सभा-समाप्ति भएपछि आफ्नो निवासमा गएर) विचार गर्नुभयो कि नगर, घोडा, हात्ती, महल-खजाना, आदि— ॥ १॥

**संपति सब रघुपति कै आही। जौं बिनु जतन चलौं तजि ताही॥**
**तौ परिनाम न मोरि भलाई। पाप सिरोमनि साइँ दोहाई॥**

सारा सम्पत्ति श्रीरघुनाथको हो। यदि उसको [रक्षाको] व्यवस्था नगरेर उसलाई त्यसै छोडेर जाऊँ भने त परिणाममा भलाइ हुनेछैन। किनकि स्वामीको द्रोह सबै पापहरूमा शिरोमणि (श्रेष्ठ) हो॥ २॥

**करइ स्वामि हित सेवकु सोई। दूषन कोटि देइ किन कोई॥**
**अस बिचारि सुचि सेवक बोले। जे सपनेहुँ निज धरम न डोले॥**

सेवक उही हुन्छ, जसले स्वामीको हित गर्दछ, चाहे कुनैले करोडौं दोष किन नदिउन्। भरतजीले यस्तो विचार गरेर यस्ता विश्वासपात्र सेवकलाई बोलाउनुभयो, जुन सपनामा पनि आफ्नो धर्मबाट विचलित हुँदैनथे॥ ३॥

**कहि सबु मरमु धरमु भल भाषा। जो जेहि लायक सो तेहिं राखा॥**
**करि सबु जतनु राखि रखवारे। राम मातु पहिं भरतु सिधारे॥**

भरतजीले उनीहरूलाई सबै भेद सम्झाएर फेरि उत्तम धर्म बताउनुभयो र जसमा जस्तो योग्यता थियो, त्यसलाई त्यही काममा नियुक्त गर्नुभयो। सबै व्यवस्था गरेर, रक्षकहरूलाई राखेर भरतजी राममाता कौसल्याजीसँग जानुभयो॥ ४॥

दो०— **आरत जननी जानि सब भरत सनेह सुजान।**
**कहेउ बनावन पालकीं सजन सुखासन जान॥ १८६॥**

स्नेहका सुजान (प्रेमको तत्त्वलाई जान्ने) भरतजीले सबै आमाहरूलाई आर्त जानेर उहाँहरूको लागि पालकी सजाउन तथा सुखासन यान (तामदानी) सजाउनको लागि भन्नुभयो॥ १८६॥

**चक्क चक्कि जिमि पुर नर नारी। चहत प्रात उर आरत भारी॥**
**जागत सब निसि भयउ बिहाना। भरत बोलाए सचिव सुजाना॥**

नगरका नर-नारी चखेवा-चखेवीझैं हृदयमा अत्यन्त आर्त भएर प्रातःकाल छिटो होस् भनेका छन्। सारा रात जागा भएर नै उज्यालो भयो। अनि भरतजीले चतुर मन्त्रीहरूलाई बोलाउनुभयो— ॥ १ ॥

**कहेउ लेहु सबु तिलक समाजू। बनहिं देब मुनि रामहि राजू॥**
**बेगि चलहु सुनि सचिव जोहारे। तुरत तुरग रथ नाग सँवारे॥**

र भन्नुभयो— तिलकको सबै सामान लिएर हिंड्नुहोस्। वनमा नै मुनि वशिष्ठजीले श्रीरामचन्द्रलाई राज्य दिनुहुन्छ, छिटो हिँड्नुहोस्। यस्तो सुनेर मन्त्रीहरूले नमस्कार गरेर तुरुन्तै घोडा, रथ र हात्ती सजाए॥ २॥

**अरुंधती अरु अगिनि समाऊ। रथ चढ़ि चले प्रथम मुनिराऊ॥**
**बिप्र बृंद चढ़ि बाहन नाना। चले सकल तप तेज निधना॥**

सबैभन्दा पहिला मुनिराज वशिष्ठजी, अरुन्धती र अग्निहोत्रका सबै सामग्रीसहित रथमा सवारी भएर हिँडे। फेरि ब्राह्मणहरूका समूह, जुन सबै जना तपस्या र तेजका भण्डार थिए, अनेकौ सवारीहरूमा चढेर हिंडे॥ ३॥

**नगर लोग सब सजि सजि जाना। चित्रकूट कहँ कीन्ह पयाना॥**
**सिबिका सुभग न जाहिं बखानी। चढ़ि चढ़ि चलत भईं सब रानी॥**

नगरका सबै जनाले रथहरूलाई सजाएर चित्रकूट हिँडिहाले। जसको वर्णन हुन नै सक्तैन, यस्ता सुन्दर पालकीहरूमा चढेर सबै रानीहरूको सवारी भयो॥ ४॥

दो०— **सौंपि नगर सुचि सेवकनि सादर सकल चलाइ।**
**सुमिरि राम सिय चरन तब चले भरत दोउ भाइ॥ १८७॥**

विश्वासपात्र सेवकहरूलाई नगर जिम्मा लगाएर तथा सबैलाई आदरपूर्वक पठाएर, त्यसपछि श्रीसीतारामका चरणलाई स्मरण गर्दै भरत-शत्रुघ्न दुवै भाइ हिँड्नुभयो॥ १८७॥

**राम दरस बस सब नर नारी। जनु करि करिनि चले तकि बारी॥**
**बन सिय रामु समुझि मन माहीं। सानुज भरत पयादेहिं जाहीं॥**

श्रीरामचन्द्रको दर्शनको वशमा हुँदै (दर्शनको अनन्य लालचाले) सबै नर-नारी यसरी हिंडे मानौं तिर्खाएका हात्ती-हात्तिनी जललाई ताकेर [धेरै तेजपूर्वक बौलाहाजस्ता भएर] गइरहेका छन्।

श्रीसीतारामजी [सबै सुखलाई छोडेर] वनमा हुनुहुन्छ, मनमा यस्तो विचार गरेर भाइ शत्रुघ्नजीसहित भरतजी पैदल नै गइरहनुभएको छ॥ १॥

**देखि सनेहु लोग अनुरागे। उतरि चले हय गय रथ त्यागे॥**
**जाइ समीप राखि निज डोली। राम मातु मृदु बानी बोली॥**

उहाँहरूको स्नेह देखेर मानिस प्रेममा मग्न भएका छन् र सबै घोडा, हात्ती, रथहरूलाई छोडेर, पैदल हिंड्न लागे। त्यसपछि श्रीरामचन्द्रकी आमा कौसल्याजी भरतजीसँग गएर र आफ्नो पालकी (डोली) उहाँका नजिक राखेर कोमल वाणी भन्नुभयो— ॥ २॥

**तात चढ़हु रथ बलि महतारी। होइहि प्रिय परिवारु दुखारी॥**
**तुम्हरें चलत चलिहि सबु लोगू। सकल सोक कृस नहिं मग जोगू॥**

हे बाबु! मैले प्रेमपूर्वक भन्दछु, तिमी रथमा चढ। नत्र भने सारा प्यारा परिवार दुःखी हुनेछन्। तिमी पैदल हिंड्नाले सबै जना पैदल हिँड्नेछन्। शोकले गर्दा सबै दुब्लाएका छन्, पैदल बाटो (पैदल हिंड्न) योग्य छैन॥ ३॥

**सिर धरि बचन चरन सिरु नाई। रथ चढ़ि चलत भए दोउ भाई॥**
**तमसा प्रथम दिवस करि बासू। दूसर गोमति तीर निवासू॥**

आमाको आज्ञालाई शिरमा चढाएर तथा उहाँका चरणमा शिर निहुराएर दुवै भाइ रथमा चढी हिंड्न लाग्नुभयो। पहिलो दिन तमसामा वास (मुकाम) गरेर भोलिपल्ट गोमतीको तीरमा गर्नुभयो॥ ४॥

दो०— **पय अहार फल असन एक निसि भोजन एक लोग।**
**करत राम हित नेम ब्रत परिहरि भूषन भोग॥ १८८॥**

कसैले दूध पिएका छन्, कसैले फलाहार गरेका छन् र कसैले चाहिँ रातमा एक पटक नै भोजन गर्दछन्। भूषण र भोग-विलासलाई छोडेर सबै जना श्रीरामचन्द्रको लागि नियम र व्रत गरेका छन्॥ १८८॥

## * निषादको शङ्का र सावधानी *

**सई तीर बसि चले बिहाने। सृंगबेरपुर सब निअराने॥**
**समाचार सब सुने निषादा। हृदयँ बिचार करइ सबिषादा॥**

रातभरमा सई नदीको तीरमा निवास गरेर सबेरै त्यहाँबाट हिँडिहाले र सबै शृङ्गवेरपुरनजिक आइपुगे। निषादराजले जब यो सबै समाचार सुने, अनि उनी दुःखी भएर हृदयमा विचार गर्न लागे— ॥ १॥

**कारन कवन भरतु बन जाहीं। है कछु कपट भाउ मन माहीं॥**
**जौं पै जियँ न होति कुटिलाई। तौ कत लीन्ह संग कटकाई॥**

के कारण हो जुन भरत वनमा गइरहेका छन्, मनमा केही कपट-भाव अवश्य छ। यदि मनमा कुटिलता थिएर भने त साथमा सेना किन लिएर आएका छन्?॥ २॥

**जानहिं सानुज रामहि मारी। करउँ अकंटक राजु सुखारी॥**
**भरत न राजनीति उर आनी। तब कलंकु अब जीवन हानी॥**

सोचेका होलान् भाइ लक्ष्मणसहित श्रीरामलाई मारेर सुखपूर्वक निष्कण्टक राज्य गर्नेछु। भरतले हृदयमा राजनीतिलाई स्थान दिएनन् (राजनीतिलाई विचार गरेनन्)। तब (पहिला) नै कलङ्क लागेको थियो, अब त जीवनबाट नै हात धुनुपर्नेछ॥ ३॥

**सकल सुरासुर जुरहिं जुझारा। रामहि समर न जीतनिहारा॥**
**का आचरजु भरतु अस करहीं। नहिं बिष बेलि अमिअ फल फरहीं॥**

सम्पूर्ण देवता र दैत्य वीर एकत्रित होऊन्, तर पनि श्रीरामलाई रणमा कसैले जित्न सक्तैनन्। भरतले जुन यस्तो गरिरहेका छन्, यसमा आश्चर्य नै के छ? विषको लता (लहरा) मा अमृत कहिल्यै फल्दैन!॥ ४॥

दो०— **अस बिचारि गुहँ ग्याति सन कहेउ सजग सब होहु।**
**हथवाँसहु बोरहु तरनि कीजिअ घाटारोहु॥ १८९॥**

यस्तो विचार गरेर गुह (निषादराज) ले आफ्ना जातिका व्यक्तिसँग भने कि सबै जना सावधान भइहाल। डुङ्गालाई हात (कब्जा) मा गर र फेरि उनलाई डुबाइदेऊ तथा सबै घाटलाई रोकिदेऊ॥ १८९॥

**होहु सँजोइल रोकहु घाटा। ठाटहु सकल मरै के ठाटा॥**
**सनमुख लोह भरत सन लेऊँ। जिअत न सुरसरि उतरन देऊँ॥**

(लडाइँको सामानबाट) सुसज्जित भएर घाटहरूलाई रोक र सबै जना मर्नको लागि सामान सजाओ (अर्थात् भरतसँग युद्धमा लडेर मर्नको लागि तयार होऊ)। म भरतसँग सम्मुख (युद्ध) गर्नेछु र जिउँदो छँदासम्म उनलाई गङ्गापारि जान दिनेछैन॥ १॥

**समर मरनु पुनि सुरसरि तीरा। राम काजु छनभंगु सरीरा॥**
**भरत भाइ नृपु मैं जन नीचू। बड़ें भाग असि पाइअ मीचू॥**

युद्धमा मरण फेरि गङ्गाजीको तट, श्रीरामको काम र क्षणभङ्गुर शरीर (जतिखेर पनि नाश हुने); भरत श्रीरामका भाइ र राजा (उनको हातबाट मर्नु) र म नीच सेवक ठूलो भाग्यले यस्तो मृत्यु मिल्दछ॥ २॥

**स्वामि काज करिहउँ रन रारी। जस धवलिहउँ भुवन दस चारी॥**
**तजउँ प्रान रघुनाथ निहोरें। दुहूँ हाथ मुद मोदक मोरें॥**

म स्वामीको कामका लागि रणमा लडाइँ गर्नेछु र चौध लोकमा आफूलाई यशले उज्ज्वल गर्नेछु। श्रीरघुनाथको निमित्त प्राण त्यागिदिनेछु। मेरो त दुवै हातमा नै आनन्दका लड्डू छन् (अर्थात् जितें भने त रामसेवकको यश प्राप्त गर्नेछु र मृत्यु भयो भने श्रीरामको नित्य सेवा प्राप्त गर्नेछु)॥ ३॥

**साधु समाज न जाकर लेखा। राम भगत महुँ जासु न रेखा॥**
**जायँ जिअत जग सो महि भारू। जननी जौबन बिटप कुठारू॥**

साधुहरूको समाजमा जसको गणना (इज्जत) छैन र श्रीरामको भक्तमा जसको स्थान छैन, त्यो जगत्मा पृथ्वीको भार भएर व्यर्थ नै बाँचेको हुन्छ। त्यो माताको यौवनरूपी वृक्षलाई काट्नलाई बन्चरो मात्र हो॥ ४॥

दो०— **बिगत बिषाद निषादपति सबहि बढ़ाइ उछाहु।**
**सुमिरि राम मागेउ तुरत तरकस धनुष सनाहु॥ १९०॥**

[यस प्रकार श्रीरामको निमित्त प्राण समर्पणको लागि निश्चय गरेर] निषादराज विषादले रहित भएर सबैको उत्साह बढाएर तथा श्रीरामचन्द्रको स्मरण गरेर उनले तुरुन्तै तरकस (ठोक्रो), धनुष र कवच मागे॥ १९०॥

**बेगहु भाइहु सजहु सँजोऊ। सुनि रजाइ कदराइ न कोऊ॥**
**भलेहिं नाथ सब कहहिं सहरषा। एकहिं एक बढ़ावइ करषा॥**

[उनले भने— ] हे भाइ हो! छिटो गर र सबै सामान सजाऊ। मेरो आज्ञा सुनेर कसैले मनमा कायरता नगर्नु। सबै हर्ष-ध्वनिका साथ बोलेर उठे—हे नाथ! धेरै राम्रो; अनि आपसमा एकले अर्कोलाई जोस बढाउन लागे॥ १॥

**चले निषाद जोहारि जोहारी। सूर सकल रन रूचइ रारी॥**
**सुमिरि राम पद पंकज पनहीं। भाथीं बाँधि चढ़ाइन्हि धनहीं॥**

निषादराजलाई नमस्कार गरेर सबै निषाद हिँडे। सबै ठूला शूरवीर छन् र सङ्ग्राममा लड्न उनीहरू धेरै आनन्दित हुन्छन्। श्रीरामचन्द्रका चरणकमलका पादुकालाई स्मरण गरेर उनीहरूले साना-साना तरकस बाँधेर साना-साना धनुषहरूमा धनुषको डोरी (ताँदो) चढाए॥ २॥

**अँगरी पहिरि कूँड़ि सिर धरहीं। फरसा बाँस सेल सम करहीं॥**
**एक कुसल अति ओड़न खाँड़े। कूदहिं गगन मनहुँ छिति छाँड़े॥**

कवच पहिरिएर शिरमा फलामका टोपी लगाएका छन् र फरसा, भाला (शूल) तथा बर्छा (भाला जस्तै हतियार) सिधा गरिरहेका छन् (तयारी गरिहेका छन्)। कोही तरबारको चोट रोक्नमा अत्यन्त नै कुशल छन्। उनीहरू यसरी उमङ्गमा भरिएका छन्, मानौं धर्ती छोडेर आकाशमा उडिरहेका छन्॥ ३॥

**निज निज साजु समाजु बनाई। गुह राउतहि जोहारे जाई॥**
**देखि सुभट सब लायक जाने। लै लै नाम सकल सनमाने॥**

आ-आफ्नो सामान-समाज (लडाइँका सामान र दल) बनाएर उनीहरू गएर निषादराजलाई प्रणाम गरे। निषादराजले सुन्दर योद्धाहरूलाई देखेर, सबैलाई सुयोग्य सम्झे, अनि नाम लिई-लिई सबैलाई सम्मान गरे॥ ४॥

दो०— **भाइहु लावहु धोख जनि आजु काज बड़ मोहि।**
**सुनि सरोष बोले सुभट बीर अधीर न होहि॥ १९१॥**

[उनले भने— ] हे भाइ हो! धोखा नखानु (अर्थात् मर्नलाई नडराउनु), आज मेरो धेरै ठूलो काम छ। यस्तो सुनेर सबै योद्धा ठूलो जोसपूर्वक बोलेर उठे—हे वीर! नआत्तिनुहोस्॥ १९१॥

**राम प्रताप नाथ बल तोरे। करहिं कटकु बिनु भट बिनु घोरे॥**
**जीवत पाउ न पाछें धरहीं। रुंड मुंडमय मेदिनि करहीं॥**

हे नाथ! श्रीरामचन्द्रको प्रतापले र हजुरको बलले हामीहरूले भरतका सेनालाई विनावीर र विनाघोडाको बनाउनेछौं (एक-एक वीर र एक-एक घोडालाई मार्नेछौं)। जीवित छँदा-सम्म पछाडि खुट्टा राख्नेछैनौं। पृथ्वीलाई रुण्ड-मुण्डमयी गराउनेछौं। (शिर र शरीरले भर्नेछौं)॥ १॥

**दीख निषादनाथ भल टोलू। कहेउ बजाउ जुझाऊ ढोलू॥**
**एतना कहत छींक भइ बाँए। कहेउ सगुनिअन्ह खेत सुहाए॥**

निषादराजले वीरहरूलाई योग्य दल देखेर भने—लडाँईको ढोल बजाऊ। यति भन्दा नै बायाँतर्फ छिंक्का (छिंम) आयो। शकुन (लक्षण) विचार गर्नेवालाले भन्यो कि लक्षण राम्रो छ। (जित हुनेछ)॥ २॥

**बूढ़ु एकु कह सगुन बिचारी। भरतहि मिलिअ न होइहि रारी॥**
**रामहि भरतु मनावन जाहीं। सगुन कहइ अस बिग्रहु नाहीं॥**

एउटा बूढाले लक्षण विचार गरेर भने—भरतसँग भेट हुनुहोस्, उनीसँग लडाँई हुनेछैन। भरत श्रीरामचन्द्रलाई मनाउन आइरहेका छन्। लक्षणले यस्तो भनेको छ कि विरोध होइन॥ ३॥

**सुनि गुह कहइ नीक कह बूढ़ा। सहसा करि पछताहिं बिमूढ़ा॥**
**भरत सुभाउ सीलु बिनु बूझें। बड़ि हित हानि जानि बिनु जूझें॥**

यस्तो सुनेर निषादराज गुहले भने—बूढाले ठीक भनेका छन्। तुरुन्तै (विनाविचार) कुनै काम गरेर मूर्खहरू पछुताउँछन्। भरतजीको शील-स्वभाव नसम्झीकन र नजानीकन युद्ध गर्नाले हितको धेरै ठूलो हानि हुन्छ॥ ४॥

दो०— **गहहु घाट भट समिटि सब लेउँ मरम मिलि जाइ।**
**बूझि मित्र अरि मध्य गति तस तब करिहउँ आइ॥ १९२॥**

यसैले हे वीर हो! तिमीहरू एकत्रित भएर सबै घाटलाई रोक, म गएर भरतजीसँग भेट भएर उनको भेद लिन्छु। उनको भाव मित्र, शत्रुको या उदासीनको छ, यस्तो जानेर त्यसपछि आएर उस्तै (उसैको अनुसार) प्रबन्ध गर्नेछु॥ १९२॥

**लखब सनेहु सुभायँ सुहाएँ। बैरु प्रीति नहिं दुरइँ दुराएँ॥**
**अस कहि भेंट सँजोवन लागे। कंद मूल फल खग मृग मागे॥**

उनको सुन्दर स्वभावबाट मैले उनको स्नेह चिन्नेछु। वैर र प्रेम लुकाउनाले लुक्दैन। यस्तो भनेर उनले उपहारका सामान सजाउन लागे। उनले कन्द, मूल, फल, पक्षी र मृग मगाए॥ १॥

**मीन पीन पाठीन पुराने। भरि भरि भार कहारन्ह आने॥**
**मिलन साजु सजि मिलन सिधाए। मंगल मूल सगुन सुभ पाए॥**

भरिया (डोले) हरूले पुराना र मोटा पहिना नामका (जसको पेट चाँदीको जस्तो उज्ज्वल र कालो मुख र त्यसमा एउटा रेखा हुन्छ) माछाहरूलाई भार (भारी, डोला) मा भरेर ल्याए। उपहारका सामान सजाएर भेट हुनको लागि हिंडे, अनि त्यस समयमा मङ्गलदायक शुभ-लक्षण हुन लागे॥ २॥

## ❋ भरत-निषाद-मिलन र संवाद तथा भरतजीको र नगरनिवासीको प्रेम ❋

**देखि दूरि तें कहि निज नामू। कीन्ह मुनीसहि दंड प्रनामू॥**
**जानि रामप्रिय दीन्हि असीसा। भरतहि कहेउ बुझाइ मुनीसा॥**

निषादराजले मुनिराज वशिष्ठजीलाई देखेर आफ्नो नाम बताएर टाढाबाट नै दण्डवत्-प्रणाम गरे। मुनीश्वर वशिष्ठजीले उनलाई रामको प्रिय जानेर आशीर्वाद दिनुभयो र भरतजीलाई सम्झाएर भन्नुभयो [कि यी श्रीरामका मित्र हुन्]॥ ३॥

**राम सखा सुनि संदनु त्यागा। चले उतरि उमगत अनुरागा॥**
**गाउँ जाति गुहँ नाउँ सुनाई। कीन्ह जोहारु माथ महि लाई॥**

यी श्रीरामका मित्र हुन्, यस्तो सुन्दा नै भरतजीले रथ त्याग्नुभयो। उहाँ रथबाट ओर्लेर प्रेममा आनन्दित हुँदै हिंड्नुभयो। निषादराज गुहले आफ्नो गाउँ, जाति र नाम (गुह) सुनाएर पृथ्वीमा शिर राखी प्रणाम गरे॥ ४॥

दो०— **करत दंडवत देखि तेहि भरत लीन्ह उर लाइ।**
**मनहुँ लखन सन भेंट भइ प्रेमु न हृदयँ समाइ॥ १९३॥**

दण्डवत् गर्दै-गरेको देखेर भरतजीले उनलाई छातीमा लगाउनुभयो। हृदयमा प्रेम अटाएको छैन, मानौं स्वयं लक्ष्मणजीसँग भेट भएको छ॥ १९३॥

**भेंटत भरतु ताहि अति प्रीती। लोग सिहाहिं प्रेम कै रीती॥**
**धन्य धन्य धुनि मंगल मूला। सुर सराहि तेहि बरिसहिं फूला॥**

भरतजीले गुहलाई अत्यन्त प्रेमले अङ्गालोमा राख्नुभएको छ। प्रेमको रीतिलाई सबै जनाले लोभिएर (ईर्ष्यापूर्वक) प्रशंसा गरिरहेका छन्, मङ्गलको मूल 'धन्य-धन्य' को ध्वनि गरेर देवताले उनका (प्रेमको) सराहना गर्दै फूल बर्साइरहेका छन्॥ १॥

**लोक बेद सब भाँतिहिं नीचा। जासु छाँह छुइ लेइअ सींचा॥**
**तेहि भरि अंक राम लघु भ्राता। मिलत पलक परिपूरित गाता॥**

[उनीहरू भन्दछन्—] जो लोक र वेद दुवैमा सबै प्रकारले नीच मानिएको छ, जसको छायालाई छुनाले मात्रै पनि स्नान गर्नुपर्छ, उही निषादसँग अङ्गालो हालेर श्रीरामचन्द्रका भाइ भरतजी [आनन्द र प्रेमवश] शरीरमा रोमाञ्चित हुँदै परिपूर्ण भएर मिलिरहनुभएको छ॥ २॥

**राम राम कहि जे जमुहाहीं। तिन्हहि न पाप पुंज समुहाहीं॥**
**यह तौ राम लाइ उर लीन्हा। कुल समेत जगु पावन कीन्हा॥**

जो मानिसले राम-राम भनेर हाई गर्दछन् (अर्थात् आलस्यले पनि जसको मुखमा राम-नामको उच्चारण हुन्छ), पापको समूह (कुनै पनि पाप) उसको सम्मुख आउँदैन। फेरि यस गुहलाई त स्वयं श्रीरामचन्द्रले हृदयमा लगाउनुभयो र कुलसमेत यसलाई जगत्पावन (जगत्लाई पवित्र गर्नेवाला) बनाउनुभयो॥ ३॥

**करमनास जलु सुरसरि परई। तेहि को कहहु सीस नहिं धरई॥**
**उलटा नामु जपत जगु जाना। बालमीक भए ब्रह्म समाना॥**

कर्मनाशा नदीको जल गङ्गाजीमा मिसिन्छ, त्यसपछि भन्नुहोस्, त्यसलाई कसले शिरमा धारण गर्दैन? जगत्ले जानेको छ कि उल्टो नाम (मरा-मरा) जप्दा-जप्दै वाल्मीकिजी ब्रह्मका समान हुनुभयो॥ ४॥

दो०— **स्वपच सबर खस जमन जड़ पावँर कोल किरात।**
**रामु कहत पावन परम होत भुवन बिख्यात॥ १९४॥**

चाण्डाल, शबर, खस (व्रात्य क्षत्रियबाट उत्पन्न एक प्राचीन जाति) यवन, कोल र किरात मूर्ख र पामर पनि रामनाम भन्दा नै परम पवित्र र त्रिभुवनमा विख्यात हुन्छन्॥ १९४॥

**नहिं अचिरिजु जुग जुग चलि आई। केहि न दीन्हि रघुबीर बड़ाई॥**
**राम नाम महिमा सुर कहहीं। सुनि सुनि अवध लोग सुखु लहहीं॥**

यसमा कुनै आश्चर्य छैन, युग-युगान्तरदेखि यही रीति चलेर आएको छ। श्रीरघुनाथले कसलाई सम्मान दिनुभएन? यस प्रकार देवताले रामनामको महिमा भनिरहेका छन् र त्यसलाई श्रवण गरेर अयोध्याका मानिस सुख पाइरहेका छन्॥ १॥

**रामसखहि मिलि भरत सप्रेमा। पूँछी कुसल सुमंगल खेमा॥**
**देखि भरत कर सीलु सनेहू। भा निषाद तेहि समय बिदेहू॥**

रामसखा निषादराजसँग प्रेमका साथ भेट भएर भरतजीले कुशल-मङ्गल र क्षेम सोध्नुभयो। भरतजीको शील र प्रेम देखेर निषाद त्यस समय विदेह भए (प्रेममुग्ध भएर शरीरको हाल भुले)॥ २॥

**सकुच सनेहु मोदु मन बाढ़ा। भरतहि चितवत एकटक ठाढ़ा॥**
**धरि धीरजु पद बंदि बहोरी। बिनय सप्रेम करत कर जोरी॥**

उनका मनमा सङ्कोच, प्रेम र आनन्द यति बढ्यो कि उनी उभिएर ट्वाल्ल परेर भरतजीलाई हेरिरहे। फेरि धैर्य गरेर भरतजीका चरणहरूको वन्दना गर्दै प्रेमका साथ हात जोडेर बिन्ती गर्न लागे— ॥ ३॥

**कुसल मूल पद पंकज पेखी। मैं तिहुँ काल कुसल निज लेखी॥**
**अब प्रभु परम अनुग्रह तोरें। सहित कोटि कुल मंगल मोरें॥**

हे प्रभु! कुशलको मूल हजुरका चरणकमलको दर्शन गरेर मैले तीनै कालमा आफ्नो कुशलता जाने। अब हजुरको परम अनुग्रहले करोडौं कुल (पीढी, पुस्ता) हरू सहित मेरो मङ्गल (कल्याण) भइसक्यो॥ ४॥

दो०— **समुझि मोरि करतूति कुलु प्रभु महिमा जियँ जोइ।**
**जो न भजइ रघुबीर पद जग बिधि बंचित सोइ॥ १९५॥**

मेरो व्यवहार (कर्तूत) र कुललाई सम्झेर तथा प्रभु श्रीरामचन्द्रको महिमालाई मनमा विचार गरेर (अर्थात् कहाँ म नीच जाति र नीच कर्म गर्नेवाला जीव र कहाँ अनन्तकोटि ब्रह्माण्डका स्वामी भगवान् श्रीरामचन्द्र! तर उहाँले मजस्तो नीचलाई पनि आफ्नो अहैतुक कृपावश आफ्नो बनाउनुभयो—यस्तो सम्झेर) जसले रघुवीर श्रीरामको चरणको भजन गर्दैन, त्यो जगत्मा विधाताद्वारा ठगिएको छ॥ १९५॥

**कपटी कायर कुमति कुजाती। लोक बेद बाहेर सब भाँती॥**
**राम कीन्ह आपन जबही तें। भयउँ भुवन भूषन तबही तें॥**

म कपटी, कायर, कुबुद्धि र कुजाति हुँ र लोक तथा वेद दुवैमा सबै प्रकारले बाहिर छु। तर जहिलेदेखि श्रीरामचन्द्रले मलाई आफ्नो बनाउनुभयो, तहिलेदेखि म विश्वको भूषण भएकोछु॥ १॥

**देखि प्रीति सुनि बिनय सुहाई। मिलेउ बहोरि भरत लघु भाई॥**
**कहि निषाद निज नाम सुबानीं। सादर सकल जोहारीं रानीं॥**

निषादराजको प्रीतिलाई देखेर तथा सुन्दर बिन्ती सुनेर फेरि भरतजीका भाइ शत्रुघ्नजी उनीसँग भेट हुनुभयो। फेरि निषादले आफ्नो नाम लिएर सुन्दर (नम्र र मधुर) वाणीले सबै रानीहरूलाई आदरपूर्वक नमस्कार गरे॥ २॥

**जानि लखन सम देहिं असीसा। जिअहु सुखी सय लाख बरीसा॥**
**निरखि निषादु नगर नर नारी। भए सुखी जनु लखनु निहारी॥**

रानीहरूले उनलाई लक्ष्मणजीका समान सम्झेर आशीर्वाद दिनुभएको छ कि तिमी सय लाख वर्षसम्म सुखपूर्वक बाँच। नगरका स्त्री-पुरुष निषादलाई देखेर यसरी सुखी भए, मानौं लक्ष्मणजीलाई हेरिरहेका छन्॥ ३॥

**कहहिं लहेउ एहिं जीवन लाहू। भेंटेउ रामभद्र भरि बाहू॥**
**सुनि निषादु निज भाग बड़ाई। प्रमुदित मन लइ चलेउ लेवाई॥**

सबैले भनेका छन् कि जीवनको लाभ त यिनैले पाए, जसलाई कल्याणस्वरूप श्रीरामचन्द्रले भुजाहरूमा बाँधेर अङ्गालोमा राख्नुभयो। निषाद आफ्नो भाग्यको प्रशंसा सुनेर मनमा परम आनन्दित हुँदै सबैलाई आफूसँगै लिएर हिंडे॥ ४॥

दो०— **सनकारे सेवक सकल चले स्वामि रुख पाइ।**
**घर तरु तर सर बाग बन बास बनाएन्हि जाइ॥ १९६॥**

उनले आफ्ना सबै सेवकहरूलाई आँखाले इशारा गरिदिए। उनले स्वामीको भाव बुझेर हिंडे र त्यसपछि घरमा, वृक्षको तल, तलाउमा तथा बगैंचा र जङ्गलमा बस्नको लागि ठाउँ बनाए॥ १९६॥

**सृंगबेरपुर भरत दीख जब। भे सनेहँ सब अंग सिथल तब॥**
**सोहत दिएँ निषादहि लागू। जनु तनु धरें बिनय अनुरागू॥**

भरतजीले जब शृङ्गवेरपुरलाई देख्नुभयो, त्यसपछि उहाँका सबै अङ्ग प्रेमका कारण शिथिल भए। उहाँ निषादको काँधमा हात राखेर हिँड्नुभएको छ। त्यसले यस्तो शोभा दिइरहेको छ, मानौं विनम्रता र प्रेमले शरीर धारण गरेको छ॥ १॥

**एहि बिधि भरत सेनु सबु संगा। दीखि जाइ जग पावनि गंगा॥**
**रामघाट कहँ कीन्ह प्रनामू। भा मनु मगनु मिले जनु रामू॥**

यस्तो प्रकारले भरतजीले सबै सेनालाई साथमा लिएर जगत्लाई पवित्र गर्ने गङ्गाजीको दर्शन गर्नुभयो। श्रीरामघाटलाई [जहाँ श्रीरामले स्नान गर्नुभएको थियो] प्रणाम गर्नुभयो। उहाँको मन यति आनन्दमग्न भएको छ, मानौं उहाँसँग स्वयं रामजी भेट हुनुभएको छ॥ २॥

**करहिं प्रनाम नगर नर नारी। मुदित ब्रह्ममय बारि निहारी॥**
**करि मज्जनु मागहिं कर जोरी। रामचंद्र पद प्रीति न थोरी॥**

नगरका नर-नारीले प्रणाम गरिरहेका छन् र गङ्गाजीको ब्रह्मरूप जललाई देखेर आनन्दित भइरहेका छन्। गङ्गाजीमा स्नान गरेर हात जोडेर सबै जनाले यही वरदान मागेका छन् कि श्रीरामचन्द्रको चरणमा हाम्रो प्रेम थोरै नहोस् (अर्थात् अधिक होस्)॥ ३॥

**भरत कहेउ सुरसरि तव रेनू। सकल सुखद सेवक सुरधेनू॥**
**जोरि पानि बर मागउँ एहू। सीय राम पद सहज सनेहू॥**

भरतजीले भन्नुभयो—हे गङ्गे! हजुरको रज सबैलाई सुख प्रदान गर्ने तथा सेवकको लागि त कामधेनु नै हो। मैले हात जोडेर यही वरदान माग्दछु कि श्रीसीतारामको चरणमा मेरो स्वाभाविक प्रेम होस्॥ ४॥

दो०— **एहि बिधि मज्जनु भरतु करि गुर अनुसासन पाइ।**
**मातु नहानीं जानि सब डेरा चले लवाइ॥ १९७॥**

यस्ता प्रकारले भरतजी स्नान गरेर र गुरुजीको आज्ञा पाएर तथा यो जान्नुभयो कि सबै आमाहरूले स्नान गरिसक्नुभयो, अनि डेरामा सबै सामान लिएर जानुभयो॥ १९७॥

**जहँ तहँ लोगन्ह डेरा कीन्हा। भरत सोधु सबही कर लीन्हा॥**
**सुर सेवा करि आयसु पाई। राम मातु पहिं गे दोउ भाई॥**

मानिसहरूले जतासुकै (यत्रतत्र) डेरा (अल्पकालको निवास) बनाए। भरतजीले सबैको पत्ता लगाउनुभयो [कि सबै जना आएर आरामले बसेका छन् या छैनन्]। फेरि देवपूजन गरेर आज्ञा पाएर दुवै भाइ श्रीरामचन्द्रकी आमा कौसल्याजीसँग जानुभयो॥ १॥

**चरन चाँपि कहि कहि मृदु बानी। जननीं सकल भरत सनमानी॥**
**भाइहि सौंपि मातु सेवकाई। आपु निषादहि लीन्ह बोलाई॥**

चरणको सेवा गर्दै कोमल वचन बारम्बार भनेर भरतजीले सबै आमाहरूलाई सत्कार गर्नुभयो। फेरि भाइ शत्रुघ्नलाई आमाहरूको सेवामा जिम्मा लगाई आफूले निषादलाई बोलाउनुभयो॥ २॥

**चले सखा कर सों कर जोरें। सिथिल सरीरु सनेह न थोरें॥**
**पूँछत सखहि सो ठाउँ देखाऊ। नेकु नयन मन जरनि जुड़ाऊ॥**

सखा निषादराजका साथ हातमा-हात मिलाउँदै भरतजी हिँड्नुभयो। प्रेम अत्यन्तै धेरै छ, जसले उहाँको शरीर शिथिल भइरहेको छ। भरतजी सखासँग सोध्नुहुन्छ कि मलाई त्यो ठाउँ देखाऊ— र नेत्र एवं मनको ज्वाला (ताप) केही शीतल गराऊ— ॥ ३॥

**जहँ सिय रामु लखनु निसि सोए। कहत भरे जल लोचन कोए॥**
**भरत बचन सुनि भयउ बिषादू। तुरत तहाँ लइ गयउ निषादू॥**

जहाँ श्रीसीता, राम र लक्ष्मणजी रातमा सुत्नुभएको थियो। यस्तो भन्दा नै उहाँका नेत्रका कुनामा [प्रेमाश्रुका] जल भरिए। भरतजीको वचन सुनेर निषादलाई ठूलो दुःख भयो। उनले तुरुन्तै उहाँलाई त्यहाँ लिएर गए— ॥ ४॥

दो०— **जहँ सिंसुपा पुनीत तर रघुबर किय बिश्रामु।**
**अति सनेहँ सादर भरत कीन्हेउ दंड प्रनामु॥ १९८॥**

जहाँ पवित्र अशोकका वृक्षको तल श्रीरामले विश्राम गर्नुभएको थियो। भरतजीले त्यहाँ अत्यन्त प्रेमले आदरपूर्वक दण्डवत्-प्रणाम गर्नुभयो॥ १९८॥

**कुस साँथरी निहारि सुहाई। कीन्ह प्रनामु प्रदच्छिन जाई॥**
**चरन रेख रज आँखिन्ह लाई। बनइ न कहत प्रीत अधिकाई॥**

कुशको सुन्दर गुन्द्री (बिछ्यौना) देखेर त्यसको प्रदक्षिणा गरी प्रणाम गर्नुभयो। श्रीरामचन्द्रका चरणचिह्नको रज आँखामा लगाउनुभयो। [त्यस समयको] प्रेमको अधिकता भन्नै सकिंदैन॥ १॥

**कनक बिंदु दुइ चारिक देखे। राखे सीस सीय सम लेखे॥**
**सजल बिलोचन हृदयँ गलानी। कहत सखा सन बचन सुबानी॥**

भरतजीले दुई-चार स्वर्णबिन्दु (सुनका कण या तारा आदि जुन सीताजीका गहना-कपडाबाट खसेका थिए) देख्नुभयो, अनि तिनलाई सीताजीसमान मानेर शिरमा राख्नुभयो। उहाँका नेत्र [प्रेमाश्रुका] जलले भरिए र हृदयमा ग्लानि भरियो। उहाँले सखासँग सुन्दर वाणीमा यी वचन भन्नुभयो— ॥ २॥

**श्रीहत सीय बिरहँ दुतिहीना। जथा अवध नर नारि बिलीना॥**
**पिता जनक देउँ पटतर केही। करतल भोगु जोगु जग जेही॥**

यी सुनका कण या तारा पनि सीताजीको विरहले यसरी श्रीहत (शोभाहीन) एवं कान्तिहीन भइरहेका छन्, जसरी [राम-वियोगमा] अयोध्याका नर-नारी विलीन (शोकका कारण क्षीण) भइरहेका छन्। जुन सीताजीका पिता राजा जनक हुनुहुन्छ, यस जगत्मा भोग र योग दुवै नै जसको मुठीमा छन्, उनै जनकजीलाई मैले कसको उपमा दिऊँ?॥ ३॥

**ससुर भानुकुल भानु भुआलू। जेहि सिहात अमरावतिपालू॥**
**प्राननाथु रघुनाथ गोसाईं। जो बड़ होत सो राम बड़ाईं॥**

सूर्यकुलका सूर्य राजा दशरथजी जसका ससुरा हुनुहुन्थ्यो, जसको अमरावतीका स्वामी इन्द्र पनि ईर्ष्या गर्दथे (ईर्ष्यापूर्वक उहाँको जस्तो ऐश्वर्य र प्रताप पाउन चाहन्थे) र प्रभु श्रीरघुनाथ जसका प्राणनाथ हुनुहुन्छ, जो यति ठूला हुनुहुन्छ कि जुनसुकै पनि ठूलो हुन्छ, त्यो श्रीरामचन्द्रले [दिएको] बढाईले नै हुन्छ;॥ ४॥

दो०— **पति देवता सुतीय मनि सीय साँथरी देखि।**
**बिहरत हृदउ न हहरि हर पबि तें कठिन बिसेषि॥ १९९॥**

तिनै श्रेष्ठ पतिव्रता स्त्रीहरूमा शिरोमणि सीताजीको कुशशैय्या (कुशे गुन्द्री) देखेर मेरो हृदय चिरा-चिरा भएर किन फाट्दैन; हे शङ्कर! यो वज्रभन्दा पनि कठोर भएको छ!॥ १९९॥

**लालन जोगु लखन लघु लोने। भे न भाइ अस अहहिं न होने॥**
**पुरजन प्रिय पितु मातु दुलारे। सिय रघुबीरहि प्रानपिआरे॥**

मेरा भाइ लक्ष्मण धेरै नै सुन्दर र प्यार गर्न योग्य छन्। यस्ता भाइ न त कसैका भए, न छन्, न हुने नै छन्। जुन लक्ष्मण अयोध्याका लागि प्यारा, आमा-बाबुको लागि प्रिय र श्रीसीतारामजीका प्राणप्यारा छन्;॥ १॥

**मृदु मूरति सुकुमार सुभाऊ। तात बाउ तन लाग न काऊ॥**
**ते बन सहहिं बिपति सब भाँती। निदरे कोटि कुलिस एहिं छाती॥**

जसको कोमल मूर्ति र सुकुमार स्वभाव छ, जसको शरीरमा कहिल्यै तातो हावा पनि लागेको छैन, उनैले वनमा सबै प्रकारका विपत्तिहरू सहेका छन्। [हाय!] यस मेरो छातीले [कठोरतामा] करोडौं वज्रहरूको पनि निरादर गऱ्यो [होइन भने यो उहिल्यै फाटिसक्ने थियो]॥ २॥

**राम जनमि जगु कीन्ह उजागर। रूप सील सुख सब गुन सागर॥**
**पुरजन परिजन गुर पितु माता। राम सुभाउ सबहि सुखदाता॥**

श्रीरामचन्द्रले जन्म (अवतार) लिएर जगत्लाई प्रकाशित (परम सुशोभित) गराउनुभयो। उहाँ रूप, शील, सुख र समस्त गुणहरूका समुद्र हुनुहुन्छ। पुरवासी (सहरनिवासी), कुटुम्बी, गुरु, पिता-माता सबैको लागि श्रीरामको स्वभाव सुखदायक छ॥ ३॥

**बैरिउ राम बड़ाई करहीं। बोलनि मिलनि बिनय मन हरहीं॥**
**सारद कोटि कोटि सत सेषा। करि न सकहिं प्रभु गुन गन लेखा॥**

शत्रु पनि श्रीरामको प्रशंसा गर्छन्। बोल-चाल, मिल्ने स्वभाव र विनम्रताले उहाँले मनलाई हरण गर्नुहुन्छ। करोडौं सरस्वती र अरबौं शेषजीले पनि प्रभु श्रीरामचन्द्रको गुणको गणना गर्न सक्तैनन्॥ ४॥

दो०— **सुखस्वरूप रघुबंसमनि मंगल मोद निधान।**
**ते सोवत कुस डासि महि बिध गति अति बलवान॥ २००॥**

जो सुखस्वरूप रघुवंशशिरोमणि श्रीरामचन्द्र मङ्गल र आनन्दका भण्डार हुनुहुन्छ, उहाँ जमिनमा कुश बिछ्याएर सुत्नुहुन्छ। विधाताको गति धेरै नै बलवान् छ॥ २००॥

**राम सुना दुखु कान न काऊ। जीवनतरु जिमि जोगवइ राऊ॥**
**पलक नयन फनि मनि जेहि भाँती। जोगवहिं जननि सकल दिन राती॥**

श्रीरामचन्द्रजीले कानले पनि कहिल्यै दुःखको नाम सुन्नुभएन। महाराजले स्वयं जीवन-वृक्षझैं उहाँको स्याहार-सम्भार गर्नुहुन्थ्यो। सबै आमाहरूले पनि रातदिन उहाँको यसरी स्याहार-सुसार गर्नुहुन्थ्यो कि, जसरी परेलाले आँखा (नानी) को र सर्पले आफ्नो मणिको गर्दछ॥ १॥

**ते अब फिरत बिपिन पदचारी। कंद मूल फल फूल अहारी॥**
**धिग कैकई अमंगल मूला। भइसि प्रान प्रियतम प्रतिकूला॥**

उनै श्रीरामचन्द्र अब जङ्गलमा पैदल घुम्नुहुन्छ र कन्द-मूल तथा फल-फूलहरूको भोजन गर्नुहुन्छ। अमङ्गलकी मूल कैकेयीलाई धिक्कार छ, जो आफ्नो प्राणप्रियतम पतिसँग पनि प्रतिकूल (विपरीत) भइन्॥ २॥

**मैं धिग धिग अघ उदधि अभागी। सबु उतपातु भयउ जेहि लागी॥**
**कुल कलंकु करि सृजेउ बिधाताँ। साइँदोह मोहि कीन्ह कुमाताँ॥**

म पापको समुद्र र अभागीलाई धिक्कार छ, धिक्कार छ, जसको कारण यो सबै उत्पात भयो। विधाताले मलाई कुलको कलङ्क बनाएर पैदा गऱ्यो र कुमाताले मलाई स्वामीद्रोही बनाइन्॥ ३॥

**सुनि सप्रेम समुझाव निषादू। नाथ करिअ कत बादि बिषादू॥**
**राम तुम्हहि प्रिय तुम्ह प्रिय रामहि। यह निरजोसु दोसु बिधि बामहि॥**

यस्तो सुनेर निषादराजले प्रेमपूर्वक सम्झाउन लागे—हे नाथ! हजुर व्यर्थ विषाद के कारणले गरिबक्सिन्छ? श्रीरामचन्द्र हजुरका प्यारा होइबक्सिन्छ र हजुर श्रीरामचन्द्रका प्यारा होइबक्सिन्छ। यही निचोड (निश्चित सिद्धान्त) हो, दोष त प्रतिकूल विधाताको हो॥ ४॥

छं०— **बिधि बाम की करनी कठिन जेहिं मातु कीन्ही बावरी।**
**तेहि राति पुनि पुनि करहिं प्रभु सादर सरहना रावरी॥**
**तुलसी न तुम्ह सो राम प्रीतमु कहतु हौं सौंहें किएँ।**
**परिनाम मंगल जानि अपने आनिए धीरजु हिएँ॥**

प्रतिकूल विधाताको व्यवहार धेरै कठोर छ, जसले आमा कैकेयीलाई बौलाही बनाइदियो (उनको बुद्धि बदलिदियो)। त्यस रात प्रभु श्रीरामचन्द्रले बारम्बार आदरपूर्वक हजुरको सराहना गरिबक्सिन्थ्यो। तुलसीदासजीले भन्नुहुन्छ—[निषादराज भन्दछन् कि—] श्रीरामचन्द्रलाई हजुर समानको अतिशय प्रिय अर्को कुनै छैनन्, मैले शपथ खाएर भन्दछु। परिणाममा मङ्गल हुनेछ, यस्तो जानेर हजुर आफ्नो हृदयमा धैर्य धारण गरिबक्सियोस्।

सो०— **अंतरजामी रामु सकुच सप्रेम कृपायतन।**
**चलिअ करिअ बिश्रामु यह बिचार दृढ़ आनि मन॥ २०१॥**

श्रीरामचन्द्र अन्तर्यामी तथा सङ्कोच, प्रेम र कृपाका धाम होइबक्सिन्छ, यस्तो विचार गरेर तथा मनमा दृढता (धैर्य) लिएर हिँडिबक्सियोस् र विश्राम गरिबक्सियोस्॥ २०१॥

**सखा बचन सुनि उर धरि धीरा। बास चले सुमिरत रघुबीरा॥**
**यह सुधि पाइ नगर नर नारी। चले बिलोकन आरत भारी॥**

सखाका यस्ता वचन सुनेर, हृदयमा धैर्य गरेर श्रीरामचन्द्रको स्मरण गर्दै भरतजी डेरा (शिविर) मा हिँड्नुभयो। नगरका सबै नर-नारी यो (श्रीराम बसेको ठाउँको) समाचार पाएर अति आतुरीका साथ त्यस ठाउँलाई हेर्न हिँडे॥ १॥

**परदखिना करि करहिं प्रनामा। देहिं कैकइहि खोरि निकामा॥**
**भरि भरि बारि बिलोचन लेहीं। बाम बिधातहि दूषन देहीं॥**

उनीहरूले त्यस ठाउँलाई परिक्रमा गरेर प्रणाम गर्दछन् र कैकेयीलाई धेरै नै दोष दिएका छन्। नेत्रमा जल भरेका छन् र प्रतिकूल विधातालाई दोष दिएका छन्॥ २॥

**एक सराहहिं भरत सनेहू। कोउ कह नृपति निबाहेउ नेहू॥**
**निंदहिं आपु सराहि निषादहि। को कहि सकइ बिमोह बिषादहि॥**

कुनैले भरतजीको स्नेहलाई सराहना गरेका छन् र कसैले भन्दछन् कि राजाले आफ्नो प्रेम खुब पालन गर्नुभयो। सबैले आफूलाई निन्दा गरेर निषादको प्रशंसा गरेका छन्। त्यस समयको विमोह (मोहको दुःख) र विषादलाई कसले भन्न सक्तछ?॥ ३॥

**एहि बिधि राति लोगु सबु जागा। भा भिनुसार गुदारा लागा॥**
**गुरहि सुनावँ चढ़ाइ सुहाईं। नईं नाव सब मातु चढ़ाईं॥**

यस प्रकार रातभर सबै जना जागै रहे। उज्यालो हुनेबित्तिकै खेप हालियो। सुन्दर डुङ्गामा गुरुजीलाई चढाएर फेरि नयाँ डुङ्गामा सबै आमाहरूलाई चढाउनुभयो॥ ४॥

**दंड चारि महँ भा सबु पारा। उतरि भरत तब सबहि सँभारा॥**

चार घडीमा सबै गङ्गाजीको पारि तरिसके। अनि भरतजीले उत्रेर सबैलाई सँभाल्नुभयो॥ ५॥

दो०— **प्रातक्रिया करि मातु पद बंदि गुरहि सिरु नाइ।**
**आगें किए निषाद गन दीन्हेउ कटकु चलाइ॥ २०२॥**

प्रातःकालका क्रियाहरू गरेर आमाका चरणहरूको वन्दना गरी गुरुजीलाई शिर निहुराएर भरतजीले निषादगणलाई [बाटो देखाउनको लागि] अघि हिँडाउनुभयो र सेना चलाउनुभयो॥ २०२॥

**कियउ निषादनाथु अगुआईं। मातु पालकीं सकल चलाईं॥**
**साथ बोलाइ भाइ लघु दीन्हा। बिप्रन्ह सहित गवनु गुर कीन्हा॥**

निषादराजलाई अघि गरेर पछि सबै माताजीलाई पालकीमा सवारी गराउनुभयो। कान्छा भाइ शत्रुघ्नलाई बोलाएर उहाँहरूका साथ लगाउनुभयो। फेरि ब्राह्मणहरूसहित गुरुजीले प्रस्थान गर्नुभयो॥ १॥

**आपु सुरसरिहि कीन्ह प्रनामू। सुमिरे लखन सहित सिय रामू॥**
**गवने भरत पयादेहिं पाए। कोतल संग जाहिं डोरिआए॥**

तदनन्तर उहाँ (भरतजी) ले गङ्गाजीलाई प्रणाम गर्नुभयो र लक्ष्मणसहित श्रीसीतारामको स्मरण गर्नुभयो। भरतजी पैदल नै हिँड्नुभएको छ। उहाँका साथ विनासवारीका घोडा लगामबाट बाँधिएर हिँडिरहेका छन्॥ २॥

**कहहिं सुसेवक बारहिं बारा। होइअ नाथ अस्व असवारा॥**
**रामु पयादेहि पायँ सिधाए। हम कहँ रथ गज बाजि बनाए॥**

उत्तम सेवकहरू बारम्बार भन्दछन् कि हे नाथ! हजुर घोडामा सवारी हुनुहोस्। [भरतजी जवाफ दिनुहुन्छ कि] श्रीरामचन्द्र त पैदल नै जानुभयो भने मेरो लागि रथ, हात्ती र घोडा जुटाइएका (बनाएका) छन्॥ ३॥

**सिर भर जाउँ उचित अस मोरा। सब तें सेवक धरमु कठोरा॥**
**देखि भरत गति सुनि मृदु बानी। सब सेवक गन गरहिं गलानी॥**

मलाई उचित त यस्तो लाग्दछ कि म शिर (टाउको) को बल हिँडेर जाऊ। सेवकको धर्म सबैभन्दा कठिन हुन्छ। भरतजीको दशा देखेर र कोमल वाणी सुनेर सबै सेवकगण ग्लानि (लाज) ले गर्दा (असिना घट्दाझैं) दुब्लाएका छन्॥ ४॥

## * भरतजी प्रयाग जानु र भरत-भरद्वाज-संवाद *

**दो०— भरत तीसरे पहर कहँ कीन्ह प्रबेसु प्रयाग।**
**कहत राम सिय राम सिय उमगि उमगि अनुराग॥ २०३॥**

प्रेममा बारम्बार उत्साहित भएर (उर्लेर, उम्लेर) सीताराम-सीताराम भन्दै भरतजीले तेस्रो प्रहर प्रयागमा प्रवेश गर्नुभयो॥ २०३॥

**झलका झलकत पायन्ह कैसें। पंकज कोस ओस कन जैसें॥**
**भरत पयादेहिं आए आजू। भयउ दुखित सुन सकल समाजू॥**

उहाँका चरणको छाला कसरी चम्केका छन्, जसरी कमलका कोपिलामा शीतका थोपा चम्केका हुन्छन्। भरतजी आज नै हिँडेर आउनुभएको छ, यस्तो समाचार सुनेर सारा समाज दु:खी भयो॥ १॥

**खबरि लीन्ह सब लोग नहाए। कीन्ह प्रनामु त्रिबेनिहिं आए॥**
**सबिधि सितासित नीर नहाने। दिए दान महिसुर सनमाने॥**

जब भरतजीले यो पत्ता लगाउनुभयो कि सबै जनाले स्नान गरिसके, अनि त्रिवेणीमा आएर उहाँले प्रणाम गर्नुभयो। फेरि विधिपूर्वक [गङ्गा-यमुनाको] श्वेत र श्याम जलमा स्नान गर्नुभयो र दान दिएर ब्राह्मणहरूलाई सम्मान गर्नुभयो॥ २॥

**देखत स्यामल धवल हलोरे। पुलकि सरीर भरत कर जोरे॥**
**सकल काम प्रद तीरथराऊ। बेद बिदित जग प्रगट प्रभाऊ॥**

श्याम र श्वेत (यमुनाजी र गङ्गाजीको) लहर (छाल) हरू देखेर भरतजीको शरीर रोमाञ्चित भयो र उहाँले हात जोडेर भन्नुभयो—हे तीर्थराज! हजुर समस्त कामनाहरूलाई पूर्ण गर्नेवाला हुनुहुन्छ। हजुरको प्रभाव वेदहरूमा प्रसिद्ध र संसारमा प्रकट छ॥ ३॥

**मागउँ भीख त्यागि निज धरमू। आरत काह न करइ कुकरमू॥**
**अस जियँ जानि सुजान सुदानी। सफल करहिं जग जाचक बानी॥**

मैले आफ्नो धर्म (नमाग्ने क्षत्रिय वा ठकुरी तथा राजधर्म) त्यागेर हजुरसँग भीख माग्दछु। आर्त मनुष्यले कुन कुकर्म गर्दैन? यस्तो हृदयमा जानेर सुजान उत्तम दानीले मगन्तेको वाणीलाई सफल गर्ने गर्दछन् (अर्थात् उसले जे माग्दछ, सो दिन्छन्)॥ ४॥

दो०— **अरथ न धरम न काम रुचि गति न चहउँ निरबान।**
**जनम जनम रति राम पद यह बरदानु न आन॥ २०४॥**

मलाई न अर्थको रुचि (इच्छा) छ, न धर्मको, न काम र न मोक्ष नै चाहन्छु। जन्म-जन्ममा मेरो श्रीरामको चरणमा प्रेम होस्, यही वरदान माग्दछु, अरू केही चाहिँदैन॥ २०४॥

**जानहुँ रामु कुटिल करि मोही। लोग कहउ गुर साहिब द्रोही॥**
**सीता राम चरन रति मोरें। अनुदिन बढ़उ अनुग्रह तोरें॥**

स्वयं श्रीरामचन्द्रले पनि बरु मलाई कुटिल सम्झनुहुनेछ र अन्य व्यक्तिले मलाई गुरुद्रोही तथा स्वामीद्रोही निश्चितरूपमा भन्नेछन् र भने भनुन्; तर सीतारामजीका चरणमा मेरो प्रेम हजुरका कृपाले दिन-दिनै बढ्दै जाओस्॥ १॥

**जलदु जनम भरि सुरति बिसारउ। जाचत जलु पबि पाहन डारउ॥**
**चातकु रटनि घटें घटि जाई। बढ़ें प्रेमु सब भाँति भलाई॥**

मेघले बरु जन्मभर काकाकुलको ध्यानलाई भुलाइदिने छ र जल माग्दा उसले बरु वज्र र असिना नै खसाल्नेछ, तर चातकको रटन (ध्यान) घट्नाले त उसको कुरा नै घट्नेछ (प्रतिष्ठा नै नष्ट हुनेछ)। उसलाई त प्रेम बढ्नाले नै सबै प्रकारले भलाइ छ॥ २॥

**कनकहिं बान चढ़इ जिमि दाहें। तिमि प्रियतम पद नेम निबाहें॥**
**भरत बचन सुनि माझ त्रिबेनी। भइ मृदु बानि सुमंगल देनी॥**

जस्तै तपाउनाले सुनमा चमक (बाना) आउँदछ, त्यसै गरी प्रियतमको चरणमा प्रेमको नियम पालन गर्नाले प्रेमी सेवकको गौरव बढ्दछ। भरतजीका वचन सुनेर बीच त्रिवेणीबाट सुन्दर मङ्गलदायक कोमल वाणी भयो॥ ३॥

**तात भरत तुम्ह सब बिधि साधू। राम चरन अनुराग अगाधू॥**
**बादि गलानि करहु मन माहीं। तुम्ह सम रामहि कोउ प्रिय नाहीं॥**

हे प्रिय भरत! तिमी सबै प्रकारले साधु छौ। श्रीरामचन्द्रका चरणमा तिम्रो अथाह प्रेम छ। तिमीले व्यर्थ नै मनमा ग्लानि गरिरहेका छौ। श्रीरामचन्द्रका तिमीसमान प्रिय कुनै छैनन्॥ ४॥

**दो०— तनु पुलकेउ हियँ हरषु सुनि बेनि बचन अनुकूल।**
**भरत धन्य कहि धन्य सुर हरषित बरषहिं फूल॥ २०५॥**

त्रिवेणीको अनुकूल वचन सुनेर भरतजीको शरीर पुलकित भयो, हृदयमा हर्ष भरियो। भरतजी धन्य हुनुहुन्छ, धन्य हुनुहुन्छ, भनेर देवताले हर्षित हुँदै फूल बर्साउन लागे॥ २०५॥

**प्रमुदित तीरथराज निवासी। बैखानस बटु गृही उदासी॥**
**कहहिं परसपर मिलि दस पाँचा। भरत सनेहु सीलु सुचि साँचा॥**

तीर्थराज प्रयागमा बस्नेवाला वानप्रस्थ, ब्रह्मचारी, गृहस्थी र उदासीन (सन्न्यासी) सबै धेरै नै आनन्दित छन् र पाँच-दश जना मिलेर आपसमा भन्दछन् कि भरतजीको प्रेम र शील पवित्र र सच्चा छ॥ १॥

**सुनत राम गुन ग्राम सुहाए। भरद्वाज मुनिबर पहिं आए॥**
**दंड प्रनामु करत मुनि देखे। मूरतिमंत भाग्य निज लेखे॥**

श्रीरामचन्द्रका सुन्दर गुणसमूहलाई सुन्दै उहाँ मुनिश्रेष्ठ भरद्वाजजीसँग आउनुभयो। मुनिले भरतजीलाई दण्डवत्-प्रणाम गर्दा देख्नुभयो र उहाँलाई आफ्नो मूर्तिमान् सौभाग्य सम्झनुभयो॥ २॥

**धाइ उठाइ लाई उर लीन्हे। दीन्हि असीस कृतारथ कीन्हे॥**
**आसनु दीन्ह नाइ सिरु बैठे। चहत सकुच गृहँ जनु भजि पैठे॥**

उहाँले दौडेर भरतजीलाई उठाएर हृदयमा लगाउनुभयो र आशीर्वाद दिएर कृतार्थ गर्नुभयो। मुनिले उहाँलाई आसन दिनुभयो। उहाँ शिर निहुराएर यस प्रकारले बस्नुभयो मानौं भागेर सङ्कोचरूपी घरमा पस्न (लुक्न) चाहनुभएको छ॥ ३॥

**मुनि पूँछब कछु यह बड़ सोचू। बोले रिषि लखि सीलु सँकोचू॥**
**सुनहु भरत हम सब सुधि पाई। बिधि करतब पर किछु न बसाई॥**

उहाँको मनमा यस्तो ठूलो सोच (चिन्ता) छ कि मुनिले केही सोध्नुहुन्छ [त्यस समयमा मैले के उत्तर दिने]। भरतजीको शील र सङ्कोचलाई देखेर ऋषिले भन्नुभयो— भरत! सुन्नुहोस्, मैले सबै खबर पाइसकेको छु। विधाताको कर्तव्यमा कसैको केही लाग्दैन॥ ४॥

**दो०— तुम्ह गलानि जियँ जनि करहु समुझि मातु करतूति।**
**तात कैकइहि दोसु नहिं गई गिरा मति धूति॥ २०६॥**

आमाको कर्तुतलाई सम्झेर हजुरले हृदयमा ग्लानि नगर्नुहोस्। हे तात! कैकेयीको कुनै दोष छैन, उनको बुद्धिलाई त सरस्वतीले बिगारेर गएकी थिइन्॥ २०६॥

**यहउ कहत भल कहिहि न कोऊ। लोकु बेदु बुध संमत दोऊ॥**
**तात तुम्हार बिमल जसु गाई। पाइहि लोकउ बेदु बड़ाई॥**

यस्तो भन्दा पनि कसैले ठीक हो भनेर राम्रो मान्ने छैनन्, किनकि लोक र वेद दुवै नै विद्वानहरूलाई मान्य छ। किन्तु हे तात! हजुरको निर्मल यश गाएर त लोक र वेद दुवैले प्रशंसा पाउँनेछन्॥ १॥

**लोक बेद संमत सबु कहई। जेहि पितु देइ राजु सो लहई॥**
**राउ सत्यब्रत तुम्हहि बोलाई। देत राजु सुखु धरमु बड़ाई॥**

यो लोक र वेद दुवैमा मान्य छ र सबैले यही भन्दछन् कि पिताले जसलाई राज्य दिन्छन् उसैले पाउँदछ। राजा सत्यव्रती हुनुहुन्थ्यो; हजुरलाई बोलाएर राज्य दिनुहुन्थ्यो भने सुख मिल्थ्यो, धर्म रहन्थ्यो र प्रशंसा हुन्थ्यो॥ २॥

**राम गवनु बन अनरथ मूला। जो सुनि सकल बिस्व भइ सूला॥**
**सो भावी बस रानि अयानी। करि कुचालि अंतहुँ पछितानी॥**

सबै अनर्थको जड त श्रीरामचन्द्रको वनगमन हो, जसलाई सुनेर समस्त संसारलाई पीडा भएको छ। उही श्रीरामको वनगमन पनि भावीवश भयो। बेसमझ रानी त भावीवश कुचाल गरेर अन्त्यमा पछुताइन्॥ ३॥

**तहँउँ तुम्हार अलप अपराधू। कहै सो अधम अयान असाधू॥**
**करतेहु राजु त तुम्हहि न दोषू। रामहि होत सुनत संतोषू॥**

त्यसमा पनि हजुरको कसैले अलिकति (थोरै) मात्र पनि अपराध भन्दछ भने त्यो अधम, अज्ञानी र असाधु हो। यदि हजुरले राज्य गर्नुहुन्थ्यो भने पनि हजुरलाई दोष हुँदैनथ्यो। सुनेर श्रीरामचन्द्रलाई पनि सन्तोष नै हुन्थ्यो॥ ४॥

दो०— **अब अति कीन्हेहु भरत भल तुम्हहि उचित मत एहु।**
**सकल सुमंगल मूल जग रघुबर चरन सनेहु॥ २०७॥**

हे भरत! अब त हजुरले धेरै नै राम्रो गर्नुभयो; यही मत (निर्णय) हजुरको लागि उचित थियो। श्रीरामचन्द्रको चरणमा प्रेम हुनु नै संसारमा समस्त सुन्दर मङ्गलहरूको मूल हो ॥ २०७॥

**सो तुम्हार धनु जीवनु प्राना। भूरिभाग को तुम्हहि समाना॥**
**यह तुम्हार आचरजु न ताता। दसरथ सुअन राम प्रिय भ्राता॥**

सो (श्रीरामचन्द्रको चरणको प्रेम) त हजुरको धन, जीवन र प्राण नै हो; हजुरसमान महान् भाग्यमानी को छ? हे तात! हजुरको लागि यो आश्चर्यको कुरा छैन। किनकि हजुर दशरथजीका पुत्र र श्रीरामचन्द्रका प्यारा भाइ हुनुहुन्छ॥ १॥

**सुनहु भरत रघुबर मन माहीं। पेम पात्रु तुम्ह सम कोउ नाहीं॥**
**लखन राम सीतहि अति प्रीती। निसि सब तुम्हहि सराहत बीती॥**

हे भरत! सुन्नुहोस्, श्रीरामचन्द्रको मनमा हजुरसमानको प्रेमपात्र अरू कोही छैनन्। लक्ष्मणजी, श्रीराम र सीताजी तीनै जनाको त्यो रात अत्यन्त प्रेमका साथ हजुरको सराहना गर्दै बितेको थियो॥ २॥

**जाना मरमु नहात प्रयागा। मगन होहिं तुम्हरें अनुरागा॥**
**तुम्ह पर अस सनेहु रघुबर कें। सुख जीवन जग जस जड़ नर कें॥**

प्रयागराजमा जब उहाँले स्नान गर्नुभएको थियो, त्यस समय मैले उहाँको मर्म जानें। उहाँ हजुरको प्रेममा मग्न रहनुभएको थियो। हजुरप्रति श्रीरामचन्द्रको यस्तो (अगाध) स्नेह छ, जस्तो मूर्ख (विषयासक्त) मनुष्यलाई संसारको सुखमय जीवनमा हुन्छ॥ ३॥

**यह न अधिक रघुबीर बड़ाई। प्रनत कुटुंब पाल रघुराई॥**
**तुम्ह तौ भरत मोर मत एहू। धरें देह जनु राम सनेहू॥**

यो श्रीरघुनाथको धेरै (अतिशयोक्ति) प्रशंसा गरेको होइन। किनकि श्रीरघुनाथ त शरणागतका कुटुम्बहरू (शरणागतका बालबच्चा वा परिवारसमेत) लाई भरणपोषण गर्ने गर्नुहुन्छ। हे भरत! मेरो यो मत छ कि हजुर त मानौं शरीरधारी श्रीरामका प्रेम नै हुनुहुन्छ॥ ४॥

दो०— **तुम्ह कहँ भरत कलंक यह हम सब कहँ उपदेसु।**
**राम भगति रस सिद्धि हित भा यह समउ गनेसु॥ २०८॥**

हे भरत! हजुरको लागि (हजुरको विचारमा) यो कलङ्क हो, तर हामी सबैको लागि त उपदेश हो। श्रीरामभक्तिरूपी रसको सिद्धिको लागि यो समय गणेश (धेरै शुभ) भएका छन्॥ २०८॥

**नव बिधु बिमल तात जसु तोरा। रघुबर किंकर कुमुद चकोरा॥**
**उदित सदा अँथइहि कबहूँ ना। घटिहि न जग नभ दिन दिन दूना॥**

हे तात! हजुरको यश निर्मल नयाँ चन्द्रमा हो र श्रीरामचन्द्रको दास कमल र चकोर [च्याखुरा] हो [त्यो चन्द्रमा त प्रतिदिन अस्ताउँछ र घट्दछ, जसले कमल र चकोरलाई दुःख हुन्छ]; परन्तु यो हजुरको यशरूपी चन्द्रमा सधैं उदय हुनेछ; कहिल्यै अस्ताउनेछैन। जगत् (संसार) रूपी आकाशमा यो घट्ने नै छैन, झन् प्रतिदिन दोबर हुनेछ॥ १॥

**कोक तिलोक प्रीति अति करिही। प्रभु प्रताप रबि छबिहि न हरिही॥**
**निसि दिन सुखद सदा सब काहू। ग्रसिहि न कैकइ करतबु राहू॥**

त्रैलोक्यरूपी चखेवा (चक्रवाक) ले यो यशरूपी चन्द्रमामा अत्यन्त प्रेम गर्नेछ र प्रभु श्रीरामचन्द्रको प्रतापरूपी सूर्यले यसको छविलाई हरण गर्नेछैन। यो चन्द्रमा रात-दिन सधैं सबै जनालाई सुखदायक हुनेछ। कैकेयीको कुकर्मरूपी राहुले यसलाई निल्न सक्नेछैन॥ २॥

**पूरन राम सुपेम पियूषा। गुर अवमान दोष नहिं दूषा॥**
**रामभगत अब अमिअँ अघाहूँ। कीन्हेहु सुलभ सुधा बसुधाहूँ॥**

यो चन्द्रमा श्रीरामचन्द्रको सुन्दर प्रेमरूपी अमृतले पूर्ण छ। यो गुरुको अपमानरूपी दोषले दूषित छैन। हजुरले यस यशरूपी चन्द्रमालाई सृष्टि गरेर पृथ्वीमा पनि अमृतलाई सुलभ बनाउनुभयो। अब श्रीरामका भक्त यस अमृतले तृप्त हुनेछन्॥ ३॥

**भूप भगीरथ सुरसरि आनी। सुमिरत सकल सुमंगल खानी॥**
**दसरथ गुन गन बरनि न जाहीं। अधिकु कहा जेहि सम जग नाहीं॥**

राजा भागीरथले गङ्गाजीलाई ल्याए, जुन (गङ्गाजी) को स्मरण नै सम्पूर्ण सुन्दर मङ्गलहरूको खानी हो। दशरथजीको गुणसमूहलाई त वर्णन गर्न नै सकिंदैन; अधिक के, जसको बराबरमा जगत्मा कोही छैनन्॥ ४॥

**दो०— जासु सनेह सकोच बस राम प्रगट भए आइ।**
**जे हर हिय नयननि कबहुँ निरखे नहीं अघाइ॥ २०९॥**

जसको प्रेम र सङ्कोच (शील) को अधीनमा भएर स्वयं [सच्चिदानन्दघन] भगवान् श्रीराम प्रकट हुनुभयो, जसलाई महादेवजी आफ्नो हृदयका नेत्रले कहिल्यै अघाएर देख्न पाउनुहुन्न (अर्थात् जसको स्वरूप हृदयमा हेर्दा-हेर्दै शिवजी कहिल्यै तृप्त हुनुहुन्न)॥ २०९॥

**कीरति बिधु तुम्ह कीन्ह अनूपा। जहँ बस राम पेम मृगरूपा॥**
**तात गलानि करहु जियँ जाएँ। डरहु दरिद्रहि पारसु पाएँ॥**

[परन्तु उहाँभन्दा पनि बढी] हजुरले कीर्तिरूपी अनुपम चन्द्रमालाई उत्पन्न गर्नुभयो, जसमा रामप्रेमरूपी मृग [चिह्न] को रूपमा बस्दछ। हे तात! हजुरले व्यर्थ नै ग्लानि गरिरहनुभएको छ। पारस पाएर पनि हजुर दरिद्रतासँग डराउनुभएको छ॥ १॥

**सुनहु भरत हम झूठ न कहहीं। उदासीन तापस बन रहहीं॥**
**सब साधन कर सुफल सुहावा। लखन राम सिय दरसनु पावा॥**

हे भरत! सुन्नुहोस्, मैले झूटो बोल्दिन। म उदासीन हुँ (कसैको पक्ष लिन्न), तपस्वी हुँ (कसैको मुख हेरेर भन्दिन) र वनमा रहन्छु (कसैसँग केही प्रयोजन राख्दिन)। सबै साधनको उत्तम फल मलाई लक्ष्मणजी, श्रीराम र सीताजीको दर्शन प्राप्त भयो॥ २॥

**तेहि फल कर फलु दरस तुम्हारा। सहित पयाग सुभाग हमारा॥**
**भरत धन्य तुम्ह जसु जगु जयऊ। कहि अस पेम मगन मुनि भयऊ॥**

[सीता-लक्ष्मणसहित श्रीरामदर्शनरूप] त्यस महान् फलको परम फल यो हजुरको दर्शन हो! प्रयागराजसमेत मेरो ठूलो भाग्य रहेछ। हे भरत! हजुर धन्य हुनुहुन्छ, हजुरले आफ्नो यशले जगत्लाई जित्नुभयो। यस्तो भनेर मुनि भरतजीको रामप्रतिको प्रेममा मगन हुनुभयो॥ ३॥

**सुनि मुनि बचन सभासद हरषे। साधु सराहि सुमन सुर बरषे॥**
**धन्य धन्य धुनि गगन पयागा। सुनि सुनि भरतु मगन अनुरागा॥**

भरद्वाज मुनिका वचन सुनेर सभासद् हर्षित भए। 'साधु-साधु' भनेर सराहना गर्दै देवताहरूले फूल बर्साए। आकाशमा र प्रयागराजमा 'धन्य, धन्य' को ध्वनि सुनेर भरतजी प्रेममा मग्न हुनुभयो॥ ४॥

**दो०— पुलक गात हियँ रामु सिय सजल सरोरुह नैन।**
**करि प्रनामु मुनि मंडलहि बोले गदगद बैन॥ २१०॥**

भरतजीको शरीर रोमाञ्चित भएको छ, हृदयमा श्रीसीतारामजी हुनुहुन्छ र कमलका समान नेत्र [प्रेमाश्रुका] जलले भरिएका छन्। उहाँले मुनि-मण्डलीलाई प्रणाम गरेर गद्गद वचन भन्नुभयो— ॥ २१०॥

**मुनि समाजु अरु तीरथराजू। साँचिहुँ सपथ अघाइ अकाजू॥**
**एहिं थल जौं किछु कहिअ बनाई। एहि सम अधिक न अघ अधमाई॥**

मुनिहरूको समाज छ र फेरि तीर्थराज प्रयाग (यस्तो पवित्र स्थल) छ। यहाँ सत्य शपथ (किरिया) खानाले पनि पर्याप्त मात्रामा हानि (अनर्थ) हुन्छ। यस स्थानमा यदि केही बनाएर भनियो भने त यसको समान कुनै ठूलो पाप र नीचता हुनेछैन॥ १॥

**तुम्ह सर्बग्य कहउँ सतिभाऊ। उर अंतरजामी रघुराऊ॥**
**मोहि न मातु करतब कर सोचू। नहिं दुखु जियँ जगु जानिहि पोचू॥**

मैले सच्चा भावद्वारा भन्दछु। हजुर सर्वज्ञ होइबक्सिन्छ र श्रीरघुनाथ हृदयको भित्रको जान्नेवाला होइबक्सिन्छ (मैले केही पनि असत्य भनेमा हजुरसँग र उहाँ (श्रीराम) सँग लुक्न सक्दैन)। मलाई आमा कैकेयीको व्यवहारको केही पनि चिन्ता छैन र न मेरो मनमा यस कुराको दुःख छ कि जगत्‌ले मलाई नीच सम्झनेछ॥ २॥

**नाहिन डरु बिगरिहि परलोकू। पितहु मरन कर मोहि न सोकू॥**
**सुकृत सुजस भरि भुअन सुहाए। लछिमन राम सरिस सुत पाए॥**

न यही डर छ कि मेरो परलोक बिग्रनेछ र न पिताजीको स्वर्गारोहण भएकोमा नै मलाई चिन्ता छ। किनकि उहाँको सुन्दर पुण्य र सुयश विश्वभरमा सुशोभित छ। उहाँले श्रीराम-लक्ष्मणसमानका पुत्र पाउनुभएको छ॥ ३॥

**राम बिरहँ तजि तनु छनभंगू। भूप सोच कर कवन प्रसंगू॥**
**राम लखन सिय बिनु पग पनहीं। करि मुनि बेष फिरहिं बन बनहीं॥**

फेरि जसले श्रीरामचन्द्रको विरहमा आफ्नो क्षणभङ्गुर शरीरलाई त्याग गर्नुभयो, यस्ता राजाको लागि चिन्ता किन गर्नुपर्‍यो र? [चिन्ता यस कुराको छ कि] श्रीराम, लक्ष्मण र सीताजी गोडामा विनाजुत्ता मुनिहरूको वेष बनाएर वन-वनमा घुम्नुहुन्छ॥ ४॥

दो०— **अजिन बसन फल असन महि सयन डासि कुस पात।**
**बसि तरु तर नित सहत हिम आतप बरषा बात॥ २११॥**

उहाँहरूले वल्कल वस्त्र लगाउनुहुन्छ, फलहरूको भोजन गर्नुहुन्छ, पृथ्वीमा कुश र पात बिछ्याएर सुत्नुहुन्छ र वृक्षमुनि निवास गरेर नित्य जाडो, गर्मी, वर्षा र हावा सहनुहुन्छ॥ २११॥

**एहि दुख दाहँ दहइ दिन छाती। भूख न बासर नीद न राती॥**
**एहि कुरोग कर औषधु नाहीं। सोधेउँ सकल बिस्व मन माहीं॥**

यसै दुःखको ज्वालाले निरन्तर मेरो छाती पोलिरहन्छ। मलाई न दिनमा भोक छ, न रातमा निद्रा। मैले मन-मनै समस्त विश्वमा खोजिसकें, तर यस कुरोगको ओखती कहीं छैन॥ १॥

**मातु कुमत बढ़ई अघ मूला। तेहिं हमार हित कीन्ह बँसूला॥**
**कलि कुकाठ कर कीन्ह कुजंत्रू। गाड़ि अवधि पढ़ि कठिन कुमंत्रू॥**

आमाको खराब विचार पापहरूको मूल सिकर्मी हो। उनले मेरो हितलाई बसिला बनाइन्। यसबाट कलहरूपी कुकाठ (बबुल आदि) को कुयन्त्र बनाइयो र चौध वर्षको अवधिरूपी कठिन

कुमन्त्र पढेर त्यस यन्त्रलाई गाडिदिइन्। [यहाँ माताको कुविचार सिकर्मी हो, भरतको राज्य बसिला (थेबे) हो, रामको वनवास कुयन्त्र हो र चौध वर्षको अवधि कुमन्त्र हो]॥ २॥

**मोहि लगि यहु कुठाटु तेहिं ठाटा। घालेसि सब जगु बारहबाटा॥**
**मिटइ कुजोगु राम फिरि आएँ। बसइ अवध नहिं आन उपाएँ॥**

मेरो लागि उनले यस्तो सारा कुठाट (खराब सजावट) रचिन् र सारा जगत्लाई छिन्न-भिन्न गराएर नष्ट गरेर छोडिन्। यो कुयोग श्रीरामचन्द्र फर्केर आएपछि नै मेटिन सक्तछ र त्यसपछि अयोध्या टिक्न (बस्न) सक्तछ, अर्को कुनै उपायले हुँदैन॥ ३॥

**भरत बचन सुनि मुनि सुखु पाई। सबहिं कीन्हि बहु भाँति बड़ाई॥**
**तात करहु जनि सोचु बिसेषी। सब दुखु मिटिहि राम पग देखी॥**

भरतजीका वचन सुनेर मुनिले सुख पाउनुभयो र सबैले उहाँको धेरै प्रकारले प्रशंसा गरे। [मुनिले भन्नुभयो— ] हे तात! अधिक शोच नगर्नुहोस्। श्रीरामचन्द्रका चरणको दर्शन गरेपछि सबै दु:ख मेटिनेछन्॥ ४॥

### ✻ भरद्वाजद्वारा भरतजीको सत्कार ✻

दो०— **करि प्रबोधु मुनिबर कहेउ अतिथि पेमप्रिय होहु।**
**कंद मूल फल फूल हम देहिं लेहु करि छोहु॥ २१२॥**

यस प्रकार मुनिश्रेष्ठ भरद्वाजजीले उहाँको (भरतजीको) समाधान गरेर भन्नुभयो— अब हजुरहरू हाम्रो प्रेमप्रिय अतिथि बन्नुहोस् र कृपा गरेर कन्द-मूल, फल-फूल जे-जस्तो हामी दिन्छौं, स्वीकार गर्नुहोस्॥ २१२॥

**सुनि मुनि बचन भरत हियँ सोचू। भयउ कुअवसर कठिन सँकोचू॥**
**जानि गरुइ गुर गिरा बहोरी। चरन बंदि बोले कर जोरी॥**

मुनिका वचन सुनेर भरतजीको हृदयमा चिन्ता भयो कि यस्तो कुसमयमा अति ठूलो सङ्कोच आइलाग्यो। फेरि गुरुजीका वाणीलाई महत्त्वपूर्ण (आदरणीय) ठानेर, चरणहरूको वन्दना गरेर हात जोड्दै भन्नुभयो॥ १॥

**सिर धरि आयसु करिअ तुम्हारा। परम धरम यहु नाथ हमारा॥**
**भरत बचन मुनिबर मन भाए। सुचि सेवक सिष निकट बोलाए॥**

हे नाथ! हजुरको आज्ञालाई शिरोधार्य गरी उसको पालन गर्नु नै मेरो परम धर्म हो। भरतजीका यी वचन मुनिश्रेष्ठका मनमा राम्रो लाग्यो। उहाँले विश्वासपात्र सेवक र शिष्यहरूलाई नजिकै बोलाउनुभयो॥ २॥

**चाहिअ कीन्हि भरत पहुनाई। कंद मूल फल आनहु जाई॥**
**भलेहिं नाथ कहि तिन्ह सिर नाए। प्रमुदित निज निज काज सिधाए॥**

[र भन्नुभयो कि] भरतजीको आतिथ्य सत्कार गर्नुपर्छ। अत: गएर कन्द, मूल र फल लिएर

आओ। उनीहरूले 'हे नाथ! धेरै राम्रो' भनेर शिर निहुराए, अनि धेरै आनन्दित भएर आ-आफ्नो काममा हिँडिहाले॥ ३॥

**मुनिहि सोच पाहुन बड़ नेवता। तसि पूजा चाहिअ जस देवता॥**
**सुनि रिधि सिधि अनिमादिक आईं। आयसु होइ सो करहिं गोसाईं॥**

मुनिलाई चिन्ता भयो कि हामीले धेरै ठूला अतिथिलाई निमन्त्रणा गर्‍यौं। अब जस्ता देवता छन्, त्यस्तै पूजा पनि हुनुपर्दछ। यस्तो सुनेर ऋद्धि र अणिमादि सिद्धिहरू आए [र अनि भने— ] हे भगवान् (गोसाईं)! जे हजुरको आज्ञा हुन्छ सो हामी गर्दछौं॥ ४॥

**दो०— राम बिरह ब्याकुल भरतु सानुज सहित समाज।**
**पहुनाई करि हरहु श्रम कहा मुदित मुनिराज॥ २१३॥**

मुनिराजले प्रसन्न भएर भन्नुभयो— कान्छा भाइ शत्रुघ्न र समाजसहित भरतजी श्रीरामचन्द्रको विरहमा व्याकुल छन्, यिनीहरूको आतिथ्य-सत्कार गरेर उहाँहरूको श्रमलाई हटाओ॥ २१३॥

**रिधि सिधि सिर धरि मुनिबर बानी। बड़भागिनि आपुहि अनुमानी॥**
**कहहिं परसपर सिधि समुदाई। अतुलित अतिथि राम लघु भाई॥**

ऋद्धि-सिद्धिले मुनिराजको आज्ञा शिरमा चढाएर आफूलाई ठूला भाग्यमानी सम्झे। सबै सिद्धिहरूले आपसमा भन्न लागे— श्रीरामचन्द्रजीका भाइ भरत यस्ता अतिथि हुनुहुन्छ, जसको तुलनामा कुनै आउनै सक्तैनन्॥ १॥

**मुनि पद बंदि करिअ सोइ आजू। होइ सुखी सब राज समाजू॥**
**अस कहि रचेउ रुचिर गृह नाना। जेहि बिलोकि बिलखाहिं बिमाना॥**

अतः मुनिका चरणको वन्दना गरेर आज उही गर्नुपर्छ, जसले सारा राजसमाज सुखी होस्। यस्तो भनेर उनीहरूले धेरै नै सुन्दर घर बनाए, त्यसलाई देखेर विमान पनि लज्जित हुन्छन्॥ २॥

**भोग बिभूति भूरि भरि राखे। देखत जिन्हहि अमर अभिलाषे॥**
**दासीं दास साजु सब लीन्हें। जोगवत रहहिं मनहि मनु दीन्हें॥**

ती घरहरूमा धेरै नै भोग (इन्द्रियहरूका विषय) र ऐश्वर्यका सामान भरेर राखिदिए, जसलाई देखेर देवता पनि लोभिए। दास-दासी सबै प्रकारका सामग्री लिएर मन लगाएर उनीहरूका मनलाई हेर्दै रहे (अर्थात् उनको मनको रुचिअनुसार सेवा गरे)॥ ३॥

**सब समाजु सजि सिधि पल माहीं। जे सुख सुरपुर सपनेहुँ नाहीं॥**
**प्रथमहिं बास दिए सब केही। सुंदर सुखद जथा रुचि जेही॥**

जुन सुखका सामग्री स्वर्गमा र सपनामा पनि छैन, यस्ता सबै सामान सिद्धिहरूले पलभरमा सजाए। पहिला त उनीहरूले सबै जनालाई, जसको जस्तो रुचि थियो उस्तै नै, सुन्दर सुखदायक निवासस्थान दिए॥ ४॥

दो०— **बहुरि सपरिजन भरत कहुँ रिषि अस आयसु दीन्ह।**
**बिधि बिसमय दायकु बिभव मुनिबर तपबल कीन्ह॥ २१४॥**

र फेरि कुटुम्बसहित भरतजीलाई दिए, किनकि ऋषि भरद्वाजजीले यस्तो नै आज्ञा दिनुभएको थियो। [भरतजी चाहनुहुन्थ्यो कि उहाँका सबै मित्रहरूलाई आराम मिलोस्, यसैले उहाँको मनको कुरा जानेर मुनिले पहिला नै उनीहरूलाई स्थान दिएर पछि सपरिवार भरतजीलाई स्थान दिनको लागि आज्ञा दिनुभएको थियो।] मुनि-श्रेष्ठले तपोबलले ब्रह्मालाई पनि चकित गर्ने वैभव रच्नुभयो॥ २१४॥

**मुनि प्रभाउ जब भरत बिलोका। सब लघु लगे लोकपति लोका॥**
**सुख समाजु नहिं जाइ बखानी। देखत बिरति बिसारहिं ग्यानी॥**

जब भरतजीले मुनिको प्रभावलाई देख्नुभयो, अनि उहाँका सम्मुख [इन्द्र, वरुण, यम, कुबेर आदि] सबै लोकपालहरूका लोक तुच्छ लाग्यो। सुखका सामग्रीको वर्णन हुन नै सक्तैन, जसलाई देखेर ज्ञानीहरू पनि वैराग्य भुल्दछन्॥ १॥

**आसन सयन सुबसन बिताना। बन बाटिका बिहग मृग नाना॥**
**सुरभि फूल फल अमिअ समाना। बिमल जलासय बिबिध बिधाना॥**

बिछ्यौना, पलङ; सुन्दर वस्त्र, चदुवाँ, वन, बगैंचा, थरीथरीका, पक्षी र पशु, सुगन्धित फूल र अमृतका समान स्वादिष्ट फल, अनेकौं प्रकारका (तलाउ, इनार आदि) निर्मल जलाशय,॥ २॥

**असन पान सुचि अमिअ अमी से। देखि लोग सकुचात जमी से॥**
**सुर सुरभी सुरतरु सबही कें। लखि अभिलाषु सुरेस सची कें॥**

तथा अमृतलाई पनि अमृतजस्ता पवित्र खान-पानका पदार्थ थिए, जसलाई देखेर सबै जना संयमी पुरुष (विरक्त मुनि) का झैं सङ्कोचमा परेका छन्। सबैको डेरामा [मनोवाञ्छित वस्तु दिने] कामधेनु र कल्पवृक्ष छन्, जसलाई देखेर इन्द्र र इन्द्राणीको पनि अभिलाषा हुन्छ (उनीहरू पनि लोभिन्छन्)॥ ३॥

**रितु बसंत बह त्रिबिध बयारी। सब कहँ सुलभ पदारथ चारी॥**
**स्त्रक चंदन बनितादिक भोगा। देखि हरष बिसमय बस लोगा॥**

वसन्त ऋतु छ। शीतल, मन्द र सुगन्ध तीनै प्रकारको हावा चलेको छ। सबैलाई [धर्म, अर्थ, काम र मोक्ष] चारै पदार्थ सुलभ छन्। माला, चन्दन, स्त्री आदि भोगहरू देखेर सबै जना हर्ष र विषादको वशमा परेका छन्। [हर्ष त भोग-सामग्रीहरू र मुनिको तपको प्रभावलाई देखेर हुन्छ र विषाद यस कुरामा हुन्छ कि श्रीरामको वियोगमा नियम-व्रतसँग बस्ने हामीहरू भोग-विलासमा आएर किन अल्झियौं, कहीं यसमा आसक्त भएर हाम्रो मनले नियम-व्रतलाई नत्यागोस्]॥ ४॥

दो०— **संपति चकई भरतु चक मुनि आयस खेलवार।**
**तेहि निसि आश्रम पिंजराँ राखे भा भिनुसार॥ २१५॥**

सम्पत्ति (भोग-विलासका सामग्री) चखेवी हो र मुनिको आज्ञा खेल हो, जसले त्यस रातमा आश्रमरूपी पिँजडामा दुवैलाई बन्द गरेर राखेको थियो र यस्तै नै उज्यालो भयो। [जस्तै कुनै सिकारीद्वारा एक पिंजडामा राख्दा पनि चखेवी र चखेवाको रातमा संयोग हुँदैन, त्यसरी नै भरद्वाजजीको आज्ञाले रातभर भोग-सामग्रीहरूको साथ रहँदा पनि भरतजीले मनद्वारा पनि उसको स्पर्शसम्म गर्नुभएन।]॥ २१५॥

### मासपारायण, उन्नाइसौं विश्राम

**कीन्ह निमज्जनु तीरथराजा। नाइ मुनिहि सिरु सहित समाजा॥**
**रिषि आयसु असीस सिर राखी। करि दंडवत बिनय बहु भाषी॥**

[प्रातःकाल] भरतजीले तीर्थराजमा स्नान गर्नुभयो र समाजसहित मुनिलाई शिर निहुराउँदै र ऋषिको आज्ञा तथा आशीर्वादलाई शिरमा चढाएर दण्डवत् गरी धेरै बिन्ती गर्नुभयो॥ १॥

**पथ गति कुसल साथ सब लीन्हें। चले चित्रकूटहिं चितु दीन्हें॥**
**रामसखा कर दीन्हें लागू। चलत देह धरि जनु अनुरागू॥**

तदनन्तर बाटाको ज्ञान भएका मानिसहरू (कुशल पथप्रदर्शक) लाई साथैमा लिएर भरतजी चित्रकूटमा चित्त लगाउँदै हिँड्नुभयो। भरतजी रामसखा गुहको हातमा हात समात्दै यसरी जानुभएको छ, मानौं साक्षात् प्रेमले नै शरीर धारण गरेको छ॥ २॥

**नहिं पद त्रान सीस नहिं छाया। पेमु नेमु ब्रतु धरमु अमाया॥**
**लखन राम सिय पंथ कहानी। पूँछत सखहि कहत मृदु बानी॥**

न उहाँका चरणमा जुत्ता छन् र न शिरमा छाया (छाता) छ। उहाँको प्रेम, नियम, व्रत र धर्म निष्कपट (सच्चा) छ। उहाँले सखा निषादराजसँग लक्ष्मणजी, श्रीरामचन्द्र र सीताजीको बाटो हिँड्दाको कुरा सोध्नुहुन्छ र उनले कोमल वाणीले भन्दछन्॥ ३॥

**राम बास थल बिटप बिलोकें। उर अनुराग रहत नहिं रोकें॥**
**देखि दसा सुर बरिसहिं फूला। भइ मृदु महि मग मंगल मूला॥**

श्रीरामचन्द्र बास बसेको ठाउँ र वृक्षलाई देखेर उहाँको हृदयमा प्रेम रोक्न नै सकिंदैन। भरतजीको यस्तो दशा देखेर देवताले फूल बर्साउन लागे। पृथ्वी कोमल भइन् र मार्ग मङ्गलको मूल बन्यो॥ ४॥

दो०— **किएँ जाहिं छाया जलद सुखद बहइ बर बात।**
**तस मगु भयउ न राम कहँ जस भा भरतहि जात॥ २१६॥**

बादलले छाया दिइरहेको छ, सुखदायक सुन्दर हावा चलेको छ। भरतजी जाने बेला मार्ग जस्तो सुखदायक भयो, त्यस्तो श्रीरामचन्द्रलाई पनि भएको थिएन॥ २१६॥

**जड़ चेतन मग जीव घनेरे। जे चितए प्रभु जिन्ह प्रभु हेरे॥**
**ते सब भए परम पद जोगू। भरत दरस मेटा भव रोगू॥**

बाटोमा अनगिन्ती जड-चेतन जीव थिए। उनीहरूमध्ये जसलाई प्रभु श्रीरामचन्द्रले देख्नुभयो, अथवा जसले प्रभु श्रीरामचन्द्रलाई देखे, ती सबै [त्यस समय] परमपदका अधिकारी भइहाले। परन्तु अब भरतजीको दर्शनले त उनको भव (जन्ममरण) रूपी रोग मेटाउनुभयो। [श्रीरामदर्शनले त उनीहरू परमपदका अधिकारी भएका थिए, परन्तु भरतदर्शनले उनीहरूलाई परमपद प्राप्त भयो]॥ १॥

**यह बड़ि बात भरत कइ नाहीं। सुमिरत जिनहि रामु मन माहीं॥**
**बारक राम कहत जग जेऊ। होत तरन तारन नर तेऊ॥**

भरतजीको लागि यो कुनै ठूलो कुरा होइन, जसलाई श्रीराम स्वयं आफ्नो मनमा स्मरण गर्नुहुन्छ। जगत्मा जुन मनुष्यले पनि एक पटक 'राम' भन्दछ, ऊ पनि तर्ने तार्नेवाला भइहाल्दछ!॥ २॥

**भरतु राम प्रिय पुनि लघु भ्राता। कस न होइ मगु मंगलदाता॥**
**सिद्ध साधु मुनिबर अस कहहीं। भरतहि निरखि हरषु हियँ लहहीं॥**

फेरि भरतजी त श्रीरामचन्द्रका प्यारा तथा उहाँका भाइ हुनुभयो। यस्तो हुनाले उहाँको लागि मार्ग मङ्गल (सुख) दायक किन नहुने? सिद्ध, साधु र श्रेष्ठ मुनिले यस्तो भनिरहेका छन् र भरतजीलाई देखेर हृदयमा हर्ष-लाभ गरेका छन्॥ ३॥

## * इन्द्र-बृहस्पति-संवाद *

**देखि प्रभाउ सुरेसहि सोचू। जगु भल भलेहि पोच कहुँ पोचू॥**
**गुर सन कहेउ करिअ प्रभु सोई। रामहि भरतहि भेट न होई॥**

भरतजीको [यस प्रेमको] प्रभावलाई देखेर देवराज इन्द्रलाई चिन्ता भयो [कि कहीं यिनको प्रेमवश श्रीराम फर्केर त आउनुहुन्न र हाम्रो बनिसकेको काम बिग्रने त होइन]। संसार असलको लागि असल र खराबको लागि खराब छ (मनुष्य आफू जस्तो छ जगत्लाई उसले उस्तै देख्दछ)। उनले गुरु बृहस्पतिसँग भने—हे प्रभु! त्यही उपाय गर्नुहोस्, जसले श्रीरामचन्द्र र भरतजीको भेट नै नहोस्॥ ४॥

दो०— **रामु सँकोची प्रेम बस भरत सपेम पयोधि।**
**बनी बात बेगरन चहति करिअ जतनु छलु सोधि॥ २१७॥**

श्रीरामचन्द्र सङ्कोची र प्रेमको अधीनमा हुनुहुन्छ र भरतजी प्रेमका समुद्र हुनुहुन्छ। बनिसकेको कुरा (कार्य) बिग्रन लागेको छ, यसैले केही छल खोजेर यसको उपाय गर्नुहोस्॥ २१७॥

**बचन सुनत सुरगुरु मुसुकाने। सहसनयन बिनु लोचन जाने॥**
**मायापति सेवक सन माया। करइ त उलटि परइ सुरराया॥**

इन्द्रका वचन सुनेर देवगुरु बृहस्पतिजी मुस्कुराउनुभयो। उहाँले हजार नेत्र भएका इन्द्रलाई [ज्ञानरूपी] नेत्रले रहित (मूर्ख) सम्झनुभयो र भन्नुभयो—हे देवराज! मायाका स्वामी श्रीरामचन्द्रका सेवकका साथ कसैले माया (छल) गर्दछ भने त्यो फर्केर आफू माथि नै आइलाग्दछ॥ १॥

**तब किछु कीन्ह राम रुख जानी। अब कुचालि करि होइहि हानी॥**
**सुनु सुरेस रघुनाथ सुभाऊ। निज अपराध रिसाहिं न काऊ॥**

त्यस समय (अघिल्लो पटक) त श्रीरामचन्द्रको भाव बुझेर केही गरेको थिएँ। परन्तु यस समय कुचाल गर्नाले हानि नै हुनेछ। हे देवराज! श्रीरघुनाथको स्वभाव सुन्नुहोस्, उहाँ आफूप्रति गरेको अपराधबाट कहिल्यै रुष्ट हुनुहुन्न॥ २॥

**जो अपराधु भगत कर करई। राम रोष पावक सो जरई॥**
**लोकहुँ बेद बिदित इतिहासा। यह महिमा जानहिं दुरबासा॥**

तर जो कसैले उहाँका भक्तको अपराध गर्दछ, ऊ श्रीरामको क्रोधाग्निमा बल्दछ। लोक र वेद दुवैमा इतिहास (कथा) प्रसिद्ध छ। यस महिमालाई दुर्वासाजी जान्नुहुन्छ॥ ३॥

**भरत सरिस को राम सनेही। जगु जप राम रामु जप जेही॥**

सारा जगत्ले श्रीरामलाई जप्दछन्, उनै श्रीरामले जसलाई जप्नुहुन्छ उनै भरतजीका समान श्रीरामचन्द्रको प्रेमी अरू को होला?॥ ४॥

दो०—**मनहुँ न आनिअ अमरपति रघुबर भगत अकाजु।**
**अजसु लोक परलोक दुख दिन दिन सोक समाजु॥ २१८॥**

हे देवराज! रघुकुलश्रेष्ठ श्रीरामचन्द्रका भक्तको काम बिगार्ने कुरा मनमा पनि नल्याउनुहोस्। यस्तो गर्नाले लोकमा अपयश र परलोकमा दु:ख हुनेछ र शोकको सामग्री दिनदिनै बढ्दै जानेछ॥ २१८॥

**सुनु सुरेस उपदेसु हमारा। रामहि सेवकु परम पिआरा॥**
**मानत सुखु सेवक सेवकाईं। सेवक बैर बैरु अधिकाईं॥**

हे देवराज! मेरो सन्देश सुन्नुहोस्। श्रीरामलाई आफ्ना सेवक परम प्रिय छन्। उहाँ आफ्ना सेवकको सेवाले सुख मान्नुहुन्छ र तिनीहरूसँग वैर गर्नाले धेरै ठूलो शत्रु मान्नुहुन्छ॥ १॥

**जद्यपि सम नहिं राग न रोषू। गहहिं न पाप पूनु गुन दोषू॥**
**करम प्रधान बिस्व करि राखा। जो जस करइ सो तस फलु चाखा॥**

यद्यपि उहाँ सम हुनुहुन्छ—उहाँमा न राग छ, न रोष छ। न उहाँले कसैको पाप-पुण्य र गुण-दोषलाई नै ग्रहण गर्नुहुन्छ। उहाँले विश्वमा कर्म नै प्रधान गरेर राख्नुभएको छ। जसले जस्तो गर्दछ, उसले उस्तै नै फल भोग्दछ॥ २॥

**तदपि करहिं सम बिषम बिहारा। भगत अभगत हृदय अनुसारा॥**
**अगुन अलेप अमान एकरस। रामु सगुन भए भगत पेम बस॥**

तथापि उहाँले भक्त र अभक्तको हृदयअनुसार सम र विषम व्यवहार गर्नुहुन्छ (भक्तलाई प्रेममा अङ्गालो हाल्नुहुन्छ र अभक्तलाई मारेर तार्नुहुन्छ)। गुणरहित, निर्लेप, मानरहित र सधैं एकरस भगवान् श्रीराम भक्तको प्रेमवश नै सगुण हुनुभएको हो॥ ३॥

**राम सदा सेवक रुचि राखी। बेद पुरान साधु सुर साखी॥**
**अस जियँ जानि तजहु कुटिलाई। करहु भरत पद प्रीति सुहाई॥**

श्रीराम सधैं आफ्ना सेवकको (भक्तको) रुचि राख्दै आउनुभएको छ। वेद, पुराण, साधु र देवता यसका साक्षी छन्। यस्तो हृदयमा जानेर कुटिलता छोड्नुहोस् र भरतजीका चरणमा सुन्दर प्रीति गर्नुहोस्॥ ४॥

दो०— **राम भगत परहित निरत पर दुख दुखी दयाल।**
**भगत सिरोमनि भरत तें जनि डरपहु सुरपाल॥ २१९॥**

हे देवराज इन्द्र! श्रीरामचन्द्रका भक्त सधैं अर्काको हितमा लागिरहन्छन्, उनीहरू अर्काको दुःखले दुःखी र दयालु हुन्छन्। फेरि भरतजी त भक्तहरूका शिरोमणि हुनुहुन्छ, उहाँसँग बिलकुल नडराउनुहोस्॥ २१९॥

**सत्यसंध प्रभु सुर हितकारी। भरत राम आयस अनुसारी॥**
**स्वारथ बिबस बिकल तुम्ह होहू। भरत दोसु नहिं राउर मोहू॥**

प्रभु श्रीरामचन्द्र सत्यप्रतिज्ञ र देवताका हितैषी हुनुहुन्छ र भरतजी श्रीरामको आज्ञाअनुसार चल्नेवाला हुनुहुन्छ। तपाईं व्यर्थ नै स्वार्थको विशेष वशमा भएर व्याकुल हुनुभएको छ। यसमा भरतजीको कुनै दोष छैन, यो तपाईंको नै मोह हो॥ १॥

**सुनि सुरबर सुरगुर बर बानी। भा प्रमोदु मन मिटी गलानी॥**
**बरषि प्रसून हरषि सुरराऊ। लगे सराहन भरत सुभाऊ॥**

देवगुरु बृहस्पतिजीका श्रेष्ठ वाणी सुनेर इन्द्रको मनमा ठूलो आनन्द भयो र उनको चिन्ता मेटियो। अनि हर्षित भएर देवराजले फूल बर्साएर भरतजीको स्वभावको सराहना गर्न लागे।॥ २॥

**एहि बिधि भरत चले मग जाहीं। दसा देखि मुनि सिद्ध सिहाहीं॥**
**जबहिं रामु कहि लेहिं उसासा। उमगत पेमु मनहुँ चहु पासा॥**

यस प्रकार भरतजी बाटोमा हिंडिरहनुभएको छ। उहाँको [प्रेममय] दशा देखेर मुनि र सिद्धहरू पनि ईर्ष्या गर्दछन्। भरतजीले जब 'राम' भनेर लामो सास लिनुहुन्छ, त्यसपछि मानौं चारैतर्फ प्रेम उर्लेर (उम्लेर) आउँछ॥ ३॥

**द्रवहिं बचन सुनि कुलिस पषाना। पुरजन पेमु न जाइ बखाना॥**
**बीच बास करि जमुनहिं आए। निरखि नीरु लोचन जल छाए॥**

उहाँका [प्रेम र दीनतापूर्ण] वचनलाई सुनेर वज्र तथा पत्थर पनि पग्लिन्छन्। अयोध्यावासीहरूको प्रेम भन्न नै सकिंदैन। बीचमा निवास (मुकाम) गरेर भरतजी यमुनाजीको तटमा आउनुभयो। यमुनाजीको जल देखेर उहाँका नेत्रमा जल भरिएर आए॥ ४॥

## ❋ भरतजी चित्रकूटको मार्गमा ❋

दो०— **रघुबर बरन बिलोकि बर बारि समेत समाज।**
**होत मगन बारिधि बिरह चढ़े बिबेक जहाज॥ २२०॥**

श्रीरघुनाथको (श्याम) रङ्गको सुन्दर जल देखेर सारा समाजसहित भरतजी [प्रेमविह्वल भएर] श्रीरामको विरहरूपी समुद्रमा डुब्दा-डुब्दै विवेकरूपी जहाजमा चढ्नुभयो (अर्थात् यमुनाजीको श्यामवर्ण जल देखेर सबै जना श्यामवर्ण भगवान्‌को प्रेममा विह्वल भएर उहाँलाई नपाएर विरहव्यथाले पीडित भए; त्यसपछि भरतजीलाई यो ध्यान आयो कि छिटो हिंडेर उहाँको साक्षात् दर्शन गर्नेछु, यस विवेकले उहाँ फेरि उत्साहित हुनुभयो)॥ २२०॥

**जमुन तीर तेहिं दिन करि बासू। भयउ समय सम सबहि सुपासू॥**
**रातिहिं घाट घाट की तरनी। आईं अगनित जाहिं न बरनी॥**

त्यस दिन यमुनाजीको किनारामा निवास भयो। समयानुसार सबैको लागि [खान-पान आदिको] सुन्दर व्यवस्था भयो। [निषादराजको सङ्केत पाएर] रात-रातमै घाट-घाटमा अगणित डुङ्गा त्यहाँ ल्याइए, जसको वर्णन हुन नै सक्तैन॥ १॥

**प्रात पार भए एकहि खेवाँ। तोषे रामसखा की सेवाँ॥**
**चले नहाइ नदिहि सिर नाई। साथ निषादनाथ दोउ भाई॥**

सबेरै एकै खेपमा सबै जना तरिसके र श्रीरामचन्द्रका सखा निषादराजको यस सेवाबाट सन्तुष्ट भए। फेरि स्नान गरेर नदीलाई शिर निहुराएर निषादराजका साथ दुवै भाइ हिंड्नुभयो॥ २॥

**आगें मुनिबर बाहन आछें। राजसमाज जाइ सबु पाछें॥**
**तेहि पाछें दोउ बंधु पयादें। भूषन बसन बेष सुठि सादें॥**

अगाडि राम्रा-राम्रा सवारीहरूमा श्रेष्ठ मुनि छन्, उनका पछाडि सारा समाज गइरहेको छ। उसका पछाडि दुवै भाइ अति नै साधारण भूषण-वस्त्र र वेषले पैदल हिँडिरहनुभएको छ॥ ३॥

**सेवक सुहृद सचिवसुत साथा। सुमिरत लखनु सीय रघुनाथा॥**
**जहँ जहँ राम बास बिश्रामा। तहँ तहँ करहिं सप्रेम प्रनामा॥**

सेवक, मित्र र मन्त्रीका पुत्र उहाँहरूका साथमा छन्। लक्ष्मण, सीताजी र श्रीरघुनाथको स्मरण गर्दै गइरहनुभएको छ। जहाँ-जहाँ श्रीरामले निवास र विश्राम गर्नुभएको थियो, त्यहाँ-त्यहाँ उहाँले प्रेमसहित प्रणाम गर्नुहुन्छ॥ ४॥

दो०— **मगबासी नर नारि सुनि धाम काम तजि धाइ।**
**देखि सरूप सनेह सब मुदित जनम फलु पाइ॥ २२१॥**

मार्गको निकट रहने आइमाई र लोग्ने मानिसले यस्तो सुनेर घर र कामकाज छोडेर दौडन्छन् र उहाँहरूको रूप र प्रेमलाई देखेर उनीहरू सबै जन्म लिएको फल पाएर आनन्दित हुन्छन्॥ २२१॥

**कहहिं सपेम एक एक पाहीं। रामु लखनु सखि होहिं कि नाहीं॥**
**बय बपु बरन रूपु सोइ आली। सीलु सनेहु सरिस सम चाली॥**

गाउँका स्त्रीहरूले एक-अर्कासँग प्रेमपूर्वक भन्दछन् कि—सखी! यी राम-लक्ष्मण हुन् कि होइनन्? हे सखी! यिनको अवस्था, शरीर र रङ्ग-रूप त उही छ। शील, स्नेह उहाँको सदृश छ र चाल पनि उहाँकै समान छ॥ १॥

**बेषु न सो सखि सीय न संगा। आगें अनी चली चतुरंगा॥**
**नहिं प्रसन्न मुख मानस खेदा। सखि संदेहु होइ एहिं भेदा॥**

परन्तु हे सखी! यिनको न त उही वेष (वल्कलवस्त्रधारी मुनिवेष) छ, न सीताजी नै साथमा हुनुहुन्छ। यिनका अगाडि चतुरङ्गिणी सेना हिँडिरहेका छन्। फेरि यिनको मुख प्रसन्न छैन, यिनको मनमा खेद छ। हे सखी! यही भेदको कारण सन्देह हुन्छ॥ २॥

**तासु तरक तियगन मन मानी। कहहिं सकल तेहि सम न सयानी॥**
**तेहि सराहि बानी फुरि पूजी। बोली मधुर बचन तिय दूजी॥**

उनको तर्क (युक्ति) अरू आइमाईलाई मन पर्‍यो। सबैले भन्दछन् कि यिनीभन्दा चतुर कोही छैनन्। उनलाई सराहना गरेर र 'तिम्रो वाणी सत्य छ' यस प्रकार उनलाई सम्मान गरेर अर्की महिला मीठा वचनमा बोलिन्॥ ३॥

**कहि सपेम सब कथाप्रसंगू। जेहि बिधि राम राज रस भंगू॥**
**भरतहि बहुरि सराहन लागी। सील सनेह सुभाय सुभागी॥**

श्रीरामको राजतिलकको आनन्द जुन प्रकारले भङ्ग भएको थियो, त्यो सबै कथाप्रसङ्ग प्रेमपूर्वक भनेर फेरि ती भाग्यवती स्त्रीले भरतजीको शील, स्नेह र सौभाग्यको सराहना गर्न लागिन्॥ ४॥

दो०— **चलत पयादें खात फल पिता दीन्ह तजि राजु।**
**जात मनावन रघुबरहि भरत सरिस को आजु॥ २२२॥**

[उनले भनिन्— ] हेर, यी भरतजी पिताले दिएको राज्यलाई त्यागेर पैदल नै हिंड्दै र फलाहार गर्दै श्रीरामलाई मनाउनको लागि आइरहेका छन्। यीजस्तो आज को छ?॥ २२२॥

**भायप भगति भरत आचरनू। कहत सुनत दुख दूषन हरनू॥**
**जो किछु कहब थोर सखि सोई। राम बंधु अस काहे न होई॥**

भरतजीको भाइचारा व्यवहार, भक्ति र उहाँको आचरण भन्दा र सुन्दा दुःख र दोषलाई हरण गर्नेवाला छ। हे सखी! उहाँका सम्बन्धमा जे जति भने पनि, त्यो थोरै नै हुन्छ। श्रीरामका भाइ यस्ता किन नहुने?॥ १॥

**हम सब सानुज भरतहि देखें। भइन्ह धन्य जुबती जन लेखें॥**
**सुनि गुन देखि दसा पछिताहीं। कैकइ जननि जोगु सुतु नाहीं॥**

कान्छा भाइ शत्रुघ्नसहित भरतजीलाई देखेर हामी सबै जना पनि आज धन्य (धेरै भाग्यमानी) आइमाईहरूको गणनामा आयौं। यस प्रकार भरतजीका गुण सुनेर र उहाँको दशा देखेर स्त्रीहरू पछुताएका छन् र भन्दछन्— यी पुत्र कैकेयी-जस्ती आमाका योग्य छैनन्॥ २॥

**कोउ कह दूषनु रानिहि नाहिन। बिधि सबु कीन्ह हमहि जो दाहिन॥**
**कहँ हम लोक बेद बिधि हीनी। लघु तिय कुल करतूति मलीनी॥**

कुनैले भन्दछन्— यसमा रानीको पनि दोष छैन। यो सबै विधाताले नै गरेको हो, जुन हाम्रो

अनुकूल छ। भन त कहाँ हामी लोक र वेद दुवैको विधि (मर्यादा) ले हीन, कुल र कर्तुत दुवैबाट मलिन तुच्छ आइमाईहरू,॥ ३॥

**बसहिं कुदेस कुगाँव कुबामा। कहँ यह दरसु पुन्य परिनामा॥**
**अस अनंदु अचिरिजु प्रति ग्रामा। जनु मरुभूमि कलपतरु जामा॥**

जुन खराब देश (जङ्गली जिल्ला) र खराब गाउँमा बस्दछौं र [स्त्रीहरूमा पनि] नीच स्त्री छौं! र कहाँ यो महान् पुण्यको परिणामस्वरूप यिनीहरूको दर्शन! यस्तो नै आनन्द र आश्चर्य गाउँ–गाउँमा भइरहेको छ। मानौं मरुभूमिमा कल्पवृक्ष उम्रेको छ॥ ४॥

दो०— **भरत दरसु देखत खुलेउ मग लोगन्ह कर भागु।**
**जनु सिंघलबासिन्ह भयउ बिधि बस सुलभ प्रयागु॥ २२३॥**

भरतजीको स्वरूप देख्दा नै बाटोका निकट बस्ने मानिसको भाग्य खुल्यो। मानौं दैवयोगले सिंहलद्वीपमा* बस्नेहरूको लागि तीर्थराज प्रयाग सुलभ भएको छ!॥ २२३॥

**निज गुन सहित राम गुन गाथा। सुनत जाहिं सुमिरत रघुनाथा॥**
**तीरथ मुनि आश्रम सुरधामा। निरखि निमज्जहिं करहिं प्रनामा॥**

[यस प्रकार] आफ्ना गुणसहित श्रीरामचन्द्रका गुणहरूको कथा सुन्दै र श्रीरघुनाथलाई स्मरण गर्दै भरतजी गइरहनुभएको छ। उहाँले तीर्थ देखेपछि स्नान र मुनिहरूका आश्रम तथा देवताहरूका मन्दिर देखेर प्रणाम गर्नुहुन्छ॥ १॥

**मनहीं मन मागहिं बरु एहू। सीय राम पद पदुम सनेहू॥**
**मिलहिं किरात कोल बनबासी। बैखानस बटु जती उदासी॥**

र मन–मनै यही वरदान माग्नुहुन्छ कि श्रीसीतारामका चरणकमलमा प्रेम होस्। मार्गमा भिल्ल, कोल आदि वनवासी तथा वानप्रस्थ, ब्रह्मचारी, सन्न्यासी तथा विरक्त भेटिन्छन्॥ २॥

**करि प्रनामु पूँछहिं जेहि तेही। केहि बन लखनु रामु बैदेही॥**
**ते प्रभु समाचार सब कहहीं। भरतहि देखि जनम फलु लहहीं॥**

उनीहरू सबैलाई प्रणाम गरेर सोध्नुहुन्छ कि लक्ष्मण, श्रीराम र जानकीजी कुन वनमा हुनुहुन्छ? उनीहरूले प्रभुको सबै समाचार भन्दछन् र भरतजीलाई देखेर जन्मको फल पाएका छन्॥ ३॥

**जे जन कहहिं कुसल हम देखे। ते प्रिय राम लखन सम लेखे॥**
**एहि बिधि बूझत सबहि सुबानी। सुनत राम बनबस कहानी॥**

जुन मानिसले भन्दछन् कि हामीले उहाँलाई कुशलपूर्वक देखेका छौं, उनीहरू उहाँको लागि श्रीराम–लक्ष्मणका समान नै प्यारा भएका छन्। यस प्रकार सबैसँग सुन्दर वाणीले सोध्नुहुन्छ र श्रीरामको वनवासको कहानी सुन्दै गइरहनुभएको छ॥ ४॥

---

* **सिंहलद्वीप—**यो एउटा द्वीप हो जुन भारतवर्षको दक्षिणमा छ। रामेश्वरको ठीक दक्षिणमा यो द्वीप छ अर्थात् यो यति टाढा हुँदा पनि यतिखेर यहाँका निवासीलाई नजिकको तीर्थराज प्रयागझैं सुगम भयो भन्ने भाव प्रकट गरिएको छ। (मानस–पीयूषबाट उद्धृत गरिएको)

दो०— **तेहि बासर बसि प्रातहीं चले सुमिरि रघुनाथ।**
**राम दरस की लालसा भरत सरिस सब साथ॥ २२४॥**

त्यस दिन त्यही रहेर दोस्रो दिन प्रातःकाल नै श्रीरघुनाथलाई स्मरण गरेर हिँड्नुभयो। साथका सबै जनालाई पनि भरतजीकै समान नै श्रीरामको दर्शनको लालचा लागिरहेको छ॥ २२४॥

**मंगल सगुन होहिं सब काहू। फरकहिं सुखद बिलोचन बाहू॥**
**भरतहि सहित समाज उछाहू। मिलिहहिं राम मिटिहि दुख दाहू॥**

सबैलाई मङ्गलसूचक लक्षण भइरहेका छन्। सुख दिनेवाला [पुरुषहरूलाई दाहिने र स्त्रीहरूलाई बायाँ] नेत्र र भुजाहरू फर्फराइरहेका छन्। समाजसहित भरतजीलाई उत्साह भइरहेको छ कि श्रीरामचन्द्र भेट हुनुहुनेछ र दुःखको ज्वाला मेटिनेछ॥ १॥

**करत मनोरथ जस जियँ जाके। जाहिं सनेह सुराँ सब छाके॥**
**सिथिल अंग पग मग डगि डोलहिं। बिहबल बचन पेम बस बोलहिं॥**

जसको मनमा जस्तो छ, उस्तै मनोरथ गर्दछ। सबै स्नेहरूपी मदिराको नशामा चूर (प्रेममा मत्त) हुँदै हिँडिरहेका छन्। अङ्ग शिथिल छन्, बाटोमा गोडा कामिरहेका छन् र प्रेमवश विह्वल वचन बोलिरहेका छन्॥ २॥

**रामसखाँ तेहि समय देखावा। सैल सिरोमनि सहज सुहावा॥**
**जासु समीप सरित पय तीरा। सीय समेत बसहिं दोउ बीरा॥**

रामसखा निषादराजले त्यही समय स्वाभाविक नै सुन्दर पर्वतशिरोमणि कामदगिरि देखाए, जसको निकट नै पयस्विनी नदीको तटमा सीताजीसमेत दुई भाइ निवास गर्नुहुन्छ॥ ३॥

**देखि करहिं सब दंड प्रनामा। कहि जय जानकि जीवन रामा॥**
**प्रेम मगन अस राज समाजू। जनु फिरि अवध चले रघुराजू॥**

सबै जना त्यस पर्वतलाई देखेर 'जानकी-जीवन श्रीरामचन्द्रको जय होस्' यस्तो भनेर दण्डवत् प्रणाम गर्दछन्। राजसमाज प्रेममा यस्तो मगन छ, मानौं श्रीरघुनाथ अयोध्यामा फर्किनुभयो॥ ४॥

दो०— **भरत प्रेमु तेहि समय जस तस कहि सकइ न सेषु।**
**कबिहि अगम जिमि ब्रह्मसुखु अह मम मलिन जनेषु॥ २२५॥**

भरतजीको त्यस समय जस्तो प्रेम थियो, त्यसलाई शेषजीले पनि भन्न सक्नुहुन्न। कविको लागि त त्यो उस्तै नै अगम छ जस्तै अहन्ता र ममताले मलिन मनुष्यको लागि ब्रह्मानन्द!॥ २२५॥

**सकल सनेह सिथिल रघुबर कें। गए कोस दुइ दिनकर ढरकें॥**
**जलु थलु देखि बसे निसि बीतें। कीन्ह गवन रघुनाथ पिरीतें॥**

सबै जना श्रीरामचन्द्रको प्रेमले गर्दा शिथिल हुनाको कारण सूर्यास्त हुने समयसम्म (दिनभरमा) दुई कोष नै हिँड्न सके र जल-स्थलको सुविधा देखेर रातमा त्यहीं [विनाखानपिन नै] रहे। रात बितेपछि श्रीरघुनाथका प्रेमी भरतजी अगाडि प्रस्थान गर्नुभयो॥ १॥

## * श्रीसीताजीको सपना, श्रीरामलाई कोल-किरातद्वारा भरतजीको आगमनको सूचना, रामजीको शोक, लक्ष्मणजीको क्रोध *

**उहाँ रामु रजनी अवसेषा। जागे सीयँ सपन अस देखा॥**
**सहित समाज भरत जनु आए। नाथ बियोग ताप तन ताए॥**

उता श्रीरामचन्द्र रात बाँकी छँदै बिउँझनुभयो। रातमा सीताजीले यस्तो सपना देख्नुभयो [जसलाई उहाँले श्रीरामलाई सुनाउन लाग्नुभयो] मानौं समाजसहित भरतजी यहाँ आउनुभएको छ। प्रभुको वियोगको अग्निले उनीहरूको शरीर संतप्त भएको छ॥ २॥

**सकल मलिन मन दीन दुखारी। देखीं सासु आन अनुहारी॥**
**सुनि सिय सपन भरे जल लोचन। भए सोचबस सोच बिमोचन॥**

सबै जना मनमा उदास, दीन र दुःखी छन्। सासूहरूलाई अर्कै वेषमा देख्नुभयो। सीताजीको सपना सुनेर श्रीरामचन्द्रका नेत्रमा जल भरिएर आयो र सबैलाई शोचबाट छुटाइदिने प्रभु स्वयं [लीलाले] चिन्ताको वशमा पर्नुभयो॥ ३॥

**लखन सपन यह नीक न होई। कठिन कुचाह सुनाइहि कोई॥**
**अस कहि बंधु समेत नहाने। पूजि पुरारि साधु सनमाने॥**

[र भन्नुभयो— ] लक्ष्मण, यो स्वप्ना राम्रो होइन। कसैले भीषण कुसमाचार सुनाउनेछ। यस्तो भनेर उहाँले भाइसहित स्नान गर्नुभयो र त्रिपुरारि महादेवजीको पूजन गरेर साधुहरूलाई सम्मान गर्नुभयो॥ ४॥

छं०— **सनमानि सुर मुनि बंदि बैठे उतर दिसि देखत भए।**
**नभ धूरि खग मृग भूरि भागे बिकल प्रभु आश्रम गए॥**
**तुलसी उठे अवलोकि कारनु काह चित सचकित रहे।**
**सब समाचार किरात कोलन्हि आइ तेहि अवसर कहे॥**

देवताहरूलाई सम्मान (पूजन) र मुनिहरूलाई वन्दना गरेर श्रीरामचन्द्र बस्नुभयो र उत्तर दिशातर्फ हेर्न लाग्नुभयो। आकाशमा धूलो छाएको छ; धेरै नै पक्षी र पशु व्याकुल भएर भाग्दै प्रभुको आश्रममा आइरहेका छन्। तुलसीदासजी भन्नुहुन्छ कि प्रभु श्रीरामचन्द्र यस्तो देखेर उठ्नुभयो र सोच्न लाग्नुभयो कि के कारण हो? उहाँ चित्तमा आश्चर्ययुक्त हुनुभयो। त्यही समयमा कोल-भिल्लहरूले आएर सबै समाचार भने।

सो०— **सुनत सुमंगल बैन मन प्रमोद तन पुलक भर।**
**सरद सरोरुह नैन तुलसी भरे सनेह जल॥ २२६॥**

तुलसीदासजी भन्नुहुन्छ कि सुन्दर मङ्गल वचन सुन्दा नै श्रीरामको मनमा ठूलो आनन्द भयो। शरीर रोमाञ्चित भयो र शरद्-ऋतुका कमलका समान नेत्र प्रेमाश्रुले भरिए॥ २२६॥

**बहुरि सोचबस भे सियरवनू। कारन कवन भरत आगवनू॥**
**एक आइ अस कहा बहोरी। सेन संग चतुरंग न थोरी॥**

सीतापति श्रीरामचन्द्र पुनः सोचको वशमा हुनुभयो कि भरत आउनुमा के कारण छ? फेरि एक जना आएर यस्तो भन्यो कि उनका साथमा अति नै धेरै चतुरङ्गिणी सेना पनि छन्॥ १॥

**सो सुनि रामहि भा अति सोचू। इत पितु बच इत बंधु सकोचू॥**
**भरत सुभाउ समुझि मन माहीं। प्रभु चित हित थिति पावत नाहीं॥**

यस्तो सुनेर श्रीरामचन्द्रलाई अत्यन्त चिन्ता भयो। यतातर्फ पिताको वचन र उतातर्फ भाइ भरतको सङ्कोच! भरतजीको स्वभावलाई मनमा सम्झेर प्रभु श्रीरामचन्द्रले चित्तलाई रोक्नको लागि कुनै ठाउँ नै पाउनुभएन॥ २॥

**समाधान तब भा यह जाने। भरतु कहे महुँ साधु सयाने॥**
**लखन लखेउ प्रभु हृदयँ खभारू। कहत समय सम नीति बिचारू॥**

त्यसपछि यो जानेर समाधान भयो कि भरत साधु र समझदार तथा मेरो आज्ञाकारी छन्। लक्ष्मणजीले देख्नुभयो कि प्रभु श्रीरामको हृदयमा चिन्ता छ, तसर्थ उहाँले समयअनुसार आफ्नो नीतियुक्त विचार भन्न लाग्नुभयो— ॥ ३॥

**बिनु पूछें कछु कहउँ गोसाईं। सेवकु समयँ न ढीठ ढिठाईं॥**
**तुम्ह सर्बग्य सिरोमनि स्वामी। आपनि समुझि कहउँ अनुगामी॥**

हे स्वामी! हजुरले नसोधीकनै मैले भन्दछु; सेवकले समयमा मूर्खता गर्नाले मूर्ख ठानिंदैन (अर्थात् हजुरले सोध्नुहोस् त्यसपछि मैले भन्दछु, यस्तो अवसर होइन; यसैले यो मेरो भनाइ मूर्खता हुनेछैन)। हे स्वामी! हजुर सर्वज्ञमा शिरोमणि होइबक्सिन्छ। म सेवकले त आफ्नो विचारको कुरा भन्दछु॥ ४॥

दो०— **नाथ सुहृद सुठि सरल चित सील सनेह निधान।**
**सब पर प्रीति प्रतीति जियँ जानिअ आपु समान॥ २२७॥**

हे नाथ! हजुर परम सुहृद् (अकारण हित गर्ने), सरलहृदय तथा शील र स्नेहका भण्डार होइबक्सिन्छ, हजुरको सबैमा प्रेम र विश्वास छ र आफ्नो हृदयमा सबैलाई आफूसमान नै जानिबक्सिन्छ॥ २२७॥

**बिषई जीव पाइ प्रभुताई। मूढ़ मोह बस होहिं जनाई॥**
**भरतु नीति रत साधु सुजाना। प्रभु पद प्रेमु सकल जगु जाना॥**

परन्तु मूढ विषयी जीवले प्रभुता पाएर मोहवश आफ्नो वास्तविक स्वभावलाई प्रकट गर्दछन्। भरत नीतिपरायण, साधु र चतुर छन् तथा प्रभु (हजुर) का चरणमा उनको प्रेम छ, यस कुरालाई सारा जगत्ले जान्दछ॥ १॥

**तेऊ आजु राम पदु पाई। चले धरम मरजाद मेटाई॥**
**कुटिल कुबंधु कुअवसरु ताकी। जानि राम बनबास एकाकी॥**

उनै भरत पनि आज रामजी (हजुर) को पद (सिंहासन या अधिकार) पाएर धर्मको मर्यादालाई मेटेर हिँडेका छन्। कुटिल खोटे दाजु भरत कुसमय देखेर र यहाँ जानेर कि रामजी (हजुर) वनवासमा एक्लै (असहाय) होइबक्सिन्छ,॥ २॥

**करि कुमंत्रु मन साजि समाजू। आए करै अकंटक राजू॥**
**कोटि प्रकार कलपि कुटिलाई। आए दल बटोरि दोउ भाई॥**

आफ्नो मनमा खराब विचार गरेर, समाजलाई एकत्रित गरेर राज्यलाई निष्कण्टक गर्नको लागि यहाँ आएका छन्। करोडौं (अनेकौं) प्रकारका कुटिलता रचेर सेना बटुलेर दुई भाइ नै आएका छन्॥ ३॥

**जौं जियँ होति न कपट कुचाली। केहि सोहाति रथ बाजि गजाली॥**
**भरतहि दोसु देइ को जाएँ। जग बौराइ राज पदु पाएँ॥**

यदि यिनको मनमा कपट र कुचाल थिएन भने, त रथ, घोडा र हात्तीहरूको हूल [यस्तो समयमा] कसलाई सुहाउँदछ? परन्तु भरतलाई नै व्यर्थ दोष किन दिने? राजपद पाएपछि सारा जगत् नै बौलाउँदछ (मत्त हुन्छ)॥ ४॥

दो०— **ससि गुर तिय गामी नघुषु चढ़ेउ भूमिसुर जान।**
**लोक बेद तें बिमुख भा अधम न बेन समान॥ २२८॥**

चन्द्रमा गुरुपत्नीगामी भए, राजा नहुष ब्राह्मणहरूको पालकीमा चढे र राजा वेनजस्तो नीच त कोही हुने छैनन्, जुन लोक र वेद दुवैबाट विमुख भए॥ २२८॥

**सहसबाहु सुरनाथु त्रिसंकू। केहि न राजमद दीन्ह कलंकू॥**
**भरत कीन्ह यह उचित उपाऊ। रिपु रिन रंच न राखब काऊ॥**

सहस्रबाहु, देवराज इन्द्र र त्रिशंकु आदि कसलाई राजमदले कलङ्क बनाएन? भरतले यो उपाय उचित नै गरेका छन्। किनकि शत्रु र ऋणलाई कहिल्यै जरा पनि बाँकी राख्नुहुँदैन॥ १॥

**एक कीन्हि नहिं भरत भलाई। निदरे रामु जानि असहाई॥**
**समुझि परिहि सोउ आजु बिसेषी। समर सरोष राम मुखु पेखी॥**

अँ, भरतले एक कुरा राम्रो गरेनन्, जुन रामजी (हजुर) लाई असहाय जानेर हजुरको निरादर गरे! तर आज सङ्ग्राममा श्रीराम (हजुर) को क्रोधपूर्ण मुख देखेर यो कुरा पनि उनको विचारमा विशेष रूपले आउनेछ (अर्थात् यस निरादरको फल पनि उनले राम्रो किसिमले पाउनेछन्)॥ २॥

**एतना कहत नीति रस भूला। रन रस बिटपु पुलक मिस फूला॥**
**प्रभु पद बंदि सीस रज राखी। बोले सत्य सहज बलु भाषी॥**

यति मात्र भन्दा–भन्दै लक्ष्मणजीले नीतिरस भुल्नुभयो र युद्धरसरूपी वृक्ष रोमाञ्चित बहानाले फुल्यो (अर्थात् नीतिको कुरा भन्दा–भन्दै उहाँको शरीरमा वीर–रस छायो)। उहाँले प्रभु श्रीरामचन्द्रका चरणको वन्दना गरेर, चरणरजलाई शिरमा राखेर सच्चा र स्वाभाविक बलमा भन्नुभयो॥ ३॥

**अनुचित नाथ न मानब मोरा। भरत हमहि उपचार न थोरा॥**
**कहँ लगि सहिअ रहिअ मनु मारें। नाथ साथ धनु हाथ हमारें॥**

हे नाथ! मेरो भनाइलाई अनुचित नमानिबक्सिएला। भरतले हामीलाई कम्ती प्रचार गरेका छैनन् (हामीहरूका साथ कम छेडछाड गरेका छैनन्)। आँखिर कहाँसम्म सहन गर्ने र मनलाई कहिले-सम्म रोकेर राख्ने, जब स्वामी मेरो साथमा होइबक्सिन्छ र धनुष मेरो हातमा छ!॥ ४॥

दो०— **छत्रि जाति रघुकुल जनमु राम अनुग जगु जान।**
**लातहुँ मारें चढ़ति सिर नीच को धूरि समान॥ २२९॥**

क्षत्रिय जाति, रघुकुलमा जन्म र फेरि म श्रीराम (हजुर) को अनुगामी (सेवक) हुँ, यो जगत्‌ले जान्दछ। [फेरि भनिबक्सियोस् त कसरी सहन सकिन्छ?] धूलोसमान नीच को छ, परन्तु त्यसलाई पनि खुट्टाले हान्दा शिरमा नै चढ्दछ॥ २२९॥

**उठि कर जोरि रजायसु मागा। मनहुँ बीर रस सोवत जागा॥**
**बाँधि जटा सिर कसि कटि भाथा। साजि सरासनु सायकु हाथा॥**

यस्तो भन्दै लक्ष्मणजी उठेर, हात जोडेर आज्ञा माग्नुभयो, मानौं वीररस सुतेर बिउँझेको छ। शिरमा जटा बाँधेर कम्मरमा तरकस (ठोक्रो) बाँध्नुभयो र धनुषलाई सजाएर तथा बाणलाई हातमा लिएर भन्नुभयो— ॥ १॥

**आजु राम सेवक जसु लेऊँ। भरतहि समर सिखावन देऊँ॥**
**राम निरादर कर फलु पाई। सोवहुँ समर सेज दोउ भाई॥**

आज मैले श्रीराम (हजुर) को सेवक भएको यश लिनेछु र भरतलाई सङ्ग्राममा शिक्षा दिनेछु। श्रीरामचन्द्र (हजुर) को निरादरको फल पाएर दुवै भाइ (भरत-शत्रुघ्न) रणशैयामा सुत्नेछन्!॥ २॥

**आइ बना भल सकल समाजू। प्रगट करउँ रिस पाछिल आजू॥**
**जिमि करि निकर दलइ मृगराजू। लेइ लपेटि लवा जिमि बाजू॥**

ठीक भयो जुन सारा समाज आएर एकत्रित भएका छन्। आज मैले पहिलाको सबै क्रोध प्रकट गर्नेछु। जसरी सिंहले हात्तीहरूका बथानलाई नष्ट गर्दछ र बाजले जसरी तित्रो वा ढुकुर चरालाई लपेटामा (पञ्जामा) लिन्छ॥ ३॥

**तैसेहिं भरतहि सेन समेता। सानुज निदरि निपातउँ खेता॥**
**जौं सहाय कर संकरु आई। तौ मारउँ रन राम दोहाई॥**

उस्तै प्रकारले भरतको सेना समेत र भाइसहितलाई तिरस्कार गरेर मैले मैदानमा पछार्नेछु। यदि शङ्करजी पनि आएर उनीहरूलाई सहायता गरेमा, त्यसमा पनि, मलाई रामको शपथ छ, मैले उनलाई युद्धमा [अवश्य] मार्ने नै छु (छोड्नेछैन)॥ ४॥

दो०— **अति सरोष माखे लखनु लखि सुन सपथ प्रवान।**
**सभय लोक सब लोकपति चाहत भभरि भगान॥ २३०॥**

लक्ष्मणजीलाई क्रोधमा अत्यन्तै रुष्ट भएको देखेर र उहाँको प्रामाणिक (सत्य) शपथ सुनेर सबै जना भयभीत भएका छन् र लोकपाल डराएर भाग्न चाहेका छन्॥ २३०॥

**जगु भय मगन गगन भइ बानी। लखन बाहुबलु बिपुल बखानी॥**
**तात प्रताप प्रभाउ तुम्हारा। को कहि सकइ को जाननिहारा॥**

सारा जगत् भयमा डुब्यो। त्यसपछि लक्ष्मणजीको अपार बाहुबलको प्रशंसा गर्दै आकाशवाणी भयो—हे तात! तिम्रो प्रताप र प्रभावलाई कसले भन्न र जान्न सक्तछ?॥ १॥

**अनुचित उचित काजु किछु होऊ। समुझि करिअ भल कह सबु कोऊ॥**
**सहसा करि पाछें पछिताहीं। कहहिं बेद बुध ते बुध नाहीं॥**

परन्तु कुनै पनि काम होस्, उसलाई अनुचित-उचित खुब सम्झेर-बुझेर गरिन्छ भने सबै जनाले राम्रो भन्दछन्। वेद र विद्वान् भन्दछन् कि जसले विचार नगरीकन छिटो कुनै काम गरेर पछि पछुताउँछ, त्यो बुद्धिमान् हुँदैन॥ २॥

## * श्रीरामले लक्ष्मणजीलाई सम्झाउनु एवं भरतजीको महिमा भन्नु *

**सुनि सुर बचन लखन सकुचाने। राम सीयँ सादर सनमाने॥**
**कही तात तुम्ह नीति सुहाई। सब तें कठिन राजमदु भाई॥**

देववाणी सुनेर लक्ष्मणजीले लाज मान्नुभयो। श्रीरामचन्द्र र सीताजीले उहाँलाई आदरका साथ सम्मान गर्नुभयो [र भन्नुभयो— ] हे तात! तिमीले अति नै सुन्दर नीति भन्यौ। हे भाइ! राज्यको मद सबैभन्दा कठिन मद हुन्छ॥ ३॥

**जो अचवँत नृप मातहिं तेई। नाहिन साधुसभा जेहिं सेई॥**
**सुनहु लखन भल भरत सरीसा। बिधि प्रपंच महँ सुना न दीसा॥**

जसले साधुहरूको सभाको सेवन (सत्सङ्ग) गरेको छैन, त्यस्ता राजा नै राजमदरूपी मदिरालाई आचमन गर्दा नै (पिउँदा नै) मत्त भइहाल्दछन्। हे लक्ष्मण! सुन, भरत-समानको उत्तम पुरुष ब्रह्माको सृष्टिमा न कहीं सुनिएको छ, न देखिएको नै छ॥ ४॥

दो०— **भरतहि होइ न राजमदु बिधि हरि हर पद पाइ।**
**कबहुँ कि काँजी सीकरनि छीरसिंधु बिनसाइ॥ २३१॥**

[अयोध्याको राज्यको त कुरा नै के गर्ने] ब्रह्मा, विष्णु र महादेवको पद पाएर पनि भरतलाई राज्यको मद हुन सक्दैन! के कहिल्यै अमिलाको बुँद (थोप्ला) ले क्षीरसमुद्र फाट्दछ?॥ २३१॥

**तिमिरु तरुन तरनिहि मकु गिलई। गगनु मगन मकु मेघहि मिलई॥**
**गोपद जल बूड़हिं घटजोनी। सहज छमा बरु छाड़ै छोनी॥**

अन्धकारले बरु तरुण (मध्यान्हको) सूर्यलाई निल्नेछ। आकाश बरु बादलमा मिसिएर समाहित हुनेछ। गाईका खुर-जतिको जलमा अगस्त्यजी डुब्नुहुनेछ र पृथ्वीले बरु आफ्नो स्वाभाविक क्षमा (सहनशीलता) लाई छोड्नेछिन्॥ १॥

**मसक फूँक मकु मेरु उड़ाई। होइ न नृपमदु भरतहि भाई॥**
**लखन तुम्हार सपथ पितु आना। सुचि सुबंधु नहिं भरत समाना॥**

लाम्खुट्टेको फुकाइले बरु सुमेरु पर्वत उड्नेछ। परन्तु हे भाइ! भरतलाई राजमद कहिल्यै हुन सक्दैन। हे लक्ष्मण! मैले तिम्रो शपथ र पिताजीको कसम खाएर भन्दछु, भरतसमानका पवित्र र उत्तम भाइ संसारमा छैनन्॥ २॥

**सगुनु खीरु अवगुन जलु ताता। मिलइ रचइ परपंचु बिधाता॥**
**भरतु हंस रबिबंस तड़ागा। जनमि कीन्ह गुन दोष बिभागा॥**

हे तात! गुणरूपी दूध र अवगुणरूपी जललाई मिलाएर विधाताले यस दृश्य-प्रपञ्च (जगत्) लाई रचना गर्दछ। परन्तु भरतले सूर्यवंशरूपी तलाउमा हंसरूप जन्म लिएर गुण र दोषलाई विभाग गरेका छन् (दुवैलाई अलग-अलग गरेका छन्)॥ ३॥

**गहि गुन पय तजि अवगुन बारी। निज जस जगत कीन्हि उजिआरी॥**
**कहत भरत गुन सील सुभाऊ। पेम पयोधि मगन रघुराऊ॥**

गुणरूपी दूधलाई ग्रहण गरेर र अवगुणरूपी जललाई त्यागेर भरतले आफ्नो यशले जगत्लाई उज्यालो गराएका छन्। भरतजीका गुण, शील र स्वभावलाई भन्दा-भन्दै श्रीरघुनाथ प्रेमसमुद्रमा मग्न हुनुभयो॥ ४॥

दो०— **सुनि रघुबर बानी बिबुध देखि भरत पर हेतु।**
**सकल सराहत राम सो प्रभु को कृपानिकेतु॥ २३२॥**

श्रीरामचन्द्रको वाणी सुनेर भरतजीप्रति उहाँको प्रेम देखेर समस्त देवता उहाँको प्रशंसा गर्न लागे [र भन्न लागे] कि श्रीरामचन्द्रसमान कृपाका धाम प्रभु अर्को को छ?॥ २३२॥

**जौं न होत जग जनम भरत को। सकल धरम धुर धरनि धरत को॥**
**कबि कुल अगम भरत गुन गाथा। को जानइ तुम्ह बिनु रघुनाथा॥**

यदि जगत्मा भरतको जन्म हुँदैनथ्यो भने, त्यस अवस्थामा पृथ्वीमा सम्पूर्ण धर्मको धुरीलाई कसले धारण गर्दछ? हे रघुनाथजी! कविकुलको लागि अगम (उनको कल्पनादेखि टाढै) भरतजीको गुणहरूका कथा हजुर बाहेक अरू कसले जान्न सक्दछ?॥ १॥

## ✹ भरतजीले मन्दाकिनीस्नान, चित्रकूटमा पुग्नु, भरतादि सबैको परस्पर मिलाप, पिताको शोक र श्राद्ध ✹

**लखन राम सियँ सुनि सुर बानी। अति सुखु लहेउ न जाइ बखानी॥**
**इहाँ भरतु सब सहित सहाए। मंदाकिनीं पुनीत नहाए॥**

लक्ष्मणजी, श्रीरामचन्द्र र सीताजीले देवताहरूको वाणी सुनेर अत्यन्त सुख पाउनुभयो, जुन वर्णन गर्न नै सकिंदैन। यहाँ भरतजीले सारा समाजका साथ पवित्र मन्दाकिनीमा स्नान गर्नुभयो॥ २॥

**सरित समीप राखि सब लोगा। मागि मातु गुर सचिव नियोगा॥**
**चले भरतु जहँ सिय रघुराई। साथ निषादनाथु लघु भाई॥**

फेरि सबैलाई नदीको समीप राखेर तथा आमा, गुरु र मन्त्रीको आज्ञा मागेर निषादराज र शत्रुघ्नलाई साथै लिई भरतजी त्यहाँ जानुभयो जहाँ श्रीसीता र रघुनाथजी हुनुहुन्थ्यो॥ ३॥

**समुझि मातु करतब सकुचाहीं। करत कुतरक कोटि मन माहीं॥**
**रामु लखनु सिय सुनि मम नाऊँ। उठि जनि अनत जाहिं तजि ठाऊँ॥**

भरत आफ्नी आमा कैकेयीको व्यवहारलाई सम्झेर लज्जित हुनुभएको छ र मनमा करोडौं (अनेकौं) कुतर्क गर्नुहुन्छ [सोच्नुहुन्छ— ] श्रीराम, लक्ष्मण र सीताजी मेरो नाम सुनेर ठाउँ छोडेर कहीं अर्को जग्गामा गएर त बस्नुहुन्न॥ ४॥

दो०— **मातु मते महुँ मानि मोहि जो कछु करहिं सो थोर।**
**अघ अवगुन छमि आदरहिं समुझि आपनी ओर॥ २३३॥**

मलाई आमाको मत (सम्मति) मानेर उहाँले जे जस्तो गरे तापनि सो थोरै हुन्छ, तर उहाँले आफूतर्फ सम्झेर (आफ्नो विरद र सम्बन्धलाई देखेर) मेरा पाप र अवगुणहरूलाई क्षमा गर्नुहुनेछ र मलाई आदर नै गर्नुहुनेछ॥ २३३॥

**जौं परिहरहिं मलिन मनु जानी। जौं सनमानहिं सेवकु मानी॥**
**मोरें सरन रामहि की पनही। राम सुस्वामि दोसु सब जनही॥**

चाहे मलिन मन जानेर मलाई त्यागिदिनुहुनेछ, चाहे आफ्नो सेवक मानेर मेरो सम्मान गर्नुहुनेछ (जे जस्तो गरे पनि); मेरो लागि त श्रीरामचन्द्रका चरणपादुका (जुत्ता) को नै शरण छ। श्रीरामचन्द्र त असल स्वामी होइबक्सिन्छ, दोष त सबै दासको हुन्छ नै॥ १॥

**जग जस भाजन चातक मीना। नेम पेम निज निपुन नबीना॥**
**अस मन गुनत चले मग जाता। सकुच सनेहँ सिथिल सब गाता॥**

जगत्मा यशका पात्र त काकाकुल र माछा नै छन्, जसले आफ्नो नियम र प्रेमलाई सधैं नयाँ बनाउनमा निपुण छन्। यस्तो मनमा सोच्दै भरतजी मार्गमा हिँडिरहनुभएको छ। उहाँका सबै अङ्ग सङ्कोच र प्रेमले शिथिल भइरहेका छन्॥ २॥

**फेरति मनहुँ मातु कृत खोरी। चलत भगति बल धीरज धोरी॥**
**जब समुझत रघुनाथ सुभाऊ। तब पथ परत उताइल पाऊ॥**

आमाले गरेको खराब कामले उहाँलाई फर्काउँदछ, तर धैर्यको धुरीलाई धारण गर्नेवाला भरतजी भक्तिको बलले हिँडिरहनुभएको छ। जब रघुनाथजीका स्वभावलाई सम्झनुहुन्छ, अनि बाटोमा उहाँका चरण छिटो-छिटो हिंड्न (चल्न) लाग्छन्॥ ३॥

**भरत दसा तेहि अवसर कैसी। जल प्रबाहँ जल अलि गति जैसी॥**
**देखि भरत कर सोचु सनेहू। भा निषाद तेहि समयँ बिदेहू॥**

त्यस समय भरतजीको दशा कस्तो छ? जस्तै जलको प्रवाहमा जलका भुँवरीको गति हुन्छ। भरतजीको चिन्ता र प्रेम देखेर त्यस समय निषाद विदेहजस्ता भए॥ ४॥

**दो०— लगे होन मंगल सगुन सुनि गुनि कहत निषादु।**
**मिटिहि सोचु होइहि हरषु पुनि परिनाम बिषादु॥ २३४॥**

मङ्गल लक्षण हुन लागे। त्यो सुनेर र विचार गरेर निषादले भन्न लागे— चिन्ता मेटिनेछ, हर्ष हुनेछ, तर अन्त्यमा दुःख हुनेछ॥ २३४॥

**सेवक बचन सत्य सब जाने। आश्रम निकट जाइ निअराने॥**
**भरत दीख बन सैल समाजू। मुदित छुधित जनु पाइ सुनाजू॥**

भरतजीले सेवक (गुह) का सबै वचन सत्य जान्नुभयो र उहाँ आश्रम समीप पुग्नुभयो। वहाँका वन र पर्वतका समूहलाई देख्नुभयो, त्यसपछि भरतजी यति आनन्दित हुनुभयो, मानौं कुनै भोको व्यक्तिले स्वादिष्ट भोजन पाएको छ॥ १॥

**ईति भीति जनु प्रजा दुखारी। त्रिबिध ताप पीड़ित ग्रह मारी॥**
**जाइ सुराज सुदेस सुखारी। होहिं भरत गति तेहि अनुहारी॥**

जस्तै ईतिको* भयले दुःखी भएका र तीनै (आध्यात्मिक, आधिदैविक र आधिभौतिक) ताप तथा क्रूर ग्रहहरू र महामारीबाट पीडित प्रजा कुनै उत्तम देश र उत्तम राज्यमा गएर सुखी हुन्छन्, भरतजीको गति (दशा) ठीक त्यही प्रकारको भइरहेको छ॥ २॥

**राम बास बन संपति भ्राजा। सुखी प्रजा जनु पाइ सुराजा॥**
**सचिव बिरागु बिबेकु नरेसू। बिपिन सुहावन पावन देसू॥**

श्रीरामचन्द्रको निवासमा वनको सम्पत्ति यस्तो सुशोभित छ, मानौं असल राजालाई पाएर प्रजा सुखी भएका छन्। सुन्दर वन नै पवित्र देश हो। विवेक उसको राजा हो र वैराग्य मन्त्री हो।॥ ३॥

**भट जम नियम सैल रजधानी। सांति सुमति सुचि सुंदर रानी॥**
**सकल अंग संपन्न सुराऊ। राम चरन आश्रित चित चाऊ॥**

यम (अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह) तथा नियम (शौच, सन्तोष, तप, स्वाध्याय र ईश्वरप्रणिधान) योद्धा हुन्। पर्वत राजधानी हो, शान्ति तथा सुबुद्धि दुई सुन्दर पवित्र रानीहरू हुन्। त्यो श्रेष्ठ राजाको राज्यका सबै अङ्गले† पूर्ण छ र श्रीरामचन्द्रका चरणमा आश्रित रहनाले उसको चित्तमा रुचि (आनन्द या उत्साह) छ॥ ४॥

**दो०— जीति मोह महिपालु दल सहित बिबेक भुआलु।**
**करत अकंटक राजु पुरँ सुख संपदा सुकालु॥ २३५॥**

---

* धेरै जल बर्सनु, नबर्सनु, मुसाको उत्पात, सलह किरा (फट्याङ्ग्रा), सुगा र अन्य राजाको आक्रमण— खेतमा बाधा दिनेवाला यी छः उपद्रवलाई 'ईति' भनिन्छ।

† राजा, मन्त्री, सुहृद्, कोष, राष्ट्र, किल्ला र सेना— राज्यका यी सात अङ्ग हुन्। (मानस-पीयूषबाट)

मोहरूपी राजाका सेनासहित जितेर विवेकरूपी राजाले निष्कण्टक राज्य गरिरहेको छ। उनको देशमा सुख, सम्पत्ति र सुकाल (राम्रो समय) वर्तमान छ॥ २३५॥

**बन प्रदेस मुनि बास घनेरे। जनु पुर नगर गाउँ गन खेरे॥**
**बिपुल बिचित्र बिहग मृग नाना। प्रजा समाजु न जाइ बखाना॥**

वनरूपी जिल्लामा जुन मुनिहरूका धेरै नै निवासस्थान छन्, उही मानौं शहर, गाउँ, नगरहरू र स-साना टोलका समूह हुन्। धेरै नै विचित्र पक्षी र अनेकौं पशु नै मानौं प्रजाहरूको समाज हुन्, जसको वर्णन गर्न नै सकिंदैन॥ १॥

**खगहा करि हरि बाघ बराहा। देखि महिष बृष साजु सराहा॥**
**बयरु बिहाइ चरहिं एक संगा। जहँ तहँ मनहुँ सेन चतुरंगा॥**

गैंडा, हात्ती, सिंह, बाघ, सुँगुर, भैंसी र गोरुहरूको अङ्ग-प्रत्यङ्गको बनावट देखेर प्रशंसा गर्न मन लाग्दछ। यी सबै आपसमा वैर छोडेर सँगसँगै यत्रतत्र घुम्दछन्। यी मानौं चतुरङ्गिणी सेना हुन्॥ २॥

**झरना झरहिं मत्त गज गाजहिं। मनहुँ निसान बिबिधि बिधि बाजहिं॥**
**चक चकोर चातक सुक पिक गन। कूजत मंजु मराल मुदित मन॥**

पानीका झरना झरिरहेका छन् र मत्त (मत्ता) हात्ती कराइरहेका छन्। त्यो नै मानौं, त्यहाँ अनेकौं प्रकारका नगरा बजिरहेका छन्। चखेवा, च्याखुरा, भ्यागुता, सुगा र कोइलीका समूह र सुन्दर हाँस प्रसन्न मनले आ-आफ्नो बोलीमा कराइरहेका छन्॥ ३॥

**अलिगन गावत नाचत मोरा। जनु सुराज मंगल चहु ओरा॥**
**बेलि बिटप तृन सफल सफूला। सब समाजु मुद मंगल मूला॥**

भमराका समूह भुइँभुइँ गर्दै गुञ्जन गरेका छन् र मयूर नाचिरहेका छन्। मानौं, त्यस असल राज्यमा चारैतर्फ मङ्गल भइरहेको छ। लता (लहरा), वृक्ष, तृण सबै फल र फूलहरूले युक्त छन्। सारा समाज आनन्द र मङ्गलको मूल बनिरहेको छ॥ ४॥

दो०— **राम सैल सोभा निरखि भरत हृदयँ अति पेमु।**
**तापस तप फलु पाइ जिमि सुखी सिरानें नेमु॥ २३६॥**

श्रीरामजी भएको पर्वतको शोभालाई देखेर भरतजीको हृदयमा यसरी अत्यन्त प्रेम भयो। जसरी तपस्वी नियम समाप्त भएपछि तपस्याको फल पाएर सुखी हुन्छ॥ २३६॥

**मासपारायण, बीसौं विश्राम**

**नवाहपारायण, पाँचौं विश्राम**

**तब केवट ऊँचें चढ़ि धाई। कहेउ भरत सन भुजा उठाई॥**
**नाथ देखिअहिं बिटप बिसाला। पाकरि जंबु रसाल तमाला॥**

त्यसपछि केवट दौडेर माथि (अग्लो ठाउँमा)चढेर भुजा उठाउँदै भरतजीसँग भन्न लागे— हे नाथ! यो जुन काउरो (काभ्रो), जामुन, आँप र तमालका विशाल वृक्ष देखिएका छन्, ॥ १ ॥

**जिन्ह तरुबरन्ह मध्य बटु सोहा। मंजु बिसाल देखि मनु मोहा॥**
**नील सघन पल्लव फल लाला। अबिरल छाहँ सुखद सब काला॥**

जुन श्रेष्ठ वृक्षको बीचमा एक सुन्दर विशाल बरको वृक्ष सुशोभित छ, जसलाई देखेर मन मोहित हुन्छ, उसका पात नीला र बाक्ला छन् र राता फल लागेका छन्। त्यसको बाक्लो छाया (अटुट रूपमा) सबै ऋतुहरूमा सुखदायक छ॥ २॥

**मानहुँ तिमिर अरुनमय रासी। बिरची बिधि सँकेलि सुषमा सी॥**
**ए तरु सरित समीप गोसाँई। रघुबर परनकुटी जहँ छाई॥**

मानौं ब्रह्माजीले परम शोभालाई एकत्रित गरेर अन्धकार र लालिमामय राशि (लाली) जस्तो रच्नुभएको छ। हे भगवान्! यो वृक्ष नदीको नजिक छ, जहाँ श्रीरामको पर्णकुटी छाइएको छ॥ ३॥

**तुलसी तरुबर बिबिध सुहाए। कहुँ कहुँ सियँ कहुँ लखन लगाए॥**
**बट छायाँ बेदिका बनाई। सियँ निज पानि सरोज सुहाई॥**

त्यहाँ तुलसीका धेरै नै सुन्दर वृक्ष सुशोभित छन्, जहाँ कहीं-कहीं सीताजीले र कहीं लक्ष्मणजीले लगाउनुभएको छ। यही बरको छायामा सीताजीले आफ्ना करकमलले सुन्दर वेदी (मण्डप, चौको) बनाउनुभएको छ॥ ४॥

दो०— **जहाँ बैठि मुनिगन सहित नित सिय रामु सुजान।**
**सुनहिं कथा इतिहास सब आगम निगम पुरान॥ २३७॥**

जहाँ सुजान सीतारामजी मुनिहरूका समूहसहित बसेर दिनहुँ शास्त्र, वेद र पुराणहरूका सबै कथा-इतिहास सुन्नुहुन्छ॥ २३७॥

**सखा बचन सुनि बिटप निहारी। उमगे भरत बिलोचन बारी॥**
**करत प्रनाम चले दोउ भाई। कहत प्रीति सारद सकुचाई॥**

सखाका वचन सुनेर र वृक्षलाई देखेर भरतजीका नेत्रमा जलको मूल फुटेर आयो। दुवै भाइ प्रणाम गर्दै हिँड्नुभएको छ। उहाँको प्रेमको वर्णन गर्नलाई सरस्वती पनि लाज मान्दछिन्॥ १॥

**हरषहिं निरखि राम पद अंका। मानहुँ पारसु पायउ रंका॥**
**रज सिर धरि हियँ नयनन्हि लावहिं। रघुबर मिलन सरिस सुख पावहिं॥**

श्रीरामचन्द्रजीका चरणचिह्न देखेर दुवै भाइ यसरी हर्षित हुनुभएको छ मानौं दरिद्रीले पारस पाएको छ। उहाँको रजलाई शिरमा राखेर हृदयमा र नेत्रमा लगाउनुहुन्छ र श्रीरघुनाथसँग भेट भएको समान सुख पाउनुभएको छ॥ २॥

**देखि भरत गति अकथ अतीवा। प्रेम मगन मृग खग जड़ जीवा॥**
**सखहि सनेह बिबस मग भूला। कहि सुपंथ सुर बरषहिं फूला॥**

भरतजीको अत्यन्त अनिर्वचनीय (वर्णन गर्न नसकिने) दशा देखेर वनका पशु, पक्षी र जड (वृक्षादि) जीव प्रेममा मग्न भएका छन्। प्रेमको विशेष वश हुनाले सखा निषादराजले पनि बाटो भुले। त्यसपछि देवताले सुन्दर बाटो बताएर फूल बर्साउन लागे॥ ३॥

**निरखि सिद्ध साधक अनुरागे। सहज सनेहु सराहन लागे॥**
**होत न भूतल भाउ भरत को। अचर सचर चर अचर करत को॥**

भरतजीको प्रेमको यस स्थितिलाई देखेर सिद्ध र साधकहरू पनि अनुराग (प्रेम) ले भरिए र उहाँको स्वाभाविक प्रेमको प्रशंसा गर्न लागे कि यदि यस पृथ्वीमा भरतजीको जन्म [अथवा प्रेम] नभएको भए, त जडलाई चेतन र चेतनलाई जड कसले गराउन सक्थ्यो?॥ ४॥

दो०— **पेम अमिअ मंदरु बिरहु भरतु पयोधि गँभीर।**
**मथि प्रगटेउ सुर साधु हित कृपासिंधु रघुबीर॥ २३८॥**

प्रेम अमृत हो, विरह मन्दराचल पर्वत हो, भरतजी गहिरो समुद्र हुनुहुन्छ। कृपाका समुद्र रामचन्द्रजीले देवता र साधुहरूको हितका लागि स्वयं [यस भरतरूपी गहिरो समुद्रलाई आफ्नो विरहरूपी मन्दराचलले] मन्थन गरेर यो प्रेमरूपी अमृत प्रकट गर्नुभएको छ॥ २३८॥

**सखा समेत मनोहर जोटा। लखेउ न लखन सघन बन ओटा॥**
**भरत दीख प्रभु आश्रमु पावन। सकल सुमंगल सदनु सुहावन॥**

सखा निषादराजसहित यस मनोहर जोडीलाई बाक्लो वनको आड (छाया) को कारण लक्ष्मणजीले देख्न पाउनुभएन। भरतजीले प्रभु रामचन्द्रजीका समस्त सुमङ्गलहरूको धाम र सुन्दर पवित्र आश्रमलाई देख्नुभयो॥ १॥

**करत प्रबेस मिटे दुख दावा। जनु जोगीं परमारथु पावा॥**
**देखे भरत लखन प्रभु आगे। पूँछे बचन कहत अनुरागे॥**

आश्रममा प्रवेश गर्दा नै भरतजीको दुःख र ज्वाला मेटियो, मानौं योगीलाई परमार्थ (परमतत्त्व) को प्राप्ति भयो। भरतजीले देख्नुभयो कि लक्ष्मणजी प्रभुका अघिल्तिर उभिनुभएको छ र सोधेका वचन प्रेमपूर्वक भनिरहनुभएको छ॥ २॥

**सीस जटा कटि मुनि पट बाँधें। तून कसें कर सरु धनु काँधें॥**
**बेदी पर मुनि साधु समाजू। सीय सहित राजत रघुराजू॥**

शिरमा जटा छन्, कम्मरमा मुनिहरूका (वल्कल) वस्त्र बाँध्नुभएको छ र त्यसैमा ठोक्रो बाँध्नुभएको छ। हातमा बाण तथा काँधमा धनुष छ, वेदीमा मुनि तथा साधुहरूका समुदाय बसेका छन् र सीताजीसहित श्रीरघुनाथजी विराजमान हुनुहुन्छ॥ ३॥

**बलकल बसन जटिल तनु स्यामा। जनु मुनिबेष कीन्ह रति कामा॥**
**कर कमलनि धनु सायकु फेरत। जिय की जरनि हरत हँसि हेरत॥**

श्रीरामजीका वल्कल वस्त्र छन्, जटा धारण गर्नुभएको छ, श्याम शरीर छ। [सीतारामजी यस्तो लाग्नुभएको छ] मानौं रति र कामदेवले मुनिको वेष धारण गरेका छन्। श्रीराम आफ्नो करकमलले धनुष-बाण चारैतर्फ घुमाइरहनुभएको छ र हाँसेर हेर्दा नै शरीरको ज्वाला हरण गर्नुहुन्छ (अर्थात् जसतर्फ पनि एक पटक हाँसेर हेर्नुहुन्छ, उसलाई परम आनन्द र शान्ति मिल्दछ।) ॥ ४ ॥

दो०—**लसत मंजु मुनि मंडली मध्य सीय रघुचंदु।**
**ग्यान सभाँ जनु तनु धरें भगति सच्चिदानंदु॥ २३९॥**

सुन्दर मुनिमण्डलका बीचमा सीताजी र रघुकुलचन्द्र श्रीरामचन्द्र यसरी सुशोभित हुनुभएको छ, मानौं ज्ञानको सभामा साक्षात् भक्ति र सच्चिदानन्दले शरीर धारण गरेर विराजमान भएका छन्॥ २३९॥

**सानुज सखा समेत मगन मन। बिसरे हरष सोक सुख दुख गन॥**
**पाहि नाथ कहि पाहि गोसाईं। भूतल परे लकुट की नाईं॥**

कान्छा भाइ शत्रुघ्न र सखा निषादराजसमेत भरतजीको मन [प्रेममा] मग्न भइरहेको छ। हर्ष र शोक, सुख-दुःख आदि सबै भुल्नुभयो। 'हे नाथ! रक्षा गरिबक्सियोस्, हे भगवान्! रक्षा गरिबक्सियोस्' यस्तो भनेर उहाँ पृथ्वीमा लौरोझैं पल्टिनुभयो॥ १॥

**बचन सपेम लखन पहिचाने। करत प्रनामु भरत जियँ जाने॥**
**बंधु सनेह सरस एहि ओरा। उत साहिब सेवा बस जोरा॥**

प्रेमले भरिएका वचनहरूबाट लक्ष्मणजीले चिन्नुभयो र मनमा जान्नुभयो कि भरतजीले प्रणाम गरिरहनुभएको छ। [उहाँ श्रीरामतर्फ मुख गरेर उभिनुभएको थियो, भरतजी पिठिउँतिर हुनुहुन्थ्यो, यसैले उहाँले देख्नुभएन।] अब यतातर्फ भाइ भरतको सरस प्रेम र उता स्वामी श्रीरामचन्द्रको सेवाको प्रबल परवशता॥ २॥

**मिलि न जाइ नहिं गुदरत बनई। सुकबि लखन मन की गति भनई॥**
**रहे राखि सेवा पर भारू। चढ़ी चंग जनु खैंच खेलारू॥**

न त [क्षणभरको लागि पनि सेवाबाट पृथक् भएर] भेट हुन नै मिल्दछ र न [प्रेमवश] छोड्न (उपेक्षा गर्न) नै। कुनै श्रेष्ठ कवि नै लक्ष्मणजीको चित्तको यस गति (दुविधा) लाई वर्णन गर्न सक्दछ। उहाँले सेवामा भार राखिराख्नुभयो (सेवा नै विशेष महत्त्वपूर्ण सम्झेर त्यसैमा लागिरहनुभयो) मानौं उडिरहेको चङ्गालाई खेलाडीले तानिरहेको छ॥ ३॥

**कहत सप्रेम नाइ महि माथा। भरत प्रनाम करत रघुनाथा॥**
**उठे रामु सुनि पेम अधीरा। कहुँ पट कहुँ निषंग धनु तीरा॥**

लक्ष्मणजीले प्रेमसहित पृथ्वीमा शिर झुकाएर भन्नुभयो—हे रघुनाथजी! भरतजीले प्रणाम गरिरहनुभएको छ। यस्तो सुन्दा नै श्रीरघुनाथ प्रेममा अधीर भएर उठ्नुभयो। कहीं वस्त्र खसे, कहीं तरकस, कहीं धनुष र कहीं बाण॥ ४॥

दो०— **बरबस लिए उठाइ उर लाए कृपानिधान।**
**भरत राम की मिलनि लखि बिसरे सबहि अपान॥ २४०॥**

कृपानिधान श्रीरामचन्द्रले उहाँलाई जबरजस्ती उठाएर हृदयमा लगाउनुभयो। भरतजी र श्रीरामको मिलनको रीतिलाई देखेर सबैले आफ्नो सुद्धि (हालत) भुले॥ २४०॥

**मिलनि प्रीति किमि जाइ बखानी। कबिकुल अगम करम मन बानी॥**
**परम पेम पूरन दोउ भाई। मन बुधि चित अहमिति बिसराई॥**

मिलनजन्य प्रीति कसरी वर्णन गर्न सकिन्छ? त्यो त कविकुलको लागि कर्म, मन, वाणी तीनैबाट अगम छ। दुवै भाइ (भरतजी र रामजी) मन, बुद्धि, चित्त र अहङ्कारलाई बिर्सेर परम प्रेमले पूर्ण भइरहनुभएको छ॥ १॥

**कहहु सुपेम प्रगट को करई। केहि छाया कबि मति अनुसरई॥**
**कबिहि अरथ आखर बलु साँचा। अनुहरि ताल गतिहि नटु नाचा॥**

भन्नुहोस्, त्यस श्रेष्ठ प्रेमलाई कसले प्रकट गर्न सक्दछ? कविको बुद्धिले कसको छाया अनुसरण गर्ने? कविलाई त अक्षर र अर्थको नै सच्चा बल हुन्छ। नट (नाच्ने मानिस) तालको गतिअनुसार नै नाच्दछ!॥ २॥

**अगम सनेह भरत रघुबर को। जहँ न जाइ मनु बिधि हरि हर को॥**
**सो मैं कुमति कहौं केहि भाँती। बाज सुराग कि गाँडर ताँती॥**

भरतजी र श्रीरघुनाथको प्रेम अगम्य छ, जहाँ ब्रह्मा, विष्णु र महादेवको पनि मन जान सक्दैन। त्यस प्रेमलाई म कुबुद्धिले कुन प्रकारले भनौं! भन्नुहोस्, सिमघाँसको (पोखरी या झीलमा पाइने एक प्रकारको घाँसको) डाँठले पनि कहीं सुन्दर राग (स्वर) बज्न सक्दछ?॥ ३॥

**मिलनि बिलोकि भरत रघुबर की। सुरगन सभय धकधकी धरकी॥**
**समुझाए सुरगुरु जड़ जागे। बरषि प्रसून प्रसंसन लागे॥**

भरतजी र श्रीरामचन्द्रको मिलनको ढङ्ग देखेर देवता भयभीत भए, उनको धुक्धुकी धड्कन लाग्यो। देवगण बृहस्पतिले सम्झाए, त्यसपछि ती मूर्खहरूले बुझे अनि फूल बर्साएर प्रशंसा गर्न थाले॥ ४॥

दो०— **मिलि सपेम रिपुसूदनहि केवटु भेंटेउ राम।**
**भूरि भायँ भेंटे भरत लछिमन करत प्रनाम॥ २४१॥**

फेरि रामजी प्रेमका साथ शत्रुघ्नसँग भेट हुनुभयो र त्यसपछि केवट (निषादराज) सँग भेट हुनुभयो। प्रणाम गर्दा लक्ष्मणजीसँग भरतजी अति नै प्रेमले भेट हुनुभयो॥ २४१॥

**भेंटेउ लखन ललकि लघु भाई। बहुरि निषादु लीन्ह उर लाई॥**
**पुनि मुनिगन दुहुँ भाइन्ह बंदे। अभिमत आसिष पाइ अनंदे॥**

त्यसपछि लक्ष्मणजी धेरै उमङ्गका साथ कान्छा भाइ शत्रुघ्नसँग भेट हुनुभयो। फेरि उहाँले निषादराजलाई हृदयमा लगाउनुभयो। पुनः भरत-शत्रुघ्न दुवै भाइहरूले [उपस्थित] मुनिहरूलाई प्रणाम गर्नुभयो र इच्छित आशीर्वाद पाएर उहाँहरू आनन्दित हुनुभयो॥ १॥

**सानुज भरत उमगि अनुरागा। धरि सिर सिय पद पदुम परागा॥**
**पुनि पुनि करत प्रनाम उठाए। सिर कर कमल परसि बैठाए॥**

भाइ शत्रुघ्नसहित भरतजी प्रेममा उर्लेर (उम्लेर) सीताजीका चरणकमलका रज शिरमा धारण गरेर बारम्बार प्रणाम गर्न लाग्नुभयो। सीताजीले उहाँहरूलाई उठाएर उहाँहरूका शिरलाई आफ्ना करकमलले स्पर्श गरेर उहाँहरू दुवैलाई बसाल्नुभयो॥ २॥

**सीयँ असीस दीन्हि मन माहीं। मगन सनेहँ देह सुधि नाहीं॥**
**सब बिधि सानुकूल लखि सीता। भे निसोच उर अपडर बीता॥**

सीताजीले मन-मनै आशीर्वाद दिनुभयो; किनकि उहाँ स्नेहमा मग्न हुनुहुन्छ, उहाँलाई शरीरको थाहा छैन। सीताजीलाई सबै प्रकारले आफ्नो अनुकूल देखेर भरतजी सोचरहित हुनुभयो र उहाँको हृदयको कल्पित भय हरायो॥ ३॥

**कोउ किछु कहइ न कोउ किछु पूँछा। प्रेम भरा मन निज गति छूँछा॥**
**तेहि अवसर केवटु धीरजु धरि। जोरि पानि बिनवत प्रनामु करि॥**

त्यस समय न कसैले केही भन्नुहुन्छ, न कसैले केही सोध्नुहुन्छ! मन प्रेमले परिपूर्ण छ, ऊ आफ्नो गतिले खाली छ, (अर्थात् सङ्कल्प-विकल्प र चाञ्चल्यदेखि शून्य छ)। त्यस अवसरमा केवट (निषादराज) धैर्य धारण गरेर र हात जोडेर प्रणाम गरी बिन्ती गर्न लागे— ॥ ४॥

दो०— **नाथ साथ मुनिनाथ के मातु सकल पुर लोग।**
**सेवक सेनप सचिव सब आए बिकल बियोग॥ २४२॥**

हे नाथ! मुनिनाथ वशिष्ठजीका साथ सबै आमाहरू, नगरवासी, सेवक, सेनापति, मन्त्री— सबै हजुरको वियोगले व्याकुल भएर यहाँ आउनुभएको छ॥ २४२॥

**सीलसिंधु सुनि गुर आगवनू। सिय समीप राखे रिपुदवनू॥**
**चले सबेग रामु तेहि काला। धीर धरम धुर दीनदयाला॥**

गुरुको आगमन सुनेर शीलका समुद्र श्रीरामचन्द्रले सीताजीसँग शत्रुघ्नजीलाई राख्नुभयो र उनै परम धीर, धर्मधुरन्धर दीनदयालु श्रीरामचन्द्र त्यस समय वेगपूर्वक हिँडिहाल्नुभयो॥ १॥

**गुरहि देखि सानुज अनुरागे। दंड प्रनाम करन प्रभु लागे॥**
**मुनिबर धाइ लिए उर लाई। प्रेम उमगि भेंटे दोउ भाई॥**

गुरुजीको दर्शन गरेर लक्ष्मणजीसहित प्रभु श्रीरामचन्द्र प्रेममा भरिनुभयो र दण्डवत्प्रणाम गर्न लाग्नुभयो। मुनिश्रेष्ठ वशिष्ठजीले दौडेर उहाँलाई हृदयमा लगाउनुभयो र प्रेममा उम्लेर (उर्लेर) उहाँ दुवै भाइसँग भेट हुनुभयो॥ २॥

**प्रेम पुलकि केवट कहि नामू। कीन्ह दूरि तें दंड प्रनामू॥**
**रामसखा रिषि बरबस भेंटा। जनु महि लुठत सनेह समेटा॥**

फेरि प्रेमले पुलकित हुँदै केवट (निषादराज) ले आफ्नो नाम लिएर टाढैबाट वशिष्ठजीलाई दण्डवत्-प्रणाम गरे। ऋषि वशिष्ठजीले रामसखा जानेर उनलाई जबरजस्ती हृदयमा लगाउनुभयो। मानौं जमिनमा लोट्दै गरेको प्रेमलाई बटुल्नुभएको छ॥ ३॥

**रघुपति भगति सुमंगल मूला। नभ सराहि सुर बरिसहिं फूला॥**
**एहि सम निपट नीच कोउ नाहीं। बड़ बसिष्ठ सम को जग माहीं॥**

श्रीरघुनाथको भक्ति सुन्दर मङ्गलहरूको मूल हो, यस्तो भनेर सराहना गर्दै देवताले आकाशमा फूल बर्साउन लागे। उनीहरूले भन्न लागे—जगत्मा यी समानको सर्वथा नीच कोही छैनन् र वशिष्ठजी समान ठूलो पनि कोही छैनन्?॥ ४॥

दो०— **जेहि लखि लखनहु तें अधिक मिले मुदित मुनिराउ।**
**सो सीतापति भजन को प्रगट प्रताप प्रभाउ॥ २४३॥**

जुन (निषाद) लाई देखेर मुनिराज वशिष्ठजी लक्ष्मणजीसँग भन्दा पनि अधिक आनन्दित भएर भेटिनुभयो। यो सबै सीतापति श्रीरामचन्द्रको भजनको प्रत्यक्ष प्रताप र प्रभाव हो॥ २४३॥

**आरत लोग राम सबु जाना। करुनाकर सुजान भगवाना॥**
**जो जेहि भायँ रहा अभिलाषी। तेहि तेहि कै तसि तसि रुख राखी॥**

दयाका खानी, सुजान भगवान् श्रीरामले सबै जनालाई दुःखी (भेट हुनको लागि व्याकुल) जान्नुभयो। त्यसपछि जसको जुन भावनाले भेट हुने भावना थियो, त्यस-त्यससँग त्यसै प्रकारको रुचिअनुसार॥ १॥

**सानुज मिलि पल महुँ सब काहू। कीन्ह दूरि दुखु दारुन दाहू॥**
**यह बड़ि बात राम कै नाहीं। जिमि घट कोटि एक रबि छाहीं॥**

उहाँले लक्ष्मणजीसहित पलभरमा सबै जनासँग भेट भएर उनीहरूको दुःख र कठिन सन्तापलाई हरण गर्नुभयो। श्रीरामचन्द्रको लागि यो कुनै ठूलो कुरा होइन। जस्तै करोडौं घडामा एउटै सूर्यको [पृथक्-पृथक्] छाया (प्रतिविम्ब) एकै चोटि देखिन्छ॥ २॥

**मिलि केवटहि उमगि अनुरागा। पुरजन सकल सराहहिं भागा॥**
**देखीं राम दुखित महतारीं। जनु सुबेलि अवलीं हिम मारीं॥**

समस्त पुरवासी प्रेममा उम्लेर (उर्लेर) केवटसँग भेट भएर [उनको] भाग्यको सराहना गर्दछन्। श्रीरामचन्द्रले सबै आमाहरूलाई दुःखी देख्नुभयो। मानौं सुन्दर लहरा (लता) को पङ्क्तिमा तुषारो परेको छ॥ ३॥

**प्रथम राम भेंटी कैकेई। सरल सुभायँ भगति मति भेई॥**
**पग परि कीन्ह प्रबोधु बहोरी। काल करम बिधि सिर धरि खोरी॥**

सबैभन्दा पहिला रामजी कैकेयीसँग भेट हुनुभयो र आफ्नो सरल स्वभाव तथा भक्तिले उनको बुद्धिलाई भिजाइदिनुभयो। फेरि चरणमा पल्टेर काल, कर्म र विधाताको शिरमा दोष लगाउँदै श्रीरामले उहाँलाई सान्त्वना दिनुभयो॥ ४॥

दो०— **भेंटी रघुबर मातु सब करि प्रबोधु परितोषु।**
**अंब ईस आधीन जगु काहु न देइअ दोषु॥ २४४॥**

फेरि श्रीरघुनाथ सबै आमासँग भेट हुनुभयो। उहाँले सबैलाई सम्झाएर-बुझाएर सन्तोष गराउनुभयो कि हे आमा! जगत् ईश्वरको अधीनमा छ। कसैलाई पनि दोष दिनुहुँदैन॥ २४४॥

**गुरतिय पद बंदे दुहु भाईं। सहित बिप्रतिय जे सँग आईं॥**
**गंग गौरि सम सब सनमानीं। देहिं असीस मुदित मृदु बानीं॥**

फेरि दुवै भाइहरूले ब्राह्मणहरूका स्त्रीहरूसहित—जो भरतजीसँग आएका थिए, गुरुजीकी पत्नी अरुन्धतीजीका चरणको वन्दना गर्नुभयो र अन्य सबैलाई गङ्गाजी तथा गौरीजीलाई झैं सम्मान गर्नुभयो। उनीहरू सबै आनन्दित भएर कोमल वाणीले आशीर्वाद दिन लागे॥ १॥

**गहि पद लगे सुमित्रा अंका। जनु भेंटी संपति अति रंका॥**
**पुनि जननी चरननि दोउ भ्राता। परे पेम ब्याकुल सब गाता॥**

त्यसपछि दुवै भाइ चरण समातेर सुमित्राजीको काखमा टाँसिनुभयो। मानौं कुनै अत्यन्त दरिद्रीलाई सम्पत्ति प्राप्त भएको छ। फेरि दुवै भाइ आमा कौसल्याजीका चरणमा पल्टिनुभयो। प्रेमले गर्दा उहाँका सबै अङ्ग शिथिल भएका छन्॥ २॥

**अति अनुराग अंब उर लाए। नयन सनेह सलिल अन्हवाए॥**
**तेहि अवसर कर हरष बिषादू। किमि कबि कहै मूक जिमि स्वादू॥**

अति नै स्नेहपूर्वक आमाले उहाँहरूलाई हृदयमा लगाउनुभयो र नेत्रबाट बगेका प्रेमाश्रुका जलले उहाँहरूलाई नुहाइदिनुभयो। त्यस समयको हर्ष र विषादलाई कविले कसरी भन्ने? जस्तै लाटोले कुनै पनि स्वादलाई कसरी बताउँछ?॥ ३॥

**मिलि जननिहि सानुज रघुराऊ। गुर सन कहेउ कि धारिअ पाऊ॥**
**पुरजन पाइ मुनीस नियोगू। जल थल तकि तकि उतरेउ लोगू॥**

श्रीरघुनाथले भाइ लक्ष्मणजीसहित आमा कौसल्याजीसँग भेट भएर गुरुसँग भन्नुभयो कि आश्रममा सवारी होस्। तदनन्तर मुनीश्वर वशिष्ठजीको आज्ञा पाएर अयोध्यावासी सबै जनाले जल र स्थलको सुविधा सबैले देखेर बास बस्नको लागि तर्खर गर्न लागे॥ ४॥

दो०— **महिसुर मंत्री मातु गुर गने लोग लिए साथ।**
**पावन आश्रम गवनु किय भरत लखन रघुनाथ॥ २४५॥**

ब्राह्मण, मन्त्री, आमाहरू र गुरु आदि गण्य-मान्य व्यक्तिलाई साथमा नै लिएर, भरतजी, लक्ष्मणजी र श्रीरघुनाथजी पवित्र आश्रममा हिंड्नुभयो॥ २४५॥

**सीय आइ मुनिबर पग लागी। उचित असीस लही मन मागी॥**
**गुरपतिनिहि मुनितियन्ह समेता। मिली पेमु कहि जाइ न जेता॥**

सीताजी आएर मुनिश्रेष्ठ वशिष्ठका चरणमा लाग्नुभयो अर्थात् प्रणाम गर्नुभयो र उहाँले मनले खोजेको उचित आशिष पाउनुभयो। फेरि मुनिहरूका स्त्रीहरूसहित गुरुपत्नी अरुन्धतीजीसँग भेट हुनुभयो। उहाँको जति प्रेम थियो, त्यसलाई भन्न सकिंदैन॥ १॥

**बंदि बंदि पग सिय सबही के। आसिरबचन लहे प्रिय जी के॥**
**सासु सकल जब सीयँ निहारीं। मूदे नयन सहमि सुकुमारीं॥**

सीताजीले सबैका चरणका अलग-अलग वन्दना गरेर आफ्नो हृदयमा प्रिय लाग्नेवाला आशीर्वाद पाउनुभयो। जब सुकुमारी सीताजीले सबै सासूहरूलाई देख्नुभयो, अनि उहाँले डराएर आफ्ना आँखा बन्द गर्नुभयो॥ २॥

**परीं बधिक बस मनहुँ मरालीं। काह कीन्ह करतार कुचालीं॥**
**तिन्ह सिय निरखि निपट दुखु पावा। सो सबु सहिअ जो दैउ सहावा॥**

[सासूहरूको खराब दशा देखेर] उहाँलाई यस्तो प्रतीत भयो, मानौं राजहंसिनीहरू व्याधाको वशमा परेका छन्। [मनमा सोच्न लाग्नुभयो कि] कुचाली विधाताले के गरेर छोड्यो? उहाँहरूले पनि सीताजीलाई देखेर अत्यन्त दुःखी हुनुभयो। [सोच्नुभयो] दैवले जे गरे पनि उसलाई सबैले सहनै पर्छ॥ ३॥

**जनकसुता तब उर धरि धीरा। नील नलिन लोयन भरि नीरा॥**
**मिली सकल सासुन्ह सिय जाई। तेहि अवसर करुना महि छाई॥**

अनि जानकीजी हृदयमा धैर्य धारण गरेर, नीलकमलका समान नेत्रमा जल भर्दै, सबै सासूहरूसँग गएर भेट हुनुभयो। त्यस समय पृथ्वीमा करुणा भरियो॥ ४॥

दो०— **लागि लागि पग सबनि सिय भेंटति अति अनुराग।**
**हृदयँ असीसहिं पेम बस रहिअहु भरी सोहाग॥ २४६॥**

सीताजी सबैका चरण स्पर्श बारम्बार गरेर अत्यन्त प्रेमले भेट भइरहनुभएको छ र सबै सासूहरूले स्नेहवश हृदयले आशीर्वाद दिनुभएको छ कि तिमी सधैंभरी सौभाग्यवती भए॥ २४६॥

**बिकल सनेहँ सीय सब रानीं। बैठन सबहि कहेउ गुर ग्यानीं॥**
**कहि जग गति मायिक मुनिनाथा। कहे कछुक परमारथ गाथा॥**

सीताजी र सबै रानीहरू स्नेहले गर्दा व्याकुल हुनुहुन्छ। त्यसपछि ज्ञानी गुरुले सबैलाई बस्नको लागि भन्नुभयो। फेरि मुनिनाथ वशिष्ठजीले जगत्को गतिलाई मायिक भनेर (अर्थात् जगत् मायाको हो, यसमा केही पनि नित्य छैन, यस्तो भनेर) केही परमार्थका कथाहरू भन्नुभयो॥ १॥

**नृप कर सुरपुर गवनु सुनावा। सुनि रघुनाथ दुसह दुखु पावा॥**
**मरन हेतु निज नेहु बिचारी। भे अति बिकल धीर धुर धारी॥**

तदनन्तर वशिष्ठजीले राजा दशरथजीको स्वर्गगमनको कुरा सुनाउनुभयो, जसलाई सुनेर रघुनाथजीले दु:सह दु:ख पाउनुभयो र आफूप्रति उहाँको स्नेहलाई मरणको कारण विचार गरेर धीरधुरन्धर श्रीरामचन्द्र अत्यन्त व्याकुल हुनुभयो॥ २॥

**कुलिस कठोर सुनत कटु बानी। बिलपत लखन सीय सब रानी॥**
**सोक बिकल अति सकल समाजू। मानहुँ राजु अकाजेउ आजू॥**

वज्रको समान कठोर तथा कटु वाणी सुनेर लक्ष्मणजी, सीताजी र सबै रानीहरू विलाप गर्न लाग्नुभयो। सारा समाज शोकले अत्यन्त व्याकुल भयो! मानौं राजाको आज नै मृत्यु भएको छ॥ ३॥

**मुनिबर बहुरि राम समुझाए। सहित समाज सुसरित नहाए॥**
**ब्रत निरंबु तेहि दिन प्रभु कीन्हा। मुनिहु कहें जलु काहुँ न लीन्हा॥**

फेरि मुनिश्रेष्ठ वशिष्ठजीले श्रीरामलाई सम्झाउनुभयो। त्यसपछि उहाँले समाजसहित श्रेष्ठ नदी मन्दाकिनीमा स्नान गर्नुभयो। त्यस दिन प्रभु श्रीरामचन्द्रले निर्जल व्रत गर्नुभयो। मुनि वशिष्ठजीले भन्दाखेरि पनि कसैले जलसमेत ग्रहण गरेनन्॥ ४॥

दो०— **भोरु भएँ रघुनंदनहि जो मुनि आयसु दीन्ह।**
**श्रद्धा भगति समेत प्रभु सो सबु सादरु कीन्ह॥ २४७॥**

भोलिपल्ट उज्यालो हुनासाथ मुनि वशिष्ठजीले श्रीरघुनाथलाई जे-जस्तो आज्ञा दिनुभयो, त्यो सबै कार्य प्रभु श्रीरामचन्द्रले श्रद्धा-भक्तिसहित आदरका साथ गर्नुभयो॥ २४७॥

**करि पितु क्रिया बेद जसि बरनी। भे पुनीत पातक तम तरनी॥**
**जासु नाम पावक अघ तूला। सुमिरत सकल सुमंगल मूला॥**

वेदहरूमा जस्तो भनिएको छ, त्यसअनुसार पिताको क्रिया गरेर, पापरूपी अन्धकारलाई नष्ट गर्नेवाला सूर्यरूपी श्रीरामचन्द्र शुद्ध हुनुभयो! जसको नाम पापरूपी कपासको [तुरुन्तै जलाउनको] लागि अग्नि छ र जसको स्मरणमात्र समस्त शुभ मङ्गलहरूको मूल छ,॥ १॥

**सुद्ध सो भयउ साधु संमत अस। तीरथ आवाहन सुरसरि जस॥**
**सुद्ध भएँ दुइ बासर बीते। बोले गुर सन राम पिरीते॥**

उनै [नित्य शुद्ध-बुद्ध] भगवान् श्रीराम शुद्ध हुनुभयो! साधुहरूको यस्तो सम्मति छ कि उहाँ शुद्ध हुनु उस्तै नै हो, जस्तै तीर्थको आवाहनले गङ्गाजी शुद्ध हुन्छिन्! (गङ्गाजी त स्वभावैले नै शुद्ध छिन्, उनमा जुन तीर्थको आवाहन गरिन्छ उल्टै उही नै गङ्गाजीको सम्पर्कमा आउनाले शुद्ध हुन्छ। यस्तै प्रकारले सच्चिदानन्दरूप श्रीराम त नित्य शुद्ध हुनुहुन्छ, उहाँको संसर्गले कर्म नै शुद्ध भए।) जब शुद्ध भएको दुई दिन बित्यो, अनि श्रीरामचन्द्र प्रीतिपूर्वक गुरुजीसँग बोल्नुभयो— ॥ २॥

**नाथ लोग सब निपट दुखारी। कंद मूल फल अंबु अहारी॥**
**सानुज भरतु सचिव सब माता। देखि मोहि पल जिमि जुग जाता॥**

हे नाथ! सबै जना यहाँ अत्यन्तै दु:खी भइरहनुभएको छ। कन्द, मूल, फल र जलको आहार

नै गर्नुहुन्छ। भाइ शत्रुघ्नसहित भरत, मन्त्रीहरू र सबै आमाहरूलाई देखेर मलाई एक-एक पल युगको समान बितिरहेको छ॥ ३॥

**सब समेत पुर धारिअ पाऊ। आपु इहाँ अमरावति राऊ॥**
**बहुत कहेउँ सब कियउँ ढिठाई। उचित होइ तस करिअ गोसाँई॥**

अतः सबैसँग हजुर अयोध्यापुरीमा सवारी होस्। हजुर यहाँ होइबक्सिन्छ र राजा अमरावती (स्वर्ग) मा हुनुहुन्छ (अयोध्या सुनसान छ)! मैले धेरै भनें, यो सबै ठूलो धृष्टता गरेको छु। हे भगवान्! जस्तो उचित हुन्छ, उस्तै नै गरिबक्सियोस्॥ ४॥

दो०— **धर्म सेतु करुनायतन कस न कहहु अस राम।**
**लोग दुखित दिन दुइ दरस देखि लहहुँ बिश्राम॥ २४८॥**

[वशिष्ठजीले भन्नुभयो— ] हे राम! हजुर धर्मका सेतु र दयाका धाम हुनुहुन्छ, हजुरले भन्नुहोस् त यस्तो किन नभन्ने? मानिस दुःखी छन्। दुई दिन हजुरको दर्शन गरेर शान्ति-लाभ गरून्॥ २४८॥

**राम बचन सुनि सभय समाजू। जनु जलनिधि महुँ बिकल जहाजू॥**
**सुनि गुर गिरा सुमंगल मूला। भयउ मनहुँ मारुत अनुकूला॥**

श्रीरामका वचन सुनेर सारा समाज भयभीत भयो। मानौं बीच समुद्रमा जहाज डगमगाइरहेको छ। परन्तु जब उहाँले गुरु वशिष्ठजीका श्रेष्ठ कल्याणमूलक वाणी सुन्नुभयो, त्यसपछि त्यस जहाजको लागि हावा अनुकूल भयो॥ १॥

**पावन पयँ तिहुँ काल नहाहीं। जो बिलोकि अघ ओघ नसाहीं॥**
**मंगलमूरति लोचन भरि भरि। निरखहिं हरषि दंडवत करि करि॥**

सबै जना पवित्र पयस्विनी नदीमा [अथवा पयस्विनी नदीको पवित्र जलमा] त्रिकाल समयमा नै स्नान गर्दछन्, जसको दर्शनले नै पापहरूका समूह नष्ट हुन्छन् र मङ्गलमूर्ति श्रीरामचन्द्रलाई दण्डवत्-प्रणाम गरेर उनीहरूले नेत्र भरेर हेर्दछन्॥ २॥

**राम सैल बन देखन जाहीं। जहँ सुख सकल सकल दुख नाहीं॥**
**झरना झरहिं सुधासम बारी। त्रिबिध तापहर त्रिबिध बयारी॥**

सबै श्रीरामचन्द्रको पर्वत (कामदगिरि) र वनलाई हेर्न जान्छन्, जहाँ सबै सुख र सबै दुःखहरूको अभाव छ। छहरा (झरना) बाट अमृतसमान जल खसेको (झरेको) छ र तीनै प्रकारको (शीतल, मन्द, सुगन्ध) हावाले तीन प्रकारका (आध्यात्मिक, आधिभौतिक, आधिदैविक) तापहरूलाई हरण गर्दछ॥ ३॥

**बिटप बेलि तृन अगनित जाती। फल प्रसून पल्लव बहु भाँती॥**
**सुंदर सिला सुखद तरु छाहीं। जाइ बरनि बन छबि केहि पाहीं॥**

अगणित जातिका वृक्ष, लहरा (लता) र तृण (घाँस) छन् तथा धेरै प्रकारका फल, फूल र पात छन्। सुन्दर शिलाहरू छन्। वृक्षको छाया सुखदायक छ। वनको शोभालाई केसँग वर्णन गर्न सकिन्छ र?॥ ४॥

दो०— **सरनि सरोरुह जल बिहग कूजत गुंजत भृंग।**
**बैर बिगत बिहरत बिपिन मृग बिहंग बहुरंग॥ २४९॥**

तलाउ (पोखरी) मा कमल फुलेका छन्, जलका पक्षी मधुर बोली बोलेका छन्, भमरा गुञ्जन गरिरहेका छन् र धेरै रङ्गका पशु–पक्षीहरू वनमा वैररहित भएर भ्रमण गरेका छन्॥ २४९॥

### * वनवासीद्वारा भरतजीको मण्डलीलाई सत्कार, कैकेयीलाई पश्चात्ताप *

**कोल किरात भिल्ल बनबासी। मधु सुचि सुंदर स्वादु सुधा सी॥**
**भरि भरि परन पुटीं रचि रूरी। कंद मूल फल अंकुर जूरी॥**

कोल, किरात र भिल्ल (कुसुन्डो) आदि वनमा बस्नेवाला मानिसले पवित्र, सुन्दर एवं अमृतका जस्ता स्वादिष्ट मधु (मह) लाई सुन्दर दुना बनाएर र त्यसमा भरी–भरी तथा कन्द, मूल, फल र अङ्कुर आदिको बिटो (मुठा, भारी) लाई॥ १॥

**सबहि देहिं करि बिनय प्रनामा। कहि कहि स्वाद भेद गुन नामा॥**
**देहिं लोग बहु मोल न लेहीं। फेरत राम दोहाई देहीं॥**

सबैलाई बिन्ती र प्रणाम गरेर ती चीजहरूको अलग–अलग स्वाद, भेद (प्रकार), गुण र नाम बताएर दिन्छन्। मानिसले उनीहरूलाई धेरै नै रुपैयाँ दिन्छन्, तर उनीहरूले लिंदैनन् र फिर्ता दिनाले श्रीरामको नाम लिएर कराउँछन् अर्थात् राम! राम! के भन्नुभएको भन्दछन्॥ २॥

**कहहिं सनेह मगन मृदु बानी। मानत साधु पेम पहिचानी॥**
**तुम्ह सुकृती हम नीच निषादा। पावा दरसनु राम प्रसादा॥**

प्रेममा मग्न हुँदै उनीहरू कोमल वाणीले भन्दछन् कि साधुहरूले प्रेमलाई चिनेर उसको सम्मान गर्दछन् (अर्थात् हजुरहरू साधु हुनुहुन्छ, हजुरहरूले हाम्रो प्रेमलाई हेर्नुहोस्, रकम दिएर या वस्तु फर्काएर हाम्रो प्रेमको तिरस्कार नगर्नुहोस्)। हजुरहरू त पुण्यात्मा हुनुहुन्छ, हामी नीच निषाद हौं। श्रीरामको कृपाले नै हामीले हजुरहरूको दर्शन पाएका छौं॥ ३॥

**हमहि अगम अति दरसु तुम्हारा। जस मरु धरनि देवधुनि धारा॥**
**राम कृपाल निषाद नेवाजा। परिजन प्रजउ चहिअ जस राजा॥**

हामीहरूलाई हजुरहरूको दर्शन धेरै नै दुर्लभ छ, जस्तै मरुभूमिको लागि गङ्गाजीको धारा दुर्लभ छ! [हेर्नुहोस्,] कृपालु श्रीरामचन्द्रले निषादप्रति कस्तो कृपा गर्नुभएको छ। जस्तो राजा हुनुहुन्छ त्यस्तै उहाँको परिवार र प्रजाको पनि (व्यवहार) हुनुपर्दछ॥ ४॥

दो०— **यह जियँ जानि सँकोचु तजि करिअ छोहु लखि नेहु।**
**हमहि कृतारथ करन लगि फल तृन अंकुर लेहु॥ २५०॥**

हृदयमा यस्तो जानेर सङ्कोच छोडी हाम्रो प्रेम देखेर कृपा गर्नुहोस् र हामीलाई कृतार्थ गर्नका लागि नै फल, तृण र अङ्कुर (आँकुरा, टुसा) लिनुहोस्॥ २५०॥

**तुम्ह प्रिय पाहुने बन पगु धारे। सेवा जोगु न भाग हमारे॥**
**देब काह हम तुम्हहि गोसाँई। ईंधनु पात किरात मिताई॥**

हजुर प्रिय पाहुनाहरूको वनमा सवारी भएको छ। हजुरहरूको सेवा गर्नको लागि हाम्रो भाग्य छैन। हे स्वामी! हामीले हजुरहरूलाई के दिन सक्छौं? भिल्लहरूको मित्रता त यति मात्रै हो, दाउरा र पातहरू नै हुन्॥ १॥

**यह हमारि अति बड़ि सेवकाई। लेहिं न बासन बसन चोराई॥**
**हम जड़ जीव जीव गन घाती। कुटिल कुचाली कुमति कुजाती॥**

हाम्रो त यही नै धेरै ठूलो सेवा हो कि हामीले हजुरहरूका कपडा र बर्तन चोर्नेछैनौं। हामीहरू जड जीव हौं, जीवहरूको हिंसा गर्नेवाला, कुटिल, कुचाली (षड्यन्त्रकारी), कुबुद्धि र कुजाति हौं॥ २॥

**पाप करत निसि बासर जाहीं। नहिं पट कटि नहिं पेट अघाहीं॥**
**सपनेहुँ धरमबुद्धि कस काऊ। यह रघुनंदन दरस प्रभाऊ॥**

हामीलाई दिन-रात पाप गर्दा नै बित्दछ। तर पनि न हाम्रो कम्मरमा कपडा छ र न पेट नै भर्न सक्छौं। हामीलाई स्वप्नमा पनि कहिल्यै धर्मबुद्धि कस्तो? यो सबै त श्रीरघुनाथको दर्शनको प्रभाव हो॥ ३॥

**जब तें प्रभु पद पदुम निहारे। मिटे दुसह दुख दोष हमारे॥**
**बचन सुनत पुरजन अनुरागे। तिन्ह के भाग सराहन लागे॥**

जहिलेदेखि प्रभुका चरणकमल देख्यौं, त्यस समयदेखि हाम्रा दुःसह दुःख र दोष मेटिए। वनवासीहरूका वचन सुनेर अयोध्याका निवासी प्रेममा भरिए र उनीहरूको भाग्यको प्रशंसा गर्न लागे॥ ४॥

छं०— **लागे सराहन भाग सब अनुराग बचन सुनावहीं।**
**बोलनि मिलनि सिय राम चरन सनेहु लखि सुखु पावहीं॥**
**नर नारि निदरहिं नेहु निज सुनि कोल भिल्लनि की गिरा।**
**तुलसी कृपा रघुबंसमनि की लोह लै लौका तिरा॥**

सबैले उनीहरूको प्रशंसा गर्न लागे र प्रेमका वचन सुनाउन लागे। उनीहरूको बोल्ने र भेट्ने ढङ्ग तथा श्रीसीतारामका चरणमा उनीहरूको प्रेम देखेर सबैले सुख पाएका छन्। उनी कोल-भिल्लहरूको वाणी सुनेर सबै नर-नारीले आफ्नो प्रेमलाई निरादर गर्दछन् (उसलाई धिक्कार दिन्छन्)। तुलसीदासजीले भन्नुहुन्छ कि यो रघुवंशमणि श्रीरामचन्द्रको कृपा हो कि फलामले डुङ्गालाई आफूमाथि लिएर (राखेर) तरेको छ।

सो०— **बिहरहिं बन चहु ओर प्रतिदिन प्रमुदित लोग सब।**
**जल ज्यों दादुर मोर भए पीन पावस प्रथम॥ २५१॥**

सबै जना दिन–दिनै परम आनन्दित भएका छन् र वनको चारैतर्फ घुमिरहन्छन्। जस्तै पहिलो वर्षाको जलले भ्यागुता र मयूर मोटा हुन्छन् (प्रसन्न भएर नाच्दछन्, कराउँदछन् र भ्रमण गर्दछन्)॥ २५१॥

**पुर जन नारि मगन अति प्रीती। बासर जाहिं पलक सम बीती॥**
**सीय सासु प्रति बेष बनाई। सादर करइ सरिस सेवकाई॥**

अयोध्यापुरीका नरनारी सबै प्रेममा अत्यन्त मग्न भइरहेका छन्। उनीहरूलाई दिन पलका समान बितेका छन्। जति सासूहरू हुनुहुन्थ्यो, त्यति नै भेष धारण गरेर सीताजीले सबै सासूहरूको आदरपूर्वक समान सेवा गर्नुभएको छ॥ १॥

**लखा न मरमु राम बिनु काहूँ। माया सब सिय माया माहूँ॥**
**सीयँ सासु सेवा बस कीन्हीं। तिन्ह लहि सुख सिख आसिष दीन्हीं॥**

श्रीरामचन्द्र बाहेक यस भेदलाई अरू कसैले जानेनन्। सबै मायाहरू [पराशक्ति महामाया] श्रीसीताजीको मायामा नै छन्। सीताजीले सासूहरूलाई सेवाले वशमा पार्नुभयो। उहाँहरूले सुख पाएर शिक्षा (अर्ती) र आशीर्वाद दिनुभयो॥ २॥

**लखि सिय सहित सरल दोउ भाई। कुटिल रानि पछितानि अघाई॥**
**अवनि जमहि जाचति कैकेई। महि न बीचु बिधि मीचु न देई॥**

सीताजीसमेत दुवै भाइहरू (श्रीराम–लक्ष्मण) को सरल स्वभाव (निष्कपट व्यवहार) देखेर कुटिल रानी कैकेयी खुब (अत्यधिक मात्रामा) पछुताइन्। उनले पृथ्वी तथा यमराजसँग याचना गरेकी छिन्, किन्तु धर्तीले बीच (चिरिएर विलीन हुनको लागि बाटो) दिइनन् र विधाताले मृत्यु दिंदैन॥ ३॥

**लोकहुँ बेद बिदित कबि कहहीं। राम बिमुख थलु नरक न लहहीं॥**
**यहु संसउ सब के मन माहीं। राम गवनु बिधि अवध कि नाहीं॥**

लोक र वेदमा प्रसिद्ध छ र कवि (ज्ञानी) पनि भन्दछन् कि जो रामजीसँग विमुख छ उसलाई नरकमा पनि बास मिल्दैन। सबैको मनमा यस्तो सन्देह भइरहेको थियो कि हे विधाता! श्रीरामचन्द्र अयोध्या जानुहुन्छ या जानुहुन्न ॥ ४॥

दो०— **निसि न नीद नहिं भूख दिन भरतु बिकल सुचि सोच।**
**नीच कीच बिच मगन जस मीनहि सलिल सँकोच॥ २५२॥**

भरतजीलाई न रातमा निद्रा आउँछ, न दिनमा भोक नै लाग्दछ। उहाँ पवित्र चिन्ताले यसरी व्याकुल हुनुभएको छ, जस्तै तलको हिलोमा डुबेको माछालाई जलको कमीले व्याकुलता हुन्छ॥ २५२॥

**कीन्हि मातु मिस काल कुचाली। ईति भीति जस पाकत साली॥**
**केहि बिधि होइ राम अभिषेकू। मोहि अवकलत उपाउ न एकू॥**

[भरतजी सोच्नुहुन्छ कि] आमाको निहुँले कालले कुचाल गरेको छ। जस्तै धान पाक्ने समयमा ईतिको भय आएर उपस्थित भएको छ। अब श्रीरामचन्द्रको राज्याभिषेक कुन प्रकारले हुन्छ, मैले त एउटै उपाय पनि सोच्न सकिन॥ १॥

**अवसि फिरहिं गुर आयसु मानी। मुनि पुनि कहब राम रुचि जानी॥**
**मातु कहेहुँ बहुरहिं रघुराऊ। राम जननि हठ करबि कि काऊ॥**

गुरुजीको आज्ञा मानेर त रामजी अवश्य नै अयोध्या फर्कनुहुनेछ। परन्तु मुनि वशिष्ठजीले त श्रीरामचन्द्रको रुचि जानेर नै केही भन्नुहुनेछ (अर्थात् उहाँले श्रीरामको रुचिविना जानलाई भन्नुहुने छैन)। आमा कौसल्याले भन्नाले पनि श्रीरघुनाथ फर्कन सक्नुहुन्छ; तर यस्ता श्रीरामलाई जन्म दिनेवाली आमाले पनि कहिल्यै हठ (जिद्दी) गर्नुहुन्छ?॥ २॥

**मोहि अनुचर कर केतिक बाता। तेहि महँ कुसमउ बाम बिधाता॥**
**जौं हठ करउँ त निपट कुकरमू। हरगिरि तें गुरु सेवक धरमू॥**

म सेवकको त कुरा नै कत्रो र? त्यसमा पनि समय खराब छ (मेरो लागि दिन राम्रा छैनन्) र विधाता प्रतिकूल छ। यदि मैले हठ गरौं भने त यो घोर कुकर्म (अधर्म) हुनेछ, किनकि सेवकको धर्म शिवजीको पर्वत कैलाशभन्दा पनि भारी (पालन गर्न कठिन) छ॥ ३॥

**एकउ जुगुति न मन ठहरानी। सोचत भरतहि रैनि बिहानी॥**
**प्रात नहाइ प्रभुहि सिर नाई। बैठत पठए रिषयँ बोलाई॥**

एउटा पनि युक्ति भरतजीको मनमा आएन। सोच्दा-सोच्दै रात बित्यो। भरतजी प्रातः काल स्नान गरेर तथा प्रभु श्रीरामचन्द्रलाई शिर निहुराएर बस्न लाग्नुभएको थियो कि त्यतिखेरै ऋषि वशिष्ठजीले उहाँलाई बोलाउन पठाउनुभयो॥ ४॥

**दो०— गुर पद कमल प्रनामु करि बैठे आयसु पाइ।**
**बिप्र महाजन सचिव सब जुरे सभासद आइ॥ २५३॥**

भरतजी गुरुका चरणकमलमा प्रणाम गरेर आज्ञा पाई बस्नुभयो। त्यही समयमा ब्राह्मण, धनाढ्य (महाजन), मन्त्री आदि सबै सभासद् आएर एकत्रित भए॥ २५३॥

### * श्री वशिष्ठजीको भाषण *

**बोले मुनिबरु समय समाना। सुनहु सभासद भरत सुजाना॥**
**धरम धुरीन भानुकुल भानू। राजा रामु स्वबस भगवानू॥**

श्रेष्ठ मुनि वशिष्ठजी समयोचित वचन बोल्नुभयो—हे सभासद्हरू! हे सुजान भरत! सुन्नुहोस्। सूर्यकुलका सूर्य महाराज श्रीरामचन्द्र धर्मधुरन्धर र स्वतन्त्र भगवान् हुनुहुन्छ॥ १॥

**सत्यसंध पालक श्रुति सेतू। राम जनमु जग मंगल हेतू॥**
**गुर पितु मातु बचन अनुसारी। खल दलु दलन देव हितकारी॥**

उहाँ सत्यप्रतिज्ञ र वेद-मर्यादाका रक्षक हुनुहुन्छ। श्रीरामको अवतार नै जगत्का कल्याणका लागि भएको हो। उहाँ गुरु, पिता र आमाका वचनअनुसार चल्नुहुन्छ। दुष्टहरूको दललाई नाश गर्न र देवताहरूका हितकारी हुनुहुन्छ॥ २॥

**नीति प्रीति परमारथ स्वारथु। कोउ न राम सम जान जथारथु॥**
**बिधि हरि हरु ससि रबि दिसिपाला। माया जीव करम कुलि काला॥**

नीति, प्रेम, परमार्थ र स्वार्थलाई श्रीरामलेझैं यथार्थ (तत्त्वबाट) कसैले जान्दैनन्। ब्रह्मा, विष्णु, महादेव, चन्द्र, सूर्य, दिक्पाल, माया, जीव, सबै कर्म र काल॥ ३॥

**अहिप महिप जहँ लगि प्रभुताई। जोग सिद्धि निगमागम गाई॥**
**करि बिचार जियँ देखहु नीकें। राम रजाइ सीस सब ही कें॥**

शेषजी र [पृथ्वी एवं पातालका अन्यान्य] राजा आदि जहाँसम्म प्रभुता छ र योगका सिद्धिहरू, जुन वेद र शास्त्रहरूमा गाइएको छ, हृदयमा खुब विचार गरेर हेर्नुहोस्, [त्यस समयमा यो स्पष्ट देखिन्छ कि] श्रीरामको आज्ञा यी सबैको शिरमा छ (अर्थात् श्रीराम नै सबैका एक मात्र महान् महेश्वर हुनुहुन्छ)॥ ४॥

दो०— **राखें राम रजाइ रुख हम सब कर हित होइ।**
**समुझि सयाने करहु अब सब मिलि संमत सोइ॥ २५४॥**

अतएव श्रीरामको आज्ञा र भावनाअनुसार चल्नाले नै हामी सबैको हित हुनेछ। [यस तत्त्व र रहस्यलाई सम्झेर] अब तपाईंहरू ज्ञानी व्यक्तिले जुन सबैको सम्मत होस्, त्यही मिलेर गर्नुहोस्॥ २५४॥

**सब कहुँ सुखद राम अभिषेकू। मंगल मोद मूल मग एकू॥**
**केहि बिधि अवध चलहिं रघुराऊ। कहहु समुझि सोइ करिअ उपाऊ॥**

श्रीरामको राज्याभिषेक सबैका लागि सुखदायक छ। मङ्गल र आनन्दको मूल यही एक मार्ग हो। [अब] श्रीरघुनाथजी अयोध्या कुन प्रकारले हिँड्नुहुन्छ? विचार गरेर भन्नुहोस्, उही उपाय गर्नुपर्‍यो॥ १॥

**सब सादर सुनि मुनिबर बानी। नय परमारथ स्वारथ सानी॥**
**उतरु न आव लोग भए भोरे। तब सिरु नाइ भरत कर जोरे॥**

मुनिश्रेष्ठ वशिष्ठजीका नीति, परमार्थ र स्वार्थ (लौकिक हित)मा मुछिएका (साधिएका) वाणी सबैले आदरपूर्वक सुने। तर कसैलाई उत्तर आएन, सबै जना किंकर्तव्यविमूढ (विचारशक्तिले रहित) भए। त्यसपछि भरतजीले शिर झुकाएर हात जोड्नुभयो॥ २॥

**भानुबंस भए भूप घनेरे। अधिक एक तें एक बड़ेरे॥**
**जनम हेतु सब कहँ पितु माता। करम सुभासुभ देइ बिधाता॥**

[र भन्नुभयो— ] सूर्यवंशमा एक भन्दा अर्को धेरै ठूला राजा भइसकेका छन्। सबैको जन्मको कारण आमा-बाबु हुन्छन् र शुभ-अशुभ कर्महरूको फल विधाताले दिन्छ॥ ३॥

**दलि दुख सजइ सकल कल्याना। अस असीस राउरि जगु जाना॥**
**सो गोसाइँ बिधि गति जेहिं छेंकी। सकइ को टारि टेक जो टेकी॥**

हजुरको आशिष नै एक यस्तो छ जसले दुःखलाई दमन गरेर, समस्त कल्याणहरूलाई

सजाइदिन्छ; यो जगत्ले जानेको छ। हे स्वामी! हजुर उही होइबक्सिन्छ जसले विधाताको गति (विधान) लाई पनि रोकिबक्सियो (भवितव्यलाई टारिबक्सियो)। हजुरले जुन निश्चय गरिबक्सिन्छ, त्यसलाई कसले उल्लङ्घन गर्न सक्दछ?॥ ४॥

**दो०— बूझिअ मोहि उपाउ अब सो सब मोर अभागु।**
**सुनि सनेहमय बचन गुर उर उमगा अनुरागु॥ २५५॥**

अब हजुरले मसँग उपाय सोधिबक्सिन्छ, यो सबै मेरो अभाग्य हो। भरतजीका प्रेममय वचन सुनेर गुरुजीको हृदयमा प्रेम उर्लेर आयो॥ २५५॥

**तात बात फुरि राम कृपाहीं। राम बिमुख सिधि सपनेहुँ नाहीं॥**
**सकुचउँ तात कहत एक बाता। अरध तजहिं बुध सरबस जाता॥**

[उहाँले भन्नुभयो— ] हे तात! कुरा सत्य हो, तर रामजीको कृपाले नै। रामविमुखलाई त स्वप्नमा पनि सिद्धि मिल्दैन। हे भरत! मलाई एउटा कुरा भन्नलाई लाज लागेको छ। बुद्धिमान् मानिस सर्वस्व गुमेको देखेर [आधाको रक्षाको लागि] आधा छोडिदिने गर्दछन्॥ १॥

**तुम्ह कानन गवनहु दोउ भाई। फेरिअहिं लखन सीय रघुराई॥**
**सुनि सुबचन हरषे दोउ भ्राता। भे प्रमोद परिपूरन गाता॥**

अतः तपाईंहरू दुवै भाइ (भरत-शत्रुघ्न) वनमा जानुहोस् र लक्ष्मण, सीता र श्रीरामचन्द्रलाई फर्काउन पर्‍यो। यी सुन्दर वचन सुनेर दुवै भाइ हर्षित हुनुभयो। उहाँका सबै अङ्ग परमानन्दले परिपूर्ण भए॥ २॥

**मन प्रसन्न तन तेजु बिराजा। जनु जिय राउ रामु भए राजा॥**
**बहुत लाभ लोगन्ह लघु हानी। सम दुख सुख सब रोवहिं रानी॥**

उहाँहरूको मन प्रसन्न भयो। शरीरमा तेज सुशोभित भयो। मानौं राजा दशरथजी बाँचेर उठ्नुभएको छ र रामचन्द्रजी राजा हुनुभएको छ! अन्य व्यक्तिहरूलाई त यसमा लाभ अधिक र हानि कम प्रतीत भयो। परन्तु रानीहरूलाई सुख-दुःख समान नै थियो (राम लक्ष्मण वनमा रहून् या भरत-शत्रुघ्न, दुई पुत्रहरूको वियोग त हुने नै भयो), यस्तो सम्झेर उहाँहरू सबै रुन लाग्नुभयो।॥ ३॥

**कहहिं भरतु मुनि कहा सो कीन्हे। फलु जग जीवन्ह अभिमत दीन्हे॥**
**कानन करउँ जनम भरि बासू। एहि तें अधिक न मोर सुपासू॥**

भरतजीले भन्न लाग्नुभयो— मुनिले जे भन्नुभयो, त्यही गर्नाले जगत्भरिका जीवहरूलाई उनको इच्छित वस्तु दिएको फल हुनेछ। [चौध वर्ष कुनै लामो अवधि होइन,] म जन्मभर वनमा वास गर्नेछु। मेरो लागि योभन्दा ठूलो सुख अरू कुनै छैन॥ ४॥

**दो०— अंतरजामी रामु सिय तुम्ह सरबग्य सुजान।**
**जौं फुर कहहु त नाथ निज कीजिअ बचनु प्रवान॥ २५६॥**

श्रीरामचन्द्र र सीताजी हृदयको कुरा जान्ने अन्तर्यामी होइबक्सिन्छ र हजुर सर्वज्ञ तथा सुजान (बुद्धिमान) होइबक्सिन्छ। यदि हजुरले यो सत्य नै भनिबक्सिएको छ भने हे नाथ! आफ्ना वचनलाई प्रमाणित गरिबक्सियोस् (उसको अनुसार व्यवस्था गरिबक्सियोस्)॥ २५६॥

**भरत बचन सुनि देखि सनेहू। सभा सहित मुनि भए बिदेहू॥**
**भरत महा महिमा जलरासी। मुनि मति ठाढ़ि तीर अबला सी॥**

भरतजीका वचन सुनेर र उहाँको प्रेम देखेर सारा सभासहित मुनि वशिष्ठजी विदेह हुनुभयो [कसैले पनि आफ्नो शरीरको हाल-खबर थाहा पाएनन्]। भरतजीको महान् महिमा समुद्र हो, मुनिको बुद्धि उसको तटमा अबला स्त्रीझैं उभिएको छ॥ १॥

**गा चह पार जतनु हियँ हेरा। पावति नाव न बोहितु बेरा॥**
**औरु करिहि को भरत बड़ाई। सरसी सीपि कि सिंधु समाई॥**

ऊ [त्यस समुद्रको] पारि जान चाहन्छे, यसको लागि उसले हृदयमा उपाय पनि खोजी! तर [त्यसलाई पार गर्ने साधन] डुङ्गा, जहाज या बेडा केही पनि पाएकी छैन। भरतजीको प्रशंसा अरू कसले गर्ने? तलाउको सिपीमा पनि कहीं समुद्र अटाउन सक्दछ (कदापि सक्दैन)?॥ २॥

**भरतु मुनिहि मन भीतर भाए। सहित समाज राम पहिं आए॥**
**प्रभु प्रनामु करि दीन्ह सुआसनु। बैठे सब सुनि मुनि अनुसासनु॥**

मुनि वशिष्ठजीको अन्तरात्मालाई भरतजी धेरै नै असल लाग्नुभयो र उहाँ समाजसहित श्रीरामसँग आउनुभयो। प्रभु श्रीरामचन्द्रले प्रणाम गरेर उत्तम आसन दिनुभयो। सबै जना मुनिको आज्ञा सुनेर बसे॥ ३॥

**बोले मुनिबरु बचन बिचारी। देस काल अवसर अनुहारी॥**
**सुनहु राम सरबग्य सुजाना। धरम नीति गुन ग्यान निधाना॥**

श्रेष्ठ मुनि देश, काल र अवसरको अनुसार विचार गरेर बोल्नुभयो—हे सर्वज्ञ! हे सुजान! हे धर्म, नीति, गुण र ज्ञानका भण्डार राम! सुन्नुहोस्— ॥ ४॥

दो०— **सब के उर अंतर बसहु जानहु भाउ कुभाउ।**
**पुरजन जननी भरत हित होइ सो कहिअ उपाउ॥ २५७॥**

हजुर सबैको हृदयभित्र बस्नुहुन्छ र सबैको राम्रो-नराम्रो भावलाई जान्नुहुन्छ। जसबाट पुरवासीहरूको, आमाहरूको र भरतको हित हुन्छ, त्यही उपाय बताउनुहोस्॥ २५७॥

**आरत कहहिं बिचारि न काऊ। सूझ जुआरिहि आपन दाऊ॥**
**सुनि मुनि बचन कहत रघुराऊ। नाथ तुम्हारेहि हाथ उपाऊ॥**

आर्त (दु:खी) मानिसले कहिल्यै विचार गरेर भन्दैन। जुवाडेलाई आफ्नो नै दाउ मनपर्छ (सबैले यही भन्नेछन् कि हजुर फर्कनुहोस्)। मुनिका वचन सुनेर श्रीरघुनाथले भन्न लाग्नुभयो—हे नाथ! उपाय त हजुरकै हातमा छ॥ १॥

**सब कर हित रुख राउरि राखें। आयसु किएँ मुदित फुर भाषें॥**
**प्रथम जो आयसु मो कहुँ होई। माथें मानि करौं सिख सोई॥**

हजुरको भावनाअनुसार चल्नाले र हजुरको आज्ञालाई सत्य मानेर प्रसन्नतापूर्वक पालन गर्नाले नै सबैको हित हुन्छ। पहिला त मलाई जे आज्ञा हुन्छ, मैले त्यही शिक्षालाई शिरमा चढाएर गर्नेछु॥ २॥

**पुनि जेहि कहँ जस कहब गोसाईं। सो सब भाँति घटिहि सेवकाईं॥**
**कह मुनि राम सत्य तुम्ह भाषा। भरत सनेहँ बिचारु न राखा॥**

फेरि हे भगवान्! हजुरले जसलाई जे भन्नुहुन्छ उनी सबै प्रकारले सेवामा लाग्नेछन् (आज्ञा पालन गर्नेछन्)। मुनि वशिष्ठजीले भन्न लाग्नुभयो—हे राम! हजुरले सत्य भन्नुभयो, तर भरतको प्रेमले विचारलाई रहनै दिएन॥ ३॥

**तेहि तें कहउँ बहोरि बहोरी। भरत भगति बस भइ मति मोरी॥**
**मोरें जान भरत रुचि राखी। जो कीजिअ सो सुभ सिव साखी॥**

यसर्थ मैले बारम्बार भन्दछु, मेरो बुद्धि भरतको भक्तिको अधीनमा भएको छ। मेरो विचारमा त भरतको रुचि राखेर जे जस्तो गरिन्छ, शिवजी साक्षी हुनुहुन्छ, त्यो सबै शुभ नै हुनेछ॥ ४॥

दो०— **भरत बिनय सादर सुनिअ करिअ बिचारु बहोरि।**
**करब साधुमत लोकमत नृपनय निगम निचोरि॥ २५८॥**

पहिला भरतको बिन्ती आदरपूर्वक सुन्नुहोस्, फेरि त्यसमा विचार गर्नुहोस्। अनि साधुमत, लोकमत, राजनीति र वेदको निचोड निकालेर उस्तै नै (उसैको अनुसार) गर्नुहोस्॥ २५८॥

**गुर अनुरागु भरत पर देखी। राम हृदयँ आनंदु बिसेषी॥**
**भरतहि धरम धुरंधर जानी। निज सेवक तन मानस बानी॥**

भरतजीप्रति गुरुजीको स्नेह देखेर श्रीरामचन्द्रको हृदयमा विशेष आनन्द भयो। भरतजीलाई धर्मधुरन्धर र तन, मन, वचनले आफ्नो सेवक जानेर— ॥ १॥

**बोले गुर आयस अनुकूला। बचन मंजु मृदु मंगल मूला॥**
**नाथ सपथ पितु चरन दोहाई। भयउ न भुअन भरत सम भाई॥**

श्रीरामचन्द्रले गुरुको आज्ञाको अनुकूल मनोहर, कोमल र कल्याणका मूल वचन भन्नुभयो— हे नाथ! हजुरको शपथ र पिताजीका चरणको नाम लिएर (किरिया खाएर) सत्य भन्दछु कि विश्वभरमा भरतका समान भाइ कोही भएका नै छैनन्॥ २॥

**जे गुर पद अंबुज अनुरागी। ते लोकहुँ बेदहुँ बड़भागी॥**
**राउर जा पर अस अनुरागू। को कहि सकइ भरत कर भागू॥**

जुन मानिस गुरुका चरणकमलको अनुरागी छ, त्यो लोकमा (लौकिक दृष्टिले) पनि र वेदमा (पारमार्थिक दृष्टिले) पनि ठूलो भाग्यमानी हुन्छ! [फेरि] जसप्रति हजुर (गुरु) को यस्तो स्नेह छ, ती भरतको भाग्यको कसले प्रशंसा गर्न सक्दछ?॥ ३॥

**लखि लघु बंधु बुद्धि सकुचाई। करत बदन पर भरत बड़ाई॥**
**भरतु कहहिं सोइ किएँ भलाई। अस कहि राम रहे अरगाई॥**

आफूभन्दा सानो भाइ जानेर भरतको अघिल्तिर उनको प्रशंसा गर्नलाई मेरो बुद्धिले लाज मान्छ। (फेरि पनि मैले त यही भन्नेछु कि) भरतले जे-जस्तो भन्नेछन्, त्यही गर्नाले भलाइ हुन्छ। यस्तो भनेर श्रीरामचन्द्र चुप हुनुभयो॥ ४॥

**दो०— तब मुनि बोले भरत सन सब सँकोचु तजि तात।**
**कृपासिंधु प्रिय बंधु सन कहहु हृदय कै बात॥ २५९॥**

त्यसपछि मुनि भरतजीसँग बोल्नुभयो— हे तात! सबै सङ्कोच त्यागेर कृपाका समुद्र आफ्ना प्यारा दाजुसँग आफ्नो हृदयको कुरा भन्नुहोस्॥ २५९॥

## * श्रीराम-भरतादिको संवाद *

**सुनि मुनि बचन राम रुख पाई। गुरु साहिब अनुकूल अघाई॥**
**लखि अपनें सिर सबु छरु भारू। कहि न सकहिं कछु करहिं बिचारू॥**

मुनिको वचन सुनेर र श्रीरामचन्द्रको भाव बुझेर— गुरु तथा स्वामीलाई परिपूर्ण रूपमा आफ्नो अनुकूल जानेर— सारा बोझ आफू माथि नै सम्झेर भरतजी केही भन्न सक्नुहुन्न। उहाँले विचार गर्न लाग्नुभयो॥ १॥

**पुलकि सरीर सभाँ भए ठाढ़े। नीरज नयन नेह जल बाढ़े॥**
**कहब मोर मुनिनाथ निबाहा। एहि तें अधिक कहौं मैं काहा॥**

शरीर पुलकित भएर उहाँ सभामा उभिनुभयो। कमलका समान नेत्रमा प्रेमाश्रुको बाढी आयो। [उहाँले भन्नुभयो— ] मैले भन्नुपर्ने त मुनिनाथले नै भन्नुभयो (जे जति मैले भन्न सक्थें त्यो उहाँले नै भनिसक्नुभयो।) यसभन्दा धेरै मैले के भनौं?॥ २॥

**मैं जानउँ निज नाथ सुभाऊ। अपराधिहु पर कोह न काऊ॥**
**मो पर कृपा सनेहु बिसेषी। खेलत खुनिस न कबहूँ देखी॥**

आफ्नो स्वामीको स्वभाव मैले जानेको छु। उहाँले अपराधीप्रति पनि कहिल्यै क्रोध गरिबक्सिन्न। मप्रति त उहाँको विशेष कृपा र स्नेह छ। मैले खेलमा पनि कहिल्यै उहाँको रीस (अप्रसन्नता) देखेको छैन॥ ३॥

**सिसुपन तें परिहरेउँ न संगू। कबहुँ न कीन्ह मोर मन भंगू॥**
**मैं प्रभु कृपा रीति जियँ जोही। हारेहुँ खेल जितावहिं मोही॥**

बालकपनदेखि नै मैले उहाँको साथ छोडेको छैन र उहाँले पनि मेरो मनलाई कहिल्यै तिरस्कार गरिबक्सिएन। मैले प्रभुको कृपाको रीतिलाई खुब देखेको (अनुभव गरेको) छु। म खेलमा पराजित हुँदा पनि प्रभुले मलाई नै विजयी बनाइबक्सिन्थ्यो॥ ४॥

**दो०— महूँ सनेह सकोच बस सनमुख कही न बैन।**
**दरसन तृपित न आजु लगि पेम पिआसे नैन॥ २६०॥**

मैले पनि प्रेम र सङ्कोचवश कहिल्यै अघिल्तिर बोलिन। प्रेमले तिर्खाएका मेरा नेत्र आजसम्म प्रभुको दर्शनले तृप्त भएका छैनन्॥ २६०॥

**बिधि न सकेउ सहि मोर दुलारा। नीच बीचु जननी मिस पारा॥**
**यहउ कहत मोहि आजु न सोभा। अपनीं समुझि साधु सुचि को भा॥**

परन्तु विधाताले मेरो प्यार (प्रेम) सहन सकेन। उसले नीच आमाको बहानाले [मेरो र स्वामीको बीच] अन्तर बनायो। यो भन्न पनि आज मलाई शोभा दिँदैन, किनकि आफ्नो सोचाइले को साधु र को पवित्र भएको छ? (जसलाई अर्काले साधु र पवित्र मान्दछन्, उही साधु हुन्छ)॥ १॥

**मातु मंदि मैं साधु सुचाली। उर अस आनत कोटि कुचाली॥**
**फरइ कि कोदव बालि सुसाली। मुकता प्रसव कि संबुक काली॥**

आमा नीच हुन् र म सदाचारी तथा साधु हुँ, यस्तो हृदयमा सोच्नु नै करोडौं दुराचारहरूको समान हुन्छ। किनकि के कोदोको बालीमा उत्तम धान फल्न सक्दछ? के घुँगी किराले मोती उत्पन्न गर्न सक्दछ?॥ २॥

**सपनेहुँ दोसक लेसु न काहू। मोर अभाग उदधि अवगाहू॥**
**बिनु समुझें निज अघ परिपाकू। जारिउँ जायँ जननि कहि काकू॥**

सपनामा पनि कसैलाई लेशमात्र पनि दोष छैन। मेरो अभाग्य नै अथाह समुद्र हो। मैले आफ्ना पापहरूका परिणाम नसम्झीकन नै आमालाई कटु वचन भनेर व्यर्थ नै जलाएँ॥ ३॥

**हृदयँ हेरि हारेउँ सब ओरा। एकहि भाँति भलेहिं भल मोरा॥**
**गुर गोसाइँ साहिब सिय रामू। लागत मोहि नीक परिनामू॥**

मैले आफ्नो हृदयमा सबैतिर खोजेर पराजित भई (मेरो भलाइको कुनै साधन सोच्न सकिन)। एउटै प्रकारले निश्चय नै मेरो भलाइ छ। त्यो यो हो कि गुरु महाराज सर्वसमर्थ र सीतारामजी मेरा स्वामी होइबक्सिन्छ। यसैले परिणाम मलाई भलो (राम्रो) लाग्दछ॥ ४॥

दो०— **साधु सभाँ गुर प्रभु निकट कहउँ सुथल सतिभाउ।**
**प्रेम प्रपंचु कि झूठ फुर जानहिं मुनि रघुराउ॥ २६१॥**

साधुहरूको सभामा, गुरुजी र स्वामीको समीप यस पवित्र तीर्थ-स्थानमा सत्य भावले भन्दछु। यो प्रेम हो या प्रपञ्च (छल-कपट)? झूटो हो या सत्य? यसलाई [सर्वज्ञ] मुनि वशिष्ठजी र [अन्तर्यामी] श्रीरघुनाथजीले जानिबक्सिन्छ॥ २६१॥

**भूपति मरन पेम पनु राखी। जननी कुमति जगतु सबु साखी॥**
**देखि न जाहिं बिकल महतारीं। जरहिं दुसह जर पुर नर नारीं॥**

प्रेमको प्रणलाई पालन गरेर महाराज (पिताजी) को स्वर्गारोहण र आमाको कुबुद्धि, दुवैको सारा संसार साक्षी छ। आमाहरू व्याकुल हुनुहुन्छ, उहाँहरूलाई हेर्न नै सकिँदैन। अवधपुरीका नर-नारी दु:सह तापले जलिरहेका छन्॥ १॥

**महीं सकल अनरथ कर मूला। सो सुनि समुझि सहिउँ सब सूला॥**
**सुनि बन गवनु कीन्ह रघुनाथा। करि मुनि बेष लखन सिय साथा॥**
**बिनु पानहिन्ह पयादेहि पाएँ। संकरु साखि रहेउँ एहि घाएँ॥**
**बहुरि निहारि निषाद सनेहू। कुलिस कठिन उर भयउ न बेहू॥**

म नै यी सबै अनर्थहरूको मूल हुँ, यस्तो सुनेर र सम्झेर मैले सबै दुःख सहेको छु। श्रीरघुनाथजी, लक्ष्मण र सीताजीका साथ मुनिहरूको वेष धारण गरेर जुत्ता नलगाईकन खाली गोडा नै वनमा हिँड्नुहुन्छ, यस्तो सुनेर, शङ्करजी साक्षी हुनुहुन्छ, यस घाउले पनि म जीवितै रहें (यस्तो सुन्दा मेरो प्राण निस्केन)! फेरि निषादराजको प्रेम देखेर पनि यस वज्रभन्दा पनि कठोर हृदयमा प्वाल परेन (यो हृदय फाटेन)॥ २-३॥

**अब सबु आँखिन्ह देखेउँ आई। जिअत जीव जड़ सबइ सहाई॥**
**जिन्हहि निरखि मग साँपिनि बीछी। तजहिं बिषम बिषु तामस तीछी॥**

अब यहाँ आएर सबै आँखाले देखें। यो जड जीव जीवित रहेर सबै सहनेछ। जसलाई देखेर बाटोका सर्पिनी र बिच्छीले पनि आफ्नो भयानक विष र तीव्र क्रोधलाई त्यागिदिन्छन्॥ ४॥

दो०— **तेइ रघुनंदनु लखनु सिय अनहित लागे जाहि।**
**तासु तनय तजि दुसह दुख दैउ सहावइ काहि॥ २६२॥**

उनै श्रीरघुनन्दन, लक्ष्मण र सीताजी जसलाई शत्रु हुनुभयो, उनै कैकेयीको छोरा म बाहेक यस्तो दैवको दुःसह दुःख अरू कसलाई सुहाउँछ?॥ २६२॥

**सुनि अति बिकल भरत बर बानी। आरति प्रीति बिनय नय सानी॥**
**सोक मगन सब सभाँ खभारू। मनहुँ कमल बन परेउ तुसारू॥**

अत्यन्त व्याकुल तथा दुःख, प्रेम, विनम्रता र नीतिमा मुछिएका भरतजीका श्रेष्ठ वाणी सुनेर सबै जना शोकमा मग्न भए, सारा सभामा विषाद (दुःख) छायो। मानौं कमलको वनमा तुषारो परेको छ॥ १॥

**कहि अनेक बिधि कथा पुरानी। भरत प्रबोधु कीन्ह मुनि ग्यानी॥**
**बोले उचित बचन रघुनंदू। दिनकर कुल कैरव बन चंदू॥**

अनि ज्ञानी मुनि वशिष्ठजीले अनेक प्रकारका पुराना (ऐतिहासिक) कथाहरू भनेर भरतजीलाई समाधान गर्नुभयो। फेरि सूर्यकुलरूपी कमलको वनलाई प्रफुल्लित गर्ने चन्द्रमा श्रीरघुनन्दन उचित वचन बोल्नुभयो— ॥ २॥

**तात जायँ जियँ करहु गलानी। ईस अधीन जीव गति जानी॥**
**तीनि काल तिभुअन मत मोरें। पुन्यसिलोक तात तर तोरें॥**

हे भरत! तिमी आफ्नो हृदयमा व्यर्थ नै ग्लानि गर्दछौ। जीवको गतिलाई ईश्वरका अधीन जान। मेरो मतमा [भूत, भविष्य, वर्तमान] तीनै कालमा र [स्वर्ग, पृथ्वी र पाताल] तीनै लोकमा सबै पुण्यात्मा पुरुष तिमीभन्दा तल छन्॥ ३॥

**उर आनत तुम्ह पर कुटिलाई। जाइ लोकु परलोकु नसाई॥**
**दोसु देहिं जननिहि जड़ तेई। जिन्ह गुर साधु सभा नहिं सेई॥**

हृदयमा पनि तिमीलाई कुटिलताको आरोप लगाउनाले यो लोक (यहाँको सुख, यश आदि) बिग्रन्छ र परलोक पनि नष्ट हुन्छ (मरेपछि पनि राम्रो गति मिल्दैन)। आमा कैकेयीलाई त त्यस्ता मूर्खले नै दोष दिन्छन् जसले गुरु र साधुहरूको सभाको सेवन गरेका छैनन्॥ ४॥

दो०— **मिटिहहिं पाप प्रपंच सब अखिल अमंगल भार।**
**लोक सुजसु परलोक सुखु सुमिरत नामु तुम्हार॥ २६३॥**

हे भरत! तिम्रो नाम स्मरण गर्दा नै सबै पाप, प्रपञ्च (अज्ञान) र समस्त अमङ्गलहरूका समूह मेटिन्छन् तथा यस लोकमा सुन्दर यश र परलोकमा सुख प्राप्त हुन्छ॥ २६३॥

**कहउँ सुभाउ सत्य सिव साखी। भरत भूमि रह राउरि राखी॥**
**तात कुतरक करहु जनि जाएँ। बैर पेम नहिं दुरइ दुराएँ॥**

हे भरत! मैले स्वभावैले सत्य भन्दछु, शिवजी साक्षी हुनुहुन्छ, यो पृथ्वी (संसार) लाई रक्षा गर्‍यौ। हे तात! तिमीले व्यर्थ कुतर्क नगर। वैर र प्रेम लुकाएर लुक्दैन॥ १॥

**मुनिगन निकट बिहग मृग जाहीं। बाधक बधिक बिलोकि पराहीं॥**
**हित अनहित पसु पच्छिउ जाना। मानुष तनु गुन ग्यान निधाना॥**

पशु र पन्छी मुनिहरूका साथ नडराईकन जान्छन्, तर हिंसा गर्ने व्याधालाई देख्दा नै भागिहाल्छन्। मित्र र शत्रुलाई पशु-पन्छीले पनि चिन्दछन्। फेरि मनुष्यशरीर त गुण र ज्ञानको भण्डार नै हो॥ २॥

**तात तुम्हहि मैं जानउँ नीकें। करौं काह असमंजस जीकें॥**
**राखेउ रायँ सत्य मोहि त्यागी। तनु परिहरेउ पेम पन लागी॥**

हे तात! मैले तिमीलाई राम्रोसँग जान्दछु। के गरौं? मनमा धेरै असमञ्जस (दुविधा) छ। राजाले मलाई त्यागेर सत्यलाई राख्नुभयो र प्रेम-प्रणको लागि शरीर छोड्नुभयो॥ ३॥

**तासु बचन मेटत मन सोचू। तेहि तें अधिक तुम्हार सँकोचू॥**
**ता पर गुर मोहि आयसु दीन्हा। अवसि जो कहहु चहउँ सोइ कीन्हा॥**

उहाँका वचनहरूलाई उल्लङ्घन गर्दा मनमा चिन्ता हुन्छ। त्यसभन्दा पनि धेरै तिम्रो सङ्कोच छ। त्यसमा पनि गुरुजीले मलाई आज्ञा दिनुभएको छ। यसैले अब तिमीले जे-जस्तो भन्दछौ, अवश्य नै मैले त्यही गर्न चाहन्छु॥ ४॥

दो०— **मनु प्रसन्न करि सकुच तजि कहहु करौं सोइ आजु।**
**सत्यसंध रघुबर बचन सुनि भा सुखी समाजु॥ २६४॥**

तिमीले मनलाई प्रसन्न गर र सङ्कोचलाई त्यागेर जे-जस्तो भन्नेछौ, मैले आज उही गर्नेछु। सत्यप्रतिज्ञ रघुकुलश्रेष्ठ श्रीरामका यस्ता वचन सुनेर सारा समाज सुखी भए॥ २६४॥

**सुर गन सहित सभय सुरराजू। सोचहिं चाहत होन अकाजू॥**
**बनत उपाउ करत कछु नाहीं। राम सरन सब गे मन माहीं॥**

देवगणहरूसहित देवराज इन्द्र भयातुर भएर सोच्न लागे कि अब बनिसकेको काम बिग्रन लागेको छ। केही उपाय गर्दा पनि हुँदैन। त्यसपछि ती सबै मनमनै श्रीरामका शरणमा गए॥ १॥

**बहुरि बिचारि परस्पर कहहीं। रघुपति भगत भगति बस अहहीं॥**
**सुधि करि अंबरीष दुरबासा। भे सुर सुरपति निपट निरासा॥**

फेरि उनीहरूले विचार गरेर आपसमा भन्न लागे कि रघुनाथजी त भक्तका भक्तिमा अधीन हुनुहुन्छ। अम्बरीष र दुर्वासाको घटना याद गरेर त देवता र इन्द्र बिलकुलै निराश भए॥ २॥

**सहे सुरन्ह बहु काल बिषादा। नरहरि किए प्रगट प्रहलादा॥**
**लगि लगि कान कहहिं धुनि माथा। अब सुर काज भरत के हाथा॥**

पहिला देवताहरूले धेरै नै समयसम्म दुःख सके। त्यसपछि भक्त प्रह्लादले नै नृसिंह भगवान्‌लाई प्रकट गरेका थिए। सबै देवता परस्पर कानेखुसी गर्दै र शिर पिट्दै भन्छन् कि अब (यसपटक) देवताहरूको काम भरतजीको हातमा छ॥ ३॥

**आन उपाउ न देखिअ देवा। मानत रामु सुसेवक सेवा॥**
**हियँ सपेम सुमिरहु सब भरतहि। निज गुन सील राम बस करतहि॥**

हे देवताहरू हो! अरू कुनै उपाय देखिदैन। श्रीरामले आफ्ना श्रेष्ठ सेवकहरूको सेवालाई मान्नुहुन्छ (अर्थात् उहाँका भक्तको कसैले सेवा गर्दछ भने त्यसप्रति धेरै प्रसन्न हुनुहुन्छ)। अतएव आफ्नो गुण र शीलले श्रीरामलाई वशमा पार्ने भरतजीलाई नै सबै जनाले आ-आफ्नो हृदयमा प्रेमसहित स्मरण गर॥ ४॥

दो०— **सुनि सुर मत सुरगुर कहेउ भल तुम्हार बड़ भागु।**
**सकल सुमंगल मूल जग भरत चरन अनुरागु॥ २६५॥**

देवताहरूको मत सुनेर देवगुरु बृहस्पतिले भन्नुभयो— राम्रो विचार गर्नुभयो, तपाईंहरूको ठूलो भाग्य छ। भरतजीको चरणको प्रेम जगत्‌मा समस्त शुभ मङ्गलहरूको मूल हो॥ २६५॥

**सीतापति सेवक सेवकाई। कामधेनु सय सरिस सुहाई॥**
**भरत भगति तुम्हरें मन आई। तजहु सोचु बिधि बात बनाई॥**

सीतानाथ श्रीरामका सेवकको सेवा सयौं कामधेनुसमान सुन्दर छ। तपाईंहरूको मनमा भरतजीको भक्ति आएको छ, यसैले अब चिन्ता छोड्नुहोस्। विधाताले कुरा (कार्य) बनाइदियो॥ १॥

**देखु देवपति भरत प्रभाऊ। सहज सुभायँ बिबस रघुराऊ॥**
**मन थिर करहु देव डरु नाहीं। भरतहि जानि राम परिछाहीं॥**

हे देवराज! भरतजीको प्रभाव त हेर्नुहोस्। श्रीरघुनाथ सहज स्वभावले नै उहाँसँग पूर्ण रूपमा

वशमा हुनुहुन्छ। हे देवताहरू हो! भरतजीलाई श्रीरामचन्द्रको छाया (छायाझैं उहाँको अनुसरण गर्नेवाला) जानेर मन स्थिर गर्नुहोस्, डराउने कुनै कारण नै छैन॥ २॥

**सुनि सुरगुर सुर संमत सोचू। अंतरजामी प्रभुहि सकोचू॥**
**निज सिर भारु भरत जियँ जाना। करत कोटि बिधि उर अनुमाना॥**

देवगुरु बृहस्पतिजी र देवताहरूको सम्मति तथा उनीहरूको चिन्ता सुनेर अन्तर्यामी प्रभु श्रीरामलाई सङ्कोच भयो। भरतजीले आफ्नो मनमा सबै बोझा (भारी) आफ्नो नै शिरमा भएको जान्नुभयो र उहाँले हृदयमा करोडौं (अनेकौं) प्रकारका अनुमान (विचार) गर्न लाग्नुभयो॥ ३॥

**करि बिचारु मन दीन्ही ठीका। राम रजायस आपन नीका॥**
**निज पन तजि राखेउ पनु मोरा। छोहु सनेहु कीन्ह नहिं थोरा॥**

हरेक प्रकारले विचार गरेर अन्त्यमा उहाँले मनमा यही निश्चय गर्नुभयो कि श्रीरामको आज्ञामा नै आफ्नो कल्याण छ। उहाँले आफ्नो प्रण छोडेर मेरो प्रण राख्नुभयो। यो कुनै चानचुने कृपा र स्नेह होइन (अर्थात् अत्यन्त नै अनुग्रह र स्नेह गर्नुभयो)॥ ४॥

दो०— **कीन्ह अनुग्रह अमित अति सब बिधि सीतानाथ।**
**करि प्रनामु बोले भरतु जोरि जलज जुग हाथ॥ २६६॥**

श्रीजानकीनाथले सबै प्रकारले मप्रति अत्यन्त अपार अनुग्रह गरिबक्सियो। तदनन्तर भरतजी दुवै करकमल जोडेर प्रणाम गरेर बोल्नुभयो— ॥ २६६॥

**कहौं कहावौं का अब स्वामी। कृपा अंबुनिधि अंतरजामी॥**
**गुर प्रसन्न साहिब अनुकूला। मिटी मलिन मन कलपित सूला॥**

हे स्वामी! हे कृपाका समुद्र! हे अन्तर्यामी! अब मैले [अधिक] के भनौं र के भनाऊँ? गुरु महाराजजी प्रसन्न र स्वामीलाई अनुकूल जानेर मेरो मलिन मनको कल्पित पीडा मेटियो॥ १॥

**अपडर डरेउँ न सोच समूलें। रबिहि न दोसु देव दिसि भूलें॥**
**मोर अभागु मातु कुटिलाई। बिधि गति बिषम काल कठिनाई॥**

म मिथ्या डरले डराएको थिएँ। मेरो सोचाइको जडता नै थियो। दिशा भुलेपछि हे देव! सूर्यको दोष छैन। मेरो दुर्भाग्य, आमाको कुटिलता, विधाताको टेढो चाल र कालको कठिनता,॥ २॥

**पाउ रोपि सब मिलि मोहि घाला। प्रनतपाल पन आपन पाला॥**
**यह नइ रीति न राउरि होई। लोकहुँ बेद बिदित नहिं गोई॥**

यी सबै मिलेर खुट्टा गाडेर (प्रण गरेर) मलाई नष्ट गरिदिएका थिए। परन्तु शरणागतका रक्षक हजुरले आफ्नो [शरणागतको रक्षाको] प्रणलाई पालन गरिबक्सियो (मलाई बचाइबक्सियो)। यो हजुरको कुनै नयाँ रीति होइन। यो लोक र वेदमा प्रकट छ, लुकेको छैन॥ ३॥

**जगु अनभल भल एकु गोसाईं। कहिअ होइ भल कासु भलाईं॥**
**देउ देवतरु सरिस सुभाऊ। सनमुख बिमुख न काहुहि काऊ॥**

सम्पूर्ण जगत् खराब [गर्नेवाला] होस्; किन्तु हे स्वामी! केवल एक हजुर नै राम्रो (अनुकूल) होइबक्सिन्छ भने त फेरि भनिबक्सियोस्, कसको भलाइले भलो (कल्याण) हुन सक्दोरहेछ? हे देव! हजुरको स्वभाव कल्पवृक्षको समान छ; त्यो न कहिल्यै कसैको सम्मुख (अनुकूल) छ, न विमुख (प्रतिकूल छ)॥ ४॥

**दो०— जाइ निकट पहिचानि तरु छाहँ समनि सब सोच।**
**मागत अभिमत पाव जग राउ रंकु भल पोच॥ २६७॥**

त्यस वृक्ष (कल्पवृक्ष) लाई पहिचान गरेर जो त्यसका साथ जान्छ, त्यस बेला उसको छाया नै सारा चिन्ताहरू नाश गर्नेवाला हुन्छ। राजा–प्रजा, असल–खराब, जगत्‌मा सबैले त्यसलाई माग्दा नै मनले खोजेको वस्तु पाउँदछन्॥ २६७॥

**लखि सब बिधि गुर स्वामि सनेहू। मिटेउ छोभु नहिं मन संदेहू॥**
**अब करुनाकर कीजिअ सोई। जन हित प्रभु चित छोभु न होई॥**

गुरु र स्वामीको सबै प्रकारले स्नेह देखेर मेरो क्षोभ मेटियो, मनमा केही पनि सन्देह रहेन। हे दयाका खानी! अब उही गरिबक्सियोस्, जसले दासको लागि प्रभुको चित्तमा क्षोभ (कुनै प्रकारको विचार) नहोस्॥ १॥

**जो सेवकु साहिबहि सँकोची। निज हित चहइ तासु मति पोची॥**
**सेवक हित साहिब सेवकाई। करै सकल सुख लोभ बिहाई॥**

जुन सेवकले स्वामीलाई सङ्कोचमा पारेर आफ्नो कल्याण चाहन्छ, उसको बुद्धि नीच हो। सेवकको हित त यसैमा छ कि उसले समस्त सुखहरू तथा लोभलाई छोडेर स्वामीको सेवा नै गरोस्॥ २॥

**स्वारथु नाथ फिरें सबही का। किएँ रजाइ कोटि बिधि नीका॥**
**यह स्वारथ परमारथ सारू। सकल सुकृत फल सुगति सिंगारू॥**

हे नाथ! हजुर फर्केर जानाले सबैको स्वार्थ छ र हजुरको आज्ञा पालन गर्नाले करोडौं प्रकारले कल्याण हुन्छ। यही स्वार्थ र परमार्थको सार (निचोड) हो, समस्त पुण्यहरूको फल र सम्पूर्ण शुभ गतिहरूको शृङ्गार हो॥ ३॥

**देव एक बिनती सुनि मोरी। उचित होइ तस करब बहोरी॥**
**तिलक समाजु साजि सबु आना। करिअ सुफल प्रभु जौं मनु माना॥**

हे देव! हजुरले मेरो एक बिन्ती सुनेर, फेरि जस्तो उचित हुन्छ उस्तै नै गरिबक्सियोस्। राजतिलकको सबै सामग्री सजाएर ल्याइएको छ, जुन प्रभुको मनले मान्छ भने त्यसलाई सफल गरिबक्सियोस् (त्यसको उपयोग गरिबक्सियोस्)॥ ४॥

**दो०— सानुज पठइअ मोहि बन कीजिअ सबहि सनाथ।**
**नतरु फेरिअहिं बंधु दोउ नाथ चलौं मैं साथ॥ २६८॥**

कान्छा भाइ शत्रुघ्नसमेत मलाई वनमा पठाइबक्सियोस् र [अयोध्या फर्केर] सबैलाई सनाथ गरिबक्सियोस्। नत्र भने कसै गरी पनि (यदि हजुर अयोध्या जान तयार नभए) हे नाथ! लक्ष्मण र शत्रुघ्न दुवै भाइहरूलाई फर्काइदिइबक्सियोस् र म हजुरका साथ जान्छु॥ २६८॥

**नतरु जाहिं बन तीनिउ भाई। बहुरिअ सीय सहित रघुराई॥**
**जेहि बिधि प्रभु प्रसन्न मन होई। करुना सागर कीजिअ सोई॥**

अथवा हामी तीन भाइ नै वनमा जान्छौं र हे रघुनाथजी! हजुर श्रीसीतासहित [अयोध्यामा] फर्किबक्सियोस्। हे दयासागर! जुन प्रकारले प्रभुको मन प्रसन्न हुन्छ, त्यही गरिबक्सियोस्॥ १॥

**देवँ दीन्ह सबु मोहि अभारू। मोरें नीति न धरम बिचारू॥**
**कहउँ बचन सब स्वारथ हेतू। रहत न आरत कें चित चेतू॥**

हे देव! हजुरले सारा भार (जिम्मेवारी) मप्रति राखिबक्सियो। तर मसँग न नीतिको विचार छ, न धर्मको। मैले त आफ्नो स्वार्थको लागि सबै कुरा भनिरहेको छु। आर्त (दुःखी) मनुष्यको चित्तमा चेत (विवेक) रहँदैन॥ २॥

**उतरु देइ सुनि स्वामि रजाई। सो सेवकु लखि लाज लजाई॥**
**अस मैं अवगुन उदधि अगाधू। स्वामि सनेहँ सराहत साधू॥**

स्वामीको आज्ञा सुनेर जुन उत्तर दिएको छु, यस्ता सेवकलाई देखेर लज्जा पनि लज्जित हुन्छ। म अवगुणहरूको यस्तो अथाह समुद्र हुँ [कि प्रभुलाई उत्तर दिइरहेको छु]। किन्तु स्वामी (हजुर) ले स्नेहवश साधु भनेर मलाई प्रशंसा गरिबक्सिएको छ!॥ ३॥

**अब कृपाल मोहि सो मत भावा। सकुच स्वामि मन जाइँ न पावा॥**
**प्रभु पद सपथ कहउँ सति भाऊ। जग मंगल हित एक उपाऊ॥**

हे कृपालु! अब त त्यही मत मलाई मनपर्छ, जसले स्वामीको मनलाई अप्ठ्यारो नहोस्। प्रभुका चरणको शपथ छ, मैले सत्यभावले भन्दछु, जगत्‌को कल्याणको लागि यही एक उपाय छ॥ ४॥

दो०— **प्रभु प्रसन्न मन सकुच तजि जो जेहि आयसु देब।**
**सो सिर धरि धरि करिहि सबु मिटिहि अनट अवरेब॥ २६९॥**

प्रसन्न मनले सङ्कोच त्यागेर प्रभुले जसलाई जे आज्ञा दिइबक्सिन्छ, उसलाई सबै जनाले शिरमा चढाएर [पालन] गर्नेछन् र सबै उपद्रव र उल्झन (समस्या) मेटिनेछ॥ २६९॥

**भरत बचन सुचि सुनि सुर हरषे। साधु सराहि सुमन सुर बरषे॥**
**असमंजस बस अवध नेवासी। प्रमुदित मन तापस बनबासी॥**

भरतजीका पवित्र वचन सुनेर देवता हर्षित भएर 'साधु-साधु' भनेर सराहना गर्दै देवताहरूले फूल बर्साए। अयोध्यानिवासी असमञ्जसको वशमा परे [कि अब हेरौं श्रीरामले के भन्नुहुन्छ] तपस्वी तथा वनवासीहरू [श्रीराम वनमा बसिरहने आशाले] मनमा परम आनन्दित भए॥ १॥

**चुपहिं रहे रघुनाथ सँकोची। प्रभु गति देखि सभा सब सोची॥**
**जनक दूत तेहि अवसर आए। मुनि बसिष्ठँ सुनि बेगि बोलाए॥**

किन्तु सङ्कोची रघुनाथजी चुप नै रहनुभयो। प्रभुको यस्तो स्थिति (मौन) देखेर सारा सभा सोचमा पर्‍यो। त्यसै बेला जनकजीका दूत आए, यो खबर सुनेर मुनि वशिष्ठजीले उनीहरूलाई तुरुन्तै बोलाउनुभयो॥ २॥

**करि प्रनाम तिन्ह रामु निहारे। बेषु देखि भए निपट दुखारे॥**
**दूतन्ह मुनिबर बूझी बाता। कहहु बिदेह भूप कुसलाता॥**

उनीहरू [आएर] प्रणाम गरेर श्रीरामचन्द्रलाई देखे। उहाँको [मुनिहरूको] वेष देखेर उनीहरू धेरै नै दुःखी भए। मुनिश्रेष्ठ वशिष्ठजीले दूतहरूसँग कुरा सोध्नुभयो कि राजा जनकजीको कुशल समाचार भन॥ ३॥

**सुनि सकुचाइ नाइ महि माथा। बोले चरबर जोरें हाथा॥**
**बूझब राउर सादर साईं। कुसल हेतु सो भयउ गोसाईं॥**

यस्तो (मुनिको कुशलप्रश्न) सुनेर सङ्कोचपूर्वक पृथ्वीमा शिर झुकाएर उनी श्रेष्ठ दूत हात जोडेर बोले—हे स्वामी! हजुरले आदरका साथ सोध्नु, यो नै हे भगवान्! कुशलको कारण भयो॥ ४॥

दो०— **नाहिं त कोसलनाथ कें साथ कुसल गइ नाथ।**
**मिथिला अवध बिसेष तें जगु सब भयउ अनाथ॥ २७०॥**

नत्र भने हे नाथ! कुशल-मङ्गल त सबै कोसलनाथ दशरथजीका साथमा नै गयो। [उहाँ जानाले] यो सबै जगत् नै अनाथ (स्वामीविना असहाय) भयो, किन्तु मिथिला र अयोध्या त विशेष रूपले अनाथ भए॥ २७०॥

**कोसलपति गति सुनि जनकौरा। भे सब लोक सोकबस बौरा॥**
**जेहिं देखे तेहि समय बिदेहू। नामु सत्य अस लाग न केहू॥**

अयोध्यानाथको गति (दशरथजीको मरण) सुनेर जनकपुरवासी सबै जना शोकवश होसमा नै छैनन्। त्यस समय जसले विदेहलाई [शोकमग्न] देखे, उनीहरूमध्ये कसैलाई यस्तो लागेन कि उहाँको विदेह (देहाभिमानरहित) नाम सत्य हो! [किनकि देहाभिमानले शून्य पुरुषलाई शोक कसरी?]॥ १॥

**रानि कुचालि सुनत नरपालहि। सूझ न कछु जस मनि बिनु ब्यालहि॥**
**भरत राज रघुबर बनबासू। भा मिथिलेसहि हृदयँ हराँसू॥**

रानीको (कुचाल) सुनेर राजा जनकजीले केही सोच्न नै सक्नुभएन, जस्तै मणिविना सर्पले केही सोच्न सक्दैन। फेरि भरतजीलाई राज्य र श्रीरामचन्द्रलाई वनवास सुनेर मिथिलेश्वर जनकजीको हृदयमा ठूलो दुःख भयो॥ २॥

**नृप बूझे बुध सचिव समाजू। कहहु बिचारि उचित का आजू॥**
**समुझि अवध असमंजस दोऊ। चलिअ कि रहिअ न कह कछु कोऊ॥**

राजाले विद्वान् र मन्त्रीहरूका समाजसँग सोध्नुभयो कि विचार गरेर भन्नुहोस्, आज (यस समय) के गर्न उचित हुन्छ? अयोध्याको दशा सम्झेर र दुवै प्रकारले असमञ्जस जानेर 'हिँड्नुहोस् या रहनुहोस्?' कुनैले केही भनेनन्॥ ३॥

**नृपहिं धीर धरि हृदयँ बिचारी। पठए अवध चतुर चर चारी॥**
**बूझि भरत सति भाउ कुभाऊ। आएहु बेगि न होइ लखाऊ॥**

[जब कसैले केही सम्मति दिएनन्] त्यसपछि राजाले धैर्य गरेर हृदयमा विचार गरी चार चतुर गुप्तचर (जासुस) लाई अयोध्यामा पठाउनुभयो [र उनीहरूसँग भन्नुभयो कि] तिमीहरूले [श्रीरामप्रति] भरतजीको सद्भाव (राम्रो, भाव, प्रेम) या दुर्भाव (खराब भाव, विरोध) को [यथार्थ] पत्ता लगाएर तुरुन्तै फर्केर आउनू, कसैले तिमीहरूलाई थाहा पाउन नसकुन्॥ ४॥

दो०— **गए अवध चर भरत गति बूझि देखि करतूति।**
**चले चित्रकूटहि भरतु चार चले तेरहूति॥ २७१॥**

गुप्तचर अयोध्या गए र भरतजीको ढङ्ग (व्यवहार) जानेर र उहाँको व्यवहार देखेर, जसरी भरतजी चित्रकूटमा जानुभयो, उनीहरू तिरहुत (मिथिला) तर्फ हिँडिहाले ॥ २७१॥

**दूतन्ह आइ भरत कइ करनी। जनक समाज जथामति बरनी॥**
**सुनि गुर परिजन सचिव महीपति। भे सब सोच सनेहँ बिकल अति॥**

दूतहरूले आएर राजा 'जनकजीको सभामा भरतजीको व्यवहारलाई आफ्नो बुद्धिअनुसार वर्णन गरे। उसलाई सुनेर गुरु, कुटुम्बी, मन्त्री र राजा सबै स्नेहले अत्यन्त व्याकुल भए॥ १॥

**धरि धीरजु करि भरत बड़ाई। लिए सुभट साहनी बोलाई॥**
**घर पुर देस राखि रखवारे। हय गय रथ बहु जान सँवारे॥**

फेरि जनकजीले धैर्य धारण गरेर भरतजीको प्रशंसा गर्दै असल योद्धाहरू र सइसहरूलाई बोलाउनुभयो। घर, नगर र देशमा रक्षकहरू राखेर घोडा, हात्ती, रथ आदि धेरै नै सवारीहरू सजाए॥ २॥

**दुघरी साधि चले ततकाला। किए बिश्रामु न मग महिपाला॥**
**भोरहिं आजु नहाइ प्रयागा। चले जमुन उतरन सबु लागा॥**

उहाँ दुई घडी मुहूर्त सोधेर (साइत हेरेर) त्यही समयमा नै हिँडिहाल्नुभयो। राजाले बाटोमा कहीं पनि विश्राम गर्नुभएन। आज नै सबेरै प्रयागराजमा स्नान गरेर हिँड्नुभयो। जब सबै जना यमुनाजी तर्न लागे॥ ३॥

**खबरि लेन हम पठए नाथा। तिन्ह कहि अस महि नायउ माथा॥**
**साथ किरात छ सातक दीन्हे। मुनिबर तुरत बिदा चर कीन्हे॥**

त्यसपछि हे नाथ! हामीलाई खबर लिनको लागि पठाउनुभएको छ। उनीहरूले (दूतहरूले) यस्तो भनेर पृथ्वीमा शिर झुकाए। मुनिश्रेष्ठ वशिष्ठजीले कुनै छ, सात भिल्लहरूलाई साथ दिएर दूतहरूलाई तुरुन्तै बिदा गर्नुभयो॥ ४॥

दो०— **सुनत जनक आगवनु सबु हरषेउ अवध समाजु।**
**रघुनंदनहि सकोचु बड़ सोच बिबस सुरराजु॥ २७२॥**

जनकजीको आगमन सुनेर अयोध्याका सारा समाज हर्षित भए। श्रीरामलाई ठूलो सङ्कोच भयो र देवराज इन्द्र त विशेष रूपले चिन्ताको वशमा परे॥ २७२॥

**गरइ गलानि कुटिल कैकेई। काहि कहै केहि दूषनु देई॥**
**अस मन आनि मुदित नर नारी। भयउ बहोरि रहब दिन चारी॥**

कुटिल कैकेयी मन–मनै ग्लानि (पश्चात्ताप) ले गलिराखेकी छिन्। कोसँग भन्ने र कसलाई दोष दिने? सबै नर–नारी मनमा यस्तो विचार गरेर प्रसन्न भइरहेका छन् कि [राम्रो भयो, जनकजी आउनाले] चार (केही) दिन अझै बस्न पाइने भयो॥ १॥

**एहि प्रकार गत बासर सोऊ। प्रात नहान लाग सबु कोऊ॥**
**करि मज्जनु पूजहिं नर नारी। गनप गौरि तिपुरारि तमारी॥**

यसरी त्यो दिन पनि बित्यो। भोलिपल्ट प्रातःकाल सबै जनाले स्नान गर्न लागे। स्नान गरेर सबै नर–नारीले श्रीगणेश, गौरीजी–महादेवजी र सूर्य भगवान्को पूजा गरेका छन्॥ २॥

**रमा रमन पद बंदि बहोरी। बिनवहिं अंजुलि अंचल जोरी॥**
**राजा रामु जानकी रानी। आनँद अवधि अवध रजधानी॥**

फेरि लक्ष्मीपति भगवान् विष्णुका चरणहरूको वन्दना गरेर दुवै हात जोडेर आँचल फैलाएर बिन्ती गरेका छन् कि श्रीराम राजा होऊन्, जानकीजी रानी होऊन् तथा राजधानी अयोध्या आनन्दको सीमा भएर— ॥ ३॥

**सुबस बसउ फिरि सहित समाजा। भरतहि रामु करहुँ जुबराजा॥**
**एहि सुख सुधाँ सींचि सब काहू। देव देहु जग जीवन लाहू॥**

फेरि समाजसहित सुखपूर्वक बस्न पाइयोस् र श्रीरामले भरतजीलाई युवराज बनाऊन्। हे देव! यस सुखरूपी अमृतले सिंचाइ गरेर सबै जनालाई जगत्मा बाँचेको लाभ दिनुहोस्॥ ४॥

दो०— **गुर समाज भाइन्ह सहित राम राजु पुर होउ।**
**अछत राम राजा अवध मरिअ माग सबु कोउ॥ २७३॥**

गुरु, समाज र भाइहरूसमेत श्रीरामको राज्य अयोध्यापुरीमा होस् र श्रीराम राजा रहँदा नै हामीहरूको मृत्यु अयोध्यामा होस्। सबै जनाले यही मागेका छन्॥ २७३॥

**सुनि सनेहमय पुरजन बानी। निंदहिं जोग बिरति मुनि ग्यानी॥**
**एहि बिधि नित्यकरम करि पुरजन। रामहि करहिं प्रनाम पुलकि तन॥**

अयोध्यावासीहरूको प्रेममय वाणी सुनेर ज्ञानी मुनि पनि आफ्नो योग र वैराग्यको निन्दा गर्दछन्। अयोध्यावासी यस प्रकार नित्यकर्म गरेर श्रीरामलाई रोमाञ्चित शरीर हुँदै प्रणाम गर्दछन्॥ १॥

**ऊँच नीच मध्यम नर नारी। लहहिं दरसु निज निज अनुहारी॥**
**सावधान सबही सनमानहिं। सकल सराहत कृपानिधानहिं॥**

उच्च, नीच र मध्यम सबै श्रेणीहरूका स्त्री–पुरुषले आ–आफ्नो भावनाअनुसार श्रीरामको दर्शन प्राप्त गरिरहेका छन्। श्रीरामचन्द्रले सावधानीका साथ सबैलाई सम्मान गर्नुभएको छ र सबैले कृपानिधान श्रीरामचन्द्रलाई प्रशंसा गरेका छन्॥ २॥

**लरिकाइहि तें रघुबर बानी। पालत नीति प्रीति पहिचानी॥**
**सील सकोच सिंधु रघुराऊ। सुमुख सुलोचन सरल सुभाऊ॥**

श्रीरामको बालकपनदेखि नै यस्तो बानी छ कि उहाँले प्रेमलाई चिनेर नीतिलाई पालन गर्नुहुन्छ। श्रीरामचन्द्र शील र सङ्कोचका समुद्र हुनुहुन्छ। उहाँ सुन्दर मुखको [या सबैका अनुकूल रहनेवाला], सुन्दर नेत्रवाला [या सबैलाई कृपा र प्रेमको दृष्टिले हेर्नेवाला] र सरल स्वभावका हुनुहुन्छ॥ ३॥

**कहत राम गुन गन अनुरागे। सब निज भाग सराहन लागे॥**
**हम सम पुन्य पुंज जग थोरे। जिन्हहि रामु जानत करि मोरे॥**

श्रीरामका गुणसमूहलाई वर्णन गर्दागर्दै सबै जना प्रेममा भरिए र आफ्नो भाग्यको प्रशंसा गर्न लागे कि जगत्मा हामीसमानका पुण्यको ठूलो पूँजीपति थोरै नै छन्; जसलाई श्रीरामले आफ्नो बनाएर जान्नुहुन्छ (यो मेरो हो यस्तो जान्नुहुन्छ)॥ ४॥

दो०— **प्रेम मगन तेहि समय सब सुनि आवत मिथिलेसु।**
**सहित सभा संभ्रम उठेउ रबिकुल कमल दिनेसु॥ २७४॥**

त्यस समय मानिस प्रेममा मगन छन्। यतिखेर नै मिथिलापति जनकजी आउँदै गरेको सुनेर सूर्यकुलरूप कमलका सूर्य श्रीरामचन्द्र सभासहित आदरपूर्वक (उत्कण्ठा र उत्साहले) झटपट (झट्टै, झट्ट) उठेर उभिनुभयो॥ २७४॥

**भाइ सचिव गुर पुरजन साथा। आगें गवनु कीन्ह रघुनाथा॥**
**गिरिबरु दीख जनकपति जबहीं। करि प्रनामु रथ त्यागेउ तबहीं॥**

भाइ, मन्त्री, गुरु र पुरवासीहरूलाई साथै लिएर श्रीरघुनाथ अगाडि (जनकजीको स्वागतको लागि) हिँड्नुभयो। जनकजीले जहाँबाट पर्वतश्रेष्ठ कामदनाथलाई देख्नुभयो, त्यहींबाट प्रणाम गरेर उहाँले रथलाई छोड्नुभयो (पैदल हिँड्न सुरु गर्नुभयो)॥ १॥

**राम दरस लालसा उछाहू। पथ श्रम लेसु कलेसु न काहू॥**
**मन तहँ जहँ रघुबर बैदेही। बिनु मन तन दुख सुख सुधि केही॥**

श्रीरामको दर्शनको लालचा र उत्साहका कारण कसैलाई बाटोको थकाइ र क्लेश कत्ति पनि भएन। मन त त्यहाँ छ जहाँ श्रीराम र जानकीजी हुनुहुन्छ। विनामनको शरीरबाट सुख–दुःखको ज्ञान कसलाई हुने?॥ २॥

## ❋ जनकजी पुग्नु, कोलकिरातादिसँग भेट, सबैको परस्पर मिलाप ❋

**आवत जनकु चले एहि भाँती। सहित समाज प्रेम मति माती॥**
**आए निकट देखि अनुरागे। सादर मिलन परसपर लागे॥**

जनकजी यस प्रकार आइरहनुभएको छ। समाजसहित उहाँको बुद्धि प्रेमको नशामा मत्त (मातेको) छ। निकट आएको देखेर सबै प्रेममा भरिए र आदरपूर्वक आपसमा भेट हुन लागे॥ ३॥

**लगे जनक मुनिजन पद बंदन। रिषिन्ह प्रनामु कीन्ह रघुनंदन॥**
**भाइन्ह सहित रामु मिलि राजहि। चले लवाइ समेत समाजहि॥**

जनकजीले [वशिष्ठ आदि अयोध्यावासी] मुनिहरूका चरणको वन्दना गर्न लाग्नुभयो र श्रीरामचन्द्रले [शतानन्द आदि जनकपुरवासी] ऋषिहरूलाई प्रणाम गर्नुभयो। फेरि भाइहरूसमेत श्रीरामले राजा जनकजीलाई भेटेर उहाँलाई समाजसहित आफ्नो आश्रममा लिएर जानुभयो॥ ४॥

दो०— **आश्रम सागर सांत रस पूरन पावन पाथु।**
**सेन मनहुँ करुना सरित लिएँ जाहिं रघुनाथु॥ २७५॥**

श्रीरामको आश्रम शान्तरसरूपी पवित्र जलको परिपूर्ण समुद्र हो। जनकजीको सेना (समाज) मानौं करुणा [करुणरस] को नदी हो, श्रीरघुनाथले [त्यस आश्रमरूपी शान्तरसको समुद्रमा मिसाउन अथवा मिलाउनको लागि] लिएर गइरहनुभएको छ॥ २७५॥

**बोरति ग्यान बिराग करारे। बचन ससोक मिलत नद नारे॥**
**सोच उसास समीर तरंगा। धीरज तट तरुबर कर भंगा॥**

यो करुणाको नदी [यति बढेको छ कि] ज्ञान-वैराग्यरूपी किनाराहरूलाई डुबाउँदै जाँदैछ। शोकले भरिएका वचन नदी र खोला हुन्, जुन यस नदीमा मिसिन्छन् र चिन्ताको लामो सास नै वायुको वेगद्वारा उठ्ने तरङ्ग हो, जसले धैर्यरूपी किनाराका उत्तम वृक्षहरूलाई पल्टाएको (ढालेको) छ॥ १॥

**बिषम बिषाद तोरावति धारा। भय भ्रम भवँर अबर्त अपारा॥**
**केवट बुध बिद्या बड़ि नावा। सकहिं न खेइ ऐक नहिं आवा॥**

भयानक विषाद (शोक) नै त्यस नदीको तीव्र धारा हो। भय र भ्रम (मोह) नै त्यसका अनगिन्ती भुँवरी र ठूलाठूला चक्र हुन्। विद्वान् माझी हो, विद्या नै ठूलो डुङ्गा हो। परन्तु उनीहरूले त्यसलाई खियाउन सक्दैनन् (त्यस विद्यालाई उपयोग गर्न सक्दैनन्), कुनैलाई त्यसको अड्कल नै आउँदैन॥ २॥

**बनचर कोल किरात बिचारे। थके बिलोकि पथिक हियँ हारे॥**
**आश्रम उदधि मिली जब जाई। मनहुँ उठेउ अंबुधि अकुलाई॥**

वनमा भ्रमण गर्ने बिचरा कोल-किरात नै यात्री हुन्, जो त्यस नदीलाई देखेर हृदयमा हारेर थाकेका छन्। यो करुणा-नदी जब आश्रम-समुद्रमा गएर मिसियो, त्यसपछि मानौं त्यो समुद्र क्षुब्ध (व्याकुल) भयो अर्थात् झटपट समादर, समवेदना आदि मनोविकारहरूको उदयोत्कर्षले त्यहाँ ठूलो कोलाहल भयो॥ ३॥

**सोक बिकल दोउ राज समाजा। रहा न ग्यानु न धीरजु लाजा॥**
**भूप रूप गुन सील सराही। रोवहिं सोक सिंधु अवगाही॥**

दुवै राजसमाज शोकले व्याकुल भएका छन्, कसैलाई न ज्ञान रह्यो, न धैर्य र लाज नै रह्यो। राजा दशरथजीको रूप, गुण र शीललाई सराहना गर्दै सबै रोइरहेका छन् र शोक-समुद्रमा डुबुल्की (डुब्की) लगाएका छन्॥ ४॥

छं०— **अवगाहि सोक समुद्र सोचहिं नारि नर ब्याकुल महा।**
**दै दोष सकल सरोष बोलहिं बाम बिधि कीन्हों कहा॥**
**सुर सिद्ध तापस जोगिजन मुनि देखि दसा बिदेह की।**
**तुलसी न समरथु कोउ जो तरि सकै सरित सनेह की॥**

शोक-समुद्रमा डुब्की लगाउँदै सबै स्त्री-पुरुष महान् व्याकुल भएर चिन्ता गरिरहेका छन्। उनी सबैले विधातालाई दोष दिंदै क्रोधयुक्त भएर भनिरहेका छन् कि प्रतिकूल विधाताले यस्तो के गऱ्यो? तुलसीदासजीले भन्नुहुन्छ कि देवता, सिद्ध, तपस्वी, योगी र मुनिगणहरूमा कुनै पनि समर्थ छैनन् जसले त्यस समय विदेह (जनकराज) को दशा देखेर प्रेमको नदी पार गर्न सकुन्। (प्रेममा मग्न नभएर रहन सकुन्)।

सो०— **किए अमित उपदेस जहँ तहँ लोगन्ह मुनिबरन्ह।**
**धीरजु धरिअ नरेस कहेउ बसिष्ठ बिदेह सन॥ २७६॥**

जताततै श्रेष्ठ मुनिहरूले मानिसहरूलाई अपरिमित (धेरै नै) उपदेश दिए, अनि वशिष्ठजीले विदेहसँग भन्नुभयो—हे राजन्! हजुरले धैर्य धारण गरिबक्सियोस्॥ २७६॥

**जासु ग्यानु रबि भव निसि नासा। बचन किरन मुनि कमल बिकासा॥**
**तेहि कि मोह ममता निअराई। यह सिय राम सनेह बड़ाई॥**

जुन राजा जनकको ज्ञानरूपी सूर्यले भव-(आवागमन) रूपी रात्रिलाई नाश गर्दछ र जसका वचनरूपी किरणले मुनिरूपी कमललाई फुलाइदिन्छन् (आनन्दित गर्दछन्), के मोह र ममता उहाँको नजिकसम्म पनि आउन सक्तछ? यो त श्रीसीतारामको प्रेमको महिमा हो! [अर्थात् राजा जनकको यो दशा श्रीसीतारामको अलौकिक प्रेमको कारण भयो, लौकिक मोह-ममताको कारण होइन। जसले लौकिक मोह-ममतालाई पार गरिसकेका छन्, उहाँप्रति पनि श्रीसीतारामको प्रेमले आफ्नो प्रभावलाई नदेखाई रहन सक्तैन]॥ १॥

**बिषई साधक सिद्ध सयाने। त्रिबिध जीव जग बेद बखाने॥**
**राम सनेह सरस मन जासू। साधु सभाँ बड़ आदर तासू॥**

विषयी, साधक र ज्ञानवान् सिद्ध पुरुष—जगत्मा यी तीन प्रकारका जीव वेदहरूमा बताइएको छ। यी तीनमध्ये जसको चित्त श्रीरामको स्नेहमा रसिलो (सरस) रहन्छ, साधुहरूको सभामा उसको ठूलो आदर हुन्छ॥ २॥

**सोह न राम पेम बिनु ग्यानू। करनधार बिनु जिमि जलजानू॥**
**मुनि बहुबिधि बिदेहु समुझाए। रामघाट सब लोग नहाए॥**

श्रीरामको प्रेमविना ज्ञानले शोभा दिँदैन, जस्तै कर्णधारविना जहाज। वशिष्ठजीले विदेहराज (जनक) जी लाई धेरै प्रकारले सम्झाउनुभयो। तदनन्तर सबै जनाले श्रीरामको घाट (रामघाट)-मा स्नान गरे॥ ३॥

**सकल सोक संकुल नर नारी। सो बासरु बीतेउ बिनु बारी॥**
**पसु खग मृगन्ह न कीन्ह अहारू। प्रिय परिजन कर कौन बिचारू॥**

स्त्री-पुरुष सबै शोकले पूर्ण थिए। त्यो दिन विनाजल नै बित्यो (भोजनको कुरा त टाढा नै रह्यो, कसैले जलसम्म पनि पिएनन्)। पशु, पक्षी र मृगले समेत केही पनि भोजन खाएनन्! यसैले प्रिय जनले एवं कुटुम्बीहरूले त विचार नै कसरी गर्न सक्थे र?!॥ ४॥

दो०— **दोउ समाज निमिराजु रघुराजु नहाने प्रात।**
**बैठे सब बट बिटप तर मन मलीन कृस गात॥ २७७॥**

(राजा निमिका वंशज) महाराज जनकजी र रघुकुलराज रामचन्द्रजी तथा दुवैतर्फका समाजले भोलिपल्ट बिहानै स्नान गरेर सबै बरको वृक्षको मुनि गएर बसे। सबैको मन उदास र शरीर दुब्लो छ॥ २७७॥

**जे महिसुर दसरथ पुर बासी। जे मिथिलापति नगर निवासी॥**
**हंस बंस गुर जनक पुरोधा। जिन्ह जग मगु परमारथु सोधा॥**

जुन दशरथजीको नगरी अयोध्यामा बस्ने र जुन मिथिलापति जनकजीको नगर जनकपुरमा बस्ने ब्राह्मण थिए, तथा सूर्यवंशका गुरु वशिष्ठजी तथा जनकजीका पुरोहित शतानन्दजी, जसले सांसारिक अभ्युदयको मार्ग तथा परमार्थको मार्गलाई छान्नुभएको थियो (निष्कर्ष निकाल्नुभएको थियो),॥ १॥

**लगे कहन उपदेस अनेका। सहित धरम नय बिरति बिबेका॥**
**कौसिक कहि कहि कथा पुरानीं। समुझाई सब सभा सुबानीं॥**

उहाँहरूले सबै धर्म, नीति, वैराग्य तथा विवेकयुक्त अनेकौं उपदेश दिन लाग्नुभयो। विश्वामित्रजीले पुराना कथाहरू बारम्बार भनेर सारा सभालाई सुन्दर वाणीले सम्झाउनुभयो॥ २॥

**तब रघुनाथ कौसिकहि कहेऊ। नाथ कालि जल बिनु सबु रहेऊ॥**
**मुनि कह उचित कहत रघुराई। गयउ बीति दिन पहर अढ़ाई॥**

अनि रघुनाथजीले विश्वामित्रजीसँग भन्नुभयो कि हे नाथ! हिजो सबै जनाले जल पनि नपिई बसेका थियौं [अब केही आहारा गर्नुपर्छ]। विश्वामित्रजीले भन्नुभयो कि श्रीरघुनाथले उचित नै भन्नुभएको छ। साढे दुई प्रहर दिन [आज पनि] बित्यो॥ ३॥

**रिषि रुख लखि कह तेरहुतिराजू। इहाँ उचित नहिं असन अनाजू॥**
**कहा भूप भल सबहि सोहाना। पाइ रजायसु चले नहाना॥**

विश्वामित्रजीको भाव देखेर तिरहुतराज जनकजीले भन्नुभयो— यहाँ अन्न खान उचित हुँदैन। राजाको सुन्दर कथन सबैको मनमा राम्रो लाग्यो। सबै आज्ञा पाएर नुहाउन हिंडे॥ ४॥

दो०— **तेहि अवसर फल फूल दल मूल अनेक प्रकार।**
**लइ आए बनचर बिपुल भरि भरि काँवरि भार॥ २७८॥**

त्यतिखेरै अनेकौं प्रकारका धेरै नै फल, फूल, पात, मूल आदि धेरै नै गाडामा तथा कैयौं भारी वनवासी (कोल–किरात) ले लिएर आए॥ २७८॥

**कामद भे गिरि राम प्रसादा। अवलोकत अपहरत बिषादा॥**
**सर सरिता बन भूमि बिभागा। जनु उमगत आनँद अनुरागा॥**

श्रीरामचन्द्रको कृपाले सबै पर्वत मनले खोजेको वस्तु दिनेवाला भए। उनलाई देख्नाले मात्रै नै दुःखहरूलाई सर्वथा हरण गर्दछन्। त्यहाँका तलाउ, नदी, वन र पृथ्वीका सबै भागहरूमा मानौं आनन्द र प्रेम उम्लेको (उर्लिरहेको) छ॥ १॥

**बेलि बिटप सब सफल सफूला। बोलत खग मृग अलि अनुकूला॥**
**तेहि अवसर बन अधिक उछाहू। त्रिबिध समीर सुखद सब काहू॥**

लता र वृक्ष सबै फल र फूलले युक्त भए। पन्छी, पशु र भमरा अनुकूल बोल्न (कराउन) लागे। त्यस अवसरमा वनमा धेरै उत्साह (आनन्द) थियो, सबैलाई सुख दिनेवाला शीतल, मन्द, सुगन्ध हावा चलिरहेको थियो॥ २॥

**जाइ न बरनि मनोहरताई। जनु महि करति जनक पहुनाई॥**
**तब सब लोग नहाइ नहाई। राम जनक मुनि आयसु पाई॥**
**देखि देखि तरुबर अनुरागे। जहँ तहँ पुरजन उतरन लागे॥**
**दल फल मूल कंद बिधि नाना। पावन सुंदर सुधा समाना॥**

वनको मनोहरतालाई वर्णन गर्न सकिंदैन, मानौं पृथ्वीले जनकजीलाई सत्कार गरेकी छिन्। त्यसपछि जनकपुरवासी सबै जना नुहाएर श्रीरामचन्द्र, जनकजी र मुनिको आज्ञा पाएर, सुन्दर वृक्षहरूलाई हेरेको–हेर्‍यै गरेर प्रेममा भरिएर जतातत्तै बस्न लागे। पवित्र, सुन्दर र अमृतका समान [स्वादिष्ट] अनेकौं प्रकारका पात, फल, मूल र कन्द— ॥ ३–४॥

दो०— **सादर सब कहँ रामगुर पठए भरि भरि भार।**
**पूजि पितर सुर अतिथि गुर लगे करन फरहार॥ २७९॥**

श्रीरामका गुरु वशिष्ठजीले कैयौं भारी सबैका नजिक आदरपूर्वक पठाउनुभयो। त्यसपछि पितृ—देवता, अतिथि र गुरुको पूजा गरेर फलाहार गर्न लागे॥ २७९॥

**एहि बिधि बासर बीते चारी। रामु निरखि नर नारि सुखारी॥**
**दुहु समाज असि रुचि मन माहीं। बिनु सिय राम फिरब भल नाहीं॥**

यस प्रकारले चार दिन बिते। श्रीरामचन्द्रलाई देखेर सबै नर–नारी सुखी छन्। दुवै समाजको मनमा यस्तो इच्छा छ कि श्रीसीतारामविना फर्कन राम्रो हुँदैन॥ १॥

**सीता राम संग बनबासू। कोटि अमरपुर सरिस सुपासू॥**
**परिहरि लखन रामु बैदेही। जेहि घरु भाव बाम बिधि तेही॥**

श्रीसीतारामसँग वनमा बस्न करोडौं देवलोकको [निवास] समान सुखदायक हुनेछ। श्रीलक्ष्मण, श्रीराम र जानकीजीलाई छोडेर जसलाई घर राम्रो लाग्दछ, विधाता उसको लागि विपरीत छ॥ २॥

**दाहिन दइउ होइ जब सबही। राम समीप बसिअ बन तबही॥**
**मंदाकिनि मज्जनु तिहु काला। राम दरसु मुद मंगल माला॥**

जब दैव सबैलाई अनुकूल हुन्छ, त्यतिखेर श्रीरामसँग वनमा निवास हुन सक्दछ। मन्दाकिनीजीको तीनै समय स्नान र आनन्द तथा मङ्गलहरूका माला (समूह) रूप श्रीरामको दर्शन,॥ ३॥

**अटनु राम गिरि बन तापस थल। असनु अमिअ सम कंद मूल फल॥**
**सुख समेत संबत दुइ साता। पल सम होहिं न जनिअहिं जाता॥**

श्रीरामको पर्वत (कामदनाथको दर्शन एवं परिक्रमा), वन र तपस्वीहरूका ठाउँमा भ्रमण तथा अमृतका समान कन्द, मूल, फलहरूको भोजन। चौध वर्ष सुखका साथ पलको समान हुनेछ (बित्नेछ), समय बितेको थाहा नै हुनेछैन॥ ४॥

दो०— **एहि सुख जोग न लोग सब कहहिं कहाँ अस भागु।**
**सहज सुभायँ समाज दुहु राम चरन अनुरागु॥ २८०॥**

सबै जनाले भनिरहेका छन् कि हामी सबै यी सुखको योग्य छैनौं, हाम्रो यस्तो भाग्य कहाँ? दुवै समाजको श्रीरामचन्द्रका चरणमा स्वाभाविक प्रेम छ॥ २८०॥

## कौसल्या–सुनयना–संवाद, सीताजीको शील

**एहि बिधि सकल मनोरथ करहीं। बचन सप्रेम सुनत मन हरहीं॥**
**सीय मातु तेहि समय पठाईं। दासीं देखि सुअवसरु आईं॥**

यस्तो प्रकारले सबैले मनोरथ गरिरहेका छन्। उनका प्रेमयुक्त वचन सुन्दा नै [सुन्नेवालाको] मनलाई आकर्षित गर्दछ। त्यही समय सीताजीकी आमा श्रीसुनयनाजीले पठाएका दासीहरू [कौसल्या आदिसँग भेट हुने] सुन्दर अवसर देखेर आए॥ १॥

**सावकास सुनि सब सिय सासू। आयउ जनकराज रनिवासू॥**
**कौसल्याँ सादर सनमानी। आसन दिए समय सम आनी॥**

उनीहरूबाट यस्तो सुन्नुभयो कि सीताजीका सबै सासूहरू यस समय फुर्सदमा हुनुहुन्छ, जनकराजको रनिवास (खोपी)* उहाँहरूसँग भेट हुन आयो। कौसिल्याजीले आदरपूर्वक उहाँहरूलाई सम्मान गर्नुभयो र समयोचित आसन ल्याएर दिनुभयो॥ २॥

---

* *'आयउ जनकराज रनिवासू'* इति। जनकमहाराजका दुई भाइ हुनुहुन्थ्यो। कुशध्वजजी सहोदर भाइ हुनुहुन्थ्यो। यी दुवैका रानीहरू आउनुभयो र आठ विमातृ भाइ हुनुहुन्थ्यो उहाँका रानीहरू आउनुभयो। सुनयनाजी जनककी पटमहिषी हुनुहुन्थ्यो। सौतेनी भाइका रानीहरूका नाम चन्द्रकान्ति, विदग्धा, शुभदा, सिद्धा, मोहिनी, शोभनाङ्गी, विलक्षा र विनीता इत्यादि हुनुहुन्थ्यो। यी सबै जनकमहाराजको अन्तःपुर हो। (मानस–पीयूषबाट उद्धृत गरिएको)

**सीलु सनेहु सकल दुहु ओरा। द्रवहिं देखि सुनि कुलिस कठोरा॥**
**पुलक सिथिल तन बारि बिलोचन। महि नख लिखन लगीं सब सोचन॥**

दुवैतर्फ सबैको शील र प्रेमलाई देखेर र सुनेर कठोर वज्र पनि पग्लिन्छ। शरीर रोमाञ्चित र शिथिल छ तथा नेत्रमा [शोक र प्रेमका] आँसु छन्। सबैले आफ्ना [गोडाका] नङले जमिन कोर्न (कोतर्न) र सोच्न लागे॥ ३॥

**सब सिय राम प्रीति कि सि मूरति। जनु करुना बहु बेष बिसूरति॥**
**सीय मातु कह बिधि बुधि बाँकी। जो पय फेनु फोर पबि टाँकी॥**

सबै श्रीसीतारामका प्रेमका मूर्ति जस्तै छन्, मानौं स्वयं करुणाले नै धेरै वेष (रूप) धारण गरेर दुःख दिइरहेको छ। सीताजीकी आमा सुनयनाजीले भन्नुभयो— विधाताको बुद्धि धेरै टेढो छ, जुन दूधको फींजजस्तो कोमल वस्तुलाई वज्रको छिनाले फोरिरहेको छ (अर्थात् जुन अत्यन्त कोमल र निर्दोष छ उसप्रति विपत्तिमा झन् विपत्ति खनिएको छ)॥ ४॥

दो०— **सुनिअ सुधा देखिअहिं गरल सब करतूति कराल।**
**जहँ तहँ काक उलूक बक मानस सकृत मराल॥ २८१॥**

अमृत केवल सुन्न मात्रै पाइएको छ र विष जताततै प्रत्यक्ष देखिन्छ। विधाताको सबै व्यवहार भयङ्कर छ। सबै ठाउँमा काग, उल्लू र बकुल्ला नै [देखिन्छन्] छन्, हाँस त एक मानसरोवरमा मात्र छन्॥ २८१॥

**सुनि ससोच कह देबि सुमित्रा। बिधि गति बड़ि बिपरीत बिचित्रा॥**
**जो सृजि पालइ हरइ बहोरी। बालकेलि सम बिधि मति भोरी॥**

यस्तो सुनेर देवी सुमित्राजीले शोकपूर्वक भन्न लाग्नुभयो— विधाताको चाल धेरै नै विपरीत र विचित्र छ, जसले सृष्टि उत्पन्न गरेर पाल्दछ र फेरि नष्ट गरेर छोड्छ। विधाताको बुद्धि बालकको खेलजस्तो विवेकशून्य छ॥ १॥

**कौसल्या कह दोसु न काहू। करम बिबस दुख सुख छति लाहू॥**
**कठिन करम गति जान बिधाता। जो सुभ असुभ सकल फल दाता॥**

कौसल्याजीले भन्नुभयो— कसैको दोष छैन; दुःख-सुख, हानि-लाभ सबै कर्महरूको अधीनमा छन्। कर्मको गति कठिन (दुर्विज्ञेय) छ, त्यसलाई विधाताले नै जान्दछ, जुन शुभ र अशुभ सबै फलहरूलाई प्रदान गर्दछ॥ २॥

**ईस रजाइ सीस सबही कें। उतपति थिति लय बिषहु अमी कें॥**
**देबि मोह बस सोचिअ बादी। बिधि प्रपंचु अस अचल अनादी॥**

ईश्वरको आज्ञा सबैको शिरमा छ। उत्पत्ति, स्थिति (पालन) र लय (संहार) तथा अमृत र विष पनि शिरमा छन् (यी सबै पनि उसको अधीनमा छन्)। हे देवी! मोहवश चिन्तागर्नु व्यर्थ छ। विधाताको प्रपञ्च यस्तै अचल र अनादि छ॥ ३॥

**भूपति जिअब मरब उर आनी। सोचिअ सखि लखि निज हित हानी॥**
**सीय मातु कह सत्य सुबानी। सुकृती अवधि अवधपति रानी॥**

महाराजको स्वर्गारोहण र जीवित अवस्थाको कुरालाई हृदयमा याद गरेर जसले चिन्ता गर्दछौं, त्यो त हे सखी! हामीले आफ्नो नै हितलाई हानि देखेर (स्वार्थवश) गर्दछौं। सीताजीकी आमाले भन्नुभयो— हजुरको भनाइ उत्तम र सत्य हो। हजुर पुण्यात्माहरूका सीमारूप अयोध्यापति (महाराज दशरथजी) की नै त रानी होइबक्सिन्छ। [फेरि भनिबक्सियोस्, हजुरले यस्तो किन नभन्ने?]॥ ४॥

दो०— **लखनु रामु सिय जाहुँ बन भल परिनाम न पोचु।**
**गहबरि हियँ कह कौसिला मोहि भरत कर सोचु॥ २८२॥**

कौसल्याजीले दुःखपूर्ण हृदयबाट भन्नुभयो— श्रीराम, लक्ष्मण र सीता वनमा जाऊन्, यसको परिणाम त राम्रो नै हुनेछ, नराम्रो हुँदैन। मलाई त भरतको नै चिन्ता छ॥ २८२॥

**ईस प्रसाद असीस तुम्हारी। सुत सुतबधू देवसरि बारी॥**
**राम सपथ मैं कीन्हि न काऊ। सो करि कहउँ सखी सति भाऊ॥**

ईश्वरको अनुग्रह (कृपा) र हजुरको आशीर्वादले मेरा [चार] पुत्र र [चार] बुहारीहरू गङ्गाजीको जलसमान पवित्र छन्। हे सम्धिनीजी! मैले कहिल्यै रामको कसम खाएकी छैन, सो आज श्रीरामको शपथ गरेर सत्य भावले भन्दछु— ॥ १॥

**भरत सील गुन बिनय बड़ाई। भायप भगति भरोस भलाई॥**
**कहत सारदहु कर मति हीचे। सागर सीप कि जाहिं उलीचे॥**

भरतको शील, गुण, नम्रता, श्रेष्ठता, भाइचारा, भक्ति, भरोसा र असलपनलाई वर्णन गर्न सरस्वतीजीको बुद्धि पनि हिच्किचाउँदछ। सिपीमा कहीं समुद्रको जल भरेर बाहिर फाली खाली गर्न सकिन्छ॥ २॥

**जानउँ सदा भरत कुलदीपा। बार बार मोहि कहेउ महीपा॥**
**कसें कनकु मनि पारिखि पाएँ। पुरुष परिखिअहिं समयँ सुभाएँ॥**

मैले भरतलाई सधैं कुलको दीपक मान्दछु। महाराजले पनि बारम्बार मलाई यही भन्नुभएको थियो। सुन कसीमा घोटेपछि र रत्नलाई जौहरी (पारखी) सँग लगेपछि मात्र चिन्न सकिन्छ। त्यसै गरी पुरुषलाई परीक्षाको समय आएपछि उसको स्वभावले नै जान्न सकिन्छ॥ ३॥

**अनुचित आजु कहब अस मोरा। सोक सनेहँ सयानप थोरा॥**
**सुनि सुरसरि सम पावनि बानी। भईं सनेह बिकल सब रानी॥**

किन्तु आज मैले यस्तो भन्नु पनि अनुचित छ। शोक र स्नेहमा विवेक कम हुन्छ (मानिसले भन्नेछन् कि मैले स्नेहवश भरतको प्रशंसा गरेकी छु)। कौसल्याजीका गङ्गाजीका समान पवित्र गर्नेवाला वाणी सुनेर सबै रानीहरू स्नेहले गर्दा अत्तालिनुभयो॥ ४॥

दो०— **कौसल्या कह धीर धरि सुनहु देबि मिथिलेसि।**
**को बिबेकनिधि बल्लभहि तुम्हहि सकइ उपदेसि॥ २८३॥**

कौसल्याजीले फेरि धैर्य गरेर भन्नुभयो— हे देवी मिथिलेश्वरी! सुनिबक्सियोस्, ज्ञानका भण्डार श्रीजनकजीकी प्रिया हजुरलाई कसले उपदेश दिन सक्दछ? ॥ २८३ ॥

**रानि राय सन अवसरु पाई। अपनी भाँति कहब समुझाई॥**
**रखिअहिं लखनु भरतु गवनहिं बन। जौं यह मत मानै महीप मन॥**

हे महारानी! मौका मिलेमा हजुरले राजालाई आफ्नो तर्फबाट जहाँसम्म हुन सक्छ, सम्झाएर भनिबक्सिएला कि लक्ष्मणलाई घरमा राख्नुपर्‍यो र भरत वनमा जाऊन्। यदि यो राय महाराजको मनमा उचित लागेमा, ॥ १ ॥

**तौ भल जतनु करब सुबिचारी। मोरें सोचु भरत कर भारी॥**
**गूढ़ सनेह भरत मन माहीं। रहें नीक मोहि लागत नाहीं॥**

यस्तो मौका मिलेमा खुब राम्ररी विचार गरेर यत्न गरिबक्सिएला। मलाई भरतको अत्यधिक चिन्ता छ। भरतको मनमा गूढ (गुप्त) प्रेम छ। उनी घरमा रहनाले मलाई कल्याण होला जस्तो लाग्दैन (यस्तो डर लागेको छ कि उनको प्राणलाई कुनै भय नहोस्) ॥ २ ॥

**लखि सुभाउ सुनि सरल सुबानी। सब भइ मगन करुन रस रानी॥**
**नभ प्रसून झरि धन्य धन्य धुनि। सिथिल सनेहँ सिद्ध जोगी मुनि॥**

कौसल्याजीको स्वभाव देखेर र उहाँको सरल र उत्तम वाणीलाई सुनेर सबै रानीहरू करुण-रसमा निमग्न हुनुभयो। आकाशबाट पुष्पवर्षाको झरी लाग्यो र धन-धान्यको ध्वनि हुन लाग्यो। सिद्ध, योगी र मुनि स्नेहले शिथिल भए॥ ३ ॥

**सबु रनिवासु बिथकि लखि रहेऊ। तब धरि धीर सुमित्राँ कहेऊ॥**
**देबि दंड जुग जामिनि बीती। राम मातु सुनि उठी सप्रीती॥**

सबै रानीहरू यस्तो देखेर निस्तब्ध हुनुभयो, त्यसपछि सुमित्राजीले धैर्य गरेर भन्नुभयो कि हे देवी! दुई घडी रात बितिसकेको छ। यस्तो सुनेर श्रीरामकी आमा कौसल्याजी प्रेमपूर्वक उठ्नुभयो॥ ४ ॥

दो०— **बेगि पाउ धारिअ थलहि कह सनेहँ सतिभाय।**
**हमरें तौ अब ईस गति कै मिथिलेस सहाय॥ २८४॥**

र प्रेमसहित सद्भावले भन्नुभयो— अब हजुरको शीघ्र डेरामा सवारी होस्, हामीहरूलाई त अब ईश्वरको नै गति छ, अथवा मिथिलेश्वर जनकजी सहायक होइबक्सिन्छ॥ २८४॥

**लखि सनेह सुनि बचन बिनीता। जनकप्रिया गह पाय पुनीता॥**
**देबि उचित असि बिनय तुम्हारी। दसरथ घरिनि राम महतारी॥**

कौसल्याजीको प्रेमलाई देखेर र उहाँका विनम्र वचनहरूलाई सुनेर जनकजीकी प्रिय महारानीले उहाँका पवित्र चरण समात्नुभयो र भन्नुभयो— हे देवी! हजुर राजा दशरथजीकी रानी र श्रीरामकी आमा होइबक्सिन्छ। हजुरको यस्तो नम्रता उचित नै छ॥ १ ॥

**प्रभु अपने नीचहु आदरहीं। अगिनि धूम गिरि सिर तिनु धरहीं॥**
**सेवकु राउ करम मन बानी। सदा सहाय महेसु भवानी॥**

प्रभुले आफ्ना नीच जनलाई पनि आदर गर्नुहुन्छ। अग्निले धुवाँलाई र पर्वतले तृण (घाँस) लाई आफ्नो शिरमा धारण गर्दछन्। हाम्रा राजा त कर्म, मन र वाणीले हजुरको सेवक होइबक्सिन्छ र सधैं सहायक त श्रीमहादेव-पार्वतीजी हुनुहुन्छ॥ २॥

**रउरे अंग जोगु जग को है। दीप सहाय कि दिनकर सोहै॥**
**रामु जाइ बनु करि सुर काजू। अचल अवधपुर करिहहिं राजू॥**

हजुरको सहायक हुनलाई जगत्मा योग्य को छ? दीपकले सूर्यलाई सहायता गर्न गएर कहीं शोभा पाउन सक्दछ? श्रीरामचन्द्र वनमा गएर देवताहरूको कार्य सम्पन्न गरी अयोध्यापुरीमा अचल राज्य गर्नुहुनेछ॥ ३॥

**अमर नाग नर राम बाहुबल। सुख बसिहहिं अपनें अपनें थल॥**
**यह सब जागबलिक कहि राखा। देबि न होइ मुधा मुनि भाषा॥**

देवता, नाग र मनुष्य सबै श्रीरामचन्द्रका भुजाहरूको बलमा आ-आफ्नो स्थान (लोक) मा सुखपूर्वक बस्नेछन्। यो सबै याज्ञवल्क्य मुनिले पहिले नै सुनाउनुभएको छ। हे देवी! मुनिको कथन व्यर्थ हुन सक्दैन॥ ४॥

दो०— **अस कहि पग परि पेम अति सिय हित बिनय सुनाइ।**
**सिय समेत सियमातु तब चली सुआयसु पाइ॥ २८५॥**

यस्तो भन्दै अति नै प्रेमले चरण समातेर सीताजी [लाई साथमा पठाउन] को लागि बिन्ती गरेर र सुन्दर आज्ञा पाएर त्यसपछि सीताजीसहित सीताजीकी आमा डेरामा हिँड्नुभयो॥ २८५॥

**प्रिय परिजनहि मिली बैदेही। जो जेहि जोगु भाँति तेहि तेही॥**
**तापस बेष जानकी देखी। भा सबु बिकल बिषाद बिसेषी॥**

जानकीजी आफ्ना प्यारा कुटुम्बीहरूसँग—जो जस्ता योग्य थिए, उससँग उस्तै प्रकारले भेट हुनुभयो। जानकीजीलाई तपस्विनीको भेषमा देखेर सबै शोकले अत्यन्त व्याकुल भए॥ १॥

**जनक राम गुर आयसु पाई। चले थलहि सिय देखी आई॥**
**लीन्हि लाइ उर जनक जानकी। पाहुनि पावन पेम प्रान की॥**

श्रीजनक महाराज श्रीरामका गुरु वशिष्ठजीको आज्ञा पाएर डेरामा जानुभयो र आएपछि उहाँले सीताजीलाई देख्नुभयो। जनकजीले आफ्नो पवित्र प्रेम र प्राणको अतिथि जानकीजीलाई हृदयमा लगाउनुभयो॥ २॥

**उर उमगेउ अंबुधि अनुरागू। भयउ भूप मनु मनहुँ पयागू॥**
**सिय सनेह बटु बाढ़त जोहा। ता पर राम पेम सिसु सोहा॥**

उहाँको हृदयमा [वात्सल्य] प्रेमको समुद्र उर्ल्यो। राजाको मन मानौं प्रयाग भयो। त्यस समुद्र-भित्र उहाँले [आदिशक्ति] सीताजीलाई [अलौकिक] स्नेहरूपी अक्षयवटलाई बढ्दै गरेको देख्नुभयो। त्यस (सीताजीको प्रेमरूपी वृक्ष) मा श्रीरामको प्रेमरूपी बालक (बालकरूपधारी भगवान्) सुशोभित भइरहनुभएको छ॥ ३॥

**चिरजीवी मुनि ग्यान बिकल जनु। बूड़त लहेउ बाल अवलंबनु॥**
**मोह मगन मति नहिं बिदेह की। महिमा सिय रघुबर सनेह की॥**

जनकजीको ज्ञानरूपी चिरञ्जीवी (मार्कण्डेय) मुनि व्याकुल भएर डुब्दा-डुब्दै मानौं त्यस श्रीरामप्रेमरूपी बालकको सहारा पाएर बँचे। वस्तुतः [ज्ञानशिरोमणि] विदेहराजको बुद्धि मोहमा मग्न छैन। यो त श्रीसीतारामको प्रेमको महिमा हो। [जसले उहाँजस्ता महान् ज्ञानीको ज्ञानलाई पनि प्रभावहीन (व्याकुल) बनाइदियो]॥ ४॥

दो०— **सिय पितु मातु सनेह बस बिकल न सकी सँभारि।**
**धरनिसुताँ धीरजु धरेउ समउ सुधरमु बिचारि॥ २८६॥**

आमा-बुबाको प्रेमले गर्दा सीताजी यसरी अत्तालिनुभयो कि आफूलाई सँभाल्न पनि सक्नुभएन। [परन्तु परम धैर्यवती] पृथ्वीकी कन्या सीताजीले समय र सुन्दर धर्मलाई विचार गरेर धैर्य धारण गर्नुभयो॥ २८६॥

**तापस बेष जनक सिय देखी। भयउ पेमु परितोषु बिसेषी॥**
**पुत्रि पबित्र किए कुल दोऊ। सुजस धवल जगु कह सबु कोऊ॥**

सीताजीलाई तपस्विनीको भेषमा देखेर जनकजीलाई विशेष प्रेम र सन्तोष भयो। [उहाँले भन्नुभयो— ] छोरी! तिमीले दुवै कुललाई पवित्र बनायौ। तिम्रो निर्मल यशले सारा जगत् उज्ज्वल भइरहेको छ; यस्तो सबै जनाले भन्दछन्॥ १॥

**जिति सुरसरि कीरति सरि तोरी। गवनु कीन्ह बिधि अंड करोरी॥**
**गंग अवनि थल तीनि बड़ेरे। एहिं किए साधु समाज घनेरे॥**

तिम्रो कीर्तिरूपी नदी देवनदी गङ्गाजीलाई पनि जितेर [जुन एक ब्रह्माण्डमा नै बग्दछिन्] करोडौं ब्रह्माण्डमा बगेकी छिन्। गङ्गाजीले त पृथ्वीमा तीन ठाउँ (हरिद्वार, प्रयागराज र गङ्गासागर) लाई नै ठूलो (तीर्थ) बनाइन्। तर तिम्रो यस कीर्तिनदीले त अनेकौं सन्तसमाजरूपी तीर्थस्थान बनाएको छ॥ २॥

**पितु कह सत्य सनेहँ सुबानी। सीय सकुच महुँ मनहुँ समानी॥**
**पुनि पितु मातु लीन्हि उर लाई। सिख आसिष हित दीन्हि सुहाई॥**

पिता जनकजीले स्नेहपूर्वक सच्चा सुन्दर वाणी भन्नुभयो। परन्तु आफ्नो प्रशंसा सुनेर सीताजी मानौं सङ्कोचमा प्रविष्ट हुनुभयो (मिसिनुभयो)। माता-पिताले उहाँलाई फेरि हृदयमा लगाउनुभयो र हितकारी सुन्दर शिक्षा र आशीर्वाद दिनुभयो॥ ३॥

**कहति न सीय सकुचि मन माहीं। इहाँ बसब रजनीं भल नाहीं॥**
**लखि रुख रानि जनायउ राऊ। हृदयँ सराहत सीलु सुभाऊ॥**

सीताजी केही भन्नुहुन्न, परन्तु मनमा लाज मानिराख्नुभएको छ कि रातमा [सासूहरूको सेवा छोडेर] यहाँ रहन ठीक हुँदैन। रानी सुनयनाजीले जानकीजीको भाव देखेर (उहाँको मनको कुरा सम्झेर) राजा जनकजीलाई जनाउनुभयो। त्यसपछि दुवैले आफ्नो हृदयमा सीताजीको शील र स्वभावलाई प्रशंसा गर्न लाग्नुभयो॥ ४॥

## * जनक-सुनयना-संवाद, भरतजीको महिमा *

दो०— **बार बार मिलि भेंटि सिय बिदा कीन्हि सनमानि।**
**कही समय सिर भरत गति रानि सुबानि सयानि॥ २८७॥**

राजा-रानीले बारम्बार भेट भएर र हृदयमा लगाउँदै तथा सम्मान गरेर सीताजीलाई बिदा गर्नुभयो। चतुर रानीले समय पाएर राजासँग सुन्दर वाणीमा भरतजीको दशाको वर्णन गर्नुभयो॥ २८७॥

**सुनि भूपाल भरत ब्यवहारू। सोन सुगंध सुधा ससि सारू॥**
**मूदे सजल नयन पुलके तन। सुजसु सराहन लगे मुदित मन॥**

सुनमा सुगन्ध र [समुद्रबाट निस्केको] सुधामा चन्दमाको सार अमृत समानको भरतजीको व्यवहार सुनेर राजाले [प्रेमविह्वल भएर] आफ्ना [प्रेमाश्रुका] जलले भरिएका नेत्रलाई बन्द गर्नुभयो (उहाँ भरतजीको प्रेममा मानौं, ध्यानस्थ हुनुभयो)। उहाँको सर्वाङ्ग शरीर पुलकित भयो र मनमा आनन्दित भएर भरतजीका सुन्दर यशलाई प्रशंसा गर्न लाग्नुभयो॥ १॥

**सावधान सुनु सुमुखि सुलोचनि। भरत कथा भव बंध बिमोचनि॥**
**धरम राजनय ब्रह्मबिचारू। इहाँ जथामति मोर प्रचारू॥**

[उहाँले भन्नुभयो— ] हे सुमुखी! हे सुनयनी! सावधान भएर सुन। भरतजीको कथा संसारको बन्धनबाट छुटाउनेवाला छ। धर्म, राजनीति र ब्रह्मविचार—यी तीन विषयमा आफ्नो बुद्धिअनुसार मेरो [थोरे नै] गति छ। (अर्थात् यिनका सम्बन्धमा मैले केही जान्दछु)॥ २॥

**सो मति मोरि भरत महिमाही। कहै काह छलि छुअति न छाँही॥**
**बिधि गनपति अहिपति सिव सारद। कबि कोबिद बुध बुद्धि बिसारद॥**

त्यही (धर्म, राजनति र ब्रह्मज्ञानमा प्रवेश गरेको) मेरो बुद्धिले भरतजीको महिमाको वर्णन त कसरी गर्ने, छल गरेर पनि उसको छायासम्म पनि छुन सक्दैन! ब्रह्माजी, गणेशजी, महादेवजी, सरस्वतीजी, कवि, ज्ञानी, पण्डित र बुद्धिमान्— ॥ ३॥

**भरत चरित कीरति करतूती। धरम सील गुन बिमल बिभूती॥**
**समुझत सुनत सुखद सब काहू। सुचि सुरसरि रुचि निदर सुधाहू॥**

सबै जनालाई भरतजीको चरित्र, कीर्ति, व्यवहार, धर्म, शील, गुण र निर्मल ऐश्वर्य सम्झँदा र सुन्दा सुख दिनेवाला छ र पवित्रतामा गङ्गाजी तथा स्वाद (मधुरता) मा अमृतलाई पनि तिरस्कार गर्ने खालको छ॥ ४॥

दो०— **निरवधि गुन निरुपम पुरुषु भरतु भरत सम जानि।**
**कहिअ सुमेरु कि सेर सम कबिकुल मति सकुचानि॥ २८८॥**

भरतजी असीम गुणसम्पन्न र उपमारहित पुरुष हुनुहुन्छ। भरतजीसमान, भरतजी नै मात्र हुनुहुन्छ, यस्तो जान। सुमेरु पर्वतलाई के सेर (तौलको परिणाम) बराबर भन्न सकिन्छ? यसैले (उहाँलाई कुनै पुरुषको उपमा दिँदा) कविसमाजको पनि बुद्धिले लाज मान्यो!॥ २८८॥

**अगम सबहि बरनत बरबरनी। जिमि जलहीन मीन गमु धरनी॥**
**भरत अमित महिमा सुनु रानी। जानहिं रामु न सकहिं बखानी॥**

हे श्रेष्ठ सुन्दरी! भरतजीको महिमालाई वर्णन गर्नलाई सबैको लागि यसरी नै अगम छ, जसरी जलरहित पृथ्वीमा माछा चल्न (रहन)। हे रानी! सुन, भरतजीको अपरिमित महिमालाई एक श्रीरामचन्द्रले नै जान्नुहुन्छ; किन्तु उहाँले पनि त्यसको वर्णन गर्न सक्नुहुन्न॥ १॥

**बरनि सप्रेम भरत अनुभाऊ। तिय जिय की रुचि लखि कह राऊ॥**
**बहुरहिं लखनु भरतु बन जाहीं। सब कर भल सब के मन माहीं॥**

यस प्रकार प्रेमपूर्वक भरतजीको प्रभावलाई वर्णन गरेर, फेरि रानीको मानसिक रुचि जानेर राजाले भन्नुभयो—लक्ष्मणजी फर्केर (अयोध्या) जाने र भरतजी वनमा जानाले, यसमा सबैको कल्याण हुन्छ र यही सबैको मनमा छ॥ २॥

**देबि परंतु भरत रघुबर की। प्रीति प्रतीति जाइ नहिं तरकी॥**
**भरतु अवधि सनेह ममता की। जद्यपि रामु सीम समता की॥**

परन्तु हे देवी! भरतजी र श्रीरामचन्द्रको प्रेम र एकको अर्काप्रति विश्वास, बुद्धि र विचारको सीमामा आउन सक्दैन। यद्यपि श्रीरामचन्द्र समताको सीमा हुनुहुन्छ, तथापि भरतजी प्रेम र ममताको सीमा हुनुहुन्छ॥ ३॥

**परमारथ स्वारथ सुख सारे। भरत न सपनेहुँ मनहुँ निहारे॥**
**साधन सिद्धि राम पग नेहू। मोहि लखि परत भरत मत एहू॥**

[श्रीरामचन्द्रप्रति अनन्य प्रेमलाई छोडेर] भरतजीले समस्त परमार्थ, स्वार्थ र सुखहरूतर्फ सपनामा पनि मनले पनि ताक्नुभएको छैन। श्रीरामका चरणको प्रेम नै उहाँको साधन हो र त्यही सिद्धि हो। मैले त भरतजीको यही एउटा मात्र सिद्धान्त जानेको छु॥ ४॥

दो०— **भोरेहुँ भरत न पेलिहहिं मनसहुँ राम रजाइ।**
**करिअ न सोचु सनेह बस कहेउ भूप बिलखाइ॥ २८९॥**

राजाले प्रेममा गद्गद भएर भन्नुभयो—भरतजीले भुलेर पनि श्रीरामचन्द्रको आज्ञालाई मनले पनि उल्लङ्घन गर्नुहुँदैन। अतः स्नेहको वश भएर चिन्ता गर्नुहुँदैन॥ २८९॥

**राम भरत गुन गनत सप्रीती। निसि दंपतिहि पलक सम बीती॥**
**राज समाज प्रात जुग जागे। न्हाइ न्हाइ सुर पूजन लागे॥**

श्रीराम र भरतजीका गुणहरूलाई प्रेमपूर्वक गणना गर्दै (भन्दै-सुन्दै) पति-पत्नीलाई रात पलाझैं बित्यो। प्रातःकाल दुवै राजसमाज बिउँझेपछि सबैले स्नान गरेर देवताहरूको पूजा गर्न लागे॥ १॥

**गे नहाइ गुर पहिं रघुराई। बंदि चरन बोले रुख पाई॥**
**नाथ भरतु पुरजन महतारी। सोक बिकल बनबास दुखारी॥**

श्रीरघुनाथ स्नान गरेर गुरु वशिष्ठजीसँग आउनुभयो र चरणको वन्दना गरेर उहाँको भाव बुझेर भन्नुभयो—हे नाथ! भरत, अयोध्यापुरीवासी तथा आमाहरू, सबै शोकले व्याकुल र वनवासबाट दुःखी हुनुहुन्छ॥ २॥

**सहित समाज राउ मिथिलेसू। बहुत दिवस भए सहत कलेसू॥**
**उचित होइ सोइ कीजिअ नाथा। हित सबही कर रौरें हाथा॥**

मिथिलापति राजा जनकजीले पनि समाजसहित क्लेश सहेको धेरै दिन बितिसके। यसैले हे नाथ! जे उचित हुन्छ, त्यही गरिबक्सियोस्। हजुरको सहारामा नै सबैको हित छ॥ ३॥

**अस कहि अति सकुचे रघुराऊ। मुनि पुलके लखि सीलु सुभाऊ॥**
**तुम्ह बिनु राम सकल सुख साजा। नरक सरिस दुहु राज समाजा॥**

यस्तो भनेर श्रीरघुनाथ अत्यन्त नै लाज मान्नुभयो। उहाँको शील-स्वभावलाई देखेर [प्रेम र आनन्दमा] मुनि वशिष्ठजी रोमाञ्चित हुनुभयो। [उहाँले स्पष्ट रूपमा भन्नुभयो—] हे राम! हजुरविना [घर-बार आदि] सम्पूर्ण सुखका सामान दुवै राजसमाजलाई नरकसमान छन्॥ ४॥

**दो०— प्रान प्रान के जीव के जिव सुख के सुख राम।**
**तुम्ह तजि तात सोहात गृह जिन्हहि तिन्हहि बिधि बाम॥ २९०॥**

हे राम! हजुर प्राणका पनि प्राण, आत्माका पनि आत्मा र सुखका पनि सुख हुनुहुन्छ। हे तात! हजुरलाई छोडेर जसलाई घर मन पर्छ, उसलाई विधाता विपरीत छ॥ २९०॥

**सो सुखु करमु धरमु जरि जाऊ। जहँ न राम पद पंकज भाऊ॥**
**जोगु कुजोगु ग्यानु अग्यानू। जहँ नहिं राम पेम परधानू॥**

जहाँ श्रीरामका चरणकमलमा प्रेम छैन, त्यो सुख, कर्म र धर्म व्यर्थ (त्याज्य) छन्। जसमा श्रीरामप्रेमको प्रधानता छैन, त्यो योग कुयोग हो र त्यो ज्ञान अज्ञान हो॥ १॥

**तुम्ह बिनु दुखी सुखी तुम्ह तेहीं। तुम्ह जानहु जिय जो जेहि केहीं॥**
**राउर आयसु सिर सबही कें। बिदित कृपालहि गति सब नीकें॥**

हजुरविना नै सबै दुःखी छन् र जुन सुखी छन् उनी हजुरबाट नै सुखी छन्। जोसुकैको मनमा जे-जस्तो छ हजुरले सबै जान्नुहुन्छ। हजुरको आज्ञा सबैको शिरमा छ। कृपालु (हजुर) लाई सबैको स्थिति राम्रैसँग थाहा छ॥ २॥

**आपु आश्रमहि धारिअ पाऊ। भयउ सनेह सिथिल मुनिराऊ॥**
**करि प्रनामु तब रामु सिधाए। रिषि धरि धीर जनक पहिं आए॥**

अतः हजुरको आश्रममा सवारी होस्। यति भनेर मुनिराज स्नेहले शिथिल हुनुभयो। त्यसपछि श्रीराम प्रणाम गरेर गइहाल्नुभयो र ऋषि वशिष्ठजी धैर्य गरेर जनकजीसँग आउनुभयो॥ ३॥

**राम बचन गुरु नृपहि सुनाए। सील सनेह सुभायँ सुहाए॥**
**महाराज अब कीजिअ सोई। सब कर धरम सहित हित होई॥**

गुरुजीले श्रीरामचन्द्रका शील र स्नेहले युक्त स्वभावले नै सुन्दर वचन राजा जनकजीलाई सुनाउनुभयो [र भन्नुभयो— ] हे महाराज! अब त्यही गरिबक्सियोस् जसले सबैको धर्मसहित हित होस्॥ ४॥

दो०— **ग्यान निधान सुजान सुचि धरम धीर नरपाल।**
**तुम्ह बिनु असमंजस समन को समरथ एहि काल॥ २९१॥**

हे राजन्! हजुर ज्ञानका भण्डार, सुजान, पवित्र र धर्ममा धीर होइबक्सिन्छ। यस समय हजुरविना यस दुविधालाई समाधान गर्नलाई अर्को को समर्थ छ?॥ २९१॥

*** जनक-वशिष्ठादि-संवाद, इन्द्रलाई चिन्ता, सरस्वतीले इन्द्रलाई सम्झाउनु ***

**सुनि मुनि बचन जनक अनुरागे। लखि गति ग्यानु बिरागु बिरागे॥**
**सिथिल सनेहँ गुनत मन माहीं। आए इहाँ कीन्ह भल नाहीं॥**

मुनि वशिष्ठजीका वचन सुनेर जनकजी प्रेममा मग्न हुनुभयो। उहाँको दशा देखेर ज्ञान र वैराग्यलाई पनि वैराग्य भयो। उहाँ प्रेमले शिथिल हुनुभयो र मनमा विचार गर्न लाग्नुभयो कि म यहाँ आएँ, यो ठीक गरिन॥ १॥

**रामहि रायँ कहेउ बन जाना। कीन्ह आपु प्रिय प्रेम प्रवाना॥**
**हम अब बन तें बनहि पठाई। प्रमुदित फिरब बिबेक बड़ाई॥**

राजा दशरथजीले श्रीरामलाई वन जानलाई भन्नुभयो र स्वयं आफ्ना प्रियको प्रेमलाई प्रमाणित (सच्चा) गरिदिनुभयो (प्रियवियोगमा प्राण त्याग्नुभयो)। परन्तु मैले अब उहाँलाई वनबाट [अझ गहन] वनमा पठाएर आफ्नो विवेकको बढाईमा (प्रशंसामा) आनन्दित हुँदै फर्कनेछु [किनकि मलाई कत्ति पनि मोह छैन; म श्रीरामलाई वनमा छोडेर आएँ, दशरथजीझैं मरिन!]॥ २॥

**तापस मुनि महिसुर सुनि देखी। भए प्रेम बस बिकल बिसेषी॥**
**समउ समुझि धरि धीरजु राजा। चले भरत पहिं सहित समाजा॥**

तपस्वी, मुनि र ब्राह्मण यस्तो सबै सुनेर र देखेर प्रेमवश धेरै नै व्याकुल भए। समयलाई विचार गरेर राजा जनकजी धैर्य गरेर समाजसहित भरतजीसँग जानुभयो॥ ३॥

**भरत आइ आगें भइ लीन्हे। अवसर सरिस सुआसन दीन्हे॥**
**तात भरत कह तेरहुति राऊ। तुम्हहि बिदित रघुबीर सुभाऊ॥**

भरतजीले आएर उहाँको अगाडि भएर हिंड्नुभयो (अगाडि आएर उहाँको स्वागत गर्नुभयो) र समयानुकूल सुन्दर आसन दिनुभयो। तिरहुतराज जनकजीले भन्न लाग्नुभयो—हे तात भरत! हजुरलाई श्रीरामको स्वभाव थाहा नै छ॥ ४॥

**दो०— राम सत्यब्रत धरम रत सब कर सीलु सनेहु।**
**संकट सहत सकोच बस कहिअ जो आयसु देहु॥ २९२॥**

श्रीरामचन्द्र सत्यव्रती र धर्मपरायण हुनुहुन्छ, सबैको शील र स्नेहको रखवाली गर्नुहुन्छ। यसैले उहाँले सङ्कोचवश सङ्कट सहिरहनुभएको छ; अब हजुरले जे आज्ञा दिनुहुन्छ, त्यही उहाँबाट अनुमति लिनुपर्‍यो॥ २९२॥

**सुनि तन पुलकि नयन भरि बारी। बोले भरतु धीर धरि भारी॥**
**प्रभु प्रिय पूज्य पिता सम आपू। कुलगुरु सम हित माय न बापू॥**

भरतजी यस्तो सुनेर रोमाञ्चित शरीर हुँदै नेत्रमा जल भरेर धेरै ठूलो धैर्य गर्दै भन्नुभयो— हे प्रभु! हजुर हाम्रा पिताका समान प्रिय र पूज्य होइबक्सिन्छ र कुलगुरु वशिष्ठजीसमान हितैषी त आमा-बाबु पनि हुँदैनन्॥ १॥

**कौसिकादि मुनि सचिव समाजू। ग्यान अंबुनिधि आपुनु आजू॥**
**सिसु सेवकु आयसु अनुगामी। जानि मोहि सिख देइअ स्वामी॥**

विश्वामित्र आदि मुनिहरू र मन्त्रीहरूको समाज छ र आजको दिन ज्ञानका समुद्र हजुर पनि उपस्थित होइबक्सिन्छ। हे स्वामी! मलाई आफ्नो बच्चा, सेवक र आज्ञालाई पालन गर्ने सम्झेर शिक्षा दिइबक्सियोस्॥ २॥

**एहिं समाज थल बूझब राउर। मौन मलिन मैं बोलब बाउर॥**
**छोटे बदन कहउँ बड़ि बाता। छमब तात लखि बाम बिधाता॥**

यस समाज र [पुण्य] स्थलमा हजुर [जस्ता ज्ञानी र पूज्य] ले सोध्नु! यसमा म यदि मौन रहेमा त मलिन (मन्द बुद्धिको) कहलिनेछु; बोल्दा बौलट्टीपन हुनेछ, तथापि मैले सानो मुखले ठूलो कुरा भनेको छु। हे तात! विधातालाई प्रतिकूल जानेर क्षमा गरिबक्सिएला॥ ३॥

**आगम निगम प्रसिद्ध पुराना। सेवाधरमु कठिन जगु जाना॥**
**स्वामि धरम स्वारथहि बिरोधू। बैरु अंध प्रेमहि न प्रबोधू॥**

वेद, शास्त्र र पुराणहरूमा प्रसिद्ध छ र जगत्‌ले जानेको छ कि सेवा-धर्म धेरै नै कठिन हुन्छ। स्वामीधर्ममा (स्वामीप्रति कर्तव्यपालनमा) र स्वार्थमा विरोध छ (दुवै एकसाथ हुन सक्दैन)। वैर अन्धो हुन्छ र प्रेमलाई ज्ञान रहँदैन [मैले स्वार्थवश भन्नेछु या प्रेमवश, दुवैमा भुल हुने भय छ]॥ ४॥

**दो०— राखि राम रुख धरमु ब्रतु पराधीन मोहि जानि।**
**सब कें संमत सर्ब हित करिअ पेमु पहिचानि॥ २९३॥**

अतएव मलाई पराधीन जानेर (मलाई नसोधी) श्रीरामचन्द्रको रुचि, धर्म र [सत्यको] व्रतलाई राख्दै, जुन सबैको सम्मत र सबैको लागि हितकारी हुन्छ, हजुरले सबैको प्रेम चिनेर त्यही गरिबक्सियोस्॥ २९३॥

**भरत बचन सुनि देखि सुभाऊ। सहित समाज सराहत राऊ॥**
**सुगम अगम मृदु मंजु कठोरे। अरथु अमित अति आखर थोरे॥**

भरतजीका वचन सुनेर र उहाँको स्वभाव देखेर समाजसहित राजा जनकले उहाँको प्रशंसा गर्न लाग्नुभयो। भरतजीका वचन सुगम, अगम, सुन्दर, कोमल र कठोर छन्। उनमा अक्षर थोरै छन्, परन्तु अर्थ अपार रूपमा भरिएका छन्॥ १॥

**ज्यों मुखु मुकुर मुकुरु निज पानी। गहि न जाइ अस अदभुत बानी॥**
**भूप भरतु मुनि सहित समाजू। गे जहँ बिबुध कुमुद द्विजराजू॥**

जस्तै मुख (अनुहार) [को प्रतिविम्ब] ऐनामा देखिन्छ र ऐना आफ्नो हातमा छ, फेरि पनि उसलाई (मुखको प्रतिविम्ब) समात्न सकिंदैन, यस्तै प्रकारले भरतजीको यस्तो अद्भुत वाणी पनि समात्न सकिंदैंन (शब्दले उसको आशय बुझ्न सकिंदैन)। [कसैले केही उत्तर दिन नै सकेनन्] त्यसपछि राजा जनकजी, भरतजी तथा मुनि वशिष्ठजी समाजका साथ वहाँ जानुभयो जहाँ देवतारूपी कमललाई फुलाउने (सुखदायक) चन्द्रमा श्रीरामचन्द्र हुनुहुन्थ्यो॥ २॥

**सुनि सुधि सोच बिकल सब लोगा। मनहुँ मीनगन नव जल जोगा॥**
**देवँ प्रथम कुलगुर गति देखी। निरखि बिदेह सनेह बिसेषी॥**

यस्तो समाचार सुनेर सबै जना सोचले व्याकुल भए; जस्तै नयाँ (पहिलो वर्षाको) जलको संयोगले माछाहरू व्याकुल हुन्छन्। देवताहरूले पहिला कुलगुरु वशिष्ठजीको [प्रेमविह्वल] दशा देखे, फेरि विदेहजीको विशेष स्नेहलाई देखे॥ ३॥

**राम भगतिमय भरतु निहारे। सुर स्वारथी हहरि हियँ हारे॥**
**सब कोउ राम पेममय पेखा। भए अलेख सोच बस लेखा॥**

र श्रीरामभक्तिले ओतप्रोत भरतजीलाई देखे। यी सबैलाई देखेर स्वार्थी देवता डराएर हृदयमा हार माने। उनीहरूले सबै जनालाई श्रीरामप्रेममा तन्मय भएको देखे। यसबाट देवता यति शोचको वशमा परे कि जसको कुनै हिसाब छैन॥ ४॥

दो०— **रामु सनेह सकोच बस कह ससोच सुरराजु।**
**रचहु प्रपंचहि पंच मिलि नाहिं त भयउ अकाजु॥ २९४॥**

देवराज इन्द्र सोचमा भरिएर भन्न लागे कि श्रीरामचन्द्र त स्नेह र सङ्कोचको वशमा हुनुहुन्छ। यसैले सबै जना मिलेर केही प्रपञ्च (माया) रच; नत्र भने काम बिग्रेको नै सम्झ॥ २९४॥

**सुरन्ह सुमिरि सारदा सराही। देबि देव सरनागत पाही॥**
**फेरि भरत मति करि निज माया। पालु बिबुध कुल करि छल छाया॥**

देवताहरूले सरस्वतीलाई स्मरण गरेर उनको सराहना (स्तुति) गरेर भने—हे देवी! देवता हजुरका शरणागत छन्, उनको रक्षा गर्नुहोस्। हजुरले माया रचेर भरतजीको बुद्धि फेरिदिनुहोस् र छलको छाया गरेर देवताहरूको कुलको पालन (रक्षा) गर्नुहोस्॥ १॥

**बिबुध बिनय सुनि देबि सयानी। बोली सुर स्वारथ जड़ जानी॥**
**मो सन कहहु भरत मति फेरू। लोचन सहस न सूझ सुमेरू॥**

देवताहरूको बिन्ती सुनेर र देवताहरू स्वार्थको वशमा भएकोले मूर्ख जानेर बुद्धिमती सरस्वतीजीले भन्नुभयो— मसँग भनिरहेका छौ कि भरतजीको बुद्धि बदलिदेऊ। हजार नेत्रले पनि तिमीले सुमेरुपर्वत देख्न सकेनौ!॥ २॥

**बिधि हरि हर माया बड़ि भारी। सोउ न भरत मति सकइ निहारी॥**
**सो मति मोहि कहत करु भोरी। चंदिनि कर कि चंडकर चोरी॥**

ब्रह्मा, विष्णु र महेशको माया धेरै प्रबल छ! किन्तु उनीहरूले पनि भरतजीको बुद्धितर्फ हेर्न (आँट्न) समेत सक्दैनन्। त्यस्तो बुद्धिलाई, तिमी मलाई भनिरहेका छौ कि बुद्धि भुलाइदेऊ। अरे! चाँदनीले कहीं प्रचण्ड सूर्यलाई चोर्न सक्दछे?॥ ३॥

**भरत हृदयँ सिय राम निवासू। तहँ कि तिमिर जहँ तरनि प्रकासू॥**
**अस कहि सारद गइ बिधि लोका। बिबुध बिकल निसि मानहुँ कोका॥**

भरतजीको हृदयमा श्रीसीतारामको निवास छ। जहाँ सूर्यको प्रकाश छ, त्यहाँ कहिल्यै अँध्यारो हुन सक्दछ? यस्तो भनेर सरस्वतीजी ब्रह्मलोकमा जानुभयो। देवता यसरी व्याकुल भए, जसरी रात्रिमा चखेवा व्याकुल हुन्छ॥ ४॥

दो०— **सुर स्वारथी मलीन मन कीन्ह कुमंत्र कुठाटु।**
**रचि प्रपंच माया प्रबल भय भ्रम अरति उचाटु॥ २९५॥**

मलिन बुद्धि भएका स्वार्थी देवताहरूले षड्यन्त्रमूलक सल्लाह गरे। प्रबल माया-जाल रचेर भय, भ्रम, अप्रीति र उच्चाटन फैलाए॥ २९५॥

**करि कुचालि सोचत सुरराजू। भरत हाथ सबु काजु अकाजू॥**
**गए जनकु रघुनाथ समीपा। सनमाने सब रबिकुल दीपा॥**

कुचाल गरेर देवराज इन्द्रले सोच्न लागे कि काम हुने-नहुने सबै भरतजीको हातमा छ। यता राजा जनकजी [मुनि वशिष्ठ आदिका साथ] श्रीरघुनाथसँग जानुभयो। सूर्यकुलका दीपक श्रीरामचन्द्रले सबैलाई सम्मान गर्नुभयो,॥ १॥

**समय समाज धरम अबिरोधा। बोले तब रघुबंस पुरोधा॥**
**जनक भरत संबादु सुनाई। भरत कहाउति कही सुहाई॥**

अनि रघुकुलका पुरोहित वशिष्ठजी समय, समाज र धर्मको अविरोधी (अर्थात् अनुकूल) वचन बोल्नुभयो। उहाँले पहिला जनकजी र भरतजीलाई संवाद सुनाउनुभयो। फेरि भरतजीले भनेका सुन्दर कुरा भनेर सुनाउनुभयो॥ २॥

**तात राम जस आयसु देहू। सो सबु करै मोर मत एहू॥**
**सुनि रघुनाथ जोरि जुग पानी। बोले सत्य सरल मृदु बानी॥**

[फेरि भन्नुभयो— ] हे प्रिय राम! मेरो मत त यस्तो छ कि हजुरले जस्तो आज्ञा दिनुहुन्छ, उस्तै सबैले गर्नेछौं। यस्तो सुनेर दुवै हात जोडेर श्रीरघुनाथ सरल, सत्य र कोमल वाणी बोल्नुभयो— ॥ ३ ॥

**बिद्यमान आपुनि मिथिलेसू। मोर कहब सब भाँति भदेसू॥**
**राउर राय रजायसु होई। राउरि सपथ सही सिर सोई॥**

हजुर र मिथिलेश्वर जनकजी विद्यमान (विराजमान) भएको समयमा हुँदा मैले केही भन्नु सबै प्रकारले भद्दा (अनुचित) हुन्छ। हजुरको र महाराजको जस्तो आज्ञा हुन्छ, मैले हजुरको शपथ गरेर भन्दछु, त्यो साँच्चै नै सबैलाई शिरोधार्य हुनेछ॥ ४॥

## ✹ श्रीराम-भरत-संवाद ✹

दो०— **राम सपथ सुनि मुनि जनकु सकुचे सभा समेत।**
**सकल बिलोकत भरत मुखु बनइ न ऊतरु देत॥ २९६॥**

श्रीरामचन्द्रको शपथ सुनेर सभासमेत मुनि र जनकजी स्तम्भित हुनुभयो। कसैले उत्तर दिन सकेनन्, सबै जनाले भरतजीको मुख ताकेका (प्रतीक्षा गरेका) छन्॥ २९६॥

**सभा सकुच बस भरत निहारी। राम बंधु धरि धीरजु भारी॥**
**कुसमउ देखि सनेहु सँभारा। बढ़त बिंधि जिमि घटज निवारा॥**

भरतजीले सभालाई सङ्कोचको वशमा परेको देख्नुभयो। रामबन्धु (भरतजी) ले धेरै ठूलो धैर्य धारण गरेर तथा कुसमय देखेर आफ्नो [उर्लदै] गरेको प्रेमलाई यसरी सम्हाल्नुभयो, जसरी बढ्दै गरेको विन्ध्याचललाई अगस्त्यजीले रोक्नुभएको थियो॥ १॥

**सोक कनकलोचन मति छोनी। हरी बिमल गुन गन जगजोनी॥**
**भरत बिबेक बराहँ बिसाला। अनायास उधरी तेहि काला॥**

शोकरूपी हिरण्याक्षले [सारा सभाको] बुद्धिरूपी पृथ्वीलाई हर्‍यो (जित्यो) र जुन विमल गुणसमूह-रूपी जगत्‌को योनि (उत्पन्न गर्नेवाला) थियो। भरतजीको विवेकरूपी विशाल वराह (वराहरूपधारी भगवान्) ले [शोकरूपी हिरण्याक्षलाई नष्ट गरेर] परिश्रमविना नै उसको उद्धार गर्नुभयो!॥ २॥

**करि प्रनामु सब कहँ कर जोरे। रामु राउ गुर साधु निहोरे॥**
**छमब आजु अति अनुचित मोरा। कहउँ बदन मृदु बचन कठोरा॥**

भरतजीले प्रणाम गरेर सबैलाई हात जोडी तथा श्रीरामचन्द्र, राजा जनकजी, गुरु वशिष्ठजी र साधु-सन्त सबैलाई बिन्ती गर्नुभयो र भन्नुभयो— आज मेरो यस अत्यन्त अनुचित व्यवहारलाई क्षमा गर्नुहोला। मैले कोमल (सानो) मुखले कठोर (धृष्टतापूर्ण) वचन भनिरहेको छु॥ ३॥

**हियँ सुमिरी सारदा सुहाई। मानस तें मुख पंकज आई॥**
**बिमल बिबेक धरम नय साली। भरत भारती मंजु मराली॥**

फेरि उहाँले हृदयमा सुन्दर सरस्वतीलाई स्मरण गर्नुभयो। उहाँ (सरस्वती) मानस (उहाँको मनरूपी मानसरोवर) बाट उहाँको मुखारविन्दमा आएर विराजमान हुनुभयो। निर्मल विवेक, धर्म र नीतिले युक्त भरतजीको वाणी सुन्दर हंसिनी [का समान गुण-दोषलाई विवेचन गर्नेवाला] छ॥ ४॥

दो०— **निरखि बिबेक बिलोचनन्हि सिथिल सनेहँ समाजु।**
**करि प्रनामु बोले भरतु सुमिरि सीय रघुराजु॥ २९७॥**

विवेकका नेत्रले सारा समाजलाई प्रेमले शिथिल देखेपछि, सबैलाई प्रणाम गरेर, श्रीसीता र श्रीरघुनाथलाई स्मरण गर्दै भरतजीले भन्नुभयो— ॥ २९७॥

**प्रभु पितु मातु सुहृद गुर स्वामी। पूज्य परम हित अंतरजामी॥**
**सरल सुसाहिबु सील निधानू। प्रनतपाल सर्बग्य सुजानू॥**

हे प्रभु! हजुर माता-पिता, मित्र, गुरु, स्वामी, पूज्य, परम हितैषी र अन्तर्यामी होइबक्सिन्छ। सरलहृदय, श्रेष्ठ, मालिक, शीलका भण्डार, शरणागतका रक्षक, सर्वज्ञ, सुजान,॥ १॥

**समरथ सरनागत हितकारी। गुनगाहकु अवगुन अघ हारी॥**
**स्वामि गोसाँइहि सरिस गोसाईं। मोहि समान मैं साइँ दोहाईं॥**

समर्थ शरणागतको हित गर्नेवाला, गुणहरूलाई आदर गर्नेवाला र अवगुणहरू तथा पापहरूलाई नष्ट गर्नेवाला होइबक्सिन्छ। हे भगवान्! हजुर-समानका स्वामी हजुर नै होइबक्सिन्छ र स्वामीका साथ द्रोह गर्नमा मसमान म नै छु॥ २॥

**प्रभु पितु बचन मोह बस पेली। आयउँ इहाँ समाजु सकेली॥**
**जग भल पोच ऊँच अरु नीचू। अमिअ अमरपद माहुरु मीचू॥**

म मोहवश प्रभु (हजुर) को र पिताजीका वचनलाई उल्लङ्घन गरेर अनि समाज बटुलेर यहाँ आएको छु। जगत्मा राम्रो-नराम्रो, अग्लो र होचो, अमृत र अमरपद (देवताहरूको पद), विष र मृत्यु आदि— ॥ ३॥

**राम रजाइ मेट मन माहीं। देखा सुना कतहुँ कोउ नाहीं॥**
**सो मैं सब बिधि कीन्हि ढिठाई। प्रभु मानी सनेह सेवकाई॥**

कुनैलाई पनि कहीं यस्तो देखिएन र सुनिएन जसले मनमा पनि हजुरको आज्ञा उल्लङ्घन गरुन्। मैले सबै प्रकारले उही मूर्खता गरें, परन्तु प्रभुले त्यस मूर्खतालाई स्नेह र सेवा मानिबक्सियो!॥ ४॥

दो०— **कृपाँ भलाईं आपनी नाथ कीन्ह भल मोर।**
**दूषन भे भूषन सरिस सुजसु चारु चहु ओर॥ २९८॥**

हे नाथ! हजुरले आफ्नो कृपा र भलाइले मेरो कल्याण गरिबक्सियो, जसले मेरो दूषण (दोष) पनि भूषण (गुण) को समान भयो र चारैतर्फ मेरो सुन्दर यश भरियो॥ २९८॥

**राउरि रीति सुबानि बड़ाई। जगत बिदित निगमागम गाई॥**
**कूर कुटिल खल कुमति कलंकी। नीच निसील निरीस निसंकी॥**

हे नाथ! हजुरको रीति र सुन्दर स्वभावको प्रशंसा जगत्मा प्रसिद्ध छ र वेद-शास्त्रले गाएका छन्। जो क्रूर, कुटिल, दुष्ट, कुबुद्धि, कलङ्की, नीच, शीलरहित, निरीश्वरवादी (नास्तिक) र निःशङ्क (निडर) छ॥ १॥

**तेउ सुनि सरन सामुहें आए। सकृत प्रनामु किहें अपनाए॥**
**देखि दोष कबहुँ न उर आने। सुनि गुन साधु समाज बखाने॥**

उनीहरूलाई पनि हजुरले शरणमा सम्मुख आएको सुनेर एक पटक प्रणाम गर्दा नै आफ्नो बनाइबक्सिन्छ। तिनै (शरणागत) का दोषहरूलाई देखेर पनि हजुरले कहिल्यै हृदयमा ल्याइबक्सिएन र उनका गुणहरूलाई सुनेर साधुहरूका समाजमा उनीहरूको गुणगान नै गरिबक्सिन्छ॥ २॥

**को साहिब सेवकहि नेवाजी। आप समाज साज सब साजी॥**
**निज करतूति न समुझिअ सपनें। सेवक सकुच सोचु उर अपनें॥**

यस्तो सेवकप्रति कृपा गर्नेवाला स्वामी को छ, जसले आफूले नै सेवकका सारा सर-सामान सजाइबक्सिन्छ (उसको सारा आवश्यकतालाई पूर्ण गरिदिइबक्सिन्छ) र सपनामा पनि आफ्नो कुनै व्यवहार नसम्झेर (अर्थात् मैले सेवकको लागि केही गरिदिएँ यस्तो नभनेर) उल्टै सेवकलाई सङ्कोच हुनेछ भनेर यसको सोच आफ्नो हृदयमा राखिबक्सिन्छ!॥ ३॥

**सो गोसाइँ नहिं दूसर कोपी। भुजा उठाइ कहउँ पन रोपी॥**
**पसु नाचत सुक पाठ प्रबीना। गुन गति नट पाठक आधीना॥**

मैले भुजा उठाएर तथा प्रण गरेर (ठूलो स्वरका साथ) भन्दछु, यस्तो स्वामी हजुर बाहेक अर्को कोही छैनन्। [बाँदर आदि] पशु नाच्दछन् र सुगा [सिकाएको] पाठमा प्रवीण हुन्छन्। परन्तु सुगाको [पाठप्रवीणतारूप] गुण र पशुको नाच्ने तरिका [क्रमशः] पढाउने र नचाउनेवालाको अधीनमा हुन्छ॥ ४॥

दो०— **यों सुधारि सनमानि जन किए साधु सिरमोर।**
**को कृपाल बिनु पालिहै बिरिदावलि बरजोर॥ २९९॥**

यस प्रकार आफ्नो सेवकको (बिग्रेको) कुरा सुधारेर र सम्मान दिएर हजुरले उनीहरूलाई साधुहरूको शिरोमणि बनाइबक्सियो। कृपालु बाहेक आफ्नो विरुदावली (यश वा गुणहरूको पङ्क्ति) लाई अरू कसले जबरजस्ती (हठपूर्वक) पालन गर्नेछन्?॥ २९९॥

**सोक सनेहँ कि बाल सुभाएँ। आयउँ लाइ रजायसु बाएँ॥**
**तबहुँ कृपाल हेरि निज ओरा। सबहि भाँति भल मानेउ मोरा॥**

मैले शोक या स्नेहले या बालकस्वभावले आज्ञालाई उलङ्घन गरेर यहाँ आएँ, तर पनि कृपालु स्वामी (हजुर) ले आफूतर्फ हेरेर (हजुरको उदारताको दृष्टि सम्झेर) सबै प्रकारले मेरो कल्याण नै गरिबक्सियो (मेरो यस अनुचित कार्यलाई राम्रो नै मानिबक्सियो)॥ १॥

**देखेउँ पाय सुमंगल मूला। जानेउँ स्वामि सहज अनुकूला॥**
**बड़ें समाज बिलोकेउँ भागू। बड़ीं चूक साहिब अनुरागू॥**

मैले सुन्दर मङ्गलहरूका मूल हजुरका चरणहरूको दर्शन गरें र यो जानें कि मप्रति स्वभावले नै अनुकूल होइबक्सिन्छ। यस ठूलो समाजमा आफ्नो भाग्यलाई देखें कि यति ठूलो गल्ती हुँदा पनि स्वामीको मप्रति कस्तो अनुराग छ!॥ २॥

**कृपा अनुग्रहु अंगु अघाई। कीन्हि कृपानिधि सब अधिकाई॥**
**राखा मोर दुलार गोसाईं। अपनें सील सुभायँ भलाईं॥**

कृपानिधानले मप्रति सर्वाङ्गपूर्ण कृपा र अनुग्रह सबै अधिक नै गरिबक्सिएको छ (अर्थात् म जसको कत्ति पनि लायक थिइन त्यति अधिक सर्वाङ्गपूर्ण कृपा हजुरले मप्रति गरिबक्सियो)। हे भगवान्! हजुरले आफ्नो शील, स्वभाव र भलाइले मलाई माया-प्रेम गरिबक्सिएको छ॥ ३॥

**नाथ निपट मैं कीन्हि ढिठाई। स्वामि समाज सकोच बिहाई॥**
**अबिनय बिनय जथारुचि बानी। छमिहि देउ अति आरति जानी॥**

हे नाथ! मैले स्वामी र समाजको सङ्कोचलाई छोडेर अविनय या विनययुक्त जस्तो रुचि भयो उस्तै नै वाणी भनेर सर्वथा मूर्खता गरेको छु। हे देव! मेरो आर्तभावलाई जानेर हजुरले क्षमा गरिबक्सिनेछ॥ ४॥

दो०— **सुहृद सुजान सुसाहिबहि बहुत कहब बड़ि खोरि।**
**आयसु देइअ देव अब सबइ सुधारी मोरि॥ ३००॥**

सुहृद् (स्वार्थविना नै हितकारी), बुद्धिमान् र श्रेष्ठ मालिकसँग धेरै बोल्न ठूलो अपराध हुन्छ। यसैले हे देव! अब हजुरले मलाई आज्ञा दिइबक्सियोस्, हजुरले मेरा सबै कुरा सुधारिदिइबक्सियो॥ ३००॥

**प्रभु पद पदुम पराग दोहाई। सत्य सुकृत सुख सीवँ सुहाई॥**
**सो करि कहउँ हिए अपने की। रुचि जागत सोवत सपने की॥**

प्रभु (हजुर) का चरणकमलको रज, जुन सत्य, सुकृत (पुण्य) र सुखको सुन्दर सीमा (अवधि) छ, त्यसको नाम पुकार गरेर (शपथ खाएर) मैले आफ्नो हृदयको बिउँझदा, सुत्दा र स्वप्नमा पनि भइरहने रुचि भन्दछु॥ १॥

**सहज सनेहँ स्वामि सेवकाई। स्वारथ छल फल चारि बिहाई॥**
**अग्या सम न सुसाहिब सेवा। सो प्रसादु जन पावै देवा॥**

त्यो रुचि हो, कपट, स्वार्थ र [अर्थ-धर्म-काम-मोक्षरूप] चारै फललाई छोडेर स्वाभाविक प्रेमले स्वामीको सेवा गर्नु र आज्ञापालनसमान श्रेष्ठ स्वामीको अर्को कुनै सेवा छैन। हे देव! अब उही आज्ञारूप प्रसाद सेवकलाई मिलोस् (प्राप्त होस्)॥ २॥

**अस कहि प्रेम बिबस भए भारी। पुलक सरीर बिलोचन बारी॥**
**प्रभु पद कमल गहे अकुलाई। समउ सनेहु न सो कहि जाई॥**

भरतजी यस्तो भनेर प्रेममा अति नै विवश हुनुभयो। शरीर रोमाञ्चित भयो, नेत्रमा [प्रेमाश्रुका] जल भरिएर आए। व्याकुल भएर उहाँले प्रभु श्रीरामचन्द्रका चरणकमल समात्नुभयो। त्यो समय र स्नेहलाई भन्न नै सकिंदैन॥ ३॥

**कृपासिंधु सनमानि सुबानी। बैठाए समीप गहि पानी॥**
**भरत बिनय सुनि देखि सुभाऊ। सिथिल सनेहँ सभा रघुराऊ॥**

कृपासिन्धु श्रीरामचन्द्रले सुन्दर वाणीले भरतजीलाई सम्मान गर्दै हात समातेर उहाँलाई आफूसँगै

बसाल्नुभयो। भरतजीको बिन्ती सुनेर र उहाँको स्वभाव देखेर सारा सभा तथा श्रीरघुनाथ स्नेहले शिथिल हुनुभयो॥ ४॥

**छं०— रघुराउ सिथिल सनेहँ साधु समाज मुनि मिथिला धनी।**
**मन महुँ सराहत भरत भायप भगति की महिमा घनी॥**
**भरतहि प्रसंसत बिबुध बरषत सुमन मानस मलिन से।**
**तुलसी बिकल सब लोग सुनि सकुचे निसागम नलिन से॥**

श्रीरघुनाथजी, साधुहरूको समाज, मुनि वशिष्ठजी र मिथिलापति जनकजी स्नेहले शिथिल हुनुभयो। सबैले मनमनै भरतजीको भाइचारा र उहाँको भक्तिको अतिशय महिमालाई प्रशंसा गर्न लाग्नुभयो। देवता मलिन मनले भरतजीको प्रशंसा गर्दै उहाँमाथि फूल बर्साउन लागे। तुलसीदासजी भन्नुहुन्छ— सबै जना भरतजीको भाषण सुनेर व्याकुल भए र यसरी सङ्कुचित भए जसरी रात्रिको आगमनले कमल!

**सो०— देखि दुखारी दीन दुहु समाज नर नारि सब।**
**मघवा महा मलीन मुए मारि मंगल चहत॥ ३०१॥**

दुवै समाजका नर-नारीहरूलाई दीन र दुःखी देखेर महामलिन-मन इन्द्र मरेकोलाई पनि मारेर आफ्नो मङ्गल चाहन्छन्॥ ३०१॥

**कपट कुचालि सीवँ सुरराजू। पर अकाज प्रिय आपन काजू॥**
**काक समान पाकरिपु रीती। छली मलीन कतहुँ न प्रतीती॥**

देवराज इन्द्र कपट र कुचालका सीमा हुन्। उनलाई अर्काको हानि र आफ्नो लाभ नै प्रिय हुन्छ। इन्द्रको रीति कौवाको समान छ। उनी छल्ने (छली) र मन्दबुद्धिका (मलिन) छन्, उनको कहीं कसैप्रति विश्वास छैन॥ १॥

**प्रथम कुमत करि कपटु सँकेला। सो उचाटु सब कें सिर मेला॥**
**सुरमायाँ सब लोग बिमोहे। राम प्रेम अतिसय न बिछोहे॥**

पहिले त कुमत (खराब विचार) गरेर कपटलाई बटुले (अनेक प्रकारका कपटको सामान सजाए)। फेरि त्यसलाई (कपटजनित) उच्चाटन सबैको शिरमा राखिदिए। फेरि देवमायाले सबै जनालाई विशेष रूपले मोहित गरिदिए। किन्तु श्रीरामचन्द्रको प्रेमले उनको अत्यन्त बिछोड भएन (अर्थात् उनीहरूको श्रीरामप्रति प्रेम केही त रहिरह्यो)॥ २॥

**भय उचाट बस मन थिर नाहीं। छन बन रुचि छन सदन सोहाहीं॥**
**दुबिध मनोगति प्रजा दुखारी। सरित सिंधु संगम जनु बारी॥**

भय र उच्चाटनको कारणले कसैको मन स्थिर छैन। क्षणमा उनको वनमा रहने इच्छा हुन्छ र क्षणमा उनलाई घर नै राम्रो लाग्न लाग्दछ। मनको यस्तो प्रकारको दुविधापूर्ण स्थितिले प्रजा दुःखी भइरहेका छन्। मानौं नदी र समुद्रको सङ्गमको जल क्षुब्ध भइरहेको छ। (जसरी नदी र समुद्रको सङ्गमको जल स्थिर रहदैन, कतिखेर यता आउँछ र कतिखेर उता जान्छ, उस्तै प्रकारको प्रजाको मन भएको छ)॥ ३॥

**दुचित कतहुँ परितोषु न लहहीं। एक एक सन मरमु न कहहीं॥**
**लखि हियँ हँसि कह कृपानिधानू। सरिस स्वान मघवान जुबानू॥**

चित्त दुवैतर्फको हुनाले उनीहरूले कतै पनि सन्तोष पाउँदैनन् र एकले अर्कोलाई आफ्नो मर्म पनि भन्दैनन्। कृपानिधान श्रीरामचन्द्रले यस्तो दशा देखेर हृदयमा हाँस्दै भन्नुभयो—कुकुर, इन्द्र र नवयुवक (कामी पुरुष) एउटै स्वभावका हुन्छन्। [पाणिनीय व्याकरणका अनुसार श्व, युवन् र मघवन् शब्दको रूप पनि एकसमान हुन्छ]॥ ४॥

**दो०— भरतु जनकु मुनिजन सचिव साधु सचेत बिहाइ।**
**लागि देवमाया सबहि जथाजोगु जनु पाइ॥ ३०२॥**

भरतजी, जनकजी, मुनिजन, मन्त्री र ज्ञानी साधु-सन्तलाई छोडेर अन्य सबैमा जुन मनुष्य जस्तो योग्य (जस्तो प्रकृति र जस्तो स्थितिको) पाए, उसमा उस्तै नै देवमाया (देवताको छल) लाग्यो॥ ३०२॥

**कृपासिंधु लखि लोग दुखारे। निज सनेहँ सुरपति छल भारे॥**
**सभा राउ गुर महिसुर मंत्री। भरत भगति सब कै मति जंत्री॥**

कृपासिन्धु श्रीरामचन्द्रले मानिसहरूलाई आफ्नो स्नेह र देवराज इन्द्रको ठूलो छलले दु:खी देख्नुभयो। सभा, राजा जनक, गुरु, ब्राह्मण र मन्त्री आदि सबैको बुद्धिलाई भरतजीको भक्तिले रोकिदियो॥ १॥

**रामहि चितवत चित्र लिखे से। सकुचत बोलत बचन सिखे से॥**
**भरत प्रीति नति बिनय बड़ाई। सुनत सुखद बरनत कठिनाई॥**

सबै जनाले चित्रले झैं श्रीरामचन्द्रतर्फ हेरिरहेका छन्। लाज मान्दै सिकाएका वचन बोल्दछन्। भरतजीको प्रीति, नम्रता, विनय र प्रशंसा सुन्दैमा सुख दिनेवाला छ, तर त्यसको वर्णन गर्नलाई कठिनता छ॥ २॥

**जासु बिलोकि भगति लवलेसू। प्रेम मगन मुनिगन मिथिलेसू॥**
**महिमा तासु कहै किमि तुलसी। भगति सुभायँ सुमति हियँ हुलसी॥**

जसको भक्तिको लवलेश देखेर मुनिगण र मिथिलेश्वर जनकजी प्रेममा मग्न हुनुभयो, उनै भरतजीको महिमा तुलसीदासले कसरी भन्ने? उहाँको भक्ति र सुन्दर भावले [कविको] हृदयमा सुबुद्धि विकसित भएको छ॥ ३॥

**आपु छोटि महिमा बड़ि जानी। कबिकुल कानि मानि सकुचानी॥**
**कहि न सकति गुन रुचि अधिकाई। मति गति बाल बचन की नाई॥**

परन्तु त्यो बुद्धिले आफूलाई सानो र भरतजीको महिमालाई ठूलो जानेर कविपरम्पराको मर्यादालाई मानेर लाज मान्यो (उसलाई वर्णन गर्न साहस गरेन)। उसको (भक्तिको) गुणहरूमा रुचि त धेरै छ; तर त्यसलाई वर्णन गर्न सकिन्न। बुद्धिको गति बालकको वाणीझैं कुण्ठित भयो!॥ ४॥

**दो०— भरत बिमल जसु बिमल बिधु सुमति चकोरकुमारि।**
**उदित बिमल जन हृदय नभ एकटक रही निहारि॥ ३०३॥**

भरतजीको निर्मल यश चन्द्रमा हो र कविको सुबुद्धि चकोरी (चखेवी) हो, जसले भक्तको हृदयरूपी निर्मल आकाशमा त्यस चन्द्रमालाई उदित देखेर त्यसतर्फ ट्वाल्ल परेर हेरिरहेकी छ। [यसकारण त्यसको वर्णन कसले गर्ने?]॥ ३०३॥

**भरत सुभाउ न सुगम निगमहूँ। लघु मति चापलता कबि छमहूँ॥**
**कहत सुनत सति भाउ भरत को। सीय राम पद होइ न रत को॥**

भरतजीको स्वभावको वर्णन वेदहरूको लागि पनि सुगम छैन। [अतः] मेरो तुच्छ बुद्धिको चञ्चलतालाई कविहरूले क्षमा गर्नुहोस्! भरतजीको सद्भावलाई भन्दा–सुन्दा कुन मनुष्य श्रीसीतारामका चरणहरूमा अनुरक्त हुनेछैन॥ १॥

**सुमिरत भरतहि प्रेमु राम को। जेहि न सुलभु तेहि सरिस बाम को॥**
**देखि दयाल दसा सबही की। राम सुजान जानि जन जी की॥**

भरतजीको स्मरण गर्नाले जसलाई श्रीरामको प्रेम सुलभ भएको छैन, त्योसमान वाम (अभागी) अर्को को होला? दयालु र सुजान श्रीरामले सबैको दशा देखेर र भक्त (भरतजी) को हृदयको स्थिति जानेर,॥ २॥

**धरम धुरीन धीर नय नागर। सत्य सनेह सील सुख सागर॥**
**देसु कालु लखि समउ समाजू। नीति प्रीति पालक रघुराजू॥**

धर्मधुरन्धर, धीर, नीतिमा चतुर; सत्य, स्नेह र सुखका समुद्र; नीति र प्रीतिलाई पालन गर्नेवाला श्रीरघुनाथले देश, काल, अवसर र समाजलाई देखेर,॥ ३॥

**बोले बचन बानि सरबसु से। हित परिनाम सुनत ससि रसु से॥**
**तात भरत तुम्ह धरम धुरीना। लोक बेद बिद प्रेम प्रबीना॥**

[तदनुसार] यस्ता वचन बोल्नुभयो, जुन मानौं वाणीका सर्वस्व नै थिए, परिणाममा हितकारी थिए र सुन्दाखेरि चन्द्रमाको रस (अमृत) समानका थिए। [उहाँले भन्नुभयो— ] हे प्रिय भरत! तिमी धर्मको धुरीलाई धारण गर्नेवाला छौ, लोक र वेद दुवैलाई जान्नेवाला र प्रेममा प्रवीण छौ॥ ४॥

दो०— **करम बचन मानस बिमल तुम्ह समान तुम्ह तात।**
**गुर समाज लघु बंधु गुन कुसमयँ किमि कहि जात॥ ३०४॥**

हे प्रिय! कर्म, वचन र मनले निर्मल तिमीसमान तिमी नै छौ। गुरुजनका समाजमा र यस्तो कुसमयमा सानो भाइको गुण कसरी वर्णन गर्न सकिन्छ?॥ ३०४॥

**जानहु तात तरनि कुल रीती। सत्यसंध पितु कीरति प्रीती॥**
**समउ समाजु लाज गुरजन की। उदासीन हित अनहित मन की॥**

हे तात! तिमीले सूर्यकुलको रीति, सत्यप्रतिज्ञ पिताजीको कीर्ति र प्रीतिलाई, समय, समाज र गुरुजनको लज्जा (मर्यादा) लाई तथा उदासीन, मित्र र शत्रु सबैको मनको कुरालाई जान्दछौ॥ १॥

**तुम्हहि बिदित सबही कर करमू। आपन मोर परम हित धरमू॥**
**मोहि सब भाँति भरोस तुम्हारा। तदपि कहउँ अवसर अनुसारा॥**

तिमीलाई सबै कर्महरू (कर्तव्य) को र आफ्नो तथा मेरो परम हितकारी धर्मको जानकारी छ। यद्यपि मलाई तिम्रो सबै प्रकारले भरोसा छ, तथापि मैले समय अनुसार केही भन्दछु॥ २॥

**तात तात बिनु बात हमारी। केवल गुरकुल कृपाँ सँभारी॥**
**नतरु प्रजा परिजन परिवारू। हमहि सहित सबु होत खुआरू॥**

हे भरत! पिताजीविना (उहाँको अनुपस्थितिमा) हाम्रो कुरा (कार्य) केवल गुरुवंशको कृपाले नै रक्षा भएको हो; नत्र भने त हामीसमेत प्रजा, कुटुम्ब, परिवार सबै बर्बाद (नष्ट) हुनेथियौं॥ ३॥

**जौं बिनु अवसर अथवँ दिनेसू। जग केहि कहहु न होइ कलेसू॥**
**तस उतपातु तात बिधि कीन्हा। मुनि मिथिलेस राखि सबु लीन्हा॥**

यदि विनासमय नै (सन्ध्याभन्दा पहिले नै) सूर्यको अस्त होस्, त भन जगत्मा कसलाई क्लेश हुँदैन होला? हे भरत! उस्तै प्रकारको उत्पात विधाताले यो (पिताको असामयिक मृत्यु) गराएको हो। तर मुनिराज तथा मिथिलेश्वरले सबैलाई बचाउनुभयो॥ ४॥

**दो०— राज काज सब लाज पति धरम धरनि धन धाम।**
**गुर प्रभाउ पालिहि सबहि भल होइहि परिनाम॥ ३०५॥**

राज्यको सबै कार्य, लज्जा, प्रतिष्ठा, धर्म, पृथ्वी, धन, घर— यी सबैको पालन (रक्षण) गुरुजीको प्रभाव (सामर्थ्य) ले गर्नेछ र परिणाम शुभ हुनेछ॥ ३०५॥

**सहित समाज तुम्हार हमारा। घर बन गुर प्रसाद रखवारा॥**
**मातु पिता गुर स्वामि निदेसू। सकल धरम धरनीधर सेसू॥**

गुरुजीको प्रसाद (अनुग्रह) नै घरमा र वनमा समाजसहित तिम्रो र हाम्रो रक्षक हो। आमा, बुबा, गुरु र स्वामीको आज्ञा [को पालन] समस्त धर्मरूपी पृथ्वीलाई धारण गर्नमा शेषजीसमान छ॥ १॥

**सो तुम्ह करहु करावहु मोहू। तात तरनिकुल पालक होहू॥**
**साधक एक सकल सिधि देनी। कीरति सुगति भूतिमय बेनी॥**

हे प्रिय भाइ! तिमीले त्यही गर र मद्वारा पनि गराऊ तथा सूर्यकुलको रक्षक बन। साधकको लागि यही एउटा नै (आज्ञापालनरूपी साधना) सम्पूर्ण सिद्धिहरू दिनेवाला, कीर्तिमय, सद्गतिमय र ऐश्वर्यमय त्रिवेणी हो॥ २॥

**सो बिचारि सहि संकटु भारी। करहु प्रजा परिवारु सुखारी॥**
**बाँटी बिपति सबहिं मोहि भाई। तुम्हहि अवधि भरि बड़ि कठिनाई॥**

यसलाई विचार गरेर भारी सङ्कट सहेर पनि प्रजा र परिवारलाई सुखी बनाऊ। हे भाइ! मेरो विपत्ति सबैले बाँडेर लिए, परन्तु तिमीलाई त अवधि (चौध वर्ष) सम्म ठूलो कठिनाइ छ (सबैभन्दा अधिक दुःख छ)॥ ३॥

**जानि तुम्हहि मृदु कहउँ कठोरा। कुसमयँ तात न अनुचित मोरा॥**
**होहिं कुठायँ सुबंधु सहाए। ओड़िअहिं हाथ असनिहु के घाए॥**

तिमीलाई कोमल जानेर पनि मैले कठोर (वियोगको कुरा) भनिरहेको छु। हे तात! कुअवसरमा

मेरो लागि यो कुनै अनुचित कुरा होइन। कुअवसरमा श्रेष्ठ भाइ नै सहायक हुन्छन्। वज्रको आघात (चोट) पनि हातले नै रोकिन्छ॥ ४॥

**दो०— सेवक कर पद नयन से मुख सो साहिबु होइ।**
**तुलसी प्रीति कि रीति सुनि सुकबि सराहहिं सोइ॥ ३०६॥**

सेवक हात, गोडा र नेत्र समान हुनुपर्छ र स्वामी मुखको समान हुनुपर्छ*। तुलसीदासजी भन्नुहुन्छ कि सेवक-स्वामीको यस्तो प्रीतिको रीति सुनेर सुकवि उसको प्रशंसा गर्छन्॥ ३०६॥

**सभा सकल सुनि रघुबर बानी। प्रेम पयोधि अमिअँ जनु सानी॥**
**सिथिल समाज सनेह समाधी। देखि दसा चुप सारद साधी॥**

श्रीरघुनाथका वाणी सुनेर, जुन मानौं प्रेमरूपी समुद्रको [मन्थनबाट निस्केका] अमृतमा मुछिएका थिए, सारा समाज शिथिल भयो, सबैलाई प्रेमसमाधि लाग्यो। यस्तो दशा देखेर सरस्वती मौन रहिन्॥ १॥

**भरतहि भयउ परम संतोषू। सनमुख स्वामि बिमुख दुख दोषू॥**
**मुख प्रसन्न मन मिटा बिषादू। भा जनु गूँगेहि गिरा प्रसादू॥**

भरतजीलाई परम सन्तोष भयो। स्वामीका सम्मुख (अनुकूल) हुँदा नै उहाँका दुःख र दोषहरूले मुख फर्काए (उहाँलाई छोडेर भागे)। उहाँको मुख (अनुहार) प्रसन्न भयो र मनको विषाद मेटियो। मानौं लाटो मानिसलाई सरस्वतीको कृपा भयो॥ २॥

**कीन्ह सप्रेम प्रनामु बहोरी। बोले पानि पंकरुह जोरी॥**
**नाथ भयउ सुखु साथ गए को। लहेउँ लाहु जग जनमु भए को॥**

उहाँले फेरि प्रेमपूर्वक प्रणाम गर्नुभयो र करकमललाई जोडेर उहाँ बोल्नुभयो— हे नाथ! मलाई हजुरका साथ गएको सुख प्राप्त भयो र मैले जगत्‌मा जन्म लिएको लाभ पनि पाएँ॥ ३॥

**अब कृपाल जस आयसु होई। करौं सीस धरि सादर सोई॥**
**सो अवलंब देव मोहि देई। अवधि पारु पावौं जेहि सेई॥**

---

* (१) यो रूपकबाट यो पनि ध्वनित हुन्छ कि जस्तै मुख हातदेखि कहिल्यै अलग हुन सक्दैन, त्यस्तै प्रकारले म र तिमी पनि कहिल्यै अलग हुन सक्दैनौं। मेरो र तिम्रो साथ निश्चित छ। (२) भाव यो हो कि जुन प्रकारले मुखले सबै योग्य पदार्थ खान्छ र जुन अङ्गलाई जुन चीज आवश्यकता पर्छ उसैको अनुसार त्यस अङ्गलाई रस दिन्छ, तथा हात, खुट्टा र आँखाले पनि कुनै विपत्ति आउँदाखेरि पहिले नै सहायक हुन्छन्, ठीक यस्तै प्रकार सेवक र स्वामी पनि हुनुपर्छ, तब सबै जनाले उनीहरूको प्रशंसा गर्छन् र सबै कार्य ठीक हुन्छ। हे भरत! तिमी राजा भएर यही नीतिलाई पालन गर्नू। (३) आँखाले देख्दछन् कि यो वस्तु संग्रहयोग्य छ, अनि खुट्टा हिंडेर त्यहाँसम्म पुग्दछन्। हातले त्यस पदार्थलाई खानयोग्य बनाएर मुखलाई दिन्छन्। मुखले खान्छ, तर स्वाद मात्र लिएर त्यस पदार्थलाई सर्वाङ्गयोग्य बनाएर हात-खुट्टा-आँखा आदि सबै अङ्गहरूलाई रसरूपले यथायोग्य बाँडेर तिनलाई पुष्ट गर्दछ, स्वयंले राख्दैन। (४) यहाँ देखाइएको छ कि राजा र प्रजाको परस्पर सम्बन्ध र व्यवहार कस्तो हुनुपर्छ। सेवकविना स्वामीको काम चल्न (हुन) सक्दैन। हात-खुट्टा-आँखा भएनन् भने मुखमा खाना कसरी पुग्छ र मुख नभएमा हात आदि अङ्गहरूमा रस कसरी पुग्ने? सेवकसँग सेवा लिने र उसलाई उनको नै पालन-पोषणमा लगाउने। प्रजासँग कर लिने र स्वयं नहडप्ने, उसलाई प्रजाको काममा लगाइदिने। हात-खुट्टा-आँखाले मुखसँग कपट राख्दैनन् र न मुखले यिनीहरूसँग, यो प्रीतिको रीति हो। परस्पर यस्तो नै प्रीतिको व्यवहार सेवक र स्वामीमा हुनुपर्छ। एक-अर्कासँग कपटी व्यवहार गर्नु हुँदैन। (मानस-पीयूषबाट उद्धृत गरिएको)

हे कृपालु! अब जस्तो आज्ञा हुन्छ, त्यसैलाई मैले शिरमा राखेर आदरपूर्वक पुरा गर्नेछु! परन्तु हे देव! हजुरले मलाई उही अवलम्बन (कुनै सहारा) दिइबक्सियोस् जसको सेवा गरेर मैले अवधिलाई पार गर्न सकौं (समयलाई बिताऊँ)॥ ४॥

दो०— **देव देव अभिषेक हित गुर अनुसासनु पाइ।**
**आनेउँ सब तीरथ सलिलु तेहि कहँ काह रजाइ॥ ३०७॥**

हे देव! स्वामी (हजुर) को अभिषेकको लागि गुरुजीको आज्ञा पाएर मैले सबै तीर्थहरूको जल लिएर आएको छु; त्यसको लागि कस्तो आज्ञा हुन्छ?॥ ३०७॥

**एकु मनोरथु बड़ मन माहीं। सभयँ सकोच जात कहि नाहीं॥**
**कहहु तात प्रभु आयसु पाई। बोले बानि सनेह सुहाई॥**

मेरो मनमा एउटा अर्को ठूलो मनोरथ छ, जुन भय र सङ्कोचका कारण भनेको छैन। [श्रीरामचन्द्रले भन्नुभयो— ] हे भाइ! भन! अनि प्रभुको आज्ञा पाएर भरतजीले स्नेहपूर्ण वाणी भन्नुभयो— ॥ १ ॥

**चित्रकूट सुचि थल तीरथ बन। खग मृग सर सरि निर्झर गिरिगन॥**
**प्रभु पद अंकित अवनि बिसेषी। आयसु होइ त आवौं देखी॥**

आज्ञा हुन्छ भने चित्रकूटका पवित्र स्थान, तीर्थ, वन, पशु-पन्छी, तलाउ-नदी, झरना (छहरा) र पर्वतका समूह तथा विशेष गरेर प्रभुका चरणचिह्नले अङ्कित भूमिलाई हेरेर आऊ॥ २॥

**अवसि अत्रि आयसु सिर धरहू। तात बिगतभय कानन चरहू॥**
**मुनि प्रसाद बनु मंगल दाता। पावन परम सुहावन भ्राता॥**

[श्रीरघुनाथले भन्नुभयो— ] अवश्य नै अत्रि ऋषिको आज्ञालाई शिरमा धारण गर (उहाँलाई सोधेर उहाँले जे भन्नुहुन्छ त्यही गर) र निर्भय भएर वनमा भ्रमण गर। हे भाइ! अत्रि मुनिको प्रसादले वन मङ्गलदायक, परम पवित्र र अत्यन्त सुन्दर छ— ॥ ३ ॥

**रिषिनायकु जहँ आयसु देहीं। राखेहु तीरथ जलु थल तेहीं॥**
**सुनि प्रभु बचन भरत सुखु पावा। मुनि पद कमल मुदित सिरु नावा॥**

र ऋषिहरूका प्रमुख अत्रिजीले जहाँ आज्ञा दिनुहुन्छ, त्यहाँ नै [ल्याएको] तीर्थहरूको जल स्थापित गर्नु (प्रभुका वचन सुनेर भरतजीले सुख पाउनुभयो र आनन्दित भएर मुनि अत्रिजीका चरणकमलमा शिर निहुराउनुभयो)॥ ४॥

दो०— **भरत राम संबादु सुनि सकल सुमंगल मूल।**
**सुर स्वारथी सराहि कुल बरषत सुरतरु फूल॥ ३०८॥**

समस्त सुन्दर मङ्गलहरूका मूल भरतजी र श्रीरामचन्द्रको संवाद सुनेर स्वार्थी देवताले रघुकुललाई सराहना गरेर कल्पवृक्षको फूल बर्साउन लागे॥ ३०८॥

**धन्य भरत जय राम गोसाईं। कहत देव हरषत बरिआईं॥**
**मुनि मिथिलेस सभाँ सब काहू। भरत बचन सुनि भयउ उछाहू॥**

'भरतजी धन्य हुनुहुन्छ, स्वामी श्रीरामचन्द्रको जय होस्!' यस्तो भन्दै देवता बलपूर्वक (अत्यधिक) हर्षित हुन लागे। भरतजीका वचन सुनेर मुनि वशिष्ठजी, मिथिलापति जनकजी र सभामा सबै जनालाई ठूलो उत्साह भयो॥ १॥

**भरत राम गुन ग्राम सनेहू। पुलकि प्रसंसत राउ बिदेहू॥**
**सेवक स्वामि सुभाउ सुहावन। नेमु पेमु अति पावन पावन॥**

भरतजी र रामचन्द्रजीका गुणसमूहहरू तथा प्रेमलाई विदेहराज जनकजीले रोमाञ्चित भएर प्रशंसा गरिरहनुभएको छ। सेवक र स्वामी दुवैको सुन्दर स्वभाव छ। उहाँहरूको नियम र प्रेम पवित्रलाई पनि पवित्र गर्नेवाला छ॥ २॥

**मति अनुसार सराहन लागे। सचिव सभासद सब अनुरागे॥**
**सुनि सुनि राम भरत संबादू। दुहु समाज हियँ हरषु बिषादू॥**

मन्त्री र सभासद् सबै प्रेममुग्ध भएर आ-आफ्नो बुद्धिअनुसार प्रशंसा गर्न लागे। श्रीरामचन्द्र र भरतजीको संवाद सुनेर दुवै समाजमा हर्ष र विषाद (भरतजीको सेवा-धर्मलाई देखेर हर्ष र रामवियोगको सम्भावनाले विषाद) दुवै भयो॥ ३॥

**राम मातु दुखु सुखु सम जानी। कहि गुन राम प्रबोधीं रानी॥**
**एक कहहिं रघुबीर बड़ाई। एक सराहत भरत भलाई॥**

श्रीरामचन्द्रकी आमा कौसल्याजीले दुःख र सुखलाई समान जानेर श्रीरामका गुण वर्णन गरेर अरू रानीहरूलाई धैर्य लिन भन्नुभयो। कसैले श्रीरामको बढाई (बडप्पन) को चर्चा गरिरहेका छन्, भने कुनैले भरतजीको असल चरित्रको प्रशंसा गरेका छन्॥ ४॥

## ❋ भरतजीले तीर्थ-जल स्थापना गर्नु र चित्रकूट भ्रमण ❋

दो०— **अत्रि कहेउ तब भरत सन सैल समीप सुकूप।**
**राखिअ तीरथ तोय तहँ पावन अमिअ अनूप॥ ३०९॥**

अनि अत्रिजीले भरतजीसँग भन्नुभयो— यस पर्वतको नजीकै एक सुन्दर कुवा छ। यस पवित्र, अनुपम र अमृत-जस्तो तीर्थजललाई त्यसैमा स्थापित गर्नुहोस्॥ ३०९॥

**भरत अत्रि अनुसासन पाई। जल भाजन सब दिए चलाई॥**
**सानुज आपु अत्रि मुनि साधू। सहित गए जहँ कूप अगाधू॥**

भरतजीले अत्रिमुनिको आज्ञा पाएर जलका सबै पात्र फिर्ता गर्नुभयो र कान्छा भाइ शत्रुघ्न, अत्रिमुनि तथा अन्य साधु-सन्तसहित उहाँ (भरतजी) वहाँ जानुभयो जहाँ त्यो अथाह कुवा थियो॥ १॥

**पावन पाथ पुन्यथल राखा। प्रमुदित प्रेम अत्रि अस भाषा॥**
**तात अनादि सिद्ध थल एहू। लोपेउ काल बिदित नहिं केहू॥**

र त्यस पवित्र जललाई त्यस पुण्यस्थलमा राख्नुभयो। त्यसपछि अत्रि ऋषि प्रेमले आनन्दित भएर यस्तो भन्नुभयो— हे भरत! यो अनादि सिद्धस्थल हो। कालक्रमले यो लोप भएको थियो, यसै कारणले कसैलाई यसको जानकारी थिएन॥ २॥

**तब सेवकन्ह सरस थलु देखा। कीन्ह सुजल हित कूप बिसेषा॥**
**बिधि बस भयउ बिस्व उपकारू। सुगम अगम अति धरम बिचारू॥**

त्यसपछि [भरतजीका] सेवकहरूले त्यस जलयुक्त स्थानलाई देखे र त्यस सुन्दर [तीर्थहरूको] जलको लागि एक खास (विशेष) कुवा बनाइयो। दैवयोगले विश्वभरको उपकार भयो। धर्मको विचार जुन अत्यन्त अगम (दुर्गम) थियो, त्यो [यस कुवाको प्रभावले] सुगम भयो॥ ३॥

**भरतकूप अब कहिहहिं लोगा। अति पावन तीरथ जल जोगा॥**
**प्रेम सनेम निमज्जत प्रानी। होइहहिं बिमल करम मन बानी॥**

अब यसलाई मानिसले भरतकूप भन्नेछन्। तीर्थहरूको जलको संयोगले त यो अत्यन्तै पवित्र भयो। यसमा प्रेमपूर्वक नियमले स्नान गर्नाले प्राणी मन, वचन र कर्मले निर्मल हुनेछन्॥ ४॥

दो०— **कहत कूप महिमा सकल गए जहाँ रघुराउ।**
**अत्रि सुनायउ रघुबरहि तीरथ पुन्य प्रभाउ॥ ३१०॥**

कुवा (कूप) को महिमा वर्णन गर्दै सबै जना उहाँ गए जहाँ श्रीरघुनाथ हुनुहुन्थ्यो। श्रीरघुनाथलाई अत्रिजीले त्यस तीर्थको पुण्य प्रभाव सुनाउनुभयो॥ ३१०॥

**कहत धरम इतिहास सप्रीती। भयउ भोरु निसि सो सुख बीती॥**
**नित्य निबाहि भरत दोउ भाई। राम अत्रि गुर आयसु पाई॥**

प्रेमपूर्वक धर्मको इतिहास भन्दै त्यो रात सुखपूर्वक बित्यो र उज्यालो भयो। भरत-शत्रुघ्न दुवै भाइ नित्यक्रिया पूरा गरेर, श्रीराम, अत्रिजी र गुरु वशिष्ठजीको आज्ञा पाएर,॥ १॥

**सहित समाज साज सब सादें। चले राम बन अटन पयादें॥**
**कोमल चरन चलत बिनु पनहीं। भइ मृदु भूमि सकुचि मन मनहीं॥**

समाजसहित सबै साधारण पोशाकबाट श्रीरामको वनमा भ्रमण (प्रदक्षिणा) गर्नको लागि पैदल नै हिँडेका छन्। कोमल चरण छन् र विनाजुत्ता हिंडेका छन्, यस्तो देखेर पृथ्वीले मन-मनै लाज मानेर कोमल भइन्॥ २॥

**कुस कंटक काँकरीं कुराईं। कटुक कठोर कुबस्तु दुराईं॥**
**महि मंजुल मृदु मारग कीन्हे। बहत समीर त्रिबिध सुख लीन्हे॥**

कुश, काँडा, गेगर (गिट्टी), खोल्सा आदि कठोर र खराब वस्तुहरूलाई लुकाएर पृथ्वीले सुन्दर र कोमल मार्ग बनाइन्। सुखको साथ-साथै (सुखदायक) शीतल, मन्द, सुगन्ध हावा चल्न थाल्यो॥ ३॥

**सुमन बरषि सुर घन करि छाहीं। बिटप फूलि फलि तृन मृदुताहीं॥**
**मृग बिलोकि खग बोलि सुबानी। सेवहिं सकल राम प्रिय जानी॥**

बाटोमा देवताले फूल बर्साएर, बादलले छाया गरेर, वृक्षले फूल फुलेर, तृणले आफ्नो कोमलताबाट, मृग (पशु) ले देखेर र पन्छीले सुन्दर वाणी बोलेर—सबैले भरतजीलाई श्रीरामचन्द्रका प्रिय जानेर उहाँको सेवा गर्न लागे॥ ४॥

दो०— **सुलभ सिद्धि सब प्राकृतहु राम कहत जमुहात।**
**राम प्रानप्रिय भरत कहुँ यह न होइ बड़ि बात॥ ३११॥**

जब एक साधारण मनुष्यले पनि [आलस्यले] हाई गर्दाको समय 'राम' भन्नाले नै सबै सिद्धिहरू सुलभ हुन्छन्, यस्तो हुनाले श्रीरामचन्द्रका प्राणप्रिय भरतजीको लागि यो कुनै ठूलो (आश्चर्यको) कुरा होइन॥ ३११॥

**एहि बिधि भरतु फिरत बन माहीं। नेमु प्रेमु लखि मुनि सकुचाहीं॥**
**पुन्य जलाश्रय भूमि बिभागा। खग मृग तरु तृन गिरि बन बागा॥**

यस प्रकार भरतजी वनमा घुमिरहनुभएको छ। उहाँको नियम र प्रेमलाई देखेर मुनि पनि लाज मान्दछन्। पवित्र जलको स्थान (नदी, कुवा, इनार आदि), पृथ्वीका पृथक्-पृथक् भाग, पन्छी, पशु, तृण, वृक्ष, घाँस, पर्वत, वन र बगैंचा— ॥ १॥

**चारु बिचित्र पबित्र बिसेषी। बूझत भरतु दिब्य सब देखी॥**
**सुनि मन मुदित कहत रिषिराऊ। हेतु नाम गुन पुन्य प्रभाऊ॥**

सबै विशेष रूपले सुन्दर, विचित्र, पवित्र र दिव्य देखेर भरतजी सोध्नुहुन्छ र उहाँको प्रश्न सुनेर ऋषिराज अत्रिजी प्रसन्न मनले सबैको कारण, नाम, गुण र पुण्य-प्रभावलाई भन्नुहुन्छ॥ २॥

**कतहुँ निमज्जन कतहुँ प्रनामा। कतहुँ बिलोकत मन अभिरामा॥**
**कतहुँ बैठि मुनि आयसु पाई। सुमिरत सीय सहित दोउ भाई॥**

भरतजीले कहीं स्नान गर्नुहुन्छ, कहीं प्रणाम गर्नुहुन्छ, कहीं मनोहर ठाउँलाई दर्शन गर्नुहुन्छ र कहीं मुनि अत्रिजीको आज्ञा पाएर बस्दै, सीताजीसहित श्रीराम लक्ष्मण दुवै भाइहरूलाई स्मरण गर्नुहुन्छ॥ ३॥

**देखि सुभाउ सनेहु सुसेवा। देहिं असीस मुदित बनदेवा॥**
**फिरहिं गएँ दिनु पहर अढ़ाई। प्रभु पद कमल बिलोकहिं आई॥**

भरतजीको स्वभाव प्रेम र सुन्दर सेवाभावलाई देखेर वनदेवताले आनन्दित भएर आशीर्वाद दिएका छन्। यसरी घुम-फिर गरेर साढे दुई प्रहर दिन बितेपछि फर्कनुहुन्छ र आएर प्रभु श्रीरघुनाथका चरणकमलको दर्शन गर्नुहुन्छ॥ ४॥

दो०— **देखे थल तीरथ सकल भरत पाँच दिन माँझ।**
**कहत सुनत हरि हर सुजसु गयउ दिवसु भइ साँझ॥ ३१२॥**

भरतजीले पाँच दिनमा सबै तीर्थस्थानहरूको दर्शन गर्नुभयो। भगवान् विष्णु र महादेवजीका सुन्दर यश भन्दा र सुन्दा ती (पाँच) दिन पनि बिते, सन्ध्या भयो॥ ३१२॥

**भोर न्हाइ सबु जुरा समाजू। भरत भूमिसुर तेरहुति राजू॥**
**भल दिन आजु जानि मन माहीं। रामु कृपाल कहत सकुचाहीं॥**

[अगाडिका छैटौं दिन] सबेरै स्नान गरेर भरतजी, ब्राह्मण, राजा जनक र सारा समाज आएर

जुट्यो। आज सबैलाई बिदा गर्नको लागि उत्तम दिन* परेको छ, यस्तो मनमा जानेर पनि कृपालु श्रीराम भन्नलाई सङ्कोच गर्नुभएको छ॥ १॥

**गुर नृप भरत सभा अवलोकी। सकुचि राम फिरि अवनि बिलोकी॥**
**सील सराहि सभा सब सोची। कहुँ न राम सम स्वामि सँकोची॥**

श्रीरामचन्द्रले गुरु वशिष्ठजी, राजा जनकजी, भरतजी र सबै सभातर्फ हेर्नुभयो, किन्तु फेरि सङ्कोचमा परेर दृष्टि घुमाउदै उहाँले पृथ्वीतर्फ हेर्न लाग्नुभयो। सभा उहाँको शीलको सराहना गरेर सोचेका छन् कि श्रीरामचन्द्रसमान सङ्कोची स्वामी कहीं (कतै) छैनन्॥ २॥

## ❋ श्रीराम-भरत-संवाद, पादुका-प्रदान, भरतजीको बिदाइ ❋

**भरत सुजान राम रुख देखी। उठि सप्रेम धरि धीर बिसेषी॥**
**करि दंडवत कहत कर जोरी। राखीं नाथ सकल रुचि मोरी॥**

सुजान भरतजी श्रीरामचन्द्रको भाव देखेर प्रेमपूर्वक उठेर, विशेष रूपले धैर्य धारण गरी दण्डवत् गरेर हात जोड्दै भन्न लाग्नुभयो— हे नाथ! हजुरले मेरा सबै रुचिहरू राखिबक्सियो॥ ३॥

**मोहि लगि सहेउ सबहिं संतापू। बहुत भाँति दुखु पावा आपू॥**
**अब गोसाइँ मोहि देउ रजाई। सेवौं अवध अवधि भरि जाई॥**

मेरो लागि सबै जनाले सन्ताप सहनुभएको छ र हजुरले पनि धेरै प्रकारले दुःख पाइबक्सिएको छ। अब स्वामीले मलाई आज्ञा दिइबक्सियोस्। म गएर अवधिभर (चौध वर्षसम्म) अयोध्याको सेवन गरौं॥ ४॥

**दो०— जेहिं उपाय पुनि पाय जनु देखै दीनदयाल।**
**सो सिख देइअ अवधि लगि कोसलपाल कृपाल॥ ३१३॥**

हे दीनदयालु! जुन उपायले यो दासले फेरि चरणहरूको दर्शन गर्न सक्छ— हे कोसलाधीश! हे कृपालु! अवधिभरको लागि त्यही शिक्षा (अर्ती, उपदेश) दिइबक्सियोस्॥ ३१३॥

**पुरजन परिजन प्रजा गोसाईं। सब सुचि सरस सनेहँ सगाईं॥**
**राउर बदि भल भव दुख दाहू। प्रभु बिनु बादि परम पद लाहू॥**

हे भगवान्! हजुरको प्रेम र सम्बन्धले अयोध्यापुरीवासी, कुटुम्बी र प्रजा सबै पवित्र र रस (आनन्द) ले युक्त छन्। हजुरको लागि भवदुःख (जन्म-मरणको दुःख) को ज्वालामा बल्न (जल्न) पनि उत्तम हुन्छ र प्रभुविना परमपद (मोक्ष) को लाभ पनि व्यर्थ हुन्छ !॥ १॥

**स्वामि सुजानु जानि सब ही की। रुचि लालसा रहनि जन जी की॥**
**प्रनतपालु पालिहि सब काहू। देउ दुहू दिसि ओर निबाहू॥**

हे स्वामी! हजुर सुजान होइबक्सिन्छ, सबैको हृदयको र म सेवकको मनको रुचि, अभिलाषा र बानी जानेर, हे प्रणतपाल! हजुरले सबै जनालाई पालन गरिबक्सिनेछ र हे देव! दुवैतर्फको लागि अन्तिम समयसम्म पालन गरिबक्सिनेछ॥ २॥

---

* *'भल दिन आजु.....।'* ज्येष्ठ कृ० १३ सोमवार छ, उत्तर दिशाको प्रस्थानको लागि उत्तम छ। उत्तमले जनाइयो कि तिथि, नक्षत्र, वार, योग—सबै यात्राको लागि अनुकूल छन्। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**अस मोहि सब बिधि भूरि भरोसो। किएँ बिचारु न सोचु खरो सो॥**
**आरति मोर नाथ कर छोहू। दुहुँ मिलि कीन्ह ढीठु हठि मोहू॥**

मलाई सबै प्रकारले यति ठूलो भरोसा छ। विचार गर्दाखेरि सिन्को (छेस्को) बराबर पनि सोच रहँदैन! मेरो दीनता र स्वामीको स्नेह दुवै नै मिलेर मलाई जबरजस्ती एकोहोरो बनाइदिए॥ ३॥

**यह बड़ दोषु दूरि करि स्वामी। तजि सकोच सिखइअ अनुगामी॥**
**भरत बिनय सुनि सबहिं प्रसंसी। खीर नीर बिबरन गति हंसी॥**

हे स्वामी! यस ठूलो दोषलाई निवारण गरेर सङ्कोच त्यागी म सेवकलाई शिक्षा दिइबक्सियोस्। दूध र जललाई अलग-अलग गर्नमा हंसिनीको जस्तो गति भएका भरतजीको बिन्ती सुनेर उसको (बिन्तीको) सबैले प्रशंसा गरे॥ ४॥

दो०—**दीनबंधु सुनि बंधु के बचन दीन छलहीन।**
**देस काल अवसर सरिस बोले रामु प्रबीन॥ ३१४॥**

दीनबन्धु र परम चतुर श्रीरामका भाइ भरतजीका दीन र छलरहित वचन सुनेर देश, काल र अवसरको अनुकूल वचन बोल्नुभयो— ॥ ३१४॥

**तात तुम्हारि मोरि परिजन की। चिंता गुरहि नृपहि घर बन की॥**
**माथे पर गुर मुनि मिथिलेसू। हमहि तुम्हहि सपनेहुँ न कलेसू॥**

हे तात! तिम्रो, मेरो, परिवारको, घरको र वनको सारा चिन्ता गुरु वशिष्ठजी र महाराज जनकजीलाई छ। हाम्रो शिरमा (हाम्रा अभिभावक) जब गुरुजी, मुनि विश्वामित्रजी र मिथिलापति जनकजी होइबक्सिन्छ, यसैले मलाई र तिमीलाई सपनामा पनि क्लेश हुनेछैन॥ १॥

**मोर तुम्हार परम पुरुषारथु। स्वारथु सुजसु धरमु परमारथु॥**
**पितु आयसु पालिहिं दुहु भाईं। लोक बेद भल भूप भलाईं॥**

मेरो र तिम्रो त परम पुरुषार्थ, स्वार्थ, सुयश, धर्म र परमार्थ यसैमा छ कि हामी दुवै भाइले पिताजीको आज्ञालाई पालन गरौं। राजाको भलाइ (उसको व्रतको रक्षा) ले नै लोक र वेद दुवैमा भलो (कल्याण) छ॥ २॥

**गुरु पितु मातु स्वामि सिख पालें। चलेहुँ कुमग पग परहिं न खालें॥**
**अस बिचारि सब सोच बिहाई। पालहु अवध अवधि भरि जाई॥**

गुरु, माता, पिता र स्वामीको शिक्षा (आज्ञा) लाई पालन गर्नाले कुमार्गमा चल्दा पनि पतन हुँदैन। यस्तो विचार गरेर सबै चिन्ता छोडेर अयोध्या गएर अवधिभर उसलाई पालन गर॥ ३॥

**देसु कोसु परिजन परिवारू। गुर पद रजहिं लाग छरुभारू॥**
**तुम्ह मुनि मातु सचिव सिख मानी। पालेहु पुहुमि प्रजा रजधानी॥**

देश, खजाना (ढुकुटी), कुटुम्ब, परिवार आदि सबैको जिम्मेवारी त गुरुजीका चरण-रजमा छ। तिमीले मुनि वशिष्ठजी, आमाहरू र मन्त्रीहरूको शिक्षा मानेर तदनुसार पृथ्वी, प्रजा र राजधानीको पालन (रक्षा) गर्नू॥ ४॥

दो०— मुखिया मुखु सो चाहिऐ खान पान कहुँ एक।
पालइ पोषइ सकल अँग तुलसी सहित बिबेक॥ ३१५॥

तुलसीदासजी भन्नुहुन्छ—[श्रीरामले भन्नुभयो—] मुखिया मुखको समान हुनुपर्छ, जसको खान-पान त एक्लै छ, परन्तु विवेकपूर्वक सबै अङ्गलाई पालन-पोषण गर्दछ॥ ३१५॥

राजधरम सरबसु एतनोई। जिम मन माहँ मनोरथ गोई॥
बंधु प्रबोधु कीन्ह बहु भाँती। बिनु अधार मन तोषु न साँती॥

राजधर्मको सर्वस्व (सार) पनि यति मात्रै हो। जस्तै मनको भित्र मनोरथ लुकेको हुन्छ। श्रीरघुनाथले भाइ भरतलाई धेरै प्रकारले सम्झाउनुभयो। परन्तु कुनै अवलम्बन (आधार) प्राप्त नभएर उहाँको मनमा न सन्तोष भयो, न शान्ति॥ १॥

भरत सील गुर सचिव समाजू। सकुच सनेह बिबस रघुराजू॥
प्रभु करि कृपा पाँवरीं दीन्हीं। सादर भरत सीस धरि लीन्हीं॥

यतातर्फ भरतजीको शील (प्रेम) र उता गुरुजन, मन्त्रीहरू तथा समाजको उपस्थिति! यस्तो देखेर श्रीरघुनाथ सङ्कोच तथा स्नेहको विशेष वशीभूत हुनुभयो। (अर्थात् भरतजीलाई प्रेमवश उहाँले पादत्राण (खराउ) दिन चाहनुहुन्थ्यो, किन्तु साथै गुरु आदिको सङ्कोच पनि भएको छ।) आखिर [भरतजीको प्रेमवश] प्रभु श्रीरामचन्द्रले कृपा गरेर खराउ दिनुभयो र भरतजीले त्यसलाई आदरपूर्वक शिरमा धारण गर्नुभयो॥ २॥

चरनपीठ करुनानिधान के। जनु जुग जामिक प्रजा प्रान के॥
संपुट भरत सनेह रतन के। आखर जुग जनु जीव जतन के॥

करुणानिधान श्रीरामचन्द्रका दुवै खराउ (चरणपादुका) प्रजाको प्राणको रक्षा लागि मानौं दुई रक्षक हुन्। भरतजीको प्रेमरूपी रत्नको लागि मानौं डिब्बा (बट्टा) हुन् र जीवको साधनको लागि मानौं राम-नामका दुई अक्षर हुन्॥ ३॥

कुल कपाट कर कुसल करम के। बिमल नयन सेवा सुधरम के॥
भरत मुदित अवलंब लहे तें। अस सुख जस सिय रामु रहे तें॥

रघुकुल [को रक्षा] को लागि दुई ढोका हुन्। कुशल (श्रेष्ठ) कर्म गर्नको लागि दुई हातझैं सहायक हुन् र सेवारूपी श्रेष्ठ धर्मलाई देखाउनको लागि निर्मल नेत्र हुन्। भरतजी यस अवलम्बको प्राप्ति गर्नाले परम आनन्दित हुनुहुन्छ। उहाँलाई यस्तो सुख भयो, जस्तो श्रीसीतारामजीसँग बस्नाले हुन्छ॥ ४॥

दो०— मागेउ बिदा प्रनामु करि राम लिए उर लाइ।
लोग उचाटे अमरपति कुटिल कुअवसरु पाइ॥ ३१६॥

भरतजीले प्रणाम गरेर बिदा माग्नुभयो, अनि श्रीरामचन्द्रले उहाँलाई हृदयमा लगाउनुभयो। यता कुटिल इन्द्रले खराब मौका पाएर मानिसहरूलाई उच्चाटन गरिदिए॥ ३१६॥

सो कुचालि सब कहँ भइ नीकी। अवधि आस सम जीवनि जी की॥
नतरु लखन सिय राम बियोगा। हहरि मरत सब लोग कुरोगा॥

त्यो कुचाल पनि सबैको लागि हितकर नै भयो। अवधिको आशासमान नै त्यो जीवनको सञ्जीवनी बुटी भयो। यदि उच्चाटन नहुँदो हो त लक्ष्मणजी, सीताजी र श्रीरामचन्द्रको वियोगरूपी खराब रोगले सबै डराएर (हाय-हाय गर्दै) मृत्यु हुन्थ्यो॥ १॥

**रामकृपाँ अवरेब सुधारी। बिबुध धारि भइ गुनद गोहारी॥**
**भेंटत भुज भरि भाइ भरत सो। राम प्रेम रसु कहि न परत सो॥**

श्रीरामको कृपाले सबै झन्झट (उल्झन्) समाधान भयो। देवताहरूका सेना जो लुट्न आएका थिए, उनै गुणदायक (हितकारी) र रक्षक बने। श्रीराम भुजाहरूमा अङ्गालो हालेर भाइ भरतजीसँग भेट भइरहनुभएको छ। श्रीरामको प्रेमको त्यो रस (आनन्द) लाई भन्न नै जानिन्न॥ २॥

**तन मन बचन उमग अनुरागा। धीर धुरंधर धीरजु त्यागा॥**
**बारिज लोचन मोचत बारी। देखि दसा सुर सभा दुखारी॥**

तन, मन र वचन तीनैमा प्रेम उर्ल्यो (उम्ल्यो)। धैर्यको धुरीलाई धारण गर्नेवाला श्रीरघुनाथले पनि धैर्य त्याग्नुभयो। उहाँले कमलसदृश नेत्रबाट [प्रेमाश्रुको] जल बगाउन लाग्नुभयो। उहाँको यस्तो दशा देखेर देवताहरूका समाज दुःखी भए॥ ३॥

**मुनिगन गुर धुर धीर जनक से। ग्यान अनल मन कसें कनक से॥**
**जे बिरंचि निरलेप उपाए। पदुम पत्र जिमि जग जल जाए॥**

मुनिगण, गुरु वशिष्ठजी र जनकजीसमानका धीर-धुरन्धर जसले आफ्नो मनलाई ज्ञानरूपी अग्निमा सुनलाईझैं खारिसक्नुभएको थियो, जसलाई ब्रह्माजीले निर्लेप (मोह-मायादेखि रहित) रच्नुभयो र जगत्‌रूपी जलमा कमलको पातझैं (जगत्‌मा रहदा-रहँदै पनि जगत्‌देखि अनासक्त) पैदा हुनुभयो॥ ४॥

**दो०— तेउ बिलोकि रघुबर भरत प्रीति अनूप अपार।**
**भए मगन मन तन बचन सहित बिराग बिचार॥ ३१७॥**

उहाँहरू पनि श्रीराम र भरतजीको उपमारहित अपार प्रेमलाई देखेर वैराग्य र विवेकसहित तन, मन, वचनले त्यस प्रेममा मग्न हुनुभयो॥ ३१७॥

**जहाँ जनक गुर गति मति भोरी। प्राकृत प्रीति कहत बड़ि खोरी॥**
**बरनत रघुबर भरत बियोगू। सुनि कठोर कबि जानिहि लोगू॥**

जहाँ जनकजी र गुरु वशिष्ठजीको बुद्धिको गति कुण्ठित (लाटोजस्तो) भयो, त्यस दिव्य प्रेमलाई प्राकृत (लौकिक) भन्न ठूलो दोष हुन्छ। श्रीरामचन्द्र र भरतजीको वियोगलाई वर्णन गर्दा सुनेर मानिसले कविलाई कठोरहृदयी सम्झनेछन्॥ १॥

**सो सकोच रसु अकथ सुबानी। समउ सनेहु सुमिरि सकुचानी॥**
**भेंटि भरतु रघुबर समुझाए। पुनि रिपुदवनु हरषि हियँ लाए॥**

त्यो सङ्कोच-रस अकथनीय (वर्णन गर्न नसकिने) छ। अतएव कविको सुन्दर वाणी त्यस

समय त्यस प्रेमलाई स्मरण गरेर लज्जित भयो। भरतजीलाई भेटेर श्रीरघुनाथले सम्झाउनुभयो। फेरि हर्षित भएर शत्रुघ्नजीलाई हृदयमा लगाउनुभयो॥ २॥

**सेवक सचिव भरत रुख पाई। निज निज काज लगे सब जाई॥**
**सुनि दारुन दुखु दुहूँ समाजा। लगे चलन के साजन साजा॥**

सेवक र मन्त्री भरतजीको भाव (आज्ञा) पाएर सबै आ–आफ्नो काममा लागे। यस्तो सुनेर दुवै समाजमा दारुण (कठिन) दुःख भरियो। उनीहरू हिँड्ने तयारी गर्न लागे॥ ३॥

**प्रभु पद पदुम बंदि दोउ भाई। चले सीस धरि राम रजाई॥**
**मुनि तापस बनदेव निहोरी। सब सनमानि बहोरि बहोरी॥**

प्रभुका चरणकमललाई वन्दना गरेर तथा श्रीरामको आज्ञालाई शिरमा राखेर भरत–शत्रुघ्न दुवै भाइ हिँड्नुभयो। मुनि, तपस्वी र वनदेवता सबैलाई बारम्बार सम्मान गरेर उनीहरूलाई बिन्ती गर्नुभयो॥ ४॥

दो०— **लखनहि भेंटि प्रनामु करि सिर धरि सिय पद धूरि।**
**चले सप्रेम असीस सुनि सकल सुमंगल मूरि॥ ३१८॥**

फेरि लक्ष्मणजीलाई क्रमशः भेटेर तथा प्रणाम गरेर अनि सीताजीको चरणको धूलोलाई शिरमा धारण गरेर तथा समस्त मङ्गलको मूल आशीर्वाद सुनेर उहाँ प्रेमसहित हिँड्नुभयो॥ ३१८॥

**सानुज राम नृपहि सिर नाई। कीन्हि बहुत बिधि बिनय बड़ाई॥**
**देव दया बस बड़ दुखु पायउ। सहित समाज काननहिं आयउ॥**

भाइ लक्ष्मणजीसमेत श्रीरामले जनकजीलाई शिर निहुराएर उहाँलाई धेरै प्रकारले बिन्ती एवं प्रशंसा गर्नुभयो [अनि भन्नुभयो—] हे देव! दयावश हजुरले धेरै दुःख पाइबक्सियो। हजुर समाजसहित वनमा आइबक्सियो॥ १॥

**पुर पगु धारिअ देइ असीसा। कीन्ह धीर धरि गवनु महीसा॥**
**मुनि महिदेव साधु सनमाने। बिदा किए हरि हर सम जाने॥**

अब आशीर्वाद दिएर नगरमा सवारी होस्। यस्तो सुनेर राजा जनकजीले धैर्यपूर्वक प्रस्थान गर्नुभयो। फेरि रामचन्द्रजीले मुनि, ब्राह्मण र साधुहरूलाई विष्णु र शिवजीसमान जानेर सम्मान गर्दै उनीहरूलाई बिदा गर्नुभयो॥ २॥

**सासु समीप गए दोउ भाई। फिरे बंदि पग आसिष पाई॥**
**कौसिक बामदेव जाबाली। पुरजन परिजन सचिव सुचाली॥**

त्यसपछि श्रीराम–लक्ष्मण दुवै भाइ सासू (सुनयनाजी) सँग जानुभयो र उहाँका चरणलाई प्रणाम गरेर आशीर्वाद पाई फर्किनुभयो। फेरि विश्वामित्र, वामदेव, जाबालि र शुभ आचरण भएका कुटुम्बी, नगरनिवासी र मन्त्री— ॥ ३॥

**जथा जोगु करि बिनय प्रनामा। बिदा किए सब सानुज रामा॥**
**नारि पुरुष लघु मध्य बड़ेरे। सब सनमान कृपानिधि फेरे॥**

सबैलाई भाइ लक्ष्मणजीसहित श्रीरामचन्द्रले यथायोग्य बिन्ती तथा प्रणाम गरेर बिदा गर्नुभयो। कृपानिधान श्रीरामचन्द्रले साना, मध्यम र ठूला सबै श्रेणीका स्त्री-पुरुषलाई सम्मान गरेर उनीहरूलाई फर्काउनुभयो॥ ४॥

**दो०— भरत मातु पद बंदि प्रभु सुचि सनेहँ मिलि भेंटि।**
**बिदा कीन्ह सजि पालकी सकुच सोच सब मेटि॥ ३१९॥**

भरतजीकी आमा कैकेयीका चरणको प्रार्थना गरेर प्रभु श्रीरामचन्द्रले पवित्र (निश्छल) प्रेमपूर्वक उहाँसँग भेट भएर तथा उहाँको सबै सङ्कोचलाई मेटाई पालकी सजाएर उहाँलाई बिदा गर्नुभयो॥ ३१९॥

**परिजन मातु पितहि मिलि सीता। फिरी प्रानप्रिय प्रेम पुनीता॥**
**करि प्रनामु भेंटीं सब सासू। प्रीति कहत कबि हियँ न हुलासू॥**

प्राणप्रिय पति श्रीरामचन्द्रका साथ पवित्र प्रेम गर्ने सीताजी माइतीघरका कुटुम्बीहरूसँग तथा आमा-बुबासँग भेट भएर आउनुभयो। फेरि प्रणाम गरेर सबै सासूहरूसँग अङ्गालो हालेर भेट हुनुभयो। उहाँको प्रेमको वर्णन गर्नको लागि कविको हृदयमा उत्साह (हिम्मत) हुँदैन॥ १॥

**सुनि सिख अभिमत आसिष पाई। रही सीय दुहु प्रीति समाई॥**
**रघुपति पटु पालकीं मगाईं। करि प्रबोधु सब मातु चढ़ाईं॥**

उहाँहरूको शिक्षा सुनेर मनले सोचेको आशीर्वाद पाएर सीताजी सासूहरू तथा आमा-बाबु दुवै तर्फको प्रीतिमा समाहित (धेरै समयसम्म निमग्न) हुनुभयो! [अनि] श्रीरघुनाथले सुन्दर पालकीहरू मगाउनुभयो र सबै आमाहरूलाई खुब आश्वासन दिएर (हजुरहरूलाई दुःखी देखेर भरतलाई दुःख हुनेछ, सारा परिवार र प्रजा दुःखी हुनेछन्। अतः धैर्य धारण गर्नुपर्छ र समय बितेपछि हामी तुरुन्तै आउनेछौं, केही दिन थोरै बाँकी छन् भनेर) त्यसमा चढाउनुभयो॥ २॥

## ✹ भरतजी अयोध्या फर्कनु, भरतजीद्वारा चरणपादुका स्थापना, नन्दीग्राममा निवास र श्रीभरत-चरित्रश्रवणको महिमा ✹

**बार बार हिलि मिलि दुहु भाईं। सम सनेहँ जननीं पहुँचाईं॥**
**साजि बाजि गज बाहन नाना। भरत भूप दल कीन्ह पयाना॥**

दुवै भाइहरूले आमाहरूसँग समान प्रेमले बारम्बार भेटिएर उहाँहरूलाई पठाउनुभयो। भरतजी र राजा जनकजीका दलहरू घोडा, हात्ती र अनेकौं प्रकारका सवारीहरू सजाएर प्रस्थान गरे॥ ३॥

**हृदयँ रामु सिय लखन समेता। चले जाहिं सब लोग अचेता॥**
**बसह बाजि गज पसु हियँ हारें। चले जाहिं परबस मन मारें॥**

सीताजी एवं लक्ष्मणजीसहित श्रीरामचन्द्रलाई हृदयमा राखेर सबै जना बेहाल (विह्वल) हुँदै गइरहेका छन्। गोरु, घोडा, हात्ती आदि पशु हृदयमा शिथिल हुँदै परवश (अर्काको अधीन) मा भएकोले मन मारेर हिँडिरहेका छन्॥ ४॥

**दो०— गुर गुरतिय पद बंदि प्रभु सीता लखन समेत।**
**फिरे हरष बिसमय सहित आए परन निकेत॥ ३२०॥**

गुरु वशिष्ठजी र गुरुपत्नी अरुन्धतीजीका चरणको वन्दना गरेर सीताजी र लक्ष्मणजीसहित प्रभु श्रीरामचन्द्र हर्ष र विषादका साथ फर्केर पर्णकुटीमा आउनुभयो॥ ३२०॥

**बिदा कीन्ह सनमानि निषादू। चलेउ हृदयँ बड़ बिरह बिषादू॥**
**कोल किरात भिल्ल बनचारी। फेरे फिरे जोहारि जोहारी॥**

फेरि सम्मानपूर्वक निषादराजलाई बिदा गर्नुभयो। उनी (श्रीरामको आज्ञाले) तुरुन्तै हिंडे, किन्तु उनको हृदयमा विरहको धेरै ठूलो विषाद (दुःख) थियो। फेरि श्रीरामले कोल, किरात, भिल्ल आदि वनवासी मानिसहरूलाई फर्काउनुभयो। उनीहरू सबैले घरीघरी नमस्कार गरेर फर्के॥ १॥

**प्रभु सिय लखन बैठि बट छाहीं। प्रिय परिजन बियोग बलखाहीं॥**
**भरत सनेह सुभाउ सुबानी। प्रिया अनुज सन कहत बखानी॥**

प्रभु श्रीरामचन्द्र, सीताजी र लक्ष्मणजी बरको छायामा बसेर प्रियजन एवं परिवारको वियोग (बिछोड) ले दुःखी भइरहनुभएको छ। भरतजीको स्नेह, स्वभाव र सुन्दर वाणीलाई बारम्बार वर्णन गरेर उहाँले प्रिय पत्नी सीताजी र भाइ लक्ष्मणजीसँग भन्न लाग्नुभयो॥ २॥

**प्रीति प्रतीति बचन मन करनी। श्रीमुख राम प्रेम बस बरनी॥**
**तेहि अवसर खग मृग जल मीना। चित्रकूट चर अचर मलीना॥**

श्रीरामचन्द्र प्रेमको वश भएर भरतजीका वचन, मन, कर्मको प्रीति तथा विश्वासलाई आफ्नो श्रीमुखले वर्णन गर्नुभयो। त्यस समय पक्षी, पशु र जलका माछाहरू, चित्रकूटका सबै चेतन र जड जीव उदास भए॥ ३॥

**बिबुध बिलोकि दसा रघुबर की। बरषि सुमन कहि गति घर घर की॥**
**प्रभु प्रनामु करि दीन्ह भरोसो। चले मुदित मन डर न खरो सो॥**

श्रीरघुनाथको दशा देखेर देवताहरूले उहाँमाथि फूल बर्साएर आफ्नो घर-घरको दशा (दुखेसो) सुनाए। प्रभु श्रीरामचन्द्रले उनीहरूलाई प्रणाम गरेर आश्वासन दिनुभयो। त्यसपछि उनीहरू प्रसन्न भएर हिंडे, मनमा कत्ति पनि डर भएन॥ ४॥

दो०— **सानज सीय समेत प्रभु राजत परन कुटीर।**
**भगति ग्यानु बैराग्य जनु सोहत धरें सरीर॥ ३२१॥**

भाइ लक्ष्मणजी र सीताजीसमेत प्रभु श्रीरामचन्द्र पर्णकुटीमा यसरी सुशोभित (विराजमान) हुनुभएको छ, मानौं वैराग्य, भक्ति र ज्ञानले नै शरीर धारण गरेर शोभित भइरहेका छन्॥ ३२१॥

**मुनि महिसुर गुर भरत भुआलू। राम बिरहँ सबु साजु बिहालू॥**
**प्रभु गुन ग्राम गनत मन माहीं। सब चुपचाप चले मग जाहीं॥**

मुनि ब्राह्मण, गुरु, वशिष्ठजी, भरतजी र राजा जनकजी—सारा समाज श्रीरामचन्द्रको विरहमा विह्वल छन्। प्रभुका गुणसमूहहरूलाई मनमा स्मरण गर्दै सबै जना बाटोमा चुपचाप हिँडिरहेका छन्॥ १॥

**जमुना उतरि पार सबु भयऊ। सो बासरु बिनु भोजन गयऊ॥**
**उतरि देवसरि दूसर बासू। रामसखाँ सब कीन्ह सुपासू॥**

[पहिलो दिन] सबै जना यमुनाजीमा आएर पारि तरे। त्यो दिन भोजनविना नै बित्यो। दोस्रो मुकाम गङ्गाजी (गङ्गापार शृङ्गवेरपुर) मा भयो। त्यहाँ रामसखा निषादराजले सबै सुप्रबन्ध गराए॥ २॥

**सई उतरि गोमतीं नहाए। चौथें दिवस अवधपुर आए॥**
**जनकु रहे पुर बासर चारी। राज काज सब साज सँभारी॥**

फेरि सईमा उत्रेर गोमतीजीमा स्नान गर्नुभयो र चौथो दिन अयोध्यामा आइपुगे। जनकजी चार दिन अयोध्यामा रहेर राजकाज एवं सबै सर-समानलाई सँभालेर,॥ ३॥

**सौंपि सचिव गुर भरतहि राजू। तेरहुति चले साजि सबु साजू॥**
**नगर नारि नर गुर सिख मानी। बसे सुखेन राम रजधानी॥**

तथा मन्त्री, गुरुजी तथा भरतजीलाई राज्य सुम्पेर, सबै सर-सामान ठीक गरेर तिरहुततर्फ हिँड्नुभयो। नगरका स्त्री-पुरुष गुरुजीको शिक्षा मानेर श्रीरामको राजधानी अयोध्यामा सुखपूर्वक बस्न थाले॥ ४॥

दो०— **राम दरस लगि लोग सब करत नेम उपबास।**
**तजि तजि भूषन भोग सुख जिअत अवध कीं आस॥ ३२२॥**

सबै जना श्रीरामचन्द्रको दर्शनको लागि नियम र उपवास गर्न लागे। उनीहरू भूषण र भोग-सुखलाई चटक्कै छोडेर अवधिको (१४ वर्षको) आशामा बाँचिरहेका छन्॥ ३२२॥

**सचिव सुसेवक भरत प्रबोधे। निज निज काज पाइ सिख ओधे॥**
**पुनि सिख दीन्हि बोलि लघु भाई। सौंपी सकल मातु सेवकाई॥**

भरतजीले मन्त्रीहरू र विश्वासी सेवकहरूलाई सम्झाएर उद्यत (तयार) गराउनुभयो। उनीहरू सबै शिक्षा पाएर आ-आफ्नो काममा लागे। फेरि कान्छा भाइ शत्रुघ्नजीलाई बोलाएर शिक्षा (आज्ञा) दिनुभयो र सबै आमाहरूको सेवा उहाँलाई सुम्पनुभयो॥ १॥

**भूसुर बोलि भरत कर जोरे। करि प्रनाम बय बिनय निहोरे॥**
**ऊँच नीच कारजु भल पोचू। आयसु देब न करब सँकोचू॥**

ब्राह्मणहरूलाई बोलाएर भरतजीले हात जोडी प्रणाम गरी अवस्थाअनुसार विनम्रतापूर्वक निवेदन गर्नुभयो कि हजुरहरूले सानो-ठूलो, राम्रो-नराम्रो जुनसुकै कार्य होस्, त्यसको लागि आज्ञा दिनुहोला। सङ्कोच नगर्नुहोला॥ २॥

**परिजन पुरजन प्रजा बोलाए। समाधानु करि सुबस बसाए॥**
**सानुज गे गुर गेहँ बहोरी। करि दंडवत कहत कर जोरी॥**

भरतजीले फेरि परिवारका मानिसलाई, नागरिकहरू तथा अन्य प्रजालाई बोलाएर, तिनको समस्या समाधान गर्दै उनीहरूलाई सुखपूर्वक राख्नुभयो। फेरि कान्छा भाइ शत्रुघ्नजीसहित उहाँ गुरुजीका घर जानुभयो र दण्डवत् गरेर हात जोडेर भन्नुभयो— ॥ ३॥

**आयसु होइ त रहौं सनेमा। बोले मुनि तन पुलकि सपेमा॥**
**समुझब कहब करब तुम्ह जोई। धरम सारु जग होइहि सोई॥**

आज्ञा हुन्छ भने म नियमपूर्वक बस्नेछु ! मुनि वशिष्ठजी रोमाञ्चित शरीर भई प्रेमका साथ भन्नुभयो— हे भरत ! हजुरले जे जस्तो सम्झनुहुनेछ, भन्नुहुनेछ र गर्नुहुनेछ, त्यही जगत्मा धर्मको सार हो॥ ४॥

**दो०— सुनि सिख पाइ असीस बड़ि गनक बोलि दिनु साधि।**
**सिंघासन प्रभु पादुका बैठारे निरुपाधि॥ ३२३॥**

भरतजीले यस्तो सुनेर र शिक्षा तथा धेरै आशीर्वाद पाएर ज्योतिषीहरूलाई बोलाउनुभयो र दिन (राम्रो मुहूर्त) निकालेर प्रभुका चरणपादुकालाई निर्विघ्नतापूर्वक सिंहासनमा विराजित गराउनुभयो॥ ३२३॥

**राम मातु गुर पद सिरु नाई। प्रभु पद पीठ रजायसु पाई॥**
**नंदिगावँ करि परन कुटीरा। कीन्ह निवासु धरम धुर धीरा॥**

फेरि श्रीरामकी आमा कौसल्याजी र गुरुजीको चरणमा शिर निहुराएर र प्रभुका चरणपादुकाहरूको आज्ञा पाएर धर्मको धुरी धारण गर्नमा धीर भरतजीले नन्दीग्राममा पर्णकुटी (पात, सेउला, खरको झुपडी) बनाई त्यसैमा निवास गर्नुभयो॥ १॥

**जटाजूट सिर मुनिपट धारी। महि खनि कुस साँथरी सँवारी॥**
**असन बसन बासन ब्रत नेमा। करत कठिन रिषिधरम सप्रेमा॥**

शिरमा जटाजूट र शरीरमा मुनिहरूका वल्कल वस्त्र धारण गरेर, पृथ्वीलाई खनेर त्यसभित्र कुशको आसन बिछ्याउनुभयो। भोजन, वस्त्र, भाँडा, व्रत, नियम— सबै कुरामा उहाँ ऋषिहरूको कठिन धर्मको प्रेमसहित आचरण गर्न लाग्नुभयो॥ २॥

**भूषन बसन भोग सुख भूरी। मन तन बचन तजे तिन तूरी॥**
**अवध राजु सुर राजु सिहाई। दसरथ धनु सुनि धनदु लजाई॥**

गहना, कपडा र अनेकौं प्रकारका भोग-विलासलाई तन, मन र वचनले तृण भाँचेर (प्रतिज्ञा गरेर) त्याग्नुभयो। जुन अयोध्याको राज्यलाई देखेर देवराज इन्द्र पनि लोभिन्छन् र [जहाँका राजा] दशरथजीको सम्पत्ति सुनेर कुबेर पनि लाज मान्छन्,॥ ३॥

**तेहि पुर बसत भरत बिनु रागा। चंचरीक जिमि चंपक बागा॥**
**रमा बिलासु राम अनुरागी। तजत बमन जिमि जन बड़भागी॥**

त्यही अयोध्यापुरीमा भरतजी अनासक्त भएर यस प्रकारले निवास गर्नुभएको छ कि जस्तो प्रकारले चम्पा (फूल) को बगैंचामा भमरा बस्दैन। श्रीरामचन्द्रका प्रेमी अति भाग्यमानी पुरुषले लक्ष्मीको विलास [भोगैश्वर्य] लाई बान्ताझैं त्याग्नुभएको छ (फेरि त्यसतर्फ हेर्नु नै हुँदैन)॥ ४॥

**दो०— राम पेम भाजन भरतु बड़े न एहिं करतूति।**
**चातक हंस सराहिअत टेंक बिबेक बिभूति॥ ३२४॥**

फेरि भरतजी [स्वयं] श्रीरामचन्द्रका प्रेमका पात्र हुनुहुन्छ। उहाँ यस (भोगैश्वर्यत्यागरूप) व्यवहारले ठूलो हुनुभएन (अर्थात् उहाँको लागि यो कुनै ठूलो कुरा होइन)। [पृथ्वीभरको जल नपिउने] दृढ नियम (हठ) ले काकाकुल (चातक) को र नीर-क्षीर-विवेकको विभूति (शक्ति) ले हाँसको पनि प्रशंसा हुन्छ॥ ३२४॥

**देह दिनहुँ दिन दूबरि होई। घटइ तेजु बलु मुखछबि सोई॥**
**नित नव राम प्रेम पनु पीना। बढ़त धरम दलु मनु न मलीना॥**

भरतजीको शरीर दिनदिनै दुब्लो हुँदै गएको छ। तेज (अन्न, घृत आदिले उत्पन्न हुनेवाला तेज) घटिरहेको छ। बल र मुखछवि (मुखको कान्ति अथवा शोभा) उस्तै नै बनेको छ। रामप्रेमको प्रण नित्य नयाँ र पुष्ट भएको छ, धर्मको दल बढेको छ र मन उदास छैन (अर्थात् प्रसन्न छ)॥ १॥

**जिमि जलु निघटत सरद प्रकासे। बिलसत बेतस बनज बिकासे॥**
**सम दम संजम नियम उपासा। नखत भरत हिय बिमल अकासा॥**

जसरी शरद् ऋतुको प्रकाश [विकास] ले जल घट्दछ, किन्तु बेतले शोभा पाउँछ र कमल विकसित हुन्छन्। शम, दम, संयम, नियम र उपवास आदि भरतजीका हृदयरूपी निर्मल आकाशका नक्षत्र (तारागण) हुन्॥ २॥

**ध्रुव बिस्वासु अवधि राका सी। स्वामि सुरति सुरबीथि बिकासी॥**
**राम पेम बिधु अचल अदोषा। सहित समाज सोह नित चोखा॥**

विश्वास नै [त्यस आकाशको] ध्रुवतारा हो, चौध वर्षको अवधि [को ध्यान] पूर्णिमा समान हो र स्वामी श्रीरामको स्मृति [सुरति] आकाशगङ्गा-समान प्रकाशित छ। रामप्रेम नै अचल र कलङ्करहित चन्द्रमा हो। त्यो आफ्नो समाज (नक्षत्रहरू) सहित नित्य सर्वोत्कृष्ट सुन्दर बनेको छ॥ ३॥

**भरत रहनि समुझनि करतूती। भगति बिरति गुन बिमल बिभूती॥**
**बरनत सकल सुकबि सकुचाहीं। सेस गनेस गिरा गमु नाहीं॥**

भरतजीको बानी, सोचाइ, व्यवहार, भक्ति, वैराग्य, निर्मल गुण र ऐश्वर्यको वर्णन गर्नलाई सबै सुकवि लाज मान्दछन्; किनकि उहाँको बारेमा वर्णन गर्न [अरूको त के कुरा गर्ने] स्वयं शेष, गणेश र सरस्वतीजीको पनि शक्ति छैन॥ ४॥

दो०— **नित पूजत प्रभु पाँवरी प्रीति न हृदयँ समाति।**
**मागि मागि आयसु करत राज काज बहु भाँति॥ ३२५॥**

उहाँले दैनिक प्रभुका खराउ (पादत्राण) लाई पूजन गर्नुहुन्छ, हृदयमा प्रेम अटाएको छैन। चरणपादुकाहरूसँग आज्ञा बारम्बार मागेर उहाँले सबै प्रकारको राजकाज गर्नुहुन्छ॥ ३२५॥

**पुलक गात हियँ सिय रघुबीरू। जीह नामु जपु लोचन नीरू॥**
**लखन राम सिय कानन बसहीं। भरतु भवन बसु तप तनु कसहीं॥**

शरीर रोमाञ्चित छ, हृदयमा श्रीसीता-राम हुनुहुन्छ। जिब्रोले राम-नाम जपिरहेको छ, नेत्रमा प्रेमका जल भरिएका छन्। लक्ष्मणजी, श्रीराम र सीताजी त वनमा बस्नुहुन्छ, परन्तु भरतजी घरमा रहेर नै तपद्वारा शरीरलाई कस्नु (कष्ट दिनु) भएको छ॥ १॥

**दोउ दिसि समुझि कहत सबु लोगू। सब बिधि भरत सराहन जोगू॥**
**सुनि ब्रत नेम साधु सकुचाहीं। देखि दसा मुनिराज लजाहीं॥**

दुवैतर्फको स्थिति सम्झेर सबै जना भन्छन् कि भरतजी सबै प्रकारले प्रशंसा गर्न योग्य हुनुहुन्छ। उहाँको व्रत र नियमलाई सुनेर साधु-सन्त पनि लाज मान्छन् र उहाँको स्थिति देखेर मुनिराज पनि लज्जित हुन्छन्॥ २॥

**परम पुनीत भरत आचरनू। मधुर मंजु मुद मंगल करनू॥**
**हरन कठिन कलि कलुष कलेसू। महामोह निसि दलन दिनेसू॥**

भरतजीको परम पवित्र आचरण (चरित्र) मधुर, सुन्दर र आनन्द-मङ्गलहरू गर्नेवाला छ। कलियुगका कठिन पापहरू र क्लेशहरूलाई हरण गर्नेवाला छ। महामोहरूपी रात्रिलाई नष्ट गर्नको लागि सूर्यसमान छ॥ ३॥

**पाप पुंज कुंजर मृगराजू। समन सकल संताप समाजू॥**
**जन रंजन भंजन भव भारू। राम सनेह सुधाकर सारू॥**

पापसमूहरूपी हात्तीको लागि सिंह हो। सारा सन्तापका दल (समूह) लाई नाश गर्नेवाला छ। भक्तहरूलाई आनन्द दिनेवाला र भवको भार (संसारको दुःख) लाई भञ्जन गर्नेवाला तथा श्रीराम-प्रेमरूपी चन्द्रमाको सार (अमृत) हो॥ ४॥

छं०— **सिय राम प्रेम पियूष पूरन होत जनमु न भरत को।**
**मुनि मन अगम जम नियम सम दम बिषम ब्रत आचरत को॥**
**दुख दाह दारिद दंभ दूषन सुजस मिस अपहरत को।**
**कलिकाल तुलसी से सठन्हि हठि राम सनमुख करत को॥**

श्रीसीतारामको प्रेमरूपी अमृतले परिपूर्ण भरतजीको जन्म यदि नभएको भए, मुनिहरूको मनलाई पनि अगम, यम, नियम, शम, दम आदि कठिन व्रतको आचरण कसले गर्दथ्यो? दुःख, सन्ताप, दरिद्रता, दम्भ आदि दोषहरूलाई आफ्नो सुयशको बहानाले कसले हरण गर्दथ्यो? तथा कलिकालमा तुलसीदास-जस्तो शठलाई हठपूर्वक कसले श्रीरामको सम्मुख पुऱ्याउँथ्यो?

सो०— **भरत चरित करि नेमु तुलसी जो सादर सुनहिं।**
**सीय राम पद पेमु अवसि होइ भव रस बिरति॥ ३२६॥**

तुलसीदासजी भन्नुहुन्छ— ज-जसले भरतजीका चरित्रलाई नियमले आदरपूर्वक सुन्नेछन्, उनीहरूलाई अवश्य नै श्रीसीतारामका चरणहरूमा प्रेम हुनेछ र सांसारिक विषय-रसबाट वैराग्य हुनेछ॥ ३२६॥

## मासपारायण, एक्काइसौं विश्राम

**इति श्रीमद्रामचरितमानसे सकलकलिकलुषविध्वंसने द्वितीयः सोपानः समाप्तः।**

कलियुगको सम्पूर्ण पापलाई विध्वंस गर्ने श्रीरामचरितमानसको यो द्वितीय सोपान समाप्त भयो।

(अयोध्याकाण्ड समाप्त)

## अत्रिका अतिथि



करि पूजा कहि बचन सुहाए। दिए मूल फल प्रभु मन भाए॥

॥ श्रीगणेशाय नमः॥

श्रीजानकीवल्लभो विजयते

# श्रीरामचरितमानस

## तृतीय सोपान

## अरण्यकाण्ड

श्लोक

**मूलं धर्मतरोर्विवेकजलधेः पूर्णेन्दुमानन्ददं**
**वैराग्याम्बुजभास्करं ह्यघघनध्वान्तापहं तापहम्।**
**मोहाम्भोधरपूगपाटनविधौ स्वःसम्भवं शङ्करं**
**वन्दे ब्रह्मकुलं कलङ्कशमनं श्रीरामभूपप्रियम्॥ १॥**

धर्मरूपी वृक्षको मूल, विवेकरूपी समुद्रलाई आनन्द दिनेवाला पूर्णचन्द्र, वैराग्यरूपी कमललाई [विकसित गर्ने] सूर्य, पापरूपी घोर अन्धकारलाई निश्चयपूर्वक मेटाउने, तीनवटै तापहरूलाई हरण गर्ने, मोहरूपी बादलहरूको समूहलाई छिन्न-भिन्न गर्ने विधि (क्रिया) मा आकाशबाट उत्पन्न पवनस्वरूप, ब्रह्माजीका वंशज (आत्मज) तथा कलङ्कनाशक, महाराज श्रीरामचन्द्रका प्रिय श्रीशङ्करलाई म वन्दना गर्दछु॥ १॥

**सान्द्रानन्दपयोदसौभगतनुं पीताम्बरं सुन्दरं**
**पाणौ बाणशरासनं कटिलसत्तूणीरभारं वरम्।**
**राजीवायतलोचनं धृतजटाजूटेन संशोभितं**
**सीतालक्ष्मणसंयुतं पथिगतं रामाभिरामं भजे॥ २॥**

जसको शरीर जलयुक्त मेघको समान सुन्दर (श्यामवर्ण) एवं आनन्दघन (आनन्दपूर्ण) छ, जसले सुन्दर [वल्कलको] पीतवस्त्र धारण गर्नुभएको छ, जसको हातमा बाण र धनुष छन्, कम्मर उत्तम तरकसको भारले सुशोभित छ, कमलका समान विशाल नेत्र छन् र शिरमा जटाजूट (जटाको मुकुट) धारण गर्नुभएको छ, उनै अत्यन्त शोभायमान श्रीसीता र लक्ष्मणजीसहित बाटोमा हिँड्दाखेरि, आनन्द दिने श्रीरामचन्द्रलाई म भज्दछु॥ २॥

सो०— **उमा राम गुन गूढ़ पंडित मुनि पावहिं बिरति।**
**पावहिं मोह बिमूढ़ जे हरि बिमुख न धर्म रति॥**

हे पार्वती! श्रीरामको गुण गूढ (रहस्यमय) छ, पण्डित र मुनिले त्यसलाई सम्झेर वैराग्य प्राप्त गर्दछन्। परन्तु जो भगवान्सँग विमुख छन् र जसको धर्ममा प्रेम छैन, त्यस्ता महामूढले [उसलाई सुनेर] मोहमा प्राप्त हुन्छन्।

**पुर नर भरत प्रीति मैं गाई। मति अनुरूप अनूप सुहाई॥**
**अब प्रभु चरित सुनहु अति पावन। करत जे बन सुर नर मुनि भावन॥**

पुरवासीहरू र भरतजीको अनुपम र सुन्दर प्रेमलाई मैले आफ्नो बुद्धिअनुसार वर्णन गरें। अब देवता, मनुष्य र मुनिहरूको मनलाई मन पर्ने प्रभु श्रीरामचन्द्रको यस्तो अत्यन्त पवित्र चरित्र सुन्नुहोस्, जसलाई उहाँले वनमा गर्नुभएको छ॥ १॥

**एक बार चुनि कुसुम सुहाए। निज कर भूषन राम बनाए॥**
**सीतहि पहिराए प्रभु सादर। बैठे फटिक सिला पर सुंदर॥**

एक पटक सुन्दर फूल रोजेर श्रीरामले आफ्नै हातले विभिन्न थरीका गहना बनाउनुभयो र सुन्दर स्फटिकशिलामा बसेर प्रभुले आदरका साथ ती गहना सीताजीलाई लगाइदिनुभयो॥ २॥

### * जयन्तको कुटिलता र फलप्राप्ति *

**सुरपति सुत धरि बायस बेषा। सठ चाहत रघुपति बल देखा॥**
**जिमि पिपीलिका सागर थाहा। महा मंदमति पावन चाहा॥**

देवराज इन्द्रको मूर्ख पुत्र जयन्त कागको रूप गरेर श्रीरघुनाथको बल हेर्न (परीक्षा गर्न) खोजेको छ। जस्तै अति मन्दबुद्धि भएको कमिलाले समुद्रको शक्ति थाहा पाउन खोजेको छ॥ ३॥

**सीता चरन चोंच हति भागा। मूढ़ मंदमति कारन कागा॥**
**चला रुधिर रघुनायक जाना। सींक धनुष सायक संधाना॥**

त्यो मूढ, मन्दबुद्धिका कारणले (भगवान्को बलको परीक्षा गर्नलाई) बनेको कागले सीताजीको चरणमा ठुँगेर भाग्यो। जब घाउबाट रगत बग्यो, त्यसपछि श्रीरघुनाथले यसको रहस्य जान्नुभयो र धनुषमा एउटा छेस्कोलाई बाणका रूपमा सन्धान गर्नुभयो॥ ४॥

दो०— **अति कृपाल रघुनायक सदा दीन पर नेह।**
**ता सन आइ कीन्ह छलु मूरख अवगुन गेह॥ १॥**

श्रीरघुनाथ, जो अत्यन्तै कृपालु हुनुहुन्छ र जसले दीनहरूलाई सधैं प्रेम गर्नुहुन्छ, उहाँसँग पनि त्यो अवगुणहरूको घर मूर्ख जयन्तले आएर छल गर्‍यो॥ १॥

**प्रेरित मंत्र ब्रह्मसर धावा। चला भाजि बायस भय पावा॥**
**धरि निज रूप गयउ पितु पाहीं। राम बिमुख राखा तेहि नाहीं॥**

मन्त्रले प्रेरित भएर त्यो ब्रह्मबाण (ब्रह्मास्त्र) दौड्यो। काग भयभीत भएर भागिहाल्यो। त्यसले आफ्नो वास्तविक रूप गरेर पिता इन्द्रसँग गयो, तर श्रीरामको विरोधी जानेर इन्द्रले उसलाई राखेनन्॥ १॥

**भा निरास उपजी मन त्रासा। जथा चक्र भय रिषि दुर्बासा॥**
**ब्रह्मधाम सिवपुर सब लोका। फिरा श्रमित ब्याकुल भय सोका॥**

त्यसपछि त्यो निराश भयो, उसको मनमा भय उत्पन्न भयो; जस्तै दुर्वासा ऋषिलाई चक्रले भय भएको थियो। ऊ ब्रह्मलोक, शिवलोक आदि समस्त लोकहरूमा थाकेर र भय-शोकले अत्तालिएर भौंतारिदै घुम्यो॥ २॥

**काहूँ बैठन कहा न ओही। राखि को सकइ राम कर द्रोही॥**
**मातु मृत्यु पितु समन समाना। सुधा होइ बिष सुनु हरिजाना॥**

[तर राख्ने कुरा त टाढा नै भयो] कसैले उसलाई बस्नसम्म पनि भनेनन्। श्रीरामको द्रोहीलाई कसले राख्न सक्छ? [कागभुशुण्डिजीले भन्नुहुन्छ— ] हे गरुड! सुन्नुहोस्, उसको लागि माता मृत्युसमान, पिता यमराजसमान र अमृत विषको समान हुन्छ॥ ३॥

**मित्र करइ सत रिपु कै करनी। ता कहँ बिबुधनदी बैतरनी॥**
**सब जगु ताहि अनलहु ते ताता। जो रघुबीर बिमुख सुनु भ्राता॥**

मित्रले सयौं शत्रुहरूको जस्तो व्यवहार गर्न लाग्छन्। देवनदी गङ्गाजी उसको लागि वैतरणी (यमपुरी नदी) हुन्छिन्। हे भाइ! सुन्नुहोस्, जो श्रीरघुनाथसँग विमुख हुन्छ, समस्त जगत् उसको लागि अग्निभन्दा पनि अधिक प्रचण्ड (जलाउने) हुन्छ॥ ४॥

**नारद देखा बिकल जयंता। लागि दया कोमल चित संता॥**
**पठवा तुरत राम पहिं ताही। कहेसि पुकारि प्रनत हित पाही॥**

नारदजीले जयन्तलाई अत्तालिएको देख्नुभयो र उहाँलाई दया लाग्यो; किनकि सन्तहरूको चरित्र (चित्त) अति कोमल हुन्छ। उहाँले उसलाई [सम्झाएर] तुरुन्तै श्रीरामसँग पठाउनुभयो। उसले गएर चिच्च्याएर भन्यो—हे शरणागतका हितकारी! मेरो रक्षा गरिबक्सियोस्॥ ५॥

**आतुर सभय गहेसि पद जाई। त्राहि त्राहि दयाल रघुराई॥**
**अतुलित बल अतुलित प्रभुताई। मैं मतिमंद जानि नहिं पाई॥**

आतुर र भयभीत जयन्तले गएर श्रीरामको चरण समात्यो [र भन्यो— ] हे दयालु रघुनाथजी! रक्षा गरिबक्सियोस्, रक्षा गरिबक्सियोस्। हजुरको अतुलित बल र प्रभुता (सामर्थ्य) लाई मैले मन्दबुद्धि हुनाले जान्न सकेको थिइन॥ ६॥

**निज कृत कर्म जनित फल पायउँ। अब प्रभु पाहि सरन तकि आयउँ॥**
**सुनि कृपाल अति आरत बानी। एकनयन करि तजा भवानी॥**

आफूले गरेको कर्मले उत्पन्न भएको फल मैले पाएँ। अब हे प्रभु! मेरो रक्षा गरिबक्सियोस्। म

हजुरको शरणको भरोसाले आएको छु। [शिवजी भन्नुहुन्छ— ] हे पार्वती! कृपालु श्रीरघुनाथले उसलाई अत्यन्त आर्त (दु:खले भरिएका) वाणी सुनेर उसलाई एउटा आँखा कानो बनाएर छोड्नुभयो॥ ७॥

**सो०— कीन्ह मोह बस द्रोह जद्यपि तेहि कर बध उचित।**
**प्रभु छाड़ेउ करि छोह को कृपाल रघुबीर सम॥ २॥**

उसले मोहवश द्रोह गरेको थियो, त्यसैले यद्यपि उसलाई वध गर्न नै उचित थियो, तर प्रभुले कृपा गरेर उसलाई छोड्नुभयो। श्रीरामसमानको कृपालु अर्को को होला?॥ २॥

**रघुपति चित्रकूट बसि नाना। चरित किए श्रुति सुधा समाना॥**
**बहुरि राम अस मन अनुमाना। होइहि भीर सबहिं मोहि जाना॥**

चित्रकूटमा बसेर श्रीरघुनाथले धेरै नै चरित्र गर्नुभयो, जुन कानका निम्ति अमृतसमान [प्रिय] छन्। फेरि (केही समय पश्चात्) श्रीरामले मनमा यस्तो अनुमान गर्नुभयो कि मलाई सबै जनाले जानिसके, यसैले [यहाँ] ठूलो भीड हुनेछ॥ १॥

## अत्रि-मिलन एवं स्तुति

**सकल मुनिन्ह सन बिदा कराई। सीता सहित चले द्वौ भाई॥**
**अत्रि के आश्रम जब प्रभु गयऊ। सुनत महामुनि हरषित भयऊ॥**

[यसैले] सबै मुनिहरूसँग बिदा लिएर सीताजीसहित दुवै भाइ जानुभयो! जब प्रभु अत्रिजीका आश्रममा जानुभयो, त्यसपछि उहाँहरूको आगमन सुन्दा नै महामुनि हर्षित हुनुभयो॥ २॥

**पुलकित गात अत्रि उठि धाए। देखि रामु आतुर चलि आए॥**
**करत दंडवत मुनि उर लाए। प्रेम बारि द्वौ जन अन्हवाए॥**

शरीर रोमाञ्चित भयो, अत्रिजी उठेर दौडनुभयो। उहाँ दौडँदै आएको देखेर श्रीराम अझ (झन्) शीघ्रताले हिँड्नुभयो। दण्डवत् गर्दा नै श्रीरामलाई [उठाएर] मुनिले हृदयमा लगाउनुभयो र प्रेमाश्रुका जलले दुवै भाइलाई नुहाइदिनुभयो॥ ३॥

**देखि राम छबि नयन जुड़ाने। सादर निज आश्रम तब आने॥**
**करि पूजा कहि बचन सुहाए। दिए मूल फल प्रभु मन भाए॥**

श्रीरामको छवि देखेर मुनिका नेत्र शीतल भए। त्यसपछि मुनिले उहाँलाई आदरपूर्वक आफ्नो आश्रममा लिएर जानुभयो। पूजन गरेर सुन्दर वचन भनी मुनिले कन्द-मूल र फल दिनुभयो, जुन प्रभुका निम्ति धेरै नै रुचिकर थियो॥ ४॥

**सो०— प्रभु आसन आसीन भरि लोचन सोभा निरखि।**
**मुनिबर परम प्रबीन जोरि पानि अस्तुति करत॥ ३॥**

प्रभु आसनमा विराजमान हुनुहुन्छ। नेत्रभरि उहाँको शोभालाई देखेर परम प्रवीण मुनिश्रेष्ठले हात जोडेर स्तुति गर्न लाग्नुभयो— ॥ ३॥

छं०— **नमामि भक्त वत्सलं। कृपालु शील कोमलं॥**
**भजामि ते पदांबुजं। अकामिनां स्वधामदं॥**

हे भक्तवत्सल! हे कृपालु! हे कोमल स्वभाववाला! म हजुरलाई नमस्कार गर्दछु। निष्काम पुरुषहरूलाई आफ्नो परमधाम दिने हजुरका चरणकमललाई म सधैं पूजा गर्दछु॥ १॥

**निकाम श्याम सुंदरं। भवांबुनाथ मंदरं॥**
**प्रफुल्ल कंज लोचनं। मदादि दोष मोचनं॥**

हजुर नितान्त सुन्दर श्याम, संसार (आवागमन) रूपी समुद्रलाई मथ्नका लागि मन्दराचलरूप, फुलेका कमलका समान नेत्र हुनुभएका र मद आदि दोषहरूबाट छुटाउनेवाला होइबक्सिन्छ॥ २॥

**प्रलंब बाहु विक्रमं। प्रभोऽप्रमेय वैभवं॥**
**निषंग चाप सायकं। धरं त्रिलोक नायकं॥**

हे प्रभो! हजुरका लामा-लामा भुजाहरूको पराक्रम र हजुरको ऐश्वर्य अप्रमेय (बुद्धिदेखि टाढा अथवा असीम) छ। हजुर तरकस र धनुष-बाण धारण गर्ने र तीनै लोकका स्वामी,॥ ३॥

**दिनेश वंश मंडनं। महेश चाप खंडनं॥**
**मुनींद्र संत रंजनं। सुरारि वृंद भंजनं॥**

त्यस्तै सूर्यवंशका भूषण, महादेवजीको धनुषलाई भाँच्ने, मुनिराजहरू र सन्तहरूलाई आनन्द दिनेवाला तथा देवताहरूका शत्रु असुरहरूलाई नाश गर्नेवाला होइबक्सिन्छ॥ ४॥

**मनोज वैरि वंदितं। अजादि देव सेवितं॥**
**विशुद्ध बोध विग्रहं। समस्त दूषणापहं॥ ५॥**

हजुर कामदेवका शत्रु महादेवजीद्वारा वन्दित, ब्रह्मा आदि देवताहरूबाट सेवित, विशुद्ध ज्ञानमय विग्रह र समस्त दोषहरूलाई नष्ट गर्नेवाला होइबक्सिन्छ॥ ५॥

**नमामि इंदिरा पतिं। सुखाकरं सतां गतिं॥**
**भजे सशक्ति सानुजं। शची पति प्रियानुजं॥**

हे लक्ष्मीपते! हे सुखका खानी र सत्पुरुषहरूका लागि एक मात्र गति! म हजुरलाई नमस्कार गर्दछु। हे शचीपति (इन्द्र) का प्रिय भाइ (वामनजी)! स्वरूपा-शक्ति श्रीसीताजी र भाइ लक्ष्मणजीसहित हजुरलाई म भज्दछु॥ ६॥

**त्वदंघ्रि मूल ये नराः। भजंति हीन मत्सराः॥**
**पतंति नो भवार्णवे। वितर्क वीचि संकुले॥**

जो मनुष्य मत्सर (डाह) रहित भएर हजुरका चरणको सेवन गर्दछ, त्यो तर्क-वितर्क (अनेक प्रकारका सन्देह) रूपी तरङ्गबाट पूर्ण संसाररूपी समुद्रमा खस्दैन (आवागमनको चक्करमा पर्दैन)॥ ७॥

**विविक्त वासिनः सदा। भजंति मुक्तये मुदा॥**
**निरस्य इंद्रियादिकं। प्रयांति ते गतिं स्वकं॥**

जो एकान्तवासी पुरुष मुक्तिका लागि, इन्द्रियादिकलाई निग्रह गरेर (तिनलाई विषयदेखि हटाएर) प्रसन्नतापूर्वक हजुरलाई भज्दछन्, तिनले स्वकीय गतिलाई (हजुरको स्वरूपलाई) प्राप्त गर्छन्॥ ८॥

**तमेकमद्भुतं प्रभुं। निरीहमीश्वरं विभुं॥**
**जगद्गुरुं च शाश्वतं। तुरीयमेव केवलं॥**

हजुर एक (अद्वितीय), अद्भुत (मायिक जगत्‌देखि विलक्षण), प्रभु (सर्वसमर्थ) इच्छारहित, ईश्वर (सबैका स्वामी), व्यापक, जगद्‌गुरु, सनातन (नित्य), तुरीय (तीनै गुणबाट सधैं टाढा) र केवल (आफ्नो स्वरूपमा स्थित) होइबक्सिन्छ)॥ ९॥

**भजामि भाव वल्लभं। कुयोगिनां सुदुर्लभं॥**
**स्वभक्त कल्प पादपं। समं सुसेव्यमन्वहं॥**

[तथा] भावप्रिय, कुयोगीहरू (विषयी पुरुषहरूको) का लागि अत्यन्त दुर्लभ, आफ्ना भक्तहरूका लागि कल्पवृक्ष, सम (पक्षपातरहित) र सधैं सुखपूर्वक सेवन गर्न योग्य होइबक्सिन्छ; म निरन्तर भज्दछु (भजन गर्छु)॥ १०॥

**अनूप रूप भूपतिं। नतोऽहमुर्विजा पतिं॥**
**प्रसीद मे नमामि ते। पदाब्ज भक्ति देहि मे॥**

हे अनुपम सुन्दर! हे पृथ्वीपति! हे जानकीनाथ! म हजुरलाई प्रणाम गर्दछु, मसँग प्रसन्न होइबक्सियोस्, म हजुरलाई नमस्कार गर्दछु। मलाई आफ्नो चरणकमलको भक्ति दिइबक्सियोस् ॥ ११॥

**पठंति ये स्तवं इदं। नरादरेण ते पदं॥**
**व्रजंति नात्र संशयं। त्वदीय भक्ति संयुताः॥**

जुन मनुष्यले यो स्तुतिलाई आदरपूर्वक पाठ गर्दछन्, उनले हजुरको भक्तिले युक्त भएर हजुरको परम पदलाई प्राप्त गर्दछन्, यसमा सन्देह छैन॥ १२॥

दो०— **बिनती करि मुनि नाइ सिरु कह कर जोरि बहोरि।**
**चरन सरोरुह नाथ जनि कबहुँ तजै मति मोरि॥ ४॥**

मुनिले यस प्रकार बिन्ती गरेर, फेरि शिर निहुराउँदै हात जोडेर भन्नुभयो— हे नाथ! मेरो बुद्धिले हजुरका चरणलाई कहिल्यै नछोडोस्॥ ४॥

### * श्रीसीता-अनसूया-मिलन र श्रीसीतालाई अनसूयाजीले पतिव्रतधर्म भन्नु *

**अनुसुइया के पद गहि सीता। मिली बहोरि सुसील बिनीता॥**
**रिषिपतिनी मन सुख अधिकाई। आसिष देइ निकट बैठाई॥**

फेरि परम शीलवती र विनम्र सीताजी अनसूयाजीका चरण समातेर दर्शन गर्नुभयो। त्यसबाट ऋषिपत्नीका मनमा ठूलो सुखभयो। उहाँले आशीर्वाद दिएर सीताजीलाई नजिकै बसाल्नुभयो॥ १॥

**दिब्य बसन भूषन पहिराए। जे नित नूतन अमल सुहाए॥**
**कह रिषिबधू सरस मृदु बानी। नारिधर्म कछु ब्याज बखानी॥**

र उहाँलाई यस्ता दिव्य वस्त्र र आभूषण लगाइदिनुभयो, जुन नित्य-नयाँ निर्मल र सुन्दर भइरहन्थे। फेरि ऋषिपत्नीले उहाँको बहानामा मधुर र कोमल वाणीले स्त्रीहरूका केही धर्म वर्णन गरेर भन्न लाग्नुभयो॥ २॥

**मातु पिता भ्राता हितकारी। मितप्रद सब सुनु राजकुमारी॥**
**अमित दानि भर्ता बयदेही। अधम सो नारि जो सेव न तेही॥**

हे राजकुमारी! सुन्नुहोस्—माता, पिता, भाइ सबैले हित गर्छन्, परन्तु यी सबैले एक सीमासम्म नै [सुख] दिन्छन्। परन्तु हे जानकी! पतिले त [मोक्षरूप] असीम [सुख] दिन्छन्। त्यो स्त्री अधम हो, जसले यस्ता पतिको सेवा गर्दिन॥ ३॥

**धीरज धर्म मित्र अरु नारी। आपद काल परिखिअहिं चारी॥**
**बृद्ध रोगबस जड़ धनहीना। अंध बधिर क्रोधी अति दीना॥**

धैर्य, धर्म, मित्र र स्त्री—यी चारको विपत्तिको समयमा नै परीक्षा हुन्छ। वृद्ध, रोगी, मूर्ख, निर्धन, अन्धा, बहिरा, क्रोधी र अत्यन्त नै दीन— ॥ ४॥

**ऐसेहु पति कर किएँ अपमाना। नारि पाव जमपुर दुख नाना॥**
**एकइ धर्म एक ब्रत नेमा। कायँ बचन मन पति पद प्रेमा॥**

यस्ता पतिलाई पनि अपमान गर्नाले स्त्रीले यमपुरीमा अनेक प्रकारका दु:ख पाउँछन्। शरीर, वचन र मनले पतिको चरणमा प्रेम गर्नु स्त्रीको लागि यो एउटै धर्म, एउटै व्रत र एउटै नियम हो॥ ५॥

**जग पतिब्रता चारि बिधि अहहीं। बेद पुरान संत सब कहहीं॥**
**उत्तम के अस बस मन माहीं। सपनेहुँ आन पुरुष जग नाहीं॥**

जगत्मा चार प्रकारका पतिव्रताहरू छन्। वेद, पुराण र सन्तले यस्तो भन्छन् कि उत्तम श्रेणीको पतिव्रताको मनमा यस्तो भाव हुन्छ कि जगत्मा [आफ्नो पतिलाई छोडेर] अर्को पुरुष स्वप्नमा पनि देख्दिन॥ ६॥

**मध्यम परपति देखइ कैसें। भ्राता पिता पुत्र निज जैसें॥**
**धर्म बिचारि समुझि कुल रहई। सो निकिष्ट त्रिय श्रुति अस कहई॥**

मध्यम श्रेणीका पतिव्रताले अर्काको पतिलाई कसरी हेर्छन्, जसरी ती आफ्नो साथी-भाइ, पिता वा पुत्र हुन्। (अर्थात् समान उमेरकोलाई भाइ, ठूलोको लागि पिता र सानोलाई पुत्रको रूपमा देख्छन्।) जसले धर्मलाई विचार गरेर र आफ्नो कुलको मर्यादालाई सम्झेर बचेका (जोगिएका) छन्, त्यो निकृष्ट (निम्न श्रेणीको) स्त्री हो, यस्तो वेदले भनेका छन्॥ ७॥

**बिनु अवसर भय तें रह जोई। जानेहु अधम नारि जग सोई॥**
**पति बंचक परपति रति करई। रौरव नरक कल्प सत परई॥**

र जुन स्त्री मौका नपाएर या भयवश पतिव्रता बनिरहन्छे, जगत्मा उसलाई अधम स्त्री जान्नू। पतिलाई धोखा दिने जुन स्त्रीले अर्काको पतिसँग सहवास गर्दछे, ऊ त सय कल्पसम्म रौरव नरकमा परिरहन्छे॥ ८॥

**छन सुख लागि जनम सत कोटी। दुख न समुझ तेहि सम को खोटी॥**
**बिनु श्रम नारि परम गति लहई। पतिब्रत धर्म छाड़ि छल गहई॥**

क्षणभरको सुखको लागि जसले सय करोड (असङ्ख्य) जन्महरूका दु:खलाई ख्याल गर्दिन, त्यो भन्दा दुष्ट को होला? जुन स्त्री छल छोडेर पतिव्रता धर्मलाई ग्रहण गर्दछे, उसले परिश्रमविना नै परम गति प्राप्त गर्दछे॥ ९॥

**पति प्रतिकूल जनम जहँ जाई। बिधवा होइ पाइ तरुनाई॥**

किन्तु जुन पतिको प्रतिकूल चल्दछे। ऊ जहाँ गएर (जुन योनिमा) पनि जन्म लिन्छे, ऊ यौवन (तरुनी) अवस्थामा नै विधवा हुन्छे॥ १०॥

सो०— **सहज अपावनि नारि पति सेवत सुभ गति लहइ।**
**जसु गावत श्रुति चारि अजहुँ तुलसिका हरिहि प्रिय॥ ५ (क)॥**

स्त्री जन्मबाटै अपवित्र हुन्छन्, किन्तु पतिको सेवा गरेर अनायास नै शुभ गति प्राप्त गर्दछन्। [पतिव्रताधर्मका कारण] आज पनि 'तुलसीजी' भगवान्लाई प्रिय र चारवटै वेदले उनको यशलाई गाएका छन्॥ ५ (क)॥

**सुनु सीता तव नाम सुमिरि नारि पतिब्रत करहिं।**
**तोहि प्रानप्रिय राम कहिउँ कथा संसार हित॥ ५ (ख)॥**

हे सीता! सुन्नुहोस्, हजुरको त बारम्बार नाम लिएर नै स्त्रीहरूले पतिव्रतधर्मलाई पालन गर्नेछन्। हजुरलाई त श्रीराम प्राणको समान प्रिय हुनुहुन्छ, यो (पतिव्रतधर्मको) कथा त मैले संसारको हितको लागि भनेकी हुँ॥ ५ (ख)॥

**सुनि जानकीं परम सुखु पावा। सादर तासु चरन सिरु नावा॥**
**तब मुनि सन कह कृपानिधाना। आयसु होइ जाउँ बन आना॥**

जानकीजीले सुनेर परम सुख पाउनुभयो र आदरपूर्वक उहाँका चरणमा शिर निहुराउनुभयो। अनि कृपाका खानी श्रीरामले मुनिसँग भन्नुभयो— आज्ञा भएमा अर्को वनमा जाने थियौं॥ १॥

**संतत मो पर कृपा करेहू। सेवक जानि तजेहु जनि नेहू॥**
**धर्म धुरंधर प्रभु कै बानी। सुनि सप्रेम बोले मुनि ग्यानी॥**

मलाई निरन्तर कृपा गरिरहनुहोला र आफ्नो सेवक जानेर स्नेह नछोड्नुहोला। धर्मधुरन्धर प्रभु श्रीरामका वचन सुनेर ज्ञानी मुनिले प्रेमपूर्वक भन्नुभयो— ॥ २॥

**जासु कृपा अज सिव सनकादी। चहत सकल परमारथ बादी॥**
**ते तुम्ह राम अकाम पिआरे। दीन बंधु मृदु बचन उचारे॥**

ब्रह्मा, शिव र सनकादि सबै परमार्थवादी (तत्त्ववेत्ता) ले जसको कृपा चाहन्छन्, हे रामजी! हजुर उनै निष्काम पुरुषहरूको पनि प्रिय र दीनहरूका बन्धु भगवान् होइबक्सिन्छ, जसले यस्ता प्रकारका कोमल वचन भनिबक्सिएको छ॥ ३॥

**अब जानी मैं श्री चतुराई। भजी तुम्हहि सब देव बिहाई॥**
**जेहि समान अतिसय नहिं कोई। ता कर सील कस न अस होई॥**

अब मैले लक्ष्मीजीको चतुर्याइँ जानें, जसले सबै देवताहरूलाई छोडेर हजुरलाई नै रोज्नुभयो। जसको समान [सबै कुरामा] अत्यन्त ठूलो अर्को कोही छैनन्, हजुरको शील भनिबक्सियोस्, यस्तो किन नहोस् त?॥ ४॥

**केहि बिधि कहौं जाहु अब स्वामी। कहहु नाथ तुम्ह अंतरजामी॥**
**अस कहि प्रभु बिलोकि मुनि धीरा। लोचन जल बह पुलक सरीरा॥**

मैले कस्तो प्रकारले भनौं कि हे स्वामी! हजुर अब गइबक्सियोस्? हे नाथ! हजुर अन्तर्यामी होइबक्सिन्छ, हजुरले नै भनिबक्सियोस्! यस्तो भनेर धीर बुद्धि मुनिले प्रभुलाई हेर्न लाग्नुभयो। मुनिका नेत्रमा [प्रेमाश्रुको] जल बगिरहेको छ र शरीर रोमाञ्चित भएको छ॥ ५॥

छं०— **तन पुलक निर्भर प्रेम पूरन नयन मुख पंकज दिए।**
**मन ग्यान गुन गोतीत प्रभु मैं दीख जप तप का किए॥**
**जप जोग धर्म समूह तें नर भगति अनुपम पावई।**
**रघुबीर चरित पुनीत निसि दिन दास तुलसी गावई॥**

(अत्रि) मुनि प्रेममा अत्यन्त पूर्ण हुनुहुन्छ; उहाँको शरीर पुलकित भएको छ र नेत्रलाई श्रीरामका मुखारविन्दमा लगाउनुभएको छ। [मनमा विचार गर्नुभएको छ कि] मैले यस्तो कुन जप-तप गरेको थिएँ, जसको कारण मन, ज्ञान, गुण र इन्द्रियहरूदेखि टाढाका प्रभुको दर्शन पाएँ। जप, योग र धर्म-समूहबाट मनुष्यले अनुपम भक्तिलाई पाउँछ। श्रीरघुवीरको पवित्र चरित्रलाई यो तुलसीदासले रात-दिन गाउँदछ।

दो०— **कलिमल समन दमन मन राम सुजस सुखमूल।**
**सादर सुनहिं जे तिन्ह पर राम रहहिं अनुकूल॥ ६ (क)॥**

श्रीरामचन्द्रको सुन्दर यश नै कलियुगका पापहरूलाई नाश गर्ने, मनलाई दमन गर्ने र सुखको मूल हो। जुन मानिसले यसलाई आदरपूर्वक सुन्दछन्, उनीप्रति श्रीराम प्रसन्न हुनुहुन्छ ॥ ६ (क)॥

सो०— **कठिन काल मल कोस धर्म न ग्यान न जोग जप।**
**परिहरि सकल भरोस रामहि भजहिं ते चतुर नर॥ ६ (ख)॥**

यो कठिन कलिकाल पापहरूको खजाना हो; यसमा न धर्म छ, न ज्ञान छ र न योग तथा जप नै छ। यसमा त जुन मानिसले सबै भरोसालाई छोडेर श्रीरामको नै भजन गर्दछन्, उनीहरू नै चतुर हुन्छन्॥ ६ (ख)॥

## ✹ श्रीराम अगाडि प्रस्थान, विराध-वध र शरभङ्ग प्रसङ्ग ✹

**मुनि पद कमल नाइ करि सीसा। चले बनहि सुर नर मुनि ईसा॥**
**आगें राम अनुज पुनि पाछें। मुनि बर बेष बने अति काछें॥**

मुनिका चरणकमलमा शिर झुकाएर देवता, मनुष्य र मुनिहरूका स्वामी श्रीराम वनमा हिंड्नुभयो। अगाडि श्रीराम हुनुहुन्छ र पछाडि भाइ लक्ष्मणजी हुनुहुन्छ। दुवै नै मुनिहरूका सुन्दर वेष बनाएर अत्यन्त सुशोभित हुनुभएको छ॥ १॥

**उभय बीच श्री सोहइ कैसी। ब्रह्म जीव बिच माया जैसी॥**
**सरिता बन गिरि अवघट घाटा। पति पहिचानि देहिं बर बाटा॥**

दुवैका बीचमा श्रीजानकी यसरी सुशोभित हुनुहुन्छ, जसरी ब्रह्म र जीवको बीचमा माया छ। नदी, वन, पर्वत र दुर्गम घाटी (नाका) हरू, सबैले आफ्ना स्वामीलाई चिनेर सुन्दर बाटो दिइरहेका छन्॥ २॥

**जहँ जहँ जाहिं देव रघुराया। करहिं मेघ तहँ तहँ नभ छाया॥**
**मिला असुर बिराध मग जाता। आवतहीं रघुबीर निपाता॥**

जहाँ-जहाँ देव श्रीरघुनाथ जानुहुन्छ, त्यहाँ-त्यहाँ बादलले आकाशमा छाया गरिरहेको छ। बाटोमा जाँदै गर्दा विराध नामको राक्षस भेट भयो। अगाडि आउँदा नै श्रीरघुनाथले त्यसलाई मार्नुभयो॥ ३॥

**तुरतहिं रुचिर रूप तेहिं पावा। देखि दुखी निज धाम पठावा॥**
**पुनि आए जहँ मुनि सरभंगा। सुंदर अनुज जानकी संगा॥**

[श्रीरामको हातबाट मर्दा नै] उसले तुरुन्तै सुन्दर (दिव्य) रूप प्राप्त गरिहाल्यो। दुःखी देखेर प्रभुले उसलाई आफ्नो परमधाममा पठाउनुभयो। फेरि उहाँ सुन्दर भाइ लक्ष्मण र सीतासँग वहाँ आउनुभयो जहाँ मुनि शरभङ्गजी हुनुहुन्थ्यो॥ ४॥

दो०— **देखि राम मुख पंकज मुनिबर लोचन भृंग।**
**सादर पान करत अति धन्य जन्म सरभंग॥ ७॥**

श्रीरामचन्द्रको मुखकमल देखेर मुनिश्रेष्ठका नेत्ररूपी भमराले अत्यन्त आदरपूर्वक त्यसको शोभारूपी [मकरन्दरस] पान गरिरहेका छन्। शरभङ्गको जन्म धन्य छ॥ ७॥

**कह मुनि सुनु रघुबीर कृपाला। संकर मानस राजमराला॥**
**जात रहेउँ बिरंचि के धामा। सुनेउँ श्रवन बन ऐहहिं रामा॥**

मुनिले भन्नुभयो— हे कृपालु रघुवीर! हे शङ्करजीका मनरूपी मानसरोवरका राजहंस! सुनिबक्सियोस्, म ब्रह्मलोकमा जाँदै थिएँ। [यत्तिकैमा] कानले सुनें कि श्रीराम वनमा आइबक्सिनेछ॥ १॥

**चितवत पंथ रहेउँ दिन राती। अब प्रभु देखि जुड़ानी छाती॥**
**नाथ सकल साधन मैं हीना। कीन्ही कृपा जानि जन दीना॥**

त्यस समयदेखि मैले दिन-रात हजुरलाई नै प्रतीक्षा गरेको छु। अब (आज) प्रभुलाई देखेर मेरो छाती शीतल भयो। हे नाथ! म सबै साधनबाट हीन छु। हजुरले आफ्नो दीन सेवक जानेर मलाई कृपा गरिबक्सियो॥ २॥

**सो कछु देव न मोहि निहोरा। निज पन राखेउ जन मन चोरा॥**
**तब लगि रहहु दीन हित लागी। जब लगि मिलौं तुम्हहि तनु त्यागी॥**

हे देव! यो मप्रति हजुरको कुनै उपकारको बदला होइन (हजुरको सहज स्वभावले नै हो)। हे भक्तका मनचोर! यस्तो गरेर हजुरले आफ्नो प्रण (सङ्कल्प) को नै रक्षा गरिबक्सिएको छ। अब यस दीनको कल्याणको लागि तबसम्म यहाँ रहिबक्सियोस्, जबसम्म मैले शरीर (प्राण) छोडेर हजुरलाई भेट्नेछैन (अर्थात् हजुरको धाममा पुग्नेछैन)॥ ३॥

**जोग जग्य जप तप ब्रत कीन्हा। प्रभु कहँ देइ भगति बर लीन्हा॥**
**एहि बिधि सर रचि मुनि सरभंगा। बैठे हृदयँ छाड़ि सब संगा॥**

योग, यज्ञ, जप, तप जे जति व्रत आदि पनि मुनिले गरेका थिए, सबै प्रभुलाई समर्पण गरेर बदलामा भक्तिको वरदान लिए। यस्तो प्रकारले [दुर्लभ भक्तिको वर प्राप्त गरी फेरि] चिता रचेर मुनि शरभङ्ग हृदयमा सबै आसक्ति छोडेर त्यसमाथि गएर बसे॥ ४॥

दो०— **सीता अनुज समेत प्रभु नील जलद तनु स्याम।**
**मम हियँ बसहु निरंतर सगुनरूप श्रीराम॥ ८॥**

हे नीलो मेघका समान श्याम शरीरभएका सगुणरूप श्रीराम! सीताजी र भाइ लक्ष्मणजीसहित प्रभु (हजुर) निरन्तर मेरो हृदयमा विराजमान होइबक्सियोस्॥ ८॥

**अस कहि जोग अगिनि तनु जारा। राम कृपाँ बैकुंठ सिधारा॥**
**ताते मुनि हरि लीन न भयऊ। प्रथमहिं भेद भगति बर लयऊ॥**

यस्तो भनेर शरभङ्गले योगाग्निले आफ्नो शरीरलाई जलाए, अनि श्रीरामको कृपाले उनी वैकुण्ठमा गइहाले। मुनि भगवान्मा लीन यस कारणले भएनन् कि उनले पहिले नै भेद-भक्तिको वरदान लिएका थिए॥ १॥

**रिषि निकाय मुनिबर गति देखी। सुखी भए निज हृदयँ बिसेषी॥**
**अस्तुति करहिं सकल मुनि बृंदा। जयति प्रनत हित करुना कंदा॥**

ऋषिसमूह मुनिश्रेष्ठ शरभङ्गजीको यस्तो [दुर्लभ] गतिलाई देखेर आफ्नो हृदयमा विशेष रूपले सुखी भए। समस्त मुनिवृन्दले श्रीरामको स्तुति गरिरहेका छन् [र भनिरहेका छन्] शरणागतहितकारी करुणाकन्द (करुणाका मूल) प्रभुको जय होस्॥ २॥

**पुनि रघुनाथ चले बन आगे। मुनिबर बृंद बिपुल सँग लागे॥**
**अस्थि समूह देखि रघुराया। पूछी मुनिन्ह लागि अति दाया॥**

फेरि रघुनाथजी अगाडि वनमा जानुभयो। श्रेष्ठ मुनिहरूका धेरै समूह उहाँका साथ हिँडे। हाडहरूका थुप्रो देखेर श्रीरघुनाथलाई ठूलो दया लाग्यो, उहाँले मुनिहरूसँग सोध्नुभयो॥ ३॥

**जानतहूँ पूछिअ कस स्वामी। सबदरसी तुम्ह अंतरजामी॥**
**निसिचर निकर सकल मुनि खाए। सुनि रघुबीर नयन जल छाए॥**

[मुनिहरूले भने— ] हे स्वामी! हजुर सर्वदर्शी (सर्वज्ञ) र अन्तर्यामी (सबैको हृदयको कुरा जान्ने) होइबक्सिन्छ। जानेर पनि [अनजानले झैं] हामीसँग किन सोधिबक्सिएको छ? राक्षसहरूका समूहले सबै मुनिहरूलाई खाएका हुन् [यी सबै उनैका हाडका थुप्रा हुन्]। यस्तो सुन्दा नै श्रीरघुवीरका नेत्रमा जल भरियो (उहाँका आँखामा करुणाका आँसु भरिए)॥ ४॥

### * राक्षस-वधको प्रतिज्ञा गर्नु *

दो०— **निसिचर हीन करउँ महि भुज उठाइ पन कीन्ह।**
**सकल मुनिन्ह के आश्रमन्हि जाइ जाइ सुख दीन्ह॥ ९॥**

श्रीरामले भुजा उठाएर प्रण गर्नुभयो कि मैले पृथ्वीलाई राक्षसबाट रहित बनाउनेछु। फेरि समस्त मुनिहरूका आश्रममा गएर उनीहरूलाई [दर्शन एवं सम्भाषणको] सुख दिनुभयो॥ ९॥

**मुनि अगस्ति कर सिष्य सुजाना। नाम सुतीछन रति भगवाना॥**
**मन क्रम बचन राम पद सेवक। सपनेहुँ आन भरोस न देवक॥**

मुनि अगस्त्यजीका एक सुतीक्ष्ण नामका सुजान (ज्ञानी) शिष्य थिए, उनको भगवान्‌मा प्रीति थियो। उनी मन, वचन र कर्मले श्रीरामका चरणका सेवक थिए। उनलाई स्वप्नमा पनि कुनै अर्को देवताको भरोसा थिएन॥ १॥

**प्रभु आगवनु श्रवन सुनि पावा। करत मनोरथ आतुर धावा॥**
**हे बिधि दीनबंधु रघुराया। मो से सठ पर करिहहिं दाया॥**

उनले जब प्रभुको आगमनको कुरा सुने, त्यतिखेरै अनेकौं प्रकारका मनोरथ गर्दै उनी शीघ्रताले दौडे। हे विधाता! के दीनबन्धु श्रीरघुनाथले मजस्तो दुष्टलाई पनि दया गरिबक्सिनेछ?॥ २॥

**सहित अनुज मोहि राम गोसाईं। मिलिहहिं निज सेवक की नाईं॥**
**मोरे जियँ भरोस दृढ़ नाहीं। भगति बिरति न ग्यान मन माहीं॥**

के स्वामी श्रीराम भाइ लक्ष्मणजीसहित मसँग आफ्ना सेवकझैं भेट होइबक्सिनेछ? मेरो हृदयमा दृढ विश्वास भएको छैन; किनकि मेरो मनमा भक्ति, वैराग्य तथा ज्ञान केही पनि छैन॥ ३॥

**नहिं सतसंग जोग जप जागा। नहिं दृढ़ चरन कमल अनुरागा॥**
**एक बानि करुनानिधान की। सो प्रिय जाकें गति न आन की॥**

मैले न त सत्सङ्ग, योग, जप अथवा यज्ञ नै गरेको छु र न प्रभुका चरणकमलमा मेरो दृढ अनुराग नै छ। अँ, दयाका भण्डार प्रभुको एक बानी (आचरण) छ कि जसको कुनै अर्कोको सहारा छैन, ऊ उहाँलाई प्रिय हुन्छ॥ ४॥

**होइहैं सुफल आजु मम लोचन। देखि बदन पंकज भव मोचन॥**
**निर्भर प्रेम मगन मुनि ग्यानी। कहि न जाइ सो दसा भवानी॥**

[भगवान्‌को यस्तो बानीलाई स्मरण गर्दा नै मुनि आनन्दमग्न भएर मन-मनै भन्न लागे— ] आहा भवबन्धनबाट छुटाउने प्रभुको मुखारविन्दलाई देखेर आज मेरा नेत्र सफल हुनेछन्। [शिवजी भन्नुहुन्छ— ] हे भवानी! ज्ञानी मुनि प्रेममा पूर्णरूपले निमग्न भएका छन्। उनको त्यो दशा वर्णन गर्न नै सकिँदैन॥ ५॥

## ✹ सुतीक्ष्णजीको प्रेम, अगस्त्य-मिलन, अगस्त्य-संवाद, श्रीरामको दण्डक-वन-प्रवेश र जटायु-मिलन ✹

**दिसि अरु बिदिसि पंथ नहिं सूझा। को मैं चलेउँ कहाँ नहिं बूझा॥**
**कबहुँक फिरि पाछें पुनि जाई। कबहुँक नृत्य करइ गुन गाई॥**

उनले दिशा-विदिशा (दिशाहरू र उसका कोण आदि) र बाटो केही पनि देखेनन्। म को हुँ र कहाँ गइरहेको छु, यो पनि जानेनन्। उनी कतिखेर पछाडि घुमेर फेरि अगाडि जान लाग्छन् र कतिखेर [प्रभुका] गुण-गान गाएर नाच्न लाग्दछन्॥ ६॥

**अबिरल प्रेम भगति मुनि पाई। प्रभु देखैं तरु ओट लुकाई॥**
**अतिसय प्रीति देखि रघुबीरा। प्रगटे हृदयँ हरन भव भीरा॥**

मुनिले प्रगाढ प्रेमाभक्ति प्राप्त गरे। प्रभु श्रीरामले वृक्षको आडमा लुकेर [भक्तको प्रेमोन्मत्त दशा] हेरिरहनुभएको छ। मुनिको अत्यन्त प्रेम देखेर भवभय (आवागमनको भय) लाई हरण गर्ने श्रीरघुनाथ मुनिको हृदयमा प्रकट हुनुभयो॥ ७॥

**मुनि मग माझ अचल होइ बैसा। पुलक सरीर पनस फल जैसा॥**
**तब रघुनाथ निकट चलि आए। देखि दसा निज जन मन भाए॥**

[हृदयमा प्रभुको दर्शन पाएर] मुनि बीच बाटोमा नै अचल (स्थिर) भएर बसिहाले। उनको शरीर रोमाञ्चले कटहरको फलको समान [कण्टकित] भयो। अनि श्रीरघुनाथ उनीसँग आउनुभयो र आफ्ना भक्तको प्रेमदशा देखेर मनमा अति नै प्रसन्न हुनुभयो॥ ८॥

**मुनिहि राम बहु भाँति जगावा। जाग न ध्यान जनित सुख पावा॥**
**भूप रूप तब राम दुरावा। हृदयँ चतुर्भुज रूप देखावा॥**

श्रीरामले मुनिलाई धेरै प्रकारले बिउँझाउनुभयो, तर मुनि बिउँझेनन्; किनकि उनलाई प्रभुको ध्यानमा सुख प्राप्त भइरहेको थियो। अनि श्रीरामले आफ्नो राजरूपलाई लुकाउनुभयो र उनको हृदयमा आफ्नो चतुर्भुजरूप प्रकट गर्नुभयो॥ ९॥

**मुनि अकुलाइ उठा तब कैसें। बिकल हीन मनि फनिबर जैसें॥**
**आगें देखि राम तन स्यामा। सीता अनुज सहित सुख धामा॥**

अनि (आफ्ना इष्ट-स्वरूप अन्तर्ध्यान हुँदा नै) मुनि यसरी व्याकुल भएर उठे, जसरी श्रेष्ठ

(मणिधर) सर्प मणिविना व्याकुल हुन्छ। मुनिले आफ्ना अघिल्तिर सीताजी र लक्ष्मणजीसहित श्यामसुन्दर-विग्रह सुखधाम श्रीरामलाई देखे॥ १०॥

**परेउ लकुट इव चरनन्हि लागी। प्रेम मगन मुनिबर बड़भागी॥**
**भुज बिसाल गहि लिए उठाई। परम प्रीति राखे उर लाई॥**

प्रेममा मग्न हुँदै उनै धेरै भाग्यमानी श्रेष्ठ मुनिले लौरोझैं पल्टेर श्रीरामका चरणमा प्रणाम गरे। श्रीरामले आफ्ना विशाल भुजाहरूले समातेर उनलाई उठाउनुभयो र धेरै नै प्रेमले हृदयमा लगाइरहनुभयो॥ ११॥

**मुनिहि मिलत अस सोह कृपाला। कनक तरुहि जनु भेंट तमाला॥**
**राम बदनु बिलोक मुनि ठाढ़ा। मानहुँ चित्र माझ लिखि काढ़ा॥**

कृपालु श्रीरामचन्द्र मुनिसँग भेट हुँदा यस्तो विराजमान (शोभित) भइरहनुभएको थियो, मानौं सुनको वृक्षसँग तमालको वृक्षले अङ्गालो मारेर भेट भइरहेको छ। मुनिले [निस्तब्ध] उभिएर [ट्वाल्ल परेर] श्रीरामको अनुहार हेरिरहेका छन्, मानौं कुनै चित्रले हेरेको छ॥ १२॥

दो०— **तब मुनि हृदयँ धीर धरि गहि पद बारहिं बार।**
**निज आश्रम प्रभु आनि करि पूजा बिबिध प्रकार॥ १०॥**

अनि मुनिले हृदयमा धैर्य गरेर बारम्बार चरणलाई स्पर्श गरे। फेरि प्रभुलाई आफ्नो आश्रममा लगेर अनेक प्रकारले उहाँको पूजा गरे॥ १०॥

**कह मुनि प्रभु सुनु बिनती मोरी। अस्तुति करौं कवन बिधि तोरी॥**
**महिमा अमित मोरि मति थोरी। रबि सन्मुख खद्योत अँजोरी॥**

मुनिले भन्नुभयो—हे प्रभु! मेरो बिन्ती सुनिबक्सियोस्। मैले कुन प्रकारले हजुरको स्तुति गरौं? हजुरको महिमा अपार छ र मेरो बुद्धि अल्प छ। जसरी सूर्यको अगाडि जुनकिरीको उज्यालो हुन्छ!॥ १॥

**श्याम तामरस दाम शरीरं। जटा मुकुट परिधन मुनिचीरं॥**
**पाणि चाप शर कटि तूणीरं। नौमि निरंतर श्रीरघुवीरं॥**

हे नीलकमलका मालाको समान श्याम शरीरवाला! हे जटाहरूका मुकुट र मुनिहरूका (वल्कल) वस्त्र लगाउनुभएका, हातमा धनुष-बाण लिएर तथा कम्मरमा तरकस बाँध्नुभएका श्रीराम! मैले हजुरलाई निरन्तर नमस्कार गर्दछु॥ २॥

**मोह विपिन घन दहन कृशानुः। संत सरोरुह कानन भानुः॥**
**निसिचर करि वरूथ मृगराजः। त्रातु सदा नो भव खग बाजः॥**

जुन मोहरूपी घना (बाक्लो) वनलाई भस्म गर्नको लागि अग्नि होइबक्सिन्छ, सन्तरूपी कमलको वनलाई प्रफुल्लित गर्नको लागि सूर्य होइबक्सिन्छ, राक्षसरूपी हात्तीहरूको समूहलाई पछार्नको लागि सिंह र भव (आवागमन) रूपी पन्छीलाई मार्नका लागि बाजरूप होइबक्सिन्छ, हजुर (प्रभु) ले नै मेरो सधैं रक्षा गरिबक्सियोस्॥ ३॥

**अरुण नयन राजीव सुवेशं। सीता नयन चकोर निशेशं॥**
**हर हृदि मानस बाल मरालं। नौमि राम उर बाहु विशालं॥**

हे रातो कमलका समान नेत्र र सुन्दर भेष भइबक्सिएका! सीताजीका नेत्ररूपी चकोरका चन्द्रमा, शिवजीका हृदयरूपी मानसरोवरका बालहंस, विशाल हृदय र भुजा हुनुभएका श्रीरामचन्द्र! मैले हजुरलाई नमस्कार गर्दछु॥ ४॥

**संशय सर्प ग्रसन उरगादः। शमन सुकर्कश तर्क विषादः॥**
**भव भंजन रंजन सुर यूथः। त्रातु सदा नो कृपा वरूथः॥**

जुन संशयरूपी सर्पलाई खानको लागि गरुड होइबक्सिन्छ, अत्यन्त कठोर तर्कले उत्पन्न हुनेवाला विषादलाई नाश गर्नेवाला होइबक्सिन्छ, आवागमनलाई मेटाउनेवाला र देवताको समूहलाई आनन्ददायक होइबक्सिन्छ, कृपाका समूह हजुर श्रीरामले मेरो सधैं रक्षा गरिबक्सियोस्॥ ५॥

**निर्गुण सगुण विषम सम रूपं। ज्ञान गिरा गोतीतमनूपं॥**
**अमलमखिलमनवद्यमपारं। नौमि राम भंजन महि भारं॥**

हे निर्गुण, सगुण, विषम र समरूप! हे ज्ञान, वाणी र इन्द्रियदेखि अतीत! हे अनुपम, निर्मल, सम्पूर्ण दोषरहित, अनन्त एवं पृथ्वीको भारलाई हरण गर्नेवाला श्रीरामचन्द्र! म हजुरलाई नमस्कार गर्दछु॥ ६॥

**भक्त कल्पपादप आरामः। तर्जन क्रोध लोभ मद कामः॥**
**अति नागर भव सागर सेतुः। त्रातु सदा दिनकर कुल केतुः॥**

जुन भक्तहरूको लागि कल्पवृक्षको बगैंचा होइबक्सिन्छ, क्रोध, लोभ, मद र कामलाई डराउन दिनेवाला होइबक्सिन्छ, अत्यन्त नै चतुर र संसाररूपी समुद्र तर्नको लागि सेतुरूप होइबक्सिन्छ, हजुर सूर्यकुलको ध्वजा (ठूलो र अग्लो झन्डा) श्रीरामले सधैं मेरो रक्षा गरिबक्सियोस्॥ ७॥

**अतुलित भुज प्रताप बल धामः। कलि मल विपुल विभंजन नामः॥**
**धर्म वर्म नर्मद गुण ग्रामः। संतत शं तनोतु मम रामः॥**

जसका भुजाहरूको प्रताप अतुलनीय छ, जुन बलका धाम होइबक्सिन्छ, जसको नाम कलियुगका धेरै ठूला पापहरूलाई नाश गर्नेवाला छ, जुन धर्मको कवच (रक्षक) छ र जसको गुणसमूह आनन्द दिनेवाला छ, हजुर श्रीरामले नै निरन्तर मेरो कल्याणको विस्तार गरिबक्सियोस्॥ ८॥

**जदपि बिरज ब्यापक अबिनासी। सब के हृदयँ निरंतर बासी॥**
**तदपि अनुज श्री सहित खरारी। बसतु मनसि मम कानन चारी॥**

(सुतीक्ष्णजी भन्दै हुनुहुन्छ) यद्यपि हजुर निर्मल, व्यापक, अविनाशी र सबैको हृदयमा निरन्तर निवास गर्नेवाला होइबक्सिन्छ; तथापि हे खरारि श्रीराम! लक्ष्मणजी र सीताजीसहित वनमा विचरण गर्नेवाला हजुर यही रूपमा मेरो हृदयमा निवास गरिबक्सियोस्॥ ९॥

**जे जानहिं ते जानहुँ स्वामी। सगुन अगुन उर अंतरजामी॥**
**जो कोसलपति राजिव नयना। करउ सो राम हृदय मम अयना॥**

हे स्वामी! हजुरलाई जसले सगुण, निर्गुण र अन्तर्यामी जान्दछन्, उनीहरूले नै जानून्, मेरो हृदयमा त कोसलपति कमलनयन श्रीरामले नै घर बनाइबक्सियोस्॥ १०॥

**अस अभिमान जाइ जनि भोरे। मैं सेवक रघुपति पति मोरे॥**
**सुनि मुनि बचन राम मन भाए। बहुरि हरषि मुनिबर उर लाए॥**

यस्तो अभिमान भुलेर पनि नछुटोस् (अलग नहोस्) कि म सेवक हुँ र श्रीरघुनाथ मेरा स्वामी होइबक्सिन्छ। मुनिका वचन सुनेर श्रीराम मनमा धेरै प्रसन्न हुनुभयो। त्यसपछि उहाँले हर्षित भएर श्रेष्ठ मुनिलाई हृदयमा लगाउनुभयो॥ ११॥

**परम प्रसन्न जानु मुनि मोही। जो बर मागहु देउँ सो तोही॥**
**मुनि कह मैं बर कबहुँ न जाचा। समुझि न परइ झूठ का साचा॥**

[र भन्नुभयो— ] हे मुनि! मलाई परम प्रसन्न जान! जे वरदान माग्दछौ, उही मैले तिमीलाई दिनेछु! मुनि सुतीक्ष्णले भने—मैले त वर कहिल्यै पनि मागेको छैन। मैले विचार गर्न नै सक्दिन कि के झूटो हो र के सत्य हो (के मागौं, के नमागौं)॥ १२॥

**तुम्हहि नीक लागै रघुराई। सो मोहि देहु दास सुखदाई॥**
**अबिरल भगति बिरति बिग्याना। होहु सकल गुन ग्यान निधाना॥**

[अतः] हे रघुनाथजी! हे दासहरूलाई सुख दिनेवाला! हजुरलाई जस्तो राम्रो लाग्दछ, मलाई त्यही दिइबक्सियोस्। [श्रीरामचन्द्रले भन्नुभयो—हे मुने!] तिमी प्रगाढ भक्ति, वैराग्य, विज्ञान र समस्त गुणहरू तथा ज्ञानका निधान होऊ॥ १३॥

**प्रभु जो दीन्ह सो बरु मैं पावा। अब सो देहु मोहि जो भावा॥**

[त्यसपछि मुनिले भने— ] प्रभुले जे वरदान दिइबक्सियो त्यो त मैले पाएँ। अब मलाई जे राम्रो लाग्दछ त्यही दिइबक्सियोस्— ॥ १४॥

दो०— **अनुज जानकी सहित प्रभु चाप बान धर राम।**
**मम हिय गगन इंदु इव बसहु सदा निहकाम॥ ११॥**

हे प्रभु! हे रामजी! भाइ लक्ष्मणजी र सीताजीसहित धनुष-बाणधारी हजुर निष्काम (स्थिर) भएर मेरो हृदयरूपी आकाशमा चन्द्रमाका भाँति सधैं निवास गरिबक्सियोस्॥ ११॥

**एवमस्तु करि रमानिवासा। हरषि चले कुंभज रिषि पासा॥**
**बहुत दिवस गुर दरसनु पाएँ। भए मोहि एहिं आश्रम आएँ॥**

‘एवमस्तु’ (तथास्तु) यस्तो उच्चारण गरेर लक्ष्मीनिवास श्रीरामचन्द्र हर्षित भएर अगस्त्य ऋषिकहाँ जानुभयो। [त्यसपछि सुतीक्ष्णले भने— ] गुरु अगस्त्यजीको दर्शन गरेर म यस आश्रममा आएको धेरै दिन भयो॥ १॥

**अब प्रभु संग जाउँ गुर पाहीं। तुम्ह कहँ नाथ निहोरा नाहीं॥**
**देखि कृपानिधि मुनि चतुराई। लिए संग बिहसे द्वौ भाई॥**

अब म पनि प्रभु (हजुर) का साथ गुरुजीसँग जान्छु। यसमा हे नाथ! हजुरप्रति मेरो कुनै उपकार छैन (होइन)। मुनिको चतुरता देखेर कृपाका भण्डार श्रीरामले उहाँलाई साथमा लिनुभयो र दुवै भाइ हाँस्न लाग्नुभयो॥ २॥

**पंथ कहत निज भगति अनूपा। मुनि आश्रम पहुँचे सुरभूपा॥**
**तुरत सुतीछन गुर पहिं गयऊ। करि दंडवत कहत अस भयऊ॥**

बाटोमा आफ्नो अनुपम भक्तिको वर्णन गर्दै, देवताका राजराजेश्वर श्रीराम अगस्त्य मुनिको आश्रममा पुग्नुभयो। सुतीक्ष्ण तुरुन्त गुरु अगस्त्यजीसँग गएर दण्डवत् गर्दै यस्तो भन्न लागे॥ ३॥

**नाथ कोसलाधीस कुमारा। आए मिलन जगत आधारा॥**
**राम अनुज समेत बैदेही। निसि दिनु देव जपत हहु जेही॥**

हे नाथ! अयोध्याका राजा दशरथजीका कुमार जगदाधार श्रीरामचन्द्र भाइ लक्ष्मणजी र सीताजीसहित हजुरसँग भेट हुन आइबक्सिएको छ, जसलाई हे देव! हजुरले रातदिन जप गरिरहनुहुन्छ॥ ४॥

**सुनत अगस्ति तुरत उठि धाए। हरि बिलोकि लोचन जल छाए॥**
**मुनि पद कमल परे द्वौ भाई। रिषि अति प्रीति लिए उर लाई॥**

यस्तो सुन्नासाथ अगस्त्यजी तुरुन्तै उठेर दौडनुभयो। भगवान्‌लाई देख्दा नै उहाँका नेत्रमा [आनन्द र प्रेमका आँसुहरूका] जल भरिए। दुवै भाइ मुनिका चरणकमलमा पल्टिनुभयो। ऋषिले [उठाएर] ठूलो प्रेमले उहाँहरूलाई हृदयमा लगाउनुभयो॥ ५॥

**सादर कुसल पूछि मुनि ग्यानी। आसन बर बैठारे आनी॥**
**पुनि करि बहु प्रकार प्रभु पूजा। मोहि सम भाग्यवंत नहिं दूजा॥**

ज्ञानी मुनिले आदरपूर्वक कुशल क्षेम सोधेर उहाँहरूलाई ल्याएर श्रेष्ठ आसनमा बसाल्नुभयो। फेरि धेरै प्रकारले प्रभुको पूजा गरेर भन्नुभयो—म समानको भाग्यवान् आज अर्को कोही छैन॥ ६॥

**जहँ लगि रहे अपर मुनि बृंदा। हरषे सब बिलोकि सुखकंदा॥**

त्यहाँ जति पनि अन्य मुनिगण थिए, सबै आनन्दकन्द श्रीरामको दर्शन गरेर हर्षित भए॥ ७॥

दो०— **मुनि समूह महँ बैठे सन्मुख सब की ओर।**
**सरद इंदु तन चितवत मानहुँ निकर चकोर॥ १२॥**

मुनिहरूका समूहमा श्रीरामचन्द्र सबैतर्फ सम्मुख भएर बस्नुभयो (अर्थात् प्रत्येक मुनिले श्रीराम आफ्नो नै अगाडि मुख गरेर बसेको देखे र सबै मुनि ट्वाल-ट्वाल्ती उहाँको अनुहारलाई हेरिरहेका छन्)। यस्तो अनुभव हुन्छ मानौं चकोरहरूका समुदायले शरद्पूर्णिमाको चन्द्रमाको तर्फ हेरिरहेका छन्॥ १२॥

**तब रघुबीर कहा मुनि पाहीं। तुम्ह सन प्रभु दुराव कछु नाहीं॥**
**तुम्ह जानहु जेहि कारन आयउँ। ताते तात न कहि समुझायउँ॥**

अनि श्रीरामले मुनिसँग भन्नुभयो— हे प्रभु! हजुरले नजानेको त केही पनि बाँकी छैन। म जे कारणले आएको छु त्यो हजुरले जान्नु नै भएको छ। यसैले हे मुनि! मैले हजुरलाई सम्झाएर केही भनिनँ॥ १॥

**अब सो मंत्र देहु प्रभु मोही। जेहि प्रकार मारौं मुनिद्रोही॥**
**मुनि मुसुकाने सुनि प्रभु बानी। पूछेहु नाथ मोहि का जानी॥**

हे प्रभु! अब हजुरले मलाई उही सल्लाह दिनुहोस्, जुन प्रकारले मैले मुनिहरूका शत्रुलाई मारौं। प्रभुका वाणी सुनेर मुनि मुस्कुराउनुभयो र भन्नुभयो— हे नाथ! हजुरले के सम्झेर मसँग यस्तो प्रश्न गरिबक्सिएको छ?॥ २॥

**तुम्हरेइँ भजन प्रभाव अघारी। जानउँ महिमा कछुक तुम्हारी॥**
**ऊमरि तरु बिसाल तव माया। फल ब्रह्मांड अनेक निकाया॥**

हे पापहरूलाई नाश गर्नेवाला! मैले त हजुरकै भजनको प्रभावले हजुरको केही थोरै नै महिमा जान्दछु। हजुरको माया डुम्रीको विशाल वृक्षको समान छ, अनेकौं ब्रह्माण्डका समूह नै जसका फल हुन्॥ ३॥

**जीव चराचर जंतु समाना। भीतर बसहिं न जानहिं आना॥**
**ते फल भच्छक कठिन कराला। तव भयँ डरत सदा सोउ काला॥**

चर र अचर जीव [डुम्रीको फलभित्र रहनेवाला साना-साना] जन्तु (भुसुना) हरू समान उनै [ब्रह्माण्डरूपी फलहरू] का भित्र बस्दछन् र उनले [आफ्नो त्यस सानो जगत् बाहेक] अर्को केही जान्दैनन्। तिनै फललाई भक्षण गर्नेवाला कठिन र भयङ्कर काल छ। त्यही काल पनि सधैं हजुरसँग भयभीत रहन्छ॥ ४॥

**ते तुम्ह सकल लोकपति साईं। पूँछेहु मोहि मनुज की नाईं॥**
**यह बर मागउँ कृपानिकेता। बसहु हृदयँ श्री अनुज समेता॥**

उनै आफ्ना समस्त लोकपालहरूका स्वामी भएर पनि मसँग मनुष्यले झैं प्रश्न गरिबक्सिएको छ। हे कृपाका धाम! मैले त यो वरदान माग्दछु कि हजुर सीताजी र भाइ लक्ष्मणजीसहित मेरो हृदयमा [सधैं] निवास गरिबक्सियोस्॥ ५॥

**अबिरल भगति बिरति सतसंगा। चरन सरोरुह प्रीति अभंगा॥**
**जद्यपि ब्रह्म अखंड अनंता। अनुभव गम्य भजहिं जेहि संता॥**

मलाई प्रगाढ भक्ति, वैराग्य, सत्सङ्ग र हजुरका चरणकमलमा अटुट प्रेम प्राप्त होस्। यद्यपि हजुर अखण्ड र अनन्त ब्रह्म होइबक्सिन्छ, जुन अनुभवले नै जान्न सकिन्छ र जसको सन्तहरू भजन गर्दछन्;॥ ६॥

**अस तव रूप बखानउँ जानउँ। फिरि फिरि सगुन ब्रह्म रति मानउँ॥**
**संतत दासन्ह देहु बड़ाई। तातें मोहि पूँछेहु रघुराई॥**

यद्यपि मैले हजुरको यस्तो रूपलाई जान्दछु र त्यसलाई वर्णन पनि गर्दछु, तर पनि फर्कीफर्की म सगुण ब्रह्ममा (हजुरको यस सुन्दर स्वरूपमा) नै प्रेम मग्न छु। हजुरले सेवकहरूलाई सधैं नै बधाई (धन्यवाद) दिइबक्सिन्छ, यसैले हे रघुनाथजी! हजुरले मसँग सोधिबक्सिएको छ॥ ७॥

**है प्रभु परम मनोहर ठाऊँ। पावन पंचबटी तेहि नाऊँ॥**
**दंडक बन पुनीत प्रभु करहू। उग्र साप मुनिबर कर हरहू॥**

हे प्रभु! एक परम मनोहर र पवित्र स्थान छ; त्यसको नाम पञ्चवटी हो। हे प्रभु! हजुरले दण्डकवनलाई [जहाँ पञ्चवटी छ] पवित्र गरिबक्सियोस् र श्रेष्ठ मुनि गौतमजीको कठोर श्रापलाई हरण गरिबक्सियोस्॥ ८॥

**बास करहु तहँ रघुकुल राया। कीजे सकल मुनिन्ह पर दाया॥**
**चले राम मुनि आयसु पाई। तुरतहिं पंचबटी निअराई॥**

हे रघुकुलका स्वामी! हजुरले सबै मुनिहरूलाई दया गरेर त्यहीं निवास गरिबक्सियोस्। मुनिको आज्ञा पाएर श्रीरामचन्द्र त्यहाँबाट हिंड्नुभयो र शीघ्र नै पञ्चवटी नजिक पुग्नुभयो॥ ९॥

## * पञ्चवटी-निवास र श्रीराम-लक्ष्मण-संवाद *

**दो०— गीधराज सैं भेंट भइ बहु बिधि प्रीति बढ़ाइ।**
**गोदावरी निकट प्रभु रहे परन गृह छाइ॥ १३॥**

वहाँ गृध्रराज जटायुसँग भेट हुनुभयो। उसका साथ धेरै प्रकारले प्रेम बढाएर प्रभु श्रीरामचन्द्र गोदावरीसमीप पर्णकुटी छाएर बस्न लाग्नुभयो॥ १३॥

**जब ते राम कीन्ह तहँ बासा। सुखी भए मुनि बीती त्रासा॥**
**गिरि बन नदीं ताल छबि छाए। दिन दिन प्रति अति होहिं सुहाए॥**

जहिलेदेखि श्रीरामले त्यहाँ निवास गर्नुभयो, त्यहिलेदेखि मुनि सुखी भए, उनीहरूको डर हरायो। पर्वत, वन, नदी र तलाउ शोभाले भरिए। तिनीहरू दिन-दिनै अधिक सुन्दर हुन लागे॥ १॥

**खग मृग बृंद अनंदित रहहीं। मधुप मधुर गुंजत छबि लहहीं॥**
**सो बन बरनि न सक अहिराजा। जहाँ प्रगट रघुबीर बिराजा॥**

पक्षी र पशुहरूका समूह आनन्दित भइरहेका छन् भमराले मधुर आवाज (भुइँभुइँ) गर्दै शोभा पाइरहेका छन्। जहाँ प्रत्यक्ष श्रीराम विराजमान हुनुहुन्छ, त्यस वनको वर्णन सर्पराज शेषजीले पनि गर्न सक्नुहुन्न॥ २॥

**एक बार प्रभु सुख आसीना। लछिमन बचन कहे छलहीना॥**
**सुर नर मुनि सचराचर साईं। मैं पूछउँ निज प्रभु की नाईं॥**

एक चोटि प्रभु श्रीराम सुखपूर्वक बस्नुभएको थियो। त्यस समय लक्ष्मणजीले उहाँसँग छलरहित (सरल) वचन भन्नुभयो—हे देवता, मनुष्य र चराचरका स्वामी! मैले आफ्नो प्रभुको तरह (आफ्ना स्वामी सम्झेर) हजुरसँग सोध्दछु॥ ३॥

**मोहि समुझाइ कहहु सोइ देवा। सब तजि करौं चरन रज सेवा॥**
**कहहु ग्यान बिराग अरु माया। कहहु सो भगति करहु जेहिं दाया॥**

हे देव! मलाई सम्झाएर उही कुरा भनिबक्सियोस्, जसले सबै छोडेर मैले हजुरको चरणरजको नै सेवा गर्न सकौं। ज्ञान, वैराग्य र मायाको वर्णन गरिबक्सियोस् र त्यस भक्तिलाई भनिबक्सियोस् जसको कारण हजुरले दया गरिबक्सिन्छ॥ ४॥

दो०— **ईस्वर जीव भेद प्रभु सकल कहौ समुझाइ।**
**जातें होइ चरन रति सोक मोह भ्रम जाइ॥ १४॥**

हे प्रभु! ईश्वर र जीवको भेद पनि सबै सम्झाएर भनिबक्सियोस्, जसले हजुरका चरणमा मेरो प्रीति होस् र शोक, मोह तथा भ्रम नष्ट होऊन्॥ १४॥

**थोरेहि महँ सब कहउँ बुझाई। सुनहु तात मति मन चित लाई॥**
**मैं अरु मोर तोर तैं माया। जेहिं बस कीन्हे जीव निकाया॥**

[श्रीरामले भन्नुभयो— ] हे लक्ष्मण! मैले थोरैमा नै सम्झाएर भन्दछु। तिमीले मन, चित्त र बुद्धि लगाएर सुन। म र मेरो, तँ र तेरो— यही माया हो, जसले समस्त जीवहरूलाई वशमा पारेर राखेको छ॥ १॥

**गो गोचर जहँ लगि मन जाई। सो सब माया जानेहु भाई॥**
**तेहि कर भेद सुनहु तुम्ह सोऊ। बिद्या अपर अबिद्या दोऊ॥**

इन्द्रियहरूको विषयहरूमा जहाँसम्म मन जान्छ, हे भाइ! ती सबैलाई माया जान्नू। त्यसलाई पनि— एक विद्या र अर्को अविद्या जान्नू, यी दुवै भेदहरूलाई तिमी सुन— ॥ २॥

**एक दुष्ट अतिसय दुखरूपा। जा बस जीव परा भवकूपा॥**
**एक रचइ जग गुन बस जाकें। प्रभु प्रेरित नहिं निज बल ताकें॥**

एक (अविद्या) दुष्ट (दोषयुक्त) छ र अत्यन्त दुःखरूप छ जसको वशमा भएर जीव संसाररूपी कुवामा परेका छन् र एक (विद्या) जसको वशमा गुण छ र जसले जगत्‌लाई रचना गर्दछ, त्यो प्रभुबाट नै प्रेरित हुन्छ, त्यसको आफ्नो बल केही पनि छैन॥ ३॥

**ग्यान मान जहँ एकउ नाहीं। देख ब्रह्म समान सब माहीं॥**
**कहिअ तात सो परम बिरागी। तृन सम सिद्धि तीनि गुन त्यागी॥**

ज्ञान त्यो हो जहाँ (जसमा) मान आदि एउटा पनि [दोष] छैन र जुन सबैमा समान रूपले ब्रह्मरूप देख्दछ। हे तात! त्यसैलाई परम वैराग्यवान् भन्नुपर्छ र सबै गुणहरू र सिद्धिहरूलाई तृण समान त्यागिसकेको होस्*॥ ४॥

---

* जसमा मान, दम्भ, हिंसा, क्षमाराहित्य, टेढ़ोपन, आचार्यसेवाको अभाव, अपवित्रता, अस्थिरता, मन निगृहीत नहुनु, इन्द्रियहरूको विषयमा आसक्ति, अहङ्कार, जन्म-मृत्यु-जरा-व्याधिमय जगत्‌मा सुखबुद्धि, स्त्री, पुत्र-घर आदिमा आसक्ति तथा ममता, इष्ट र अनिष्ट प्राप्तिमा हर्ष-शोक, भक्तिको अभाव, एकान्तमा मन नलगाउनु, विषयी मनुष्यको सङ्गतमा प्रेम हुनु— यी अठारमा ध्यान नजाओस् र नित्य अध्यात्म (आत्मा) मा स्थित तथा तत्त्वज्ञानको अर्थ परमात्माको नित्य दर्शन होस्, त्यही ज्ञान हो। (हेर्नुहोस् गीता १३। ७ देखि ११ सम्म) [रामचरितमानसबाट नै लिइएको]

**दो०— माया ईस न आपु कहुँ जान कहिअ सो जीव।**
**बंध मोच्छ प्रद सर्बपर माया प्रेरक सीव॥ १५॥**

जसले मायाको ईश्वरलाई र आफ्नो स्वरूपलाई जान्दैनन्, तिनलाई जीव भन्नुपर्छ। जो [कर्मानुसार] बन्धन र मोक्ष दिनेवाला छ, सबैदेखि टाढा (पर) र मायाको प्रेरक छ त्यही ईश्वर हो॥ १५॥

**धर्म तें बिरति जोग तें ग्याना। ग्यान मोच्छप्रद बेद बखाना॥**
**जातें बेगि द्रवउँ मैं भाई। सो मम भगति भगत सुखदाई॥**

धर्म (को आचरण) बाट वैराग्य र योगबाट ज्ञान हुन्छ तथा ज्ञान मोक्षलाई दिनेवाला छ—यस्तो वेदहरूले वर्णन गरेका छन् र हे भाइ! जसबाट म शीघ्र नै प्रसन्न हुन्छु, त्यो मेरो भक्ति हो जुन भक्तहरूलाई सुख दिनेवाला छ॥ १॥

**सो सुतंत्र अवलंब न आना। तेहि आधीन ग्यान बिग्याना॥**
**भगति तात अनुपम सुखमूला। मिलइ जो संत होइँ अनुकूला॥**

त्यो भक्ति स्वतन्त्र छ, जसलाई (ज्ञान-विज्ञान आदि कुनै) अर्को साधनको सहारा (अपेक्षा) छैन। ज्ञान र विज्ञान त त्यसका अधीनमा छन्। हे तात! भक्ति अनुपम एवं सुखको मूल हो; त्यो त्यस समयमा मिल्दछ जब सन्त अनुकूल (प्रसन्न) हुन्छन्॥ २॥

**भगति कि साधन कहउँ बखानी। सुगम पंथ मोहि पावहिं प्रानी॥**
**प्रथमहिं बिप्र चरन अति प्रीती। निज निज कर्म निरत श्रुति रीती॥**

अब मैले भक्तिको साधन विस्तारले भन्दछु—यो सुगम मार्ग हो, जसबाट जीवले मलाई सजिलै नै पाउँदछन्। पहिला त ब्राह्मणहरूको चरणमा अत्यन्त प्रीति होस् र वेदको रीतिअनुसार आ-आफ्नो [वर्णाश्रमको] कर्ममा लागि रहूँन्॥ ३॥

**एहि कर फल पुनि बिषय बिरागा। तब मम धर्म उपज अनुरागा॥**
**श्रवनादिक नव भक्ति दृढ़ाहीं। मम लीला रति अति मन माहीं॥**

यसको फल, फेरि विषयसँग वैराग्य हुनेछ। त्यसपछि (वैराग्य भएपछि) मेरो धर्म (भागवत-धर्म) मा प्रेम उत्पन्न हुनेछ। अनि श्रवण आदि नौ प्रकारका भक्तिहरू दृढ हुनेछन् र मनमा मेरा लीलाहरू प्रति अत्यन्त प्रेम हुनेछ॥ ४॥

**संत चरन पंकज अति प्रेमा। मन क्रम बचन भजन दृढ़ नेमा॥**
**गुरु पितु मातु बंधु पति देवा। सब मोहि कहँ जानै दृढ़ सेवा॥**

जसको सन्तहरूको चरणमा अत्यन्त प्रेम होस्; मन, वचन र कर्मले भजनको दृढ नियम होस् र जसले मलाई नै गुरु, पिता, माता, भाइ, पति र देवता सबै जना जानून् र सेवामा दृढ होऊन्॥ ५॥

**मम गुन गावत पुलक सरीरा। गदगद गिरा नयन बह नीरा॥**
**काम आदि मद दंभ न जाकें। तात निरंतर बस मैं ताकें॥**

मेरा गुण गाउने समयमा जसको शरीर रोमाञ्चित हुनेछ, वाणी गद्गद होस् र नेत्रबाट [प्रेमाश्रुका] जल बग्न लागून् र काम, मद र दम्भ आदि जसमा नहोस्, हे भाइ! म सधैं उसको वशमा रहन्छु॥ ६॥

**दो०— बचन कर्म मन मोरि गति भजनु करहिं निःकाम।**
**तिन्ह के हृदय कमल महुँ करउँ सदा बिश्राम॥ १६॥**

जसको कर्म, वचन र मनले मेरो नै गति छ र जसले निष्काम भावले मेरो भजन गर्दछ, उसको हृदय-कमलमा म सधैं विश्राम गर्ने गर्दछु॥ १६॥

**भगति जोग सुनि अति सुख पावा। लछिमन प्रभु चरनन्हि सिरु नावा॥**
**एहि बिधि गए कछुक दिन बीती। कहत बिराग ग्यान गुन नीती॥**

यस्तो भक्ति-योगलाई सुनेर लक्ष्मणजीले अत्यन्त सुख पाउनुभयो र उहाँले प्रभु श्रीरामचन्द्रका चरणमा शिर निहुराउनुभयो। यस्ता प्रकारले ज्ञान, वैराग्य, गुण र नीति भन्दा-भन्दै केही दिन बिते॥ १॥

## * शूर्पणखाको कथा, शूर्पणखा-खर-दूषणसँग जानु र खर-दूषणादिको वध *

**सूपनखा रावन कै बहिनी। दुष्ट हृदय दारुन जस अहिनी॥**
**पंचबटी सो गइ एक बारा। देखि बिकल भइ जुगल कुमारा॥**

शूर्पणखा नामकी रावणकी एउटी बहिनी थिई, जो नागिनीका समान भयानक र दुष्ट हृदयकी थिई। ऊ एक पटक पञ्चवटीमा गई र दुवै राजकुमारहरूलाई देखेर विकल (कामले पीडित) भई॥ २॥

**भ्राता पिता पुत्र उरगारी। पुरुष मनोहर निरखत नारी॥**
**होइ बिकल सक मनहि न रोकी। जिमि रबिमनि द्रव रबिहि बिलोकी॥**

[काकभुशुण्डिजी भन्नुहुन्छ— ] हे गरुडजी! (शूर्पणखाजस्ती राक्षसी, धर्मज्ञानशून्य कामान्ध) स्त्री मनोहर पुरुषलाई देखेर, चाहे ऊ भाइ, पिता, पुत्र नै किन नहोस्, विकल हुन्छन् र मनलाई रोक्न सक्तैनन्। जस्तै सूर्यकान्तमणि सूर्यलाई देखेर द्रवित हुन्छ (ज्वालाबाट पग्लिन्छ)॥ ३॥

**रुचिर रूप धरि प्रभु पहिं जाई। बोली बचन बहुत मुसुकाई॥**
**तुम्ह सम पुरुष न मो सम नारी। यह सँजोग बिधि रचा बिचारी॥**

त्यसले सुन्दर रूप गरेर प्रभुसँग गएर र धेरै मुस्कुराएर वचन बोली—न त तिमीसमान कुनै लोग्ने मानिस छन्, न म समानकी आइमाई मानिस। विधाताले यस्तो संयोग (जोडा) धेरै नै विचार गरेर रचेको छ॥ ४॥

**मम अनुरूप पुरुष जग माहीं। देखेउँ खोजि लोक तिहु नाहीं॥**
**तातें अब लगि रहिउँ कुमारी। मनु माना कछु तुम्हहि निहारी॥**

मेरो योग्य पुरुष (वर) जगत्भरमा छैनन्, मैले तीनै लोकमा खोजिसकें। यसैले म आजसम्म कुमारी भएँ। अब तिमीलाई देखेर केही मन मानेको छ (चित्त शान्त भएको छ)॥ ५॥

**सीतहि चितइ कही प्रभु बाता। अहइ कुआर मोर लघु भ्राता॥**
**गइ लछिमन रिपु भगिनी जानी। प्रभु बिलोकि बोले मृदु बानी॥**

सीताजीतर्फ हेरेर प्रभु श्रीरामचन्द्रले यस्तो कुरा भन्नुभयो कि मेरा भाइ कुमार छन्। अनि ऊ लक्ष्मणजीसँग गई। लक्ष्मणजीले उसलाई शत्रुकी बहिनी सम्झेर र प्रभुतर्फ हेरेर कोमल वाणीले भन्नुभयो— ॥ ६॥

**सुंदरि सुनु मैं उन्ह कर दासा। पराधीन नहिं तोर सुपासा॥**
**प्रभु समर्थ कोसलपुर राजा। जो कछु करहिं उनहि सब छाजा॥**

हे सुन्दरी! सुन, म त उहाँको दास हुँ। म पराधीन छु, अतः तिमीलाई सुख हुनेछैन। प्रभु समर्थ होइबक्सिन्छ, कोसलपुरका राजा होइबक्सिन्छ, उहाँले जे जस्तो गरे पनि उहाँलाई सुहाउँदछ॥ ७॥

**सेवक सुख चह मान भिखारी। ब्यसनी धन सुभ गति बिभिचारी॥**
**लोभी जसु चह चार गुमानी। नभ दुहि दूध चहत ए प्रानी॥**

सेवकले सुख खोजेर, भिखारीले सम्मान खोजेर, व्यसनी (जसलाई जुवा, रक्सी आदिको व्यसन) ले धन र व्यभिचारीले शुभ गति खोजेर, लोभीले यश खोजेर र अभिमानीले चारै फल धर्म, अर्थ, काम, मोक्ष खोजेर, यी सबै प्राणीले आकाशलाई दुहेर दूध लिन चाहन्छन् (अर्थात् असम्भव कुरालाई सम्भव गर्न चाहन्छन्)॥ ८॥

**पुनि फिरि राम निकट सो आई। प्रभु लछिमन पहिं बहुरि पठाई॥**
**लछिमन कहा तोहि सो बरई। जो तृन तोरि लाज परिहरई॥**

ऊ फर्केर फेरि श्रीरामसँग आई। प्रभुले उसलाई फेरि लक्ष्मणजीसँग पठाउनुभयो। लक्ष्मणजीले भन्नुभयो—तँलाई उसले नै वरण गर्नेछ जसले लज्जाको तृण तोडेर (अर्थात् प्रतिज्ञा गरेर) त्याग गर्नेछ (अर्थात् जुन अति निर्लज्ज छ)॥ ९॥

**तब खिसिआनि राम पहिं गई। रूप भयंकर प्रगटत भई॥**
**सीतहि सभय देखि रघुराई। कहा अनुज सन सयन बुझाई॥**

अनि ऊ क्रुद्ध भएर श्रीरामसँग गई र उसले आफ्नो भयङ्कर रूप प्रकट गरी। सीताजीलाई भयभीत देखेर श्रीरघुनाथले लक्ष्मणजीलाई इशारा दिएर भन्नुभयो॥ १०॥

दो०— **लछिमन अति लाघवँ सो नाक कान बिनु कीन्हि।**
**ताके कर रावन कहँ मनौ चुनौती दीन्हि॥ १७॥**

लक्ष्मणजीले ठूलो फुर्तीले उसलाई नाक-कानविनाको बनाउनुभयो। मानौं उसको साथै रावणलाई चुनौती दिनुभएको छ!॥ १७॥

**नाक कान बिनु भइ बिकरारा। जनु स्त्रव सैल गेरु कै धारा॥**
**खर दूषन पहिं गइ बिलपाता। धिग धिग तव पौरुष बल भ्राता॥**

नाक-कानविना ऊ विकराल भई। [उसको शरीरबाट रगत यस प्रकार बग्न लाग्यो] मानौं [कालो] पर्वतबाट गेरुको धारा बगिरहेको छ। ऊ विलाप गर्दै खर-दूषणसँग गई। [र बोली— ] हे भाइ! तिम्रो पुरुषार्थ (वीरता) लाई धिक्कार छ, तिम्रो बललाई धिक्कार छ॥ १॥

**तेहिं पूछा सब कहेसि बुझाई। जातुधान सुनि सेन बनाई॥**
**धाए निसिचर निकर बरूथा। जनु सपच्छ कज्जल गिरि जूथा॥**

उनीहरूले सोधे, त्यसपछि शूर्पणखाले सबै समाचार भनी। सबै कुरा सुनेर राक्षसहरूले सेना तयार गरे। राक्षस समूहका हूल दौडे। मानौं प्वाँख भएका गाजलका पहाडका समूहहरू हुन्॥ २॥

**नाना बाहन नानाकारा। नानायुध धर घोर अपारा॥**
**सूपनखा आगें करि लीनी। असुभ रूप श्रुति नासा हीनी॥**

उनीहरू अनेकौं प्रकारका सवारीहरूमा चढे तथा अनेकौं आकार (रूप) का छन्। उनीहरू अपार छन् र अनेकौं प्रकारका अनगिन्ती भयानक हतियार धारण गरेका छन्। उनीहरूले नाक-कान काटिएकी अमङ्गलरूपिणी शूर्पणखालाई अगाडि लगाए॥ ३॥

**असगुन अमित होहिं भयकारी। गनहिं न मृत्यु बिबस सब झारी॥**
**गर्जहिं तर्जहिं गगन उड़ाहीं। देखि कटकु भट अति हरषाहीं॥**

अगणित भयङ्कर खराब लक्षण भइरहेका छन्, परन्तु मृत्युको वशमा भएका कारण उनी सबैले तिनलाई (खराब लक्षणलाई) वास्तै गर्दैनन्। गर्जदै, गाली गर्दै र आकाशमा उड्दै गरेका छन्। सेना देखेर योद्धाहरू धैरै नै हर्षित भएका छन्॥ ४॥

**कोउ कह जिअत धरहु द्वौ भाई। धरि मारहु तिय लेहु छड़ाई॥**
**धूरि पूरि नभ मंडल रहा। राम बोलाइ अनुज सन कहा॥**

कुनैले भन्छन् दुवै भाइहरूलाई जीवितै समात, समातेर मार र स्त्रीलाई अपहरण गर। आकाश-मण्डल धूलोले भरियो। त्यसपछि श्रीरामले लक्ष्मणजीलाई बोलाएर उहाँलाई भन्नुभयो— ॥ ५॥

**लै जानकिहि जाहु गिरि कंदर। आवा निसिचर कटकु भयंकर॥**
**रहेहु सजग सुनि प्रभु कै बानी। चले सहित श्री सर धनु पानी॥**

राक्षसहरूका भयानक सेना आएका छन्। जानकीलाई लिएर तिमी पर्वत (पहाड) को गुफामा गइहाल। सावधान रहनू। प्रभु श्रीरामचन्द्रका वचन सुनेर लक्ष्मणजी हातमा धनुष-बाण लिएर श्रीसीताजीसहित जानुभयो॥ ६॥

**देखि राम रिपुदल चलि आवा। बिहसि कठिन कोदंड चढ़ावा॥**

शत्रुहरूका सेना [समीप] आइसकेका छन्, यस्तो देखेर श्रीरामले हाँसेर कठिन धनुषलाई उठाउनुभयो॥ ७॥

छं०— **कोदंड कठिन चढ़ाइ सिर जट जूट बाँधत सोह क्यों।**
**मरकत सयल पर लरत दामिनि कोटि सों जुग भुजग ज्यों॥**

**कटि कसि निषंग बिसाल भुज गहि चाप बिसिख सुधारि कै।**
**चितवत मनहुँ मृगराज प्रभु गजराज घटा निहारि कै॥**

कठिन [अर्कोले उठाउन नसक्ने] धनुष उठाएर शिरमा जटाको जुडो बाँध्दै प्रभु कसरी विराजमान हुनुभएको छ, जसरी मरकतमणि (पन्ना) को पहाडमा करोडौं बिजुलीसँग दुई सर्प लडिरहेका छन्। कम्मरमा तरकस बाँधेर, विशाल भुजाहरूमा धनुष लिएर र बाण सुधारेर प्रभु श्रीरामचन्द्रले राक्षसहरूतर्फ यसरी हेरिरहनुभएको छ, जसरी मत्त हात्तीहरूका समूहलाई [आउँदै गरेको] देखेर सिंहले [त्यसतर्फ] ताकिरहेको हुन्छ।

**सो०— आइ गए बगमेल धरहु धरहु धावत सुभट।**
**जथा बिलोकि अकेल बाल रबिहि घेरत दनुज॥ १८॥**

'समात्-समात्' पुकार गर्दै राक्षस योद्धा बगैंचा छोडेर (अति नै छिटो) दौडँदै आए [र उनीहरूले श्रीरामलाई चारैतर्फबाट घेरे], जसरी बालसूर्य (उदय-कालीन) लाई एक्लै देखेर मन्देह नामको दैत्यले घेर्दछ॥ १८॥

**प्रभु बिलोकि सर सकहिं न डारी। थकित भई रजनीचर धारी॥**
**सचिव बोलि बोले खर दूषन। यह कोउ नृपबालक नर भूषन॥**

[सौन्दर्य-माधुर्यनिधि] प्रभु श्रीरामलाई देखेर राक्षसहरूका सेना स्तम्भित भए। उनीहरूले उहाँलाई बाण छोड्न सकेनन्। मन्त्रीलाई बोलाएर खर-दूषणले भन्यो—यो राजकुमार कुनै मनुष्यको भूषण हो॥ १॥

**नाग असुर सुर नर मुनि जेते। देखे जिते हते हम केते॥**
**हम भरि जन्म सुनहु सब भाई। देखी नहिं असि सुंदरताई॥**

जति पनि नाग, असुर, देवता, मनुष्य र मुनि छन्, उनीहरूमध्ये हामीले जान्न सकेका छैनौं कति देख्यौं, जित्यौं र मार्‍यौं। तर पनि हे भाइहरू हो! सुन, हामीले जगत्भरमा यस्तो सुन्दरता कहीं पनि देखेका छैनौं॥ २॥

**जद्यपि भगिनी कीन्हि कुरूपा। बध लायक नहिं पुरुष अनूपा॥**
**देहु तुरत निज नारि दुराई। जीअत भवन जाहु द्वौ भाई॥**

यद्यपि यिनले हाम्री बहिनीलाई कुरूप बनाए तथापि यी अनुपम पुरुष वध गर्न योग्य छैनन्। 'लुकाएर राखेकी आफ्नी स्त्रीलाई हामीलाई तुरुन्तै देऊ र दुवै भाइ जीवित नै घरमा फर्केर जाऊ'॥ ३॥

**मोर कहा तुम्ह ताहि सुनावहु। तासु बचन सुनि आतुर आवहु॥**
**दूतन्ह कहा राम सन जाई। सुनत राम बोले मुसुकाई॥**

मेरो यो भनाइ तिमीहरूले उसलाई सुनाऊ र उसको वचन (उत्तर) सुनेर शीघ्र नै आओ। दूतहरूले गएर यो सन्देश श्रीरामचन्द्रलाई सुनाए। उसलाई सुन्दा नै श्रीरामचन्द्र मुस्कुराएर बोल्नुभयो— ॥ ४॥

**हम छत्री मृगया बन करहीं। तुम्ह से खल मृग खोजत फिरहीं॥**
**रिपु बलवंत देखि नहिं डरहीं। एक बार कालहु सन लरहीं॥**

हामी क्षत्री हौं, वनमा सिकार खेल्दछौं र तिमीहरू समानका दुष्ट पशुहरू त खोज्दै हिँड्दछौं। हामी बलवान् शत्रुलाई देखेर डराउँदैनौं। [लड्न आए भने] एक पटक त हामी कालसँग पनि लड्न सक्छौं॥ ५॥

**जद्यपि मनुज दनुज कुल घालक। मुनि पालक खल सालक बालक॥**
**जौं न होइ बल घर फिरि जाहू। समर बिमुख मैं हतउँ न काहू॥**

यद्यपि हामी मनुष्य हौं, परन्तु दैत्य कुललाई नाश गर्नेवाला र मुनिहरूलाई रक्षा गर्नेवाला हौं, हामी बालक छौं, परन्तु हौं दुष्टहरूलाई दण्ड दिनेवाला। यदि बल नभए घरमा फर्केर जाओ। सङ्ग्राममा पीठ देखाउनेलाई कसैलाई मैले मार्दिन॥ ६॥

**रन चढ़ि करिअ कपट चतुराई। रिपु पर कृपा परम कदराई॥**
**दूतन्ह जाइ तुरत सब कहेऊ। सुनि खर दूषन उर अति दहेऊ॥**

रणमा युद्ध गर्न आएपछि कपट–चतुर्‍याइँ गर्नु र शत्रुप्रति कृपा गर्नु (दया देखाउनु) त ठूलो कायरता हो। दूतहरूले फर्केर तुरुन्तै सबै कुरा बताए, जसलाई सुनेर खर–दूषणको हृदय अत्यन्त जल्यो॥ ७॥

छं०— **उर दहेउ कहेउ कि धरहु धाए बिकट भट रजनीचरा।**
**सर चाप तोमर सक्ति सूल कृपान परिघ परसु धरा॥**
**प्रभु कीन्हि धनुष टकोर प्रथम कठोर घोर भयावहा।**
**भए बधिर ब्याकुल जातुधान न ग्यान तेहि अवसर रहा॥**

[खर–दूषणको] हृदय जल्यो। त्यसपछि उसले भन्यो— समात (कैदी बनाओ)। [यस्तो सुनेर] भयानक राक्षस योद्धा बाण धनुष, तोमर (भालाजस्तो एक प्रकारको अस्त्र। यसमा काठको लौरोमा अगाडितर्फ फलामको ठूलो फल अर्थात् चुच्चो बनाइएको हुन्छ, शक्ति (प्रभुशक्ति, उत्साहशक्ति, मन्त्रशक्ति अथवा यहाँ एक प्रकारको प्राचीनकालको अस्त्र हो। यो एक प्रकारको भाला नै हो जुन भालाभन्दा छोटो तर त्यस्तै आकारको हुन्छ र फ्याँकेर चलाइन्छ), शूल (भाला), कृपाण (चन्द्रहास, निस्त्रिंश, रिष्टि, कौक्षेयक, मण्डलाग्र, करवाल कृपाण या कटार तरवारहरू), परिघ (परिघातिन। १/२ हात लामो फलामले बाँधेको लौरो) र फर्सा (परशु=एक अस्त्र जसमा एक मोटो लौरोको शिरमा अर्द्धचन्द्राकार फलामको फल लगाइएको हुन्छ=एक प्रकारको बन्चरो) धारण गरेर दौडिहाले। प्रभु श्रीरामले पहिला धनुषलाई धेरै कठोर, घोर र भयानक टङ्कार (धनुषलाई कसिएको ताँदो अथवा डोरी तानेर छोडेको शब्द) गर्नुभयो, जसलाई सुनेर राक्षस बहिरा र व्याकुल भए। त्यस समयमा तिनीहरूको कत्ति पनि होस रहेन।

दो०— **सावधान होइ धाए जानि सबल आराति।**
**लागे बरषन राम पर अस्त्र सस्त्र बहुभाँति॥ १९ (क)॥**

फेरि तिनीहरूले शत्रुलाई बलवान् जानेर सावधान भई दौडेर श्रीरामचन्द्रमाथि धेरै प्रकारका अस्त्र-शस्त्र बर्साउन लागे॥ १९ (क)॥

**तिन्ह के आयुध तिल सम करि काटे रघुबीर।**
**तानि सरासन श्रवन लगि पुनि छाँड़े निज तीर॥ १९ ( ख )॥**

श्रीरघुवीरले उनका हतियारहरूलाई तिलको समान (टुक्रा-टुक्रा) गरेर काट्नुभयो। अनि धनुषलाई कानसम्म तानेर आफ्ना तीर छोड्नुभयो॥ १९ (ख)॥

छं०— **तब चले बान कराल। फुंकरत जनु बहु ब्याल॥**
**कोपेउ समर श्रीराम। चले बिसिख निसित निकाम॥**

त्यसपछि भयानक बाण यसरी चले, मानौं फूँ-फूँ गर्दै धेरै नै सर्प गइरहेका छन्। श्रीरामचन्द्र सङ्ग्राममा क्रुद्ध हुनुभयो र अत्यन्त तीक्ष्ण (तीखा) बाण दौडे॥ १॥

**अवलोकि खरतर तीर। मुरि चले निसिचर बीर॥**
**भए क्रुद्ध तीनिउ भाइ। जो भागि रन ते जाइ॥**

अत्यन्त तीक्ष्ण बाणलाई देखेर राक्षस वीर पीठ्यूँ देखाएर भागिहाले। अनि खर-दूषण र त्रिशिरा तीनवटै भाइ क्रुद्ध भएर बोले—जो रणबाट भागेर जान्छ,॥ २॥

**तेहि बधब हम निज पानि। फिरे मरन मन महुँ ठानि॥**
**आयुध अनेक प्रकार। सनमुख ते करहिं प्रहार॥**

उसलाई हामीले हाम्रै हातबाट मार्नेछौं। तब मनमा मर्ने स्थिति सोचेर भाग्दै राक्षस फर्केर आए र अघिल्तिर उभिएर अनेकौं प्रकारका हतियारहरूले श्रीरामलाई प्रहार गर्न लागे॥ ३॥

**रिपु परम कोपे जानि। प्रभु धनुष सर संधानि॥**
**छाँड़े बिपुल नाराच। लगे कटन बिकट पिसाच॥**

शत्रुलाई अत्यन्त कुपित (रिसाएको) जानेर प्रभुले धनुषमा बाण चढाएर धेरै नै बाण छोड्नुभयो, जसले गर्दा भयानक राक्षस काटिनलागे॥ ४॥

**उर सीस भुज कर चरन। जहँ तहँ लगे महि परन॥**
**चिक्करत लागत बान। धर परत कुधर समान॥**

उनीहरूको छाती, शिर, भुजा (पाखुरा), हात र खुट्टा जताततै पृथ्वीमा खस्न लागे। बाण लाग्दा नै उनीहरू हात्तीका तरह कराएका छन्। उनका पहाडका समान शिर काटिएर खसिरहेका छन्॥ ५॥

**भट कटत तन सत खंड। पुनि उठत करि पाषंड॥**
**नभ उड़त बहु भुज मुंड। बिनु मौलि धावत रुंड॥**

योद्धाहरूका शरीर काटिएर सयौं टुक्रा भएका छन्। उनीहरू फेरि माया गरेर उठेपछि उभिई नै रहन्छन्। आकाशमा धेरै नै भुजाहरू र शिर उडिरहेका छन् तथा विनाशिरका शरीर दौडिरहेका छन्॥ ६॥

**खग कंक काक सृगाल। कटकटहिं कठिन कराल॥**

चील, कौवा आदि पक्षी र स्यालले कठोर र भयङ्कर कट्–कट् शब्द गरिरहेका छन्॥ ७॥

छं०— **कटकटहिं जंबुक भूत प्रेत पिसाच खर्पर संचहीं।**
**बेताल बीर कपाल ताल बजाइ जोगिनि नंचहीं॥**
**रघुबीर बान प्रचंड खंडहिं भटन्ह के उर भुज सिरा।**
**जहँ तहँ परहिं उठि लरहिं धर धरु धरु करहिं भयकर गिरा॥**

स्याल, भूत, प्रेत र पिशाचले खप्पर बटुलेका छन्। वीर–बेतालले खप्परमा ताल दिइरहेका छन् र योगिनीहरू नाचिरहेका छन्। श्रीरघुवीरका प्रचण्ड बाणले योद्धाहरूका वक्ष:स्थल, भुजा र शिरहरूलाई टुक्रा–टुक्रा गरेका छन्। तिनका धड (टाउको नभएको शरीर) जतातत्तै खस्दछन् र फेरि उठेर लड्दछन् र 'समात्–समात्' को भयङ्कर शब्द गर्दछन्॥ १॥

**अंतावरीं गहि उड़त गीध पिसाच कर गहि धावहीं।**
**संग्राम पुर बासी मनहुँ बहु बाल गुड़ी उड़ावहीं॥**
**मारे पछारे उर बिदारे बिपुल भट कहँरत परे।**
**अवलोकि निज दल बिकल भट तिसिरादि खर दूषन फिरे॥**

आन्द्राको एक किनारा (छेउ) मा समातेर गिद्धले उडाउँदछन् र उसैको अर्कोछेउ हातले समातेर पिशाच दौडन्छन्। यस्तो अनुभव हुन्छ, मानौं सङ्ग्रामरूपी नगरनिवासी बालकले धेरै नै चङ्गा उडाइरहेका छन्। अनेकौं योद्धा मारिएर पछारिएका छन्। धेरै नै, जसको हृदय विदीर्ण भएको छ, सुतेर कहराइरहेका छन्। आफ्ना सेनालाई व्याकुल देखेर त्रिशिरा र खर–दूषण आदि योद्धा श्रीरामतर्फ फर्के॥ २॥

**सर सक्ति तोमर परसु सूल कृपान एकहि बारहीं।**
**करि कोप श्रीरघुबीर पर अगनित निसाचर डारहीं॥**
**प्रभु निमिष महुँ रिपु सर निवारि पचारि डारे सायका।**
**दस दस बिसिख उर माझ मारे सकल निसिचर नायका॥**

अगणित राक्षस क्रोध गरेर बाण, शक्ति, तोमर, फर्सा, शूल र कृपाण एकै पटकमा श्रीरघुवीरप्रति छोड्न लागे। प्रभुले पलभरमा शत्रुहरूका बाणलाई काटेर, चुनौती दिएर उनीहरूप्रति आफ्ना बाण छोड्नुभयो। सबै राक्षस–सेनापतिको हृदयमा दश–दशवटा बाण हान्नुभयो॥ ३॥

**महि परत उठि भट भिरत मरत न करत माया अति घनी।**
**सुर डरत चौदह सहस प्रेत बिलोकि एक अवध धनी॥**
**सुर मुनि सभय प्रभु देखि मायानाथ अति कौतुक कर्‍यो।**
**देखहिं परसपर राम करि संग्राम रिपुदल लरि मर्‍यो॥**

योद्धा जमिनमा पल्टन्छन् र फेरि उठेर लड्दछन्, मर्दैनन्। धेरै प्रकारको अतिशय माया रच्दछन्। देवता यस्तो देखेर डराएका छन् कि प्रेत [राक्षस] चौध हजार छन् र अयोध्यानाथ श्रीराम एक्लै हुनुहुन्छ। देवता र मुनिहरूलाई भयभीत देखेर मायाका स्वामी प्रभुले एउटा ठूलो कौतुक (तमास, तमासा) गर्नुभयो, जसले शत्रुहरूका सेनाले एउटाले अर्कोलाई रामरूप देख्न लागे र आपसमा नै युद्ध गरेर लडेर मरे॥ ४॥

**दो०— राम राम कहि तनु तजहिं पावहिं पद निर्बान।**
**करि उपाय रिपु मारे छन महुँ कृपानिधान॥ २०(क)॥**

सबैले ['यही राम हो, यसलाई मार' यस प्रकार] राम-राम भनेर प्राण त्यागेका छन् र निर्वाण (मोक्ष) पद पाएका छन्। कृपानिधान श्रीरामले यस्तो उपाय गरेर क्षणभरमा शत्रुहरूलाई मार्नुभयो॥ २०(क)॥

**हरषित बरषहिं सुमन सुर बाजहिं गगन निसान।**
**अस्तुति करि करि सब चले सोभित बिबिध बिमान॥ २०(ख)॥**

देवता हर्षित भएर फूल बर्साएका छन्, आकाशमा निसान (नगरा) हरू बजिरहेका छन्। फेरि उनीहरू सबै स्तुति गरेर अनेकौं विमानमा सुशोभित हुँदै गइहाले॥ २० (ख)॥

**जब रघुनाथ समर रिपु जीते। सुर नर मुनि सब के भय बीते॥**
**तब लछिमन सीतहि लै आए। प्रभु पद परत हरषि उर लाए॥**

जब श्रीरघुनाथले युद्धमा शत्रुहरूलाई जित्नुभयो तथा देवता मनुष्य र मुनि सबैको भय नष्ट भयो, तब लक्ष्मणजीले सीताजीलाई लिएर आउनुभयो। चरणमा पल्टिँदा नै उहाँलाई प्रभुले प्रसन्नतापूर्वक उठाएर हृदयमा लगाउनुभयो॥ १॥

**सीता चितव स्याम मृदु गाता। परम प्रेम लोचन न अघाता॥**
**पंचबटीं बसि श्रीरघुनायक। करत चरित सुर मुनि सुखदायक॥**

सीताजीले श्रीरामको श्याम र कोमल शरीरलाई परम प्रेमका साथ हेरिरहनुभएको छ, नेत्र अघाएका नै छैनन्। यस्ता प्रकारले पञ्चवटीमा बसेर श्रीरघुनाथले देवताहरू र मुनिहरूलाई सुख दिनेवाला चरित्र गर्न लाग्नुभयो॥ २॥

## ❋ शूर्पणखा रावणसँग जानु, श्रीसीताजीको अग्नि प्रवेश र माया-सीता ❋

**धुआँ देखि खरदूषन केरा। जाइ सुपनखाँ रावन प्रेरा॥**
**बोली बचन क्रोध करि भारी। देस कोस कै सुरति बिसारी॥**

खर-दूषणको विध्वंस देखेर शूर्पणखाले गएर रावणलाई भड्काइ। उसले ठूलो क्रोध गरेर वचन भनी— तपाईंले देश र खजाना (श्री-सम्पत्ति) लाई वास्तै नगरी भुल्नुभयो॥ ३॥

**करसि पान सोवसि दिनु राती। सुधि नहिं तव सिर पर आराती॥**
**राज नीति बिनु धन बिनु धर्मा। हरिहि समर्पे बिनु सतकर्मा॥**

**बिद्या बिनु बिबेक उपजाएँ। श्रम फल पढ़ें किएँ अरु पाएँ॥**
**संग तें जती कुमंत्र ते राजा। मान ते ग्यान पान तें लाजा॥**

रक्सी पिउनुहुन्छ र दिन-रात सुतिरहनुहुन्छ। तपाईंलाई थाहा छैन कि शत्रु तपाईंको शिरमा उभिएको छ। नीतिविना राज्य र धर्मविना धन प्राप्त गर्नाले, भगवान्‌लाई समर्पण नगरी उत्तम कर्म गर्नाले र विवेक उत्पन्न नभई विद्या पढ्नाले परिणाममा श्रम नै हात लाग्छ। विषयहरूको सङ्गतले सन्न्यासी, खराब सल्लाहले राजा, मानले ज्ञान, मदिरापानले लज्जा,॥ ४-५॥

**प्रीति प्रनय बिनु मद ते गुनी। नासहिं बेगि नीति अस सुनी॥**

नम्रताविना प्रीति र मद (अहङ्कार) ले गुणवान् शीघ्र नै नष्ट हुन्छन्, यस्तो प्रकारको नीति मैले सुनेकी छु॥ ६॥

सो०— **रिपु रुज पावक पाप प्रभु अहि गनिअ न छोट करि।**
**अस कहि बिबिध बिलाप करि लागी रोदन करन॥ २१ (क)॥**

शत्रु, रोग, अग्नि, पाप, स्वामी र सर्पलाई सानो भनेर सोच्नु हुँदैन। यस्तो भनेर शूर्पणखा अनेक प्रकारका विलाप गरेर रुन थाली॥ २१ (क)॥

दो०— **सभा माझ परि ब्याकुल बहु प्रकार कह रोइ।**
**तोहि जिअत दसकंधर मोरि कि असि गति होइ॥ २१ (ख)॥**

[रावणको] सभाको बीच ऊ व्याकुल भएर पल्टेर धेरै प्रकारले रुँदै भनिरहेकी छ कि हे दशग्रीव! तपाईं जीवित छँदै मेरो यस्तो दशा हुन हुन्छ?॥ २१ (ख)॥

**सुनत सभासद उठे अकुलाई। समुझाई गहि बाँह उठाई॥**
**कह लंकेस कहसि निज बाता। केइँ तव नासा कान निपाता॥**

शूर्पणखाको वचन सुन्दा नै सभासद् अत्तालिए। उनीहरूले शूर्पणखाको पाखुरा समातेर उसलाई उठाएर सम्झाए। लङ्कापति रावणले भन्यो— आफ्नो कुरा त भन्, कसले तेरो नाक-कान काट्यो?॥ १॥

**अवध नृपति दसरथ के जाए। पुरुष सिंघ बन खेलन आए॥**
**समुझि परी मोहि उन्ह कै करनी। रहित निसाचर करिहहिं धरनी॥**

[उसले भनी— ] अयोध्याका राजा दशरथका पुत्र, जुन पुरुषहरूमा सिंहका समान छन्, वनमा सिकार खेल्न आएका छन्। मलाई उनको व्यवहार (देख्दाखेरि) यस्तो लाग्दछ कि उनले पृथ्वी राक्षसरहित गर्नेछन्॥ २॥

**जिन्ह कर भुजबल पाइ दसानन। अभय भए बिचरत मुनि कानन॥**
**देखत बालक काल समाना। परम धीर धन्वी गुन नाना॥**

जसका भुजाहरूको बल पाएर हे दशमुख! मुनिहरू वनमा निर्भय भएर भ्रमण गर्न लागेका छन्। उनी हेर्दा त बालक छन्, तर छन् कालसमान। उनी परम धीर, श्रेष्ठ धनुर्धर र अनेकौं गुणहरूले युक्त छन्॥ ३॥

**अतुलित बल प्रताप द्वौ भ्राता। खल बध रत सुर मुनि सुखदाता॥**
**सोभा धाम राम अस नामा। तिन्ह के संग नारि एक स्यामा॥**

दुवै भाइहरूको बल र प्रताप अतुलनीय छ। उनीहरूले दुष्टहरूलाई वध गर्न लागेका छन् र देवता तथा मुनिहरूलाई सुख दिएका छन्। उनीहरू शोभाका धाम छन्, 'राम' यस्तो उनको नाम हो। उनका साथ एक तरुनी (१६ वर्षकी अवस्थाकी) सुन्दर स्त्री छन्॥ ४॥

**रूप रासि बिधि नारि सँवारी। रति सत कोटि तासु बलिहारी॥**
**तासु अनुज काटे श्रुति नासा। सुनि तव भगिनि करहिं परिहासा॥**

विधाताले ती स्त्रीलाई यस्तो रूपको राशि बनाएको छ कि सय करोड रति (कामदेवकी स्त्री) उनलाई उपहार चढाएका छन्। उनैका भाइले मेरो नाक-कान काटिदिए। म तपाईंकी बहिनी हुँ, यस्तो सुनेर उनीहरूले मेरो खिसी गर्न लागे॥ ५॥

**खर दूषन सुनि लगे पुकारा। छन महुँ सकल कटक उन्ह मारा॥**
**खर दूषन तिसिरा कर घाता। सुनि दससीस जरे सब गाता॥**

मेरो प्रार्थना सुनेर खर-दूषण सहयोग गर्न आए। तर उनले क्षणभरमा सबै सेनालाई मारे। खर-दूषण र त्रिशिराको वध सुनेर रावणका सबै अङ्ग ताते॥ ६॥

दो०— **सूपनखहि समुझाइ करि बल बोलेसि बहु भाँति।**
**गयउ भवन अति सोचबस नीद परइ नहिं राति॥ २२॥**

उसले शुर्पणखालाई सम्झाएर धेरै प्रकारले आफ्नो बलको वर्णन गर्‍यो, किन्तु [मनमा] ऊ अत्यन्त चिन्तावश भएर आफ्नो महलमा गयो, उसलाई रातभर निद्रा आएन॥ २२॥

**सुर नर असुर नाग खग माहीं। मोरे अनुचर कहँ कोउ नाहीं॥**
**खर दूषन मोहि सम बलवंता। तिन्हहि को मारइ बिनु भगवंता॥**

[उसले मनमनै विचार गर्न लाग्यो—] देवता, मनुष्य, असुर, नाग र पक्षीहरूमा कुनै यस्तो छैन, जसले मेरो सेवकलाई पनि पाउन (सेवकसमान बलवान् हुन) सक्दैनन्। खर-दूषण त म नै समान बलवान् थिए। उनलाई भगवान्ले बाहेक अरू कसले मार्न सक्तछ?॥ १॥

**सुर रंजन भंजन महि भारा। जौं भगवंत लीन्ह अवतारा॥**
**तौ मैं जाइ बैरु हठि करऊँ। प्रभु सर प्रान तजें भव तरऊँ॥**

देवताहरूलाई आनन्द दिनेवाला र पृथ्वीको भार हरण गर्नेवाला भगवान्ले नै यदि अवतार लिनुभएको हो भने म गएर हठपूर्वक वैर गर्नेछु र प्रभुका बाणको चोटले प्राण छोडेर भवसागरबाट पार हुनेछु॥ २॥

**होइहि भजनु न तामस देहा। मन क्रम बचन मंत्र दृढ़ एहा॥**
**जौं नररूप भूपसुत कोऊ। हरिहउँ नारि जीति रन दोऊ॥**

यस तामस शरीरबाट त भजन हुने नै छैन; अतएव मन, वचन र कर्मले यही दृढ निश्चय गर्दछु।

यदि उनी मनुष्यरूप कुनै राजकुमार भएमा ती दुवैलाई रणमा जितेर उनकी स्त्रीलाई हरण गरी ल्याउनेछु॥ ३॥

**चला अकेल जान चढ़ि तहवाँ। बस मारीच सिंधु तट जहवाँ॥**
**इहाँ राम जसि जुगुति बनाई। सुनहु उमा सो कथा सुहाई॥**

[यस्तो विचार गरेर] रावण रथमा चढेर एक्लै नै वहाँ गयो, जहाँ समुद्रको तटमा मारीच रहन्थ्यो। [शिवजी भन्नुहुन्छ कि— ] हे पार्वती! यहाँ श्रीरामचन्द्रले जस्तो युक्ति (जुक्ति) रच्नुभयो, त्यो सुन्दर कथा सुन॥ ४॥

दो०— **लछिमन गए बनहिं जब लेन मूल फल कंद।**
**जनकसुता सन बोले बिहसि कृपा सुख बृंद॥ २३॥**

लक्ष्मणजी जब कन्द-मूल-फल लिनका लागि वनमा जानुभयो, त्यसपछि [एकान्त अवस्थामा] कृपा र सुखका समूह श्रीरामचन्द्रले हाँसेर जानकीजीसँग भन्नुभयो— ॥ २३॥

**सुनहु प्रिया ब्रत रुचिर सुसीला। मैं कछु करबि ललित नरलीला॥**
**तुम्ह पावक महुँ करहु निवासा। जौ लगि करौं निसाचर नासा॥**

हे प्रिये! हे सुन्दर पातिव्रत धर्मलाई पालन गर्नेवाली सुशीले! सुन! मैले अब केही मनोहर मनुष्य-लीला गर्नेछु! यसैले जबसम्म मैले राक्षसहरूलाई नाश गर्नेछु, त्यस समयसम्म अग्निमा निवास गर॥ १॥

**जबहिं राम सब कहा बखानी। प्रभु पद धरि हियँ अनल समानी॥**
**निज प्रतिबिंब राखि तहँ सीता। तैसइ सील रूप सुबिनीता॥**

श्रीरामले जुन समयमा यी सबै कुरा सम्झाएर भन्नुभयो, त्यही समयमा नै श्रीसीता प्रभुका चरणलाई हृदयमा राखेर अग्निमा समाहित हुनुभयो। सीताजीले आफ्नो छायामूर्ति त्यहाँ राख्नुभयो, जुन उहाँजस्तै नै शील-स्वभाव र रूपवती तथा उस्तै नै विनम्र थिइन्॥ २॥

**लछिमनहूँ यह मरमु न जाना। जो कछु चरित रचा भगवाना॥**
**दसमुख गयउ जहाँ मारीचा। नाइ माथ स्वारथ रत नीचा॥**

भगवान्‌ले जे-जस्तो लीला रच्नुभयो, यस रहस्यलाई लक्ष्मणजीले पनि जान्नुभएन। स्वार्थपरायण र नीच रावण वहाँ गयो जहाँ मारीच रहन्थ्यो र उसलाई शिर निहुरायो॥ ३॥

**नवनि नीच कै अति दुखदाई। जिमि अंकुस धनु उरग बिलाई॥**
**भयदायक खल कै प्रिय बानी। जिमि अकाल के कुसुम भवानी॥**

नीचको नम्रता पनि अत्यन्त दुःखदायी हुन्छ। जस्तै अङ्कुश, धनुष, सर्प र बिरालो झुक्नु। हे भवानी! दुष्टको मीठो वाणी पनि [उस्तै प्रकारको] भय दिनेवाला हुन्छ, जस्तै विनाऋतुको फूल!॥ ४॥

## * मारीच प्रसङ्ग र स्वर्णमृगरूपमा मारीचलाई मार्नु *

दो०— **करि पूजा मारीच तब सादर पूछी बात।**
**कवन हेतु मन ब्यग्र अति अकसर आयहु तात॥ २४॥**

त्यसपछि मारीचले उसको पूजा गरेर आदरपूर्वक कुरा सोध्यो—हे तात! हजुरको मन कुन कारणले यति धेरै व्यग्र (अत्तालिएको) छ र हजुर एक्लै किन आउनुभएको छ?॥ २४॥

**दसमुख सकल कथा तेहि आगें। कही सहित अभिमान अभागें॥**
**होहु कपट मृग तुम्ह छलकारी। जेहि बिधि हरि आनौं नृपनारी॥**

भाग्यहीन रावणले सबै कथा अभिमानसहित उसको सम्मुख भन्यो [र फेरि बोल्यो— ] तिमी छल गरेर कपट-मृग बन, जुन उपायले मैले त्यस राजवधूलाई हरण गरेर ल्याउन सकौं॥ १॥

**तेहिं पुनि कहा सुनहु दससीसा। ते नररूप चराचर ईसा॥**
**तासों तात बयरु नहिं कीजै। मारें मरिअ जिआएँ जीजै॥**

अनि उसले (मारीचले) भन्यो—हे दशानन! सुन्नुहोस्। उहाँ मनुष्यरूपमा चराचरका ईश्वर हुनुहुन्छ। हे लङ्केश! उहाँसँग शत्रुता नगरिबक्सियोस्। उहाँले नै मार्नाले मरिन्छ र उहाँले नै बचाउनाले बाँचिन्छ (सबैको जीवन-मरण उहाँकै अधीनमा छ)॥ २॥

**मुनि मख राखन गयउ कुमारा। बिनु फर सर रघुपति मोहि मारा॥**
**सत जोजन आयउँ छन माहीं। तिन्ह सन बयरु किएँ भल नाहीं॥**

यिनै राजकुमार मुनि विश्वामित्रको यज्ञको रक्षाको लागि जानुभएको थियो। त्यस समय श्रीरघुनाथले विनाफलको (चुच्चो नभएको) बाणले मलाई हान्नुभएको थियो, जसले गर्दा म क्षणभरमा सय योजन (चारसय कोश) मा आएर खसें। उहाँसँग वैर गर्नाले भलाइ हुँदैन॥ ३॥

**भइ मम कीट भृंग की नाई। जहँ तहँ मैं देखउँ दोउ भाई॥**
**जौं नर तात तदपि अति सूरा। तिन्हहि बिरोधि न आइहि पूरा॥**

मेरो दशा त भृङ्गी (कमलकोटी कीराले समातेर ल्याउने कीरा वा पोथी कमलकोटी) को समान भयो। अब मैले जताततै श्रीराम-लक्ष्मण दुवै भाइहरूलाई नै देख्दछु र हे तात! यदि उहाँ मनुष्य भएमा पनि ठूला शूरवीर हुनुहुन्छ। उहाँसँग विरोध गर्नाले सफलता मिल्नेछैन॥ ४॥

दो०— **जेहिं ताड़का सुबाहु हति खंडेउ हर कोदंड।**
**खर दूषन तिसिरा बधेउ मनुज कि अस बरिबंड॥ २५॥**

जसले ताडका र सुबाहुलाई मारेर शिवजीको धनुषलाई भाँचे र खर, दूषण र त्रिशिराको वध गरे, यस्ता प्रचण्ड बलवान् पनि कहीं मनुष्य हुन्छन्?॥ २५॥

**जाहु भवन कुल कुसल बिचारी। सुनत जरा दीन्हिसि बहु गारी॥**
**गुरु जिमि मूढ़ करसि मम बोधा। कहु जग मोहि समान को जोधा॥**

अतः आफ्नो कुलको कुशललाई विचार गरेर हजुर घर फर्केर जानुहोस्। यस्तो सुनेर रावण तातेर (उग्र भएर) उठ्यो र उसले धेरै नै दुर्वचन बोल्यो। [भन्यो— ] हे मूर्ख! तैंले गुरुको झैं मलाई ज्ञान सिकाउँछस्? भन् त, संसारमा मसमानको योद्धा को छ?॥ १॥

**तब मारीच हृदयँ अनुमाना। नवहि बिरोधें नहिं कल्याना॥**
**सस्त्री मर्मी प्रभु सठ धनी। बैद बंदि कबि भानस गुनी॥**

अनि मारीचले हृदयमा अनुमान गर्‍यो कि शस्त्री (शस्त्रधारी), मर्मी (भेद जान्नेवाला), समर्थ स्वामी, मूर्ख, धनवान्, वैद्य (डाक्टर), भाट, कवि र भान्छे—यी नौ व्यक्तिहरूसँग विरोध (वैर) गर्नाले कल्याण हुँदैन॥ २॥

**उभय भाँति देखा निज मरना। तब ताकिसि रघुनायक सरना॥**
**उतरु देत मोहि बधब अभागें। कस न मरौं रघुपति सर लागें॥**

जब मारीचले दुवै प्रकारले आफ्नो मृत्यु देख्यो, तब उसले श्रीरघुनाथका शरणमा जानाले कल्याण सोच्यो। [सोच्यो कि] उत्तर दिँदा (हुँदैन भन्छ) यो अभागीले मलाई मार्नेछ। यस्तो भन्दा त श्रीरघुनाथको बाणद्वारा किन नमर्ने?॥ ३॥

**अस जियँ जानि दसानन संगा। चला राम पद प्रेम अभंगा॥**
**मन अति हरष जनाव न तेही। आजु देखिहउँ परम सनेही॥**

हृदयमा यस्तो सोचेर त्यो रावणसँग हिँड्यो। श्रीरामको चरणमा उसको अखण्ड प्रेम छ। उसको मनमा यस कुराको अत्यन्त हर्ष भएको छ कि आज मैले आफ्ना परम स्नेही श्रीरामलाई देख्नेछु; किन्तु उसले यो हर्ष रावणलाई बताएन॥ ४॥

छं०— **निज परम प्रीतम देखि लोचन सुफल करि सुख पाइहौं।**
**श्रीसहित अनुज समेत कृपानिकेत पद मन लाइहौं॥**
**निर्बान दायक क्रोध जा कर भगति अबसहि बसकरी।**
**निज पानि सर संधानि सो मोहि बधिहि सुखसागर हरी॥**

[उसले मनमनै भन्यो— ] आफ्ना परम प्रियतमलाई देखेर नेत्रलाई सफल गरेर सुख पाउनेछु। जानकीजीसहित भाइ लक्ष्मणजीसमेत कृपानिधान श्रीरामका चरणमा मन लगाउनेछु। जसको क्रोध पनि मोक्ष दिनेवाला छ र जसको भक्ति उनै अवश (कसैको वशमा नहुने, स्वतन्त्र भगवान्) लाई पनि वशमा गर्नेवाला छ, आहा! उनै आनन्दका समुद्र श्रीहरिले आफ्ना हातले बाण सन्धान गरेर मेरो वध गर्नुहुनेछ!

दो०— **मम पाछें धर धावत धरें सरासन बान।**
**फिरि फिरि प्रभुहि बिलोकिहउँ धन्य न मो सम आन॥ २६॥**

(जब) धनुष बाण धारण गरेर मेरो पछि-पछि पृथ्वीमा [समात्नका लागि] दौडँदै प्रभुलाई मैले फर्की-फर्की हेर्नेछु। म समानको धन्य अरू कोही हुनेछैनन्॥ २६॥

**तेहि बन निकट दसानन गयऊ। तब मारीच कपटमृग भयऊ॥**
**अति बिचित्र कछु बरनि न जाई। कनक देह मनि रचित बनाई॥**

जब रावण त्यस वनको (जुन वनमा श्रीरघुनाथ रहनुहुन्थ्यो) नजिक पुग्यो, त्यसपछि मारीच कपटमृग बनिहाल्यो। त्यो अत्यन्त नै विचित्रको थियो, केही वर्णन गर्न नै सकिंदैन। सुनको शरीर मणिहरूले जोडेर बनाएको थियो॥ १॥

**सीता परम रुचिर मृग देखा। अंग अंग सुमनोहर बेषा॥**
**सुनहु देव रघुबीर कृपाला। एहि मृग कर अति सुंदर छाला॥**

सीताजीले त्यस परम सुन्दर मृगलाई देख्नुभयो, जसको अङ्ग-अङ्गको शोभा अत्यन्त मनोहर थियो [उहाँले भन्न लाग्नुभयो— ] हे देव! हे कृपालु रघुवीर! सुनिबक्सियोस्! यस मृगको छाला अति नै सुन्दर छ॥ २॥

**सत्यसंध प्रभु बधि करि एही। आनहु चर्म कहति बैदेही॥**
**तब रघुपति जानत सब कारन। उठे हरषि सुर काजु सँवारन॥**

जानकीजीले भन्नुभयो—हे सत्यप्रतिज्ञ प्रभु! यसलाई मारेर यसको छाला (मृगचर्म) ल्याइदिइबक्सियोस्। अनि श्रीरघुनाथले [मारीच कपट-मृग बनेको] सबै कारण जानेर पनि, देवताहरूको कार्य गर्नका लागि हर्षित भएर उठ्नुभयो॥ ३॥

**मृग बिलोकि कटि परिकर बाँधा। करतल चाप रुचिर सर साँधा॥**
**प्रभु लछिमनहि कहा समुझाई। फिरत बिपिन निसिचर बहु भाई॥**

मृगलाई देखेर श्रीरामले कम्मरमा फेटा बाँध्नुभयो र हातमा धनुष लिएर त्यसमा सुन्दर (दिव्य) बाण चढाउनुभयो। फेरि प्रभुले लक्ष्मणजीलाई सम्झाएर भन्नुभयो—हे भाइ! वनमा धेरै नै राक्षस घुम्दछन्॥ ४॥

**सीता केरि करेहु रखवारी। बुधि बिबेक बल समय बिचारी॥**
**प्रभुहि बिलोकि चला मृग भाजी। धाए रामु सरासन साजी॥**

तिमीले बुद्धि र विवेकद्वारा बल र समयलाई विचार गरेर सीताको रेखदेख गर्नू। प्रभुलाई देखेर मृग भागिहाल्यो। श्रीरामचन्द्र पनि धनुष चढाएर उसको पछि दौडनुभयो॥ ५॥

**निगम नेति सिव ध्यान न पावा। मायामृग पाछें सो धावा॥**
**कबहुँ निकट पुनि दूरि पराई। कबहुँक प्रगटइ कबहुँ छपाई॥**

वेद जसको विषयमा 'नेति-नेति' भनेर थाक्छन् र शिवजीले पनि जसलाई ध्यानमा पाउनुहुन्न (अर्थात् जुन मन र वाणीले नितान्त टाढा छ), उनै श्रीराम मायाले बनेको मृगको पछि दौडिरहनुभएको छ। ऊ कतिखेर नजिक आउँछ र फेरि टाढा भाग्दछ। कतिखेर प्रकट हुन्छ र कतिखेर लुक्दछ॥ ६॥

**प्रगटत दुरत करत छल भूरी। एहि बिधि प्रभुहि गयउ लै दूरी॥**
**तब तकि राम कठिन सर मारा। धरनि परेउ करि घोर पुकारा॥**

यस प्रकार प्रकट हुने र लुक्ने तथा धेरै नै छल गर्दै उसले प्रभुलाई टाढा लिएर गयो। अनि श्रीरामचन्द्रले ताकेर (निशाना सोझ्याएर) कठोर बाण हान्नुभयो, [जसले लाग्दा नै] ऊ घोर शब्द गरेर पृथ्वीमा पल्ट्यो॥ ७॥

**लछिमन कर प्रथमहिं लै नामा। पाछें सुमिरेसि मन महुँ रामा॥**
**प्रान तजत प्रगटेसि निज देहा। सुमिरेसि रामु समेत सनेहा॥**

पहिला लक्ष्मणजीको नाम लिएर उसले पछि मनमा श्रीरामलाई स्मरण गऱ्यो। प्राण त्याग गर्ने समयमा उसले आफ्नो (राक्षसी) शरीर प्रकट गऱ्यो र प्रेमसहित श्रीरामलाई स्मरण गऱ्यो॥ ८॥

**अंतर प्रेम तासु पहिचाना। मुनि दुर्लभ गति दीन्हि सुजाना॥**

सुजान (सर्वज्ञ) श्रीरामले उसको हृदयको प्रेमलाई चिनेर उसलाई त्यो गति (आफ्नो परमपद) दिनुभयो जुन मुनिहरूलाई पनि दुर्लभ छ॥ ९॥

दो०— **बिपुल सुमन सुर बरषहिं गावहिं प्रभु गुन गाथ।**
**निज पद दीन्ह असुर कहुँ दीनबंधु रघुनाथ॥ २७॥**

देवताले धेरै नै फूल बर्साएका छन् र प्रभुका गुणको स्तुतिहरू गाइरहेका छन् [कि] श्रीरघुनाथ यस्ता दीनबन्धु हुनुहुन्छ कि उहाँले असुरलाई पनि आफ्नो परमपद दिनुभयो॥ २७॥

**खल बधि तुरत फिरे रघुबीरा। सोह चाप कर कटि तूनीरा॥**
**आरत गिरा सुनी जब सीता। कह लछिमन सन परम सभीता॥**

दुष्ट मारीचलाई मारेर श्रीरघुवीर तुरुन्तै फर्किनुभयो। हातमा धनुष र कम्मरमा तरकसले शोभा दिइरहेको छ। यता जब सीताजीले दुःखपूर्ण वाणी (मर्ने समयमा मारीचको 'हा लक्ष्मण' को अवाज) सुन्नुभयो अनि उहाँ धेरै नै भयभीत भएर लक्ष्मणजीसँग भन्न लाग्नुभयो— ॥ १॥

**जाहु बेगि संकट अति भ्राता। लछिमन बिहसि कहा सुनु माता॥**
**भृकुटि बिलास सृष्टि लय होई। सपनेहुँ संकट परइ कि सोई॥**

तपाईं शीघ्र जानुहोस्, तपाईंका दाज्यू ठूलो सङ्कटमा हुनुहुन्छ। लक्ष्मणजीले हाँसेर भन्नुभयो— हे माता! सुन्नुहोस्, जसको भ्रुकुटिविलास (आँखीभौंको इशारा) मात्रले नै सबै सृष्टिको लय (प्रलय) हुन्छ, उनै श्रीराम कहीं कहिल्यै स्वप्नमा पनि सङ्कटमा पर्न सक्नुहुन्छ?॥ २॥

**मरम बचन जब सीता बोला। हरि प्रेरित लछिमन मन डोला॥**
**बन दिसि देव सौंपि सब काहू। चले जहाँ रावन ससि राहू॥**

यसप्रति जब सीताले केही मर्म-वचन (हृदयमा घोच्ने, कठोर वचन) भन्न लाग्नुभयो, तब भगवान्‌को प्रेरणाले लक्ष्मणजीको मन पनि चञ्चल भयो। उहाँ सीताजीलाई वन र दिशाहरूका देवताहरूलाई जिम्मा लगाएर वहाँ जानुभयो, जहाँ रावणरूपी चन्द्रमाको लागि राहुरूप श्रीराम हुनुहुन्थ्यो॥ ३॥

**सून बीच दसकंधर देखा। आवा निकट जती कें बेषा॥**
**जाकें डर सुर असुर डेराहीं। निसि न नीद दिन अन्न न खाहीं॥**

रावण एकान्त समय देखेर यति (सन्न्यासी) को भेषमा सीताजीको नजिक आयो। जसको डरले देवता र दैत्यसम्म यति डराउँछन् कि रातमा निद्रा आउँदैन र दिनमा [पेटभरि] अन्न खाँदैनन्— ॥ ४ ॥

**सो दससीस स्वान की नाईं। इत उत चितइ चला भड़िहाईं॥**
**इमि कुपंथ पग देत खगेसा। रह न तेज तन बुधि बल लेसा॥**

उही दश शिर भएको रावण कुकुरको तरह यता-उता ताक्दै भडिहाई* (चोरी) को लागि हिँड्यो [कागभुशुण्डिजी भन्नुहुन्छ— ] हे गरुडजी! यस्तो प्रकारको कुमार्गमा पाइला राख्दा नै शरीरमा तेज तथा बुद्धि एवं बलको लेश पनि रहँदैन॥ ५ ॥

**नाना बिधि करि कथा सुहाई। राजनीति भय प्रीति देखाई॥**
**कह सीता सुनु जती गोसाईं। बोलेहु बचन दुष्ट की नाईं॥**

रावणले अनेकौं प्रकारका सुन्दर कथा रचेर सीताजीलाई राजनीति, भय र प्रेम देखायो। सीताजीले भन्नुभयो—हे यति गोसाईं! सुन, तिमीले त दुष्टझैं वचन भन्यौ॥ ६ ॥

**तब रावन निज रूप देखावा। भई सभय जब नाम सुनावा॥**
**कह सीता धरि धीरजु गाढ़ा। आइ गयउ प्रभु रहु खल ठाढ़ा॥**

त्यसपछि रावणले आफ्नो वास्तविक रूप देखायो र जब नाम सुनायो, अनि त सीताजी भयभीत हुनुभयो। उहाँले ठूलो धैर्य गरेर भन्नुभयो—'ओ दुष्ट! उभिइ राख्, प्रभु आउनुभयो'॥ ७ ॥

**जिमि हरिबधुहि छुद्र सस चाहा। भएसि कालबस निसिचर नाहा॥**
**सुनत बचन दससीस रिसाना। मन महुँ चरन बंदि सुख माना॥**

जसरी सिंहकी स्त्रीलाई तुच्छ खरायोले खोज्दछ, त्यसरी नै हे राक्षसराज! तैंले [मेरो इच्छा गरेर] कालको वश भएको छस्। यस्ता वचन सुन्दा नै रावण क्रोधित भयो, परन्तु मनमा उसले सीताजीका चरणको वन्दना गरेर सुख मान्यो॥ ८ ॥

## * श्रीसीताहरण र सीताजीको विलाप *

दो०— **क्रोधवंत तब रावन लीन्हिसि रथ बैठाइ।**
**चला गगनपथ आतुर भयँ रथ हाँकि न जाइ॥ २८॥**

फेरि क्रोधमा भरिएर रावणले सीताजीलाई रथमा बसाल्यो र ऊ ठूलो आतुरीका साथ आकाशमार्गमा हिँड्यो; किन्तु डरले गर्दा उसले रथ हाँक्न सकेको थिएन॥ २८॥

**हा जग एक बीर रघुराया। केहिं अपराध बिसारेहु दाया॥**
**आरति हरन सरन सुखदायक। हा रघुकुल सरोज दिननायक॥**

---

* एकान्त समय पाएर कुकुरले खुसुक्क भाँडा-बर्तनमा मुख राखेर केही चोरेर लिई जान्छ। त्यसलाई 'भडिहाई' भनिन्छ। (श्रीरामचरितमानसबाट नै)

[सीताजीले विलाप गरिरहनुभएको थियो—] हे जगत्‌का अद्वितीय वीर श्रीरघुनाथ! हजुरले कुन अपराधले मलाई दया गर्न बिर्सिबक्सियो। हे दुःखहरूलाई हरण गर्नेवाला, हे शरणागतलाई सुख दिनेवाला, हे रघुकुलरूपी कमलका सूर्य!॥ १॥

**हा लछिमन तुम्हार नहिं दोसा। सो फलु पायउँ कीन्हेउँ रोसा॥**
**बिबिध बिलाप करति बैदेही। भूरि कृपा प्रभु दूरि सनेही॥**

हे लक्ष्मण! तपाईंको दोष छैन। मैले क्रोध गरें, उसको फल पाएँ। श्रीजानकीले धेरै प्रकारले विलाप गरिरहनुभएको छ—[हाय!] प्रभुको कृपा त धेरै छ, परन्तु उनै स्नेही प्रभु धेरै टाढा रहनुभयो॥ २॥

**बिपति मोरि को प्रभुहि सुनावा। पुरोडास चह रासभ खावा॥**
**सीता कै बिलाप सुनि भारी। भए चराचर जीव दुखारी॥**

प्रभुलाई मेरो यो विपत्ति कसले सुनाउला? यज्ञको अन्नलाई गधाले खान चाहन्छ। सीताजीको भारी विलाप सुनेर जड-चेतन सबै जीव दुःखी भए॥ ३॥

**गीधराज सुनि आरत बानी। रघुकुलतिलक नारि पहिचानी॥**
**अधम निसाचर लीन्हें जाई। जिमि मलेछ बस कपिला गाई॥**

गृध्रराज जटायुले सीताजीको दुःखमय वाणी सुनेर चिन्यो कि यी रघुकुलतिलक श्रीरामचन्द्रकी पत्नी हुन्। [उसले देख्यो कि] नीच राक्षसले यिनलाई [नराम्रो किसिमले] लिएर गइरहेको छ, जस्तै कपिला गाई म्लेच्छ (कसाई) को हातमा (कब्जामा) परेको छ॥ ४॥

## * जटायु-रावण-युद्ध *

**सीते पुत्रि करसि जनि त्रासा। करिहउँ जातुधान कर नासा॥**
**धावा क्रोधवंत खग कैसें। छूटइ पबि परबत कहुँ जैसें॥**

[जटायुले भने—] हे सीते पुत्री! नडराऊ। मैले यस राक्षसको नाश गर्नेछु। [यस्तो सुनेर] त्यो पन्छी क्रोधले भरिएर यसरी दौड्यो, जसरी पर्वततर्फ वज्र खसेको हुन्छ॥ ५॥

**रे रे दुष्ट ठाढ़ किन होही। निर्भय चलेसि न जानेहि मोही॥**
**आवत देखि कृतांत समाना। फिरि दसकंधर कर अनुमाना॥**

[उसले धम्काएर भन्यो—] हे हे दुष्ट! किन उभिदैनस्, निडर भएर हिँड्छ! मलाई तैंले जानिनस्? उसलाई यमराजसमान आएको देखेर रावण घुमेर मनमा अनुमान गर्न लाग्यो॥ ६॥

**की मैनाक कि खगपति होई। मम बल जान सहित पति सोई॥**
**जाना जरठ जटायू एहा। मम कर तीरथ छाँड़िहि देहा॥**

यो त कि मैनाक पर्वत हो या पन्छीहरूको स्वामी गरुड। तर त्यसले त आफ्नो स्वामी विष्णुसहित मेरो बललाई जानेको छ! [केही नजिक आएपछि] रावणले उसलाई चिन्यो [र भन्यो—] यो त बूढो जटायु रहेछ! यसले मेरो हातरूपी तीर्थमा शरीर छोड्नेछ॥ ७॥

**सुनत गीध क्रोधातुर धावा। कह सुनु रावन मोर सिखावा॥**
**तजि जानकिहि कुसल गृह जाहू। नाहिं त अस होइहि बहुबाहू॥**

यस्तो सुन्दा नै गिद्ध क्रोधमा भरिएर ठूलो वेगले दौड्यो र बोल्यो—रावण! मेरो उपदेश सुन्। जानकीजीलाई छोडेर कुशलपूर्वक आफ्नो घरमा गइहाल्। नत्र भने हे धेरै हातवाला! यस्तो हुनेछ कि—॥ ८॥

**राम रोष पावक अति घोरा। होइहि सकल सलभ कुल तोरा॥**
**उतरु न देत दसानन जोधा। तबहिं गीध धावा करि क्रोधा॥**

श्रीरामको क्रोधरूपी अत्यन्त भयानक अग्निमा तेरो सबै वंश पुतली [भएर भस्म] हुनेछ। योद्धा रावणले केही उत्तर दिएन। त्यसपछि गिद्ध क्रोध गरेर दौड्यो॥ ९॥

**धरि कच बिरथ कीन्ह महि गिरा। सीतहि राखि गीध पुनि फिरा॥**
**चोचन्ह मारि बिदारेसि देही। दंड एक भइ मुरुछा तेही॥**

उसले [रावणको] कपाल (रौं, केश) समातेर उसलाई रथदेखि तल ओराल्यो, रावण पृथ्वीमा पल्ट्यो। गिद्धले सीताजीलाई एकतर्फ बसालेर फेरि फर्क्यो र चुच्चोले बारम्बार ठुँगेर रावणको शरीरलाई विदीर्ण गरायो। यसैले उसलाई एक घडीसम्म मूर्छा भयो॥ १०॥

**तब सक्रोध निसिचर खिसिआना। काढ़ेसि परम कराल कृपाना॥**
**काटेसि पंख परा खग धरनी। सुमिरि राम करि अदभुत करनी॥**

त्यसपछि लज्जित भइरहेको रावण झोक्किदै अत्यन्त भयानक कैंची निकाल्यो र त्यसले जटायुका प्वाँख काट्यो। पन्छी (जटायु) श्रीरामको अद्भुत लीलालाई स्मरण गरेर पृथ्वीमा पल्ट्यो॥ ११॥

**सीतहि जान चढ़ाइ बहोरी। चला उताइल त्रास न थोरी॥**
**करति बिलाप जाति नभ सीता। ब्याध बिबस जनु मृगी सभीता॥**

सीताजीलाई फेरि रथमा चढाएर रावण धेरै आतुरीसँग हिँड्यो, उसलाई भय अत्यधिक थियो। सीताजी आकाशमा विलाप गर्दै गइरहनुभएको छ। मानौं व्याधाको वशमा परेकी (जालमा परेकी) कुनै भयभीत हरिणी हो!॥ १२॥

**गिरि पर बैठे कपिन्ह निहारी। कहि हरि नाम दीन्ह पट डारी॥**
**एहि बिधि सीतहि सो लै गयऊ। बन असोक महँ राखत भयऊ॥**

पहाडमा बसेका बाँदरहरूलाई देखेर सीताजीले हरिनाम लिएर वस्त्र खसाल्नुभयो। यस्तो प्रकारले रावणले सीताजीलाई लिएर गयो र उहाँलाई अशोकवनमा लगेर राख्यो॥ १३॥

दो०— **हारि परा खल बहु बिधि भय अरु प्रीति देखाइ।**
**तब असोक पादप तर राखिसि जतन कराइ॥ २९ (क)॥**

सीताजीलाई धेरै प्रकारले भय र प्रीति देखाएर जब त्यो दुष्ट हार्‍यो, तब उसले यत्न गरेर (सबै व्यवस्था ठीक गराएर) अशोक-वृक्षको तल राख्यो॥ २९ (क)॥

**नवाहपारायण, छैटौं विश्राम**

**जेहि बिधि कपट कुरंग सँग धाइ चले श्रीराम।**
**सो छबि सीता राखि उर रटति रहति हरिनाम॥ २९ ( ख )॥**

जुन प्रकारले कपट-मृगका साथ श्रीराम दौडनुभएको थियो, त्यही छविलाई हृदयमा राखेर उहाँले हरिनाम (रामनाम) रटिरहनुभएको छ॥ २९ (ख)॥

**रघुपति अनुजहि आवत देखी। बाहिज चिंता कीन्हि बिसेषी॥**
**जनकसुता परिहरिहु अकेली। आयहु तात बचन मम पेली॥**

[यता] श्रीरघुनाथले भाइ लक्ष्मणजी आउँदै देखेर बाह्य रूपमा धेरै चिन्ता गर्दै भन्नुभयो— हे भाइ! तिमीले जानकीलाई एक्लै छोड्यौ र मेरो आज्ञाको उल्लङ्घन गरी आयौ!॥ १॥

**निसिचर निकर फिरहिं बन माहीं। मम मन सीता आश्रम नाहीं॥**
**गहि पद कमल अनुज कर जोरी। कहेउ नाथ कछु मोहि न खोरी॥**

राक्षसका हूल वनमा घुम्दछन्। मलाई यस्तो लागेको छ कि सीता आश्रममा छैनन्। भाइ लक्ष्मणजीले श्रीरामका चरणकमल समातेर हात जोडेर भन्नुभयो— हे नाथ! मेरो केही पनि दोष छैन॥ २॥

**अनुज समेत गए प्रभु तहवाँ। गोदावरि तट आश्रम जहवाँ॥**
**आश्रम देखि जानकी हीना। भए बिकल जस प्राकृत दीना॥**

लक्ष्मणजीसहित प्रभु श्रीराम त्यहाँ जानुभयो, जहाँ गोदावरीको तटमा उहाँको आश्रम थियो। आश्रमलाई जानकीरहित देखेर श्रीराम साधारण मनुष्यझैं व्याकुल र दीन हुनुभयो॥ ३॥

### * श्रीरामको विलाप, जटायुको प्रसङ्ग *

**हा गुन खानि जानकी सीता। रूप सील ब्रत नेम पुनीता॥**
**लछिमन समुझाए बहु भाँती। पूछत चले लता तरु पाँती॥**

[उहाँले विलाप गर्न लाग्नुभयो—] हे गुणकी खानी जानकी! हे रूप, शील, व्रत र नियमहरूमा पवित्र सीता! लक्ष्मणजीले धेरै प्रकारले सम्झाउनुभयो। त्यसपछि श्रीरामले लहरा (लता) र वृक्षहरूका पङ्क्तिहरूसँग सोध्दै हिँड्नुभयो— ॥ ४॥

**हे खग मृग हे मधुकर श्रेनी। तुम्ह देखी सीता मृगनैनी॥**
**खंजन सुक कपोत मृग मीना। मधुप निकर कोकिला प्रबीना॥**

हे पन्छीहरू*! हे पशुहरू हो! हे भमराका पङ्क्तिहरू हो! तिमीले कहीं मृगनयनी सीतालाई देखेका छौ? खञ्जन, सुगा, परेबा, हरिणी, माछा, भमराका समूह, प्रवीण कोइली, ॥ ५॥

---

* स्त्रीहरूका जुन अङ्गहरूको उपमा कविले जुन वृक्ष, पक्षी, पशु र फल आदिसँग दिने गर्छन्, तिनलाई वनको मार्गमा हिँड्दैगर्दा देखिनाले सीताजीका उनै अङ्गहरूको स्मरण भएर आउँछ, जसबाट विरहको उद्दीपन हुन्छ। श्रीराम-नर-नाट्य गर्दै प्राकृत मनुष्यझैं तिनीहरूलाई देखेर व्याकुल हुनुहुन्छ। तिनै उपमानहरूका नाम यहाँ भनेर तिनीहरूको उपमेयहरूसँग बोध गराइएको छ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**कुंद कली दाड़िम दामिनी। कमल सरद ससि अहिभामिनी॥**
**बरुन पास मनोज धनु हंसा। गज केहरि निज सुनत प्रसंसा॥**

कुन्दकली, अनार, दामिनी, कमल, शरद्‌को चन्द्रमा र नागिनी, वरुणपाश (पासो, फन्दा), कामदेवको धनुष, हंस, हात्ती र सिंह—यी सबैले आज आफ्नो प्रशंसा सुनिरहेका छन्॥ ६॥

**श्रीफल कनक कदलि हरषाहीं। नेकु न संक सकुच मन माहीं॥**
**सुनु जानकी तोहि बिनु आजू। हरषे सकल पाइ जनु राजू॥**

श्रीफल, सुवर्ण र केरा हर्षित भइरहेका छन्। यिनको मनमा कत्ति पनि शङ्का र सङ्कोच छैन। हे जानकी! सुन, तिमीविना यी सबै आज यसरी हर्षित छन्, जसरी राज्य नै पाएका छन्। (अर्थात् तिम्रा अङ्गका अगाडि यी सबै तुच्छ, अपमानित र लज्जित थिए। आज तिमीलाई नदेखेर यी आफ्नो शोभाको अभिमानले फुलिरहेका छन्)॥ ७॥

**किमि सहि जात अनख तोहि पाहीं। प्रिया बेगि प्रगटसि कस नाहीं॥**
**एहि बिधि खोजत बिलपत स्वामी। मनहुँ महा बिरही अति कामी॥**

तिमीसँग यस्तो प्रतिस्पर्द्धा कसरी सहन सकिन्छ? हे प्रिये! तिमी शीघ्र नै प्रकट किन हुन्नौ? यस्ता प्रकारले [अनन्त ब्रह्माण्डका अथवा महामहिमामयी स्वरूपाशक्ति श्रीसीताका] स्वामी श्रीरामले सीताजीलाई खोज्दै [यस प्रकार] विलाप गर्नुभएको छ, मानौं कुनै महाविरही र अत्यन्त कामी पुरुष हो॥ ८॥

**पूरनकाम राम सुख रासी। मनुजचरित कर अज अबिनासी॥**
**आगें परा गीधपति देखा। सुमिरत राम चरन जिन्ह रेखा॥**

पूर्णकाम, आनन्दका राशि, अजन्मा र अविनाशी श्रीराम मनुष्यको जस्तो चरित्र गरिरहनुभएको छ। अगाडि [गएपछि] उहाँले गृध्रपति जटायुलाई पल्टेको देख्नुभयो। उसले श्रीरामका चरणलाई स्मरण गरिरहेको थियो, जसमा [ध्वजा-कुलिश आदिका] चिह्न थिए॥ ९॥

दो०— **कर सरोज सिर परसेउ कृपासिंधु रघुबीर।**
**निरखि राम छबि धाम मुख बिगत भई सब पीर॥ ३०॥**

कृपासागर श्रीरघुवीरले आफ्ना करकमलले उसको शिरलाई स्पर्श गर्नुभयो। शोभाधाम श्रीरामको [परम सुन्दर] अनुहार देखेर उसको सबै पीडा हरायो॥ ३०॥

**तब कह गीध बचन धरि धीरा। सुनहु राम भंजन भव भीरा॥**
**नाथ दसानन यह गति कीन्ही। तेहिं खल जनकसुता हरि लीन्ही॥**

अनि धैर्य गरेर गिद्धले यस्तो वचन भन्यो—हे भव (जन्म-मृत्यु) को भयलाई नाश गर्नेवाला श्रीराम! सुनिबक्सियोस्। हे नाथ! रावणले मेरो यस्तो दशा गराएको हो। त्यही दुष्टले जानकीजीलाई हरण गरेको छ॥ १॥

**लै दच्छिन दिसि गयउ गोसाईं। बिलपति अति कुररी की नाईं॥**
**दरस लागि प्रभु राखेउँ प्राना। चलन चहत अब कृपानिधाना॥**

हे गोसाईं! उसले उहाँलाई दक्षिण दिशामा लिएर गएको छ। सीताजी कुररी (क्रौञ्च अथवा कन्याङकुरुङ) को झैं अत्यन्त विलाप गरिरहनुभएको थियो। हे प्रभु! मैले हजुरको दर्शनका लागि नै प्राण रोकेर राखेको थिएँ। हे कृपानिधान! अब यो (प्राण) जान नै चाहन्छ॥ २॥

**राम कहा तनु राखहु ताता। मुख मुसुकाइ कही तेहिं बाता॥**
**जाकर नाम मरत मुख आवा। अधमउ मुकुत होइ श्रुति गावा॥**

श्रीरामचन्द्रले भन्नुभयो—हे तात! शरीरलाई राखिराख्नुहोस् (बचाइराख्नुहोस्)। त्यसपछि उसले मुस्कुराउँदै यस्तो कुरा भन्यो—मर्ने समयमा जसको नाम मुखमा आउनाले अधम (महान् पापी) पनि मुक्त हुन्छन्, यस्तो वेदले गाएका छन्— ॥ ३॥

**सो मम लोचन गोचर आगें। राखौं देह नाथ केहि खाँगें॥**
**जल भरि नयन कहहिं रघुराई। तात कर्म निज तें गति पाई॥**

उही (हजुर) मेरो नेत्रका विषय भएर सम्मुख उभिनुभएको छ। हे नाथ! अब मैले के कमी (पूर्ति) को लागि शरीरलाई राखौं? नेत्रमा आँसु भरेर श्रीरघुनाथले भन्न लाग्नुभयो—हे जटायु! तपाईंले आफ्नो श्रेष्ठ कर्मले [दुर्लभ] गति पाउनुभयो॥ ४॥

**परहित बस जिन्ह के मन माहीं। तिन्ह कहुँ जग दुर्लभ कछु नाहीं॥**
**तनु तजि तात जाहु मम धामा। देउँ काह तुम्ह पूरनकामा॥**

जसको मनमा अर्काको हित बस्दछ (रमाउँछ), उनको लागि जगत्‌मा केही पनि (कुनै पनि गति) दुर्लभ हुँदैन। हे तात! शरीर छोडेर तपाईं मेरो परम धाममा जानुहोस्। मैले तपाईंलाई के दिऊँ? तपाईं त पूर्णकाम हुनुहुन्छ (सबै चीज पाइसक्नुभएको छ)॥ ५॥

दो०—**सीता हरन तात जनि कहहु पिता सन जाइ।**
**जौं मैं राम त कुल सहित कहिहि दसानन आइ॥ ३१॥**

हे तात! सीताहरणको कुरा तपाईं गएपछि पिताजीसँग नभन्नुहोला। यदि म राम हुँ भने दशमुख रावण कुटुम्ब (सबै राक्षसहरू र परिवार) सहित त्यहाँ आएर स्वयं नै भन्नेछ॥ ३१॥

**गीध देह तजि धरि हरि रूपा। भूषन बहु पट पीत अनूपा॥**
**स्याम गात बिसाल भुज चारी। अस्तुति करत नयन भरि बारी॥**

जटायुले गिद्धको देह त्यागेर हरिको रूप धारण गरेर तथा धेरै प्रकारका अनुपम (दिव्य) आभूषण र [दिव्य] पीताम्बर लगाए। श्याम शरीर छ, विशाल चार भुजाहरू छन् र नेत्रमा [प्रेम तथा आनन्दका आँसुका] जल भर्दै उनले स्तुति गर्न लागे— ॥ १॥

छं०—**जय राम रूप अनूप निर्गुन सगुन गुन प्रेरक सही।**
**दससीस बाहु प्रचंड खंडन चंड सर मंडन मही॥**
**पाथोद गात सरोज मुख राजीव आयत लोचनं।**
**नित नौमि रामु कृपाल बाहु बिसाल भव भय मोचनं॥**

हे रामजी ! हजुरको जय होस्। हजुरको रूप अनुपम छ, हजुर निर्गुण होइबक्सिन्छ, सगुण होइबक्सिन्छ र सत्य नै गुणहरूका (मायाका) प्रेरक होइबक्सिन्छ। दश शिर भएको रावणका प्रचण्ड भुजाहरूलाई खण्ड-खण्ड गर्नका लागि प्रचण्ड बाण धारण गर्ने, पृथ्वीलाई सुशोभित गर्ने, जलयुक्त मेघको समान श्याम शरीर भएका, कमलको समान मुख र [रातो] कमलका समान विशाल नेत्र हुनुभएका, विशाल भुजा हुनुभएका र भव-भयबाट छुटाउने कृपालु श्रीरामलाई म नित्य नमस्कार गर्दछु॥ १॥

**बलमप्रमेयमनादिमजमब्यक्तमेकमगोचरं।**
**गोबिंद गोपर द्वंद्वहर बिग्यानघन धरनीधरं॥**
**जे राम मंत्र जपंत संत अनंत जन मन रंजनं।**
**नित नौमि राम अकाम प्रिय कामादि खल दल गंजनं॥**

हजुर अपरिमित (तुलना गर्न नसकिने) बलवान् होइबक्सिन्छ। अनादि, अजन्मा, अव्यक्त (निराकार), एक, अगोचर (अलक्ष्य), गोविन्द (वेदवाक्यद्वारा जान्न योग्य), इन्द्रियदेखि अतीत, [जन्म-मरण, सुख-दुःख, हर्ष-शोकादि] द्वन्द्वलाई हरण गर्ने, विज्ञानको घनमूर्ति र पृथ्वीको आधार होइबक्सिन्छ तथा जुन सन्त राम-मन्त्रलाई जप्दछन्, उनै अनन्त सेवकहरूका मनलाई आनन्ददायक होइबक्सिन्छ। उनै निष्कामप्रिय (निष्कामजनका प्रेमी अथवा उनका प्रिय) तथा काम आदि दुष्टहरू (दुष्ट-वृत्तिहरू) को समूहलाई नष्ट गर्ने श्रीरामलाई म नित्य नमस्कार गर्दछु॥ २॥

**जेहि श्रुति निरंजन ब्रह्म ब्यापक बिरज अज कहि गावहीं।**
**करि ध्यान ग्यान बिराग जोग अनेक मुनि जेहि पावहीं॥**
**सो प्रगट करुना कंद सोभा बृंद अग जग मोहई।**
**मम हृदय पंकज भृंग अंग अनंग बहु छबि सोहई॥**

जसलाई श्रुतिहरूले निरञ्जन (मायादेखि पर), ब्रह्म, व्यापक, निर्विकार र जन्मरहित भनेर वर्णन गर्दछन्। मुनिले जसलाई ध्यान, ज्ञान, वैराग्य र योग आदि अनेक साधन गरेर प्राप्त गर्छन्। उनै करुणाकन्द, शोभाका समूह [स्वयं श्रीभगवान्] प्रकट भएर जड-चेतन समस्त जगत्लाई मोहित गराइबक्सिएको छ। मेरो हृदय-कमलको भँवरोरूप हजुरका अङ्ग-अङ्गमा कामदेवको रूपले खुब शोभा पाइरहेको छ॥ ३॥

**जो अगम सुगम सुभाव निर्मल असम सम सीतल सदा।**
**पस्यंति जं जोगी जतन करि करत मन गो बस सदा॥**
**सो राम रमा निवास संतत दास बस त्रिभुवन धनी।**
**मम उर बसउ सो समन संसृति जासु कीरति पावनी॥**

जुन अगम र सुगम छ, निर्मल स्वभाव छ, विषम र सम होइबक्सिन्छ र सधैं शीतल (शान्त) होइबक्सिन्छ। मन र इन्द्रियहरूलाई सधैं वशमा गर्दै योगीले धेरै साधना गरेपछि जसलाई देख्न पाउँछन्। उनै तीनै लोकका स्वामी, रमानिवास श्रीराम निरन्तर आफ्ना दासका अधीनमा होइबक्सिन्छ। हजुर नै मेरो हृदयमा निवास गरिबक्सियोस्, जसको पवित्र कीर्ति आवागमन (जन्मनु-मर्नु) लाई मेटाउनेवाला छ॥ ४॥

**दो०— अबिरल भगति मागि बर गीध गयउ हरिधाम।**
**तेहि की क्रिया जथोचित निज कर कीन्ही राम॥ ३२॥**

यसरी अखण्ड भक्तिको वरदान मागेर गृध्रराज जटायु श्रीहरिको परमधाममा गए। श्रीरामचन्द्रले उनको [दाह-संस्कार आदि सबै] क्रियाहरू यथायोग्य आफ्नै हातले गर्नुभयो॥ ३२॥

**कोमल चित अति दीनदयाला। कारन बिनु रघुनाथ कृपाला॥**
**गीध अधम खग आमिष भोगी। गति दीन्ही जो जाचत जोगी॥**

श्रीरघुनाथ अत्यन्त कोमल चित्त भएका, दीनदयालु र विनाकारण नै कृपालु हुनुहुन्छ। गिद्ध [पन्छीहरूमा] अधम पन्छी र मांसाहारी थियो, उसलाई पनि दुर्लभ गति दिनुभयो, जसलाई योगीहरूले मागिरहन्छन्॥ १॥

**सुनहु उमा ते लोग अभागी। हरि तजि होहिं बिषय अनुरागी॥**
**पुनि सीतहि खोजत द्वौ भाई। चले बिलोकत बन बहुताई॥**

[शिवजीले भन्नुहुन्छ— ] हे पार्वती! सुन, ती मानिस अभागी हुन् जसले भगवान्लाई छोडेर विषयहरूसँग अनुराग (प्रेम) गर्दछन्। फेरि दुवै भाइ सीताजीलाई खोज्दै अगाडि जानुभयो। उहाँहरूले वनको सघनता (बाक्लो वन) लाई हेर्दै जानुभएको छ॥ २॥

## * कबन्ध-उद्धार *

**संकुल लता बिटप घन कानन। बहु खग मृग तहँ गज पंचानन॥**
**आवत पंथ कबंध निपाता। तेहिं सब कही साप कै बाता॥**

त्यो सघन वन लहराहरू र वृक्षले भरिएको छ। त्यसमा धेरै नै पन्छी, मृग, हात्ती र सिंह रहन्छन्। श्रीरामले बाटोमा आउँदै गरेको कबन्धलाई मार्नुभयो। उसले आफ्नो श्रापको सबै कुरा भन्यो॥ ३॥

**दुरबासा मोहि दीन्ही सापा। प्रभु पद पेखि मिटा सो पापा॥**
**सुनु गंधर्ब कहउँ मैं तोही। मोहि न सोहाइ ब्रह्मकुल द्रोही॥**

[उसले भन्यो— ] दुर्वासाजीले मलाई श्राप दिनुभएको थियो। अब प्रभुका चरणलाई देख्नाले त्यो पाप मेटियो। [श्रीरामले भन्नुभयो— ] हे गन्धर्व! सुन, मैले तिमीलाई भन्छु, ब्राह्मणकुलसँग द्रोह गर्नेवाला मलाई मन पर्दैनन्॥ ४॥

**दो०— मन क्रम बचन कपट तजि जो कर भूसुर सेव।**
**मोहि समेत बिरंचि सिव बस ताकें सब देव॥ ३३॥**

मन, वचन र कर्मले कपट छोडेर जसले भूदेव ब्राह्मणहरूको सेवा गर्दछ, मसमेत ब्रह्मा, शिव आदि सबै देवता उसको वशमा हुन्छन्॥ ३३॥

**सापत ताड़त परुष कहंता। बिप्र पूज्य अस गावहिं संता॥**
**पूजिअ बिप्र सील गुन हीना। सूद्र न गुन गन ग्यान प्रबीना॥**

श्राप दिँदा, हान्दा र कठोर वचन भन्दा पनि ब्राह्मण पूजनीय हुन्छन्, यस्तो सन्तले भन्छन्। शील र गुणले हीन पनि ब्राह्मण पूजनीय हुन्छन् र गुणगण (गुणका समूह) हरूले युक्त र ज्ञानमा निपुण पनि शूद्र पूजनीय हुँदैनन्॥ १॥

**कहि निज धर्म ताहि समुझावा। निज पद प्रीति देखि मन भावा॥**
**रघुपति चरन कमल सिरु नाई। गयउ गगन आपनि गति पाई॥**

श्रीरामले आफ्नो धर्म (भागवत धर्म) भनेर उसलाई सम्झाउनुभयो। आफ्ना चरणमा प्रेम देखेर उहाँको मन प्रसन्न भयो। तदनन्तर श्रीरघुनाथका चरणकमलमा शिर निहुराएर ऊ आफ्नो गति (गन्धर्वको स्वरूप) पाएर आकाशमा गइहाल्यो॥ २॥

## ❋ शबरीलाई कृपा, नवधा भक्तिको उपदेश र पम्पासरतर्फ प्रस्थान ❋

**ताहि देइ गति राम उदारा। सबरी कें आश्रम पगु धारा॥**
**सबरी देखि राम गृहँ आए। मुनि के बचन समुझि जियँ भाए॥**

उदार श्रीरामले उसलाई परम गति दिएर शबरीका आश्रममा जानुभयो। शबरीले श्रीरामचन्द्रलाई आश्रममा आएको देखिन्, अनि मुनि मतङ्गजीका वचनहरूलाई याद गरेर उनको मन प्रसन्न भयो॥ ३॥

**सरसिज लोचन बाहु बिसाला। जटा मुकुट सिर उर बनमाला॥**
**स्याम गौर सुंदर दोउ भाई। सबरी परी चरन लपटाई॥**

कमल-सदृश नेत्र र विशाल भुजा भएका, शिरमा जटाहरूको मुकुट र हृदयमा वनमाला धारण गरेर सुन्दर श्याम र गोरो रङ्गका दुवै भाइहरूका चरणमा शबरी टाँसिइन्॥ ४॥

**प्रेम मगन मुख बचन न आवा। पुनि पुनि पद सरोज सिर नावा॥**
**सादर जल लै चरन पखारे। पुनि सुंदर आसन बैठारे॥**

उनी प्रेममा मग्न भइन्, मुखबाट वचन निस्केन। बारम्बार चरण-कमलहरूमा शिर झुकाएकी छिन्। फेरि उनले जल लिएर आदरपूर्वक दुवै भाइहरूका चरण धोइन् र फेरि उहाँहरूलाई सुन्दर आसनमा बसालिन्॥ ५॥

**दो०— कंद मूल फल सुरस अति दिए राम कहुँ आनि।**
**प्रेम सहित प्रभु खाए बारंबार बखानि॥ ३४॥**

उनले अत्यन्त रसिला र स्वादिष्ट कन्द, मूल र फल ल्याएर श्रीरामलाई दिइन्। प्रभुले बारम्बार प्रशंसा गरेर त्यसलाई प्रेमपूर्वक खानुभयो॥ ३४॥

**पानि जोरि आगें भइ ठाढ़ी। प्रभुहि बिलोकि प्रीति अति बाढ़ी॥**
**केहि बिधि अस्तुति करौं तुम्हारी। अधम जाति मैं जड़मति भारी॥**

फेरि उनी हात जोडेर अघिल्तिर उभिइन्। प्रभुलाई देखेर उनको प्रेम अत्यन्त बढ्यो। [उनले भनिन्— ] मैले कुन प्रकारले हजुरको स्तुति गरौं? म नीच जातिकी र अत्यन्त मूढ बुद्धि भएकी छु॥ १॥

**अधम ते अधम अधम अति नारी। तिन्ह महँ मैं मतिमंद अघारी॥**
**कह रघुपति सुनु भामिनि बाता। मानउँ एक भगति कर नाता॥**

जुन अधममा पनि अधम छन्, स्त्रीहरू उनीमध्ये पनि अत्यन्त अधम छन् र उनीहरूमध्ये पनि हे पापनाशन! म मन्द बुद्धि भएकी छु। श्रीरघुनाथले भन्नुभयो—हे भामिनी! मेरो कुरा सुन। मैले त केवल एउटा भक्तिको नै सम्बन्ध मान्छु॥ २॥

**जाति पाँति कुल धर्म बड़ाई। धन बल परिजन गुन चतुराई॥**
**भगति हीन नर सोहइ कैसा। बिनु जल बारिद देखिअ जैसा॥**

जाति, पाति, कुल, धर्म, बडप्पन, धन, बल, कुटुम्ब, गुण र चतुरता—यी सबै भए पनि भक्तिले रहित मनुष्य कस्तो लाग्छ, जलहीन बादल जस्तो [शोभाहीन] देखिन्छ॥ ३॥

**नवधा भगति कहउँ तोहि पाहीं। सावधान सुनु धरु मन माहीं॥**
**प्रथम भगति संतन्ह कर संगा। दूसरि रति मम कथा प्रसंगा॥**

मैले तिमीलाई आफ्नो नवधा भक्ति* भन्दछु। तिमीले सावधानीपूर्वक सुन र मनमा धारण गर। पहिलो भक्ति हो सन्तहरूसँग सत्सङ्ग। दोस्रो भक्ति हो मेरो कथा-प्रसङ्गमा प्रेम॥ ४॥

दो०— **गुर पद पंकज सेवा तीसरि भगति अमान।**
**चौथि भगति मम गुन गन करइ कपट तजि गान॥ ३५॥**

तेस्रो भक्ति हो अभिमानरहित भएर गुरुका चरणकमलको सेवा गर्नु र चौथो भक्ति यो हो कि कपट छोडेर मेरा गुणसमूहहरूलाई नै वर्णन गर्ने॥ ३५॥

**मंत्र जाप मम दृढ़ बिस्वासा। पंचम भजन सो बेद प्रकासा॥**
**छठ दम सील बिरति बहु करमा। निरत निरंतर सज्जन धरमा॥**

मेरो (राम) मन्त्रको जप र मसँग दृढ विश्वास—यो पाँचौं भक्ति हो, जुन वेदहरूमा प्रसिद्ध छ। छैटौं भक्ति हो इन्द्रियहरूको निग्रह, शील (राम्रो स्वभाव वा चरित्र), धेरै कार्यहरूमा वैराग्य र निरन्तर सन्त पुरुषहरूको धर्म (आचरण) मा लागिरहनु॥ १॥

**सातवँ सम मोहि मय जग देखा। मोतें संत अधिक करि लेखा॥**
**आठवँ जथालाभ संतोषा। सपनेहुँ नहिं देखइ परदोषा॥**

सातौं भक्ति हो जगत्‌भरलाई समभावले मसँग ओतप्रोत (राममय) देख्नु र सन्तहरूलाई मलाई भन्दा पनि धेरै मान्नु। आठौं भक्ति हो जे जस्तो मिल्छ, त्यसैमा सन्तोष गर्नु र स्वप्नमा पनि अर्काको दोषलाई नहेर्नु॥ २॥

**नवम सरल सब सन छलहीना। मम भरोस हियँ हरष न दीना॥**
**नव महुँ एकउ जिन्ह कें होई। नारि पुरुष सचराचर कोई॥**

* समानार्थी श्लोक— '**श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम्। अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम्॥**' (श्रीमद्भागवत महापुराण, सप्तम स्कन्ध, अ० ६, श्लोक २४ बाट।)

नवौं भक्ति हो सरलता र सबैसँग कपटरहित व्यवहार गर्नु, हृदयमा मेरो भरोसा राख्नु र कुनै पनि अवस्थामा हर्ष र विषाद नलिनु। यी नौमध्ये जससँग एउटा पनि हुन्छ, त्यो स्त्री–पुरुष, जड–चेतन कुनै पनि होस्— ॥ ३ ॥

**सोइ अतिसय प्रिय भामिनि मोरें। सकल प्रकार भगति दृढ़ तोरें॥**
**जोगि बृंद दुरलभ गति जोई। तो कहुँ आजु सुलभ भइ सोई॥**

हे भामिनी! मलाई त्यही व्यक्ति अत्यन्त प्रिय हुन्छ। फेरि तिमीमा त सबै प्रकारका भक्ति दृढ छन्। अतएव जुन गति योगीहरूलाई पनि दुर्लभ छ, त्यही आज तिम्रो लागि सुलभ भएको छ॥ ४॥

**मम दरसन फल परम अनूपा। जीव पाव निज सहज सरूपा॥**
**जनकसुता कइ सुधि भामिनी। जानहि कहु करिबरगामिनी॥**

मेरो दर्शनको परम अनुपम फल यही हो कि जीवले आफ्नो सहज स्वरूपलाई प्राप्त गर्दछन्। हे भामिनी! अब यदि तिमीले गजगामिनी जानकीको केही खबर जानेकी छौ भने बताऊ॥ ५॥

**पंपा सरहि जाहु रघुराई। तहँ होइहि सुग्रीव मिताई॥**
**सो सब कहिहि देव रघुबीरा। जानतहूँ पूछहु मतिधीरा॥**

[शबरीले भनिन्—] हे रघुनाथजी! हजुर पम्पा नामको सरोवर (ताल) मा गइबक्सियोस्। त्यहाँ हजुरको सुग्रीवसँग मित्रता हुनेछ। हे देव! हे रघुवीर! उनले सबै कुरा बताउनेछन्। हे धीरबुद्धि! हजुरले सबै जानेर पनि मसँग सोधिबक्सिएको छ!॥ ६॥

**बार बार प्रभु पद सिरु नाई। प्रेम सहित सब कथा सुनाई॥**

बारम्बार प्रभुका चरणमा शिर निहुराएर प्रेमसहित उनले सबै कथा सुनाइन्॥ ७॥

छं०— **कहि कथा सकल बिलोकि हरि मुख हृदयँ पद पंकज धरे।**
**तजि जोग पावक देह हरि पद लीन भइ जहँ नहिं फिरे॥**
**नर बिबिध कर्म अधर्म बहु मत सोकप्रद सब त्यागहू।**
**बिस्वास करि कह दास तुलसी राम पद अनुरागहू॥**

सबै कथा भनेर भगवान्‌को मुखको दर्शन गरेर, हृदयमा उहाँका चरणकमललाई धारण गरिन् र योगाग्निले शरीरलाई त्यागेर (जलाएर) उनी त्यस दुर्लभ हरिपदमा लीन भइन, जहाँबाट फर्केर आउनुपर्दैन। तुलसीदासजीले भन्नुहुन्छ कि अनेकौं प्रकारका कर्म, अधर्म र धेरै नै मत—यी सबै शोकप्रद छन्; हे मनुष्यहरू हो! यिनलाई त्याग गर र विश्वास गरेर श्रीरामका चरणमा प्रेम गर।

दो०— **जाति हीन अघ जन्म महि मुक्त कीन्हि असि नारि।**
**महामंद मन सुख चहसि ऐसे प्रभुहि बिसारि॥ ३६॥**

जुन नीच जातिकी र पापहरूकी जन्मभूमि थिई, यस्ती स्त्रीलाई पनि जसले मुक्त गरिदिनुभयो, हे महादुर्बुद्धि मन! तैंले यस्ता प्रभुलाई भुलेर सुख खोजेको छस्?॥ ३६॥

**चले राम त्यागा बन सोऊ। अतुलित बल नर केहरि दोऊ॥**
**बिरही इव प्रभु करत बिषादा। कहत कथा अनेक संबादा॥**

श्रीरामचन्द्रले त्यस वनलाई पनि छोड्नुभयो र अगाडि हिँड्नुभयो। दुवै भाइ अतुलनीय बलवान् र मनुष्यहरूमा सिंहसमान हुनुहुन्छ। प्रभुले विरहीले झैं विषाद गर्दै अनेकौं कथाहरू र संवाद गर्नुहुन्छ (भन्नुहुन्छ)— ॥ १ ॥

**लछिमन देखु बिपिन कइ सोभा। देखत केहि कर मन नहिं छोभा॥**
**नारि सहित सब खग मृग बृंदा। मानहुँ मोरि करत हहिं निंदा॥**

हे लक्ष्मण! एकछिन वनको शोभालाई त हेर। यसलाई देखेर कसको मन क्षुब्ध हुँदैन? पक्षी र पशुहरूका समूह सबै पत्नीसहित छन्। मानौं उनीहरूले मेरो निन्दा गरेका छन्॥ २॥

**हमहि देखि मृग निकर पराहीं। मृगीं कहहिं तुम्ह कहँ भय नाहीं॥**
**तुम्ह आनंद करहु मृग जाए। कंचन मृग खोजन ए आए॥**

हामीलाई देखेर [जब डरले गर्दा] हरिणहरूका समूह भाग्न खोज्दछन्, त्यसपछि हरिणीले उनीहरूसँग भन्छन्—तिमीहरू डराउनुपर्दैन। तिमीहरू त साधारण हरिणीबाट पैदा भएका हौ, अतः तिमीहरू आनन्द लेऊ। यिनीहरू त सुनका हरिण (मृग) खोज्न आएका हुन्॥ ३॥

**संग लाइ करिनीं करि लेहीं। मानहुँ मोहि सिखावनु देहीं॥**
**सास्त्र सुचिंतित पुनि पुनि देखिअ। भूप सुसेवित बस नहिं लेखिअ॥**

हात्ती हस्तिनीहरूका साथमा रहन्छ। उसले मानौं मलाई शिक्षा दिएको छ [कि स्त्रीलाई कहिल्यै एक्लै छोड्नुहुँदैन]। राम्रोसँग चिन्तन (अध्ययन) गरेको शास्त्रलाई पनि पटक-पटक हेरिरहनुपर्छ। राम्रोसँग सेवा गर्दा पनि राजालाई आफ्नो वशमा सम्झनुहुँदैन॥ ४॥

**राखिअ नारि जदपि उर माहीं। जुबती सास्त्र नृपति बस नाहीं॥**
**देखहु तात बसंत सुहावा। प्रिया हीन मोहि भय उपजावा॥**

र स्त्रीलाई चाहे हृदयमा नै किन नराखियोस्; परन्तु युवती नारी, शास्त्र र राजा कसैको अधीनमा हुँदैनन्। हे तात! यस सुन्दर वसन्तलाई त हेर। प्रियाविना यसले मलाई भय उत्पन्न गराएको छ॥ ५॥

दो०— **बिरह बिकल बलहीन मोहि जानेसि निपट अकेल।**
**सहित बिपिन मधुकर खग मदन कीन्ह बगमेल॥ ३७ (क)॥**

मलाई विरहले व्याकुल, बलहीन र बिलकुल एक्लै जानेर कामदेवले वन, भमरा र पक्षीहरूलाई साथ लिएर मलाई आक्रमण गरेको छ॥ ३७ (क)॥

**देखि गयउ भ्राता सहित तासु दूत सुनि बात।**
**डेरा कीन्हेउ मनहुँ तब कटकु हटकि मनजात॥ ३७ (ख)॥**

परन्तु जब उसको दूतले यो देख्यो कि म भाइको साथमा छु (एक्लै छैन), त्यसपछि उसको कुरा सुनेर कामदेवले मानौं सेनालाई रोकेर डेरा बनाएको छ॥ ३७ (ख)॥

**बिटप बिसाल लता अरुझानी। बिबिध बितान दिए जनु तानी॥**
**कदलि ताल बर धुजा पताका। देखि न मोह धीर मन जाका॥**

विशाल वृक्षहरूमा लहरा (लता) हरू अल्झिएको यस्तो ज्ञात हुन्छ मानौं नाना प्रकारका त्रिपाल टाँगेका छन्। केरा र ताड (वृक्ष) सुन्दर ध्वजा (ठूलो झन्डा)–पताका (सानो र होचो झन्डा) समान छन्। यसलाई देखेर उही व्यक्ति मोहित हुँदैन, जसको बुद्धि (मन) धीर छ॥ १॥

**बिबिध भाँति फूले तरु नाना। जनु बानैत बने बहु बाना॥**
**कहुँ कहुँ सुंदर बिटप सुहाए। जनु भट बिलग बिलग होइ छाए॥**

अनेकौं वृक्ष नाना प्रकारले फुलेका छन्। मानौं अलग–अलग पोशाक (पहिरन) धारण गरेका धेरै नै वन्दनवार सुशोभित छन्। कहीं–कहीं सुन्दर वृक्षले यसरी शोभा दिइरहेका छन्। मानौं योद्धाहरू हुन्, जसले (सेनासँग) अलग–अलग भएर छाउनी बनाएका छन्॥ २॥

**कूजत पिक मानहुँ गज माते। ढेक महोख ऊँट बिसराते॥**
**मोर चकोर कीर बर बाजी। पारावत मराल सब ताजी॥**

कोइली कराएका छन्, त्यही मानौं मत्त हात्ती [कराएको] हो, ढेक र महोख पन्छी मानौं ऊँट र खच्चड हुन्। मयूर, च्याखुरा (चकोर), सुगा, परेवा र हाँस मानौं सबै सुन्दर ताजी (अरबी) घोडा हुन्॥ ३॥

**तीतिर लावक पदचर जूथा। बरनि न जाइ मनोज बरूथा॥**
**रथ गिरि सिला दुंदुभीं झरना। चातक बंदी गुन गन बरना॥**

तित्रो र ढिकुर सिपाहीका समूहहरू हुन्। कामदेवको सेनाको वर्णन हुन नै सक्तैन। पर्वतहरूका शिलाहरू रथ र जलका झरना दुन्दुभि (नगरा) हुन्। भ्यागुता भाट हुन्, जसले गुणसमूह (विरुदावली) लाई वर्णन गर्दछन्।॥ ४॥

**मधुकर मुखर भेरि सहनाई। त्रिबिध बयारि बसीठीं आई॥**
**चतुरंगिनी सेन सँग लीन्हें। बिचरत सबहि चुनौती दीन्हें॥**

भमराको गुञ्जन (बोली) भेरी (रणक्षेत्रमा बजाइने एक प्रकारको ठूलो ढोल बाजा) र शहनाई हुन्। शीतल, मन्द र सुगन्धित हावा मानौं दूतको काम लिएर आएको छ। यस प्रकार चतुरङ्गिणी सेना साथ लिएर कामदेवले मानौं सबैलाई चुनौती दिएर भ्रमण गरिरहेको छ॥ ५॥

**लछिमन देखत काम अनीका। रहहिं धीर तिन्ह कै जग लीका॥**
**एहि कें एक परम बल नारी। तेहि तें उबर सुभट सोइ भारी॥**

हे लक्ष्मण! कामदेवको यस सेनालाई देखेर जो धीर बनिरहन्छन्, जगत्मा उनैको [वीरहरूमा] प्रतिष्ठा हुन्छ। यस कामदेवलाई एक स्त्रीको धेरै ठूलो बल छ। उसबाट जुन बच्नेछ, उही श्रेष्ठ योद्धा हुनेछ॥ ६॥

दो०— **तात तीनि अति प्रबल खल काम क्रोध अरु लोभ।**
**मुनि बिग्यान धाम मन करहिं निमिष महुँ छोभ॥ ३८ (क)॥**

हे तात! काम, क्रोध र लोभ—यी तीन अत्यन्त प्रबल दुष्ट हुन्। यिनले विज्ञानका धाम मुनिहरूको मनलाई पनि पलभरमा क्षुब्ध गर्दछन्॥ ३८ (क)॥

**लोभ कें इच्छा दंभ बल काम कें केवल नारि।**
**क्रोध कें परुष बचन बल मुनिबर कहहिं बिचारि॥ ३८ ( ख )॥**

लोभको इच्छा र दम्भको बल हो, कामलाई केवल स्त्रीको बल हुन्छ र क्रोधलाई कठोर वचनको बल हुन्छ; श्रेष्ठ मुनिले विचार गरेर यस्तो भन्दछन्॥ ३८ (ख)॥

**गुनातीत सचराचर स्वामी। राम उमा सब अंतरजामी॥**
**कामिन्ह कै दीनता देखाई। धीरन्ह कें मन बिरति दृढ़ाई॥**

[शिवजीले भन्नुहुन्छ—] हे पार्वती! श्रीरामचन्द्र गुणातीत (तीनै गुणदेखि पर), चराचर जगत्का स्वामी र सबैको मनभित्रको जान्ने (अन्तर्यामी) हुनुहुन्छ। [उपर्युक्त कुरा भनेर] उहाँले कामी मानिसहरूको दीनता देखाउनुभयो र धीर (विवेकी) पुरुषहरूको मनमा वैराग्य दृढ गर्नुभयो॥ १॥

**क्रोध मनोज लोभ मद माया। छूटहिं सकल राम कीं दाया॥**
**सो नर इंद्रजाल नहिं भूला। जा पर होइ सो नट अनुकूला॥**

क्रोध, काम, लोभ, मद र माया—यी सबै श्रीरामको दयाले छुट्छन्। ती नट (नटराज भगवान्) जसप्रति प्रसन्न हुन्छन्, ती मनुष्य इन्द्रजाल (माया) मा भुल्दैनन्॥ २॥

**उमा कहउँ मैं अनुभव अपना। सत हरि भजनु जगत सब सपना॥**
**पुनि प्रभु गए सरोबर तीरा। पंपा नाम सुभग गंभीरा॥**

हे उमा! मैले तिमीलाई आफ्नो अनुभव भन्छु—हरिको भजन नै सत्य हो, यो सबै जगत् त स्वप्ना [झैं झूटो] हो। अनि प्रभु श्रीराम पम्पा नामको सुन्दर र गहिरो तालको तीरमा जानुभयो॥ ३॥

**संत हृदय जस निर्मल बारी। बाँधे घाट मनोहर चारी॥**
**जहँ तहँ पिअहिं बिबिध मृग नीरा। जन उदार गृह जाचक भीरा॥**

उसको जल सन्तको हृदय-जस्तो निर्मल छ। मनलाई आकर्षित गर्नेवाला सुन्दर चार घाट बनाएका छन्। अनेक थरिका पशु जतासुकै जल पिएका छन्। मानौं उदार दानी पुरुषहरूको घरमा याचकहरूको भीड लागेको छ!॥ ४॥

दो०— **पुरइनि सघन ओट जल बेगि न पाइअ मर्म।**
**मायाछन्न न देखिऐ जैसें निर्गुन ब्रह्म॥ ३९ ( क )॥**

अति बाक्लो (कमलका पातका) आडले जललाई तुरुन्तै देख्न सकिन्न कि जस्तै मायाले ढाकिएका कारणले निर्गुण ब्रह्मलाई देख्न सकिन्न॥ ३९ (क)॥

**सुखी मीन सब एकरस अति अगाध जल माहिं।**
**जथा धर्मसीलन्ह के दिन सुख संजत जाहिं॥ ३९ ( ख )॥**

त्यस तलाउको अत्यन्त अथाह जलमा सबै माछाहरू सधैं एकरस (एकसमान) सुखी रहेका छन्। जसरी धर्मशील पुरुषहरूका सबै दिन सुखपूर्वक बित्दछन्॥ ३९ (ख)॥

**बिकसे सरसिज नाना रंगा। मधुर मुखर गुंजत बहु भृंगा॥**
**बोलत जलकुक्कुट कलहंसा। प्रभु बिलोकि जनु करत प्रसंसा॥**

त्यसमा रङ्ग–बिरङ्गका कमल फुलेका छन्। धेरै नै भमरा मधुर स्वरले गुञ्जन गरिरहेका छन्। जल–कुखुरा र राजहँस कराइरहेका छन्, मानौं प्रभुलाई देखेर उहाँको प्रशंसा गरिरहेका छन्॥ १॥

**चक्रबाक बक खग समुदाई। देखत बनइ बरनि नहिं जाई॥**
**सुंदर खग गन गिरा सुहाई। जात पथिक जनु लेत बोलाई॥**

चक्रवाक [चखेवा] बकुल्ला आदि पक्षीहरूका समुदाय हेर्दा नै हेरिरहौं जस्तो लाग्छ, उनको वर्णन गर्न नै सकिन्न। सुन्दर पक्षीहरूको बोली अति नै सुन्दर लाग्छ, मानौं [बाटोमा] जाँदै गरेका बटुवालाई बोलाएका छन्॥ २॥

**ताल समीप मुनिन्ह गृह छाए। चहु दिसि कानन बिटप सुहाए॥**
**चंपक बकुल कदंब तमाला। पाटल पनस परास रसाला॥**

त्यस ताल (पम्पा सरोवर) को नजिक मुनिहरूले आश्रम बनाइराखेका छन्। उसको चारैतर्फ वनमा सुन्दर वृक्ष छन्। चम्पा (चाँप), मौलसिरी, कदम्ब, तमाल, पाटल, कटहर, पलाश र आँप आदि॥ ३॥

**नव पल्लव कुसुमित तरु नाना। चंचरीक पटली कर गाना॥**
**सीतल मंद सुगंध सुभाऊ। संतत बहइ मनोहर बाऊ॥**

धेरै प्रकारका वृक्ष नयाँ–नयाँ पात (पालुवा) र [सुगन्धित] पुष्पहरूबाट युक्त छन्, [जसमा] भमराका समूह भुइँभुइँ गरेर गुञ्जन गरिरहेका छन्। स्वभावले नै शीतल, मन्द, सुगन्धित एवं मनलाई हरण गर्ने (लोभ्याउने) हावा सधैं चलिरहन्छ॥ ४॥

**कुहू कुहू कोकिल धुनि करहीं। सुन रव सरस ध्यान मुनि टरहीं॥**

कोइली 'कुहू', 'कुहू' को शब्द गरिरहेका छन्। तिनको रसिलो स्वर सुनेर मुनिहरूको पनि ध्यान टुट्ने गर्छ॥ ५॥

दो०— **फल भारन नमि बिटप सब रहे भूमि निअराइ।**
**पर उपकारी पुरुष जिमि नवहिं सुसंपति पाइ॥ ४०॥**

फलहरूको भारले झुकेर सबै वृक्ष जमिनसँग यसरी टाँसिएका छन्, जसरी परोपकारी पुरुष धेरै सम्पत्ति पाएर [विनम्रताले] निहुरिन्छन्॥ ४०॥

**देखि राम अति रुचिर तलावा। मज्जनु कीन्ह परम सुख पावा॥**
**देखी सुंदर तरुबर छाया। बैठे अनुज सहित रघुराया॥**

श्रीरामले अत्यन्त सुन्दर तलाउ देखेर स्नान गर्नुभयो र परम सुख पाउनुभयो। एक सुन्दर उत्तम वृक्षको छाया देखेर श्रीरघुनाथ भाइ लक्ष्मणजीसहित बस्नुभयो॥ १॥

**तहँ पुनि सकल देव मुनि आए। अस्तुति करि निज धाम सिधाए॥**
**बैठे परम प्रसन्न कृपाला। कहत अनुज सन कथा रसाला॥**

फेरि त्यहाँ सबै देवता र मुनि आएर स्तुति गरेर आ-आफ्नो धाममा गइहाले। कृपालु श्रीराम परम प्रसन्न भएर लक्ष्मणजीसँग रसिला कथाहरू भनिरहनुभएको छ॥ २॥

**बिरहवंत भगवंतहि देखी। नारद मन भा सोच बिसेषी॥**
**मोर साप करि अंगीकारा। सहत राम नाना दुख भारा॥**

भगवान्लाई विरहयुक्त देखेर नारदजीको मनमा विशेष रूपले चिन्ता भयो। [उहाँले विचार गर्नुभयो कि] मेरा श्रापलाई नै स्वीकार गरेर श्रीरामजीले नाना प्रकारका दुःखहरूको भार सहिरहनुभएको छ॥ ३॥

**ऐसे प्रभुहि बिलोकउँ जाई। पुन न बनिहि अस अवसरु आई॥**
**यह बिचारि नारद कर बीना। गए जहाँ प्रभु सुख आसीना॥**

यस्ता (भक्तवत्सल) प्रभुलाई गएर हेर्नेछु। फेरि यस्तो अवसर मिल्नेछैन। यस्तो विचार गरेर नारदजी हातमा वीणा लिँदै त्यहाँ जानुभयो, जहाँ प्रभु सुखपूर्वक बस्नुभएको थियो॥ ४॥

## * नारद-राम-संवाद *

**गावत राम चरित मृदु बानी। प्रेम सहित बहु भाँति बखानी॥**
**करत दंडवत लिए उठाई। राखे बहुत बार उर लाई॥**

उहाँले कोमल वाणीले प्रेमका साथ धेरै प्रकारले वर्णन गरेर रामचरित्रको गान गर्दै आइरहनुभएको थियो। दण्डवत् गर्दै गरेको देखेर श्रीरामचन्द्रले नारदजीलाई उठाउनुभयो र धेरै समयसम्म हृदयमा लगाइरहनुभयो॥ ५॥

**स्वागत पूँछि निकट बैठारे। लछिमन सादर चरन पखारे॥**

फेरि स्वागत (कुशल) सोधेर नजिकै बसाल्नुभयो। लक्ष्मणजीले आदरपूर्वक उहाँका चरण धुनुभयो॥ ६॥

दो०— **नाना बिधि बिनती करि प्रभु प्रसन्न जियँ जानि।**
**नारद बोले बचन तब जोर सरोरुह पानि॥ ४१॥**

धेरै प्रकारले बिन्ती गरेर र प्रभुलाई मनमा प्रसन्न जानेर अनि नारदजीले कमलका समान हात जोडेर यस्ता वचन भन्नुभयो— ॥ ४१॥

**सुनहु उदार सहज रघुनायक। सुंदर अगम सुगम बर दायक॥**
**देहु एक बर मागउँ स्वामी। जद्यपि जानत अंतरजामी॥**

हे स्वभावले नै उदार श्रीरघुनाथजी! सुनिबक्सियोस्। हजुर सुन्दर अगम र सुगम वरदान दिनेवाला

होइबक्सिन्छ। हे स्वामी! म एउटा वर माग्दछु, त्यो मलाई दिइबक्सियोस्, यद्यपि हजुर अन्तर्यामी हुनाको कारणले सबै जानिबक्सिएकै छ॥ १॥

**जानहु मुनि तुम्ह मोर सुभाऊ। जन सन कबहुँ कि करउँ दुराऊ॥**
**कवन बस्तु असि प्रिय मोहि लागी। जो मुनिबर न सकहु तुम्ह मागी॥**

[श्रीरामले भन्नुभयो— ] हे मुनि! तपाईंले मेरो स्वभाव जान्नुभएकै छ। के मैले आफ्ना भक्तहरूसँग कहिल्यै केही लुकाउँछु? मलाई यस्तो कुन वस्तु प्रिय लाग्छ, जसलाई हे मुनिश्रेष्ठ! तपाईंले माग्न सक्नुहुन्न?॥ २॥

**जन कहुँ कछु अदेय नहिं मोरें। अस बिस्वास तजहु जनि भोरें॥**
**तब नारद बोले हरषाई। अस बर मागउँ करउँ ढिठाई॥**

मैले भक्तको लागि दिन नसक्ने (दिन योग्य नभएको) केही पनि चीज छैन। यस्तो विश्वास भुलेर पनि नगर्नू। अनि नारदजी हर्षित भएर भन्नुभयो—मैले यस्तो एउटा वरदान माग्दछु, यो धृष्टता गर्दछु— ॥ ३॥

**जद्यपि प्रभु के नाम अनेका। श्रुति कह अधिक एक तें एका॥**
**राम सकल नामन्ह ते अधिका। होउ नाथ अघ खग गन बधिका॥**

यद्यपि प्रभुका अनेकौं नाम छन् र वेदले भन्छन् कि ती सबै एकभन्दा अर्को झन् उत्तम छन्, तर पनि हे नाथ! रामनाम सबै नामभन्दा श्रेष्ठ होस् र पापरूपी पक्षीहरूका समूहको लागि यो व्याधाको समान होस्॥ ४॥

दो०— **राका रजनी भगति तव राम नाम सोइ सोम।**
**अपर नाम उडगन बिमल बसहुँ भगत उर ब्योम॥ ४२ ( क )॥**

हजुरको भक्ति पूर्णिमाको रात्रि हो; त्यसमा 'राम' नाम यही पूर्ण चन्द्रमा भएर र अन्य सबै नाम तारागण भएर भक्तहरूका हृदयरूपी निर्मल आकाशमा निवास गरून्॥ ४२ (क)॥

**एवमस्तु मुनि सन कहेउ कृपसिंधु रघुनाथ।**
**तब नारद मन हरष अति प्रभु पद नायउ माथ॥ ४२ ( ख )॥**

कृपासागर श्रीरघुनाथले मुनिसँग 'तथास्तु' भन्नुभयो। त्यसपछि नारदजीले मनमा अत्यन्त हर्षित भएर प्रभुका चरणमा शिर निहुराउनुभयो॥ ४२ (ख)॥

**अति प्रसन्न रघुनाथहि जानी। पुनि नारद बोले मृदु बानी॥**
**राम जबहिं प्रेरेउ निज माया। मोहेहु मोहि सुनहु रघुराया॥**

श्रीरघुनाथलाई अत्यन्त प्रसन्न जानेर नारदजी फेरि यी कोमल वचन बोल्नुभयो—हे रामजी! हे रघुनाथजी! सुनिबक्सियोस्, जब हजुरले आफ्नो मायालाई प्रेरित गरेर मलाई मोहित गरिबक्सिएको थियो,॥ १॥

**तब बिबाह मैं चाहउँ कीन्हा। प्रभु केहि कारन करै न दीन्हा॥**
**सुनु मुनि तोहि कहउँ सहरोसा। भजहिं जे मोहि तजि सकल भरोसा॥**

अनि मैले विवाह गर्न खोजेको थिएँ। हे प्रभु! हजुरले मलाई त्यतिखेर कुन कारणले विवाह गर्न दिइबक्सिएन? [प्रभुले भन्नुभयो— ] हे मुनि! सुन्नुहोस्, मैले तपाईंसँग हर्षका साथ भन्दछु कि जसले समस्त आशा-भरोसा छोडेर केवल मलाई नै भज्दछ,॥ २॥

**करउँ सदा तिन्ह कै रखवारी। जिमि बालक राखइ महतारी॥**
**गह सिसु बच्छ अनल अहि धाई। तहँ राखइ जननी अरगाई॥**

मैले सधैं उसको उस्तै प्रकारले हेरचाह गर्दछु, जस्तै आमाले बालकको रक्षा गर्छिन्। सानो बच्चाले जब दौडेर आगो र सर्पलाई समात्न जान्छ, त्यहाँ तिनै आमाले उसलाई [आफ्नो हातले] अलग गरेर बचाउँदछिन्॥ ३॥

**प्रौढ़ भएँ तेहि सुत पर माता। प्रीति करइ नहिं पाछिलि बाता॥**
**मोरें प्रौढ़ तनय सम ग्यानी। बालक सुत सम दास अमानी॥**

युवक भएपछि त्यस पुत्रलाई आमाले प्रेम त गर्छिन्, परन्तु अघिल्लो कुराको चिन्ता हुँदैन (अर्थात् मातृपरायण शिशुका झैं फेरि उसलाई बचाउन चिन्ता गर्दिनन्; किनकि त्यो बालक आमाप्रति निर्भर नभएर आफ्नो रक्षा आफैं गर्न लाग्छ)। ज्ञानी मेरा युवक पुत्रका समान छन् र [तपाईं-जस्ता] आफ्नो बलको मान नगर्ने सेवक मलाई शिशु पुत्रसमान छन्॥ ४॥

**जनहि मोर बल निज बल ताही। दुहु कहँ काम क्रोध रिपु आही॥**
**यह बिचारि पंडित मोहि भजहीं। पाएहुँ ग्यान भगति नहिं तजहीं॥**

मेरा सेवकका लागि मेरो नै बल रहन्छ, किन्तु ज्ञानीलाई आफ्नो नै बल हुन्छ। तर काम-क्रोधरूपी शत्रु त दुवैका लागि छन्। [भक्तहरूका शत्रुहरूलाई मार्ने जिम्मेवारी मेरो नै रहन्छ, किनकि ऊ मेरो परायण भएर मेरो नै बल मान्दछ; परन्तु आफ्नो बललाई मान्नेवाला ज्ञानीहरूका शत्रुलाई मार्ने जिम्मेवारी मलाई छैन।] यस्तो विचार गरेर पण्डित (बुद्धिमान् मानिस) हरूले मलाई नै भज्दछन्। उनीहरूले ज्ञान प्राप्त गरेर पनि भक्तिलाई छोड्दैनन्॥ ५॥

दो०— **काम क्रोध लोभादि मद प्रबल मोह कै धारि।**
**तिन्ह महँ अति दारुन दुखद मायारूप नारि॥ ४३॥**

काम, क्रोध, लोभ र मद आदि मोह (अज्ञान) का प्रबल सेना छन्। यसमा मायारूपिणी (मायाकी साक्षात् मूर्ति) स्त्री त अत्यन्त दारुण दुःख दिनेवाला हुन्छन्॥ ४३॥

**सुनु मुनि कह पुरान श्रुति संता। मोह बिपिन कहुँ नारि बसंता॥**
**जप तप नेम जलाश्रय झारी। होइ ग्रीषम सोषइ सब नारी॥**

हे मुनि! सुन्नुहोस्, पुराण, वेद र सन्त भन्छन् कि मोहरूपी वन [लाई विकसित गर्न] को लागि स्त्री वसन्त ऋतुका समान हुन्छन्। जप, तप, नियमरूपी सम्पूर्ण जलका स्थानलाई नारीले ग्रीष्मरूप भएर सर्वथा सुकाइदिन्छन्॥ १॥

**काम क्रोध मद मत्सर भेका। इन्हहि हरषप्रद बरषा एका॥**
**दुर्बासना कुमुद समुदाई। तिन्ह कहँ सरद सदा सुखदाई॥**

काम, क्रोध, मद र मत्सर (डाह) आदि भ्यागुता हुन्। यिनलाई वर्षाऋतु भएर हर्ष प्रदान गर्नेवाला एउटा मात्र यही (स्त्री) हो। खराब वासनाहरू कमलहरूका समूह हुन्। उनलाई सदैव सुख दिनेवाला यो शरद्‌ऋतु हो॥ २॥

**धर्म सकल सरसीरुह बृंदा। होइ हिम तिन्हहि दहइ सुख मंदा॥**
**पुनि ममता जवास बहुताई। पलुहइ नारि सिसर रितु पाई॥**

समस्त धर्म कमलहरूका समूह हुन्। यो नीच (विषयजन्य) सुख दिनेवाली स्त्री हिमऋतु भएर उसलाई नष्ट गर्छे। त्यसपछि ममतारूपी जवासको समूह (वन) स्त्रीरूपी शिशिर-ऋतुलाई पाएर हरियो-भरिलो हुन्छ॥ ३॥

**पाप उलूक निकर सुखकारी। नारि निबिड़ रजनी अँधिआरी॥**
**बुधि बल सील सत्य सब मीना। बनसी सम त्रिय कहहिं प्रबीना॥**

पापरूपी उल्लू (लाटोकोसेरो) हरूको समूहका लागि स्त्री सुख दिने अन्धकारमय घोर रात्रि हो। बुद्धि, बल, शील र सत्य—यी सबै माछाहरू हुन् र उनै [लाई अल्झाएर नष्ट गर्न] का लागि आइमाई मानिस बल्छी समान हुन्, चतुर पुरुषले यस्तो भन्छन्॥ ४॥

दो०— **अवगुन मूल सूलप्रद प्रमदा सब दुख खानि।**
**ताते कीन्ह निवारन मुनि मैं यह जियँ जानि॥ ४४॥**

युवती नारी अवगुणहरूका मूल, पीडा दिनेवाला र सबै दु:खहरूका खानी हुन्। यसैले हे मुनि! मैले मनमा यस्तो विचार गरेर तपाईंलाई विवाह गर्नलाई रोकेको थिएँ॥ ४४॥

**सुनि रघुपति के बचन सुहाए। मुनि तन पुलक नयन भरि आए॥**
**कहहु कवन प्रभु कै असि रीती। सेवक पर ममता अरु प्रीती॥**

श्रीरघुनाथका सुन्दर वचन सुनेर मुनिको शरीर रोमाञ्चित भयो र नेत्र [प्रेमाश्रुका जलले] भरिए। [उहाँले मन-मनै भन्न लाग्नुभयो—] भन त कुन प्रभुको यस्तो रीति छ, जसको सेवकप्रति यति ममत्व र प्रेम छ॥ १॥

**जे न भजहिं अस प्रभु भ्रम त्यागी। ग्यान रंक नर मंद अभागी॥**
**पुनि सादर बोले मुनि नारद। सुनहु राम बिग्यान बिसारद॥**

जुन मनुष्यले भ्रमलाई त्यागेर यस्ता प्रभुलाई भज्दैनन्, उनीहरू ज्ञानका कङ्गाल, दुर्बुद्धि र अभागी हुन्। फेरि नारद मुनिले आदरपूर्वक भन्नुभयो—हे विज्ञान-विशारद श्रीराम! सुनिबक्सियोस्— ॥ २॥

### * सन्तहरूका लक्षण र सत्सङ्ग-भजनको लागि प्रेरणा *

**संतन्ह के लच्छन रघुबीरा। कहहु नाथ भव भंजन भीरा॥**
**सुनु मुनि संतन्ह के गुन कहऊँ। जिन्ह ते मैं उन्ह कें बस रहऊँ॥**

हे रघुवीर! हे भव-भय (जन्म-मरणको भय) लाई नाश गर्नेवाला मेरा नाथ! अब कृपा गरेर सन्तहरूका लक्षण भनिबक्सियोस्। [श्रीरामले भन्नुभयो—] हे मुनि! सुन्नुहोस्! मैले सन्तका गुणहरूलाई भन्दछु, जसको कारण म उनीहरूका वशमा रहन्छु॥ ३॥

**षट बिकार जित अनघ अकामा। अचल अकिंचन सुचि सुखधामा॥**
**अमित बोध अनीह मितभोगी। सत्यसार कबि कोबिद जोगी॥**

उनी सन्त [काम, क्रोध, लोभ, मोह, मद र मत्सर—यी] छ विकार (दोष) हरूलाई* जितेर पापरहित, कामनारहित, निश्चल (स्थिरबुद्धि), अकिञ्चन (सर्वत्यागी), भित्र-बाहिरबाट पवित्र, सुखका धाम, असीम ज्ञानवान्, इच्छारहित, मिताहारी, सत्यनिष्ठ, कवि, विद्वान् योगी,॥ ४॥

**सावधान मानद मदहीना। धीर धर्म गति परम प्रबीना॥**

सावधान (सतर्क), अर्कालाई मान दिनेवाला, अभिमानरहित, धैर्यवान्, धर्मको (गति धेरै सूक्ष्म छ, उसलाई जान्नु र मान्नु) ज्ञान होस् र आचरणमा अत्यन्त निपुण,॥ ५॥

**दो०—गुनागार संसार दुख रहित बिगत संदेह।**
**तजि मम चरन सरोज प्रिय तिन्ह कहुँ देह न गेह॥ ४५॥**

गुणहरूका घर, संसारका दुःखहरूबाट रहित र सन्देहले सर्वथा छुटेका (बन्धनमा नपरेका) हुन्छन्। मेरो चरणकमललाई छोडेर उनीहरूलाई न शरीर नै प्रिय हुन्छ, न घर नै॥ ४५॥

**निज गुन श्रवन सुनत सकुचाहीं। पर गुन सुनत अधिक हरषाहीं॥**
**सम सीतल नहिं त्यागहिं नीती। सरल सुभाउ सबहि सन प्रीती॥**

कानद्वारा आफ्ना गुण सुन्दा लज्जित हुन्छन्, अर्काको गुण सुन्नलाई विशेष हर्षित हुन्छन्। सम र शीतल हुन्छन्, न्यायलाई कहिल्यै त्याग गर्दैनन् सरल स्वभावका हुन्छन् र सबैसँग प्रेम राख्छन्॥ १॥

**जप तप ब्रत दम संजम नेमा। गुरु गोबिंद बिप्र पद प्रेमा॥**
**श्रद्धा छमा मयत्री दाया। मुदिता मम पद प्रीति अमाया॥**

उनीहरू जप, तप, व्रत, दम, संयम र नियममा तल्लीन रहन्छन् र गुरु, गोविन्द तथा ब्राह्मणहरूका चरणहरूमा प्रेम राख्छन्। उनीहरूको श्रद्धा, क्षमा, मैत्री, दया, मुदिता (प्रसन्नता) र मेरा चरणमा निष्कपट प्रेम हुन्छ॥ २॥

**बिरति बिबेक बिनय बिग्याना। बोध जथारथ बेद पुराना॥**
**दंभ मान मद करहिं न काऊ। भूलि न देहिं कुमारग पाऊ॥**

तथा वैराग्य, विवेक, विनम्रता, विज्ञान (परमात्मतत्त्वको ज्ञान) र वेद-पुराणहरूको यथार्थ ज्ञान हुन्छ। उनीहरूले दम्भ, अभिमान र मद कहिल्यै गर्दैनन् र भुलेर पनि कुमार्गमा पाइला राख्दैनन्॥ ३॥

**गावहिं सुनहिं सदा मम लीला। हेतु रहित परहित रत सीला॥**
**मुनि सुनु साधुन्ह के गुन जेते। कहि न सकहिं सारद श्रुति तेते॥**

* **षट् विकार—'षट् विकार'** कुन हुन्, यसको मतभेद छ। (१) काम, क्रोध, लोभ, मोह, मद, मत्सर, (२) पाँचवटा ज्ञानेन्द्रिय र मनको मलिन व्यवहार, (३) **'अस्ति जायते वर्द्धते विपरिणमते अपक्षीयते नश्यति'**, (४) क्षुधा (भोक), तिर्खा, हर्ष, शोक, जन्म, मरण एवं (५) प्राणीका छः विकार या परिणाम अर्थात् उत्पत्ति, शरीर-वृद्धि, बालअवस्था, प्रौढअवस्था, जरा, मृत्यु। (मानस-पीयूषबाट उद्धृत गरिएको)

सधैं मेरा लीलाहरूलाई गाउँछन्–सुन्दछन् र विनाकारण नै अर्काको हितमा लागिरहने हुन्छन्। हे मुनि! सुन्नुहोस्, सन्तहरूका जति गुण छन्, उनलाई सरस्वती र वेदले पनि वर्णन गर्न सक्तैनन्॥ ४॥

छं०— **कहि सक न सारद सेष नारद सुनत पद पंकज गहे।**
**अस दीनबंधु कृपाल अपने भगत गुन निज मुख कहे॥**
**सिरु नाइ बारहिं बार चरनन्हि ब्रह्मपुर नारद गए।**
**ते धन्य तुलसीदास आस बिहाइ जे हरि रँग रँए॥**

'शेष र शारदाले पनि भन्न सक्तैनन्' यस्तो सुनेर नारदजीले श्रीरामका चरणकमल समात्नुभयो। दीनबन्धु कृपालु प्रभुले यस प्रकार आफ्नो श्रीमुखले आफ्ना भक्तहरूका गुणको बखान गर्नुभयो। भगवान्का चरणमा बारम्बार शिर निहुराएर नारदजी ब्रह्मलोकमा जानुभयो। तुलसीदासजी भन्नुहुन्छ कि तिनै पुरुष धन्य छन्, जो सबै आशा छोडेर केवल श्रीहरिको रङ्गमा (रूपमा) रमाएका हुन्छन्।

दो०— **रावनारि जसु पावन गावहिं सुनहिं जे लोग।**
**राम भगति दृढ़ पावहिं बिनु बिराग जप जोग॥ ४६ ( क )॥**

जुन मानिस रावणको शत्रु श्रीरामको पवित्र यशलाई गाउनेछन् र सुन्नेछन्, उनले वैराग्य, जप र योगविना नै श्रीरामको दृढ भक्ति पाउनेछन्॥ ४६ (क)॥

**दीप सिखा सम जुबति तन मन जनि होसि पतंग।**
**भजहि राम तजि काम मद करहि सदा सतसंग॥ ४६ ( ख )॥**

युवती नारीहरूको शरीर दीपकको ज्योति (राँको) समान छ, हे मन! तँ उसको पुतली नबन्। काम र मदलाई छोडेर श्रीरामचन्द्रको भजन गर् र सधैं सत्सङ्ग गर्॥ ४६ (ख)॥

**मासपारायण, बाइसौं विश्राम**

**इति श्रीमद्रामचरितमानसे सकलकलिकलुषविध्वंसने तृतीयः सोपानः समाप्तः।**

कलियुगको सम्पूर्ण पापहरूलाई विध्वंस गर्ने श्रीरामचरितमानसको यो तेस्रो सोपान समाप्त भयो।

**( अरण्यकाण्ड समाप्त )**

भगवान् रामको सुग्रीवसँग मैत्री



सखा सोच त्यागहु बल मोरें। सब बिधि घटब काज मैं तोरें॥

॥ श्रीगणेशाय नमः॥

श्रीजानकीवल्लभो विजयते

# श्रीरामचरितमानस

## चतुर्थ सोपान

## किष्किन्धाकाण्ड

### श्लोक

**कुन्देन्दीवरसुन्दरावतिबलौ विज्ञानधामावुभौ**
**शोभाढ्यौ वरधन्विनौ श्रुतिनुतौ गोविप्रवृन्दप्रियौ।**
**मायामानुषरूपिणौ रघुवरौ सद्धर्मवर्मौ हितौ**
**सीतान्वेषणतत्परौ पथिगतौ भक्तिप्रदौ तौ हि नः॥ १ ॥**

कुन्दपुष्प र नीलो कमलको समान सुन्दर गोरो एवं श्यामवर्ण, अत्यन्त बलवान्, विज्ञानका धाम, शोभासम्पन्न, श्रेष्ठ धनुर्धर, वेदहरूद्वारा वन्दित, गाई एवं ब्राह्मण समूहका प्रिय [अथवा प्रेमी], मायाले मनुष्यरूप धारण गर्नुभएका, श्रेष्ठ धर्मको लागि कवचस्वरूप, सबैका हितकारी, सीताजीको खोजीमा लाग्नुभएका, बटुवाको रूप धारण गर्नुभएका रघुकुलका श्रेष्ठ श्रीराम र श्रीलक्ष्मण दुवै भाइ निश्चय नै मलाई भक्तिप्रद हुनुहुनेछ॥ १ ॥

**ब्रह्माम्भोधिसमुद्भवं कलिमलप्रध्वंसनं चाव्ययं**
**श्रीमच्छम्भुमुखेन्दुसुन्दरवरे संशोभितं सर्वदा।**
**संसारामयभेषजं सुखकरं श्रीजानकीजीवनं**
**धन्यास्ते कृतिनः पिबन्ति सततं श्रीरामनामामृतम्॥ २ ॥**

उनै सुकृति (पुण्यात्मा पुरुष) धन्य छन्, जसले वेदरूपी समुद्र (को मन्थन) बाट उत्पन्न भएको कलियुगको मललाई सर्वथा नष्ट गर्ने, अविनाशी, भगवान् श्रीशम्भुका सुन्दर एवं श्रेष्ठ मुखरूपी चन्द्रमामा सधैं शोभायमान, जन्म-मरणरूपी रोगका औषधी, सबैलाई सुख दिने तथा श्रीजानकीका जीवनस्वरूप श्रीरामनामरूपी अमृतलाई निरन्तर पान गरिरहन्छन्॥ २ ॥

**सो०— मुक्ति जन्म महि जानि ग्यान खानि अघ हानि कर।**
**जहँ बस संभु भवानि सो कासी सेइअ कस न॥**

जहाँ श्रीशिव-पार्वती बस्नुहुन्छ, त्यस काशीलाई मुक्तिको जन्मभूमि, ज्ञानको खानी र पापहरूलाई नाश गर्नेवाला जानेर उसको सेवन किन नगर्ने?

**जरत सकल सुर बृंद बिषम गरल जेहिं पान किय।**
**तेहि न भजसि मन मंद को कृपाल संकर सरिस॥**

जुन भीषण हलाहल विषले सबै देवतागण जलिरहेका थिए, उसलाई जसले स्वयं पान गर्नुभयो, हे मन्द मन! तैंले उनै शङ्करजीलाई किन भज्दैनस् (प्रेम गर्दैनस्)? उहाँ समानको कृपालु [अरू] को छ?

**आगें चले बहुरि रघुराया। रिष्यमूक पर्बत निअराया॥**
**तहँ रह सचिव सहित सुग्रीवा। आवत देखि अतुल बल सींवा॥**

श्रीरघुनाथ फेरि अगाडि जानुभयो। ऋष्यमूक पर्वत निकट आयो। त्यहाँ (ऋष्यमूक पर्वतमा) मन्त्रीहरूसहित सुग्रीव रहन्थे। अतुलनीय बलका खानी श्रीरामचन्द्र र लक्ष्मणजीलाई आउँदै देखेर— ॥ १ ॥

**अति सभीत कह सुनु हनुमाना। पुरुष जुगल बल रूप निधाना॥**
**धरि बटु रूप देखु तैं जाई। कहेसु जानि जियँ सयन बुझाई॥**

सुग्रीव अत्यन्त भयभीत भएर बोले—हे हनुमान्! सुन, यी दुई पुरुष बल र रूपका निधान छन्। तिमी ब्रह्मचारीको रूप धारण गरेर गएर हेर। आफ्नो हृदयमा उनीहरूको यथार्थ कुरा जानेर मलाई इशाराले सम्झाएर भन्नू॥ २ ॥

## श्रीरामसँग हनुमान्‌जी भेट हुनु र श्रीराम-सुग्रीवको मित्रता

**पठए बालि होहिं मन मैला। भागौं तुरत तजौं यह सैला॥**
**बिप्र रूप धरि कपि तहँ गयऊ। माथ नाइ पूछत अस भयऊ॥**

यदि उनीहरू मनका मलिन (मैला) बालिले पठाएको हो भने म तुरुन्त नै यस पर्वतलाई छोडेर भाग्नेछु। [यस्तो सुनेर] हनुमान्‌जी ब्राह्मणको रूप धारण गरेर वहाँ जानुभयो र शिर निहुराई यस्तो प्रकारले सोध्न लाग्नुभयो— ॥ ३ ॥

**को तुम्ह स्यामल गौर सरीरा। छत्री रूप फिरहु बन बीरा॥**
**कठिन भूमि कोमल पद गामी। कवन हेतु बिचरहु बन स्वामी॥**

हे वीर! श्याम र गोरो शरीर भएका हजुरहरू को हुनुहुन्छ, जुन क्षत्रीको रूपमा वनमा घुमिरहनुभएको छ? हे स्वामी! कठोर भूमिमा कोमल चरणले हिँड्ने हजुरहरू कुन कारणले वनमा भ्रमण गरिरहनुभएको छ?॥ ४ ॥

**मृदुल मनोहर सुंदर गाता। सहत दुसह बन आतप बाता॥**
**की तुम्ह तीनि देव महँ कोऊ। नर नारायन की तुम्ह दोऊ॥**

मनलाई हरण गर्ने हजुरका सुन्दर, कोमल अङ्ग छन् र हजुरहरूले वनको दुःसह गर्मी र वायुलाई सहन गर्नुभएको छ। के हजुरहरू ब्रह्मा, विष्णु, महेश—यी तीन देवताहरूमध्ये कुनै हुनुहुन्छ, या हजुरहरू दुवै नर तथा नारायण हुनुहुन्छ?॥ ५॥

**दो०—जग कारन तारन भव भंजन धरनी भार।**
**की तुम्ह अखिल भुवन पति लीन्ह मनुज अवतार॥ १॥**

अथवा हजुर जगत्का मूल कारण र सम्पूर्ण लोकहरूका स्वामी स्वयं भगवान् हुनुहुन्छ, जसले मानिसहरूलाई भवसागरबाट पारि तार्न तथा पृथ्वीको भार नष्ट गर्नका लागि मनुष्य रूपमा अवतार लिनुभएको छ?॥ १॥

**कोसलेस दसरथ के जाए। हम पितु बचन मानि बन आए॥**
**नाम राम लछिमन दोउ भाई। संग नारि सुकुमारि सुहाई॥**

[श्रीरामचन्द्रले भन्नुभयो—] हामी कोसलराज दशरथजीका पुत्र हौं र पिताको वचन मानेर वन आएका हौं। हाम्रो राम-लक्ष्मण नाम हो, हामी दुइ भाइ हौं। हामीहरूसँग सुन्दर सुकुमारी स्त्री थिइन्॥ १॥

**इहाँ हरी निसिचर बैदेही। बिप्र फिरहिं हम खोजत तेही॥**
**आपन चरित कहा हम गाई। कहहु बिप्र निज कथा बुझाई॥**

यहाँ (वनमा) राक्षसले [मेरी पत्नी] जानकीलाई हरण गर्‍यो। हे ब्राह्मण! हामी उनैलाई खोज्दै घुमेका छौं। हामीले त आफ्नो चरित्र भनेर सुनायौं। अब हे ब्राह्मण! अब तपाईंले आफ्नो कथा सम्झाएर भन्नुहोस्॥ २॥

**प्रभु पहिचानि परेउ गहि चरना। सो सुख उमा जाइ नहिं बरना॥**
**पुलकित तन मुख आव न बचना। देखत रुचिर बेष कै रचना॥**

प्रभुलाई चिनेर हनुमान्जी उहाँका चरण समातेर पृथ्वीमा पल्टिनुभयो (उहाँले साष्टाङ्ग दण्डवत् प्रणाम गर्नुभयो)। [शिवजी भन्नुहुन्छ—] हे पार्वती! त्यो सुख वर्णन गर्न सकिन्न। शरीर रोमाञ्चित छ, मुखबाट वचन निस्कँदैन। उहाँले प्रभुको सुन्दर भेषको रचना हेरिरहनुभएको छ!॥ ३॥

**पुनि धीरजु धरि अस्तुति कीन्ही। हरष हृदयँ निज नाथहि चीन्ही॥**
**मोर न्याउ मैं पूछा साईं। तुम्ह पूछहु कस नर की नाईं॥**

फेरि धैर्य गरेर स्तुति गर्नुभयो। आफ्ना नाथलाई चिनेर हृदयमा हर्ष भइरहेको छ। [फेरि हनुमान्जीले भन्नुभयो—] हे स्वामी! मैले जे जति सोधें त्यो मैले सोध्नु त न्याय थियो, [धेरै वर्षपछि देखें, त्यो पनि तपस्वीको भेषमा र मेरो बाँदर-बुद्धि, यसैले मैले त हजुरलाई चिन्न सकिन र आफ्नो परिस्थितिअनुसार मैले हजुरसँग सोधें] परन्तु हजुरले मनुष्यका झैं कसरी मलाई सोधिबक्सियो?॥ ४॥

**तव माया बस फिरउँ भुलाना। ताते मैं नहिं प्रभु पहिचाना॥**

म त हजुरको मायाको वशमा परेर बिर्सिरहन्छु; यसैले मैले आफ्ना स्वामीलाई चिन्न सकिन॥ ५॥

दो०— **एकु मैं मंद मोहबस कुटिल हृदय अग्यान।**
**पुनि प्रभु मोहि बिसारेउ दीनबंधु भगवान॥ २॥**

एक त म यस्तै नै मन्द छु, दोस्रो मोहको वशमा छु, तेस्रो हृदयको कुटिल र अज्ञानी छु, फेरि हे दीनबन्धु भगवान्! प्रभु (हजुर) ले पनि मलाई बिर्सिबक्सियो!॥ २॥

**जदपि नाथ बहु अवगुन मोरें। सेवक प्रभुहि परै जनि भोरें॥**
**नाथ जीव तव मायाँ मोहा। सो निस्तरइ तुम्हारेहिं छोहा॥**

हे नाथ! यद्यपि मसँग धेरै नै अवगुण छन्, तथापि सेवक स्वामीको विस्मृतिमा नपरोस् (हजुरले उसलाई नबिर्सिबक्सिएला)! हे नाथ! जीव हजुरको मायाले मोहित छ। उसले हजुरको कृपाले नै निस्तार (परमगति) पाउन सक्दछ॥ १॥

**ता पर मैं रघुबीर दोहाई। जानउँ नहिं कछु भजन उपाई॥**
**सेवक सुत पति मातु भरोसें। रहइ असोच बनइ प्रभु पोसें॥**

त्यसैले हे रघुवीर! मैले हजुरको शपथ (प्रतिज्ञा) गरेर भन्दछु कि मैले भजन-साधन केही जान्दिन। सेवक स्वामीको र पुत्र आमाको भरोसाले निश्चिन्त रहन्छ। प्रभुले सेवकलाई पालन-पोषण गर्नु नै पर्छ॥ २॥

**अस कहि परेउ चरन अकुलाई। निज तनु प्रगटि प्रीति उर छाई॥**
**तब रघुपति उठाइ उर लावा। निज लोचन जल सींचि जुड़ावा॥**

यस्तो भनेर हनुमान्‌जी अत्तालिएर प्रभुका चरणहरूमा पल्टिनुभयो, उहाँले आफ्नो वास्तविक शरीर प्रकट गर्नुभयो। उहाँको हृदयमा प्रेम भरियो। त्यसपछि श्रीरघुनाथजीले उहाँलाई हृदयमा लगाउनुभयो र आफ्ना नेत्रका जलले भिजाएर शीतल बनाउनुभयो॥ ३॥

**सुनु कपि जियँ मानसि जनि ऊना। तैं मम प्रिय लछिमन ते दूना॥**
**समदरसी मोहि कह सब कोऊ। सेवक प्रिय अनन्य गति सोऊ॥**

[अनि भन्नुभयो— ] हे कपि! सुन, मनमा ग्लानि नगर्नू। तिमी मलाई लक्ष्मणभन्दा पनि दुई गुणा प्रिय छौ। सबै जनाले मलाई समदर्शी भन्छन् (मेरो लागि न कुनै प्रिय छन्, न अप्रिय) तर मलाई सेवक प्रिय हुन्छन्, किनकि उसको अनन्य गति हुन्छ (मलाई छोडेर उसलाई अर्को सहारा हुँदैन)॥ ४॥

दो०— **सो अनन्य जाकें असि मति न टरइ हनुमंत।**
**मैं सेवक सचराचर रूप स्वामि भगवंत॥ ३॥**

र हे हनुमान्! अनन्य उही हो जसको यस्तो बुद्धि कहिल्यै विचलित हुँदैन कि म सेवक हुँ र यो चराचर (जड-चेतन) जगत् मेरा स्वामी भगवान्‌को रूप हो॥ ३॥

**देखि पवनसुत पति अनुकूला। हृदय हरष बीती सब सूला॥**
**नाथ सैल पर कपिपति रहई। सो सुग्रीव दास तव अहई॥**

स्वामीलाई अनुकूल (प्रसन्न) देखेर पवनकुमार हनुमान्‌जीको हृदयमा हर्ष भरियो र उहाँका सबै दुःख नष्ट भए। [उहाँले भन्नुभयो— ] हे नाथ! यस पहाडमा बाँदरराज सुग्रीव रहन्छन्, उनी हजुरका दास हुन्॥ १॥

**तेहि सन नाथ मयत्री कीजे। दीन जानि तेहि अभय करीजे॥**
**सो सीता कर खोज कराइहि। जहँ तहँ मरकट कोटि पठाइहि॥**

हे नाथ! उनीसँग मित्रता गरिबक्सियोस् र उनलाई दीन जानेर निर्भय बनाइबक्सियोस्। उनले सीताजीको खोजी गराउनेछन् र जहाँसुकै (सबै ठाउँमा) करोडौं बाँदरहरूलाई पठाउनेछन्॥ २॥

**एहि बिधि सकल कथा समुझाई। लिए दुऔ जन पीठि चढ़ाई॥**
**जब सुग्रीवँ राम कहुँ देखा। अतिसय जन्म धन्य करि लेखा॥**

यस्ता प्रकारले सबै कुरा सम्झाएर हनुमान्‌जीले (श्रीराम-लक्ष्मण) दुबै जनालाई पिठिउँमा चढाउनुभयो। जब सुग्रीवले श्रीरामचन्द्रलाई देखे, त्यसपछि आफ्नो जन्मलाई अत्यन्त धन्य सम्झे॥ ३॥

## ❋ सुग्रीवको दुःख सुन्नु, बालिवधको प्रतिज्ञा, श्रीरामले मित्र-लक्षण-वर्णन गर्नु ❋

**सादर मिलेउ नाइ पद माथा। भेंटेउ अनुज सहित रघुनाथा॥**
**कपि कर मन बिचार एहि रीती। करिहहिं बिधि मो सन ए प्रीती॥**

सुग्रीव चरणमा शिर निहुराएर आदरसहित भेट भए। श्रीरघुनाथ पनि भाइसहित उनीसँग अङ्गालो मारेर भेट हुनुभयो। सुग्रीवले मनमा यस्तो प्रकारले चिन्ता गरेका छन् कि हे विधाता! के यहाँले मसँग प्रीति गर्नुहुनेछ?॥ ४॥

**दो०— तब हनुमंत उभय दिसि की सब कथा सुनाइ।**
**पावक साखी देइ करि जोरी प्रीति दृढ़ाइ॥ ४॥**

त्यसपछि हनुमान्‌जीले दुवैतर्फको सबै कथा सुनाएर अग्निलाई साक्षी राखेर परस्पर दृढ गराएर प्रीति जोड्नुभयो (अर्थात् अग्निलाई साक्षी राखेर प्रतिज्ञापूर्वक उहाँहरूलाई मैत्री गराउनुभयो)॥ ४॥

**कीन्हि प्रीति कछु बीच न राखा। लछिमन राम चरित सब भाषा॥**
**कह सुग्रीव नयन भरि बारी। मिलिहि नाथ मिथिलेसकुमारी॥**

दुवैले [हृदयमा] प्रीति गर्नुभयो, केही पनि अन्तर (भेद) राख्नुभएन। अनि लक्ष्मणजीले श्रीरामचन्द्रको सबै इतिहास भन्नुभयो। सुग्रीवले नेत्रमा जल भरेर भने— हे नाथ! मिथिलेशकुमारी जानकीजी अवश्य भेटिनुहुनेछ॥ १॥

**मंत्रिन्ह सहित इहाँ एक बारा। बैठ रहेउँ मैं करत बिचारा॥**
**गगन पंथ देखी मैं जाता। परबस परी बहुत बिलपाता॥**

म एक पटक यहाँ बसेर मन्त्रीहरूसँग केही (मेरो आयु बितिसक्यो, के भगवान्‌ले मलाई पत्नी, राज्य आदिको सुख दिनुहुन्छ भनेर) सरसल्लाह गरेको थिएँ। त्यही बेला पराईको अधीनमा परेर धेरै नै क्रन्दन गर्दै आकाशमार्गबाट जादै गर्दा सीताजीलाई देखेको थिएँ॥ २॥

**राम राम हा राम पुकारी। हमहि देखि दीन्हेउ पट डारी॥**
**मागा राम तुरत तेहिं दीन्हा। पट उर लाइ सोच अति कीन्हा॥**

हामीलाई देखेर उहाँले 'राम! राम! हे राम!' भनेर वस्त्र खसाल्नुभएको थियो। श्रीरामले त्यो वस्त्र माग्नुभयो, अनि सुग्रीवले तुरुन्तै दिइहाले। वस्त्रलाई हृदयमा लगाएर रामचन्द्रजीले धेरै नै चिन्ता गर्नुभयो॥ ३॥

**कह सुग्रीव सुनहु रघुबीरा। तजहु सोच मन आनहु धीरा॥**
**सब प्रकार करिहउँ सेवकाई। जेहि बिधि मिलिहि जानकी आई॥**

सुग्रीवले भने—हे रघुवीर! सुनिबक्सियोस्। चिन्ता छोडिबक्सियोस् र मनमा धैर्य गरिबक्सियोस्। मैले सबै प्रकारले हजुरको सेवा गर्नेछु, जुन उपायले जानकीजी मिल्नुहुनेछ॥ ४॥

दो०— **सखा बचन सुनि हरषे कृपासिंधु बलसींव।**
**कारन कवन बसहु बन मोहि कहहु सुग्रीव॥ ५॥**

कृपाका समुद्र र बलका खानी श्रीराम सखा सुग्रीवका वचन सुनेर हर्षित हुनुभयो। [र भन्नुभयो— ] हे सुग्रीव! मलाई बताऊ, तिमी वनमा कुन कारणले रहन्छौ?॥ ५॥

**नाथ बालि अरु मैं द्वौ भाई। प्रीति रही कछु बरनि न जाई॥**
**मयसुत मायावी तेहि नाऊँ। आवा सो प्रभु हमरें गाऊँ॥**

[सुग्रीवले भने— ] हे नाथ! बालि र म दुई भाइ हौं। हामी दुईमा यस्तो प्रीति थियो कि वर्णन गर्न नै सकिन्न। हे प्रभु! मय दानवको एक पुत्र थियो, उसको नाम मायावी थियो। एकपल्ट त्यो हाम्रो गाउँमा आयो॥ १॥

**अर्ध राति पुर द्वार पुकारा। बाली रिपु बल सहै न पारा॥**
**धावा बालि देखि सो भागा। मैं पुनि गयउँ बंधु सँग लागा॥**

उसले आधा रातमा नगरको मुख्य द्वारमा आएर गाली गर्‍यो। बालिले शत्रुको बल (गाली) लाई सहन सकेन। ऊ दौड्यो, उसलाई देखेर मायावी भाग्यो। म पनि दाजुसँग गएँ॥ २॥

**गिरिबर गुहाँ पैठ सो जाई। तब बालीं मोहि कहा बुझाई॥**
**परिखेसु मोहि एक पखवारा। नहिं आवौं तब जानेसु मारा॥**

त्यो मायावी एउटा पर्वतको गुफा (ओढार) मा गएर घुस्यो। त्यसपछि बालिले मलाई सम्झाएर

भन्यो— तिमीले एक पक्ष (पन्ध्र दिन) सम्म मेरो बाटो हेरिरहनू। यदि म त्यति दिनमा आइनँ भने जान्नू कि म मारिएँ॥ ३॥

**मास दिवस तहँ रहेउँ खरारी। निसरी रुधिर धार तहँ भारी॥**
**बालि हतेसि मोहि मारिहि आई। सिला देइ तहँ चलेउँ पराई॥**

हे खरारि! म त्यहाँ महिनाभरि रहें। वहाँ (त्यस गुफाबाट) रगतको धेरै ठूलो धारा निस्क्यो। अनि [मैले सम्झें कि] उसले बालिलाई मार्‍यो, अब आएर मलाई पनि मार्नेछ। यसैले मैले त्यहाँ (गुफाको द्वारमा) एक शिला राखेर भागी आएँ॥ ४॥

**मंत्रिन्ह पुर देखा बिनु साईं। दीन्हेउ मोहि राज बरिआईं॥**
**बाली ताहि मारि गृह आवा। देख मोहि जियँ भेद बढ़ावा॥**

मन्त्रीहरूले राज्यलाई विनास्वामी (राजा) को देखे, अनि मलाई जबरजस्ती राज्य दिए। बालि उसलाई मारेर घरमा आयो। मलाई [राजसिंहासनमा] देखेर उसले मनमा भेद बढायो (धेरै नै विरोध गर्‍यो)। [उसले सोच्यो कि यसले राज्यको लोभले नै गुफाको द्वारमा शिला राखेर आएको थियो, जसले म बाहिर निस्कन नसकौं र यहाँ आएर राजा भएर बसेको छ]॥ ५॥

**रिपु सम मोहि मारेसि अति भारी। हरि लीन्हेसि सर्बसु अरु नारी॥**
**ताकें भय रघुबीर कृपाला। सकल भुवन मैं फिरेउँ बिहाला॥**

उसले मलाई शत्रुको समान अति धेरै हान्यो र मेरो सर्वस्व तथा मेरी स्त्रीलाई पनि लग्यो। हे कृपालु रघुवीर! म उसको भयले समस्त लोकहरूमा बेहाल भएर घुम्दै रहें॥ ६॥

**इहाँ साप बस आवत नाहीं। तदपि सभीत रहउँ मन माहीं॥**
**सुनि सेवक दुख दीनदयाला। फरकि उठीं द्वै भुजा बिसाला॥**

ऊ (मतङ्ग ऋषिको) श्रापका कारणले यहाँ आउँदैन, तर पनि म मनमा भयभीत रहन्छु। सेवकको दुःख सुनेर दीनहरूलाई दया गर्ने श्रीरघुनाथका दुवै विशाल भुजाहरू फड्के॥ ७॥

दो०— **सुनु सुग्रीव मारिहउँ बालिहि एकहिं बान।**
**ब्रह्म रुद्र सरनागत गएँ न उबरिहिं प्रान॥ ६॥**

[उहाँले भन्नुभयो— ] हे सुग्रीव! सुन, मैले एउटै बाणले बालिलाई मार्नेछु। ब्रह्मा र रुद्रको शरणमा गए पनि उसको प्राण बच्ने छैन॥ ६॥

**जे न मित्र दुख होहिं दुखारी। तिन्हहि बिलोकत पातक भारी॥**
**निज दुख गिरि सम रज करि जाना। मित्रक दुख रज मेरु समाना॥**

जुन मानिस मित्रको दुःखले दुःखी हुँदैनन्, उनलाई हेर्दा नै पाप लाग्छ। आफ्नो पर्वत (पहाड) को समान दुःखलाई धूलोको समान र मित्रको धूलोको समान दुःखलाई सुमेरु (धेरै ठूलो पहाड) को समान जान्नूपर्छ॥ १॥

**जिन्ह कें असि मति सहज न आई। ते सठ कत हठि करत मिताई॥**
**कुपथ निवारि सुपंथ चलावा। गुन प्रगटै अवगुनहि दुरावा॥**

जसलाई स्वभावैले यस्तो बुद्धि प्राप्त छैन, त्यस्ता मूर्ख हठ गरेर कोसँग किन मित्रता गर्छन्? मित्रको धर्म यो हो कि मित्रलाई खराब मार्गमा रोकेर असल मार्गमा हिँडाओस्। उसका गुण प्रकट गर्ने र अवगुणहरूलाई लुकाउने॥ २॥

**देत लेत मन संक न धरई। बल अनुमान सदा हित करई॥**
**बिपति काल कर सतगुन नेहा। श्रुति कह संत मित्र गुन एहा॥**

लिनु–दिनुमा मनमा शङ्का नगर्ने। आफ्नो बल (क्षमता) अनुसार सधैं हित नै गरिरहने। विपत्तिको समयमा त सधैं सय गुणा स्नेह गर्नुपर्छ। वेदले भन्छन् कि सन्त (श्रेष्ठ) मित्रका गुण (लक्षण) यी हुन्॥ ३॥

**आगें कह मृदु बचन बनाई। पाछें अनहित मन कुटिलाई॥**
**जाकर चित अहि गति सम भाई। अस कुमित्र परिहरेहिं भलाई॥**

जसले सम्मुख हुँदा बनाएर (प्रशंसा गरेर) कोमल वचन भन्छ र पछिल्तिर बेइज्जत गर्छ तथा मनमा कुटिलता राख्छ—हे भाइ! [यस्तो प्रकारको] जसको मन सर्पको चालको समान टेढो छ, यस्ता कुमित्रलाई त त्याग्नाले नै कल्याण (भलो) हुन्छ॥ ४॥

**सेवक सठ नृप कृपन कुनारी। कपटी मित्र सूल सम चारी॥**
**सखा सोच त्यागहु बल मोरें। सब बिध घटब काज मैं तोरें॥**

मूर्ख सेवक, कन्जुस राजा, कुटिल स्त्री र कपटी मित्र—यी चार शूलका समान [पीडा दिनेवाला] हुन्छन्। हे सखा! मेरो बलमा अब तिमीले चिन्ता छोडिदेऊ। मैले सबै प्रकारले तिमीलाई सहायता गर्नेछु॥ ५॥

**कह सुग्रीव सुनहु रघुबीरा। बालि महाबल अति रनधीरा॥**
**दुंदुभि अस्थि ताल देखराए। बिनु प्रयास रघुनाथ ढहाए॥**

सुग्रीवले भने—हे रघुवीर! सुनिबक्सियोस्, बालि महान् बलवान् र अत्यन्त रणधीर छ। फेरि सुग्रीवले श्रीरामलाई दुन्दुभि राक्षसका हाडहरू र तालको वृक्ष देखाए। श्रीरघुनाथले उसलाई विनापरिश्रम (सजिलैसँग) पल्टाइदिनुभयो॥ ६॥

**देखि अमित बल बाढ़ी प्रीती। बालि बधब इन्ह भइ परतीती॥**
**बार बार नावइ पद सीसा। प्रभुहि जानि मन हरष कपीसा॥**

श्रीरामको अपरिमित बल देखेर सुग्रीवको प्रीति बढ्यो र उनलाई विश्वास भयो कि यिनले बालिको वध अवश्य गर्नेछन्। उनले बारम्बार चरणमा शिर निहुराउन लागे। प्रभुलाई चिनेर सुग्रीव मनमा हर्षित भइरहेका छन्॥ ७॥

## ● सुग्रीवको वैराग्य ●

**उपजा ग्यान बचन तब बोला। नाथ कृपाँ मन भयउ अलोला॥**
**सुख संपति परिवार बड़ाई। सब परिहरि करिहउँ सेवकाई॥**

जब ज्ञान उत्पन्न भयो, अनि उनले यी वचन भने कि हे नाथ! हजुरको कृपाले अब मेरो मन स्थिर भयो। सुख, सम्पत्ति, परिवार र प्रशंसा सबैलाई त्यागेर मैले हजुरको नै सेवा गर्नेछु॥ ८॥

**ए सब रामभगति के बाधक। कहहिं संत तव पद अवराधक॥**
**सत्रु मित्र सुख दुख जग माहीं। मायाकृत परमारथ नाहीं॥**

किनकि हजुरका चरणहरूका आराधना गर्ने सन्तले भन्छन् कि यी सबै (सुख-सम्पत्ति आदि) रामभक्तिको विरोधी छन्। जगत्मा जति पनि शत्रु-मित्र र सुख-दुःख [आदि द्वन्द्व] छन्, सबै नै मायारचित हुन्, परमार्थतः (वास्तवमा) होइनन्॥ ९॥

**बालि परम हित जासु प्रसादा। मिलेहु राम तुम्ह समन बिषादा॥**
**सपनें जेहि सन होइ लराई। जागें समुझत मन सकुचाई॥**

हे श्रीराम! बालि त मेरो परम हितकारी भयो, जसको कृपाले शोकलाई नाश गर्नेवाला हजुर मलाई भेटिनुभयो र जसका साथ अब स्वप्नमा पनि लडाइँ भएमा बिउँझेपछि उनलाई सम्झेर मनमा सङ्कोच हुनेछ [किन स्वप्नमा पनि म उससँग लडें]॥ १०॥

**अब प्रभु कृपा करहु एहि भाँती। सब तजि भजनु करौं दिन राती॥**
**सुनि बिराग संजुत कपि बानी। बोले बिहँसि रामु धनुपानी॥**

हे प्रभु! अब त यस्तो प्रकारले कृपा गरिबक्सियोस् कि सबै छोडेर दिन-रात मैले हजुरको भजन नै गरौं। सुग्रीवको वैराग्ययुक्त वाणी सुनेर (उनको क्षणिक वैराग्यलाई देखेर) हातमा धनुष धारण गर्नेवाला श्रीराम मुस्कुराएर बोल्नुभयो— ॥ ११॥

**जो कछु कहेहु सत्य सब सोई। सखा बचन मम मृषा न होई॥**
**नट मरकट इव सबहि नचावत। रामु खगेस बेद अस गावत॥**

तिमीले जे-जस्तो भनेका छौ, त्यो सबै सत्य हो; परन्तु हे सखा! मेरो वचन मिथ्या हुँदैन (अर्थात् बालि मर्नेछ र तिमीलाई राज्य मिल्नेछ)। [काकभुशुण्डिजी भन्नुहुन्छ कि— ] हे पक्षीहरूका राजा गरुड! नटले मदारीलाई झैं श्रीरामले सबैलाई नचाउनुहुन्छ, वेदले यस्तो भन्छन्॥ १२॥

## ● बालि-सुग्रीव युद्ध, बालि उद्धार ●

**लै सुग्रीव संग रघुनाथा। चले चाप सायक गहि हाथा॥**
**तब रघुपति सुग्रीव पठावा। गर्जेसि जाइ निकट बल पावा॥**

तदनन्तर सुग्रीवलाई साथमा लिएर र हातमा धनुष-बाण धारण गरेर श्रीरघुनाथ हिँड्नुभयो। त्यसपछि श्रीरघुनाथले सुग्रीवलाई बालिसँग पठाउनुभयो। उनी श्रीरामको बल पाएर बालिको नजिक गएर गर्जे॥ १३॥

**सुनत बालि क्रोधातुर धावा। गहि कर चरन नारि समुझावा॥**
**सुनु पति जिन्हहि मिलेउ सुग्रीवा। ते द्वौ बंधु तेज बल सींवा॥**

बालिले सुन्दा नै क्रोधमा भरिएर अति छिटो दौड्यो। उसकी पत्नी ताराले चरण समातेर उसलाई सम्झाइन् कि हे नाथ! सुन्नुहोस्, सुग्रीव जोसँग भेट भएका छन् ती दुवै भाइ तेज र बलको सीमा नै छन्॥ १४॥

**कोसलेस सुत लछिमन रामा। कालहु जीति सकहिं संग्रामा॥**

उनीहरू–कोसलाधीश दशरथजीका पुत्र राम र लक्ष्मणले सङ्ग्राममा काललाई पनि जित्न सक्छन्॥ १५॥

दो०— **कह बाली सुनु भीरु प्रिय समदरसी रघुनाथ।**
**जौं कदाचि मोहि मारहिं तौ पुनि होउँ सनाथ॥ ७॥**

बालिले भन्यो—हे भीरु! (डरपोक) प्रिये! सुन, श्रीरघुनाथ समदर्शी हुनुहुन्छ। जसबाट कदाचित् उहाँले मलाई मार्नुभयो भने त म सनाथ हुनेछु (परमपद पाउनेछु)॥ ७॥

**अस कहि चला महा अभिमानी। तृन समान सुग्रीवहि जानी॥**
**भिरे उभौ बाली अति तर्जा। मुठिका मारि महाधुनि गर्जा॥**

यस्तो भनेर त्यो महान् अभिमानी बालि सुग्रीवलाई तृण (तान्द्रो) समान जानेर हिँड्यो। दुवै जना लडे। बालिले सुग्रीवलाई धेरै नै धम्कायो र घुँस्सी हानेर ठूलो स्वरले गर्ज्यो॥ १॥

**तब सुग्रीव बिकल होइ भागा। मुष्टि प्रहार बज्र सम लागा॥**
**मैं जो कहा रघुबीर कृपाला। बंधु न होइ मोर यह काला॥**

अनि सुग्रीव व्याकुल भएर भागे। घुँस्साको चोटले उनलाई वज्रको समान लाग्यो। [सुग्रीवले आएर भने— ] हे कृपालु रघुवीर! मैले हजुरसँग पहिला नै भनेको थिएँ कि बालि मेरो दाज्यू (दाजु) होइन, काल हो॥ २॥

**एकरूप तुम्ह भ्राता दोऊ। तेहि भ्रम तें नहिं मारेउँ सोऊ॥**
**कर परसा सुग्रीव सरीरा। तनु भा कुलिस गई सब पीरा॥**

[श्रीरामले भन्नुभयो— ] तिमी दुवै भाइहरूको एउटै रूप छ। यस भ्रमले मैले उसलाई मारिन। फेरि श्रीरामले सुग्रीवको शरीरलाई हातले स्पर्श गर्नुभयो, जसले उनको शरीर वज्रको समान भयो र सबै पीडा हरायो॥ ३॥

**मेली कंठ सुमन कै माला। पठवा पुनि बल देइ बिसाला॥**
**पुनि नाना बिधि भई लराई। बिटप ओट देखहिं रघुराई॥**

अनि श्रीरामले सुग्रीवको गलामा फूलको माला लगाइदिनुभयो र फेरि उनलाई ठूलो बल दिएर पठाउनुभयो। दुवै जनाको पुनः अनेक प्रकारको युद्ध भयो। श्रीरघुनाथले वृक्षको आडबाट हेरिरहनुभएको थियो॥ ४॥

**दो०— बहु छल बल सुग्रीव कर हियँ हारा भय मानि।**
**मारा बालि राम तब हृदय माझ सर तानि॥ ८॥**

सुग्रीवले धेरै नै छल-बल (छल-कपट) गरे, किन्तु [अन्त्यमा] भय मानेर हृदयमा हारे। त्यसपछि श्रीरामले तानेर बालिको हृदयमा बाण हान्नुभयो॥ ८॥

**परा बिकल महि सर के लागें। पुनि उठि बैठ देखि प्रभु आगें॥**
**स्याम गात सिर जटा बनाएँ। अरुन नयन सर चाप चढ़ाएँ॥**

बाण लाग्दाबित्तिकै बालि मूर्च्छित (व्याकुल) भएर पृथ्वीमा पल्ट्यो। किन्तु प्रभु श्रीरामचन्द्रलाई अघिल्तिर देखेर ऊ फेरि उठेर बस्यो। भगवान्‌को श्याम शरीर छ, शिरमा जटा बनाउनुभएको छ, राता आँखा छन्, बाण लिनुभएको छ र धनुष ताक्नुभएको छ॥ १॥

**पुनि पुनि चितइ चरन चित दीन्हा। सुफल जन्म माना प्रभु चीन्हा॥**
**हृदयँ प्रीति मुख बचन कठोरा। बोला चितइ राम की ओरा॥**

बालिले बारम्बार भगवान्‌तर्फ हेरेर चित्तलाई उहाँका चरणमा लगायो। प्रभुलाई चिनेर उसले आफ्नो जन्म सफल मान्यो। उसको हृदयमा प्रीति थियो, तर मुखमा कठोर वचन थिए। उसले श्रीरामतर्फ हेरेर भन्यो— ॥ २॥

**धर्म हेतु अवतरेहु गोसाईं। मारेहु मोहि ब्याध की नाईं॥**
**मैं बैरी सुग्रीव पिआरा। अवगुन कवन नाथ मोहि मारा॥**

हे गोसाईं! हजुरले धर्मको रक्षाका लागि अवतार लिनुभएको छ र मलाई व्याधाले झैं हान्नुभयो? म वैरी र सुग्रीव प्यारो, कसरी? हे नाथ! कुन दोषले मलाई हजुरले हान्नुभयो?॥ ३॥

**अनुज बधू भगिनी सुत नारी। सुनु सठ कन्या सम ए चारी॥**
**इन्हहि कुदृष्टि बिलोकइ जोई। तहि बधें कछु पाप न होई॥**

[श्रीरामले भन्नुभयो— ] हे मूर्ख! सुन्, भाइकी स्त्री, बहिनी, पुत्रकी स्त्री (बुहारी) र कन्या— यी चार समान हुन्छन्। यिनीहरूलाई जोसुकैले खराब दृष्टिले हेर्छन्, उसलाई मार्नाले केही पनि पाप लाग्दैन॥ ४॥

**मूढ़ तोहि अतिसय अभिमाना। नारि सिखावन करसि न काना॥**
**मम भुज बल आश्रित तेहि जानी। मारा चहसि अधम अभिमानी॥**

हे मूढ! तँलाई अत्यन्त अभिमान छ। तैंले आफ्नी पत्नीको शिक्षाप्रति पनि ध्यान दिइनस्। सुग्रीवलाई मेरा भुजाहरूको बलको आश्रित जानेर पनि हे अधम अभिमानी! तैंले उसलाई मार्न खोजिस्!॥ ५॥

**दो०— सुनहु राम स्वामी सन चल न चातुरी मोरि।**
**प्रभु अजहूँ मैं पापी अंतकाल गति तोरि॥ ९॥**

[बालिले भन्यो— ] हे श्रीराम! सुनिबक्सियोस्, स्वामीसँग मेरो केही चतुराइ चल्न सक्तैन। हे प्रभु! अन्त्यकालमा हजुरको गति (शरण) पाएर म अहिलेसम्म पनि पापी नै भएँ?॥ ९॥

**सुनत राम अति कोमल बानी। बालि सीस परसेउ निज पानी॥**
**अचल करौं तनु राखहु प्राना। बालि कहा सुनु कृपानिधाना॥**

बालिको अत्यन्त कोमल वाणी सुनेर श्रीरामले उसको शिरलाई आफ्नो हातले स्पर्श गर्नुभयो [र भन्नुभयो— ] मैले तिम्रो शरीरलाई अचल गराउनेछु, तिमीले प्राणलाई राख। बालिले भन्यो— हे कृपानिधान! सुनिबक्सियोस्॥ १॥

**जन्म जन्म मुनि जतनु कराहीं। अंत राम कहि आवत नाहीं॥**
**जासु नाम बल संकर कासी। देत सबहि सम गति अबिनासी॥**

मुनिगणले जन्म-जन्ममा (प्रत्येक जन्ममा) [अनेक प्रकारका] साधनना गरिरहन्छन्। तर पनि अन्त्यकालमा उनलाई 'राम' भन्न आउँदैन (उनको मुखबाट राम नाम निस्कँदैन)। जसको नामको बलले शङ्करजीले काशीमा सबैलाई समान रूपले अविनाशी गति (मुक्ति) दिनुहुन्छ॥ २॥

**मम लोचन गोचर सोइ आवा। बहुरि कि प्रभु अस बनहि बनावा॥**

उनै श्रीराम स्वयं मेरा नेत्र अगाडि आइबक्सिएको छ। हे प्रभु! यस्तो संयोग के फेरि कहिल्यै बन्न सक्नेछ?॥ ३॥

छं०— **सो नयन गोचर जासु गुन नित नेति कहि श्रुति गावहीं।**
**जिति पवन मन गो निरस करि मुनि ध्यान कबहुँक पावहीं॥**
**मोहि जानि अति अभिमान बस प्रभु कहेउ राखु सरीरही।**
**अस कवन सठ हठि काटि सुरतरु बारि करिहि बबूरही॥**

श्रुतिहरूले 'नेति-नेति' भनेर निरन्तर जसको गुणगान गरिरहन्छन्, तथा प्राण र मनलाई जितेर एवं इन्द्रियहरूलाई [विषय-रसले सर्वथा] नीरस बनाएर मुनिगणले ध्यानमा जसलाई कहिलेकाहीं नै झलक (दर्शन) पाउँछन्, उनै प्रभु (हजुर) साक्षात् मेरो सम्मुख प्रकट होइबक्सिएको छ। हजुरले मलाई अत्यन्त अभिमानवश जानेर यस्तो भनिबक्सियो कि तैंले शरीर राख्। परन्तु यस्तो मूर्ख को होला जसले हठपूर्वक कल्पवृक्षलाई काटेर उसमा बबुलका रक्षाको लागि बार लगाउनेछ (अर्थात् पूर्णकाम बनाउने हजुरलाई छोडेर हजुरद्वारा यस नश्वर शरीरको रक्षा खोज्नेछ?)॥ १॥

**अब नाथ करि करुना बिलोकहु देहु जो बर मागऊँ।**
**जेहिं जोनि जन्मौं कर्म बस तहँ राम पद अनुरागऊँ॥**
**यह तनय मम सम बिनय बल कल्यानप्रद प्रभु लीजिऐ।**
**गहि बाँह सुर नर नाह आपन दास अंगद कीजिऐ॥**

हे नाथ! अब मप्रति दयादृष्टि गरिबक्सियोस् र मैले जे वर माग्दछु त्यो मलाई दिइबक्सियोस्। म कर्मवश जुन योनिमा जन्मनेछु, उही श्रीराम (हजुर) का चरणमा प्रेम गरौं! हे कल्याणप्रद प्रभु! यो मेरो पुत्र अङ्गद विनम्रता र बलमा मसमान नै छ, यसलाई स्वीकार गरिबक्सियोस्। हे देवता र मनुष्यहरूका नाथ! पाखुरा समातेर यसलाई आफ्नो दास बनाइबक्सियोस्॥ २॥

**दो०— राम चरन दृढ़ प्रीति करि बालि कीन्ह तनु त्याग।**
**सुमन माल जिमि कंठ ते गिरत न जानइ नाग॥ १०॥**

श्रीरामको चरणमा दृढ प्रीति गरेर बालिले शरीरलाई यस्तो प्रकारले त्याग्यो जस्तो प्रकारले हात्तीले आफ्नो गलाबाट माला खसेको थाहा पाउँदैन॥ १०॥

## * ताराको विलाप, तारालाई श्रीरामद्वारा उपदेश र सुग्रीवलाई राज्याभिषेक तथा अङ्गदलाई युवराजपद *

**राम बालि निज धाम पठावा। नगर लोग सब ब्याकुल धावा॥**
**नाना बिधि बिलाप कर तारा। छूटे केस न देह सँभारा॥**

श्रीरामचन्द्रले बालिलाई आफ्नो परमधाममा पठाउनुभयो। नगरका सबै जना व्याकुल भएर दौडे। बालिकी पत्नी तारा अनेकौं प्रकारले विलाप गर्न लागीन्। उसको कपाल (केश) फैलिएको थियो र शरीरलाई सँभाल्न सकेकी थिइन॥ १॥

**तारा बिकल देखि रघुराया। दीन्ह ग्यान हरि लीन्ही माया॥**
**छिति जल पावक गगन समीरा। पंच रचित अति अधम सरीरा॥**

तारालाई व्याकुल देखेर श्रीरघुनाथले उसलाई ज्ञान दिनुभयो र उसको माया (अज्ञान) हरण (नष्ट) गर्नुभयो। [उहाँले भन्नुभयो— ] पृथ्वी, जल, अग्नि, आकाश र वायु—यी पाँच तत्त्वले यो अत्यन्त अधम शरीर रचिएको छ॥ २॥

**प्रगट सो तनु तव आगें सोवा। जीव नित्य केहि लगि तुम्ह रोवा॥**
**उपजा ग्यान चरन तब लागी। लीन्हेसि परम भगति बर मागी॥**

त्यो शरीर त प्रत्यक्ष तिम्रो अगाडि सुतेको छ र जीव नित्य छ। फेरि तिमी केको लागि रोइरहेकी छौ? जब ज्ञान उत्पन्न भयो, तब उनले भगवान्‌का चरणमा प्रणाम गर्दै परम भक्तिको वरदान मागिन्॥ ३॥

**उमा दारु जोषित की नाईं। सबहि नचावत रामु गोसाईं॥**
**तब सुग्रीवहि आयसु दीन्हा। मृतक कर्म बिधिवत सब कीन्हा॥**

[शिवजी भन्नुहुन्छ— ] हे उमा! स्वामी श्रीरामले सबैलाई कठपुतलीलाई झैं नचाउनुहुन्छ। तदनन्तर श्रीरामले सुग्रीवलाई आज्ञा दिनुभयो र सुग्रीवले विधिपूर्वक बालिको सबै मृतक-कर्म गरे॥ ४॥

**राम कहा अनुजहि समुझाई। राज देहु सुग्रीवहि जाई॥**
**रघुपति चरन नाइ करि माथा। चले सकल प्रेरित रघुनाथा॥**

अनि श्रीरामचन्द्रले भाइ लक्ष्मणजीलाई सम्झाएर भन्नुभयो कि तिमी गएर सुग्रीवलाई राज्य देऊ। श्रीरघुनाथको प्रेरणा (आज्ञा) ले सबै जना श्रीरघुनाथको चरणमा शिर निहुराएर हिँडे॥ ५॥

**दो०— लछिमन तुरत बोलाए पुरजन बिप्र समाज।**
**राजु दीन्ह सुग्रीव कहँ अंगद कहँ जुबराज॥ ११॥**

लक्ष्मणजीले तुरुन्तै सबै नगरनिवासीहरू र ब्राह्मणहरूका समाजलाई बोलाउनुभयो र [उनका अगाडि] सुग्रीवलाई राज्य र अङ्गदलाई युवराज-पद दिनुभयो॥ ११॥

**उमा राम सम हित जग माहीं। गुरु पितु मातु बंधु प्रभु नाहीं॥**
**सुर नर मुनि सब कै यह रीती। स्वारथ लागि करहिं सब प्रीती॥**

हे पार्वती! जगत्‌मा श्रीरामसमान हित गर्नेवाला गुरु, पिता, माता, बन्धु र स्वामी कुनै छैनन्। देवता, मनुष्य र मुनि सबैको यस्तो रीति छ कि स्वार्थको लागि नै सबैले प्रीति गर्छन्॥ १॥

**बालि त्रास ब्याकुल दिन राती। तन बहु ब्रन चिंता जर छाती॥**
**सोइ सुग्रीव कीन्ह कपिराऊ। अति कृपाल रघुबीर सुभाऊ॥**

जुन सुग्रीव रात-दिन बालिको भयले व्याकुल रहन्थे, जसको शरीरमा धेरै नै घाउ भएका थिए र जसको छाती चिन्ताले गर्दा ज्वालाले भरिन्थ्यो (जल्दथ्यो), उनै सुग्रीवलाई उहाँले बाँदरहरूको राजा बनाउनुभयो। श्रीरामचन्द्रको स्वभाव अत्यन्तै कृपालु छ॥ २॥

**जानतहूँ अस प्रभु परिहरहीं। काहे न बिपति जाल नर परहीं॥**
**पुनि सुग्रीवहि लीन्ह बोलाई। बहु प्रकार नृपनीति सिखाई॥**

जुन मानिसले जान्दा-जान्दै पनि यस्ता प्रभुलाई त्याग गर्छन्, उनीहरू किन विपत्तिको जालमा नपर्ने? फेरि श्रीरामले सुग्रीवलाई बोलाउनुभयो र धेरै प्रकारले उनलाई राजनीतिको शिक्षा दिनुभयो॥ ३॥

**कह प्रभु सुनु सुग्रीव हरीसा। पुर न जाउँ दस चारि बरीसा॥**
**गत ग्रीषम बरषा रितु आई। रहिहउँ निकट सैल पर छाई॥**

फेरि प्रभुले भन्नुभयो—हे बाँदरपति सुग्रीव! सुन, म चौध वर्षसम्म गाउँमा जानेछैन। गृष्म-ऋतु बितेर वर्षा-ऋतु आयो। अतः म यहाँको नजीकै पहाडमा बस्नेछु॥ ४॥

**अंगद सहित करहु तुम्ह राजू। संतत हृदयँ धरेहु मम काजू॥**
**जब सुग्रीव भवन फिरि आए। रामु प्रबरषन गिरि पर छाए॥**

तिमी अङ्गदसहित राज्य गर। मेरो कार्यका विषयमा हृदयमा सधैं ध्यान राख्नू। तदनन्तर जब सुग्रीव घर फर्केर आए, त्यसपछि श्रीराम प्रवर्षण पर्वतमा गएर रहनुभयो॥ ५॥

**दो०— प्रथमहिं देवन्ह गिरि गुहा राखेउ रुचिर बनाइ।**
**राम कृपानिधि कछु दिन बसि करहिंगे आइ॥ १२॥**

देवताहरूले पहिला नै त्यस पर्वतमा एक गुफालाई सुन्दर बनाएर (सजाएर) राखेका थिए। उनीहरूले सोचेका थिए कि कृपाका खानी श्रीराम केही दिन यहाँ आएर निवास गर्नुहुनेछ॥ १२॥

**सुंदर बन कुसुमित अति सोभा। गुंजत मधुप निकर मधु लोभा॥**
**कंद मूल फल पत्र सुहाए। भए बहुत जब ते प्रभु आए॥**

सुन्दर वन फुलेर अत्यन्तै सुशोभित छ। मधुको लोभले भमराका समूह (भुइँभुइँ गरेर) गुञ्जन गरिरहेका छन्। जहिलेदेखि प्रभु आउनुभयो, त्यस समयपछि वनमा सुन्दर कन्द, मूल, फल र पातहरू प्रशस्त (पर्याप्त अथवा यथेष्ट) मात्रामा उपलब्ध भए॥ १॥

**देखि मनोहर सैल अनूपा। रहे तहँ अनुज सहित सुरभूपा॥**
**मधुकर खग मृग तनु धरि देवा। करहिं सिद्ध मुनि प्रभु कै सेवा॥**

मनोहर र अनुपम पर्वतलाई देखेर देवताहरूका सम्राट् श्रीराम भाइसहित त्यहाँ रहनुभयो। देवता, सिद्ध र मुनिले भमरा, पक्षीहरू र पशुको शरीर धारण गरेर प्रभुको सेवा गर्न लागे॥ २॥

**मंगलरूप भयउ बन तब ते। कीन्ह निवास रमापति जब ते॥**
**फटिक सिला अति सुभ्र सुहाई। सुख आसीन तहाँ द्वौ भाई॥**

जहिलेदेखि रमापति श्रीरामले त्यहाँ निवास गर्नुभयो, तहिलेदेखि वन मङ्गलस्वरूप भयो। सुन्दर स्फटिकमणिको एउटा अत्यन्त उज्ज्वल शिला (पत्थर) छ, त्यसैमा दुवै भाइ सुखपूर्वक विराजमान हुनुभएको छ॥ ३॥

**कहत अनुज सन कथा अनेका। भगति बिरति नृपनीति बिबेका॥**
**बरषा काल मेघ नभ छाए। गरजत लागत परम सुहाए॥**

श्रीरामले भाइ लक्ष्मणजीसँग भक्ति, वैराग्य, राजनीति र ज्ञानका अनेकौं कथाहरू भन्नुहुन्छ। वर्षाकालमा आकाशमा छाइएको बादल गर्जदा धेरै नै सुन्दर लाग्छ॥ ४॥

## * वर्षा-ऋतु-वर्णन *

दो०— **लछिमन देखु मोर गन नाचत बारिद पेखि।**
**गृही बिरति रत हरष जस बिष्नुभगत कहुँ देखि॥ १३॥**

[श्रीरामले भन्न लाग्नुभयो—] हे लक्ष्मण! हेर, मयूरका समूह बादललाई देखेर यसरी नाचिरहेका छन्, जसरी वैराग्यमा अनुरक्त गृहस्थी कुनै विष्णुभक्तलाई देखेर हर्षित हुन्छन्॥ १३॥

**घन घमंड नभ गरजत घोरा। प्रिया हीन डरपत मन मोरा॥**
**दामिनि दमक रह न घन माहीं। खल कै प्रीत जथा थिर नाहीं॥**

आकाशमा बादल घुमीघुमी घोर गर्जना गरिरहेको छ, प्रियाविना मेरो मन डराइरहेको छ। बिजुलीको चमक बादलमा स्थिर हुँदैन, जस्तै दुष्टको प्रीति स्थिर हुँदैन॥ १॥

**बरषहिं जलद भूमि निअराएँ। जथा नवहिं बुध बिद्या पाएँ॥**
**बूँद अघात सहहिं गिरि कैसें। खल के बचन संत सह जैसें॥**

बादल पृथ्वीको नजिक आएर बर्सिरहेको छ, जसरी विद्या पाएर विद्वान् नम्र हुन्छन्। बुँद (थोप्ला) हरूको चोट पहाडले यसरी सहेका छन्, जसरी दुष्टहरूको वचन सन्तले सहन्छन्॥ २॥

**छुद्र नदीं भरि चलीं तोराई। जस थोरेहुँ धन खल इतराई॥**
**भूमि परत भा ढाबर पानी। जनु जीवहि माया लपटानी॥**

साना खहरेखोला (नदी) हरू भरिएर [किनारालाई] यसरी भत्काउँदै बगेका छन्, जसरी थोरै धनले (धनमा) पनि दुष्टले मर्यादालाई त्याग गर्छन्। पृथ्वीमा पर्दा नै पानी यस्तो धमिलो भएको छ, जसरी शुद्ध जीवमा माया टाँसिएको छ॥ ३॥

**समिटि समिटि जल भरहिं तलावा। जिमि सदगुन सज्जन पहिं आवा॥**
**सरिता जल जलनिधि महुँ जाई। होइ अचल जिमि जिव हरि पाई॥**

जल एकत्रित भएर तालहरूमा यसरी भरिएको छ, जसरी सद्‌गुण (एक-एक भएर) सज्जनहरूसँग आउँछन्। नदीको जल समुद्रमा गएर उस्तै नै स्थिर भएको छ, जस्तै जीव श्रीहरिलाई पाएर अचल (आवागमनबाट मुक्त) हुन्छ॥ ४॥

**दो०— हरित भूमि तृन संकुल समुझ परहिं नहिं पंथ।**
**जिमि पाखंड बाद तें गुप्त होहिं सदग्रंथ॥ १४॥**

पृथ्वी घाँसले परिपूर्ण भएर हरियो भएको छ, जसले गर्दा बाटो चिन्न नै सकिन्न। जस्तै पाखण्ड-मतको प्रचारले सद्‌ग्रन्थ गुप्त (लुप्त) हुन्छन्॥ १४॥

**दादुर धुनि चहु दिसा सुहाई। बेद पढ़हिं जनु बटु समुदाई॥**
**नव पल्लव भए बिटप अनेका। साधक मन जस मिलें बिबेका॥**

चारै दिशाहरूमा भ्यागुताहरूको ध्वनि यस्तो मनोहर लाग्दछ, मानौं विद्यार्थीहरूका समुदायले वेद पढिरहेका छन्। अनेकौं वृक्षहरूमा नयाँ पात (पालुवा) आएका छन्, जसले गर्दा ती यसरी हरिया एवं सुशोभित भएका छन्, जस्तै साधकको मन विवेक (ज्ञान) प्राप्त भएपछि हुन्छ॥ १॥

**अर्क जवास पात बिनु भयऊ। जस सुराज खल उद्यम गयऊ॥**
**खोजत कतहुँ मिलइ नहिं धूरी। करइ क्रोध जिमि धरमहि दूरी॥**

आँक र जवासा विनापातका भए (उनका पात झरे)। जस्तै श्रेष्ठ राज्यमा दुष्टहरूको उद्यम व्यर्थ हुन्छ। धूलो कहीं खोज्दा पनि मिल्दैन, जस्तै क्रोधले धर्मलाई टाढा पुर्‍याउँछ॥ २॥

**ससि संपन्न सोह महि कैसी। उपकारी कै संपति जैसी॥**
**निसि तम घन खद्योत बिराजा। जनु दंभिन्ह कर मिला समाजा॥**

अन्नले युक्त (लटरम्म परेको खेती हरियालीले भरिएर) पृथ्वी कस्तो शोभित देखिएको छ, जस्तो उपकारी पुरुषको सम्पत्ति। रातको घनघोर अन्धकारमा जुनकिरीले यसरी शोभा पाएका छन्, मानौं दम्भीहरूका समाज आएर जुटेका छन्॥ ३॥

**महाबृष्टि चलि फूटि किआरीं। जिमि सुतंत्र भएँ बिगरहिं नारीं॥**
**कृषी निरावहिं चतुर किसाना। जिमि बुध तजहिं मोह मद माना॥**

भारी वर्षाले क्यारी (खेत वा ड्याङ) का आली वा आँठाहरू यसरी भत्केका छन्, जसरी स्वतन्त्र हुनाले नारीहरू बिग्रन्छन्। चतुर किसानले यसरी खेतीलाई गोडिरहेका छन् (तीमध्ये घाँस आदिलाई निकालेर फालेका छन्)। जसरी विद्वान्ले मोह, मद र मानलाई त्याग गर्छन्॥ ४॥

**देखिअत चक्रबाक खग नाहीं। कलिहि पाइ जिमि धर्म पराहीं॥**
**ऊषर बरषइ तृन नहिं जामा। जिमि हरिजन हियँ उपज न कामा॥**

चक्रवाक (चखेवा) पक्षी देखिन छोडेका छन्; जसरी कलियुगलाई पाएर धर्म भाग्दछ। ऊषरमा वर्षा हुन्छ, तर त्यहाँ घाँससम्म उम्रदैन। जस्तो हरिभक्तको हृदयमा काम उत्पन्न हुँदैन॥ ५॥

**बिबिध जंतु संकुल महि भ्राजा। प्रजा बाढ़ जिमि पाइ सुराजा॥**
**जहँ तहँ रहे पथिक थकि नाना। जिमि इंद्रिय गन उपजें ग्याना॥**

पृथ्वी अनेक प्रकारका जीवहरूले भरिएर उस्तै तरहले शोभायमान छ, जस्तै सुराज्य पाएर प्रजाको वृद्धि हुन्छ। यत्रतत्र अनेक बटुवाहरू यसरी थाकेर बसेका छन्, जसरी ज्ञान उत्पन्न भएपछि इन्द्रियहरू शिथिल भएर विषयहरूतर्फ जान छोड्छन्॥ ६॥

दो०— **कबहुँ प्रबल बह मारुत जहँ तहँ मेघ बिलाहिं।**
**जिमि कपूत के उपजें कुल सद्धर्म नसाहिं॥ १५ (क)॥**

कहिलेकाहीं वायु वेगपूर्वक चल्न लाग्छ, जसले गर्दा बादल-जतासुकै हराउँछ, जस्तै कुपुत्र उत्पन्न हुनाले उत्तम धर्म (श्रेष्ठ आचरण) नष्ट हुन्छ॥ १५ (क)॥

**कबहु दिवस महँ निबिड़ तम कबहुँक प्रगट पतंग।**
**बिनसइ उपजइ ग्यान जिमि पाइ कुसंग सुसंग॥ १५ (ख)॥**

कहिले [बादलहरूका कारणले] दिनमा घोर अन्धकारले भरिन्छ र कहिले सूर्य प्रकट हुन्छन्, जसरी कुसङ्गत पाएर ज्ञान नष्ट हुन्छ र सुसङ्गत पाएर उत्पन्न हुन्छ॥ १५ (ख)॥

## शरद्-ऋतु-वर्णन

**बरषा बिगत सरद रितु आई। लछिमन देखहु परम सुहाई॥**
**फूलें कास सकल महि छाई। जनु बरषाँ कृत प्रगट बुढ़ाई॥**

हे लक्ष्मण! हेर, वर्षा बितिसक्यो र परम सुन्दर शरद्-ऋतु आयो। फुलेका काँसले सबै पृथ्वी भरियो, मानौं वर्षा-ऋतुले [काँसरूपी सेता कपालको रूपमा] आफ्नो वृद्धावस्था प्रकट गरेको छ॥ १॥

**उदित अगस्ति पंथ जल सोषा। जिमि लोभहि सोषइ संतोषा॥**
**सरिता सर निर्मल जल सोहा। संत हृदय जस गत मद मोहा॥**

अगस्त्य तारा उदय भएर बाटोको जललाई यसरी सुकायो, जसरी सन्तोषले लोभलाई सुकाउँछ। नदी र तालहरूमा निर्मल जलले यसरी शोभा पाइरहेको छ, जसरी मद र मोहले रहित सन्तको हृदय!॥ २॥

**रस रस सूख सरित सर पानी। ममता त्याग करहिं जिमि ग्यानी॥**
**जानि सरद रितु खंजन आए। पाइ समय जिमि सुकृत सुहाए॥**

नदी र तालहरूमा जल बिस्तारै-बिस्तारै यसरी सुकेको छ, जसरी ज्ञानी पुरुषले ममतालाई त्याग गर्छ। शरद्-ऋतु जानेर खञ्जन पन्छी (अति राम्रो, एकान्तमा बस्ने र अति चञ्चल जातका, बाहुनी चरी) आए, जस्तै समय पाएर सुन्दर सुकृत आउँछन् (पुण्य प्रकट हुन्छन्)॥ ३॥

**पंक न रेनु सोह असि धरनी। नीति निपुन नृप कै जसि करनी॥**
**जल संकोच बिकल भइँ मीना। अबुध कुटुंबी जिमि धनहीना॥**

न हिलो छ न धूलो; यसैले धर्ती [निर्मल भएर] यस्तो शोभायमान भएको छ, जस्तो नीतिनिपुण राजाको व्यवहार! जल कम हुनाले माछाहरू यसरी व्याकुल भएका छन्, जसरी मूर्ख (विवेकशून्य) कुटुम्बी (गृहस्थी) धनविना व्याकुल हुन्छ॥ ४॥

**बिनु घन निर्मल सोह अकासा। हरिजन इव परिहरि सब आसा॥**
**कहुँ कहुँ बृष्टि सारदी थोरी। कोउ एक पाव भगति जिमि मोरी॥**

विनाबादलको निर्मल आकाश यसरी शोभित भइरहेको छ, जसरी भगवद्भक्त सबै आशा छोडेर सुशोभित हुन्छ। कहीं-कहीं शरद्ऋतुको वर्षा थोरै मात्रामा भइरहेको छ। जस्तै बिरलाकोटी (विरलै) ले नै मेरो भक्ति पाउँछन्॥ ५॥

दो०— **चले हरषि तजि नगर नृप तापस बनिक भिखारि।**
**जिमि हरिभगति पाइ श्रम तजहिं आश्रमी चारि॥ १६॥**

[शरद्-ऋतु पाएर] राजा, तपस्वी, व्यापारी र भिखारी [क्रमशः विजय, तप, व्यापार र भिक्षाको लागि] यसरी हर्षित भएर नगर छोडेर गए, जसरी श्रीहरिको भक्ति पाएर चारै आश्रमवालाले [नाना प्रकारका साधनरूपी] श्रमहरूलाई त्याग गर्छन्॥ १६॥

**सुखी मीन जे नीर अगाधा। जिमि हरि सरन न एकउ बाधा॥**
**फूलें कमल सोह सर कैसा। निर्गुन ब्रह्म सगुन भएँ जैसा॥**

जुन माछाहरू अथाह जलमा छन्, उनीहरू यस्तो प्रकारले सुखी छन्, जस्तो प्रकारले श्रीहरिको शरणमा गएपछि एउटा पनि बाधा हुँदैन। कमलहरू फुल्नाले तालहरूले कस्तो शोभा दिएका छन्, जस्तो निर्गुण ब्रह्म सगुण भएपछि विराजमान हुन्छ॥ १॥

**गुंजत मधुकर मुखर अनूपा। सुंदर खग रव नाना रूपा॥**
**चक्रबाक मन दुख निसि पेखी। जिमि दुर्जन पर संपति देखी॥**

भमराले अनुपम शब्द गर्दै गुञ्जन गरिरहेका छन्, तथा पक्षीहरू नाना प्रकारका सुन्दर स्वरले क्याउँक्याउँ गरेका छन् (चिरबिराएका छन्) रात्रिलाई देखेर चखेवाको मनमा यस प्रकारले दुःख भएको छ, जुन प्रकारले अर्काको सम्पत्ति देखेर दुष्टलाई हुन्छ॥ २॥

**चातक रटत तृषा अति ओही। जिमि सुख लहइ न संकरद्रोही॥**
**सरदातप निसि ससि अपहरई। संत दरस जिमि पातक टरई॥**

काकाकुल पन्छी यस्तरी धेरै कराएको छ, उसलाई धेरै तिर्खा लागेको छ, जस्तरी श्रीशङ्करको द्रोहीले सुख पाउँदैन। शरद्-ऋतुको तापलाई रातको समयमा जसरी चन्द्रमाले नष्ट गर्दछ, त्यसरी नै सन्तहरूको दर्शनले पाप नष्ट हुन्छ॥ ३॥

**देखि इंदु चकोर समुदाई। चितवहिं जिमि हरिजन हरि पाई॥**
**मसक दंस बीते हिम त्रासा। जिमि द्विज द्रोह किएँ कुल नासा॥**

चकोर (च्याखुरा) का समुदाय चन्द्रमालाई देखेर यस्तो प्रकारले ट्वाल्ल हेरिरहेका छन्, जस्तो प्रकार भगवद्भक्तले भगवान्‌लाई पाएर आफ्नो [निर्निमेष नेत्रले] दर्शन गर्छन्। लाम्खुट्टे र डाँस जाडोको डरले यसरी नष्ट भइसके, जसरी ब्राह्मणहरूका साथ वैर गर्नाले कुलको विनाश हुन्छ॥ ४॥

**दो०— भूमि जीव संकुल रहे गए सरद रितु पाइ।**
**सदगुर मिलें जाहिं जिमि संसय भ्रम समुदाइ॥ १७॥**

[वर्षा-ऋतुको कारण] पृथ्वीमा जुन जीव (प्राणी) भरिएका थिए, ती सबै शरद्-ऋतुलाई पाएर यसरी नष्ट भए, जसरी सद्‌गुरु भेटिएपछि सन्देह र भ्रमका समूह नष्ट हुन्छन्॥ १७॥

**बरषा गत निर्मल रितु आई। सुधि न तात सीता कै पाई॥**
**एक बार कैसेहुँ सुधि जानौं। कालहु जीति निमिष महुँ आनौं॥**

वर्षा बितिसक्यो, निर्मल शरद्-ऋतु आयो। परन्तु हे तात! सीताको कुनै खबर पाइएन। एकपल्ट कुनै किसिमले थाहा पाएँ भने काललाई पनि जितेर पलभरमा जानकीलाई लिएर आउने थिएँ॥ १॥

## * श्रीराम सुग्रीवप्रति रिसाउनु, लक्ष्मणजीको क्रोध *

**कतहुँ रहउ जौं जीवति होई। तात जतन कर आनउँ सोई॥**
**सुग्रीवहुँ सुधि मोरि बिसारी। पावा राज कोस पुर नारी॥**

कहीं पनि किन नहुन्, यदि जीवितै भए त हे तात! प्रयत्न गरेर मैले उनलाई अवश्य ल्याउनेछु। राज्य, खजाना, नगर र स्त्री पायो, यसैले सुग्रीवले पनि मेरो परिस्थिति भुल्यो॥ २॥

**जेहिं सायक मारा मैं बाली। तेहिं सर हतौं मूढ़ कहँ काली॥**
**जासु कृपाँ छूटहिं मद मोहा। ता कहुँ उमा कि सपनेहुँ कोहा॥**

जुन बाणले मैले बालिलाई मारेको थिएँ, त्यही बाणले भोलि त्यस मूढलाई मार्नेछु! [शिवजी भन्नुहुन्छ— ] हे उमा! जसको कृपाले मद र मोह छुट्‌दछ, उहाँलाई कहीं स्वप्नमा पनि क्रोध हुन सक्छ? [यो त लीला मात्र हो]॥ ३॥

**जानहिं यह चरित्र मुनि ग्यानी। जिन्ह रघुबीर चरन रति मानी॥**
**लछिमन क्रोधवंत प्रभु जाना। धनुष चढ़ाइ गहे कर बाना॥**

ज्ञानी मुनि जसले श्रीरघुनाथको चरणमा प्रीति गरेका छन्, उनीहरूले नै यस चरित्र (लीलारहस्य) लाई जान्दछन्। लक्ष्मणजीले जब प्रभुलाई क्रोधयुक्त जान्नुभयो, तब उहाँले धनुष उठाएर बाण हातमा लिनुभयो॥ ४॥

**दो०— तब अनुजहि समुझावा रघुपति करुना सींव।**
**भय देखाइ लै आवहु तात सखा सुग्रीव॥ १८॥**

त्यसपछि दयाका सागर श्रीरघुनाथले भाइ लक्ष्मणजीलाई सम्झाउनुभयो कि हे तात! सखा सुग्रीवलाई केवल भय देखाएर लिएर आऊ [उनीलाई मार्ने होइन]॥ १८॥

**इहाँ पवनसुत हृदयँ बिचारा। राम काजु सुग्रीवँ बिसारा॥**
**निकट जाइ चरनन्हि सिरु नावा। चारिहु बिधि तेहि कहि समुझावा॥**

यहाँ [किष्किन्धानगरीमा] पवनकुमार श्रीहनुमान्‌ले विचार गर्नुभयो कि सुग्रीवले श्रीरामको कार्यलाई बिर्से। अनि सुग्रीवसँग गएर चरणमा शिर नुहाउनुभयो र [साम, दाम, दण्ड, भेद] चार प्रकारका नीति भनेर उनलाई सम्झाउनुभयो॥ १॥

**सुनि सुग्रीवँ परम भय माना। बिषयँ मोर हरि लीन्हेउ ग्याना॥**
**अब मारुतसुत दूत समूहा। पठवहु जहँ तहँ बानर जूहा॥**

हनुमान्‌जीका वचन सुनेर सुग्रीवले धेरै नै डर माने। [र भने—] विषयले मेरो ज्ञानलाई ढाक्यो (छोप्यो)। अब हे पवनसुत! जहाँ–जहाँ बाँदरहरूका यूथ (फौज) रहेका छन्; त्यहाँ–त्यहाँ दूतहरूका टोलीलाई पठाउँ॥ २॥

**कहहु पाख महुँ आव न जोई। मोरें कर ता कर बध होई॥**
**तब हनुमंत बोलाए दूता। सब कर करि सनमान बहूता॥**

र भन्नु कि एक पक्षमा (१५ दिनमा) जो आउनेछैन, ऊ मेरो हातबाट मर्नेछ। त्यसपछि हनुमान्‌जीले दूतहरूलाई बोलाएर सबैलाई सम्मान गरेर— ॥ ३॥

**भय अरु प्रीति नीति देखराई। चले सकल चरनन्हि सिर नाई॥**
**एहि अवसर लछिमन पुर आए। क्रोध देखि जहँ तहँ कपि धाए॥**

सबैलाई भय, प्रीति र नीति सुनाउनुभयो। सबै बाँदर चरणमा शिर निहुराएर हिँडे। यही समयमा लक्ष्मणजी नगरमा आउनुभयो। उहाँको क्रोध देखेर बाँदर जतासुकै भागे॥ ४॥

**दो०— धनुष चढ़ाइ कहा तब जारि करउँ पुर छार।**
**ब्याकुल नगर देखि तब आयउ बालिकुमार॥ १९॥**

तदनन्तर लक्ष्मणजीले धनुष उठाएर भन्नुभयो कि नगरलाई जलाएर अहिल्यै भस्म गर्नेछु। त्यसपछि नगरका सबै जनालाई व्याकुल देखेर बालिपुत्र अङ्गद उहाँसँग आए॥ १९॥

**चरन नाइ सिरु बिनती कीन्ही। लछिमन अभय बाँह तेहि दीन्ही॥**
**क्रोधवंत लछिमन सुनि काना। कह कपीस अति भय अकुलाना॥**

अङ्गदले उहाँका चरणमा शिर निहुराएर बिन्ती (क्षमा याचना) गरे। त्यसपछि लक्ष्मणजीले भुजा उठाएर (नडराउन) अभयदान दिनुभयो। सुग्रीवले आफ्ना कानले लक्ष्मणजीलाई क्रोधयुक्त सुनेर भयले अत्यन्त व्याकुल भएर भने— ॥ १॥

**सुनु हनुमंत संग लै तारा। करि बिनती समुझाउ कुमारा॥**
**तारा सहित जाइ हनुमाना। चरन बंदि प्रभु सुजस बखाना॥**

हे हनुमान्! सुन, तिमीले तारालाई लिएर जाऊ र बिन्ती गरेर राजकुमारलाई सम्झाऊ (सम्झाएर-बुझाएर शान्त गर)। हनुमान्जीले तारासहित गएर लक्ष्मणजीका चरणका वन्दना गरेर र प्रभुको सुन्दर यशलाई वर्णन गर्नुभयो॥ २॥

**करि बिनती मंदिर लै आए। चरन पखारि पलँग बैठाए॥**
**तब कपीस चरनन्हि सिरु नावा। गहि भुज लछिमन कंठ लगावा॥**

उहाँले बिन्ती गरेर उहाँलाई महलमा ल्याउनुभयो तथा चरणलाई धोएर लक्ष्मणजीलाई खाटमा बसाल्नुभयो। त्यसपछि बाँदरराज सुग्रीवले उहाँलाई प्रणाम गरे तथा लक्ष्मणजीले हात समातेर उनलाई अङ्कमाल गर्नुभयो॥ ३॥

**नाथ बिषय सम मद कछु नाहीं। मुनि मन मोह करइ छन माहीं॥**
**सुनत बिनीत बचन सुख पावा। लछिमन तेहि बहुबिधि समुझावा॥**

[सुग्रीवले भने— ] हे नाथ! विषयसमान अर्को कुनै मद छैन। यसले क्षण मात्रमा मुनिहरूलाई पनि मोह उत्पन्न गराउँछ [फेरि म त विषयी जीव नै भएँ]। सुग्रीवका विनम्रतायुक्त वचन सुनेर लक्ष्मणजीलाई सुख प्राप्त भयो र उनलाई धेरै प्रकारले सम्झाउनुभयो॥ ४॥

**पवन तनय सब कथा सुनाई। जेहि बिधि गए दूत समुदाई॥**

अनि पवनसुत हनुमान्जीले जुन प्रकारले सबै दिशाहरूमा दूतहरूका टोली गएका थिए, त्यो सबै हाल सुनाउनुभयो॥ ५॥

दो०— **हरषि चले सुग्रीव तब अंगदादि कपि साथ।**
**रामानुज आगें करि आए जहँ रघुनाथ॥ २०॥**

अनि अङ्गद आदि बाँदरहरूलाई साथै लिएर र श्रीरामका भाइ लक्ष्मणजीलाई अगाडि गरेर सुग्रीव हर्षित हुँदै जहाँ रघुनाथजी हुनुहुन्थ्यो त्यहीं आए॥ २०॥

## * सुग्रीव-राम-संवाद र सीताजीको खोजीका लागि बाँदरहरू प्रस्थान *

**नाइ चरन सिरु कह कर जोरी। नाथ मोह कछु नाहिन खोरी॥**
**अतिसय प्रबल देव तव माया। छूटइ राम करहु जौं दाया॥**

श्रीरघुनाथका चरणमा शिर निहुराएर हात जोडी सुग्रीवले भने—हे नाथ! मेरो केही पनि दोष छैन। हे देव! हजुरको माया अत्यन्तै प्रबल छ। हजुरले जब दया गरिबक्सिन्छ हे राम! तब यो छुट्दछ॥ १॥

**बिषय बस्य सुर नर मुनि स्वामी। मैं पावँर पसु कपि अति कामी॥**
**नारि नयन सर जाहि न लागा। घोर क्रोध तम निसि जो जागा॥**

हे स्वामी! देवता, मनुष्य र मुनि सबै विषयहरूका वशमा छन्। फेरि म त पामर पशु र पशुहरूमध्ये पनि अत्यन्त कामी बाँदर हुँ। स्त्रीको नयन-बाण (नेत्र-कटाक्षरूपी बाण) जसलाई लागेको छैन, जुन भयङ्कर क्रोधरूपी अध्यारो रातमा पनि बिउँझिरहन्छ (क्रोधान्ध हुँदैन)॥ २॥

**लोभ पाँस जेहिं गर न बँधाया। सो नर तुम्ह समान रघुराया॥**
**यह गुन साधन तें नहिं होई। तुम्हरी कृपाँ पाव कोइ कोई॥**

र लोभको फाँसी (पासो) ले जसले आफ्नो गलालाई बाँधेको छैन, हे रघुनाथजी! त्यो मनुष्य हजुर नै समान हुन्छ। यो गुण साधनले प्राप्त हुँदैन। हजुरको कृपाले नै कुनै-कुनैले यसलाई पाउँछन्॥ ३॥

**तब रघुपति बोले मुसुकाई। तुम्ह प्रिय मोहि भरत जिमि भाई॥**
**अब सोइ जतनु करहु मन लाई। जेहि बिधि सीता कै सुधि पाई॥**

त्यसपछि रघुनाथजी मुस्कुराएर बोल्नुभयो—हे भाइ! तिमी मलाई भरतसमान प्रिय छौ। अब मन लगाएर उही उपाय गर जुन उपायले सीताको खबर पाइयोस्॥ ४॥

दो०—**एहि बिधि होत बतकही आए बानर जूथ।**
**नाना बरन सकल दिसि देखिअ कीस बरूथ॥ २१॥**

यस्ता प्रकारले बातचित भइरहेको थियो कि (उताबाट) बाँदरहरूका हूल आइहाले। अनेकौं रङ्गका बाँदरहरूका दल सबै दिशाहरूमा देखिए॥ २१॥

**बानर कटक उमा मैं देखा। सो मूरुख जो करन चह लेखा॥**
**आइ राम पद नावहिं माथा। निरखि बदनु सब होहिं सनाथा॥**

[शिवजी भन्नुहुन्छ— ] हे उमा! बाँदरहरूका ती सेनालाई मैले देखेको थिएँ। उनलाई जसले गणना गर्न खोज्दछ ऊ महान् मूर्ख हो। सबै बाँदर आएर श्रीरामका चरणमा शिर निहुराएका छन् र [सौन्दर्य-माधुर्यनिधि] श्रीमुखको दर्शन गरेर कृतार्थ भएका छन्॥ १॥

**अस कपि एक न सेना माहीं। राम कुसल जेहि पूछी नाहीं॥**
**यह कछु नहिं प्रभु कइ अधिकाई। बिस्वरूप ब्यापक रघुराई॥**

सेनामा एउटा पनि बाँदर यस्ता थिएनन् जसलाई श्रीरामले कुशल सोध्नुभएन। प्रभुको लागि यो कुनै ठूलो कुरा थिएन; किनकि श्रीरघुनाथ विश्वरूप तथा सर्वव्यापक (सबै रूप र सबै ठाउँमा) हुनुहुन्छ॥ २॥

**ठाढ़े जहँ तहँ आयसु पाई। कह सुग्रीव सबहि समुझाई॥**
**राम काजु अरु मोर निहोरा। बानर जूथ जाहु चहुँ ओरा॥**

आज्ञा पाएर सबै जतासुकै उभिए। अनि सुग्रीवले सबैलाई सम्झाएर भने कि हे बाँदरहरूका समूह हो! यो श्रीरामचन्द्रको कार्य हो र मेरो अनुरोध छ; तिमीहरू चारैतर्फ जाओ॥ ३॥

**जनकसुता कहुँ खोजहु जाई। मास दिवस महँ आएहु भाई॥**
**अवधि मेटि जो बिनु सुधि पाएँ। आवइ बनिहि सो मोहि मराएँ॥**

र गएर जानकीजीलाई खोज! हे भाइ! एक महीनाभित्रमा फर्केर आउनू। जो [महीनाभरको] अवधि बिताए खबर नलिइकन फर्केर आउनेछ उसलाई मैले अवश्य वध गर्नेछु॥ ४॥

दो०— **बचन सुनत सब बानर जहँ तहँ चले तुरंत।**
**तब सुग्रीवँ बोलाए अंगद नल हनुमंत॥ २२॥**

सुग्रीवका वचन सुन्दा नै सबै बाँदर तुरुन्तै जतातत [भिन्न-भिन्न दिशाहरूमा] हिँडिहाले। अनि सुग्रीवले अङ्गद, नल, हनुमान् आदि प्रधान-प्रधान योद्धाहरूलाई बोलाए [र भने— ]॥ २२॥

**सुनहु नील अंगद हनुमाना। जामवंत मतिधीर सुजाना॥**
**सकल सुभट मिलि दच्छिन जाहू। सीता सुधि पूँछेहु सब काहू॥**

हे धीरबुद्धि र चतुर नील, अङ्गद, जाम्बवान् र हनुमान्! तिमीहरू सबै श्रेष्ठ योद्धा मिलेर दक्षिण दिशामा जाओ र सबै जनासँग सीताजीको हाल-खबर सोध्नू॥ १॥

**मन क्रम बचन सो जतन बिचारेहु। रामचंद्र कर काजु सँवारेहु॥**
**भानु पीठि सेइअ उर आगी। स्वामिहि सर्ब भाव छल त्यागी॥**

मन, वचन तथा कर्मले सोको (सीताजीलाई पत्ता लगाउने कुरा) उपाय सोच्नू। श्रीरामचन्द्रको कार्य सम्पन्न (सफल) गर्नू। सूर्यलाई पिठिउँले र अग्निलाई हृदय (अगाडि) बाट सेवन गर्नुपर्छ। परन्तु स्वामीको सेवा त छल छोडेर सर्वभावले (मन, वचन, कर्मले) गर्नुपर्छ॥ २॥

**तजि माया सेइअ परलोका। मिटहिं सकल भवसंभव सोका॥**
**देह धरे कर यह फलु भाई। भजिअ राम सब काम बिहाई॥**

माया (विषयहरूको ममता-आसक्ति) लाई छोडेर परलोकको सेवन (भगवान्‌को दिव्य धाम प्राप्त गर्नका लागि भगवत्सेवारूप साधन) गर्नुपर्छ, जसले गर्दा भव (जन्म-मरण) बाट उत्पन्न सबै शोक मेटियोस्। हे भाइ! शरीर धारण गरेको यही फल हो कि सबै काम (कामना) हरू छोडेर श्रीरामको भजन (तथा सेवा) नै गर्नुपर्छ॥ ३॥

**सोइ गुनग्य सोई बड़भागी। जो रघुबीर चरन अनुरागी॥**
**आयसु मागि चरन सिरु नाई। चले हरषि सुमिरत रघुराई॥**

सद्गुणहरूलाई चिन्नेवाला (गुणवान्) तथा ठूलो भाग्यमानी उही हो जो श्रीरघुनाथका चरणको प्रेमी छ। आज्ञा मागेर र चरणमा फेरि शिर नुहाएर श्रीरघुनाथलाई स्मरण गर्दै सबै हर्षित भएर हिँडे॥ ४॥

**पाछें पवन तनय सिरु नावा। जान काज प्रभु निकट बोलावा॥**
**परसा सीस सरोरुह पानी। करमुद्रिका दीन्हि जन जानी॥**

सबैभन्दा पछि पवनसुत हनुमान्‌जीले शिर निहुराउनुभयो। कार्यलाई विचार गरेर प्रभुले उहाँलाई आफूसँग बोलाउनुभयो। उहाँले आफ्नो कर-कमलले हनुमान्‌जीको शिरलाई स्पर्श गर्नुभयो तथा आफ्नो सेवक जानेर उहाँलाई आफ्नो हातको औंठी निकालेर दिनुभयो॥ ५॥

**बहु प्रकार सीतहि समुझएहु। कहि बल बिरह बेगि तुम्ह आएहु॥**
**हनुमत जन्म सुफल करि माना। चलेउ हृदयँ धरि कृपानिधाना॥**

[र भन्नुभयो— ] धेरै प्रकारले सीतालाई सम्झाउनू र मेरो बल तथा विरह (प्रेम) भनेर तिमी शीघ्र फर्केर आउनू। हनुमान्‌जीले आफ्नो जन्म सफल सम्झनुभयो र कृपानिधान प्रभुलाई हृदयमा धारण गरेर हिँड्नुभयो॥ ६॥

**जद्यपि प्रभु जानत सब बाता। राजनीति राखत सुरत्राता॥**

यद्यपि देवताहरूलाई रक्षा गर्नेवाला प्रभुले सबै कुरा (रहस्य) जान्नुभएको छ, तर पनि उहाँले राजनीतिलाई रक्षा गर्नुभएको छ। (नीतिलाई रक्षा गर्नका लागि सीताजीलाई खोज्नको निमित्त सबै ठाउँमा बाँदरहरूलाई पठाउनुभएको छ)॥ ७॥

दो०— **चले सकल बन खोजत सरिता सर गिरि खोह।**
**राम काज लीन मन बिसरा तन कर छोह॥ २३॥**

सबै बाँदर वन, नदी, ताल, पर्वत र पहाडहरूका कन्दरा (गुफा, ओढार) हरूमा खोज्दै गइरहेका छन्। मन श्रीरामको कार्यमा तल्लीन छ। शरीरसम्मको प्रेम (ममत्व) बिर्से॥ २३॥

**कतहुँ होइ निसिचर सैं भेटा। प्रान लेहिं एक एक चपेटा॥**
**बहु प्रकार गिरि कानन हेरहिं। कोउ मुनि मिलइ ताहि सब घेरहिं॥**

कुनै ठाउँमा कुनै राक्षस भेट हुन्छन्, अनि एक थप्पडमा नै उनको प्राण लिन्छन्। पहाडहरू र वनमा धेरै प्रकारले खोजिरहेका छन्। कुनै मुनि भेट हुन्छन्, त्यतिखेर सोध्नका लागि उनलाई सबैले घेर्दछन्॥ १॥

**लागि तृषा अतिसय अकुलाने। मिलइ न जल घन गहन भुलाने॥**
**मन हनुमान कीन्ह अनुमाना। मरन चहत सब बिनु जल पाना॥**

यत्तिकैमा सबैलाई अत्यन्तै तिर्खा लाग्यो, जलले सबै अत्यन्तै व्याकुल भए। किन्तु जल कहीं भेटिएन। घना जङ्गलमा सबैले (बाटो) भुले। हनुमान्‌जीले मनमा अनुमान गर्नुभयो कि जल पिउन नपाएर सबै जना मर्न नै लागेका छन्॥ २॥

## * गुफामा तपस्विनीको दर्शन *

**चढ़ि गिरि सिखर चहूँ दिसि देखा। भूमि बिबर एक कौतुक पेखा॥**
**चक्रबाक बक हंस उड़ाहीं। बहुतक खग प्रबिसहिं तेहि माहीं॥**

उहाँले पहाडको टाकुरामा चढेर चारैतर्फ हेर्नुभयो। त्यस समयमा उहाँले पृथ्वीभित्र एक गुफामा एक कौतुक (आश्चर्य) देख्नुभयो। त्यसमाथि च्याखुरा, बकुल्ला र हाँस उडेका छन् र धेरै नै पक्षी त्यसमा प्रवेश गरेका छन्॥ ३॥

**गिरि ते उतरि पवनसुत आवा। सब कहुँ लै सोइ बिबर देखावा॥**
**आगें कै हनुमंतहि लीन्हा। पैठे बिबर बिलंबु न कीन्हा॥**

अनि पवन कुमार हनुमान्‌जी टाकुराबाट ओर्लनुभयो र सबैलाई लिएर गएर उहाँले त्यो गुफा देखाउनुभयो। सबैले हनुमान्‌जीलाई अगाडि लगाए। उहाँ गुफामा प्रवेश गर्नुभयो, विलम्ब गर्नुभएन॥ ४॥

**दो०— दीख जाइ उपबन बर सर बिगसित बहु कंज।**
**मंदिर एक रुचिर तहँ बैठि नारि तप पुंज॥ २४॥**

भित्र गएर उहाँले एक उत्तम उपवन (बगैंचा) र पोखरी देख्नुभयो, जसमा धेरै नै कमल फुलेका थिए। त्यहीं एक सुन्दर मन्दिर थियो, जसमा एक तपोमूर्ति स्त्री बसेकी छन्॥ २४॥

**दूरि ते ताहि सबन्हि सिरु नावा। पूछें निज बृत्तांत सुनावा॥**
**तेहिं तब कहा करहु जल पाना। खाहु सुरस सुंदर फल नाना॥**

टाढाबाटै सबैले उनलाई शिर निहुराएर सोधेपछि आफ्नो सबै वृत्तान्त सुनाए। त्यसपछि उनले भनिन्— जलपान गर र अनेक थरीका रसिला सुन्दर फल खाओ॥ १॥

**मज्जनु कीन्ह मधुर फल खाए। तासु निकट पुनि सब चलि आए॥**
**तेहिं सब आपनि कथा सुनाई। मैं अब जाब जहाँ रघुराई॥**

[आज्ञा पाएर] सबैले स्नान गरे, मीठा फल खाए र फेरि सबै उसको नजिक गए। त्यसपछि उनले सबै आफ्ना कथा सुनाइन् [र भनिन्— ] म अब वहाँ जानेछु, जहाँ श्रीरघुनाथजी हुनुहुन्छ॥ २॥

### ❋ बाँदरहरू समुद्रतटमा आउनु, सम्पातीसँग भेट र कुराकानी ❋

**मूदहु नयन बिबर तजि जाहू। पैहहु सीतहि जनि पछिताहू॥**
**नयन मूदि पुनि देखहिं बीरा। ठाढ़े सकल सिंधु कें तीरा॥**

तिमीहरूले आँखा बन्द गर र गुफालाई छोडेर बाहिर जाओ। तिमीहरूले सीताजीलाई पाउनेछौ, पछुताउनु पर्दैन (निराश नहुनू)। (सबैले) आँखा बन्द गरेर फेरि आँखा उघारे त्यस समयमा सबै वीरले यस्तो देखे कि सबैलाई समुद्रको किनारामा उभिएको देखे॥ ३॥

**सो पुनि गई जहाँ रघुनाथा। जाइ कमल पद नाएसि माथा॥**
**नाना भाँति बिनय तेहिं कीन्ही। अनपायनी भगति प्रभु दीन्ही॥**

र उनी स्वयं वहाँ गइन् जहाँ श्रीरघुनाथ हुनुहुन्थ्यो। उनले गएर प्रभुका चरणकमलमा शिर नुहाइन् र धेरै प्रकारले बिन्ती गरिन्। प्रभुले उनलाई आफ्नो अनपायिनी (अचल) भक्ति दिनुभयो॥ ४॥

**दो०— बदरीबन कहुँ सो गई प्रभु अग्या धरि सीस।**
**उर धरि राम चरन जुग जे बंदत अज ईस॥ २५॥**

प्रभुको आज्ञा शिरमा राखेर र श्रीरामका युगल चरणलाई, जसलाई ब्रह्मा र महेशले पनि वन्दना गर्छन्, हृदयमा धारण गरेर तिनी (स्वयंप्रभा) बदरिकाश्रममा गइहालिन्॥ २५॥

**इहाँ बिचारहिं कपि मन माहीं। बीती अवधि काज कछु नाहीं॥**
**सब मिलि कहहिं परस्पर बाता। बिनु सुधि लएँ करब का भ्राता॥**

यहाँ बाँदरगण मनमा विचार गरिरहेका छन् कि अवधि त बितिसक्यो; तर काम केही भएन। सबै मिलेर आपसमा कुरा गर्न लागे कि हे भाइ! अब त सीताजीको खबर नलिई फर्केर गएर के गर्ने?॥ १॥

**कह अंगद लोचन भरि बारी। दुहुँ प्रकार भइ मृत्यु हमारी॥**
**इहाँ न सुधि सीता कै पाई। उहाँ गएँ मारिहि कपिराई॥**

अङ्गदले नेत्रमा जल भरेर भने कि दुवै प्रकारले हाम्रो मृत्यु भयो। यता सीताजीको खबर मिलेन र त्यता गएपछि बाँदरराज सुग्रीवले मार्नेछन्॥ २॥

**पिता बधे पर मारत मोही। राखा राम निहोर न ओही॥**
**पुनि पुनि अंगद कह सब पाहीं। मरन भयउ कछु संसय नाहीं॥**

उनले त पिताको मृत्यु हुँदा नै मलाई मार्ने थिए। श्रीरामले नै मेरो रक्षा गर्नुभयो, यसमा सुग्रीवको कुनै उपकार (कृपा) छैन। अङ्गदले बारम्बार सबैसँग भनिरहेका छन् कि अब मरण भयो, यसमा केही पनि सन्देह छैन॥ ३॥

**अंगद बचन सुनत कपि बीरा। बोलि न सकहिं नयन बह नीरा॥**
**छन एक सोच मगन होइ रहे। पुनि अस बचन कहत सब भए॥**

बाँदर वीरले अङ्गदका वचन सुनेका छन्; किन्तु केही बोल्न सक्तैनन्। उनीहरूका नेत्रबाट जल बगिरहेको छ। एक क्षणको लागि सबै सोचमा मग्न भइरहेका छन्। फेरि सबैले यस्ता वचन भन्न लागे— ॥ ४॥

**हम सीता कै सुधि लीन्हें बिना। नहिं जैहैं जुबराज प्रबीना॥**
**अस कहि लवन सिंधु तट जाई। बैठे कपि सब दर्भ डसाई॥**

हे सुयोग्य युवराज! हामीहरू सीताजीको खबर नलिई फर्कनेछैनौं। यस्तो भनेर लवणसागरको तटमा गएर सबै बाँदर कुश बिछ्याएर बसे॥ ५॥

**जामवंत अंगद दुख देखी। कहीं कथा उपदेस बिसेषी॥**
**तात राम कहुँ नर जनि मानहु। निर्गुन ब्रह्म अजित अज जानहु॥**

जाम्बवान्ले अङ्गदको दुःख देखेर विशेष उपदेशका कथाहरू भने। [उनले भने—] हे तात! श्रीरामलाई मनुष्य नसम्झ, उहाँलाई निर्गुण ब्रह्म, अजेय र अजन्मा सम्झ॥ ६॥

**हम सब सेवक अति बड़भागी। संतत सगुन ब्रह्म अनुरागी॥**

हामी सबै सेवक अत्यन्तै ठूला भाग्यमानी छौं, जसले निरन्तर सगुण ब्रह्म (श्रीराम) मा प्रीति राखेका छौं॥ ७॥

दो०— **निज इच्छाँ प्रभु अवतरइ सुर महि गो द्विज लागि।**
**सगुन उपासक संग तहँ रहहिं मोच्छ सब त्यागि॥ २६॥**

देवता, पृथ्वी, गाई र ब्राह्मणको लागि प्रभुले आफ्नो इच्छाले [कुनै कर्म-बन्धनले होइन] अवतार लिनुहुन्छ। उहाँ सगुणोपासक [भक्तगण सालोक्य, सामीप्य, सारूप्य, सार्ष्टि र सायुज्य] सबै प्रकारका मोक्षहरूलाई त्यागेर उनको सेवामा साथ रहनुहुन्छ॥ २६॥

**एहि बिधि कथा कहहिं बहु भाँती। गिरि कंदराँ सुनी संपाती॥**
**बाहेर होइ देखि बहु कीसा। मोहि अहार दीन्ह जगदीसा॥**

यस्ता प्रकारले जाम्बवान्‌ले धेरै प्रकारले कथाहरू भनिरहेका छन्। यिनका कुरा पहाडको ओढार (कन्दरा) मा बसेको सम्पातीले सुन्यो। बाहिर निस्कँदा उसले धेरै नै बाँदर देख्यो। [तब उसले भन्यो—] जगदीश्वरले मलाई घरैमा धेरै नै आहारा पठाएका छन्!॥ १॥

**आजु सबहि कहँ भच्छन करऊँ। दिन बहु चले अहार बिनु मरऊँ॥**
**कबहुँ न मिल भरि उदर अहारा। आजु दीन्ह बिधि एकहिं बारा॥**

आज यी सबैलाई खानेछु। धेरै दिन बिते, भोजनविना मर्न लागेको थिएँ। पेटभरि भोजन कहिल्यै मिलेन। आज विधाताले एकैपल्ट धेरै नै भोजन दिए॥ २॥

**डरपे गीध बचन सुनि काना। अब भा मरन सत्य हम जाना॥**
**कपि सब उठे गीध कहँ देखी। जमवंत मन सोच बिसेषी॥**

गिद्धका वचन कानले सुन्दैमा सबै डराए कि अब साँच्चै नै मरण हुने नै भयो। यो कुरा हामीले जान्यौं। फेरि त्यस गिद्ध (सम्पाती) लाई देखेर सबै बाँदर उठेर उभिए। जाम्बवान्‌को मनमा विशेष चिन्ता भयो॥ ३॥

**कह अंगद बिचारि मन माहीं। धन्य जटायू सम कोउ नाहीं॥**
**राम काज कारन तनु त्यागी। हरि पुर गयउ परम बड़भागी॥**

अङ्गदले मनमा विचार गरेर भने—अहा! जटायुसमान धन्य कुनै छैनन्। श्रीरामको कार्य (परोपकार) को लागि शरीर छोडेर ऊ परम ठूलो भाग्यमानी भगवान्‌को परमधाममा गइहाल्यो॥ ४॥

**सुनि खग हरष सोक जुत बानी। आवा निकट कपिन्ह भय मानी॥**
**तिन्हहि अभय करि पूछेसि जाई। कथा सकल तिन्ह ताहि सुनाई॥**

हर्ष र शोकले युक्त वाणी सुनेर त्यो पक्षी बाँदरसँग आयो। बाँदर डराए। उनीहरूलाई अभय गरेर (अभय-वचन दिएर) उसले नजिकै गएर जटायुको वृत्तान्त सोध्यो, तब उनीहरूले सबै कथा उसलाई सुनाए॥ ५॥

**सुनि संपाति बंधु कै करनी। रघुपति महिमा बहुबिधि बरनी॥**

भाइ जटायुको कार्य-कुशलता सुनेर सम्पातीले धेरै प्रकारले श्रीरघुनाथको महिमा वर्णन गऱ्यो॥ ६॥

दो०— **मोहि लै जाहु सिंधुतट देउँ तिलांजलि ताहि।**
**बचन सहाइ करबि मैं पैहहु खोजहु जाहि॥ २७॥**

[उसले भन्यो— ] मलाई समुद्रको किनारामा लिएर हिँड, मैले जटायुलाई तिलाञ्जलि दिन्छु। यस सेवाको बदलामा तिमीहरूलाई वचनले सहायता गर्नेछु (अर्थात् सीताजी जहाँ हुनुहुन्छ सो बताउनेछु)। जसलाई तिमीहरूले खोजिरहेका छौ, उनलाई पाउनेछौ॥ २७॥

**अनुज क्रिया करि सागर तीरा। कह निज कथा सुनहु कपि बीरा॥**
**हम द्वौ बंधु प्रथम तरुनाई। गगन गए रबि निकट उड़ाई॥**

समुद्रको तीरमा भाइ जटायुको क्रिया (श्राद्ध आदि) गरेर सम्पातीले आफ्नो कथा भन्न लाग्यो—हे वीर बाँदरहरू हो! सुन, हामी दुवै भाइ युवा (तरुण, ठीटो) अवस्थामा एक चोटि आकाशमा उडेर सूर्यनजिकै गयौं॥ १॥

**तेज न सहि सक सो फिरि आवा। मैं अभिमानी रबि निअरावा॥**
**जरे पंख अति तेज अपारा। परेउँ भूमि करि घोर चिकारा॥**

त्यस (जटायु) ले सूर्यको ताप सहन गर्न सकेन, यसैले फर्केर आयो। (किन्तु) म अभिमानी थिएँ त्यसैले सूर्यको समीप गएँ। अत्यन्त तातो (प्रचण्ड ज्वाला) ले मेरा प्वाँख (पखेटा) डढे। अनि म ठूलो स्वरले चिच्च्याएर पृथ्वीमा पल्टिएँ॥ २॥

**मुनि एक नाम चंद्रमा ओही। लागी दया देखि करि मोही॥**
**बहु प्रकार तेहिं ग्यान सुनावा। देहजनित अभिमान छड़ावा॥**

त्यहाँ चन्द्रमा नामका एक मुनि थिए। मलाई देखेर उनलाई ठूलो दया लाग्यो। उनले धेरै नै प्रकारले मलाई ज्ञान सुनाए र मेरो देहजनित (देहसम्बन्धी) अभिमानलाई छुटाए॥ ३॥

## * समुद्र नाघ्नको लागि परामर्श, जाम्बवन्तले हनुमान्‌जीलाई बल याद गराएर उत्साहित गर्नु *

**त्रेताँ ब्रह्म मनुज तनु धरिही। तासु नारि निसिचर पति हरिही॥**
**तासु खोज पठइहि प्रभु दूता। तिन्हहि मिलें तैं होब पुनीता॥**

[उनले भने— ] त्रेतायुगमा साक्षात् परब्रह्मले मनुष्य शरीर धारण गर्नुहुनेछ। उहाँकी स्त्रीलाई राक्षसहरूको राजाले हरण गर्नेछ। उनको खोजीमा प्रभुले दूत पठाउनुहुनेछ। उनीहरूसँग भेट भएपछि तँ पवित्र हुनेछस्॥ ४॥

**जमिहहिं पंख करसि जनि चिंता। तिन्हहि देखाइ देहेसु तैं सीता॥**
**मुनि कइ गिरा सत्य भइ आजू। सुनि मम बचन करहु प्रभु काजू॥**

र तेरा पखेटा पलाउनेछन्; चिन्ता नगर्। उनीहरूलाई तैंले सीताजीलाई देखाइदिनू। मुनिका ती वाणी आज सत्य भए। अब मेरा वचन सुनेर तिमीहरूले प्रभुको कार्य गर॥ ५॥

**गिरि त्रिकूट ऊपर बस लंका। तहँ रह रावन सहज असंका॥**
**तहँ असोक उपबन जहँ रहई। सीता बैठि सोच रत अहई॥**

त्रिकूट पर्वतमा लङ्का राज्य छ। त्यहाँ स्वभावले अत्यन्त निडर रावण रहन्छ। त्यहाँ अशोक नामको बगैंचा छ, जहाँ सीताजी रहनुहुन्छ। [यस समय पनि] उहाँ चिन्तामा मग्न भएर बस्नुभएको छ॥ ६॥

दो०— **मैं देखउँ तुम्ह नाहीं गीधहि दृष्टि अपार।**
**बूढ़ भयउँ न त करतेउँ कछुक सहाय तुम्हार॥ २८॥**

मैले उहाँलाई देखिरहेको छु, तिमीहरूले देख्न सक्तैनौ; किनकि गिद्धको दृष्टि अपार हुन्छ (धेरै टाढासम्म देख्न सकिन्छ)। के गरौं? म बूढो भएँ, नत्र भने तिमीहरूलाई केही सहायता त अवश्य गर्ने थिएँ॥ २८॥

**जो नाघइ सत जोजन सागर। करइ सो राम काज मति आगर॥**
**मोहि बिलोकि धरहु मन धीरा। राम कृपाँ कस भयउ सरीरा॥**

जसले सय योजन (चार सय कोस) समुद्रलाई नाघ्न सक्छ र बुद्धिनिधान छ, उसैले श्रीरामको कार्यलाई गर्न सक्नेछ। [निराश भएर नडराऊ] मलाई देखेर मनमा धैर्य गर। हेर, श्रीरामको कृपाले [हेर्दा–हेर्दै] मेरो शरीर कस्तो भयो (विनापखेटाको बेहाल थिएँ, पखेटा पलाउनाले सुन्दर भएँ)!॥ १॥

**पापिउ जा कर नाम सुमिरहीं। अति अपार भवसागर तरहीं॥**
**तासु दूत तुम्ह तजि कदराई। राम हृदयँ धरि करहु उपाई॥**

पापी पनि जसको नाम स्मरण गरेर अत्यन्त अपार भवसागरबाट तर्दछन्, तिमी उनैका दूत हौ, अतः कायरता छोडेर श्रीरामलाई हृदयमा धारण गरेर उपाय गर॥ २॥

**अस कहि गरुड़ गीध जब गयऊ। तिह कें मन अति बिसमय भयऊ॥**
**निज निज बल सब काहूँ भाषा। पार जाइ कर संसय राखा॥**

[कागभुशुण्डिजी भन्नुहुन्छ— ] हे गरुडजी! यस प्रकार वृत्तान्त भनेर जब गिद्ध गइहाल्यो, तब उनी बाँदरहरूको मनमा अत्यन्त विस्मय भयो। सबै जनाले आ–आफ्नो बल भने! तर समुद्रपारि जानलाई सबैले सन्देह प्रकट गरे॥ ३॥

**जरठ भयउँ अब कहइ रिछेसा। नहिं तन रहा प्रथम बल लेसा॥**
**जबहिं त्रिबिक्रम भए खरारी। तब मैं तरुन रहेउँ बल भारी॥**

ऋक्षराज जाम्बवान्ले भन्न लागे—म बूढो भएँ। शरीरमा पहिलाको बलको लेश पनि बाँकी छैन। जब खरारि (खरका शत्रु श्रीराम) वामन हुनुभएको थियो, त्यस समयमा म युवक (ठिटो) थिएँ र मसँग धेरै बल थियो॥ ४॥

दो०— **बलि बाँधत प्रभु बाढ़ेउ सो तनु बरनि न जाइ।**
**उभय घरी महँ दीन्हीं सात प्रदच्छिन धाइ॥ २९॥**

बलिलाई बाँध्ने समयमा प्रभु यति बढ्नुभयो कि त्यस शरीरको वर्णन गर्न नै सकिन्न, किन्तु मैले दुई घडीमा दौडेर [त्यस शरीरलाई] सात प्रदक्षिणा गरेको थिएँ॥ २९॥

**अंगद कहइ जाउँ मैं पारा। जियँ संसय कछु फिरती बारा॥**
**जामवंत कह तुम्ह सब लायक। पठइअ किमि सबही कर नायक॥**

अङ्गदले भने—म पारि त जान सक्छु। परन्तु फर्कने समयमा हृदयमा केही सन्देह छ। जाम्बवान्‌ले भने—तिमी सबै प्रकारले योग्य छौ। परन्तु तिमी सबैका नेता हौ, तिमीलाई कसरी पठाउने?॥ १॥

**कहइ रीछपति सुनु हनुमाना। का चुप साधि रहेहु बलवाना॥**
**पवन तनय बल पवन समाना। बुधि बिबेक बिग्यान निधाना॥**

ऋक्षराज (भालुहरूका राजा) जाम्बवान्‌ले श्रीहनुमान्‌जीसँग भने—हे हनुमान्! हे बलवान्! सुन, तिमी यसरी किन चुपचाप बसेका छौ? तिमी पवनका पुत्र* हौ र बलमा पवनका समान नै छौ। तिमी बुद्धि-विवेक र विज्ञानका खानी हौ॥ २॥

**कवन सो काज कठिन जग माहीं। जो नहिं होइ तात तुम्ह पाहीं॥**
**राम काज लगि तव अवतारा। सुनतहिं भयउ पर्बताकारा॥**

जगत्‌मा कुन यस्तो कठिन कार्य छ जुन हे तात! तिमीबाट सफल हुन सक्तैन। श्रीरामको कार्यका लागि नै त तिम्रो अवतार भएको हो। यस्तो सुन्दा नै हनुमान्‌जी पर्वतको आकारको (अत्यन्त विशालकाय) हुनुभयो॥ ३॥

**कनक बरन तन तेज बिराजा। मानहुँ अपर गिरिन्ह कर राजा॥**
**सिंहनाद करि बारहिं बारा। लीलहिं नाघउँ जलनिधि खारा॥**

उहाँको सुवर्णको जस्तो रङ्ग छ, शरीरमा तेज सुशोभित छ, मानौं अर्को पर्वतहरूको राजा सुमेरु हो। हनुमान्‌जीले बारम्बार सिंहनाद गरेर भन्नुभयो—मैले यस नुनिलो समुद्रलाई ख्याल-ख्यालमा नै नाघ्न सक्छु॥ ४॥

**सहित सहाय रावनहि मारी। आनउँ इहाँ त्रिकूट उपारी॥**
**जामवंत मैं पूँछउँ तोही। उचित सिखावनु दीजहु मोही॥**

र सहायकहरूसहित रावणलाई मारेर त्रिकूट पर्वतलाई उखेलेर यहाँ ल्याउन सक्छु। हे जाम्बवान्! मैले तपाईंसँग सोध्दछु, तपाईंले मलाई उचित उपदेश दिनुहोस् [कि मैले के गर्नुपर्‍यो]॥ ५॥

**एतना करहु तात तुम्ह जाई। सीतहि देखि कहहु सुधि आई॥**
**तब निज भुज बल राजिवनैना। कौतुक लागि संग कपि सेना॥**

[जाम्बवान्‌ले भने—] हे तात! तिमी गएर यति मात्रै गर कि सीताजीलाई देखेर फर्केर आऊ र उहाँको खबर भनिदेऊ। त्यसपछि कमलनयन श्रीरामले आफ्नो बाहुबलद्वारा [नै राक्षसहरूलाई

---

* वा० रा० सर्ग ६७। ९-१० श्लोकहरूमा यस्तो छ कि तिमी पवनका पुत्र हौ, उनैका समान तिम्रो तेज र वेग छ। बलवान् र सीमारहित आकाशमा उड्ने शीघ्रवेगगामी छौ। हामी सबैको प्राण गइरहेको छ; तिमी यस महासमुद्र नाघेर सबैका प्राणको रक्षा गर। सबै बाँदर दुःखी छौं, तिमीले उपेक्षा किन गरिरहेका छौ? (सर्ग ६६। ३६-३७) यो सबै सेनाले आज तिम्रो पराक्रम हेर्न चाहन्छन्। राम-कार्यको लागि नै पवनदेवले तिमीलाई उत्पन्न गरे। यथा— '**रामकार्यार्थमेव त्वं जनितोऽसि महात्मना।**' (अ० रा० ९। १८)। अतः जुन उद्देश्यले पैदा गरेका हुन्, (तिमीले) त्यही कार्य गर। (मानस-पीयूषबाट उद्धृत गरिएको)

विनाश गरेर सीताजीलाई लिएर आउनुहुनेछ, केवल] खेल (लीला) को लागि नै उहाँले बाँदरहरूका सेना साथ लैजानुहुनेछ॥ ६॥

## * श्रीरामगुणको माहात्म्य *

छं०— **कपि सेन संग सँघारि निसिचर रामु सीतहि आनिहैं।**
**त्रैलोक पावन सुजसु सुर मुनि नारदादि बखानिहैं॥**
**जो सुनत गावत कहत समुझत परम पद नर पावई।**
**रघुबीर पद पाथोज मधुकर दास तुलसी गावई॥**

बाँदरहरूका सेना साथमै लिएर राक्षसहरूलाई विनाश गरी श्रीरामले सीताजीलाई लिएर आउनुहुनेछ। त्यसपछि देवता र नारदादि मुनिले भगवान्‌को तीनै लोकलाई पवित्र गर्नेवाला सुन्दर यशलाई वर्णन गर्नेछन्, जसलाई सुनेर, गाएर, भनेर र सम्झेर मनुष्यले परमपद पाउँछन् र जसलाई श्रीरघुवीरका चरणकमलको मधुकर (भँवरो) तुलसीदासले गाउँछ।

दो०— **भव भेषज रघुनाथ जसु सुनहिं जे नर अरु नारि।**
**तिन्ह कर सकल मनोरथ सिद्ध करहिं त्रिसिरारि॥ ३० (क)॥**

श्रीरघुवीरको यश भव (जन्म-मरण) रूपी रोगको [अचूक] औषधि हो। जो नर-नारीले यसलाई सुन्नेछन्, त्रिशिराका शत्रु श्रीरामले उनीहरूका सबै मनोरथलाई सिद्ध गर्नुहुनेछ॥ ३० (क)॥

सो०— **नीलोत्पल तन स्याम काम कोटि सोभा अधिक।**
**सुनिअ तासु गुन ग्राम जासु नाम अघ खग बधिक॥ ३० (ख)॥**

जसको नीलो कमलको समान श्याम शरीर छ, जसको शोभा करोडौं कामदेवभन्दा पनि अधिक छ र जसको नाम पापरूपी पन्छीहरूलाई मार्नका लागि व्याधाको समान छ, उनै श्रीरामका गुणहरूका समूह (लीला) लाई अवश्य सुन्नुपर्छ॥ ३० (ख)॥

**मासपारायण, तेइसौं विश्राम**

**इति श्रीमद्रामचरितमानसे सकलकलिकलुषविध्वंसने चतुर्थः सोपानः समाप्तः।**

कलियुगका समस्त पापहरूलाई नाश गर्ने श्रीरामचरितमानसको यो चतुर्थ सोपान समाप्त भयो।

**(किष्किन्धाकाण्ड समाप्त)**

लङ्कादहन



अट्टहास करि गर्जा कपि बढ़ि लाग अकास॥

॥ श्रीगणेशाय नमः॥

श्रीजानकीवल्लभो विजयते

# श्रीरामचरितमानस

## पञ्चम सोपान

## सुन्दरकाण्ड

### श्लोक

**शान्तं शाश्वतमप्रमेयमनघं निर्वाणशान्तिप्रदं**
**ब्रह्माशम्भुफणीन्द्रसेव्यमनिशं वेदान्तवेद्यं विभुम्।**
**रामाख्यं जगदीश्वरं सुरगुरुं मायामनुष्यं हरिं**
**वन्देऽहं करुणाकरं रघुवरं भूपालचूडामणिम्॥ १॥**

शान्त, सनातन, अप्रमेय (यथार्थ रूपमा जान्न नसकिने), निष्पाप, मोक्षरूप, परमशान्ति दिनेवाला, ब्रह्मा, शम्भु र शेषजीबाट निरन्तर सेवित (सेवा गरिएका), वेदान्तद्वारा जान्न योग्य, सर्वव्यापक, देवताहरूमा सबैभन्दा ठूला, मायाले मनुष्यरूपमा देखिनुभएका, समस्त पापहरू नष्ट गर्ने, करुणाका खानी, रघुकुलमा श्रेष्ठ तथा राजाहरूका शिरोमणि, राम भनेर कहलाइएका जगदीश्वरलाई म वन्दना गर्दछु॥ १॥

**नान्या स्पृहा रघुपते हृदयेऽस्मदीये**
**सत्यं वदामि च भवानखिलान्तरात्मा।**
**भक्तिं प्रयच्छ रघुपुङ्गव निर्भरां मे**
**कामादिदोषरहितं कुरु मानसं च॥ २॥**

हे रघुनाथजी! मैले सत्य भन्छु र फेरि हजुर सबैको अन्तरात्मा नै हुनुहुन्छ (सबै जान्नु नै हुन्छ) कि मेरो हृदयमा अर्को कुनै इच्छा छैन। हे रघुकुलश्रेष्ठ! मलाई आफ्नो पूर्ण भक्ति दिनुहोस् र मेरो मनलाई काम आदि दोषहरूले रहित गराइदिनुहोस्॥ २॥

**अतुलितबलधामं हेमशैलाभदेहं**
**दनुजवनकृशानुं ज्ञानिनामग्रगण्यम्।**

**सकलगुणनिधानं वानराणामधीशं**
**रघुपतिप्रियभक्तं वातजातं नमामि॥ ३॥**

अतुल बलका धाम, सुनको पर्वत (सुमेरु) का समान कान्तियुक्त शरीर भएका, दैत्यरूपी वन [लाई ध्वंस गर्न] का लागि अग्निरूप, ज्ञानिहरूमा अग्रगण्य, सम्पूर्ण गुणहरूका निधान, बाँदरहरूका स्वामी, श्रीरघुनाथका प्रिय भक्त पवनपुत्र श्रीहनुमान्जीलाई प्रणाम गर्दछु॥ ३॥

## * हनुमान्जी लङ्कामा प्रस्थान, सुरसासँग भेट, छाया समात्ने राक्षसीको वध *

**जामवंत के बचन सुहाए। सुनि हनुमंत हृदय अति भाए॥**
**तब लगि मोहि परिखेहु तुम्ह भाई। सहि दुख कंद मूल फल खाई॥**

जाम्बवान्का सुन्दर वचन सुनेर हनुमान्जीको हृदय प्रफुल्लित भयो। [उहाँले भन्नुभयो— ] हे भाइ! तिमीहरू दुःख सहेर, कन्द-मूल-फल खाएर तबसम्म मेरो बाटो हेर्नू॥ १॥

**जब लगि आवौं सीतहि देखी। होइहि काजु मोहि हरष बिसेषी॥**
**यह कहि नाइ सबन्हि कहुँ माथा। चलेउ हरषि हियँ धरि रघुनाथा॥**

जबसम्म मैले सीताजीलाई देखेर [फर्की] आउने-छैन। काम अवश्य हुनेछ, किनकि मलाई धेरै नै हर्ष भइरहेको छ। यस्तो भनेर र सबैलाई शिर निहुराएर तथा हृदयमा श्रीरघुनाथलाई धारण गरेर हनुमान्जी हर्षित भएर हिँड्नुभयो॥ २॥

**सिंधु तीर एक भूधर सुंदर। कौतुक कूदि चढ़ेउ ता ऊपर॥**
**बार बार रघुबीर सँभारी। तरकेउ पवनतनय बल भारी॥**

समुद्रका तीरमा एक सुन्दर पर्वत थियो। हनुमान्जी ख्याल-ख्यालमै (अनायास नै) उफ्रेर त्यसमाथि चढ्नुभयो र बारम्बार श्रीरघुनाथलाई स्मरण गरेर अत्यन्त बलवान् हनुमान्जी त्यस (पर्वत) बाट ठूलो वेगले उड्नुभयो॥ ३॥

**जेहिं गिरि चरन देइ हनुमंता। चलेउ सो गा पाताल तुरंता॥**
**जिमि अमोघ रघुपति कर बाना। एही भाँति चलेउ हनुमाना॥**

जुन पर्वतबाट हनुमान्जी चरण राखेर उड्नुभयो (जुन ठाउँबाट उड्नुभयो), त्यो तुरुन्तै पातालमा भासियो। जसरी श्रीरघुनाथको अमोघ बाण चल्छ, उस्तै प्रकारले हनुमान्जी हिँड्नुभयो॥ ४॥

**जलनिधि रघुपति दूत बिचारी। तैं मैनाक होहि श्रमहारी॥**

समुद्रले उहाँलाई श्रीरघुनाथको दूत सम्झेर मैनाक पर्वतलाई भन्यो कि हे मैनाक! तिमीले यिनको थकाइलाई मेटाऊ (अर्थात् आफूमाथि यिनलाई विश्राम देऊ)॥ ५॥

दो०— **हनूमान तेहि परसा कर पुनि कीन्ह प्रनाम।**
**राम काजु कीन्हें बिनु मोहि कहाँ बिश्राम॥ १॥**

हनुमान्‌जीले त्यसलाई हातले छुनुभयो (स्पर्श गर्नुभयो), फेरि प्रणाम गरेर भन्नुभयो—भाइ! श्रीरामचन्द्रको कार्य नगरी मलाई विश्राम कहाँ?॥ १॥

**जात पवनसुत देवन्ह देखा। जानैं कहुँ बल बुद्धि बिसेषा॥**
**सुरसा नाम अहिन्ह कै माता। पठइन्हि आइ कही तेहिं बाता॥**

देवताहरूले पवनपुत्र हनुमानजीलाई जाँदै गरेको देखे। उहाँको विशेष बल-बुद्धिलाई जान्नका लागि (परीक्षार्थ) उनीहरूले सुरसा नामकी सर्पहरूकी आमालाई पठाए, उसले आएर हनुमान्‌जीसँग यस्ता कुरा भनी— ॥ १॥

**आजु सुरन्ह मोहि दीन्ह अहारा। सुनत बचन कह पवनकुमारा॥**
**राम काजु करि फिरि मैं आवौं। सीता कइ सुधि प्रभुहि सुनावौं॥**

आज देवताहरूले मलाई भोजन दिए। यस्तो वचन सुनेर पवनकुमार हनुमान्‌जीले भन्नुभयो— श्रीरामको कार्य गरेर म फेरि आउनेछु र सीताजीको खबर श्रीरामलाई सुनाउनेछु,॥ २॥

**तब तव बदन पैठिहउँ आई। सत्य कहउँ मोहि जान दे माई॥**
**कवनेहुँ जतन देइ नहिं जाना। ग्रससि न मोहि कहेउ हनुमाना॥**

त्यसपछि म आएर तिम्रो मुखमा पस्नेछु [तिमीले मलाई खानू]। हे माता! मैले सत्य भन्छु, अहिले मलाई जान दिनुहोस्। जब कुनै उपायले पनि उसले जान दिइन, तब हनुमान्‌जीले भन्नुभयो—त्यसो भए मलाई खाऊ न त!॥ ३॥

**जोजन भरि तेहिं बदनु पसारा। कपि तनु कीन्ह दुगुन बिस्तारा॥**
**सोरह जोजन मुख तेहिं ठयऊ। तुरत पवनसुत बत्तिस भयऊ॥**

उसले योजनभर (चार कोस) मुख फैलायी। त्यसपछि हनुमान्‌जीले आफ्नो शरीरलाई त्यो भन्दा दोबर बढाउनुभयो। उसले सोह्र योजनको मुख बनाई। हनुमान्‌जी तुरुन्तै बत्तीस योजनको हुनुभयो॥ ४॥

**जस जस सुरसा बदनु बढ़ावा। तासु दून कपि रूप देखावा॥**
**सत जोजन तेहिं आनन कीन्हा। अति लघु रूप पवनसुत लीन्हा॥**

जसरी बारम्बार सुरसाले मुखको क्षमता बढाउँथी, हनुमान्‌जीले त्यसको दोबर रूप देखाउनुहुन्थ्यो। उसले सय योजन (चार सय कोस) को मुख बनाई। त्यसपछि हनुमान्‌जीले तुरुन्तै सानो रूप धारण गर्नुभयो॥ ५॥

**बदन पइठि पुनि बाहेर आवा। मागा बिदा ताहि सिरु नावा॥**
**मोहि सुरन्ह जेहि लागि पठावा। बुध बल मरमु तोर मैं पावा॥**

र उहाँ उसको मुखमा पस्नुभयो [तुरुन्तै] फेरि बाहिर निस्कनुभयो र उसलाई शिर नुहाएर बिदा माग्न लाग्नुभयो। [सुरसाले भनी— ] मैले तिम्रो बुद्धि-बलको भेद पाइसकें, जसको लागि देवताहरूले मलाई पठाएका थिए॥ ६॥

**दो०— राम काजु सबु करिहहु तुम्ह बल बुद्धि निधान।**
**आसिष देइ गई सो हरषि चलेउ हनुमान॥ २॥**

तिमीले श्रीरामचन्द्रका सबै कार्य गर्नेछौ, किनकि तिमी बल-बुद्धिका भण्डार हौ। यस्तो आशीर्वाद दिएर ऊ गइहाली, तब हनुमान्‌जी हर्षित भएर अगाडि बढ्नुभयो॥ २॥

**निसिचरि एक सिंधु महुँ रहई। करि माया नभु के खग गहई॥**
**जीव जंतु जे गगन उड़ाहीं। जल बिलोकि तिन्ह कै परिछाहीं॥**

समुद्रमा एक राक्षसी रहन्थी। उसले माया गरेर आकाशमा उड्दै गरेका पक्षीहरूलाई समाउने गर्दथी। आकाशमा जुन जीव-जन्तु उड्ने गर्थे, उसले जलमा उनको छाया देखेर॥ १॥

**गहइ छाहँ सक सो न उड़ाई। एहि बिधि सदा गगनचर खाई॥**
**सोइ छल हनूमान कहँ कीन्हा। तासु कपटु कपि तुरतहिं चीन्हा॥**

त्यस छायालाई नै समाउँदथी, जसले उनीहरू उड्न सक्दैनथे [र जलमा पल्टन्थे], यस्ता प्रकारले उसले सधैं आकाशमा उड्ने जीवहरूलाई खाने गर्थी। उसले त्यही छल हनुमान्‌जीसँग पनि गरी। हनुमान्‌जीले तुरुन्तै उसको कपटलाई जान्नुभयो॥ २॥

## * लङ्कावर्णन, लङ्किनीलाई प्रहार, लङ्कामा प्रवेश *

**ताहि मारि मारुतसुत बीरा। बारिधि पार गयउ मतिधीरा॥**
**तहाँ जाइ देखी बन सोभा। गुंजत चंचरीक मधु लोभा॥**

पवनपुत्र धीरबुद्धि वीर श्रीहनुमान्‌ले उसलाई मारेर समुद्रपारि जानुभयो। वहाँ गएर उहाँले वनको शोभा देख्नुभयो। मधु (पुष्परस) को लोभले भमरा गुञ्जन गरिरहेका थिए॥ ३॥

**नाना तरु फल फूल सुहाए। खग मृग बृंद देखि मन भाए॥**
**सैल बिसाल देखि एक आगें। ता पर धाइ चढ़ेउ भय त्यागें॥**

अनेकौं प्रकारका वृक्ष फल-फूलले शोभायमान छन्। पक्षी र पशुहरूका समूहलाई देखेर त उहाँ मनमा [झन्] प्रसन्न हुनुभयो। आफ्ना सम्मुख एक विशाल पहाड देखेर हनुमान्‌जी भय त्यागेर त्यसमा दौडेर गई चढ्नुभयो॥ ४॥

**उमा न कछु कपि कै अधिकाई। प्रभु प्रताप जो कालहि खाई॥**
**गिरि पर चढ़ि लंका तेहिं देखी। कहि न जाइ अति दुर्ग बिसेषी॥**

[शिवजी भन्नुहुन्छ— ] हे उमा! यसमा बाँदर हनुमान्‌जीको केही प्रशंसा होइन। यो प्रभुको प्रताप हो, जसले काललाई पनि खान्छ। पर्वतमा चढेर उहाँले लङ्का देख्नुभयो। अति नै ठूलो किल्ला (गढ) छ, केही वर्णन गर्न सकिंदैन॥ ५॥

**अति उतंग जलनिधि चहु पासा। कनक कोट कर परम प्रकासा॥**

त्यो अत्यन्त अग्लो छ, त्यसका चारैतर्फ समुद्र छ। सुनका पर्खालको परम प्रकाश भइरहेको छ॥ ६॥

छं०— **कनक कोट बिचित्र मनि कृत सुंदरायतना घना।**
**चउहट्ट हट्ट सुबट्ट बीथीं चारु पुर बहु बिधि बना॥**
**गज बाजि खच्चर निकर पदचर रथ बरूथन्हि को गनै।**
**बहुरूप निसिचर जूथ अतिबल सेन बरनत नहिं बनै॥**

विचित्र मणिहरूबाट जोडिएका सुनका पर्खाल छन्, त्यसभित्र धेरै नै सुन्दर घरहरू छन्। चौराहा, बजार, सुन्दर मार्ग र गल्लीहरू छन्; सुन्दर नगर धेरै प्रकारले सजाइएको छ। हात्ती, घोडा, खच्चडका समूह तथा पैदल र रथहरूका ताँतिलाई कसले गणना गर्न सक्दछ! अनेक रूपका राक्षसहरूका दल छन्, उनका अत्यन्त बलवती सेनालाई वर्णन गर्न नै सकिँदैन॥ १॥

**बन बाग उपबन बाटिका सर कूप बापीं सोहहीं।**
**नर नाग सुर गंधर्ब कन्या रूप मुनि मन मोहहीं॥**
**कहुँ माल देह बिसाल सैल समान अतिबल गर्जहीं।**
**नाना अखारेन्ह भिरहिं बहुबिधि एक एकन्ह तर्जहीं॥**

वन, बगैंचा, उपवन, फूलवारी, तलाउ, कुवा (पनेरो) र सिँढी भएका कुवा (इनार) सुशोभित छन्। मनुष्य, नाग, देवताहरू र गन्धर्वका कन्याहरू आफ्नो सौन्दर्यले मुनिहरूको मनलाई पनि मोहित गर्छन्। कहीं पर्वतका समान विशाल शरीर भएका अति नै बलवान् मल्ल (पहलवान) गर्जिरहेका छन्। उनीहरू अनेकौं अखडामा धेरै प्रकारले लडेका छन् र एकले अर्कोलाई धम्काएका छन्॥ २॥

**करि जतन भट कोटिन्ह बिकट तन नगर चहुँ दिसि रच्छहीं।**
**कहुँ महिष मानुष धेनु खर अज खल निसाचर भच्छहीं॥**
**एहि लागि तुलसीदास इन्ह की कथा कछु एक है कही।**
**रघुबीर सर तीरथ सरीरन्हि त्यागि गति पैहहिं सही॥**

भयङ्कर शरीर भएका करोडौं योद्धाले धेरै सावधानीपूर्वक नगरको चारैतर्फ देख-रेख गरेका छन्। कहीं दुष्ट राक्षसले राँगो, मनुष्य, गाई, गधा र बाख्राहरूलाई खाइरहेका छन्। तुलसीदासले यिनको कथा यसकारण केही थोरै नै भनेको छ कि यिनले निश्चय नै श्रीरामचन्द्रको बाणरूपी तीर्थमा शरीरलाई त्यागेर परम गति पाउनेछन्॥ ३॥

दो०— **पुर रखवारे देखि बहु कपि मन कीन्ह बिचार।**
**अति लघु रूप धरौं निसि नगर करौं पइसार॥ ३॥**

नगरका बहुसङ्ख्यक रक्षकहरूलाई देखेर हनुमान्‌जीले मनमा विचार गर्नुभयो कि अत्यन्तै सानो रूप धारण गर्नेछु र रातको समय नगरमा प्रवेश गर्नेछु॥ ३॥

**मसक समान रूप कपि धरी। लंकहि चलेउ सुमिरि नरहरी॥**
**नाम लंकिनी एक निसिचरी। सो कह चलेसि मोहि निंदरी॥**

हनुमान्‌जी लाम्खुट्टे (मशक)को समान (सानो) रूप धारण गरेर नररूपमा लीला गर्ने भगवान् श्रीरामचन्द्रलाई स्मरण गरेर लङ्कामा प्रवेश गर्नुभयो। [लङ्काको ढोकामा] लङ्किनी नामकी एक राक्षसी रहन्थी। ऊ बोली—मेरो निरादर गरेर (मलाई नसोधी) कहाँ गइरहेको छस्?॥ १॥

**जानेहि नहीं मरमु सठ मोरा। मोर अहार जहाँ लगि चोरा॥**
**मुठिका एक महा कपि हनी। रुधिर बमत धरनीं ढनमनी॥**

हे मूर्ख! तैंले मेरो भेद (मर्म) जानिनस्? जहाँसम्म (जति पनि) चोर छन्, उनी सबै मेरा आहारा हुन्। महाकपि हनुमान्‌जीले उसलाई एक घुस्सा हान्नुभयो, जसले उसले रगत छाद्दै पृथ्वीमा पल्टिई॥ २॥

**पुनि संभारि उठी सो लंका। जोरि पानि कर बिनय ससंका॥**
**जब रावनहि ब्रह्म बर दीन्हा। चलत बिरंचि कहा मोहि चीन्हा॥**

त्यो लङ्किनी आफूलाई फेरि सँभालेर उठी र डरले गर्दा हात जोडेर बिन्ती गर्न थाली। [उसले भनी—] रावणलाई जब ब्रह्माले वरदान दिएका थिए, तब हिँड्ने समयमा उनले मलाई राक्षसहरूको विनाशको यस्तो पहिचान दिएका थिए कि— ॥ ३॥

**बिकल होसि तैं कपि के मारे। तब जानेसु निसिचर संघारे॥**
**तात मोर अति पुन्य बहूता। देखेउँ नयन राम कर दूता॥**

जब तँ बाँदरले हान्दा व्याकुल हुनेछस्, तब तैंले राक्षसहरूको विनाश भयो भनी जान्नू। हे तात! मेरो ठूलो भाग्य रहेछ, जुन मैले श्रीरामचन्द्रका दूत (हजुर) लाई नेत्रले देख्न पाएँ॥ ४॥

दो०—**तात स्वर्ग अपबर्ग सुख धरिअ तुला एक अंग।**
**तूल न ताहि सकल मिलि जो सुख लव सतसंग॥ ४॥**

हे तात! स्वर्ग र मोक्षका सबै सुखलाई तराजुको एक काँटा (पल्ला) मा राखियो भने पनि त्यो सबै मिलेर [अर्कोतर्फ राखेको] त्यो सुखसमान हुन सक्तैन, जुन लव (क्षण) मात्राको सत्सङ्गले हुन्छ॥ ४॥

**प्रबिसि नगर कीजे सब काजा। हृदयँ राखि कोसलपुर राजा॥**
**गरल सुधा रिपु करहिं मिताई। गोपद सिंधु अनल सितलाई॥**

अयोध्यापुरीका राजा श्रीरघुनाथलाई हृदयमा राख्दै नगरमा प्रवेश गरी सबै काम गर्नुहोस्। उसको लागि विष अमृत हुन्छ, शत्रु मित्रता गर्न लाग्छन्, समुद्र गाईको खुर अर्थात् सानो खाल्टो बराबर हुन्छ, अग्निमा शीतलता आउँछ॥ १॥

**गरुड़ सुमेरु रेनु सम ताही। राम कृपा करि चितवा जाही॥**
**अति लघु रूप धरेउ हनुमाना। पैठा नगर सुमिरि भगवाना॥**

हे गरुडजी! सुमेरु पर्वत उसको लागि रजको समान हुन्छ, जसलाई श्रीरामचन्द्रले एकपल्ट कृपा गरेर हेर्नुहुन्छ। त्यसपछि हनुमान्‌जीले अत्यन्तै सानो रूप धारण गर्नुभयो र भगवान्‌लाई स्मरण गरेर नगरमा प्रवेश गर्नुभयो॥ २॥

**मंदिर मंदिर प्रति करि सोधा। देखे जहँ तहँ अगनित जोधा॥**
**गयउ दसानन मंदिर माहीं। अति बिचित्र कहि जात सो नाहीं॥**

उहाँले प्रत्येक महलमा खोजी गर्नुभयो। जताततै अनगिन्ती योद्धालाई देख्नुभयो। फेरि रावणको महलमा जानुभयो। त्यो अत्यन्तै विचित्रको थियो, जसको वर्णन हुनै सक्तैन॥ ३॥

**सयन किएँ देखा कपि तेही। मंदिर महुँ न दीखि बैदेही॥**
**भवन एक पुनि दीख सुहावा। हरि मंदिर तहँ भिन्न बनावा॥**

हनुमान्‌जीले रावणलाई शयन गरेको देख्नुभयो; परन्तु जानकीजी देखिनुभएन। अनि अर्को एक सुन्दर महल देखियो। त्यसमा भगवान्‌को एक अलग मन्दिर बनाइएको थियो॥ ४॥

दो०— **रामायुध अंकित गृह सोभा बरनि न जाइ।**
**नव तुलसिका बृंद तहँ देखि हरष कपिराइ॥ ५॥**

त्यो महल श्रीरामका आयुधका चिह्नले अङ्कित थियो, उसको शोभा वर्णन गर्न सकिन्न। त्यहाँ नयाँ-नयाँ तुलसीका बेर्नाहरूका लस्करहरूलाई देखेर कपिराज श्रीहनुमान् हर्षित हुनुभयो॥ ५॥

**लंका निसिचर निकर निवासा। इहाँ कहाँ सज्जन कर बासा॥**
**मन महुँ तरक करैं कपि लागा। तेहीं समय बिभीषनु जागा॥**

लङ्का त राक्षसका समूहको निवासस्थान हो। यहाँ सज्जन पुरुषको निवास कसरी? हनुमान्‌जीले मनमा यस्ता प्रकारका तर्क गर्न लाग्नुभयो। त्यतिखेरै विभीषणजी बिउँझनुभयो॥ १॥

**राम राम तेहिं सुमिरन कीन्हा। हृदयँ हरष कपि सज्जन चीन्हा॥**
**एहि सन हठि करिहउँ पहिचानी। साधु ते होइ न कारज हानी॥**

उहाँले (विभीषणले) रामनामलाई स्मरण गर्नुभयो। हनुमान्‌जीले उहाँलाई सज्जन जान्नुभयो र हृदयमा हर्षित हुनुभयो। [हनुमान्‌जीले विचार गर्नुभयो कि] यिनीसँग हठ गरेर (आफ्नै तर्फबाट) परिचय गर्नेछु, किनकि साधुसँग कार्यको हानि हुँदैन [प्रत्युत लाभ नै हुन्छ]॥ २॥

## * हनुमान्-विभीषण-संवाद *

**बिप्र रूप धरि बचन सुनाए। सुनत बिभीषन उठि तहँ आए॥**
**करि प्रनाम पूँछी कुसलाई। बिप्र कहहु निज कथा बुझाई॥**

ब्राह्मणको रूप धारण गरेर हनुमान्‌जीले उनलाई वचन सुनाउनुभयो*। सुन्दा नै विभीषणजी उठेर त्यहाँ आउनुभयो। प्रणाम गरी कुशल सोध्नुभयो र भन्नुभयो कि हे ब्राह्मणदेव! आफ्नो कथा सम्झाएर भन्नुहोस्॥ ३॥

---

* *'.......बचन सुनाए।'* के (कुन) वचन? विभीषणजीलाई रामनाम प्रिय छ, यसैले हनुमान्‌जीले पनि भन्नुभयो। रामनाम सुन्दा नै उहाँ उठेर आउनुभयो। यसैले थाहा भयो कि यो वचन उहाँलाई अति प्रिय लाग्यो। के वचन सुनाउनुभयो यसमा मतभेद छ। कुनै मुनिले वेद सुनाएको लेखेका छन्, कसैले सीताराम उच्चारण। कसैले लेख्दछन् कि 'म ब्राह्मण हुँ हजुरसँग भेट हुन चाहन्छु' यस्ता वचन भन्नुभयो इत्यादि। यसैले गोस्वामीजीले *'बचन सुनाए'* लेख्नुभयो, जसमा सबैका मतको आदर होस्। (मानस-पीयूषबाट उद्‌धृत गरिएको)

**की तुम्ह हरि दासन्ह महँ कोई। मोरें हृदय प्रीति अति होई॥**
**की तुम्ह रामु दीन अनुरागी। आयहु मोहि करन बड़भागी॥**

के हजुर हरिभक्तहरूमध्ये कुनै हुनुहुन्छ? किनकि हजुरलाई देखेर मेरो हृदयमा अत्यन्तै प्रेम उर्लिरहेको छ। अथवा के हजुर दीनसँग प्रेम गर्नेवाला स्वयं श्रीराम नै हुनुहुन्छ, जसले मलाई ठूलो भाग्यमानी बनाउन (घरमा रहँदा पनि दर्शन दिई कृतार्थ गर्न) आउनुभएको छ?॥ ४॥

**दो०— तब हनुमंत कही सब राम कथा निज नाम।**
**सुनत जुगल तन पुलक मन मगन सुमिरि गुन ग्राम॥ ६॥**

त्यसपछि हनुमान्‌जीले सबै कथा भनेर आफ्नो नाम बताउनुभयो। सुन्दा नै दुवैको शरीर रोमाञ्चित भयो र श्रीरामका गुणसमूहलाई स्मरण गरेर दुवैको मन [प्रेम र आनन्दमा] मग्न भयो॥ ६॥

**सुनहु पवनसुत रहनि हमारी। जिमि दसनन्हि महुँ जीभ बिचारी॥**
**तात कबहुँ मोहि जानि अनाथा। करिहहिं कृपा भानुकुल नाथा॥**

[विभीषणले भने—] हे पवनपुत्र! मेरो बानी (ब्यवहार) सुन्नुहोस्। म यहाँ यसरी नै रहन्छु, जसरी दाँतको बीचमा बिचरा जिब्रो रहन्छ। हे तात! मलाई अनाथ जानेर सूर्यकुलका नाथले के कहिल्यै मलाई कृपा गर्नुहुन्छ?॥ १॥

**तामस तनु कछु साधन नाहीं। प्रीति न पद सरोज मन माहीं॥**
**अब मोहि भा भरोस हनुमंता। बिनु हरिकृपा मिलहिं नहिं संता॥**

मेरो तामसी (राक्षसी) शरीर हुनाले साधन त केही हुँदैन र न मनमा श्रीरामचन्द्रको चरणकमलमा प्रेम नै छ। परन्तु हे हनुमान्! अब मलाई विश्वास भयो कि श्रीरामको मप्रति कृपा छ; किनकि हरिको कृपाविना सन्त मिल्दैनन्॥ २॥

**जौं रघुबीर अनुग्रह कीन्हा। तौ तुम्ह मोहि दरसु हठि दीन्हा॥**
**सुनहु बिभीषन प्रभु कै रीती। करहिं सदा सेवक पर प्रीती॥**

जब श्रीरघुवीरले कृपा गर्नुभयो, तब त हजुरले मलाई हठ गरेर दर्शन दिनुभयो। [हनुमान्‌जीले भन्नुभयो—] हे विभीषणजी, सुन्नुहोस्, प्रभुको यही रीति छ कि उहाँले सेवकप्रति सधैं नै प्रेम गर्नुहुन्छ!॥ ३॥

**कहहु कवन मैं परम कुलीना। कपि चंचल सबहीं बिधि हीना॥**
**प्रात लेइ जो नाम हमारा। तेहि दिन ताहि न मिलै अहारा॥**

हजुरले नै भन्नुहोस् त, म नै कस्तो ठूलो कुलीन हुँ? [जातिको] चञ्चल बाँदर हुँ र सबै प्रकारले नीच छु। प्रातःकाल जसले हाम्रो (बाँदरहरूको) नाम लिन्छ भने उसलाई त्यो दिनमा भोजन मिल्दैन॥ ४॥

**दो०— अस मैं अधम सखा सुनु मोहू पर रघुबीर।**
**कीन्ही कृपा सुमिरि गुन भरे बिलोचन नीर॥ ७॥**

हे सखा! सुन्नुहोस्, म यस्तो अधम छु; तर श्रीरामचन्द्रले त मप्रति पनि कृपा नै गर्नुभएको छ। भगवान्का गुणलाई स्मरण गरेर हनुमान्जीका दुवै नेत्रमा [प्रेमाश्रुका] जल भरिए॥ ७॥

**जानतहूँ अस स्वामि बिसारी। फिरहिं ते काहे न होहिं दुखारी॥**
**एहि बिधि कहत राम गुन ग्रामा। पावा अनिर्बाच्य बिश्रामा॥**

जसले जान्दा-जान्दै पनि यस्ता स्वामीलाई भुलेर [विषयहरूका] पछि लाग्छन्, उनीहरू दुःखी किन नहुने? यस प्रकारले श्रीरामका गुण समूहलाई भन्दा-भन्दै उहाँहरूले अनिर्वचनीय (परम) शान्ति पाउनुभयो॥ १॥

**पुनि सब कथा बिभीषन कही। जेहि बिधि जनकसुता तहँ रही॥**
**तब हनुमंत कहा सुनु भ्राता। देखी चहउँ जानकी माता॥**

त्यसपछि विभीषणले श्रीजानकी जुन प्रकारले वहाँ (लङ्कामा) रहनुहुन्थ्यो, त्यो सबै कथा भन्नुभयो। अनि हनुमान्जीले भन्नुभयो—हे भाइ! सुन्नुहोस्, म जानकी माताजीलाई देख्न चाहन्छु॥ २॥

**जुगुति बिभीषन सकल सुनाई। चलेउ पवनसुत बिदा कराई॥**
**करि सोइ रूप गयउ पुनि तहवाँ। बन असोक सीता रह जहवाँ॥**

विभीषणजीले [माताको दर्शनको] सबै उपाय सुनाए। त्यसपछि हनुमान्जी बिदा भएर हिँड्नुभयो। फेरि उही (पहिलाको लाम्खुट्टे) को रूप धारण गरेर वहाँ जानुभयो, जहाँ अशोकवनमा (वनको जुन भागमा) सीताजी रहनुहुन्थ्यो॥ ३॥

## * हनुमान्जीले अशोकवाटिकामा सीताजीलाई देखेर दुःखी हुनु र रावणले सीताजीलाई भय देखाउनु *

**देखि मनहि महुँ कीन्ह प्रनामा। बैठेहिं बीति जात निसि जामा॥**
**कृस तनु सीस जटा एक बेनी। जपति हृदयँ रघुपति गुन श्रेनी॥**

सीताजीलाई देखेर हनुमान्जीले उहाँलाई मनमनै प्रणाम गर्नुभयो। उहाँ बस्दाबस्दै रात्रिका चारै प्रहर बिते। शरीर दुब्लो भएको छ, शिरमा जटाहरूको एक चुल्ठो छ। हृदयमा श्रीरघुनाथका गुणसमूहलाई जाप (स्मरण) गरिरहनुभएको छ॥ ४॥

दो०— **निज पद नयन दिएँ मन राम पद कमल लीन।**
**परम दुखी भा पवनसुत देखि जानकी दीन॥ ८॥**

श्रीजानकीले नेत्रलाई आफ्ना चरणकमलतर्फ लगाउनुभएको छ (तलतर्फ हेर्नुभएको छ) र मन श्रीरामका चरणकमलमा लीन छ। जानकीजीलाई दुःखी देखेर पवनपुत्र हनुमान्जी धेरै नै दुःखी हुनुभयो॥ ८॥

**तरु पल्लव महुँ रहा लुकाई। करइ बिचार करौं का भाई॥**
**तेहि अवसर रावनु तहँ आवा। संग नारि बहु किएँ बनावा॥**

हनुमान्जी वृक्षको पातमा लुक्नुभयो र विचार गर्न लाग्नुभयो कि हे भाइ! के गरौं? त्यही समय धेरै नै आइमाईहरूलाई साथमा लिएर सजिसजाउ भएर रावण त्यहाँ आयो॥ १॥

**बहु बिधि खल सीतहि समुझावा। साम दान भय भेद देखावा॥**
**कह रावनु सुनु सुमुखि सयानी। मंदोदरी आदि सब रानी॥**

त्यो दुष्टले सीताजीलाई धेरै प्रकारले सम्झायो। साम, दान, भय र भेद देखायो। रावणले भन्यो— हे सुमुखी! हे समझदार! सुन, मन्दोदरी आदि सबै रानीहरूलाई— ॥ २ ॥

**तव अनुचरीं करउँ पन मोरा। एक बार बिलोकु मम ओरा॥**
**तृन धरि ओट कहति बैदेही। सुमिरि अवधपति परम सनेही॥**

मैले तिम्रो दासी बनाउने छु, यो मेरो प्रण छ। तिमीले एक पटक त मतर्फ हेर! आफ्ना परम स्नेही कोसलाधीश श्रीरामचन्द्रलाई स्मरण गरेर जानकीजीले त्यान्द्रो (तृण) को आड गरेर भन्न लाग्नुभयो— ॥ ३ ॥

**सुनु दसमुख खद्योत प्रकासा। कबहुँ कि नलिनी करइ बिकासा॥**
**अस मन समुझु कहति जानकी। खल सुधि नहिं रघुबीर बान की॥**

हे दशमुख! सुन्, जुनकिरीको प्रकाशले कहिल्यै कमल फुल्न सक्छ? जानकीजी फेरि भन्नुहुन्छ— तैंले [आफ्नो लागि पनि] यस्तो नै मनमा सम्झी। अरे दुष्ट! तँलाई श्रीरघुवीरको बाणको खबर छैन॥ ४॥

**सठ सूनें हरि आनेहि मोही। अधम निलज्ज लाज नहिं तोही॥**

अरे पापी! तैंले मलाई एकान्तमा अपहरण गरेर ल्याएको होस्। अरे अधम! निर्लज्ज! तँलाई लाज पनि लाग्दैन?॥ ५ ॥

दो०— **आपुहि सुनि खद्योत सम रामहि भानु समान।**
**परुष बचन सुनि काढ़ि असि बोला अति खिसिआन॥ ९॥**

आफूलाई जुनकिरीसमान र श्रीरामचन्द्रलाई सूर्यसमान सुनेर र सीताजीका कठोर वचनलाई सुनेर रावणले तलबार निकालेर अति नै झोक्किएर भन्यो— ॥ ९ ॥

**सीता तैं मम कृत अपमाना। कटिहउँ तव सिर कठिन कृपाना॥**
**नाहिं त सपदि मानु मम बानी। सुमुखि होत न त जीवन हानी॥**

सीता! तैंले मेरो अपमान् गरिस्। मैले तेरो शिर यही कृपाणले काट्नेछु, नत्र भने [अब पनि] झट्टै (छिटो) मेरो कुरा मान्। हे सुमुखी! नत्र भने जीवनदेखि हात धुनुपर्ला!॥ १ ॥

**स्याम सरोज दाम सम सुंदर। प्रभु भुज करि कर सम दसकंधर॥**
**सो भुज कंठ कि तव असि घोरा। सुनु सठ अस प्रवान पन मोरा॥**

[सीताजीले भन्नुभयो— ] हे दशग्रीव! प्रभुका भुजा जुन श्याम र कमलका मालाका समान सुन्दर र हात्तीका सुँडका समान [पुष्ट तथा विशाल] छन्, या त ती भुजा नै मेरो कण्ठमा पर्नेछन् या त तेरो भयानक तरबार नै हे शठ! सुन्, यही मेरो सच्चा प्रण हो॥ २॥

**चंद्रहास हरु मम परितापं। रघुपति बिरह अनल संजातं॥**
**सीतल निसित बहसि बर धारा। कह सीता हरु मम दुख भारा॥**

सीताजी भन्नुहुन्छ—हे चन्द्रहास! श्रीरघुनाथको विरहको अग्निमा उत्पन्न मेरो अत्यन्तै धेरै पीडा (ज्वाला) लाई तैंले हरण गर्! तैंले शीतल, तीव्र र श्रेष्ठ धारा बगाउँछस् (अर्थात् तेरो धार चिसो र धारिलो छ), तैंले मेरो दुःखको बोझ (भारी, गह्रुङ्गोपना) लाई हरण गर्॥ ३॥

**सुनत बचन पुनि मारन धावा। मयतनयाँ कहि नीति बुझावा॥**
**कहेसि सकल निसिचरिन्ह बोलाई। सीतहि बहु बिधि त्रासहु जाई॥**

सीताजीका यी वचन सुन्दा ऊ मार्न दौड्यो। तब मय दानवकी पुत्री मन्दोदरीले नीति भनेर उसलाई सम्झाई। त्यसपछि रावणले सबै राक्षसीहरूलाई बोलाएर भन्यो कि गएर सीतालाई धेरै प्रकारले भय देखाओ॥ ४॥

**मास दिवस महुँ कहा न माना। तौ मैं मारबि काढ़ि कृपाना॥**

यदि महिनाभरमा यो कुरा नमानेमा मैले यही तलबार निकालेर (काटेर) मार्नेछु॥ ५॥

दो०— **भवन गयउ दसकंधर इहाँ पिसाचिनि बृंद।**
**सीतहि त्रास देखावहिं धरहिं रूप बहु मंद॥ १०॥**

[यस्तो भनेर] रावण घरमा गयो। यहाँ राक्षसीहरूका हूलले धेरै नै रूप गरेर सीताजीलाई भय देखाउन लागे॥ १०॥

**त्रिजटा नाम राच्छसी एका। राम चरन रति निपुन बिबेका॥**
**सबन्हौ बोलि सुनाएसि सपना। सीतहि सेइ करहु हित अपना॥**

उनीहरूमध्ये एउटी त्रिजटा नामकी राक्षसी थिई। उसको श्रीरामचन्द्रका चरणमा प्रीति थियो र ऊ विवेक (ज्ञान) मा निपुण थिई। उसले सबैलाई बोलाएर आफ्नो सपना सुनाई र भनी— सीताजीको सेवा गरेर आफ्नो कल्याण गर॥ १॥

**सपनें बानर लंका जारी। जातुधान सेना सब मारी॥**
**खर आरूढ़ नगन दससीसा। मुंडित सिर खंडित भुज बीसा॥**

स्वप्नमा [मैले देखें कि] यौटा बाँदरले लङ्का जलायो। राक्षसका सबै सेना मारिए। रावण नाङ्गो छ र गधामा सवारी भएको छ। उसको शिर मुडिएको छ, बिसोटा हात नै काटिएका छन्॥ २॥

**एहि बिधि सो दच्छिन दिसि जाई। लंका मनहुँ बिभीषन पाई॥**
**नगर फिरी रघुबीर दोहाई। तब प्रभु सीता बोलि पठाई॥**

यस्ता प्रकारले ऊ दक्षिण (यमपुरीको) दिशा गइरहेको छ र मानौं लङ्का विभीषणले पाएका छन्। नगरमा श्रीरामचन्द्रको जय-जयकार भएको छ। अनि प्रभुले सीताजीलाई बोलाउन पठाउनुभयो॥ ३॥

**यह सपना मैं कहउँ पुकारी। होइहि सत्य गएँ दिन चारी॥**
**तासु बचन सुनि ते सब डरीं। जनकसुता के चरनन्हि परीं॥**

मैले निश्चयका साथ भन्छु कि यो सपना चार (केही) दिनपछि सत्य हुनेछ। उसका वचन सुनेर सबै राक्षसीहरू डराए र जानकीजीको चरणमा पल्टिए॥ ४॥

**दो०— जहँ तहँ गईं सकल तब सीता कर मन सोच।**
**मास दिवस बीतें मोहि मारिहि निसिचर पोच॥ ११॥**

त्यसपछि ती सबै जहाँसुकै गइहाले। सीताजी मनमा चिन्ता गर्न लाग्नुभयो कि एक महिना बितेपछि नीच राक्षसले मलाई मार्नेछ॥ ११॥

## * श्रीसीता-त्रिजटा-संवाद *

**त्रिजटा सन बोलीं कर जोरी। मातु बिपति संगिनि तैं मोरी॥**
**तजौं देह करु बेगि उपाई। दुसह बिरहु अब नहिं सहि जाई॥**

सीताजीले हात जोडेर त्रिजटासँग भन्नुभयो—हे माता! तिमी मेरी विपत्तिकी संगिनी (सहचरी) हौ। तुरुन्तै कुनै यस्तो उपाय गर जसले मैले शरीर (प्राण) छोड्न सकौं। विरह असह्य हुँदै गएको छ, अब यसलाई सहन गर्न सक्तिन॥ १॥

**आनि काठ रचु चिता बनाई। मातु अनल पुनि देहि लगाई॥**
**सत्य करहि मम प्रीति सयानी। सुनै को श्रवन सूल सम बानी॥**

दाउरा ल्याएर चिता बनाएर सजाइदेऊ। हे माता! फेरि त्यसमा आगो लगाइदेऊ। हे समझदार! तिमीले मेरो प्रीतिलाई सत्य गराइदेऊ। रावणका शूलका समान दुःख दिने वाणी कसले कानले किन सुन्ने?॥ २॥

**सुनत बचन पद गहि समुझाएसि। प्रभु प्रताप बल सुजसु सुनाएसि॥**
**निसि न अनल मिल सुनु सुकुमारी। अस कहि सो निज भवन सिधारी॥**

सीताजीका वचन सुनेर त्रिजटाले चरण समातेर उहाँलाई सम्झाई र प्रभुको प्रताप, बल र सुयशलाई सुनाई। [उसले भनी—] हे सुकुमारी! सुन्नुहोस्, रात्रिको समय आगो मिल्दैन। यस्तो भनेर ऊ आफ्नो घरमा गइहाली॥ ३॥

**कह सीता बिधि भा प्रतिकूला। मिलिहि न पावक मिटिहि न सूला॥**
**देखिअत प्रगट गगन अंगारा। अवनि न आवत एकउ तारा॥**

सीताजीले [मनमनै] भन्न लाग्नुभयो—[के गरौं] विधाता नै विपरीत भएको छ। न आगो भेटिन्छ, न पीडा मेटिन्छ। आकाशमा अङ्गार (आगाको कोइला) देखिएका छन्, तर पृथ्वीमा एउटा पनि तारा आउँदैनन्॥ ४॥

**पावकमय ससि स्रवत न आगी। मानहुँ मोहि जानि हतभागी॥**
**सुनहि बिनय मम बिटप असोका। सत्य नाम करु हरु मम सोका॥**

चन्द्रमा अग्निमय छ, किन्तु उसले पनि मलाई हतभागिनी जानेर आगो बर्साउँदैन। हे अशोक वृक्ष! मेरो बिन्ती सुन! मेरो शोक हरण गर र आफ्नो [अशोक] नाम सत्य गर॥ ५॥

**नूतन किसलय अनल समाना। देहि अगिनि जनि करहि निदाना॥**
**देखि परम बिरहाकुल सीता। सो छन कपिहि कलप सम बीता॥**

तेरा नयाँनयाँ पालुआ (पात) अग्निसमान छन्। अग्नि दे, विरह रोगलाई बढाएर सीमासम्म नपुऱ्या। सीताजीलाई विरहले परम व्याकुल देखेर त्यो क्षण हनुमान्‌जीलाई कल्पसमान बित्यो॥ ६॥

## * श्रीसीता-हनुमान्-संवाद *

**सो०— कपि करि हृदयँ बिचार दीन्हि मुद्रिका डारि तब।**
**जनु असोक अंगार दीन्ह हरषि उठि कर गहेउ॥ १२॥**

त्यसपछि हनुमान्‌जीले हृदयमा विचार गरेर [सीताजीसम्मुख] औंठी खसाल्नुभयो, मानौं अशोकले अङ्गार दियो। [यस्तो सम्झेर] सीताजीले हर्षित हुँदै उठेर उसलाई हातमा लिनुभयो॥ १२॥

**तब देखी मुद्रिका मनोहर। राम नाम अंकित अति सुंदर॥**
**चकित चितव मुदरी पहिचानी। हरष बिषाद हृदयँ अकुलानी॥**

त्यसपछि उहाँले राम-नाम अङ्कित अत्यन्तै सुन्दर मनोहर औंठी देख्नुभयो। औंठीलाई चिनेर सीताजी आश्चर्यचकित हुँदै त्यसलाई हेर्न लाग्नुभयो र हर्ष तथा विषादले हृदयमा अत्तालिनुभयो॥ १॥

**जीति को सकइ अजय रघुराई। माया तें असि रचि नहिं जाई॥**
**सीता मन बिचार कर नाना। मधुर बचन बोलेउ हनुमाना॥**

[उहाँले सोच्न लाग्नुभयो— ] श्रीरघुनाथ त सर्वथा अजेय हुनुहुन्छ, उहाँलाई कसले जित्न सक्छ? मायाले यस्तो (मायाको उपदानले सर्वथा रहित दिव्य, चिन्मय) औंठी बनाउन सकिँदैन। सीताजीले मनमा अनेक प्रकारका विचार गरिरहनुभएको थियो। यही समयमा हनुमान्‌जी मधुर वचन बोल्नुभयो— ॥ २॥

**रामचंद्र गुन बरनैं लागा। सुनतहिं सीता कर दुख भागा॥**
**लागीं सुनैं श्रवन मन लाई। आदिहु तें सब कथा सुनाई॥**

उहाँले श्रीरामचन्द्रका गुणगान वर्णन गर्न लाग्नुभयो, [जसलाई] सुन्दा नै सीताजीको दुःख हरण भयो। उहाँले कान र मन लगाएर उसलाई सुन्न लाग्नुभयो। हनुमान्‌जीले आदिदेखि लिएर सबै कथा सुनाउनुभयो॥ ३॥

**श्रवनामृत जेहिं कथा सुहाई। कही सो प्रगट होति किन भाई॥**
**तब हनुमंत निकट चलि गयऊ। फिरि बैठीं मन बिसमय भयऊ॥**

[सीताजीले भन्नुभयो— ] जसले कानको लागि अमृतरूप यो सुन्दर कथा भन्यौ, उही हे भाइ! प्रकट किन हुँदैनौ? त्यसपछि हनुमान्‌जी नजिकै जानुभयो। उहाँलाई देखेर सीताजी फर्केर बस्नुभयो; उहाँको मनमा आश्चर्य भयो॥ ४॥

**राम दूत मैं मातु जानकी। सत्य सपथ करुनानिधान की॥**
**यह मुद्रिका मातु मैं आनी। दीन्हि राम तुम्ह कहँ सहिदानी॥**

[हनुमान्जीले भन्नुभयो— ] हे माता जानकी! म श्रीरामको दूत हुँ। करुणानिधानको सच्चा प्रतिज्ञा छ। हे माता! यो औंठी मैले नै ल्याएको हुँ। श्रीरामले मलाई हजुरको लागि यो चिनु वा पहिचान दिइबक्सिएको हो॥ ५॥

**नर बानरहि संग कहु कैसें। कही कथा भइ संगति जैसें॥**

[सीताजीले सोध्नुभयो— ] नर र बाँदरको सङ्गत कसरी भयो? त्यसपछि हनुमान्जीले जसरी सङ्गत भएको थियो, त्यो सबै कथा भन्नुभयो॥ ६॥

दो०— **कपि के बचन सप्रेम सुनि उपजा मन बिस्वास।**
**जाना मन क्रम बचन यह कृपासिंधु कर दास॥ १३॥**

हनुमान्जीका प्रेमयुक्त वचन सुनेर मनमा विश्वास उत्पन्न भयो। उहाँले जान्नुभयो कि यिनी मन, वचन र कर्मले कृपासागर श्रीरघुनाथका दास हुन्॥ १३॥

**हरिजन जानि प्रीति अति गाढ़ी। सजल नयन पुलकावलि बाढ़ी॥**
**बूड़त बिरह जलधि हनुमाना। भयहु तात मो कहुँ जलजाना॥**

भगवान्को जन (सेवक) जानेर अत्यन्तै गहिरो प्रीति भयो। गहभरी [प्रेमाश्रुका] जल भरिए र शरीरमा अत्यन्त पुलकावलि भयो। [सीताजीले भन्नुभयो— ] हे तात हनुमान्! विरहसागरमा डुब्दै गरेकी मलाई तिमी जहाज भयौ॥ १॥

**अब कहु कुसल जाउँ बलिहारी। अनुज सहित सुख भवन खरारी॥**
**कोमलचित कृपाल रघुराई। कपि केहि हेतु धरी निठुराई॥**

तिमीले मेरो ठूलो उपकार गर्‍यौ, अतः तिम्रो कल्याण होस्, अब भाइ लक्ष्मणजीसहित खरका शत्रु सुखधाम प्रभुको कुशल-मङ्गल भन। श्रीरघुनाथ त कोमल हृदय र कृपालु होइबक्सिन्छ। फेरि हे हनुमान्! उहाँले कुन कारणले यो निष्ठुरता धारण गरिबक्सियो?॥ २॥

**सहज बानि सेवक सुखदायक। कबहुँक सुरति करत रघुनायक॥**
**कबहुँ नयन मम सीतल ताता। होइहहिं निरखि स्याम मृदु गाता॥**

सेवकलाई सुख दिने उहाँको स्वाभाविक बानी छ। उनै श्रीरघुनाथले के कहिल्यै मेरो पनि याद गरिबक्सिन्छ? हे तात! के कहिल्यै उहाँका कोमल अङ्गलाई देखेर मेरा नेत्र शीतल हुनेछन्?॥ ३॥

**बचनु न आव नयन भरे बारी। अहह नाथ हौं निपट बिसारी॥**
**देखि परम बिरहाकुल सीता। बोला कपि मृदु बचन बिनीता॥**

[मुखबाट] वचन निस्कँदैन, नेत्र [विरहका आँसुका] जलले टलपल छन्। [ठूलो दुःखले उहाँले भन्नुभयो— ] हे नाथ! हजुरले मलाई बिलकुलै भुलिबक्सियो! सीताजीलाई विरहले परम व्याकुल देखेर हनुमान्जी कोमल र विनम्र वचन बोल्नुभयो— ॥ ४॥

**मातु कुसल प्रभु अनुज समेता। तव दुख दुखी सुकृपा निकेता॥**
**जनि जननी मानहु जियँ ऊना। तुम्ह ते प्रेमु राम कें दूना॥**

हे माता! सुन्दर कृपाका धाम प्रभु भाइ लक्ष्मणजीसहित [शरीरमा] कुशल होइबक्सिन्छ, परन्तु हजुरको दुःखले दुःखी होइबक्सिन्छ। हे माता! मनमा ग्लानि नगरिबक्सियोस्। श्रीरामचन्द्रको हृदयमा हजुरको भन्दा दोबर प्रेम छ॥ ५॥

दो०— **रघुपति कर संदेसु अब सुनु जननी धरि धीर।**
**अस कहि कपि गदगद भयउ भरे बिलोचन नीर॥ १४॥**

हे माता! अब धैर्य गरेर श्रीरघुनाथको सन्देश सुनिबक्सियोस्। यस्तो भनेर हनुमान्जी प्रेमले गद्गद हुनुभयो। उहाँका नेत्रमा [प्रेमाश्रुको] जल भरियो॥ १४॥

**कहेउ राम बियोग तव सीता। मो कहुँ सकल भए बिपरीता॥**
**नव तरु किसलय मनहुँ कृसानू। कालनिसा सम निसि ससि भानू॥**

[हनुमान्जीले भन्नुभयो— ] श्रीरामचन्द्रले भनिबक्सिएको छ कि हे सीते! तिम्रो वियोगमा मेरा लागि सबै पदार्थ प्रतिकूल भएका छन्। वृक्षका नयाँनयाँ कोमल पात (पालुवा) मानौं अग्निको समान, रात्रि कालरात्रिसमान, चन्द्रमा सूर्यसमान॥ १॥

**कुबलय बिपिन कुंत बन सरिसा। बारिद तपत तेल जनु बरिसा॥**
**जे हित रहे करत तेइ पीरा। उरग स्वास सम त्रिबिध समीरा॥**

र कमलको वन भाला (शूल) को समान भएको छ। मेघले मानौं उम्लँदै गरेको तेल बर्साउँछ। जुन हित गर्नेवाला थिए, उनीहरूले नै अब पीडा दिन लागे। त्रिविध (शीतल, मन्द, सुगन्ध) वायु सर्पको श्वाससमान (विषालु र तातो) भएको छ॥ २॥

**कहेहू तें कछु दुख घटि होई। काहि कहौं यह जान न कोई॥**
**तत्व प्रेम कर मम अरु तोरा। जानत प्रिया एकु मनु मोरा॥**

मनको दुःख भन्नाले पनि केही घट्दछ। तर भनौं कोसँग? यस्तो दुःख कसैले जान्दैनन्। हे प्रिये! मेरो र तिम्रो प्रेमको तत्त्व (रहस्य) लाई एक मेरो मनले नै जानेको छ॥ ३॥

**सो मनु सदा रहत तोहि पाहीं। जानु प्रीति रसु एतनेहि माहीं॥**
**प्रभु संदेसु सुनत बैदेही। मगन प्रेम तन सुधि नहिं तेही॥**

र त्यो मन सधैं तिमीसँगै रहन्छ। बस्, मेरो मनको सार यतिले नै सम्झनू। प्रभुको सन्देश सुन्दा नै जानकीजी प्रेममा मगन हुनुभयो। उहाँले शरीरको हालखबर बिर्सनुभयो॥ ४॥

**कह कपि हृदयँ धीर धरु माता। सुमिरु राम सेवक सुखदाता॥**
**उर आनहु रघुपति प्रभुताई। सुनि मम बचन तजहु कदराई॥**

हनुमान्जीले भन्नुभयो— हे माता! हृदयमा धैर्य धारण गरिबक्सियोस् र सेवकहरूलाई सुख दिने

श्रीरामलाई स्मरण गरिबक्सियोस्। श्रीरघुनाथको प्रभुतालाई हृदयमा ल्याइबक्सियोस् र मेरा वचन सुनेर कायरता छोडिबक्सियोस्॥ ५॥

**दो०— निसिचर निकर पतंग सम रघुपति बान कृसानु।**
**जननी हृदयँ धीर धरु जरे निसाचर जानु॥ १५॥**

राक्षसहरूका समूह पुतलीसमान र श्रीरघुनाथका बाण अग्निसमान छन्। हे माता! हृदयमा धैर्य धारण गरिबक्सियोस् र राक्षसहरू भस्म नै भएको सम्झिबक्सियोस्॥ १५॥

**जौं रघुबीर होति सुधि पाई। करते नहिं बिलंबु रघुराई॥**
**राम बान रबि उएँ जानकी। तम बरूथ कहँ जातुधान की॥**

यदि रामचन्द्रजीले खबर पाइबक्सिएको भए त उहाँले विलम्ब गरिबक्सिदैनथ्यो। हे जानकीजी! रामबाणरूपी सूर्य उदय भएपछि राक्षसहरूका सेनारूपी अन्धकार कहाँ रहन सक्तछ?॥ १॥

**अबहिं मातु मैं जाउँ लवाई। प्रभु आयसु नहिं राम दोहाई॥**
**कछुक दिवस जननी धरु धीरा। कपिन्ह सहित अइहहिं रघुबीरा॥**

हे माता! मैले हजुरलाई अहिले नै यहाँबाट लिएर जाने थिएँ; तर श्रीरामचन्द्रको शपथ छ, मलाई प्रभुको आज्ञा छैन। [अतः] हे माता! केही दिन अझै धैर्य गरिबक्सियोस्। श्रीरामचन्द्रजी बाँदरहरूसहित यहाँ आइबक्सिनेछ॥ २॥

**निसिचर मारि तोहि लै जैहहिं। तिहुँ पुर नारदादि जसु गैहहिं॥**
**हैं सुत कपि सब तुम्हहि समाना। जातुधान अति भट बलवाना॥**

र राक्षसहरूलाई मारेर हजुरलाई लिएर गइबक्सिनेछ। नारद आदि [ऋषि-मुनि] ले तीनै लोकमा उहाँको यश गाउनेछन्। [सीताजीले भन्नुभयो— ] हे पुत्र! सबै बाँदर तिमीजस्तै साना-साना (बालक) होलान्, राक्षस त ठूला बलवान् योद्धा छन्॥ ३॥

**मोरें हृदय परम संदेहा। सुनि कपि प्रगट कीन्हि निज देहा॥**
**कनक भूधराकार सरीरा। समर भयंकर अतिबल बीरा॥**

अतः मेरो हृदयमा धेरै ठूलो सन्देह हुन्छ [कि तिमीजस्ता बाँदरले राक्षसहरूलाई कसरी जित्नेछौ!] यस्तो सुनेर हनुमान्जीले आफ्नो शरीर प्रकट गर्नुभयो। सुनको पर्वत (सुमेरु) को आकारको (अत्यन्त विशाल) शरीर थियो, जुन युद्धमा शत्रुलाई भय उत्पन्न गराउनेवाला, अत्यन्त बलवान् र वीर थियो॥ ४॥

**सीता मन भरोस तब भयऊ। पुनि लघु रूप पवनसुत लयऊ॥**

त्यसपछि (त्यो शरीरलाई देखेर) सीताजीको मनमा विश्वास भयो। हनुमान्जीले फेरि सानो रूप धारण गर्नुभयो॥ ५॥

**दो०— सुनु माता साखामृग नहिं बल बुद्धि बिसाल।**
**प्रभु प्रताप तें गरुड़हि खाइ परम लघु ब्याल॥ १६॥**

हे माता! सुनिबक्सियोस्, बाँदरहरूमा धेरै बल–बुद्धि हुँदैन। परन्तु प्रभुका प्रतापले धेरै सानो सर्पले पनि गरुडलाई खान सक्छ (अर्थात् अत्यन्त निर्बलले पनि महान् बलवान्लाई मार्न सक्छ)॥ १६॥

**मन संतोष सुनत कपि बानी। भगति प्रताप तेज बल सानी॥**
**आसिष दीन्हि रामप्रिय जाना। होहु तात बल सील निधाना॥**

भक्ति, प्रताप, तेज र बलमा मुछिएका हनुमान्जीको वाणी सुनेर सीताजीको मनमा सन्तोष भयो। उहाँले श्रीरामका प्रिय जानेर हनुमान्जीलाई आशीर्वाद दिनुभयो कि हे तात! तिमी बल र शीलका निधान होऊ॥ १॥

**अजर अमर गुननिधि सुत होहू। करहुँ बहुत रघुनायक छोहू॥**
**करहुँ कृपा प्रभु अस सुनि काना। निर्भर प्रेम मगन हनुमाना॥**

हे पुत्र! तिमी अजर (कहिल्यै वृद्ध नहुने), अमर र गुणहरूका खानी होऊ। श्रीरघुनाथले तिमीलाई धेरै नै कृपा गरिबक्सिनेछ। 'प्रभुले कृपा गरिबक्सिनेछ' यस्तो कानले सुनेर हनुमान्जी पूर्ण प्रेममा मग्न हुनुभयो॥ २॥

**बार बार नाएसि पद सीसा। बोला बचन जोरि कर कीसा॥**
**अब कृतकृत्य भयउँ मैं माता। असिष तव अमोघ बिख्याता॥**

हनुमान्जीले बारम्बार सीताजीका चरणमा शिर निहुराउनुभयो र फेरि हात जोडेर भन्नुभयो— हे माता! अब म कृतार्थ भएँ। हजुरका आशीर्वाद अमोघ (अचूक) छन्, यो कुरा प्रसिद्ध छ॥ ३॥

**सुनहु मातु मोहि अतिसय भूखा। लागि देखि सुंदर फल रूखा॥**
**सुनु सुत करहिं बिपिन रखवारी। परम सुभट रजनीचर भारी॥**

हे माता! सुनिबक्सियोस्, सुन्दर फल भएका वृक्षहरूलाई देखेर मलाई धेरै नै भोक लागेको छ। [सीताजीले भन्नुभयो— ] हे बाबु! सुन, धेरै ठूला योद्धा राक्षसले यस वनको रेखदेख गर्छन्॥ ४॥

**तिन्ह कर भय माता मोहि नाहीं। जौं तुम्ह सुख मानहु मन माहीं॥**

[हनुमान्जीले भन्नुभयो— ] हे माता! यदि हजुरले मनमा सुख मानेमा (प्रसन्न भएर आज्ञा दिएमा) त मलाई उनीहरूको भय बिलकुल नै छैन॥ ५॥

दो०— **देखि बुद्धि बल निपुन कपि कहेउ जानकीं जाहु।**
**रघुपति चरन हृदयँ धरि तात मधुर फल खाहु॥ १७॥**

हनुमान्जीलाई बुद्धि र बलमा निपुण देखेर जानकीजीले भन्नुभयो—जाऊ। हे तात! श्रीरघुनाथका चरणलाई हृदयमा धारण गरेर मीठा फल खाऊ॥ १७॥

## ❋ हनुमान्जीद्वारा अशोकवाटिका–विध्वंस, अक्षयकुमारको वध र मेघनादले हनुमान्जीलाई नागपाशले बाँधेर सभामा लैजानु ❋

**चलेउ नाइ सिरु पैठेउ बागा। फल खाएसि तरु तोरैं लागा॥**
**रहे तहाँ बहु भट रखवारे। कछु मारेसि कछु जाइ पुकारे॥**

उहाँले सीताजीलाई शिर निहुराउनुभयो र बगैंचामा पस्नुभयो। फल खाँदै वृक्षहरूलाई भाँच्न लाग्नुभयो। त्यहाँ धेरै नै योद्धा रक्षक थिए। उनीहरूमध्ये कुनैलाई मार्नुभयो र कुनै गएर रावणलाई हालखबर बताए— ॥ १ ॥

**नाथ एक आवा कपि भारी। तेहिं असोक बाटिका उजारी॥**
**खाएसि फल अरु बिटप उपारे। रच्छक मर्दि मर्दि महि डारे॥**

[र भने— ] हे नाथ! एउटा धेरै ठूलो बाँदर आएको छ। उसले अशोकवाटिका खाली नै बनायो। फल खायो, वृक्षहरूलाई उखेलेर फाल्यो र रक्षकहरूलाई बारम्बार मिचेर जमिनमा फालिदियो॥ २ ॥

**सुनि रावन पठए भट नाना। तिन्हहि देखि गर्जेउ हनुमाना॥**
**सब रजनीचर कपि संघारे। गए पुकारत कछु अधमारे॥**

यस्तो सुनेर रावणले धेरै नै योद्धा पठायो। उनीहरूलाई देखेर हनुमान्‌जीले गर्जना गर्नुभयो। हनुमान्‌जीले सबै राक्षसहरूलाई मार्नुभयो, केही जुन अधमरो (अचकल्टो) भएका थिए, बारम्बार फर्केर चिच्च्याउँदै गए॥ ३ ॥

**पुनि पठयउ तेहिं अच्छकुमारा। चला संग लै सुभट अपारा॥**
**आवत देखि बिटप गहि तर्जा। ताहि निपाति महाधुनि गर्जा॥**

फेरि रावणले अक्षयकुमारलाई पठायो। उसले असङ्ख्य श्रेष्ठ योद्धाहरूलाई साथमा लिएर आयो। उसलाई आउँदै देखेर हनुमान्‌जीले यौटा वृक्ष [हातमा] लिएर धम्काउनुभयो र उसलाई मारेर महाध्वनिले गर्जना गर्नुभयो॥ ४ ॥

दो०— **कछु मारेसि कछु मर्देसि कछु मिलएसि धरि धूरि।**
**कछु पुनि जाइ पुकारे प्रभु मर्कट बल भूरि॥ १८॥**

उहाँले सेनामध्ये केहीलाई मार्नुभयो र केहीलाई मिच्नुभयो र केहीलाई समातेर धूलोमा मिलाउनुभयो। केहीले फेरि गएर भने कि हे प्रभु! बाँदर त धेरै नै बलवान् छ॥ १८॥

**सुनि सुत बध लंकेस रिसाना। पठएसि मेघनाद बलवाना॥**
**मारसि जनि सुत बाँधेसु ताही। देखिअ कपिहि कहाँ कर आही॥**

पुत्रको वध सुनेर रावण क्रोधित भयो र उसले [आफ्नो जेठो पुत्र] बलवान् मेघनादलाई पठायो। (उसले भन्यो कि— ) हे पुत्र! मार्ने होइन; उसलाई बाँधेर ल्याउनू। त्यो कहाँबाट आएको हो, त्यस बाँदरलाई हेर्नुपर्‍यो॥ १ ॥

**चला इंद्रजित अतुलित जोधा। बंधु निधन सुनि उपजा क्रोधा॥**
**कपि देखा दारुन भट आवा। कटकटाइ गर्जा अरु धावा॥**

इन्द्रलाई जित्नेवाला अतुलनीय योद्धा मेघनाद हिँड्यो। भाइ मरेको सुनेर ऊ धेरै क्रोधित भयो। हनुमान्‌जीले देख्नुभयो कि यसपटक भयानक योद्धा आएको छ। त्यसपछि उहाँ कटकटाउदै चिच्च्याएर दौडनुभयो॥ २ ॥

**अति बिसाल तरु एक उपारा। बिरथ कीन्ह लंकेस कुमारा॥**
**रहे महाभट ताके संगा। गहि गहि कपि मर्दइ निज अंगा॥**

उहाँले एउटा धेरै ठूलो वृक्ष उखेल्नुभयो र [त्यसको प्रहारले] लङ्केश्वर रावणको पुत्र मेघनादलाई विनारथको बनाउनुभयो (रथलाई भाँचेर भुइँमा पछार्नुभयो)। उसका साथ जुन ठूला-ठूला योद्धा थिए, उनीहरू सबैलाई पालैपाले समातेर हनुमान्‌जीले आफ्नो शरीरले मिच्न लाग्नुभयो॥ ३॥

**तिन्हहि निपाति ताहि सन बाजा। भिरे जुगल मानहुँ गजराजा॥**
**मुठिका मारि चढ़ा तरु जाई। ताहि एक छन मुरुछा आई॥**

तिनीहरू सबैलाई मारेर फेरि मेघनादसँग लड्न लाग्नुभयो। [लड्दै गर्दा उनीहरू यस्तो देखिन्छन्] मानौं दुई गजराज (श्रेष्ठ हात्ती) लडेका छन्। हनुमान्‌जीले उसलाई एक घुस्सा हानेर वृक्षमाथि चढ्नुभयो। त्यो क्षणभरका लागि मूर्च्छामा पर्‍यो॥ ४॥

**उठि बहोरि कीन्हिसि बहु माया। जीति न जाइ प्रभंजन जाया॥**

फेरि उठेर उसले धेरै नै माया रच्यो; परन्तु पवनका पुत्रलाई उसले जित्न सकेन॥ ५॥

दो०— **ब्रह्म अस्त्र तेहि साँधा कपि मन कीन्ह बिचार।**
**जौं न ब्रह्मसर मानउँ महिमा मिटइ अपार॥ १९॥**

अन्त्यमा उसले ब्रह्मास्त्रलाई* प्रयोग गर्‍यो, अनि हनुमान्‌जीले मनमा विचार गर्नुभयो कि यदि ब्रह्मास्त्रलाई नमानौं भने त उसको अपार महिमा मेटिनेछ॥ १९॥

**ब्रह्मबान कपि कहुँ तेहिं मारा। परतिहुँ बार कटकु संघारा॥**
**तेहिं देखा कपि मुरुछित भयऊ। नागपास बाँधेसि लै गयऊ॥**

उसले हनुमान्‌जीलाई ब्रह्मबाण हान्यो, [जसले लाग्दा नै उहाँ वृक्षबाट तल खस्नुभयो] परन्तु खस्ने समयमा पनि उहाँले धेरै नै सेना मार्नुभयो। जब उसले देख्यो कि हनुमान्‌जी मूर्च्छित हुनुभएको छ, तब उसले उहाँलाई नागपाशले बाँधेर लिई गयो॥ १॥

**जासु नाम जपि सुनहु भवानी। भव बंधन काटहिं नर ग्यानी॥**
**तासु दूत कि बंध तरु आवा। प्रभु कारज लगि कपिहिं बँधावा॥**

[शिवजीले भन्नुहुन्छ— ] हे भवानी! सुन, जसको नाम जपेर ज्ञानी (विवेकी) मनुष्य संसार (जन्म-मरण) को बन्धनलाई काट्न सक्छन्, उनैका दूत कहीं बन्धनमा पर्न सक्छन्? किन्तु प्रभुको कार्यका लागि हनुमान्‌जी स्वयं बाँधिनुभयो।॥ २॥

**कपि बंधन सुनि निसिचर धाए। कौतुक लागि सभाँ सब आए॥**
**दसमुख सभा दीखि कपि जाई। कहि न जाइ कछु अति प्रभुताई॥**

* **ब्रह्मास्त्र—**यो एक मन्त्र हो। गायत्री-मन्त्र उल्टो '**त्यादचोप्रन........**'इत्यादि पढ्नाले र केही विशिष्ट बीजाक्षरहरू लगाउनाले बन्दछ। यो मन्त्रको सामर्थ्यले त्रैलोक्यलाई विनाश गर्न सुलभ हुन्छ। तर यो तब सिद्ध हुन्छ जब ब्रह्माजी प्रसन्न हुनुहुन्छ। द्वापरको अन्त्यमा भीष्म, द्रोण, अश्वत्थामा र अर्जुनले नै यसलाई प्रयोग गर्न सक्दथे; तर अश्वत्थामा यसको उपसंहार जान्दैनथे। यो समस्त अस्त्रहरूमा श्रेष्ठ र अमोघ छ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

बाँदर बाँधिएको सुनेर सबै राक्षस दौडदै कौतुकको लागि सभामा आए। हनुमान्जीले गएर रावणको सभा देख्नुभयो। उसको अत्यन्त प्रभुता (ऐश्वर्य) केही भन्न सकिँदैनथ्यो॥ ३॥

**कर जोरें सुर दिसिप बिनीता। भृकुटि बिलोकत सकल सभीता॥**
**देखि प्रताप न कपि मन संका। जिमि अहिगन महुँ गरुड़ असंका॥**

देवता र दिक्पाल हात जोडेर धेरै नम्रताका साथ भयभीत हुँदै सबैले रावणको आँखीभौं ताकिरहेका छन्। उसको यस्तो प्रताप देखेर पनि हनुमान्जीको मनमा कत्ति पनि डर भएन। उहाँ यस्तरी निःशङ्क उभिनुभएको छ, जस्तरी सर्पहरूका समूहमा गरुड निःशङ्क (निर्भय) रहन्छ॥ ४॥

## * हनुमान्-रावण-संवाद *

दो०— **कपिहि बिलोकि दसानन बिहसा कहि दुर्बाद।**
**सुत बध सुरति कीन्हि पुनि उपजा हृदयँ बिषाद॥ २०॥**

हनुमान्जीलाई देखेर रावणले दुर्वचन भन्यो र खुब हाँस्यो। फेरि पुत्र–वधको स्मरण गरेर उसको हृदयमा विषाद उत्पन्न भयो॥ २०॥

**कह लंकेस कवन तैं कीसा। केहि कें बल घालेहि बन खीसा॥**
**की धौं श्रवन सुनेहि नहिं मोही। देखउँ अति असंक सठ तोही॥**

लङ्कापति रावणले भन्यो—अरे बाँदर तँ को होस्? कसको बलमा तैंले वनलाई उजाड गरेर नष्ट गरिस्? के कहिल्यै तैंले मलाई (मेरो नाम र यश) कानले सुनेको छैनस्? हे शठ! मैले तँलाई अत्यन्तै निःशङ्क देखिरहेको छु॥ १॥

**मारे निसिचर केहिं अपराधा। कहु सठ तोहि न प्रान कइ बाधा॥**
**सुनु रावन ब्रह्मांड निकाया। पाइ जासु बल बिरचति माया॥**

तैंले कुन अपराधले राक्षसहरूलाई मारिस्? अरे मूर्ख! भन्, के तँलाई प्राण जाने भय छैन? [हनुमान्जीले भन्नुभयो—] हे रावण! सुन्; जसको बल पाएर मायाले सम्पूर्ण ब्रह्माण्डका समूहलाई रचना गर्दछ,॥ २॥

**जाकें बल बिरंचि हरि ईसा। पालत सृजत हरत दससीसा॥**
**जा बल सीस धरत सहसानन। अंडकोस समेत गिरि कानन॥**

जसका बलले हे दशमुख! ब्रह्मा, विष्णु, महेश (क्रमशः) सृष्टिको सृजन, पालन र संहार गर्छन्; जसका बलले सहस्रमुख (फणाहरू) भएका शेषजीले पर्वत र वनसहित समस्त ब्रह्माण्डलाई शिरमा धारण गर्छन्;॥ ३॥

**धरइ जो बिबिध देह सुरत्राता। तुम्ह से सठन्ह सिखावनु दाता॥**
**हर कोदंड कठिन जेहिं भंजा। तेहि समेत नृप दल मद गंजा॥**

जसले देवताहरूको रक्षाका लागि नाना प्रकारका देहधारण गर्छन् र जो तिमीजस्ता मूर्खलाई शिक्षा दिने गर्दछन्; जसले शिवजीको कठोर धनुषलाई भाँचे, अनि उसैका साथ राजाहरूका समूहको गर्वलाई चूर्ण गरिदिए॥ ४॥

**खर दूषन त्रिसिरा अरु बाली। बधे सकल अतुलित बलसाली॥**

जसले खर, दूषण, त्रिशिरा र बालिलाई मारे, जुन सबै जना अतुलनीय बलवान् थिए;॥ ५॥

दो०— **जाके बल लवलेस तें जितेहु चराचर झारि।**
**तासु दूत मैं जा करि हरि आनेहु प्रिय नारि॥ २१॥**

जसको लेशमात्र बलले तिमीले समस्त चराचर जगत्लाई जित्यौ र जसकी प्रिय पत्नीलाई तिमीले [चोरी गरेर] हरण गरी ल्याएका छौ, म उनैको दूत हुँ॥ २१॥

**जानउँ मैं तुम्हारि प्रभुताई। सहसबाहु सन परी लराई॥**
**समर बालि सन करि जसु पावा। सुनि कपि बचन बिहसि बिहरावा॥**

मैले तिम्रो प्रभुतालाई खुब जान्दछु, सहस्रबाहुसँग तिम्रो लडाइँ भएको थियो र बालिसँग युद्ध गरेर तिमीले यश प्राप्त गरेका थियौ। हनुमान्जीका [मार्मिक] वचन सुनेर रावणले हाँसेर टामटुम पाऱ्यो॥ १॥

**खायउँ फल प्रभु लागी भूँखा। कपि सुभाव तें तोरेउँ रूखा॥**
**सब कें देह परम प्रिय स्वामी। मारहिं मोहि कुमारग गामी॥**

हे [राक्षसहरूका] स्वामी! मलाई भोक लागेको थियो, (यसैले) मैले फल खाएँ र बाँदर स्वभावका कारण वृक्ष भाँचें। हे (निशाचरहरूका) मालिक! देह सबैलाई परम प्रिय हुन्छ। कुमार्गमा हिंड्नेवाला (दुष्ट) राक्षसले जब मलाई हान्न लागे॥ २॥

**जिन्ह मोहि मारा ते मैं मारे। तेहि पर बाँधेउँ तनयँ तुम्हारे॥**
**मोहि न कछु बाँधे कइ लाजा। कीन्ह चहउँ निज प्रभु कर काजा॥**

तब जसले मलाई हाने, उनलाई पनि मैले हानें। यति हुँदाहुँदै तिम्रा पुत्रले मलाई बाँध्यो। [किन्तु] मलाई आफू बाँधिएकोमा केही पनि लाज छैन। म त आफ्ना प्रभुको कार्य गर्न चाहन्छु॥ ३॥

**बिनती करउँ जोरि कर रावन। सुनहु मान तजि मोर सिखावन॥**
**देखहु तुम्ह निज कुलहि बिचारी। भ्रम तजि भजहु भगत भय हारी॥**

हे रावण! म हात जोडेर तिमीसँग बिन्ती गर्दछु, तिमीले अभिमान छोडेर मेरो शिक्षा सुन। तिमीले आफ्नो पवित्र कुललाई विचार गरेर हेर र भ्रमलाई छोडेर भक्तभयहारी भगवान्लाई भज (जप)॥ ४॥

**जाकें डर अति काल डेराई। जो सुर असुर चराचर खाई॥**
**तासों बयरु कबहुँ नहिं कीजै। मोरे कहें जानकी दीजै॥**

जसले देवता, राक्षस र समस्त चराचरलाई खान सक्छ, त्यो काल पनि जसको डरले अत्यन्तै डराउँछ, उहाँसँग कदापि वैर नगर र मैले भनेको ठीक मानेर जानकीजीलाई दिइहाल॥ ५॥

दो०— **प्रनतपाल रघुनायक करुना सिंधु खरारि।**
**गएँ सरन प्रभु राखिहैं तव अपराध बिसारि॥ २२॥**

खरका शत्रु श्रीरघुनाथ शरणागतका रक्षक र दयाका समुद्र हुनुहुन्छ। शरणमा गएपछि प्रभुले तिम्रा अपराधलाई भुलेर तिमीलाई आफ्नो शरणमा राख्नुहुनेछ॥ २२॥

**राम चरन पंकज उर धरहू। लंका अचल राजु तुम्ह करहू॥**
**रिषि पुलस्ति जसु बिमल मयंका। तेहि ससि महुँ जनि होहु कलंका॥**

तिमीले श्रीरामका चरणकमललाई हृदयमा धारण गर र लङ्काको अचल राज्य गर। ऋषि पुलस्त्यजीको यश निर्मल चन्द्रमासमान छ। त्यस चन्द्रमामा तिमी कलङ्क नबन॥ १॥

**राम नाम बिनु गिरा न सोहा। देखु बिचारि त्यागि मद मोहा॥**
**बसन हीन नहिं सोह सुरारी। सब भूषन भूषित बर नारी॥**

रामनामविना वाणीले शोभा पाउँदैन, मद-मोहलाई छोडेर, विचार गरी हेर। हे देवताहरूका शत्रु! सबै गहनाले सजिएकी सुन्दरी स्त्रीले पनि कपडाविना (नाङ्गै) शोभा पाउदिन॥ २॥

**राम बिमुख संपति प्रभुताई। जाइ रही पाई बिनु पाई॥**
**सजल मूल जिन्ह सरितन्ह नाहीं। बरषि गएँ पुनि तबहिं सुखाहीं॥**

रामविमुख पुरुषको सम्पत्ति प्रभुता हुँदाहुँदै पनि गइहाल्छ र उसलाई प्राप्त गर्नु प्राप्त नगर्नु समान नै हुन्छ। जुन नदीहरूको मूलमा कुनै जलस्त्रोत छैन (अर्थात् जसलाई वर्षाकालको नै सहारा छ) त्यो वर्षा बितेपछि फेरि तुरुन्तै सुकेर जान्छ॥ ३॥

**सुनु दसकंठ कहउँ पन रोपी। बिमुख राम त्राता नहिं कोपी॥**
**संकर सहस बिष्नु अज तोही। सकहिं न राखि राम कर द्रोही॥**

हे रावण! सुन, मैले प्रतिज्ञा गरेर भन्दछु कि रामविमुखलाई रक्षा गर्नेवाला कोही पनि छैनन्। हजारौं शङ्कर, विष्णु र ब्रह्माले पनि श्रीरामसँग द्रोह गर्नेवाला तिमीलाई बचाउन सक्तैनन्॥ ४॥

दो०— **मोहमूल बहु सूल प्रद त्यागहु तम अभिमान।**
**भजहु राम रघुनायक कृपा सिंधु भगवान॥ २३॥**

मोह नै जसको मूल छ यस्ता (अज्ञानजनित), धेरै पीडा दिनेवाला, तमरूप अभिमानलाई त्याग गर र रघुकुलका स्वामी, कृपाका समुद्र भगवान् श्रीरामचन्द्रको भजन गर॥ २३॥

**जदपि कही कपि अति हित बानी। भगति बिबेक बिरति नय सानी॥**
**बोला बिहसि महा अभिमानी। मिला हमहि कपि गुर बड़ ग्यानी॥**

यद्यपि हनुमान्‌जीले भक्ति, ज्ञान, वैराग्य र नीतिमा मुछिएका धेरै नै हितका वाणी भन्नुभयो, तर पनि त्यो महान् अभिमानी रावण धेरै हाँसेर (व्यङ्ग्यपूर्वक) बोल्यो कि मलाई यो बाँदर ठूलो ज्ञानी गुरु मिल्यो!॥ १॥

**मृत्यु निकट आई खल तोही। लागेसि अधम सिखावन मोही॥**
**उलटा होइहि कह हनुमाना। मतिभ्रम तोर प्रगट मैं जाना॥**

अरे दुष्ट! तेरो मृत्यु निकट आएको छ। अधम! मलाई शिक्षा दिन आएको होस्। हनुमान्‌जीले भन्नुभयो—यसले उल्टो नै हुनेछ (अर्थात् मृत्यु तेरो आएको छ, मेरो होइन)। यो तेरो मतिभ्रम हो, मैले प्रत्यक्ष जानिसकेको छु॥ २॥

**सुनि कपि बचन बहुत खिसिआना। बेगि न हरहु मूढ़ कर प्राना॥**
**सुनत निसाचर मारन धाए। सचिवन्ह सहित बिभीषनु आए॥**

हनुमान्‌जीका वचन सुनेर ऊ धेरै नै जङ्गियो (झोक्कियो) [र भन्यो— ] अरे! यो मूर्खको प्राण शीघ्र नै किन हरण नगर्ने? यस्ता कुरा सुन्दा नै राक्षस उहाँलाई मार्न दौडे। त्यही समयमा मन्त्रीहरूका साथ विभीषणजी त्यहाँ आउनुभयो॥ ३॥

**नाइ सीस करि बिनय बहूता। नीति बिरोध न मारिअ दूता॥**
**आन दंड कछु करिअ गोसाँई। सबहीं कहा मंत्र भल भाई॥**

उहाँले शिर नुहाएर र धेरै बिन्ती गरेर रावणलाई भन्नुभयो कि दूतलाई मार्नुहुँदैन, यो नीति-विरुद्ध हुन्छ। हे गोसाईं! कुनै अर्को दण्ड दिनुपर्‍यो। सबैले भने— भाइ! यो सल्लाह उत्तम छ॥ ४॥

**सुनत बिहसि बोला दसकंधर। अंग भंग करि पठइअ बंदर॥**

यस्तो सुन्दा नै रावण हाँसेर बोल्यो—ठीक छ, बाँदरलाई अङ्ग-भङ्ग गरेर पठाइदिनुपर्‍यो॥ ५॥

## * लङ्का-दहन *

दो०— **कपि कें ममता पूँछ पर सबहि कहउँ समुझाइ।**
**तेल बोरि पट बाँधि पुनि पावक देहु लगाइ॥ २४॥**

मैले सबैलाई सम्झाएर भन्दछु कि बाँदरको ममता पुच्छरमा हुन्छ। अतः तेलमा कपडा डुबाएर उसलाई यसको पुच्छरमा बाँधेर फेरि आगो लगाइदिनुपर्‍यो अर्थात् लगाइदेउ॥ २४॥

**पूँछहीन बानर तहँ जाइहि। तब सठ निज नाथहि लइ आइहि॥**
**जिन्ह कै कीन्हिसि बहुत बड़ाई। देखउँ मैं तिह कै प्रभुताई॥**

जब विनापुच्छरको यो बाँदर वहाँ (आफ्ना स्वामीका साथ) जानेछ, त्यसपछि यो मूर्खले आफ्नो स्वामीलाई साथमा लिएर आउनेछ। जसको यसले धेरै प्रशंसा गरेको छ, मैले अलिकति उसको प्रभुता (सामर्थ्य) त हेरौं!॥ १॥

**बचन सुनत कपि मन मुसुकाना। भइ सहाय सारद मैं जाना॥**
**जातुधान सुनि रावन बचना। लागे रचैं मूढ़ सोइ रचना॥**

यस्ता वचन सुन्दा नै हनुमान्‌जी मुस्कुराउनुभयो [र मनमनै बोल्नुभयो कि] मैले जानें, सरस्वतीजी [यसलाई यस्तो बुद्धि दिनमा] सहायक हुनुभयो। रावणका वचन सुनेर मूर्ख राक्षस त्यही (पुच्छरमा आगो लगाउने) तयारी गर्न लागे॥ २॥

**रहा न नगर बसन घृत तेला। बाढ़ी पूँछ कीन्ह कपि खेला॥**
**कौतुक कहँ आए पुरबासी। मारहिं चरन करहिं बहु हाँसी॥**

[पुच्छर लपेट्नमा यति कपडा र घ्यू-तेल लाग्यो कि] नगरमा कपडा, घिउ र तेल बाँकी रहेन। हनुमान्‌जीले यस्तो खेल गर्नुभयो कि पुच्छर अत्यन्त लामो बनाउनुभयो। नगरवासीहरू तमासा हेर्न आए। उनीहरूले हनुमान्‌जीलाई लात्तीले हान्दै उहाँको धेरै बेइज्जत गरे॥ ३॥

**बाजहिं ढोल देहिं सब तारी। नगर फेरि पुनि पूँछ प्रजारी॥**
**पावक जरत देखि हनुमंता। भयउ परम लघुरूप तुरंता॥**

ढोलहरू बजेका छन्, सबै जनाले ताली पिटेका छन्। हनुमान्‌जीलाई नगरमा घुमाएर, अनि पुच्छरमा आगो लगाइदिए। अग्निलाई बल्दै गरेको देखेर हनुमान्‌जीले तुरुन्तै सानो रूप गर्नुभयो॥ ४॥

**निबुकि चढ़ेउ कपि कनक अटारीं। भईं सभीत निसाचर नारीं॥**

बन्धनबाट निस्केर उहाँ सुनको कौसी (बार्दली, अटाली) मा चढ्नुभयो। उहाँलाई देखेर राक्षसहरूका स्त्रीहरू भयभीत भए॥ ५॥

दो०— **हरि प्रेरित तेहि अवसर चले मरुत उनचास।**
**अट्टहास करि गर्जा कपि बढ़ि लाग अकास॥ २५॥**

त्यस समयमा भगवान्‌को प्रेरणाले उनन्चास पवन चल्न लागे। हनुमान्‌जी अट्टहास किसिमले (खित्का छोडेर उच्च स्वरले) गर्जनुभयो र बढेर आकाशमा जानुभयो॥ २५॥

**देह बिसाल परम हरुआई। मंदिर तें मंदिर चढ़ धाई॥**
**जरइ नगर भा लोग बिहाला। झपट लपट बहु कोटि कराला॥**

देह धेरै विशाल छ, परन्तु अत्यन्तै हल्का (फुर्तिलो) हुनुहुन्छ। उहाँ दौडेर एक महलदेखि अर्को महलमा (बुरुकबुरुक, बुर्लुकबुर्लुक उफ्रँदै) चढ्नुहुन्छ। नगर बलिरहेको छ, मानिस बेहाल भएका छन्। आगोका करोडौं भयङ्कर ज्वाला दन्किरहेका छन्॥ १॥

**तात मातु हा सुनिअ पुकारा। एहिं अवसर को हमहि उबारा॥**
**हम जो कहा यह कपि नहिं होई। बानर रूप धरें सुर कोई॥**

हाय बाबा! हाय आमा! यस समयमा हामीलाई कसले बचाउँछ? [चारैतर्फ] यही विलाप सुनिएको छ। हामीले त पहिले नै भनेका थियौं कि यो बाँदर होइन, बाँदरको रूप गरेको कुनै देवता हो!॥ २॥

**साधु अवग्या कर फलु ऐसा। जरइ नगर अनाथ कर जैसा॥**
**जारा नगरु निमिष एक माहीं। एक बिभीषन कर गृह नाहीं॥**

साधुको अपमानको फल यही हो कि नगर अनाथको नगरझैं जलिराखेको छ। हनुमान्‌जीले एक क्षणमा नै सारा नगर जलाउनुभयो। एउटा विभीषणको घर जलाउनुभएन॥ ३॥

**ता कर दूत अनल जेहिं सिरिजा। जरा न सो तेहि कारन गिरिजा॥**
**उलटि पलटि लंका सब जारी। कूदि परा पुनि सिंधु मझारी॥**

[शिवजीले भन्नुहुन्छ— ] हे पार्वती! जसले अग्निलाई बनाए, हनुमान्‌जी उनैका दूत हुनुहुन्छ। यसै कारणले उहाँ अग्निले डढ्नुभएन। हनुमान्‌जीले बारम्बार फर्केर एक दिशादेखि अर्को दिशासम्म सबै लङ्का जलाउनुभयो र उहाँ समुद्रमा हामफाल्नुभयो॥ ४॥

## * लङ्का जलाएपछि हनुमान्‌जीले सीताजीसँग बिदा माग्नु र चूडामणि पाउनु *

दो०— **पूँछ बुझाइ खोइ श्रम धरि लघु रूप बहोरि।**
**जनकसुता कें आगें ठाढ़ भयउ कर जोरि॥ २६॥**

पुच्छरको आगो निभाएर (बुझाएर), थकाइ मेटाएर फेरि सानो रूप धारण गरेर हनुमान्‌जी श्रीजानकीसम्मुख हात जोडेर उभिनुभयो॥ २६॥

**मातु मोहि दीजे कछु चीन्हा। जैसें रघुनायक मोहि दीन्हा॥**
**चूड़ामनि उतारि तब दयऊ। हरष समेत पवनसुत लयऊ॥**

[हनुमान्‌जीले भन्नुभयो— ] हे माता! मलाई कुनै चिह्न दिइबक्सियोस्, जसरी श्रीरघुनाथले मलाई दिइबक्सिएको थियो। त्यसपछि सीताजीले चूडामणि (शिरको भूषण, शीशफूल, शिरोरत्न) शिरको चुल्ठोबाट निकालेर दिनुभयो। हनुमान्‌जीले त्यसलाई हर्षपूर्वक लिनुभयो॥ १॥

**कहेहु तात अस मोर प्रनामा। सब प्रकार प्रभु पूरनकामा॥**
**दीन दयाल बिरिदु संभारी। हरहु नाथ मम संकट भारी॥**

[जानकीजीले भन्नुभयो— ] हे तात! मेरो प्रणाम निवेदन गर्नु र यस्तो प्रकारले भन्नु कि— हे प्रभु! यद्यपि हजुर सबै प्रकारले पूर्णकाम होइबक्सिन्छ (हजुरलाई कुनै प्रकारको कामना छैन), तथापि दुःखीहरूलाई दया गर्नु हजुरको स्वाभाविक गुण हो [र म दीन अवस्थामा छु] अतः त्यस स्वभाव (विरद) लाई याद गरेर, हे नाथ! मेरो भारी सङ्कटलाई मेटाइबक्सियोस्!॥ २॥

**तात सक्रसुत कथा सुनाएहु। बान प्रताप प्रभुहि समुझाएहु॥**
**मास दिवस महुँ नाथु न आवा। तौ पुनि मोहि जिअत नहिं पावा॥**

हे तात! इन्द्रपुत्र जयन्तको कथा (घटना) सुनाउनू र प्रभुलाई उहाँको बाणको प्रताप सम्झाउनू। यदि महीनाभरमा नाथ आउनुभएन भने त मलाई जीवित पाउनुहुनेछैन॥ ३॥

**कहु कपि केहि बिधि राखौं प्राना। तुम्हहू तात कहत अब जाना॥**
**तोहि देखि सीतलि भइ छाती। पुनि मो कहुँ सोइ दिनु सो राती॥**

हे हनुमान्! भन, मैले कुन प्रकारले प्राण राखौं! हे तात! तिमी पनि अब जाने कुरा गर्छौ। तिमीलाई देखेर यो छाती चिसो भएको थियो। फेरि मलाई उही दिन र उही रात!॥ ४॥

दो०— जनकसुतहि समुझाइ करि बहु बिधि धीरजु दीन्ह।
चरन कमल सिरु नाइ कपि गवनु राम पहिं कीन्ह॥ २७॥

हनुमान्‌जीले जानकीजीलाई सम्झाएर धेरै प्रकारले धैर्य गराउनुभयो र उहाँका चरणकमलमा शिर निहुराएर श्रीरामसँग जानलाई प्रस्थान गर्नुभयो॥ २७॥

## * समुद्रको वारिपट्टि आउनु, सबैलाई फर्काउनु, मधुवन-प्रवेश, सुग्रीव-मिलन, श्रीराम-हनुमान्-संवाद *

चलत महाधुनि गर्जेसि भारी। गर्भ स्त्रवहिं सुनि निसिचर नारी॥
नाघि सिंधु एहि पारहि आवा। सबद किलिकिला कपिन्ह सुनावा॥

हिँड्ने समयमा उहाँले महाध्वनिले भारी गर्जना गर्नुभयो, जसलाई सुनेर राक्षसहरूका पत्नीका गर्भ खस्न लागे। समुद्र नाघेर उहाँ वारिपट्टि आउनुभयो र उहाँले बाँदरहरूलाई हर्षध्वनि सुनाउनुभयो॥ १॥

हरषे सब बिलोकि हनुमाना। नूतन जन्म कपिन्ह तब जाना॥
मुख प्रसन्न तन तेज बिराजा। कीन्हेसि रामचंद्र कर काजा॥

हनुमान्‌जीलाई देखेर सबै हर्षित भए, अनि बाँदरहरूले आफ्नो नयाँ जन्म भएको सम्झे। हनुमान्‌जीको मुख प्रसन्न छ र शरीरमा तेज विराजमान छ, [जसले उनीहरूले सम्झे कि] यिनले श्रीरामचन्द्रको कार्य गरेर आएका छन्॥ २॥

मिले सकल अति भए सुखारी। तलफत मीन पाव जिमि बारी॥
चले हरषि रघुनायक पासा। पूँछत कहत नवल इतिहासा॥

सबैले हनुमान्‌जीसँग भेट भएर धेरै नै यसरी सुखी भए, जसरी छट्पटाउँदै गरेको माछालाई जल मिल्दा सुख हुन्छ। सबै हर्षित भएर नयाँनयाँ इतिहास सोध्दै श्रीरघुनाथसँग जानलाई हिँडे॥ ३॥

तब मधुबन भीतर सब आए। अंगद संमत मधु फल खाए॥
रखवारे जब बरजन लागे। मुष्टि प्रहार हनत सब भागे॥

त्यसपछि सबै जना मधुवनको भित्र आए, अनि अङ्गदको सम्मतिले सबैले मधुर फल [या मधु र फल] खाए। जब रक्षकले रोक्न लागे, तब मुक्काले हानेपछि सबै रक्षक भागिहाले॥ ४॥

दो०— जाइ पुकारे ते सब बन उजार जुबराज।
सुनि सुग्रीव हरष कपि करि आए प्रभु काज॥ २८॥

तिनीहरू सबैले गएर चिच्चाए कि युवराज अङ्गदले वन उजाड गरेका छन्। यस्तो सुनेर सुग्रीव हर्षित हुँदै भने कि बाँदरले प्रभुको कार्य गरेर आएका छन्॥ २८॥

जौं न होति सीता सुधि पाई। मधुबन के फल सकहिं कि खाई॥
एहि बिधि मन बिचार कर राजा। आइ गए कपि सहित समाजा॥

यदि सीताजीको खबर पाएका छैनन् भने के उनीहरूले मधुवनको फल खान सक्छन्? यस्तो प्रकारले राजा सुग्रीवले विचार गरिरहेका थिए कि समाजसहित बाँदर आइहाले॥ १॥

**आइ सबन्हि नावा पद सीसा। मिलेउ सबन्हि अति प्रेम कपीसा॥**
**पूँछी कुसल कुसल पद देखी। राम कृपाँ भा काजु बिसेषी॥**

सबैले आएर सुग्रीवका चरणमा शिर नुहाए। कपिराज सुग्रीव सबैसँग धेरै प्रेमका साथ भेट भए। उनले कुशल-क्षेम सोधे, [त्यसपछि बाँदरहरूले उत्तर दिए—] हजुरका चरणका दर्शनले सबै कुशल छ। श्रीरामको कृपाले विशेष कार्य भयो (कार्यमा विशेष सफलता भएको छ)॥ २॥

**नाथ काजु कीन्हेउ हनुमाना। राखे सकल कपिन्ह के प्राना॥**
**सुनि सुग्रीव बहुरि तेहि मिलेऊ। कपिन्ह सहित रघुपति पहिं चलेऊ॥**

हे नाथ! हनुमान्‌ले नै सबै कार्य गरे र सबै बाँदरहरूको प्राण बचाए। यस्तो सुनेर सुग्रीवजी हनुमान्‌जीसँग फेरि भेट भए, अनि सबै बाँदरहरूसहित श्रीरघुनाथसँग गए॥ ३॥

**राम कपिन्ह जब आवत देखा। किएँ काजु मन हरष बिसेषा॥**
**फटिक सिला बैठे द्वौ भाई। परे सकल कपि चरनन्हि जाई॥**

श्रीरामले जब बाँदरहरूलाई कार्य गरेर आउँदै गरेको देख्नुभयो, त्यसपछि उहाँको मनमा विशेष हर्ष भयो। दुवै भाइ स्फटिक-शिलामा बस्नुभएको थियो। सबै बाँदर गएर उहाँहरूका चरणमा परे॥ ४॥

**दो०— प्रीति सहित सब भेटे रघुपति करुना पुंज।**
**पूँछी कुसल नाथ अब कुसल देखि पद कंज॥ २९॥**

दयाका राशि श्रीरघुनाथ सबैसँग प्रेमसहित अङ्कमाल गरेर भेट हुनुभयो र कुशल सोध्नुभयो। [बाँदरहरूले भने—] हे नाथ! हजुरका चरणकमलको दर्शन पाउनाले अब कुशल छ॥ २९॥

**जामवंत कह सुनु रघुराया। जा पर नाथ करहु तुम्ह दाया॥**
**ताहि सदा सुभ कुसल निरंतर। सुर नर मुनि प्रसन्न ता ऊपर॥**

जाम्बवान्‌ले भने—हे रघुनाथजी! सुनिबक्सियोस्। हे नाथ! जसलाई हजुरले दया गरिबक्सिन्छ, उसलाई सधैं कल्याण र निरन्तर कुशल हुन्छ। देवता, मनुष्य र मुनि सबै उसप्रति प्रसन्न रहन्छन्॥ १॥

**सोइ बिजई बिनई गुन सागर। तासु सुजसु त्रैलोक उजागर॥**
**प्रभु कीं कृपा भयउ सबु काजू। जन्म हमार सुफल भा आजू॥**

उही विजयी हुन्छ, उही विनम्र हुन्छ र उही गुणहरूको समुद्र बन्दछ। उसैको सुन्दर यश तीनै लोकमा प्रकाशित हुन्छ। प्रभुका कृपाले सबै कार्य भयो। आज हाम्रो जन्म सफल भयो॥ २॥

**नाथ पवनसुत कीन्हि जो करनी। सहसहुँ मुख न जाइ सो बरनी॥**
**पवनतनय के चरित सुहाए। जामवंत रघुपतिहि सुनाए॥**

हे नाथ! पवनपुत्र हनुमान्‌ले जुन कार्य गरे, त्यसलाई हजार मुखले पनि वर्णन गर्न सकिंदैन। त्यसपछि जाम्बवान्‌ले हनुमान्‌जीका सुन्दर चरित्र (कार्य) श्रीरघुनाथलाई सुनाए॥ ३॥

**सुनत कृपानिधि मन अति भाए। पुनि हनुमान हरषि हियँ लाए॥**
**कहहु तात केहि भाँति जानकी। रहति करति रच्छा स्वप्रान की॥**

[ती चरित्र] सुनेपछि कृपानिधि श्रीरामचन्द्रको मनमा धेरै नै हर्ष भयो। उहाँले हर्षित भएर हनुमान्‌जीलाई फेरि हृदयमा लगाउनुभयो र भन्नुभयो—हे तात! भन, सीता कस्तो प्रकारले रहेकी छिन् र आफ्नो प्राणलाई रक्षा गरिरहेकी छिन्?॥ ४॥

दो०— **नाम पाहरू दिवस निसि ध्यान तुम्हार कपाट।**
**लोचन निज पद जंत्रित जाहिं प्रान केहिं बाट॥ ३०॥**

[हनुमान्‌जीले भन्नुभयो— ] हजुरको नाम रातदिन पहरा दिनेवाला छ, हजुरको ध्यान नै ढोका हो। नेत्रलाई हजुरका चरणमा लगाइबक्सिन्छ, यही ताल्चा लागेको छ; फेरि प्राण जाने कुन मार्गबाट?॥ ३०॥

**चलत मोहि चूड़ामनि दीन्ही। रघुपति हृदयँ लाइ सोइ लीन्ही॥**
**नाथ जुगल लोचन भरि बारी। बचन कहे कछु जनककुमारी॥**

हिंड्ने समयमा उहाँले मलाई चूडामणि [निकालेर] दिइबक्सिएको छ। श्रीरघुनाथले त्यसलाई लिएर हृदयमा लगाउनुभयो। [हनुमान्‌जीले फेरि भन्नुभयो— ] हे नाथ! दुवै आँखा टलपल गर्दै जानकीजीले मसँग केही वचन भनिबक्सियो—॥ १॥

**अनुज समेत गहेहु प्रभु चरना। दीन बंधु प्रनतारति हरना॥**
**मन क्रम बचन चरन अनुरागी। केहिं अपराध नाथ हौं त्यागी॥**

भाइ लक्ष्मणसमेत प्रभुका चरण समात्नु [र भन्नु कि] हजुर दीनबन्धु होइबक्सिन्छ, शरणागतको दु:खलाई हरण गर्नेवाला होइबक्सिन्छ र म मन, वचन र कर्मले हजुरका चरणकी अनुरागिणी हुँ। फेरि स्वामी (हजुर) ले मलाई कुन अपराधले त्याग गरिबक्सियो?॥ २॥

**अवगुन एक मोर मैं माना। बिछुरत प्रान न कीन्ह पयाना॥**
**नाथ सो नयनन्हि को अपराधा। निसरत प्रान करहिं हठि बाधा॥**

[अँ] एक दोष मैले आफ्नो [अवश्य] मान्दछु कि हजुरसँग वियोग हुँदा नै मेरो प्राण गएन। किन्तु हे नाथ! यो त नेत्रको अपराध हो, जुन प्राणलाई निस्कन हठपूर्वक बाधा दिएका छन्॥ ३॥

**बिरह अगिनि तनु तूल समीरा। स्वास जरइ छन माहिं सरीरा॥**
**नयन स्त्रवहिं जलु निज हित लागी। जरैं न पाव देह बिरहागी॥**

विरह अग्नि हो, शरीर कपास हो र श्वास पवन हो; यस प्रकार [अग्नि र पवनको संयोग हुनाले] यो शरीर क्षणमात्रमा जल्न सक्छ। परन्तु नेत्रले आफ्नो हितका लागि (प्रभुको स्वरूप देखेर सुखी हुनका लागि) जल (आँसु) बर्साएका छन्, जसले विरहको आगोमा पनि देह जल्न पाएको छैन॥ ४॥

**सीता कै अति बिपति बिसाला। बिनहिं कहें भलि दीनदयाला॥**

सीताजीको विपत्ति धेरै नै ठूलो छ। हे दीनदयालु! त्यसलाई नसोधेमा नै राम्रो हुन्छ (भन्नाले हजुरलाई ठूलो क्लेश हुनेछ)॥ ५॥

दो०— **निमिष निमिष करुनानिधि जाहिं कलप सम बीति।**
**बेगि चलिअ प्रभु आनिअ भुज बल खल दल जीति॥ ३१॥**

हे करुणानिधान! उहाँलाई एक-एक पल कल्पको समान बितेको छ। अतः हे प्रभु! तुरुन्तै सवारी होइबक्सियोस् र आफ्ना भुजाहरूको बलले दुष्टहरूका दललाई जितेर सीताजीलाई लिएर आइबक्सियोस्॥ ३१॥

**सुनि सीता दुख प्रभु सुख अयना। भरि आए जल राजिव नयना॥**
**बचन कायँ मन मम गति जाही। सपनेहुँ बूझिअ बिपति की ताही॥**

सीताजीको दुःख सुनेर सुखका धाम प्रभुका कमलनेत्र बिरहका आँसुले टलपलाए [र प्रभुले भन्नुभयो— ] मन, वचन र शरीरले जसलाई मेरो नै गति (मेरो नै आश्रय) छ, उसलाई के स्वप्नमा पनि विपत्ति हुन सक्छ?॥ १॥

**कह हनुमंत बिपति प्रभु सोई। जब तव सुमिरन भजन न होई॥**
**केतिक बात प्रभु जातुधान की। रिपुहि जीति आनिबी जानकी॥**

हनुमान्‌जीले भन्नुभयो— हे प्रभु! विपत्ति त उही हुनेछ जब हजुरको भजन-स्मरण हुँदैन। हे प्रभु! राक्षसहरूको कुरा नै कति (कत्रो) हो र? हजुरले शत्रुलाई जितेर जानकीजीलाई ल्याइबक्सिनेछ॥ २॥

**सुनु कपि तोहि समान उपकारी। नहिं कोउ सुर नर मुनि तनुधारी॥**
**प्रति उपकार करौं का तोरा। सनमुख होइ न सकत मन मोरा॥**

[भगवान्‌ले भन्न लाग्नुभयो— ] हे हनुमान्! सुन, तिमीसमान मेरो उपकारी देवता, मनुष्य अथवा मुनि कुनै पनि शरीरधारी छैनन्। मैले तिम्रो प्रत्युपकार (बदलामा उपकार) त के गरौंला, मेरो मन पनि तिम्रो सम्मुख हुन सक्तैन॥ ३॥

**सुनु सुत तोहि उरिन मैं नाहीं। देखेउँ करि बिचार मन माहीं॥**
**पुनि पुनि कपिहि चितव सुरत्राता। लोचन नीर पुलक अति गाता॥**

हे पुत्र! सुन; मैले मनमा [खुब] विचार गरेर हेरिसकें कि म तिमीसँग उऋण हुन सक्तिन। देवताका रक्षक प्रभुले बारम्बार हनुमान्‌जीलाई हेरिरहनुभएको छ। नेत्रमा प्रेमाश्रुका जल भरिएका छन् र शरीर अत्यन्तै रोमाञ्चित भएको छ॥ ४॥

दो०— **सुनि प्रभु बचन बिलोकि मुख गात हरषि हनुमंत।**
**चरन परेउ प्रेमाकुल त्राहि त्राहि भगवंत॥ ३२॥**

प्रभुका वचन सुनेर र उहाँको [प्रसन्न] मुख तथा [रोमाञ्चित] अङ्गहरूलाई देखेर हनुमान्‌जी हर्षित हुनुभयो र प्रेममा अत्तालिएर 'हे भगवान्! मेरो रक्षा गरिबक्सियोस्, गरिबक्सियोस्' भन्दै श्रीरामका चरणमा घोप्टिनुभयो॥ ३२॥

**बार बार प्रभु चहइ उठावा। प्रेम मगन तेहि उठब न भावा॥**
**प्रभु कर पंकज कपि कें सीसा। सुमिरि सो दसा मगन गौरीसा॥**

प्रभुले उहाँलाई बारम्बार उठाउन चाहनुहुन्छ, परन्तु प्रेममा डुब्नुभएका हनुमान्‌जीलाई चरणबाट उठाउँदा शोभा दिँदैन। प्रभुका करकमल हनुमान्‌जीका शिरमा छन्। त्यस स्थितिलाई स्मरण गरेर शिवजी मग्न हुनुभयो॥ १॥

**सावधान मन करि पुनि संकर। लागे कहन कथा अति सुंदर॥**
**कपि उठाइ प्रभु हृदयँ लगावा। कर गहि परम निकट बैठावा॥**

त्यसपछि मनलाई सावधान गरेर शङ्करजीले अत्यन्त सुन्दर कथा भन्न लाग्नुभयो— हनुमान्‌जीलाई उठाएर प्रभुले हृदयमा लगाउनुभयो, अनि हात समातेर अत्यन्त नजिक बसाल्नुभयो॥ २॥

**कहु कपि रावन पालित लंका। केहि बिधि दहेउ दुर्ग अति बंका॥**
**प्रभु प्रसन्न जाना हनुमाना। बोला बचन बिगत अभिमाना॥**

हे हनुमान्! भन त, रावणद्वारा सुरक्षित लङ्का र त्यसको अति ठूलो किल्लालाई तिमीले कसरी जलायौ? हनुमान्‌जीले प्रभुलाई प्रसन्न जान्नुभयो र उहाँले अभिमानरहित वचन भन्नुभयो— ॥ ३॥

**साखामृग कै बड़ि मनुसाई। साखा तें साखा पर जाई॥**
**नाघि सिंधु हाटकपुर जारा। निसिचर गन बधि बिपिन उजारा॥**

बाँदरको यति मात्रै, यही ठूलो पुरुषार्थ छ कि ऊ एक हाँगाबाट अर्को हाँगामा जान्छ। मैले जुन समुद्र नाघेर सुनको नगरलाई जलाएँ, अनि राक्षसगणलाई मारेर अशोकवनलाई नष्ट गरें,॥ ४॥

**सो सब तव प्रताप रघुराई। नाथ न कछू मोरि प्रभुताई॥**

यो सबै हे रघुनाथजी! हजुरको नै प्रताप हो (हजुरको प्रतापले गरेको हो)। हे नाथ! यसमा मेरो प्रभुता (बहादुरी, सामर्थ्य) कत्ति पनि छैन॥ ५॥

दो०— **ता कहुँ प्रभु कछु अगम नहिं जा पर तुम्ह अनुकूल।**
**तव प्रभावँ बड़वानलहि जारि सकइ खलु तूल॥ ३३॥**

हे प्रभु! जसप्रति हजुर प्रसन्न होइबक्सिन्छ, उसका लागि केही पनि कठिन हुँदैन। हजुरका प्रभावले कपासले [जुन स्वयं धेरै छिटो जल्ने वस्तु हो] बलवान् (तेजस्वी) का लागि निश्चय नै जलाउन सक्छ (अर्थात् असम्भव पनि सम्भव हुन सक्छ)॥ ३३॥

**नाथ भगति अति सुखदायनी। देहु कृपा करि अनपायनी॥**
**सुनि प्रभु परम सरल कपि बानी। एवमस्तु तब कहेउ भवानी॥**

हे नाथ! मलाई अत्यन्त सुख दिने हजुरको निश्चल भक्ति कृपा गरेर दिइबक्सियोस्। हनुमान्‌जीका अत्यन्त सरल वाणी सुनेर, हे भवानी! तब प्रभु श्रीरामचन्द्रले 'एवमस्तु' (यस्तो नै हुनेछ) भन्नुभयो॥ १॥

**उमा राम सुभाउ जेहिं जाना। ताहि भजनु तजि भाव न आना॥**
**यह संबाद जासु उर आवा। रघुपति चरन भगति सोइ पावा॥**

हे उमा! जसले श्रीरामको स्वभाव जानेका छन्, उसलाई भजन छोडेर अर्को कुरा नै मन पर्दैन। यो स्वामी-सेवकको संवाद जसको हृदयमा आउँछ, उसैले श्रीरघुनाथका चरणको भक्ति प्राप्त गर्छ॥ २॥

**सुनि प्रभु बचन कहहिं कपिबृंदा। जय जय जय कृपाल सुखकंदा॥**
**तब रघुपति कपिपतिहि बोलावा। कहा चलैं कर करहु बनावा॥**

प्रभुका वचन सुनेर बाँदरगणले भन्न लागे— कृपालु आनन्दकन्द श्रीरामको जय होस्, जय होस्! जय होस्! अनि श्रीरघुनाथले कपिराज सुग्रीवलाई बोलाउनुभयो र भन्नुभयो— हिँड्नलाई तयारी गर॥ ३॥

**अब बिलंबु केहि कारन कीजे। तुरत कपिन्ह कहुँ आयसु दीजे॥**
**कौतुक देखि सुमन बहु बरषी। नभ तें भवन चले सुर हरषी॥**

[पहिला त सीताजीको खबर थिएन] अब विलम्ब के कारणले गर्ने? बाँदरहरूलाई तुरुन्तै आज्ञा देऊ। [भगवान्‌को] यो लीला (रावणवधको तयारी) लाई देखेर, धेरै नै फूल बर्साएर र हर्षित भएर देवता आकाशबाट आ-आफ्नो लोकमा गए॥ ४॥

दो०— **कपिपति बेगि बोलाए आए जूथप जूथ।**
**नाना बरन अतुल बल बानर भालु बरूथ॥ ३४॥**

बाँदरराज सुग्रीवले शीघ्र नै बाँदरहरूलाई बोलाए, सेनापतिहरूका टोली आए। बाँदर-भालुहरूका समूह अनेक रङ्गका छन् र तिनीहरूको अतुलनीय बल छ॥ ३४॥

## श्रीराम बाँदरहरूका सेनाका साथ हिंडेर समुद्र तटमा पुग्नु

**प्रभु पद पंकज नावहिं सीसा। गर्जहिं भालु महाबल कीसा॥**
**देखी राम सकल कपि सेना। चितइ कृपा करि राजिव नैना॥**

उनीहरूले प्रभुका चरणकमलमा शिर निहुराएका छन्। महान् बलवान् भालु र बाँदर गर्जिरहेका छन्। श्रीरामले बाँदरहरूका सबै सेनालाई देख्नुभयो। त्यसपछि कमलनेत्रले कृपापूर्वक तिनीहरूतर्फ दृष्टि लगाउनुभयो॥ १॥

**राम कृपा बल पाइ कपिंदा। भए पच्छजुत मनहुँ गिरिंदा॥**
**हरषि राम तब कीन्ह पयाना। सगुन भए सुंदर सुभ नाना॥**

रामकृपाको बल पाएर श्रेष्ठ बाँदर यस्तो देखिएका छन्, जस्तो पखेटा भएका ठूला पहाड हुन्। त्यसपछि श्रीराम हर्षित भएर प्रस्थान गर्नुभयो। अनेक सुन्दर र शुभ लक्षण हुन लागे॥ २॥

**जासु सकल मंगलमय कीती। तासु पयान सगुन यह नीती॥**
**प्रभु पयान जाना बैदेहीं। फरकि बाम अँग जनु कहि देहीं॥**

जसको कीर्ति सबै मङ्गलहरूले पूर्ण छ, उहाँको प्रस्थानको समय शुभ लक्षण हुनु, यो नीति हो (लीलाको मर्यादा हो)। प्रभुको प्रस्थान जानकीजीले पनि जान्नुभयो। उहाँका बायाँ अङ्ग घरीघरी फर्फराएर यस्तो भनेका छन् मानौं [श्रीराम आउन लाग्नुभएको छ]॥ ३॥

**जोइ जोइ सगुन जानकिहि होई। असगुन भयउ रावनहि सोई॥**
**चला कटकु को बरनैं पारा। गर्जहिं बानर भालु अपारा॥**

जानकीजीलाई जे, जे लक्षण हुन्थे, तिनै, तिनै रावणका लागि कुलक्षण भए। सेना हिँडे, उसको वर्णन कसले गर्न सक्तछ? असङ्ख्य बाँदर र भालु गर्जिरहेका छन्॥ ४॥

**नख आयुध गिरि पादपधारी। चले गगन महि इच्छाचारी॥**
**केहरिनाद भालु कपि करहीं। डगमगाहिं दिग्गज चिक्करहीं॥**

नङ नै जसका शस्त्र छन्, उनीहरू इच्छानुसार (सर्वत्र बेरोक-टोक) हिँड्नेवाला भालु-बाँदर पहाड र वृक्षहरू धारण गरेर कुनै आकाश मार्गबाट र कुनै जमिनबाट गइरहेका छन्। उनीहरू सिंहका समान गर्जिरहेका छन्। [उनीहरू हिँड्दा र कराउँदा] दिशाहरूका हात्ती विचलित भएर कराउन लागे॥ ५॥

छं०— **चिक्करहिं दिग्गज डोल महि गिरि लोल सागर खरभरे।**
**मन हरष सभ गंधर्ब सुर मुनि नाग किंनर दुख टरे॥**
**कटकटहिं मर्कट बिकट भट बहु कोटि कोटिन्ह धावहीं।**
**जय राम प्रबल प्रताप कोसलनाथ गुन गन गावहीं॥**

दिशाहरूका हात्ती (दिग्गज) चिच्चाउन लागे, पृथ्वी हल्लिन लाग्यो, पर्वत चञ्चल भए (काँम्न लागे) र समुद्र छचल्किन लाग्यो। गन्धर्व, देवता, मुनि, नाग, किन्नर सबै जना हर्षित भए कि [अब] हाम्रो दुःख बित्यो (टल्यो)। अनेकौं करोड भयानक बाँदर योद्धाले दाह्रा किटेका छन् र करोडौं नै दौडिरहेका छन्। 'प्रबलप्रताप कोसलनाथ श्रीरामचन्द्रको जय होस्' यस्तो पुकार गर्दै उनीहरूले उहाँका गुणसमूहलाई गाइरहेका छन्॥ १॥

**सहि सक न भार उदार अहिपति बार बारहिं मोहई।**
**गह दसन पुनि पुनि कमठ पृष्ट कठोर सो किमि सोहई॥**
**रघुबीर रुचिर प्रयान प्रस्थिति जानि परम सुहावनी।**
**जनु कमठ खर्पर सर्पराज सो लिखत अबिचल पावनी॥**

उदार (परमश्रेष्ठ एवं महान्) सर्पराज शेषजीले पनि सेनाको बोझलाई सहन सक्नुभएको छैन, उहाँ बारम्बार मोहित हुने गर्नुहुन्छ (डराउनुहुन्छ) र पटक-पटक कछुवाको कठोर पीठलाई दाँतहरूले टोक्नुहुन्छ (समात्नुहुन्छ)। यस्तो गर्दा उहाँले यसरी शोभा दिनुभएको छ, मानौं श्रीरामचन्द्रको सुन्दर प्रस्थान-यात्रालाई परम सुन्दर जानेर यो अचल पवित्र कथालाई सर्पराज शेषजीले कछुवाको पीठ (खप्पर) मा लेखिरहनुभएको छ॥ २॥

दो०— **एहि बिधि जाइ कृपानिधि उतरे सागर तीर।**
**जहँ तहँ लागे खान फल भालु बिपुल कपि बीर॥ ३५॥**

यस प्रकार कृपानिधान श्रीराम समुद्रको तटमा उत्रनुभयो। अनेकौं भालु-बाँदर वीरले वरिपरिका फल खान लागे॥ ३५॥

**उहाँ निसाचर रहहिं ससंका। जब तें जारि गयउ कपि लंका॥**
**निज निज गृहँ सब करहिं बिचारा। नहिं निसिचर कुल केर उबारा॥**

वहाँ (लङ्कामा) जहिले हनुमान्‌जीले लङ्कालाई जलाएर जानुभयो; त्यस समयपछि राक्षस भयभीत हुन लागे। आ-आफ्ना घरमा सबैले विचार गरिरहेका छन् कि अब राक्षसकुलको रक्षाको कुनै उपाय छैन॥ १॥

## ✹ मन्दोदरी-रावण-संवाद ✹

**जासु दूत बल बरनि न जाई। तेहि आएँ पुर कवन भलाई॥**
**दूतिन्ह सन सुनि पुरजन बानी। मंदोदरी अधिक अकुलानी॥**

जसको दूतको बललाई वर्णन गर्न सकिंदैन, ऊ स्वयं नगरमा आएपछि के भलाइ (कल्याण) होला? दूतिकाबाट नगरनिवासीका वचन सुनेर मन्दोदरी धेरै नै व्याकुल भई॥ २॥

**रहसि जोरि कर पति पग लागी। बोली बचन नीति रस पागी॥**
**कंत करष हरि सन परिहरहू। मोर कहा अति हित हियँ धरहू॥**

उसले एकान्तमा हात जोडेर पति (रावण) का चरण समातेर नीतिरसमा मुछिएका वचन बोली—हे प्रियतम! श्रीहरिसँग विरोध छोडिबक्सियोस्। मेरो भनाइलाई अत्यन्तै हितकर जानेर हृदयमा धारण गरिबक्सियोस्॥ ३॥

**समुझत जासु दूत कइ करनी। स्त्रवहिं गर्भ रजनीचर घरनी॥**
**तासु नारि निज सचिव बोलाई। पठवहु कंत जो चहहु भलाई॥**

जसका दूतको कार्यलाई विचार गर्दा नै (स्मरण हुँदा नै) राक्षसहरूका स्त्रीहरूका गर्भ खस्दछन्, हे प्यारा स्वामी! यदि कल्याण चाहिबक्सिन्छ भने आफ्ना मन्त्रीहरूलाई बोलाएर उनका साथ उनकी स्त्रीलाई पठाइबक्सियोस्॥ ४॥

**तव कुल कमल बिपिन दुखदाई। सीता सीत निसा सम आई॥**
**सुनहु नाथ सीता बिनु दीन्हें। हित न तुम्हार संभु अज कीन्हें॥**

सीता हजुरको कुलरूपी कमलको वनलाई दुःख दिने जाडोको रात्रिसमान आएकी छिन्। हे नाथ! सुनिबक्सियोस्, सीतालाई फिर्ता नदिएमा शम्भु र ब्रह्माले सहयोग गरे पनि हजुरको कल्याण हुन सक्तैन॥ ५॥

दो०— **राम बान अहि गन सरिस निकर निसाचर भेक।**
**जब लगि ग्रसत न तब लगि जतनु करहु तजि टेक॥ ३६॥**

श्रीरामका बाण सर्पहरूका समूहसमान छन् र राक्षसहरूको समूह भ्यागुतासमान। जबसम्म उनले यिनीहरूलाई निल्दैनन् (खाँदैनन्) त्यस समयसम्म हठ छोडेर उपाय गरिबक्सियोस्॥ ३६॥

**श्रवन सुनी सठ ता करि बानी। बिहसा जगत बिदित अभिमानी॥**
**सभय सुभाउ नारि कर साचा। मंगल महुँ भय मन अति काचा॥**

मूर्ख र जगत्प्रसिद्ध अभिमानी रावण उसको वाणी सुनेर खुब हाँस्यो [र बोल्यो—] स्त्रीहरूको स्वभाव साँच्चै नै हुतिहारा (डरपोक) हुन्छ। मङ्गलमा पनि भय मान्दछ्यौ। तिम्रो मन (हृदय) धेरै नै कमजोर छ॥ १॥

**जौं आवइ मर्कट कटकाई। जिअहिं बिचारे निसिचर खाई॥**
**कंपहिं लोकप जाकीं त्रासा। तासु नारि सभीत बड़ि हासा॥**

यदि बाँदरहरूका सेना आए भने बिचरा राक्षसले खाएर आफ्नो जीवननिर्वाह गर्नेछन्। लोकपाल पनि जसको डरले काम्दछन्, उसकी पत्नी डराउँछ्यौ, यो ठूलो हाँसो लाग्दो कुरा हो॥ २॥

**अस कहि बिहसि ताहि उर लाई। चलेउ सभाँ ममता अधिकाई॥**
**मंदोदरी हृदयँ कर चिंता। भयउ कंत पर बिधि बिपरीता॥**

रावणले यस्तो भनेर हाँस्दै उसलाई हृदयमा लगायो र ममता बढाएर ऊ सभामा गइहाल्यो। मन्दोदरी हृदयमा चिन्ता गर्न लागिन् कि विधाता पतिका विपरीत भएका छन्॥ ३॥

**बैठेउ सभाँ खबरि असि पाई। सिंधु पार सेना सब आई॥**
**बूझेसि सचिव उचित मत कहहू। ते सब हँसे मष्ट करि रहहू॥**

जुन समयमा ऊ राजसभामा गएर बस्यो, उसले यस्तो खबर पायो कि शत्रुका सेना सबै समुद्रको पारिपट्टि आएका छन्। उसले मन्त्रीहरूसँग सोध्यो कि उचित सल्लाह भन्नुहोस् [अब के गर्नु पर्छ]। त्यसपछि उनीहरू हाँस्दै बोले कि चुप रहनुहोस् (यसमा सल्लाहको के कुरा भयो र?)॥ ४॥

**जितेहु सुरासुर तब श्रम नाहीं। नर बानर केहि लेखे माहीं॥**

हजुरले देवता र राक्षसहरूलाई जित्नुभयो, त्यसमा त केही श्रम भएन। फेरि मनुष्य र बाँदरहरू कुन गणनामा (तुलनामा) छन्?॥ ५॥

दो०— **सचिव बैद गुर तीनि जौं प्रिय बोलहिं भय आस।**
**राज धर्म तन तीनि कर होइ बेगिहीं नास॥ ३७॥**

मन्त्री, वैद्य (डाक्टर) र गुरु—यी तीनले यदि [अप्रसन्नता] भय या [लाभको] आशाले, [हितको कुरा नभनेर] चोचो (चाप्लुसी, चाप्लुस) पारेर बोल्दछन् भने [क्रमशः] राज्य, शरीर र धर्म—यी तीनवटैको शीघ्र नै नाश हुन्छ॥ ३७॥

## * रावणलाई विभीषणले सम्झाउनु र विभीषणको अपमान *

**सोइ रावन कहुँ बनी सहाई। अस्तुति करहिं सुनाइ सुनाई॥**
**अवसर जानि बिभीषनु आवा। भ्राता चरन सीसु तेहिं नावा॥**

रावणका लागि पनि उही संयोग आएको छ। मन्त्रीले उसलाई बारम्बार सुनाएर (सम्मुखमा नै) स्तुति गरेका छन्। [यही समय] अवसर जानेर विभीषणजी आउनुभयो। उहाँले दाजुका चरणमा शिर निहुराउनुभयो॥ १॥

**पुनि सिरु नाइ बैठ निज आसन। बोला बचन पाइ अनुसासन॥**
**जौ कृपाल पूँछिहु मोहि बाता। मति अनुरूप कहउँ हित ताता॥**

त्यसपछि पुनः शिर निहुराएर आफ्नो आसनमा बस्नुभयो र आज्ञा पाएर यस्ता वचन भन्नुभयो—हे कृपालु! जब हजुरले मसँग राय सोधिबक्सिन्छ भने, हे तात! मैले आफ्नो बुद्धिअनुसार हजुरको हितको कुरा भन्दछु— ॥ २॥

**जो आपन चाहै कल्याना। सुजसु सुमति सुभ गति सुख नाना॥**
**सो परनारि लिलार गोसाईं। तजउ चउथि के चंद कि नाईं॥**

जुन मनुष्यले आफ्नो कल्याण, सुन्दर यश, सुबुद्धि, शुभ गति र नाना प्रकारका सुख चाहन्छ भने, उसले हे स्वामी! परस्त्रीका ललाटलाई चौथीका चन्द्रमाझैं त्याग गर्नुपर्छ (अर्थात् जस्तै मानिसले चौथीका चन्द्रमालाई हेर्दैनन्, उस्तै प्रकारले अर्काकी स्त्रीको मुख हेर्नुहुँदैन)॥ ३॥

**चौदह भुवन एक पति होई। भूतद्रोह तिष्टइ नहिं सोई॥**
**गुन सागर नगर नर जोऊ। अलप लोभ भल कहइ न कोऊ॥**

जो चौध भुवन (भूः, भुवः, स्वः, मह, जन, तप, सत्य, तल, अतल, वितल, सुतल, रसातल, तलातल र पाताल) को एक मात्र स्वामी हुन्छ, ऊ पनि जीवसँग द्रोह गर्नाले टिक्न सक्तैन (नष्ट हुन्छ)। जो मनुष्य गुणसागर (सर्वगुणसम्पन्न) र चतुर छ, उसलाई थोरै पनि लोभ किन नहोस्, उसलाई पनि कसैले असल मान्दैनन्॥ ४॥

दो०— **काम क्रोध मद लोभ सब नाथ नरक के पंथ।**
**सब परिहरि रघुबीरहि भजहु भजहिं जेहि संत॥ ३८॥**

हे नाथ! काम, क्रोध, मद र लोभ—यी सबै नरकका बाटो हुन्। यी सबैलाई छोडेर श्रीरामचन्द्रलाई भजिबक्सियोस्, जसलाई सत्पुरुषले भज्दछन्॥ ३८॥

**तात राम नहिं नर भूपाला। भुवनेस्वर कालहु कर काला॥**
**ब्रह्म अनामय अज भगवंता। ब्यापक अजित अनादि अनंता॥**

हे दाज्यू! राम मनुष्यहरूका मात्र राजा हुनुहुन्न। उहाँ समस्त लोकहरूका स्वामी र कालका पनि काल हुनुहुन्छ। उहाँ [सम्पूर्ण ऐश्वर्य, यश, श्री, धर्म, वैराग्य एवं ज्ञानका भण्डार] भगवान् हुनहुन्छ; उहाँ निरामय (विकाररहित), अजन्मा, व्यापक, अजेय, अनादि र अनन्त ब्रह्म हुनुहुन्छ॥ १॥

**गो द्विज धेनु देव हितकारी। कृपासिंधु मानुष तनुधारी॥**
**जन रंजन भंजन खल ब्राता। बेद धर्म रच्छक सुनु भ्राता॥**

उनै कृपाका समुद्र भगवान्‌ले पृथ्वी, ब्राह्मण, गाई र देवताहरूका लागि नै मनुष्य-शरीर धारण गर्नुभएको हो। हे दाजु! सुनिबक्सियोस्, उहाँ सेवकलाई आनन्द दिने, दुष्टहरूको समूहलाई नाश गर्ने र वेद तथा धर्मको रक्षा गर्नेवाला हुनुहुन्छ॥ २॥

**ताहि बयरु तजि नाइअ माथा। प्रनतारति भंजन रघुनाथा॥**
**देहु नाथ प्रभु कहुँ बैदेही। भजहु राम बिनु हेतु सनेही॥**

वैर त्यागेर उहाँसँग शिर निहुराइबक्सियोस्। उनै रघुनाथजी शरणागतको दुःख नाश गर्नेवाला हुनुहुन्छ। हे नाथ! उनै प्रभु (सर्वेश्वर) लाई जानकीजी दिइबक्सियोस् र विनाकारण स्नेह गर्ने श्रीरामलाई भजिबक्सियोस्॥ ३॥

**सरन गएँ प्रभु ताहु न त्यागा। बिस्व द्रोह कृत अघ जेहि लागा॥**
**जासु नाम त्रय ताप नसावन। सोइ प्रभु प्रगट समुझु जियँ रावन॥**

जसलाई सम्पूर्ण जगत्सँग द्रोह गरेको पाप लागेको छ, शरणमा गएपछि प्रभुले उसलाई पनि त्याग गर्नुहुन्न। जसको नाम तीनै तापहरूलाई नाश गर्नेछ, उनै प्रभु (भगवान्) मनुष्यरूपमा प्रकट हुनुभएको छ। हे रावण! हृदयमा यस्तो सम्झिबक्सियोस्॥ ४॥

**दो०— बार बार पद लागउँ बिनय करउँ दससीस।**
**परिहरि मान मोह मद भजहु कोसलाधीस॥ ३९ (क)॥**

हे दशानन! मैले बारम्बार हजुरका चरण समात्छु र बिन्ती गर्छु कि मान, मोह र मदलाई त्यागेर हजुरले कोसलपति श्रीरामको भजन गरिबक्सियोस्॥ ३९ (क)॥

**मुनि पुलस्ति निज सिष्य सन कहि पठई यह बात।**
**तुरत सो मैं प्रभु सन कही पाइ सुअवसरु तात॥ ३९ (ख)॥**

मुनि पुलस्त्यजीले आफ्ना शिष्यसँग यो कुरा भनेर पठाउनुभएको हो। हे दाजु! सुन्दर अवसर पाएर मैले तुरुन्तै यो कुरा प्रभु (हजुर) सँग भनेको छु॥ ३९ (ख)॥

**माल्यवंत अति सचिव सयाना। तासु बचन सुनि अति सुख माना॥**
**तात अनुज तव नीति बिभूषन। सो उर धरहु जो कहत बिभीषन॥**

माल्यवान् नामको एक धेरै नै बुद्धिमान् मन्त्री थियो। उसले उनै [विभीषण] का वचन सुनेर धेरै सुख मान्यो [र भन्यो— ] हे तात! हजुरका भाइ नीति-विभूषण (नीतिलाई भूषणरूपमा धारण गर्ने अर्थात् नीतिमान्) हुनुहुन्छ। विभीषणले जे-जति भन्नुभएको छ, उसलाई हृदयमा धारण गरिबक्सियोस्॥ १॥

**रिपु उतकरष कहत सठ दोऊ। दूरि न करहु इहाँ हइ कोऊ॥**
**माल्यवंत गृह गयउ बहोरी। कहइ बिभीषनु पुनि कर जोरी॥**

[रावणले भन्यो— ] यी दुई मूर्खले शत्रुको महिमालाई वर्णन गरेका छन्। यहाँ कोही छ? यिनीहरूलाई टाढा पठाओ न! त्यसपछि माल्यवान् घरमा फर्केर गयो र विभीषणले हात जोडेर फेरि भन्न लाग्नुभयो— ॥ २॥

**सुमति कुमति सब कें उर रहहीं। नाथ पुरान निगम अस कहहीं॥**
**जहाँ सुमति तहँ संपति नाना। जहाँ कुमति तहँ बिपति निदाना॥**

हे नाथ! पुराण र वेदले यस्तो भन्छन् कि सुबुद्धि र कुबुद्धि सबैको हृदयमा रहन्छ, जहाँ सुबुद्धि हुन्छ, त्यहाँ नाना प्रकारका सम्पदाहरू (सुखको स्थिति) रहन्छन् र जहाँ कुबुद्धि हुन्छ, वहाँ परिणाममा विपत्ति (दुःख) रहन्छ॥ ३॥

**तव उर कुमति बसी बिपरीता। हित अनहित मानहु रिपु प्रीता॥**
**कालराति निसिचर कुल केरी। तेहि सीता पर प्रीति घनेरी॥**

हजुरका हृदयमा उल्टो बुद्धि आएर बसेको छ। यसैले हजुरले हितलाई अहित र शत्रुलाई मित्र मानिबक्सिएको छ। जुन राक्षसकुलका लागि कालरात्रि [का समान] छिन्, उनै सीताप्रति हजुरको ठूलो प्रीति छ॥ ४॥

**दो०— तात चरन गहि मागउँ राखहु मोर दुलार।**
**सीता देहु राम कहुँ अहित न होइ तुम्हार॥ ४०॥**

हे दाजु! मैले चरण समातेर हजुरसँग भीख माग्दछु (बिन्ती गर्छु) कि हजुरले मलाई प्यार गरिबक्सियोस् (म बालकको आग्रहलाई स्नेहपूर्वक स्वीकार गरिबक्सियोस्)। श्रीरामलाई सीताजी दिइबक्सियोस्, जसले हजुरको अहित नहोस्॥ ४०॥

**बुध पुरान श्रुति संमत बानी। कही बिभीषन नीति बखानी॥**
**सुनत दसानन उठा रिसाई। खल तोहि निकट मृत्यु अब आई॥**

विभीषणले पण्डित, पुराण र वेदहरूद्वारा सम्मत (अनुमोदित) वाणीले नीति वर्णन गरेर भन्नुभयो। तर त्यसलाई सुन्दा नै रावण जङ्गिँदै उठ्यो र भन्यो कि ओ दुष्ट! अब मृत्यु तेरो निकट आएको छ!॥ १॥

**जिअसि सदा सठ मोर जिआवा। रिपु कर पच्छ मूढ़ तोहि भावा॥**
**कहसि न खल अस को जग माहीं। भुज बल जाहि जिता मैं नाहीं॥**

हे मूर्ख! तँ बाँचेको त छस्, सधैं मैले बचाउनाले (अर्थात् मेरो अन्नले नै पालिएको छस्), तर हे मूढ! पक्ष तँलाई शत्रुको नै राम्रो लाग्छ। हे दुष्ट! भन् त, जगत्मा यस्तो को छ जसलाई मैले आफ्ना भुजाहरूको बलले जितेको छैन?॥ २॥

**मम पुर बसि तपसिन्ह पर प्रीती। सठ मिलु जाइ तिन्हहि कहु नीती॥**
**अस कहि कीन्हेसि चरन प्रहारा। अनुज गहे पद बारहिं बारा॥**

मेरो राज्य (नगर) मा रहेर प्रेम गर्दछ तपस्वीप्रति। मूर्ख! उनीहरूसँगै गएर बस् र उनीहरूलाई नै नीति बता। यस्तो भनेर रावणले उहाँलाई लात्तीले हान्यो। परन्तु भाइ विभीषणले [हान्दा पनि] बारम्बार उसको चरण नै समातिराख्नुभयो॥ ३॥

**उमा संत कइ इहइ बड़ाई। मंद करत जो करइ भलाई॥**
**तुम्ह पितु सरिस भलेहिं मोहि मारा। रामु भजें हित नाथ तुम्हारा॥**

[शिवजी भन्नुहुन्छ— ] हे उमा! सन्तको यही महिमा छ कि उनीहरू खराब आचरण गर्नेहरूलाई पनि भलाइ नै गर्दछन्। [विभीषणले भन्नुभयो— ] हजुर मेरा पितासमान हुनुहुन्छ, मलाई हान्नुभयो त राम्रो नै गर्नुभयो, परन्तु हे नाथ! हजुरको कल्याण त श्रीरामलाई भज्नाले नै हुनेछ॥ ४॥

**सचिव संग लै नभ पथ गयऊ। सबहि सुनाइ कहत अस भयऊ॥**

[यति भनेर] विभीषण आफ्ना मन्त्रीहरूलाई साथै लिएर आकाशमार्गमा जानुभयो र सबैलाई सुनाएर उहाँले यस्तो भन्न लाग्नुभयो— ॥ ५॥

## ❋ विभीषण भगवान् श्रीरामसँग शरणको लागि प्रस्थान र शरणप्राप्ति ❋

**दो०— रामु सत्यसंकल्प प्रभु सभा कालबस तोरि।**
**मैं रघुबीर सरन अब जाउँ देहु जनि खोरि॥ ४१॥**

श्रीराम सत्यसङ्कल्प एवं [सर्वसमर्थ] प्रभु हुनुहुन्छ र [हे रावण] तिम्रो सभा कालको वशमा भएको छ। अतः म अब श्रीरघुवीरको शरणमा जान्छु, मलाई दोष नदिनू॥ ४१॥

**अस कहि चला बिभीषनु जबहीं। आयूहीन भए सब तबहीं॥**
**साधु अवग्या तुरत भवानी। कर कल्यान अखिल कै हानी॥**

यस्तो भनेर विभीषणजी जुन समयमा हिँड्नुभयो, त्यही समयमा सबै राक्षस आयुहीन भए (उनको मृत्यु निश्चित भयो)। [शिवजी भन्नुहुन्छ— ] हे भवानी! साधुको अपमानले तुरुन्तै सम्पूर्ण कल्याणलाई हानि (नाश) गर्दछ॥ १॥

**रावन जबहिं बिभीषन त्यागा। भयउ बिभव बिनु तबहिं अभागा॥**
**चलेउ हरषि रघुनायक पाहीं। करत मनोरथ बहु मन माहीं॥**

रावणले जुन क्षणमा विभीषणलाई त्याग्यो, उही क्षण ऊ अभागी वैभव (ऐश्वर्य) ले हीन भयो। विभीषणजी हर्षित भएर मनमा अनेकौं मनोरथ गर्दै श्रीरघुनाथसँग जानुभयो॥ २॥

**देखिहउँ जाइ चरन जलजाता। अरुन मृदुल सेवक सुखदाता॥**
**जे पद परसि तरी रिषिनारी। दंडक कानन पावनकारी॥**

[उहाँले सोच्दै जानुभएको छ— ] म गएर भगवान्‌का कोमल र रातो वर्णको सुन्दर चरणकमललाई दर्शन गर्नेछु, जुन सेवकलाई सुख दिनेवाला छन्, जुन चरणको स्पर्श पाएर ऋषिपत्नी अहल्या (अहिल्या) तरिन् र जसले दण्डकवनलाई पवित्र गरे॥ ३॥

**जे पद जनकसुताँ उर लाए। कपट कुरंग संग धर धाए॥**
**हर उर सर सरोज पद जेई। अहोभाग्य मैं देखिहउँ तेई॥**

जुन चरणलाई जानकीजीले हृदयमा धारण गरेर राख्नुभएको छ, जुन कपटमृगको साथ पृथ्वीमा (उसलाई समात्नका लागि) दौडनुभएको थियो र जुन चरणकमल साक्षात् शिवजीको हृदयरूपी सरोवरमा विराजमान छन्, मेरो अहोभाग्य छ कि उनैलाई मैले आज देख्नेछु॥ ४॥

दो०— **जिन्ह पायन्ह के पादुकन्हि भरतु रहे मन लाइ।**
**ते पद आजु बिलोकिहउँ इन्ह नयनन्हि अब जाइ॥ ४२॥**

जुन चरणका पादुकामा भरतजीले आफ्नो मन लगाएर राख्नुभएको छ, आहा! आज मैले उनै चरणलाई अहिले नै गएर यिनै नेत्रले देख्नेछु॥ ४२॥

**एहि बिधि करत सप्रेम बिचारा। आयउ सपदि सिंधु एहिं पारा॥**
**कपिन्ह बिभीषनु आवत देखा। जाना कोउ रिपु दूत बिसेषा॥**

यस प्रकार प्रेमसहित विचार गर्दै उहाँ शीघ्र नै समुद्रको तटको यतापट्टि (जता श्रीरामचन्द्रका सेना थिए) आउनुभयो। बाँदरहरूले विभीषणलाई आउँदै गरेको देखेर उनीहरूले जाने कि शत्रुको कुनै खास दूत हो॥ १॥

**ताहि राखि कपीस पहिं आए। समाचार सब ताहि सुनाए॥**
**कह सुग्रीव सुनहु रघुराई। आवा मिलन दसानन भाई॥**

उहाँलाई [पहरा दिनेसँग] राखेर (बस्न लगाएर) उनी सुग्रीवसँग आएर उहाँको सबै समाचार भने। सुग्रीवले [श्रीरामसँग आएर] भने—हे रघुनाथजी! सुनिबक्सियोस्, रावणको भाइ (हजुरसँग) भेट हुन आएको छ॥ २॥

**कह प्रभु सखा बूझिऐ काहा। कहइ कपीस सुनहु नरनाहा॥**
**जानि न जाइ निसाचर माया। कामरूप केहि कारन आया॥**

प्रभु श्रीरामले भन्नुभयो—हे मित्र! तिमीले कस्तो सोचेका छौ? बाँदरराज सुग्रीवले भने—हे महाराज! सुनिबक्सियोस्, राक्षसहरूको माया (छल) जान्न नै सकिन्न। यो इच्छानुसार रूप बदल्नेवाला (छली) भन्न सकिन्न के कारणले आएको हो?॥ ३॥

**भेद हमार लेन सठ आवा। राखिअ बाँधि मोहि अस भावा॥**
**सखा नीति तुम्ह नीकि बिचारी। मम पन सरनागत भयहारी॥**

[यस्तो लाग्दछ] यो मूर्ख हाम्रो भेद लिन आएको हो। यसैले मलाई त यही राम्रो लाग्दछ कि यसलाई बाँधेर राख्नुपर्‍यो। [श्रीरामले भन्नुभयो—] हे मित्र! तिमीले नीति त राम्रो सोचेका हौ! परन्तु मेरो प्रण त छ शरणागतको भयलाई नष्ट गर्ने!॥ ४॥

**सुनि प्रभु बचन हरष हनुमाना। सरनागत बच्छल भगवाना॥**

प्रभुका वचन सुनेर हनुमान्‌जी हर्षित हुनुभयो [र मनमनै भन्न लाग्नुभयो कि] भगवान् कस्ता शरणागतवत्सल (शरणमा आएकालाई पिताका तरह प्रेम गर्नेवाला) हुनुहुन्छ॥ ५॥

दो०—**सरनागत कहुँ जे तजहिं निज अनहित अनुमानि।**
**ते नर पावँर पापमय तिन्हहि बिलोकत हानि॥ ४३॥**

[श्रीरामले फेरि भन्नुभयो—] जुन मनुष्य आफ्नो अहितको अनुमान गरेर शरणमा आएकालाई त्याग गर्छ, ऊ पामर (क्षुद्र) हो, पापमय हो; उसलाई हेर्दा नै हानि हुन्छ (पाप लाग्छ)॥ ४३॥

**कोटि बिप्र बध लागहिं जाहू। आएँ सरन तजउँ नहिं ताहू॥**
**सनमुख होइ जीव मोहि जबहीं। जन्म कोटि अघ नासहिं तबहीं॥**

जसलाई करोडौं ब्राह्मणहरूको हत्याको दोष लागेको छ, शरणमा आएमा मैले उसलाई पनि त्याग गर्दिन। जीव जुन समयमा मेरो सम्मुख हुन्छ, त्यतिखेरै उसका करोडौं जन्मका पाप नष्ट हुन्छन्॥ १॥

**पापवंत कर सहज सुभाऊ। भजनु मोर तेहि भाव न काऊ॥**
**जौं पै दुष्ट हृदय सोइ होई। मोरें सनमुख आव कि सोई॥**

पापीको यस्तो सहज स्वभाव हुन्छ कि मेरो भजन उसलाई कहिल्यै मन पर्दैन। यदि ऊ (रावणको भाइ) निश्चय नै दुष्ट हृदयको हुन्थ्यो भने के ऊ मेरो सम्मुख आउन सक्थ्यो?॥ २॥

**निर्मल मन जन सो मोहि पावा। मोहि कपट छल छिद्र न भावा॥**
**भेद लेन पठवा दससीसा। तबहुँ न कछु भय हानि कपीसा॥**

जो मनुष्य निर्मल मनको हुन्छ, उसैले मलाई पाउँछ। मलाई कपट र छल–छिद्र मन पर्दैन। यदि उसलाई भेद लिन पठाएको भए, त्यसमा पनि हे सुग्रीव! हामीलाई केही पनि भय या हानि छैन॥ ३॥

**जग महुँ सखा निसाचर जेते। लछिमनु हनइ निमिष महुँ तेते॥**
**जौं सभीत आवा सरनाईं। रखिहउँ ताहि प्रान की नाईं॥**

किनकि हे सखा! जगत्मा जति पनि राक्षस छन्, लक्ष्मणले क्षणभरमा उनी सबैलाई मार्न सक्छन् र यदि ऊ भयभीत भएर मेरो शरणमा आएको हो भने मैले उसलाई प्राणका तरह राख्नेछु॥ ४॥

**दो०— उभय भाँति तेहि आनहु हँसि कह कृपानिकेत।**
**जय कृपाल कहि कपि चले अंगद हनू समेत॥ ४४॥**

कृपाका धाम श्रीरामले हाँसेर भन्नुभयो— दुवै स्थितिमा उसलाई लिएर आऊ। त्यसपछि अङ्गद र हनुमान्जीसहित सुग्रीव 'कृपालु श्रीरामको जय होस्' भन्दै गए॥ ४४॥

**सादर तेहि आगें करि बानर। चले जहाँ रघुपति करुनाकर॥**
**दूरिहि ते देखे द्वौ भ्राता। नयनानंद दान के दाता॥**

विभीषणजीलाई आदरसहित अगाडि हिँडालेर बाँदर फेरि वहाँ गए, जहाँ करुणाका खानी श्रीरघुनाथ हुनुहुन्थ्यो। नेत्रलाई आनन्द दान दिने (अत्यन्त सुखद) दुवै भाइलाई विभीषणजीले टाढैबाट देख्नुभयो॥ १॥

**बहुरि राम छबिधाम बिलोकी। रहेउ ठटुकि एकटक पल रोकी॥**
**भुज प्रलंब कंजारुन लोचन। स्यामल गात प्रनत भय मोचन॥**

फेरि शोभाका धाम श्रीरामलाई देखेर उहाँले आँखा झिम्काउन छोडेर [स्तब्ध भएर] ट्वाल्ल परेर हेरिरहनुभयो। भगवान्का विशाल भुजाहरू (आजानुबाहु) छन्, राता कमलका समान नेत्र छन् र शरणागतको भयलाई नाश गर्ने श्याम शरीर छ॥ २॥

**सिंघ कंध आयत उर सोहा। आनन अमित मदन मन मोहा॥**
**नयन नीर पुलकित अति गाता। मन धरि धीर कही मृदु बाता॥**

सिंहको जस्तो काँध छ, विशाल वक्ष:स्थल (चौडा छाती) ले अत्यन्तै शोभा दिएको छ। असङ्ख्य कामदेवका मनलाई मोहित गर्ने मुख छ। भगवान्को स्वरूपलाई देखेर विभीषणजीका नेत्रमा [प्रेमाश्रु] जल भरियो र शरीर अत्यन्तै रोमाञ्चित भयो। अनि मनमा धैर्य गरेर उहाँले कोमल वचन भन्नुभयो॥ ३॥

**नाथ दसानन कर मैं भ्राता। निसिचर बंस जनम सुरत्राता॥**
**सहज पापप्रिय तामस देहा। जथा उलूकहि तम पर नेहा॥**

हे नाथ! म दशमुख रावणको भाइ हुँ। हे देवताहरूका रक्षक! मेरो जन्म राक्षसकुलमा भएको हो। मेरो तामसी शरीर छ, स्वभावले नै मलाई पाप प्रिय लाग्छ, जस्तै उल्लू (लाटोकोसेरो) लाई अन्धकारसँग स्नेह हुन्छ॥ ४॥

दो०— **श्रवन सुजसु सुनि आयउँ प्रभु भंजन भव भीर।**
**त्राहि त्राहि आरति हरन सरन सुखद रघुबीर॥ ४५॥**

म हजुरको सुयश सुनेर आएको छु कि प्रभु भव (जन्म-मरण) को भयलाई नाश गर्नेवाला होइबक्सिन्छ र म सबै प्रकारले असमर्थ छु। हे दुःखीहरूका दुःख नष्ट गर्ने र शरणागतलाई सुख दिनेवाला श्रीरघुवीर! मेरो रक्षा गरिबक्सियोस्, रक्षा गरिबक्सियोस्॥ ४५॥

**अस कहि करत दंडवत देखा। तुरत उठे प्रभु हरष बिसेषा॥**
**दीन बचन सुनि प्रभु मन भावा। भुज बिसाल गहि हृदयँ लगावा॥**

प्रभुले उहाँलाई यस्तो भनेर (अष्टाङ्ग) दण्डवत् गरेको देख्नुभयो, त्यसपछि उहाँ अत्यन्त हर्षित भएर तुरुन्तै उठ्नुभयो। विभीषणजीका दीन वचन प्रभुलाई धेरै नै मन पर्‍यो। उहाँले आफ्ना विशाल भुजाहरूले समातेर उहाँलाई हृदयमा लगाउनुभयो॥ १॥

**अनुज सहित मिलि ढिग बैठारी। बोले बचन भगत भयहारी॥**
**कहु लंकेस सहित परिवारा। कुसल कुठाहर बास तुम्हारा॥**

भाइ लक्ष्मणजीसहित अङ्गालो हालेर उहाँलाई आफू नजिक बसालेर श्रीरामले भक्तका भयलाई हरण गर्ने वचन भन्नुभयो—हे लङ्केश! परिवारसहित आफ्नो कुशल भन। तिम्रो निवास खराब ठाउँमा (दुष्टहरूको बीचमा) छ॥ २॥

**खल मंडली बसहु दिनु राती। सखा धरम निबहइ केहि भाँती॥**
**मैं जानउँ तुम्हारि सब रीती। अति नय निपुन न भाव अनीती॥**

दिनरात दुष्टहरूको मण्डलीमा बस्छौ। [यस्तो स्थितिमा] हे सखा! तिम्रो धर्म कुन प्रकारले टिकेको छ? मैले तिम्रो सबै रीति (आचरण) जानेको छु। तिमी अत्यन्तै नीतिनिपुण छौ, तिमीलाई अनीति मन पर्दैन॥ ३॥

**बरु भल बास नरक कर ताता। दुष्ट संग जनि देइ बिधाता॥**
**अब पद देखि कुसल रघुराया। जौं तुम्ह कीन्हि जानि जन दाया॥**

हे सखा! नरकमा रहन बरु राम्रो हुन्छ, परन्तु विधाताले दुष्टको सङ्गत [कहिल्यै] नदेओस्। [विभीषणले भन्नुभयो—] हे रघुनाथजी! अब हजुरका चरणहरूको दर्शन गरेर कुशल छु, जुन हजुरले आफ्नो सेवक जानेर मप्रति दया गरिबक्सियो॥ ४॥

दो०— **तब लगि कुसल न जीव कहुँ सपनेहुँ मन बिश्राम।**
**जब लगि भजत न राम कहुँ सोक धाम तजि काम॥ ४६॥**

त्यस समयसम्म जीवको कुशल हुँदैन र स्वप्नमा पनि उसको मनमा शान्ति हुँदैन, जबतक उसले शोकको घर काम (विषय-कामना) लाई छोडेर हजुर रामलाई भज्दैन॥ ४६॥

**तब लगि हृदयँ बसत खल नाना। लोभ मोह मच्छर मद माना॥**
**जब लगि उर न बसत रघुनाथा। धरें चाप सायक कटि भाथा॥**

लोभ, मोह, मत्सर (डाह), मद र मान आदि अनेकौं दुष्ट त्यस समयसम्म हृदयमा बस्छन्, जबसम्म कि धनुष-बाण र कम्मरमा तरकस धारण गर्नुभएका श्रीरघुनाथ हृदयमा रहिबक्सिनेछैन॥ १ ॥

**ममता तरुन तमी अँधिआरी। राग द्वेष उलूक सुखकारी॥**
**तब लगि बसति जीव मन माहीं। जब लगि प्रभु प्रताप रबि नाहीं॥**

ममता पूर्ण अँध्यारो रात हो, जसले राग-द्वेषरूपी उल्लूहरूलाई सुख दिन्छ। त्यो (ममतारूपी रात्रि) त्यस समयसम्म जीवको मनमा बस्छ, जबसम्म प्रभु (हजुर) को प्रतापरूपी सूर्य उदय हुँदैन॥ २ ॥

**अब मैं कुसल मिटे भय भारे। देखि राम पद कमल तुम्हारे॥**
**तुम्ह कृपाल जा पर अनुकूला। ताहि न ब्याप त्रिबिध भव सूला॥**

हे रामजी! हजुरका चरणारविन्दको दर्शन गरेर अब म कुशल छु, मेरो धेरै ठूलो भय मेटियो। हे कृपालु! हजुर जसप्रति अनुकूल होइबक्सिन्छ, उसलाई तीनै प्रकारका भवशूल (आध्यात्मिक, आधिदैविक र आधिभौतिक ताप) ले स्पर्श गर्न सक्तैनन्॥ ३ ॥

**मैं निसिचर अति अधम सुभाऊ। सुभ आचरनु कीन्ह नहिं काऊ॥**
**जासु रूप मुनि ध्यान न आवा। तेहिं प्रभु हरषि हृदयँ मोहि लावा॥**

म अत्यन्त नीच स्वभावको राक्षस हुँ। मैले कहिल्यै शुभ आचरण गरेको छैन। जसको रूप मुनिहरूको ध्यानमा पनि आउँदैन, उनै प्रभुले स्वयं हर्षित भएर मलाई हृदयमा लगाइबक्सियो॥ ४ ॥

दो०— **अहोभाग्य मम अमित अति राम कृपा सुख पुंज।**
**देखेउँ नयन बिरंचि सिव सेब्य जुगल पद कंज॥ ४७॥**

हे कृपा र सुखका पुञ्ज श्रीरामजी! मेरो अत्यन्त असीम सौभाग्य रहेछ, जुन मैले ब्रह्मा र शिवजीद्वारा सेवित (सेवा गरिएका) युगल चरणकमललाई आफ्ना नेत्रले देखे ॥ ४७॥

**सुनहु सखा निज कहउँ सुभाऊ। जान भुसुंडि संभु गिरिजाऊ॥**
**जौं नर होइ चराचर द्रोही। आवै सभय सरन तकि मोही॥**

[श्रीरामले भन्नुभयो—] हे सखा! सुन, मैले तिमीलाई आफ्नो स्वभाव भन्छु, जसलाई कागभुशुण्डि, शिवजी र पार्वतीजीले पनि जान्नुहुन्छ। कुनै मनुष्य [सम्पूर्ण] जड-चेतन जगत्को द्रोही होस्, यदि ऊ पनि भयभीत भएर मेरो शरण ताकेर आउँछ भने॥ १ ॥

**तजि मद मोह कपट छल नाना। करउँ सद्य तेहि साधु समाना॥**
**जननी जनक बंधु सुत दारा। तनु धनु भवन सुहृद परिवारा॥**

र मद तथा नाना प्रकारका छल-कपट त्याग गर्छ भने मैले उसलाई धेरै छिटो साधुका समान बनाउँदछु। माता, पिता, भाइ, पुत्र, स्त्री, शरीर, धन, घर, मित्र र परिवार॥ २ ॥

**सब कै ममता ताग बटोरी। मम पद मनहि बाँध बरि डोरी॥**
**समदरसी इच्छा कछु नाहीं। हरष सोक भय नहिं मन माहीं॥**

यी सबैलाई ममत्वरूपी धागोमा बटुलेर र ती सबैलाई एउटै डोरीमा बाटेर त्यसद्वारा जसले आफ्नो मनलाई मेरो चरणमा बाँध्दछ (सबै सांसारिक सम्बन्धको केन्द्र मलाई नै बनाउँछ), जुन समदर्शी छ, जसलाई कुनै इच्छा छैन र जसको मनमा हर्ष, शोक र भय छैन॥ ३॥

**अस सज्जन मम उर बस कैसें। लोभी हृदयँ बसइ धनु जैसें॥**
**तुम्ह सारिखे संत प्रिय मोरें। धरउँ देह नहिं आन निहोरें॥**

यस्ता सज्जन मेरो हृदयमा कसरी बस्दछन्, जसरी लोभीको हृदयमा धन बस्दछ। तिमीसमानका सन्त नै मलाई प्रिय हुन्छन्। मैले अरू कसैको अनुरोधले (कृतज्ञतावश) देह धारण गर्दिन॥ ४॥

दो०— **सगुन उपासक परहित निरत नीति दृढ़ नेम।**
**ते नर प्रान समान मम जिन्ह कें द्विज पद प्रेम॥ ४८॥**

जो सगुण (साकार) भगवान्‌का उपासक छन्, अर्काको हितमा लागिरहन्छन्, नीति र नियमहरूमा दृढ छन् र जसको ब्राह्मणहरूको चरणमा प्रेम छ, तिनै मनुष्य मेरो प्राणका समान प्रिय हुन्छन्॥ ४८॥

**सुनु लंकेस सकल गुन तोरें। तातें तुम्ह अतिसय प्रिय मोरें॥**
**राम बचन सुनि बानर जूथा। सकल कहहिं जय कृपा बरूथा॥**

हे लङ्कापति! सुन, तिमीभित्र उपर्युक्त सबै गुण छन्। यसैले तिमी अत्यन्तै प्रिय छौ। श्रीरामका वचन सुनेर सबै बाँदरहरूका हूल (बथान) ले भन्न लागे— कृपाका समूह श्रीरामको जय होस्!॥ १॥

**सुनत बिभीषनु प्रभु कै बानी। नहिं अघात श्रवनामृत जानी॥**
**पद अंबुज गहि बारहिं बारा। हृदयँ समात न प्रेमु अपारा॥**

प्रभुका वाणी सुन्दाखेरि कानका लागि अमृत जानेर विभीषणजी अघाउनुभएन। उहाँले बारम्बार श्रीरामका चरणकमललाई समात्नुहुन्छ। अपार प्रेम छ, हृदयमा प्रेम अटाएको छैन॥ २॥

**सुनहु देव सचराचर स्वामी। प्रनतपाल उर अंतरजामी॥**
**उर कछु प्रथम बासना रही। प्रभु पद प्रीति सरित सो बही॥**

[विभीषणले भन्नुभयो— ] हे देव! हे चराचर जगत्‌का स्वामी! हे शरणागतका रक्षक! हे सबैका हृदयको कुरा जान्नेवाला प्रभु! सुनिबक्सियोस्, मेरो हृदयमा पहिला जुन केही वासना थिए, ती प्रभुका चरणका प्रीतिरूपी नदीमा बगेर गए॥ ३॥

**अब कृपाल निज भगति पावनी। देहु सदा सिव मन भावनी॥**
**एवमस्तु कहि प्रभु रनधीरा। मागा तुरत सिंधु कर नीरा॥**

अब त हे कृपालु! शिवजीको मनलाई सदैव प्रिय लाग्ने हजुरको पवित्र भक्ति मलाई दिइबक्सियोस्। 'तथास्तु' भनेर रणधीर प्रभु श्रीरामले तुरुन्तै समुद्रको जल माग्नुभयो॥ ४॥

**जदपि सखा तव इच्छा नाहीं। मोर दरसु अमोघ जग माहीं॥**
**अस कहि राम तिलक तेहि सारा। सुमन बृष्टि नभ भई अपारा॥**

[र भन्नुभयो— ] हे सखा! यद्यपि तिमीलाई इच्छा छैन, तर जगत्मा मेरो दर्शन अमोघ छ। यस्तो भनेर श्रीरामले उहाँलाई राजतिलक गर्नुभयो। आकाशबाट पुष्पको अपार वृष्टि भयो॥ ५॥

**दो०— रावन क्रोध अनल निज स्वास समीर प्रचंड।**
**जरत बिभीषनु राखेउ दीन्हेउ राजु अखंड॥ ४९ ( क )॥**

श्रीरामले रावणको क्रोधरूपी अग्निमा, जो विभीषणको वचनरूपी पवनबाट प्रचण्ड भइरहेको थियो, जल्दै गरेका विभीषणजीलाई बचाउदै उहाँलाई अखण्ड राज्य दिनुभयो॥ ४९ (क)॥

**जो संपति सिव रावनहि दीन्हि दिएँ दस माथ।**
**सोइ संपदा बिभीषनहि सकुचि दीन्हि रघुनाथ॥ ४९ ( ख )॥**

शिवजीले जुन सम्पत्ति रावणलाई दश शिरहरूको बलि दिएपछि दिनुभएको थियो, उही सम्पत्ति श्रीरघुनाथले विभीषणजीलाई धेरै नै लाज मान्दै* दिनुभयो॥ ४९ (ख)॥

**अस प्रभु छाड़ि भजहिं जे आना। ते नर पसु बिनु पूँछ बिषाना॥**
**निज जन जानि ताहि अपनावा। प्रभु सुभाव कपि कुल मन भावा॥**

यस्ता परम कृपालु प्रभुलाई छोडेर जो मनुष्यले अर्कालाई भज्दछन्, उनीहरू सिङ पुच्छरविनाका पशु हुन्। आफ्नो सेवक जानेर विभीषणलाई श्रीरामले स्वीकार्नुभयो। प्रभुको स्वभाव बाँदरकुललाई [अत्यन्त धेरै] मन पर्‍यो॥ १॥

**पुनि सर्बग्य सर्ब उर बासी। सर्बरूप सब रहित उदासी॥**
**बोले बचन नीति प्रतिपालक। कारन मनुज दनुज कुल घालक॥**

अनि सबै चीज जान्नेवाला, सबैको हृदयमा बस्ने, सर्वरूप (सबै रूपमा प्रकट), सबैबाट रहित, उदासीन, कारणले (भक्तहरूका लागि कृपा गर्न) मनुष्य बन्नुभएका तथा राक्षसको कुललाई नाश गर्नेवाला श्रीराम नीतिलाई रक्षा गर्ने वचन भन्नुभयो— ॥ २॥

## * समुद्रपारि जानको लागि विचार, रावणको दूत शुक आउनु र लक्ष्मणजीको पत्र लिएर फर्कनु *

**सुनु कपीस लंकापति बीरा। केहि बिधि तरिअ जलधि गंभीरा॥**
**संकुल मकर उरग झष जाती। अति अगाध दुस्तर सब भाँती॥**

हे वीर बाँदरराज सुग्रीव र लङ्कापति विभीषण! सुन, यस गहिरो समुद्रमा कुन प्रकारले तर्न सकिन्छ? अनेक जातिका गोही, सर्प र माछाहरूबाट भरिएको यो अत्यन्त अथाह समुद्र तर्नलाई सबै प्रकारले कठिन (दुस्तर) छ॥ ३॥

**कह लंकेस सुनहु रघुनायक। कोटि सिंधु सोषक तव सायक॥**
**जद्यपि तदपि नीति अस गाई। बिनय करिअ सागर सन जाई॥**

* यो अत्याचार र हिंसाले कमाइएको, रगतले भरिएको र भस्म भएको राज्यरूपी अपवित्र सम्पत्ति परम भक्तलाई लङ्का दिनु, शुद्धलाई अशुद्ध बनाउनु नै हो। अयोध्यामा भए केही दिने थिएँ, यहाँ मसँग केही छैन भन्ने भावले लाज मान्नुभयो। (मानस-पीयूषबाट उद्धृत गरिएको)

विभीषणले भन्नुभयो— हे रघुनाथजी! सुनिबक्सियोस्, यद्यपि हजुरको यौटा नै बाणले करोडौं समुद्रलाई सुकाउन सक्छ, तथापि नीतिमा यस्तो भनिएको छ कि (पहिला) गएर समुद्रसँग प्रार्थना गर्नुपर्‍यो॥ ४॥

**दो०— प्रभु तुम्हार कुलगुर जलधि कहिहि उपाय बिचारि।**
**बिनु प्रयास सागर तरिहि सकल भालु कपि धारि॥ ५०॥**

हे प्रभु! समुद्र हजुरको कुलमा ठूला (पूर्वज) हुन्, उनले विचार गरेर उपाय बताउनेछन्। त्यसपछि भालु र बाँदरहरूका सबै सेना विनापरिश्रम नै समुद्रपारि तर्नेछन्॥ ५०॥

**सखा कही तुम्ह नीकि उपाई। करिअ दैव जौं होइ सहाई॥**
**मंत्र न यह लछिमन मन भावा। राम बचन सुनि अति दुख पावा॥**

[श्रीरामले भन्नुभयो—] हे सखा! तिमीले राम्रो उपाय बतायौ। यस्तै गर्नुपर्‍यो, यदि दैव सहायक हुन्छ भने। यो सल्लाह लक्ष्मणजीलाई मन परेन। श्रीरामका वचन सुनेर त उहाँले धेरै नै दुःख मान्नुभयो॥ १॥

**नाथ दैव कर कवन भरोसा। सोषिअ सिंधु करिअ मन रोसा॥**
**कादर मन कहुँ एक अधारा। दैव दैव आलसी पुकारा॥**

[लक्ष्मणजीले दुःखाभिभूत भएर भन्नुभयो—] हे नाथ! दैवको के भरोसा! मनमा क्रोध गरिबक्सियोस् र समुद्रलाई सुकाइबक्सियोस्। यो दैव त कायर व्यक्तिको मनको एक आधार (सान्त्वना दिने उपाय) हो। अल्छी मान्छेले नै दैव-दैव भन्दछन्॥ २॥

**सुनत बिहसि बोले रघुबीरा। ऐसेहिं करब धरहु मन धीरा॥**
**अस कहि प्रभु अनुजहि समुझाई। सिंधु समीप गए रघुराई॥**

यस्तो सुनेर श्रीरघुवीरले हाँसेर भन्नुभयो, यस्तै गर्ने हो, मनलाई धैर्य गर। यस्तो भनेर भाइलाई सम्झाएर प्रभु श्रीरघुनाथजी समुद्रको समीप जानुभयो॥ ३॥

**प्रथम प्रनाम कीन्ह सिरु नाई। बैठे पुनि तट दर्भ डसाई॥**
**जबहिं बिभीषन प्रभु पहिं आए। पाछें रावन दूत पठाए॥**

उहाँले पहिला शिर निहुराएर प्रणाम गर्नुभयो। त्यसपछि किनारामा कुश बिछ्याएर बस्नुभयो। यता जुन समयमा विभीषणजी प्रभुसँग आउनुभएको थियो, त्यस समयमा नै रावणले उहाँको पछाडि दूत पठाएको थियो॥ ४॥

**दो०— सकल चरित तिन्ह देखे धरें कपट कपि देह।**
**प्रभु गुन हृदयँ सराहहिं सरनागत पर नेह॥ ५१॥**

कपटले बाँदरको शरीर धारण गरेर उसले सबै लीलाहरू देखेको थियो। उसले आफ्नो हृदयमा प्रभुका गुणहरूलाई र शरणागतप्रति उहाँको स्नेहलाई प्रशंसा गर्न लाग्यो॥ ५१॥

**प्रगट बखानहिं राम सुभाऊ। अति सप्रेम गा बिसरि दुराऊ॥**
**रिपु के दूत कपिन्ह तब जाने। सकल बाँधि कपीस पहिं आने॥**

फेरि उसले (शुकले) प्रकट रूपमा पनि अत्यन्तै प्रेमका साथ श्रीरामको स्वभावलाई प्रशंसा गर्न लाग्यो, उसले कपट वेष भुल्यो! त्यसपछि बाँदरहरूले जाने कि यो शत्रुको दूत हो र उसलाई उनी सबैले बाँधेर सुग्रीवसँग लिएर आए॥ १॥

**कह सुग्रीव सुनहु सब बानर। अंग भंग करि पठवहु निसिचर॥**
**सुनि सुग्रीव बचन कपि धाए। बाँधि कटक चहु पास फिराए॥**

सुग्रीवले भने—सबै बाँदरहरू हो! सुन, राक्षसलाई अङ्ग-भङ्ग गरेर पठाऊ। सुग्रीवका वचन सुनेर बाँदर दौडे। दूतलाई बाँधेर उनीहरूले सेनाका चारैतर्फ घुमाए॥ २॥

**बहु प्रकार मारन कपि लागे। दीन पुकारत तदपि न त्यागे॥**
**जो हमार हर नासा काना। तेहि कोसलाधीस कै आना॥**

बाँदरले उसलाई धेरै प्रकारले हान्न लागे। ऊ (शुक) दीन भएर चिच्च्याउँथ्यो, तर पनि बाँदरहरूले उसलाई छोडेनन्। [त्यसपछि दूतले झन् चिच्च्याएर भन्यो— ] जसले मेरो नाक-कान काट्नेछ, उसलाई कोसलाधीश श्रीरामको शपथ छ॥ ३॥

**सुनि लछिमन सब निकट बोलाए। दया लागि हँसि तुरत छोड़ाए॥**
**रावन कर दीजहु यह पाती। लछिमन बचन बाचु कुलघाती॥**

यस्तो सुनेर लक्ष्मणजीले सबैलाई निकट बोलाउनुभयो। उहाँलाई धेरै दया लाग्यो, यसैले हाँसेर उहाँले राक्षसलाई तुरुन्तै छुटाउनुभयो। [र उससँग भन्नुभयो— ] रावणको हातमा यो चिठी दिनु [र भन्नु— ] हे कुलघातक! लक्ष्मणको शब्द (सन्देश) बाँच्॥ ४॥

दो०—**कहेहु मुखागर मूढ़ सन मम संदेसु उदार।**
**सीता देइ मिलहु न त आवा कालु तुम्हार॥ ५२॥**

फेरि त्यस मूर्खसँग मुखले पनि मेरो उदार (कृपाले भरिएको) सन्देश भन्नु कि सीताजीलाई दिएर उहाँसँग (श्रीरामसँग) भेट होऊ, नत्र भने तिम्रो काल आएको सम्झनू॥ ५२॥

**तुरत नाइ लछिमन पद माथा। चले दूत बरनत गुन गाथा॥**
**कहत राम जसु लंकाँ आए। रावन चरन सीस तिन्ह नाए॥**

लक्ष्मणजीका चरणमा शिर निहुराएर, श्रीरामका गुणहरूका कथा वर्णन गर्दै दूत तुरुन्तै हिँड्यो। श्रीरामको यश भन्दै ऊ लङ्कामा आयो र उसले रावणका चरणमा शिर निहुरायो॥ १॥

## * दूतले रावणलाई सम्झाउनु र लक्ष्मणजीको पत्र दिनु *

**बिहसि दसानन पूँछी बाता। कहसि न सुक आपनि कुसलाता॥**
**पुनि कहु खबरि बिभीषन केरी। जाहि मृत्यु आई अति नेरी॥**

दशमुख रावणले हाँसेर कुरा सोध्यो—अरे शुक! आफ्नो कुशल किन भन्दैनस्? फेरि त्यही विभीषणको समाचार सुनाइ, जसको मृत्यु निकट आएको छ॥ २॥

**करत राज लंका सठ त्यागी। होइहि जव कर कीट अभागी॥**
**पुनि कहु भालु कीस कटकाई। कठिन काल प्रेरित चलि आई॥**

मूर्खले राज्य गर्दागर्दै लङ्कालाई त्याग गऱ्यो। अभागी अब जौको कीरा (घुन) बन्नेछ (जौ, गहुँका साथ जसरी घुन पिसिन्छ, उस्तै प्रकारले मानिस–बाँदरका साथ ऊ पनि मर्नेछ); फेरि भालु र बाँदरहरूका सेनाको हाल भन्, जुन कठिन कालको प्रेरणाले यहाँ आएका छन्॥ ३॥

**जिन्ह के जीवन कर रखवारा। भयउ मृदुल चित सिंधु बिचारा॥**
**कहु तपसिन्ह कै बात बहोरी। जिन्ह के हृदयँ त्रास अति मोरी॥**

र जसको जीवनको रक्षक कोमल चित्त भएको बिचरा (कठै) समुद्र बनेको छ (अर्थात् उनीहरूको र राक्षसहरूका बीचमा यदि समुद्र हुँदैनथ्यो भने आजसम्म राक्षसले उनीहरूलाई खाएर शून्य बनाउँदथे)। फेरि उनै तपस्वीहरूको कुरा बता, जसको हृदयमा मेरो ठूलो डर छ॥ ४॥

दो०— **की भइ भेंट कि फिरि गए श्रवन सुजसु सुनि मोर।**
**कहसि न रिपु दल तेज बल बहुत चकित चित तोर॥ ५३॥**

उनीहरूसँग तेरो भेट भयो वा उनीहरूले मेरो सुयश सुनेर नै फर्केर गए? शत्रुसेनाको तेज र बल किन बताउँदैनस्? तेरो चित्त (बुद्धि) धेरै नै दङ्दास (चकित) भइरहेको छ॥ ५३॥

**नाथ कृपा करि पूँछेहु जैसें। मानहु कहा क्रोध तजि तैसें॥**
**मिला जाइ जब अनुज तुम्हारा। जातहिं राम तिलक तेहि सारा॥**

[दूतले भन्यो— ] हे नाथ! हजुरले जस्तो कृपा गरेर सोधिबक्सियो, उस्तै नै क्रोध छोडेर मेरो भनाइलाई मानिबक्सियोस् (मेरो कुरामा विश्वास गरिबक्सियोस्)। जब हजुरका कान्छा भाइ श्रीरामसँग गएर भेट हुनुभयो, त्यसपछि उहाँ पुग्दा बित्तिकै नै श्रीरामले उहाँलाई राजतिलक गरिदिए॥ १॥

**रावन दूत हमहि सुनि काना। कपिन्ह बाँधि दीन्हे दुख नाना॥**
**श्रवन नासिका काटैं लागे। राम सपथ दीन्हें हम त्यागे॥**

म रावणको दूत हुँ, यस्तो कानले सुनेर बाँदरहरूले मलाई बाँधेर धेरै कष्ट दिए, यहाँसम्म कि उनीहरूले मेरो नाक–कानसमेत काट्न लागे। श्रीरामको शपथ दिलाएपछि मात्र उनीहरूले मलाई छोडे॥ २॥

**पूँछिहु नाथ राम कटकाई। बदन कोटि सत बरनि न जाई॥**
**नाना बरन भालु कपि धारी। बिकटानन बिसाल भयकारी॥**

हे नाथ! हजुरले श्रीरामको सेना सोधिबक्सियो; त्यसलाई त सय करोड मुखले पनि वर्णन गर्न सकिन्न*। अनेकौं रङ्गका भालु र बाँदरका सेना छन्, जुन भयङ्कर मुख भएका, विशाल शरीर भएका र भयानक छन्॥ ३॥

---

* यहाँ कविले **'बरनि न जाई'** दुई शब्दमा नै सारांश लेख्नुभयो। श्रीमद्वाल्मीकीय रामायण, युद्धकाण्ड सर्ग २८, श्लोक ३३—४१ सम्म शुकले रावणलाई यस प्रकारले श्रीरामका सेनाहरू बताएको छ।

'मनीषी पुरुषले सय लाखको सङ्ख्यालाई एक कोटि भन्छन् र सय सहस्र कोटि (एक नील) लाई एक

**जेहिं पुर दहेउ हतेउ सुत तोरा। सकल कपिन्ह महँ तेहि बलु थोरा॥**
**अमित नाम भट कठिन कराला। अमित नाग बल बिपुल बिसाला॥**

जसले नगर जलायो र हजुरको पुत्र अक्षयकुमारलाई मार्‍यो, उसको बल त सबै बाँदरहरूमध्ये थोरै छ। अनगिन्ती नाम भएका अति नै कठोर र भयङ्कर योद्धा छन्। उनीहरूमा अगणनीय हात्तीहरूको बल छ र उनीहरू धेरै नै विशाल छन्॥ ४॥

दो०— **द्विबिद मयंद नील नल अंगद गद बिकटासि।**
**दधिमुख केहरि निसठ सठ जामवंत बलरासि॥ ५४॥**

द्विविद, मयन्द, नील, नल, अङ्गद, विकटास्य, दधिमुख, केशरी, निशठ, शठ र जाम्बवान्— यी सबै बलका राशि छन्॥ ५४॥

**ए कपि सब सुग्रीव समाना। इन्ह सम कोटिन्ह गनइ को नाना॥**
**राम कृपाँ अतुलित बल तिन्हहीं। तृन समान त्रैलोकहि गनहीं॥**

यी सबै बाँदर बलमा सुग्रीवका समान छन् र यिनीजस्ता [एक-दुई होइन] करोडौं छन्, त्यति धेरैलाई कसले गणना गर्न सक्छ? श्रीरामको कृपाले उनीहरूमा अतुलनीय बल छ। उनीहरूले तीनै लोकलाई तृणका समान [तुच्छ] सम्झेका छन्॥ १॥

**अस मैं सुना श्रवन दसकंधर। पदुम अठारह जूथप बंदर॥**
**नाथ कटक महँ सो कपि नाहीं। जो न तुम्हहि जीतै रन माहीं॥**

हे दशमुख! मैले कानले यस्तो सुनेको छु कि अठार पद्म त एक्लै बाँदरहरूका सेनापति (गुल्मपति) छन्। हे नाथ! त्यस सेनामा यस्तो कुनै बाँदर छैन, जसले रणमा हजुरलाई पराजित गर्न नसकोस्॥ २॥

**परम क्रोध मीजहिं सब हाथा। आयसु पै न देहिं रघुनाथा॥**
**सोषहिं सिंधु सहित झष ब्याला। पूरहिं न त भरि कुधर बिसाला॥**

सबैले अत्यन्तै क्रोधले हात मिज्दछन्। तर रघुनाथजीले उनीहरूलाई आज्ञा दिनुभएको छैन। हामीले माछाहरू र सर्पहरूसहित समुद्रलाई सुकाउनेछौं। नत्र भने, ठूलाठूला पहाडले उसलाई पूर्णरूपले पुर्नेछौं॥ ३॥

---

शङ्कु भन्छन्।' एक लाख शङ्कुलाई महाशङ्कु नाम दिएका छन्। एक लाख महाशङ्कुलाई वृन्द भन्छन्। एक लाख वृन्दलाई महावृन्द भन्छन्। एक लाख महावृन्दलाई पद्म भन्छन्। एक लाख पद्मलाई महापद्म मानिएको छ। एक लाख महापद्मलाई खर्व भन्छन्। एक लाख खर्वलाई महाखर्व भन्छन्। एक सहस्र महाखर्वलाई समुद्र भन्छन्। एक लाख समुद्रलाई ओघ भन्छन् र एक लाख ओघलाई महौघ संज्ञा दिएका छन्। 'यस प्रकार सहस्र कोटि, सय शङ्कु, सहस्र महाशङ्कु, सय वृन्द, सहस्र महावृन्द, सय पद्म, सहस्र महापद्म, सय खर्व, सय समुद्र, सय महौघ तथा समुद्र-सदृश (सय) कोटि (करोड) महौघ सैनिकहरूले, वीर विभीषण तथा आफ्ना सचिव (मन्त्री) हरूले घेरिएर बाँदरराज सुग्रीवले हजुरलाई युद्धको लागि चुनौती दिँदै सम्मुख आइरहेका छन्। विशाल सेनाबाट घेरिएर सुग्रीव महान् बल र पराक्रमले सम्पन्न छन्'।

**मर्दि गर्द मिलवहिं दससीसा। ऐसेइ बचन कहहिं सब कीसा॥**
**गर्जहिं तर्जहिं सहज असंका। मानहुँ ग्रसन चहत हहिं लंका॥**

र रावणलाई मिचेर धूलोमा मिलाउनेछौं। सबै बाँदरले यस्तै भनिरहेका छन्। सबै सहजै निडर छन्; यस प्रकारले गर्जने र दपेट्ने गर्छन् मानौं लङ्कालाई निल्न नै खोजेका छन्॥ ४॥

दो०— **सहज सूर कपि भालु सब पुनि सिर पर प्रभु राम।**
**रावन काल कोटि कहुँ जीति सकहिं संग्राम॥ ५५॥**

सबै बाँदर–भालु सहज नै शूरवीर छन्, फेरि उनका शिरमा प्रभु (सर्वेश्वर) श्रीराम हुनुहुन्छ। हे रावण! उहाँले सङ्ग्राममा करोडौं काललाई जित्न सक्नुहुन्छ॥ ५५॥

**राम तेज बल बुधि बिपुलाई। सेष सहस सत सकहिं न गाई॥**
**सक सर एक सोषि सत सागर। तव भ्रातहि पूँछेउ नय नागर॥**

श्रीरामचन्द्रको तेज (सामर्थ्य), बल र बुद्धिको अधिकतालाई लाखौं शेषले पनि गाउन सक्तैनन्। उहाँले एउटै बाणले सयौं समुद्रलाई सुकाउन सक्नुहुन्छ, परन्तु नीतिनिपुण श्रीरामले [नीतिको रक्षाको लागि] हजुरका भाइसँग उपाय सोध्नुभयो॥ १॥

**तासु बचन सुनि सागर पाहीं। मागत पंथ कृपा मन माहीं॥**
**सुनत बचन बिहसा दससीसा। जौं असि मति सहाय कृत कीसा॥**

उहाँको (हजुरका भाइको) वचन सुनेर उहाँले (श्रीरामले) सुमुद्रसँग राय मागिरहनुभएको छ, उहाँको मनमा कृपा भरिएको छ [यसैले उहाँले सुकाउनुभएको छैन]। दूतका यस्ता वचन सुन्दा नै रावण खुब हाँस्यो [र भन्यो— ] जब यस्तो बुद्धि छ, तब त बाँदरहरूलाई सहायक बनाएको छ॥ २॥

**सहज भीरु कर बचन दृढ़ाई। सागर सन ठानी मचलाई॥**
**मूढ़ मृषा का करसि बड़ाई। रिपु बल बुद्धि थाह मैं पाई॥**

स्वाभाविक नै डरपोक विभीषणका वचनलाई प्रमाण मानेर उनीहरूले समुद्रसँग बालहठ सोचेका छन्। अरे मूर्ख! झूटो बढाई किन गर्दछस्! भयो, मैले शत्रुको बल र बुद्धिलाई थाहा पाइसकें॥ ३॥

**सचिव सभीत बिभीषन जाकें। बिजय बिभूति कहाँ जग ताकें॥**
**सुनि खल बचन दूत रिस बाढ़ी। समय बिचारि पत्रिका काढ़ी॥**

जसको विभीषणजस्तो डरपोक मन्त्री (सल्लाहकार) छ, उसलाई जगत्मा विजय र विभूति (ऐश्वर्य) कहाँ? दुष्ट रावणका वचन सुनेर दूतलाई क्रोध बढ्यो। उसले मौका सम्झेर पत्रिका (चिठी) निकाल्यो॥ ४॥

**रामानुज दीन्ही यह पाती। नाथ बचाइ जुड़ावहु छाती॥**
**बिहसि बाम कर लीन्ही रावन। सचिव बोलि सठ लाग बचावन॥**

[र भन्यो— ] श्रीरामका भाइ लक्ष्मणले यो चिठी दिनुभएको छ। हे नाथ! यसलाई पढेर छाती शान्त (चिसो) गर्नुहोस्। रावणले हाँसेर उसलाई देब्रे हातले लियो, अनि मन्त्रीलाई बोलाएर त्यो मूर्खले उसलाई पढ्न लगायो॥ ५॥

**दो०— बातन्ह मनहि रिझाइ सठ जनि घालसि कुल खीस।**
**राम बिरोध न उबरसि सरन बिष्नु अज ईस॥ ५६ ( क )॥**

[चिठीमा लेखिएको थियो— ] हे मूर्ख! केवल कुराले नै मनलाई रिझाएर (चित्त बुझाएर) आफ्नो कुललाई नष्ट-भ्रष्ट नगर्! श्रीरामसँग विरोध गरेर तँ विष्णु, ब्रह्मा र महेशको शरणमा गए पनि बच्नेछैनस्॥ ५६ ॥ (क) ॥

**की तजि मान अनुज इव प्रभु पद पंकज भृंग।**
**होहि कि राम सरानल खल कुल सहित पतंग॥ ५६ ( ख )॥**

या त अभिमान छोडेर आफ्नो कान्छो भाइ विभीषणको झैं प्रभुका चरणकमलका भँवरो बन्। अथवा हे दुष्ट! श्रीरामको बाणरूपी अग्निमा परिवारसहित पुलली बन् (यी दुईमा जे राम्रो लाग्छ, त्यही गर्)॥ ५६ (ख)॥

**सुनत सभय मन मुख मुसुकाई। कहत दसानन सबहि सुनाई॥**
**भूमि परा कर गहत अकासा। लघु तापस कर बाग बिलासा॥**

उक्त चिठी सुन्दा नै रावण मनमा भयभीत भयो, परन्तु मुखमा मुस्कुराउँदै उसले सबैलाई सुनाएर भन्न लाग्यो— जस्तै कुनै पृथ्वीमा पल्टेको व्यक्तिले हातले आकाशलाई समात्ने चेष्टा गर्छ, उस्तै नै यो सानो तपस्वी (लक्ष्मण) ले गुड्डी हाँक्छ (टाइँफाइँ गर्छ)॥ १॥

**कह सुक नाथ सत्य सब बानी। समुझहु छाड़ि प्रकृति अभिमानी॥**
**सुनहु बचन मम परिहरि क्रोधा। नाथ राम सन तजहु बिरोधा॥**

शुकले भन्यो— हे नाथ! अभिमानी स्वभावलाई छोडेर [यस चिठीमा लेखिएको] सबै कुरालाई सम्झिबाक्सियोस्। क्रोध छोडेर मेरा वचन सुनिबक्सियोस्। हे नाथ! श्रीरामसँग वैर त्यागिबक्सियोस्॥ २॥

**अति कोमल रघुबीर सुभाऊ। जद्यपि अखिल लोक कर राऊ॥**
**मिलत कृपा तुम्ह पर प्रभु करिही। उर अपराध न एकउ धरिही॥**

यद्यपि श्रीरघुवीर समस्त लोकमा स्वामी हुनुहुन्छ, तर उहाँको स्वभाव अत्यन्तै कोमल छ। भेट हुँदा नै प्रभुले हजुरप्रति कृपा गर्नुहुनेछ र हजुरको एउटा पनि अपराध उहाँले हृदयमा राख्नुहुने छैन॥ ३॥

**जनकसुता रघुनाथहि दीजे। एतना कहा मोर प्रभु कीजे॥**
**जब तेहिं कहा देन बैदेही। चरन प्रहार कीन्ह सठ तेही॥**

जानकीजी श्रीरघुनाथलाई दिनुहोस्। हे प्रभु! मेरो यति भनाइ मानिबक्सियोस्। जब त्यस दूतले जानकीजीलाई दिनलाई भन्यो, त्यसपछि दुष्ट रावणले उसलाई लात्तीले हान्यो॥ ४॥

**नाइ चरन सिरु चला सो तहाँ। कृपासिंधु रघुनायक जहाँ॥**
**करि प्रनामु निज कथा सुनाई। राम कृपाँ आपनि गति पाई॥**

ऊ पनि [विभीषणझैं] चरणमा शिर निहुराएर वहाँ गयो, जहाँ कृपाका सागर श्रीरघुनाथ

(सिँधुको तटमा) हुनुहुन्थ्यो। प्रणाम गरेर उसले आफ्नो कथा सुनायो र श्रीरामको कृपाले आफ्नो गति (अर्थात् आफ्नो पूर्व मुनिको स्वरूप) पायो॥ ५॥

**रिषि अगस्ति कीं साप भवानी। राछस भयउ रहा मुनि ग्यानी॥**
**बंदि राम पद बारहिं बारा। मुनि निज आश्रम कहुँ पगु धारा॥**

[शिवजी भन्नुहुन्छ— ] हे भवानी! तिनी ज्ञानी मुनि थिए, अगस्त्य ऋषिको श्रापले राक्षस भएका थिए। बारम्बार श्रीरामका चरणको वन्दना गरेर मुनि आफ्नो आश्रममा गइहाले॥ ६॥

## * समुद्रप्रति श्रीरामको क्रोध र समुद्रको बिन्ती *

दो०— **बिनय न मानत जलधि जड़ गए तीनि दिन बीति।**
**बोले राम सकोप तब भय बिनु होइ न प्रीति॥ ५७॥**

यता तीन दिन बिते, किन्तु जड समुद्रले बिन्ती मान्दैन। त्यसपछि श्रीराम क्रोधपूर्वक बोल्नुभयो— भयविना प्रीति हुँदैन!॥ ५७॥

**लछिमन बान सरासन आनू। सोषौं बारिधि बिसिख कृसानू॥**
**सठ सन बिनय कुटिल सन प्रीती। सहज कृपन सन सुंदर नीती॥**

हे लक्ष्मण! धनुष-बाण देऊ, मैले अग्निबाणले समुद्रलाई सुकाउनेछु। मूर्खसँग बिन्ती, कुटिलका साथ प्रीति, स्वाभाविकै कन्जुससँग सुन्दर नीति (उदारताको उपदेश),॥ १॥

**ममता रत सन ग्यान कहानी। अति लोभी सन बिरति बखानी॥**
**क्रोधिहि सम कामिहि हरिकथा। ऊसर बीज बएँ फल जथा॥**

ममतामा अल्झिएको मनुष्यसँग ज्ञानको कथा, अत्यन्तै लोभीसँग वैराग्यको वर्णन, क्रोधीसँग शम (शान्ति) को कुरा र कामीसँग भगवान्‌को कथा, यिनको उस्तै नै फल हुन्छ, जस्तै ऊषरमा बीउ छर्नाले हुन्छ (अर्थात् ऊषर वा मरुभूमिमा बीउ छरेको जस्तै यो सबै व्यर्थ हुन्छ)॥ २॥

**अस कहि रघुपति चाप चढ़ावा। यह मत लछिमन के मन भावा॥**
**संधानेउ प्रभु बिसिख कराला। उठी उदधि उर अंतर ज्वाला॥**

यस्तो भनेर श्रीरघुनाथले धनुष उठाउनुभयो। यो मत लक्ष्मणजीलाई धेरै मन पर्‍यो। प्रभुले भयानक [अग्नि] बाण सन्धान गर्नुभयो, जसले समुद्रको हृदयमा अग्निको ज्वाला उठ्यो॥ ३॥

**मकर उरग झष गन अकुलाने। जरत जंतु जलनिधि जब जाने॥**
**कनक थार भरि मनि गन नाना। बिप्र रूप आयउ तजि माना॥**

गोही, सर्प तथा माछाहरूका समूह व्याकुल भए। जब समुद्रले जीवहरूलाई जल्दै गरेको जान्यो, त्यसपछि सुनका थालमा अनेक मणिहरू (रत्नहरू) ले भरेर अभिमान छोड्दै त्यो ब्राह्मणको रूपमा आयो॥ ४॥

दो०— **काटेहिं पइ कदरी फरइ कोटि जतन कोउ सींच।**
**बिनय न मान खगेस सुनु डाटेहिं पइ नव नीच॥ ५८॥**

[काकभुशुण्डिजी भन्नुहुन्छ— ] हे गरुडजी! सुन्नुहोस्, चाहे कुनै करोडौं उपाय गरेर सिँचाइ गरियोस्, तर केरा त काट्दाखेरि नै पसाउँदछ। नीच विनम्रताले मान्दैन, ऊ गाली गर्दा (हप्काउँदा) नै झुक्छ (ठीक ठाउँमा आउँछ)॥ ५८॥

**सभय सिंधु गहि पद प्रभु केरे। छमहु नाथ सब अवगुन मेरे॥**
**गगन समीर अनल जल धरनी। इन्ह कइ नाथ सहज जड़ करनी॥**

समुद्रले भयभीत भएर प्रभुका चरण समातेर भन्यो—हे नाथ! मेरा सबै अवगुण (दोष) लाई क्षमा गरिबक्सियोस्। हे नाथ! आकाश, वायु, अग्नि, जल र पृथ्वी—यी सबैको व्यवहार स्वभावैले नै जड हुन्छ॥ १॥

**तव प्रेरित मायाँ उपजाए। सृष्टि हेतु सब ग्रंथनि गाए॥**
**प्रभु आयसु जेहि कहँ जस अहई। सो तेहि भाँति रहें सुख लहई॥**

हजुरका प्रेरणाले मायाले यिनलाई सृष्टिका लागि उत्पन्न गरेका हुन्, सबै ग्रन्थले यही गाएका छन्। जसको लागि स्वामीको जस्तो आज्ञा हुन्छ, ऊ उस्तै प्रकारले रहनमा सुख पाउँछ॥ २॥

**प्रभु भल कीन्ह मोहि सिख दीन्ही। मरजादा पुनि तुम्हरी कीन्ही॥**
**ढोल गवाँर सूद्र पसु नारी। सकल ताड़ना के अधिकारी॥**

प्रभुले ठीक गरिबक्सियो जुन मलाई शिक्षा (दण्ड) दिइबक्सियो; किन्तु मर्यादा (जीवहरूको स्वभाव) पनि हजुरले नै बनाइबक्सिएको हो, ढोल, मूर्ख, शूद्र, पशु र स्त्री—यी सबै शिक्षाका अधिकारी छन्॥ ३॥

**प्रभु प्रताप मैं जाब सुखाई। उतरिहि कटकु न मोरि बड़ाई॥**
**प्रभु अग्या अपेल श्रुति गाई। करौं सो बेगि जो तुम्हहि सोहाई॥**

प्रभुका प्रतापले म सुकेर जान्छु र सेना पारि तर्नेछन्, यसमा मेरो बढाई (मर्यादा) हुनेछैन। तथापि प्रभुको आज्ञालाई अल्लङ्घन गर्न सकिन्न यस्तो वेदले गाएका छन्। अब हजुरलाई जे इच्छा लाग्छ, मैले तुरुन्तै उही गर्नेछु॥ ४॥

दो०— **सुनत बिनीत बचन अति कह कृपाल मुसुकाइ।**
**जेहि बिधि उतरै कपि कटकु तात सो कहहु उपाइ॥ ५९॥**

समुद्रका अत्यन्त विनम्र वचन सुनेर कृपालु श्रीरामले मुस्कुराएर भन्नुभयो—हे तात! जुन प्रकारले बाँदरहरूका सेना पारि जान सक्छन्, त्यही उपाय भन॥ ५९॥

**नाथ नील नल कपि द्वौ भाई। लरिकाईं रिषि आसिष पाई॥**
**तिन्ह कें परस किएँ गिरि भारे। तरिहहिं जलधि प्रताप तुम्हारे॥**

[समुद्रले भन्यो— ] हे नाथ! नील र नल दुई बाँदर दाजुभाइ हुन्। उनीहरूले बाल्यकालमा ऋषिबाट आशीर्वाद पाएका छन्। उनीहरूले स्पर्श गर्नाले ठूलाठूला पहाड पनि हजुरको प्रतापले समुद्रमा तहरिनेछन् (डुब्ने छैनन्)॥ १॥

**मैं पुनि उर धरि प्रभु प्रभुताई। करिहउँ बल अनुमान सहाई॥**
**एहि बिधि नाथ पयोधि बँधाइअ। जेहिं यह सुजसु लोक तिहुँ गाइअ॥**

मैले पनि प्रभुको प्रतापलाई हृदयमा धारण गरेर आफ्नो बलअनुसार सहायता गर्नेछु। हे नाथ! यस प्रकारले समुद्रमा पुल बनाइबक्सियोस्, जसले तीनै लोकमा हजुरको सुन्दर यश गाउन पाइयोस्॥ २॥

**एहिं सर मम उत्तर तट बासी। हतहु नाथ खल नर अघ रासी॥**
**सुनि कृपाल सागर मन पीरा। तुरतहिं हरी राम रनधीरा॥**

यस बाणले मेरो उत्तर दिशामा बस्ने पापका राशि दुष्ट मनुष्यहरूको वध गरिबक्सियोस्। कृपालु र रणधीर श्रीरामले समुद्रको मनको पीडा सुनेर तुरुन्तै ती दुष्टहरूको वध गर्नुभयो॥ ३॥

**देखि राम बल पौरुष भारी। हरषि पयोनिधि भयउ सुखारी॥**
**सकल चरित कहि प्रभुहि सुनावा। चरन बंदि पाथोधि सिधावा॥**

श्रीरामको भारी बल र पुरुषार्थ देखेर समुद्र हर्षित भई सुखी भयो। उसले ती दुष्टहरूको सारा चरित्र प्रभुलाई भनेर सुनायो। त्यसपछि चरणहरूको प्रार्थना गरेर समुद्र गइहाल्यो॥ ४॥

## * श्रीराम-गुणगानको माहात्म्य *

छं०— **निज भवन गवनेउ सिंधु श्रीरघुपतिहि यह मत भायऊ।**
**यह चरित कलि मलहर जथामति दास तुलसी गायऊ॥**
**सुख भवन संसय समन दवन बिषाद रघुपति गुन गना।**
**तजि सकल आस भरोस गावहि सुनहि संतत सठ मना॥**

समुद्र आफ्नो घर गइहाल्यो, श्रीरघुनाथजीलाई यो सल्लाह राम्रो लाग्यो। यो चरित्र कलियुगका पापहरूलाई नष्ट गर्नेवाला छ, यसैले तुलसीदासले आफ्नो बुद्धिअनुसार गाएको छु। श्रीरघुनाथका गुणसमूह सुखका धाम, सन्देहलाई नाश गर्नेवाला र विषादलाई दमन गर्नेवाला छ। हे मूर्ख मन! तैंले संसारका सबै आशा-भरोसालाई त्यागेर निरन्तर यसैलाई वर्णन गर् र सुन्।

दो०— **सकल सुमंगल दायक रघुनायक गुन गान।**
**सादर सुनहिं ते तरहिं भव सिंधु बिना जलजान॥ ६०॥**

श्रीरघुनाथको गुणगानले सम्पूर्ण सुन्दर मङ्गल दिन्छ। जसले यसलाई आदरसहित सुन्नेछन्, उनी विनाजहाज वा (अन्य साधनविना) नै भवसागरदेखि तर्नेछन्॥ ६०॥

**मासपारायण, चौबीसौं विश्राम**

**इति श्रीमद्रामचरितमानसे सकलकलिकलुषविध्वंसने पञ्चमः सोपानः समाप्तः।**

कलियुगको समस्त पापहरूलाई नाश गर्ने श्रीरामचरितमानसको यो पाँचौं सोपान समाप्त भयो।

**( सुन्दरकाण्ड समाप्त )**

# शरणागतवत्सलता



तुरत बिभीषन पाछें मेला। सन्मुख राम सहेउ सोइ सेला॥

॥ श्रीगणेशाय नमः॥

श्रीजानकीवल्लभो विजयते

# श्रीरामचरितमानस

## षष्ठ सोपान

## लङ्काकाण्ड

### श्लोक

**रामं कामारिसेव्यं भवभयहरणं कालमत्तेभसिंहं**
**योगीन्द्रं ज्ञानगम्यं गुणनिधिमजितं निर्गुणं निर्विकारम्।**
**मायातीतं सुरेशं खलवधनिरतं ब्रह्मवृन्दैकदेवं**
**वन्दे कन्दावदातं सरसिजनयनं देवमुर्वीशरूपम्॥ १ ॥**

कामदेवका शत्रु शिवजीद्वारा सेवा गरिनुभएका (सेव्य), भव (जन्म–मृत्यु) को भयलाई नाश गर्ने, कालरूपी मत्त (मत्ता) हात्तीको लागि सिंहका समान, योगीहरूका स्वामी (योगीश्वर), ज्ञानद्वारा जान्न योग्य, गुणहरूका निधि, अजेय, निर्गुण, निर्विकार, मायादेखि टाढा, देवताहरूका स्वामी, दुष्टहरूको वधमा तत्पर, ब्राह्मणवृन्दका एक मात्र देवता (रक्षक), जलवाला मेघका समान सुन्दर श्याम, कमल–जस्ता नेत्र भएका, पृथ्वीपति (राजा) को रूपमा परमदेव श्रीरामलाई वन्दना गर्दछु॥ १ ॥

**शङ्खेन्द्वाभमतीवसुन्दरतनुं शार्दूलचर्माम्बरं**
**कालव्यालकरालभूषणधरं गङ्गाशशाङ्कप्रियम्।**
**काशीशं कलिकल्मषौघशमनं कल्याणकल्पद्रुमं**
**नौमीड्यं गिरिजापतिं गुणनिधिं कन्दर्पहं शङ्करम्॥ २ ॥**

शङ्ख र चन्द्रमाझैं कान्ति, अत्यन्तै सुन्दर शरीर भएका, व्याघ्रचर्मको वस्त्र लगाउनुभएका, कालका समान [अथवा कालो रङ्गका] भयानक सर्पहरूका भूषण धारण गर्नेवाला, गङ्गा र चन्द्रमाका प्रेमी, काशीपति, कलियुगका पाप–समूहलाई नाश गर्नेवाला कल्याणका कल्पवृक्ष, गुणहरूका निधान र कामदेवलाई भस्म गर्नेवाला पार्वतीपति वन्दनीय शङ्करजीलाई म नमस्कार गर्दछु॥ २ ॥

**यो ददाति सतां शम्भुः कैवल्यमपि दुर्लभम्।**
**खलानां दण्डकृद्योऽसौ शङ्करः शं तनोतु मे॥ ३॥**

जसले सत्पुरुषहरूलाई अत्यन्तै दुर्लभ कैवल्यमुक्तिसम्म दिने गर्नुहुन्छ र जसले दुष्टहरूलाई दण्ड दिनुहुन्छ, उनै कल्याणकारी श्रीशम्भुले मेरो कल्याणको विस्तार गर्नुहोस्॥ ३॥

दो०— **लव निमेष परमानु जुग बरष कलप सर चंड।**
**भजसि न मन तेहि राम को कालु जासु कोदंड॥**

लव, निमेष, परमाणु, वर्ष, युग र कल्प जसको प्रचण्ड बाण छ र काल जसको धनुष छ, हे मन! तैले उनै श्रीरामलाई किन भज्दैनस्?

सो०— **सिंधु बचन सुनि राम सचिव बोलि प्रभु अस कहेउ।**
**अब बिलंबु केहि काम करहु सेतु उतरै कटकु॥**

समुद्रका वचन सुनेर प्रभु श्रीरामले मन्त्रीहरूलाई बोलाउनुभयो र यस्तो भन्नुभयो— अब विलम्ब के कारणले भएको छ? सेतु (पुल) तयार गर, जसबाट सेना तरून् (तर्न सकुन्)।

**सुनहु भानुकुल केतु जामवंत कर जोरि कह।**
**नाथ नाम तव सेतु नर चढ़ि भवसागर तरहिं॥**

जाम्बवान्ले हात जोडेर भने—हे सूर्यकुलका ध्वजास्वरूप (कीर्तिलाई बढाउने) श्रीरामजी! सुनिबक्सियोस्। हे नाथ! [सबैभन्दा ठूलो] पुल त हजुरको नाम नै छ, जसमा चढेर (जसको आश्रय लिएर) मनुष्य संसाररूपी समुद्रमा तर्न सक्छन्।

**यह लघु जलधि तरत कति बारा। अस सुनि पुनि कह पवनकुमारा॥**
**प्रभु प्रताप बड़वानल भारी। सोषेउ प्रथम पयोनिधि बारी॥**

फेरि यो सानो समुद्र पार गर्नलाई कति समय लाग्नेछ? यस्तो सुनेर फेरि पवनकुमार हनुमान्जीले भन्नुभयो—प्रभुको प्रताप समुद्रको आगोसमान छ। यसले पहिला समुद्रलाई सुकाएको थियो॥ १॥

**तव रिपु नारि रुदन जल धारा। भरेउ बहोरि भयउ तेहिं खारा॥**
**सुनि अति उकुति पवनसुत केरी। हरषे कपि रघुपति तन हेरी॥**

परन्तु हजुरका शत्रुहरूका स्त्रीका आँसुका धाराले यो फेरि भरियो र त्यसैले नुनिलो भएको छ। हनुमान्जीको यो अत्युक्ति (अलङ्कारपूर्ण युक्ति) सुनेर बाँदरहरू श्रीरघुनाथतर्फ हेरेर हर्षित भए॥ २॥

**जामवंत बोले दोउ भाई। नल नीलहि सब कथा सुनाई॥**
**राम प्रताप सुमिरि मन माहीं। करहु सेतु प्रयास कछु नाहीं॥**

जाम्बवान्ले नल-नील दुवै दाजुभाइहरूलाई बोलाएर उनलाई सबै कथा सुनाए [र भने— ] मनमा श्रीरामका प्रतापलाई स्मरण गरी पुल तयार गर, [रामप्रतापले] केही पनि परिश्रम हुनेछैन॥ ३॥

**बोलि लिए कपि निकर बहोरी। सकल सुनहु बिनती कछु मोरी॥**
**राम चरन पंकज उर धरहू। कौतुक एक भालु कपि करहू॥**

फेरि बाँदरहरूका समूहलाई बोलाए [र भने— ] तपाईंहरू सबैले मेरो केही बिन्ती सुन्नुहोस्। आफ्नो हृदयमा श्रीरामका चरण-कमललाई धारण गर्नुहोस् र सबै भालु र बाँदरले यौटा खेल खेल्नुहोस्॥ ४॥

**धावहु मर्कट बिकट बरूथा। आनहु बिटप गिरिन्ह के जूथा॥**
**सुनि कपि भालु चले करि हूहा। जय रघुबीर प्रताप समूहा॥**

विकट बाँदरका बथान (तपाईंहरू) दौडनुहोस् र वृक्ष तथा पर्वतका समूहलाई उखेलेर ल्याउनुहोस्। यस्तो सुनेर बाँदर र भालु (हुङ्कार) गरेर र श्रीरघुनाथको प्रतापसमूहको [अथवा प्रतापका पुञ्ज श्रीरामको] जय पुकार्दै हिँडे॥ ५॥

**✹ नल-नीलद्वारा पुल बनाउनु, श्रीरामले रामेश्वरको स्थापना गर्नु ✹**

दो०— **अति उतंग गिरि पादप लीलहिं लेहिं उठाइ।**
**आनि देहिं नल नीलहि रचहिं ते सेतु बनाइ॥ १॥**

धेरै अग्लाअग्ला पहाड र वृक्षहरूलाई खेलका झैं [उखेलेर] उठाई ल्याएका छन् र बारम्बार नल-नीललाई दिएका छन्। उनीहरूले अति नै राम्रो ढाँचाको पुल बनाएका छन्॥ १॥

**सैल बिसाल आनि कपि देहीं। कंदुक इव नल नील ते लेहीं॥**
**देखि सेतु अति सुंदर रचना। बिहसि कृपानिधि बोले बचना॥**

बाँदरले ठूलाठूला पहाडलाई ल्याएर दिएका छन् र नल-नीलले उसलाई भकुण्डोझैं लिएका छन्। पुलको अत्यन्तै सुन्दर बनावट देखेर कृपासिन्धु श्रीराम हाँसेर बोल्नुभयो— ॥ १॥

**परम रम्य उत्तम यह धरनी। महिमा अमित जाइ नहिं बरनी॥**
**करिहउँ इहाँ संभु थापना। मोरे हृदयँ परम कलपना॥**

यो (यहाँको) भूमि परम रमणीय र उत्तम छ। यसको असीम महिमालाई वर्णन गर्न सकिन्न। मैले यहाँ शिवजीलाई स्थापित गर्नेछु। मेरो हृदयमा यो महान् सङ्कल्प छ॥ २॥

**सुनि कपीस बहु दूत पठाए। मुनिबर सकल बोलि लै आए॥**
**लिंग थापि बिधिवत करि पूजा। सिव समान प्रिय मोहि न दूजा॥**

श्रीरामका वचन सुनेर बाँदरराज सुग्रीवले धेरै नै दूत पठाए, जसले सबै श्रेष्ठ मुनिहरूलाई बोलाएर ल्याए। शिवलिङ्गको स्थापना गरेर विधिपूर्वक त्यसको पूजन गर्नुभयो। [फेरि भगवान्‌ले भन्नुभयो— ] शिवजीसमान मलाई अर्को कोही प्रिय छैन॥ ३॥

**सिव द्रोही मम भगत कहावा। सो नर सपनेहुँ मोहि न पावा॥**
**संकर बिमुख भगति चह मोरी। सो नारकी मूढ़ मति थोरी॥**

जसले शिवसँग द्रोह राखेर मेरो भक्त कहलाउँछ, त्यस मनुष्यले स्वप्नमा पनि मलाई पाउँदैन। शङ्करजीसँग विरोध गरेर जसले मेरो भक्ति चाहन्छ, त्यो नरकगामी, मूर्ख र अल्पबुद्धिको हो॥ ४॥

**दो०— संकरप्रिय मम द्रोही सिव द्रोही मम दास।**
**ते नर करहिं कलप भरि घोर नरक महुँ बास॥ २॥**

जसलाई शङ्करजी प्रिय हुनुहुन्छ, परन्तु जो मेरो द्रोही छ; एवं जो शिवजीको द्रोही छ र मेरो दास [बन्न चाहन्छ] छ, त्यस्तो मनुष्य कल्पभर घोर नरकमा निवास गर्छ॥ २॥

**जे रामेस्वर दरसनु करिहहिं। ते तनु तजि मम लोक सिधरिहहिं॥**
**जो गंगाजलु आनि चढ़ाइहि। सो साजुज्य मुक्ति नर पाइहि॥**

जुन मनुष्यले [मैले स्थापना गरेका यिनै] रामेश्वरजीको दर्शन गर्नेछ, ऊ शरीर छोडेपछि मेरो लोकमा जानेछ र जसले गङ्गाजललाई ल्याएर यहाँ चढाउनेछ, त्यस्ता मनुष्यले सायुज्य-मुक्ति पाउनेछ (अर्थात् म सँग नै मिल्नेछ)॥ १॥

**होइ अकाम जो छल तजि सेइहि। भगति मोरि तेहि संकर देइहि॥**
**मम कृत सेतु जो दरसनु करिही। सो बिनु श्रम भवसागर तरिही॥**

जसले छल छोडेर र निष्काम भएर श्रीरामेश्वरको सेवा गर्नेछ, उसलाई शङ्करजीले मेरो भक्ति दिनुहुनेछ, अनि जसले मैले बनाएको पुलको दर्शन गर्नेछ, ऊ विनापरिश्रम नै संसाररूपी (अत्यन्त दुस्तर) समुद्रबाट तर्नेछ॥ २॥

**राम बचन सब के जिय भाए। मुनिबर निज निज आश्रम आए॥**
**गिरिजा रघुपति कै यह रीती। संतत करहिं प्रनत पर प्रीती॥**

श्रीरामका वचन सुनेर सबैको मनमा राम्रो लाग्यो। तदनन्तर श्रेष्ठ मुनिहरू आ-आफ्नो आश्रममा फर्के। [शिवजी भन्नुहुन्छ— ] हे पार्वती! श्रीरघुनाथको रीति छ कि उहाँले शरणागत-प्रति सधैं प्रीति गर्नुहुन्छ॥ ३॥

**बाँधा सेतु नील नल नागर। राम कृपाँ जसु भयउ उजागर॥**
**बूड़हिं आनहि बोरहिं जेई। भए उपल बोहित सम तेई॥**

चतुर नल र नीलले सेतु (पुल) बनाए। श्रीरामको कृपाले उनको यो [उज्ज्वल] यश सर्वत्र फैलियो। जुन ढुङ्गा आफू डुब्छन् र अर्कोलाई डुबाउँछन्, उनै जहाजका समान [स्वयं तर्नेवाला र अर्कोलाई तार्नेवाला] भए॥ ४॥

**महिमा यह न जलधि कइ बरनी। पाहन गुन न कपिन्ह कइ करनी॥**

यो न त समुद्रको महिमाको वर्णन हो, न ढुङ्गाहरूको गुण हो र न बाँदरहरूको नै कुनै कालिगड (कार्यकुशलता अथवा प्रभाव) को वर्णन हो॥ ५॥

**दो०— श्री रघुबीर प्रताप ते सिंधु तरे पाषान।**
**ते मतिमंद जे राम तजि भजहिं जाइ प्रभु आन॥ ३॥**

श्रीरघुवीरका प्रतापले ढुङ्गा पनि समुद्रमा तरे (उत्रे)। यस्ता श्रीरामलाई छोडेर जसले अरू कुनै स्वामीलाई गएर भज्दछ उसको [निश्चय नै] मन्दबुद्धि छ॥ ३॥

**बाँधि सेतु अति सुदृढ़ बनावा। देखि कृपानिधि के मन भावा॥**
**चली सेन कछु बरनि न जाई। गर्जहिं मर्कट भट समुदाई॥**

नल र नीलले पुल बनाएर त्यसलाई धेरै मजबुत बनाए। हेर्दाखेरि त्यो कृपानिधान श्रीरामलाई धेरै नै मन पर्‍यो। सेना हिँडे, जसको वर्णन हुन नै सक्तैन। योद्धा बाँदरका समूह गर्जेका छन्॥ १॥

**सेतुबंध ढिग चढ़ि रघुराई। चितव कृपाल सिंधु बहुताई॥**
**देखन कहुँ प्रभु करुना कंदा। प्रगट भए सब जलचर बृंदा॥**

कृपालु श्रीरघुनाथ सेतुबन्धको तटमा चढेर समुद्रको विस्तार हेर्न लाग्नुभयो। करुणाकन्द (करुणाका मूल) प्रभुको दर्शनको लागि सबै जलचरहरूका समूह प्रकट भए (जलदेखि माथि आए)॥ २॥

**मकर नक्र नाना झष ब्याला। सत जोजन तन परम बिसाला॥**
**अइसेउ एक तिन्हहि जे खाहीं। एकन्ह कें डर तेपि डेराहीं॥**

धेरै थरीका (उपजातिका) गोही, घडियाल (ठूला गोही), (सय योजन लामो तिमि नामको माछा र उसलाई निल्ने तिमिङ्गल माछा र उसलाई पनि सुलुक्क निल्न सक्ने राघव वा ह्वेल नामको माछा हुन्छ, यस्ता) माछा र सर्प थिए, जसका सय–सय योजनका धेरै ठूला विशाल शरीर थिए। केही यस्ता जन्तु पनि थिए, जसले उनीहरूलाई पनि खान्थे। कुनैकुनैको डरले त उनीहरू पनि डराइरहेका थिए॥ ३॥

**प्रभुहि बिलोकहिं टरहिं न टारे। मन हरषित सब भए सुखारे॥**
**तिन्ह कीं ओट न देखिअ बारी। मगन भए हरि रूप निहारी॥**

तिनीहरू सबै [वैर–विरोध भुलेर] प्रभुको दर्शन गरिरहेका छन्, हटाउँदा पनि हटेनन्। सबैको मन हर्षित छ; सबै सुखी भए। उनीहरूको आड (छाया) को कारण जल देखिंदैन। उनीहरू सबै भगवान्‌को रूप हेरेर [आनन्द र प्रेममा] मग्न भएका छन्॥ ४॥

**चला कटकु प्रभु आयसु पाई। को कहि सक कपि दल बिपुलाई॥**

प्रभु श्रीरामचन्द्रको आज्ञा पाएर सेना हिँडे। बाँदर सेनाको विपुलता (अत्यधिक सङ्ख्या) लाई कसले भन्न सक्तछ?॥ ५॥

दो०— **सेतु बंध भइ भीर अति कपि नभ पंथ उड़ाहिं।**
**अपर जलचरन्हि ऊपर चढ़ि चढ़ि पारहि जाहिं॥ ४॥**

सेतुबन्धमा धेरै भीड भयो, यसैले केही बाँदर आकाश मार्गबाट उड्न लागे र अन्य (कैयौं) जलचर जीवमा चढेर पारि गइरहेका छन्॥ ४॥

## * श्रीराम सेनासहित समुद्रपारि उत्रनु, सुबेल पहाडमा निवास, रावणको व्याकुलता *

**अस कौतुक बिलोकि द्वौ भाई। बिहँसि चले कृपाल रघुराई॥**
**सेन सहित उतरे रघुबीरा। कहि न जाइ कपि जूथप भीरा॥**

कृपालु श्रीरघुनाथजी [तथा लक्ष्मणजी] दुवै भाइ यस्तो कौतुक देखेर हाँस्दै हिँड्नुभयो। श्रीरघुवीर सेनासहित समुद्रको पारिपट्टि आउनुभयो। बाँदर र उनीहरूका सेनापतिहरूको भीडलाई भन्न नै सकिंदैन॥ १॥

**सिंधु पार प्रभु डेरा कीन्हा। सकल कपिन्ह कहुँ आयसु दीन्हा॥**
**खाहु जाइ फल मूल सुहाए। सुनत भालु कपि जहँ तहँ धाए॥**

प्रभुले समुद्रको पारि मुकाम (शिविर) बनाउनुभयो र सबै बाँदरलाई आज्ञा दिनुभयो कि तिमीहरू गएर सुन्दर फल-मूल खाओ। यस्तो सुन्दा नै भालु-बाँदर जतासुकै दौडिहाले॥ २॥

**सब तरु फरे राम हित लागी। रितु अरु कुरितु काल गति त्यागी॥**
**खाहिं मधुर फल बिटप हलावहिं। लंका सन्मुख सिखर चलावहिं॥**

श्रीरामको हित (सेवा) को लागि सबै वृक्ष ऋतु-कुऋतु—समयको गतिलाई छोडेर फल फले। बाँदर-भालुले मीठामीठा फल खाइरहेका छन्, वृक्षहरूलाई हल्लाइरहेका छन् र पर्वतका शिखरहरूलाई लङ्कातर्फ फालिरहेका छन्॥ ३॥

**जहँ कहुँ फिरत निसाचर पावहिं। घेरि सकल बहु नाच नचावहिं॥**
**दसनन्हि काटि नासिका काना। कहि प्रभु सुजसु देहिं तब जाना॥**

घुम्दै-फिर्दै जहाँ कहीं कुनै राक्षसलाई पाउँछन्, त्यस समयमा उसलाई घेरेर खुब नाच नचाउँछन् र दाँतले त्यसका नाक-कान टोकेर, प्रभुको सुयश भन्न लगाएर उसलाई जान दिन्छन्॥ ४॥

**जिन्ह कर नासा कान निपाता। तिन्ह रावनहि कही सब बाता॥**
**सुनत श्रवन बारिधि बंधाना। दस मुख बोलि उठा अकुलाना॥**

जुन राक्षसका नाक-कान काटिएका (टोकेका) छन्, उनीहरूले सबै समाचार रावणलाई सुनाए। समुद्रमा पुल बनाएको जान्यो र कानले सुन्दा नै रावण अत्तालिएर दश मुखबाट* नै बोल्यो— ॥ ५॥

दो०— **बाँध्यो बननिधि नीरनिधि जलधि सिंधु बारीस।**
**सत्य तोयनिधि कंपति उदधि पयोधि नदीस॥ ५॥**

वननिधि, नीरनिधि, जलधि, सिंधु, वारीश, तोयनिधि, कम्पति, उदधि, पयोधिले नदीशलाई† के सत्य नै बाँधे (पुल बनाए)॥ ५॥

## ✹ रावणलाई मन्दोदरीले सम्झाउनु, रावण-प्रहस्त-संवाद ✹

**निज बिकलता बिचारि बहोरी। बिहँसि गयउ गृह करि भय भोरी॥**
**मंदोदरीं सुन्यो प्रभु आयो। कौतुकहीं पाथोधि बँधायो॥**

---

* रावणका दश मुख थिए, तर बोल्दथ्यो एक समय एउटा नै मुखले। यस समयमा समुद्र-बन्धनरूपी दुष्कर कर्म सुनेर अत्तालियो, चित्त विशेष भ्रमित भयो, यसै कारणले समाचार दिनेसँग उसले एक साथ नै दशवटा मुखले नै समुद्रको एक-एक नाम लिँदै सोध्न लाग्यो कि के सत्य नै यस्तो भएको छ?

† नीर, वारि, तोय, कं० उद् र पय सबैको अर्थ जल हुन्छ। (मानस-पीयूषबाट उद्धृत)

फेरि आफ्नो व्याकुलतालाई सम्झेर [बाहिरी रूपमा] हाँस्दै, भयलाई भुलाउँदै, रावण महलमा गयो। [जब] मन्दोदरीले सुनी कि प्रभु श्रीराम आउनुभएको छ र उहाँले ख्यालख्याल–(विनाप्रयास) मै समुद्रलाई बाँध्नुभयो,॥ १॥

**कर गहि पतिहि भवन निज आनी। बोली परम मनोहर बानी॥**
**चरन नाइ सिरु अंचलु रोपा। सुनहु बचन पिय परिहरि कोपा॥**

[अनि] उसले हात समातेर, पतिलाई आफ्नो महलमा ल्याएर परम मनोहर वाणी बोली। चरणमा शिर निहुराएर उसले आफ्नो आँचल (सारी वा पछ्यौराका) किनारा फैलाई र भनी— हे प्रियतम! क्रोधलाई त्याग गरिबक्सेर मेरा वचन सुनिबक्सियोस्॥ २॥

**नाथ बयरु कीजे ताही सों। बुधि बल सकिअ जीति जाही सों॥**
**तुम्हहि रघुपतिहि अंतर कैसा। खलु खद्योत दिनकरहि जैसा॥**

हे नाथ! वैर उससँग गर्नुपर्छ, जसलाई बुद्धि र बलले जित्न सकिन्छ। हजुरमा र श्रीरघुनाथमा निश्चय नै कस्तो अन्तर छ, जस्तै जुनकिरी र सूर्यमा!॥ ३॥

**अतिबल मधु कैटभ जेहिं मारे। महाबीर दितिसुत संघारे॥**
**जेहिं बलि बाँधि सहसभुज मारा। सोइ अवतरेउ हरन महि भारा॥**

जसले [विष्णुरूपमा] अत्यन्त बलवान् मधु र कैटभ [दैत्य] लाई मार्नुभयो र [वराह र नृसिंहरूपमा] महान् शूरवीर दितिका पुत्र (हिरण्याक्ष र हिरण्यकशिपु) लाई संहार गर्नुभयो; जसले [वामनरूपमा] बलिलाई बाँध्नुभयो र [परशुरामरूपमा] सहस्त्रबाहुलाई मार्नुभयो, उनै [भगवान्] पृथ्वीको भार हरण गर्नलाई [रामरूपमा] अवतीर्ण (प्रकट) हुनुभएको छ!॥ ४॥

**तासु बिरोध न कीजिअ नाथा। काल करम जिव जाकें हाथा॥**

हे नाथ! उहाँसँग विरोध नगरिबक्सियोस्, जसको हातमा काल, कर्म र जीव सबै छन्॥ ५॥

**दो०— रामहि सौंपि जानकी नाइ कमल पद माथ।**
**सुत कहुँ राज समर्पि बन जाइ भजिअ रघुनाथ॥ ६॥**

[श्रीरामका] चरणकमलमा शिर निहुराएर (उहाँको शरणमा गएर) उहाँसमक्ष जानकीजीलाई सुम्पिबक्सियोस् र हजुरले पुत्रलाई राज्य दिएर वनमा गई श्रीरघुनाथको भजन गरिबक्सियोस्॥ ६॥

**नाथ दीनदयाल रघुराई। बाघउ सनमुख गएँ न खाई॥**
**चाहिअ करन सो सब करि बीते। तुम्ह सुर असुर चराचर जीते॥**

हे नाथ! श्रीरघुनाथ त दीनहरूलाई दया गर्नेवाला हुनुहुन्छ। सम्मुख (शरण) गएपछि त बाघले पनि खाँदैन। हजुरले जे–जति गर्नु पर्थ्यो, त्यो सबै हजुरले गरिसकिबक्सियो। हजुरले देवता, राक्षस तथा चर–अचर सबैलाई जितिबक्सियो॥ १॥

**संत कहहिं असि नीति दसानन। चौथेंपन जाइहि नृप कानन॥**
**तासु भजनु कीजिअ तहँ भर्ता। जो कर्ता पालक संहर्ता॥**

हे दशमुख! सन्तजनले यस्तो नीति भन्दछन् कि चौथोपन (वृद्धावस्था) मा राजाले राज्य त्याग गरेर वनमा जानुपर्छ। हे स्वामी! वहाँ (वनमा) हजुरले उहाँको भजन गरिबक्सियोस् जुन सृष्टिलाई रच्नेवाला, पाल्नेवाला र संहार गर्नेवाला हुनुहुन्छ॥ २॥

**सोइ रघुबीर प्रनत अनुरागी। भजहु नाथ ममता सब त्यागी॥**
**मुनिबर जतनु करहिं जेहि लागी। भूप राजु तजि होहिं बिरागी॥**

हे नाथ! हजुरले विषयहरूका सबै ममतालाई छोडेर उनै शरणागतप्रति प्रेम गर्नेवाला भगवान्को भजन गरिबक्सियोस्। जसको लागि श्रेष्ठ मुनिले अनेक प्रकारका साधन गर्छन् र राजा राज्य छोडेर वैरागी हुन्छन्— ॥ ३॥

**सोइ कोसलाधीस रघुराया। आयउ करन तोहि पर दाया॥**
**जौं पिय मानहु मोर सिखावन। सुजसु होइ तिहुँ पुर अति पावन॥**

उनै कोसलाधीश श्रीरघुनाथ हजुरलाई दया गर्न आउनुभएको छ। हे प्रियतम! यदि हजुरले मेरो उपदेश मानिबक्सियो भने हजुरको अत्यन्त पवित्र र सुन्दर यश तीनै लोकमा फैलिनेछ॥ ४॥

दो०— **अस कहि नयन नीर भरि गहि पद कंपित गात।**
**नाथ भजहु रघुनाथहि अचल होइ अहिवात॥ ७॥**

यस्तो भनेर, नेत्रमा [करुणाका] जल भरेर र पतिका चरण समातेर, काँप्दै मन्दोदरीले भनी— हे नाथ! श्रीरघुनाथको भजन गरिबक्सियोस्, जसले मेरो सिन्दूर (स्त्री सधवा रहने अवस्था) अचल हुनेछ॥ ७॥

**तब रावन मयसुता उठाई। कहै लाग खल निज प्रभुताई॥**
**सुनु तैं प्रिया बृथा भय माना। जग जोधा को मोहि समाना॥**

फेरि रावणले मन्दोदरीलाई उठायो र त्यो दुष्टले उससँग आफ्नो प्रभुता भन्न लाग्यो— हे प्रिये! सुन, तिमीले व्यर्थ नै भय मानेकी छ्यौ। भन त जगत्मा मसमानको योद्धा को छ?॥ १॥

**बरुन कुबेर पवन जम काला। भुज बल जितेउँ सकल दिगपाला॥**
**देव दनुज नर सब बस मोरें। कवन हेतु उपजा भय तोरें॥**

वरुण, कुबेर, पवन, यमराज आदि सबै दिक्पाल (दसै दिशालाई पालन गर्ने देवता) तथा काललाई पनि मैले आफ्ना भुजाहरूको बलले जितेको छु। देवता, दानव र मनुष्य सबै मेरो वशमा छन्। फेरि तिमीलाई यस्तो भय के कारणले उत्पन्न भयो?॥ २॥

**नाना बिधि तेहि कहेसि बुझाई। सभाँ बहोरि बैठ सो जाई॥**
**मंदोदरीं हृदयँ अस जाना। काल बस्य उपजा अभिमाना॥**

मन्दोदरीले उसलाई धेरै प्रकारले सम्झाएर भनी [किन्तु रावणले उसको एउटा पनि कुरा सुनेन] र ऊ फेरि सभामा गएर बस्यो। मन्दोदरीले हृदयमा यस्तो जानी कि कालको वश हुनाले पतिलाई अभिमान भएको छ॥ ३॥

**सभाँ आइ मंत्रिन्ह तेहिं बूझा। करब कवन बिधि रिपु सैं जूझा॥**
**कहहिं सचिव सुनु निसिचर नाहा। बार बार प्रभु पूछहु काहा॥**

सभामा आएर उसले मन्त्रीहरूसँग सोध्यो कि शत्रुका साथ कुन प्रकारले युद्ध गर्नुपर्छ? मन्त्रीले भन्न लागे—हे राक्षसहरूका नाथ! हे प्रभु! सुन्नुहोस्, हजुरले बारम्बार किन सोध्नुहुन्छ?॥ ४॥

**कहहु कवन भय करिअ बिचारा। नर कपि भालु अहार हमारा॥**

भन्नुहोस् त [यस्तो] कुन ठूलो भय छ, जसलाई विचार गर्नुपर्‍यो? (भयको कुरा नै के हो?) मनुष्य र बाँदर—भालु त हाम्रो भोजन [का सामग्री] हुन्॥ ५॥

दो०— **सब के बचन श्रवन सुनि कह प्रहस्त कर जोरि।**
**नीति बिरोध न करिअ प्रभु मंत्रिन्ह मति अति थोरि॥ ८॥**

कानले सबैका कुरा सुनेर [रावणको पुत्र] प्रहस्तले हात जोडेर भन्न लाग्यो—हे प्रभु! नीतिको विरुद्ध केही पनि गर्नुहुँदैन, मन्त्रीहरूमा अल्प बुद्धि छ॥ ८॥

**कहहिं सचिव सठ ठकुरसोहाती। नाथ न पूर आव एहि भाँती॥**
**बारिधि नाघि एक कपि आवा। तासु चरित मन महुँ सबु गावा॥**

यी सबै मूर्ख मन्त्रीले खुसामद (चाप्लुसी) गरेर भनेका छन्। हे नाथ! यस्ता प्रकारको कुराले लक्ष्य पूरा हुँदैन। (पहिला) एउटा बाँदर मात्र समुद्र नाघेर आएको थियो। जसको चरित्र सबै जनाले अहिले पनि मनमनै स्मरण गर्छन्॥ १॥

**छुधा न रही तुम्हहि तब काहू। जारत नगरु कस न धरि खाहू॥**
**सुनत नीक आगें दुख पावा। सचिवन अस मत प्रभुहि सुनावा॥**

त्यस समयमा तिमीहरूलाई कसलाई भोक लागेको थिएन? [बाँदर त तिम्रो लागि भोजन नै हुन्, फेरि] नगर जलाउने समयमा उसलाई समातेर किन खाएनौ? यी मन्त्रीहरूले स्वामी (हजुर) लाई यस्तो सम्मति सुनाएका छन् कि जुन सुन्दाखेरि राम्रा छन्, तर जसले भविष्यमा दुःख पाउनुपर्नेछ॥ २॥

**जेहिं बारीस बँधायउ हेला। उतरेउ सेन समेत सुबेला॥**
**सो भनु मनुज खाब हम भाई। बचन कहहिं सब गाल फुलाई॥**

जसले अनायास नै (ख्यालख्यालमै) समुद्रमा पुल बनाए र जुन सेनासहित सुबेलपर्वतमा आएका छन्। हे भाइ! भन उनी मनुष्य हुन्, जसलाई भन्दछौ कि हामीले खानेछौं? सबैले गफाडी भएर (बौलाहाको झैं) वचन भनिरहेका छौ!॥ ३॥

**तात बचन मम सुनु अति आदर। जनि मन गुनहु मोहि करि कादर॥**
**प्रिय बानी जे सुनहिं जे कहहीं। ऐसे नर निकाय जग अहहीं॥**

हे पिताजी! मेरा वचनहरूलाई धेरै आदरले सुनिबक्सियोस्। मलाई कायर नसम्झिबक्सिएला। जगत्मा यस्ता मनुष्य अत्यन्त धेरै छन्, जसले प्यारा (मुखमा मीठो लाग्ने वचन, चाप्लुसी) कुरा नै सुन्दछन् र भन्दछन्॥ ४॥

**बचन परम हित सुनत कठोरे। सुनहिं जे कहहिं ते नर प्रभु थोरे॥**
**प्रथम बसीठ पठउ सुनु नीती। सीता देइ करहु पुनि प्रीती॥**

हे प्रभु! सुन्दाखेरि कठोर परन्तु [परिणाममा] परम हितकारी वचन जसले सुन्दछन् र भन्दछन्, त्यस्ता मनुष्य साह्रै थोरै छन्। नीति सुनिबक्सियोस्, [उसैको अनुसार] पहिला दूत पठाइबक्सियोस् र [फेरि] सीतालाई सुम्पिएर श्रीरामसँग प्रीति [मेल] गरिबक्सियोस्॥ ५॥

**दो०— नारि पाइ फिरि जाहिं जौं तौ न बढ़ाइअ रारि।**
**नाहिं त सन्मुख समर महि तात करिअ हठि मारि॥ ९॥**

यदि उनी पत्नी पाएर फर्के भने, त्यसमा [व्यर्थ] झगडा नबढाइबक्सियोस्। हैन भने (यदि नफर्केमा) हे पिताजी! सम्मुख युद्धभूमिमा उनीसँग हठपूर्वक (डटेर) मारकाट गरिबक्सियोस्॥ ९॥

**यह मत जौं मानहु प्रभु मोरा। उभय प्रकार सुजसु जग तोरा॥**
**सुत सन कह दसकंठ रिसाई। असि मति सठ केहिं तोहि सिखाई॥**

हे प्रभु! यदि हजुरले मेरो कुरा (सम्मति) मानिबक्सियो भने जगत्मा दुवै प्रकारले हजुरको सुयश हुनेछ। रावणले क्रोधमा भरिएर छोरासँग भन्यो—हे मूर्ख! तँलाई यस्तो बुद्धि कसले सिकाएको हो?॥ १॥

**अबहीं ते उर संसय होई। बेनुमूल सुत भयहु घमोई॥**
**सुनि पितु गिरा परुष अति घोरा। चला भवन कहि बचन कठोरा॥**

अहिलेदेखि नै हृदयमा सन्देह (भय) भइरहेको छ? हे पुत्र! तँ त बाँसको जरामा घमोई* भइस् (तँ मेरो वंशको अनुकूल या अनुरूप भइनस्)। पिताका अत्यन्तै घोर र कठोर वाणी सुनेर प्रहस्त यस्ता कडा वचन भन्दै घरमा गइहाल्यो॥ २॥

**हित मत तोहि न लागत कैसें। काल बिबस कहुँ भेषज जैसें॥**
**संध्या समय जानि दससीसा। भवन चलेउ निरखत भुज बीसा॥**

हितको सल्लाह हजुरलाई कसरी राम्रो लाग्दैन, जसरी मृत्युको वशमा भएको [रोगी] लाई औषधि लाग्दैन। सन्ध्याको समय जानेर रावणले आफ्ना बीसवोटा भुजालाई हेर्दै महलमा गयो॥ ३॥

**लंका सिखर उपर आगारा। अति बिचित्र तहँ होइ अखारा॥**
**बैठ जाइ तेहिं मंदिर रावन। लागे किंनर गुन गन गावन॥**

---

* **घमोई**—विभिन्न मत मध्ये एक मत यस्तो छ कि (अयोध्याका प्रसिद्ध रामायणी) रामबालकदासजी भन्नुहुन्छ कि बाँसको मूलमा घाँससँगै यो पनि जम्दछ, तर यो धेरै नै तुच्छ र कोमल हुन्छ, लौराले छुने-बित्तिकै भाँचिन्छ।

सत्यनाशी बिरुवाको सम्बन्ध बाँसमा देखिदैन। यदि 'घमोई' को अर्थ सत्यनाशी, कटीला आदि लिने हो भने 'बेनमूलमा घमोई' भयो, यसको भाव यस्तो हुन्छ कि—मेरो पुत्र भएर तैंले वीरहरूको जस्तो वचन बोल्नुपर्दथ्यो, तर बाँस कठोर हुन्छ र घमोई कस्तो कोमल र सानो लौराले हान्ने बित्तिकै भाँचिन्छ। प्रहस्तलाई तुच्छता देखाउनको लागि उसलाई घमोई र आफूलाई बाँस भनेको हो। (पु०रा०कु०) (मानस-पीयूषबाट उद्धृत)

लङ्काको टाकुरामा एक अत्यन्त विचित्र महल थियो। त्यहाँ नाच–गानको अखडा (केन्द्र) थियो। रावण त्यस महलमा गएर बस्यो। किन्नरले उसको गुणसमूहलाई गाउन लागे॥ ४॥

**बाजहिं ताल पखाउज बीना। नृत्य करहिं अपछरा प्रबीना॥**

कठताल, मृदङ्ग र वीणा बजिरहेका छन्। नृत्यमा प्रवीण अप्सराहरू नाचिरहेका छन्॥ ५॥

दो०— **सुनासीर सत सरिस सो संतत करइ बिलास।**
**परम प्रबल रिपु सीस पर तद्यपि सोच न त्रास॥ १०॥**

उसले निरन्तर सयौं इन्द्रका समान भोग–विलास गरिरहन्थ्यो। यद्यपि [श्रीराम–समानको] अत्यन्तै प्रबल शत्रु शिरमा हुनुहुन्छ, तर पनि उसलाई न चिन्ता छ र न डर नै छ॥ १०॥

## ❋ सुबेलमा श्रीरामको झाँकी र चन्द्रोदय-वर्णन ❋

**इहाँ सुबेल सैल रघुबीरा। उतरे सेन सहित अति भीरा॥**
**सिखर एक उतंग अति देखी। परम रम्य सम सुभ्र बिसेषी॥**

यहाँ श्रीरघुवीर सुबेल पर्वतमा सेनाको ठूलो भीडका साथ उत्रनु (आउनु) भयो। पर्वतमा एक अग्लो, परम रमणीय, समतल र विशेषरूपले उज्ज्वल शिखर देखेर— ॥ १॥

**तहँ तरु किसलय सुमन सुहाए। लछिमन रचि निज हाथ डसाए॥**
**ता पर रुचिर मृदुल मृगछाला। तेहिं आसन आसीन कृपाला॥**

त्यहाँ लक्ष्मणजीले वृक्षका कोमल पात र सुन्दर फूल आफ्नो हातले सजाएर बिछ्याउनुभयो, फेरि [माया–मृग मारीचको] सुन्दर कोमल मृगछाला बिछ्याउनुभयो। त्यही आसनमा कृपालु श्रीराम विराजमान हुनुभयो॥ २॥

**प्रभु कृत सीस कपीस उछंगा। बाम दहिन दिसि चाप निषंगा॥**
**दुहुँ कर कमल सुधारत बाना। कह लंकेस मंत्र लगि काना॥**

प्रभु श्रीरामले बाँदरराज सुग्रीवको काखमा आफ्नो शिर राख्नुभएको छ। उनको बायाँतर्फ धनुष तथा दायाँतर्फ तरकस [राख्नुभएको] छ। उहाँले आफ्ना दुवै कर–कमलले बाण सुधार गरिरहनु–भएको छ। विभीषणजीका कानमा जोडिएर कानेखुसी (सल्लाह) गरिरहनुभएको छ॥ ३॥

**बड़भागी अंगद हनुमाना। चरन कमल चापत बिधि नाना॥**
**प्रभु पाछें लछिमन बीरासन। कटि निषंग कर बान सरासन॥**

परम भाग्यशाली अङ्गद र हनुमान्‌जीले अनेकौं प्रकारले प्रभुका चरणकमलको सेवा गरिरहनु–भएको छ। लक्ष्मणजीले कम्मरमा तरकस (ठोक्रो) बाँध्नुभएको छ र हातमा धनुष–बाण लिएर वीरासनले प्रभुका पछिल्तिर सुशोभित हुनुहुन्छ॥ ४॥

दो०— **एहि बिधि कृपा रूप गुन धाम रामु आसीन।**
**धन्य ते नर एहिं ध्यान जे रहत सदा लयलीन॥ ११ (क)॥**

यस प्रकार कृपा, रूप (सौन्दर्य) र गुणहरूका धाम श्रीराम विराजमान हुनुहुन्छ। ती मनुष्य धन्य छन् जसले सधैं यस ध्यानमा चित्त लगाइरहन्छन्॥ ११ (क)॥

**पूरब दिसा बिलोकि प्रभु देखा उदित मयंक।**
**कहत सबहि देखहु ससिहि मृगपति सरिस असंक॥ ११ ( ख )॥**

पूर्व दिशातर्फ हेरेर प्रभु श्रीरामले चन्द्रमा उदय भएको देख्नुभयो। फेरि उहाँले सबैसँग भन्न लाग्नुभयो— चन्द्रमालाई त हेर। कस्तो सिंहका समान निडर छ!॥ ११ (ख)॥

**पूरब दिसि गिरिगुहा निवासी। परम प्रताप तेज बल रासी॥**
**मत्त नाग तम कुंभ बिदारी। ससि केसरी गगन बन चारी॥**

पूर्व दिशारूपी पर्वतको ओढार (गुफा) मा रहने, अत्यन्त प्रताप, तेज र बलको राशि यो चन्द्रमारूपी सिंह अन्धकाररूपी मत्त (मत्ता) हात्ती को शिरलाई विदीर्ण गरेर आकाशरूपी वनमा निर्भय भ्रमण गरिरहेको छ॥ १॥

**बिथुरे नभ मुकुताहल तारा। निसि सुंदरी केर सिंगारा॥**
**कह प्रभु ससि महुँ मेचकताई। कहहु काह निज निज मति भाई॥**

आकाशमा फैलिएका (छरिएका) तारा मोतीहरूसमान छन्, जुन रात्रिरूपी सुन्दर स्त्रीका शृङ्गार हुन्। प्रभुले भन्नुभयो— भाइहरू हो! चन्द्रमामा जुन कालोपन छ त्यो के हो? आ–आफ्नो बुद्धिअनुसार भन॥ २॥

**कह सुग्रीव सुनहु रघुराई। ससि महुँ प्रगट भूमि कै झाँई॥**
**मारेउ राहु ससिहि कह कोई। उर महँ परी स्यामता सोई॥**

सुग्रीवले भने— हे रघुनाथजी! सुनिबक्सियोस्। चन्द्रमामा पृथ्वीको छाया देखिएको छ। कुनैले भने— चन्द्रमालाई राहुले हानेको थियो। त्यही [चोटको] कालो दाग हृदयमा बसेको छ॥ ३॥

**कोउ कह जब बिधि रति मुख कीन्हा। सार भाग ससि कर हरि लीन्हा॥**
**छिद्र सो प्रगट इंदु उर माहीं। तेहि मग देखिअ नभ परिछाहीं॥**

कुनैले भन्दछन् कि— जब ब्रह्माजीले [कामदेवकी स्त्री] रतिको मुख बनाउनुभयो, त्यतिखेर उहाँले चन्द्रमाको सार भाग निकाल्नुभयो [जसले रतिको मुख त परम सुन्दर भयो, परन्तु चन्द्रमाको हृदयमा प्वाल पर्‍यो]। त्यही प्वाल चन्द्रमाको हृदयमा वर्तमान समयसम्म छ, जसको चर (प्वाल) बाट आकाशको कालो छाया त्यसमा देखिने गर्छ॥ ४॥

**प्रभु कह गरल बंधु ससि केरा। अति प्रिय निज उर दीन्ह बसेरा॥**
**बिष संजुत कर निकर पसारी। जारत बिरहवंत नर नारी॥**

प्रभु श्रीरामले भन्नुभयो— विष चन्द्रमाको अत्यन्त प्यारो भाइ हो। यसैले उसले विषलाई आफ्नो हृदयमा स्थान दिएको छ। विषयुक्त आफ्ना किरणसमूहलाई फैलाएर उसले वियोगी नर–नारीलाई जलाइरहन्छ (ताप–पीडा दिन्छ)॥ ५॥

दो०— **कह हनुमंत सुनहु प्रभु ससि तुम्हार प्रिय दास।**
**तव मूरति बिधु उर बसति सोइ स्यामता अभास॥ १२ ( क )॥**

हनुमान्‌जीले भन्नुभयो—हे प्रभु! सुनिबक्सियोस्, चन्द्रमा हजुरको प्रिय दास हो। हजुरको सुन्दर श्याममूर्ति चन्द्रमाको हृदयमा बस्दछ, त्यही श्यामताको झलक चन्द्रमामा छ॥ १२ (क)॥

**नवाहपारायण, सातौं विश्राम**

**पवन तनय के बचन सुनि बिहँसे रामु सुजान।**
**दच्छिन दिसि अवलोकि प्रभु बोले कृपानिधान॥ १२ ( ख )॥**

पवनपुत्र हनुमान्‌जीका वचन सुनेर सुजान श्रीराम हाँस्नुभयो। फेरि दक्षिणतर्फ हेरेर कृपानिधान प्रभु बोल्नुभयो— ॥ १२ (ख)॥

**देखु बिभीषन दच्छिन आसा। घन घमंड दामिनी बिलासा॥**
**मधुर मधुर गरजइ घन घोरा। होइ बृष्टि जनि उपल कठोरा॥**

हे विभीषण! दक्षिण दिशातर्फ हेर, बादल, कसरी घुमिरहेको छ र बिजुली चम्केको छ। भयानक बादल (मीठो) हलुङ्गो स्वरले गर्जिरहेको छ कहीं कठोर असिनाको वर्षा नहोस्!॥ १॥

**कहत बिभीषन सुनहु कृपाला। होइ न तड़ित न बारिद माला॥**
**लंका सिखर उपर आगारा। तहँ दसकंधर देख अखारा॥**

विभीषण बोले—हे कृपालु! सुनिबक्सियोस्, यो न बिजुली हो, न बादलको समूह। लङ्काको शिखरमा एउटा महल छ। दशग्रीव रावणले त्यहाँ [नाच-गानको] अखडा हेरिरहेको छ॥ २॥

**छत्र मेघडंबर सिर धारी। सोइ जनु जलद घटा अति कारी॥**
**मंदोदरी श्रवन ताटंका। सोइ प्रभु जनु दामिनी दमंका॥**

रावणले शिरमा मेघडंबर* धारण गरिरहेको छ। उही मानौं बादलको कालो मुस्लो हो। मन्दोदरीको कानमा जुन कर्णफूल हल्लिरहेका छन्, हे प्रभु! उही मानौं बिजुली चम्किरहेको छ॥ ३॥

**बाजहिं ताल मृदंग अनूपा। सोइ रव मधुर सुनहु सुरभूपा॥**
**प्रभु मुसुकान समुझि अभिमाना। चाप चढ़ाइ बान संधाना॥**

हे देवताहरूका सम्राट्! सुनिबक्सियोस्, अनुपम ताल र मृदङ्ग बजिरहेका छन् (वा मृदङ्ग अनुपम तालले बजिरहेका छन्), उही मधुर (मीठो) ध्वनि [गर्जना] हो। रावणको अभिमान सम्झेर प्रभु मुस्कुराउनुभयो। उहाँले धनुष उठाएर त्यसमा बाण-सन्धान (धनुषमा बाण राखेर लक्ष्य गर्नु, निशाना लगाउनु, बाण चलाउने क्रिया) गर्नुभयो॥ ४॥

---

* ठूलो चँदुवा, शामियाना, दलबादल, एक प्रकारको छाता। मेघडंबर छातामा घनघटाको (घटाटोपको) भ्रम भन्नाले पाइएको छ कि मेघडंबर छत्र मेघसदृश कालो र धेरै लामो तथा चौडाइको छ। जलवृष्टि-निरोधक हुनाले यो नाम भयो। (मानस-पीयूषबाट उद्धृत गरिएको)

*** श्रीरामको बाणले रावणका मुकुट-छत्रादिहरू खस्नु ***

**दो०— छत्र मुकुट ताटंक तब हते एकहीं बान।**
**सब कें देखत महि परे मरमु न कोऊ जान॥ १३ (क)॥**

र एउटै बाणले [रावणका] छत्र-मुकुट र [मन्दोदरीका] कर्णफूल काटेर खसाल्नुभयो। सबैले हेर्दाहेर्दै ती जमिनमा आएर खसे, तर यसको भेद (कारण) कसैले पनि जानेनन्॥ १३ (क)॥

**अस कौतुक करि राम सर प्रबिसेउ आइ निषंग।**
**रावन सभा ससंक सब देखि महा रसभंग॥ १३ (ख)॥**

यस्तो चमत्कार गरेर श्रीरामको बाण [फर्केर] आयो [फेरि] तरकसमा गएर पस्यो। यस्तो महान् रस-भङ्ग (रङ्गमा भङ्ग) देखेर रावणको सबै सभा भयभीत भयो॥ १३ (ख)॥

**कंप न भूमि न मरुत बिसेषा। अस्त्र सस्त्र कछु नयन न देखा॥**
**सोचहिं सब निज हृदय मझारी। असगुन भयउ भयंकर भारी॥**

न भूकम्प गएको छ, न धेरै वेगले हावा (आँधी) नै चलेको छ, न कुनै अस्त्र-शस्त्र नै नेत्रले देखेका छन्। [फेरि यी छत्र, मुकुट र कर्णफूल कसरी काटिएर खसे?] सबैले आ-आफ्नो हृदयमा सोचिरहेका छन् कि यस्तो ठूलो अपशकुन भयो!॥ १॥

**दसमुख देखि सभा भय पाई। बिहसि बचन कह जुगुति बनाई॥**
**सिरउ गिरे संतत सुभ जाही। मुकुट परे कस असगुन ताही॥**

सभालाई भयभीत देखेर रावणले हाँसेर युक्ति रचेर यस्तो वचन भन्यो— शिरहरू खस्नु पनि जसको लागि निरन्तर शुभ भइरहेको हुन्छ, उसको लागि मुकुट खस्नु अपशकुन कसरी?॥ २॥

**सयन करहु निज निज गृह जाई। गवने भवन सकल सिर नाई॥**
**मंदोदरी सोच उर बसेऊ। जब ते श्रवनपूर महि खसेऊ॥**

आ-आफ्नो घरमा गएर शयन गर [डराउने कुनै कुरा छैन], अनि सबै जना शिर निहुराएर घरमा गए। जहिलेदेखि कर्णफूल जमिनमा खसेको थियो, तहिलेदेखि मन्दोदरीको हृदयमा चिन्ताले निवास गर्‍यो॥ ३॥

**सजल नयन कह जुग कर जोरी। सुनहु प्रानपति बिनती मोरी॥**
**कंत राम बिरोध परिहरहू। जानि मनुज जनि हठ मन धरहू॥**

गहभरी आँसु भर्दै र दुवै हात जोडेर ऊ [रावणसँग] बोल्न लागी— हे प्राणनाथ! मेरो बिन्ती सुनिबक्सियोस्। हे प्रियतम! श्रीरामसँग विरोध छोडिबक्सियोस्। उहाँलाई मनुष्य जानेर मनमा हठ नगरिबक्सियोस्॥ ४॥

*** मन्दोदरीले फेरि रावणलाई सम्झाउनु र श्रीरामको महिमा भन्नु ***

**दो०— बिस्वरूप रघुबंस मनि करहु बचन बिस्वासु।**
**लोक कल्पना बेद कर अंग अंग प्रति जासु॥ १४॥**

मेरा यी वचनहरूलाई विश्वास गरिबक्सियोस् (स्त्रीको वचनलाई कसरी विश्वास गर्ने भनेर शङ्का नगरिबक्सियोस्) कि उनै रघुकुलका शिरोमणि श्रीरामचन्द्र विश्वरूप हुनुहुन्छ—(यो सम्पूर्ण विश्व उहाँको नै रूप हो) वेदले जसको अङ्ग-अङ्गमा लोकहरूको कल्पना गर्छन्॥ १४॥

**पद पाताल सीस अज धामा। अपर लोक अँग अँग बिश्रामा॥**
**भृकुटि बिलास भयंकर काला। नयन दिवाकर कच घन माला॥**

पाताल [जुन विश्वरूप भगवान्को] चरण हो, ब्रह्मलोक शिर हो, अन्य (बीचका सबै) लोकहरूको विश्राम (स्थिति) जसको अन्य भिन्न-भिन्न अङ्गमा छन्। भयङ्कर काल जसको भृकुटिसंचालन (आँखीभौं चल्नु) हो। सूर्य नेत्र हो, बादलहरूका समूह केश (रौं) हुन्॥ १॥

**जासु घ्रान अस्विनीकुमारा। निसि अरु दिवस निमेष अपारा॥**
**श्रवन दिसा दस बेद बखानी। मारुत स्वास निगम निज बानी॥**

अश्विनीकुमार जसका नासिका हुन्, रात र दिन जसको अपार निमेष (झिम्काउने क्रिया) हुन्, दसै दिशाहरू कान हुन् भनेर वेदले बताएका छन्। वायु श्वास हो र वेद जसका आफ्नो वाणी हुन्॥ २॥

**अधर लोभ जम दसन कराला। माया हास बाहु दिगपाला॥**
**आनन अनल अंबुपति जीहा। उतपति पालन प्रलय समीहा॥**

लोभ जसका ओठ हुन्, यमराज भयानक दाँत हुन्। माया हाँसो हो, दिक्पाल भुजाहरू हुन्। अग्नि मुख हो, वरुण जिब्रो हो। उत्पत्ति पालन र प्रलय जसको चेष्टा (क्रिया) हो॥ ३॥

**रोम राजि अष्टादस भारा। अस्थि सैल सरिता नस जारा॥**
**उदर उदधि अधगो जातना। जगमय प्रभु का बहु कलपना॥**

अठार प्रकारका असङ्ख्य वनस्पतिहरू जसका रोमावली हुन्, पर्वत हाडहरू हुन्, नदीहरू नसाका जाल हुन्, समुद्र पेट हो र नरक जसको तलका इन्द्रियहरू हुन्। यस प्रकार प्रभु विश्वमय हुनुहुन्छ, अधिक कल्पना गर्न किन पर्‍यो र?॥ ४॥

दो०— **अहंकार सिव बुद्धि अज मन ससि चित्त महान।**
**मनुज बास सचराचर रूप राम भगवान॥ १५ (क)॥**

शिव जसको अहङ्कार हुन्, ब्रह्मा बुद्धि हुन्, चन्द्रमा मन हो र महान् (विष्णु) नै चित्त हुन्। उनै चराचररूप भगवान् श्रीरामले मनुष्यरूपमा निवास गर्नुभएको छ॥ १५ (क)॥

**अस बिचारि सुनु प्रानपति प्रभु सन बयरु बिहाइ।**
**प्रीति करहु रघुबीर पद मम अहिवात न जाइ॥ १५ (ख)॥**

हे प्राणपति! सुनिबक्सियोस्, यस्तो विचार गरेर प्रभुसँग वैर छोडेर श्रीरघुवीरका चरणमा प्रेम गरिबक्सियोस्, जसले मेरो सिन्दूर अचल (अमर) होस्॥ १५ (ख)॥

**बिहँसा नारि बचन सुनि काना। अहो मोह महिमा बलवाना॥**
**नारि सुभाउ सत्य सब कहहीं। अवगुन आठ सदा उर रहहीं॥**

पत्नीका वचन कानले सुनेर रावण खुब हाँस्यो [र बोल्यो— ] ओहो! मोह (अज्ञान) को महिमा धेरै बलवान् छ! आइमाईका स्वभाव सबैले सत्य नै भन्छन् कि उनका हृदयमा निरन्तर आठवटा अवगुणहरू रहन्छन्— ॥ १ ॥

**साहस अनृत चपलता माया। भय अबिबेक असौच अदाया॥**
**रिपु कर रूप सकल तैं गावा। अति बिसाल भय मोहि सुनावा॥**

साहस, झूट, चञ्चलता, माया (छल), भय (डर), अविवेक (मूर्खता), अपवित्रता र निर्दयता। तिमीले शत्रुको समग्र (विराट्) रूप वर्णन गरेर मलाई धेरै ठूलो भय सुनायौ॥ २ ॥

**सो सब प्रिया सहज बस मोरें। समुझि परा प्रसाद अब तोरें॥**
**जानिउँ प्रिया तोरि चतुराई। एहि बिधि कहहु मोरि प्रभुताई॥**

हे प्रिये! त्यो सबै (यो चराचर विश्व त) स्वभावैले नै मेरो वशमा छ। तिम्रो कृपाले मैले अब यी सबैलाई सम्झें। हे प्रिय! तिम्रो चतुर्‍याइँलाई मैले जाने। तिमी यस प्रकार (यही निहुँले) मेरो प्रभुतालाई वर्णन गरिरहेकी छौ॥ ३ ॥

**तव बतकही गूढ़ मृगलोचनि। समुझत सुखद सुनत भय मोचनि॥**
**मंदोदरि मन महुँ अस ठयऊ। पियहि काल बस मति भ्रम भयऊ॥**

हे मृगनयनी! तिम्रा वाणी धेरै गूढ (रहस्यमय, गम्भीर भावयुक्त) छन्, सम्झँदा सुख दिने र सुन्दा भय छुटाउनेवाला छन्। मन्दोदरीले मनमा यस्तो निश्चय ठानी कि पतिको कालवश मतिभ्रम भएको छ॥ ४ ॥

दो०— **एहि बिधि करत बिनोद बहु प्रात प्रगट दसकंध।**
**सहज असंक लंकपति सभाँ गयउ मद अंध॥ १६ ( क )॥**

यस प्रकार [अज्ञानवश] धेरै नै दिल्लगी (ठट्टा) गर्दागर्दै रावणलाई उज्यालो भयो। फेरि स्वभावले नै निडर र घमण्डमा अन्धो लङ्कापति सभामा गयो॥ १६ (क)॥

सो०— **फूलइ फरइ न बेत जदपि सुधा बरषहिं जलद।**
**मूरुख हृदयँ न चेत जौं गुर मिलहिं बिरंचि सम॥ १६ ( ख )॥**

यद्यपि बादलले अमृत-जस्तो जल बर्साउँछ, तर पनि बेत भने फुल्ने-फल्ने गर्दैन। यस्तै प्रकारले चाहे ब्रह्मा समान गुरु मिलेमा पनि मूर्खको हृदयमा चेत (ज्ञान) आउँदैन॥ १६ (ख)॥

**इहाँ प्रात जागे रघुराई। पूछा मत सब सचिव बोलाई॥**
**कहहु बेगि का करिअ उपाई। जामवंत कह पद सिरु नाई॥**

यहाँ (सुबेल पर्वतमा) प्रातःकाल श्रीरघुनाथ बिउँझनुभयो र उहाँले सबै मन्त्रीहरूलाई बोलाएर सल्लाह माग्नुभयो कि शीघ्र बताउनुहोस्, अब के उपाय गर्नुपर्छ? जाम्बवान्‌ले श्रीरामका चरणमा शिर निहुराएर भने— ॥ १ ॥

**सुनु सर्बग्य सकल उर बासी। बुधि बल तेज धर्म गुन रासी॥**
**मंत्र कहउँ निज मति अनुसारा। दूत पठाइअ बालिकुमारा॥**

हे सर्वज्ञ! हे सबैको हृदयमा बस्ने (अन्तर्यामी)! हे बुद्धि, बल, तेज, धर्म र गुणहरूका राशि! सुनिबक्सियोस्! मैले बुद्धिको अनुसार सल्लाह दिन्छु कि बालिकुमार अङ्गदलाई दूत बनाएर पठाउनुपर्‍यो!॥ २॥

**नीक मंत्र सब के मन माना। अंगद सन कह कृपानिधाना॥**
**बालितनय बुधि बल गुन धामा। लंका जाहु तात मम कामा॥**

यो उचित सल्लाह सबैको मनमा मन पर्‍यो। कृपाका निधान श्रीरामले अङ्गदसँग भन्नुभयो— हे बल, बुद्धि र गुणहरूका धाम बालिपुत्र! हे तात! तिमी मेरो कामको लागि लङ्कामा जाऊ॥ ३॥

**बहुत बुझाइ तुम्हहि का कहऊँ। परम चतुर मैं जानत अहऊँ॥**
**काजु हमार तासु हित होई। रिपु सन करेहु बतकही सोई॥**

तिमीलाई धेरै सम्झाएर के भनौं! मैले जानेको छु, तिमी परम चतुर छौ। शत्रुसँग उही बातचित गर्नू, जसबाट हाम्रो कार्य होस् र उसलाई हित (कल्याण) होस्॥ ४॥

## ❋ अङ्गदजी लङ्का जानु र रावणको सभामा अङ्गद–रावण–संवाद ❋

सो०— **प्रभु अग्या धरि सीस चरन बंदि अंगद उठेउ।**
**सोइ गुन सागर ईस राम कृपा जा पर करहु॥ १७ (क)॥**

प्रभुको आज्ञा शिरमा चढाउदै र उहाँका चरणको प्रार्थना गरेर अङ्गद उठे [र भने—] हे भगवान् श्रीराम! हजुरले जसलाई कृपा गरिबक्सिन्छ, उही गुणहरूको समुद्र भइहाल्छ॥ १७ (क)॥

**स्वयंसिद्ध सब काज नाथ मोहि आदरु दियउ।**
**अस बिचारि जुबराज तन पुलकित हरषित हियउ॥ १७ (ख)॥**

स्वामीको सबै कार्य स्वयंसिद्ध छ; यो त प्रभुले मलाई आदर दिइबक्सिएको हो [जुन मलाई आफ्नो कार्यमा पठाइबक्सिएको छ]। यस्तो विचार गरेर युवराज अङ्गदको हृदय हर्षित र शरीर रोमाञ्चित भयो॥ १७ (ख)॥

**बंदि चरन उर धरि प्रभुताई। अंगद चलेउ सबहि सिरु नाई॥**
**प्रभु प्रताप उर सहज असंका। रन बाँकुरा बालिसुत बंका॥**

भगवान्का चरणहरूको वन्दना गरेर र प्रभुतालाई हृदयमा राखेर अङ्गदले सबैलाई शिर निहुराएर हिंडे। प्रभुका प्रतापलाई हृदयमा धारण गरेका रणधीर (पराक्रमी, बलशाली, पुरुषार्थी), वीर बालिपुत्र स्वाभाविक रूपले नै निर्भय छन्॥ १॥

**पुर पैठत रावन कर बेटा। खेलत रहा सो होइ गै भेटा॥**
**बातहिं बात करष बढ़ि आई। जुगल अतुल बल पुनि तरुनाई॥**

लङ्कामा प्रवेश गर्दा नै रावणको पुत्रसँग भेट भइहाल्यो, जो त्यहाँ खेलिरहेको थियो। कुरै-कुरामा दुवैमा झगडा बढ्यो [किनकि] दुवै नै अतुलनीय बलवान् थिए र फेरि दुवै जना युवावस्थाका (ठिटा, तरुण) थिए॥ २॥

**तेहिं अंगद कहुँ लात उठाई। गहि पद पटकेउ भूमि भवाँई॥**
**निसिचर निकर देखि भट भारी। जहँ तहँ चले न सकहिं पुकारी॥**

उसले अङ्गदलाई लात्ती उठायो। अङ्गदले [त्यही] लात्ती समातेर उसलाई घुमाएर जमिनमा पछारेर मारे। राक्षसका समूह (टोली, हूल) भारी योद्धा देखेर जतासुकै भागिहाले, उनीहरू डरले गर्दा चिच्च्याउन पनि सकेनन्॥ ३॥

**एक एक सन मरमु न कहहीं। समुझि तासु बध चुप करि रहहीं॥**
**भयउ कोलाहल नगर मझारी। आवा कपि लंका जेहिं जारी॥**

एक-अर्कालै मर्म (वास्तविक कुरा) बताउँदैनन्, उस (रावणको पुत्र) को मृत्यु सम्झेर सबै चुपचाप रहेका छन्। [रावण-पुत्रको मृत्यु जानेर र राक्षसहरू भयले भाग्दै गरेको देखेर] नगरभरी कोलाहल मच्चियो कि जसले लङ्का जलाएको थियो, त्यही बाँदर फेरि आएको छ॥ ४॥

**अब धौं कहा करिहि करतारा। अति सभीत सब करहिं बिचारा॥**
**बिनु पूछें मगु देहिं दिखाई। जेहि बिलोक सोइ जाइ सुखाई॥**

सबै अत्यन्त भयभीत भएर विचार गर्न लागे कि विधाताले अब के गर्ने हो। उनीहरूले नसोधीकन नै अङ्गदलाई [रावणको दरबारमा जानलाई] बताइरहेका छन्। जसले उनलाई देख्दछन्, उही डरले गर्दा सुक्छन्॥ ५॥

दो०— **गयउ सभा दरबार तब सुमिरि राम पद कंज।**
**सिंह ठवनि इत उत चितव धीर बीर बल पुंज॥ १८॥**

श्रीरामका चरणकमललाई स्मरण गरेर अङ्गद रावणका सभाकक्षको द्वारमा गए। उनै धीर, वीर र बलका राशि अङ्गद सिंहको जस्तो छाँट (शान) ले यताउता हेर्न लागे॥ १८॥

**तुरत निसाचर एक पठावा। समाचार रावनहि जनावा॥**
**सुनत बिहँसि बोला दससीसा। आनहु बोलि कहाँ कर कीसा॥**

तुरुन्तै उनले एक राक्षसलाई पठाए र रावणलाई आफू आएको समाचार सूचित गरे। सुन्दा नै रावण हाँसेर बोल्यो— बोलाएर ल्याऊ, [हेरौं] कहाँको बाँदर हो॥ १॥

**आयसु पाइ दूत बहु धाए। कपिकुंजरहि बोलि लै आए॥**
**अंगद दीख दसानन बैसें। सहित प्रान कज्जलगिरि जैसें॥**

आज्ञा पाएर धेरै नै दूत दौडे र बाँदरहरूमा हात्तीका समान अङ्गदलाई बोलाएर ल्याए। अङ्गदले रावणलाई यसरी बसेको देखे, जसरी प्राणयुक्त (सजीव) गाजलको पहाड बसेको छ!॥ २॥

**भुजा बिटप सिर सृंग समाना। रोमावली लता जनु नाना॥**
**मुख नासिका नयन अरु काना। गिरि कंदरा खोह अनुमाना॥**

भुजाहरू वृक्षको र शिर पर्वतका शिखर समान छन्। रोमावली मानौं धेरै नै लहराहरू (लता) हुन्। मुख, नाक, नेत्र र कान पर्वतका कन्दरा (ओढार) र खोल्सा बराबर छन्॥ ३॥

**गयउ सभाँ मन नेकु न मुरा। बालितनय अतिबल बाँकुरा॥**
**उठे सभासद कपि कहुँ देखी। रावन उर भा क्रोध बिसेषी॥**

अत्यन्त बलवान् (बलिष्ठ), रणवीर बालिपुत्र अङ्गद सभामा गए, उनी मनमा कत्ति पनि सशङ्कित भएनन्। अङ्गदलाई देख्दा नै सबै (राजसभा) का सभासद् उठेर उभिए। यस्तो देखेर रावणको हृदयमा ठूलो क्रोध भयो॥ ४॥

दो०— **जथा मत्त गज जूथ महुँ पंचानन चलि जाइ।**
**राम प्रताप सुमिरि मन बैठ सभाँ सिरु नाइ॥ १९॥**

जस्तै मत्त (मत्ता) हात्तीहरूको समूहमा सिंह [निःशङ्क भएर] जान्छ, उस्तै नै श्रीरामको प्रतापलाई हृदयमा स्मरण गरेर उनी [निर्भयका साथ] सभालाई शिर निहुराएर बसे॥ १९॥

**कह दसकंठ कवन तैं बंदर। मैं रघुबीर दूत दसकंधर॥**
**मम जनकहि तोहि रही मिताई। तव हित कारन आयउँ भाई॥**

रावणले भन्यो—हे बाँदर! तँ को होस्? [अङ्गदले भने— ] हे दशग्रीव! म श्रीरघुवीरको दूत हुँ। मेरो पिता र तिम्रो मित्रता थियो। यसैले हे भाइ! म तिम्रो भलाइको लागि नै आएको छु॥ १॥

**उत्तम कुल पुलस्ति कर नाती। सिव बिरंचि पूजेहु बहु भाँती॥**
**बर पायहु कीन्हेहु सब काजा। जीतेहु लोकपाल सब राजा॥**

तिमी उत्तम कुलका (सन्तान) हौ, पुलस्त्य ऋषिका तिमी नाति हौ। शिवजीको र ब्रह्माजीको तिमीले धेरै प्रकारले पूजा गऱ्यौ। उहाँहरूसँग वर पाएका छौ र सबै काम सिद्ध गरेका छौ। लोकपालहरू र सबै राजाहरूलाई तिमीले जितेका छौ॥ २॥

**नृप अभिमान मोह बस किंबा। हरि आनिहु सीता जगदंबा॥**
**अब सुभ कहा सुनहु तुम्ह मोरा। सब अपराध छमिहि प्रभु तोरा॥**

राजमदले या मोहवश तिमीले जगज्जननी सीताजीलाई हरण गरेर ल्याएका छौ। अब तिमीले मेरा शुभ वचन सुन! [उसको अनुसार चल्नाले] प्रभु श्रीरामले तिम्रा सबै अपराध क्षमा गर्नुहुनेछ॥ ३॥

**दसन गहहु तृन कंठ कुठारी। परिजन सहित संग निज नारी॥**
**सादर जनकसुता करि आगें। एहि बिधि चलहु सकल भय त्यागें॥**

दाँतमा घाँस राख अर्थात् पशुको समान दीन बनेर जाऊ, घाँटीमा बन्चरो राख र कुटुम्बीहरूसहित आफ्ना स्त्रीहरूलाई साथमा नै लिएर, आदरपूर्वक जानकीजीलाई अगाडि हिँडाएर, यस्तो प्रकारले सबै भय छोडेर हिँड— ॥ ४॥

दो०— **प्रनतपाल रघुबंसमनि त्राहि त्राहि अब मोहि।**
**आरत गिरा सुनत प्रभु अभय करैगो तोहि॥ २०॥**

र 'हे शरणागतलाई पालन गर्ने रघुवंशशिरोमणि श्रीराम! मेरो रक्षा गरिबक्सियोस्, रक्षा गरिबक्सियोस्।' [यस्तो प्रकारले आर्त प्रार्थना गर।] आर्त पुकार सुन्दा नै प्रभुले तिमीलाई निर्भय बनाउनुहुन्छ॥ २०॥

**रे कपिपोत बोलु संभारी। मूढ़ न जानेहि मोहि सुरारी॥**
**कहु निज नाम जनक कर भाई। केहि नातें मानिऐ मिताई॥**

[रावणले भन्यो— ] हे बाँदरका छाउरा! होस गरेर बोल्! मूर्ख! म देवताहरूको शत्रुलाई तैंले जानिनस्? हे भाइ! आफ्नो र आफ्ना बाबुको नाम त बता। कुन नाताले मित्रता मान्दछ?॥ १॥

**अंगद नाम बालि कर बेटा। तासों कबहुँ भई ही भेटा॥**
**अंगद बचन सुनत सकुचाना। रहा बालि बानर मैं जाना॥**

[अङ्गदले भने— ] मेरो नाम अङ्गद हो, म बालिको पुत्र हुँ। उनीसँग कहिल्यै तिम्रो भेट भएको थियो? अङ्गदका वचन सुन्दा नै रावणले केही लाज मान्यो [र बोल्यो— ] अँ, मैले जानिसकें (मलाई याद आयो), बालि नामको एउटा बाँदर थियो॥ २॥

**अंगद तहीं बालि कर बालक। उपजेहु बंस अनल कुल घालक॥**
**गर्भ न गयहु ब्यर्थ तुम्ह जायहु। निज मुख तापस दूत कहायहु॥**

अरे अङ्गद तँ नै बालिको छोरा होस्? ओ कुलनाशक! तँ त आफ्नो कुलरूपी बाँसका लागि अग्निरूप नै पैदा भइस्! गर्भमा नै नष्ट किन भइनस्? तँ व्यर्थ नै पैदा भएको होस्, जसले आफ्नो नै मुखले तपस्वीहरूको दूत बताउँछस्!॥ ३॥

**अब कहु कुसल बालि कहँ अहई। बिहँसि बचन तब अंगद कहई॥**
**दिन दस गएँ बालि पहिं जाई। बूझेहु कुसल सखा उर लाई॥**

अब बालिको कुशल त भन्, त्यो [आजकल] कहाँ छ? फेरि अङ्गदले हाँसेर भने—दस (केही) दिन बितेपछि [स्वयं नै] बालिसँग गएर, आफ्ना मित्रलाई हृदयमा लगाएर उनीसँगै कुशल सोध्नू॥ ४॥

**राम बिरोध कुसल जसि होई। सो सब तोहि सुनाइहि सोई॥**
**सुनु सठ भेद होइ मन ताकें। श्रीरघुबीर हृदय नहिं जाकें॥**

श्रीरामजीसँग विरोध गर्दाखेरि जस्तो कुशल हुन्छ, त्यसलाई सबै उनले सुनाउँनेछन्। हे मूर्ख! सुन्, भेद उसको मनमा पर्न सक्छ (भेदनीतिले उसप्रति आफ्नो प्रभाव पार्न सक्छ) जसको हृदयमा श्रीरघुवीर हुनुहुन्न॥ ५॥

दो०— **हम कुल घालक सत्य तुम्ह कुल पालक दससीस।**
**अंधउ बधिर न अस कहहिं नयन कान तव बीस॥ २१॥**

साँच्चै हो, म त कुललाई नाश गर्नेवाला हुँ र हे रावण! तिमी कुलका रक्षक हौ। अन्धा र बहिराले पनि यस्ता कुरा गर्दैनन्, तिम्रा त बीसोटा आँखा र बीसवटा कान छन्॥ २१॥

**सिव बिरंचि सुर मुनि समुदाई। चाहत जासु चरन सेवकाई॥**
**तासु दूत होइ हम कुल बोरा। अइसिहुँ मति उर बिहर न तोरा॥**

शिव, ब्रह्मा [आदि] देवता र मुनिहरूका समुदायले जसका चरणको सेवा गर्छन् [गर्न चाहन्छन्], उनैको दूत भएर मैले कुललाई डुबाएँ? अरे यस्तो बुद्धि भएपछि पनि तिम्रो हृदय चिरिन्न?॥ १॥

**सुनि कठोर बानी कपि केरी। कहत दसानन नयन तरेरी॥**
**खल तव कठिन बचन सब सहऊँ। नीति धर्म मैं जानत अहऊँ॥**

बाँदर (अङ्गद) का कठोर वाणी सुनेर रावणले कर्के (छड्के) नजर गरेर बोल्यो—अरे दुष्ट! मैले तेरा सबै कठोर वचन यसैले सहिरहेको छु कि मैले नीति र धर्मलाई जानेको छु अर्थात् धर्मशीलताको कारण मैले तँ कटुभाषीलाई मार्दिन॥ २॥

**कह कपि धर्मसीलता तोरी। हमहुँ सुनी कृत पर त्रिय चोरी॥**
**देखी नयन दूत रखवारी। बूड़ि न मरहु धर्म ब्रतधारी॥**

अङ्गदले भने—तिम्रो धर्मशीलतालाई मैले पनि सुनेको छु। [त्यो यो हो कि] तिमीले अर्काकी स्त्रीलाई चोरी गरेका छौ र दूतको रक्षाको कुरा त आफ्नै आँखाले देखिसकें। यस्तो धर्मको व्रतलाई धारण (पालन) गर्नेवाला तिमी डुबेर पनि मरेका छैनौ!॥ ३॥

**कान नाक बिनु भगिनि निहारी। छमा कीन्हि तुम्ह धर्म बिचारी॥**
**धर्मसीलता तव जग जागी। पावा दरसु हमहुँ बड़भागी॥**

नाक-कानले रहित बहिनीलाई देखेर तिमीले धर्म विचार गरेर नै त क्षमा दिएका थियौ! तिम्रो धर्मशीलता जग-जाहेर छ। म पनि ठूलो भाग्यवान् हुँ, जुन मैले तिम्रो दर्शन पाएँ॥ ४॥

दो०— **जनि जल्पसि जड़ जंतु कपि सठ बिलोकु मम बाहु।**
**लोकपाल बल बिपुल ससि ग्रसन हेतु सब राहु॥ २२ (क)॥**

[रावणले भन्यो—] हे जड जन्तु बाँदर! व्यर्थमा बक-बक नगर्; हे मूर्ख! मेरा भुजाहरू त हेर्। यी सबै लोकपाल विशाल बलरूपी चन्द्रमालाई निल्नको लागि राहु हुन्॥ २२ (क)॥

**पुनि नभ सर मम कर निकर कमलन्हि पर करि बास।**
**सोभत भयउ मराल इव संभु सहित कैलास॥ २२ (ख)॥**

फेरि [तैंले सुनेको होलास् कि] आकाशरूपी ताल (पोखरी) मा मेरा भुजारूपी कमलमा बसेर शिवजीसहित कैलाशलाई हाँसको समान शोभा प्राप्त भएको थियो!॥ २२ (ख)॥

**तुम्हरे कटक माझ सुनु अंगद। मो सन भिरिहि कवन जोधा बद॥**
**तव प्रभु नारि बिरहँ बलहीना। अनुज तासु दुख दुखी मलीना॥**

हे अङ्गद! सुन्; तेरो सेनामा यस्तो कुन योद्धा छ, बता जसले मसँग लड्न सक्छ। तेरो मालिक त स्त्रीको वियोगमा बलहीन भइरहेको छ र उसको सानो भाइ उसकै दुःखले दुःखी र उदास छ॥ १॥

**तुम्ह सुग्रीव कूलद्रुम दोऊ। अनुज हमार भीरु अति सोऊ॥**
**जामवंत मंत्री अति बूढ़ा। सो कि होइ अब समरारूढ़ा॥**

तँ र सुग्रीव, दुवै [नदी] तटका वृक्ष हौ। [रह्यो] मेरो कान्छो भाइ विभीषण, [सो] ऊ पनि धेरै नै डरपोक छ। मन्त्री जाम्बवान् धेरै बूढो छ। ऊ अब लडाइँमा कसरी उद्यत हुन सक्छ?॥ २॥

**सिल्पि कर्म जानहिं नल नीला। है कपि एक महा बलसीला॥**
**आवा प्रथम नगरु जेहिं जारा। सुनत बचन कह बालिकुमारा॥**

नल-नीलले त शिल्पि-कर्म जान्दछन् (उनले लड्न कसरी जान्ने?)। अँ, यौटा बाँदर जरुर (निश्चित) महान् बलवान् छ, जुन पहिला आएको थियो र जसले लङ्का जलाएको थियो। यस्ता वचन सुन्दा नै बालिपुत्र अङ्गदले भने— ॥ ३॥

**सत्य बचन कहु निसिचर नाहा। साँचेहुँ कीस कीन्ह पुर दाहा॥**
**रावन नगर अल्प कपि दहई। सुनि अस बचन सत्य को कहई॥**

हे राक्षसराज! सत्य कुरा भन! के त्यो बाँदरले साच्चै नै तिम्रो नगर जलाएको हो? रावण [जस्तो जगद्विजयी योद्धा] को नगर एउटा सानो बाँदरले जलाइदियो। यस्ता वचन सुनेर उसलाई सत्य कसले भन्नेछ?॥ ४॥

**जो अति सुभट सराहेहु रावन। सो सुग्रीव केर लघु धावन॥**
**चलइ बहुत सो बीर न होई। पठवा खबरि लेन हम सोई॥**

हे रावण! जसलाई तिमीले ठूलो योद्धा भनेर प्रशंसा गरेका छौ, ऊ त सुग्रीवको यौटा सानो दौडेर चल्ने हुलाकी (हलकरा) हो। ऊ धेरै हिँड्न सक्छ, वीर होइन। उसलाई त हामीले [केवल] खबर ल्याउनको लागि पठाएका थियौं॥ ५॥

दो०— **सत्य नगरु कपि जारेउ बिनु प्रभु आयसु पाइ।**
**फिरि न गयउ सुग्रीव पहिं तेहिं भय रहा लुकाइ॥ २३ (क)॥**

के साँच्चै नै त्यस बाँदरले प्रभुको आज्ञा नभई नै तिम्रो नगर जलाएको हो? थाहा हुन्छ कि, यही डरले ऊ फर्केर सुग्रीवसँग गएको छैन र कहीं लुकेको छ!॥ २३ (क)॥

**सत्य कहहि दसकंठ सब मोहि न सुनि कछु कोह।**
**कोउ न हमारें कटक अस तो सन लरत जो सोह॥ २३ (ख)॥**

हे रावण! तिमीले सबै सत्य नै भनेका छौ, यो कुरा सुनेर मलाई केही पनि क्रोध हुँदैन। साँच्चै नै हाम्रो सेनामा कुनै पनि यस्ता छैनन् कि जुन तिमीसँग लड्दाखेरि शोभा पाऊन्॥ २३ (ख)॥

**प्रीति बिरोध समान सन करिअ नीति असि आहि।**
**जौं मृगपति बध मेडुकन्हि भल कि कहइ कोउ ताहि॥ २३ ( ग )॥**

प्रीति र वैर बराबर (समान) सँग नै गर्नुपर्छ, नीति यस्तो नै छ। सिंहले यदि भ्यागुतालाई मार्‍यो भने के उसलाई कुनैले बहादुर भन्छन्?॥ २३ (ग)॥

**जद्यपि लघुता राम कहुँ तोहि बधें बड़ दोष।**
**तदपि कठिन दसकंठ सुनु छत्र जाति कर रोष॥ २३ ( घ )॥**

यद्यपि तिमीलाई मार्नाले श्रीरामलाई लघुता प्राप्त हुन्छ [शोभा दिंदैन] र ठूलो दोष पनि लाग्छ, तथापि हे रावण! सुन, क्षत्रिय (छेत्री) जातिको क्रोध अति नै कठिन हुन्छ॥ २३ (घ)॥

**बक्र उक्ति धनु बचन सर हृदय दहेउ रिपु कीस।**
**प्रतिउत्तर सड़सिन्ह मनहुँ काढ़त भट दससीस॥ २३ ( ङ )॥**

वक्रोक्तिरूपी धनुषले वचनरूपी बाण हानेर अङ्गदले शत्रुको हृदयमा ज्वाला पैदा गराए (जलाए)। वीर रावणले उनै बाणहरूलाई प्रत्युत्तररूपी बाहुलीले (तातो भाँडा उतार्ने एक प्रकारको सनासोले समातेर बाणरूपी तातो भाँडालाई उतारेको छ) अर्थात् निकालिरहेको छ॥ २३ (ङ )॥

**हँसि बोलेउ दसमौलि तब कपि कर बड़ गुन एक।**
**जो प्रतिपालइ तासु हित करइ उपाय अनेक॥ २३ ( च )॥**

फेरि रावण हाँसेर बोल्यो— बाँदरमा यो एउटा ठूलो गुण (विशेषता) हुन्छ कि जसले उसलाई पाल्दछ, उसलाई उसले अनेकौं उपायले कल्याण (फाइदा) गर्ने चेष्टा गर्छ॥ २३ (च)॥

**धन्य कीस जो निज प्रभु काजा। जहँ तहँ नाचइ परिहरि लाजा॥**
**नाचि कूदि करि लोग रिझाई। पति हित करइ धर्म निपुनाई॥**

बाँदर धन्य छन्, जसले आफ्ना मालिकको लागि लाज नमानेर जताततै नाच्दछ। नाचेर-कुदेर, मानिसहरूलाई रिझाएर, मालिकको हित गर्दछ। यो उसको धर्मको निपुणता हो॥ १॥

**अंगद स्वामिभक्त तव जाती। प्रभु गुन कस न कहसि एहि भाँती॥**
**मैं गुन गाहक परम सुजाना। तव कटु रटनि करउँ नहिं काना॥**

हे अङ्गद! तेरो जाति स्वामीभक्त हुन्छ [त्यसो भएकोले] तैंले आफ्नो मालिकको गुण यस प्रकारले किन वर्णन नगर्नु त? म गुणग्राहक (गुणहरूलाई आदर गर्ने) र परम सुजान (समझदार) छु, यसैले तेरा कटु वचनको रटनी (गफ) लाई ध्यान दिएको छैन॥ २॥

**कह कपि तव गुन गाहकताई। सत्य पवनसुत मोहि सुनाई॥**
**बन बिधंसि सुत बधि पुर जारा। तदपि न तेहिं कछु कृत अपकारा॥**

अङ्गदले भने— तिम्रो सच्चा गुणग्राहकतालाई त हनुमान्‌ले सुनाएका थिए। उनले अशोकवनलाई विध्वंस (तहस-नहस) गरेर, तिम्रो छोरालाई मारेर नगरलाई जलाएका थिए, तर पनि [तिमीले आफ्नो गुणग्राहकताको कारण यही सम्झ कि] उनले तिम्रो केही पनि अहित (हानि, अपकार) गरेनन्॥ ३॥

**सोइ बिचारि तव प्रकृति सुहाई। दसकंधर मैं कीन्हि ढिठाई॥**
**देखेउँ आइ जो कछु कपि भाषा। तुम्हरें लाज न रोष न माखा॥**

तिम्रो त्यही सुन्दर स्वभावलाई विचारगरेर, हे दशग्रीव! मैले केही धृष्टता गरेको छु। हनुमान्‌ले जे जति भनेका थिए, उसलाई आएर मैले प्रत्यक्ष देखिसकें कि तिमीलाई न लाज छ, न क्रोध छ र न असहनशीलता छ॥ ४॥

**जौं असि मति पितु खाए कीसा। कहि अस बचन हँसा दससीसा॥**
**पितहि खाइ खातेउँ पुनि तोही। अबहीं समुझि परा कछु मोही॥**

[रावण बोल्यो— ] हे बाँदर! जब तेरो यस्तो बुद्धि छ, यसैले त तैंले बाबुलाई खाइस्। यस्तो वचन भनेर रावण हाँस्यो। अङ्गदले भने—पितालाई खाएर फेरि तिमीलाई पनि खाने थिएँ। परन्तु अहिले तुरुन्तै केही अरू नै कुरा मेरो विचारमा आयो!॥ ५॥

**बालि बिमल जस भाजन जानी। हतउँ न तोहि अधम अभिमानी॥**
**कहु रावन रावन जग केते। मैं निज श्रवन सुने सुनु जेते॥**

अरे नीच अभिमानी! बालिको निर्मल यशको पात्र (कारण) जानेर तँलाई मैले मार्दिन। रावण! यो त बता कि जगत्‌मा कतिवटा रावण छन्? मैले जति रावण आफ्ना कानले सुनेको छु; उनलाई सुन— ॥ ६॥

**बलिहि जितन एक गयउ पताला। राखेउ बाँधि सिसुन्ह हयसाला॥**
**खेलहिं बालक मारहिं जाई। दया लागि बलि दीन्ह छोड़ाई॥**

एउटा रावण त बलिलाई जित्नलाई पातालमा गएको थियो, फेरि बच्चाहरूले उसलाई तबेला-(घोडा बाँध्ने ठाउँ) मा बाँधेर राखे। बालकहरू खेल्दथे र बारम्बार जाँदै उसलाई हान्दथे। बलिलाई दया लाग्यो, फेरि उनले उसलाई छोडिदिए॥ ७॥

**एक बहोरि सहसभुज देखा। धाइ धरा जिमि जंतु बिसेषा॥**
**कौतुक लागि भवन लै आवा। सो पुलस्ति मुनि जाइ छोड़ावा॥**

फेरि एउटा रावणलाई सहस्रबाहु (अर्जुन) ले देखे र उनले दौडेर उसलाई एउटा विशेष प्रकारको (विचित्र) जन्तु सम्झेर समाते। तमासाको लागि उसलाई उनले घरमा लिएर आए, फेरि पुलस्त्य मुनिले गएर उसलाई छुटाए॥ ८॥

दो०— **एक कहत मोहि सकुच अति रहा बालि कीं काँख।**
**इन्ह महुँ रावन तैं कवन सत्य बदहि तजि माख॥ २४॥**

एउटा रावणको कुरा भन्नलाई त मलाई ठूलो सङ्कोच भइरहेको छ—ऊ [धेरै समयसम्म] बालि-(मेरा पिता) को काखमा रहेको थियो। यिनीहरूमध्ये तँ कुन रावण होस्? झिजो नमानेर अर्थात् झिजिन छोडेर सत्य-सत्य बता॥ २४॥

**सुनु सठ सोइ रावन बलसीला। हरगिरि जान जासु भुज लीला॥**
**जान उमापति जासु सुराई। पूजेउँ जेहि सिर सुमन चढ़ाई॥**

[रावणले भन्यो— ] अरे मूर्ख! सुन्, म उही बलवान् रावण हुँ जसका भुजाहरूको लीला (करामत) लाई कैलाश पर्वतले जानेको छ। जसको शूरता उमापति महादेवजी जान्नुहुन्छ, जसलाई आफ्ना शिररूपी पुष्प घरीघरी चढाएर मैले पूजा गरेको थिएँ॥ १॥

**सिर सरोज निज करन्हि उतारी। पूजेउँ अमित बार त्रिपुरारी॥**
**भुज बिक्रम जानहिं दिगपाला। सठ अजहूँ जिन्ह कें उर साला॥**

शिररूपी कमलहरूलाई आफ्ना हातले बारम्बार टिपेर मैले कैयौं पटक त्रिपुरारि शिवजीलाई पूजा गरेको छु। अरे मूर्ख! मेरा भुजाहरूको पराक्रम दिक्पालले जानेका छन्, जसको हृदयमा त्यो आज पनि (अहिलेसम्म पनि) पीडा (घाउ) को रूपमा रहेको छ॥ २॥

**जानहिं दिग्गज उर कठिनाई। जब जब भिरउँ जाइ बरिआई॥**
**जिन्ह के दसन कराल न फूटे। उर लागत मूलक इव टूटे॥**

दिग्गजले* मेरो छातीको कठोरतालाई जानेका छन्, जसका भयानक दाँत, जब-जब गएर म जबरजस्ती उनीहरूसँग लँडे, मेरो छातीमा चिह्न पनि बनाउन सकेनन्, उल्टै मेरो छातीमा छोइँदा नै उनीहरू मूलाजस्तै भाँचिए॥ ३॥

**जासु चलत डोलति इमि धरनी। चढ़त मत्त गज जिमि लघु तरनी॥**
**सोइ रावन जग बिदित प्रतापी। सुनेहि न श्रवन अलीक प्रलापी॥**

जो हिँड्ने समयमा पृथ्वी यस्तो प्रकारले हल्लिन्छ, जस्तै मत्त हात्ती चढ्दा सानो डुङ्गा! म उही जगत्प्रसिद्ध प्रतापी रावण हुँ। अरे झूटो बकबादी (फुइँ) गर्नेवाला! के तैंले मलाई कानले पनि कहिल्यै सुनेको छैनस्?॥ ४॥

दो०— **तेहि रावन कहँ लघु कहसि नर कर करसि बखान।**
**रे कपि बर्बर खर्ब खल अब जाना तव ग्यान॥ २५॥**

यस्तो (महान् प्रतापी र जगत्प्रसिद्ध) रावण (मलाई) तैंले सानो भन्दछस् र मनुष्यको प्रशंसा गर्छस्? हे दुष्ट, असभ्य (जङ्गली), तुच्छ बाँदर! अब मैले तेरो ज्ञानलाई जानिसकें॥ २५॥

**सुनि अंगद सकोप कह बानी। बोलु सँभारि अधम अभिमानी॥**
**सहसबाहु भुज गहन अपारा। दहन अनल सम जासु कुठारा॥**

रावणका यी वचन सुनेर अङ्गद क्रोधसहित यस्ता वचन बोले— अरे नीच अभिमानी! विचार गरेर बोल्। जसको फर्सा सहस्रबाहुका भुजारूपी अपार वनलाई जलाउनको लागि अग्निको समान थियो,॥ १॥

* आठ दिशाहरूका हात्ती— '**ऐरावतः पुण्डरीको वामनः कुमुदोऽञ्जनः। पुष्पदन्तः सार्वभौमः सुप्रतीकश्च दिग्गजाः।**'
(मानस-पीयूषबाट उद्धृत गरिएको)

**जासु परसु सागर खर धारा। बूड़े नृप अगनित बहु बारा॥**
**तासु गर्ब जेहि देखत भागा। सो नर क्यों दससीस अभागा॥**

जसको फर्सारूपी समुद्रको तीव्र धारामा अनगिन्ती राजा अनेकौं पटक डुबिसके, उनै परशुरामको गर्व जसलाई देख्दा नै भागेर गए, अरे अभागी दशग्रीव! उहाँ मनुष्य कसरी हुनुहुन्छ?॥ २॥

**राम मनुज कस रे सठ बंगा। धन्वी कामु नदी पुनि गंगा॥**
**पसु सुरधेनु कल्पतरु रूखा। अन्न दान अरु रस पीयूषा॥**

रे मूर्ख उद्दण्ड! कसरी श्रीरामचन्द्र मनुष्य हुनुहुन्छ? कामदेव पनि के (जसले पञ्चपुष्प बाण र पुष्प धनुषले नै सम्पूर्ण संसारलाई नै वशीभूत गर्दछ ऊ कुनै साधारण) धनुर्धारी हो र गङ्गाजी (त्रिपथगामिनी, शिवमस्तकमा रहने र जगत्लाई पावन गर्ने साधारण) नदी हुन्? कामधेनु के (अर्थ—धर्मादिकी दिनेवाला साधारण) पशु हुन सक्छ? के कल्पवृक्ष (साधारण) वृक्ष हो? अन्न पनि के (जुन अभ्यन्तर दान हो र प्राणलाई दिनेवाला छ ऊ बाह्य सुख दिनेवाला साधारण) दान हो? अनि (मृतकलाई बचाउने) अमृत के (साधारण) रस हो?॥ ३॥

**बैनतेय खग अहि सहसानन। चिंतामनि पुनि उपल दसानन॥**
**सुनु मतिमंद लोक बैकुंठा। लाभ कि रघुपति भगति अकुंठा॥**

गरुड (जुन भगवान्का वाहन, कामरूप र भगवान्का सखा हुन् जसका प्वाँखबाट सामवेदको ध्वनि निस्कन्छ, उनी साधारण) पक्षी हुन्? शेषजी (एउटा नै शिरमा सबै ब्रह्माण्डलाई धारण गर्ने, सहस्त्रमुख भएका) के साधारण सर्प हुन्? अरे दशमुख! सुन्, के (मनोरथ दिनेवाला) चिन्तामणि (साधारण) ढुङ्गा हो? अरे मन्दबुद्धि! सुन्। के वैकुण्ठ [जहाँबाट पुनरागमन हुँदैन साधारण] लोक हो? के श्रीरघुनाथको अविचल भक्ति (साधारण) लाभ हो?॥ ४॥

दो०— **सेन सहित तव मान मथि बन उजारि पुर जारि।**
**कस रे सठ हनुमान कपि गयउ जो तव सुत मारि॥ २६॥**

सेनासमेत तेरो मानलाई मथेर अशोकवनलाई उजाड गरेर, नगरलाई जलाई तेरो पुत्रलाई मारेर (सुखपूर्वक) जुन फर्केर गए [तैंले उनलाई केही पनि हानि पुऱ्याउन सकिनस्], के रे दुष्ट! उनै हनुमान्जी के (साधारण) बाँदर हुन्?॥ २६॥

**सुनु रावन परिहरि चतुराई। भजसि न कृपासिंधु रघुराई॥**
**जौं खल भएसि राम कर द्रोही। ब्रह्म रुद्र सक राखि न तोही॥**

अरे रावण! चतुऱ्याइँ (कपट) छोडेर सुन्! कृपाका समुद्र श्रीरघुनाथको तैंले भजन किन गर्दैनस्? अरे दुष्ट! यदि तँ श्रीरामको वैरी भइस् भने तँलाई ब्रह्मा र रुद्रले पनि बचाउन सक्तैनन्॥ १॥

**मूढ़ बृथा जनि मारसि गाला। राम बयर अस होइहि हाला॥**
**तव सिर निकर कपिन्ह के आगें। परिहहिं धरनि राम सर लागें॥**

हे मूढ! व्यर्थमा गाला नफुलाइ (गुड्डी नहाँक्)। श्रीरामसँग वैर गरेपछि तेरो यस्तो हाल हुनेछ कि तेरा शिर-समूह श्रीरामका बाण लाग्दा नै बाँदरका अघिल्तिर पृथ्वीमा खस्नेछन्,॥ २॥

**ते तव सिर कंदुक सम नाना। खेलिहहिं भालु कीस चौगाना॥**
**जबहिं समर कोपिहि रघुनायक। छुटिहहिं अति कराल बहु सायक॥**

र भालु र बाँदरले तेरा उनै (शिर) लाई भकुन्डोझैं मानेर अनेकौं शिरसँग क्रिकेट बल खेल्दाझैं खेल्नेछन्। जब श्रीरघुनाथले युद्धमा कोप (क्रोध) गर्नुहुनेछ र उहाँका अत्यन्त तीक्ष्ण धेरै नै बाण छुट्नेछन्,॥ ३॥

**तब कि चलिहि अस गाल तुम्हारा। अस बिचारि भजु राम उदारा॥**
**सुनत बचन रावन परजरा। जरत महानल जनु घृत परा॥**

फेरि के तेरो यस्तो गफ (तागत) चल्नेछ? यस्तो विचार गरेर उदार (कृपालु) श्रीरामलाई भज्। अङ्गदका यस्ता वचन सुनेर रावण अत्यन्त क्रुद्ध भयो। मानौं बल्दै गरेको प्रचण्ड अग्निमा घिउ परेको छ॥ ४॥

**दो०— कुंभकरन अस बंधु मम सुत प्रसिद्ध सक्रारि।**
**मोर पराक्रम नहिं सुनेहि जितेउँ चराचर झारि॥ २७॥**

[ऊ बोल्यो— हे मूर्ख!] कुम्भकर्ण-जस्तो मेरो भाइ छ, इन्द्रको शत्रु सुप्रसिद्ध मेघनाद मेरो पुत्र छ! मेरो पराक्रमलाई त तैंले सुनेको नै छैनस् कि मैले सम्पूर्ण जड-चेतन जगत्लाई जितेको छु!॥ २७॥

**सठ साखामृग जोरि सहाई। बाँधा सिंधु इहइ प्रभुताई॥**
**नाघहिं खग अनेक बारीसा। सूर न होहिं ते सुनु सब कीसा॥**

हे दुष्ट! बाँदरहरूको सहायता जोडेर रामले समुद्रमा पुल बनायो; भयो, यही उसको प्रभुता हो। समुद्रलाई त अनेकौं पक्षीले पनि नाघ्न सक्छन्। तर यही कारणले उनी शूरवीर हुँदैनन्। हे मूर्ख बाँदर! सुन्— ॥ १॥

**मम भुज सागर बल जल पूरा। जहँ बूड़े बहु सुर नर सूरा॥**
**बीस पयोधि अगाध अपारा। को अस बीर जो पाइहि पारा॥**

मेरा एक-एक भुजारूपी समुद्र बलरूपी जलले पूर्ण छन्, जसमा धेरै नै शूरवीर देवता र मनुष्य डुबिसकेका छन्। [भन् त,] को यस्तो शूरवीर छ जसले मेरा यी अथाह र अपार बीसवटा समुद्रसँग पार पाउन (विजय पाउन) सक्तछ?॥ २॥

**दिगपालन्ह मैं नीर भरावा। भूप सुजस खल मोहि सुनावा॥**
**जौं पै समर सुभट तव नाथा। पुनि पुनि कहसि जासु गुन गाथा॥**

हे दुष्ट! मैले दिक्पालहरूलाई समेत जल भराएँ र तैंले एउटा राजाको सुयश मलाई सुनाएको छस्! यदि तेरो मालिक जसको गुणगाथालाई तैंले बारम्बार वर्णन गरेको छस्, सङ्ग्राममा लड्नेवाला योद्धा हो भने— ॥ ३॥

**तौ बसीठ पठवत केहि काजा। रिपु सन प्रीति करत नहिं लाजा॥**
**हरगिरि मथन निरखु मम बाहू। पुनि सठ कपि निज प्रभुहि सराहू॥**

त [फेरि] उसले दूत के कारणले पठाएको छ? शत्रुसँग सन्धि गर्नलाई उसले लाज किन मान्दैन? [पहिला] कैलाश पर्वतलाई मन्थन गर्ने मेरा भुजाहरूलाई हेर्। हे मूर्ख बाँदर! अनि आफ्नो मालिकको प्रशंसा गर्नू॥ ४॥

दो०— **सूर कवन रावन सरिस स्वकर काटि जेहिं सीस।**
**हुने अनल अति हरष बहु बार साखि गौरीस॥ २८॥**

[म] रावणसमान शूरवीर को छ? जसले आफ्नो नै हातले बारम्बार शिर काटेर अत्यन्तै हर्षका साथ कैयौं पटक अग्निमा हवन गरे! स्वयं गौरीपति शिवजी यस कुराका साक्षी छन्॥ २८॥

**जरत बिलोकेउँ जबहिं कपाला। बिधि के लिखे अंक निज भाला॥**
**नर कें कर आपन बध बाँची। हसेउँ जानि बिधि गिरा असाँची॥**

शिरहरू (जल्ने) बल्ने समयमा जब मैले आफ्ना निधारमा लेखिएका विधाताका अक्षरहरूलाई देखें, फेरि मनुष्यको हातले आफ्नो मृत्यु हुने पढेर, विधाताको वाणी (लेख) लाई असत्य जानेर म हाँसेको थिएँ॥ १॥

**सोउ मन समुझि त्रास नहिं मोरें। लिखा बिरंचि जरठ मति भोरें॥**
**आन बीर बल सठ मम आगें। पुनि पुनि कहसि लाज पति त्यागें॥**

त्यस कुरालाई सम्झेर पनि मेरो मनमा डर छैन। [किनकि मैले सम्झेको छु कि] बूढा ब्रह्माले बुद्धिभ्रमले यस्तो लेखिदिएका हुन्। हे मूर्ख! तैंले लाज र मर्यादा छोडेर मेरो सम्मुख पटक-पटक अर्को वीरको बल भन्दछस्!॥ २॥

**कह अंगद सलज्ज जग माहीं। रावन तोहि समान कोउ नाहीं॥**
**लाजवंत तव सहज सुभाऊ। निज मुख निज गुन कहसि न काऊ॥**

अङ्गदले भने— हे रावण! तँजस्तो लज्जावान् जगत्मा कोही छैनन्। लज्जाशीलता (नकटोपन) नै तेरो सहज स्वभाव छ। तैंले आफ्ना मुखले आफ्नो गुण कहिल्यै भन्दैनस्॥ ३॥

**सिर अरु सैल कथा चित रही। ताते बार बीस तैं कही॥**
**सो भुजबल राखेहु उर घाली। जीतेहु सहसबाहु बलि बाली॥**

शिर काटेको र कैलाशपर्वत उठाएको कथा मनमा रहेको थियो, यसैले तैंले उसलाई बीसौं पटक भनिस्। भुजाहरूको त्यस बललाई तैंले लुकाएर नै हृदयमा राखेको छस्, जसले तैंले सहस्रबाहु, बलि र बालिलाई जितेको थिइस्।॥ ४॥

**सुनु मतिमंद देहि अब पूरा। काटें सीस कि होइअ सूरा॥**
**इंद्रजालि कहुँ कहिअ न बीरा। काटइ निज कर सकल सरीरा॥**

अरे मूर्ख! सुन्, अब तैंले नै उत्तर दे। शिर काट्नाले पनि कुनै शूरवीर हुन्छन्? इन्द्रजाल देखाउनेलाई वीर भनिंदैन, यद्यपि उसले आफ्नो नै हातले सम्पूर्ण शरीर काट्दछ!॥ ५ ॥

**दो०— जरहिं पतंग मोह बस भार बहहिं खर बृंद।**
**ते नहिं सूर कहावहिं समुझि देखु मतिमंद॥ २९॥**

अरे मन्दबुद्धिवाला! सम्झेर हेर्। पुतली मोहवश आगोमा जलेर मर्ने गर्छन्; गधाका हूलले गह्रुङ्गो भारी बोकेर हिँड्दछन्; तर यस कारणले उनीहरूलाई शूरवीर मानिन्न॥ २९ ॥

**अब जनि बतबढ़ाव खल करही। सुनु मम बचन मान परिहरही॥**
**दसमुख मैं न बसीठीं आयउँ। अस बिचारि रघुबीर पठायउँ॥**

हे दुष्ट! अब धेरै कुरा बढाएर (फुइँ गरेर) नबोल्; मेरा वचन सुन् र अभिमान त्याग गर! हे दशमुख! म दूत बनेर [सन्धि गर्न] आएको हैन। श्रीरघुवीरले यस्तो विचार गरेर मलाई पठाउनुभएको हो— ॥ १ ॥

**बार बार अस कहइ कृपाला। नहिं गजारि जसु बधें सृकाला॥**
**मन महुँ समुझि बचन प्रभु केरे। सहेउँ कठोर बचन सठ तेरे॥**

कृपालु श्रीरामले घरीघरी यस्तो भन्नुहुन्छ कि सिंहले स्याललाई मारेर यश मिल्दैन। हे मूर्ख! प्रभुका [उनै] वचनलाई मनमा सम्झेर नै मैले तेरा कठोर वचन सहन गरेको छु॥ २ ॥

**नाहिं त करि मुख भंजन तोरा। लै जातेउँ सीतहि बरजोरा॥**
**जानेउँ तव बल अधम सुरारी। सूनें हरि आनिहि परनारी॥**

नत्र भने तेरो मुख च्यातेर मैले सीताजीलाई जबरजस्ती लिएर जाने थिएँ। हे अधम! देवताहरूको शत्रु! तेरो बल त मैले त्यस समयमा नै जानेको थिएँ, जब तैंले एकान्तमा अर्काकी स्त्रीलाई चोरेर ल्याएको थिइस्!॥ ३ ॥

**तैं निसिचर पति गर्ब बहूता। मैं रघुपति सेवक कर दूता॥**
**जौं न राम अपमानहिं डरऊँ। तोहि देखत अस कौतुक करऊँ॥**

तँ राक्षसहरूको राजा र ठूलो अभिमानी छस्। परन्तु म त श्रीरघुनाथको सेवक (सुग्रीव) को दूत (सेवकको पनि सेवक) हुँ। यदि म श्रीरामको अपमान (उहाँको आज्ञा उल्लङ्घन) बाट नडराएमा त तैंले हेर्दा-हेर्दै यस्तो तमासा गर्ने थिएँ कि— ॥ ४॥

**दो०— तोहि पटकि महि सेन हति चौपट करि तव गाउँ।**
**तव जुबतिन्ह समेत सठ जनकसुतहि लै जाउँ॥ ३०॥**

तँलाई जमिनमा पछारेर, तेरा सेनालाई नष्ट गरेर र तेरो गाउँ (राज्य) लाई चौपट [नष्ट-भ्रष्ट] गरेर, हे मूर्ख! तेरा युवती स्त्रीहरूसहित जानकीजीलाई लिएर जाने थिएँ॥ ३० ॥

**जौं अस करौं तदपि न बड़ाई। मुएहि बधें नहिं कछु मनुसाई॥**
**कौल कामबस कृपिन बिमूढ़ा। अति दरिद्र अजसी अति बूढ़ा॥**

यदि यस्तो गरें भने पनि यसमा मेरो कुनै पुरुषार्थ हुनेछैन। मरेकालाई मार्नाले केही पनि पुरुषत्व (बहादुरी) हुनेछैन। वाममार्गी, कामी, कन्जुस, अत्यन्त मूढ, अति दरिद्र, बदनाम, धेरै वृद्ध, ॥ १ ॥

**सदा रोगबस संतत क्रोधी। बिष्नु बिमुख श्रुति संत बिरोधी॥**
**तनु पोषक निंदक अघ खानी। जीवत सव सम चौदह प्रानी॥**

नित्यको रोगी, निरन्तर क्रोधी, भगवान् विष्णुसँग विमुख, वेद र सन्तको विरोधी, आफ्नो नै शरीर पोषण गर्ने, अर्काको निन्दा गर्ने र पापको खानी (महान् पापी)—यी चौध प्राणी जीवित छँदै नै मुर्दासमान छन्॥ २ ॥

**अस बिचारि खल बधउँ न तोही। अब जनि रिस उपजावसि मोही॥**
**सुनि सकोप कह निसिचर नाथा। अधर दसन दसि मीजत हाथा॥**

हे दुष्ट! यस्तो विचार गरेर तँलाई मार्दिन। अब तैंले मलाई क्रोधित नबना। अङ्गदका वचन सुनेर राक्षसराज रावण दाँतले ओठ टोकेर, क्रोधित भएर हात मिच्दै बोल्यो— ॥ ३ ॥

**रे कपि अधम मरन अब चहसी। छोटे बदन बात बड़ि कहसी॥**
**कटु जल्पसि जड़ कपि बल जाकें। बल प्रताप बुधि तेज न ताकें॥**

हे नीच बाँदर! अब तँ मर्न नै खोजेको छस्! यसैले सानो मुखले (क्षमता नभईकन) ठूलो कुरा गरेको छस्। हे मूर्ख बाँदर! तँ जसको बलमा तीता वचन बोलिरहेको छस्, उसमा बल, प्रताप, बुद्धि अथवा तेज केही पनि छैन॥ ४ ॥

दो०— **अगुन अमान जानि तेहि दीन्ह पिता बनबास।**
**सो दुख अरु जुबती बिरह पुनि निसि दिन मम त्रास॥ ३१ (क)॥**

उसलाई गुणहीन र मानहीन सम्झेर नै त पिताले वनवास दिएका हुन्। उसलाई एउटा त त्यो (उसको) दुःख, त्यसमाथि युवती स्त्रीको विरह र फेरि रातदिन मेरो डर भइरहन्छ॥ ३१ (क)॥

**जिन्ह के बल कर गर्ब तोहि अइसे मनुज अनेक।**
**खाहिं निसाचर दिवस निसि मूढ़ समुझु तजि टेक॥ ३१ (ख)॥**

जसको बलको तँलाई गर्व छ, यस्ता अनेकौं मनुष्यहरूलाई त राक्षसले रातदिन खाने गर्छन्। हे मूढ! जिद्दी छोडेर विचार गर्॥ ३१ (ख)॥

**जब तेहिं कीन्हि राम कै निंदा। क्रोधवंत अति भयउ कपिंदा॥**
**हरि हर निंदा सुनइ जो काना। होइ पाप गोघात समाना॥**

जब उसले श्रीरामको निन्दा गर्‍यो, फेरि कपिश्रेष्ठ अङ्गद अत्यन्तै क्रोधित (कुपित) भए। किनकि [शास्त्रले यस्तो भनेका छन् कि] जसले आफ्ना कानले भगवान् विष्णु र शिवको निन्दा सुन्दछ, उसलाई गोवध (गौहत्या) समान पाप लाग्छ॥ १ ॥

**कटकटान कपिकुंजर भारी। दुहु भुजदंड तमकि महि मारी॥**
**डोलत धरनि सभासद खसे। चले भाजि भय मारुत ग्रसे॥**

बाँदरश्रेष्ठ अङ्गद धैरै नै बलपूर्वक कट्कटाएर तथा क्रोधित भएर आफ्ना दुवै भुजदण्डले पृथ्वीलाई हाने। पृथ्वी हल्लिन लाग्यो, [जसले बसेका] सभासद् पल्टिए र भयरूपी पवन (भूत)-सँग ग्रस्त भएर भागिहाले॥ २॥

**गिरत सँभारि उठा दसकंधर। भूतल परे मुकुट अति सुंदर॥**
**कछु तेहिं लै निज सिरन्हि सँवारे। कछु अंगद प्रभु पास पबारे॥**

रावण पल्टिँदा-पल्टिँदै होसियारीपूर्वक उठ्यो। उसको अत्यन्त सुन्दर मुकुट पृथ्वीमा खस्यो। केहीलाई त उसले उठाएर आफ्ना शिरमा मिलाएर लगायो र केही अङ्गदले उठाएर प्रभु श्रीरामचन्द्रका समीप फालिदिए॥ ३॥

**आवत मुकुट देखि कपि भागे। दिनहीं लूक परन बिधि लागे॥**
**की रावन करि कोप चलाए। कुलिस चारि आवत अति धाए॥**

मुकुट आउँदै देखेर बाँदर भागे। [सोच्न लागे] विधाता! के दिनमा नै उल्कापात हुन लाग्यो (तारा टुटेर खस्न लागे)? अथवा के रावणले क्रोध गरेर चार वज्र चलाएको हो, जुन अति नै वेगपूर्वक आइरहेका छन्?॥ ४॥

**कह प्रभु हँसि जनि हृदयँ डेराहू। लूक न असनि केतु नहिं राहू॥**
**ए किरीट दसकंधर केरे। आवत बालितनय के प्रेरे॥**

प्रभुले [उनीहरूसँग] हाँसेर भन्नुभयो—मनमा नडराऊ! यो न उल्का (टुटेको तारा) हो, न वज्र र न केतु या राहु नै हुन्। हे भाइ! यो त रावणको मुकुट हो; जसलाई बालिपुत्र अङ्गदले फालेर आइरहेका छन्॥ ५॥

दो०— **तरकि पवनसुत कर गहे आनि धरे प्रभु पास।**
**कौतुक देखहिं भालु कपि दिनकर सरिस प्रकास॥ ३२ (क)॥**

पवनपुत्र हनुमान्‌जीले बुरुक्क उफ्रेर उसलाई हातमा लिनुभयो र ल्याएर प्रभुनजिक राख्नुभयो। त्यसको प्रकाश सूर्यको समान थियो भालु र बाँदरले तमासा हेर्न लागे॥ ३२ (क)॥

**उहाँ सकोपि दसानन सब सन कहत रिसाइ।**
**धरहु कपिहि धरि मारहु सुनि अंगद मुसुकाइ॥ ३२ (ख)॥**

वहाँ (सभामा) क्रोधयुक्त रावणले सबैसँग झोक्किएर भन्न लाग्यो कि—बाँदरलाई समात र मारिहाल। अङ्गद यस्तो सुनेर मुस्कुराउन लागे॥ ३२ (ख)॥

**एहि बधि बेगि सुभट सब धावहु। खाहु भालु कपि जहँ जहँ पावहु॥**
**मर्कटहीन करहु महि जाई। जिअत धरहु तापस द्वौ भाई॥**

[रावणले फेरि भन्यो—] यसलाई मारेर सबै योद्धा तुरुन्तै दौडेर जहासुकै भालु-बाँदरलाई भेट्टाउनेछौ, त्यहीं खाइहाल। पृथ्वीलाई बाँदररहित बनाऊ र गएर दुवै तपस्वी भाइ (राम-लक्ष्मण) लाई जीवित छँदै समात॥ १॥

**पुनि सकोप बोलेउ जुबराजा। गाल बजावत तोहि न लाजा॥**
**मरु गर काटि निलज कुलघाती। बल बिलोकि बिहरति नहिं छाती॥**

[रावणका यस्ता झोक्किएका वचन सुनेर] अनि युवराज अङ्गद भाउन्न भएर बोले—तँलाई गाला फुलाउन (डिङ हाँक्न) लाज लाग्दैन! हे निर्लज्ज! हे कुलनाशक! घाँटी रेटेर (आत्महत्या गरेर) मरिहाल्! मेरो बललाई देखेर पनि तेरो छाती चिरिन्न!॥ २॥

**रे त्रिय चोर कुमारग गामी। खल मल रासि मंदमति कामी॥**
**सन्यपात जल्पसि दुर्बादा। भएसि कालबस खल मनुजादा॥**

हे स्त्री-चोर! हे कुमार्गमा हिँड्ने! हे दुष्ट, पापको राशि, मन्द बुद्धि र कामी! तैंले सन्निपातमा* कस्तो दुर्वचन भनिरहेको छस्? हे दुष्ट राक्षस! तँ कालको वशमा भएको छस्!॥ ३॥

**याको फलु पावहिगो आगें। बानर भालु चपेटन्हि लागें॥**
**रामु मनुज बोलत असि बानी। गिरहिं न तव रसना अभिमानी॥**

यसको फल त अघि (भविष्यमा) बाँदर र भालुहरूका झापटले हान्दा थाहा पाउनेछस्। राम मनुष्य हुनुहुन्छ, यस्तो वचन बोल्दा नै हे अभिमानी! तेरो जिब्रो झर्दैन?॥ ४॥

**गिरिहहिं रसना संसय नाहीं। सिरन्हि समेत समर महि माहीं॥**

यसमा सन्देह छैन कि तेरो जिब्रो [एक्लै होइन] शिरहरूका साथ रणभूमिमा खस्नेछ॥ ५॥

सो०— **सो नर क्यों दसकंध बालि बध्यो जेहिं एक सर।**
**बीसहुँ लोचन अंध धिग तव जन्म कुजाति जड़॥ ३३ (क)॥**

हे दशग्रीव! जसले एउटा नै बाणले बालिलाई मार्नुभयो, उहाँ मनुष्य हुनुहुन्छ? ए कुजाति, हे जड! बीसोटा आँखा हुँदा पनि तँ अन्धो भएको छस्। तेरो जन्मलाई धिक्कार छ॥ ३३ (क)॥

**तव सोनित कीं प्यास तृषित राम सायक निकर।**
**तजउँ तोहि तेहि त्रास कटु जल्पक निसिचर अधम॥ ३३ (ख)॥**

श्रीरामचन्द्रका बाणसमूह तेरो रगतका तिर्खाले तिर्खाएका छन्। [उनी तिर्खामा नै रहनेछन्] यही डरले, हे कटु बकवाद गर्ने नीच राक्षस। मैले तँलाई छोडेको छु॥ ३३ (ख)॥

**मैं तव दसन तोरिबे लायक। आयसु मोहि न दीन्ह रघुनायक॥**
**असि रिस होति दसउ मुख तोरौं। लंका गहि समुद्र महँ बोरौं॥**

म तेरा दाँत झार्नलाई समर्थवान् छु। तर के गरौं? श्रीरघुनाथले मलाई आज्ञा दिनुभएको छैन। यस्तो क्रोध भएको छ कि तेरा दशवटा मुख नै च्यातौं र तेरो लङ्कालाई समातेर समुद्रमा डुबाइदिऊँ॥ १॥

---

* **सन्निपात**—वाथ, पित्त, कफ। तीनै एक समयमा बिग्रनु तथा यस्तो रोग लाग्नाले मनुष्यको मरणकाल निकट जानिन्छ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**गूलरि फल समान तव लंका। बसहु मध्य तुम्ह जंतु असंका॥**
**मैं बानर फल खात न बारा। आयसु दीन्ह न राम उदारा॥**

तेरो लङ्का डुम्रीको फलसमान छ। तिमीहरू सबै भुसुना (किरा) त्यसभित्र [अज्ञानवश] निडर भएर बसिरहेका छौ। म बाँदर हुँ, मैले यस फललाई खान के धेरै समय लाग्छ? तर उदार (कृपालु) श्रीरामचन्द्रले यस्तो आज्ञा दिनुभएको छैन॥ २॥

**जुगुति सुनत रावन मुसुकाई। मूढ़ सिखिहि कहँ बहुत झुठाई॥**
**बालि न कबहुँ गाल अस मारा। मिलि तपसिन्ह तैं भएसि लबारा॥**

अङ्गदको युक्ति सुनेर रावण मुस्कुरायो [र भन्यो—] हे मूर्ख! धेरै झूटो बोल्न तैले कहाँ सिकेको होस्? बालिले त कहिल्यै यस्तो गफ गरेन (डिङ हाँकेन)। यस्तो जानिन्छ कि तपस्वीहरूसँग मिलेर यस्तो लफुङ्गो (गफी) भएको रहेछस्॥ ३॥

**साँचेहुँ मैं लबार भुज बीहा। जौं न उपारिउँ तव दस जीहा॥**
**समुझि राम प्रताप कपि कोपा। सभा माझ पन करि पद रोपा॥**

[अङ्गदले भने—] हे बीस भुजा भएका! यदि तेरा दशवटा नै जिब्रो तान्न (उखेल्न) सकिन भने त म साँच्चै नै गफी (लफुङ्गो) नै हुँ। श्रीरामचन्द्रको प्रतापलाई सम्झेर अङ्गद झोक्किएर उनले रावणको सभामा प्रण गरेर (दृढताका साथ) गोडा गाडे (अर्थात् ठिङ्ग उभिए)॥ ४॥

**जौं मम चरन सकसि सठ टारी। फिरहिं रामु सीता मैं हारी॥**
**सुनहु सुभट सब कह दससीसा। पद गहि धरनि पछारहु कीसा॥**

[अनि भने—] हे मूर्ख! यदि तैंले मेरा चरण हटाउन सकिस् भने त रामजी फर्केर जानुहुन्छ, मैले सीताजीलाई हारें। रावणले भन्यो—हे सबै वीरहरू हो! सुन, खुट्टा समातेर बाँदरलाई पृथ्वीमा पछारिदेऊ (पल्टाइदेऊ)॥ ५॥

**इंद्रजीत आदिक बलवाना। हरषि उठे जहँ तहँ भट नाना॥**
**झपटहिं करि बल बिपुल उपाई। पद न टरइ बैठहिं सिरु नाई॥**

इन्द्रजीत (मेघनाद) आदि अनेकौं बलवान् योद्धा जतासुकैबाट हर्षित भएर उठे। उनीहरूले सम्पूर्ण तागत (बल) लगाई धेरै नै उपाए गरेर झम्टन्छन्। तर चरण कत्ति पनि हल्लिदैनन्, अनि शिर झुकाएर फेरि आ-आफ्नो ठाउँमा गएर बस्छन्॥ ६॥

**पुनि उठि झपटहिं सुर आराती। टरइ न कीस चरन एहि भाँती॥**
**पुरुष कुजोगी जिमि उरगारी। मोह बिटप नहिं सकहिं उपारी॥**

[कागभुशुण्डिजी भन्नुहुन्छ—] ती देवताहरूका शत्रु (राक्षस) फेरि उठेर झम्टन्छन्। परन्तु हे सर्पहरूका शत्रु गरुडजी! अङ्गदका चरण उनीहरूबाट यस्तो प्रकारले हच्कन्नन्, जस्तै कुयोगी (विषयी) पुरुषले मोहरूपी वृक्षलाई उखेल्न सक्तैन॥ ७॥

दो०— **कोटिन्ह मेघनाद सम सुभट उठे हरषाइ।**
**झपटहिं टरै न कपि चरन पुनि बैठहिं सिर नाइ॥ ३४ (क)॥**

करोडौं (कैयौं) वीर योद्धा जुन बलमा मेघनादसमान थिए, उनीहरू हर्षित भएर उठे। उनीहरू बारम्बार झम्टन्छन्, तर बाँदरको चरण उठ्दैनन्, फेरि लाजले गर्दा शिर निहुराएर बस्छन्॥ ३४ (क)॥

**भूमि न छाँड़त कपि चरन देखत रिपु मद भाग।**
**कोटि बिघ्न ते संत कर मन जिमि नीति न त्याग॥ ३४ (ख)॥**

जस्तै करोडौं विघ्न आए पनि सन्तको मनले नीतिलाई छोड्दैन, उस्तै प्रकारले बाँदर (अङ्गद) का चरणले जमिनलाई छोड्दैनन्। यस्तो देखेर शत्रु (रावण) को मद चूर्ण भयो॥ ३४ (ख)॥

**कपि बल देखि सकल हियँ हारे। उठा आपु कपि कें परचारे॥**
**गहत चरन कह बालिकुमारा। मम पद गहें न तोर उबारा॥**

अङ्गदको बल देखेर सबै हृदयमा हारे। अनि अङ्गदले (फेरि रावणलाई) चुनौती दिएपछि रावण स्वयं उठ्यो। जब उसले अङ्गदका चरण समात्न लाग्यो, फेरि बालिकुमार अङ्गदले भने— मेरा चरण समाउनाले तेरो इज्जत (कल्याण) हुनेछैन!॥ १॥

**गहसि न राम चरन सठ जाई। सुनत फिरा मन अति सकुचाई॥**
**भयउ तेजहत श्री सब गई। मध्य दिवस जिमि ससि सोहई॥**

हे मूर्ख! तैंले गएर श्रीरामका चरण किन समाउँदैनस्? यस्तो सुनेर ऊ मनमा धेरै नै लाज मान्दै फर्क्यो। उसको सम्पूर्ण श्री (तेज) यसरी नष्ट भयो। ऊ यस्तो तेजहीन भयो, जसरी मध्यान्हमा चन्द्रमालाई देख्न सकिँदैन॥ २॥

**सिंघासन बैठेउ सिर नाई। मानहुँ संपति सकल गँवाई॥**
**जगदातमा प्रानपति रामा। तासु बिमुख किमि लह बिश्रामा॥**

ऊ शिर झुकाएर सिंहासनमा गएर बस्यो। मानौं सबै सम्पत्ति गुमाएर बसेको छ। श्रीरामचन्द्र जगत्‌भरका आत्मा र प्राणीका स्वामी हुनुहुन्छ। उहाँसँग विमुख हुनेवालाले विश्राम (सुख, चैन वा शान्ति) कसरी पाउन सक्छन्?॥ ३॥

**उमा राम की भृकुटि बिलासा। होइ बिस्व पुनि पावइ नासा॥**
**तृन ते कुलिस कुलिस तृन करई। तासु दूत पन कहु किमि टरई॥**

[शिवजीले भन्नुहुन्छ— ] हे उमा! जुन श्रीरामचन्द्रको भ्रूविलास (आँखीभौं) ले विश्व उत्पन्न हुन्छ र फेरि नष्ट हुन्छ; जसले तृणलाई वज्र र वज्रलाई तृण बनाउनुहुन्छ (अत्यन्त निर्बललाई महान् प्रबल र महान् प्रबललाई अत्यन्त निर्बल बनाउनुहुन्छ), उहाँको दूतको प्रतिज्ञा, तिमीले नै भन त, कसरी व्यर्थ हुन्छ?॥ ४॥

**पुनि कपि कही नीति बिधि नाना। मान न ताहि कालु निअराना॥**
**रिपु मद मथि प्रभु सुजसु सुनायो। यह कहि चल्यो बालि नृप जायो॥**

फेरि अङ्गदले अनेकौं प्रकारका नीति भने। तर रावणले मानेन; किनकि उसको काल निकट आएको छ। शत्रुको घमण्डलाई नष्ट गरेर अङ्गदले उसलाई प्रभु श्रीरामचन्द्रको सुयश सुनाए र फेरि उनी राजा बालिका पुत्र यस्तो भनेर हिँडिहाले— ॥ ५ ॥

**हतौं न खेत खेलाइ खेलाई। तोहि अबहिं का करौं बड़ाई॥**
**प्रथमहिं तासु तनय कपि मारा। सो सुनि रावन भयउ दुखारा॥**

रणभूमिमा तँलाई बारम्बार खेलाएर (बिस्तारै बिरालोले मूसो खेलाएझैं गरेर) मार्न सकिन भने त्यस समयसम्म [पहिला] के प्रशंसा गरौं। अङ्गदले पहिला नै (सभामा आउनुभन्दा पूर्व नै) उसको पुत्रलाई मारेका थिए। त्यो संवाद सुनेर रावण दुःखी भयो॥ ६ ॥

**जातुधान अंगद पन देखी। भय ब्याकुल सब भए बिसेषी॥**

अङ्गदको प्रण (प्रतिज्ञा) सफल देखेर सबै राक्षस भयले अत्यन्त अत्तालिए॥ ७ ॥

दो०— **रिपु बल धरषि हरषि कपि बालितनय बल पुंज।**
**पुलक सरीर नयन जल गहे राम पद कंज॥ ३५ ( क )॥**

शत्रुको बललाई छिन्न-भिन्न (चकनाचूर) गरेर, बलका राशि बालिपुत्र अङ्गदले हर्षित हुँदै आएर श्रीरामचन्द्रका चरणकमल समाते। उनको शरीर पुलकित भएको छ र नेत्रमा [आनन्दाश्रुका] जल भरिएका छन्॥ ३५ (क) ॥

## ● रावणलाई पुनः मन्दोदरीले सम्झाउनु ●

**साँझ जानि दसकंधर भवन गयउ बिलखाइ।**
**मंदोदरीं रावनहि बहुरि कहा समुझाइ॥ ३५ ( ख )॥**

सन्ध्या भएको जानेर दशग्रीव उदास (भावी अनिष्टको आशङ्काले मन चिन्तित र खिन्न) भएर महलमा गयो। मन्दोदरीले रावणलाई सम्झाएर फेरि भनी— ॥ ३५ (ख) ॥

**कंत समुझि मन तजहु कुमतिही। सोह न समर तुम्हहि रघुपतिही॥**
**रामानुज लघु रेख खचाई। सोउ नहिं नाघेहु असि मनुसाई॥**

हे कान्त! मनमा सम्झेर (विचार गरेर) कुबुद्धिलाई छोडिदिइबक्सियोस्। हजुरको र श्रीरघुनाथको युद्धले शोभा दिंदैन। उहाँका भाइले एउटा अलिकति रेखा खिचिदिएका (मौका दिएका) थिए, उसलाई पनि हजुरले नाघ्न सक्नुभएन (मान्न तयार हुनुभएन), यस्तो त हजुरको बहादुरी (पुरुषत्व) छ॥ १ ॥

**पिय तुम्ह ताहि जितब संग्रामा। जाके दूत केर यह कामा॥**
**कौतुक सिंधु नाघि तव लंका। आयउ कपि केहरी असंका॥**

हे प्रियतम! हजुरले उहाँलाई सङ्ग्राममा जित्न सकिबक्सिन्न, जसका दूतको यस्तो काम छ? ख्याल–ख्यालमै समुद्र नाघेर ऊ बाँदरहरूमा सिंह (हनुमान्) हजुरको लङ्कामा निर्भयका साथ आयो!॥ २॥

**रखवारे हति बिपिन उजारा। देखत तोहि अच्छ तेहिं मारा॥**
**जारि सकल पुर कीन्हेसि छारा। कहाँ रहा बल गर्ब तुम्हारा॥**

रक्षकहरूलाई मारेर उसले अशोकवन उजाड पाऱ्यो। हजुरले हेर्दाहेर्दै उसले अक्षयकुमारलाई माऱ्यो र सम्पूर्ण नगर (राजधानी) लाई भस्म गरायो। त्यस समय हजुरको बलको घमण्ड कहाँ गएको थियो अर्थात् त्यत्तिखेर समातेर किन मार्नुभएन?॥ ३॥

**अब पति मृषा गाल जनि मारहु। मोर कहा कछु हृदयँ बिचारहु॥**
**पति रघुपतिहि नृपति जनि मानहु। अग जग नाथ अतुलबल जानहु॥**

अब हे स्वामी! झूटो गफ (डिङ) नहाँकिबक्सियोस्, मेरो भनाइलाई हृदयमा केही विचार गरिबक्सियोस्। हे स्वामी! हजुरले श्रीरघुपतिलाई [साधारण] राजा नमानिबक्सियोस्, किन्तु चराचरका स्वामी र अतुलनीय बलवान् जानिबक्सियोस्॥ ४॥

**बान प्रताप जान मारीचा। तासु कहा नहिं मानेहि नीचा॥**
**जनक सभाँ अगनित भूपाला। रहे तुम्हउ बल अतुल बिसाला॥**

श्रीरामको बाणको प्रतापलाई त मारीचले पनि जानेको थियो। परन्तु हजुरले तुच्छ बुद्धिको झैं भएर उसको भनाइलाई पनि मान्नुभएन। जनकको सभामा असङ्ख्य राजागण थिए। त्यहाँ विशाल र अतुलनीय बलवान् हजुर पनि होइबक्सिन्थ्यो॥ ५॥

**भंजि धनुष जानकी बिआही। तब संग्राम जितेहु किन ताही॥**
**सुरपति सुत जानइ बल थोरा। राखा जिअत आँखि गहि फोरा॥**

त्यहाँ शिवजीको धनुष भाँचेर श्रीरामले जानकीलाई विवाह गर्नुभयो, फेरि हजुरले उहाँलाई सङ्ग्राममा किन जितिबक्सिएन? इन्द्रपुत्र जयन्तले उहाँको बललाई केही मात्रामा जानेको छ। श्रीरामले समातेर, केवल उसको एउटा आँखा नै फुटालिदिनुभयो र उसलाई जीवित नै छोडिदिनुभयो॥ ६॥

**सूपनखा कै गति तुम्ह देखी। तदपि हृदयँ नहिं लाज बिसेषी॥ ७॥**

शूर्पणखाको दशा (हाल) त आफ्नै आँखाले देखिबक्सियो। तर पनि हजुरको हृदयमा [उहाँसँग लड्ने कुरा गर्न] विशेष (केही पनि) लाज लाग्दैन!॥ ७॥

दो०— **बधि बिराध खर दूषनहि लीलाँ हत्यो कबंध।**
**बालि एक सर मार्‍यो तेहि जानहु दसकंध॥ ३६॥**

जसले विराध र खरदूषणलाई मारेर लीलापूर्वक नै कबन्धलाई पनि मार्नुभयो र जसले बालिलाई एउटै बाणले मार्नुभयो, हे दशशीर्ष! हजुरले उहाँलाई (उहाँको महत्त्वलाई) सम्झिबक्सियोस्!॥ ३६॥

**जेहिं जलनाथ बँधायउ हेला। उतरे प्रभु दल सहित सुबेला॥**
**कारुनीक दिनकर कुल केतू। दूत पठायउ तव हित हेतू॥**

जसले खेलपूर्वक नै समुद्रमा पुल बनाए र जुन प्रभु सेनासहित सुबेलपर्वतमा आइसक्नुभयो, उनै सूर्यकुलका ध्वजास्वरूप (कीर्तिलाई बढाउने) करुणामय भगवान्ले हजुरको हितको लागि नै दूत पठाउनुभएको हो॥ १ ॥

**सभा माझ जेहिं तव बल मथा। करि बरूथ महुँ मृगपति जथा॥**
**अंगद हनुमत अनुचर जाके। रन बाँकुरे बीर अति बाँके॥**

जसले बीच सभामा आएर हजुरको बललाई उस्तै प्रकारले नष्ट (चूर्ण) गर्दछ, जस्तै हात्तीहरूको बथानमा आएर सिंहले [उनीहरूलाई छिन्न-भिन्न गर्दछ] रणवीर तथा (शूरवीरमा अत्यन्तै कहलिएका) अत्यन्त विकट वीर अङ्गद र हनुमान् जसका सेवक छन्॥ २ ॥

**तेहि कहँ पिय पुनि पुनि नर कहहू। मुधा मान ममता मद बहहू॥**
**अहह कंत कृत राम बिरोधा। काल बिबस मन उपज न बोधा॥**

हे स्वामी! उहाँलाई हजुरले घरी-घरी मनुष्य भनिबक्सिएको छ। हजुरले व्यर्थ नै मान, ममता र मदको भारी बोकिबक्सिएको छ! हे प्रियतम! हजुरले श्रीरामसँग विरोध गरिबक्सिएको छ र कालको विशेष वशमा हुनाले हजुरको मनमा अझैसम्म पनि ज्ञान उत्पन्न भएको छैन॥ ३ ॥

**काल दंड गहि काहु न मारा। हरइ धर्म बल बुद्धि बिचारा॥**
**निकट काल जेहि आवत साईं। तेहि भ्रम होइ तुम्हारिहि नाईं॥**

कालले दण्ड (लौरो) लिएर कसैलाई मार्दैन। उसले धर्म, बल, बुद्धि र विचारलाई नष्ट गर्छ। हे स्वामी! जसको काल (मरण-समय) नजिक आएको हुन्छ, उसलाई हजुरलाईझैं भ्रम हुनेगर्छ॥ ४ ॥

दो०— **दुइ सुत मरे दहेउ पुर अजहुँ पूर पिय देहु।**
**कृपासिंधु रघुनाथ भजि नाथ बिमल जसु लेहु॥ ३७॥**

हजुरका (हाम्रा) दुई पुत्र मारिए र नगर जल्यो। [जे भयो सो भयो] हे प्रियतम! अब पनि [यस भूलको] पूर्ति (समाप्ति) गरिबक्सियोस् (श्रीरामसँग वैर त्यागिबक्सियोस्) र हे नाथ! कृपाका समुद्र श्रीरघुनाथलाई भजेर (प्रेम गरेर) निर्मल यश लिइबक्सियोस्॥ ३७॥

**नारि बचन सुनि बिसिख समाना। सभाँ गयउ उठि होत बिहाना॥**
**बैठ जाइ सिंघासन फूली। अति अभिमान त्रास सब भूली॥**

स्त्रीका बाणका समान (कठोर) वचन सुनेर ऊ उज्यालो हुने बित्तिकै उठेर सभामा गइहाल्यो र सबै भय भुलेजस्तो गरेर अत्यन्त अभिमानले फुलेर सिंहासनमा गई बस्यो॥ १ ॥

## * अङ्गद-राम-संवाद *

**इहाँ राम अंगदहि बोलावा। आइ चरन पंकज सिरु नावा॥**
**अति आदर समीप बैठारी। बोले बिहँसि कृपाल खरारी॥**

यहाँ (सुबेल पर्वतमा) श्रीरामले अङ्गदलाई बोलाउनुभयो। उनले आएर चरण-कमलमा शिर नुहाए। धेरै आदरका साथ उनलाई नजिकै बसालेर खरका शत्रु कृपालु श्रीराम हाँसेर बोल्नुभयो॥ २ ॥

**बालितनय कौतुक अति मोही। तात सत्य कहु पूछउँ तोही॥**
**रावनु जातुधान कुल टीका। भुज बल अतुल जासु जग लीका॥**

हे बालिका पुत्र! मलाई ठूलो कौतूहल भएको छ। हे तात! यसैले मैले तिमीसँग सोध्दछु, सत्य भन्नू। जुन रावण राक्षसहरूको कुलको तिलक हो र जसलाई अतुलनीय बाहुबलको जगत्‌भरमा धाक छ,॥ ३॥

**तासु मुकुट तुम्ह चारि चलाए। कहहु तात कवनी बिधि पाए॥**
**सुनु सर्बग्य प्रनत सुखकारी। मुकुट न होहिं भूप गुन चारी॥**

उसैका चारवटा मुकुट तिमीले फाल्यौ। हे तात! बताऊँ, तिमीले उनलाई कुन प्रकारले पायौ (अर्थात् विनासङ्ग्राम कसरी मिले)! [अङ्गदले भने—] हे सर्वज्ञ! हे शरणागतलाई सुख दिनेवाला! सुनिबक्सियोस्। उनीहरू मुकुट होइनन्। उनीहरू त राजाका चारवटा गुण हुन्॥ ४॥

**साम दान अरु दंड बिभेदा। नृप उर बसहिं नाथ कह बेदा॥**
**नीति धर्म के चरन सुहाए। अस जियँ जानि नाथ पहिं आए॥**

हे नाथ! वेदले भनेका छन् कि साम, दान, दण्ड र भेद—यी चारवटा राजाको हृदयमा बस्छन्। यी नीति-धर्मका चार सुन्दर चरण हुन्। [किन्तु रावणमा धर्मको अभाव छ] यस्तो मनमा जानेर यी नाथसँग आएका हुन्॥ ५॥

दो०— **धर्महीन प्रभु पद बिमुख काल बिबस दससीस।**
**तेहि परिहरि गुन आए सुनहु कोसलाधीस॥ ३८ (क)॥**

दशशीर्ष रावण धर्महीन, प्रभुको पदबाट विमुख र कालको वशमा छ। यसैले हे कोसलराज! सुनिबक्सियोस्, ती गुण रावणलाई छोडेर हजुरसँग आएका छन्॥ ३८ (क)॥

**परम चतुरता श्रवन सुनि बिहँसे रामु उदार।**
**समाचार पुनि सब कहे गढ़ के बालिकुमार॥ ३८ (ख)॥**

अङ्गदको परम चतुरता [पूर्ण उक्ति] सुनेर उदार श्रीरामचन्द्र हाँस्न लाग्नुभयो। फेरि बालिपुत्रले किल्ला (गढ अथवा लङ्का) को सबै समाचार भने॥ ३८ (ख)॥

**रिपु के समाचार जब पाए। राम सचिव सब निकट बोलाए॥**
**लंका बाँके चारि दुआरा। केहि बिधि लागिअ करहु बिचारा॥**

जब शत्रुको समाचार प्राप्त भइसक्यो, अनि श्रीरामचन्द्रले सबै मन्त्रीहरूलाई नजिकै बोलाउनुभयो [र भन्नुभयो—] लङ्कामा चारवटा धेरै विकट (अर्थात् यी देव, दानव, गन्धर्व आदि सबैको लागि अत्यन्त दुर्गम) मुख्य द्वार छन्। त्यसमा कुन प्रकारले आक्रमण गर्नुपर्ला, यसलाई विचार गर॥ १॥

**तब कपीस रिच्छेस बिभीषन। सुमिरि हृदयँ दिनकर कुल भूषन॥**
**करि बिचार तिन्ह मंत्र दृढ़ावा। चारि अनी कपि कटकु बनावा॥**

अनि बाँदरराज सुग्रीव, ऋक्षपति जाम्बवान् (भालुका राजा) र विभीषणले हृदयमा सूर्यकुलका भूषण श्रीरघुनाथलाई स्मरण गरेर विचार गरी उनीहरूले कर्तव्य निश्चित गरे। बाँदरको सेनालाई चार भाग (चार टोली) बनाए॥ २॥

**जथाजोग सेनापति कीन्हे। जूथप सकल बोलि तब लीन्हे॥**
**प्रभु प्रताप कहि सब समुझाए। सुनि कपि सिंघनाद करि धाए॥**

र उनीहरूको लागि यथायोग्य (जस्तो चाहिएको छ उस्तै) सेनापति नियुक्त गरे। फेरि सबै यूथपति (सेनापति) लाई बोलाएर प्रभुको प्रतापको वर्णन गरेर सबैलाई सम्झाइयो, जसलाई सुनेर बाँदर सिंहका समान गर्जना गरेर दौडे॥ ३॥

**हरषित राम चरन सिर नावहिं। गहि गिरि सिखर बीर सब धावहिं॥**
**गर्जहिं तर्जहिं भालु कपीसा। जय रघुबीर कोसलाधीसा॥**

उनीहरू हर्षित हुँदै श्रीरामका चरणमा शिर निहुराउँछन् र पर्वतका शिखरलाई लिएर सबै वीर दौडेका छन्। 'कोसलराज श्रीरघुवीरको जय होस्' नारा लगाउँदै भालु र बाँदर गर्जेका (चिच्च्याएका) छन् र धम्काएका छन्॥ ४॥

**जानत परम दुर्ग अति लंका। प्रभु प्रताप कपि चले असंका॥**
**घटाटोप करि चहुँ दिसि घेरी। मुखहिं निसान बजावहिं भेरी॥**

लङ्कालाई अत्यन्त श्रेष्ठ (अजेय, दुर्गम) किल्ला जान्दा पनि प्रभु श्रीरामचन्द्रको प्रतापले बाँदर निडर भएर हिंडे। चारैतर्फबाट घेरिएको बादलको मुस्लोको तरह लङ्कालाई चारैतर्फबाट घेरेर उनीहरूले मुखले नै निसान तथा भेरी (रणक्षेत्रमा बजाइने ढोल बाजा) बजाउन लागे॥ ५॥

**दो०—जयति राम जय लछिमन जय कपीस सुग्रीव।**
**गर्जहिं सिंघनाद कपि भालु महा बल सींव॥ ३९॥**

महान् बलका सीमा उनी बाँदर-भालु सिंहका समान उच्च स्वरले 'श्रीरामको जय', 'लक्ष्मणजीको जय', 'बाँदरराज सुग्रीवको जय'—यसरी नारा लगाउन लागे॥ ३९॥

**लंकाँ भयउ कोलाहल भारी। सुना दसानन अति अहँकारी॥**
**देखहु बनरन्ह केरि ढिठाई। बिहँसि निसाचर सेन बोलाई॥**

लङ्कामा धेरै ठूलो कोलाहल मच्चियो। अत्यन्त अहङ्कारी रावणले उसलाई सुनेर भन्यो—बाँदरहरूको मूर्खता (धृष्टता) लाई त हेर! यस्तो भन्दै हाँसेर उसले राक्षसका सेनालाई बोलायो॥ १॥

**आए कीस काल के प्रेरे। छुधावंत सब निसिचर मेरे॥**
**अस कहि अट्टहास सठ कीन्हा। गृह बैठें अहार बिधि दीन्हा॥**

बाँदर कालको प्रेरणाले स्वयं आएका छन्। मेरा राक्षस (प्रजा) सबै भोका छन्। विधाताले आज यिनीहरूलाई घरमा बसेर नै भोजन दिएको छ। यस्तो भनेर त्यस मूर्खले अट्टहास (खित्का छोडेर हाँस्ने क्रिया) गरेर हाँस्यो॥ २॥

## * युद्धारम्भ *

**सुभट सकल चारिहुँ दिसि जाहू। धरि धरि भालु कीस सब खाहू॥**
**उमा रावनहि अस अभिमाना। जिमि टिट्टिभ खग सूत उताना॥**

[र भन्यो— ] हे वीरहरू हो! सबै जना चारै दिशाहरूमा जाऊँ र भालु, बाँदर सबैलाई समाती-समाती खाओ। [शिवजीले भन्नुहुन्छ— ] हे उमा! रावणको यस्तो अभिमान थियो, जस्तै हुटिट्याउँ पक्षी माथि खुट्टा गरेर सुत्छ [मानौं आकाशलाई अड्याउनेछ]॥ ३॥

**चले निसाचर आयसु मागी। गहि कर भिंडिपाल बर साँगी॥**
**तोमर मुद्गर परसु प्रचंडा। सूल कृपान परिघ गिरिखंडा॥**

आज्ञा मागेर हातमा उत्तम भिंदिपाल (छोटो लौरो जुन फालेर हानिन्छ), शक्ति, तोमर (भाला जस्तो छोटो अस्त्र), मुद्गर (मुग्रो), तीक्ष्ण फर्सा, शूल (भाला), दुइतर्फ धार भएको तरबार, परिघ (घन), र पहाडका थुप्रा (डल्ला) लिएर राक्षस गए॥ ४॥

**जिमि अरुनोपल निकर निहारी। धावहिं सठ खग मांस अहारी॥**
**चोंच भंग दुख तिन्हहि न सूझा। तिमि धाए मनुजाद अबूझा॥**

जस्तै मूर्ख मांसाहारी पक्षी रातो ढुङ्गाको थुप्रोलाई देखेर त्यसमा ठुङ्न थाल्छन्, [ढुङ्गामा हान्नाले] चुचो भाच्चिने दुःख उनीहरूले जान्दैनन्, उस्तै नै यी अज्ञानी राक्षस दौडेका छन्॥ ५॥

दो०— **नानायुध सर चाप धर जातुधान बल बीर।**
**कोट कँगूरन्हि चढ़ि गए कोटि कोटि रनधीर॥ ४०॥**

अनेकौं प्रकारका अस्त्र-शस्त्र र धनुष-बाण धारण गरेर करोडौं बलवान् र रणधीर (स्थिर रहने, विचलित नहुने) राक्षस वीर पर्खालको गजुरमा चढे॥ ४०॥

**कोट कँगूरन्हि सोहहिं कैसे। मेरु के सृंगनि जनु घन बैसे॥**
**बाजहिं ढोल निसान जुझाऊ। सुनि धुनि होइ भटन्हि मन चाऊ॥**

उनीहरू (किल्लाको) पर्खालको गजुरमा कसरी विराजमान (शोभित) भइरहेका छन्, मानौं सुमेरुको शिखरमा बादल बसेको छ। लडाइँका बाजा निसान (ढोल) र नगरा आदि बजिरहेका छन्, [जसको] ध्वनि सुनेर योद्धाहरूको मनमा [लड्ने] इच्छा हुन्छ॥ १॥

**बाजहिं भेरि नफीरि अपारा। सुनि कादर उर जाहिं दरारा॥**
**देखिन्ह जाइ कपिन्ह के ठट्टा। अति बिसाल तनु भालु सुभट्टा॥**

असङ्ख्य नफीरी र भेरी बजिरहेका छन्, [जसलाई] सुनेर कायरको हृदय फाट्दछ (मुटु फुट्छ, हृदय चिरिन्छ)। उनीहरू गएपछि अत्यन्त विशाल शरीर भएका महान् योद्धा बाँदर र भालुहरूका समूहलाई देखे॥ २॥

**धावहिं गनहिं न अवघट घाटा। पर्बत फोरि करहिं गहि बाटा॥**
**कटकटाहिं कोटिन्ह भट गर्जहिं। दसन ओठ काटहिं अति तर्जहिं।**

[देखे कि] ती भालु र बाँदर दौडेका छन्, घाटी (गल्छेंडा, गौंडा, नाका)-लाई कत्ति पनि गन्दैनन्। पर्वतलाई (हातले) समातेर फोरेर (काटेर) बाटो बनाएका छन्। करोडौं योद्धा दाह्रा किटेका छन् र चिच्च्याएका छन्। दाँतले ओठ टोक्दै खुब छिटो उफ्रन्छन्॥ ३॥

**उत रावन इत राम दोहाई। जयति जयति जय परी लराई॥**
**निसिचर सिखर समूह ढहावहिं। कूदि धरहिं कपि फेरि चलावहिं॥**

उता रावणको र यता श्रीरामको जयकार बोलिएको छ। 'जय', 'जय', 'जय' को ध्वनि हुँदा नै लडाइँ आरम्भ भयो। राक्षसले पर्वत (पहाड) का शिखरका थुप्राका थुप्रा फाल्दछन्। बाँदरले उफ्रेर (दौडेर) उनलाई समाउँछन् र फर्काएर उनीहरूतर्फ नै फाल्दछन्॥ ४॥

छं०— **धरि कुधर खंड प्रचंड मर्कट भालु गढ़ पर डारहीं।**
**झपटहिं चरन गहि पटकि महि भजि चलत बहुरि पचारहीं॥**
**अति तरल तरुन प्रताप तरपहिं तमकि गढ़ चढ़ि चढ़ि गए।**
**कपि भालु चढ़ि मंदिरन्ह जहँ तहँ राम जसु गावत भए॥**

प्रचण्ड (कोपयुक्त) बाँदर र भालुले पर्वतका टुक्रा (डल्ला) बारम्बार लिँदै किल्लामा हान्दछन्। उनीहरूले झम्टन्छन् र राक्षसहरूका खुट्टा समातेर उनीहरूलाई पृथ्वीमा पछारेर भागि-हाल्छन् र फेरि धम्काउँछन्। अति नै चञ्चल र धेरै तेजस्वी बाँदर-भालु ठूलो फुर्तिले उफ्रेर किल्ला (गढ) मा चढेर जतातत्तै महलमा पसेर श्रीरामको यश गाउन लागे।

दो०— **एकु एकु निसिचर गहि पुनि कपि चले पराइ।**
**ऊपर आपु हेठ भट गिरहिं धरनि पर आइ॥ ४१॥**

फेरि एक-एक राक्षसलाई समातेर ती बाँदर भागिहाले। माथि आफू र तल [राक्षस] योद्धा— यस्तो प्रकारले [किल्लाबाट] धर्तीमा आएर पल्टिन्छन्॥ ४१॥

**राम प्रताप प्रबल कपिजूथा। मर्दहिं निसिचर सुभट बरूथा॥**
**चढ़े दुर्ग पुनि जहँ तहँ बानर। जय रघुबीर प्रताप दिवाकर॥**

श्रीरामको प्रतापले प्रबल बाँदरहरूका समूहले राक्षस योद्धाहरूका असङ्ख्य समूहलाई मर्दन गर्ने (मिच्नु, थिच्नु आदि) गरेका छन्। बाँदर फेरि जहाँसुकै किल्ला (गढ, दुर्ग) मा चढे र प्रतापमा सूर्यका समान श्रीरघुवीरको जयकारको नारा लगाउन थाले॥ १॥

**चले निसाचर निकर पराई। प्रबल पवन जिमि घन समुदाई॥**
**हाहाकार भयउ पुर भारी। रोवहिं बालक आतुर नारी॥**

राक्षसहरूका समूह उस्तै प्रकारले भागे जस्तै वेगपूर्वक हावा चल्दाखेरि बादलको समूह तितर-बितर (छिन्न-भिन्न) हुन्छ। लङ्का नगरीमा धेरै ठूलो हाहाकार* (कोलाहल) मच्चियो। बालक, स्त्री र रोगीहरू [असमर्थताको कारण] रुन लागे॥ २॥

---

* **हाहाकार**=भयको कारणले धेरै मानिसको मुखबाट निस्कने हा हा शब्द। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**सब मिलि देहिं रावनहि गारी। राज करत एहिं मृत्यु हँकारी॥**
**निज दल बिचल सुनी तेहिं काना। फेरि सुभट लंकेस रिसाना॥**

सबै मिलेर रावणलाई गाली गर्न लागे कि राज्य गर्दै-गर्दा यसले मृत्युलाई बोलायो। रावणले जब आफ्ना सेना विचलित (हिम्मत हारेको, रणबाट विमुख) भएको कानले सुन्यो, फेरि [भाग्दै गरेका] योद्धाहरूलाई उसले क्रोधित भएर भन्यो— ॥ ३॥

**जो रन बिमुख सुना मैं काना। सो मैं हतब कराल कृपाना॥**
**सर्बसु खाइ भोग करि नाना। समर भूमि भए बल्लभ प्राना॥**

मैले जसलाई रणबाट पीठ देखाएर (रण-विमुख) भागेको आफ्ना कानले सुन्नेछु, उसलाई स्वयं भयानक दुईधारे (दुईतर्फ धार भएको) तरबारले मार्नेछु। मेरो सबै चीज खायौ, विभिन्न प्रकारका भोग गऱ्यौ र अब रणभूमिमा प्राण प्यारो भएको छ!॥ ४॥

**उग्र बचन सुनि सकल डेराने। चले क्रोध करि सुभट लजाने॥**
**सन्मुख मरन बीर कै सोभा। तब तिन्ह तजा प्रान कर लोभा॥**

रावणका उग्र (कठोर) वचन सुनेर सबै वीर डराए, लाज मान्दै क्रोध गरेर युद्धको लागि फर्केर गए। रणमा [शत्रुका] सम्मुख (युद्ध गर्दा नै) मर्नमा वीरको शोभा हुन्छ। [यस्तो सोचेर] अनि उनीहरूले प्राणको लोभ (मोह) छोडिदिए॥ ५॥

दो०— **बहु आयुध धर सुभट सब भिरहिं पचारि पचारि।**
**ब्याकुल किए भालु कपि परिघ त्रिसूलन्हि मारि॥ ४२॥**

धेरै प्रकारका अस्त्र-शस्त्र धारण गरेका छन्* र सबै उत्तम योद्धाहरूले† बारम्बार चुनौती दिंदै लड्न लागे। उनीहरूले परिघ र त्रिशूलले (सबै हथियार हुँदा पनि यी मुख्य हतियार हुन् तिनैले) बारम्बार हानेर सबै भालु र बाँदरलाई व्याकुल बनाए॥ ४२॥

**भय आतुर कपि भागन लागे। जद्यपि उमा जीतिहहिं आगे॥**
**कोउ कह कहँ अंगद हनुमंता। कहँ नल नील दुबिद बलवंता॥**

[शिवजीले भन्नुहुन्छ— ] बाँदर अत्तालिएर भाग्न लागे, यद्यपि हे उमा! अगाडि गएपछि [भविष्यमा] उनीहरूले नै जित्नेछन्। कुनैले भन्छन्— अङ्गद-हनुमान् कहाँ छन्? बलवान् नल, नील र द्विविद कहाँ छन्?॥ १॥

**निज दल बिकल सुना हनुमाना। पच्छिम द्वार रहा बलवाना॥**
**मेघनाद तहँ करइ लराई। टूट न द्वार परम कठिनाई॥**

* वा० रा० ५१, ५२, ५३ र ५८ मा धूम्राक्ष, वज्रदंष्ट्र र प्रहस्तको बाँदरसँग युद्ध छ। त्यसमा यी आयुध भनिएको छ— प्रास, मुद्गर, परिघ, भिंदिपाल, पट्टिश, त्रिशूल, तोमर, ऋष्टि, मूसल, चाप, गदा, शक्ति, भाला, पाश, आयश, दंड, भुशुण्डि, चक्र, परश्वध, बाण, खड्क र परमायुध। यी सबैलाई नै यहाँ धेरै प्रकारका अस्त्र-शस्त्रले जनाइएको छ।

† *'सुभट सब'* भाव यो हो कि यी सबै उत्तम योद्धा छन्; यिनीहरूलाई आफ्नो बलको ठूलो घमण्ड छ र अस्त्र-शस्त्र धारण गरेर सबै लडिरहेका छन्। (मानस-पीयूषबाट उद्धृत गरिएको)

हनुमान्‌जीले जब आफ्नो टोलीलाई भयभीत भएको सुन्नुभयो, त्यतिखेर उहाँ बलवान् पश्चिमको ढोकामा हुनुहुन्थ्यो। त्यहाँ उहाँसँग मेघनाद युद्ध गरिरहेको थियो। त्यो द्वार टुटेको (पल्टेको, भत्केको) थिएन, धेरै ठूलो कठिनाइ भइरहेको थियो॥ २॥

**पवनतनय मन भा अति क्रोधा। गर्जेउ प्रबल काल सम जोधा॥**
**कूदि लंक गढ़ ऊपर आवा। गहि गिरि मेघनाद कहुँ धावा॥**

फेरि पवनपुत्र हनुमान्‌जीको मनमा धेरै ठूलो क्रोध भयो। उहाँ कालका समान योद्धा धेरै ठूलो स्वरले चिच्चाउनुभयो र दौडेर लङ्काको किल्ला (गढ) मा आउनुभयो र पहाड लिएर मेघनादतर्फ दौडिनुभयो॥ ३॥

**भंजेउ रथ सारथी निपाता। ताहि हृदय महुँ मारेसि लाता॥**
**दुसरें सूत बिकल तेहि जाना। स्यंदन घालि तुरत गृह आना॥**

रथ भाँच्नुभयो, सारथिलाई मारेर खसाल्नुभयो र मेघनादको छातीमा लात्ताले हान्नुभयो। अर्को सारथिले मेघनादलाई व्याकुल जानेर, उसलाई रथमा राखेर तुरुन्तै घरमा लिएर आयो॥ ४॥

दो०— **अंगद सुना पवनसुत गढ़ पर गयउ अकेल।**
**रन बाँकुरा बालिसुत तरकि चढ़ेउ कपि खेल॥ ४३॥**

यता अङ्गदले सुने कि पवनपुत्र हनुमान् किल्ला (गढ) मा एक्लै नै गएका छन्, फेरि रणवीर (रणधीर) बालिपुत्र बाँदरको खेलझैं बुरुक्क उफ्रेर किल्लामा चढे॥ ४३॥

**जुद्ध बिरुद्ध क्रुद्ध द्वौ बंदर। राम प्रताप सुमिरि उर अंतर॥**
**रावन भवन चढ़े द्वौ धाई। करहिं कोसलाधीस दोहाई॥**

युद्धमा शत्रुहरूका विरुद्ध दुवै बाँदर क्रुद्ध भए। हृदयमा श्रीरामको प्रतापलाई स्मरण गरेर, दुवै महलमा गई चढे र कोसलराज श्रीरामको 'जय, जय' भन्दै नारा लगाउन लागे॥ १॥

**कलस सहित गहि भवनु ढहावा। देखि निसाचरपति भय पावा॥**
**नारि बृंद कर पीटहिं छाती। अब दुइ कपि आए उतपाती॥**

उनीहरूले कलशसहित महललाई समातेर पल्टाइदिए। यस्तो देखेर राक्षसराज रावण डरायो। सबै स्त्रीले हातले छाती पिट्नलागे [र भन्नलागे— ] यस पटक दुई उत्पातका (उपद्रवी, अशान्ति उत्पन्न गर्नेवाला) बाँदर [सँगसँगै] आएका छन्॥ २॥

**कपिलीला करि तिन्हहि डेरावहिं। रामचंद्र कर सुजसु सुनावहिं॥**
**पुनि कर गहि कंचन के खंभा। कहेन्हि करिअ उतपात अरंभा॥**

बाँदर लीला (मुख देखाउनु, दाँत देखाउनु, टोक्नलाई दौडनु आदि) गरेर दुवैले उनीहरूलाई डर देखाएका छन् र श्रीरामचन्द्रको सुन्दर यशलाई सुनाएका छन्। फेरि सुनको खम्बा (थाम, पिल्लर) लाई हातले समातेर उनीहरूले [परस्परमा] भने कि अब उत्पात आरम्भ गर्नुपर्‍यो॥ ३॥

**गर्जि परे रिपु कटक मझारी। लागे मर्दै भुज बल भारी॥**
**काहुहि लात चपेटन्हि केहू। भजहु न रामहि सो फल लेहू॥**

उनीहरू चिच्चायर (गर्जेर) शत्रुका सेनाको बीचमा दौडेर आफ्ना विशाल भुजबलले उनीहरूलाई कष्ट दिन (मर्दन गर्न) लागे। कुनैलाई लात्तीले र कुनैलाई झापडले हानेका छन् [र भनेका छन् कि] तिमीहरूले श्रीरामको भजन गर्दैनौ, उसको यही फल लेऊ॥ ४॥

दो०— **एक एक सों मर्दहिं तोरि चलावहिं मुंड।**
**रावन आगें परहिं ते जनु फूटहिं दधि कुंड॥ ४४॥**

एउटाले अर्कोलाई मिच्दछन् र शिरलाई अलग गरेर फाल्दछन्। ती शिरहरू गएर रावणको सम्मुख खस्दछन् र यसरी फुटेका छन्, मानौं दहीको भुड्का फुटिरहेका छन्॥ ४४॥

**महा महा मुखिआ जे पावहिं। ते पद गहि प्रभु पास चलावहिं॥**
**कहइ बिभीषनु तिन्ह के नामा। देहिं राम तिन्हहू निज धामा॥**

जुन ठूला-ठूला मुखिया (प्रधान सेनापति) हरूलाई समात्न सक्छन् उनीहरूका खुट्टा समातेर उनलाई प्रभुसँग फालिदिन्छन्। विभीषणले उनीहरूको नाम बताउँछन् र श्रीरामले उनीहरू सबैलाई आफ्नो धाम (परम पद) दिनुहुन्छ॥ १॥

**खल मनुजाद द्विजामिष भोगी। पावहिं गति जो जाचत जोगी।**
**उमा राम मृदुचित करुनाकर। बयर भाव सुमिरत मोहि निसिचर॥**

ब्राह्मणहरूको मासु खाने ती नरभक्षी दुष्ट राक्षसले पनि त्यही परम गति पाएका छन्, जसलाई योगीले पनि याचना (माग्ने) गर्ने गर्छन् [परन्तु सजिलै पाउँदैनन्]। [शिवजीले भन्नुहुन्छ—] हे उमा! श्रीराम अति नै कोमल हृदयका र करुणाका खानी हुनुहुन्छ। [उहाँ सोच्नुहुन्छ कि] राक्षसले मलाई वैर भावले भए पनि, स्मरण त गर्छन् नि॥ २॥

**देहिं परम गति सो जियँ जानी। अस कृपाल को कहहु भवानी॥**
**अस प्रभु सुनि न भजहिं भ्रम त्यागी। नर मतिमंद ते परम अभागी॥**

यस्तो हृदयमा जानेर उहाँले उनीहरूलाई परमगति (मोक्ष) दिनुहुन्छ। हे भवानी! भन त यस्तो कृपालु [अर्को] को छ? प्रभुको यस्तो स्वभाव जानेर (सुनेर) पनि जुन मानिसले भ्रमलाई त्याग गरेर उहाँको भजन गर्दैनन्, उनीहरू अत्यन्त मन्दबुद्धि र परम भाग्यहीन हुन्॥ ३॥

**अंगद अरु हनुमंत प्रबेसा। कीन्ह दुर्ग अस कह अवधेसा॥**
**लंकाँ द्वौ कपि सोहहिं कैसें। मथहिं सिंधु दुइ मंदर जैसें॥**

श्रीरामले भन्नुभयो कि अङ्गद र हनुमान् किल्ला (गढ) मा पसेका छन्। दुवै बाँदरले लङ्कामा [विध्वंस गर्दा] कसरी शोभा दिएका छन्, जस्तै दुई मन्दराचलले (ठूला-ठूला सेनापतिरूपी) समुद्रलाई मन्थन गरेका छन् (र त्यहाँ एक मन्दराचलले मन्थन गर्नाले चौध रत्न निस्के। यहाँ दुई मन्दराचल हुनाले राक्षसका सेनारूपी मन्थनले अनेकौं रत्न निक्ले)॥ ४॥

दो०— **भुज बल रिपु दल दलमलि देखि दिवस कर अंत।**
**कूदे जुगल बिगत श्रम आए जहँ भगवंत॥ ४५॥**

भुजाहरूको बलले शत्रुका सेनालाई मिचेर र नष्ट गरेर, फेरि दिनको अन्त (समाप्ति) भएको देखेर हनुमान् र अङ्गद दुवै विनापरिश्रम नै त्यहाँ आए, जहाँ भगवान् श्रीराम हुनुहुन्थ्यो॥ ४५॥

**प्रभु पद कमल सीस तिन्ह नाए। देखि सुभट रघुपति मन भाए॥**
**राम कृपा करि जुगल निहारे। भए बिगतश्रम परम सुखारे॥**

उनीहरूले प्रभुका चरणमा शिर निहुराए। उत्तम योद्धाहरूलाई देखेर श्रीरघुनाथ मनमा धेरै नै प्रसन्न हुनुभयो। श्रीरामले कृपा गरेर दुवैलाई हेर्नुभयो, जसले उनीहरू श्रमरहित र परम सुखी भए॥ १॥

**गए जानि अंगद हनुमाना। फिरे भालु मर्कट भट नाना॥**
**जातुधान प्रदोष बल पाई। धाए करि दससीस दोहाई॥**

अङ्गद र हनुमान् गएको जानेर सबै भालु र बाँदर वीर फर्के। राक्षसहरू प्रदोष समय (सन्ध्याकाल) को बल पाएर रावणको जयकार गर्दै बाँदरहरू भएतिर दौडे॥ २॥

**निसिचर अनी देखि कपि फिरे। जहँ तहँ कटकटाइ भट भिरे॥**
**द्वौ दल प्रबल पचारि पचारी। लरत सुभट नहिं मानहिं हारी॥**

राक्षसहरूको सेना आउँदै गरेको देखेर बाँदर फर्केर गए, योद्धा जताततै कट्कटाएर (दाह्रा टोकेर) लड्न लागे। दुवैतर्फका दल धेरै बलवान् छन्। योद्धाले बारम्बार चुनौती दिँदै (झोकाझोकसँग) लडेका छन्, कुनैले हरेस खाँदैनन्॥ ३॥

**महाबीर निसिचर सब कारे। नाना बरन बलीमुख भारे॥**
**सबल जुगल दल समबल जोधा। कौतुक करत लरत करि क्रोधा॥**

सबै राक्षस महान् वीर र अत्यन्त काला छन् र बाँदर विशालकाय (विशाल शरीर भएका) योद्धा छन्। उनीहरूले झोकिएर लड्छन् र खेल गर्छन् (वीरता देखाउँछन्)॥ ४॥

**प्राबिट सरद पयोद घनेरे। लरत मनहुँ मारुत के प्रेरे॥**
**अनिप अकंपन अरु अतिकाया। बिचलत सेन कीन्हि इन्ह माया॥**

[राक्षस र बाँदर युद्ध गर्दा यस्तो जानिन्छ] मानौं क्रमशः वर्षा र शरद् ऋतुका धेरै नै बादल पवनले प्रेरित भएर लडिरहेका छन्। अकम्पन र अतिकाय यी सेनापतिहरूले आफ्ना सेनालाई विचलित भएको देखेर माया (छल) गरे॥ ५॥

**भयउ निमिष महँ अति अँधिआरा। बृष्टि होइ रुधिरोपल छारा॥**

पलभरमा अत्यन्त अन्धकार भयो। रगत, ढुङ्गा र खरानीको वर्षा हुन लाग्यो॥ ६॥

दो०— **देखि निबिड़ तम दसहुँ दिसि कपिदल भयउ खभार।**
**एकहि एक न देखई जहँ तहँ करहिं पुकार॥ ४६॥**

दसै दिशाहरूमा अत्यन्त घोर अन्धकार देखेर बाँदरहरूको सेनामा खलबल मच्चियो। एकले अर्कोलाई देख्न सकेनन् र सबै जताततै चिच्च्याइरहेका (कोलाहल मच्चाएका) छन्॥ ४६॥

**सकल मरमु रघुनायक जाना। लिए बोलि अंगद हनुमाना॥**
**समाचार सब कहि समुझाए। सुनत कोपि कपिकुंजर धाए॥**

श्रीरघुनाथले सबै रहस्य जान्नुभयो। उहाँले अङ्गद र हनुमान्‌लाई बोलाउनुभयो र सबै समाचार सुनाउनुभयो। सुन्दा नै उनीहरू दुवै कपिश्रेष्ठ क्रोध गरेर (जङ्गिदै) दौडे॥ १॥

**पुनि कृपाल हँसि चाप चढ़ावा। पावक सायक सपदि चलावा॥**
**भयउ प्रकास कतहुँ तम नाहीं। ग्यान उदयँ जिमि संसय जाहीं॥**

फेरि कृपालु श्रीरामले हाँसेर धनुष उठाउनुभयो र तुरुन्तै अग्निबाण (आँखाका देवता अग्निदेवलाई) चलाउनुभयो, जसले प्रकाश देखियो, कहीं अँध्यारो बाँकी रहेन। जसरी ज्ञान उदय भएपछि [सबै प्रकारका] सन्देह नष्ट हुन्छन्॥ २॥

**भालु बलीमुख पाइ प्रकासा। धाए हरष बिगत श्रम त्रासा॥**
**हनूमान अंगद रन गाजे। हाँक सुनत रजनीचर भाजे॥**

भालु र बाँदर प्रकाश पाएर श्रम र भयले रहित तथा प्रसन्न भएर दौडे। हनुमान् र अङ्गद रणमा गर्जे। उनको हाँक (हुङ्कार) सुन्दा नै राक्षस भागिहाले॥ ३॥

**भागत भट पटकहिं धरि धरनी। करहिं भालु कपि अद्भुत करनी॥**
**गहि पद डारहिं सागर माहीं। मकर उरग झष धरि धरि खाहीं॥**

भाग्दै गरेका राक्षस योद्धाहरूलाई बाँदर र भालुले समातेर जमिनमा पछार्छन् र अद्भुत (आश्चर्यजनक) व्यवहार गर्छन् (युद्धकौशल देखाउँछन्)। खुट्टा समातेर उनीहरूलाई समुद्रमा फाल्छन्। त्यहाँ गोही, सर्प र माछाले समातीसमाती खान्छन्॥ ४॥

दो०— **कछु मारे कछु घायल कछु गढ़ चढ़े पराइ।**
**गर्जहिं भालु बलीमुख रिपु दल बल बिचलाइ॥ ४७॥**

केही मरे, केही घाइते भए र केही भागेर गढ (किल्ला) मा चढी हाले। आफ्ना बलले शत्रुदललाई विचलित गरेर भालु र बाँदर [वीर] गर्जे [विजय घोषणा गरे]॥ ४७॥

**निसा जानि कपि चारिउ अनी। आए जहाँ कोसला धनी॥**
**राम कृपा करि चितवा सबही। भए बिगतश्रम बानर तबही॥**

रात परेको (झमक्क भएको) जानेर बाँदरका चारै सेना [अलग-अलग सेना समूह] वहाँ आए, जहाँ कोसलपति श्रीराम हुनुहुन्थ्यो। श्रीरामले जुन समयमा सबैलाई कृपा गरेर हेर्नुभयो, त्यत्तिखेर नै सबै बाँदर श्रमरहित भए॥ १॥

**उहाँ दसानन सचिव हँकारे। सब सन कहेसि सुभट जे मारे॥**
**आधा कटकु कपिन्ह संघारा। कहहु बेगि का करिअ बिचारा॥**

वहाँ [लङ्कामा] रावणले मन्त्रीहरूलाई बोलायो र जुन योद्धा मारिएका थिए ती सबैको खबर सबैलाई बतायो। [उसले भन्यो— ] बाँदरहरूले आधा सेनाहरूलाई नष्ट गरिसके! अब शीघ्र बताऊ, के विचार (उपाय) गर्नुपर्‍यो?॥ २॥

## * माल्यवान्‌ले रावणलाई सम्झाउनु *

**माल्यवंत अति जरठ निसाचर। रावन मातु पिता मंत्री बर॥**
**बोला बचन नीति अति पावन। सुनहु तात कछु मोर सिखावन॥**

माल्यवंत [नामको एक] अत्यन्तै बूढो राक्षस थियो। ऊ रावणकी आमाको पिता (अर्थात् हजुर बुबा) र श्रेष्ठ मन्त्री थियो। उसले अत्यन्त पवित्र नीतिका वचन बोल्यो—हे बाबु (नाति)! केही मेरो उपदेश पनि सुन— ॥ ३॥

**जब ते तुम्ह सीता हरि आनी। असगुन होहिं न जाहिं बखानी॥**
**बेद पुरान जासु जसु गायो। राम बिमुख काहुँ न सुख पायो॥**

जहिलेदेखि तिमीले सीतालाई हरण गरेर ल्यायौ, त्यहिलेदेखि धेरै नै अपशकुन (कुलक्षण)* भइरहेका छन् कि जसलाई वर्णन गर्न नै सकिन्न। वेद-पुराणले जसको यश गाएका छन्, उनै श्रीरामसँग विमुख (द्रोही, प्रतिकूल) भएर कसैले सुख पाएका छैनन्॥ ४॥

दो०— **हिरन्याच्छ भ्राता सहित मधु कैटभ बलवान।**
**जेहिं मारे सोइ अवतरेउ कृपासिंधु भगवान॥ ४८ (क)॥**

भाइ हिरण्यकशिपुसहित हिरण्याक्ष र बलवान् मधु-कैटभलाई जसले मार्नुभएको थियो, उनै कृपाका समुद्र भगवान् [रामरूपमा] अवतरित हुनुभएको छ॥ ४८ (क)॥

### मासपारायण, पचीसौं विश्राम

**कालरूप खल बन दहन गुनागार घनबोध।**
**सिव बिरंचि जेहि सेवहिं तासों कवन बिरोध॥ ४८ (ख)॥**

जुन कालस्वरूप हुनुहुन्छ, दुष्टहरूका समूहरूपी वनलाई भस्म गर्ने [अग्नि] हुनुहुन्छ, गुणहरूका धाम र ज्ञानघन (पूर्ण ज्ञानवाला) हुनुहुन्छ एवं शिवजी र ब्रह्माजीले पनि जसको सेवा गर्छन्, उहाँसँग वैर कसरी गर्ने?॥ ४८ (ख)॥

**परिहरि बयरु देहु बैदेही। भजहु कृपानिधि परम सनेही॥**
**ताके बचन बान सम लागे। करिआ मुह करि जाहि अभागे॥**

---

* वा० रा० तथा अ० रा० मा वर्णन गरिएका २९ प्रकारका कुलक्षण तथा हनु० ११/१० मा महोदर सुवेलमा बाँदर-सैन्य बसेपछि रावणले यस्तो देख्छ कि मध्य दिनमा कस्तो उत्पात भइरहेको छ— **'क्वचिन्मीनः क्वचिन्मेषः क्वचिल्लम्बितकृत्तिका। क्वचिन्मृगशिरः सार्द्रं नभो व्याधगृहायते॥'** अर्थात् कतै भने पूर्वा तथा उत्तरा र रेवतीसहित मीन दृष्टिगोचर हुन्छ र कहीं अश्विनी तथा भरणीसँग मेष, कहीं लम्बित कृत्तिका, कहीं आर्द्रासहित रगत बगाउँदै मृगशिर, यस प्रकार मानौं सारा आकाश व्याधिको घर भएको छ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

[अत:] वैर छोडेर उहाँलाई जानकीजी देऊ र कृपानिधान परम स्नेही श्रीरामको भजन गर। रावणलाई उसका वचन बाणसमान लागे। [उसले भन्यो— ] हे अभागी! मुख कालो गरेर [यहाँबाट] निक्लिहाल्॥ १॥

**बूढ़ भएसि न त मरतेउँ तोही। अब जनि नयन देखावसि मोही॥**
**तेहिं अपने मन अस अनुमाना। बध्यो चहत एहि कृपानिधाना॥**

तँ बूढो भएको छस्, नत्र भने तँलाई मारिहाल्थें। अब मेरो आँखालाई आफ्नो मुख नदेखा। रावणका यस्ता वचन सुनेर उसले आफ्नो मनमा यस्तो अनुमान गर्‍यो कि यसलाई कृपानिधान श्रीरामले अब मार्न नै खोज्नुभएको छ॥ २॥

**सो उठि गयउ कहत दुर्बादा। तब सकोप बोलेउ घननादा॥**
**कौतुक प्रात देखिअहु मोरा। करिहउँ बहुत कहौं का थोरा॥**

उसले रावणलाई दुर्वचन भन्दै उठेर गइहाल्यो। फेरि मेघनाद क्रोधपूर्वक (जङ्गिएर) बोल्यो— सबेरै (बिहानै) मेरो करामत (कौतुक, तमासा) हेर्नू। मैले धेरै नै गर्नेछु; थोरै के भनौं? (जे जति वर्णन गर्नेछु थोरै नै हुनेछ)॥ ३॥

**सुनि सुत बचन भरोसा आवा। प्रीति समेत अंक बैठावा॥**
**करत बिचार भयउ भिनुसारा। लागे कपि पुनि चहूँ दुआरा॥**

पुत्रका वचन सुनेर रावणलाई भरोसा (साहस, हिम्मत) आयो। उसले प्रेमपूर्वक उसलाई काखमा राख्यो। विचार गर्दागर्दै उज्यालो भयो। बाँदर फेरि चारै ढोकामा गएर डटे॥ ४॥

**कोपि कपिन्ह दुर्घट गढ़ु घेरा। नगर कोलाहलु भयउ घनेरा॥**
**बिबिधायुध धर निसिचर धाए। गढ़ ते पर्बत सिखर ढहाए॥**

बाँदरहरूले क्रोध गरेर दुर्गम किल्ला (गढ) लाई घेरिहाले। नगरमा धेरै नै कोलाहल (ठूलो स्वर) मच्चियो। राक्षसहरूले अनेक प्रकारका हतियार धारण गरेर दौडे र उनीहरूले किल्लाबाट पहाडहरूका शिखर घचेटेर (धकेलेर) पल्टाए॥ ५॥

छं०— **ढाहे महीधर सिखर कोटिन्ह बिबिध बिधि गोला चले।**
**घहरात जिमि पबिपात गर्जत जनु प्रलय के बादले॥**
**मर्कट बिकट भट जुटत कटत न लटत तन जर्जर भए।**
**गहि सैल तेहि गढ़ पर चलावहिं जहँ सो तहँ निसिचर हए॥**

उनीहरूले पहाडका करोडौं (असङ्ख्य) शिखरहरूलाई धकेलेर (घचेटेर) पल्टाए, अनेक प्रकारका गोला* चल्न लागे। ती गोलाबाट यसरी आवाज आएको छ, मानौं वज्रपात भएको छ (चट्याङ परेको छ) र योद्धा यसरी गर्जेका (चिच्च्याएका) छन् मानौं प्रलयकालका बादल हुन्।

* फलामको त्यो गोल पिण्ड हो जसमा धेरै नै स-साना गोली, छर्रा आदि भरेर युद्धमा तोपको सहायताले शत्रुहरूप्रति आक्रमण गरिन्छ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

विकट (भयङ्कर) बाँदर योद्धा लडेका छन्, काटिएका छन् (घाइते भएका छन्), उनीहरूको शरीर चाल्नो (जर्जर) भएको छ, तर पनि लटपटाउँदैनन् (न पल्टे, न हार माने)। उनीहरूले पहाड उठाएर त्यस किल्ला (मोर्चा) मा हान्छन्। राक्षस सर्वत्र (जुन जहाँ छन् त्यही) मारिएका छन्।

## ● लक्ष्मण-मेघनाद-युद्ध, लक्ष्मणजीलाई शक्ति लाग्नु ●

**दो०— मेघनाद सुनि श्रवन अस गढ़ु पुनि छेंका आइ।**
**उतर्‍यो बीर दुर्ग तें सन्मुख चल्यो बजाइ॥ ४९॥**

मेघनादका कानले यस्तो सुन्यो कि बाँदरले आएर फेरि किल्लालाई घेरिसके। अनि त्यो वीर मोर्चाबाट ओर्ल्यो र घोषणा गरेर वा डङ्का बजाएर उहाँहरू (श्रीराम-लक्ष्मण) का सम्मुख आयो॥ ४९॥

**कहँ कोसलाधीस द्वौ भ्राता। धन्वी सकल लोक बिख्याता॥**
**कहँ नल नील दुबिद सुग्रीवा। अंगद हनूमंत बल सींवा॥**

[मेघनादले चुनौती दिंदै भन्यो—] समस्त लोकहरूमा प्रसिद्ध धनुर्धर कोसलाधीश दुवै भाइ कहाँ छन्? नल, नील, द्विविद, सुग्रीव र बलका सीमा अङ्गद र हनुमान् कहाँ छन्?॥ १॥

**कहाँ बिभीषनु भ्राताद्रोही। आजु सबहि हठि मारउँ ओही॥**
**अस कहि कठिन बान संधाने। अतिसय क्रोध श्रवन लगि ताने॥**

आफ्नो दाजुसँग द्रोह गर्ने विभीषण कहाँ छ? आज मैले सबैलाई र त्यस दुष्टलाई त हठपूर्वक (अवश्य नै) मार्नेछु। यस्तो भनेर उसले धनुषमा कठिन बाण राख्यो (सन्धान गर्‍यो) र अत्यन्तै क्रोध गरेर उसलाई कानसम्म तान्यो (खिच्यो)॥ २॥

**सर समूह सो छाड़ै लागा। जनु सपच्छ धावहिं बहु नागा॥**
**जहँ तहँ परत देखिअहिं बानर। सन्मुख होइ न सके तेहि अवसर॥**

उसले बाणका समूहलाई छोड्न लाग्यो। मानौं धेरै नै पखेटा भएका सर्प दौडेर गइरहेका छन्। जतासुकै बाँदर पल्टिएका देखिए। त्यस समय कुनै पनि त्यसका अगाडि पर्न सकेनन्॥ ३॥

**जहँ तहँ भागि चले कपि रीछा। बिसरी सबहि जुद्ध कै ईछा॥**
**सो कपि भालु न रन महँ देखा। कीन्हेसि जेहि न प्रान अवसेषा॥**

भालु-बाँदर जताततै भागिहाले। सबैले युद्धको इच्छा भुले। रणभूमिमा यस्तो एउटा पनि बाँदर-भालु देखिएन, जसलाई उसले प्राण मात्र अवशेष गरिदियो (अर्थात् जसको केवल प्राण मात्र नै बच्यो); बल, पुरुषार्थ सबै गयो (मृतकसमान भए)॥ ४॥

**दो०— दस दस सर सब मारेसि परे भूमि कपि बीर।**
**सिंहनाद करि गर्जा मेघनाद बल धीर॥ ५०॥**

फेरि उसले सबैलाई दश-दश बाण हान्यो, बाँदर वीर जमिनमा पल्टिए। बलवान् र धीर मेघनाद सिंहको समान शब्द (सिंहनाद) गरेर गर्जन लाग्यो॥ ५०॥

**देखि पवनसुत कटक बिहाला। क्रोधवंत जनु धायउ काला॥**
**महासैल एक तुरत उपारा। अति रिस मेघनाद पर डारा॥**

सबै सेनाहरूलाई बेहाल (व्याकुल) देखेर पवनसुत हनुमान् झोकिएर यसरी दौडनुभयो, मानौं स्वयं काल नै दौडेर आएको छ। उहाँले तुरुन्तै एक धेरै ठूलो पहाड (डाँडाकाँडा) लाई उखेल्नुभयो र अति नै क्रोधपूर्वक उसलाई मेघनादतर्फ फाल्नुभयो॥ १॥

**आवत देखि गयउ नभ सोई। रथ सारथी तुरग सब खोई॥**
**बार बार पचार हनुमाना। निकट न आव मरमु सो जाना॥**

पहाड आउँदै गरेको देखेर ऊ आकाशमा उड्यो। [उसका] रथ, सारथि र घोडा सबै नष्ट भए। हनुमान्‌जीले उसलाई घरीघरी चुनौती दिनुहुन्छ। तर ऊ नजिक आउँदैन, किनकि उसले उहाँको बलको मर्मलाई जानेको थियो॥ २॥

**रघुपति निकट गयउ घननादा। नाना भाँति करेसि दुर्बादा॥**
**अस्त्र सस्त्र आयुध सब डारे। कौतुकहीं प्रभु काटि निवारे॥**

[फेरि] मेघनाद श्रीरघुनाथसँग गयो र उसले [उहाँलाई] अनेकौं प्रकारका दुर्वचन प्रयोग गर्‍यो। [फेरि] उसले उहाँप्रति अस्त्र-शस्त्र तथा अन्य सबै हतियार चलायो। प्रभुले ख्याल-ख्यालमै (सजिलैसँग) सबैलाई काटेर टुक्राटुक्रा बनाउनुभयो॥ ३॥

**देखि प्रताप मूढ़ खिसिआना। करै लाग माया बिधि नाना॥**
**जिमि कोउ करै गरुड़ सैं खेला। डरपावै गहि स्वल्प सपेला॥**

श्रीरामको प्रताप (सामर्थ्य) देखेर त्यो मूर्ख लज्जित भयो र अनेकौं प्रकारको माया (छल) गर्न लाग्यो। जसरी कुनै व्यक्तिले सानो सर्पलाई हातमा लिएर गरुडलाई भयभीत गराउँछ र उससँग खेल देखाउँछ॥ ४॥

दो०— **जासु प्रबल माया बस सिव बिरंचि बड़ छोट।**
**ताहि दिखावइ निसिचर निज माया मति खोट॥ ५१॥**

शिवजी र ब्रह्माजीसम्म साना-ठूला [सबै] जसको अत्यन्त बलवान् मायाको वशमा छन्, नीचबुद्धि निशाचरले उहाँलाई आफ्नो माया देखाउँछ॥ ५१॥

**नभ चढ़ि बरष बिपुल अंगारा। महि ते प्रगट होहिं जलधारा॥**
**नाना भाँति पिसाच पिसाची। मारु काटु धुनि बोलहिं नाची॥**

आकाशमा गएर उसले धेरै नै आगोको फिलिङ्गा बर्साउन लाग्यो। पृथ्वीबाट जलको मूल फुट्न लाग्यो अर्थात् बाँदर माथि गए आगोमा डढ्ने र तल रहे पानीमा बगेर मर्ने भए। अनेक प्रकारका पिशाच तथा पिशाचिनी नाचेको नाच्यै गरेर 'मार, काट' को आवाज गर्न लागे॥ १॥

**बिष्टा पूय रुधिर कच हाड़ा। बरषइ कबहुँ उपल बहु छाड़ा॥**
**बरषि धूरि कीन्हेसि अँधिआरा। सूझ न आपन हाथ पसारा॥**

उसले कतिखेर विष्टा, पीप, रगत, रौं र हाडहरू बर्साउदथ्यो र कतिखेर धेरै नै ढुङ्गा फाल्दथ्यो। फेरि त्यसले धूलो बर्साएर यस्तो अँध्यारो बनायो कि आफूले नै पसारेको हात पनि देखिन छोड्यो॥ २॥

**कपि अकुलाने माया देखें। सब कर मरन बना एहि लेखें॥**
**कौतुक देखि राम मुसुकाने। भए सभीत सकल कपि जाने॥**

माया देखेर बाँदर अत्तालिए। उनीहरूले सोच्न लागे कि यस हिसाबले (यस्तो प्रकारले) त सबैको मरण निश्चित छ। यस्तो कौतुक (तमासा, घटना, रहस्य) देखेर श्रीराम मुस्कुराउनुभयो। उहाँले जान्नुभयो कि सबै बाँदर भयभीत भएका छन्॥ ३॥

**एक बान काटी सब माया। जिमि दिनकर हर तिमिर निकाया॥**
**कृपादृष्टि कपि भालु बिलोके। भए प्रबल रन रहहिं न रोके॥**

फेरि श्रीरामले एउटै बाणले सम्पूर्ण माया (छल) लाई यसरी काट्नुभयो, जसरी सूर्यले अन्धकारको समूहलाई नष्ट गर्छ। तदनन्तर उहाँले कृपादृष्टिले बाँदर-भालुहरूतर्फ हेर्नुभयो, [जसले] उनीहरू यसरी प्रबल भए कि रणमा रोक्दा पनि रोकिएनन्॥ ४॥

दो०— **आयसु मागि राम पहिं अंगदादि कपि साथ।**
**लछिमन चले क्रुद्ध होइ बान सरासन हाथ॥ ५२॥**

श्रीरामसँग आज्ञा मागेर, अङ्गद आदि बाँदरका साथ हातमा धनुष-बाण लिएर श्रीलक्ष्मण क्रुद्ध भएर (जङ्गिएर) हिँड्नुभयो॥ ५२॥

**छतज नयन उर बाहु बिसाला। हिमगिरि निभ तनु कछु एक लाला॥**
**इहाँ दसानन सुभट पठाए। नाना अस्त्र सस्त्र गहि धाए॥**

उहाँका राता नेत्र छन्, चौडा छाती र विशाल भुजा छन्। हिमाचल पर्वतको समान उज्ज्वल (गौरवर्ण) शरीरमा केही लालिमामय (रातोपन) देखिएको छ। यता रावणले पनि ठूलाठूला योद्धा पठायो, जसले अनेकौं अस्त्र-शस्त्र लिएर दौडे॥ १॥

**भूधर नख बिटपायुध धारी। धाए कपि जय राम पुकारी॥**
**भिरे सकल जोरिहि सन जोरी। इत उत जय इच्छा नहिं थोरी॥**

पर्वत, नङ र वृक्षरूपी हतियार धारण गरेर बाँदरले 'श्रीरामचन्द्रको जय' भनी नारा लगाएर दौडे। बाँदर र राक्षस सबै आ-आफ्नो जोडीसँग लड्न लागे। यता र उता दुवैतर्फ जयको इच्छा कम थिएन (अर्थात् प्रबल थियो)॥ २॥

**मुठिकन्ह लातन्ह दातन्ह काटहिं। कपि जयसील मारि पुनि डाटहिं॥**
**मारु मारु धरु धरु धरु मारू। सीस तोरि गहि भुजा उपारू॥**

बाँदरले उनीहरूलाई घुस्सा र लात्ताले हानेका छन्, दाँतले टोकेका छन्। विजयशील बाँदरले उनीहरूलाई हानेर फेरि धम्काउने पनि गर्छन्। 'मार, मार' समात्, समात्, समातेर मारिहाल्, शिर फुटालिदेऊ र भुजाहरू समातेर भाँचिदेऊ,॥ ३॥

**असि रव पूरि रही नव खंडा। धावहिं जहँ तहँ रुंड प्रचंडा॥**
**देखहिं कौतुक नभ सुर बृंदा। कबहुँक बिसमय कबहुँ अनंदा॥**

नवौं खण्डमा* नै यस्तो आवाज भरियो। प्रचण्ड रुण्ड (धड, टाउकाविनाको शरीर अर्थात् मुर्कट्टा) सर्वत्र दौडिरहेका छन्। आकाशबाट देवतागणले यो कौतुक (तमसा, रमाइलो) देखिरहेका छन्। उनीहरूलाई कतिखेर खेद हुन्छ र कतिखेर आनन्द॥ ४॥

दो०— **रुधिर गाड़ भरि भरि जम्यो ऊपर धूरि उड़ाइ।**
**जनु अँगार रासिन्ह पर मृतक धूम रह्यो छाइ॥ ५३॥**

रगत खाल्टोमा भरिएर जमेको छ र त्यसमा धूलो उडेर परेको छ [त्यो दृश्य यस्तो छ] मानौं आगोको थुप्रोमा खरानी भरिएको छ॥ ५३॥

**घायल बीर बिराजहिं कैसे। कुसुमित किंसुक के तरु जैसे॥**
**लछिमन मेघनाद द्वौ जोधा। भिरहिं परसपर करि अति क्रोधा॥**

घाइते वीर यसरी विराजमान (देखिएका) छन्, जसरी फुलेको पलाशको वृक्ष देखिन्छ। लक्ष्मण र मेघनाद दुवै योद्धा अत्यन्तै क्रोध गरेर (झोकाझोकसँग) लडिरहेका छन्॥ १॥

**एकहि एक सकइ नहिं जीती। निसिचर छल बल करइ अनीती॥**
**क्रोधवंत तब भयउ अनंता। भंजेउ रथ सारथी तुरंता॥**

एउटाले अर्कोलाई (कुनैले पनि) जित्न सक्तैनन्। राक्षसले छल-बल (माया) र अनीति (अधर्म) गर्दथ्यो, फेरि भगवान् अनन्तजी (लक्ष्मणजी) जङ्गिनुभयो र उहाँले तुरुन्तै उसको रथलाई भाँच्नुभयो र सारथिलाई टुक्रा-टुक्रा पार्नुभयो!॥ २॥

**नाना बिधि प्रहार कर सेषा। राच्छस भयउ प्रान अवसेषा॥**
**रावन सुत निज मन अनुमाना। संकठ भयउ हरिहि मम प्राना॥**

शेषजी (लक्ष्मणजी) ले उसलाई अनेक प्रकारले प्रहार गर्न लाग्नुभयो। राक्षसको प्राण मात्र शेष रह्यो। रावणपुत्र मेघनादले मनमा अनुमान गर्‍यो कि अब त प्राणसङ्कट आयो, यिनले मेरो प्राण लिनेछन्॥ ३॥

**बीरघातिनी छाड़िसि साँगी। तेजपुंज लछिमन उर लागी॥**
**मुरुछा भई सक्ति के लागें। तब चलि गयउ निकट भय त्यागें॥**

फेरि उसले वीरघातिनी नामको शक्ति चलायो। त्यो तेजपूर्ण शक्ति लक्ष्मणजीको छातीमा लाग्यो। शक्ति लाग्नाले उहाँ मूर्छामा पर्नुभयो। फेरि मेघनाद भय छोडेर उहाँको नजिक गयो॥ ४॥

दो०— **मेघनाद सम कोटि सत जोधा रहे उठाइ।**
**जगदाधार सेष किमि उठै चले खिसिआइ॥ ५४॥**

---

* पुराणहरूका अनुसार सप्तद्वीप छन् र प्रत्येक द्वीपलाई खण्ड मानिएको छ। जम्बूद्वीपमा नौवटा खण्ड छन्, त्यसमध्ये यो एउटा भरतखण्ड मानिएको छ। अन्य द्वीपमा सातसात खण्ड छन्। (मानस-पीयूषबाट उद्धृत)

मेघनादसमानका सय करोड (अनगिन्ती) योद्धाले उहाँलाई उठाइरहेका छन्। परन्तु जगत्का आधार श्रीशेष उनीबाट कसरी उठ्नुहुन्छ? फेरि उनीहरू लाज मान्दै गए॥ ५४॥

**सुनु गिरिजा क्रोधानल जासू। जारइ भुवन चारिदस आसू॥**
**सक संग्राम जीति को ताही। सेवहिं सुर नर अग जग जाही॥**

[शिवजी भन्नुहुन्छ—] हे गिरिजे! सुन, [प्रलयकालमा] जस (शेषनाग) को क्रोधको अग्निले चौध भुवनलाई नै तुरुन्तै जलाउँछ र देवता, मनुष्य तथा समस्त चराचर [जीव] ले जसको सेवा गर्छन्, उहाँलाई सङ्ग्राममा कसले जित्न सक्छ?॥ १॥

**यह कौतूहल जानइ सोई। जा पर कृपा राम कै होई॥**
**संध्या भइ फिरि द्वौ बाहनी। लगे सँभारन निज निज अनी॥**

यस लीलालाई उसैले जान्दछ, जसप्रति श्रीरामको कृपा हुन्छ। सन्ध्या भएपछि (झमक्क परेको देखेर) दुवैतर्फका सेनाहरू फर्के; सेनापतिले आ-आफ्ना सेनाहरू सँभाल्न लागे॥ २॥

**ब्यापक ब्रह्म अजित भुवनेस्वर। लछिमन कहाँ बूझ करुनाकर॥**
**तब लगि लै आयउ हनुमाना। अनुज देखि प्रभु अति दुख माना॥**

व्यापक, ब्रह्म, अजेय, सम्पूर्ण ब्रह्माण्डका ईश्वर र करुणाका खानी श्रीरामचन्द्रले सोध्नुभयो— लक्ष्मण कहाँ छन्? त्यस समयमा नै हनुमान्‌ले उहाँलाई लिएर आउनुभयो। भाइलाई [यस दशामा] देखेर प्रभुले धेरै नै दुःख मान्नुभयो॥ ३॥

## * हनुमान्‌जीले सुषेण वैद्यलाई लिएर आउनु एवं सञ्जीवनीको लागि जानु, कालनेमि-रावण-संवाद, गोहिनी-उद्धार, कालनेमि-उद्धार *

**जामवंत कह बैद सुषेना। लंकाँ रहइ को पठई लेना॥**
**धरि लघु रूप गयउ हनुमंता। आनेउ भवन समेत तुरंता॥**

जाम्बवान्‌ले भने—लङ्कामा सुषेण नाम भएको वैद्य रहन्छ, उसलाई लिएर आउनको लागि कसलाई पठाउने? हनुमान्‌जी सानो रूप धारण गरेर जानुभयो र सुषेणलाई उसको घरसमेत तुरुन्तै उठाएर ल्याउनुभयो॥ ४॥

दो०— **राम पदारबिंद सिर नायउ आइ सुषेन।**
**कहा नाम गिरि औषधी जाहु पवनसुत लेन॥ ५५॥**

सुषेणले आएर श्रीरामका चरणारविन्दमा शिर निहुरायो। उसले पर्वत र औषधिको नाम बतायो, [र भन्यो कि] हे पवनपुत्र! औषधि लिन जाऊ॥ ५५॥

**राम चरन सरसिज उर राखी। चला प्रभंजनसुत बल भाषी॥**
**उहाँ दूत एक मरमु जनावा। रावनु कालनेमि गृह आवा॥**

श्रीरामका चरणकमललाई हृदयमा राखेर पवनपुत्र हनुमान्‌जी आफ्नो बल वर्णन गरेर (अर्थात्

मैले अहिल्यै लिएर आउछु, यस्तो भनेर हिँड्नुभयो*। उता एक गुप्तचरले रावणलाई यो रहस्यको खबर दियो। फेरि रावण कालनेमिको घरमा आयो॥ १॥

**दसमुख कहा मरमु तेहिं सुना। पुनि पुनि कालनेमि सिरु धुना॥**
**देखत तुम्हहि नगरु जेहिं जारा। तासु पंथ को रोकन पारा॥**

रावणले उसलाई सम्पूर्ण मर्म (हाल) बतायो। कालनेमिले सुन्यो र बारम्बार शिर पिट्यो (कि यो मेरो प्राण लिन आयो, काल शिरमा आएकोले चुकचुक गरेर)। [उसले भन्यो— ] तपाईंले हेर्दाहेर्दै जसले नगर जलायो, उसलाई बाटो कसले रोक्न सक्छ?॥ २॥

**भजि रघुपति करु हित आपना। छाँड़हु नाथ मृषा जल्पना॥**
**नील कंज तनु सुंदर स्यामा। हृदयँ राखु लोचनाभिरामा॥**

श्रीरघुनाथको भजन गरेर हजुरले आफ्नो कल्याण गर्नुहोस्। हे नाथ! झूटो बकवास छोड्नुहोस् (डिङ नहाँक्नुहोस्)। नेत्रलाई आनन्द दिनेवाला नीलकमलका समान सुन्दर श्याम शरीरलाई आफ्नो हृदयमा राख्नुहोस्॥ ३॥

**मैं तैं मोर मूढ़ता त्यागू। महा मोह निसि सूतत जागू॥**
**काल ब्याल कर भच्छक जोई। सपनेहुँ समर कि जीतिअ सोई॥**

म र तँ (भेद-भाव) को ममतारूपी मूढतालाई त्याग गर्नुहोस्। महामोह (अज्ञान) रूपी रात्रिमा सुतिरहनुभएको छ, सोबाट बिउँझनुहोस्। जुन कालरूपी सर्पको पनि भक्षक हुनुहुन्छ, कहीं स्वप्नमा पनि उहाँलाई रणमा जित्न सकिन्छ?॥ ४॥

दो०— **सुनि दसकंठ रिसान अति तेहिं मन कीन्ह बिचार।**
**राम दूत कर मरौं बरु यह खल रत मल भार॥ ५६॥**

उसका यी कुरा सुनेर रावण अत्यन्तै क्रोधित भयो। फेरि कालनेमिले मनमा विचार गर्‍यो कि [यसको हातले मर्नुभन्दा] श्रीरामका दूतको हातबाट नै मर्न बरु श्रेष्ठ (भलो) हुनेछ। यो दुष्ट त पाप-समूहमा तल्लीन (रत) छ॥ ५६॥

**अस कहि चला रचिसि मग माया। सर मंदिर बर बाग बनाया॥**
**मारुतसुत देखा सुभ आश्रम। मुनिहि बूझि जल पियौं जाइ श्रम॥**

उसले मनमनै यस्तो भनेर हिँड्यो र उसले बाटोमा माया रच्यो। पोखरी, मन्दिर र सुन्दर बगैंचा (बघैंचा) बनायो। हनुमान्जीले सुन्दर आश्रम देखेर सोच्नुभयो कि मुनिसँग सोधेर जल पिउनेछु, जसले थकाइ मेटिनेछ॥ १॥

---

* हनु० १३।२० मा श्रीरामचन्द्रले दुःखी भएर मलिन-मुखकमलले रणसङ्कटमा शङ्काले भगवान् रुद्रावतार हनुमान्जीका मुखकमलको निर्मलतालाई हेर्न लाग्नुभयो। हनुमान्जीले भन्नुभयो कि स्वामिन्! मलाई अहिल्यै आज्ञा दिइबक्सियोस्। यहाँबाट त्यो पर्वत ६० लाख योजन टाढा छ, सो म हनुमान्ले अग्निमा राखेको तेलको ज्वालामा राखेको सर्सिउँ (सस्यूँ) को गेडा फुटेर निस्कने शब्द जतिबेरमा हुन्छ, त्यत्ति नै समयमा म वहाँ पुगेर यहाँ आउनेछु, भन्नुभएको छ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**राच्छस कपट बेष तहँ सोहा। मायापति दूतहि चह मोहा॥**
**जाइ पवनसुत नायउ माथा। लाग सो कहै राम गुन गाथा॥**

राक्षस त्यहाँ कपट [बाट मुनि] को भेष बनाएर विराजमान थियो। त्यो मूर्खले आफ्नो मायाले मायापतिका दूतलाई मोहित गर्न खोजेको थियो। मारुतिले उससँग गएर शिर निहुराउनुभयो। उसले श्रीरामका गुणलाई भन्न लाग्यो॥ २॥

**होत महा रन रावन रामहिं। जितिहहिं राम न संसय या महिं॥**
**इहाँ भएँ मैं देखउँ भाई। ग्यानदृष्टि बल मोहि अधिकाई॥**

[उसले भन्यो—] रावण र रामको महान् युद्ध भइरहेको छ। रामजीले जित्नुहुनेछ यसमा सन्देह छैन। हे भाइ! म यहाँ बस्दाखेरि पनि सबै देखिरहेको छु। मलाई ज्ञानदृष्टिको धेरै ठूलो बल छ॥ ३॥

**मागा जल तेहिं दीन्ह कमंडल। कह कपि नहिं अघाउँ थोरें जल॥**
**सर मज्जन करि आतुर आवहु। दिच्छा देउँ ग्यान जेहिं पावहु॥**

हनुमान्‌जीले त्यससँग जल माग्नुभयो, फेरि उसले कमण्डलु दियो। हनुमान्‌जीले भन्नुभयो— थोरै जलले म तृप्त हुनेछैन। फेरि उसले भन्यो—पोखरीमा स्नान गरेर तुरुन्तै फर्केर आऊ र मैले तिमीलाई दीक्षा दिन्छु, जसबाट तिमीले ज्ञान प्राप्त गर्नेछौ॥ ४॥

दो०— **सर पैठत कपि पद गहा मकरीं तब अकुलान।**
**मारी सो धरि दिब्य तनु चली गगन चढ़ि जान॥ ५७॥**

ताल (पोखरी) मा प्रवेश गर्दा नै एक गोहिनीले आत्तिएर त्यही समयमा हनुमान्‌जीको खुट्टा समाती। हनुमान्‌जीले उसलाई मार्नुभयो। फेरि उसले दिव्य शरीर धारण गरेर विमानमा चढेर आकाशमा गई॥ ५७॥

**कपि तव दरस भइउँ निष्पापा। मिटा तात मुनिबर कर सापा॥**
**मुनि न होइ यह निसिचर घोरा। मानहु सत्य बचन कपि मोरा॥**

[उसले भनि—] हे बाँदर! म तिम्रो दर्शनले पापरहित भए। हे तात! श्रेष्ठ मुनिको श्राप मेटियो। हे कपि! यो मुनि होइन, घोर निशाचर हो। मेरो वचन सत्य मान॥ १॥

**अस कहि गई अपछरा जबहीं। निसिचर निकट गयउ कपि तबहीं॥**
**कह कपि मुनि गुरदछिना लेहू। पाछें हमहिं मंत्र तुम्ह देहू॥**

यस्तो भनेर जुन समयमा त्यो अप्सरा गई, त्यही समयमा नै हनुमान्‌जी निशाचरसँग आउनुभयो। हनुमान्‌जीले भन्नुभयो—हे मुनि! पहिला गुरुदक्षिणा लिइहाल्नुहोस्। पछि तपाईंले मलाई मन्त्र दिनुहोला॥ २॥

**सिर लंगूर लपेटि पछारा। निज तनु प्रगटेसि मरती बारा॥**
**राम राम कहि छाड़ेसि प्राना। सुनि मन हरषि चलेउ हनुमाना॥**

हनुमान्‌जीले उसको शिरलाई पुच्छरमा लपेटेर उसलाई पछार्नुभयो। मर्ने समयमा उसले राम-राम भनेर प्राण छोड्यो। यसलाई (मुखबाट राम-रामको उच्चारण) सुनेर हनुमान्‌जी हर्षित भएर हिँड्नुभयो॥ ३॥

**देखा सैल न औषध चीन्हा। सहसा कपि उपारि गिरि लीन्हा॥**
**गहि गिरि निसि नभ धावत भयऊ। अवधपुरी ऊपर कपि गयऊ॥**

उहाँले पर्वत हिमाललाई देख्नुभयो। तर औषधि चिन्न सक्नुभएन। त्यसपछि हनुमान्‌जीले एकदमले (सहसा एकाएक) पर्वतलाई नै उखेल्नुभयो*। पर्वत लिएर हनुमान्‌जी रातमा नै आकाशमार्गबाट दौडनुभयो (उड्नुभयो) र अयोध्यापुरीमाथि पुग्नुभयो॥ ४॥

## ✹ भरतजीको बाणले हनुमान् मूर्च्छित हुनु, भरत-हनुमान्-संवाद ✹

दो०— **देखा भरत बिसाल अति निसिचर मन अनुमानि।**
**बिनु फर सायक मारेउ चाप श्रवन लगि तानि॥ ५८॥**

भरतजीले आकाशमा अत्यन्त विशाल स्वरूपलाई देख्नुभयो, फेरि मनमा अनुमान गर्नुभयो कि यो कुनै राक्षस हो। उहाँले कानसम्म धनुषलाई तानेर विनाफलको एउटा बाण हान्नुभयो॥ ५८॥

**परेउ मुरुछि महि लागत सायक। सुमिरत राम राम रघुनायक॥**
**सुनि प्रिय बचन भरत तब धाए। कपि समीप अति आतुर आए॥**

बाण लाग्दा नै हनुमान्‌जी 'राम, राम, रघुपति' को उच्चारण गर्दै मूर्च्छित भएर पृथ्वीमा पल्टिनुभयो। प्रिय वचन (रामनाम) सुनेर भरतजी उठेर दौडनुभयो र आतुरीकासाथ हनुमान्‌जीका नजिक आउनुभयो॥ १॥

**बिकल बिलोकि कीस उर लावा। जागत नहिं बहु भाँति जगावा॥**
**मुख मलीन मन भए दुखारी। कहत बचन भरि लोचन बारी॥**

हनुमान्‌जीलाई व्याकुल देखेर उहाँले हृदयमा लगाउनुभयो। धेरै प्रकारले बिउँझाउनुभयो, तर उहाँ बिउँझनुभएन! अनि भरतजीको मन उदास भयो। उहाँ मनमा धेरै दुःखी हुनुभयो र नेत्रमा [विषादका आँसुहरूका] जल भरेर यस्ता वचन भन्नुभयो— ॥ २॥

**जेहिं बिधि राम बिमुख मोहि कीन्हा। तेहिं पुनि यह दारुन दुख दीन्हा॥**
**जौं मोरें मन बच अरु काया। प्रीति राम पद कमल अमाया॥**

जुन विधाताले मलाई श्रीरामसँग विमुख बनायो, उसैले फेरि यो भयानक दुःख पनि दियो। यदि मन, वचन र शरीरले श्रीरामजीका चरणकमलहरूमा मेरो निष्कपट प्रेम छ भने॥ ३॥

**तौ कपि होउ बिगत श्रम सूला। जौं मो पर रघुपति अनुकूला॥**
**सुनत बचन उठि बैठ कपीसा। कहि जय जयति कोसलाधीसा॥**

---

* औषधि नै हनुमान्‌जीलाई देखेर लुके। दोस्रो कारण कुन औषधि लैजान ठीक हुने सर्वौषधिमध्ये स्वयं वैद्यले नै निकाल्नेछन् भनी पर्वतलाई नै उखेल्नुभयो। (श्रीमद्वाल्मीकीय रामायणबाट उद्धृत गरिएको)

र यदि श्रीरघुनाथ मसँग प्रसन्न हुनुहुन्छ भने यो बाँदर थकाइ र पीडाले रहित होस्। यस्ता वचन सुन्दा नै कपिराज हनुमान्‌जी 'कोसलपति श्रीरामचन्द्रको जय होस्, जय होस्' यस्तो भन्दै उठेर बस्नुभयो॥ ४॥

**सो०— लीन्ह कपिहि उर लाइ पुलकित तनु लोचन सजल।**
**प्रीति न हृदयँ समाइ सुमिरि राम रघुकुल तिलक॥ ५९॥**

भरतजीले बाँदर (हनुमान्‌जी) लाई हृदयमा लगाउनुभयो, उहाँको शरीर पुलकित भयो र नेत्र [आनन्द तथा प्रेमका आँसुले] टलपलाए। रघुकुलतिलक श्रीरामचन्द्रलाई स्मरण गरेर भरतजीको हृदयमा प्रीतिको सीमा थिएन (अटाएको थिएन)॥ ५९॥

**तात कुसल कहु सुखनिधान की। सहित अनुज अरु मातु जानकी॥**
**कपि सब चरित समास बखाने। भए दुखी मन महुँ पछिताने॥**

[भरतजीले भन्नुभयो—] हे तात! भाइ लक्ष्मण तथा माता जानकीजीसहित सुखनिधान श्रीरामजीको कुशल भन। बाँदर (हनुमान्‌जी) ले संक्षेपमा सबै कथा भन्नुभयो। यस्तो घटनालाई सुनेर भरतजी दुःखी हुनुभयो र मनमा पछुताउन (चुकचुकी गर्न) लाग्नुभयो॥ १॥

**अहह दैव मैं कत जग जायउँ। प्रभु के एकहु काज न आयउँ॥**
**जानि कुअवसरु मन धरि धीरा। पुनि कपि सन बोले बलबीरा॥**

हे दैव! म जगत्‌मा किन जन्में? प्रभुको एउटा पनि काममा म आइन। फेरि कुअवसर (विपरीत समय) जानेर मनमा धैर्य धारण गरेर बलवीर भरतजीले हनुमान्‌सँग भन्नुभयो— ॥ २॥

**तात गहरु होइहि तोहि जाता। काजु नसाइहि होत प्रभाता॥**
**चढ़ु मम सायक सैल समेता। पठवौं तोहि जहँ कृपानिकेता॥**

हे तात! तिमीलाई जान अबेर हुनेछ र उज्यालो हुँदा नै काम बिग्रनेछ। [अतः] तिमी पहाडसहित मेरो बाणमा चढ, मैले तिमीलाई वहाँ पठाउँछु, जहाँ कृपाका धाम श्रीराम हुनुहुन्छ॥ ३॥

**सुनि कपि मन उपजा अभिमाना। मोरें भार चलिहि किमि बाना॥**
**राम प्रभाव बिचारि बहोरी। बंदि चरन कह कपि कर जोरी॥**

भरतजीका यस्ता कुरा सुनेर [एक पटक त] हनुमान्‌जीको मनमा अभिमान उत्पन्न भयो कि मेरो बोझ (भारी) ले बाण कसरी चल्छ? [किन्तु] फेरि श्रीरामको प्रभावलाई विचार गरेर उहाँले भरतजीको चरणलाई प्रणाम गरेर हनुमान्‌जीले भन्नुभयो॥ ४॥

**दो०— तव प्रताप उर राखि प्रभु जैहउँ नाथ तुरंत।**
**अस कहि आयसु पाइ पद बंदि चलेउ हनुमंत॥ ६० (क)॥**

हे नाथ! हे प्रभु! मैले हजुरको प्रतापलाई हृदयमा राखेर तुरुन्तै जानेछु। यस्तो भनेर आज्ञा पाएर र भरतजीका चरणहरूको वन्दना गरेर हनुमान्‌जी जानुभयो॥ ६० (क)॥

**भरत बाहु बल सील गुन प्रभु पद प्रीति अपार।**
**मन महुँ जात सराहत पुनि पुनि पवनकुमार॥ ६० (ख)॥**

भरतजीको बाहुबल, शील (सुन्दर स्वभाव), गुण र प्रभुका चरणमा अपार प्रेमको मनमनै बारम्बार प्रशंसा गर्दै मारुति हनुमान्‌जी गइरहनुभएको छ॥ ६० (ख)॥

### ❁ श्रीरामको प्रतापलीला, हनुमान्‌जी आउनु, लक्ष्मणजी उठेर बस्नु ❁

**उहाँ राम लछिमनहि निहारी। बोले बचन मनुज अनुसारी॥**
**अर्ध राति गइ कपि नहिं आयउ। राम उठाइ अनुज उर लायउ॥**

वहाँ लक्ष्मणजीलाई देखेर श्रीरामले साधारण मनुष्यझैं यस्ता वचन बोल्नुभयो— आधा रात बिति-सक्यो, हनुमान् आएनन्। यस्तो भनेर श्रीरामले भाइ लक्ष्मणजीलाई उठाएर हृदयमा लगाउनुभयो॥ १॥

**सकहु न दुखित देखि मोहि काऊ। बंधु सदा तव मृदुल सुभाऊ॥**
**मम हित लागि तजेहु पितु माता। सहेहु बिपिन हिम आतप बाता॥**

[र भन्नुभयो— ] हे भाइ! तिमीले मेरो दुःख कहिल्यै देख्न सकेनौ। तिम्रो स्वभाव सधैं नै कोमल छ। मेरो हितको लागि तिमीले माता-पितालाई पनि छोड्यौ र वनमा जाडो, गर्मी र हावा सबै सहन गरेका छौ॥ २॥

**सो अनुराग कहाँ अब भाई। उठहु न सुनि मम बच बिकलाई॥**
**जौं जनतेउँ बन बंधु बिछोहू। पिता बचन मनतेउँ नहिं ओहू॥**

हे भाइ! त्यो प्रेम अब कहाँ छ? मेरा व्याकुलतापूर्ण वचन सुनेर किन उठ्दैनौ? यदि मैले जानेको हुन्थे भने वनमा भाइसँग विछोड हुन्छ, तब मैले पिताका वचन [जसलाई मान्न मेरो लागि परम कर्तव्य थियो] उसलाई पनि मान्ने थिइन॥ ३॥

**सुत बित नारि भवन परिवारा। होहिं जाहिं जग बारहिं बारा॥**
**अस बिचारि जियँ जागहु ताता। मिलइ न जगत सहोदर भ्राता॥**

पुत्र, धन, स्त्री, घर र परिवार— यी जगत्‌मा घरीघरी (छिनछिनमा) मिल्छन्, परन्तु जगत्‌मा सहोदर भाइ* बारम्बार मिल्दैनन्। हृदयमा यस्तो जानेर हे तात! बिउँझ॥ ४॥

**जथा पंख बिनु खग अति दीना। मनि बिनु फनि करिबर कर हीना॥**
**अस मम जिवन बंधु बिनु तोही। जौं जड़ दैव जिआवै मोही॥**

जस्तै पखेटाविना पक्षी, मणिविना सर्प र सुँडविना श्रेष्ठ हात्ती अत्यन्त दीन हुन्छन्, हे भाइ! यदि कहीं जड दैवले मलाई जीवित राखेमा तिमीविना मेरो जीवन पनि यस्तै हुनेछ॥ ५॥

---

* सहोदरको अर्थ हुन्छ—(१) एक पेटबाट उत्पन्न यथा— '**समानोदर्यसोदर्यसगर्भ्यसहजाः समाः**' इति। रामबालकदासजीले यस अर्थको प्रमाणमा यो श्लोक दिनुभएको छ— '**साहसी गुणसम्पन्नो निद्राविगतकल्मषः। ज्येष्ठानुशासने लग्नः सहोदरोऽभिधीयते।**', यी सबै लक्षण लक्ष्मणजीमा छन्, अतः सहोदर भनियो। (२) पिताको पक्षबाट दुवै भाइ सहोदर हुन्। (३) अर्को अर्थ यो हो कि विमातृज भएर पनि जस्ता तिमी मेरा भाइ छौ, यस्ता जगत्‌मा सहोदर भाइ पनि हुँदैनन्। (४) सबै भाइ पायसबाट नै उत्पन्न भए, अतः सहोदर भयो। (५) सुमित्राजीले पायसभाग कौसल्याजीको हातबाट पाउनुभयो, त्यो मुख्य भाग कौसल्याजीको नै ठहरियो। यस भावले सहोदर भनियो। (६) शेषोपनिषदमा उल्लेख छ कि पहिला लक्ष्मणजी आठ महिना कौसल्याजीको पेटमा रहनुभयो, पछि प्रभुको आज्ञाले योगमायाले आकर्षण गरेर उहाँलाई सुमित्राजीको उदरमा प्रविष्ट गराइन्। यस प्रकार सहोदर हुनुभयो। '**श्रुतिगर्भोऽपि यो देवोऽनुससार**' जुन प्रकारले कृष्णावतारमा शेषावतार बलरामजी पहिला देवकीजीको उदरमा हुनुहुन्थ्यो। पछि आकर्षणद्वारा रोहिणीजीको गर्भमा आउनुभयो। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**जैहउँ अवध कवन मुहु लाई। नारि हेतु प्रिय भाइ गँवाई॥**
**बरु अपजस सहतेउँ जग माहीं। नारि हानि बिसेष छति नाहीं॥**

स्त्रीको लागि प्यारो भाइलाई गुमाएर मैले कस्तो मुख लिएर अयोध्या जाउँला? मैले जगत्मा बदनाम बरु सहन सक्छु (कि राममा केही पनि वीरता छैन जसले स्त्रीलाई गुमाएर बसेको छ)। स्त्री हानिले [यस हानिलाई हेर्दा] कुनै विशेष क्षति भएको छैन॥ ६॥

**अब अपलोकु सोकु सुत तोरा। सहिहि निठुर कठोर उर मोरा॥**
**निज जननी के एक कुमारा। तात तासु तुम्ह प्रान अधारा॥**

अब त हे बाबु! मेरो निष्ठुर र कठोर हृदयले यो अपयश र तिम्रो शोक दुवै नै सहन गर्नेछ! हे लक्ष्मण! तिमी आफ्नी आमाका एउटै अर्थात् अद्वितीय पुत्र र उहाँको प्राणाधार हौ॥ ७॥

**सौंपेसि मोहि तुम्हहि गहि पानी। सब बिधि सुखद परम हित जानी॥**
**उतरु काह दैहउँ तेहि जाई। उठि किन मोहि सिखावहु भाई॥**

सबै प्रकारले सुख दिने र परम हितकारी जानेर उहाँले तिम्रा हात समातेर मलाई सुम्पनुभएको थियो। मैले अब गएपछि उहाँलाई के (कसरी) उत्तर दिने? हे भाइ! तिमी उठेर मलाई सिकाउने (सम्झाउने) किन गर्दैनौ?॥ ८॥

**बहु बिधि सोचत सोच बिमोचन। स्त्रवत सलिल राजिव दल लोचन॥**
**उमा एक अखंड रघुराई। नर गति भगत कृपाल देखाई॥**

(सबैलाई) चिन्ताबाट छुटाउने श्रीरामले धेरै प्रकारले चिन्ता गरिरहनुभएको छ। उहाँका कमलका कोपिला समानका नेत्र [विषादका आँसुहरूले] टलपलाइरहेका छन्। [शिवजीले भन्नुहुन्छ—] हे उमा! श्रीरघुनाथ एक (अद्वितीय) र अखण्ड (वियोगरहित) हुनुहुन्छ। भक्तहरूलाई कृपा गर्ने भगवान्ले [लीला गरेर] मनुष्यलेझैं दशा देखाउनुहुन्छ॥ ९॥

**सो०— प्रभु प्रलाप सुनि कान बिकल भए बानर निकर।**
**आइ गयउ हनुमान जिमि करुना महँ बीर रस॥ ६१॥**

प्रभुका [लीलाको लागि गरेका] प्रतापलाई कानले सुनेर बाँदरका समूह अत्तालिए। [यति हुँदा नै] हनुमान्जी आउनुभयो, जस्तै करुणरस [को प्रसङ्गमा] वीररस [को प्रसङ्ग] आएको छ॥ ६१॥

**हरषि राम भेटेउ हनुमाना। अति कृतग्य प्रभु परम सुजाना॥**
**तुरत बैद तब कीन्हि उपाई। उठि बैठे लछिमन हरषाई॥**

श्रीराम हर्षित हुँदै हनुमान्जीसँग भेट भई अँगालो मार्नुभयो। प्रभु परम सुजान (चतुर) र अत्यन्तै कृतज्ञ हुनुहुन्छ। फेरि वैद्य (सुषेण) ले तुरुन्तै उपाय गर्‍यो, [जसले] लक्ष्मणजी हर्षित भएर उठेर बस्नुभयो॥ १॥

**हृदयँ लाइ प्रभु भेंटेउ भ्राता। हरषे सकल भालु कपि ब्राता॥**
**कपि पुनि बैद तहाँ पहुँचावा। जेहि बिधि तबहिं ताहि लइ आवा॥**

प्रभु भाइलाई हृदयमा लगाएर मिल्नुभयो। भालु र बाँदरका समूह सबै हर्षित भए। फेरि हनुमान्‌जीले वैद्यलाई उस्तै प्रकारले वहाँ पुऱ्याउनुभयो, जुन प्रकार उहाँले पहिला उसलाई लिएर आउनुभएको थियो॥ २॥

## * रावणले कुम्भकर्णलाई बिउँझाउनु, कुम्भकर्णले रावणलाई उपदेश र विभीषण-कुम्भकर्ण-संवाद *

**यह बृत्तांत दसानन सुनेऊ। अति बिषाद पुनि पुनि सिर धुनेऊ॥**
**ब्याकुल कुंभकरन पहिं आवा। बिबिध जतन करि ताहि जगावा॥**

यो समाचार जब रावणले सुन्यो, अनि उसले अत्यन्त विषादले (दुःखपूर्वक) बारम्बार शिर पिट्यो। ऊ व्याकुल भएर कुम्भकर्णसँग (व्याकुलताको एउटा मात्र औषधि यही हो भनेर उसको बलको भरोसाले) गयो र धेरै नै उपाय गरेर उसले उसलाई बिउँझायो॥ ३॥

**जागा निसिचर देखिअ कैसा। मानहुँ कालु देह धरि बैसा॥**
**कुंभकरन बूझा कहु भाई। काहे तव मुख रहे सुखाई॥**

कुम्भकर्ण बिउँझेर उठ्यो र बस्यो। ऊ कस्तो देखिएको छ मानौं स्वयं काल नै शरीर धारण गरेर बसेको छ। कुम्भकर्णले सोध्यो—हे दाजु! भन्नुहोस् त, हजुरको मुख किन सुकेको छ?॥ ४॥

**कथा कही सब तेहिं अभिमानी। जेहि प्रकार सीता हरि आनी॥**
**तात कपिन्ह सब निसिचर मारे। महा महा जोधा संघारे॥**

त्यस अभिमानी (रावण) ले उसलाई जुन प्रकारले उसले सीतालाई हरण गरेर ल्याएको थियो [त्यस समयदेखि अहिलेसम्मको] सबै कथा भन्यो। [फेरि भन्यो—] हे भाइ! बाँदरहरूले सबै राक्षसहरूलाई मारिसके। महान्-महान् योद्धाहरूलाई पनि नष्ट (विनाश) गरिसके॥ ५॥

**दुर्मुख सुररिपु मनुज अहारी। भट अतिकाय अकंपन भारी॥**
**अपर महोदर आदिक बीरा। परे समर महि सब रनधीरा॥**

दुर्मुख, देवशत्रु (देवान्तक), मनुष्यभक्षक (नरान्तक), भारी योद्धा अतिकाय र अकम्पन तथा महोदर आदि अन्य सबै रणधीर वीर रणभूमिमा मरिसके॥ ६॥

दो०— **सुनि दसकंधर बचन तब कुंभकरन बिलखान।**
**जगदंबा हरि आनि अब सठ चाहत कल्यान॥ ६२॥**

फेरि रावणका वचन सुनेर कुम्भकर्णले धेरै नै दुःखी भएर भन्यो—हे मूर्ख! जगज्जननी जानकीजीलाई हरण गरी ल्याएर अब तपाईंले कल्याण खोज्नुभएको छ॥ ६२॥

**भल न कीन्ह तैं निसिचर नाहा। अब मोहि आइ जगाएहि काहा॥**
**अजहूँ तात त्यागि अभिमाना। भजहु राम होइहि कल्याना॥**

हे राक्षसराज! तपाईंले राम्रो गर्नुभएन। अहिले आएर मलाई किन बिउँझाएको? हे दाजु! अझै पनि अभिमान छोडेर श्रीरामलाई भज्नुभयो भने कल्याण हुनेछ॥ १॥

**हैं दससीस मनुज रघुनायक। जाके हनूमान से पायक॥**
**अहह बंधु तैं कीन्हि खोटाई। प्रथमहिं मोहि न सुनाएहि आई॥**

हे रावण! जसका हनुमान्-जस्ता सेवक छन्, उनै श्रीरघुनाथ के मनुष्य हुनुहुन्छ। हे दाजु! हजुरले राम्रो गर्नुभएन, जुन पहिले नै आएर यो हाल मलाई सुनाउनुभएन॥ २॥

**कीन्हेहु प्रभु बिरोध तेहि देवक। सिव बिरंचि सुर जाके सेवक॥**
**नारद मुनि मोहि ग्यान जो कहा। कहतेउँ तोहि समय निरबहा॥**

हे स्वामी! हजुरले उनै परम देवतासँग विरोध गर्नुभयो, जसका शिव, ब्रह्मा आदि देवता सेवक छन्। नारद मुनिले मलाई जुन ज्ञान दिनुभएको थियो, त्यो तपाईंलाई सुनाउने थिएँ; तर अब त समय बितिसक्यो॥ ३॥

**अब भरि अंक भेंटु मोहि भाई। लोचन सुफल करौं मैं जाई॥**
**स्याम गात सरसीरुह लोचन। देखौं जाइ ताप त्रय मोचन॥**

हे दाजु! अब त [अन्तिम पटक] अङ्गालो मारेर मसँग भेट हुनुहोस्। म गएर आफ्ना नेत्र सफल गर्नेछु। तीनै तापलाई छुटाउने श्यामशरीर, कमलनेत्र श्रीरामको गएर दर्शन गर्नेछु॥ ४॥

दो०— **राम रूप गुन सुमिरत मगन भयउ छन एक।**
**रावन मागेउ कोटि घट मद अरु महिष अनेक॥ ६३॥**

श्रीरामचन्द्रका रूप र गुणलाई स्मरण गरेर ऊ एक क्षणको लागि प्रेममा मग्न भयो। फेरि रावणले करोडौं घडा (घैटा) मदिरा र अनेकौं राँगाहरू मगायो॥ ६३॥

**महिष खाइ करि मदिरा पाना। गर्जा बज्राघात समाना॥**
**कुंभकरन दुर्मद रन रंगा। चला दुर्ग तजि सेन न संगा॥**

राँगा खाएर र मदिरा पिएर व्रजघात (वज्रपात, चट्याङ खसेको) समान गर्ज्यो। नशाले चूर भएपछि रणको उत्साहले पूर्ण कुम्भकर्ण किल्ला छोडेर हिँड्यो। सेना पनि साथमा लिएन॥ १॥

**देखि बिभीषनु आगें आयउ। परेउ चरन निज नाम सुनायउ॥**
**अनुज उठाइ हृदयँ तेहि लायो। रघुपति भक्त जानि मन भायो॥**

उसलाई देखेर विभीषण सम्मुख आएर उसका चरणमा पल्टेर आफ्नो नाम सुनाए। कान्छा भाइलाई उठाएर उसले हृदयमा लगायो र श्रीरघुनाथको भक्त जानेर उसको मनमा प्रिय लाग्यो॥ २॥

**तात लात रावन मोहि मारा। कहत परम हित मंत्र बिचारा॥**
**तेहिं गलानि रघुपति पहिं आयउँ। देखि दीन प्रभु के मन भायउँ॥**

[विभीषणले भने—] हे दाजु! परम हितकर सल्लाह एवं विचार भन्दाखेरि रावणले मलाई लात्तीले हान्यो। त्यही ग्लानिले गर्दा म श्रीरघुनाथसँग आएँ। दीन देखेर प्रभुको मनमा म [अधिक] प्रिय भएँ॥ ३॥

**सुनु सुत भयउ कालबस रावन। सो कि मान अब परम सिखावन॥**
**धन्य धन्य तैं धन्य बिभीषन। भयहु तात निसिचर कुल भूषन॥**

[कुम्भकर्णले भन्यो— ] हे पुत्र*! सुन, रावण त कालको वश भएको छ (उसको शिरमा मृत्यु नाचेको छ)। उसले अब के उत्तम शिक्षा मान्न सक्छ? हे विभीषण! तिमी धन्य छौ, धन्य छौ, धन्य छौ। हे तात! तिमी राक्षसकुलको भूषण भयौ॥ ४॥

**बंधु बंस तैं कीन्ह उजागर। भजेहु राम सोभा सुख सागर॥**

हे भाइ! तिमीले आफ्नो कुललाई देदीप्यमान (उजागर, प्रकाशित) गरिदियौ, जुन शोभा र सुखका समुद्र श्रीरामजीलाई भज्यौ॥ ५॥

दो०— **बचन कर्म मन कपट तजि भजेहु राम रनधीर।**
**जाहु न निज पर सूझ मोहि भयउँ कालबस बीर॥ ६४॥**

मन, वचन र कर्मले कपट छोडेर रणधीर श्रीरामको भजन गर्नू। हे भाइ! म काल (मृत्यु) को वशमा भएको छु, मैले आफ्नो र पराई केही जान्दिन; यसैले अब तिमी जाऊ॥ ६४॥

## ❋ कुम्भकर्ण-युद्ध र उसको परमगति ❋

**बंधु बचन सुनि चला बिभीषन। आयउ जहँ त्रैलोक बिभूषन॥**
**नाथ भूधराकार सरीरा। कुंभकरन आवत रनधीरा॥**

दाजुका वचन सुनेर विभीषण फर्केर गएर वहाँ आए जहाँ त्रिलोकका भूषण श्रीराम हुनुहुन्थ्यो। [विभीषणले भने— ] हे नाथ! पर्वतको समान [विशाल] शरीर भएको रणधीर [लडाइँमा अटल रहने, विचलित नहुने] कुम्भकर्ण आइरहेको छ॥ १॥

**एतना कपिन्ह सुना जब काना। किलकिलाइ धाए बलवाना॥**
**लिए उठाइ बिटप अरु भूधर। कटकटाइ डारहिं ता ऊपर॥**

बाँदरहरूले जब कानले यति मात्रै सुने, अनि ती बलवान् हर्षध्वनिका साथ उत्साहले दौडे। वृक्ष र पर्वत उठाए (पहिले नै धेरै वृक्ष उखेलिएका थिए तिनै र जसले जे पाउँछन् त्यही लिएर) [क्रोधले] दाह्रा किट्दै उनीहरूले त्यसमाथि फाल्न (हान्न) लागे॥ २॥

**कोटि कोटि गिरि सिखर प्रहारा। करहिं भालु कपि एक एक बारा॥**
**मुर्‍यो न मनु तनु टर्‍यो न टार्‍यो। जिमि गज अर्क फलनि को मार्‍यो॥**

भालु र बाँदरले एकै पटकमा नै करोडौं (असङ्ख्य) पहाडका शिखरहरूले उसमाथि हान्छन्। परन्तु यसले न त उसको मन नै मोडियो (विचलित भयो) न शरीर नै टस्मस् भयो (हटाएर हट्यो), जस्तै आँकको फलको पिटाइले हात्तीलाई केही असर हुँदैन!॥ ३॥

---

* ***'सुन सुत.....।'*** आफूभन्दा सानो, भाइ पुत्र-समान हुन्छ र जेठो पिताका समान, यथा— ***'तुम्ह पितु सरिस भले मोहि मारा।'*** (५।४१) 'सुत' शब्दले आफ्नो वात्सल्य विभीषणप्रति देखायो। अ०रा० मा पनि 'वत्स' सम्बोधन दिएको छ जुन वात्सल्य-भावको पोषक हो— **'वत्स त्वं जीव रामपदाश्रयात्।'** (८।१३)। (मानस-पीयूषबाट)

**तब मारुतसुत मुठिका हन्यो। पर्‌यो धरनि ब्याकुल सिर धुन्यो॥**
**पुनि उठि तेहिं मारेउ हनुमंता। घुर्मित भूतल परेउ तुरंता॥**

फेरि हनुमान्‌जीले उसलाई एक घुस्सा हान्नुभयो; जसले ऊ व्याकुल हुँदै (अत्तालिएर) पृथ्वीमा पल्ट्यो र शिर पिट्न लाग्यो (आफ्नो बललाई धिक्कार दियो)। फेरि उसले उठेर हनुमान्‌जीलाई हान्यो। उहाँ चक्कर खाएर तुरुन्तै पृथ्वीमा पल्टिनुभयो॥ ४॥

**पुनि नल नीलहि अवनि पछारेसि। जहँ तहँ पटकि पटकि भट डारेसि॥**
**चली बलीमुख सेन पराई। अति भय त्रसित न कोउ समुहाई॥**

फेरि उसले नल-नीललाई पृथ्वीमा पछार्‍यो र अन्य योद्धाहरूलाई पनि जहाँसुकै पल्टाएर छोड्यो। बाँदरसेना भागिहाले। सबै अत्यन्त भयभीत भए, कुनै सम्मुख आएनन्॥ ५॥

दो०— **अंगदादि कपि मुरुछित करि समेत सुग्रीव।**
**काँख दाबि कपिराज कहुँ चला अमित बल सींव॥ ६५॥**

सुग्रीवसमेत अङ्गदादि बाँदरहरूलाई मूर्च्छित गरेर फेरि ऊ अपरिमित बलको सीमा (अत्यन्त बलवीर) कुम्भकर्ण बाँदरराज सुग्रीवलाई काखमा च्यापेर (अठाएर) लिएर हिँड्यो॥ ६५॥

**उमा करत रघुपति नरलीला। खेल गरुड़ जिमि अहिगन मीला॥**
**भृकुटि भंग जो कालहि खाई। ताहि कि सोहइ ऐसि लराई॥**

[शिवजीले भन्नुहुन्छ— ] हे उमा! श्रीरघुनाथले उस्तै नै नरलीला गर्नुभएको छ, जस्तै गरुड सर्पहरूका समूहमा मिलेर खेल्दछ। जसको आँखीभौं (परेला) को इशारा मात्रले (विनापरिश्रम) काललाई पनि खान्छ, उहाँलाई कहीं यस्तो लडाइँले शोभा दिन्छ?॥ १॥

**जग पावनि कीरति बिस्तरिहहिं। गाइ गाइ भवनिधि नर तरिहहिं॥**
**मुरुछा गइ मारुतसुत जागा। सुग्रीवहि तब खोजन लागा॥**

भगवान्‌ले [यसद्वारा] जगत्‌लाई पवित्र गर्नेवाला यस्तो कीर्ति फैलाउनुहुनेछ, जसलाई बारम्बार गाएर मनुष्य भवसागरदेखि तर्नेछन्। मूर्च्छा हट्यो, फेरि मारुती हनुमान्‌जी बिउँझनुभयो र सुग्रीवलाई खोज्न लाग्नुभयो॥ २॥

**सुग्रीवहु कै मुरुछा बीती। निबुकि गयउ तेहि मृतक प्रतीती॥**
**काटेसि दसन नासिका काना। गरजि अकास चलेउ तेहिं जाना॥**

सुग्रीवको पनि मूर्च्छा हट्यो, फेरि उनी [मुर्दा-जस्तो भएर] लत्रेर (काखबाट तल झरे)। कुम्भकर्णले उनलाई मृतक जान्यो। उनले कुम्भकर्णका नाक-कान दाँतहरूले टोकेर फेरि गर्जेर (चिच्च्याएर) आकाशतर्फ गए, अनि कुम्भकर्णले जान्यो॥ ३॥

**गहेउ चरन गहि भूमि पछारा। अति लाघवँ उठि पुनि तेहि मारा॥**
**पुनि आयउ प्रभु पहिं बलवाना। जयति जयति जय कृपानिधाना॥**

उसले सुग्रीवको खुट्टा समातेर उनलाई पृथ्वीमा पछार्‍यो। फेरि सुग्रीवले ठूलो फुर्तीले उठेर उसलाई पिटे; अनि बलवान् सुग्रीव प्रभुसँग आएर भने—कृपानिधान प्रभुको जय होस्, जय होस्, जय होस्॥ ४॥

**नाक कान काटे जियँ जानी। फिरा क्रोध करि भइ मन ग्लानी॥**
**सहज भीम पुनि बिनु श्रुति नासा। देखत कपि दल उपजी त्रासा॥**

नाक–कान काटिएका छन्, यस्तो मनमा जानेर ठूलो ग्लानि भयो; ऊ क्रोध गरेर फर्क्यो। एक त ऊ स्वभाव (आकृति) ले नै भयङ्कर थियो र फेरि नाक–कानविनाको हुनाले झन् भयानक भयो। उसलाई देख्दा नै बाँदरहरूको सेनामा भय उत्पन्न भयो॥ ५॥

दो०— **जय जय जय रघुबंस मनि धाए कपि दै हूह।**
**एकहि बार तासु पर छाड़ेन्हि गिरि तरु जूह॥ ६६॥**

'रघुवंशमणिको जय होस्, जय होस्, जय होस्' यस्तो नारा लगाएर बाँदर हूह (हुङ्कार) गरेर दौडे र सबैले एक पटकमा नै पहाडका थुप्रा र वृक्षहरूका खात छोडे॥ ६६॥

**कुंभकरन रन रंग बिरुद्धा। सन्मुख चला काल जनु क्रुद्धा॥**
**कोटि कोटि कपि धरि धरि खाई। जनु टीड़ी गिरि गुहाँ समाई॥**

रणको उत्साहमा कुम्भकर्ण विरुद्ध भएर [बाँदर सेनाका] अघिल्तिर यसरी हिंड्यो, मानौं क्रोधित भएर काल नै आएको छ। उसले करोड–करोड (असङ्ख्य) बाँदरहरूलाई एकै पटकमा समातेर खान लाग्यो। [उनीहरू उसको मुखमा यस्तो प्रकारले पस्न लागे] जस्तो पहाडको गुफा (ओढार) मा सलह किरा (फट्याङ्ग्रा)–हरू छिरिरहेका छन्॥ १॥

**कोटिन्ह गहि सरीर सन मर्दा। कोटिन्ह मीजि मिलव महि गर्दा॥**
**मुख नासा श्रवनन्हि कीं बाटा। निसरि पराहिं भालु कपि ठाटा॥**

करोडौं (बाँदर) लाई समातेर उसले शरीरले अँठ्यायो। करोडौंलाई हातले मिचेर जमिनको धूलोमा मिलायो। [पेटमा गएका] भालु र बाँदरका कैयौं समूह मुख, नाक र कानको प्वालबाट निस्केर भागिरहेका छन्॥ २॥

**रन मद मत्त निसाचर दर्पा। बिस्व ग्रसिहि जनु एहि बिधि अर्पा॥**
**मुरे सुभट सब फिरहिं न फेरे। सूझ न नयन सुनहिं नहिं टेरे॥**

रणको मदमा मत्त राक्षस कुम्भकर्ण यस्तो प्रकारले गर्वित भयो, मानौं विधाताले उसलाई सम्पूर्ण विश्व अर्पण गरिदिएको छ र उसलाई उसले निल्नेछ। सबै योद्धा भाग्नको लागि उभिए। उनीहरू फर्काउँदा पनि फर्कदैनन्। आँखाले देखिंदैन र चिच्च्याउदा सुन्दैनन!॥ ३॥

**कुंभकरन कपि फौज बिडारी। सुनि धाई रजनीचर धारी॥**
**देखी राम बिकल कटकाई। रिपु अनीक नाना बिधि आई॥**

कुम्भकर्णले बाँदर–सेनालाई तितरबितर गरायो। यस्तो सुनेर राक्षस–सेना पनि दौडे। श्रीरामचन्द्रले देख्नुभयो कि आफ्ना सेना अत्तालिएका छन् र शत्रुका विभिन्न सेना आएका छन्॥ ४॥

**दो०— सुनु सुग्रीव बिभीषन अनुज सँभारेहु सैन।**
**मैं देखउँ खल बल दलहि बोले राजिवनैन॥ ६७॥**

फेरि कमलनयन श्रीरामले भन्नुभयो—हे सुग्रीव! हे विभीषण! र हे लक्ष्मण! सुन, तिमीहरूले सेनालाई सँभाल्नु। मैले यस दुष्टको बल र सेनालाई हेर्नेछु॥ ६७॥

**कर सारंग साजि कटि भाथा। अरि दल दलन चले रघुनाथा॥**
**प्रथम कीन्हि प्रभु धनुष टँकोरा। रिपु दल बधिर भयउ सुनि सोरा॥**

हातमा शार्ङ्ग धनुष (श्रीरघुनाथको मुख्य आयुध) र कम्मरमा तरकस सजाएर श्रीरघुनाथले शत्रुसेनालाई नष्ट गर्न हिँड्नुभयो। प्रभुले पहिला त धनुषलाई टङ्कार (धनुषको डोरी वा ताँदो तान्दा जुन शब्द हुन्छ त्यो) गर्नुभयो। जसको भयानक आवाज सुन्दा नै शत्रुदल बहिरा भए॥ १॥

**सत्यसंध छाँड़े सर लच्छा। कालसर्प जनु चले सपच्छा॥**
**जहँ तहँ चले बिपुल नाराचा। लगे कटन भट बिकट पिसाचा॥**

फेरि सत्यप्रतिज्ञ श्रीरामले एक लाख बाण छोड्नुभयो*। उनीहरू यसरी गए, जसरी पखेटा भएका कालसर्प जान्छन्। यत्रतत्र धेरै नै बाण छुटे, जसले भयङ्कर राक्षस योद्धा काटिन लागे॥ २॥

**कटहिं चरन उर सिर भुजदंडा। बहुतक बीर होहिं सत खंडा॥**
**घुर्मि घुर्मि घायल महि परहीं। उठि संभारि सुभट पुनि लरहीं॥**

उनीहरूका खुट्टा, छाती, शिर र भुजदण्ड (पाखुरा) काटिएका छन्। धेरै नै वीरहरू सय-सय टुक्रा भएका छन्। घाइते चक्कर खाएर पृथ्वीमा मुन्टिएका (पल्टिरहेका) छन्। उत्तम योद्धा फेरि होसियारीपूर्वक उठेर लडेका छन्॥ ३॥

**लागत बान जलद जिमि गाजहिं। बहुतक देखि कठिन सर भाजहिं॥**
**रुंड प्रचंड मुंड बिनु धावहिं। धरु धरु मारु मारु धुनि गावहिं॥**

बाण लाग्दा नै उनीहरू मेघझैं गर्जन्छन्। धेरै नै त कठिन बाणलाई देखेर नै भागिहाल्छन्। विनामुण्ड (शिर) का प्रचण्ड रुण्ड (धड, मुर्कट्टा) दौडिरहेका छन् र 'समात्, समात्, मार्-मार्' को शब्द गरेर गाउँदै (चिच्च्याउँदै) गरेका छन्॥ ४॥

---

* [शीला— *'सत्यसंध छाँड़े सर लच्छा।.......'* इति (क) श्रीराम सत्यसंध हुनुहुन्छ। उहाँले जे भन्नुभएको थियो मैले कुम्भकर्णलाई 'दलसहित हेर्नेछु' उसलाई परास्त गर्नेछु, यसैले लाख बाण चलाउनुभयो (ख) यहाँ शङ्का हुन्छ कि एक लाख बाण धनुषमा कसरी अटाए। प्रमाण— '**तूणेनैकशरं करेण दशधा संधानकाले शतं, चापेऽभूत सहस्त्रलक्षगमने कोटिं च कोटिं वधे। अन्ते चार्बनिखर्बबाणनिकरैस्सीतापतेः शोभितमेतद्‌बाण-पराक्रमस्य महिमा सत्पात्रदाने यथा॥**' अर्थात् जुन प्रकारले सत्पात्रमा एउटा दान अनेक भएर फल्दछ, उस्तै प्रकारले श्रीरामका बाण तरकसमा एउटा रहन्छ; हातमा आउँदा नै दशवटा हुन्छन्, सन्धानको समय सयवटा हुन्छन् र धनुषमा राख्दा नै हजार हुन्छन् तथा हिँड्ने (चल्ने) समयमा एक लाख हुन्छन्, शत्रुवध गर्ने समयमा कोटि-कोटि हुन्छन् र अन्त्य सम्ममा ती अर्ब-खर्ब बाणहरूका समूह हुन्छन्। यस्तो उहाँको बाणको महिमा हो। (मानस-पीयूषबाट उद्‌धृत गरिएको)

दो०— **छन महुँ प्रभु के सायकन्हि काटे बिकट पिसाच।**
**पुनि रघुबीर निषंग महुँ प्रबिसे सब नाराच॥ ६८॥**

प्रभुका बाणहरूले क्षण मात्रमा नै भयानक राक्षसहरूलाई काटेर राखिदिए। फेरि ती सबै बाण फर्केर श्रीरघुनाथका तरकस (ठोक्रो) मा पसे॥ ६८॥

**कुंभकरन मन दीख बिचारी। हति छन माझ निसाचर धारी॥**
**भा अति क्रुद्ध महाबल बीरा। कियो मृगनायक नाद गँभीरा॥**

कुम्भकर्णले मनमा विचार गरेर हेर्‍यो कि श्रीरामले क्षण मात्रमा नै राक्षसका सेनालाई नष्ट गरे। फेरि ऊ महाबली वीर अत्यन्त क्रोधित भयो र उसले गम्भीर सिंहनाद गर्‍यो॥ १॥

**कोपि महीधर लेइ उपारी। डारइ जहँ मर्कट भट भारी॥**
**आवत देखि सैल प्रभु भारे। सरन्हि काटि रज सम करि डारे॥**

उसले झोकिएर (क्रोध गरेर) पहाड उखेलेर जहाँ विशाल-विशाल बाँदर योद्धा छन्, त्यहीं फाल्न थाल्यो। ठूलाठूला पहाडलाई आउँदै देखेर प्रभुले उनलाई बाणले काटेर धूलो समान (कण-कण) बनाउनुभयो॥ २॥

**पुनि धनु तानि कोपि रघुनायक। छाँड़े अति कराल बहु सायक॥**
**तनु महुँ प्रबिसि निसरि सर जाहीं। जिमि दामिनि घन माझ समाहीं॥**

फेरि श्रीरघुनाथले क्रोधित हुँदै धनुषलाई तानेर धेरै नै अत्यन्त भयानक बाण छोड्नुभयो। ती बाण कुम्भकर्णको शरीरमा पसेर [पछाडिबाट यस्तो प्रकारले] निस्केका छन् [कि उसलाई थाहा नै हुँदैन], जस्तो प्रकारले बिजुली (चम्केर) बादलमा मिसिन्छ॥ ३॥

**सोनित स्त्रवत सोह तन कारे। जनु कज्जल गिरि गेरु पनारे॥**
**बिकल बिलोकि भालु कपि धाए। बिहँसा जबहिं निकट कपि आए॥**

उसको कालो शरीरबाट रगत बग्दा यस्तो शोभा दिएको छ, मानौं गाजलको (कालो) पहाडबाट गेरु वा शोणित (दुवै रातो रङ्ग) को नाला (फोहोर पानी बाहिर निस्केर जाने ढल वा नाली) बगिरहेको छ। उसलाई अत्तालिएको देखेर भालु र बाँदर दौडे। जतिखेर बाँदर त्यसको नजिक आए त्यही समयमा ऊ हाँस्यो॥ ४॥

दो०— **महानाद करि गर्जा कोटि कोटि गहि कीस।**
**महि पटकइ गजराज इव सपथ करइ दससीस॥ ६९॥**

र ठूलो घोर शब्द गरेर गर्ज्यो (चिच्च्यायो) अनि करोडौं-करोड बाँदरहरूलाई समातेर उसले गजराजले झैं (उनीहरूलाई) पृथ्वीमा पछार्न लाग्यो र रावणको जयकार गर्न लाग्यो॥ ६९॥

**भागे भालु बलीमुख जूथा। बृकु बिलोकि जिमि मेष बरूथा॥**
**चले भागि कपि भालु भवानी। बिकल पुकारत आरत बानी॥**

यस्तो देखेर भालु र बाँदर समूह यसरी भागे जसरी ब्वाँसोलाई देखेर भेडाहरूको बथान। [शिवजीले भन्नुहुन्छ— ] हे भवानी! बाँदर र भालु अत्तालिएर आर्त वाणीले चिच्च्याउँदै भागे॥ १॥

**यह निसिचर दुकाल सम अहई। कपिकुल देस परन अब चहई॥**
**कृपा बारिधर राम खरारी। पाहि पाहि प्रनतारति हारी॥**

[उनीहरूले भन्न लागे— ] यो राक्षस अनिकालसमान* छ, जुन अब बाँदरकुलरूपी देशमा पर्न खोजेको छ। हे कृपारूपी जललाई धारण गर्ने मेघरूप श्रीराम! हे खरका शत्रु! हे शरणागतका दुःखहर्ता (दुःखलाई हरण गर्ने!) रक्षा गरिबक्सियोस्, रक्षा गरिबक्सियोस्!॥ २॥

**सकरुन बचन सुनत भगवाना। चले सुधारि सरासन बाना॥**
**राम सेन निज पाछें घाली। चले सकोप महा बलसाली॥**

करुणाले भरिएका वचन सुन्दा नै भगवान्ले धनुष-बाण मिलाउनुभयो र हिँड्नुभयो। महाबलशाली श्रीरामले सेनालाई आफ्नो पछाडि पार्नुभयो र [एक्लै] सक्रोध अगाडि हिँड्नुभयो॥ ३॥

**खैंचि धनुष सर सत संधाने। छूटे तीर सरीर समाने॥**
**लागत सर धावा रिस भरा। कुधर डगमगत डोलति धरा॥**

उहाँले धनुष तानेर सय बाण सन्धान गर्नुभयो (एकै पटक धनुषमा राख्नुभयो)। बाण छुटे र उसको शरीरमा मिसिए। बाण लाग्दा नै ऊ क्रोधमा भरिएर दौड्यो। ऊ दौडदा पहाड डगमगाउन लागे र पृथ्वी हल्लिन लाग्यो॥ ४॥

**लीन्ह एक तेहिं सैल उपाटी। रघुकुलतिलक भुजा सोइ काटी॥**
**धावा बाम बाहु गिरि धारी। प्रभु सोउ भुजा काटि महि पारी॥**

उसले एक पहाडलाई उखेल्यो। रघुकुलतिलक श्रीरामले उसका दाहिने भुजा काटिदिनुभयो। फेरि उसले हातमा पहाडलाई लिएर दौड्यो। प्रभुले उसको त्यो भुजा पनि काटेर पृथ्वीमा खसाल्नुभयो॥ ५॥

**काटें भुजा सोह खल कैसा। पच्छहीन मंदर गिरि जैसा॥**
**उग्र बिलोकनि प्रभुहि बिलोका। ग्रसन चहत मानहुँ त्रैलोका॥**

भुजाहरू काटिएपछि त्यो दुष्टले कस्तो शोभा पाउन लाग्यो, जस्तो विनापखेटाको मन्दराचल पहाड हो। उसले उग्र दृष्टिले प्रभुलाई हेऱ्यो। मानौं तीनै लोकलाई निल्न खोजेको छ॥ ६॥

दो०— **करि चिक्कार घोर अति धावा बदनु पसारि।**
**गगन सिद्ध सुर त्रासित हा हा हेति पुकारि॥ ७०॥**

ऊ धेरै ठूलो आवाजले चिच्च्याउँदै मुख फैलाएर दौड्यो। आकाशमा सिद्ध र देवता डराएर हा! हा! हा! (हाहाकार) गरेर चिच्च्याउन लागे॥ ७०॥

---

* **अनिकाल** (अकाल) कुनै ठाउँ वा देशमा पर्छ र धेरै जनाको मृत्यु हुन्छ, यहाँ निशिचरद्वारा बाँदरवंश नै मर्नेछन् भन्ने डरले उनीहरू डराए। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**सभय देव करुनानिधि जान्यो। श्रवन प्रजंत सरासनु तान्यो॥**
**बिसिख निकर निसिचर मुख भरेऊ। तदपि महाबल भूमि न परेऊ॥**

करुणानिधान भगवान्ले देवताहरूलाई भयभीत भएको जान्नुभयो। फेरि उहाँले धनुषलाई कानसम्म तानेर राक्षसको मुखलाई बाण समूहले भर्नुभयो। तर पनि त्यो महाबली जमिनमा (मुन्टिएन) पल्टेन॥ १॥

**सरन्हि भरा मुख सन्मुख धावा। काल त्रोन सजीव जनु आवा॥**
**तब प्रभु कोपि तीब्र सर लीन्हा। धर ते भिन्न तासु सिर कीन्हा॥**

मुखमा बाण भरिए तापनि ऊ [प्रभुका] सम्मुख दौड्यो। मानौं कालरूपी सजीव (प्राणयुक्त) तरकस नै आइरहेको छ। फेरि प्रभुले क्रोध गरेर तीक्ष्ण बाण लिनुभयो र उसको शिरलाई धड-(शरीर) देखि अलग गर्नुभयो॥ २॥

**सो सिर परेउ दसानन आगें। बिकल भयउ जिमि फनि मनि त्यागें॥**
**धरनि धसइ धर धाव प्रचंडा। तब प्रभु काटि कीन्ह दुइ खंडा॥**

त्यो शिर रावणको अगाडि गएर खस्यो। त्यसलाई देखेर रावण यसरी अत्तालियो, जसरी मणि छुटेपछि सर्प अत्तालिन्छ। कुम्भकर्णको प्रचण्ड धड दौड्यो, जसले पृथ्वी धसियो। फेरि प्रभुले काटेर उसलाई दुई टुक्रा बनाउनुभयो॥ ३॥

**परे भूमि जिमि नभ तें भूधर। हेठ दाबि कपि भालु निसाचर॥**
**तासु तेज प्रभु बदन समाना। सुर मुनि सबहिं अचंभव माना॥**

बाँदर, भालु र निशाचरहरूलाई आफू तल अँठ्याउँदै ती दुवै टुक्रा पृथ्वीमा यसरी पल्टिए, जसरी आकाशबाट दुई पहाड खसेका छन्। उसको तेज प्रभु श्रीरामचन्द्रको मुखमा विलीन (समाहित) भयो। [यस्तो देखेर] देवता र मुनि सबैले आश्चर्य माने॥ ४॥

**सुर दुंदुभीं बजावहिं हरषहिं। अस्तुति करहिं सुमन बहु बरषहिं॥**
**करि बिनती सुर सकल सिधाए। तेही समय देवरिषि आए॥**

देवताले दुन्दुभि (नगरा) हरू बजाएका छन् र हर्षित हुँदै स्तुति गरेर धेरै नै फूल बर्साएका छन्। बिन्ती गरेर सबै देवता गइहाले। त्यही समयमा देवर्षि नारद आउनुभयो॥ ५॥

**गगनोपरि हरि गुन गन गाए। रुचिर बीररस प्रभु मन भाए॥**
**बेगि हतहु खल कहि मुनि गए। राम समर महि सोभत भए॥**

आकाश माथिबाट उहाँले श्रीहरिका सुन्दर वीररसयुक्त गुणसमूहलाई वर्णन गर्नुभयो, जुन प्रभुलाई धेरै नै मन पर्‍यो। मुनिले यस्तो भनेर जानुभयो कि अब दुष्ट रावणलाई शीघ्र मारिबक्सियोस्। [त्यस समयमा] श्रीरामचन्द्र रणभूमिमा आएर [अत्यन्त] सुशोभित हुनुभयो॥ ६॥

छं०— **संग्राम भूमि बिराज रघुपति अतुल बल कोसल धनी।**
**श्रम बिंदु मुख राजीव लोचन अरुन तन सोनित कनी॥**

**भुज जुगल फेरत सर सरासन भालु कपि चहु दिसि बने।**
**कह दास तुलसी कहि न सक छबि सेष जेहि आनन घने॥**

अतुलनीय बल भएका कोसलपति श्रीरघुनाथ रणभूमिमा सुशोभित हुनुभयो। मुखमा पसीनाका थोपा (बुँद) छन्, कमलका समान नेत्र केही राता भइरहेका छन्। शरीरमा रगतका छिटा छन्, दुवै हातमा धनुष-बाण घुमाइरहनुभएको छ र चारैतर्फ भालु, बाँदर सुशोभित छन्। तुलसीदासजीले भन्नुहुन्छ कि प्रभुको यस छविको वर्णन शेषजीले पनि गर्न सक्नुहुन्न जसका धेरै नै (हजार) मुख छन्।

दो०— **निसिचर अधम मलाकर ताह दीन्ह निज धाम।**
**गिरिजा ते नर मंदमति जे न भजहिं श्रीराम॥ ७१ ॥**

[शिवजी भन्नुहुन्छ— ] हे गिरिजे! कुम्भकर्ण, जुन नीच राक्षस र पापको खानी थियो, उसलाई पनि श्रीरामले आफ्नो परमधाम दिनुभयो! अतः त्यस्ता मनुष्य [निश्चय नै] मन्दबुद्धिका हुन् जसले उनै श्रीरामको भजन गर्दैनन्॥ ७१ ॥

**दिन के अंत फिरीं द्वौ अनी। समर भई सुभटन्ह श्रम घनी॥**
**राम कृपाँ कपि दल बल बाढ़ा। जिमि तृन पाइ लाग अति डाढ़ा॥**

दिन अन्त्य भएपछि दुवैतर्फका सेनाहरू फर्के। [आजको युद्धमा] योद्धाहरूलाई धेरै थकाइ लाग्यो; परन्तु श्रीरामको कृपाले बाँदर सेनाको बल उस्तै प्रकारले बढेको छ, जस्तै घाँस (खर) पाएर अग्नि धेरै नै बढ्छ॥ १ ॥

**छीजहिं निसिचर दिनु अरु राती। निज मुख कहें सुकृत जेहि भाँती॥**
**बहु बिलाप दसकंधर करई। बंधु सीस पुनि पुनि उर धरई॥**

उता राक्षस दिनरात यस्तो प्रकारले घटेका छन्, जुन प्रकारले आफ्नो मुखले भन्दाखेरि पुण्य घट्छ। रावणले धेरै विलाप गरिरहेको छ। बारम्बार भाइ (कुम्भकर्ण) को शिरलाई कलेजामा (हृदयमा) लगाएको छ॥ २ ॥

**रोवहिं नारि हृदय हति पानी। तासु तेज बल बिपुल बखानी॥**
**मेघनाद तेहि अवसर आयउ। कह बहु कथा पिता समुझायउ॥**

आइमाईहरूले उसको धेरै ठूलो तेज र बललाई वर्णन गरेर हातले छाती बारम्बार पिटेर रोइरहेका छन्। त्यही समयमा मेघनाद आयो र उसले धेरै कथाहरू भनेर पितालाई सम्झायो॥ ३ ॥

**देखेहु कालि मोर मनुसाई। अबहिं बहुत का करौं बड़ाई॥**
**इष्टदेव सैं बल रथ पायउँ। सो बल तात न तोहि देखायउँ॥**

[र भन्यो— ] भोलि मेरो पुरुषार्थ हेर्नुहोला। अहिले धेरै प्रशंसा किन गरौं? हे पिताजी! मैले आफ्ना इष्टदेवबाट जुन बल र रथ पाएको छु त्यो बल [र रथ] लाई आजसम्म हजुरलाई देखाएको छैन॥ ४ ॥

**एहि बिधि जल्पत भयउ बिहाना। चहुँ दुआर लागे कपि नाना॥**
**इत कपि भालु काल सम बीरा। उत रजनीचर अति रनधीरा॥**

यस्ता प्रकारले सारहीन गफ गर्दा-गर्दै उज्यालो भयो। लङ्काको चारै ढोकामा धेरै बाँदर आएर डटे। यता कालका समान वीर बाँदर-भालु छन् र उता अत्यन्त रणधीर राक्षस छन्॥ ५॥

**लरहिं सुभट निज निज जय हेतू। बरनि न जाइ समर खगकेतू॥**

दुवैतर्फका योद्धा आ-आफ्नो जयको लागि लडिरहेका छन्। हे गरुड (खगकेतु)! त्यस युद्धको वर्णन गर्न सकिन्न॥ ६॥

## * मेघनाद-युद्ध, श्रीराम लीलाबाट नागपाशमा बाँधिनु *

दो०— **मेघनाद मायामय रथ चढ़ि गयउ अकास।**
**गर्जेउ अट्टहास करि भइ कपि कटकहि त्रास॥ ७२॥**

मेघनाद त्यही [पूर्वोक्त] मायामय रथमा चढेर आकाशमा गयो र अट्टहास गरेर (खित्का छोडेर) हाँस्यो, जसले बाँदरहरूको सेनामा भय भरियो॥ ७२॥

**सक्ति सूल तरवारि कृपाना। अस्त्र सस्त्र कुलिसायुध नाना॥**
**डारइ परसु परिघ पाषाना। लागेउ बृष्टि करै बहु बाना॥**

उसले शक्ति, शूल (भाला), तरबार, कृपाण आदि अस्त्र-शस्त्र एवं वज्र आदि धेरै नै आयुध चलाउन तथा फर्सा, परिघ, ढुङ्गा आदि फाल्ने र धेरै नै बाणहरूको वर्षा गर्न लाग्यो॥ १॥

**दस दिसि रहे बान नभ छाई। मानहुँ मघा मेघ झरि लाई॥**
**धरु धरु मारु सुनिअ धुनि काना। जो मारइ तेहि कोउ न जाना॥**

आकाशमा दसै दिशाहरूमा बाण भरिएका छन्, मानौं मघा नक्षत्रको बादलले वर्षा (झरी) गराएको छ। 'समात्, समात्, मार्' यस्ता शब्द कानमा सुनिन्छ, तर जसले हानेको छ उसलाई कसैले देख्दैनन्॥ २॥

**गहि गिरि तरु अकास कपि धावहिं। देखहिं तेहि न दुखित फिरि आवहिं॥**
**अवघट घाट बाट गिरि कंदर। माया बल कीन्हेसि सर पंजर॥**

पहाड र वृक्षहरूलाई लिएर बाँदर आकाशमा दौडेर जान्छन्, तर उसलाई देख्न सक्तैनन्, यसैले दु:खी भएर फर्केर आउँछन्— मेघनादले मायाको बलले दुर्गम नाका र (नदीका) घाटको सबै मार्ग र पहाडका ओढारहरूलाई बाणको पिँजडा बनायो (बाणले भर्‍यो)॥ ३॥

**जाहिं कहाँ ब्याकुल भए बंदर। सुरपति बंदि परे जनु मंदर॥**
**मारुतसुत अंगद नल नीला। कीन्हेसि बिकल सकल बलसीला॥**

अब कहाँ जाने, यस्तो सोचेर (बाटो नभएर) बाँदर अत्तालिए (खङ्ग्राङ्खुङ्रुङ भए)। मानौं पहाड इन्द्रको कैदमा परेका छन्। मेघनादले मारुति हनुमान्, अङ्गद, नल र नील आदि सबै बलवान्हरूलाई व्याकुल बनायो॥ ४॥

**पुनि लछिमन सुग्रीव बिभीषन। सरन्हि मारि कीन्हेसि जर्जर तन॥**
**पुनि रघुपति सैं जूझै लागा। सर छाँड़इ होइ लागहिं नागा॥**

फेरि उसले लक्ष्मणजी, सुग्रीव र विभीषणलाई बाणले हानेर उनीहरूको शरीरलाई छेडेर जर्जर (चाल्नोजस्तो) बनायो। फेरि ऊ श्रीरघुनाथसँग लड्न लाग्यो। उसले जुन बाण छोड्दथ्यो, ती बाण सर्प भएर लाग्दछन्॥ ५॥

**ब्याल पास बस भए खरारी। स्वबस अनंत एक अबिकारी॥**
**नट इव कपट चरित कर नाना। सदा स्वतंत्र एक भगवाना॥**

जुन स्वतन्त्र, अनन्त, एक (अखण्ड) र निर्विकार (विकाररहित), हुनुहुन्छ, उनै खर नाम गरेका राक्षसका शत्रु श्रीराम [लीलाले] नागपाशको वशमा हुनुभएको छ (बाँधिनुभएको छ)। श्रीरामचन्द्र सधैं स्वतन्त्र, एक (अद्वितीय), भगवान् हुनुहुन्छ। उहाँले नट (नर्तक, नटुवा)-झैं अनेकौं प्रकारका देखावटी (बनावटी) चरित्र गर्नुहुन्छ॥ ६॥

**रन सोभा लगि प्रभुहिं बँधायो। नागपास देवन्ह भय पायो॥**

रणको शोभाको लागि प्रभुले आफूलाई नागपाशमा बाँध्नुभयो (बधाउँनुभयो); किन्तु त्यस दृश्यले देवताहरूलाई ठूलो भय भयो॥ ७॥

दो०— **गिरिजा जासु नाम जपि मुनि काटहिं भव पास।**
**सो कि बंध तर आवइ ब्यापक बिस्व निवास॥ ७३॥**

[शिवजी भन्नुहुन्छ— ] हे गिरिजे! जसको नाम जपेर मुनि भव (जन्म-मृत्यु) को फाँसी (बन्धन) लाई काट्न सक्छन्, उनै सर्वव्यापक र विश्वनिवास (विश्वका आधार) प्रभु कहीं बन्धनमा पर्न सक्नुहुन्छ?॥ ७३॥

**चरित राम के सगुन भवानी। तर्कि न जाहिं बुद्धि बल बानी॥**
**अस बिचारि जे तग्य बिरागी। रामहि भजहिं तर्क सब त्यागी॥**

हे भवानी! श्रीरामका यी सगुण लीलाहरूको विषयमा बुद्धि र वाणीको बलले तर्क (निर्णय) गर्न सकिन्न। यस्तै विचार गरेर जुन तत्त्वज्ञानी र विरक्त पुरुष छन्, उनीहरूले सबै तर्क (शंङ्का) छोडेर श्रीरामको भजन नै गर्दछन्॥ १॥

**ब्याकुल कटकु कीन्ह घननादा। पुनि भा प्रगट कहइ दुर्बादा॥**
**जामवंत कह खल रहु ठाढ़ा। सुनि करि ताहि क्रोध अति बाढ़ा॥**

मेघनादले सेनालाई व्याकुल बनायो। फेरि ऊ प्रकट भयो र दुर्वचन भन्न लाग्यो। यसमा जाम्बवान्ले भने—हे दुष्ट! उभिइराख। यस्तो सुनेर उसलाई ठूलो क्रोध बढ्यो॥ २॥

**बूढ़ जानि सठ छाँड़ेउँ तोही। लागेसि अधम पचारै मोही॥**
**अस कहि तरल त्रिसूल चलायो। जामवंत कर गहि सोइ धायो॥**

हे मूर्ख! मैले बूढो जानेर तँलाई छोडेको थिएँ। हे अधम! अब तैंले मलाई नै धम्काउन लागिस्? यसो भनेर उसले चम्किलो (बिजुलीझैं देदीप्यमान) त्रिशूल चलायो। जाम्बवान्ले त्यही त्रिशूललाई हातले समातेर दौडे॥ ३॥

**मारिसि मेघनाद कै छाती। परा भूमि घुर्मित सुरघाती॥**
**पुनि रिसान गहि चरन फिरायो। महि पछारि निज बल देखरायो॥**

र त्यसैले मेघनादको छातीमा हाने। ऊ देवताको शत्रु चक्कर खाएर पृथ्वीमा पल्ट्यो। जाम्बवान्ले फेरि क्रोधमा भरिएर खुट्टा समातेर उसलाई घुमाए र जमिनमा पछारेर उसलाई आफ्नो बल देखाए॥ ४॥

**बर प्रसाद सो मरइ न मारा। तब गहि पद लंका पर डारा॥**
**इहाँ देवरिषि गरुड़ पठायो। राम समीप सपदि सो आयो॥**

[किन्तु] वरदानको प्रतापले ऊ जति हाने पनि मर्दैन। फेरि जाम्बवान्ले उसका खुट्टा समातेर लङ्कातर्फ फालिदिए। यता देवर्षि नारदजीले गरुडलाई पठाउनुभयो। उनी तुरुन्तै श्रीरामसँग आइपुगे॥ ५॥

दो०— **खगपति सब धरि खाए माया नाग बरूथ।**
**माया बिगत भए सब हरषे बानर जूथ॥ ७४ (क)॥**

पक्षिराज गरुडले सबै मायासर्पका समूहलाई खाए। फेरि सबै बाँदरहरूका हूल (बथान) मायादेखि रहित भएर हर्षित भए॥ ७४ (क)॥

**गहि गिरि पादप उपल नख धाए कीस रिसाइ।**
**चले तमीचर बिकलतर गढ़ पर चढ़े पराइ॥ ७४ (ख)॥**

पर्वत, वृक्ष, ढुङ्गा र नङ (लाई आयुधको रूपमा) धारण गरेर बाँदर क्रोधित हुँदै दौडे। निशाचर विशेष व्याकुल भएर भागिहाले र भागेपछि किल्ला (गढ) मा चढिहाले॥ ७४ (ख)॥

**मेघनाद कै मुरछा जागी। पितहि बिलोकि लाज अति लागी॥**
**तुरत गयउ गिरिबर कंदरा। करौं अजय मख अस मन धरा॥**

मेघनादको मूर्च्छा हट्यो, [अनि] पितालाई देखेर उसलाई धेरै लाज लाग्यो। मैले अजय (अजय हुने) यज्ञ गर्नेछु, यस्तो मनमा निश्चय गरेर ऊ तुरुन्त श्रेष्ठ पहाडको गुफामा गइहाल्यो॥ १॥

**इहाँ बिभीषन मंत्र बिचारा। सुनहु नाथ बल अतुल उदारा॥**
**मेघनाद मख करइ अपावन। खल मायावी देव सतावन॥**

यहाँ विभीषणले यस्तो सल्लाह विचार गरे [र श्रीरामचन्द्रसँग भने—] हे अतुलनीय बलवान् र उदार प्रभु! देवताहरूलाई सताउने दुष्ट, मायावी मेघनादले अपवित्र यज्ञ गरिरहेको छ॥ २॥

**जौं प्रभु सिद्ध होइ सो पाइहि। नाथ बेगि पुनि जीति न जाइहि॥**
**सुनि रघुपति अतिसय सुख माना। बोले अंगदादि कपि नाना॥**

हे प्रभु! यदि त्यो यज्ञ सिद्ध हुन पाएमा त हे नाथ! फेरि मेघनादलाई छिटै जित्न सक्नेछैनौं। यस्तो सुनेर श्रीरघुनाथले धेरै सुख (आनन्द) मान्नुभयो र अङ्गदादि धेरै नै बाँदरहरूलाई बोलाउनुभयो [र भन्नुभयो— ]॥ ३॥

## ❋ मेघनाद-यज्ञ-विध्वंस, युद्ध र मेघनाद-उद्धार ❋

**लछिमन संग जाहु सब भाई। करहु बिधंस जग्य कर जाई॥**
**तुम्ह लछिमन मारेहु रन ओही। देखि सभय सुर दुख अति मोही॥**

हे भाइहरू हो! सबै जना लक्ष्मणसँग जाऊ र गएर यज्ञलाई विध्वसं गर। हे लक्ष्मण! सङ्ग्राममा तिमीले उसलाई मार्नू। देवताहरू भयभीत भएको देखेर मलाई ठूलो दुःख भएको छ॥ ४॥

**मारेहु तेहि बल बुद्धि उपाई। जेहिं छीजै निसिचर सुनु भाई॥**
**जामवंत सुग्रीव बिभीषन। सेन समेत रहेहु तीनिउ जन॥**

हे भाइ! सुन, उसलाई यस्तो बल र बुद्धिको उपायले मार्नू, जसले निशाचरको नाश होस्। हे जाम्बवान्, सुग्रीव र विभीषण! तिमीहरू तीनै जना सेनासमेत [यिनीसँग] रहनू॥ ५॥

**जब रघुबीर दीन्हि अनुसासन। कटि निषंग कसि साजि सरासन॥**
**प्रभु प्रताप उर धरि रनधीरा। बोले घन इव गिरा गँभीरा॥**

[यस्तो प्रकारले] जब श्रीरघुवीरले आज्ञा दिनुभयो, फेरि कम्मरमा तरकस बाँधेर धनुष सजाएर (चढाएर) रणधीर लक्ष्मणजी प्रभुको प्रतापलाई हृदयमा धारण गरेर मेघको समान गम्भीर वाणी बोल्नुभयो— ॥ ६॥

**जौं तेहि आजु बधें बिनु आवौं। तौ रघुपति सेवक न कहावौं॥**
**जौं सत संकर करहिं सहाई। तदपि हतउँ रघुबीर दोहाई॥**

यदि मैले आज उसलाई नमारीकन आएँ भने, श्रीरघुनाथको सेवक कहलिने (प्रचारित हुने) छैन। यदि सयौं शङ्करले पनि उसलाई सहायता गरेमा श्रीरघुवीरको शपथ खान्छु; आज मैले उसलाई मार्ने नै छु॥ ७॥

दो०— **रघुपति चरन नाइ सिरु चलेउ तुरंत अनंत।**
**अंगद नील मयंद नल संग सुभट हनुमंत॥ ७५॥**

श्रीरघुनाथका चरणमा शिर निहुराएर शेषावतार श्रीलक्ष्मण तुरुन्तै जानुभयो। उहाँसँग अङ्गद, नील, मयन्द, नल र हनुमान् आदि उत्तम योद्धा थिए॥ ७५॥

**जाइ कपिन्ह सो देखा बैसा। आहुति देत रुधिर अरु भैंसा॥**
**कीन्ह कपिन्ह सब जग्य बिधंसा। जब न उठइ तब करहिं प्रसंसा॥**

बाँदरहरूले गएर देखे कि उसले बसेर रगत र राँगाको आहुति दिइरहेको छ। बाँदरले सबै यज्ञ विध्वंस गरे। फेरि पनि जब ऊ उठेन, तब उनीहरूले उसलाई प्रशंसा गर्न लागे॥ १॥

**तदपि न उठइ धरेन्हि कच जाई। लातन्हि हति हति चले पराई॥**
**लै त्रिसूल धावा कपि भागे। आए जहँ रामानुज आगे॥**

यति गर्दा पनि ऊ उठेन, [अनि] उनीहरूले गएर उसको कपाल समाते र लात्तीले बारम्बार हानेर उनीहरू भागिहाले। उसले त्रिशूल लिएर दौड्यो, त्यसपछि बाँदर भागेर वहाँ आए जहाँ अगाडि लक्ष्मणजी हुनुहुन्थ्यो॥ २॥

**आवा परम क्रोध कर मारा। गर्ज घोर रव बारहिं बारा॥**
**कोपि मरुतसुत अंगद धाए। हति त्रिसूल उर धरनि गिराए॥**

ऊ अत्यन्त नै झोक्किएर आयो र बारम्बार भयङ्कर शब्द गरेर (प्रलयकालको कालो मेघको समानको ध्वनिले) गर्ज्यो। मारुति (हनुमान्) र अङ्गद क्रोध गरेर दौडे। उसले छातीमा त्रिशूलले हानेर दुवैलाई धर्तीमा पल्टायो॥ ३॥

**प्रभु कहँ छाँड़ेसि सूल प्रचंडा। सर हति कृत अनंत जुग खंडा॥**
**उठि बहोरि मारुति जुबराजा। हतहिं कोपि तेहि घाउ न बाजा॥**

फेरि उसले प्रभु श्रीलक्ष्मणप्रति प्रचण्ड त्रिशूल छोड्यो। अनन्त (श्रीलक्ष्मण) ले बाण हानेर उसलाई दुई टुक्रा बनाउनुभयो। हनुमान्‌जी र युवराज अङ्गद फेरि उठेर जङ्गिएर उसलाई हान्न लाग्नुभयो, तर उसलाई चोट लागेन॥ ४॥

**फिरे बीर रिपु मरइ न मारा। तब धावा करि घोर चिकारा॥**
**आवत देखि क्रुद्ध जनु काला। लछिमन छाड़े बिसिख कराला॥**

शत्रु (मेघनाद) जति हाने पनि मर्दैन, यस्तो देखेर जब वीर फर्के, अनि त्यो घोर शब्दले चिच्च्याएर दौड्यो। उसलाई कालझैं आउँदै देखेर लक्ष्मणजीले भयानक बाण हान्नुभयो॥ ५॥

**देखेसि आवत पबि सम बाना। तुरत भयउ खल अंतरधाना॥**
**बिबिध बेष धरि करइ लराई। कबहुँक प्रगट कबहुँ दुरि जाई॥**

वज्रका समान बाणलाई आउँदै देखेर त्यो दुष्ट तुरुन्तै अन्तर्ध्यान भयो र फेरि अनेक थरीका रूप धारण गरेर युद्ध गर्न लाग्यो। ऊ कतिखेर प्रकट हुन्थ्यो र कतिखेर अदृश्य हुन्थ्यो॥ ६॥

**देखि अजय रिपु डरपे कीसा। परम क्रुद्ध तब भयउ अहीसा॥**
**लछिमन मन अस मंत्र दृढ़ावा। एहि पापिहि मैं बहुत खेलावा॥**

शत्रु पराजित नभएको देखेर बाँदर डराए। फेरि सर्पराज शेष (लक्ष्मणजी) धेरै नै क्रोधित हुनुभयो। लक्ष्मणजीले मनमा यस्तो विचार दृढ गर्नुभयो कि यस पापीलाई मैले धेरै नै खेलाइसकें [अब अझै धेरै खेलाउन राम्रो हुँदैन, अब त यसलाई खत्तम गर्नु (मार्नु) नै पर्छ।]॥ ७॥

**सुमिरि कोसलाधीस प्रतापा। सर संधान कीन्ह करि दापा॥**
**छाड़ा बान माझ उर लागा। मरती बार कपटु सब त्यागा॥**

कोसलपति श्रीरामको प्रतापलाई स्मरण गरेर लक्ष्मणजीले सात्त्विक अभिमान गरेर बाणलाई

सन्धान गर्नुभयो अर्थात् धनुषमा बाण राखेर लक्ष्य (निशान) ठीक गर्नुभयो। बाण छोड्दा नै उसको छातीको बीचमा लाग्यो। मृत्यु हुने समयमा उसले सबै कपट त्याग गऱ्यो॥ ८॥

दो०— **रामानुज कहँ रामु कहँ अस कहि छाँड़ेसि प्रान।**
**धन्य धन्य तव जननी कह अंगद हनुमान॥ ७६॥**

रामको भाइ लक्ष्मण कहाँ छ? राम कहाँ छ? यस्तो भनेर उसले प्राण छोड्यो। अङ्गद र हनुमान्ले भन्न लागे— तेरी आमा धन्य भएकी छ, धन्य छ [जुन तेरो लक्ष्मणजीको हातबाट मृत्यु भयो र मृत्यु हुने समयमा श्रीराम-लक्ष्मणलाई स्मरण गरेर तैले उहाँहरूको नामलाई उच्चारण गरिस्।]॥ ७६॥

**बिनु प्रयास हनुमान उठायो। लंका द्वार राखि पुनि आयो॥**
**तासु मरन सुनि सुर गंधर्बा। चढ़ि बिमान आए नभ सर्बा॥**

हनुमान्जीले उसलाई विनापरिश्रम नै उठाउनुभयो र लङ्काको ढोकामा राखेर उहाँ फर्केर आउनुभयो। त्यसको मरण सुनेर देवता र गन्धर्व आदि सबै विमानमा चढेर आकाशमा आए॥ १॥

**बरषि सुमन दुंदुभीं बजावहिं। श्रीरघुनाथ बिमल जसु गावहिं॥**
**जय अनंत जय जगदाधारा। तुम्ह प्रभु सब देवन्हि निस्तारा॥**

उनीहरूले फूल बर्साएर दुन्दुभी (नगरा) हरू बजाएका छन् र श्रीरघुनाथको निर्मल यश गाएका छन्। हे अनन्त! हजुरको जय होस्, हे जगदाधार! हजुरको जय होस्! हे प्रभु! हजुरले सबै देवताहरूको [महान् विपत्तिबाट] उद्धार गर्नुभयो॥ २॥

**अस्तुति करि सुर सिद्ध सिधाए। लछिमन कृपासिंधु पहिं आए॥**
**सुत बध सुना दसानन जबहीं। मुरुछित भयउ परेउ महि तबहीं॥**

देवता र सिद्ध स्तुति गरेर गए, अनि लक्ष्मणजी कृपाका समुद्र श्रीरामसँग आउनुभयो। रावणले जुन समयमा पुत्रवधको समाचार सुन्यो, त्यत्तिखेर नै ऊ मूर्च्छित (बेहोस) भएर पृथ्वीमा पल्ट्यो॥ ३॥

**मंदोदरी रुदन कर भारी। उर ताड़न बहु भाँति पुकारी॥**
**नगर लोग सब ब्याकुल सोचा। सकल कहहिं दसकंधर पोचा॥**

मन्दोदरी छाती बारम्बार पिटेर र धेरै प्रकारले विलाप गर्दै धेरै प्रकारले उसको नाम लिँदै (बोलाउँदै) शोकले चिच्च्याएकी छ। सबै नगरवासी शोकले व्याकुल भएका छन्। सबैले रावणलाई नीच भन्न लागे॥ ४॥

दो०— **तब दसकंठ बिबिधि बिधि समुझाईं सब नारि।**
**नस्वर रूप जगत सब देखहु हृदयँ बिचारि॥ ७७॥**

फेरि रावणले सबै आइमाईहरूलाई अनेकौं प्रकारले सम्झायो कि समस्त जगत्को यो (दृश्य) रूप नाशवान् छ, हृदयमा विचार गरेर हेर॥ ७७॥

**तिन्हहि ग्यान उपदेसा रावन। आपुन मंद कथा सुभ पावन॥**
**पर उपदेस कुसल बहुतेरे। जे आचरहिं ते नर न घनेरे॥**

रावणले उनीहरूलाई ज्ञानको उपदेश गऱ्यो। ऊ स्वयं नै नीच छ, तर उसको कथा (कुरा) शुभ र पवित्र छ। अर्कालाई उपदेश दिनलाई त धेरै मानिस निपुण हुन्छन्। तर यस्ता मानिस धेरै छैनन् जसले उपदेशअनुसार आचरण पनि गर्दछन्॥ १॥

**निसा सिरानि भयउ भिनुसारा। लगे भालु कपि चारिहुँ द्वारा॥**
**सुभट बोलाइ दसानन बोला। रन सन्मुख जा कर मन डोला॥**

रात बितिसक्यो, उज्यालो भयो। भालु-बाँदर [फेरि] चारैवटा ढोकामा आएर डटे। योद्धाहरूलाई बोलाएर दशमुख रावणले भन्यो—लडाइँमा शत्रुको अगाडि जसको मन डाँवाडोल (हिच्किचाएको) छ,॥ २॥

**सो अबहीं बरु जाउ पराई। संजुग बिमुख भएँ न भलाई॥**
**निज भुज बल मैं बयरु बढ़ावा। देहउँ उतरु जो रिपु चढ़ि आवा॥**

ठीक छ, उनीहरू अहिल्यै नै भागून्। युद्धमा गएर विमुख हुनाले (भाग्नाले) भलाइ हुँदैन। मैले आफ्ना भुजाहरूको बलले वैर बढाएको हुँ, उसलाई मैले [आफूले नै] उत्तर दिनेछु॥ ३॥

**अस कहि मरुत बेग रथ साजा। बाजे सकल जुझाऊ बाजा॥**
**चले बीर सब अतुलित बली। जनु कज्जल कै आँधी चली॥**

यसो भनेर उसले पवनसमान छिटो हिँड्ने रथ सजायो। सबै लडाइँका बाजा बज्न लागे। सबै अतुलनीय बलवान् वीर यसरी हिँडे, मानौं गाजलको (कालो) आँधी चलेको छ॥ ४॥

**असगुन अमित होहिं तेहि काला। गनइ न भुजबल गर्ब बिसाला॥**

त्यस समय असङ्ख्य कुलक्षण हुन लागे, तर आफ्ना भुजाहरूको बलको ठूलो गर्व (घमण्ड) हुनाले रावणले उसलाई वास्ता (मतलब) गरेन॥ ५॥

छं०— **अति गर्ब गनइ न सगुन असगुन स्त्रवहिं आयुध हाथ ते।**
**भट गिरत रथ ते बाजि गज चिक्करत भाजहिं साथ ते॥**
**गोमाय गीध कराल खर रव स्वान बोलहिं अति घने।**
**जनु कालदूत उलूक बोलहिं बचन परम भयावने॥**

अत्यन्त गर्वका कारण उसले लक्षण-कुलक्षणको विचार गरेन। हतियार हातबाट खसेका छन्। योद्धा रथबाट पल्टिन्छन्। घोडा, हात्ती साथ छोडेर कराउँदै जान्छन्। स्याल, गिद्ध, काग र गधाले शब्द निकालेका छन् (कराएका छन्)। अति नै धेरै कुकुरहरू भुकिरहेका छन्। उल्लूले यस्तो भयानक शब्द गरिरहेको छ, मानौं कालको दूत हो (मृत्युको समाचार सुनाइरहेको छ)।

दो०— **ताहि कि संपति सगुन सुभ सपनेहुँ मन बिश्राम।**
**भूत द्रोह रत मोहबस राम बिमुख रति काम॥ ७८॥**

जुन जीवहरूसँग द्रोह गर्नमा तल्लीन (रत) छ, मोहको वशमा परिरहेको छ, राम विमुख छ र कामासक्त छ, उसलाई के कहिल्यै स्वप्नमा पनि सम्पत्ति, शुभ लक्षण र चित्त शान्ति प्राप्त हुन सक्छ?॥ ७८ ॥

## * रावण युद्धको लागि प्रस्थान र श्रीरामको विजय-रथ तथा बाँदर-राक्षसहरूको युद्ध *

**चलेउ निसाचर कटकु अपारा। चतुरंगिनी अनी बहु धारा॥**
**बिबिधि भाँत बाहन रथ जाना। बिपुल बरन पताक ध्वज नाना॥**

राक्षसहरूको अपार सेना हिँडे। चतुरङ्गिणी सेनाका* धेरै नै पल्टन छन्। अनेकौं प्रकारका वाहन, रथ र सवारीहरू छन् तथा धेरै नै रङ्गका अनेकौं पताका र ध्वजा [सानो, झन्डा तथा ठूला झन्डा] हरू छन्, (जसले चिन्न सकियोस् कि कुन-कुन सेना कुन सेनापतिका साथ छन्)॥ १ ॥

**चले मत्त गज जूथ घनेरे। प्राबिट जलद मरुत जनु प्रेरे॥**
**बरन बरन बिरदैत निकाया। समर सूर जानहिं बहु माया॥**

मत्त (मत्ता) हात्तीका धेरै नै हूल (बथान) हिँडे। मानौं पवनले प्रेरित हुँदै वर्षा-ऋतुको बादल हो। रङ्ग-बिरङ्गका बाना धारण गरेका वीरहरूका समूह छन्, जुन युद्धमा ठूला शूरवीर र धेरै प्रकारको माया (छल) जानेका छन्॥ २ ॥

**अति बिचित्र बाहिनी बिराजी। बीर बसंत सेन जनु साजी॥**
**चलत कटक दिगसिंधुर डगहीं। छुभित पयोधि कुधर डगमगहीं॥**

अत्यन्त विचित्र वाहिनी† विराजमान (शोभित) छ। मानौं वीर वसन्तले सेना सजाएको छ। सेना हिँड्नाले दिशाहरूका हात्ती चिप्लिन (लोट्न, पल्टन, विचलित हुन) लागे, समुद्र क्षुभित (त्रसित) भयो र पर्वत डगमगाउन (यता-उता हल्लिन) लागे॥ ३ ॥

**उठी रेनु रबि गयउ छपाई। मरुत थकित बसुधा अकुलाई॥**
**पनव निसान घोर रव बाजहिं। प्रलय समय के घन जनु गाजहिं॥**

यति धूलो उड्यो कि सूर्य लुके। [फेरि] हावा रोकियो पृथ्वी अत्तालिइन्। नगरा र ढोलहरू भीषण ध्वनिले बजिरहेका छन्; जस्तै प्रलय कालको बादल गर्जिरहेको छ॥ ४ ॥

**भेरि नफीरि बाज सहनाई। मारू राग सुभट सुखदाई॥**
**केहरि नाद बीर सब करहीं। निज निज बल पौरुष उच्चरहीं॥**

भेरी, नफीरी र शहनाईले‡ योद्धाहरूलाई सुख दिने मारु राग बजिरहेको छ। सबै वीरले सिंहनाद गरेका छन् र आ-आफ्नो बल-पुरुषार्थलाई वर्णन गरिरहेका छन्॥ ५ ॥

---

* हात्ती, घोडा, रथ र पैदल जसमा यी चार छन्— '**हस्त्यश्वरथपादातं सेनाङ्गं स्याच्चतुष्टयम्।**'

† वाहिनी=सेनाको एक पल्टन जसमा ८१ हात्ती, ८१ रथ, २४३ घोडा र ४०५ पैदल सिपाही हुन्थे।

‡ भेरी, नफीरी र शहनाईले मारु राग बज्दछ र योद्धाहरूको उत्साह बढ्छ। बल-पुरुषार्थ वर्णन गर्ने सिलसिलामा एकले अर्कोलाई भन्छ कि मैले यस्तो गर्नेछु, तिमीले भन्दा पनि ठूलो पराक्रम देखाउनेछु, मैले त एक्लै नै सबै शत्रुसेनालाई जमिनमा सुताइदिनेछु, इत्यादि। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**कहइ दसानन सुनहु सुभट्टा। मर्दहु भालु कपिन्ह के ठट्टा॥**
**हौं मारिहउँ भूप द्वौ भाई। अस कहि सन्मुख फौज रेंगाई॥**

रावणले भन्यो—हे उत्तम योद्धा हो। सुन! तिमीहरूले भालु र बाँदरका समूहलाई नाश गर र मैले दुवै राजकुमार भाइहरूलाई मार्नेछु। यसो भनेर उसले आफ्ना सेना अगाडि हिँडायो॥ ६॥

**यह सुधि सकल कपिन्ह जब पाई। धाए करि रघुबीर दोहाई॥**

जब सबै बाँदरहरूले यो खबर पाए, तब उनीहरूले श्रीरघुवीरको जयकार गर्न लागे॥ ७॥

**छं०— धाए बिसाल कराल मर्कट भालु काल समान ते।**
**मानहुँ सपच्छ उड़ाहिं भूधर बृंद नाना बान ते॥**
**नख दसन सैल महाद्रुमायुध सबल संक न मानहीं।**
**जय राम रावन मत्त गज मृगराज सुजसु बखानहीं॥**

ती विशाल र कालसमान कराल (भयङ्कर) बाँदर-भालु दौडे। मानौं पखेटा भएका पहाडका समूह उडिरहेका छन्। उनीहरू अनेक वर्ण (रङ्ग) का छन्। नङ, दाँत, पहाड र ठूला-ठूला वृक्ष नै उनीहरूका हतियार छन्। तिनीहरू धेरै बलवान् छन् र कसैसँग पनि डराउँदैनन्। रावणरूपी मत्त हात्तीको लागि सिंहरूप श्रीरामको जय-जयकारको नारा लगाएर उहाँको सुन्दर यशलाई वर्णन गरिरहेका छन्।

**दो०— दुहु दिसि जय जयकार करि निज निज जोरी जानि।**
**भिरे बीर इत रामहि उत रावनहि बखानि॥ ७९॥**

दुवैतर्फका योद्धाले जय-जयकारको नारा लगाएर आफ्नो-आफ्नो जोडी छाने (रोजे)। यता श्रीरघुनाथको र उता रावणको वर्णन गरेर घम्साघम्सीपूर्वक परस्परमा लड्न लागे॥ ७९॥

**रावनु रथी बिरथ रघुबीरा। देखि बिभीषन भयउ अधीरा॥**
**अधिक प्रीति मन भा संदेहा। बंदि चरन कह सहित सनेहा॥**

रावणलाई रथमा र श्रीरघुवीरलाई विनारथको देखेर विभीषण आत्तिए। प्रेम अधिक भएको हुनाले उनको मनमा सन्देह भयो [कि उहाँले विनारथ रावणलाई कसरी जित्न सक्नुहुन्छ]। श्रीरामका चरणमा प्रणाम गरेर उनले स्नेहपूर्वक भन्न लागे॥ १॥

**नाथ न रथ नहिं तन पद त्राना। केहि बिधि जितब बीर बलवाना॥**
**सुनहु सखा कह कृपानिधाना। जेहिं जय होइ सो स्यंदन आना॥**

हे नाथ! हजुरसँग न रथ छ, न तनको रक्षा गर्नलाई कवच छ र न जुत्ता नै छन्। त्यो बलवान् वीर रावणलाई कसरी जित्न सकिन्छ? कृपानिधान श्रीरामले भन्नुभयो—हे सखा! सुन, जसबाट जय (विजय) हुन्छ, त्यो रथ अर्कै (अलग) छ॥ २॥

**सौरज धीरज तेहि रथ चाका। सत्य सील दृढ़ ध्वजा पताका॥**
**बल बिबेक दम परहित घोरे। छमा कृपा समता रजु जोरे॥**

शौर्य (शूरता, पराक्रम) र धैर्य त्यो रथका पाङ्ग्रा हुन्, सत्य र शील (सदाचार) उसका मजबुत ध्वजा र पताका हुन्। बल, विवेक, दम (इन्द्रिय वशमा हुनु) र परोपकार—यी चार उसका घोडा हुन्, जुन क्षमा, दया र समतारूपी डोरीले रथमा जोडिएको (बाँधिएको) छ॥ ३॥

**ईस भजनु सारथी सुजाना। बिरति चर्म संतोष कृपाना॥**
**दान परसु बुधि सक्ति प्रचंडा। बर बिग्यान कठिन कोदंडा॥**

ईश्वरको भजन नै [त्यस रथलाई चलाउने] चतुर सारथि हो। वैराग्य ढाल हो र सन्तोष तरबार हो। दान फर्सा हो, बुद्धि प्रचण्ड शक्ति* हो, श्रेष्ठ विज्ञान (निर्मल ज्ञान) कठिन धनुष हो॥ ४॥

**अमल अचल मन त्रोन समाना। सम जम नियम सिलीमुख नाना॥**
**कवच अभेद बिप्र गुर पूजा। एहि सम बिजय उपाय न दूजा॥**

निर्मल (पापरहित) र अचल (स्थिर) मन तरकस समान हुन्। शम (मन वशमा हुनु), [अहिंसादि] यम र [शौचादि] नियम—यी धेरै नै बाण हुन्। ब्राह्मणहरू र गुरुको पूजन अभेद्य कवच हो। यिनीहरूको समान विजयका अन्य उपाय छैनन्॥ ५॥

**सखा धर्ममय अस रथ जाकें। जीतन कहँ न कतहुँ रिपु ताकें॥**

हे सखा! यस्तो धर्ममय रथ जससँग छ, उसलाई जित्नसक्ने कहीं शत्रु नै छैनन्॥ ६॥

दो०— **महा अजय संसार रिपु जीति सकइ सो बीर।**
**जाकें अस रथ होइ दृढ़ सुनहु सखा मतिधीर॥ ८० (क)॥**

हे धीरबुद्धि भएका सखा! सुन, जससँग यस्तो दृढ रथ छ, त्यस्तो वीरले संसार (जन्म-मृत्यु) रूपी महान् दुर्जय शत्रुलाई पनि जित्न सक्छ [रावणको त कुरै के छ?]॥ ८० (क)॥

**सुनि प्रभु बचन बिभीषन हरषि गहे पद कंज।**
**एहि मिस मोहि उपदेसेहु राम कृपा सुख पुंज॥ ८० (ख)॥**

प्रभुका वचन सुनेर विभीषण हर्षित भएर उहाँका चरणकमल समाते [र भने—] हे कृपा र सुखका समूह श्रीराम! हजुरले मलाई यही बहानाले [महान्] ज्ञान दिइबक्सियो॥ ८०(ख)॥

**उत पचार दसकंधर इत अंगद हनुमान।**
**लरत निसाचर भालु कपि करि निज निज प्रभु आन॥ ८० (ग)॥**

उताबाट रावणले चुनौती दिएको छ र यताबाट अङ्गद र हनुमान्ले। राक्षस र भालु-बाँदरले आ-आफ्ना स्वामीको जयकार गर्दै लडिरहेका छन्॥ ८० (ग)॥

---

* कौटिल्य-अर्थशास्त्रमा चाणक्यले शक्तिले शक्ति, प्रास, कुन्त, हाटक, भिन्दिपाल, शूल, तोमर, वाराह, कर्ण, कर्णय, कर्पण, त्रासिकादीनि च हलमुखानि। एक दर्जन आयुधलाई ग्रहण गर्ने बताएका छन्। शस्त्रसाहित्यका विभिन्न ग्रन्थहरूमा यसको धेरै ठूलो वर्णन गरिएको छ र यिनै १२ वटालाई शक्ति बताएका छन्। (मानस-पीयूषबाट)

**सुर ब्रह्मादि सिद्ध मुनि नाना। देखत रन नभ चढ़े बिमाना॥**
**हमहू उमा रहे तेहिं संगा। देखत राम चरित रन रंगा॥**

ब्रह्मा आदि देवता र अनेकौं सिद्ध तथा मुनि विमानहरूमा चढेर आकाशबाट युद्ध हेरिरहेका छन्। [शिवजी भन्नुहुन्छ— ] हे उमा! म पनि त्यस समाजमा थिएँ र श्रीरामको रण-रङ्ग (रणोत्साह) को लीला हेरिरहेको थिएँ॥ १॥

**सुभट समर रस दुहु दिसि माते। कपि जयसील राम बल ताते॥**
**एक एक सन भिरहिं पचारहिं। एकन्ह एक मर्दि महि पारहिं॥**

दुवैतर्फका योद्धा रण-रसमा (रणको नशामा) चूर भएका थिए। बाँदरहरूलाई श्रीरामको बल छ, यसैले उनीहरू जयशील छन् (जितेका छन्)। एक अर्कोसँग लडेका छन् र चुनौती दिँदै एकले अर्कोलाई मर्दन (नष्ट) गरेर पृथ्वीमा फालिदिएका छन्॥ २॥

**मारहिं काटहिं धरहिं पछारहिं। सीस तोरि सीसन्ह सन मारहिं॥**
**उदर बिदारहिं भुजा उपारहिं। गहि पद अवनि पटकि भट डारहिं॥**

उनीहरूले पिट्दछन्, टोक्छन्, पछारेका छन् र काटेर तिनै शिरले अर्कोलाई हानेका छन्। भुँडि (पेट) फोरेका छन्, भुजाहरू उखेलेका (चुँडालेका) छन् र योद्धाहरूका खुट्टा समातेर पृथ्वीमा पछारेका छन् (ठटाएका छन्)॥ ३॥

**निसिचर भट महि गाड़हिं भालू। ऊपर ढारि देहिं बहु बालू॥**
**बीर बलीमुख जुद्ध बिरुद्धे। देखिअत बिपुल काल जनु क्रुद्धे॥**

राक्षस योद्धाहरूलाई भालुले पृथ्वीमा गाडेका छन् र माथिबाट धेरै नै बालुवाले पुरेका छन्। युद्धमा शत्रुहरू विरुद्ध वीर बाँदर यस्ता देखिएका छन्, मानौं धेरै नै क्रोधित काल हुन्॥ ४॥

छं०— **क्रुद्धे कृतांत समान कपि तन स्त्रवत सोनित राजहीं।**
**मर्दहिं निसाचर कटक भट बलवंत घन जिमि गाजहीं॥**
**मारहिं चपेटन्हि डाटि दातन्ह काटि लातन्ह मीजहीं।**
**चिक्करहिं मर्कट भालु छल बल करहिं जेहिं खल छीजहीं॥**

क्रोधित भएर कालझैं देखिएका ती बाँदर रगत बगाएर शरीरमा शोभित भइरहेका छन्। तिनले बलवान् वीर राक्षसहरूको सेनाका योद्धाहरूलाई मचमच (मचमचती पारेर) मेघझैं गर्जेका छन्। गाली गरेर थप्पडले हानेका छन्, दाँतले टोकेका छन् र लात्ताले टेकेका (कुल्चेका) छन्। बाँदर-भालु चिच्च्याएका छन् र यस्तो छल-बल गरेका छन् जसले दुष्ट राक्षसहरूको नाश होस्॥ १॥

**धरि गाल फारहिं उर बिदारहिं गल अँतावरि मेलहीं।**
**प्रह्लादपति जनु बिबिध तनु धरि समर अंगन खेलहीं॥**

**धरु मरु काटु पछारु घोर गिरा गगन महि भरि रही।**
**जय राम जो तृन ते कुलिस कर कुलिस ते कर तृन सही॥**

उनीहरूले राक्षसका गाला समातेर च्यातेका छन्, छाती चिरेका छन् र उनका आन्द्रा निकालेर गलामा मालाझैं लगाउँछन्। ती बाँदर यस्ता देखिएका छन् मानौं प्रह्लादका स्वामी श्रीनृसिंह भगवान् अनेकौं शरीर धारण गरेर युद्धको मैदानमा क्रीडा गरिरहनुभएको छ। समात् र मार्, काट्, पछार् आदि घोर शब्द आकाश र पृथ्वीमा भरिएको छ। श्रीरामचन्द्रको जय होस्, जसले साँच्चै नै तृणलाई वज्र र वज्रलाई तृण गराउनुहुन्छ (निर्बललाई बलवान् र बलवान्लाई निर्बल बनाउनुहुन्छ)॥ २॥

दो०— **निज दल बिचलत देखेसि बीस भुजाँ दस चाप।**
**रथ चढ़ि चलेउ दसानन फिरहु फिरहु करि दाप॥ ८१॥**

आफ्ना सेना विचलित भएको देखेर बीस भुजाहरूमा दशवटा धनुष लिएर रावण रथमा चढेर घमण्डका साथ ‘फर्किहाल’, ‘फर्किहाल’ भन्दै हिँड्यो॥ ८१॥

**धायउ परम क्रुद्ध दसकंधर। सन्मुख चले हूह दै बंदर॥**
**गहि कर पादप उपल पहारा। डारेन्हि ता पर एकहिं बारा॥**

रावण अत्यन्त क्रोधित (कुपित) भएर दौड्यो। बाँदर हुङ्कार (हर्ष—आनन्दसूचक शब्द) गरेर [लड्नको लागि] उसको अघिल्तिर गए। उनीहरूले हातमा वृक्ष, ढुङ्गा र पहाड लिएर रावणलाई सबैले एकै पटक हाने॥ १॥

**लागहिं सैल बज्र तन तासू। खंड खंड होइ फूटहिं आसू॥**
**चला न अचल रहा रथ रोपी। रन दुर्मद रावन अति कोपी॥**

पहाड उसको वज्रतुल्य शरीरमा लाग्दा तुरुन्तै टुक्रा-टुक्रा भएर फुट्दछन्। अत्यन्त क्रोधी रणोन्मत्त रावण रथ रोकेर अचल भयो, [आफ्नो ठाउँबाट] कत्ति पनि हटेन॥ २॥

**इत उत झपटि दपटि कपि जोधा। मर्दै लाग भयउ अति क्रोधा॥**
**चले पराइ भालु कपि नाना। त्राहि त्राहि अंगद हनुमाना॥**

उसलाई धेरै क्रोध भयो। उसले यता-उता झम्टेर र अँठ्याएर बाँदर योद्धाहरूलाई मिच्न (मर्दन गर्न) लाग्यो। अनेक बाँदर-भालु ‘हे अङ्गद! हे हनुमान्! रक्षा गर, रक्षा गर, भनेर [चिच्च्याउँदै] भागिहाले॥ ३॥

**पाहि पाहि रघुबीर गोसाईं। यह खल खाइ काल की नाईं॥**
**तेहिं देखे कपि सकल पराने। दसहुँ चाप सायक संधाने॥**

हे रघुवीर! हे भगवान्! रक्षा गरिबक्सियोस्, रक्षा गरिबक्सियोस्। यो दुष्टले काललेझैं हामीलाई खाइरहेको छ। उसले देख्यो कि सबै बाँदर भागिसके। फेरि [रावणले] दशवटा धनुषमा बाण सन्धान गर्‍यो (बाण राख्यो, ठीक गर्‍यो)॥ ४॥

**छं०— संधानि धनु सर निकर छाड़ेसि उरग जिमि उड़ि लागहीं।**
**रहे पूरि सर धरनी गगन दिसि बिदिसि कहँ कपि भागहीं॥**
**भयो अति कोलाहल बिकल कपि दल भाल बोलहिं आतुरे।**
**रघुबीर करुना सिंधु आरत बंधु जन रच्छक हरे॥**

उसले धनुषमा बाण ठीक गरेर बाणका समूह छोड्यो। ती बाण सर्पझैं उडेर जाइलाग्दथे। पृथ्वी-आकाश र दिशा-विदिशा सर्वत्र बाण भरिएका छन्। बाँदर भाग्न खोजेमा कहाँ जाने? अत्यन्त कोलाहल (खलबल) मच्चियो। बाँदर-भालुहरूका सेना अत्तालिएर आर्त पुकार गर्न लागे—हे रघुवीर! हे करुणासागर! हे पीडितहरूका बन्धु! हे सेवकहरूलाई रक्षा गरेर उनका दु:खलाई नष्ट गर्ने हरि!

## * लक्ष्मण-रावण-युद्ध *

**दो०— निज दल बिकल देख कटि कसि निषंग धनु हाथ।**
**लछिमन चले क्रुद्ध होइ नाइ राम पद माथ॥ ८२॥**

आफ्ना सेना अत्तालिएको देखेर कम्मरमा तरकस बाँधेर र हातमा धनुष लिएर श्रीरघुनाथका चरणमा शिर निहुराएर लक्ष्मणजी जङ्गिंदै हिँड्नुभयो॥ ८२॥

**रे खल का मारसि कपि भालू। मोहि बिलोकु तोर मैं कालू॥**
**खोजत रहेउँ तोहि सुतघाती। आजु निपाति जुड़ावउँ छाती॥**

[लक्ष्मणजीले नजिकै गएर भन्नुभयो—] हे दुष्ट! बाँदर र भालुहरूलाई किन हानेको छस्? मलाई हेर्, म तेरो काल हुँ। [रावणले भन्यो—] हे मेरो पुत्रको घातक! मैले तँलाई नै खोजिराखेको थिएँ। आज तँलाई मारेर [आफ्नो] छाती (हृदय) शान्त पार्नेछु॥ १॥

**अस कहि छाड़ेसि बान प्रचंडा। लछिमन किए सकल सत खंडा॥**
**कोटिन्ह आयुध रावन डारे। तिल प्रवान करि काटि निवारे॥**

यस्तो भनेर उसले प्रचण्ड बाण छोड्यो। लक्ष्मणजीले सबैलाई सयौं टुक्रा पार्नुभयो। रावणले करोडौं अस्त्र-शस्त्र चलायो। लक्ष्मणजीले उनलाई तिल समान काटेर टुक्राटुक्रा बनाउनुभयो॥ २॥

**पुनि निज बानन्ह कीन्ह प्रहारा। स्यंदनु भंजि सारथी मारा॥**
**सत सत सर मारे दस भाला। गिरि सृंगन्ह जनु प्रबिसहिं ब्याला॥**

फेरि आफ्ना बाणले [उसलाई] प्रहार गर्नुभयो र [उसको] रथलाई भाँच्नुभयो र सारथिलाई मार्नुभयो। [रावणका] दशवटा शिरमा नै सय-सय बाण हान्नुभयो। ती बाण शिरहरूमा यसरी पसे मानौं पहाडको शिखर (टाकुरो) मा सर्प प्रवेश गरेका छन्॥ ३॥

**पुनि सत सर मारा उर माहीं। परेउ धरनि तल सुधि कछु नाहीं॥**
**उठा प्रबल पुनि मुरुछा जागी। छाड़िसि ब्रह्म दीन्हि जो साँगी॥**

फेरि सय बाण उसको छातीमा हान्नुभयो। ऊ पृथ्वीमा पल्टियो, उसलाई केही होस भएन। फेरि मूर्च्छा छुटेपछि त्यो प्रबल रावण उठ्यो र उसले शक्ति चलायो जुन ब्रह्माजीले दिनुभएको थियो॥ ४॥

**छं०— सो ब्रह्म दत्त प्रचंड सक्ति अनंत उर लागी सही।**
**पर्‍यो बीर बिकल उठाव दसमुख अतुल बल महिमा रही॥**
**ब्रह्मांड भवन बिराज जाकें एक सिर जिमि रज कनी।**
**तेहि चह उठावन मूढ़ रावन जान नहिं त्रिभुअन धनी॥**

त्यो ब्रह्माले दिएको प्रचण्ड शक्ति [ब्रह्मदत्त नामको शक्ति] लक्ष्मणजीको ठीक छातीमा लाग्यो। वीर लक्ष्मणजी अत्तालिएर पल्टिनुभयो। फेरि रावणले उहाँलाई उठाउन लाग्यो, तर उसको अतुलित बलको महिमा व्यर्थ भयो, उसले उठाउन सकेन। जसको एउटा नै शिरमा ब्रह्माण्डरूपी भवन धूलोको एउटा कणको समान विराजमान हुन्छ, उहाँलाई मूर्ख रावणले उठाउन चाहन्छ! उसले तीनै भुवनका स्वामी लक्ष्मणजीलाई जान्न सकेको छैन।

**दो०— देखि पवनसुत धायउ बोलत बचन कठोर।**
**आवत कपिहि हन्यो तेहिं मुष्टि प्रहार प्रघोर॥ ८३॥**

यस्तो देखेर पवनपुत्र हनुमान् कठोर वचन बोल्दै दौडनुभयो। हनुमान्जी आउँनेबित्तिकै रावणले उहाँलाई अत्यन्त भयङ्कर (कठोर एवं वज्रवत्) घुस्साले हान्यो॥ ८३॥

### * रावण-मूर्च्छा, रावण-यज्ञ-विध्वंस, राम-रावण-युद्ध *

**जानु टेकि कपि भूमि न गिरा। उठा सँभारि बहुत रिस भरा॥**
**मुठिका एक ताहि कपि मारा। परेउ सैल जनु बज्र प्रहारा॥**

हनुमान्जी घुँडा टेकेर उभिनुभयो, पृथ्वीमा पल्टिनुभएन र फेरि क्रोधमा भरिएर होसियारपूर्वक उठ्नुभयो। हनुमान्जीले रावणलाई एक घुस्सा हान्नुभयो। ऊ यसरी पल्ट्यो जसरी वज्रको चोटले पहाड खस्दछ॥ १॥

**मुरुछा गै बहोरि सो जागा। कपि बल बिपुल सराहन लागा॥**
**धिग धिग मम पौरुष धिग मोही। जौं तैं जिअत रहेसि सुरद्रोही॥**

मूर्च्छा भङ्ग भएपछि फेरि ऊ बिउँझ्यो (होसमा आयो) र हनुमान्जीको भारी बललाई प्रशंसा गर्न लाग्यो। [हनुमान्जीले भन्नुभयो— ] मेरो पुरुषार्थलाई बारम्बार धिक्कार छ र मलाई पनि धिक्कार छ, जुन हे देवद्रोही! तँ अहिलेसम्म पनि जीवितै छस्॥ २॥

**अस कहि लछिमन कहुँ कपि ल्यायो। देखि दसानन बिसमय पायो॥**
**कह रघुबीर समुझु जियँ भ्राता। तुम्ह कृतांत भच्छक सुर त्राता॥**

यस्तो भनेर लक्ष्मणजीलाई उठाएर हनुमान्जीले श्रीरघुनाथसँग लिएर आउनुभयो। यस्तो देखेर रावणलाई आश्चर्य भयो। श्रीरघुवीरले [लक्ष्मणजीसँग] भन्नुभयो—हे भाइ! हृदयमा सम्झ, तिमी कालको पनि भक्षक हौ र देवताहरूका रक्षक हौ॥ ३॥

**सुनत बचन उठि बैठ कृपाला। गई गगन सो सकति कराला॥**
**पुनि कोदंड बान गहि धाए। रिपु सन्मुख अति आतुर आए॥**

यस्ता वचन सुन्दा नै कृपालु लक्ष्मणजी उठेर बस्नुभयो। त्यो कराल शक्ति आकाशमा गयो। लक्ष्मणजी फेरि धनुष-बाण लिएर दौडनुभयो र अति शीघ्रताले शत्रुको अगाडि आउनुभयो॥ ४॥

छं०— **आतुर बहोरि बिभंजि स्यंदन सूत हति ब्याकुल कियो।**
**गिर्‍यो धरनि दसकंधर बिकलतर बान सत बेध्यो हियो॥**
**सारथी दूसर घालि रथ तेहि तुरत लंका लै गयो।**
**रघुबीर बंधु प्रताप पुंज बहोरि प्रभु चरनन्हि नयो॥**

फेरि उहाँले अति नै शीघ्रतापूर्वक रावणको रथलाई चूर-चूर (टुक्रा-टुक्रा) र सारथिलाई मारेर रावणलाई व्याकुल बनाउनुभयो। सय बाणले उसको हृदयमा हान्नुभयो, जसले रावण अत्यन्तै व्याकुल भएर पृथ्वीमा पल्टियो। फेरि अर्को सारथिले उसलाई रथमा राखेर तुरुन्तै लङ्कामा लिएर गयो। प्रतापका समूह श्रीरघुवीरका भाइ लक्ष्मणजीले फेरि आएर प्रभुका चरणमा प्रणाम गर्नुभयो।

दो०— **उहाँ दसानन जागि करि करै लाग कछु जग्य।**
**राम बिरोध बिजय चह सठ हठ बस अति अग्य॥ ८४॥**

वहाँ (लङ्कामा) रावण मूर्च्छाबाट बिउँझेर केही यज्ञ गर्न लाग्यो। त्यो मूर्ख र अत्यन्त अज्ञानीले हठवश श्रीरघुनाथसँग विरोध गरेर विजय चाहन्छ॥ ८४॥

**इहाँ बिभीषन सब सुधि पाई। सपदि जाइ रघुपतिहि सुनाई॥**
**नाथ करइ रावन एक जागा। सिद्ध भएँ नहिं मरिहि अभागा॥**

यहाँ विभीषणले सबै खबर पाए र तुरुन्तै गएर श्रीरघुनाथलाई सुनाए कि हे नाथ! रावणले एउटा यज्ञ गरिरहेको छ। त्यो सिद्ध भएपछि त्यो अभागी सजिलै मर्नेछैन॥ १॥

**पठवहु नाथ बेगि भट बंदर। करहिं बिधंस आव दसकंधर॥**
**प्रात होत प्रभु सुभट पठाए। हनुमदादि अंगद सब धाए॥**

हे नाथ! तुरुन्त बाँदर योद्धाहरूलाई पठाइबक्सियोस्, जसले यज्ञलाई विध्वंस गर्नेछन्, जुन कारणले रावण युद्धमा आउनेछ। प्रातःकाल हुँदा नै प्रभुले वीर योद्धाहरूलाई पठाउनुभयो। हनुमान् र अङ्गद आदि सबै [प्रधान वीर] दौडे॥ २॥

**कौतुक कूदि चढ़े कपि लंका। पैठे रावन भवन असंका॥**
**जग्य करत जबहीं सो देखा। सकल कपिन्ह भा क्रोध बिसेषा॥**

बाँदर कौतुकपूर्वक दौडेर [ढोका बन्द थिए जाने कुनै बाटो थिएन, अतः] पर्खाल नाघेर लङ्कामा चढे र निर्भयसँग रावणको महलमा पसे जहाँ उसलाई यज्ञ गरेको देखे, त्यहीं नै सबै बाँदर धेरै नै क्रोधित (कुपित) भए॥ ३॥

**रन ते निलज भाजि गृह आवा। इहाँ आइ बक ध्यान लगावा॥**
**अस कहि अंगद मारा लाता। चितव न सठ स्वारथ मन राता॥**

[उनीहरूले भने— ] हे निर्लज्ज! रणभूमिबाट भागेर घरमा आएको छस् र बकुल्लाको जस्तो (ध्यानी भगत) भएर ध्यान लगाएर बसेको छस्? यस्तो भनेर अङ्गदले लात्ताले हाने। तर उसले यिनीतर्फ हेर्दै-हेरेन, त्यो दुष्टको मन स्वार्थमा अनुरक्त थियो॥ ४॥

छं०— **नहिं चितव जब करि कोप कपि गहि दसन लातन्ह मारहीं।**
**धरि केस नारि निकारि बाहेर तेऽतिदीन पुकारहीं॥**
**तब उठेउ क्रुद्ध कृतांत सम गहि चरन बानर डारई।**
**एहि बीच कपिन्ह बिधंस कृत मख देखि मन महुँ हारई॥**

जब उसले हेरेन, त्यसपछि बाँदरले क्रोध गरेर उसलाई दाँतले टोक्ने र लात्ताले हान्ने गर्न लागे। आइमाईहरूको बाल (कपाल) समातेर घरबाट बाहिर लतार्न (तान्न) लागे र उनीहरू अत्यन्त दीन भएर चिच्च्याउन लागे। अनि रावण कालझैं क्रोधित भएर उठ्यो र बाँदरहरूका खुट्टा समातेर पछार्न लाग्यो। यसै समयमा बाँदरहरूले यज्ञ विध्वंस गरे, यस्तो देखेर ऊ मानसिक रूपले पराजित भयो (निराश भयो)।

दो०— **जग्य बिधंसि कुसल कपि आए रघुपति पास।**
**चलेउ निसाचर क्रुद्ध होइ त्यागि जिवन कै आस॥ ८५॥**

यज्ञ विध्वंस गरेर सबै चतुर बाँदर श्रीरघुनाथसमक्ष आए। फेरि रावण बाँच्ने आशा छोडेर क्रुद्ध (क्रोधित) भएर हिँड्न लाग्यो॥ ८५॥

**चलत होहिं अति असुभ भयंकर। बैठहिं गीध उड़ाइ सिरन्ह पर॥**
**भयउ कालबस काहु न माना। कहेसि बजावहु जुद्ध निसाना॥**

हिँड्ने समयमा अत्यन्त भयङ्कर अमङ्गल हुन लागे। गिद्ध उडेर उसकै शिरमा बस्न लागे। किन्तु ऊ कालको अधीनमा थियो, त्यसैले कुनै पनि अमङ्गललाई मान्दैनथ्यो (पर्वाह गर्दैनथ्यो)। उसले भन्यो—युद्धको बाजा बजाओ॥ १॥

**चली तमीचर अनी अपारा। बहु गज रथ पदाति असवारा॥**
**प्रभु सन्मुख धाए खल कैसें। सलभ समूह अनल कहँ जैसें॥**

निशाचरहरूका अपार सेना हिँडे। त्यसमा धेरै नै हात्ती, रथ, घोडा सवारी र पैदल छन्। ती दुष्ट प्रभुका अगाडि कसरी दौडेका छन्, जसरी पुतलीका समूह अग्नितर्फ [जल्नको लागि] दौडेका हुन्छन्॥ २॥

**इहाँ देवतन्ह अस्तुति कीन्ही। दारुन बिपति हमहि एहिं दीन्ही॥**
**अब जनि राम खेलावहु एही। अतिसय दुखित होति बैदेही॥**

यता देवताहरूले स्तुति गर्न लागे कि हे श्रीराम! यसले हामीलाई दारुण (असह्य) दु:ख दिएको छ। अब हजुरले यसलाई [धेरै] नखेलाइबक्सियोस्। जानकीजी धेरै नै दु:खी हुनुभएको छ॥ ३॥

**देव बचन सुनि प्रभु मुसुकाना। उठि रघुबीर सुधारे बाना॥**
**जटा जूट दृढ़ बाँधें माथे। सोहहिं सुमन बीच बिच गाथे॥**

देवताका वचन सुनेर प्रभु मुस्कुराउनुभयो। फेरि श्रीरघुवीरले उठेर बाण मिलाउनुभयो। शिरमा जटाहरूको जुरो बाँधेर उसको बीच-बीचमा पुष्प सिउरेर विराजमान हुनुभएको छ॥ ४॥

**अरुन नयन बारिद तनु स्यामा। अखिल लोक लोचनाभिरामा॥**
**कटितट परिकर कस्यो निषंगा। कर कोदंड कठिन सारंगा॥**

राता नेत्र, मेघसमान श्याम शरीर र सम्पूर्ण लोकहरूका नेत्रलाई आनन्द दिने हुनुहुन्छ। प्रभुले कम्मरमा पेटी तथा तरकस बाँध्नुभयो र हातमा कठोर शार्ङ्गधनुष* लिनुभएको छ॥ ५॥

छं०— **सारंग कर सुंदर निषंग सिलीमुखाकर कटि कस्यो।**
**भुजदंड पीन मनोहरायत उर धरासुर पद लस्यो॥**
**कह दास तुलसी जबहिं प्रभु सर चाप कर फेरन लगे।**
**ब्रह्मांड दिग्गज कमठ अहि महि सिंधु भूधर डगमगे॥**

प्रभुले हातमा शार्ङ्गधनुष लिएर कम्मरमा बाणहरूको खानी (अक्षय) सुन्दर तरकस बाँध्नुभएको छ। भुजदण्ड (पाखुरा) पुष्ट छन्, चौडा छातीमा ब्राह्मण (भृगुजी) को चरण चिह्न शोभित छ। तुलसीदासजी भन्नुहुन्छ कि जब प्रभुले हातमा धनुष-बाण लिएर घुमाउन लाग्नुभयो, त्यस समयमा ब्रह्माण्ड, दिशाहरूका हात्ती, कछुवा, शेष, पृथ्वी, समुद्र र पर्वत सबै डगमगाए।

दो०— **सोभा देखि हरषि सुर बरषहिं सुमन अपार।**
**जय जय जय करुनानिधि छबि बल गुन आगार॥ ८६॥**

[भगवान्‌को] शोभालाई देखेर देवता हर्षित भएर फूलद्वारा अपार वर्षा गर्न लागे र शोभा, शक्ति र गुणहरूका धाम करुणानिधान प्रभुको जय होस्, जय होस्, जय होस् भनेर [यसरी नारा लगाउन लागे]॥ ८६॥

**एहीं बीच निसाचर अनी। कसमसात आई अति घनी॥**
**देखि चले सन्मुख कपि भट्टा। प्रलयकाल के जनु घन घट्टा॥**

यही बीचमा निशाचरहरूका अत्यन्त धेरै सेना आपसमा ठोक्किँदै आए। उनलाई देखेर बाँदर योद्धा यस प्रकार [उनीहरूको] अगाडि आए जस्तै प्रलयकालका बादलका समूह हुन्॥ १॥

---

* **'शार्ङ्ग धनुष'**—यो श्रीरघुनाथको मुख्य आयुध हो र बाबू श्याम सुन्दरदासजी लेख्नुहुन्छ कि **'शार्ङ्ग'** नामको धनुष विष्णुको नै हातमा हुन्छ। रामावतारको समय जुन शार्ङ्ग बताइएको छ, यो विश्वकर्माले बनाएको हो साढे तीन हात लामो थियो। (मानस-पीयूषबाट उद्‌धृत गरिएको)

**बहु कृपान तरवारि चमंकहिं। जनु दहँ दिसि दामिनीं दमंकहिं॥**
**गज रथ तुरग चिकार कठोरा। गर्जहिं मनहुँ बलाहक घोरा॥**

धैरै नै कृपाण र तरबार चम्किरहेका छन्। मानौं दश दिशामा नै बिजुली चम्किरहेको छ। हात्ती, रथ र घोडाको कठोर (भारी) शब्द यस्तो लाग्छ, मानौं बादलले भयङ्कर शब्द गरेको छ॥ २॥

**कपि लंगूर बिपुल नभ छाए। मनहुँ इंद्रधनु उए सुहाए॥**
**उठइ धूरि मानहुँ जलधारा। बान बुंद भै बृष्टि अपारा॥**

बाँदरहरूका धैरै नै पुच्छर आकाशमा छाएका छन् [उसको यस्तो शोभा छ]। मानौं सुन्दर इन्द्रधनुष उदय भएको छ। धूलो यसरी उडिरहेको छ, मानौं जलको धारा हो। बाणरूपी बुँदको अपार वृष्टि भयो॥ ३॥

**दुहुँ दिसि पर्बत करहिं प्रहारा। बज्रपात जनु बारहिं बारा॥**
**रघुपति कोपि बान झरि लाई। घायल भै निसिचर समुदाई॥**

दुवैतर्फका योद्धाले पर्वतलाई प्रहार गरेका छन्। मानौं घरीघरी वज्रपात भइरहेको छ। श्रीरघुनाथले क्रोध गरेर बाणहरूको वर्षा गराउनुभयो, [जसले] राक्षसहरूका सेना घाइते भए॥ ४॥

**लागत बान बीर चिक्करहीं। घुर्मि घुर्मि जहँ तहँ महि परहीं॥**
**स्रवहिं सैल जनु निर्झर भारी। सोनित सरि कादर भयकारी॥**

बाण लाग्दा नै वीर चिच्च्याएर उठ्छन् र बारम्बार चक्कर खाएर जहाँतही पृथ्वीमा पल्टिन्छन्। उनीहरूका शरीरबाट यसरी रगत बगिरहेको छ, मानौं पहाडको ठूलो झरना (छहरा) बाट जल बगिरहेको छ। यस प्रकार डरपोकहरूलाई भय उत्पन्न गर्ने रगतको नदी बगेको छ॥ ५॥

छं०— **कादर भयंकर रुधिर सरिता चली परम अपावनी।**
**दोउ कूल दल रथ रेत चक्र अबर्त बहति भयावनी॥**
**जलजंतु गज पदचर तुरग खर बिबिध बाहन को गने।**
**सर सक्ति तोमर सर्प चाप तरंग चर्म कमठ घने॥**

डरपोकहरूलाई भय उत्पन्न गर्ने अत्यन्त अपवित्र रगतको नदी बग्यो। दुवै दल त्यसका दुइटा किनारा हुन्। रथ बालुवा हो र पाङ्ग्रा भुँमरी हो। त्यो नदी धैरै नै डर लाग्ने गरी बगिरहेको छ। हात्ती, पैदल, घोडा, गधा तथा अनेकौं सवारीहरू नै नदीका जलजन्तु हुन्, जसको गणना कसले गर्ने। बाण, शक्ति र तोमर सर्प हुन्; धनुष तरङ्ग हुन् र ढाल धैरै नै कछुवा हुन्।

दो०— **बीर परहिं जनु तीर तरु मज्जा बहु बह फेन।**
**कादर देखि डरहिं तहँ सुभटन्ह के मन चेन॥ ८७॥**

वीरहरू पृथ्वीमा यस्तो प्रकारले पल्टेका छन्, मानौं नदी किनाराका वृक्ष पल्टिरहेका छन्। धैरै नै मज्जा [हाड भित्रको सेतो भाग जुन कोमल र चिप्लो हुन्छ, सो] बगिरहेको छ, त्यही गाज (फींज) हो। डरपोकले जहाँ यसलाई देखेर डराउँछन्, त्यहाँ उत्तम योद्धाहरूलाई मनमा आनन्द हुन्छ॥ ८७॥

**मज्जहिं भूत पिसाच बेताला। प्रमथ महा झोटिंग कराला॥**
**काक कंक लै भुजा उड़ाहीं। एक ते छीनि एक लै खाहीं॥**

भूत, पिशाच र बेताल* लामो-लामो लट्टा (जटा) भएका महान् भयङ्कर जोटिङ र प्रमथ (शिवगण) ले त्यस नदीमा स्नान गरेका छन्। काग र चिल (गिद्ध) ले भुजाहरू लिएर उडेका छन् र एकले अर्काको खोसेर खाएका छन्॥ १॥

**एक कहहिं ऐसिउ सौंघाई। सठहु तुम्हार दरिद्र न जाई॥**
**कहँरत भट घायल तट गिरे। जहँ तहँ मनहुँ अर्धजल परे॥**

कोही भन्दछन्—हे मूर्खहरू हो! यस्तो सस्तो (जतालाख) छ, फेरि पनि तिमीहरूको दरिद्रता जाँदैन? घाइते योद्धा तटमा पल्टेर कहराइरहेका छन्, मानौं ठाउँ-ठाउँमा अर्धजल† परेको छ॥ २॥

**खैंचहिं गीध आँत तट भए। जनु बंसी खेलत चित दए॥**
**बहु भट बहहिं चढ़े खग जाहीं। जनु नावरि खेलहिं सरि माहीं॥**

गिद्धले आन्द्रा तानिराखेका छन्, मानौं माछा मार्ने व्यक्तिहरू नदी-तटमा चित्त लगाएर (ध्यानस्थ भएर) बल्छीले माछा मारिरहेका छन्। धेरै नै योद्धा बगेर गइरहेका छन् र पन्छी तिनीहरूमाथि चढेर गइरहेका छन्। मानौं उनीहरू नदीमा नौका विहार गरेका छन्॥ ३॥

**जोगिनि भरि भरि खप्पर संचहिं। भूत पिसाच बधू नभ नंचहिं॥**
**भट कपाल करताल बजावहिं। चामुंडा नाना बिधि गावहिं॥**

योगिनीहरूले आ-आफ्नो खप्परमा भरेर रगत जम्मा गरिरहेका छन्। भूत-पिशाचहरूका आइमाईहरू आकाशमा नाचिरहेका छन्। चामुण्डाहरूले योद्धाहरूको खप्परबाट कठताल बजाइरहेका छन् र नाना प्रकारले गाइरहेका छन्॥ ४॥

**जंबुक निकर कटक्कट कट्टहिं। खाहिं हुआहिं अघाहिं दपट्टहिं॥**
**कोटिन्ह रुंड मुंड बिनु डोल्लहिं। सीस परे महि जय जय बोल्लहिं॥**

गिद्धका समूह कट्-कट् शब्द गरेर मुर्दालाई टोक्दै (ठुँग्दै), खादै, हुआँ-हुआँ गरेका छन् र पेट भरिएपछि एकले अर्कालाई गाली गर्छन्। करोडौं शरीरविना टाउका (मुर्कट्टा) घुमिरहेका छन्। टाउका पृथ्वीमा पल्टेर जय-जयको नारा लगाएका छन्॥ ५॥

छं०— **बोल्लहिं जो जय जय मुंड रुंड प्रचंड सिर बिनु धावहीं।**
**खप्परिन्ह खग्ग अलुज्झि जुज्झहिं सुभट भटन्ह ढहावहीं॥**
**बानर निसाचर निकर मर्दहिं राम बल दर्पित भए।**
**संग्राम अंगन सुभट सोवहिं राम सर निकरन्हि हए॥**

---

* भूत, पिशाच, बेताल जोटिङ र प्रमथ—यी सबै रणमा भाग लिने नीच प्रकारका शिवगण हुन्। प्रमथहरूका अनेक उच्च जातिहरू पनि छन् जो योगी हुन् र शङ्करसमान छन्।

† प्राण कण्ठगत भएपछि जब मानिसलाई बाँच्ने आशा रहँदैन, तब उसलाई नदीमा आधा शरीर र आधा स्थलमा गरेर सुताइन्छ, त्यही भाव यो हो। (मानस-पीयूषबाट उद्धृत गरिएको)

मुण्ड (काटिएका शिर) ले जय-जयको नारा लगाएका छन् र प्रचण्ड (शरीर) रुण्डविना टाउकाहरू दौडेका छन्। पक्षी खप्परमा बारम्बार अल्झेर परस्पर लडेर मरेका छन्; उत्तम योद्धाले अरू योद्धाहरूलाई पल्टाइदिएका छन्। श्रीरामचन्द्रको बलले गर्वित एवं क्रोधित बाँदरले राक्षसहरूका समूहलाई मिचिरहेका (मर्दन गरेका) छन्। श्रीरामको बाणसमूहले मृत्यु भएका योद्धा लडाइँको मैदानमा सुतिरहेका छन्।

**दो०— रावन हृदयँ बिचारा भा निसिचर संघार।**
**मैं अकेल कपि भालु बहु माया करौं अपार॥ ८८॥**

रावणले हृदयमा विचार गर्‍यो कि राक्षसहरू नष्ट भइसके। म एक्लै छु र बाँदर-भालु धेरै छन्, यसैले अब अपार माया रच्नेछु॥ ८८॥

## * इन्द्रले श्रीरामलाई रथ पठाउनु, राम-रावण-युद्ध *

**देवन्ह प्रभुहि पयादें देखा। उपजा उर अति छोभ बिसेषा॥**
**सुरपति निज रथ तुरत पठावा। हरष सहित मातलि लै आवा॥**

देवताहरूले प्रभुलाई पैदल (विनासवारी युद्ध गर्दै) देखे, फेरि उनीहरूको हृदयमा अति ठूलो दुःख भयो। [फेरि के असम्भव थियो र] इन्द्रले तुरुन्तै आफ्नो रथ पठाए। [उनको सारथि] मातलि हर्षका साथ रथ लिएर आए॥ १॥

**तेज पुंज रथ दिब्य अनूपा। हरषि चढ़े कोसलपुर भूपा॥**
**चंचल तुरग मनोहर चारी। अजर अमर मन सम गतिकारी॥**

त्यस दिव्य अनुपम र तेजको पुञ्ज (तेजोमय) रथमा कोसलपुरीका राजा श्रीरामचन्द्र हर्षित भएर चढ्नुभयो। त्यसमा चार चञ्चल मनोहर, अजर, अमर र मनको गतिको समान शीघ्र हिँड्ने (देवलोकका घोडा) संयोजन गरेका (नारेका) थिए॥ २॥

**रथारूढ़ रघुनाथहि देखी। धाए कपि बलु पाइ बिसेषी॥**
**सही न जाइ कपिन्ह कै मारी। तब रावन माया बिस्तारी॥**

श्रीरघुनाथ रथमा चढेको देखेर बाँदर विशेष बल पाएर दौडे। बाँदरहरूको चोट सहन नसकेर रावणले फेरि माया फैलायो॥ ३॥

**सो माया रघुबीरहि बाँची। लछिमन कपिन्ह सो मानी साँची॥**
**देखी कपिन्ह निसाचर अनी। अनुज सहित बहु कोसलधनी॥**

एक श्रीरघुवीरलाई मात्र त्यो मायाको प्रभाव परेन। सबै बाँदरहरू र लक्ष्मणजीले पनि त्यो मायालाई सत्य मान्नुभयो। बाँदरले राक्षसी सेनामा भाइ लक्ष्मणजीसहित धेरै नै राम देखे॥ ४॥

**छं०— बहु राम लछिमन देखि मर्कट भालु मन अति अपडरे।**
**जनु चित्र लिखित समेत लछिमन जहँ सो तहँ चितवहिं खरे॥**

**निज सेन चकित बिलोकि हँसि सर चाप सजि कोसल धनी।**
**माया हरी हरि निमिष महुँ हरषी सकल मर्कट अनी॥**

धेरै नै राम-लक्ष्मण देखेर बाँदर-भालु मनमा अत्यन्त नै झूटो डरले धेरै नै डराए। लक्ष्मणजीसहित उनीहरू मानौं चित्रमा लेखिएझैं जहाँ थिए, त्यहींबाट चलायमान नभईकन हेर्न लागे। आफ्ना सेनालाई आश्चर्यचकित भयको देखेर कोसलपति भगवान् हरिले हाँसेर धनुषमा बाण चढाएर, पलभरमा सबै माया नष्ट गर्नुभयो। बाँदरका सबै सेना हर्षित भए।

दो०— **बहुरि राम सब तन चितइ बोले बचन गँभीर।**
**द्वंदजुद्ध देखहु सकल श्रमित भए अति बीर॥ ८९॥**

फेरि श्रीरामले सबैतिर हेरेर गम्भीर वचन भन्नुभयो— हे वीरहरू! तिमीहरू सबै धेरै नै थाकेका छौ, त्यसैले अब [मेरो र रावणको] द्वन्द्वयुद्ध हेर॥ ८९॥

**अस कहि रथ रघुनाथ चलावा। बिप्र चरन पंकज सिरु नावा॥**
**तब लंकेस क्रोध उर छावा। गर्जत तर्जत सन्मुख धावा॥**

यस्तो भनेर श्रीरघुनाथले ब्राह्मणहरूको चरणमा [मानसिक रूपमा] प्रणाम गर्नुभयो र रथ चलाउनुभयो। फेरि रावणको हृदयमा क्रोध भरियो र ऊ गर्जदै तथा चुनौती दिँदै अगाडि दौड्यो॥ १॥

**जीतेहु जे भट संजुग माहीं। सुनु तापस मै तिन्ह सम नाहीं॥**
**रावन नाम जगत जस जाना। लोकप जाकें बंदीखाना॥**

[उसले भन्यो— ] हे तपस्वी! सुन्, तैंले युद्धमा जुन योद्धाहरूलाई जितेको छस्, म तिनीहरू समानको हैन। मेरो नाम रावण हो, मेरो यश सारा जगत्ले जानेको छ, लोकपाल जसको कारागार (बन्दीखाना) मा परेका छन्॥ २॥

**खर दूषन बिराध तुम्ह मारा। बधेहु ब्याध इव बालि बिचारा॥**
**निसिचर निकर सुभट संघारेहु। कुंभकरन घननादहि मारेहु॥**

तैंले खर, दूषण र विराधलाई मारिस्। बिचरा बालिलाई व्याधको तरह मारिस्। ठूलाठूला राक्षस योद्धाहरूको समूहलाई नष्ट गरिस् र कुम्भकर्ण तथा मेघनादलाई पनि मारिस्॥ ३॥

**आजु बयरु सबु लेउँ निबाही। जौं रन भूप भाजि नहिं जाही॥**
**आजु करउँ खलु काल हवाले। परेहु कठिन रावन के पाले॥**

हे राजा! यदि तँ रणबाट भागेर नगएमा आज मैले [त्यो] सबै वैर निकाल्नेछु। आज मैले तँलाई निश्चय नै कालको जिम्मा लगाउनेछु (मार्नेछु)। तँ कठिन रावणको वशमा परेको छस्॥ ४॥

**सुनि दुर्बचन कालबस जाना। बिहँसि बचन कह कृपानिधाना॥**
**सत्य सत्य सब तव प्रभुताई। जल्पसि जनि देखाउ मनुसाई॥**

रावणका दुर्वचन सुनेर, उसलाई कालवश जानेर कृपानिधान श्रीरामले हाँसेर यस्ता वचन

भन्नुभयो—तेरो सम्पूर्ण प्रभुता, जस्तो तैंले भनेको छस्, बिलकुल सत्य हो। तर अब व्यर्थमा बकवास (डिङ हाँक्ने काम) नगर्, आफ्नो पुरुषार्थ देखा॥ ५॥

**छं०— जनि जल्पना करि सुजसु नासहि नीति सुनहि करहि छमा।**
**संसार महँ पूरुष त्रिबिध पाटल रसाल पनस समा॥**
**एक सुमनप्रद एक सुमन फल एक फलइ केवल लागहीं।**
**एक कहहिं कहहिं करहिं अपर एक करहिं कहत न बागहीं॥**

व्यर्थमा नै बकवास (गुड्डी) गरेर आफ्नो सुन्दर यशलाई नष्ट नगर्। क्षमा गर्नु, तँलाई नीति सुनाउछु, सुन्! संसारमा तीन प्रकारका पुरुष हुन्छन्—गुलाब, आँप र कटहरका समान। एक (गुलाब) ले फूल दिन्छ, एक (आँप) ले फूल र फल दुवै दिन्छ र एक (कटहर) मा केवल फल मात्र लाग्दछ। यस्तै प्रकारले [पुरुषहरूमा [एक थरीले भन्छन् [गर्दैनन्], अर्का थरीले भन्छन् र गर्छन् पनि र तेस्रो थरीले केवल गर्छन्, तर वाणीले भन्दैनन्।

**दो०— राम बचन सुनि बिहँसा मोहि सिखावत ग्यान।**
**बयरु करत नहिं तब डरे अब लागे प्रिय प्रान॥ ९०॥**

श्रीरामका वचन सुनेर ऊ खूब हाँस्यो (र बोल्यो—) मलाई ज्ञान सिकाउँदछस्? त्यस समय वैर गर्दा डराइनस्, अहिले प्राण प्यारो लागेको छ॥ ९०॥

**कहि दुर्बचन क्रुद्ध दसकंधर। कुलिस समान लाग छाँड़ै सर॥**
**नानाकार सिलीमुख धाए। दिसि अरु बिदिसि गगन महि छाए॥**

दुर्वचन भनेर रावण क्रुद्ध भएर वज्रका समान बाण हान्न लाग्यो। अनेकौं आकारका बाण दौडे र दिशा–विदिशा तथा आकाश–पृथ्वीमा, सबै ठाउँमा भरिए॥ १॥

**पावक सर छाँड़ेउ रघुबीरा। छन महुँ जरे निसाचर तीरा॥**
**छाड़िसि तीब्र सक्ति खिसिआई। बान संग प्रभु फेरि चलाई॥**

श्रीरघुवीरले अग्निबाण छोड्नुभयो, [जसले] रावणका सबै बाण क्षणभरमा भस्म भए। त्यसपछि लज्जित हुँदै कुपित भएर तीक्ष्ण शक्ति* छोड्यो। [किन्तु] श्रीरामचन्द्रले आफ्ना बाण चलाएर उसका बाण फर्काउनुभयो॥ २॥

**कोटिन्ह चक्र त्रिसूल पबारै। बिनु प्रयास प्रभु काटि निवारै॥**
**निफल होहिं रावन सर कैसें। खल के सकल मनोरथ जैसें॥**

उसले करोडौं चक्र र त्रिशूल चलाउछ, परन्तु प्रभुले उनलाई विनापरिश्रम नै काटेर हटाउनुहुन्छ। रावणका बाण कस्तो प्रकारले निष्फल भएका छन्, जस्तो दुष्ट मानिसका सबै मनोरथ!॥ ३॥

**तब सत बान सारथी मारेसि। परेउ भूमि जय राम पुकारेसि॥**
**राम कृपा करि सूत उठावा। तब प्रभु परम क्रोध कहुँ पावा॥**

---

* मयदानवले बनाएको अस्त्र जनाइयो। यो अत्यन्त भयङ्कर प्रकाशमान थियो। यसबाट शूल, मुद्गर, पास, गदा, मूसल र दीप्यमान वज्रवत् पुष्ट अन्य पनि बिजुलीझैं प्रकाशित अस्त्र निस्के, यी सबैले हान्यो। (मानस–पीयूषबाट)

त्यसपछि उसले श्रीरामको सारथिलाई सय बाण हान्यो। ऊ श्रीरामको जय होस् भनी नारा लगाएर पृथ्वीमा पल्टियो। श्रीरामले कृपा गरेर सारथिलाई उठाउनुभयो। फेरि प्रभु अत्यन्त क्रोधित हुनुभयो॥ ४॥

**छं०— भए क्रुद्ध जुद्ध बिरुद्ध रघुपति त्रोन सायक कसमसे।**
**कोदंड धुनि अति चंड सुनि मनुजाद सब मारुत ग्रसे॥**
**मंदोदरी उर कंप कंपति कमठ भू भूधर त्रसे।**
**चिक्करहिं दिग्गज दसन गहि महि देखि कौतुक सुर हँसे॥**

युद्धमा शत्रुका विरुद्ध श्रीरघुनाथ जङ्गिनुभयो, फेरि तरकसका बाण ठोक्किँदै बाहिर निस्कन आतुर भए। उहाँको धनुषको अत्यन्त प्रचण्ड शब्द (टङ्कार) सुनेर मनुष्यभक्षी राक्षस अत्यन्त भयभीत भए। मन्दोदरीको हृदय काम्यो; समुद्र, कच्छप र पृथ्वी डराए। दिशाहरूका हात्ती पृथ्वीलाई दाँतले च्यापेर (टोकेर) कराउन लागे। यस्तो कौतुक देखेर देवता हाँसे।

**दो०— तानेउ चाप श्रवन लगि छाड़े बिसिख कराल।**
**राम मारगन गन चले लहलहात जनु ब्याल॥ ९१॥**

धनुषलाई कानसम्म तानेर श्रीरामचन्द्रले भयानक बाण छोड्नुभयो। श्रीरामका बाणसमूह यसरी गइरहेका छन्, जसरी सर्प लपलपाउँदै गइरहेका हुन्छन्॥ ९१॥

**चले बान सपच्छ जनु उरगा। प्रथमहिं हतेउ सारथी तुरगा॥**
**रथ बिभंजि हति केतु पताका। गर्जा अति अंतर बल थाका॥**

बाण यसरी दौडे मानौं पखेटा भएका सर्प उडिरहेका छन्। ती बाणले पहिला सारथि र घोडाहरूलाई मारे। फेरि रथलाई टुक्रा-टुक्रा गराएर ध्वजा र पताका [ठूलो झन्डा र सानो झन्डा] हरूलाई खसाले। अनि रावण ठूलो स्वरले चिच्च्यायो, तर भित्र भने ऊ धेरै थाकेको थियो॥ १॥

**तुरत आन रथ चढ़ि खिसिआना। अस्त्र सस्त्र छाँड़ेसि बिधि नाना॥**
**बिफल होहिं सब उद्यम ताके। जिम परद्रोह निरत मनसा के॥**

तुरुन्तै अर्को रथमा चढेर लज्जित हुँदै उसले नाना प्रकारका अस्त्र-शस्त्र चलायो। उसका सबै उद्योग त्यस्तै प्रकारले निष्फल भएका छन्, जस्तै परद्रोहमा लागेका मनुष्यको हुन्छ॥ २॥

**तब रावन दस सूल चलावा। बाजि चारि महि मारि गिरावा॥**
**तुरग उठाइ कोपि रघुनायक। खैंचि सरासन छाँड़े सायक॥**

फेरि रावणले दशवटा त्रिशूल चलायो र श्रीरामका चारवटा घोडालाई हानेर* जमिनमा पल्टायो। घोडाहरूलाई उठाएर श्रीरघुनाथले क्रोध गरेर धनुष तानेर बाण छोड्नुभयो॥ ३॥

**रावन सिर सरोज बनचारी। चलि रघुबीर सिलीमुख धारी॥**
**दस दस बान भाल दस मारे। निसरि गए चले रुधिर पनारे॥**

* श्रीरामका रथ, ध्वजा, पताका सबै दिव्य र सारथि तथा घोडा अमर हुनाले हानि भएन। (मानस-पीयूषबाट)

रावणको शिररूपी कमलवनमा विचरण गर्ने श्रीरघुवीरका बाणरूपी भमराका पङ्क्ति उडे। श्रीरामचन्द्रले उसका दशवटा शिरमा दश-दशवटा नै बाण हान्नुभयो, जुन वार-पार भएर शिरबाट रगतका नाला बग्न लागे॥ ४॥

**स्त्रवत रुधिर धायउ बलवाना। प्रभु पुनि कृत धनु सर संधाना॥**
**तीस तीर रघुबीर पबारे। भुजन्हि समेत सीस महि पारे॥**

रगत बग्दा-बग्दै बलवान् रावण दौड्यो। प्रभुले फेरि धनुषमा बाण सन्धान गर्नुभयो। श्रीरघुवीरले तीसवटा बाण हान्नुभयो र बीसवटा नै भुजाहरू र दश शिर काटेर पृथ्वीमा खसाल्नुभयो॥ ५॥

**काटतहीं पुनि भए नबीने। राम बहोरि भुजा सिर छीने॥**
**प्रभु बहु बार बाहु सिर हए। कटत झटिति पुनि नूतन भए॥**

[शिर र हात] काटिंदा नै फेरि नयाँ भए। श्रीरामले फेरि भुजाहरू र शिरहरूलाई काटेर खसाल्नुभयो। यस्ता प्रकार प्रभुले कैयौं पटक भुजाहरू र शिर काट्नुभयो। परन्तु [ब्रह्मा र शिवजीको वरदानले] काट्नेबित्तिकै (झट्टै, उत्तिखेरै) नै फेरि नयाँ भए॥ ६॥

**पुनि पुनि प्रभु काटत भुज सीसा। अति कौतुकी कोसलाधीसा॥**
**रहे छाइ नभ सिर अरु बाहू। मानहुँ अमित केतु अरु राहू॥**

प्रभुले घरीघरी उसका भुजा र शिरहरू काटिरहनुभएको छ; किनकि कोसलपति श्रीराम धेरै कौतुकी हुनुहुन्छ। आकाशमा शिर र बाहु यसरी छाएका छन्, मानौं असङ्ख्य केतु र राहु हुन्॥ ७॥

छं०— **जनु राहु केतु अनेक नभ पथ स्त्रवत सोनित धावहीं।**
**रघुबीर तीर प्रचंड लागहिं भूमि गिरन न पावहीं॥**
**एक एक सर सिर निकर छेदे नभ उड़त इमि सोहहीं।**
**जनु कोपि दिनकर कर निकर जहँ तहँ बिधुंतुद पोहहीं॥**

मानौं अनेकौं राहु र केतु रगत बगाउँदै आकाशमार्गबाट दौडिरहेका छन्। श्रीरघुवीरका प्रचण्ड बाण [बारम्बार] लाग्नाले तिनीहरू पृथ्वीमा खस्न पाउँदैनन्। एक-एक बाणले कैयौं समूह शिर छेदन गरेर आकाशमा उड्दा यस्तो शोभा दिएका छन्, मानौं सूर्यका किरणहरू क्रोध गरेर जतासुकै राहुहरूलाई गुथेका [उनेका] छन्।

दो०— **जिमि जिमि प्रभु हर तासु सिर तिमि तिमि होहिं अपार।**
**सेवत बिषय बिबर्ध जिमि नित नित नूतन मार॥ ९२॥**

जस्तो-जस्तो प्रकारले प्रभुले उसका शिरहरू काट्नुहुन्छ, उस्तै-उस्तै प्रकारले उनीहरू अपार हुँदै गएका छन्। जस्तै विषयहरूलाई सेवन गर्नाले काम (उसलाई भोग्ने इच्छा) दिन-प्रतिदिन नयाँ-नयाँ बढ्दै थपिंदै जान्छ॥ ९२॥

**दसमुख देखि सिरन्ह कै बाढ़ी। बिसरा मरन भई रिस गाढ़ी॥**
**गर्जेउ मूढ़ महा अभिमानी। धायउ दसहु सरासन तानी॥**

शिरहरूको वृद्धि (बाढी), देखेर रावणले आफ्नो मरण भुल्यो र उल्टै झन् ठूलो क्रोध गर्‍यो। त्यो महान् अभिमानी मूर्ख चिच्च्यायो र दशवटा धनुषलाई नै तानेर दौड्यो॥ १॥

**समर भूमि दसकंधर कोप्यो। बरषि बान रघुपति रथ तोप्यो॥**
**दंड एक रथ देखि न परेऊ। जनु निहार महुँ दिनकर दुरेऊ॥**

रणभूमिमा रावणले क्रोध गर्‍यो र बाण बर्साएर श्रीरघुनाथको रथलाई ढाकिदियो। एक दण्ड (घडी) सम्म रथ देखिएन, मानौं कुहिरोमा सूर्य (घाम) लुकेका छन्॥ २॥

**हाहाकार सुरन्ह जब कीन्हा। तब प्रभु कोपि कारमुक लीन्हा॥**
**सर निवारि रिपु के सिर काटे। ते दिसि बिदिसि गगन महि पाटे॥**

जब देवताहरूले कोलाहल गरे, अनि प्रभुले झोकिएर धनुष उठाउनुभयो र शत्रुका बाणहरूलाई हटाएर उहाँले शत्रुको शिर काट्नुभयो र त्यसले दिशा, विदिशा, आकाश र पृथ्वी सबैलाई (जताततै) ढाकिदिनुभयो॥ ३॥

**काटे सिर नभ मारग धावहिं। जय जय धुनि करि भय उपजावहिं॥**
**कहँ लछिमन सुग्रीव कपीसा। कहँ रघुबीर कोसलाधीसा॥**

काटिएका शिर आकाशमार्गबाट दौडेका छन् र जय-जयको नारा लगाएर भय उत्पन्न गरेका छन्। 'लक्ष्मण र बाँदरराज सुग्रीव कहाँ छन्? कोसलपति रघुवीर कहाँ छ?'॥ ४॥

छं०— **कहँ रामु कहि सिर निकर धाए देखि मर्कट भजि चले।**
**संधानि धनु रघुबंसमनि हँसि सरन्हि सिर बेधे भले॥**
**सिर मालिका कर कालिका गहि बृंद बृंदन्हि बहु मिलीं।**
**करि रुधिर सरि मज्जनु मनहुँ संग्राम बट पूजन चलीं॥**

'राम कहाँ छ?' यस्तो भनेर शिरका समूह दौडेका छन्, उनीहरूलाई देखेर बाँदरका बथान भागिहाले। फेरि धनुष सन्धान गरेर रघुकुलमणि श्रीरामले हाँसेर बाणहरूबाट ती शिरहरूलाई भलीभाँति छेड्नुभयो। हातमा मुण्डका मालाहरू लिएर धेरै नै कालिकाका समूह मिलेर एकत्रित भएर उनीहरू रगतको नदीमा स्नान गर्न हिंडे। मानौं सङ्ग्रामरूपी वरको वृक्षलाई पूजा गर्न गइरहेका छन्।

## * रावणले विभीषणलाई शक्ति छोड्नु, रामजीले त्यो शक्तिलाई आफूमाथि लिनु, विभीषण-रावण-युद्ध *

दो०— **पुनि दसकंठ क्रुद्ध होइ छाँड़ी सक्ति प्रचंड।**
**चली बिभीषन सन्मुख मनहुँ काल कर दंड॥ ९३॥**

फेरि रावणले क्रोधित भएर प्रचण्ड शक्ति छोड्यो। विभीषणको अघिल्तिर त्यो यसरी गयो, जसरी काल (यमराजको) दण्ड जान्छ॥ ९३॥

**आवत देखि सक्ति अति घोरा। प्रनतारति भंजन पन मोरा॥**
**तुरत बिभीषन पाछें मेला। सन्मुख राम सहेउ सोइ सेला॥**

अत्यन्तै भयानक शक्तिलाई आउँदै देखेर यस्तो विचार गर्नुभयो कि मेरो प्रण (प्रतिज्ञा) शरणागतको दु:ख नाश गर्नु हो, श्रीरामले तुरुन्तै विभीषणलाई पछाडि पारेर त्यो शक्ति स्वयं सहनुभयो॥ १॥

**लागि सक्ति मुरुछा कछु भई। प्रभु कृत खेल सुरन्ह बिकलई॥**
**देखि बिभीषन प्रभु श्रम पायो। गहि कर गदा क्रुद्ध होइ धायो॥**

शक्ति लाग्नाले उहाँ केही समय मूर्च्छामा पर्नुभयो। प्रभुले त यो लीला गर्नुभएको थियो, तर देवताहरू व्याकुल भए। प्रभुलाई शारीरिक कष्ट भएको देखेर विभीषण क्रोधित भएर हातमा गदा लिएर दौडे॥ २॥

**रे कुभाग्य सठ मंद कुबुद्धे। तैं सुर नर मुनि नाग बिरुद्धे॥**
**सादर सिव कहुँ सीस चढ़ाए। एक एक के कोटिन्ह पाए॥**

[र भने—] हे अभागी! मूर्ख, नीच दुर्बुद्धि! तैंले देवता, मनुष्य, मुनि, नाग सबैसँग विरोध गरिस्। तैंले आदरपूर्वक शिवजीलाई शिर चढाइस्। यसैले एउटा-एउटाको बदलामा करोडौं शिर प्राप्त गरिस्॥ ३॥

**तेहि कारन खल अब लगि बाँच्यो। अब तव कालु सीस पर नाच्यो॥**
**राम बिमुख सठ चहसि संपदा। अस कहि हनेसि माझ उर गदा॥**

त्यही कारणले हे दुष्ट! तँ अहिलेसम्म जीवितै छस्। [किन्तु] अब काल तेरो शिरमा नाचिरहेको छ। हे मूर्ख! तैंले रामविमुख भएर सम्पत्ति (सुख) खोजेको छस्? यस्तो भनेर विभीषणले रावणको छातीको बीच-बीचमा गदाले हाने॥ ४॥

छं०— **उर माझ गदा प्रहार घोर कठोर लागत महि पर्‍यो।**
**दस बदन सोनित स्त्रवत पुनि संभारि धायो रिस भर्‍यो॥**
**द्वौ भिरे अतिबल मल्लजुद्ध बिरुद्ध एकु एकहि हनै।**
**रघुबीर बल दर्पित बिभीषनु घालि नहिं ता कहुँ गनै॥**

बीच छातीमा कठोर गदाको घोर र कठिन चोट लाग्दा नै ऊ पृथ्वीमा पल्ट्यो। उसका दशवटा मुखबाट नै रगत बग्न थाल्यो; उसले आफूलाई फेरि सँभालेर क्रोधमा भरिएर दौड्यो। दुवै अत्यन्त बलवान् योद्धा लडिरहेका छन् र मल्लयुद्ध (द्वन्द्वयुद्ध, कुस्तीको लडाइँ) मा एकले अर्कोलाई हान्न लागे। श्रीरघुवीरको बलले सात्त्विक अभिमानद्वारा विभीषणले त्यस जगद्विजयी रावण योद्धालाई काँछो बराबर (कत्ति, केही) पनि सोचेका छैनन्।

दो०— **उमा बिभीषनु रावनहि सन्मुख चितव कि काउ।**
**सो अब भिरत काल ज्यों श्रीरघुबीर प्रभाउ॥ ९४॥**

[शिवजीले भन्नुहुन्छ— ] हे उमा! विभीषणले के कहिल्यै रावणका अगाडि आँखा उठाएर हेर्न सक्थे? (कदापि सक्दैनथे) परन्तु, अहिले ती नै कालका समान लडिरहेका छन्। यस्तो श्रीरघुवीरको नै प्रभाव हो॥ ९४॥

**✹ रावण-हनुमान-युद्ध, रावणको माया रचना, रामजीले माया-नाश गर्नु ✹**

**देखा श्रमित बिभीषनु भारी। धायउ हनूमान गिरि धारी॥**
**रथ तुरंग सारथी निपाता। हृदय माझ तेहि मारेसि लाता॥**

विभीषणजी धेरै नै थाकेको देखेर हनुमान्‌जीले पर्वत धारण गरेर दौडनुभयो। उहाँले त्यस पहाडले रावणको रथ, घोडा र सारथिलाई नाश गर्नुभयो र उसको छातीमा लात्तीले हान्नुभयो॥ १॥

**ठाढ़ रहा अति कंपित गाता। गयउ बिभीषनु जहँ जनत्राता॥**
**पुनि रावन कपि हतेउ पचारी। चलेउ गगन कपि पूँछ पसारी॥**

परन्तु रावण उभिई रह्यो, तर उसको शरीर अत्यन्त काम्न लाग्यो। विभीषण उहाँ गए जहाँ सेवकहरूका रक्षक श्रीराम हुनुहुन्थ्यो। फेरि रावणले झपार्दै (हकार्दै) हनुमान्‌जीलाई हान्यो। उहाँ पुच्छर फैलाएर आकाशमा जानुभयो॥ २॥

**गहिसि पूछ कपि सहित उड़ाना। पुनि फिरि भिरेउ प्रबल हनुमाना॥**
**लरत अकास जुगल सम जोधा। एकहि एकु हनत करि क्रोधा॥**

रावणले पुच्छर समात्यो, हनुमान्‌जीले त्यसलाई साथै लिएर माथि उड्नुभयो। फेरि फर्केर महाबलवान् हनुमान्‌जी त्यससँग लड्नुभयो। दुवै समान योद्धा आकाशमा लड्दै एकले-अर्कोलाई हान्न लागे॥ ३॥

**सोहहिं नभ छल बल बहु करहीं। कज्जलगिरि सुमेरु जनु लरहीं॥**
**बुधि बल निसचर परइ न पार्‍यो। तब मारुतसुत प्रभु संभार्‍यो॥**

दुवैले धेरै नै छल-बल गर्दा आकाशमा यसरी विराजमान भएका छन्, मानौं गाजलको (कालो) र सुमेरु (सुनको) पर्वत लडिरहेका छन्। जब बुद्धि र बलले राक्षसलाई खसाल्न सक्नुभएन, फेरि मारुती हनुमान्‌जीले प्रभुलाई स्मरण गर्नुभयो॥ ४॥

छं०— **संभारि श्रीरघुबीर धीर पचारि कपि रावनु हन्यो।**
**महि परत पुनि उठि लरत देवन्ह जुगल कहुँ जय जय भन्यो॥**
**हनुमंत संकट देख मर्कट भालु क्रोधातुर चले।**
**रन मत्त रावन सकल सुभट प्रचंड भुज बल दलमले॥**

श्रीरघुवीरलाई स्मरण गरेर धीर हनुमान्‌जीले धम्काउँदै वा चुनौती दिंदै रावणलाई हान्नुभयो। उनी दुवै पृथ्वीमा खस्दछन् र फेरि उठेर लड्दछन्; देवताहरूले दुवैतर्फ 'जय-जय' को* नारा

* किनकि हनुमान्‌जी त आफ्नो पक्षका हुनु नै भयो, रावणको जय यसरी बोले कि उसको वीरतालाई देखेर, देवता सत्यवादी हुनाले झूटो बोल्दैनन्, यथार्थ नै भन्ने गरेका छन् दुवैको वीरताप्रति प्रसन्न भएर जय-जय भनिरहेका छन्। हेर्नुहोस्, शत्रु भए पनि भगवान् श्रीकृष्णले कर्णको वीरतालाई प्रशंसा बारम्बार गर्नुहुन्थ्यो। (मानस-पीयूषबाट)

लगाए। हनुमान्‌जी सङ्कटमा परेको देखेर बाँदर-भालु क्रोधातुर भएर दौडे। किन्तु रण-मदमा मात्तिएको रावणले सबै योद्धाहरूलाई आफ्नो प्रचण्ड भुजाहरूका बलले मिच्यो।

**दो०— तब रघुबीर पचारे धाए कीस प्रचंड।**
**कपि बल प्रबल देखि तेहिं कीन्ह प्रगट पाषंड॥ ९५॥**

फेरि श्रीरघुवीरले चुनौती दिएपछि प्रचण्ड वीर बाँदर दौडे। बाँदरहरूका प्रबल दललाई देखेर रावणले माया प्रकट गर्‍यो॥ ९५॥

**अंतरधान भयउ छन एका। पुनि प्रगटे खल रूप अनेका॥**
**रघुपति कटक भालु कपि जेते। जहँ तहँ प्रगट दसानन तेते॥**

क्षणभरको लागि ऊ अदृश्य भयो। फेरि त्यो दुष्टले अनेकौं रूप प्रकट गर्‍यो। श्रीरघुनाथको सेनामा जति भालु-बाँदर थिए, त्यत्ति नै रावण सर्वत्र (चारैतर्फ) प्रकट भए॥ १॥

**देखे कपिन्ह अमित दससीसा। जहँ तहँ भजे भालु अरु कीसा॥**
**भागे बानर धरहिं न धीरा। त्राहि त्राहि लछिमन रघुबीरा॥**

बाँदरहरूले असङ्ख्य रावण देखे। भालु र बाँदर सबै जतासुकै (यताउता) भागिहाले। बाँदरले धैर्य गरेनन्। हे लक्ष्मणजी! हे रघुवीर! बचाउनुहोस्, बचाउनुहोस्, यस्तो भन्दै उनीहरू भागिरहेका छन्॥ २॥

**दहँ दिसि धावहिं कोटिन्ह रावन। गर्जहिं घोर कठोर भयावन॥**
**डरे सकल सुर चले पराई। जय कै आस तजहु अब भाई॥**

दश दिशाहरूमा करोडौं रावण दौडेका छन् र कठोर भयानक गर्जना (शब्द) गरेका छन्। सबै देवता डराए र एउटाले अर्कालाई भन्न लागे कि हे भाइ! अब जयको आशा छोडिदेऊ!॥ ३॥

**सब सुर जिते एक दसकंधर। अब बहु भए तकहु गिरि कंदर॥**
**रहे बिरंचि संभु मुनि ग्यानी। जिन्ह जिन्ह प्रभु महिमा कछु जानी॥**

एउटा रावणले नै सबै देवताहरूलाई जितेको थियो, तर अहिले त धेरै नै रावण भए। यसैले अब पहाडको ओढार वा गुफाको सहारा लिनुपर्‍यो (लुक्नुपर्‍यो)। त्यहाँ ब्रह्मा, शम्भु र ज्ञानी मुनि नै डटेर रहेका छन्, जसले प्रभुको केही महिमा जानेका छन्॥ ४॥

**छं०— जाना प्रताप ते रहे निर्भय कपिन्ह रिपु माने फुरे।**
**चले बिचलि मर्कट भालु सकल कृपाल पाहि भयातुरे॥**
**हनुमंत अंगद नील नल अतिबल लरत रन बाँकुरे।**
**मर्दहिं दसानन कोटि कोटिन्ह कपट भू भट अंकुरे॥**

जसले प्रभुको महिमा जानेका छन्, उनीहरू नै वहाँ निर्भयताका साथ (निडर भएर) बसेका छन्। बाँदरहरूले शत्रुलाई [धेरै रावणहरूलाई] सत्य नै माने। [यसैले] सबै बाँदर-भालु

अत्तालिएर 'हे कृपालु! रक्षा गरिबक्सियोस्' [यस्तो भन्दै] भयले व्याकुल भएर भागिहाले। अत्यन्त बलवान् रणधीर (रणवीर) हनुमान्‌जी अङ्गद, नील र नल लडेका छन् र कपटरूपी भूमिबाट अङ्कुरजस्तै निस्केका कोटि-कोटि योद्धा रावणलाई मिचिरहेका छन्।

**दो०— सुर बानर देखे बिकल हँस्यो कोसलाधीस।**
**सजि सारंग एक सर हते सकल दससीस॥ ९६॥**

देवताहरू र बाँदरहरूलाई अत्तालिएको देखेर कोसलपति श्रीराम हाँस्नुभयो र शार्ङ्गधनुषमा एउटा बाण चढाएर [मायाले बनेका] सबै रावणलाई मार्नुभयो॥ ९६॥

**प्रभु छन महुँ माया सब काटी। जिमि रबि उएँ जाहिं तम फाटी॥**
**रावनु एकु देखि सुर हरषे। फिरे सुमन बहु प्रभु पर बरषे॥**

प्रभुले क्षणभरमा सबै मायालाई काट्नुभयो, जस्तै सूर्य उदय भएपछि अन्धकारको राशि नष्ट हुन्छ। अब एउटै रावणलाई देखेर देवता हर्षित भएर उनीहरू फर्केर प्रभुमाथि धेरै नै पुष्प बर्साए॥ १॥

**भुज उठाइ रघुपति कपि फेरे। फिरे एक एकन्ह तब टेरे॥**
**प्रभु बलु पाइ भालु कपि धाए। तरल तमकि संजुग महि आए॥**

श्रीरघुनाथले भुजा उठाएर सबै बाँदरहरूलाई फर्काउनुभयो। अनि उनीहरू एकले अर्कोलाई बोलाएर फर्कि आए। प्रभुको बल पाएर भालु-बाँदर दौडिहाले। छिटै (झट्टै) दौडेर उनीहरू रणभूमिमा आए॥ २॥

**अस्तुति करत देवतन्हि देखें। भयउँ एक मैं इन्ह के लेखें॥**
**सठहु सदा तुम्ह मोर मरायल। अस कहि कोपि गगन पर धायल॥**

देवताहरूले श्रीरामको स्तुति गरेको देखेर रावणले सोच्यो कि म यिनीहरूको विचारमा एउटै भएँ। [परन्तु यिनीहरूलाई थाहा छैन कि म एउटा नै धेरै हुँ] र भन्यो— हे मूर्खहरू हो! तिमीहरूले त सधैं मेरो पिटाइ खाइरहेका छौ (अथवा पानीमरुवा हौ)। यस्तो भनेर ऊ कुपित भएर आकाशबाट [देवताहरूतर्फ] दौड्यो॥ ३॥

**हाहाकार करत सुर भागे। खलहु जाहु कहँ मोरें आगे॥**
**देखि बिकल सुर अंगद धायो। कूदि चरन गहि भूमि गिरायो॥**

देवता कोलाहल गर्दै भागिहाले। [रावणले भन्यो— ] हे दुष्टहरू! मेरो अगाडिबाट कहाँ जान सक्छौ? देवताहरू अत्तालिएको देखेर अङ्गद दौडेर उफ्री रावणको खुट्टा समातेर [उनले] उसलाई पृथ्वीमा खसाले॥ ४॥

**छं०— गहि भूमि पार्‍यो लात मार्‍यो बालिसुत प्रभु पहिं गयो।**
**संभारि उठि दसकंठ घोर कठोर रव गर्जत भयो॥**
**करि दाप चाप चढ़ाइ दस संधानि सर बहु बरषई।**
**किए सकल भट घायल भयाकुल देखि निज बल हरषई॥**

उसलाई समातेर पृथ्वीमा खसालेर लात्तीले हानेर अङ्गद प्रभुसँग गए। (त्यो दशकण्ठ भएको) रावण होसियारीपूर्वक उठ्यो र अति भयङ्कर कठोर शब्दले (दशवटा मुखले) गर्जन लाग्यो। ऊ क्रोधित भएर दशवटा धनुष उठाएर तिनमा बाण राखेर बर्साउन लाग्यो। उसले सबै योद्धाहरूलाई घाइते र व्याकुल बनायो र आफ्नो बल देखेर ऊ हर्षित हुन लाग्यो।

## * घोर युद्ध, रावण मूर्च्छामा पर्नु *

**दो०— तब रघुपति रावन के सीस भुजा सर चाप।**
**काटे बहुत बढ़े पुनि जिमि तीरथ कर पाप॥ ९७॥**

फेरि श्रीरघुनाथले रावणका शिर, भुजाहरू, बाण र धनुषलाई काट्नुभयो। तर (शिर र बाहु) फेरि यसरी अत्यन्तै धेरै भए, जसरी तीर्थमा गरेको पाप बढ्दछ (कैयौं गुणा भयानक फल उत्पन्न हुन्छ)!॥ ९७॥

**सिर भुज बाढ़ि देखि रिपु केरी। भालु कपिन्ह रिस भई घनेरी॥**
**मरत न मूढ़ कटेहुँ भुज सीसा। धाए कोपि भालु भट कीसा॥**

शत्रुका शिर र भुजाहरू बढ्दै गरेको देखेर भालु-बाँदरलाई अति नै क्रोध भयो। यो मूर्ख भुजाहरू र शिरहरू काटिदा पनि मर्दैन, [यस्तो भन्दै] भालु र बाँदर योद्धा युद्ध गर्ने उत्साहले फेरि क्रोध गरेर दौडे॥ १॥

**बालितनय मारुति नल नीला। बानरराज दुबिद बलसीला॥**
**बिटप महीधर करहिं प्रहारा। सोइ गिरि तरु गहि कपिन्ह सो मारा॥**

बालिपुत्र अङ्गद, मारुति हनुमान्‌जी, नल, नील, बाँदरराज सुग्रीव र द्विविद आदि बलवान्‌ले उसलाई वृक्ष र पर्वतहरूले प्रहार गरेका छन् र उसले उनैलाई (पर्वत र वृक्षहरूलाई) समातेर बाँदरलाई हानेको छ॥ २॥

**एक नखन्हि रिपु बपुष बिदारी। भागि चलहिं एक लातन्ह मारी॥**
**तब नल नील सिरन्हि चढ़ि गयऊ। नखन्हि लिलार बिदारत भयऊ॥**

कुनै बाँदरले नङले शत्रुको शरीरलाई कोतरेर (कोपरेर) भाग्छन् र कुनै उसलाई लात्ताले हानेर। अनि नल र नीलले* रावणको शिरमा चढेर निधार कोपर्न लागे॥ ३॥

**रुधिर देखि बिषाद उर भारी। तिन्हहि धरन कहुँ भुजा पसारी॥**
**गहे न जाहिं करन्हि पर फिरहीं। जनु जुग मधुप कमल बन चरहीं॥**

रगत देखेर उसलाई हृदयमा ठूलो दुःख भयो। उसले उनीहरूलाई समात्नको लागि हात पसाऱ्यो, तर उनीहरूलाई समात्न सकेन, हातको माथि-माथि नै घुम्दछन्, मानौं दुई भमरा कमलको वनमा भ्रमण गरिरहेका छन्॥ ४॥

---

* नल-नीलको विषयमा रावणले भनेको थियो कि '**सिल्पि कर्म जानहि नल नीला।**' उसैको उत्तर दिएर आफ्नो बल पराक्रम देखाएका छन्। तथा उनीहरूले निधारमा लेखिएको ब्रह्माजीको कुरा सुनेका थिए र यसलाई कोतर्नाले यो मर्नेछ भनि कोपरेका (कोतरेका) हुन्। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**कोपि कूदि द्वौ धरेसि बहोरी। महि पटकत भजे भुजा मरोरी॥**
**पुनि सकोप दस धनु कर लीन्हे। सरन्हि मारि घायल कपि कीन्हे॥**

फेरि उसले क्रोध गरेर उफ्रदै दुवैलाई समात्यो। पृथ्वीमा पछार्ने समयमा उनीहरूले उसका पाखुराहरूलाई बटारेर (घुमाएर) भागिहाले। उसले क्रोध गरेर [बीसवोटा] हातहरूमा दशवटा नै धनुष लियो र बाँदरहरूलाई बाणले हानेर घाइते बनायो॥ ५॥

**हनुमदादि मुरुछित करि बंदर। पाइ प्रदोष हरष दसकंधर॥**
**मुरुछित देखि सकल कपि बीरा। जामवंत धायउ रनधीरा॥**

हनुमान्जी आदि सबै बाँदरहरूलाई मूर्च्छित गराएर र सन्ध्याको समय पाएर रावण हर्षित भयो। समस्त बाँदर-वीरहरूलाई मूर्च्छित देखेर रणधीर जाम्बवान् दौडे॥ ६॥

**संग भालु भूधर तरु धारी। मारन लगे पचारि पचारी॥**
**भयउ क्रुद्ध रावन बलवाना। गहि पद महि पटकइ भट नाना॥**

जाम्बवान्का साथ जुन भालुहरू थिए, उनीहरूले पहाड र वृक्ष धारण गरेर रावणलाई बारम्बार चुनौती दिंदै हान्न लागे। बलवान् राक्षस क्रोधित भयो र खुट्टा बारम्बार समातेर उसले अनेक योद्धाहरूलाई पृथ्वीमा पछार्न (छाट्न) लाग्यो॥ ७॥

**देखि भालुपति निज दल घाता। कोपि माझ उर मारेसि लाता॥**

जाम्बवान्ले आफ्नो दलको विध्वंस भएको देखेर क्रोधपूर्वक रावणको छातीमा लात्ताले हाने॥ ८॥

छं०— **उर लात घात प्रचंड लागत बिकल रथ ते महि परा।**
**गहि भालु बीसहुँ कर मनहुँ कमलन्हि बसे निसि मधुकरा॥**
**मुरुछित बिलोकि बहोरि पद हति भालुपति प्रभु पहिं गयो।**
**निसि जानि स्यंदन घालि तेहि तब सूत जतनु करत भयो॥**

छातीमा लात्ताको प्रचण्ड आघात (चोट) लाग्दा नै रावण रन्थनिएर रथबाट पृथ्वीमा पल्ट्यो। उसले बीसवटा हातले नै भालुहरूलाई समातिराखेको थियो। [यस्तो जानिन्थ्यो] मानौं रातको समयमा भमरा कमलको वनमा बसेका छन्। उसलाई मूर्च्छित देखेर, फेरि लात्ताले हानेर ऋक्षराज जाम्बवान् प्रभुसँग आए। रात भएको जानेर सारथिले रावणलाई रथमा राखेर उसलाई होसमा ल्याउने उपाय गर्न लाग्यो।

दो०— **मुरुछा बिगत भालु कपि सब आए प्रभु पास।**
**निसिचर सकल रावनहि घेरि रहे अति त्रास॥ ९८॥**

मूर्च्छारहित भएपछि सबै भालु-बाँदर प्रभुसँग आए। उता सबै राक्षस धेरै नै भयभीत (त्राहि त्राहि) भएर रावणलाई घेरेर बसे॥ ९८॥

**मासपारायण, छब्बीसौं विश्राम**

## ❋ त्रिजटा–सीता–संवाद ❋

**तेही निसि सीता पहिं जाई। त्रिजटा कहि सब कथा सुनाई॥**
**सिर भुज बाढ़ि सुनत रिपु केरी। सीता उर भइ त्रास घनेरी॥**

त्यही रात त्रिजटाले सीताजीसँग गएर उहाँलाई सबै कथा सुनाई। शत्रुका शिर र भुजाहरू बढ्दै गरेको संवाद सुनेर सीताजीको हृदयमा धेरै ठूलो भय भयो॥ १॥

**मुख मलीन उपजी मन चिंता। त्रिजटा सन बोली तब सीता॥**
**होइहि कहा कहसि किन माता। केहि बिधि मरिहि बिस्व दुखदाता॥**

[उहाँको] मुख (अनिष्टको आशङ्काले) उदास भयो, मनमा चिन्ता उत्पन्न भयो। अनि सीताजीले त्रिजटासँग भन्नुभयो—हे माता! किन बताउनुहुन्न? अब के हुनेछ? सम्पूर्ण विश्वलाई दुःख दिने यो (दुष्ट) कुन प्रकारले मर्नेछ?॥ २॥

**रघुपति सर सिर कटेहुँ न मरई। बिधि बिपरीत चरित सब करई॥**
**मोर अभाग्य जिआवत ओही। जेहिं हौं हरि पद कमल बिछोही॥**

श्रीरघुनाथका बाणले शिर काटिदा पनि मर्दैन। विधाताले सबै चरित्र विपरीत (उल्टो) नै गरिराखेको छ। [सत्य कुरा यो हो कि] मेरो दुर्भाग्यले नै उसलाई बचाइरहेको छ, जसले मलाई हरिपदकमलबाट अलग गराएको छ॥ ३॥

**जेहिं कृत कपट कनक मृग झूठा। अजहुँ सो दैव मोहि पर रूठा॥**
**जेहिं बिधि मोहि दुख दुसह सहाए। लछिमन कहुँ कटु बचन कहाए॥**

जसले कपटको झूटो स्वर्णमृग बनाएको थियो, त्यही दैव (भाग्य) अहिले पनि रुष्ट (रूखो) भएको छ, जुन विधाताले मलाई दुःसह (असह्य) दुःख सहन गर्न लगायो र लक्ष्मणजीलाई अति रूखा (कटु) वचन भन्न लगायो,॥ ४॥

**रघुपति बिरह सबिष सर भारी। तकि तकि मार बार बहु मारी॥**
**ऐसेहुँ दुख जो राख मम प्राना। सोइ बिधि ताहि जिआव न आना॥**

जुन श्रीरघुनाथको विरहरूपी ठूलो विषालु बाणले बारम्बार ताकेर मलाई कैयौं पटक हानेर अहिले पनि हानिराखेको छ र यस्तो दुःखमा पनि जुन मेरो प्राणलाई राखेको छ, त्यही विधाताले त्यो रावणलाई बचाइराखेको छ, अरू केही होइन॥ ५॥

**बहु बिधि कर बिलाप जानकी। करि करि सुरति कृपानिधान की॥**
**कह त्रिजटा सुनु राजकुमारी। उर सर लागत मरइ सुरारी॥**

कृपानिधान श्रीरामको बारम्बार याद गरेर जानकीजीले धेरै प्रकारले विलाप गर्नुभएको छ। त्रिजटाले भनी—हे राजकुमारी! सुन्नुहोस्, देवताहरूको शत्रु रावण हृदयमा (यस्तो प्रकारले) बाण लाग्दा नै मर्नेछ॥ ६॥

**प्रभु ताते उर हतइ न तेही। एहि के हृदयँ बसति बैदेही॥**

परन्तु प्रभु उसको हृदयमा यस कारणले हान्नुहुँदैन कि यसको हृदयमा जानकीजी (हजुर) बस्नुहुन्छ॥ ७॥

छं०— **एहि के हृदयँ बस जानकी जानकी उर मम बास है।**
**मम उदर भुअन अनेक लागत बान सब कर नास है॥**
**सुनि बचन हरष बिषाद मन अति देखि पुनि त्रिजटाँ कहा।**
**अब मरिहि रिपु एहि बिधि सुनहि सुंदरि तजहि संसय महा॥**

[उहाँ यस्तो सोच्नुहुन्छ कि] यसको हृदयमा जानकीको निवास छ, जानकीको हृदयमा मेरो निवास छ र मेरो उदरमा (पेटमा) अनेकौं भुवन छन्। अतः रावणको हृदयमा बाण लाग्दा नै सबै भुवनहरूको नाश हुनेछ। यस्तो वचन सुनेर, सीताजीको मनमा अत्यन्त हर्ष र विषाद भएको देखेर त्रिजटाले फेरि भनी— हे सुन्दरी! महान् सन्देहलाई त्याग गर्नुहोस्; अब सुन्नुहोस्, शत्रु यस्तो प्रकारले मर्नेछ—

दो०— **काटत सिर होइहि बिकल छुटि जाइहि तव ध्यान।**
**तब रावनहि हृदय महुँ मरिहहिं रामु सुजान॥ ९९॥**

शिरहरूलाई घरी-घरी काट्नाले जब ऊ व्याकुल हुनेछ र उसको हृदयमा हजुरको ध्यान भङ्ग हुनेछ, अनि सुजान (अन्तर्यामी) श्रीरामले रावणको हृदयमा बाण हान्नुहुनेछ॥ ९९॥

**अस कहि बहुत भाँति समुझाई। पुनि त्रिजटा निज भवन सिधाई॥**
**राम सुभाउ सुमिरि बैदेही। उपजी बिरह बिथा अति तेही॥**

यस्तो भनेर र सीताजीलाई धेरै प्रकारले सम्झाएर फेरि त्रिजटा आफ्नो घरमा गई। श्रीरामचन्द्रको स्वभावलाई स्मरण गरेर जानकीजीलाई अत्यन्त विरहव्यथा (पीडा) उत्पन्न भयो॥ १॥

**निसिहि ससिहि निंदति बहु भाँती। जुग सम भई सिराति न राती॥**
**करति बिलाप मनहिं मन भारी। राम बिरहँ जानकी दुखारी॥**

उहाँले रात र चन्द्रमालाई धेरै प्रकारले निन्दा गर्नुभएको छ [र भनिरहनुभएको छ कि—] रात युगसमान ठूलो भएको छ, त्यो रात बित्दैनथ्यो। जानकीजी श्रीरामको विरहमा दुःखी भएर मनमनै भारी विलाप गरिरहनुभएको छ॥ २॥

**जब अति भयउ बिरह उर दाहू। फरकेउ बाम नयन अरु बाहू॥**
**सगुन बिचारि धरी मन धीरा। अब मिलिहहिं कृपाल रघुबीरा॥**

जब विरहले गर्दा हृदयमा अत्यन्त पोल्न (जल्न) लाग्यो, अनि उहाँका बायाँ नेत्र र बाहु फर्फराउन लागे। लक्षण सम्झेर उहाँले मनमा धैर्य धारण गर्नुभयो कि अब कृपालु श्रीरघुवीर अवश्य पनि भेट होइबक्सिनेछ॥ ३॥

## राम-रावण-युद्ध, रावणवध, सर्वत्र जयध्वनि

**इहाँ अर्धनिसि रावनु जागा। निज सारथि सन खीझन लागा॥**
**सठ रनभूमि छड़ाइसि मोही। धिग धिग अधम मंदमति तोही॥**

यहाँ आधा रातमा रावण [मूर्च्छाबाट] बिउँझ्यो र सारथिसँग रुष्ट भएर [झिजिदै] भन्न लाग्यो— हे मूर्ख! तैंले मलाई रणभूमिबाट अलग बनाइस्! हे अधम! हे मन्दबुद्धि! तँलाई धिक्कार छ, धिक्कार छ॥ ४॥

**तेहिं पद गहि बहु बिधि समुझावा। भोरु भएँ रथ चढ़ि पुनि धावा॥**
**सुनि आगवनु दसानन केरा। कपिदल खरभर भयउ घनेरा॥**

सारथिले चरण समातेर रावणलाई धेरै प्रकारले सम्झायो। उज्यालो हुँदा नै ऊ रथमा चढेर फेरि दौड्यो। रावण आएको सुनेर बाँदरहरूको सेनामा (रणमा जान पाइने उत्साहले) ठूलो खलबल (कोलाहल) मच्चियो॥ ५॥

**जहँ तहँ भूधर बिटप उपारी। धाए कटकटाइ भट भारी॥**

उनै भारी योद्धा जहाँसुकै पर्वत र वृक्ष उखेलेर क्रोधले दाह्रा किटेर दौडे॥ ६॥

छं०— **धाए जो मर्कट बिकट भालु कराल कर भूधर धरा।**
**अति कोप करहिं प्रहार मारत भजि चले रजनीचरा॥**
**बिचलाइ दल बलवंत कीसन्ह घेरि पुनि रावनु लियो।**
**चहुँ दिसि चपेटन्हि मारि नखन्हि बिदारि तनु ब्याकुल कियो॥**

विकट र विकराल बाँदर-भालु हातमा पहाड लिएर दौडेका छन्। उनीहरूले अत्यन्तै क्रोध गरेर प्रहार गरेका छन्। उनीहरूले हान्दा राक्षस भागे। बलवान् बाँदरहरूले शत्रुका सेनालाई विचलित गरेर फेरि रावणलाई घेरे। चारैतर्फबाट (थप्पड, घुस्सा एवं हात-खुट्टाको चोट) ले हानेर र नङले शरीर कोपरेर (कोतरेर) बाँदरले उसलाई व्याकुल (मूर्च्छित) बनाए।

दो०— **देखि महा मर्कट प्रबल रावन कीन्ह बिचार।**
**अंतरहित होइ निमिष महुँ कृत माया बिस्तार॥ १००॥**

बाँदरहरूलाई अति नै प्रबल देखेर रावणले विचार गर्‍यो र क्षणभरमा उसले माया फैलायो॥ १००॥

छं०— **जब कीन्ह तेहिं पाषंड। भए प्रगट जंतु प्रचंड।**
**बेताल भूत पिसाच। कर धरें धनु नाराच॥**

जब उसले पाखण्ड (माया) रच्यो, फेरि भयङ्कर जीव प्रकट भए। बेताल, भूत र पिशाच हातमा धनुष-बाण लिएर प्रकट भए॥ १॥

**जोगिनि गहें करबाल। एक हाथ मनुज कपाल।**
**करि सद्य सोनित पान। नाचहिं करहिं बहु गान॥**

योगीहरूले एक हातमा तरबार र अर्को हातमा मनुष्यको खप्पर लिएर ताजा रगत पिएर नाच्न र धेरै प्रकारका गीत गाउन लागे॥ २॥

**धरु मारु बोलहिं घोर। रहि पूरि धुनि चहुँ ओर।**
**मुख बाइ धावहिं खान। तब लगे कीस परान॥**

उनीहरू 'समात्, मार्,' आदि घोर शब्द बोलिरहेका छन्। चारैतर्फ (सबै दिशामा) यस्तो ध्वनि भरियो। उनीहरू मुख फैलाएर खान दौडेका छन्। फेरि बाँदर भागिहाले॥ ३॥

**जहँ जाहिं मर्कट भागि। तहँ बरत देखहिं आगि।**
**भए बिकल बानर भालु। पुनि लाग बरषै बालु॥**

बाँदर भागेर जहाँ जान्छन्, त्यहाँ नै आगो बलेको देख्दछन्। बाँदर-भालु व्याकुल भए। फेरि रावणले बालुवा बर्साउन लाग्यो॥ ४॥

**जहँ तहँ थकित करि कीस। गर्जेउ बहुरि दससीस।**
**लछिमन कपीस समेत। भए सकल बीर अचेत॥**

बाँदरहरूलाई जतातत्तै (जो जहाँ थिए त्यही नै) शिथिल (थकित) गरेर फेरि रावण गर्ज्यो। लक्ष्मणजी र सुग्रीवसहित सबै वीर अचेत भए॥ ५॥

**हा राम हा रघुनाथ। कहि सुभट मीजहिं हाथ।**
**एहि बिधि सकल बल तोरि। तेहिं कीन्ह कपट बहोरि॥**

हे राम! हे रघुनाथ! (अर्थात् हामी ठूलो कष्टमा छौं) भनेर श्रेष्ठ योद्धा आफ्नो हात मिचेर पछुताएका छन्। यस्तो प्रकारले सबैको बल निस्तेज बनाएर फेरि रावणले अर्को माया रच्यो॥ ६॥

**प्रगटेसि बिपुल हनुमान। धाए गहे पाषान।**
**तिन्ह रामु घेरे जाइ। चहुँ दिसि बरूथ बनाइ॥**

उसले धेरै नै हनुमान् प्रकट गऱ्यो, जसले ढुङ्गा लिएर दौडेका छन्। उनीहरूले चारैतर्फ दल बनाएर श्रीरामचन्द्रलाई गएर घेरे॥ ७॥

**मारहु धरहु जनि जाइ। कटकटहिं पूँछ उठाइ।**
**दहँ दिसि लँगूर बिराज। तेहिं मध्य कोसलराज॥**

उनीहरू पुच्छर उठाएर कट्कटाएर (दाँत टोकेर) चिच्च्याउन लागे, 'मार, समात, जान नपाउन्।' उनीहरूका पुच्छरले दशै दिशामा शोभा दिइरहेको छ र उनका बीचमा कोसलराज श्रीराम हुनुहुन्छ॥ ८॥

छं०— **तेहिं मध्य कोसलराज सुंदर स्याम तन सोभा लही।**
**जनु इंद्रधनुष अनेक की बर बारि तुंग तमालही॥**
**प्रभु देखि हरष बिषाद उर सुर बदत जय जय जय करी।**
**रघुबीर एकहिं तीर कोपि निमेष महुँ माया हरी॥**

उनीहरूका बीचमा कोसलराजको सुन्दर श्याम शरीरले यसरी शोभा पाएको छ, मानौं अग्लो तमाल वृक्षको लागि अनेक इन्द्रधनुषको श्रेष्ठ बार (घेरा, पर्खाल) बनाइएको छ। प्रभुलाई देखेर देवता हर्ष र विषादयुक्त हृदयले 'जय, जय, जय' यस्तो नारा लगाउन लागे। फेरि श्रीरघुवीरले झोक्किएर एउटै बाणले निमेष मात्रमा रावणको सबै माया हरण गर्नुभयो॥ १॥

**माया बिगत कपि भालु हरषे बिटप गिरि गहि सब फिरे।**
**सर निकर छाड़े राम रावन बाहु सिर पुनि महि गिरे॥**
**श्रीराम रावन समर चरित अनेक कल्प जो गावहीं।**
**सत सेष सारद निगम कबि तेउ तदपि पार न पावहीं॥**

माया हटेपछि बाँदर-भालु हर्षित भए र कैयौं वृक्ष तथा पहाडलाई लिएर सबै फर्के। श्रीरामले बाणका समूह छोड्नुभयो, जसले रावणका हात र शिर फेरि घरीघरी काटिएर पृथ्वीमा खसे। श्रीराम र रावणको युद्धको चरित्र यदि सयौं शेष, सरस्वती, वेद र कविले कैयौं कल्पसम्म गाउँदै गरेमा पनि उसको पार पाउन (अन्तिमसम्म पुग्न) सक्दैनन्॥ २॥

दो०— **ताके गुन गन कछु कहे जड़मति तुलसीदास।**
**जिमि निज बल अनुरूप ते माछी उड़इ अकास॥ १०१ (क)॥**

त्यही चरित्रको केही गुणगान मन्दबुद्धि तुलसीदासले गरेको छ, जस्तै झिङ्गा पनि आफ्नो पुरुषार्थअनुसार आकाशमा उड्दछ॥ १०१ (क)॥

**काटे सिर भुज बार बहु मरत न भट लंकेस।**
**प्रभु क्रीड़त सुर सिद्ध मुनि ब्याकुल देखि कलेस॥ १०१ (ख)॥**

शिर र भुजाहरू धेरै पटक काटिए। फेरि पनि वीर रावण मर्दैन। प्रभुले त खेल गर्नुभएको छ; परन्तु मुनि, सिद्ध र देवता त्यस क्लेशलाई देखेर व्याकुल भए॥ १०१ (ख)॥

**काटत बढ़हिं सीस समुदाई। जिमि प्रति लाभ लोभ अधिकाई॥**
**मरइ न रिपु श्रम भयउ बिसेषा। राम बिभीषन तन तब देखा॥**

काट्दा नै शिरका समूह बढ्छन्, जस्तै प्रत्येक लाभमा लोभ बढ्दै जान्छ। शत्रु मर्दैन र परिश्रम धेरै (अर्थात् अठार दिन २४ सै घण्टा) भयो। फेरि श्रीरामचन्द्रले विभीषणप्रति हेर्नुभयो*॥ १॥

**उमा काल मर जाकीं ईछा। सो प्रभु जन कर प्रीति परीछा॥**
**सुनु सरबग्य चराचर नायक। प्रनतपाल सुर मुनि सुखदायक॥**

[शिवजी भन्नुहुन्छ—] हे उमा! जसको इच्छा मात्रले कालको पनि मृत्यु हुन्छ, उही प्रभुले सेवकको प्रीतिको परीक्षा लिनुभएको छ। [विभीषणले भने—] हे सर्वज्ञ! हे चराचरका स्वामी! हे शरणागतलाई पालन गर्नेवाला! हे देवता र मुनिहरूलाई सुख दिनेवाला? सुनिबक्सियोस्— ॥ २॥

---

* विभीषणतर्फ हेर्नुको भाव मैले यिनीलाई 'लङ्केश' पद दिएको थिएँ र रावण मर्दैन, त्यो नमरेसम्म विभीषण राजा हुन सक्दैनन्, अतः तिमीलाई थाहा भए उपाय बताऊ भनेर हेर्नुभयो। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**नाभिकुंड पियूष बस याकें। नाथ जिअत रावनु बल ताकें॥**
**सुनत बिभीषन बचन कृपाला। हरषि गहे कर बान कराला॥**

यसको नाभिकुण्डमा [औषधि र योगद्वारा सञ्चय गरेको] अमृतको निवास छ, [समुद्र मन्थनद्वारा प्राप्त अमृत होइन, उसले त पान गर्नासाथै सारा शरीरमा प्रविष्ट भएर अमर बनाउँदछ, उसलाई सञ्चय तथा नष्ट गर्न सकिंदैन।] हे नाथ! रावण उसैको बलमा बाँचिरहेको छ। विभीषणका वचन सुनेर कृपालु श्रीरघुनाथ हर्षित हुँदै हातमा विकराल (भीषण) बाण लिनुभयो॥ ३॥

**असुभ होन लागे तब नाना। रोवहिं खर सृकाल बहु स्वाना॥**
**बोलहिं खग जग आरति हेतू। प्रगट भए नभ जहँ तहँ केतू॥**

त्यस समय नाना प्रकारका अमङ्गल हुन लागे। धेरै नै गधा, स्याल र कुकुर रुन लागे। जगत्को दु:ख (अशुभ) लाई सूचित गर्नको लागि पक्षी (पन्छी) बोल्न लागे। आकाशमा जहाँसुकै केतु (पुच्छ्रेतारा) प्रकट भए॥ ४॥

**दस दिसि दाह होन अति लागा। भयउ परब बिनु रबि उपरागा॥**
**मंदोदरि उर कंपति भारी। प्रतिमा स्त्रवहिं नयन मग बारी॥**

दसै दिशाहरूमा अत्यन्तै आगो लाग्न थाल्यो। विनापर्व (योग) मा सूर्यग्रहण हुन लाग्यो। मन्दोदरीको हृदय धेरै काम्न थाल्यो। मूर्तिहरूले नेत्र-मार्गबाट जल बगाउन लागे॥ ५॥

छं०— **प्रतिमा रुदहिं पबिपात नभ अति बात बह डोलति मही।**
**बरषहिं बलाहक रुधिर कच रज असुभ अति सक को कही॥**
**उतपात अमित बिलोकि नभ सुर बिकल बोलहिं जय जए।**
**सुर सभय जानि कृपाल रघुपति चाप सर जोरत भए॥**

मूर्तिहरू रुन लागे, आकाशबाट वज्रपात हुन लाग्यो, अत्यन्त प्रचण्ड हावा चल्न थाल्यो, पृथ्वी हल्लिन लाग्यो, बादलले रगत, कपाल र धूलोको वर्षा गर्न लाग्यो। यस्तो प्रकारले यति अधिक अमङ्गल हुन लागे कि उसलाई कसले भन्न सक्छ? अपरिमित (अनगिन्ती) उत्पात देखेर आकाशमा देवता अत्तालिएर [चतुऱ्याइँपूर्वक राम-रावणको नाम नलिई] जय-जयको नारा लगाउन लागे। देवताहरूलाई भयभीत जानेर कृपालु श्रीरघुनाथले धनुषमा बाण सन्धान गर्न लाग्नुभयो।

दो०— **खैंचि सरासन श्रवन लगि छाड़े सर एकतीस।**
**रघुनायक सायक चले मानहुँ काल फनीस॥ १०२॥**

कानसम्म धुनषलाई तानेर श्रीरघुनाथले एकतीस बाण हान्नुभयो। ती श्रीरामचन्द्रका बाण यसरी गइरहेका छन् मानौं कालसर्प हुन्॥ १०२॥

**सायक एक नाभि सर सोषा। अपर लगे भुज सिर करि रोषा॥**
**लै सिर बाहु चले नाराचा। सिर भुज हीन रुंड महि नाचा॥**

एक बाणले नाभिको अमृतकुण्डलाई सुकायो। अन्य तीस बाण कोप (रोष) गरेर उसका शिर र भुजाहरूमा लागे। बाण शिर र भुजाहरूलाई लिएर हिँडे। शिर र भुजाहरूबाट रहित रुण्ड (धड) पृथ्वीमा नाच्न लाग्यो॥ १॥

**धरनि धसइ धर धाव प्रचंडा। तब सर हति प्रभु कृत दुइ खंडा॥**
**गर्जेउ मरत घोर रव भारी। कहाँ रामु रन हतौं पचारी॥**

धड (टाउको नभएको शरीर, मुर्कट्टा,) प्रचण्ड वेगले दौडेको छ, जसले पृथ्वी भासिन लाग्यो। फेरि प्रभुले बाण हानेर उसलाई दुई टुक्रा गराउनुभयो। मर्ने समयमा रावण धेरै ठूलो शब्दले गर्जेर बोल्यो—राम कहाँ छ? मैले चुनौती दिएर भन्छु कि उसलाई मार्नेछु!॥ २॥

**डोली भूमि गिरत दसकंधर। छुभित सिंधु सरि दिग्गज भूधर॥**
**धरनि परेउ द्वौ खंड बढ़ाई। चापि भालु मर्कट समुदाई॥**

रावण पल्टिदा नै पृथ्वी हल्लिन लाग्यो। समुद्र, नदीहरू, दिशाहरूका हात्ती र पर्वत क्षुब्ध भए। रावण धडका दुवै टुक्रालाई बढाएर (फैलाएर) भालु र बाँदरहरूको समुदायलाई अँठ्याउँदै पृथ्वीमा पल्ट्यो॥ ३॥

**मंदोदरि आगें भुज सीसा। धरि सर चले जहाँ जगदीसा॥**
**प्रबिसे सब निषंग महुँ जाई। देखि सुरन्ह दुंदुभीं बजाई॥**

रावणका भुजाहरू र शिरहरू मन्दोदरीका अगाडि राखेर रामबाण वहाँ आए, जहाँ जगदीश्वर श्रीराम हुनुहुन्थ्यो। सबै बाण गएर तरकसमा प्रवेश गरे। यस्तो देखेर देवताहरूले दुन्दुभि (नगरा) हरू बजाए॥ ४॥

**तासु तेज समान प्रभु आनन। हरषे देखि संभु चतुरानन॥**
**जय जय धुनि पूरी ब्रह्मंडा। जय रघुबीर प्रबल भुजदंडा॥**

रावणको तेज प्रभुको मुखमा प्रवेश गऱ्यो। यस्तो देखेर शिवजी र ब्रह्माजी हर्षित हुनुभयो। ब्रह्माण्डभरमा जय-जयको ध्वनि भरियो। प्रबल भुजादण्डवाला श्रीरघुवीरको जय होस्॥ ५॥

**बरषहिं सुमन देव मुनि बृंदा। जय कृपाल जय जयति मुकुंदा॥**

देवता र मुनिहरूका समूहले फूल बर्साएका छन् र हर्षपूर्वक भनेका छन्—कृपालुको जय होस्, मुकुन्दको* जय होस्, जय होस्!॥ ६॥

छं०— **जय कृपा कंद मुकुंद द्वंद हरन सरन सुखप्रद प्रभो।**
**खल दल बिदारन परम कारन कारुनीक सदा बिभो॥**
**सुर सुमन बरषहिं हरष संकुल बाज दुंदुभि गहगही।**
**संग्राम अंगन राम अंग अनंग बहु सोभा लही॥**

* **मुकुंद**=मोक्ष दिनेवाला भगवान्—**'मुक्तिं ददाति मुकुन्दः'**। (मानस-पीयूषबाट उद्धृत गरिएको)

हे कृपाका कन्द! हे मोक्षदाता मुकुन्द! हे [राग-द्वेष, हर्ष-शोक, जन्म-मृत्यु आदि] द्वन्द्वलाई हरण गर्ने! हे शरणागतलाई सुख दिने प्रभु! हे दुष्ट-दलका नाशक! हे कारणहरूका पनि परम कारण (अशेषकारणपरं)! हे सधैं करुणा गर्ने! हे सर्वव्यापक विभो! हजुरको जय होस्। देवताले हर्षले भरिएर पुष्प बर्साएका छन्, धमाधम दुन्दुभि (नगरा) हरू बजिरहेका छन्। रणभूमिमा श्रीरामचन्द्रको अङ्गमा धेरै नै कामदेवको शोभा प्राप्त छ॥ १॥

**सिर जटा मुकुट प्रसून बिच बिच अति मनोहर राजहीं।**
**जनु नीलगिरि पर तड़ित पटल समेत उडुगन भ्राजहीं॥**
**भुजदंड सर कोदंड फेरत रुधिर कन तन अति बने।**
**जनु रायमुनीं तमाल पर बैठीं बिपुल सुख आपने॥**

शिरमा जटाहरूको मुकुट छ, जसको बीचबीचमा अत्यन्त मनोहर पुष्पले शोभा दिएको छ। मानौं नीलो पर्वतमा बिजुलीको समूहसहित नक्षत्र सुशोभित भइरहेको छ। श्रीरामले आफ्नो भुजदण्डले बाण र धनुष घुमाइरहनुभएको छ। शरीरमा रगतको छिटा अत्यन्त सुन्दर देखिएको छ, मानौं तमालको वृक्षमा धेरै नै राजपक्षी (राजपङ्खी) चरा आफ्नो महान् सुखमा मग्न भएर निश्चल बसेका छन्॥ २॥

दो०— **कृपादृष्टि करि बृष्टि प्रभु अभय किए सुर बृंद।**
**भालु कीस सब हरषे जय सुख धाम मुकुंद॥ १०३॥**

प्रभु श्रीरामचन्द्रले कृपा-दृष्टिको वर्षा गरेर देवसमूहलाई निर्भय बनाउनुभयो। बाँदर-भालु सबै हर्षित भएर सुखधाम मुकुन्दको जय होस्, यस्तो नारा लगाउन लागे॥ १०३॥

## ● मन्दोदरी-विलाप, रावणको अन्त्येष्टि-क्रिया ●

**पति सिर देखत मंदोदरी। मुरुछित बिकल धरनि खसि परी॥**
**जुबति बृंद रोवत उठि धाईं। तेहि उठाइ रावन पहिं आईं॥**

पतिको शिर देख्दा नै मन्दोदरी मूर्च्छित भएर भुइँमा लडी। आइमाईहरू रुँदै* उठेर उसलाई उठाएर रावण नजिक आए॥ १॥

**पति गति देखि ते करहिं पुकारा। छूटे कच नहिं बपुष सँभारा॥**
**उर ताड़ना करहिं बिधि नाना। रोवत करहिं प्रताप बखाना॥**

पतिको दशा देखेर ऊ बारम्बार चिच्च्याएर रोएकी छ। उसको केश फैलिएको छ, शरीरलाई सँभाल्न सकेकी छैन। उसले अनेक प्रकारले छाती पिटेर रुँदै रावणको प्रतापलाई वर्णन गरेकी छ॥ २॥

**तव बल नाथ डोल नित धरनी। तेज हीन पावक ससि तरनी॥**
**सेष कमठ सहि सकहिं न भारा। सो तनु भूमि परेउ भरि छारा॥**

* रावणले कैलाश पर्वत उठाउँदा शिवजीले पर्वत अँठ्याउनाले राव-राव भनेर रोएको र आफू जन्मेर बाँचुन्जेल पनि सबैलाई रुवाइरहेको र मरेपछि पनि रुवाएकोले 'रावण' नाम भएको हो। (वाल्मीकि रामायणबाट)

[उसले भनेकी छ— ] हे नाथ! हजुरको बलले पृथ्वी सधैं हल्लिन्थिन् (काम्दथिन्)। अग्नि, चन्द्रमा र सूर्य हजुर सम्मुख तेजहीन थिए। शेष र कछुवाले पनि जसको भार सहन गर्न सक्दैनथे, त्यही हजुरको शरीर आज धूलोले भरिएर (पुरिएर) पृथ्वीमा पल्टेको छ!॥ ३॥

**बरुन कुबेर सुरेस समीरा। रन सन्मुख धरि काहुँ न धीरा॥**
**भुजबल जितेहु काल जम साईं। आजु परेहु अनाथ की नाईं॥**

वरुण, कुबेर, इन्द्र र वायु यिनीहरूमध्ये कुनैले पनि रणमा हजुरको अगाडि धैर्य धारण गर्न (टिक्न) सकेनन्। हे स्वामी! हजुरले आफ्ना भुजाबलले काल र यमराजलाई पनि जित्नुभयो। उही हजुर आज अनाथका तरह पल्टिनुभएको छ॥ ४॥

**जगत बिदित तुम्हारि प्रभुताई। सुत परिजन बल बरनि न जाई॥**
**राम बिमुख अस हाल तुम्हारा। रहा न कोउ कुल रोवनिहारा॥**

हजुरको प्रभुता जगत्‌भरमा प्रसिद्ध छ। हजुरका पुत्रहरू र कुटुम्बीहरूको बललाई पनि वर्णन गर्न सकिँदैनथ्यो। श्रीरामचन्द्रसँग विमुख हुनाले नै हजुरको यस्तो दुर्दशा भएको छ कि आज कुलमा रुनेवाला* एउटा पनि रहेनन्!॥ ५॥

**तव बस बिधि प्रपंच सब नाथा। सभय दिसिप नित नावहिं माथा॥**
**अब तव सिर भुज जंबुक खाहीं। राम बिमुख यह अनुचित नाहीं॥**

हे नाथ! विधाताको सारा सृष्टि हजुरको अधीनमा थियो। लोकपाल सधैं भयभीत भएर हजुरलाई प्रणाम गर्दथे। किन्तु हाय! अहिले हजुरको शिरलाई स्याल र गिद्धले खाइरहेका छन्। रामविमुखका लागि यस्तो हुनु अनुचित पनि छैन (अर्थात् उचित नै छ)॥ ६॥

**काल बिबस पति कहा न माना। अग जग नाथु मनुज करि जाना॥**

हे स्वामी! कालको पूर्ण वशमा हुनाले हजुरले कसैको भनाइ मान्नुभएन र चराचरका नाथ परमात्मालाई मनुष्य ठान्नुभयो॥ ७॥

छं०— **जान्यो मनुज करि दनुज कानन दहन पावक हरि स्वयं।**
**जेहि नमत सिव ब्रह्मादि सुर पिय भजेहु नहिं करुनामयं॥**
**आजन्म ते परद्रोह रत पापौघमय तव तनु अयं।**
**तुम्हहू दियो निज धाम राम नमामि ब्रह्म निरामयं॥**

दैत्यरूपी वनलाई डढाल्न (जलाउन) को लागि अग्निरूप साक्षात् श्रीहरिलाई हजुरले मनुष्य मान्नुभयो। शिव र ब्रह्मा आदि देवता जसलाई नमस्कार गर्छन्, उनै करुणामय भगवान्‌लाई हे प्रियतम! हजुरले भज्नुभएन! हजुरको यो शरीर जन्मदेखि नै अरूसँग द्रोह गर्नमा तत्पर तथा

---

* ***रहा न कोउ कुल रोवनिहारा.....।*** ले जनाउँछ कि लङ्काभरिका सबै राक्षसहरूलाई लडाएर सबैलाई मुक्ति दिलायो, सबै आइमाईहरू विधवा भए। यसैले कुनै एउटा पनि पुरुष रुनेवाला भएनन्। (मानस-पीयूषबाट)

पापसमूहमय रह्यो। यस्तो हुँदा पनि जुन निर्विकार ब्रह्म श्रीरामले हजुरलाई आफ्नो धाम दिनुभयो, उहाँलाई मैले नमस्कार गर्दछु।

दो०— **अहह नाथ रघुनाथ सम कृपासिंधु नहिं आन।**
**जोगि बृंद दुर्लभ गति तोहि दीन्हि भगवान॥ १०४॥**

अहाहा! (ठूलो दुःख र शोकको कुरा छ कि यस्ता कृपासिन्धुको अनादर हजुरले गर्नुभयो।) हे नाथ! श्रीरामचन्द्रसमानका कृपाका समुद्र अरू कुनै छैनन्, जुन भगवान्‌ले हजुरलाई त्यो गति दिनुभयो जुन योगीसमाजलाई पनि दुर्लभ छ॥ १०४॥

**मंदोदरी बचन सुनि काना। सुर मुनि सिद्ध सबन्हि सुख माना॥**
**अज महेस नारद सनकादी। जे मुनिबर परमारथबादी॥**

मन्दोदरीका वचन कानले सुनेर देवता, मुनि र सिद्ध सबैले सुख माने। ब्रह्मा, महादेव, नारद र सनकादि तथा अरू पनि जुन परमार्थवादी (परमार्थको तत्त्वलाई जान्ने र भन्ने) श्रेष्ठ मुनि थिए॥ १॥

**भरि लोचन रघुपतिहि निहारी। प्रेम मगन सब भए सुखारी॥**
**रुदन करत देखीं सब नारी। गयउ बिभीषनु मन दुख भारी॥**

ती सबैले श्रीरघुनाथलाई दृष्टिभर हेरेर प्रेममा डुबे र अत्यन्त सुखी भए। आफ्ना घरका सबै स्त्रीहरू रोएको देखेर विभीषणको मनमा धेरै ठूलो दुःख भयो र उनी तिनीहरू नजिक गए॥ २॥

**बंधु दसा बिलोकि दुख कीन्हा। तब प्रभु अनुजहि आयसु दीन्हा॥**
**लछिमन तेहि बहु बिधि समुझायो। बहुरि बिभीषन प्रभु पहिं आयो॥**

उनले दाजुको दशा देखेर दुःख व्यक्त गरे। फेरि श्रीरामले भाइलाई आज्ञा दिनुभयो [कि गएर विभीषणलाई धैर्य गराऊ अथवा फुलाऊ]। लक्ष्मणजीले उनलाई धेरै प्रकारले सम्झाउनुभयो। फेरि विभीषण प्रभुसँग आए॥ ३॥

**कृपादृष्टि प्रभु ताहि बिलोका। करहु क्रिया परिहरि सब सोका॥**
**कीन्हि क्रिया प्रभु आयसु मानी। बिधिवत देस काल जियँ जानी॥**

प्रभुले उनलाई कृपादृष्टिले हेर्नुभयो [र भन्नुभयो— ] सबै शोक त्याग गरेर रावणको अन्त्येष्टि क्रिया गर। प्रभुको आज्ञा मानेर र हृदयमा देश र काललाई विचार गरेर विभीषणले विधिपूर्वक सबै क्रिया गरे॥ ४॥

दो०— **मंदोदरी आदि सब देइ तिलांजलि ताहि।**
**भवन गईं रघुपति गुन गन बरनत मन माहि॥ १०५॥**

मन्दोदरी आदि सबै स्त्री (रानी) हरूले उसलाई (रावणलाई) तिलाञ्जलि* दिएर मनमा श्रीरामका गुणगान गर्दै महलमा गए॥ १०५॥

---

* **तिलाञ्जलि—**मृतकको शरीर जलेपछि स्नान गरेर हातको अञ्जलिमा जल भरेर त्यसमा तिल राखेर मृतकको नाममा छोड्ने रीति छ। उसलाई तिलाञ्जलि भनिन्छ। विभीषणले विधिवत् अग्निसंस्कार गरेर फेरि स्नान गरी चिसा

## * विभीषणको राज्याभिषेक *

**आइ बिभीषन पुनि सिरु नायो। कृपासिंधु तब अनुज बोलायो॥**
**तुम्ह कपीस अंगद नल नीला। जामवंत मारुति नयसीला॥**
**सब मिलि जाहु बिभीषन साथा। सारेहु तिलक कहेउ रघुनाथा॥**
**पिता बचन मैं नगर न आवउँ। आपु सरिस कपि अनुज पठावउँ॥**

सबै क्रिया–कर्म गरेपछि विभीषणले आएर पुनः शिर निहुराए। फेरि कृपाका समुद्र श्रीरामले भाइ लक्ष्मणजीलाई बोलाउनुभयो र भन्नुभयो कि तिमी, बाँदरराज सुग्रीव, अङ्गद, नल, नील, जाम्बवान् र मारुति सबै नीतिनिपुण व्यक्तिहरू मिलेर विभीषणसमक्ष जाओ र उनलाई राजतिलक गर। पिताजीका वचनका कारण म नगरमा जान सक्तिन। तर आफू समान बाँदर र भाइलाई पठाउँछु॥ १–२॥

**तुरत चले कपि सुनि प्रभु बचना। कीन्ही जाइ तिलक की रचना॥**
**सादर सिंहासन बैठारी। तिलक सारि अस्तुति अनुसारी॥**

प्रभुका वचन सुनेर बाँदर तुरुन्तै हिँडे र उनीहरू गएर राजतिलकको सबै व्यवस्था गरे। आदरका साथ विभीषणलाई सिंहासनमा बसालेर राजतिलक गरी स्तुति गरे॥ ३॥

**जोरि पानि सबहीं सिर नाए। सहित बिभीषन प्रभु पहिं आए॥**
**तब रघुबीर बोलि कपि लीन्हे। कहि प्रिय बचन सुखी सब कीन्हे॥**

सबैले हात जोडेर शिर निहुराए। तदनन्तर विभीषणजीसहित सबै प्रभुसमक्ष आए। अनि श्रीरघुवीरले बाँदरहरूलाई बोलाउनुभयो र प्रिय वचन बोलेर सबैलाई सुखी बनाउनुभयो॥ ४॥

छं०— **किए सुखी कहि बानी सुधा सम बल तुम्हारें रिपु हयो।**
**पायो बिभीषन राज तिहुँ पुर जसु तुम्हारो नित नयो॥**
**मोहि सहित सुभ कीरति तुम्हारी परम प्रीति जो गाइहैं।**
**संसार सिंधु अपार पार प्रयास बिनु नर पाइहैं॥**

भगवान्ले अमृतजस्ता यी वाणी बोलेर सबैलाई आनन्दित बनाउनुभयो कि तिमीहरूको नै बलले यो प्रबल शत्रु मारियो र विभीषणले राज्य पाए। यसको कारण तिमीहरूको यश तीन लोकमा नै दिनहुँ नयाँ बनिरहनेछ। जुन मानिसले मसहित तिमीहरूको शुभ कीर्तिलाई अगाध प्रेमका साथ गाउनेछन् उनीहरू विनापरिश्रम नै यस अपार संसारसागरबाट पार पाउनेछन् (तर्ने छन्)।

दो०— **प्रभु के बचन श्रवन सुनि नहिं अघाहिं कपि पुंज।**
**बार बार सिर नावहिं गहहिं सकल पद कंज॥ १०६॥**

---

अथवा धोएका कपडा लगाए। तिल, कुश र जलले तिलाञ्जलि दिए। तत्पश्चात् रानीहरूलाई सम्झाएर शान्त गरेर जानलाई आज्ञा दिए, तब उनीहरू गए। (श्रीमद्वाल्मीकीय रामायण यु० का० १११।१२०—१२२ बाट उद्धृत)

प्रभुका वचन सुनेर बाँदर-समूह तृप्त हुँदैनथे। उनीहरू सबैले बारम्बार शिर निहुराएका छन् र चरण समातेका छन्॥ १०६॥

**पुनि प्रभु बोलि लियउ हनुमाना। लंका जाहु कहेउ भगवाना॥**
**समाचार जानकिहि सुनावहु। तासु कुसल लै तुम्ह चलि आवहु॥**

फेरि प्रभुले हनुमान्‌जीलाई बोलाउनुभयो र भन्नुभयो—तिमी लङ्का जाऊ। जानकीलाई सबै समाचार सुनाऊ र उनको कुशल-समाचार लिएर तिमी आइहाल्नू॥ १॥

**तब हनुमंत नगर महुँ आए। सुनि निसिचरी निसाचर धाए॥**
**बहु प्रकार तिन्ह पूजा कीन्ही। जनकसुता देखाइ पुनि दीन्ही॥**

अनि हनुमान्‌जी नगरमा आउनुभयो। यस्तो समाचार सुनेर राक्षस-राक्षसी [उहाँको सत्कारको लागि] दौडे। उनीहरूले धेरै प्रकारले हनुमान्‌जीको पूजा गरेर फेरि जानकीजीलाई देखाए॥ २॥

## * हनुमान्‌जीले सीताजीलाई कुशल सुनाउनु, सीताजीको आगमन र अग्निपरीक्षा *

**दूरिहि ते प्रनाम कपि कीन्हा। रघुपति दूत जानकीं चीन्हा॥**
**कहहु तात प्रभु कृपानिकेता। कुसल अनुज कपि सेन समेता॥**

हनुमान्‌जीले [सीताजीलाई] टाढाबाटै प्रणाम गर्नुभयो। जानकीजीले जान्नुभयो कि यिनी श्रीरघुपतिका दूत हुन् [र सोध्नुभयो—] हे तात! भन, कृपाका धाम मेरा प्रभु भाइ लक्ष्मण र बाँदरहरूका सेनासहित कुशलता त छ?॥ ३॥

**सब बिधि कुसल कोसलाधीसा। मातु समर जीत्यो दससीसा॥**
**अबिचल राजु बिभीषन पायो। सुनि कपि बचन हरष उर छायो॥**

[हनुमान्‌जीले भन्नुभयो—] हे माता! कोसलपति श्रीराम सबै प्रकारले सकुशल होइबक्सिन्छ। उहाँले सङ्ग्राममा दशवटा शिर भएको रावणलाई जितिबक्सियो र विभीषणले अचल राज्य प्राप्त गरे। हनुमान्‌जीका वचन सुनेर सीताजीको हृदयमा (अत्यन्तै ठूलो) हर्ष भरियो॥ ४॥

छं०— **अति हरष मन तन पुलक लोचन सजल कह पुनि पुनि रमा।**
**का देउँ तोहि त्रैलोक महुँ कपि किमपि नहिं बानी समा॥**
**सुनु मातु मैं पायो अखिल जग राजु आजु न संसयं।**
**रन जीति रिपुदल बंधु जुत पस्यामि राममनामयं॥**

श्रीजानकीजीको हृदयमा अत्यन्त हर्ष भयो। उहाँको शरीर रोमाञ्चित भयो र नेत्रमा [आनन्दाश्रुका] जल भरिए। उहाँले घरी-घरी भन्नुहुन्छ—हे हनुमान्! मैले तिमीलाई के दिऊ? यो वाणी (समाचार) को समान तीनै लोकमा नै अरू केही पनि छैन! [हनुमान्‌जीले भन्नुभयो—] हे माता

सुनिबक्सियोस्, मैले आज निःसन्देह सम्पूर्ण जगत्को राज्य पाएको छु, जुन मैले रणमा शत्रुसेनालाई जितेर भाइसहित निर्विकार श्रीरामजीको दर्शन गरिरहेको छु।

**दो०— सुनु सुत सदगुन सकल तव हृदयँ बसहुँ हनुमंत।**
**सानुकूल कोसलपति रहहुँ समेत अनंत॥ १०७॥**

[जानकीजीले भन्नुभयो— ] हे पुत्र! सुन, समस्त सद्‌गुण तिम्रो हृदयमा बसून् र हे हनुमान्! शेष (लक्ष्मणजी) सहित कोसलपति प्रभु सधैं तिमीप्रति प्रसन्न होइबक्सियोस्॥ १०७॥

**अब सोइ जतन करहु तुम्ह ताता। देखौं नयन स्याम मृदु गाता॥**
**तब हनुमान राम पहिं जाई। जनकसुता कै कुसल सुनाई॥**

हे तात! अब तिमीले उही उपाय गर, जसले मैले यी नेत्रले प्रभुका कोमल श्याम शरीरको दर्शन गर्न सकौं। फेरि श्रीरामचन्द्रसँग गएर हनुमान्‌जीले जानकीजीको कुशल समाचार सुनाउनुभयो॥ १॥

**सुनि संदेसु भानुकुलभूषन। बोलि लिए जुबराज बिभीषन॥**
**मारुतसुत के संग सिधावहु। सादर जनकसितहि लै आवहु॥**

सूर्यकुलभूषण श्रीरामले सन्देश सुनेर युवराज अङ्गद र विभीषणलाई बोलाउनुभयो [र भन्नुभयो— ] पवनपुत्र हनुमान्‌सँग जाऊ र जानकीलाई आदरका साथ लिएर आऊ॥ २॥

**तुरतहिं सकल गए जहँ सीता। सेवहिं सब निसिचरीं बिनीता॥**
**बेगि बिभीषन तिन्हहि सिखायो। तिन्ह बहु बिधि मज्जन करवायो॥**

उनीहरू सबै तुरुन्तै वहाँ गए जहाँ सीताजी हुनुहुन्थ्यो। सबै राक्षसीहरूले नम्रतापूर्वक उहाँको सेवा गरिरहेका थिए। विभीषणले शीघ्र नै उनीहरूलाई सम्झाए। उनीहरूले धेरै प्रकारले सीताजीलाई स्नान गराए*,॥ ३॥

**बहु प्रकार भूषन पहिराए। सिबिका रुचिर साजि पुनि ल्याए॥**
**ता पर हरषि चढ़ी बैदेही। सुमिरि राम सुखधाम सनेही॥**

नाना प्रकारका गहना लगाइदिए र फेरि उनीहरूले एक सुन्दर पालकी सजाएर ल्याए। सीताजी प्रसन्न भएर सुखका धाम प्रियतम श्रीरामलाई स्मरण गरेर त्यसमा अत्यन्तै हर्षका साथ चढ्नुभयो॥ ४॥

**बेतपानि रच्छक चहु पासा। चले सकल मन परम हुलासा॥**
**देखन भालु कीस सब आए। रच्छक कोपि निवारन धाए॥**

चारैतर्फ हातमा लौरा लिएका रक्षक हिंडे। सबैको मनमा परम उल्लास (उमङ्ग) छ। भालु-बाँदर सबै दर्शन गर्नको लागि आए, अनि रक्षक क्रोध गरेर उनीहरूलाई रोक्न दौडे॥ ५॥

---

* *'बहु बिधि'* शिरको जटा अथवा चुल्ठोलाई मिलाएर, उत्तम अङ्गराग आदि लगाएर सुगन्धित जलले स्नान गराए, इत्यादि। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**कह रघुबीर कहा मम मानहु। सीतहि सखा पयादें आनहु॥**
**देखहुँ कपि जननी की नाईं। बिहसि कहा रघुनाथ गोसाईं॥**

श्रीरघुवीरले भन्नुभयो— हे मित्र! मेरो भनाइ मान र सीतालाई पैदल लिएर आऊ, जसले बाँदरले उनीलाई मातातुल्य हेर्न सकून्। गोसाईं श्रीरामले हाँसेर यस्तो भन्नुभयो॥ ६॥

**सुनि प्रभु बचन भालु कपि हरषे। नभ ते सुरन्ह सुमन बहु बरषे॥**
**सीता प्रथम अनल महुँ राखी। प्रगट कीन्हि चह अंतर साखी॥**

प्रभुका वचन सुनेर भालु-बाँदर हर्षित भए। आकाशबाट देवताहरूले धेरै नै फूल बर्साए। सीताजी [को सक्कली रूप] लाई पहिला अग्निमा राखिएको थियो। अब भित्रका साक्षी भगवान्ले उसलाई प्रकट गर्न चाहन्छन्॥ ७॥

दो०— **तेहि कारन करुनानिधि कहे कछुक दुर्बाद।**
**सुनत जातुधानीं सब लागीं करै बिषाद॥ १०८॥**

यही कारणले करुणाका भण्डार श्रीरामले लीलापूर्वक केही कटु वचन भन्नुभयो, जसलाई सुनेर सबै राक्षसीहरूले दुःख मान्न लागे॥ १०८॥

**प्रभु के बचन सीस धरि सीता। बोली मन क्रम बचन पुनीता॥**
**लछिमन होहु धरम के नेगी। पावक प्रगट करहु तुम्ह बेगी॥**

प्रभुका वचनलाई शिरमा चढाएर मन, वचन र कर्मले पवित्र सीताजीले भन्नुभयो— हे लक्ष्मण! तपाईं मेरो धर्माचरणमा सहायक हुनुहोस् [र पुण्य लिनुहोस्] तसर्थ तुरुन्तै आगो तयार गर्नुहोस्॥ १॥

**सुनि लछिमन सीता कै बानी। बिरह बिबेक धरम निति सानी॥**
**लोचन सजल जोर कर दोऊ। प्रभु सन कछु कहि सकत न ओऊ॥**

सीताजीको विरह, विवेक, धर्म र नीतिमा मुछिएका वाणी सुनेर लक्ष्मणजीको नेत्रमा [विषादका आँसुहरूका] जल भरिए। उहाँ दुवै हात जोडेर उभिनुभयो। उहाँले पनि प्रभुसँग केही भन्न सक्नुभएन॥ २॥

**देखि राम रुख लछिमन धाए। पावक प्रगटि काठ बहु लाए॥**
**पावक प्रबल देखि बैदेही। हृदयँ हरष नहिं भय कछु तेही॥**

फेरि श्रीरामको आशय बुझेर लक्ष्मणजी दौडनुभयो र आगो तयार गरेर धेरै नै दाउरा ल्याउनुभयो। अग्निलाई खुब बल्दै (दन्कदै) गरेको देखेर जानकीजीको हृदयमा हर्ष भयो। उहाँलाई कत्ति पनि भय भएन॥ ३॥

**जौं मन बच क्रम मम उर माहीं। तजि रघुबीर आन गति नाहीं॥**
**तौ कृसानु सब कै गति जाना। मो कहुँ होउ श्रीखंड समाना॥**

[सीताजीले लीलापूर्वक भन्नुभयो— ] यदि मन, वचन र कर्मले मेरो हृदयमा श्रीरघुवीरजीलाई छोडेर अन्य गति (आश्रय) छैन भने, हे अग्निदेव जसले सबैको मनको गति जान्नुहुन्छ, [मेरो पनि मनको गति जानेर] मेरो लागि चन्दन (श्रीखण्ड) को समान शीतल हुनुहोस्॥ ४॥

छं०— **श्रीखंड सम पावक प्रबेस कियो सुमिरि प्रभु मैथिली।**
**जय कोसलेस महेस बंदित चरन रति अति निर्मली॥**
**प्रतिबिंब अरु लौकिक कलंक प्रचंड पावक महुँ जरे।**
**प्रभु चरित काहुँ न लखे नभ सुर सिद्ध मुनि देखहिं खरे॥**

प्रभु श्रीरामलाई स्मरण गरेर र जसका चरण महादेवजीद्वारा वन्दित छन् तथा जसमा सीताजीको अत्यन्त विशुद्ध प्रीति छ, उनै कोसलपतिको जय बोलेर मिथिलेशनन्दिनीजीले चन्दनसमान शीतल भएको अग्निमा प्रवेश गर्नुभयो। प्रतिविम्ब (सीताजीको छायामूर्ति) र उहाँको लौकिक कलङ्क प्रचण्ड अग्निमा जले। प्रभुका यी चरित्रलाई कसैले जानेनन्। देवता, सिद्ध र मुनि सबै आकाशमा उभिएर हेरिरहेका थिए॥ १॥

**धरि रूप पावक पानि गहि श्री सत्य श्रुति जग बिदित जो।**
**जिमि छीरसागर इंदिरा रामहि समर्पी आनि सो॥**
**सो राम बाम बिभाग राजति रुचिर अति सोभा भली।**
**नव नील नीरज निकट मानहुँ कनक पंकज की कली॥**

अनि अग्निदेवले शरीर धारण गरेर वेदमा र जगत्‌मा प्रसिद्ध वास्तविक श्री (सीताजी) को हात समातेर उहाँलाई श्रीरामलाई यस्तो प्रकारले समर्पित गरे, जस्तो प्रकारले क्षीरसागरले विष्णुभगवान्‌लाई लक्ष्मी समर्पित गरेका थिए। उहाँ (सीताजी) श्रीरामचन्द्रको वाम भागमा विराजित हुनुभयो। उहाँको उत्तम शोभा अत्यन्तै सुन्दर छ। मानौं नयाँ फुलेको नीलो कमलसँग सुनको कमलको कोपिला सुशोभित भएको छ॥ २॥

## * देवताहरूको स्तुति, इन्द्रले अमृत बर्साउनु *

दो०— **बरषहिं सुमन हरषि सुर बाजहिं गगन निसान।**
**गावहिं किंनर सुरबधू नाचहिं चढ़ीं बिमान॥ १०९ (क)॥**

देवता हर्षित भएर फूल बर्साउन लागे। आकाशमा नगराहरू बज्न लागे। किन्नरले गाउन लागे। विमानमा चढेर अप्सराहरू नाच्न लागे॥ १०९ (क)॥

**जनकसुता समेत प्रभु सोभा अमित अपार।**
**देखि भालु कपि हरषे जय रघुपति सुख सार॥ १०९ (ख)॥**

श्रीजानकीसहित प्रभु श्रीरामचन्द्रको अपरिमित र अपार शोभा देखेर भालु-बाँदर हर्षित भए र सुखका सार श्रीरघुनाथको जयको नारा लगाउन लागे॥ १०९ (ख)॥

**तब रघुपति अनुसासन पाई। मातलि चलेउ चरन सिरु नाई॥**
**आए देव सदा स्वारथी। बचन कहहिं जनु परमारथी॥**

त्यसपछि श्रीरघुनाथको आज्ञा पाएर इन्द्रका सारथि मातलि चरणमा शिर निहुराएर [रथ लिएर] गए। तदनन्तर सधैं स्वार्थ मात्र देख्ने देवतागण आए। उनीहरूले यस्ता वचन भनिरहेका छन् मानौं ठूला परमार्थी हुन्॥ १॥

**दीन बंधु दयाल रघुराया। देव कीन्हि देवन्ह पर दाया॥**
**बिस्व द्रोह रत यह खल कामी। निज अघ गयउ कुमारगगामी॥**

हे दीनबन्धु! हे दयालु रघुराज! हे परमदेव! हजुरले देवताहरूप्रति ठूलो दया गरिबक्सियो। विश्वको द्रोहमा तत्पर यो दुष्ट, कामी र कुमार्गमा हिँड्ने रावण आफ्नो नै पापले नष्ट भएको छ॥ २॥

**तुम्ह समरूप ब्रह्म अबिनासी। सदा एकरस सहज उदासी॥**
**अकल अगुन अज अनघ अनामय। अजित अमोघसक्ति करुनामय॥**

हजुर समरूप, ब्रह्म, अविनाशी, नित्य, एकरस, स्वभावले नै उदासीन (शत्रु-मित्र-भावरहित), अखण्ड, निर्गुण (मायिक गुणदेखि रहित), अजन्मा, निष्पाप, निर्विकार, अजेय, अमोघशक्ति (जसको शक्ति कहिल्यै व्यर्थ हुँदैन) र दयामय होइबक्सिन्छ॥ ३॥

**मीन कमठ सूकर नरहरी। बामन परसुराम बपु धरी॥**
**जब जब नाथ सुरन्ह दुखु पायो। नाना तनु धरि तुम्हइँ नसायो॥**

हजुरले नै मत्स्य, कच्छप, वराह, नृसिंह, वामन र परशुरामको शरीर धारण गरिबक्सियो। हे नाथ! जब-जब देवताहरूले दु:ख पाउँछन्, तब-तब अनेकौं शरीर धारण गरेर हजुरले नै उनीहरूको दु:खलाई नाश गरिबक्सिएको छ॥ ४॥

**यह खल मलिन सदा सुरद्रोही। काम लोभ मद रत अति कोही॥**
**अधम सिरोमनि तव पद पावा। यह हमरें मन बिसमय आवा॥**

यो दुष्ट, मलिनहृदय, देवताहरूको नित्य शत्रु, काम, लोभ र मदमा परायण (तत्पर) तथा अत्यन्त क्रोधी थियो। यस्तो अधमको शिरोमणिले पनि हजुरको परमपद पायो। यस कुराले हाम्रो मनमा आश्चर्य भएको छ॥ ५॥

**हम देवता परम अधिकारी। स्वारथ रत प्रभु भगति बिसारी॥**
**भव प्रबाहँ संतत हम परे। अब प्रभु पाहि सरन अनुसरे॥**

हामी देवता श्रेष्ठ अधिकारी भएर पनि स्वार्थपरायण हुनाले हजुरको भक्तिलाई भुलेर निरन्तर भवसागरको प्रवाह (जन्म-मृत्युको चक्र) मा परिरहन्छौं। अब हे प्रभु! हामी हजुरको शरणमा आएका छौं, हामीहरूलाई रक्षा गरिबक्सियोस्॥ ६॥

**दो०— करि बिनती सुर सिद्ध सब रहे जहँ तहँ कर जोरि।**
**अति सप्रेम तन पुलकि बिधि अस्तुति करत बहोरि॥ ११०॥**

बिन्ती गरेर देवता र सिद्ध सबै जहाँ-को-त्यहाँ हात जोडेर उभिइरहे। फेरि अत्यन्त प्रेमले रोमाञ्चित भएर ब्रह्माजीले स्तुति गर्न लाग्नुभयो— ॥ ११० ॥

**छं०— जय राम सदा सुखधाम हरे। रघुनायक सायक चाप धरे।**
**भव बारन दारन सिंह प्रभो। गुन सागर नागर नाथ बिभो॥**

हे नित्य सुखधाम र [दु:खहरूलाई हरण गर्ने] हरि! हे धनुष-बाण धारण गरिबक्सिएका रघुनाथजी! हजुरको जय होस्। हे प्रभु! हजुर भव (जन्म-मरण) रूपी हात्तीलाई विदीर्ण (नष्ट) गर्नको लागि सिंहसमान होइबक्सिन्छ। हे नाथ! हे सर्वव्यापक! हजुर गुणहरूका समुद्र र परम चतुर होइबक्सिन्छ॥ १ ॥

**तन काम अनेक अनूप छबी। गुन गावत सिद्ध मुनींद्र कबी।**
**जसु पावन रावन नाग महा। खगनाथ जथा करि कोप गहा॥**

हजुरका शरीरको अनेकौं कामदेवका समान, परन्तु अनुपम छवि छ। सिद्ध, मुनीश्वर र कविले हजुरको गुणलाई गाउँदै रहन्छन्। हजुरको यश पवित्र छ। हजुरले रावणरूपी महासर्पलाई गरुडले झैं क्रोध गरेर समाति (झम्टि) बक्सियो॥ २ ॥

**जन रंजन भंजन सोक भयं। गतक्रोध सदा प्रभु बोधमयं।**
**अवतार उदार अपार गुनं। महि भार बिभंजन ग्यानघनं॥**

हे प्रभो! हजुर सेवकहरूलाई आनन्द दिनेवाला, शोक र भयलाई नाश गर्नेवाला, सधैं क्रोधरहित र नित्य ज्ञानस्वरूप होइबक्सिन्छ। हजुरको अवतार श्रेष्ठ, अपार दिव्य गुणवाला, पृथ्वीको भार उतार्नेवाला र ज्ञानको समूह (भण्डार) हो॥ ३ ॥

**अज ब्यापकमेकमनादि सदा। करुनाकर राम नमामि मुदा।**
**रघुबंस बिभूषन दूषन हा। कृत भूप बिभीषन दीन रहा॥**

[किन्तु अवतार लिँदा पनि] हजुर नित्य, अजन्मा, व्यापक, एक (अद्वितीय) र अनादि होइबक्सिन्छ। हे करुणाका खानी श्रीराम! हजुरलाई ठूलो हर्षका साथ नमस्कार गर्दछु। हे रघुकुलका आभूषण! हे दूषण राक्षसलाई मार्ने तथा समस्त दोषहरूलाई हरण गर्ने! विभीषण दीन थिए, उनलाई हजुरले [लङ्काको] राजा बनाइबक्सियो॥ ४ ॥

**गुन ग्यान निधान अमान अजं। नित राम नमामि बिभुं बिरजं।**
**भुजदंड प्रचंड प्रताप बलं। खल बृंद निकंद महा कुसलं॥**

हे गुण र ज्ञानका भण्डार! हे मानरहित! हे अजन्मा, व्यापक र मायिक विकारले रहित श्रीराम! मैले हजुरलाई नित्य नमस्कार गर्दछु। हजुरका भुजदण्डहरूको प्रताप र बल प्रचण्ड छ। दुष्टसमूहलाई नाश गर्न हजुर परम निपुण होइबक्सिन्छ॥ ५ ॥

**बिनु कारन दीन दयाल हितं। छबि धाम नमामि रमा सहितं।**
**भव तारन कारन काज परं। मन संभव दारुन दोष हरं॥**

हे विनाकारण दीनहरूप्रति दया तथा उनलाई हित गर्ने शोभाका धाम! मैले श्रीजानकीसहित हजुरलाई नमस्कार गर्दछु। हजुर भवसागरबाट तार्नेवाला, करुणारूपी प्रकृति र कार्यरूप जगत् दुवैबाट टाढै (परै, पर) होइबक्सिन्छ र मनमा उत्पन्न हुने कठिन दोषहरूलाई नष्ट गर्नेवाला होइबक्सिन्छ॥ ६॥

**सर चाप मनोहर त्रोन धरं। जलजारुन लोचन भूपबरं।**
**सुख मंदिर सुंदर श्रीरमनं। मद मार मुधा ममता समनं॥**

हजुर मनोहर बाण, धनुष र तरकस धारण गर्नेवाला होइबक्सिन्छ। [रातो] कमलका समान रक्तवर्ण हजुरका नेत्र छन्। हजुर राजाहरूमा श्रेष्ठ, सुखका मन्दिर, सुन्दर श्री (लक्ष्मीजी) का वल्लभ तथा मद (अहङ्कार), काम र झूटो ममतालाई नाश गर्नेवाला होइबक्सिन्छ॥ ७॥

**अनवद्य अखंड न गोचर गो। सबरूप सदा सब होइ न गो।**
**इति बेद बदंति न दंतकथा। रबि आतप भिन्नमभिन्न जथा॥**

हजुर अनिन्द्य या दोषरहित तथा अखण्ड होइबक्सिन्छ, इन्द्रिहरूलाई विषय छैन। सदैव सर्वरूप हुँदाखेरि पनि हजुर ती सबै कहिल्यै होइबक्सिएन, यस्तो वेदले भन्छन्। यो [कुनै] दन्त्यकथा [कोरा कल्पना] होइन। जस्तै सूर्य र सूर्यको प्रकाश अलग-अलग हुन्छ र अलग हुँदैन पनि, त्यस्तै नै हजुर पनि संसारमा भिन्न तथा अभिन्न दुवै नै होइबक्सिन्छ॥ ८॥

**कृतकृत्य बिभो सब बानर ए। निरखंति तवानन सादर ए।**
**धिग जीवन देव सरीर हरे। तव भक्ति बिना भव भूलि परे॥**

हे व्यापक प्रभु! यी सबै बाँदर कृतार्थरूप छन्, जसले आदरपूर्वक यिनीहरूले हजुरको मुखकमल हेरिरहेका छन्। [र] हे हरे! मेरो [अमर] जीवन र देव (दिव्य) शरीरलाई धिक्कार छ, जुन म हजुरको भक्तिले विमुख भएर संसारमा (सांसारिक विषयमा) भुलेको छु॥ ९॥

**अब दीनदयाल दया करिऐ। मति मोरि बिभेदकरी हरिऐ।**
**जेहि ते बिपरीत क्रिया करिऐ। दुख सो सुख मानि सुखी चरिऐ॥**

हे दीनदयालु! अब दया गरिबक्सियोस् र मेरो त्यो विभेद उत्पन्न गर्ने बुद्धिलाई नष्ट (हरण) गरिबक्सियोस्, जसले मैले विपरीत कर्म गर्दछु र जुन दुःख रूप छ, उसलाई सुख रूप मानेर आनन्दले भ्रमण गर्दछु॥ १०॥

**खल खंडन मंडन रम्य छमा। पद पंकज सेवित संभु उमा।**
**नृप नायक दे बरदानमिदं। चरनांबुज प्रेमु सदा सुभदं॥**

हजुर दुष्टहरूलाई खण्डन (टुक्रा-टुक्रा) गर्नेवाला र पृथ्वीका रमणीय आभूषण होइबक्सिन्छ।

हजुरका चरण-कमल श्री शिव-पार्वतीद्वारा सेवित छन्। हे राजाहरूका महाराज! मलाई यो वरदान दिइबक्सियोस् कि हजुरका चरणकमलमा सधैं मेरो कल्याणदायक [अनन्य] प्रेम होस्॥ ११॥

दो०— **बिनय कीन्हि चतुरानन प्रेम पुलक अति गात।**
**सोभासिंधु बिलोकत लोचन नहीं अघात॥ १११॥**

यस प्रकार ब्रह्माजीले अत्यन्त प्रेमपूर्वक रोमाञ्चित भएर बिन्ती गर्नुभयो। शोभाका समुद्र श्रीरामको दर्शन बारम्बार गर्दा पनि उहाँका नेत्र तृप्त भएका छैनन्॥ १११॥

**तेहि अवसर दसरथ तहँ आए। तनय बिलोकि नयन जल छाए॥**
**अनुज सहित प्रभु बंदन कीन्हा। आसिरबाद पिताँ तब दीन्हा॥**

त्यही समयमा दशरथजी त्यहाँ आउनुभयो। पुत्र (श्रीराम) लाई देखेर उहाँका नेत्र [प्रेमाश्रुको कारणले] टलपलाए। भाइ लक्ष्मणजीसहित प्रभुले उहाँलाई प्रणाम गर्नुभयो र पिताजीले उहाँहरूलाई आशीर्वाद दिनुभयो॥ १॥

**तात सकल तव पुन्य प्रभाऊ। जीत्यों अजय निसाचर राऊ॥**
**सुनि सुत बचन प्रीति अति बाढ़ी। नयन सलिल रोमावलि ठाढ़ी॥**

[श्रीरामले भन्नुभयो— ] हे तात! यो सबै हजुरका पुण्यहरूको प्रभाव हो, जुन मैले अजेय राक्षसराजलाई जितेको छु। पुत्रका वचन सुनेर उहाँको प्रीति अत्यन्त बढ्यो। नेत्रमा जल भरियो र रोमावली ठाडा भए॥ २॥

**रघुपति प्रथम प्रेम अनुमाना। चितइ पितहि दीन्हेउ दृढ़ ग्याना॥**
**ताते उमा मोच्छ नहिं पायो। दसरथ भेद भगति मन लायो॥**

श्रीरघुनाथले पहिलाको (जीवित कालको) प्रेमलाई विचार गरेर, पितातर्फ हेरेर नै उहाँलाई आफ्नो स्वरूपको दृढ ज्ञान गराउनुभयो। हे उमा! दशरथजीले भेद-भक्तिमा आफ्नो मन लगाउनुभएको थियो, यसैले उहाँले [कैवल्य] मोक्ष पाउनुभएन॥ ३॥

**सगुनोपासक मोच्छ न लेहीं। तिन्ह कहुँ राम भगति निज देहीं॥**
**बार बार करि प्रभुहि प्रनामा। दसरथ हरषि गए सुरधामा॥**

[मायारहित सच्चिदानन्दमय स्वरूपभूत दिव्यगुणयुक्त] सगुणस्वरूपको उपासना गर्ने भक्तहरूले यस्तो प्रकारको मोक्ष पनि लिंदैनन्। उनीहरूलाई श्रीरामले आफ्नो भक्ति दिनुहुन्छ। प्रभुलाई [इष्टबुद्धिले] घरी-घरी प्रणाम गरेर दशरथजी हर्षित हुँदै देवलोकमा जानुभयो॥ ४॥

दो०— **अनुज जानकी सहित प्रभु कुसल कोसलाधीस।**
**सोभा देखि हरष मन अस्तुति कर सुर ईस॥ ११२॥**

भाइ लक्ष्मणजी र जानकीजीसहित परम कुशल प्रभु श्रीकोसलाधीशको शोभा देखेर देवराज इन्द्रले मनमा हर्षित भएर स्तुति गर्न लागे— ॥ ११२॥

छं०— **जय राम सोभा धाम। दायक प्रनत बिश्राम।**
**धृत त्रोन बर सर चाप। भुजदंड प्रबल प्रताप॥**

शोभाका धाम, शरणागतलाई विश्राम दिने, श्रेष्ठ तरकस (ठोक्रो), धनुष र बाण धारण गरिबक्सिएका, प्रबल प्रतापी भुजदण्डवाला श्रीरामचन्द्रको जय होस्!॥ १॥

**जय दूषनारि खरारि। मर्दन निसाचर धारि।**
**यह दुष्ट मारेउ नाथ। भए देव सकल सनाथ॥**

हे खर र दूषणका शत्रु र राक्षसका सेनाहरूलाई नष्ट गर्नुहुने! हजुरको जय होस्! हे नाथ! हजुरले यो दुष्टलाई मारिबक्सियो, जसले सबै देवता सनाथ (सुरक्षित) भए॥ २॥

**जय हरन धरनी भार। महिमा उदार अपार।**
**जय रावनारि कृपाल। किए जातुधान बिहाल॥**

हे भूमिको भार हरण गर्नेवाला! हे अपार श्रेष्ठ महिमा हुनुभएका! हजुरको जय होस्! हे रावणका शत्रु! हे कृपालु! हजुरको जय होस्। हजुरले राक्षसहरूलाई बेहाल (तहस-नहस) गराइबक्सियो॥ ३॥

**लंकेस अति बल गर्ब। किए बस्य सुर गंधर्ब।**
**मुनि सिद्ध नर खग नाग। हठि पंथ सब कें लाग॥**

लङ्कापति रावणलाई आफ्नो बलको धेरै घमण्ड थियो। उसले देवता र गन्धर्व सबैलाई आफ्नो वशमा पारेको थियो र यति मात्र होइन उसले मुनि, सिद्ध, मनुष्य, पक्षी र नाग आदि सबैको पछाडि हठपूर्वक लाग्दथ्यो॥ ४॥

**परद्रोह रत अति दुष्ट। पायो सो फलु पापिष्ट।**
**अब सुनहु दीन दयाल। राजीव नयन बिसाल॥**

ऊ अर्कासँग द्रोह गर्नमा तत्पर र अत्यन्त दुष्ट थियो। त्यस पापीले उस्तै फल पायो। अब हे दीनहरूप्रति दया गर्नेवाला प्रभु! हे कमलका समान विशाल नेत्र हुनुभएका! सुनिबक्सियोस्॥ ५॥

**मोहि रहा अति अभिमान। नहिं कोउ मोहि समान।**
**अब देखि प्रभु पद कंज। गत मान प्रद दुख पुंज॥**

मलाई अत्यन्त अभिमान थियो कि मसमानको कोही छैनन्, तर अब प्रभु (हजुर) का चरणकमलको दर्शन गर्नाले दु:खसमूहलाई दिने मेरो त्यो अभिमान गयो॥ ६॥

**कोउ ब्रह्म निर्गुन ध्याव। अब्यक्त जेहि श्रुति गाव।**
**मोहि भाव कोसल भूप। श्रीराम सगुन सरूप॥**

कसैले उनै निर्गुण ब्रह्मको ध्यान गर्छन् जसलाई वेदले अव्यक्त (निराकार) भन्दछन्, परन्तु हे रामजी! मलाई त हजुरको यो सगुण कोसलराज-स्वरूप नै प्रिय लाग्दछ॥ ७॥

**बैदेहि अनुज समेत। मम हृदयँ करहु निकेत।**
**मोहि जानिऐ निज दास। दे भक्ति रमानिवास॥**

श्रीजानकी र भाइ लक्ष्मणजीसहित मेरो हृदयमा आफ्नो घर बनाइबक्सियोस्। हे रमानिवास! मलाई आफ्नो दास सम्झिबक्सियोस् र आफ्नो भक्ति दिइबक्सियोस्॥ ८॥

छं०— **दे भक्ति रमानिवास त्रास हरन सरन सुखदायकं।**
**सुख धाम राम नमामि काम अनेक छबि रघुनायकं॥**
**सुर बृंद रंजन द्वंद भंजन मनुजतनु अतुलितबलं।**
**ब्रह्मादि संकर सेब्य राम नमामि करुना कोमलं॥**

हे रमानिवास! हे शरणागतको भयलाई नष्ट गर्ने र उसलाई सबै प्रकारका सुख दिनेवाला! मलाई आफ्नो भक्ति दिइबक्सियोस्! हे सुखका धाम! हे अनेकौं कामदेवको छवि होइबक्सिएका रघुकुलका स्वामी श्रीरामचन्द्रजी! मैले हजुरलाई नमस्कार गर्दछु। हे देवगणलाई आनन्द दिनेवाला, [जन्म-मृत्यु, हर्ष-विषाद, सुख-दुःख आदि] द्वन्द्वलाई नाश गर्ने, मनुष्यशरीरधारी, अतुलनीय बलवाला, ब्रह्मा र शिव आदिले सेवनीय (सेवा गरिनुभएका), करुणाले कोमल श्रीराम! मैले हजुरलाई नमस्कार गर्दछु।

दो०— **अब करि कृपा बिलोकि मोहि आयसु देहु कृपाल।**
**काह करौं सुनि प्रिय बचन बोले दीनदयाल॥ ११३॥**

हे कृपालु! अब मप्रति कृपा गरेर (कृपादृष्टिले) हेरेर आज्ञा दिइबक्सियोस् कि मैले के [सेवा] गरौं! इन्द्रको यस्ता प्रिय वचन सुनेर दीनदयालु श्रीरामले भन्नुभयो— ॥ ११३॥

**सुनु सुरपति कपि भालु हमारे। परे भूमि निसिचरन्हि जे मारे॥**
**मम हित लागि तजे इन्ह प्राना। सकल जिआउ सुरेस सुजाना॥**

हे देवराज! सुन्नुहोस्, मेरा भालु-बाँदर, जसलाई निशाचरहरूले मारेका छन् र पृथ्वीमा पल्टेका छन्। यिनीहरूले मेरो हितको लागि आफ्नो प्राण त्याग गरे। हे सुजान देवराज! ती सबैलाई बचाइदिनुहोस्॥ १॥

**सुनु खगेस प्रभु कै यह बानी। अति अगाध जानहिं मुनि ग्यानी॥**
**प्रभु सक त्रिभुअन मारि जिआई। केवल सक्रहि दीन्हि बड़ाई॥**

[कागभुशुण्डिजी भन्नुहुन्छ— ] हे गरुड! सुन्नुहोस्, प्रभुका यस्ता वचन अत्यन्त गहन (गूढ) छन्। ज्ञानी मुनिले नै यसलाई जान्न सक्दछन्। प्रभु श्रीरामले त्रिलोकलाई मारेर बचाउन सक्नुहुन्छ। यहाँ त उहाँले केवल इन्द्रलाई बढाई (प्रशंसा) दिनुभएको हो॥ २॥

**सुधा बरषि कपि भालु जिआए। हरषि उठे सब प्रभु पहिं आए॥**
**सुधाबृष्टि भै दुहु दल ऊपर। जिए भालु कपि नहिं रजनीचर॥**

इन्द्रले अमृत बर्साएर बाँदर–भालुलाई बचाए। सबै हर्षित भएर उठे र प्रभुसँग आए। अमृतको वर्षा दुवै पक्षतिर भयो। तर भालु–बाँदर नै जीवित भए, राक्षस भएनन्॥ ३॥

**रामाकार भए तिन्ह के मन। मुक्त भए छूटे भव बंधन॥**
**सुर अंसिक सब कपि अरु रीछा। जिए सकल रघुपति कीं ईछा॥**

किनकि राक्षसहरूको मन त मर्ने समयमा रामाकार भएको थियो। अतः उनीहरू मुक्त भए, उनीहरू भव–बन्धनबाट छुटे। किन्तु बाँदर र भालु त सबै देवांश (भगवान्‌को लीलाका परिकर) थिए। यसैले उनीहरू सबै श्रीरघुनाथको इच्छाले जीवित भए॥ ४॥

**राम सरिस को दीन हितकारी। कीन्हे मुकुत निसाचर झारी॥**
**खल मल धाम काम रत रावन। गति पाई जो मुनिबर पाव न॥**

श्रीरामचन्द्रसमान दीनहरूलाई हित गर्नेवाला को छ? जसले सबै राक्षसहरूलाई मुक्त गराउनुभयो! दुष्ट, पापहरूको घर र कामी रावणले पनि यस्तो गति पायो जसलाई श्रेष्ठ मुनिले पनि पाउँदैनन्॥ ५॥

दो०— **सुमन बरषि सब सुर चले चढ़ि चढ़ि रुचिर बिमान।**
**देखि सुअवसर प्रभु पहिं आयउ संभु सुजान॥ ११४ ( क )॥**

फूलहरूको वर्षा गरेर सबै देवता सुन्दर विमानहरूमा चढेर गए। फेरि सुअवसर जानेर सुजान शिवजी प्रभु श्रीरामचन्द्रसँग आउनुभयो— ॥ ११४ (क)॥

**परम प्रीति कर जोरि जुग नलिन नयन भरि बारि।**
**पुलकित तन गदगद गिराँ बिनय करत त्रिपुरारि॥ ११४ ( ख )॥**

र परम प्रेमले दुवै हात जोडेर, कमलका समान नेत्रमा जल भरेर, रोमाञ्चित शरीर र गद्‌गद बाणीले त्रिपुरारि शिवजीले बिन्ती गर्न लाग्नुभयो— ॥ ११४ (ख)॥

छं०— **मामभिरक्षय रघुकुल नायक। धृत बर चाप रुचिर कर सायक॥**
**मोह महा घन पटल प्रभंजन। संसय बिपिन अनल सुर रंजन॥**

हे रघुकुलका स्वामी! सुन्दर हातमा श्रेष्ठ धनुष र बाण धारण गरिबक्सिएका हजुरले मेरो रक्षा गरिबक्सियोस्। हजुर महामोहरूपी मेघसमूहलाई [उडाउनको] लागि प्रचण्ड पवन होइबक्सिन्छ, संशयरूपी वनलाई [भस्म गर्नको] लागि अग्नि तथा देवताहरूलाई आनन्द दिनेवाला होइबक्सिन्छ॥ १॥

**अगुन सगुन गुन मंदिर सुंदर। भ्रम तम प्रबल प्रताप दिवाकर॥**
**काम क्रोध मद गज पंचानन। बसहु निरंतर जन मन कानन॥**

हजुर निर्गुण, सगुण, दिव्य गुणहरूका धाम र परम सुन्दर होइबक्सिन्छ। भ्रमरूपी अन्धकारलाई

[नाश गर्नको] लागि प्रबल प्रतापी सूर्य होइबक्सिन्छ। काम, क्रोध र मदरूपी हात्तीहरूलाई [वध गर्न] को लागि सिंहको समान हजुर यो सेवकको मनरूपी वनमा निरन्तर निवास गरिबक्सियोस्॥ २॥

**बिषय मनोरथ पुंज कंज बन। प्रबल तुषार उदार पार मन॥**
**भव बारिधि मंदर परमं दर। बारय तारय संसृति दुस्तर॥**

विषयकामनाहरूका समूहरूपी कमलवनलाई [नाश गर्नको लागि] हजुर प्रबल तुषारो होइबक्सिन्छ, हजुर उदार र मनदेखि पर [टाढा] होइबक्सिन्छ। भवसागरलाई मन्थन गर्नको लागि हजुर मन्दराचल पर्वत होइबक्सिन्छ। हजुरले मेरो परम भयलाई नष्ट गरिबक्सियोस् र मलाई दुस्तर [तर्न नसकिने] संसारसागरबाट पार गरिबक्सियोस्॥ ३॥

**स्याम गात राजीव बिलोचन। दीन बंधु प्रनतारति मोचन॥**
**अनुज जानकी सहित निरंतर। बसहु राम नृप मम उर अंतर॥**
**मुनि रंजन महि मंडल मंडन। तुलसिदास प्रभु त्रास बिखंडन॥**

हे श्यामसुन्दर-शरीर! हे कमलनयन! हे दीनबन्धु! हे शरणागतलाई दुःखबाट छुटाउनेवाला! हे राजा रामचन्द्रजी! हजुर भाइ लक्ष्मण र जानकीजीसहित निरन्तर मेरो हृदयमा निवास गरिबक्सियोस्। हजुर मुनिहरूलाई आनन्द दिनेवाला, पृथ्वीमण्डलका भूषण, तुलसीदासका प्रभु र भयलाई नाश गर्नेवाला होइबक्सिन्छ॥ ४-५॥

दो०— **नाथ जबहिं कोसलपुरीं होइहि तिलक तुम्हार।**
**कृपासिंधु मैं आउब देखन चरित उदार॥ ११५॥**

हे नाथ! जब अयोध्यापुरीमा हजुरको राजतिलक हुनेछ, त्यस समयमा हे कृपासागर! म हजुरको उदार लीला हेर्न आउनेछु॥ ११५॥

## * विभीषणको प्रार्थना, श्रीरामद्वारा भरतजीको प्रेमदशाको वर्णन, शीघ्र अयोध्या पुग्न अनुरोध *

**करि बिनती जब संभु सिधाए। तब प्रभु निकट बिभीषनु आए॥**
**नाइ चरन सिरु कह मृदु बानी। बिनय सुनहु प्रभु सारँगपानी॥**

जब शिवजी बिन्ती गरेर जानुभयो, फेरि विभीषणजी प्रभुसँग आएर चरणमा शिर निहुराए र कोमल वाणीले बोले—हे शार्ङ्गधनुष धारण गर्नेवाला प्रभु! मेरो बिन्ती सुनिबक्सियोस्— ॥ १॥

**सकुल सदल प्रभु रावन मार्‍यो। पावन जस त्रिभुवन बिस्तार्‍यो॥**
**दीन मलीन हीन मति जाती। मो पर कृपा कीन्हि बहु भाँती॥**

हजुरले कुल र सेनासहित रावणलाई वध गरिबक्सियो, त्रिभुवनमा आफ्नो पवित्र यश फैलाइबक्सियो र म दीन, पापी, बुद्धिहीन र जातिहीनलाई धेरै प्रकारले कृपा गरिबक्सियो॥ २॥

**अब जन गृह पुनीत प्रभु कीजे। मज्जनु करिअ समर श्रम छीजे॥**
**देखि कोस मंदिर संपदा। देहु कृपाल कपिन्ह कहुँ मुदा॥**

अब हे प्रभु! यस दासको घरलाई पवित्र गरिबक्सियोस् र वहाँ गएर स्नान गरिबक्सियोस्, जसले युद्धको थकाइ मेटियोस्। हे कृपालु! खजाना, महल र सम्पत्तिको निरीक्षण गरेर प्रसन्नतापूर्वक बाँदरहरूलाई (पुरस्कार) दिइबक्सियोस्॥ ३॥

**सब बिधि नाथ मोहि अपनाइअ। पुनि मोहि सहित अवधपुर जाइअ॥**
**सुनत बचन मृदु दीनदयाला। सजल भए द्वौ नयन बिसाला॥**

हे नाथ! मलाई सबै प्रकारले आफ्नो बनाइबक्सियोस् र फेरि हे प्रभु! मलाई साथमा नै लिएर अयोध्यापुरीमा सवारी होस्। विभीषणका कोमल वचन सुन्दा नै दीनदयालु प्रभुका दुवै विशाल नेत्र [प्रेमाश्रुका] जलले टलपलाए॥ ४॥

दो०— **तोर कोस गृह मोर सब सत्य बचन सुनु भ्रात।**
**भरत दसा सुमिरत मोहि निमिष कल्प सम जात॥ ११६ (क)॥**

[श्रीरामले भन्नुभयो— ] हे भाइ! सुन, तिम्रो खजाना र घर सबै मेरो नै हो, यो कुरा सत्य हो। तर भरतको दशा याद गरेर मलाई एक-एक पल कल्पसमान बितेको छ॥ ११६ (क)॥

**तापस बेष गात कृस जपत निरंतर मोहि।**
**देखौं बेगि सो जतनु करु सखा निहोरउँ तोहि॥ ११६ (ख)॥**

तपस्वीको वेषमा दुब्लो (कृश) शरीरले निरन्तर मेरो नाम जप गरिरहेका छन्। हे सखा! त्यही उपाय गर जसले म छिटोभन्दा छिटो उनलाई देख्न सकौं। मैले तिमीसँग अनुरोध गर्दछु॥ ११६ (ख)॥

**बीतें अवधि जाउँ जौ जिअत न पावउँ बीर।**
**सुमिरत अनुज प्रीति प्रभु पुनि पुनि पुलक सरीर॥ ११६ (ग)॥**

यदि अवधि (समय) बितेपछि गएँ भने त भाइलाई जीवित पाउनेछैन। भाइ भरतजीको प्रीतिलाई स्मरण गरेर प्रभुको शरीर छिनछिनमा पुलकित भइरहेको छ॥ ११६ (ग)॥

**करेहु कल्प भरि राजु तुम्ह मोहि सुमिरेहु मन माहिं।**
**पुनि मम धाम पाइहहु जहाँ संत सब जाहिं॥ ११६ (घ)॥**

[श्रीरामले फेरि भन्नुभयो— ] हे विभीषण! तिमीले कल्पभर राज्य गर्नू, मनमा निरन्तर मलाई स्मरण गर्दै रहनू। फेरि तिमीले मेरो त्यो धामलाई पाउनेछौ, जहाँ सबै सन्त जान्छन्॥ ११६ (घ)॥

**सुनत बिभीषन बचन राम के। हरषि गहे पद कृपाधाम के॥**
**बानर भालु सकल हरषाने। गहि प्रभु पद गुन बिमल बखाने॥**

श्रीरामचन्द्रका वचन सुन्दा नै विभीषणजीले हर्षित भएर कृपाका धाम श्रीरामका चरण पक्रनुभयो। सबै बाँदर-भालु हर्षित भएर प्रभुका चरण समातेर उहाँका निर्मल गुणहरूलाई वर्णन गर्न लागे॥ १॥

*** विभीषणले वस्त्राभूषण बर्साउनु र बाँदर-भालुहरूले लगाउनु ***

**बहुरि बिभीषन भवन सिधायो। मनि गन बसन बिमान भरायो॥**
**लै पुष्पक प्रभु आगें राखा। हँसि करि कृपासिंधु तब भाषा॥**

त्यसपछि विभीषणजी महलमा जानुभयो र उहाँले माणिक्य आदि (रत्नहरू) र वस्त्रहरूले विमानलाई भर्नुभयो। फेरि त्यो पुष्पक विमानलाई ल्याएर प्रभुको अगाडि राख्नुभयो। अनि कृपासागर श्रीरामले हाँसेर भन्नुभयो— ॥ २॥

**चढ़ि बिमान सुनु सखा बिभीषन। गगन जाइ बरषहु पट भूषन॥**
**नभ पर जाइ बिभीषन तबही। बरषि दिए मनि अंबर सबही॥**

हे सखा विभीषण! सुन, विमानमा चढेर, आकाशमा जाऊ र गहनाहरूलाई बर्साइदेऊ। फेरि (आज्ञा सुन्दा नै) विभीषणले आकाशमा गएर सबै मणिहरू र वस्त्रहरूलाई बर्साउनुभयो॥ ३॥

**जोइ जोइ मन भावइ सोइ लेहीं। मनि मुख मेलि डारि कपि देहीं॥**
**हँसे रामु श्री अनुज समेता। परम कौतुकी कृपा निकेता॥**

जसको मनमा जुन राम्रो लाग्छ, उनले उही लिएका छन्। मणिहरूलाई मुखमा राखेर बाँदरले उसलाई फेरि खाने चीज नसम्झेर ओकलिदिन्छन्। यस्तो तमासा देखेर परम विनोदी र कृपाका धाम सीताजी र लक्ष्मणजीसहित श्रीराम हाँस्न लाग्नुभयो॥ ४॥

दो०— **मुनि जेहि ध्यान न पावहिं नेति नेति कह बेद।**
**कृपासिंधु सोइ कपिन्ह सन करत अनेक बिनोद॥ ११७ (क)॥**

जसलाई मुनिहरूले ध्यानबाट पनि पाउँदैनन्, जसलाई वेदले नेति-नेति भन्दछन्, उनै कृपासागर श्रीराम बाँदरहरूसँग अनेकौं प्रकारका विनोद (हाँसो-ठट्टा, हास-विलास, आमोद-प्रमोद आदि) गरिरहनुभएको छ॥ ११७ (क)॥

**उमा जोग जप दान तप नाना मख ब्रत नेम।**
**राम कृपा नहिं करहिं तसि जसि निष्केवल प्रेम॥ ११७ (ख)॥**

[शिवजी भन्नुहुन्छ— ] हे उमा! अनेकौं प्रकारका योग, जप, दान, तप, यज्ञ, व्रत र नियम गर्दाखेरि पनि श्रीरामचन्द्रले त्यस्तो कृपा गर्नुहुन्न, जस्तो अनन्य प्रेम हुँदा गर्नुहुन्छ॥ ११७ (ख)॥

**भालु कपिन्ह पट भूषन पाए। पहिरि पहिरि रघुपति पहिं आए॥**
**नाना जिनस देखि सब कीसा। पुनि पुनि हँसत कोसलाधीसा॥**

भालु र बाँदरहरूले कपडा-गहना पाएपछि ती सबैले लगाएर उनीहरू श्रीरघुनाथसँग आए। अनेकौं जातिहरूका बाँदरहरूलाई देखेर कोसलपति श्रीराम बारम्बार हाँस्नुभएको छ॥ १॥

**चितइ सबन्हि पर कीन्ही दाया। बोले मृदुल बचन रघुराया॥**
**तुम्हरें बल मैं रावनु मार्‍यो। तिलक बिभीषन कहँ पुनि सार्‍यो॥**

श्रीरघुनाथले कृपादृष्टिले हेरेर सबैलाई दया गर्नुभयो। पुनः कोमल वचन बोल्नुभयो— हे भाइहरू हो! तिमीहरूका बलले नै मैले रावणलाई मार्न सफल भएँ र फेरि विभीषणलाई राजतिलक गरें (लङ्काको राजा बनाएँ)॥ २॥

**निज निज गृह अब तुम्ह सब जाहू। सुमिरेहु मोहि डरपहु जनि काहू॥**
**सुनत बचन प्रेमाकुल बानर। जोरि पानि बोले सब सादर॥**

अब तिमीहरू सबै आ-आफ्नो घरमा जाओ। मेरो स्मरण गर्दै रहनू र कसैसँग नडराउनू। यस्ता वचन सुन्दा सबै बाँदर प्रेमविह्वल भएर हात जोडी आदरपूर्वक बोले— ॥ ३॥

**प्रभु जोइ कहहु तुम्हहि सब सोहा। हमरें होत बचन सुनि मोहा॥**
**दीन जानि कपि किए सनाथा। तुम्ह त्रैलोक ईस रघुनाथा॥**

प्रभु! हजुरले जे जस्तो भने पनि हजुरलाई सबै सुहाउँछ। तर हजुरका वचन सुनेर हामीलाई मोह हुन्छ। हे रघुनाथजी! हजुर तीनै लोकका ईश्वर होइबक्सिन्छ। हामी बाँदरहरूलाई दीन जानेर नै हजुरले सनाथ (कृतार्थ) गरिबक्सियो॥ ४॥

**सुनि प्रभु बचन लाज हम मरहीं। मसक कहूँ खगपति हित करहीं॥**
**देखि राम रुख बानर रीछा। प्रेम मगन नहिं गृह कै ईछा॥**

प्रभुका (यस्ता) वचन सुनेर हामी लाजले गर्दा मरेतुल्य भएका छौं। कहीं मशक (लाम्खुट्टे) ले पनि गरुडलाई हित गर्न सक्छ? श्रीरामको भाव देखेर भालु-बाँदर प्रेममा मगन भए। उनीहरूको घर जाने इच्छा (रुचि) भएन॥ ५॥

दो०— **प्रभु प्रेरित कपि भालु सब राम रूप उर राखि।**
**हरष बिषाद सहित चले बिनय बिबिध बिधि भाषि॥ ११८ ( क )॥**

परन्तु प्रभुको प्रेरणा (आज्ञा) लाई पालन गरेर सबै बाँदर-भालु श्रीरामको रूपलाई हृदयमा धारण गरेर र अनेकौं प्रकारले बिन्ती गरेर हर्ष र विषादका साथ घरमा गए॥ ११८ (क)॥

**कपिपति नील रीछपति अंगद नल हनुमान।**
**सहित बिभीषन अपर जे जूथप कपि बलवान॥ ११८ ( ख )॥**

बाँदरराज सुग्रीव, नील, ऋक्षराज जाम्बवान्, अङ्गद, नल र हनुमान् तथा विभीषणसहित अन्य जुन बलवान् बाँदर सेनापति थिए,॥ ११८ (ख)॥

**कहि न सकहिं कछु प्रेम बस भरि भरि लोचन बारि।**
**सन्मुख चितवहिं राम तन नयन निमेष निवारि॥ ११८ ( ग )॥**

उनीहरूले केही पनि भन्न सकेननु; प्रेमवश नेत्रमा जल सबैले भरेर, आँखा झिमिक्क पार्न पनि छोडेर (ट्वालट्वालती) सम्मुख भएर श्रीरामलाई हेरिरहेका छन्॥ ११८ (ग)॥

## * पुष्पक विमानमा चढेर श्रीसीता-रामजी अयोध्याको लागि प्रस्थान *

**अतिसय प्रीति देखि रघुराई। लीन्हे सकल बिमान चढ़ाई॥**
**मन महुँ बिप्र चरन सिरु नायो। उत्तर दिसिहि बिमान चलायो॥**

श्रीरघुनाथले उनीहरूको अतिशय प्रेम देखेर सबैलाई विमानमा चढाउनुभयो। तदनन्तर मन–मनै विप्रचरणमा शिर निहुराएर उत्तर दिशातर्फ विमान चलाउनुभयो॥ १॥

**चलत बिमान कोलाहल होई। जय रघुबीर कहइ सबु कोई॥**
**सिंहासन अति उच्च मनोहर। श्री समेत प्रभु बैठे ता पर॥**

(पुष्पक) विमान चल्ने समयमा कोलाहल (हल्लीखल्ली) भइरहेको छ। सबै जनाले श्रीरघुवीरको जय भनिरहेका छन्। विमानमा एक अत्यन्त अग्लो मनोहर सिंहासन छ। त्यसमा सीताजीसहित प्रभु श्रीरामचन्द्र विराजमान हुनुभएको छ॥ २॥

**राजत रामु सहित भामिनी। मेरु सृंग जनु घन दामिनी॥**
**रुचिर बिमानु चलेउ अति आतुर। कीन्ही सुमन बृष्टि हरषे सुर॥**

पत्नीसहित श्रीराम यसरी सुशोभित भइरहनुभएको छ, मानौं सुमेरुको शिखरमा बिजुलीसहित श्याम मेघ हो। सुन्दर विमान अति शीघ्रताले उड्यो। देवता हर्षित भएर उनीहरूले फूलहरूको वर्षा गरे॥ ३॥

**परम सुखद चलि त्रिबिध बयारी। सागर सर सरि निर्मल बारी॥**
**सगुन होहिं सुंदर चहुँ पासा। मन प्रसन्न निर्मल नभ आसा॥**

अत्यन्त सुख दिनेवाला तीन प्रकारको (शीतल, मन्द, सुगन्धित) हावा चल्न लाग्यो। समुद्र, ताल र नदीहरूको जल निर्मल भएको छ। चारैतर्फ सुन्दर सुमङ्गल हुन लाग्यो। सबैको मन प्रसन्न छ, आकाश र (सबै) दिशाहरू निर्मल भएका छन्॥ ४॥

**कह रघुबीर देखु रन सीता। लछिमन इहाँ हत्यो इँद्रजीता॥**
**हनूमान अंगद के मारे। रन महि परे निसाचर भारे॥**

श्रीरघुवीरले भन्नुभयो—हे सीते! रणभूमि हेर। यहाँ लक्ष्मणले इन्द्रलाई जित्ने मेघनादलाई मारेका थिए। हनुमान् र अङ्गदले मारेका यी बलवान्–बलवान् निशाचर असङ्ख्य रूपमा रणभूमिमा पल्टेका छन्॥ ५॥

**कुंभकरन रावन द्वौ भाई। इहाँ हते सुर मुनि दुखदाई॥**

देवताहरू र मुनिहरूलाई दुःख दिनेवाला (क्रूर र दुष्ट) कुम्भकर्ण र रावण दुइटै भाइ यहाँ मारिएका छन्॥ ६॥

दो०— **इहाँ सेतु बाँध्यों अरु थापेउँ सिव सुख धाम।**
**सीता सहित कृपानिधि संभुहि कीन्ह प्रनाम॥ ११९ ( क )॥**

मैले यहाँ पुल बनाएँ र सुखधाम शिवजीलाई स्थापना गरें। तदनन्तर कृपानिधान श्रीरामले सीताजीसहित श्रीरामेश्वर महादेवलाई प्रणाम गर्नुभयो॥ ११९ (क)॥

**जहँ जहँ कृपासिंधु बन कीन्ह बास बिश्राम।**
**सकल देखाए जानकिहि कहे सबन्हि के नाम॥ ११९ ( ख )॥**

वनमा जहाँ-जहाँ करुणासागर श्रीरामचन्द्रले निवास र विश्राम गर्नुभएको थियो, ती सबै ठाउँ प्रभुले जानकीजीलाई देखाउनुभयो र सबैको नाम बताउनुभयो॥ ११९ (ख)॥

**तुरत बिमान तहाँ चलि आवा। दंडक बन जहँ परम सुहावा॥**
**कुंभजादि मुनिनायक नाना। गए रामु सब कें अस्थाना॥**

विमान शीघ्रै त्यहाँ आयो जहाँ परम सुन्दर दण्डकवन थियो र अगस्त्य आदि धेरै मुनिराज रहन्थे। श्रीराम यी सबै ठाउँ (आश्रम) मा जानुभयो॥ १॥

**सकल रिषिन्ह सन पाइ असीसा। चित्रकूट आए जगदीसा॥**
**तहँ करि मुनिन्ह केर संतोषा। चला बिमानु तहाँ ते चोखा॥**

सम्पूर्ण ऋषिहरूको आशीर्वाद पाएर जगदीश्वर श्रीराम चित्रकूट आउनुभयो। त्यहाँ मुनिहरूलाई सन्तुष्ट गर्नुभयो। [फेरि] विमान त्यहाँबाट अगाडि वेगपूर्वक चलाउनुभयो॥ २॥

**बहुरि राम जानकिहि देखाई। जमुना कलि मल हरनि सुहाई॥**
**पुनि देखी सुरसरी पुनीता। राम कहा प्रनाम करु सीता॥**

अनि श्रीरामले जानकीजीलाई कलियुगका पापहरूलाई हरण गर्नेवाला सुन्दर यमुनाजीको दर्शन गराउनुभयो। फेरि पवित्र गङ्गाजीको दर्शन गर्नुभयो। श्रीरामले भन्नुभयो—हे सीते! यिनलाई प्रणाम गर॥ ३॥

**तीरथपति पुनि देखु प्रयागा। निरखत जन्म कोटि अघ भागा॥**
**देखु परम पावनि पुनि बेनी। हरनि सोक हरि लोक निसेनी॥**
**पुनि देखु अवधपुरी अति पावनि। त्रिबिध ताप भव रोग नसावनि॥**

फेरि तीर्थराज प्रयागलाई हेर, जसको दर्शनले नै करोडौं जन्मका पाप भाग्दछन्। फेरि परम पवित्र त्रिवेणीजीको दर्शन गर, जुन शोकहरूलाई हरण गर्ने र श्रीहरिको परम धाममा पुग्नको लागि

सिँढी (भऱ्याङ) को समान छ। फेरि अत्यन्त पवित्र अयोध्यापुरीको दर्शन गर, जुन तीनै प्रकारका ताप भव (आवागमनरूपी) रोगलाई नाश गर्नेवाला छ॥ ४-५॥

दो०— **सीता सहित अवध कहुँ कीन्ह कृपाल प्रनाम।**
**सजल नयन तन पुलकित पुनि पुनि हरषित राम॥ १२० (क)॥**

यस्तो भनेर कृपालु श्रीरामले सीताजीसहित अयोध्यापुरीलाई प्रणाम गर्नुभयो। सजलनेत्र पुलकित शरीर हुँदै श्रीरामजी बारम्बार हर्षित हुनुभएको छ॥ १२० (क)॥

**पुनि प्रभु आइ त्रिबेनीं हरषित मज्जनु कीन्ह।**
**कपिन्ह सहित बिप्रन्ह कहुँ दान बिबिध बिधि दीन्ह॥ १२० (ख)॥**

फेरि त्रिवेणीमा आएर प्रभुले (तीर्थस्थानमा हर्षित हुँदै स्नान गर्नुपर्छ) यसैले हर्षित हुँदै बाँदरहरूसहित स्नान गर्नुभयो र ब्राह्मणहरूलाई अनेकौं प्रकारका दान दिनुभयो॥ १२० (ख)॥

**प्रभु हनुमंतहि कहा बुझाई। धरि बटु रूप अवधपुर जाई॥**
**भरतहि कुसल हमारि सुनाएहु। समाचार लै तुम्ह चलि आएहु॥**

तदनन्तर प्रभुले हनुमान्‌जीलाई सम्झाएर भन्नुभयो— तिमी ब्रह्मचारीको रूप* गरेर अयोध्यापुरी जाऊ। भरतलाई हाम्रो कुशल सुनाउनू र उनको समाचार लिएर तुरुन्त आउनू॥ १॥

**तुरत पवनसुत गवनत भयऊ। तब प्रभु भरद्वाज पहिं गयऊ॥**
**नाना बिधि मुनि पूजा कीन्ही। अस्तुति करि पुनि आसिष दीन्ही॥**

---

* ***'धरि बटु रूप अवधपुर जाई।'*** इति। बटु रूप धारण गरेर जानलाई भन्नुको कारण यो हो कि— (१) भरतजीले हनुमान्‌जीलाई पहिल्यै देख्नुभएको छ र उहाँबाट लक्ष्मणजी शक्तिद्वारा मूर्च्छित भएको पनि सुनिसक्नुभएको छ, अब यदि आफ्नो रूपले उहाँसँग गएमा विरहको निमग्न दशामा रामजीविना एक्लै आएको देखेर प्राण छोड्नुहुनेछ। अतः भेष बदलेर जानलाई भन्नुभयो। (२) हनुमान्‌जी बटुरूप धारण गर्नमा अति कुशल हुनुहुन्छ। यो कुरा यसबाट सिद्ध हुन्छ कि सुग्रीवले पनि बटुरूप धारण गराएर रामजीसँग पठाएका थिए— ***'धरि बटु रूप देखु तैं जाई।'*** प्रभुले यस रूपलाई पनि देखिसक्नुभएको छ। पुनः लङ्कामा विभीषणजीसँग भेट हुँदा पनि यही रूप धारण गर्नुभएको थियो,— ***'बिप्ररूप धरि बचन सुनावा'***।अतः यही रूप धारण गर्नलाई भन्नुभयो; (३) परम मङ्गल समाचार दिनु छ एवं शुभ शकुन पनि जनाउनु छ, अतः मङ्गल बटुरूप धारण गर्नलाई भन्नुभयो। (४) ***'कुसल हमार'*** इति। बटुरूपले जादै छौ, यसैले आफ्नो कुशलमा सारा रामायण अरण्यदेखि यहाँसम्म भन्नलाई भन्नुभयो। नत्र भने द्रोणाचल ल्याउँदाखेरि शक्तिप्रसङ्गसम्म त पूर्व नै भनिसक्नुभएको छ। ***'हमारा'***बहुवचन शब्दले आफ्नो लक्ष्मणजीको र सीताजीसहित सबै सहायकहरूको कुशल समाचार भन्नलाई सङ्केत गर्नुभयो। (५) ***'समाचार लै'***अर्थात् भाइहरू, आमाहरू आदिको कुशल हामीहरूको दर्शनको लालच इत्यादि समाचार। यस शब्दले वाल्मीकीय रामायणमा दिइएको भाव पनि निक्लन सक्छ। तर मानसको अयोध्याकाण्डको विचारसँग विरोध पर्नेछ। (६) ***'चलि आएहु'*** अर्थात् तिमी त्यहाँ नरहनू, फर्केर आउनू, अनि हामी सबै हिंडौला। हनुमान्‌जीलाई पहिले नै पठाउनुको कारण यो हो कि प्रभुविना पूर्ण १४ वर्ष बिते पुरीमा नजाने र उता भरतजी बाटो हेरिरहनुभएको छ; समय समाप्ति नहुँदै उहाँ अग्निमा प्रवेश गर्नुहुनेछ, एक क्षण पनि विलम्ब सहन सक्नुहुन्न— (आ०रा० १।१२।६६।७५)। हनुमान्‌जी पहिले नै पुगेर समाचार पाउनाले अनिष्टको शङ्का जानेछ। (मानस-पीयूषबाट उद्‌धृत गरिएको)

पवनपुत्र हनुमान्‌जी तुरुन्तै हिँड्नुभयो। फेरि प्रभु भरद्वाजजीका साथ जानुभयो। मुनिले [इष्टबुद्धिले] उहाँको अनेक प्रकारबाट पूजा गर्नुभयो र स्तुति गरेर फेरि [लीलाको दृष्टिले] आशीर्वाद दिनुभयो॥ २॥

**मुनि पद बंदि जुगल कर जोरी। चढ़ि बिमान प्रभु चले बहोरी॥**
**इहाँ निषाद सुना प्रभु आए। नाव नाव कहँ लोग बोलाए॥**

दुवै हात जोडेर तथा मुनिका चरणहरूको वन्दना गरेर प्रभु विमानमा चढ्नुभयो र फेरि (अगाडि) बढ्नुभयो। यहाँ जब निषादराजले सुने कि प्रभु आउनुभएको छ, फेरि उनले 'डुङ्गा कहाँ छ? डुङ्गा कहाँ छ?' भनेर चिच्च्याउँदै मानिसलाई बोलाए॥ ३॥

**सुरसरि नाघि जान तब आयो। उतरेउ तट प्रभु आयसु पायो॥**
**तब सीताँ पूजी सुरसरी। बहु प्रकार पुनि चरनन्हि परी॥**

यति हुँदा नै विमान गङ्गाजी पार गरेर [यतापट्टि] आयो र प्रभुको आज्ञा पाएर किनारमा अवतरण भयो। अनि सीताजीले धेरै प्रकारले गङ्गाजीको पूजा गरेर फेरि उनकै चरणमा पल्टिनुभयो॥ ४॥

**दीन्हि असीस हरषि मन गंगा। सुंदरि तव अहिवात अभंगा॥**
**सुनत गुहा धायउ प्रेमाकुल। आयउ निकट परम सुख संकुल॥**

गङ्गाजीले हर्षित भएर आशीर्वाद दिनुभयो—हे सुन्दरी! तिम्रो सिन्दूर अखण्ड हुनेछ। भगवान् तटमा ओर्लेको कुरा सुन्दा नै निषादराज गुह प्रेममा विह्वल भएर दौडे। परम सुखले परिपूर्ण भएर उनी प्रभुका नजिक आए,॥ ५॥

**प्रभुहि सहित बिलोकि बैदेही। परेउ अवनि तन सुधि नहिं तेही॥**
**प्रीति परम बिलोकि रघुराई। हरषि उठाइ लियो उर लाई॥**

श्रीजानकीसहित प्रभुलाई देखेर उनी [आनन्द-समाधिमा मग्न भएर] पृथ्वीमा पल्टिए, उनलाई शरीरको हाल-खबर (हालत) थाहा भएन। श्रीरघुनाथले उनको परम प्रेम देखेर उनलाई उठाएर हर्षका साथ हृदयमा लगाउनुभयो॥ ६॥

## * श्रीरामचरितको महिमा *

छं०— **लियो हृदयँ लाइ कृपा निधान सुजान रायँ रमापती।**
**बैठारि परम समीप बूझी कुसल सो कर बीनती॥**
**अब कुसल पद पंकज बिलोकि बिरंचि संकर सेब्य जे।**
**सुख धाम पूरनकाम राम नमामि राम नमामि ते॥**

सुजानहरूका राजा (शिरोमणि), लक्ष्मीकान्त, कृपानिधान भगवान्‌ले उनलाई हृदयमा लगाउनुभयो र अत्यन्त निकट बसालेर कुशल सोध्नुभयो। उनले बिन्ती गर्न लागे—हजुरका जुन चरणकमल ब्रह्माजी र शङ्करजीद्वारा सेवित छन्, उनैको दर्शन गरेर म अब सकुशल छु। हे सुखधाम! हे पूर्णकाम श्रीराम! मैले हजुरलाई नमस्कार गर्दछु, नमस्कार गर्दछु॥ १॥

**सब भाँति अधम निषाद सो हरि भरत ज्यों उर लाइयो।**
**मतिमंद तुलसीदास सो प्रभु मोह बस बिसराइयो॥**
**यह रावनारि चरित्र पावन राम पद रतिप्रद सदा।**
**कामादिहर बिग्यानकर सुर सिद्ध मुनि गावहिं मुदा॥**

सबै प्रकारले नीच त्यस निषादलाई भगवान्ले भरतजीका तरह हृदयमा लगाउनुभयो। तुलसीदासजी भन्नुहुन्छ कि—यो मन्दबुद्धिले (मैले) मोहवश उनै प्रभुलाई भुलें। रावणका शत्रु (श्रीराम) को यो पवित्र गर्ने चरित्रले सदैव श्रीरामका चरणमा प्रीति उत्पन्न गर्नेछ। यसले कामादि विकारहरूलाई नष्ट गर्छ र [भगवान्का स्वरूपको] विशेष ज्ञान उत्पन्न गर्दछ। देवता, सिद्ध र मुनि आनन्दित भएर यसलाई गाउँदछन्॥ २॥

दो०— **समर बिजय रघुबीर के चरित जे सुनहिं सुजान।**
**बिजय बिबेक बिभूति नित तिन्हहि देहिं भगवान॥ १२१ (क)॥**

जुन चतुर मानिसहरूले श्रीरघुवीरको समरविजयसम्बन्धी (रणसम्बन्धी) लीलालाई सुन्दछन्, उनीहरूलाई भगवान्ले नित्य विजय, विवेक र विभूति (ऐश्वर्य) दिनुहुन्छ॥ १२१ (क)॥

**यह कलिकाल मलायतन मन करि देखु बिचार।**
**श्रीरघुनाथ नाम तजि नाहिन आन अधार॥ १२१ (ख)॥**

हे मन! विचार गरेर हेर्! यो कलिकाल पापहरूको घर हो। यसमा श्रीरघुनाथको नामलाई छोडेर [पापहरूबाट बँच्नको लागि] अर्को कुनै आधार छैन॥ १२१ (ख)॥

**मासपारायण, सत्ताइसौं विश्राम**

**इति श्रीमद्रामचरितमानसे सकलकलिकलुषविध्वंसने षष्ठः सोपानः समाप्तः।**

कलियुगको समस्त पापहरूलाई नाश गर्ने श्रीरामचरितमानसको यो छैटौं सोपान समाप्त भयो।

**( लङ्काकाण्ड समाप्त )**



# गुरु-वन्दना



धाइ धरे गुर चरन सरोरुह । अनुज सहित अति पुलक तनोरुह ॥

॥ श्रीगणेशाय नमः ॥

श्रीजानकीवल्लभो विजयते

# श्रीरामचरितमानस

## सप्तम सोपान

## उत्तरकाण्ड

### श्लोक

**केकीकण्ठाभनीलं सुरवरविलसद्विप्रपादाब्जचिह्नं**
**शोभाढ्यं पीतवस्त्रं सरसिजनयनं सर्वदा सुप्रसन्नम्।**
**पाणौ नाराचचापं कपिनिकरयुतं बन्धुना सेव्यमानं**
**नौमीड्यं जानकीशं रघुवरमनिशं पुष्पकारूढरामम्॥ १ ॥**

मयूरका कण्ठको आभाको समान (हरिताभ) नीलवर्ण, देवताहरूमा श्रेष्ठ, ब्राह्मण (भृगुजी) का चरणकमलका चिह्नले सुशोभित, शोभाले पूर्ण, पीताम्बरधारी, कमलनेत्र, सधैं परम प्रसन्न, हातमा बाण र धनुष धारण गर्नुभएका, बाँदरसमूहले युक्त, भाइ लक्ष्मणजीद्वारा सेवित, स्तुति गर्न योग्य, श्रीजानकीका पति, रघुकुलश्रेष्ठ, पुष्पकविमानमा सवारी हुनुभएका श्रीरामचन्द्रलाई निरन्तर नमस्कार गर्दछु॥ १॥

**कोसलेन्द्रपदकञ्जमञ्जुलौ कोमलावजमहेशवन्दितौ।**
**जानकीकरसरोजलालितौ चिन्तकस्य मनभृङ्गसङ्गिनौ॥ २ ॥**

कोसलपुरीका स्वामी श्रीरामचन्द्रका सुन्दर र कोमल दुवै चरणकमल ब्रह्माजी र शिवजीद्वारा वन्दित छन्, जानकीजीका बाहुली (करकमल) द्वारा प्रेमपूर्वक सेवा गरिएका (माया पाएका) र चिन्तन गर्नेवालाको मनरूपी भमराको नित्य (सँगी) साथी छन् अर्थात् चिन्तन गर्नेहरूको मनरूपी भमरा सधैं उनै चरणकमलहरूमा बसिरहन्छन्॥ २॥

**कुन्दइन्दुदरगौरसुन्दरं अम्बिकापतिमभीष्टसिद्धिदम्।**
**कारुणीककलकञ्जलोचनं नौमि शङ्करमनङ्गमोचनम्॥ ३ ॥**

कुन्दको फूल, चन्द्रमा र शङ्खको समान सुन्दर गोरो वर्ण, जगज्जननी श्रीपार्वतीका पति, वाञ्छित फल दिने [दुःखीहरूप्रति सधैं] दया गर्नेवाला, सुन्दर कमलका समान नेत्र हुनुभएका, कामदेवलाई छुटाउने, [कल्याणकारी] शङ्करजीलाई नमस्कार गर्दछु॥ ३॥

**दो०— रहा एक दिन अवधि कर अति आरत पुर लोग।**
**जहँ तहँ सोचहिं नारि नर कृस तन राम बियोग॥**

[श्रीराम फर्कने] अवधिको एक दिन मात्र बाँकी रह्यो, यसैले नगरका मानिस धेरै नै अत्तालिएका छन्। रामको वियोगमा दुब्ला हुँदै स्त्री–पुरुष जताततै सोच (विचार) गरिरहेका छन् [कि के कुरा हो, श्रीराम किन आउनुभएन]।

**सगुन होहिं सुंदर सकल मन प्रसन्न सब केर।**
**प्रभु आगवन जनाव जनु नगर रम्य चहुँ फेर॥**

यत्तिकैमा नै सबै सुमङ्गल हुन लाग्यो र सबैको मन प्रसन्न भयो। नगर पनि चारैतर्फ रमणीय भयो। मानौं यी सबै चिह्नले प्रभुको [शुभ] आगमनलाई जनाइरहेका छन्।

**कौसल्यादि मातु सब मन अनंद अस होइ।**
**आयउ प्रभु श्री अनुजजुत कहन चहत अब कोइ॥**

कौसल्या आदि सबै माताजीको मनमा यस्तो आनन्द भइरहेको छ, जस्तै अहिले नै कुनैले भन्न खोजेको छ कि सीताजी र लक्ष्मणजीसहित प्रभु श्रीरामचन्द्र आउनुभयो।

**भरत नयन भुज दच्छिन फरकत बारहिं बार।**
**जानि सगुन मन हरष अति लागे करन बिचार॥**

भरतजीको दाहिने आँखा र दाहिने भुजा बारम्बार फर्फराइरहेका छन्। यसलाई शुभ लक्षण (सुमङ्गल) जानेर उहाँको मनमा अत्यन्तै हर्ष भयो र उहाँले विचार गर्न लाग्नुभयो—

### ✸ भरत-विरह तथा भरत-हनुमान्-मिलन, अयोध्यामा आनन्द ✸

**रहेउ एक दिन अवधि अधारा। समुझत मन दुख भयउ अपारा॥**
**कारन कवन नाथ नहिं आयउ। जानि कुटिल किधौं मोहि बिसरायउ॥**

प्राणको आधाररूप अवधिको एक नै दिन शेष रह्यो। यस्तो सोच्दा नै भरतजीको मनमा अपार दु:ख भयो। के कारण भयो कि नाथ आउनुभएन? प्रभुले कुटिल जानेर मलाई कहीं बिर्सनु त भएन?॥ १॥

**अहह धन्य लछिमन बड़भागी। राम पदारबिंदु अनुरागी॥**
**कपटी कुटिल मोहि प्रभु चीन्हा। ताते नाथ संग नहिं लीन्हा॥**

अहह! लक्ष्मण ठूला भाग्यमानी एवं धन्य छन्, जो श्रीरामचन्द्रका चरणारविन्दका प्रेमी छन् (अर्थात् ती चरणबाट अलग भएनन्)। मलाई त प्रभुले कपटी र कुटिल जान्नुभयो, त्यसैले नाथले मलाई साथमा लैजानुभएन!॥ २॥

**जौं करनी समुझै प्रभु मोरी। नहिं निस्तार कलप सत कोरी॥**
**जन अवगुन प्रभु मान न काऊ। दीन बंधु अति मृदुल सुभाऊ॥**

[कुरा पनि ठीकै हो, किनकि] यदि प्रभुले मेरो व्यवहारलाई ध्यान दिनुभयो, भने सय करोड (असङ्ख्य) कल्पसम्म पनि मैले छुटकारा (निस्तार) पाउनेछैन। [परन्तु आशा यही छ कि] प्रभुले सेवकको अवगुण कहिल्यै मान्नुहुँदैन। उहाँ दीनबन्धु हुनुहुन्छ र अत्यन्तै कोमल स्वभावका हुनुहुन्छ॥ ३॥

**मोरे जियँ भरोस दृढ़ सोई। मिलिहहिं राम सगुन सुभ होई॥**
**बीतें अवधि रहहिं जौं प्राना। अधम कवन जग मोहि समाना॥**

यस कारणले मेरो हृदयमा यस्तो पक्का भरोसा छ कि श्रीराम अवश्य भेट हुनुहुनेछ, [किनकि] मलाई लक्षण धेरै नै शुभ भइरहेका छन्। किन्तु अवधि (समय) बितेपछि यदि मेरो प्राण रह्यो भने त जगत्मा मसमानको नीच को होला?॥ ४॥

दो०— **राम बिरह सागर महँ भरत मगन मन होत।**
**बिप्र रूप धरि पवनसुत आइ गयउ जनु पोत॥ १ (क)॥**

श्रीरामको विरह-समुद्रमा भरतजीको मन डुबिरहेको थियो, यही समयमा पवनपुत्र हनुमान्जी ब्राह्मणको रूप गरेर यस प्रकार आउनुभयो, मानौं [डुब्नबाट बचाउनको लागि] डुङ्गा आएको छ॥ १ (क)॥

**बैठे देखि कुसासन जटा मुकुट कृस गात।**
**राम राम रघुपति जपत स्त्रवत नयन जलजात॥ १ (ख)॥**

हनुमान्जीले दुर्बल शरीर भरतजीलाई जटाहरूको मुकुट बनाएर, राम! राम! रघुपति! जप्दै र कमलका समान नेत्रले [प्रेमाश्रुका] जल बगाउँदै कुशको आसनमा बसेको देख्नुभयो॥ १ (ख)॥

**देखत हनूमान अति हरषेउ। पुलक गात लोचन जल बरषेउ॥**
**मन महँ बहुत भाँति सुख मानी। बोलेउ श्रवन सुधा सम बानी॥**

उहाँलाई देख्दा नै हनुमान्जी अत्यन्तै हर्षित हुनुभयो। उहाँको शरीर रोमाञ्चित भयो, नेत्रबाट [प्रेमाश्रुका] जल बर्साउन लाग्नुभयो। मनमा धेरै प्रकारले सुख मानेर उहाँले कानको लागि अमृत समान वाणी बोल्नुभयो— ॥ १॥

**जासु बिरहँ सोचहु दिन राती। रटहु निरंतर गुन गन पाँती॥**
**रघुकुल तिलक सुजन सुखदाता। आयउ कुसल देव मुनि त्राता॥**

जसको विरहमा हजुरले दिन-रात चिन्ता गरिबक्सिन्छ र जसका गुण-समूहका पङ्क्तिलाई हजुरले निरन्तर रटिबक्सिन्छ, उनै रघुकुलका तिलक, सज्जनहरूलाई सुख दिनेवाला र देवता तथा मुनिहरूका रक्षक श्रीराम सकुशल आइबक्सिएको छ॥ २॥

**रिपु रन जीति सुजस सुर गावत। सीता सहित अनुज प्रभु आवत॥**
**सुनत बचन बिसरे सब दूखा। तृषावंत जिमि पाइ पियूषा॥**

शत्रुलाई रणमा जितेर सीताजी र लक्ष्मणजीसहित प्रभु आइबक्सिएको छ; देवताले उहाँको

सुन्दर यश गाइरहेका छन्। यस्ता वचन सुन्दा नै [भरतजीले] सबै दुःख यसरी भुल्नुभयो। जसरी तिर्खाएको मानिसले अमृत पाएर तिर्खाको दुःखलाई भुल्दछन्॥ ३॥

**को तुम्ह तात कहाँ ते आए। मोहि परम प्रिय बचन सुनाए॥**
**मारुत सुत मैं कपि हनुमाना। नामु मोर सुनु कृपानिधाना॥**

[भरतजीले सोध्नुभयो—] हे तात! तिमी को हौ? र कहाँबाट आएका हौ? [जुन] तिमीले मलाई [यी] परम प्रिय वचन सुनायौ। [हनुमान्‌जीले भन्नुभयो—] हे कृपानिधान! सुनिबक्सियोस्, म पवनको पुत्र र जातिको बाँदर हुँ; मेरो नाम हनुमान् हो॥ ४॥

**दीनबंधु रघुपति कर किंकर। सुनत भरत भेंटेउ उठि सादर॥**
**मिलत प्रेम नहिं हृदयँ समाता। नयन स्त्रवत जल पुलकित गाता॥**

म दीनहरूका बन्धु श्रीरघुनाथजीको दास हुँ। यस्तो सुन्दा नै भरतजी उठेर आदरपूर्वक हनुमान्‌जीलाई अङ्कमाल गर्नुभयो। सो समयमा प्रेम हृदयमा अटाएको थिएन। नेत्रबाट [आनन्द र प्रेमका आँसुको] जल बग्न थाल्यो र शरीर रोमाञ्चित (पुलकित) भयो॥ ५॥

**कपि तव दरस सकल दुख बीते। मिले आजु मोहि राम पिरीते॥**
**बार बार बूझी कुसलाता। तो कहुँ देउँ काह सुनु भ्राता॥**

[भरतजीले भन्नुभयो—] हे हनुमान्! तिम्रो दर्शनले मेरा समस्त दुःख समाप्त भए (दुःखहरूको अन्त्य भयो)। [तिम्रो रूपमा] आज मलाई प्यारा रामजी नै भेट हुनुभएको छ। भरतजीले कैयौं पटक कुशल सोध्नुभयो [र भन्नुभयो—] हे भाइ! सुन [यो शुभ संवादको बदलामा] तिमीलाई के दिउँ?॥ ६॥

**एहि संदेस सरिस जग माहीं। करि बिचार देखेउँ कछु नाहीं॥**
**नाहिन तात उरिन मैं तोही। अब प्रभु चरित सुनावहु मोही॥**

यस सन्देशको समान (यसको बदलामा दिन लायक पदार्थ) जगत्‌मा केही पनि छैन, मैले यो विचार गरेर हेरिसकें। [यसैले] हे तात! म तिमीसँग कुनै प्रकारले पनि उऋण हुनेछैन। अब मलाई प्रभुको चरित्र (हाल) सुनाऊ॥ ७॥

**तब हनुमंत नाइ पद माथा। कहे सकल रघुपति गुन गाथा॥**
**कहु कपि कबहुँ कृपाल गोसाईं। सुमिरहिं मोहि दास की नाईं॥**

त्यसपछि हनुमान्‌जीले भरतजीका चरणमा शिर निहुराएर श्रीरघुनाथको सम्पूर्ण गुणगाथा भन्नुभयो। [भरतजीले सोध्नुभयो—] हे हनुमान्! भन, कृपालु स्वामी श्रीरामचन्द्रले कहिलेकाहीं मलाई आफ्नो दासलाईझैं याद पनि गरिबक्सिन्छ?॥ ८॥

छं०— **निज दास ज्यों रघुबंसभूषन कबहुँ मम सुमिरन कर्‍यो।**
**सुनि भरत बचन बिनीत अति कपि पुलकि तन चरनन्हि पर्‍यो॥**
**रघुबीर निज मुख जासु गुन गन कहत अग जग नाथ जो।**
**काहे न होइ बिनीत परम पुनीत सदगुन सिंधु सो॥**

रघुवंशका भूषण श्रीरामले के कहिलेकाहीं आफ्नो दासलाईझैं मेरो स्मरण गरिबक्सिन्छ? भरतजीका अत्यन्त नम्र वचन सुनेर हनुमान्जी रोमाञ्चित शरीर भएर उहाँका चरणमा पल्टिनुभयो [र मनमा विचार गर्न लाग्नुभयो कि] जुन चराचरका स्वामी हुनुहुन्छ उनै श्रीरघुवीरले आफ्ना श्रीमुखले जसको गुणसमूहलाई वर्णन गर्नुहुन्छ, उनै भरतजी यस्ता विनम्र, परम पवित्र र सद्गुणहरूका समुद्र किन (कसरी) नहुने?

**दो०— राम प्रान प्रिय नाथ तुम्ह सत्य बचन मम तात।**
**पुनि पुनि मिलत भरत सुनि हरष न हृदयँ समात॥ २ (क)॥**

[हनुमान्जीले भन्नुभयो—] हे नाथ! हजुर श्रीरामलाई प्राणको समान प्रिय होइबक्सिन्छ, हे तात! मेरा वचन सत्य छन्। यस्तो सुनेर भरतजी बारम्बार भेट हुनुहुन्छ, हृदयमा हर्षको सीमा छैन अर्थात् हर्ष अटाएको थिएन॥ २ (क)॥

**सो०— भरत चरन सिरु नाइ तुरित गयउ कपि राम पहिं।**
**कही कुसल सब जाइ हरषि चलेउ प्रभु जान चढ़ि॥ २ (ख)॥**

फेरि भरतजीका चरणमा शिर निहुराएर हनुमान्जी तुरुन्तै श्रीरामसँग [फर्केर] जानुभयो र गएपछि उहाँले सबै कुशल भन्नुभयो। अनि प्रभु हर्षित भएर विमानमा चढेर जानुभयो॥ २ (ख)॥

**हरषि भरत कोसलपुर आए। समाचार सब गुरहि सुनाए॥**
**पुनि मंदिर महँ बात जनाई। आवत नगर कुसल रघुराई॥**

यता भरतजी पनि हर्षित भएर अयोध्यापुरीमा आउनुभयो र उहाँले गुरुजीलाई सबै समाचार सुनाउनुभयो। फेरि राजमहलमा खबर जनाउनुभयो कि श्रीरघुनाथ कुशलपूर्वक नगरमा आइबक्सिएको छ॥ १॥

**सुनत सकल जननीं उठि धाईं। कहि प्रभु कुसल भरत समुझाईं॥**
**समाचार पुरबासिन्ह पाए। नर अरु नारि हरषि सब धाए॥**

खबर सुन्दा नै सबै मुमाहरू उठेर दौडनुभयो। भरतजीले प्रभुको कुशल भनेर सम्झाउनुभयो। नगरनिवासीहरूले यो समाचार पाए, त्यसपछि स्त्री-पुरुष सबै हर्षित भएर दौडे॥ २॥

**दधि दुर्बा रोचन फल फूला। नव तुलसी दल मंगल मूला॥**
**भरि भरि हेम थार भामिनी। गावत चलिं सिंधुरगामिनी॥**

[श्रीरामको स्वागतका लागि] दही, दूबो, गोरोचन (बेसार आदिबाट बनेको चन्दन), फल, फूल र मङ्गलको मूल नवीन तुलसीदल (मञ्जरीसहितको र दुई पात भएको) आदि वस्तुहरू कैयौं सुनका थालमा भरेर हस्तिनीको चालमा हिंड्ने सौभाग्यवती (सधवा) स्त्रीहरूले [उसलाई लिएर] गाउँदै हिंडे॥ ३॥

**जे जैसेहिं तैसेहिं उठि धावहिं। बाल बृद्ध कहँ संग न लावहिं॥**
**एक एकन्ह कहँ बूझहिं भाई। तुम्ह देखे दयाल रघुराई॥**

जुन व्यक्ति जस्तो (जहाँ जुन स्थितिमा) छन्, उस्तै नै [उही अवस्थामा] उठेर दौडे। [अबेर हुने डरले] बालक र बूढा-बूढीहरूलाई कुनैले साथमा लगेनन्। एकले अर्कोलाइ भन्दछन्— भाइ! तिमीले दयालु श्रीरघुनाथलाई देखेका छौ?॥ ४॥

**अवधपुरी प्रभु आवत जानी। भई सकल सोभा कै खानी॥**
**बहइ सुहावन त्रिबिध समीरा। भइ सरजू अति निर्मल नीरा॥**

प्रभु आउँदै गरेको सुनेर अयोध्यापुरी सम्पूर्ण शोभाहरूको खानी भयो। तीनै प्रकारका सुन्दर वायु चल्न लाग्यो। सरयूजीको जल अति निर्मल भयो॥ ५॥

दो०— **हरषित गुर परिजन अनुज भूसुर बृंद समेत।**
**चले भरत मन प्रेम अति सन्मुख कृपानिकेत॥ ३ (क)॥**

गुरु वशिष्ठजी, कुटुम्बी, भाइ शत्रुघ्न तथा ब्राह्मणहरूका समूहका साथ हर्षित भएर भरतजी अत्यन्त प्रेमपूर्ण मनले कृपाधाम श्रीरामको अगाडि (अर्थात् उहाँलाई स्वागत गर्नको लागि) हिँड्नुभयो॥ ३ (क)॥

**बहुतक चढ़ीं अटारिन्ह निरखहिं गगन बिमान।**
**देखि मधुर सुर हरषित करहिं सुमंगल गान॥ ३ (ख)॥**

धेरै नै आइमाईहरू कौसीमा चढेर आकाशमा विमान हेरिरहेका छन् र उसलाई देखेर हर्षित हुँदै मीठो स्वरले सुन्दर मङ्गल गीत गाइरहेका छन्॥ ३ (ख)॥

**राका ससि रघुपति पुर सिंधु देखि हरषान।**
**बढ़्यो कोलाहल करत जनु नारि तरंग समान॥ ३ (ग)॥**

श्रीरघुनाथ पूर्णिमाका चन्द्रमा हुनुहुन्छ, तथा अयोध्यापुरी समुद्र हो, जुन त्यस पूर्णचन्द्रलाई देखेर हर्षित भइरहेको छ र कोलाहल गर्दै बढिरहेको छ [यता-उता दौडेका] स्त्रीहरू उसको तरङ्ग-समान लाग्छन्॥ ३ (ग)॥

**इहाँ भानुकुल कमल दिवाकर। कपिन्ह देखावत नगर मनोहर॥**
**सुनु कपीस अंगद लंकेसा। पावन पुरी रुचिर यह देसा॥**

यहाँ (विमानबाट) सूर्यकुलरूपी कमललाई प्रफुल्लित गर्ने सूर्य श्रीरामले बाँदरहरूलाई मनोहर नगर देखाइरहनुभएको छ। [उहाँ भन्नुहुन्छ— ] हे सुग्रीव! हे अङ्गद! हे लङ्कापति विभीषण! सुन! यो पुरी पवित्र छ र यो देश सुन्दर छ॥ १॥

**जद्यपि सब बैकुंठ बखाना। बेद पुरान बिदित जगु जाना॥**
**अवधपुरी सम प्रिय नहिं सोऊ। यह प्रसंग जानइ कोउ कोऊ॥**

यद्यपि सबैले वैकुण्ठको बढाई (प्रशंसा) गरेका छन्—यो वेद-पुराणहरूमा प्रसिद्ध छ र जगत्ले जानेको छ, परन्तु अवधपुरीसमान मलाई त्यो पनि प्रिय छैन। यो कुरा (भेद) कुनै-कुनै (बिरलाकोटी) विरलैले जानेका छन्॥ २॥

**जन्मभूमि मम पुरी सुहावनि। उत्तर दिसि बह सरजू पावनि॥**
**जा मज्जन ते बिनहिं प्रयासा। मम समीप नर पावहिं बासा॥**

यो सुन्दर पुरी मेरो जन्मभूमि हो। यसको उत्तर दिशामा [जीवहरूलाई] पवित्र गर्ने सरयू नदी बग्दछिन्, जसमा स्नान गर्नाले मनुष्यले विनापरिश्रम मेरो समीप निवास (सामीप्य मुक्ति) पाउँदछन्॥ ३॥

**अति प्रिय मोहि इहाँ के बासी। मम धामदा पुरी सुख रासी॥**
**हरषे सब कपि सुनि प्रभु बानी। धन्य अवध जो राम बखानी॥**

यहाँका निवासी मलाई धेरै नै प्रिय छन्। यो पुरी सुखको राशि हो र यसले मेरो परमधामलाई दिन्छ। प्रभुका वाणी सुनेर सबै बाँदर हर्षित भए [र भन्न लागे कि]—जुन अयोध्याको स्वयं श्रीरामले बढाई (प्रशंसा) गरिबक्सिएको छ, यो [अवश्य नै] धन्य छ॥ ४॥

दो०— **आवत देखि लोग सब कृपासिंधु भगवान।**
**नगर निकट प्रभु प्रेरेउ उतरेउ भूमि बिमान॥ ४ (क)॥**

कृपासागर भगवान् श्रीरामचन्द्रले सबै जनालाई आउँदै गरेको देख्नुभयो, त्यसपछि प्रभुले विमानलाई नगरको समीप अवतरण गर्न प्रेरणा दिनुभयो। अनि ऊ पृथ्वीमा ओर्ल्यो॥ ४ (क)॥

**उतरि कहेउ प्रभु पुष्पकहि तुम्ह कुबेर पहिं जाहु।**
**प्रेरित राम चलेउ सो हरषु बिरहु अति ताहु॥ ४ (ख)॥**

विमानबाट ओर्लेर प्रभुले पुष्पकविमानलाई भन्नुभयो कि तिमी अब कुबेरसँग जाऊ ! श्रीरामको प्रेरणाले ऊ गयो। उसलाई [आफ्नो स्वामीसँग जाने] हर्ष र प्रभु श्रीरामचन्द्रसँग अलग भएकोमा अत्यन्त दु:ख पनि छ॥ ४ (ख)॥

## * श्रीरामको स्वागत, भरतमिलाप, सबैको मिलनानन्द *

**आए भरत संग सब लोगा। कृस तन श्रीरघुबीर बियोगा॥**
**बामदेव बसिष्ट मुनिनायक। देखे प्रभु महि धरि धनु सायक॥**

भरतजीसँग सबै जना आए। श्रीरघुवीरको वियोगले सबैको शरीर दुब्लो भइरहेको छ। प्रभुले वामदेव, वशिष्ठ आदि मुनिश्रेष्ठहरूलाई देख्नुभयो, अनि उहाँले धनुषवाण पृथ्वीमा राखेर-॥ १॥

**धाइ धरे गुर चरन सरोरुह। अनुज सहित अति पुलक तनोरुह॥**
**भेंटि कुसल बूझी मुनिराया। हमरें कुसल तुम्हारिहिं दाया॥**

भाइ लक्ष्मणजीसहित दौडेर गुरुजीका चरणकमल समात्नुभयो। दुवै भाइहरूको शरीर अत्यन्त रोमाञ्चित भइरहेको छ। मुनिराज वशिष्ठजीले [उठाएर] उहाँहरूलाई अङ्कमाल गर्नुभयो र कुशल सोध्नुभयो। [प्रभुले भन्नुभयो—] हजुरकै दयाले हामीहरू कुशल छौं॥ २॥

**सकल द्विजन्ह मिलि नायउ माथा। धर्म धुरंधर रघुकुलनाथा॥**
**गहे भरत पुनि प्रभु पद पंकज। नमत जिन्हहि सुर मुनि संकर अज॥**

धर्म धुरन्धर रघुकुलका स्वामी श्रीरामले सबै ब्राह्मणसँग भेट भएर प्रणाम गर्नुभयो। फेरि भरतजीले प्रभुका उनै चरणकमल समात्नुभयो, जसलाई देवता, मुनि, शङ्करजी र ब्रह्माजीले पनि नमस्कार गर्दछन्॥ ३॥

**परे भूमि नहिं उठत उठाए। बर करि कृपासिंधु उर लाए॥**
**स्यामल गात रोम भए ठाढ़े। नव राजीव नयन जल बाढ़े॥**

भरतजी पृथ्वीमा पल्टिनुभएको छ, उठाउँदा उठ्नुहुन्न। त्यसपछि कृपासिन्धु श्रीरामले उहाँलाई जबरजस्ती उठाएर हृदयमा लगाउनुभयो। [उहाँको] श्याम शरीरमा रौं ठाडा भए। नवीन कमलका समान नेत्रमा [प्रेमाश्रुका] जलको बाढी आयो॥ ४॥

छं०— **राजीव लोचन स्त्रवत जल तन ललित पुलकावलि बनी।**
**अति प्रेम हृदयँ लगाइ अनुजहि मिले प्रभु त्रिभुअन धनी॥**
**प्रभु मिलत अनुजहि सोह मो पहिं जाति नहिं उपमा कही।**
**जनु प्रेम अरु सिंगार तनु धरि मिले बर सुषमा लही॥**

कमलका समान नेत्रमा जल बगिरहेको छ। सुन्दर कोमल शरीरमा सुन्दर रोमाञ्चले अत्यन्त शोभा दिइरहेको छ। त्रिलोकका स्वामी प्रभु श्रीराम भाइ भरतजीसँग अत्यन्त प्रेमले हृदयमा लगाएर भेट हुनुभयो। भाइसँग भेट हुने समयमा प्रभु जसरी विराजमान हुनुभएको छ, उसको उपमालाई मैले भन्न सक्तिन (अर्थात् उपमा त्रिलोकमा छैन)। मानौं प्रेम र शृंगार शरीर धारण गरेर भेट भएका छन् र श्रेष्ठ शोभा प्राप्त गरेका छन्॥ १॥

**बूझत कृपानिधि कुसल भरतहि बचन बेगि न आवई।**
**सुनु सिवा सो सुख बचन मन ते भिन्न जान जो पावई॥**
**अब कुसल कौसलनाथ आरत जानि जन दरसन दियो।**
**बूड़त बिरह बारीस कृपानिधान मोहि कर गहि लियो॥**

कृपानिधान श्रीरामले भरतजीसँग कुशल सोध्नुभएको छ; परन्तु आनन्दवश भरतजीको मुखबाट वचन शीघ्र निस्कँदैन। [शिवजीले भन्नुभयो—] हे पार्वती! सुन, त्यो सुख (जुन त्यस समयमा भरतजीलाई भएको थियो) वचन र मनदेखि पर छ; उसलाई उसैले जान्दछ जसले उसलाई पाउँछ। [भरतजीले भन्नुभयो—] हे कोसलनाथ! हजुरले आर्त (दु:खी) जानेर दासलाई दर्शन दिइबक्सियो, यसैले अब कुशल छ। विरहसमुद्रमा डुब्दै गरेको मलाई कृपानिधानले हात समातेर बचाइबक्सियो!॥ २॥

दो०— **पुनि प्रभु हरषि सत्रुहन भेंटे हृदयँ लगाइ।**
**लछिमन भरत मिले तब परम प्रेम दोउ भाइ॥ ५॥**

फेरि प्रभु हर्षित भएर शत्रुघ्नजीसँग हृदयमा लगाएर भेट हुनुभयो। अनि लक्ष्मणजी र भरतजी दुवै भाइ परम प्रेमले भेट हुनुभयो॥ ५॥

**भरतानुज लछिमन पुनि भेंटे। दुसह बिरह संभव दुख मेटे॥**
**सीता चरन भरत सिरु नावा। अनुज समेत परम सुख पावा॥**

फेरि लक्ष्मणजी शत्रुघ्नजीसँग अङ्गालो हालेर भेट हुनुभयो र यस प्रकार विरहले उत्पन्न दुःसह दुःखको नाश भयो। त्यसपछि भाइ शत्रुघ्नजीसहित भरतजीले सीताजीको चरणमा शिर निहुराउनुभयो र परम सुख प्राप्त गर्नुभयो॥ १॥

**प्रभु बिलोकि हरषे पुरबासी। जनित बियोग बिपति सब नासी॥**
**प्रेमातुर सब लोग निहारी। कौतुक कीन्ह कृपाल खरारी॥**

प्रभुलाई हेरेर अयोध्यावासी सबै हर्षित भए। वियोगबाट उत्पन्न सबै दुःख नष्ट भए। सबै जनालाई प्रेमविह्वल [र भेट हुनको लागि अत्यन्त आतुर] देखेर खरका शत्रु कृपालु श्रीरामले एक चमत्कार गर्नुभयो॥ २॥

**अमित रूप प्रगटे तेहि काला। जथा जोग मिले सबहि कृपाला॥**
**कृपादृष्टि रघुबीर बिलोकी। किए सकल नर नारि बिसोकी॥**

त्यही समय कृपालु श्रीराम अनगिन्ती रूपमा प्रकट हुनुभयो र सबैसँग [एक पटक नै] यथायोग्य भेट हुनुभयो। श्रीरघुवीरले कृपाको दृष्टिले हेरेर सबै नर–नारीहरूलाई शोकबाट छुटकारा दिलाउनुभयो॥ ३॥

**छन महिं सबहि मिले भगवाना। उमा मरम यह काहुँ न जाना॥**
**एहि बिधि सबहि सुखी करि रामा। आगें चले सील गुन धामा॥**

भगवान् क्षण मात्रमा सबैसँग भेट हुनुभयो। हे उमा! यो रहस्य कसैले जानेनन्। यस प्रकार शील र गुणका धाम श्रीराम सबैलाई सुखी बनाएर अघि बढ्नुभयो॥ ४॥

**कौसल्यादि मातु सब धाई। निरखि बच्छ जनु धेनु लवाई॥**

कौसल्या आदि सबै माताजीहरू यस्तो प्रकारले दौडनुभएको छ, जस्तो प्रकारले भर्खरै ब्याएकी (लैनो) गाई आफ्नो बाच्छोलाई देखेर दौडेकी छिन्॥ ५॥

छं०— **जनु धेनु बालक बच्छ तजि गृहँ चरन बन परबस गईं।**
**दिन अंत पुर रुख स्त्रवत थन हुंकार करि धावत भईं॥**
**अति प्रेम प्रभु सब मातु भेटीं बचन मृदु बहुबिधि कहे।**
**गइ बिषम बिपति बियोगभव तिन्ह हरष सुख अगनित लहे॥**

मानौं भर्खरै ब्याएकी गाई आफ्नो बालक (बाच्छी अथवा बाच्छो) लाई गोठमा छोडेर परवश भएर वनमा चर्न गएकी छिन् र दिनको अन्त्य भएपछि [बाच्छोसँग भेट हुनको लागि] हुङ्कार (बाँ–बाँ) गरेर थुनबाट दूध खसाल्दै गोठतर्फ दौडेकी छिन्। प्रभु अत्यन्त प्रेमसँग सबै आमाहरूसँग भेट भएर उहाँहरूलाई धेरै प्रकारका कोमल वचन भन्नुभयो। वियोगबाट उत्पन्न भयानक विपत्ति नष्ट भयो र सबैले [भगवान्सँग भेट भएर तथा उहाँका वचन सुनेर] असङ्ख्य सुख र हर्ष प्राप्त गर्नुभयो।

दो०— **भेटेउ तनय सुमित्राँ राम चरन रति जानि।**
**रामहि मिलत कैकई हृदयँ बहुत सकुचानि॥ ६ ( क )॥**

सुमित्राजी आफ्ना पुत्र लक्ष्मणजीको श्रीरामको चरणमा प्रीति जानेर उहाँसँग भेट हुनुभयो। श्रीरामसँग भेट हुने समयमा कैकेयीजीले हृदयमा अत्यन्त लाज मान्नुभयो॥ ६ (क)॥

**लछिमन सब मातन्ह मिलि हरषे आसिष पाइ।**
**कैकइ कहँ पुनि पुनि मिले मन कर छोभु न जाइ॥ ६ ( ख )॥**

लक्ष्मणजी पनि सबै मुमाहरूसँग भेट हुनुभयो र आशीर्वाद पाएर हर्षित हुनुभयो। उहाँ कैकेयीजीसँग घरीघरी भेट हुनुभयो, परन्तु उहाँको मनको क्षोभ (रोष) गएन॥ ६ (ख)॥

**सासुन्ह सबनि मिली बैदेही। चरनन्हि लागि हरषु अति तेही॥**
**देहिं असीस बूझि कुसलाता। होइ अचल तुम्हार अहिवाता॥**

जानकीजी सबै सासूसँग भेट हुनुभयो र उहाँहरूलाई प्रणाम गर्दा उहाँलाई अत्यन्त हर्ष भयो। सासूहरूले कुशल सोधेर आशीर्वाद दिइरहनुभएको छ कि तिम्रो सिन्दूर अचल होस्॥ १॥

**सब रघुपति मुख कमल बिलोकहिं। मंगल जानि नयन जल रोकहिं॥**
**कनक थार आरती उतारहिं। बार बार प्रभु गात निहारहिं॥**

सबै मुमाहरूले श्रीरघुनाथको कमलको जस्तो मुखलाई हेरिरहनुभएको छ। [नेत्रमा प्रेमका आँसु उर्लेर आएका छन्, परन्तु] मङ्गलको समय जानेर उहाँहरूले आँसुका धारालाई रोकिरहनुभएको छ। सुनको थालमा आरती उतार्नुभएको छ र घरीघरी प्रभुका श्रीअङ्गतर्फ हेरिरहनुहुन्छ अर्थात् बारबार दर्शन गर्दा पनि तृप्त हुनुहुन्न॥ २॥

**नाना भाँति निछावरि करहीं। परमानंद हरष उर भरहीं॥**
**कौसल्या पुनि पुनि रघुबीरहि। चितवति कृपासिंधु रनधीरहि॥**

अनेकौं प्रकारका एवं अनेकौं प्रकारले उपहार दिइरहनुभएको छ र हृदयमा परमानन्द तथा हर्ष भरिएको छ। कौसल्याजीले बारबार कृपाका समुद्र र रणधीर श्रीरघुवीरलाई हेरिरहनुभएको छ॥ ३॥

**हृदयँ बिचारति बारहिं बारा। कवन भाँति लंकापति मारा॥**
**अति सुकुमार जुगल मेरे बारे। निसिचर सुभट महाबल भारे॥**

उहाँले बारम्बार हृदयमा विचार गर्नुहुन्छ कि यिनले लङ्कापति रावणलाई कसरी मारे? मेरा यी दुवै बालक अति नै सुकुमार छन् र राक्षस त अति ठूला योद्धा र महान् बलवान् थिए॥ ४॥

दो०— **लछिमन अरु सीता सहित प्रभुहि बिलोकति मातु।**
**परमानंद मगन मन पुनि पुनि पुलकित गातु॥ ७॥**

लक्ष्मण र सीताजीसहित प्रभु श्रीरामचन्द्रलाई आमा (कौसल्या) ले हेरिरहनुभएको छ। उहाँको मन परमानन्दमा मगन छ र शरीर पटक-पटक रोमाञ्चित भइरहेको छ॥ ७॥

**लंकापति कपीस नल नीला। जामवंत अंगद सुभसीला॥**
**हनुमदादि सब बानर बीरा। धरे मनोहर मनुज सरीरा॥**

लङ्कापति विभीषण, बाँदरराज सुग्रीव, नल, नील, जाम्बवान् र अङ्गद तथा हनुमान्‌जी आदि सबै उत्तम स्वभाव भएका वीर बाँदरहरूले मनुष्यको मनोहर शरीर धारण गरे॥ १॥

**भरत सनेह सील ब्रत नेमा। सादर सब बरनहिं अति प्रेमा॥**
**देखि नगरबासिन्ह कै रीती। सकल सराहहिं प्रभु पद प्रीती॥**

उनीहरू सबैले भरतजीको प्रेम, सुन्दर स्वभाव [त्यागको] व्रत र नियमहरूको अत्यन्त प्रेमले आदरपूर्वक वर्णन गरिरहेका छन्। अन्य नगरनिवासीहरूको [प्रेम, शील र विनम्रतापूर्ण] रीति देखेर उनीहरू सबैको प्रभुका चरणका प्रेम देखेर सराहना गरिरहेका छन्॥ २॥

**पुनि रघुपति सब सखा बोलाए। मुनि पद लागहु सकल सिखाए॥**
**गुर बसिष्ट कुलपूज्य हमारे। इन्ह की कृपाँ दनुज रन मारे॥**

फेरि रघुनाथजीले सबै सखा (बाँदर) लाई बोलाउनुभयो र सबैलाई सिकाउनुभयो कि मुनिलाई प्रणाम गर। गुरु वशिष्ठजी हाम्रो कुलभरको लागि पूज्य होइबक्सिन्छ। यहाँकै कृपाले रणमा राक्षसहरू मारिएका हुन्॥ ३॥

**ए सब सखा सुनहु मुनि मेरे। भए समर सागर कहँ बेरे॥**
**मम हित लागि जन्म इन्ह हारे। भरतहु ते मोहि अधिक पिआरे॥**

[फेरि गुरुजीसँग भन्नुभयो— ] हे मुनि! सुनिबक्सियोस्। यिनीहरू सबै मेरा सखा हुन्। यिनीहरू सङ्ग्रामरूपी समुद्रमा मेरो लागि बेडा (जहाज) को समान भए। मेरो हितको लागि यिनीहरूले आफ्नो जन्मसम्म हारे (आफ्नो प्राण पनि होमिदिए)। यिनीहरू मलाई भरतभन्दा पनि अधिक प्रिय छन्॥ ४॥

**सुनि प्रभु बचन मगन सब भए। निमिष निमिष उपजत सुख नए॥**

प्रभुका वचन सुनेर सबै प्रेम र आनन्दमा मग्न भएका छन्। यस्तो प्रकारले पल-पलमा उनीहरूलाई नयाँ-नयाँ सुख उत्पन्न भइरहेको छ॥ ५॥

दो०— **कौसल्या के चरनन्हि पुनि तिन्ह नायउ माथ।**
**आसिष दीन्हे हरषि तुम्ह प्रिय मम जिमि रघुनाथ॥ ८ (क)॥**

फेरि उनीहरूले कौसल्याजीका चरणमा शिर निहुराए। कौसल्याजीले हर्षित भएर आशीर्वाद दिनुभयो [र भन्नुभयो— ] तिमीहरू मलाई रघुनाथसमान प्रिय छौ॥ ८ (क)॥

**सुमन बृष्टि नभ संकुल भवन चले सुखकंद।**
**चढ़ी अटारिन्ह देखहिं नगर नारि नर बृंद॥ ८ (ख)॥**

आनन्दकन्द श्रीराम आफ्नो निवासमा जानुभयो, आकाश फूलको वृष्टिले भरियो। नगरका स्त्री-पुरुषका हूल कौसी [बार्दली, अटाली] मा चढेर उहाँको दर्शन गरिरहेका छन्॥ ८ (ख)॥

**कंचन कलस बिचित्र सँवारे। सबहिं धरे सजि निज निज द्वारे॥**
**बंदनवार पताका केतू। सबन्हि बनाए मंगल हेतू॥**

सुनका कलशहरूलाई विचित्र रीतिले [मणि-रत्नादिले] अलङ्कृत गरेर र सजाएर* सबै जनाले आ-आफ्नो ढोकामा राखे। सबै जनाले मङ्गलको लागि बन्दनवार, ध्वजा र पताकाहरू बनाए॥ १॥

**बीथीं सकल सुगंध सिंचाईं। गजमनि रचि बहु चौक पुराईं॥**
**नाना भाँति सुमंगल साजे। हरषि नगर निसान बहु बाजे॥**

सबै गल्ली सुगन्धित द्रवले सिँचाइ गरियो (छर्कियो)। गजमुक्ताबाट रचेर धेरै नै चित्र-मण्डल बनाइयो अर्थात् रेखी हालियो†। अनेकौं प्रकारका सुन्दर मङ्गल-सामान सजाइयो र हर्षपूर्वक नगरमा धेरै नै नगराहरू बज्न लागे॥ २॥

**जहँ तहँ नारि निछावरि करहीं। देहिं असीस हरष उर भरहीं॥**
**कंचन थार आरतीं नाना। जुबतीं सजें करहिं सुभ गाना॥**

स्त्रीहरूले जताततै (जो जहाँ छ त्यहींबाटै) उपहार र हृदयमा हर्षित भएर आशीर्वाद दिएका छन्। धेरै नै [सौभाग्यवती] युवतीहरूले सुनको थालमा अनेकौं प्रकारका आरती सजाएर मङ्गलगीत गाइरहेका छन्॥ ३॥

**करहिं आरती आरतिहर कें। रघुकुल कमल बिपिन दिनकर कें॥**
**पुर सोभा संपति कल्याना। निगम सेष सारदा बखाना॥**

उनीहरूले आर्तिहर (दु:ख-क्लेशलाई नष्ट गर्ने) र सूर्यकुलरूपी कमलवनलाई प्रफुल्लित गर्ने सूर्य श्रीरामजीको आरती गरिरहेका छन्। नगरको शोभा, सम्पत्ति र कल्याणलाई वेद, शेष र सरस्वतीजी वर्णन गर्नुहुन्छ— ॥ ४॥

**तेउ यह चरित देखि ठगि रहहीं। उमा तासु गुन नर किमि कहहीं॥**

परन्तु उहाँहरू पनि यस्तो चरित्र देखेर (यस्तो योग्य वक्ता) स्तम्भित हुन्छन्। [शिवजी भन्नुहुन्छ— ] हे उमा! तब साधारण मनुष्यले उहाँको गुणहरूलाई कसरी भन्न सक्छन्?॥ ५॥

---

* ***'सवारे सबहि.....'*** इति। (क) चतुर चूडामणि यिनलाई देखेर प्रसन्न हुनेछन्, यस्तो विचारले सजाए। (ख) ***'सवही'*** पद दिएर नगरको विभूति देखाइयो कि सानो-ठूलो सबैसँग यहाँ यति धन छ कि सुनका कलश मणिहरूले सजाएर चित्र-मण्डल बनाएर द्वारमा राखे। आजभोलि माटोको घैंटोमा गोबरले चित्रकारी गर्दछन् र मणिहरूको बदलामा अबीर, चामल वा पीठोले रेखी हाल्छन्; किनकि धनहीन छन्।

† ***'गजमनि रचि बहु चौक पुराई'*** इति। चित्र-मण्डल बनाएको ठाउँ लेखिएको छैन, कारण यो हो कि एक ठाउँमा बनाएको भए पो ठाउँ लेख्ने, अनेक ठाउँको स्थान-स्थानमा बनाइएको छ, जस्तै कि कलशनजिक, आँगनमा, गल्लीहरूमा, बजारमा, ढोकामा, चौराहामा इत्यादि— यथा **'सींचि सुगंध रचैं चौकें गृह आँगन गली बजार।'** (गी० १।२), (घ) ***'नाना भाँति सुमंगल....'*** इति। केही सुमङ्गल भनेर अब भन्दछन् कि अनेक प्रकारका सुन्दर मङ्गल सजाइएको छ, हामीले कहाँसम्म वर्णन गरेर गणना गरौं। मङ्गल-सामन भनेर नगराहरू बजेको भन्दछन्, यस्तो प्रकारले सूचित गर्दछन् कि नगरा बज्नु पनि मङ्गल हो, यथा— **'भेरीमृदंगमृदुमर्दलम् शंखवीणावेदध्वनिर्मङ्गल-गीतघोषाः'**। (मानस-पीयूषबाट उद्धृत गरिएको)

दो०— **नारि कुमुदिनीं अवध सर रघुपति बिरह दिनेस।**
**अस्त भएँ बिगसत भईं निरखि राम राकेस॥ ९ ( क )॥**

नारीहरू कमलिनी हुन्, अयोध्या ताल (पोखरी) हो र श्रीरघुनाथको विरह सूर्य हो [यस्तो विरह-सूर्यको तापले उनीहरू ओइलाएका थिए]। अब यो विरहरूपी सूर्य अस्त भएपछि श्रीरामरूपी पूर्णचन्द्रमालाई देखेर उनीहरू फुले (फक्रे)॥ ९ (क)॥

**होहिं सगुन सुभ बिबिधि बिधि बाजहिं गगन निसान।**
**पुर नर नारि सनाथ करि भवन चले भगवान॥ ९ ( ख ) ॥**

अनेक प्रकारका शुभ-लक्षण भइरहेका छन्, आकाशमा नगरा (निसान) हरू बजिरहेका छन्। नगरका पुरुष र स्त्रीहरूलाई सनाथ (दर्शनद्वारा कृतार्थ) गरेर भगवान् श्रीरामचन्द्र महलमा जानुभयो॥ ९ (ख)॥

**प्रभु जानी कैकई लजानी। प्रथम तासु गृह गए भवानी॥**
**ताहि प्रबोधि बहुत सुख दीन्हा। पुनि निज भवन गवन हरि कीन्हा॥**

[शिवजी भन्नुहुन्छ— ] हे भवानी! प्रभुले जान्नुभयो कि आमा कैकेयी लज्जित हुनुभएको छ। [यसैले] उहाँ पहिला उहाँकै महलमा जानुभयो र उहाँलाई सम्झाइबुझाइ गरेर धेरै प्रकारले सुख दिनुभयो। त्यसपछि श्रीहरि आफ्नो महलमा जानुभयो॥ १॥

**कृपासिंधु जब मंदिर गए। पुर नर नारि सुखी सब भए॥**
**गुर बसिष्ट द्विज लिए बुलाई। आजु सुघरी सुदिन समुदाई॥**

कृपाका समुद्र श्रीराम जब आफ्नो महलमा जानुभयो, अनि नगरका स्त्री-पुरुष सबै सुखी भए। गुरु वशिष्ठजीले ब्राह्मणहरूलाई बोलाउनुभयो [र भन्नुभयो— ] आज (राज्याभिषेकको लागि हुनुपर्ने) शुभ घडी, सुन्दर दिन आदि सबै शुभ योग छ॥ २॥

**सब द्विज देहु हरषि अनुसासन। रामचंद्र बैठहिं सिंघासन॥**
**मुनि बसिष्ट के बचन सुहाए। सुनत सकल बिप्रन्ह अति भाए॥**

तपाईं सबै ब्राह्मणहरूले हर्षित भएर आज्ञा दिनुहोस्, जसले श्रीरामचन्द्र सिंहासनमा विराजमान होइबक्सिनेछ। वशिष्ठ मुनिका सुन्दर वचन सुन्दा नै सबै ब्राह्मणलाई धेरै नै राम्रो लाग्यो॥ ३॥

**कहहिं बचन मृदु बिप्र अनेका। जग अभिराम राम अभिषेका॥**
**अब मुनिबर बिलंब नहिं कीजै। महाराज कहँ तिलक करीजै॥**

सबै अनेकौं ब्राह्मणहरूले कोमल वचन भन्न लागे कि श्रीरामको राज्याभिषेक सम्पूर्ण जगत्लाई आनन्द दिनेवाला छ। हे मुनिश्रेष्ठ! अब विलम्ब नगर्नुहोस् र महाराजलाई तिलक शीघ्र गर्नुहोस्॥ ४॥

दो०— **तब मुनि कहेउ सुमंत्र सन सुनत चलेउ हरषाइ।**
**रथ अनेक बहु बाजि गज तुरत सँवारे जाइ॥ १० ( क )॥**

त्यसपछि मुनिले सुमन्त्रजीसँग भन्नुभयो, उनी सुन्दा नै हर्षित भएर हिंडे। उनले तुरुन्तै गएर अनेकौं रथ, घोडा र हात्ती सजाए;॥ १० (क)॥

**जहँ तहँ धावन पठइ पुनि मंगल द्रब्य मगाइ।**
**हरष समेत बसिष्ट पद पुनि सिरु नायउ आइ॥ १० (ख)॥**

र जहाँसुकै [सूचना दिने] दूतहरूलाई पठाएर माङ्गलिक वस्तुहरू झिकाई तत्पश्चात् अत्यन्तै हर्षित हुँदै आएर वशिष्ठजीका चरणमा शिर निहुराउनुभयो॥ १० (ख)॥

**नवाहपारायण, आठौं विश्राम**

**अवधपुरी अति रुचिर बनाई। देवन्ह सुमन बृष्टि झरि लाई॥**
**राम कहा सेवकन्ह बुलाई। प्रथम सखन्ह अन्हवावहु जाई॥**

अयोध्यापुरी अत्यन्तै सुन्दर तरिकाले सजाइयो। देवताहरूले पुष्पहरूको झरी (वर्षा) गराए। श्रीरामचन्द्रले सेवकहरूलाई बोलाएर भन्नुभयो। तिमीहरू गएर पहिला मेरा सखाहरूलाई स्नान गराऊ॥ १॥

**सुनत बचन जहँ तहँ जन धाए। सुग्रीवादि तुरत अन्हवाए॥**
**पुनि करुनानिधि भरतु हँकारे। निज कर राम जटा निरुआरे॥**

भगवान्‌का वचन सुन्दा नै सेवक जहाँसुकै दौडेर तुरुन्तै उनीहरूले सुग्रीवादिलाई स्नान गराए। फेरि करुणानिधान श्रीरामले भरतजीलाई बोलाउनुभयो र उहाँका जटाहरूलाई आफ्ना करकमल (बाहुली) द्वारा सुल्झाउनु (मिलाउनु) भयो॥ २॥

**अन्हवाए प्रभु तीनिउ भाई। भगत बछल कृपाल रघुराई॥**
**भरत भाग्य प्रभु कोमलताई। सेष कोटि सत सकहिं न गाई॥**

तदनन्तर भक्तवत्सल कृपालु प्रभु श्रीरघुनाथले तीनै भाइहरूलाई स्नान गराउनुभयो। भरतजीको भाग्य र प्रभुको कोमलतालाई वर्णन गर्न अरबौं शेषजी पनि सक्नुहुन्न॥ ३॥

**पुनि निज जटा राम बिबराए। गुर अनुसासन मागि नहाए॥**
**करि मज्जन प्रभु भूषन साजे। अंग अनंग देखि सत लाजे॥**

फेरि श्रीरामले आफ्ना जटाहरू खोल्नुभयो र गुरुजीसँग आज्ञा मागेर स्नान गर्नुभयो। स्नान गरेर प्रभुले आभूषण धारण गर्नुभयो। उहाँका [सुशोभित] अङ्गहरूलाई देखेर सयौं (अगणित) कामदेवले लाज माने॥ ४॥

**दो०— सासुन्ह सादर जानकिहि मज्जन तुरत कराइ।**
**दिब्य बसन बर भूषन अँग अँग सजे बनाइ॥ ११ (क)॥**

[यता] सासूहरूले जानकीजीलाई आदरसाथ तुरुन्तै स्नान गराउनुभयो र उहाँका अङ्ग-अङ्गमा दिव्य वस्त्र र श्रेष्ठ आभूषण उत्तम रीतिले पहिराउनुभयो॥ ११ (क)॥

**राम बाम दिसि सोभति रमा रूप गुन खानि।**
**देखि मातु सब हरषीं जन्म सुफल निज जानि॥ ११ (ख)॥**

श्रीरामको बायाँतर्फ रूप र गुणहरूकी खानी रमा (श्रीजानकी) विराजमान हुनुभएको छ। उहाँलाई देखेर सबै आमाहरू आफ्नो जन्म (जीवन) सफल सम्झेर हर्षित हुनुभएको छ॥ ११ (ख)॥

**सुनु खगेस तेहि अवसर ब्रह्मा सिव मुनि बृंद।**
**चढ़ि बिमान आए सब सुर देखन सुखकंद॥ ११ (ग)॥**

[कागभुशुण्डिजी भन्नुहुन्छ—] हे पक्षिराज गरुडजी! सुन्नुहोस्; त्यस समय ब्रह्माजी, शिवजी र मुनिहरूका समूह तथा विमानहरूमा चढेर सबै देवता आनन्दकन्द भगवान्‌को दर्शन गर्नको लागि आए॥ ११ (ग)॥

## * राम-राज्याभिषेक, वेदस्तुति, शिवस्तुति *

**प्रभु बिलोकि मुनि मन अनुरागा। तुरत दिब्य सिंघासन मागा॥**
**रबि सम तेज सो बरनि न जाई। बैठे राम द्विजन्ह सिरु नाई॥**

प्रभुलाई देखेर मुनि वशिष्ठजीको मनमा प्रेम भरिएर आयो। उहाँले तुरुन्तै दिव्य सिंहासन मगाउनुभयो, जसको तेज सूर्यको समान थियो। उसको सौन्दर्यलाई वर्णन गर्न सकिँदैन। ब्राह्मणहरूलाई शिर निहुराएर श्रीरामचन्द्र त्यसमा विराजमान हुनुभयो॥ १॥

**जनकसुता समेत रघुराई। पेखि प्रहरषे मुनि समुदाई॥**
**बेद मंत्र तब द्विजन्ह उचारे। नभ सुर मुनि जय जयति पुकारे॥**

श्रीजानकीसहित श्रीरघुनाथलाई देखेर मुनिहरूको समुदाय अत्यन्तै हर्षित भयो। त्यसपछि ब्राह्मणहरूले वेदमन्त्रलाई उच्चारण गरे। आकाशमा देवता र मुनिहरूले 'जय होस्, जय होस्' यस्तो भनेर पुकारा गर्न लागे॥ २॥

**प्रथम तिलक बसिष्ट मुनि कीन्हा। पुनि सब बिप्रन्ह आयसु दीन्हा॥**
**सुत बिलोकि हरषीं महतारी। बार बार आरती उतारी॥**

[सबैभन्दा] पहिला मुनि वशिष्ठजीले तिलक गर्नुभयो। फेरि उहाँले सबै ब्राह्मणहरूलाई [तिलक लगाउन] आज्ञा दिनुभयो। पुत्रलाई राजसिंहासनमा देखेर मुमाहरू हर्षित हुनुभयो र उहाँहरूले बारम्बार आरती उतार्नुभयो॥ ३॥

**बिप्रन्ह दान बिबिधि बिधि दीन्हे। जाचक सकल अजाचक कीन्हे॥**
**सिंघासन पर त्रिभुअन साईं। देखि सुरन्ह दुंदुभीं बजाईं॥**

उहाँहरूले ब्राह्मणहरूलाई अनेकौं प्रकारका दान दिनुभयो र सम्पूर्ण याचकगणलाई अयाचक [फेरि माग्ने आवश्यकता नरहने] बनाउनुभयो। त्रिभुवनका स्वामी श्रीरामचन्द्रलाई [अयोध्याको] सिंहासनमा [विराजित] देखेर देवताहरूले दुन्दुभि (नगरा) बजाए॥ ४॥

**छं०— नभ दुंदुभीं बाजहिं बिपुल गंधर्ब किंनर गावहीं।**
**नाचहिं अपछरा बृंद परमानंद सुर मुनि पावहीं॥**
**भरतादि अनुज बिभीषनांगद हनुमदादि समेत ते।**
**गहें छत्र चामर ब्यजन धनु असि चर्म सक्ति बिराजते॥**

आकाशमा धेरैनै दुन्दुभि बजिरहेका छन्। गन्धर्व र किन्नरले गाइरहेका छन्। अप्सराहरूका धेरै समूह (टोली) नाचिरहेका छन्। देवता र मुनिले परमानन्द प्राप्त गरिरहेका छन्। भरत, लक्ष्मण र शत्रुघ्नजी, विभीषण, अङ्गद, हनुमान् र सुग्रीव आदिसहितले क्रमशः छत्र (छाता), चमर, पङ्खा, धनुष, तरबार, ढाल र शक्ति लिएर सुशोभित हुनुभएको छ॥ १॥

**श्री सहित दिनकर बंस भूषन काम बहु छबि सोहई।**
**नव अंबुधर बर गात अंबर पीत सुर मन मोहई॥**
**मुकुटांगदादि बिचित्र भूषन अंग अंगन्हि प्रति सजे।**
**अंभोज नयन बिसाल उर भुज धन्य नर निरखंति जे॥**

सीताजीसहित सूर्यवंशका विभूषण श्रीरामको शरीरमा अनेकौं कामदेवको छविले शोभा दिइरहेको छ। नवीन जलयुक्त मेघका समान सुन्दर श्याम शरीरमा पीताम्बरले देवताहरूको मनलाई पनि मोहित गरेको छ। मुकुट, बाजुबन्द आदि विचित्र आभूषण अङ्ग-अङ्गमा सजाइएको छ। कमलका समान नेत्र छन्, चौडा छाती छ र घुँडासम्म लामा भुजाहरू छन्; जसले ती अङ्गको दर्शन गरेका छन्, ती धन्य छन्॥ २॥

**दो०— वह सोभा समाज सुख कहत न बनइ खगेस।**
**बरनहिं सारद सेष श्रुति सो रस जान महेस॥ १२ (क)॥**

हे पक्षिराज गरुडजी! त्यो शोभा, त्यो समाज र त्यो सुखलाई मैले भन्न नै सक्तिन। सरस्वतीजी, शेषजी र वेदले निरन्तर उनको वर्णन गर्दछन्। [शिवजीसमान रामतत्त्वलाई जान्ने अरू छैनन्] उसको रस (आनन्द) महादेवजीले नै जान्नुहुन्छ॥ १२ (क)॥

**भिन्न भिन्न अस्तुति करि गए सुर निज निज धाम।**
**बंदी बेष बेद तब आए जहँ श्रीराम॥ १२ (ख)॥**

सबै देवताले अलग-अलग स्तुति गरेर आ-आफ्नो लोकमा गए। त्यसपछि भाटहरूको रूप धारण गरेर चारै वेद त्यहाँ आए जहाँ श्रीराम हुनुहुन्थ्यो॥ १२ (ख)॥

**प्रभु सर्बग्य कीन्ह अति आदर कृपानिधान।**
**लखेउ न काहूँ मरम कछु लगे करन गुन गान॥ १२ (ग)॥**

कृपानिधान सर्वज्ञ प्रभुले [उनीहरूलाई चिनेर] उनलाई धेरै नै आदर गर्नुभयो। यसको भेद कसैले केही पनि जानेनन्। [चारवटै] वेदले (पालै-पालोसँग) गुणगान गर्न लागे॥ १२ (ग)॥

**छं०— जय सगुन निर्गुन रूप रूप अनूप भूप सिरोमने।**
**दसकंधरादि प्रचंड निसिचर प्रबल खल भुजबल हने॥**
**अवतार नर संसार भार बिभंजि दारुन दुख दहे।**
**जय प्रनतपाल दयाल प्रभु संजुक्त सक्ति नमामहे॥**

हे सगुण र निर्गुणरूप! हे अनुपम रूप–लावण्ययुक्त! हे राजाहरूका शिरोमणि! हजुरको जय होस्। हजुरको जय होस्। हजुरले रावण आदि प्रचण्ड, प्रबल र दुष्ट निशाचरहरूलाई आफ्ना भुजाहरूको बलले मारिबक्सियो। हजुरले मनुष्यको–अवतार लिएर संसारको भारलाई नष्ट गरेर अत्यन्त कठोर दुःखहरूलाई भस्म पारिबक्सियो। हे दयालु! हे शरणागतलाई रक्षा गर्ने प्रभु! हजुरको जय होस्। हामी शक्ति (सीताजी) सहित शक्तिमान् हजुरलाई नमस्कार गर्दछौं॥ १॥

**तव बिषम माया बस सुरासुर नाग नर अग जग हरे।**
**भव पंथ भ्रमत अमित दिवस निसि काल कर्म गुननि भरे॥**
**जे नाथ करि करुना बिलोके त्रिबिध दुख ते निर्बहे।**
**भव खेद छेदन दच्छ हम कहुँ रच्छ राम नमामहे॥**

हे हरे! हजुरको कठिन दुस्तर त्रिगुणात्मिका मायाको वशीभूत हुनाको कारण देवता, राक्षस, नाग, मनुष्य र चर, अचर सबै काल, कर्म र गुणहरूले भरिएर (अर्थात् यिनीहरूबाट प्रेरित भएर) दिनरात अनन्त भव (आवागमन) को बाटोमा चक्कर खाइरहेका छन्। हे नाथ! यिनीहरूमध्ये जसलाई हजुरले कृपा गरेर हेरिबक्सिन्छ, उनीहरू [माया–जनित] तीनै प्रकारका दुःखबाट छुट्दछन्। हे जन्म–मरणको श्रमलाई काट्नलाई कुशल श्रीराम! हाम्रो रक्षा गरिबक्सियोस्। हामीहरू हजुरलाई नमस्कार गर्दछौं॥ २॥

**जे ग्यान मान बिमत्त तव भव हरनि भक्ति न आदरी।**
**ते पाइ सुर दुर्लभ पदादपि परत हम देखत हरी॥**
**बिस्वास करि सब आस परिहरि दास तव जे होइ रहे।**
**जपि नाम तव बिनु श्रम तरहिं भव नाथ सो समरामहे॥**

जसले मिथ्या ज्ञानको अभिमानको नशामा विशेषरूपले चूर भएर जन्म–मृत्यु [को भय] लाई हरण गर्ने हजुरको भक्तिको आदर गर्दैनन्, हे हरि! उनलाई देव–दुर्लभ (देवतालाई पनि धेरै कठिनताले प्राप्त हुने, ब्रह्मा आदिको) पदलाई पाएर पनि त्यस पदबाट तल खसेको देखेका छौं। [परन्तु] जो सबै आशाहरूलाई छोडेर हजुरमा नै विश्वास गरेर हजुरको दास भइरहन्छन्, उनीहरू केवल हजुरको नाम नै जपेर विनापरिश्रम नै भवसागरबाट तर्दछन्। हे नाथ! यस्ता हजुरलाई हामीहरू स्मरण गर्दछौं॥ ३॥

**जे चरन सिव अज पूज्य रज सुभ परसि मुनिपतिनी तरी।**
**नख निर्गता मुनि बंदिता त्रैलोक पावनि सुरसरी॥**

**ध्वज कुलिस अंकुस कंज जुत बन फिरत कंटक किन लहे।**
**पद कंज द्वंद मुकुंद राम रमेस नित्य भजामहे॥**

जुन चरण शिवजी र ब्रह्माजीद्वारा पूज्य छन्, तथा जुन चरणका कल्याणकारी रजको स्पर्श पाएर [शिला बनेकी] गौतम ऋषिकी पत्नी अहल्या तरिन्; जुन चरणका नङबाट मुनिहरूद्वारा वन्दित, त्रैलोक्यलाई पवित्र गर्ने देवनदी गङ्गाजी निस्कनुभयो र ध्वजा, वज्र, अङ्कुश र कमल, यी चिह्नले युक्त जुन चरणहरूमा वनमा घुम्ने समयमा काँडा बिझ्नाले ठेला उठेका छन्, हे मुकुन्द! हे राम! हे रमापति! हामीले हजुरका उनै दुवै चरणकमललाई नित्य भजिरहन्छौं (सेवा गर्दछौं)॥ ४॥

**अब्यक्तमूलमनादि तरु त्वच चारि निगमागम भने।**
**षट कंध साखा पंच बीस अनेक पर्न सुमन घने॥**
**फल जुगल बिधि कटु मधुर बेलि अकेलि जेहि आश्रित रहे।**
**पल्लवत फूलत नवल नित संसार बिटप नमामहे॥**

वेद-शास्त्रहरूले भनेका छन् कि जसको मूल अव्यक्त (प्रकृति) छ; जुन [प्रवाहरूपले] अनादि छ; जसका चार त्वचाहरू, (पञ्चतत्त्व र मन) यी छः स्कन्ध [प्रत्येक पञ्चतत्त्वबाट पाँच-पाँच प्रकृतिहरू भए, यिनी नै] २५ शाखाहरू र अनेकौं पातहरू र धेरै नै फूल छन्; जसमा तीता र मीठा दुई प्रकारका फल लागेका छन्; यसमा एउटा लता नै हो जुन यसमा आश्रित रहन्छ; जसमा दिनहुँ नयाँ पातहरू र फूलबाट युक्त रहन्छ; यस्ता संसारवृक्षस्वरूप (विश्वरूपमा) हजुरलाई हामी नमस्कार गर्दछौं॥ ५॥

**जे ब्रह्म अजमद्वैतमनुभवगम्य मन पर ध्यावहीं।**
**ते कहहुँ जानहुँ नाथ हम तव सगुन जस नित गावहीं॥**
**करुनायतन प्रभु सदगुनाकर देव यह बर मागहीं।**
**मन बचन कर्म बिकार तजि तव चरन हम अनुरागहीं॥**

ब्रह्म अजन्मा छ (जन्म लिँदैन), अद्वैत छ (उही सबै थोक हो, उसका अतिरिक्त केही छैन), केवल अनुभवद्वारा नै जान्न सकिन्छ र मनदेखि पर छ— [यस्तो भनेर तिनै] ब्रह्मको ध्यान गर्दछन्, उनीहरूले यस्तो भन्ने गरून् र जानून्, हामीले त, हे नाथ! हजुरको सगुण यशलाई नै नित्य गाउँछौं। हे करुणाका धाम प्रभु! हे सद्‌गुणहरूका खानी! हे देव! हामीले यस्तो वरदान माग्छौं कि मन, वचन र कर्मले विकारहरूलाई त्यागेर हजुरका चरणकमलमा नै प्रेम गरौं॥ ६॥

दो०— **सब के देखत बेदन्ह बिनती कीन्हि उदार।**
**अंतर्धान भए पुनि गए ब्रह्म आगार॥ १३ (क)॥**

वेदहरू सबैले हेर्दा-हेर्दै यस्तो श्रेष्ठ बिन्ती गरे। त्यसपछि उनीहरू अन्तर्ध्यान भएर ब्रह्मलोकमा गइहाले॥ १३ (क)॥

* वेदले अलग-अलग स्तुति गरे तापनि कुन वेदले कहाँसम्म स्तुति गरे, यसको व्याख्यामा मतभेद भएकोले छुटाउन नसकिएकोले बहुवचनद्वारा स्तुति गरेर अनुवाद गरिएको छ।

**बैनतेय सुनु संभु तब आए जहँ रघुबीर।**
**बिनय करत गदगद गिरा पूरित पुलक सरीर॥ १३ ( ख )॥**

[कागभुशुण्डिजी भन्नुहुन्छ— ] हे गरुडजी! सुन्नुहोस्, त्यसपछि शिवजी वहाँ आउनुभयो, जहाँ श्रीरघुवीर हुनुहुन्थ्यो र गद्‌गद वाणीले स्तुति गर्न लाग्नुभयो। उहाँको शरीर रोमाञ्चपूर्ण भयो— ॥ १३ (ख) ॥

छं०— **जय राम रमारमनं समनं। भवताप भयाकुल पाहि जनं॥**
**अवधेस सुरेस रमेस बिभो। सरनागत मागत पाहि प्रभो॥**

हे राम! हे रमारमण (लक्ष्मीकान्त)! हे जन्ममरणको सन्तापलाई नाश गर्ने! हजुरको जय होस्; आवागमनको भयले अत्तालिएको यो सेवकलाई रक्षा गरिबक्सियोस्। हे अयोध्यापति! हे देवताहरूका स्वामी! हे रमापति! हे विभो! म शरणागतले हजुरसँग यही माग्दछु कि हे प्रभु! मेरो रक्षा गरिबक्सियोस्॥ १ ॥

**दससीस बिनासन बीस भुजा। कृत दूरि महा महि भूरि रुजा॥**
**रजनीचर बृंद पतंग रहे। सर पावक तेज प्रचंड दहे॥**

हे दश शिर र बीस भुजा भएको रावणलाई विनाश गरेर पृथ्वीका सबै महान् रोग (कष्ट) हरूलाई नष्ट गर्ने श्रीरामजी! राक्षससमूहरूपी जुन पुतली थिए, ती सबै हजुरको बाणरूपी अग्निको प्रचण्ड गर्मीले भस्म भए॥ २ ॥

**महि मंडल मंडन चारुतरं। धृत सायक चाप निषंग बरं॥**
**मद मोह महा ममता रजनी। तम पुंज दिवाकर तेज अनी॥**

हजुर पृथ्वीमण्डलका अत्यन्त सुन्दर आभूषण होइबक्सिन्छ; हजुरले श्रेष्ठ वाण, धनुष र तरकस धारण गरिबक्सिएको छ। महान् मद, मोह र ममतारूपी रात्रिको अन्धकारको समूहलाई नष्ट गर्नको लागि हजुर सूर्यको तेजोमय किरणसमूह होइबक्सिन्छ॥ ३ ॥

**मनजात किरात निपात किए। मृग लोग कुभोग सरेन हिए॥**
**हति नाथ अनाथनि पाहि हरे। बिषया बन पावँर भूलि परे॥**

कामदेवरूपी किराततले मनुष्यरूपी हरिण (मृग) को हृदयमा कुभोगरूपी बाणले हानेर उसलाई पल्टाइबक्सियो। हे नाथ! हे [पाप-तापलाई हरण गर्ने] हरे! उसलाई मारेर विषयरूपी वनमा भुलेर बसेका यी नीच अनाथ जीवहरूलाई रक्षा गरिबक्सियोस्॥ ४॥

**बहु रोग बियोगन्हि लोग हए। भवदंघ्रि निरादर के फल ए॥**
**भव सिंधु अगाध परे नर ते। पद पंकज प्रेम न जे करते॥**

मानिसहरू धेरै नै रोग र वियोग (दु:ख) हरूले मारिएका (पीडित भएका) छन्। यो सबै हजुरका चरणको निरादरको फल हो। जुन मनुष्यले हजुरका चरणकमलमा प्रेम गर्दैनन्, उनीहरू अथाह भवसागरमा परेका छन्॥ ५ ॥

**अति दीन मलीन दुखी नितहीं। जिन्ह कें पद पंकज प्रीति नहीं॥**
**अवलंब भवंत कथा जिन्ह कें। प्रिय संत अनंत सदा तिन्ह कें॥**

हजुरको चरणकमलमा जसको प्रीति छैन, उनीहरू दिनहुँ नै अत्यन्त दीन, मलिन (उदास) र दुःखी रहन्छन् र जसलाई हजुरको लीला-कथाको आधार छ, उनीहरूलाई सन्त र भगवान् सधैं प्रिय लाग्ने गर्नुहुन्छ॥ ६॥

**नहिं राग न लोभ न मान मदा। तिन्ह कें सम बैभव वा बिपदा॥**
**एहि ते तव सेवक होत मुदा। मुनि त्यागत जोग भरोस सदा॥**

उनीहरूमा न राग (आसक्ति) छ, न लोभ; न मान नै छ, न मद। उनलाई सम्पत्ति (सुख) र विपत्ति (दुःख) समान हुन्छ। यसैले मुनिहरूले योग (साधन) को भरोसा सधैंभरि त्याग गर्दछन् र प्रसन्नतापूर्वक हजुरको सेवक बन्दछन् अर्थात् हजुरको भक्ति गर्दछन्॥ ७॥

**करि प्रेम निरंतर नेम लिएँ। पद पंकज सेवत सुद्ध हिएँ॥**
**सम मानि निरादर आदरही। सब संत सुखी बिचरंति मही॥**

उनीहरूले प्रेमपूर्वक नियमपूर्वक निरन्तर शुद्ध हृदयले हजुरका चरणकमलको सेवा गरिरहन्छन् र निरादर र आदरलाई समान मानेर सबै सन्त सुखी भएर पृथ्वीमा भ्रमण गरिरहन्छन्॥ ८॥

**मुनि मानस पंकज भृंग भजे। रघुबीर महा रनधीर अजे॥**
**तव नाम जपामि नमामि हरी। भव रोग महागद मान अरी॥**

हे मुनिहरूका मनरूपी कमलका भँवरो! हे महान् रणधीर एवं अजेय श्रीरघुवीर! मैले हजुरलाई भज्दछु (हजुरको शरण ग्रहण गर्दछु)। हे हरि! हजुरको नाम जप्दछु र हजुरलाई नमस्कार गर्दछु। हजुर जन्म-मरणरूपी रोगको (अथवा भवरोगरूपी महारोगको) महान् औषधि र अभिमानको शत्रु होइबक्सिन्छ॥ ९॥

**गुन सील कृपा परमायतनं। प्रनमामि निरंतर श्रीरमनं॥**
**रघुनंद निकंदय द्वंद्वघनं। महिपाल बिलोकय दीनजनं॥**

हजुर गुण, शील र कृपाका परम स्थान होइबक्सिन्छ। हजुर लक्ष्मीपति होइबक्सिन्छ, मैले हजुरलाई निरन्तर प्रणाम गर्दछु। हे रघुनन्दन! [हजुरले जन्म-मरण, सुख-दुःख, राग-द्वेषादि] द्वन्द्व-समूहलाई नाश गरिबक्सियोस्। हे पृथ्वीलाई पालन गर्ने राजन्! यो दीन जनतर्फ पनि दृष्टि राखिबक्सियोस्॥ १०॥

दो०— **बार बार बर मागउँ हरषि देहु श्रीरंग।**
**पद सरोज अनपायनी भगति सदा सतसंग॥ १४ (क)॥**

हजुरसँग बारम्बार वरदान माग्दछु कि मलाई हजुरका चरणकमलको अचल भक्ति र हजुरका भक्तहरूको सत्सङ्ग सदैव प्राप्त होस्। हे लक्ष्मीपते! हर्षित भएर मलाई यही दिइबक्सियोस्॥ १४ (क)॥

**बरनि उमापति राम गुन हरषि गए कैलास।**
**तब प्रभु कपिन्ह दिवाए सब बिधि सुखप्रद बास॥ १४ ( ख )॥**

श्रीरामचन्द्रका गुणहरूलाई वर्णन गरेर उमापति महादेवजी हर्षित भएर कैलाशमा जानुभयो। अनि प्रभुले बाँदरहरूलाई सबै प्रकारले सुख दिने डेरा (कोठा) दिलाउनुभयो॥ १४ (ख)॥

**सुनु खगपति यह कथा पावनी। त्रिबिध ताप भव भय दावनी॥**
**महाराज कर सुभ अभिषेका। सुनत लहहिं नर बिरति बिबेका॥**

हे गरुडजी! सुन्नुहोस्, यो कथा [सबैलाई] पवित्र गर्नेवाला छ, [दैहिक, दैविक, भौतिक] तीनै प्रकारका तापहरू र जन्म-मृत्युको भयलाई नाश गर्नेवाला छ। महाराज श्रीरामचन्द्रको कल्याणमय राज्याभिषेकको चरित्र [निष्काम भावले] सुनेर मनुष्यले वैराग्य र ज्ञान प्राप्त गर्दछन्॥ १॥

**जे सकाम नर सुनहिं जे गावहिं। सुख संपति नाना बिधि पावहिं॥**
**सुर दुर्लभ सुख करि जग माहीं। अंतकाल रघुपति पुर जाहीं॥**

र जुन मनुष्यले सकाम भावले सुन्दछन् र गाउँछन्, उनीहरूले अनेकौं प्रकारका सुख र सम्पत्ति पाउँछन्। जगत्मा देवदुर्लभ सुखहरूलाई भोगेर अन्त्यकालमा श्रीरघुनाथको परमधाममा जान्छन्॥ २॥

**सुनहिं बिमुक्त बिरत अरु बिषई। लहहिं भगति गति संपति नई॥**
**खगपति राम कथा मैं बरनी। स्वमति बिलास त्रास दुख हरनी॥**

यसलाई जुन जीवन्मुक्त, विरक्त र विषयीले सुन्दछन्, उनले [क्रमशः] भक्ति, मुक्ति र नवीन सम्पत्ति (दिनहुँ नयाँ भोग) पाउँछन्। हे पक्षिराज गरुडजी! मैले आफ्नो बुद्धिको पहुँचअनुसार रामकथा वर्णन गरेको छु, जसले [जन्म-मरणको] भय र दुःखलाई हरण गर्दछ॥ ३॥

**बिरति बिबेक भगति दृढ़ करनी। मोह नदी कहँ सुंदर तरनी॥**
**नित नव मंगल कौसलपुरी। हरषित रहहिं लोग सब कुरी॥**

यसले वैराग्य, विवेक र भक्तिलाई दृढ गर्दछ तथा मोहरूपी नदीलाई [पार गर्नको] लागि सुन्दर डुङ्गा हो। अयोध्यापुरीमा दिनहुँ नयाँ-नयाँ मङ्गलोत्सव भएका छन्। सबै वर्गहरूका मानिस हर्षित भएका छन्॥ ४॥

**नित नइ प्रीति राम पद पंकज। सब कें जिन्हहि नमत सिव मुनि अज॥**
**मंगन बहु प्रकार पहिराए। द्विजन्ह दान नाना बिधि पाए॥**

श्रीरामका चरणकमलमा—जसलाई श्रीशिव, मुनिगण र ब्रह्माजीले पनि नमस्कार गर्दछन्—सबैको दिनहुँ नयाँ प्रीति छ। भिक्षुकहरूले धेरै प्रकारका वस्त्राभूषण र ब्राह्मणहरूले नाना प्रकारका दान पाए॥ ५॥

दो०— **ब्रह्मानंद मगन कपि सब कें प्रभु पद प्रीति।**
**जात न जाने दिवस तिन्ह गए मास षट बीति॥ १५॥**

बाँदर सबै ब्रह्मानन्दमा मग्न छन्। प्रभुको चरणमा सबैको प्रेम छ। उनीहरूले दिन बितेको जानेकै छैनन् र [कुरै-कुरामा] छ महिना बित्यो॥ १५॥

**बिसरे गृह सपनेहुँ सुधि नाहीं। जिमि परद्रोह संत मन माहीं॥**
**तब रघुपति सब सखा बोलाए। आइ सबन्हि सादर सिरु नाए॥**

उनीहरूले आफ्नो घर भुलिसकेका थिए। [जाग्रत्को त कुरा नै के गर्ने] सपनामा पनि घरको याद आउँदैनथ्यो, जस्तै सन्तको मनमा अर्कासँग द्रोह गर्ने कुरा कहिल्यै आउँदैन। अनि श्रीरघुनाथले सबै सखाहरूलाई बोलाउनुभयो। सबैले आएर आदरसहित शिर निहुराए॥ १॥

**परम प्रीति समीप बैठारे। भगत सुखद मृदु बचन उचारे॥**
**तुम्ह अति कीन्हि मोर सेवकाई। मुख पर केहि बिधि करौं बड़ाई॥**

अति नै प्रेमले श्रीरामले उनीहरूलाई आफूसँग बसाल्नुभयो र भक्तहरूलाई सुख दिने कोमल वचन भन्नुभयो— तिमीहरूले मेरो सेवा गरेका छौ। अघिल्तिर कुन प्रकारले तिमीहरूको प्रशंसा गरौं?॥ २॥

**ताते मोहि तुम्ह अति प्रिय लागे। मम हित लागि भवन सुख त्यागे॥**
**अनुज राज संपति बैदेही। देह गेह परिवार सनेही॥**

मेरो हितको लागि तिमीहरूले घर तथा सबै प्रकारका सुखहरूलाई त्याग गरेका छौ। यसैले तिमीहरू मलाई अत्यन्तै प्रिय लागेका छौ। भाइहरू, राज्य, सम्पत्ति, जानकी, आफ्नो शरीर, घर कुटुम्ब र मित्र— ॥ ३॥

**सब मम प्रिय नहिं तुम्हहि समाना। मृषा न कहउँ मोर यह बाना॥**
**सब कें प्रिय सेवक यह नीती। मोरें अधिक दास पर प्रीती॥**

यी सबै मलाई प्रिय छन्, परन्तु तिमीहरूसमान हैन। मैले झूटो बोल्दिन, यो मेरो स्वभाव हो। सेवक सबैको लागि प्यारा लाग्दछन्, यो नीति [नियम] हो। तर मेरो त दासप्रति स्वाभाविक नै विशेष प्रेम हुन्छ॥ ४॥

### * बाँदरहरू र निषादको बिदाइ *

**दो०— अब गृह जाहु सखा सब भजेहु मोहि दृढ़ नेम।**
**सदा सर्बगत सर्बहित जानि करेहु अति प्रेम॥ १६॥**

हे सखागण! अब सबै जना आ-आफ्नो घर जाऊ, वहाँ दृढ नियमले मेरो भजन गर्नू र मलाई सधैं सर्वव्यापक र सबैको हितकारी जानेर अत्यन्त प्रेम गर्नू॥ १६॥

**सुनि प्रभु बचन मगन सब भए। को हम कहाँ बिसरि तन गए॥**
**एकटक रहे जोरि कर आगे। सकहिं न कछु कहि अति अनुरागे॥**

प्रभुका वचन सुनेर सबै जना मग्न भए। हामी को हौं र कहाँ छौं? सबैले शरीरको हाल (हालत) बिर्सिए र प्रभुका अघिल्तिर हात जोडेर एकोहोरो रूपमा हेरेको-हेऱ्यै गरे। अत्यन्त प्रेमका कारण केही भन्न सकेनन्॥ १॥

**परम प्रेम तिन्ह कर प्रभु देखा। कहा बिबिधि बिधि ग्यान बिसेषा॥**
**प्रभु सन्मुख कछु कहन न पारहिं। पुनि पुनि चरन सरोज निहारहिं॥**

प्रभुले उनीहरूको अत्यन्त प्रेम देख्नुभयो, [त्यसपछि] उनीहरूलाई अनेकौं प्रकारले विशेष ज्ञानको उपदेश दिनुभयो। प्रभुका सम्मुख उनले केही भन्न सकेनन्। छिनछिनमा प्रभुका चरणकमललाई हेरिरहेका छन्॥ २॥

**तब प्रभु भूषन बसन मगाए। नाना रंग अनूप सुहाए॥**
**सुग्रीवहि प्रथमहिं पहिराए। बसन भरत निज हाथ बनाए॥**

त्यसपछि प्रभुले अनेक रङ्का अनुपम र सुन्दर गहना-कपडा मगाउनुभयो। सबैभन्दा पहिला भरतजीले आफ्ना बाहुलीले सजाएर सुग्रीवलाई वस्त्राभूषण पहिराउनुभयो॥ ३॥

**प्रभु प्रेरित लछिमन पहिराए। लंकापति रघुपति मन भाए॥**
**अंगद बैठ रहा नहिं डोला। प्रीति देखि प्रभु ताहि न बोला॥**

फेरि प्रभुको प्रेरणाले लक्ष्मणजीले विभीषणजीलाई गहना-कपडा लगाइदिनुभयो, जुन श्रीरघुनाथजीलाई धेरै नै मन पर्‍यो। अङ्गद बसिरहे, उनी आफ्नो ठाउँबाट हल्लेनन्। उनको उत्कट प्रेम देखेर प्रभुले उनलाई बोलाउनुभएन॥ ४॥

दो०— **जामवंत नीलादि सब पहिराए रघुनाथ।**
**हियँ धरि राम रूप सब चले नाइ पद माथ॥ १७ (क)॥**

जाम्बवान् र नील आदि सबैलाई श्रीरघुनाथले स्वयं भूषण-वस्त्र पहिराउनुभयो। उनीहरू सबै आफ्नो हृदयमा श्रीरामचन्द्रको रूपलाई धारण गरेर उहाँका चरणमा शिर निहुराएर गए॥ १७ (क)॥

**तब अंगद उठि नाइ सिरु सजल नयन कर जोरि।**
**अति बिनीत बोलेउ बचन मनहुँ प्रेम रस बोरि॥ १७ (ख)॥**

त्यसपछि अङ्गद उठेर शिर निहुराएर, गहभरि आँसु भरेर र हात जोड्दै अत्यन्त विनम्र तथा मानौं प्रेम-रसमा डुबेका (मधुर) वचन बोले॥ १७ (ख)॥

**सुनु सर्बग्य कृपा सुख सिंधो। दीन दयाकर आरत बंधो॥**
**मरती बेर नाथ मोहि बाली। गयउ तुम्हारेहि कोंछें घाली॥**

हे सर्वज्ञ! हे कृपा र सुखका समुद्र! हे दीनलाई दया गर्ने दयालु! हे आर्तहरूका बन्धु! सुनिबक्सियोस्। हे नाथ! मर्ने समयमा मेरा पिता बालिले मलाई हजुरकै काखमा छोडेर जानुभएको थियो॥ १॥

**असरन सरन बिरदु संभारी। मोहि जनि तजहु भगत हितकारी॥**
**मोरें तुम्ह प्रभु गुर पितु माता। जाउँ कहाँ तजि पद जलजाता॥**

अतः हे भक्तका हितकारी! आफ्नो अशरण-शरण महिमालाई स्मरण गरेर मलाई त्याग नगरिबक्सियोस्। मेरा त स्वामी, गुरु, पिता र माता, सबै चीज हजुर नै होइबक्सिन्छ। हजुरका चरण कमल छोडेर म कहाँ जाऊँ?॥ २॥

**तुम्हहि बिचारि कहहु नरनाहा। प्रभु तजि भवन काज मम काहा॥**
**बालक ग्यान बुद्धि बल हीना। राखहु सरन नाथ जन दीना॥**

हे महाराज! हजुरले नै विचार गरेर भनिबक्सियोस्। प्रभु (हजुर) लाई छोडेर मेरो घरमा के काम छ? हे नाथ! यो ज्ञान, बुद्धि र बलले हीन बालक तथा दीन सेवकलाई शरणमा राखिबक्सियोस्॥ ३॥

**नीचि टहल गृह कै सब करिहउँ। पद पंकज बिलोकि भव तरिहउँ॥**
**अस कहि चरन परेउ प्रभु पाही। अब जनि नाथ कहहु गृह जाही॥**

मैले घरको सबै सानो भन्दा सानो (नीच) सेवा गर्नेछु र हजुरका चरणकमललाई बारम्बार दर्शन गरेर भवसागरबाट तर्नेछु। यस्तो भनेर उनी श्रीरामको चरणमा पल्टिएर अनि भने—हे प्रभु! मेरो रक्षा गरिबक्सियोस्! हे नाथ! अब यस्तो नभनिबक्सियोस् कि तँ घरमा जा॥ ४॥

दो०— **अंगद बचन बिनीत सुनि रघुपति करुना सींव।**
**प्रभु उठाइ उर लायउ सजल नयन राजीव॥ १८ (क)॥**

अङ्गदका विनम्र वचन सुनेर करुणाका सीमा प्रभु श्रीरघुनाथले उनलाई उठाएर हृदयमा लगाउनुभयो। प्रभुका नेत्रकमल [प्रेमाश्रुका] आँसुले टलपलाए॥ १८ (क)॥

**निज उर माल बसन मनि बालितनय पहिराइ।**
**बिदा कीन्हि भगवान तब बहु प्रकार समुझाइ॥ १८ (ख)॥**

त्यसपछि भगवान्ले आफ्नो हृदयको माला, वस्त्र र मणि (रत्नहरूका आभूषण) बालि-पुत्र अङ्गदलाई पहिराएर र धेरै प्रकारले सम्झाएर उनको बिदाइ गर्नुभयो॥ १८ (ख)॥

**भरत अनुज सौमित्रि समेता। पठवन चले भगत कृत चेता॥**
**अंगद हृदयँ प्रेम नहिं थोरा। फिरि फिरि चितव राम कीं ओरा॥**

भक्तको व्यवहारलाई याद गरेर श्रीभरतजी, शत्रुघ्नजी र लक्ष्मणजीसहित उनलाई पुऱ्याउनको लागि हिँड्नुभयो। अङ्गदको हृदयमा अत्यन्तै अधिक प्रेम छ। उनले फर्कीफर्की श्रीरामतर्फ हेरेका छन्॥ १॥

**बार बार कर दंड प्रनामा। मन अस रहन कहहिं मोहि रामा॥**
**राम बिलोकनि बोलनि चलनी। सुमिरि सुमिरि सोचत हँसि मिलनी॥**

र बारम्बार दण्डवत् प्रणाम गरेका छन्। मनमा यस्तो सोच्दछन् कि श्रीरामले मलाई रहनको लागि भनिदिनुभए हुन्थ्यो। उनले श्रीरामलाई हेरेको, बोलेको, हिँडेको तथा हाँसेर भेट हुने रीतिलाई याद गरेर सोच्दछन् र दुःखी हुन्छन्॥ २॥

**प्रभु रुख देखि बिनय बहु भाषी। चलेउ हृदयँ पद पंकज राखी॥**
**अति आदर सब कपि पहुँचाए। भाइन्ह सहित भरत पुनि आए॥**

किन्तु प्रभुको भाव देखेर, धेरै नै विनम्र वचन भनेर तथा हृदयमा चरण-कमललाई राखेर उनी हिँडे। अत्यन्त आदरका साथ बाँदरहरूलाई पुऱ्याएर भाइहरूसहित भरतजी फर्केर आउनुभयो॥ ३॥

**तब सुग्रीव चरन गहि नाना। भाँति बिनय कीन्हे हनुमाना॥**
**दिन दस करि रघुपति पद सेवा। पुनि तव चरन देखिहउँ देवा॥**

त्यसपछि हनुमान्‌जीले सुग्रीवका चरण समातेर अनेक प्रकारले बिन्ती गर्नुभयो र भन्नुभयो— हे देव! दश (केही) दिनसम्म श्रीरघुनाथजीका चरणको सेवा गरेर फेरि म आएर हजुरका चरणको दर्शन गर्नेछु॥ ४॥

**पुन्य पुंज तुम्ह पवनकुमारा। सेवहु जाइ कृपा आगारा॥**
**अस कहि कपि सब चले तुरंता। अंगद कहइ सुनहु हनुमंता॥**

[सुग्रीवले भने—] हे पवनकुमार! तिमी पुण्यका राशि हौ [जुन भगवान्‌ले तिमीलाई आफ्नो सेवामा राख्नुभयो]। गएर कृपाधाम श्रीरामको सेवा गर। सबै बाँदर यस्तो भनेर तुरुन्तै हिँडे। अङ्गदले भने—हे हनुमान्! सुन— ॥ ५॥

दो०— **कहेहु दंडवत प्रभु सैं तुम्हहि कहउँ कर जोरि।**
**बार बार रघुनायकहि सुरति कराएहु मोरि॥ १९ (क)॥**

मैले तिमीसँग हात जोडेर भन्दछु कि प्रभुसँग मेरो दण्डवत् भन्नू र श्रीरघुनाथजीलाई बारम्बार मेरो याद गराउँदै रहनू॥ १९ (क)॥

**अस कहि चलेउ बालिसुत फिरि आयउ हनुमंत।**
**तासु प्रीति प्रभु सन कही मगन भए भगवंत॥ १९ (ख)॥**

यसो भनेर बालिपुत्र अङ्गद हिँडे, त्यसपछि हनुमान्‌जी फर्केर आउनुभयो र आएपछि प्रभुसँग उनको प्रेम वर्णन गर्नुभयो। उसलाई सुनेर भगवान् प्रेममग्न हुनुभयो॥ १९ (ख)॥

**कुलिसहु चाहि कठोर अति कोमल कुसुमहु चाहि।**
**चित्त खगेस राम कर समुझि परइ कहु काहि॥ १९ (ग)॥**

[कागभुशुण्डिजी भन्नुहुन्छ—] हे गरुडजी! श्रीरामको चित्त वज्रभन्दा पनि अत्यन्त कठोर र फूलभन्दा पनि अत्यन्त कोमल छ। यस्तो भएकोले भन्नुहोस्, त्यो रहस्यलाई कसले जान्न सक्छ? ॥ १९ (ग)॥

**पुनि कृपाल लियो बोलि निषादा। दीन्हे भूषन बसन प्रसादा॥**
**जाहु भवन मम सुमिरन करेहू। मन क्रम बचन धर्म अनुसरेहू॥**

फेरि कृपालु श्रीरामले निषादराजलाई बोलाउनुभयो र उनलाई भूषण, वस्त्र प्रसादको रूपमा (आफूले लगाएका) दिनुभयो। [फेरि भन्नुभयो—] अब तिमी पनि घरमा जाऊ, वहाँ मेरो स्मरण गरिरहनू र मन, वचन तथा कर्मले धर्मअनुसार चल्नू॥ १॥

**तुम्ह मम सखा भरत सम भ्राता। सदा रहेहु पुर आवत जाता॥**
**बचन सुनत उपजा सुख भारी। परेउ चरन भरि लोचन बारी॥**

तिमी मेरा मित्र हौ र भरतसमान (प्रिय) भाइ हौ। अयोध्यामा सधैं-आउँदै-जाँदै गर्नू। यस्ता वचन सुन्दा नै उनलाई भारी सुख उत्पन्न भयो। नेत्रमा [आनन्द र प्रेमका आँसुहरूका] जल भरिएर उनी चरणमा पल्टिए॥ २॥

**चरन नलिन उर धरि गृह आवा। प्रभु सुभाउ परिजनन्हि सुनावा॥**
**रघुपति चरित देखि पुरबासी। पुनि पुनि कहहिं धन्य सुखरासी॥**

फेरि भगवान्‌का चरणकमललाई हृदयमा राखेर घरमा आएर आफ्ना कुटुम्बीहरूलाई उनले प्रभुको स्वभाव सुनाए। श्रीरघुनाथको यस्तो चरित्र देखेर अयोध्यापुरीका निवासीले बारम्बार भनिरहेका छन् कि सुखका राशि श्रीरामचन्द्र धन्य हुनुहुन्छ॥ ३॥

## * रामराज्यको वर्णन *

**राम राज बैठें त्रैलोका। हरषित भए गए सब सोका॥**
**बयरु न कर काहू सन कोई। राम प्रताप बिषमता खोई॥**

श्रीरामचन्द्र राज्यमा प्रतिष्ठित (राजा) भएपछि तीनै लोक हर्षित भए, उनका सबै शोक हराए। कुनैले कसैसँग शत्रुता गर्दैनन्। श्रीरामचन्द्रको प्रतापले सबैको विषमता (असमानता, आन्तरिक भेद-भाव) मेटियो॥ ४॥

दो०— **बरनाश्रम निज निज धरम निरत बेद पथ लोग।**
**चलहिं सदा पावहिं सुखहि नहिं भय सोक न रोग॥ २०॥**

सबै जना आ-आफ्नो वर्ण र आश्रमको अनुकूल धर्ममा तत्पर हुँदै सधैं वेदमार्गमा चलेका छन् अर्थात् वेदको विधानको अनुसार कर्म गरेका छन् र सुख पाएका छन्। उनीहरूलाई न कुनै कुराको भय छ, न शोक छ र न कुनै रोगले नै सताएको छ॥ २०॥

**दैहिक दैविक भौतिक तापा। राम राज नहिं काहुहि ब्यापा॥**
**सब नर करहिं परस्पर प्रीती। चलहिं स्वधर्म निरत श्रुति नीती॥**

'राम-राज्य' मा दैहिक, दैविक र भौतिक (अथवा आधिदैहिक, आधिदैविक र आधिभौतिक) तापले कसैलाई सताएको छैन। सबै मनुष्यले परस्परमा प्रेम गर्दछन् र वेदहरूमा भनिएको नीति (मर्यादा) मा तत्पर भएर आ-आफ्नो धर्मलाई पालन गरेका छन्॥ १॥

**चारिउ चरन धर्म जग माहीं। पूरि रहा सपनेहुँ अघ नाहीं॥**
**राम भगति रत नर अरु नारी। सकल परम गति के अधिकारी॥**

धर्म आफ्ना चारै चरणहरू (सत्य, शौच, दया र दान) ले जगत्‌मा परिपूर्ण भइरहेको छ; स्वप्नमा पनि कहीं पाप (कुकर्म) छैन। पुरुष र स्त्री सबै रामभक्तिमा परायण (तत्पर) छन् र सबै परमगति मोक्षका अधिकारी छन्॥ २॥

**अल्पमृत्यु नहिं कवनिउ पीरा। सब सुंदर सब बिरुज सरीरा॥**
**नहिं दरिद्र कोउ दुखी न दीना। नहिं कोउ अबुध न लच्छन हीना॥**

अकाल-मृत्यु हुँदैन, न कसैलाई कुनै पीडा हुन्छ। सबैको शरीर सुन्दर र निरोग छ। न कुनै दरिद्री छन्, न दुःखी र न दीन नै छन्। न कुनै मूर्ख छन् तथा न कुनै शुभ लक्षणबाट हीन नै छन् अर्थात् सबै सर्वगुण सम्पन्न छन्॥ ३॥

**सब निर्दंभ धर्मरत पुनी। नर अरु नारि चतुर सब गुनी॥**
**सब गुनग्य पंडित सब ग्यानी। सब कृतग्य नहिं कपट सयानी॥**

सबै दम्भरहित छन्, धर्मपरायण छन् (दम्भरहित धर्म गर्छन्, देखाउनको लागि होइन) र पुण्यात्मा छन्। सबै स्त्री-पुरुष चतुर र गुणवान् छन् (अर्थात् सबै आ-आफ्नो गुणमा प्रवीण छन्)। सबै गुणहरूका ज्ञाता छन् (अर्थात् गुणलाई जान्दछन् र गुणहरूका पारखी छन्), सबै पण्डित छन् तथा सबै ज्ञानी (अर्थात् शास्त्रीय ज्ञानलाई जानेका) छन्। सबै कृतज्ञ (उपकार मान्नेवाला) छन्, कपट-चतुऱ्याइँ (धूर्तता) कुनैमा छैन॥ ४॥

**दो०— राम राज नभगेस सुनु सचराचर जग माहिं।**
**काल कर्म सुभाव गुन कृत दुख काहुहि नाहिं॥ २१॥**

[कागभुशुण्डिजीले भन्नुहुन्छ— ] हे पक्षिराज गरुडजी! सुन्नुहोस्! श्रीरामको राज्यमा जड, चेतन सबै जगत्‌मा काल, कर्म, स्वभाव र गुणहरूबाट उत्पन्न दुःख कुनैलाई पनि हुँदैन (अर्थात् यिनको बन्धमा कुनै पनि छैनन्)॥ २१॥

**भूमि सप्त सागर मेखला। एक भूप रघुपति कोसला॥**
**भुअन अनेक रोम प्रति जासू। यह प्रभुता कछु बहुत न तासू॥**

अयोध्यामा श्रीरघुनाथ सात समुद्रको मेखला* भएको पृथ्वीको एक मात्र राजा हुनुहुन्छ। जसका एक-एक रोममा अनेकौं ब्रह्माण्ड छन्, उहाँको लागि सात द्वीपहरूको यो प्रभुता केही धेरै होइन॥ १॥

**सो महिमा समुझत प्रभु केरी। यह बरनत हीनता घनेरी॥**
**सोउ महिमा खगेस जिन्ह जानी। फिरि एहिं चरित तिन्हहुँ रति मानी॥**

झन् प्रभुको त्यस महिमालाई सम्झँदाखेरि त यस्तो भन्दा [कि उहाँ सात समुद्रबाट घेरिएको सप्तद्वीपमयी पृथ्वीका एकच्छत्र सम्राट् हुनुहुन्छ] उहाँको ठूलो हीनता हुन्छ। परन्तु हे गरुडजी! जसले त्यो महिमा जानेका छन् (अर्थात् सबैले जानेका छैनन्), उनीहरूले पनि फेरि यही लीलामा ठूलो प्रेम मान्दछन्॥ २॥

**सोउ जाने कर फल यह लीला। कहहिं महा मुनिबर दमसीला॥**
**राम राज कर सुख संपदा। बरनि न सकइ फनीस सारदा॥**

---

* **मेखला**—त्यो वस्तु हो जुन कुनै अर्को वस्तुको मध्यभागमा उसले चारैतर्फ घेरेको छ कन्धनी वा कम्मर-पेटी। सात समुद्र—नुनिलो पानीको, उखुको रसको, मदिराको, घिउको, दूधको, दहीको र शुद्ध जलको। सात द्वीप—जम्बू, प्लक्ष, शाल्मलि, कुश, क्रौञ्च, शाक र पुष्कर। यी द्वीपहरूको विस्तार उत्तरोत्तर दोबर छ। माथि भनिएको सात समुद्र पूर्वोक्त सात द्वीपको गहिरो खाल्टोसमान चारैतर्फ घेरिएको छ। जुन द्वीपलाई जुन समुद्रले घेरेको छ, त्यो समुद्र विस्तारमा उही द्वीप बराबरको छ। यी सातै समुद्र माथिल्लो द्वीपबाट अलग नै अलग छ र भित्री द्वीपहरूलाई चारैतर्फबाट घेरेको छ (भा० ५। १ । ३१—३३)। (मानस-पीयूषबाट उद्धृत गरिएको)

किनकि त्यस महिमालाई पनि जानेको फल यो लीला (यो लीलाको अनुभव) नै हो, इन्द्रियहरूलाई दमन गर्ने जितेन्द्रिय श्रेष्ठ महामुनि यस्तो भन्छन् (अर्थात् केही मैले आफ्नो तर्फबाट बनावटी सोचेर भनेको छैन, महामुनीश्वरले भनेको कुरा नै मैले भनेको छु)। रामराज्यको सुख-सम्पत्तिको वर्णन शेष र सरस्वतीजीले पनि गर्न सक्नुहुन्न॥ ३॥

**सब उदार सब पर उपकारी। बिप्र चरन सेवक नर नारी॥**
**एकनारि ब्रत रत सब झारी। ते मन बच क्रम पति हितकारी॥**

सबै नर-नारी उदार छन्, सबै परोपकारी छन् र ब्राह्मणहरूका चरणका सेवक छन्। सबै पुरुष एकपत्नीव्रत छन् र यस्तै प्रकारले स्त्रीहरू पनि मन, वचन र कर्मले पतिको हितकारी छन्॥ ४॥

दो०— **दंड जतिन्ह कर भेद जहँ नर्तक नृत्य समाज।**
**जीतहु मनहि सुनिअ अस रामचंद्र कें राज॥ २२॥**

श्रीरामचन्द्रको राज्यमा दण्ड केवल सन्यासीहरूका हातमा छन् र भेद नाच्ने (नट) हरूका नृत्यसमाजमा छ र 'जित्ने' शब्द केवल मनलाई जित्नको लागि नै सुनिने गर्छ (अर्थात् राजनीतिमा शत्रुहरूलाई जित्नको लागि र चोर-डाँकाहरूलाई दमन गर्नको लागि साम, दाम, दण्ड र भेद— यी चार उपाय गरिन्छ। रामराज्यमा कुनै शत्रु नै छैनन्, यसैले 'जित्ने' शब्द केवल मनलाई जित्नको लागि भनिन्छ। कुनैले अपराध गर्दैनन्, यसैले दण्ड कुनैलाई हुँदैन; दण्ड शब्द केवल सन्यासीहरूको हातमा रहने दण्ड नै बाँकी रहेको छ। तथा सबै अनुकूल हुनाको कारणले भेदनीतिको आवश्यकता नै परेन; 'भेद' शब्द केवल सुर-तालको भेदका लागि नै काममा आएको छ।) ॥ २२॥

**फूलहिं फरहिं सदा तरु कानन। रहहिं एक सँग गज पंचानन॥**
**खग मृग सहज बयरु बिसराई। सबन्हि परस्पर प्रीति बढ़ाई॥**

वनमा वृक्ष सदैव (ऋतु-कुऋतु-कालगति छोडेर) फुल्ने र फल्ने गरेका छन्। हात्ती र सिंह [वैर भुलेर] एक साथ रहन्छन्। पक्षी र पशु सबैले स्वाभाविक वैर भुलेर आपसमा प्रेम बढाएका छन्॥ १॥

**कूजहिं खग मृग नाना बृंदा। अभय चरहिं बन करहिं अनंदा॥**
**सीतल सुरभि पवन बह मंदा। गुंजत अलि लै चलि मकरंदा॥**

पन्छी कराउँदछन् (मीठो बोली बोल्दछन्), नाना-थरीका पशुहरूका समूह वनमा निर्भय भ्रमण गर्छन् र आनन्द लिएका छन्। शीतल, मन्द, सुगन्धित पवन चलिरहन्छ। भमरा पुष्पहरूको रस लिएर उड्दै भूँ-भूँ को आवाजले गुञ्जन गरिरहन्छन्॥ २॥

**लता बिटप मागें मधु चवहीं। मनभावतो धेनु पय स्रवहीं॥**
**ससि संपन्न सदा रह धरनी। त्रेताँ भइ कृतजुग कै करनी॥**

लता (लहरा) र वृक्षले माग्दाखेरि नै मधु (मकरन्द रस) टप्काइदिन्छन् (थोप्ला खसालिदिन्छन्)। गाईले मनले खोजेजति (कामधेनुलेझैं) दूध दिन्छन्। धर्ती सधैं खेतीले लटरम्म हुन्छ। त्रेतामा सत्ययुगको व्यवहार (स्थिति) भयो॥ ३॥

**प्रगटीं गिरिन्ह बिबिधि मनि खानी। जगदातमा भूप जग जानी॥**
**सरिता सकल बहहिं बर बारी। सीतल अमल स्वाद सुखकारी॥**

समस्त जगत्का आत्मा भगवान्लाई जगत्का राजा मानेर पर्वतहरूले अनेकौं प्रकारका मणिहरूका खानी प्रकट गरिदिए। (सबै नदीमा श्रेष्ठ, शीतल, निर्मल जल हुँदैन, तर अहिले) सबै नदीहरूमा श्रेष्ठ, शीतल, निर्मल र सुखप्रद स्वादिष्ट जल बग्न थाल्यो॥ ४॥

**सागर निज मरजादाँ रहहीं। डारहिं रत्न तटन्हि नर लहहीं॥**
**सरसिज संकुल सकल तड़ागा। अति प्रसन्न दस दिसा बिभागा॥**

समुद्र आफ्नो मर्यादामा रहन लागे। उनले लहरा (हल्का) द्वारा किनारमा रत्न फालिदिन्छन्, जसलाई मानिसले भेट्टाउँछन्। सबै ताल वा तलैया कमलहरूबाट परिपूर्ण छन्। दश दिशाहरूको विभाग (अर्थात् सबै प्रदेश) अत्यन्त प्रसन्न छन्॥ ५॥

दो०— **बिधु महि पूर मयूखन्ह रबि तप जेतनेहि काज।**
**मागें बारिद देहिं जल रामचंद्र कें राज॥ २३॥**

श्रीरामचन्द्रको राज्यमा* चन्द्रमाले आफ्ना [अमृतमय] किरणहरूबाट पृथ्वीलाई पूर्ण गराएका छन्। सूर्य त्यत्ति नै तातो हुन्छन् जति आवश्यकता हुन्छ र मेघले माग्दाखेरि [जब जहाँ जति चाहियो त्यत्ति नै] जल दिन्छन्॥ २३॥

**कोटिन्ह बाजिमेध प्रभु कीन्हे। दान अनेक द्विजन्ह कहँ दीन्हे॥**
**श्रुति पथ पालक धर्म धुरंधर। गुनातीत अरु भोग पुरंदर॥**

प्रभु श्रीरामले करोडौं अश्वमेध यज्ञ गर्नुभयो र ब्राह्मणहरूलाई अनेकौं दान दिनुभयो। श्रीरामचन्द्र वेदमार्गलाई पालन गर्ने, धर्मको धुरीलाई धारण गर्ने, [प्रकृतिजन्य सत्त्व, रज र तम] तीनै गुणहरूबाट अतीत र भोगहरू (ऐश्वर्य) मा इन्द्रका समान हुनुहुन्छ॥ १॥

**पति अनुकूल सदा रह सीता। सोभा खानि सुसील बिनीता॥**
**जानति कृपासिंधु प्रभुताई। सेवति चरन कमल मन लाई॥**

शोभाकी खानी, सुशील र विनम्र सीताजी (स्त्रीको प्रधान गुण पातिव्रत्य धर्म हो भनेर) सदैव पतिको अनुकूल रहनुहुन्छ। उहाँले कृपाका सागर श्रीरामको प्रभुता (महिमा) लाई जान्नुभएको छ र मन लगाएर उहाँका चरणकमलको सेवा गर्नुहुन्छ॥ २॥

**जद्यपि गृहँ सेवक सेवकिनी। बिपुल सदा सेवा बिधि गुनी॥**
**निज कर गृह परिचरजा करई। रामचंद्र आयसु अनुसरई॥**

यद्यपि दरबारमा धेरै नै (अपार) दास र दासीहरू छन् र उनीहरू सबै सेवाको विधिमा कुशल छन्,

---

* **'रामचंद्र के राज'** इति। चदि-धातुको अर्थ आह्लाद हो। ('चंद्र' शब्द) **'चदि आह्लादने'** धातुबाट निष्पन्न हुन्छ। यहाँ **'रामचंद्र'** पद दिनुको भाव यो हो कि उहाँको राज्यमा आह्लाद छ। अर्थात् सबै आनन्दमा छन्, जस्तो सुख यो राज्यमा छ, यस्तो अन्य कुनै राज्यमा हुन असम्भव छ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

तथापि [स्वामीको सेवाको महत्त्व जानेकी] श्रीसीताले घरको सबै सेवा आफ्नो नै हातले गर्नुहुन्छ र श्रीरामचन्द्रको आज्ञाको अनुसरण गर्नुहुन्छ॥ ३॥

**जेहि बिधि कृपासिंधु सुख मानइ। सोइ कर श्री सेवा बिधि जानइ॥**
**कौसल्यादि सासु गृह माहीं। सेवइ सबन्हि मान मद नाहीं॥**

कृपासागर श्रीरामचन्द्र जुन प्रकारले सुख मान्नुहुन्छ, श्री (सीताजी) त्यही गर्नुहुन्छ; किनकि उहाँले सेवाको विधिलाई जान्नुभएको छ। घरमा कौसल्या आदि सासूहरूको सीताजी सेवा गर्नुहुन्छ, उहाँलाई कुनै कुरामा पनि अभिमान र मद छैन॥ ४॥

**उमा रमा ब्रह्मादि बंदिता। जगदंबा संततमनिंदिता॥**

[शिवजी भन्नुहुन्छ— ] हे उमा! जगज्जननी रमा (सीताजी) ब्रह्मा आदि देवताहरूबाट वन्दित र सदैव अनिन्दिता (सर्वगुणसम्पन्न) हुनुहुन्छ॥ ५॥

दो०— **जासु कृपा कटाच्छु सुर चाहत चितव न सोइ।**
**राम पदारबिंद रति करति सुभावहि खोइ॥ २४॥**

देवता जसको कृपाकटाक्ष (दृष्टि) चाहन्छन्, परन्तु उहाँले उनीहरूतर्फ हेर्नुहुँदैन, उनै लक्ष्मीजी (जानकीजी) आफ्नो [महामहिम] स्वभावलाई छोडेर श्रीरामचन्द्रको चरणारविन्दमा प्रीति गर्नुहुन्छ॥ २४॥

**सेवहिं सानकूल सब भाई। राम चरन रति अति अधिकाई॥**
**प्रभु मुख कमल बिलोकत रहहीं। कबहुँ कृपाल हमहि कछु कहहीं॥**

सबै भाइले अनुकूल रहेर उहाँको नै सेवा गर्नुहुन्छ। श्रीरामको चरणमा उहाँहरूको अत्यन्तै अधिक प्रीति छ र उहाँहरूले सधैं प्रभुको मुखारविन्द नै हेरिरहनुहुन्छ कि कृपालु श्रीरामले कहिलेकाहीं हामीलाई केही सेवा गर्ने आज्ञा दिनुभए हुन्थ्यो॥ १॥

**राम करहिं भ्रातन्ह पर प्रीती। नाना भाँति सिखावहिं नीती॥**
**हरषित रहहिं नगर के लोगा। करहिं सकल सुर दुर्लभ भोगा॥**

श्रीरामचन्द्रले पनि भाइहरूप्रति प्रेम गर्नुहुन्छ र उहाँहरूलाई अनेक प्रकारका नीतिहरू सिकाउनुहुन्छ। नगरका मानिस हर्षित भएका छन् र सबै प्रकारका देवदुर्लभ भोग भोगेका छन्॥ २॥

## ✸ पुत्रोत्पत्ति, अयोध्याजीको रमणीयता, सनकादिको आगमन र संवाद ✸

**अहनिसि बिधिहि मनावत रहहीं। श्रीरघुबीर चरन रति चहहीं॥**
**दुइ सुत सुंदर सीताँ जाए। लव कुस बेद पुरानन्ह गाए॥**

उनीहरूले दिनरात ब्रह्माजीलाई मनाइरहनुभएको छ र [ब्रह्माजीबाट वरदानस्वरूप] श्रीरघुवीरका चरणमा प्रीति चाहनुहुन्छ। सीताजीका लव र कुश—यी दुई पुत्र उत्पन्न भए, जसलाई वेद र पुराणहरूले वर्णन गरेका छन्॥ ३॥

**दोउ बिजई बिनई गुन मंदिर। हरि प्रतिबिंब मनहुँ अति सुंदर॥**
**दुइ दुइ सुत सब भ्रातन्ह केरे। भए रूप गुन सील घनेरे॥**

उहाँहरू दुवै नै विजयी (विख्यात योद्धा), नम्र र गुणहरूका धाम हुनुहुन्छ र अत्यन्तै सुन्दर हुनुहुन्छ, मानौं श्रीहरिका प्रतिविम्ब नै हुनुहुन्छ। (भरतजीका पुष्कलजी र तक्षजी, श्रीलक्ष्मणजीका अङ्गद र चन्द्रकेतुजी र शत्रुघ्नजीका श्रुतिसेन र सुबाहु) दुई-दुई पुत्र सबै भाइहरूका भए, जुन अति नै सुन्दर, गुणवान् र सुशील थिए॥ ४॥

दो०— **ग्यान गिरा गोतीत अज माया मन गुन पार।**
**सोइ सच्चिदानंद घन कर नर चरित उदार॥ २५॥**

जुन [बौद्धिक] ज्ञान, वाणी र इन्द्रियदेखि पर र अजन्मा हुनुहुन्छ तथा माया, मन र गुणहरूबाट पर (टाढा) हुनुहुन्छ, उनै सच्चिदानन्दघन भगवान्ले श्रेष्ठ नर-लीला गर्नुभएको छ॥ २५॥

**प्रातकाल सरऊ करि मज्जन। बैठहिं सभाँ संग द्विज सज्जन॥**
**बेद पुरान बसिष्ट बखानहिं। सुनहिं राम जद्यपि सब जानहिं॥**

प्रातःकाल (ब्राह्म मुहूर्तमा ब्राह्मणहरू र सज्जनका साथ) सरयूजीमा स्नान गरेर ब्राह्मण र सज्जनहरूसँग सभामा बस्नुहुन्छ। वशिष्ठजीले वेद र पुराणहरूका कथा भन्नुहुन्छ र श्रीरामले सुन्नुहुन्छ, यद्यपि उहाँले सबै जान्नुभएको छ॥ १॥

**अनुजन्ह संजुत भोजन करहीं। देखि सकल जननीं सुख भरहीं॥**
**भरत सत्रुहन दोनउ भाई। सहित पवनसुत उपबन जाई॥**

उहाँले भाइहरूलाई साथमै राखेर भोजन गर्नुहुन्छ र उहाँलाई देखेर सबै आमाहरू आनन्दमा मग्न हुने गर्नुहुन्छ। भरत र शत्रुघ्नजी दुवै भाइ हनुमान्जीसहित उपवनमा गएर, ॥ २॥

**बूझहिं बैठि राम गुन गाहा। कह हनुमान सुमति अवगाहा॥**
**सुनत बिमल गुन अति सुख पावहिं। बहुरि बहुरि करि बिनय कहावहिं॥**

वहाँ बसेर श्रीरामका गुणहरूका कथाहरू सोध्नुहुन्छ र हनुमान्जीले आफ्नो सुन्दर बुद्धिले तिनै गुणहरूमा गोता लगाएर उसको वर्णन गर्नुहुन्छ। श्रीरामचन्द्रका निर्मल गुणहरूलाई सुनेर दुवै भाइले अत्यन्त सुख प्राप्त गर्नुहुन्छ र बिन्ती गरेर बारम्बार भन्न लगाउनुहुन्छ॥ ३॥

**सब कें गृह गृह होहिं पुराना। रामचरित पावन बिधि नाना॥**
**नर अरु नारि राम गुन गानहिं। करहिं दिवस निसि जात न जानहिं॥**

सबैको घर-घरमा पुराण र अनेक प्रकारका पवित्र रामचरित्रको कथा हुन्छ। पुरुष र स्त्री सबै श्रीरामचन्द्रको गुणगान गर्दछन् र यसको आनन्दमा दिनरात बितेको पनि जान्दैनन्॥ ४॥

दो०— **अवधपुरी बासिन्ह कर सुख संपदा समाज।**
**सहस सेष नहिं कहि सकहिं जहँ नृप राम बिराज॥ २६॥**

जहाँ भगवान् श्रीरामचन्द्र स्वयं राजा भएर विराजमान हुनुहुन्छ, त्यस अयोध्यापुरीका निवासीहरूको सुख-सम्पत्तिको समुदायको वर्णन हजारौं शेषजीले पनि गर्न सक्नुहुन्न॥ २६॥

**नारदादि सनकादि मुनीसा। दरसन लागि कोसलाधीसा॥**
**दिन प्रति सकल अजोध्या आवहिं। देखि नगरु बिरागु बिसरावहिं॥**

नारद आदि र सनक आदि मुनीश्वर सबै कोसलराज श्रीरामको दर्शनका लागि प्रतिदिन अयोध्या आउछन् र त्यस [दिव्य] नगरलाई देखेर वैराग्यलाई बिर्सन्छन्॥ १॥

**जातरूप मनि रचित अटारीं। नाना रंग रुचिर गच ढारीं॥**
**पुर चहुँ पास कोट अति सुंदर। रचे कँगूरा रंग रंग बर॥**

[दिव्य] स्वर्ण र रत्नहरूले बनाइएका कौसी छन्। त्यसमा [मणि-रत्नहरूका] अनेक रङ्गका सुन्दर ढलान गरिएका भुईं (भईँ) छन्। नगरको चारैतर्फ अत्यन्त सुन्दर पर्खाल बनाइएको छ, जसमा सुन्दर रङ्ग-विरङ्गका गजुर बनाइएका छन्॥ २॥

**नव ग्रह निकर अनीक बनाई। जनु घेरी अमरावति आई॥**
**महि बहु रंग रचित गच काँचा। जो बिलोकि मुनिबर मन नाचा॥**

मानौं नवग्रहहरूले धेरै ठूलो सेना बनाएर अमरावतीमा आएर घेरेका छन्। सडक (पृथ्वी) अनेक रङ्गका (दिव्य) काँच (रत्नले) ढलान (पिच) गरेर बनाइएको छ, जसलाई देखेर श्रेष्ठ मुनिहरूको पनि मन नाच्न लाग्छ॥ ३॥

**धवल धाम ऊपर नभ चुंबत। कलस मनहुँ रबि ससि दुति निंदत॥**
**बहु मनि रचित झरोखा भ्राजहिं। गृह गृह प्रति मनि दीप बिराजहिं॥**

उज्जवल महलले माथि आकाशलाई छोइरहेका छन् अर्थात् धेरै अग्लो छ*। महलको कलशले [आफ्नो उज्ज्वलताले] मानौं सूर्य र चन्द्रमाको द्युति (चमक) लाई निन्दा गरेका छन् अर्थात् उनीहरूभन्दा पनि उज्ज्वल छन्। [महलहरूमा] धेरै नै मणिहरूले रचिएका झ्याल सुशोभित छन् र घर-घरमा मणिहरूको दीपक देदीप्यमान भइरहेका छन्॥ ४॥

**छं०— मनि दीप राजहिं भवन भ्राजहिं देहरीं बिद्रुम रची।**
**मनि खंभ भीति बिरंचि बिरची कनक मनि मरकत खची॥**
**सुंदर मनोहर मंदिरायत अजिर रुचिर फटिक रचे।**
**प्रति द्वार द्वार कपाट पुरट बनाइ बहु बज्रन्हि खचे॥**

घर [महल] हरूमा मणिहरूका दीपकले शोभा पाइरहेका छन्। मुगाहरूले बनाइएका ढोकाहरू (दहिलाको ठेला) चम्किरहेका छन्। मणि (रत्न) हरूका खम्बा (मुड्का, थाम) छन्। मरकतमणि (पन्ना) हरूले जोडिएका सुनका भित्ता यस्ता सुन्दर छन्, मानौं ब्रह्माले भलीभाँति (विशेषरूप) ले बनाएका हुन्। महल सुन्दर, मनोहर र विशाल छन्। तिनीहरूमा सुन्दर स्फटिक

---

* *'नभ चुंबत'*—यी यति अग्ला थिए कि प्रयागराजबाट देखिन्थे। (मानस-पीयूषबाट उद्धृत गरिएको)

[एक प्रकारको सेतो बहुमूल्य पत्थर या रत्न जुन काँच (सिसा) समान पारदर्शी हुन्छ, यसका कैयौं भेद र कैयौं रङ्ग हुन्छन्, यिनीहरू] ले आँगन बनाइएको छ। प्रत्येक द्वारमा धेरै नै एवं अनेक प्रकारका हीरा जोडिएका सुनका पलेंटा (पल्ला या खापा) बनाइएको छ।

**दो०— चारु चित्रसाला गृह गृह प्रति लिखे बनाइ।**
**राम चरित जे निरख मुनि ते मन लेहिं चोराइ॥ २७॥**

घर-घरमा सुन्दर चित्रशालाहरू छन्, जसमा श्रीरामको चरित्र सुन्दरताका साथ सजाएर अङ्कित गराएका छन्। जसलाई मुनिले देख्छन्, उनको मनलाई यी अङ्कित चित्रले चोराउँदछन् (अर्थात् उनी साक्षात्जस्ता देखिन्छन्, चित्रलाई बनाइएको जस्तो लाग्दैन अतः मन मुग्ध हुन्छ)॥ २७॥

**सुमन बाटिका सबहिं लगाईं। बिबिध भाँति करि जतन बनाईं॥**
**लता ललित बहु जाति सुहाईं। फूलहिं सदा बसंत कि नाईं॥**

सबै जनाले भिन्दा-भिन्दै प्रकारका पुष्पहरूका वाटिकाहरू प्रयत्न गरेर बनाएका छन्*, जसमा धेरै प्रकारका सुन्दर र नयाँ लहराहरू सदैव वसन्तमा झैं फुलिरहन्छन्॥ १॥

**गुंजत मधुकर मुखर मनोहर। मारुत त्रिबिधि सदा बह सुंदर॥**
**नाना खग बालकन्हि जिआए। बोलत मधुर उड़ात सुहाए॥**

भमराहरू मनोहर स्वरले भुइँभुइँ या भूँ-भूँले गुञ्जन गरिरहेका छन्। सधैंभरि तीन प्रकारको नै सुन्दर वायु चलिरहन्छ। बालकहरूले धेरै नै पक्षी पालेर राखेका छन्, जुन मधुर शब्दमा बोल्छन् अथवा च्याउँच्याउँ गर्दछन् र उड्दाखेरि सुन्दर लाग्छ॥ २॥

**मोर हंस सारस पारावत। भवननि पर सोभा अति पावत॥**
**जहँ तहँ देखहिं निज परिछाहीं। बहु बिधि कूजहिं नृत्य कराहीं॥**

मयूर, हाँस, सारस र परेवाले घरको माथि धेरै नै शोभा पाएका छन्। उनै पक्षीले [मणिहरूको भित्तामा र छत, छानोमा] जहाँसुकै आफ्नो छाया देखेर [त्यहाँ अर्को पक्षी सम्झेर] धेरै प्रकारले मधुर बोली बोल्दछन् र नृत्य गर्छन्॥ ३॥

**सुक सारिका पढ़ावहिं बालक। कहहु राम रघुपति जनपालक॥**
**राज दुआर सकल बिधि चारू। बीथीं चौहट रुचिर बजारू॥**

बालकले सुगा र मैना (सारिका) लाई पढाएका छन् कि भन—'राम', 'रघुपति', 'जनपालक'। राजद्वार सबै प्रकारले सुन्दर छ। गल्ली, चौराहा (चोक, चौबाटो) र बजार सबै सुन्दर छन्॥ ४॥

**छं०— बाजार रुचिर न बनइ बरनत बस्तु बिनु गथ पाइए।**
**जहँ भूप रमानिवास तहँ की संपदा किमि गाइए॥**

---

* (क) ***'सुमन बाटिका सबहि लगाई'*** किनकि सबैको घरमा देवपूजन हुन्छ। (ख) ***'बिबिध भाँति करि जतन बनाई'***को भाव कि एउटा-एउटा वृक्षमा कैयौं फूलहरूका रङ्ग र कैयौं फूलहरूको सुगन्ध गराएका छन्, यस्तै नै अनेक प्रयत्न गरेका छन्। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**बैठे बजाज सराफ बनिक अनेक मनहुँ कुबेर ते।**
**सब सुखी सब सच्चरित सुंदर नारि नर सिसु जरठ जे॥**

सुन्दर बजार छ, जसलाई वर्णन गर्न नै सकिन्न; वहाँ वस्तु विनामूल्य मिल्दछ [अर्थात् लिनेवाला र दिनेवाला दुवै इमान्दार छन्। व्यापारीले विनारुपैयाँ सामान दिन्छ र ग्राहकले नमागी रुपैयाँ दिन्छ]। जहाँ स्वयं लक्ष्मीपति राजा हुनुहुन्छ, वहाँको सम्पत्तिको वर्णन कसरी गर्न सकिन्छ? कपडा व्यापारी, सर्राफ (रुपैयाँ-पैसाको लेन-देन गर्ने) आदि वणिक्हरू बस्दा यस्तो लाग्छ मानौं अनेकौं कुबेर बसेका छन्। आइमाई, लोग्नेमानिस बच्चा, बूढा जति पनि छन्, सबै सुखी, सदाचारी र सुन्दर छन्।

दो०— **उत्तर दिसि सरजू बह निर्मल जल गंभीर।**
**बाँधे घाट मनोहर स्वल्प पंक नहिं तीर॥ २८॥**

नगरको उत्तर दिशामा सरयूजी (कर्णाली नदी) बगेकी छिन्, जसको जल निर्मल र गम्भीर (गहिरो) छ। मनोहर घाट बनाइएको छ, किनारमा कत्ति पनि हिलो छैन॥ २८॥

**दूरि फराक रुचिर सो घाटा। जहँ जल पिअहिं बाजि गज ठाटा॥**
**पनिघट परम मनोहर नाना। तहाँ न पुरुष करहिं अस्नाना॥**

अलग केही टाढा त्यो सुन्दर लम्बाइ-चौडाइको घाट छ, जहाँ घोडा र हात्तीहरूका बथानले जल पिउँछन्। पानी भर्नको लागि धेरै नै [जनाना] घाट छन्, जुन अति नै मनोहर छन्। त्यहाँ पुरुषले स्नान गर्दैनन्॥ १॥

**राजघाट सब बिधि सुंदर बर। मज्जहिं तहाँ बरन चारिउ नर॥**
**तीर तीर देवन्ह के मंदिर। चहुँ दिसि तिन्ह के उपबन सुंदर॥**

राजघाट सबै प्रकारले सुन्दर र श्रेष्ठ छ, जहाँ चारवटा वर्णहरूका पुरुषले स्नान गर्दछन्। सरयूजीका किनारा-किनारामा देवताहरूका (पञ्चदेवका) मन्दिर छन्, जसका चारैतर्फ सुन्दर उपवन (बगैंचा, बघैंचा) छन्॥ २॥

**कहुँ कहुँ सरिता तीर उदासी। बसहिं ग्यान रत मुनि संन्यासी॥**
**तीर तीर तुलसिका सुहाई। बृंद बृंद बहु मुनिन्ह लगाई॥**

नदीका किनारामा कहीं-कहीं विरक्त र ज्ञानपरायण मुनि र सन्न्यासीले निवास गरेका छन्। सरयूजीको किनारै-किनार सुन्दर तुलसीजीका अनगिन्ती बिरुवा मुनिहरूले लगाएका छन्॥ ३॥

**पुर सोभा कछु बरनि न जाई। बाहेर नगर परम रुचिराई॥**
**देखत पुरी अखिल अघ भागा। बन उपबन बापिका तड़ागा॥**

नगरको शोभा त केही भन्न नै सकिँदैन। नगरको बाहिर पनि परम सुन्दरता छ। श्रीअयोध्यापुरीको दर्शन गर्दा नै सम्पूर्ण पाप भागेर जान्छन्। [त्यहाँ] वन-उपवन, इनार (सिँढी भएका कूप) र पोखरी (कुण्ड, ताल) सुशोभित छन्॥ ४॥

छं०— बापीं तड़ाग अनूप कूप मनोहरायत सोहहीं।
सोपान सुंदर नीर निर्मल देखि सुर मुनि मोहहीं॥
बहु रंग कंज अनेक खग कूजहिं मधुप गुंजारहीं।
आराम रम्य पिकादि खग रव जनु पथिक हंकारहीं॥

अनुपम सिँढी भएका इनार, पोखरी र मनोहर तथा विशाल कुवा (इनार) ले शोभा दिइरहेका छन्, जसको सुन्दर [रत्नहरूको] सिँढीहरू र निर्मल जल देखेर देवता र मुनि पनि मोहित हुन्छन्। [पोखरीमा] अनेकौं रङ्गका कमल फुलेका छन्, अनेकौं पक्षी उडिरहेका छन् र भमरा भूँ-भूँ को आवाजद्वारा गुञ्जन गरिरहेछन्। [परम] रमणीय बगैंचा कोइली आदि पक्षीहरूको [सुन्दर बोलीले] मानौं बटुवाहरूलाई बोलाइरहेको छ।

दो०— रमानाथ जहँ राजा सो पुर बरनि कि जाइ।
अनिमादिक सुख संपदा रहीं अवध सब छाइ॥ २९॥

स्वयं लक्ष्मीपति भगवान् जहाँ राजा हुनुहुन्छ, त्यस्तो नगरलाई कहीं वर्णन गर्न सकिन्छ? (अर्थात् सकिँदैन)। अणिमादिक* अष्ट सिद्धिहरू र सुख र सम्पत्ति र [तथा नौ निधिहरू सबै] अयोध्यामा भरिएर रहन लागे। (अर्थात् बस्न लागे, यहाँबाट कहीं जादैनन्, यस्तो सोचेर कि यहाँ लक्ष्मी र लक्ष्मीका स्वामी निवास गर्नुहुन्छ, तब हामी यसलाई छोडेर कहाँ जाने।)॥ २९॥

जहँ तहँ नर रघुपति गुन गावहिं। बैठि परसपर इहइ सिखावहिं॥
भजहु प्रनत प्रतिपालक रामहि। सोभा सील रूप गुन धामहि॥

मानिसहरूले जहाँसुकै श्रीरघुनाथका गुण गाएका छन् र बसेर एकले अर्कोलाई यही शिक्षा दिन्छन् कि शरणागतका पालनकर्ता श्रीरामलाई भज; शोभा, शील, रूप र गुणहरूका धाम श्रीरघुनाथलाई भज (अर्थात् सेवा र भजन गर्नको लागि उपदेश दिन्छन्)॥ १॥

जलज बिलोचन स्यामल गातहि। पलक नयन इव सेवक त्रातहि॥
धृत सर रुचिर चाप तूनीरहि। संत कंज बन रबि रनधीरहि॥

कमलनयन र श्यामल शरीरवाला श्रीरामलाई भज; जसले, पलक (परेला) ले नेत्रलाई रक्षा गर्दाझैं आफ्ना सेवकहरूलाई रक्षा गर्ने श्रीराम (रक्षक) लाई भज। सुन्दर बाण, धनुष र तरकस धारण गर्नुभएका, सन्तरूपी कमलवनलाई फुलाउने सूर्यरूप रणधीर श्रीरामलाई भज॥ २॥

काल कराल ब्याल खगराजहि। नमत राम अकाम ममता जहि॥
लोभ मोह मृगजूथ किरातहि। मनसिज करि हरि जन सुखदातहि॥

कालरूपी भयानक सर्पलाई भक्षण गर्ने श्रीरामरूप गरुडजीलाई भज। निष्कामभावले प्रणाम गर्दा

---

* **अष्ट सिद्धिका नाम**—अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व, वशित्व। नौ निधिका नामको श्लोक— '**महापद्मश्च पद्मश्च शङ्खो मकरकच्छपौ। मुकुन्दकुन्दनीलाश्च खर्वश्च निधयो नव॥**' अर्थात्—पद्म, महापद्म, शङ्ख, मकर, कच्छप, मुकुन्द, कुन्द, नील, खर्व। (मानस-पीयूषबाट उद्धृत गरिएको)

नै ममतालाई नाश गर्ने श्रीरामलाई भज। लोभ–मोहरूपी मृग समूहलाई नाश गर्ने श्रीरामरूपी किरात (सिकारबाट जीविका चलाउने एक जाति) लाई भज। कामदेवरूपी हात्तीको लागि सिंहरूप तथा सेवकहरूलाई सुख दिने श्रीरामलाई भज॥ ३॥

**संसय सोक निबिड़ तम भानुहि। दनुज गहन घन दहन कृसानुहि॥**
**जनकसुता समेत रघुबीरहि। कस न भजहु भंजन भव भीरहि॥**

संशय र शोकरूपी घना अन्धकारलाई नाश गर्ने श्रीरामरूप सूर्यलाई भज। राक्षसरूपी घनघोर वनलाई जलाउने श्रीरामरूप अग्निलाई भज। जन्म–मृत्युको भयलाई नाश गर्ने श्रीजानकीसहित श्रीरघुवीरको भजन तथा सेवा किन गर्दैनौ?॥ ४॥

**बहु बासना मसक हिम रासिहि। सदा एकरस अज अबिनासिहि॥**
**मुनि रंजन भंजन महि भारहि। तुलसिदास के प्रभुहि उदारहि॥**

धेरै नै वासनाहरूरूपी लाम्खुट्टेलाई नाश गर्ने श्रीरामरूप हिमराशि (हिउँको थुप्रो, हिमालय) लाई भज। नित्य एकरस, अजन्मा र अविनाशी श्रीरघुनाथलाई भज। मुनिहरूलाई आनन्द दिने, पृथ्वीको भार उतार्ने र तुलसीदासका उदार (दयालु) स्वामी श्रीरामलाई भज॥ ५॥

दो०— **एहि बिधि नगर नारि नर करहिं राम गुन गान।**
**सानुकूल सब पर रहहिं संतत कृपानिधान॥ ३०॥**

यस्ता प्रकारले नगरका स्त्री–पुरुषले श्रीरामको गुण–गान गरेका छन् र कृपानिधान श्रीराम सधैं सबैसँग अत्यन्त प्रसन्न रहनुहुन्छ॥ ३०॥

**जब ते राम प्रताप खगेसा। उदित भयउ अति प्रबल दिनेसा॥**
**पूरि प्रकास रहेउ तिहुँ लोका। बहुतेन्ह सुख बहुतन मन सोका॥**

[कागभुशुण्डिजी भन्नुहुन्छ—] हे पक्षिराज गरुडजी! जहिलेदेखि रामप्रतापरूपी अत्यन्त प्रचण्ड सूर्य उदित भयो, त्यस समयपछि तीनै लोकमा पूर्ण प्रकाश भरियो। यसैले धेरैको मनमा सुख भयो र धेरैको मनमा शोक भयो॥ १॥

**जिन्हहि सोक ते कहउँ बखानी। प्रथम अबिद्या निसा नसानी॥**
**अघ उलूक जहँ तहाँ लुकाने। काम क्रोध कैरव सकुचाने॥**

जस–जसलाई शोक भयो, उसलाई मैले वर्णन गरेर भन्दछु [सर्वत्र प्रकाश भरिनाले] पहिला त अविद्यारूपी रात्रि नष्ट भयो। पापरूपी लाटोकोसेरो (उल्लू) जहाँसुकै लुके र काम–क्रोधरूपी कमल खुम्चिए॥ २॥

**बिबिध कर्म गुन काल सुभाऊ। ए चकोर सुख लहहिं न काऊ॥**
**मत्सर मान मोह मद चोरा। इन्ह कर हुनर न कवनिहुँ ओरा॥**

भाँति–भाँतिका [बन्धनकारक] कर्म, गुण, काल र स्वभाव— यी चखेवा (चातक) हुन्, जसले [रामप्रतापरूपी सूर्यको प्रकाशमा] कहिल्यै सुख पाउँदैनन्। मत्सर (डाह), मान, मोह र मदरूपी

जुन चोर छन्, उनको कला वा गुण कुनै पनि दिशामा चल्न सक्दैन (अर्थात् जहाँ जान्छन् त्यहीं प्रवेश गर्ने मौका र मार्ग पाउँदैनन्) ॥ ३ ॥

**धरम तड़ाग ग्यान बिग्याना। ए पंकज बिकसे बिधि नाना॥**
**सुख संतोष बिराग बिबेका। बिगत सोक ए कोक अनेका॥**

धर्मरूपी पोखरीमा ज्ञान, विज्ञान—यी अनेकौं प्रकारका कमल फुलेका (फक्रेका) छन्, सुख, सन्तोष, वैराग्य र विवेक—यी अनेक चक्रवाक (चखेवा पक्षी) शोकरहित भए॥ ४॥

दो०—**यह प्रताप रबि जाकें उर जब करइ प्रकास।**
**पछिले बाढ़हिं प्रथम जे कहे ते पावहिं नास॥ ३१॥**

यो श्रीरामप्रतापरूपी सूर्यले जसको हृदयमा प्रकाश दिन्छ, त्यसपछि जसको वर्णन पहिल्यै भनिएको छ, ती (धर्म, ज्ञान, विज्ञान, सुख, सन्तोष, वैराग्य र विवेक) बढ्दछन् र जसको वर्णन पहिले गरिएको छ, ती (अविद्या, पाप, काम, क्रोध, कर्म, काल, गुण, स्वभाव आदि) सबै नष्ट हुन्छन्॥ ३१॥

**भ्रातन्ह सहित रामु एक बारा। संग परम प्रिय पवनकुमारा॥**
**सुंदर उपबन देखन गए। सब तरु कुसुमित पल्लव नए॥**

एकपल्ट भाइहरूसहित श्रीरामचन्द्र परम प्रिय हनुमान्‌जीलाई साथमै लिएर सुन्दर उपवन हेर्न जानुभयो। त्यहाँ सबै वृक्ष फुलेका र नयाँ पातबाट परिपूर्ण (युक्त) थिए॥ १॥

**जानि समय सनकादिक आए। तेज पुंज गुन सील सुहाए॥**
**ब्रह्मानंद सदा लयलीना। देखत बालक बहुकालीना॥**

सुअवसर जानेर सनकादि मुनि आए, जुन तेजका पुञ्ज, सुन्दर गुण र शीलले युक्त तथा सधैं ब्रह्मानन्दमा तल्लीन रहन्थे। हेर्दाखेरि बालक* थिए, परन्तु हुन् धेरै नै उमेरका॥ २॥

**रूप धरें जनु चारिउ बेदा। समदरसी मुनि बिगत बिभेदा॥**
**आसा बसन ब्यसन यह तिन्हहीं। रघुपति चरित होइ तहँ सुनहीं॥**

मानौं चारवटा वेदले नै बालकरूप धारण गरेका छन्। ती मुनि समदर्शी र भेदरहित छन्। दिशाहरू नै उनका वस्त्र हुन्। उनको एउटै व्यसन (कुनै चीजसँग अम्बल) छ कि जहाँ श्रीरघुनाथको चरित्र-कथा हुन्छ, त्यहीं गएर उसलाई उनीहरूले अवश्य सुन्दछन्॥ ३॥

**तहाँ रहे सनकादि भवानी। जहँ घटसंभव मुनिबर ग्यानी॥**
**राम कथा मुनिबर बहु बरनी। ग्यान जोनि पावक जिमि अरनी॥**

---

* *'बहुकालीना'* किनकि सृष्टिको प्रारम्भमा नै यिनीहरूको उत्पत्ति भएको हो। यिनीहरू ब्रह्माजीका पुत्र हुन् र नारदभन्दा जेठा छन्। यिनीहरू सधैं ५ वर्षको बालकका रूपमा रहन्छन्, जसले गर्दा माया नलागोस्, यसैले *'देखत बालक'* भनियो। पुनः *'बहुकालीना'* अर्थात् कालगतिबाट पर छन्। आफ्नो इच्छाले दिव्य रूप बनाएका छन्, जस्तै मार्कण्डेय मुनि सधैं २५ वर्षका र शिवजी सधैं बूढा बनिरहनुहुन्छ। (मानस-पीयूषबाट उद्धृत)

[शिवजी भन्नुहुन्छ*— ] हे भवानी! सनकादि मुनि वहाँ गएका थिए (वहींबाट आइरहेका थिए) जहाँ ज्ञानी मुनिश्रेष्ठ श्रीअगस्त्य रहनुहुन्थ्यो। श्रेष्ठ मुनिले श्रीरामका धेरै नै कथाहरू वर्णन गर्नुभएको थियो, जुन ज्ञान उत्पन्न गर्नलाई उस्तै प्रकारले समर्थ छन्, जस्तै अरणि काठले अग्नि उत्पन्न हुन्छ॥ ४॥

दो०— **देखि राम मुनि आवत हरषि दंडवत कीन्ह।**
**स्वागत पूँछि पीत पट प्रभु बैठन कहँ दीन्ह॥ ३२॥**

सनकादि [सनक, सनन्दन, सनातन, सनत्कुमार] मुनिहरूलाई आउँदै गरेको देखेर श्रीरामचन्द्रले हर्षित भएर दण्डवत् गर्नुभयो र स्वागत (कुशल) सोधेर प्रभुले [उनीहरूलाई] बस्नको लागि आफ्नो पीताम्बर बिछ्याउनुभयो॥ ३२॥

**कीन्ह दंडवत तीनिउँ भाई। सहित पवनसुत सुख अधिकाई॥**
**मुनि रघुपति छबि अतुल बिलोकी। भए मगन मन सके न रोकी॥**

फेरि हनुमान्‌जीसहित तीनै भाइहरूले दण्डवत् गर्नुभयो, सबैलाई धेरै ठूलो सुख भयो। मुनिले श्रीरघुनाथको अतुलनीय छविलाई देखेर त्यसैमा मग्न भए। उनीहरूले मनलाई रोक्न सकेनन्॥ १॥

**स्यामल गात सरोरुह लोचन। सुंदरता मंदिर भव मोचन॥**
**एकटक रहे निमेष न लावहिं। प्रभु कर जोरें सीस नवावहिं॥**

उनीहरूले जन्म-मृत्यु [को चक्र] बाट छुटाउने, श्यामशरीर, कमलनयन, सुन्दरताका धाम श्रीरामलाई ट्वाल-ट्वाल्ती हेरिरहेका छन्, परेला झिम्काएका नै छैनन् र यता प्रभुले हात जोडेर शिर निहुराउनुभएको छ॥ २॥

**तिन्ह कै दसा देखि रघुबीरा। स्त्रवत नयन जल पुलक सरीरा॥**
**कर गहि प्रभु मुनिबर बैठारे। परम मनोहर बचन उचारे॥**

उनीहरूको [प्रेमविह्वल] दशा देखेर [उनैको जस्तो] श्रीरघुनाथका नेत्रमा पनि [प्रेमाश्रुको] जल बग्न लाग्यो र शरीर रोमाञ्चित भएको छ। तदनन्तर प्रभुले हात समातेर श्रेष्ठ मुनिहरूलाई बसाल्नुभयो र परम मनोहर वचन भन्नुभयो— ॥ ३॥

**आजु धन्य मैं सुनहु मुनीसा। तुम्हरें दरस जाहिं अघ खीसा॥**
**बड़े भाग पाइब सतसंगा। बिनहिं प्रयास होहिं भव भंगा॥**

हे मुनीश्वर हो! सुन्नुहोस्, आज म धन्य छु। हजुरहरूका दर्शनले [सबै] पाप नष्ट हुन्छन्। ठूलो भाग्यले नै सत्सङ्ग-प्राप्ति हुन्छ, जसले विनापरिश्रम नै जन्म-मृत्युको चक्र नष्ट हुन्छ॥ ४॥

दो०— **संत संग अपबर्ग कर कामी भव कर पंथ।**
**कहहिं संत कबि कोबिद श्रुति पुरान सदग्रंथ॥ ३३॥**

---

* शिवजी श्रीरामकथाका आचार्य हुनुहुन्छ र श्रीपार्वती श्रवणरसिक हुनुहुन्छ, अतएव शिवजीले रामकथालाई सर्वोपरि देखाउनुहुन्छ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

सन्तको सङ्गत मोक्ष (भव-बन्धनबाट छूट्ने) मा र कामीको सङ्गत जन्म-मृत्युको बन्धनमा पर्ने मार्ग हो। सन्त, कवि र पण्डित तथा वेद, पुराण [आदि] सबै सद्ग्रन्थले यस्तो भनेका छन्॥ ३३॥

**सुनि प्रभु बचन हरषि मुनि चारी। पुलकित तन अस्तुति अनुसारी॥**
**जय भगवंत अनंत अनामय। अनघ अनेक एक करुनामय॥**

प्रभुका वचन सुनेर चारै मुनि हर्षित भएर पुलकित शरीरले स्तुति गर्न लागे—हे भगवान्! हजुरको जय होस्। हजुर अन्तरहित, विकाररहित, पापरहित, अनेक (सबै रूपमा प्रकट), एक (अद्वितीय) र करुणामय होइबक्सिन्छ॥ १॥

**जय निर्गुन जय जय गुन सागर। सुख मंदिर सुंदर अति नागर॥**
**जय इंदिरा रमन जय भूधर। अनुपम अज अनादि सोभाकर॥**

हे निर्गुण! हजुरको जय होस्। हे गुणका समुद्र! हजुरको जय होस्, जय होस्। हजुर सुखका धाम [अत्यन्त] सुन्दर र अति चतुर होइबक्सिन्छ। हे लक्ष्मीपति! हजुरको जय होस्। हे पृथ्वीलाई धारण गर्ने! हजुरको जय होस्। हजुर उपमारहित, अजन्मा, अनादि र शोभाका खानी होइबक्सिन्छ॥ २॥

**ग्यान निधान अमान मानप्रद। पावन सुजस पुरान बेद बद॥**
**तग्य कृतग्य अग्यता भंजन। नाम अनेक अनाम निरंजन॥**

हजुर ज्ञानका भण्डार [स्वयं] मानरहित र [अर्कोलाई] मान दिनेवाला होइबक्सिन्छ। वेद र पुराणले हजुरका पावन सुन्दर यश गाउँदछन्। हजुर तत्त्वलाई जान्ने, गरेको सेवालाई मान्ने र अज्ञानलाई नाश गर्नेवाला होइबक्सिन्छ। हे निरञ्जन (मायारहित)! हजुरका अनेकौं (अनन्त) नाम छन् र कुनै नाम नै छैन पनि (अर्थात् हजुर सबै नामदेखि पर होइबक्सिन्छ)॥ ३॥

**सर्ब सर्बगत सर्ब उरालय। बससि सदा हम कहुँ परिपालय॥**
**द्वंद बिपति भव फंद बिभंजय। हृदि बसि राम काम मद गंजय॥**

हजुर सर्वरूप होइबक्सिन्छ, सबैमा व्याप्त होइबक्सिन्छ र सबैको हृदयरूपी घरमा सदैव निवास गरिबक्सिन्छ; [अतः] हजुरले हामीहरूलाई परिपालन गरिबक्सिन्छ। [राग-द्वेष, अनुकूलता-प्रतिकूलता, जन्म-मृत्यु आदि] द्वन्द्व, विपत्ति र जन्म-मृत्युको जाललाई काटिबक्सियोस्। हे रामजी! हजुर हाम्रो हृदयमा बसेर काम र मदलाई नाश गरिदिइबक्सियोस्॥ ४॥

दो०— **परमानंद कृपायतन मन परिपूरन काम।**
**प्रेम भगति अनपायनी देहु हमहि श्रीराम॥ ३४॥**

हजुर परमानन्दस्वरूप, कृपाका धाम र मनको कामनालाई परिपूर्ण गर्ने होइबक्सिन्छ। हे रामजी! हामीलाई हजुरको अविचल (निश्चल) प्रेमाभक्ति दिइबक्सियोस्॥ ३४॥

**देहु भगति रघुपति अति पावनि। त्रिबिधि ताप भव दाप नसावनि॥**
**प्रनत काम सुरधेनु कलपतरु। होइ प्रसन्न दीजै प्रभु यह बरु॥**

हे रघुनाथजी! हजुरले हामीलाई अत्यन्त पवित्र गर्ने र तीनै प्रकारका तापहरूलाई र जन्म–मरणको क्लेशलाई नाश गर्ने भक्ति दिइबक्सियोस्। हे शरणागतका कामना पूर्ण गर्नको लागि कामधेनु र कल्पवृक्षरूप प्रभु! प्रसन्न भएर हामीलाई यही वरदान दिइबक्सियोस्॥ १॥

**भव बारिधि कुंभज रघुनायक। सेवत सुलभ सकल सुख दायक॥**
**मन संभव दारुन दुख दारय। दीनबंधु समता बिस्तारय॥**

हे रघुनाथजी! हजुर जन्म–मृत्युरूप समुद्रलाई सुकाउनको लागि अगस्त्य मुनिसमान होइबक्सिन्छ। हजुर सेवा गर्नाले सुलभ र सबै सुख दिनेवाला होइबक्सिन्छ। हे दीनबन्धु! मनदेखि उत्पन्न दारुण (कठिन) दुःखहरूलाई नाश गरिबक्सियोस् र [हामीलाई] समदृष्टिको विस्तार गरिबक्सियोस्॥ २॥

**आस त्रास इरिषादि निवारक। बिनय बिबेक बिरति बिस्तारक॥**
**भूप मौलि मनि मंडन धरनी। देहि भगति संसृति सरि तरनी॥**

हजुर [विषयहरू] आशा, भय र ईर्ष्या आदिलाई निवारण गर्ने तथा विनम्र, विवेक र वैराग्यलाई विस्तार गर्नेवाला होइबक्सिन्छ। हे राजाहरूका शिरोमणि एवं पृथ्वीका भूषण श्रीराम! संसृति (जन्म–मृत्युको प्रवाह) रूपी नदीको लागि डुङ्गारूप आफ्नो भक्ति प्रदान गरिबक्सियोस्॥ ३॥

**मुनि मन मानस हंस निरंतर। चरन कमल बंदित अज संकर॥**
**रघुकुल केतु सेतु श्रुति रच्छक। काल करम सुभाउ गुन भच्छक॥**

हे मुनिहरूका मनरूपी मानसरोवरमा निरन्तर निवास गर्ने हंस! हजुरका चरणकमल ब्रह्माजी र शिवजीद्वारा वन्दित (वन्दनीय) छन्। हजुर रघुकुलका केतु, वेदमर्यादाको रक्षक र काल, कर्म, स्वभाव तथा गुण [रूप बन्धनहरू] का भक्षक (नाशक) होइबक्सिन्छ॥ ४॥

**तारन तरन हरन सब दूषन। तुलसिदास प्रभु त्रिभुवन भूषन॥**

हजुर सबैलाई तार्नेवाला र स्वयं तरिरहनुभएका तथा सबै दोषहरूलाई हरण गर्ने होइबक्सिन्छ। तीनै लोकमा विभूषण हजुर नै तुलसीदासका स्वामी होइबक्सिन्छ॥ ५॥

दो०— **बार बार अस्तुति करि प्रेम सहित सिरु नाइ।**
**ब्रह्म भवन सनकादि गे अति अभीष्ट बर पाइ॥ ३५॥**

प्रेमसहित बारम्बार स्तुति गरेर* र शिर निहुराएर तथा आफ्नो मनले अत्यन्त खोजेको वरदान ('अति अभीष्ट'=अनपायिनी भक्ति) पाएर सनकादि मुनि ब्रह्मलोकमा गए॥ ३५॥

**सनकादिक बिधि लोक सिधाए। भ्रातन्ह राम चरन सिर नाए॥**
**पूछत प्रभुहि सकल सकुचाहीं। चितवहिं सब मारुतसुत पाहीं॥**

सनकादि मुनि ब्रह्मलोकमा गए। त्यसपछि भाइहरूले श्रीरामका चरणमा शिर निहुराउनुभयो। (भरतजी सङ्कोची, शत्रुघ्नजी उहाँका अनुगामी, लक्ष्मणजी विनयी) भएकोले सबै भाइहरूले प्रभुसँग सोध्न लाज मान्नुभएको छ। [यसैले] सबैले हनुमान्‌जीतर्फ हेरिरहनुभएको छ॥ १॥

---

* स्तुति गर्नु वचनको भक्ति हो, प्रेम गर्नु मनको भक्ति हो र शिर निहुराउनु तनको भक्ति हो। (मानस–पीयूषबाट)

**सुनी चहहिं प्रभु मुख कै बानी। जो सुनि होइ सकल भ्रम हानी॥**
**अंतरजामी प्रभु सभ जाना। बूझत कहहु काह हनुमाना॥**

उहाँहरू प्रभुका श्रीमुखको वाणी सुन्न चाहनुहुन्छ, जसलाई सुनेर सम्पूर्ण भ्रम नष्ट हुन्छन्। अन्तर्यामी प्रभुले सबै जान्नुभयो र सोध्न लाग्नुभयो— भन हनुमान्! के कुरा हो?॥ २॥

## * हनुमान्‌जीद्वारा भरतजीको प्रश्न र श्रीरामको उपदेश *

**जोरि पानि कह तब हनुमंता। सुनहु दीनदयाल भगवंता॥**
**नाथ भरत कछु पूँछन चहहीं। प्रस्न करत मन सकुचत अहहीं॥**

त्यसपछि हनुमान्‌जीले हात जोडेर भन्नुभयो— हे दीनदयालु भगवान्! सुनिबक्सियोस्! हे नाथ! भरतजी केही सोध्न चाहिबक्सिन्छ, तर प्रश्न गर्न मनमा लाज मानिबक्सिएको छ॥ ३॥

**तुम्ह जानहु कपि मोर सुभाऊ। भरतहि मोहि कछु अंतर काऊ॥**
**सुनि प्रभु बचन भरत गहे चरना। सुनहु नाथ प्रनतारति हरना॥**

[भगवान्‌ले भन्नुभयो— ] हनुमान्! तिमीले त मेरो स्वभाव जानेका नै छौ। भरत र मेरो बीचमा कहिल्यै कुनै अन्तर (भेद) छ? प्रभुका वचन सुनेर भरतजीले उहाँका चरण समात्नुभयो [र भन्नुभयो— ] हे नाथ! हे शरणागतका दुःखलाई हरण गर्ने प्रभु! सुनिबक्सियोस्!॥ ४॥

दो०— **नाथ न मोहि संदेह कछु सपनेहुँ सोक न मोह।**
**केवल कृपा तुम्हारिहि कृपानंद संदोह॥ ३६॥**

हे नाथ! न त मलाई केही सन्देह छ र न स्वप्नमा पनि शोक र मोह छ। हे कृपा र आनन्दका समूह! यो केवल हजुरको नै कृपाको फल हो॥ ३६॥

**करउँ कृपानिधि एक ढिठाई। मैं सेवक तुम्ह जन सुखदाई॥**
**संतन्ह कै महिमा रघुराई। बहु बिधि बेद पुरानन्ह गाई॥**

तथापि हे कृपानिधान! मैले हजुरसँग एउटा धृष्टता (मूर्खता) गर्दछु कि म सेवक हुँ र हजुर सेवकलाई सुख दिनेवाला होइबक्सिन्छ [यसैले मेरो धृष्टतालाई क्षमा गरिबक्सियोस् र मेरा प्रश्नको उत्तर दिएर सुख दिइबक्सियोस्]। हे रघुनाथजी! वेद-पुराणहरूले सन्तहरूको महिमा धेरै प्रकारले गाएका छन्॥ १॥

**श्रीमुख तुम्ह पुनि कीन्हि बड़ाई। तिन्ह पर प्रभुहि प्रीति अधिकाई॥**
**सुना चहउँ प्रभु तिन्ह कर लच्छन। कृपासिंधु गुन ग्यान बिचच्छन॥**

हजुरले पनि आफ्नै श्रीमुखले उनीहरूको प्रशंसा गरिबक्सियो र उनीप्रति प्रभु (हजुर) को प्रेम पनि धेरै छ। हे प्रभु! म उनको लक्षण सुन्न चाहन्छु। हजुर कृपाका समुद्र होइबक्सिन्छ र गुण तथा ज्ञानमा अत्यन्त निपुण होइबक्सिन्छ॥ २॥

---

* **श्रीमुख**—शोभित या सुन्दर मुख। यथा— ***'अगम कल्प रमण ह्वैहै श्रीमुख कही बखान'***(सूर)। ठूला मानिस (पूजनीय, माननीय तथा महात्मा) हरूको सुन्दर वाणीलाई प्रशंसा सूचित गर्नको लागि उनका मुख एवं वचन आदिका साथ 'श्री' को प्रयोग गरिन्छ। श्रीमुख अर्थात् सुन्दर मुखारविन्दद्वारा। (मानस-पीयूषबाट उद्‌धृत)

**संत असंत भेद बिलगाई। प्रनतपाल मोहि कहहु बुझाई॥**
**संतन्ह के लच्छन सुनु भ्राता। अगनित श्रुति पुरान बिख्याता॥**

हे शरणागतलाई पालन गर्ने! सन्त र असन्तको भेद अलग–अलग गरेर मलाई सम्झाएर भनिबक्सियोस्। [श्रीरामले भन्नुभयो— ] हे भाइ! सन्तहरूको लक्षण (गुण) असङ्ख्य छन्, जुन वेद र पुराणहरूमा प्रसिद्ध छ॥ ३॥

**संत असंतन्हि कै असि करनी। जिमि कुठार चंदन आचरनी॥**
**काटइ परसु मलय सुनु भाई। निज गुन देइ सुगंध बसाई॥**

सन्त र असन्तहरूको व्यवहार यस्तो हुन्छ, जस्तै बन्चरो र चन्दनको आचरण हुन्छ। हे भाइ! सुन, बन्चरोले चन्दनलाई काट्छ [किनकि उसको स्वभाव या काम नै वृक्षहरूलाई काट्नु हो]; किन्तु चन्दनले [आफ्नो स्वभाववश] आफ्नो गुण दिएर उसलाई [काट्ने बन्चरोलाई] सुगन्धले सुवासित (सुगन्ध) गराउँछ॥ ४॥

दो०— **ताते सुर सीसन्ह चढ़त जग बल्लभ श्रीखंड।**
**अनल दाहि पीटत घनहिं परसु बदन यह दंड॥ ३७॥**

यही गुणको कारण चन्दन (श्रीखण्ड) देवताहरूको शिरमा चढ्छ र जगत्मा प्रिय भइरहेको छ र बन्चरोको मुखमा यस्तो दण्ड मिल्छ कि उसलाई आरनमा तताएर फेरि घनले पिट्छन्॥ ३७॥

**बिषय अलंपट सील गुनाकर। पर दुख दुख सुख सुख देखे पर॥**
**सम अभूतरिपु बिमद बिरागी। लोभामरष हरष भय त्यागी॥**

सन्त विषयमा लम्पट (लिप्त) हुँदैनन्, शील र सद्गुणहरूका खानी हुन्छन्। उनीहरू अर्काको दुःख देखेर दुःखी र सुख देखेर सुखी हुन्छन्। उनीहरूले [सबैमा, सर्वत्र, सबै समय] समता राख्छन्, उनको मनमा कुनै शत्रु हुँदैनन्, मदबाट रहित र वैराग्यवान् हुन्छन् तथा लोभ, क्रोध, हर्ष र भयलाई त्याग गरिरहन्छन्॥ १॥

**कोमलचित दीनन्ह पर दाया। मन बच क्रम मम भगति अमाया॥**
**सबहि मानप्रद आपु अमानी। भरत प्रान सम मम ते प्रानी॥**

उनको चित्त अति कोमल हुन्छ र दीन (दुःखी) हरूप्रति दया गर्छन् तथा मन, वचन र कर्मले मेरो निष्कपट (विशुद्ध) भक्ति गर्दछन्। सबैलाई सम्मान गर्छन्, तर स्वयं मानरहित हुन्छन्। हे भरत! ती प्राणी (सन्तजन) मलाई प्राणसमान हुन्छन्॥ २॥

**बिगत काम मम नाम परायन। सांति बिरति बिनती मुदितायन॥**
**सीतलता सरलता मयत्री। द्विज पद प्रीति धर्म जनयत्री॥**

उनको कुनै कामना हुँदैन र मेरो नाममा परायण हुन्छन्। शान्ति, वैराग्य, विनय र प्रसन्नताका घर हुन्छन्। उनमा शीतलता, सरलता, सबैप्रति मित्रभाव र ब्राह्मणहरूको चरणमा प्रीति हुन्छ, जसले धर्मलाई उत्पन्न गर्दछ॥ ३॥

**ए सब लच्छन बसहिं जासु उर। जानेहु तात संत संतत फुर॥**
**सम दम नियम नीति नहिं डोलहिं। परुष बचन कबहूँ नहिं बोलहिं॥**

हे तात! यी सबै लक्षण जसको हृदयमा बस्दछन्, उसलाई सधैं सच्चा सन्त जान्नू। जुन शम (मनको निग्रह), दम (इन्द्रियको निग्रह), नियम र नीतिमा कहिल्यै विचलित हुँदैनन् र मुखले कहिल्यै कठोर वचन बोल्दैनन्;॥ ४॥

दो०— **निंदा अस्तुति उभय सम ममता मम पद कंज।**
**ते सज्जन मम प्रानप्रिय गुन मंदिर सुख पुंज॥ ३८॥**

जसलाई निन्दा र स्तुति (बढाई) दुवै समान हुन्छ र मेरा चरणकमलमा जसको ममता छ, उनै गुणहरूका धाम र सुखका राशि सन्तजन मलाई प्राणको समान प्रिय हुन्छन्॥ ३८॥

**सुनहु असंतन्ह केर सुभाऊ। भूलेहुँ संगति करिअ न काऊ॥**
**तिन्ह कर संग सदा दुखदाई। जिमि कपिलहि घालइ हरहाई॥**

अब असन्त (दुष्ट) हरूको स्वभाव सुन; कहिल्यै भुलेर पनि उनको सङ्गत गर्नुहुँदैन। उनको सङ्गत सधैं दु:ख दिनेवाला हुन्छ। जस्तै चोर गाई (चोरेर अर्काको खेती खाने) ले कपिला* (सीधा र दुधालु) गाईलाई आफ्नो सङ्गतले नष्ट गराउँछन्॥ १॥

**खलन्ह हृदयँ अति ताप बिसेषी। जरहिं सदा पर संपति देखी॥**
**जहँ कहुँ निंदा सुनहिं पराई। हरषहिं मनहुँ परी निधि पाई॥**

दुष्टहरूको हृदयमा अत्यन्तै धेरै सन्ताप हुन्छ। उनीहरू पराईको सम्पत्ति (सुख) देखेर सधैं जलिरहन्छन् र कहीं-कहीं अर्काको निन्दा सुन्न पाउँदा त्यहाँ यसरी हर्षित हुन्छन्, जसरी बाटोमा अनायास नवनिधि (खजाना) पाउँदा हर्ष हुन्छ॥ २॥

**काम क्रोध मद लोभ परायन। निर्दय कपटी कुटिल मलायन॥**
**बयरु अकारन सब काहू सों। जो कर हित अनहित ताहू सों॥**

तथा काम, क्रोध, मद र लोभका परायण तथा निर्दयी, कपटी, कुटिल र पापहरूका घर हुन्छन्। उनीहरू विनाकारण नै सबै जनासँग वैर गर्ने गर्दछन् र जसले भलाइ (कल्याण) गर्दछ उससँग पनि नराम्रो आचरण गर्दछन्॥ ३॥

**झूठइ लेना झूठइ देना। झूठइ भोजन झूठ चबेना॥**
**बोलहिं मधुर बचन जिमि मोरा। खाइ महा अहि हृदय कठोरा॥**

उनीहरूले झूटो नै लिने र झूटो नै दिने गर्छन्। झूटो नै भोजन हुन्छ र झूटो नै खाजा (नास्ता) हुन्छ (अर्थात् उनीहरूले लेन-देन व्यवहारमा झूटोको आश्रय लिएर अर्काको हक हरण गर्छन् अथवा झूटो गफ गर्दछन् कि मैले लाखौं रुपैयाँ अमुक व्यक्तिसँग पाउनु छ,

* **कपिला**— धूम्रवर्णा गाईको नाम हो जसको माहात्म्य सबैभन्दा अधिक वर्णन गरिएको छ। यहाँ 'कपिला' शब्द सीधा-साधा गाईको अर्थमा प्रयुक्त भएको छ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

करोडौं दान गरें। यस्तै प्रकारले खान्छन् चना (कोदोको पिठो) र भन्छन् कि आज खुब राम्रो भोजन खाएर आएको छु अथवा चना खाएर भन्छन् (स्वादिष्ट) भोजनले वैराग्य भएको छ, (अर्थात् आलु खाएर पेडाको धाक लगाउने गर्छन्) इत्यादि। मतलब यो हो कि सबै कुरामा झूटो नै बोल्ने गर्दछन्। जस्तै मयूर [धेरै मीठो बोल्दछ, परन्तु त्यस] को हृदय यस्तो कठोर हुन्छ कि उसले महान् विषालु सर्पहरूलाई पनि खाने गर्छ, त्यस्तै नै उनीहरूले पनि मीठो वचन बोल्दछन् [परन्तु हृदय अति नै निर्दयी हुन्छ]।

**दो०— पर द्रोही पर दार रत पर धन पर अपबाद।**
**ते नर पाँवर पापमय देह धरें मनुजाद॥ ३९॥**

उनीहरू अर्कासँग द्रोह गर्छन् र पराई स्त्री, पराई धन तथा निन्दामा आसक्त हुन्छन्। त्यस्ता पामर (नीच, तुच्छ) र पापमय मनुष्य नर-शरीर धारण गरेका राक्षस नै हुन्॥ ३९॥

**लोभइ ओढ़न लोभइ डासन। सिस्नोदर पर जमपुर त्रास न॥**
**काहू की जौं सुनहिं बड़ाई। स्वास लेहिं जनु जूड़ी आई॥**

लोभ नै उनीहरूको ओढ्ने र लोभ नै बिछ्यौना हुन्छ (अर्थात् लोभबाट नै सधैं घेरिएका हुन्छन्)। उनीहरूले पशुहरूको समान आहार र मैथुनमा नै तत्पर रहन्छन् तथा यमपुरीको भय मान्दैनन्। यदि कसैको प्रशंसा सुने भने, त्यस समयमा यसरी [दुःखले भरिएको] सास लिन्छन् मानौं कामज्वरो आएको* छ॥ १॥

**जब काहू कै देखहिं बिपती। सुखी भए मानहुँ जग नृपती॥**
**स्वारथ रत परिवार बिरोधी। लंपट काम लोभ अति क्रोधी॥**

र जब कसैको विपत्ति देख्छन्, त्यस अवस्थामा यसरी सुखी हुन्छन् मानौं जगत्भरको राजा भएको छु। उनीहरू स्वार्थपरायण (स्वार्थमा आसक्त), परिवारहरूका विरोधी, काम र लोभको कारण लम्पट र अत्यन्तै क्रोधी हुन्छन्॥ २॥

**मातु पिता गुर बिप्र न मानहिं। आपु गए अरु घालहिं आनहिं॥**
**करहिं मोह बस द्रोह परावा। संत संग हरि कथा न भावा॥**

उनीहरूले माता, पिता, गुरु र ब्राह्मण कसैलाई मान्दैनन्। आफू त नष्ट भएकै छन्, [साथै आफ्नो सङ्गतले] अर्कालाई पनि नष्ट गर्छन्। मोहवश अरूसँग द्रोह गर्छन्। उनलाई न सन्तको सङ्गत राम्रो लाग्छ, न भगवान्‌को कथा नै मन पर्छ॥ ३॥

**अवगुन सिंधु मंदमति कामी। बेद बिदूषक परधन स्वामी॥**
**बिप्र द्रोह पर द्रोह बिसेषा। दंभ कपट जियँ धरें सुबेषा॥**

---

* *'स्वास लेहिं जनु जूड़ी आई।'* भाव यो हो कि काम ज्वरो आएपछि श्वास चल्दैन, उस्तै नै यिनीहरूको दशा हुन्छ र भोजन गर्ने पनि रुचि हुँदैन, त्यस्तै यिनीहरूले अर्काको प्रशंसा सुनेर त्यस दिन शोकले भोजनादि पनि गर्दैनन्। (मानस-पीयूषबाट उद्धृत गरिएको)

उनीहरू अवगुणहरूका समुद्र, मन्दबुद्धि, कामी (रागयुक्त), वेदहरूको निन्दक र जबरजस्ती अरूको धनको स्वामी (लुटेरा) हुन्छन्। अरूसँग द्रोह त गर्छन् नै; परन्तु ब्राह्मण-द्रोह विशेष रूपले गर्छन्। उनको हृदयमा दम्भ र कपट भरिइरहन्छ, परन्तु उनले [बाहिरी रूपमा] सुन्दर वेष (भेष, पहिरन) धारण गर्छन्॥ ४॥

**दो०— ऐसे अधम मनुज खल कृतजुग त्रेताँ नाहिं।**
**द्वापर कछुक बृंद बहु होइहहिं कलिजुग माहिं॥ ४०॥**

यस्ता नीच र दुष्ट मनुष्य सत्ययुग र त्रेतामा हुँदैनन्। द्वापरमा थोरै नै हुन्छन् र कलियुगमा त यस्ता समूहका समूह (अर्थात् असङ्ख्य) हुन्छन्॥ ४०॥

**पर हित सरिस धर्म नहिं भाई। पर पीड़ा सम नहिं अधमाई॥**
**निर्नय सकल पुरान बेद कर। कहेउँ तात जानहिं कोबिद नर॥**

हे भाइ! अरूको भलाइ समान कुनै धर्म छैन र अरूलाई दुःख दिनुजस्तो कुनै पाप (नीचता) छैन। हे तात! समस्त पुराणहरू र वेदहरूको यस्तो निर्णय (निश्चित सिद्धान्त) मैले तिमीलाई भनें, यस कुरालाई पण्डितहरूले* जानेका छन्॥ १॥

**नर सरीर धरि जे पर पीरा। करहिं ते सहहिं महा भव भीरा॥**
**करहिं मोह बस नर अघ नाना। स्वारथ रत परलोक नसाना॥**

मनुष्यको शरीर धारण गरेर जुन व्यक्तिले अरूलाई दुःख दिन्छन्, उनले जन्म-मृत्युको महान् सङ्कटलाई सहन गर्न पर्छ। मनुष्यले मोहवश स्वार्थपरायण भएर अनेकौं पाप गर्दछन्, यसैले उनको परलोक नष्ट भइरहन्छ॥ २॥

**कालरूप तिन्ह कहँ मैं भ्राता। सुभ अरु असुभ कर्म फल दाता॥**
**अस बिचारि जे परम सयाने। भजहिं मोहि संसृत दुख जाने॥**

हे भाइ! म उनीहरूको लागि कालरूप हुँ र उनका असल र खराब कर्महरूको [यथायोग्य] फल दिने गर्छु! यस्तो विचार गरेर जुन मानिस परम चतुर छन् उनले संसार [को प्रवाह] लाई दुःखरूप जानेर मेरो नै भजन गर्छन्॥ ३॥

**त्यागहिं कर्म सुभासुभ दायक। भजहिं मोहि सुर नर मुनि नायक॥**
**संत असंतन्ह के गुन भाषे। ते न परहिं भव जिन्ह लखि राखे॥**

यसैले उनले शुभ र अशुभ फल दिने कर्महरूलाई त्याग गरेर देवता, मनुष्य र मुनिहरूको नायक

---

* परहित गर्नु र परपीडा दिनु, यी दुई कुरा भनेको भाव यो हो कि सन्त-असन्तको लक्षण भनियो, त्यसमध्ये ***'पर हित सरिस धर्म नहिं'*** यो सन्तलक्षण हो र ***'पर पीड़ा सम नहिं अधमाई',*** यो दुष्टको लक्षण हो। ***'निर्नय सकल पुरान बेद कर',*** यथा— **'अष्टादशपुराणेषु व्यासस्य वचनद्वयम्। परोपकारः पुण्याय पापाय परपीडनम्॥'** ***'जानहिं कोबिद नर'*** को भाव यो हो कि कदाचित् कसैले यस कुराप्रति विश्वास नगरेमा यो वेद-पुराणहरूको सिद्धान्त हो र उसलाई भन्छन् कि पण्डितहरूले पढेका हुन्छन्, अतः उनले यसलाई जानेका हुन्छन्। यो 'शब्द प्रमाण' अलङ्कार हो। (मानस-पीयूषबाट उद्धृत गरिएको)

मलाई भज्दछन्। [यस प्रकार] मैले सन्त र असन्तहरूका गुण भनें। जुन मानिसहरूले यी गुणहरूलाई सम्झिरहन्छन्, उनीहरू जन्म-मरणको चक्करमा पर्दैनन्॥ ४॥

**दो०— सुनहु तात माया कृत गुन अरु दोष अनेक।**
**गुन यह उभय न देखिअहिं देखिअ सो अबिबेक॥ ४१॥**

[कठिन सिद्धान्त भन्नु छ, अतः सावधान गराउँदै भन्नुहुन्छ] हे तात! सुन, मायाले रचिएका नै अनेक (सबै) गुण र दोष छन् (यिनको कुनै वास्तविक सत्ता छैन)। गुण (विवेक) यसैमा छ कि दुवै नै नदेखियोस्, यिनलाई देख्नु नै अविवेक (अवगुण) हो॥ ४१॥

**श्रीमुख बचन सुनत सब भाई। हरषे प्रेम न हृदयँ समाई॥**
**करहिं बिनय अति बारहिं बारा। हनूमान हियँ हरष अपारा॥**

भगवान्का श्रीमुखबाट* यस्ता वचन सुनेर सबै भाइ हर्षित हुनुभयो। प्रेम उहाँहरूको हृदयमा अटाएको छैन (अर्थात् हृदयमा उम्लेर नेत्र र शरीरद्वारा बाहिर आयो)। अनि बारम्बार धेरै बिन्ती गरिरहनुभएको छ। विशेष गरेर हनुमान्जीको हृदयमा अपार हर्ष छ॥ १॥

**पुनि रघुपति निज मंदिर गए। एहि बिधि चरित करत नित नए॥**
**बार बार नारद मुनि आवहिं। चरित पुनीत राम के गावहिं॥**

तदनन्तर श्रीरामचन्द्र आफ्नो महलमा जानुभयो। यस प्रकार उहाँले नित्य (अर्थात् माथि भनिएका चरित्र एक दिनका हुन्) नयाँ चरित्र (लीला) गर्नुहुन्छ। नारद मुनि अयोध्यामा घरीघरी आउनुहुन्छ र आएर श्रीरामका पवित्र चरित्र गाउनुहुन्छ॥ २॥

**नित नव चरित देखि मुनि जाहीं। ब्रह्मलोक सब कथा कहाहीं॥**
**सुनि बिरंचि अतिसय सुख मानहिं। पुनि पुनि तात करहु गुन गानहिं॥**

मुनि यहाँ दिनहुँ नयाँ-नयाँ चरित्र हेरेर जानुहुन्छ र ब्रह्मलोक गएर सबै कथा भन्नुहुन्छ। ब्रह्माजीले सुनेर अत्यन्तै सुख मान्नुहुन्छ [र भन्नुहुन्छ— ] हे पुत्र! बारम्बार श्रीरामका गुणहरूलाई वर्णन गर॥ ३॥

**सनकादिक नारदहि सराहहिं। जद्यपि ब्रह्म निरत मुनि आहहिं॥**
**सुनि गुन गान समाधि बिसारी। सादर सुनहिं परम अधिकारी॥**

सनकादि मुनिले नारदजीको प्रशंसा गर्नुहुन्छ। यद्यपि उहाँहरू (सनकादि) मुनि ब्रह्मनिष्ठ हुनुहुन्छ, परन्तु श्रीरामको गुणगान सुनेर उहाँहरू पनि आफ्नो ब्रह्मसमाधिलाई भुल्नुहुन्छ र आदरपूर्वक उसलाई सुन्नुहुन्छ। उहाँहरू [रामकथा सुन्ने] श्रेष्ठ अधिकारी हुनुहुन्छ॥ ४॥

**दो०— जीवनमुक्त ब्रह्मपर चरित सुनहिं तजि ध्यान।**
**जे हरि कथाँ न करहिं रति तिन्ह के हिय पाषान॥ ४२॥**

---

* '**श्रीमुख**'को अर्को यो भाव हो कि प्रवीणताले वचन भन्नु यही मुखको श्री अर्थात् शोभा हो। (मानस-पीयूषबाट)

सनकादि मुनि-जस्ता जीवन्मुक्त र ब्रह्मनिष्ठ पुरुष पनि ध्यान (ब्रह्म-समाधि) छोडेर श्रीरामको चरित्र सुन्नुहुन्छ। यस्तो जानेर पनि जसले श्रीहरिको कथामा प्रेम गर्दैनन्, तिनको हृदय [साँच्चै नै] पत्थर [को समान] हो॥ ४२॥

## * श्रीरामले प्रजालाई उपदेश (श्रीरामगीता), पुरवासीहरूको कृतज्ञता *

**एक बार रघुनाथ बोलाए। गुर द्विज पुरबासी सब आए॥**
**बैठे गुर मुनि अरु द्विज सज्जन। बोले बचन भगत भव भंजन॥**

एक पटक श्रीरघुनाथले बोलाएर* गुरु वशिष्ठजी, ब्राह्मण र अन्य सबै नगरनिवासी सभामा आए। त्यसपछि गुरु, मुनि, ब्राह्मण तथा अन्य सबै सज्जनगण यथायोग्य रूपमा बसे र भक्तहरूको जन्म-मरणलाई मेटाउने श्रीरघुनाथले यस्ता वचन बोल्नुभयो— ॥ १ ॥

**सुनहु सकल पुरजन मम बानी। कहउँ न कछु ममता उर आनी॥**
**नहिं अनीति नहिं कछु प्रभुताई। सुनहु करहु जो तुम्हहि सोहाई॥**

हे समस्त नगर निवासीहरू हो! मेरा वचन सुन्नुहोस्। यो कुरा मैले हृदयमा केही ममता [कि अयोध्यापुरी मेरो हो, तिमी मेरा प्रजा हौ र यो मेरो आज्ञा हो यस्तो भाव] ल्याएर भनेको हैन। न अनीतिको कुरा भन्छु र न यसमा केही प्रभुता नै छ। यसैले [सङ्कोच र भय छोडेर, ध्यान दिएर] मेरा कुरालाई सुन्नुहोस् र [फेरि] यदि तपाईंहरूलाई राम्रो लागेमा सोही अनुसार गर्नुहोस्!॥ २ ॥

**सोइ सेवक प्रियतम मम सोई। मम अनुसासन मानै जोई॥**
**जौं अनीति कछु भाषौं भाई। तौ मोहि बरजहु भय बिसराई॥**

उही मेरो सेवक हुन्छन् र उही प्रियतम हुन्छन्, जसले मेरो आज्ञा पालन गर्छन्। हे दाजु-भाइ! यदि मैले केही अनीतिको कुरा भनेमा भय भुलेर मलाई रोक्नू॥ ३ ॥

**बड़े भाग मानुष तनु पावा। सुर दुर्लभ सब ग्रंथन्हि गावा॥**
**साधन धाम मोच्छ कर द्वारा। पाइ न जेहिं परलोक सँवारा॥**

ठूलो भाग्यले यो मनुष्य शरीर मिल्दछ। सबै ग्रन्थहरूले यही भनेका छन् कि यो शरीर देवताहरूलाई पनि दुर्लभ छ (कठिनताले मिल्दछ)। यो साधनको धाम र मोक्षको ढोका हो। यसलाई प्राप्त गरेर पनि जसले परलोकलाई बनाउँदैन, ॥ ४ ॥

दो०— **सो परत्र दुख पावइ सिर धुनि धुनि पछिताइ।**
**कालहि कर्महि ईस्वरहि मिथ्या दोस लगाइ॥ ४३ ॥**

उसले परलोकमा दु:ख पाउँछ, शिर बारम्बार पिटेर पछुताउँछ (चुकचुकाउँछ) तथा [आफ्नो दोष नसम्झेर] काल, कर्म र ईश्वरलाई मिथ्या दोष लगाउँछ॥ ४३ ॥

* सबैलाई बोलाउने यो भाव हो कि सबैलाई श्रीरामले मुक्त गर्न चाहनुहुन्छ। ज्ञानविना मुक्ति हुँदैन, यथा— '**ऋते ज्ञानान्न मुक्तिः**' इति श्रुतिः। यस्तो वेदमर्यादालाई रक्षा गर्न सबैलाई बोलाएर ज्ञानोपदेश गर्नुभयो। (मानस-पीयूषबाट)

**एहि तन कर फल बिषय न भाई। स्वर्गउ स्वल्प अंत दुखदाई॥**
**नर तनु पाइ बिषयँ मन देहीं। पलटि सुधा ते सठ बिष लेहीं॥**

हे भाइ! यो शरीर प्राप्त भएको फल विषयभोग होइन। [यस जगत्को भोगको त कुरा नै के गर्ने] स्वर्गको भोग पनि अति नै थोरै छ र अन्त्यमा दुःख दिनेवाला छ। अतः जुन मानिसले मनुष्यशरीर पाएर विषयहरूमा मन लगाइरहन्छन्, त्यस्ता मूर्खले अमृतलाई छोडेर विष लिएका छन्॥ १॥

**ताहि कबहुँ भल कहइ न कोई। गुंजा ग्रहइ परस मनि खोई॥**
**आकर चारि लच्छ चौरासी। जोनि भ्रमत यह जिव अबिनासी॥**

जसले पारसमणिलाई गुमाएर रत्ती (रत्तीभर वस्तु तौलने रातो वृक्षफल) लाई लिन्छ, भने उसलाई कहिल्यै कसैले बुद्धिमान् भन्दैनन्। यस्तो अविनाशी जीव [अण्डज, स्वेदज, जरायुज र उद्भिज्ज] चार खानी र चौरासी लाख योनिहरूमा (जन्ममा) चक्कर लगाइरहन्छ॥ २॥

**फिरत सदा माया कर प्रेरा। काल कर्म सुभाव गुन घेरा॥**
**कबहुँक करि करुना नर देही। देत ईस बिनु हेतु सनेही॥**

मायाको प्रेरणाले काल, कर्म, स्वभाव र गुणद्वारा घेरिएको (यिनको वशमा भएको) यो सधैं घुमिरहन्छ। विनाकारण नै स्नेह गर्ने ईश्वरले कहिलेकाहीं करुणा गरेर विरलै नै मनुष्यको शरीर दिनुहुन्छ, किनकि उहाँ विनाकारण नै स्नेह गर्नेवाला हुनुहुन्छ॥ ३॥

**नर तनु भव बारिधि कहुँ बेरो। सन्मुख मरुत अनुग्रह मेरो॥**
**करनधार सदगुर दृढ़ नावा। दुर्लभ साज सुलभ करि पावा॥**

यो मनुष्यको शरीर भवसागर [बाट तर्न] को लागि बेडा (जहाज) हो। मेरो कृपा नै अनुकूल वायु हो। सद्गुरु यस मजबुत जहाजका कर्णधार (पाइलट) हुन्। यस प्रकार दुर्लभ (कठिनताले मिल्ने) साधन सुलभ भएर (भगवत्कृपाले सजिलैसँग) उसलाई प्राप्त भएको छ,॥ ४॥

दो०— **जो न तरै भव सागर नर समाज अस पाइ।**
**सो कृत निंदक मंदमति आत्माहन गति जाइ॥ ४४॥**

जुन मनुष्यले यस्तो साधन पाएर पनि भवसागरमा तर्दैनन्, तिनीहरू कृतघ्न* र मन्द-बुद्धिका हुन् र आत्महत्या गर्नेको गतिलाई प्राप्त गर्दछन्॥ ४४॥

**जौं परलोक इहाँ सुख चहहू। सुनि मम बचन हृदयँ दृढ़ गहहू॥**
**सुलभ सुखद मारग यह भाई। भगति मोरि पुरान श्रुति गाई॥**

यदि परलोकमा र यहाँ [दुवै ठाउँमा] सुख चाहनुहुन्छ भने मेरा वचन सुनेर उसलाई हृदयमा

---

* *'कृत निंदक'* भनियो किनकि भगवान्को उपकार मानेन निर्हेतु कृपा गरेर भवसागर पार गर्नको लागि यो शरीर दिनुभयो। *'आत्माहन'*। हन् धातुको अर्थ हिंसा हो— **'हन् हिंसायाम्'** भाव यो हो कि उसले आत्मालाई मार्‍यो, उसलाई दुर्गति बनायो, उसले उद्धारको संयोग पाएर उद्धारको उपाय गरेन। (मानस-पीयूषबाट उद्धृत)

दृढताका साथ धारण गर। हे भाइ! यो मेरो भक्तिको मार्ग सुलभ र सुखदायक छ, पुराण र वेदहरूले यसलाई वर्णन गरेका छन्॥ १॥

**ग्यान अगम प्रत्यूह अनेका। साधन कठिन न मन कहुँ टेका॥**
**करत कष्ट बहु पावइ कोऊ। भक्ति हीन मोहि प्रिय नहिं सोऊ॥**

ज्ञान अगम (दुर्गम) छ र त्यो प्राप्त गर्नलाई अनेकौं विघ्न आउँछन्। उसको साधन (शम, नियम र अष्टाङ्गयोग) कठिन छ र उसमा मनको लागि कुनै आधार छैन। धेरै कष्ट गरेपछि कसैले उसलाई प्राप्त गर्न पनि सक्छन्, तर ऊ पनि (ज्ञानको साधन) भक्तिरहित हुनाले मलाई प्रिय लाग्दैन॥ २॥

**भक्ति सुतंत्र सकल सुख खानी। बिनु सतसंग न पावहिं प्रानी॥**
**पुन्य पुंज बिनु मिलहिं न संता। सतसंगति संसृति कर अंता॥**

भक्ति स्वतन्त्र छ र सबै सुखहरूको खानी हो। परन्तु सत्सङ्गविना (सन्तको सङ्गत) प्राणीले यसलाई पाउन सक्तैनन् र पुण्यसमूहविना सन्त मिल्दैनन्। सत्सङ्गतिले नै संसृति (जन्म-मरणको चक्र) लाई अन्त्य गर्दछ॥ ३॥

**पुन्य एक जग महुँ नहिं दूजा। मन क्रम बचन बिप्र पद पूजा॥**
**सानुकूल तेहि पर मुनि देवा। जो तजि कपटु करइ द्विज सेवा॥**

जगत्मा पुण्य एउटा नै छ, [ऊसमान] अर्को (अन्य) उपाय छैन। त्यो हो—मन, कर्म र वचनले ब्राह्मणहरूको चरणको पूजा गर्नु। जसले कपट त्याग गरेर ब्राह्मणहरूको सेवा गर्छन्, उसप्रति मुनि र देवता प्रसन्न रहन्छन्॥ ४॥

दो०— **औरउ एक गुपुत मत सबहि कहउँ कर जोरि।**
**संकर भजन बिना नर भगति न पावइ मोरि॥ ४५॥**

अर्को पनि एउटा गोप्य* मत छ, मैले उसलाई सबैसँग हात जोडेर भन्दछु कि शङ्करजीको भजनविना मनुष्यले मेरो भक्ति पाउँदैनन्॥ ४५॥

**कहहु भगति पथ कवन प्रयासा। जोग न मख जप तप उपवासा॥**
**सरल सुभाव न मन कुटिलाई। जथा लाभ संतोष सदाई॥**

भन्नुहोस् त, भक्तिमार्गमा कस्तो परिश्रम छ? यसमा न योगको आवश्यकता छ, न यज्ञ, जप, तप र उपवासको! [यहाँ यति मात्रै आवश्यक छ कि] सरल स्वभाव होस्, मनमा कुटिलता नहोस् र जे-जस्तो मिल्छ त्यसैमा सधैं सन्तोष राख्ने॥ १॥

---

* **'गुप्त'** को भाव यो हो कि यसलाई प्रायः कसैसँग भन्दिन। नभन्नुको कारण के हो भने भक्तिले बाँधिन्छु। शिवजीको हृदयमा मेरो भक्तिको निवास छ। उहाँले जसलाई चाहनुहुन्छ भक्ति दिएर मलाई उसको वश (अधीन) मा बनाउनुहुन्छ। यस्तो सुनेर सम्भव छ कि तपाईंहरूले भन्नुहोला कि हामीले त हजुरलाई नै सबै थोक जान्दछौं, यसैले मैले हात जोडेर भन्दछु कि म त उहाँको अधीनमा छु, उहाँको हातद्वारा बँधिएको छु, उहाँले नदिइविना म कसैको हुन सक्तिन। पुनः भाव कि विप्रपदपूजनले प्राप्त सत्सङ्गद्वारा प्राप्तिवाला मत लोकप्रसिद्ध छ र जुन मत अब भन्ने छु यो गुप्त हो। (मानस-पीयूषबाट उद्‌धृत गरिएको)

**मोर दास कहाइ नर आसा। करइ तौ कहहु कहा बिस्वासा॥**
**बहुत कहउँ का कथा बढ़ाई। एहि आचरन बस्य मैं भाई॥**

मेरो दासमा प्रचारित भएर (कहलिएर) यदि कुनै मनुष्यको आशा गर्छ भने, तपाईंहरूले नै भन्नुहोस्, उसको के विश्वास छ? (अर्थात् उसको मप्रति आस्था अत्यन्तै निर्बल छ।) धेरै कुरा बढाएर के भनौं? हे दाजु-भाइहरू हो! म त यिनै आचरणको वशमा छु॥ २॥

**बैर न बिग्रह आस न त्रासा। सुखमय ताहि सदा सब आसा॥**
**अनारंभ अनिकेत अमानी। अनघ अरोष दच्छ बिग्यानी॥**

न कसैसँग वैर गर्ने, न लडाइँ-झगडा गर्ने, न आशा राख्ने, न भय नै मान्ने। उसको लागि सबै दिशाहरू सधैंभरि सुखमय छन्। जसले कुनै पनि आरम्भ (फलको इच्छाले कर्म) गर्दैन, जसको कुनै आफ्नो घर छैन (जसको घरमा ममता छैन), जुन मानहीन, पापहीन र क्रोधहीन छ, जुन [भक्ति गर्नलाई] निपुण र विज्ञानवान् छ॥ ३॥

**प्रीति सदा सज्जन संसर्गा। तृन सम बिषय स्वर्ग अपबर्गा॥**
**भगति पच्छ हठ नहिं सठताई। दुष्ट तर्क सब दूरि बहाई॥**

सन्तजनको सत्सङ्गमा जसको सधैं प्रेम हुन्छ, जसको मनमा सबै विषय यहाँसम्म कि स्वर्ग र मुक्तिसम्म [भक्तिको सम्मुख] तृणको समान हुन्छ, जसले भक्तिको पक्षमा हठ गर्दछ, तर [अर्काको मतको खण्डन गर्ने] मूर्खता गर्दैन तथा जसले सबै कुतर्कहरूलाई टाढा नै बगाइदिएको छ,॥ ४॥

दो०— **मम गुन ग्राम नाम रत गत ममता मद मोह।**
**ता कर सुख सोइ जानइ परानंद संदोह॥ ४६॥**

जुन मेरा गुणसमूह र मेरा नाममा परायण छ, एवं ममता, मद र मोहदेखि रहित छ, उसको सुख (माधुर्य) उनैले जान्दछन्, जसले [परमात्मारूप] परमानन्दराशिलाई प्राप्त गरेका छन्॥ ४६॥

**सुनत सुधासम बचन राम के। गहे सबनि पद कृपाधाम के॥**
**जननि जनक गुर बंधु हमारे। कृपा निधान प्रान ते प्यारे॥**

श्रीरामचन्द्रका अमृतसमान वचन सुनेर सबैले कृपाधामका चरण समातेर भने— हे कृपानिधान! हजुर हाम्रा माता, पिता, गुरु, दाजु-भाइ सबै होइबक्सिन्छ र प्राणभन्दा पनि अधिक प्रिय होइबक्सिन्छ॥ १॥

**तनु धनु धाम राम हितकारी। सब बिधि तुम्ह प्रनतारति हारी॥**
**असि सिख तुम्ह बिनु देइ न कोऊ। मातु पिता स्वारथ रत ओऊ॥**

र हे शरणागतका दुःख हरण गर्ने रामजी! हजुर नै हाम्रो शरीर, धन, घर-द्वार र सबै प्रकारले हितकारी होइबक्सिन्छ। यस्तो शिक्षा हजुर बाहेक कसैले दिन सक्तैनन्। माता-पिता [हितैषी हुन्छन् र शिक्षा पनि दिन्छन्] परन्तु उनीहरू पनि स्वार्थपरायण हुन्छन् [यसैले यस्तो परम हितकारी शिक्षा दिंदैनन्]॥ २॥

**हेतु रहित जग जुग उपकारी। तुम्ह तुम्हार सेवक असुरारी॥**
**स्वारथ मीत सकल जग माहीं। सपनेहुँ प्रभु परमारथ नाहीं॥**

हे असुरहरूका शत्रु! जगत्मा विनाउद्देश्य (निःस्वार्थ) उपकार गर्नेहरू त दुई मात्र हुनुहुन्छ— एउटा हजुर, अर्को हजुरका सेवक (भक्त)। जगत्मा [बाँकी] सबै स्वार्थका मित्र छन्। हे प्रभु! उनमा स्वप्नमा पनि परमार्थको भाव छैन (अर्थात् परमार्थको उपदेश कसैले गर्दैनन्, उपदेश गर्ने एउटा हजुर नै होइबक्सिन्छ)॥ ३॥

**सब के बचन प्रेम रस साने। सुनि रघुनाथ हृदयँ हरषाने॥**
**निज निज गृह गए आयसु पाई। बरनत प्रभु बतकही सुहाई॥**

सबैका प्रेमरसमा मुछिएका वचन सुनेर श्रीरघुनाथ हृदयमा हर्षित हुनुभयो। त्यसपछि आज्ञा पाएर सबै प्रभुको सुन्दर बातचितलाई वर्णन गर्दै आ-आफ्नो घरमा गए॥ ४॥

दो०— **उमा अवधबासी नर नारि कृतारथ रूप।**
**ब्रह्म सच्चिदानंद घन रघुनायक जहँ भूप॥ ४७॥**

[शिवजी भन्नुहुन्छ— ] हे उमा! अयोध्यामा बस्ने पुरुष स्त्रीहरू सबै कृतार्थस्वरूप* छन्; जहाँ स्वयं सच्चिदानन्दघन ब्रह्म श्रीरघुनाथ राजा हुनुहुन्छ॥ ४७॥

## ● श्रीराम-वशिष्ठ-संवाद, श्रीराम भाइहरूसहित आँपको बगैंचामा जानु ●

**एक बार बसिष्ट मुनि आए। जहाँ राम सुखधाम सुहाए॥**
**अति आदर रघुनायक कीन्हा। पद पखारि पादोदक लीन्हा॥**

एक चोटि मुनि वशिष्ठजी त्यहाँ आउनुभयो, जहाँ सुन्दर सुखका धाम श्रीराम हुनुहुन्थ्यो। श्रीरघुनाथले उहाँलाई धेरै नै आदर-सत्कार गर्नुभयो र चरण धोएर चरणामृत लिनुभयो॥ १॥

**राम सुनहु मुनि कह कर जोरी। कृपासिंधु बिनती कछु मोरी॥**
**देखि देखि आचरन तुम्हारा। होत मोह मम हृदयँ अपारा॥**

मुनिले हात जोडेर भन्नुभयो—हे कृपासागर श्रीराम! मेरो केही बिन्ती सुनिबक्सियोस्! हजुरका आचरणहरू (मनुष्योचित चरित्र) लाई बारम्बार देखेर मेरो हृदयमा अपार मोह (भ्रम) हुन्छ॥ २॥

**महिमा अमिति बेद नहिं जाना। मैं केहि भाँति कहउँ भगवाना॥**
**उपरोहित्य कर्म अति मंदा। बेद पुरान सुमृति कर निंदा॥**

हे भगवान्! हजुरको महिमाको सीमा छैन, उसलाई वेदले पनि जान्दैनन्। फेरि मैले कस्तो प्रकारले भन्न सक्छु? पुरोहितको कर्म [प्रतिग्रह लिनु र यजमानको पापहरूको भागी हुनुपर्ने हुँदा] धेरै नै नीच छ। वेद, पुराण र स्मृति सबैले उसको निन्दा गरेका छन्॥ ३॥

---

* **कृतार्थ**—जन्म लिएर संसारमा आएपछि जुन अवश्य गर्नुपर्छ, उसलाई जसले गरेर मोक्ष प्राप्तिको उपाय गर्छ त्यही 'कृतार्थ' हो। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**जब न लेउँ मैं तब बिधि मोही। कहा लाभ आगें सुत तोही॥**
**परमातमा ब्रह्म नर रूपा। होइहि रघुकुल भूषन भूपा॥**

जब मैले उसलाई (सूर्यवंशको पुरोहितको काम) लिन अस्वीकार गरें, अनि ब्रह्माजीले मलाई भन्नुभएको थियो—हे पुत्र! यसबाट तिमीलाई भविष्यमा धेरै नै लाभ हुनेछ। स्वयं ब्रह्म परमात्मा मनुष्यरूप धारण गरेर रघुकुलका भूषण राजा हुनुहुनेछ॥ ४॥

दो०— **तब मैं हृदयँ बिचारा जोग जग्य ब्रत दान।**
**जा कहुँ करिअ सो पैहउँ धर्म न एहि सम आन॥ ४८॥**

तब मैले हृदयमा विचार गरें कि जसको लागि योग, यज्ञ, व्रत, दान गर्ने गरिन्छ, उसलाई मैले यही कर्मले पाउनेछु; त्यसपछि त योजस्तो अर्को कुनै धर्म नै छैन॥ ४८॥

**जप तप नियम जोग निज धर्मा। श्रुति संभव नाना सुभ कर्मा॥**
**ग्यान दया दम तीरथ मज्जन। जहँ लगि धर्म कहत श्रुति सज्जन॥**

जप, तप, नियम, योग आ-आफ्नो [वर्णाश्रमको] धर्म, श्रुतिहरूबाट उत्पन्न (वेदविहित) धेरै नै शुभ कर्म, ज्ञान, दया, दम (इन्द्रियनिग्रह), तीर्थस्नान आदि जति पनि वेद र सन्तजनहरूले धर्म भनेका छन् [त्यसलाई पालन गरेको]— ॥ १॥

**आगम निगम पुरान अनेका। पढ़े सुने कर फल प्रभु एका॥**
**तव पद पंकज प्रीति निरंतर। सब साधन कर यह फल सुंदर॥**

[तथा] हे प्रभु! अनेक तन्त्र, वेद र पुराणहरू पढेको र सुनेको सर्वोत्तम फल एउटै हो र सबै साधनहरूको पनि यही एउटा सुन्दर फल हो कि हजुरका चरणकमलमा निरन्तर (अर्थात् अविच्छिन्न एकरस) प्रेम होस्, अरू विषयमा ध्यान नजाओस्॥ २॥

**छूटइ मल कि मलहि के धोएँ। घृत कि पाव कोइ बारि बिलोएँ॥**
**प्रेम भगति जल बिनु रघुराई। अभिअंतर मल कबहुँ न जाई॥**

मयल (मैलो) ले धुनाले के मयल छुट्न सक्छ? जललाई मथ्नाले के कसैले घिउ पाउन सक्छ? [उस्तै प्रकार] हे रघुनाथजी! प्रेम-भक्तिरूपी [निर्मल] जलविना अन्तःकरणको मल (मयल) कहिल्यै जान सक्दैन॥ ३॥

**सोइ सर्बग्य तग्य सोइ पंडित। सोइ गुन गृह बिग्यान अखंडित॥**
**दच्छ सकल लच्छन जुत सोई। जाकें पद सरोज रति होई॥**

उही सर्वज्ञ हुन्छ, उही तत्त्वज्ञ र पण्डित हुन्छ, उही गुणहरूको घर र अखण्ड विज्ञानवान् हुन्छ, उही चतुर र सबै सुलक्षणहरूबाट युक्त हुन्छ, जसको हजुरका चरणकमलमा प्रेम छ॥ ४॥

दो०— **नाथ एक बर मागउँ राम कृपा करि देहु।**
**जन्म जन्म प्रभु पद कमल कबहुँ घटै जनि नेहु॥ ४९॥**

हे नाथ! हे रामजी! मैले हजुरसँग वरदान माग्दछु, कृपा गरेर दिइबक्सियोस्। प्रभु (हजुर) का चरणकमलमा मेरो प्रेम जन्म-जन्मान्तरमा पनि कहिल्यै कम नहोस्॥ ४९॥

**अस कहि मुनि बसिष्ट गृह आए। कृपासिंधु के मन अति भाए॥**
**हनूमान भरतादिक भ्राता। संग लिए सेवक सुखदाता॥**

यस्तो भनेर मुनि वशिष्ठजी घर आउनुभयो। उहाँ श्रीरामको मनमा धेरै नै मन पर्नुभयो। तदनन्तर सेवकहरूलाई सुख दिने श्रीरामले हनुमान्‌जी तथा भरतजी आदि भाइहरूलाई साथमै लैजानुभयो॥ १॥

**पुनि कृपाल पुर बाहेर गए। गज रथ तुरग मगावत भए॥**
**देखि कृपा करि सकल सराहे। दिए उचित जिन्ह जिन्ह तेइ चाहे॥**

र फेरि कृपालु श्रीराम नगरको बाहिर आउनुभयो र त्यहाँ उहाँले हात्ती, रथ र घोडा झिकाउनु-(मगाउनु) भयो। उनीहरूलाई देखेर कृपा गरी सबैलाई प्रशंसा गर्नुभयो र ज-जसले लिन खोजे, तिनैलाई उचित जानेर दिनुभयो॥ २॥

**हरन सकल श्रम प्रभु श्रम पाई। गए जहाँ सीतल अवँराई॥**
**भरत दीन्ह निज बसन डसाई। बैठे प्रभु सेवहिं सब भाई॥**

संसारका सबै श्रम (कष्ट) लाई नष्ट गर्ने प्रभुले [हात्ती, घोडा आदि बाँड्दा] श्रमको अनुभव गर्नुभयो र [श्रम मेटाउन] त्यहाँ जानुभयो जहाँ शीतल आँपको बगैंचा थियो। वहाँ भरतजीले आफ्नो वस्त्र बिछ्याउनुभयो। प्रभु त्यसमा बस्नुभयो र सबै भाइले उहाँको सेवा गर्न लाग्नुभयो॥ ३॥

**मारुतसुत तब मारुत करई। पुलक बपुष लोचन जल भरई॥**
**हनूमान सम नहिं बड़भागी। नहिं कोउ राम चरन अनुरागी॥**
**गिरिजा जासु प्रीति सेवकाई। बार बार प्रभु निज मुख गाई॥**

त्यस समय पवनपुत्र हनुमान्‌जीले पङ्खा चलाउन लाग्नुभयो। उहाँको शरीर रोमाञ्चित भयो र नेत्रमा [प्रेमाश्रु] जल भरियो। [शिवजीले भन्न लाग्नुभयो— ] हे गिरिजे! हनुमान्‌जीसमान त न कुनै ठूलो भाग्यमानी छन् र न कुनै श्रीरामका चरणका प्रेमी नै छन्, जसको प्रेम र सेवाको [स्वयं] प्रभुले आफ्नो श्रीमुखले बारम्बार प्रशंसा गर्नुभएको छ॥ ४-५॥

## * नारदजी आउनु र स्तुति गरेर ब्रह्मलोकमा फर्केर जानु *

दो०— **तेहिं अवसर मुनि नारद आए करतल बीन।**
**गावन लगे राम कल कीरति सदा नबीन॥ ५०॥**

त्यही अवसरमा नारदमुनि हातमा वीणा लिएर आउनुभयो। उहाँले श्रीरामको सुन्दर र नित्य नयाँ रहने कीर्ति गाउन लाग्नुभयो॥ ५०॥

**मामवलोकय पंकज लोचन। कृपा बिलोकनि सोच बिमोचन॥**
**नील तामरस स्याम काम अरि। हृदय कंज मकरंद मधुप हरि॥**

कृपापूर्वक हेर्नाले मात्र शोकलाई छुटाउने हे कमलनयन! मतर्फ हेरिबक्सियोस् (मलाई पनि कृपादृष्टि गरिबक्सियोस्)। हे हरि! हजुर नीलकमलका समान श्यामवर्ण र कामदेवका शत्रु महादेवजीका हृदयकमलका मकरन्द (प्रेम–रस) लाई पान गर्ने भँवरो होइबक्सिन्छ॥ १॥

**जातुधान बरूथ बल भंजन। मुनि सज्जन रंजन अघ गंजन॥**
**भूसुर ससि नव बृंद बलाहक। असरन सरन दीन जन गाहक॥**

हजुर राक्षसहरूको सेनाको बललाई चूर्ण गर्नेवाला होइबक्सिन्छ। मुनि र सन्तजनहरूलाई आनन्द दिने र पापहरूलाई नाश गर्नेवाला होइबक्सिन्छ। ब्राह्मणरूपी खेतीको लागि हजुर नयाँ मेघ समूह होइबक्सिन्छ र जसको कुनै शरण दिनेवाला छैन, उसको हजुर शरण्य (अवलम्बदाता, रक्षक) होइबक्सिन्छ र दीन जनलाई आफ्नो आश्रयमा ग्रहण गर्नेवाला होइबक्सिन्छ॥ २॥

**भुज बल बिपुल भार महि खंडित। खर दूषन बिराध बध पंडित॥**
**रावनारि सुखरूप भूपबर। जय दसरथ कुल कुमुद सुधाकर॥**

आफ्नो बाहुबलले पृथ्वीको धेरै ठूलो बोझलाई नष्ट गर्ने, खर–दूषण र विराधको वध गर्नमा कुशल, रावणका शत्रु, आनन्दस्वरूप, राजाहरूमा श्रेष्ठ र दशरथको कुलरूपी कमलिनीका चन्द्रमा श्रीराम! हजुरको जय होस्॥ ३॥

**सुजस पुरान बिदित निगमागम। गावत सुर मुनि संत समागम॥**
**कारुनीक ब्यलीक मद खंडन। सब बिधि कुसल कोसला मंडन॥**

हजुरको सुन्दर यश पुराण, वेद र तन्त्रादि शास्त्रहरूमा प्रकट छ! देवता, मुनि र सन्तहरूको समुदायले उसलाई गाउँछन्। हजुर करुणानिधान र झूटो मदलाई नाश गर्ने, सबै प्रकारले कुशल (निपुण) श्रीअयोध्याका भूषण नै होइबक्सिन्छ॥ ४॥

**कलि मल मथन नाम ममताहन। तुलसिदास प्रभु पाहि प्रनत जन॥**

हजुरको नाम कलियुगका पापहरूलाई मन्थन गर्ने र ममतालाई मार्नेवाला छ। हे तुलसीदासका प्रभु! शरणागतलाई रक्षा गरिबक्सियोस्॥ ५॥

दो०— **प्रेम सहित मुनि नारद बरन राम गुन ग्राम।**
**सोभासिंधु हृदयँ धरि गए जहाँ बिधि धाम॥ ५१॥**

श्रीरामचन्द्रका गुणसमूहलाई प्रेमपूर्वक वर्णन गरेर मुनि नारदजी शोभाका समुद्र प्रभुलाई हृदयमा राखेर जहाँ ब्रह्मलोक थियो, त्यहीं जानुभयो॥ ५१॥

## * शिव–पार्वती–संवाद, गरुड–मोह, गरुडजीले कागभुशुण्डिजीसँग रामकथा र राम–महिमा सुन्नु *

**गिरिजा सुनहु बिसद यह कथा। मैं सब कही मोरि मति जथा॥**
**राम चरित सत कोटि अपारा। श्रुति सारदा न बरनै पारा॥**

[शिवजी भन्नुहुन्छ—] हे गिरिजे! सुन, मैले उज्जवल कथा जस्तो मेरो बुद्धि छ, उस्तै

प्रकारले पूरा भनिसकें। श्रीरामको चरित्र सय करोड (अथवा) अपार छ। श्रुति र शारदाले पनि उसलाई वर्णन गर्न सक्तैनन्॥ १॥

**राम अनंत अनंत गुनानी। जन्म कर्म अनंत नामानी॥**
**जल सीकर महि रज गनि जाहीं। रघुपति चरित न बरनि सिराहीं॥**

भगवान् श्रीराम अनन्त हुनुहुन्छ; उहाँका गुण अनन्त छन्; जन्म, कर्म र नाम पनि अनन्त छन्। जलका बुँद र पृथ्वीका रज-कण बरु गणना गर्न सकिन्छ, तर श्रीरघुनाथका चरित्र वर्णन गर्नलाई सकिँदैन [अर्थात् यति नै चरित्र हो भनेर अन्त्य पाउन सकिन्न]॥ २॥

**बिमल कथा हरि पद दायनी। भगति होइ सुनि अनपायनी॥**
**उमा कहिउँ सब कथा सुहाई। जो भुसुंडि खगपतिहि सुनाई॥**

यो पवित्र कथाले भगवान्‌को परमपदलाई दिन्छ। यसलाई सुन्दाखेरि अविचल भक्ति प्राप्त हुन्छ। हे उमा! मैले यो सबै सुन्दर कथा भनें जसलाई कागभुशुण्डिजीले गरुडलाई सुनाएका थिए॥ ३॥

**कछुक राम गुन कहेउँ बखानी। अब का कहौं सो कहहु भवानी॥**
**सुनि सुभ कथा उमा हरषानी। बोली अति बिनीत मृदु बानी॥**

मैले श्रीरामका केही थोरै मात्र गुण वर्णन गरेर भनेको छु। हे भवानी! अब के भनौं? सो भन, श्रीरामको मङ्गलमय कथा सुनेर पार्वतीजी हर्षित हुनुभयो र अत्यन्त विनम्र तथा कोमल वाणी बोल्नुभयो— ॥ ४॥

**धन्य धन्य मैं धन्य पुरारी। सुनेउँ राम गुन भव भय हारी॥**

हे त्रिपुरारि! म धन्य छु, धन्य-धन्य छु (अर्थात् म परम धन्य छु, मसमान अरू धन्य छैनन्) कि मैले जुन जन्म-मृत्युको भयलाई हरण गर्ने श्रीरामका गुण (चरित्र) सुनें॥ ५॥

दो०— **तुम्हरी कृपाँ कृपायतन अब कृतकृत्य न मोह।**
**जानेउँ राम प्रताप प्रभु चिदानंद संदोह॥ ५२ (क)॥**

हे कृपाधाम! अब हजुरको कृपाले म कृतकृत्य भएँ। अब मलाई मोह बाँकी रहेन। हे प्रभु! मैले सच्चिदानन्दघन प्रभु श्रीरामको प्रतापलाई जानें॥ ५२ (क)॥

**नाथ तवानन ससि स्त्रवत कथा सुधा रघुबीर।**
**श्रवन पुटन्हि मन पान करि नहिं अघात मतिधीर॥ ५२ (ख)॥**

हे नाथ! हजुरको मुखरूपी चन्द्रमाले श्रीरघुवीरको कथारूपी अमृत बर्साउँछ। हे मतिधीर! मेरो मन कर्णपुट (कर्णछिद्ररूपी दुना) द्वारा उसलाई पिएर तृप्त हुँदैनन्॥ ५२ (ख)॥

**राम चरित जे सुनत अघाहीं। रस बिसेष जाना तिन्ह नाहीं॥**
**जीवनमुक्त महामुनि जेऊ। हरि गुन सुनहिं निरंतर तेऊ॥**

श्रीरामका चरित्र सुन्दा-सुन्दै जो तृप्त हुन्छन्, उनीहरूले त उसको विशेष रस जानेकै छैनन्। जुन जीवन्मक्त महामुनि छन्, उनले पनि भगवान्‌को गुण निरन्तर सुनिरहन्छन्॥ १॥

**भव सागर चह पार जो पावा। राम कथा ता कहँ दृढ़ नावा॥**
**बिषइन्ह कहँ पुनि हरि गुन ग्रामा। श्रवन सुखद अरु मन अभिरामा॥**

जसले संसाररूपी सागरदेखि पार हुन चाहन्छन्, उनको लागि त श्रीरामको कथा दृढ नौकाको समान छ (अर्थात् काम-क्रोधादि लहरहरूले ऊ डुब्ने भय हुँदैन)। श्रीहरिको गुणसमूह त विषयी मानिसहरूको लागि पनि कानलाई सुख दिनुका साथै मनलाई आनन्द दिन्छ॥ २॥

**श्रवनवंत अस को जग माहीं। जाहि न रघुपति चरित सोहाहीं॥**
**ते जड़ जीव निजात्मक घाती। जिन्हहि न रघुपति कथा सोहाती॥**

जगत्मा कान भएको मध्ये यस्तो को छ, जसलाई श्रीरामको चरित्र मन पर्दैन। जसलाई श्रीरघुनाथको कथा मन पर्दैन, त्यस्ता मूर्ख जीवले त आफ्नो आत्मालाई हत्या गरिरहेका छन्॥ ३॥

**हरिचरित्र मानस तुम्ह गावा। सुनि मैं नाथ अमिति सुख पावा॥**
**तुम्ह जो कही यह कथा सुहाई। कागभसुंडि गरुड़ प्रति गाई॥**

हे नाथ! हजुरले श्रीरामचरित्रमानसलाई वर्णन गरिबक्सियो, उसलाई सुनेर मैले अपार सुख पाएँ। हजुरले जुन यस्तो बताइबक्सियो कि यो सुन्दर कथा (चाण्डाल, कुटिल, चञ्चल र सर्वभक्षी) कागभुशुण्डिजीले गरुडजीलाई सुनाएका थिए— ॥ ४॥

दो०— **बिरति ग्यान बिग्यान दृढ़ राम चरन अति नेह।**
**बायस तन रघुपति भगति मोहि परम संदेह॥ ५३॥**

त्यस्तो कागको शरीर पाएर पनि कागभुशुण्डि वैराग्य, ज्ञान र विज्ञानमा दृढ छन्, उनको श्रीरामको चरणमा अत्यन्त प्रेम छ र उनलाई श्रीरघुनाथको भक्ति पनि प्राप्त छ, यस कुरामा मलाई परम (ठूलो) सन्देह भइरहेको छ॥ ५३॥

**नर सहस्त्र महँ सुनहु पुरारी। कोउ एक होइ धर्म ब्रतधारी॥**
**धर्मसील कोटिक महँ कोई। बिषय बिमुख बिराग रत होई॥**

हे त्रिपुरारि! सुनिबक्सियोस्, हजारौं मनुष्यमा कुनै एक जना धर्मको व्रतलाई पालन गर्नेवाला हुन्छ र करोडौं धर्मात्माहरूमध्ये कुनै एउटा विषयबाट विमुख (विषयहरूको त्यागी) र वैराग्यपरायण हुन्छ॥ १॥

**कोटि बिरक्त मध्य श्रुति कहई। सम्यक ग्यान सकृत कोउ लहई॥**
**ग्यानवंत कोटिक महँ कोऊ। जीवनमुक्त सकृत जग सोऊ॥**

श्रुति भन्छन् कि करोडौं विरक्तहरूमध्ये कुनै एउटाले नै सम्यक् (यथार्थ) ज्ञानलाई प्राप्त गर्छ र करोडौं ज्ञानीहरूमध्ये कुनै एउटा नै जीवन्मुक्त हुन्छ। जगत्मा कुनै बिरलाकोटी (विरलै) नै यस्ता (जीवन्मुक्त) हुन्छन्॥ २॥

**तिन्ह सहस्त्र महुँ सब सुख खानी। दुर्लभ ब्रह्म लीन बिग्यानी॥**
**धर्मसील बिरक्त अरु ग्यानी। जीवनमुक्त ब्रह्मपर प्रानी॥**

हजारौं जीवन्मुक्तहरूमध्ये पनि सबै सुखहरूका खानी, ब्रह्ममा लीन विज्ञानी पुरुष हुन दुर्लभ छ। धर्मात्मा, वैराग्यवान्, ज्ञानी, जीवन्मुक्त र ब्रह्मलीन— ॥ ३ ॥

**सब ते सो दुर्लभ सुरराया। राम भगति रत गत मद माया॥**
**सो हरिभगति काग किमि पाई। बिस्वनाथ मोहि कहहु बुझाई॥**

यी सबैमा पनि हे देवाधिदेव महादेवजी! यस्तो प्राणी अत्यन्त दुर्लभ छ जसले मद र मायादेखि रहित भएर श्रीरामको भक्तिमा परायण (आसक्त) होस्। हे विश्वनाथ! यस्तो दुर्लभ हरिभक्तिलाई कौवाले कसरी पायो, मलाई सम्झाएर बताइबक्सियोस्॥ ४॥

दो०— **राम परायन ग्यान रत गुनागार मति धीर।**
**नाथ कहहु केहि कारन पायउ काक सरीर॥ ५४॥**

हे नाथ! बताइबक्सियोस्, [यस्तो] श्रीरामपरायण, ज्ञाननिरत, गुणधाम र धीरबुद्धि भुशुण्डिजीले कागको शरीर कुन कारणले पाए?॥ ५४॥

**यह प्रभु चरित पवित्र सुहावा। कहहु कृपाल काग कहँ पावा॥**
**तुम्ह केहि भाँति सुना मदनारी। कहहु मोहि अति कौतुक भारी॥**

हे कृपालु! बताइबक्सियोस्, ती कौवाले प्रभुको यस्तो पवित्र र सुन्दर चरित्र कहाँ पाए? र हे कामदेवका शत्रु! यो पनि बताइबक्सियोस्, हजुरले यसलाई कुन प्रकारले सुनिबक्सियो? मलाई अति नै ठूलो कौतूहल भइरहेको छ अर्थात् म त्यतिखेर कहाँ थिएँ?॥ १॥

**गरुड़ महाग्यानी गुन रासी। हरि सेवक अति निकट निवासी॥**
**तेहिं केहि हेतु काग सन जाई। सुनी कथा मुनि निकर बिहाई॥**

गरुडजी त महान् ज्ञानी, सद्गुणहरूका राशि, श्रीहरिका सेवक र उहाँसँग अत्यन्त निकट रहने (उहाँका वाहन नै) हुन् अर्थात् कागभुशुण्डीजीभन्दा कम छैनन्। उनले मुनिहरूको समूहलाई छोडेर, कौवासँग गएर हरिकथा कुन कारणले सुने?॥ २॥

**कहहु कवन बिधि भा संबादा। दोउ हरिभगत काग उरगादा॥**
**गौरि गिरा सुनि सरल सुहाई। बोले सिव सादर सुख पाई॥**

भनिबक्सियोस्, कागभुशुण्डिजी र गरुड यी दुई हरिभक्तको कुराकानी कुन प्रकारले भयो? पार्वतीजीका सरल, सुन्दर वाणी सुनेर शिवजीले सुख पाएर आदरका साथ भन्नुभयो— ॥ ३॥

**धन्य सती पावन मति तोरी। रघुपति चरन प्रीति नहिं थोरी॥**
**सुनहु परम पुनीत इतिहासा। जो सुनि सकल लोक भ्रम नासा॥**

हे सती! तिमी धन्य छौ; तिम्रो बुद्धि अत्यन्त पवित्र छ। श्रीरघुनाथका चरणमा तिम्रो प्रीति थोरै छैन (अर्थात् अत्यधिक छ)। अब त्यही परम पवित्र इतिहास (कथा) सुन, जसलाई सुन्दाखेरि सबै लोकका भ्रमहरू नष्ट भएर जान्छन्॥ ४॥

**उपजइ राम चरन बिस्वासा। भव निधि तर नर बिनहिं प्रयासा॥**

तथा श्रीरामको चरणमा विश्वास उत्पन्न हुन्छ र मनुष्य विनापरिश्रम नै संसाररूपी समुद्रबाट तर्न सक्छन्॥ ५॥

दो०— **ऐसिअ प्रस्न बिहंगपति कीन्हि काग सन जाइ।**
**सो सब सादर कहिहउँ सुनहु उमा मन लाइ॥ ५५॥**

पक्षिराज गरुडजीले पनि गएर कागभुशुण्डिजीसँग प्रायः यस्तै नै प्रश्न गरेका थिए। हे उमा! मैले त्यो सबै आदरसहित भन्नेछु, तिमीले मन लगाएर सुन॥ ५५॥

**मैं जिमि कथा सुनी भव मोचनि। सो प्रसंग सुनु सुमुखि सुलोचनि॥**
**प्रथम दच्छ गृह तव अवतारा। सती नाम तब रहा तुम्हारा॥**

मैले जुन प्रकारले यो भवलाई छुटाउने कथा सुनें, हे सुमुखी! हे सुलोचनी! त्यो प्रसङ्ग सुन (सुन्दर प्रश्न गर्नुभएकोले सुमुखी र सुलोचनी भन्नुको भाव त्यसप्रति ध्यान देऊ)। पहिला तिम्रो अवतार दक्षको घरमा भएको थियो, त्यस समयमा तिम्रो नाम सती थियो॥ १॥

**दच्छ जग्य तव भा अपमाना। तुम्ह अति क्रोध तजे तब प्राना॥**
**मम अनुचरन्ह कीन्ह मख भंगा। जानहु तुम्ह सो सकल प्रसंगा॥**

दक्षको यज्ञमा तिम्रो अपमान भयो। त्यसपछि तिमीले अत्यन्त क्रोध गरेर प्राण त्याग गरेकी थियौ र फेरि मेरा सेवकहरूले यज्ञ विध्वंस गरिदिएका थिए (अर्थात् यज्ञ गर्ने र गराउनेको जुन दुर्दशा भएको थियो)। त्यो सम्पूर्ण प्रसङ्ग तिमीले जानेकी नै छौ॥ २॥

**तब अति सोच भयउ मन मोरें। दुखी भयउँ बियोग प्रिय तोरें॥**
**सुंदर बन गिरि सरित तड़ागा। कौतुक देखत फिरउँ बेरागा॥**

अनि मेरो मनमा ठूलो चिन्ता भयो र हे प्रिये! म तिम्रो वियोगले दुःखी भएँ। म विरक्त भावले सुन्दर वन, पर्वत, नदी र तालहरूको कौतुक (दृश्य) हेर्दै घुमिरहन्थें॥ ३॥

**गिरि सुमेर उत्तर दिसि दूरी। नील सैल एक सुंदर भूरी॥**
**तासु कनकमय सिखर सुहाए। चारि चारु मोरे मन भाए॥**

सुमेरु पर्वतको उत्तर दिशामा अझ केही टाढा एक अति नै सुन्दर नील पर्वत छ। उसका सुन्दर स्वर्णमय शिखर छन्, [तीमध्ये] चार सुन्दर शिखरले मेरो मनलाई मुग्ध बनाए॥ ४॥

**तिन्ह पर एक एक बिटप बिसाला। बट पीपर पाकरी रसाला॥**
**सैलोपरि सरि सुंदर सोहा। मनि सोपान देखि मन मोहा॥**

ती शिखरहरूमा क्रमशः बर, पीपल, काउरो (काभ्रो) र आँपका विशाल वृक्ष छन्। पर्वतमाथि एक सुन्दर ताल विराजमान छ; जसमा मणिहरूका सिँढीहरू देखेर मन मोहित हुन्छ॥ ५॥

दो०— **सीतल अमल मधुर जल जलज बिपुल बहुरंग।**
**कूजत कल रव हंस गन गुंजत मंजुल भृंग॥ ५६॥**

त्यसको जल शीतल, निर्मल र मीठो छ; त्यसमा रङ्ग-रङ्गका धेरै नै कमल फुलेका थिए; हंसगण मधुर स्वरले कराइरहेका थिए र भमरा सुन्दर स्वरले गुञ्जन गरिरहेका थिए॥ ५६॥

**तेहिं गिरि रुचिर बसइ खग सोई। तासु नास कल्पांत न होई॥**
**माया कृत गुन दोष अनेका। मोह मनोज आदि अबिबेका॥**

त्यस सुन्दर पर्वतमा उनै पक्षी (कागभुशुण्डि) बस्दछन्। उनको नाश कल्पको अन्त्यमा पनि हुँदैन। मायारचित अनेकौं गुण-दोष, मोह, काम आदि अविवेक,॥ १॥

**रहे ब्यापि समस्त जग माहीं। तेहि गिरि निकट कबहुँ नहिं जाहीं॥**
**तहँ बसि हरिहि भजइ जिमि कागा। सो सुनु उमा सहित अनुरागा॥**

जति सम्पूर्ण जगत्मा छाइएका छन्, त्यस पर्वतको नजिक कहिल्यै जाँदैनन्। त्यहाँ बसेर जुन प्रकारले ती कागले हरिको भजन गर्छन्, हे उमा! त्यसलाई प्रेमपूर्वक सुन॥ २॥

**पीपर तरु तर ध्यान सो धरई। जाप जग्य पाकरि तर करई॥**
**आँब छाँह कर मानस पूजा। तजि हरि भजनु काजु नहिं दूजा॥**

उनले पीपलको वृक्षमुनि ध्यान गर्छन्। काउराको तल जपयज्ञ गर्छन्। आँपको छायामा मानसिक पूजा गर्छन्। श्रीहरिको भजनलाई छोडेर उनको अर्को कुनै काम नै छैन॥ ३॥

**बर तर कह हरि कथा प्रसंगा। आवहिं सुनहिं अनेक बिहंगा॥**
**राम चरित बिचित्र बिधि नाना। प्रेम सहित कर सादर गाना॥**

वटवृक्षको वृक्ष तल उनले श्रीहरिका कथाहरूको प्रसङ्ग भन्छन्। त्यहाँ अनेकौं पक्षीहरू आउँछन् र कथा सुन्दछन्। उनले विचित्र रामचरित्रलाई अनेकौं प्रकारले प्रेमसहित आदरपूर्वक वर्णन गर्दछन्॥ ४॥

**सुनहिं सकल मति बिमल मराला। बसहिं निरंतर जे तेहिं ताला॥**
**जब मैं जाइ सो कौतुक देखा। उर उपजा आनंद बिसेषा॥**

सबै निर्मल बुद्धि भएका हाँस, जुन सधैं त्यस तालमा बस्दछन्, उसलाई सुन्दछन्। जब मैले त्यहाँ गएर यो कौतुक (दृश्य) देखें, अनि मेरो हृदयमा विशेष आनन्द उत्पन्न भयो॥ ५॥

दो०— **तब कछु काल मराल तनु धरि तहँ कीन्ह निवास।**
**सादर सुनि रघुपति गुन पुनि आयउँ कैलास॥ ५७॥**

त्यसपछि मैले हाँसको शरीर धारण गरेर केही समय त्यहाँ निवास गरें र श्रीरघुनाथका गुणहरूलाई आदरसहित सुनेर फेरि कैलाशमा फर्केर आएँ॥ ५७॥

**गिरिजा कहेउँ सो सब इतिहासा। मैं जेहि समय गयउँ खग पासा॥**
**अब सो कथा सुनहु जेहि हेतू। गयउ काग पहिं खग कुल केतू॥**

हे गिरिजे! मैले त्यो सबै इतिहास भनें कि जुन समय म कागभुशुण्डिसँग गएको थिएँ। अब त्यो कथा सुन, जुन कारणले पक्षिकुलका ध्वजा गरुडजी तिनी कागसँग गएका थिए॥ १॥

**जब रघुनाथ कीन्हि रन क्रीड़ा। समुझत चरित होति मोहि ब्रीड़ा॥**
**इंद्रजीत कर आपु बँधायो। तब नारद मुनि गरुड़ पठायो॥**

जब श्रीरघुनाथले यस्तो रणलीला गर्नुभयो जुन लीलालाई स्मरण गर्नाले मलाई लज्जा हुन्छ— मेघनादका हातबाट आफूलाई बाँध्नुभयो (बाँधिनुभयो)— तब नारद मुनिले गरुडलाई पठाए॥ २॥

**बंधन काटि गयो उरगदा। उपजा हृदयँ प्रचंड बिषादा॥**
**प्रभु बंधन समुझत बहु भाँती। करत बिचार उरग आराती॥**

सर्पहरूका भक्षक गरुडजी बन्धन काटेर गए, अनि उनको हृदयमा धेरै ठूलो विषाद उत्पन्न भयो। प्रभुका बन्धनको स्मरण गरेर सर्पहरूका शत्रु गरुडजीले धेरै प्रकारले विचार गर्न लागे— ॥ ३ ॥

**ब्यापक ब्रह्म बिरज बागीसा। माया मोह पार परमीसा॥**
**सो अवतार सुनेउँ जग माहीं। देखेउँ सो प्रभाव कछु नाहीं॥**

जुन व्यापक, विकाररहित, वाणीका पति र माया-मोहदेखि टाढै ब्रह्म परमेश्वर हुनुहुन्छ, मैले सुनेको थिएँ कि जगत्‌मा उनैको अवतार हो। तर मैले त्यस अवतारको प्रभाव केही पनि देखिन अर्थात् बन्धनमा उहाँ बेहोस भएको देखें॥ ४॥

दो०— **भव बंधन ते छूटहिं नर जपि जा कर नाम।**
**खर्ब निसाचर बाँधेउ नागपास सोइ राम॥ ५८॥**

जसको नाम जपेर मनुष्य संसारको बन्धनबाट छुट्‌दछन् उनै श्रीरामलाई एक तुच्छ राक्षसले नागपाशमा बाँध्यो॥ ५८॥

**नाना भाँति मनहि समुझावा। प्रगट न ग्यान हृदयँ भ्रम छावा॥**
**खेद खिन्न मन तर्क बढ़ाई। भयउ मोहबस तुम्हरिहिं नाई॥**

गरुडजीले अनेकौं प्रकारले आफ्नो मनलाई सम्झाए। तर उनलाई ज्ञान भएन, हृदयमा भ्रम झन् अधिक भरियो। [सन्देहजनित] दुःखले दुःखी भएर, मनमा धेरै नै कुतर्क बढाएर उनी तिमी भ्रममा परेझैं मोहवश भए अर्थात् मोहमा परे॥ १॥

**ब्याकुल गयउ देवरिषि पाहीं। कहेसि जो संसय निज मन माहीं॥**
**सुनि नारदहि लागि अति दाया। सुनु खग प्रबल राम कै माया॥**

अत्तालिएर उनी देवर्षि नारदसँग गएर मनमा जुन सन्देह थियो, त्यसलाई उनले भने। उसलाई सुनेर नारदलाई अत्यन्त दया आयो। [उनले भने— ] हे गरुड! सुन्नुहोस्। श्रीरामको माया अत्यन्तै बलवान् छ (अर्थात् यससँग कसैको बलको टक्कर पुग्दैन)॥ २॥

**जो ग्यानिन्ह कर चित अपहरई। बरिआईं बिमोह मन करई॥**
**जेहिं बहु बार नचावा मोही। सोइ ब्यापी बिहंगपति तोही॥**

जसले ज्ञानीहरूका चित्तलाई पनि भलीभाँति हरण गरेर उनको मनमा जबरजस्ती धेरै ठूलो मोह

उत्पन्न गर्दछ, तथा जसले मलाई पनि धेरै पटक नचाएको छ, हे पक्षिराज! त्यही मायाले तपाईंलाई पनि छोपेको (सताएको) छ॥ ३॥

**महामोह उपजा उर तोरें। मिटिहि न बेगि कहें खग मोरें॥**
**चतुरानन पहिं जाहु खगेसा। सोइ करेहु जेहि होइ निदेसा॥**

हे गरुडजी! तपाईंको हृदयमा धेरै ठूलो मोह उत्पन्न भएको छ। यो मैले* सम्झाउनाले तुरुन्तै मेटिँदैन। अतः हे पक्षिराज! तपाईं ब्रह्माजीसँग जानुहोस् र त्यहाँ जुन कामको लागि आदेश मिल्छ, त्यही गर्नुहोला॥ ४॥

दो०— **अस कहि चले देवरिषि करत राम गुन गान।**
**हरि माया बल बरनत पुनि पुनि परम सुजान॥ ५९॥**

यस्तो भनेर परम सुजान देवर्षि नारदजी श्रीरामको गुणगान गर्दै र बारम्बार श्रीहरिका मायाको बल वर्णन गर्दै गए॥ ५९॥

**तब खगपति बिरंचि पहिं गयऊ। निज संदेह सुनावत भयऊ॥**
**सुनि बिरंचि रामहि सिरु नावा। समुझि प्रताप प्रेम अति छावा॥**

अनि पक्षिराज गरुड ब्रह्माजीसँग गएर आफ्नो सन्देह उहाँलाई भनेर सुनाए। उसलाई सुनेर ब्रह्माजीले श्रीरामचन्द्रलाई शिर निहुराउनुभयो र उहाँको प्रतापलाई सम्झेर अत्यन्त प्रेम भरियो॥ १॥

**मन महुँ करइ बिचार बिधाता। माया बस कबि कोबिद ग्याता॥**
**हरि माया कर अमिति प्रभावा। बिपुल बार जेहिं मोहि नचावा॥**

ब्रह्माजीले मनमा विचार गर्न लाग्नुभयो कि कवि, कोविद र ज्ञानी सबै मायाका वशमा छन्। भगवान्को मायाको प्रभाव असीम छ, जसले मलाईसमेत अनेकौं पटक नचाएको छ॥ २॥

**अग जगमय जग मम उपराजा। नहिं आचरज मोह खगराजा॥**
**तब बोले बिधि गिरा सुहाई। जान महेस राम प्रभुताई॥**

यो सारा चराचर जगत् त मैले रचेको हो। तर म नै मायावश नाच्न लाग्छु, तब पक्षिराज गरुडलाई मोह हुनु कुनै आश्चर्यको कुरा होइन। तदनन्तर ब्रह्माजीले सुन्दर वाणी भन्नुभयो— श्रीरामको महिमालाई महादेवजी जान्नुहुन्छ॥ ३॥

**बैनतेय संकर पहिं जाहू। तात अनत पूछहु जनि काहू॥**
**तहँ होइहि तव संसय हानी। चलेउ बिहंग सुनत बिधि बानी॥**

हे गरुड! तिमी शङ्करजीसँग जाऊ। हे तात! कहीं कसैसँग नसोध्नू। तिम्रो सन्देहको नाश त्यहीं हुनेछ। ब्रह्माजीका वचन सुन्दा नै गरुड हिँडिहाले॥ ४॥

---

* *'मिटिहि न बेगि कहे....'* इति। भाव यो हो कि केवल मोह भएको भए त सम्झाउँदा शीघ्र छुट्दथ्यो। परन्तु महामोह शीघ्र छुट्दैन र म दक्षको श्रापले एक ठाउँमा २ घडीभन्दा बढी बस्न सक्तिन, यति समयमा तपाईंको मोह मेटिनेछैन। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**दो०— परमातुर बिहंगपति आयउ तब मो पास।**
**जात रहेउँ कुबेर गृह रहिहु उमा कैलास॥ ६०॥**

तब अति आतुरताका साथ पक्षिराज गरुड मसँग आए। हे उमा! त्यस समय म कुबेरको घरमा गइरहेको थिएँ र तिमी कैलाशमा नै थियौ॥ ६०॥

**तेहिं मम पद सादर सिरु नावा। पुनि आपन संदेह सुनावा॥**
**सुनि ता करि बिनती मृदु बानी। प्रेम सहित मैं कहेउँ भवानी॥**

गरुडले आदरपूर्वक मेरा चरणमा शिर निहुराए र फेरि मलाई आफ्नो सन्देह सुनाए। हे भवानी! उनको बिन्ती र कोमल वाणी सुनेर मैले प्रेमसहित उनलाई भनें— ॥ १॥

**मिलेहु गरुड़ मारग महँ मोही। कवन भाँति समुझावौं तोही॥**
**तबहिं होइ सब संसय भंगा। जब बहु काल करिअ सतसंगा॥**

हे गरुड! तिमी मसँग बाटोमा भेट भएका छौ। बाटो हिँड्दाहिँड्दै मैले तिमीलाई कसरी सम्झाऊँ? सबै सन्देह त त्यस समयमा नाश हुन्छ, जब दीर्घकालसम्म सत्सङ्ग गरिन्छ॥ २॥

**सुनिअ तहाँ हरिकथा सुहाई। नाना भाँति मुनिन्ह जो गाई॥**
**जेहि महुँ आदि मध्य अवसाना। प्रभु प्रतिपाद्य राम भगवाना॥**

र वहाँ (सत्सङ्गमा) सुन्दर हरिकथा सुन्ने गरियोस्, जसलाई मुनिहरूले अनेकौं प्रकारले गाएका छन् र जसको आदि मध्य र अन्त्यमा भगवान् श्रीरामचन्द्र नै प्रतिपाद्य (प्रतिपादन) प्रभु हुनुहुन्छ॥ ३॥

**नित हरि कथा होत जहँ भाई। पठवउँ तहाँ सुनहु तुम्ह जाई॥**
**जाइहि सुनत सकल संदेहा। राम चरन होइहि अति नेहा॥**

हे भाइ! जहाँ प्रतिदिन हरिकथा हुन्छ, तिमीलाई त्यहीं पठाउछु, तिमी गएर उसलाई सुन। उसलाई सुन्दा नै तिम्रो सबै सन्देह नष्ट हुन्छ र तिमीलाई श्रीरामको चरणमा अत्यन्त प्रेम हुनेछ॥ ४॥

**दो०— बिनु सतसंग न हरि कथा तेहि बिनु मोह न भाग।**
**मोह गएँ बिनु राम पद होइ न दृढ़ अनुराग॥ ६१॥**

सत्सङ्गविना हरिको कथा सुन्न मिल्दैन, उसकोविना मोह भाग्दैन र मोह नगएसम्म श्रीरामचन्द्रको चरणमा दृढ (अचल) प्रेम हुँदैन॥ ६१॥

**मिलहिं न रघुपति बिनु अनुरागा। किएँ जोग तप ग्यान बिरागा॥**
**उत्तर दिसि सुंदर गिरि नीला। तहँ रह काकभुसुंडि सुसीला॥**

विनाप्रेम केवल योग, तप, ज्ञान र वैराग्यादिले श्रीरघुनाथलाई प्राप्त गर्न सकिँदैन [अतएव तिमी सत्सङ्गको लागि त्यहीं जाऊ जहाँ] उत्तर दिशामा एउटा सुन्दर नील पर्वत छ। वहाँ परम सुशील कागभुशुण्डिजी रहन्छन्॥ १॥

**राम भगति पथ परम प्रबीना। ग्यानी गुन गृह बहु कालीना॥**
**राम कथा सो कहइ निरंतर। सादर सुनहिं बिबिध बिहंगबर॥**

उनी रामभक्तिको मार्गमा प्रवीण छन्, ज्ञानी छन्, गुणहरूका धाम छन् र धेरै काल (समय) का छन्। उनले निरन्तर श्रीरामचन्द्रको कथा भन्दछन् र जसलाई अनेक थरीका श्रेष्ठ पक्षीहरूले आदरसहित बारम्बार सुन्दछन्॥ २॥

**जाइ सुनहु तहँ हरि गुन भूरी। होइहि मोह जनित दुख दूरी॥**
**मैं जब तेहि सब कहा बुझाई। चलेउ हरषि मम पद सिरु नाई॥**

(आफ्नो बडप्पन भुलेर जिज्ञासु हुँदै) त्यहाँ गएर श्रीहरिका गुणसमूहलाई सुन। उसलाई सुन्दाखेरि मोहले उत्पन्न तिम्रो दुःख नष्ट हुनेछ। मैले उनलाई जब सम्झाएर भने, तब उनले मेरा चरणमा शिर निहुराएर हर्षित हुँदै गइहाले॥ ३॥

**ताते उमा न मैं समुझावा। रघुपति कृपाँ मरमु मैं पावा॥**
**होइहि कीन्ह कबहुँ अभिमाना। सो खोवै चह कृपानिधाना॥**

हे उमा! मैले उनलाई यस कारणले सम्झाइन कि मैले श्रीरघुनाथको कृपाले उनको मर्म (भेद) जानेको थिएँ। उनले कहिल्यै अभिमान गरेका होलान्, जसलाई कृपानिधान श्रीरामले नष्ट गर्न चाहनुहुन्छ॥ ४॥

**कछु तेहि ते पुनि मैं नहिं राखा। समुझइ खग खगही कै भाषा॥**
**प्रभु माया बलवंत भवानी। जाहि न मोह कवन अस ग्यानी॥**

फेरि केही यो कारणले पनि मैले उनलाई आफूसँग राखिन कि पक्षीले पक्षीको नै बोली [बोल्दछन् र] त्यसलाई नै सम्झन्छन्। हे भवानी! प्रभुको माया [अति नै] बलवान् छ, यस्तो कुन ज्ञानी छ, जसलाई उसले मोहमा नपारोस्?॥ ५॥

दो०— **ग्यानी भगत सिरोमनि त्रिभुवनपति कर जान।**
**ताहि मोह माया नर पावँर करहिं गुमान॥ ६२ (क)॥**

जुन ज्ञानीहरूमा र भक्तहरूमा शिरोमणि छन् एवं त्रिभुवनपति भगवान्का वाहन छन्, उनै गरुडलाई पनि मायाले मोहित गर्‍यो। फेरि पनि (जसको कुनै अस्तित्व छैन) त्यस्ता नीच मनुष्यले मूर्खतावश घमण्ड गर्ने गर्छन्॥ ६२ (क)॥

### मासपारायण, अट्ठाइसौं विश्राम

**सिव बिरंचि कहुँ मोहइ को है बपुरा आन।**
**अस जियँ जान भजहिं मुनि माया पति भगवान॥ ६२ (ख)॥**

यो मायाले जब शिवजी र ब्रह्माजीलाई पनि मोहित गर्छ भने अरू बिचरा के चीज हुन्? मनमा यस्तो जानेर नै मुनिहरूले त्यस मायाका स्वामी भगवान्को भजन गर्छन्॥ ६२ (ख)॥

**गयउ गरुड़ जहँ बसइ भुसुंडा। मति अकुंठ हरि भगति अखंडा॥**
**देखि सैल प्रसन्न मन भयऊ। माया मोह सोच सब गयऊ॥**

गरुडजी वहाँ गए जहाँ निर्बाध बुद्धि (तीव्र बुद्धि) र पूर्ण भक्ति भएका कागभुशुण्डि बस्दथे। त्यस पर्वतलाई देखेर उनको मन प्रसन्न भयो र [त्यसको दर्शनले नै] सबै माया, मोह तथा चिन्ता निर्मूल भयो॥ १॥

**करि तड़ाग मज्जन जलपाना। बट तर गयउ हृदयँ हरषाना॥**
**बृद्ध बृद्ध बिहंग तहँ आए। सुनै राम के चरित सुहाए॥**

तलाउमा स्नान र जलपान गरेर उनी प्रसन्नचित्तले उनी वरको वृक्षमुनि गए। त्यहाँ श्रीरामका सुन्दर चरित्र सुन्नको लागि वयोवृद्ध (बूढा-बूढी) पक्षी आएका थिए॥ २॥

**कथा अरंभ करै सोइ चाहा। तेही समय गयउ खगनाहा॥**
**आवत देखि सकल खगराजा। हरषेउ बायस सहित समाजा॥**

भुशुण्डिजीले कथा आरम्भ गर्न नै लागेका थिए कि त्यही समय पक्षिराज गरुडजी वहाँ पुगे। पक्षिहरूका राजा गरुडजीलाई देखेर कागभुशुण्डिजीसहित सम्पूर्ण पक्षीसमाज हर्षित भए॥ ३॥

**अति आदर खगपति कर कीन्हा। स्वागत पूछि सुआसन दीन्हा॥**
**करि पूजा समेत अनुरागा। मधुर बचन तब बोलेउ कागा॥**

उनीहरूले पक्षिराज गरुडजीलाई धेरै नै आदर-सत्कार गरेर स्वागत (कुशल) सोधेर बस्नको लागि सुन्दर आसन दिए। फेरि प्रेमसहित पूजा गरेर कागभुशुण्डिजी मधुर वचन बोले— ॥ ४॥

दो०— **नाथ कृतारथ भयउँ मैं तव दरसन खगराज।**
**आयसु देहु सो करौं अब प्रभु आयहु केहि काज॥ ६३ (क)॥**

हे नाथ! हे पक्षिराज! हजुरको दर्शनले म कृतार्थ (धन्य) भएँ। हजुरले जस्तो आज्ञा दिनुहुन्छ मैले अब उही गर्नेछु। हे प्रभु! हजुर कुन कार्यको लागि आउनुभएको हो?॥ ६३ (क)॥

**सदा कृतारथ रूप तुम्ह कह मृदु बचन खगेस।**
**जेहि कै अस्तुति सादर निज मुख कीन्हि महेस॥ ६३ (ख)॥**

पक्षिराज गरुडले कोमल वचन भने—हजुर त सधैंभरि कृतार्थरूप हुनुहुन्छ, जसको प्रशंसा स्वयं महादेवजीले आदरपूर्वक आफ्नो श्रीमुखले गर्नुभएको छ॥ ६३ (ख)॥

**सुनहु तात जेहि कारन आयउँ। सो सब भयउ दरस तव पायउँ॥**
**देखि परम पावन तव आश्रम। गयउ मोह संसय नाना भ्रम॥**

हे तात! सुन्नुहोस्, म जुन कारणले आएको थिएँ, त्यो सबै कार्य त यहाँ आउँदा नै पूरा भयो। फेरि हजुरको दर्शन पनि प्राप्त भयो। हजुरको परम पवित्र आश्रम देखेर नै मेरो मोह, सन्देह र अनेक प्रकारका भ्रम सबै नष्ट भए॥ १॥

**अब श्रीराम कथा अति पावनि। सदा सुखद दुख पुंज नसावनि॥**
**सादर तात सुनावहु मोही। बार बार बिनवउँ प्रभु तोही॥**

अब हे तात! हजुरले मलाई श्रीरामको अत्यन्त पवित्र गर्ने, सधैं सुख दिने र दुःख समूहलाई नाश गर्ने कथा आदरसहित सुनाउनुहोस्। हे प्रभु! मैले बारम्बार हजुरसँग यही बिन्ती (प्रार्थना) गर्दछु॥ २॥

**सुनत गरुड़ कै गिरा बिनीता। सरल सप्रेम सुखद सुपुनीता॥**
**भयउ तासु मन परम उछाहा। लाग कहै रघुपति गुन गाहा॥**

गरुडजीका विनम्र, सरल, सुन्दर प्रेमयुक्त, सुखप्रद र अत्यन्त पवित्र वाणी सुन्दा नै भुशुण्डिजीको मनमा परम उत्साह भयो र श्रीरघुनाथका गुणहरूका कथा भन्न लागे॥ ३॥

**प्रथमहिं अति अनुराग भवानी। रामचरित सर कहेसि बखानी॥**
**पुनि नारद कर मोह अपारा। कहेसि बहुरि रावन अवतारा॥**

हे भवानी! पहिला त उनले अति नै प्रेमले रामचरितमानस–सरोवरको रूपक सम्झाएर भने। त्यसपछि नारदको अपार मोह र रावणको अवतार भने॥ ४॥

**प्रभु अवतार कथा पुनि गाई। तब सिसु चरित कहेसि मन लाई॥**

अनि प्रभुका अवतारका कथालाई वर्णन गरे। तदनन्तर मन लगाएर श्रीरामको बाललीला (शिशुचरित्र) लाई भने॥ ५॥

दो०— **बालचरित कहि बिबिधि बिधि मन महँ परम उछाह।**
**रिषि आगवन कहेसि पुनि श्रीरघुबीर बिबाह॥ ६४॥**

मनमा परम उत्साह भरेर अनेकौं प्रकारका बाललीलाहरू भनेर, फेरि ऋषि विश्वामित्रजी अयोध्या आएको र श्रीरघुवीरको विवाहको वर्णन गरे॥ ६४॥

**बहुरि राम अभिषेक प्रसंगा। पुनि नृप बचन राज रस भंगा॥**
**पुरबासिन्ह कर बिरह बिषादा। कहेसि राम लछिमन संबादा॥**

त्यसपछि श्रीरामको राज्याभिषेकको प्रसङ्ग, फेरि राजा दशरथजीका वचनले राजरस (राज्याभिषेकको आनन्द) मा भङ्ग भएको, फेरि नगरनिवासीहरूको विरह, विषाद र श्रीराम–लक्ष्मणको कुराकानी भने॥ १॥

**बिपिन गवन केवट अनुरागा। सुरसरि उतरि निवास प्रयागा॥**
**बालमीक प्रभु मिलन बखाना। चित्रकूट जिमि बसे भगवाना॥**

श्रीरामको वनगमन, केवटको प्रेमप्रसङ्ग, गङ्गाजीबाट पारि तरेर प्रयागमा निवास, वाल्मीकिजी र प्रभु श्रीरामको मिलन र जसरी भगवान् चित्रकूटमा बस्नुभयो, त्यो सबै भने॥ २॥

**सचिवागवन नगर नृप मरना। भरतागवन प्रेम बहु बरना॥**
**करि नृप क्रिया संग पुरबासी। भरत गए जहँ प्रभु सुख रासी॥**

फेरि मन्त्री सुमन्त्रजी नगरमा फर्कनु, राजा दशरथजीको मरण, भरतजी [मामाघरबाट] अयोध्यामा आउनु र उहाँको प्रेमलाई धेरै वर्णन गरे। राजाको अन्त्येष्टि-क्रिया गरेर नगरनिवासीहरूलाई साथै लिएर भरतजी वहाँ (चित्रकूट) जानुभयो जहाँ सुखका राशि प्रभु श्रीरामचन्द्र हुनुहुन्थ्यो॥ ३॥

**पुनि रघुपति बहुबिधि समुझाए। लै पादुका अवधपुर आए॥**
**भरत रहनि सुरपति सुत करनी। प्रभु अरु अत्रि भेंट पुनि बरनी॥**

फेरि रघुनाथजीले उहाँलाई धेरै प्रकारले सम्झाउनुभयो, जसले गर्दा उहाँले खराउ लिएर अयोध्यापुरी फर्कनुभयो, यो सबै कथा भने। भरतजी नन्दिग्राममा रहेको रीति, इन्द्रपुत्र जयन्तको नीच कार्य र फेरि प्रभु श्रीरामचन्द्र र अत्रिजीको मिलापलाई वर्णन गरे॥ ४॥

दो०— **कहि बिराध बध जेहि बिधि देह तजी सरभंग।**
**बरनि सुतीछन प्रीति पुनि प्रभु अगस्ति सतसंग॥ ६५॥**

जुन प्रकारले विराधको वध भयो र शरभङ्गजीले शरीर त्याग गरे, त्यो प्रसङ्ग भनेर, फेरि सुतीक्ष्णजीको प्रेम वर्णन गरेर प्रभु र अगस्त्यजीको सत्सङ्ग-वृत्तान्त भने॥ ६५॥

**कहि दंडक बन पावनताई। गीध मइत्री पुनि तेहिं गाई॥**
**पुनि प्रभु पंचबटीं कृत बासा। भंजी सकल मुनिन्ह की त्रासा॥**

दण्डकवनलाई पवित्र गरेको भनेर अनि भुशुण्डिजीले गृध्रराजसँग मित्रता (अति ठूलो प्रेमले) वर्णन गरे। फेरि जुन प्रकार प्रभुले पञ्चवटीमा निवास गर्नुभयो र सबै मुनिहरूको भयलाई नाश गर्नुभयो॥ १॥

**पुनि लछिमन उपदेस अनूपा। सूपनखा जिमि कीन्हि कुरूपा॥**
**खर दूषन बध बहुरि बखाना। जिमि सब मरमु दसानन जाना॥**

र पुनः लक्ष्मणजीलाई जुन अनुपम उपदेश दिनुभयो र शूर्पणखालाई कुरूप बनाउनुभयो, त्यो सबै वर्णन गरे। त्यसपछि खर-दूषण-वध र जुन प्रकारले रावणले सबै समाचार थाहा पायो, उसलाई वर्णन गरेर भने,॥ २॥

**दसकंधर मारीच बतकही। जेहि बिधि भई सो सब तेहिं कही॥**
**पुनि माया सीता कर हरना। श्रीरघुबीर बिरह कछु बरना॥**

तथा जुन प्रकारले रावण र मारीचको कुराकानी भयो, त्यो सबै उनले भने तथा माया-सीताको हरण र श्रीरघुवीरको विरहको केही वर्णन गरे॥ ३॥

**पुनि प्रभु गीध क्रिया जिमि कीन्ही। बधि कबंध सबरिहि गति दीन्ही॥**
**बहुरि बिरह बरनत रघुबीरा। जेहि बिधि गए सरोबर तीरा॥**

फेरि प्रभुले गिद्ध जटायुको जुन प्रकारले क्रिया गर्नुभयो, कबन्धको वध गरेर शबरीलाई

परमगति दिनुभयो र जुन प्रकारले विरह–वर्णन गर्दै श्रीरघुवीर पम्पासरोवरको तीरमा जानुभयो, त्यो सबै भने॥ ४॥

**दो०— प्रभु नारद संबाद कहि मारुति मिलन प्रसंग।**
**पुनि सुग्रीव मिताई बालि प्रान कर भंग॥ ६६ ( क )॥**

प्रभु र नारदजीको संवाद र मारुति (हनुमान्‌जी) भेट भएको प्रसङ्ग भनेर फेरि सुग्रीवसँग मित्रता र बालिको प्राणनाशको वर्णन गरे॥ ६६ (क)॥

**कपिहि तिलक करि प्रभु कृत सैल प्रबरषन बास।**
**बरनन बर्षा सरद अरु राम रोष कपि त्रास॥ ६६ ( ख )॥**

सुग्रीवलाई राजतिलक गरेर प्रभुले प्रवर्षण पर्वतमा निवास गर्नुभयो, त्यसलाई तथा वर्षा र शरद् [ऋतुको] वर्णन, श्रीरामको सुग्रीवप्रति रोष र सुग्रीवलाई भय आदि प्रसङ्ग भने॥ ६६ (ख)॥

**जेहि बिधि कपिपति कीस पठाए। सीता खोज सकल दिसि धाए॥**
**बिबर प्रबेस कीन्ह जेहि भाँती। कपिन्ह बहोरि मिला संपाती॥**

जुन प्रकार बाँदरराज सुग्रीवले बाँदरहरूलाई पठाए र सीताजीको खोजीमा जुन प्रकारले सबै दिशाहरूमा गए तथा जुन प्रकारले उनीहरू गुफामा प्रवेश गरे र जसरी बाँदरहरूसँग सम्पाती भेट भए, त्यो सबै भने॥ १॥

**सुनि सब कथा समीरकुमारा। नाघत भयउ पयोधि अपारा॥**
**लंकाँ कपि प्रबेस जिमि कीन्हा। पुनि सीतहि धीरजु जिमि दीन्हा॥**

सम्पातीबाट सबै कथा सुनेर पवनपुत्र हनुमान्‌जी जुन प्रकारले अपार समुद्रलाई नाघेर जानुभयो, फेरि हनुमान्‌जीले जसरी लङ्कामा प्रवेश गर्नुभयो र जसरी सीताजीलाई धैर्य (भरोसा सान्त्वना) दिनुभयो, सो सबै विस्तारपूर्वक भने॥ २॥

**बन उजारि रावनहि प्रबोधी। पुर दहि नाघेउ बहुरि पयोधी॥**
**आए कपि सब जहँ रघुराई। बैदेही की कुसल सुनाई॥**

अशोकवनलाई उजाड बनाएर, रावणलाई सम्झाएर, लङ्कापुरीलाई जलाएर फेरि जसरी समुद्रलाई नाघे र जुन प्रकारले सबै बाँदर वहाँ आए जहाँ श्रीरघुनाथ हुनुहुन्थ्यो र आएपछि श्रीजानकीको कुशल सुनाए, त्यो सबै भने॥ ३॥

**सेन समेति जथा रघुबीरा। उतरे जाइ बारिनिधि तीरा॥**
**मिला बिभीषन जेहि बिधि आई। सागर निग्रह कथा सुनाई॥**

त्यसपछि जुन प्रकारले सेनासहित श्रीरघुवीर गएर समुद्रको तटमा बस्नुभयो र जुन प्रकारले विभीषणजी आएर उहाँसँग भेट भए, सो सबै र समुद्रलाई बाँधेको कथा उनले सुनाए॥ ४॥

**दो०— सेतु बाँधि कपि सेन जिमि उतरी सागर पार।**
**गयउ बसीठी बीरबर जेहि बिधि बालिकुमार॥ ६७ ( क )॥**

पुल बनाएर जुन प्रकारले बाँदरहरूका सेना समुद्र पारि तरे र तथा जुन प्रकारले वीरश्रेष्ठ बालिपुत्र अङ्गद दूत बनेर गए, सो सबै विस्तारपूर्वक भने॥ ६७ (क)॥

**निसिचर कीस लराई बरनिसि बिबिध प्रकार।**
**कुंभकरन घननाद कर बल पौरुष संघार॥ ६७ ( ख )॥**

फेरि राक्षस र बाँदरहरूको युद्धलाई अनेकौं प्रकारले वर्णन गरे। अनि कुम्भकर्ण र मेघनादको बल, पुरुषार्थ र संहारको कथा भने॥ ६७ (ख)॥

**निसिचर निकर मरन बिधि नाना। रघुपति रावन समर बखाना॥**
**रावन बध मंदोदरि सोका। राज बिभीषन देव असोका॥**

थरी-थरीका (अनेक प्रकारका) राक्षससमूहको मरण तथा श्रीरघुनाथ र रावणको अनेक प्रकारको युद्धलाई वर्णन गरे। रावणवध, मन्दोदरीको शोक, विभीषणको राज्याभिषेक र देवताहरू शोकरहित भएको सबै कुरा भनेर,॥ १॥

**सीता रघुपति मिलन बहोरी। सुरन्ह कीन्हि अस्तुति कर जोरी॥**
**पुनि पुष्पक चढ़ि कपिन्ह समेता। अवध चले प्रभु कृपा निकेता॥**

फेरि सीताजी र श्रीरामको मिलापलाई भने। जुन प्रकारले देवताहरूले हात जोडेर स्तुति गरे तथा जसरी बाँदरहरूसमेत पुष्पक विमानमा चढेर कृपाधाम प्रभु अयोध्यापुरीको लागि हिँड्नुभयो, सो सबै विस्तारपूर्वक भने॥ २॥

**जेहि बिधि राम नगर निज आए। बायस बिसद चरित सब गाए॥**
**कहेसि बहोरि राम अभिषेका। पुर बरनत नृपनीति अनेका॥**

जुन प्रकारले श्रीरामचन्द्र आफ्नो नगर (अयोध्या) मा आउनुभयो, ती सबै उज्ज्वल चरित्र कागभुशुण्डिजीले विस्तारपूर्वक वर्णन गरे। अनि उनले श्रीरामको राज्याभिषेकलाई भने। [शिवजी भन्नुहुन्छ— ] अयोध्यापुरीको र अनेक प्रकारका राजनीतिको वर्णन गर्दै— ॥ ३॥

**कथा समस्त भुसुंड बखानी। जो मैं तुम्ह सन कही भवानी॥**
**सुनि सब राम कथा खगनाहा। कहत बचन मन परम उछाहा॥**

भुशुण्डिजीले सो सबै कथा भने जुन हे भवानी! मैले तिमीसँग भनें। सम्पूर्ण रामकथा सुनेर पक्षिराज गरुडजी मनमा धेरै उत्साहित (आनन्दित) भएर यस्ता वचन बोल्न लागे— ॥ ४॥

सो०— **गयउ मोर संदेह सुनेउँ सकल रघुपति चरित।**
**भयउ राम पद नेह तव प्रसाद बायस तिलक॥ ६८ ( क )॥**

श्रीरघुनाथको सबै चरित्र मैले सुनें, जसले गर्दा मेरो सन्देह नष्ट भयो। हे काकशिरोमणि! हजुरका अनुग्रहले श्रीरामको चरणमा मेरो प्रेम भयो॥ ६८ (क)॥

**मोहि भयउ अति मोह प्रभु बंधन रन महुँ निरखि।**
**चिदानंद संदोह राम बिकल कारन कवन॥ ६८ ( ख )॥**

युद्धमा प्रभुलाई नागपासको बन्धनमा देखेर मलाई अत्यन्त मोह भएको थियो कि श्रीरामजी त सच्चिदानन्दघन हुनुहुन्छ, उहाँ कुन कारणले व्याकुल हुनुहुन्छ॥ ६८ (ख)॥

**देखि चरित अति नर अनुसारी। भयउ हृदय मम संसय भारी॥**
**सोइ भ्रम अब हित करि मैं माना। कीन्ह अनुग्रह कृपानिधाना॥**

बिलकुल नै लौकिक मनुष्यका जस्तो चरित्र देखेर मेरो हृदयमा भारी (धेरै ठूलो) सन्देह भएको थियो। मैले अब त्यो भ्रम (सन्देह) लाई आफ्नो लागि हितकर सम्झेको छु। कृपानिधानले मलाई यो ठूलो अनुग्रह (कृपा) गर्नुभयो॥ १॥

**जो अति आतप ब्याकुल होई। तरु छाया सुख जानइ सोई॥**
**जौं नहिं होत मोह अति मोही। मिलतेउँ तात कवन बिधि तोही॥**

जुन व्यक्ति गर्मीले अत्यन्त व्याकुल हुन्छ, उसले नै वृक्षको छायाको सुख जान्दछ। हे तात! यदि मलाई अत्यन्त मोह नभएको भए म हजुरसँग कसरी भेट हुने थिएँ?॥ २॥

**सुनतेउँ किमि हरि कथा सुहाई। अति बिचित्र बहु बिधि तुम्ह गाई॥**
**निगमागम पुरान मत एहा। कहहिं सिद्ध मुनि नहिं संदेहा॥**

र कसरी अत्यन्त विचित्र यो सुन्दर हरिकथा सुन्दथें; जसलाई हजुरले धेरै प्रकारले वर्णन गर्नुभयो? वेद, शास्त्र र पुराणहरूको यही मत (निचोड) छ, सिद्ध र मुनि पनि यही भन्दछन्, यसमा सन्देह छैन— ॥ ३॥

**संत बिसुद्ध मिलहिं परि तेही। चितवहिं राम कृपा करि जेही॥**
**राम कृपाँ तव दरसन भयऊ। तव प्रसाद सब संसय गयऊ॥**

शुद्ध (सच्चा) सन्त उसैलाई भेटिन्छन्, जसलाई श्रीरामले कृपा गरेर हेर्नुहुन्छ। श्रीरामको कृपाले मलाई हजुरको दर्शन भयो र हजुरकै कृपाले मेरो सन्देह मेटियो॥ ४॥

दो०— **सुनि बिहंगपति बानी सहित बिनय अनुराग।**
**पुलक गात लोचन सजल मन हरषेउ अति काग॥ ६९ (क)॥**

पक्षिराज गरुडजीका विनम्र र प्रेमयुक्त वाणी सुनेर कागभुशुण्डिजीको शरीर रोमाञ्चित भयो, उनका नेत्रमा जल भरिए तथा उनी मनमा अत्यन्त हर्षित भए॥ ६९ (क)॥

**श्रोता सुमति सुसील सुचि कथा रसिक हरिदास।**
**पाइ उमा अति गोप्यमपि सज्जन करहिं प्रकास॥ ६९ (ख)॥**

हे उमा! सुन्दर बुद्धि भएका, सुशील, पवित्र कथाका प्रेमी र हरिका सेवक श्रोतालाई पाएर सज्जनले अत्यन्त गोपनीय रहस्यलाई पनि प्रकट गर्दछन्॥ ६९ (ख)॥

**बोलेउ काकभसुंड बहोरी। नभग नाथ पर प्रीति न थोरी॥**
**सब बिधि नाथ पूज्य तुम्ह मेरे। कृपापात्र रघुनायक केरे॥**

कागभुशुण्डिजीले फेरि भने— पक्षिराजप्रति उनको प्रेम थोरै थिएन (अर्थात् धेरै नै थियो)— हे नाथ! हजुर सबै प्रकारले मेरा पूज्य हुनुहुन्छ र श्रीरघुनाथका कृपापात्र हुनुहुन्छ॥ १॥

**तुम्हहि न संसय मोह न माया। मो पर नाथ कीन्हि तुम्ह दाया॥**
**पठइ मोह मिस खगपति तोही। रघुपति दीन्हि बड़ाई मोही॥**

हजुरलाई न सन्देह छ र न मोह अथवा माया नै छ। हे नाथ! हजुरले त मप्रति दया गर्नुभयो। हे पक्षिराज! मोहको बहानाले श्रीरघुनाथले हजुरलाई यहाँ पठाएर मलाई बढाई* दिनुभयो॥ २॥

**तुम्ह निज मोह कही खग साईं। सो नहिं कछु आचरज गोसाईं॥**
**नारद भव बिरंचि सनकादी। जे मुनिनायक आतमबादी॥**

हे पक्षिहरूका स्वामी! हजुरले आफूलाई मोह भन्नुभयो, सो हे गोसाईं! यो केही आश्चर्य होइन। नारदजी, शिवजी, ब्रह्माजी र सनकादि जुन आत्मतत्त्वको मर्मज्ञ र उसलाई उपदेश गर्ने श्रेष्ठ मुनि छन्, उनीहरू पनि मोहको वशमा छन्॥ ३॥

**मोह न अंध कीन्ह केहि केही। को जग काम नचाव न जेही॥**
**तृस्नाँ केहि न कीन्ह बौराहा। केहि कर हृदय क्रोध नहिं दाहा॥**

उनीहरूमध्ये पनि कस-कसलाई मोहले अन्धो (विवेकशून्य) बनाएन? जगत्मा यस्तो को छ जसलाई कामले नचाएको छैन? (अर्थात् सबै मोह र कामको वशीभूत भए)। तृष्णाले कसलाई बौलाहा बनाएको छैन? क्रोधले कसको हृदय जलाएको छैन॥ ४॥

दो०— **ग्यानी तापस सूर कबि कोबिद गुन आगार।**
**केहि कै लोभ बिडंबना कीन्हि न एहिं संसार॥ ७० (क)॥**

यस संसारमा जस्तो कुन ज्ञानी, तपस्वी, शूरवीर, कवि, विद्वान र गुणहरूका धाम छन्, जसलाई लोभले विडम्बना (बबन्डर) मा पार्न सकेन॥ ७० (क)॥

**श्री मद बक्र न कीन्ह केहि प्रभुता बधिर न काहि।**
**मृगलोचनि के नैन सर को अस लाग न जाहि॥ ७० (ख)॥**

लक्ष्मी (धन) को मदले कसलाई टेढो र प्रभुताले कसलाई बहिरो बनाएको छैन? यस्तो को छ, जसलाई मृगनयनी (युवती स्त्री) का नेत्र-बाणले हानेको छैन?॥ ७० (ख)॥

**गुन कृत सन्यपात नहिं केही। कोउ न मान मद तजेउ निबेही॥**
**जोबन ज्वर केहि नहिं बलकावा। ममता केहि कर जस न नसावा॥**

[रज, तम आदि] गुणहरूले बनाएको सन्निपात कसलाई भएको छैन? यस्तो कुनै छैन जसलाई मान र मदले अछुतो (पीडारहित रूपमा) छोडेको छ। यौवनको ज्वरोले कसलाई मर्यादाहीन (निर्लज्ज) बनाएको छैन? ममताले कसको यशलाई नाश गरेको छैन?॥ १॥

* बढाईको भाव यो हो कि आजसम्म कथा पक्षीहरू, किरा, कमिला आदिले सुन्दथे कतै प्रचार थिएन। अब हजुरले सुनेर मेरो कथा जगत्मा प्रसिद्धि हुनेछ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**मच्छर काहि कलंक न लावा। काहि न सोक समीर डोलावा॥**
**चिंता साँपिनि को नहिं खाया। को जग जाहि न ब्यापी माया॥**

मत्सर (डाह) ले कसलाई कलङ्क लगाएको छैन? शोकरूपी पवनले कसलाई पल्टाएको छैन? चिन्तारूपी सर्पिणीले कसलाई खाएको छैन? जगत्मा यस्तो को छ, जसलाई मायाले नछोएको (स्पर्श नगरेको) होस्?॥ २॥

**कीट मनोरथ दारु सरीरा। जेहि न लाग घुन को अस धीरा॥**
**सुत बित लोक ईषना तीनी। केहि कै मति इन्ह कृत न मलीनी॥**

मनोरथ कीरा हो, शरीर काठ हो। यस्तो धैर्यवान् को छ, जसको शरीरमा यी (धमिरारूपी) कीरा नलागेको होस्? पुत्रको, धनको र लोकप्रतिष्ठाको— यी तीन प्रबल इच्छाले कसको बुद्धिलाई मलिन बनाएको छैन (बिगारेको छैन)?॥ ३॥

**यह सब माया कर परिवारा। प्रबल अमिति को बरनै पारा॥**
**सिव चतुरानन जाहि डेराहीं। अपर जीव केहि लेखे माहीं॥**

यी सबै मायाका धेरै बलवान् परिवार हुन्। यी अपार छन्, यसको वर्णन कसले गर्न सक्छ? शिवजी र चतुर्मुख ब्रह्माजी पनि जससँग डराउनुहुन्छ, अब अरू जीव कुन तुलनामा छन्? (अर्थात् उनीहरू त डरपोक छँदैछन्)॥ ४॥

दो०— **ब्यापि रहेउ संसार महुँ माया कटक प्रचंड।**
**सेनापति कामादि भट दंभ कपट पाषंड॥ ७१ (क)॥**

मायाका प्रचण्ड सेना संसारभरी छाइएका छन्। कामादि (काम, क्रोध र लोभ) उसका सेनापति हुन् र दम्भ, कपट र पाखण्ड योद्धा हुन्॥ ७१ (क)॥

**सो दासी रघुबीर कै समुझें मिथ्या सोपि।**
**छूट न राम कृपा बिनु नाथ कहउँ पद रोपि॥ ७१ (ख)॥**

त्यही माया श्रीरघुवीरको दासी हो। यद्यपि सम्झँदाखेरि त्यो मिथ्या नै हो, किन्तु त्यो श्रीरामको कृपाविना छुट्दैन। हे नाथ! यो मैले प्रतिज्ञा गरेर भन्दछु॥ ७१ (ख)॥

**जो माया सब जगहि नचावा। जासु चरित लखि काहुँ न पावा॥**
**सोइ प्रभु भ्रू बिलास खगराजा। नाच नटी इव सहित समाजा॥**

जुन मायाले सम्पूर्ण जगत्लाई नचाउँछे र जसको चरित्रलाई कसैले बुझ्न सकेका छैनन्, हे खगराज गरुडजी! त्यही माया प्रभु श्रीरामचन्द्रको आँखीभौं (परेला) को इशारामा आफ्नो समाज (परिवार) सहित नटुवी (नर्तकी) जस्तै नाच्दछे॥ १॥

**सोइ सच्चिदानंद घन रामा। अज बिग्यान रूप बल धामा॥**
**ब्यापक ब्याप्य अखंड अनंता। अखिल अमोघसक्ति भगवंता॥**

श्रीराम उही सच्चिदानन्दघन हुनुहुन्छ जुन अजन्मा, विज्ञानस्वरूप, रूप र बलका धाम, सर्वव्यापक एवं व्याप्य (सर्वरूप), अखण्ड अनन्त, सम्पूर्ण, अमोघशक्ति (जसको शक्ति कहिल्यै व्यर्थ हुँदैन) र छः ऐश्वर्यबाट युक्त भगवान् हुनुहुन्छ॥ २॥

**अगुन अदभ्र गिरा गोतीता। सबदरसी अनवद्य अजीता॥**
**निर्मम निराकार निरमोहा। नित्य निरंजन सुख संदोहा॥**

उहाँ निर्गुण (मायाका गुणबाट रहित), महान्, वाणी र इन्द्रियदेखि टाढा, सबै चीज देख्नेवाला, निर्दोष, अजेय, ममतारहित, निराकार (मायिक आकारदेखि रहित), मोहरहित, नित्य, मायारहित, सुखका राशि,॥ ३॥

**प्रकृति पार प्रभु सब उर बासी। ब्रह्म निरीह बिरज अबिनासी॥**
**इहाँ मोह कर कारन नाहीं। रबि सन्मुख तम कबहुँ कि जाहीं॥**

प्रकृतिदेखि टाढै, प्रभु (सर्वसमर्थ), सधैं सबैको हृदयमा रहने, इच्छारहित, विकाररहित, अविनाशी ब्रह्म हुनुहुन्छ। यहाँ (श्रीराममा) मोहको कारण नै छैन। के अन्धकारको समूह कहिल्यै सूर्यको सम्मुख जान सक्छन्?॥ ४॥

दो०— **भगत हेतु भगवान प्रभु राम धरेउ तनु भूप।**
**किए चरित पावन परम प्राकृत नर अनुरूप॥ ७२ ( क )॥**

भगवान् प्रभु श्रीरामचन्द्रले भक्तहरूको लागि राजाको शरीर धारण गर्नुभयो र साधारण मनुष्यको जस्तो अनेकौं परम पावन चरित्र गर्नुभयो॥ ७२ (क)॥

**जथा अनेक बेष धरि नृत्य करइ नट कोइ।**
**सोइ सोइ भाव देखावइ आपुन होइ न सोइ॥ ७२ ( ख )॥**

जस्तै कुनै नटले अनेक वेष धारण गरेर नृत्य गर्दछ र उही-उही (जस्तो वेष हुन्छ, उसैको अनुकूल) भाव प्रदर्शन गर्छ, तर स्वयं ऊ उनीहरूमध्ये कुनै हुँदैन,॥ ७२ (ख)॥

**असि रघुपति लीला उरगारी। दनुज बिमोहनि जन सुखकारी॥**
**जे मति मलिन बिषय बस कामी। प्रभु पर मोह धरहिं इमि स्वामी॥**

हे गरुडजी! यस्तै नै श्रीरघुनाथको यो लीला हो, जसले राक्षसहरूलाई विशेष मोहित गर्छ र भक्तहरूलाई सुख दिन्छ। हे स्वामी! जुन मनुष्य मलिनबुद्धि, विषयहरूका वश र कामी छन्, उनीहरूले नै प्रभुलाई यस्तो प्रकारको मोहको आरोप लगाउँछन्॥ १॥

**नयन दोष जा कहँ जब होई। पीत बरन ससि कहुँ कह सोई॥**
**जब जेहि दिसि भ्रम होइ खगेसा। सो कह पच्छिम उयउ दिनेसा॥**

जब जसलाई [कमलपित्त, पहेंलो रोगको कारणले] नेत्रको दोष हुन्छ, त्यसपछि उसले चन्द्रमालाई पहेंलो रङ्गको भन्दछ। हे पक्षिराज! जब जसलाई दिशाभ्रम हुन्छ, अनि उसले भन्छ कि घाम पश्चिमबाट झुल्केका (उदय भएका) छन्॥ २॥

**नौकारूढ़ चलत जग देखा। अचल मोह बस आपुहि लेखा॥**
**बालक भ्रमहिं न भ्रमहिं गृहादी। कहहिं परस्पर मिथ्याबादी॥**

नौकामा चढेको मनुष्यले जगत्‌लाई हिँडेको देख्छ र मोहवश आफूलाई अचल सम्झन्छ। बालक घुम्दछन् (चक्राकार रूपले दौडन्छन्), घर आदि घुम्दैनन्। तर उनले आपसमा एकले अर्कोलाई झूटो भन्छन् [कि घर तथा वृक्ष आदि घुमेका छन्]॥ ३॥

**हरि बिषइक अस मोह बिहंगा। सपनेहुँ नहिं अग्यान प्रसंगा॥**
**मायाबस मतिमंद अभागी। हृदयँ जमनिका बहुबिधि लागी॥**

हे गरुडजी! श्रीहरिको विषयमा मोहको कल्पना पनि यस्तै हो, भगवान्‌मा त सपनामा पनि अज्ञानको प्रसङ्ग (अवसर) छैन। किन्तु जुन मायावश, मन्दबुद्धि र भाग्यहीन छन् र जसको हृदयमा अनेकौं प्रकारका पर्दा लागेको छ, ॥ ४॥

**ते सठ हठ बस संसय करहीं। निज अग्यान राम पर धरहीं॥**

तिनै मूर्खले हठको वशमा भएर सन्देह गर्छन् र आफ्नो अज्ञान श्रीराममा आरोपित गर्छन्॥ ५॥

दो०— **काम क्रोध मद लोभ रत गृहासक्त दुखरूप।**
**ते किमि जानहिं रघुपतिहि मूढ़ परे तम कूप॥ ७३ (क)॥**

जुन काम, क्रोध, मद र लोभमा रत (तल्लीन) छन् र दु:खरूप घरमा आसक्त छन्, उनीहरूले श्रीरघुनाथलाई कसरी जान्न सक्छन्? ती मूर्ख त अन्धकाररूपी कुवा (इनार) मा निरन्तर रूपमा परेका छन्॥ ७३ (क)॥

**निर्गुन रूप सुलभ अति सगुन जान नहिं कोइ।**
**सुगम अगम नाना चरित सुनि मुनि मन भ्रम होइ॥ ७३ (ख)॥**

निर्गुणरूप अत्यन्त सुलभ (सजिलै सम्झन सकिने) छ, परन्तु [गुणातीत दिव्य] सगुण रूपलाई कसैले जान्दैनन्। यसैले उनै सगुण भगवान्‌का अनेक प्रकारका सुगम र अगम चरित्रलाई सुनेर मुनिहरूको मनमा पनि भ्रम हुन्छ॥ ७३ (ख)॥

**सुनु खगेस रघुपति प्रभुताई। कहउँ जथामति कथा सुहाई॥**
**जेहि बिधि मोह भयउ प्रभु मोही। सोउ सब कथा सुनावउँ तोही॥**

हे पक्षिराज गरुडजी! श्रीरघुनाथको प्रभुता सुन्नुहोस्। मैले आफ्नो बुद्धिअनुसार त्यो सुन्दर कथा भन्दछु। हे प्रभु! मलाई जुन प्रकारले मोह भयो, त्यो पनि सबै हजुरलाई सुनाउनेछु॥ १॥

**राम कृपा भाजन तुम्ह ताता। हरि गुन प्रीति मोहि सुखदाता॥**
**ताते नहिं कछु तुम्हहि दुरावउँ। परम रहस्य मनोहर गावउँ॥**

हे तात! हजुर श्रीरामका कृपापात्र हुनुहुन्छ। श्रीहरिको गुणमा हजुरको प्रीति छ, यसैले हजुर मलाई सुखदाता हुनुहुन्छ। तसर्थ मैले केही पनि लुकाउनेछैन र अत्यन्त रहस्यको कुरा हजुरलाई गाएर सुनाउनेछु॥ २॥

**सुनहु राम कर सहज सुभाऊ। जन अभिमान न राखहिं काऊ॥**
**संसृत मूल सूलप्रद नाना। सकल सोक दायक अभिमाना॥**

श्रीरामचन्द्रको सहज स्वभाव सुन्नुहोस्। उहाँले भक्तमा अभिमान कहिल्यै रहन दिनुहुन्न, किनकि अभिमान–जन्म–मरणरूप संसारको मूल हो र यसले अनेकौं प्रकारका क्लेश तथा समस्त शोकलाई दिन्छ॥ ३॥

**ताते करहिं कृपानिधि दूरी। सेवक पर ममता अति भूरी॥**
**जिमि सिसु तन ब्रन होइ गोसाईं। मातु चिराव कठिन की नाईं॥**

यसैले कृपानिधिले उसलाई टाढै धपाउनुहुन्छ; किनकि सेवकप्रति उहाँको अत्यन्तै धेरै ममता छ। हे गोसाईं! जस्तै बच्चाको शरीरमा खटिरा उठ्छ, त्यसपछि आमाले उसलाई कठोर हृदय भएकी भिल्लिनीकाझैं फोर्दछिन्॥ ४॥

दो०— **जदपि प्रथम दुख पावइ रोवइ बाल अधीर।**
**ब्याधि नास हित जननी गनति न सो सिसु पीर॥ ७४ ( क )॥**

यद्यपि बच्चा पहिले (खटिरा फुटाल्ने समयमा) दुःख पाउछ र अत्तालिएर रुन्छ, तर पनि रोगको नाशको लागि आमाले* उसको पीडालाई केही वास्ता गर्दिनन् (उसको वास्ता नगरेर खटिरा फुटालेर र निचोरेर नै छोड्दछिन्)॥ ७४ (क)॥

**तिमि रघुपति निज दास कर हरहिं मान हित लागि।**
**तुलसिदास ऐसे प्रभुहि कस न भजहु भ्रम त्यागि॥ ७४ ( ख )॥**

यस्तै प्रकार श्रीरघुनाथले पनि आफ्नो दासको अभिमान उसको हितको लागि नष्ट गर्नुहुन्छ। तुलसीदासजीले भन्नुहुन्छ कि यस्ता प्रभुको भ्रम त्यागेर भजन किन गर्दैनौ?॥ ७४ (ख)॥

**राम कृपा आपनि जड़ताई। कहउँ खगेस सुनहु मन लाई॥**
**जब जब राम मनुज तनु धरहीं। भक्त हेतु लीला बहु करहीं॥**

हे पक्षिराज गरुडजी! श्रीरामको कृपा र आफ्नो जडता (मूर्खता) को कुरा भन्दछु, मन लगाएर सुन्नुहोस्† (अर्थात् मन लगाएर सुन्दा नै सम्झन सकिन्छ, अन्यथा सकिँदैन)। जब–जब श्रीरामचन्द्रले मनुष्य शरीर धारण गर्नुहुन्छ र भक्तहरूको लागि धेरै नै लीला गर्नुहुन्छ॥ १॥

**तब तब अवधपुरी मैं जाऊँ। बालचरित बिलोकि हरषाऊँ॥**
**जन्म महोत्सव देखउँ जाई। बरष पाँच तहँ रहउँ लोभाई॥**

तब–तब म अयोध्यापुरीमा जान्छु र उहाँको बाललीला देखेर हर्षित हुन्छु। वहाँ गएर मैले जन्मोत्सव हेर्दछु र [भगवान्‌को शिशुलीलामा] लोभिएर पाँच वर्षसम्म त्यहीं रहन्छु॥ २॥

**इष्टदेव मम बालक रामा। सोभा बपुष कोटि सत कामा॥**
**निज प्रभु बदन निहारि निहारी। लोचन सुफल करउँ उरगारी॥**

* आमाको समान बाबुको ममत्व 'शिशु' प्रति हुँदैन, अतः आमाको नै दृष्टान्त दिइयो।

† प्रभुको गुण मन लगाएर सुन्न योग्य र मायाको छल पनि मन दिएर सुन्नुपर्छ। तिमीलाई मायाले छलेको थियो, अब सावधान हुनेछौ। (मानस–पीयूषबाट उद्धृत गरिएको)

बालकरूप श्रीरामचन्द्र मेरा इष्टदेव हुनुहुन्छ, जसको शरीरमा अरबौं कामदेवको शोभा छ। हे गरुडजी! आफ्ना प्रभुको अनुहार (मुख) बारम्बार हेरेर मैले नेत्रलाई सफल गर्दछु॥ ३॥

**लघु बायस बपु धरि हरि संगा। देखउँ बालचरित बहु रंगा॥**

सानो काग (चल्ला) को शरीर धारण गरेर र भगवान्‌को साथ-साथै घुमेर उहाँका धेरै प्रकारका बालचरित्रलाई हेर्ने गर्दछु॥ ४॥

दो०— **लरिकाईं जहँ जहँ फिरहिं तहँ तहँ संग उड़ाउँ।**
**जूठनि परइ अजिर महँ सो उठाइ करि खाउँ॥ ७५ (क)॥**

बालकपनमा (बालक राम) जहाँ-जहाँ घुम्नुहुन्छ, त्यहाँ-त्यहाँ म साथ-साथै उड्दछु र आँगनमा उहाँको जुन जूठो खस्दछ, त्यसैलाई उठाएर खान्छु॥ ७५ (क)॥

**एक बार अतिसय सब चरित किए रघुबीर।**
**सुमिरत प्रभु लीला सोइ पुलकित भयउ सरीर॥ ७५ (ख)॥**

एकपल्ट श्रीरघुवीरले सबै चरित्र अत्यन्त अधिकताले गर्नुभयो। प्रभुको त्यस लीलालाई स्मरण गर्दा नै कागभुशुण्डिजीको शरीर [प्रेमानन्दवश] पुलकित भयो॥ ७५ (ख)॥

**कहइ भसुंड सुनहु खगनायक। राम चरित सेवक सुखदायक॥**
**नृप मंदिर सुंदर सब भाँती। खचित कनक मनि नाना जाती॥**

भुशुण्डिजीले भन्न लाग्नुभयो—हे पक्षिराज! सुन्नुहोस्, श्रीरामको चरित्र सेवकहरूको लागि सुखदायक छ। [अयोध्याको] राजमहल सबै प्रकारले सुन्दर छ। सुनको महलमा अनेकौं प्रकारका रत्न जोडिएका छन्॥ १॥

**बरनि न जाइ रुचिर अँगनाई। जहँ खेलहिं नित चारिउ भाई॥**
**बालबिनोद करत रघुराई। बिचरत अजिर जननि सुखदाई॥**

सुन्दर आँगनको वर्णन गर्न नै सकिँदैन, जहाँ चारै भाइ दिनहुँ खेल्नुहुन्छ। आमालाई सुखदायक बालविनोद गर्दै श्रीरघुनाथ घुमिरहनुहुन्छ॥ २॥

**मरकत मृदुल कलेवर स्यामा। अंग अंग प्रति छबि बहु कामा॥**
**नव राजीव अरुन मृदु चरना। पदज रुचिर नख ससि दुति हरना॥**

मरकत मणि [नीलमणि] समान हरिताभ श्याम र कोमल शरीर छ, अङ्ग-अङ्गमा धेरै नै कामदेवको शोभा छाइएको छ। रातो कमलका समान राता-राता कोमल चरण छन्। सुन्दर औंठाहरू छन् र नङ आफ्नो ज्योतिले चन्द्रमाको कान्तिलाई हरण गर्नेवाला छ॥ ३॥

**ललित अंक कुलिसादिक चारी। नूपुर चारु मधुर रवकारी॥**
**चारु पुरट मनि रचित बनाई। कटि किंकिनि कल मुखर सुहाई॥**

[तलुवा, पैताला] मा वज्रादि (वज्र, अङ्कुश, ध्वजा र कमल) का चार सुन्दर चिह्न छन्, चरणमा

मधुर शब्द गर्ने नूपुर छन्, मणि र रत्नहरूले जोडिएका सुनबाट बनाइएका सुन्दर कन्धनी (कम्मरपेटी) को शब्द सुन्दर लागिरहेको छ। वा सुन्दर शब्दवाला क्षुद्रघण्टिका कम्मरमा शोभित भइरहेको छ॥ ४॥

**दो०— रेखा त्रय सुंदर उदर नाभी रुचिर गँभीर।**
**उर आयत भ्राजत बिबिधि बाल बिभूषन चीर॥ ७६॥**

पेटमा सुन्दर तीन रेखा (त्रिबली) छन्, नाभि सुन्दर र गहिरो छ। विशाल वक्ष:स्थलमा अनेकौं प्रकारका बच्चाका आभूषण र वस्त्र सुशोभित छन्॥ ७६॥

**अरुन पानि नख करज मनोहर। बाहु बिसाल बिभूषन सुंदर॥**
**कंध बाल केहरि दर ग्रीवा। चारु चिबुक आनन छबि सींवा॥**

राता-राता हत्केला, नङ र औंठाहरूले मनलाई हरण गर्ने गर्छन् र विशाल भुजाहरूमा सुन्दर आभूषण छन्। बालसिंह (सिंहको बच्चा) को जस्तो काँध र शङ्खको समान (तीन रेखाबाट युक्त) गला छ। सुन्दर चिउँडो छ र मुख त छविको सीमा नै छ॥ १॥

**कलबल बचन अधर अरुनारे। दुइ दुइ दसन बिसद बर बारे॥**
**ललित कपोल मनोहर नासा। सकल सुखद ससि कर सम हासा॥**

तोते वचन छ, राता-राता ओठ छन्। उज्ज्वल, सुन्दर र साना-साना माथि र तल दुइटा-दुइटा दाँतहरू छन्। सुन्दर गाला, मनोहर नाक र सबै सुखहरूलाई दिने चन्द्रमाको [अथवा सुख दिने समस्त कलाहरूले पूर्ण चन्द्रमाका] किरणको समान मधुर मुस्कान छ॥ २॥

**नील कंज लोचन भव मोचन। भ्राजत भाल तिलक गोरोचन॥**
**बिकट भृकुटि सम श्रवन सुहाए। कुंचत कच मेचक छबि छाए॥**

नीला कमलका समान नेत्र जन्म-मृत्यु [को बन्धन] बाट छुटाउनेवाला छन्। ललाटमा गोरोचनको तिलक सुशोभित छ। आँखीभौं टेढा छन्, कान सम र सुन्दर छन्, काला र घुम्रे (घुमाउरा) केशको छवि छाएको छ॥ ३॥

**पीत झीनि झगुली तन सोही। किलकनि चितवनि भावति मोही॥**
**रूप रासि नृप अजिर बिहारी। नाचहिं निज प्रतिबिंब निहारी॥**

पहेंलो र नरम (मसिनो) भोटोले शरीरमा शोभा दिइरहेको छ। उहाँको खितखिते हाँसो र चितवन (यता-उति हेर्ने तरिका) मलाई धेरै नै प्रिय लाग्छ। राजा दशरथजीका आँगनमा भ्रमण गर्ने रूपका राशि श्रीरामचन्द्र आफ्नो छाया देखेर नाच्नुहुन्छ॥ ४॥

**मोहि सन करहिं बिबिधि बिधि क्रीड़ा। बरनत मोहि होति अति ब्रीड़ा॥**
**किलकत मोहि धरन जब धावहिं। चलउँ भागि तब पूप देखावहिं॥**

र मसँग धेरै प्रकारले खेल गर्नुहुन्छ, जुन चरित्रलाई वर्णन गर्दा मलाई लज्जा हुन्छ! खित्का छोड्दै जब उहाँले मलाई समात्न दौडनुहुन्छ र म भाग्दै गर्थे, त्यसपछि मलाई पुवा देखाउनु हुन्थ्यो (कि आउ, पूवा खाऊ)॥ ५॥

दो०— **आवत निकट हँसहिं प्रभु भाजत रुदन कराहिं।**
**जाउँ समीप गहन पद फिरि फिरि चितइ पराहिं॥ ७७ ( क )॥**

मेरो नजिक आएपछि प्रभु हाँस्नुहुन्थ्यो र भाग्दाखेरि प्रभु रुनुहुन्थ्यो र जब म उहाँका चरणस्पर्श गर्नको लागि नजिक जान्थें, त्यसपछि उहाँ पछाडि–पछाडि फर्केर मलाई हेर्दै भाग्नुहुन्थ्यो॥ ७७ (क)॥

**प्राकृत सिसु इव लीला देखि भयउ मोहि मोह।**
**कवन चरित्र करत प्रभु चिदानंद संदोह॥ ७७ ( ख )॥**

साधारण बच्चाको–जस्तो लीला देखेर मलाई मोह (शङ्का) भयो कि सच्चिदानन्दघन प्रभुले यो कस्तो चरित्र [लीला] गरिरहनुभएको छ॥ ७७ (ख)॥

**एतना मन आनत खगराया। रघुपति प्रेरित ब्यापी माया॥**
**सो माया न दुखद मोहि काहीं। आन जीव इव संसृत नाहीं॥**

हे पक्षिराज! मनमा यति [शङ्का] गर्नेबित्तिकै श्रीरघुनाथद्वारा प्रेरित माया मप्रति व्याप्त भयो। परन्तु त्यस मायाले न मलाई दु:ख दियो र न अन्य जीवहरूलाईझैं सांसारिक जालमा फसायो॥ १॥

**नाथ इहा कछु कारन आना। सुनहु सो सावधान हरिजाना॥**
**ग्यान अखंड एक सीताबर। माया बस्य जीव सचराचर॥**

हे नाथ! यहाँ केही अरू नै कारण छ। हे भगवान्‌का वाहन गरुडजी! त्यसलाई सावधान भएर सुन्नुहोस्। एउटा सीतापति श्रीराम नै अखण्ड ज्ञानस्वरूप हुनुहुन्छ र जड–चेतन सबै जीव मायाको वशमा छन्॥ २॥

**जौं सब कें रह ग्यान एकरस। ईस्वर जीवहि भेद कहहु कस॥**
**माया बस्य जीव अभिमानी। ईस बस्य माया गुन खानी॥**

यदि जीवहरूमा एकरस (अखण्ड) ज्ञान रहेमा त भन्नुहोस्, फेरि ईश्वर र जीवमा भेद नै कसरी? अभिमानी जीव मायाको वशमा छन् र ती [सत्त्व, रज, तम—यी] तीनै गुणहरूका खानी माया ईश्वरको वशमा छन्॥ ३॥

**परबस जीव स्वबस भगवंता। जीव अनेक एक श्रीकंता॥**
**मुधा भेद जद्यपि कृत माया। बिनु हरि जाइ न कोटि उपाया॥**

जीव परतन्त्र छ, भगवान् स्वतन्त्र हुनुहुन्छ; जीव अनेक छन्, श्रीपति भगवान् एउटै हुनुहुन्छ। यद्यपि मायाले बनाएको यो भेद असत् छ तथापि ऊ भगवान्‌को भजनविना करोडौं उपाय गर्दाखेरि पनि जान सक्तैन॥ ४॥

दो०— **रामचंद्र के भजन बिनु जो चह पद निर्बान।**
**ग्यानवंत अपि सो नर पसु बिनु पूँछ बिषान॥ ७८ ( क )॥**

श्रीरामचन्द्रको भजनविना जसले मोक्षपद चाहन्छ, त्यस्ता मनुष्य ज्ञानवान् हुँदा पनि विनापुच्छर र सिङका पशु हुन्॥ ७८ (क)॥

**राकापति षोडस उअहिं तारागन समुदाइ।**
**सकल गिरिन्ह दव लाइअ बिनु रबि राति न जाइ॥ ७८ ( ख )॥**

सबै तारागणहरूका साथ सोह्र कलाहरूबाट पूर्ण चन्द्रमा उदय होस् र जति पर्वत छन् ती सबैमा आगो लगाइदिए पनि सूर्य उदय नभई रात्रि जान (बित्न) सक्तैन॥ ७८ (ख)॥

**ऐसेहिं हरि बिनु भजन खगेसा। मिटइ न जीवन्ह केर कलेसा॥**
**हरि सेवकहि न ब्याप अबिद्या। प्रभु प्रेरित ब्यापइ तेहि बिद्या॥**

हे पक्षिराज! यस्तै प्रकारले श्रीहरिको भजनविना जीवहरूको क्लेश मेटिंदैन। श्रीहरिको सेवकलाई अविद्याले व्याप्त गर्दैन। प्रभुको प्रेरणाले उसलाई विद्या व्याप्त गर्छ॥ १॥

**ताते नास न होइ दास कर। भेद भगति बाढ़इ बिहंगबर॥**
**भ्रम तें चकित राम मोहि देखा। बिहँसे सो सुनु चरित बिसेषा॥**

हे पक्षिश्रेष्ठ! यसबाट दासको नाश हुँदैन र भेद-भक्ति बढ्दछ। श्रीरामले मलाई भ्रमले चकित देख्नुभयो, त्यसपछि उहाँ हाँस्नुभयो। त्यो विशेष चरित्र सुन्नुहोस्॥ २॥

**तेहि कौतुक कर मरमु न काहूँ। जाना अनुज न मातु पिताहूँ॥**
**जानु पानि धाए मोहि धरना। स्यामल गात अरुन कर चरना॥**

त्यो खेलको मर्म कसैले पनि जानेनन्, न भाइले र न माता-पिताले नै। उहाँले श्याम शरीर र राता पैताला र हत्केला राता-राता भएका बालरूप श्रीरामले घुँडा र हातको बलले मलाई समात्न दौडनुभयो॥ ३॥

**तब मैं भागि चलेउँ उरगारी। राम गहन कहँ भुजा पसारी॥**
**जिमि जिमि दूरि उड़ाउँ अकासा। तहँ भुज हरि देखउँ निज पासा॥**

हे सर्पहरूका शत्रु गरुडजी! अनि म भागिहाले। श्रीरामले मलाई समात्नको लागि भुजा फैलाउनुभयो। म जति-जति आकाशमा टाढा उड्दै गएँ, त्यहीं-त्यहीं नै श्रीहरिका भुजाहरूलाई आफूसँग देख्थें॥ ४॥

दो०— **ब्रह्मलोक लगि गयउँ मैं चितयउँ पाछ उड़ात।**
**जुग अंगुल कर बीच सब राम भुजहि मोहि तात॥ ७९ ( क )॥**

म ब्रह्मलोकसम्म गएँ र जब उड्दा-उड्दै मैले पछिल्तिर हेरें, त्यस समयमा हे तात! श्रीरामको भुजा र मेरो केवल दुई अङ्गुलको नै फरक (बीच) थियो॥ ७९ (क)॥

**सप्तावरन भेद करि जहाँ लगें गति मोरि।**
**गयउँ तहाँ प्रभु भुज निरखि ब्याकुल भयउँ बहोरि॥ ७९ ( ख )॥**

सातवटा नै आवरणलाई* नाघेर जहाँसम्म मेरो गति थियो, त्यहाँसम्म म गएँ, तर वहाँ पनि प्रभुका भुजालाई [आफ्नो पछिल्तिर] देखेर म अत्तालिएँ॥ ७९ (ख)॥

* **सप्तावरन**—पृथ्वी, जल, अग्नि, पवन, आकाश, अहङ्कार र महतत्त्व यी हुन्। (मानस-पीयूषबाट)

**मूदेउँ नयन त्रसित जब भयऊँ। पुनि चितवत कोसलपुर गयऊँ॥**
**मोहि बिलोकि राम मुसुकाहीं। बिहँसत तुरत गयउँ मुख माहीं॥**

जब म भयभीत भएँ, तब मैले आँखा बन्द गरें, अनि आँखा खोलेर हेर्दा नै अयोध्यापुरीमा पुगें। मलाई देखेर श्रीराम मुस्कुराउन लाग्नुभयो। उहाँ हाँस्दा नै म तुरुन्तै उहाँको मुखमा गइहालें॥ १॥

**उदर माझ सुनु अंडज राया। देखेउँ बहु ब्रह्मांड निकाया॥**
**अति बिचित्र तहँ लोक अनेका। रचना अधिक एक ते एका॥**

हे पक्षिराज! सुन्नुहोस्, मैले उहाँको पेटमा धेरै नै ब्रह्माण्डका समूह देखें। त्यहाँ (ती ब्रह्माण्डमा) अनेकौं विचित्र किसिमका लोक थिए, जसको रचना एउटाको भन्दा अर्काको धेरै सुन्दर थियो॥ २॥

**कोटिन्ह चतुरानन गौरीसा। अगनित उडगन रबि रजनीसा॥**
**अगनित लोकपाल जम काला। अगनित भूधर भूमि बिसाला॥**

करोडौं ब्रह्माजी र शिवजी, अगणित तारागण, सूर्य र चन्द्रमा, असङ्ख्य लोकपाल, यम र काल, अनगिन्ती विशाल पर्वत र भूमि,॥ ३॥

**सागर सरि सर बिपिन अपारा। नाना भाँति सृष्टि बिस्तारा॥**
**सुर मुनि सिद्ध नाग नर किंनर। चारि प्रकार जीव सचराचर॥**

असङ्ख्य समुद्र, नदी, ताल र वन तथा अन्य पनि नाना प्रकारका सृष्टिको विस्तार देखें। देवता, मुनि, सिद्ध, नाग, मनुष्य, किन्नर तथा चारै प्रकारका जड र चेतन जीव देखें॥ ४॥

दो०— **जो नहिं देखा नहिं सुना जो मनहूँ न समाइ।**
**सो सब अद्भुत देखेउँ बरनि कवनि बिधि जाइ॥ ८० (क)॥**

जुन कहिल्यै देखेको थिइन, न सुनेको थिएँ र जुन मनमा पनि कल्पना गर्न नै सकिन्थ्यो, तिनै सबै अद्भुत सृष्टि मैले देखें। यस्तो भएकोले उसलाई कुन प्रकारले वर्णन गर्न सकिन्छ!॥ ८० (क)॥

**एक एक ब्रह्मांड महुँ रहउँ बरष सत एक।**
**एहि बिधि देखत फिरउँ मैं अंड कटाह अनेक॥ ८० (ख)॥**

म एक-एक ब्रह्माण्डमा एक-एक सय वर्षसम्म बसें अर्थात् भलीभाँति हेरें। यस प्रकार मैले अनेकौं ब्रह्माण्ड हेर्दै घुमें॥ ८० (ख)॥

**लोक लोक प्रति भिन्न बिधाता। भिन्न बिष्नु सिव मनु दिसित्राता॥**
**नर गंधर्ब भूत बेताला। किंनर निसिचर पसु खग ब्याला॥**

प्रत्येक लोकमा भिन्दा-भिन्दै ब्रह्मा, भिन्दा-भिन्दै विष्णु, शिव, मनु, दिक्पाल, मनुष्य, गन्धर्व, भूत, बेताल, किन्नर, राक्षस, पशु, पक्षी, सर्प,॥ १॥

**देव दनुज गन नाना जाती। सकल जीव तहँ आनहि भाँती॥**
**महि सरि सागर सर गिरि नाना। सब प्रपंच तहँ आनइ आना॥**

तथा अनेक जातका देवता एवं दैत्यगण थिए। सबै जीव त्यहाँ अलगै प्रकारका थिए। अनेक पृथ्वी, नदी, समुद्र, ताल, पर्वत तथा सबै सृष्टि त्यहाँ अलग-अलग प्रकारको थियो॥ २॥

**अंडकोस प्रति प्रति निज रूपा। देखेउँ जिनस अनेक अनूपा॥**
**अवधपुरी प्रति भुवन निनारी। सरजू भिन्न भिन्न नर नारी॥**

प्रत्येक ब्रह्माण्डमा मैले आफ्नो रूप तथा अनेकौं अनुपम वस्तुहरू देखें। प्रत्येक भुवनमा पृथक् (अलग, भिन्न) अयोध्यापुरी, अलग सरयू र भिन्न प्रकारका नै नर-नारी थिए॥ ३॥

**दसरथ कौसल्या सुनु ताता। बिबिध रूप भरतादिक भ्राता॥**
**प्रति ब्रह्मांड राम अवतारा। देखउँ बालबिनोद अपारा॥**

हे तात! सुन्नहोस्, दशरथजी, कौसल्याजी र भरतादि भाइ पनि अलग-अलग रूपका थिए। मैले प्रत्येक ब्रह्माण्डमा रामावतार र उहाँको अपार बाललीलाहरू हेर्दै घुमें॥ ४॥

दो०— **भिन्न भिन्न मैं दीख सबु अति बिचित्र हरिजान।**
**अगनित भुवन फिरेउँ प्रभु राम न देखउँ आन॥ ८१ ( क )॥**

हे हरिवाहन! मैले सबै चीज अलग-अलग र अत्यन्त विचित्र देखें। म अनगिन्ती ब्रह्माण्डहरूमा घुमें, तर प्रभु श्रीरामचन्द्रलाई मैले अर्कै किसिमको (भिन्दै) देखिन॥ ८१ (क)॥

**सोइ सिसुपन सोइ सोभा सोइ कृपाल रघुबीर।**
**भुवन भुवन देखत फिरउँ प्रेरित मोह समीर॥ ८१ ( ख )॥**

सर्वत्र त्यही शिशुपन, त्यही शोभा र त्यही कृपालु श्रीरघुवीर! यस प्रकार मोहरूपी पवनको प्रेरणाले मैले कैयौं भुवन हेर्दै घुम्ने गर्दथें॥ ८१ (ख)॥

**भ्रमत मोहि ब्रह्मांड अनेका। बीते मनहुँ कल्प सत एका॥**
**फिरत फिरत निज आश्रम आयउँ। तहँ पुनि रहि कछु काल गवाँयउँ॥**

अनेकौं ब्रह्माण्डमा चक्कर लगाउँदै गर्दा मलाई मानौं एक सय कल्प बिते। घुम्दा-घुम्दै म आफ्नो आश्रममा आएर केही समय वहाँ रहेर बिताएँ॥ १॥

**निज प्रभु जन्म अवध सुनि पायउँ। निर्भर प्रेम हरषि उठि धायउँ॥**
**देखउँ जन्म महोत्सव जाई। जेहि बिधि प्रथम कहा मैं गाई॥**

फेरि जब आफ्ना प्रभुको अयोध्यापुरीमा जन्म (अवतार) भएको सुनें, अनि प्रेमले परिपूर्ण हुँदै म हर्षपूर्वक उठेर दौडें। गएर मैले जन्म-महोत्सव हेरें, जुन प्रकारले मैले पहिले नै वर्णन गरिसकेको छु॥ २॥

**राम उदर देखेउँ जग नाना। देखत बनइ न जाइ बखाना॥**
**तहँ पुनि देखेउँ राम सुजाना। माया पति कृपाल भगवाना॥**

श्रीरामचन्द्रको पेटमा मैले धेरै नै जगत् देखें, जुन असाध्य राम्रा थिए, जसलाई वर्णन गर्न नै सकिँदैन। वहाँ फेरि मैले सुजान मायाका स्वामी कृपालु भगवान् श्रीरामलाई देखें॥ ३॥

**करउँ बिचार बहोरि बहोरी। मोह कलिल ब्यापित मत मोरी॥**
**उभय घरी महँ मैं सब देखा। भयउँ भ्रमित मन मोह बिसेषा॥**

मैले पटक-पटक विचार गर्दथें। मेरो बुद्धि मोहरूपी हिलोमा छेपिएको (टाँसिएको) थियो। यो सबै मैले दुई घडीमा देखें। मनमा विशेष मोह हुनाले म थाकेको थिएँ॥ ४॥

**दो०— देखि कृपाल बिकल मोहि बिहँसे तब रघुबीर।**
**बिहँसतहीं मुख बाहेर आयउँ सुनु मतधीर॥ ८२ ( क )॥**

मलाई अत्तालिएको देखेर कृपालु श्रीरघुवीर हाँस्नुभयो। हे धीरबुद्धि गरुडजी! सुन्नुहोस्, उहाँ हाँस्नेबित्तिकै म मुखबाट बाहिर आएँ॥ ८२ (क)॥

**सोइ लरिकाई मो सन करन लगे पुनि राम।**
**कोटि भाँति समुझावउँ मनु न लहइ बिश्राम॥ ८२ ( ख )॥**

श्रीरामचन्द्रले मसँग फेरि उही बालस्वभाव गर्न लाग्नुभयो। मैले करोडौं (अनगिन्ती) प्रकारले मनलाई सम्झाउथें, तर त्यो शान्ति मिल्दैनथ्यो॥ ८२ (ख)॥

**देखि चरित यह सो प्रभुताई। समुझत देह दसा बिसराई॥**
**धरनि परेउँ मुख आव न बाता। त्राहि त्राहि आरत जन त्राता॥**

यस्तो [बाल] स्वभाव [चरित्र] देखेर र [पेटभित्र देखेको] त्यही प्रभुतालाई स्मरण गरेर मैले शरीरको हाल भुले र 'हे आर्तजनहरूका रक्षक! रक्षा गरिबक्सियोस्, रक्षा गरिबक्सियोस्' भनेर चिच्च्याउँदै पृथ्वीमा पल्टिए। मुखबाट वचन निस्कँदैनथ्यो॥ १॥

**प्रेमाकुल प्रभु मोहि बिलोकी। निज माया प्रभुता तब रोकी॥**
**कर सरोज प्रभु मम सिर धरेऊ। दीनदयाल सकल दुख हरेऊ॥**

तदनन्तर प्रभुले मलाई प्रेमविह्वल देखेर आफ्नो मायाको प्रभुता (प्रभाव) लाई रोक्नुभयो। प्रभुले आफ्ना कर-कमल मेरो शिरमा राख्नुभयो। दीनदयालुले मेरो सम्पूर्ण दुःख नष्ट गर्नुभयो॥ २॥

**कीन्ह राम मोहि बिगत बिमोहा। सेवक सुखद कृपा संदोहा॥**
**प्रभुता प्रथम बिचारि बिचारी। मन महँ होइ हरष अति भारी॥**

सेवकहरूलाई सुख दिनेवाला, कृपाका समूह (कृपामय) श्रीरामले मलाई मोहदेखि सर्वथा रहित (विमोह रहित) बनाउनुभयो। उहाँको पहिलाको प्रभुतालाई बारम्बार विचार गर्दा मेरो मनमा धेरै ठूलो हर्ष भयो॥ ३॥

**भगत बछलता प्रभु कै देखी। उपजी मम उर प्रीति बिसेषी॥**
**सजल नयन पुलकित कर जोरी। कीन्हिउँ बहु बिधि बिनय बहोरी॥**

प्रभुको भक्तवत्सलता देखेर मेरो हृदयमा अत्यन्तै प्रेम उत्पन्न भयो। फेरि मैले [आनन्दले] नेत्रमा जल भरेर, पुलकित हुँदै हात जोडेर धेरै प्रकारले बिन्ती गरे॥ ४॥

दो०— **सुनि सप्रेम मम बानी देखि दीन निज दास।**
**बचन सुखद गंभीर मृदु बोले रमानिवास॥ ८३ ( क )॥**

मेरा प्रेमयुक्त वाणी सुनेर र आफ्नो दासलाई दीन देखेर रमानिवास श्रीरामले सुखदायक, गम्भीर र कोमल वचन बोल्नुभयो— ॥ ८३ (क) ॥

**काकभुसुंडि मागु बर अति प्रसन्न मोहि जानि।**
**अनिमादिक सिधि अपर रिधि मोच्छ सकल सुख खानि॥ ८३ ( ख )॥**

हे काकभुशुण्डि! तिमीले मलाई अत्यन्त प्रसन्न जानेर वरदान माग। अणिमा आदि अष्ट सिद्धि, अरू ऋद्धिहरू तथा सम्पूर्ण सुखको खानी मोक्ष, ॥ ८३ (ख) ॥

**ग्यान बिबेक बिरति बिग्याना। मुनि दुर्लभ गुन जे जग नाना॥**
**आजु देउँ सब संसय नाहीं। मागु जो तोहि भाव मन माहीं॥**

ज्ञान, विवेक, वैराग्य, विज्ञान (तत्त्वज्ञान) र उनी अनेकौं गुण जुन जगत्‌मा मुनिहरूको लागि पनि दुर्लभ छन्, यी सबै मैले आज तिमीलाई दिनेछु, यसमा सन्देह छैन। जुन चीज तिम्रो मनमा मन पर्छ, सो मागिहाल॥ १ ॥

**सुनि प्रभु बचन अधिक अनुरागेउँ। मन अनुमान करन तब लागेउँ॥**
**प्रभु कह देन सकल सुख सही। भगति आपनी देन न कही॥**

प्रभुका वचन सुनेर म धेरै नै प्रेममा पूर्ण भए। अनि मनमा अनुमान गर्न लागे कि प्रभुले सबै सुखहरू दिने कुरा भन्नुभयो, यो त सत्य हो; तर आफ्नो भक्ति दिने कुरा भन्नुभएन॥ २ ॥

**भगति हीन गुन सब सुख ऐसे। लवन बिना बहु बिंजन जैसे॥**
**भजन हीन सुख कवने काजा। अस बिचारि बोलेउँ खगराजा॥**

भक्तिबाट रहित सबै गुण र सबै सुख उस्तै प्रकारले अलिनु (बिलिनु, खल्लो) हुन्छ, जस्तै नुनविनाको धेरै प्रकारका भोजनका पदार्थ। भजनविनाको सुख के कामको? हे पक्षिराज! यस्तो विचार गरेर मैले भनें— ॥ ३ ॥

**जौं प्रभु होइ प्रसन्न बर देहू। मो पर करहु कृपा अरु नेहू॥**
**मन भावत बर मागउँ स्वामी। तुम्ह उदार उर अंतरजामी॥**

हे प्रभु! यदि हजुर प्रसन्न भएर मलाई वरदान दिइबक्सिन्छ र मलाई कृपा र स्नेह गरिबक्सिन्छ भने, हे स्वामी! मैले आफ्नो मनमा–मन परेको वरदान माग्दछु। हजुर उदार होइबक्सिन्छ र हृदय भित्रको जानिबक्सिन्छ॥ ४ ॥

दो०— **अबिरल भगति बिसुद्ध तव श्रुति पुरान जो गाव।**
**जेहि खोजत जोगीस मुनि प्रभु प्रसाद कोउ पाव॥ ८४ ( क )॥**

हजुरको जुन अविरल (प्रगाढ) एवं विशुद्ध (अनन्य निष्काम) भक्तिलाई श्रुति र पुराणहरूले

गाउँछन्, जसलाई योगीश्वर मुनिले खोज्दछन् र प्रभुको कृपाले कसैले विरलै रूपमा नै जसलाई पाउँछन्॥ ८४ (क)॥

**भगत कल्पतरु प्रनत हित कृपा सिंधु सुख धाम।**
**सोइ निज भगति मोहि प्रभु देहु दया करि राम॥ ८४ ( ख )॥**

हे भक्तहरूलाई [मन-इच्छित फल दिने] कल्पवृक्ष! हे शरणागतका हितकारी! हे कृपासागर! हे सुखधाम श्रीराम! दया गरेर मलाई हजुरको त्यही भक्ति दिनुहोस्॥ ८४ (ख)॥

**एवमस्तु कहि रघुकुलनायक। बोले बचन परम सुखदायक॥**
**सुनु बायस तैं सहज सयाना। काहे न मागसि अस बरदाना॥**

'तथास्तु' (यस्तो नै हुनेछ) भनेर रघुवंशका स्वामी परम सुखदायक वचन बोल्नुभयो— हे काग! सुन, तिमी स्वभावले नै बुद्धिमान् छौ। यस्तो वरदान तिमीले कसरी नमाग्ने?॥ १॥

**सब सुख खानि भगति तैं मागी। नहिं जग कोउ तोहि सम बड़भागी॥**
**जो मुनि कोटि जतन नहिं लहहीं। जे जप जोग अनल तन दहहीं॥**

तिमीले सबै सुखहरूको खानी भक्ति माग्यौ, जगत्मा तिमीसमान ठूलो भाग्यमानी कुनै छैनन्। जसलाई मुनिले जप र योगको अग्निले शरीर जलाइरहन्छन् तथा करोडौं प्रयत्न गर्दा पनि जुन भक्तिलाई पाउँदैनन्॥ २॥

**रीझेउँ देखि तोरि चतुराई। मागेहु भगति मोहि अति भाई॥**
**सुनु बिहंग प्रसाद अब मोरें। सब सुभ गुन बसिहहिं उर तोरें॥**

त्यही भक्ति तिमीले माग्यौ। तिम्रो चतुरता देखेर म प्रसन्न भएँ। यो चतुऱ्याइँ मलाई धेरै नै राम्रो लाग्यो। हे पक्षी! सुन, मेरो कृपाले अब समस्त गुण तिम्रो हृदयमा बस्नेछन्॥ ३॥

**भगति ग्यान बिग्यान बिरागा। जोग चरित्र रहस्य बिभागा॥**
**जानब तैं सबही कर भेदा। मम प्रसाद नहिं साधन खेदा॥**

भक्ति, ज्ञान, विज्ञान, वैराग्य, योग, मेरा लीलाहरू र उनका रहस्य तथा विभाग—यी सबैका भेदलाई तिमीले मेरो कृपाले नै जान्नेछौ। तिमीलाई साधनको (गरेर जान्नलाई) कष्ट हुनेछैन अर्थात् यी सबै सहजरूपमा नै प्राप्त हुनेछन्॥ ४॥

दो०— **माया संभव भ्रम सब अब न ब्यापिहहिं तोहि।**
**जानेसु ब्रह्म अनादि अज अगुन गुनाकर मोहि॥ ८५ ( क )॥**

मायाले उत्पन्न सबै भ्रमले अब तिमीलाई छुने छैनन्। मलाई अनादि, अजन्मा, अगुण (प्रकृतिको गुणदेखि रहित) र [गुणातीत दिव्य] गुणहरूको खानी ब्रह्म जान्नू॥ ८५ (क)॥

**मोहि भगत प्रिय संतत अस बिचारि सुनु काग।**
**कायँ बचन मन मम पद करेसु अचल अनुराग॥ ८५ ( ख )॥**

हे काग! सुन, मलाई भक्त निरन्तर प्रिय छन्, यस्तो विचार गरेर शरीर, वचन र मनले मेरो चरणमा अटल प्रेम गर्नू॥ ८५ (ख)॥

**अब सुनु परम बिमल मम बानी। सत्य सुगम निगमादि बखानी॥**
**निज सिद्धांत सुनावउँ तोही। सुनु मन धरु सब तजि भजु मोही॥**

अब मेरो सत्य, सुगम, वेदादिकको द्वारा वर्णित परम निर्मल वाणी सुन। मैले तिमीलाई यो 'निज सिद्धान्त' सुनाउँछु। यसलाई सुनेर मनमा धारण गर र सबै त्यागेर मेरो भजन गर॥ १॥

**मम माया संभव संसारा। जीव चराचर बिबिधि प्रकारा॥**
**सब मम प्रिय सब मम उपजाए। सब ते अधिक मनुज मोहि भाए॥**

यो सम्पूर्ण संसार मेरो मायाले नै उत्पन्न भएको हो। [यसमा] अनेकौं प्रकारका चराचर जीव छन्। उनी सबै मलाई प्रिय छन्; किनकि सबै मैले नै उत्पन्न गरेको हुँ। [किन्तु] मनुष्य मलाई सबैभन्दा अधिक (प्रिय) लाग्दछन्॥ २॥

**तिन्ह महँ द्विज द्विज महँ श्रुतिधारी। तिन्ह महुँ निगम धरम अनुसारी॥**
**तिन्ह महँ प्रिय बिरक्त पुनि ग्यानी। ग्यानिहु ते अति प्रिय बिग्यानी॥**

तिनै मनुष्यहरूमा पनि द्विज, द्विजहरूमा पनि वेदहरूलाई [कण्ठमा] धारण गर्ने, तिनीहरूमध्ये पनि वेदोक्त धर्मको आचरण गर्ने, उनीहरूमा पनि विरक्त (वैराग्यवान्) मलाई प्रिय छन्। वैराग्यहरूमा फेरि ज्ञानी र ज्ञानीहरूमा पनि अत्यन्त प्रिय विज्ञानी छन्॥ ३॥

**तिन्ह ते पुनि मोहि प्रिय निज दासा। जेहि गति मोरि न दूसरि आसा॥**
**पुनि पुनि सत्य कहउँ तोहि पाहीं। मोहि सेवक सम प्रिय कोउ नाहीं॥**

विज्ञानीहरूमा पनि प्रिय मलाई आफ्नो दास छन्, जसलाई मेरो नै गति (आश्रय) छ, कुनै अर्को आशा छैन। मैले तिमीसँग बारम्बार सत्य ('निज सिद्धान्त') भन्दछु कि मलाई आफ्ना सेवकसमान प्रिय कुनै पनि हुँदैनन्॥ ४॥

**भगति हीन बिरंचि किन होई। सब जीवहु सम प्रिय मोहि सोई॥**
**भगतिवंत अति नीचउ प्रानी। मोहि प्रानप्रिय असि मम बानी॥**

भक्तिहीन ब्रह्मा नै किन नहुन्, ऊ मलाई सबै जीवको समान नै प्रिय हुन्छ। परन्तु भक्तिमान् अत्यन्त नीच प्राणी पनि मलाई प्राणको समान प्रिय हुन्छ, यो मेरो घोषणा (स्वभाव, वाणी) हो॥ ५॥

दो०— **सुचि सुसील सेवक सुमति प्रिय कहु काहि न लाग।**
**श्रुति पुरान कह नीति असि सावधान सुनु काग॥ ८६॥**

पवित्र, सुशील र सुन्दर बुद्धिमान् सेवक [तिमीले नै] भन, कसलाई प्यारो लाग्दैन? वेद र पुराणले यस्तो नीति भनेका छन्। हे कौवा! सावधान भएर सुन॥ ८६॥

**एक पिता के बिपुल कुमारा। होहिं पृथक गुन सील अचारा॥**
**कोउ पंडित कोउ तापस ग्याता। कोउ धनवंत सूर कोउ दाता॥**

एउटा पिताका धेरै नै पुत्र अलग-अलग गुण, स्वभाव र आचरण भएका हुन्छन्। कुनै पण्डित हुन्छन्, कुनै तपस्वी, कुनै ज्ञानी, कुनै धनी, कुनै शूरवीर र कुनै दानी, ॥ १ ॥

**कोउ सर्बग्य धर्मरत कोई। सब पर पितहि प्रीति सम होई॥**
**कोउ पितु भगत बचन मन कर्मा। सपनेहुँ जान न दूसर धर्मा॥**

कुनै सर्वज्ञ र कुनै धर्मपरायण हुन्छन्। पिताको प्रेम यी सबैमा समान हुन्छ। परन्तु यिनीहरूमध्ये यदि कुनै (एउटा) मन, वचन र कर्मले पिताको* नै भक्त हुन्छ, सपनामा पनि अर्को धर्म जान्दैन, ॥ २ ॥

**सो सुत प्रिय पितु प्रान समाना। जद्यपि सो सब भाँति अयाना॥**
**एहि बिधि जीव चराचर जेते। त्रिजग देव नर असुर समेते॥**

त्यो पुत्र पितालाई प्राणसमान प्रिय हुन्छ, यद्यपि ऊ सबै प्रकारले अज्ञानी (मूर्ख) नै होस्। यस्तै प्रकारले तिर्यक्, देव, मनुष्य र असुरहरूसमेत जति पनि चेतन र जड जीव छन्, ॥ ३ ॥

**अखिल बिस्व यह मोर उपाया। सब पर मोहि बराबरि दाया॥**
**तिन्ह महँ जो परिहरि मद माया। भजै मोहि मन बच अरु काया॥**

यस्तो सम्पूर्ण विश्वलाई मैले नै पैदा गरेको हुँ। अतः सबैप्रति मेरो बराबर दया हुन्छ। परन्तु यिनीहरूमध्ये जसले मद र माया छोडेर मन, वचन र शरीरले मलाई भज्दछ, ॥ ४ ॥

दो०— **पुरुष नपुंसक नारि वा जीव चराचर कोइ।**
**सर्ब भाव भज कपट तजि मोहि परम प्रिय सोइ॥ ८७ ( क )॥**

ऊ पुरुष होस् या नपुंसक होस्, स्त्री होस् अथवा चर-अचर कुनै† पनि जीव होस्, कपट छोडेर जुन सुकैले पनि सर्वभावले मलाई भज्दछ, उही मलाई परम प्रिय हुन्छ॥ ८७ (क) ॥

सो०— **सत्य कहउँ खग तोहि सुचि सेवक मम प्रानप्रिय।**
**अस बिचारि भजु मोहि परिहरि आस भरोस सब॥ ८७ ( ख )॥**

---

* *'सब पर पितहि प्रीति सम होई'*—यहाँ पिता—ईश्वर हुन्, बृहस्पति आदि पण्डित, प्रचेतादि—तापस, सनकादि—ज्ञाता, कुबेर—धनवान्, दैत्य—शूर, हरिश्चन्द्रादि—दाता, लोमशादि—सर्वज्ञ, शिवि—दधीचि आदि धर्मरत, ध्रुव—प्रह्लाद, अम्बरीषादि—पितृभक्त हुन्।

† *'पुरुष नपुंसक नारि वा जीव चराचर कोइ'*इति। भाव यो हो कि शूद्र, स्त्री, अन्त्यज, पापी, नपुंसक यिनलाई श्रौत यज्ञ, योग, वेद र ज्ञानको अधिकार छैन। तर मेरो भक्तिको अधिकार यी सबैमा छ। भक्तिमा स्त्री, पुरुष सम्बन्धी या ब्राह्मण-क्षत्रिय-वैश्य-शूद्र एवं चाण्डाल-अन्त्यज पापयोनि-सम्बन्धी कुनै भेद शेष रहँदैन। भक्तिले यी सबै महात्मा बन्दछन्। गीतामा पनि भक्तिमार्गको विशेषता यस्तो प्रकारले वर्णन गरिएको छ— **'अपि चेत्सुदुराचारो भजते मामनन्यभाक्। साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः॥ क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति मां हि पार्थ व्यपाश्रित्य येऽपि स्युः पापयोनयः। स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम्॥'** (९। ३०-३२) अर्थात् ठूलो दुराचारी नै किन नहोस्, यदि उसले मलाई अनन्य भावले भज्दछ भने उसलाई ठूलो साधु नै सम्झनुपर्छ; किनकि उसको बुद्धिको निश्चय (निर्णय) राम्रो छ। ऊ तुरुन्तै धर्मात्मा हुन्छ र नित्य शान्ति पाउँछ। मेरो आश्रय लिएर स्त्रीहरू, वैश्य, शूद्र तथा अन्त्यजादि पापयोनि प्राणीले पनि परमगति पाउँछन्। (मानस-पीयूषबाट उद्‌धृत गरिएको)

हे पन्छी! मैले तिमीलाई सत्य भन्दछु, पवित्र (अनन्य एवं निष्काम) सेवक मलाई प्राणको समान प्यारो हुन्छ। यस्तो विचार गरेर सबै आशा–भरोसा छोडेर मलाई नै भज॥ ८७ (ख)॥

**कबहूँ काल न ब्यापिहि तोही। सुमिरेसु भजेसु निरंतर मोही॥**
**प्रभु बचनामृत सुनि न अघाऊँ। तनु पुलकित मन अति हरषाऊँ॥**

तिमीलाई कालले कहिल्यै छुनेछैन। निरन्तर मेरो स्मरण र भजन गर्दै रहनू। प्रभुका वचनामृत सुनेर म तृप्त हुँदैनथे। मेरो शरीर पुलकित थियो र मनमा अत्यन्त नै हर्ष भइरहेको थियो॥ १॥

**सो सुख जानइ मन अरु काना। नहिं रसना पहिं जाइ बखाना॥**
**प्रभु सोभा सुख जानहिं नयना। कहि किमि सकहिं तिन्हहि नहिं बयना॥**

त्यो सुखलाई मन र कानले नै जानेका छन्। जिब्रोले उसलाई वर्णन गर्न सकिँदैन। प्रभुको शोभाको त्यो सुखलाई नेत्र नै जान्दछन्। तर उसलाई कसरी भन्न सक्छन्? उनको वाणी त निस्कँदैन॥ २॥

**बहु बिधि मोहि प्रबोधि सुख देई। लगे करन सिसु कौतुक तेई॥**
**सजल नयन कछु मुख करि रूखा। चितइ मातु लागी अति भूखा॥**

मलाई धेरै प्रकारले सम्झाएर र सुख दिएर प्रभुले फेरि उही बच्चाको खेल गर्न लाग्नुभयो। आखाँमा आँसु टलपलाउँदै र मुखलाई केही रूखो (उदास) बनाएर आमातर्फ हेर्नुभयो— [र मुखाकृति तथा दृष्टिबाट आमालाई सम्झाउनुभयो कि] धेरै भोक लागेको छ॥ ३॥

**देखि मातु आतुर उठि धाई। कहि मृदु बचन लिए उर लाई॥**
**गोद राखि कराव पय पाना। रघुपति चरित ललित कर गाना॥**

यस्तो देखेर आमा तुरुन्तै उठेर दौडनुभयो र कोमल वचन भनेर उहाँले श्रीरामलाई छातीमा लगाउनुभयो। काखमा राखेर उहाँलाई दूध चुसाउन लाग्नुभयो र श्रीरघुनाथका ललित (मधुर) लीलाहरू गाउन लाग्नुभयो॥ ४॥

सो०— **जेहि सुख लागि पुरारि असुभ बेष कृत सिव सुखद।**
**अवधपुरी नर नारि तेहि सुख महुँ संतत मगन॥ ८८ (क)॥**

जुन सुखको लागि [सबैलाई] सुख दिने कल्याणरूप त्रिपुरारि शिवजीले अशुभ भेष धारण गर्नुभयो, त्यही सुखमा अयोध्यापुरीका नर–नारी निरन्तर निमग्न भएका (डुबिरहेका) छन्॥ ८८ (क)॥

**सोई सुख लवलेस जिन्ह बारक सपनेहुँ लहेउ।**
**ते नहिं गनहिं खगेस ब्रह्मसुखहि सज्जन सुमति॥ ८८ (ख)॥**

त्यस सुखलाई लवलेश मात्र जसले एक पटक सपनामा पनि प्राप्त गरेका छन्, हे पक्षिराज! तिनै सुन्दर बुद्धिमान् सज्जनले ब्रह्मसुखलाई पनि केही मतलब (वास्ता) गर्दैनन्॥ ८८ (ख)॥

**मैं पुनि अवध रहेउँ कछु काला। देखेउँ बालबिनोद रसाला॥**
**राम प्रसाद भगति बर पायउँ। प्रभु पद बंदि निजाश्रम आयउँ॥**

म अरू केही समयसम्म अयोध्यापुरीमा बसें र मैले श्रीरामका रसिला बाललीलाहरू हेरें। श्रीरामको कृपाले मैले भक्तिको वरदान पाएँ। तदनन्तर प्रभुका चरणलाई वन्दना (प्रणाम) गरेर म आफ्नो आश्रममा आएँ॥ १॥

**तब ते मोहि न ब्यापी माया। जब ते रघुनायक अपनाया॥**
**यह सब गुप्त चरित मैं गावा। हरि मायाँ जिमि मोहि नचावा॥**

यस्तो प्रकारले जहिलेदेखि श्रीरघुनाथले मलाई आफ्नो बनाउनुभयो, त्यस समयपछि मलाई मायाले कहिल्यै स्पर्श गरेन। श्रीहरिको मायाले मलाई जसरी नचाएको थियो, त्यो सबै गुप्त चरित्र मैले भनें॥ २॥

**निज अनुभव अब कहउँ खगेसा। बिनु हरि भजन न जाहिं कलेसा॥**
**राम कृपा बिनु सुनु खगराई। जानि न जाइ राम प्रभुताई॥**

हे पक्षिराज गरुड! अब मैले हजुरसँग आफ्नो निजी अनुभव भन्दछु। [त्यो यही हो कि] भगवान्‌को भजनविना क्लेश नष्ट हुँदैन। हे पक्षिराज! सुन्नुहोस्, श्रीरामको कृपाविना श्रीरामको प्रभुतालाई जान्न सकिँदैन;॥ ३॥

**जानें बिनु न होइ परतीती। बिनु परतीति होइ नहिं प्रीती॥**
**प्रीति बिना नहिं भगति दिढ़ाई। जिमि खगपति जल कै चिकनाई॥**

प्रभुता नजानीकन विश्वास हुँदैन, विश्वासविना प्रीति हुँदैन र प्रीतिविना भक्ति उस्तै प्रकारले दृढ हुँदैन जस्तै हे पक्षिराज! जलको चिल्लोपन ठहर्दैन (अर्थात् जलमा रहुन्जेल चिल्लो देखिन्छ, बाहिर निस्केपछि त्यो चिल्लो हराउछ तर घिउ, तेल लगाएमा चिल्लो स्थिर रहन्छ)॥ ४॥

सो०— **बिनु गुर होइ कि ग्यान ग्यान कि होइ बिराग बिनु।**
**गावहिं बेद पुरान सुख कि लहिअ हरि भगति बिनु॥ ८९ (क)॥**

गुरुविना कहीं ज्ञान हुन सक्छ? अथवा वैराग्यविना कहीं ज्ञान हुन सक्छ? यस्तै प्रकारले वेद र पुराण भन्दछन् कि श्रीहरिको भजनविना के सुख मिल्न सक्छ?॥ ८९ (क)॥

**कोउ बिश्राम कि पाव तात सहज संतोष बिनु।**
**चलै कि जल बिनु नाव कोटि जतन पचि पचि मरिअ॥ ८९ (ख)॥**

हे तात! स्वाभाविक सन्तोषविना के कसैले शान्ति पाउन सक्छ? [चाहे] करोडौं उपाय गरेर अपहत्ते* गरेर मरुन्; [फेरि पनि] के कहिल्यै जलविना डुङ्गा चल्न सक्छ॥ ८९ (ख)॥

**बिनु संतोष न काम नसाहीं। काम अछत सुख सपनेहुँ नाहीं॥**
**राम भजन बिनु मिटहिं कि कामा। थल बिहीन तरु कबहुँ कि जामा॥**

सन्तोषविना कामनाको नाश हुँदैन र कामनाहरू रहदा सपनामा पनि सुख हुन सक्तैन र श्रीरामको भजनविना कामनाहरू कहीं मेटिन सक्छन्? विनाधर्ती पनि कहीं वृक्ष उम्रन सक्छ?॥ १॥

---

* *'पचि पचि.....'* अर्थात् अपहत्ते गरेर— धेरै नै परिश्रमको कारण शरीर, मस्तिष्क आदि शिथिल हुनु, सुक्नु या क्षीण हुनु, धेरै दु:ख-कष्ट सहनु, शरीरको ख्याल नगरेर अत्यन्तै धेरै परिश्रम गरेर कुनै काम गर्नु। (मानस-पीयूषबाट)

**बिनु बिग्यान कि समता आवइ। कोउ अवकास कि नभ बिनु पावइ॥**
**श्रद्धा बिना धर्म नहिं होई। बिनु महि गंध कि पावइ कोई॥**

विनाविज्ञान (तत्त्वज्ञान) के समभाव आउन सक्छ? आकाशविना के कसैले अवकाश (स्थान, जग्गा, ठाउँ) पाउन सक्छ? के श्रद्धाविना धर्म [को आचरण] हुन सक्छ। के पृथ्वीतत्त्वविना कसैले गन्ध पाउन सक्छ?॥ २॥

**बिनु तप तेज कि कर बिस्तारा। जल बिनु रस कि होइ संसारा॥**
**सील कि मिल बिनु बुध सेवकाई। जिमि बिनु तेज न रूप गोसाँई॥**

तपविना के तेज फैलिन सक्छ? जल-तत्त्वविना संसारमा के रस हुन सक्छ? पण्डितहरूको सेवाविना के शील (सदाचार) प्राप्त हुन सक्छ? हे गोसाईं! जस्तै विनातेज (अग्नि-तत्त्व) को रूप मिल्दैन॥ ३॥

**निज सुख बिनु मन होइ कि थीरा। परस कि होइ बिहीन समीरा॥**
**कवनिउ सिद्धि कि बिनु बिस्वासा। बिनु हरि भजन न भव भय नासा॥**

(आत्मानन्द) निज-सुखविना के मन स्थिर हुन सक्छ? वायु-तत्त्वविना के स्पर्श हुन सक्छ? के विश्वासविना कुनै पनि सिद्धि प्राप्त गर्न सकिन्छ? यस्तै प्रकारले श्रीहरिको भजनविना जन्म-मृत्युको भयको नाश हुँदैन॥ ४॥

दो०— **बिनु बिस्वास भगति नहिं तेहि बिनु द्रवहिं न रामु।**
**राम कृपा बिनु सपनेहुँ जीव न लह बिश्रामु॥ ९० (क)॥**

विनाविश्वास भक्ति हुँदैन, भक्तिविना श्रीराम पग्लनु हुँदैन र श्रीरामको कृपाविना जीवले स्वप्नमा पनि शान्ति पाउन सक्दैन॥ ९० (क)॥

सो०— **अस बिचारि मतिधीर तजि कुतर्क संसय सकल।**
**भजहु राम रघुबीर करुनाकर सुंदर सुखद॥ ९० (ख)॥**

हे धीरबुद्धि! यस्तो विचार गरेर सम्पूर्ण कुतर्क र सन्देहहरूलाई छोडेर करुणाका खानी सुन्दर र सुख दिने श्रीरघुवीरको भजन गर्नुहोस्॥ ९० (ख)॥

**निज मति सरिस नाथ मैं गाई। प्रभु प्रताप महिमा खगराई॥**
**कहेउँ न कछु करि जुगुति बिसेषी। यह सब मैं निज नयनन्हि देखी॥**

हे पक्षिराज! हे नाथ! मैले आफ्नो बुद्धिअनुसार प्रभुको प्रताप र महिमालाई वर्णन गरें। मैले यसलाई कुनै कुरामा युक्तिले बढाएर भनेको छैन। यो सबै आफ्ना आँखाले देखेर भनेको छु॥ १॥

**महिमा नाम रूप गुन गाथा। सकल अमित अनंत रघुनाथा॥**
**निज निज मति मुनि हरि गुन गावहिं। निगम सेष सिव पार न पावहिं॥**

श्रीरघुनाथको महिमा, नाम, रूप र गुणहरूको कथा सबै अपार र अनन्त छ तथा श्रीरघुनाथजी

स्वयं पनि अनन्त हुनुहुन्छ। मुनिगणले आ-आफ्नो बुद्धिअनुसार श्रीहरिको गुण गाउछन्। वेद, शेष र शिवजीले पनि उहाँको पार पाउँदैनन्॥ २॥

**तुम्हहि आदि खग मसक प्रजंता। नभ उड़ाहिं नहिं पावहिं अंता॥**
**तिमि रघुपति महिमा अवगाहा। तात कबहुँ कोउ पाव कि थाहा॥**

हजुरसमेत लिएर मशक (लाम्खुट्टे) आदि सबै साना-ठूला जीव आकाशमा उड्दछन्, किन्तु आकाशको अन्त कसैले पाउन सक्दैनन्। यस्तै प्रकारले हे तात! श्रीरघुनाथको महिमा पनि अथाह छ। के कहिल्यै कसैले उसलाई थाहा पाउन सक्छ?॥ ३॥

**रामु काम सत कोटि सुभग तन। दुर्गा कोटि अमित अरि मर्दन॥**
**सक्र कोटि सत सरिस बिलासा। नभ सत कोटि अमित अवकासा॥**

श्रीरामको अरबौं कामदेवका समान सुन्दर शरीर छ र अनन्त कोटि दुर्गाहरूका समान शत्रुनाशक हुनुहुन्छ। अरबौं इन्द्रका समान उहाँको विलास (ऐश्वर्य) छ तथा अरबौं आकाशको समान उहाँमा अनन्त अवकाश (स्थान) छ॥ ४॥

दो०— **मरुत कोटि सत बिपुल बल रबि सत कोटि प्रकास।**
**ससि सत कोटि सुसीतल समन सकल भव त्रास॥ ९१ (क)॥**

अरबौं पवनका समान महान् बल छ र अरबौं सूर्यको समान प्रकाश छ। अरबौं चन्द्रमाका समान शीतल र संसारका समस्त भयलाई नाश गर्नेवाला हुनुहुन्छ॥ ९१ (क)॥

**काल कोटि सत सरिस अति दुस्तर दुर्ग दुरंत।**
**धूमकेतु सत कोटि सम दुराधरष भगवंत॥ ९१ (ख)॥**

अरबौं कालका समान अत्यन्त दुस्तर, दुर्गम र दुरन्त (अन्त जसको हुँदैन) हुनुहुन्छ। उहाँ भगवान् अरबौं धूम्रकेतु (अग्नि) को समान अत्यन्त प्रबल हुनुहुन्छ॥ ९१ (ख)॥

**प्रभु अगाध सत कोटि पताला। समन कोटि सत सरिस कराला॥**
**तीरथ अमित कोटि सम पावन। नाम अखिल अघ पूग नसावन॥**

अरबौं पातालका* समान प्रभु अथाह हुनुहुन्छ। अरबौं यमराजका समान प्रभु भयानक हुनुहुन्छ। अनन्तकोटि तीर्थहरूका समान उहाँ पवित्र गर्नेवाला हुनुहुन्छ। उहाँको नाम सम्पूर्ण पापसमूहको नाशक छ॥ १॥

**हिमगिरि कोटि अचल रघुबीरा। सिंधु कोटि सत सम गंभीरा॥**
**कामधेनु सत कोटि समाना। सकल काम दायक भगवाना॥**

श्रीरघुवीर करोडौं हिमालयका समान अचल (स्थिर) हुनुहुन्छ र अरबौं समुद्रका समान गहिरो

---

* पृथ्वीको तल सात लोकमध्ये अन्तिम लोक पाताल हो। यी पनि सातवटा मानिएका छन्—अतल, वितल, सुतल, तलातल, महातल, रसातल र पाताल। यी क्रमशः एउटाको तल अर्को, यस प्रकार छन्। पातालदेखि तल फेरि कुनै लोक छैन, अतः अगाधता-(गहिराइमा अथाह हुनाले) यसको उपमा दिइन्छ। (मानस-पीयूषबाट)

हुनुहुन्छ। भगवान् अरबौं कामधेनुका समान सबै कामनाहरू (इच्छित पदार्थ) दिनेवाला हुनुहुन्छ॥ २॥

**सारद कोटि अमित चतुराई। बिधि सत कोटि सृष्टि निपुनाई॥**
**बिष्नु कोटि सम पालन कर्ता। रुद्र कोटि सत सम संहर्ता॥**

उहाँमा अनन्तकोटि सरस्वतीहरूका समान चतुऱ्याइँ (चतुरता) छ। अरबौं ब्रह्माका समान सृष्टिरचनाको निपुणता छ। उहाँ करोडौं विष्णुका समान पालन गर्ने र अरबौं रुद्रका समान संहार गर्नेवाला हुनुहुन्छ॥ ३॥

**धनद कोटि सत सम धनवाना। माया कोटि प्रपंच निधाना॥**
**भार धरन सत कोटि अहीसा। निरवधि निरुपम प्रभु जगदीसा॥**

उहाँ अरबौं कुबेरका समान धनवान् र करोडौं मायाका समान सृष्टिका खजाना (भण्डार) हुनुहुन्छ। बोझ (भारी) उठाउनमा अरबौं शेषको समान हुनुहुन्छ। [कति वर्णन गर्ने] जगत्का स्वामी प्रभु श्रीराम [सबै कुरामा] सीमारहित र उपमारहित हुनुहुन्छ॥ ४॥

**छं०— निरुपम न उपमा आन राम समान रामु निगम कहै।**
**जिमि कोटि सत खद्योत सम रबि कहत अति लघुता लहै॥**
**एहि भाँति निज निज मति बिलास मुनीस हरिहि बखानहीं।**
**प्रभु भाव गाहक अति कृपाल सप्रेम सुनि सुख मानहीं॥**

श्रीराम उपमारहित हुनुहुन्छ, उहाँको अर्को कुनै उपमा नै छैन। श्रीरामसमान रामजी नै हुनुहुन्छ, यस्तो वेदले भन्दछन्। जस्तै अरबौं जुनिकिरीका समान भन्नाले सूर्य [प्रशंसा हैन] अत्यन्त लघुता (तुच्छ) नै प्राप्त हुन्छ (सूर्यको निन्दा नै हुन्छ)। यस्तै प्रकार आ–आफ्नो बुद्धिको विकासअनुसार मुनीश्वरले श्रीहरिलाई वर्णन गर्दछन्। किन्तु प्रभु भक्तहरूको भाव मात्रलाई ग्रहण गर्नेवाला र अत्यन्त कृपालु हुनुहुन्छ। उहाँले त्यस वर्णनलाई प्रेमसहित सुनेर सुख मान्नुहुन्छ।

**दो०— रामु अमित गुन सागर थाह कि पावइ कोइ।**
**संतन्ह सन जस किछु सुनेउँ तुम्हहि सुनायउँ सोइ॥ ९२ (क)॥**

श्रीराम अपार गुणहरूका समुद्र हुनुहुन्छ, के उहाँलाई कसैले थाहा पाउन सक्छन्? सन्तहरूबाट मैले जस्तो सुनेको थिएँ, त्यही हजुरलाई सुनाएँ॥ ९२ (क)॥

**सो०— भाव बस्य भगवान सुख निधान करुना भवन।**
**तजि ममता मद मान भजिअ सदा सीता रवन॥ ९२ (ख)॥**

सुखका भण्डार, करुणाधाम भगवान् भाव (प्रेम) को वशमा हुनुहुन्छ। [यसै कारणले] ममता, मद र मानलाई छोडेर सधैं श्रीजानकीनाथको नै भजन गर्नुपर्छ॥ ९२ (ख)॥

**सुनि भुसुंडि के बचन सुहाए। हरषित खगपति पंख फुलाए॥**
**नयन नीर मन अति हरषाना। श्रीरघुपति प्रताप उर आना॥**

भुशुण्डिजीका सुन्दर वचन सुनेर पक्षिराजले हर्षित हुँदै पखेटा फैलाए। उनका नेत्र [प्रेमानन्दका आँसुहरूले] टलपलाए र मन अत्यन्त हर्षित भयो। उनले श्रीरघुनाथको प्रताप हृदयमा धारण गरे॥ १॥

**पाछिल मोह समुझि पछिताना। ब्रह्म अनादि मनुज करि माना॥**
**पुनि पुनि काग चरन सिरु नावा। जानि राम सम प्रेम बढ़ावा॥**

उनी आफ्नो पहिलाको मोहलाई याद गरेर पश्चात्ताप गर्न लागे कि मैले अनादि ब्रह्मलाई मनुष्य सम्झें। गरुडजीले बारम्बार कागभुशुण्डिजीका चरणमा शिर निहुराएर उनलाई श्रीरामसमान नै जानेर प्रेम बढाए॥ २॥

**गुर बिनु भव निधि तरइ न कोई। जौं बिरंचि संकर सम होई॥**
**संसय सर्प ग्रसेउ मोहि ताता। दुखद लहरि कुतर्क बहु ब्राता॥**

गुरुविना कुनै भवसागरबाट तर्न सक्दैन, चाहे ऊ ब्रह्माजी र शङ्करजीसमान नै किन नहोस् (अर्थात् सम्पूर्ण व्यक्तिलाई गुरुको परम आवश्यकता जनाइयो)। [गरुडजीले भने— ] हे तात! मलाई सन्देहरूपी सर्पले डसेको (टोकेको) थियो र [सर्पले टोकेपछि जस्तै विष चढ्नाले ज्वाला आउँछ, उस्तै नै] धेरै नै कुतर्करूपी दुःखदायक ज्वाला आइरहेका थिए॥ ३॥

**तव सरूप गारुड़ि रघुनायक। मोहि जिआयउ जन सुखदायक॥**
**तव प्रसाद मम मोह नसाना। राम रहस्य अनूपम जाना॥**

हजुरको स्वरूपरूपी गारुडी (सर्पको विष झार्ने) मन्त्रद्वारा भक्तहरूलाई सुख दिनेवाला श्रीरघुनाथरूपी गारुडीले मलाई बचाउनुभयो। हजुरको कृपाले मेरो मोह नाश भयो र मैले श्रीरामको अनुपम (उपमारहित) रामरहस्य जानें॥ ४॥

दो०— **ताहि प्रसंसि बिबिधि बिधि सीस नाइ कर जोरि।**
**बचन बिनीत सप्रेम मृदु बोलेउ गरुड़ बहोरि॥ ९३ (क)॥**

उनको [भुशुण्डिजीको] धेरै प्रकारले प्रशंसा गरेर, शिर निहुराएर र हात जोडेर* फेरि गरुडजी प्रेमपूर्वक विनम्र र कोमल वचन बोल्नुभयो— ॥ ९३ (क)॥

**प्रभु अपने अबिबेक ते बूझउँ स्वामी तोहि।**
**कृपासिंधु सादर कहहु जानि दास निज मोहि॥ ९३ (ख)॥**

हे प्रभु! हे स्वामी! मैले आफ्नो अविवेकको कारणले हजुरसँग सोध्दछु। हे कृपाका समुद्र! मलाई आफ्नो 'निज दास' जानेर आदरपूर्वक मेरा प्रश्नका उत्तर भन्नुहोस्॥ ९३ (ख)॥

**तुम्ह सर्बग्य तग्य तम पारा। सुमति सुसील सरल आचारा॥**
**ग्यान बिरति बिग्यान निवासा। रघुनायक के तुम्ह प्रिय दासा॥**

हजुर सबै चीज जान्नेवाला हुनुहुन्छ, तत्त्वका ज्ञाता हुनुहुन्छ, अन्धकार (माया) देखि टाढा,

* *'ताहि......कर जोरि'*—यहाँ शङ्का हुन्छ कि पन्छीले कसरी हात जोडे, यसको उत्तर यो हो कि उनले इच्छारूप शरीर धारण गर्न सक्थे र उनी बोल्नु, संवाद गर्नु उनको दिव्य रूपको बोधक हो अथवा लक्षणद्वारा नै हातहरूको भावना गर्ने। (मानस-पीयूषबाट उद्धृत गरिएको)

उत्तम बुद्धिले युक्त, सुशील, सरल आचरण भएका, ज्ञान, वैराग्य र विज्ञानका धाम र श्रीरघुनाथका प्रिय दास हुनुहुन्छ॥ १॥

**कारन कवन देह यह पाई। तात सकल मोहि कहहु बुझाई॥**
**राम चरित सर सुंदर स्वामी। पायहु कहाँ कहहु नभगामी॥**

हजुरले यो कागको शरीर कुन कारणले पाउनुभयो? हे तात! सबै सम्झाएर मलाई भन्नुहोस्। हे स्वामी! हे आकाशगामी! यो सुन्दर रामचरितमानस हजुरले कहाँ पाउनुभयो, सो भन्नुहोस्॥ २॥

**नाथ सुना मैं अस सिव पाहीं। महा प्रलयहुँ नास तव नाहीं॥**
**मुधा बचन नहिं ईस्वर कहई। सोउ मोरें मन संसय अहई॥**

हे नाथ! मैले शिवजीसँग यस्तो सुनेको छु कि महाप्रलयमा पनि हजुरको नाश हुँदैन र ईश्वर (शिवजी) ले कहिल्यै मिथ्या वचन भन्नुहुँदैन। त्यो कुरा पनि मेरो मनमा सन्देह छ॥ ३॥

**अग जग जीव नाग नर देवा। नाथ सकल जगु काल कलेवा॥**
**अंड कटाह अमित लय कारी। कालु सदा दुरतिक्रम भारी॥**

[किनकि] हे नाथ! नाग, मनुष्य, देवता आदि चर-अचर जीव तथा यो सम्पूर्ण जगत् कालको खाजा (जलपान पदार्थ) हो। अनगिन्ती ब्रह्माण्डहरूलाई नाश गर्ने काल सधैं भारी अनिवार्य नै छ (अर्थात् एक ब्रह्माण्ड त उसको खाजा हो, अगणित ब्रह्माण्डहरूलाई आफूमा विलीन गर्नु यो उसको भोजन हो)॥ ४॥

सो०— **तुम्हहि न ब्यापत काल अति कराल कारन कवन।**
**मोहि सो कहहु कृपाल ग्यान प्रभाव कि जोग बल॥ ९४ (क)॥**

[यस्तो त्यो] अत्यन्त भयङ्कर कालले हजुरलाई छुँदैन (हजुरप्रति प्रभाव देखाउँदैन), यसको कारण के हो? हे कृपालु! मलाई भन्नुहोस्, यस्तो ज्ञानको प्रभाव हो या योगको बल हो?॥ ९४ (क)॥

दो०— **प्रभु तव आश्रम आएँ मोर मोह भ्रम भाग।**
**कारन कवन सो नाथ सब कहहु सहित अनुराग॥ ९४ (ख)॥**

हे प्रभु! हजुरको आश्रममा आउँदा नै मेरो मोह र भ्रम भाग्यो। यसको के कारण हो? हे नाथ! यो सबै प्रेमसहित भन्नुहोस्॥ ९४ (ख)॥

**गरुड़ गिरा सुनि हरषेउ कागा। बोलेउ उमा परम अनुरागा॥**
**धन्य धन्य तव मति उरगारी। प्रस्न तुम्हारि मोहि अति प्यारी॥**

हे उमा! गरुडका वाणी सुनेर कागभुशुण्डिजी हर्षित भएर परम प्रेमले बोले—हे सर्पहरूका शत्रु! हजुरको बुद्धि धन्य छ! धन्य छ! हजुरका प्रश्न मलाई अति नै प्रिय लागे॥ १॥

**सुनि तव प्रस्न सप्रेम सहाई। बहुत जनम कै सुधि मोहि आई॥**
**सब निज कथा कहउँ मैं गाई। तात सुनहु सादर मन लाई॥**

हजुरका प्रेमयुक्त सुन्दर प्रश्न सुनेर मलाई आफ्नो धेरै नै जन्मको याद भयो (आयो)। मैले आफ्नो सबै कथा विस्तारपूर्वक भन्दछु। हे तात! आदरसहित मन लगाएर सुन्नुहोस्॥ २॥

**जप तप मख सम दम ब्रत दाना। बिरति बिबेक जोग बिग्याना॥**
**सब कर फल रघुपति पद प्रेमा। तेहि बिनु कोउ न पावइ छेमा॥**

अनेक जप, तप, यज्ञ, शम (मनलाई रोक्नु), दम (इन्द्रियहरूलाई रोक्नु), व्रत, दान, वैराग्य, विवेक, योग, विज्ञान आदि सबैको फल श्रीरघुनाथको चरणमा प्रेम हुनु हो। यस बाहेक कसैको कल्याण हुँदैन अर्थात् रघुपतिको–चरणमा प्रेम नभए सबै व्यर्थ छन्॥ ३॥

**एहिं तन राम भगति मैं पाई। ताते मोहि ममता अधिकाई॥**
**जेहि तें कछु निज स्वारथ होई। तेहि पर ममता कर सब कोई॥**

मैले यही शरीरबाट श्रीरामको भक्ति प्राप्त गरेको छु। यसैले यसमा मेरो ममता अधिक छ। जससँग आफ्नो केही स्वार्थ हुन्छ, उसप्रति सबै जनाले प्रेम गर्ने गर्छन्॥ ४॥

सो०— **पन्नगारि असि नीति श्रुति संमत सज्जन कहहिं।**
**अति नीचहु सन प्रीति करिअ जानि निज परम हित॥ ९५ (क)॥**

हे गरुडजी! वेदहरूमा मानिएको यस्तो नीति छ तथा सज्जनले पनि भन्छन् कि आफ्नो परम हित जानेर अत्यन्त नीचसँग पनि प्रेम गर्नुपर्छ॥ ९५ (क)॥

**पाट कीट तें होइ तेहि तें पाटंबर रुचिर।**
**कृमि पालइ सबु कोइ परम अपावन प्रान सम॥ ९५ (ख)॥**

रेसम कीराबाट हुन्छ, त्यसबाट (पीताम्बरादि) सुन्दर रेसमी वस्त्र बनाउँछन्। यसैले त्यस परम अपवित्र किरालाई पनि सबै जनाले प्राणको समान प्रिय मानेर पाल्दछन्॥ ९५ (ख)॥

**स्वारथ साँच जीव कहुँ एहा। मन क्रम बचन राम पद नेहा॥**
**सोइ पावन सोइ सुभग सरीरा। जो तनु पाइ भजिअ रघुबीरा॥**

जीवको लागि सच्चा स्वार्थ यही छ कि मन, वचन र कर्मले श्रीरामको चरणमा प्रेम होस्। त्यही शरीर पवित्र र सुन्दर हुन्छ, जुन शरीरलाई पाएर श्रीरघुवीरको भजन गर्न सकियोस्॥ १॥

**राम बिमुख लहि बिधि सम देही। कबि कोबिद न प्रसंसहिं तेही॥**
**राम भगति एहिं तन उर जामी। ताते मोहि परम प्रिय स्वामी॥**

जो श्रीरामको विमुख छ उसले यदि ब्रह्माजीको समान शरीर पाए पनि कवि र पण्डितले उसलाई प्रशंसा गर्दैनन्। यही शरीरबाट मेरो हृदयमा रामभक्ति उत्पन्न भयो। यसैले हे स्वामी! यो मलाई परम प्रिय छ॥ २॥

**तजउँ न तन निज इच्छा मरना। तन बिनु बेद भजन नहिं बरना॥**
**प्रथम मोहँ मोहि बहुत बिगोवा। राम बिमुख सुख कबहुँ न सोवा॥**

मेरो मृत्यु आफ्नो इच्छामा छ, परन्तु फेरि पनि मैले यो शरीर छोड्दिन (त्याग गर्दिन)। किनकि वेदहरूले वर्णन गरेका छन् कि शरीरविना भजन हुँदैन। पहिला मोहले मलाई ठूलो दुर्दशा गरायो। श्रीरामसँग विमुख भएर कहिल्यै सुखपूर्वक निद्रा लागेन॥ ३॥

**नाना जनम कर्म पुनि नाना। किए जोग जप तप मख दाना॥**
**कवन जोनि जनमेउँ जहँ नाहीं। मैं खगेस भ्रमि भ्रमि जग माहीं॥**

अनेकौं जन्ममा मैले अनेकौं प्रकारका योग, जप, तप, यज्ञ र दान आदि कर्म गरें। हे गरुडजी! जगत्‌मा यस्तो कुन योनि (जन्म) छ, जसमा मैले बारम्बार घुमेर जन्म लिएको नहोस्॥ ४॥

**देखेउँ करि सब करम गोसाईं। सुखी न भयउँ अबहिं की नाईं॥**
**सुधि मोहि नाथ जन्म बहु केरी। सिव प्रसाद मति मोहँ न घेरी॥**

हे गोसाईं! मैले सबै कर्म गरेर देखिसकें, तर अहिले (यस जन्म) कोझैं मलाई कहिल्यै सुख भएन। हे नाथ! मलाई धेरै नै जन्मको याद छ। [किनकि] शिवजीको कृपाले मेरो बुद्धिलाई मोहले घेरेको छैन (एक पटक मरेपछि सबै भुलिन्छ, तर मैले भुलेको छैन)॥ ५॥

### ❁ कागभुशुण्डिजीले आफ्नो पूर्वजन्मकथा र कलिमहिमा भन्नु ❁

**दो०— प्रथम जन्म के चरित अब कहउँ सुनहु बिहगेस।**
**सुनि प्रभु पद रति उपजइ जातें मिटहिं कलेस॥ ९६ (क)॥**

हे पक्षिराज! सुन्नुहोस्, अब मैले आफ्नो प्रथम जन्मको चरित्र भन्दछु, जसलाई सुनेर प्रभुका चरणमा प्रीति उत्पन्न हुन्छ, जसले सबै क्लेश मेटिन्छन्॥ ९६ (क)॥

**पूरुब कल्प एक प्रभु जुग कलिजुग मल मूल।**
**नर अरु नारि अधर्मरत सकल निगम प्रतिकूल॥ ९६ (ख)॥**

हे प्रभु! पूर्व एक कल्पमा पापहरूको मूल कलियुग थियो, जसमा पुरुष र स्त्री सबै अधर्मपरायण र वेदका विरोधी थिए॥ ९६ (ख)॥

**तेहिं कलिजुग कोसलपुर जाई। जन्मत भयउँ सूद्र तनु पाई॥**
**सिव सेवक मन क्रम अरु बानी। आन देव निंदक अभिमानी॥**

त्यस कलियुगमा मैले अयोध्यापुरीमा गएर शूद्रको शरीर पाएर जन्में। म मन, वचन र कर्मले शिवजीको सेवक र अरू देवताहरूको निन्दक अभिमानी थिएँ॥ १॥

**धन मद मत्त परम बाचाला। उग्रबुद्धि उर दंभ बिसाला॥**
**जदपि रहेउँ रघुपति रजधानी। तदपि न कछु महिमा तब जानी॥**

म धनको मदले चूर (मात्तिएको), धेरै नै बोल्ने र उग्र बुद्धिवाला थिएँ, मेरो मनमा धेरै दम्भ थियो। यद्यपि म श्रीरघुनाथको राजधानीमा रहन्थें, तथापि मैले त्यस समय उसको (अयोध्याको) महिमा कत्ति पनि जानिन॥ २॥

**अब जाना मैं अवध प्रभावा। निगमागम पुरान अस गावा॥**
**कवनेहुँ जन्म अवध बस जोई। राम परायन सो परि होई॥**

अब मैले अयोध्याको प्रभाव जानें। वेद शास्त्र र पुराणहरूले यस्तो गाएका छन् कि कुनै पनि जन्ममा कोही (कुनै) पनि अयोध्यामा बस्दछ, ऊ अवश्य नै श्रीरामजीको परायण अर्थात् रामानुरागी (रामको सेवक) हुनेछ॥ ३॥

**अवध प्रभाव जान तब प्रानी। जब उर बसहिं रामु धनुपानी॥**
**सो कलिकाल कठिन उरगारी। पाप परायन सब नर नारी॥**

अयोध्याको प्रभाव जीवले त्यतिखेर जान्दछ, जब हातमा धनुष धारण गर्ने श्रीराम उसको हृदयमा निवास गर्नुहुन्छ। हे गरुडजी! त्यो कलिकाल अति नै कठिन थियो। त्यसमा सबै नर-नारी (पाप-परायण) पापहरूमा लिप्त थिए॥ ४॥

दो०— **कलिमल ग्रसे धर्म सब लुप्त भए सदग्रंथ।**
**दंभिन्ह निज मति कल्पि करि प्रगट किए बहु पंथ॥ ९७ (क)॥**

कलियुगको पापले सबै धर्महरूलाई निल्यो (खायो), सद्ग्रन्थ लुप्त भए, दम्भीहरूले आफ्नै बुद्धिले अनेक कल्पना गरेर धेरै नै पन्थ (मार्ग) प्रकट गरे॥ ९७ (क)॥

**भए लोग सब मोहबस लोभ ग्रसे सुभ कर्म।**
**सुनु हरिजान ग्यान निधि कहउँ कछुक कलिधर्म॥ ९७ (ख)॥**

सबै जना मोहको वशमा भए, शुभ कर्मलाई लोभले निल्यो। हे ज्ञानका भण्डार! हे श्रीहरिका वाहन! सुन्नुहोस्, अब मैले कलिको केही धर्म भन्दछु॥ ९७ (ख)॥

**बरन धर्म नहिं आश्रम चारी। श्रुति बिरोध रत सब नर नारी॥**
**द्विज श्रुति बेचक भूप प्रजासन। कोउ नहिं मान निगम अनुसासन॥**

कलियुगमा न वर्णधर्म रहन्छ, न चारै आश्रम रहन्छन्। सबै स्त्री-पुरुष वेदको विरोधमा लागि-रहन्छन्। ब्राह्मण वेदहरूलाई बिक्री गर्दछन् र राजाहरू प्रजाहरूलाई खानेवाला हुन्छन् (चुस्दछन्)। वेदको आज्ञा कसैले पालन गर्दैनन्॥ १॥

**मारग सोइ जा कहुँ जोइ भावा। पंडित सोइ जो गाल बजावा॥**
**मिथ्यारंभ दंभ रत जोई। ता कहुँ संत कहइ सब कोई॥**

जसलाई जे मन पर्छ, उही मार्ग हुन्छ। जसले डिङ हाँक्न सक्छ, उही पण्डित हुन्छ। जसले मिथ्या आरम्भ (आडम्बर) गर्दछ र जुन दम्भमा अनुरक्त (रत) हुन्छ, उसैलाई सबैले सन्त भन्दछन्॥ २॥

**सोइ सयान जो परधन हारी। जो कर दंभ सो बड़ आचारी॥**
**जो कह झूँठ मसखरी जाना। कलिजुग सोइ गुनवंत बखाना॥**

जसले [जुनसुकै उपायले] अर्काको धन-सम्पत्ति हरण गर्दछ, उही बुद्धिमान् हुन्छ। जसले

दम्भ गर्दछ, उही ठूलो आचारी (शुद्ध आचरण या चालढालवाला, चरित्रवान्, आचार-विचार अथवा पवित्रताले रहनेवाला) हुन्छ। जसले झूटो बोल्दछ र हाँसो-ठट्टा (दिल्लगी) गर्न जान्दछ, कलियुगमा उही गुणवान्मा प्रचारित हुन्छ॥ ३॥

**निराचार जो श्रुति पथ त्यागी। कलिजुग सोइ ग्यानी सो बिरागी॥**
**जाकें नख अरु जटा बिसाला। सोइ तापस प्रसिद्ध कलिकाला॥**

जुन आचारहीन छन् र वेदमार्गलाई छोडेका छन्, कलियुगमा उनीहरू नै ज्ञानी र वैराग्यवान् हुन्छन्। जसका लामा-लामा नङ र लामा-लामा जटाहरू हुन्छन्, उनै कलियुगका प्रसिद्ध तपस्वी हुन्छन्॥ ४॥

दो०— **असुभ बेष भूषन धरें भच्छाभच्छ जे खाहिं।**
**तेइ जोगी तेइ सिद्ध नर पूज्य ते कलिजुग माहिं॥ ९८ (क)॥**

जसले अमङ्गल भेष र अमङ्गल भूषण धारण गर्छन् र भक्ष्य-अभक्ष्य (खान योग्य र अयोग्य) सबै चीज खान्छन्, उनी नै योगी हुन्छन्, उनीहरू नै सिद्ध र ती मनुष्य नै कलियुगमा पूज्य हुन्छन्॥ ९८ (क)॥

सो०— **जे अपकारी चार तिन्ह कर गौरव मान्य तेइ।**
**मन क्रम बचन लबार तेइ बकता कलिकाल महुँ॥ ९८ (ख)॥**

जसको आचरण अर्काको अहित गर्नेवाला छ, उनैको ठूलो गौरव (महत्त्व) हुन्छ र उनीहरू नै सम्मानका योग्य मानिन्छन्। जुन मन, वचन र कर्मले गफाडी (डिङ हाँक्ने) हुन्छन्, उनीहरू नै कलियुगका वक्ता मानिन्छन्॥ ९८ (ख)॥

**नारि बिबस नर सकल गोसाईं। नाचहिं नट मर्कट की नाईं॥**
**सूद्र द्विजन्ह उपदेसहिं ग्याना। मेल जनेऊ लेहिं कुदाना॥**

हे गोसाईं! सबै मनुष्य स्त्रीहरूको विशेष वशमा हुन्छन् र नटको बाँदरझैं [उनले नचाएर] नाच्दछन् (अर्थात् जसरी नटको लौराको इशाराले बाँदर नाच्दछ, उस्तै प्रकारले स्त्रीसँग विवश हुनाले जस्तो नाच वा व्यवहार गर्न भन्छे, नचाउँछे उस्तै प्रकारले नाच्दछन्। जस्तै कुनै पशुले केही गर्न सक्दैन त्यस्तै नै यी पशुवत् लाचार वा जोइटिङ्ग्रे हुन्छन्)। ब्राह्मणहरूलाई शूद्रले ज्ञानोपदेश* गर्छन् र गलामा जनै लगाइदिएर कुत्सित दान (कुदान) लिन्छन्॥ १॥

**सब नर काम लोभ रत क्रोधी। देव बिप्र श्रुति संत बिरोधी॥**
**गुन मंदिर सुंदर पति त्यागी। भजहिं नारि पर पुरुष अभागी॥**

सबै पुरुष काम र लोभमा तत्पर र क्रोधी हुन्छन्। देवता, ब्राह्मण, वेद र सन्तहरूका विरोधी हुन्छन्। अभागिनी स्त्रीले गुणहरूको धाम सुन्दर पतिलाई छोडेर परपुरुषको सेवन गर्दछन्॥ २॥

---

* ***‘सूद्र द्विजन्म उपदेसहिं......’*** को यो भाव हो कि वैरागी, सन्न्यासी बनेर ब्राह्मणहरूलाई शिष्य गराउँछन्, ज्ञान सिकाउँछन्, यज्ञोपवीत लगाइदिन्छन् र उनीहरूबाट पूजिन्छन्। कुदान यसले भनियो कि अधिकारको विचार गर्दैनन्, अथवा उनको क्रिया हेर्दैनन् कि उनले धन कुन तरिकाले उपार्जन गरेका छन्। लिन अयोग्य वस्तुलाई कुदान भनिन्छ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**सौभागिनीं बिभूषन हीना। बिधवन्ह के सिंगार नबीना॥**
**गुर सिष बधिर अंध का लेखा। एक न सुनइ एक नहिं देखा॥**

सधवा स्त्रीहरू आभूषणले रहित हुन्छन्, तर विधवाका दिनहुँ नयाँ शृङ्गार हुन्छन्। शिष्य र गुरुमा बहिरो र अन्धाको जस्तो हिसाब (व्यवहार) हुन्छ। एक शिष्यले गुरुको उपदेशलाई सुन्दैन र एक (गुरु) ले देख्दैन (उसलाई ज्ञानदृष्टि प्राप्त छैन)॥ ३॥

**हरइ सिष्य धन सोक न हरई। सो गुर घोर नरक महुँ परई॥**
**मातु पिता बालकन्हि बोलावहिं। उदर भरै सोइ धर्म सिखावहिं॥**

जुन गुरुले शिष्यको धन हरण गर्छ, तर शोक हरण गर्दैन, ऊ घोर नरकमा पर्दछ। माता–पिताले बालकहरूलाई बोलाएर उही धर्म सिकाउँछन्*, जसबाट पेट भरियोस्॥ ४॥

दो०— **ब्रह्म ग्यान बिनु नारि नर कहहिं न दूसरि बात।**
**कौड़ी लागि लोभ बस करहिं बिप्र गुर घात॥ ९९ (क)॥**

आइमाई–लोग्ने मानिस ब्रह्मज्ञान बाहेक अर्को ज्ञान गर्दैनन्, तर उनीहरूले लोभवश कौडी (अति नै थोरै लाभ) को लागि गुरु र ब्राह्मणको हत्या गर्छन्॥ ९९ (क)॥

**बादहिं सूद्र द्विजन्ह सन हम तुम्ह ते कछु घाटि।**
**जानइ ब्रह्म सो बिप्रबर आँखि देखावहिं डाटि॥ ९९ (ख)॥**

शूद्र ब्राह्मणहरूसँग झगडा गर्दछन् [र भन्दछन्] कि हामी के तिमीभन्दा केही घटी (कम) छौं? जसले ब्रह्मलाई जान्दछ उही श्रेष्ठ ब्राह्मण हो। [यस्तो भनेर] उनले उनीहरूलाई धम्काउने (गाली गर्ने) गर्दछन्॥ ९९ (ख)॥

**पर त्रिय लंपट कपट सयाने। मोह द्रोह ममता लपटाने॥**
**तेइ अभेदबादी ग्यानी नर। देखा मैं चरित्र कलिजुग कर॥**

जुन पराई (अर्का) की स्त्रीमा आसक्त, कपट गर्नलाई चतुर, मोह, द्रोह र ममतामा टाँसिएका छन्, उनै मनुष्य अभेदवादी (ब्रह्म र जीवलाई एउटै बताउने) ज्ञानी हुन्छन्। मैले त्यो कलियुगमा यस्ता चरित्र देखें॥ १॥

**आपु गए अरु तिन्हहू घालहिं। जे कहुँ सत मारग प्रतिपालहिं॥**
**कल्प कल्प भरि एक एक नरका। परहिं जे दूषहिं श्रुति करि तरका॥**

---

* ***'सोइ धर्म'*** को भाव यो हो कि यसैलाई मनुष्यले परम पुरुषार्थ, परम स्वार्थ बताउँछन्; यही बालकहरूको परम धर्म हो यस्तो मान्दछन् र सिकाउँछन् (भा० १२। २। ६) को **'उदरं भरिता स्वार्थः।'** को भाव यी शब्दले जनाइयो। वि०त्रि०— बच्चा अबोध हुन्छन्। (यथा ***'बालक ज्ञान बुद्धि बल हीना'***।) उनीहरूलाई कहीं (कसैले) निवृत्तिमूलक धर्मको प्रभाव नपारुन्, यही भयले बालकले नसोधीकन पनि, उसलाई बोलाएर शिक्षा दिन्छन् कि तत्त्वको कुरा तिमीलाई भन्दछु। **'धारणाद् धर्ममित्याहुर्धर्मो धारयति प्रजाः।'** सबैको धारण (रक्षा) भोजनले हुन्छ। अतः जसले पेट भरिन्छ त्यही धर्म हो। **'शरीरमाद्यं खलु धर्म साधनम्।'** धर्मलाई अन्य प्रकारको परिभाषा गर्नेको चक्कर (कुरा) मा नपर्नु। (मानस–पीयूषबाट उद्धृत गरिएको)

उनीहरू आफु त स्वयं नष्ट भइरहेका छन्; कसै-कसैले सन्मार्गलाई पालन गरेका छन् भने उनीहरूलाई पनि नष्ट गर्दछन्। जसले तर्क गरेर वेदको निन्दा गर्छन्, त्यस्ता मानिसहरू कैयौं कल्पसम्म एक-एक नरकमा पर्छन्॥ २॥

**जे बरनाधम तेलि कुम्हारा। स्वपच किरात कोल कलवारा॥**
**नारि मुई गृह संपति नासी। मूड़ मुड़ाइ होहिं संन्यासी॥**

तेली (तेल विक्री गर्ने), कुमाले, श्वपच (चाण्डाल), भिल्ल (व्याधा), किरात (कोल), कलवार (रक्सी बनाउने र बेच्ने) जुन वर्णमा अधम छन्, उनीहरू स्त्रीको मृत्यु भएपछि अथवा सम्पत्ति नष्ट भएपछि शिर मुडाएर* सन्न्यासी हुन्छन्॥ ३॥

**ते बिप्रन्ह सन आपु पुजावहिं। उभय लोक निज हाथ नसावहिं॥**
**बिप्र निरच्छर लोलुप कामी। निराचार सठ बृषली स्वामी॥**

उनीहरूले आफूलाई ब्राह्मणहरूद्वारा पूजा गराउछन् र आफ्नै हातले दुवै लोक (यस लोक र परलोक) नष्ट गर्दछन्। ब्राह्मण अनपढ, लोभी, कामी (धेरै सहवास गर्ने), आचारहीन, मूर्ख र नीच जातिका व्यभिचारिणी स्त्रीहरूका स्वामी हुन्छन्॥ ४॥

**सूद्र करहिं जप तप ब्रत नाना। बैठि बरासन कहहिं पुराना॥**
**सब नर कल्पित करहिं अचारा। जाइ न बरनि अनीति अपारा॥**

शूद्रले नाना प्रकारका जप, तप, व्रत गर्दछन् तथा उच्च आसन (व्यासगद्दी) मा बसेर पुराण भन्दछन्। सबै मनुष्यले मनोमानी आचरण गर्दछन्। अपार अनीतिको वर्णन गरेर सकिँदैन॥ ५॥

दो०— **भए बरन संकर कलि भिन्नसेतु सब लोग।**
**करहिं पाप पावहिं दुख भय रुज सोक बियोग॥ १०० (क)॥**

कलियुगमा सबै मानिस वर्ण शङ्कर र मर्यादाबाट च्युत भए। उनले पाप गर्छन् [र उसको फल-स्वरूप] दुःख, भय, रोग, शोक प्राप्त गर्नुका साथै [प्रिय वस्तुसँग] वियुक्त हुन्छन्॥ १०० (क)॥

**श्रुति संमत हरि भक्ति पथ संजुत बिरति बिबेक।**
**तेहिं न चलहिं नर मोह बस कल्पहिं पंथ अनेक॥ १०० (ख)॥**

---

* *'नारि मुई....'* ले जनायो कि वैराग्यको कारणले सन्न्यासी हुँदैनन्, आफ्नो दुराचारले सर्वस्व नाश गरेर केही बाँकी रहेन। पेट कसरी पाल्ने, अब सन्न्यासी भए। *'मूड़ मुड़ाई'*को भाव यो हो कि यति मात्रैले सन्न्यासी भएका छन् अरू कुनै सन्न्यासीको कर्म छैन। यसले देखायो कि कलिमा सन्न्यासी केवल दुई रुपैयाँले बन्दछ, जसले कपाल मुँडियोस्। सन्न्यासी बन्न यति सरल भयो।

वि० त्रि०—सन्न्यासको मुख्य अधिकार ब्राह्मणलाई नै छ। क्षत्री र वैश्यले पनि वैराग्य भएपछि सन्न्यास लिन सक्छन्, तर लिङ्ग धारण गर्न सक्दैनन्। जुन प्रकारको शिखा, यज्ञोपवीत ग्रहण गर्ने विधान छ, उस्तै प्रकारको उसलाई त्याग गर्ने विधान छ। सन्न्यासीलाई केवल भिक्षा माग्ने र कौपीन धारण गर्ने अधिकार छ। पूजा प्राप्त गर्ने अधिकार छैन। सो कलियुगमा अधम वर्ग दरिद्रताको कारणले सन्न्यास लिनेछन्। विधान केही पनि छैन, केवल शिर मुडाउनेछन् र ब्राह्मणसँग पूजित हुनको लागि अग्रसर हुनेछन्। उनीहरूलाई लोक-परलोकको डर हुनेछैन।

करु०— *'बरनाधम तेलि कुम्हारा....'*यी चार वर्ण 'बाह्य' हुनाले अधम छन्। (मानस-पीयूषबाट उद्धृत)

वेदसम्मत तथा वैराग्य र ज्ञानले युक्त जुन हरिभक्तिको मार्ग हो, मोहवश मनुष्य त्यसमा चल्दैनन् र अनेकौं नयाँ-नयाँ पन्थ (मार्ग, सम्प्रदाय) को कल्पना गर्छन्॥ १०० (ख)॥

छं०— **बहु दाम सँवारहिं धाम जती। बिषया हरि लीन्हि न रहि बिरती॥**
**तपसी धनवंत दरिद्र गृही। कलि कौतुक तात न जात कही॥**

यति (सन्न्यासी) धेरै धन लगाएर घर सजाउँछन्। उनमा वैराग्य रहेन, उनीहरूलाई विषयले नष्ट गर्‍यो। तपस्वी धनवान् भए र गृहस्थ दरिद्री। हे तात! कलियुगको लीला केही भन्न सकिन्न॥ १॥

**कुलवंति निकारहिं नारि सती। गृह आनहिं चेरि निबेरि गती॥**
**सुत मानहिं मातु पिता तब लौं। अबलानन दीख नहीं जब लौं॥**

कुलवती (कुलधर्मलाई पालन गर्ने) र सती स्त्रीलाई पुरुषले घरबाट निकालिदिन्छन् र राम्रो आचरणलाई छोडेर घरमा दासीलाई (नोकर्नी) लाई राख्दछन्। पुत्र आफ्ना माता-पितालाई तबसम्म मान्दछ जब सम्म स्त्रीको मुख देख्दैन॥ २॥

**ससुरारि पिआरि लगी जब तें। रिपुरूप कुटुंब भए तब तें॥**
**नृप पाप परायन धर्म नहीं। करि दंड बिडंब प्रजा नितहीं॥**

जहिलेदेखि ससुराली प्यारो लाग्न थाल्यो, तहिलेदेखि कुटुम्बी (घर-परिवारका सदस्य) शत्रुरूप भए। राजाहरू पापपरायण भए, उनीहरूमा धर्म रहेन। उनीहरूले प्रजालाई दिनहुँ नै [विनाअपराध] दण्ड दिएर उसको विडम्बना (दुर्दशा) गर्ने गर्दथे॥ ३॥

**धनवंत कुलीन मलीन अपी। द्विज चिन्ह जनेउ उघार तपी॥**
**नहिं मान पुरान न बेदहि जो। हरि सेवक संत सही कलि सो॥**

धनी मानिस मलिन (नीच जातिको) भए पनि कुलीन मानिन लागे (थाले)। द्विजको चिह्न जनै (यज्ञोपवीत) मात्र रह्यो (अरू कर्म गर्न छोडे) र नाङ्गै शरीर रहनु तपस्वीहरूको। जसले वेद र पुराणहरू मान्दैनथे, कलियुगमा उनीहरू नै हरिभक्त र सच्चा सन्त कहलाउन लागे॥ ४॥

**कबि बृंद उदार दुनी न सुनी। गुन दूषक ब्रात न कोपि गुनी॥**
**कलि बारहिं बार दुकाल परै। बिनु अन्न दुखी सब लोग मरै॥**

कविहरूका समूहको समूह भए, तर दुनियाँमा उदार (कविहरूको आश्रयदाता, सहयोगी) सुनिन छोड्यो। गुणलाई दोष लगाउनेवाला धेरै भए, तर गुणी कुनै पनि थिएनन्। कलियुगमा बारम्बार अनिकाल पर्दथ्यो। अन्नविना सबै जना दुःखी भएर मर्दथे॥ ५॥

दो०— **सुनु खगेस कलि कपट हठ दंभ द्वेष पाषंड।**
**मान मोह मारादि मद ब्यापि रहे ब्रह्मंड॥ १०१ (क)॥**

हे पक्षिराज गरुडजी! सुन्नुहोस्, कलियुगमा कपट, हठ (दुराग्रह), दम्भ, द्वेष, पाखण्ड, मान, मोह र काम आदि (अर्थात् काम, क्रोध र लोभ) र मद ब्रह्माण्डभरमा व्याप्त भयो॥ १०१ (क)॥

**तामस धर्म करहिं नर जप तप ब्रत मख दान।**
**देव न बरषहिं धरनीं बए न जामहिं धान॥ १०१ (ख)॥**

मनुष्यले जप, तप, यज्ञ, व्रत र दान आदि धर्म तामसी भावले गर्न लागे। देवता (इन्द्र) ले पृथ्वीमा जल बर्साउँदैनथे र छरेको (रोपेको) अन्न उम्रदैनथ्यो (फसल दिने हुँदैन्थ्यो) ॥ १०१ (ख)॥

छं०— **अबला कच भूषन भूरि छुधा। धनहीन दुखी ममता बहुधा॥**
**सुख चाहहिं मूढ़ न धर्म रता। मति थोरि कठोरि न कोमलता॥**

स्त्रीहरूका कपाल (केश) नै भूषण छन् (उनको अङ्गमा कुनै आभूषण छैनन्) र उनलाई भोक धेरै लाग्दथ्यो, (अर्थात् सधैं अतृप्त नै रहन्थे)। उनीहरू धनहीन र धेरै प्रकारको ममता हुनाको कारण दुःखी रहन्थे। ती मूर्खले सुख चाहन्थे, तर धर्ममा उनको प्रेम थिएन। बुद्धि थोरै छ र कठोर छ; उनमा कोमलता छैन॥ १॥

**नर पीड़ित रोग न भोग कहीं। अभिमान बिरोध अकारनहीं॥**
**लघु जीवन संबतु पंच दसा। कलपांत न नास गुमानु असा॥**

मनुष्य रोगले पीडित थिए, भोग (सुख) कहीं थिएन। विनाकारण नै अभिमान र विरोध गर्दथे। पाँच-दश वर्षको (अर्थात् अल्प) जीवन छ, परन्तु घमण्ड यस्तो गर्दथे, मानौं कल्पान्त (प्रलय) भएपछि पनि उनको नाश हुँदैन॥ २॥

**कलिकाल बिहाल किए मनुजा। नहिं मानत क्वौ अनुजा तनुजा॥**
**नहिं तोष बिचार न सीतलता। सब जाति कुजाति भए मगता॥**

कलिकालले मनुष्यलाई बेहाल (अस्त-व्यस्त) गरायो। कसैले दिदी-बहिनी तथा छोरीको पनि विचार गर्दैनन्। [मानिसहरूमा] न सन्तोष छ, न विवेक छ र न शीतलता नै। जाति, कुजाति सबै जना भीख माग्ने भए॥ ३॥

**इरिषा परुषाच्छर लोलुपता। भरि पूरि रही समता बिगता॥**
**सब लोग बियोग बिसोक हए। बरनाश्रम धर्म अचार गए॥**

ईर्ष्या (डाह), कटु वचन र लालचा पर्याप्त मात्रामा भइरहेको छ, समता हरायो अर्थात् विषम भाव रह्यो। सबै जना वियोग र विशेष शोकले भरिए। वर्णाश्रम-धर्मको आचरण नष्ट भयो॥ ४॥

**दम दान दया नहिं जानपनी। जड़ता परबंचनताति घनी॥**
**तनु पोषक नारि नरा सगरे। परनिंदक जे जग मो बगरे॥**

इन्द्रियहरूको दमन, दान, दया र समझदारी कसैमा रहेन। मूर्खता र अरूलाई ठग्ने काम अति धेरै बढ्यो। स्त्री-पुरुष सबै शरीरको नै पालन-पोषणमा लागिरहन्थे। जसले अर्काको निन्दा गर्दथ्यो, जगत्मा उनीहरू नै फैलिएका थिए॥ ५॥

दो०— **सुनु ब्यालारि काल कलि मल अवगुन आगार।**
**गुनउ बहुत कलिजुग कर बिनु प्रयास निस्तार॥ १०२ (क)॥**

हे सर्पहरूका शत्रु गरुडजी! सुन्नुहोस्, कलिकाल पाप र अवगुणहरूको घर हो। किन्तु कलियुगमा एउटा गुण भने अति ठूलो छ कि उसमा विनापरिश्रम नै भवबन्धनबाट छुटकारा मिल्दछ॥ १०२ (क)॥

**कृतजुग त्रेताँ द्वापर पूजा मख अरु जोग।**
**जो गति होइ सो कलि हरि नाम ते पावहिं लोग॥ १०२ ( ख )॥**

सत्ययुग, त्रेता र द्वापरमा जुन गति पूजा, यज्ञ र योगले प्राप्त हुन्थ्यो, उही गति कलियुगमा केवल भगवान्‌को नामले प्राप्त गर्दछन्॥ १०२ (ख)॥

**कृतजुग सब जोगी बिग्यानी। करि हरि ध्यान तरहिं भव प्रानी॥**
**त्रेताँ बिबिध जग्य नर करहीं। प्रभुहि समर्पि कर्म भव तरहीं॥**

सत्ययुगमा सबै योगी र विज्ञानी हुन्छन्। हरिको ध्यान गरेर सबै प्राणी भवसागरबाट तर्दछन्। त्रेतामा मनुष्यले अनेक प्रकारका यज्ञ गर्दछन् र सबै कर्महरूलाई समर्पण गरेर भवसागरदेखि तर्दछन्॥ १॥

**द्वापर करि रघुपति पद पूजा। नर भव तरहिं उपाय न दूजा॥**
**कलिजुग केवल हरि गुन गाहा। गावत नर पावहिं भव थाहा॥**

द्वापरमा श्रीरघुनाथका चरणको पूजा गरेर मनुष्य संसारबाट तर्दछन्, अर्को कुनै उपाय छैन र कलियुगमा त केवल श्रीहरिको गुणगाथाहरूलाई गान गरेर नै मनुष्यले भवसागरलाई थाहा पाउँछन्॥ २॥

**कलिजुग जोग न जग्य न ग्याना। एक अधार राम गुन गाना॥**
**सब भरोस तजि जो भज रामहि। प्रेम समेत गाव गुन ग्रामहि॥**

कलियुगमा न त योग र यज्ञ छ र न ज्ञान नै छ। श्रीरामको गुणगान नै एक मात्र आधार हो। अतएव सबै भरोसा त्यागेर जसले श्रीरामलाई भज्दछ र प्रेमसहित उहाँको गुणसमूहलाई गाउँछ,॥ ३॥

**सोइ भव तर कछु संसय नाहीं। नाम प्रताप प्रगट कलि माहीं॥**
**कलि कर एक पुनीत प्रतापा। मानस पुन्य होहिं नहिं पापा॥**

उही भवसागरबाट तर्दछ, यसमा कत्ति पनि सन्देह छैन। नामको प्रताप कलियुगमा प्रत्यक्ष छ। कलियुगको एक पवित्र प्रताप (महिमा) छ कि मानसिक पुण्य त हुन्छ, तर [मानसिक] पाप हुँदैन॥ ४॥

दो०— **कलिजुग सम जुग आन नहिं जौं नर कर बिस्वास।**
**गाइ राम गुन गन बिमल भव तर बिनहिं प्रयास॥ १०३ ( क )॥**

यदि मनुष्यले विश्वास गरेमा, कलियुगसमान अर्को युग छैन। [किनकि] यस युगमा श्रीरामको निर्मल गुणसमूहलाई बारम्बार गाएर मनुष्य विनापरिश्रम नै संसार [रूपी समुद्र] बाट तर्दछन्॥ १०३ (क)॥

**प्रगट चारि पद धर्म के कलि महुँ एक प्रधान।**
**जेन केन बिधि दीन्हें दान करइ कल्यान॥ १०३ ( ख )॥**

धर्मका चार चरण (सत्य, दया, तप र दान) प्रसिद्ध छन्, जसमध्ये कलिमा एक [दानरूपी] चरण नै प्रधान छ। जुनसुकै प्रकारले पनि गरिने दानले कल्याण नै गर्दछ॥ १०३ (ख)॥

**नित जुग धर्म होहिं सब केरे। हृदयँ राम माया के प्रेरे॥**
**सुद्ध सत्व समता बिग्याना। कृत प्रभाव प्रसन्न मन जाना॥**

श्रीरामको मायाले प्रेरित भएर सबैको हृदयमा सबै युगका धर्म प्रत्येक युगमा नित्य नै हुने गर्छन्। शुद्ध सत्त्वगुण, समता, विज्ञान र मन प्रसन्न हुनु, यसलाई सत्ययुगको प्रभाव जान्नू॥ १॥

**सत्व बहुत रज कछु रति कर्मा। सब बिधि सुख त्रेता कर धर्मा॥**
**बहु रज स्वल्प सत्व कछु तामस। द्वापर धर्म हरष भय मानस॥**

सत्त्वगुण धेरै होस्, केही रजोगुण होस्, कर्महरूमा प्रीति होस्, सबै प्रकारले सुख होस्, यो त्रेताको धर्म हो। रजोगुण धेरै होस्, सत्त्वगुण अत्यन्त थोरै होस्, केही तमोगुण होस्, मनमा हर्ष र भय होस्, यो द्वापरको धर्म हो॥ २॥

**तामस बहुत रजोगुन थोरा। कलि प्रभाव बिरोध चहुँ ओरा॥**
**बुध जुग धर्म जानि मन माहीं। तजि अधर्म रति धर्म कराहीं॥**

तमोगुण धेरै होस्, रजोगुण थोरै होस्, चारैतर्फ वैर-विरोध होस्, यो कलियुगको प्रभाव हो। पण्डितहरूले युगको धर्मलाई मनमा जानेर, अधर्म छोडी धर्ममा प्रीति गर्दछन्॥ ३॥

**काल धर्म नहिं ब्यापहिं ताही। रघुपति चरन प्रीति अति जाही॥**
**नट कृत बिकट कपट खगराया। नट सेवकहि न ब्यापइ माया॥**

जसको श्रीरघुनाथका चरणमा अत्यन्त प्रेम छ, उसलाई कालधर्म (युगधर्म) ले स्पर्श गर्दैन। हे पक्षिराज! नट (इन्द्रजाल देखाउने व्यक्ति) ले गरेको कपट-चरित्र हेर्ने दर्शकको लागि अति नै डर लाग्दो (दुर्गम) हुन्छ, तर नटको सेवक (जम्भुरे) लाई उसको मायाले व्याप्त (स्पर्श) गर्दैन॥ ४॥

दो०— **हरि माया कृत दोष गुन बिनु हरि भजन न जाहिं।**
**भजिअ राम तजि काम सब अस बिचारि मन माहिं॥ १०४ (क)॥**

श्रीहरिको मायाद्वारा रचिएका दोष र गुण श्रीहरिको भजनविना जाँदैनन्। मनमा यस्तो विचार गरेर, सबै कामनाहरू छोडी (निष्काम भावले) श्रीरामको भजन गर्नुपर्छ॥ १०४ (क)॥

**तेहिं कलिकाल बरष बहु बसेउँ अवध बिहगेस।**
**परेउ दुकाल बिपति बस तब मैं गयउँ बिदेस॥ १०४ (ख)॥**

हे पक्षिराज! त्यस कलिकालमा म धेरै वर्षसम्म अयोध्यामा रहें। एक चोटि त्यहाँ अनिकाल पर्‍यो अर्थात् दुई वर्षसम्म वर्षा भएन, पहिलो वर्षको सबै अन्न समाप्त भयो, त्यसपछि म विपत्तिले गर्दा विदेश गएँ॥ १०४ (ख)॥

**गयउँ उजेनी सुनु उरगारी। दीन मलीन दरिद्र दुखारी॥**
**गएँ काल कछु संपति पाई। तहँ पुनि करउँ संभु सेवकाई॥**

हे सर्पहरूका शत्रु गरुडजी! सुन्नुहोस्, म दीन, मलिन (उदास), दरिद्री र धेरै नै दुःखी भएर उज्जैन* गएँ। केही काल बितेपछि (अर्थात् २, ४ वर्षसम्म व्यापार, नोकरी, चाकरी गरेर) केही सम्पत्ति कमाएर फेरि मैले त्यहीं भगवान् शङ्करको आराधना गर्न लागे॥ १॥

**बिप्र एक बैदिक सिव पूजा। करइ सदा तेहि काजु न दूजा॥**
**परम साधु परमारथ बिंदक। संभु उपासक नहिं हरि निंदक॥**

एक ब्राह्मणले वेदविधिले सधैं शिवजीको पूजा गर्दथे, उनको अरू कुनै काम थिएन। उनी परम साधु र परमार्थका ज्ञाता थिए, शम्भुका उपासक थिए, तर श्रीहरिको निन्दा गर्दैनथे॥ २॥

**तेहि सेवउँ मैं कपट समेता। द्विज दयाल अति नीति निकेता॥**
**बाहिज नम्र देखि मोहि साईं। बिप्र पढ़ाव पुत्र की नाईं॥**

मैले कपटपूर्वक उनको सेवा गर्दथें। ब्राह्मण अति नै दयालु र नीतिका घर थिए। हे स्वामी! बाहिरबाट नम्र देखेर ब्राह्मणले मलाई पुत्रझैं मानेर पढाउँदथे॥ ३॥

**संभु मंत्र मोहि द्विजबर दीन्हा। सुभ उपदेस बिबिध बिधि कीन्हा॥**
**जपउँ मंत्र सिव मंदिर जाई। हृदयँ दंभ अहमिति अधिकाई॥**

तिनै ब्राह्मणश्रेष्ठले मलाई शिवजीको मन्त्र दिए तथा अनेकौं प्रकारका शुभ उपदेश गरे। मैले शिवजीको मन्दिरमा गएर मन्त्र जप्थें। मेरो हृदयमा दम्भ र अहङ्कार बढ्यो॥ ४॥

दो०— **मैं खल मल संकुल मति नीच जति बस मोह।**
**हरिजन द्विज देखें जरउँ करउँ बिष्नु कर द्रोह॥ १०५ (क)॥**

म दुष्ट, नीच जाति र पापमय मलिन बुद्धि भएको मोहवश श्रीहरिका भक्तहरू र द्विजहरूलाई देख्दा नै क्रोधित भएर (जलेर) उठ्दथें र विष्णु भगवानसँग द्रोह गर्दथें॥ १०५ (क)॥

सो०— **गुर नित मोहि प्रबोध दुखित देखि आचरन मम।**
**मोहि उपजइ अति क्रोध दंभिहि नीति कि भावई॥ १०५ (ख)॥**

गुरुजी मेरो आचरण देखेर दुःखित हुनुहुन्थ्यो। उहाँले मलाई दिनहुँ धेरै नै सम्झाउनुहुन्थ्यो, तर [मैले केही पनि सम्झने कोसिस गरिन, उल्टै] मलाई अत्यन्त क्रोध उत्पन्न हुन्थ्यो। दम्भीलाई कहिल्यै नीति राम्रो लाग्छ?॥ १०५ (ख)॥

## ● गुरुजीको अपमान एवं शिवजीको श्रापको कुरा सुनाउनु ●

**एक बार गुर लीन्ह बोलाई। मोहि नीति बहु भाँति सिखाई॥**
**सिव सेवा कर फल सुत सोई। अबिरल भगति राम पद होई॥**

---

* उज्जैन जाने यो कारण हो कि त्यो देश सधैं हरियो-भरियो रहन्छ। यो मालवा प्रदेशको राजधानी हो र महादेवजी (महाकालेश्वर) को पुरी हो। आफ्ना इष्टदेवको पुरी तथा अन्न-धनादिले परिपूर्ण जानेर त्यहाँ गएँ। यसलाई अवन्तीपुरी (अवन्तिका) भन्दछन्, जुन सप्त मुक्तिदाता पुरी मध्ये एक हो। (मानस-पीयूषबाट उद्धृत)

एकपल्ट गुरुजीले मलाई बोलाउनुभयो र धेरै प्रकारले [परमार्थ] नीतिको शिक्षा दिनुभयो कि हे पुत्र! शिवजीको सेवाको फल यही हो कि श्रीरामका चरणमा प्रगाढ भक्ति होस्॥ १॥

**रामहि भजहिं तात सिव धाता। नर पावँर कै केतिक बाता॥**
**जासु चरन अज सिव अनुरागी। तासु द्रोहँ सुख चहसि अभागी॥**

हे तात! शिवजी र ब्रह्माजीले पनि श्रीरामलाई भज्दछन् [फेरि] नीच मनुष्यको त कुरा नै कत्रो हो? ब्रह्माजी र शिवजी जसका चरणका प्रेमी छन्, हे अभागी! उहाँसँग द्रोह गरेर तैंले सुख खोजेको छस्॥ २॥

**हर कहुँ हरि सेवक गुर कहेऊ। सुनि खगनाथ हृदय मम दहेऊ॥**
**अधम जाति मैं बिद्या पाएँ। भयउँ जथा अहि दूध पिआएँ॥**

गुरुजीले शिवजीलाई हरिको सेवक भन्नुभयो। यस्तो सुनेर हे पक्षिराज! मेरो हृदय जल्यो अर्थात् रिसले छाती भड्कन लाग्यो। नीच जातिको म विद्या पाएर यस्तो भएँ, जस्तै दूध खुवाउनाले [पियाउनाले] सर्प*॥ ३॥

**मानी कुटिल कुभाग्य कुजाती। गुर कर द्रोह करउँ दिनु राती॥**
**अति दयाल गुर स्वल्प न क्रोधा। पुनि पुनि मोहि सिखाव सुबोधा॥**

अभिमानी, कुटिल, दुर्भाग्य र कुजाति म दिन-रात गुरुजीसँग द्रोह गर्दथें। गुरुजी अत्यन्त दयालु हुनुहुन्थ्यो, उहाँमा अलिकति पनि क्रोध हुँदैनथ्यो। [मैले द्रोह गरेपछि पनि] उहाँले बारम्बार मलाई उत्तम ज्ञानको नै शिक्षा दिनुहुन्थ्यो॥ ४॥

**जेहि ते नीच बड़ाई पावा। सो प्रथमहिं हति ताहि नसावा॥**
**धूम अनल संभव सुनु भाई। तेहि बुझाव घन पदवी पाई॥**

नीच मनुष्य जसबाट बढाई (प्रशंसा) पाउँछ, उसले सबैभन्दा पहिला उसैलाई हानेर उसलाई नाश गर्दछ। हे भाइ! सुन्नुहोस्, आगोबाट उत्पन्न भएको धुवाँले मेघको पदवी पाएर त्यही अग्निलाई निभाउँछ॥ ५॥

**रज मग परी निरादर रहई। सब कर पद प्रहार नित सहई॥**
**मरुत उड़ाव प्रथम तेहि भरई। पुनि नृप नयन किरीटन्हि परई॥**

धूलो बाटोमा निरादरले रहिरहन्छ र सधैं सबै [बाटो हिँड्ने] को लात्तीको चोट सहन्छ। तर जब हावाले उसलाई उडाउँछ (माथि उठाउँछ), त्यसपछि सबैभन्दा पहिला उसले त्यही हावालाई भरिदिन्छ र फेरि राजाहरूका नेत्र किरीट (मुकुट, श्रीपेच) हरूमा पर्दछ॥ ६॥

**सुनु खगपति अस समुझि प्रसंगा। बुध नहिं करहिं अधम कर संगा॥**
**कबि कोबिद गावहिं असि नीती। खल सन कलह न भल नहिं प्रीती॥**

---

* *'भएउँ जथा अहि दूध पिआएँ'* सर्पलाई दूध खान दिनाले विष बढ्दछ, उसले खान दिने व्यक्तिलाई पनि टोक्छ— **'पयः पानं भुजङ्गानां केवलं विषवर्द्धनम्।'** (मानस-पीयूषबाट उद्धृत गरिएको)

हे पक्षिराज गरुडजी! सुन्नुहोस्, यस्तो कुरा सम्झेर। बुद्धिमान् मानिसले अधम (नीच) को सङ्गत गर्दैनन्। कवि र पण्डितले यस्तो नीति भन्दछन् कि दुष्टसँग न कलह (झगडा) नै राम्रो हुन्छ, न प्रेम नै॥ ७॥

**उदासीन नित रहिअ गोसाईं। खल परिहरिअ स्वान की नाईं॥**
**मैं खल हृदयँ कपट कुटिलाई। गुर हित कहइ न मोहि सोहाई॥**

हे गोसाईं! उससँग त सधैं उदासीन नै रहनुपर्छ। दुष्टलाई त कुकुरलाई झैं त्याग गर्नुपर्छ। म दुष्ट थिएँ, हृदयमा कपट र कुटिलता भरिएको थियो। [यसैले यद्यपि] गुरुजीले हितको कुरा भन्नुहुन्थ्यो, तर मलाई त्यो मन पर्दैनथ्यो॥ ८॥

दो०— **एक बार हर मंदिर जपत रहेउँ सिव नाम।**
**गुर आयउ अभिमान तें उठि नहिं कीन्ह प्रनाम॥ १०६ (क)॥**

एक दिन मैले शिवजीको मन्दिरमा शिवनाम जपिरहेको थिएँ। त्यही समय गुरुजी त्यहाँ आउनुभयो, तर अभिमानले गर्दा मैले उठेर उहाँलाई प्रणाम गरिन॥ १०६ (क)॥

**सो दयाल नहिं कहेउ कछु उर न रोष लवलेस।**
**अति अघ गुर अपमानता सहि नहिं सके महेस॥ १०६ (ख)॥**

गुरुजी दयालु हुनुहुन्थ्यो, [मेरो दोष देखेर पनि] उहाँले केही भन्नुभएन; उहाँको हृदयमा लेश मात्र पनि क्रोध भएन। तर गुरुको अपमान धेरै ठूलो पाप रहेछ; अतः महादेवजीले त्यो सहन सक्नुभएन॥ १०६ (ख)॥

**मंदिर माझ भई नभबानी। रे हतभाग्य अग्य अभिमानी॥**
**जद्यपि तव गुर कें नहिं क्रोधा। अति कृपाल चित सम्यक बोधा॥**

मन्दिरमा आकाशवाणी भयो कि हे हतभाग्य (भाग्य नष्ट भएको) मूर्ख! अभिमानी! यद्यपि तेरा गुरुको क्रोध छैन, उनी अत्यन्त कृपालु चित्तका छन् र [पूर्ण तथा] यथार्थ ज्ञान छ,॥ १॥

**तदपि साप सठ दैहउँ तोही। नीति बिरोध सोहाइ न मोही॥**
**जौं नहिं दंड करौं खल तोरा। भ्रष्ट होइ श्रुतिमारग मोरा॥**

तर पनि हे मूर्ख! तँलाई मैले श्राप दिन्छु। [किनकि] नीतिको विरोध मलाई मन पर्दैन। हे दुष्ट! यदि मैले तँलाई दण्ड नदिएमा, मेरो वेदमार्ग नै भ्रष्ट हुनेछ॥ २॥

**जे सठ गुर सन इरिषा करहीं। रौरव नरक कोटि जुग परहीं॥**
**त्रिजग जोनि पुनि धरहिं सरीरा। अयुत जन्म भरि पावहिं पीरा॥**

जुन मूर्ख मनुष्य गुरुसँग ईर्ष्या गर्दछन्, उनीहरू करोडौं युगसम्म रौरव नरकमा पर्छन्। फेरि त्यहाँबाट निस्केर उनीहरू तिर्यक् (पशु-पक्षी आदि) योनिहरूमा शरीर धारण गर्दछन् र दश हजार जन्मसम्म दुःख पाउँदै रहन्छन्॥ ३॥

**बैठि रहेसि अजगर इव पापी। सर्प होहि खल मल मति ब्यापी॥**
**महा बिटप कोटर महुँ जाई। रहु अधमाधम अधगति पाई॥**

हे पापी! तँ गुरुको अघिल्तिर अजिङ्गरझैं बसिराखिस्। हे दुष्ट! तेरो बुद्धि पापले ढाकिएको छ, [अतः] तँ सर्प हुनेछस् र अधमभन्दा पनि अधम! यो अधोगति (सर्पको नीच योनि) लाई पाएर कुनै ठूलो रूखको प्वाल (धोद्रो लागेको भाग टोड्को) मा गएर बस्॥ ४॥

दो०— **हाहाकार कीन्ह गुर दारुन सुनि सिव साप।**
**कंपित मोहि बिलोकि अति उर उपजा परिताप॥ १०७ (क)॥**

शिवजीको भयानक शाप सुनेर गुरुजीले हाहाकार गर्नुभयो। मलाई काम्दै गरेको (कम्पमान, थुरथुर भएको) देखेर उहाँको हृदयमा ठूलो सन्ताप उत्पन्न भयो॥ १०७ (क)॥

**करि दंडवत सप्रेम द्विज सिव सन्मुख कर जोरि।**
**बिनय करत गदगद स्वर समुझि घोर गति मोरि॥ १०७ (ख)॥**

प्रेमसहित दण्डवत् गरेर उनै ब्राह्मण शिवजीको अघिल्तिर हात जोडेर मेरो भयङ्कर गति (दण्ड) लाई विचार गरेर गद्‌गद वाणीले बिन्ती गर्न लाग्नुभयो॥ १०७ (ख)॥

## * रुद्राष्टक *

छं०— **नमामीशमीशान निर्वाणरूपं। विभुं व्यापकं ब्रह्म वेदस्वरूपं॥**
**निजं निर्गुणं निर्विकल्पं निरीहं। चिदाकाशमाकाशवासं भजेऽहं॥**

हे मोक्षस्वरूप, विभु, व्यापक, ब्रह्म र वेदस्वरूप, ईशान दिशाका ईश्वर र सबैका स्वामी शिवजी हजुरलाई नमस्कार गर्दछु। निजस्वरूपमा स्थित (अर्थात् मायादिरहित), [मायिक] गुणले रहित, भेदरहित, इच्छारहित, चेतन आकाशरूप एवं आकाशलाई नै वस्त्ररूपमा धारण गर्ने दिगम्बर [अथवा आकाशलाई पनि आच्छादित गर्ने] हजुरलाई म भज्दछु॥ १॥

**निराकारमोंकारमूलं तुरीयं। गिरा ग्यान गोतीतमीशं गिरीशं॥**
**करालं महाकाल कालं कृपालं। गुणागार संसारपारं नतोऽहं॥**

निराकार, ओङ्कारका मूल, तुरीय (तीनै गुणले अतीत), वाणी, ज्ञान र इन्द्रियदेखि टाढै (पर), कैलाशपति, विकराल, महाकालका पनि काल, कृपालु, गुणहरूका धाम, संसारदेखि पर हजुर परमेश्वरलाई म नमस्कार गर्दछु॥ २॥

**तुषाराद्रि संकाश गौरं गभीरं। मनोभूत कोटि प्रभा श्री शरीरं॥**
**स्फुरन्मौलि कल्लोलिनी चारु गंगा। लसद्भालबालेन्दु कंठे भुजंगा॥**

जुन हिमाचलका समान गौरवर्ण र गम्भीर हुनुहुन्छ, जसको शरीरमा करोडौं कामदेवको ज्योति एवं शोभा छ, जसको शिरमा सुन्दर नदी गङ्गाजी विराजमान छिन्, जसको ललाटमा द्वितीयाका चन्द्रमा र गलामा सर्प सुशोभित छन्॥ ३॥

**चलत्कुंडलं भ्रू सुनेत्रं विशालं। प्रसन्नाननं नीलकंठं दयालं॥**
**मृगाधीशचर्माम्बरं मुण्डमालं। प्रियं शंकरं सर्वनाथं भजामि॥**

जसको कानमा कुण्डल हल्लिरहेका छन्, सुन्दर भ्रुकुटी (आँखीभौं) र विशाल नेत्र छन्; जुन प्रसन्नमुख, नीलकण्ठ र दयालु होइबक्सिन्छ; सिंहचर्मको वस्त्र धारण गरिबक्सिएको छ र मुण्डमाला लगाइबक्सिएको छ; उनै सबैका प्यारा र सबैका नाथ [कल्याण गर्ने] श्रीशङ्करलाई भज्दछु (अर्थात् प्रेम गर्दछु, भजन गर्दछु)॥ ४॥

**प्रचंडं प्रकृष्टं प्रगल्भं परेशं। अखंडं अजं भानुकोटिप्रकाशं॥**
**त्रयः शूल निर्मूलनं शूलपाणिं। भजेऽहं भवानीपतिं भावगम्यं॥**

प्रचण्ड (रुद्ररूप), श्रेष्ठ, तेजस्वी, परमेश्वर, अखण्ड, अजन्मा, करोडौं सूर्यहरूका समान प्रकाशमान्, तीनै प्रकारका शूल (दुःखहरू) लाई निर्मूल गर्नेवाला, हातमा त्रिशूल धारण गरिबक्सिएका, भाव (प्रेम) द्वारा प्राप्त हुनेवाला भवानीका पति श्रीशङ्करलाई म भज्दछु॥ ५॥

**कलातीत कल्याण कल्पान्तकारी। सदा सज्जनानन्ददाता पुरारी॥**
**चिदानंद संदोह मोहापहारी। प्रसीद प्रसीद प्रभो मन्मथारी॥**

कलाहरूदेखि पर, कल्याणस्वरूप, कल्पलाई अन्त्य (प्रलय) गर्नेवाला, सज्जनहरूलाई सधैं आनन्द दिने, त्रिपुरका शत्रु, सच्चिदानन्दघन, मोहलाई हरण गर्ने, मनलाई मन्थन गर्ने कामदेवका शत्रु, हे प्रभु! प्रसन्न होइबक्सियोस्, प्रसन्न होइबक्सियोस्॥ ६॥

**न यावद् उमानाथ पादारविन्दं। भजंतीह लोके परे वा नराणां॥**
**न तावत्सुखं शान्ति सन्तापनाशं। प्रसीद प्रभो सर्वभूताधिवासं॥**

जबसम्म पार्वतीका पति हजुरका चरणकमललाई मनुष्यले भज्दैनन्, तबसम्म उनीहरूलाई न त इहलोक र परलोकमा सुख-शान्ति मिल्दछ र न उनका तापहरू नै नष्ट हुन्छन्। अतः हे समस्त जीवहरूको हृदयमा निवास गर्ने प्रभु! प्रसन्न होइबक्सियोस्॥ ७॥

**न जानामि योगं जपं नैव पूजां। नतोऽहं सदा सर्वदा शंभु तुभ्यं॥**
**जरा जन्म दुःखौघ तातप्यमानं। प्रभो पाहि आपन्नमामीश शंभो॥**

मैले न त योग जानेको छु, न जप र न पूजा नै। हे शम्भु! मैले सदा-सर्वदा हजुरलाई नै नमस्कार गर्दछु। हे प्रभु! वृद्धावस्था तथा जन्म [मृत्यु] को दुःख समूहले जल्दै गरेको म दुःखीलाई दुःखबाट रक्षा गरिबक्सियोस्। हे ईश्वर! हे शम्भु! मैले हजुरलाई नमस्कार गर्दछु॥ ८॥

श्लोक— **रुद्राष्टकमिदं प्रोक्तं विप्रेण हरतोषये।**
**ये पठन्ति नरा भक्त्या तेषां शम्भुः प्रसीदति॥**

भगवान् रुद्रको स्तुतिको यो अष्टक उनै शङ्करजीलाई तुष्टि (प्रसन्नता) को लागि ब्राह्मणद्वारा भनिएको हो। जुन मनुष्यले यसलाई भक्तिपूर्वक पाठ गर्दछन्, उनीप्रति भगवान् शम्भु सदैव प्रसन्न हुनुहुन्छ॥ ९॥

दो०— **सुनि बिनती सर्बग्य सिव देखि बिप्र अनुरागु।**
**पुनि मंदिर नभबानी भइ द्विजबर बर मागु॥ १०८ (क)॥**

सर्वज्ञ शिवजीले बिन्ती सुन्नुभयो र ब्राह्मणको प्रेम देख्नुभयो। त्यसपछि मन्दिरमा आकाशवाणी भयो कि हे द्विजश्रेष्ठ! वर माग॥ १०८ (क)॥

**जौं प्रसन्न प्रभु मो पर नाथ दीन पर नेहु।**
**निज पद भगति देइ प्रभु पुनि दूसर बर देहु॥ १०८ (ख)॥**

[ब्राह्मणले भने— ] हे प्रभु! यदि मप्रति हजुर प्रसन्न होइबक्सिन्छ र हे नाथ! यदि यस दीनप्रति हजुरको स्नेह छ भने पहिला हजुरका चरणको भक्ति दिएर फेरि अर्को वर दिइबक्सियोस्॥ १०८ (ख)॥

**तव माया बस जीव जड़ संतत फिरइ भुलान।**
**तेहि पर क्रोध न करिअ प्रभु कृपासिंधु भगवान॥ १०८ (ग)॥**

हे प्रभु! यो अज्ञानी जीव हजुरको मायाको वशमा भएर निरन्तर भुलेर चक्कर लगाइरहन्छ। हे कृपाका समुद्र भगवान्! उसप्रति क्रोध नगरिबक्सियोस्॥ १०८ (ग)॥

**संकर दीनदयाल अब एहि पर होहु कृपाल।**
**साप अनुग्रह होइ जेहिं नाथ थोरेहीं काल॥ १०८ (घ)॥**

हे दीनहरूलाई दया गर्ने (कल्याणकारी) शङ्कर! अब यसलाई कृपा गरिबक्सियोस्, जसबाट हे नाथ! थोरै नै समयमा श्रापपछि अनुग्रह (श्रापबाट मुक्ति) होस्॥ १०८ (घ)॥

## * गुरुजीलाई शिवजीले अपराध—क्षमापान, शापानुग्रह र कागभुशुण्डिजीको अगाडिको कथा *

**एहि कर होइ परम कल्याना। सोइ करहु अब कृपानिधाना॥**
**बिप्र गिरा सुनि परहित सानी। एवमस्तु इति भइ नभबानी॥**

हे कृपानिधान! अब उही गरिबक्सियोस्, जसले यसको परम कल्याण होस्। अर्काको हित (परोपकार) मा मुछिएका (दण्ड दिनुको बदलामा क्षमा प्रार्थना गरेका) ब्राह्मणको वाणी सुनेर फेरि आकाशवाणी भयो—'तथास्तु' (यस्तो नै हुनेछ)॥ १॥

**जदपि कीन्ह एहिं दारुन पापा। मैं पुनि दीन्हि कोप करि सापा॥**
**तदपि तुम्हारि साधुता देखी। करिहउँ एहि पर कृपा बिसेषी॥**

यद्यपि यसले भयानक पाप गरेको छ र मैले पनि यसलाई क्रोध गरेर श्राप दिएको छु, तर पनि तिम्रो साधुता देखेर मैले यसलाई विशेष कृपा गर्नेछु॥ २॥

**छमासील जे पर उपकारी। ते द्विज मोहि प्रिय जथा खरारी॥**
**मोर श्राप द्विज ब्यर्थ न जाइहि। जन्म सहस अवस्य यह पाइहि॥**

हे द्विज! जो क्षमाशील र परोपकारी हुन्छन्, उनीहरू मलाई उस्तै प्रकारले प्रिय हुन्छन्, जस्तै खरारि रामचन्द्रजी। हे द्विज! मेरो शाप व्यर्थ हुनेछैन। यसले हजार जन्म अवश्य पाउनेछ॥ ३॥

**जनमत मरत दुसह दुख होई। एहि स्वल्पउ नहिं ब्यापिहि सोई॥**
**कवनेउँ जन्म मिटिहि नहिं ग्याना। सुनहि सूद्र मम बचन प्रवाना॥**

परन्तु जन्मने र मृत्यु हुने समयमा जुन दुःसह दुःख हुन्छ (अर्थात् जीवलाई जन्मको समय गर्भवासको भन्दा करोडगुणा अधिक पीडा हुन्छ)। यसलाई त्यो दुःखले कत्ति पनि कष्ट दिनेछैन र कुनै पनि जन्ममा यसको ज्ञान मेटिनेछैन। हे शूद्र! मेरो प्रामाणिक वचन सुन॥ ४॥

**रघुपति पुरीं जन्म तव भयऊ। पुनि तैं मम सेवाँ मन दयऊ॥**
**पुरी प्रभाव अनुग्रह मोरें। राम भगति उपजहि उर तोरें॥**

[पहिला त] तेरो जन्म श्रीरघुनाथको पुरीमा भयो। फेरि तैंले मेरो सेवामा मन लगाइस्। पुरीको प्रभाव र मेरो कृपाले तेरो हृदयमा रामभक्ति उत्पन्न हुनेछ॥ ५॥

**सुनु मम बचन सत्य अब भाई। हरितोषन ब्रत द्विज सेवकाई॥**
**अब जनि करहि बिप्र अपमाना। जानेसु संत अनंत समाना॥**

हे भाइ! अब मेरो सत्य वचन सुन। द्विजको सेवा नै भगवान्लाई प्रसन्न गर्ने व्रत हो। तसर्थ अब कहिल्यै ब्राह्मणको अपमान नगर्नू। सन्तहरूलाई अनन्त श्रीभगवान्समान नै जान्नू॥ ६॥

**इंद्र कुलिस मम सूल बिसाला। कालदंड हरि चक्र कराला॥**
**जो इन्ह कर मारा नहिं मरई। बिप्र द्रोह पावक सो जरई॥**

इन्द्रको वज्र, मेरो विशाल त्रिशूल, कालको दण्ड र श्रीहरिको विकराल चक्रले हान्दा पनि जो मर्दैन, ऊ पनि विप्रद्रोहरूपी अग्निले भस्म हुन्छ॥ ७॥

**अस बिबेक राखेहु मन माहीं। तुम्ह कहँ जग दुर्लभ कछु नाहीं।**
**औरउ एक आसिषा मोरी। अप्रतिहत गति होइहि तोरी॥**

यस्तो विवेक मनमा राख्नू। त्यसपछि तिम्रो लागि केही पनि दुर्लभ हुनेछैन। मेरो एउटा अर्को पनि आशीर्वाद छ कि तिम्रो सर्वत्र अबाध गति हुनेछ (अर्थात् तिमी जहाँ जान चाहन्छौ, त्यहाँ रोकटोकविना जान सक्नेछौ)॥ ८॥

दो०— **सुनि सिव बचन हरषि गुर एवमस्तु इति भाषि।**
**मोहि प्रबोधि गयउ गृह संभु चरन उर राखि॥ १०९ (क)॥**

[आकाशवाणीद्वारा] शिवजीका वचन सुनेर गुरुजी हर्षित हुनुभयो र 'यस्तो नै होस्' भनेर मलाई धेरै नै सम्झाएर र शिवजीका चरणलाई हृदयमा राखेर आफ्नो घरमा जानुभयो॥ १०९ (क)॥

**प्रेरित काल बिंधि गिरि जाइ भयउँ मैं ब्याल।**
**पुनि प्रयास बिनु सो तनु तजेउँ गएँ कछु काल॥ १०९ (ख)॥**

कालको प्रेरणाले म विन्ध्याचलमा गएर सर्प भएँ। फेरि केही समय बितेपछि विनापरिश्रम नै मैले त्यो शरीरलाई त्यागें॥ १०९ (ख)॥

**जोइ तनु धरउँ तजउँ पुनि अनायास हरिजान।**
**जिमि नूतन पट पहिरइ नर परिहरइ पुरान॥ १०९ (ग)॥**

हे हरिवाहन! मैले जुनसुकै शरीर धारण गर्दथें, उसलाई परिश्रमविना नै यसरी नै सुखपूर्वक त्याग गर्दथें, जसरी मनुष्यले पुरानो वस्त्र त्याग गर्छ र नयाँ लगाउँछ॥ १०९ (ग)॥

**सिवँ राखी श्रुति नीति अरु मैं नहिं पावा क्लेस।**
**एहि बिधि धरेउँ बिबिधि तनु ग्यान न गयउ खगेस॥ १०९ (घ)॥**

शिवजीले वेदको मर्यादालाई रक्षा गर्नुभयो र मैले क्लेश पनि पाइन। यस्तो प्रकारले हे पक्षिराज! मैले धेरै नै शरीर धारण गरें, तर मेरो ज्ञान हराएन॥ १०९ (घ)॥

**त्रिजग देव नर जोइ तनु धरऊँ। तहँ तहँ राम भजन अनुसरऊँ॥**
**एक सूल मोहि बिसर न काऊ। गुर कर कोमल सील सुभाऊ॥**

तिर्यक् योनि (पशु-पक्षी), देवता या मनुष्य, जुन पनि शरीर धारण गर्दथें, त्यहाँ-त्यहाँ (त्यस शरीरमा) मैले श्रीरामको भजन जारी राख्थें। [यस प्रकारले म सुखी भएँ] परन्तु एक शूल मलाई भइरह्यो। गुरुजीको कोमल सुशील स्वभाव मैले कहिल्यै भुलिन (अर्थात् मैले यस्ता कोमल-स्वभाव भएका दयालु गुरुको अपमान गरें, यो दुःख कहिल्यै भुल्दिन्)॥ १॥

**चरम देह द्विज कै मैं पाई। सुर दुर्लभ पुरान श्रुति गाई॥**
**खेलउँ तहूँ बालकन्ह मीला। करउँ सकल रघुनायक लीला॥**

मैले अन्तिम शरीर ब्राह्मणको पाएँ, जसलाई पुराण र वेदले देवताहरूलाई पनि दुर्लभ बताएका छन्। म त्यहाँ (ब्राह्मण-शरीरमा) पनि बालकहरूसँग मिलेर खेल्दथें र रघुनाथजीकै सबै लीलाहरू गर्ने गर्दथें॥ २॥

**प्रौढ़ भएँ मोहि पिता पढ़ावा। समझउँ सुनउँ गुनउँ नहिं भावा॥**
**मन ते सकल बासना भागी। केवल राम चरन लय लागी॥**

ठूलो भएपछि पिताजीले मलाई पढाउन लाग्नुभयो। मैले सम्झन्थें, सुन्दथें र विचार गर्दथें, तर मलाई पढ्न राम्रो लाग्दैन्थ्यो। (अर्थात् भजनविना शास्त्ररूपी भारी बोकेर मात्र के गर्ने?) मेरो मनमा सबै वासनाहरू भागेर गए। केवल श्रीरामको चरणमा अटल प्रेम भयो॥ ३॥

**कहु खगेस अस कवन अभागी। खरी सेव सुरधेनुहि त्यागी॥**
**प्रेम मगन मोहि कछु न सोहाई। हारेउ पिता पढ़ाइ पढ़ाई॥**

हे गरुडजी! भन्नुहोस्, यस्तो कुन अभागी होला, जसले कामधेनुलाई छोडेर गधाको सेवा गर्छ? प्रेममा मग्न भएको कारणले मलाई (अरू) केही पनि मन परेन। पिताजीले घरीघरी पढाउँदा हार्नुभयो॥ ४॥

**भए कालबस जब पितु माता। मैं बन गयउँ भजन जनत्राता॥**
**जहँ जहँ बिपिन मुनीस्वर पावउँ। आश्रम जाइ जाइ सिरु नावउँ॥**

जब आमा-बाबु कालको वशमा भए (मरे), अनि म भक्तहरूलाई रक्षा गर्ने श्रीरामको भजन गर्नको लागि वनमा गएँ। वनमा जहाँ-जहाँ मुनीश्वरहरूका आश्रम देख्थें, त्यहाँ-त्यहाँ गएर उनीहरूलाई प्रणाम गर्ने गर्दथें॥ ५॥

**बूझउँ तिन्हहि राम गुन गाहा। कहहिं सुनउँ हरषित खगनाहा॥**
**सुनत फिरउँ हरि गुन अनुबादा। अब्याहत गति संभु प्रसादा॥**

हे गरुडजी! उनीहरूसँग मैले श्रीरामका गुणहरूका कथाहरू सोध्दथें। उनीहरूले भन्दथे र मैले हर्षित भएर सुन्ने गर्दथें। यस प्रकार मैले सदा-सर्वदा श्रीहरिका गुणानुवाद सुन्दै घुम्दथें। शिवजीको कृपाले मेरो सर्वत्र अबाधित गति थियो (अर्थात् म जहाँ जान चाहन्थें वही जान सक्दथें)॥ ६॥

**छूटी त्रिबिधि ईषना गाढ़ी। एक लालसा उर अति बाढ़ी॥**
**राम चरन बारिज जब देखौं। तब निज जन्म सफल करि लेखौं॥**

मेरा तीनै प्रकारका (पुत्रको, धनको र मानको) गहीरा प्रबल वासनाहरू छुटे र हृदयमा यही लालचा अत्यन्त बढ्यो कि जब श्रीरामका चरणकमलका दर्शन गर्नेछु, अनि आफ्नो जन्म सफल भएको सम्झनेछु॥ ७॥

**जेहि पूँछउँ सोइ मुनि अस कहई। ईश्वर सर्ब भूतमय अहई॥**
**निर्गुन मत नहिं मोहि सोहाई। सगुन ब्रह्म रति उर अधिकाई॥**

जससँग मैले सोध्दथें, उनै मुनिले यस्तो भन्दछन् कि ईश्वर सर्वभूतमय हुनुहुन्छ। यो निर्गुण मत मलाई मन पर्दैनथ्यो। हृदयमा सगुण ब्रह्मको प्रीति बढिरहेको थियो॥ ८॥

**दो०— गुर के बचन सुरति करि राम चरन मनु लाग।**
**रघुपति जस गावत फिरउँ छन छन नव अनुराग॥ ११० (क)॥**

गुरुजीका वचनलाई स्मरण गरेर मेरो मन श्रीरामको चरणमा लाग्यो। म क्षण-क्षणमा नयाँ-नयाँ प्रेम गर्दै श्रीरघुनाथको यश गाउँदै घुम्दथें॥ ११० (क)॥

### * कागभुशुण्डिजी लोमशजीसँग जानु र शाप तथा अनुग्रह पाउनु *

**मेरु सिखर बट छायाँ मुनि लोमस आसीन।**
**देखि चरन सिरु नायउँ बचन कहेउँ अति दीन॥ ११० (ख)॥**

सुमेरुपर्वतको शिखरमा बरको वृक्षको छायामा लोमश मुनि बस्नुभएको थियो। उहाँलाई देखेर मैले उहाँका चरणमा शिर निहुराएर अत्यन्त दीन वचन भनें॥ ११० (ख)॥

**सुनि मम बचन बिनीत मृदु मुनि कृपाल खगराज।**
**मोहि सादर पूँछत भए द्विज आयहु केहि काज॥ ११० (ग)॥**

हे पक्षिराज! मेरा अत्यन्त नम्र र कोमल वचन सुनेर कृपालु मुनिले मसँग आदरसाथ सोध्न लाग्नुभयो—हे ब्राह्मण! तपाईं कुन कार्यले यहाँ आउनुभएको छ?॥ ११० (ग)॥

**तब मैं कहा कृपानिधि तुम्ह सर्बग्य सुजान।**
**सगुन ब्रह्म अवराधन मोहि कहहु भगवान॥ ११० (घ)॥**

अनि मैले भनें—हे कृपानिधि! हजुर सर्वज्ञ हुनुहुन्छ र सुजान हुनुहुन्छ। हे भगवान् मलाई सगुण ब्रह्मको आराधना [को प्रक्रिया] भन्नुहोस्॥ ११० (घ)॥

**तब मुनीस रघुपति गुन गाथा। कहे कछुक सादर खगनाथा॥**
**ब्रह्मग्यान रत मुनि बिग्यानी। मोहि परम अधिकारी जानी॥**

तब हे पक्षिराज! मुनीश्वरले श्रीरघुनाथका केही कथाहरू आदरसहित भन्नुभयो। त्यसपछि तिनै ब्रह्मज्ञानपरायण विज्ञानवान् मुनिले मलाई परम अधिकारी जानेर— ॥ १॥

**लागे करन ब्रह्म उपदेसा। अज अद्वैत अगुन हृदयेसा॥**
**अकल अनीह अनाम अरूपा। अनुभव गम्य अखंड अनूपा॥**

ब्रह्मको उपदेश गर्न लाग्नुभयो कि ऊ अजन्मा छ, अद्वैत छ, निर्गुण र हृदयको स्वामी (अन्तर्यामी) छ। उसलाई कसैले बुद्धिद्वारा नाप्न सक्दैन, त्यो इच्छारहित, नामरहित, रूपरहित, अनुभवले जान्न योग्य, अखण्ड र उपमारहित छ॥ २॥

**मन गोतीत अमल अबिनासी। निर्बिकार निरवधि सुख रासी॥**
**सो तैं ताहि तोहि नहिं भेदा। बारि बीचि इव गावहिं बेदा॥**

त्यो मन र इन्द्रियदेखि टाढै, निर्मल, विनाशरहित, निर्विकार, सीमारहित र सुखको राशि छ। वेदले यस्तो वर्णन गरेका छन् कि तिमी उही होऊ (तत्त्वमसि), जल र जलको लहर (तरङ्ग) जस्तै उसमा र तिमीमा केही फरक छैन॥ ३॥

**बिबिधि भाँति मोहि मुनि समुझावा। निर्गुन मत मम हृदयँ न आवा॥**
**पुनि मैं कहेउँ नाइ पद सीसा। सगुन उपासन कहहु मुनीसा॥**

मुनिले मलाई अनेक प्रकारले सम्झाउनुभयो, तर निर्गुण मत मेरो हृदयमा बसेन। मैले फेरि मुनिका चरणमा शिर निहुराएर भनें—हे मुनीश्वर! मलाई सगुण ब्रह्मको उपासना भन्नुहोस्॥ ४॥

**राम भगति जल मम मन मीना। किमि बिलगाइ मुनीस प्रबीना॥**
**सोइ उपदेस कहहु करि दाया। निज नयनन्हि देखौं रघुराया॥**

मेरो मन रामभक्तरूपी जलमा माछा भइरहेको छ (उसैमा रमाएको छ)। हे चतुर मुनीश्वर! यस्तो दशामा ऊ (मन) उससँग कसरी अलग हुन सक्छ? हजुरले दया गरेर मलाई त्यही (उपाय) भन्नुहोस्, जसले मैले श्रीरघुनाथलाई आफ्नै आँखाले हेर्न सकौं॥ ५॥

**भरि लोचन बिलोकि अवधेसा। तब सुनिहउँ निर्गुन उपदेसा॥**
**मुनि पुनि कहि हरिकथा अनूपा। खंडि सगुन मत अगुन निरूपा॥**

[पहिले] आँखाभरि श्रीअयोध्यानाथलाई हेरेर, अनि निर्गुण ब्रह्मको उपदेश सुन्नेछु। मुनिले फेरि अनुपम कथा भन्नुभयो र सगुण मतलाई खण्डन गरेर निर्गुणको निरूपण गर्नुभयो॥ ६॥

**तब मैं निर्गुन मत कर दूरी। सगुन निरूपउँ करि हठ भूरी॥**
**उत्तर प्रतिउत्तर मैं कीन्हा। मुनि तन भए क्रोध के चीन्हा॥**

त्यसपछि मैले निर्गुण मतलाई हटाएर (खण्डन गरेर) धेरै नै हठ गरेर सगुणको निरूपण गर्न लागें। मैले उत्तर-प्रत्युत्तर गरें, यसैले मुनिको शरीरमा क्रोधका चिह्न उत्पन्न भए॥ ७॥

**सुनु प्रभु बहुत अवग्या किएँ। उपज क्रोध ग्यानिन्ह के हिएँ॥**
**अति संघरषन जौं कर कोई। अनल प्रगट चंदन ते होई॥**

हे प्रभु! सुन्नुहोस्, धेरै अपमान गरेपछि ज्ञानीको हृदयमा पनि क्रोध उत्पन्न हुन्छ। यदि कसैले चन्दनको काठलाई अत्यन्त धेरै रगडेमा (घोटेमा), उसमा पनि अग्नि प्रकट हुन्छ॥ ८॥

दो०— **बारंबार सकोप मुनि करइ निरूपन ग्यान।**
**मैं अपने मन बैठ तब करउँ बिबिधि अनुमान॥ १११ (क)॥**

मुनिले बारम्बार क्रोधसहित ज्ञानको निरूपण गर्न लाग्नुभयो। त्यसपछि मैले बसी-बसी आफ्नो मनमा अनेकौं प्रकारका अनुमान गर्न लागे॥ १११ (क)॥

**क्रोध कि द्वैतबुद्धि बिनु द्वैत कि बिनु अग्यान।**
**मायाबस परिछिन्न जड़ जीव कि ईस समान॥ १११ (ख)॥**

विनाद्वैतबुद्धिको क्रोध कस्तो र विनाअज्ञान के द्वैत बुद्धि हुन सक्छ? मायाको वशमा रहने परिच्छिन्न (सीमायुक्त, परतन्त्र), जड जीव के ईश्वरको समान (स्वतन्त्र) हुन सक्छ?॥ १११ (ख)॥

**कबहुँ कि दुख सब कर हित ताकें। तेहि कि दरिद्र परस मनि जाकें॥**
**परद्रोही की होहिं निसंका। कामी पुनि कि रहहिं अकलंका॥**

सबैको हित चाहनाले के कहिल्यै दुःख हुन सक्छ? जससँग पारसमणि छ, उससँग के दरिद्रता रहन सक्छ? अरूसँग द्रोह गर्नेवाला के निर्भय हुन सक्छन् र कामी (मैथुनमा मात्रै तल्लीन हुने व्यक्ति) के कलङ्करहित रहन सक्छ?॥ १॥

**बंस कि रह द्विज अनहित कीन्हें। कर्म कि होहिं स्वरूपहि चीन्हें॥**
**काहू सुमति कि खल सँग जामी। सुभ गति पाव कि परत्रिय गामी॥**

ब्राह्मणलाई खराब (कुभलो) गर्नाले के वंश रहन सक्छ? स्वरूपको पहिचान (आत्मज्ञान) भएपछि के [आसक्तिपूर्वक] कर्म हुन सक्छन्? दुष्टहरूको सङ्गतले के कसैसँग सुबुद्धि उत्पन्न हुन्छ? परस्त्रीगामीले के कहिल्यै उत्तम गति पाउन सक्छ?॥ २॥

**भव कि परहिं परमात्मा बिंदक। सुखी कि होहिं कबहुँ हरि निंदक॥**
**राजु कि रहइ नीति बिनु जानें। अघ कि रहहिं हरिचरित बखानें॥**

परमात्मालाई जान्नेवाला कहिल्यै के जन्म-मरण [को चक्कर] मा पर्न सक्छ? भगवान्को निन्दा गर्नेलाई के कहिल्यै सुख हुन सक्छ? नीति नजानीकन के राज्य रहन सक्छ? श्रीहरिको चरित्र वर्णन गरेपछि के पाप रहन सक्छन्?॥ ३॥

**पावन जस कि पुन्य बिनु होई। बिनु अघ अजस कि पावइ कोई॥**
**लाभु कि किछु हरि भगति समाना। जेहि गावहिं श्रुति संत पुराना॥**

विनापुण्य के पवित्र यश [प्राप्त] हुन सक्छ? विनापाप पनि कुनै अपयश हुन सक्छ? जसको महिमा वेद, सन्त र पुराण गाउँछन्, त्यस हरि-भक्तिसमान के कुनै अर्को लाभ छ?॥ ४॥

**हानि कि जग एहि सम किछु भाई। भजिअ न रामहि नर तनु पाई॥**
**अघ कि पिसुनता सम कछु आना। धर्म कि दया सरिस हरिजाना॥**

हे भाइ! जगत्मा के योसमान अर्को कुनै हानि छ कि मनुष्यको शरीर पाएर पनि श्रीरामको भजन नगरियोस्? चुक्ली (छुल्याइँ) समान के कुनै अर्को पाप छ? हे गरुडजी! दयाको समान के कुनै अर्को धर्म छ?॥ ५॥

**एहि बिधि अमिति जुगुति मन गुनऊँ। मुनि उपदेस न सादर सुनऊँ॥**
**पुनि पुनि सगुन पच्छ मैं रोपा। तब मुनि बोलेउ बचन सकोपा॥**

यस प्रकार मैले अनगिन्ती युक्तिहरू मनमा विचार गर्दथें र आदरका साथ मुनिको उपदेशलाई सुन्ने गरिन। जब मैले बारम्बार सगुणको पक्ष स्थापित गरें अर्थात् मलाई जवाफ दिन नै सकेनन्, त्यसपछि मुनि कोपयुक्त वचन बोले— ॥ ६॥

**मूढ़ परम सिख देउँ न मानसि। उत्तर प्रतिउत्तर बहु आनसि॥**
**सत्य बचन बिस्वास न करही। बायस इव सबही ते डरही॥**

हे मूढ! मैले तँलाई सर्वोत्तम शिक्षा दिएको छु, तर पनि तैंले उसलाई मान्दैनस् र धेरै नै उत्तर-प्रत्युत्तर दिन्छस्। मेरो सत्य (सिद्धान्त) वचनमा विश्वास गर्दैनस्! कागको तरह सबैसँग डराउँछस् अर्थात् कागले सोच्दछ कि मेरो वस्तु कसैले ठगेर लिन नसकोस्॥ ७॥

**सठ स्वपच्छ तव हृदयँ बिसाला। सपद होहि पच्छी चंडाला॥**
**लीन्ह श्राप मैं सीस चढ़ाई। नहिं कछु भय न दीनता आई॥**

हे मूर्ख! तेरो हृदयमा आफ्नो पक्षको (विचारको) धेरै ठूलो हठ छ, अतः तँ शीघ्र चाण्डाल पन्छी (कौवा) भइजा। मैले आनन्दका साथ मुनिको श्रापलाई शिरमा चढाएँ। उसबाट मलाई न केही भय भयो, न दीनता नै आयो॥ ८॥

दो०— **तुरत भयउँ मैं काग तब पुनि मुनि पद सिरु नाइ।**
**सुमिरि राम रघुबंस मनि हरषित चलेउँ उड़ाइ॥ ११२ (क)॥**

अनि म तुरुन्तै कौवा भएँ। फेरि मुनिका चरणमा शिर निहुराएर र रघुकुलशिरोमणि श्रीरामलाई स्मरण गरेर म हर्षित हुँदै उडेर गएँ॥ ११२ (क)॥

**उमा जे राम चरन रत बिगत काम मद क्रोध।**
**निज प्रभुमय देखहिं जगत केहि सन करहिं बिरोध॥ ११२ ( ख )॥**

[शिवजी भन्नुहुन्छ— ] हे उमा! जुन श्रीरामको चरणमा प्रेमी छ र काम, अभिमान तथा क्रोधले रहित छ, उसले जगत्‌लाई आफ्ना प्रभुले भरिएको देख्छ (अर्थात् जड-चेतन सबैलाई मेरा प्रभु हुनुहुन्छ, भन्दछ)। फेरि उसले कोसँग वैर गर्ने?॥ ११२ (ख)॥

**सुनु खगेस नहिं कछु रिषि दूषन। उर प्रेरक रघुबंस बिभूषन॥**
**कृपासिंधु मुनि मति करि भोरी। लीन्ही प्रेम परिच्छा मोरी॥**

[कागभुशुण्डिजीले भने— ] हे पक्षिराज गरुडजी! सुन्नुहोस्, यसमा ऋषिको केही पनि दोष थिएन। रघुवंशका विभूषण श्रीराम नै सबैको हृदयमा प्रेरणा गर्नेवाला हुनुहुन्छ। कृपासागर प्रभुले मुनिको बुद्धिलाई भुलाएर मेरो प्रेमको परीक्षा लिनुभयो॥ १॥

**मन बच क्रम मोहि निज जन जाना। मुनि मति पुनि फेरी भगवाना॥**
**रिषि मम महत सीलता देखी। राम चरन बिस्वास बिसेषी॥**

मन, वचन र कर्मले जब प्रभुले मलाई आफ्नो दास जान्नुभयो, अनि भगवान्‌ले मुनिको बुद्धिलाई बदलिदिनुभयो। ऋषिले मेरो महान् पुरुषको जस्तो स्वभाव (धैर्य, अक्रोध, विनम्रता आदि) र श्रीरामको चरणमा विशेष विश्वास देख्नुभयो,॥ २॥

**अति बिसमय पुनि पुनि पछिताई। सादर मुनि मोहि लीन्ह बोलाई॥**
**मम परितोष बिबिधि बिधि कीन्हा। हरषित राममंत्र तब दीन्हा॥**

त्यसपछि मुनिले (आफ्नो शाप सम्झेर) धेरै दुःखका साथ बारम्बार चुकचुकाउँदै मलाई आदरपूर्वक बोलाउनुभयो। अनेकौं प्रकारले मलाई सन्तोष गर्नुभयो र अनि हर्षित भएर राममन्त्र दिनुभयो॥ ३॥

**बालकरूप राम कर ध्याना। कहेउ मोहि मुनि कृपानिधाना॥**
**सुंदर सुखद मोहि अति भावा। सो प्रथमहिं मैं तुम्हहि सुनावा॥**

कृपानिधान मुनिले मलाई बालकरूप श्रीरामको ध्यान (ध्यानको विधि) बताउनुभयो। सुन्दर र सुखप्रद यो ध्यान मलाई धेरै नै राम्रो लाग्यो। त्यो ध्यानलाई मैले हजुरलाई पहिले नै सुनाइसकेको छु अर्थात् फेरि दोहोऱ्याउन आवश्यक परेन॥ ४॥

**मुनि मोहि कछुक काल तहँ राखा। रामचरितमानस तब भाषा॥**
**सादर मोहि यह कथा सुनाई। पुनि बोले मुनि गिरा सुहाई॥**

मुनिले केही समयसम्म मलाई त्यहाँ (आफूसँग) राख्नुभयो। त्यसपछि उहाँले रामचरितमानस वर्णन गर्नुभयो। आदरपूर्वक मलाई यो कथा सुनाएर फेरि मुनिले मसँग सुन्दर वाणीले भन्नुभयो— ॥ ५॥

**रामचरित सर गुप्त सुहावा। संभु प्रसाद तात मैं पावा॥**
**तोहि निज भगत राम कर जानी। ताते मैं सब कहेउँ बखानी॥**

हे तात! यो सुन्दर र गुप्त रामचरितमानस मैले शिवजीको कृपाले पाएको थिएँ। तिमीलाई श्रीरामको 'निज भक्त (खास भक्त)' जानें, यसैले मैले तिमीलाई सबै चरित्र विस्तारपूर्वक भनें॥ ६॥

**राम भगति जिन्ह कें उर नाहीं। कबहुँ न तात कहिअ तिन्ह पाहीं॥**
**मुनि मोहि बिबिधि भाँति समुझावा। मैं सप्रेम मुनि पद सिरु नावा॥**

हे तात! जसको हृदयमा श्रीरामको भक्ति छैन, उसको सम्मुख यसलाई कहिल्यै पनि नभन्नू। मुनिले धेरै प्रकारले सम्झाउनुभयो, अनि मैले प्रेमपूर्वक मुनिका चरणमा शिर निहुराएँ॥ ७॥

**निज कर कमल परसि मम सीसा। हरषित आसिष दीन्ह मुनीसा॥**
**राम भगति अबिरल उर तोरें। बसिहि सदा प्रसाद अब मोरें॥**

मुनीश्वरले आफ्ना कर-कमलले मेरो शिर स्पर्श गरेर हर्षित हुँदै आशीर्वाद दिनुभयो कि अब मेरो कृपाले तिम्रो हृदयमा सधैं प्रगाढ (अविचल, परिपूर्ण भक्ति) बस्नेछ॥ ८॥

दो०— **सदा राम प्रिय होहु तुम्ह सुभ गुन भवन अमान।**
**कामरूप इच्छामरन ग्यान बिराग निधान॥ ११३ (क)॥**

तिमी सधैं श्रीरामका प्रिय हुनेछौ र कल्याणरूप गुणहरूका धाम, मानरहित, इच्छानुसार रूप धारण गर्न सक्ने, इच्छामृत्यु [जसको शरीर त्याग्ने इच्छा भएपछि मात्र मृत्यु हुने अन्यथा नहुने] एवं ज्ञान र वैराग्यका भण्डार होऊ॥ ११३ (क)॥

**जेहिं आश्रम तुम्ह बसब पुनि सुमिरत श्रीभगवंत।**
**ब्यापिहि तहँ न अबिद्या जोजन एक प्रजंत॥ ११३ (ख)॥**

यति मात्र हैन, श्रीभगवान्‌लाई स्मरण गर्दै तिमी जुन आश्रममा बस्नेछौ, त्यहाँ एक योजन (चार कोस) सम्म अविद्या (माया-मोह) ले व्याप्त गर्नेछैन अर्थात् स्पर्श गर्नेछैन॥ ११३ (ख)॥

**काल कर्म गुन दोष सुभाऊ। कछु दुख तुम्हहि न ब्यापिहि काऊ॥**
**राम रहस्य ललित बिधि नाना। गुप्त प्रगट इतिहास पुराना॥**

काल, कर्म, गुण, दोष र स्वभावले उत्पन्न कुनै पनि दुःखले तिमीलाई कहिल्यै सताउनेछैन। अनेकौं प्रकारका सुन्दर श्रीरामका रहस्य (गुप्त मर्म, चरित्र र गुण), जुन इतिहास र पुराणहरूमा गुप्त र प्रकट (वर्णित र लक्षित) छन्॥ १॥

**बिनु श्रम तुम्ह जानब सब सोऊ। नित नव नेह राम पद होऊ॥**
**जो इच्छा करिहहु मन माहीं। हरि प्रसाद कछु दुर्लभ नाहीं॥**

तिमीले तिनी सबैलाई पनि विनापरिश्रम नै जान्नेछौ। श्रीरामको चरणमा तिम्रो नित्य नयाँ प्रेम हुनेछ। आफ्नो मनमा तिमीले जे जस्तो इच्छा गर्नेछौ, श्रीहरिको कृपाले उसको पूर्ति हुन कत्ति पनि दुर्लभ हुनेछैन॥ २॥

**सुनि मुनि आसिष सुनु मतिधीरा। ब्रह्मगिरा भइ गगन गँभीरा॥**
**एवमस्तु तव बच मुनि ग्यानी। यह मम भगत कर्म मन बानी॥**

हे धीरबुद्धि गरुडजी! सुन्नुहोस्, मुनिको आशीर्वाद सुनेर गम्भीर ब्रह्मवाणी भयो कि हे ज्ञानी मुनि! तिम्रा वचन यस्तो (सत्य) नै हुनेछन्। यो कर्म मन र वचनले मेरो भक्त छ॥ ३॥

**सुनि नभगिरा हरष मोहि भयऊ। प्रेम मगन सब संसय गयऊ॥**
**करि बिनती मुनि आयसु पाई। पद सरोज पुनि पुनि सिरु नाई॥**

आकाशवाणी सुनेर मलाई ठूलो हर्ष भयो। म प्रेममा मग्न भएर मेरो सबै सन्देह नष्ट भयो। तदनन्तर मुनिलाई बिन्ती गरेर, आज्ञा प्राप्त गरी फेरि उहाँका चरणमा बारम्बार शिर निहुराएर— ॥ ४॥

**हरष सहित एहिं आश्रम आयउँ। प्रभु प्रसाद दुर्लभ बर पायउँ॥**
**इहाँ बसत मोहि सुनु खग ईसा। बीते कल्प सात अरु बीसा॥**

म हर्षसहित यस आश्रममा आएँ। प्रभु श्रीरामको कृपाले मैले दुर्लभ वर प्राप्त गरें। हे पक्षिराज! म यहाँ बस्न थालेको (लागेको) सत्ताइस कल्प* बिते॥ ५॥

**करउँ सदा रघुपति गुन गाना। सादर सुनहिं बिहंग सुजाना॥**
**जब जब अवधपुरीं रघुबीरा। धरहिं भगत हित मनुज सरीरा॥**

मैले यहाँ सधैं श्रीरघुनाथका गुणहरूलाई वर्णन गर्ने गर्दछु र चतुर पक्षीले उसलाई आदरपूर्वक सुन्दछन्। अयोध्यापुरीमा जब-जब श्रीरघुवीरले भक्तहरूको [हितको] लागि मनुष्य शरीर धारण गर्नुहुन्छ, ॥ ६॥

**तब तब जाइ राम पुर रहऊँ। सिसुलीला बिलोकि सुख लहऊँ॥**
**पुनि उर राखि राम सिसुरूपा। निज आश्रम आवउँ खगभूपा॥**

---

* *'बिते कलप सात अरु बीसा'* इति। आजकल जुन सङ्कल्प पढिन्छ, उसलाई वर्तमान कलियुगको २८ औं कल्पको कलियुग भनिन्छ, यथा— '**अष्टाविंशतितमे कलियुगे कलिप्रथमचरणे।**' यसले ज्ञात हुन्छ कि सम्भवत: यही कल्पमा गरुडजी भुशुण्डिजीसँग गएका थिए। महाप्रलयमा पनि नाश नहुने कारण बताइयो कि भगवान् (मुनि) लोमशको वरदानले यस्तो भयो। प्रलयको समयमा अविद्याकृत सबै पदार्थहरूको नाश हुन्छ, यहाँ एक योजनपर्य्यन्त अविद्या छैन, अत: यिनको नाश हुँदैन।

करु०—प्रलय पाँच प्रकारका हुन्छन्। नित्य, युगान्त, नैमित्तिक, आत्यन्तिक र महाप्रलय। यिनैलाई पाँच प्रकारका कल्प भन्दछन्। यहाँ २७ कल्प नैमित्तिक कल्प हुन्, जुन ब्रह्माको एक-एक दिन पूरा हुँदा भइरहन्छ। महाकल्प वा महाप्रलय उही हो जुन ब्रह्माको १०० वर्षको आयु पूरा हुँदा हुन्छ र ब्रह्माजीको एक दिन हामी मनुष्यको ४ अर्ब ३२ करोड वर्षको हुन्छ।

वि० त्रि०— *'इहाँ बसत.....सात अरु बीसा।'* इति। भाव यो हो कि रामचरितसरको प्राप्ति भुशुण्डिजीलाई लोमशऋषिबाट भयो, अर्थात् यसको पूर्वको रामावतारको कथा मुनिजीले भुशुण्डिजीलाई सुनाउनुभयो, त्यसपछि भुशुण्डिजी नीलगिरिमा आउनुभयो। वहाँ सत्ताइस कल्प बिते। अनि गरुडजी आउनुभयो। उहाँलाई उहाँले त्यो कथा सुनाउनुभयो। त्यही कथालाई शिवजीले पार्वतीजीसँग भन्नुभयो। त्यही संवादलाई याज्ञवल्क्यजीले भरद्वाजजीलाई भन्नुभयो र त्यही संवादलाई गोस्वामीजीले भनिरहनुभएको छ। फलत: गोस्वामीजीले त्यो रामावतारका कथाहरू भनिरहनुभएको छ कि जुन अवतार भएको कम्तीमा पनि सत्ताइस कल्प भयो र वाल्मीकिजीले यही कल्पको रामावतारको कथा भन्नुभएको छ। अत: वाल्मीकीय रामायण र रामचरितमानसको कथा-भागमा अन्तर (भिन्नता) नहुनु नै आश्चर्य छ। (मानस-पीयूषबाट उद्धृत गरिएको)

तब-तब म गएर श्रीरामको नगरीमा रहन्छु र प्रभुको शिशुलीला हेरेर सुख प्राप्त गर्दछु। फेरि हे पक्षिराज! श्रीरामको शिशुरूपलाई हृदयमा राखेर म आफ्नो आश्रममा आउँछु॥ ७॥

**कथा सकल मैं तुम्हहि सुनाई। काग देह जेहिं कारन पाई॥**
**कहिउँ तात सब प्रस्न तुम्हारी। राम भगति महिमा अति भारी॥**

जुन कारणले मैले कागको शरीर पाएँ, त्यो सम्पूर्ण कथा हजुरलाई सुनाएँ। हे तात! मैले हजुरका सबै प्रश्नका उत्तर भनें। आहा! रामभक्तिको धेरै ठूलो महिमा छ॥ ८॥

दो०— **ताते यह तन मोहि प्रिय भयउ राम पद नेह।**
**निज प्रभु दरसन पायउँ गए सकल संदेह॥ ११४ (क)॥**

मलाई आफ्नो यो कागशरीर यस कारणले प्रिय छ कि यसमा मलाई श्रीरामका चरणको प्रेम प्राप्त भयो। यही शरीरमा मैले आफ्नो प्रभुको दर्शन पाएँ र सबै सन्देह नष्ट भए॥ ११४ (क)॥

**मासपारायण, उनन्तीसौं विश्राम**

**भगति पच्छ हठ करि रहेउँ दीन्हि महारिषि साप।**
**मुनि दुर्लभ बर पायउँ देखहु भजन प्रताप॥ ११४ (ख)॥**

मैले हठ (जिद्दी) गरेर भक्तिपक्षमा अटल रहें, जसले गर्दा महर्षि लोमशले मलाई शाप दिनुभयो; परन्तु उसको फल यस्तो भयो कि जुन मुनिहरूलाई पनि दुर्लभ छ, त्यही वरदान मैले पाएँ। भजनको प्रताप त हेर्नुहोस्॥ ११४ (ख)॥

**जे असि भगति जानि परिहरहीं। केवल ग्यान हेतु श्रम करहीं॥**
**ते जड़ कामधेनु गृहँ त्यागी। खोजत आकु फिरहिं पय लागी॥**

जसले भक्तिको यस्तो महिमालाई जानेर पनि (जसलाई जानिएको छैन, त्यो क्षम्य हुन्छ। तर जानेको छोड्नाले 'जड' हुन्छ।) यसलाई छोड्छन् र केवल ज्ञानको लागि श्रम गर्दछन्, ती मूर्ख घरमा भइरहेकी कामधेनुलाई छोडेर दूधको लागि आँकको वृक्षलाई खोज्दै घुम्दछन्॥ १॥

**सुनु खगेस हरि भगति बिहाई। जे सुख चाहहिं आन उपाई॥**
**ते सठ महासिंधु बिनु तरनी। पैरि पार चाहहिं जड़ करनी॥**

हे पक्षिराज! सुन्नुहोस्, जुन मानिस श्रीहरिको भक्तिलाई छोडेर अरू उपायले सुख चाहन्छन्, त्यस्ता मूर्ख जड व्यवहार भएका (अभागी) जहाजविना नै तरेर महासमुद्रको पारि जान चाहन्छन् (अर्थात् हरि-भक्तिविना कुनै उपायले सुख मिल्दैन)॥ २॥

**सुनि भसुंडि के बचन भवानी। बोलेउ गरुड़ हरषि मृदु बानी॥**
**तव प्रसाद प्रभु मम उर माहीं। संसय सोक मोह भ्रम नाहीं॥**

[शिवजी भन्नुहुन्छ— ] हे भवानी! भुशुण्डिजीका वचन सुनेर गरुडजी हर्षित हुँदै कोमल वाणी बोले— हे प्रभु! हजुरको प्रसादले मेरो हृदयमा अब सन्देह, शोक, मोह र भ्रम केही पनि रहेन॥ ३॥

**सुनेउँ पुनीत राम गुन ग्रामा। तुम्हरी कृपाँ लहेउँ बिश्रामा॥**
**एक बात प्रभु पूँछउँ तोही। कहहु बुझाइ कृपानिधि मोही॥**

मैले हजुरका कृपाले श्रीरामचन्द्रका पवित्र गुणसमूहलाई सुनें र शान्ति प्राप्त गरें। हे प्रभु! अब मैले हजुरसँग एउटा कुरा सोध्दछु। हे कृपासागर! मलाई सम्झाएर भन्नुहोस्॥ ४॥

### ✹ ज्ञान-भक्ति-निरूपण, ज्ञानदीपक र भक्तिको महान् महिमा ✹

**कहहिं संत मुनि बेद पुराना। नहिं कछु दुर्लभ ग्यान समाना॥**
**सोइ मुनि तुम्ह सन कहेउ गोसाईं। नहिं आदरेहु भगति की नाईं॥**

सन्त, मुनि, वेद र पुराणले यस्तो भन्छन् कि ज्ञानसमान दुर्लभ केही पनि छैन। हे गोसाईं! उही ज्ञान मुनिले हजुरसँग भन्नुभयो, परन्तु हजुरले भक्तिका समान ज्ञानलाई आदर गर्नुभएन (अर्थात् के सन्तहरूले भुलबाट ज्ञानको श्रेष्ठता प्रतिपादन गरेका हुन्?)॥ ५॥

**ग्यानहि भगतिहि अंतर केता। सकल कहहु प्रभु कृपा निकेता॥**
**सुनि उरगारि बचन सुख माना। सादर बोलेउ काग सुजाना॥**

हे कृपाका धाम! हे प्रभु! ज्ञान र भक्तिमा कत्तिको अन्तर छ? यो सबै मसँग भन्नुहोस्। गरुडजीका वचन सुनेर सुजान कागभुशुण्डिजीले सुख मानेर आदरपूर्वक भने— ॥ ६॥

**भगतिहि ग्यानहि नहिं कछु भेदा। उभय हरहिं भव संभव खेदा॥**
**नाथ मुनीस कहहिं कछु अंतर। सावधान सोउ सुनु बिहंगबर॥**

भक्ति र ज्ञानमा कत्ति पनि भेद छैन। दुवैले नै संसारमा उत्पन्न क्लेशहरूलाई नष्ट गर्छन्। हे नाथ! मुनीश्वरले यसलाई केही अन्तर बताएका छन्। हे पक्षिश्रेष्ठ! उसलाई सावधान भएर सुन्नुहोस्*॥ ७॥

**ग्यान बिराग जोग बिग्याना। ए सब पुरुष सुनहु हरिजाना॥**
**पुरुष प्रताप प्रबल सब भाँती। अबला अबल सहज जड़ जाती॥**

हे हरिवाहन! सुन्नुहोस्; ज्ञान, वैराग्य, योग, विज्ञान—यी सबै पुरुष हुन् (अर्थात् गर्नेवाला आफूलाई पुरुष मान्दछ, पुरुषार्थको बल राख्दछ)। पुरुषको प्रताप सबै प्रकारले प्रबल हुन्छ। अबला स्वाभाविक नै निर्बल र जन्मबाट नै जड (मूर्ख) हुन्छे॥ ८॥

दो०— **पुरुष त्यागि सक नारिहि जो बिरक्त मति धीर।**
**न तु कामी बिषयाबस बिमुख जो पद रघुबीर॥ ११५ (क)॥**

परन्तु जुन वैराग्यवान् र धीरबुद्धि पुरुष छन् उनैले स्त्रीलाई त्याग गर्न सक्छन्, न कि उही कामी पुरुषले, जुन विषयहरूका वशमा छन् (उनका गुलाम छन्) र श्रीरघुवीरका चरणदेखि विमुख छन्॥ ११५ (क)॥

---

* *'सावधान सोउ सुनु'*—'सावधान'=मन, बुद्धि, चित्त लगाएर। भनेको कारण यो हो कि अहिले गरुडको दृष्टि केही ज्ञानतर्फ झुकाव भइरहेको छ। किनकि ज्ञान र भक्तिको भेद सूक्ष्म र गहन विषय हो। किञ्चित् पनि ध्यान छुटेमा सम्झन सकिँदैन। (मानस-पीयूषबाट उद्धृत गरिएको)

सो०— **सोउ मुनि ग्याननिधान मृगनयनी बिधु मुख निरखि।**
**बिबस होइ हरिजान नारि बिष्नु माया प्रगट॥ ११५ ( ख )॥**

उनै ज्ञानका भण्डार मुनि पनि मृगनयनी (युवती स्त्री) को चन्द्रमुखलाई देखेर विवश (उसको अधीन) हुन्छन्। हे गरुडजी! साक्षात् भगवान् विष्णुको माया नै स्त्रीरूपमा प्रकट छ॥ ११५ (ख)॥

**इहाँ न पच्छपात कछु राखउँ। बेद पुरान संत मत भाषउँ॥**
**मोह न नारि नारि कें रूपा। पन्नगारि यह रीति अनूपा॥**

यहाँ मैले केही पक्षपात गरेर भनेको छैन। वेद, पुराण र सन्तहरूको मत (सिद्धान्त) नै भन्दछु। हे गरुडजी! यो अनुपम रीति छ कि एउटी स्त्रीको रूपमा अर्की स्त्री मोहित हुन्न*॥ १॥

**माया भगति सुनहु तुम्ह दोऊ। नारि बर्ग जानइ सब कोऊ॥**
**पुनि रघुबीरहि भगति पिआरी। माया खलु नर्तकी बिचारी॥**

हजुरले सुन्नुहोस्, माया र भक्ति—यी दुवै नै स्त्रीवर्गका हुन्, यो सबै जनाले जान्दछन्। फेरि श्रीरघुनाथलाई भक्ति प्यारो छ। माया बिचरी† त निश्चय नै नाच्ने, नर्तकी मात्र हो॥ २॥

**भगतिहि सानुकूल रघुराया। ताते तेहि डरपति अति माया॥**
**राम भगति निरुपम निरुपाधी। बसइ जासु उर सदा अबाधी॥**

श्रीरघुनाथ भक्तिमा विशेष अनुकूल रहनुहुन्छ। यसैले माया उससँग अत्यन्त डराउँछे। जसको हृदयमा उपमारहित र विशुद्ध रामभक्ति सधैं बाधा-अवरोधविना बस्दछे;॥ ३॥

**तेहि बिलोकि माया सकुचाई। करि न सकइ कछु निज प्रभुताई॥**
**अस बिचारि जे मुनि बिग्यानी। जाचहिं भगति सकल सुख खानी॥**

उसलाई देखेर मायाले लाज मान्दछे। उसप्रति उसले आफ्नो प्रभुता केही पनि गर्न सक्तिन। यस्तो विचार गरेर नै जुन विज्ञानी मुनि छन्, उनीहरूले पनि सबै सुखहरूको खानी भक्तिलाई नै माग्दछन्॥ ४॥

दो०— **यह रहस्य रघुनाथ कर बेगि न जानइ कोइ।**
**जो जानइ रघुपति कृपाँ सपनेहुँ मोह न होइ॥ ११६ ( क )॥**

---

* *'मोह न नारि....'* इति। मोहको अर्थ यहाँ कामातुर हुन्छ। अर्थात् स्त्री कति नै सुन्दरी स्त्रीलाई देखे पनि उसलाई कामोद्दीपन हुँदैन। पुरुष स्त्रीलाई देखेर मोहित हुन्छ। यसैले ज्ञानादि पुरुषवाचक माया-स्त्रीलाई देखेर मोहमा फस्दछ र भक्ति स्वयं स्त्री हो, त्यो मायामा मोहित हुन्न। पूर्व जुन बालकाण्डमा भनिएको छ कि ***'रंगभूमि जब सिय पगु धारी। देखि रूप मोहे नर नारी॥'*** त्यहाँ मोहको अर्थ हो 'मुग्ध भए'। त्यहाँ कामवश हुनु अर्थ होइन।

† पं०रा०व०श०—भक्ति पटरानीवत् हो, प्रभुको महलमा बस्नेवाली हो। माया नर्तकी दासी हो; उसको काम हो राजा श्रीरघुनाथलाई नृत्य आदि देखाउनु। नृत्यादिको कारण राजाले उसलाई केही आदर गरुन्, तर उसको यस्तो सामर्थ्य कहिले हुन सक्छ कि उसले राजाकी पटरानीलाई नै आफूले दखल गरोस्। रानीको प्रतिकूल काम गर्न डराउँछे, किनकि अहिले त केही आदर छ फेरि त्यो पनि रहने छैन। **'भक्तिप्रियो माधवः'**, यस्तो महर्षिले भनेका छन्। महर्षिले ज्ञानलाई प्रिय भनेका छैनन्। (मानस-पीयूषबाट उद्धृत गरिएको)

श्रीरघुनाथको यो रहस्य (गुप्त मर्म) तुरुन्तै कसैले पनि जान्दैनन्। श्रीरघुनाथको कृपाले नै यसलाई जान्न सकिन्छ, उसलाई सपनामा पनि मोह हुँदैन॥ ११६ (क)॥

**औरउ ग्यान भगति कर भेद सुनहु सुप्रबीन।**
**जो सुनि होइ राम पद प्रीति सदा अबिछीन॥ ११६ ( ख )॥**

हे सुचतुर गरुडजी! ज्ञान र भक्तिको अरू पनि भेद सुन्नुहोस्, जसलाई सुन्नाले श्रीरामको चरणमा सधैं अविच्छिन्न (लगातार) प्रेम हुन्छ॥ ११६ (ख)॥

**सुनहु तात यह अकथ कहानी। समुझत बनइ न जाइ बखानी॥**
**ईस्वर अंस जीव अबिनासी। चेतन अमल सहज सुखरासी॥**

हे तात! यो अकथनीय कहानी (वार्ता) सुन्नुहोस्। यसलाई सम्झन मात्र सकिन्छ, वर्णन गर्न सकिँदैन। जीव ईश्वरको अंश हो। त्यो अविनाशी, चेतन, निर्मल र स्वभावले नै सुखको राशि छ॥ १॥

**सो मायाबस भयउ गोसाईं। बँध्यो कीर मरकट की नाईं॥**
**जड़ चेतनहि ग्रंथि परि गई। जदपि मृषा छूटत कठिनई॥**

हे गोसाईं! त्यो (जीव) मायाको वशीभूत भएर सुगा र बाँदरझैं* स्वयं नै बाँधिएको छ। यस प्रकार जड र चेतन ग्रन्थि (गाँठो) पऱ्यो। यद्यपि त्यो ग्रन्थि मिथ्या नै हो, तथापि उसबाट छुट्नमा कठिनता हुन्छ॥ २॥

**तब ते जीव भयउ संसारी। छूट न ग्रंथि न होइ सुखारी॥**
**श्रुति पुरान बहु कहेउ उपाई। छूट न अधिक अधिक अरुझाई॥**

यस्तो भएर जीव जन्मने र मर्ने भयो। अब न त त्यो गाँठो फुक्दछ र न ऊ सुखी नै हुन्छ। वेद र पुराणहरूले धेरै नै उपाय बताएका छन्। तर गाँठो छुट्दैन झन् अधिकाधिक अल्झँदै जान्छ॥ ३॥

**जीव हृदयँ तम मोह बिसेषी। ग्रंथि छूट किमि परइ न देखी॥**
**अस संजोग ईस जब करई। तबहुँ कदाचित सो निरुअरई॥**

जीवको हृदयमा अज्ञानरूपी अन्धकार विशेषरूपले भरिइरहेको छ, यसैले गाँठोलाई देख्न नै सकिँदैन, छुट्ने कसरी? जब कहिल्यै ईश्वरले यस्तो संयोग (जस्तै अगाडि भनिनेछ) उपस्थित गर्दिन्छ, तब मात्र कदाचित् नै त्यो (चित्-अचित्को गाँठो) छुट्न सक्छ॥ ४॥

**सात्त्विक श्रद्धा धेनु सुहाई। जौं हरि कृपाँ हृदयँ बस आई॥**
**जप तप ब्रत जम नियम अपारा। जे श्रुति कह सुभ धर्म अचारा॥**

श्रीहरिको कृपाले यदि सात्त्विकी श्रद्धारूपी सुन्दर गाई हृदयरूपी घरमा आएर बसिन् भने, असङ्ख्य जप, तप, व्रत, यम र नियमादि शुभ धर्म र आचार, जुन श्रुतिहरूले भनेका छन्,॥ ५॥

---

* ***'बँध्यो कीर मरकट की नाईं॥'*** सुगा प्राणको मोहमा परेर फस्दछ, उस्तै प्रकारले अविनाशी सुखराशि जीव आफ्नो कुटुम्ब, परिवार, धन, दौलत, इष्ट-मित्र इत्यादिको मोहमा परेर फस्दछ र बाँदर पनि एक मुठी चनाको लोभमा फस्दछ। यस्तै प्रकारले जीव इन्द्रियहरूको सुखमा लोभिँदै नाना प्रकारका दुःख उठाउँदछ। (मानस-पीयूषबाट उद्धृत)

**तेइ तृन हरित चरै जब गाई। भाव बच्छ सिसु पाइ पेन्हाई॥**
**नोइ निबृत्ति पात्र बिस्वासा। निर्मल मन अहीर निज दासा॥**

उनै [धर्माचाररूपी] हरियो घाँसलाई जब ती गाईले चरेमा अर्थात् खाएमा र आस्तिक भावरूपी सानो बाच्छोलाई पाएर पगारियोस्। निवृत्ति (सांसारिक विषयहरू र प्रपञ्चदेखि हट्नु) न्यान्नो (गाई दुहुदाको समय पछिल्तिरका खुट्टा बाँध्ने डोरी) हो, विश्वास [दूध दुहुने] ढुङ्ग्रो (बाल्टी) हो, निर्मल (निष्पाप) मन जुन स्वयं आफ्नो दास हो (आफ्नो वशमा छ), दुहुनेवाला ग्वाला हो॥ ६॥

**परम धर्ममय पय दुहि भाई। अवटै अनल अकाम बनाई॥**
**तोष मरुत तब छमाँ जुड़ावै। धृति सम जावनु देइ जमावै॥**

हे भाइ! यस प्रकार (धर्माचारमा प्रवृत्त सात्त्विकी श्रद्धारूपी गाईलाई भाव, निवृत्ति र वशमा गरेर निर्मल मनको सहायताले) परम धर्ममय दूध दुहेर उसलाई निष्काम भावरूपी अग्निमा राखेर (यस) दूधलाई बसाल्ने (तताउने)। फेरि क्षमा र सन्तोषरूपी हावाले त्यसलाई चिसो बनाउने र धैर्य तथा शम (मनको निग्रह) रूपी जोडन राखेर उसलाई जमाउने॥ ७॥

**मुदिताँ मथै बिचार मथानी। दम अधार रजु सत्य सुबानी॥**
**तब मथि काढ़ि लेइ नवनीता। बिमल बिराग सुभग सुपुनीता॥**

अनि मुदिता (प्रसन्नता) रूपी आरी (या ठेकी, ठेको) मा तत्त्वविचाररूपी मदानीले दम (इन्द्रिय दमन) को आधारमा (दमरूपी खम्बा आदिको सहाराले) सत्य र सुन्दर वाणीरूपी नेती (डोरी) लगाएर उसलाई मथ्ने र मन्थन गरिसकेपछि त्यसबाट निर्मल, सुन्दर र अत्यन्त पवित्र वैराग्यरूपी नौनीघ्यू (मक्खन) निकाल्ने॥ ८॥

दो०— **जोग अगिनि करि प्रगट तब कर्म सुभासुभ लाइ।**
**बुद्धि सिरावै ग्यान घृत ममता मल जरि जाइ॥ ११७ (क)॥**

अनि योगरूपी अग्नि प्रकट गर्ने र त्यसमा समस्त शुभाशुभ कर्मरूपी आगो लगाउने (सबै कर्महरूलाई योगरूपी अग्निमा भस्म गर्ने)। जब [वैराग्यरूपी नौनी घ्यूको] ममतारूपी मल (बिलाउनी) जल्दछ, त्यसपछि [बाँकी रहेको] ज्ञानरूपी घ्यूलाई [निश्चयात्मिका] बुद्धिले चिसो बनाउने॥ ११७ (क)॥

**तब बिग्यानरूपिनी बुद्धि बिसद घृत पाइ।**
**चित्त दिआ भरि धरै दृढ़ समता दिअटि बनाइ॥ ११७ (ख)॥**

अनि विज्ञानरूपिणी बुद्धि त्यस [ज्ञानरूपी] निर्मल घ्यूलाई पाएर त्यसले चित्तरूपी दियोमा भरेर, समताको पानस वा ठडौरो बनाएर त्यसमाथि उसलाई दृढतापूर्वक अड्याएर राख्ने॥ ११७ (ख)॥

**तीनि अवस्था तीनि गुन तेहि कपास तें काढ़ि।**
**तूल तुरीय सँवारि पुनि बाती करै सुगाढ़ि॥ ११७ (ग)॥**

[जाग्रत्, स्वप्न र सुषुप्ति] तीनवटा नै अवस्थाहरू र [सत्त्व, रज र तम] तीनै गुणरूपी कपासबाट तुरीयावस्थारूपी कपास (रुई) लाई निकालेर र फेरि उसलाई सफा गरेर उसको सुन्दर बाती (बत्ती) काल्ने॥ ११७ (ग)॥

**सो०— एहि बिधि लेसै दीप तेज रासि बिग्यानमय।**
**जातहिं जासु समीप जरहिं मदादिक सलभ सब॥ ११७ (घ)॥**

यस प्रकारले तेजको राशि विज्ञानमय दीपकलाई बाल्ने, जसको समीप जाँदा नै मद आदि सबै पुतली जल्नेछन्॥ ११७ (घ)॥

**सोहमस्मि इति बृत्ति अखंडा। दीप सिखा सोइ परम प्रचंडा॥**
**आतम अनुभव सुख सुप्रकासा। तब भव मूल भेद भ्रम नासा॥**

'सोऽहमस्मि' (त्यो ब्रह्म म हुँ) यस्तो जो अखण्ड (तैलधारावत् कहिल्यै नटुट्ने) वृत्ति छ, उही [त्यस ज्ञानदीपकको] परम प्रचण्ड दीपशिखा (ज्वाला) हो। [यस प्रकार] जब आत्मानुभवको सुखको सुन्दर प्रकाश फैलिन्छ, अनि मात्र संसारको मूल भेदरूपी भ्रमको नाश हुन्छ॥ १॥

**प्रबल अबिद्या कर परिवारा। मोह आदि तम मिटइ अपारा॥**
**तब सोइ बुद्धि पाइ उँजिआरा। उर गृहँ बैठि ग्रंथि निरुआरा॥**

र प्रबल अविद्याका परिवार मोह आदिको अपार अन्धकार मेटिन्छ। त्यसपछि उही (विज्ञानरूपिणी) बुद्धि [आत्मानुभवरूप] प्रकाशलाई पाएर हृदयरूपी घरमा बसेर त्यस जड-चेतनको गाँठोलाई खोल्दछे॥ २॥

**छोरन ग्रंथि पाव जौं सोई। तब यह जीव कृतारथ होई॥**
**छोरत ग्रंथि जानि खगराया। बिघ्न अनेक करइ तब माया॥**

यदि उसले [विज्ञानरूपिणी बुद्धि] त्यस गाँठोलाई खोल्न पाएमा यो जीव कृतार्थ हुन्छ। परन्तु हे पक्षिराज गरुडजी! गाँठो खोल्दै गरेको जानेर मायाले फेरि अनेकौं विघ्न गर्दछे॥ ३॥

**रिद्धि सिद्धि प्रेरइ बहु भाई। बुद्धिहि लोभ दिखावहिं आई॥**
**कल बल छल करि जाहिं समीपा। अंचल बात बुझावहिं दीपा॥**

हे भाइ! उसले धेरै नै ऋद्धि-सिद्धिहरूलाई पठाउँछे, जुन आएर बुद्धिलाई लोभ देखाउँछन् र तिनै ऋद्धि-सिद्धिहरूले कल (कला), बल र छल गरेर नजिकै जान्छन् र आँचलको किनाराको हावाले त्यस ज्ञानरूपी दीपकलाई निभाइदिन्छन्॥ ४॥

**होइ बुद्धि जौं परम सयानी। तिन्ह तन चितव न अनहित जानी॥**
**जौं तेहि बिघ्न बुद्धि नहिं बाधी। तौ बहोरि सुर करहिं उपाधी॥**

यदि बुद्धि धेरै नै समझदार भएमा, त्यसले उनै (ऋद्धि-सिद्धिहरू) लाई अहितकर सम्झेर उनीहरूतर्फ हेर्दैन। यस प्रकार यदि मायाको विघ्नले बुद्धिलाई बाधा नभएमा फेरि देवताले उपाधि (औधी, विघ्न) गर्छन्॥ ५॥

**इंद्री द्वार झरोखा नाना। तहँ तहँ सुर बैठे करि थाना॥**
**आवत देखहिं बिषय बयारी। ते हठि देहिं कपाट उघारी॥**

इन्द्रियहरूका द्वार हृदयरूपी घरका अनेकौं झ्याल हुन्। त्यहाँ-त्यहाँ (प्रत्येक झ्यालमा) देवताले प्रहरी कार्यालय अथवा ठाना बनाएर बसेका हुन्छन्। जुन समयमा तिनै विषयरूपी हावा आएको देख्दछन्, त्यसै समयमा हठपूर्वक ढोका खोल्दिन्छन्॥ ६॥

**जब सो प्रभंजन उर गृहँ जाई। तबहिं दीप बिग्यान बुझाई॥**
**ग्रंथि न छूटि मिटा सो प्रकासा। बुद्धि बिकल भइ बिषय बतासा॥**

जुन समयमा त्यो तेज हावा हृदयरूपी घरमा जान्छ, त्यस समयमा नै त्यो विज्ञानरूपी दीपक निभ्दछ। गाँठो पनि फुकेन र त्यो (आत्मानुभवरूप) प्रकाश पनि मेटियो। विषयरूपी हावाले बुद्धि अत्तालियो (सबै गरेको र गराएको चौपट भयो)॥ ७॥

**इंद्रिन्ह सुरन्ह न ग्यान सोहाई। बिषय भोग पर प्रीति सदाई॥**
**बिषय समीर बुद्धि कृत भोरी। तेहि बिधि दीप को बार बहोरी॥**

इन्द्रियहरू र उनका देवताहरूलाई ज्ञान [स्वाभाविक रूपले नै] मन पर्दैन; किनकि उनीहरूको विषय-भोगहरूमा सधैंभरि प्रीति रहन्छ र बुद्धिलाई पनि विषयरूपी हावाले बौलाही बनाइदिन्छ। त्यसपछि फेरि अर्को पटक त्यस ज्ञानदीपकलाई उस्तै प्रकारले कसले बाल्ने?॥ ८॥

दो०— **तब फिरि जीव बिबिधि बिधि पावइ संसृति क्लेस।**
**हरि माया अति दुस्तर तरि न जाइ बिहगेस॥ ११८ (क)॥**

[यस्तो प्रकारले ज्ञानदीपक निभेपछि] तब फेरि जीवले अनेकौं प्रकारका संसृति (जन्म-मरणादि) को क्लेश पाउँछ। हे पक्षिराज! हरिको माया अत्यन्त दुस्तर छ, त्यो सजिलै तर्न नै सकिँदैन॥ ११८ (क)॥

**कहत कठिन समुझत कठिन साधत कठिन बिबेक।**
**होइ घुनाच्छर न्याय जौं पुनि प्रत्यूह अनेक॥ ११८ (ख)॥**

ज्ञान भन्न (सम्झाउन) मा कठिन, सम्झन कठिन र सिद्ध गर्न पनि कठिन छ। यदि घुणाक्षरन्यायले (संयोगवश) कदाचित् यो ज्ञान भयो भने पनि फेरि उसलाई बचाइराख्न अनेकौं विघ्न छन्॥ ११८ (ख)॥

**ग्यान पंथ कृपान कै धारा। परत खगेस होइ नहिं बारा॥**
**जो निर्बिघ्न पंथ निर्बहई। सो कैवल्य परम पद लहई॥**

ज्ञानको मार्ग कृपाण (दुइतर्फ धार भएको तरबार) को धारसमान छ। हे पक्षिराज! यस मार्गमा पतन हुन समय लाग्दैन। जसले यस मार्गलाई निर्विघ्न रूपमा पालन गर्छ, उसैले कैवल्य (मोक्ष) रूप परमपदलाई पाउँछ॥ १॥

**अति दुर्लभ कैवल्य परम पद। संत पुरान निगम आगम बद॥**
**राम भजत सोइ मुकुति गोसाईं। अनइच्छित आवइ बरिआईं॥**

सन्त, पुराण, वेद र [तन्त्र आदि] शास्त्र [सबै] ले यही भन्दछन् कि कैवल्यरूप परमपद अत्यन्त दुर्लभ छ; किन्तु हे गोसाईं! उही [अत्यन्त दुर्लभ] मुक्ति श्रीरामको भजनले इच्छाविना नै पनि जबरजस्ती आउँछ॥ २॥

**जिमि थल बिनु जल रहि न सकाई। कोटि भाँति कोउ करै उपाई॥**
**तथा मोच्छ सुख सुनु खगराई। रहि न सकइ हरि भगति बिहाई॥**

जस्तै स्थलविना जल रहन सक्दैन, चाहे करोडौं प्रकारका उपाय किन नगरियोस्। उस्तै नै, हे पक्षिराज! सुन्नुहोस्, मोक्षसुख पनि श्रीहरिको भक्तिलाई छोडेर रहन सक्तैन॥ ३॥

**अस बिचारि हरि भगत सयाने। मुक्ति निरादर भगति लुभाने॥**
**भगति करत बिनु जतन प्रयासा। संसृति मूल अबिद्या नासा॥**

यस्तो विचार गरेर बुद्धिमान् हरिभक्त भक्तिमा लोभिएर मुक्तिलाई तिरस्कार गर्छन्। भक्ति गर्नाले संसृति (जन्म-मृत्युरूपी संसार) को जड अविद्याविना नै यत्न र परिश्रम स्वयं नै नष्ट हुन्छ॥ ४॥

**भोजन करिअ तृपिति हित लागी। जिमि सो असन पचवै जठरागी॥**
**असि हरि भगति सुगम सुखदाई। को अस मूढ़ न जाहि सोहाई॥**

जस्तै भोजन त गरिन्छ तृप्ति (पेट भर्न, भोकलाई शान्त वा सन्तुष्ट गर्न) को लागि र त्यस भोजनलाई जठराग्निले स्वयं नै (हाम्रो प्रयासविना) पचाउँदछ, यस्तो सुगम र परम सुख दिने हरिभक्ति जसलाई सुहाउँदैन (मन पर्दैन), यस्तो मूढ को होला?॥ ५॥

दो०— **सेवक सेब्य भाव बिनु भव न तरिअ उरगारि।**
**भजहु राम पद पंकज अस सिद्धांत बिचारि॥ ११९ (क)॥**

हे सर्पहरूका शत्रु गरुडजी! म सेवक हुँ र भगवान् रामचन्द्रजी मेरा सेव्य (स्वामी) हुनुहुन्छ, यस्तो भावविना संसाररूपी समुद्रदेखि तर्न सकिँदैन। यस्तो सिद्धान्त विचार गरेर श्रीरामचन्द्रका चरणकमलको भजन गर्नुहोस्॥ ११९ (क)॥

**जो चेतन कहँ जड़ करइ जड़हि करइ चैतन्य।**
**अस समर्थ रघुनायकहि भजहिं जीव ते धन्य॥ ११९ (ख)॥**

जसले चेतनलाई जड र जडलाई चेतन बनाउनुहुन्छ, यस्ता समर्थ श्रीरघुनाथलाई जुन जीवले भज्दछन्, तिनीहरू धन्य छन्॥ ११९ (ख)॥

**कहेउँ ग्यान सिद्धांत बुझाई। सुनहु भगति मनि कै प्रभुताई॥**
**राम भगति चिंतामनि सुंदर। बसइ गरुड़ जाके उर अंतर॥**

मैले ज्ञानको सिद्धान्त सम्झाएर भनें। अब भक्तिरूपी मणिको प्रभुता (महिमा) लाई सुन्नुहोस्। श्रीरामको भक्ति सुन्दर चिन्तामणि हो। हे गरुडजी! यो जसको हृदयभित्र बस्दछ,॥ १॥

**परम प्रकास रूप दिन राती। नहिं कछु चहिअ दिआ घृत बाती॥**
**मोह दरिद्र निकट नहिं आवा। लोभ बात नहिं ताहि बुझावा॥**

त्यो दिनरात [आफैं] परम प्रकाशरूप रहन्छ। उसलाई दियो (दीपक), घ्यू र बत्ती केही पनि चाहिँदैन। [यस्ता प्रकारले मणिमा प्रथम त स्वाभाविक नै प्रकाश रहन्छ] फेरि मोहरूपी दरिद्रता नजिक आउँदैन। [किनकि मणि स्वयं धनरूप छ] र [तेस्रो] लोभरूपी हावाले त्यस मणिमय दीपकलाई निभाउन सक्तैन, [किनकि मणि स्वयं प्रकाशरूप छ, उसले कुनै अरूको सहायताले प्रकाश गर्दैन]॥ २॥

**प्रबल अबिद्या तम मिटि जाई। हारहिं सकल सलभ समुदाई॥**
**खल कामादि निकट नहिं जाहीं। बसइ भगति जाके उर माहीं॥**

[उसको प्रकाशले] अविद्याको प्रबल अन्धकार मेटिन्छ। मदादि पुतली (सलह किरा) हरूका सम्पूर्ण समूह (ताँती) पराजित हुन्छन्। जसको हृदयमा भक्ति बस्दछ, काम, क्रोध र लोभ आदि दुष्ट त उसको नजिक नै जादैनन्॥ ३॥

**गरल सुधासम अरि हित होई। तेहि मनि बिनु सुख पाव न कोई॥**
**ब्यापहिं मानस रोग न भारी। जिन्ह के बस सब जीव दुखारी॥**

उसको लागि विष अमृतको समान र शत्रु मित्र हुन्छन्। त्यो मणिविना कसैले सुख पाउँदैन। ठूला-ठूला मानस-रोग (मानसिक रोग), जसको वशमा भएर सबै जीव दुःखी भइरहेका छन्, उसलाई व्याप्त गर्दैनन् अर्थात स्पर्श गर्दैनन्॥ ४॥

**राम भगति मनि उर बस जाकें। दुख लवलेस न सपनेहुँ ताकें॥**
**चतुर सिरोमनि तेइ जग माहीं। जे मनि लागि सुजतन कराहीं॥**

श्रीरामभक्तिरूपी मणि जसको हृदयमा बस्दछ, उसलाई सपनामा पनि लेश मात्र दुःख हुँदैन। जगत्मा तिनै मनुष्य चतुरहरूका शिरोमणि छन्, जसले त्यस भक्तिरूपी मणिको लागि पूर्णरूपमा प्रयत्न गर्छन् (अर्थात् तन, मन, धनले यसैमा लागिरहन्छन्)॥ ५॥

**सो मनि जदपि प्रगट जग अहई। राम कृपा बिनु नहिं कोउ लहई॥**
**सुगम उपाय पाइबे केरे। नर हतभाग्य देहिं भटभेरे॥**

यद्यपि त्यो मणि जगत्मा प्रकट (प्रत्यक्ष) छ, तर श्रीरामको कृपाविना उसलाई कसैले पाउन सक्तैन। त्यसलाई प्राप्त गर्ने उपाय पनि सुगम छ, तर अभागी मनुष्यले उसलाई लत्याइदिन्छन्॥ ६॥

**पावन पर्बत बेद पुराना। राम कथा रुचिराकर नाना॥**
**मर्मी सज्जन सुमति कुदारी। ग्यान बिराग नयन उरगारी॥**

वेद-पुराण पवित्र पर्वत हो। श्रीरामका नाना प्रकारका कथाहरू त्यस पर्वतका सुन्दर खानी हुन्। सन्त पुरुष [उहाँका यी खानीहरूको रहस्यलाई जान्ने] मर्मज्ञ हुन् र सुन्दर बुद्धि [खन्ने] कोदालो (औजार) हो। हे गरुडजी! ज्ञान र वैराग्य—यी दुई उसका नेत्र हुन् (अर्थात् भक्तिरूपी मणि प्राप्त भएपछि कसी लगाउने आँखाको जरुरत बताइयो)॥ ७॥

**भाव सहित खोजइ जो प्रानी। पाव भगति मनि सब सुख खानी॥**
**मोरें मन प्रभु अस बिस्वासा। राम ते अधिक राम कर दासा॥**

जुन प्राणीले उसलाई प्रेमका साथ खोज्दछ, उसले सबै सुखको खानी यो भक्तिरूपी मणिलाई प्राप्त गर्दछ। हे प्रभु! मेरो मनमा त यस्तो विश्वास छ कि श्रीरामका दास रामजीभन्दा पनि ठूला छन्॥ ८॥

**राम सिंधु घन सज्जन धीरा। चंदन तरु हरि संत समीरा॥**
**सब कर फल हरि भगति सुहाई। सो बिनु संत न काहूँ पाई॥**

श्रीराम समुद्र हुनुहुन्छ भने धीर सन्त पुरुष मेघ हुन् (अर्थात् समुद्र सबैलाई प्राप्त हुन कठिन हुन्छ, मेघले उसलाई सर्वत्र पुऱ्याउँदछ, त्यस्तै प्रकारले श्रीरामजीको प्राप्ति कठिन छ, तर सज्जनले प्रचार गरेर सबैलाई सुलभ बनाउँछन्)। श्रीहरि चन्दनका वृक्ष हुनुहुन्छ भने सन्त पवन हुन्। सबै साधनको फल सुन्दर हरिभक्ति नै हो। उसलाई सन्तविना कसैले पाएनन्॥ ९॥

**अस बिचारि जोइ कर सतसंगा। राम भगति तेहि सुलभ बिहंगा॥**

यस्तो विचार गरेर जसले सन्तको सङ्गत गर्दछ, उसको लागि श्रीरामको भक्ति सुलभ हुन्छ (अर्थात् सन्तविना भक्ति मिल्दैन, अतः सत्सङ्ग आवश्यक बताइयो)॥ १०॥

दो०— **ब्रह्म पयोनिधि मंदर ग्यान संत सुर आहिं।**
**कथा सुधा मथि काढ़हिं भगति मधुरता जाहिं॥ १२० (क)॥**

ब्रह्म (वेद) समुद्र हो, ज्ञान मन्दराचल हो र सन्त देवता हुन्, जसले त्यस समुद्रलाई मथेर (मन्थन गरेर) कथारूपी अमृत निकाल्दछ, जसमा भक्तिरूपी मधुरता (मिठास) बसिरहन्छ॥ १२० (क)॥

**बिरति चर्म असि ग्यान मद लोभ मोह रिप मारि।**
**जय पाइअ सो हरि भगति देखु खगेस बिचारि॥ १२० (ख)॥**

वैराग्यरूपी ढालले आफूलाई बचाउँदै र ज्ञानरूपी तरबारले मद, लोभ र मोहरूपी वैरीहरूलाई काटेर जसले विजय प्राप्त गर्दछ, त्यो नै हरिभक्ति हो; हे पक्षिराज! यसलाई विचार गरेर हेर्नुहोस्॥ १२० (ख)॥

## गरुडजीका सात प्रश्न र कागभुशुण्डिजीको उत्तर

**पुनि सप्रेम बोलेउ खगराऊ। जौं कृपाल मोहि ऊपर भाऊ॥**
**नाथ मोहि निज सेवक जानी। सप्त प्रस्न मम कहहु बखानी॥**

पक्षिराज गरुडजी फेरि प्रेमसहित बोले—हे कृपालु! यदि मप्रति हजुरको प्रेम छ भने हे नाथ! मलाई आफ्नो सेवक जानेर मेरा सात प्रश्नको उत्तर वर्णन गरेर भन्नुहोस्॥ १॥

**प्रथमहिं कहहु नाथ मतिधीरा। सब ते दुर्लभ कवन सरीरा॥**
**बड़ दुख कवन कवन सुख भारी। सोउ संछेपहिं कहहु बिचारी॥**

हे नाथ! हे धीरबुद्धि! पहिला त यो बताउनुहोस् कि सबैभन्दा दुर्लभ शरीर कुन हो? फेरि सबैभन्दा ठूलो दुःख कुन हो र सबैभन्दा ठूलो सुख कुन हो, यो पनि विचार गरेर संक्षेपमा नै भन्नुहोस्॥ २॥

**संत असंत मरम तुम्ह जानहु। तिन्ह कर सहज सुभाव बखानहु॥**
**कवन पुन्य श्रुति बिदित बिसाला। कहहु कवन अघ परम कराला॥**

सन्त र असन्तको मर्म (भेद) लाई हजुरले जान्नुभएको छ, उनका सहज स्वभावलाई वर्णन गर्नुहोस्। अनि भन्नुहोस् कि श्रुतिहरूमा प्रसिद्ध सबैभन्दा महान् पुण्य कुन हो र सबैभन्दा महान् भयङ्कर पाप कुन हो?॥ ३॥

**मानस रोग कहहु समुझाई। तुम्ह सर्बग्य कृपा अधिकाई॥**
**तात सुनहु सादर अति प्रीती। मैं संछेप कहउँ यह नीती॥**

फेरि मानसिक (मानस) रोगहरूलाई सम्झाएर भन्नुहोस्। हजुर सर्वज्ञ हुनुहुन्छ र मप्रति हजुरको कृपा पनि धेरै छ। [कागभुशुण्डिजीले भने— ] हे तात! अत्यन्त आदर र प्रेमका साथ सुन्नुहोस्। मैले यस नीतिलाई संक्षेपमा भन्दछु॥ ४॥

**नर तन सम नहिं कवनिउ देही। जीव चराचर जाचत तेही॥**
**नरक स्वर्ग अपबर्ग निसेनी। ग्यान बिराग भगति सुभ देनी॥**

मनुष्यको शरीरसमान (दुर्लभ) कुनै शरीर छैन। चर-अचर सबै जीवले उसलाई याचना गर्दछन् (माग्दछन्)। त्यो मनुष्यको शरीर नरक, स्वर्ग र मोक्षको सिँढी हो तथा कल्याणकारी ज्ञान, वैराग्य र भक्ति दिनेवाला छ॥ ५॥

**सो तनु धरि हरि भजहिं न जे नर। होहिं बिषय रत मंद मंद तर॥**
**काँच किरिच बदलें ते लेहीं। कर ते डारि परस मनि देहीं॥**

यस्तो मनुष्य-शरीरलाई धारण (प्राप्त) गरेर पनि जुन व्यक्तिले श्रीहरिको भजन गर्दैनन् र नीचभन्दा पनि नीच विषयहरूमा अनुरक्त (आसक्त भइ) रहन्छन्, तिनले पारसमणिलाई हातले फाल्दछन् र बदलामा काँच (सिसा) को टुक्रा लिन्छन्॥ ६॥

**नहिं दरिद्र सम दुख जग माहीं। संत मिलन सम सुख जग नाहीं॥**
**पर उपकार बचन मन काया। संत सहज सुभाउ खगराया॥**

जगत्मा दरिद्रतासमान दुःख छैन तथा सन्तको मिलनसमान जगत्मा सुख छैन र हे पक्षिराज! मन, वचन र शरीरले परोपकार गर्नु, यो सन्तको सहज स्वभाव हो॥ ७॥

**संत सहहिं दुख पर हित लागी। पर दुख हेतु असंत अभागी॥**
**भूर्ज तरू सम संत कृपाला। परहित निति सह बिपति बिसाला॥**

सन्तले अर्काको भलाइ (कल्याण) को लागि दुःख सहन्छन् र अभागी असन्त (दुष्ट) अर्कालाई दुःख पुऱ्याउनको लागि। कृपालु सन्त भोजवृक्षको समान अर्काको हितको लागि धेरै दुःख सहन्छन् (आफ्नो छाला अथवा बोक्रोसम्म निकाल्न दिन्छन्)॥ ८॥

**सन इव खल पर बंधन करई। खाल कढ़ाइ बिपति सहि मरई॥**
**खल बिनु स्वारथ पर अपकारी। अहि मूषक इव सुनु उरगारी॥**

किन्तु दुष्ट मानिसले सनजस्तै अरूलाई बाँध्दछन् र [उनलाई बाँध्नको लागि] आफ्नो छाला (बोक्रो) उतारेर विपत्ति सहेर मर्दछन्। हे सर्पहरूका शत्रु गरुडजी! सुन्नुहोस्; दुष्टले विनास्वार्थ नै सर्प र मुसोका समान अकारण नै अरूलाई अहित गर्दछन्॥ ९॥

**पर संपदा बिनासि नसाहीं। जिमि ससि हति हिम उपल बिलाहीं॥**
**दुष्ट उदय जग आरति हेतू। जथा प्रसिद्ध अधम ग्रह केतू॥**

उनीहरू पराईको सम्पत्ति नाश गरेर स्वयं नष्ट हुन्छन्, जस्तै खेतीलाई नाश गरेर असिना नष्ट हुन्छ। दुष्टको अभ्युदय (उन्नति) प्रसिद्ध अधम ग्रह केतुको उदयझैं जगत्को दुःखको लागि नै हुन्छ (अर्थात् थोरै समयमा नै अति नै धेरै हानि पुऱ्याउँछन्)॥ १०॥

**संत उदय संतत सुखकारी। बिस्व सुखद जिमि इंदु तमारी॥**
**परम धर्म श्रुति बिदित अहिंसा। पर निंदा सम अघ न गरीसा॥**

र सन्तहरूको अभ्युदय (उन्नति) सधैं नै सुखकर हुन्छ, जस्तै चन्द्रमा र सूर्यको उदय विश्वभरिको लागि सुखदायक हुन्छ। वेदहरूमा अहिंसालाई परम धर्म मानिएको छ र परनिन्दाको समान ठूलो पाप छैन॥ ११॥

**हर गुर निंदक दादुर होई। जन्म सहस्त्र पाव तन सोई॥**
**द्विज निंदक बहु नरक भोग करि। जग जनमइ बायस सरीर धरि॥**

शङ्करजी र गुरुको निन्दक मनुष्य [अर्को जन्ममा] भ्यागुतो हुन्छ र उसले हजार जन्मसम्म त्यही भ्यागुताको शरीर पाउँछ। ब्राह्मणको निन्दा गर्नेवाला व्यक्ति धेरै नै नरक भोगेर फेरि जगत्मा कागको शरीर धारणा गरेर जन्म लिन्छ॥ १२॥

**सुर श्रुति निंदक जे अभिमानी। रौरव नरक परहिं ते प्रानी॥**
**होहिं उलूक संत निंदा रत। मोह निसा प्रिय ग्यान भानु गत॥**

जुन अभिमानी जीव देवता र वेदहरूको निन्दा गर्दछन्, उनीहरू रौरव नरकमा पर्छन्। सन्तहरूको निन्दामा लागेका मान्छे उल्लू (लाटोकोसेरो) हुन्छन्, जसलाई मोहरूपी रात्रि प्रिय हुन्छ र ज्ञानरूपी घाम जसको लागि बितिरहेको (अस्त भएको) हुन्छ॥ १३॥

**सब कै निंदा जे जड़ करहीं। ते चमगादुर होइ अवतरहीं॥**
**सुनहु तात अब मानस रोगा। जिन्ह ते दुख पावहिं सब लोगा॥**

जुन मूर्ख मनुष्यले सबैको निन्दा गर्दछन्, उनीहरू चमेरो भएर जन्म लिन्छन्। हे तात! अब मानस-रोग सुन्नुहोस्, जसले गर्दा सबै जनाले दुःख पाउने गर्छन्॥ १४॥

**मोह सकल ब्याधिन्ह कर मूला। तिन्ह ते पुनि उपजहिं बहु सूला॥**
**काम बात कफ लोभ अपारा। क्रोध पित्त नित छाती जारा॥**

सबै रोगहरूको जड मोह (अज्ञान) हो। तिनै व्याधिहरूबाट धेरै नै शूल उत्पन्न हुन्छन्। काम बाथ हो, लोभ अपार (बढेको) कफ हो र क्रोध पित्त हो, जसले सधैं छाती पोलिरहन्छ॥ १५॥

**प्रीति करहिं जौं तीनिउ भाई। उपजइ सन्यपात दुखदाई॥**
**बिषय मनोरथ दुर्गम नाना। ते सब सूल नाम को जाना॥**

यदि कहीं (कतै) यी तीन भाइ (बाथ, पित्त र कफ) ले प्रीति गरे भने (भेट भए भने), त्यस समयमा दु:खदायक सन्निपात रोग उत्पन्न हुन्छ। कठिनताले प्राप्त (पूर्ण) हुने जुन विषयहरूको मनोरथ छ, त्यही नै सबै शूल रोग हो; उसको नाम कसले जान्दछन् (अर्थात् अपार छन्)॥ १६॥

**ममता दादु कंडु इरषाई। हरष बिषाद गरह बहुताई॥**
**पर सुख देखि जरनि सोइ छई। कुष्ट दुष्टता मन कुटिलई॥**

ममता दाद हो, ईर्ष्या (डाह) चिलाउने रोग लुतो वा चर्मरोग हो, हर्ष-विषाद घाँटीका रोगको अधिकता (गलगण्ड, कण्ठमाला रोग) हुन्, अर्काको सुखलाई देखेर जुन छाती जलेर आउँछ, त्यो क्षयरोग हो। दुष्टता र मनको कुटिलता नै कुष्ठरोग हो॥ १७॥

**अहंकार अति दुखद डमरुआ। दंभ कपट मद मान नेहरुआ॥**
**तृस्ना उदरबृद्धि अति भारी। त्रिबिधि ईषना तरुन तिजारी॥**

अहङ्कार अत्यन्त दु:ख दिने गाँठ रोग अथवा एक प्रकारको बाथ रोग हो। दम्भ, कपट, मद र मान नशाहरूको रोग हुन्। तृष्णा धेरै ठूलो उदरवृद्धि (जलोदर पेटको रोग) हो। तीन प्रकार (पुत्र, धन र मान) को प्रबल इच्छा तृतीय दिनको ज्वरो हो॥ १८॥

**जुग बिधि ज्वर मत्सर अबिबेका। कहँ लगि कहौं कुरोग अनेका॥**

मत्सर र अविवेक दुई प्रकारका ज्वरो हुन्। यस्ता प्रकारका धेरै असाध्य रोग छन्, जसलाई कतिसम्म भनौं॥ १९॥

दो०— **एक ब्याधि बस नर मरहिं ए असाधि बहु ब्याधि।**
**पीड़हि संतत जीव कहुँ सो किमि लहै समाधि॥ १२१ (क)॥**

एउटै रोगको वशमा भएर मानिस मर्दछन्, फेरि यी त धेरै नै असाध्य* रोग छन्। यिनीहरूले जीवलाई निरन्तर कष्ट दिइरहन्छन्, यस्तो दशामा उसले समाधि (शान्ति) लाई कसरी प्राप्त गर्ने?॥ १२१ (क)॥

**नेम धर्म आचार तप ग्यान जग्य जप दान।**
**भेषज पुनि कोटिन्ह नहिं रोग जाहिं हरिजान॥ १२१ (ख)॥**

नियम, धर्म, आचार (उत्तम आचरण), तप, ज्ञान, यज्ञ, जप, दान तथा अन्य पनि करोडौं औषधिहरू छन्, परन्तु हे गरुडजी! उनीहरूबाट यी रोग निर्मूल हुँदैनन्॥ १२१ (ख)॥

---

* रोग तीन प्रकारका मानिएका छन्—सुख-साध्य, कष्ट-साध्य र असाध्य। यिनीहरूमध्ये असाध्य त्यो हो जसलाई डाक्टर (वैद्य) ले जवाफ दिन्छन् कि उनको स्वास्थ्य कहिल्यै राम्रो हुँदैन, शरीरको साथै जान्छन्। (मानस-पीयूषबाट उद्धृत गरिएको)

**एहि बिधि सकल जीव जग रोगी। सोक हरष भय प्रीति बियोगी॥**
**मानस रोग कछुक मैं गाए। हहिं सब कें लखि बिरलेन्ह पाए॥**

यस्ता प्रकारले जगत्मा समस्त जीव रोगी छन्, जुन शोक, हर्ष, भय, प्रीति र वियोगको दुःखले झनै दुःखी भइरहेका छन्। मैले यी थोरै नै मानसिक रोग भनें। यी छन् त सबैलाई, परन्तु यसलाई जान्न सकेका छन् कुनै-कुनैले अर्थात् अत्यन्त थोरैले॥ १॥

**जाने ते छीजहिं कछु पापी। नास न पावहिं जन परितापी॥**
**बिषय कुपथ्य पाइ अंकुरे। मुनिहु हृदयँ का नर बापुरे॥**

प्राणीहरूलाई विशेष ताप दिने यी पापी (रोग) लाई जान्दाखेरि केही क्षीण अवश्य नै हुन्छन्, परन्तु नाश भने हुँदैनन्। विषयरूपी कुपथ्य (कुपथ) पाएर यी मुनिहरूको हृदयमा पनि अङ्कुरित हुन्छन्, तब बिचरा साधारण मनुष्यको त के कुरा गर्ने॥ २॥

### * भजन-महिमा *

**राम कृपाँ नासहिं सब रोगा। जौं एहि भाँति बनै संजोगा॥**
**सदगुर बैद बचन बिस्वासा। संजम यह न बिषय कै आसा॥**

यदि श्रीरामको कृपाले यस्तो प्रकारको संयोग बन्यो भने त यी सबै रोग नष्ट हुनेछन्। सद्गुरुरूपी वैद्यको वचनमा विश्वास होस्। विषयहरूको आशा नगर्नु, यही संयम हो॥ ३॥

**रघुपति भगति सजीवन मूरी। अनूपान श्रद्धा मति पूरी॥**
**एहि बिधि भलेहिं सो रोग नसाहीं। नाहिं त जतन कोटि नहिं जाहीं॥**

श्रीरघुनाथको भक्ति सञ्जीवनी बुटी हो। श्रद्धाले पूर्ण बुद्धि नै अनुपान (औषधीको साथमा लिने मधु आदि) हो। यस्तो प्रकारको संयोग भयो भने त राम्रैसँग नष्ट हुनेछन्, नत्र भने करोडौं प्रयत्नले पनि जादैनन् (नष्ट हुँदैनन्)॥ ४॥

**जानिअ तब मन बिरुज गोसाँई। जब उर बल बिराग अधिकाई॥**
**सुमति छुधा बाढ़इ नित नई। बिषय आस दुर्बलता गई॥**

हे गोसाईं (स्वामी)! मन नीरोगी भएको त्यस समयमा जान्नुपर्छ, जब हृदयमा वैराग्यको बल बढेको होस्, उत्तम बुद्धिरूपी भोक दिनहुँ नयाँ बढ्दै गरोस् र विषयहरूको आशारूपी दुर्बलता मेटिएर जाओस्॥ ५॥

**बिमल ग्यान जल जब सो नहाई। तब रह राम भगत उर छाई॥**
**सिव अज सुक सनकादिक नारद। जे मुनि ब्रह्म बिचार बिसारद॥**

[यस्तो प्रकारले सबै रोगदेखि छुटेर] जब मनुष्यले निर्मल ज्ञानरूपी जलमा स्नान गर्दछ, तब उसको हृदयमा रामभक्ति छाइन्छ (भरिन्छ)। शिवजी, ब्रह्मा, शुकदेव, सनकादि र नारदजी आदि ब्रह्म-विचारमा परम निपुण जुन मुनि छन्;॥ ६॥

**सब कर मत खगनायक एहा। करिअ राम पद पंकज नेहा॥**
**श्रुति पुरान सब ग्रंथ कहाहीं। रघुपति भगति बिना सुख नाहीं॥**

हे पक्षिराज! उनीहरू सबैको यही मत छ कि श्रीरामको चरणकमलमा प्रेम गर्नुपर्छ। श्रुति, पुराण र सबै ग्रन्थले यही भन्दछन् कि श्रीरघुनाथको भक्तिविना सुख हुँदैन॥ ७॥

**कमठ पीठ जामहिं बरु बारा। बंध्या सुत बरु काहुहि मारा॥**
**फूलहिं नभ बरु बहुबिधि फूला। जीव न लह सुख हरि प्रतिकूला॥**

कछुवाको पीठमा बरु रौं उम्रनेछन्, बाँझीको पुत्रले बरु कसैलाई मार्नेछ, आकाशमा बरु अनेकौं प्रकारका फूल फुल्नेछन्; परन्तु श्रीहरिसँग विमुख भएर जीवले सुख प्राप्त गर्न सक्दैन॥ ८॥

**तृषा जाइ बरु मृगजल पाना। बरु जामहिं सस सीस बिषाना॥**
**अंधकारु बरु रबिहि नसावै। राम बिमुख न जीव सुख पावै॥**

मृगतृष्णाको जललाई पान गर्नाले तिर्खा बरु मेटिनेछ, खरायोको शिरमा बरु सिङ निस्कनेछन्, अन्धकारले बरु सूर्यलाई नाश गर्नेछ; परन्तु श्रीरामसँग विमुख भएर जीवले सुख प्राप्त गर्न सक्तैन॥ ९॥

**हिम ते अनल प्रगट बरु होई। बिमुख राम सुख पाव न कोई॥**

हिउँबाट बरु अग्नि प्रकट हुनेछ (यी सबै हुनै नसक्ने कुरा बरु हुनेछन्), परन्तु श्रीरामसँग विमुख भएर कसैले पनि सुख पाउन सक्तैनन्॥ १०॥

दो०— **बारि मथें घृत होइ बरु सिकता ते बरु तेल।**
**बिनु हरि भजन न भव तरिअ यह सिद्धांत अपेल॥ १२२ ( क )॥**

जललाई मथ्नाले बरु घिउ उत्पन्न हुनेछ र बालुवा [पेल्नाले] बरु तेल निक्लनेछ; परन्तु श्रीहरिको भजनविना संसाररूपी समुद्रमा तर्न सकिँदैन, यो सिद्धान्त अटल छ॥ १२२ (क)॥

**मसकहि करइ बिरंचि प्रभु अजहि मसक ते हीन।**
**अस बिचारि तजि संसय रामहि भजहिं प्रबीन॥ १२२ ( ख )॥**

प्रभुले मशक [लाम्खुट्टे आदि सूक्ष्म जीव] लाई ब्रह्मा बनाउन सक्नुहुन्छ र ब्रह्मालाई मशक-भन्दा पनि तुच्छ बनाउन सक्नुहुन्छ। यस्तो विचार गरेर चतुर पुरुषले सबै सन्देहलाई त्यागेर श्रीरामको नै भजन गर्दछन् (अर्थात् भज्दछन्)॥ १२२ (ख)॥

## * रामायण-माहात्म्य, तुलसीविनय र फलस्तुति *

श्लोक— **विनिश्चितं वदामि ते न अन्यथा वचांसि मे।**
**हरिं नरा भजन्ति येऽतिदुस्तरं तरन्ति ते॥ १२२ ( ग )॥**

मैले हजुरसँग भलीभाँति निश्चित गरेको सिद्धान्त भन्दछु कि मेरा वचन अन्यथा (मिथ्या) छैनन् कि जुन मनुष्यले श्रीहरिको भजन गर्दछन्, उनीहरूले अत्यन्त दुस्तर संसारसागरलाई (सजिलैसँग) पार गर्न सक्छन्॥ १२२ (ग)॥

**कहेउँ नाथ हरि चरित अनूपा। ब्यास समास स्वमति अनुरूपा॥**
**श्रुति सिद्धांत इहइ उरगारी। राम भजिअ सब काज बिसारी॥**

हे नाथ! मैले श्रीहरिको अनुपम चरित्रलाई आफ्नो बुद्धिअनुसार कहीं विस्तारपूर्वक र कहीं संक्षेपमा भने। हे सर्पहरूका शत्रु गरुडजी! श्रुतिहरूको यही सिद्धान्त छ कि सबै काम भुलेर (छोडेर) श्रीरामको भजन गर्नुपर्छ॥ १॥

**प्रभु रघुपति तजि सेइअ काही। मोहि से सठ पर ममता जाही॥**
**तुम्ह बिग्यानरूप नहिं मोहा। नाथ कीन्हि मो पर अति छोहा॥**

प्रभु श्रीरघुनाथलाई छोडेर कसको सेवन (भजन) गर्ने र जसको मजस्तो मूर्खप्रति पनि स्नेह (ममत्व) छ। हे नाथ! हजुर विज्ञानरूप हुनुहुन्छ, हजुरलाई मोह छैन। हजुरले त मलाई ठूलो कृपा गर्नुभएको हो॥ २॥

**पूँछिहु राम कथा अति पावनि। सुक सनकादि संभु मन भावनि॥**
**सत संगति दुर्लभ संसारा। निमिष दंड भरि एकउ बारा॥**

जुन हजुरले मसँग शुकदेवजी, सनकादि र शिवजीको मनलाई प्रिय लाग्ने अति पवित्र रामकथा सोध्नुभयो। संसारमा घडीभर अथवा पलभरको एक पालि पनि सत्सङ्ग दुर्लभ छ॥ ३॥

**देखु गरुड़ निज हृदयँ बिचारी। मैं रघुबीर भजन अधिकारी॥**
**सकुनाधम सब भाँति अपावन। प्रभु मोहि कीन्ह बिदित जग पावन॥**

हे गरुडजी! आफ्नो मनमा विचार गरेर हेर्नुहोस्, के म पनि श्रीरामको भजनको अधिकारी छु? पक्षीहरूमा सबैभन्दा नीच र सबै प्रकारले (जाति, आहारा, बुद्धि, स्वभाव, रुचि तथा कार्य सबैले) अपवित्र छु। परन्तु यस्तो हुँदा पनि प्रभुले मलाई सम्पूर्ण जगत्‌लाई पवित्र गर्ने प्रसिद्ध गराउनुभयो [अथवा प्रभुले मलाई जगत्प्रसिद्ध पावन बनाउनुभयो]॥ ४॥

दो०— **आजु धन्य मैं धन्य अति जद्यपि सब बिधि हीन।**
**निज जन जानि राम मोहि संत समागम दीन॥ १२३ (क)॥**

यद्यपि म सबै प्रकारले हीन (नीच) छु, तर पनि आज म धन्य भएको छु, अत्यन्त धन्य छु, जुन श्रीरामले मलाई आफ्नो 'निज जन' जानेर सन्त-समागम दिनुभयो (हजुरसँग भेट गराउनुभयो)॥ १२३ (क)॥

**नाथ जथामति भाषेउँ राखेउँ नहिं कछु गोइ।**
**चरित सिंधु रघुनायक थाह कि पावइ कोइ॥ १२३ (ख)॥**

हे नाथ! मैले आफ्नो बुद्धिअनुसार भने, केही पनि गुप्त राखेको छैन। [फेरि पनि] श्रीरघुवीरको चरित्र समुद्रसमान छ; के उसलाई कसैले थाहा पाउन सक्छ?॥ १२३ (ख)॥

**सुमिरि राम के गुन गन नाना। पुनि पुनि हरष भुसुंडि सुजाना॥**
**महिमा निगम नेति करि गाई। अतुलित बल प्रताप प्रभुताई॥**

श्रीरामचन्द्रका धेरै नै गुणसमूहलाई बारम्बार स्मरण गरेर सुजान भुशुण्डिजी हर्षित भइरहनुभएको छ। जसको महिमालाई वेदले 'नेति-नेति' भनेर गाएका छन्; जसको बल, प्रताप र प्रभुत्व (सामर्थ्य) अतुलनीय छ;॥ १॥

**सिव अज पूज्य चरन रघुराई। मो पर कृपा परम मृदुलाई॥**
**अस सुभाउ कहुँ सुनउँ न देखउँ। केहि खगेस रघुपति सम लेखउँ॥**

जुन रघुनाथजीका चरण शिवजी र ब्रह्माजीद्वारा पूज्य छन्, उहाँको मप्रति कृपा हुनु उहाँको परम कोमलता हो। कसैको यस्तो स्वभाव कहीं सुनेको छैन र न देखेको छु। अतः हे पक्षिराज गरुडजी! मैले रघुनाथजीलाई समान कसलाई मानौं (सम्झौं)?॥ २॥

**साधक सिद्ध बिमुक्त उदासी। कबि कोबिद कृतग्य संन्यासी॥**
**जोगी सूर सुतापस ग्यानी। धर्म निरत पंडित बिग्यानी॥**

साधक, सिद्ध, जीवन्मुक्त, उदासीन (विरक्त), कवि, विद्वान्, कर्म (रहस्य) का ज्ञाता, सन्न्यासी, योगी, शूरवीर, ठूला तपस्वी, ज्ञानी, धर्मपरायण, पण्डित र विज्ञानी— ॥ ३॥

**तरहिं न बिनु सेएँ मम स्वामी। राम नमामि नमामि नमामी॥**
**सरन गएँ मो से अघ रासी। होहिं सुद्ध नमामि अबिनासी॥**

यी सबै जना पनि मेरा स्वामी श्रीरामको सेवन (भजन) नगरीकन तर्न सक्तैनन्। मैले उनै श्रीरामलाई बारम्बार नमस्कार गर्दछु। जसको शरणमा गएपछि मजस्तो पापराशि पनि शुद्ध (पापरहित) भएँ, उनै अविनाशी श्रीरामलाई म नमस्कार गर्दछु॥ ४॥

दो०— **जासु नाम भव भेषज हरन घोर त्रय सूल।**
**सो कृपाल मोहि तो पर सदा रहउ अनुकूल॥ १२४ (क)॥**

जसको नाम जन्म-मरणरूपी रोगको [अव्यर्थ] औषधी र तीनै भयङ्कर पीडाहरूलाई (आधिदैविक, आधिभौतिक र आध्यात्मिक दुःखहरू) हरण गर्नेवाला छ, उनै कृपालु श्रीराम मप्रति र हजुरप्रति सधैं प्रसन्न होइबक्सियोस्॥ १२४ (क)॥

**सुनि भुसुंडि के बचन सुभ देखि राम पद नेह।**
**बोलेउ प्रेम सहित गिरा गरुड़ बिगत संदेह॥ १२४ (ख)॥**

भुशुण्डिजीका मङ्गलमय वचन सुनेर र श्रीरामको चरणमा उनको अतिशय प्रेम देखेर सन्देहबाट भलीभाँति छुटेका गरुडजी प्रेमसहित यस्ता वचन बोल्नुभयो— ॥ १२४ (ख)॥

**मैं कृतकृत्य भयउँ तव बानी। सुनि रघुबीर भगति रस सानी॥**
**राम चरन नूतन रति भई। माया जनित बिपति सब गई॥**

श्रीरघुवीरका भक्ति-रसमा मुछिएका अर्थात् रामभक्तिमय हजुरका वाणी सुनेर म कृतकृत्य भएँ। श्रीरामको चरणमा मेरो नयाँ प्रेम (प्रीति) भयो र मायाले उत्पन्न सबै विपत्तिहरू गए॥ १॥

**मोह जलधि बोहित तुम्ह भए। मो कहँ नाथ बिबिध सुख दए॥**
**मो पहिं होइ न प्रति उपकारा। बंदउँ तव पद बारहिं बारा॥**

मोहरूपी समुद्रमा डुब्दै गरेको मेरो लागि हजुर जहाज हुनुभयो। हे नाथ! हजुरले मलाई धेरै प्रकारले सुख दिनुभयो (परम सुखी बनाउनुभयो)। मबाट यसको प्रत्युपकार (उपकारको बदलामा उपकार) हुन नै सक्तैन। म त हजुरका चरणहरूलाई बारम्बार वन्दना नै गर्दछु॥ २॥

**पूरन काम राम अनुरागी। तुम्ह सम तात न कोउ बड़भागी॥**
**संत बिटप सरिता गिरि धरनी। पर हित हेतु सबन्ह कै करनी॥**

हजुर पूर्णकाम हुनुहुन्छ (जसको कुनै प्रकारको कामना छैन) र श्रीरामका प्रेमी हुनुहुन्छ। हे तात! हजुरसमानको कुनै ठूलो भाग्यमानी छैन। सन्त, वृक्ष, नदी, पर्वत र पृथ्वी—यी सबैको क्रिया (व्यवहार) अर्काको हितको लागि नै हुन्छ॥ ३॥

**संत हृदय नवनीत समाना। कहा कबिन्ह परि कहै न जाना॥**
**निज परिताप द्रवइ नवनीता। पर दुख द्रवहिं संत सुपुनीता॥**

सन्तहरूको हृदय नौनीघ्यू (मक्खन) को समान हुन्छ, यस्तो कविहरूले भनेका छन्, परन्तु उनीहरूले वास्तविक कुरा भन्न जानेनन्, किनकि नौनीघ्यू त आफूलाई तातो [ताप] मिल्नाले पग्लिन्छ र परम पवित्र सन्त अर्काको दुःखले पग्लिन्छन्॥ ४॥

**जीवन जन्म सुफल मम भयऊ। तव प्रसाद संसय सब गयऊ॥**
**जानेहु सदा मोहि निज किंकर। पुनि पुनि उमा कहइ बिहंगबर॥**

मेरो जीवन र जन्म सफल भयो। हजुरको कृपाले सबै सन्देह नष्ट भयो। मलाई सधैं आफ्नो दास नै जानिबक्सिएला [शिवजी भन्नुहुन्छ—] हे उमा! पक्षिश्रेष्ठ गरुडजीले पटक-पटक यस्तो भनिरहेका छन्॥ ५॥

दो०— **तासु चरन सिरु नाइ करि प्रेम सहित मतिधीर।**
**गयउ गरुड़ बैकुंठ तब हृदयँ राखि रघुबीर॥ १२५ (क)॥**

उनै (भुशुण्डिजीका) चरणमा प्रेमसहित शिर निहुराएर र हृदयमा श्रीरघुवीरलाई धारण गरेर धीरबुद्धि गरुडजी तब वैकुण्ठमा गए॥ १२५ (क)॥

**गिरिजा संत समागम सम न लाभ कछु आन।**
**बिनु हरि कृपा न होइ सो गावहिं बेद पुरान॥ १२५ (ख)॥**

हे गिरिजे! सन्त-समागमसमान अर्को कुनै लाभ छैन। तर त्यो (सन्त-समागम) श्रीहरिको कृपाविना हुन सक्दैन, यस्तो वेद र पुराणले गाएका छन्॥ १२५ (ख)॥

**कहेउँ परम पुनीत इतिहासा। सुनत श्रवन छूटहिं भव पासा॥**
**प्रनत कल्पतरु करुना पुंजा। उपजइ प्रीति राम पद कंजा॥**

मैले यो परम पवित्र इतिहास भनें, जसलाई कानले सुन्दा नै भवपाश (संसारको बन्धन) छुट्दछ र शरणागतको लागि [उनको इच्छानुसार फल दिनेवाला] कल्पवृक्ष तथा दयाका समूह श्रीरामका चरणकमलमा प्रेम उत्पन्न हुन्छ॥ १॥

**मन क्रम बचन जनित अघ जाई। सुनहिं जे कथा श्रवन मन लाई॥**
**तीर्थाटन साधन समुदाई। जोग बिराग ग्यान निपुनाई॥**

जसले कान र मन लगाएर यस कथालाई सुन्दछन्, उनका मन, वचन र कर्म (शरीर) ले उत्पन्न सबै पाप नष्ट हुन्छन्। तीर्थयात्रा आदि धेरै नै साधन, योग, वैराग्य र ज्ञानमा निपुणता,॥ २॥

**नाना कर्म धर्म ब्रत दाना। संजम दम जप तप मख नाना॥**
**भूत दया द्विज गुर सेवकाई। बिद्या बिनय बिबेक बड़ाई॥**

अनेकौं प्रकारका कर्म, धर्म, व्रत र दान; अनेकौं संयम, दम, जप, तप र यज्ञ, प्राणीहरूप्रति दया, ब्राह्मण र गुरुको सेवा, विद्या, विनय र विवेकको प्रशंसा [आदि]— ॥ ३॥

**जहँ लगि साधन बेद बखानी। सब कर फल हरि भगति भवानी॥**
**सो रघुनाथ भगति श्रुति गाई। राम कृपाँ काहूँ एक पाई॥**

जहाँसम्म वेदहरूले साधन बताएका छन्, हे भवानी! ती सबैको फल श्रीहरिको भक्ति नै हो। किन्तु श्रुतिहरूमा गाइएको त्यस्तो श्रीरघुनाथको भक्ति श्रीरामको कृपाले कुनै एक (विरलै) ले मात्र पाएका छन्॥ ४॥

दो०— **मुनि दुर्लभ हरि भगति नर पावहिं बिनहिं प्रयास।**
**जे यह कथा निरंतर सुनहिं मानि बिस्वास॥ १२६॥**

किन्तु जुन मनुष्यले विश्वास मानेर यो कथा निरन्तर सुन्दछन्, उनीहरूले परिश्रमविना नै त्यस मुनि-दुर्लभ हरिभक्तिलाई प्राप्त गर्दछन्॥ १२६॥

**सोइ सर्बग्य गुनी सोइ ग्याता। सोइ महि मंडित पंडित दाता॥**
**धर्म परायन सोइ कुल त्राता। राम चरन जा कर मन राता॥**

जसको मन श्रीरामको चरणमा अनुरक्त छ, त्यही सर्वज्ञ (सबै चीज जान्ने) हो, त्यही गुणी हो, त्यही ज्ञानी हो। त्यही पृथ्वीको भूषण, पण्डित र दानी हो। त्यही धर्मपरायण हो र त्यही कुलको रक्षक हो॥ १॥

**नीति निपुन सोइ परम सयाना। श्रुति सिद्धांत नीक तेहिं जाना॥**
**सोइ कबि कोबिद सोइ रनधीरा। जो छल छाड़ि भजइ रघुबीरा॥**

जसले छल छोडेर श्रीरघुवीरको भजन गर्दछ, त्यही नीतिमा निपुण छ, उही परम बुद्धिमान् छ। उसैले वेदहरूको सिद्धान्तलाई भलीभाँति रूपमा जानेको छ। त्यही कवि, त्यही विद्वान् तथा त्यही रणधीर हो॥ २॥

**धन्य देस सो जहँ सुरसरी। धन्य नारि पतिब्रत अनुसरी॥**
**धन्य सो भूपु नीति जो करई। धन्य सो द्विज निज धर्म न टरई॥**

त्यही देश धन्य छ जहाँ गङ्गाजी हुनुहुन्छ, त्यही स्त्री धन्य छ जसले पातिव्रत-धर्मलाई पालन गर्दछे। त्यही राजा धन्य छन् जसले न्याय गर्दछन् र तिनै ब्राह्मण धन्य छन् जुन आफ्नो धर्ममा विचलित हुँदैनन्॥ ३॥

**सो धन धन्य प्रथम गति जाकी। धन्य पुन्य रत मति सोइ पाकी॥**
**धन्य घरी सोइ जब सतसंगा। धन्य जन्म द्विज भगति अभंगा॥**

त्यही धन* धन्य छ जसको पहिलो गति हुन्छ (जुन दान दिनाले व्यय हुन्छ)। त्यही बुद्धि धन्य र परिपक्व छ जुन पुण्यमा लागिरहन्छ। त्यही घडी (समय) धन्य छ जब सत्सङ्ग होस् र त्यही जन्म धन्य छ जसको ब्राह्मणमा अखण्ड भक्ति होस्॥ ४॥

दो०— **सो कुल धन्य उमा सुनु जगत पूज्य सुपुनीत।**
**श्रीरघुबीर परायन जेहिं नर उपज बिनीत॥ १२७॥**

हे उमा! सुन, त्यही कुल धन्य छ, संसारभरको लागि पूज्य हुन्छ र पवित्र हुन्छ, जहाँ श्रीरघुवीरपरायण (अनन्य-रामभक्त) विनम्र पुरुष उत्पन्न हुन्छन्॥ १२७॥

**मति अनुरूप कथा मैं भाषी। जद्यपि प्रथम गुप्त करि राखी॥**
**तव मन प्रीति देखि अधिकाई। तब मैं रघुपति कथा सुनाई॥**

मैले आफ्नो बुद्धिअनुसार यो कथा भनें, यद्यपि पहिला यसलाई लुकाएर राखेको थिएँ। तर तिम्रो मनमा प्रेमको अधिकता देखें, तब मैले श्रीरघुनाथको यो कथा तिमीलाई सुनाएँ॥ १॥

**यह न कहिअ सठही हठसीलहि। जो मन लाइ न सुन हरि लीलहि॥**
**कहिअ न लोभिहि क्रोधिहि कामिहि। जो न भजइ सचराचर स्वामिहि॥**

यो कथा उनीहरूलाई भन्नुहुँदैन जुन शठ (धूर्त) छन्, हठ जसको स्वभाव छ र श्रीहरिको लीलालाई मन लगाएर सुन्दैनन्। लोभी, क्रोधी र कामीलाई, जुन चराचरका स्वामी श्रीरामलाई भज्दैनन्, यो कथा भन्नुहुँदैन॥ २॥

**द्विज द्रोहिहि न सुनाइअ कबहूँ। सुरपति सरिस होइ नृप जबहूँ॥**
**राम कथा के तेइ अधिकारी। जिन्ह कें सत संगति अति प्यारी॥**

ब्राह्मणहरूको द्रोहीलाई यदि ऊ देवराज (इन्द्र) को समान ऐश्वर्यवान् राजा नै किन नहोस्, तर पनि यो कथा कहिल्यै सुनाउनुहुँदैन। श्रीरामको अधिकारी त्यही हुन्छ, जसलाई सत्सङ्ग अत्यन्त प्रिय लाग्छ॥ ३॥

---

* धनको तीन गति हुन्छ—दान, भोग र नाश। दान उत्तम हो, भोग मध्यम हो र नाश नीच गति हो। जुन पुरुषले न दिन्छ, न भोग गर्दछ, उसको धनको तृतीय गति हुन्छ। (श्रीरामचरितमानसबाट नै हो)

**गुर पद प्रीति नीति रत जेई। द्विज सेवक अधिकारी तेई॥**
**ता कहँ यह बिसेष सुखदाई। जाहि प्रानप्रिय श्रीरघुराई॥**

जसको गुरुको चरणमा प्रीति छ, जो नीतिपरायण छ र ब्राह्मणहरूको सेवक छ, त्यही यसको अधिकारी हो र उसलाई त यो कथा धेरै नै सुखदाता छ, जसलाई श्रीरघुनाथ प्राणको समान प्यारा हुनुहुन्छ॥ ४॥

दो०— **राम चरन रति जो चह अथवा पद निर्बान।**
**भाव सहित सो यह कथा करउ श्रवन पुट पान॥ १२८॥**

जसले श्रीरामको चरणमा प्रेम चाहन्छौ या मोक्षपद चाहन्छौ, उनीहरूले यस कथारूपी अमृतलाई प्रेमपूर्वक आफ्नो कानरूपी दुनामा राखेर पिउने गर॥ १२८॥

**राम कथा गिरिजा मैं बरनी। कलि मल समनि मनोमल हरनी॥**
**संसृति रोग सजीवन मूरी। राम कथा गावहिं श्रुति सूरी॥**

हे गिरिजे! मैले कलियुगको पापहरूलाई नाश गर्ने र मनको मललाई सफा गर्ने रामकथालाई वर्णन गरें। यो रामकथा संसृति (जन्म-मरण) रूपी रोगको नाशको लागि सञ्जीवनी बुटी हो, वेद र विद्वान पुरुषले यस्तो भन्दछन्॥ १॥

**एहि महँ रुचिर सप्त सोपाना। रघुपति भगति केर पंथाना॥**
**अति हरि कृपा जाहि पर होई। पाउँ देइ एहिं मारग सोई॥**

यसमा सात सुन्दर सिँढी (भऱ्याङ) हरू छन्, जुन श्रीरघुनाथको भक्तिलाई प्राप्त गर्ने मार्ग हो। जसप्रति श्रीहरिको अत्यन्त कृपा हुन्छ, उसैले यस मार्गमा पाइला राख्न सक्छ॥ २॥

**मन कामना सिद्धि नर पावा। जे यह कथा कपट तजि गावा॥**
**कहहिं सुनहिं अनुमोदन करहीं। ते गोपद इव भवनिधि तरहीं॥**

जसले कपट छोडेर यो कथालाई गाउँछन्, त्यस्ता मनुष्यले आफ्नो मनःकामनालाई सिद्धि पाउँछन्। जसले यसलाई भन्दछन्-सुन्दछन् र अनुमोदन (प्रशंसा) गर्दछन्, उनीहरू संसाररूपी समुद्रलाई गाईको खुरले बनेको खाल्टोझैं सजिलैसँग पार गर्न सक्छन्॥ ३॥

**सुनि सब कथा हृदय अति भाई। गिरिजा बोली गिरा सुहाई॥**
**नाथ कृपाँ मम गत संदेहा। राम चरन उपजेउ नव नेहा॥**

[याज्ञवल्क्यजी भन्नुहुन्छ—] सबै कथा सुनेर श्रीपार्वतीको हृदयमा धेरै नै प्रिय लाग्यो र उहाँ सुन्दर वाणी बोल्नुभयो—स्वामीको कृपाले मेरो सन्देह हरायो र श्रीरामको चरणमा नयाँ प्रेम उत्पन्न भयो॥ ४॥

दो०— **मैं कृतकृत्य भइउँ अब तव प्रसाद बिस्वेस।**
**उपजी राम भगति दृढ़ बीते सकल कलेस॥ १२९॥**

हे विश्वनाथ! हजुरको कृपाले म अब कृतार्थ भएँ। मलाई दृढ रामभक्ति उत्पन्न भयो र मेरा सम्पूर्ण क्लेश नष्ट भए॥ १२९॥

**यह सुभ संभु उमा संबादा। सुख संपादन समन बिषादा॥**
**भव भंजन गंजन संदेहा। जन रंजन सज्जन प्रिय एहा॥**

शम्भु-उमाको यो कल्याणकारी संवाद सुख उत्पन्न गर्नेवाला र शोकलाई नाश गर्ने छ। जन्म-मरण अन्त्य गर्ने, सन्देहलाई नाश गर्ने, भक्तहरूलाई आनन्द दिने र सन्त पुरुषहरूको प्रिय छ॥ १॥

**राम उपासक जे जग माहीं। एहि सम प्रिय तिन्ह कें कछु नाहीं॥**
**रघुपति कृपाँ जथामति गावा। मैं यह पावन चरित सुहावा॥**

जगत्मा जति पनि रामोपासक छन्, उनीहरूलाई त यो रामकथासमान केही पनि प्रिय छैन। श्रीरघुनाथको कृपाले मैले यो सुन्दर र पवित्र गर्ने चरित्र आफ्नो बुद्धिअनुसार गाएको छु॥ २॥

**एहिं कलिकाल न साधन दूजा। जोग जग्य जप तप ब्रत पूजा॥**
**रामहि सुमिरिअ गाइअ रामहि। संतत सुनिअ राम गुन ग्रामहि॥**

[तुलसीदासजी भन्नुहुन्छ— ] यस कलिकालमा योग, यज्ञ, जप, तप, व्रत र पूजन आदि कुनै अर्को साधन छैन। यति मात्रै छ कि, श्रीरामलाई नै स्मरण गर्नु, श्रीरामको नै गुण-गान गाउनु र निरन्तर श्रीरामका नै गुणसमूहलाई सुन्नु पर्दछ॥ ३॥

**जासु पतित पावन बड़ बाना। गावहिं कबि श्रुति संत पुराना॥**
**ताहि भजहि मन तजि कुटिलाई। राम भजें गति केहिं नहिं पाई॥**

पतितहरूलाई पवित्र गर्ने जसको महान् प्रसिद्धि, बानी ***(रघुपति राघव राजा राम पतित पावन सीताराम)*** छ—यस्तो कवि, वेद, सन्त र पुराणले गाउँदछन्—हे मन! कुटिलता त्यागेर उहाँलाई नै भज। श्रीरामलाई भज्नाले कसले परम गति पाएका छैनन्?॥ ४॥

छं०— **पाई न केहिं गति पतित पावन राम भजि सुनु सठ मना।**
**गनिका अजामिल ब्याध गीध गजादि खल तारे घना॥**
**आभीर जमन किरात खस स्वपचादि अति अघरूप जे।**
**कहि नाम बारक तेपि पावन होहिं राम नमामि ते॥**

हे मूर्ख मन! सुन्, पतितहरूलाई पनि पावन गर्ने श्रीरामलाई भजेर (भजन, सेवा गरेर) कसले परम गति पाएका छैनन् (पाएनन्)? गणिका, अजामिल, व्याध, गिद्ध, गज आदि धेरै नै दुष्टहरूलाई उहाँले तार्नुभयो। आभीर, यवन, किरात, खस, श्वपच (चाण्डाल) आदि जुन अत्यन्त पापरूप नै थिए, उनीहरू पनि जसको एक पटक पनि नाम लिएर पवित्र हुन्छन्, उनै श्रीरामजीलाई नमस्कार गर्दछु॥ १॥

**रघुबंस भूषन चरित यह नर कहहिं सुनहिं जे गावहीं।**
**कलि मल मनोमल धोइ बिनु श्रम राम धाम सिधावहीं॥**

**सत पंच चौपाईं मनोहर जानि जो नर उर धरै।**
**दारुन अबिद्या पंच जनित बिकार श्री रघुबर हरै॥**

जुन मनुष्यले रघुवंशका भूषण श्रीरामको यो चरित्रलाई भन्दछन्, सुन्दछन् र गाउँछन्, उनीहरू कलियुगमा पाप र मनको मललाई धोएर परिश्रमविना नै श्रीरामको परम धाममा जान्छन्। [धेरै के भन्ने] जुन मनुष्यले पाँच-सात चौपाईलाई पनि मनोहर जानेर [अथवा रामायणका चौपाईहरूलाई श्रेष्ठ पञ्च (कर्तव्याकर्तव्यको सच्चा निर्णायक) जानेर उनलाई] हृदयमा धारण गर्दछन्, उनीहरूको पनि पाँच प्रकारको अविद्याजनित सम्पूर्ण क्लेशलाई श्रीरामचन्द्रले हरण गर्नुहुन्छ॥ २॥

**सुंदर सुजान कृपा निधान अनाथ पर कर प्रीति जो।**
**सो एक राम अकाम हित निर्बानप्रद सम आन को॥**
**जाकी कृपा लवलेस ते मतिमंद तुलसीदासहूँ।**
**पायो परम बिश्रामु राम समान प्रभु नाहीं कहूँ॥**

[परम] सुन्दर, सुजान र कृपानिधान तथा जसले अनाथहरूलाई प्रेम गर्नुहुन्छ, यस्ता एक श्रीरामचन्द्रजी नै हुनुहुन्छ। यिनै प्रभुसमान निष्काम र (निःस्वार्थ) हितकारी (सुहृद्) र मोक्ष दिने अर्को को छ? जसको लेश मात्र कृपाले मन्दबुद्धि तुलसीदासले पनि परम शान्ति प्राप्त गर्‍यो, उनै श्रीरामसमानका प्रभु कहीं कुनै पनि छैनन्॥ ३॥

दो०— **मो सम दीन न दीन हित तुम्ह समान रघुबीर।**
**अस बिचारि रघुबंस मनि हरहु बिषम भव भीर॥ १३० (क)॥**

हे श्रीरघुवीर! मसमान कुनै दीन (दुःखी) छैनन् र हजुरसमान कुनै दीनहरूको हितकारी छैनन्। यस्तो विचार गरेर हे रघुवंशमणि! मेरो जन्म-मरणको भयानक दुःखलाई हरण गर्नुहोस्॥ १३० (क)॥

**कामिहि नारि पिआरि जिमि लोभिहि प्रिय जिमि दाम।**
**तिमि रघुनाथ निरंतर प्रिय लागहु मोहि राम॥ १३० (ख)॥**

जसरी कामीको लागि स्त्री प्रिय लाग्दछे र लोभीलाई जसरी धन प्यारो लाग्छ, उस्तै प्रकारले हे रघुनाथजी! हे रामजी! हजुर निरन्तर मलाई प्यारो लाग्नुहोस्॥ १३० (ख)॥

श्लोक— **यत्पूर्वं प्रभुणा कृतं सुकविना श्रीशम्भुना दुर्गमं**
**श्रीमद्रामपदाब्जभक्तिमनिशं प्राप्त्यै तु रामायणम्।**
**मत्वा तद्रघुनाथनामनिरतं स्वान्तस्तमःशान्तये**
**भाषाबद्धमिदं चकार तुलसीदासस्तथा मानसम्॥ १॥**

श्रेष्ठ कवि भगवान् श्रीशङ्करले पहिला जुन दुर्गम मानस रामायणको, श्रीरामको चरणकमलमा नित्य-निरन्तर [अनन्य] भक्ति प्राप्ति गर्नको लागि रचना गर्नुभएको थियो, त्यस मानस-रामायणलाई श्रीरघुनाथजीको नाममा निरत (तल्लीन भएको) मानेर आफ्नो अन्तःकरणको अन्धकारलाई मेटाउनको लागि तुलसीदासले यसलाई मानसको रूपमा भाषाबद्ध गर्‍यो॥ १॥

पुण्यं पापहरं सदा शिवकरं विज्ञानभक्तिप्रदं
मायामोहमलापहं सुविमलं प्रेमाम्बुपूरं शुभम्।
श्रीमद्रामचरित्रमानसमिदं भक्त्यावगाहन्ति ये
ते संसारपतङ्गघोरकिरणैर्दह्यन्ति नो मानवाः॥ २॥

यो श्रीरामचरितमानस पुण्यरूप, पापहरूलाई हरण गर्ने, सधैं कल्याणकारी, विज्ञान र भक्ति दिने, माया, मोह र मललाई नाश गर्ने, परम निर्मल प्रेमरूपी जलले परिपूर्ण तथा मङ्गलमय छ। जुन मनुष्यले भक्तिपूर्वक यस मानससरोवरमा डुबुल्की (गोता) लगाउँछन्, उनीहरू संसाररूपी सूर्यको अति प्रचण्ड किरणहरूले डढ्दैनन्॥ २॥

**मासपारायण, तीसौं विश्राम**
**नवाहपारायण, नवौं विश्राम**

**इति श्रीमद्रामचरितमानसे सकलकलिकलुषविध्वंसने सप्तमः सोपानः समाप्तः।**

कलियुगको समस्त पापहरूलाई नाश गर्ने श्रीरामचरितमानसको यो सप्तम सोपान समाप्त भयो।

**( उत्तरकाण्ड समाप्त )**

# श्रीरामायणजीकी आरती

आरति श्रीरामायनजी की। कीरति कलित ललित सिय पी की॥
गावत ब्रह्मादिक मुनि नारद। बालमीक बिग्यान बिसारद॥
सुक सनकादि सेष अरु सारद। बरनि पवनसुत कीरति नीकी॥
गावत बेद पुरान अष्टदस। छओ सास्त्र सब ग्रंथन को रस॥
मुनि जन धन संतन को सरबस। सार अंस संमत सबही की॥
गावत संतत संभु भवानी। अरु घटसंभव मुनि बिग्यानी॥
ब्यास आदि कबिबर्ज बखानी। कागभुसुंडि गरुड के ही की॥
कलिमल हरनि बिषय रस फीकी। सुभग सिंगार मुक्ति जुबती की॥
दलन रोग भव मूरि अमी की। तात मात सब बिधि तुलसी की॥



॥ श्रीहरि: ॥

# गोस्वामी तुलसीदासजीको संक्षिप्त जीवनी

प्रयाग नजिकै बाँदा जिल्लामा राजापुर नामको एउटा गाउँ छ, त्यही गाउँमा आत्माराम दूबे नामका एक प्रतिष्ठित सरयूपारीण ब्राह्मण रहन्थे। उनकी धर्मपत्नीको नाम हुलसी थियो। संवत् १५५४ को श्रावण शुक्ल सप्तमीको दिन अभुक्त मूल नक्षत्रमा यिनै भाग्यमानी दम्पतीको पुत्रको रूपमा बाह्र महिनासम्म गर्भमा रहेर तत्पश्चात् गोस्वामी तुलसीदासजीको जन्म भयो। जन्मदाको समय बालक तुलसीदास रोएनन्, किन्तु उनको मुखबाट 'राम' शब्द निस्क्यो। उनका मुखमा बत्तीस दाँत मौजुद थिए। उनको जीउ-डाल पाँच वर्षको बालकको जस्तो थियो। यस्ता प्रकारका अद्भुत बालकलाई देखेर पिता अमङ्गलको आशङ्काले भयभीत भए र उनका सम्बन्धमा कैयौं प्रकारका कल्पनाहरू गर्न लागे। आमा हुलसीलाई यस्तो देखेर धेरै चिन्ता भयो। उनले बालकको अनिष्टको आशङ्काले दशमीको रातमा नवजात शिशुलाई आफ्नी दासीका साथ उनलाई माइतमा पठाइदिइन् र भोलिपल्ट स्वयं यस संसारबाट बिदा भइन्। दासीले, जसको नाम चुनियाँ थियो, अति प्रेमले बालकको पालन-पोषण गरिन्। जब तुलसीदास लगभग साढे पाँच वर्षका भए, चुनियाँको पनि देहान्त भयो, अब त बालक अनाथ नै भए। उनी ढोका-ढोकामा भौंतारिन लागे। यसमा जगज्जननी पार्वतीको ती होनहार बालकमाथि दया आयो। उहाँले ब्राह्मणीको भेष धारण गरेर प्रतिदिन उनका साथ गएर उनलाई आफ्नै हातले भोजन गराएर जानुहुन्थ्यो।

यता भगवान् शङ्करजीको प्रेरणाले रामशैलमा बस्ने श्रीअनन्तानन्दजीका प्रिय शिष्य श्रीनरहर्यानन्दजीले यी बालकलाई खोजेर निकाली उनको नाम रामबोला राख्नुभयो। गुरुले उनलाई अयोध्या लिएर आउनुभयो। त्यहाँ संवत् १५६१ माघ शुक्ल पञ्चमी शुक्रवारमा उनको यज्ञोपवीत-संस्कार गराउनुभयो। नसिकाउँदै नै बालक रामबोलाले गायत्री-मन्त्रको उच्चारण गरे, जसलाई देखेर सबै जना चकित भए। यसपछि नरहरि स्वामीले वैष्णवका पाँच संस्कार गरेर रामबोलालाई राममन्त्रको दीक्षा दिनुभयो र अयोध्यामा नै रहेर उनलाई विद्याध्ययन गराउन लाग्नुभयो। बालक रामबोलाको बुद्धि अति प्रखर थियो। एकपल्ट गुरुमुखबाट जे सुन्दथे, उनलाई सो कण्ठस्थ भइहाल्दथ्यो। त्यहाँबाट केही दिनपछि गुरु-शिष्य दुवै सूकरक्षेत्र (वराहक्षेत्र) पुगे। उहाँ श्रीनरहरिजीले तुलसीदासलाई रामचरित सुनाउनुभयो। केही दिनपछि उहाँ काशी जानुभयो। काशीमा शेषसनातनजीका साथ रहेर तुलसीदासले पन्ध्र वर्षसम्म वेद-वेदाङ्गको अध्ययन गर्नुभयो। यता उहाँको लोकवासना केही जागृत भयो र आफ्ना विद्यागुरुसँग आज्ञा लिएर आफ्नो जन्मभूमिमा फर्केर आउनुभयो। आएर हेर्दा त्यहाँ सबै परिवार नष्ट भइसकेका थिए। उहाँले विधिपूर्वक आफ्ना पिता आदिको श्राद्ध (क्रिया-काज) गर्नुभयो र त्यहीं रहेर मानिसहरूलाई भगवान् रामको कथा सुनाउन लाग्नुभयो।

संवत् १५८३ जेष्ठ शुक्ल १३ गुरुवारका दिन भरद्वाजगोत्रकी एक सुन्दरी कन्याका साथ उहाँको विवाह भयो र सुखपूर्वक आफ्नी नवविवाहिता दुलहीका साथ रहन लाग्नुभयो। एक चोटि उहाँकी स्त्री भाइका साथ आफ्नो माइत गइन्। पछिपछि तुलसीदासजी पनि वहाँ पुग्नुभयो। उहाँकी पत्नीले यसमा उहाँलाई धेरै नै धिक्कारिन् र भनिन् कि 'मेरो यस हाड-मासुको शरीरमा जति तिम्रो आसक्ति छ, त्यसभन्दा आधा पनि यदि भगवान्मा हुने भए तिम्रो बेडा पार हुन्थ्यो।'

तुलसीदासजीलाई यी शब्द बिझे। उहाँ एक क्षण पनि रोकिनुभएन, तुरुन्तै त्यहाँबाट हिँडिहाल्नुभयो। त्यहाँबाट हिँडेर तुलसीदासजी प्रयाग आउनुभयो र गृहस्थवेशलाई परित्याग गरेर साधु भेष ग्रहण गर्नुभयो। फेरि तीर्थाटन गर्दै काशी पुग्नुभयो। मानसरोवरनजिक उहाँलाई कागभुशुण्डिजीले दर्शन दिनुभयो।

काशीमा तुलसीदासजीले रामकथा भन्न लाग्नुभयो। उहाँसँग एक दिन प्रेत भेट भयो, जसले उहाँलाई हनुमान्‌जीको ठेगाना बतायो। हनुमान्‌जीसँग भेट भएर उहाँसँग श्रीरघुनाथजीको दर्शनका लागि प्रार्थना गर्नुभयो। हनुमान्‌जीले भन्नुभयो, 'तिमीलाई चित्रकूटमा रघुनाथजीको दर्शन हुनेछ।' यस्तो सुनेर तुलसीदासजी चित्रकूटतर्फ हिँड्नुभयो।

चित्रकूट पुगेर रामघाटमा तुलसीदासजीले आफ्नो आसन जमाउनुभयो। एक दिन उहाँ प्रदक्षिणा गर्न निस्कनुभएको थियो। बाटोमा उहाँले श्रीरामको दर्शन पाउनुभयो। उहाँले देख्नुभयो कि दुई अति नै सुन्दर राजकुमार घोडामा सवारी भएर धनुष–बाण लिई गइरहेका थिए। तुलसीदासजी उनीहरूलाई देखेर मुग्ध हुनुभयो, परन्तु उहाँहरूलाई चिन्न सक्नुभएन। पछाडि हनुमान्‌जी आएर सबै भेद उहाँलाई बताउनुभयो, अनि उहाँले ठूलो पश्चात्ताप गर्न लाग्नुभयो। हनुमान्‌जीले उहाँलाई सान्त्वना दिनुभयो र भन्नुभयो—प्रातःकाल फेरि दर्शन हुनेछ।

संवत् १६०७ को मौनी अमावस्या बुधवारको दिन तुलसीदासजीका अघिल्तिर भगवान् श्रीराम पुनः प्रकट हुनुभयो। उहाँले बालकरूपमा तुलसीदासजीसँग भन्नुभयो—बाबा! मलाई चन्दन दिनुहोस्। हनुमान्‌जीले सोच्नुभयो, उनले यस पटक पनि धोखा नखाउन्, यसैले उहाँले सुगाको रूप धारण गरेर यस्तो दोहा भन्नुभयो—

**चित्रकूट के घाट पर भइ संतन की भीर।**

**तुलसिदास चंदन घिसें तिलक देत रघुबीर॥**

तुलसीदासजीले त्यस अद्भुत छविलाई हेरेको–हेर्‍यै गरेर शरीरको हालत भुल्नुभयो। भगवान्‌ले आफ्नो हातबाट चन्दन लिएर आफ्नो तथा तुलसीदासजीको निधारमा लगाउनुभयो र अन्तर्धान हुनुभयो।

संवत् १६२८ मा तुलसीदासजी हनुमान्‌जीको आज्ञाले अयोध्यातर्फ हिँड्नुभयो। त्यतिखेर प्रयागमा माघमेला थियो। वहाँ केही दिन बस्नुभयो। पर्वको छ दिनपछि एक वटवृक्षमुनि उहाँलाई भरद्वाज र याज्ञवल्क्य मुनिको दर्शन भयो। त्यहाँ त्यतिखेर उही कथा भइरहेको थियो, जो उहाँले वराहक्षेत्रमा आफ्ना गुरुजीबाट सुन्नुभएको थियो। त्यहाँबाट उहाँ काशी आउनुभयो र प्रह्लादघाटमा एक ब्राह्मणको घरमा निवास गर्नुभयो। त्यहाँ उहाँका मनभित्र कवित्वशक्तिको स्फुरण भयो र उहाँले संस्कृतमा पद्य–रचना गर्न लाग्नुभयो। परन्तु दिनमा उहाँले जति पद्य रच्नुहुन्थ्यो, रात्रिमा ती सबै लुप्त भइहाल्दथे। यस्तो घटना दिनहुँ हुन्थ्यो। आठौं दिनमा तुलसीदासजीलाई स्वप्न भयो। भगवान् शङ्करजीले उहाँलाई आदेश दिनुभयो कि तिमीले आफ्नो भाषामा काव्य–रचना गर। तुलसीदासजीको निद्रा खलबलियो। उहाँ उठेर बस्नुभयो। त्यसै समयमा भगवान् शिव र पार्वती उहाँका अगाडि प्रकट हुनुभयो। तुलसीदासजीले उहाँहरूलाई साष्टाङ्ग प्रणाम गर्नुभयो। शिवजीले भन्नुभयो—'तिमी अयोध्याजीमा गएर बस र हिन्दीमा काव्य–रचना गर। मेरो आशीर्वादले तिम्रो कविता सामवेदसमान फलवती हुनेछ।' यति भनेर श्रीगौरीशङ्कर अन्तर्ध्यान हुनुभयो। तुलसीदासजीले उहाँको आज्ञा शिरोधार्य गरेर काशीबाट अयोध्या आउनुभयो।

संवत् १६३१ मा प्रारम्भ भयो। त्यस साल रामनवमीको दिन प्रायः उस्तै नै योग थियो, जस्तै त्रेतायुगमा रामजन्मको दिन थियो। त्यस दिन प्रातः काल श्रीतुलसीदासजीले श्रीरामचरितमानसको रचना प्रारम्भ गर्नुभयो। दुई वर्ष, सात महिना, छब्बीस दिनमा ग्रन्थ पूरा भयो। संवत् १६३३ को मार्गशीर्ष शुक्लपक्षमा रामविवाहको दिन सातै काण्ड पूर्ण भयो।

यसपछि भगवान्‌को आज्ञाले तुलसीदासजी काशी जानुभयो। त्यहाँ उहाँले भगवान् विश्वनाथ र माता अन्नपूर्णालाई श्रीरामचरितमानस सुनाउनुभयो। रातमा पुस्तक श्रीविश्वनाथजीको मन्दिरमा राख्नुभयो। बिहानै जब पट (ढोका) खोलियो त्यतिखेर त्यसमा लेखिएको पाइयो— **'सत्यं शिवं सुन्दरम्'** र तल भगवान् शङ्करको सही थियो। त्यस समय उपस्थित मानिसहरूले **'सत्यं शिवं सुन्दरम्'** को आवाज कानले सुने।

यता पण्डितहरूले जब यो कुरा सुने अनि उनीहरूका मनमा ईर्ष्या उत्पन्न भयो। उनीहरूले हूल बाँधेर तुलसीदासजीको निन्दा गर्न लागे र त्यस पुस्तकलाई पनि नष्ट गर्ने प्रयत्न गर्न लागे। उनीहरूले पुस्तक चोर्नका लागि दुई चोर पठाए। चोरहरू गएर देखे—तुलसीदासजीको कुटीको आसपास दुई वीर धनुष-बाण लिई पहरा दिइरहेका छन्। उनीहरू अति नै सुन्दर श्याम र गौर वर्णका थिए। उनीहरूको दर्शनले चोरहरूको बुद्धि शुद्ध भयो। उनीहरूले त्यस समयदेखि चोरी गर्न छोडिदिए र भजनमा लागे। तुलसीदासजीले आफ्ना लागि भगवान्‌लाई कष्ट भएको जानेर कुटीका सबै सामान बाँड्नुभयो, पुस्तक आफ्नो मित्र टोडरमलकहाँ राख्नुभयो। यसपछि उहाँले एक अर्को प्रति लेख्नुभयो। त्यसैको आधारमा अन्य प्रतिलिपिहरू तयार गर्न लाग्नुभयो। पुस्तकको प्रचार दिन-प्रतिदिन बढ्न लाग्यो।

यता पण्डितहरूले अरू कुनै उपाय नदेखेर श्रीमधुसूदन सरस्वतीजीलाई त्यो पुस्तक हेर्नका लागि अनुरोध गरे। श्रीमधुसूदन सरस्वतीजीले त्यसलाई देखेर धेरै प्रसन्नता प्रकट गर्नुभयो र त्यसमा यो सम्मति लेखिदिनुभयो—

**आनन्दकानने ह्यस्मिञ्जङ्गमस्तुलसीतरुः।**
**कवितामञ्जरी भाति रामभ्रमरभूषिता॥**

'यस काशीरूपी आनन्दवनमा तुलसीदास हिँड्दो-डुल्दो तुलसीको बिरुवा हो। त्यसको कवितारूपी मञ्जरी धेरै सुन्दर छ, जसमा श्रीरामरूपी भँवरो सधैं झुलिरहेको छ।'

पण्डितहरूलाई यसमा पनि सन्तोष भएन। त्यसपछि पुस्तकको परीक्षाको एक उपाय अर्को सोचियो। भगवान् विश्वनाथका अगाडि सबैभन्दा माथि वेद, त्यसभन्दा तल शास्त्र, शास्त्रहरूभन्दा तल पुराण र सबैभन्दा तल रामचरितमानस राखिदिए। मन्दिर बन्द गरिदिए। प्रातःकाल मन्दिर खोल्दा मानिसहरूले देखे कि श्रीरामचरितमानस वेदहरूमाथि राखिएको थियो। अनि त पण्डितहरू धेरै लज्जित भए। उनीहरूले तुलसीदासजीसँग क्षमा माग्नुका साथै भक्तिपूर्वक उहाँको चरणोदक लिए।

तुलसीदासजी अब असीघाटमा रहन लाग्नुभयो। एक दिन रात्रीमा कलियुग मूर्तरूप धारण गरेर उहाँको समीपमा आयो र उहाँलाई डर दिन लाग्यो। गोस्वामीजीले हनुमान्‌जीको ध्यान गर्नुभयो। हनुमान्‌जीले उहाँलाई विनयको पद रच्न भन्नुभयो; यसै आधारमा गोस्वामीजीले विनय-पत्रिका लेख्नुभयो र भगवान्‌को चरणमा उसलाई समर्पित गर्नुभयो। श्रीरामले त्यसमा आफ्नो हस्ताक्षर गर्नुभयो र तुलसीदासजीलाई निर्भय गराउनुभयो।

संवत् १६८० श्रावण कृष्ण तृतीया शनिवारमा असीघाटमा गोस्वामी तुलसीदासजीले राम-राम भन्दै आफ्नो शरीर परित्याग गर्नुभयो।

# श्रीरामशलाका प्रश्नावली

मानसानुरागी महानुभावहरूलाई श्रीरामशलाका प्रश्नावलीको विशेष परिचय दिन कुनै आवश्यकता पर्दैन। यसको महत्त्व एवं उपयोगितासँग प्राय: सबै मानसप्रेमी परिचित छन्। अत: तल त्यसको स्वरूप मात्र अङ्कित गरेर त्यसबाट प्रश्नोत्तर निकाल्ने विधि तथा त्यसका उत्तर–फलहरू उल्लेख गरिएको छ। श्रीरामशलाकाको प्रश्नावलीको स्वरूप यस्तो प्रकारको छ—

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सु | प्र | उ | बि | हो | मु | ग | ब | सु | नु | बि | घ | धि | इ | द |
| र | रु | फ | सि | सि | रहिं | बस | हि | मं | ल | न | ल | य | न | अं |
| सुज | सो | ग | सु | कु | म | स | ग | त | न | इ | ल | धा | बे | नो |
| त्य | र | न | कु | जो | म | रि | र | र | अ | की | हो | सं | रा | य |
| पु | सु | थ | सी | जे | इ | ग | म* | सं | क | रे | हो | स | स | नि |
| त | र | त | र | स | हुँ | ह | ब | ब | प | चि | स | हिं | स | तु |
| म | का | ा | र | र | म | मि | मी | म्हा | ा | जा | हू | हीं | ा | ा |
| ता | रा | रे | री | हृ | का | फ | खा | जू | ई | र | रा | पू | द | ल |
| नि | को | जो | गो | न | मु | जि | यँ | ने | मनि | क | ज | प | स | ल |
| हि | रा | मि | स | रि | ग | द | न्मु | ख | म | खि | जि | म | त | जं |
| सिं | ख | नु | न | को | मि | निज | र्क | ग | धु | ध | सु | का | स | र |
| गु | ब | म | अ | रि | नि | म | ल | ा | न | ढ़ | ती | न | क | भ |
| ना | पु | व | अ | ा | र | ल | ा | ए | तु | र | न | नु | वै | थ |
| सि | हुँ | सु | म्ह | रा | र | स | स | र | त | न | ख | ा | ज | ा |
| र | ा | ा | ला | धी | ा | री | ा | हू | हीं | खा | जू | ई | रा | रे |

यस रामशलाकाको प्रश्नावलीद्वारा जब कसैलाई आफ्नो अभीष्ट प्रश्नको उत्तर प्राप्त गर्ने इच्छा हुन्छ, तब सर्वप्रथम त्यस व्यक्तिले भगवान् श्रीरामचन्द्रजीको ध्यान गर्नुपर्छ। त्यसपछि श्रद्धा–विश्वासपूर्वक मनले अभीष्ट प्रश्नको चिन्तन गर्दै प्रश्नावलीका आफूले चाहेको कोष्ठाङ्कमा औंला या कुनै शलाका राख्नुपर्छ र त्यस कोष्ठकमा जुन अक्षर पर्छ त्यसलाई अलग कुनै कोरा कागज या स्लेट (पाटी) मा लेख्नुपर्छ। प्रश्नावलीको कोष्ठकमा पनि यस्तो कुनै निशान लगाउनुपर्छ जसबाट न त प्रश्नावली खराब होस् र न प्रश्नोत्तर प्राप्त हुने समयसम्म त्यो कोठा भुलियोस्। अब जुन कोठाको अक्षर लेखिएको छ, त्यसभन्दा अगाडि बढ्नुपर्छ तथा त्यसको नवौं कोठामा जुन अक्षर पर्छ त्यसलाई पनि लेख्नुपर्छ। यस प्रकार प्रत्येक नवौं कोठामा जुन अक्षर पर्छ त्यसलाई पनि लेख्नुपर्छ र त्यस समयसम्म लेखिरहनुपर्छ, जबसम त्यही पहिला कोठाको अक्षरसम्म औंठा अथवा शलाका पुगोस्। पहिला कोठाको अक्षर जुन कोठाको

अक्षरसँग नवौं पर्छ, त्यहाँसम्म पुग्दा-पुग्दै एक चौपाई पूरा हुनेछ, जुन प्रश्नकर्ताको अभीष्ट प्रश्नको उत्तर हुनेछ। यहाँ यस कुराको ध्यान राख्नुपर्छ कि कुनै-कुनै कोठामा केवल 'आ' को मात्रा (ा) र कुनै-कुनै कोठामा दुई-दुई अक्षर छन्। अतः गणना गर्ने समयमा न त मात्रावाला कोठालाई छोड्नुहुन्छ न त दुई अक्षरवाला कोठालाई दुई पटक गणना गर्न हुन्छ। जहाँ मात्राको कोठा आउँछ, त्यहाँ पूर्वलिखित अक्षरको अघिल्तिर लेख्नुपर्छ र जहाँ दुई अक्षरवाला कोष्ठक आउँदछ, त्यहाँ दुई अक्षर एकसाथ लेख्नुपर्छ।

अब उदाहरणको रूपमा यस रामशलाकाबाट प्रश्नावलीबाट कुनै प्रश्नको उत्तरमा एक चौपाई निकालिन्छ। पाठकले ध्यानपूर्वक हेर्नुहोला। कसैले भगवान् श्रीरामचन्द्रजीको ध्यान र आफ्नो प्रश्नको चिन्तन गर्दै यदि प्रश्नावलीलाई* यस चिह्नबाट संयुक्त 'म' वाला कोठामा औंठा वा शलाका राख्यो भने माथि बताइएको क्रमअनुसार अक्षरहरूलाई गन्दै-गन्दै लेख्दै गयो भने उत्तरस्वरूप यस्तो चौपाई बन्नेछ—

**हो इ हि सो इ जो रा म* र चि रा खा।**
**को क रि त र्क ब ढ़ा वै सा खा॥**

यो चौपाई बालकाण्ड अन्तर्गत शिव र पार्वतीको संवादमा छ। प्रश्नकर्ताको उत्तरस्वरूप यस चौपाईबाट यस्तो आशय निकाल्नुपर्छ कि कार्य हुन सन्देह छ, अतः त्यसलाई भगवान्प्रति छोड्नु राम्रो हुन्छ।

यस चौपाईका अतिरिक्त श्रीरामशलाकाको प्रश्नावलीबाट आठ चौपाईहरू बन्दछन्, ती सबैको स्थान र फललाई यहाँ उल्लेख गरिन्छ। जम्मा नौ चौपाईहरू छन्—

**१-सुनु सिय सत्य असीस हमारी। पूजिहि मन कामना तुम्हारी॥**

**स्थान**—यो चौपाई बालकाण्डमा श्रीसीताजीद्वारा गौरीपूजनको प्रसङ्गमा छ। यहाँ गौरीजीले श्रीसीताजीलाई आशीर्वाद दिनुभएको हो।

**फल**—प्रश्नकर्ताको प्रश्न उत्तम छ, कार्य सिद्ध हुनेछ।

**२-प्रबिसि नगर कीजे सब काजा। हृदयँ राखि कोसलपुर राजा॥**

**स्थान**—यो चौपाई सुन्दरकाण्डको हनुमान्जी लङ्कामा प्रवेश गर्ने समयको हो।

**फल**—भगवान्लाई स्मरण गरेर कार्यारम्भ गर्नू, सफलता मिल्नेछ।

**३-उघरहिं अंत न होइ निबाहू। कालनेमि जिमि रावन राहू॥**

**स्थान**—यो चौपाई बालकाण्डको आरम्भमा सत्सङ्ग-वर्णनको प्रसङ्गमा छ।

**फल**—यस कार्यमा कल्याण छैन। कार्यको सफलतामा सन्देह छ।

**४-बिधि बस सुजन कुसंगत परहीं। फनि मनि सम निज गुन अनुसरहीं॥**

**स्थान**—यो चौपाई पनि बालकाण्डको आरम्भमा नै सत्सङ्ग-वर्णनको प्रसङ्गको हो।

**फल**—खराब मनुष्यको सङ्गत छोडिदिनू। कार्य पूर्ण हुनमा सन्देह छ।

**५-मुद मंगलमय संत समाजू। जो जग जंगम तीरथराजू॥**

**स्थान**—यो चौपाई बालकाण्डमा सन्त-समाजरूपी तीर्थहरूको वर्णनमा छ।

**फल**—प्रश्न उत्तम छ। कार्य सिद्ध हुनेछ।

**६-गरल सुधा रिपु करहिं मिताई। गोपद सिंधु अनल सितलाई॥**

**स्थान**—यो चौपाई श्रीहनुमान्जी लङ्कामा प्रवेश गर्ने समयको हो।

**फल**—प्रश्न अत्यन्तै श्रेष्ठ छ, कार्य सफल हुनेछ।

**७-बरुन कुबेर सुरेस समीरा। रन सन्मुख धरि काहुँ न धीरा॥**

**स्थान**—यो चौपाई लङ्काकाण्डमा रावणको मृत्युपछि मन्दोदरीको विलापको प्रसङ्गमा छ।

**फल**—कार्य पूर्ण हुन सन्देह छ।

**८-सुफल मनोरथ होहुँ तुम्हारे। रामु लखनु सुनि भए सुखारे॥**

**स्थान**—यो चौपाई बालकाण्डमा पुष्पवाटिकाबाट फूल ल्याएपछि विश्वामित्रजीको आशीर्वाद हो।

**फल**—प्रश्न धेरै उत्तम छ। कार्य सिद्ध हुनेछ।

यस प्रकार रामशलाकाको प्रश्नावलीबाट जम्मा नौ चौपाईहरू बन्छन्, जसमा सबै प्रकारका प्रश्नको उत्तराशय सन्निहित (समीपस्थ) छन्।